नेपाल
मानवअधिकार वर्षपुस्तक २०१०

यस वर्षको उल्लेख्य

शान्ति प्रक्रियाका अवरोध

Inerpage YB 2010:Layout 1 2/15/2010 5:12 PM Page 1

मानवअधिकार वर्षपुस्तक २०१०

(नेपाली संस्करण)

(०६५ पुस १७ देखि ०६६ पुस १६ गतेसम्म अर्थात् सन् २००९ भरिका घटनाहरूको सङ्कलन)

संयोजक
प्रेक्षा ओझा

प्रधान सम्पादक
योगीश खरेल

सम्पादक
मदन पौडेल

कार्यकारी सम्पादक
प्रतिवेदन वैद्य

सम्पादन मण्डल
प्रशन्नता वस्ती
गणेश भण्डारी
दीपकराज तिवारी
भुवन अधिकारी
नीर लामा
दीपेन्द्र पन्त

मानवअधिकार र सामाजिक न्यायका निम्ति
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
कलङ्की, स्यूचाटार
पोस्ट बक्स २७२६, काठमाडौँ, नेपाल
फोन नं. ०१-४२७८७७०, फ्याक्स नं. ०१-४२७०५५१
e-mail: insec@insec.org.np
Web-site: www.insec.org.np

Inerpage YB 2010:Layout 1 2/15/2010 5:12 PM Page 2

मानवअधिकार वर्षपुस्तक २०१०

प्रकाशन मिति
०६६ फागुन ७ गते

सङ्ख्या
३ हजार प्रति

प्रकाशक
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

सर्वाधिकार
इन्सेकमा सुरक्षित

(यस पुस्तकमा प्रकाशित सामग्री इन्सेकको स्रोत उल्लेख गरी पुन:मुद्रण गर्न सकिनेछ।)

आवरण तथा ले-आउट
गोविन्दप्रसाद त्रिपाठी
गीता माली

भाषा सम्पादन
ईश्वरी ज्ञवाली

तथ्याङ्क विश्लेषण
प्रमीन घिमिरे
अनुज के.सी.
गोपीकृष्ण भट्टराई

आईएसबीएन : ९७८-९९३७-८००२-९-७

मूल्य
रु. २५०।-

मुद्रक
जगदम्बा प्रेस
हात्तीवन, फोन नं. ५२५००१७, ५२५००१८, ५२५००१९

Inerpage YB 2010:Layout 1 2/15/2010 5:12 PM Page 3

विषय सूची

पृष्ठ सङ्ख्या

भूमिका

परिच्छेदहरू

परिच्छेद १	सन् २००९ को मानवअधिकार स्थिति : समग्र मूल्याङ्कन	१
परिच्छेद २	शान्ति प्रक्रियाका अवरोध	१३
परिच्छेद ३	राज्य र मानवअधिकार	
	३.१ न्यायपालिका	४७
	३.२ कार्यपालिका	७५
	३.३ व्यवस्थापिका	९१

अनुसूचीहरू

अनुसूची १	सन् २००९ र मानवअधिकार उल्लङ्घनका तथ्यहरू	
	१. पूर्वाञ्चल	१०५
	२. मध्यमाञ्चल	२३३
	३. पश्चिमाञ्चल	३४७
	४. मध्यपश्चिमाञ्चल	४१७
	५. सुदूरपश्चिमाञ्चल	४९७
अनुसूची २	मानवअधिकार उल्लङ्घन तथ्याङ्क २००९	५४५
अनुसूची ३	सन् २००९ को मानवअधिकार स्थितिबारे राजनीतिक पार्टीका धारणा	५५७
अनुसूची ४	सन् २००९ को मानवअधिकार स्थितिबारे विभिन्न क्षेत्रका धारणा	५६७
अनुसूची ५	युद्धका विस्फोटक अवशेष : भय र चुनौती	५७९
अनुसूची ६	क्रिया/प्रतिक्रिया	५८५
अनुसूची ७	वर्षपुस्तक २०१० तयारीका क्रममा संलग्न व्यक्तिहरू	६०५

Inerpage YB 2010:Layout 1 2/15/2010 5:12 PM Page 5

जिल्लागत विषय सूची

१. पूर्वाञ्चल

१.१ झापा १०९
१.२ इलाम ११४
१.३ पाँचथर १२०
१.४ ताप्लेजुङ १२५
१.५ मोरङ १३१
१.६ सुनसरी १४५
१.७ धनकुटा १५७
१.८ तेह्रथुम १६४
१.९ भोजपुर १६८
१.१० सङ्खुवासभा १७४
१.११ सप्तरी १८०
१.१२ सिराहा १९५
१.१३ उदयपुर २११
१.१४ खोटाङ २१९
१.१५ ओखलढुङ्गा २२७
१.१६ सोलुखुम्बु २२९

२. मध्यमाञ्चल

२.१ धनुषा २३५
२.२ महोत्तरी २४२
२.३ सर्लाही २४६
२.४ सिन्धुली २५१
२.५ रामेछाप २५६
२.६ दोलखा २६५
२.७ रौतहट २६७
२.८ बारा २७३
२.९ पर्सा २७६
२.१० चितवन २८३
२.११ मकवानपुर २९३
२.१२ ललितपुर २९८
२.१३ काभ्रे ३०६
२.१४ भक्तपुर ३१४
२.१५ काठमाडौं ३१७
२.१६ धादिङ ३२८
२.१७ सिन्धुपाल्चोक ३३६
२.१८ नुवाकोट ३४१
२.१९ रसुवा ३४४

३. पश्चिमाञ्चल

३.१ तनहुँ ३४९
३.२ गोरखा ३५४
३.३ लमजुङ ३५८
३.४ स्याङ्जा ३६२
३.५ कास्की ३६५
३.६ मनाङ ३७१
३.७ नवलपरासी ३७३
३.८ रूपन्देही ३८०
३.९ पाल्पा ३८६
३.१० कपिलवस्तु ३८९
३.११ अर्घाखाँची ३९७
३.१२ गुल्मी ३९९
३.१३ बाग्लुङ ४०३
३.१४ पर्वत ४०९
३.१५ म्याग्दी ४१२
३.१६ मुस्ताङ ४१५

४. मध्यपश्चिमाञ्चल

४.१ दाङ ४१९
४.२ प्यूठान ४२४
४.३ रोल्पा ४२५
४.४ सल्यान ४२९
४.५ रूकुम ४३५
४.६ बाँके ४३८
४.७ बर्दिया ४५३
४.८ सुर्खेत ४६५
४.९ जाजरकोट ४७४
४.१० दैलेख ४७७
४.११ डोल्पा ४८०
४.१२ जुम्ला ४८२
४.१३ कालीकोट ४८५
४.१४ मुगु ४९१
४.१५ हुम्ला ४९३

५. सुदूरपश्चिमाञ्चल

५.१ कैलाली ४९९
५.२ अछाम ५१४
५.३ डोटी ५१७
५.४ बाजुरा ५२१
५.५ बझाङ ५२४
५.६ कञ्चनपुर ५२७
५.७ डडेलधुरा ५३२
५.८ बैतडी ५३६
५.९ दार्चुला ५४१

Inerpage YB 2010:Layout 1 2/15/2010 5:12 PM Page 6

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) सन् १९८८ देखि मानवअधिकार तथा सामाजिक न्यायका लागि कार्यरत छ। लगभग ४२ ओटा आबद्ध संस्थाहरूमार्फत यसका कार्यक्रमहरू देशभर सञ्चालित छन्। मानवअधिकार उल्लङ्घनका घटनाहरूलाई अध्ययन/अनुगमन गर्नका लागि यसले देशका पचहत्तरै जिल्लामा प्रतिनिधिहरूको व्यवस्था गरेको छ। पाँचओटै विकास क्षेत्रमा यसका क्षेत्रीय कार्यालयहरू छन्।

२०६५ चैत २३ गते सम्पन्न साधारण सभाले तीन वर्षका लागि चयन गरेको कार्यसमिति

अध्यक्ष – सुबोधराज प्याकुरेल

महासचिव - पुष्पा कर्ण

कोषाध्यक्ष - योगेन्द्रबहादुर गुरुङ

सदस्यहरू

- कुन्दन अर्याल
- सुजिता शाक्य
- टीकाराम भट्टराई
- मदनप्रसाद परियार
- रक्षा बस्याल
- लालबाबुप्रसाद यादव

कार्यकारी निर्देशक तथा निम्न केन्द्रहरूमार्फत इन्सेकको दैनन्दिन कार्य सम्पादन गरिन्छ ।

मानवअधिकार प्रलेख तथा प्रसार विभाग

मानवअधिकार उल्लङ्घन ज्यादतीसम्बन्धी घटनाहरूको अनुगमन, अध्ययन, अनुसन्धान र प्रलेखीकरणमा संलग्न यस विभागले स्थलगत अध्ययनमा आधारित प्रतिवेदन प्रकाशन गर्ने गर्दछ। *त्रैमासिक स्थितिसूचक, नेपाल मानवअधिकार वर्षपुस्तक*लगायतका प्रकाशन यही विभागअन्तर्गत हुने गर्दछ। विभागले *इन्सेक अनलाइन* पनि सञ्चालन गर्दै आएको छ। पीडितहरूलाई तात्कालिक राहत सहयोग गर्न पहल गर्ने, अर्जेन्ट अपिल जारी गर्ने, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मानवअधिकार र सरोकारवाला सङ्घ-संस्थासँग समेत समन्वय कायम गर्नेलगायतका काम विभागले गर्दै आएको छ। विभाग अन्तर्गत स्रोत केन्द्रमा मानवअधिकार र सामाजिक न्यायसम्बन्धी पुस्तकलगायत श्रव्यदृश्य सामग्री उपलब्ध छन्।

मानवअधिकार शिक्षा विभाग

यस विभागको माध्यमबाट इन्सेकले स्थानीय मानवअधिकार संस्थाहरूसँगको सहकार्यमा मानवअधिकार शिक्षाको प्रसार गर्दै आएको छ। साक्षरता संचेतनामार्फत ग्रामीण क्षेत्रमा जागरण फैलाउन यस विभागमार्फत मानवअधिकारसम्बन्धी तालिम र रेडियोमा मानवअधिकार शिक्षा कार्यक्रम सञ्चालन हुँदै आएको छ। इन्सेकको रेडियो श्रोता क्लबसँग समन्वय पनि यही विभागले गर्दै आएको छ।

मानवअधिकार अभियान तथा पैरवी विभाग

राज्यलाई अन्तर्राष्ट्रिय मानवअधिकार तथा मानवीय कानुनका आधारमा नीति-नियम बनाउन र सीमान्तकृत समुदायका अधिकार पहिचान गराउन दबाबको सिर्जना गर्नु यो विभागको प्रमुख दायित्व हो। कानुन पुनरावलोकन, मानवअधिकार सन्धि अनुगमन र मानवअधिकार अभियान कार्यक्रमको सञ्चालन पनि यही विभागद्वारा हुँदै आएको छ।

शान्ति तथा लोकतन्त्र विभाग

शान्ति र लोकतान्त्रिक संस्कृतिको विकासका निम्ति समुदायका सदस्यको क्षमता अभिवृद्धि यस विभागको मुख्य ध्येय हो। सङ्क्रमणकालीन न्याय व्यवस्थाप्रति राज्य र सरोकारवाला सबैको ध्यानाकर्षण गराउने र आन्तरिक विस्थापितलाई पुनःस्थापित गराउन पहल गर्ने काममा यो विभाग सक्रिय छ। सञ्जालको निर्माण गरी यस विभागका माध्यमबाट इन्सेकले लोकतन्त्रको सुदृढीकरणका निम्ति समुदायको परिचालन गर्दै आएको छ। संसदीय गतिविधिको अनुगमन, राजनीतिक शक्तिहरूबीच लोकतन्त्र र बहुलवादको मजबुतीका निम्ति समन्वय यसका थप कार्यहरू हुन्।

व्यवस्थापन विभाग

यस विभाग अन्तर्गत इन्सेकको सम्पूर्ण प्रशासन र अर्थ व्यवस्थापन पर्दछ। यही विभागले मानव संशाधन व्यवस्थापन अन्तर्गत कर्मचारीको वृत्ति विकासका सम्बन्धमा काम गर्दै आएको छ। इन्सेक आबद्ध संस्थाको विकासमा टेवा पुऱ्याउनुका साथै योजना, अनुगमन र मूल्याङ्कन गर्ने काम पनि यस विभागले गर्दै आएको छ। संस्थाको सूचना व्यवस्थापन गर्ने कार्य अन्तर्गत विभागले नियमित प्रतिवेदन प्रकाशन गर्दछ। जनसम्पर्क र *प्राची, इन्फर्मल, इन्सेक अभियान*जस्ता नियमित प्रकाशनको व्यवस्थापन पनि यही विभागले गर्दै आएको छ।

क्षेत्रीय कार्यालयहरू :

- **पूर्वाञ्चल क्षेत्रीय कार्यालय**, जनपथ टोल, विराटनगर। फोन नं. ०२१-५२४०२५, ५२८१२७
- **मध्यमाञ्चल क्षेत्रीय कार्यालय**, पुल्चोक, ललितपुर, फोन नं. ०१- ५५३१७०१, ५५५०९६१
- **पश्चिमाञ्चल क्षेत्रीय कार्यालय**, अन्नपूर्णटोल, पोखरा। फोन नं. ०६१- ४६५५१२, ४६३४९२
- **मध्यपश्चिमाञ्चल क्षेत्रीय कार्यालय**, नेसनल ट्रेडिङ रोड, नेपालगञ्ज। फोन नं. ०८१- ५२४५०४, ५२२०६८
- **सुदूरपश्चिमाञ्चल क्षेत्रीय कार्यालय**, उत्तरबेहडी, धनगढी। फोन नं. ०९१- ५२२५७६, ५२१४४६

Inerpage YB 2010:Layout 1 2/15/2010 5:12 PM Page 7

अनिश्चयको वर्ष

विस्तृत शान्ति सम्झौतापछि अन्तरिम संविधान निर्माण भयो। नेपाली जनताले हौसलापूर्वक संविधानसभाको निर्वाचनमा भाग लिए। सरकार बन्यो तर नौ महिना पूरा हुँदा नहुँदै प्रधानमन्त्रीले राजीनामा दिए।

अन्तरिम सरकार, निर्वाचित सरकार र त्यसपछिको मिलीजुली सरकारका पालामा पार्टीका नेता, स्थानीय कार्यकर्ता र मन्त्रीहरूको अराजकता, अनुशासनहीनता र कानुन हातमा लिने प्रवृत्ति बेलगाम ढङ्गले अगाडि बढिरह्यो। अर्काको इज्जतमै प्रहार गर्नु, अशिष्ट, अमर्यादित शब्दको वाण हान्नु, अभद्र छेकबार गर्नु र राजनीतिक प्रदर्शनका नाममा जनतालाई सास्ती दिन सक्नुलाई नै क्रियाशील राजनीतिक विजय ठान्ने अलोकतान्त्रिक र जनविरोधी प्रवृत्ति बढेको पाइयो।

आफैंले निर्माण गरेको संविधानअनुरूप सम्पन्न कामलाई असंवैधानिक भन्दै जनतालाई गुमराहमा पार्ने, कूटनीतिक मर्यादालाई सार्वजनिक समारोहमा धुजा-धुजा पार्ने र असंवैधानिक तवरबाटै सत्ता कब्जा गर्ने घोषणा गर्दै जाने काम सबभन्दा ठूलो पार्टीका सर्वोच्च नेताबाटै सम्पन्न भयो। यस्तो लाग्छ कि राजनीतिक दल अपशब्द बोलेकै भरमा नयाँ नेपाल बनाउन सकिन्छ भन्ने कल्पनामा छन्।

जनआन्दोलन जनताको शान्तिप्रतिको असीमित आस्थाको मूर्त रूप थियो। शान्तिपूर्ण तरिकाले आपसी सहमतिका साथ राष्ट्रिय समस्याहरूको न्यायपूर्ण समाधान खोज्नैपर्छ भन्ने चेतनशील निष्कर्षको परिणाम थियो- जनआन्दोलन। ६० दिनभित्र विस्फोटक पदार्थ निरस्त गर्ने, तीन महिनामा बेपत्ता परिवारहरूको पहिचान गर्ने, छ महिनाभित्र लडाकूहरूको व्यवस्थापन र पुनःएकीकरण गरिसक्नेजस्ता समयबद्ध प्रतिबद्धताले जनतामा अदम्य उत्साह र दृढ भरोसा जगाएको थियो। तर, उल्लिखित कुनै काम गरिएन। लडाकू व्यवस्थापनका लागि गठित विशेष समिति र प्राविधिक समितिहरूलाई अन्योलमा राखियो। पछिल्लो चरणमा संविधान जारी नभई लडाकू विघटन नगर्ने एकीकृत माओवादीको अडानले गर्दा नयाँ संविधान समयमै बन्छ कि बन्दै भन्ने त्रास बढेको छ।

राज्य पुनःसंरचनाका प्रस्तावहरू शुद्ध जातीय विभाजन र द्वेषलाई बढाउने एवम् सीमित टाठाबाठाको नेतृत्वमा एकलौटी गर्ने गरी प्रस्तुत भए भनी विरोध बढ्न थालेको छ। उत्साह र सन्तोषका साथ छानिएका ६ सय १ सभासद्हरू जनताको नजरमा राष्ट्रिय विविधतामा एकताका प्रतीक थिए। तर, त्यो प्रतीक अहिले खण्डित हुन थालेको अनुभव भइरहेको छ। जनताका नजरमा उनीहरू नेताका भक्त र पार्टीको घेराभित्रको सङ्कीर्ण स्वार्थ बोक्ने हुल बन्दै गएका छन्। आफ्ना प्रतिनिधि र नेताको मानमा ह्रास आउनु दुःखद कुरा हो। यसले जनताको मनमा अविश्वास उत्पन्न गराउँछ। र, विश्वासबिनाको मानव जीवन गतिहीन हुन पुग्छ।

समयसीमामा संविधान बन्न गाह्रो छ भन्ने कुरा प्रस्ट हुँदै छ। १ सयभन्दा बढी जातजातिको राष्ट्रिय फूलबारीलाई जातीय भागबण्डामा लैजान खोज्नु दुस्साहस मात्र हुनेछ भन्ने कुरा पनि प्रस्ट हुँदैछ। मानवअधिकारका सिद्धान्तप्रतिको प्रतिबद्धता सङ्क्रमणकालीन राजनीतिक सहमति, सम्झौता र अन्तरिम संविधानमा प्रस्टसँग लेखिएका छन्। यस वर्ष सरकारकाले केही महत्त्वपूर्ण अन्तर्राष्ट्रिय सन्धिहरूप्रति औपचारिक प्रतिबद्धता जनायो। सर्वोच्च अदालतले केही महत्त्वपूर्ण निर्णयमार्फत न्यायप्रतिको राष्ट्रिय प्रतिबद्धतालाई स्थापित गऱ्यो। सम्पूर्ण प्रक्रिया पूरा भएको र अघिल्लो मन्त्रिपरिषद्कै पालामा प्रस्ताव गरिएको भए तापनि अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधान यस वर्ष पनि अनुमोदन भएन। मानवअधिकार समुदायको बारम्बारको आग्रहका बाबजुद मानवअधिकार रक्षकलगायतका संयुक्त राष्ट्रसङ्घीय प्रतिवेदकहरूलाई सरकारले निम्तो गरेन। सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता आयोग सम्बन्धमा पछिल्लो सरकारले सरोकारवालाहरूसँग व्यापक छलफल, सुधार र परिमार्जन गरे पनि उक्त प्रस्ताव संसद्मा लैजाने र पारित गर्ने काम हुन सकेन।

मानवअधिकारप्रतिको आफ्ना प्रतिबद्धताहरूमा आशङ्का नगर्न निरन्तर आग्रह गर्दै आएका दलहरू पछाडि पारिएकाहरूको पहिचान गर्न मानव विकास सूचकाङ्कलाई मूल आधार मान्ने सिद्धान्तमा एकमत हुन सक्थे। प्रगतिशील प्राप्तिको सिद्धान्तलाई स्वीकार गर्न सक्थे। नेपालको न्यायप्रणालीलाई व्यवस्थित र अन्तर्राष्ट्रियस्तरको बनाउन अन्तर्राष्ट्रिय फौजदारी अदालतको विधान अनुमोदन गर्न सक्थे र दण्डसंहिताको निर्माण गर्न सक्थे। तर, त्यस्तो हुन सकेन। दण्डहीनताको संस्कार नेपाली राजनीतिमा व्याप्त रह्यो। माओवादीले रामहरि श्रेष्ठ, वीरेन्द्र साहजस्ताको हत्यामा सामेल भएका भनेर आफैंले स्वीकार गरिसकेका कार्यकर्ताहरूको पदोन्नति गऱ्यो भने सरकारले मैना सुनुवार हत्याकाण्डमा अदालतद्वारा पक्राउ आदेश दिइएका सैनिक अधिकृतलाई अदालतमा हाजिर नगराएर निर्लज्जता प्रदर्शन गऱ्यो। माओवादी नेतृत्वको सरकारका पालामा मुद्दा फिर्ता लिइएकामध्ये अधिकांशतः दुर्दान्त अपराधमा संलग्न व्यक्तिहरू थिए। अन्तर्राष्ट्रिय मानवअधिकार संस्थाहरूदेखि स्थानीय बासिन्दाले त्यस निर्णयप्रति असन्तोष व्यक्त गरे। तर, सरकार भने आफ्नो निर्णयमा अडिग रह्यो।

नेपालको संविधान शान्ति प्रक्रियाको निष्कर्षको दस्तावेज हुनुपर्छ। अर्थात्, अशान्तिका कारक र कारणलाई ठम्याएर तिनको निराकरण गर्ने र सम्बोधन गर्ने दस्तावेज हुनुपर्छ। व्यक्तिगत र सामूहिक स्वतन्त्रता र विकासका काममा जनताले निर्विघ्न लाग्न सक्ने गरी मार्ग प्रशस्त गर्ने दस्तावेज बन्न सक्नुपर्छ। आजभन्दा दुई दशकअघि जनताले पाइसकेको कुनै पनि अधिकारमा कुनै पनि बहाना र अस्त्र प्रयोग गरेर छेकबार हाल्ने कुरा न नेपाली जनताले सहने छन्, न त अन्तर्राष्ट्रिय समुदायलाई नै स्वीकार्य हुनेछ।

सन् २००९ अनिश्चयकै वर्षका रूपमा बित्यो। अपव्याख्या र अराजकताले गाँजेको वर्षका रूपमा बित्यो। आफूले पनि गर्न नसक्ने र भविष्यलाई पनि सुम्पन नसक्ने नेतृत्वको कब्जामा रहेको वर्षका रूपमा बित्यो। हाम्रा नेताहरूले संरचनात्मक संविधान मात्र बनाउने कार्यमा आफूलाई सीमित गर्नसके हामीले भविष्यमा असल पाइला चाल्न सक्ने छौं।

सत्यको अभिलेख र प्रसारद्वारा न्याय र सहअस्तित्वको वातावरण निर्माण गर्न सकियोस् भनेर हामीले विगत १८ वर्षदेखि मानवअधिकार उल्लङ्घनका घटनाहरूको अभिलेख गर्ने गरेका छौं। मानवअधिकार वर्षपुस्तकको १८ औं शृङ्खला मानवअधिकारप्रति प्रतिबद्ध सबैका सामु प्रस्तुत गर्न पाउँदा हामीलाई खुसी लागेको छ। अर्को वर्ष उल्लङ्घनका प्रवृत्ति र घटनाका सङ्ख्यामा कमी आओस् भन्ने कामना गर्दछौं।

सुबोधराज प्याकुरेल
अध्यक्ष

०६६ फागुन ७

Inerpage YB 2010:Layout 1 2/15/2010 5:12 PM Page 8

आभार

मानवअधिकार वर्षपुस्तक २०१० तयार गर्ने क्रममा हामीलाई नैतिक, भौतिक तथा बौद्धिक सहयोग गर्ने : नर्वेजियन दूतावास, इको तथा ईईडी, डानिडा, हुयगोप्रति आभार व्यक्त गर्दछौं। कठिन परिस्थितिमा पनि मानवअधिकार उल्लङ्घनका घटनाहरूको विवरण सङ्कलन गर्ने जिल्ला-जिल्लाका प्रतिनिधिहरू विशेष धन्यवादका हकदार छन्। अघिल्लो वर्षपुस्तक पढेर प्रतिक्रिया व्यक्त गर्नुहुने तमाम संस्था तथा व्यक्तिहरूमा धन्यवाद ज्ञापन गर्दछौं। सन् २००९ को मानवअधिकार अवस्थाका सम्बन्धमा धारणा उपलब्ध गराउने सम्पूर्ण राजनीतिक पार्टी, आयोग, मन्त्रालय, सुरक्षा निकाय तथा पेसागत सङ्घ-संस्थाहरूप्रति आभार प्रकट गर्दछौं।

परिच्छेद

१

सन् २००९ को मानवअधिकार स्थिति : समग्र मूल्याङ्कन

तीन वर्षअघि सुरु भएको शान्ति प्रक्रिया सन् २००९ को अन्त्यसम्म आइपुग्दा समेत सार्थक टुङ्गोमा पुग्न सकेन। नेपालको मानवअधिकारको अवस्था सन् २००९ मा पनि मिश्रित रह्यो, जसलाई सन्तोषजनक मान्न सकिने अवस्था देखिएन। मानवअधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ को मूल्य, मान्यता तथा त्यसमा अन्तरनिहित मर्मप्रति सम्मान जनाउने प्रतिबद्धतासमेत प्रकट गरेर विस्तृत शान्ति सम्झौता भएको थियो। सम्झौताकै पक्षधरहरूका कारणले गर्दा मानवअधिकार अवस्था यस वर्ष पनि सन्तोषप्रद हुन नसकेको घटनाक्रमहरूले देखाए।

नयाँ नेपाल निर्माणका लागि आवश्यक ठहऱ्याइएको राजनीतिक, आर्थिक, सामाजिक रूपान्तरण तथा वर्गीय, जातीय, भाषिक, लैङ्गिक तथा सांस्कृतिक भेदभावको अन्त्य गर्ने प्रतिबद्धताहरू विस्तारै कार्यसूचीमा मात्र सीमित हुन पुगेको अनुभूत भयो।

यस वर्ष पनि देशका विभिन्न भागमा हत्या, अपहरण, धम्की, चन्दा असुली, सम्पत्ति कब्जाजस्ता कार्यहरू रोकिएनन्। मानवअधिकारविरोधी यस्ता कार्यहरू रोक्न तथा दोषीलाई कानुनको दायरामा ल्याएर कारबाही गर्न सरकार सक्षम देखिएन। राजनीतिक प्रभावका आधारमा कानुन आफ्नो हातमा लिनु सामान्य हुँदै गयो। राजनीतिक आवरणमा हुने आपराधिक कार्यमा संलग्न व्यक्तिहरूले उन्मुक्ति पाए। फलतः विधिको शासन कमजोर हुन पुग्यो।

राजनीतिक स्वार्थ सिद्ध गर्नका लागि गम्भीर अपराधमा संलग्न अभियुक्तहरूको मुद्दा फिर्ता लिने सरकारको निर्णयबाट दण्डहीनतालाई प्रोत्साहन मिल्यो। यसप्रकारको निर्णय गर्दा स्वतन्त्र न्यायपालिकाका आदेश र निर्देशनको समेत सरकारले वास्ता गरेन। तराई-मधेसमा जारी हिंसात्मक क्रियाकलापबाट जनजीवन कष्टकर मात्र बनेन, आमजनताको शासन व्यवस्थाप्रति आस्था धर्मराउन थालेको प्रतीत हुन थाल्यो।

शान्ति सुरक्षाका नाममा सुरक्षाकर्मीबाट भएका गैरन्यायिक हत्याको छानबिनसमेत आरम्भ भएन। राष्ट्रप्रेम र जनताको आकाङ्क्षालाई समानुभूत नगरीकन राजनीतिक सम्झौतालाई प्राथमिकतामा राख्नु, शान्ति प्रक्रियालाई गति दिन नसक्नु, मानवअधिकारप्रति ओठे सम्मान गर्ने प्रवृत्ति र लोकतन्त्रको मूल्य एवम् मान्यतालाई अङ्गीकार गर्न नसकेका कारण नै यस्तो अवस्थाको सिर्जना हुन गयो।

१. संविधान निर्माण प्रक्रियाका अवरोध

शान्ति प्रक्रियालाई टुङ्गोमा पुऱ्याउनु नै संविधानसभा निर्वाचनपछि देशको प्रमुख कार्यसूची हो भनिँदै आएको भए पनि सन् २००९ को अन्त्यसम्मै राजनीतिक गतिरोधको अन्त्य भएन। शान्ति प्रक्रियालाई टुङ्गोमा पुऱ्याउन सम्पन्न गरिनुपर्ने तीनओटा प्रमुख कार्यभार (क) संविधान निर्माण, (ख) माओवादी लडाकूको पुनःस्थापना तथा समायोजन र (ग) सङ्क्रमणकालीन न्यायको व्यवस्था गर्न दलहरू सफल भएनन्। उल्लिखित तीनओटै विषयवस्तुमा विवाद र छलफल त व्यापक भयो तर परिणामजनक उपलब्धि भने अन्त्यसम्मै हासिल हुन सकेन।

विधिको शासनले दण्डहीनताको संस्कृतिलाई निरुत्साहित गर्दछ। तर, दण्डहीनताको संस्कृति अन्त्यका लागि विधिको शासन व्यवहारमा रूपान्तरित हुन सकेन। मानवअधिकारसँग सम्बद्ध प्रतिबद्धताप्रति सरकार र दलहरूको उपेक्षा राजनीतिक अस्थिरताको एउटा कारणका रूपमा देखा पऱ्यो। सशस्त्र द्वन्द्वको अन्त्य तथा शान्ति प्रक्रियालाई सार्थक निष्कर्षमा पुऱ्याउने आधार बोकेको विस्तृत शान्ति सम्झौताको आडमा संविधानसभामार्फत ठूलो दलका रूपमा निर्वाचित एकीकृत माओवादीले संसद्लाई अनिर्णयको बन्दी बनाएकाले देशका तमाम मुद्दाहरू थाती रहे।

एकीकृत माओवादीले नागरिक सर्वोच्चताका नाममा गरेको आन्दोलन, संसद्को अवरोध, अन्य दलका समर्थकसमेतलाई धम्की दिने तथा कुटपिट गर्ने, चन्दा सङ्कलन गर्ने, सम्पत्ति कब्जा गर्ने, सुकुमवासीका नाममा वन क्षेत्र कब्जा गर्नेलगायतका घटनाले गर्दा सरोकारवालाको ध्यान संविधान निर्माणबाट विकेन्द्रित हुनु स्वाभाविक थियो। भावी संविधानको विषयमा राष्ट्रव्यापी संवादमा रुचि लिन सकिने वातावरण सिर्जना हुन सकेन। सङ्घीयताजस्तो गम्भीर विषयमा जसरी बहस, संवाद र सहमतिमा पुग्नुपर्ने थियो, त्यसप्रति अपेक्षित ध्यान दिइएको पाइएन।

तालिका १

मानवअधिकार उल्लङ्घन तथा ज्यादतीबाट पीडित



अवस्था कस्तोसम्म रह्यो भने तराई-मधेसको एउटै भूगोल थारुवान र मधेसी दुवैलाई एकलौटी दिने सहमति र सम्झौतासमेत भयो। माओवादी लडाकूको सेनामा एकमुष्ट समायोजनको खाका बनाएर एकीकृत माओवादी बस्यो भने त्यसका विरोधमा अन्य दलहरूले उसका मान्यतालाई स्वीकार गरेनन्।

पछिल्लो समयमा आएर एकीकृत माओवादी संविधान निर्माणपूर्व आफ्ना लडाकू समायोजन नगर्ने पक्षमा देखियो भने माओवादी लडाकू समायोजन नभई संविधान निर्माण गर्न नहुने र नसकिने दृष्टिकोण अन्य दलहरूले अगाडि ल्याए। दलहरूबीचको असमझदारी राजनीतिक अस्थिरताको प्रमुख कारक बन्यो। परिणामत: संविधान निर्माण प्रक्रियामा व्यवधान त उत्पन्न भयो नै, निर्धारित समयमा संविधान बन्ने कुरामा पनि अनिश्चितता देखियो।

२. न्यायपालिकाको स्वतन्त्रतामाथि चुनौती

यस वर्ष मानवअधिकार संरक्षणतर्फ र कानुन एवम् व्यवस्था सुधारतर्फ सर्वोच्च अदालतबाट केही महत्त्वपूर्ण निर्णयहरू भए। गैरकानुनी रूपमा गिरफ्तार गरी बेपत्ता पारिएका दुई नागरिकको अवस्था सार्वजनिक गरी नागरिकको जीवन र स्वतन्त्रताको रक्षा गर्ने सवालमा सर्वोच्च अदालतबाट महत्त्वपूर्ण कार्य भयो। बन्दी प्रत्यक्षीकरणको निवेदनद्वारा भएको यो हस्तक्षेपले न्यायालयलाई नागरिकको मौलिक हकको संरक्षकका रूपमा पुन:पुष्टि गऱ्यो।

तर, कार्यकारी र व्यवस्थापिकाले आफ्नो प्रभाव न्यायालयमाथि बढाउन खोजेको देखियो। न्यायालयमाथि कार्यकारीले प्रभाव बढाउँदै गएको विषयमा सर्वोच्च अदालतले आफ्नो वार्षिक प्रतिवेदनमा नै उल्लेख गरेर आफ्नो स्वतन्त्र अस्तित्वमाथि चुनौती अस्वीकार गर्न खोजेको देखियो।

यस वर्ष नागरिकसँग प्रत्यक्ष रूपमा सरोकार रहने कैयौं सार्वजनिक सरोकारका साथै मानवअधिकार हननका विषयमा सर्वोच्च अदालतसहित देशभरका अदालतमा सयौं विवादहरू प्रवेश गरे। नेपाली सेना र माओवादी लडाकू भर्ना प्रक्रिया सम्बन्धमा सर्वोच्च अदालतमा परेको रिट निवेदनले अदालतप्रति व्यापक

तालिका २

सन् २००९ मा राज्य तथा गैरराज्य पक्षबाट भएका हत्याको सङ्ख्या



रूपमा जनचासो बढेको पाइयो।

गम्भीर प्रकृतिका राजनीतिक विवाद समावेश भएका संवैधानिक प्रश्नहरूको निराकरण गर्न सर्वोच्चबाट भएको ढिलाइले न्यायालय सार्वजनिक आलोचनाबाट मुक्त रहन सकेन। न्यायालयमा व्याप्त ढिलासुस्ती, प्रशासनिक अनियमितता र मुद्दाका पक्षहरूको गुनासाको उचित सम्बोधन हुन सकेन। साथै, ती गुनासाहरूको न्यायालयबाट प्रभावकारी निराकरण हुने आशा गरिए पनि त्यो अपेक्षा यस वर्ष पूरा हुन सकेन।

स्वतन्त्र न्यायपालिका र शक्ति पृथकीकरणका लोकतान्त्रिक मान्यतालाई अस्वीकार गर्दै संसद्नियन्त्रित न्यायपालिकाको अवधारणा संविधानसभाको सम्बन्धित समितिको आधिकारिक मस्यौदा बन्न पुग्यो। लोकतान्त्रिक मान्यताविपरीत संसद्को नियन्त्रणमा रहने प्रावधानयुक्त उक्त मस्यौदा स्वतन्त्र न्यायपालिकाका लागि चुनौतीको विषय पनि बन्यो।

३. अन्योल र अकर्मण्यतामा बाँधिएको सरकार

नीति तथा कार्यक्रममार्फत सरकारले मानवअधिकारको सम्वर्द्धन र संरक्षणको कामलाई प्रभावकारी बनाउने र सैन्य तालिममा मानवअधिकार शिक्षालाई अनिवार्य गरिने उल्लेख गरेर मानवअधिकारप्रति सम्मान प्रकट गऱ्यो। वर्षको अन्त्यतिर सरकारले लिङ्गमा आधारित हिंसालाई अन्त्य गर्नका लागि सन् २०१० लाई लैङ्गिक हिंसाविरुद्धको अभियानका रूपमा सुरु गर्ने घोषणा गऱ्यो।

यीबाहेक अयोग्य लडाकूलाई क्यान्टोनमेन्टबाट बिदा गर्ने निर्णय, माओवादी लडाकू समायोजन विशेष समिति अन्तर्गतको प्राविधिक समिति र लडाकूका लागि आचारसंहिता निर्माण एवम् सामाजिक सुरक्षाका केही नयाँ नीति अघि सारेर सरकारले शान्ति प्रक्रियालाई गति दिने प्रयास गऱ्यो। तर, उपलब्धिका हिसाबले ती प्रयास पर्याप्त देखिएनन्।

दण्डहीनताको संस्कृति निराकरण गर्ने, शान्ति सुरक्षाको प्रत्याभूति र मानवअधिकारको निर्बाध उपयोग गर्ने वातावरण सिर्जना गराउन सरकार असफल रह्यो। अझ हत्या, हिंसा, बन्द, कुटपिटजस्ता कार्यमा राजनीतिक दलहरूको समेत प्रत्यक्ष संलग्नता देखियो। आफूले सरकारको नेतृत्व गर्दा एकीकृत माओवादी राज्य संयन्त्रमा एकल पकडको प्रयासमा लागेको देखियो भने एमाले नेतृत्वको सरकार प्रतिपक्षीको बन्द र विरोधको सामना गर्दै सहमतिको जोहो गर्नमै व्यस्त रह्यो।

एकीकृत माओवादी, नेकपा एमाले र नेपाली काङ्ग्रेसका भ्रातृसङ्गठनका ज्यादती आपसी कुटपिटमा मात्र सीमित रहेनन्, हत्याजस्तो जघन्य अपराधमा समेत तिनको संलग्नता देखियो। यस वर्ष एकीकृत माओवादी र उसका भ्रातृसङ्गठनहरूद्वारा तीन जना मारिए, ६ सय ७ जनालाई कुटपिट गरियो भने ६२ जना अपहरित भए। त्यस्तै, एमाले तथा उसका भ्रातृसङ्गठनहरूद्वारा एक जनाको हत्या भयो भने १ सय ८ जना कुटपिटको सिकार भए।

यस वर्ष पनि विस्तृत शान्ति सम्झौता तथा अन्तरिम संविधानको मर्म तथा भावना अनुरूप गठन

तालिका ३ बलात्कार तथा यौन दुर्व्यवहारबाट पीडित बालबालिकाको सङ्ख्या



हुनुपर्ने बेपत्ता छानबिन आयोग, सत्य निरूपण तथा मेलममिलाप आयोगजस्ता संयन्त्रहरू निर्माण गरिएनन्। नेपाल पक्षराष्ट्र भएका अन्तर्राष्ट्रिय सन्धिहरूले सिर्जना गरेका दायित्वहरू पूरा गर्न तथा अन्य महत्त्वपूर्ण अन्तर्राष्ट्रिय मानवअधिकार सन्धिहरूको पक्षराष्ट्र बन्न चालिनुपर्ने कदमहरूले गति पाउन सकेनन्। तीन वर्षअघि संसद्ले सङ्कल्प प्रस्ताव पारित गरी रोम विधान अनुमोदन गर्न सरकारलाई दिएको निर्देशन यो वर्ष पनि पालना भएन।

समूहगत, क्षेत्रीय र पेसागत स्वार्थ समूहहरूका मागहरूप्रति पहिले वास्ता नगर्ने र तिनले शान्ति व्यवस्थामा खलल पुऱ्याउने अवस्था सिर्जना गरे भने तत्कालीन रूपमा समाधान गर्ने हेतुले मात्र सहमति गरिहाल्ने फितलो चरित्र दुवै सरकारले प्रदर्शन गरे। तर, गम्भीरतापूर्वक सहमतिको पालना गर्ने कदम भने अघि बढाएनन्।

४. अपव्याख्याको आघातमा व्यवस्थापिका

नागरिक सर्वोच्चता कायम गर्नका लागि नागरिकहरूले नै मत दिएर पठाएका प्रतिनिधिहरूको साझा थलो संसद् हो। त्यहीं जननिर्वाचित प्रतिनिधिले जनताका समस्याको उठान गर्ने गर्छन् र त्यहींबाट समस्या समाधान गर्ने बाटो पहिल्याउँछन्। यस वर्ष संसद् नौ महिनासम्म अवरुद्ध भयो, त्यो पनि नागरिक सर्वोच्चता कायम गर्ने नाममा। यो विडम्बनाबाट मुलुकको अर्थतन्त्रदेखि लिएर विधायिकी प्रक्रियासमेतमा प्रतिकूल असर पऱ्यो।

समयमै बजेट पास नभएका कारण कर्मचारी मात्र होइन, क्यान्टोनमेन्टमा राखिएका माओवादी लडाकूको भरणपोषणमा समेत असर पऱ्यो । ६२ प्रतिशत सांसद्को समर्थनमा गठित सरकारलाई अल्पमतको सरकारका रूपमा परिभाषित गर्ने जिद्दी माओवादीले गरिरह्यो। संसद् अवरुद्ध भएका कारण सङ्क्रमणकालीन न्याय प्रदान गर्ने कैयन् संयन्त्र निर्माणसम्बन्धी कानुन तर्जुमा हुन सकेनन्।

संविधानसभाका विभिन्न समितिहरूमध्ये संवैधानिक समिति, राज्यको शासकीय स्वरूप निर्धारण समिति र राज्य पुनःसंरचना तथा राज्यको शक्ति बाँडफाँट समितिले मस्यौदालाई अन्तिम रूप दिन सकेनन्। गएको वर्ष पारित पहिलो कार्यतालिका अनुसार गत जेठ महिनामा सबै समितिका प्रारम्भिक मस्यौदाहरू तयार भई छलफल भइसक्नुपर्ने थियो।

कब्जा गरिएको सम्पत्ति फिर्ता पाउनुपर्ने माग राख्दै हिउँदे अधिवेशनका सुरुका दिनमा काङ्ग्रेसले गरेको अवरोधका कारण व्यवस्थापिका संसद् लामो समयसम्म अवरुद्ध भयो। बुटवलमा मारिएका युथफोर्सका नेता प्रचण्डमान थैवका हत्यारालाई गिरफ्तार गरिनुपर्ने माग राखी एमालेले पनि संसद् अवरुद्ध गऱ्यो ।

मधेसका मुद्दालाई ख्याल नगरिएको भन्दै मधेसवादी दलहरू तथा अन्य विभिन्न साना दलहरूद्वारा भिन्न-भिन्न मुद्दा तथा विषयमा संसद् अवरुद्ध गर्ने कार्य यस वर्ष निरन्तर जारी रह्यो। राजनीतिक गतिरोधले छिट्टै निकास पाउँछ भन्ने राजनीतिक दलका शीर्ष नेताहरूका अभिव्यक्ति वर्षको अन्त्यसम्मै साकार हुन सकेन।

तालिका ४ **विशेष सुरक्षा योजना लागू भएका तराईका १५ जिल्लामा हत्याको सङ्ख्या**



५. शान्तिपूर्ण जीवनका प्रतिकूलता

मुलुकको शान्ति सुरक्षामा यस वर्ष पनि आशा अनुरूप सुधार हुन सकेन। यस वर्ष शासन गर्ने दुवै सरकारले विशेष सुरक्षा नीति अवलम्बन गरे। वर्षका सुरुका पाँच महिना माओवादी नेतृत्वको सरकार रह्यो भने त्यसपछि एमाले नेतृत्वको सरकार बन्यो। माओवादी नेतृत्वको सरकारका पाँच महिनामा १ सय ९१ व्यक्तिको हत्या भयो भने एमाले नेतृत्वको सरकारको सात महिनामा २ सय ८१ जनाले ज्यान गुमाएको विवरण सार्वजनिक भयो। समग्र एक वर्षको अवधिमा २ सय ८२ जना अपहरित भए भने एमाले नेतृत्वको सरकारका पालामा १ सय ३२ तथा एकीकृत माओवादी नेतृत्वको सरकारका समयमा १ सय ४९ जना अपहरणको सिकार बने।

तालिका ५

सन् २००९ मा सम्पति कब्जाका पीडित सङ्ख्या

पीडक	पुरुष	महिला	अन्य	जम्मा
राज्य	६	१		७
एकीकृत माओवादी	६६	४	४	७४
वाईसीएल	३			३
अनेरास्ववियु (क्रान्तिकारी)	३		३	४
नेपाली काङ्ग्रेस	१			१
युथफोर्स	१			१
सङ्घीय लिम्बूवान राज्य परिषद्	१	१	१	३
नेकपा (माओवादी)	१३		५	१८
मधेस राष्ट्र जनतान्तिक पार्टी (क्रा.)	४			४
मधेसी जनअधिकार फोरम			१	१
मञ्चसम्बद्ध सङ्घीय लिम्बूवान राज्य परिषद्	१	१		३
जतमुमो (प्रतीक समूह)			१	१
तराई मधेस लोकतान्त्रिक पार्टी	१			१
थरूहट स्वायत्त प्रदेश	३			३
थरूहट संयुक्त सङ्घर्ष समिति	३			३
अज्ञात	७			७
अन्य	५	१	१	७
जम्मा	११५	८	१५	१३८

५.१. हिंसात्मक अभ्यासमा तराई-मधेस

यस वर्ष पनि तराई-मधेसका सशस्त्र समूहका गतिविधिका कारण तराईको मानवअधिकार अवस्थामा विगतको तुलनामा सुधार हुन सकेन। तत्कालीन नेकपा माओवादीबाट अलगिएर जयकृष्ण गोइतले गठन गरेको जनतान्त्रिक तराई मुक्ति मोर्चा र त्यसपछि दिनानुदिन बढ्दै गएका विभिन्न समूहबाट तराईमा हिंसा व्याप्त हुँदै आयो। यस वर्ष तराईका १५ जिल्लामा मात्रै २ सय ४० जना मारिए, जसमध्ये राज्यपक्षबाट २७ जना, तराईका सशस्त्र समूहहरूबाट २२ जना, अज्ञात समूहबाट ८९ जना, वाईसीएलबाट एक जना र अन्यबाट १ सय १ जना मारिएका थिए *(हेर्नुहोस् तालिका ७)*।

सुरक्षाका दृष्टिले हेर्ने हो भने सबैभन्दा बढी असुरक्षित जिल्ला धनुषा देखियो, जहाँ यस अवधिमा ३९ जना मारिए । सबैभन्दा कम पाँच जना नवलपरासीमा मारिए। तराईका १५ तथा पहाडका सात गरी २२ जिल्लामा साउन/भदौ महिनादेखि लागू भएको विशेष सुरक्षा योजनाका कारण हत्या, हिंसा र अपहरणका घटनामा कमी आएको बताइयो । तर, इन्सेकको अभिलेखमा सिराहा, सप्तरी र धनुषा जिल्लामा प्रहरीसँगको मुठभेडमा मारिएका भनिएका सशस्त्र समूहका केही कार्यकर्तालाई प्रहरीले गिरफ्तार गरी हत्या गरेको तथ्य अभिलेख छ।

धनुषाधाम गाविस-४ का २६ वर्षीय उद्गार मण्डल र १९ वर्षीय घुरन साह हलुवाईलाई अपहरणमा संलग्न भएको आरोपमा ०६६ जेठ १० गते प्रहरीले महोत्तरी जिल्लाको महदैया गाविसबाट गिरफ्तार गरी कुर्था गाविस-२ मा पुऱ्याई गोली हानी हत्या गऱ्यो। कनकपट्टी गाविसका रामविलास साहलाई अपहरणमुक्त गराउन अपहरणकारीलाई पछ्याउँदै गएको प्रहरी टोलीलाई सो समूहले गोली प्रहार गरेपछि प्रतिकारमा

गोली चलाउँदा उनीहरूको जनकपुर नपा-१३ मा मृत्यु भएको प्रहरीले जनायो। पोस्टमार्टमपछि मृतकद्वयको लास आफन्तले बुझी सद्गत गरे।

यस वर्ष पनि राज्य, एकीकृत माओवादी, वाईसीएल, युथफोर्स, तरुण दल, अनेरास्ववियु (क्रान्तिकारी), नेविसङ्घ, अनेरास्ववियु आदिद्वारा भएका कुटपिटका घटनाहरू सार्वजनिक भए। यस्ता घटनाहरूबाट १ हजार ३ सय २७ जना पीडित भए, जसमा १ हजार १ यस १२ पुरुष तथा १ सय ६३ महिला थिए।

कुटपिटका घटनामा एकीकृत माओवादी र उसका भ्रातृसङ्गठनका कार्यकर्ताको संलग्नता सबैभन्दा बढी देखियो भने एमाले, काङ्ग्रेस तथा उनीहरूका भ्रातृसङ्गठनका कार्यकर्ताहरू पनि यस मामिलामा कम देखिएनन्। यसैगरी, यस वर्ष धम्कीका विभिन्न घटनाका कारण ६ सय ३६ जना पीडित भए।

त्यस्ता घटनामा राज्य तथा विभिन्न राजनीतिक दल, तिनका भ्रातृसङ्गठन, विभिन्न जातीय सङ्गठन अनि विभिन्न सशस्त्र समूहकै उपस्थिति अधिक रहेको पाइयो। घटनामा संलग्न आरोपितहरू राजनीतिक रूपमा संरक्षित भएकाले कानुनी दायरामा आएनन्।

५.२. नेतृत्व तहबाटै हिंसाको संरक्षण

लोकतान्त्रिक रूपान्तरणप्रति प्रतिबद्धता जनाउँदै निर्वाचनकै माध्यमबाट सरकारको नेतृत्व गर्ने अवसर पाएका तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहालले एक सार्वजनिक कार्यक्रममा 'यथास्थितिवादीहरूले सरकार ढाले जनविद्रोहबाट सत्ता कब्जा गर्छौं' भन्ने सार्वजनिक अभिव्यक्ति दिँदा भगीरथ प्रयत्नबाट प्राप्त संविधानसभा अनि लोकतन्त्र तथा बहुलवाद अतिक्रमित भएको आभास भयो।

तालिका ६ **अपहरणबाट पीडितको सङ्ख्या**



राजनीतिक असहिष्णुता र अहम्‌का कारण भएका यस्ता घटनाहरूबाट आमजनतामा पर्ने नकारात्मक प्रभावबारे दलको नेतृत्व पक्ष चिन्तित देखिनुको साटो उल्टै प्रोत्साहित गर्न अभिप्रेरित भएको पनि पाइयो। फरक विचार र अरू दलको अस्तित्व अस्वीकार गर्ने वा समाप्त गर्ने दर्शनद्वारा निर्देशित यस्ता घटनाका दोषीलाई भने कुनै कारबाही भएन। बहुदलीय प्रतिस्पर्धा, बहुलवाद र मानवअधिकारप्रति आफ्नो प्रतिबद्धता जाहेर गर्ने तर आफ्ना कार्यकर्तालाई कानुनको दायरामा राख्ने कुराबाट दलहरू विमुख नै देखिए।

लमजुङ जिल्ला बेसीसहर गाविस-२ निवासी युथफोर्सका जिल्ला सहसंयोजक गोविन्द बस्नेत र सदस्य वासु बरालालाई ०६५ फागुन २७ गते फागू पूर्णिमा मनाउन भोटेओडार गएका बेला वाईसीएल कार्यकर्ताले सोही गाविसको सिउँडीबारमा रड र खुकुरी प्रहार गरी घाइते बनाए। पीडितविरुद्ध ज्यानमार्ने उद्योगअन्तर्गत ०६५ फागुन २८ गते प्रहरीमा मुद्दा दायर भयो। आरोपितहरूलाई यस वर्षको अन्त्यसम्म पनि कुनै कारबाही भएन।

सोही जिल्लाका अखिल नेपाल शिक्षक सङ्गठनका जिल्ला उपाध्यक्ष हरि दनाइ, अखिल नेपाल ट्रेड युनियन महासङ्घका जिल्ला अध्यक्ष शम्भु श्रेष्ठ, व्यापारी वासु पन्त, नेपाल पत्रकार महासङ्घ जिल्ला शाखाका सहसचिव नवीनराज कुईंकेल र क्रान्तिकारी पत्रकार सङ्घका जिल्ला अध्यक्ष वासु थापालाई ०६५ फागुन २७ गते बेसीसहर बजारमा युथफोर्सका कार्यकर्ताले कुटपिट गरे। घटनामा संलग्न भएको आरोपमा युथफोर्सका जिल्ला सहसंयोजक गोविन्द बस्नेत र सदस्य वासु बरालविरुद्ध ०६५ फागुन २८ गते मुद्दा दायर गरिएको भए पनि आरोपितहरूलाई यस वर्षको अन्त्यसम्म कुनै कारबाही भएन।

जिल्ला विकास समिति महोत्तरीका लेखापाल लक्ष्मण राय र नासु विनोद झालाई ०६६ असार ३० गते काममा ढिलाइ गरेको

तालिका ७

तराईका १५ जिल्लामा भएको हत्याको सङ्ख्या

जिल्ला	राज्य	गैरराज्य	जम्मा
झापा	१	१५	१६
मोरङ		१३	१३
सुनसरी		१२	१२
सप्तरी	५	१६	२१
सिराहा	२	२०	२२
धनुषा	६	३३	३९
महोत्तरी		१६	१६
सर्लाही		१५	१५
रौटहट		१८	१८
बारा	१	१५	१६
पर्सा	६	१०	१६
नवलपरासी		५	५
रुपन्देही	४	५	९
कपिलवस्तु		६	६
बाँके	२	१३	१५
जम्मा	२६	२१३	२४०

तालिका ८ **महिला अधिकार उल्लङ्घनबाट पीडितको सङ्ख्या**



आरोपमा तमलोपाका जिल्ला नेताहरू तथा जिल्ला विकास समितिका वरिष्ठ सदस्य इन्द्रराजप्रसाद सिंह, जिल्ला सदस्यहरू सरोजकुमार सिंह, मनोज झा र राकेश शर्माले कुटपिट गरे। पीडकहरूउपर कुनै कारबाही भएन।

यी त्यस्ता प्रतिनिधि घटना हुन्, जुन सन् २००९ मा मुलुका धेरैजसो जिल्लामा भए तर दोषीहरूलाई कुनै कारबाही भएन।

५.३. सम्पत्ति कब्जा गर्ने क्रम जारी

सशस्त्र द्वन्द्वका क्रममा सुरु भएको सम्पत्ति कब्जा गर्ने रणनीति विभिन्न सशस्त्र समूहले अपनाए। कब्जा गरिएका सम्पत्ति ६० दिनभित्र फिर्ता गरिने भनेर विस्तृत शान्ति सम्झौतामा उल्लेख गरिएको भए पनि त्यो प्रतिबद्धता माओवादीले पूरा गरेन, न त सरकारले नै यसप्रति ध्यान दियो। यस वर्ष मात्रै माओवादी र उसका भ्रातृसङ्गठनद्वारा सम्पत्ति कब्जा गरिएका ८० जना पीडित भएको अभिलेख छ। यसबाहेक तराई तथा पूर्वी पहाडका जातीय तथा सशस्त्र समूहले पनि सम्पत्ति कब्जाका क्रियाकलाप जारी राखे। धनुषा जिल्लामा एउटै जग्गा विभिन्न समूहले कब्जा गरे।

मातृकाप्रसाद यादव संयोजक रहेको नेकपा (माओवादी) ले धनुषा जिल्लामा विभिन्न व्यक्तिको करिब १ हजार ५ सय बिघा जग्गा कब्जा गरेको ०६६ असोज २६ गते पत्रकार सम्मेलन गरी सार्वजनिक गऱ्यो। कब्जा गरिएका जग्गा तीन कट्ठाका दरले भूमिहीन सुकुमवासी तथा गरिब किसानलाई वितरण गरिएको र अरू जग्गा पनि वितरण गरिने सेक्रेटरी यादवले बताए। कब्जा गरिएका जग्गा दसवर्षे माओवादी सशस्त्र द्वन्द्वको समयमा तत्कालीन माओवादीले र अखिल तराई मुक्ति मोर्चालगायतका समूहले कब्जा गरेका थिए।

तालिका ९ **कुटपिटबाट पीडितको सङ्ख्या**

पीडक	पुरुष	महिला	अन्य	जम्मा
राज्य	३१४	३६	३	३४३
एकीकृत माओवादी	३५८	३९	५	३९३
वाईसीएल	१८८	१०		१९८
अनेरास्ववियु (क्रान्तिकारी)	९४	१९	४	११७
एमाले	३४	३		३७
युथफोर्स	६१	३		६४
अनेरास्ववियु	६		११	१७
नेपाली काङ्ग्रेस	११			११
नेविसङ्घ	११			११
सङ्घीय लिम्बूवान राज्य परिषद्	१			१
नेकपा (माओवादी)	१			१
मधेसी जनअधिकार फोरम	३			३
मञ्चसम्बद्ध सङ्घीय लिम्बूवान राज्य परिषद्	१	१		२
जनसंरक्षण पार्टी	१			१
जतमुमो (ज्वाला सिंह)	२			२
किराँत जनवादी वर्कस पार्टी	३			३
तराई मधेस लोकतान्त्रिक पार्टी	१			१
तरुण दल	७			७
थरूहट स्वायत्त प्रदेश	१	१		२
थरूहट स्वायत्त राज्य परिषद्	२			२
थरूहट संयुक्त सङ्घर्ष समिति	७	१		८
अज्ञात	४०	६		४६
अन्य	१७५	६४	३९	३६८
जम्मा	१११२	१६३	५३	१३३७

५.४. प्रतिबद्धताहरूको अपरिपालना

विस्तृत शान्ति सम्झौतादेखि सन् २००९ को अन्त्यसम्म आइपुग्दा गरिएका प्रतिबद्धता र सहमतिहरूको सङ्ख्या सयौँ नाघिसक्यो। तर, ती सम्झौताका परिणाम भने अत्यन्त न्यून रहे। बृहत् शान्ति सम्झौतालगायत विभिन्न समयमा भएका प्रतिबद्धताहरू हस्ताक्षरसँगै

तालिका १० **धम्कीबाट पीडितहरूको सङ्ख्या**

पीडक	पुरुष	महिला	अन्य	जम्मा
राज्य	१६	२		१८
एकीकृत माओवादी	८८	६	१०	१०४
वाईसीएल	३६	३	३२	७१
अनेरास्ववियु (क्रान्तिकारी)	५		१३५	१४०
नेपाली काङ्ग्रेस	१			१
युथफोर्स	२			२
राष्ट्रिय जनमोर्चा पार्टी	२			२
सङ्घीय लिम्बूवान राज्य परिषद्	२			२
बर्दिया ब्ल्याक कोब्रा संयुक्त मोर्चा	१			१
नेकपा (माओवादी)	१०		४४	५४
मधेस मुक्ति टाइगर्स	१			१
मधेसी टाइगर	१			१
मधेसी भाइरस किलर्स पार्टी	१			१
मधेसी विद्यार्थी सङ्गठन	१	१		२
मञ्चसम्बद्ध सङ्घीय लिम्बूवान राज्य परिषद्	८	१	३३	३२
जनवादी हिलटाईगर			२४	२४
जतमुमो (राजन)	१			१
जतमुमो (ज्वाला सिंह)	२			२
अखिल तराई मुक्ति मोर्चा	४			४
पल्लो किराँत वर्कस पार्टी			१६	१६
लिम्बूवान र खुम्बूवान	१			१
किराँत जनवादी वर्कस पार्टी	२८	१	४८	७७
कोचिला लिबरेसन आर्म फोर्स	१			१
तराई आर्मी	१			१
तराई मुक्ति मोर्चा	१			१
तराई मधेस लोकतान्त्रिक पार्टी	३			३
तराई जनतान्त्रिक रिभोल्युसनरी	१			१
तरुण दल	१			१
थरूहट स्वायत्त प्रदेश	२			२
थरूहट संयुक्त सङ्घर्ष समिति	५	१		६
अज्ञात	१४	३		१७
अन्य	२९	१७		४६
जम्मा	२६९	३५	३३२	६३६

बिर्सिएको प्रतीत भयो। भाषिक, क्षेत्रगत, जातिगत एवम् अन्य सामूहिक हितसँग सम्बन्धित भएका विभिन्न वार्ता र समझदारी यथार्थमा परिणत भएनन्। यसबाट विश्वासको सङ्कट बढ्दै गयो।

सरकारले विभिन्न समयमा थारूवान, मधेसी, पिछडा वर्ग, मुस्लिम संयुक्त मोर्चालगायत तराईका विभिन्न समूहसँग गरेका सहमति पालना नभएका कारण समय-समयमा बन्द, विरोध र घुर्कीको सामना गरिरहनुपर्ने अवस्थामा कुनै परिवर्तन आएन।

५.५. हिंसात्मक हुँदै गएको नेपाली समाज

तत्कालीन माओवादीको दसौँ वर्षको 'सशस्त्र युद्ध' अनि तराई र पूर्वी पहाडमा आरम्भ भएका हिंसात्मक राजनीति हेर्दै आएका नेपालीका लागि नृशंस हत्या र हिंसा पनि सामान्य हुन थाले। धनुषा, महोत्तरी, सप्तरी, सुनसरी आदि जिल्लामा यस वर्ष १५ जना मानिसलाई जसरी मारियो, त्यसले मानवीय संवेदनाहीन र विक्षिप्त हुँदै गएको मानसिकताको परिचय दियो।

धनुषाबाट सुरु भएको अपहरण र त्यसपछिका नृशंस घटना विस्तारै पूर्वतिर फैलिँदै गए। सप्तरीको जोगिनिया गाविस-९ मा गाई चराइरहेका एक जना बालकलाई छोएको आरोपमा एक किशोर र एक वृद्धलाई स्थानीय बासिन्दाले निर्घात कुटपिट गरी जिउँदै जलाएर मारे। अपहरणकारीको आरोपमा भीडको सिकार हुन लाग्दा पूर्वाञ्चलमा ७५ जना निर्दोषको ज्यान बचाउन सफल भएको दावी प्रहरीले गऱ्यो। यी घटनाले समस्याको समाधान

हिंसात्मक तरिकाले गर्न खोज्ने प्रवृत्ति मौलाउँदै गएको देखाउँछ भने हिंसाप्रति समाजको मोह पनि बढ्दो रहेको उजागर गर्छ।

५.६. हिंसाको मारमा महिला तथा बालबालिका

महिला हिंसाका हृदयविदारक घटनाहरू यस वर्ष प्रशस्तै प्रकाशमा आए। दाइजो, जारी, बहुविवाह, नि:सन्तान र छोरा नजन्माएको आरोपमा महिलाहरू प्रताडित मात्रै भएनन्, कतिले त आफन्तहरूबाट नै मारिनु पऱ्यो। बलात्कार, अन्य यौनिक हिंसा तथा घरेलु हिंसाका दोषीहरूमाथि प्रहरीले केही सार्वजनिक अपराध ऐन अन्तर्गत मुद्दा चलाएर वा आरोपित र पीडित पक्षबीच मिलामत्र गराएर आफ्नो कर्तव्यबाट समेत चुकेको पाइयो।

डडेलधुरा जिल्ला बेलापुर गाविस-६ की ३५ वर्षीया एक महिलाले ०६५ माघ २२ गते सोही ठाउँका भगीसिंह कार्कीले बलात्कार प्रयास गरेको आरोपमा कार्कीविरुद्ध किटानी जाहेरी दिइन्। तर, प्रहरीले सार्वजनिक अपराध अन्तर्गत मुद्दा दायर गरायो। प्रमुख जिल्ला अधिकारी पर्शुराम अर्यालको आदेशमा आरोपित १० हजार रुपियाँ धरौटी राखी रिहा भए।

भानु गाविस-६ रिठ्ठाबोटेकी ६४ वर्षीया बिसरा सार्कीलाई ०६५ फागुन २७ गते पति कविराम सार्कीले शरीरमा आगो लगाई हत्या गरे।

यस वर्ष पारिवारिक हिंसाका ३ सय ४९ घटना सार्वजनिक भए। यसै वर्ष घरेलु हिंसा (कसुर तथा सजाय) ऐन लागू भयो। ऐनबाट घरेलु हिंसामा कमी आउने अपेक्षा गरिएको थियो तर त्यसो भएन।

यस्ता घटनाहरू प्राय: स्थानीय प्रहरी कार्यालयले मिलापत्र गराएर छाडिदिने भएकाले पीडकले सजिलै उन्मुक्ति पाउने अवस्था कायम रह्यो। तीन वर्षकी अबोध बालिकादेखि १ सय २ वर्षकी वृद्ध महिलासमेत बलात्कारजस्तो जघन्य अपराधबाट पीडित भए। बालिकाहरू नै अझै पनि असुरक्षित रहेको तथ्यले पुष्टि गऱ्यो। यस वर्ष १ सय ६७ बालिका बलात्कृत भए। यति मात्र होइन, बालबालिका बेचविखन र ओसारपसारका २५ ओटा घटना पनि इन्सेकले अभिलेख गऱ्यो।

६. निष्कर्ष तथा सुझाव

समग्र मुलुकको कार्यसूचीको पहिलो प्राथमिकता र शान्ति प्रक्रियाको महत्त्वपूर्ण अङ्ग स्वीकार गरिँदै आएको विषय आगामी ०६७ जेठ १४ गते जारी हुनुपर्ने संविधान नै हो। संविधान निर्माणपूर्व सम्पादन गरिनुपर्ने कैयौं कार्ययोजना यस वर्ष पनि पूरा हुन सकेनन्। सङ्क्रमणकालीन न्यायका आधारमा द्वन्द्वपीडितलाई न्याय तथा परिपूरण प्रदान गर्नका लागि निर्माण हुनुपर्ने संयन्त्रहरू गठन हुन सकेनन्। जातिगत र क्षेत्रगत आधारमा अघि बढिरहेका हिंसात्मक सङ्घर्षको टुङ्गो नलागीकन तोकिएकै समयमा संविधान निर्माण गर्नु असम्भवजस्तो हुन थालेको छ।

सङ्क्रमणकालमा दृढ इच्छाशक्तिका साथ सरकारले आफ्ना कार्ययोजना पूरा गर्नुपर्ने थियो। तर, त्यस दिशातर्फ उसका कदम अघि बढ्न सकेनन्। लडाकू समायोजन, विभिन्न सहमति र सम्झौता पालना गर्नेजस्ता महत्त्वपूर्ण विषयमा सरकार अन्योलग्रस्त मात्र देखिएन, कतिपय अवस्थामा अकर्मण्य रहेको पनि पाइयो।

१२ बुँदे सहमतिदेखि अन्तरिम संविधानमा मात्र होइन, संविधानसभा निर्वाचनले समेत दलीय सहमतिलाई अप्रत्यक्ष मान्यता दिएको छ। यस तथ्यलाई आत्मसात् गरेर मात्रै नयाँ संविधान निर्माण सम्भव हुनेछ। त्यसका लागि दलहरू आफ्नो स्वार्थलाई पन्छ्याएर राष्ट्रिय हितमा केन्द्रित हुनैपर्छ।

स्वतन्त्र न्यायपालिकाको विश्वव्यापी मान्यतालाई स्वीकार गर्दै राजनीतिक र शासकीय दस्तावेजबाट मुक्त राख्ने हरसम्भव प्रयास हुनु उत्तिकै जरुरी छ।

जननिर्वाचित प्रतिनिधिहरूको संस्था व्यवस्थापिका संसद्लाई कुनै पनि बहानामा अवरोध पुऱ्याउन नहुने दृढ सङ्कल्प व्यवस्थापिकावाटै प्रस्तुत हुनुपर्नेतर्फ सरोकारवालाको ध्यान केन्द्रित हुनुपर्छ।

विजयराज गौतम
कार्यकारी निर्देशक

यस वर्षको उल्लेख्य

शान्ति प्रक्रियाका अवरोध

परिच्छेद

२

Highlights of the year:Layout 1 2/9/2010 8:33 AM Page 15

घटनाक्रम

(०६५ पुस १७ देखि ०६६ पुस १६)

पुस १७

माओवादीले कब्जा गरेको सम्पत्ति फिर्ता तीन महिनाभित्र र वाईसीएलको अर्धसैनिक संरचना तीन सातामा खारेज गर्न एकीकृत माओवादी र नेपाली काङ्ग्रेसबीच सहमति।

पुस २३

प्रधानमन्त्रीको संयोजकत्वमा सेना समायोजन तथा पुन:स्थापना विशेष समिति पुन:गठन, एकीकृत माओवादी, काङ्ग्रेस, एमाले, फोरमका दुई-दुई सदस्य गरी आठ जनाको समिति बनाउने मन्त्रिपरिषद् निर्णय।

पुस २४

नेपालको शान्ति प्रक्रिया अपेक्षाकृत अगाडि बढ्न नसकेको राष्ट्रसङ्घका महासचिव मुनको प्रतिवेदन सुरक्षा परिषद्मा।

पुस २६

संविधानसभा संवैधानिक समितिमा माधवकुमार नेपाल निर्वाचित।

सरकार र जनतान्त्रिक तराई मुक्ति मोर्चा (राजन मुक्ति)बीच जनकपुरमा भएको वार्तामा छबुँदे सहमति।

पुस २९

संविधानसभाका सबै समितिहरूको सभापतिको चयन।

माघ ५

सरकार र किराँत वर्कस पार्टीबीच पाँचबुँदे सहमति पत्रमा हस्ताक्षर।

माघ ६

काङ्ग्रेसले उठाउँदै आएको घरजग्गा फिर्तासम्बन्धी माग कार्यान्वयन गर्न सरकारद्वारा प्रतिबद्धता कार्यान्वयन समिति गठन।

माघ ६

प्रधानमन्त्री पुष्पकमल दाहालले घरजग्गा फिर्तासम्बन्धी प्रतिबद्धता कार्यान्वयनका लागि व्यवस्थापिका संसद्ले ११ सदस्यीय प्रतिबद्धता कार्यान्वयन अनुगमन विशेष समिति गठन।

माघ ८

पृथ्वीनारायण क्याम्पस पोखरामा अनेरास्ववियु र अनेरास्ववियु (क्रान्तिकारी) समर्थित विद्यार्थीहरूबीच झडपमा तीन दर्जन घाइते।

माघ १०

संयुक्त राष्ट्रसङ्घ सुरक्षा परिषद्द्वारा नेपालस्थित राष्ट्रसङ्घीय मिसन (अनमिन)को म्याद छ महिना थप।

माघ १२

दलहरूको आपसी विवादले संविधान निर्माण प्रक्रियामा अवरोध भएको संविधानसभा अध्यक्ष सुवासचन्द्र नेम्वाङको भनाइ।

माघ १५

तराईमा अशान्ति रोक्न नेपाल प्रहरी र सशस्त्र प्रहरीले तराईका मेचीदेखि कपिलवस्तुसम्मका जिल्लाका ३० स्थानमा आधार शिविर स्थापना।

माघ १६

राष्ट्रसङ्घीय महासचिव वान की मुनद्वारा अनमिन प्रमुखमा करिन लेनग्रेन नियुक्त।

माघ १७

कब्जा गरिएका सम्पत्ति कुनै हालतमा फिर्ता नगर्ने एकीकृत माओवादीका नेता सीपी गजुरेलको सिन्धुलीमा आयोजित कार्यक्रममा दाबी।

माघ १८

सरकारले ल्याएको बेपत्ता नागरिक छानबिन आयोग अध्यादेश, सार्वजनिक सेवालाई समावेशी बनाउने अध्यादेश र मतदाता नामावली संशोधनसम्बन्धी अध्यादेश कुनै हालतमा फिर्ता नहुने प्रधानमन्त्री पुष्पकमल दाहालको भनाइ।

माघ २३

माओवादी लडाकूको रेखदेख, समायोजन र पुन:स्थापनासम्बन्धी विशेष समितिको बैठकद्वारा अनमिनले अयोग्य ठहऱ्याएका लडाकूलाई तत्काल शिविरबाट हटाउने निर्णय।

माघ २४

संसद् बन्द गरेपछि बेपत्ता नागरिक छानबिन आयोग अध्यादेश, सार्वजनिक सेवालाई समावेशी बनाउने अध्यादेश र मतदाता नामावली संशोधनसम्बन्धी अध्यादेश ल्याएर सरकारले जनतालाई धोका दिएको काङ्ग्रेस सभापति कोइरालाको भनाइ।

माघ २५

सरकारले अन्य दलसँग सहमति नगरी बेपत्ता नागरिक छानबिन आयोग अध्यादेश, सार्वजनिक सेवालाई समावेशी बनाउने अध्यादेश र मतदाता नामावली संशोधनसम्बन्धी अध्यादेश ल्याएको एमाले महासचिव झलनाथ खनालको भनाइ।

माघ २८

काङ्ग्रेससहितका संविधानसभामा प्रतिनिधित्व गर्ने १८ दलले बेपत्ता नागरिक छानबिन आयोग अध्यादेश, सार्वजनिक सेवालाई समावेशी बनाउने

Highlights of the year:Layout 1 2/9/2010 8:33 AM Page 16

अध्यादेश र मतदाता नामावली संशोधनसम्बन्धी अध्यादेशको विरोध गर्दै संसद् बोलाउन सरकारसँग माग।

राष्ट्रपति डा. रामवरण यादवद्वारा व्यक्ति बेपत्ता पार्ने (कसुर र सजाय) अध्यादेश प्रमाणीकरण

फागुन १०

सरकार र तराईमा सशस्त्र सङ्घर्षरत लिबरेसन टाइगर अफ तराई इलम (एलटीटी) बीच पाँचबुँदे सहमति।

फागुन १६

माओवादी सशस्त्र द्वन्द्व, जनआन्दोलन र मधेस आन्दोलनका क्रममा ज्यान गुमाएका नागरिकलाई सहिद घोषणा गर्ने, बेपत्ता नागरिकबारे सिफारिस गर्न समिति गठन गर्ने सरकारको निर्णय।

फागुन २२

थारू समुदायले गरेको बन्द खुलाउने क्रममा चितवनमा प्रहरीले चलाएको गोली लागी दुई जनाको मृत्यु।

फागुन २३

थारू समुदायले गरेको बन्दका क्रममा चितवनमा दुई आन्दोलनकारीले घरेलु हतियार प्रहार गर्दा एक सशस्त्र प्रहरीको मृत्यु।

आन्दोलन स्थगन गरी वार्तामा आउन सरकारद्वारा थारू समुदायलाई आग्रह।

फागुन २५

आन्दोलनरत थारू समुदाय र प्रधानमन्त्री पुष्पकमल दाहालबीच अनौपचारिक वार्ता।

फागुन २६

तराईका सम्पूर्ण आदिवासीलाई आदिवासीमै सूचीकृत गर्ने सरकारको निर्णय।

सार्वजनिक सेवालाई समावेशी बनाउने अध्यादेश खारेज नगरुन्जेलसम्म वार्तामा नबस्ने थारू समुदायको भनाइ, बन्द आठौँ दिन पनि जारी।

चैत १

सरकार र आन्दोलनरत थारू समुदायबीच छबुँदे सहमति।

चैत ५

राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्त नवनिथम पिल्ले पाँचदिने नेपाल भ्रमणमा।

चैत ९

राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्त नवनिथम पिल्लेद्वारा मानवअधिकार हननका दोषीलाई कारबाही नगरे शान्ति प्रक्रिया भाँडिन सक्ने भनाइ।

चैत १३

युथफोर्स बुटवलका सदस्य प्रचण्ड थैवको एकीकृत माओवादी कार्यकर्ताद्वारा गोली हानी हत्या।

चैत १४

माओवादी सेना समायोजन तथा पुनःस्थापना समितिद्वारा वर्षमान पुन, डा. इन्द्रजित राई, पूर्वरथी बालानन्द शर्मा, शम्भुराम सिंखडा पूर्वसहायकरथी गोपालसिंह बोहरा, दीपकप्रकाश भट्ट, पूर्वसचिव रामानन्द मिश्र र पूर्वप्रहरी उपरीक्षक सदानन्द कुर्मी सम्मिलित प्राविधिक समिति गठन।

युथफोर्स सदस्य प्रचण्ड थैवको हत्यापछि उत्पन्न तनाव नियन्त्रण गर्न प्रशासनद्वारा बुटवलमा कर्फ्यु।

चैत १७

युथफोर्स सदस्य प्रचण्ड थैवको हत्या र त्यसपछि उत्पन्न शृङ्खलाबद्ध घटनाबारे छानबिन गर्न एकीकृत माओवादीद्वारा छानबिन आयोग गठन।

चैत १९

माओवादी सेनाका लडाकूको समायोजन र पुनःस्थापनासम्बन्धी प्राविधिक समितिद्वारा आचारसंहिता र कार्यविधि तयार।

चैत २९

एकीकृत माओवादी र एमालेबीच द्वन्द्व घटाउन कार्यदल गठन।

चैत ३०

नौबुँदे सहमति गरी असमझदारी घटाउन माओवादी र एमाले सहमत।

चैत ३१

संविधान कार्यतालिका संशोधन।

२०६६ वैशाख १

एकीकृत माओवादीद्वारा कब्जा गरेको जग्गा फिर्ता नगर्ने भूमिसुधार तथा व्यवस्थामन्त्री महेन्द्र पासवानको भनाइ।

वैशाख २

प्रधानमन्त्री पुष्पकमल दाहालद्वारा दलहरूसँग भएका सहमति र प्रतिबद्धता कार्यान्वयन गर्न सदनमा दोस्रोपटक प्रतिबद्धता।

उपप्रधान तथा गृहमन्त्री वामदेव गौतमद्वारा युथफोर्सका कार्यकर्ता प्रचण्ड थैवको हत्या गर्ने सुजीत विकलाई माओवादीले संरक्षण दिएको पोखरामा आयोजित कार्यक्रममा भनाइ।

वैशाख ३

सरकारद्वारा गणेशमान गुरुङको अध्यक्षतामा

Highlights of the year:Layout 1 2/9/2010 8:33 AM Page 17

राज्य पुन:संरचना आयोग गठन।

वैशाख ६

मन्त्रिपरिषद्द्वारा प्रधानसेनापति रुक्माङ्गद कटवालसँग स्पष्टीकरण माग।

वैशाख ७

राष्ट्रपति डा. रामवरण यादवद्वारा नेपाली सेनाका सम्बन्धमा निर्णय लिँदा अन्तरिम संविधानले गरेको व्यवस्था र राजनीतिक सहमतिलाई ख्याल राख्न प्रधानमन्त्री पुष्पकमल दाहाललाई सुझाव।

प्रधानसेनापतिसँग मागिएको स्पष्टीकरणप्रति दलहरू असन्तुष्ट। प्रमुख विपक्षी काङ्ग्रेसद्वारा संसद बहिष्कार।

प्रधानसेनापतिलाई अवकाश दिनका लागि स्पष्टीकरण सोधेको अर्थमन्त्री एवम् माओवादी नेता बाबुराम भट्टराईको भनाइ।

वैशाख ८

प्रधानसेनापति रुक्माङ्गद कटवालद्वारा सरकारसमक्ष सफाइ पेस।

प्रधानसेनापति रुक्माङ्गद कटवालले दिएको स्पष्टीकरण जवाफ प्रतिवाद भएको माओवादी सचिवालयको बैठकको ठहर, कारबाही गर्ने निर्णय।

राष्ट्रपति डा. रामवरण यादवद्वारा सैनिक ऐन संशोधन नगरी नेपाली सेनाका प्रमुखलाई हटाउने कार्य संविधान र कानुनसम्मत नहुने प्रधानमन्त्री पुष्पकमल दाहालाई सुझाव।

सरकारले प्रधानसेनापतिसँग स्पष्टीकरण लिएकामा मुख्य प्रतिपक्षी काङ्ग्रेससहितका १७ दलको विरोध। दलहरूद्वारा राष्ट्रिपतिलाई भेटी प्रधानसेनापति हटाउने निर्णय रोक्न आग्रह।

प्रधानसेनापति रुक्माङ्गद कटवाललाई बर्खास्त गर्न माग गर्दै एकीकृत माओवादीका जनवर्गीय सङ्गठनद्वारा राजधानीमा प्रदर्शन।

वैशाख ९

अनेरास्ववियु (क्रान्तिकारी)द्वारा त्रिभुवन विश्वविद्यालयका उपकुलपति माधवप्रसाद शर्मा र शिक्षाध्यक्ष सूर्यलाल अमात्यलाई मोसो दली दुर्व्यवहार।

प्रधानमन्त्री पुष्पकमल दाहालद्वारा राष्ट्रपतिसँग भेट। प्रधानसेनापतिलाई कारबाही गर्नुअघि अन्तरिम संविधानको मर्म, कानुन र राजनीतिक सहमतिलाई ध्यान दिन राष्ट्रपतिको प्रधानमन्त्री दाहाललाई सुझाव।

काङ्ग्रेसको अगुवाइमा बसेको १६ दलको बैठकले प्रधानसेनापतिलाई कारबाही प्रक्रिया रोक्न सामूहिक दबाब।

मधेसी जनअधिकार फोरमको राजनीतिक समितिको आकस्मिक बैठकमा सेनापति प्रकरणमा प्रमुख दलहरूबीच राष्ट्रिय सहमति हुनुपर्ने निर्णय।

प्रधानसेनापति रुक्माङ्गद कटवाललाई बर्खास्त गर्न माग गर्दै एकीकृत माओवादीका जनवर्गीय सङ्गठनद्वारा देशभर प्रदर्शन।

वैशाख १०

प्रधानसेनापति रुक्माङ्गद कटवाललाई पदावधि पूरा गर्ने अवसर दिन विज्ञप्तिमार्फत काङ्ग्रेस सभापति गिरिजाप्रसाद कोइरालाद्वारा सरकारलाई आग्रह।

प्रधानसेनापति रुक्माङ्गद कटवालबारे सहमतिमै निर्णय हुनुपर्ने चीन भ्रमण छोट्याएर आएका एमाले अध्यक्ष झलनाथ खनालको भनाइ।

प्रधानमन्त्री पुष्पकमल दाहालद्वारा आठ देशका राजदूत र एमाले नेता माधव नेपालसँग परामर्श, अथमन्त्री डा. बाबुराम भट्टराई र एमालेका नेताबीच भेटवार्ता, परामर्शका लागि भारतीय राजदूत राकेश सुद दिल्ली प्रस्थान।

वैशाख १२

एमाले स्थायी कमिटीको बैठकद्वारा प्रधानसेनापति बर्खास्त निर्णय रोक्न सुझाव।

वैशाख १३

प्रधानमन्त्री पुष्पकमल दाहालद्वारा राष्ट्रपति डा. रामवरण यादवसँग भेट। हतारमा प्रधानसेनापतिसम्बन्धी निर्णय नगर्न प्रधानमन्त्रीलाई राष्ट्रपतिको आग्रह।

काङ्ग्रेस सभापति गिरिजाप्रसाद कोइराला निवासमा भएको आकस्मिक अनौपचारिक बैठकबाट एकीकृत माओवादीको प्रधानसेनापतिमाथिको कारबाही गर्ने नीति सत्ताकब्जा गर्ने नियतवश भएको ठहर।

प्रधानसेनापति प्रकरणमा एक्लै अघि नबढ्न एमाले स्थायी कमिटी बैठकद्वारा सरकारलाई सुझाव।

वैशाख १५

संविधानसभाको कार्यतालिका चौथोपटक संशोधन।

प्रधानसेनापतिलाई कारबाही माग गर्दै एकीकृत माओवादी जनवर्गीय सङ्गठनद्वारा राजधानीमा प्रदर्शन।

काङ्ग्रेस र एकीकृत माओवादीबीच सेनापति प्रकरणको विषयलाई लिएर भएको वार्ता विफल।

वैशाख १६

प्रधानसेनापति कटवाललाई हटाउने विषयमा एमाले, माओवादी र काङ्ग्रेसबीच भएको छलफल बिनानिष्कर्ष अन्त्य।

Highlights of the year:Layout 1 2/9/2010 8:33 AM Page 18

वैशाख १७

प्रधानसेनापति कटवाललाई राजनीतिक सहमतिबिना हटाए सरकारबाट हट्ने एमाले स्थायी कमिटीको निर्णय।

वैशाख १८

सहमतिबिना प्रधानसेनापति कटवाललाई कारबाही गरे अमान्य हुने मधेसी जनअधिकार फोरम संसदीय दलको निर्णय।

वैशाख २०

मन्त्रिपरिषद्द्वारा प्रधानमन्त्री रुक्माङ्गद कटवाल बर्खास्त, कुलबहादुर खड्कालाई कायममुकाय मुकरर, राष्ट्रपतिबाट कटवाललाई सेवामै रहन निर्देशन।

राष्ट्रपति डा. रामवरण यादवको निर्णयको कुनै तुक नभएको प्रधानमन्त्री पुष्पकमल दाहालको भनाइ।

काङ्ग्रेस, एमालेलगायतका १८ ओटा राजनीतिक दलद्वारा सेनापति प्रकरणप्रति सरकारको ध्यानाकर्षण।

वैशाख २१

प्रधानमन्त्री पदबाट पुष्पकमल दाहालद्वारा राजीनामा।

प्रधानसेनापति कारबाही प्रकरणपछि उत्पन्न समस्या संविधानसभामार्फत समाधान खोज्न राष्ट्रपति यादवको आग्रह।

राष्ट्रपति डा. रामवरण यादवले प्रधानसेनापति रुक्माङ्गद कटवाललाई पदमै रहिरहन दिएको निर्देशनको विरोध गर्दै एकीकृत माओवादीद्वारा देशभर प्रदर्शन।

वैशाख २२

राष्ट्रपति डा. यादवद्वारा राष्ट्रिय सहमतिको सरकार गठन गर्न संसद्मा प्रतिनिधित्व गर्ने दलहरूलाई आग्रह।

काङ्ग्रेस र एमाले कार्यकर्तालाई गाउँ छाड्न एकीकृत माओवादी रामेछाप जिल्ला कमिटीद्वारा पाँच दिनको अल्टिमेटम।

एकीकृत माओवादीद्वारा अध्यक्ष पुष्पकमल दाहालको सञ्चारमाध्यमबाट सार्वजनिक भएको एक वर्षअघि शक्तिखोरका लडाकूहरूलाई प्रशिक्षण दिएको भिडियो टेप पुरानो र अप्रासंगिक भएको विज्ञप्ति जारी।

शान्ति प्रक्रिया जोखिम मोडमा पुगेको राष्ट्रसङ्घ सुरक्षा परिषद्को निष्कर्ष।

वैशाख २३

राष्ट्रिय मानवअधिकार आयोगले विस्तृत शान्ति सम्झौता पालना गर्न एकीकृत माओवादी र उसका भ्रातृसङ्गठनलाई आग्रह।

रामेछाप एमाले कार्यालयमा एकीकृत माओवादी कार्यकर्ताद्वारा तोडफोड।

प्रधानसेनपति हटाउने सरकारको निर्णयविरुद्ध राष्ट्रपति डा. रामवरण यादवले दिएको आदेशको विरोधमा एकीकृत माओवादीद्वारा राजधानीसहित देशभर प्रदर्शन।

वैशाख २४

राष्ट्रपतिको कदमको समर्थन गर्नेलाई भौतिक कारबाही गर्ने वाईसीएलद्वारा विभिन्न जिल्लामा धम्की।

वैशाख २६

राष्ट्रपतिद्वारा संविधान उल्लङ्घन भएको फोरमको निष्कर्ष।

वैशाख २८

काङ्ग्रेस र एमाले कार्यकर्तालाई जनकारबाही गरेर गाउँबाट लखेट्न एकीकृत माओवादीका केन्द्रीय सचिवालय सदस्य टोपबहादुर रायमाझीको अर्घाखाँचीमा कार्यकर्तालाई निर्देशन।

वैशाख २९

प्रधानसेनापति प्रकरणपछि विभिन्न जिल्लामा माओवादीद्वारा अरू दलका कार्यकर्तालाई कुटपिट र जिल्ला छाड्न उर्दी जारी गरेको भन्दै मानवअधिकार आयोगद्वारा मानवअधिकारको रक्षा गर्न सरकारलाई आग्रह।

जेठ ३

रामेछापको मन्थलीमा भएको कार्यक्रम सकेर दोलखा फर्कंदै गर्दा एमाले महासचिव ईश्वर पोखरेलसहितको टोलीमाथि माओवादीद्वारा तिलपुडमा आक्रमण।

प्रधानसेनापति विवादपछि उत्पन्न राजनीतिक सङ्कटका कारण आफ्ना सम्पूर्ण सङ्घर्षका कार्यक्रम स्थगित गरेको थरुहट संयुक्त सङ्घर्ष समितिको भनाइ।

जेठ ११

प्रधानमन्त्री माधवकुमार नेपालद्वारा देश र जनताका नाममा शपथग्रहण।

जेठ १४

मैना सुनार हत्याकाण्डमा मुछिएका महासेनानी बबी खत्रीको पदावधि नथप्ने सरकारको निर्णय।

सभामुख सुवास नेम्वाङद्वारा प्रधानमन्त्री माधवकुमार नेपाल, एकीकृत माओवादी अध्यक्ष पुष्पकमल दाहाल र काङ्ग्रेस सभापति गिरिजाप्रसाद कोइरालासँग भेट गरी राजनीतिक तिक्तता हटाउन आग्रह।

जेठ १७

वाईसीएल कार्यकर्ताद्वारा कालीकोटका काङ्ग्रेस सभापति मुक्तिप्रसाद न्यौपानेमाथि आक्रमण।

सेनापति प्रकरणमा राष्ट्रपतिले चालेको कदमका विषयमा सङ्कल्प प्रस्तावमाथि संसदमा छलफल नभएपछि माओवादीद्वारा आन्दोलनको कार्यक्रम घोषणा।

जेठ २५

माओवादीनिकट तामाङ मुक्ति मोर्चाले गरेको बन्दका क्रममा युथफोर्सका कार्यकर्ताद्वारा आफ्नो पार्टीको जिल्ला सम्पर्क कार्यालय तोडफोड गरेको आरोपमा माओवादी कार्यकर्ताद्वारा बनेपास्थित एमाले जिल्ला कार्यालय तोडफोड।

जेठ २६

प्रधानमन्त्री माधवकुमार नेपाल र एकीकृत माओवादी अध्यक्ष पुष्पकमल दाहालबीच राजनीतिक गतिरोध अन्त्यका लागि प्रमुख दलहरूबीच सहमति खोज्ने सहमति।

जेठ २७

अवरुद्ध संसद् खुलाउन एकीकृत माओवादी र एमालेबीच ललितपुरको गोदावरीमा वार्ता।

जेठ २९

राष्ट्रपतिको कदमलाई लिएर माओवादीले संसद्मा दर्ता गराएको सङ्कल्प प्रस्ताव संसद्मा छलफल गराउनुपर्ने भन्दै राजधानीमा मोटरसाइकल च्याली।

जेठ ३०

मध्य तथा दक्षिण एसियाका लागि अमेरिकी सहायक विदेशमन्त्री रोबर्ट ब्लेकद्वारा माओवादीलाई रचनात्मक भूमिका निर्वाह गर्न आग्रह।

जेठ ३१

कालीकोटमा वाईसीएल कार्यकर्ताद्वारा एमालेका जिल्ला सचिवसहित १५ जना कार्यकर्तामाथि कुटपिट।

असार १

राष्ट्रपतिको कदमलाई लिएर माओवादी समर्थित सेती महाकाली मुक्ति मोर्चाद्वारा डडेलधुरा, बाजुरा, बैतडी, बझाङ, दार्चुला र अछाम बन्द।

कालीकोटको मान्मास्थित एमाले कार्यालय एकीकृत माओवादीद्वारा तोडफोड।

असार २

आफ्नै नेतृत्वमा राष्ट्रिय सरकार बन्नुपर्ने एकीकृत माओवादी अध्यक्ष पुष्पकमल दाहालको पोलिटब्युरो बैठकमा प्रस्ताव।

असार ४

प्रधानसेनापति राष्ट्रपतिले मात्र हटाउन सक्ने भन्दै पूर्ववर्ती सरकारको प्रधानसेनापति हटाउने निर्णय सरकारद्वारा बदर।

असार ७

एकीकृत माओवादीद्वारा नागरिक सर्वोच्चताको विषयलाई लिएर सिंहदरबार घेराउ।

असार ८

अवरुद्ध संसद् खुलाउन प्रधानमन्त्री माधवकुमार नेपालले प्रमुख तीन दलसँग गरेको छलफल बिनानिष्कर्ष समाप्त

असार १४

सेना समायोजन प्राविधिक टोलीले चितवन शक्तिखोरस्थित माओवादी लडाकू शिविरमा पुगी लडाकूहरूसँग अन्तरक्रिया।

असार १५

एकीकृत माओवादी पोलिटब्युरो बैठकद्वारा आफ्नै नेतृत्वमा संयुक्त राष्ट्रिय सरकार बनाउने निर्णय।

असार १६

एकीकृत माओवादीले अवरुद्ध गर्दै आएको संसद् सुचारु गर्न दलहरूबीच वार्ता।

असार १७

एकीकृत माओवादीद्वारा सेना समायोजन विशेष समितिमा आधा सदस्य माग।

असार १८

अवरुद्ध संसद् खुलाउन एकीकृत माओवादी र काङ्ग्रेसबीच सिंहदरबारमा भएको बैठकमा एकीकृत माओवादीद्वारा संविधान संशोधन गर्न माग।

असार १९

संविधान निर्माणअघि माओवादी लडाकूको व्यवस्थापन गर्नुपर्ने रक्षामन्त्री विद्यादेवी भण्डारीको भनाइ।

असार २२

प्रधानमन्त्री माधवकुमार नेपाललाई प्रधानसेनापति रुक्माङ्गद कटवालसहित उच्च सैनिक अधिकारीहरूले भेटी उपरथी तोरणजङ्गबहादुर सिंहको बढुवाका लागि दबाब।

असार २३

नर्वेका राजदूत थोर गिस्लेसन रक्षामन्त्री विद्यादेवी भण्डारीलाई भेटी उपरथी तोरणजङ्गबहादुर सिंहको बढुवाबारे चासो व्यक्त।

असार २५

प्रधानमन्त्री माधवकुमार नेपालद्वारा

Highlights of the year:Layout 1 2/9/2010 8:33 AM Page 20

जाजरकोटमा फैलिएको झाडापखाला नियन्त्रणका लागि पहल गर्न मातहतका निकायलाई निर्देशन।

असार ३०

एकीकृत माओवादी केन्द्रीय समिति बैठकमा अधिकांश नेताले संविधान निर्माणअघि सेना समायोजन नगर्न नेतृत्वलाई दबाब।

साउन २

माओवादी अयोग्य लडाकू पुनःस्थापना कार्ययोजना सुरु।

साउन ६

एकीकृत माओवादीद्वारा शिविरमा रहेका लडाकू संविधान निर्माणपछि मात्र समायोजन गर्ने भन्ने भनाइ सहमतिविपरीत रहेको काङ्ग्रेस सभापति गिरिजाप्रसाद कोइरालाको भनाइ।

ताम्सालिङ संयुक्त सङ्घर्ष समितिद्वारा धुलिखेलमा कान्तिपुर पब्लिकेसनको गाडी तोडफोड।

साउन ८

संयुक्त राष्ट्रसङ्घ सुरक्षा परिषद्ले नेपालस्थित संयुक्त राष्ट्रसङ्घीय मिसन (अनमिन)को कार्यावधि छ महिनाका लागि थप।

संविधान निर्माण कार्य अवरुद्ध भएपछि सभामुख सुवास नेम्वाङद्वारा प्रमुख तीन दलका शीर्ष नेतालाई भेटी उच्चस्तरीय राजनीतिक समझदारी कायम गर्न आग्रह।

साउन ११

मन्त्रिपरिषद्को राजनीतिक समितिद्वारा विशेष सुरक्षा रणनीति पारित।

संसद्को राज्य व्यवस्था समितिले दलहरूसँग भएका सबै सम्झौता कार्यान्वयन गर्न सरकारलाई निर्देशन।

साउन १३

उच्चस्तरीय राजनीतिक संयन्त्र निर्माणका लागि काङ्ग्रेस सभापति गिरिजाप्रसाद कोइरालाद्वारा प्रधानमन्त्री माधवकुमार नेपालसँग छलफल।

साउन १४

सरकारले ल्याउन लागेको विशेष सुरक्षा कार्ययोजना सरकारद्वारा संसद्मा प्रस्तुत।

साउन १५

तराईमा सङ्घर्षरत चार सशस्त्र समूहद्वारा वार्ता सुचारु गर्न सरकारसँग माग।

साउन १७

प्रमुख तीन दलको बैठक। साझा संयन्त्र बनाउने विषयमा सैद्धान्तिक सहमति।

साउन १८

माओवादी केन्द्रीय समितिको बैठकद्वारा स्वायत्त प्रदेश घोषणा गर्ने निर्णय।

सरकारले जारी गरेको विशेष सुरक्षा नीतिको पूर्वमा आन्दोलनरत जातीय मोर्चाद्वारा विरोध।

साउन १९

माओवादीद्वारा उपाध्यक्ष बाबुराम भट्टराईको अध्यक्षतामा संयुक्त राष्ट्रिय जनआन्दोलन समिति गठन गरी आन्दोलनको कार्यक्रम घोषणा।

साउन २०

राष्ट्रिय मानवअधिकार आयोगले मध्य तथा सुदूरपश्चिमका जिल्लामा फैलिएको झाडापखालाको प्रभावित क्षेत्रको स्थलगत अध्ययन गरी तयार पारेको प्रतिवेदन सार्वजनिक गर्दै महामारी फैलनुको कारण पत्ता लगाई त्यसको रोकथाम तथा नियन्त्रणमा जिम्मेवार व्यक्ति वा निकायको पहिचान गरी कारवाही गर्न माग।

एकीकृत माओवादीले उठाएको माग सम्बोधन गर्न २१ दलको बैठक। बैठक निष्कर्षविहीन।

साउन २३

राष्ट्रपतिको कदम नसच्चिए संविधान नबन्ने एकीकृत माओवादी अध्यक्ष पुष्पकमल दाहालको भनाइ।

शान्ति प्रक्रिया र संविधान निर्माणका लागि तेस्रो चरणको आन्दोलन सुरु भएको माओवादी संसदीय दलका उपनेता नारायणकाजी श्रेष्ठको संसद्मा भनाइ, संसद बहिष्कार।

साउन २४

राष्ट्रपतिको कदमलाई लिएर प्रधानमन्त्री माधवकुमार नेपाल र माओवादी अध्यक्ष पुष्पकमल दाहालबीच वार्ता। महाअभियोग प्रस्ताव ल्याउन प्रधानमन्त्रीको सुझाव।

साउन २६

सरकार र तराईका सशस्त्र समूहबीच सिंहदरबारमा भएको वार्ता बिनानिष्कर्ष सम्पन्न।

साउन २९

सत्तारुढ २२ दलद्वारा संवैधानिक समितिको सभापति पद एकीकृत माओवादीलाई नदिने निर्णय।

साउन ३१

बालुवाटारमा प्रमुख तीन दलको बैठक। संवैधानिक समितिको सभापतिलगायतका विषयमा प्याकेजमा सहमति गर्ने सहमति।

भदौ १

सर्वोच्च अदालतको आदेश अनुसार नेपाली

भाषामै उपराष्ट्रपति परमानन्द झाले शपथ लिनुपर्ने सरकारको निर्णय।

भदौ ३

एकीकृत माओवादीद्वारा आफ्नो नेतृत्वको सरकार निर्माणका लागि दबाब दिन स्थायी प्रकृतिको संयुक्त मोर्चा गठन।

भदौ ८

कपिलवस्तुको पूर्वपश्चिम लोकमार्गस्थित जितपुरमा कम्प्याक्ट पोसाकमा हतियारसहित माओवादी लडाकूहरू गिरफ्तार।

झाडापखाला प्रभावित क्षेत्रमा गुणस्तरहीन खाद्यान्न वितरण भएको भन्दै इन्सेकद्वारा गुणस्तरहीन खाद्यान्न वितरकलाई कारबाही गर्न माग।

भदौ ९

माओवादी लडाकू सेना हतियारसहित शिविरबाहिर निस्कनु विस्तृत शान्ति सम्झौताविपरीत भएको अनमिनको भनाइ।

भदौ १४

शपथका लागि उपराष्ट्रपति परमानन्द झा राष्ट्रपति भवन शीतलनिवास अनुपस्थित।

बेपत्तासम्बन्धी मस्यौदा विधेयक संशोधन गर्न इन्सेकलगायतका मानवअधिकार संस्थाहरूद्वारा माग।

भदौ १५

प्रधानमन्त्री माधवकुमार नेपाल र माओवादी अध्यक्ष पुष्पकमल दाहालबीच टेलिफोन वार्ता, लडाकूको रेखदेख, समायोजन विशेष समितिमा बस्न एकीकृत माओवादी सहमत।

भदौ १६

प्रधानमन्त्री माधवकुमार नेपालको अध्यक्षतामा बसेको लडाकू रेखदेख समायोजन विशेष समितिको बैठकले लडाकूको समायोजन र पुन:स्थापना छ महिनाभित्र गरिसक्ने निर्णय।

भदौ १७

प्रधानन्यायाधीश बाहिरबाट ल्याएर संसद्बाट अनुमोदन गर्ने माओवादी प्रस्तावले मुलुकमा गम्भीर दुर्घटना निम्त्याउने काङ्ग्रेस सभापति कोइरालाको भनाइ।

भदौ १८

एकीकृत माओवादीद्वारा १३ राज्यसहितको नयाँ राज्य संरचनाको खाका संविधानसभा राज्य पुन:संरचना तथा राज्यशक्तिको बाँडफाँट समितिमा प्रस्तुत।

भदौ २१

लडाकू रेखदेख समायोजन विशेष समितिद्वारा लडाकूका लागि आचारसंहिता निर्माण गर्न प्राविधिक समितिलाई निर्देशन।

भदौ २८

दण्डहीनता अन्त्य गर्दै मानवअधिकारको सम्मान र रक्षाका निम्ति सरकारले कुनै कसर बाँकी नराख्ने प्रधानमन्त्री माधवकुमार नेपालको ओएचसीएचआरका नेपाल प्रतिनिधि रिजर्ड बेनेटसँग भनाइ।

भदौ ३१

राष्ट्रपतिको कदमलाई सम्बोधन गर्न तीन दलबीच बैठक, साझा सङ्कल्प प्रस्ताव ल्याउने विषयमा छलफल।

असोज १

संविधान संशोधन गरे गतिरोध अन्त्य हुने एकीकृत माओवादी अध्यक्ष पुष्पकमल दाहालको भनाइ।

राजनीतिक गतिरोध हटाउन एकीकृत माओवादी र एमाले सकारात्मक। दुई दलको बैठकमा साझा सहमति ल्याउन सैद्धान्तिक सहमति।

नेपाल भ्रमणमा आएका दक्षिण तथा दक्षिणपूर्वी एसियाका लागि अमेरिकी सहायक रक्षामन्त्री रोबर्ट स्केरको सेना नागरिक नियन्त्रणमा हुनुपर्ने भनाइ।

असोज २

अवरुद्ध संसद् सुचारु गर्ने विषयमा साझा सङ्कल्प प्रस्ताव संसद्मा पेस गर्ने विषयमा काङ्ग्रेस र एमालेका शीर्ष नेताहरूबीच भएको छलफल निष्कर्षविहीन।

सबै समस्याको समाधान गर्न सरकार तयार रहेको प्रधानमन्त्री माधवकुमार नेपालको भनाइ।

असोज ३

राष्ट्रसङ्घको अनुमतिमा अर्को आन्दोलन गर्ने एकीकृत माओवादी अध्यक्ष पुष्पकमल दाहालको भनाइ।

असोज ४

सरकारद्वारा सशस्त्र द्वन्द्वका क्रममा सम्पत्ति कब्जालगायत विभिन्न घटनाबाट क्षति भोगेका परिवारलाई राहत दिन शान्ति तथा पुन:निर्माणमन्त्री रकम चेम्जोङको संयोजकत्वमा छ सदस्यीय समिति गठन।

असोज ६

शान्तिपूर्ण सहमति नभए आन्दोलन गर्ने एकीकृत माओवादीको निर्णय।

नागरिक सर्वोच्चतामा सहमति नबने सरकारविरुद्ध संसद्मा अविश्वासको प्रस्ताव दर्ता गर्ने एकीकृत माओवादी अध्यक्ष पुष्पकमल दाहालको भनाइ।

असोज ७

विभिन्न राजनीतिक पार्टीसँग वार्ता गर्न एमालेद्वारा भरतमोहन अधिकारीको संयोजकत्वमा सात सदस्यीय वार्ता समिति गठन।

Highlights of the year:Layout 1 2/9/2010 8:33 AM Page 22

असोज १४

राष्ट्रपति डा. रामवरण यादव र एकीकृत माओवादीका अध्यक्ष पुष्पकमल दाहालबीच राजनीतिक गतिरोधको विषयलाई लिएर भेटवार्ता। अधिकार रक्षाका लागि आफू बाधक नबन्ने राष्ट्रपतिले बताएको भेटवार्तापछि दाहालको भनाइ।

राजनीतिक गतिरोध अन्त्यका लागि एकीकृत माओवादीद्वारा उपाध्यक्ष बाबुराम भट्टराईको संयोजकत्वमा पाँच सदस्यीय वार्ता टोली गठन।

एकीकृत माओवादीले संसद्मा ल्याउने भनिएको सङ्कल्प प्रस्तावको सट्टा साझा सहमतिको प्रस्ताव लैजान काङ्ग्रेस र एमालेबीच सहमति।

असोज १५

प्रधानमन्त्री माधवकुमार नेपाल र काङ्ग्रेस सभापति गिरिजाप्रसाद कोइरालाबीच कोइराला निवासमा राजनीतिक गतिरोध अन्त्य गर्ने विषयमा भेटघाट।

एकीकृत माओवादी, काङ्ग्रेस र एमालेका नेताहरूको माओवादी संसदीय दलको कार्यालय सिंहदरबारमा भएको बैठकमा राजनीतिक गतिरोध अन्त्य गर्न सदनमा साझा सङ्कल्प प्रस्ताव लैजाने निर्णय।

असोज १६

राष्ट्रपतिको कदमबारे सहमतिको साझा सङ्कल्प प्रस्ताव उल्लेख गर्ने/नगर्ने भन्ने विषयमा प्रमुख तीन दलबीच भएको बैठक बिनानिष्कर्ष सम्पन्न।

असोज १८

राजनीतिक गतिरोध अन्त्यका लागि दलहरूसँग सहमति जुट्न नसके सशक्त आन्दोलन गर्ने एकीकृत माओवादी स्थायी समितिको निर्णय।

असोज १९

प्रधानमन्त्री माधवकुमार नेपाल र एकीकृत माओवादीका अध्यक्ष पुष्पकमल दाहालबीच भेटवार्ता, काङ्ग्रेस र एमालेले तयार पारेको साझा सङ्कल्प प्रस्तावको ढाँचामा आफ्नो आधिकारिक धारणा व्यक्त गर्न एकीकृत माओवादीलाई प्रधानमन्त्रीको आग्रह।

असोज २०

काङ्ग्रेस र एमालेले तयार गरेको साझा सङ्कल्प प्रस्तावमा एकीकृत माओवादी असहमत। मस्यौदामा राष्ट्रपतिको कदम 'असंवैधानिक' उल्लेख गर्नुपर्ने माओवादीको भनाइ।

असोज २१

शान्ति सम्झौताका केही प्रावधानले नेपाली सेनाको जीवन्तपन र सबलीकरणमा प्रभाव परेको भन्दै व्यवस्थापिका संसद् राज्यव्यवस्था समितिको बैठकमा शान्ति सम्झौता पुनरावलोकन गर्न रक्षामन्त्री विद्यादेवी भण्डारीद्वारा आग्रह

असोज २६

काङ्ग्रेस र एमालेले तयार पारेको साझा प्रस्तावमा एकीकृत माओवादीद्वारा संशोधन प्रस्ताव राखी राष्ट्रपतिको कदम सच्चिनुपर्ने माग।

असोज २७

आ-आफ्ना अडानका कारण साझा सङ्कल्प प्रस्तावको विषयमा बसेको तीन दलको बैठक बिनानिष्कर्ष सम्पन्न।

असोज २९

तीन दलको बैठक। संसदको गतिरोध अन्त्य गरी सहमति खोज्न साझा सङ्कल्प प्रस्तावको मस्यौदा तय गर्न तीन सदस्यीय कार्यदल गठन।

कात्तिक १

जस्तोसुकै आन्दोलन भए पनि राष्ट्रपतिको कदमको विषयमा छलफल हुन नसक्ने काङ्ग्रेस कार्यवाहक सभापति सुशील कोइरालाको भनाइ।

कात्तिक २

ठूला दलका कारण मुलुक अन्योलमा फसेको नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान विजुक्छेको भनाइ।

कात्तिक ४

एकीकृत माओवादीको राज्यसमितिले बर्दियामा सर्वसाधारणको धानबाली काटेर प्रतिकट्ठा १ सय रुपियाँ लेवी उठाउन सुरु।

कात्तिक ५

संसद्को गतिरोध अन्त्यका लागि साझा प्रस्ताव बनाउन बसेको प्रमुख तीन कार्यदलको बैठक असफल।

कात्तिक ६

एकीकृत माओवादीको स्थायी समितिको बैठकद्वारा सरकारलाई १५ कात्तिकसम्म आफ्ना माग पूरा गर्न अल्टिमेटम।

कात्तिक ८

आफ्नै नेतृत्वमा संयुक्त राष्ट्रिय सरकार बन्नुपर्ने एकीकृत माओवादी उपाध्यक्ष मोहन वैद्यको भनाइ।

कात्तिक १०

सरकारलाई दिएको १५ दिने अल्टिमेटमको पाँच दिनअगावै एकीकृत माओवादीद्वारा आन्दोलनको कार्यक्रम सार्वजनिक।

माओवादी लडाकूको रेखदेख, समायोजन व्यवस्थापन विशेष समितिको बैठक। लडाकू सेनामा

समायोजन गर्न नसकिने भन्ने रक्षामन्त्री विद्यादेवी भण्डारीको अभिव्यक्ति सरकारको नभएको प्रद्यानमन्त्री माधवकुमार नेपालको भनाइ।

कात्तिक ११

संसद् अवरोधको विषयमा प्रधानमन्त्री र सभामुखबीच भेटवार्ता।

नेपाली काङ्ग्रेसले वरिष्ठ नेता शेरबहादुर देउवा र ऊर्जा मन्त्री बालकृष्ण खाँडसहितका नेता-कार्यकर्तामाथि एकीकृत माओवादीका कार्यकर्ताले गरेको आक्रमणको भर्त्सना गर्दै दोषीमाथि कारवाही गर्न माग।

संविधानसभाको मौलिक अधिकार समितिद्वारा मृत्युदण्डको व्यवस्थासहितको प्रतिवेदन तयार।

एकीकृत माओवादी अध्यक्ष पुष्पकमल दाहालद्वारा आतङ्ककारीको बिल्ला हटाउन अमेरिकासँग माग।

कात्तिक १३

एकीकृत माओवादीले गर्ने भनेको आन्दोलन गैरसंवैधानिक र अराजक भएको भन्दै सरकारमा रहेका १० दलको बैठकले आन्दोलनलाई नियन्त्रण गर्न सरकारलाई निर्देशन।

सहमतिको राष्ट्रिय सरकार आवश्यक रहेको राष्ट्रसङ्घीय महासचिव बान की मुनको नेपालसम्बन्धी प्रतिवेदन न्युयोर्कमा सार्वजनिक।

कात्तिक १५

काङ्ग्रेसका सभापति गिरिजाप्रसाद कोइरालाद्वारा एकीकृत माओवादीलाई वार्तामा आउन अह्वान।

कात्तिक १६

एकीकृत माओवादीद्वारा देशभरका स्थानीय निकायमा धर्ना। धनकुटा नगरपालिका कब्जा गरी उम्मेदवार घोषणा।

एकीकृत माओवादीले गरेको आन्दोलनको विषयमा सहमति खोज्न काङ्ग्रेसका सभापति गिरिजाप्रसाद कोइराला र एकीकृत माओवादी अध्यक्ष पुष्पकमल दाहालबीच कोइराला निवासमा छलफल।

कात्तिक १७

युरोपेली युनियनलगायतका नेपालस्थित राजदूतहरूले एकीकृत माओवादीलाई आन्दालेनबारे पुनःविचार गर्न आग्रह।

कात्तिक १८

एकीकृत माओवादीले आफ्नो दोस्रो चरणको आन्दोलन अन्तर्गत देशका ७५ जिल्ला प्रशासन कार्यालयमा धर्ना तथा घेराउ। नुवाकोट र सुनसरीमा झडप।

संविधानसभाको मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समितिद्वारा अवधारणापत्र र प्रारम्भिक मस्यौदा फरक मतसहित बहुमतले पारित।

कात्तिक २३

एकीकृत माओवादीद्वारा सङ्खुवासभाका कृषकलाई कुत र ठेक्का बुझाउन सार्वजनिक सूचना जारी।

कात्तिक २४

कृषि तथा सहकारी राज्यमन्त्री करिमा बेगमद्वारा पर्साका प्रमुख जिल्ला अधिकारी दुर्गाप्रसाद भण्डारीलाई कार्यकक्षमा हातपात।

कात्तिक २५

कृषि तथा सहकारी राज्यमन्त्री करिमा बेगमविरुद्ध जिल्ला प्रहरी कार्यालय पर्सामा सार्वजनिक अपराधको मुद्दा दायर। देशभरका निजामती कर्मचारीद्वारा मन्त्री बेगलाई कारबाहीको माग राखी पेन डाउन।

कात्तिक २६

एकीकृत माओवादीद्वारा सिंहदरबार घेराउ।

कात्तिक २८

एकीकृत माओवादी अध्यक्ष पुष्पकमल दाहाल र नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेबीच राजनीतिक गतिरोध अन्त्यका लागि छलफल।

मङ्सिर १

एकीकृत माओवादीको आन्दोलनलगायतका विषयलाई लिएर प्रधानमन्त्री निवास बालुवाटारमा काङ्ग्रेस र एमालेबीच बैठक।

काङ्ग्रेस र एमालेबीच बजेट पारित गर्ने विषयमा बालुवाटारमा बैठक, मङ्सिर ५ गतेभित्र बजेट पारित गर्ने सहमति।

मधेस स्वायत्त प्रदेश नबने नयाँ संविधान मान्य नहुने तमलोपाका अध्यक्ष महन्थ ठाकुरको नवलपरासीमा भनाइ।

मङ्सिर २

बजेट पास नहुँदा सामाजिक अराजकता र आर्थिक विशृङ्खलताको खतरा बढेको प्रधानमन्त्री माधवकुमार नेपालको भनाइ।

काङ्ग्रेस सभापति गिरिजाप्रसाद कोइराला र एकीकृत माओवादी अध्यक्ष पुष्पकमल दाहालबीच सिङ्गापुरमा भेटवार्ता, उच्चस्तरीय राजनीतिक संयन्त्र बनाएर राजनीतिक गतिरोध अन्त्य गर्ने सहमति।

मङ्सिर ३

प्रधानमन्त्री माधवकुमार नेपालद्वारा कृषि तथा

Highlights of the year:Layout 1 2/9/2010 8:33 AM Page 24

सहकारी राज्यमन्त्री करिमा बेगमसँग पर्साका प्रजिअमाथि भएको कुटपिटको घटनाका सम्बन्धमा सोधपुछ।

माओवादी, काङ्ग्रेस र एमालेबीच बैठक, राजनीतिक गतिरोध अन्त्य र बजेट पारितका लागि सहमति जुटाउन कार्यदल गठन।

सेना समायोजन विशेष समितिको बैठक, उच्च नेतृत्व तहमा सहमति कायम गरेपछि मात्र सेना समायोजन प्रक्रिया अगाडि बढाउन एकीकृत माओवादीको प्रस्ताव।

मङ्सिर ४

राजनीतिक गतिरोधको विषयमा तमलोपा र माओवादी नेताहरूबीच छलफल। सहमतिबाटै बजेट पारित गर्नुपर्ने तमलोपाको भनाइ।

मङ्सिर ५

शान्ति सम्झौता कार्यान्वयन नभएको भन्दै कूटनीतिज्ञहरूद्वारा प्रेस विज्ञप्ति जारी गरी चिन्ता व्यक्त।

साझा सङ्कल्प प्रस्तावमा सबै दलहरूद्वारा आ-आफ्नो अडान। साझा प्रस्तावको टुङ्गो लगाउने जिम्मा शीर्ष नेतालाई दिने कार्यदलको निर्णय।

मङ्सिर ६

बजेट पारित गर्न तीन दिन संसद् खुल्न दिने एकीकृत माओवादीको निर्णय।

मङ्सिर ७

एकीकृत माओवादीको केन्द्रीय समिति बैठक, आफ्नै नेतृत्वको राष्ट्रिय सरकार बनाउनुपर्ने राज्यसमिति इन्चार्जहरूको बैठकमा धारणा।

मङ्सिर ८

बालुवाटारमा भएको बैठकमा बजेट पारित गर्न २२ दल सहमत।

मङ्सिर १०

महिला हिंसाका घटनामा दलहरू संरक्षक बन्ने गरेको प्रधानमन्त्री माधवकुमार नेपालको भनाइ।

मङ्सिर ११

राजनीतिक गतिरोधको विषयलाई लिएर राष्ट्रपति डा. रामवरण यादव र एकीकृत माओवादी अध्यक्ष पुष्पकमल दाहालबीच भेट।

एकीकृत माओवादीद्वारा स्वायत्त गणराज्य घोषणा गर्ने निर्णय।

बाराको बरियारपुरमा उपप्रधानमन्त्री विजयकुमार गच्छदारमाथि एकीकृत माओवादी कार्यकर्ताद्वारा चप्पल प्रहार।

मङ्सिर १२

जातीय र क्षेत्रीय आधारमा राज्य बनाए देश टुक्रिने नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान विजुक्छेको भनाइ।

एकीकृत माओवादीको गणराज्य घोषणाले मुठभेड निम्त्याउने प्रधानमन्त्री माधवकुमार नेपालको भनाइ।

मङ्सिर १४

राजीव झा नेतृत्वको जनतान्त्रिक तराई मुक्ति मोर्चाले सरकारसँग भएको जारी वार्ता भङ्ग भएको राजविराजमा पत्रकार सम्मेलन गरी जानकारी।

मङ्सिर १६

राष्ट्रपति डा. रामवरण यादवद्वारा स्वायत्त गणराज्य घोषण गर्ने एकीकृत माओवादी कार्यक्रमप्रति चिन्ता जनाउँदै वैकल्पिक निकास खोज्न प्रधानमन्त्रीलाई आग्रह।

मङ्सिर १८

गणराज्य घोषणाप्रति शङ्का नगर्न एकीकृत माओवादी अध्यक्ष पुष्पकमल दाहालको भनाइ।

मङ्सिर १९

राजनीतिक दलहरूको अवरोधका कारण संविधान निर्माणमा ढिलाइ भइरहेको संविधानसभा अध्यक्ष सुवासचन्द्र नेम्वाङको भनाइ।

मङ्सिर २०

एकीकृत माओवादीले पटक-पटक शान्ति सम्झौता उल्लङ्घन गरेको काङ्ग्रेस उपसभापति रामचन्द्र पौडेलको कावासोतीमा भनाइ।

कैलालीको डुडेझारीमा प्रहरीले दमन गरेको भन्दै एकीकृत माओवादीद्वारा देशका विभिन्न भागमा मसाल जुलुस प्रदर्शन।

मङ्सिर २१

एकीकृत माओवादीद्वारा कैलालीमा सुकुमवासीलाई सरकारले ज्यादती गरेको भन्दै बन्दको आयोजना, बन्दका कारण पहिलोपटक संविधानसभाको बैठक अवरुद्ध।

प्रधानमन्त्री माधवकुमार नेपाल र एकीकृत माओवादी अध्यक्ष पुष्पकमल दाहालबीच दलहरूबीच बढ्दो द्वन्द्व घटाउने सहमति।

मङ्सिर २२

राजनीतिक गतिरोध अन्त्य र कैलाली घटनाका सम्बन्धमा सहमति खोज्न प्रमुख तीन दलको शीर्ष बैठक, कार्यदल गठन।

मङ्सिर २४

१२ बुँदे समझदारीदेखि हालसम्मको पूरै शान्ति प्रक्रियाको पुनरावलोकन गर्न आवश्यक भएको प्रधानमन्त्री माधवकुमार नेपालको भनाइ।

मङ्सिर २५

एकीकृत माओवादीबाट शान्ति प्रक्रियाको उल्लङ्घन भइरहेको जनाउँदै मन्त्रिपरिषद्द्वारा त्यसको अभिलेख तयार पारी अन्तर्राष्ट्रिय समुदायको ध्यानाकर्षण गराउन सरोकारवाला मन्त्रालयलाई निर्देशन, सरकारको भनाइप्रति एकीकृत माओवादीको आपत्ति।

मङ्सिर २६

एकीकृत माओवादीद्वारा कोचिला र लिम्बूवान गणराज्य घोषणा।

शान्ति सम्झौताविपरीत जग्गा कब्जा र स्वायत्त गणराज्य घोषण गरेको भन्दै सरकारलाई कडा रूपमा प्रस्तुत हुन काङ्ग्रेसको आग्रह।

मङ्सिर २७

जनविद्रोहको सम्भावना बढ्दै गएको एकीकृत माओवादी नेता सीपी गजुरेलको सिन्धुलीमा आयोजित पत्रकार सम्मेलनमा भनाइ।

कैलालीको डुडेझारीमा सुकुमवासीद्वारा इलाका वन कार्यालय बलचौरमा ताला लगाई ब्यानर र झन्डा टाँगेर कब्जा।

मङ्सिर २८

मैना सुनार हत्याको अभियोग लागेका नेपाली सेनाका सेनानी निरञ्जन बस्नेतलाई काभ्रे जिल्ला अदालतमा उपस्थित गराउन प्रधानमन्त्री माधवकुमार नेपालद्वारा निर्देशन।

मङ्सिर २९

एकीकृत माओवादीद्वारा शेर्पा र किराँत गणराज्य घोषणा।

मधेस टुक्याउन खोजे पुनः गौर र लहान घटना दोहोऱ्याउने ताकत रहेको फोरमका सह-अध्यक्ष जयप्रकाश गुप्ताको वीरगञ्जमा भनाइ।

पुस १

नेपाल सरकार, एकीकृत माओवादी र राष्ट्रसङ्घबीच अयोग्य माओवादी लडाकू बिदाइ गर्ने कार्ययोजनामा हस्ताक्षर।

पुस २

एकीकृत माओवादीद्वारा मगरात र तमूवान गणराज्य घोषणा।

पुस ३

एकीकृत माओवादीका कार्यकर्ताद्वारा ऊर्जामन्त्री प्रकाशशरण महतमाथि बागलुङमा आक्रमण, प्रहरीको कमजोरीले आफूमाथि आक्रमण भएको मन्त्री महतको पोखरामा भनाइ।

एकीकृत माओवादीद्वारा मधेस गणराज्य घोषणा।

पुस ५

एकीकृत माओवादीले आफ्नो तेस्रो चरणको अन्दोलन अन्तर्गत देशव्यापी आमडताल, आमहडताका क्रममा नयाँ बानेश्वरमा प्रदर्शनकारी र प्रहरीबीच झडप, झडपमा एकीकृत माओवादी कार्यकर्ताको कुटपिटबाट डीएसपी दिलीप चौधरी गम्भीर घाइते।

पुस ६

राजनीतिक गतिरोध अन्त्यका लागि भारतसँग वार्ता गर्ने एकीकृत माओवादीका अध्यक्ष पुष्पकमल दाहालको नयाँ बानेश्वरमा आयोजित सभालाई सम्बोधन गर्दै भनाइ ।

पुस ११

नेवार समुदायद्वारा काठमाडौँ उपत्यकालगायतका क्षेत्रलाई नेवार स्वायत्त राज्य घोषणा।

एकीकृत माओवादीले आठ दिनअघिदेखि गर्दै आएको अनिश्चितकालीन कैलाली बन्द फिर्ता।

पुस १४

राष्ट्रिय जनमोर्चाद्वारा सङ्घीयताको विरोध गर्दै भेरी/कर्णाली अञ्चल बन्द।

सङ्घीय मामिला, संसदीय व्यवस्था, संविधानसभा तथा संस्कृतिमन्त्री मीनेन्द्र रिजालमाथि उदयपुरमा एकीकृत माओवादी कार्यकर्ताद्वारा आक्रमण।

Highlights of the year:Layout 1 2/9/2010 8:33 AM Page 26

१. **पृष्ठभूमि**

शान्ति प्रक्रियालाई टुङ्गोमा पुऱ्याउनु नै संविधानसभा निर्वाचनपछि देशको प्रमुख कार्यसूची हो भनिँदै आएको भए पनि सन् २००९ को अन्त्यसम्मै त्यो सम्भव भएन। शान्ति प्रक्रियालाई टुङ्गोमा पुऱ्याउन सम्पन्न गरिनुपर्ने तीनओटा प्रमुख कार्यभार (क) संविधान निर्माण, (ख) माओवादी लडाकूको पुन:स्थापना तथा समायोजन र (ग) सङ्क्रमणकालीन न्यायको व्यवस्था गर्न सरकार दलहरू सफल भएनन्। उल्लिखित तीनओटै विषयवस्तुमा विवाद र छलफल त व्यापक भयो तर ठोस काम भने वर्षको अन्त्यसम्मै हुन सकेको देखिएन।

प्रमुख कार्य नयाँ संविधान निर्माण भए पनि राजनीतिक दलहरूबीचको गहिरो अन्तरविरोधले देशको सम्पूर्ण क्रियाकलापमा असर पाऱ्यो। वर्षको अन्त्यसम्मै कायम राजनीतिक खिचातानीले शान्ति प्रक्रियालाई सार्थक निष्कर्षमा पुऱ्याउने सन्दर्भमा अवरोध सिर्जना गर्नुका साथै समयमै संविधान बन्ने सवालमा आशङ्का उत्पन्न गरायो। त्यही कारण पीडितलाई न्याय प्रदान गर्ने सवाल पनि ओझेलमा पर्न गएको देखियो।

राजनीतिक अस्थिरता, अराजकता, अपराध, अपराधीहरूलाई राजनीतिक संरक्षण, दण्डहीनता, कानुनी शासनको अभाव तथा असुरक्षाका बीचमा नै यो वर्ष घुमिरह्यो। दलहरूबीच अकासिएको असमझदारीले राजनीतिक अस्थिरता अत्यधिक बढायो। चुलीमा पुगेको राजनीतिक अस्थिरताले संविधान निर्माण प्रक्रियामा व्यवधान त भयो नै समयमै संविधान बन्ने कुरामा पनि अनिश्चितता देखियो।

शान्तिपूर्ण राजनीतिमा अवतरण गरेको एकीकृत नेकपा (माओवादी)का तर्फबाट नागरिक सर्वोच्चताका नाममा गरिएको आन्दोलनका क्रममा विस्तृत शान्ति सम्झौताको उल्लङ्घन भएको देखियो। लगातार संसद् अवरुद्ध गर्ने, कुटपिट तथा चन्दा सङ्कलन गर्ने, जथाभावी मानिसका घरसम्पत्ति कब्जा गर्ने, सुकुमवासीका नाममा वन क्षेत्र कब्जा गर्नेलगायतका उसका क्रियाकलापलाई सरकारले शान्ति सम्झौताविपरीत ठहऱ्याएर विरोध गऱ्यो। एकीकृत माओवादी र सरकारबीचको रस्साकस्सीले जनमानसमा त्रासको वातावरण सिर्जना गऱ्यो।

राष्ट्रपतिको प्रधानसेनापतिलाई पदमै बहाल गर्ने सम्बन्धमा चालिएको कदम र त्यसै विषयलाई लिएर एकीकृत माओवादीले नागरिक सर्वोच्चताका नाममा गरेको आन्दोलनले देशको संसदीय अभ्यासमा अवरोध उत्पन्न गर्नुका साथै संविधान निर्माण कार्यमा समेत असर पुग्यो। झन्डै नौ महिना संसद् अवरुद्ध गर्दा देशको सम्पूर्ण विकास प्रक्रियाका साथै नीति नियम र कानुन बनाउने प्रक्रियासमेतमा यसले असर पाऱ्यो। लगातारको संसद् अवरुद्धले बजेट पारित हुन नसकेका कारण सरकारी निकायका पदाधिकारीहरूले तलब नपाउने स्थितिसमेत उत्पन्न गऱ्यो। एकीकृत माओवादीको अवरोधले संविधान बनाउने प्रक्रियामा समेत व्यवधान उत्पन्न भयो, जसका कारण महत्त्वपूर्ण कानुनहरू पारित गर्न सकिएन। बजेट पारित गराउनका लागि मात्र एकीकृत माओवादीहरूले तीन दिन संसद् सुचारु गरे।

नागरिक सर्वोच्चताका नाममा राजनीतिक अस्थिरता सिर्जना गर्ने एकीकृत माओवादीलाई सहमत गराउनका लागि राजनीतिक दलहरूले विभिन्न समयमा पटक-पटक सहमतिका बाटाहरू पहिल्याउन केही कसरत गरेको देखियो। तर पनि दलहरू सहमतिमा आउन सकेनन्। सत्ता सञ्चालनको लोभमा एक दलले अर्को दलसँग मिलेर तेस्रो दलको सरकार गिराउन गर्ने प्रयासको अभ्यास यस वर्ष पनि कायम देखियो।

जनआन्दोलनपश्चात् स्थापित लोकतान्त्रिक सरकारले नागरिकका आर्थिक, सामाजिक, सांस्कृतिक अधिकारका साथै सङ्क्रमणकालीन न्यायको सही व्यवस्थापन गर्न सकेन। न्यायको आशामा बसेका द्वन्द्वपीडितहरूले सोको अनुभूति यस वर्ष पनि गर्न पाएनन्। राजनीतिक अस्थिरताका साथै राजनीतिक दलहरूबीचको अन्तरविरोधले न्यायको सवालभन्दा सत्ता कसरी हात पार्ने भन्ने सवाल बढी महत्त्वमा परेको देखियो। राजनीतिक दलहरू नै अपराधीहरूलाई संरक्षण गर्ने कार्यमा संलग्न रहेकाले दण्डहीनता अन्त्यको प्रश्न ओझेलमा पऱ्यो। अपराधीले सजाय नपाएको अवस्थामा झन्झन् मौलाउँदै गएको दण्डहीनताका कारण सर्वसाधारण मारमा परी नै रहे। वैशाख महिनाको तेस्रो हप्तादेखि प्रतिपक्षमा रहेको एकीकृत माओवादीको आन्दोलनको मूल माग नै सत्ता परिवर्तन रहेकाले प्रतिपक्षका हैसियतले जनताको माग अघि सार्न विफल भएको देखियो।

देशमा मानवअधिकारको पूर्ण प्रत्याभूति तथा लोकतान्त्रिक शासन व्यवस्था सञ्चालनका लागि राजनीतिक स्थिरता हुनु अत्यन्त आवश्यक हुन्छ। विधिको शासनले दण्डहीनताको संस्कृतिलाई निरुत्साहित गर्छ। तर, दण्डहीनताको संस्कृति अन्त्यका लागि विधिको शासन व्यवहारमा रूपान्तरित भएको देखिएन। यसले देशलाई सुशासनतिर लम्क्याउँदै देशको समृद्ध विकास र जनताका अधिकार स्थापना गर्न मद्दत

Highlights of the year:Layout 1 2/9/2010 8:33 AM Page 27

पुऱ्याउँछ। राजनीतिक अस्थिरताको एउटा मूल कारण मानवअधिकारसँग सम्बद्ध प्रतिबद्धताको सरकार र प्रतिपक्षको समेत उपेक्षा नै रह्यो।

२. विश्वासको सङ्कट : सरकारबाट एकीकृत माओवादीको बहिर्गमन

विगतका वर्षहरूमा झैं यस वर्ष पनि राजनीतिक अस्थिरता र राजनीतिक दलहरूबीचको विश्वासको सङ्कटले अस्थिरता उत्पन्न गऱ्यो। सहमतिका आधारमा सरकार सञ्चालन गर्ने भनिए पनि सत्ता सञ्चालनमा देखिएका अत्याधिक मतविरोधहरूले राजनीतिक असमझदारीको वातावण सिर्जना भयो। माओवादीले सरकार त्याग गरेपछि नयाँ सरकार बनाउनका लागि राजनीतिक दलहरूबीच निकै कसरत भयो। सरकार सञ्चालनमा कसरी आफ्नो पार्टीको नेतृत्व स्थापित गराउने भन्नेमा दलका शीर्ष नेताहरू दौडादौडमा संलग्न भए। सत्ताको मोहले पार्टीसमेत टुक्रिए। नयाँ संविधान नबनाउञ्जेलसम्म सहमतीय राजनीतिलाई अघि बढाउने प्रतिबद्धता दलहरूले अघिल्लो वर्ष नै तोडिसकेका थिए। यस वर्ष देश त्यही दिशामा द्रूत गतिका साथ अघि बढ्यो।

२. १ नागरिक सर्वोच्चताको दुहाइ : संसदीय अभ्यासमा अवरोध

सत्तारुढ एमाले, काङ्ग्रेसलगायतका दलहरूले सार्वभौमसत्ता जनतामा निहित रहेको राष्ट्रमा नागरिक सर्वोच्चता छैन भन्ने प्रश्न एकीकृत माओवादीबाट उठ्नु अस्वाभाविक ठाने। तर, एकीकृत माओवादी नागरिक सर्वोच्चताको नाममा आफूले उठाएको आन्दोलनबाट वर्षको अन्त्यसम्मै टसमस भएन। आफ्नो सरकार रहुन्जेल नागरिक सर्वोच्चता कायम हुने र आफ्नै कारणले सरकारबाट हटेपछि नागरिक सर्वोच्चता कायम नहुने एकीकृत माओवादीको भनाइले कुर्सीको मोहलाई उजागर गरेको टिप्पणी गरियो। तर, एकीकृत माओवादीले राष्ट्रपतिले प्रधानसेनापतिको पुन:बहाली गर्नु गल्ती थियो भन्ने अडानलाई त्यागेन।

प्रधानसेनापति हटाउने र राख्ने प्रकरणमा एकीकृत माओवादीको सरकार र राष्ट्रपतिबीच भएको मतभेदबाट नै राजनीतिक गतिरोध उत्पन्न भएको थियो। तत्कालीन प्रधानसेनापति रुक्माङ्गद कटवाललाई बर्खास्त गरी अर्को सेनापति राख्ने सवालमा राष्ट्रपतिबाट रुक्मागङ्गद कटवाललाई पदमै बहाल रहन दिएको निर्देशनले देशमा राजनीतिक गतिरोधको सुरुवात गऱ्यो। एकीकृत माओवादीको नेतृत्वमा रहेको सरकारले आफ्नै मातहतको एक सैनिकलाई बर्खास्त गर्न नपाएको निहुँमा नागरिक सर्वोच्चता भएन भनेर सरकार छाडेको थियो। प्रचण्डले तत्कालीन प्रधानसेनापति रुक्माङ्गद कटवाललाई पदबाट बर्खास्त गरेपछि पुन: राष्ट्रपतिबाट उनलाई पदमै बहाल गरिएको परिस्थितिले प्रधानमन्त्रीको पदबाट राजीनामा गरेका थिए। सोही समयदेखि नै राष्ट्रपतिको कदम असंवैधानिक भएको भन्दै एकीकृत माओवादीले नागरिक सर्वोच्चताको विषयलाई टड्कारो रूपमा उठाउँदै आयो। राष्ट्रपतिको कदम संवैधानिक हो या होइन भन्नेबारेमा विवादित विचारहरू आए। नेपाली सेनाले सरकारको निर्देशन अवज्ञा गरेको जनाउँदै प्रधानसेनापति रुक्माङ्गद कटवालसँग एकीकृत माओवादीको सरकारले स्पष्टीकरण माग गरेको थियो।

सेना भर्ती, आठ जर्नेलहरूको पुन:नियुक्ति र राष्ट्रिय खेलकुद बहिष्कार आदि विषय समेटेर सरकारले प्रधानसेनापतिसमक्ष २४ घन्टे स्पष्टीकरण माग गरेको थियो[१]। तत्कालीन प्रधानसेनापति रुक्माङ्गद कटवालले सोही दिन सरकारलाई स्पष्टीकरण पठाई कर्तव्य निर्वाहका क्रममा आफूले नेपाल सरकारलाई उपेक्षा गरेको नभई शान्ति प्रक्रियालाई तार्किक निष्कर्षमा पुऱ्याउनका लागि सकारात्मक सोच तथा हृदैसम्मको व्यावहारिक लचकता अपनाई पूर्ण सहयोग गर्दै आएको बताएका थिए[२]। झन्डै आधा महिनाको चर्को विवाद र बहसपछि अन्तत: सत्ता साझेदार दलहरूको बहिष्कारका बाबजुद मन्त्रिपरिषद्को वैशाख २० गतेको बैठकले प्रधानसेनापतिको स्पष्टीकरण चित्तबुझ्दो नभएको भन्दै उनलाई बर्खास्त गरेको थियो[३]। कटवाललाई हटाउने सम्बन्धमा प्रधानमन्त्री कार्यालयले राष्ट्रपतिलाई दिएको जानकारीका आधारमा राष्ट्रपतिले कटवाललाई बर्खास्त गर्ने निर्णय कार्यान्वयन नगरी राजनीतिक सहमतिबाट समस्याको निकास खोज्न प्रधानमन्त्रीको कार्यालयलाई पत्र पठाएका थिए। सोही दिन कटवाललाई अर्को पत्र पठाउँदै राष्ट्रपति रामवरण यादवले कटवाललाई हटाउने सम्बन्धमा एकीकृत माओवादीबाहेकका अन्य राष्ट्रिय दलहरूले असहमति

१. 'प्रधानसेनापतिसँग स्पष्टीकरण' । *समाचारपत्र* । ०६६ वैशाख ८ : पृ. १ र ५

२. प्रधानसेनापति रुक्माङ्गद कटवालले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा ०६६ वैशाख ८ गते पठाएको स्पष्टीकरण-पत्र।

३. 'माओवादी सरकारले प्रधानसेनापति हटायो' । *समाचारपत्र* । ०६६ वैशाख २१ : पृ. १

Highlights of the year:Layout 1 2/9/2010 8:33 AM Page 28

प्रकट गरेको पृष्ठभूमिलाई आधार बनाएर प्रधानसेनापतिको हैसियतमा निरन्तरता दिन निर्देशन दिए[४]। उक्त पत्रमा भनिएको थियो 'नेपाल सरकारबाट महारथी रुक्माङ्गद कटवाललाई प्रधानसेनापति पदबाट अवकाश दिइएको भनिएको सन्दर्भमा सरकारमा सहभागी राजनीतिक दलहरूले सो निर्णयप्रति असहमति जनाउँदै नेकपा एमालेले सरकारलाई दिएको समर्थन फिर्ता लिँदै सरकारबाट अलग भइसकेको अवस्था र प्रधानसेनापतिको अवकाशसम्बन्धी विषयमा सरकारमा सहभागी अन्य दलहरूले समेत सो निर्णयप्रति असहमति प्रकट गरेको पृष्ठभूमिमा नेपालको अन्तरिम संविधान, २०६३ ले राष्ट्रपतिलाई संविधानको संरक्षक र पालक तथा नेपाली सेनाको सर्वोच्च परमाधिपति तोकेको अवस्थालाई दृष्टिगत गरी प्रधानसेनापतिको अवकाश तथा नयाँ नियुक्तिसम्बन्धी विषय संवैधानिक र प्रक्रियागत रूपमा समेत पूर्ण नभएको र संविधानको भावना, मर्म र संवैधानिक व्यवस्था अनुकूल बनाउन लेखिगएको हुँदा वर्तमान अवस्थामा यथावत् रूपमा प्रधानसेनापतिको हैसियतमा निरन्तरता दिनुहुन राष्ट्राध्यक्ष तथा नेपाली सेनाको सर्वोच्च परमाधिपतिको हैसियतले निर्देश गर्दछु[५]।' यसक्रममा राष्ट्रपतिको असंवैधानिक कदम सच्चिनुपर्छ भन्दै एकीकृत माओवादीले झन्डै नौ महिनासम्म संसद् अवरुद्ध गर्नुका साथै विभिन्न चरणमा शान्तिपूर्ण आन्दोलनका साथसाथै हिंसात्मक आन्दोलन पनि गऱ्यो।

यद्यपि, दलहरूबीच अघिल्ला वर्षहरूमा पनि विभिन्न सवालहरूमा राजनीतिक असमझदारी नदेखिएको होइन। आफ्नो फाइदाका लागि दलहरूले कुनै एउटा विषयलाई लिएर सम्पूर्ण राजनीतिक गतिविधिलाई अप्ठ्यारोमा पार्ने प्रवृत्ति नौलो होइन। विभिन्न राजनीतिक सङ्घर्ष र अप्ठ्यारा परिस्थितिसँग जुझ्दै लोकतान्त्रिक राज्य स्थापना गरी जनताको हकअधिकार स्थापित गर्नका लागि राज्यको बागडोर सञ्चालन गर्न तयार भएका राजनीतिक नेताहरूले जनताका आधारभूत सवालहरूलाई भने महत्त्व दिएको पाइएन।

तत्कालीन प्रधानसेनापति रुक्माङ्गद कटवालको राजीनामा प्रकरणमा एकीकृत माओवादी तथा अन्य दलहरूबीच बढेको मदभेदमा विश्वासको वातावरण तयार गर्न तथा सहमतिमा आउन संयुक्त राष्ट्रसङ्घका साथै विभिन्न राष्ट्रहरूले पनि नेपाल सरकारलाई सुझाव दिएका थिए।

जनताका जल्दाबल्दा समस्याहरू, देशका प्रमुख सरोकारका मुद्दाहरूले संसद्मा प्रवेशसमेत गर्न पाएनन्। नागरिक अधिकारका विषयमा बहस गर्ने थलो संसद्ले हकअधिकारका विषयमा चर्चासमेत गर्न पाएन। झाडापखालाबाट यस वर्ष ४ सयभन्दा बढीले ज्यान गुमाए तर उक्त प्रश्नले संसद्मा ठाउँ पाउन सकेन। जसका कारण रोग नियन्त्रण गर्ने सन्दर्भमा सरकारलाई दबाब सिर्जना गर्ने कुरामा समस्याहरू देखा परे। प्राकृतिक विपत्तिलगायत थुप्रै जनसरोकारका संवेदनशील विषयहरूमा समेत सरकारको ध्यानाकर्षण गराउन संसद् असफल रह्यो।

संसद् अवरुद्ध हुँदा गणतन्त्र कार्यान्वयनसम्बन्धी सयभन्दा बढी कानुन संशोधन गर्न बनेको विधेयक र उपराष्ट्रपतिको शपथसम्बन्धी विवाद अन्त्यका लागि पेस गरिएका अन्तरिम संविधान संशोधनसम्बन्धी विधेयकलगायत झन्डै एक दर्जन विधेयक सदनमा छलफल हुन पाएनन्[६]। नागरिक सर्वोच्चताको स्थापना र सेनापति प्रकरणमा राष्ट्रपतिले चालेको कदम सच्चिनुपर्ने माग राख्दै एकीकृत माओवादीले सरकारबाट हटेपछि अवरोध गरेको संसद् पुस ८ गतेदेखि मात्र सुचारु हुन दियो। एकीकृत माओवादीले राष्ट्रपतिको असंवैधानिक कदम सच्चिनुपर्ने भन्दै विभिन्न चरणमा आन्दोलन गऱ्यो। यस सम्बन्धमा उनीहरूले संसद्मा सङ्कल्प प्रस्ताव प्रस्तुत गरेका थिए। तर, उक्त प्रस्तावका बारेमा सदनमा उपस्थित पार्टीहरूले त्यसलाई अस्वीकृत गरेपछि राष्ट्रिय सहमति जुटाउन सङ्कल्प प्रस्तावको विकल्पमा साझा प्रस्ताव ल्याउन तीन दलले सैद्धान्तिक सहमति गरे पनि[७] दलहरूबीच नै यस सम्बन्धमा उत्पन्न भएको विवादका कारण वर्षको अन्त्यसम्म उक्त प्रस्ताव ल्याइएन *(विस्तृत विवरणका लागि हेर्नूस्, परिच्छेद व्यवस्थापिका)*।

३. संविधान निर्माण प्रक्रियाका चुनौती

राजनीतिक वृत्तमा देखिएको असमझदारीले बढाएको राजनीतिक दूरीले संविधान निर्माण प्रक्रियामा अवरोध सिर्जना गर्नुका साथै समयमै संविधान बन्ने

४. राष्ट्रपति डा. रामवरण यादवद्वारा रुक्माङ्गद कटवाललाई पदमै बहाल रहन ०६६ वैशाख २० गते दिएको निर्देशन-पत्र
५. पूर्ववत्
६. 'सदन खुल्यो' । *कान्तिपुर* । ०६६ पुस ९ : पृ. १ र २
७. 'साझा सङ्कल्प प्रस्तावको पहल' । *कान्तिपुर* । ०६६ असोज १ : पृ. १

सवालमा आशङ्काहरू उब्जायो। अन्तरिम संविधान तथा शान्ति सम्झौताको पालनामा इमानदार नहुनु तथा माओवादी लडाकूको व्यवस्थापन संविधान निर्माण प्रक्रियाका चुनौतीका रूपमा रहे। संविधानसभाका विभिन्न समितिहरूले संविधान निर्माण प्रक्रियालाई गति दिन आ-आफ्नो समितिमा विषयगत सवालमा व्यापक छलफल गरी त्यसको निष्कर्षलाई संविधानसभामा पेस गरे। संवैधानिक समिति, राज्यको शासकीय स्वरूपसम्बन्धी समिति र राज्य पुनःसंरचना समितिबाहेकका समितिहरूले आफ्नो प्रतिवेदन संविधानसभामा बुझाए पनि सोउपर संविधानसभाका साथै जनताबीच व्यापक रूपमा छलफल हुन सकेन। संविधानसभामा तीन समितिहरूले आफ्नो प्रतिवेदन प्रस्तुत गर्न नसकेका कारण छलफलका लागि बैठक बस्न नसक्नु, समितिका सदस्यहरूको बैठकमा उपस्थिति नहुनु र केही महिना संवैधानिक समितिको अध्यक्षको पद खाली हुनुले पनि छलफललाई अगाडि बढाउन सकेको पाइएन। राज्यको शासकीय स्वरूपको खाकामा तीनै शीर्ष दलबीच मतभिन्नता रहेका कारण ती समितिहरूले आफ्नो प्रतिवेदन बुझाउन सकेनन्।

३.१. समयमै संविधान निर्माण हुनेमा आशङ्का

लोकतन्त्रको स्थापना र शान्ति प्रक्रियाको महत्त्वपूर्ण कार्यदिशा भनेको नयाँ संविधान निर्माण र सो अनुरूपको राज्य सञ्चालन प्रक्रिया अवलम्बन गर्नु रहेको थियो। शान्ति प्रक्रियालाई निष्कर्षमा पुऱ्याउने विन्दु भनेको नयाँ संविधान निर्माण नै हो। अन्तरिम संविधान, २०६३ अनुसार संविधान निर्माणको अवधि ०६७ जेठ १४ गतेसम्म रहेको छ[८]। तर, संविधान निर्माणमा भइरहेको ढिलाइले सो अवधिभित्र संविधान जारी हुन नसक्ने आशङ्का र चिन्ता सर्वसाधारणमा बढाइदिएको छ[९]।

तोकिएको समयमा संविधान निर्माण गर्नका लागि संविधानसभाले कार्यतालिका बनाई कार्य प्रारम्भ गऱ्यो। तर, संविधानसभामा नयाँ संविधान निर्माण गर्ने कार्यमा बारम्बार विलम्ब भयो। कहिले कुनै समितिको पद खाली हुँदा त कहिले राजनीतिक दलहरूबीच कुनै विषयमा देखिएको मतभिन्नताले र एकीकृत माओवादीबाट सरकार त्याग गरेपछि राजनीतिक दलहरूबीच बढेको दूरीले संविधान निर्माण प्रक्रियामा अवरोध पुऱ्यायो। प्रधानमन्त्रीमा नियुक्त भएपछि माधवकुमार नेपालले संवैधानिक समितिको अध्यक्ष पदबाट राजीनामा दिए र त्यसपछि उक्त पद तीन महिनासम्म रिक्त रह्यो। गठबन्धन सरकार र एकीकृत माओवादीबीच उक्त पदका लागि सहमतिका प्रयास असफल भएपछि काङ्ग्रेसद्वारा मनोनीत नीलाम्बर आचार्य अध्यक्ष पदमा निर्वाचित भए। कार्यतालिका अनुसार सभासद्हरूले संविधान निर्माणको कार्य पूरा नगरेपछि सो तालिकालाई आठौँ पटकसम्म संशोधन गरियो। संविधानसभाका विभिन्न समितिका प्रतिवेदन समयमा तयार नभएका कारण पटकपटक कार्यतालिका संशोधन गर्नु परेको थियो।

संविधानसभाका विभिन्न समितिहरूमध्ये संवैधानिक समिति, राज्यको शासकीय स्वरूप निर्धारण समिति र राज्य पुनःसंरचना तथा राज्यको शक्ति बाँडफाँट समितिले मस्यौदालाई अन्तिम रूप दिन सकेनन। गएको वर्ष पारित पहिलो कार्यतालिका अनुसार गत जेठ महिनामा सबै समितिका प्रारम्भिक मस्यौदाहरू तयार भई छलफल भइसक्नुपर्ने थियो। सो नभएका कारण एकातिर कार्यतालिकामा पटकपटक संशोधन गर्ने र अर्कोतिर ती मस्यौदाहरूमाथि जनतासँग प्रत्यक्ष अन्तरक्रिया गर्ने समयसीमा भने घटाइँदै लगियो। ती मस्यौदाहरूमाथि जनतासँग प्रत्यक्ष छलफल गरी त्यसलाई परिमार्जित नगर्ने हो भने नयाँ संविधान राजनीतिक सहमतिको दस्तावेज मात्र हुने निश्चित छ।

संविधान समयमा निर्माण गर्ने कार्यमा दलहरू आपसी अन्तरविरोध समाप्त गर्दै सहकार्य गर्न तत्पर देखिएनन्। एकीकृत माओवादीले अघि सारेका मागहरूलाई व्यवस्थापन र हल गर्नका लागि काङ्ग्रेस, एमालेलगायतका अन्य दलहरूले सहमतिका आधारहरूलाई समातेर अगाडि बढेको पाइएन। उनीहरूबीच समस्या हल गर्नका लागि केही प्रयास भए पनि सफल हुन सकेन।

त्यसो त नयाँ संविधान निर्माणका लागि कामहरू नथालिएका होइनन्। संविधान निर्माणका लागि विभिन्न समितिहरू बनिसकेपछि ती समितिहरूले आ-आफ्नो मातहत अन्तर्गतका विषयहरूमा समितिमा व्यापक छलफल गरी प्रारम्भिक मस्यौदा तयार गरेर संविधानसभामा पेस गरिसके। यसका साथै सभासद्हरू गाउँगाउँ गएर जनताका विचार तथा सुझावहरू

८. नेपालको अन्तरिम संविधान, २०६३

९. नेपालले आफ्नो शान्ति प्रक्रियामा सहयोग पुऱ्याउन संयुक्त राष्ट्रसङ्घलाई गरेको अनुरोधका सम्बन्धमा महासचिवको प्रतिवेदन, एस/२००९/५५३
http://www.unmin.org.np/downloads/keydocs/SG.Report%20OCT%2009.NEP.pdf

Highlights of the year:Layout 1 2/9/2010 8:33 AM Page 30

सङ्कलन गरे। यसबाहेक पनि संविधानसभा नयाँ संविधान निर्माणका लागि प्रशस्तै सुझावहरू प्राप्त भएका थिए। यसका आधारमा आफ्नो प्रारम्भिक मस्यौदा संविधानसभामा पेस गरे पनि त्यसउपर कुनै बहस हुन सकेन। भावी पुस्ताका लागि तयार गरिन लागिएको नयाँ संविधानमा बहस र छलफल नहुन्जेलसम्म त्यसलाई पूर्ण बनाउन सकिँदैन। बिनाबहस र छलफल संविधान टिकाउ हुन सक्दैन र जनताको भावना पनि समेटिन सकिँदैन। त्यसैले संविधानलाई पूर्ण बनाउन त्यसको मस्यौदामाथि व्यापक छलफल हुन आवश्यक छ।

संविधानसभाको राज्यको शासकीय स्वरूप निर्धारण समितिलाई शासकीय स्वरूप निर्धारण गर्न धेरै कठिनाइ उत्पन्न भयो। राज्यको शासकीय स्वरूपका सम्बन्धमा काङ्ग्रेस-एमाले, एकीकृत माओवादी र तमलोपाका भिन्नभिन्न अवधारणाहरू आएपछि सो सम्बन्धमा समितिमा मतैक्य कायम हुन सकेन। ०६६ मङ्सिर १६ गते बसेको सो बैठकमा तीन दलले प्रस्तुत गरेको अवधारणाहरूमा समितिमा भएको छुट्टाछुट्टै मतदानमा एकीकृत माओवादी, काङ्ग्रेस-एमाले र तमलोपाका तीनओटै प्रस्तावका पक्षमा बहुमत जुट्न नसकेपछि सहमति कायम हुन नसकेको हो[१०]।

राज्यको पुन:संरचना समितिले पनि आफ्नो मस्यौदा सभामा बुझाउन सकेन। संवैधानिक समितिका पदाधिकारीहरू बैठकमा उपस्थित सम्पूर्ण नभएका साथै सम्पूर्ण समितिहरूको प्रतिवेदन तयार नभइसकेकाले पनि यस समितिले आफ्नो मस्यौदा सभामा पेस गर्न सकेन।

यस वर्ष विभिन्न दलहरूबीचको अन्तरविरोधले देखिएको राष्ट्रिय समस्यामा विदेशी राष्ट्रहरूको स्वार्थले सलबलाउने मौका पायो। भारत, चीन, अमेरिकालगायतका राष्ट्रहरूले नेपालको राजनीतिक गतिविधिमा महत्त्वपूर्ण वा निर्णायक भूमिका निर्वाह गर्ने मौका पाए।

३.२. राज्यको पुन:संरचना र जातिगत प्रतिनिधित्व

माओवादी जनयुद्धको समाप्तिसँगै देशमा राज्य पुन:संरचनाको विषयले बढी महत्त्व पाउन थालेको हो। शान्ति सम्झौतापछि उत्पन्न भएका तराई-मधेस र पहाडका विभिन्न सशस्त्र तथा निशस्त्र समूहहरूले स्वायत्त राज्य सञ्चालनको माग गर्दै आएका छन्।

केन्द्रीकृत राज्य सञ्चालनका कारण राष्ट्रमा विभिन्न जाति र समूहका बीच विभेद सिर्जना गरिएका कारण आदिवासी जनजाति समूहहरू सधैँ पछाडि पारिएका हुनाले जातिगत प्रतिनिधित्वका लागि जातीयताका आधारमा सङ्घीय राज्य निर्माण हुनुपर्ने कुरा पनि आइरहेको छ भने अर्कोतिर जातीय आधारमा सङ्घीयता बन्दा जातीय हिंसा बढ्ने खतरा रहने भन्ने विषयहरूमा यस वर्ष बहसहरू भए। सङ्घीय गणराज्य बनाउन कसैको विमति देखिँदैन तर धेरैको विचारमा भौगोलिक अवस्थालाई हेरी प्राकृतिक स्रोत र साधनका आधारमा क्षेत्रगत रूपमा सङ्घीय राज्य निर्माण गरिनुपर्ने चर्चा बढी उठेको छ। कतिपयको विचारमा जातीयताका आधारमा सङ्घीय स्वरूप निर्माण गर्दा देश बाइसे-चौबिसे राज्यमा परिणत हुने खतरा छ। कुनै पार्टीले त देशलाई कुनै पनि हालतमा सङ्घीयतामा लैजानुहुँदैन भन्ने चर्को बहसका साथै विभिन्न क्रममा आन्दोलनसमेत गऱ्यो। संविधानसभाको कार्यतालिका अनुसार कार्य गरिरहेको राज्यको पुन:संरचना समिति वर्षको अन्त्यसम्मै देशको भौगोलिक बनोट कस्तो बनाउने भन्नेमा सहमत हुन सकेन।

राज्यको पुन:संरचनाका विषयमा राजनीतिक दलहरूबीच आधारभूत विषयहरूमा मतभेद देखियो। राजनीतिक दलहरू सङ्घीयतामा जान एकमत छन् तर सङ्घीय एकाइ निर्माणका प्रमुख आधारबारे दलहरूका फरकफरक धारणा देखिए। एकीकृत माओवादी, एमालेलगायतका केही दल जातीय, भाषिक र क्षेत्रीय पहिचानको आधारमा प्रदेशहरूको निर्माण र नामकरण गर्ने सहमतिको आधारमा पुगेका छन् भने नेपाली काङ्ग्रेस, राप्रपालगायत अन्य दल जातीय आधारमा प्रदेश निर्माण गरिनु हुँदैन भन्ने अडानमा छन्[११]। नेकपा एमालेले प्रस्तुत गरेको राज्य पुन:संरचनाको खाकाको प्रारम्भिक प्रस्तावमा १३ ओटा प्रदेशको प्रस्ताव गरिएको छ। एमालेले आफ्नो प्रारम्भिक प्रस्तावमा सङ्घीयताको एकाइको विभाजन गर्दा बसोबासको अवस्था, मातृभाषा र भाषाको प्रयोगको अवस्था, सांस्कृतिक सम्मिलनको अवस्था, प्रशासनिक सुगमता, आर्थिक-सामाजिक अन्तरसम्बन्ध, साधन स्रोतको उपलब्धता र ऐतिहासिकताजस्ता पक्षलाई सङ्घीयताको आधार बनाइने उल्लेख गरेको छ। सङ्घीय एकाइलाई सबल र सक्षम बनाउने हो भने पहिचानका आधारका साथै सामर्थ्यका आधारहरूलाई पनि ध्यान दिन जरुरी भएको

१०. 'शासकीय स्वरूप अन्योलमा' । *कान्तिपुर* । ०६६ मङ्सिर ८ : पृ. ३

११. खनाल, प्रा. कृष्ण । 'संविधानसभाको डेढ वर्ष सिद्धान्त नहुँदा अलमल'। *हिमाल खबरपत्रिका* पाक्षिक । ०६६ मङ्सिर १-१५: पृ.४२

प्रस्तावमा उल्लेख गरिएको छ[१२]। यसैगरी, काङ्ग्रेसले प्रस्तुत गरेको सङ्घीय संरचनाको प्रारूपसहितको सङ्क्षिप्त अवधारणामा केन्द्र, प्रदेश र स्थानीय सरकार गरी मुख्य रूपले तीन तहका राज्यको स्वरूप निर्धारण गरिनुपर्ने उल्लेख गरेको छ। आफ्नो अवधारणापत्रमा काङ्ग्रेसले समाजमा विद्यमान भाषिक, सांस्कृतिक, धार्मिक एवम् क्षेत्रीय विविधतालाई नेपाली राष्ट्रियताको धरोहर मान्दछ। तदनुरूप, नेपालका आदिवासी, जनजाति, तराईवासी, मधेसीलगायत विभिन्न क्षेत्रबाट पहिचान र स्वायत्तताको आकाङ्क्षासहित मुखरित भएको बहुदलीय संसदीय प्रणालीको विश्वव्यापी मान्यता अनुरूप सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य संरचनाको मागलाई संवैधानिक प्रणालीमा मूर्तरूप दिन चाहन्छ[१३] भन्ने कुरा उल्लेख गरेको छ। एकीकृत माओवादीले पनि १३ प्रदेशको खाका प्रस्ताव[१४] गरेको छ भने सङ्घीयताको विपक्षमा रहेको एक मात्र राजनीतिक दल राष्ट्रिय जनमोर्चाले पनि सात प्रदेश र चार प्रशासनिक तह उपयुक्त हुने प्रस्ताव संविधानसम्बन्धी अवधारणा पुस्तिकामा प्रस्तुत गऱ्यो[१५]। यसरी विभिन्न राजनीतिक दलहरूले आ-आफ्नो खाका प्रस्तुत गरे पनि सबैबीच सहमति कायम हुन सकेन।

सङ्घीय संरचनामा आफूहरू पर्नुपर्ने धारणा सङ्घर्षरत सम्पूर्ण समूहहरूले राख्दै आएका छन्। उनीहरू सकेसम्म आफ्नो बाहुल्यसहित स्वशासन हुने गरी राज्य निर्माण हुनुपर्ने बताउँछन्। सम्पूर्ण तराईलाई एक मधेस एक प्रदेश बनाउनु पर्छ भन्ने माग तराईका मधेसी समूहहरूले उठाइरहेका छन् भने पूर्वदेखि पश्चिममा रहेका थारूहरूले आफूहरू मधेसीहरूभित्र नपर्ने र सोही अनुसार राज्यले ठाउँ दिनुपर्ने आवाज उठाउँदै आन्दोलन गरिरहेका छन्। 'थारू र मधेसी बेग्लाबेग्लै जाति र समुदाय हुन्। थारूहरू मधेसी नभई आदिवासी भएको र उनीहरूलाई हिन्दुकरण र मधेसीकरणको चपेटामा पारेको'[१६] थारू नेताहरूको तर्क छ। थारूहरू थारू बाहुल्य क्षेत्रमा वास्तविक स्वशासित राज्य चाहन्छन्[१७]।

सङ्घीयता कस्तो स्वरूपको हुनुपर्छ भन्नेबारेमा धेरै बहस हुन नपाए पनि कतिपयले यससम्बन्धमा आफ्ना धारणाहरू सार्वजनिक गरे। 'नेपाल जाति, भाषा, संस्कृति सबै हिसाबले अल्पसङ्ख्यकहरूको मुलुक हो। जिल्लागत हिसाबले ७५ मध्ये १४ जिल्लामा मात्र कुनै खास जात, जाति वा जनजातिको बाहुल्य छ। यो स्थितिमा एकल जातीय स्वशासन सम्भव देखिँदैन। यसर्थ, अधिकतम प्रादेशिक र स्थानीय स्वायत्तताको उपयोग गर्दै स्वशासन चलाउनुको कुनै विकल्प छैन[१८]।'

सङ्घीय शासन प्रणाली नै सम्पूर्ण थिचोमिचो, शोषणलगायत सबै समस्याको समाधानको उत्तम उपाय हो भन्ने बहस चले पनि सङ्घीय शासनप्रणाली त्रुटिरहित भने छैन। सङ्घीयता अपनाएका राष्ट्रहरूमा पनि यसका कारण सिर्जित समस्याहरूका बारेमा पनि विभिन्न राष्ट्रिय तथा विदेशीहरूका विचारहरू पनि विभिन्न माध्यमबाट सार्वजनिक गरिए। प्रिन्टसन युनिभर्सिटीमा राजनीतिशास्त्रकी प्राध्यापक न्यान्सी बर्मियोले जर्नल अफ डेमोक्रेसी, भोल्युम १३, नम्बर २, अप्रिल २००२ मा सङ्घीयताका दुर्बल पक्षका बारेमा लेखेकी छन्। उनले 'सङ्घीयता राज्यपद्धति सबै समस्या समाधानको रामवाण भने कदापि होइन। समर्थकहरूले यसका राम्रा पक्षको जति नै वकालत गरे पनि यो पद्धति विवादमुक्त भने छैन। स्पेनमा जारी बास्क आतङ्कवाद, कश्मीरको दीर्घकालीन तथा घातक युद्ध र युगोस्लाभियाको दुःखान्त विखण्डनले 'फेडरल फर्मुला' आफैंमा पूर्ण र कामयावी नभएको, बरु यसले समस्या झनै बल्झाउने कुरा पनि उजागर भएको' बताएकी छन्। उनले अगाडि लेखेकी छन्, 'सङ्घीय राज्यहरू असफल भएपछि कि त तिनीहरूले विखण्डनमा फसेर गृहयुद्धको पीडा बेहोर्नु परेको छ कि त तानाशाही सहनु परेको छ।'

नेपालले सङ्घीयतामा जाने व्यवस्था संविधानमै गरिसकेको अवस्थामा सङ्घीयता अपनाएका विभिन्न

१२. नेकपा (एमाले)द्वारा प्रस्तुत राज्य पुनःसंरचनाको खाकाको प्रारम्भिक प्रस्ताव

१३. नेपाली काङ्ग्रेसद्वारा राज्य पुनःसंरचना तथा राज्य शक्तिको बाँडफाँट समितिमा प्रस्तुत गरेको प्रदेशको अवधारणा-पत्र

१४. ११ जातीय प्रदेश, ७० जातीय इलाका,
http://www.nagariknews.com/news-highlights/139-highlights/4691-2009-09-04-03-21-14.html

१५. *हिमाल खबरपत्रिका* पाक्षिक । ०६६ पुस १-१५: पृ. ३९

१६. लेखी, राजकुमार । 'थारुलाई चाहिएको स्वशासन' *संविधान यात्रा* ०६६ कात्तिक, हिमाल मिडिया प्रा.लि. : पृ. ५५

१७. पूर्ववत् पृ. ५६

१८. श्रेष्ठ, श्याम । 'बहुजातीय प्रदेशको विकल्प छैन' *संविधान यात्रा-२।* हिमाल मिडिया प्रा.लि., ललितपुर : ०६६ कात्तिक, पृ.६४

राष्ट्रका उदाहरणहरूबाट त्यसका सवल र दुर्वल पक्षको अध्ययन गरी कस्तो सङ्घीयता आफ्ना लागि उत्तम हुन्छ भन्नेमा राजनीतिक दलहरूले गम्भीरताका साथ निर्णय गर्नुपर्ने आवश्यकता टड्कारो रूपमा अगाडि आएको छ। नत्र सङ्घीय राज्य निर्माण भइसकेपछि आइपर्ने दुर्वलताको भागीदार भने राजनीतिक दलहरू नै हुनेछन्। त्यसकारण यस सङ्गीन घडीमा दलहरू अति संवेदनशील हुन र सङ्घीयताको सवालमा मतैक्य कायम गर्नका लागि सहमतिको राजनीतिलाई अगाडि बढाउन जरुरी छ।

३.३. शान्ति सम्झौताको पालनामा उदासीनता

३.३.१. शान्ति सम्झौताको उल्लङ्घन

नेपालको शान्ति प्रक्रियालाई टुङ्गोमा पुऱ्याउन सङ्घर्ष गरिरहेको संयुक्त राष्ट्रसङ्घ नै आलोचनाको घेराबाट मुक्त हुन पाएन। नेपालको राष्ट्रिय मामिलामाथि हस्तक्षेप गरेको आरोप उसमाथि लाग्यो। संयुक्त राष्ट्रसङ्घका महासचिवले राष्ट्रसङ्घको सुरक्षा परिषद्मा प्रस्तुत गरेको प्रतिवेदनप्रति सरकारका साथै विभिन्न दलहरूले त्यसको विरोध गरे। राष्ट्रसङ्घका लागि नेपालका स्थायी प्रतिनिधि मधुरमण आचार्यले सरकारका तर्फबाट महासचिव वानले पेस गरेको प्रतिवेदन सन्तुलित हुन नसकेको परिषद्को बैठकमा उल्लेख गरे[१९]। उनले २२ दलको बैठकको निष्कर्षलाई उद्धृत गर्दै कस्तो सरकार बनाउने र कसको सरकार बनाउने भन्ने सन्दर्भमा राजनीतिक दलहरू र सार्वभौम संसद्ले निर्णय गर्ने उल्लेख गरेका थिए[२०]। यसअघि प्रधानमन्त्रीसहितको २२ दलको बैठकले नेपालको राष्ट्रिय मामिलामा राष्ट्रसङ्घले हस्तक्षेप गरेकामा त्यसलाई बाह्य हस्तक्षेप[२१] ठहऱ्याएको थियो। आफ्नो नेतृत्वमा सरकार बन्नुपर्छ भनेर आन्दोलन गरिरहेका बेला दाहालले संयुक्त राष्ट्रसङ्घले नेपालको शान्ति प्रक्रियालाई सफल पार्न राष्ट्रिय एकता र सहमतिको सरकार बन्नुपर्छ भन्दा नेपालको आन्तरिक मामिलामा हस्तक्षेप नहुने बताए[२२]। नेपालले आफ्नो शान्ति प्रक्रियामा सहयोग पुऱ्याउन संयुक्त राष्ट्रसङ्घलाई गरेको अनुरोधका सम्बन्धमा संयुक्त राष्ट्रसङ्घका महासचिव मुनद्वारा सुरक्षा परिषद्मा प्रस्तुत गरिएको प्रतिवेदनमा 'नेपाल हाल महत्त्वपूर्ण राजनीतिक र सामाजिक रूपान्तरणको मार्गमा अगाडि बढिरहेको छ। समयमा नै नयाँ संविधान जारी गर्न र माओवादी लडाकूहरूको सफलतापूर्वक समायोजन र पुनःस्थापना गर्नका लागि राष्ट्रिय सहमतिको सरकार वाञ्छनीय देखिन्छ[२३]' भन्ने उल्लेख गरिएको थियो

शान्तिलाई स्थायित्व गर्ने प्रमुख कार्य आधार शान्ति सम्झौता हो। तर, १० वर्षे हिंसात्मक द्वन्द्वलाई अन्त्य गर्दै जारी गरिएको विस्तृत शान्ति सम्झौता अहिले आएर अपूर्ण छ भनिनु शान्ति प्रक्रियालाई टुङ्गोमा पुऱ्याउन तगारो हाल्नु हो। यतिखेर आएर शान्ति सम्झौतालाई परिमार्जन गरिनुपर्ने वा पुनरावलोकन गर्नुपर्ने कुरा राजनीतिक दलका नेताहरूले उठाइरहेका छन्। तर, युद्धलाई अन्त्य गर्दै जारी गरिएको ऐतिहासिक शान्ति सम्झौताको संशोधन उचित ठहऱ्याउने आधार भने भेटिँदैन।

प्रधानमन्त्री माधवकुमार नेपालले १२ बुँदे र विस्तृत शान्ति सम्झौतामै केही त्रुटि रहेकाले सरकार र सरकारी संयन्त्र सञ्चालनमा अप्ठ्यारो रहेको बताए[२४] भने रक्षामन्त्री विद्यादेवी भण्डारीले सेना समायोजनका सन्दर्भमा शान्ति सम्झौतामा पुनरावलोकन गर्नुपर्ने कुरा उठाइन्। कुनै पनि सम्झौता गर्दा भविष्यलाई दृष्टिगत गरी सम्झौता निर्माण र सम्पन्न गरिन्छ। तर यसरी एकपटक गरिएका सम्झौताहरू पटकपटक सच्याइने हो भने ती सम्झौताहरूको औचित्य रहन्न। देशमा देखिएका गतिरोध अन्त्यका लागि सरकारले सम्बन्धित पक्षहरूसँग गरिने नयाँ सम्झौताहरू उचित हुनसक्छ तर भएका सम्झौताहरूको इमानदारीका साथ पालना नगर्ने र त्यसमा पटकपटक परिमार्जन गरिरहने हो भने शान्ति प्रक्रिया सार्थक निष्कर्षमा पुग्न असम्भव हुन्छ।

शान्ति सम्झौताका सहमतिहरू यस वर्ष पनि कार्यान्वयन भएनन्। शान्ति सम्झौतामा ६० दिनभित्र बेपत्ताको स्थिति सार्वजनिक गर्नुका साथै बेपत्ता आयोग गठन गर्ने सहमति भएको थियो। तर, बेपत्ता आयोग गठन गर्ने सम्बन्धमा सर्वोच्च अदालतले सरकारलाई

१९. 'शान्ति प्रक्रियाको गतिप्रति राष्ट्रसङ्घ असन्तुष्ट'। *कान्तिपुर*। ०६६ कात्तिक २२ : पृ.१
२०. पूर्ववत्
२१. *हिमाल खबरपत्रिका* पाक्षिक। ०६६ मङ्सिर १६-३० : पृ.२४
२२. 'गणराज्य घोषणा अर्को चरणमा' । *कान्तिपुर* । ०६६ कात्तिक २२ : पृ. ३
२३. नेपालले आ-अफ्नो शान्ति प्रक्रियामा सहयोग पुऱ्याउन संयुक्त राष्ट्रसङ्घलाई गरेको अनुरोधका सम्बन्धमा महासचिवको प्रतिवेदन, एस / २००९ / ५५३
२४. 'शान्ति सम्झौता बदल्न प्रस्ताव। *नेपाल समाचारपत्र।* ०६६ मङ्सिर २५, पृ.१

दिएको आदेशको दुई वर्ष बितिसक्दा पनि सो कार्यान्वयन हुन सकेको छैन। यस कार्यले पीडितहरूको सत्य, न्याय र परिपूरणप्रतिको अधिकारलाई पूर्णत: लत्याएको छ। पीडितका आवश्यकतालाई सम्बोधन गर्न तथा द्वन्द्वसँग सम्बन्धित बेपत्ता पार्ने कार्यका निम्ति जवाफदेहिता सुनिश्चित गर्न अन्तर्राष्ट्रिय मापदण्ड अनुकूल जाँचबुझ आयोग स्थापना गर्न, बेपत्ता पार्ने कार्यलाई अपराध ठहर गर्न, बेपत्ता पार्ने कार्यका लागि जिम्मेवारहरूलाई अभियोजन गर्न र पीडित तथा तिनका परिवारलाई पर्याप्त क्षतिपूर्ति तथा राहत उपलब्ध गराउन सर्वोच्च अदालतले २०६४ जेठ ८ गते सरकारका नाममा आदेश जारी गरेको थियो। सो अनुरूप बेपत्ता पार्ने (कसुर तथा सजाय)सम्बन्धी अध्यादेश व्यवस्थापिका संसदमा पेस गरे पनि छ महिनाभित्र त्यसलाई व्यवस्थापिका संसद्ले अनुमोदन नगरेकाले उक्त ऐन बन्न सकेन। यसअघि संसद् सुचारु नभएका बेला सरकारले अध्यादेशमार्फत बेपत्तासम्बन्धी विधेयक ल्याएको थियो। सो सम्बन्धमा काङ्ग्रेस, एमालेलगायतका दलहरूका साथै विभिन्न मानवअधिकार सङ्घसंस्था र नागरिक समाजले त्यसको व्यापक विरोध गरेका थिए। बेपत्तासम्बन्धी उक्त विधेयकलाई अन्तर्राष्ट्रिय कानुन र मपदण्ड अनुसार बनाउनका लागि संशोधन गर्न विभिन्न मानवअधिकार सङ्घसंस्थाहरूले नेपाल सरकारसमक्ष आग्रह गरेका थिए[२५]। यसबाहेक शान्ति सम्झौतामा उल्लिखित सत्य निरूपण तथा मेलमिलाप आयोग, राष्ट्रिय शान्ति तथा पुन:स्थापना आयोगलगायत[२६]का संयन्त्रहरू अझै बन्न सकेनन्। शान्ति तथा पुन:निर्माण मन्त्रालयले सत्य निरूपण तथा मेलमिलाप आयोगसम्बन्धी विधेयकमाथि राष्ट्रिय तथा स्थानीयस्तरमा छलफल गरी त्यसका प्रावधानहरूमा परिमार्जन गरे पनि उक्त विधेयक यस वर्ष पनि जारी गरिएन। नयाँ संविधान निर्माणका क्रममा सङ्घको प्रारूप तयार गर्ने उद्देश्यले सरकारले गणेशमान गुरुङको अध्यक्षतामा राज्य पुन:संरचना आयोग गठन गरे पनि[२७] कार्यान्वयन तहमा भने यसको कामकारबाही जानकारीमा आएन। राज्यले यसलाई गम्भीर रूपमा लिएको पाइएन। द्वन्द्वमा पीडित भएका परिवारहरूलाई राहतस्वरूप केही रकम मात्र उपलब्ध गराएर उनीहरूको पीडालाई बिर्साउन सकिँदैन। सरकारले द्वन्द्वपीडितलाई केही राहत सहयोग त गऱ्यो *(विस्तृत जानकारीका लागि हेर्नूस् परिच्छेद कार्यपालिका)*। तर, सानो रूपमा राहत उपलब्ध गराएर मात्र उनीहरूको सम्पूर्ण जीवनलाई सुखद बनाउन सकिँदैन। त्यसका लागि सत्य तथा न्यायको खोजीका साथै उनीहरूको उचित जीवनयापनका मापदण्डहरूको खोजी र त्यसको सुनिश्चितता पनि उत्तिकै अत्यावश्यक रहन्छ।

अन्तरिम संविधान, २०६३ ले राज्यको अग्रगामी पुन:संरचनाको व्यवस्था धारा १३८ मा गर्दै वर्गीय, जातीय, भाषिक, लैङ्गिक, सांस्कृतिक, धार्मिक र क्षेत्रीय भेदभावको अन्त्य गर्न राज्यको केन्द्रीकृत र एकात्मक ढाँचाको अन्त्य गरी राज्यको समावेशी, लोकतान्त्रिक सङ्घीय शासन प्रणालीसहितको अग्रगामी पुन:संरचना गरिने[२८] र राज्यको पुन:संरचना तथा सङ्घीय शासन प्रणालीको स्वरूपसम्बन्धी विषयको अन्तिम टुङ्गो संविधानसभाले निर्धारण गरेबमोजिम[२९] हुने व्यवस्था गरेको छ। सो विपरीत एकीकृत माओवादीले आफूखुसी विभिन्न गणराज्यहरूको घोषणा गर्दै हिँड्यो। आफ्नै संलग्नतामा यस कार्यले शान्ति सम्झौताको समेत उल्लङ्घन गरेको छ। कुनै पनि शासनको स्थापना वा परिवर्तन विभिन्न संयन्त्र तथा कानुनहरू निर्माण गरेर गरिनु पर्छ नत्र त्यस्ता कार्य दिगो नहुनुका साथै विधिविपरीत हुनजान्छ। तर, एकीकृत माओवादीले गरे अनुसारको स्वायत्त गणराज्यहरूको घोषणाले कतिपय जातजातिहरूलाई चिढाउने कामसमेत गऱ्यो।

एकीकृत माओवादीले गरेका सङ्घीय राज्यहरूको घोषणालाई शान्ति प्रक्रियाविपरीत ठानियो। यसरी आफूखुसी गणराज्य घोषणा गर्दै हिँड्नु सङ्घीयताको उपहास भएको प्रधानमन्त्री माधवकुमार नेपालले बताए। उनले सङ्घीयताको अर्थ मुलुकलाई कमजोर र भागबन्डा गर्ने नभई मुलुकलाई बलियो बनाउनु रहेको स्पष्ट पारे[३०]। एकीकृत माओवादीले

२५. Nepal: "Disappearances" Law Must Meet International Standards http://www.amnestynepal.org/content/news.php?id=36

२६. शान्ति समिति, शान्ति सचिवालय। नेपाल सरकार र नेपाल कम्युनिस्ट पार्टी (माओवादी)बीच भएको विस्तृत शान्ति सम्झौता बुँदा नं. ७.१.५.। काठमाडौं : २०६३ मङ्सिर ८: पृ. २६

२७. 'राज्य पुन:संरचना आयोग गठन' । *समाचारपत्र* । ०६६ वैशाख ४ : पृ. १

२८. नेपालको अन्तरिम संविधान, २०६३

२९. पूर्ववत्

३०. 'गणराज्य घोषणाले सङ्घीयताको उपहास' । *कान्तिपुर* । ०६६ मङ्सिर १९ : पृ. ५

जथाभावी रूपमा गणराज्यको घोषणा गर्दै हिँडेकामा राष्ट्रपति रामवरण यादवले चिन्ता प्रकट गर्दै प्रधानमन्त्री माधवकुमार नेपाललाई त्यसको वैकल्पिक निकास खोज्न आग्रह गरेका थिए[३१]। यस सम्बन्धमा राष्ट्रपतिसँग छलफल गर्न पुगेका प्रधानमन्त्रीसँग राष्ट्रपतिले राज्य पुन:संरचनालगायत सबै विषयमा संविधानसभाबाट गर्ने जनादेश हुँदाहुँदै एउटा पार्टीले सामाजिक सद्भावमा खलल पुग्ने किसिमको कार्यक्रम ल्याउनु हितकर नभएको बताएका थिए र यसको निकास खोज्न आग्रह गरेका थिए[३२]। राष्ट्रपतिको आग्रहलाई स्वीकार गर्दै प्रधानमन्त्री नेपालले एकीकृत माओवादीको यो कदम संविधानसभाको कार्यक्षेत्रमाथिको आक्रमण, शान्ति सम्झौताविपरीत, बलमिच्याइँ, अराजक र विद्रोहीले गर्नेजस्तो गैरजिम्मेवार भएकाले यस सम्बन्धमा एकीकृत माओवादी र अन्य दलसँग छलफल गरेर निकास खोज्ने बताए[३३]। यसलगत्तै प्रधानमन्त्रीले काङ्ग्रेस, एमाले र मधेसी जनअधिकार फोरमसँग बालुवाटारमा वार्ता गरेका थिए। वार्तामा तीनै दल एकीकृत माओवादीसँग कुराकानी गरेर यसलाई रोक्नुपर्ने निष्कर्षमा पुगेका थिए[३४]। एकीकृत माओवादीले मङ्सिर २६ देखि पुस ३ गतेसम्म गणराज्य घोषणा गर्ने कार्यक्रम सार्वजनिक गरेको थियो। जस अनुसार उनीहरूले कोचिला राज्य, किराँत, मगरात, राज्य, नेवा: राज्यलगायतका राज्यहरू घोषणा गरेपछि सरकारका साथै विभिन्न पार्टीहरूले यसको आलोचना गरेका थिए।

काङ्ग्रेस, एमालेलगायतका दलहरूले चिन्ता प्रकट गर्दै गणराज्य घोषणा फिर्ताका लागि दबाब दिइरहेका बेला एकीकृत माओवादीले उक्त कार्यलाई सङ्घीयताका पक्षमा जागरण उत्पन्न गर्नका लागि गरिएको बताएको थियो र आफ्नो पार्टीको बैठकमा यसलाई कार्यान्वयनमा भन्दा बढी प्रचारात्मक राजनीतिक अभियान बनाउने निर्णय गरेको थियो[३५]।

सरकार सञ्चालन गर्ने दायित्व एकीकृत माओवादीको हो भन्दै सरकारको बागडोर आफ्नो हातमा आउनुपर्छ भन्ने मान्यताका साथ आन्दोलनमा उत्रिएका एकीकृत माओवादीका स्थानीय स्तरका कार्यकर्ताहरूले विभिन्न राजनीतिक दलका कार्यकर्ताहरूमाथि कुटपिट गर्ने र सर्वसाधारणहरूका जग्गा र उत्पादन लुट्ने कार्यलाई वर्षको अन्त्यतिर तीव्र बनाएको पाइयो। राजनीतिक दलका भ्रातृसङ्गठनहरू वाईसीएल र युथफोर्सबीच विगतका वर्षहरूझैँ यसपटक पनि पटकपटक झडपहरू भए। वाईसीएल र अनेरास्ववियु (क्रान्तिकारी)ले मानवीय मर्यादाविपरीत विभिन्न शैक्षिक क्षेत्रका विद्वत् वर्गहरूमाथि दुर्व्यवहार गर्ने कार्यलाई यसवर्ष पनि निरन्तरता दिए। त्रिभुवन विश्वविद्यालयका उपकुलपतिलाई मोसो दली दुर्व्यवहार गर्नुका साथै भोजपुर क्याम्पसका प्रमुखलाई क्याम्पस परिसरभित्रै कुटपिट गरेपछि भोजपुरमा तनावको स्थिति सिर्जना भयो, जसका कारण प्रशासनले केही दिन कर्फ्युसमेत जारी गऱ्यो।

जसरी पनि सत्ता कब्जा गर्ने भन्ने एकीकृत माओवादीका केन्द्रीयस्तरका नेताहरूको अभिव्यक्ति र सोही अनुरूप कार्यकर्ताहरूका आक्रमणहरू सतहमा देखिए। एकीकृत माओवादीले मौसमी चन्दा भन्दै धान माग्ने र नदिनेलाई हातखुट्टा भाँच्ने र मार्ने धम्की दिएको पाइयो[३६]। एकीकृत माओवादीको धम्कीका कारण कतिपय सर्वसाधारणले सुरक्षाकर्मीहरूको उपस्थितिमा समेत धानको दाइ गर्नुपऱ्यो[३७] भने पत्रकार टीका विष्टमाथि गरिएको साङ्घातिक आक्रमण, कैलालीको डुडेझारीमा सुकुमवासीका नाममा सुदूरपश्चिमका विभिन्न जिल्लाबाट मानिसहरू ल्याई मुठभेडको स्थिति सिर्जना गरी देशलाई अराजकतातर्फ लैजाने प्रयास एकीकृत माओवादीबाट भएको पाइयो। सुकुमवासीका नाममा नि:शुल्क जग्गा वितरण गर्ने झूटो आश्वासन दिएर डुडेझारी वनमा राखिएका व्यक्तिहरू र प्रहरीबीच झडप हुँदा गम्भीर स्थिति उत्पन्न भएको थियो। सरकार पनि सुकुमवासीहरूका नाममा त्यहाँ रहेकाहरूलाई बलप्रयोग गरी हटाउन पछि परेन, जसका कारण केही प्रदर्शनकारीहरूको सुरक्षाकर्मीको गोली लागी मृत्यु भयो। 'वनक्षेत्र कब्जा गरी बसेका हजारौँ व्यक्तिहरूलाई सरकारले बल प्रयोग गरी हटाउने सोच बनाएर ठूलो मात्रामा सुरक्षाकर्मी परिचालन गरी मङ्सिर १९ गते अस्थायी टहराहरू भत्काउन र आगजनी गर्न थालेपछि

३१. 'राष्ट्रपति चिन्तित' । *कान्तिपुर* । ०६६ मङ्सिर १७ : पृ. १
३२. पूर्ववत्
३३. पूर्ववत्
३४. पूर्ववत्
३५. 'गणराज्य घोषणा साङ्केतिक मात्रै' । *कान्तिपुर* । ०६६ मङ्सिर १९ : पृ.१
३६. *नेपाल* । ०६६ मङ्सिर २८ : पृ. १४
३७. पूर्ववत्

वनमा बसेका व्यक्तिहरू प्रतिकारमा उत्रिए र दोहोरो झडप सुरु भएको थियो। झडपमा प्रहरीले अत्यधिक बल प्रयोग गर्दै गोलीसमेत प्रहार गऱ्यो। फलत: घटनामा वन अतिक्रमण गर्ने तीन जनाको प्रहरीको गोली लागी मृत्यु भयो भने प्रतिकार गर्ने व्यक्तिहरूले धारिलो हतियार प्रहार गर्दा एक जना प्रहरीको मृत्यु भएको थियो[३८]।'

एकीकृत माओवादीका कार्यकर्ताहरूले विभिन्न पार्टीका नेता-कार्यकर्ताहरूमाथि आक्रमण गर्ने कार्य पनि जारी रखेको पाइयो। रामेछाप जिल्लाको मन्थलीमा जेठ ३ गते स्व. मदन भण्डारी र जीवराज आश्रितको श्रद्धाञ्जलि सभामा सहभागी भएर फर्कंदै गर्दा तिप्लुङ भन्ने ठाउँमा एकीकृत माओवादीका कार्यकर्ताहरूले नेकपा एमालेका महासचिव ईश्वर पोखरेललगायत अन्य सदस्यहरूमाथि ढुङ्गामुढा प्रहार गरेका थिए[३९]।

देशका विभिन्न भागबाट सर्वसाधारणको घरजग्गा जबरजस्ती कब्जा गर्ने कार्यलाई वर्षको अन्त्यतिर एकीकृत माओवादीका कार्यकर्ताहरूले तीव्र पारे। उक्त कार्य शान्ति सम्झौताको बुँदा नं. ७.५.५ को विपरीत रहेको छ। सो बुँदामा कानुनबमोजिमबाहेक कसैको पनि सम्पत्ति जफत वा कब्जा गरिने छैन भन्ने उल्लेख गरिएको छ। एकीकृत माओवादीका अध्यक्ष पुष्पकमल दाहाल प्रधानमन्त्री भएका बेला व्यवस्थापिका-संसद्को बैठकलाई सम्बोधन गर्दै काङ्ग्रेसले राखेको नौबुँदे मागमध्ये एकीकृत माओवादीले कब्जा गरेको सम्पत्ति ०६५ मसान्तसम्म फिर्ता गरिने घोषणा गरेका थिए। उनले कब्जा गरिएको सम्पत्ति फिर्ता नगरिए ०६५ असारयताको हर्जानासमेत जोडेर सरकारले तिरिदिने घोषणासमेत गरेका थिए[४०]। तर, व्यवहार ठीक विपरीत रह्यो। गत कात्तिकमा गरेको प्रतिबद्धतालाई पुन: दोहोऱ्याउँदै यस वर्षको पहिलो दिन माओवादीले कब्जा गरेको सम्पत्ति फिर्ता तीन महिनाभित्र र वाईसीएलको अर्धसैनिक संरचना तीन सातामा खारेज गर्न एकीकृत माओवादी र काङ्ग्रेसबीच सहमति भयो। तर, पटक-पटकको घोषणा र सहमति उनको मानसपटलबाट हरायो। एकीकृत माओवादीकै अन्य केन्द्रीय स्तरका नेता भने कब्जा गरिएको सम्पत्ति कुनै हालतमा फिर्ता नगर्ने भन्दै विभिन्न कार्यक्रमहरूमा बोल्दै हिँडको[४१] समेत पाइयो। सम्पत्ति फिर्ता गर्ने त परै जाओस्, सम्पत्ति कब्जा गर्ने कार्यलाई भने निरन्तरता दिएको पाइयो। सो प्रतिबद्धतालाई लत्याएर एकीकृत माओवादीले देशका विभिन्न भागबाट सैयौँ रोपनी जग्गा कब्जा गऱ्यो[४२]।

एकीकृत माओवादीका नेताहरूद्वारा विभिन्न समयमा आक्रामक अभिव्यक्तिहरू पनि सार्वजनिक भए, जनु शान्ति सम्झौता विपरीत रहेको केही मानवअधिकार सङ्घसंस्थाहरूले आरोप लगाए। एकीकृत माओवादीका अध्यक्ष प्रचण्डले एक कार्यक्रममा अब १० हजार होइन, १० लाखको बलिदान गरेर पनि राजनीतिक डाँकाहरूलाई सखाप पारेर छाड्छौं[४३] भन्ने अभिव्यक्ति दिएका थिए। उनको यो अभिव्यक्तिले एकीकृत माओवादी मुठभेड गर्ने मनस्थितिमा रहेको देखायो। इन्सेकले मङ्सिर २७ गते एक विज्ञप्ति प्रकाशन गरी प्रचण्डको सो अभिव्यक्ति विस्तृत शान्ति सम्झौताको भावना र मर्मविपरीत भएको बताएको थियो। इन्सेकले गम्भीर आपत्ति प्रकट गर्दै हिंसा भड्काउने, समाजमा भय, त्रास, सिर्जना गर्ने र देशलाई पुन: युद्धमा फर्काउने चेतावनीसहितको सो अभिव्यक्ति आफैंमा शान्ति प्रक्रिया र मानवअधिकारको विरुद्धमा रहेको[४४] बताएको थियो।

अघिल्लो वर्ष शक्तिखोरमा रहेका आफ्ना लडाकूहरूलाई प्रशिक्षण गरिएको भिडियो टेप सार्वजनिक भएपछि शान्ति प्रक्रियाप्रति एकीकृत माओवादीको प्रतिबद्धतामाथि प्रश्न उठ्यो। खासगरी

३८. इन्सेक । कैलाली जिल्लाको बलिया गाविस, बलचौरस्थित डुडेझारी वन अतिक्रमण गरी बसेका व्यक्तिहरू र सुरक्षाकर्मीबीच ०६६ मङ्सिर १९ गतेको झडपमा चार जनाको मृत्यु भएको घटनाका सम्बन्धमा तयार गरिएको स्थलगत अध्ययन प्रतिवेदन । काठमाडौं : औपचारिक क्षेत्र सेवा केन्द्र, ०६६ पुस ४

३९. http://www.cpnuml.org/#251

४०. इन्सेक। मानवअधिकार वर्षपुस्तक २००९ । ०६५ फागुन ७ : पृ.९६

४१. कब्जा सम्पत्ति फिर्ता हुँदैन : गजुरेल । ०६६ माघ १८ : पृ. ८

४२. प्रेस विज्ञप्ति । इन्सेक । ०६६ पुस ३
http://www.insec.org.np/index.php?type=reports&id=3&rid=529&lang=en&tp=np

४३. अब दस हजार होइन, दसौं लाखको बलिदानी : प्रचण्ड
http://www.onlinekhabar.com/wp/2009/12/11/33971.html

४४. प्रेस विज्ञप्ति । इन्सेक । ०६६ मङ्सिर २७
http://www.insec.org.np/index.php?type=reports&id=3&lang=en

Highlights of the year:Layout 1 2/9/2010 8:33 AM Page 36

माओवादी लडाकूको सङ्ख्या ढाँटिएको कुरा प्रचण्ड स्वयम्ले बताएको खुलेपछि हल्लीखल्ली मच्चियो।

३.३.२. माओवादी लडाकूको पुनःस्थापना

शान्ति प्रक्रियालाई सार्थक निष्कर्षमा पुऱ्याउने महत्त्वपूर्ण अङ्गका रूपमा माओवादी लडाकूको पुनःस्थापना रहेको छ। शिविरमा रहेका माओवादी लडाकूहरूको व्यवस्थापन शान्ति सम्झौताको प्रमुख सरोकार हो। शान्ति सम्झौतापछि माओवादी लडाकूको समायोजन र पुनःस्थापनाको प्रश्न विशेष रूपमा उठ्दै आए पनि उनीहरूको सही व्यवस्थापन गर्न नसकिएका कारण पनि शान्ति प्रक्रियालाई टुङ्गोमा पुऱ्याउन कठिनाइ उत्पन्न भएको हो।

विस्तृत शान्ति सम्झौताको बुँदा नं. ४.४ मा माओवादी सेनाका लडाकूहरूको रेखदेख, समायोजन र पुनःस्थापना निम्ति अन्तरिम मन्त्रिपरिषद्ले विशेष कमिटी बनाएर काम गर्ने उल्लेख गरेको छ[४५]। माओवादी लडाकूहरूको समायोजनका लागि विशेष संयन्त्र निर्माण गरेर त्यसको व्यवस्थापन गर्ने सहमति तत्कालीन माओवादी र नेपाल सरकारबीच सम्पन्न भए पनि सो अनुरूपको विशेष समिति निर्माणमै दलहरूबीच धेरै समय विवाद रह्यो। एकीकृत माओवादीले आफू सत्तामा रहेका बेला यसलाई हल गर्नेतिर विशेष कार्य गरेको पाइएन। उसको रटान सबै लडाकूहरूलाई सेनामा समायोजन गर्नेमा मात्रै अडिग रह्यो। यस सम्बन्धमा तत्कालीन रक्षामन्त्री रामबहादुर थापा 'बादल' र प्रधानसेनापतिबीच मनमुटावको स्थिति उत्पन्न भएको थियो। विशेष समिति गठन भइसकेपछि पनि माओवादी लडाकूहरूको समायोजनका सम्बन्धमा दलहरूबीच विभाजित धारणाहरू सार्वजनिक भए। 'माओवादी लडाकूहरूको समायोजनको विषय गएको वर्ष राजनीतिक विवादकै रूपमा रह्यो। विभिन्न राजनीतिक व्यक्तित्वहरूले माओवादी लडाकूलाई कुनै पनि अवस्थामा राष्ट्रिय सेनामा गाभ्न नहुने धारणा व्यक्त गरेका थिए[४६]।' जसका कारण माओवादी लडाकूहरूको समायोजन वा व्यवस्थापन गर्ने विषय यस वर्ष पनि टुङ्गो लागेन। 'लडाकूहरू सबैलाई सेनामा लैजानुपर्छ भन्ने एकीकृत माओवादीको अडान र काङ्ग्रेस र एमालेले ती लडाकूहरूलाई सेनामा समायोजन गर्न हुँदैन भन्ने अडानले गर्दा शान्ति प्रक्रियाको महत्त्वपूर्ण अङ्ग भए पनि यस वर्ष पनि योग्य लडाकूहरूको समायोजन तथा पुनःस्थापनाको सबालले महत्त्व पाउन सकेन। सेना समायोजन गर्न नचाहेको आक्षेप एक पार्टीले अर्को पार्टीलाई लगाउने गरेको पाइयो[४७]।'

गएको वर्षको अन्त्यतिर नेपाल भ्रमणमा रहेकी सशस्त्र द्वन्द्व र बालबालिकासम्बन्धी संयुक्त राष्ट्रसङ्घका महासचिवका प्रतिनिधि राधिका कुमारास्वामीसँग एकीकृत माओवादीका अध्यक्ष पुष्पकमल दाहालद्वारा शिविरमा रहेका २ हजार ९ सय ७३ बालबालिकालाई मुक्त गर्ने सन्दर्भमा गरिएको प्रतिबद्धता[४८] यस वर्ष पनि कार्यान्वयन भएन। तर, वर्षको अन्त्यतिर अयोग्य लडाकूहरूलाई रिहा गर्ने उद्देश्यले नेपाल सरकार, संयुक्त राष्ट्रसङ्घ र एकीकृत माओवादीबीच अयोग्य लडाकू बहिर्गमनसम्बन्धी कार्ययोजनामा हस्ताक्षर भएकाले[४९] आगामी वर्षको सुरुआतमा नै अयोग्य माओवादी लडाकूहरूको सही व्यवस्थापन हुने सन्दर्भमा भने केही आशाहरू जगायो। संयुक्त राष्ट्रसङ्घको शान्तिप्रक्रियालाई सार्थक निष्कर्षमा पुऱ्याउने एउटा खुड्किलो लडाकूहरूको सही व्यवस्थापन भएकाले यो कदमलाई ऐतिहासिक र सकारात्मक मान्नु पर्छ। यस कदमले आगामी दिनमा अन्य लडाकूहरूलाई पनि कसरी व्यवस्थापन गर्ने भन्ने सम्बन्धमा मार्गदर्शन गर्नेमा आश्वस्त हुन सकिन्छ।

नेपालस्थित राष्ट्रसङ्घीय कार्यालयमा आयोजित अयोग्य लडाकू बहिर्गमन कार्ययोजना हस्ताक्षर समारोहमा सरकारी पक्षबाट शान्ति तथा पुनःनिर्माण मन्त्रालयका सहसचिव साधुराम सापकोटा, माओवादी पक्षबाट ब्रिगेडियर कमान्डर सरल सहयात्री, संयुक्त राष्ट्रसङ्घीय आवासीय प्रतिनिधि रोबर्ट पाइपर र युनिसेफकी गिलियन मेलसोपले कार्ययोजनासम्बन्धी

४५. नेपाल सरकार र नेपाल कम्युनिस्ट पार्टी (माओवादी)बीच भएको विस्तृत शान्ति सम्झौता २०६३, शान्ति समिति, २०६३ मङ्सिर ८ : पृ. ८

४६. मानवअधिकार वर्षपुस्तक २००९ । इन्सेक । ०६५ फागुन ७ : पृ.२३

४७. 'माओवादी नै चाहँदैन' । *हिमाल खबरपत्रिका* । ०६६ कात्तिक १-१५ : पृ. ५३

४८. इन्सेक, नेपाल मानवअधिकार वर्षपुस्तक २००९। काठमाडौँ : पृः ४२

४९. संयुक्त राष्ट्रसङ्घ, नेपाल सरकार र एकीकृत माओवादीद्वारा एकीकृत माओवादी सेनाका योग्य नठहरिएका नाबालकहरूको बिदाइका लागि कार्ययोजनामा हस्ताक्षर, प्रेस वक्तव्य http://www.unmin.org.np/downloads/pressreleases/PR_Release16.12.2009.NEP.pdf

सम्झौतापत्रमा हस्ताक्षर गरेका थिए। नेपाल भ्रमणमा रहेकी सशस्त्र द्वन्द्व र बालबालिकासम्बन्धी संयुक्त राष्ट्रसङ्घका महासचिवका प्रतिनिधि राधिका कुमारास्वामी, अनमिन प्रमुख करिन लेनग्रेन, शान्तिमन्त्री रकम चेमजोङ र एकीकृत माओवादी अध्यक्ष पुष्पकमल दाहाल साक्षी बसेका थिए[५०]।

उक्त कार्ययोजना अनुसार पुस १२ देखि सुरु हुने ती लडाकूहरू हटाउने प्रक्रिया ४० दिनभित्र सकिने व्यवस्था छ[५१]। उक्त प्रक्रियामा राष्ट्रसङ्घले सहजीकरण गर्नेछ भने शिविरबाट हटाइएका लडाकूहरूलाई छ महिनासम्म अस्थायी शिविरमा राखेर अनुगमन तथा प्रमाणीकरण गरिने योजना रहेको छ। पुनःस्थापनाको कार्य भने एक वर्षसम्म चल्ने योजना छ। तर, पुस १२ गतेबाट अयोग्य लडाकू बहिर्गमन कार्य सुरु हुने सम्झौता भए पनि वर्षको अन्त्यसम्म उक्त कार्यको सुरुवात भने हुन सकेन।

यतिका वर्ष एकीकृत माओवादीमा रहेर युद्धमा भाग लिएका र विगत केही वर्षदेखि शिविरमा रहिरहेका कारण उनीहरू सामाजिक व्यवहारबाट टाढा भए। आफ्नो व्यक्तित्व विकासमा सहभागी हुन पाएनन्। यसले कतिपय लडाकूहरूमा मानसिक समस्या सिर्जना गरेको छ *(हेर्नूस्, परिच्छेद कार्यपालिका)*। त्यसकारण शिविरभित्र रहेका अयोग्य लडाकूहरूलाई बहिर्गमनपछि उनीहरूको चाहना अनुरूप सही व्यवस्थापन गरिएन भने यसले बल्झाउन सक्ने समस्यातर्फ भने सम्बन्धित सरोकारवालाहरूले होसियारी अपनाउनु आवश्यक देखिन्छ।

३.३.२.१ अनमिनको निगरानीमाथि प्रश्न

एकीकृत माओवादीका लडाकूहरू अनमिनको निगरानीमा शिविरभित्रै रहनुपर्ने भनिए पनि ती लडाकूहरू शिविरबाहिर आएर विभिन्न गतिविधिमा संलग्न भएको देखियो। शान्ति सम्झौताको बुँदा नं. ५.१.५ मा कुनै पनि नागरिक सभा वा राजनीतिक सभा वा सार्वजनिक कार्यक्रममा दुवै पक्षका सेना हतियार वा कम्ब्याट पोसाकसहित उपस्थित हुने छैनन् भनिए पनि त्यसको विपरीत एकीकृत माओवादीका लडाकूहरूका गतिविधि सतहमा देखिए। यसले अनमिनको निगरानीमाथि नै प्रश्न उठ्यो। केही संस्थाहरूले यस्ता घटना दोहोऱ्याउन नदिए मात्र अनमिनको कार्यकुशलताप्रति नेपाली जनताको विश्वास कायम हुनेप्रति सजग गराएका थिए। सम्झौताविपरीत लडाकूहरू हिंसात्मक गतिविधिमा समेत संलग्न भएको पाइयो। वर्षको अन्त्यतिर एकीकृत माओवादीको नेतृत्वमा कैलालीको डुडेझारीमा सुकुमवासीका नाममा जग्गा अतिक्रमण गर्ने क्रममा भएको झडपमा अनमिनले प्रमाणित गरेको शिविरभित्र रहेका एक जना लडाकूको मृत्यु भएको गृह मन्त्रालयले दाबी गरेको थियो[५२]। ०६६ मङ्सिर १९ गते भएको सुरक्षाकर्मी र सुकुमवासीका नाममा वन कब्जा गर्ने व्यक्तिहरूबीचको झडपका क्रममा मृत्यु भएका नरेन्द्र विकको लास पोस्टमार्टम गर्ने क्रममा उनको शरीरबाट जनमुक्ति सेना नेपालको सदस्य भएको परिचयपत्र भेटिएको पत्रकार सम्मेलनमार्फत गृहमन्त्री भीम रावलले बताए[५३]। गृहमन्त्रालयले उनको फोटोसहितको परिचयपत्र नं. ३६८२ र फोटो नं. डीएससी ००७६ भन्ने खुल्न आएको जनाएको थियो[५४]। इन्सेक, इन्हुरेड इन्टरनेसनल र आरआरएनले कैलालीको डुडेझारीमा भएको घटनाको संयुक्त रूपमा अध्ययन गरी प्रतिवेदन सार्वजनिक गर्दै घटनामा माओवादी जनसेनाका शिविरमा रहेका अनमिनद्वारा प्रदान गरिएको परिचयपत्रसमेत साथमा रहेका लडाकूको मृत्यु भएको सरकारले दाबी गरेको सम्बन्धमा यसको आधिकारिक जवाफ अनमिनले दिनुपर्ने माग गरेको थियो[५५]। अनमिनको स्टिकर टाँसिएको हतियारसमेत लिएर बाहिर घुमिरहेका लडाकूहरूलाई प्रहरीले गिरफ्तार गरी कारबाही गर्दा आफ्नो सुरक्षाका लागि हतियार राख्न पाइन्छ भन्दै त्यस्ता लडाकूहरूलाई अनमिनले छोडाएर लानेसमेत गऱ्यो। शिविरबाट बाहिर हिँडेका १९ जना माओवादी लडाकूलाई कपिलवस्तुको जितपुरमा

५०. 'अयोग्य लडाकू बहिर्गमन कार्ययोजनामा हस्ताक्षर' पुस १२ देखि ४० दिनको समयसीमा। *अन्नपूर्ण पोस्ट* । ०६६ पुस २ : पृ.१

५१. *कान्तिपुर* । ०६६ पुस २ गते : पृ १, ३

५२. 'डुडेझारी घटना सुनियोजित : रावल' । *गोरखापत्र* । ०६६ मङ्सिर २२ : पृ. १

५३. पूर्ववत्

५४. पूर्ववत्

५५. कैलाली जिल्लाको बलिया गाविस, बलचौरस्थित डुडेझारी वन अतिक्रमण गरी बसेका व्यक्तिहरू र सुरक्षाकर्मीबीच ०६६ मङ्सिर १९ गतेको झडपमा चार जनाको मृत्यु भएको घटनाको सम्बन्धमा तयार गरिएको स्थलगत अध्ययन प्रतिवेदन । ०६६ पुस ४ http://www.insec.org.np/pics/1262075723.pdf

Highlights of the year:Layout 1 2/9/2010 8:33 AM Page 38

एसएलआर हतियार र गाडीसहित प्रहरीले भदौ ७ गते गिरफ्तार गरेको थियो। अनमिनको हतियार अनुगमन टोलीले त्यसै राती उनीहरूलाई छुटाएर लगेको थियो[५६]। यसैगरी बाँकेमा हतियारसहित गिरफ्तार गरी नजरबन्दमा राखिएका माओवादी ब्रिगेड कमान्डर दीपेन्द्र शाह (युगान्त) र उनले बोकेको हतियार आफूलाई बुझाउन अनमिनले बाँके प्रशासनसँग आग्रह गरेको थियो। तर, बाँकेका प्रमुख जिल्ला अधिकारी वीरेन्द्रबहादुर बानियाँले अनमिनको आग्रहलाई अस्वीकार गरे। शाहलाई छुटाउन गएका अनमिनका प्रतिनिधिहरूलाई प्रजिअ बानियाँले हतियार प्रमाणित भए/नभएको र लिएर हिँड्न पाउने वा नपाउने भन्ने सम्बन्धमा अनमिनको लिखित जवाफ माग गरेका थिए भने अनमिनका हतियार अनुगमन विभागका प्रमुख एडवार्ड भलैरीले काठमाडौँबाट दुईपटक लिखित जवाफ पठाउँदै आफ्नो सुरक्षाका लागि लिएर हिँड्न पाउने र प्रमाणित भएको जानकारी पठाए। तर, प्रशासनले दीपेन्द्र शाहलाई अनमिनको जिम्मा लगाउनुको सट्टा तीन महिनाका लागि नजरबन्दमा पठाएको थियो[५७]। तर, दीपेन्द्र शाहले भने नेपालगञ्ज गएका बेला आफ्नी श्रीमती र छोरीलाई भेट्न जाँदा छोरीले केही नल्याइदिएको भनेर रोएपछि चिजबल किन्न जाँदा गिरफ्तार गरेको बताए[५८]। उनी पाँच दिनको नजरबन्दपछि रिहा भए[५९]।

यसअघि पनि चितवन शक्तिखोरस्थित माओवादी क्याम्पका सेना तेस्रो डिभिजनको ब्रिगेड कमान्डर प्रकाश जीएम अविरल, वीरबहादुर जीएम प्रकाश, देवेन्द्र पुन मगर र उर्गेन लामालाई माओवादी सेनाको कमान्डरहरूको बैठकमा सहभागी हुन राजधानी आएका बखत बौद्ध स्तुपा गेटबाट प्रहरीले नियन्त्रणमा लिएको पत्रपत्रिकामा छापिएपछि विभिन्न मानवअधिकार सङ्घसंस्थाहरूले त्यसको विरोध गरेका थिए[६०]।

इन्सेकले एक विज्ञप्ति जारी गर्दै उक्त कार्य शान्ति सम्झौताविपरीत भएको बताएको थियो। इन्सेकद्वारा जारी विज्ञप्तिमा भनिएको छ, 'नेपाल सरकार र नेपाल कम्युनिस्ट पार्टी (माओवादी)बीच भएको हतियार र सेना व्यवस्थापनको अनुगमन सम्झौता २०६३ को बुँदा ५.१ मा हतियार साथमा लिइ हिँड्ने कार्य कानुनविरुद्धको कार्य हो भनिएको छ। तसर्थ, कुनै पनि प्रकारका हतियार साथमा राख्नु कानुनी रूपले दण्डनीय हो र त्यो सम्झौताविपरीत कार्य भएकाले नेकपा (माओवादी)लाई सेनासम्बन्धी सम्झौताको कडाइका साथ पालना गर्न आग्रह गर्दछौँ[६१]।' सम्झौता अनुरूप प्रभावकारी रूपमा निष्पक्ष तवरले आफ्नो कार्य सम्पादन गरेमा मात्र नेपाली जनताले संयुक्त राष्ट्रसङ्घसँग गरेको अपेक्षा पूर्ण हुनसक्छ भन्नेतर्फ इन्सेकले अनमिनको ध्यानाकर्षण गराएको थियो[६२]।

३.३.३ सङ्क्रमणकालीन न्यायबाट वञ्चित जनता

सङ्क्रमणकालीन न्याय युद्ध वा द्वन्द्वको समाप्तिपछि विगतमा भएका मानवअधिकार र मानवीय कानुनको उल्लङ्घनसम्बन्धी विषयलाई सम्बोधन गर्न राज्यले अवलम्बन गर्ने न्यायिक र गैरन्यायिक पद्धतिहरूको समग्र रूप हो[६३]। सङ्क्रमणकालीन न्यायको व्यवस्थापनका लागि सरकारले विगतमा भएका जघन्य अपराधको अनुसन्धान गरी घटनाको उजागर गर्ने र त्यसमा संलग्न दोषीहरूलाई कानुनी दायरामा ल्याउनु पर्छ। सङ्क्रमणकालीन न्यायको सिद्धान्त अनुरूप युद्धपछिको समयमा आवश्यक नीति, नियम तथा कानुनहरूहरूका साथै विशेष संयन्त्र निर्माण गरी त्यसमार्फत दोषीहरूलाई न्यायको कठघरामा ल्याउनु शान्ति प्रक्रियाको महत्त्वपूर्ण सर्त हो। तर, सङ्क्रमणकाल लम्बिँदै गए पनि जनताले न्याय पाउन सकिरहेको अवस्था छैन। शान्ति सम्झौतामा सत्य निरूपण तथा मेलमिलाप अयोग बनाउने[६४] र सोमार्फत

५६. *कान्तिपुर* । ०६६ मङ्सिर १९ : पृ.९
५७. पूर्ववत्
५८. पूर्ववत्
५९. *कान्तिपुर* । ०६६ मङ्सिर २१: पृ. ५
६०. प्रेस विज्ञप्ति । इन्सेक । ०६५ चैत ४ : काठमाडौँ
६१. पूर्ववत्
६२. पूर्ववत्
६३. उप्रेति, डा. त्रिलोचन, केशवप्रसाद बास्तोला सङ्क्रमणकालीन न्याय र मानवअधिकार, २०६४, काठमाडौँ : पृ. ३८
६४. नेपाल सरकार र नेपाल कम्युनिस्ट पार्टी (माओवादी)बीच भएको विस्तुत शान्ति सम्झौता २०६३, बुँदा नं ८.४, शान्ति समिति, पृ. २६

विगतमा भएका घटनाहरूको उजागर गर्दै जघन्य अपराधमा संलग्न अपराधीहरूलाई कारबाही गर्ने भन्ने रहे पनि सो अनुसार कार्य हुनसकेको पाइएन। यसको साटो सशस्त्र द्वन्द्वका क्रममा भएका अपराधमा संलग्न भएको आरोप लागेकाहरूलाई सरकारले कारबाही प्रक्रिया अगाडि बढाउनुको सट्टा संरक्षण गर्ने कार्य गऱ्यो। विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरबाट विरोध हुँदाहुँदै पनि तोरणजङ्गबहादुर सिंहलाई बढुवा गरी उपरथी बनाइयो भने मैना सुनुवार हत्याकाण्डका प्रमुख मानिएका निरञ्जन बस्नेतलाई नागरिक अदालतमा उपस्थित गराइएन[६५]। रक्षामन्त्री विद्या भण्डारीले निरञ्जन बस्नेतका तर्फबाट वकालत गर्दै उनलाई कुनै कारबाही हुन नदिने प्रतिबद्धतासमेत जाहेर गरिन्[६६]। यसले सरकार र यसका सञ्चालकहरू नै दण्डहीनतालाई प्रश्रय दिन उद्धत रहेको देखाउँछ।

यसले आफैँ दण्डहीनताको संस्कृतिको पक्षपोषण गर्ने र जवाफदेहिताको संस्कृतिलाई कुल्चने प्रवृत्ति नीति निर्माण तहमा रहेकाहरूमा हावी भएको पुष्टि गर्छ। यस्तो अवस्थामा सङ्क्रमणकालीन न्याय प्रदान गर्ने प्रमुख दायित्व भएको राज्यबाट त्यसको प्रत्याभूतिको आशा गर्नु 'आकाशको फल आँखा तरी मर' भन्ने उखानलाई चरितार्थ गर्नु बराबर रहेको छ।

३.३.४. कानुनी शासन, दण्डहीनता र जवाफदेहिता

दण्डहीनता र जवाफदेहिताको अभाव सबैभन्दा ठूलो समस्याका रूपमा रहिरहेको छ। कानुनको शासनको अभावमा सिर्जना हुने यी दुई विषयले देशको समग्र स्थितिमा असर पारिरह्यो। अपराधका शृङ्खलाहरू बढेर गए। जनताका मानवअधिकार प्रत्याभूत भएनन्। सत्ता प्राप्तिको खेलमै केन्द्रित राजनीतिक नेताहरू अपराधीहरूलाई संरक्षण प्रदान गर्नेमा भने संलग्न देखिए। विभिन्न राजनीतिक दलहरूको प्रमुख सरोकार र दाउपेच सत्ता हात पार्नेमै सीमित रहेकाले कानुनी शासनको जग बलियो हुन सकेन। राजनीतिक दलहरू नागरिकका अन्य समस्यामा भन्दा राजनीतिक गतिविधिमा मात्रै संलग्न रहेकाले पनि अस्थिर स्थिति उत्पन्न भयो। 'दाहालको सत्ता बहिर्गमन र नेपालको आगमनका बीचमा कोरिएका दलहरूबीचको विरोधाभासका रेखाले अस्थिर बनाएको भए पनि मुलुकको राजनीति संसदीय दायरामै सीमित रह्यो[६७]।'

कानुनको सर्वोच्चता कायम गर्नका लागि कानुनी शासनको अवलम्बन हुन जरुरी छ। राज्यका हरेक निकायहरू कानुन र नीति नियममा चल्नु आवश्यक हुन्छ। तर, सो हुन सकेको पाइएन। कानुनी शासनको स्थापनाका लागि प्रहरी मामिलामा हुने गरिएको अत्यधिक राजनीतिक हस्तक्षेप अन्त्य गर्न नितान्त आवश्यक छ। देशमा शान्ति सुरक्षाको जग बसाल्न अपराधीहरूलाई कानुन अनुसारको कारबाही र सुरक्षा संयन्त्रलाई बलियो बनाउन जरुरी हुन्छ। माओवादी द्वन्द्वका कारण मनोबल उच्च हुन नसकेका प्रहरीहरूलाई समाजमा बलियो सुरक्षा संयन्त्रका रूपमा आत्मसात् गरी स्थापित गरिनुपर्ने देखिएको छ। तर, यसतर्फ सरकारबाट कुनै पनि प्रभावकारी प्रक्रिया सञ्चालन हुन सकेको पाइएन। सुरक्षा निकायको बाक्लो उपस्थिति र कानुन अनुसारको कारबाही सञ्चालन गर्न सकिएमा देशमा सुरक्षाको स्थिति मजबुत हुने सम्भावना छ। तर, मनोबल खस्किएका प्रहरीहरू अझै पनि एकीकृत माओवादी कार्यकर्ताहरूबाट आक्रान्त छन् र टाढिन चाहन्छन्। जसकार कारण सुरक्षा स्थिति बलियो हुने पक्षमा देखिँदैन। यसका लागि राजनीतिक दलका उच्चस्तरका प्रतिनिधिहरूले आफ्ना कार्यकर्ताहरूलाई विशेष निर्देशन दिन र त्यसको कडा रूपमा पालना गर्न जरुरी छ।

देशमा शान्ति सुरक्षाको स्थिति बलियो बनाउनका लागि गृह मन्त्रालयले सुरक्षा योजना जारी गरेको त छ तर त्यसको नाममा मुठभेडको संज्ञा दिई गैरकानुनी तवरले मानिस हत्या गर्ने कार्यमा सक्रिय भएको शङ्का पनि उत्पन्न गराएको छ। मुठभेडका क्रममा सशस्त्र समूहका कार्यकर्ताहरू अस्वाभाविक तरिकाले मारिनु र त्यसक्रममा सुरक्षाकर्मीहरूलाई कुनै चोटपटकसम्म पनि नलाग्नुले त्यस्तो आशङ्का उब्जाएको हो।

जवाफदेहिताको संस्कृति निर्माण गर्ने प्रयास न सरकारी तहबाट हुन सक्यो, न त एकीकृत माओवादीका तर्फबाट। सशस्त्र द्वन्द्वका बेला र शान्ति सम्झौतापश्चात् भएका कतिपय घटनाहरूका दोषीहरूलाई अझै कानुनको कठघरामा उभ्याउन

६५. घले खिम र अधिकारी सरोजराज, सेनापति आएपछि सेनानी बस्नेतलाई अदालतमा बुझाइने। कान्तिपुर। ०६६ मङ्सिर २८ : पृ. १

६६. बस्नेतलाई कारबाही हुन दिन्न। *कान्तिपुर* । ०६६ पुस ७ : पृ. ३

६७. यादव, लालबाबु । 'संसदीय पद्धतिमै सीमित'। *हिमाल खबरपत्रिका*। ०६६ भदौ १६-३१ : पृ.५०

Highlights of the year:Layout 1 2/9/2010 8:33 AM Page 40

सकिएन। नामै किटान गरिएका त्यस्ता अपराधीहरू खुलेआम घुमिरहँदा पनि सरकारले कुनै कारबाही गर्न सकेको छैन। यसलाई सरकारको लाचारीपन तथा सत्तामा आफ्नो प्रभुत्व कायम गरिरहनका लागि गरिएको एउटा चाल भन्दा अत्युक्ति नहुने देखिन्छ।

शान्ति सम्झौतापछि भएको मानवअधिकार उल्लङ्घनका दोषीहरूलाई पनि कानुनको कठघरामा उभ्याउन सरकार असफल रह्यो। गएको वर्ष हत्या गरिएका रामहरि श्रेष्ठको हत्यामा संलग्न प्रमुख अपराधीहरूलाई कुनै कारबाही गरिएन। उक्त हत्याका मुख्य आरोपी भनिएका कालीबहादुर खाम अझै माओवादीको नेतृत्व तहमै रहेका छन्। कोटेश्वरका व्यापारी रामहरि श्रेष्ठलाई आर्थिक लेनदेन नमिलेका कारण चितवन, जुटपानीस्थित माओवादी लडाकूको तेस्रो डिभिजनमा लगेर मारिएको थियो। हत्याको सर्वत्र विरोध भएपछि माओवादीले पोलिटब्युरो सदस्य पोस्टबहादुर बोगटीको नेतृत्वमा रामहरि श्रेष्ठको हत्यासम्बन्धी छानबिन आयोग गठन त गऱ्यो तर सोको प्रतिवेदन वर्षको अन्त्यसम्मै सार्वजनिक गरेन। 'त्यतिबेला बोगटी आयोगले लडाकू केशव अधिकारी 'रघु', गङ्गाराम थापा 'एटम' र गोविन्दराम बटला 'जीवित'लाई दोषी किटान गरेको भन्दै प्रतिवेदनका केही बुँदा मात्र सार्वजनिक गरेको थियो। घटनाका अर्का प्रमुख दोषी मानिएका तेस्रो डिभिजन कमान्डर कालीबहादुर खाम 'विविध'लाई कारबाहीको साटो केन्द्रीय समितिमा बढुवा गरियो। जीवितले घटनालगत्तै भरतपुर प्रहरीसामु आत्मसमर्पण गरे भने रघु र एटमलाई माओवादी शिविरबाट भगाइएको आशङ्का गरियो[६८]।' त्यस्तै, पत्रकार वीरेन्द्र साहको हत्यामा संलग्न भएको आरोप लागेका चार जनामध्ये लालबहादुर चौधरी र कुन्दन फौजदारलाई सो दलको बारा जिल्ला समितिको सचिवालय सदस्य पदमा बढुवा गरेको तथा त्यसमध्ये एक जनालाई गिरफ्तार गरेर रिहा गरिएको भन्ने सूचना सार्वजनिक भए पनि पुष्टि हुन सकेन। तर, वर्षको अन्त्यसम्म पनि सरकारले उनीहरूलाई पक्राउ गरेर कारबाही अगाडि बढाउन सकेन। एकीकृत माओवादीका कार्यकर्ताबाट नै घटना भएको हो भन्ने चौतर्फी दबाब परेपछि घटनाका सम्बन्धमा छानबिन गर्न उसले आयोग गठन गऱ्यो। तर, उक्त आयोगले दोषी देखिएका व्यक्तिलाई कारबाहीका लागि सिफारिस गरे पनि कारबाही नगरी बढुवा गऱ्यो[६९]। 'पत्रकार साहको हत्या माओवादीका बारा जिल्ला सह-इन्चार्ज क्षेत्रबहादुर श्रेष्ठ 'अनिल'को नेतृत्वमा भएको सार्वजनिक भएपछि बढेको दबाबका कारण एकीकृत माओवादीले छानबिन आयोग गठन गरेको थियो। भोजपुरा उप-राज्य समितिका इन्चार्ज हरिभक्त कँडेलको नेतृत्वमा रौतहटका सेक्रेटरी प्रभु साह र बाराकी तत्कालीन विधायक शिला यादव सदस्य रहेको छानबिन आयोगले घटनामा संलग्न श्रेष्ठलाई निलम्बन गर्न सिफारिस गऱ्यो तर उनलाई कारबाहीको साटो बढुवा गरी जिल्ला इन्चार्ज बनाई पर्सा पठाइयो'[७०]।

यसैगरी, बुटवलमा वाईसीएलका कार्यकर्ताले युथफोर्सका प्रचण्ड थैवको हत्या गरे। तर, युथफोर्सका कार्यकर्ता प्रचण्ड थैवको हत्याका आरोपी वाईसीएल रूपन्देहीका जिल्ला संयोजक सुजीत विकलाई पनि कुनै कारबाही गरिएन। एकीकृत माओवादीले घटनामा पाइएका दोषीहरूलाई संरक्षण गरेर एकातिर कानुनको शासनको उपहास गरिरहेको छ भने सरकारले घटनामा संलग्न रहेका दाषीहरूलाई कारबाही नगरेर दण्डहीनतालाई बढावा दिनमा झन् मद्दत गऱ्यो।

सेनाका मेजर जनरल तोरणजङ्गबहादुर सिंहलाई बढुवा गर्ने सन्दर्भमा विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मानवअधिकार संस्थाहरूले उनी मानवअधिकार उल्लङ्घनका दोषी देखिएका हुनाले उनलाई बढुवा गर्न नहुने र कारबाही गरिनुपर्ने भनेर चर्को दबाब[७१] गरे पनि उनलाई सेनाको उपरथीमा नियुक्त[७२] गरियो।

ती संस्थाहरूले तोरणलाई बढुवा गर्नुअघि उनको कमान्डमा भैरवनाथ गणमा रहेको अवस्थामा मानवअधिकारको अवस्थाका बारेमा निष्पक्ष छानबिन गर्नुपर्ने माग राखेका थिए। सो गण माओवादी द्वन्द्वको समयमा मानिसलाई योजनाबद्ध रूपमा बेपत्ता पार्ने गणका रूपमा परिचित छ। भैरवनाथ गणमा योजनाबद्ध रूपमा बेपत्ता पारिएका ४९ जनाका सम्बन्धमा ओएचसीएचआरको प्रतिवेदन अनुरूप अनुसन्धान र कारबाहीका लागि यस वर्ष पनि सरकार मौन नै रह्यो। यसले पनि सत्ता सञ्चालकहरूमा जवाफदेहिताको

६८. *हिमाल खबरपत्रिका* । ०६६ मङ्सिर १६-३० : पृ ५२ र ५३

६९. *हिमाल खबरपत्रिका* । ०६६ मङ्सिर १६-३० : पृ.५३

७०. पूर्ववत्

७१. *हिमालयन टाइम्स।* डिसेम्बर २। २००९, पृ.३

७२. 'आरोपित सैनिक अधिकारीको बढुवा' । *कान्तिपुर* । ०६६ पुस १० : पृ. १

संस्कृति नरहेको देखाउँछ।

राष्ट्रसङ्घीय शान्ति मिसनमा पठाइएका काभ्रेकी मैना सुनुवार हत्याकाण्डका आरोपी मेजर निरञ्जन बस्नेतलाई संयुक्त राष्ट्रसङ्घले आफ्नो निगरानीमा मङ्सिर २७ गते नेपाल फर्काइदियो। अदालतको आदेश अनुसार उनलाई नागरिक अदालतमा उपस्थित गराइनुपर्ने थियो तर राष्ट्रसङ्घद्वारा नेपाल फर्काइएका मेजर बस्नेतलाई नेपाली सेनाले आफ्नो मातहतमा राख्यो। विभिन्न मानवअधिकार सङ्घसंस्थाहरूले त्यसको चर्को विरोध गरे पनि सेनाले उनलाई अदालतमा उपस्थित गराएन। आफ्नो करतुतलाई ढाकछोप गर्न गरेको सेनाको यस प्रयासप्रति रोष प्रकट गर्दै केही मानवअधिकार संस्थाहरूले यसरी अदालतको अपहेलना गर्ने नेपाली सेना नेपाल सरकारको मातहतमा छ कि छैन भन्दै प्रश्न गरे। इन्सेकले एक विज्ञप्ति प्रकाशन गरी नेपाल सरकारसमक्ष अनुशासन, कानुनको शासन र राष्ट्रिय मर्यादामा आँच पुऱ्याउने गरी यो काण्डमा सामेल सैनिक निजामती सम्पूर्ण पदाधिकारीहरूउपर निगरानी गर्न, कारबाही गर्न र आफ्नो नैतिक एवम् कानुनी जिम्मेवारी निर्वाह गर्न[७३] माग गरेको थियो। निरञ्जन बस्नेतलाई अदालतमा उपस्थित नगराइएको विषयमा अन्य सङ्घसंस्थाहरूले पनि व्यापक विरोध गरे तर त्यसप्रति न सेना गम्भीर देखियो, न त सरकार नै।

नेपाल अधिकाराज्यको मध्यपश्चिमाञ्चलको बर्दिया जिल्लाबाट सबैभन्दा बढी मानिस बेपत्ता पारिएका थिए। सो सम्बन्धमा ओएचसीएचआरले अध्ययन गरी आफ्नो प्रतिवेदन गएको वर्ष सरकारलाई बुझाएको भए पनि हालसम्म त्यसउपर सरकारले कुनै कारबाही प्रक्रिया अगाडि बढाउन सकेन। शान्ति प्रक्रियालाई संस्थागत गर्नका लागि र द्वन्द्वपीडितहरूलाई न्याय प्रदान गर्नका लागि शान्ति सम्झौताबमोजिम विभिन्न आयोगहरू गठन गरी सत्यतथ्य पत्ता लगाई त्यसमा संलग्न पीडकहरूलाई कारबाही चलाउने प्रक्रिया सरकारको प्रमुख जिम्मेवारी हो। तर, जवाफदेहिताको संस्कृतिलाई लत्याएका सबै सरकारले आफ्नो एजेन्डामा यसलाई पार्न सकेनन्।

'दण्डहीनता कानुनी शासन र प्रजातन्त्रको शत्रु हो भने दण्ड पालना शान्ति, स्थिरता र विकासको पूर्वसर्त हो। दण्डहीनता एक्काइसौँ शताब्दीमा स्वीकार्य हुँदैन, यसबाट अल्पकालीन राजनीतिक लाभ हुने भए तापनि यो दीर्घकालीन समस्याको कारकतत्त्व हुने निश्चित छ। त्यसकारण तत्कालका कल्पित समाधान विगतका हिंसात्मक द्वन्द्वलाई बिर्सनुमा छैन, दीर्घकालको उचित समाधानका रूपमा वर्तमानमै दण्डहीनतालाई कानुन र न्यायको रोहवरबाट निरूपण गरिनु पर्छ। यसका लागि जिम्मेवार सरकार, राजनीतिक दल, नागरिक समाज, पीडित र मानवअधिकारकर्मीले एउटै नारा र साहसका साथ एकढिक्का भएर लाग्नु अपरिहार्य छ। अन्यथा, राष्ट्रको अन्तर्राष्ट्रिय मान्यतामा बदनाम हुने र बाह्य हस्तक्षेपको सामना गर्नुपर्ने अवस्था आउन सक्छ[७४]।' दण्डहीनता अन्त्य गर्नुपर्ने सन्दर्भमा सरकारी तहबाट भइरहेको बेवास्तालाई गैरसरकारी पक्षका तर्फबाट सरकारलाई बेलाबेला दबाब सिर्जना गर्ने कार्य भए पनि सोउपर सरकारको गम्भीर रूपमा ध्यानाकर्षण हुन सकेन। दण्डहीनताको अन्त्य गरी कानुनी शासनको स्थापनाका लागि पैरवी गर्नका लागि मानवअधिकार संस्थाहरूका तर्फबाट जवाफदेहिता निगरानी समिति बनी त्यसमार्फत विभिन्न मुद्दाहरूमा दबाब दिने उद्देश्यले सरकारको ध्यानाकर्षण गरे पनि सरकारले सो समितिको दबाबलाई पूर्णतः लत्याएको देखिन्छ। जवाफदेहिता निगरानी समितिले सरकारले तोरणजङ्गबहादुरलाई बलाधिकृत रथीमा बढुवा गरेकामा विरोध गरेको थियो। उक्त समितिमा आबद्ध मानवअधिकारकर्मीले पुस १० गते एक विज्ञप्ति प्रकाशन गरी 'आफ्नो कमान्ड अन्तर्गत तत्कालीन शाही नेपाली सेनाको भैरवनाथ गणमा थुनामा रहेका ४९ भन्दा बढी व्यक्तिहरूलाई बलपूर्वक बेपत्ता पारेर मानवअधिकारको गम्भीर उल्लङ्घनमा आरोपित १० नम्बर बाहिनीका तत्कालीन बाहिनीपति तोरणजङ्गबहादुर सिंहलाई बलाधिकृत रथीमा बढुवा गर्ने नेपाल सरकारको निर्णय दुस्साहसपूर्ण[७५] भएको भन्दै खेद प्रकट गरेको थियो।

यस वर्ष जिल्ला प्रहरी कार्यालय अछाममा कार्यरत महिला प्रहरी सुन्तली धामीलाई सहकर्मी प्रहरीबाट सामूहिक बलात्कार भएको घटना सार्वजनिक भएको थियो। सो सम्बन्धमा राष्ट्रिय मानवअधिकार आयोगले स्थलगत अध्ययन गरी धामीमाथि सामूहिक

७३. नेपाली सेनाले कानुन मान्छ कि मान्दैन ? । प्रेस विज्ञप्ति, इन्सेक - ०६६ मङ्सिर २९
http://www.insec.org.np/index.php?type=reports&id=3&lang=en

७४. उप्रेती, डा. त्रिलोचन, केशवप्रसाद बास्तोला । सङ्क्रमणकालीन न्याय र मानवअधिकार २०६४ : काठमाडौँ । पृ. ६४

७५. सेना बढुवाको निर्णय फिर्ता लिन अधिकारकर्मीहरूको आग्रह, इन्सेक अलाइन, हेरिएको २०६६ पुस १५।
http://www.inseconline.org/index.php?type=news&id=26680&lang=np

Highlights of the year:Layout 1 2/9/2010 8:33 AM Page 42

बलात्कार भएको र दोषीहरूलाई कारबाही गर्नका लागि सिफारिस गरे पनि सरकारले उक्त घटनाका दोषीहरूलाई कारबाही गर्ने सम्बन्धमा गम्भीर चासो देखाएन। महिला सभासद्को अध्ययन टोलीले पनि अछाम जिल्ला प्रहरी कार्यालयमा महिला प्रहरीमाथि सहकर्मीबाट बलात्कार भएको ठहर गरेको थियो। सो सम्बन्धमा गृहमन्त्रीलाई उनीहरूले जानकारी पनि गराएका थिए। तर, पीडितको किटानी जाहेरीमा परेका छ जनामध्ये तीन जनालाई अदालतमै उपस्थित गराइएन। यसरी राष्ट्रिय मानवअधिकार आयोगलगायत विभिन्न मानवअधिकार संस्थाहरूले दोषीहरूमाथि कारबाही गरिनुपर्ने कुरा जोडदार रूपमा उठाए पनि सरकारले गम्भीरताका साथ कारबाही प्रक्रिया अगाडि बढाएन।

उपराष्ट्रपति परमानन्द झाले हिन्दी भाषामा शपथ लिएको विषयमा परेको उजुरीमा सर्वोच्च अदालतले नेपाली भाषामै शपथ लिनु भन्ने आदेश दिए पनि उनले कसैको दबाबमा पुन: शपथ नलिने बताए। सर्वोच्च अदालतको आदेश अनुसार नेपाली भाषामै झाले पुन: शपथ लिनुपर्ने भनेर सरकारले समेत निर्णय गऱ्यो तर उनले सरकारको निर्णयलाई समेत बेवास्ता गरे। उनी शपथ लिन राष्ट्रपति भवन गएनन्। न्यायिक क्षेत्रमै लामो समय बिताएका झाले न्यायालयकै मर्यादा उल्लङ्घन गरे भन्दा अत्युक्ति नहोला। यसरी नीति निर्माण तहमा रहेका नेताबाट नै जवाफदेहिताको संस्कृतिलाई लत्याउने हो भने सम्मानित सर्वोच्च पदमा रहेर जनताप्रतिको दायित्व इमानदारीसाथ बहन गर्लान् भन्नेमा आशङ्का गर्ने ठाउँ प्रशस्त रह्यो।

कृषि तथा सहकारीमन्त्री करिमा बेगमले पर्साका प्रमुख जिल्ला अधिकारी दुर्गाप्रसाद भण्डारीलाई कार्यकक्षमै गएर कुटिन् तर उनलाई कुनै कानुनी कारबाही भएन। आफू एक कार्यक्रममा जाँदा प्रजिअले आफूलाई लिन पुरानो गाडी पठाएको निहुँमा बेगमले प्रजिअलाई कुटपिट गरेकी थिइन्। उनले आफूले गरेको गल्ती स्वीकार गर्नुको साटो नकुटेर हुन्छ भन्ने जावाफ दिएकी थिइन्। उक्त घटनाको धेरै विरोध भएपछि विज्ञप्तिमार्फत गल्ती स्वीकार गरिन्।

४. सशस्त्र समूहहरू र हिंसा

तराईका विभिन्न सशस्त्र समूहहरूले आफ्ना आपराधिक गतिविधिहरूलाई सुचारु राखे पनि विगतको तुलनामा हिंसामा सुधार भएको देखिन्छ। मधेसमा आन्दोलनरत सशस्त्र समूहहरूबाट सर्वसाधारणलाई अपहरण गर्ने र मार्ने कार्यमा विगतको तुलनामा कमी आएको देखिए पनि हिंसा पूर्ण रूपमा समाप्त भने हुन सकेन। सरकारले सुरक्षा योजना लागू गरेपछि भने हिंसामा कमी आएको देखिएको छ। 'विशेष सुरक्षा योजना अन्तर्गत सरकारले तराईमा कठोर उपस्थिति देखाउँदा सशस्त्र समूहका धेरै नाइके र कार्यकर्ताहरू पक्राउ पर्नुका साथै उनीहरू पलायन हुने क्रम मात्र बढेन, सुरक्षा अवस्थामा पनि आंशिक सुधार आयो'[७६]। तर, सशस्त्र समूहका नाममा मानिसलाई पक्राउ गरेर गैरकानुनी रूपमा हत्या गरी त्यसलाई भिडन्तको नाम दिइएको हो कि भन्ने आशङ्का भने उब्जिएको छ। 'विशेष सुरक्षा योजना लागू गरेपछि हिंसाजन्य अपराधमा कमी आएको सरकारले दावी गरेको छ। तथापि, सार्वजनिक नभएको यो योजना अन्तर्गत गैरन्यायिक विधिहरू प्रयोग गरिएको भन्दै धेरै मधेसी नेताहरूले आलोचना गरेका छन्[७७]।' विशेष सुरक्षा योजना लागू भएपछि सशस्त्र समूहहरू बलियो बनाउन शक्ति बढाउनेतिर केन्द्रित देखिन्छन्[७८]। सरकारले साउनबाट विशेष सुरक्षा योजना लागू गरेको थियो। यसको लक्ष्य राजनीतिक आडमा तराईमा भइरहेको लुटपाट, चन्दा र हत्या रोक्नु थियो। यसबीचमा प्रहरीले कतिपय सशस्त्र समूहका नेता तथा कार्यकर्ताहरूलाई गिरफ्तारसमेत गऱ्यो। कतिपय सशस्त्र समूहका नेताहरूलाई पक्रिएपछि त्यस्ता सशस्त्र समूहका गतिविधि ठप्प देखिए। पूर्वी तराईको सप्तरी र सिराहामा गोइत र ज्वाला सिंह समूहबाहेक अन्य समूहहरूको सक्रियता ज्यादै न्यून देखिएको छ। विशेष सुरक्षा योजना लागू गरेर सशस्त्र समूहका गतिविधि न्यून बनाए पनि अपराधमा भने कमी आउन सकेको देखिँदैन।

आफूहरू गैरमधेसी भएको भन्दै पृथक् पहिचानका निम्ति विभिन्न कार्यक्रममार्फत थारू समुदायले आफ्ना आवाजहरू विगत केही वर्षदेखि

७६. सलबलाउँदै बन्दुकहरु । *नेपाल* । ०६६ मङ्सिर २८ : पृ ३५

७७. नेपालले आफ्नो शान्ति प्रक्रियामा सहयोग पुऱ्याउन संयुक्त राष्ट्र सङ्घलाई गरेको अनुरोधका सम्बन्धमा महासचिवको प्रतिवेदन। एस / २००९/५५३
http://www.unmin.org.np/downloads/keydocs/SG.Report%20OCT%2009.NEP.pdf

७८. सलबलाउँदै बन्दुकहरू । *नेपाल* । ०६६ मङ्सिर २८ : पृ ३४

Highlights of the year:Layout 1 2/9/2010 8:33 AM Page 43

बुलन्द पार्दै आइरहेको पृष्ठभूमिमा नेपाल सरकार मन्त्रिपरिषद्ले ०६५ माघ २१ गते अध्यादेशमार्फत सार्वजनिक सेवा समावेशी ऐनमा अन्य विभिन्न जनजातिलगायत थारू समुदायलाई पनि मधेसीको परिभाषाभित्र समेट्यो। सरकारको यो निर्णयको विरोधमा थारू अधिकारका निम्ति कार्यरत थरूहट संयुक्त सङ्घर्ष समितिले फागुन १९ गतेबाट तीन दिन तराई बन्दको घोषणा गऱ्यो। शान्तिपूर्ण रूपमा गरिएको तीनदिने बन्दको समयावधि सकिँदा पनि थारू समुदायको मागका सम्बन्धमा सरकारले कुनै उचित सम्बोधन गरेन। फलत: थरूहटले बन्दको अवधिलाई लम्बाउँदै अनिश्चिकालीन भएको घोषणा गऱ्यो। थरूहटद्वारा गरिएको अनिश्चितकालीन तराई बन्दले तराईको जनजीवन दिनादिनुदिन कष्टकर बन्दै गयो भने यसै क्रममा तराईका विभिन्न स्थानमा झडपका घटनाहरूसमेत भए। तराई बन्दका कारण राजधानीलगायत पहाडी जिल्लाको जनजीवनसमेत प्रभावित बन्दै गएपछि र आन्दोलनका क्रममा मानवीय र भौतिक क्षतिसमेत हुन थालेपछि सरकारले आन्दोलनको नेतृत्व गरिरहेका थारूलगायतका नेताहरूलाई वार्ताका निम्ति आह्वान गऱ्यो। पटक-पटकको वार्तापछि पनि समस्याले निकास नपाएपछि ०६५ चैत १ गते राजधानीमा प्रमुख राजनीतिक दलका प्रतिनिधिहरूको सर्वदलीय बैठकद्वारा समस्याको समाधान खोज्ने प्रयास भयो र सोही दिन राती अबेर प्रधानमन्त्रीको उपस्थितिमा थरुहट सङ्घर्ष समितिसँग भएको वार्तापछि छबुँदे सहमतिसँगै आन्दोलन अन्त्य भएको थियो।

पूर्वी पहाडी जिल्लामा देखिएका भूमिगत समूहहरू पनि सक्रिय रहेको पाइयो। जातिका आधारमा प्रादेशिक सरकार बन्नुपर्छ र आफ्नो प्रतिनिधित्व त्यसमा रहनुपर्छ भन्ने मान्यताका साथ आन्दोलनमा उत्रिएका विभिन्न पूर्वीय भूमिगत समूहहरूले जबरजस्ती चन्दा सङ्कलन गर्ने, अपहरण गर्ने, कुटपिट गर्ने, घर कब्जा गर्नेलगायतका कार्यलाई तिव्रता दिए। यसले पूर्वी पहाडी भेगको सहज जनजीवनमा असर पुऱ्यायो। असुरक्षाको वातावरण सिर्जना गर्नुका साथै त्रस्त वातावरणसमेत पैदा गऱ्यो।

४.१ देखाउनका लागि सहमति, कार्यान्वयन फितलो

विभिन्न माग राखेर आन्दोलन गरिरहेका तराईका विभिन्न समूहहरूसँग नेपाल सरकारले वार्ता गर्ने र तत्कालका लागि समस्याको समाधान गरी ती समूहहरूलाई पन्छाउने कार्य यस वर्ष पनि जारी राखेको पाइयो। तर, विगत वर्षहरूमा गरिएका र यस वर्ष पनि एउटै विषयमा पटक-पटक भएका सहमति अनुरूप कार्यान्वयन नहुँदा पुन: आन्दोलन हुनसक्छ भन्ने कुरालाई सरकारले नजरअन्दाज गऱ्यो। यसरी विभिन्न पक्षहरूसँग क्षणिक समाधानका लागि सम्झौता गर्ने हो भने समस्या समाधान हुनसक्दैन भन्ने कुरालाई सरकारले आत्मसात् गर्नु नितान्त जरुरी देखिएको छ। विभिन्न पक्षसँग विभिन्न बुँदामा सहमति गर्ने संस्कार बसेको छ। यस वर्ष पनि विभिन्न समूहहरूसँग विभिन्न विषयमा सहमति भए तर कार्यान्वयन पक्ष भने फितलो नै देखियो।

नेपाल सरकारद्वारा गठित वार्ता टोली र नेपाल पिछडा वर्ग महासङ्घको वार्ता टोलीबीच यस वर्ष दुईपटकसम्म वार्ता र सहमति भयो। ०६५ चैत ११ गते र ०६६ असार ७ गते दुवै पक्षबीच भएको सहमति अनुसार 'नेपाल सरकारले पिछडिएको समुदायको उत्थान विकास समिति (गठन) जारी गरिसकेको सन्दर्भमा यथाशीघ्र उक्त समितिलाई पूर्णता दिई क्रियाशील बनाउने'[७९] भनेर दुवै सहमतिमा एउटै कुरा दोहोऱ्याए पनि वर्षको अन्त्यसम्म उक्त समिति गठन भएको पाइएन।

यसैगरी, ०६५ फागुन १० गते वीरगन्जमा नेपाल सरकारको वार्ता टोली र लिब्रेसन टाइगर अफ तराई इलम (एलटीटीई)को वार्ता टोलीबीच पहिलो चरणको वार्ता भई 'वार्ता अवधिभर एलटीटीईका वार्ता टोलीका सदस्यहरूको सुरक्षा सरकारले गर्ने, जेलमा रहेका र मुद्दा लगाइएका आफ्ना कार्यकर्ताहरूको नामावली नेपाल सरकारलाई उपलब्ध गराउने र सो सम्बन्धमा छानविन गरी क्रमश: रिहा गर्दै जानुका साथै स्वतन्त्र एवम् शान्तिपूर्ण रूपमा राजनीतिक सभा, जुलुस, ऱ्याली, गोष्ठी, सेमिनार तथा राष्ट्र निर्माणका कार्यक्रम सम्बन्धित जिल्ला प्रशासन कार्यालयसँग समन्वय गरी सञ्चालन गर्न सकिनेलगायतका

७९. नेपाल सरकारद्वारा गठित सरकारी वार्ता टोली र नेपाल पिछडा वर्ग महासङ्घको वार्ता टोलीबीच ०६५ चैत ११ र ०६६ असार ७ गते भएको सहमति
http://www.peace.gov.np/admin/doc/obc_sahamati.pdf
http://www.peace.gov.np/admin/doc/obc_asadh_7.pdf

Highlights of the year:Layout 1 2/9/2010 8:33 AM Page 44

सहमतिहरू भए'[८०]। नेपाल सरकारको वार्ता टोली र जनतान्त्रिक तराई मुक्ति मोर्चा (राजन मुक्ति समूह)को वार्ता टोलीबीच ०६५ पुस २६ गते सहमति भयो । जस अनुसार जनतान्त्रिक तराई मुक्ति मोर्चा (राजन मुक्ति समूह)ले आफ्ना सशस्त्र कारबाहीहरू स्थगित गर्ने र कानुनले निषेध गरेका कुनै पनि क्रियाकलापहरू नगर्ने, शान्तिपूर्ण राजनीतिक सभा तथा कार्यक्रमहरू जिल्ला प्रशासन कार्यालयसँग समन्वय गरी गरिने, आन्दोलनका सिलसिलामा बन्दी बनाइएका एवम् मुद्दा लगाइएका व्यक्तिहरूको नामावली राजन मुक्ति समूहले नेपाल सरकारलाई उपलब्ध गराउने र सो सम्बन्धमा छानविन गरी रिहा एवम् मुद्दा फिर्ता गर्ने प्रक्रिया अगाडि बढाउनेलगायतको सहमति भयो। यसैगरी, सरकारी वार्ता टोली र ताम्सालिङ् संयुक्त सङ्घर्ष समिति, नेपालको वार्ता टोलीबीच ०६५ चैत २९ गते समितिद्वारा प्रस्तुत २६ बुँदे मागका बारेमा छलफल भई सङ्घीय लोकतान्त्रिक गणतन्त्र र नयाँ जनमुखी संविधान निर्माणका पक्षमा उभिँदै दुवै पक्षबीच १९ बुँदे सहमति भयो[८१] भने यस वर्ष आफूहरू गैरमधेस भएको र सरकारले आफूहरूलाई सोही अनुसारको पहिचान दिनुपर्ने भन्दै नेपालका आदिवासी थारुहरूले आन्दोलन गरे। तराईमा आन्दोलन गरेका आदिवासी थारु समुदाय तथा नेपाल आदिवासी जनजाति महासङ्घका प्रतिनिधि र नेपाल सरकारका प्रतिनिधिबीच उनीहरूको मागलाई लिएर वार्ता भयो र दुवै पक्षबीच ०६५ चैत १ गते प्रधानमन्त्रीको उपस्थितिमा छबुँदे सहमति भयो[८२]। 'नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३३ को खण्ड (१) मा उल्लिखित मुलुकको राज्य संरचनाका सबै अङ्गहरूमा मधेसी, दलित, आदिवासी, जनजाति, महिला, मजदुर, किसान, अपाङ्ग, पिछडिएका वर्ग र क्षेत्रलाई समानुपातिक समावेशीका आधारमा सहभागी गराउने' भन्ने व्यवस्थाप्रति प्रतिबद्ध रहँदै अध्यादेशमार्फत जारी भएका प्रहरी ऐन, सशस्त्र प्रहरी ऐन, सैनिक ऐन, शिक्षा ऐन, विकास ऐन, स्वास्थ्य सेवा ऐन, नेपाल विशेष सेवा ऐनहरूलाई आवश्यक प्रक्रिया पूरा गरी संशोधन गर्ने सहमति दुवै पक्षबीच भएको थियो[८३]। विभिन्न सशस्त्र तथा नि:शस्त्र समूहहरूसँग विभिन्न समयमा विभिन्नपटक वार्ता गरेर सहमति गरे पनि सो अनुसारको कार्यान्वयन नहुँदा ती समूहहरू असन्तुष्ट रहेको देखिन्छ र उनीहरू पुन: आन्दोलनमा उत्रने सम्भावना बढाएको छ।

५. नागरिक अधिकारप्रति सरकारी उदासीनता

आफ्ना नागरिकहरूलाई उचित स्वास्थ्य तथा खाद्यान्नको अधिकारको पूर्ण प्रत्याभूति दिलाउनु लोकतान्त्रिक राज्यको प्रमुख दायित्व हो। प्रत्येक राज्यले आफ्नो मूल कानुन अर्थात् संविधानमार्फत आफ्ना नागरिकहरूको सुरक्षा गर्ने र स्वतन्त्रतापूर्वक जीवनयापन गर्न पाउने अधिकार सुनिश्चित गरेको हुन्छ र सोही अनुरूप नियम कानुन तथा संयन्त्रहरू निर्माण गरेर जनताको हक अधिकार प्रत्याभूत गर्छ। नेपाल सरकारले पनि संविधानमार्फत आफ्ना नागरिकका मानवअधिकारहरू मौलिक हक अन्तर्गत सुनिश्चित गरेको छ। आधारभूत स्वास्थ्य अधिकारलाई मौलिक हकका रूपमा संविधानमा उल्लेख गरिएको छ। तर, सोही अनुरूप उनीहरूको अधिकार प्रत्याभूत गर्ने सन्दर्भमा सरकार उदासीन देखियो। मानिसको जीवनको अधिकार जोखिममा पर्दासमेत सरकारले त्यसलाई संवेदनशील रूपमा लिई समाधान गर्नेतर्फ प्रभावकारी पाइला चालेन। मध्यपश्चिम र सुदूरपश्चिमका केही जिल्लामा फैलिएको झाडापखाला महामारीका रूपमा फैलिएपछि केही स्वास्थ्यकर्मीहरू पठाए पनि उल्लेख्य मात्रामा स्वास्थ्यकर्मी र औषधी नपठाएका कारण रोग झन् फैलिएर गएको थियो।

खास गरेर यस वर्ष महामारीका रूपमा देखा परेको झाडापखाला नियन्त्रण गर्ने सन्दर्भमा सरकार निकै नै उदासीन देखियो। मध्यपश्चिम र सुदूरपश्चिमका केही जिल्लाहरूमा फैलिएको झाडापखालालाई सरकारले समयमा सम्बोधन गर्न नसक्दा त्यसलाई नियन्त्रण गर्न निकै नै कठिनाइ उत्पन्न भयो। जसका कारण ४ सय जनाभन्दा बढीको अनाहकमा ज्यान गयो। उचित औषधीको अभाव, चिकित्सकको अभाव तथा समयमा त्यहाँका बासिन्दालाई सचेत नगराउँदा झाडापखालाले महामारीको रूप लिएको थियो।

केही संस्थाहरूले स्वास्थ्य अनुगमन प्रणाली प्रभावकारी नभएको र सरोकारवाला निकायले बेवास्ता

८०. नेपाल सरकारको वार्ता टोली र लिब्रेसन टाइगर अफ तराई इलम (एलटीटीइ) को वार्ता टोलीबीच भएको सहमति http://www.peace.gov.np/admin/doc/litte_sahamati.pdf

८१. नेपाल सरकारद्वारा गठित सरकारी वार्ता टोली र ताम्सालिङ संयुक्त सङ्घर्ष वार्ता टोलीबीच भएको सहमति http://www.peace.gov.np/admin/doc/tamsaling_sahamati.pdf

८२. http://www.peace.gov.np/admin/doc/tharu_adiwasi.pdf

८३. पूर्ववत्

Highlights of the year:Layout 1 2/9/2010 8:33 AM Page 45

गरेका कारण झाडापखाला फैलिन थप मद्दत गरेको बताए। इन्सेकले झाडापखाला प्रभावित क्षेत्रमा गरेको अनुगमन प्रतिवेदन सार्वजनिक गर्दै दुर्गम जिल्लाका अस्पतालमा आवश्यकता अनुरूप डाक्टर नियुक्त नगरिनु, दरबन्दी अनुसारका डाक्टरलगायत अन्य स्वास्थ्यकर्मी उपस्थित नहुनु, महामारीको लक्षण देखा पर्नासाथ प्रकोप नियन्त्रण गर्ने विषयमा राज्य संवेदनशील हुन नसक्नु, उद्धारमा संलग्न भएका निकायहरूबीच प्रभावकारी समन्वय हुन नसक्नु, प्रभावित क्षेत्रमा पर्याप्त स्वास्थ्यकर्मी र औषधी पुऱ्याउन नसक्नुजस्ता समस्या र कमजोरीहरूले झाडापखाला व्यापक रूपमा फैलिएको[८४] बताएको थियो। राष्ट्रिय मानवअधिकार आयोगले गरेको स्थलगत अध्ययनका क्रममा 'विश्व खाद्य कार्यक्रमद्वारा कामका लागि खाद्यान्न कार्यक्रममार्फत वितरण गरिएको खाद्य सामग्री सङ्कलन गरी परीक्षण गराउँदा मानव उपभोगका लागि अयोग्य भएको प्रतिवेदन खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागले राष्ट्रिय मानवअधिकार आयोगलाई दिएको थियो'[८५]। झाडापखाला प्रभावित क्षेत्रका आमनागरिकले स्वास्थ्य र पोषिलो खाद्यान्न तथा पानी उपभोग गर्न नपाएको अवस्थाले उक्त क्षेत्रमा स्वास्थ्य र पोषिलो खाद्यान्न तथा पानीको अधिकारबाट आममानिस वञ्चित रहेको तथ्य उजागर गरेको छ[८६]। खाद्यान्न तथा पानीको अधिकार मानिसको जीवनसँग जोडिने हुनाले जीवनको अधिकारलाई सरकारले बेवास्ता गरेको पाइयो। राष्ट्रिय मानवअधिकार आयोगले 'जनताको स्वास्थ्यसम्बन्धी अधिकार सुनिश्चित गर्न झाडापखाला प्रभावित क्षेत्रलगायत अन्य क्षेत्रहरूमा अस्पताल, उपस्वास्थ्य र स्वास्थ्य चौकीहरूमा दरबन्दी अनुसारका स्वास्थ्यकर्मीहरू र पर्याप्त औषधीलगायत प्राथमिक स्वास्थ्य उपचारका सामग्रीहरू नियमित रूपमा रहने व्यवस्था मिलाउन तथा सोको नियमित अनुगमन गर्न स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको ध्यानाकर्षण गराउन सरकारलाई सिफारिस गरेको थियो[८७]। राष्ट्रिय मानवअधिकार आयोगले मध्य तथा सुदूरपश्चिमका जिल्लामा फैलिएको झाडापखाला प्रभावित क्षेत्रको स्थलगत अध्ययन गरी तयार परेको प्रतिवेदन सार्वजनिक गर्दै महामारी फैलिनुको कारण पत्ता लगाई त्यसको रोकथाम तथा नियन्त्रणमा जिम्मेवार व्यक्ति वा निकायको पहिचान गरी कारवाही गर्नसमेत माग गरेको थियो। तर, सो सम्बन्धमा सरकारले के कस्तो कारवाही गऱ्यो भन्ने सम्बन्धमा जानकारीमा आएन।

यसैगरी मध्य तथा सुदूरपश्चिममा असोज महिनामा आएको बाढीपहिरोका कारण हजारौँ परिवार विस्थापित भए। उनीहरूलाई पनि सरकारले उचित व्यवस्थापन गर्न सकेन। प्राकृतिक प्रकोप, मानव सिर्जित सशस्त्र द्वन्द्वका कारण विस्थापित भएका व्यक्तिहरूको संरक्षण गर्ने उद्देश्यले नीति जारी गरेको भए पनि सो अनुरूपको संरक्षण प्रदान गर्न सरकारको सक्रियता देखिएन। राजनीतिक किचलोका कारण नीति निर्माण तहमा रहेकाहरूको ध्यान यतातिर केन्द्रित भएको देखिएन। अघिल्लो वर्ष कोसी बाढीबाट भएका पीडितहरूको समेत उचित व्यवस्थापन हुन सकेन। यसबाहेक भूमिहीन सुकुमवासीहरूको समस्यालाई हल गर्नका लागि पनि सरकारले उचित ध्यान दिएको पाइएन।

६. न्यायिक क्षेत्रमा कार्यपालिकीय हस्तक्षेप

शक्ति सन्तुलनको सिद्धान्त अनुसार न्यायपालिकालाई स्वतन्त्र र छुट्टै बनाइनु पर्छ भन्ने सैद्धान्तिक अवधारणा रहेको छ। तर, न्यायालयलाई व्यवस्थापिकाको मातहतमा राखिनुपर्छ भन्ने एकीकृत माओवादीको प्रस्तावले उक्त सिद्धान्तको उपहास गरेको छ। व्यवस्थापिकाको मातहतमा न्यायालयलाई राखिनुपर्छ भन्ने प्रस्ताव यस वर्ष विवादको विषय बन्यो। एकीकृत माओवादीको अगुवाइमा संविधानसभा अन्तर्गत रहेको न्यायिक समितिले संविधानसँग कानुन बाझिएको अवस्थामा व्याख्याको अधिकार व्यवस्थापिकालाई हुने प्रस्ताव पारित गऱ्यो। एकीकृत माओवादीले राखेको उक्त प्रस्तावको न्यायिक क्षेत्रका व्यक्ति तथा सङ्घसंस्थाहरूका साथै काङ्ग्रेस, एमालेलगायतका पार्टीहरूले विरोध गरे। 'लोकतान्त्रिक पद्धतिमा न्यायाधीशको काममा पनि व्यवस्थापिकाले हस्तक्षेप गरिरहन पाउने हो भने त्यो शक्ति सन्तुलन र नियन्त्रणको सिद्धान्तविपरीत हुन जान्छ[८८]।' लोकतान्त्रिक पद्धतिमा संसारमा कहीं नभएको नियम

८४. http://www.inseconline.org/linkedfile/PressMeet_August%2015.pdf

८५. राष्ट्रिय मानवअधिकार आयोग, जाजरकोटलगायत मध्य तथा सुदूरपश्चिमका जिल्लाहरूमा झाडापखाला र हैजाबाट भएको सर्वसाधारणको मृत्यु तथा खाद्य पदार्थको वितरण सम्बन्धमा गरिएको अनुगमन र अनुसन्धान प्रतिवेदन। ०६६ कात्तिक : पृ. १४

८६. पूर्ववत्

८७. पूर्ववत्

नेपालमा लादिन खोजिँदैछ न्यायपालिकालाई व्यवस्थापिकाको मातहतमा राखेर। जसले कानुन/संविधान बनाउँछ, उसैले त्यसको व्याख्या गर्नु स्वेच्छाचारिताका साथै न्यायिक पद्धतिविरुद्ध हुने देखिन्छ। *(विस्तृत जानकारीका लागि हेर्नूस्, परिच्छेद न्यायपालिका)*

७. निष्कर्ष र सुझाव

शान्ति प्रक्रियालाई सार्थक निष्कर्षमा पुऱ्याउने प्रमुख मार्गका रूपमा संविधान निर्माण प्रक्रिया, माओवादी लडाकूहरूको पुन:स्थापना र सङ्क्रमणकालीन न्याय प्रदान गर्ने रहे पनि त्यसतर्फ राजनीतिक दलहरू गम्भीर देखिएनन्। दलहरूबीच अकासिएको अन्तरविरोधले राजनीतिक अस्थिरतालाई अत्यधिक बढायो। बर्खास्त गरिएका प्रधानसेनापति रुक्माङ्गद कटवाललाई पदमै रहन राष्ट्रपति डा. रामवरण यादवले निर्देशन दिएपछि राजनीतिक गतिरोधहरू उत्पन्न हुनुका साथै संसदीय अभ्यास ठप्पप्राय: भयो।

अयोग्य र नाबालक लडाकूहरूको बहिर्गमनसम्बन्धी कार्ययोजनामा नेपाल सरकार, एकीकृत माओवादी र राष्ट्रसङ्घद्वारा हस्ताक्षर गरिनुलाई सकारात्मक मानिनुपर्छ। कार्ययोजना अनुसार कामहरू थालिएमा आगामी वर्षको सुरुआतमा नै अयोग्य लडाकूहरूलाई शिविरबाट हटाउने र उनीहरूलाई पुन:स्थापना गर्ने कार्य सम्पन्न हुने सम्भावना देखाएको छ। तर, नेपाली सेनाले नयाँ सेना भर्ती गरेको विषयलाई लिएर एकीकृत माओवादीहरूले त्यसको विरोध गरिरहे। विभिन्न दलहरूले माओवादी लडाकूहरूलाई सेनामा समायोजन गर्नुहुँदैन भनेका कारण लडाकूहरूको सही व्यवस्थापन हुन सकेन।

सशस्त्र द्वन्द्वको त्रासबाट मुक्त भए पनि त्यसको मारमा परेका पीडितहरूले न्यायको अनुभूति यस वर्ष पनि गर्न पाएनन्। सत्यको उजागर गर्दै जघन्य अपराधहरूलाई कारबाहीको दायरामा ल्याउनका लागि गठन गरिनुपर्ने सत्य निरूपण तथा मेलमिलाप आयोग यस वर्ष पनि गठन हुन सकेन। शान्ति सम्झौतामा प्रतिबद्धता व्यक्त गरिएका अन्य आयोगहरू यस वर्ष पनि गठन हुन सकेनन्।

विगतका वर्षहरूमा झैं दण्डहीनताको संस्कृति यस वर्ष पनि कायम रह्यो। विभिन्न अपराधमा संलग्न हुनेहरूलाई कारबाही नगरिँदा, राजनीतिक दलहरूबाट नै अपराधीहरूलाई संरक्षण गरिँदा र विभिन्न मितिमा सरकारबाट मुद्दा फिर्ता लिने निर्णय गरिँदा दण्डहीनता झन् बढेर गयो।

आफ्नो पहिचानका लागि आन्दोलन गरिरहेका विभिन्न समूहहरूबाट विभिन्न समयमा गरिएका बन्द हडतालहरूले जनजीवनमा असर पाऱ्यो। आफ्नो माग पूर्ति गर्नका लागि आन्दोलन गर्ने प्रवृत्ति यस वर्ष पनि रोकिएन। विभिन्न समयमा विभिन्न समूहहरूसँग वार्ता गर्ने र सहमति गर्ने कार्य यस वर्ष पनि भए तर सहमति अनुसार कार्यान्वयन नहुँदा हुनसक्ने परिणामलाई सरकारले नजरअन्दाज गरेको पाइयो। एउटै समूहसँग पटक-पटक सहमति गर्ने तर कार्यान्वयन नगर्ने प्रवृत्ति पनि कायमै रह्यो।

देशमा उत्पन्न राजनीतिक अन्योल र अस्थिरताको अन्त्य गरी सम्पूर्ण राजनीतिक दलहरू सहमतिमा आउन जरुरी छ। सङ्क्रमणकालीन वर्तमान अवस्थामा राज्यको महत्त्वपूर्ण कार्य भनेको शान्ति प्रक्रियालाई सार्थक निष्कर्षमा पुऱ्याउनु रहेकाले शान्ति सम्झौतामा उल्लेख भएबमोजिमका कार्यहरू सम्पन्न गर्न बृहत् राजनीतिक सहमति जरुरी छ।

नागरिकहरूका हकअधिकारहरूको सुनिश्चितताका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहमा गरिएका प्रतिबद्धताहरूको कार्यान्वयन मुख्य मानी सोही अनुरूप जनताका हकअधिकार प्रत्याभूत गराउनु र देशका सम्पूर्ण मुद्दाहरूलाई राजनीतीकरणको चपेटाबाट मुक्त राख्न सरकारका साथै सबै दलहरूले विशेष ध्यान दिन नितान्त आवश्यक छ।

दण्डहीनताको अन्त्यका लागि मानवअधिकार उल्लङ्घनका दोषीहरूलाई कारबाही गर्नुपर्ने यथार्थलाई नजरअन्दाज गर्दै आएका सरकारका साथै अन्य राजनीतिक दलहरूले विभिन्न घटनामा आफूहरूद्वारा गठन गरिएका जाँचबुझ समितिका प्रतिवेदनहरू सार्वजनिक गरी घटनाको सत्यतथ्य उजागर गर्न र घटनामा संलग्न हुनेहरूलाई कारबाही गरी पीडितप्रति न्याय प्रदान गर्न आवश्यक छ। शान्ति प्रक्रियाको महत्त्वपूर्ण अङ्ग रहेको माओवादी लडाकूहरूको समायोजन प्रक्रियामा विशेष समितिमा प्रतिनिधित्व गरिरहेका सबै दल एकमत हुँदै यस समस्यालाई टुङ्गोमा पुऱ्याउन र तोकिएको समयमा संविधान निर्माण राज्यको प्रमुख कार्यसूची रहेको तर्फ सरकारका साथै सबै दलहरू सचेत हुन आवश्यक छ।

८८. खनाल, प्रा. कृष्ण । संविधानसभाको डेढ वर्ष : सिद्धान्त नहुँदा अलमल । *हिमाल खबरपत्रिका* । ०६६ मङ्सिर १-१५ : पृ. ४२

परिच्छेद

३

३.१ राज्य र मानवअधिकार

न्यायपालिका

Chapter 3.1:Layout 1 2/8/2010 11:09 PM Page 49

घटनाक्रम
(०६५ पुस १७ देखि ०६६ पुस १६)

०६५ पुस १७

मन्त्रिपरिषद्द्वारा ०६४ कात्तिक ११ गते विभिन्न ३ सय ४९ ओटा मुद्दा फिर्ता लिने निर्णय कार्यान्वयन रोक्न सरकारका नाममा आदेश।

पुस २३

प्रधानमन्त्री पुष्पकमल दाहालद्वारा पशुपति विकास कोषको संरक्षकका हैसियतले पशुपतिनाथमा नयाँ पुजारी नियुक्तिको निर्णय सर्वोच्चद्वारा खारेज।

एकीकृत माओवादीबाट कब्जा घर र सम्पत्ति जिल्लास्तरमा संयन्त्र खडा गरी तीन महिनाभित्र फिर्ता गर्न सरकारका नाममा परमादेश जारी।

माघ ४

संसदीय सुनुवाइ विशेष समितिद्वारा सर्वोच्च अदालतको न्यायाधीशका लागि सिफारिस दुई स्थायीसहित आठ जनाको नाम सर्वसम्मतिले पारित।

माघ २२

च:मती जग्गा एकीकरण आयोजना सम्पन्न गर्न सर्वोच्च अदालतद्वारा सरकारका नाममा निर्देशनात्मक आदेश जारी।

माघ २४

अदालत धाउनेलाई घरमै बसी-बसी मुद्दाको अवस्था बुझ्न सक्नेदेखि सबै न्यायाधीशको घरमा इन्टरनेट र अदालत-अदालतबीच नेटबाटै कागजपत्र आदनप्रदान गराउने विषयमा सर्वोच्च अदालत र नेपाल टेलिकमबीच सम्झौता।

माघ २७

मुलुकी ऐन जबरजस्ती करणी महलको ११ नम्बर संशोधन गर्न सर्वोच्च अदालतद्वारा सरकारका नाममा आदेश।

माघ २९

एचआईभी/एड्स सङ्क्रमितहरूको अधिकार रक्षाका लागि कानुन बनाउन सर्वोच्चद्वारा सरकारलाई आदेश।

फागुन ९

सर्वोच्च अदालतद्वारा तीन प्रज्ञा प्रतिष्ठानका पदाधिकारी नियुक्तिविरुद्ध रिटमा छलफल गर्न विपक्षीलाई बोलावट।

सरकारले जारी गरेको तीनओटा अध्यादेश संविधानविपरीत भएको भन्दै बदर गर्न माग गर्दै दायर रिटमा सर्वोच्च अदालतले विपक्षीहरूका नाममा कारण देखाऊ आदेश जारी।

फागुन ११

सर्वोच्च अदालतद्वारा सैन्य भर्ना प्रक्रिया तत्काल रोक्न रक्षा मन्त्रालय र सैनिक मुख्यालयका नाममा अन्तरिम आदेश जारी।

फागुन १३

न्यायपरिषद्को बैठकद्वारा पुनरावेदन अदालतमा १० मुख्य न्यायाधीशको नियुक्ति र दुई जनाको सरुवा।

फागुन २६

सर्वोच्च अदालतद्वारा बालसुधार गृहको व्यवस्था गर्न सरकारलाई निर्देशनात्मक आदेश जारी।

चैत ४

सरकारद्वारा कानुन अनुरूप ३ सय ४९ जनाको मुद्दा फिर्ता लिएको प्रधानमन्त्री पुष्पकमल दाहालद्वारा सर्वोच्च अदालतलाई जवाफ।

चैत ६

न्यायालयका कर्मचारीहरूको सङ्गठन न्यायपालिका अधिकृत समाजद्वारा न्यायाधीश नियुक्तिमा कोटा प्रणाली लागू नगर्न प्रधानन्यायाधीशको ध्यानाकर्षण।

सर्वोच्च अदालतद्वारा पत्रकार प्रकाश ठकुरी हत्याका अभियुक्तहरूको मुद्दा फिर्ता लिनुको कारण पेस गर्न सरकारलाई आदेश।

चैत ९

व्यवस्थापिका-संसद्द्वारा कानुन बनाउनुपर्नेमा संवैधानिक परिषद्ले संवैधानिक जालसाजी गरी नियमावली बनाएको भन्दै नियमावली अमान्य र बदर घोषित गर्ने मागसहित सर्वोच्चमा दायर रिटमा सर्वोच्च अदालतद्वारा संवैधानिक परिषद्का नाममा अन्तरिम आदेश जारी।

चैत ११

सर्वोच्च अदालतद्वारा आठ रथीको म्याद नथप्ने रक्षा मन्त्रालयको निर्णय कार्यान्वयन नगर्न अन्तरिम आदेश जारी।

चैत १९

न्यायाधीशहरूद्वारा आफूहरूमाथि धाकधम्की र अशोभनीय व्यवहार हुँदा स्वतन्त्र र निष्पक्ष ढङ्गले काम गर्न नपाएको निष्कर्षसहितको घोषणपत्र जारी।

न्यायाधीशहरूको राष्ट्रिय सम्मेलनद्वारा न्यायाधीशहरूको आचारसंहिता-२०५५ खारेज गरी नयाँ आचारसंहिता जारी।

चैत २०

राज्यद्वारा बेपत्ता पारिएका ४ सय ३४ नागरिकको खोजी गर्न सर्वोच्चद्वारा सरकारलाई आदेश।

Chapter 3.1:Layout 1 2/8/2010 11:09 PM Page 50

चैत २५

०५८ मा ल्याइएको भूमिसुधारसम्बन्धी हदबन्दी लागू गर्न सर्वोच्च अदालतद्वारा आदेश।

चैत २६

संवैधानिक परिषद् नियमावली कार्यान्वयन नगर्ने आदेश सर्वोच्चद्वारा खारेज।

चैत ३१

सरकारी वकिल समाजद्वारा न्यायाधीश नियुक्तिमा सरकारी वकिलबाट उचित प्रतिनिधित्व माग।

०६६ वैशाख २

निजी विद्यालयहरूद्वारा शिक्षा शुल्क वृद्धि गरेको भन्दै सर्वोच्च अदालतमा शिक्षा मन्त्रालय, अर्थ मन्त्रालय, उच्च शिक्षापरिषद्, निजी तथा आवासीय विद्यालय सङ्गठन (प्याब्सन), राष्ट्रिय निजी तथा आवासीय विद्यालय सङ्गठन (एन प्याब्सन) र नेपाल उच्च माध्यमिक विद्यालय सङ्गठन (हिसान)लाई विपक्षी बनाई रिट दायर।

वैशाख ७

अन्तरिम संविधानविपरीत सत्तारुढ गठबन्धनद्वारा नयाँ प्रधानन्यायाधीश नियुक्तिबारे राजनीतिक छलफल।

नेपाली सेनाका आठ सहायक रथीबारे सर्वोच्च अदालतमा रक्षा मन्त्रालयका तर्फबाट वकिलहरूको बहस।

वैशाख ८

नेपाली सेनाका आठ सहायक रथीबारे सर्वोच्च अदालतमा बहस।

वैशाख ९

सरकारद्वारा ०५७ चैत २ मा अत्यावश्यक सेवामा हडताल गर्न प्रतिबन्ध लगाउने निर्णयविरुद्ध परेको रिट सर्वोच्च अदालतद्वारा खारेज।

वैशाख १३

माइतीघर मण्डलालगायतका स्थानमा विरोध कार्यक्रम गर्न नपाइने काठमाडौं जिल्ला प्रशासन कार्यालयको सूचना खारेज गर्न माग गर्दै दायर रिटमा सर्वोच्च अदालतद्वारा सरकारसँग कारण माग।

वैशाख १७

नेपाली सेनामा सेवाका लागि महिला अविवाहित हुनुपर्ने कानुनी प्रावधान नराख्न सरकारका नाममा सर्वोच्चको आदेश।

सैनिक/प्रहरी नियमावलीमा महिलाबारे समसामयिक सुधार गर्न सर्वोच्चद्वारा सरकारलाई निर्देशनात्मक आदेश।

वैशाख २२

राष्ट्रपति डा. रामवरण यादवद्वारा सरकारद्वारा बर्खास्त गरिएका प्रधानसेनापति रुक्माङ्गद कटवाललाई पदमा कायम रहन दिएको निर्देशन संविधानविपरीत भएकाले खारेज गर्न माग गर्दै सर्वोच्चमा दायर रिटमा कारण देखाऊ आदेश जारी।

वैशाख २३

सर्वोच्च अदालतद्वारा प्रधानसेनापति कटवालको उमेरसम्बन्धी विवादमा जङ्गी अड्डासँग सिटरोल फारम माग।

सर्वोच्च अदालतद्वारा हदबन्दीभन्दा बढी जग्गा जफत गरी कानुनबमोजिम वितरण गर्न सरकारका नाममा परमादेश जारी। भूमिसुधार ऐन, २०२१ ले देशभरमा १० बिघामा नबढ्ने गरी घरघडेरीबाहेक काठमाडौंभित्र २५ रोपनी, भित्री मधेस एवम् तराईमा १० बिघा र पहाडी जिल्लामा ७० रोपनी जग्गा राख्न पाउने हदबन्दी तोकेको छ।

वैशाख २७

आठ जनरललाई अवकाश दिने निर्णय तत्काल कार्यान्वयन नगर्ने आदेशविरुद्ध सरकारद्वारा दायर रिटमा सर्वोच्च अदालतद्वारा अन्तरिम आदेशलाई निरन्तरता दिने निर्णय।

वैशाख २९

प्रधानन्यायाधीश मीनबहादुर रायमाझीको अध्यक्षतामा बसेको न्यायाधीशहरूको पूर्ण बैठकद्वारा सर्वोच्च अदालतमा केन्द्रीयस्तरको फैसला कार्यान्वयन निर्देशनालय स्थापना गर्ने निर्णय।

वैशाख ३०

प्रधानसेनापति रुक्माङ्गद कटवाललाई बर्खास्त गर्ने सरकारी निर्णय असंवैधानिक भएको दाबी गर्दै सर्वोच्च अदालतमा रिट दायर।

सर्वोच्च अदालतमा आएका गुनासाको सुनुवाइका लागि उच्चस्तरीय गुनासो सुनुवाइ एकाइ गठन।

वैशाख ३१

सर्वोच्च अदालतद्वारा प्रधानसेनापति रुक्माङ्गद कटवाललाई हटाउने निर्णय बदर गरी कारबाही फुक्का गर्न माग गर्दै परेको निवेदनमा सरकारसँग कारण माग।

जेठ ४

प्रधानन्यायाधीश मीनबहादुर रायमाझीद्वारा पुनरावेदन अदालतका मुख्य न्यायाधीशहरूलाई आफ्नो र मातहतका अदालतमा रहेका दुई वर्ष पुराना मुद्दा पाँच महिनाभित्र टुङ्गो लगाउन १६ बुँदे निर्देशन।

जेठ ५

गर्भपतनसम्बन्धी विविध पक्ष समेटिएको छुट्टै र पर्याप्त कानुनी व्यवस्था गर्न सरकारका नाममा सर्वोच्च अदालतद्वारा सरकारका नाममा निर्देशनात्मक आदेश।

जेठ ७

सर्वोच्च अदालतद्वारा पशुपति क्षेत्र विकास कोषलाई तत्काल कार्यविधि नियमावली लागू नगर्न अन्तरिम आदेश।

असार ११

नेपालको अन्तरिम संविधान, २०६३ को धारा २४ उपधारा (५) (९) द्वारा प्रदत्त हक र नेपालले अनुमोदन गरेको अन्तर्राष्ट्रिय सन्धि-सम्झौता प्रतिकूल मानव बेचबिखन र ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ८ अमान्य र बदर घोषित।

असार १२

नेपाल नागरिकता नियमावली, २०६६ को दफा ३ नेपाल नागरिकता नियमावली, २०६३ र नेपाल पक्ष भएका मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय मापदण्डको विपरीत भनी निर्णय।

असार १४

प्रधानन्यायाधीश मीनबहादुर रायमाझीद्वारा अदालतमा झूटो बयान दिनेमाथि कारवाही नगरेको विषयमा सबै जिल्ला अदालतका मुख्य न्यायाधीशसँग लिखित जवाफ माग।

साउन १

प्रधानन्यायाधीश मीनबहादुर रायमाझीको अध्यक्षतामा बसेको सर्वोच्च अदालतका न्यायाधीशहरूको पूर्ण बैठकद्वारा प्यानल सिस्टम लागू गर्ने निर्णय।

साउन १९

हैजाग्रस्त मध्यपश्चिमका जाजरकोट, सुर्खेत, दैलेख र रुकुमलगायतका जिल्लालाई सङ्क्रमण रोग ऐन, २०२० बमोजिम स्वास्थ्य सङ्कट क्षेत्र घोषणा गरी रोग नियन्त्रण कार्य अघि बढाउन सरकारका नाममा आदेश।

साउन २८

मानवअधिकार रक्षकको अधिकार संरक्षण गर्न सुरक्षा नीति तयार गरी लागू गर्न सरकारका नाममा आदेश।

साउन ३०

नेपालस्थित संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको कार्यालयको समयावधि समाप्त भइसकेको सम्झौतालाई नै निरन्तरता दिँदै म्याद बढाउने सरकारको निर्णय कानुनविपरीत भएको भन्दै सर्वोच्च अदालतमा रिट दायर।

भदौ १

सर्वोच्च अदालतको आदेश अनुसार नेपाली भाषामै उपराष्ट्रपति परमानन्द झाले शपथ लिनुपर्ने सरकारको निर्णय।

सर्वोच्च अदालतद्वारा महिलामाथि तजाब र एसिडजन्य पदार्थ खन्याएर गरिने हिंसा रोक्न कानुन बनाउन सरकारका नाममा परमादेश।

सरकार-माओवादी द्वन्द्वकालमा भैरवनाथ गणबाट बेपत्ता भएका ४९ जनाको स्थिति छानबिन विवरण पठाउन सर्वोच्च अदालतद्वारा राष्ट्रिय मानवअधिकार आयोगलाई आदेश।

भदौ ३

थुनुवाका बारेमा मुद्दा अदालतमा पेस गरिँदा सम्बन्धित थुनुवासमेतलाई अदालतमा अनिवार्य रूपमा उपस्थित गराउन सर्वोच्चद्वारा आदेश।

भदौ ४

सर्वोच्च अदालतद्वारा राहदानी ऐन, २०२४ मा राहदानी जारी गर्ने अधिकारीले कुनै कारण नदेखाई कुनै व्यक्तिको राहदानी दिन अस्वीकार गर्नसक्ने व्यवस्था खारेज।

भूमिसम्बन्धी ऐन, २०२१ ले तोकिएको हदबन्दीभन्दा भन्दा बढी जग्गा अधिग्रहण गरी भूमिहीनहरूलाई वितरणका लागि सरकारका नाममा आदेश जारी गर्न माग गर्दै सर्वोच्च अदालतमा दायर रिट विपक्षीका नाममा कारण देखाऊ आदेश जारी।

महिला आयोग ऐन, अनुसार आयोगलाई सशक्त बनाउन आवश्यक नीति निर्माण गर्न सरकारका नाममा आदेश जारी।

भदौ ७ गते

सर्वोच्च अदालतका पाँच न्यायाधीशको पूर्ण इजलासले उपराष्ट्रपति परमानन्द झाले सात दिनभित्र नेपालीमा शपथ नलिए पदीय जिम्मेवारी स्वत: निष्क्रिय हुने ठहर।

भदौ १७

प्रधानन्यायाधीश सोझै नियुक्ति गर्न सकिने व्यवस्थासहित न्याय प्रणालीसम्बन्धी अवधारणा पारित।

भदौ २१

न्यायपरिषद्द्वारा पुनरावेदन अदालतमा ४७ र जिल्ला अदालतमा २७ न्यायाधीश नियुक्त।

असोज १

मैना सुनुवारको हत्यामा आरोपित नेपाली सेनाका तत्कालीन सहसेनानी निरञ्जन बस्नेतलाई दोषी पाइएको भन्दै सैनिक ऐन, २०६३ को दफा ६६ (३)

बमोजिम स्वत: निलम्बन गर्न काभ्रेपलाञ्चोक जिल्ला अदालतको आदेश।

असोज २०

सर्कसजस्तो जोखिमपूर्ण काममा बालबालिकाको प्रयोगले बालबालिकाको मौलिक अधिकारको उल्लङ्घनका साथै मानव बेचबिखन ऐन, १९७६ विरुद्ध भन्दै यस्तो फौजदारी अपराध रोक्न सरकारका नाममा आदेश।

असोज २६

सर्वोच्च अदालतद्वारा प्रमुख जिल्ला अधिकारीको आदेशमा बालबालिकालाई थुनामा राख्न नपाइने फैसला।

असोज २८

पत्रकार रामप्रसाद दाहाललाई *राजधानी* दैनिकले पारिश्रमिक नदिई अवकाश दिएको विषयमा सूचना विभाग, उजुरी समितिविरुद्ध दायर रिटमा सर्वोच्च अदालतद्वारा सूचना दिनु भन्ने आदेश जारी।

प्रधानन्यायाधीश मीनबहादुर रायमाझीद्वारा रणनीतिक योजनाले निर्धारण गरे अनुसार मुद्दा फर्स्यौट हुन नसकेको भन्दै कार्यक्षेत्रमा न्यायाधीशको गैरहाजिर रोक्न निर्देशन जारी।

असोज २९

सडक बालबालिकाको अधिकारलाई प्रत्याभूत गराउन सर्वोच्च अदालतद्वारा सरकारका नाममा परमादेश जारी।

कात्तिक ६

सर्वोच्च अदालतद्वारा ०५९ मा नयाँ ऐन आउनुअघि भएका भ्रष्टाचारको अनुमानित कसुरमा ०१७ सालको व्यवस्थाबमोजिम पनि मुद्दा चल्न सक्ने निर्णय। सर्वोच्चको पूर्ण इजलासद्वारा ईश्वर पोखरेलको मुद्दामा निर्णय सुनाउँदै भ्रष्टाचार निवारण ऐन, ३०५९ को दफा २० (१) भ्रष्टाचार निवारण ऐन, ०१७ को दफा १७ कै निरन्तरता भएको ठहर।

कात्तिक १८

सरकारद्वारा एमाले नेता घनेन्द्रबहादुर बस्नेतको अध्यक्षतामा असोज महिनामा गठन गरेको उच्चस्तरीय भूमिसुधार आयोगलाई तत्काल काम नगर्न सर्वोच्च अदालतद्वारा सरकारका नाममा अन्तरिम आदेश जारी।

कात्तिक २८

रक्षा शिक्षाका निहुँमा कुटपिट गर्नु अपराधजन्य कार्य भनी फैसला।

मङ्सिर १५

संवैधानिक परिषद्द्वारा सर्वोच्चका न्यायाधीश अनुपराज शर्मालाई प्रधानन्यायाधीशको कार्यभार।

पुस १२

मानवअधिकार उल्लङ्घनका आरोपित तोरणजङ्गबहादुर सिंहलाई रथीमा बढुवा गर्ने मन्त्रिपरिषद्को निर्णय बदर गर्न माग गर्दै सर्वोच्च अदालतमा रिट दायर।

१. **पृष्ठभूमि**

यस वर्ष मानवअधिकार संरक्षणतर्फ र कानुन एवम् व्यवस्था सुधारतर्फ सर्वोच्च अदालतबाट केही महत्त्वपूर्ण निणर्यहरू भए। गैरकानुनी रूपमा पक्राउ गरी बेपत्ता पारिएका दुई व्यक्तिलाई बन्दी प्रत्यक्षीकरणको निवेदन परेको भोलिपल्ट करिब डेढ घन्टाको समयमा उनीहरूको स्थिति सार्वजनिक गरी नागरिकको जीवन र स्वतन्त्रताको रक्षा गर्ने सवालमा महत्त्वपूर्ण कार्य सर्वोच्च अदालतबाट भयो। बन्दी प्रत्यक्षीकरणको निवेदनद्वारा भएको यो हस्तक्षेपले न्यायालयलाई नागरिकको मौलिक हकको संरक्षकका रूपमा पुन:पुष्टि गरेको छ।

सन् २००९ मा पनि कतिपय मुद्दाहरूमा सरकारले सहयोग नगरेको, जङ्गी अड्डाले अदालती ताकेताको सम्मान नगरेको र संसद्को लगातार अवरोधका कारण केही कानुनी सुधारका विषयमा खास काम भएको देखिएन। तत्कालीन प्रधानसेनापतिको पुन:बहाली सम्बन्धमा राष्ट्रपतिको अधिकारक्षेत्र, पूर्वप्रधानसेनापति रुक्माङ्गद कटवालको उमेर विवाद, सर्वोच्चमै अड्किएर बसेका दर्जनौँ भ्रष्टाचार मुद्दालगायत गम्भीर राष्ट्रिय महत्त्वका विषयले न्यायिक निकास पाउन सकेनन्। कयौँ सवालमा कार्यकारी र व्यवस्थापिकाले आफ्नो प्रभाव न्यायालयमाथि बढाउन खोजेको देखियो र सर्वोच्च न्यायालय स्वयम्ले पनि न्यायालयमाथि कार्यकारीले प्रभाव बढाउँदै गएको भनी आफ्नो वार्षिक प्रतिवेदनमा नै उल्लेख गर्नु स्वतन्त्र न्यायपालिकाका लागि एक चुनौती नै हुन पुग्यो।

यस वर्ष अदालतमा संयुक्त राष्ट्रसङ्घीय उच्चायुक्तको कार्यालयको अवधि थप गर्न सरकारले गरेको निर्णयका सम्बन्धमा, भारतले नेपाल सीमा मिचेको सम्बन्धमा सरकारले केही नगरेको भन्ने विषयमा, माओवादी नेतृत्वको सरकारले जथाभावी मुद्दा फिर्ता लिन गरेका निर्णय बदर माग गर्दै, माधवकुमार नेपाललाई प्रधानमन्त्री नियुक्ति बदर माग गर्दै, उपराष्ट्रपतिको शपथ बदर गराउन, सेना नियुक्ति सम्बन्धमा, मानवअधिकार उल्लङ्घनमा आरोपित तोरणबहादुर सिंहलाई रथीमा बढुवा गर्ने मन्त्रिपरिषद्को निर्णय बदर गर्न माग गर्दै साथै नागरिकसँग प्रत्यक्ष रूपमा सरोकार रहने कयौँ सार्वजनिक सरोकारका साथै मानवअधिकार हननका विषयमा सर्वोच्च अदालतसहित देशभरका अदालतमा सयौँ विवादहरू प्रवेश गरे।

नेपाली सेना र माओवादी लडाकू भर्ना प्रक्रिया सम्बन्धमा सर्वोच्च अदालतमा परेको रिट निवेदनले अदालतप्रति व्यापक रूपमा जनचासो बढेको पाइयो र सेना भर्ना सम्बन्धमा प्रारम्भमा गरिएको अन्तरिम आदेशपछि भर्ना प्रक्रियाको कार्य सम्पन्न भइसकेको भनी सर्वोच्च अदालतले सेना भर्ना कार्यलाई वैधता प्रदान गरेको थियो।

न्यायिक नेतृत्व राजनीतिक दबाबबाट मुक्त हुन नसकेको आरोप पनि यस वर्षभित्र देखियो। यस वर्ष तीन जना प्रधानन्यायाधीशले न्यायालयको नेतृत्व लिए। गत वर्ष नियुक्त भएका प्रधानन्यायाधीश केदारप्रसाद गिरीले उमेर हदका कारण अवकाश लिएपछि संसदीय सुनुवाइद्वारा मीनबहादुर रायमाझीले प्रधानन्यायाधीशको पदभार सात महिनासम्मका लागि सम्हाली मङ्सिर ०६६ मा अवकाश लिए र संवैधानिक परिषद्को सिफारिस गरी संसदीय सुनुवाइ विशेष समितिले मङ्सिर २६ गते सर्वसम्मत अनुमोदन गरेपछि अनुपराज शर्माले साढे तीन महिनाका लागि न्यायपालिकाको नयाँ नेतृत्व सम्हालेका छन्।

पुनरावेदन र जिल्ला अदालतका न्यायाधीशहरूको नियुक्ति विवादास्पद रह्यो भने अदालतको अवज्ञा सरकार र राजनीतिक पार्टीले गरे। संविधानसभामार्फत नयाँ बन्ने संविधानमा संविधानसभा न्याय प्रणली समितिले प्रस्तुत गरेको मस्यौदाले न्यायालयलाई पूर्ण रूपमा विधायिकाको अधीनस्थ राख्ने प्रस्ताव गरेपछि यसको चौतर्फी आलोचना र विरोध भएको देखियो।

सङ्क्रमणकालीन राजनीतिक अवस्थाका कारण कतिपय राजनीतिक कानुनी र संवैधानिक विवाद न्यायिक व्याख्याको अपेक्षाका साथ राजनीतिक प्रकृतिका मुद्दासमेत अदालतमा पुगे। गम्भीर प्रकृतिका राजनीतिक विवाद समावेश भएका संवैधानिक प्रश्नहरूको निराकरण गर्न सर्वोच्चबाट भएको ढिलाइले न्यायालय सार्वजनिक आलोचनाबाट मुक्त रहन सकेन। न्यायालयमा व्याप्त ढिलासुस्ती, प्रशासनिक अनियमितता र मुद्दाका पक्षहरूको गुनासोलाई उचित सम्बोधन गरी निष्पक्ष न्यायका लागि आश्वस्त पार्न न्यायालयबाट प्रभावकारी कदमको अपेक्षा गरिए पनि त्यो अपेक्षा यस वर्ष पूरा हुन सकेन।

२. **स्वतन्त्र न्यायपालिका**

न्यायपालिकाको स्वतन्त्रता राज्यद्वारा संविधान वा कानुनमा प्रत्याभूत गर्दै यसको स्वतन्त्रताको आदर र परिपालना गर्नु राज्य र सबै नागरिकको कर्तव्य हो। न्यायपालिकाले आफूसमक्ष आएका सबै विवादहरूमा कुनै क्षेत्र वा कुनै कारणबाट हुने प्रत्यक्ष वा अप्रत्यक्ष रोकटोक, अनुचित प्रभाव, प्रलोभन, दबाब, धाकधम्की

वा हस्तक्षेपबाट मुक्त रही तथ्य, कानुन, संविधान र मान्य सिद्धान्तप्रति उत्तरदायी रही निर्भीकतापूर्वक र निष्पक्ष रूपमा निर्णय गर्न सक्नुपर्छ। यो नै स्वतन्त्र न्यायपालिकाको मेरुदण्ड हो।

स्वतन्त्र न्यायालयका आफ्नै विशिष्ट प्रकारका अन्तर्राष्ट्रिय मापदण्डहरू छन्। मानवअधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ को धारा १०[1] नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि १९६६ को धारा १४[2]ले स्वतन्त्र र सक्षम न्यायालयद्वारा निष्पक्ष सुनुवाइ हुनुपर्नेजस्ता स्वतन्त्र सुनुवाइका सिद्धान्तहरू सुनिश्चित गरेको छ। त्यस्तै न्यायपालिकाको स्वतन्त्रतासम्बन्धी संयुक्त राष्ट्रसङ्घीय आधारभूत सिद्धान्तहरू १९८५ ले सरकारलाई न्यायिक स्वतन्त्रता, विधिको शासनको सम्मान गर्न र प्रत्येक देशले आफ्नो राज्य संयन्त्रमा स्वतन्त्र न्यायपालिकाका अधारभूत मान्यताहरूलाई समावेश गर्नुपर्ने दायित्व किटान गरेको छ। यसको अर्थ राज्यका अङ्गहरू विशेष गरी व्यवस्थापिका र कार्यपालिकाबाट नागरिकको अधिकारको रक्षा गर्न न्यायालय कुनै पनि नियन्त्रण र निर्देशनबाट मुक्त हुनुपर्छ।

नागरिक हक र प्रजातन्त्र सुदृढ गर्न स्वतन्त्र, निष्पक्ष र सक्षम न्याय प्रणालीको आवश्यकता पर्छ। न्यायपालिकाको स्वतन्त्रतासम्बन्धी आधारभूत सिद्धान्तले स्वतन्त्र न्यायपालिका, न्यायाधीशको योग्यता, छनोट, तालिम, सेवा, सर्त, पदावधि, पेसागत योग्यता, उन्मुक्ति, अनुशासन, निलम्बन र बर्खासी आदिलाई मुख्य सिद्धान्त मानी आएको छ[3]। राज्यले न्यायपालिकाको स्वतन्त्रता प्रत्याभूत नगरिदिएमा कार्यपालिका र व्यवस्थापिकाको गैरसंवैधानिक कार्यलाई पनि स्वीकार गर्नुपर्ने अवस्था सिर्जना हुन सक्छ, जसबाट न्यायपालिका, कार्यपालिका र व्यवस्थापिकाभन्दा स्वतन्त्र अस्तित्व राख्न नसकी उनीहरूकै एउटा न्यायिक विभागजस्तो हुनजाने खतरा बढ्न सक्छ। न्यायपालिकाको स्वतन्त्र अस्तित्वलाई कार्यपालिकामा व्यवस्थापकीय, राष्ट्रप्रमुख तथा राजनीतिक दलहरूसमेतको हस्तक्षेपबाट सदा मुक्त राख्न सकेमा मात्र स्वतन्त्र न्यायपालिकाको कल्पना गर्न सकिन्छ। स्वतन्त्र न्यायपालिका र कानुनी राज्यको स्थापना गर्न राजनीतिक हस्तक्षेपबाट र कार्यपालिका र व्यवस्थापिकाभन्दा अलग र भिन्न राखिनु पर्छ। न्यायपालिकाले सधैँ संविधान, कानुन र मान्य सिद्धान्तप्रति उत्तरदायी रही नागरिकको मौलिक हक र मानवअधिकारको संरक्षण गर्न सकेमा मात्र वास्तवमा स्वतन्त्र भएको मान्न सकिन्छ। न्यायपालिकाको स्वतन्त्रतासँगै सक्षमता र उत्तरदायित्व पनि जोडिएर आउँछ। सक्षम र उत्तरदायी न्यायपालिकाले मात्रै स्वतन्त्रताको उपयोग गर्न सक्छ। नेपालको न्यायालयमा सक्षमता र उत्तरदायित्वको अभाव रहेको यस वर्ष पनि अनुभूत गरियो।

न्यायाधीशको नियुक्ति, बर्खासी, कानुनको व्याख्यासमेत व्यवस्थापिकाबाट गर्ने प्रावधान संविधानमा राख्न खोजिएको विषय यस वर्ष सर्वाधिक आलोच्य रह्यो। यस विषयलाई लिएर स्वतन्त्र न्यायपालिकाको आधारभूत मान्यताविरुद्ध विचलनपूर्ण व्यवहार देखिएको धारणा सर्वोच्चका प्रधानन्यायाधीश र न्यायाधीशहरूले सार्वजनिक रूपमै अभिव्यक्त गरे। आठ जनेलको म्याद नथप्ने निर्णय कार्यान्वयन नगर्न सरकारलाई दिएको अन्तरिम आदेश, पशुपतिनाथमा पुजारी नियुक्ति प्रकरण आदि विरुद्ध सरकारको नेतृत्व गर्ने एकीकृत माओवादीका नेता तथा भ्रातृसङ्गठनले गरेको विरोध प्रदर्शन र संसद् तथा मन्त्रीहरूसमेतले न्यायालयविरुद्ध दिएको चर्को अभिव्यक्तिले न्यायालयको स्वतन्त्रता खतरामा पऱ्यो। यो प्रकरणपछि प्रचलित

---

१. प्रत्येक व्यक्तिलाई निजको अधिकार र दायित्व निरुपण गर्ने र निजउपर लगाइएको फौजदारी अभियोगको स्वतन्त्र र निष्पक्ष न्यायाधीकरणबाट निष्पक्ष तथा खुला सुनुवाइको अधिकार समान रूपले प्राप्त छ।

२. सबै व्यक्तिहरू अदालत तथा न्यायाधीकरणहरूका अगाडि समान हुनेछन्। आफूविरुद्धको कुनै फौजदारी अभियोग निर्धारण गर्दा वा कुनै कानुनी मुद्दामा निजको अधिकार तथा कर्तव्यहरूको निर्धारण गर्दा प्रत्येक व्यक्तिलाई कानुनद्वारा स्थापित सक्षम, स्वतन्त्र तथा निष्पक्ष न्यायाधीकरणबाट समाजमा नैतिकता, सार्वजनिक व्यवस्था वा राष्ट्रिय सुरक्षाको कारणले वा पक्षहरूको व्यक्तिगत प्रतिकूल प्रभाव पर्न सक्छ भन्ने कुरा अदालतलाई लागेको अवस्थामा अत्यावश्यक भएको हदसम्म सम्पूर्ण सुनुवाइ वा त्यसको कुनै अंशबाट पत्रकार (प्रेस) तथा जनतालाई पृथक् राख्न सकिनेछ। तर, तरुणहरूको हितको रक्षा गर्न अन्यथा गर्नुपर्ने भएको वा कारबाहीहरू वैवाहिक विवाद वा बालबालिकाको संरक्षकत्वसँग सम्बन्धित भएको अवस्थामा बाहेक कुनै फौजदारी मुद्दामा वा कानुनी मुद्दामा गरिएका फैसलाहरू सार्वजनिक गरिनेछ।

३. संयुक्त राष्ट्रसङ्घ। *न्यायपालिकाको स्वतन्त्रतासम्बन्धी आधारभूत सिद्धान्त*। १३ डिसेम्बर १९८५ को सातौँ राष्ट्रसङ्घीय काङ्ग्रेसद्वारा जारी प्रस्ताव नं. ४०/१४६ द्वारा पारित।

अपहेलनासम्बन्धी कानुनलाई कठोर बनाइनुपर्ने बहस पनि प्रारम्भ भयो।

'जवाफदेही न्यायपालिका हाम्रो प्रतिबद्धता' भन्ने मुख्य विषय बनाएर न्यायाधीशहरूको प्रथम राष्ट्रिय सम्मेलन १९ चैतमा सम्पन्न भयो, जसले न्यायाधीश र कर्मचारीमाथि सुरक्षा खतरा, धाक, धम्की, अमर्यादित र अशोभनीय व्यवहार एवम् क्रियाकलाप भएमा स्वतन्त्र, स्वच्छ र निष्पक्ष न्याय सम्पादनमा गम्भीर व्यवधान पैदा हुने भएकाले सुरक्षाको भरपर्दो र व्यावहारिक प्रत्याभूति गर्न पनि सरकारसँग माग गर्दै १६ बुँदे घोषणापत्र पारित गऱ्यो। न्यायालयले दिएको आदेशका विरुद्धमा भएको विरोध प्रदर्शनप्रति सम्मेलनमा तीव्र असहमति प्रकट भयो। त्यसतर्फ इङ्गित गर्दै सम्मेलनले अदालतले दिएको आदेश र निर्णय राज्यका सबै अङ्गले मान्नुपर्ने संवैधानिक मान्यता रहेको अवस्थामा न्यायालयविरुद्धको अवाञ्छित गतिविधिले स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिकाबाट न्याय पाउने नागरिकको मौलिक हक सङ्कुचन हुने भन्दै विशेष प्रस्ताव पारित गऱ्यो।

न्यायाधीशहरूको राष्ट्रिय सम्मेलनले न्यायाधीशहरूको आचारसंहिता, ०५५ खारेज गरी नयाँ आचारसंहिता पनि जारी गऱ्यो। आचारसंहिता र सम्मेलनका निर्णयहरूको अक्षरश: पालना गर्नु न्यायाधीश स्वयम्को पनि न्यायालयको स्वतन्त्रता र निष्पक्षता जोगाउनका लागि महत्त्वपूर्ण प्रयास हुनेछ। अन्तर्राष्ट्रिय सिद्धान्त र मुलुककै अनुभवका आधारमा तयार भएको आचारसंहिताले न्यायाधीशलाई उसको परिवारको सदस्यले कानुन व्यवसायीका रूपमा प्रतिनिधित्व गरेको वा संलग्न रहेको विवादको निरूपणमा सहभागी हुन बन्देज, न्यायाधीशले घरमा कानुन व्यवसाय सञ्चालन गर्न र विवादका पक्षसँग भेट गर्न पनि रोकेको छ, न्यायिक कर्तव्य पालना गर्ने क्रममा सहकर्मी न्यायाधीशलाई स्वतन्त्रतापूर्वक काम गर्न दिन र हस्तक्षेप, अनुचित प्रभाव वा दबाब नदिन, न्यायिक निर्णय गर्दा कतैबाट आउने प्रभाव, दबाब, भनसुन, धम्की र आग्रहबाट प्रेरित हुन नहुने, निन्दा, आलोचना वा आक्रोशबाट दु:खी र नम्रताबाट प्रभावित हुन नहुने, सम्बन्ध वा सम्पर्कका कारण सुनुवाइ प्रभावित हुन नहुने, आग्रह र पूर्वाग्रहबाट जोगिनुपर्ने, सङ्घ-सङ्गठन खोल्न नहुने, न्याय प्रभावित हुने गरी दान दातव्य, उपहार, ऋण वा अन्य लाभ लिन नहुने[४]लगायतका विषय समेटिएका छन्। कार्यपालिका र व्यवस्थापिकाका सदस्यहरूसँगको अनुपयुक्त सम्पर्क र प्रभावबाट मुक्त राख्ने प्रयास गरेको छ।

विगत केही वर्षदेखि न्यायिक निर्णयविरुद्ध विभिन्न क्षेत्रबाट हुँदै आएका अशोभनीय क्रियाकलापले स्वतन्त्र, स्वच्छ र निष्पक्ष न्याय सम्पादनमा गम्भीर व्यवधान भएको हुनाले सुरक्षाको भरपर्दो र व्यावहारिक प्रत्याभूति गर्न सरकारसँग माग गरिएको छ। अन्तर्राष्ट्रिय दस्तावेजले निर्दिष्ट गरेका आधारभूत मान्यताका आधारमा न्यायिक स्वतन्त्रताको संवैधानिक प्रत्याभूति हुनु अत्यन्त आवश्यक छ। सो सम्मेलनले न्यायाधीशको नियुक्ति, सरुवा र अनुशासनसम्बन्धी कारबाही पारदर्शी ढङ्गले संविधान र कानुनले तोकेको मापदण्डका आधारमा हुनुपर्ने र न्यायपालिकाका कर्मचारीको सेवा, सर्त, सुविधा र पारिश्रमिकबारे छुट्टै ऐन बनाउनसमेत संसद्लाई सुझाव दिइएको थियो।

सर्वोच्च अदालतले आफ्नो स्वतन्त्रता जोगाउन यस वर्ष केही विषयमा अदालतको अवहेलनामा करबाहीसमेत गऱ्यो। पुनरावेदन अदालत नेपालगञ्जले बाँकेमा प्रहरीप्रमुख रहेका सात एसपीमाथि अदालतको आदेश अवज्ञा गरेको ठहर गर्दै जरिवानाको आदेश दिएको छ। सङ्कटकालका बेला नेपालगञ्ज धम्बोझीका अधिराज शर्माको हत्या गर्ने प्रहरीमाथि ज्यान मुद्दा चलाउन दिएको आदेश[५]को कार्यान्वयन नगरेको भन्दै अदालतले उनीहरूलाई अदालतको आदेशको अवहेलना गरेको भन्दै ७ सय रुपियाँ जरिवाना तोकेको थियो।

त्यसैगरी राष्ट्रिय मानवअधिकार आयोगजस्तो संवैधानिक निकायद्वारा ७६[६] जना कर्मचारी स्थायी गर्न थालिएको प्रक्रियामा ०६६ असार २३ गते सर्वोच्च

---

४. न्यायाधीश समाज, भावी संविधानमा न्यायपालिका, न्याय चौतारी २०६५। अङ्क २, वर्ष १, पृष्ठ ६७-७३

५. ०५९ सालमा सामान्य विवादलाई लिएर प्रहरी हवल्दार नीमबहादुर चौधरी र प्रहरी जवान लोकेन्द्र आरसीले शर्मालाई गोली हानी हत्या गरेको लिखित जाहेरी जिल्ला प्रहरी कार्यालय बाँकेमा दर्ता भएको थियो। तर, छ वर्ष बितिसक्दा पनि प्रहरीले मुद्दा नचलाएको भन्दै हत्या गरिएका अधिराजका बाबु जयलाल शर्माले पुनरावेदन अदालतको अवहेलना मुद्दा दर्ता गराएका थिए।

६. आयोगले निर्देशक दुई, उपनिर्देशक आठ, अधिकृत तृतीयस्तरका ४४, लेखापाल पाँच र सहायक प्रथमस्तरका १७ गरी ७६ पद पूर्तिका लागि असार ११ गते सूचना प्रकाशित गरेको थियो।

अदालतले रिट[७]को अन्तिम टुङ्गो नलागेसम्म स्थायी प्रक्रिया कार्यान्वयन नगर्न/नगराउन अन्तरिम आदेश जारी गरेको थियो। अदालतको यस्तो निर्णयले संवैधानिक अङ्गहरूलाई स्वेच्छाचारी हुनबाट रोक्नुका साथै कानुनको शासनलाई मर्यादित तुल्याउन केही हदसम्म भूमिका निर्वाह गरेको छ।

मन्त्रिपरिषद्ले ०६५ कात्तिक ११ गतेको निर्णय अनुसार माओवादीसहितका दलहरूले आफ्ना कार्यकर्ता मुछिएका आपराधिक मुद्दाहरू फिर्ता गर्न गरेको निर्णय कार्यान्वयन रोक्न सर्वोच्च अदालतले सरकारका नाममा ०६५ पुस १७ मा अन्तरिम आदेश जारी गरेको छ। 'फिर्ता लिने भनेका मुद्दाहरूमध्ये आजको मितिसम्म फिर्ता लिइसकेका बाहेक अन्य मुद्दा यो मुद्दाको टुङ्गो नलागेसम्म फिर्ता लिने काम नगर्नू/नगराउनू' भनी आदेशमा भनिएको छ। न्यायपालिका र कानुनी राज्यलाई उपहास गरी सरकारको कार्यपालिका मातहत न्यायालयलाई राख्ने मनसाय पूरा हुन नदिई न्यायपालिकाले आफ्नो स्वतन्त्रताको रक्षा गऱ्यो।

माओवादी सरकारका प्रधानमन्त्रीद्वारा नेपाल प्रज्ञा प्रतिष्ठानमा प्राज्ञहरूलाई[८] सम्बन्धित अधिकारीहरूसँग छलफल नगरी नियुक्ति दिएको भन्दै नियुक्ति बदर गर्न आदेश दियो, राष्ट्रपतिद्वारा सेना प्रमुख रुक्माङ्गद कटवाललाई आफ्नो पदमा बहाल रहन दिएको आदेशबारे लिखित स्पष्टीकरण १० दिनभित्र प्रस्तुत गर्न राष्ट्रपति कार्यालयलाई र त्यसैगरी सर्वोच्च अदालतले प्रधानसेनापति रुक्माङ्गद कटवालको उमेरसम्बन्धी विवादमा जङ्गी अड्डासँग सिटरोल फारम माग गर्नेजस्ता कार्यबाट संविधानको संरक्षणका लागि राष्ट्रप्रमुख र सरकारसँग समेत जवाफ माग गरी न्यायालयले आफ्नो स्वतन्त्रताको सम्मान गऱ्यो।

न्याय सेवालाई स्वतन्त्र बनाउन न्यायसेवा कर्मचारीको सेवा, सर्त र सुविधा तथा तिनको परिचालनसम्बन्धी व्यवस्था छुट्टै कानुनद्वारा हुनुपर्ने भनी त्यस्तो ऐनको मस्यौदा गरी सम्बन्धित निकायमा पठाउने निर्णय सर्वोच्चको पूर्ण बैठकले गऱ्यो। अहिलेसम्म न्याय सेवाका कर्मचारीहरू पनि निजामती सेवा ऐन तथा नियमावली अनुसार परिचालन हुँदै आएका छन्।

सर्वोच्चले संवैधानिक परिषद्को नियमावली कार्यान्वयन रोक्का गर्न दिएको आदेशलाई खारेज गर्न माग गर्दै सरकारले चैत १८ मा निवेदन दायर गऱ्यो। दायर निवेदनमा संविधानको धारा १४९(३) अनुसार नियमावली कार्यान्वयन गरिएको र सर्वोच्चबाट जारी भएको आदेश एकतर्फी सुनुवाइका आधारमा भएको उल्लेख थियो। नियमावली प्रधानमन्त्री पुष्पकमल दाहाल रहेको परिषद्द्वारा जारी गरिएको थियो। ०६५ माघ ४ मा त्यसरी दायर निवेदनमा ०६५ चैत २६ मा आफ्नो पहिलाको निर्णय अनुरूप सरकारलाई संवैधानिक परिषद्द्वारा जारी नियमावली कार्यान्वयन नगर्नू/नगराउनू भन्ने पुनः आदेश जारी भयो। उपराष्ट्रपतिको हिन्दी भाषामा शपथग्रहणसम्बन्धी विवाद र त्यससम्बन्धमा सर्वोच्च अदालतबाट भएको फैसलाको कार्यान्वयन पनि गम्भीर रूपमा देखियो। उपराष्ट्रपति पदमा संविधानसभाबाट निर्वाचित भएका परमानन्द झाले सात दिनभित्र नेपाली भाषामा शपथ नखाए झाको कार्यभार निष्क्रिय हुने फैसला सर्वोच्च अदालतको संयुक्त इजलासले भदौ ७ गते जारी गरेको थियो।

न्यायप्रणालीलाई लोकतन्त्रको आत्मा भनिन्छ। लोकतन्त्रमा न्यायपालिकालाई जनअधिकारको अन्तिम अभिभावक मानिन्छ। संविधानको सर्वोच्चता र कानुनी शासनको मान्यता बोकेको लोकतन्त्रले हस्तक्षेपरहित पूर्ण स्वतन्त्र न्यायपालिका माग गर्छ। संविधान अनुरूप राज्यका तीन प्रमुख अङ्गहरू व्यवस्थापिका, न्यायपालिका र कार्यपालिका एकआपसमा अन्योन्याश्रित सम्बन्ध राखी सञ्चालन हुन्छन्। एकले अर्काको कार्यमा नियन्त्रण गर्ने पद्धति नै शक्ति पृथकीकरणको सिद्धान्त हो। एकले अर्काको काम र अधिकारमाथि त्रिपक्षीय नियन्त्रण गरिरहेको हुन्छ। त्यसमा पनि न्यायपालिकाको अवस्था अझ बढी विशिष्ट प्रकृतिको हुन्छ। लोकतन्त्रमा न्यायपालिकाको स्वतन्त्रतालाई नागरिक अधिकार, मानवअधिकार, प्रजातान्त्रिक मूल्य र मान्यतासँग जोडेर हेरिन्छ, जसले कार्यपालिका र विधायिकी निरङ्कुशतालाई अङ्कुश लगाई जनताको अधिकारको रक्षा गर्दछ।

२.१ कार्यपालिका र न्यायपालिका

स्वतन्त्र न्यायपालिकाको अर्थ सिद्धान्ततः सरकार, राजनीतिक दलहरू र बाह्य माहोल हेरेर न्यायालयले फैसला गर्दैन भन्ने हो र यसका हरेक निर्णय, आदेश वा फैसला गर्न न्यायालयमाथि कुनै पनि

७. गैरसंवैधानिक नियमावलीका आधारमा कर्मचारी नियुक्ति गर्न प्रयास गर्नुले सविधानको धारा १२३ (१)को गम्भीर उल्लङ्घन भएकाले आयोग नियमावलीलाई अमान्य र बदर घोषणा गर्न माग गरिएको थियो।

८. ईश्वरचन्द्र ज्ञवालीलाई कुलपति, भूपाल राईलाई उपकुलपति र अरविन्दकुमार लाललाई सचिवको पदमा नियुक्ति दिइएको थियो।

तहबाट कुनै पनि किसिमको हस्तक्षेपकारी गतिविधि गरिनु हुन्न भन्ने पनि हो। तर, सरकारको नेतृत्वकर्ता र विपक्षी दलले समेत स्वतन्त्र न्यायालयको परिभाषालाई गलत ढङ्गले बुझेको यस वर्षको घटनाक्रमले देखाएको छ। आफ्नो निर्णय गराउने ढङ्गबाट विपक्षी दलका नेताहरूबाट अदालतविरुद्ध गरेको प्रदर्शन, नाराबाजी र गालीगलौजले राजनीतिक दल र सरकारले आफूले चाहे अनुरूप अदालतलाई चलाउन खोजेको स्पष्ट हुन्छ।

प्रधानन्यायाधीशको नियुक्ति प्रक्रियामै राजनीतिक दाउपेच र षड्यन्त्रहरू देखिए। खासगरी सरकारको नेतृत्व गरेको माओवादीले नियुक्तिमा अस्वाभाविक बखेडा झिक्दा न्यायालयमाथि माओवादी हस्तक्षेपको सङ्केत मिलेको थियो। त्यसअघि न्यायपरिषद् सदस्यको राजीनामा प्रकरणले पनि यसलाई पुष्टि गऱ्यो। माओवादी मात्र नभई अन्य कुनै पनि राजनीतिक दलको हस्तक्षेप र दबाबबाट मुक्त भई न्यायालयले काम गर्नुपर्छ। सरकारी हस्तक्षेप र प्रभावमा अदालतलाई पर्न दिनु हुन्न[९]। न्यायको मर्ममाथि आघात पर्ने गरी सरकारबाट आधारभूत कुरालाई बेवास्ता गरेकाले स्वतन्त्र न्यायालयको अवधारणामा विचलन आउन खोजेको देखियो। सर्वोच्चको न्यायाधीश नियुक्तिजस्तो गम्भीर मुद्दाका बारेमा छलफल गर्न बोलाइएको संवैधानिक परिषद्को बैठक स्थगित गरी तत्कालीन माओवादी सरकारका प्रधानमन्त्रीले सेनाप्रमुखसँग स्पष्टीकरण माग गर्ने सम्बन्धमा सरकारको निर्णयपछि उत्पन्न राजनीतिक परिस्थितिबारे छलफललाई महत्त्व दिएको देखिन्छ।

माओवादी सरकारका कानुन, न्याय तथा संविधानसभामन्त्री देव गुरुङको स्वतन्त्र न्यायपालिकाप्रति कसैको विमति नभई परिवर्तनसँग पुनःसंरचना आवश्यक भएको र स्वतन्त्रतालाई निरपेक्ष रूपमा व्याख्या गर्न नकारात्मक हुने भएकाले न्यायालयलाई मुलुकको राजनीतिसँग सापेक्ष भएर हिँड्नु पर्ने अभिव्यक्ति दिए।

नेपाली सेनाका आठ सहायक रथीहरूको अवकाश रोक्न सर्वोच्च अदालतले जारी गरेको अन्तरिम आदेशका विरुद्ध सर्वोच्च अदालतका न्यायाधीश कल्याण श्रेष्ठको पुत्ला पनि जलाएर न्यायालयको स्वतन्त्रताको उपहास माओवादीका सभासद् र भ्रातृसङ्गठनका कार्यकर्ताले गरे। अन्तरिम आदेश खारेज गर्न र सरकारको निर्णय लागू गर्नेजस्ता नारा विरोध जुलुसमा लगाए, जुन न्यायालयको निष्पक्ष न्याय सम्पादन गर्ने कार्य र न्यायिक सर्वोच्चताका विरुद्ध हो। यसरी विचाराधीन मुद्दामा प्रभाव पार्ने गरी भएका नाराबाजी र धर्ना, विरोध स्वतन्त्र न्यायालयविरोधी कार्य भएकाले सरकारले न्यायालयमा दबाब दिन खोजेको स्पष्ट हुन्छ। माओवादीले अदालतप्रति व्यक्त गरेको आक्रोशले पार्टीका चुनावी घोषणापत्रमा उल्लेख कुराहरू केवल देखावटी मात्र रहेछ भन्ने पुष्टि गरेको छ।

आठ जर्नेललाई अवकाश दिने निर्णय तत्काल कार्यान्वयन नगर्ने अन्तरिम आदेशविरुद्ध सरकारले अन्तरिम आदेश खारेजको माग गर्दै दायर गरेको निवेदनमा वैशाख २७ मा सर्वोच्च अदालतले अन्तरिम आदेश[१०]लाई निरन्तरता दिन गरेको निर्णय नमिलेको दाबी गर्दै जवाफ रक्षा मन्त्रालयले पठायो। मन्त्रालयले सरकारका कुनै पनि निर्णयमा आधार र कारण खोलेर सम्बन्धित पक्षलाई जानकारी गराउनु पर्ने कानुनी व्यवस्था नभएको हुँदा अदालतको आदेश गलत भएको जिकिर लिखित जवाफमा गरिएको थियो। आठ जर्नेलले दिएको रिटमा सर्वोच्च अदालतले सरकारको निर्णयमा आधार र कारण नखुलेको देखाई अवकाश दिने निर्णय तत्काल कार्यान्वयन नगर्न अन्तरिम आदेश दिएको थियो। आठ जर्नेलले म्याद नथपिएपछि स्वतः अवकाश पाएको हुँदा जर्नेललाई पदावधि थप नभएको भनी जानकारी गराएको विषय अदालतको न्यायिक पुनरावलोकनको विषय हुन नसक्ने जवाफ रक्षा मन्त्रालयले पठाएको थियो।

रक्षा मन्त्रालय र नेपाली सेनाका नाममा नेपाली सेना कल्याण कोषको खर्च पारदर्शी गर्न भनी तीन वर्षअगाडि दिएको आदेश कार्यान्वयन नगरी अदालतको आदेशको अवज्ञा गरेको छ। सर्वोच्च अदालतले सेनाका जर्नेल[११]को म्याद थप गर्न जारी गरेको निर्णयको विरोधमा प्रदर्शन र गालीगलौज गरेको भन्दै माओवादी सरकारका प्रधानमन्त्री पुष्पकमल

---

९. बस्नेत, बालकृष्ण। 'न्यायालयका पाँच एजेन्डा'। *कान्तिपुर*। ०६६ वैशाख ३०

१०. जर्नेलहरू नरबहादुर कँडेल, नरेन्द्रबहादुर रावल, कुमार बुढाथोकी, पवनबहादुर पाण्डे, प्रदीपविक्रम राणा, शिवकुमार पौडेल, रमेश विष्ट र राजुप्रताप केसीले चैत १० मा रिट दिएका थिए।

११. सेनाका जर्नेललाई अन्तिम सुनुवाइ नहुन्जेलसम्म अवकाश दिन नपर्ने उल्लेख गर्दै चैत ११ मा अन्तरिम आदेश जारी भएको थियो।

दाहालसहित छ जनाका विरुद्धमा अदालतको अवहेलनासम्बन्धी मुद्दा दायर भएकामा अदालतले प्रतिवादीहरूसँग लिखित जवाफ माग गरी हाल उक्त मुद्दा विचाराधीन रहेको छ।

संवैधानिक परिषद्को कार्यविधिसम्बन्धी नियमावली कार्यान्वयनमा रोक लगाउने सर्वोच्च अदालतको आदेश बदर गराउन सरकारले महान्यायाधीवक्ताको कार्यालयमार्फत सर्वोच्च अदालतमा चैत १६ गते निवेदन दर्ता गरायो। निवेदनमा कार्यविधि प्रयोजनका लागि सहज गराउन नियमावली बनाइएको दाबी गर्दै सोले व्यवस्थापिकाको अधिकारलाई सङ्कुचन नगर्ने उल्लेख छ। नियमावली अनुसार सिफारिस भएका पदाधिकारीलाई संसदीय सुनुवाइसमेत भइसकेकाले नियमावलीलाई संसद्ले अप्रत्यक्ष रूपमा अनुमोदन गरिसकेकाले कार्यान्वयन नगर्ने[१२] अदालततर्फ दिएको आदेश बदरभागी हुने उल्लेख छ। सर्वोच्च अदालतद्वारा चैत ९ गते संवैधानिक परिषद्समेतको नाममा अन्तरिम आदेश जारी गरी निवेदनको अन्तिम टुङ्गो नलागुन्जलेसम्म संवैधानिक परिषद्ले बनाएको नियमावली कार्यान्वयनमा रोक लगाएको थियो।

नन्दु गिरी र देवविक्रम शाहलाई राजधानीबाट पक्राउ गरी प्यूठान पुऱ्याएको तथ्य ढाँटेको विषयमा अदालतको अवहेलना र कारबाहीको स्पष्टीकरण माग गर्दै गृहसचिव डा. गोविन्दप्रसाद कुसुम र आईजीपी रमेशचन्द्र ठकुरीलाई बयानका लागि सर्वोच्चले चैत ९ मा बोलाएको थियो। जसमा गृहसचिवले 'अदालतमा लिखित जवाफ पेस गर्ने मितिसम्म प्रहरीबाट नपक्रेको' र आईजीपीले 'सूचना समन्वयमा कमजोरी भएको र ढाँट्ने नियत नरहेको' जवाफ दिएका थिए। यसअघि बन्दी प्रत्यक्षीकरण रिटमा गरिएको लिखित जवाफमा गिरी र शाह पक्राउ नपरेको र उनीहरूको रिहाइका लागि दायर रिट भ्रामक र झूटो भन्दै रिट खारेज गर्नुपर्ने जवाफ दिएका थिए। यसरी सरकारका सुरक्षा निकायहरूले झूटो बयान दिएर अदालतलाई असहयोग गरेको शाहीकालीन दृष्टान्त लोकतान्त्रिककालमा पनि पूनः प्रवृत हुनु लोकतन्त्रको उपहास भएकामा दुईमत हुन सक्दैन।

तत्कालीन प्रधानसेनापति रुक्माङ्गद कटवाललाई हटाउने सरकारको निर्णय बदर गरी कारबाही फुक्का गर्न माग राखी सर्वोच्च अदालतमा वैशाख २९ गते रिट दायर गरियो। रथी कुलबहादुर खड्कालाई कामु सेनापति बनाउने निर्णय खारेज गर्न अन्तरिम आदेश मागिए पनि त्यस्तो आदेश भने आवश्यक नभएको सर्वोच्चले वैशाख ३१ मा निर्णय गऱ्यो।

उपराष्ट्रपति परमानन्द झाले हिन्दी भाषामा शपथ लिएको विवाद निराकरणका लागि सर्वोच्च अदालत पुगेकामा अदालतले फैसलामा उपराष्ट्रपतिलाई अन्तरिम संविधानको धारा ३६ (झ)२ को व्यवस्था अनुशरण गरी अनुसूची १ (क)को ढाँचामा राष्ट्रपतिसमक्ष पद तथा गोपनीयताको शपथ लिनु भनेको थियो। तर, उपराष्ट्रपतिले अदालतको फैसला अन्यायपूर्ण भने। त्यसैगरी, मधेसवादी दलहरूले फैसलाको विरोध गरी अदालतको अवहेलना गरे। अदालतको निर्णयपछि आएका अभिव्यक्तिहरू कानुनी तथा संवैधानिक प्रश्नमा भन्दा बढी भाषिक विवादलाई भाँड्यो। कानुनको व्याख्याता अदालतले विद्यमान संविधान कानुन र प्रचलनसमेतलाई ध्यानमा राखी राय दिने गर्छ। कानुनी आधारमा टेकेर दिएको फैसलालाई भाषाविरोधी कार्यका रूपमा परिभाषित गर्नु गलत थियो। उपराष्ट्रपति झाका सम्बन्धमा अदालतले दिएको फैसला हिन्दी भाषाविरोधी नभएर शपथ ग्रहणको प्रक्रिया नमिलेकामा लक्षित थियो। अदालतको फैसला पूर्वाग्रही रहेको र कानुन नबुझ्ने न्यायाधीशले निर्णय गरेको हुँदा आदेश नमान्ने भनी उपराष्ट्रपतिले दिएको अभिव्यक्तिले अदालतको अवहेलना गरेको भन्दै अवहेलनामा कारबाही गर्न माग राखी अदालतमा रिट दायर भएको थियो।

सर्वोच्चले ०५७ सालमा सरकारबाट यातायात संस्थान विघटन भएपछि त्यहाँ कार्यरत कर्मचारीले निर्णयबमोजिम पाउने सुविधा र सुविधाबापतको अतिरिक्त रकममा ब्याजसमेत जोडेर क्षतिपूर्ति दिन परमादेश[१३] जारी गरेको थियो। परमादेश अनुरूप पूरा रकम नदिएको भन्दै पीडितले अर्को रिट दिएको आधारमा सरकारसँग निर्णय फाइल मागेको थियो। ०६५ चैत २ गते सरकारको उक्त निर्णय इजलासमा पेस गर्न पहिलो आदेश, सर्वोच्चले तोकेको मितिमा फाइल नआएपछि फेरि निर्णय फाइल झिकाउन अर्को आदेश असार १४ गते गरिएको थियो र उक्त मितिमा पनि फाइल नआएपछि कारबाहीको चेतावनीसहित पत्र

१२. संवैधानिक परिषद्द्वारा सर्वोच्चको आदेश बदर गर्न निवेदन दर्ता, *राजधानी,* ०६५ चैत १८

१३. संस्थान खारेज नहुँदै २० वर्ष सेवा अवधि पुगिसकेका १ सयभन्दा बढी कर्मचारीलाई अवकाश दिँदाका बखत कबुल गरिएको सुविधा नदिएको भन्दै पीडितले सरकारविरुद्ध ०५७ सालमा सर्वोच्चमा रिट दायर गरेका थिए।

पठाइएको हो। सर्वोच्च अदालतले निर्णय फाइल पठाउन बारम्बार आदेश दिए पनि अटेर गरेपछि कानुनी कारबाहीको चेतावनीसहितको पत्र सर्वोच्च अदालतले तेस्रोपल्ट प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयलाई पठायो।

पशुपतिनाथ मन्दिरको पुजारी नियुक्ति गर्दा प्रधानमन्त्रीले ऐनको प्रक्रिया पूरा नगरी गरेको भनी दायर रिटमा सर्वोच्चले तत्काल अन्तरिम आदेश जारी गरेको थियो। यो प्रकरणमा पनि तत्कालीन सत्तारुढ दल र त्यसका भ्रातृसङ्गठनहरूले अदालतको मानमर्दन हुने गरी सार्वजनिक अभिव्यक्ति दिएका थिए।

प्रधानमन्त्री माधवकुमार नेपालले चौथोपटक मन्त्रिपरिषद् विस्तार गर्दा पनि कसैलाई कानुनमन्त्री नियुक्ति नगरेकाले लामो समयसम्म न्यायपरिषद्[१४] र न्यायसेवा आयोगको काम ठप्प भयो। कानुनमन्त्री समयमै नियुक्त नहुँदा न्याय सेवा आयोगबाट हुने न्यायसेवाका सचिवको बढुवा, राजपत्राङ्कित कर्मचारीको सरुवासमेत प्रभावित भयो।

२.२ व्यवस्थापिका र न्यायपालिका

संविधानसभा न्यायप्रणालीसम्बन्धी समितिको अवधारणामा न्यायमा सम्पूर्ण जनताको पहुँचसहित वास्तविक न्याय प्रदान गर्न सक्षम, स्वतन्त्र, पारदर्शी, निष्पक्ष एवम् जनउत्तरदायी सङ्घीय संरचनामा आधारित न्यायप्रणालीको स्थापना गर्ने उल्लेख छ। राष्ट्रिय महत्त्वको पद र अधिकारसँग सम्बन्धित तथा राजनीतिक विषयसँग प्रत्यक्ष सरोकार राख्ने विषय र संविधानसँग कानुन बाझिएका विषयमा बाहेक संविधान र सङ्घीय कानुनको व्याख्या गर्ने अधिकार सङ्घीय सर्वोच्च अदालतलाई हुने, राष्ट्राध्यक्षले सङ्घीय व्यवस्थापिका विशेष न्यायिक समितिले सिफारिस गरी सङ्घीय व्यवस्थापिकामा तत्काल कायम रहेका सम्पूर्ण सदस्य सङ्ख्याको बहुमतबाट अनुमोदन भएका व्यक्तिलाई सङ्घीय सर्वोच्च अदालतको प्रधानन्यायाधीश वा न्यायाधीशमा नियुक्त गरिने, संविधान जारी भएको तीन महिनाभित्र न्यायाधीशहरूको पुन:नियुक्ति गरिने, सेवाबाहिरबाट सीधै प्रधानन्यायाधीश नियुक्त गर्न सकिने[१५] भन्नेजस्ता प्रावधानले स्वतन्त्र, सक्षम र निष्पक्ष अदालत शक्ति पृथकीकरणका सिद्धान्तहरूको मान्यता के हुने भन्ने अन्योल भएको छ।

न्यायपालिकालाई विधिको शासनको संरक्षकका रूपमा लिनु पर्छ। लोकतन्त्रमा न्यायपालिकाको भूमिका दैनिक र सक्रिय राजनीतिभन्दा माथि रही कानुनी शासन व्यवस्थालाई सुचारु राख्नेतर्फ लक्षित हुनुपर्छ।

स्वतन्त्र न्यायपालिका आफ्नो निष्पक्ष कार्य पद्धतिका कारणले जनतालाई एकताबद्ध राख्न सहयोग पुऱ्याउने, लोकतन्त्रलाई स्थिर राख्ने र बलियोसँग अडाउने सुशासनमुखी सरकारको एउटा मुख्य स्तम्भ हो। यसले सार्वभौमसत्ता सम्पन्न जनताको चाहना अनुसार जनताको हितका लागि स्थायी राज्य व्यवस्थामा शक्ति पृथकीकरण तथा नियन्त्रण र सन्तुलनको पद्धति अनुरूप विधिको शासनका लागि कार्य गर्छ र व्यक्ति, संस्था र सरकारका बीचका विवादहरूलाई शान्तिपूर्वक एवम् कानुनद्वारा निर्धारित बाटो अनुसार समाधान गर्छ तथा लोकतान्त्रिक प्रणालीमा मात्र केवल कानुनको शासन हुन्छ भन्ने कुराको प्रत्याभूति दिलाउँछ[१६]। न्यायपालिकालाई विधिको शासनको संरक्षणका रूपमा लिनुपर्छ।

न्यायपालिका न्यायका मान्य सिद्धान्त अनुसार चल्ने स्थायी प्रकृतिको संस्था भएकाले यसको भूमिका देश र समाजलाई जोड्न सहयोगी हुनुपर्छ[१७]। न्यायिक समितिको प्रतिवेदनमा प्रस्तावित बुँदाहरू शक्ति पृथकीकरणको सिद्धान्तविपरीत स्वतन्त्र न्यायपालिकामाथिको हस्तक्षेप भई न्यायालयमा राजनीतीकरण गर्न खोजिएको र त्यसबाट मुलुकमा अधिनायकवादको प्रारम्भ हुने तर्क अगाडि सारिएका छन्। न्यायिक स्वतन्त्रता, शक्ति पृथकीकरण, लोकतान्त्रिक मूल्य र मान्यताजस्ता कुराहरू प्रस्तुत मस्यौदाले इन्कार गरेकाले न्यायालयमा राजनीतीकरण हुनेजस्ता गम्भीर र सैद्धान्तिक प्रश्न उब्जाएको छ। प्रस्तावित अवधारणा अनुरूप नयाँ संविधान बन्ने हो भने अब कानुन मन्त्रालय (कार्यपालिका) र

---

१४. प्रधानन्यायाधीश अध्यक्ष हुने न्यायपरिषद्मा सर्वोच्चका वरिष्ठतम दुई न्यायाधीश, कानुनमन्त्री, सरकारले मनोनीत गरेको कानुनविद् सदस्य रहन्छन्।

१५. संविधानसभा न्याय प्रणालीसम्बन्धी समिति, अवधारणा-पत्रसहितको प्रारम्भिक मस्यौदासम्बन्धी प्रतिवेदन, २०६६। काठमाडौं। संविधानसभा, न्याय प्रणालीसम्बन्धी समिति भदौ ०६६

१६. लाल, मा.न्या.गिरीशचन्द्र। 'भावी संविधानमा सङ्घीय व्यवस्था : लोकतन्त्र र न्यायपालिका'। *कानुन*, (अङ्क ७७) ०६६ कात्तिक १५ : पृ. १०

१७. पूर्ववत्

प्रतिवेदनमा समावेश भएका उल्लेख्य प्रावधानहरू

- न्यायसम्बन्धी अधिकार संविधान र अन्य कानुन तथा न्यायका मान्य सिद्धान्त अनुसार अदालत तथा न्यायिक निकायहरूबाट प्रयोग गरिने।
- नेपालमा सङ्घीय सर्वोच्च अदालत, राज्य/प्रदेश सर्वोच्च/उच्च अदालत र जिल्ला/स्थानीय अदालत गरी तीन तहका अदालतहरू रहने।
- नागरिकको न्यायमा सहज पहुँच पुऱ्याउनका लागि स्थानीय तहमा तोकिएको मुद्दा हेर्नका लागि प्रादेशिक कानुनद्वारा व्यवस्था भएबमोजिम इलाका, नगर वा गाउँस्तरीय अदालत/न्यायिक निकाय वा विवाद समाधानका वैकल्पिक उपायद्वारा विवाद समाधान गर्ने निकाय गठन गर्न सकिने।
- खास किसिम र प्रकृतिका मुद्दाको कारबाही र किनारा गर्न कानुनद्वारा अन्य विशिष्टीकृत अदालत, न्यायिक निकाय वा न्यायाधीकरणको स्थापना र गठन गर्न सकिने।
- सैनिक अदालतले गरेको निर्णयउपर पुनरावेदन सुन्नका लागि सङ्घीय सर्वोच्च अदालतको न्यायाधीशको अध्यक्षतामा एक सैनिक विशेष अदालतको गठन गरिने। यस अदालतले सुरु कारबाही र किनारा गरेको निर्णयउपर सङ्घीय सर्वोच्च अदालतमा पुनरावेदन लाग्ने।
- राष्ट्रिय महत्त्वको पद र अधिकारसँग सम्बन्धित तथा राजनीतिक विषयसँग प्रत्यक्ष सरोकार राख्ने विषय र संविधानसँग कानुन बाझिएका विषयमा बाहेक संविधान र सङ्घीय कानुनको व्याख्या गर्ने अधिकार सङ्घीय सर्वोच्च अदालतलाई हुने।
- राष्ट्राध्यक्षले सङ्घीय व्यवस्थापिका विशेष न्यायिक समितिले सिफारिस गरी सङ्घीय व्यवस्थापिकामा तत्काल कायम रहेका सम्पूर्ण सदस्य सङ्ख्याको बहुमतबाट अनुमोदन भएका व्यक्तिलाई सङ्घीय सर्वोच्च अदालतको प्रधानन्यायाधीश वा न्यायाधीशमा नियुक्ति गर्ने।
- प्रधानन्यायाधीश वा अन्य कुनै न्यायाधीश कार्यक्षमताको अभाव वा खराब आचरण वा इमानदारीपूर्वक आफ्नो पदीय कर्तव्यको पालन नगरेको वा नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय पाएको वा आचारसंहिताको गम्भीर उल्लङ्घन गरेको वा शारीरिक वा मानसिक अस्वस्थताको कारणले आफ्नो पदीय जिम्मेवारी पूरा गर्न नसकेको भन्ने आधारमा सङ्घीय व्यवस्थापिकामा महाभियोग प्रस्ताव प्रस्तुत गर्न सकिने र सो प्रस्ताव तत्काल कायम रहेका सम्पूर्ण सदस्य सङ्ख्याको दुईतिहाइ बहुमतबाट पारित भएमा निज स्वत: पदमुक्त हुने।
- न्यायाधीशको नियुक्तिमा समानुपातिक र समावेशी सिद्धान्त अपनाइने।

प्रतिवेदनमा सहमति हुन नसकेका तर बहुमतबाट पारित भएका उल्लेख्य प्रावधानहरू

- नयाँ संविधान जारी भएको तीन महिनाभित्र सबै तहका न्यायाधीशहरूको पुन:नियुक्ति हुनुपर्ने। तीन महिनाभित्र नियुक्ति नपाउने न्यायाधीशहरूले अवकाश प्राप्त गर्ने।
- सर्वोच्च अदालतको न्यायाधीश हुने योग्यता पुगेको व्यक्ति सेवाबाहिरबाट सीधै प्रधानन्यायाधीश पदमा नियुक्त हुन पाउने।
- सर्वोच्च अदालत, राज्य/उच्च अदालत र स्थानीय अदालतका न्यायाधीशहरूको सम्बन्धित व्यवस्थापिकाको न्याय समितिबाट नियुक्तिको सिफारिस हुने र सम्बन्धित व्यवस्थापिकाबाट अनुमोदन भएपछि नियुक्ति पाउने र सोही प्रक्रियाद्वारा न्यायाधीशलाई हटाउन सकिने।
- नियुक्ति गर्ने व्यवस्थापिकाबाट न्यायाधीशविरुद्ध भ्रष्टाचारको उजुरी लिई कारबाही चलाउन सकिने।
- राष्ट्रिय महत्त्वको पद र अधिकारसँग सम्बन्धित तथा राजनीतिक विषयसँग प्रत्यक्ष सरोकार राख्ने विषय र संविधानसँग कानुन बाझिएका विषयमा बाहेक संविधान र कानुनको व्याख्या गर्ने अधिकार सङ्घीय सर्वोच्च अदालतलाई हुने।

प्रतिवेदनमा समावेश भएका फरक मतहरू

- न्यायाधीशहरूको पु:नियुक्तिको विषय अन्य संवैधानिक निकायहरूको पदाधिकारीहरूसँग समेत जोडिएको प्रश्न र संवैधानिक समितिको अधिकारक्षेत्रभित्र पर्ने विषय भएकाले न्याय प्रणाली समितिले निर्णय गर्न नमिल्ने।
- न्यायपरिषद्को सिफारिसमा सक्षम ढङ्गले संसदीय सुनुवाइ गरी न्यायाधीशहरूको नियुक्ति गरिनुपर्ने। न्यायाधीशहरूको बर्खासी कानुन बनाई प्रभावकारी बनाउने।
- सबै तहका अदालतका न्यायाधीशहरूको नियुक्ति/बर्खासी एउटै प्रकारको संयन्त्रबाट हुनुपर्ने।
- सर्वोच्च अदालतको न्यायाधीशबाट नै प्रधानन्यायाधीश नियुक्ति हुनुपर्ने।
- कानुनको अन्तिम व्याख्या सङ्घीय सर्वोच्च अदालतले नै गर्न पाउनुपर्ने।

व्यवस्थापिकाको न्यायिक समिति (व्यवस्थापिका)ले नै अदालतको न्याय प्रशासन र न्याय सम्पादन दुवै काम गर्ने[१८] देखिन्छ।

सर्वोच्च अदालतले मुलुक सङ्घीयतामा जाँदा चार तहका अदालत राख्ने सुझाव संविधानसभा न्यायप्रणालीसम्बन्धी समितिलाई दियो। सर्वोच्चले केन्द्रमा सङ्घीय सर्वोच्च अदालत प्रत्येक प्रान्तमा हाइकोर्ट, जिल्लामा जिल्ला अदालत र आवश्यकता अनुरूप स्थानीय अदालत राख्न प्रस्ताव गरेको छ। संसदीय सुनुवाइ गर्न नहुने र न्यायाधीशमा तत्कालका लागि समानुपातिक गर्न कठिन हुने न्यायपालिकाभन्दा बाहिरबाट प्रधानन्यायाधीशको नियुक्ति उचित नहुने, सानातिना मुद्दामा पुनरावेदन सुन्न जिल्लालाई अधिकार दिइनुपर्ने, न्यायाधीशको नियुक्ति, छानबिन र कारवाहीका लागि अधिकार सम्पन्न भिन्नै न्यायिक समिति बनाइनु नहुने, न्यायपरिषद्को आवश्यकता, संविधानको अन्तिम व्याख्यामा सर्वोच्च अदालत हुनुपर्ने र न्यायाधीशको उमेरहद ६५ वर्ष नै उपयुक्त हुनेजस्ता राय[१९] न्यायाधीशहरूको छ।

संविधानसभामार्फत बन्न लागेको नयाँ संविधानमा न्यायालयबारे सुझाव र दबाबहरू पनि पर्याप्त मात्रामा दिइयो। तर, ती सुझावलाई संविधानसभाको न्यायिक समितिले भने बहुमतको आडमा कार्यान्वयन गरेन। आफैँ कानुन बनाउने, आफैँ व्याख्या गर्ने, न्यायाधीश नियुक्ति, कारबाही पनि आफैँ गर्ने गरी संसद्लाई अधिकार दिने विवादास्पद निर्णयलाई कानुन व्यवसायीको छाता सङ्गठन नेपाल बार एसोसिएसनले समेत दह्रो रूपमा विरोध गर्न नसकेको टिप्पणी भयो।

न्यायिक समितिको प्रतिवेदन संविधानसभाको पूर्ण बैठकमा समेत छलफल भएको थियो। यी छलफलमा काङ्ग्रेस, एमाले, राप्रपालगायतका राजनीतिक दलहरूका सभासद्हरूले संविधानमा राखिएका न्यायाधीश नियुक्ति, कारबाही र पुन:नियुक्तिका प्रावधान प्राकृतिक न्यायको सिद्धान्तविपरीत भएको, एकदलीय अधिनायकवाद लाद्न खोजिएको, संविधानको आधारभूत सिद्धान्तविपरीत, लोकतान्त्रिक मूल्य र मान्यताविपरीत भएका जस्ता कुराहरूलाई उठाई यस्ता कुराहरू मान्य नहुने दावा गरे। तर, प्रतिवेदनमा आएका विषयको समर्थन गरी एकीकृत माओवादी, मधेसवादी तथा विभिन्न जनजातिहरूबाट आएका सांसदहरूले यसलाई जनपक्षीय र जनताको पहुँचमा न्यायप्रणालीलाई ल्याउन र जनताप्रति उत्तरदायी न्यायप्रणाली विकसित गरिने अवधारणा प्रस्तुत गरे।

माओवादी सरकारका समयमा संविधान र कानुनको न्यूनतम मानमर्यादाको ख्याल नगरी गरिएका गैरसंवैधानिक र गैरकानुनी अधिकांश राष्ट्रिय महत्त्वका निर्णयहरूमा सर्वोच्च अदालतले अन्तरिम आदेश जारी गरी कानुन र संविधान परिपालन गर्न पाठ सिकाएको थियो। यी कारणहरूको कुल परिणामस्वरूप नै माओवादी स्वतन्त्र न्यायपालिकाको विरुद्धमा र निर्देशित र नियन्त्रित अनि नाम मात्रको न्यायपालिकाको पक्षमा उभिन पुगेको हो[२०]। यो प्रतिवेदनमा उठाइएका विचारधाराले लोकतन्त्रका आधारभूत स्तम्भ न्यायिक स्वतन्त्रतामाथि नै प्रहार गर्ने र न्याय क्षेत्रलाई तहसनहस गरी राजनीतीकरण गर्न र अस्थिरता उत्पन्न गर्न प्रयास गरेको प्रस्ट हुन्छ। न्याय प्रणाली समितिको बहुमतद्वारा पारित अवधारणा शक्ति पृथकीकरण र स्वतन्त्र न्यायिक पद्धति तथा कानुनी राज्यको अवधारणाविपरीतको प्रयास हो।

न्याय प्रणाली समितिको मस्यौदाका केही विवादास्पद पक्षहरू

न्यायाधीशहरूको नियुक्ति, पदमुक्ति र कारबाहीको अवस्था

व्यवस्थापिकाको न्यायिक समितिबाट न्यायाधीशको नियुक्तिको सिफारिस गर्ने र व्यवस्थापिकाको अनुमोदन भएपछि नियुक्ति पाउने व्यवस्था स्वतन्त्र न्यायपालिकाको अवधारणा अनुकूल हुँदैन। संसदीय सुनुवाइ गर्ने व्यवस्थालाई अनुशरण गरिसकेको अवस्थामा व्यवस्थापिका र कार्यपालिकाको प्रत्यक्ष प्रभावबाट मुक्त रहेको कार्यपालिका र व्यवस्थापिकाको प्रतिनिधित्वसम्म हुने गरी न्यायपरिषद्जस्तो एक संयन्त्र निर्माण गरी त्यस संयन्त्रबाट न्यायाधीशको नियुक्तिको सिफारिस गर्ने व्यवस्था गर्न सकिन्छ र संसदीय सुनुवाइ नै राख्ने भए त्यसपछि संसदीय सुनुवाइ गर्ने व्यवस्था उचित हुन सक्छ। सर्वोच्च अदालतमा कार्यरत न्यायाधीशमध्येबाटै

१८. भट्टराई, टीकाराम। 'स्वतन्त्र न्यायपालिकाको पक्षमा' *http://kantipuronline.com/kolnepalinews.php?nid=212467*

१९. पूर्ववत् टिप्पणी नं. ४

२०. पूर्ववत् टिप्पणी नं. १८

प्रधानन्यायाधीशमा नियुक्ति गर्दा अनुभवको निरन्तरता र राजनीतिको प्रभाववाट न्यायालय मुक्त हुन्छ। बाहिरबाट प्रधानन्यायाधीश नियुक्ति गर्ने व्यवस्था गरिएमा राजनीतिको प्रभाव पर्ने र न्यायाधीशको अनुभव नै नभएको व्यक्ति प्रधानन्यायाधीश हुनसक्ने सम्भावना रहन्छ।

हालको न्यायपरिषद्को स्वरूप र कार्यपद्धति के हुने तथा प्रान्तस्तरका अदालतहरूमा न्यायाधीशहरूको नियुक्ति, सेवा सर्त एवम् पदमुक्तिसम्बन्धी विषय हेर्ने केन्द्रीय/प्रान्तीय निकायको गठनलगायतका विषय विवादास्पद देखिन्छ। केन्द्रीयस्तरको न्यायपरिषद्को गठन विधिमा प्रान्तीय प्रतिनिधित्वको व्यवस्था मिलाएर समायोजन गर्न सकेमा एउटै केन्द्रीय निकायको माध्यमबाट यो जिम्मेवारी पूरा हुनसक्ने केही विज्ञहरूले धारणा व्यक्त गरेका छन्[३१]। न्यायपरिषद्को गठन र सञ्चालनलाई अझ बढी सक्षम, सक्रिय र प्रभावकारी बनाउन सकिने सम्भावना प्रशस्तै छ। न्यायप्रणाली समितिद्वारा प्रस्तुत मस्यौदामा न्यायाधीशको नियुक्ति र बर्खासीको अधिकार र संसद्को अधीन रहने गरी प्रस्ताव गरिनु, न्यायप्रणालीको संरचनाको विषयमा विभाजित मतका कारण यसको औचित्य एवम् विश्वनीयतामाथि प्रश्न उठाउन सकिने थुप्रै ठाउँहरू छन्।

अब बन्ने संविधानमा न्यायिक स्वतन्त्रता नगुम्ने गरी उत्तरदायी एवम् जवाफदेहीयुक्त न्यायपरिषद्को संरचना बनाइनु अवश्यक छ। अनि मात्र यसले स्वतन्त्र र सक्षम न्यायपालिकाको प्रत्याभूति दिलाउने गरी काम गर्न सक्नेछ भन्ने विश्वास गर्न सकिन्छ। भावी संविधानमा न्यायपरिषद्को बनावट कस्तो रहनु पर्छ भन्ने विषयमा स्पष्ट दृष्टिकोण आवश्यक छ। सङ्घीय स्वरूपको नियुक्ति, सरुवा र अनुशासनसम्बन्धी कारबाही गर्नका लागि न्यायिक कार्य सञ्चालनका सम्भावित र समग्र पक्षमा विचार गरी परिषद्को गठन कार्य र सञ्चालन विधि तय हुनु आवश्यक छ। न्यायपरिषद्को बनोट र कार्य सञ्चालन पद्धतिलाई अन्यथा रूपमा व्यवस्थित गर्दा शक्तिको सन्तुलन र व्यावहारिकता खलबलिने, न्यायपालिकाको स्वतन्त्रतामा असर पर्ने र न्यायपरिषद्को कार्य सञ्चालनमा कठिनाइ आइपर्ने पर्याप्त सम्भावनाहरू देखिन सक्छन्[३२]। न्यायपालिकाका लागि बजेट व्यवस्था मिलाउनेलगायतका आर्थिक स्वायत्ततासम्बन्धी अवधारणाको कार्यान्वयनमा सरकार तथा जनप्रतिनिधिहरूको समेत सहमतिमा रहोस्, साथसाथै न्यायपालिकाको स्वतन्त्रताको संरक्षण र आवश्यकता तथा कठिनाइहरूको समेत सम्बोधन हुन सकोस् भन्ने अभिप्रायले न्यायाधीश समाज नेपालद्वारा संविधानसभामा पेस गरेको सुझावमा एउटा राष्ट्रिय न्यायपरिषद्को गठन हुनुपर्ने प्रस्ताव गरिएको छ[३३]।

प्रजातान्त्रिक शासन प्रणालीको परिचय र परीक्षण गर्नुपर्दा कार्यपालिका र व्यवस्थापिकाले हस्तक्षेप गर्न नपाउने प्रभावकारी नियन्त्रण र सन्तुलनकारी संयन्त्रको रूपमा स्वतन्त्र न्यायपालिकासम्बन्धी व्यवस्था संविधानले गरेको छ/छैन भनी अनिवार्य रूपमा विचार गरिन्छ। जिल्ला, पुनरावेदन र सर्वोच्च अदालतका न्यायाधीशहरूको नियुक्तिका लागि वर्तमान अन्तरिम संविधानले समेत न्यायपरिषद्जस्तो उच्च निकायको व्यवस्था अङ्गीकार गरिसकेकाले भावी संविधानमा पनि न्यायाधीशहरूको नियुक्तिको सिफारिसका लागि थप प्रतिनिधित्व हुने गरी सुनुवाइ गर्न अधिकार तोकेर त्यस्तै कुनै स्वतन्त्र निकाय रहनु उपयुक्त हुन्छ[३४]।

सर्वोच्च अदालतका न्यायाधीशहरूलाई महाभियोगको संसदीय कारवाहीद्वारा पदमुक्त गर्न संवैधानिक प्रावधानले निरन्तरता पाउनुपर्छ। तर, अन्य अदालतहरूका न्यायाधीशहरूलाई कारवाही र पदमुक्त गर्न विगत वा वर्तमानमा प्रभावकारी प्रक्रिया नरहेको गुनासोसमेत छ। यसरी कमी र कमजोरीहरू निराकरण गरी न्यायपरिषद्लाई प्रभावकारी बनाउन सकिन्छ। न्यायप्रणाली समितिले पूर्ण संसदीय नियन्त्रणको व्यवस्था प्रस्तावित गरेको स्वतन्त्र न्यायपालिकासम्बन्धी विश्वव्यापी मान्यताविपरीत राजनीतिक नियन्त्रण र प्रभाव न्यायपालिकामाथि पार्ने उद्देश्य राखेको देखिन्छ।

न्यायाधीशउपरको महाभियोगमा कारवाही वा

---

२१. अनौपचारिक क्षेत्र सेवा केन्द्र र संवैधानिक कानुन मञ्च। 'नयाँ बन्ने संविधानमा न्यायपालिका'। काठमाडौँ। ०६६ असोज २

२२. कुँवर, टेकनारायण। 'भावी संविधानमा न्यायपरिषद्को संरचना'। *कानुन*। (अङ्क ७७) ०६६ कात्तिक १५ : पृ. २८

२३. पूर्ववत्

२४. कार्की, बद्रीबहादुर। 'सङ्घीय गणतन्त्र नेपालको भावी न्यायिक संरचना'। *कानुन*, अङ्क ७७। ०६६ कात्तिक १५, पृ.४२

निर्णय गर्ने अधिकारसम्म व्यवस्थापिकालाई दिइनुपर्ने र न्यायाधीशउपर भ्रष्टाचारको कसुरमा अनुसन्धान गर्न एक स्वतन्त्र निकाय र मुद्दाको सुनुवाइ एवम् निर्णय गर्ने एक सक्षम विशेष अदालतजस्तो न्यायिक निकायको स्थापना गर्ने व्यवस्था हुनुपर्छ। सङ्घीय व्यवस्थापिकाको विशेष न्यायिक समितिले गठन गरेको विशेष अदालतमा मुद्दा दायर गरी सो अदालतले ठहर गर्ने भन्ने प्रस्तावित व्यवस्था स्वतन्त्र न्यायपालिकाको मापदण्डको पूर्णत: प्रतिकूल हुन्छ[२५]।

भावी संविधानमा न्यायाधीशको पुन:नियुक्तिको व्यवस्था राखिएमा न्यायालय राजनीति हावी हुने सम्भावना प्रवल रहन्छ। न्यायाधीशको गरिमा र मर्यादामा आघात पुग्ने भई न्यायपालिका स्वतन्त्र होइन, निर्देशित निकाय बन्न सक्छ। तसर्थ, पुन: नियुक्तिको व्यवस्था राख्ने नै हो भने पनि पुन: नियुक्तिमा पर्ने वा नपर्ने आधारहरू वस्तुनिष्ठ र पारदर्शी ढङ्गले संविधानमा नै राखिनु पर्छ।

वर्तमान अन्तरिम संविधानले सर्वोच्च अदालतको प्रधानन्यायाधीश तथा अन्य न्यायाधीशहरूको पदमा नियुक्तिपूर्व संसदीय सुनुवाइको व्यवस्था थप गरी सङ्क्रमणकालदेखि नै लागू गरेकाले यसबाट केही हदसम्म यस प्रक्रियाले न्यायपालिकामाथि राजनीतिक प्रभाव पर्न थालेको अनुभव भएको छ[२६]। संसदीय सुनुवाइको यो हचुवा प्रवेश नेपाली न्यायिक नियुक्तिको इतिहास एवम् परम्परामा सर्वथा नौलो तथा एक विवादास्पद व्यवस्था देखिएको छ। प्राय: राष्ट्रपति पद्धतिको शासन प्रणाली अन्तर्गत न्यायाधीशहरूको नियुक्ति राष्ट्रपतिबाट हुने हुँदा निजको अधिकारमाथि राजनीतिक नियन्त्रणको प्रयोजनले अवलम्बन गरिने यो नियुक्तिको पद्धतिलाई भावी शासन पद्धति संसदीय वा राष्ट्रपतीयमध्ये कुनमा नेपाल जाने हो भन्ने अन्तिम निर्णय नहुँदै प्रयोगमा ल्याउनुको उद्देश्य र उपादेयता आफैंमा विवादास्पद देखिएको छ। सङ्घीय नेपालका निमित्त के कस्तो शासनप्रणाली अवलम्बन गरिने हो भन्ने कुराको टुङ्गो लाग्नुअघि संसद्बाट न्यायाधीशको नियुक्ति र बर्खासीसम्बन्धी विवादास्पद व्यवस्था बहुमतीय प्रस्ताव गरेर 'न्यायप्रणाली समिति' विवादमा परेको छ। सङ्घीय संवैधानिक शासनप्रणालीको प्रभावकारिता र स्थायित्वका लागि एक स्वतन्त्र, सक्षम एवम् प्रभावकारी सर्वोच्च अदालत र अन्य अदालतहरूको व्यवस्था संविधानले गर्नुपर्छ[२७]।

प्रधानन्यायाधीश सीधै बाहिरबाट नियुक्ति गर्ने, न्यायाधीशको नियुक्ति र बर्खास्त न्यायपरिषद्ले गर्नुपर्ने, केन्द्रीय निकायले नै राज्यस्तरको पनि न्यायाधीश नियुक्त गर्न पाउनुपर्ने र संविधान व्याख्याको अधिकार सर्वोच्च अदालतलाई मात्र हुनुपर्ने विषयमा दलहरूबीच फरक मत आएका छन्। काङ्ग्रेस, एमाले, समाजवादी, लोकतान्त्रिक दल, परिवार दल र राप्रपा नेपालका सभासद्ले यस विषयमा संयुक्त रूपमा फरक मत प्रस्तुत गरेका थिए। व्यवस्थापिकालाई व्याख्या गर्न दिने व्यवस्था शक्ति पृथकीकरणको सिद्धान्तविपरीत हुने भएकाले कानुन बनाउने निकायले नै कानुनको व्याख्या गर्ने भए न्यायालयको औचित्य नरहने उनीहरूको मत छ।

मस्यौदामा प्रस्तावित विषय शक्ति पृथकीकरणको सिद्धान्त र स्वतन्त्र न्यायपालिकाको सिद्धान्तविपरीत रहेको तर्क अन्य दलको थियो। तर, माओवादीले भने न्यायालयलाई राजनीतिबाट मुक्त राख्नका लागि राजनीतिक विषयको व्याख्या गर्न दिन नहुने मत राख्दै आएको छ। मधेसी जनअधिकार फोरमले संविधान व्याख्याका लागि छुट्टै संवैधानिक अदालत खडा गर्नुपर्ने विषयमा फरक मत राखेको थियो भने अन्य विषयमा माओवादी मतलाई समर्थन गरेको थियो। संसद्बाट नियुक्तिको प्रावधानले न्यायिक स्वतन्त्रता स्थापित नहुने र न्यायालय संसद्को अधीनस्थ हुन्छ। संसद्लाई नियुक्तिको अधिकार दिइयो भने संसदीय निरङ्कुशता स्थापित हुन जान्छ।

वर्तमान अन्तरिम संविधानको धारा १३८ ले सङ्घीयतालाई स्वीकार गरिसकेको पृष्ठभूमिमा सङ्घात्मक नेपालमा न्यायपालिकाको संरचना एवम् स्वरूप पनि सोही अनुकूल गरिनुपर्ने कुरामा विवाद हुन सक्दैन। एकात्मक शासन प्रणाली अन्तर्गतको नेपाल अधिराज्यको संविधान, २०४७ ले एक सर्वोच्च अदालत, १६ पुनरावेदन अदालत तथा ७५ जिल्ला अदालतसमेत गरी जम्मा तीन तहका सामान्य अदालतहरूको व्यवस्था गरेको थियो। नेपालको न्यायसम्बन्धी अधिकार वर्तमान अन्तरिम संविधान, २०६३ र अन्य कानुन तथा न्यायका मान्य सिद्धान्त अनुसार अदालत तथा न्यायिक निकायहरूबाट मात्र प्रयोग गरिने व्यवस्थाको परम्परा

---

२५. दाहाल, हरिहर। 'भावी संविधानको सन्दर्भमा न्यायपालिकाको स्वतन्त्रता'। *कानुन* (अङ्क ७७) ०६६ कात्तिक १५ : पृ.५९

२६. पूर्ववत् टिप्पणी नं. २४

२७. पूर्ववत् पृ. ४३

बसिसकेको छ। स्वतन्त्र न्यायपालिकासम्बन्धी अवधारणा र मूल्य र मान्यतालाई नेपालको न्यायपालिकाले अनुशरण गरी लोकतन्त्र र जनआन्दोलनको भावनालाई आत्मसात् गर्दै वर्तमान संविधानप्रति प्रतिबद्ध रहनुपर्ने बाध्यतासमेत अन्तरिम संविधानमा उल्लेख गरिएको छ। न्यायपालिकाले स्वतन्त्र हैसियत एवम् अधिकार क्षेत्रको व्यवस्था मिलाउँदा संविधानमा नै अदालतका तह, न्यायाधीशहरूको नियुक्ति, सेवाका सर्तहरू एवम् सेवाबाट अवकाश लिने-दिने व्यवस्थाहरू किटानसाथ लेखिने संवैधानिक परम्परा बसिसकेकाले भावी संविधानले पनि उल्लिखित विश्वव्यापी मूल्य र मान्यतालाई उपेक्षा गरिने छैन भन्ने विश्वास गर्न सकिन्छ।

कानुनको व्याख्या गर्ने अधिकार

हालसम्म सर्वोच्च अदालतले नै कानुनको संवैधानिकताको परीक्षण गर्दै आएको छ। केही समयदेखि नेपालमा पनि छुट्टै संवैधानिक अदालतको पद्धतिमा जानुपर्ने चर्चा उठेको छ। सर्वोच्च अदालतको संवैधानिक परीक्षणको अधिकार क्षेत्रलाई प्रभावकारी बनाएर नै यो उद्देश्य हासिल हुनसक्छ र मुख्य राजनीतिक दलहरू पनि सर्वोच्च अदालतकै पक्षमा देखिएका छन्। यदि छुट्टै संवैधानिक अदालतको पक्षमा जाने हो भने एकातिर बढी राजनीति प्रभावित हुने र सर्वोच्च अदालतको भूमिका घट्न गई अस्तित्व छायामा पर्ने खतरा हुन्छ भने अनुभवविहीन नयाँ सङ्गठन आफैंमा जोखिमयुक्त हुने सम्भावना रहन्छ भन्ने एउटा मत देखिएको छ भने सङ्घीय व्यवस्थामा प्रवेश र केन्द वा अन्तरप्रदेशको अधिकार क्षेत्रको मतभिन्नताजस्ता विषय हेर्न संवैधानिक अदालत आवश्यक छ भन्ने मत पनि त्यति नै बलियो देखिन्छ।

न्यायप्रणाली समितिले पेस गरेको मस्यौदाले न्यायपालिकाको अवमूल्यन गरी नागरिक सर्वोच्चताको आवरणमा पार्टीको सर्वोच्चतालाई स्थापित गर्न खोजेको स्पष्ट हुन्छ। तसर्थ, स्वतन्त्र न्यायपालिका र कानुनको शासनलाई स्थापित गर्नबाट न्यायालयलाई विचलन गर्नेजस्ता प्रावधान हटाउनु आवश्यक छ।

संसदीय सुनुवाइ

न्यायाधीश नियुक्तिमा संसदीय सुनुवाइ र अनुमोदनको पद्धतिले न्यायाधीश र अदालत दुवैलाई राजनीतिक प्रभाव एवम् विवादमा ल्याइरहने खतरा रहन्छ। संसदीय अनुमोदन अनिवार्य भएको अवस्थामा न्यायपरिषद्को भूमिका गौण हुन जान्छ भने अर्कोतर्फ संसदीय अनुमोदनको प्रक्रिया र प्रचलनबाट हुने उपलब्धि यसबाट हुने प्रतिकूल असरको दाँजोमा नगण्य हुने देखिन्छ। प्रायः कार्यकारी राष्ट्रपतीय शासनप्रणाली अन्तर्गत निजको अख्तियारीउपर थप नियन्त्रण राख्ने प्रयोजनले संसदीय सुनुवाइको औचित्य रहेको देखिन्छ भने संसद्प्रति उत्तरदायी हुने प्रधानमन्त्रीय पद्धतिमा यसको औचित्य र आवश्यकता देखिएको छैन। तर, हाम्रो सन्दर्भमा शासकीय स्वरूपको निर्धारण भई नसकेको तथा प्रधानमन्त्रीय पद्धतिको अन्तरिम संविधान अन्तर्गत पनि यस प्रक्रियाको प्रवेश र परम्परा व्यवहारबाट पनि उपलब्धिविहीन सिद्ध भइसकेको छ[२८]। साथै, यो प्रक्रिया व्यवस्थापिका तथा कार्यपालिकाको प्रत्यक्ष वा परोक्ष प्रभाव र नियन्त्रणबाट स्वतन्त्र न्यायपालिकाको स्थापना एवम् सञ्चालनको सिद्धान्तको समेत विपरीत हुन्छ[२९]।

न्यायाधीशको संसदीय सुनुवाइ गर्ने संवैधानिक प्रावधानलाई चुनौती दिई ०६४ फागुन २२ मा दर्ता भएको रिटमा[30] दुईपटक सामान्य आदेश भई छ महिनापछि मात्र कारण देखाऊ आदेश जारी भयो। त्यही संसदीय सुनुवाइ सामना गरी हालसम्म सर्वोच्च अदालतमा १२ न्यायाधीश र हालका प्रधानन्यायाधीश अनुपराज शर्मासमेत तीन जना प्रधानन्यायाधीशको नियुक्ति भएको छ। तर, रिटमा न कुनै टुङ्गो लाग्यो न त कुनै सुनुवाइ नै भयो। दुई वर्षपछि २२ असारमा बल्लतल्ल सुनुवाइको पालो आएको रिटलाई नयाँ संविधान बन्ने बेलासम्म उठाइरहनुपर्ने भएकाले यो मुद्दा राखिरहनु पर्ने बताए।

यस्तो विवाद राखिरहनु भन्दा चाँडै निर्क्यौल गर्नु आवश्यक छ। समयमै टुङ्गिएमा सर्वोच्चका निर्णय पालना अब बन्ने नयाँ संविधानमार्फत सम्बोधन गर्न सजिलो हुन्छ। न्यायिक स्वतन्त्रता र निष्पक्षतामा संसदीय सुनुवाइमा हस्तक्षेप हुनसक्ने हुँदा न्यायाधीशको मनोबल गिराउँछ। न्यायाधीशलाई महाभियोग र संसदीय सुनुवाइ दुवैतिरबाट नियन्त्रण हुने गरी ल्याइएको प्रावधान पूर्ण रूपमा गलत हो।

२८. पूर्ववत् टिप्पणी नं. २४, २६, २७ पृ.४६

२९. पूर्ववत् पृ.४२

३०. अन्तरिम संविधान, २०६३ को दोस्रो संशोधनले सर्वोच्च अदालतका न्यायाधीशको नियुक्तिका लागि संसदीय सुनुवाइ गर्नुपर्ने प्रावधान राखेपछि अधिवक्ता सुवोधमान नापितले ०६४ फागुन २२ मा रिट दायर गरेका थिए।

३. सर्वोच्च अदालतबाट यस वर्ष भएका केही महत्त्वपूर्ण निर्णयहरू

भूमिसुधार सम्बन्धमा

०५८ मा ल्याइएको भूमिसुधारसम्बन्धी हदबन्दी लागू गर्न आदेश

सर्वोच्च अदालतले ०५८ मा भूमिसुधार ऐनमा पाँचौँ संशोधन गरी ल्याइएको स्किम कडाइका साथ कार्यान्वयन गर्न सरकारका नाममा परमादेश जारी गरेको छ। हदबन्दीभन्दा बढी जग्गा राख्नेबाट खोसी कानुनमा व्यवस्था भए अनुसार मुक्त कमैया, दलित, जनजातिलाई बाँड्नुका साथै ऐन कार्यान्वयनका सम्बन्धमा प्रगति प्रतिवेदन सर्वोच्च अदालतमा प्रस्तुत गर्नसमेत आदेशमा भनिएको छ। मुलुकमा जुन क्षेत्रमा जति जग्गा-जमिन राख्न पाउने भनी कानुनमा उल्लेख छ, सोहीबमोजिम गर्न/गराउन आदेश दिएको हो[३१]।

भूमिसुधार आयोगलाई काम नगर्न आदेश

सरकारले एमाले नेता घनेन्द्रबहादुर बस्नेतको अध्यक्षतामा असोज महिनामा गठन गरेको उच्चस्तरीय भूमिसुधार आयोगलाई तत्काल काम नगर्नू/नगराउनू भनी सर्वोच्च अदालतद्वारा जारी अन्तरिम आदेशमा कात्तिक २५ गतेसम्म यसअघिको हरिबोलप्रसाद गजुरेलको अध्यक्षतामा गठित आयोगलाई नै काम गर्न दिनू भन्ने उल्लेख गरिएको छ। ०६५ मङ्सिर २५ मा माओवादी सरकारद्वारा जगुरेलको अध्यक्षतामा गठित आयोगको म्याद ०६६ असोज १३ मा समाप्त भएको थियो। म्याद समाप्त भएको मितिले अर्को छ महिना थप गर्न सरकारलाई पत्र लेखिएको थियो। तर, उक्त पत्रको कुनै वास्ता नगरी बस्नेतको अध्यक्षतामा असोज २१ गते गठित आयोग गैरकानुनी भएकाले बदर गर्न आदेश जारी गर्न माग गर्दै गजुरेलगायत आयोगका सदस्यहरूले दायर गरेका थिए। पछि अन्तरिम आदेश जारी खारेज गर्न माग गर्दै बस्नेतले दिएको निवेदनमा त्यसअघि जारी अन्तरिम आदेश खारेज गरिएको थियो।

महिलाअधिकार सम्बन्धमा

गर्भपतनसम्बन्धी कानुन बनाउन आदेश

नागरिकहरूको स्वास्थ्यसेवासम्बन्धी अधिकारका रूपमा स्वीकार गरिएको गर्भपतन सम्बन्धमा छुट्टै कानुन निर्माण गरी लागू गर्न सरकारका नाममा आदेश दिएको छ। गर्भपतनसम्बन्धी स्वास्थ्य र कानुनी सेवा खोज्ने नागरिकको गोपनीयतालाई सम्मान गर्न, सर्वसाधारणालाई यस्तो सेवा सजिलै उपलब्ध गराउन, सेवालाई विस्तार र विकेन्द्रीकरण गर्न र गर्भपतनसम्बन्धी गलत धारणा हटाउनका लागि चेतनामूलक कार्यक्रम सञ्चालन गर्न पनि परमादेशमा भनिएको छ। स्वास्थ्य सेवा दिने क्रममा लिने गरिएका महसुलहरू बढी हुने कुरालाई मनन गर्दै अदालतले गर्भपतनसम्बन्धी शुल्क तोक्नसमेत सो आदेशमा भनिएको छ। सुरक्षित र सुलभ गर्भपतनको अधिकारका लागि कानुनको निर्माण गर्न सरकारका नाममा आदेश जारी गर्न माग गर्दै महिला, कानुन र विकास मञ्चले तीन वर्षअघि सर्वोच्च अदालतमा रिट दायर गरेको थियो।

हिंसा रोक्न सरकारवादी मुद्दा बनाउन आदेश

सर्वोच्च अदालतले महिलामाथि तेजाब र एसिडजन्य पदार्थ खन्याएर गरिने हिंसा रोक्न कानुन बनाउन सरकारका नाममा परमादेश जारी गरेको छ। हालसम्म मुलुकी ऐन अनुसार यस्ता अपराधलाई कुटपिट मुद्दा अन्तर्गत चलाइँदै आएकामा अदालतले यस्तो अपराधलाई सरकारवादी मुद्दामा अभियोग लगाउने व्यवस्था गर्न पनि आदेशमा भनेको छ।

विवाहित महिलालाई प्रहरीमा भर्ती गर्न प्रहरी नियमावली संशोधन गर्न आदेश

प्रहरी नियमावली, २०५८ को नियम ३ र ४ को प्रावधान अन्तरिम संविधान धारा १३, १२ (च), २० (१) र २१ को विपरीत हुनुका साथै नेपाल पक्षराष्ट्र भएको अन्तर्राष्ट्रिय सन्धिविपरीत भएकाले सो प्रावधान संशोधन गर्न माग गर्दै दायर रिटमा सर्वोच्च अदालतले सो प्रावधान खारेज गर्न सरकारका नाममा आदेश दिएको छ।

विवाहिता महिलालाई सेना/प्रहरीमा खुला प्रतिस्पर्धाद्वारा भर्ती हुन नपाउने र आधारभूत तालिमका समयमा विवाह गर्न निषेध गरिएको प्रावधान अन्तरिम संविधानविपरीत भएको रिटमा उल्लेख छ। नयाँ सेना/प्रहरी नियमावली मस्यौदा गर्दा निवेदकसँग परामर्श गर्न र सैनिक ऐन, २०६२ अन्तर्गत नियमावली बनाउँदा सेना/प्रहरी नियमावली, २०५८ मा आएका

३१. भूमिसम्बन्धी ऐन, २०२१ लाई २०५८ मा पाँचौँ संशोधन गरी कुनै व्यक्ति वा निजको परिवारले जग्गावालको हैसियतमा मुलुकमा जम्मा १० बिघा जग्गा-जमिन मात्र राख्न पाउने व्यवस्था गरेको थियो।
सो ऐनमा संशोधन गरे अनुसार कुनै व्यक्ति वा निजको परिवारले भित्री मधेस र सम्पूर्ण तराई क्षेत्रमा १० बिघा, काठमाडौँ उपत्यकाभित्र २५ रोपनी, काठमाडौँ उपत्यकाबाहेक सम्पूर्ण पहाडी क्षेत्रमा ७० रोपनीसम्म राख्न पाउने व्यवस्था छ।

प्रावधान पुनः नदोहोऱ्याउन पनि आदेशमा भनिएको छ।

मुलुकी ऐन जबरजस्ती करणी महल संशोधन गर्न आदेश

जबरजस्ती करणीजस्तो महिलाउपर हुने अपराधमा मुलुकी ऐन जबरजस्ती करणीको महलको ११ नम्बरमा व्यवस्था गरेको ३५ दिने हदम्यादलाई बढाउन ०६१ सालमा निर्देशनात्मक आदेश जारी गरिएकामा सोलाई आजसम्म संशोधन नगरिएकाले उक्त ११ नम्बरलाई चाँडो संशोधन गर्न आवश्यक कारबाहीका लागि निर्देशनात्मक आदेश जारी गरेको छ।

नागरिकता सम्बन्धमा

बाबु वा आमामध्ये दुवैलाई वंशज मानी बाबु वा आमामध्ये कुनै एकको नामबाट नागरिकताको प्रमाणपत्र लिने अधिकार नेपाल नागरिकता नियमावली, २०६६ को दफा ३ समेतले गरेको हुँदा बाबुको ठेगानाबाट मात्र नागरिकताको प्रमाणपत्र लिनुपर्ने कुरा उपरोक्त नेपाल नागरिकता नियमावली, २०६३ र नेपाल पक्ष भएका मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय मापदण्डको समेत विपरीत हुने भनी फैसला गरेको छ।

महिला आयोगलाई सशक्त बनाउन आदेश

महिला आयोग ऐन अनुसार आयोगलाई सशक्त बनाउन आवश्यक नीति निर्माण गर्न सरकारका नाममा आदेश जारी गरेको छ। राष्ट्रिय योजना आयोग र अर्थ मन्त्रालयका नाममा आदेश जारी गर्दै अदालतले आवश्यक नीति तथा कार्यक्रम तर्जुमा गर्नुका साथै आयोगलाई बजेट उपलब्ध गराउन पनि भनेको छ।

सम्पत्ति सम्बन्धमा

सरकारले सार्वजनिक जग्गा प्राप्त गर्ने सम्बन्धमा

सरकारले कुनै पनि नागरिकलाई उचित क्षतिपूर्ति दिई उसको जग्गा प्राप्त गर्न सक्ने निर्णय गरेको छ। सरकारले जुन प्रयोजनका लागि भनेर लिएको जग्गा सो प्रयोजनका लागि प्रयोग नगरेको हुँदा सो जग्गा फिर्ता गर्नुपर्ने भनी हालिएको निवेदनमा सर्वोच्च अदालतले एकपटक उचित क्षतिपूर्ति दिई जग्गा लिइसकेपछि सो जग्गा सरकारले फिर्ता गर्न नपर्ने भनी निर्णय गरेको हो।

आयोजना सम्पन्न गर्दा व्यक्तिलाई विस्थापित नगर्न आदेश

चःमती जग्गा एकीकरण आयोजना सम्पन्न गर्न सरकारका नाममा निर्देशनात्मक आदेश जारी गरेको छ। काठमाडौँ महानगरपालिका-१५ र १६ मा पर्ने चःमती जग्गा एकीकृत आयोजनाका कारण त्यहाँबाट कसैलाई पनि विस्थापित नगर्नु र आयोजनाबाट हुने प्रतिफलको ७५ प्रतिशत स्थानीयबासीलाई दिने व्यवस्था गर्नसमेत आदेशमा भनिएको छ। त्यहाँको वातावरणमा प्रतिकूल असर नपर्ने गरी आयोजना छिट्टै सम्पन्न गर्न पनि आदेशमा भनिएको छ।

कब्जा सम्पत्ति फिर्ता गर्न आदेश

सशस्त्र द्वन्द्वकालमा माओवादीबाट कब्जा गरिएको घर र सम्पत्ति तीन महिनाभित्र फिर्ता गर्न सरकारका नाममा आदेश जारी गरेको छ। जिल्लास्तरमा संयन्त्र खडा गरी कब्जा सम्पत्ति यकिन गर्न र त्यसका आधारमा व्यवस्थित रूपमा फिर्ता गर्न परमादेश जारी गरेको हो।

आफूहरूले २ सय ५० बिघा जग्गा कब्जा भएको दाबीसहित दाङ, बर्दिया, कैलाली र सल्यानका ४४ पीडितद्वारा ०६४ चैत १९ गते दायर रिटमा निर्णय गर्दै सर्वोच्च अदालतले वास्तविक जग्गाधनी पहिचान गरेर मात्र सम्पत्ति फिर्ता गर्न र कब्जा गर्नेले सम्बन्धित धनीको सम्पत्ति नोक्सान पुऱ्याएको भए मापदण्ड बनाएर न्यायोचित क्षतिपूर्ति उपलब्ध गराउनसमेत आदेश दिएको छ।

बेपत्ता सम्बन्धमा

भैरवनाथ गणबाट बेपत्ताको विवरण माग

सरकार-माओवादी द्वन्द्वकालमा भैरवनाथ गणबाट बेपत्ता भएका ४९ जनाको स्थिति छानबिन विवरण पठाउन सर्वोच्च अदालतले राष्ट्रिय मानवअधिकार आयोगलाई आदेश दिएको छ। ४९ जनासँगै बेपत्ता भएका भक्तपुरका पदमनारायण नकर्मीको खोजबिनका लागि माग गर्दै दायर रिट निवेदनको सुनुवाइपछि अदालतले आयोगलाई भैरवनाथ गणबाट हटाएका भनिएकाको स्थिति छानबिन भइरहेको वा नभएको बारेको विवरण पठाउन आदेश दिएको हो।

द्वन्द्वकालमा बेपत्ता भएकाको स्थिति सार्वजनिक गर्न आदेश

१० वर्ष लामो सशस्त्र द्वन्द्वमा बेपत्ता भएकाहरूको अवस्था अनुसन्धान गरी सार्वजनिक गर्न सरकारका नाममा आदेश जारी गरेको छ। राज्यद्वारा बेपत्ता बनाइएका छन् वा अरू कसैद्वारा वा स्वयम् नै बेपत्ता भएका नै किन नहून्, यो सबैको स्थिति सार्वजनिक गर्ने कानुनी दायित्व सरकारको भएकाले सो

कार्य शीघ्र थालनी गर्नु भनी ०६५ चैत २० मा आदेश जारी गरेको छ।

मानवअधिकार रक्षकका सम्बन्धमा

मानवअधिकार रक्षकको अधिकार संरक्षण गर्न आदेश

मानवअधिकार रक्षकको अधिकारको संरक्षण गर्न विशेष कानुनको निर्माण गर्न निर्देशनात्मक आदेको माग गर्दै परेको निवेदनमा सर्वोच्च अदालतले मानवअधिकार रक्षकको सुरक्षाका लागि सुरक्षा नीति बनाई लागू गर्न सरकारका नाममा निर्देशन दिएको छ।

पत्रकार प्रकाश ठकुरीको हत्या मुद्दा फिर्ताको कारण माग

पत्रकार प्रकाश ठकुरीको हत्याका अभियुक्तहरूका मुद्दा फिर्ता लिनुको कारण पेस गर्न सरकारले आदेश दिएको छ। जिल्ला अदालतमा मुद्दा दायर भई फैसला हुने चरणमा रहेको बेला ०६५ कात्तिक ११ मा मन्त्रिपरिषद्ले राजनीतिक प्रकृतिका नाममा ठकुरीसहित विभिन्न फौजदारी मुद्दा फिर्ता लिएकामा हत्यामा संलग्नविरुद्ध चलिरहेको ज्यान मुद्दामा कानुनबमोजिम प्रक्रिया पूरा गर्न माग गर्दै ०६५ चैत ५ गते रिट दायर गरिएको थियो[३२]।

सूचना उपलब्ध गराउन आदेश

पत्रकार रामप्रसाद दाहाललाई *राजधानी* दैनिकले पारिश्रमिक नदिएको सम्बन्धमा गरेको निर्णय उपलब्ध गराउनु भनी सूचना विभागका नाममा परमादेश जारी गरेको छ। *राजधानी* दैनिकबाट ०६१ फागुन २० गते पारिश्रमिक नदिई गैरकानुनी ढङ्गबाट अवकाश दिएपछि सूचना विभागमा *राजधानी* दैनिकबाट पारिश्रमिक दिलाई पाउँ भनी दिएको निवेदनमा समितिले गरेको निर्णय मन्त्रालयको निर्देशनबिना दिन मिल्दैन भन्दै सूचनाको हकबाट वञ्चित गरेको भन्दै ०६५ साउन २३ गते रिट दायर गरिएको थियो।

बालअधिकार सम्बन्धमा

सर्कसमा बालबालिकाको प्रयोग मानव बेचबिखन

सर्वोच्च अदालतले सर्कसमा बालबालिकाको प्रयोग गर्नु मानव बेचबिखन हो भनी भनेको छ। सर्कसजस्तो जोखिमपूर्ण काममा बालबालिकाको प्रयोगले बालबालिकाको मौलिक अधिकारको उल्लङ्घनका साथै मानव बेचबिखन ऐन, १९७६ विरुद्ध भन्दै यो फौजदारी अपराध भएकाले रोक्नुपर्ने भनेको छ। यस्तो जोखिमपूर्ण काममा लगाउने अधिकार बालकका अभिभावक समेतलाई पनि नहुने आदेशमा भन्दै अभिभावकलाई यस्तो करार गर्ने अधिकार हुँदैन भनिएको छ।

बेचबिखनका सम्बन्धमा विद्यालयमा जनचेतनामूलक कार्यक्रम आवश्यक रहेको र फौजदारी न्याय प्रणालीमा बालअधिकारसम्बन्धी सुनुवाइ गर्दा बालबालिकासम्बन्धी निर्देशिका तयार गरी लागू गर्नसमेत भनिएको छ।

बालसुधार गृहको व्यवस्था गर्न आदेश

प्रहरीले सुधार गृहमा क्षमता अभाव देखाई हिरासतमा फिर्ता पठाउनु गैरकानुनी भएको दावी गर्दै परेको रिट निवेदनमा सर्वोच्च अदालतले बालसुधार गृहको व्यवस्था गर्न सरकारलाई निर्देशनात्मक आदेश दिएको छ।

न्यायिक निकायबाट सुधार गृहमा पठाउन आदेश भएका भिन्नभिन्न अभियोगमा राजधानीबाट पक्राउ ११ बालकलाई प्रहरी हिरासतमा फिर्ता पठाएको दावी गर्दै परेको रिटमा उक्त आदेश दिएको हो।

प्रमुख जिल्ला अधिकारीको आदेशमा बालबालिकालाई थुनामा राख्न नपाइने आदेश

प्रमुख जिल्ला अधिकारी (प्रजिअ)को आदेशमा बालबालिकालाई थुनामा राख्न नपाउने फैसला सर्वोच्च अदालतले गरेको छ। आदेश अनुसार सीडीओले बाल इजलास गठन भएका जिल्लामा[३३] बालबालिकाका मुद्दा बाल इजलासले नै हेर्ने भएकाले सीडीओले हेर्न नपाउने भएको छ। सीडीओले १८ वर्षमुनिका बालबालिकाको सार्वजनिक अपराध मुद्दा हेर्न र थुनामा राख्ने कार्य बन्देज लगाउन गृह मन्त्रालयमा पत्राचारका लागि समेत आदेश दिएको छ।

काठमाडौँका प्रमुख जिल्ला अधिकारीको आदेशमा बन्दी बनाइएका रामेछापका १४ वर्षीय सरोज राईलाई थुनामुक्त गर्न माग गर्दै असोज २७ गते दायर रिटको फैसला गर्दै सर्वोच्चले यस्तो निर्णय गरेको हो। केन्द्रीय कारागारमा रहेका राईलाई काठमाडौँ जिल्ला अदालतको बाल इजलासमार्फत मुद्दाको सुनुवाइ गर्नसमेत आदेश दिएको छ।

---

३२. पत्रकार ठकुरीलाई माओवादीका कार्यकर्ताहरू र भ्रातृसङ्गठन वाईसीएलसम्बद्ध व्यक्तिहरूको ०६४ असार २१ मा अपहरण गरी बेपत्ता बनाएको रिट निवेदनमा उल्लेख छ।

३३. अहिले मुलुकका ३२ जिल्लामा बाल इजलासको व्यवस्था गरिएको छ। बालबालिकासम्बन्धी ऐन, २०४८ ले बालबालिकाका मुद्दा हेर्ने अधिकार जिल्ला अदालतको बाल इजलासलाई तोकेको छ।

बालअधिकार सम्बन्धमा

रक्षा शिक्षा गर्ने नाममा कुटपिट गर्नु प्रचलित संवैधानिक व्यवस्था र नेपाल सदस्य राष्ट्र भएको बालअधिकारसम्बन्धी महासन्धि एवम् नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी महासन्धिको विपरीत हुने भएकाले रक्षा शिक्षाका निहुँमा कुटपिट गर्नु अपराधजन्य कार्य हुन्छ भनी फैसला गरेको छ।

मानव बेचबिखनका सम्बन्धमा

मानव बेचबिखन ऐनको प्रावधान खारेज गर्न आदेश

मानव बेचबिखन र ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ८ मा रहेको कानुनी व्यवस्था नेपालको अन्तरिम संविधान, २०६३ को धारा २४ उपधारा (५)(९)द्वारा प्रदत्त हक र नेपालले अनुमोदन गरेको अन्तर्राष्ट्रिय सन्धि-सम्झौता एवम् न्यायका मान्य सिद्धान्तसमेतको प्रतिकूल देखिएको हुँदा मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६२ को दफा ८ अमान्य र बदर घोषित गरेको छ।

मानव बेचबिखनका सम्बन्धमा नेपाल-भारत अदालतका प्रमाण एकअर्कालाई मान्य हुने व्यवस्था गर्न आदेश

नेपाल र भारतमा हुने अपराधको विशेष गरेर मानव बेचबिखनका सम्बन्धमा दुवै देशमा अपराध हुने भएकाले अपराधीलाई कारबाही गर्नका लागि छानबिन गर्दा निस्किएका प्रमाण एकअर्काका देशका अदालतमा मान्य हुने व्यवस्था गर्न सरकारको ध्यानाकर्षण गराएको छ। जीउ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐनको प्रभावकारी कार्यान्वयन गर्नसमेत सरकारलाई उक्त आदेशमा निर्देशन दिएको छ।

जनजाति र पिछडिएका समुदायको सम्बन्धमा

संविधान निर्माणमा आदिवासी, जनजातिको सहभागिता

संविधान निर्माणमा आदिवासी जनजातिको सहभागिताका लागि संविधान ऐन र नियमावलीमा संशोधन गर्न माग गर्दै परेको रिटमा सरकारका नाममा कारण देखाऊ आदेश जारी गरेको छ।

नाई जातिलाई पिछडिएको जातिको सूचीमा नराख्नुको कारण माग

नाई जातिलाई पिछडिएको जातिको सूचीमा नराख्नुको कारण देखाउन सर्वोच्च अदालतले सरकारका नाममा कारण देखाऊ आदेश जारी गरेको छ।

कपाल, दाह्री र जुँगा काट्ने पेसामा संलग्न नाई जातिलाई पिछडिएको जातिको सूचीमा राखी निःशुल्क शिक्षा, आरक्षणलगायतको व्यवस्थाका साथै नाई जातिको उत्थानका लागि विशेष कानुन निर्माण गरी तुरुन्त कार्यान्वयनसमेत गर्न/गराउन नेपाल सरकारका नाममा परमादेश जारी गर्न रिटमा माग गरिएको छ।

शिक्षा शुल्क वृद्धिको रिटमा कारण माग

मनोमानी ढङ्गले बढाएको शुल्क खारेज माग गर्दै निजी विद्यालयविरुद्ध परेको रिटमा सर्वोच्च अदालतले निजी विद्यालयहरूसँग शुल्क वृद्धिको कारण माग गरेको छ।

माइतीघरमा विरोध निषेधमा कारण माग

माइतीघर मण्डलालगायतका स्थानमा विरोध कार्यक्रम गर्न नपाइने काठमाडौँ जिल्ला प्रशासनको सूचना खारेज गर्न माग गर्दै ०६६ वैशाख १२ मा दायर रिटमा सर्वोच्च अदालतले सरकारसँग कारण माग गरेको छ। जिल्ला प्रहरी कार्यालयले कात्तिक १८ मा सूचना जारी गर्दै माइतीघर मण्डलालगायतका स्थानमा शान्तिपूर्ण विरोधका कार्यक्रमसमेत सञ्चालन गर्न निषेध गरेको थियो।

उपभोक्ता अधिकार

उपभोक्ताहरूको सर्वोत्तम हित र सहुलियत सम्बन्धमा

नेपाल दूरसञ्चार कम्पनी लिमिटेडका उपभोक्ताहरू ठूलो सङ्ख्यामा रहेका र कम्पनीको विकास एवम् विस्तारमा उपभोक्ताहरूको प्रमुख भूमिका रहने तर कम्पनीको अधिकांश हिस्सा नेपाल सरकारमा रहेको र सो कारणबाट उक्त कम्पनी पनि सरकारी कम्पनीसरह नै रहेको हुँदा सो कम्पनीले भविष्यमा गर्ने कुनै पनि प्रकारका काम-कारबाहीहरू यसका उपभोक्ताहरूको सर्वोत्तम हित र सहुलियततर्फ उन्मुख रहनु भनी फैसला गरेको छ।

उपभोक्ता अधिकार संरक्षण गर्न

प्रतिस्पर्धा र बजार प्रवर्द्धन ऐन, २०६३ अनुरूप नियमावली लागू गर्न नसक्नुको कारण सरकारसँग सर्वोच्च अदालतले माग गरेको छ। उपभोक्ता संरक्षण मञ्चका तर्फबाट सरकारद्वारा ऐन अनुरूप नियमावली लागू नगर्नाले उपभोक्ताको अधिकारको गम्भीर उल्लङ्घन भएकाले त्यसतर्फ अदालतको हस्तक्षेप माग गरी रिट दायर गरिएको थियो[३४]।

३४. खुला बजार व्यवस्थापन गर्न र उपभोक्ताको अधिकार सम्वर्द्धनका लागि ल्याइएको ऐनलाई कार्यान्वयनमा ल्याउनका लागि नियमावलीको आवश्यकता पर्ने व्यवस्था छ।

एचआईभी सङ्क्रमितका अधिकार संरक्षण गर्न कानुन बनाउन आदेश

सर्वोच्च अदालतले एचआईभी पोजेटिभ सङ्क्रमितका अधिकारको संरक्षण गर्न तत्काल कानुन बनाई व्यवस्थापिका संसद्मा प्रस्तुत गर्न सरकारका नाममा आदेश जारी गरेको छ। एचआईभी सङ्क्रमितले पनि अन्यसरह समान अधिकारको उपभोग गर्न पाउनुपर्छ भन्दै रोगसँग प्रतिकार गरिरहेकाहरूलाई उपचार दिने क्रममा कुनै भेदभाव नगरिने सुनिश्चित गर्न र यस्तो कानुन निर्माण गर्दा विशेषज्ञहरूको राय-सुझाव लिनसमेत आदेशमा भनिएको छ।

झाडापखाला नियन्त्रण गर्न आदेश

हैजाग्रस्त मध्यपश्चिमका जाजरकोट, सुर्खेत, दैलेख र रुकुमलगायत जिल्लालाई सङ्क्रमण रोग ऐन, २०२० बमोजिम स्वास्थ्य सङ्कट क्षेत्र घोषणा गरी रोग नियन्त्रण कार्य अघि बढाइनुपर्ने माग गर्दै दायर रिटमा सर्वोच्च अदालतले हैजाग्रस्त जिल्लामा रोग नियन्त्रण गरी सर्वसाधारणको जीउधनको संरक्षण गर्ने कार्य थाल्नु भनी सरकारका नाममा आदेश जारी गरेको छ। सङ्क्रामक रोग ऐन, २०२० लाई बेवास्ता गरी रोग नियन्त्रणको प्रयास गरेको नदेखिएको ठहर गर्दै तुरुन्त त्यस्तो काम थाल्न सरकारलाई आदेश दिएको हो। रोग नियन्त्रणका प्रभावकारी प्रयास गरी सङ्क्रमित क्षेत्रमा औषधी, चिकित्सक र अन्य आवश्यक स्रोत तथा साधन जुटाई जीउधनको संरक्षण गर्न पनि भनिएको छ।

मैना हत्याका आरोपीलाई निलम्बन आदेश

काभ्रेपलाञ्चोक जिल्ला अदालतले मैना सुनुवारको हत्यामा आरोपित नेपाली सेनाका तत्कालीन सहसेनानी निरञ्जन बस्नेतलाई दोषी पाइएको भन्दै सैनिक ऐन, २०६३ को दफा ६६(३) बमोजिम स्वत: निलम्बन गर्न आदेश दिएको छ[३५]।

४. न्यायाधीश नियुक्ति र विवाद

न्यायाधीश नियुक्तिमा कानुन व्यवसायीको पहुँच ५० प्रतिशत हुनुपर्ने भनी गरेको निर्णयले न्यायक्षेत्रका कर्मचारीको मनोबल गिराएको, स्वतन्त्र न्यायपालिकासँग मेल नखाने र न्यायाधीशको पद आरक्षणमा राख्न नहुने ठहर न्यायपालिका अधिकृत समाजले गरेपछि सुरु भएको टकरावले पुनरावेदन अदालतमा रिक्त स्थायी र अन्य अतिरिक्त न्यायाधीशहरूको नियुक्तिमा लामो समय भएको ढिलाइका कारण भदौ महिनामा पुनरावेदन अदालतमा स्थायी ३७ न्यायाधीशमध्ये चार जना कानुन व्यवसायी र अतिरिक्त १० न्यायाधीश पदमा कानुन व्यवसायी न्यायपरिषद्द्वारा नियुक्त भए। जिल्ला अदालतमा २७ न्यायाधीश सबै न्यायसेवाका अधिकृतबाट पदपूर्ति गरियो। न्यायाधीशको नियुक्तिले न्याय क्षेत्रमा व्यापक विवाद सिर्जना गऱ्यो। नियुक्तिका क्रममा योग्यता र वरिष्ठता नभई राजनीतिक भागबण्डा, नातागोता र न्यायपरिषद्का सदस्यहरूसँगको निकटतालाई आधारका रूपमा लिइएको आरोप अदालतकै न्यायाधीश, कानुन व्यवसायी र कर्मचारीले गरे। योग्यता र वरिष्ठताका आधारलाई पन्छाएर न्यायाधीश नियुक्ति गर्दा न्यायपरिषद्का अध्यक्ष एवम् प्रधानन्यायाधीश मीनबहादुर रायमाझीद्वारा पद बहालीका क्रममा सुधारको योजना र प्रतिबद्धता नै खण्डित भएको टिप्पणी सार्वजनिक न्यायपालिकाभित्रैबाट भएको थियो।

मुलुक नयाँ राजनीतिक प्रणालीमा जान लागेका बेला ठूलो सङ्ख्यामा न्यायाधीश नियुक्तिले यसको औचित्यमाथि प्रश्न उठाएको छ, जसलाई नियुक्त गर्दा अस्पष्ट मापदण्ड, राजनीतिक दल र परिषद् सदस्यहरूको निकट रहेर न्यायाधीश बन्ने र बनाउने परम्पराले न्यायालयप्रतिको जनविश्वास कायम गर्न नसक्ने स्पष्ट छ। राज्यकै पुन:संरचनाका क्रममा न्यायालयकै स्वरूप कस्तो हुने भन्ने पनि विचाराधीन रहेको अवस्थामा यति धेरै न्यायाधीश नियुक्त गर्नु आवश्यक थियो वा थिएन भन्ने प्रश्न पनि अगाडि आएको छ। अस्पष्ट मापदण्ड, वरिष्ठ र योग्यलाई पन्छाएर भागबण्डाका आधारमा न्यायाधीश नियुक्त गरिएको भन्दै सम्पूर्ण नियुक्ति नै खारेज गर्न माग गर्दै कानुन व्यवसायीहरूले सर्वोच्च अदालतमा रिटसमेत दायर गरे।

भागबण्डाका आधारमा नेपाली काङ्ग्रेस, नेकपा (एमाले), एकीकृत माओवादी र राष्ट्रिय प्रजातन्त्र पार्टीनिकटका कानुन व्यवसायीहरूले न्यायाधीश बन्ने मौका पाए। पुनरावेदन अदालतमा न्यायाधीश नियुक्त गर्दा राजनीतिक पार्टीको हस्तक्षेप बढी देखिएको छ भने जिल्ला न्यायाधीश नियुक्तिमा परिषद् सदस्यहरूको निकटता[३६]। कानुन व्यवसायीबाट नियुक्त हुने कोटामा व्यावसायिक दक्षता, योगता र न्याय सम्पादनको काममा पुऱ्याएको योगदानका आधारमा वरिष्ठतमबाट नियुक्त हुनुपर्नेमा दक्षता र योग्यतासमेत नपुगेका व्यक्तिहरू बेञ्चमा पुग्दा न्यायपालिकाको गरिमा कायम

३५. सात वर्षअघि स्थानीय मैना सुनुवारलाई सैनिक व्यारेकमा लगी अमानवीय यातना दिई हत्या गरिएको थियो।
३६. 'दलीय भागबण्डा'। *नेपाल*। अङ्क ८, वर्ष १०, ०६६ असोज ४: पृ ३४

हुन नसक्ने न्यायकर्मीहरूको धारणा छ।

नेपाल बार एसोसिएसनको मागबमोजिम वकिलबाट ५० प्रतिशत न्यायाधीश नियुक्त नगर्न न्यायपालिकाका कर्मचारीको सङ्गठन न्यायपालिका अधिकृत समाजले प्रधानन्यायाधीशसमक्ष ध्यानाकर्षण गराउँदै सेवाबाहिरका भन्दा भित्रका जनशक्ति नै तुलनात्मक रूपमा बढी उपयुक्त, सक्षम, इमानदार र योग्य हुने भएकाले न्यायाधीश नियुक्तिका क्रममा सेवाभित्रका जनशक्तिलाई नै प्राथमिकता दिनुपर्ने[३६] माग उनीहरूले राखेका थिए। बार एसोसिएसनले यसको प्रतिक्रिया दिने क्रममा सर्वोच्च अदालतले आफूमातहतका कर्मचारीलाई नियन्त्रणमा नराख्ने बार सदस्यबाट न्यायाधीश बनेकाहरूलाई फिर्ता बोलाउने चेतावनी दियो। न्यायाधीश नियुक्तिका सम्बन्धमा न्यायपालिका अधिकृत समाज र बारबीचको मतभेदले वास्तवमा यी दुवै निकाय जनताका सेवाग्राही हुन् भन्नेबारेमा शङ्का उब्जाएको छ।

प्रधानन्यायाधीश केदारप्रसाद गिरीले वैशाख २१ मा अवकाश पाएपछि रिक्त पदमा वरिष्ठताका आधारमा संवैधानिक परिषद्ले सर्वोच्चका न्यायाधीश मीनबहादुर रायमाझीलाई नियुक्ति गऱ्यो। न्यायपालिकाको सुधारका लागि भएको पञ्चवर्षीय रणनीति द्रुत गतिमा लागू गर्ने, अदालतमा व्याप्त ढिलासुस्ती कम गर्ने, पुराना मुद्दा छिन्न न्यायाधीशहरूको छुट्टै समूहगत व्यवस्था गरी प्राथमिकतामा राखेर मुद्दाको छिनोफानो गर्न मापदण्ड बनाउने एजेन्डा अगाडि सारेका थिए। मीनबहादुर रायमाझीले अवकाश लिएपछि सर्वोच्चका न्यायाधीश अनुपराज शर्मालाई संसदीय सुनुवाइ गरी प्रधानन्यायाधीशको जिम्मेवारी दिइयो। यसरी यस वर्ष नेपालको न्यायिक नेतृत्वमा तीनपटक परिर्वतन भयो।

५. नीतिगत सुधार

सर्वोच्च अदालतको पूर्ण बैठकले न्यायपालिकाको दोस्रो पञ्चवर्षीय रणनीतिक योजना साउन १ गतेदेखि लागू हुने गरी ३१ असारमा अनुमोदन गरेको छ। योजनाले न्यायाधीशको कार्य सम्पादन मापदण्ड राख्ने, न्यायमा सामूहिक प्रणाली, फैसला कार्यान्वयनका लागि परेको निवेदन छ महिनाभित्र फर्स्यौट गर्ने, यस्ता निवेदनलाई कुनै हालतमा एक वर्ष नाघ्न नदिने, बक्यौता निवेदन ७५ प्रतिशतले न्यून गर्ने, बेरुजु दण्ड जरिवाना लगतमा २५ प्रतिशले कमी ल्याउने, धेरै मुद्दा भएका अदालतमा छिटो न्यायका लागि विशेष अभियान, न्यायिक सुरक्षा, मानव संशाधन विकास, विद्युतीय अभिलेख आचारसंहितामा कडाइलगायतका विषयमा जोड दिएको छ। यसैगरी योजनामा रिट निवेदन दर्ता भएको मितिले एक वर्षभित्र फर्स्यौट, सबै मुद्दा कानुनको म्यादभित्र फर्स्यौट गर्न र योजना अवधिमा ५० प्रतिशतले बक्यौता कम गर्न नतिजा परिसूचक निर्धारण गर्ने, अदालतमा पुनःसंरचना, कानुनी सहायता र मेलमिलाप पद्धति प्रवर्द्धन गर्ने रणनीतिमा समावेश गरिएको छ। सर्वोच्चमा विचाराधीन अग्राधिकार पाएको र अन्तरिम आदेश पाएको मुद्दा स्थगित गर्न नपाउने व्यवस्था गरिएको छ। मुद्दाका पक्षले दुईचोटिभन्दा बढी पटक रोक्न नपाउने कानुनी व्यवस्था छ। तर, यी प्रावधान कडाइका साथ पालना नहुँदा अदालत र कानुन व्यवसायीबाटै अग्राधिकारको दुरूपयोग बढेपछि यस्तो व्यवस्था गरेको सर्वोच्चको भनाइ छ। न्याय सम्पादन प्रभावकारी र छिटोछरितो गराउन सर्वोच्च अदालतमा मुद्दा सुनुवाइका लागि न्यायाधीशको समूह प्रणाली लागू गर्न सर्वोच्च अदालतको नियमावलीमा संशोधन गऱ्यो। योजना कार्यान्वयनका लागि १९ अर्ब ११ करोड ८८ लाख ३१ हजार रुपियाँ लाग्ने अनुमान गरिएको छ।

अदालतमा विचाराधीन मुद्दाको पछिल्लो अवस्था र पालो आउने दिन थाहा पाउन अदालत धाइरहनु नपर्ने व्यवस्था सर्वोच्च अदालतले गरेको छ। अदालत धाउनेलाई घरमै मुद्दाको अवस्था बुझ्न सक्नेदेखि सबै न्यायाधीशको घर-घरमा इन्टरनेट र अदालत-अदालतबीच नेटबाटै कागजपत्र आदानप्रदान गराउने विषयमा सर्वोच्च अदालत र नेपाल टेलिकमबीच सम्झौता भएको छ। यसरी इन्टरनेटबाट कागजपत्र आदानप्रदान हुँदा समयको बचत हुनुका साथै खर्च र प्रक्रियागत झन्झट पनि कम हुने र अदालतहरूबीच कम्प्युटरको सञ्जाल बन्नेछ। अदालतमा बढ्दो मुद्दाको चाप कम गर्न पनि यस प्रविधिले सघाउ पुऱ्याउने र ढिलो न्यायका कारण बढेका गुनासालाई सूचना प्रविधिको प्रयोगले कम गर्न सकिने अदालतका अधिकारीहरूको धारणा छ[३७]।

देशभरिका अदालतबाट भएका फैसला समयमै कार्यान्वयन र प्रभावकारी बनाउन सर्वोच्च अदालतमा रहने गरी केन्द्रीय फैसला कार्यान्वयन निर्देशनालय

३७. 'न्यायाधीश नियुक्तिमा कोटा हटाऊ'। *कान्तिपुर*। ०६५ चैत ६

३८. गौतम, विमल। 'घरमै बसेर थाहा पाउनुहोस् मुद्दाको अवस्था'। *कान्तिपुर*। ०६५ माघ २५

स्थापना गरेको छ। विभिन्न अदालतबाट भएका फैसला समयमै कार्यान्वयन नहुँदा जनताले न्यायको अनुभूति नपाएको जनगुनासो छ भने करोडौँ मूल्यबराबरको बिगोसमेत बक्यौता उठ्न सकेको छैन। फैसला कार्यान्वयन हुन न्यायालयमा गम्भीर समस्या भएको छ। अदालतले जरिवानाको रूपमा असुल गर्नुपर्ने ४ करोड रुपियाँ रहेको छ। त्यसैगरी, ५ हजार ८ सय ५५ उजुरी कार्यान्वयनका लागि पेन्डिङ छन्, जसमा ३ हजार ८ सय १३ मौद्रिक कारोबार, ८ सय ५० ओटा स्वामित्वको हस्तान्तरणसम्बन्धी, १ हजार ८१ अंशबण्डासम्बन्धी, ७८ गैरकानुनी रूपमा निर्माण भएका घर भत्काउनेसम्बन्धी र क्षतिपूर्तिसबन्धी ३३ ओटा मुद्दा रहेका छन्[३९]। यस्तै अदालतबाट कैद सजाय पाएका व्यक्तिहरू पनि राज्यको नियन्त्रणभन्दा बाहिर छन्। निर्देशनालयले फैसला कार्यान्वयनको स्थितिलाई अनुगमन गर्ने, कार्यान्वयनका क्रममा उत्पन्न जटिलतालाई सजिलो बनाई तीव्रता ल्याउने, त्यस विषयमा उजुरी सुन्ने र सम्बन्धित निकायसँग समन्वय गरी समस्या समाधान गर्दछ।

सर्वोच्च अदालत अन्तर्गत स्थापना भएको फैसला कार्यान्वयन महाशाखाले अदालतको निर्णय कार्यान्वयनमा देखिएका समस्यासहित फैसला कार्यान्वयन स्थितिबारे विस्तृत प्रतिवेदन मुलुकका ७५ ओटै जिल्ला अदालतसँग माग गऱ्यो। फैसला कार्यान्वयन गर्न वास्तविक निकाय जिल्ला अदालत भएको भन्दै फैसला कार्यान्वयन महाशाखाले अदालतहरूमा थाती रहेका मुद्दाको विवरणका साथै सजायको विस्तुत विवरण अदालतबाट भएका जरिवाना र जेल सजायका बारे विस्तृत विवरण माग गर्दै छिटोछरितो न्याय दिन र अनियमितता रोक्न मुलुकभरका १६ पुनरावेदन र ७५ ओटै जिल्ला अदालतका लागि ११ बुँदे निर्देशन सर्वोच्च अदालतले जारी गऱ्यो।

थोरै कार्यकालमा पनि निवर्तमान प्रधानन्यायाधीश मीनबहादुर रायमाझीले केही राम्रो सुरुवात गरे। सर्वोच्च अदालतमा पाँच वर्षभन्दा पुराना मुद्दा टुङ्ग्याउन 'प्यानल सिस्टम' लागू भयो। न्यायाधीशहरूको समूह बनाई त्यस्ता मुद्दा खोजी किनारा लगाउने अभियान सुरु भयो। अन्य तहका अदालतमा रहेका पुराना मुद्दालाई पनि प्राथमिकता दिन ताकेता गरेको देखियो।

नवनियुक्त प्रधानन्यायाधीश अनुपराज शर्माले मङ्सिर २८ गते पदवहाली भएपछि भ्रष्टाचार नियन्त्रणका लागि प्रभावकारी संयन्त्र गठन गर्न र त्यसमार्फत कार्यान्वयन तहमा जाने अभिव्यक्ति दिएका छन्। तर, प्रधानन्यायाधीशको गठन गर्न भनिएको भ्रष्टाचारविरुद्धको संयन्त्रको सर्वोच्चकै न्यायाधीशबाट त्यस्तो संयन्त्रको संवैधानिक र कानुनी आधार नभएको भन्दै विरोध भयो[४०]। सर्वोच्चका न्यायाधीशहरूले पुनरावेदन र जिल्लाका न्यायाधीशहरूविरुद्धको सुनुवाइ गर्न न्यायपरिषद् रहेको र सर्वोच्च निकाय संसद् रहेकाको अन्य संयन्त्र गठन गर्न नमिल्ने बताएका छन्।

आमन्यायाधीशद्वारा विरोध हुँदाहुँदै पनि प्रधानन्यायाधीश अनुपराज शर्माले न्यायपालिकाको विकृति अध्ययन गर्न सर्वोच्च अदालतका वरिष्ठ न्यायाधीश रामप्रसाद श्रेष्ठको संयोजकत्वमा एक कार्यदल गठन भएको छ। अन्य न्यायाधीशहरू खिलराज रेग्मी, गिरीशचन्द्र लाल र प्रकाश वस्ती सदस्य रहेको सो कार्यदललाई न्यायपालिकाभित्रको विकृति, अनुमानित मात्रा, आधार, नियन्त्रण गर्ने निकायलगायतका क्षेत्र तोकी दुई महिनाभित्र काम सम्पन्न गर्न समय तोकिएको छ। न्यायपालिकाको कार्यलाई कानुन वा संविधान कुन आधारले गरेको हो भनी स्पष्ट उल्लेख गर्नुपर्ने मात्र प्रधानन्यायाधीशद्वारा गठित यस कार्यदलको न्यायाधीशहरूले नै विरोध गरेका छन्।

प्रधानन्यायाधीशले नेपालमा छुट्टै संवैधानिक इजलास गठन गर्न उपयुक्त छ/छैन भनी अध्ययन गर्न न्यायाधीश बलराम केसीको संयोजकत्वमा एक समिति गठन भएको छ। जसमा न्यायाधीश तपबहादुर मगर र रजिस्ट्रार डा. रामकृष्ण तिमल्सेना तोकिएको छ। त्यस्तै मुद्दाका पक्षका तारिखमा नबसे पनि विवादको सुनुवाइ गर्न उपयुक्त हुने/नहुनेबारेमा अनुसन्धान गर्न न्यायाधीश खीलराज रेग्मीको संयोजकत्वमा अर्को एक समिति पनि गठन भएको छ।

रणनीतिक योजनाले निर्धारण गरे अनुसार मुद्दा फर्स्यौट हुन नसकेको भन्दै कार्यक्षेत्रमा गैरहाजिर रोक्न निर्देशन जारी गरियो। न्यायपालिकालाई योजनाबद्ध रूपमा सञ्चालन गरी न्यायमा प्रभावकारिता ल्याउनका लागि लागू भएको दोस्रो रणनीतिक योजना अनुसार १६ पुनरावेदन अदालतका मुख्य न्यायाधीशलाई पुनरावेदन र मातहतका जिल्ला न्यायाधीशको निगरानी गर्नका लागि प्रधानन्यायाधीशद्वारा निर्देशन जारी गरियो। रणनीतिक योजनाले तोके अनुसारको मापदण्ड अनुसार

३९. 'Sc studies excution of verdicts'. The Himalayan. 2009 July 13

४०. भट्टराई, विकास। 'अदालतमा भ्रष्टाचार : प्रधानन्यायाधीशविरुद्ध न्यायाधीश'। *समाचारपत्र*। ०६६ पुस ८

कार्यसम्पादन नगर्ने न्यायाधीशको विवरण तयार गरी कारबाहीका लागि वार्षिक रूपमा सर्वोच्च र न्यायपरिषद्मा पठाउन, यथासम्भव निरन्तर रूपमा कार्य क्षेत्रमा रही सन्तुलित रूपमा कार्य फर्स्यौट गराउनका साथै जिल्ला अदालतको प्रगति विवरणसहित हरेक तीन महिनामा योजना कार्यान्वयनको जानकारी पठाउने व्यवस्थाका लागि यस्तो निर्देशन जारी गरिएको हो। न्यायाधीशहरू सक्रिय भई न्याय सम्पादनमा लागेमा योजना सफल हुने सम्भावना देखिन्छ।

सर्वोच्च अदालतले सबै मन्त्रालयमा फैसला कार्यान्वयन शाखा स्थापना गर्न सरकारलाई आदेश दिएको छ। फैसलाको कार्यान्वयन गरी प्रतिवेदन अदालतमा प्रस्तुत गर्न, तोकिएको समयमा कार्यान्वयन गर्न नसकिएमा सोको कारण सही कार्यान्वयनका लागि समयावधि बढाउन महान्यायाधिवक्तामार्फत निवेदन गर्न सक्ने पनि आदेशमा भनिएको छ। सर्वोच्च अदालतले सार्वजनिक सरोकारका विषयमा करिब ४ सय ओटा मुद्दामा फैसला गरी आदेश जारी गरेको भए तापनि करिब एकतिहाइ मात्र कार्यान्वयन भएका छन्।

न्यायाधीश आचारसंहिता जारी भए तापनि सोको पालना हुन नसकेको देखियो। आचारसंहिताको अनुगमन पुनरावेदन अदालतका मुख्य न्यायाधीशले गरे। त्यसको प्रतिवेदन प्रधानन्यायाधीश र न्यायपरिषद्मा हरेक तीन-तीन महिनामा पठाउने व्यवस्था भए तापनि अधिकांश न्यायाधीशहरूले प्रतिवेदन पठाएको पाइएन।

सर्वोच्च अदालतले तयार गरेको पञ्चवर्षीय रणनीतिक योजनाले समेत कुनै पनि रिट टुङ्गो लगाउन दुई वर्षभन्दा बढी समय नलगाउने लक्ष्य राखेको थियो। तर, यो लक्ष्य सर्वोच्च अदालतले प्राप्त गर्न सकेन। न्यायालयमा केही सुधार गर्ने क्रममा जडान गरिएको सीसीटीभी तथा विद्युतीय सञ्चार सञ्जालको पूरा उपयोग हुन सकेन।

अदालतमा हुने अनियमितता, ढिलासुस्ती र भ्रष्टाचार कम गर्ने उद्देश्यले प्रधानन्यायाधीश मीनबहादुर रायमाझीको कार्यकालमा देशभरिबाट उजुरी लिन टेलिफोन हटलाइन सुरु भयो, जसमार्फत सोचेजतिको र जुन उद्देश्यका लागि सञ्चालन गरिएको हो, त्यस अनुरूप उजुरी नपरेपछि यो निष्प्रभावीप्रायः बन्यो। प्राप्त उजुरीमा विशेष गरी ढिलासुस्तीसम्बन्धी गुनासो बढी भएकाले सर्वोच्च अदालतले आफ्नो कार्य सम्पादनलाई छिटोछरितो बनाउन नयाँ प्रभावकारी रणनीति तय गर्नुपर्ने आवश्यकता देखिन्छ।

६. न्यायपालिकाको जनआस्था र जनगुनासो

सरकारले पक्राउ गरी बेपत्ता बनाएका रोल्पा जिल्ला खुङ्ग्री गाविस-२ का नन्दु गिरी र सोही ठाउँका टेकविक्रम शाहलाई अदालतको सक्रियतामा ०६४ चैत २ मा फेला पारिएको घटनाले न्यायालयप्रतिको विश्वास बढाउन केही हदसम्म सहयोग गर्ने अपेक्षा गर्न सकिन्छ। काठमाडौँमा पक्राउ परेका ती दुईलाई प्यूठानमा पुऱ्याई लुकाइएको अवस्थामा सर्वोच्च अदालत र प्यूठान जिल्ला अदालतको सक्रियतामा फेला पारिएको हो। तर, यो प्रकरणमा सरकारले ती बन्दीहरूलाई नै गिरफ्तार नगरेको झूटो जवाफ अदालतलाई दिएपछि सरकारले अदालतलाई ढाँटेको भनी व्यापक जनगुनासो सार्वजनिक भएको थियो।

उनीहरूलाई रिहा गर्ने आदेशको माग गर्दै सर्वोच्च अदालतमा परेको रिट निवेदनमा कारबाही अगाडि बढाउने क्रममा इजलासलाई उनीहरू प्यूठानमा पुऱ्याइएको जानकारी प्राप्त भएको आधारमा न्यायाधीश मीनबहादुर रायमाझी र भरतराज उप्रेतीको संयुक्त इजलासले जिल्ला प्रहरी कार्यालय प्यूठानमा खानतलासी गर्न त्यहाँको जिल्ला अदालतलाई फ्याक्समार्फत आदेश दिएको थियो। प्रहरी कार्यालयको टोली गठन गरेर खानतलासी गरी पाइएको विवरणलाई प्यूठान जिल्ला अदालतले तत्काल फ्याक्समार्फत सर्वोच्चमा पठाएको थियो। यसरी करिब डेढ घन्टाको बीचमा सर्वोच्चमा मुद्दाको सुनुवाइ गर्ने र खानतलासी गरी प्रतिवेदन तयार पार्ने कार्य सम्पन्न भएको थियो।

अपहरणको आरोपमा संलग्न रहेको पर्याप्त आधार हुँदाहुँदै पनि सुनसरी जिल्ला अदालतले प्रमाण नपुगेको भन्दै साधारण तारेखमा रिहाइका लागि आदेश दिई विवादास्पद निर्णय गऱ्यो। साउन २ गते आफ्नै सहकर्मीसहितको संलग्नतामा अपहरणमा परी साउन २९ मा मुक्त भएका नेपाल टेलिकम विराटनगरका कर्मचारी शेखर पोखरेलको अपहरणमा संलग्न दुई जनालाई त्यसरी साधारण तारेखमा छोड्ने अदालतको निर्णयले न्यायालयप्रति जनताको विश्वास घटाएको भनी जनस्तरमा व्यापक टिप्पणी भएको थियो। अदालतको यस्तो निर्णयले अपराधीलाई उन्मुक्ति दिई अपराधमा प्रोत्साहन गरेको छ भने अर्कोतर्फ अपराध नियन्त्रणका लागि खटिने प्रहरीको मनोबल घटाएको छ। अपहरणको आरोपमा प्रमाणसहित अदालतमा पेस भएकालाई कारबाही प्रक्रिया टुङ्गोमा नपुगेसम्म पुर्पक्षका लागि थुनामा राख्न आदेश हुनुपर्नेमा रिहा गर्न आदेश दिनाले मुद्दाका पक्ष यसबाट प्रत्यक्ष प्रभावित भएको स्पष्ट हुन्छ।

५५ वर्ष मुद्दा लडेर सर्वोच्च अदालतबाट जितेको फैसला कार्यान्वयन गर्न जिल्ला न्यायाधीशले रोकी सर्वोच्च अदालतको निर्णयको उपेक्षा गरेको छ। सर्वोच्चबाट अन्तिम किनारा लागिसकेको विषयलाई पुन: उठान गर्दै विपक्षीले पुन: मुद्दा दायर गरी जिल्लाले सर्वोच्चको निर्णयमा रोक लगायो, जसले सर्वोच्चको फैसलालाई नै चुनौती दिने निर्णय गऱ्यो। वि.सं. २०१० देखि सुरु भएको पोखरा उपमहानगरपालिकाको जग्गा विवादमा सर्वोच्चबाट ०६५ सालमा अन्तिम टुङ्गो लागे पनि जिल्ला अदालतले फैसला कार्यान्वयनमा रोक लगाएको थियो। मुद्दा लड्डालड्दै मुद्दाका वादीको निधन भइसकेकाले मृतकका छोराले रोक्काको आदेश दिँदा कुनै कारण खोल्न नसक्नुले अनुचित प्रभावमा परी आदेश गरेको पनि उजुरीमा उल्लेख छ। यसरी फैसला कार्यान्वयनमा रोक लगाउँदा कागजमा सीमित रही फैसलाको अस्तित्व शून्य हुने र मुद्दाका पक्षलाई पनि न्याय र अदालतप्रति वितृष्णा पैदा हुन्छ।

उपभोक्तासँग प्रत्यक्ष सरोकार राख्ने पेट्रोलसम्बन्धी पाँच वर्षअघि दर्ता भएको मुद्दा मोरङ जिल्ला अदालतले किनारा लगाउन सकेको छैन। अदालतले ढिलासुस्ती गर्दा काम गर्ने वातावरण नभएको सरोकारवालाहरूको गुनासो छ[४१]। त्यसैगरी श्रम सङ्गठनले आठ वर्षअघि होटल र पर्यटकीय क्षेत्रमा प्रदर्शन, धर्नाजस्ता कार्य रोकलगायतको विरुद्ध ट्रेड युनियन ऐन, १९९२ र अन्तर्राष्ट्रिय श्रम सङ्गठनको सन्धि नं. २९ र १९२ अनुसार कार्यस्थलमा शान्तिपूर्ण प्रदर्शनको अधिकारलाई संरक्षण गर्न माग गर्दै परेको रिट, सरकारले अत्यावश्यक सेवामा हडताल गर्न प्रतिबन्ध लगाउने निर्णयविरुद्ध नौ वर्षअघि परेको रिट यस वर्ष खारेज गरेको छ, जुन अदालती ढिलासुस्ती र उदासिनताको चरम उदाहरण हो।

छ वर्षअघि राजधानीमा भएको एक हत्याका मुख्य अभियुक्त राजु गोर्खालीलाई साधारण तारेखमा रिहा गरेको १२ दिनपछि काठमाडौँ जिल्ला अदालतले प्रमाण जाँच गर्न पत्र लेख्यो। यस्तो जघन्य एवम् गम्भीर प्रक्रियाका मुद्दामा अभियुक्तलाई थुनामै राखेर प्रमाणको जाँच गरिने कानुनी अभ्यासको उल्लङ्घन अदालतबाट भएको देखिन्छ।

पशुपतिनाथ मन्दिरमा साविककै मूल भट्ट र पुजारीलाई पूजा गर्न जारी भएको अन्तरिम आदेश सर्वोच्च प्रशासनले समयमा दिन नसक्नाले आदेशको शीघ्र प्रभावकारी कार्यान्वयन गराउन सर्वोच्च आफैँ नै चुक्यो। पशुपति विकास कोषले पशुपतिनाथ मन्दिरको पुजारीमा विष्णुप्रसाद दाहाल र वासुकीनाथ मन्दिरको पुजारीमा शालिग्राम ढकाललाई नियुक्त गरेकामा सो प्रक्रिया कानुनविपरीत भएको दाबी गर्दै परेको रिटमा सर्वोच्चले उनीहरूबाट पूजा गराउन तत्काल रोक लगाउन आदेश दिएको थियो।

आफैँले बनाएको आचारसंहितामा प्रश्न उठ्ने गरी न्यायाधीशहरूले मुद्दाका पक्षहरूले आयोजना गरेको कार्यक्रममा आतिथ्य ग्रहण गर्नाले मुद्दाका पक्षको प्रभाव न्यायालयमा सजिलैसँग पर्ने देखिन्छ। सर्वोच्च र पुनरावेदन अदालतमा परेको मुद्दाको ख्यालै नगरी प्रधानन्यायाधीशसहित अन्य न्यायाधीशहरू डीएसपी सुशील केडिया विश्व भारती उच्च माध्यमिक विद्यालयसहितको संलग्नतामा भएको सम्मान कार्यक्रममा सहभागी भए। यस विद्यालयको सर्वोच्चमा दुई र पुनरावेदनमा एक मुद्दा विचाराधीन छन्। सर्वोच्च र पुनरावेदनका न्यायाधीशहरू स्वयम्ले तयार गरेको आचारसंहितामा मुद्दाका पक्षसँग जोडिएको कार्यक्रममा आतिथ्य लिन नहुने उल्लेख छ[४२]। त्यसबाहेक आफू कार्यरत अदालतमा बहस पैरवी गर्न कानुन व्यवसायीसँगको व्यक्तिगत सम्बन्ध र सम्पर्कका कारणबाट पक्षपात, मोलाहिजा भएको आशङ्का पैदा हुने स्थितिबाट न्यायाधीश स्वयम्ले आफूलाई अलग राख्नुपर्ने व्यवस्था छ। आफैँले बनाएको आचारसंहितालाई न्यायाधीश स्वयम्ले कार्यान्वयन नगरी उपहास गरे। कतिपय न्यायाधीशले त 'आचारसंहिता'को पालना व्यावहारिक रूपमा गाह्रो भएको[४३] अभिव्यक्ति दिएका छन्।

पुनरावेदन अदालत मुकाम ओखलढुङ्गा १७ वर्षदेखि न्यायाधीशविहीन बनेको छ। तीन जना न्यायाधीशको दरबन्दी रहे पनि सर्वोच्च अदालतले न्यायाधीश नपठाएपछि मुकाम न्यायाधीशविहीन हुँदा सर्वसाधारण पुनरावेदन गर्नबाट वञ्चित भएका छन्। सर्वोच्चले यस्तो व्यवस्था नगरेर नागरिकको पुनरावेदन गर्न पाउने न्यायिक अधिकारमाथि हस्तक्षेप गर्नाले जनताले जनमुखी र सर्वसुलभ न्यायको अनुभव गर्न पाएका छैनन्। अन्यत्र पुनरावेदन अदालतमा धाउन परेकाले फैसलामा चित्त नबुझेकाहरूले पुनरावेदन

४१. मोरङका सातओटा पम्पहरूले पेट्रोलमा मिसावट गरेको र कम गुणस्तरको तेल बिक्री गरेको प्रमाणसहित स्थानीय वाणिज्य कार्यालयले ०६१ भदौ ३१ मा मुद्दा दायर गरेको थियो।

४२. पूर्ववत् टिप्पणी नं. ४, १९ र २३

४३. बस्नेत, बालकृष्ण। 'न्यायाधीश र झगडिया सँगसँगै'। *कान्तिपुर*। ०६५ फागुन १६ : पृ. १

गर्नसमेत छाडेकाले नागरिकको अदालतप्रतिको आकर्षण घटेको र न्याय महँगो भएपछि अन्यायमा परे पनि सर्वसाधारण सहेर बस्न बाध्य भएका छन्[४४]। त्यसैगरी जुम्ला जिल्लामा पुनरावेदन तहमा मुख्य न्यायाधीशसहित तीन र जिल्लामा एक न्यायाधीशको दरबन्दी भए पनि ती दरबन्दी पूर्ति नहुँदा न्याय सेवा प्रभावित भयो। जुम्लामा रहेको पुनरावेदनमा ४६ र जिल्लामा १ सय १३ मुद्दाको छिनोफानो हुनसकेको छैन, जसले गर्दा त्यहाँका नागरिक न्याय सेवाबाट वञ्चित हुन पुगे।

नेपालको न्यायप्रणाली ढिलो, महँगो र संवेदनहीन हुँदै गएको जनगुनासो व्यापक रूपमा बढेको छ। यस्तै, भ्रष्टाचार व्याप्त भएको र सर्वसाधारणको पहुँचमा नभएका कारणले पनि न्यायालयबाट न्याय नै हुन्छ भने ढुक्क हुनसक्ने अवस्था छैन। यसैले वर्तमान न्यायप्रणालीका विपक्षमा जनमत छ। न्यायप्रणालीमा न्यायिक स्वतन्त्रताका नाममा न्यायाधीश निरङ्कुश हुन नसक्नेलगायतका जनमुखी सुधार हुनु आवश्यक छ। न्यायालय र त्यसले सम्पादन गर्ने न्याय जनताका लागि हो, जुन जनताको पहुँचमा हुनुपर्छ। तर, यसका लागि न्यायिक स्वतन्त्रता, सक्षमता, पारदर्शिता र निष्पक्षताजस्ता महत्त्वपूर्ण आधारभूत सर्तहरू छन्।

७. निष्कर्ष

संविधान र कानुनमा भएको व्याख्याले मात्र स्वतन्त्र र सक्षम न्यायपालिका सम्भव छैन। न्यायपालिकाले जनतालाई पुऱ्याएको सेवा र सेवाको स्तरबाट मात्रै न्यायपालिका स्वतन्त्र र सक्षम छ कि छैन भन्ने पुष्टि हुन्छ। न्यायपालिकाको संरचनाभन्दा सक्षम न्यायाधीशको नियुक्ति बढी प्रभावकारी रहन्छ। न्यायाधीशले सिद्धान्त र कानुनलाई कसरी व्याख्या गर्छन् भन्ने कुराले पनि उत्तिकै महत्त्व राख्छ। न्यायाधीशहरूले वैयक्तिक आचरण स्वच्छ राख्ने, कसैले औँला उठाउन नसक्ने बनाए भने सरकार वा अरू सङ्गठित समूहको हस्तक्षेप र आक्रमणले स्वतन्त्रतामा आघात पार्न सक्दैन। न्यायिक क्षेत्रको सम्मान बढ्नु र फैसलाको पालनाले नै कानुनी राजको महिमा रहने हुँदा राजनीतिक दलका क्रियाकलापसमेत तदनुकूल हुनु अपरिहार्य छ।

न्यायप्रणाली समितिको मस्यौदा स्वतन्त्र न्यायालयको मर्म र भावनाविपरीत छ। यसमा अगाडि सारिएका प्रावधानहरूले न्यायपालिका कार्यपालिकाको मातहत निकायसरह हुन पुग्ने र त्यसले नागरिकका आधारभूत मानवअधिकारको रक्षा गर्न नसक्ने स्पष्ट छ। नयाँ बन्ने संविधानमा संविधानवादमा आधारित विधिको शासन, स्वतन्त्र, सक्षम र निष्पक्ष अदालत शक्ति पृथकीकरण र विश्वव्यापी मान्यताहरूमा आधारित सिद्धान्तबमोजिम न्याय पद्धतिको विकास गर्ने गरी न्यायपालिकाको संरचना गरिनुपर्छ। सङ्घीय शासन व्यवस्थामा राज्यहरूका बीच अन्तरसम्बन्ध तथा शक्तिको बाँडफाँटमा कुनै विवाद उत्पन्न भएमा न्यायपालिकाले निरूपण गर्नुपर्ने भएकाले गर्दा स्वतन्त्र न्यायपालिकाको आधारस्तम्भ सुदृढ गर्न शक्ति पृथकीकरणको सिद्धान्तलाई पूर्ण रूपमा अङ्गीकार गरी न्यायालयलाई अन्य निकायको हस्तक्षेपबाट मुक्त राखिनु पर्छ।

लोकतन्त्रको बहाली गर्ने सन्दर्भमा होस् वा जनतालाई आर्थिक, सामाजिक, राजनीतिक न्याय प्रदान गर्ने विषयमा होस्, न्यायपालिकाको ठूलो भूमिका रहन्छ। अदालत व्यवस्थापनमा रहेको विभिन्न अनुभवलाई समुचित संयोजन नगरेमा नागरिकबाट अपेक्षा गरिएको न्याय प्राप्तिको अधिकारलाई ठोस रूपमा सम्बोधन गर्न सकिन्न। तसर्थ, न्यायिक कार्य सञ्चालनमा आवश्यक पर्ने सङ्गठन, क्षेत्राधिकार, जनशक्ति, प्रविधि, प्रक्रिया आदिको व्यवस्थापन हुनु आवश्यक छ।

जवाफदेही न्यायपालिकाको कुरा त न्यायमूर्तिहरूले उठाए तर यसको सुनिश्चित कसले गर्ने भन्ने कुरा न्यायाधीशहरूले नै स्पष्ट पार्नुपर्छ। न्याय सम्पादन झन्झटिलो र ढिलो मात्र होइन, न्याय ढिलो गर्नु अन्याय गर्नु हो भन्ने कुरासम्म न्यायालयले बिर्सेको देखिन्छ। न्याय पाउने कुरामा जनताको नकारात्मक धारणा बनेको छ। भ्रष्टाचार, ढिलासुस्ती र कम खर्चिलो काम गर्न नसकेको वास्तविक छ। तसर्थ, भावी संविधानमा स्वतन्त्र, सक्षम मात्र होइन- पारदर्शी र उत्तरदायी न्याय प्रणालीसमेतको ग्यारेन्टी गरिनुपर्छ। स्वतन्त्र र सक्षम न्यायपालिकाले मात्र नागरिकका आधारभूत अधिकारको संरक्षण गर्न सक्छ। हाल न्यायपालिकामा देखिएको भ्रष्टाचार र ढिलासुस्ती एवम् अपारदर्शिताले न्यायालयप्रति व्यापक जनगुनासो बढेको छ। यसलाई नियन्त्रण गर्दै न्यायालयलाई परिवर्तन गरी सेवाहरू र रूपान्तरणको सहयोगी बनाउनु जरुरी छ।

४४. 'सत्र वर्षदेखि न्यायाधीशविहीन अदालत'। *गोरखापत्र*। ०६६ कात्तिक ५

फोटो : सूचना विभाग

३.२ राज्य र मानवअधिकार

कार्यपालिका

परिच्छेद

३

Chapter 3.2:Layout 1 2/8/2010 11:27 PM Page 77

घटनाक्रम
(०६५ पुस १७ देखि ०६६ पुस १६)

०६५ पुस २३

सरकारद्वारा मुक्त कमैया पुन:स्थापना समस्या समाधान आयोग गठन आदेश। सदस्यमा कैलालीका पशुपति चौधरी र दाङका रामवचन चौधरीको निर्णय।

माघ ९

सरकारद्वारा कैलालीका पत्रकार जगतप्रसाद जोशीको हत्या सम्बन्धमा गठित जाँचबुझ आयोगको म्याद ०६५ पुस २१ गतेदेखि एक महिना थप।

काठमाडौं स्यूचाटार निवासी निर्मल पन्त र पुष्कर डङ्गोलको हत्या सम्बन्धमा गठित जाँचबुझ आयोगको म्याद समाप्त हुने २०६५ माघ ६ गतेदेखि एक महिना थप गर्ने निर्णय।

माघ १५

सशस्त्र द्वन्द्वको समयमा भएको कारवाहीमा पीडित भएका निर्मला बस्नेतसमेत १८ जना पीडितलाई क्षतिपूर्ति उपलब्ध गराउने घोषणा।

माघ २३

व्यक्ति बेपत्ता पार्ने सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८८ को उपधारा (१) बमोजिम जारी गर्न राष्ट्रपतिसमक्ष सिफारिस गर्ने निर्णय।

माघ २९

राष्ट्रिय समावेशीकरण आयोगको अध्यक्षमा कपिलवस्तुका नरसिंह चौधरी नियुक्त।

सप्तरीका सीताराम मण्डल सुकुमवासी समस्या समाधान सुझाव आयोगको सदस्यमा नियुक्त। प्रधानमन्त्रीबाट संविधान निर्माणको अभियानमा जनताको घरदैलोमा गई सुझाव सङ्कलन गर्ने टोलीहरूलाई सहयोग पुऱ्याउन निर्देशन।

फागुन १६

१ सय ९० जना कैदीहरूको भुक्तान गर्न बाँकी सजाय माफी मिनाहा दिने।

सरकारद्वारा व्यक्ति बेपत्ता पार्ने (कसुर सजाय) अध्यादेश, २०६५ बमोजिमको सिफारिस समितिको सदस्यमा पद्मरत्न तुलाधर र नेपाल बार एसोसिएसनका महासचिव रमनकुमार श्रेष्ठलाई मनोनयन गर्ने निर्णय।

फागुन २६

संयुक्त थरूहट सङ्घर्ष समिति, संयुक्त लोकतान्त्रिक थारू सङ्घर्ष समिति, थारू राष्ट्रिय मुक्ति मोर्चा, थारू कल्याणकारी परिषद्, नेपाल लोकतान्त्रिक थारू सङ्घलगायतका सङ्घसंस्थाद्वारा गरेको आन्दोलनका क्रममा सहादत प्राप्त गर्ने व्यक्तिहरूलाई नेपाल सरकारद्वारा सहिद घोषणा गरी उनीहरूको परिवारलाई उचित आर्थिक सहायता प्रदान गर्ने निर्णय।

चैत ५

सरकारी वार्ता टोली र आदिवासी थारू समुदाय तथा नेपाल आदिवासी जनजाति महासङ्घका प्रतिनिधिहरूबीच भएको छवुँदे सहमति अनुमोदन।

चैत १२

सरकारी वार्ता टोली र संयुक्त मुस्लिम राष्ट्रिय सङ्घर्ष समितिको वार्ता टोलीबीच भएको छवुँदे सहमति अनुमोदन।

०६६ वैशाख ३

सरकारी वार्ता टोली र मधेसी मुक्ति टाइगर्सका वार्ता टोली तथा नेपाल पिछडा वर्ग महासङ्घको वार्ता टोलीबीच भएका सहमतिहरू अनुमोदन।

सङ्घीय लिम्बूवान राज्य परिषद्का ३८ जना घाइते कार्यकर्ताहरूको उपचार खर्च सङ्घीय लिम्बूवान राज्य परिषद्लाई उपलब्ध गराउने निर्णय।

सरकारी वार्ता टोली र तामसालिङ संयुक्त सङ्घर्ष समिति, नेपालको वार्ता टोलीबीच भएको सहमतिका बुँदाहरूलाई अनुमोदन गर्ने।

बुटवल नगरपालिका, दीपनगर निवासी प्रचण्ड थैवको मृत्युसम्बन्धी घटनामा संलग्न सुजीत विकलाई तुरुन्त पक्राउ गरी कारबाही अघि बढाउन निर्देशन।

वैशाख ६

प्रधानसेनापतिलाई सैनिक ऐन, २०६३ को दफा ९ को उपदफा (१) तथा दफा १० को उपदफा (१) को प्रतिकूल हुने गरी काम गरेकाले सैनिक ऐन, २०६३ को दफा ११ को उपदफा (३) को प्रयोजनका लागि सफाइ पेस गर्न निर्देशन दिने निर्णय।

वैशाख ९

राष्ट्रिय मानवअधिकार आयोगबाट क्षतिपूर्तिका लागि निर्णय भई आएका पीडितका परिवारहरूलाई क्षतिपूर्ति उपलब्ध गराउने। द्वन्द्व प्रभावित व्यक्ति, परिवार तथा संरचनाको लगत सङ्कलन कार्यदलको म्याद ०६६ असार मसान्तसम्मका लागि थप।

राष्ट्रिय समावेशीकरण आयोगको सदस्यमा जनकपुरका किशोरी साह नियुक्त।

वैशाख २०

प्रधानसेनापति रुक्माङ्गद कटवाललाई सैनिक ऐन, २०६३ को दफा ११ को उपदफा (३) बमोजिम नेपाली सेनाको प्रधानसेनापति पदबाट अवकाश दिने निर्णय।

रिक्त पदमा नेपाली सेनाको प्रधानसेनापति पदमा अर्को व्यवस्था नभएसम्मका लागि सैनिक ऐन, २०६३ को दफा ८ को उपदफा (३) बमोजिम नेपाली सेनाका वरिष्ठ अधिकृत, रथी कुलबहादुर खड्कालाई कायम मुकायम प्रधानसेनापतिको कार्यभार सम्हाल्ने गरी तोक्ने निर्णय।

धर्मसन्तानसम्बन्धी हेग महासन्धिमा सरकारद्वारा हस्ताक्षर।

वैशाख २१

प्रधानमन्त्री पुष्पकमल दाहालद्वारा आफ्नो पदबाट राजीनामा।

वैशाख २१

राष्ट्रपति डा. रामवरण यादवद्वारा ०६६ बैशाख २० नेपाली सेनाका प्रधानसेनापति रुक्माङ्गद कटवालका नाममा दिइएको आदेश नेपालको अन्तरिम संविधान, २०६३ र सैनिक ऐन, २०६३ विपरीत भएको मन्त्रिपरिषद्को निर्णय।

मधेसी युवा फोरमका उपत्यका अध्यक्ष जीतेन्द्र साहका बारेमा छानबिन एवम् अनुसन्धान गरी प्रतिवेदन पेस गर्न गठित जाँचबुझ आयोगको म्याद २०६६ वैशाख १९ देखि लागू हुने गरी एक महिना थप।

माओवादी सेनाका लडाकूहरूलाई रसदपानी उपलब्ध गराउनेलगायतका शीर्षकमा उपलब्ध गराइएको पेस्की रकम अनुदानमा परिणत गर्ने।

लिब्रेसन टाइगर अफ तराई इलम (एलटीटीई)का लालु खान, शत्रुघन मण्डल, मधेसी भाइरस किलर्स पार्टीका अर्जुन हजरा यादव, श्यामनारायण यादव, तराई संयुक्त जनक्रान्ति पार्टी नेपालका रामपुकार साह, देवेन्द्र खड्गा, जनतान्त्रिक तराई मुक्ति मोर्चा (राजन मुक्ति समूह)का इम्तियाज हसन, सूर्यनारायण यादव, संयुक्त जनतान्त्रिक तराई मुक्ति मोर्चाका मोहरकुमार चौधरी र विमल तिवारीको मुद्दा फिर्ता।

जेठ ९

माधवकुमार नेपाल संविधानसभामा प्रतिनिधित्व गर्ने २५ मध्ये २२ दलको समर्थनमा चयन। नेपालद्वारा जेठ ११ गते शपथ।

जेठ १३

संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको कार्यालय, नेपाल (ओएचसीएचआर)को म्याद तीन महिना थप।

असार ४

मधेसी युवा फोरमका उपत्यका अध्यक्ष जीतेन्द्रप्रसाद साहका सम्बन्धमा जाँचबुझ गर्न गठित आयोगले पेस गरेको न्यायिक जाँचबुझ आयोग, २०६५ को प्रतिवेदन कार्यान्वयन गर्ने निर्णय।

असार ८

सरकारी वार्ता टोली र नेपाल पिछडा वर्ग महासङ्घको वार्ता टोलीबीच भएको सहमति अनुमोदन।

असार २४

आर्थिक वर्ष २०६६/६७ का लागि नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रम स्वीकृत गर्ने निर्णय।

फौजदारी कानुन सुधार तथा परिमार्जन कार्यदलको कार्यावधि छ महिना थप । कार्यदलका सदस्यहरूमा हेरफेर।

आदिवासी/जनजातिहरूका सम्बन्धमा अध्ययन-अनुसन्धान गरी सूची परिमार्जन गर्ने कार्यका लागि सिफारिस गर्न गठन भएको कार्यदलको कार्यावधि ०६६ कात्तिक ५ गतेसम्म थप।

असार २९

प्रमाणीकरण नभएका नाबालिग तथा दर्ता नभएका माओवादी सेनाका लडाकूहरूलाई अस्थायी शिविरबाट अविलम्ब अलग गर्ने निर्णय । सम्बन्धित पक्ष र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निकायहरूको सहयोगमा तिनीहरूको पुन:स्थापन गर्ने कार्य अविलम्ब थालनी गर्ने निर्णय।

साउन ८

घरेलु हिंसा (कसुर र सजाय) ऐन, २०६६ को प्रयोजनका लागि सम्बन्धित जिल्ला अदालतलाई तोक्ने निर्णय।

साउन १४

महिलाविरुद्धका सबै प्रकारका भेदभाव उन्मूलनसम्बन्धी महासन्धि (सीडा) १९७९ को चौथो र पाँचौं संयुक्त आवधिक प्रतिवेदन समितिमा पठाउने निर्णय।

साउन २५

मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय आवधिक प्रतिवेदन र आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी महासन्धि अन्तर्गतको तेस्रो आवधिक प्रतिवेदन तयार गर्न एक समिति गठन गर्ने निर्णय।

साउन २८

जाजरकोट तथा रूकुमका झाडापखाला प्रभावितका लागि राहत प्याकेजका कार्यहरू अर्थ मन्त्रालयसँग समन्वय गरी विस्तृत कार्ययोजना बनाई तत्काल कार्यान्वयन गर्ने निर्णय।

भदौ १०

द्वन्द्वप्रभावित व्यक्ति, परिवार तथा संरचनाको

लगत सङ्कलन कार्यदल गठन गर्ने निर्णय।

भदौ २६

सन् २०१० लाई लैङ्गिक हिंसाविरुद्धको वर्षका रूपमा मनाउन र महिलाविरुद्ध हुने हिंसाको अन्त्यका लागि कार्ययोजना तयार गर्न अन्तर मन्त्रालयस्तरीय समिति गठन गर्ने निर्णय।

मुक्त कमैया पुनःस्थापना समस्या समाधान आयोग गठन आदेश, २०६६ संशोधनसहित स्वीकृत गर्ने निर्णय।

असोज ४

रिपोर्टस क्लब नेपालका अध्यक्ष ऋषि धमलासमेतको मुद्दा फिर्ता लिने निर्णय।

असोज २१

मौजुदा भूमिसुधारसम्बन्धी उच्चस्तरीय आयोग पुनःगठन तथा गठन आदेश परिमार्जन गर्ने निर्णय।

असोज २१

भूतपूर्व सांसद स्वर्गीय हेमनारायण यादवलाई सहिद घोषणा गरी आर्थिक सहायता उपलब्ध गराउने निर्णय।

अयोग्य ठहरिएका माओवादी सेनाका लडाकूहरूको बहिर्गमन तथा पुनःस्थापनाका लागि समन्वय समिति गठन गर्ने निर्णय।

कात्तिक ६

आन्दोलनका क्रममा घाइते भएका व्यक्तिहरूका निम्ति उपचार खर्च प्रदान गर्ने निर्णय।

मङ्सिर १६

राष्ट्रिय मानवअधिकार आयोगबाट भएको सिफारिस अनुरूप पीडितलाई क्षतिपूर्ति उपलब्ध गराउने निर्णय।

मङ्सिर २४

राष्ट्रिय मानवअधिकार आयोगका अध्यक्ष र सदस्यहरूलाई सर्वोच्च अदालतका न्यायाधीशले पाएसरहको पारिश्रमिक र सुविधा दिन सहमति दिने निर्णय।

पुस ९

काठमाडौं जिल्ला अदालत तथा जिल्ला प्रशासन कार्यालयमा दायर मनोज महतोसमेतका मुद्दा फिर्ता लिने निर्णय।

सुन्तली धामीको बलात्कार भएको भन्ने घटनाका सम्बन्धमा छानबिन गर्न सह-न्यायाधिवक्ता बद्रीप्रसाद गौतमको संयोजकत्वमा समिति गठन।

अनमिनको कार्यावधि सन् २०१० को मे १५ सम्म थप गर्न सरकारद्वारा संयुक्त राष्ट्रसङ्घलाई अनुरोध।

Chapter 3.2:Layout 1 2/8/2010 11:27 PM Page 80

पृष्ठभूमि

संविधानसभा निर्वाचनपश्चात् गठित सरकारहरूको प्रमुख दायित्व शान्ति प्रक्रियालाई सार्थक टुङ्गोमा पुऱ्याउनु, सङ्क्रमणकालीन न्यायका आधारमा द्वन्द्वपीडितलाई परिपूरण र न्याय प्रदान गर्नु एवम् नयाँ संविधान निर्माण गर्न सहजीकरण गर्नु रहेको थियो। तर, यस वर्ष दुवै सरकारका प्रयत्नहरू आफ्ना दायित्व पूरा गर्न यथेष्ट र सक्षम देखिएनन्। दण्डहीनताको संस्कृति निराकरण गर्ने, शान्ति सुरक्षाको प्रत्याभूति र मानवअधिकारको निर्बाध उपयोग गर्ने वातावरण सिर्जना गर्ने आशा अनुरूप सुधारका सङ्केतहरू यस वर्ष देखा परेनन्। सन् २००९ का अघिल्ला चार महिना गत वर्ष गठित एकीकृत माओवादीको नेतृत्वमा रहेको सरकारले शासन गरेको थियो भने त्यसपछिको अवधिमा एमालेको नेतृत्वको सरकार गठन भई क्रियाशील रहँदै आयो।

तत्कालीन नेकपा (माओवादी)बाट अलग भएर तराई-मधेसमा गठन भएको जनतान्त्रिक तराई मुक्ति मोर्चा र त्यसपछि तराई-मधेसमा दिनानुदिन जन्मिदै गएका नयाँ समूह हिंसात्मक गतिविधिमा अत्यन्त लिप्त रहेको अवस्थामा त्यस्ता समस्यालाई सम्बोधन गर्न राष्ट्रिय दृष्टिकोणसमेत निर्माण हुन सकेन। तराई-मधेसमा भएका हिंसात्मक घटना, पूर्वी पहाडमा व्यापकता पाउँदै गएको जातीय अनुदारता र त्यसबाट सिर्जित अनेकन हिंसात्मक क्रियाकलापबाट मुलुक आक्रान्त हुन पुग्यो। कानुन हातमा लिएर आफ्नो वर्चस्व कायम गर्न प्रतिस्पर्धारत ठूला दलका भ्रातृसङ्गठनलाई कानुनी दायरामा ल्याउन कुनै परिणाममुखी प्रयास भएन। विधिको शासनभन्दा बढी राजनीतिक निर्णय र सहमतिका आधारमा चल्ने पुरानै परम्परा सरकारले निर्वाह गऱ्यो।

समूहगत, क्षेत्रीय, पेसागत स्वार्थ समूहहरूका मागहरूप्रति पहिले वास्ता नगर्ने र तिनले शान्ति व्यवस्थामा खलल पुऱ्याउने अवस्था सिर्जना गरे भने तात्कालिक समस्या समाधान गर्ने हेतुले मात्र सहमति गरिहाल्ने फितलो चरित्र दुवै सरकारले प्रदर्शन गरे। तर, गम्भीरतापूर्वक सहमतिको पालना गर्ने कदम अघि बढाएनन्। यद्यपि, सरकारले त्यस्ता समूहसँग वार्ता गर्ने जिम्मेवारी शान्ति मन्त्रालयलाई सुम्पने परम्परा चलन नै बन्यो। पछिल्लो सरकारले त्यस्ता सम्झौता पालना भए-नभएको विषयमा शान्तिमन्त्रीको अध्यक्षतामा अनुगमन समितिसमेत गठन गऱ्यो। तर, समितिले गरेका कामहरूको कुनै उल्लेख्य परिणाम भने यस वर्षको अन्त्यसम्म दृष्टिगोचर भएन।

सरकारले नीति तथा कार्यक्रममा मानवअधिकारको सम्बर्द्धन र संरक्षणको कामलाई प्रभावकारी बनाइने र सैन्य तालिममा मानवअधिकार शिक्षालाई अनिवार्य गरिने उल्लेख गरेर मानवअधिकारप्रति भने सम्मान प्रकट गऱ्यो। वर्षको अन्त्यतिर सरकारले लिङ्गमा आधारित हिंसालाई सम्बोधन गर्नका लागि सन् २०१० लाई लैङ्गिक हिंसाविरुद्धको एकवर्षे अभियानका रूपमा सुरु गर्ने घोषणा गऱ्यो। महिला, मानवअधिकारकर्मी, सरकारका प्रतिनिधि, दलहरू, नागरिक समाजका प्रतिनिधि र गैससलगायतका सरोकारवालासँगको व्यापक परामर्शपछि कार्ययोजना तयार पारिएको थियो।

यस वर्षका अघिल्ला चार महिना एकीकृत माओवादीको नेतृत्वमा तथा नेकपा एमाले, मधेसी जनअधिकार फोरम, नेकपा माले, नेकपा संयुक्तलगायतका राजनीतिक दलहरूको सहभागितामा गठित सरकारले कार्यभार सम्हालेको थियो। सरकारमा सहभागी नभएर प्रमुख प्रतिपक्षको भूमिका निर्वाह गर्ने गरी नेपाली काङ्ग्रेसले त्यस सरकारलाई पूर्ण समर्थन गरेको थियो। तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहालले राजीनामा दिएपछि नेपाली काङ्ग्रेसलगायत २२ राजनीतिक दलका ३ सय ५५ जना संविधानसभा सभासद्हरूको समर्थनमा नेकपा एमालेका वरिष्ठ नेता माधवकुमार नेपाल ०६६ जेठ ९ गते संविधानसभा निर्वाचनपछिको दोस्रो प्रधानमन्त्रीका रूपमा निर्वाचित भए। सातपटक विस्तारित भएर यो सरकारले पूर्णता पाएको थियो।

यिनै पृष्ठभूमिमा यस परिच्छेदमा मूलत: सन् २००९ मा सरकारले मानवअधिकार संरक्षण, सम्बर्द्धन र पालनामा निर्वाह गरेको भूमिकाको विवेचना गर्ने प्रयास गरिएको छ।

१. शान्ति प्रक्रिया र सरकार

१.१ माओवादी लडाकू समायोजन

विस्तृत शान्ति सम्झौताको बुँदा नं. ४.४ मा माओवादी लडाकूहरूको समायोजनका लागि विशेष संयन्त्र निर्माण गरेर त्यसको व्यवस्थापन गर्ने सहमति तत्कालीन माओवादी र नेपाल सरकारबीच भए पनि सो अनुरूपको विशेष समिति निर्माणमै दलहरूबीच धेरै समय मतैक्य भएन। विशेष समिति गठन भइसकेपछि पनि माओवादी लडाकूहरूको समायोजनका सम्बन्धमा एक दृष्टिकोण निर्माण हुन सकेन। माओवादी सेनाका सदस्यहरूको रेखदेख, समायोजन तथा पुन:स्थापना गर्ने विशेष समितिका संयोजकका रूपमा प्रधानमन्त्री स्वयम्

रहने गर्दछन्। तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल जो आफैं विशेष समितिका संयोजक पनि थिए, उनले 'जनमुक्ति सेनाको समूहगत समायोजनका लागि विशेष समितिले तयारी गरिरहेको' बताएका थिए[१]। तर, अन्य दलहरू माओवादीको समूहगत समायोजनको पक्षमा देखिएनन्। आफू प्रधानमन्त्री हुँदा उनले छ महिनाभित्र लडाकू समायोजन गर्ने बताए पनि उनको नौमहिने कार्यकालमा त्यो सम्भव भएन।

प्रधानमन्त्री माधवकुमार नेपालको अध्यक्षतामा हरेक हप्ता बस्नुपर्ने माओवादी सेनाका सदस्यहरूको रेखदेख, समायोजन तथा पुन:स्थापना गर्ने विशेष समितिको बैठक सेप्टेम्बरको आरम्भमा क्रियाशील देखिए तापनि त्यसपछि पाँचपटक मात्र उसको बैठक बस्न सक्यो। प्राविधिक समितिले माओवादी सेनाको शिविरको लेखाजोखा गर्ने कार्य यसै वर्ष सम्पन्न गऱ्यो। यो समितिले आगामी वर्षको आरम्भमा गोष्ठीहरू आयोजना गर्ने र द्वन्द्वोत्तर मुलुकमा भएका उत्तम अभ्यासहरूको जानकारी लिने उद्देश्यका साथ ती मुलुकको भ्रमण गर्ने योजना तर्जुमा गऱ्यो।

एकीकृत माओवादीले विशेष समितिका धेरैजसो बैठकमा भाग लिएन। पछिल्लो समयमा उसले माओवादी लडाकूको समायोजन र सुपरीवेक्षणसम्बन्धी छलफल उच्च राजनीतिक सहमति भएपछि मात्र हुने प्रस्ताव प्रस्तुत गऱ्यो । एकीकृत माओवादी नेतृत्वको सरकारका कार्यकालमा समिति गठन भए तापनि उल्लेख्य कार्य हुन सकेको थिएन। समग्रमा भन्ने हो भने यो समितिले थौरै मात्र उपलब्धि हासिल गर्नसक्यो। माओवादी लडाकूका निम्ति आचारसंहिता तथा रेखदेखसम्बन्धी संयन्त्र तयार गर्न यस अन्तर्गतको प्राविधिक समितिले सेप्टेम्बर १७ मा पेस गरेको प्रस्तावमाथि छलफल त गऱ्यो तर आचारसंहिता निर्माण भएन। यस वर्षको अन्त्यसम्म माओवादी लडाकूको व्यवस्थापन कसरी गर्ने हो, त्यसको टुङ्गो लाग्न सकेन। एकीकृत माओवादीले लडाकू समायोजनको मोडेल र प्रक्रियाबारे सहमति[२] नभई संविधान निर्माण हुन नसक्ने सम्भावना औंल्यायो। संविधान निर्माण गर्न पूरा गरिनुपर्ने छ सर्तमध्ये एक सर्त यसलाई मानेका कारण यो विषय अझै पनि जटिल हुनसक्ने सम्भावना बढेर गयो। मुलुकमा दुई सेना रहुन्जेल नयाँ संविधान निर्माण हुन नसक्ने मात्र होइन, द्वन्द्व व्यवस्थापन र शान्ति प्रक्रियासमेत टुङ्गोमा पुग्न नसकिने हुँदाहुँदै पनि सरकार लडाकू समायोजनका प्रक्रिया र मोडलको टुङ्गोमा भने पुगेन।

माओवादी सेना समायोजन तथा पुन:स्थापना समितिद्वारा वर्षमान पुन, डा. इन्द्रजित राई, पूर्वरथी बालानन्द शर्मा, शम्भुराम सिंखडा पूर्वसहायकरथी गोपालसिंह बोहरा, दीपकप्रकाश भट्ट, पूर्वसचिव रामानन्द मिश्र र पूर्वप्रहरी उपरीक्षक सदानन्द कुर्मी सम्मिलित प्राविधिक समिति गठन गर्नु मात्र यो समितिको उपलब्धि देखियो ।

१.२ अयोग्य माओवादी लडाकूको व्यवस्थापन

नाबालिग प्रमाणित तथा योग्य नठहरिएका माओवादी लडाकूलाई बिदाइ गर्ने कार्ययोजना यस वर्षको अन्तिम महिनामा पारित भयो। शान्ति तथा पुन:निर्माण मन्त्री रकम चेम्जोङ, एकीकृत माओवादीका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड', बालबालिका तथा सशस्त्र द्वन्द्वका लागि संयुक्त राष्ट्रसङ्घीय विशेष प्रतिनिधि, नेपालस्थित अनमिन प्रमुखको उपस्थितिमा शान्ति मन्त्रालय, एकीकृत माओवादी, युनिसेफका प्रतिनिधिले कार्ययोजनामा हस्ताक्षर गरेका थिए।

कार्ययोजनामा सन् २००६ मे महिनासम्म नाबालिग रहेका प्रमाणित २ हजार ९ सय ७३ व्यक्तिहरूको बिदाइपूर्वको छानबिन, त्यसपछि औपचारिक बिदाइ र अन्त्यमा संयुक्त राष्ट्रसङ्घीय टोलीले एकीकृत माओवादीद्वारा सर्तहरूको पालना भए-नभएको अनुगमन गर्नेजस्ता कार्यहरू यस योजनामा समावेश भएका थिए। यस योजना अनुसार नाबालिग माओवादी लडाकूहरूले स्वतन्त्रतापूर्वक आफू फर्कने क्षेत्रको वा पुन:बासका बारेमा निर्णय गर्न पाउने छन्। नाबालिगका रूपमा प्रमाणित भइसकेका र पछि भर्ती गरिएका ४ हजार ८ जना माओवादी लडाकूको बिदाइ सन् २०१० जनवरीबाट आरम्भ हुने टुङ्गो लाग्यो। तीमध्ये २ हजार ९ सय ७३ जना नाबालिग अवस्थामा माओवादी युद्धमा सामेल भएका थिए।

जस्तोसुकै द्वन्द्व वा प्रतिकूल परिस्थितिमा पनि बालबालिकाहरूको शान्तिपूर्ण वातावरणमा रम्न, शिक्षा हासिल गर्न तथा आफ्नो विकास गर्न पाउने अधिकार बालअधिकार महासन्धि १९८९ तथा यसका ऐच्छिक आलेख २०००, जेनेभा महासन्धिको साझा धारा ३ ले

---

१. 'जनसेनाको समूहगत समायोजन पक्का : प्रचण्ड।' *कान्तिपुर* । ०६५ चैत ३ :

२. पुन, वर्षमान 'अनन्त'। 'समयमा संविधान निर्माण : पूरा गर्नुपर्ने छ सर्त' । *हिमाल संविधानयात्रा* । ०६६ कात्तिक : पृ. १८८-१८९

सुनिश्चित गरेको छ। तर, यी सबै अधिकारबाट वञ्चित रहँदै माओवादी लडाकूका रूपमा संलग्न बालबालिकाको भविष्यप्रति सरोकार राख्दै उनीहरूलाई क्यान्टोनमेन्टबाट फिर्ता पठाइएको थियो।

नाबालिग अवस्थामा युद्धका कारण उनीहरूको मानसिक स्वास्थ्यमा कस्तो असर पर्न गयो र त्यसको उपचार नगरीकन उनीहरूलाई समाजमा स्थापना गर्दा कस्तो प्रतिकूलताको सामना गर्नुपर्छ भन्ने विषयमा भने ध्यान दिएको पाइएन। नेपालका पूर्वबालसैनिकहरूमा गम्भीर प्रकृतिको मानसिक समस्या रहेको एक अध्ययनबाट देखियो। इमोरी युनिभर्सिटी एटलान्टामा अध्ययन गरेका ब्रान्डन कोहर्टको टोलीले २००७ को मार्च र अप्रिल महिनामा १ सय ४१ बालसैनिक र १ सय ४१ अन्य बालबालिकाबीच गरेको तुलनात्मक अध्ययनले ५३.२ प्रतिशत पूर्वबालसैनिकहरू चरम नैराश्यताबाट ग्रस्त रहेको, ४६.१ प्रतिशत चिन्ता (एन्जाइटी), ५५.३ प्रतिशत पोस्ट्रमेटिक डिसअर्डर र ३९ प्रतिशत साधारण मनोवैज्ञानिक समस्या र ८८ प्रतिशतमा कार्य गर्न अक्षमता रहेको निष्कर्ष निकालेको थियो। यस्ता पूर्वबालसैनिकको मानसिक समस्या निराकरणसम्बन्धी कदम नचालिएमा उनीहरू समाजमा पुनःस्थापित हुँदा आइपर्ने समस्याप्रति ध्यान दिएको पाइएन[३]।

शान्ति प्रक्रियाका लागि संयुक्त राष्ट्रसङ्घीय सहयोग नियोग (अनमिन)का प्रतिवेदन र उसको भूमिकामा प्रशस्त प्रश्न उठे। खासगरी माओवादी लडाकू व्यवस्थापन सम्बन्धमा उसको ध्यानाकर्षण गराइएको थियो।

वर्षको अन्त्यतिर एकीकृत माओवादीको नेतृत्वमा कैलालीको डुडेझारीमा सुकुमवासीका नाममा जग्गा कब्जा गर्ने क्रममा प्रहरीसँग भएको झडपमा अनमिनले प्रमाणित गरेको शिविरभित्र रहेका एक जना लडाकूको मृत्यु भएको गृहमन्त्रालयले दाबी गरेको थियो। उक्त घटनामा मारिएका नरेन्द्र विकको लास पोस्टमार्टम गर्ने क्रममा जनमुक्ति सेना नेपालको सदस्य भएको उनको फोटोसहितको परिचयपत्र भेटिएको गृहमन्त्री भीम रावलले जानकारी गराएका थिए। *(हेर्नूस्, यस वर्षको उल्लेख्य : शान्ति प्रक्रियाका अवरोध)*। तर, अनमिनले यस वर्षको अन्त्यसम्म यस सम्बन्धमा आधिकारिक धारणा सार्वजनिक गरेन।

अनमिनको स्टिकर टाँसिएको हतियारसमेत लिएर बाहिर घुमेका लडाकूहरूलाई प्रहरीले गिरफ्तार गरी कारबाही आरम्भ गर्दा अनमिनले आफ्नो सुरक्षाका लागि हतियार राख्न पाइन्छ भन्दै त्यस्ता लडाकूहरूलाई रिहा गरेको समेत पाइयो। *(हेर्नूस्, यस वर्षको उल्लेख्य: शान्ति प्रक्रियाका अवरोध)*

संविधानसभा निर्वाचन सम्पन्न गर्नुबाहेक शान्ति प्रक्रियाबाट जनताले अनुभूत गर्नसक्ने परिणाम प्राप्त भएन। माओवादी लडाकूलाई क्यान्टोनमेन्टमा राख्ने सफलता त मिल्यो तर त्यसबाहेक जनताले चाहे अनुसार कुनै प्रक्रिया अघि बढेन। 'माओवादी लडाकू खुलेआम हतियार लिएर घुम्छन्। अपराधीले शिविरमै प्रश्रय पाउँछन्। शान्ति सम्झौता उल्लङ्घनको अखडा शिविर नै बनेको छ तर अनमिन केही गर्दैन[४]।'

१.३ विस्फोटक पदार्थ व्यवस्थापन

विस्तृत शान्ति सम्झौतामा नेपाल सरकारले बाँकी सबै माइन हटाउने प्रतिबद्धता पूरा गर्ने काममा सहयोग गर्न राष्ट्रसङ्घीय माइन एक्सन टोली (अनम्याट)ले आफ्नो अन्तिम चरणको काम सन् २०११ सम्म सक्ने भएको यो वर्ष जनायो। यस वर्षको डिसेम्बर ८ सम्म अनम्याटले माओवादी सेनाको शिविरबाट ४० हजार थान घरेलु विस्फोटक पदार्थ नष्ट गऱ्यो। त्यसैगरी, नेपाली सेनाले माइन ओछ्याएका ५३ स्थलमध्ये १५ स्थल र २ सय ७५ ओटा घरेलु विस्फोटक पदार्थ ओछ्याइएका स्थलमध्ये १ सय ५ ओटा स्थल यस वर्ष सफा गऱ्यो[५]।

शिक्षा विभागका अनुसार युनिसेफको सहयोगमा विभागले सञ्चालन गरेको माइन जोखिम शिक्षा कार्यक्रम अन्तर्गत सबैभन्दा प्रभावित २० जिल्लाका १ हजार शिक्षकलाई यस विषयमा तालिम दियो। सशस्त्र द्वन्द्वकालमा बेवारिसे रूपमा छाडिएका र केही वर्षयता विस्फोटक पदार्थको दुरूपयोगका कारण यस वर्ष पनि धनजनको क्षति भयो। *(हेर्नूस्, युद्धका विस्फोटक अवशेष : भय र चुनौती)*

---

३. Former Child Soldiers of Nepal At Increased Risk for Range of Mental Health Problems 'http://www.sciencedaily.com/releases/2008/08/080812160611.htm'.

४. आचार्य, नीलाम्बर । 'महँगो शान्ति लगानी रु. ५७ अर्ब'। htpp://.himalkhabar.com/hkp.php?id=2679

५. http://unmin.org.np/downloads/pressreleases/Press.Release.Final%20Demolition%20of%20Explosives%20at%20MCS.24.12.09.NEP.pdf;|f]t

१.४ सङ्क्रमणकालीन न्याय

१.४.१ न्यायका लागि सकारात्मक पहल

सरकारले यस वर्ष सङ्क्रमणकालीन न्यायिक संस्थाहरू स्थापना गर्नेतर्फ केही सकारात्मक कदमहरू चाल्यो। सरकारले विस्तृत शान्ति सम्झौता र अन्तरिम संविधानमा उल्लेख भएअनुरूप सत्य निरूपण तथा मेलमिलाप आयोग गठन गर्ने सम्बन्धमा २०६४ मा मस्यौदा गरेको विधेयकमा केही संशोधन गरी 'सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०६६' छलफलका लागि प्रस्तुत गऱ्यो। संशोधनमा 'मानव अधिकारको गम्भीर उल्लङ्घन'को परिभाषा गरी त्यसभित्र हत्या, अपहरण, बेपत्ता पार्ने, अङ्गभङ्ग बनाउने, शारीरिक वा मानसिक यातना, जबरजस्ती करणी, व्यक्ति वा सार्वजनिक सम्पत्ति लुटपाट, तोडफोड र आगजनी, घरजग्गाबाट जबरजस्ती निकाला, अन्य कुनै किसिमबाट विस्थापन र अन्तर्राष्ट्रिय मानवअधिकार वा मानवीय कानुन विपरीत गरिएका जुनसुकै किसिमका अमानवीय कार्य वा मानवताविरुद्धको अन्य अपराधलाई समावेश गरिएको छ।

त्यसैगरी पीडितको परिभाषालाई पनि केही विस्तृत गर्नुका साथै परिपूरणको सम्बन्धमा केही उल्लेख गरिएको छ। कार्यविधि सम्बन्धमा केही परिमार्जन गरिएको भए तापनि आयोगको स्वतन्त्रताको सुनिश्चितता, साक्षीको संरक्षण, आयोगको सिफारिसको कार्यान्वयन, यसमा विद्यमान क्षमादानजस्ता गम्भीर विषयहरूमा अझै व्यापक परिमार्जन भने गरिएन।

यसै क्रममा बेपत्ता पार्नेलाई अपराधी घोषणा गर्ने मस्यौदा विधेयक र बेपत्तासम्बन्धी छानबिन आयोगको संरचना स्थापना गर्ने मस्यौदा मन्त्रिपरिषद्ले स्वीकृत गरी व्यवस्थापिका संसद्मा प्रस्तुत गऱ्यो। यी विधेयकहरू अन्तर्राष्ट्रिय मापदण्ड अनुरूप नभएको भन्दै इन्सेकलगायतका मानवअधिकार संस्थाले आलोचना र सुधारका लागि सरकारसँग अनुरोध गरेका थिए। तर, यस वर्षको अन्त्यसम्म दुवै विधेयक संसद्बाट पारित भएनन्। त्यसैगरी शान्ति तथा पुनःनिर्माण मन्त्रालयले सत्य निरूपण तथा मेलमिलाप आयोगको संरचना तय गर्नेसम्बन्धी मस्यौदा विधेयकका बारेमा सार्वजनिक परामर्श गऱ्यो। उक्त मस्यौदा पनि अन्तर्राष्ट्रिय मापदण्ड अनुरूप नभएको मानवअधिकार संस्थाहरूले ठहऱ्याए। *(हेर्नूस्, यस वर्षको उल्लेख्य : शान्ति प्रक्रियाका अवरोध)*

१.४.२ दण्डहीनतालाई राजनीतिक संरक्षण

यस अवधिमा दण्डहीनतालाई सम्बोधन गर्ने तथा द्वन्द्व अवधिभर र द्वन्द्वपश्चात् भएका मानवअधिकार उल्लङ्घनका घटनाहरूमा जवाफदेहिता सुनिश्चितता गर्ने काममा उल्लेख्य उपलब्धि हासिल हुन सकेन। एकातिर सुरक्षाबललाई जवाफदेही बनाउन सरकार अनिच्छुक देखियो भने अर्कातिर एकीकृत नेकपा माओवादीले पनि आफ्ना पक्षबाट भएका मानवअधिकार उल्लङ्घनका घटना छानबिन गराउने तदारुकता देखाएन।

सर्वोच्च अदालतले सशस्त्र द्वन्द्वकालमा बेपत्ता भएकाहरूको अवस्था अनुसन्धान गरी सार्वजनिक गर्न ०६५ चैत २० मा सरकारका नाममा आदेश जारी गरेको थियो। त्यतिखेर एकीकृत माओवादीले नेतृत्व गरेको सरकार विद्यमान थियो, जो भैरवनाथ गणमा बेपत्ता पारिएका आफ्ना कार्यकर्ताको विषयमा पटकपटक आवाज उठाउने गर्थ्यो। तर, सरकारले अदालतको आदेशको पालना गर्नेतर्फ कुनै ध्यान दिएन। सर्वोच्च अदालतले सरकारलाई माओवादी द्वन्द्वकालमा भैरवनाथ गणबाट बेपत्ता भएका ४९ जनाको स्थितिको छानबिन विवरण पठाउन राष्ट्रिय मानवअधिकार आयोगलाई आदेश दियो। *(हेर्नूस्, परिच्छेद न्यायपालिका)*

सरकारले ०६५ माघ महिनामा बेपत्ता आयोग गठनसम्बन्धी अध्यादेश जारी गरेको थियो। उक्त अध्यादेशका विषयमा राष्ट्रिय मानवअधिकार आयोगले असन्तुष्टि प्रकट गरेको थियो। मानवअधिकारसम्बन्धी नीतिगत निर्णय गर्नुपर्दा आयोगको अनिवार्य स्वीकृति लिनुपर्ने संवैधानिक व्यवस्थाको अवज्ञा गरेर अध्यादेश ल्याउन लागेको भन्दै आयोगले असन्तुष्टि व्यक्त गरेको थियो[६]।

सरकारले सार्वजनिक गरेको व्यक्ति बेपत्ता पार्ने (कसुर र सजाय) विधेयकका केही प्रावधान अन्तर्राष्ट्रिय कानुनको मापदण्ड अनुरूप नरहेको र कतिपयमा आवश्यक सुधार गर्नुपर्ने भन्दै मानवअधिकारकर्मी सङ्घसंस्थाले भदौ १४ गते शान्ति तथा पुनःनिर्माण मन्त्री रकम चेम्जोङमार्फत सरकारलाई ज्ञापनपत्र बुझाए[७]।

विस्तृत शान्ति सम्झौतामा ६० दिनभित्र बेपत्ताको स्थिति सार्वजनिक गर्नुका साथै बेपत्ता आयोग गठन गर्ने सहमति भएको थियो। तर, बेपत्ता आयोग

६. 'अध्यादेशप्रति आयोगको असन्तुष्टि'। *कान्तिपुर* । ०६५ माघ २७

७. 'मानवअधिकारकर्मीद्वारा सरकारलाई ज्ञापनपत्र' । *गोरखापत्र* । ०६५ भदौ १५

गठन गर्ने सम्बन्धमा सर्वोच्च अदालतले सरकारलाई दिएको आदेशको दुई वर्ष बितिसक्दा पनि यो कार्यान्वयन हुन सकेन।

दण्डहीनता र उन्मुक्तिको उदाहरणका रूपमा माधव नेपाल नेतृत्वको सरकारले भैरवनाथ गणका तत्कालीन कमान्डर उपरथी तोरणजङ्गबहादुर सिंहको बढुवा गरेको प्रकरणलाई लिइयो। ओएचसीचआरले भैरवनाथ गणबाट बेपत्ता पारिएको घटनाको निष्पक्ष छानबिन नहुन्जेल बढुवा गर्न नहुने धारणा व्यक्त गर्दै प्रेस विज्ञप्तिसमेत जारी गरेको थियो। जवाफदेहिता निगरानी समितिमा आबद्ध इन्सेक अध्यक्षलगायतका मानवअधिकार संस्थाले पुस १० गते एक विज्ञप्ति प्रकाशन गरी आफ्नो कमान्ड अन्तर्गत तत्कालीन शाही नेपाली सेनाको भैरवनाथ गणमा थुनामा रहेका ४९ भन्दा बढी व्यक्तिहरूलाई बलपूर्वक बेपत्ता पारेर मानवअधिकारको गम्भीर उल्लङ्घनमा आरोपित १० नं बाहिनीका तत्कालीन बाहिनीपति तोरणजङ्गबहादुर सिंहलाई बलाधिकृत रथीमा बढुवा गर्ने नेपाल सरकारको निर्णयप्रति खेद प्रकट गऱ्यो।

यसैगरी काभ्रे जिल्लाको खरेलथोक गाविसकी १५ वर्षीया मैना सुनुवारलाई यातना दिएर मारिएको घटनामा संलग्न भनेर आरोपित निरञ्जन बस्नेतलाई नेपाली सेनाले संयुक्त राष्ट्रसङ्घीय मिसनमा पठायो। जनवरी सन् २००८ मा काभ्रे जिल्ला अदालतले जारी गरेको पक्राउ पुर्जीको बेवास्ता गर्दै सेप्टेम्बर ७ मा बस्नेतलाई मिसनमा खटाइएको थियो। सोही अदालतले बस्नेतलाई तत्काल निलम्बन गर्न आदेश दिएको थियो। यसै वर्षको १२ डिसेम्बरमा फिर्ता बोलाइएका ती अधिकृतलाई नागरिक अदालतमा उपस्थित गराउन इन्सेकलगायतका मानवधिकार संस्थाले आह्वान गरेका थिए। यस वर्षको अन्त्यसम्म बस्नेतलाई सैनिक हिरासतमा राखिएको छ। नेपाली सेनाले अदालतको आदेशको पालना नगर्दा पनि मौन बसेर सेनाको कदमलाई सरकारले स्वीकार गऱ्यो। सरकारको नेतृत्वसमेत गरिसकेको एकीकृत माओवादीले रामहरि श्रेष्ठ, पत्रकार वीरेन्द्र साहको हत्या र सन् २००५ मा चितवनको माडीमा भएको जनसंहारमा संलग्न आफ्ना कार्यकर्तालाई कारबाहीको दायरामा ल्याउनुको साटो दलभित्र उनीहरूको हैसियतमा समेत वृद्धि गऱ्यो। *(हेर्नूस्, यस वर्षको उल्लेख्य : शान्ति प्रक्रियाका अवरोध)*

यसरी सरकार र राजनीतिक दलहरूमा दण्डहीनता अन्त्य गर्ने इच्छाशक्ति नरहेको पुष्टि भयो।

पर्सा जिल्लाका प्रमुख जिल्ला अधिकारी दुर्गाप्रसाद भण्डारीलाई आफूलाई पर्सा भ्रमणका क्रममा राम्रो गाडी उपलब्ध नगराएको भन्दै कृषि तथा सहकारी राज्यमन्त्री करिमा बेगमले कुटपिट गर्दासमेत सरकारले उनलाई कारबाही गरेन। बेगमको गिरफ्तारका लागि ललितपुर जिल्ला प्रहरी कार्यालयले पक्राउ पुर्जी जारी गरे पनि कार्यान्वयन भएन।

सरकारले गत वर्षभैँ यस वर्ष पनि आपराधिक मुद्दा फिर्ता लियो। कपिलवस्तु, रूपन्देहीको बुटवल र दाङ जिल्लामा भएका आपराधिक घटनामा संलग्न १३ जनाको मुद्दा सरकारले फिर्ता लियो। उन्मुक्ति पाउने अभियोगीहरू तराई-मधेस लोकतान्त्रिक पार्टीका कार्यकर्ता बताइए जबकि घटना हुँदाखेरि त्यो पार्टीको अस्तित्व नै थिएन।

यसैगरी माधवकुमार नेपाल नेतृत्वको सरकार पनि मुद्दा फिर्ता लिने मामिलामा पछि परेन। सरकारले राजनीतिक प्रकृतिका मुद्दा भन्दै २७ ओटा मुद्दा फिर्ता लियो। सप्तरीका धर्मदेव यादवसमेत सात, ताप्लेजुङका डम्बरबहादुर लिम्बूसहित २० र संविधानसभाको चुनावताका सुर्खेतमा भएको हत्याकाण्डबारेको मुद्दा फिर्ता लियो। यो सरकारले राजनीतिक प्रकृतिको मुद्दा फिर्ता गर्ने समितिको संयोजकमा संयुक्त सरकारका गृहमन्त्री भीम रावललाई नियुक्त गरेको थियो। राजनीतिक दृष्टिकोणबाट गरिएका यस्ता निर्णयले दण्डहीनतालाई नै प्रोत्साहन गर्दछ भन्नेतर्फ सरकार आशङ्कितसमेत भएन।

यसरी नै एकीकृत माओवादीले पनि दण्डहीनताको अन्त्य गर्नका लागि सकारात्मक व्यवहार देखाएन। रामहरि श्रेष्ठ हत्याकाण्डको छानबिन गर्न माओवादी आफैँले पोस्टबहादुर बोगटीको संयोजकत्वमा गठन गरेको आयोगले घटनाका योजनाकार भनिएका कालीबहादुर खामको विषयमा केही खुलाएन। त्यसैगरी कैलालीका पत्रकार जेपी जोशीको हत्याको विषयमा सरकारले १५ दिनभित्र प्रतिवेदन बुझाउने भनी अधिवक्ता उमेश गौतमको अध्यक्षतामा आयोग गठन गरेको थियो भने एकीकृत माओवादीले देवेन्द्र पौडेलको नेतृत्वमा समिति गठन गरेको थियो। सरकारको आयोगले यस वर्षको अन्त्यसम्म प्रतिवेदन बुझाएन भने एकीकृत माओवादी समितिले काम नै आरम्भ गरेन। सरकार र माओवादी दुवैले विधिको शासनको उपेक्षा गरिरहेको व्यवहारले पुष्टि गऱ्यो।

'राजनीतिज्ञ, प्रहरी, अभियोजक एवम् सेनाले फेरि पनि निराश पारेका छन्। पीडकहरूको अभियोजन गर्ने कार्यलाई गति दिन नेपाल सरकारसँग प्रशस्त समय

थियो। तर, यसले गरेका कार्य भनेका केवल फोस्रा आश्वासन मात्रै हो[८]।'

विधिको शासनको उपेक्षा गर्दै दलहरूबाट कसरी दोषीलाई उन्मुक्ति प्रदान गरिन्छ भन्ने उदाहरण सप्तरी जिल्लामा यर्स वर्ष भएको घटनाले पुष्टि गऱ्यो। सप्तरी जिल्लाको राजविराजस्थित महेन्द्र विन्देश्वरी बहुमुखी क्याम्पसका प्रमुख देवीदत्त साहमाथि कुटपिट गर्ने विद्यार्थी नेताहरूको मुद्दामा थुनछेकसम्बन्धी बहस चलिरहँदा तिनको रिहाइ र मुद्दा खारेजीको माग गर्दै राजविराजमा निस्किएको जुलुसले जिल्ला प्रशासन कार्यालयमा तालाबन्दी गर्न गएपछि प्रहरीसँग दोहोरो भिडन्त भयो, जसमा एक प्रहरी निरीक्षकसहित १२ जना घाइते भए। आरोपित विद्यार्थीहरूलाई छुटाउनका लागि १० दलको सर्वपक्षीय समूह गठन भएको थियो, जसमा एमाले र काङ्ग्रेसले आफ्नो सहभागिता नरहेको जनाए। स्वयं पदाधिकारीको संलग्नतामा महेन्द्र विन्देश्वरी बहुमुखी क्याम्पस राजविराजका क्याम्पसप्रमुख देवीदत्त साहलाई जेठ २५ गते विद्यार्थीहरूले चार घन्टा नियन्त्रणमा लिई कार्यकक्षमै निर्घात कुटपिट गरेका थिए। घटनामा संलग्न रहेको आरोपमा प्रहरीले स्वयं सभापति रामचन्द्र यादव, सचिव जयप्रकाश यादव र सदस्य सन्तोष यादवलाई गिरफ्तार गरी शरीर बन्धक तथा अपहरण ऐन अन्तर्गत कारबाही चलाएको थियो। *(हेर्नुस्, जिल्लागत विवरणमा सप्तरी)*

राजनीतिक दृष्टिकोणबाट निर्देशित उपरोक्त कार्यबाट अन्ततः दण्डहीनतालाई प्रोत्साहित गर्ने विषयप्रति सरकार सावधान रहेको पाइएन। 'युद्धकालमा भएका अपराधको निष्पक्ष छानविन र दोषीमाथि कारबाही नहुँदा समाजमा आपराधिक मनोवृत्ति र दण्डहीनता मौलाउँदै गएको छ। तर, सरकार, हिजोको विद्रोही माओवादी र राजनीतिक दल कोही पनि दोषीलाई कारबाहीको दायरमा ल्याएर पीडितलाई न्याय दिलाउन इच्छुक देखिँदैनन्[९]।'

१.४.३ द्वन्द्वपीडितलाई परिपूरणको प्रयास

यस वर्ष सरकारले सशस्त्र द्वन्द्वकालमा मारिएका ११ हजार ३९ जना मृतकका हकदारलाई १ लाख रुपियाँका दरले उपलब्ध गराउने योजना आरम्भ गऱ्यो। यसबाट मृतकका परिवारलाई आर्थिक राहत मिल्ने देखिए पनि न्यायको अनुभूति नपाउने अवस्था यथावत् रह्यो। आर्थिक सहयोग नै परिपूरणको एक मात्र साधनका रूपमा देख्ने सरकारी दृष्टिकोण पनि सार्वजनिक भयो भने अर्कातिर दलीय सहमतिका आधारमा कसरी राज्यकोष दुरुपयोग हुन सक्दो रहेछ भन्ने पनि प्रमाण मिल्यो। मृतकका हकदारलाई आर्थिक सहायता प्रदान गर्ने निर्देशिका ०६५ मा सर्वपक्षीय सर्वदलीय सहमतिका आधारलाई जोड दिएबाट दलगत सहमतिका आधारमा राहत उपलब्ध गराउने नियत प्रस्टिएको छ।

'नेपाली काङ्ग्रेसका हुम्ला जिल्ला उपसभापति टक्कबहादुर शाही र एकीकृत माओवादीका हुम्ला जिल्ला सदस्य सुरवीर ऐडी जिल्ला राजनीतिमा क्रियाशील छन्। तर, शान्ति तथा पुनःनिर्माण मन्त्रालयले जिल्ला प्रशासन कार्यालय हुम्लामा द्वन्द्वपीडितलाई राहत दिन प्रमाणित गरेर पठाएको १ सय ६४ जना मृतकको सूचीमा ऐडी र शाहीको नाम पनि छ। ठेगाना नजनाई सूचीमा राखिएका ऐडी ०५७ सालमा दैलेखमा मारिएको उल्लेख छ[१०]।'

द्वन्द्वप्रभावित व्यक्ति, परिवार तथा संरचनाको लगत सङ्कलन कार्यदलले यस वर्ष दिएको प्रतिवेदनमा १५ हजार ९ सय १६ जनाको मृत्यु भएको उल्लेख छ। शान्ति मन्त्रालयका अनुसार यस वर्षको अन्यसम्म ११ हजार ३९ जना मृतकका हकदारलाई राहत रकम उपलब्ध गराउन सम्बन्धित जिल्लाहरूमा फुकुवा पठाइसकिएको छ[११]।

२. सुरक्षा योजना कार्यान्वयन

सरकारले शान्ति सुरक्षा कायम गर्न नयाँ योजना कार्यान्वयन गऱ्यो। यस वर्ष तराई-मधेसका १५, पूर्वी पहाडका आठ र उपत्यकाका तीन गरी २६ जिल्लामा यो लागू भयो। यसका लागि सरकारले ४ अर्ब रुपियाँ बजेट पनि छुट्यायो। यसै सन्दर्भमा सशस्त्र प्रहरी बलले ११ हजारभन्दा बढी नयाँ रिक्त स्थानमा भर्ती सुरु गरिसकेको छ। यस वर्ष ५ हजारभन्दा बढी भर्ती स्वीकृत भइसक्यो भने नेपाल प्रहरीको १० हजार प्रस्तावित भर्ती अर्थ मन्त्रालयमा यस वर्षको अन्त्यसम्म विचाराधीन छ।

---

८. 'ब्राड आडम्स, ह्युमन राइट्स वाचका एसिया निर्देशक, त्रासपूर्ण विगत र पूरा नगरिएका प्रतिबद्धताहरूबाट पुनः उद्धृत'। *साप्ताहिक* (वर्ष १५ अङ्क २३) ०६६ कात्तिक ७

९. गाहामगर, सन्त। http:// www.himalkhabar.com/news.php?=2840

१०. 'जिउँदा मानिस मृतकको सूचीमा'। http://www.himalkhabar.com/hkp/news.hp?id=2417

११. http://www.epsp.gov.np/eng/index.php,

तराई-मधेसमा सक्रिय रहेका विभिन्न सशस्त्र समूहमध्ये ११ ओटा समूहसँग दाहाल सरकारका तर्फबाट तत्कालीन शान्तिमन्त्री जनार्दन शर्माले प्रथम चरणमा ०६६ वैशाख १४ गतेदेखि वार्ताको सुरुआत गरेका थिए। गत वर्ष पनि उनको नेतृत्वमा सरकारले वार्ता आरम्भ गरे पनि कुनै सार्थक परिणाम निस्कन सकेको थिएन। वार्ताका लागि वातावरण तयार गर्न भन्दै दाहाल सरकारले औपचारिक राजीनामा घोषणा गरिसकेको अवस्थामा पनि तराई-मधेसमा क्रियाशील विभिन्न समूहका व्यक्तिहरूमाथि लगाइएको मुद्दा फिर्ता गऱ्यो। सरकारले लिब्रेसन टाइगर अफ तराई-इलम, मधेसी भाइरस किलर्स पार्टी, तराई-मधेस संयुक्त जनक्रान्ति पार्टी नेपाल, जनतान्त्रिक तराई मुक्ति मोर्चा (राजन मुक्ति समूह), संयुक्त जनतान्त्रिक तराई मुक्ति मोर्चाका दुई दुई जना गरी १० जनाको मुद्दा फिर्ता लिने निर्णय गरेको थियो।

पछिल्लो सरकारका तर्फबाट शान्ति तथा पुनःनिर्माणमन्त्री रकम चेम्जोङले पनि वार्ताको थालनी गरे। सन् २००९ को अन्त्यसम्ममा वार्ताका लागि आह्वान गरिएका समूहहरूमा जनवादी वर्कस पार्टी, तराई कोब्रा, तराई जनतान्त्रिक मुक्ति मोर्चा (रणवीर), लिट्टे, तराई जनतान्त्रिक मुक्ति मोर्चा (पृथ्वी), मधेसी भाइरस किलर्स, अखिल तराई मुक्ति मोर्चा, संयुक्त तराई जनक्रान्ति पार्टी, मधेसी राष्ट्रिय जनतान्त्रिक पार्टी (क्रान्तिकारी), तराई संयुक्त जनतान्त्रिक मुक्ति मोर्चा पार्टी (पवन सिंह), मधेसी मुक्ति टाइगर र तराई संयुक्त जनतान्त्रिक पार्टी (टार्जन) रहेका थिए। वार्तामा संलग्न केही समूहका प्रतिनिधिहरूले सरकारले वार्ताका एजेन्डाहरूप्रति यथोचित चासो नदेखाएकाले वार्ता हुन नसक्ने बताए। *(हेर्नूस् यस वर्षको उल्लेख्य)*

गृहमन्त्रालयले मुलुकभरका १ सय ९ ओटा सशस्त्र समूहबारे तयार पारेको प्रतिवेदनमा ८० प्रतिशत समूहको आश्रयस्थल, तालिम र हतियार खरिद गर्ने थलो भारत रहेको उल्लेख छ। ती समूहमध्ये २० भन्दा बढीको उद्देश्य 'तराई-मधेसलाई नेपालबाट टुक्र्याएर बेग्लै मुलुक बनाउने'छ भने ६० समूहको उद्देश्य मधेसलाई आत्मनिर्णयको अधिकारसहितको स्वायतत्ता दिनुपर्ने प्रतिवेदनमा उल्लेख छ। प्रतिवेदन अनुसार ९५ प्रतिशत समूहको चरित्र आपराधिक भएको जनाइएको छ[१२]।

सरकारले हिंसात्मक क्रियाकलाप अन्त्य गर्न मन्त्रिपरिषद्को राजनीतिक समितिले ०६६ साउन ११ गते नयाँ सुरक्षा रणनीति पारित गऱ्यो। यसबाट तराई-मधेसका केही जिल्लामा आपराधिक क्रियाकलापमा केही कमी आए पनि समग्र अवस्थामा भने चर्चायोग्य सुधार हुन सकेन। जबरजस्ती चन्दा, अपहरण, कुटपिट सम्पत्ति कब्जाका घटनाबाट जनता आक्रान्त हुने क्रम रोकिएन। पाँचथरलगायतका पूर्वी पहाडमा विभिन्न समूहले धम्की दिँदै चन्दा असुल गरिरहे। र, केहीले करका रूपमा अर्थ सङ्कलनसमेत गरिरहेको प्रशस्त घटना इन्सेकमा अभिलेख भए। मञ्चसम्बद्ध लिम्बूवान राज्यपरिषद्का तर्फबाट सुम्हात्लुङ क्षेत्रीय समितिले लेटरप्याडमा रकम नै तोकेर फिदिमका धेरैजसो विद्यालय, सरकारी कार्यालय, सङ्घसंस्था र व्यापारीसँग १० हजारदेखि १ लाख रुपियाँसम्म माग गऱ्यो[१३]।

यस अवधिमा सशस्त्र समूहसँग भिडन्त भएको नाममा प्रहरीले गैरन्यायिक हत्या गरेको पनि प्रकाशमा आयो । (हेर्नूस्, जिल्लागत विवरणमा सप्तरी, सिराहा धनुषाका हत्या शीर्षक) तर, सरकारले यस्ता हत्याबारे कुनै छानबिन गर्ने प्रयास गरेन।

३.अन्तर्राष्ट्रिय दायित्व निर्वाह

संयुक्त राष्ट्रसङ्घद्वारा जारी गरिएका सन्धि/अभिसन्धिहरूमा हस्ताक्षर गर्ने सदस्य राष्ट्रमध्ये नेपाल अग्रस्थानमा पर्छ। नेपालका तर्फबाट एकीकृत माओवादी नेतृत्वको सरकारका परराष्ट्रमन्त्री उपेन्द्र यादवले संयुक्त राष्ट्रसङ्घको महासभामा अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधान अनुमोदन गर्न तयार रहेको जानकारी दिएका थिए। उनले फागुन २९ गते मन्त्रिपरिषद्को बैठकमा रोम विधान अनुमोदन गर्न प्रस्ताव गरेर विधानप्रति सरकार सकारात्मक रहेको प्रमाण प्रस्तुत गरेकामा बैठकले यस विषयमा पछि निर्णय गरिने भनी यसलाई पन्छ्यायो। उसै सरकारका कानुन तथा न्यायमन्त्री देवप्रसाद गुरुङले तीन वर्षअघिको सात दल रहेको संसद्को निर्देशन परिवर्तित राजनीतिक परिवेशमा सान्दर्भिक नभएकाले विधान अनुमोदनका लागि संविधानसभामा जानुपर्ने तर्क प्रस्तुत गरे। त्यसकारण मन्त्रिपरिषद् मात्रले विधान अनुमोदन गर्न नमिल्ने उनको विश्लेषण थियो[१४]।

रोम विधान अनुमोदन नगरे तापनि नेपालले

---

१२. '१ सय ९ समूहको चिरफार'। *कान्तिपुर* । ०६५ असार १७

१३. 'लिम्बूवानको चुनौती'। http//.himalkhabar.com/news.php?id=2716

१४. http://www.iccnow.org/?mod=newsdetail&news=3252

यस वर्ष अपाङ्गता भएकाहरूको महासन्धि र यसको इच्छाधीन आलेखलाई अनुमोदन र धर्मसम्बन्धी हेग महासन्धिमा हस्ताक्षर गरेर मानवअधिकारप्रति सम्मान जाहेर गऱ्यो।

बालबालिकाको बेचविखन, बाल वेश्यावृत्ति र अश्लील चित्रणविरुद्ध बालअधिकारसम्बन्धी महासन्धिको इच्छाधीन आलेख, २००० सम्बन्धमा प्रारम्भिक प्रतिवेदन प्रस्तुत गऱ्यो। यो प्रारम्भिक प्रतिवेदन गत वर्ष बुझाउनु पर्नेमा एक वर्ष ढिला गरी बुझाएको थियो। यसैगरी महिलाविरुद्ध भेदभावसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय समितिमा प्रस्तुत गऱ्यो। यो प्रारम्भिक प्रतिवेदन पनि तोकिएको समयावधिभन्दा ढिलो गरी पठाएको थियो।

माओवादी शिविरमा रहेका अयोग्य लडाकूलाई शिविरबाट स्थानान्तरण र समाजमा पुन:स्थापना गर्ने सम्बन्धमा बालबालिका र सशस्त्र द्वन्द्वसम्बन्धी संयुक्त राष्ट्रसङ्घका महासचिवका विशेष प्रतिनिधिद्वारा प्रस्तुत कार्ययोजनामा नेपाल सरकार र एकीकृत माओवादीबीच पुस १ गते सहमति भयो। सुरक्षापरिषद्मा पेस गरिने महासचिवको प्रतिवेदनमा बालबालिका भर्ना गर्ने अथवा सशस्त्र द्वन्द्वमा अन्य किसिमले बालबालिकालाई दुरूपयोग गर्ने गैरराज्य संस्थाको सूचीमा माओवादीको नाम सामेल नहोस् भनेर फेब्रुअरीको म्याद तोकिएको थियो[१५]। सन् २००३ यताका राष्ट्रसङ्घीय सुरक्षापरिषद्का वार्षिक प्रतिवेदनमा निन्दनीय र लज्जास्पद मानिने सूचीमा माओवादीको नाम रहँदै आएको छ।

विश्वव्यापी आवधिक समीक्षा अन्तर्गत सन् २०११ को फेब्रुअरीमा संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार परिषद्मा हुने नेपालबारेको समीक्षाका लागि नेपाल सरकारले पठाउनु पर्ने प्रतिवेदनको मस्यौदा गर्न प्रधानमन्त्री कार्यालयले संयोजन गर्ने गरी एक समिति गठन गऱ्यो। सो समितिले नेपालको अन्तर्राष्ट्रिय महासन्धिप्रतिको दायित्वको कार्यान्वयन, संयुक्त राष्ट्रसङ्घका विशेष समाधीक्षकले नेपाल भ्रमण गरेपश्चात् दिएका सुझावको कार्यान्वयन, नेपाल पक्षराष्ट्र भएको अन्तर्राष्ट्रिय मानवीय कानुनको कार्यान्वयन स्थितिसहितको समग्र मानवअधिकार स्थितिबारे प्रतिवेदन मानवअधिकार परिषद्मा बुझाउने छ।

नेपालस्थित संयुक्त राष्ट्रसङ्घ मानवअधिकार उच्चायुक्तको कार्यालय (ओएचसीएचआर)बीच ०६१ चैत २८ गते भएको सम्झौता अनुसार ओएचसीएचआरको कार्याकालको अवधि एक वर्षका लागि नेपाल सरकारले बढायो।

संयुक्त राष्ट्रसङ्घीय संस्थाप्रति पछिल्लो सरकारले असन्तुष्टि पनि प्रकट गऱ्यो। अनमिनका प्रतिवेदन एकपक्षीय र यथार्थमा आधारित नरहेको आरोप लगाउँदै त्यस्तो असन्तुष्टि व्यक्त गरेको थियो। संयुक्त राष्ट्रसङ्घका महासचिवले राष्ट्रसङ्घको सुरक्षापरिषद्मा प्रस्तुत गरेको प्रतिवेदनप्रति सरकारका साथै विभिन्न दलहरूले असन्तुष्टि व्यक्त गरेका थिए। यसअघि प्रधानमन्त्रीसहितको २२ दलको बैठकले नेपालको राष्ट्रिय मामिलामा राष्ट्रसङ्घले हस्तक्षेप गरेकामा त्यसलाई बाह्य हस्तक्षेप ठहऱ्याएको थियो[१६]।

गत फागुन महिनामा नेपाल भ्रमणमा रहेकी संयुक्त राष्ट्रसङ्घीय उच्चायुक्त ननिथम पिल्लेले सरकारसँग ओएचसीएचआरको समयावधि तीन वर्ष बढाउनका लागि आग्रह गरकी थिइन्। तर, पछिल्ला प्रधानमन्त्री माधवकुमार नेपाल भने ओएचसीएचआरको समयावधि बढाउने पक्षमा देखिएनन्। राष्ट्रिय मानवअधिकार आयोगको नवौँ वार्षिकोत्सवको अवसरमा आयोजित कार्यक्रममा उनले भने, 'देशभित्रको मानवअधिकार अवस्था सुधार्न राष्ट्रिय मानवअधिकार आयोग नै मजबुत हुनुपर्छ[१७]।'

राष्ट्रिय मानवअधिकार आयोगले ०६६ असार १२ गते प्रधानमन्त्रीसमक्ष प्रस्तुत ज्ञापनपत्रको बुँदा ४ मा ओएचसीएचआरको कार्यादिशका बारेमा ध्यानाकर्षण गराएको थियो। ०६२ माघ १९ गते तत्कालीन राजाको असंवैधानिक कदमका कारण र युद्धरत विद्रोही माओवादीका कारण मानवअधिकार उल्लङ्घन भइरहेको परिस्थितमा धेरै परिवर्तन भइसकेकाले उच्चायुक्तको कार्यालयले गर्दै आएका काम राष्ट्रिय मानवअधिकार आयोगको कार्यक्षेत्रभित्र पर्ने स्मरण गराइएको थियो[१८]। आयोगको प्रस्तावित विधेयक आयोग गठन भएको दुई वर्ष भन्दा बढी भइसक्दा पनि लागू

१५. http://www.kulgautam.org/website/index.php/kuls-speech/kuls-speech-nepal-mainmenu-68/239-2009-04-03-20-39-44

१६ http://www.nhrcnepal.org///hrletter/doc/NHRC-Newsletter-Special%20Issue-2066(Baishakh&Jestha).pdf

१७. 'ओएचसीएचआर हटाउने पक्षमा प्रधानमन्त्री'। *समाचारपत्र* । ०६६ वैशाख १४ : पृ. १

१८. htpp://www.indianews.com/Nepal/20091105/230145.htm

नभएको र आयोगका ३८ प्रतिशत सिफारिस कार्यान्वयन गर्नाले सरकार आयोगप्रति सकारात्मक देखिएन।

स्थापनाकालदेखि यस अवधिसम्म आयोगमा ८ हजार ७ सय ५७ उजुरी दर्ता भएकामा १ हजार १ सय ३ उजुरी फर्स्यौट गरेको छ भने १ सय ४७ ओटा सिफारिस गऱ्यो। आयोगले गरेको सिफारिसमध्ये ३८ प्रतिशत सिफारिस कार्यान्वयन नभएकाले स्थिति सन्तोषप्रद देखिँदैन। मानवअधिकार आयोगका अध्यक्ष केदारनाथ उपाध्यायले मानवअधिकार हननका दोषीहरूलाई कानुनुको दायरामा ल्याउन राज्यस्तरबाट सशक्त र प्रभावकारी प्रयास हुन नसकेको बताए।

४. सामाजिक सुरक्षाका निम्ति केही प्रयास

नयाँ बजेटले सामाजिक सुरक्षाका कार्यक्रमलाई विशेष प्राथमिकता दिएको छ। बजेटले महिला, बालबालिका, ज्येष्ठ नागरिक र सीमान्तकृत समुदायलाई सम्बोधन गर्दै थुप्रै कर्णप्रिय कार्यक्रम ल्याएको थियो। विगतदेखि दिइँदै आएको भत्तालाई निरन्तरता दिँदै केहीमा थपसमेत गऱ्यो

विधवा (एकल महिला) र दलित, गैरदलित विवाहलाई प्रोत्साहन गर्न बजेटले आकर्षक कार्यक्रम ल्याएको थियो। दलित र गैरदलितबीचको अन्तरजातीय विवाह गर्नेलाई १ लाख रुपियाँ अनुदान दिइने व्यवस्था गरेकामा एकल महिला र महिलाअधिकारकर्मीहरूद्वारा सर्वोच्च अदालतमा रिट निवेदन दायर गरे।

वृद्ध र एकल महिला भत्तालाई बजेटले निरन्तरता दिएको छ। सामाजिक सुरक्षामा सरकारले ७ अर्ब ७८ करोड रुपियाँ विनियोजन गरेको छ।

राउटे भत्तालाई ५ सयबाट बढाएर १ हजार रुपियाँ बनाइएको छ भने राउटेले स्थायी बसोबास गर्न चाहेमा उपयुक्त स्थानमा बसोबास गराइने घोषणा पनि बजेटले गऱ्यो। द्वन्द्व प्रभावित ज्येष्ठ नागरिकको हेरचाह र स्वास्थ्य उपचारका लागि पाँचै विकास क्षेत्रमा 'ज्येष्ठ नागरिक आरोग्य आश्रम' निर्माण गरिने भएको छ। महिलालाई प्रत्यक्ष लाभ पुग्ने कार्यक्रममा ४९ अर्ब ४५ करोड बजेट प्रस्ताव गरिएको छ। यो कूल बजेटको १७ दशमलव ३० प्रतिशत हो। गत वर्ष यस्तो १९ अर्ब ९ करोड रुपियाँ थियो।

वादी समुदायका महिलाका लागि घर विकास योजना सञ्चालन गर्न ३ करोड रुपियाँ विनियोजन गरियो। घरेलु हिंसा तथा यौनजन्य दुर्व्यवहारबाट पीडित महिलालाई १५ स्थानमा महिला आवासगृह स्थापना गरिने भएको छ। त्यसका लागि २ करोड रुपियाँ छुट्याइएको छ। आगामी कात्तिकदेखि विपन्न, दलित र कर्णालीका परिवारका पाँच वर्षमुनिका दुई जनासम्म बालबालिकालाई २ सय रुपियाँ बाल संरक्षण अनुदान दिइनेछ। बुबा वा आमा नभएमा संरक्षकले यस्तो अनुदान पाउने छन्। यो कार्यक्रमबाट करिब ४ लाख बालबालिका लाभान्वित हुनेछन्। यसका लागि ७२ करोड विनियोजन भएको छ।

पर्सा, बारा, रौतहट, सर्लाही, महोत्तरी, धनुषा, सिराहा र सप्तरीका दलित र विपन्न मुसलमान परिवारका बालिकाले ८ कक्षा पास गरेमा अनमि वा त्यससरहको प्राविधिक शिक्षामा छात्रवृत्ति दिइने भएको छ। यसका लागि ६ करोड रुपियाँ छुट्याइएको छ।

आगामी दुई वर्षभित्र सबै नेपाली साक्षर हुने गरी निरक्षरता उन्मूलन कार्यक्रम सञ्चालन गरिने भएको छ। कक्षा १० सम्म क्रमश: नि:शुल्क शिक्षा उपलब्ध गराउने प्रावधान बजेटमा छ। बीचमा पढाइ छोड्न समस्या न्यूनीकरण गर्न दिवा पोषणयुक्त खाजा कार्यक्रमलाई विस्तार गरी ३५ जिल्लामा सञ्चालन गर्ने भएको छ। हाल २१ जिल्लामा सञ्चालित थियो। आगामी वर्ष थप ४ हजार विद्यालयलाई समुदायमा हस्तान्तरण गरिनेछ। प्राथमिकदेखि उच्च तहसम्मका विभिन्न छात्रवृत्तिलाई निरन्तरता दिइएको थियो। ३० विद्यालयमा प्राविधिक शिक्षा एनेक्स कार्यक्रम सञ्चालन गरिनेछ।

बजेटले लोपोन्मुख जाति, ७५ वर्ष नाघेका ज्येष्ठ नागरिक र १५ वर्षमुनिका बालबच्चाको भरतपुर क्यान्सर अस्पतालबाट नि:शुल्क क्यान्सर उपचार गर्ने घोषणा गरेको छ। उनीहरूलाई मुटुरोगको शल्यक्रियालगायत नि:शुल्क उपचार कार्यक्रमलाई निरन्तरता दिइएको थियो। ५ सय गरिबलाई सहिद गङ्गालाल हृदय केन्द्रमा नि:शुल्क मुटुको भल्भ फुकाउने उपचार गरिनेछ। सुदूरपश्चिमाञ्चलका नौ र कर्णालीका सबै जिल्लामा ४ हजार मोतीबिन्दुका बिरामीको नि:शुल्क शल्यक्रिया गरिनेछ। गरिबी निवारण कार्यक्रमलाई सबै जिल्लामा विस्तार गरिने बजेटमा छ। यसका लागि २ अर्ब ७२ करोड रुपियाँ छुट्याइएको छ। गरिबीको रेखामुनि रहेका परिवारलाई 'राज्य सुविधा परिचयपत्र' प्रदान गर्ने अर्थमन्त्रीले घोषणा गरे। यस्तो परिचयपत्र हुनेलाई स्वास्थ्य, शिक्षा र सार्वजनिक आपूर्ति प्रणालीमा सहुलियत उपलब्ध हुनेछ। सरकारले बिक्री गर्ने अनुदानका वस्तुमा उनीहरूको पहिलो अधिकार हुनेछ।

सामाजिक सुरक्षाका निम्ति ल्याएका योजनाहरूको अनुगमन तर कर्तव्य निर्वाहक संयन्त्रका

बारेमा भने बजेटमा उल्लेख भएन। आफूले ल्याएको योजना अलपत्र पर्ने गरेको अनुभवलाई सरकारले हृदयङ्गम गरेन। विगतमा मुक्त कमैया पुन:स्थापना कार्यक्रमको असफलताबाट सरकारले शिक्षा लिनुपर्ने थियो। मुक्त कमैयाका लागि छुट्याएको ६ करोड ९६ लाख ५४ हजार रुपियाँमध्ये वृत्ति विकासमा १ करोड ४८ लाख ५४ हजार, मुक्त कमैया पुन:स्थापना एवम् हलिया कानुन निर्माणका लागि ५ करोड ४८ लाख रुपियाँ खर्च हुने जनाइयो।

गत वर्ष सरकारले अन्तर्राष्ट्रिय श्रम सङ्गठनको सहयोग र आर्थिक तथा सामाजिक सुधार कार्यक्रम अन्तर्गत गरी ११ हजार ८ सय ८२ जनालाई व्यावसायिक तथा सीपमूलक तालिम दिएको थियो। आगामी वर्षको मध्यसम्ममा १ हजार १ सय ३८ जनालाई तालिम दिइने योजना कार्यान्वयन भयो। तर, ती व्यावसायिक तालिमप्राप्त जनशक्तिलाई कहाँ कसरी रोजगारको व्यवस्था गर्ने हो, त्यसप्रति भने सरकारको ध्यान गएन। अक्षयकोष, भूमि बैंक स्थापना आदि योजना यस वर्ष पनि कार्यान्वयन भएनन्। भूमि बैंकका लागि छुट्याएको ७ करोड रुपियाँ निष्क्रिय भएका कारण रोजगार तथा घुम्ती कार्यक्रममा स्थानान्तरण गरियो।

मुक्त कमैया समितिका अनुसार दाङ, बाँके, बर्दिया, कैलाली र कञ्चनपुर जिल्लामा रहेका २७ हजार ५ सय ७० परिवारमध्ये ५ हजार ९ सय ३१ परिवार पुन:स्थापित हुन सकेका छैनन्।

५. खाद्य सङ्कट र स्वास्थ्यको अधिकार

लामो समयदेखि खाद्यान्नमा हुँदै गएको उच्च मूल्यवृद्धि र विश्वव्यापी मन्दीका कारण बितेका तीन वर्षदेखि नेपालमा खाद्य असुरक्षाबाट प्रभावित जनसङ्ख्या बढ्दै गएको छ। संयुक्त राष्ट्रसङ्घीय निकायका अनुसार यस वर्ष ३७ लाख नेपाली खाद्य असुरक्षाको पीडा भोग्न बाध्य भए। विगतका वर्षहरूमा जस्तै यस वर्ष पनि गोर्खाका दुर्गम उत्तरी सातवटा गाविसहरू छेकम्पार, ल्हो, प्रोक, विही, चुम्चेत, सिर्दीबास र सामागाउँमा नेपाल खाद्य संस्थानले समयमा सहुलियत दरको चामल ढुवानी नगर्दा सो क्षेत्रका बासिन्दाले खाद्य सङ्कट बेहोर्नु पऱ्यो। सिर्दीबास डिपोका लागि यस वर्ष स्वीकृत २ हजार २ सय ६० क्विन्टल चामल पनि दसैँअघिसम्म ढुवानी हुन सकेन। दसैँमा खाद्यान्नको चरम सङ्कट हुने अवस्था देखिएपछि प्रतिकिलो २ सय रुपियाँ ढुवानी खर्च बेहोरेर अष्टमीका दिन मात्र सो क्षेत्रमा संस्थानले हेलिकप्टरबाट चामल ढुवानी गरेको थियो। गोर्खा जिल्लाकै जस्तो नियति जाजरकोट, कालीकोट, हुम्ला, डोल्पालगायतका जिल्लाबासीले भोग्नु पऱ्यो। (*हेर्नुस्, जिल्लागत विवरण अन्तर्गत आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार*)

कृषि तथा सहकारी मन्त्रालयका अनुसार, ४० जिल्लाका मानिसलाई जिल्लामा उत्पादित खाद्यान्नले खान पुग्दैन।

सरकारले दूरगामी दृष्टिकोण नअपनाउँदा बर्सेनि खाद्य सङ्कटको सामना गर्नुपरेको छ । सन् १९९० को दशकमा बजेटको २० प्रतिशत कृषिलाई छुट्याइने गरिन्थ्यो भने यस वर्षको बजेटमा कृषि क्षेत्रलाई २.६७ विनियोजन गरेबाट सरकार यो क्षेत्रप्रति गम्भीर नभएको पुष्टि गऱ्यो।

यसै वर्ष मध्यपश्चिम र सुदूरपश्चिम क्षेत्रका केही जिल्लाहरूमा सुरु भएको झाडापखालाको प्रकोपबाट ४ सय ६४ जनाको मृत्यु भयो। प्रकोप फैलिसकेपछि ०६६ साउन ४ गते बसेको मन्त्रिपरिषद्को बैठकले झाडापखालाबाट मृत्यु भएको घरमूलीको मृत्यु भएमा १५ हजार रुपियाँ र घरमूलीबाहेक अन्य सदस्यको मृत्यु भएमा प्रतिमृतकलाई १० हजार रुपियाँ केन्द्रीय दैवी प्रकोप उद्धार कोषबाट उपलब्ध गराउने निर्णय गऱ्यो।

झाडापखाला प्रभावित क्षेत्रमा विश्व खाद्य कार्यक्रम अन्तर्गत विभिन्न संस्थाद्वारा वितरित खाद्यान्नको इन्सेकद्वारा नमुना सङ्कलन गरी नेपाल उपभोक्ता हित संरक्षण मञ्चमार्फत खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागमा परीक्षण गराइयो । नमुना खाद्यान्न पशुले समेत खान नहुने भनी विभागबाट प्रतिवेदन प्राप्त भएको थियो[१९]।

नेपाल पक्ष भएको आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी प्रतिज्ञापत्र १९६६ को धारा ११, मानवअधिकारको विश्वव्यापी घोषणापत्र १९४८ को धारा २५ तथा नेपालको अन्तरिम संविधानको धारा १६ ले स्वास्थ्य अधिकारलाई आधारभूत अधिकारका रूपमा प्रत्याभूत गरेको छ। तर, सरकार जनताको स्वास्थ्य अधिकारप्रति संवेदनहीन रहेको देखियो। झाडापखालाबाट मृत्यु भएका परिवारलाई १० हजारदेखि १५ हजार रुपियाँ राहत दिएर उसले आफ्नो दायित्व पूरा गरेको सम्झियो। प्रकोपबाट मृत्यु हुनेमध्ये कसैको पनि लास परीक्षण गरेर मृत्युको कारक जीवाणुको पहिचान गर्न आवश्यक पनि ठानेन। जबकि

१९. http://inseconline.org/linkedfile/Diarrhea_report_Nep.pdf

प्रकोपग्रस्त क्षेत्रमा हैजाका केही जीवाणुसमेत भएको सार्वजनिक भएको थियो[२०]।

जिल्लामा स्वास्थ्यकर्मीको अभाव हुँदा पनि सरकारले यसप्रति ध्यान देखाएको पाइएन। इन्सेक जिल्ला प्रतिनिधिहरूले जनाए अनुसार दरबन्दी अनुसार प्राय: जिल्लामा चिकित्सक र अन्य स्वास्थ्यकर्मी नियुक्त भएनन्। नवलपरासीजस्तो सुगम जिल्ला अस्पतालमा यस वर्षको डाक्टर दरबन्दी ११ जना रहेकामा यो वर्ष चार जना मात्र कार्यरत रहेका थिए। स्टाफ नर्स १० जनाको दरबन्दी रहेकामा पाँच जना मात्र त्यहाँ कार्यरत थिए। लमजुङ जिल्ला अस्पतालमा डाक्टर दरबन्दी तीन जना रहेकामा यस वर्ष एक जना पनि उपस्थित रहेनन्। यसबाट धेरैजसो जिल्ला अस्पताल र स्वास्थ्य सेवाप्रति सरकारको गैरजिम्मेवारीपना कुन हदसम्मको रहेछ भन्ने कुरा सहजै बुझ्न सकिन्छ। (*हेर्नुस्, जिल्लागत विवरण अन्तर्गत स्वास्थ्य सेवाको अवस्था)*

स्वास्थ्य मन्त्रालयका अनुसार अझै पनि एक जना डाक्टरले १८ हजार ४ सय ३९ जनालाई सेवा पुऱ्याउनु पर्ने अवस्था विद्यमान छ।

६. निष्कर्ष र सुझाव

राजनीतिक रूपान्तरणका हिसाबले नेपाल सङ्क्रमणकालीन परिवेशमा छ। यस्तो अवस्थामा राज्यसामु अनेक चुनौती र समस्या देखापर्नु अस्वाभाविक होइन। तर, ती समस्यालाई समाधान गर्न उपयुक्त मार्ग पहिल्याउन सकिएन भने भविष्य अझै विकराल अवस्थामा भासिन सक्छ। तिनको निरूपण गर्न राज्यद्वारा न्याय र स्थिरता स्थापनालाई प्राथमिकता दिई दण्डहीनताको अन्त्य गरिनुपर्छ। विगतमा मानवअधिकार र मानवीय कानुनको उल्लङ्घन र अपराधमा संलग्न पीडकलाई सजाय र पीडितलाई परिपूरणलगायतको व्यवस्था गर्नु द्वन्द्व व्यवस्थापनका प्रमुख अङ्ग हुन्।

सन् २००९ मा शासन गर्ने दुवै सरकार आफ्नो कार्यक्षेत्रभन्दा बाहिर बढी तल्लीन रहे। अघिल्लो सरकार सत्ता मजबुत बनाउने अभियानमा केन्द्रित रह्यो भने पछिल्लो सरकारको अधिकतम समय सहमति कायम गराउने प्रयासमा बित्यो। दुवै सरकार शान्ति प्रक्रियालाई सार्थक टुङ्गोमा पुऱ्याउन, द्वन्द्वपीडितलाई परिपूरण तथा न्याय प्रदान गर्न र शान्ति सुरक्षा कायम गरी कानुनी शासन स्थापना गर्न सक्षम देखिएनन्। बरु लामो समयदेखि कायम रहँदै आएको दण्डहीनताको संस्कृतिलाई मौलाउने आधार प्रदान गरे। अनमिनको कार्यादेशभित्र रहेको माओवादी लडाकू समायोजन र पुन:स्थापनाजस्ता महत्त्वपूर्ण विषयमा अनमिनद्वारा मुख्य सहयोगीको भूमिका निर्वाह हुने अपेक्षा गरिए पनि यसका क्रियाकलापहरू जनअपेक्षा अनुरूप भएनन्। तसर्थ, सरकार निम्नलिखित विषयप्रति गम्भीर हुन आवश्यक देखिएको छ:

१. अन्तरिम संविधान, २०६३ र विस्तृत शान्ति समझौताको अक्षरश: पालना।
२. सुरक्षाका नाममा भएका गैरन्यायिक हत्याको छानविन गर्न ।
३. मानवअधिकारका अन्तर्राष्ट्रिय महासन्धिहरूको पालना ।
४. आफ्ना मातहतका संयन्त्रलाई सर्वोच्च अदालतका आदेश पालना गर्न आदेश ।
५. माओवादी लडाकूको व्यवस्थापन गर्न।
६. राष्ट्रिय मानवअधिकार आयोगका सिफारिस कार्यान्वयन गर्न।
७. मानवअधिकार ज्यादतीमा संलग्न जुनसुकै राजनीतिक दलका जुनसुकै स्तरका नेता तथा कार्यकर्तालाई कारवाहीको दायरमा ल्याउन।
८. अयोग्य प्रमाणित लडाकूहरूको अवस्था अनुगमनार्थ संयन्त्र निर्माण गर्न।
९. अन्तरिम संविधान अनुसार बेपत्ता छानबिन आयोग, सत्य निरूपण तथा मेलमिलाप आयोगहरू अन्तर्राष्ट्रिय मापदण्ड अनुरूप गठन गरी कार्यान्वयनमा ल्याउन।
१०. राजनीतिक मुद्दाका आधारमा आन्दोलनरत समूहहरूसँग वार्ता गरी समस्या समाधान गर्न।
११. खाद्य सुरक्षाका लागि दूरगामी नीति निर्माण गर्न।

२०. http; //un.org.np/diarrhea-outbreak

३.३ राज्य र मानवअधिकार

न्यवस्थापिका

परिच्छेद

३

घटनाक्रम
(०६५ पुस १७ देखि ०६६ पुस १६)

०६५ पुस २३

महिला, बालबालिका तथा समाजकल्याण मन्त्री पम्फा भुसालद्वारा 'घरेलु हिंसा (कसुर र सजाय) विधेयक, २०६५' लाई दफावार छलफलका लागि पेस।

पुस २६

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रीका तर्फबाट कानुन, न्याय तथा संविधानसभा व्यवस्था मन्त्री देवप्रसाद गुरुङद्वारा 'स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षासम्बन्धी विधेयक, २०६५' दफावार छलफलका लागि पेस।

पुस २९

तमलोपाका सभासद्हरूद्वारा पत्रकार उमा सिंहको बर्बर हत्याको भर्त्सना गर्दै सदन बहिष्कार।

पुस २९

उपप्रधान तथा गृहमन्त्री वामदेव गौतमद्वारा पत्रकार उमा सिंहलाई ०६५ पुस २७ गते साँझ केही हतियारधारी समूहले हत्या गरेको, प्रहरी प्रशासनद्वारा हत्यारा समूहको खोजतलास जारी रहेको, अपराधी पत्ता लागेपछि कडा कारबाही गरिने, मृतकको परिवारलाई क्षतिपूर्ति दिने तयारी भइरहेको जानकारी।

माघ ५

सभासद् रमेश लेखकद्वारा प्रस्तुत 'पत्रकारिता क्षेत्रलाई हत्या, हिंसा र आतङ्कबाट जोगाई भयरहित वातावरण सिर्जना गर्दै स्वतन्त्र तथा निष्पक्ष पत्रकारिताको प्रत्याभूति गर्न र संसदीय अनुगमनको उपयुक्त व्यवस्था गर्ने सङ्कल्प गर्दै नेपाल सरकारलाई निर्देश गर्दछ' भन्ने विषयको सङ्कल्पको प्रस्तावमाथि छलफल प्रारम्भ, बैठकले सर्वसम्मतिबाट पारित।

चैत २५, २६

प्रचण्ड थैवको हत्यारा पत्ता लगाई गिरफ्तार नगरिएको भन्दै एमालेका सभासद् तथा प्रधानमन्त्रीबाट व्यक्त गरिएका प्रतिबद्धताहरू कार्यान्वयन नभएको भन्दै काङ्ग्रेसका सभासद्बाट सदन बहिष्कार।

०६६ वैशाख २

शान्ति तथा पुन:निर्माण मन्त्री जनार्दन शर्माद्वारा 'व्यक्ति बेपत्ता पार्ने (कसूर र सजाय) अध्यादेश, २०६५' पेस।

वैशाख ७, ८, १०, १३, १४, १६

एकीकृत माओवादीद्वारा शान्ति प्रक्रिया धरापमा पारेको, दिनानुदिन सहमतिको राजनीति तोडेको, नेपाली सेना, प्रशासन र अदालतको तेजोबध गरेको तथा प्रधानमन्त्रीबाट व्यक्त गरिएका प्रतिबद्धताहरू कार्यान्वयन नभएको भन्दै काङ्ग्रेसका सभासद्बाट सदन बहिष्कार।

वैशाख २२, २३, २७ र २९, जेठ १, ४, ५

सहमति र सहकार्यको प्रक्रिया कमजोर भइरहेको, शान्ति प्रक्रिया तार्किक निष्कर्षमा पुग्न नसक्ने चिन्ता बढिरहेको, क्रान्तिकारी, अग्रगामी र यथास्थितिवादीहरूबीच द्वन्द्व बढिरहेको, नागरिक सर्वोच्चताविरुद्ध काम गर्ने प्रधानसेनापतिलाई जननिर्वाचित सरकार अन्तर्गत राख्न पदमुक्त गरिएको र अन्तरिम संविधानले राष्ट्रपतिलाई आलङ्कारिक मात्र रहने व्यवस्था गरे पनि संविधानमा हुँदै नभएको अधिकार प्रयोग गरी राष्ट्रपतिद्वारा असंवैधानिक कदम चाली देशमा द्वैध सत्ताको सिर्जना गरी असंवैधानिक 'कू' गरिएकाले त्यस्तो असंवैधानिक कदम फिर्ता नलिएसम्म सदनको कारबाही अगाडि बढ्न नदिने भन्दै एकीकृत माओवादीका सभासद्हरूद्वारा सदन बहिष्कार।

जेठ ८

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'द्वारा सरकार अपदस्थ गरी सेनालाई बाहिर निकाल्ने परिस्थिति देखिएकाले आफूले तत्काल मुठभेडको स्थिति नआओस् भनेर राजीनामा दिएको, प्रधानसेनापतिलाई सरकारमा संलग्न दलको सहमतिमा स्पष्टीकरण सोधिएको, प्रधानसेनापति रुक्माङ्गद कटवाललाई स्पष्टीकरण सोधिएको विषयलाई लिएर राष्ट्रपतिले असंवैधानिक कदम चालेको, जनसेनाको क्यान्टोनमेन्टमा कुनै पनि हतियार नभित्रिएका कारण हतियार बाहिर आएको कुरा झूटो भएको, माओवादीले सत्ता कब्जा गर्ने रणनीति बनायो भनी निराधार हल्ला चलाइएको, शान्ति प्रक्रिया र संविधान निर्माण प्रक्रियालाई अधुरो छाडेर एकीकृत माओवादी कुनै पनि हालतमा पछि नहट्नेलगायतका विषयमा जानकारी।

सभामुखद्वारा नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३८ को उपधारा (२) एवं संविधानसभा (व्यवस्थापिका-संसद्को कार्यसञ्चालन) नियमावली, २०६५ को नियम ७ को उपनियम (२) बमोजिम प्रधानमन्त्री पदको निर्वाचन गर्न ०६६ जेठ ९ गते शनिबार दिनको ३ बजेको समय तोकेको बेहोरा सदनलाई जानकारी।

जेठ ९

सभामुखले प्रधानमन्त्री पदको निर्वाचन कार्यक्रम अनुसार सदस्य माधवकुमार नेपाललाई नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३८ को उपधारा (२) एवम् संविधानसभा (व्यवस्थापिका-संसद्को कार्यसञ्चालन) नियमावली, २०६५ को नियम ७ को

उपनियम (३) बमोजिम प्रधानमन्त्री पदमा निर्वाचित गरियोस् भन्ने एक मात्र प्रस्तावको सूचना प्राप्त हुन आएको बेहोरा जानकारी गराउँदै 'यस सभाका सदस्य माधवकुमार नेपाललाई प्रधानमन्त्री पदमा निर्वाचित गरियोस्' भन्ने प्रस्तावका प्रस्तावक गिरिजाप्रसाद कोइरालाद्वारा प्रस्ताव प्रस्तुत्। सभामुखद्वारा 'यस सभाका सदस्य माधवकुमार नेपाललाई प्रधानमन्त्री पदमा निर्वाचित गरियोस्' भन्ने एक मात्र प्रस्तावको सूचना प्राप्त भएकाले संविधानसभा (व्यवस्थापिका-संसद्को कार्यसञ्चालन) नियमावली, २०६५ को नियम ७ को उपनियम (५) बमोजिम माननीय श्री माधवकुमार नेपाल प्रधानमन्त्री पदमा निर्विरोध निर्वाचित हुनुभएको घोषणा। तर, माओवादीले सो दिनको बैठक तथा चुनाव प्रक्रिया बहिष्कार गरेर बैठकबाट बाहिरिएका थिए।

जेठ १७

सभासद् पोस्टबहादुर बोगटीले संविधानको संरक्षक राष्ट्रपतिबाट लोकतन्त्रका पक्षमा काम नभएको, निर्देशित प्रजातन्त्रका कारण जनताले धोका पाइरहेको, सार्वभौम व्यवस्थापिकालाई निरीह बनाउने प्रयास भइरहेकाले उल्लिखित परिस्थिति नसच्चिएसम्म हाम्रो दलले आजको सदनको कारबाही बहिष्कार गर्दछ भन्नुभएपछि सदनमा उपस्थित एकीकृत माओवादीद्वारा सदन बहिष्कार।

जेठ १९, २१, २८

नागरिक सर्वोच्चता कायम हुनुपर्ने, राष्ट्रपतिको कदमका विरुद्ध सङ्कल्प प्रस्ताव संसद्मा छलफल गर्नुपर्ने माग गर्दै एकीकृत माओवादीद्वारा सदन बहिष्कार।

जेठ २९

प्रतिनिधिसभाकी पूर्वसदस्य, नेपाली काङ्ग्रेसकी वरिष्ठ नेतृ तथा प्रजातान्त्रिक आन्दोलनकी योद्धा एवम् पूर्वउपप्रधानमन्त्री शैलजा आचार्यको ०६६ जेठ २९ गते निधन भएकामा शोक प्रस्ताव पारित। माओवादीद्वारा सदन बहिष्कार।

जेठ ३१, असार २, ५, ७, ११, १४, १७

नागरिक सर्वोच्चता कायम हुनुपर्ने, राष्ट्रपतिको कदमका विरुद्ध सङ्कल्प प्रस्ताव संसद्मा छलफल गर्नुपर्ने माग गर्दै माओवादीद्वारा सदन बहिष्कार।

असार २२

प्रधानमन्त्री माधवकुमार नेपालले विगतका सरकार र विभिन्न आन्दोलनकारी समूहबीच भएका सम्झौता कार्यान्वयन गर्ने, माओवादी लडाकू र उनीहरूको हतियारको रेखदेख, पुन:स्थापना र समायोजन, १२ बुँदे समझदारी र विस्तृत शान्ति सम्झौतामा उल्लेख भएका सहमतिका आधारमा लडाकूको पुन:स्थापना गर्नेजस्ता विविध विषयलाई निष्कर्षमा पुऱ्याउन आफू संवेदनशील रहेको सदनलाई जानकारी।

सभामुखद्वारा ०६६ जेठ ११ गते प्रधानमन्त्री नेपालको अध्यक्षतामा मन्त्रिपरिषद् गठनसम्बन्धी जानकारी सदनमा पेस।

असार २४

व्यवस्थापिका संसद्को छैटौँ अधिवेशन आह्वान।

राष्ट्रपति डा. रामवरण यादवद्वारा नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रम असार २५ गते प्रस्तुत गर्ने कार्यक्रम रहेको जानकारी।

असार २५

राष्ट्रपति डा.रामवरण यादवद्वारा आर्थिक वर्ष ०६६/६७ का लागि नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत।

असार २८

माओवादीद्वारा सदन बहिष्कार, नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रम बहुमतबाट पारित भएको घोषणा।

असार २९

अर्थमन्त्री सुरेन्द्र पाण्डेद्वारा ०६६/६७ को राजस्व र व्ययको अनुमान (बजेट) पेस।

असार ३०

अर्थमन्त्री सुरेन्द्र पाण्डेद्वारा 'आर्थिक वर्ष ०६६/६७ को राजस्व र व्ययको अनुमानमाथि सामान्य छलफल प्रारम्भ गरियोस्' भन्ने प्रस्ताव प्रस्तुत।

असार ३१

अर्थमन्त्री सुरेन्द्र पाण्डेद्वारा 'विनियोजन विधेयक, २०६६' र 'पेस्की खर्च विधेयक, २०६६' प्रस्तुत।

साउन ४

अर्थमन्त्री सुरेन्द्र पाण्डेद्वारा प्रस्तुत 'विनियोजन विधेयक, २०६६ माथि विचार गरियोस्' भन्ने प्रस्ताव सर्वसम्मतिबाट स्वीकृत।

साउन ९

व्यवस्थापिका संसद्को बैठकमा गृहमन्त्री भीमबहादुर रावलले सप्तरीका अखिलेन्द्र यादवको प्रहरीको गोली लागेर भएको मृत्युसम्बन्धी घटनाको विषयमा जानकारी प्रदान। अन्तर्राष्ट्रिय सम्बन्ध र मानवअधिकार समितिका सभापति पदमलाल विश्वकर्माद्वारा 'दाङ जिल्लाको सीमा समस्या सम्बन्धी अध्ययन भ्रमण प्रतिवेदन, २०६६' पेस।

साउन ११

माओवादी सभासद् नारायणकाजी श्रेष्ठले शान्ति प्रक्रिया तार्किक निष्कर्षमा पुगी संविधानको खाका बनिसक्नुपर्नेमा त्यसतर्फ सरकार अग्रसर हुन नसकेको, शान्ति प्रक्रिया भङ्ग गर्ने षड्यन्त्र भइरहेको भन्दै त्यसको प्रतिकारमा उत्रने जिम्मेवारी र कार्यभार एकीकृत माओवादीको काँधमा रहेको बताउँदै सदन बहिष्कारको घोषणा।

साउन १३

प्रधानमन्त्री माधवकुमार नेपालले देशका विभिन्न जिल्लाहरूमा फैलिएको झाडापखालाबाट १ सय ८८ जनाको मृत्यु भएको तथा रोग नियन्त्रणका लागि सरकारका तर्फबाट चालिएको कदमका बारेमा जानकारी प्रदान।

साउन १४

गृहमन्त्री भीमबहादुर रावलद्वारा देशमा शान्ति सुरक्षा कायम राख्न मन्त्रिपरिषद्बाट भएका निर्णयहरूका विषयमा जानकारी प्रदान।

साउन १५ गते

सभासद् पूर्णबहादुर खड्काले सदनमा सरकारको उपस्थिति नरहेको तर्फ सदनको ध्यानाकर्षण गराउँदै सरकारको उपस्थिति नभएसम्म सदनको कारबाही अगाडि नबढाउन सभामुखलाई आग्रह गरेपछि सभामुखले मन्त्रीको उपस्थितिबिना व्यवस्थापिका-संसद्को बैठक अगाडि बढ्न सक्दैन भन्नुहुँदै बैठक १० मिनेटका लागि स्थगित।

साउन १६

चन्द्रबहादुर गुरुङ (स्याङ्जा)द्वारा सङ्घीयता, हिन्दु राष्ट्र र राजतन्त्रको विषयमा जनमतसङ्ग्रह हुनुपर्ने कुरा राप्रपा, नेपालले निरन्तर राख्दै आएको र सोही क्रममा जनमत लिन गुल्मी र स्याङ्जा पुग्दा वाईसीएलका कार्यकर्ताले कार्यक्रम बिथोलेको भन्दै खेद व्यक्त।

प्रधानमन्त्री माधवकुमार नेपालद्वारा मौजुदा मन्त्रिपरिषद्मा ०६६ साउन १४ गते ठाकुर शर्मालाई वातावरण मन्त्रीमा नियुक्त गरिएको सदनलाई जानकारी।

साउन २३

माओवादीका सभासद् नारायणकाजी श्रेष्ठद्वारा एकीकृत माओवादीले उठाएका मुद्दाहरूको विषयमा सरकारले सहमति जुटाओस् भनी एक महिनाको समय उपलब्ध गराउँदा पनि कुनै चासो नदेखाई अन्तिम समयमा मात्र सर्वदलीय बैठक बोलाई वार्ता गर्ने प्रयास गरेको भन्दै सरकारको नियतमाथि प्रश्नचिह्न। ऐतिहासिक संविधान निर्माण, शान्ति प्रक्रियालाई तार्किक निष्कर्षमा नपुऱ्याएसम्म, सम्माननीय राष्ट्रपतिको असंवैधानिक कदम नसच्चिएसम्म र माओवादी लडाकूको समायोजनका सम्बन्धमा सरकार गम्भीर नभएसम्म सदन चल्न नदिने दाबी। एकीकृत माओवादीका सदनमा उपस्थित सदस्यद्वारा सभामुख डायसअगाडिको बेलमा आई नारबाजी, बैठक स्थगित।

साउन २६, २७, २८, ३२, भदौ १, २, ३, ९, १०, ११, १२, १४, १५, १६, १७, २१, २३, २४, २५, २८, २९, ३०, असोज २, २१, २३, २५, २७, २९, कात्तिक १०, ११, १२, १३, १९, २०, २२, २३, २४

व्यवस्थापिका संसद्को बैठक प्रारम्भ हुनासाथ सदनमा उपस्थित एकीकृत माओवादीका सदस्यहरूद्वारा नाराबाजी सुरु । बैठक स्थगित ।

कात्तिक २९

कैलाली जिल्लाका सभासद् टेकबहादुर चोखालको निधनप्रति शोक प्रस्ताव पारित।

मङ्सिर १, २, ३, ४, ५

बैठक प्रारम्भ हुनासाथ एकीकृत माओवादीका सदनमा उपस्थित सम्पूर्ण सदस्यहरू सभामुखको डायसअगाडिको बेलमा जम्मा भई नाराबाजी लगाउने क्रम सुरू गरेपछि बैठक स्थगित।

मङ्सिर ८

एकीकृत माओवादीका नारायणकाजी श्रेष्ठद्वारा सभामुखसँग अनुमति लिई देश अहिले ऐतिहासिक मोडमा पुगेको, राजनीतिक दल तथा पार्टीहरूको काँधमा जनआन्दोलनको अभिभारा पूरा गर्ने दायित्व रहेको, १२ बुँदे समझदारीको जगमा उभिएर शान्ति प्रक्रियालाई तार्किक निष्कर्षमा पुऱ्याउने दायित्व रहेको यस विशिष्ट परिस्थितिमा जनताको भावना र चाहना अहिले सत्तामा रहेका दलहरूले बुझ्न नसक्दा दुःख लागेको भन्दै सदनमा राख्दै आएको माग र सङ्घर्ष बजेटसँग सम्बन्धित नभई नागरिक सर्वोच्चताको बहालीसँग सम्बन्धित मुद्दा भएकाले प्रमुख प्रतिपक्ष दलको नाताले जिम्मेवारीबोध गर्दै बजेट पारित गर्ने प्रयोजनको लागि तीनदिन सदन सञ्चालन गर्न सहयोग गर्ने जानकारी।

मङ्सिर ९

अछाममा महिला प्रहरी सुरक्षाकर्मी सुन्तली धामीमाथि सामूहिक बलात्कार गर्ने दोषीहरूको पहिचान भइसकेपछि पनि कुनै कारबाही गर्न सरकारले अग्रसरता नदेखाएकोतर्फ सभासद्हरूद्वारा सरकारको ध्यानाकर्षण।

मङ्सिर १०

व्यवस्थापिका-संसद्मा अर्थमन्त्री सुरेन्द्र पाण्डेद्वारा 'आर्थिक विधेयक, २०६६ लाई पारित गरियोस्' भनी राख्नुभएको प्रस्तावलाई सर्वसम्मतिबाट पारित।

मङ्सिर १२, १४, १६, १९, २२, २६, २९, पुस २

बैठक प्रारम्भ हुनासाथ एकीकृत माओवादीका सदनमा उपस्थित सदस्यहरूद्वारा सभामुखको डायस अगाडिको बेलमा जम्मा भई नाराबाजी सुरु गरेपछि बैठक स्थगित।

पुस ८

तत्कालीन प्रतिनिधिसभाका सदस्य दुर्गादत्त जोशीको निधन भएकामा शोक प्रस्ताव पारित।

पुस ९

लामो समयदेखि अवरुद्ध संसद् चालू भएकामा सभासद्हरूद्वारा खुसी व्यक्त। सदस्य गायत्री साह राष्ट्रपतिको असंवैधानिक कदम नसच्चिएसम्म सदनको बैठक बहिष्कार गर्ने भन्दै बैठकबाट बाहिर।

पुस १२

महिला, बालबालिका तथा समाज कल्याण मन्त्री सर्वदेवप्रसाद ओझाद्वारा 'अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि एवम् स्वेच्छिक प्रोटोकललाई अनुमोदन गरियोस्' भनी राख्नुभएको प्रस्ताव सर्वसम्मतिबाट पारित।

पुस १३

'संवैधानिक परिषद् काम, कर्तव्य, अधिकार र कार्यविधिसम्बन्धी विधेयक, २०६५ माथि विचार गरियोस्' भन्ने प्रस्ताव सर्वसम्मतिबाट स्वीकृत।

'लोकसेवा आयोग विधेयक, २०६५ माथि विचार गरियोस्' भन्ने विधेयक सर्वसम्मतिबाट स्वीकृत।

पुस १४

'नेपालको अन्तरिम संविधान सातौँ संशोधन विधेयक, २०६६' प्रस्तुत।

पुस १६

'नेपालको अन्तरिम संविधान सातौँ संशोधन विधेयक, २०६६ माथि विचार गरियोस्' भन्ने प्रस्ताव सर्वसम्मतिबाट स्वीकृत।

पृष्ठभूमि

नागरिक सर्वोच्चताका नाममा लगातार अवरुद्ध गरिएको व्यवस्थापिका संसद्का कारण यस वर्ष नेपालको संसदीय इतिहासलाई एउटा अन्योल र जटिलताको वर्षका रूपमा चर्चा गर्दा फरक पर्दैन। संसद्मा प्रवेश गरेको तीन वर्ष बित्दा नबित्दै सशस्त्र सङ्घर्ष सुरु गर्ने तत्कालीन जनमोर्चा जो पछि नेकपा माओवादीमा परिणत भयो, पुनः संसद्मा आउन १० वर्ष लाग्यो। ०५२ सालयता दुईओटा निर्वाचन बहिष्कार गरेका माओवादी सात राजनीतिक दलहरूसँग ०६२ मङ्सिर ७ गते भएको १२ बुँदे समझदारी र यसकै आडमा उभिएर सात दलले गरेको शान्तिपूर्ण जनआन्दोलन ०६२/६३ पछि पुनःस्थापित संसद्ले पारित गरेका कानुनहरूमाथि टेक्दै प्रतिनिधिसभाको नाम परिवर्तन गरेर गठन भएको व्यवस्थापिका संसद्मा ८३ जना सदस्यसहित प्रवेश गरेका थिए। विघटित प्रतिनिधिसभा पुनःस्थापना भएपछि पुनःस्थापित विधायिकाले एकपछि अर्को गरी क्रान्तिकारी निर्णयहरू गऱ्यो। सशस्त्र विद्रोह गरिरहेका माओवादीलाई अन्तरिम संसद्मा अवतरण गराउनेदेखि लोकतान्त्रिक गणतन्त्र स्थापना शान्तिपूर्ण तरिकाले सम्पन्न गराउन सक्षम रहेको थियो। तर, संविधानसभा निर्वाचनको परिणाम अनुसार सबैभन्दा ठूलो दलका रूपमा स्थापित एकीकृत माओवादीको सत्ता बहिर्गमनसँगै उसैका कारण करिब छ महिनासम्म संसद् अवरुद्ध भयो।

व्यवस्थापिका संसद्मा भएको अवरोधका कारण कैयौं विधेयकहरू थान्को लागेर बसे। मध्य तथा सुदूरपश्चिमाञ्चलका जिल्लाहरूमा झाडापखाला व्याप्त थियो। व्यवस्थापिका संसद्मा यस विषयमा छलफल भएन। असोज महिनामा सुदूरपश्चिम तथा देशका विभिन्न भागमा बाढीपहिरोका कारण कैयौं नेपाली मारिए, घरबारविहीन भए। यो विषयले व्यवस्थापिका संसद्मा प्रवेश पाएन। महिलाअधिकारका विषयमा व्यवस्थापिका संसद्मा चर्चा-परिचर्चा भएनन्। आफ्नै सहकर्मीद्वारा बलात्कृत महिला प्रहरी सुन्तली धामीका विषयमा महिला सभासद्ले गरेको अध्ययन प्रतिवेदन व्यवस्थापिका संसद्मा प्रस्तुत हुन पाएन। व्यवस्थापिका संसद्मा प्रस्तुत हुनुपर्ने बजेट एकीकृत माओवादीको अवरोधका कारण समयमै प्रस्तुत हुन सकेन।

समयमै बजेट पारित नहुँदा देशका आर्थिक क्रियाकलाप करिब-करिब ठप्पप्रायः भए। संविधानसभाले व्यवस्थापिका संसद्को समेत जिम्मेवारी पाएको छ। संसद्को बैठक प्रमुख प्रतिपक्षी एकीकृत माओवादीले निरन्तर अवरुद्ध पारेका कारण जनताका सवालहरूले प्रवेश पाएनन्। राजनीतिक दलहरूका बीचको तिक्त सम्बन्धका कारण संसदीय गतिविधिलाई मात्रै असर पारेन, संविधानसभाका काममा पनि प्रत्यक्ष असर पुग्यो।

हिउँदे अधिवेशनका सुरुका दिनमा कब्जा गरिएका घरसम्पत्ति फिर्ता पाउनुपर्ने माग राख्दै नेपाली काङ्ग्रेसले गरेको अवरोधका कारण व्यवस्थापिका संसद् लामो समयसम्म अवरुद्ध भएको थियो। बुटवलमा मारिएका युथफोर्सका नेता प्रचण्ड थैवका हत्यारालाई गिरफ्तार गरिनुपर्ने माग राखी नेकपा एमाले, मधेसका मुद्दालाई ख्याल नगरिएको भन्दै मधेसवादी दलहरू तथा अन्य विभिन्न दलहरूद्वारा भिन्न-भिन्न मुद्दा तथा विषयमा संसद् अवरुद्ध गर्ने कार्य यस वर्ष भए।

माओवादी नेतृत्वको सरकारद्वारा बर्खास्त गरिएका प्रधानसेनापति रुक्माङ्गद कटवाललाई पदमै रही काम गर्न राष्ट्रपतिले दिएको आदेश असंवैधानिक भएको ठहर गर्दै प्रधानमन्त्री पुष्पकमल दाहालले राजीनामा दिए। सरकारबाट हटेलगत्तै राष्ट्रपतिविरुद्ध सङ्कल्प प्रस्तावउपर छलफल गर्न पाउनुपर्ने माग गर्दै माओवादीले संसद् अवरुद्ध गरिरहे। राजनीतिक दलका शीर्ष नेताहरूको पटक-पटकको राजनीतिक गतिरोधले निकास पाउँछ भन्ने अभिव्यक्तिहरू साकार हुन सकेनन्।

सङ्क्रमणकालीन अवस्थामा व्यवस्थापिका संसद्बाट जस्तो कार्य सम्पादन हुनुपर्ने थियो, त्यो पक्कै पनि हुन सकेन। सत्य निरूपण तथा मेलमिलाप आयोगजस्ता शान्ति प्रक्रियाका कैयौं विषय अलपत्र रहन गए। यस वर्ष व्यवस्थापिका संसद्बाट भए गरेका महत्त्वपूर्ण उपलब्धि तथा गतिविधिहरूका बारेमा यस परिच्छेदमा सङ्क्षेपमा चर्चा गरिएको छ।

१. नागरिक सर्वोच्चताका नाममा विधिको मानमर्दन

मन्त्रिपरिषद्को बैठकमा सरकारमा सामेल विभिन्न राजनीतिक दलहरूले असहमति जनाए पनि एकीकृत माओवादी नेतृत्वको सरकारले तीन महिना पदावधि बाँकी रहेका प्रधानसेनापतिलाई बर्खास्त गर्ने निर्णय गऱ्यो। सरकारले गरेको सो निर्णय कानुनसम्मत नभएको भन्दै राष्ट्रपति डा. रामवरण यादवले बर्खास्त गरिएका प्रधानसेनापतिलाई पदमै बहाल रहन दिएको निर्देशनपछि प्रधानमन्त्री पुष्पकमल दाहालले पदबाट राजीनामा दिए। एकीकृत माओवादीले नागरिक सर्वोच्चताको हनन भएको ठहर गर्दै नागरिक सर्वोच्चता कायम गर्न आन्दोलन गर्ने घोषणा गऱ्यो। उसको आन्दोलन कालो झन्डा प्रदर्शन, यातायात बन्दमा मात्र

सभासद्‌ले पाउने पारिश्रमिक र सुविधाहरू	
संविधानसभा सदस्य	२६,१२०/-
स्वकीय सचिव	१४,५५०/-
धारा/बिजुली	१,२४८/-
मसलन्द	१,३००/-
टेलिफोन	२,०००/-
घर भाडा	६,५००/-
महँगी भत्ता	१,२००/-
दैनिक भत्ता (२००×३०)=	६,०००/-
कुल	**६०,५६८**

नागरिक, ०६६ पुस १६ गते

सीमित रहेन, छ महिनासम्म लगातार संसद् पनि अवरुद्ध भयो।

नागरिक सर्वोच्चता कायम गराउन राष्ट्रपतिविरुद्ध सङ्कल्प प्रस्ताव संसद्‌मा दर्ता गर्न पाउनुपर्ने माओवादीको मागमा बहुमत दलहरू सहमत नभएकाले त्यस्तो अवस्था सिर्जना भएको माओवादीको तर्क थियो। संसदीय व्यवस्थामा बहुमतको सरकार र अल्पमतको प्रतिपक्षमा रहने व्यवस्था हुन्छ। तर, संसद्‌मा ६२ प्रतिशतको समर्थनप्राप्त सत्तापक्ष लाचार देखियो। व्यवस्थापिका संसद्‌लाई सुचारू गराउने काममा सफल हुन नसकेकामा सभामुख सुवासचन्द्र नेम्वाङको पनि आलोचना भयो। अन्तरिम संविधान अनुरूप गठित एमाले नेतृत्वको सरकारलाई एकीकृत माओवादीले कठपुतलीको सज्ञा दिँदै बजेटसमेत पारित हुन नदिने अवस्था सिर्जना गऱ्यो। 'एकीकृत माओवादीलाई बेवास्ता गरी बजेट पारित गरौं भन्ने नेपाली काङ्ग्रेसको धारणा रहे पनि सभामुख सबैको सहमतिमा बजेट पारित गराउन प्रयत्नशील रहे। एकीकृत माओवादीले नागरिक सर्वोच्चताका लागि एकतर्फी रूपमा संसदीय कारबाही अवरुद्ध गरे पनि संसदीय सर्वोच्चताका लागि सबै राजनीतिक दलको सहमति[१]' खोज्ने सभाध्यक्षको प्रयासलाई धेरैले सराहना पनि गरे।

राष्ट्रपतिले प्रधानसेनापति प्रकरणमा चालेको कदम संवैधानिक भएको अन्य दलहरूको धारणाप्रति एकीकृत माओवादी सहमत भएन। राष्ट्रपतिविरुद्ध महाअभियोग प्रस्ताव ल्याउन तयार दलहरू सङ्कल्प प्रस्तावको विपक्षमा थिए। यसको एउटै कारण थियो, संसद्‌मा हुने छलफलपछिको परिणाम र त्यसले पार्ने प्रभाव। सङ्कल्प प्रस्तावको एकीकृत माओवादीले गलत व्याख्या गर्न सक्नेमा राजनीतिक दलहरू त्रस्त थिए। उनीहरू 'नागरिक सर्वोच्चताको कुरा उठाएर एकीकृत माओवादीले लेनिनलाई ब्यूँताउने अर्को प्रयास[२]' गर्न लागेको भन्ने त्रासमा थिए।

सशस्त्र द्वन्द्वको अन्त्य तथा शान्ति प्रक्रियालाई सार्थक टुङ्गोमा पुऱ्याउने आधार विस्तृत शान्ति सम्झौता हो। यही सम्झौताको आडमा संविधानसभामार्फत ठूलो दलका रूपमा निर्वाचित एकीकृत माओवादीले संसद्‌लाई अनिर्णयको बन्दी बनाउने काम गऱ्यो। लोकतन्त्र र सुशासनको आधार नै अन्तरिम संविधान र व्यवस्थापिका संसद् हो। तर, 'सरकार सञ्चालन र लोकतन्त्रका मुद्दामा एकीकृत माओवादी संसदीय अभ्यासभन्दा बाहिर जानु भनेको लोकतन्त्र र जनताको मतको अवमूल्यन गर्नु हो। यसको मतलब मुलुकमा राजनीतिक सुधार, नागरिक सर्वोच्चता र राज्य पुनःसंरचनाको आवश्यकता नकार्नु होइन। यी एजेन्डाका लागि शान्ति प्रक्रिया तथा संविधान निर्माण प्रक्रिया छन्। यस क्रममा 'पार्टी विशेषलाई नै सम्पूर्ण मुलुक तथा नेपाली जनताको प्रतिनिधि मान्नु गलत हुनेछ[३]।'

७० प्रतिशत जनताको प्रतिनिधित्वलाई बेवास्ता गरेर नागरिक सर्वोच्चताको वकालत गर्नु तथा प्रतिपक्षको सबै भूमिका आफैं लिनुजस्ता कार्यहरू गरेर एकीकृत माओवादीले संसदीय सर्वोच्चतालाई नागरिक सर्वोच्चताको नाममा दाहोरो मापदण्ड अपनाउन पछि परेन। यो कार्य नेपालको संसदीय इतिहासमा नराम्रा दिनका रूपमा चित्रित हुनेछन्।

२. प्रधानमन्त्रीको निर्वाचन

प्रधानमन्त्री पुष्पकमल दाहालले[४] प्रधानसेनापति प्रकरणलाई लिएर पदबाट राजीनामा दिएपछि नेपाली काङ्ग्रेसका सभापति गिरिजाप्रसाद कोइरालाले प्रस्ताव गरेका नेकपा एमालेका वरिष्ठ नेता माधवकुमार नेपाल प्रधानमन्त्रीमा निर्विरोध निर्वाचित भए। संसद्‌मा उपस्थित २२ दलको समर्थन पाएका नेपालको विपक्षमा कसैले प्रधानमन्त्री पदको उम्मेदवारी दिएनन्। एकीकृत माओवादीले भने प्रधानमन्त्री निर्वाचन प्रक्रियाको सम्पूर्ण अवधिभर संसद् बहिष्कार गऱ्यो। प्रधानमन्त्री निर्वाचित भएलगत्तै गरेको सम्बोधनमा उनले शान्ति प्रक्रियालाई

१. http.dainikee.com/newsdetail/.10917.html
२. पूर्ववत्
३. खनाल, अजयभद्र । 'माओवादी, छिमेकी र विकास' । *नागरिक* । ०६६ पुस १६ : पृ. १
४. पूर्ववत्

सार्थक निष्कर्षमा पुऱ्याउन सबै दलको सहकार्यमा अगाडि बढ्ने प्रतिबद्धता जनाएका थिए।

३. संसदीय समितिहरू

व्यवस्थापिका संसद्का क्रियाकलापहरूलाई व्यवस्थित गर्न विभिन्न समितिहरूको प्रावधान तोकिएका छन्। यस वर्ष ती संसदीय समितिका गतिविधिहरू बाहिर आउन सकेनन्। संसदीय समितिका बैठकहरूमा कोरम नपुग्ने, बैठकमा उपस्थित भए पनि सदस्यहरू बीचैमा छोडेर हिँड्नेजस्ता गतिविधिहरू देखिए।

व्यवस्थापिका संसद्को महिला बालबालिका तथा समाज कल्याण समितिद्वारा गठित उपसमितिले अछामको प्रहरी कार्यालयमा आफ्नै सहकर्मीहरूद्वारा बलात्कृत सुन्तली धामीको घटनाका बारेमा स्थलगत अनुगमन गऱ्यो। सो टोलीले घटनामा दोषी देखिएका प्रहरीहरूलाई कारबाहीका लागि सिफारिससमेत गरेको थियो। यसै सन्दर्भमा समितिले गृहमन्त्री भीम रावल र कानुन मन्त्री प्रेमबहादुर सिंहलाई समितिको बैठकमा बोलाएर घटनाका बारेमा छलफलसमेत गरेको थियो। गृहमन्त्री र कानुन मन्त्रीलाई बैठकमा बोलाउनु अघिल्लो दिन समितिले पीडित सुन्तली धामी र सुदूरपश्चिम डीआईजी पार्वती थापासँग पनि भेटघाट गरेको थियो। समितिमा उपस्थित भएका गृहमन्त्रीले दोषीलाई कारबाही नगरेको भन्दै समितिका सदस्यहरूले गृहमन्त्री भीम रावल र प्रहरी महानिरीक्षक रमेश चन्दको राजीनामा माग गरेका थिए[५]। सो बैठकमा गृहमन्त्री भीम रावलले गृहमन्त्रालयले विनापूर्वाग्रह र निष्पक्ष तरिकाबाट अनुसन्धान गरिरहेको जानकारी गराउँदै दोषीलाई कारबाही गर्ने प्रतिबद्धता जनाएका थिए। यसैगरी कानुन मन्त्री प्रेमबहादुर सिंहले न्यायालयमा कार्यरत कर्मचारीहरूले कानुनविपरीत कुनै पनि काम गरेको पाइएमा निजामती ऐनबमोजिम कारबाही गर्ने प्रतिबद्धता जनाएका थिए। संसदीय समितिको यो सक्रियताका बाबजुद पनि घटनामा संलग्न दोषीहरूलाई कारबाही भएको बारे यस वर्ष कुनै जानकारी बाहिर आएन। घटनामा संलग्न भनिएकामध्ये तीन प्रहरीहरू काममा फर्किइसकेका छन्।

संसद्द्वारा गठित सीमा अवलोकन उपसमितिका गतिविधिहरू पनि यस वर्ष चर्चामा रहे। समितिले दाङ जिल्लाको कोइलाबास क्षेत्र, बारा, नवलपरासीको सुस्तालगायतका ठाउँहरूमा अनुगमन गरेको थियो। अनुगमनपछि सार्वजनिक गरिएको प्रतिवेदनमा ती ठाउँहरूमा भारतद्वारा सीमा अतिक्रमण भएको निष्कर्ष निकालेको थियो।

४. न्यून उपस्थितिबाट प्रभावित व्यवस्थापिका संसद्

सभासद्हरूको न्यून उपस्थितिका कारण पनि व्यवस्थापिका संसद्को काम-कारबाही प्रभावकारी हुन सकेन। देशका महत्त्वपूर्ण कानुन तथा नयाँ संविधान बनाउने जिम्मेवारी पाएका सभासद्हरू प्रायः हाजिर गर्न संविधानसभा भवनमा पुग्ने गरेको देखियो। ६ सय १ सदस्यीय संविधानसभाका आधा मात्र सभासद्हरू सभास्थलमा जाने गरेको विषय पटकपटक सञ्चारमाध्यबाट सार्वजनिक भए। बैठककक्षमा सभासद्हरूको सङ्ख्या सयभन्दा बढी नाघेको कहिल्यै पाइएन। आधाजसो सभासद् हाजिर गर्नसम्म जाने गरेका छन् त्यो पनि जतिबेला मन लाग्यो उतिबेला[६]।' सभासद्को पारिश्रमिक र सुविधाबापत मासिक ३ करोड ७० लाख रुपियाँ राज्यको ढुकुटीबाट खर्च हुन्छ। प्रतिसभासद् प्रतिदिन राज्यले २ हजार रुपियाँभन्दा बढी खर्च गरे पनि सभासद्हरूमा राज्य र जनताप्रतिको जिम्मेवारीपन देखिएन। लामो समयसम्म संसद् अवरुद्ध हुँदा संसद्का गतिविधिमा प्रत्यक्ष प्रभाव परेको विषयलाई गम्भीरतापूर्वक लिँदै त्यसबाहेकका अधिवेशनमा सभासद्हरूले ठूलो उपस्थिति देखाएनन्। उनीहरूको न्यून उपस्थितिले जनसरोकारका मुद्दाहरूमा गहन छलफल गरेर टुङ्गो लगाउनुपर्ने जिम्मेवारीलाई नजरअन्दाज गरेको देखियो।

त्यसबाहेक संसद् र संविधानसभामा गरी २४ ओटा समितिका सभापतिहरूका लागि करिब २४ हजार रुपियाँभन्दा बढी मासिक खर्च हुने गर्छ। संविधानसभा सदस्यले न्यूनतम पारिश्रमिक २६ हजार १ सय २० रूपियाँका अतिरिक्त स्वकीय सचिव खर्च ४१ हजार ५ सय ५०, धारा/बिजुली १ हजार २ सय ४८, मसलन्द १ हजार ३ सय, टेलिफोन २ हजार, घर भाडा ६ हजार ५ सय, भत्ता १ हजार २ सय, दैनिक भत्ता (२ सय × ३० = ६,०००) ६ हजार गरी मासिक कुल ६० हजार ५ सय ६८ रुपियाँ पाउँछन्। दैनिक भत्ता भने संविधान वा संसद् चलेको दिन मात्र पाउने व्यवस्था छ। यसबाहेक संधिवानसभा, संसद् वा समितिको बैठक चलेको दिन हाजिर भएका सभासद्ले दैनिक १ सय ५० रुपियाँ ट्याक्सी भाडा पाउँछन्।

---

५. http.reprtersnepal.com/newsbase/nid/21429

६. ढुङ्गेल, माधव। 'सभासद् हाजिर गर्दै टाप ठोक्दै' । *नागरिक* । ०६६ पुस १६ : पृ. १

राज्यको ढुकुटीबाट यति धेरै रकम खर्च गरेपछि त्यस अनुसारको जनअपेक्षा हुनु स्वाभाविक हो तर धेरैजसो आफ्नो जिम्मेवारीप्रति अनविज्ञ छन्, भएका पनि उदासीन छन्।

४.१ *अप्रभावी शून्य समय*

सदनको कारबाही हुनुअघिको शून्य समयलाई संसारभरका संसद्मा महत्त्वपूर्ण मानिन्छ। शून्य समयमा सभासद्हरूले आफ्नो निर्वाचन क्षेत्रका समस्याहरू, भ्रष्टाचार, अनियमितता, ढिलासुस्ती, सरकारका गलत क्रियाकलापहरूका साथै विविध विषयमा धारणा राख्न पाउने व्यवस्था हुन्छ।

एक मिनेटको समयमा सभासद्ले आफ्ना धारणा राख्ने यो समय विगतमा निकै प्रयोग गरिएको थियो। त्यो समयमा सभासद्हरूले व्यक्त गरेका धारणाले सरकारमा रहेका दलहरूलाई महत्त्वपूर्ण दिशानिर्देश गर्न महत्त्वपूर्ण भूमिका निर्वाह गरेको थियो। तर, संसदीय व्यवस्थामा परिपक्वता हासिल गर्दै जाने बेलामा यस्तो महत्त्वपूर्ण समयमा बोल्ने सभासद्हरूको सङ्ख्या कम हुन थाल्नु भनेको चिन्ताको विषय बन्यो। यो मात्रै होइन, सरकारद्वारा प्रस्तुत विधेयकहरू धेरैजसो ध्वनिमतकै आधारमा पारित हुने गरेका छन्। विधेयकमाथि हुने छलफलमा भाग लिने सभासद्को सङ्ख्या दुई-दुई मात्र हुने गरेको छ।

संसदीय व्यवस्थामा एउटा सत्तापक्ष र अर्को प्रतिपक्ष हुन्छ। सरकारका नीति तथा कार्यक्रमप्रति सत्तापक्षका सभासद्को समर्थन हुने गर्छ अर्थात् उनीहरूले संसद्का कारबाहीहरू अवरुद्ध गर्दैनन्। तर, नेपालको संसदीय इतिहासमा एउटा नयाँ परम्परा छ, सत्तापक्षकै सभासद्हरूले संसद् अवरुद्ध गर्ने। बुटवलमा यथुफोर्सका जिल्ला अध्यक्ष प्रचण्ड थैवको हत्या भएको विरोधमा एमालेका सभासद्हरूले संसद्को कारबाही अवरुद्ध गरे। सरकारमा एमालेका तर्फबाट उपप्रधान तथा गृहमन्त्री वामदेव गौतम थिए। प्रचण्ड थैवका हत्यारालाई कारबाही गरिनुपर्ने माग राखी भएको सो अवरोध खुलाउन गृहमन्त्री वामदेव गौतमले व्यवस्थापिका संसद्मा गरेको सम्बोधन पर्याप्त भएन। प्रधानमन्त्री पुष्पकमल दाहालले प्रचण्ड थैवका हत्याराका साथै अन्य विषयमा व्यवस्थापिका संसद्मा सम्बोधन गरेपछि मात्रै अवरोध खुलेको थियो। यस प्रकारका क्रियाकलापका कारण यस वर्ष व्यवस्थापिका संसद्को शून्य समयले खासै महत्त्व राखेन।

४.२ *जनमतको उपेक्षा*

जनआन्दोलन ०६२/६३ को बलमा पुनःस्थापित संसद्ले गरेका ऐतिहासिक घोषणाहरूका कारण मात्रै अन्तरिम संसद् र अन्तरिम व्यवस्थापिकाको गठन सम्भव भएको थियो। अन्तरिम संविधानमा व्यवस्था गरिए अनुरूप सम्पन्न भएको संविधानसभाको निर्वाचनपछि नेपाली जनतामा शान्ति र समृद्धिको आशामा वृद्धि भएको थियो। मूल काम संविधान निर्माणमा दलहरू केन्द्रित हुनेछन् र शान्ति प्रक्रिया एउटा टुङ्गोमा पुग्नेछ भन्ने नै आमनेपालीको चाहना थियो। तर, दलहरूको गैरजिम्मेवारीपनका कारण संविधानसभाको औचित्यमाथि पटक-पटक प्रश्नचिह्न

सिंहदरबारभित्रै पिटिए सभासद्

सुरक्षा मामलामा उच्च संवेदनशील क्षेत्र सिंहदरबारभित्रै एक सभासद् कुटिए। नेपाली जनता दलका सभासद् विश्वनाथप्रसाद अग्रवाललाई संसद् सचिवालय भवनअघिल्तिरै पार्टी अध्यक्ष हरिचरण साह र उपाध्याय कविराज तिमिल्सिनाले कुटपिट गरी घाइते बनाए। सभासद् अग्रवालको मारूती गाडीसमेत उनीहरूले तोडफोड गरेका थिए।। साह र तिमिल्सिनालाई प्रहरीले सोही दिन नियन्त्रणमा लियो।

सचिवालयबाट बाहिरिएर जनमत सङ्कलन सुझाव बोक्ने गाडीमा बस्न लाग्दा उनीहरूले अग्रवालमाथि आक्रमण गरेका थिए। पार्टीभित्रकै आन्तरिक विवादमा छलफल गर्न नमानेको भन्दै साह अग्रवालमाथि जाइलागेका थिए। "म राय सङ्कलनबाट ल्याएका सुझाव बोकेर फर्कदै थिएँ," सभासद् अग्रवालले भने, "उनीहरूले एक्कासि आक्रमण गरे।" सिंहदरबारभित्रै आफूमाथि आक्रमण हुँदासमेत सुरक्षा नपाएको गुनासो उनले गरे।

नीतिविपरीत काम गरेको भन्दै अग्रवाललाई निष्कासन गरेको सूचना पार्टीले सार्वजनिक गरेको थियो। उनलाई सभासद्बाट हटाउन संविधानसभामा उजुरी हालिएको थियो। दलको उजुरीका आधारमा हटाउन संविधानसभामा उजुरी हालिएको थियो। दलको उजुरीका आधारमा मात्र हटाउन नमिल्ने भएपछि संविधानसभामा पार्टी विवाद छानबिन गर्न सभामुखले समिति बनाएका थिए। "पार्टीको विषयमा छलफल गरौं भन्दा कहिल्यै मान्दैनन्," अध्यक्ष साहले भने, "आज पनि गरौं भनेको, भाग्न खोजेकाले घटना हुन पुग्यो।"

कान्तिपुर, ०६६ वैशाख ९ गते

खडा भए। दोहोरो जिम्मेवारी पाएको संविधानसभाका बैठकहरूमा ठूला दलका शीर्ष नेताहरू उपस्थित भए पनि धारणा नराख्ने चलन चल्यो।

व्यवस्थापिका संसद्का गतिविधिहरूमा भएका अवरोधका कारण संसदीय समितिका कामहरू पनि प्रभावकारी र जनउत्तरदायी भएनन्। मध्यपश्चिमका जाजरकोटलगायतका जिल्लाहरूमा झाडापखालाले महामारीको रूप लिँदासमेत व्यवस्थापिका संसद्मा सार्वजनिक महत्त्वको प्रस्ताव दर्ता भएन। संसदीय समितिले प्रभावित क्षेत्रको भ्रमण गरेर प्रतिवेदन तयार गरेको भनिए पनि ती प्रतिवेदनउपर व्यवस्थापिका संसद्मा छलफल हुन सकेन। यो विषयमा जनप्रतिनिधिको चासो प्रदर्शन त हुन सकेन नै, सरकारको आधिकारिक दृष्टिकोण पनि संसद्मा प्रस्तुत हुन सकेन।

भदौ-असोज महिनामा सुदूरपश्चिमलगायत देशका विभिन्न भागमा आएको बाढीपहिरोमा परी सयौँ व्यक्तिले ज्यान गुमाए। घरबारविहीन हुनेहरूको सङ्ख्या पनि धेरै छ तर यो विषय पनि सभासद्हरूका विषयसूचीमा परेनन्।

देशमा व्याप्त दण्डहीनताको संस्कृति र त्यसप्रति अनुत्तरदायी रहने प्रवृति एवम् मानवअधिकार उल्लङ्घनका घटनाहरूका बारेमा पनि व्यवस्थापिका संसद्मा छलफल भएन। विगतमा संसद्ले रोम विधान अनुमोदन गर्न दिएको निर्देशन यस वर्ष पनि कार्यान्वयन भएन। एकातिर सरकार पनि संसद्प्रति उत्तरदायी देखिएन भने अर्कोतर्फ प्रतिपक्षीले संसदीय व्यवहार प्रस्तुत गर्न सकेन। सत्तापक्ष र प्रतिपक्षको व्यवहारका कारण वर्षभरि भएका संसदीय क्रियाकलाप जनताप्रति उत्तरदायी भएनन्। प्रमुख प्रतिपक्षी एकीकृत माओवादीले यति लामो समयसम्म व्यवस्थापिका संसद्मा अवरोध पुऱ्याए । तर, उनीहरूले सो अवधिको तलब भत्ता नलिने नैतिकता भने देखाएनन्।

संविधानसभा, व्यवस्थापिका या संसद् नाम जे भए पनि विधि निर्माण, नीति निर्माण तथा जनता र मुलुकका समस्याबारे छलफल तथा तिनीहरूलाई सम्बोधन गर्ने सर्वोच्च जनप्रतिनिधि थलो हो। संविधानसभा नियमित विधायिकी दायित्वबाट मुक्त छैन। संविधान निर्माण एउटा महत्त्वपूर्ण जिम्मेवारी भएकाले त्यसका लागि गम्भीरताका साथ छुट्टाछुट्टै बैठकहरू बस्ने व्यवस्था गरिएको भए पनि व्यवस्थापिका सदस्यका रूपमा कम जिम्मेवार वा गैरजिम्मेवारी हुने छूट सदस्यहरूलाई हुँदैन।

सभासद्हरूले संविधान निर्माण गर्ने काम मात्र आफ्नो हो भनेर संविधानसभाको बैठक सुचारू हुन दिने अनि व्यवस्थापिका संसद्लाई सधैँ अनिर्णयको बन्दी बनाउन नपाइनुपर्ने हो। मुलुक र जनताका समस्याहरूबारे छ महिनासम्म सदनमा कुनै बहस नै नभए पनि सांसदहरूले भत्ता र अधिवेशनताका सुविधाहरू लिई नै रहे। जनप्रतिनिधिहरूले जनताको आशामा तुषारापात गर्दै जनआकाङ्क्षाविपरीतका गतिविधिमा संलग्न हुनु र जनताको नजरमा सरकारी ढुकुटी लुटेको आरोप लाग्न सक्ने गरी तलब, भत्ता आदि लिइराख्नुलाई सदनको सामूहिक अयोग्यताको परिचायक भएको अर्थ लाग्नु अस्वाभाविक होइन।

व्यवस्थापिका संसद्का बहुमत सदस्यहरू अधिवेशन जारी राख्न चाहन्थे। तर, नेपाली संसदीय अभ्यासमा अवलम्बन गरिएको आफ्नै मौलिक तर अव्यावहारिक परिपाटीले गर्दा लामो समयसम्म सदनका क्रियाकलाप अवरुद्ध भइरहे। कानुन बनाउने संस्थाका सदस्यहरूमाथि नै कानुन नलाग्ने हो भने मुलुकको गन्तव्य अराजकता र बेथितितर्फ जान सक्छ। संसद्मा भएका यस्ता गतिविधिका कारण नेपाली जनताको व्यवस्थापिकाप्रतिको धारणा नकारात्मक नबन्ला भन्न सकिन्न, जसले गर्दा लोकतन्त्रप्रति आमजनताको आस्था खण्डित हुनसक्छ।

आफ्नो माग पूरा गर्नका लागि संसदीय गतिविधिमा अवरोध गर्ने परम्परा पुरानै हो। ०५६ सालमा तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको राजीनामा माग्दै नेकपा एमालेका सांसदहरूले दुई महिनाभन्दा बढी संसद् अवरुद्ध गरेका थिए। एमालेका सांसदहरूले पनि सो अवधिको तलब भत्ता नलिने उदारता देखाउन सकेका थिएनन्। यसैगरी नेपाली काङ्ग्रेसका सभासद्हरूले ०६५ सालमा आफ्ना मागहरू पूरा नभएको भन्दै पटक-पटक संसदीय कारबाही अवरुद्ध गरेका थिए। मधेसवादी दलहरूले मधेसका मागहरूप्रति सरकार उदासीन भएको भन्दै करिब एक महिना संसद्को बैठक हुन दिएनन्। नेपालको संसदीय इतिहासमा यी दिनहरू भावी पुस्तामाझ जनप्रतिनिधिहरूको अकर्मण्यता र अनुत्तरदायी दिनका रूपमा चित्रित हुनेछन्।

४.३ *सभासद्बाटै कानुनको अवहेलना*

सभासद् भएको दुई वर्ष पूरा हुन लाग्दासमेत केही सभासद्ले आफ्नो सम्पत्ति विवरण सार्वजनिक गरेनन्। जनताका अगाडि सबै सार्वजनिक छ भनी जनताकै सेवाका लागि आएका सभासद्हरूले सम्पत्ति विवरण नबुझाउँदा उनीहरूको नियतमाथि प्रश्नचिह्न

Chapter 3.3:Layout 1 2/8/2010 11:51 PM Page 102

खडा हुने अवस्था सिर्जना भयो।

'सम्पत्ति विवरण नबुझाउनेमा ६ सय १ जना सभासद्मध्ये ७० जना छन्। यसमा सबैभन्दा बढी एकीकृत माओवादीका २४, मधेसी जनअधिकार फोरमका १२, नेकपा एमालेका नौ, नेपाली काङ्ग्रेसका आठ तथा सद्भावना पार्टीका अध्यक्ष राजेन्द्र महतोलगायत चार जना सभासद्हरूले सम्पत्ति विवरण बुझाएनन्[७]।' व्यवस्थापिका संसद् नियमावलीमा निर्वाचित भएको छ महिनाभित्रमा सम्पत्ति विवरण बुझाउनुपर्ने प्रावधान छ। निर्वाचित भएको करिब १८ महिनासम्म पनि सम्पत्ति विवरण नबुझाएपछि संसद् सचिवालयले पटक-पटक विवरण बुझाउन ताकेता गरेको थियो।

५. केही महत्त्वपूर्ण विधेयकहरू

एकीकृत माओवादीले गरेको निरन्तरको अवरोधका कारण व्यवस्थापिका संसद्मा दर्ता भएका धेरै विधेयकहरू छलफल र पारित हुन सकेनन्। गत वर्ष दर्ता भई यस वर्ष पारित भएको घरेलु हिंसा (कसुर र सजाय) विधेयक व्यवस्थापिका संसद्ले गरेको वर्षकै महत्त्वपूर्ण कार्य थियो। नेपालमा सदियौँदेखि भेदभावको सिकार भएका महिलाहरूका लागि यो एउटा उल्लेख्य उपलब्धि हो। सदियौँदेखि विद्यमान भेदभावका कारण महिलाहरूले शारीरिक, मानसिक, आर्थिक, सामाजिक, राजनीतिक तथा यौन दुर्व्यवहारहरू भोग्दै आइरहेका छन्। नेपालको संसद्मा महिलाहरूको उपस्थिति एकतिहाइभन्दा बढी भए पनि नीति निर्माण तहमा उनीहरूको अनुपस्थितिका कारण महिलाको समस्याहरूको यथोचित सम्बोधन हुन नसकेको विश्लेषण अधिकारकर्मीले गरे । इन्सेकले सन् २००८ मा गरेको अध्ययनमा 'महिला हिंसामा संलग्न धेरैजसो पीडकहरू निष्फिक्री घुमिरहेको भन्ने' नौ निष्कर्ष आएको थियो।

ढिलै भए पनि व्यवस्थापिका संसद्ले पारित गरेको यस विधेयकले घरेलु हिंसालाई अपराध मानेको छ। अब खाँचो साँचो कार्यान्वयनको हो। सशस्त्र द्वन्द्वका क्रममा नेपालमा बेपत्ता पारिएका मानिसहरूको अवस्था अझै अज्ञात छ। भविष्यमा यस्ता कार्यलाई अपराध घोषणा गरिनुपर्छ भन्ने माग नेपालमा कार्यरत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मानवअधिकार संस्थाले उठाउँदै आएका छन्। यस वर्षको सुरुआतमा शान्ति तथा पुनःनिर्माण मन्त्री जनार्दन शर्माले 'व्यक्ति बेपत्ता पार्ने (कसुर र सजाय) अध्यादेश, २०६५' व्यवस्थापिका संसद्मा पेस गरे। तर, वर्षको अन्त्यसम्म यो विधेयकका बारेमा व्यवस्थापिका संसद्मा कुनै छलफल भएन।

यसैगरी, व्यवस्थापिका संसद्मा स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षासम्बन्धी विधेयक, संवैधानिक परिषद् (काम, कर्तव्य र अधिकार), घरजग्गाको व्यावसायिक कारोबार, काठमाडौँ उपत्यका सहरी विकास र विशेष आर्थिक क्षेत्र विधेयक प्रस्तुत भएका थिए। यसैगरी अन्तरिम संविधान (सातौँ संशोधन) विधेयक पनि संसद्मा दर्ता भयो। हिन्दी भाषामा शपथ लिएका कारण पदमुक्त भएका उपराष्ट्रपति परमानन्द झाको शपथ विवाद समाधान गर्न सरकारले अन्तरिम संविधान संशोधन विधेयक ल्याएको थियो। विधेयकले मातृभाषामा शपथ लिन पाउने व्यवस्था गरेको छ। यसैगरी, सभासद् सरीता गिरीले संविधानसभाले निर्धारित समयभित्र संविधान जारी गर्न नसकेमा आउनसक्ने सङ्कटबारे संविधान संशोधन प्रस्ताव दर्ता गरिन्। तोकिएको समयभित्रै संविधान जारी नभएमा छ महिनाका लागि समय थप्न सकिने भनेर सभासद्हरूले चर्चा गर्ने गरेका भए पनि देशमा सङ्कटकाल लागू भएका कारणले संविधान निर्माण पूरा हुन नसक्ने स्थितिमा मात्रै छ महिना थप हुने व्यवस्था छ। गिरीले प्रस्तुत गरेको गैरसरकारी विधेयकमा दलहरूबीच सहमतिको अभावका कारण संविधान निर्माण गर्ने काम पूरा हुन नसकेमा संविधानसभाले प्रस्ताव पारित गरी संविधानसभाको कार्यकाल छ महिना बढाउन सक्ने प्रावधान राख्न प्रस्ताव गरिएको छ।

६. संसदीय सुनुवाइ झारा टार्ने काम

संवैधानिक निकायका पदाधिकारी, सदस्य एवम् राजदूतहरूको नियुक्तिका लागि ०६३ सालदेखि हुन थालेको संसदीय सुनुवाइ केवल औपचारिकतामा सीमित भएको छ। अन्तरिम व्यवस्थापिका संसद्को पहिलो बैठकले अनुमोदन गरेको नेपालको अन्तरिम संविधानले व्यवस्था गरे अनुसार संवैधानिक पदमा नियुक्त हुने व्यक्तिहरूको सम्बन्धमा संसदीय सुनुवाइ गर्ने उत्कृष्ट लोकतान्त्रिक पद्धतिका रूपमा यसलाई लिइन्छ। संसदीय सुनुवाइ समितिले संवैधानिक परिषद् र मन्त्रिपरिषद्ले प्रस्ताव गरेका व्यक्तित्वहरूको सार्वजनिक सूचना गरी उजुरी टिप्पणी सङ्कलन गर्ने र बैठकमा ती उजुरी र टिप्पणीउपर छलफल गर्दै आएको छ। संसदीय सुनुवाइ

७. पन्त, टङ्क। 'सभासद् नै बुझाउँदैनन् सम्पत्ति विवरण'। *समाचारपत्र* । ०६६ साउन ९ : पृ. ३

रित्तै हात फर्किए सभासद्

तलबभत्ता र इन्धन खर्चबापत पेस्की रकम माग्दै सभासद् दिनहुँ संविधानसभा सचिवालय धाउँछन्। तर, उनीहरूलाई रित्तै फर्काइन्छ। एकतिहाइ बजेट खर्च गर्न पाउने पेस्की विधेयक अनुसारको रकम खर्च भइसकेका कारण संसद्बाट कात्तिक महिनाको तलबसमेत नपाउने भएका छन्।

अब सचिवालयका कर्मचारीका लागि पनि कात्तिकको मात्र तलबभत्ता दिने बजेट बाँकी रहेको सचिवालयको लेखा शाखाका उपसचिव केशवबाबु अर्यालले बताए। "कोठाभाँडा तिर्न, घरखर्च चलाउन र हिँडडुल गर्नसमेत गाह्रो भयो भन्दै सभासद्हरू दिनहुँ सचिवालय धाउँछन्," सचिवालयका एक कर्मचारीले भने। सभासद्को पारिश्रमिक भत्ता र इन्धन खर्च गरी झन्डै ५९ करोड वार्षिक बजेट छ। पेस्की बजेट अन्तर्गत कुल बजेटको तृतीयांश मात्र खर्च गर्न पाइने व्यवस्था छ। "सभासद्हरूको पारिश्रमिक, भत्ता र इन्धन खर्चका लागि छुट्याइएको बजेटबाट असोज महिनामै तृतीयांश खर्च भइसक्यो," सचिवालयका प्रमुख लेखा नियन्त्रक शिवप्रसाद अधिकारीले भने।

अन्नपूर्ण पोस्ट, ०६६ कात्तिक ६ गते

समितिले यस वर्ष विभिन्न राष्ट्रका लागि राजदूतहरू र सर्वोच्च अदालतको प्रधानन्यायाधीशमा अनुपराज शर्माको नाम अनुमोदन गऱ्यो। तर, संसदीय सुनुवाइ समितिमा एक जना सभासद् मात्रै प्रस्तावित नामको पक्षमा र अरू सबै विपक्षमा हुँदासमेत सरकारले गरेको निर्णय अहिलेसम्म कार्यान्वयन हुने गरेको छ। प्रस्तावित नामहरूप्रति संसद्मा व्यापक विरोध भएर दुईतिहाइले अस्वीकृत गरे पनि संवैधानिक परिषद्ले प्रस्तावित गरेका प्रधानन्यायाधीश, संवैधानिक अङ्गका प्रमुखहरू र सरकारद्वारा प्रस्तावित राजदूतहरूको नियुक्ति प्रक्रिया रोकिएन। संसदीय सुनुवाइ समितिले अस्वीकृत गरेका व्यक्तिहरू पनि नियुक्त हुने भएपछि यसको औचित्यका बारेमा प्रश्नचिह्न उठेको छ। संसदीय सुनुवाइ केवल औपचारिकतामा मात्र सीमित भएको भनी सर्वत्र आलोचना भएपछि अब 'सरकार र संवैधानिक परिषद्ले प्रस्ताव गरे पनि संसद्मा बहुमत सिद्ध गर्न नसकेमा सरकार र परिषद्को प्रस्ताव स्वत: खारेज हुने व्यवस्था गरिने भएको छ[८]।'

तत्कालीन प्रधानन्यायाधीश केदारप्रसाद गिरीविरुद्धका उजुरी प्रमाणसहितका थिए र त्यही प्रमाणका आधारमा संसदीय सुनुवाइ समितिको दुईतिहाइले गिरीलाई अस्वीकृत गरेको थियो तर गिरी संवैधानिक परिषद्को निर्णय अनुसार प्रधानन्यायाधीश नियुक्त भए।

'त्यस्तै सुनुवाइ भएका राजदूत, अन्य संवैधानिक अङ्गका प्रमुख सदस्यहरूमध्ये झन्डै ५० प्रतिशतले बहुमत प्राप्त गरेका थिएनन् र पनि अहिले उनीहरू पदमा क्रियाशील छन्[९]।'

७. बजेट विश्लेषण

बजेट प्रस्तुत गर्न तीन दिनका लागि माओवादीले संसद्को अवरोध हटाएपछि सरकारले व्यवस्थापिका संसद्मा आर्थिक वर्ष ०६६/६७ को बजेट पेस गऱ्यो। मूलत: गरिब तथा विपन्न वर्ग क्षेत्र अनि शान्ति स्थापनाका लागि महत्त्व दिइएको भनेको बजेटमा गरिब दलितलाई नि:शुल्क आवास निर्माण, विकास समितिलाई दिइने बजेटमा वृद्धि, सामाजिक सुरक्षा भत्ता, दलित विवाहलाई प्रोत्साहन गर्न भत्ताको व्यवस्थाका साथै विधवा विवाह गर्नेलाई १ लाख रुपियाँ दिनेलगायतका कार्यक्रमहरू समेटिएका थिए। विधवा विवाहलाई प्रोत्साहन गर्न भनेर ल्याइएको कार्यक्रमको महिलाअधिकारवादीले व्यापक विरोध गरे। यो विषयमा सर्वोच्च अदालतमा मुद्दासमेत दायर भयो। सत्तामा सामेल दलहरूले बजेट महत्त्वाकाङ्क्षी भएको, कार्यान्वयनमा जटिलता देखिने बताए भने एकीकृत माओवादीका सभासद्ले बजेट पुरातनपन्थी भएको, पुँजीवादी सोचलाई प्राथमिकतामा राखेको तथा पूर्ववर्ती सरकारले ल्याएका राम्रा कार्यक्रमहरूलाई निरन्तरता नदिइएकामा रोष प्रकट गरे।

व्यवस्थापिका संसद्मा माओवादीले साउन महिनादेखि मङ्सिर ९ गतेसम्म अवरोध गरेका कारण बजेट पारित हुन पाएन। समयमा बजेट पारित नहुँदा विकास निर्माणको काम प्रमाणित नहुनुका साथै कर्मचारीले तलब नपाउने अवस्था सिर्जना भयो। यति मात्रै होइन, सभासद्हरू पनि तलब भत्ता पाउनबाट वञ्चित भए। जेलका कैदीहरूलाई रासन किनिदिन पैसा नभएका कारण कतिपय जेलहरूले उधारोमा खर्च चलाए।

---

८. पन्त, टङ्क । 'संसदीय सुनुवाइमा नयाँ व्यवस्था, बहुमत नभए प्रस्ताव खारेज'। *समाचारपत्र* । ०६६ असोज ६ :पृ. ४
९. पूर्ववत्

अर्थमन्त्री सुरेन्द्र पाण्डेले संसद्बाट बजेट पारित गराउन सांसदको सिफारिसमा उनीहरूका आफ्नो निर्वाचन क्षेत्रमा विशेष विकास कार्यक्रमका लागि १० करोड निकासा गरे। सत्ता साझेदार तराई मधेस लोकतान्त्रिक पार्टीका सभासद्हरूले आफ्नो निर्वाचन क्षेत्रमा विशेष विकासका लागि रकम नछुट्याए बजेट पारित गर्न नदिने बताएपछि उनले त्यसमा सहमति जनाएका थिए। विनियोजित रकम स्थानीय विकास मन्त्रालयमार्फत जिल्ला विकास समितिमा जान्छ। सभासद्ले रोजेको विकास कार्यमा जिविसमार्फत सो रकम खर्च हुन्छ। दलका नेताले अर्थ मन्त्रालयमा कुरा मिलाएपछि योजना छनोट गरी उपभोक्ता समिति गठन गरी विकास कार्य हुने गरेको छ। दलनिकटका व्यक्ति सम्मिलित उपभोक्ता समितिमार्फत हुने खर्चको हिसाबकिताब पारदर्शी हुने गरेको छैन।

'गएको वर्ष असारमा एमाले र काङ्ग्रेसका सभासद्को सिफारिसमा अर्थमन्त्री डा. बाबुराम भट्टराईले ठूलो रकम उपलब्ध गराएका थिए। डा. भट्टराईको पालामा यसरी झन्डै पाँच अर्ब वितरण गरिएको थियो। उनले बजेटमै जनश्रमदानमा आधारित स्थानीय विकास शीर्षकमा १ अर्ब ७५ करोड रुपियाँ विनियोजन गरेका थिए। यो शीर्षकबाट १ अर्ब १० करोड ५६ लाख र भैपरीलगायत शीर्षकबाट १ अर्ब ६ करोड रुपियाँ निकासा गरेका थिए[१०]।'

बजेट पारित गराउने अनि सभासद्लाई खुसी बनाउने नाममा हुने यस्ता क्रियाकलापको सर्वत्र विरोध भयो। सत्ताको मोहमा यस्ता गतिविधिले प्रश्रय पाउँदै जाने हो भने आर्थिक अनियमितता बढाउने कार्यमा सभासद्हरूकै सहभागिता हुने निश्चित छ।

९. निष्कर्ष

यस वर्ष व्यवस्थापिका संसद्को सुरुका दिनहरू प्रमुख प्रतिपक्ष नेपाली काङ्ग्रेस र त्यसपछि सत्ता साझेदार नेकपा एमाले मधेसी जनअधिकार फोरम र अन्य मधेसवादी दलको अवरोधका कारण तोकिएको कार्यसूचीमा प्रवेश गरेन। वैशाख महिनामा प्रधानमन्त्री पुष्पकमल दाहालले राजीनामा दिएपछि सुरु भएको नागरिक सर्वोच्चताको सवालले संसद्लाई अनिर्णयको बन्दी बनाउन पर्याप्त ठाउँ प्रदान गऱ्यो।

आफूले उठाउँदै आएको नागरिक सर्वोच्चताको सवाललाई संसद्मा प्रवेश दिनुपर्ने माओवादी माग अरू दलका लागि सधैँ त्रासको विषय बन्यो। राष्ट्रपतिविरुद्ध महाअभियोग प्रस्ताव दर्ता गर्न तयार रहेका नेपाली काङ्ग्रेस, एमालेलगायत २२ दल माओवादीको माग अनुसारको राष्ट्रपतिविरुद्धको सङ्कल्प प्रस्तावउपर संसद्मा छलफल चलाउन तयार भएनन्। व्यवस्थापिकामा सङ्कल्प प्रस्तावका बारेमा छलफल गर्न हुने वा नहुने, यसका प्रभाव आदिका बारेमा पर्याप्त बहस र छलफल भएनन्।

वैशाख महिनामा माओवादीको सरकारबाट बहिर्गमनसँगै सुरु भएको संसद्को अवरोध पुस ७ गतेसम्म कायम रह्यो। यस अवधिमा व्यवस्थापिका संसद्का ८१ दिन अवरुद्ध भए। यस वर्ष व्यवस्थापिका संसद्का १ सय ६ अधिवेशन आह्वान गरिएकामा ९१ दिन अवरुद्ध भए। यसरी हेर्दा व्यवस्थापिका संसद्का १५ दिन मात्र बैठकहरू भए। जनताको सङ्घर्षको परिणामस्वरूप गठन भएको संविधानसभा अन्तर्गतको व्यवस्थापिमा संसद्प्रति जनताको ठूलो अपेक्षा थियो। सम्पूर्ण समस्याको समाधान गर्ने उपयुक्त थलो संसद् हो भन्ने जान्दा जान्दै पनि यसको भूमिका कमजोर पार्न राजनीतिक दलहरू उद्यत रहे।

माओवादीलाई संसदीय मूलधारमा ल्याउनेदेखि लिएर गणतन्त्र घोषणासम्म गर्न शक्तिशाली संसद् पार्टी विशेषको मागका अगाडि निरीह साबित भयो। समस्याको मूल जडलाई समाधान गर्ने उपयुक्त थलो हुँदाहुँदै संसद्लाई उपेक्षा गर्दै राजनीतिक दलका नेताहरू घरघरमा बैठक र भेटघाटमा व्यस्त भए। शीर्ष राजनीतिक दलका शीर्ष नेताहरूको कम उपस्थिति संसद्मा सधैँ खड्कियो। देशका महत्त्वपूर्ण विषयहरू संसद्मा छलफल भएनन्। बेपत्ता विधेयक, सत्य निरूपण तथा मेलमिलाप आयोग गठन विधेयक संसद्ले पारित गरेन, जुन विधेयकहरू शान्ति प्रक्रियालाई एउटा टुङ्गोमा पुऱ्याउन महत्त्वपूर्ण हुने खालका थिए।

सहमति र सहकार्यको विकल्प हाललाई छैन। सहमति र सहकार्यले शान्ति प्रक्रियालाई टुङ्गोमा पुऱ्याउन मद्दत पुग्छ। यो सबै कार्य गर्न सक्ने उपयुक्त थलो संसद् हो। संसद्मा गरिएको सार्थक छलफलले राजनीतिक दलहरूबीच आपसी समझदारी बढ्ने मात्रै होइन, सम्पूर्ण समस्यालाई समाधान गर्न मार्ग प्रशस्त गर्न सक्छ। खाँचो प्रतिबद्धता र व्यवहारको मात्र हो।

१०. http:www.ekantipur.com/kantipur/news/news/newsdedail.pnp?newsbid=5245

Final Eastren:Layout 1 2/9/2010 1:45 PM Page 105

अनुसूची

१

सन् २००९ र मानवअधिकार उल्लङ्घन तथा ज्यादतीका तथ्यहरू

Final Eastren:Layout 1 2/9/2010 1:45 PM Page 106

उल्लेख गर्नैपर्ने केही कुरा

- यो वर्षपुस्तकमा सन् २००९ भरिका अर्थात् ०६५ पुस १७ देखि ०६६ पुस १६ गतेसम्मका घटनाहरू समावेश गरिएका छन्।
- परिच्छेदहरूमा उद्धरण तथा सन्दर्भ लिँदा सन् २००९ को अवधिसम्म प्रकाशित सामग्रीहरूबाट मात्र लिइएको छ।
- हामीले पुष्टि गर्न नसकेका घटनामा सरकारी स्रोत उल्लेख गरिएको छ। तिनलाई तथ्याङ्कमा समावेश गरिएको छैन।
- सङ्कलन गरिएकामध्ये प्रतिनिधिमूलक घटना मात्रै वर्षपुस्तकमा उल्लेख गरिएका छन्। वर्षभरि सङ्कलन गरिएका सबै घटना समावेश गर्न सम्भव नभएको जनाउँदछौं।
- मानवअधिकार उल्लङ्घनका घटनालाई प्रकाशमा ल्याउने, त्यस्ता घटनाको प्रकाशनद्वारा नागरिकलाई सचेत गराउने, मानवअधिकार चेतनाको विकासमा सहयोग पुऱ्याउने तथा मानवअधिकारको स्थितिलाई सकारात्मक दिशातिर उन्मुख गराउने उद्देश्य वर्षपुस्तकले राखेको छ। पुस्तकमा उल्लिखित घटनाबाट कसैको निजी जीवन, मान-सम्मान र स्वाभिमानमा आघात पर्न गएको भए हामी क्षमाप्रार्थी छौं।
- वर्षपुस्तकका निम्ति घटना सङ्कलन गर्न पचहत्तरै जिल्लामा प्रतिनिधिको व्यवस्था गरिएको छ। तर, विविध कारणले जिल्लाका सबै गाउँ र ठाउँमा पुगेर घटना सङ्कलन गर्न सम्भव नभएको हामी स्वीकार्दछौं। सार्वजनिक जानकारीमा नआएका केही घटना हाम्रा लागि अज्ञात नै रहेका पनि हुन सक्छन्। तर विभिन्न सम्भाव्य माध्यमद्वारा पुष्टि गरी हामीले सकेसम्मका घटनाको सङ्कलन भने गरेका छौं।
- जिल्लागत विवरणमा वाईसीएल, अनेरास्ववियु (क्रान्तिकारी) र युथफोर्सबाट भएका घटनाको सङ्ख्या अन्य शीर्षकमा समाविष्ट छन्।
- सञ्चारमाध्यम पनि वर्षपुस्तकका सूचना स्रोत हुन्। तर, त्यहाँ प्रकाशित सूचनालाई सम्बन्धित पक्ष वा निकायमा सम्पर्क गरी पुष्टि भएपछि मात्र समावेश गरिएको छ।
- नेपालले अनुमोदन गरेका मानवअधिकारसम्बन्धी विभिन्न अन्तर्राष्ट्रिय महासन्धिहरूमध्ये ठूला छओटा (ICCPR, ICESCR, CAT, CEDAW, CRC र CERD) का आधारमा शीर्षकहरू विभाजन गरी जिल्लागत रूपमा विवरण प्रस्तुत गरिएको छ।
- विस्थापन, संरचना/सम्पत्ति क्षति भएका घटनाहरूलाई आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार शीर्षक अन्तर्गत समावेश गरिएको छ।
- राज्य, माओवादी र अन्यबाट भएको हत्या, अपहरण, कुटपिट आदि घटनालाई छुट्टाछुट्टै प्रस्तुत गरेका छौं। बम, गोली, विस्फोटक पदार्थसम्बन्धी घटनालाई पनि त्यसैगरी प्रस्तुत गरिएको छ। सामान्यत: व्यक्तिगत हत्याका घटनालाई विवरणमा नदिई तथ्याङ्कमा मात्र समावेश गरिएको छ।
- बेवारिसे बमका कारण भएका घटना र कतिपय विवादास्पद घटनाहरू (पीडकको स्पष्ट पहिचान नभएका) लाई पनि 'अन्यबाट' शीर्षकअन्तर्गत समावेश गरेका छौं।
- जिल्लाको तथ्याङ्कमा यो पुस्तक प्रकाशित भइसक्दासम्म धेरै फेरबदल भइसकेको हुन सक्छ। जिल्ला प्रतिनिधिद्वारा सम्बन्धित निकायबाट सङ्कलित तथ्याङ्क नै पुस्तकमा प्रस्तुत गरिएको छ।
- मानवअधिकार वर्षपुस्तकमा समेटिएका घटनाको अनुगमनलाई (विगतको अनुगमन) शीर्षकमा समेट्ने प्रयास गरेका छौं। गत वर्षको वर्षपुस्तकमा पुष्टि हुन नपाएर नसमेटिएका घटनाहरू पनि आवश्यक अध्ययनपछि त्यसै शीर्षक अन्तर्गत यस वर्ष समावेश गरिएका छन्।
- स्थानीय बोली, भाषा र लय आदि जस्ता कारणले गर्दा कतिपय व्यक्ति र ठाउँको नाममा केही फरक पर्न गएको हुनसक्छ। यस्तो भेटिएको खण्डमा जानकारी दिन हामी सबैमा हार्दिक अनुरोध गर्दछौं।
- अभिव्यक्ति/भेला हुने र सङ्गठित हुने अधिकार अन्तर्गतका तथ्याङ्क तत्काल घटनास्थलमा गिरफ्तार गरिएका पीडितहरूको मात्र तथ्याङ्क हो। संविधानसभा निर्वाचनको प्रचारप्रसारकै क्रममा भएका बाधा विरोध र कुटपिटका घटना यसै शीर्षकमा समाविष्ट छन्।

तथ्याङ्कका अन्य स्रोत

क. केन्द्रीय तथ्याङ्क विभागको राष्ट्रिय प्रतिवेदन २००१

ख. युनाइटेड नेसन्स डेभ्लप्मेन्ट प्रोग्राम; *नेपाल ह्युम्यान डेभलप्मेन्ट रिपोर्ट २००४ : इम्पावरमेन्ट एन्ड पोभर्टी रिडक्सन*; काठमाडौं, २००४

ग. स्थानीय सामाजिक संस्था र व्यक्तिहरू

घ. स्थानीय न्यायिक, अर्धन्यायिक, प्रशासनिक, सञ्चार र सुरक्षासम्बन्धी निकायहरू

ङ. १९९२ देखि २००९ सम्मका इन्सेक मानवअधिकार वर्षपुस्तकहरू

च. इन्टेन्सिभ रिसर्च एन्ड स्टडी सेन्टर; *डिस्ट्रिक्ट प्रोफाइल अफ नेपाल २००८*

छ. वर्षपुस्तक तयार गर्ने क्रममा इन्सेक पुस्तकालयमा रहेका पुस्तक तथा अभिलेखहरू सन्दर्भ सामग्रीको रूपमा प्रयोग गरिएको छ।

पूर्वाञ्चल

१.१ झापा

१.२ इलाम

१.३ पाँचथर

१.४ ताप्लेजुङ

१.५ मोरङ

१.६ सुनसरी

१.७ धनकुटा

१.८ तेह्रथुम

१.९ भोजपुर

१.१० सङ्खुवासभा

१.११ सप्तरी

१.१२ सिराहा

१.१३ उदयपुर

१.१४ खोटाङ

१.१५ ओखलढुङ्गा

१.१६ सोलुखुम्बु

Final Eastren:Layout 1 2/9/2010 2:04 PM Page 109

१.१ झापा

जनसङ्ख्या : ७,७३,९२९
साक्षरता प्रतिशत : ७६
महिला साक्षरता प्रतिशत : ६५
क्षेत्रफल (वर्ग कि. मि.) : १,६०६
गाविस/नपा सङ्ख्या : ४७/३
सरकारी/निजी विद्यालय : ५८८/१७५
क्याम्पस/उच्च मा.वि. : १४/५३
अस्पताल/स्वास्थ्य चौकी : ७/५६
मानव विकास सूचकाङ्कः ०.४९४
प्रतिपरिवार सरदर सङ्ख्याः ६

नागरिक तथा राजनीतिक अधिकार
सम्मानित रूपले बाँच्ने अधिकार
हत्या

राज्यबाट

सङ्घीय लिम्बूवान विद्यार्थी युनियन र परिषद्ले स्वयिु निर्वाचनमा आ-आफ्ना सङ्ठनहरूको समानुपातिक प्रतिनिधित्व गराइनु पर्ने माग राख्दै निर्वाचनको मतगणना तत्काल रोक्नुपर्ने भनी आन्दोलन गर्ने क्रममा ०६५ चैत ७ गते सशस्त्र तथा जनपद प्रहरीसँग भएको झडपमा मेचीनगर नपा-१, धुलावारी क्याम्पसअगाडि सशस्त्र प्रहरीको गोली प्रहारबाट पृथ्वीनगर गाविस-४ का २२ वर्षीय मनिल तामाङको मृत्यु भयो। सोही घटनामा बायाँ खुट्टामा गोली लागेर ताप्लेजुङ जिल्ला लिङ्तेप गाविस-१ का राजेन्द्र शेर्पा गम्भीर घाइते भए। उनी भारतको सिलगुडीस्थित नर्थ बङ्गाल अस्पतालमा आवधिक रूपमा उपचाररत छन्। त्यस्तै, सोही घटनामा प्रहरीको लाठीचार्जबाट मेचीनगर नपा-६ का मानबहादुर नेम्वाङ पनि घाइते भए। उनको मेची अञ्चल अस्पतालमा उपचार भयो। मृत्यु भएका तामाङको लास ०६५ चैत ८ गते मेची अञ्चल अस्पतालमा पोस्टमार्टमपछि परिवार र लिम्बूवान सङ्गठनहरूले पृथ्वीनगरमा दाहसंस्कार गरे। ०६६ जेठ १३ गते सरकारले मनिल तामाङलाई विद्यार्थी सहिद घोषणा गर्ने निर्णय गऱ्यो।

अज्ञात समूहबाट

इलाम जिल्ला इभाङ् गाविस-२ का ४० वर्षीय डिल्लीराम योङहाङलाई ०६५ माघ १५ गते दमक बजारबाट अज्ञात समूहले अपहरण गरी बेपत्ता पारेकामा ०६६ असार २० गते दमक नपा-१ र इलाम जिल्लाको चुलाचुली गाविसको सिमानामा पर्ने रतुवा खोलाको बगरमा पानीले बगाएको अवस्थामा हात र आँखामा पट्टी बाँधेको अस्थिपञ्जर लास फेला पऱ्यो। घटनाको विषयमा अनुसन्धान भइरहेको र यस वर्षको अन्त्यसम्म पनि पीडक फेला नपरेको इलाका प्रहरी कार्यालय दमकका इन्स्पेक्टर नवीन कार्कीले बताए।

गोली/विस्फोटक पदार्थद्वारा घाइते

अज्ञात समूहबाट

अनारमनी गाविस-३ का ४३ वर्षीय सुरेन्द्र राजवंशीलाई ०६६ मङ्सिर ३० गते साँझ तीन जनाको एक समूहले घरनजिकै गोली हानी घाइते बनायो। घाइतेको भारतको सिलिगुडीमा उपचार भयो। पीडकहरूलाई यस वर्षको अन्त्यसम्म प्रहरीले पहिचान गर्न सकेन।

जेल र बन्दीहरू

'ख' श्रेणीको जिल्ला कारागारको क्षमता २ सय जनाको रहेको छ। यस कारागारमा यस वर्षको अन्त्यसम्ममा महिला तथा पुरुष गरी कुल ४ सय ४ जना बन्दी तथा थुनुवा रहेका छन्। जसमा कैदीतर्फ १ सय ७० जना पुरुष र नौजना महिला तथा बन्दीतर्फ २ सय १० जना पुरुष तथा १३ जना महिला र दुईजना उनीहरूका नाबालक शिशुहरू रहेका छन्। क्षमताभन्दा बढी बन्दीहरूलाई राखिँदा जेलभित्रको जीवन अत्यन्त असुविधाजनक रहेको छ। सानो क्षेत्रफलमा रहेको महिला कारागारसमेत पुरुष कारागारको बीचभागमा रहेकाले उनीहरूलाई दैनिक दुई घण्टा मात्र कोठाबाट जेल परिसरमा हिँडडुल गर्न दिइने व्यवस्थाले महिला बन्दीहरू कोठामा नै दिनरात कोचिएर बस्न बाध्य छन्। यस कारागारमा ८३ जना विदेशी बन्दीहरू रहेका छन्। जसमा ७० जना भुटानी शरणार्थीहरू छन्। जेलको भौतिक अवस्था अत्यन्त जीर्ण रहेकाले वर्षायाममा पानी चुहिँदा भित्रको दिनचर्या अझ कष्टकर रहेको चौकीदार अमित राईले बताए ।

Final Eastren:Layout 1 2/9/2010 2:04 PM Page 110

घटनाको प्रकार	गैर राज्यबाट							राज्यबाट			
	अन्यबाट				एकीकृत माओवादीबाट						
	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा	घटना सङ्ख्या	पुरुष	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा
हत्या	१५	१३	२	१५				१	१		१
घाइते	२	२		२				१	२		२
गिरफ्तारी/यातना								३	३		३
कुटपिट	३	३	१	३	१	५	५	१	१		१
धम्की	३	४		४							
भेला/सङ्गठित हुने अधिकार								१	५	१	६
महिलाअधिकार	३		९	९							
बालअधिकार	९	२	८	१०							
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार								१		१	१
अपहरण	३	३		३							
जम्मा	३८	३६	३०	४६	१	५	५	७	१२	२	१४

बेपत्ता/अपहरण

किराँत जनवादी वर्कस पार्टीबाट

अनारमनी गाविस-३, बिर्तामोडका ४३ वर्षीय सुरेन्द्र राजवंशीलाई स्थानीय वीरबहादुर चौधरीसँगको जग्गा विवाद मिलाउन भन्दै ०६५ माघ ७ गते किराँत जनवादी वर्कस पार्टीका कार्यकर्ताहरूले घरैबाट अपहरण गरेकामा ०६५ माघ ८ गते घरमा ल्याएर मुक्त गरे।

धम्की/कुटपिट

एकीकृत माओवादीबाट

भद्रपुर नपा-१४ का कासिम मियाँ, सोही ठाउँका किशोर मियाँ, टुकिक मियाँ, टारजन मियाँ र कैलाश चौधरीलाई बन्दको अवज्ञा गरेको आरोपमा ०६६ जेठ २३ गते एकीकृत माओवादीका कार्यकर्ताहरूले कुटपिट गरी घाइते बनाए। पीडितहरूको भद्रपुरको मेची अञ्चल अस्पतालमा उपचार भयो। पीडितहरूले कुनै पनि निकायमा उजुरी गरेनन्।

मञ्चसम्बद्ध सङ्घीय लिम्बूवान राज्य परिषद्बाट

अनारमनी गाविस-३ की ४० वर्षीया खिनमायाँ दाहाललाई स्थानीय रञ्जित राउतसँग जग्गासम्बन्धी लेनदेनमा भएको विवाद मिलाउने भन्दै ०६६ साउन २६ गते मञ्चसम्बद्ध सङ्घीय लिम्बूवान राज्य परिषद्का कार्यकर्ताहरूले सङ्गठनको चारपाने गाविस-१ स्थित कार्यालयमा पुऱ्याई कुटपिट गरी घाइते बनाए। पीडितले इलाका प्रहरी कार्यालय बिर्तामोडमा ०६६ साउन २७ गते राउतविरुद्ध उजुरी दिए पनि यस वर्षको अन्त्यसम्म कुनै कारबाही भएन।

अन्यबाट

चारपाने गाविस-१ स्थित *पूर्वाञ्चल राष्ट्रिय* दैनिकका कार्यकारी सम्पादक एकराज गिरीलाई आफ्नो सङ्गठनले प्रकाशित गरेको विज्ञप्ति प्रकाशन नगरेको आरोपमा ०६६ साउन २४ गते राती फोन गरी कोचिला लिबरेसन आर्मफोर्सका कार्यकर्ताहरूले मार्ने धम्की दिए।

दोहोरो झडप

अनारमनी गाविस-३, बिर्तामोड चोकको जनआन्दोलन स्मारकको उद्घाटन गिरिजाप्रसाद कोइराला र केपी ओलीद्वारा गरिने कार्यक्रममा आफ्नो पार्टीलाई बेवास्ता गरेको आरोपमा एकीकृत माओवादीद्वारा गरिएको विरोध प्रदर्शन कार्यक्रममा ०६६ साउन ३ गते सशस्त्र प्रहरी र जनपद प्रहरीसँग भएको झडपमा एकीकृत माओवादी कार्यकर्ताहरू हरि दाहाल,

कमल कडरिया, श्रीप्रसाद चौधरी, दीपेश भट्टराई, चन्द्रकुमारी बस्नेतलगायत १० जना घाइते भए। त्यस्तै एकीकृत माओवादीको ढुङ्गा प्रहारबाट सशस्त्रका इन्स्पेक्टर दिनेश आचार्य र जवान नन्द तामाङ घाइते भए। सशस्त्र प्रहरीले अस्पतालमा स्थानीय घरहरूमा भित्र पसेर निर्दोष र उपचार गराइरहेका सर्वसाधारणलाई समेत कुटपिट गरी घाइते बनाए। घाइतेहरूको उपचार स्थानीय कञ्चनजङ्घा अस्पताल र कन्काई अस्पतालमा भयो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत झापामा गत वर्ष दुनियाँवादी फौजदारीतर्फ २ सय ८ थान मुद्दा यस वर्ष जिम्मेवारी सरेर आएकामा ९३ थान फैसला भई १ सय १५ थान बाँकी रहेका छन्। फौजदारीतर्फ १ सय ४ थान जिम्मेवारी सरेर आएकामा ४८ थान फैसला भई ५६ थान बाँकी रहेका छन्।

त्यस्तै, देवानीतर्फ ४ सय २८ थान मुद्दा जिम्मेवारी सरेर आएकामा १ सय ६ थान फैसला भई ३ सय २२ थान अर्को वर्षका लागि जिम्मेवारी सरेर गएका छन्। यस वर्ष जिल्ला अदालतमा दुनियाँवादी फौजदारीतर्फ ४ सय ७ थान मुद्दा दर्ता भएकामा १ सय ४० थान मुद्दा फैसला भए।

सरकारवादी फौजदारीतर्फ २ सय २९ थान मुद्दा दर्ता भएकामा ३१ थान फैसला भए। देवानीतर्फ ३ सय ३० थान मुद्दा दर्ता भएकामा ७३ थान फैसला भए। यस वर्ष सबै किसिमका मुद्दा गरी ९ सय ७१ थान दर्ता भएकामा २ सय ४५ थान फर्स्यौट भई ७ सय २६ थान अर्को वर्षमा जिम्मेवारी सरेर गएका छन्।

त्यस्तै गत वर्षबाट सबै किसिमका मुद्दा गरी ७ सय ४० थान मुद्दा जिम्मेवारी सरेर यस वर्षमा आएकामा २ सय ४७ थान फैसला भई अर्को वर्षका लागि ४ सय ९३ थान मुद्दा फेरि जिम्मेवारी सरेर गएका छन्। यस वर्षबाट अर्को वर्षमा यस अदालतबाट कुल १ हजार २ सय १९ थान विविध मुद्दाहरू जिम्मेवारी सरेर अर्को वर्षमा गएका छन्।

यातना तथा अन्य क्रूर, अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

दमक नपा-४ का मञ्जित राजवंशी र नपा-२ का लक्ष्मण तिम्सिनालाई मोबाइल फोन चोरेको आरोपमा ०६५ चैत २३ गते इलाका प्रहरी कार्यालय दमकका प्रहरीहरू डिल्ली कटुवाल र खेम कार्कीले आम्दा अस्पतालबाट गिरफ्तार गरी इलाका प्रहरी कार्यालय दमक ल्याए। सोही दिन राती हिरासतमा प्रहरीद्वयले कुटपिट गरी पीडित दुवैलाई गम्भीर घाइते बनाए। घटनाका सम्बन्धमा सर्वत्र विरोध भएपछि इन्स्पेक्टर कमल थापाले दोषी प्रहरीलाई कारबाही गर्ने र हिरासतमा घाइते भएकालाई उपचार खर्च दिने बताउँदै पीडितहरूलाई रिहा गरे पनि दोषी प्रहरीलाई यस वर्षको अन्त्यसम्म कुनै कारबाही भएन। पीडितहरूको उपचार स्थानीय स्वास्थ्य केन्द्रमा भयो।

सशस्त्र प्रहरीको गोली प्रहारबाट मृत्यु भएका मनिल तामाङ

अनारमनी गाविस-४ का ४० वर्षीय मेदनी रेग्मीलाई अनारमनी गाविस-२ की सावित्रा बुढाथोकीलाई अपहरण गरेको आरोपमा ०६६ पुस १ गते घरैबाट प्रहरीले गिरफ्तार गरी इलाका प्रहरी कार्यालय बिर्तामोडमा ल्याई कुटपिट गरी घाइते बनायो। प्रहरीले भोलिपल्ट निर्दोष रहेको भन्दै रिहा गऱ्यो। पीडितको स्थानीय स्वास्थ्य केन्द्रमा उपचार भयो।

बालअधिकार

ज्यामिरगढी गाविस-८ की सात वर्षीया एक बालिकालाई सोही ठाउँका ४५ वर्षीय कृष्ण अधिकारीले पैसा दिन्छु भनी फकाएर ०६५ पुस २० गते साँझ पीडितकै घरमा बलात्कार गरेको आरोपमा प्रहरीले सोही दिन अधिकारीलाई गिरफ्तार गरी कानुनी कारबाही अघि बढायो। आरोपितलाई ०६५ माघ १७ गते जिल्ला अदालतको आदेशमा पुर्पक्षका लागि थुनामा राखिएको छ । पीडितको धुलाबारी अस्पतालमा उपचार भयो।

चकचकी गाविस-९ का ४ वर्षीय बालकलाई ०६५ माघ २९ गते बिहान सोही ठाउँका इम्तिहाज आलमले आरोपितकै घरमा गुदद्वारमा मैथुन गरी घाइते बनाए। घटनापछि पीडित परिवारले प्रहरीमा ०६५ फागुन १ गते उजुरी गरेपछि आरोपितलाई ०६५ फागुन २ गते गिरफ्तार गरी कानुनी कारबाही अघि बढायो। आरोपित ०६५ फागुन २५ गतेदेखि जिल्ला अदालतको आदेशमा कारागार शाखा झापामा थुनामा रहेका छन्।

गरामनी गाविस-४ की दृष्टिविहीन १६ वर्षीया एक बालिकालाई ०६५ फागुन १२ गते दिउँसो सोही ठाउँका ३० वर्षीय टेकबहादुर बस्नेतले पीडितकै घरनजिक बलात्कार गरेको आरोपमा

Final Eastren:Layout 1 2/9/2010 2:04 PM Page 112

बस्नेतलाई सोही दिन प्रहरीले गिरफ्तार गरी कानुनी कारबाही अघि बढायो। आरोपित ०६५ फागुन २६ गते जिल्ला अदालतको आदेश अनुसार कारागार शाखा झापामा थुनामा रहेका छन्।

मेचीनगर नपा-१० काँकडभिट्टाकी चार वर्षीया बालिकालाई ०६५ फागुन २० गते साँझ ७ बजे सुनसरी जिल्ला डुमराह गाविस-३ निवासी बसका सहचालक २३ वर्षीय जुमाहेर मुखियाले बसपार्कमा रोकी राखेको बसभित्र तीन घण्टासम्म मुख मैथुन गराई गम्भीर घाइते बनाए। आरोपितलाई सोही दिन प्रहरीले गिरफ्तार गरी कानुनी कारबाही अघि बढायो। आरोपितलाई ०६५ चैत १२ गते जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा राख्ने आदेश दिएकाले झापा कारागारमा थुनामा रहेका छन्। घटनामा पीडित बालिकाको तल्लोतर्फको आधा ओठ खुँडे भएको थियो। पीडितको प्रारम्भिक उपचार इन्सेक जिल्ला प्रतिनिधिको समन्वयमा सिविन हेल्पलाइन, विराटनगरले धरानस्थित बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा गरायो। पीडितको सिविनको सहयोगमा काठमाडौँको जोरपाटीस्थित अपाङ्ग अस्पतालमा ओठको प्लास्टिक सर्जरी गरिएको थियो।

दमक नपा-५, भुटानी शरणार्थी शिविर बेलडाँगी गाविस-२ की सात वर्षीया बालिकालाई ०६६ जेठ ११ गते सोही शिविरका २० वर्षीय इन्द्रबहादुर थापाले बलात्कार गरेको आरोपमा आरोपितलाई सोही दिन प्रहरीले गिरफ्तार गरी ०६६ जेठ १३ गते अदालतमा बलात्कार मुद्दा दर्ता गऱ्यो। पीडितको मेची अञ्चल अस्पताल भद्रपुरमा स्वास्थ्य परीक्षण गरिएको थियो। आरोपितलाई ०६६ असार ४ गते अदालतले पुर्पक्षका लागि थुनामा राख्ने आदेश दियो । आरोपित यस वर्षको अन्त्यसम्म झापा कारागारमा थुनामा रहेका छन्।

सशस्त्र प्रहरीको कुटपिटबाट घाइते भएका एकीकृत माओवादीका कार्यकर्ताहरू

ज्यामिरगढी गाविस-९ की १३ वर्षीया बालिकालाई ०६६ असार २० गते साँझ सोही ठाउँका २५ वर्षीय सञ्जीत राजवंशीले पीडितकै घरमा बलात्कार गरेको आरोपमा उनलाई प्रहरीले ०६६ असार २१ गिरफ्तार गरी कानुनी कारबाही अघि बढायो। ०६६ साउन १४ गते जिल्ला अदालतले थुनामा राखी कारबाही अघि बढाउने आदेश दिएबमोजिम आरोपित यस वर्षको अन्त्यसम्म जिल्ला कारागारमा थुनामा रहेका छन्।

खुदुनावारी गाविसस्थित भुटानी शरणार्थी शिविरकी सात वर्षीया बालिकालाई ०६६ भदौ २९ गते सोही शिविरका ६० वर्षीय कृष्णबहादुर माझीले पीडितकै घरमा बलात्कार प्रयास गरेको भन्दै पीडित परिवारले ०६६ भदौ ३० गते प्रहरीमा उजुरी दिए । आरोपितलाई गिरफ्तार गरी कानुनी कारबाही अघि बढाएकामा ०६६ असोज २९ गते जिल्ला अदालतको आदेशमा आरोपित थुनामा रहेका छन्।

गौरीगञ्ज गाविस-६ का दुई वर्षीय बालक किरण महतोलाई पत्नीसँग भएको विवादको विषयमा ०६६ भदौ १ गते बुबा २० वर्षीय भुजेल महतोले भातको तातो माड खन्याएर गम्भीर घाइते बनाए। पीडितको उपचार विराटनगरको कोसी अञ्चल अस्पतालमा भयो। पीडकलाई इलाका प्रहरी कार्यालय गौरीगञ्जले गिरफ्तार गरेको भए पनि कारबाहीका लागि कसैले उजुरी नदिएको भन्दै दुई दिनपछि रिहा गऱ्यो। पीडितको अवस्था सामान्य रहेको छ।

कोरोबारी गाविस-१ का १२ वर्षीय लीला खड्कालाई बुबासँग भएको व्यक्तिगत विवादका कारण ०६६ असोज २४ गत घरनजिकै खेलिरहेको अवस्थामा भारत किशनगञ्ज जिल्ला सिङ्गीमाडीका तोय अलीले अपहरण गरी भारततर्फ लगे। नेपाल प्रहरीले भारतीय प्रहरीको सहयोगमा छ घण्टापछि पीडितको उद्धार गऱ्यो।

खुदुनावारी गाविस-८ की ११ वर्षीया एक बालिकालाई ०६६ असोज १८ र १९ गते सोही ठाउँका ३८ वर्षीय काजीमान तामाङले बलात्कार गरेको र २० गते पुन: बलात्कार गर्न लाग्दा पीडितले प्रतिकार गरेको भन्दै पीडित परिवारले ०६६ असोज २१ गते प्रहरीमा उजुरी दर्ता गरे पनि आरोपित फरार रहेका कारण यस वर्षको अन्त्यसम्म कुनै कारबाही भएन।

यस वर्ष जिल्लामा कुल कक्षा १ तथा नर्सरीमा ३४ हजार ९ सय ११ जना विद्यार्थी भर्ना भएका छन्। प्रत्येक १ सयजना बालबालिकामा १० जना बालबालिका गरिबी, अशिक्षा आदिका कारण विद्यालय

Final Eastren:Layout 1 2/9/2010 2:04 PM Page 113

जानबाट वञ्चित रहेका छन्। बाल मृत्युदरको सङ्ख्या प्रत्येक १ हजारमा ४२ जना रहेको छ।

जिल्लामा १ सय ८४ ओटा सामुदायिक प्रावि, १ सय ३३ ओटा निजी प्रावि, ८२ ओटा सरकारी निमावि, २८ ओटा निजी निमावि, ५७ ओटा सरकारी मावि, १ सय २२ ओटा निजी मावि रहेका छन्। उच्चमावितर्फ ३६ ओटा सरकारी र ४० ओटा निजी रहेका छन्।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार पारिवारिक हिंसा

राजगढ गाविस-२ की ३५ वर्षीया राजो माझीलाई ०६६ साउन २४ गते जेठाजु पेदरी माझीले पीडितकै घरमा कुटपिट गरी घाइते बनाए। पीडित माझीको प्रारम्भिक उपचार ०६६ साउन २५ गते बिर्तामोडको कञ्चनजङ्घा अस्पतालमा भयो भने थप उपचार ०६६ साउन २६ गते भारतको सिलगुडीमा भयो। घटनाको विषयमा पीडित परिवारले इलाका प्रहरी कार्यालय राजगढमा उजुरी दिन जाँदा प्रहरीले उजुरी लिन मानेनन्। इन्सेक जिल्ला प्रतिनिधिको पहलमा पीडितको उपचार पीडकले गरे। यस वर्षको अन्त्यसम्म पीडकलाई कुनै कारवाही भएन।

दमक नपा-१० की २८ वर्षीया सीता राईलाई ०६६ भदौ २७ गते पति खड्गबहादुर राईले राती कुटपिट गरी हत्या गरे। पीडकलाई सोही दिन प्रहरीले गिरफ्तार गरी कानुनी कारवाही अघि बढाएकामा जिल्ला अदालतको आदेशमा हाल झापा कारागारमा थुनामा रहेका छन्।

धरमपुर गाविस-४ की ४६ वर्षीया आशमायाँ तामाङलाई घरायसी विवादका कारण ०६६ कात्तिक २१ गते पति बलबहादुर तामाङले कुटपिट गरे। पीडितको दमकको लाइफालाइन अस्पतालमा उपचार गर्ने क्रममा ०६६ कात्तिक २५ गते मृत्यु भयो। मृत्युपछि पीडकलाई सोही दिन प्रहरीले गिरफ्तार गरी कानुनी कारवाही अघि बढाएकामा जिल्ला अदालतले ०६६ मङ्सिर २९ गते थुनामा राखेर कारवाही गर्ने आदेश दिएपछि यस वर्षको अन्त्यसम्म जिल्ला कारागार चन्द्रगढीमा थुनामा रहेका छन्।

सशस्त्र प्रहरीको कुटपिटबाट घाइते भएका शनिश्चरे गाविसका हरि दाहाल

दुर्व्यवहार

गौरीगञ्ज गाविस-५ की ५० वर्षीया अञ्जीरादेवी महतोलाई बोक्सीको आरोपमा ०६६ जेठ ३१ गते राती सोही ठाउँका रामबहादुर गिरी, थिरीलाल राजवंशी, रामआशिष शर्मा, पुष्पा शर्मा र पार्वती शर्माले कुटपिट गर्नुका साथै अभक्ष कोच्याई घाइते बनाए। पीडकहरूलाई प्रहरीले सोही राती गिरफ्तार गऱ्यो । पीडित परिवारले पीडकहरूका विरुद्ध प्रहरीमा ०६६ असार १ गते निवेदन दिए। जिल्ला अदालतले ०६६ असार १७ गते गिरी, राजवंशी र रामआशिष शर्मालाई २०-२० हजार, पुष्पा शर्मालाई १५ हजार तथा पार्वती शर्मालाई १० हजार रुपियाँ धरौटी मागी कारवाही बढायो। जस अनुसार गिरी र राजवंशी असार १९ गते धरौटी राखेर रिहा भए भने अन्य सबै जना अदालतले आदेश गरेकै दिन धरौटी बुझाई रिहा भएका थिए ।

स्वास्थ्य सेवाको अवस्था

यस जिल्लामा दुईओटा ठूला सरकारी अस्पताल, १२ ओटा इलाका स्वास्थ्य चौकी, ३८ ओटा उप-स्वास्थ्य चौकी र ३१ ओटा साना तथा ठूला निजी अस्पतालहरू रहेका छन्। जिल्लामा कुल ८० जना डाक्टरहरू नियमित कार्यरत रहेका छन्। त्यस्तै १ हजार २ सय ५० जना अन्य स्वास्थ्यकर्मीहरू कार्यरत छन्।

Final Eastren:Layout 1 2/9/2010 2:04 PM Page 114

१.२ इलाम

जनसङ्ख्या : ३,३३,९६०
साक्षरता प्रतिशत : ६७
महिला साक्षरता प्रतिशत : ४०
क्षेत्रफल (वर्ग कि. मि.) : १,७०३
गाविस/नपा सङ्ख्या : ४८/१
सरकारी/निजी विद्यालय : ४७२/३८
क्याम्पस/उच्च मा.वि. : २/२१
अस्पताल/स्वास्थ्य चौकी : १/४८
मानव विकास सूचकाङ्कः ०.५२१
प्रतिपरिवार सरदर सङ्ख्याः ५

नागरिक तथा राजनीतिक अधिकार
सम्मानित रूपले बाँच्ने अधिकार
हत्या

अज्ञात समूहबाट

माबु गाविस-७ का ८३ वर्षीय मोतीलाल गुरुङ, ५३ वर्षीया पूर्णकुमारी गुरुङ र माबु गाविस-६ का ७५ वर्षीय गुञ्जमान गुरुङलाई ०६६ वैशाख २ गते आफ्नै घरमा सुतिरहेको अवस्थामा हतियारधारी अज्ञात समूहले धारिलो हतियार प्रहार गरी हत्या गऱ्यो। उनीहरूलाई मृत अवस्थामा ०६६ वैशाख ३ गते साँझ स्थानीयबासीले देखेपछि प्रहरीलाई खबर गरेका थिए। धारिलो हतियार प्रहारबाट मोतीलालको दाहिने आँखा, पूर्णकुमारीको घाँटीको पछिल्लो भाग र गुञ्जमानको घाँटीको दुवैपट्टि गम्भीर चोट लागेको थियो। घटनापछि उनीहरूको पोस्टमार्टम गरी ०६६ वैशाख ४ गते दाहसंस्कार भएको थियो। घटना कसबाट किन भयो भन्ने विषयमा थाहा हुन नसके पनि अनुसन्धान भइरहेको डीएसपी भीमप्रसाद ढकालले बताए।

लिङ्गतेप गाविस-६ ताप्लेजुङ निवासी काङ्ग्रेसका कार्यकर्ता ३० वर्षीय चन्द्रप्रकाश (रमा) हाङ्गामलाई ०६६ कात्तिक ९ गते हतियारधारी अज्ञात समूहले मेची राजमार्ग अन्तर्गत इलामको गोदक गाविसस्थित बाह्रगोलाईमा हत्या गऱ्यो। ताप्लेजुङबाट झापा जाँदै गर्दा उनीसँगै ३५ वर्षीय मोती पालुङ्गवासहित सवार मोटरसाइकल रोकी सातजनाको समूहले खुकुरी र पेस्तोल प्रहार गरेको थियो। आक्रमणबाट मोती भाग्न सफल भए तापनि हाङ्गामको भने घटनास्थलमै मृत्यु भएको थियो। घटनापछि पालुङ्गवा जिल्ला अस्पताल इलाममा उपचारपछि ०६६ कात्तिक ११ गते घर फर्किए। मृतक हाङ्गामको लास जिल्ला अस्पताल इलाममा पोस्टमार्टम गरी ०६६ कात्तिक १० गते परिवारले बुझे।

बेपत्ता/अपहरण

सङ्घीय लिम्बूवान राज्यपरिषद्बाट

इलाम नपा-२ निवासी पूर्वाञ्चल सडक डिभिजन कार्यालय इलामका सवारीचालक ४४ वर्षीय रामचन्द्र राईलाई ०६५ चैत ७ गते राजमार्ग प्रहरी गस्ती लिएर गएको अवस्थामा लिम्बूवान कार्यकर्ताले मेची राजमार्ग अन्तर्गत इलाम-पाँचथरको सीमावर्ती राँके बजारबाट अपहरण गरे। जिल्ला प्रहरी कार्यालय इलामका असई बाबुकाजी कोइरालाको नेतृत्वमा गएको गस्तीले बन्दमा गाडी चलाएको आरोपमा उनीहरूले अपहरण गरेको पीडितले बताए। पूर्वाञ्चल सडक डिभिजन कार्यालय इलामको बा.१झ. ६४ नम्बरको पीकअप गाडीसहित चालक राई सोही दिन साँझ प्रहरीको सक्रियतामा पाँचथरको फाक्तेपवाट मुक्त भए।

धम्की/कुटपिट

राज्यबाट

नामसालिङ गाविस-४ का सञ्चारकर्मी २२ वर्षीय गणेश घिमिरेलाई ०६५ चैत ६ गते प्रहरीले कुटपिट गऱ्यो। घिमिरेलाई समाचार सङ्कलनका क्रममा स्वतन्त्र विद्यार्थी युनियनको चुनाव सुरक्षार्थ खटिएको सशस्त्र प्रहरीले इलाम नपा-२, नवीनचोकस्थित क्याम्पस रोडमा कुटपिट गरेको थियो। कुटपिटपछि घाइते भएका घिमिरेको दाहिने खुट्टामा गम्भीर चोट लागेको थियो। पीडित सोही दिन जिल्ला अस्पताल इलाममा उपचार गराई घर फर्किए।

जिल्ला प्रहरी कार्यालय इलामका प्रहरी जवानहरू मोरङ जिल्ला बयरबन गाविस-६ का २५ वर्षीय अशोक ऋषिदेव, दुहवी गाविस-३, सुनसरीका २२ वर्षीय योगेन्द्र बस्नेत र बक्लौरी गाविस-३,

घटनाको प्रकार	गैर राज्यबाट							राज्यबाट		
	अन्यबाट				एकीकृत माओवादीबाट					
	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा	घटना सङ्ख्या	पुरुष	जम्मा	घटना सङ्ख्या	पुरुष	जम्मा
हत्या	१०	७	५	१२						
घाइते	३	३		३						
कुटपिट	९	१३	३	१५	३	४	४	३	९	९
धम्की	७	५	३	७	१	१	१			
भेला/सङ्गठित हुने अधिकार								१	१	१
महिलाअधिकार	४		४	४						
बालअधिकार	४		४	४						
अपहरण	१	१		१						
जम्मा	३७	३९	१७	४६	३	५	५	४	१०	१०

सुनसरीका २५ वर्षीय दिनेश तामाङलाई मदिरा सेवन गरेको आरोपमा ०६६ असार २२ गते इन्स्पेक्टर जगन्नाथ गौतम र सई बाचु चौधरीले निर्घात कुटपिट गरे। कुटपिटपछि उनीहरूको तिघ्रा, ढाड र टाउकोमा चोट तथा नीलडाम लागेको थियो। उनीहरूले प्रहरी आचारसंहिता उल्लङ्घन गरेकाले नसिहत दिएको डीएसपी विक्रमबहादुर चन्दले बताए। घटनापछि घाइतेहरू जिल्ला अस्पताल इलाममा उपचार गरी ०६६ असार २३ गते घर फर्किए।

फिक्कल गाविस-६ का ३५ वर्षीय गोपी प्रधान, सोही गाविसका ४५ वर्षीय हीरा प्रधान, २० वर्षीय प्रवीन सुब्बा, ३२ वर्षीय राजन योल्मु र नयाँबजार गाविसका २७ वर्षीय केसाङ्ग शेर्पालाई ०६६ असार २२ गते राती पाथीभरा सशस्त्र प्रहरी गण दमक झापाबाट डीएसपी राजेन्द्र श्रेष्ठको नेतृत्वमा आएको एक टोलीले फिक्कल गाविस-६ मा कुटपिट गऱ्यो। फिक्कलका रमेश श्रेष्ठको घर सोध्दै आएका उनीहरूले गोपीलाई अपहरणको शैलीमा लिएर रमेशको घर देखाउन लगेपछि स्थानीयबासीले सोधखोज गरेका थिए। सादा पोसाकमा आएका प्रहरीलाई सोधपुछ सुरु भएपछि दोहोरो झडप हुँदा प्रहरीले एक राउन्ड गोलीसमेत चलाएको स्थानीयबासीले बताए। झडपपछि पाँच जना युवालाई पाथीभरा गणमै लगेर आँखामा कालोपट्टी बाँधी कुटपिट गरेको पीडितहरूले बताए। रातभर कुटपिट गरेपछि बिहान ४ बजे पुन: फिक्कलमै ल्याएर पीडितहरूलाई छोडेका थिए। घटनापछि ०६६ असार २३ गते फिक्कलबासीले मेची राजमार्गमा यातायात अवरुद्ध र फिक्कल बजार बन्द गराए। घटनाका बारेमा सोही गणका एसपी गणेश ठाडामगरको उपस्थितिमा स्थानीय प्रशासन, नागरिक समाज र राजनीतिक दलका प्रतिनिधिहरूबीच घटनामा संलग्नहरूलाई कडा कारबाही गरी सार्वजनिक गर्ने, पीडितहरूलाई ०६६ असार २५ गते जनही ५ हजार रुपियाँका दरले क्षतिपूर्ति र उपचार गराउने सहमति भयो।

एकीकृत माओवादीबाट

इरौंटार गाविस-७, सुनपानीका ६१ वर्षीय लोकबहादुर पकुवाललाई ०६५ माघ १८ गते एकीकृत माओवादी कार्यकर्ताले सशस्त्र द्वन्द्वको समयमा माओवादीले कब्जा गरेको १२ रोपनी जग्गा पास नगरिदिए अपहरण गर्ने धम्की दिए। ०६० सालमा माओवादीले कब्जामा लिई चमैता गाविसका बोधराज बस्नेतलाई खनजोत गर्न दिएको भए पनि शान्ति पुन:स्थापनापछि पकुवालले जग्गा फिर्ताका लागि माग गर्न थालेपछि यस्तो धम्की दिएको पीडितले बताए। माओवादीका गाउँ इन्चार्ज मानबहादुर र कार्यकर्ता हिमालले यस्तो धम्की दिएपछि पकुवाल घर छाडी विस्थापित भएका थिए। घटनापछि पीडित पकुवालले आफ्नो जग्गा फिर्ता गराइदिन स्थानीय प्रशासन र मानवअधिकारकर्मीसँग आग्रह गरेका थिए।

जीतपुर गाविस-२, बरालगाउँका ७० वर्षीय गजाधर बराल र उनका छोरा २७ वर्षीय दुर्गा बरालललाई ०६५ माघ २० गते स्थानीय माओवादी कार्यकर्ताले कुटपिट गरी लुटपाटसमेत गरे। रातको ९ बजेतिर माओवादी कार्यकर्ताहरू टङ्कमणि बराल, झरेन्द्र बराल, दीपक भण्डारी, डम्बर मगर र टीकाराम

Final Eastren:Layout 1 2/9/2010 2:04 PM Page 116

मगरलगायतका कार्यकर्ताहरूले हातमा लाठी देखाउँदै कुटपिट गरेको पीडित दुर्गा बरालले बताए। मार्ने धम्की दिएपछि पीडितले १५ दिनमा ५० हजार रुपियाँ दिने बताउँदासमेत उनीहरूले २५ हजार रुपियाँ तत्काल लिएर 'हामीहरू सामन्ती हौं' लगायतका कुराहरू लेखिएको कागजमा सही गर्न लगाएका थिए। यसैबीच, सो विषयलाई लिएर ०६५ फागुन १० गते बसेको स्थानीय नागरिक भेलामा पीडकपक्षले माफी माग्दै जबरजस्ती लिएको २५ हजार रुपियाँ फिर्ता गरे। माओवादीका जिल्लास्तरका कार्यकर्ताहरू डिल्ली चेम्जोङ्ग, नरेन्द्र जबेगूको उपस्थितिमा वार्ता गरी एक हप्ताभित्रमा कागजसमेत फिर्ता गरिदिने बताए पनि यस वर्षको अन्त्यसम्म कागज फिर्ता भएको छैन।

इलाम नपा-९ स्थित नेपाल विद्युत् प्राधिकरण इलाम शाखाका कर्मचारीहरू इलाम नपा-२ का २६ वर्षीय मणिकुमार थापा र हेलम्खा गाविस-८, भोजपुरका २५ वर्षीय सन्तोष आचार्यलाई ०६६ असार ७ गते सरकारी कार्यालय बन्द गराउँदै हिँडेका एकीकृत माओवादीका कार्यकर्ताहरूले कार्यालय परिसरमै कुटपिट तथा दुर्व्यवहार गरे। सोही दिन एकीकृत माओवादीका कार्यकर्ताहरूले इलामका विद्युत् प्राधिकरण, जिल्ला शिक्षा कार्यालय, नापी शाखा, कोलेनिकालगायत नौओटा कार्यालयहरूमा तोडफोड तथा आगजनी गरेका थिए।

अनेरास्ववियु (क्रान्तिकारी)बाट

इलाम नपा-२ स्थित महेन्द्ररत्न बहुमुखी क्याम्पसका प्रमुख ५२ वर्षीय जसबहादुर लुङ्गेलीलाई ०६६ असार १७ गते अनेरास्ववियु (क्रान्तिकारी)का विद्यार्थीहरूले मोसो दली तत्काल राजीनामा नदिए भौतिक कारबाही गर्ने धम्की दिए। त्रिभुवन विश्वविद्यालयको स्वर्णमहोत्सव कार्यक्रमको तयारीमा जुटिरहेका क्याम्पसप्रमुख लुङ्गेलीलाई क्याम्पस परिसरमै अनेरास्ववियु (क्रान्तिकारी) क्याम्पस एकाइका कार्यवाहक संयोजक रवीन भट्टराईको नेतृत्वमा रहेको एक टोलीले मोसो दली दुर्व्यवहार गरेको पीडित लुङ्गेलीले बताए। स्वतन्त्र विद्यार्थी युनियन पुनःगठन गर्नेलगायतका १२ बुँदे समझदारी भएपछि अखिल (क्रान्तिकारी)ले ०६५ चैत ११ गतेदेखि लगाएको तालचा ०६६ कात्तिक २४ गते खोल्ने र आन्दोलन फिर्ता लिने दुवै पक्षबीच सहमति भएको थियो।

एकतप्पा गाविस-४ निवासी इलाम नपा-२ स्थित महेन्द्ररत्न बहुमुखी क्याम्पसका सहायक क्याम्पस प्रमुख गङ्गाराम पौडेललाई ०६६ असार ३१ गते अनेरास्ववियु (क्रान्तिकारी)का विद्यार्थीहरूले हातपात गर्दै जबरजस्ती कार्यकक्षमा थुने। अनेरास्ववियु (क्रान्तिकारी)ले राजीनामा माग गरेको क्याम्पसप्रमुख जसबहादुर लुङ्गेलीको बचावट गरेको र विद्यार्थीहरूको आन्दोलन निस्तेज पार्न भूमिका खेलेको आरोपमा उनलाई थुनामा राखिएको अनेरास्ववियु (क्रान्तिकारी) क्याम्पस एकाइ अध्यक्ष गञ्जु प्रधानले बताए। अपराह्न ४ बजे थुनिएका पौडेल सोही दिन तीन घण्टापछि इन्सेक प्रतिनिधि र नेपाल पत्रकार महासङ्घ, इलाम शाखाका प्रतिनिधिको रोहबरमा मुक्त भए।

वाईसीएलबाट

साङ्गरुम्बा गाविस-६ का २३ वर्षीय इन्द्र खाती र १८ वर्षीय सविन खातीलाई ०६५ फागुन १६ गते बिहेभोजमा गएका बेला वाईसीएल कार्यकर्ताहरूले कुटपिट गरे। स्थानीय मनिराज चेम्जोङको विवाहमा गई सांस्कृतिक कार्यक्रममा सहभागी हुँदा खुट्टाले लागेको निहुँ पार्दै स्थानीय ३५ वर्षीय मनकुमार योङ्गहाङ्ग, ४० वर्षीय नेत्र योङ्गहाङ्ग, सोही गाविस-२ का १९ वर्षीय राजेन्द्र सुब्बा र २५ वर्षीय भीम नेम्वाङले कुटपिट गरे। खुकुरीसहित आएका उनीहरूले 'खाते दमाई' भन्दै गालीगलौजसमेत गरेको पीडित इन्द्रले बताए। घटनापछि इन्द्रको हातमा गम्भीर चोट लागेको थियो। त्यसपछि घरमै आई मार्ने धम्कीसमेत दिएपछि पीडितले जीवनरक्षाको माग गर्दै ०६५ फागुन २० गते मानवअधिकार मञ्च नेपाल, इलामसमक्ष निवेदन दिए।

बुधबारे गाविस-७, झापाका सुरज राईलगायत चारजना किराँत लिम्बूवान भोलेन्टियर्स (केएलभी)का कार्यकर्ताहरूलाई ०६५ चैत ६ गते वाईसीएल कार्यकर्ताले साखेजुङ्ग गाविस-७, नेपालटारमा कुटपिट गरी घाइते बनाए। पल्लो किराँत लिम्बूवान राष्ट्रिय मञ्चको अर्धसैन्य दस्ता केएलभीका कार्यकर्ताहरू पाँचथरको फिदिमबाट झापातर्फ जाँदै गर्दा नेपालटारमा गाडी रोकी वाईसीएल कार्यकर्ताहरूले हतियारसहित आक्रमण गरेको मञ्चका सञ्चार संयोजक तुतु लाजेसाले बताए। टाउको, खुट्टा र कम्मरमा गम्भीर चोट लागेका उनीहरूले सोही दिन राती जिल्ला अस्पताल इलाममा उपचार गराई फर्किएको अस्पताल स्रोतले जानकारी दियो। उक्त घटनाबारेमा आफूलाई केही थाहा नभएको एकीकृत माओवादीका जिल्ला सेक्रेटरी राजकुमारले बताए। अन्य घाइतेहरूको नाम खुल्न सकेन।

मञ्चसम्बद्ध सङ्घीय लिम्बूवान राज्यपरिषद्बाट

एकतप्पा गाविस-९ निवासी स्थानीय जनकल्याण माध्यमिक विद्यालयका प्रधानाध्यापक ५४ वर्षीय हरिप्रसाद पोखरेललाई विद्यालयमा रिक्त महिला दरबन्दीमा पुरुष शिक्षकलाई नियुक्त गर्न दबाब दिँदै ०६५ पुस १७ गते लिम्बूवान भोलेन्टियर्सका कार्यकर्ताहरूले त्यसो नगरे भौतिक कारवाही गर्ने धम्की दिए। प्राथमिक तहमा रिक्त महिला दरबन्दीमा निजी स्रोतमा कार्यरत शिक्षक प्रेमबहादुर लावतीलाई नियुक्त गर्न उनीहरूले दबाब दिएका थिए। ०६५ पुस ९ गते रिक्त दरबन्दीमा पदपूर्ति गर्न आवेदन खुला गरिएपछि सङ्घीय लिम्बूवान राज्यपरिषद्का कार्यकर्ताहरूले गरेको तालाबन्दी खुला गर्दै यस्तो धम्की दिएको पीडित पोखरेलले जानकारी दिए। नियुक्तिका लागि दबाब दिँदै लिम्बूवान भोलेन्टियर्सका पूर्वी कमान्ड उपसंयोजक राजकुमार बोखिमद्वारा हस्ताक्षरित पत्र पाएपछि पीडित पोखरेल र विद्यालय व्यवस्थापन समितिका अध्यक्ष गोविन्द कोइराला जीवनरक्षाको माग गर्दै ०६५ पुस २२ गते इलाम सदरमुकाम आए। उनीहरूले जीवनरक्षाको माग गर्दै जिल्ला शिक्षा कार्यालय इलाम र नेपाल शिक्षक युनियन इलाममा निवेदन दिए। स्थिति सामान्य भएपछि उनीहरू ०६५ माघ ३ गते घर फर्किए।

अभिव्यक्ति, भेला हुने र सङ्गठित हुने अधिकार
(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

राज्यबाट

इभाङ्ग गाविस-२ निवासी सङ्घीय लिम्बूवान राज्यपरिषद् इलामका सदस्य २८ वर्षीय मिन्सु चबेगुलाई ०६५ चैत ६ गते हुने स्वबियु निर्वाचनको विरोधमा परिषद्ले निकालेको मसाल जुलुस प्रदर्शनका क्रममा ०६५ चैत ५ गते प्रहरीले कुटपिट गरी घाइते बनाए। घाइतेको जिल्ला अस्पताल इलाममा उपचार गराउने क्रममा सोही दिन राती ९ बजे अस्पताल परिसरमा प्रहरीले पुनः कुटपिट गऱ्यो। परिषद्का जिल्ला सचिव डम्बर लोरिन्देनले ०६५ चैत ६ गते एक विज्ञप्ति जारी गरी उक्त घटनाको भर्त्सना गरे। घाइते चबेगु जिल्ला अस्पताल इलाममा उपचार गराई ०६५ चैत ६ गते घर फर्किए।

सशस्त्र प्रहरीको कुटपिटबाट घाइते भएका गोपी प्रधान

एकीकृत माओवादीबाट

एकीकृत माओवादीले राष्ट्रपतिको कदम फिर्ता हुनुपर्नेलगायतका माग राख्दै आह्वान गरेको बन्दका क्रममा ०६६ असार ७ गते इलामका नौओटा सरकारी कार्यालय तोडफोड गरेको विरोधमा अन्य चार राजनीतिक दलले ०६६ असार ९ गते आयोजना गरेको शान्तिपूर्ण जुलुसमा एकीकृत माओवादीका कार्यकर्ताले ढुङ्गा प्रहार गरी अवरोध गरे। काङ्ग्रेस, एमाले, नेकपा (एकीकृत) र नेकपा (संयुक्त मार्क्सवादी)को आह्वानमा दिउँसो रत्नचोकबाट निस्किएको जुलुसमा छुट्टाछुट्टै दुई स्थानमा ढुङ्गा प्रहार भएपछि सहभागीहरूको भागदौड भयो र इलाम बजार तनावग्रस्त रह्यो। जुलुसले जिल्ला प्रशासन कार्यालयमा पुगी दोषीलाई तत्काल कारवाही गर्न माग गऱ्यो। उनीहरूले कार्यालय तोडफोडमा भएको क्षतिपूर्ति सम्बन्धित पक्षबाट भराइनुपर्नेसमेत माग गरेका थिए।

नेविसङ्घबाट

इलाम नपा-२ स्थित महेन्द्ररत्न बहुमुखी क्याम्पसको पूर्वनिर्धारित वार्षिक प्रतिवेदन सार्वजनिक गर्ने कार्यक्रममा नेपाल विद्यार्थी सङ्घका कार्यकर्ताहरूले ०६६ मङ्सिर ३ गते अवरोध गरे। क्याम्पस हाताभित्र सार्वजनिक र औपचारिक कार्यक्रम गर्न नदिने भन्दै आन्दोलनमा उत्रिएका विद्यार्थीहरूले क्याम्पस प्रमुख जसबहादुर लुङ्गेलीले जबरजस्ती कार्यक्रम गर्न खोजेको भन्दै आक्रमणको प्रयास गरेपछि क्याम्पस तनावग्रस्त भयो। कार्यक्रम गर्न तोकिएको स्थानमा नेविसङ्घले कोणसभा गर्दै अवरोध पुऱ्याएपछि प्राध्यापक कक्षमा अतिथि, आयोजक र सञ्चारकर्मी भेला हुँदै गर्दा आक्रामक भई आएका विद्यार्थीहरूले क्याम्पस प्रमुख लुङ्गेलीलाई आक्रमण प्रयास गर्दा केही कुर्सीहरू भाँचिएका थिए। क्याम्पस प्रमुख लुङ्गेलीले भने अतिथिहरूलाई कार्यक्रम स्थगित भएको जानकारी गराउन भेला हुँदै गर्दा बुझाइको अभावमा उक्त घटना भएको बताए। स्वतन्त्र विद्यार्थी युनियनको निर्वाचन गराउन नसकेको, शिक्षकहरूको मनोमानी नियुक्ति

Final Eastren:Layout 1 2/9/2010 2:04 PM Page 118

गरेका लगायतका आरोप लगाउँदै आन्दोलनरत नेविसङ्घको माग पूरा गराउने सहमतिपछि ०६६ मङ्सिर ५ गते नेविसङ्घले आन्दोलन फिर्ता लिएको थियो।



प्रहरीको कुटपिटबाट घाइते भएका मिन्सु चबेगु

सुगम र निष्पक्ष न्यायिक अधिकार पुनरावेदन अदालत

यस अदालतमा दुनियाँवादी फौजदारीतर्फ गत वर्षको जिम्मेवारी सरेर आएका ३३ थान मुद्दामध्ये यस वर्ष १९ थान फर्स्यौट भई १४ थान बाँकी रहे। यसैगरी यस वर्ष दर्ता भएका दुनियाँवादी फौजदारी मुद्दा ३४ थानमध्ये १२ थान फर्स्यौट भई २२ थान मुद्दा बाँकी रहे। गत वर्षको जिम्मेवारी सरेर आएका तथा यस वर्ष दर्ता भएका दुनियाँवादी फौजदारी मुद्दा जम्मा ६७ थानमध्ये ३१ थान फर्स्यौट भई ३६ थान मुद्दा बाँकी रहे।

सरकारवादी फौजदारी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका १ सय ३७ थान मुद्दामध्ये यस वर्ष १ सय १२ थान फर्स्यौट भई २५ थान मुद्दा बाँकी रहे। यसैगरी यस वर्ष दर्ता भएका सरकारवादी फौजदारी मुद्दा १ सय ४२ थानमध्ये ५६ थान फर्स्यौट भई ८६ थान मुद्दा बाँकी रहे। गत वर्षको जिम्मेवारी सरेर आएका तथा यस वर्ष दर्ता भएका सरकारवादी फौजदारी मुद्दा जम्मा २ सय ७९ थानमध्ये १ सय ६८ थान मुद्दा फर्स्यौट भई १ सय ११ थान मुद्दा बाँकी रहे।

देवानी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका १ सय ४० थान मुद्दामध्ये १ सय १८ थान फर्स्यौट भई २२ थान मुद्दा बाँकी रहे। यसैगरी यस वर्ष दर्ता भएका देवानी मुद्दा १ सय २७ थानमध्ये ३१ थान फर्स्यौट भई ९६ थान मुद्दा बाँकी रहे। गत वर्षको जिम्मेवारी सरेर आएका तथा यस वर्ष दर्ता भएका देवानी मुद्दा जम्मा २ सय ६७ थानमध्ये १ सय ४९ थान फर्स्यौट भई १ सय १८ थान बाँकी रहे।

यस वर्षको अन्त्यसम्ममा गत वर्षको जिम्मेवारी सरेका तथा यस वर्ष दर्ता भएका गरी जम्मा मुद्दा सङ्ख्या ६ सय ३ थानमध्ये यस वर्ष ३ सय ४८ थान मुद्दा फर्स्यौट भई २ सय ६५ थान मुद्दा बाँकी रहे।

यस अदालतमा दुई वर्ष नाघेका पाँच थान मुद्दा बाँकी छन् भने पाँच वर्ष नाघेका कुनै मुद्दा छैनन्। यहाँ बाल अदालत छैन भने आतङ्ककारी तथा विध्वंसात्मक ऐन र घरेलु हिंसासम्बन्धी मुद्दा दर्ता भएकै छैनन्।

जिल्ला अदालत

यस अदालतमा दुनियाँवादी फौजदारी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका ३७ थान मुद्दामध्ये ३२ थान फर्स्यौट भई पाँचथान मुद्दा बाँकी रहे। यसैगरी, यस वर्ष दर्ता भएका दुनियाँवादी फौजदारी मुद्दा ६२ थानमध्ये २८ थान फर्स्यौट भई ३४ थान बाँकी रहे। गत वर्षको जिम्मेवारी सरेर आएका तथा यस वर्ष दर्ता भएका दुनियाँवादी फौजदारी मुद्दा जम्मा ९९ थानमध्ये ६० थान फर्स्यौट भई ३९ थान मुद्दा बाँकी रहे।

सरकारवादी फौजदारी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका ३५ थान मुद्दामध्ये २९ थान फर्स्यौट भई छथान मुद्दा बाँकी रहे। यसैगरी यस वर्ष दर्ता भएका सरकारवादी फौजदारी मुद्दा ५५ थानमध्ये २६ थान फर्स्यौट भई २९ थान मुद्दा बाँकी रहे। गत वर्षको जिम्मेवारी सरेर आएका र यस वर्ष दर्ता भएका गरी जम्मा ९० थानमध्ये ५५ थान फर्स्यौट भई ३५ थान मुद्दा बाँकी रहे।

देवानी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका ८२ थान मुद्दामध्ये ६३ थान फर्स्यौट भई १९ थान मुद्दा बाँकी रहे। यसैगरी यस वर्ष दर्ता भएका ८६ थानमध्ये २५ थान फर्स्यौट भई ६१ थान मुद्दा बाँकी रहे। गत वर्षको जिम्मेवारी सरेर आएका र यस वर्ष दर्ता भएका देवानी मुद्दा जम्मा १ सय ६८ थानमध्ये ८८ थान फर्स्यौट भई ८० थान मुद्दा बाँकी रहे।

यस वर्षको अन्त्यसम्ममा गत वर्षको जिम्मेवारी सरेका र यस वर्ष दर्ता भएका गरी जम्मा मुद्दा सङ्ख्या ३ सय ५७ थानमध्ये यस वर्ष २ सय ३ थान फर्स्यौट भई १ सय ५४ थान मुद्दा बाँकी रहे।

यस अदालतमा दुई वर्ष नाघेका छ थान मुद्दा बाँकी छन् भने पाँच वर्ष नाघेका कुनै मुद्दा बाँकी छैनन्।

बाल अदालततर्फ यस वर्ष यो अदालतमा पीडक र पीडित दुवै नाबालक भएको एउटा जबरजस्ती करणी मुद्दा दर्ता भएको थियो, जसमा प्रतिवादीको उमेर १५ वर्ष थियो भने पीडितको उमेर ३ वर्ष थियो। यो मुद्दा यसै वर्ष फर्स्यौट भयो। यो मुद्दामा अदालतले प्रतिवादीलाई २५ दिन कैदको सजाय गरी पीडितलाई १० हजार रुपियाँ क्षतिपूर्ति भराइदिने फैसला गरेकामा नाबालकलाई आर्थिक दायित्व बहन गराउन नमिल्ने ठहर गर्दै उक्त क्षतिपूर्ति नेपाल सरकार अर्थ मन्त्रालयबाट निकासा गराई पीडितलाई क्षतिपूर्ति भराइदिने फैसला गऱ्यो। हाल यस अदालतमा बालबालिकासम्बन्धी मुद्दा बाँकी छैनन् भने यस वर्षको अन्त्यसम्म यस अदालतमा घरेलु हिंसासम्बन्धी कुनै मुद्दा परेका छैनन्।

Final Eastren:Layout 1 2/9/2010 2:04 PM Page 119

बालअधिकार

दानाबारी गाविस-३ की डेढ वर्षीया एलिना चौलागाईंको ०६६ वैशाख २९ गते बिहान उनका बुबा २९ वर्षीय हरिप्रसाद चौलागाईंले गरुवा खोलामा पछारेर हत्या गरे। छोरीको हत्यापछि गाउँलेले दिएको जानकारीका आधारमा चौलागाईंलाई ०६६ जेठ ३ गते प्रहरीले गिरफ्तार गऱ्यो। घटनापछि सोही दिन बालिकाको शव झापा जिल्ला अस्पताल चन्द्रगढीमा पोस्टमार्टम गरी दाहसंस्कार गरियो। पीडकलाई झापा जिल्ला कारागार, चन्द्रगढीमा चलान गरियो।

एकतप्पा गाविस-९ की सुस्त मनस्थिति भएकी एक १२ वर्षीया बालिकालाई ०६६ कात्तिक १६ गते स्थानीय १८ वर्षीय महेन्द्र बुढाथोकीले बलात्कार गरेको आरोपमा उनलाई ०६६ मङ्सिर २४ गते जिल्ला अदालत इलामले वारेन्ट जारी गरी खोजी कार्य भइरहेको जिल्ला प्रहरी कार्यालयका डीएसपी विक्रमबहादुर चन्दले बताए।।

पञ्चकन्या गाविस-७ की तीन वर्षीया बालिकालाई ०६६ कात्तिक २४ गते फिक्कल गाविस-६ का ४५ वर्षीय धनवहादुर तामाङले बलात्कार गरेको आरोपमा उनलाई इलाका प्रहरी कार्यालय पशुपतिनगरले गिरफ्तार गऱ्यो। पीडितका हजुरबुबालाई नजिकैको पसलमा रक्सी किन्न पठाएर बलात्कार गरेको आरोप लागेका तामाङलाई ०६६ मङ्सिर १६ गते जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा राख्ने आदेश दियो। यस वर्षको अन्त्यसम्म घटनाको अनुसन्धान भइरहेको छ।

शान्तिपुर गाविस-७ की १० वर्षीया एक बालिकालाई आफ्नो घरमा मासु खान भन्दै बोलाएर ०६६ कात्तिक २५ गते स्थानीय ७५ वर्षीय तुलसीबहादुर रसाइलीले बलात्कार गरेको भन्दै स्थानीयबासीले रसाइलीलाई नियन्त्रणमा लिए। आफ्नै घरमा बोलाएर उनले बलात्कार गर्दा बालिका चिच्याएपछि रसाइलीलाई स्थानीय बासिन्दाले समातेका थिए। आरोपितलाई ०६६ कात्तिक २६ गते प्रहरीले गिरफ्तार गऱ्यो। आरोपितलाई ०६६ मङ्सिर १६ गते जिल्ला अदालत इलामले पुर्पक्षका लागि थुनामा राख्ने आदेश दियो र यस वर्षको अन्त्यसम्म आरोपित थुनामा रहेका छन्।

यस वर्ष विद्यालय जाने बालबालिकाको सङ्ख्या ८१ हजार ३ सय ९३ रहेको छ। उप्का नेपाल, इलामले गरेको बालश्रमिकहरूसम्बन्धी अध्ययन अनुसार इलाम सदरमुकाममा ९९ जना बालश्रमिक रहेका छन्।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार बेचबिखन तथा ओसारपसार

कन्याम गाविस-५ की एक महिलालाई ०६६ असार १५ गते समाल्बुङ्ग गाविस-४ का ५२ वर्षीय दिलमान प्रधानले सिक्किम पुऱ्याएर बिक्री गरे। महिला बेचेको अभियोगमा पीडकलाई ०६६ कात्तिक ६ गते प्रहरीले गिरफ्तार गऱ्यो। कक्षा ११ मा पढ्दै गरेकी महिलालाई आफ्नै मामा पर्ने प्रधानले आफूलाई झुक्याएर ४० हजार रुपियाँमा सिक्किमको बोजेकमा लगी बेचेको पीडितले बताइन्। ०६६ सालको तिहारमा घर जान बिदा माग्दा (तँलाई हामीले किनिसकेका छौं भन्ने जवाफ पाएपछि घरमा खबर गरेकी उनलाई प्रहरीको सक्रियतामा उद्दार गरियो। पक्राउपछि अभियुक्त प्रधानलाई जिल्ला अदालत इलामको ०६६ कात्तिक २९ गतेको आदेश अनुसार पुर्पक्षका लागि जेल चलान गरिएको डीएसपी विक्रमबहादुर चन्दले जानकारी दिए।

पारिवारिक हिंसा

इलाम नपा-६ तिल्केनी घर भई इलाम नपा-१ स्थित अस्पताल चोकमा होटल व्यवसाय गरी बस्ने ३७ वर्षीया पुष्पा तामाङलाई ०६५ माघ १५ गते उनका पति ३६ वर्षीय कमल तामाङले कुटपिट गरी हत्या गरे। एक छोरा, एक छोरीकी आमालाई हत्या गरेको आरोपमा ०६५ माघ १६ गते कमललाई गिरफ्तार गरी पुर्पक्षका लागि झापा, चन्द्रगढीस्थित जेल चलान गरियो। घटनाको निष्पक्ष छानबिनको माग गर्दै जिल्लाका डेढ दर्जन अधिकारवादी सङ्घसंस्थाले ०६५ माघ १७ गते विज्ञप्ति जारी गरेका थिए।

एकतप्पा गाविस-६ की २८ वर्षीया चन्द्रकला खनाल पराजुलीको ०६५ चैत १८ गते उनका पति २५ वर्षीय मेघनाथ खनालले कुटपिट गरी हत्या गरे। तीन वर्षअघि दोस्रो विवाह गरेपछि घरायसी विवाद बढ्दै गएर मेघनाथले जेठी पत्नी खनाललाई कुटपिट गरी हत्या गरेर घरनजिकै रहेको गाईको गोठमा झुन्ड्याएका थिए। आत्महत्या गरेको भन्ने हल्ला भए पनि चन्द्रकलाको माइती र अधिकारकर्मीहरूको पहलमा मेघनाथलाई ०६५ चैत २३ गते प्रहरीले गिरफ्तार गऱ्यो। मेघनाथले आफूले हत्या गरेको प्रहरीसँग बयान दिए। त्यसपछि पीडक मेघनाथलाई ०६६ वैशाख १६ गतेको जिल्ला अदालत इलामको आदेश अनुसार पुर्पक्षका लागि झापा जिल्ला कारागारमा चलान गरियो।

Final Eastren:Layout 1 2/9/2010 2:04 PM Page 120

दुर्व्यवहार

जिर्मले गाविस-२, चोकपुरका शरण गजमेरलाई स्थानीय राधाकृष्ण अधिकारी र धरणी अधिकारीका स्वर्गीय आमाको सुध्याइँ भोजमा गएको अवस्थामा ०६६ साउन ३० गते स्थानीय केशरकुमारी अधिकारी र हरि अधिकारीले दुर्व्यवहार गरे। पीडितलाई साथीहरू रमेश मगर र सुरेन मगरसँगै भोजमा गएको अवस्थामा ढोकामै रोकेर त्यहीं खान भनेका थिए। सोही घटनालाई लिएर पीडितले ०६६ साउन ३१ गते प्रहरी चौकी जिर्मलेमा उजुरी दिए भने पीडक पक्षले यस्तो घटना नदोहोऱ्याउने सर्त गर्दै माफी मागेपछि उनीहरूबीच ०६६ साउन ३२ गते मिल्ने सहमति भयो।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार संरचना, सम्पति क्षति

एकीकृत माओवादीबाट

इलाम नपा-६, जिरोकिलोमिटरनजिकै एकीकृत माओवादीका कार्यकर्ताले ०६६ मङ्सिर २१ गते बन्दको अवज्ञा गरेको भन्दै मे.२प. ७८६८ नम्बरको मोटरसाइकलमा आगजनी गरे। एकीकृत माओवादीले आह्वान गरेको बन्दमा झापाबाट इलामतर्फ आउँदै गरेका खस क्षेत्री युवा समाजका झापा जिल्ला संयोजक शनिश्चरे गाविस-५ का रोहितमान ढकालको मोटरसाइकल जलाएर ध्वस्त बनाएको जिल्ला ट्राफिक प्रहरी कार्यालय इलामका इन्चार्ज प्रल्हाद पोखरेलले बताए। खस क्षेत्री एकता समाज इलामको प्रथम जिल्ला सम्मेलनमा आउँदै गर्दा उक्त घटना भएको पीडितले बताए।

स्वास्थ्य सेवाको अवस्था

यस जिल्लामा जिल्ला अस्पताल एक, प्राथमिक स्वास्थ्य केन्द्र चार, स्वास्थ्य चौकी छ, उपस्वास्थ्य चौकी ३८ रहेका छन्। सात जना चिकित्सकको दरबन्दी रहे तापनि दुई जना मात्र बहाल रहेको पाइयो। यसैगरी २ सय ७ जना स्वास्थ्यकर्मीको दरबन्दी रहे तापनि जम्मा १ सय ७६ जना मात्र बहाल छन्।

१.३ पाँचथर

जनसङ्ख्या : २,२६,३६२
साक्षरता प्रतिशत : ५६
महिला साक्षरता प्रतिशत : ४४.५
क्षेत्रफल (वर्ग कि. मि.) : १,२४१
गाविस/नपा सङ्ख्या : ४१/०
सरकारी/निजी विद्यालय : ३९०/१३
क्याम्पस/उच्च मा.वि. : १/१६
अस्पताल/स्वास्थ्य चौकी : १/४१
मानव विकास सूचकाङ्कः ०.४८४
प्रतिपरिवार सरदर सङ्ख्याः ६

जेल र बन्दीहरू

'ङ' श्रेणीको पाँचथर जिल्ला कारागारमा २५ जना बन्दी क्षमता रहेकामा हाल ७० बन्दी राखिएको छ। जसमध्ये पुरुष ५० र महिला तीन गरी ५३ जना कैद तोकिएका छन् भने १२ पुरुष र पाँच महिला गरी १४ जना कैद नतोकिएका छन्। यस कारागारमा तीन र पाँच वर्षीया दुई जना आश्रित बालिकासमेत गरी कुल ७२ जना रहेका छन्।

यस कारागारमा महिला बन्दीका लागि छुट्टै गृहको माग रहेको छ। कारागारको भवन जीर्ण छ। विद्युत् आपूर्तिका लागि गरिएको वायरिङ् पुरानो भएकाले मर्मत गर्नुपर्ने महिला वार्डमा टेलिभिजनको व्यवस्था हुनुपर्ने, औषधि उपचार खर्च कम भएकाले थप गरिनुपर्ने, पत्रपत्रिका पर्याप्त उपलब्ध हुनुपर्ने, टेलिफोन सुविधा उपभोग गर्न पाउनुपर्ने र सीपमूलक तालिमको व्यवस्था हुनुपर्नेजस्ता माग उनीहरूको छ।

जेलको मर्मत सम्भारका लागि पटकपटक जेल व्यवस्था विभागमा पत्राचार गरिए पनि आवश्यक रकम

घटनाको प्रकार	गैर राज्यबाट									राज्यबाट		
	अन्यबाट					एकीकृत माओवादीबाट						
	घटना सङ्ख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा	घटना सङ्ख्या	पुरुष	जम्मा
हत्या	३	३			३							
घाइते	१	१			१							
कुटपिट	४	८			८	१		१	१	३	५	५
धम्की	१३	१४		३४	३८	१	३		३	१	१	१
भेला/सङ्गठित हुने अधिकार										१	३	३
जातीय विभेद	१	१			१							
महिलाअधिकार	३		३		३							
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार	३	१		१	३							
अपहरण	४	६	१		७							
जम्मा	३९	३३	४	३५	६३	३	३	१	३	५	८	८

विनियोजन नभएकाले समस्याहरू थपिँदै गएको जेल प्रमुख रेणुप्रसाद ओझाले बताए।

बेपत्ता/अपहरण

सङ्घीय लिम्बूवान राज्यपरिषद्बाट

फिदिम गाविस-२ का १४ वर्षीय दीपक विश्वकर्मासहित चार जना बालकले चोरी गरेको आरोपमा ०६५ माघ २९ गते उनीहरूलाई मञ्चसम्बद्ध सङ्घीय लिम्बूवान राज्यपरिषद्का स्वयम्सेवकले अपहरण गरे। चोरीको आरोप स्वीकारेका पीडितहरूलाई ५० पटक कान समातेर उठबस गर्न लगाएका थिए। आइन्दा गल्ती नगर्ने भनी कागज गराई ०६५ फागुन १ गते दिउँसो पीडितहरू अभिभावको जिम्मामा मुक्त भए।

भारपा गाविस-३ का एकीकृत माओवादीका कार्यकर्ता ५० वर्षीय हरिनारायण घिमिरेलाई ०६६ असार ९ गते मञ्चसम्बद्ध सङ्घीय लिम्बूवान राज्यपरिषद् (क्रान्तिकारी)का चार जना कार्यकर्ताले घरबाटै अपहरण गरे। प्रहरीले फिदिमस्थित नुवाफू होटलबाट अपहरणमा संलग्न चारपाने गाविस-१ का २० वर्षीय अमन धिमाल, रानीगाउँ गाविस-१ का १८ वर्षीय तारावीर लिम्बू, फिदिम गाविस-४ का १७ वर्षीय विकास गौतम, रानीटार गाविस-२ का १८ वर्षीय राजकुमार तामाङलाई गिरफ्तार गऱ्यो। हरिनारायण घिमिरेले ०६० माघ महिनामा झापा ज्यामिरगढी गाविस-७ की रुक्मिणी सुवेदीको १ लाख रुपियाँ लगेको रकम उठाउन लिम्बूवानलाई मौखिक उजुरी गरेपछि लिम्बूवानले अपहरण गरेको जनाए। सुवेदीको रकम तिर्ने सर्तमा हरिनारायण घिमिरेलाई अपहरणमुक्त गराई प्रहरीले अधिकारकर्मी प्रेम ओझाको रोहबरमा छाडिदिए। हरिनारायण घिमिरेले असार १० गते रुक्मिणी सुवेदीको रकम बुझाएपछि अपहरणकारीलाई प्रहरीले कागज गराई रिहा गरेको थियो।

धम्की/कुटपिट

राज्यबाट

फिदिम गाविस-१ स्थित सिटीमार्केटमा मञ्चसम्बद्ध सङ्घीय लिम्बूवान राज्यपरिषद्का कार्यकर्ता फाक्तेप गाविस-१ का १९ वर्षीय समिर चेम्जोङ, फाक्तेप गाविस-२ का १५ वर्षीय सालाङ नेम्बाङ, इलाम एकतप्पा गाविस-६ का १९ वर्षीय ध्रुव लिम्बूले ढुङ्गा हानेको आरोपमा ०६६ जेठ ९ गते राती सशस्त्र प्रहरीको एक समूहले कुटपिट गऱ्यो।

एकीकृत माओवादीबाट

भारपा गाविस-२ का ३३ वर्षीया तुलसा लोवालाई ०६६ मङ्सिर ४ गते माओवादीको अन्याय र अमानवीय क्रियापलापबारे गाउँमा महिलाहरूबीच छलफलमा बसिरहेको अवस्थामा माओवादीका कार्यकर्ता तिलराज लावती, कर्णश्याम लावती, रवीन्द्र

Final Eastren:Layout 1 2/9/2010 2:04 PM Page 122

लावतीसमेतको आदेशले पेकिङ लावती, मायाँ लावती र सीता शेर्पासमेतले कुटपिट गरे। पीडितले ०६६ मङ्सिर ८ गते प्रहरीमार्फत घाउजाँच गराइन्। पीडितले ०६६ पुस १ गते जिल्ला अदालतमा मुद्दा दर्ता गराएकी छन्। एकीकृत माओवादी कार्यकर्ताले कुटपिट गरी ३ लाख ५८ हजार २ सय ७५ रुपियाँ बराबरको धनमालसमेत लुटेको निवेदनमा उल्लेख छ।

वाईसीएलबाट

फिदिम गाविस-७ निवासी पत्रकार ३१ वर्षीय लवदेव ढुङ्गाना र फिदिम गाविस-१ का ३१ वर्षीय कुमार ओझालाई ०६६ असार १३ गते वाईसीएका जिल्ला अध्यक्ष बालकृष्ण काफ्लेले समाचारको विषयलाई लिएर मार्ने धम्की दिए। ०६६ असार १३ गतेको *कान्तिपुर* दैनिकमा प्रकाशित 'योजनाबाट माओवादीले २ लाख रुपियाँ लिए' शीर्षकको समाचारको विषयलाई लिएर वाईसीएल कार्यकर्ताले दुई जना पत्रकारलाई माओवादी पार्टी कार्यालय पुऱ्याएर कुर्सी र लात्ती प्रहार गरेको पीडितहरूले बताए। वाईसीएल जिल्ला अध्यक्ष बालकृष्ण काफ्लेले टेन्डर योजनाबाट आफूले २ लाख रुपियाँ चन्दा लिएको समाचार गलत भएको बताए। ०६६ असार १९ गते मानवअधिकारकर्मी, पत्रकार र माओवादीका प्रतिनिधिबीच सम्पन्न वार्ता बिनानिष्कर्ष टुङ्गिएको थियो। आफूहरूलाई पुन: धम्की आएको आरोप लगाउँदै ०६६ असार २० गते दुवै पीडित विस्थापित भएपछि ०६६ असार २४ गते पत्रकार महासङ्घको आह्वानमा जिल्लाका सरोकारवालाहरूसँग छलफल गरी मेलमिलाप भएको थियो। वाईसीएलले पत्रकारलाई विस्थापित नगरिएको भन्दै ०६६ असार २१ गते विज्ञप्ति जारी गरेको थियो।

बुद्ध माध्यमिक विद्यालयका शिक्षकहरू ३८ वर्षीय विष्णु नेपाल, ४५ वर्षीय मुक्ति अधिकारी, ३२ वर्षीय टेकबहादुर मगर र २७ वर्षीय राजन भट्टराईले कक्षा १० का विद्यार्थी १६ वर्षीय नरेश माडमोलाई कुटपिट गरेको आरोपमा ०६६ भदौ १० गते बिहान उनीहरूलाई फलैचा गाविस-३ निवासी वाईसीएल कार्यकर्ता धनबहादुर नेपालीलगायत पाँचजनाको समूहले विद्यालय परिसरभित्र कुटपिट गर्दै मार्ने धम्की दिए। पीडितहरूले जिल्ला शिक्षा कार्यालयमार्फत प्रहरी र प्रशासनमा ०६६ भदौ १३ गते उजुरी दिए। असुरक्षाको कारण देखाउँदै भदौ १० गतेदेखि बन्द रहेको विद्यालय अधिकारकर्मीहरूको पहलमा २४ गतेदेखि सुचारु भएको थियो। पीडकहरूलाई कुनै कारबाही भएन।

फिदिम गाविस-१ स्थित कञ्चनजङ्घा एकेडेमी उच्च माविका प्राचार्य प्रेम ओझालाई बन्दको अवज्ञा गरेको आरोपमा ०६६ कात्तिक १२ गते वाईसीएल कार्यकर्ताले उच्चमावि जलाइदिने भनेर धम्की दिए। पठनपाठन भइरहेको अवस्थामा १०- १२ जनाको सङ्ख्यामा रहेका वाईसीएलको समूहले विद्यालय बन्द गर्न धम्की दिएको थियो।

भारपा गाविस-८ का २५ वर्षीया दालमु शेर्पा र उनका छोरा १६ वर्षीय सोनम शेर्पालाई ०६६ कात्तिक २४ गते राती वाईसीएल कार्यकर्ता ३६ वर्षीय कर्णश्याम लावती, २५ वर्षीय रवीन्द्र लावती, २५ वर्षीय तिलराज लावती र ४५ वर्षीय रामबहादुर गुरुङले घरमा कुटपिट गरे। पीडितले ०६६ कात्तिक २६ गते कुटपिट गर्ने वाईसीएल कार्यकर्ताविरुद्ध जिल्ला प्रहरी कार्यालयमा मुद्दा दायर गरिन्।

मञ्चसम्बद्ध सङ्घीय लिम्बूवान परिषद्बाट

चोकमागु गाविस-६ का पत्रकार भीम तुम्बापोले लिम्बूवानको समाचार सम्प्रेषण नगरेको आरोपमा ०६५ माघ ६ गते बिहान उनलाई मञ्चसम्बद्ध लिम्बूवान कार्यकर्ता सिदिन गाविस- ७ का २७ वर्षीय देउकुमार केरुङले ज्यान मार्ने धम्की दिए। पीडित पत्रकारसमक्ष ०६५ माघ ८ गते आदिवासी जनजाति महासङ्घका अध्यक्ष लोकेन्द्र आलेको पहलमा परिषद्का केन्द्रीय अध्यक्ष कुमार लिङ्देनले माफ मागे।

आङसराङ गाविस-७ निवासी काङ्ग्रेसका कार्यकर्ता तथा गाविसका पूर्वअध्यक्ष ५९ वर्षीय सुरेन्द्र आङ्देम्बेलाई ०६६ साउन २१ गते बिहान ११ जनाको सङ्ख्यामा घरेलु हतियारसहित आएका मञ्चसम्बद्ध सङ्घीय लिम्बूवान राज्यपरिषद्का कार्यकर्ताले मार्ने धम्की दिए। पीडितले ०६६ साउन २६ गते प्रहरीमा उजुरी दिए। परिषद्का जिल्ला सचिव लावाहाङ्चेम्जोङको उपस्थितिमा पार्टीका तर्फबाट गल्ती भएको स्वीकार गरेपछि ०६६ साउन ३२ गते जिल्ला प्रहरी कार्यालयमा दुवै पक्षबीच मिलापत्र भयो।

मञ्चसम्बद्ध सङ्घीय लिम्बूवान राज्यपरिषद्का कार्यकर्ता मित्र लिङ्देनले पत्रकारलाई धम्की दिएको भन्दै १३ जना पत्रकारहरूले ०६६ भदौ २८ गते प्रमुख जिल्ला अधिकारीसमक्ष सुरक्षाको माग राख्दै दोषीलाई कारबाही गर्न लिखित निवेदन दिए। परिषद्का केन्द्रीय सदस्य लिङ्देनले समाचारको विषयलाई लिएर ०६६ भदौ २६ गते साँझ कोणसभामा बोल्ने क्रममा

Final Eastren:Layout 1 2/9/2010 2:04 PM Page 123

लिम्बूवानविरोधी पत्रकारको टाउको काट्ने धम्की दिएका थिए। लिङ्देनले स्थानीय पत्रकारहरू लवदेव ढुङ्गाना, भीम तुम्बापो, प्रेम ओझालगायतलाई सङ्केत गर्दै मार्ने धम्की दिएका थिए। प्रमुख जिल्ला अधिकारीले धम्कीको प्रमाण नहुने हुनाले कारबाहीको प्रक्रिया अगाडि नबढाएको जवाफ दिए।

फाक्तेप गाविस-१ निवासी काङ्ग्रेसको भ्रातृ सङ्गठन तरुण दलका क्षेत्रीय संयोजक ३८ वर्षीय सूर्यप्रकाश चेम्जोङलाई ०६६ कात्तिक ६ गते साँझ फाक्तेप गाविस-५ घुर्बिसे पञ्चमी बजारमा मञ्चसम्बद्ध सङ्घीय लिम्बूवान राज्यपरिषद्का स्वयम्सेवक फाक्तेप गाविस-५ का २४ वर्षीय चन्द्रहाङ चेम्जोङले धम्की दिए। चन्द्रहाङले रविले प्रयोग गरेको गाडीमा लिम्बूवान नलेखिएको भन्दै गाडीको साँचो खोसेका थिए। लिम्बूवान लेखेर सञ्चालन गर्छौं भनी सम्झाउँदा पनि लिम्बूवानविरोधी भनेर सूर्यप्रकाशमाथि आक्रमण गरिएको थियो। पीडितले ०६६ कात्तिक ८ गते फाक्तेप प्रहरी चौकी र १६ गते जिल्ला प्रशासन कार्यालयमा उजुरी दिए। पीडकउपर कुनै कारबाही भएन।

अज्ञात समूहबाट

भारपा गाविस-७ का ८१ वर्षीय भीमबहादुर योङ्याबालाई ०६५ चैत २८ गते राती चार जनाको अज्ञात समूहले ८७ हजार रुपियाँ लुट्नुका साथै खुकुरी प्रहार गरी घाइते बनाए। पीडितले ०६१ चैत १२ गते सुरक्षाकर्मीद्वारा मारिएकाका छोराको क्षतिपूर्तिबापत प्राप्त रकम ०६५ चैत २५ गते लिएर घर फर्किएका थिए। पीडितका अनुसार माओवादी कार्यकर्ता लाखबहादुरसहित नचिनेका चार जनाको समूहले मध्यरातमा आक्रमण गरेको थियो। खुकुरीको प्रहार छेक्दा आफ्ना हात-खुट्टा काटिएको पीडितले बताए। घटनापश्चात् पीडितले ०६५ चैत २९ गते जोरपोखरी प्रहरी चौकीमा पीडकउपर जाहेरी निवेदन दिए। घटनाका सम्बन्धमा एकीकृत माओवादीका ५ नम्बर इलाका इन्चार्ज लक्ष्मी न्यौपानेले घटना माओवादीले नगरेको र घटनाका दोषी पत्ता लगाई आफूहरूले कडा कारबाही गर्ने बताए।

अभिव्यक्ति, भेला हुने र सङ्गठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

आङ्ना गाविस-७ का २७ वर्षीय खड्ग सम्बाहाम्फे र वाईसीएल कार्यकर्ता नागिन गाविस-३ का ३५ वर्षीय तीवेन्द्र नेउपाने ०६६ वैशाख २१ गते दिउँसो फिदिम बजारमा काङ्ग्रेसको जुलुसमा हस्तक्षेप गर्ने क्रममा प्रहरीले गरेको लाठीचार्जबाट घाइते भए।

काङ्ग्रेसका कार्यकर्ताहरूले राष्ट्रिय कर्मचारी सङ्गठनको कार्यालयमा ढुङ्गा हानी साइनबोर्डमा क्षति पुऱ्याएपछि माओवादी कार्यकर्ताले काङ्ग्रेसको जुलुसमा हस्तक्षेप गर्ने प्रयास गरेका थिए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत पाँचथरमा गत वर्ष ६० थान मुद्दा फर्स्यौट हुन बाँकी रही जिम्मेवारी सरेर आएका थिए। जसमध्ये ३२ थान मुद्दा फर्स्यौट भयो भने २८ थान फर्स्यौट हुन बाँकी रहे। यसैगरी यस वर्ष दुनियावाँदी फौजदारीतर्फ २० थान मुद्दा दर्ता भएकामा दुई थान फर्स्यौट भए भने १८ थान मुद्दा फर्स्यौट हुन बाँकी रहे।

गत वर्षबाट जिम्मेवारी सरेर आएका र यस वर्ष दर्ता भएका कुल ८० थान मुद्दामध्ये ४६ थान मुद्दा फर्स्यौट भए भने ५० थान मुद्दा फर्स्यौट हुन बाँकी रहे।

यसैगरी, यस अदालतमा गत वर्ष ३१ थान मुद्दा जिम्मेवारी सरेर आएका थिए भने नयाँ १३ मुद्दा दर्ता भए। गत वर्षबाट जिम्मेवारी सरेका र यस वर्ष दर्ता भएका कुल ४४ मध्ये यस अदालतले २५ मुद्दा फर्स्यौट गरिसकेको छ भने १९ थान बाँकी छन्।

देवानीतर्फ गत वर्षबाट जिम्मेवारी सरेर आएका ६७ मध्ये ३५ थान मुद्दा फर्स्यौट भए भने ३२ थान बाँकी रहे। यस वर्ष यस अदालतमा ३२ थान देवानी मुद्दा दर्ता भएकामा तीन थान फर्स्यौट भए भने २९ थान फर्स्यौट हुन बाँकी रहे।

गत वर्षबाट जिम्मेवारी सरेर आएका र यस वर्ष दर्ता भएका कुल २ सय ५४ थानमध्ये यस अदालतले १ सय २८ मुद्दाको फर्स्यौट गरिसकेको छ भने १ सय २६ थान मुद्दा फर्स्यौट हुन बाँकी छन्।

पाँचथर जिल्ला अदालतले यसै वर्ष बाल इजलास गठन गरी बालबालिकाविरुद्ध पर्न आएको एक थान मुद्दा फर्स्यौट गरिसकेको छ।

यातना तथा अन्य क्रूर, अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

लुम्फाबुङ गाविस-२ का २२ वर्षीय प्रवीन लावतीलाई ०६५ चैत ७ गते राती हिरासतबाट बाहिर निकाली घोप्टो पारी डँडाल्नुमा प्रहरीले लाठी र बुटले कुटे। झापामा सङ्घीय लिम्बू विद्यार्थी मनिलङ तामाङको हत्या भएको विरोधमा फिदिम बजार बन्द

Final Eastren:Layout 1 2/9/2010 2:04 PM Page 124

गर्ने क्रममा घरेलु हातहतियार प्रदर्शन गरेको आरोपमा ०६५ चैत ७ गते प्रहरीले उनलाई गिरफ्तार गरेको थियो। पीडित ०६५ चैत ८ गते परिषद्का जिल्ला अध्यक्ष सुरेन्द्र जबेगूको रोहबरमा रिहा भए।

आङसराङ गाविस-६ का ३३ वर्षीय स्वरवहादुर आङ्दम्बेलाई फाक्तेप गाविस-५ स्थित घूर्बीसे पञ्चमी प्रहरी चौकीमा लगेर ०६६ असोज २१ गते प्रहरी जवानले कुटपिट गरी यातना दिए। आफ्नी फुपूलाई कुटपिट गरेको आरोपमा गिरफ्तार गरिएका आङ्दम्बेलाई गिरफ्तारपश्चात् लात्ती, हात र लाठीले कुटपिट गरेको पीडितले बताए। पीडितलाई प्रहरी चौकीले असोज ३० गते आउने गरी तारेखमा रिहा गऱ्यो। आङ्दम्बेविरुद्ध अदालतमा मुद्दा परेकाले गिरफ्तार गर्ने आदेश दिएको र उनलाई यातना नदिएको डीएसपी होमजङ चौहानले बताए।

बालअधिकार

मञ्चसम्बद्ध सङ्घीय लिम्बूवान राज्यपरिषद्का कार्यकर्ताले ०६६ भदौ १८ गते शैक्षिक संस्था बन्द गरेका कारण १७ हजार २ सय ५ जना बालबालिकाको पठनपाठन अवरुद्ध भयो।

सबै प्रकारका जातीय विभेद

आङसराङ गाविस-३ का ३० वर्षीय टेकबहादुर शिवालाई अन्तरजातीय विवाह गरेको आरोपमा ०६५ माघ १८ गते लुम्फाबुङ गाविस-७ का ३७ वर्षीय इन्द्रबहादुर राई र ३५ वर्षीय प्रेमकुमार राईलगायत २० जनाको समूहले कुटपिट गऱ्यो। घाइतेले इलाम सिमफिरिङ निजी अस्पतालमा उपचार गराए। पीडित पक्षले ०६५ माघ २२ गते सार्वजनिक ऐन अन्तर्गत मुद्दा दर्ता गऱ्यो। टेकबहादुर शिवा र लुम्फाबुङ गाविस-७ की २२ वर्षीया प्रेमकला राईबीच ०६५ माघ १५ गते विवाह भएको थियो।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

जिल्ला सिँचाइ डिभिजन कार्यालय, पाँचथरमा मञ्चसम्बद्ध सङ्घीय लिम्बूवान राज्यपरिषद्का कार्यकर्ताहरूले ०६५ माघ ५ गते विहान ठेक्काको फाराम दर्ता गर्न गएका ठेकेदारहरूलाई मार्ने धम्की दिए। सिँचाइ कार्यालयले पाँचथर र ताप्लेजुङ जिल्लाको नहर निर्माणका लागि एक महिनाअघि बोलपत्र आह्वान गरेको थियो। टेन्डर फाराम बुझाउन गएका दुई दर्जन ठेकेदारहरूलाई बाँस, ढुङ्गा, लाठी, खुकुरी आदि बोकेर बसेका लिम्बूवान स्वयम्सेवकले बाटो अवरुद्ध गरेका थिए। उनीहरूले फाराम दर्ता गराए घरघरमा गएर काटेर मार्ने धम्की दिएका थिए। सङ्घीय लिम्बूवानको पक्षमा टेन्डर स्वीकृत हुनुपर्ने तुम्बिहाङ नेम्बाङले बताए। घटनास्थलबाट परिषद् स्वयम्सेवकहरूलाई प्रहरीले लखेटेपछि ठेकेदारहरूले १४ ओटा फाराम दर्ता गराए।

वाईसीएलबाट कुटपिट गरिएकी दालमु शेर्पा

संरचना, सम्पति क्षति

सङ्घीय लिम्बूवान राज्य परिषद्बाट

फिदिम गाविस-१ स्थित बीपी प्रतिष्ठानका नाममा रहेको १ रोपनी १२ आना जग्गा ०६५ पुस १७ गते सङ्घीय लिम्बूवान राज्यपरिषद् पाँचथरका कार्यकर्ताले कब्जा गरे। जिल्ला विकास समिति र जिल्ला प्रहरी कार्यालयसँग सीमा जोडिएको जग्गा ०४७ सालदेखि बीपी प्रतिष्ठानका नाममा रहेको थियो। प्रतिष्ठानको जग्गा परिषद्ले इतिहासकार इमानसिं चेम्जोङका नाममा नामकरण गरेको परिषद्का सहसचिव कमलराज नेम्वाङले बताए। अवैधानिक रूपमा कब्जा गरेकाले सम्बन्धित निकायमा उजुरी गरेको प्रतिष्ठानका अध्यक्ष श्यामविक्रम पराजुलीले बताए। परिषद्ले भने प्रतिष्ठानको जग्गामा एक कार्यक्रमको आयोजना गरी इमानसिं चेम्जोङ पार्कको साइनबोर्ड राख्यो।

लिम्बूवान विद्यार्थी परिषद्ले ०६५ फागुन ३० गते बिहानै पाँचथर बहुमुखी क्याम्पसको स्ववियु कार्यालय तोडफोड र आगजनी गऱ्यो। लिम्बूवान विद्यार्थी परिषद्ले समानुपातिक स्ववियु निर्वाचनको माग राखी आन्दोलन गरिरहेका थियो। बहुमतीय निर्वाचन प्रणालीका ठाउँमा समानुपातिक निर्वाचन प्रणाली अपनाउनुपर्ने माग उनीहरूको थियो। निर्वाचनका लागि तयार गरिएका मतदाता नामावली र प्रकाशनका सामग्रीहरू परिषद्का विद्यार्थीहरूले आगजनी गर्नुका साथै स्ववियु कार्यालय भवनको झ्याल र भौतिक सामग्री तोडफोड गरी क्षति पुऱ्याएका थिए।

मञ्चसम्बद्ध सङ्घीय लिम्बूवान राज्यपरिषद्को फिदिम गाविस-१ मा अवस्थित जिल्ला पार्टी कार्यालय ०६६ जेठ ४ गते मञ्चसम्बद्ध लिम्बूवान राज्यपरिषद् क्रान्तिकारीका कार्यकर्ताले तोडफोड गरी कार्यालयका सामग्रीहरू कब्जा गरी लगे। मञ्चसम्बद्ध पक्षले ०६६ जेठ ५ गते सार्वजनिक अपराध मुद्दा दर्ता गरेपछि

Final Eastren:Layout 1 2/9/2010 2:04 PM Page 125

अज्ञात समूहको कुटपिटबाट घाइते भएका भीमबहादुर योङ्या

प्रहरीले क्रान्तिकारीका अध्यक्ष पीली सुब्बासहित १० जनालाई ०६६ जेठ ४ गते गिरफ्तार गऱ्यो। उनीहरू ०६६ जेठ ८ गते जनही ३ हजार रुपियाँ धरौटी राखी रिहा भए।

लिम्बूवान राष्ट्रिय मुक्ति मोर्चा नेपालले ०६६ जेठ २७ गते आह्वान गरेको बन्दको अवज्ञा गरेको आरोपमा रेडिकल यङ् लिग अफ लिम्बूवानका १२ जनाको समूहले तुलसी श्रेष्ठको मे.१ज.६२२ पीकप गाडी तोडफोड गऱ्यो। तोडफोडबाट १ लाख रुपियाँ मूल्य बराबरको क्षति भएको चालक बबिन श्रेष्ठले बताए।

वाईसीएलबाट

पल्लो किराँत लिम्बूवान राष्ट्रिय मञ्चको जिल्ला कार्यालय ०६५ चैत ६ गते राती वाईसीएल कार्यकर्ताले तोडफोड गरी क्षति पुऱ्याए।

याङ्नाम गाविस-२ निवासी शिक्षक युनियनका जिल्ला अध्यक्ष ४० वर्षीय रूपनारायण जबेगूको घर ०६६ वैशाख २५ गते दिउँसो वाईसीएल कार्यकर्ताले तोडफोड गरे। जबेगूलाई ०६६ वैशाख २३ गते राती ११ बजे अज्ञात समूहले ज्यान मार्ने प्रयास गरेको थियो। घटनामा संलग्न रहेको आशङ्कामा एकीकृत माओवादी समर्थक सूर्य जबेगूलाई काङ्ग्रेस समर्थक ३०-३५ जनाको एक समूहले कुटपिट गरी बयान दिन बाध्य गराएको थियो। बयानका आधारमा पीडित पक्षले वैशाख २४ गते माओवादी कार्यकर्ता गोकुल रिजाल, देवीप्रसाद थाम्सुहाङ, निरप्रसाद आचार्यलगायतको घर घेराउ गर्नुका साथै घरमा तोडफोड गरी धम्की दिएको थियो। यसै घटनाको प्रतिकारमा शिक्षक युनियनका अध्यक्ष रूपनारायण जबेगूको घर वाईसीएल कार्यकर्ताले तोडफोड गरेका थिए। तोडफोडका क्रममा सोलार प्यानल, घरको छानामा क्षति पुग्नुका साथै ५० हजार रुपियाँ नगदसमेत लुटेको पीडितले बताए।

युथफोर्सबाट

पञ्चमी गाविस-१ निवासी एकीकृत माओवादीका जिल्ला सदस्य ३१ वर्षीय मदन गौतमको घर ०६६ वैशाख २७ गते साँझ युथफोर्सका कार्यकर्ताले तोडफोड गरे। आक्रमणबाट घरको छाना पानी चुहिने भएको छ। गौतमको पसलका सामानहरू नुनका बोरा, भाँडाबर्तन फालिनुका साथै मार्ने धम्की दिएको पीडितले बताए। युथफोर्सका जिल्ला सदस्य मणि लिङ्देनको नेतृत्वमा आक्रमण भएको गौतमले आरोप लगाए। घटना सम्बन्धमा एमाले जिल्ला उपसचिव राजकुमार भण्डारीले पार्टीका तर्फबाट घटना नभएको बताए। युथफोर्सले घटनाको जिम्मा लिएन।

१.४ ताप्लेजुङ

जनसङ्ख्या : १,४७,६०१
साक्षरता प्रतिशत : ५३
महिला साक्षरता प्रतिशत : ४२
क्षेत्रफल (वर्ग कि. मि.) : ३,६४६
गाविस/नपा सङ्ख्या : ५०/०
सरकारी/निजी विद्यालय : ३०४/५
क्याम्पस/उच्च मा.वि. : १/१८
अस्पताल/स्वास्थ्य चौकी : १/५१
मानव विकास सूचकाङ्कः ०.४६७
प्रतिपरिवार सरदर सङ्ख्याः ५

Final Eastren:Layout 1 2/9/2010 2:04 PM Page 126

नागरिक तथा राजनीतिक अधिकार
सम्मानित रूपले बाँच्ने अधिकार
हत्या
युथफोर्सबाट

ढुङ्गेसाँघु गाविस-६ निवासी वाईसीएल कार्यकर्ता १९ वर्षीय राजेन्द्र बनेमलाई ०६६ पुस २ गते राती सोही गाविस-३ का श्रीप्रसाद तामाङको घरमा बसेका बेला युथफोर्स कार्यकर्ताको एक समूहले अपहरण गरी हत्या गऱ्यो।

एकीकृत माओवादी जिल्ला इन्चार्ज सुमनका अनुसार युथफोर्सका कार्यकर्ताहरूले राती १० बजे अपहरण गरी घाँटी रेटेर हत्या गरेका थिए। पीडितका परिवारले हत्याको आरोपमा युथफोर्स कार्यकर्ता लालबहादुर तामाङ, विजु तामाङ, लाखबहादुर तामाङ, प्रकाश तामाङ, गिरहाङ तामाङ र यामबहादुर तामाङ गरी छ जनाको नाममा ०६६ पुस ५ गते जिल्ला प्रहरी कार्यालयमा जाहेरी गरे। पीडकहरूमध्ये यामबहादुर तामाङ र गिरहाङ मगरलाई प्रहरीले गिरफ्तार गरी अनुसन्धानका लागि हिरासतमा राखेको छ।

अज्ञात समूहबाट

लिबाङ गाविस-८ निवासी वाईसीएल लिबाङ गाविस इन्चार्ज २७ वर्षीय लगम लिम्बूलाई ०६६ भदौ ९ गते सदरमुकाम फुङलिङ्ग गाविस-४, कोप्चे बजारमा अज्ञात समूहले गोली र खुकुरी प्रहार गरी हत्या गऱ्यो। पीडितलाई साँझ ७ बजे कोप्चे बजारमा हिँडिरहेका बेला आठ जनाको अपरिचित समूहले बाटो छेकी गोली प्रहार गरेको थियो। गोली लागी सख्त घाइते भएका पीडितलाई पुन: खुकुरी प्रहार गर्दा घटनास्थलमै उनको मृत्यु भयो। सो समूहले पीडितसँगै रहेका सोही गाविसका वाईसीएल कार्यकर्ता लोकेस लिम्बूलाई समेत खुकुरी प्रहार गरी सख्त घाइते बनाएको थियो। घाइतेको स्थानीय अस्पतालमा उपचार हुन नसकेपछि थप उपचारका लागि धरानस्थित वी पी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान लगियो। हत्या कसले गरेको भन्ने यो वर्षको अन्त्यसम्ममा खुलेको छैन।

जेल र बन्दीहरू

'ग' श्रेणीको ताप्लेजुङ कारागारको क्षमता २५ जनाको रहेको छ। कैद तोकिएका २२ जना कैदी र कैद नतोकिएका २२ जना थुनुवा गरी जम्मा ४४ जना पुरुष बन्दी रहेका छन्। जेलमा खेल सामग्रीमा क्यारमबोर्ड मात्र रहेको छ। कारागारमा पत्रपत्रिका पढ्न नपाएको गुनासो बन्दीहरूको रहेको छ। बन्दीहरूलाई स्थानीय जिल्ला अस्पतालमा हुने उपचार सेवा मात्र दिइन्छ। नेपालकै पुरानो यो कारागारको अवस्था ज्यादै जीर्ण छ। यस कारागारमा महिलाका लागि छुट्टै कोठा नभएकाले लामो समयसम्म हिरासतमा राखेर महिलालाई पाँचथर वा विराटनगर पठाउने गरिएको छ। कारागारभित्रबाट आवश्यकता अनुसार टेलिफोन सुविधा दिने गरेको कारागारका कर्मचारी रमेश सिग्देलले बताए। हप्तामा दुईपटक मात्र आफन्तलाई बन्दीसँग भेट गर्न दिइन्छ।

घटनाको प्रकार	गैर राज्यबाट								
	अन्यबाट					एकीकृत माओवादीबाट			
	घटना सङ्ख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा
हत्या	८	७	१		८				
घाइते	३	३			३				
कुटपिट	१	१			१				
धम्की	६	४	१	४७	५३	३	३	१	३
महिलाअधिकार	३		३		३				
बालअधिकार	४	१	३	९९	१०३				
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार	१	१			१	१	१		१
अपहरण	३	४			४				
जम्मा	३६	३१	६	१४६	१७३	३	३	१	४

Final Eastren:Layout 1 2/9/2010 2:04 PM Page 127

बेपत्ता/अपहरण

एकीकृत माओवादीबाट

फावाखोला गाविस-६ निवासी तेम्बे प्रस्तावित माविका शिक्षक ४६ वर्षीय गङ्गाराम खड्कालाई गाउँमा भएको विवाद मिलाउने क्रममा ०६६ भदौ १८ गते एकीकृत माओवादीका कार्यकर्ताहरूले धारिलो हतियार प्रहार गरी घाइते बनाए। एकीकृत माओवादी कार्यकर्ताहरूले पीडितलाई जबरजस्ती १ लाख रुपियाँ तिर्नुपर्ने कागज गराएको पीडितले बताए। घटनापछि एकीकृत माओवादी कार्यकर्ताले पीडित र उनका भाइ सोही विद्यालयका शिक्षक ३८ वर्षीय खगेन्द्रकुमार खड्कालाई सोही दिन हत्या गर्ने धम्की दिए। पीडितहरू ०६६ असोज २२ गतेदेखि जिल्ला सदरमुकाममा विस्थापित भए। पीडितले स्थानीय प्रशासन, शिक्षक सङ्गठन, शिक्षक युनियन, शिक्षा कार्यालयमा असोज २३ गते निवेदन दिई सुरक्षित स्थानमा सरुवाको माग गरेपछि सदरमुकामस्थित भानु उच्चमाविमा काजमा सरुवा भए। एकीकृत माओवादी कार्यकर्ता योगेश भट्टराईले पीडितहरूले असोज १८ गते अम्मर चिमरियाको घरमा गरेको तोडफोडको क्षति तिर्न नमान्दा सामान्य विवाद भएको र उनीहरूलाई धम्की नदिएको बताए।

वाईसीएलबाट

ढुङ्गेसाँघु गाविस-६ निवासी युथफोर्सका कार्यकर्ता २२ वर्षीय पदम तामाङ, गिरेन मगर र दुर्गा योञ्जनलाई ०६६ कात्तिक २६ गते वाईसीएल कार्यकर्ताले छिमेकीको बरखीबाट अपहरण गरे। एकीकृत माओवादी र एमालेका जिल्लास्तरीय नेताहरूले दुई पार्टीबीचमा भएका विवाद समाधान गरेपछि वाईसीएल कार्यकर्ताहरूले पीडितहरूलाई कात्तिक २८ गते मैवाखोला मावि तेम्बेबाट मुक्त गरे।

अन्यबाट

सिनाम गाविस-४ निवासी पूर्वमाओवादी कार्यकर्ता ३३ वर्षीय जितबहादुर बुढाथोकीलाई सशस्त्र द्वन्द्वको समयमा गाउँलेलाई दु:ख दिएको आरोपमा ०६५ चैत १८ गते राती १२ बजे सोही गाविस-७ का कुमार इवाराम, पूर्ण केसीसहित २०/२५ जनाको समूहले आफ्नै घरबाट अपहण गरी कुटपिट गऱ्यो। पीडितलाई रातीको १२ बजे अपहरण गरी सोही गाविसको पञ्चमी बजारमा लगेर कुटपिट गर्दै गर्दा स्थानीय प्रहरी चौकीबाट गएको प्रहरी टोलीले पीडितको उद्दार गरेको थियो। पीडित सोही दिन भारतको सिक्किमबाट सात वर्षपछि घर आएका थिए भने घटनापछि पुन: सिक्किम गए। प्रहरीले सोही दिन पीडकहरू कुमार इवाराम र पूर्ण केसीलाई गिरफ्तार गऱ्यो। चैत २१ गते जिल्ला प्रहरी कार्यालयमा दुवै पक्षबीच भएको छलफलमा पीडितलाई उपचार खर्चबापत ३० हजार रुपियाँ दिने सहमति भएपछि पीडकहरू रिहा भए।

धम्की/कुटपिट

एकीकृत माओवादीबाट

फुङलिङ गाविस-४ निवासी भानु उच्चमाविका प्रधानाध्यापक विमला सुब्बालाई ०६६ भदौ २० गते विद्यालय व्यवस्थापन समितिले प्रधानाध्यापक पदबाट हटाउने धम्की दियो। व्यवस्थापन समितिले उच्चमावि सञ्चालनका लागि तोकेको योग्यता नभएकाले प्रधानाध्यापकका बारेमा विकल्प खोज्नु परेको बताए। सात वर्षदेखि प्रधानाध्यापक भएर स्कुल चलाउँदै आएकी विमला सुब्बाले माओवादीसँग विचार नमिलेकाले माओवादीनिकट व्यवस्थापन समितिका सदस्यले आफूलाई हटाउने षड्यन्त्र गरेको बताइन्। पीडित यस वर्षको अन्त्यसम्म सो पदमा कार्यरत छिन्।

मञ्चसम्बद्ध सङ्घीय लिम्बूवान राज्यपरिषद् मञ्चबाट

फुङलिङ गाविस-७ स्थित जिल्ला शिक्षा कार्यालयमा ०६६ असोज ३ गते मञ्चआबद्ध सङ्घीय लिम्बूवान राज्यपरिषद् जिल्ला इन्चार्ज होम तुम्बाहाम्फेले पत्र लेखी सम्पूर्ण शिक्षक र शिक्षिका कर्मचारीले महिनाको दुई दिनको तलब दिनुपर्ने धम्की दिए। लिम्बूवान कार्यकर्ता मुक्साङले पार्टीले शिक्षकहरूसँग स्वेच्छिक चन्दा मागेको बताए।

अभिव्यक्ति, भेला हुने र सङ्गठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

संविधान निर्माणका लागि सुझाव सङ्कलनका क्रममा ताप्लेजुङ आएका पदम विश्वकर्मालगायतका सभासद्हरूको टोलीलाई ०६५ फागुन २० गते पल्लो किराँत राष्ट्रिय मञ्चका नेता पृथ्वीनारायण बोखिनले फुङलिङ गाविस-३ फुङलिङ बजारमा छिमेकी देशका सभासद्लाई लिम्बूवान राज्यको संविधान बनाउन हस्तक्षेप नगर्न भन्दै यस्तो कार्य नरोके हुने परिणामको आफ्नो पार्टी जिम्मेवार नहुने धम्की दिए। धम्कीपश्चात् सभासद्हरूको टोलीले सुरक्षाकर्मीहरूको सहयोगमा सुझाव सङ्कलन गरे।

फुङलिङ गाविस-६ स्थित पाथीभरा क्याम्पसमा स्वतन्त्र विद्यार्थी युनियनको निर्वाचन हुन नदिन

Final Eastren:Layout 1 2/9/2010 2:04 PM Page 128

लिम्बूवान विद्यार्थी मञ्चका कार्यकर्ताले ०६५ चैत ६ देखि ८ गतेसम्म ताप्लेजुङ बजार र स्थानीय शैक्षिक संस्थाहरू बन्द गरे। मञ्चले पूर्ण समानुपातिक प्रणालीबाट निर्वाचन गराउन क्याम्पस प्रशासन तयार नभएकाले बन्द गर्न बाध्य भएको बताए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष जिल्ला अदालतमा गत वर्षको जिम्मेवारी सरेर आएका सरकारवादी फौजदारी ३७ थान मुद्दा थिए भने यस वर्ष २६ थान दर्ता भएकामध्ये ४८ थान मुद्दा फर्स्यौट भए।

यसैगरी जिम्मेवारी सरेर आएका दुनियाँवादी फौजदारी मुद्दा ३५ थान छन् भने यस वर्ष ५१ मुद्दा दर्ता भए भने ५९ थान फर्स्यौट भए।

गत वर्षबाट जिम्मेवारी सरेर आएका दुनियाँवादी देवानी ४२ थान र यस वर्ष ८१ थान मुद्दा दर्ता भए भने ८६ थान फर्स्यौट भए।

यस वर्ष जिल्ला अदालतमा जम्मा मुद्दा सङ्ख्या ३ सय ३९ थान पुगेको थियो। दुई वर्ष नाघेका दुनियाँवादी देवानी मुद्दा पाँच थान र दुनियाँवादी फौजदारी दुई गरी सात थान रहेका छन्। एक वर्ष नाघेका मुद्दा दुनियाँवादी देवानी ३७ थान, दुनियाँवादी फौजदारी २२ थान र सरकारवादी फौजदारी आठ थान मुद्दा रहेका छन्।

बालअधिकार

फुङलिङ गाविस-४ निवासी भानु उच्चमाविका प्रधानाध्यापक विमला सुब्बासहित स्कुलका सम्पूर्ण शिक्षकहरूलाई स्थानीय वाईसीएल कार्यकर्ताले शिक्षकहरूमाथि आक्रमण गर्ने धम्की दिएको भन्दै सुरक्षाको माग गरी ०६५ फागुन २ गतेदेखि चार दिनसम्म विद्यालय बन्द गरे। पीडितहरूले वाईसीएल कार्यकर्ताहरू अशोक थेबेलगायतको समूह विद्यालयमा प्रवेश गरी शिक्षकहरूलाई कारबाही गर्ने धम्की दिएको बताए। शिक्षकहरूले व्यवस्थापन समिति र जिल्ला शिक्षा कार्यालयसँग ०६६ फागुन ७ गते सुरक्षाको माग गरे। वाईसीएल कार्यकर्ता अशोकलगायतको समूहले शिक्षक, व्यवस्थापन समिति र जिल्ला शिक्षाका प्रतिनिधिसँग सोही दिन माफी मागेपछि विद्यालय खुलेको थियो।

निगुरादिन गाविस-१ निवासी एक १७ वर्षीया बालिकालाई ०६५ फागुन २१ गते फूलबारी गाविस-५ निवासी सोही माविका प्रधानाध्यापक महेश्वर कार्कीले कक्षाकोठामा बसेर पीडित छात्रालाई शिक्षक कार्कीले मोबाइल देखाउने निहुँ बनाएर दुर्व्यवहार गर्न खोजेको पीडितले बताइन्। पीडितले सदरमुकाम आएर मानवअधिकारकर्मी, पत्रकार, विद्यार्थी, महिला सञ्जालमा ०६५ फागुन २४ गते उजुरी दिइन्। जिल्ला शिक्षा कार्यालयमा ०६५ फागुन ३० गते दुवै पक्षबीच छलफल भई शिक्षक महेश्वर कार्कीलाई कारबाही गर्ने सहमति भयो। यस वर्षको अन्त्यसम्म आरोपितलाई कारबाही भएको छैन।

फुरुम्बु गाविस-४ स्थित फुरुम्बु माविमा स्थानीय युवाहरूबीच भएको विवादका कारण विद्यालय ०६६ वैशाख ८ गतेदेखि १५ गतेसम्म बन्द भयो। बन्दका कारण विद्यालयमा अध्ययनरत ४ सय जना विद्यार्थीहरूले सात दिनसम्म अध्ययन गर्न पाएनन्।

फुरुम्बु गाविस-६ की १३ वर्षीया एक बालिकालाई ०६६ असार ३० गते राती फुङलिङ गाविस-४ का बास बस्न आएका २५ वर्षीय प्रदीप श्रेष्ठले बलात्कार गरेको भन्दै पीडितले ०६६ असार ३१ गते जिल्ला प्रहरी कार्यालयमा दिएको निवेदन अनुसार 'घरमा एक्लै बसेकी र खाना पकाउन सक्दिनँ' भन्दा 'हामी खाना खादैनौं, चाउचाउ भए हुन्छ' भनेर आरोपित बास बसेका थिए। रातको १ बजे पीडितलाई मुख छोपेर बलात्कार गरी भागेको पीडितले बताइन्। पीडित कराएको आवाज सुनी प्रहरीले स्थानीयबासीको सहयोगमा सोही दिन पीडकलाई गिरफ्तार गऱ्यो। आरोपितलाई ०६५ भदौ २ गते जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा राख्न आदेश दिएको छ। थुनामा रहेका प्रदीपले 'आफूले बलात्कार नगरेको तर प्रहरीले यातना दिएर मैले बलात्कार गरेको हो भनी लेखेको ठाउँमा हस्ताक्षर गर्न बाध्य बनाएको' बताए।

लिम्बूवान राज्यपरिषद् र जनजाति महासङ्घले प्रमुख जिल्ला अधिकारी रामबहादुर कुरुवाङलाई ताप्लेजुङमा फिर्ता गर्नुपर्ने माग राखी ०६६ साउन ३१ गतेदेखि तीन दिनसम्म बजार र शैक्षिक संस्थाहरू बन्द गऱ्यो। लिम्बूवान कार्यकर्ताहरूले प्रमुख जिल्ला अधिकारी कुरुवाङलाई लिम्बू भएकै कारणले अन्याय गरेको भन्दै फिर्ताको माग राखेका थिए। जिल्ला प्रशासन कार्यालयले प्रमुख जिल्ला अधिकारी रामबहादुर कुरुङवाङ नै आउने जानकारी गराएपछि भदौ ३ गते बन्द फिर्ता लिएका थिए। प्रमुख जिल्ला अधिकारी कुरुङवाङलाई गृहमन्त्रालयले ०६६ साउन २६ गते फिर्ता बोलाएको थियो।

थिङलाबु गाविस-२ की १७ वर्षीया बालिकालाई ०६६ भदौ १२ गते सोही ठाउँका २० वर्षीय पासाङ शेर्पाले पीडितको घरछेउको जङ्गलमा बलात्कार गरी

Final Eastren:Layout 1 2/9/2010 2:04 PM Page 129

हत्या गरे। स्थानीय गाउँलेहरूको सहयोगमा प्रहरीले आरोपितलाई सोही दिन गिरफ्तार गऱ्यो। आरोपितलाई अदालतले ०६६ असोज १५ गते ज्यान मुद्दा चलाई पुर्पक्षका लागि जेल चलान गऱ्यो।

ढुङ्गेसाँघु गाविस-७ मा रहेको मैवाखोला उच्चमावि तेम्बेको प्राङ्गणमा वाईसीएल र युथफोर्सका कार्यकर्ताहरूबीचमा शिक्षकले विद्यार्थीलाई कारबाही गरेको विषयलाई लिएर ०६६ कात्तिक २७ गते भएको झडपपछि पुस १ गतेसम्म विद्यालय बन्द भयो। एमाले र एकीकृत माओवादीका जिल्लास्तरीय नेताहरूको उपस्थितिमा विवाद मिलाएपछि विद्यालय खुलेको थियो।

ढुङ्गेसाँघु गाविस-४ निवासी मैवाखोला मावि तेम्बेका शिक्षक झनलाल तेम्बेलाई ०६६ मङ्सिर ४ गते नकाब लगाई आएको छ जनाको बन्दुकधारी समूहले कार्यालयभित्र काम गरिरहेका बेला हत्या गर्ने प्रयास गरेपछि मङ्सिर ५ गतेदेखि तीन हप्तासम्म विद्यालय बन्द भयो। दिउँसो १ बजे कार्यालयमा काम गरिरहेका बेला उक्त समूहले विद्यालय क्षेत्र नियन्त्रणमा लिई तेम्बेको हत्या गर्ने प्रयास गरेको थियो। शिक्षक तेम्बे विद्यार्थीको भीडबाट भाग्न सफल भएपछि शिक्षकहरूले विद्यालय क्षेत्रको शान्ति सुरक्षा र दोषीमाथि कारबाहीको माग गर्दै विद्यालय बन्द गरे। स्थानीय प्रशासनले दोषीलाई कारबाही र विद्यालय क्षेत्रको सुरक्षा गर्ने प्रतिबद्धता जनाएपछि ०६६ मङ्सिर २२ गतेदेखि विद्यालय खुलेका थिए।

फूलबारी गाविस-५ स्थित फूलबारी प्रावि ०६६ पुस ८ गतेदेखि १२ गतेसम्म लिम्बूवान राज्यपरिषद् मञ्च आबद्धका कार्यकर्ताहरूले शिक्षक नियुक्तिको विषयलाई लिएर ताला लगाई बन्द गरे। शिक्षक भावना श्रेष्ठले व्यवस्थापन समितिको कीर्ते माइन्युट बनाएर सरुवा गरेको र जनजातिको कोटामा नियुक्ति गर्न ढिलाइ गरेको भन्दै उनीहरूले ताला लगाएका थिए। ०६६ पुस १२ गते स्थानीय राजनीतिक दल, व्यवस्थापन समिति र शिक्षकहरूबीच छलफल भई पुस १३ गतेदेखि विद्यालय खुलेको थियो।

शिक्षाबाट वञ्चित बालबालिकाहरूको यकिन तथ्याङ्क कुनै पनि कार्यालयले राखेको पाइएन। बालअधिकारको क्षेत्रमा काम गर्ने संस्थाहरू मानवअधिकार तथा शान्ति कार्यसमूहले द्वन्द्वमा आवद्ध र अति जोखिममा परेका २ सय २० बालबालिकाहरूको पहिचान गरी केही सहयोग गरेको पाइयो। वातावरण संरक्षण तथा विकास मञ्च र इन्सेकले प्रकाशन गरेको *सशस्त्र द्वन्द्वमा ताप्लेजुङ* पुस्तकमा उल्लेख भए अनुसार २ सय ७१ जना बालबालिकाहरू द्वन्द्वका कारण टुहुरा भएका छन्। गरिबीका कारण फुङलिङ गाविसका १ सय २० जना बालबालिकाहरूले विद्यालय जान पाएका छैनन्। द्वन्द्वका बेला बनेका टुहुरा बालबालिकाहरूका लागि ७ लाख ३० हजार निकासा हुनु पर्नेमा २ लाख रुपियाँ मात्र निकासा आएको जिल्ला शिक्षा कार्यालयका कर्मचारी गणेश अधिकारीले बताए।

जिल्ला शिक्षा कार्यालयको तथ्याङ्क अनुसार प्राविमा अध्ययन गर्ने विद्यार्थी महिला १९ हजार ७ सय ७४ र पुरुष १८ हजार ६ सय गरी जम्मा ३८ हजार ३ सय ७४ रहेको छ। यस्तै निमाविमा ६ हजार ६ सय ११ छात्रा र ६ हजार २ सय ८३ गरी जम्मा १२ हजार ८ सय ९४ अध्ययन गर्दै छन्। यस्तै, माविमा २ हजार ६ सय ३१ छात्रा र २ हजार ३ सय ८४ छात्र अध्ययन गर्दै छन्। जिल्लामा जम्मा शिक्षक दरबन्दी सङ्ख्या १ हजार २ सय ५६ रहेको छ भने माविमा महिला शिक्षिका सङ्ख्या चार, निमाविमा ११ र प्राविमा २ सय ४३ गरी २ सय ५८ जना महिला शिक्षिका शिक्षण पेसामा संलग्न छन्। जिल्लाका विभिन्न भागमा २ सय ८ बालविकास केन्द्रहरू सञ्चालनमा रहेका छन्।

जिल्ला सदरमुकाम फुङलिङ बजारमा एमालेनिकट प्रायुसङ्घले ०६६ वैशाख १९ गते गरेको जिल्ला सम्मेलनमा सुरक्षार्थ खटिएको युथफोर्सको समूहमा ३० जनाभन्दा बढी १८ वर्षमुनिका बालबालिकाको प्रयोग गऱ्यो। उपप्रधानमन्त्री तथा गृहमन्त्री वामदेव गौतमले उक्त कार्यक्रमको उद्घाटन गरेका थिए।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

दोखु गाविस-९ की २१ वर्षीया एक महिलालाई ०६५ चैत २५ गते मादकपदार्थ सेवन गरी फूलबारी गाविस-७ का राज सेन्दाङले पीडितको घरमा यौन दूर्व्यवहार गरे। आरोपितलाई सोही दिन प्रहरीले गिरफ्तार गरी जबरजस्ती करणी अन्तर्गतको मुद्दामा ०६६ वैशाख ५ गते १ हजार रुपियाँ धरौटीमा तारेखमा रिहा भयो।

फुङलिङ गाविस-७ की २२ वर्षीया एक महिलालाई ०६६ असार १९ गते सोही ठाउँका बुद्धराज माबोहाङ, सुरेन्द्र लाबुङ र सविन माबोहाङले बाटो छेकी बलात्कार प्रयास गरे। आरोपितहरूमध्ये सविनलाई सोही दिन प्रहरीले गिरफ्तार गरी जबरजस्ती करणी गर्ने उद्योग अन्तर्गत मुद्दा चलायो। ०६६ असार

Final Eastren:Layout 1 2/9/2010 2:04 PM Page 130

२५ गते उनी धरौटीमा रिहा भए। यस वर्षको अन्त्यसम्म अन्य दुई जना आरोपितहरू फरार रहेका छन्।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार संरचना, सम्पति क्षति

फुङलिङ गाविस-५ स्थित जिल्ला शिक्षा कार्यालय, जिल्ला हुलाक कार्यालय, जिल्ला दूरसञ्चार कार्यालय र जिल्ला पशुसेवा कार्यालयमा बन्दको अवज्ञा गरेको भन्दै ०६६ असार ६ गते माओवादीका कार्यकर्ताले तोडफोड गरे। तोडफोडबाट २ लाख ७० हजार रुपियाँ बराबरको क्षति पुगेको शिक्षा कार्यालयका कर्मचारीले बताए।

अखिल नेपाल शिक्षक सङ्गठन क्रान्तिकारीबाट

फुङलिङ गाविस-४ स्थित जिल्ला शिक्षा कार्यालयमा ०६५ माघ १० गतेदेखि फागुन ११ गतेसम्म अखिल नेपाल शिक्षक सङ्गठन क्रान्तिकारीले आफ्ना मागलाई बेवास्ता गरेको भन्दै ताला लगायो।

अज्ञात समूहबाट

खाम्लुङ गाविस-४ पृथ्वी मावि खाम्लुङको भवन ०६५ चैत १२ गते राती ३ बजे अज्ञात समूहले आगो लगाई पूर्णरूपले क्षति गरेपछि सो विद्यालयमा अध्ययन गर्ने ४ सय १५ जना विद्यार्थीहरूले एक महिनासम्म आध्ययन गर्न पाएनन्। स्थानीय गाउँलेहरूले सामान्य टहरा बनाई ०६६ वैशाख १५ गतेदेखि अध्ययन सुरु गरे।

विगतको अनुगमन

माओवादीबाट

चाङ्गे गाविस-९ का ४५ वर्षीय युगनारायण श्रेष्ठलाई ०५९ जेठ ५ गते माओवादीले कारबाही गर्न खोजेको व्यक्तिलाई नदेखाएको आरोपमा माओवादी कार्यकर्ताले कुटपिट गरे। कुटपिटबाट घाइते भएका पीडितको उपचारका क्रममा जेठ १२ गते मृत्यु भयो। दैनिक काठ काटेर परिवार चलाउने श्रेष्ठ ०५९ जेठ ५ गते जङ्गलमा काठ काटिरहेका बेला माओवादीले कारबाही गर्न भनेर लखेट्दै गरेका व्यक्तिलाई देखा भन्दा श्रेष्ठले नदेखेको भनी उनलाई मरणासन्न हुने गरी पिटेका थिए। पीडितकी श्रीमती नरमाया श्रेष्ठले माओवादीको धम्कीका कारण आफ्ना पतिको हत्याका बारेमा सत्य कुरा भन्न नसकेको भन्दै स्थानीय मानवअधिकारकर्मीको सहयोगमा ०६६ वैशाख २३ गते घटना सार्वजनिक गर्दै राहतका लागि जिल्ला प्रशासन कार्यालयमा निवेदन दिइन्। नरमायालाई माओवादी कार्यकर्ताहरूले श्रीमान्को मृत्यु कुटाइले नभई बिरामी भएर भएको भन्नुपर्ने धम्की दिएको पीडितले बताइन्। घटनाका बारेमा जानकारी पाउने गाउँले र मानवअधिकारकर्मीले घटनाका बारेमा तथ्य कुराको खोजी गर्दै जाँदा नरमायाले घटनाका बारेमा सो कुरा बताएकी थिइन्। यस वर्षको अन्त्यसम्म नरमायाले राहत पाएकी छैनन्।

डुम्रिसे गाविस-६ का ३८ वर्षीय लोकबहादुर साम्सोहाडलाई ०६० असोज १८ गते बेलुका ससुराली घर ओयाम गाविस-६, पाँचथरबाट 'हामी माओवादी हौं' भन्ने हतियारधारी समूहले अपहरण गरी बेपत्ता पारेको भन्दै पत्नी रामकुमारी साम्सोहाडले ०६५ चैत २७ गते श्रीमान्को अवस्था सार्वजनिक गर्न सहयोग गरिदिन मानवअधिकारवादी संस्था इन्सेक र पत्रकारलाई अनुरोध गरिन्। रामकुमारीका अनुसार, पतिको अपहरण गरेका बेला आफू दुई दिनको सुत्केरी भएको भन्दै 'मेरो यस्तो अवस्था छ किन लाने ? जे गर्नु छ, यहीं गर्नुहोस्' भन्दा माओवादीले 'बोल्ने होइन, चुप लागेर बस्' भन्दै धम्की दिएर लछारपछार गर्दै लगेका थिए। इन्सेक जिल्ला प्रतिनिधिको पहलमा ०६५ चैत २० गते एकीकृत माओवादी र अन्य सरोकारवालाहरूसँग छलफल गर्दा पीडितको हत्या भइसकेको हुनसक्ने बताए। तर, पीडितको हत्या किन र कहिले भयो भन्नेबारेमा कुनै जानकारी दिएनन्। यस वर्षको अन्त्यसम्म पीडितको अवस्था अज्ञात रहेको छ।

Final Eastren:Layout 1 2/9/2010 2:04 PM Page 131

१.५ मोरङ

जनसङ्ख्या : १०,०५,९३०
साक्षरता प्रतिशत : ५७
महिला साक्षरता प्रतिशत : ४७
क्षेत्रफल (वर्ग कि. मि.) : १,८५५
गाविस/नपा सङ्ख्या : ६५/१
सरकारी/निजी विद्यालय : ७२३/९३
क्याम्पस/उच्च मा.वि. : १५/५५
अस्पताल/स्वास्थ्य चौकी : ३/७३
मानव विकास सूचकाङ्कः ०.५३१
प्रतिपरिवार सरदर सङ्ख्याः ५.४८

नागरिक तथा राजनीतिक अधिकार
सम्मानित रूपले बाँच्ने अधिकार
हत्या
अज्ञात समूहबाट

विराटनगर उमनपा-७ निवासी व्यापारी ५० वर्षीय रमेश गुप्तालाई ०६५ फागुन ३० गते अज्ञात समूहले लेटाङ र बयरवन गाविसस्थित कानेपोखरी-लेटाङ सडकखण्डमा धारिलो हतियार प्रहार गरी हत्या गऱ्यो। उनको लासको विराटनगरस्थित कोसी अञ्चल अस्पतालमा पोस्टमार्टम भयो। घटनास्थलमा पीडक पक्षको बिनानम्बरको एउटा रातो रङको आरएक्स मोटरसाइकल र रगत लतपतिएको सर्ट फेला परेको इलाका प्रहरी कार्यालय लेटाङका असई रामकुमार लिम्बूले बताए। पीडित व्यापारको सिलसिलामा विराटनगरबाट मोटरसाइकल चढी लेटाङ बजार जाँदै थिए।

गोली/विस्फोटक पदार्थद्वारा घाइते
मधेसी मुक्ति टाइगर्सबाट

उर्लाबारी गाविस-४ निवासी विराटनगर उमनपा-२२ स्थित रघुपति जुटमिलका सुरक्षागार्ड ४५ वर्षीय किरण श्रेष्ठ र उर्लाबारी गाविस-२ निवासी सोही मिलका सुरक्षागार्ड ३० वर्षीय कृष्ण नगरकोटी ०६६ जेठ ७ गते जनतान्त्रिक मधेसी मुक्ति टाइगर्स तराईले मिलको मूल ढोकामा सुतली बम विस्फोट गराउँदा घाइते भए। घाइतेमध्ये किरणको स्थानीय कोसी अञ्चल अस्पताल र कृष्णको धरान नपास्थित बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचार भयो। घटनाको टाइगर्सका पोलिटब्युरो सदस्य चेतन मधेसीले स्थानीय सञ्चारमाध्यलाई टेलिफोन गरी जिम्मेवारी लिए। घटनामा संलग्न भएको आरोपमा प्रहरीले विराटनगर उमनपा-२२, रानीका २० वर्षीय विनय मण्डललाई जेठ २० गते गिरफ्तार गरी ०६६ असार ३ गते मोरङ कारागारमा पुर्पक्षका लागि थुनामा राखेको छ।

विराटनगर उमनपा-३ निवासी विराटनगर उमनपा-१४ स्थित गुदरी बजारका ४० वर्षीय रमेश सन्थालियालाई ०६६ कात्तिक २० गते राती विराटनगर-३ स्थित विराट नर्सिङ् होमनजिकको सडकमा मधेसी मुक्ति टाइगर्सका कार्यकर्ताले गोली प्रहार गरी घाइते बनाए। उनको स्थानीय विराट नर्सिङ् होममा उपचार हुन नसकी धरानस्थित बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचार भयो। राती ९ बजे पसल बन्द गरी मोटरसाइकल चढेर घर जाँदै गरेको अवस्थामा बाटोमा नै पीडितमाथि गोली प्रहार गरिएको थियो। उनको चिउँडोमा गोली लागेको थियो। घटनाको जिम्मेवारी मधेसी मुक्ति टाइगर्सका जिल्ला इन्चार्ज राजीवले लिँदै स्थानीय सञ्चार माध्यममा टेलिफोन गरी चन्दा लिन जाँदा प्रहरी लगाएर आफ्ना कार्यकर्तालाई गिरफ्तार गराउन खोजेकाले गोली प्रहार गरेको जानकारी गराएका थिए।

अज्ञात समूहबाट

बयरवन गाविस-५ का २५ वर्षीय गणेश गुरुङलाई ०६६ मङ्सिर १६ गते डाँगीहाट गाविस-४ स्थित विमल याखाको घरमा विवाहको निम्तो मान्न गएको अवस्थामा राती अज्ञात समूहले गोली प्रहार गरी घाइते बनायो। ढाडमा गोली लागेका पीडितको धरानस्थित बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचार भयो। दुईओटा मोटरसाइकलमा आएको सो समूहले गोली प्रहार गरेलगत्तै दक्षिणतर्फ फरार भएको थियो।

विराटनगर उमनपा-२२, मटेरुवा निवासी व्यवसायी ३६ वर्षीय जीवन साहलाई ०६६ पुस ७ गते राती घरमा सुतिरहेको अवस्थामा अज्ञात समूहले गोली

Final Eastren:Layout 1 2/9/2010 2:04 PM Page 132

हानी गम्भीर घाइते बनायो। पीडितको विराटनगरस्थित कोसी अञ्चल अस्पतालमा उपचार हुन नसकी धरानस्थित बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचार भयो। उनको छातीको दाहिने भाग र दाहिने खुट्टामा गहिरो चोट लागेको थियो। गोली हानेलगत्तै पीडित बच्चनलाई भागेर छिमेकीको घरमा पस्न खोज्दा सो समूहले दुईओटा सुतली बम पनि प्रहार गरेको थियो। घटनामा संलग्न भएको आरोपमा प्रहरीले विराटनगर उमनपा-२२ कै २२ वर्षीय फिरोज आलमलाई सोही दिन गिरफ्तार गऱ्यो। यस वर्षको अन्त्यसम्म पीडक हिरासतमा रहेका छन्।

जेल र बन्दीहरू

'ख' श्रेणीको मोरङ कारागारको क्षमता २ सय ५० जनाको रहेको छ। यस कारागारमा पुरुष र महिला गरी दुई अलगअलग बन्दीगृह छन्। ती दुवै बन्दीगृहमा यस वर्षको अन्त्यसम्ममा ४ सय ७५ जना बन्दी रहेका छन्। जसमध्ये ३८ जना महिला बन्दी रहेका छन्। कारागारमा २ सय २८ कैदी र २ सय ४७ जना थुनुवा रहेका छन्। महिला बन्दीगृहमा तीन जना बालिका र दुई जना बालक आश्रित रहेका छन्। यस कारागारमा आन्तरिक प्रशासनको नेतृत्व कसले गर्ने भन्ने होडबाजीका कारण झडप र द्वन्द्वले बन्दीगृहमा अशान्ति सिर्जना हुने गरेको छ।

इलाम जिल्ला मभ्फुवा गाविस-७ निवासी विराटनगर उमनपा-११, हाटखोलास्थित कारागार शाखा मोरङका बन्दी ५३ वर्षीय गोविन्द राईको चिसोका कारण स्थानीय कोसी अञ्चल अस्पतालमा ०६५ माघ ८ गते मृत्यु भएको बन्दीहरूले बताए।

इटहरा गाविस-५ निवासी विराटनगर उमनपा-११ स्थित कारागार शाखा मोरङका बन्दी युवराज बुढाथोकीलाई अनुशासन उल्लङ्घन गरेको आरोपमा ०६६ भदौ ३० गते सुनसरी जिल्ला, धरान नपा-५ निवासी सोही कारागार आन्तरिक प्रशासनका भाइनाइके २४ वर्षीय नवीन राईले कुटपिट गरी घाइते बनाए। पीडितको स्थानीय कोसी अञ्चल अस्पतालमा उपचार भयो। आन्तरिक प्रशासनले बन्दीहरूको रकम चलाएर नदिने गरेका कारण समस्या उत्पन्न हुने गरेको सो कारागारका बन्दीहरूले बताए। कारागारका जेलर खगेन्द्र गिरीले रकम लेनदेनसम्बन्धी विवादमा कुटपिट भएको भनी घटनाको पुष्टि गरे।

प्रहरी चौकीभित्र यातना दिँदा घाइते भएका वेणुप्रसाद दुलाल

विराटनगर उमनपा-१५ निवासी कारागार शाखा मोरङका ३२ वर्षीय बन्दी अभिषेक गिरीलाई सोही कारागारका चौकीदार मधुसूदन मानन्धरको नेतृत्वमा अनुशासन उल्लङ्घन गरेको आरोपमा ०६६ असोज २ गते सोही कारागारका बन्दीहरूले बन्दीगृहमा नै कुटपिट गरी गम्भीर घाइते बनाए। कुटपिटबाट पीडितको देब्रे हात भाँचियो। उनको विराटनगरस्थित कोसी अञ्चल अस्पतालमा उपचार हुन नसकी धरानस्थित बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचार भयो। पीडित काठमाडौँ र चौकीदार मानन्धर ०६६ मङ्सिर १२ गते सप्तरी जिल्लास्थित राजविराज कारागारमा सरुवा भए।

विराटनगर उमनपा-१ निवासी कारागार शाखा मोरङका बन्दी कात्तिक कामतलाई सोही कारागारका चौकीदार मधुसूदन मानन्धरको नेतृत्वमा जेलको आन्तरिक अनुशासन उल्लङ्घन गरेको आरोपमा ०६६ असोज ९ गते सोही कारागारका बन्दीहरूले कुटपिट गरे। पीडितको विराटनगरस्थित कोसी अञ्चल अस्पतालमा उपचार हुन नसकी धरानस्थित बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा थप उपचार भयो। पीडक मङ्सिर १२ गते सप्तरी जिल्लास्थित राजविराज कारागार सरुवा भए।

सुनसरी जिल्ला धरान नपा-५ की ३० वर्षीया सविना खातुनलाई विराटनगरस्थित कारागार शाखा मोरङका चौकीदार निर्मला दाहालको नेतृत्वमा आन्तरिक अनुशासन उल्लङ्घन गरेको आरोपमा ०६६ कात्तिक १४ गते सोही कारागारका बन्दीहरूले कुटपिट गरी घाइते बनाए। पीडितको स्थानीय कोसी अञ्चल अस्पतालमा कात्तिक १५ गते उपचार भयो। उनीमाथि लाठी र टायरले कुटपिट गरिँदा टाउको र छातीमा चोट लागेको थियो। पीडकहरूलाई कुनै कारवाही भएन।

सुनसरी जिल्ला, धरान नपा-८ का २२ वर्षीय सञ्जयकुमार श्रेष्ठ र विराटनगर उमनपा-१ का २० वर्षीय शिव कार्कीलाई ०६६ मङ्सिर ४ गतेदेखि ६ गतेसम्म कारागार शाखा मोरङले गैरकानुनी रूपमा थुनामा राख्यो। उनीहरू कारागारको थुना अवधि मङ्सिर ४ गते नै सकिएर पनि रिहा भएनन्। आन्तरिक जेल प्रशासनले जेल प्रशासनसँग विभिन्न माग राखी ती बन्दीलाई रिहा गर्न दिएको थिएन। मङ्सिर ६ गते कारागार प्रशासनले हस्तक्षेप गरी उनीहरूलाई रिहा गऱ्यो।

घटनाको प्रकार	गैर राज्यबाट									राज्यबाट			
	अन्यबाट					एकीकृत माओवादीबाट							
	घटना सङ्ख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना सङ्ख्या	पुरुष	नखुलेको	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा
हत्या	१३	९	४		१३								
घाइते	८	१३	१		१४					३	६	१	७
गिरफ्तारी/यातना										४	५		५
कुटपिट	१८	१३	७		१९	१	१		१	४	५		५
धम्की	९	११	३		१३	३	४		४	१	१		१
जातीय विभेद	३	३	३		५								
महिलाअधिकार	१४		१५		१५								
बालअधिकार	१७	१	१७		१८								
आर्थिक/सामाजिक/ सांस्कृतिक अधिकार	९	५	१	३	९	५	४	३	६				
अमानवीय व्यवहार	३	३			३								
अपहरण	४	६			६								
जेलमा मृत्यु										१	१		१
जम्मा	९६	६३	५०	३	११५	८	९	३	११	१३	१८	१	१९

सप्तरी जिल्ला बिजरिया गाविस-५ निवासी विराटनगर उमनपा-११ हाटखोलास्थित कारागार शाखा मोरङका बन्दी ३५ वर्षीय भोला शर्माको उपचार अभावमा ०६६ पुस १२ गते स्थानीय कोसी अञ्चल अस्पतालमा मृत्यु भयो। उनी नसासम्बन्धी रोगले गम्भीर भएपछि तीन दिनअघि अस्पताल भर्ना गरिएको थियो। अस्पतालले उनलाई काठमाडौँ लगी उपचार गर्न सिफारिस गरेको थियो। कारागारका जेलर खगेन्द्र गिरीले कारागारसँग पर्याप्त रकम नभएकाले बाहिर लगेर उपचार गर्ने अवस्था नभएको बताए।

बेपत्ता/अपहरण

नेकपा माओवादीबाट

बाहुनी गाविस-५ निवासी वाईसीएलका जिल्ला सदस्य १८ वर्षीय जीवन खड्का र एकीकृत माओवादीका कार्यकर्ता विराटनगर उमनपा-७ का १९ वर्षीय प्रेम खानलाई ०६५ चैत २६ गते संविधानसभाको उपनिर्वाचनमा संलग्न रहेको अवस्थामा नेकपा माओवादीका कार्यकर्ताले विराटनगर उमनपा-७ स्थित केसलिया रोडबाट अपहरण गरे। पीडितहरू चैत २७ गते विराटनगर-१५ केसलिया रोडस्थित माओवादीको जिल्ला कार्यालयबाट मुक्त भए।

सङ्घीय लिम्बूवान राज्यपरिषद्बाट

मधुमल्ला गाविस-८ का ५३ वर्षीय रामेश्वर दनुवारले टुनामुना गरी गाउँलेलाई दुःख दिएको आरोपमा ०६६ जेठ २० गते उनलाई सङ्घीय लिम्बूवान राज्यपरिषद्का कार्यकर्ताहरू सोही ठाउँका ३४ वर्षीय हर्क राई र टाँडी गाविस-७ का इन्द्रबहादुर राईले घरैबाट अपहरण गरे। अपहरणपछि उनलाई मधुमल्ला गाविसकै कालीझोडा जङ्गलबाट टुनामुना नगर्ने सर्तमा ०६६ जेठ २१ गते पीडितकी पत्नीको जिम्मामा मुक्त गरे। घटनाबारे पीडितले असुरक्षाको कारण जनाउँदै प्रहरीमा उजुरी दिएनन्।

अज्ञात समूहबाट

सुनसरी जिल्ला इटहरी नपा-७ निवासी वैदेशिक रोजगार व्यवसायी ३९ वर्षीय राजीव थापा मगरलाई ०६६ जेठ २६ गते विराटनगर उमनपा-२० स्थित नेपाल बैंक लिमिटेड शाखा कार्यालय रानीबाट अज्ञात समूहले अपहरण गऱ्यो। पीडित मधुमल्ला गाविस प्रहरीचौकी नजिकबाट ०६६ असार ३ गते मुक्त भए। अपहरणकारीले उनको गलाको सिक्री र एक थान मोबाइल सेट लुटेर लगेका थिए। पीडितले असुरक्षाको

Final Eastren:Layout 1 2/9/2010 2:04 PM Page 134

कारण जनाउँदै घटनाको विस्तृत विवरण दिन चाहेनन्।

धम्की/कुटपिट

राज्यबाट

विराटनगर उमनपा-१० निवासी फोटोपत्रकार २७ वर्षीय चुमन बस्नेतलाई विराटनगर उमनपा-३ स्थित विद्युत् कार्यालयनजिक कोसी राजमार्गमा प्रहरी र प्रदर्शनकारीबीच भएको झडपको फोटो खिच्ने क्रममा ०६६ साउन २ गते सशस्त्र प्रहरी गण रानीका इन्स्पेक्टर युवनारायण वैद्य र जिल्ला प्रहरी कार्यालयका असई मनोज राउतले क्यामेरा खोसेर गालीगलौज गरे। घटनापछि पीडितले नेपाल पत्रकार महासङ्घ मोरङको सहयोगमा दोषीलाई कारवाही गर्न, क्षतिपूर्ति उपलब्ध गराउन र क्यामेरा फिर्ता गर्न माग गर्दै सोही दिन उजुरी दिए। उजुरीपछि क्यामेर फिर्ता गरिए पनि दोषीलाई कारवाही भए/नभएको सार्वजनिक गरिएन।

विराटनगर उमनपा-६ निवासी जिल्ला मालपोत कार्यालयका प्राविधिक २३ वर्षीय बाबुराम भट्टराई र विराटनगर उमनपा-१० निवासी मालपोत कार्यालयका सहायक ४० वर्षीय रञ्जितकुमार दुलाललाई विराटनगर उमनपा-९ स्थित सडकमा भनेको ठाउँमा मोटरसाइकल नरोकेको आरोपमा ०६६ भदौ २९ गते सशस्त्र प्रहरी बलको गस्ती टोलीले कुटपिट गऱ्यो। पीडितद्वयको स्थानीय कोसी अञ्चल अस्पतालमा उपचार भयो। उनीहरू दुवैको टाउकोमा चोट लागेको थियो। पीडितहरू कार्यालयको रकम राष्ट्र बैंकमा राखेर मोटरसाइकल चढेर कार्यालयतर्फ फर्कदै गर्दा उनीहरूलाई कुटपिट गरिएको थियो। उनीहरूले दोषीलाई कारवाही गर्न र आफूहरूलाई क्षतिपूर्ति दिन माग गर्दै ०६६ भदौ ३० गते जिल्ला प्रशासन कार्यालयमा उजुरी दिए। प्रशासनले उपचार खर्च दिने र दोषीलाई कारवाही गर्ने भने पनि दुवै काम यस वर्षको अन्त्यसम्म भएन।

लेटाङ गाविस-६ का ४५ वर्षीय रमेश भण्डारीलाई पत्नीसँग झगडा गरेको आरोपमा ०६६ असोज ४ गते इलाका प्रहरी कार्यालय लेटाङको गस्ती टोलीले घरैमा गई कुटपिट गरी घाइते बनायो। गम्भीर घाइते भएका पीडितको सुनसरी जिल्ला, धरान नपास्थित बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचार भयो। उनको आँखामा गहिरो चोट लागेको थियो। पीडित पक्षले दोषीलाई कारवाही गर्न माग गर्दै ०६६ असोज ५ गते प्रहरी कार्यालय घेराउ गरेको थियो। घटनाबारे इलाका प्रहरी कार्यालय, लेटाङका प्रमुख माधव पौडेलले प्रहरीमाथि जाइलागेकाले प्रहरीले बल प्रयोग गरेको र प्रहरी दोषी नभएकाले कसैलाई कारवाही नहुने बताए।

एकीकृत माओवादीबाट

विराटनगर उमनपा-२२ निवासी सुनसरी जिल्ला, दुहबी गाविस-९ स्थित एसियन लेदर इन्डस्ट्रिजका सञ्चालक ४५ वर्षीय हसन अन्सारी र विराटनगर उमनपा-६ सम्झनाचोक निवासी सोही इन्डस्ट्रिजका व्यवस्थापक ३८ वर्षीय उपेन्द्रप्रसाद खतिवडालाई तोकेजति चन्दा नदिएको आरोपमा ०६५ फागुन ४ गते सोही इन्डस्ट्रिजमा कार्यरत माओवादी समर्थित नेपाल औद्योगिक मजदुर सङ्घका अध्यक्ष ३८ वर्षीय इलियास मियाँ र सोही ठाउँ निवासी माओवादी कार्यकर्ता ५० वर्षीय हकिम मियाँले शारीरिक क्षति पुऱ्याउने धम्की दिए। पीडितद्वयले विराटनगरमा फागुन ५ गते पत्रकार सम्मेलन गरी पीडकले विराटनगरस्थित घर तथा इन्डस्ट्रिजमा बम विस्फोट गराउने र व्यक्तिहरूलाई गोली हान्ने धम्की दिएको जानकारी गराए।

केरौन गाविस-९ दलेली निवासी काङ्ग्रेस गाउँ समितिका उपसभापति ४५ वर्षीय रामप्रसाद राजवंशीलाई ०६६ मङ्सिर ९ गते सोही ठाउँका एकीकृत माओवादीका कार्यकर्ता ३० वर्षीय बद्री ऋषिदेव र २८ वर्षीय सजी ऋषिदेवले स्थानीय चिया पसलमा राजनीतिक छलफलका क्रममा विवाद हुँदा कुटपिट गरी घाइते बनाए। पीडितको विराटनगरस्थित कोसी अञ्चल अस्पतालमा उपचार भयो। पीडकहरूलाई इलाका प्रहरी कार्यालय, बेलबारीले मङ्सिर १० गते गिरफ्तार गरी कागज गराइ पीडितको उपचार खर्च बेहोर्ने सर्तमा रिहा गऱ्यो।

नेकपा माओवादीबाट

रङ्गेली गाविस-२ स्थित इलाका प्रहरी कार्यालयका इन्स्पेक्टर राजेश थापा, अमरदह गाविस-७ का राजकुमार यादव, सोही गाविस र वडाका काङ्ग्रेस कार्यकर्ता ५० वर्षीय श्याम सिवाकोटी र सोही ठाउँका ३९ वर्षीय विष्णु दुलाललाई ०६६ असार २ गते माओवादी मातृका समूहका जिल्ला इन्चार्ज विजय कामतको नेतृत्वमा अमरदह गाविस-७ स्थित नेपाल गान्धी तुलसी चर्खा प्रचार गुठीको कब्जा गरिएको २२ बिघाबाट जबरजस्ती घरटहरा भत्काएको आरोपमा भौतिक कारवाही गर्ने धम्की दिए। उनले विराटनगरमा पत्रकार सम्मेलन गरी सो धम्की दिएका थिए। सो जग्गा राज्यको नियन्त्रणमा छ।

मधेसी विद्यार्थी फ्रन्टबाट

विराटनगर उमनपा-१६ निवासी स्नातकोत्तर क्याम्पस विराटनगरका प्रमुख ४५ वर्षीय हरिहर भण्डारी र वडा-१ निवासी सोही क्याम्पसका सहायक क्याम्पसप्रमुख टुकराज भट्टराईलाई ०६६ साउन २२ गते मधेसी विद्यार्थी फ्रन्टका क्याम्पस एकाइ अध्यक्ष विराटनगर-१८ निवासी इमान अन्सारी, केदार महतो, हरिनारायण यादव, सचिन गुप्ता र गङ्गेश झाले मधेसी समुदायका शिक्षकलाई नियुक्ति नदिएको आरोपमा कार्यकक्षमा मोसो दलेर दुर्व्यवहार गरे। दुर्व्यवहारविरुद्ध पीडित पक्षले सोही दिन जिल्ला प्रशासन कार्यालयमा शान्ति सुरक्षा र दोषीलाई कारबाही गरी पाऊँ भनी उजुरी दिए। पीडक पक्षले पीडित पक्षलाई धम्की दिएपछि पीडित पक्षले उजुरी फिर्ता लिए। पीडक पक्षको मागबमोजिम दुई जना शिक्षकलाई क्याम्पस प्रशासनले नियुक्ति दियो।

मधेसी भाइरस किलर्स

विराटनगर उमनपा-१६ निवासी विराटनगर-९ स्थित गोल्छा आँखा अस्पतालका प्राविधिक ३५ वर्षीय कमलेश कर्णले चन्दा नदिएको आरोपमा ०६६ भदौ ९ गते उनलाई मधेसी भाइरस किलर्सका कार्यकर्ता राजीवले टेलिफोनबाट मार्ने धम्की दिए। पीडितले धम्कीविरुद्ध ०६६ भदौ ९ गते वडा प्रहरी कार्यालय विराटनगरमा शान्ति सुरक्षा गरी पाऊँ भनी उजुरी दिए पनि पीडक फेला पार्न सकेन।

तराई जनतान्त्रिक रिभोल्युसनरीबाट

विराटनगर उमनपा-३ बरगाछीस्थित अन्तर्राट्रिय गैरसरकारी संस्था वर्ल्ड भिजन मोरङ-सुनसरी संयुक्त कार्यालयका प्रमुख प्रयासजङ्ग पुनलाई ०६६ पुस ११ गते तराई जनतान्त्रिक रिभोल्युसनरीले ४ लाख रुपियाँ चन्दा माग गर्दै धम्कीसहितको पत्र पठायो।

इलाका प्रहरी कार्यालय उर्लाबारीमा दिएको यातनाबाट घाइते भएका सुसन लिम्बू र भक्त राई

चन्दा नदिए भौतिक कारबाही गरिने बेहोराको धम्कीपछि कार्यक्रम स्थागित गरेर कार्यालयप्रमुख पुन काठमाडौँ विस्थापित भए।

जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) बाट

विराटनगर उमनपा-६ का ४५ वर्षीय बद्री पोखरेलले ५ लाख रुपियाँ चन्दा नदिएको आरोपमा ०६६ असार ३० गते जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह)का कार्यकर्ताले भौतिक कारबाही गर्ने भन्दै धम्की दिए। सो धम्की चिट्ठी र टेलिफोनमार्फत दिएको भन्दै पीडितले ०६६ असार ३१ गते जिल्ला प्रशासन कार्यालयमा जीउधनको सुरक्षा गरी पाऊँ भन्दै निवेदन दिए। प्रशासनले आफूलाई सुरक्षा दिन नसकेको भन्दै उनी ०६६ असार ३२ गतेदेखि काठमाडौँ विस्थापित भए।

युथफोर्सबाट

विराटनगर उमनपा-५, जामुनगाछी निवासी सुनसरी जिल्ला, चिमडी गाविसस्थित स्वास्थ्य चौकीका इन्चार्ज ३९ वर्षीय एपोलो भगतलाई बन्द अवज्ञा गरेको आरोपमा ०६५ माघ २१ गते युथफोर्सका कार्यकर्ताहरूले विराटनगर-१४ स्थित महावीर चोकमा कुटपिट गरी घाइते बनाए। कुटपिटका क्रममा पीडितले चलाएको को३प ५३४१ नम्बरको मोटरसाइकल तोडफोड गरी नियन्त्रणमा लिएका थिए। पीडितको स्थानीय कोसी अञ्चल अस्पतालमा उपचार भयो। पीडितले जिल्ला प्रहरी कार्यालयमा ०६५ माघ २३ गते उजुरी दिए। उजुरीउपर स्थानीय प्रशासनले कारबाही चलाएन। पीडकको पहिचान नभएकाले कारबाही गर्न नसकिएको जिल्ला प्रहरी कार्यालयका डीएसपी विद्यानन्द माझीले बताए। आफ्ना कार्यकर्तालाई प्रहरीले गिरफ्तार गरेको भन्दै सो दिन युथफोर्सले बन्द आह्वान गरेको थियो।

विराटनगर उमनपा-१५ निवासी ठेक्का व्यवसायी ३५ वर्षीय विनायक पन्तलाई विराटनगर उमनपाले निकालेको बोलपत्र फारम भरेको आरोपमा ०६६ वैशाख २१ गते युथफोर्सका कार्यकर्ताहरू विराटनगर उमनपा-१५ निवासी ३५ वर्षीय मुकेश बुढाथोकी र ३२ वर्षीय हरिकुमार बस्नेत संलग्न एक समूहले घर घेरा हालेर बन्दुक र घरेलु हतियार देखाई मार्ने धम्की दियो। पीडितले शान्ति सुरक्षा र दोषीलाई कारबाही गर्न माग गर्दै सोही दिन जिल्ला प्रशासन कार्यालयमा उजुरी दिए। उजुरी दिए पनि प्रशासनले कारबाही गरेन।

Final Eastren:Layout 1 2/9/2010 2:04 PM Page 136

डाँगीहाट गाविस-५ निवासी इन्द्रपुर गाविस-४, विराटचोकबाट प्रकाशित *संयन्त्र* साप्ताहिकका सम्पादक २४ वर्षीय नरेन्द्र बस्नेतलाई गलत समाचार लेखेको आरोपमा ०६६ जेठ ९ गते डाँगीहाट गाविस-५ का युथफोर्सका स्थानीय कार्यकर्ता २८ वर्षीय अमृत न्यौपानेले कुटपिट गरी घाइते बनाए। सोही ठाउँको 'ओमकारेश्वर मन्दिरमा यौनलीला' शीर्षकको समाचार लेखेको विषयलाई लिएर पीडकले 'छलफल गर्नु छ' भनी मन्दिर परिसरमा पीडितलाई बोलाएर लात्ती र मुक्काले गम्भीर घाइते हुने गरी कुटपिट गरेका थिए। पीडितको विराटनगरस्थित कोसी अञ्चल अस्पतालमा उपचार भयो। पीडितले दोषीलाई कारबाही र उपचार खर्च माग गर्दै ०६६ जेठ १२ गते इलाका प्रहरी कार्यालय, बेलबारीमा उजुरी दिए। सोही उजुरीका आधारमा पीडितलाई उपचार तथा क्षतिपूर्ति भनी पीडक पक्षबाट १० हजार रुपियाँ उपलब्ध गराइएको थियो।

केराबारी गाविस-१ निवासी *औजार* दैनिकका संवाददाता २६ वर्षीय किसन साहीलाई समाचार लेखेको विषयलाई लिएर ०६६ जेठ २१ गते सोही ठाउँका युथफोर्सका स्थानीय कार्यकर्ता १९ वर्षीय मखन तामाङ र १८ वर्षीय गोरे तामाङले गाविस कार्यालय परिसरबाहिर कुटपिट गरे। पीडितको स्थानीय स्वास्थ्य केन्द्रमा उपचार भयो। पीडितले दोषीलाई कारबाही गर्न माग गर्दै ०६६ जेठ २३ गते इलाका प्रहरी कार्यालय, केराबारीमा उजुरी दिए। ०६६ जेठ २६ गते पीडित र पीडकहरूबीच घटना नदोहोऱ्याउने सर्तमा इलाका प्रहरी कार्यालयमा मिलापत्र भयो।

मधेसी जनअधिकार फोरमबाट

विराटनगर उमनपा-५ निवासी *गोरखापत्र* दैनिकका विराटनगरस्थित संवाददाता एवम् नेपाल पत्रकार महासङ्घ, मोरङ शाखाका कोषाध्यक्ष २८ वर्षीय गोकुल पराजुलीले संविधानसभा उपनिर्वाचनको विषयमा गलत समाचार लेखेको आरोपमा ०६५ चैत २९ गते उनलाई मधेसी जनअधिकार फोरमका कार्यकर्ताको समूहले विराटनगर उमनपा-९ आदर्श उच्च मावि स्थित मतगणनास्थलमा कुटपिट गरी घाइते बनायो। उनको विराटनगरस्थित कोसी अञ्चल अस्पतालमा उपचार भयो। उनले महासङ्घमार्फत दोषीलाई कारबाही गर्न माग गर्दै जिल्ला प्रशासन कार्यालयमा चैत ३० गते उजुरी दिए पनि घटनाका दोषीलाई कारबाही भएन।

ससुरा र देवरको कुटपिटाबाट घाइते भएकी विष्णुलक्ष्मी राई चौधरी

मधेसी विद्यार्थी सङ्गठनबाट

सुनसरी जिल्ला, इटहरी नपा-५ निवासी विराटनगर उमनपा-१५ स्थित युथ एक्सन नेपालकी क्षेत्रीय संयोजक २८ वर्षीया सञ्जिता घिमिरे र लेटाङ गाविस-५ निवासी युथ एक्सनकै जिल्ला संयोजक मोहन गौतमलाई सो कार्यालयले मधेसी समुदायको व्यक्तिलाई नियुक्ति नदिएको आरोपमा ०६६ असोज ४ गते मधेसी विद्यार्थी फोरम नेपालका जिल्लासचिव महेशकुमार यादव र तराई मधेस विद्यार्थी फ्रन्टका जिल्लासचिव विशेश्वरप्रसाद मण्डलले धम्की दिँदै कार्यालयमा तालाबन्दी गरे। इन्सेक क्षेत्रीय कार्यालयको पहलमा ०६६ असोज ७ गते सो तालाबन्दी खुल्यो। दुवै पक्षबीच आगामी दिनमा नियुक्ति गरिँदा समावेशीलाई ध्यान दिने सहमति भयो।

अज्ञात समूहबाट

विराटनगर उमनपा-६, सम्झनाचोक निवासी काठमाडौंस्थित कृषि सामग्री कम्पनी लिमिटेडमा कार्यरत ५० वर्षीय लेखनाथ पौडेललाई पाँच लाख रुपियाँ चन्दा नदिएको भन्दै ०६५ फागुन २५ गते अज्ञात समूहले मार्ने धम्की दियो। सो धम्कीविरुद्ध पीडितले फागुन २७ गते जिल्ला प्रशासन कार्यालयमा शान्तिसुरक्षा र दोषीलाई कारबाहीको माग गर्दै उजुरी दिए पनि कुनै कारबाही भएन।

विराटनगर उमनपा-५ निवासी *एभीन्युज* टेलिभिजनका संवाददाता ३० वर्षीय ध्रुव रिजाललाई समाचार सङ्कलन गरेको आरोपमा ०६६ वैशाख १३ गते बुधनगर गाविसस्थित भारतीय सीमा मटेरुवामा अज्ञात समूहले कुटपिट गरी साथमा बोकेको भिडियो क्यामेरा तोडफोड गऱ्यो। कुटपिटबाट घाइते पीडितको विराटनगरस्थित कोसी अञ्चल अस्पतालमा उपचार भयो। पीडितले दोषीलाई कारबाही गर्न माग गर्दै स्थानीय प्रशासनमा वैशाख १५ गते उजुरी दिए। पीडितलाई जिल्ला प्रशासन कार्यालयले जेठ २ गते क्षतिपूर्ति दिने निर्णय गरेकामा जेठ १३ गते १० हजार रुपियाँ उपलब्ध गराए पनि दोषीलाई कारबाही भएन।

विराटनगर उमनपा-१५, पिछरा निवासी भातिगछ गाविस-२ स्थित लक्ष्मी प्राविका प्रधानाध्यापक ५० वर्षीय कृष्णप्रसाद अधिकारीलाई शिक्षक नियुक्तिको

Final Eastren:Layout 1 2/9/2010 2:04 PM Page 137

विषयमा विद्यालयको बैठक कक्षमा विवाद गरेको आरोपमा ०६६ वैशाख २७ गते सोही गाविसका २६ वर्षीय उपेन्द्र रजवंशी, २० वर्षीय शिवानन्द राजवंशी, २१ वर्षीय पर्शुराम राजवंशी र २७ वर्षीय धनीराम राजवंशीको समूहले कुटपिट गऱ्यो। पीडितको विराटनगरस्थित कोसी अञ्चल अस्पतालमा उपचार भयो। पीडितले दोषीलाई कारवाही गरी पाउँ भनी वैशाख २९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। पीडकहरूलाई कुनै कारवाही भएन।

बबियाविर्ता गाविस-३ का ३५ वर्षीय जोयल सोरेनलाई सोही ठाउँका ३० वर्षीय सन्तोष खवासले स्थानीय प्रहरी चौकीका इन्चार्ज सई जनक प्रसाईंको सामुन्ने चौकीभित्रै बोलाएर ०६६ साउन १० गते कुटपिट गरे। कुटपिटविरुद्ध चौकीका इन्चार्जले पीडितको उजुरी लिन अस्वीकार गरेका कारण पीडितले साउन १२ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। जिल्ला प्रहरी कार्यालयले सो उजुरी इलाका प्रहरी कार्यालय रङ्गेली पठाई कारबाही गर्न निर्देशन दियो। इलाका प्रहरी कार्यालय, रङ्गेलीले कारबाही गर्नुको सट्टा पीडितलाई दबाब दिएर मिलापपत्र गरायो।

अभिव्यक्ति, भेला हुने र सङ्गठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

टङ्कीसिनुवारी गाविस-४ निवासी सूर्य नेपाल प्रालिका व्यवस्थापक सोही गाविसका ३९ वर्षीय कुलबहादुर मेनेङ्बोलाई युनियनमा सङ्गठित भएको र स्थायी गर्न माग गरेको आरोपमा बिनाकारण ०६६ जेठ १० गते प्रालिका व्यवस्थापक अवधेशकुमार झाले कार्यालयबाट निष्कासन गरे। निष्कासनको मजदुर सङ्गठनहरूले विरोध गरे पनि उनलाई थप तीन महिनाको तलब दिएर कारखाना व्यवस्थापन पक्षले बिदा दियो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

पुनरावेदन अदालत अन्तर्गत दुनियाँवादी फौजदारी मुद्दा गत वर्षको जिम्मेवारी सरेर आएका ८५ थानमध्ये यस वर्ष ४९ फर्स्यौट भई ३६ थान बाँकी रहे। यस वर्ष दर्ता भएका दुनियाँवादी फौजदारी ४२ थान मुद्दामा एउटै फर्स्यौट भएनन्। यस वर्षको अन्त्यसम्म ७८ थान मुद्दा बाँकी रहे। गत वर्षको बाँकी सरकारवादी फौजदारी मुद्दामध्ये ६० थान फर्स्यौट भई ९३ थान बाँकी रहे। त्यस्तै यस वर्ष दर्ता भएका सरकारवादी फौजदारी मुद्दामध्ये ४८ थान फर्स्यौट भई ७४ थान बाँकी रहे। जम्मा सरकारवादी फौजदारी मुद्दामध्ये १ सय ८ थान फर्स्यौट भई १ सय ६७ थान बाँकी रहे। गत वर्षको बाँकी देवानी मुद्दातर्फ २ सय थान फर्स्यौट भई २ सय ५६ थान बाँकी रहे। यस वर्ष दर्ता भएका देवानी मुद्दामध्ये २५ थान फर्स्यौट भई १ सय ५९ थान बाँकी रहे। जम्मा देवानी मुद्दामध्ये २ सय २६ थान मुद्दा फर्स्यौट भई ४ सय १७ बाँकी रहे। यस वर्षको अन्त्यसम्म जम्मा मुद्दा ७ सय ४० थान रहे। यस अदालतमा यस वर्षको अन्त्यसम्म पाँच वर्ष नाघेका मुद्दा एउटा पनि छैनन्।

जिल्ला अदालतमा दुनियाँवादी फौजदारी मुद्दा गत वर्षको जिम्मेवारी सरेर आएका ३ सय ४२ थानमध्ये यस वर्ष १ सय १२ थान फर्स्यौट भए र २ सय ३० थान मुद्दा बाँकी रहेका छन्। यस वर्ष दुनियाँवादी फौजदारी मुद्दा २ सय १४ थानमध्ये ८१ थान फर्स्यौट भई १ सय ३३ थान बाँकी रहे। यस वर्षको अन्त्यसम्म दुनियाँवादी फौजदारी मुद्दा जम्मा ३ सय ६३ थान बाँकी रहे।

सरकारवादी फौजदारीतर्फ गत वर्षका बाँकीमध्ये १ सय मुद्दा फर्स्यौट भई १ सय ८८ थान बाँकी रहे। यस वर्ष दर्ता भएका सरकारवादी फौजदारी मुद्दामध्ये सात थान फर्स्यौट भई ८२ थान बाँकी रहे। कुल सरकारवादी फौजदारी मुद्दामध्ये १ सय ७ थान फर्स्यौट भई २ सय ७० थान बाँकी रहे। गत वर्षको देवानी मुद्दामध्ये १ सय ८१ थान फर्स्यौट भई ४ सय ७० थान बाँकी रहे। यस वर्ष दर्ता भएका देवानी मुद्दामध्ये २७ थान फर्स्यौट भई २ सय ३१ थान बाँकी रहे। देवानीतर्फका जम्मा मुद्दामध्ये २ सय ८ थान फर्स्यौट भई ७ सय १ थान बाँकी रहे। यस वर्षको अन्त्यसम्म १ हजार ३ सय ३४ थान मुद्दा फर्स्यौट हुन बाँकी रहे। यस वर्षको अन्त्यसम्म पाँच वर्ष नाघेका एउटा पनि मुद्दा छैनन्। यस जिल्लामा बाल अदालत छैन। यस वर्ष बालइजलासमा परेका आठ थान मुद्दामध्ये सबै फर्स्यौट भए। जसमा फौजदारीतर्फ तीन थान र फौजदारीतर्फ पाँच थान मुद्दा थिए।

यातना तथा अन्य क्रूर, अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

विराटनगर उमनपा-११ स्थित कारागार शाखा मोरङका बन्दी विराटनगर उमनपा-१८ निवासी ३२ वर्षीय तुलसी महतोलाई ०६६ जेठ ६ गते जिल्ला प्रहरी कार्यालयमा मुद्दाको बयान गर्न लगेको समयमा प्रहरीले बन्दुकको कुन्दाले प्रहार गरी घाइते बनाए। कारागारले अन्य बन्दीहरूको दबाबमा स्थानीय कोसी अञ्चल अस्पतालमा पीडितको उपचार गरायो। पीडित नक्कली

Final Eastren:Layout 1 2/9/2010 2:04 PM Page 138

स्टिकर टाँसी मदिरा बिक्री गरेको आरोपमा थुनामा राखिएका थिए। घटनाबारे कारागारका जेलर खगेन्द्र गिरीले बन्दीलाई प्रहरीले सचेत गराउने क्रममा घटना भएको बताए। डीएसपी विद्यानन्द माझीले घटनाबारे आफूले छानबिन गरी दोषीलाई कारवाही गरिने बताए पनि कारबाही भएको सार्वजनिक गरिएन।

उर्लाबारी गाविस-२ का २३ वर्षीय सुसन लिम्बू र पथरी गाविस-१ का २२ वर्षीय भक्त राईलाई इलाका प्रहरी कार्यालय, उर्लाबारीका इन्स्पेक्टर चक्र बस्नेतको नेतृत्वमा कार्यालय अगाडि प्लास्टर गरेको आँगनमा ०६६ असार २९ गते बिहान घुँडा र कुइनाले टेकेर हिँड्न लगाई चारजना प्रहरीले लाठीले शरीरका विभिन्न भागमा कुटपिट गरे। प्रहरीको यातनाबाट पीडितद्वयको घुँडा र कुइनाको मासु पक्कपक्क उप्किएको थियो। उनीहरूको उपचारका लागि परिवारका सदस्य र अधिकारकर्मीको दबाबमा विराटनगरस्थित विराट नर्सिङ् होम र कोसी अञ्चल अस्पतालमा असार ३१ गते उपचार भयो। पीडितद्वयलाई इलाका प्रहरी कार्यालय उर्लाबारीले असार २८ गते उलार्वारी-४ स्थित होलिडे होमबाट होटलधनीलाई धम्क्याएको आरोपमा गिरफ्तार गरेको थियो। पीडितमध्ये सुसन ०६६ साउन १३ गते हातहतियार खरखजाना मुद्दा अन्तर्गत पुर्पक्षका लागि मोरङ कारागारमा थुनामा रहेका छन्। भक्त सोही दिन सार्वजनिक अपराध ऐन अन्तर्गत ३० हजार रुपियाँ धरौटी राखी रिहा भए। सो घटनाको विषयमा छानबिन गर्न जिल्ला प्रहरी कार्यालयका डीएसपी विद्यानन्द माझीको संयोजकत्वमा तीन सदस्यीय टोली साउन ५ गते गठन गरियो। टोलीले साउन १९ गते जिल्ला प्रहरी प्रमुखलाई प्रतिवेदन बुझायो। इन्स्पेक्टर बस्नेतलाई प्रहरी प्रधान कार्यालय, मानवअधिकार सेल काठमाडौँमा सोधपुछ गर्न भनी साउन २५ गते पठाइयो। सोधपुछपछि उनी भदौदेखि पुन: कार्यक्षेत्रमा फर्किए।

जाँते गाविस-९ का ३७ वर्षीय वेणुप्रसाद दुलाललाई ०६६ भदौ २ गते राती अस्थायी प्रहरी चौकी जाँतेका इन्चार्ज सई माधव निरौलाको नेतृत्वमा प्रहरी चौकीभित्र घुँडा र हातका कुइनाले टेक्न लगाएर चार जना प्रहरीले बिजुलीको तारले शरीरमा प्रहार गरे। पीडितलाई भदौ ५ गते ४ बजे हाजिर हुने सर्तमा भदौ ३ गते बिहान ४ बजे रिहा गरियो। पीडितका साला कृष्णप्रसाद भट्टराईको सहयोगमा उनको विराटनगरस्थित कोसी अञ्चल अस्पतालमा उपचार भयो। भदौ ९ गते जिल्ला अदालतको ठाडो आदेशमा कोसी अञ्चल अस्पतालमा उनको घाउजाँच भयो। पीडितले भदौ १७ गते जिल्ला अदालतमा यातना तथा क्षतिपूर्ति पाउँ भनी दोषीउपर मुद्दा हाले। यस वर्षको अन्त्यसम्म सो मुद्दा किनारा लागेको छैन।

बालअधिकार

जिल्ला शिक्षा कार्यालयका अनुसार जिल्लाभरका सरकारी तथा निजी विद्यालयमा २ लाख १ हजार ७८ जना विद्यार्थीहरू यस वर्ष विद्यालय भर्ना भएका छन्। तीमध्ये प्राथमिक तहमा १ लाख ३३ हजार ३ सय २९ जना, निमावि तहमा ४४ हजार ८ सय ५८ जना र मावि तहमा २२ हजार ८ सय ९१ जना भर्ना भएका हुन्। जिल्लामा बालमृत्युदर १ हजारमा ६१ जना रहेको जिल्ला जनस्वास्थ्य कार्यालयले जनाएको छ।

उर्लाबारी गाविस-३ की १२ वर्षीया एक बालिकालाई ०६५ फागुन २० गते सोही गाविस-२ का ४० वर्षीय उपेन्द्र काफ्लेले उर्लाबारी गाविस-६ कै जङ्गलमा ललाइफकाई बलात्कार गरेको आरोपमा उनलाई ०६६ असोज १८ गते प्रहरीले गिरफ्तार गऱ्यो। पीडितको विराटनगरस्थित कोसी अञ्चल अस्पतालमा फागुन २१ गते स्वास्थ्य परीक्षण र उपचार भयो। जिल्ला अदालतको आदेशमा आरोपित असोज २० गतेदेखि मोरङ कारागारमा थुनामा रहेका छन्।

हरैँचा गाविस-७ की ६ वर्षीया एक बालिकालाई ०६६ असार १३ गते सोही ठाउँका २१ वर्षीय भद्धु मियाले पीडितको घरैमा गई बलात्कार गरेको आरोपमा मियालाई प्रहरीले त्यसै दिन गिरफ्तार गऱ्यो। पीडितलाई अधिकारकर्मीको टोलीले असार १७ गते उद्धार गरी विराटनगरस्थित सिविन आवासगृहमा राखेर उपचारपछि साउन ३२ गते आफन्तको जिम्मा लगायो। पीडित पक्षले असार १५ गते प्रहरी कार्यालय, बेलबारीमा उजुरी दिएकामा इलाका प्रहरी कार्यालय बेलबारीले घटना भएकै दिन पीडकलाई गिरफ्तार गऱ्यो। उनी जिल्ला अदालतको आदेशमा ०६६ साउन ९ गतेदेखि पुर्पक्षका लागि मोरङ कारागारमा थुनामा रहेका छन्।

नवलपरासी जिल्ला, गैँडाकोट गाविस-९ निवासी १५ वर्षीय सीता भण्डारीलाई सोही स्थानका २० वर्षीय जीवन मगरले बेचबिखन गर्न भारत लैजाने क्रममा ०६६ वैशाख २६ गते विराटनगर उमनपा-२२ स्थित रानी भन्सार नाकाबाट इलाका प्रहरी कार्यालय रानीले उद्धार गऱ्यो। प्रहरीले पीडितलाई आफन्तको जिम्मा लगायो। पीडक यस वर्षको अन्त्यसम्म फरार छन्।

हसन्दह गाविस-५ निवासी १६ वर्षीया घरेलु श्रमिक तारा माझीलाई विराटनगर उमनपा-७ की ५०

वर्षीया राधा बास्तोलाले काम अह्राएको नमानेको आरोपमा ०६६ भदौ २ गते तातो पन्यूले दाहिने हातको पाखुरामा डामेर यातना दिइन्। पीडितलाई इन्सेक र सिविनको पहलमा प्रहरीले सोही दिन उद्धार गऱ्यो। पीडकलाई जिल्ला प्रहरी कार्यालयले सोही दिन गिरफ्तार गरेर सोही दिन रिहा गरेको थियो। अधिकारकर्मीको पहलमा पीडक पक्षले क्षतिपूर्तिबापत बालिकालाई ५० हजार रुपियाँ दिने जिल्ला प्रहरी कार्यालयमा कागज गरे। बालिकालाई विराटनगरस्थित सिविनको बाल आवासगृहबाट उनका बाबुले भदौ २० गते बुझेर लगे।

बबियाबिर्ता गाविस-६ का छमहिने शिशु सागर मुडियारीलाई उनकी आमा २० वर्षीया रामवतीले टाउकोमा इँटा प्रहार गरी ०६६ भदौ ५ गते हत्या गरिन्। पीडकलाई इलाका प्रहरी कार्यालय, रङ्गेलीले सोही दिन गिरफ्तार गऱ्यो। पीडितको लास रङ्गेलीस्थित जिल्ला अस्पतालमा पोस्टमार्टम गरी प्रहरीले आफन्तलाई जिम्मा लगायो। पीडक कारागार शाखा मोरङमा ०६६ भदौ ३० गतेदेखि पुर्पक्षका लागि थुनामा छन्।

केरौन गाविस-५ की १२ वर्षीया बालिकालाई विराटनगर उमनपा-१३ की २५ वर्षीया चन्द्रमाया (सीता) मैनालीले अह्राएको काम नटेरेको आरोपमा ०६६ भदौ १२ गते लाठीले कुटपिट गरिन्। कुटपिटपछि पीडित भागेर छिमेकी हरि आचार्यको घरमा शरण लिन पुगिन्। उनलाई इन्सेक र सिविन नेपालको पहलमा प्रहरीले उद्धार गऱ्यो। पीडितलाई पीडक पक्षबाट ७५ हजार रुपियाँ क्षतिपूर्ति उपलब्ध गराउने सहमतिपछि ती बालिकालाई केरौन गाविस-५ की मावली हजुरआमा रामरेखा पौडेललाई बुझाइयो। सो क्षतिपूर्ति रकम उनी १८ वर्ष नपुगुञ्जेल विराटनगरस्थित कृषि विकास बैंकमा राख्ने जिल्ला प्रशासन कार्यालयले पत्र लेखी व्यवस्था मिलाएको छ।

बुधनगर गाविस-१ की पाँच वर्षीया एक बालिकालाई सोही ठाउँका २० वर्षीय श्यामसुन्दर मण्डल र नाम नखुलेको अर्का एक युवकले घरैमा सुतेको अवस्थामा ०६६ कात्तिक १५ गते बलात्कार गरेको आरोपमा उनीहरू दुवैलाई प्रहरीले कात्तिक २० गते गिरफ्तार गऱ्यो। पीडितको विराटनगरस्थित कोसी अञ्चल अस्पतालमा स्वास्थ्य परीक्षण र उपचार भएको थियो। आरोपितहरू जिल्ला अदालतको आदेशमा ०६६ मङ्सिर १५ गतेदेखि मोरङ कारागारमा पुर्पक्षका लागि थुनामा रहेका छन्।

मोतीपुर गाविस-३ की १४ वर्षीय एक बालिकालाई ०६६ कात्तिक २० गते सोही गाविस-९ का ३० वर्षीय रमेश माझी, वडा-१ का १९ वर्षीय सुजीत सरदार, वडा-३ का २० वर्षीय सबरुललाल भनिने अरुण माझी र वडा-१ कै २२ वर्षीय चौहरलाल माझीले घरैबाट बोकेर नजिकैको लोहन्द्रा खोलाको डिलमा रहेको सिसौघारीमा पुऱ्याई सामूहिक बलात्कार गरेको आरोपमा उनीहरूमध्ये रमेश, सुजित र चौहुरलाल ०६६ मङ्सिर १६ गतेदेखि पुर्पक्षका लागि कारागार शाखा मोरङमा थुनामा रहेका छन्। यस वर्षको अन्त्यसम्म अरुण भने फरार छन्।

केराबारी गाविस-३ की १० वर्षीया एक बालिकालाई सोही ठाउँका ४३ वर्षीय भीमबहादुर श्रेष्ठले ०६६ मङ्सिर ११ गते गाउँकै बाँसघारीमा बलात्कार गर्ने प्रयास गरे। आरोपित जिल्ला अदालतको आदेश अनुसार ०६६ पुस ४ गते उनलाई पुर्पक्षका लागि कारागार शाखा मोरङमा थुनामा राखिएको छ।

बेलबारी गाविस-२ की नौ वर्षीया एक बालिकालाई सोही ठाउँका ३५ वर्षीय दुर्गाप्रसाद नायकले ०६६ पुस १० गते बलात्कार गरेको भन्दै बालिकाका बाबुले ०६६ पुस १५ गते इलाका प्रहरी कार्यालय बेलबारीमा उजुरी दिए। पीडितको विराटनगर उमनपा-९ स्थित कोसी अञ्चल अस्पतालमा स्वास्थ्य परीक्षण र उपचार भएको थियो। आरोपितलाई प्रहरीले पुस १६ गते गिरफ्तार गऱ्यो। यस वर्षको अन्त्यसम्म उनी हिरासतमा रहेका छन्।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार बेचबिखन तथा ओसारपसार

सुनसरी जिल्ला, बक्लौरी गाविस-५ की १८ वर्षीया लीलावती राम र सोही जिल्ला, महेन्द्रनगर गाविस-८ की २२ वर्षीया मञ्जु हरिजनलाई बेचबिखन गर्न भारत लाँदै गरेको अवस्थामा ०६६ जेठ १३ गते विराटनगर उमनपा-२२ रानी भन्सार नाकाबाट प्रहरीले उद्धार गऱ्यो। सो घटनामा संलग्न भएको आरोपमा सुनसरी जिल्ला बक्लौरी गाविस-८ का २३ वर्षीय प्रकाश गुप्तालाई सोही दिन सीमा प्रहरी चौकी रानीले गिरफ्तार गऱ्यो।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

हसन्दह गाविस-४ की १८ वर्षीया एक युवतीलाई ०६६ असोज १८ गते सोही गाविस-८ का २२ वर्षीय विष्णु मण्डलले बलात्कार गरेको आरोपमा उनलाई असोज २२ गते प्रहरीले गिरफ्तार गऱ्यो।

Final Eastren:Layout 1 2/9/2010 2:04 PM Page 140

पीडितको असोज १९ गते विराटनगरस्थित कोसी अञ्चल अस्पतालमा स्वास्थ्य परीक्षण भएको थियो। आरोपित विष्णु पौडेल जिल्ला अदालतको आदेशमा ०६६ कात्तिक १९ गतेदेखि मोरङ कारागारमा पुर्पक्षका लागि थुनामा रहेका छन्।

पारिवारिक हिंसा, बहुविवाह

गोविन्दपुर गाविस-४ की २७ वर्षीया ललिता कटुवाल घरमा रहेकै अवस्थामा उनका पति देवेन्द्र बस्नेतले ०६५ फागुन २२ गते दोस्रो विवाह गरे। पीडितले सो कुरा थाहा पाएलगत्तै ०६६ कात्तिक २० गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। सोही उजुरीका आधारमा प्रहरीले देवेन्द्रलाई कात्तिक २१ गते गिरफ्तार गऱ्यो। उनी जिल्ला अदालतको आदेशमा मङ्सिर १५ गते १५ हजार रुपियाँ धरौटीमा रिहा भए। उनकी दोस्री पत्नी धनकुटा ताङ्खुवाकी मुना भट्टराई भने फरार भइन्।

विराटनगर उमनपा-१६ बखरीकी २४ वर्षीया पिङ्की साहलाई ०६६ जेठ ५ गते छोरी जन्माएको आरोपमा उनकै पति ३२ वर्षीय रामनारायण साहले घरैमा प्लास्टिकको पाइपले कुटपिट गरे। उनले सोही ठाउँको बखरी प्रहरी चौकीमा जेठ ५ गते मौखिक जानकारी गराइन्। प्रहरीले पीडित र पीडक दुवैलाई जेठ ७ गते बोलाएर विवाद नगर्ने सर्तमा कागज गराइ छाडिदियो।

हसन्दह गाविस-६ की ४० वर्षीया एक महिलालाई पति ४६ वर्षीय तोर्ण विष्टले बिरामी भएको अवस्थामा ०६६ भदौ १० गते बलात्कार गरे। पीडितले सोही दिन जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। उजुरीपछि प्रहरीले पीडकलाई भदौ १४ गते गिरफ्तार गऱ्यो। पीडितको विराटनगरस्थित कोसी अञ्चल अस्पतालमा उपचार भयो। पीडित असुरक्षाको कारण जनाउँदै विराटनगरमा डेरा लिएर बस्न बाध्य भइन्। पीडक जिल्ला अदालतको आदेशमा ०६६ असोज २ गते २ हजार रुपियाँ धरौटी बुझाएर रिहा भए। रिहालगत्तै उनले पत्नीलाई घरको आन्तरिक र गोप्य कुरा सार्वजनिक गरेको भन्दै मार्ने धम्की दिए। सोको उजुरी प्रहरीमा पीडित पक्षले दिए पनि कारबाही भएन।

विराटनगर उमनपा-१३ की २६ वर्षीया दीप्ती सुवेदीलाई उनका पति २८ वर्षीय पर्शुराम सुवेदीले मीठो खाना नपकाएको, परिवारका सदस्यलाई सम्मान नगरेको, स्नातक पास नगरेको आरोप लगाएर ०६६ भदौ १६ गते घरबाट निकाला गरे। पीडितले विराटनगर उमनपा-१६ स्थित एबीसी नेपालमा ०६६ भदौ ३० गते पुन:स्थापनाका लागि निवेदन दिइन्। अन्य ठाउँमा उनले उजुरी दिइनन्। उनको समस्याको समाधान यस वर्षको अन्त्यसम्ममा भएन।

विराटनगर उमनपा-१८ जतुवास्थित सरस्वती टोलकी ३२ वर्षीया वसन्तीदेवी साहको उनकै जेठाजु ४० वर्षीय सशस्त्र प्रहरी बलका हवल्दार विनोद साहको योजनामा हत्या भयो। भाइ मनोजले एकल महिला विवाह गरेको आरोपमा ०६६ भदौ २७ गते राती सुतेकै ठाउँमा अज्ञात व्यक्तिले गोली हानी हत्या गरे। घटना हुँदा पीडितका पति मनोज बाबुआमालाई उपचार गराउन काठमाडौँ गएका थिए। घरमा पीडित छोरीसँग सुतेको अवस्थामा पीडकले ढोका फोडेर कञ्चटमा गोली प्रहार गरी हत्या गरेका थिए। प्रहरीले पीडितका जेठाजु २८ वर्षीय विनोद साहलाई असोज २ गते गिरफ्तार गरी जिल्ला अदालतको आदेशमा असोज २४ गते पुर्पक्षका लागि मोरङ कारागारमा थुनामा राखेको छ। गिरफ्तार गरेको दिनदेखि नै उनी प्रहरीको नोकरीबाट निलम्बनमा परे। उनले आफूले सुनसरी जिल्ला, साहेबगञ्ज गाविस-४ का ३० वर्षीय सुवासकुमार साहलाई १ लाख २० हजार रुपियाँ दिएर हत्या गर्न लगाएको बयानमा खुलाएको इलाका प्रहरी कार्यालय, रानीका प्रमुख लालध्वज सुवेदीले बताए। सुवाससहित हत्यामा संलग्न अन्य व्यक्ति यस वर्षको अन्त्यसम्म फरार छन्।

दुलारी गाविस-२ की १९ वर्षीया विष्णुलक्ष्मी राई चौधरीलाई ०६६ असोज २९ गते उनका ससुरा ५० वर्षीय नसिपलाल चौधरी र देवर १८ वर्षीय कुजित चौधरीले घरको मञ्जुरीबिना विवाह गरेको आरोपमा बाँसका भाटाले कुटपिट गरी गम्भीर घाइते बनाए। पीडितको विराटनगरस्थित कोसी अञ्चल अस्पतालमा उपचार भयो। पीडितले ०६६ कात्तिक ५ गते इलाका प्रहरी कार्यालय, बेलबारीमा उजुरी दिइन्। उजुरीपछि प्रहरीले नसिपलाल र कुजितलाई घाइतेको उपचार गर्ने सर्तमा कात्तिक ५ गते नै छाडिदियो। पीडितलाई ओरेकले विराटनगरस्थित आवासगृहमा राखेर कानुनी उपचार गऱ्यो। पीडितले जिल्ला अदालतमा अंश मुद्दा हालेकामा मङ्सिर २५ गते सो अदालतले पीडक पक्षको सम्पूर्ण जग्गा रोक्का गर्ने आदेश गऱ्यो।

बयरवन गाविस-४, हरकपुरकी २५ वर्षीया कोपिला कटुवाललाई उनका ससुरा सोही ठाउँका ४५ वर्षीय वीरबहादुर कटुवालले अंश माग गर्दै खेतको धान काटेको आरोपमा ०६६ कात्तिक १९ गते कुटपिट गरी गम्भीर घाइते बनाए। पीडितको विराटनगरस्थित कोसी अञ्चल अस्पतालमा उपचार हुन नसकी धरानस्थित

Final Eastren:Layout 1 2/9/2010 2:04 PM Page 141

बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा कात्तिक २० गते उपचार भयो। पीडितले इलाका प्रहरी कार्यालय बेलबारीमा उजुरी दिइन्। पीडकलाई प्रहरीले सोही दिन गिरफ्तार गरेर उपचार खर्च बेहोर्ने र जग्गा छुट्याई घर बनाइदिने सर्तको कागज गराएर कात्तिक २१ गते रिहा गऱ्यो। पीडितका पति रोजगारका लागि बाहिर गएका कारण पीडित पहिलेदेखि एक्लै बस्ने गरेकी छन्।

रङ्गेली गाविस-२ की ४४ वर्षीया धनमाया लिम्बू (श्रेष्ठ)लाई ०६६ मङ्सिर १६ गते उनका पति ४३ वर्षीय भीमबहादुर श्रेष्ठले मादक पदार्थ सेवन गरी लाठी र फलामे रडले प्रहार गरी गम्भीर घाइते बनाए। पीडितको उपचार गर्न आफन्तले प्रयास गर्दा पीडकले अस्पताल लान दिएनन्। इन्सेक, ओरेकको पहलमा पीडितका छोरा डिल्ली लिम्बूले जिल्ला अस्पताल रङ्गेलीमा मङ्सिर १८ गते उपचार गराए। ओरेकले पीडकलाई कुटपिट नगर्ने र घटना नदोहोऱ्याउने सर्तमा माफी मगाएर छाडिदियो। पीडितले इलाका प्रहरी कार्यालयमा उजुरी दिँदा दर्ता गर्न अस्वीकार गरेको थियो।

रङ्गेली गाविस-२ निवासी १९ वर्षीया मीना साह खत्रीलाई ०६६ पुस १२ गते उनका पति ३५ वर्षीय रामबाबु साहले मादक पदार्थ सेवन गरी घरायसी विवादमा दर्बेसा गाविस-२ स्थित आफ्नै कुटानीपिसानी मिलमा कुटपिट गरेर ढोका थुनेर आगो लगाई मार्ने प्रयास गरे। पीडितको स्थानीय रङ्गेली अस्पतालमा उपचार भयो। पीडक यस वर्षको अन्त्यसम्म फरार छन्।

दुर्व्यवहार

नोचा गाविस-२ की ३२ वर्षीया ललितादेवी मण्डललाई ०६६ असोज १२ गते सोही गाविस-५ का नत्थु चौधरी, वडा-२ का २२ वर्षीया रेणु चौधरी, वडा-२ का ४४ वर्षीय रूपलाल चौधरी, वडा-२ का ३० वर्षीय विनोद चौधरी, ४५ वर्षीय रामा चौधरी र ४५ वर्षीय शम्भु चौधरीले बोक्सीको आरोपमा कुटपिट गरे। कुटपिटबाट घाइते पीडितको जिल्ला अस्पताल रङ्गेलीमा उपचार भयो। पीडितले सोही दिन इलाका प्रहरी कार्यालय, रङ्गेलीमा उजुरी दिइन्। सोही दिन इलाका प्रहरी कार्यालयले पीडकहरूका नाममा नोचा प्रहरी चौकीमा पत्र पठायो। सोही पत्रका आधारमा नोचा प्रहरी चौकीले पीडित र पीडकलाई भेला गराइ पीडकलाई पीडितसँग माफी मगाएर मिलापत्र गरायो। सो घटनामा पीडक पक्षले स्थानीय कालीको मन्दिरबाट चाँदीको मूर्तिको जिब्रो चोरी गरेको र गाउँका मानिसलाई बिरामी बनाएको आरोप लगाएर पीडितलाई २ हजार रुपियाँ जरिवाना गरेको थियो। सो रकम फिर्ता गरिएन।

हात्तीमुडा गाविस-८ मुडेरीकी ६० वर्षीया सोमनीदेवी सरदारलाई ०६६ असोज १४ गते रातीसोही गाविस-८ की ३० वर्षीया पल्टनीदेवी खवास, वडा-१ का ३५ वर्षीय मङ्गललाल खवास, ४० वर्षीय शङ्कर खवास, ३५ वर्षीय सत्यनारायण खवास, ४० वर्षीय राजन खवास, ४५ वर्षीय ताराचन्द खवासले बोक्सीको आरोपमा आफ्नै घरमा सुतिरहेको अवस्थामा राती १२ बजे बाहिर निकालेर कुटपिट गरी अभक्ष कोच्याएर दुर्व्यवहार गरे। कुटपिटबाट पीडितका दुइटा दाँत झर्नुका साथै शरीरका विभिन्न ठाउँमा नीलडाम र चोट लागेको थियो। पीडितको विराटनगरस्थित कोसी अञ्चल अस्पतालमा उपचार भयो। दोषीलाई कारबाही गरी न्याय पाऊँ भनी पीडितका छोरा देवले ०६६ असोज १७ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। सो कार्यालयले उजुरी दर्ता गर्न मानेन। त्यसपछि पीडितले असोज १९ गते जिल्ला प्रशासन कार्यालयमा उजुरी दर्ता गराए। उजुरी दर्ता भए पनि दोषीलाई सार्वजनिक अपराध ऐन अन्तर्गत प्रतिव्यक्ति दुई-दुई हजार रुपियाँ धरौटी तोकियो। उनीहरू सो बराबरको रकम बुझाएर ०६६ कात्तिक २७ गतेदेखि तारेखमा बसे। ३५ दिने म्याद नाघेर प्रशासनमा उपस्थित भएका कारण उनीहरू त्यसअघि कोही पनि गिरफ्तार भएनन्। यसैबीच, सोमनीदेवी सरदारका पक्षमा लागेर बोक्सी आरोपी घटना दर्ता गर्न सहयोग गरेको भन्दै हात्तीमुडा गाविस-८ का ३५ वर्षीय देव सरदार र उनकी पत्नी ३० वर्षीया सुन्दरवती सरदारलाई सोही ठाउँका ३५ वर्षीय मङ्गललाल खवास, ४० वर्षीय बैजनाथ खवास, ४० वर्षीय शङ्कर खवास, ३५ वर्षीय सत्यनारायण खवास, ४० वर्षीय राजन खवास र ४५ वर्षीय तारा खवासले आफूहरूविरुद्ध जिल्ला प्रशासन कार्यालयमा उजुरी दिएको आरोपमा ०६६ असोज २१ गते पीडितलाई गाउँ छाड्न धम्की दिएका थिए। सो धम्कीविरुद्ध पीडितले राष्ट्रिय मानवअधिकार आयोग क्षेत्रीय कार्यालय विराटनगर, इन्सेक विराटनगर, ओरेक विराटनगरमा असोज २३ गते जीवनरक्षाको माग राख्दै निवेदन दिए। ती संस्थाहरूले पीडितका पक्षमा न्याय दिन स्थानीय जिल्ला प्रहरी र प्रशासनमा दबाब दिए पनि दोषीहरूलाई कारबाही भएन।

विराटनगर उमनपा-१६ की ४४ वर्षीया सेवाकुमारी भट्टराई बोक्सी भएको आरोपमा ०६६ पुस

Final Eastren:Layout 1 2/9/2010 2:04 PM Page 142

१० गते उनलाई सोही ठाउँका ३७ वर्षीय प्रहरी हवल्दार महेन्द्रबहादुर कटुवाल र २७ वर्षीया सुवित्रा श्रेष्ठले गाउँ नछाडे घरमा आगजनी गर्ने धम्की दिए। पीडितले स्थानीय प्रहरी चौकी, बखरीमा सोही दिन उजुरी दिइन्। प्रहरीले अनुसन्धान भइरहेको जनायो।

सबै प्रकारका जातीय विभेद

याङ्सिला गाविस-८ का २२ वर्षीय सुवास विक र १८ वर्षीया गङ्गा तामाङलाई अन्तरजातीय विवाह गरेको आरोपमा ०६५ माघ २८ गते सोही ठाउँका ३२ वर्षीय गौतम तामाङ र २८ वर्षीय नेत्र लिम्बूको नेतृत्वमा गाउँ निकाला गरे। गाउँ निकालापछि विस्थापित भएका पीडितद्वले शान्तिसुरक्षा, पुन:स्थापना र दोषीलाई कारवाहीको माग गर्दै इलाका प्रहरी कार्यालय, केराबारीमा माघ २९ गते उजुरी दिए। प्रहरीले घटनामा संलग्न भएको आरोपमा गौतम र नेत्रलाई फागुन २ गते गिरफ्तार गऱ्यो। फागुन ३ गते सर्वपक्षीय बैठकपछि पीडितद्वय पुन:स्थापित भए। नेत्र र गौतम आइन्दा पुन: यस्ता घटनामा संलग्न नहुने सर्तको कागज गरी सोही दिन रिहा भए।

कसेनी गाविस-१ की ३० वर्षीया विमला विक, सोही ठाउँका ३५ वर्षीय राजेन्द्र विक र ६५ वर्षीया हेममाया विकले खेतमा लाउने पानी छोएको आरोपमा ०६६ जेठ १५ गते उनीहरूलाई सोही ठाउँका राजेन्द्र तामाङ र दीपक तामाङले कुटपिट गरी घाइते बनाए। पीडितहरूको स्थानीय स्वास्थ्यकर्मी अमित बोगटीको पहलमा विराटनगरस्थित कोसी अञ्चल अस्पताल र स्थानीय स्वास्थ्य चौकीमा उपचार भयो। पीडकहरूको धम्कीपछि पीडितहरू जेठ १६ गतेदेखि विराटनगरमा नै विस्थापित भई बस्न बाध्य भए। पीडितले इलाका प्रहरी कार्यालय हरैंचामा जेठ १६ गते उजुरी दिइन्। पीडकलाई जेठ १६ गते नै प्रहरीले गिरफ्तार गरेकामा सोही दिन बिनाकारबाही रिहा गऱ्यो। पीडितहरू असार १ गते पुन:स्थापित भए।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

जिल्ला विकास समितिका अनुसार, कृषि मजदुरहरूको न्यूनतम दैनिक ज्यालादर ७५ रुपियाँ रहेको छ। जसमा पुरुषको ज्यालादर न्यूनतम ९० रुपियाँ र महिला ज्यालादर ७५ रुपियाँ रहेको छ। गैरकृषि क्षेत्रमा कार्यरत मजदुरहरूको न्यूनतम दैनिक ज्यालादर ९५ रुपियाँ रहेको छ। जसमध्ये पुरुषको १ सय १० रुपियाँ र महिलाको ९५ रुपियाँ रहेको छ। यो जिल्लामा भूमिहीन तथा सुकुमवासीसम्बन्धी तथ्याङ्क एवम् विवरण कुनै सरकारी तथा गैरसरकारी कार्यालयले नराखेका कारण प्राप्त हुन सकेन।

संरचना, सम्पति क्षति, कब्जा

एकीकृत माओवादीबाट

रौतहट जिल्ला, चन्द्रनिगापुर गाविस-५ निवासी *कान्तिपुर* पब्लिकेसन प्रालि विराटनगरका सवारीचालक ३५ वर्षीय होमबहादुर मोक्तान र झापा जिल्ला, दुर्गापुर गाविस-१ निवासी सोही पब्लिकेसनका वितरक २७ वर्षीय गजेश भण्डारीलाई एकीकृत माओवादीका कार्यकर्ताले बन्द अवज्ञा गरेको आरोपमा ०६६ जेठ २३ गते बेलबारी गाविस-४ स्थित महेन्द्र राजमार्गको लालभित्ती सडकखण्डमा बा.६च. ८२६६ नम्बरको सवारी रोकेर दुर्व्यवहार गरे। सोही क्रममा गाडीबाट वितरणका लागि झापा जिल्ला लाँदै गरेको पत्रिकासहित सो सवारीमा आगजनी गरेका थिए।

एकीकृत माओवादीका ६ नम्बर क्षेत्रका इन्चार्ज बद्री पासवानको नेतृत्वमा कटहरी गाविसस्थित नारी विकास सङ्घको एक बिघा र जनप्रिय माविको तीन बिघा जग्गा ०६६ मङ्सिर १ गते ऐलानी भन्दै झन्डा गाडेर कब्जा गरे। जग्गा कब्जापछि सो ठाउँमा भूमिहीनलाई बसोबासका निम्ति सो जग्गा वितरण गर्ने उनले जानकारी गराए। जिल्ला प्रहरी कार्यालयले उनीहरूले गाडेको झन्डा ०६६ मङ्सिर ३० गते हटायो।

पथरी गाविस-१ पथरी बजारस्थित जीवन विकास समाजको शाखा कार्यालयमा एकीकृत माओवादीका कार्यकर्ताले चर्को ब्याज लगाएको आरोपमा ०६६ मङ्सिर ३ गतेदेखि १२ गतेसम्म सो कार्यालयमा तालाबन्दी गरे। तालाबन्दी गर्ने क्रममा कार्यालयप्रमुख ललित गनगाईलाई जबरजस्ती बाहिर निकालेर धम्की दिँदै दुर्व्यवहार गरे। समाजले जनताबाट बढी ब्याज असुलेको कारण पार्टीको नीतिबमोजिम तालाबन्दी गरिएको एकीकृत माओवादीका जिल्ला सदस्य खेम भट्टराईले बताए।

विराटनगर उमनपा-१० निवासी सुरेश पारखको बुधनगर गाविसमा रहेको ३५ बिघा जग्गामा लगाएको धान एकीकृत माओवादीका स्थानीय कार्यकर्ता ब्रम्हानन्द यादवको नेतृत्वमा पार्टी कार्यकर्ताहरूले पार्टीलाई सहयोग नगरेको आरोपमा ०६६ मङ्सिर ७ गते काट्न रोक लगाए। पीडितले सोही दिन जिल्ला प्रशासन कार्यालयमा उजुरी दिए। उजुरीपछि पनि कारबाही भएन। पीडितले माओवादीलाई सहयोग गरेर धान काटे।

Final Eastren:Layout 1 2/9/2010 2:04 PM Page 143

बाहुनी गाविस-६ क्याम्पस्थित जीवन विकास समाजको शाखा कार्यालयमा एकीकृत माओवादीका स्थानीय कार्यकर्ता दिनेश भण्डारी र भीम नेपालको नेतृत्वमा सर्वसाधारणसँग चर्को ब्याज लिएर ऋण प्रवाह गरेको आरोपमा ०६६ मङ्सिर ७ गते तालाबन्दी गरे। सो तालाबन्दी ब्याज घटाउने सहमति भएको भन्दै एकीकृत माओवादीका कार्यकर्ताहरूले नै मङ्सिर १२ गते खोलिदिए।

टङ्कीसिनुबारी गाविस-१ का विष्णु चालिसेको दुई बिघा सात कट्ठा जग्गा एकीकृत माओवादीका जिल्ला कमिटी सदस्य खेमराज भट्टराईले किनबेच गर्न ०६६ मङ्सिर ८ गते रोक लगाए। पीडितले सो जग्गा बिक्रीका लागि नवीन पौडेल र टेकनाथ कोइरालासँग बैना लिएका थिए। ती दुई व्यक्ति आफ्नो पार्टीका कार्यकर्ता भएकाले उनीहरूलाई बेच्न नमिल्ने भनी पार्टी जिल्ला सदस्य भट्टराईले किनबेच कार्यमा रोक लगाएको बताए।

झापा, बैजनाथपुर गाविस-७ का ४३ वर्षीय नगेन्द्र राजवंशीको चार बिघा नौ कट्ठा जग्गा एकीकृत माओवादीका स्थानीय कार्यकर्ता जयराम माझी, शिवराम थानेदार र विष्णु ऋषिदेवले मोहीलाई जग्गा नदिएको आरोपमा ०६६ मङ्सिर ३० गते झन्डा गाडेर कब्जा गरे। पीडितले पुस १ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। जिल्ला प्रहरी कार्यालयले पीडकलाई कारवाही गर्न स्थानीय प्रहरी चौकीमा पुस २ गते पत्राचार गऱ्यो। यस वर्षको अन्त्यसम्म पीडकहरू फरार छन्।

राजघाट गाविस-८ का चन्द्र आचार्यले भोगचलन गरेको नारी शिल्प कला केन्द्रको चार बिघा जग्गा ०६६ पुस ५ गते स्थानीय एकीकृत माओवादीका कार्यकर्ता रामु धिमालको नेतृत्वमा सो पार्टीका कार्यकर्ताहरूले झन्डा गाडेर कब्जा गरे। माओवादीले नारी शिल्प कला केन्द्र विघटन भएको तथा सो जग्गा व्यक्तिले भोगचलन गरेकाले कब्जा गरेको प्रतिक्रिया दियो। पीडितले इलाका प्रहरी कार्यालय, उर्लाबारीमा पुस ६ गते उजुरी दिए। सो उजुरीमाथि कुनै कारबाही भएन। इलाका प्रहरी कार्यालयले सो विवाद वार्ताद्वारा मिलाउने पहल गरिएको प्रतिक्रिया दियो।

झुर्किया गाविस-९ का ५५ वर्षीय यामनाथ कोइरालाको चार बिघा जग्गा एकीकृत माओवादीका क्षेत्रीय सचिव जयन्तप्रसाद दासको नेतृत्वमा सो पार्टीका कार्यकर्ताहरूले यामनाथकी दोस्री पत्नी बुद्धिमायाका छोरा किशोरलाई अंश नदिएको आरोपमा ०६६ पुस ९ गते कब्जा गरे। यसअघि एक बिघा जग्गा दिने सहमति भएकामा सो कार्यान्वयन नगरेकाले पुनः जग्गा कब्जा गर्नु परेको सो पार्टीका जिल्ला इन्चार्ज शिवकुमार मण्डलले बताए।

नेकपा माओवादीबाट

अमरदह गाविस-७ स्थित नेपाल चर्खा प्रचारक गान्धी तुलसी स्मारक महागुठीको २२ बिघा जग्गा ०६६ जेठ २० गते नेकपा माओवादीका ४ नम्बर क्षेत्रीय इन्चार्ज शिवचरण राजवंशी, सदस्य विदेशी यादवलगायतको समूहले कब्जा गरी स्थानीयबासीलाई वितरण गऱ्यो। कब्जापछि सो जग्गामा बनाइएका घरटहरा इलाका प्रहरी कार्यालय, रङ्गेलीका इन्स्पेक्टर राजेश थापाको नेतृत्वमा जेठ २२ गते भत्काइयो। सो घरटहरा भत्काएको विरोधमा नेकपा माओवादीले असार ३ र ४ गते दुई दिन जिल्ला बन्द आह्वान गऱ्यो।

रङ्गेली गाविस-५ का ४५ वर्षीय प्रदीप साहको भारतबाट खरिद गरी ल्याउँदै गरेको चार बोरा चिनी र दुई बोरा धनिया भन्सार छलेर ल्याएको आरोपमा ०६६ जेठ १७ गते पुनःगठित नेकपा माओवादीका ४ नम्बर क्षेत्रीय इन्चार्ज रङ्गेली गाविस-४ निवासी राजेन्द्र मण्डलको नेतृत्वमा सो पार्टीका कार्यकर्ताले सोही गाविस-५ बाट कब्जा गरे। कब्जा गरेको सो सामान उनले स्थानीयबासीलाई वितरण गरे। सामान बुझ्न प्रहरी नआएका कारण गरिब किसानलाई वितरण गरिएको उनले बताए। घटनाबारे इलाका प्रहरी कार्यालय, रङ्गेलीका इन्स्पेक्टर राजेश थापाले कब्जा गरिएको सामान पत्रकार सम्मेलन गरी प्रहरीलाई बुझाउने भनिएकामा त्यसो नगरी एक्कासि वितरण गरिएको बताए। पीडितले क्षतिपूर्ति पाऊँ भनी इलाका प्रहरी कार्यालय, रङ्गेलीमा जेठ १८ गते उजुरी दिए। उजुरीउपर कारवाही भएन।

कटहरी गाविस-३ स्थित एक बिघा ऐलानी जग्गा नेकपा माओवादीका ६ नम्बर क्षेत्रीय इन्चार्ज सन्तोष गच्छदारको नेतृत्वमा ०६६ साउन ३२ गते सो पार्टीका कार्यकर्ताले कब्जा गरे। स्थानीय प्रशासनले सो घटनाबारे कुनै कारबाही चलाएन।

मञ्चसम्बद्ध सङ्घीय लिम्बूवान परिषद्बाट

सिजुवा गाविस-९ का ४६ वर्षीय अरुण साहको १० बोरा मल सङ्घीय लिम्बूवान राज्य परिषद्सम्बद्ध लिम्बूवान भोलेन्टियर्स मोरङका संयोजक मिलन लिम्बूको नेतृत्वमा आएका कार्यकर्ताहरूले पथरी गाविस-१ बाट ०६६ असार २१ गते कब्जामा लिएर स्थानीयबासीलाई बाँडे। सो मल भन्सार छली भारतबाट

Final Eastren:Layout 1 2/9/2010 2:04 PM Page 144

ल्याएको भन्दै कब्जामा लिएर वितरण गरिएको थियो। पीडितले घटनाबारे इलाका प्रहरी कार्यालय, उर्लाबारीमा सोही दिन जानकारी गराए पनि कुनै कारबाही भएन।

मधेसी जनअधिकार फोरमबाट

विराटनगर उमनपा-१७ स्थित डीएभी बोर्डिङ् स्कुलछेउको एक कट्ठा नम्बरी जग्गा मधेसी जनअधिकार फोरम जिल्ला समितिका अध्यक्ष उमेश यादवको नेतृत्वमा सो पार्टीका कार्यकर्ताहरूले ०६६ पुस ४ गते झन्डा गाडेर कब्जा गरे। बेवारिसे जग्गा भएकाले सो ठाउँमा पार्टी कार्यालय भवन निर्माण गर्न प्रयोग गरिने उनले बताए। सो जग्गा २५ वर्षदेखि धनी नभएर बेवारिसे अवस्थामा रहेकाले सदुपयोग गर्न कब्जामा लिएको सो पार्टीका जिल्ला अध्यक्ष यादवले जानकारी गराए। सो जग्गा कब्जाबारे उजुरी नपरेकाले कारबाही गर्ने अवस्था नभएको जिल्ला प्रहरी कार्यालयले प्रतिक्रिया दियो।

अनेकिसङ्घ (क्रान्तिकारी)बाट

एकीकृत माओवादीनिकट अखिल नेपाल किसान सङ्घका जिल्ला अध्यक्ष खगेन्द्र भण्डारीको नेतृत्वमा विराटनगर उमनपा-११ र कटहरी गाविस-२ को पाँच बिघा ऐलानी जग्गा सङ्घका कार्यकर्ताहरूले ०६६ मङ्सिर ५ गते कब्जा गरे। सो जग्गामा भूमिहीन तथा सुकुमवासीलाई बसोबास गराइने सङ्घका अध्यक्ष भण्डारीले बताए। सो विषयमा स्थानीय प्रहरी प्रशासनले कुनै प्रतिक्रिया सार्वजनिक गरेन।

कोचिला स्वायत्त राज्यपरिषद्बाट

विराटनगर उमनपा-१० स्थित सहिद मैदानको चार बिघा जग्गा कोचिला स्वायत्त राज्य परिषद्का जिल्ला अध्यक्ष लेखराज खवासको नेतृत्वमा सो परिषद्का कार्यकर्ताहरूले झन्डा गाडेर ०६६ मङ्सिर ३० गते कब्जा गरे। अध्यक्ष खवासले ०६६ पुस १ गते सहिद मैदानमा नै पत्रकार सम्मेलन गरेर ती जग्गा दुरूपयोग भएकाले कब्जा गरेको बताए।

लिम्बूवान भोलेन्टियर्सबाट

उर्लाबारी गाविस-६ मङ्गलबारेस्थित ममता लिम्बूको तीनतले पक्कीघर मञ्चसम्बद्ध सङ्घीय लिम्बूवान राज्यपरिषद्को भ्रातृसङ्गठन लिम्बूवान भोलेन्टियर्सका जिल्ला संयोजक मिलन नाम्बोको नेतृत्वमा छ जना कार्यकर्ताले ०६६ पुस १६ गते सो घर सुजनकुमार लिम्बूले बनाएकामा ममताले नसोधी बिक्री गरेको र सुजनकी पत्नीलाई सुशीलालाई छ वर्षअघि हड्कङ् लान्छु भन्दै बेपत्ता बनाएको आरोप लगाएर कब्जा गरे। बिक्री गरेको रकम सुजनलाई नदिएसम्म र सुशीलालाई उपस्थित नगराएसम्म कब्जा गरिएको घर फिर्ता नगरिने भोलेन्टियर्सका जिल्ला संयोजक मिलनले बताए।

मधेस मुक्ति टाइगर्सबाट

विराटनगर उमनपा-१३ निवासी लर्डबुद्ध बोर्डिङ् स्कुलका शिक्षक चिन्तामणि श्रेष्ठले सञ्चालन गरेको विराट छात्रावासमा मधेस मुक्ति टाइगर्सका कार्यकर्ताले ०६५ चैत १० गते राती बिजुली नभएको समयमा सकेट बम प्रहार गरे। विस्फोटनबाट छात्रावासका झ्याल र ढोकाका सिसाहरू फुटेर क्षति पुगेको जिल्ला प्रहरी कार्यालयका डीएसपी विद्यानन्द माझीले बताए। डीएसपी माझीका अनुसार, साइकल चढी आएका दुई जना कार्यकर्ताहरूले छात्रावासबाहिरबाट बम प्रहार गरेका थिए। सो घटनाको टाइगर्सका मोरङ इन्चार्ज राजीवले जिम्मेवारी लिए। यस वर्षको अन्त्यसम्म दोषीहरू फरार भए।

नेपाल डिफेन्स आर्मीबाट

विराटनगर उमनपा-१४, ट्राफिक चोकस्थित आन्तरिक राजस्व कार्यालय विराटनगरमा नेपाल डिफेन्स आर्मीका कार्यकर्ताले ०६६ असार ३० गते दिउँसो सुतली बम विस्फोट गराए। विस्फाटनबाट कुनै मानवीय क्षति भएन। कार्यालयका झ्यालका सिसाहरू फुटे। सो बम कार्यालयप्रमुखको आवासगृहको सिँढीमुनि राखेर विस्फोट गराइएको थियो।

अज्ञात समूहबाट

विराटनगर उमनपा-१५, पिछराका ६० वर्षीय चिरञ्जीवी दाहालको घरमा ०६५ चैत १३ गते राती अज्ञात व्यक्तिले सुतली बम प्रहार गरी क्षति पुऱ्यायो। विस्फोटनबाट घरका ढोका र झ्यालका सिसा फुटेर क्षति पुग्यो। बम प्रहारको कारण भने खुल्न सकेन।

सुनसरी जिल्ला, रामगञ्ज बेलगछिया गाविस-९ का ३० वर्षीय डोरीराम चमारको बा.१६प. ६३९३ नम्बरको मोटरसाइकल अज्ञात समूहले विराटनगर उमनपा-१५ स्थित केसलिया पुलमा रोकेर ०६६ पुस १० गते आगजनी गऱ्यो।

स्वास्थ्य सेवाको अवस्था

जिल्ला जनस्वास्थ्य कार्यालका अनुसार, जिल्लामा दुईओटा अस्पताल र सातओटा प्राथमिक

Final Eastren:Layout 1 2/9/2010 2:04 PM Page 145

स्वास्थ्य केन्द्रहरू रहेका छन्। ती अस्पताल तथा स्वास्थ्यकेन्द्रहरूमा कुल ८३ जनाको दरबन्दी रहेको छ। तीमध्ये प्राथमिक स्वास्थ्य केन्द्रमा सात जना, कोसी अञ्चल अस्पतालमा ७३ जना र रङ्गेली अस्पतालमा तीन जनाको दरबन्दी रहेको छ। दुईओटा अस्पताल र सात ओटा स्वाथ्यकेन्द्रमा कुल ५४ जना चिकित्सक बहालमा रहेका छन्। कोसी अञ्चल अस्पतालमा ४९ जना, रङ्गेली अस्पतालमा एक जना र प्राथमिक स्वास्थ्य केन्द्रमा तीन जना चिकित्सक कार्यरत छन्। त्यस्तै जिल्लाका दुईओटा अस्पताल, सातओटा स्वास्थ्य केन्द्र र ६५ ओटा स्वास्थ्यचौकीमा स्वास्थ्यकर्मीको दरबन्दी सङ्ख्या ३ सय ९५ रहेको छ। तीमध्ये प्राथमिक स्वास्थ्य केन्द्र तथा स्वास्थ्य चौकीमा कुल ३ सय ६२ जना स्वास्थ्यकर्मीहरू बहालमा रहेका छन्। जसमध्ये जिल्ला जनस्वास्थ्य कार्यालय अन्तर्गत २ सय ६५ जना, कोसी अञ्चल अस्पतालमा ८९ जना र रङ्गेली अस्पतालमा १० जना स्वास्थ्यकर्मी बहाल छन्।

१.६ सुनसरी

जनसङ्ख्या : १०,६८,१६६
साक्षरता प्रतिशत : ५७
महिला साक्षरता प्रतिशत : ३५
क्षेत्रफल (वर्ग कि. मि.) : १,२५७
गाविस/नपा सङ्ख्या : ४९/३
सरकारी/निजी विद्यालय : ४५९/५३
क्याम्पस/उच्च मा.वि. : ११/३२
अस्पताल/स्वास्थ्य चौकी : ३/५७
मानव विकास सूचकाङ्कः ०.५००
प्रतिपरिवार सरदर सङ्ख्याः ६

नागरिक तथा राजनीतिक अधिकार
सम्मानित रूपले बाँच्ने अधिकार
हत्या

अज्ञात समूहबाट

बक्लौरी गाविस-३ का ५० वर्षीय नागेन चौधरीलाई ०६६ जेठ ७ गते शरीरका विभिन्न भागमा खुकुरी प्रहार गरी अज्ञात समूहले हत्या गऱ्यो। प्रहरीले लासको पोस्टमार्टम जिल्ला अस्पताल सुनसरीमा ०६६ जेठ ८ गते गराइ परिवारको जिम्मा लगायो।

औरावनी गाविस-७ का ४५ वर्षीय खेदन चौधरीलाई ०६६ मङ्सिर २४ गते सिमरिया गाविसस्थित एबीआई इँटाभट्टामा अज्ञात समूहले धारिलो हतियार प्रहार गरी हत्या गऱ्यो। लासको जिल्ला अस्पताल इनरुवामा पोस्टमार्टम गराई परिवारको जिम्मा लगाएको प्रहरीले जनायो। घटनामा संलग्नहरूको खोजी कार्य भइरहेको इलाका प्रहरी कार्यालय, दुहबीले जनायो।

गोली/विस्फोटक पदार्थद्वारा घाइते

राज्यबाट

तनमूना गाविस-५ का ४५ वर्षीय भिखन मण्डल छिटाहा गाविस-५ मा लाग्ने सिरुवा मेलामा ०६६ वैशाख ५ गते विवाद हुँदा सशस्त्र प्रहरीले चलाएको गोली दाहिने खुट्टामा लागी घाइते भए।

त्यसैगरी, सोही मेलाको विवादलाई लिएर प्रहरीले गरेको लाठीचार्जबाट छिटाहा गाविस-५ का २५ वर्षीय अनोज साह, सोही ठाउँका २४ वर्षीय शम्भु साह र ३० वर्षीय राजेन्द्र साहका हातखुट्टामा लागी घाइते भए। घाइतेमध्ये भिखनको धरानस्थित वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचार भयो भने अन्य सबै जिल्ला अस्पताल, इनरुवामा उपचार भई घर फर्किए।

जेल र बन्दीहरू

भादगाउँ सिनुवारी गाविस-५, झुम्कास्थित क्षेत्रीय कारागारमा यस वर्षको अन्त्यसम्ममा कैद तोकिएका पुरुष १ सय ६ जना र कैद नतोकिएका १ सय ५० जना थुनुवा पुरुषहरू रहेका छन्। विदेशी कैद तोकिएका पुरुषमा नौ जना बन्दीहरू रहेको र कैद नतोकिएका पुरुषमा सात जना थुनुवाहरू रहेका छन्। यसरी क्षेत्रीय कारागार सुनसरीमा कुल २ सय ७२ जना बन्दी तथा थुनुवाहरू रहेका छन्।

कारागारको क्षमता ६ सय भए पनि भौतिक पूर्वाधार पूरा नभएका कारण महिला र

Final Eastren:Layout 1 2/9/2010 2:04 PM Page 146

घटनाको प्रकार	गैर राज्यबाट									राज्यबाट				
	अन्यबाट					एकीकृत माओवादीबाट								
	घटना सङ्ख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना सङ्ख्या	पुरुष	नखुलेको	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	११	९	३		१२									
घाइते										१	१			१
गिरफ्तारी/यातना										१	१	१		२
कुटपिट	३	५	२	९	१६					२	६			६
धम्की	२	३			३									
भेला/सङ्गठित हुने अधिकार										७	४६	२३	१८	८७
जातीय विभेद	१		१		१									
महिलाअधिकार	११		११		११									
बालअधिकार	९	५	८	१	१४									
आर्थिक/सामाजिक/ सांस्कृतिक अधिकार	२		१	१	२	२	१	१	२					
अपहरण	८	८			८									
जम्मा	४७	३०	२६	११	६७	२	१	१	२	११	५४	२४	१८	९६

बालबालिकालाई बन्दी तथा थुनुवाका रूपमा राखेको छैन। कारागारमा खानेपानीको रूपमा झुम्का खानेपानी आयोजनाबाट पानी दिए पनि खानेयोग्य नभएको तथा नुहाउँदा पनि घाउखटिरा, लुतो आउने गरेको चौकीदार टाइगर राईले बताए भने ट्युबेल पनि तीनओटा मात्र रहेकाले खानेपानी पर्याप्त छैन। कैदी बन्दीले कारागारमा शौचालय, विद्युत्, स्वास्थ्य उपचार, पत्रपत्रिका, रेडियो, टीभी, खेलकुद सामग्री, अध्ययन गर्ने सामग्रीलगायतको अभाव रहेको गुनासो गरे।

मोरङ जिल्लाको टाडी गाविस-४ निवासी क्षेत्रीय कारागार झुम्काका कैदी २४ वर्षीय अर्जुन तामाङलाई भादगाउँ सिनुवारी गाविस-५ स्थित क्षेत्रीय कारागार झुम्काका चौकीदार ३५ वर्षीय देवकुमार मेहता, सीटी कमान्डर ३२ वर्षीय तीर्थ महर्जन, कैदी बन्दीका नाइके ३६ वर्षीय सार्के तामाङ र नाइके ३८ वर्षीय सविर मियाँले ०६६ भदौ २९ गते कारागारभित्रै कुटपिट गर्दा मृत्यु भयो। तामाङको लासलाई धरानस्थित बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा ०६६ असोज ५ गते पोस्टमार्टम गरियो। घटनाको सत्यतथ्य बुझ्न सहायक प्रमुख जिल्ला अधिकारी हरिहर दाहालको नेतृत्वमा इन्सेकसहितको सात सदस्यीय छानबिन टोली गठन गरी ०६६ असोज ८ गते प्रतिवेदन सार्वजनिक गरियो। उक्त प्रतिवेदनमा कारागारका चौकीदार सीटी कमान्डर नाइके तथा सहयोगी कैदीहरू मुख्य दोषी भएको उल्लेख थियो।

जिल्ला अदालत, सुनसरीमा ०६६ पुस १ गते आरोपितहरूमाथि मुद्दा दायर भयो भने अदालतले ०६६ पुस १६ गते आरोपितमध्ये देवकुमार मेहता, सीटी कमान्डर तीर्थ महर्जन, कारागारका नाइके सार्के तामाङ र नाइके सविर मियाँलाई भोगिरहेको सजायमा थप कैद सजायको आदेश गऱ्यो।

बेपत्ता/अपहरण

जनतान्त्रिक तराई मुक्ति मोर्चा (रणवीर समूह)बाट

मोरङ जिल्ला विराटनगर उमनपा-५, कञ्चनबारी निवासी नेपाल टेलिकम क्षेत्रीय कार्यालय विराटनगरका सुपरभाइजर ४० वर्षीय शेखर पोखरेललाई ०६६ साउन २ गते जनतान्त्रिक तराई मुक्ति मोर्चा (रणवीर समूह)का कार्यकर्ताले देवानगञ्जमा रहेको नेपाल टेलिकमको टावर मर्मत गर्न गइरहेको अवस्थामा अमाहिबेला गाविसस्थित चन्दामोहन सिँचाइको बाँधबाट अपहरण गरे।

पीडितलाई मुक्त गर्नका लागि नेपाल टेलिकमले साउन २२ गते १३ लाख रुपियाँ फिरौती बुझाएको जनाए पनि मुक्त नभएपछि नेपाल र भारतीय प्रहरीको सहयोगमा भारतको मधेपुराबाट ०६६ साउन ३० गते प्रहरीले मुक्त गराएको थियो।

अपहरण मुक्त गराउने क्रममा प्रहरीले छापा मार्दा घटनास्थलबाट भारतीय नागरिक चन्द्रकिशोर यादव, पङ्कज यादव, विश्व यादव, राजीव यादवलगायतलाई गिरफ्तार गऱ्यो भने उनीहरूलाई भारतीय प्रहरीले लगेको सुनसरीका एसपी राजेन्द्रमान श्रेष्ठले बताए। अपहरणको आशङ्कामा ०६६ साउन ३ गते चिमडी गाविस-९ बाट प्रहरीले नेपाल टेलिकमका कर्मचारी सोनापुर गाविस-८ का ३५ वर्षीय चन्द्रकुमार चौधरी, चाँदबेला गाविस-३ का सुमन चौधरी र दुहवी गाविस-७ का अर्जुन चौधरीलाई हतियारसहित गिरफ्तार गरेको थियो। उनीहरूको साथबाट एक थान अमेरिकन पेस्तोल, चार राउन्ड गोली तथा खुकुरी बरामद गरेको प्रहरीले जनाएको थियो भने ०६६ साउन २३ गते चन्द्रकुमार, सुमन र अर्जुनलाई अनुसन्धानपछि रिहा गरेको थियो। सोही घटनामा इनरुवा नपा-६ निवासी नेपाल टेलिकम इनरुवा शाखा प्रमुख ४५ वर्षीय जियालाल मेहतालाई ०६६ असोज १ गते प्रहरीले अपहरणमा संलग्न रहेको आरोपमा इनरुवा नपा-७ स्थित कार्यालयबाट गिरफ्तार गरेको थियो। उनी जिल्ला अदालत सुनसरीको ०६६ असोज २० गतेको आदेश अनुसार सादा तारेखमा रिहा भए।

जनतान्त्रिक तराई मुक्ति मोर्चा (रणवीर समूह) बाट अपहरण गरिएका शेखर पोखरेल

अज्ञात समूहबाट

इनरुवा नपा-३ का ६५ वर्षीय खिलानन्द ढकाललाई ०६५ चैत २० गते तीनओटा मोटरसाइकलमा आएको अज्ञात समूहले सत्तरझोरा गाविस-६, हलैयास्थित घर गएको अवस्थामा अपहरण गऱ्यो। पीडित फिरौती रकम बुझाइ ०६६ वैशाख ६ गते अज्ञात स्थानबाट अपहरणमुक्त भए भने के कति फिरौती रकम बुझाए, पारिवारिक स्रोतले बताउन चाहेन।

विराटनगर उमनपा-१२ का ५८ वर्षीय रमेश तुलाधरलाई ०६५ चैत २४ गते कप्तानगञ्ज गाविस-२ स्थित आफ्नो कामतबाट घरतर्फ जाँदै गर्दा दुईओटा मोटरसाइकलमा आएका अज्ञात समूहले अमाहिबेला गाविस-३ स्थित सीतागञ्जबाट अपहरण गऱ्यो। पीडित ०६५ चैत २६ गते भुटाहा गाविस-६ बाट अपहरणकारीको कब्जाबाट भागी मुक्त भए।



अज्ञात समूहबाट अपहरण गरिएका खिलानन्द ढकाल

धम्की/कुटपिट

राज्यबाट

मोरङ जिल्ला बयरवन गाविस-८ रमाइलो निवासी *औजार* दैनिक समाचारपत्रका व्यवस्थापक २४ वर्षीय दामोदर गुरागाईंलाई ०६६ जेठ २६ गते इलाका प्रहरी कार्यालय इटहरीका प्रहरी हवल्दार नारायण कोइरालाको नेतृत्वमा रहेको टोलीले इलामबाट आउने भाइलाई पर्खिएर इटहरी नपा-१ स्थित बसपार्कमा बसिरहेको अवस्थामा कुटपिट तथा दुर्व्यवहार गऱ्यो। पीडितले ०६६ जेठ २८ गते इलाका प्रहरी कार्यालय, इटहरीमा दिएको उजुरीका आधारमा घटनामा संलग्न भएकाहरूलाई विभागीय कारबाही गरिएको इन्स्पेक्टर सुरेन्द्र सिटौलाले बताए।

इनरुवा नपा-७ निवासी नेविसङ्घका केन्द्रीय सदस्य ३२ वर्षीय राजन मेहता, सोही नपा-६ का २८ वर्षीय सुरेश मेहता, सोही नपा-७ की २४ वर्षीया मेरिना श्रेष्ठ, सोही नपा-५ का २७ वर्षीय कृष्ण अधिकारी र इनरुवा नपा-१ निवासी २५ वर्षीय चन्दन यादव बजारबाट घर फर्किने क्रममा प्रहरीलाई दुर्व्यवहार गरेको आरोपमा ०६६ साउन ३० गते उनीहरूलाई प्रहरीको टोलीले कुटपिट गरी घाइते बनायो। घाइतेहरूको टाउको, ढाड, हातखुट्टालगायतको ठाउँमा चोटपटक लागेको थियो। घाइतेहरूको उपचार जिल्ला अस्पताल इनरुवामा भयो। घटनामा संलग्न प्रहरीलाई कारबाही र पीडितलाई उपचार खर्च दिने भएपछि मिलापत्र भयो।

अनेरास्ववियु (क्रान्तिकारी)बाट

धरान नपा-१६ निवासी पब्लिक उच्चमाविका प्राचार्य ३९ वर्षीय लेखनाथ भट्टराईले विद्यालयमा अनियमितता तथा भ्रष्टाचार गरेको आरोपमा ०६६ असार २ गते अनेरास्ववियु (क्रान्तिकारी)का कार्यकर्ताहरूले कुटपिट गरी घाइते बनाए। उनको उपचार धरानस्थित बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा भयो। घटनाको निष्पक्ष छानबिन तथा दोषीलाई कारबाहीका लागि विद्यालय निरीक्षक दुर्गाप्रसाद खतिवडाको नेतृत्वमा २३ सदस्यीय छानबिन टोली

Final Eastren:Layout 1 2/9/2010 2:04 PM Page 148

गठन गरी काम सुरु गरेको जिल्ला शिक्षा अधिकारी हेमन्त सिंहले बताए भने टोलीले यस वर्षको अन्त्यसम्म प्रतिवेदन सार्वजनिक गरेको छैन।

थरूहट सङ्घर्ष समितिबाट

इटहरी नपा-२ निवासी *नमस्ते एफएम*का स्टेसन म्यानेजर २८ वर्षीय यादव नेपाल र मोरङ बाँसबारी निवासी सोही एफएमका २५ वर्षीय दुर्गा पराजुलीले बन्दको अवज्ञा गरी सवारी सञ्चालन गरेको आरोपमा ०६५ चैत २७ गते उनीहरूलाई थरूहट सङ्घर्ष समितिका कार्यकर्ताले हाँसपोसा गाविस-२ स्थित तरहरामा हातपात र दुर्व्यवहार गरे। पीडितद्वय धनकुटाबाट कार्यक्रममा भाग लिएर इटहरी आउँदै थिए।

गैरकानुनी गिरफ्तारी

नेपाल सरकारले सशस्त्र सङ्घर्षरत समूहलाई वार्ताका लागि आह्वान गरेपछि आफ्ना एजेन्डा सार्वजनिक गर्न पत्रकार सम्मेलन गर्ने क्रममा किराँत जनवादी वर्कस पार्टीका केन्द्रीय सदस्य तथा वार्ता कमिटी संयोजक भोजपुर जिल्ला पीडिङ गाविस-४ निवासी ४५ वर्षीय अन्नत राई किराँती र सदस्य उदयपुर जिल्ला बेलटार गाविस-१ घर भई मोरङ जिल्ला इटहरा गाविस-८ निवासी ४० वर्षीया पम्फा किराँतीलाई ०६५ पुस २९ गते इटहरी नपा-४ स्थित मनसान्त होटलबाट गिरफ्तार गऱ्यो। सरकारी वार्ता टोलीका मध्यस्तकर्ता ज्योति झाको रोहबरमा उनीहरू ०६५ माघ १ गते रिहा भए।

अभिव्यक्ति, भेला हुने र सङ्गठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

श्रीपुर गाविस-३ का कोसीपीडित ३५ वर्षीया अमिना खातुन, सोही गाविस-८ की ३९ वर्षीया करिम मियाँ, सोही गाविस-५ का ५० वर्षीय कमलेश्वर पुनसिया, सोही गाविस-३ का ४० वर्षीय स्लाम मन्सुरी, ६० वर्षीय जोहरा मियाँ, सोही गाविस-७ का ५६ वर्षीय मोजफर हुसेन, पश्चिम कुशाहा गाविस-३ का ५५ वर्षीय महावीर सरदार र श्रीपुर गाविस-३ की दुर्जनी खातुनलगायतले जिल्ला प्रशासन कार्यालय सुनसरीअगाडि नाराजुलुस गर्ने क्रममा प्रहरीले लाठीचार्ज गर्दा उनीहरूका हात, खुट्टा र टाउकामा लागी घाइते भए। घाइतेहरूको उपचार जिल्ला अस्पताल इनरुवामा भयो। पीडितहरूले जग्गाको सट्टा भर्ना, पुन:वास, क्षतिपूर्तिलगायत १५ बुँदे माग राखी ०६५ फागुन ८ गतेदेखि अनिश्चितकालीन चक्काजाम र बन्द गरेकामा फागुन १७ गते बन्दको कार्यक्रम फिर्ता लिएका थिए।

दुहवी गाविस-५ का थरूहट सङ्घर्ष समितिका संयोजक ४५ वर्षीय मन्नु चौधरी, तनमूना गाविस-७ का थारू कल्याणकारी सभाका ३५ वर्षीय राजेश चौधरी, सिमरिया गाविस-३ का २८ वर्षीय विजय चौधरी, दुहवी गाविस-३ का ३६ वर्षीय निर्मल चौधरी र सोही ठाउँका २८ वर्षीय राजेन्द्र विश्वास, खनार गाविस-४ स्थित रिलायन्स स्पेनिङ् मिल बन्द गराउने क्रममा प्रहरीले ०६५ फागुन १९ गते लाठीचार्ज गर्दा घाइते भए। पीडितहरूको ढाड, हात, पाखुरा, खुट्टा, टाउकोलगायतका ठाउँमा लाठीले लागी घाइते भए। उनीहरूको दुहवीस्थित जनकल्याण सामुदायिक उपचारकेन्द्रमा उपचार भयो। सरकारले आफूहरूलाई मधेसीको सूचीमा सूचीकृत गरेको भन्दै अनिश्चितकालीन बन्दको घोषणा गरेको थियो। प्रदर्शनकारीले बन्द गराउने क्रममा नेपाल रेडक्रस सोसाइटी सुनसरी, शाखाकाको को.१च. ६०० नम्बरको एम्बुलेन्स तथा आम्दा अस्पताल दमकका को.४प. ७९३७ नम्बरको एम्बुलेन्समा समेत तोडफोड गरेका थिए। सोही क्रममा *कान्तिपुर* दैनिक पत्रिका १ हजार प्रति खनारमा नियन्त्रणमा लिई जलाए। प्रदर्शनकारीले सोनापुर गाविस-२ स्थित रेन्बो इन्क्स इन्डस्ट्रिज प्रालि र स्वदेशी साबुन तथा पशुपति खाद्य उद्योगलगायत आधा दर्जन उद्योगमा समेत तोडफोड गरे।

पकली गाविस-२ बडहराका थरूहट कार्यकर्ताहरू २१ वर्षीया ममता चौधरी, १६ वर्षीया कल्पना चौधरी, १७ वर्षीया राधिका चौधरी, २५ वर्षीया गौमती चौधरी, ४५ वर्षीया पानवती चौधरी, १६ वर्षीया ज्ञानु चौधरी, २५ वर्षीया उजुरी चौधरी, १२ वर्षीया मीना चौधरी र १७ वर्षीय आशीष चौधरीले पकली सडकखण्डमा निषेधाज्ञाको विरोध गरी प्रदर्शन तथा सवारी रोक्न खोज्दा ०६५ चैत १ गते प्रहरीले पकलीस्थित स्यार्सेकाली पेट्रोल पम्पनजिकबाट गिरफ्तार गऱ्यो। उनीहरू ०६५ चैत २ गते सञ्चारकर्मी तथा अधिकारकर्मीको रोहबरमा रिहा भए। थारूलगायत जनजातिहरूलाई मधेसीमा सूचीकृत गरेको भन्दै तराईका जिल्लाहरूमा आमहडतालको घोषणा गरिएको थियो।

चिमडी गाविसस्थित इलाका प्रहरी कार्यालय, चिमडीले महिला हिंसाको उजुरी नलिएपछि स्थानीय महिला तथा महिला अधिकारकर्मीहरू प्रहरी कार्यालयमा धर्ना बस्न गएको अवस्थामा सई राजेश चौधरीको नेतृत्वमा रहेको प्रहरी टोलीले ०६६ चैत २९ गते

Final Eastren:Layout 1 2/9/2010 2:04 PM Page 149

अन्धाधुन्ध लाठीचार्ज गर्दा १६ जना महिला घाइते भए। घाइते हुनेहरूमा रामगञ्ज बेलगछिया गाविस-२ की ३५ वर्षीया ठकनीदेवी मेहता, २७ वर्षीया पार्वती चौधरी, २५ वर्षीया कुन्ती मेहता, २८ वर्षीया कञ्चन चौधरी, सोही गाविस-३ की ३० वर्षीया लक्ष्मी चौधरी, ३२ वर्षीया जुक्तिदेवी सरदार, २६ वर्षीया बुचिया सरदार, सोही गाविस-४ की ३० वर्षीया कारोदेवी सरदार, २५ वर्षीया बिजुलीदेवी साह, २५ वर्षीया मीना खड्ग, २८ वर्षीया सावित्रा कामत, ३० वर्षीया सीता कामत, ३२ वर्षीया सविता साह, चिमडी गाविस-४ की २६ वर्षीया वीना चौधरी, सोही गाविस-७ की २८ वर्षीया सुलोचना चौधरी र इनरुवा नपा-७ की २८ वर्षीया धनकुमारी लामा रहेका थिए। घाइतेहरूको हात, खुट्टा, ढाडलगायतका ठाउँमा चोट लागेको थियो। उनीहरूको कोसी अञ्चल अस्पताल विराटनगरमा उपचार भयो।

सोही दिन घटनाको स्थलगत अध्ययन तथा समाचार सङ्कलन गर्न गएका पत्रकारहरू *उद्घोष* दैनिकका मधेसा गाविस-७ का ३२ वर्षीय गोपाल कोइराला, *ब्लास्ट* दैनिकका इनरुवा नपा-३ का ४२ वर्षीय राजन निरौला, *फास्ट टाइम्स* दैनिकका मधेसा गाविस-७ का २२ वर्षीय अमर काफ्ले, *जनविद्रोह* दैनिकका बबिया गाविस-४ का १७ वर्षीय प्रमोद यादव र इन्सेक सुनसरी प्रतिनिधि डुम्राहा गाविस-३ का २८ वर्षीय सुकदेव चौधरीलाई सई चौधरीको नेतृत्वमा रहेको टोली तथा सादा पोसाकका प्रहरी जवान र केही युवाहरूले कुटपिट तथा दुर्व्यवहार गरे। उनीहरूले पत्रकार तथा अधिकारकर्मीले प्रयोग गरेको मोबाइल सेट तथा डिजिटल क्यामेरासमेत खोसेका थिए। जिल्ला प्रहरी कार्यालय, सुनसरीबाट डीएसपी राजेन्द्र ढकालको नेतृत्वमा रहेको टोली घटनास्थल पुगेर सर्वपक्षीय भेला गराउने सहमति भएपछि सबै जना आ-आफ्नो घरतर्फ लागेका थिए। घटनाको निष्पक्ष छानबिन गर्न जिल्ला प्रहरी कार्यालय सुनसरीका इन्स्पेक्टर देवीप्रसाद बरालको नेतृत्वमा तीन सदस्यीय छानबिन टोली गठन गरी विभागीय कारबाही गरेको एसपी राजेन्द्रमान श्रेष्ठले जनाए पनि कस्तो कारबाही भयो सार्वजनिक गरेनन्।

श्रीपुर गाविस-८ का कोसी बाढीपीडित ४० वर्षीय समिन अन्सारी, सोही ठाउँका ५१ वर्षीय कलिउद्दिन मियाँ, ५० वर्षीया सकिला खातुन, ३५ वर्षीय रहमान अन्सारी, ३६ वर्षीय इस्राइल मियाँ र ४० वर्षीय अब्बुल अन्सारी ०६६ चैत २९ गते श्रीपुर गाविस-८, जुद्धगञ्जमा सप्तकोसी बाढीपीडितहरूले राहत तथा क्षतिपूर्तिलगायतको माग राखी ढुङ्गामुढा राखेर सडक अवरोध गरिरहेको अवस्थामा मोरङबाट उपनिर्वाचन सकेर सप्तरी फर्कन लागेको प्रहरी टोलीले लाठीचार्ज गर्दा घाइते भए। उनीहरू सबैको उपचार जिल्ला अस्पताल इनरुवामा भयो। सप्तकोसी बाढीपीडितहरूले सडक अवरुद्ध गरी प्रदर्शन गरिरहेको अवस्थामा प्रहरी टोलीले तीन राउन्ड हवाई फायर गऱ्यो। आक्रोशित बाढीपीडितहरूले रोकेर राखेका ५२ ओटा सवारीसाधनमा समेत तोडफोड गरे।

इनरुवा नपा-७ स्थित जिल्ला प्रशासन कार्यालयमा सप्तकोसी बाढीपीडितहरूले आफ्ना सात सूत्रीय माग राखी धर्ना तथा तालाबन्दी गर्न जाँदा प्रहरी र प्रदर्शनकारीबीच ०६६ चैत ३० गते झडप हुँदा १९ जना प्रदर्शनकारी र पाँच जना प्रहरी घाइते भए। घाइते हुनेहरूमा सप्तकोसी बाढीपीडित श्रीपुर गाविस-८ का ६० वर्षीय हाजिसाफी रहमान, पश्चिम कुशाहा गाविस-४ का ३२ वर्षीय रामपुकार दास, हरिपुर गाविस-८ का ३२ वर्षीय तजमुल अन्सारी, सोही ठाउँका ३२ वर्षीय राजु यादव, पश्चिम कुशाहा गाविस-४ का ३३ वर्षीय जगदेव राउत, श्रीपुर गाविस-८ का मोहमद हारूप, सोही ठाउँका ३५ वर्षीय मोहमद याकुप, श्रीपुर गाविस-७ का ४० वर्षीय अब्बुल अली, सोही गाविस-८ का २५ वर्षीय ओरुजेब मन्सुरी, पश्चिम कुशाहा गाविस-४ का २० वर्षीय जफा मन्सुरी, सोही ठाउँका ३५ वर्षीय छोटी राम, ३० वर्षीय बुधराम, श्रीपुर गाविस-८ का ३० वर्षीय अजिम मियाँ, सोही ठाउँका ३० वर्षीय, मजित मियाँ, हरिपुर गाविस-२ का ५० वर्षीय मिश्रीलाल यादव, सोही गाविस-७ का ३८ वर्षीय मोहमद नउमुद्धिन, सोही गाविस-८ का २५ वर्षीय मोहमद सकिर, पश्चिम कुशाहा गाविस-९ का ४० वर्षीय जलाउद्धिन अन्सारी, श्रीपुर गाविस-८ का ४० वर्षीया कजमुल खातुन रहेका छन्। सप्तकोसी बाढीपीडितहरू प्रशासनअगाडि धर्ना तथा तालाबन्दी गर्न जाँदा प्रहरीहरूले रोक्न खोजेपछि झडप भएको थियो। त्यसैगरी, सोही झडपका क्रममा जिल्ला प्रहरी कार्यालय, इनरुवाका इन्स्पेक्टर ४० वर्षीय देवीप्रसाद बराल तथा प्रहरी जवानहरू २५ वर्षीय कल्याणी नेपाली, २८ वर्षीय ओमनारायण श्रेष्ठ, चीनबहादुर दाहाल र जीवानन्द साह पनि घाइते भए। घाइतेहरूको हात, खुट्टा, ढाड तथा शरीरमा चोटपटक लागेको थियो भने उनीहरू सबैको जिल्ला अस्पताल इनरुवामा उपचार भयो। अहिले उनीहरूको अवस्था सामान्य रहेको छ।

बराहक्षेत्र गाविसको चतरा बजार खुम्बूवान डेमोक्रेटिक फ्रन्टका कार्यकर्ताहरूले बन्द गराउने

Final Eastren:Layout 1 2/9/2010 2:04 PM Page 150

स्थलगत अध्ययन तथा समाचार सङ्कलन गर्न जाँदा प्रहरीबाट कुटपिट तथा दुर्व्यवहार गरिएका मानवअधिकार तथा सञ्चारकर्मीहरू

विषयमा संयुक्त प्रहरी टोलीले ०६६ वैशाख १२ गते अन्धाधुन्ध लाठीचार्ज गर्दा फ्रन्टका २४ जना कार्यकर्ता घाइते भए। घाइते हुनेहरूमा बराहक्षेत्र गाविस-२ का खुम्बूवान डेमोक्रेटिक फन्टका ४० वर्षीय इन्द्रहाङ खुम्बू, सोही गाविस-३ का खुम्बूवान कार्यकर्ता ६१ वर्षीय मानजित राई, भरौल गाविस-३ का ६१ वर्षीय धनप्रसाद खुम्बू, सोही ठाउँका २० वर्षीय सन्तोष खुम्बू, १७ वर्षीय विनोद खुम्बू, २४ वर्षीय बागधन राई, बराहक्षेत्र गाविस-१ का २१ वर्षीय प्रल्हाद राई, सोही गाविस-३ का १५ वर्षीय मन्दित मगर, ३० वर्षीय दिनेश राई, २० वर्षीय दिनेश राई, २० वर्षीया वीणा राई, २१ वर्षीय सन्दीप राई, ३० वर्षीया कविता राई, २५ वर्षीय सागर खुम्बू, सोही गाविस-४ का २० वर्षीय मनोज राई, २२ वर्षीय नवीन खुम्बू, २० वर्षीया तारा खुम्बू, १९ वर्षीय राम वान्तवा, २५ वर्षीय टीका राई, २४ वर्षीय विमल राई, ३५ वर्षीय निवसन राई, २१ वर्षीय सर्त बलाङ, १६ वर्षीय चन्द्रहाङ राई, २४ वर्षीया तारा खुम्बू र ३८ वर्षीय धनप्रसाद खुम्बू रहेका थिए। घाइते प्रदर्शनकारीहरूको ढाड, हातखुट्टा र टाउकोमा चोट लागेको थियो। उनीहरूको उपचार जिल्ला अस्पताल इनरुवामा भयो। प्रहरीले सबैलाई गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालय इनरुवाको हिरासतमा राखी आवश्यक अनुसन्धानपछि ०६६ वैशाख १६ गते सबैलाई रिहा गरेको थियो।

दुहवी गाविस-४ स्थित धनलक्ष्मी सेन्थेटिक लिमिटेडका मजदुरहरू ४० वर्षीय नेत्रबहादुर श्रेष्ठ, २२ वर्षीय दीपक लम्जेल, ३५ वर्षीय ध्यानी माझी, २५ वर्षीय उमेशलाल चौधरी, ३२ वर्षीय वेदप्रसाद सापकोटा, ४५ वर्षीय ओमप्रसाद सुवेदी, ३० वर्षीय कमल माझी र २९ वर्षीय विनोद पोखरेललाई आफ्ना सहकर्मीको सडक दुर्घटनामा मृत्यु भएको विषयमा क्षतिपूर्ति तथा दोषीलाई कारबाहीको माग गर्दै शान्तिपूर्ण प्रदर्शन गर्दा ०६६ साउन १५ गते इलाका प्रहरी कार्यालय दुहबीका प्रहरीले हस्तक्षेप गरी जथाभावी कुटपिट गरी घाइते बनाए। घाइतेहरूको हातखुट्टामा चोट लागेको थियो भने उनीहरू सबैको स्थानीय स्वास्थ्य केन्द्रमा उपचार भयो।

हाँसपोसा गाविस-२ का एकीकृत माओवादीका जिल्ला सहइन्चार्ज ४५ वर्षीय केदार गुरागाईं, प्रकाशपुर गाविस-७ का जनपरिचालन समिति संयोजक भोला भन्ने ४३ वर्षीय नरेन्द्र बस्नेत, धरान नपा-६ का सुकुमवासी प्रमुख ४४ वर्षीय राम सुब्बा, सत्तेरझोरा गाविस-२ का ४ नम्बर क्षेत्र सह-सेक्रेटरी ३८ वर्षीय चित्तनारायण खेरवार, भरौल गाविस-४ का वाईसीएल उपाध्यक्ष २९ वर्षीय बैजनाथ मेहता राष्ट्रपतिको कदम सच्याउनु पर्ने र नागरिक सर्वोच्चता कायम गर्नुपर्ने माग राखी प्रशासन कार्यालय घेराउ गर्ने क्रममा ०६६ कात्तिक १८ गते प्रहरीसँगको झडपमा परी घाइते भए। सोही क्रममा एकीकृत माओवादीका कार्यकर्ताहरू भोक्राहा गाविस-४ का ३१ वर्षीय शम्भु मेहता, धरान नगर इन्चार्ज ३२ वर्षीय चोतलुङ सुब्बा, इनरुवा नपा-१० बलाहाका ३८ वर्षीय राजन भट्टराई, औरावनी गाविस-९ की २८ वर्षीया शान्ति मुखिया, दुहवी गाविस-८ का ३५ वर्षीय इसराइल अन्सारी, इनरुवा नपा-९ की ३० वर्षीया राधा भट्टराई, साहेबगञ्ज गाविस-३ का रिजवान अन्सारी, मधेसा गाविस-९ का जुडीलाल मोची, सिमरिया गाविस-३ की २५ वर्षीया फूलोदेवी राम, पकली गाविस-६ का २९ वर्षीय मदन केसी, बबिया गाविस-४ का ३२ वर्षीय यदुनन्द यादव, सिङ्गिया गाविस-९ का ३३ वर्षीय नवराज ढुङ्गाना, मध्यहर्षाही गाविस-२ का सचिनन्द पाल, सोनियादेवी राम, जमुनादेवी मेहता, डुम्राहा गाविस-३ का भोला मुखिया, सोही गाविस-६ का उमेश चौधरी, मधेसा गाविस-६ का राम कार्की, वाईसीएल जिल्ला उपाध्यक्ष ३२ वर्षीय देवान, क्रान्तिकारी महिला समिति सदस्य भूमिका र सदस्य गुलावचन्द्र प्रहरीको लाठीचार्जबाट घाइते भए। त्यसैक्रममा माओवादी कार्यकर्ताको ढुङ्गा प्रहारबाट प्रहरी जवानहरू धरान बेस क्याम्पका रुद्रनारायण खत्वे, विजयकुमार थारू, विजय सुब्बा र सशस्त्र प्रहरी बल इनरुवाका प्रहरी जवान दिलीप न्यौपानेलगायत घाइते भएका थिए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत सुनसरीमा दुनियावादी फौजदारी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका ३ सय २५ थान मुद्दामध्ये यस वर्ष १ सय ६८ थान फर्स्यौट भई १ सय ५७ थान मुद्दा बाँकी रहे। यसैगरी,

Final Eastren:Layout 1 2/9/2010 2:04 PM Page 151

यस वर्ष दर्ता भएका दुनियावादी फौजदारी मुद्दा २ सय ३५ थानमध्ये यस वर्ष २ सय २९ फर्स्यौट भई छ थान मुद्दा बाँकी रहे। यसरी यस वर्ष दुनियावादी फौजदारी मुद्दा १ सय ७४ थान बाँकी रहे। अघिल्लो वर्षको जिम्मेवारी सरेर आएका तथा यस वर्ष दर्ता भएका दुनियावादी फौजदारी मुद्दा जम्मा ५ सय ६० थानमध्ये यस वर्ष २ सय २९ थान फर्स्यौट भई ३ सय ३१ थान बाँकी रहे।

सरकारवादी फौजदारी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका १ सय ९४ थान मुद्दामध्ये यस वर्ष ६३ थान फर्स्यौट भई १ सय ३१ थान बाँकी रहे। यस वर्ष दर्ता भएका सरकारवादी फौजदारी मुद्दा ८६ थानमध्ये २८ थान फर्स्यौट भई ५८ थान बाँकी रहे।

अघिल्लो वर्षको जिम्मेवारी सरेर आएका तथा यस वर्ष दर्ता भएका सरकारवादी फौजदारी मुद्दा जम्मा २ सय ८० थानमध्ये यस वर्ष ९१ थान फर्स्यौट भई १ सय ८९ थान बाँकी रहे।

देवानी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका ८ सय ३२ थान मुद्दामध्ये यस वर्ष २ सय ९९ थान फर्स्यौट भई ५ सय ३३ थान मुद्दा बाँकी रहे। यस वर्ष दर्ता भएका देवानी मुद्दा ४ सय १ थानमध्ये यस वर्ष ८९ थान फर्स्यौट भई ३ सय १२ थान मुद्दा बाँकी रहे। अघिल्लो वर्षको जिम्मेवारी सरेर आएका तथा यस वर्ष दर्ता भएका देवानी मुद्दा जम्मा १ हजार २ सय ३३ थानमध्ये यस वर्ष ३ सय ८८ थान मुद्दा फर्स्यौट भई ८ सय ४५ थान बाँकी रहे। यस वर्षको अन्त्यसम्ममा गत वर्षको जिम्मेवारी सरेका तथा यस वर्ष दर्ता भएका गरी जम्मा २ हजार ७३ थानमध्ये ७ सय ८ थान मुद्दा फर्स्यौट भई १ हजार ३ सय ६५ थान बाँकी रहे। यस वर्ष घरेलु हिंसाको मुद्दा एउटा मात्र दर्ता भए पनि वर्षको अन्त्यसम्म पनि त्यस मुद्दाको किनारा लागेको छैन।

बालअधिकार

यस जिल्लामा विद्यालय जाने उमेरका बालबालिकाको सङ्ख्या २ लाख २० हजार १ सय २१ (चार वर्षदेखि माथि र १८ वर्षमुनिका बालबालिकाहरू) रहेको छ भने विद्यालयमा १ लाख ६६ हजार १ सय ९४ भर्ना भएका छन्। जिल्ला शिक्षा कार्यालयका अनुसार विद्यालय भर्ना प्रतिशत ७५.५० रहेको छ। जिल्लामा अहिले पनि ग्रामीण क्षेत्रका आठ प्रतिशत अर्थात् २० हजार बालबालिका विद्यालय जान सकेका छैनन्। सरकारी विद्यालयमा विद्यालय प्रशासन र शिक्षा कार्यालयको बेवास्ता हुनु, द्वन्द्वको कारण देखाउँदै अहिले पनि विद्यालयमा नियमित अनुगमनको अभाव, विद्यालय भर्ना कार्यक्रम नाराजुलुसमा नै सीमित हुनु तथा लक्षित समुदायसम्म नपुग्नु, विद्यालयमा विद्यार्थी भर्ना दर देखाए पनि व्यावहारिक रूपमा बालबालिकाहरू विद्यालयमा नहुनु, सरकारी नीति अनुसार पनि विद्यार्थीहरूको पहुँचमा विद्यालय नहुनु, प्रत्येक गाविसमा माध्यमिक विद्यालय नहुनुलगायतका समस्याका कारण बालबालिकाहरू शिक्षाबाट वञ्चित भएको देखिन्छ।

रामगञ्ज बेलगछिया गाविस-३ का एक १४ वर्षीया र अर्की १३ वर्षीया बालिकालाई ०६५ माघ १८ गते अमडुवा गाविस-५ का २० वर्षीय वीरेन्द्र पासवान र सोही ठाउँका ३० वर्षीय बौवालाल सरदारले उखु काट्ने काम लगाइदिने भनी भारतको फारबीसगञ्ज पुऱ्याए। उनीहरू सोही दिन भागेर घर फर्किए। पीडितहरूले इलाका प्रहरी कार्यालय दुहवीमा ०६६ फागुन १४ गते उजुरी दर्ता गराए भने उजुरी दर्ता गराउने क्रममा दुहवीमा कार्यरत प्रहरी हवल्दार उदय कट्टेल र प्रहरी जवान रत्ना खवासले दुर्व्यवहार गरेको पीडितले बताए। प्रहरी जवान खवास र हवल्दार कट्टेलले आफूहरूले घटनाबारेमा सोधपुछ मात्र गरेको र कुनै किसिमका अपशब्द वा दुर्व्यवहार नगरेको बताए। उजुरीका आधारमा पीडकको खोजी कार्य भइरहेको प्रहरीले जनायो।

प्रहरीको लाठीचार्जबाट घाइते भएका खुम्बूवान डेमोक्रेटिक फन्टका कार्यकर्ताहरू क्रमशः बाघधन खुम्बू, बिमल खुम्बू, विनाद खुम्बू, अध्यक्ष इन्द्रहाङ्ग खुम्बू र प्रल्हाद खुम्बू

Final Eastren:Layout 1 2/9/2010 2:04 PM Page 152

प्रहरीको लाठीचार्जबाट घाइते भएका खुम्बूवान डेमोक्रेटिक फन्टका कार्यकर्ता सन्तोष खुम्बु

महेन्द्रनगर गाविस-४ बेलगाछीकी तीन वर्षीया एक बालिकालाई ०६५ माघ १९ गते सोही ठाउँका १८ वर्षीय हिमाल राणाले घरमा कोही नभएको अवस्थामा घरपछाडि परालको ढेडीमा लगी बलात्कार गरेको भन्दै पीडित पक्षले माघ २८ गते इलाका प्रहरी कार्यालय महेन्द्रनगरमा उजुरी दिएपछि पीडकलाई ०६५ फागुन ५ गते प्रहरीले गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण धरानस्थित बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा भयो। आरोपितलाई जिल्ला अदालत सुनसरीको आदेशमा ०६५ फागुन २५ गते पुर्पक्षका लागि विराटनगर कारागार चलान गरियो।

सिङ्गिया गाविस-४, धमौराका ११ वर्षीय अनिमेष आचार्यलाई ०६५ फागुन ९ गते छ जनाको एक समूहले आफ्नै घरमा बसिरहेको अवस्थामा परिवारका सदस्यहरूलाई डोरीले बाँधी बालकलाई अपहरण गऱ्यो। पीडितलाई चैत ६ गते अपहरणकारीहरूले खनार गाविस-४ स्थित गाविस कार्यालयपछाडिबाट मुक्त गरे। अपहरणको घटनामा संलग्न भएको आरोपमा इटहरी नपा-१ निवासी बालकका काका ३६ वर्षीय गुणराज आचार्य, काकी ३० वर्षीया तारा आचार्य र उनीहरूसँगै बस्दै आएका मोरङ गोठगाउँका ३२ वर्षीय गोपीकृष्ण भूर्तेललाई ०६५ फागुन १० गते प्रहरीले गिरफ्तार गरेको थियो। अपहरण तथा शरीर बन्धकसम्बन्धी मुद्दा चलाइ पीडकहरूलाई ०६५ चैत १० गते जिल्ला अदालत सुनसरीको आदेशमा पुर्पक्षका लागि मोरङस्थित विराटनगर कारागार चलान गरियो।

मोरङ जिल्ला बयरवन गाविस-६ का १२ वर्षीय अजय ऋषिदेव, कटहरी गाविस-५ का १४ वर्षीय चन्दन ऋषिदेव, सोही ठाउँका १३ वर्षीय दिनेश ऋषिदेव, १४ वर्षीय सुरज ऋषिदेव, १३ वर्षीय महेश ऋषिदेवलाई ०६५ चैत ८ गते सप्तरी जिल्ला सिङ्गिया-सिङ्गियोन गाविस-१ का ३५ वर्षीय रघुनन्दन साह र मोरङ जिल्ला कटहरी गाविस-५ का ३० वर्षीय बद्रीनारायण कामतले काम लगाइदिने प्रलोभन देखाइ बेचबिखन गर्न लाँदै गर्दा इनरुवा नपा-१ मा स्थानीयबासीहरूले नियन्त्रणमा लिई जिल्ला प्रहरी कार्यालय सुनसरीमा बुझाए। प्रहरीले पीडकहरूविरुद्ध प्रहरी कार्यालयमा लिखित जाहेरी नपरेको भन्दै ०६५ चैत १३ गते पीडकहरूलाई शिवलाल मुसहरको रोहबरमा रिहा गऱ्यो।

इनरुवा नपा-२ की नौ वर्षीया एक बालिकालाई सोही नपा-१ का ३५ वर्षीय गोरे श्रेष्ठले ०६६ वैशाख २९ गते घरमा खेलिरहेको अवस्थामा ललाइफकाइ बाँसघारीमा लगी बलात्कार गरेको भन्दै पीडितपक्षले जिल्ला प्रहरी कार्यालय इनरुवामा ०६६ जेठ ३ गते लिखित जाहेरी दिए। पीडित बालिकाको सोही दिन स्वास्थ्य परीक्षण जिल्ला अस्पताल इनरुवामा भएको थियो। जिल्ला प्रहरी कार्यालयका इन्स्पेक्टर देवीप्रसाद बरालले आरोपितको खोजी भइरहेको बताए।

भोक्राहा गाविस-६ की चार वर्षीया सुशीला खत्वेको ०६६ वैशाख १६ गते उनकै आमा २५ वर्षीया फूलोदेवी खत्वे, उनका ससुरा ४० वर्षीय वसन्त खत्वे र छिमेकी ३० वर्षीय सहदेव खत्वेले घरमै घाँटी थिचेर हत्या गरे। मृतकको जिल्ला अस्पताल इनरुवामा परीक्षण गरी परिवारको जिम्मा लगाए। घटनामा संलग्न पीडकमध्ये फूलोदेवी र सहदेवलाई प्रहरीले सोही दिन गिरफ्तार गरी जिल्ला अदालत सुनसरीको आदेशमा ०६६ जेठ १० गते पुर्पक्षका लागि विराटनगर कारागार चलान गऱ्यो। पीडक वसन्त यस वर्षको अन्त्यसम्म फरार रहेको प्रहरीले जनायो।

भोक्राहा गाविस-३ का १५ महिने बालक सचिन पौडेल बिरामी भई उपचार गर्न नसक्दा ०६६ वैशाख २६ गते उनकी आमा २५ वर्षीया सीता पौडेलले डुम्राहा गाविस-३ स्थित शान्तिवनमा घाँटी थिचेर हत्या गरिन्। मृतक बालकको पोस्टमार्टम जिल्ला अस्पताल इनरुवामा गराइ प्रहरीले परिवारको जिम्मा लगायो। पीडकलाई जिल्ला अदालत सुनसरीको आदेशमा ०६६ जेठ १४ गते पुर्पक्षका लागि विराटनगर कारागार चलान गरियो।

इटहरी नपा-४ स्थित युनिभर्सल बोर्डिङ् स्कुलकमा कक्षा ५ का छात्र १० वर्षीय पुष्कर ओझा, १० वर्षीय आशीष खड्का, ११ वर्षीया सुष्मिता बोहरा, १० वर्षीय लालबहादुर कोइराला, नौ वर्षीया बबिता कठैत, १२ वर्षीय विशाल रानामगर, १० वर्षीय मनोज खड्का र ११ वर्षीया विमला गौतम, जानुका खड्कालगायतलाई ०६६ जेठ ३१ गते सोही विद्यालयका

Final Eastren:Layout 1 2/9/2010 2:04 PM Page 153

शिक्षक ३२ वर्षीय भवीन्द्र आचार्यले प्रिटेस्ट परीक्षामा फेल भएका कारण कुटपिट र १ सय २० पटकसम्म उठबस गराउँदा विद्यार्थीहरू बेहोस भए। उनीहरू सबैको उपचार धरानस्थित बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा भयो भने पीडक शिक्षकलाई अभिभावक, प्रहरीलगायतको उपस्थितिमा विद्यालयबाट ०६६ असार ४ गते अवकाश दिएको प्रिन्सिपल केदार खड्काले बताए।

धरान नपा-६ का ४ वर्षीय बालक प्रणय गुरुङलाई पौडी खेलाउन लैजाने भन्दै ०६६ साउन ३२ गते भारतको दार्जीलिङ घर भई धरान नपा-७ बस्ने २५ वर्षीय सनी प्रधानले धरानबाट अपहरण गरे। पीडित बालक नेपाल र भारतीय प्रहरीको सहयोगमा भारतको सिलगुडीबाट ०६६ भदौ २ गते अपहरणमुक्त भए। बालकलाई मुक्त गराउने क्रममा पीडकलाई सोही दिन प्रहरीले गिरफ्तार गऱ्यो भने पीडक भारतीय नागरिक भएकाले सोही दिन भारतीय प्रहरीको जिम्मा लगाएको नेपाल प्रहरीले जनायो।

धरान नपा-१६ की १४ वर्षीया एक बालिकालाई ०६६ भदौ २९ गते सिराहा जिल्लाको लाहान नपा-५ घर भई धरानको रेल्वे अस्थायी प्रहरी चौकीमा कार्यरत २४ वर्षीय सुरेशकुमार साह, धरान नपा-१७ का २२ वर्षीय विकास कार्की, सिराहा जिल्ला लाहान नपा-५ का २६ वर्षीय प्रदीप साह र सोही ठाउँका २५ वर्षीय नूर मुसलमानले मारुती भ्यानमा जबरजस्ती राखेर धरान चतरा सडक खण्डको पटनाली जङ्गलमा पुऱ्याई सामूहिक बलात्कार गरेको भन्दै बालिकाले इलाका प्रहरी कार्यालय धरानमा दिएको उजुरीका आधारमा प्रहरीले सुरेश र विकासलाई सोही दिन गिरफ्तार गऱ्यो। दुवैलाई जिल्ला अदालत सुनसरीको आदेशमा ०६६ असोज २६ गते झुम्कास्थित क्षेत्रीय कारागार चलान गरियो भने प्रदीप र नूर मुसलमान यस वर्षको अन्त्यसम्म फरार रहेको इन्स्पेक्टर मोहनविक्रमले जनाए।

सत्तेरझोरा गाविस-२ की एक १५ वर्षीया बालिकालाई ०६६ असोज १६ गते घाँस काट्न खेतमा गएको अवस्थामा रामनगर भुटाहा गाविस-७ का ३० वर्षीय मुर्सिद अन्सारी, सोही ठाउँका २६ वर्षीय खुर्शीद अन्सारीले सामूहिक बलात्कारको प्रयास गरे। स्थानीयबासीहरूले उनीहरूलाई लखेट्दै जाँदा मुर्सिद अन्सारीलाई नियन्त्रणमा लिई प्रहरीको जिम्मा लगाए भने ०६६ असोज १७ गते जिल्ला प्रहरी कार्यालय इनरुवामा लिखित जाहेरी दिए। जाहेरी बेवास्ता गर्दै प्रहरीले ०६६ असोज १८ गते रिहा गरेको पीडित पक्षले जनायो।

प्रहरीबाट कुटपिट गरिएका नेपाली काङ्ग्रेसका केन्द्रीय सदस्य राजन मेहता

धरान नपा-१७ की नौ वर्षीया एक बालिकालाई ०६६ असोज २५ गते पाँचथर जिल्ला रवि गाविस-१ घर भई धरान नपा-१७ का ५४ वर्षीय सन्तोष राईले घरमा कोही नभएको अवस्थामा बलात्कार गरेको भन्दै ०६६ असोज २६ गते जाहेरी दिए। आरोपितलाई गिरफ्तार गरी जिल्ला अदालत सुनसरीको आदेशमा ०६६ कात्तिक १५ गते झुम्कास्थित क्षेत्रीय कारागार चलान गरियो। पीडित बालिकाको सोही दिन धरानस्थित बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा स्वास्थ्य परीक्षण भएको थियो।

नरसिंह गाविस-४ का तीन महिनाका दिलसदा मियाँलाई ०६६ मङ्सिर २३ गते उनकै बुबा ४० वर्षीय करम मियाँले आफ्नी कान्छी पत्नी माइतबाट घर नआएका झोकमा छोराको घाँटी थिचेर हत्या गरे भने छोरी चार वर्षीया सकिना खातुनको हत्या प्रयास गरे। मृतक बालकको लास जिल्ला अस्पताल इनरुवामा ०६६ मङ्सिर २४ गते पोस्टमार्टम भयो भने घाइते बालिकाको उपचार सोही दिन सोही अस्पतालमा भयो। घटनामा संलग्न रहेका पीडक यस वर्षको अन्त्यसम्म फरार रहेको जिल्ला प्रहरी कार्यालयले जनायो।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

धरान नपा-८ लाङघारी चोकका २७ वर्षीया एक महिलालाई ०६५ माघ २५ गते सोही ठाउँका २१ वर्षीय सुरज तामाङ, २५ वर्षीय राम मगर, २८ वर्षीय गोपाल तामाङ र ३० वर्षीय दिलीप मल्लिकले पाँचकन्याको बाँझघरामा बलात्कार गरेको भन्दै इलाका प्रहरी कार्यालय, धरानमा ०६५ माघ २९ गते पीडितपक्षले जाहेरी दियो। आरोपितमध्ये सुरज तामाङ र राम मगरलाई प्रहरीले माघ २९ गते गिरफ्तार गऱ्यो भने अरू दुई जना फरार रहेको प्रहरीले जनायो। तामाङ र मगरलाई जिल्ला अदालत, सुनसरीको आदेशमा ०६५ फागुन २६ गते पुर्पक्षका लागि विराटनगर कारागार चलान गरियो।

इटहरी नपा-१ की १८ वर्षीया एक युवतीलाई घर आउने क्रममा बाटैमा ०६५ चैत २ गते सोही ठाउँका २९ वर्षीय करण बस्नेतले बलात्कार गरेको आरोपमा आरोपितलाई जिल्ला

Final Eastren:Layout 1 2/9/2010 2:04 PM Page 154

अदालत सुनसरीको आदेशमा ०६५ चैत ३१ गते पुर्पक्षका लागि मोरङस्थित विराटनगर कारागार चलान गरियो।

भोक्राहा गाविस-३, ढोककी ३० वर्षीया एक महिलालाई घरमा सुतिरहेको अवस्थामा ०६६ असार १८ गते सोही ठाउँका ४० वर्षीय जगदीश मेहताले बलात्कार गरेको भन्दै ०६६ असार १९ गते प्रहरीमा उजुरी दिइन्। पीडितको सोही दिन स्वास्थ्य परीक्षण जिल्ला अस्पताल इनरुवामा भयो भने थप परीक्षणका लागि बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरान पठाइएको थियो। आरोपितको खोजी कार्य भइरहेको प्रहरीले जनायो।

पारिवारिक हिंसा

गौतमपुर गाविस-७ की २० वर्षीया रामवती मेहतालाई मागेजति दाइजो नदिएको आरोपमा ०६५ माघ १४ गते पति ३० वर्षीय विष्णुदयाल मेहताले घरनिकाला गरे। पीडितले इलाका प्रहरी कार्यालय हरिनगरामा ०६५ माघ १६ गते उजुरी दिइन्। स्थानीय गाउँलेहरूको भेलाले ०६५ माघ १७ गते सर्वपक्षीय छलफल गरी पीडितलाई २ लाख ५० हजार रुपियाँ क्षतिपूर्ति दिलाउने निर्णय गरे तापनि पीडितले नमानेपछि कुनै निचोड आएन। ०६० सालमा छिटाहा गाविस-९ बाट विष्णुदयालसँग विधिवत रूपमा विवाह सम्पन्न भएपनि पतिको घरमा छ महिनासम्म मात्र राम्ररी बस्न पाएको पीडितले बताइन्। पीडितलाई पटकपटक दुर्व्यवहार गरेका कारण माइतीकै शरणमा बस्दै आएको उनले जनाइन्।

पाँचकन्या गाविस-२ की २६ वर्षीया रेश्मा थापा (काफ्ले)लाई दाइजो कम ल्याएको भन्दै ०६५ फागुन ५ गते उनका ससुरा इटहरी नपा-८ का ५५ वर्षीय भूपालमान थापा, सासू ५५ वर्षीया अम्बिका थापा

बोक्सीको आरोपमा कुटपिट गरी घाइते बनाइएकी महरोदेवी पण्डित

र पति नवीन थापाले कुटपिट गरी घरनिकाला गरे। पीडितले ०६६ मङ्सिर ८ गते जिल्ला अदालत सुनसरीमा घरेलु हिंसा अन्तर्गत दायर गरेको मुद्दाको यस वर्षको अन्त्यसम्म किनारा लागेको छैन।

चिमडी गाविस-१ की २७ वर्षीया बन्दना पालको ०६६ वैशाख २ गते उनका पति ३२ वर्षीय हरिहर पालले घरायसी विवादलाई लिएर खुर्पाले घाँटी र पेटमा प्रहार गरी हत्या गरे। मृतकको लासलाई ०६६ वैशाख ३ गते मोरङ जिल्लास्थित कोसी अञ्चल अस्पतालमा पोस्टमार्टम गराएपछि परिवारको जिम्मा लगाइयो। पीडकलाई सोही दिन इलाका प्रहरी कार्यालय दुहवीले नियन्त्रणमा लियो भने जिल्ला अदालत सुनसरीको आदेशमा ०६६ वैशाख २७ गते पुर्पक्षका लागि विराटनगर कारागार चलान गऱ्यो।

छिटाहा गाविस-९ निवासी कृषि मजदुर २६ वर्षीया शान्तिदेवी ऋषिदेव उनका पति ३० वर्षीय सिक्चिलिया ऋषिदेवले कृषि मजदुरको भेला गराई ज्याला वृद्धिको माग गरेको भन्दै ०६६ असार १५ गते सोही ठाउँका २५ वर्षीय किसुनदेव ऋषिदेव, ३० वर्षीय मनोज चौधरी र २२ वर्षीय विश्वप्रकाश चौधरीलगायतले कुटपिट गरी घाइते बनाए। घाइतेको सोही दिन जिल्ला अस्पताल इनरुवामा उपचार भयो भने जिल्ला प्रहरी कार्यालयमा ०६६ असार १६ गते उजुरी दिए पनि पीडकहरूलाई कुनै कारवाही भएन।

दुर्व्यवहार

बबिया गाविस-५ की ३० वर्षीया जवरुन खातुनलाई बोक्सीको आरोपमा ०६६ जेठ २३ गते सोही ठाउँका ३५ वर्षीय कलिम मियाँ, २५ वर्षीया सहिदा खातुन, २७ वर्षीया रुवेदा खातुन र २६ वर्षीय नियामुद्दिन मियाँले निर्घात कुटपिट गरी अभक्ष खुवाइ घाइते बनाए। पीडितले जिल्ला प्रहरी कार्यालयमा ०६६ जेठ २६ गते उजुरी दर्ता गराइन्। उनको उपचार जिल्ला अस्पताल इनरुवामा भयो भने पीडकहरू यस वर्षको अन्त्यसम्म फरार रहेको प्रहरीले जनायो।

अमाहिबेला गाविस-१ की २६ वर्षीया फूलोदेवी चौधरीलाई बोक्सीको आरोपमा ०६६ जेठ २४ गते सोही ठाउँकी ३० वर्षीया सुन्तरियादेवी चौधरी, ४५ वर्षीया जात्रीदेवी चौधरी, ५५ वर्षीया चननियाँ चौधरी, सोही गाविस-२ की ४५ वर्षीया किरणियाँ चौधरी र २५ वर्षीया सरस्वती चौधरीले कुटपिट तथा दुर्व्यवहार गरे। पीडितले इलाका प्रहरी कार्यालय चिमडीमा जेठ २५ गते दिएको उजुरीका आधारमा जेठ २७ गते बसेको सर्वपक्षीय बैठकको छलफलबाट उपरान्त कसैले बोक्सी आरोपमा कुटपिट तथा दुर्व्यवहार नगर्ने भनी मिलापत्र

Final Eastren:Layout 1 2/9/2010 2:04 PM Page 155

गरे। त्यसैगरी, घटनालाई उजागर गरी पीडितको पक्षमा वकालत गरेको भन्दै लालीगुराँस महिला फेडरेसनमा कार्यरत सोही गाविस-४ की २७ वर्षीया रेखा सरदार र सोही गाविस-१ की २९ वर्षीया विणा चौधरीको विरोधमा स्थानीय महिलाहरूले नाराजुलुस गर्दै असार ९ गते गाविसको कार्यालयमा गई पुतला दहन गर्ने प्रयास गरे भने उनीहरूलाई कार्यालय बाहिर निकाली दुर्व्यवहार गरेको प्रहरीले जनायो।

इनरुवा नपा-७ की ४० वर्षीया महरोदेवी पण्डित र उनका पति ४६ वर्षीय जुगुतनारायण पण्डितलाई बोक्सीको आरोपमा ०६६ कात्तिक १४ गते सोही ठाउँका ४५ वर्षीय दसन पण्डित, ४० वर्षीय जोगिन्द्र मण्डल, ४० वर्षीय पर्शुराम मण्डल, ३३ वर्षीय डोमा मण्डल, ३६ वर्षीय हरि मण्डललगायतले कुटपिट गरी घाइते बनाए। पण्डित दम्पतीलाई छिमेकीहरूले बोक्सीको आरोप लगाउँदा लाठी र बाँसको भाटाले जथाभावी कुटपिट गर्दा टाउको फुटेको पण्डितका छोरा बेचन पण्डितले बताए। छिमेकी दसन पण्डितको पाडो बोक्सी लागी मरेको, रेणु लोहारको बच्चालाई बोक्सीको मन्त्रणाबाट रगत दिसा गर्न लगाएको लगायतका विभिन्न आरोप पीडकहरूले लगाएका थिए। प्रहरीका अनुसार लिखित उजुरी नदिएकाले ०६६ कात्तिक २० गते दुवै पक्षलाई बोलाइ उपचार गर्नका लागि खर्च दिने र उपचारपछि फेरि छलफल गर्ने भनी सहमतिमा छोडिदिएको इन्स्पेक्टर मोहमत इश्राइल अन्सारीले बताए।

डुम्राहा गाविस-६ की ४५ वर्षीया बुधनीदेवी ठाकुरलाई स्थानीय अनिता सिंहको बच्चालाई बिरामी बनाएको भन्दै बोक्सीको आरोपमा ०६६ पुस ४ गते सोही गाविस-३ की धामी ३५ वर्षीया गालो चौधरीले दुर्व्यवहार गरिन्। स्थानीय गाउँले, पीडित र पीडकलगायतको उपस्थितिमा ०६६ पुस ५ गते सर्वपक्षीय छलफल गरी उपरान्त दुर्व्यवहार नगर्ने भनी प्रहरी रोहबरमा कागज गरी मिलापत्र गरे।

सबै प्रकारका जातीय विभेद

बराहक्षेत्र गाविस-५, मारखोला झारटोलकी २० वर्षीया निर्मला विकले सार्वजनिक धारामा पानी लिन जाँदा ०६६ वैशाख ४ गते सोही ठाउँकी ३० वर्षीया भारती श्रेष्ठले छुवाछूत तथा दुर्व्यवहार गरिन्। घटना सार्वजनिक भएपछि सर्वपक्षीय भेला भई उपरान्त कहिल्यै पनि छुवाछूत तथा दुर्व्यवहार नगर्ने भनी पीडितसँग माफ मागेपछि ०६६ वैशाख ६ गते दुवै मिलेका थिए।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

सुकुमवासीहरूले आफू बसेको जग्गा पाऊँ भनी ०६० भदौ २२ गतेसम्म जिल्ला प्रशासन कार्यालय, सुनसरीमा १३ हजार २ सय ६७ जनाले निवेदन दिएका थिए। हालसम्म कसैले पनि जग्गा तथा धनीपुर्जा पाएका छैनन्।

जिल्लामा कृषि मजदुरहरूको न्यूनतम ज्यालाका लागि मजदुर सङ्घसङ्गठनहरूको सहमति अनुसार महिला र पुरुष दुवैलाई समान कामको समान ज्याला १ सय ५० रुपियाँ उपलब्ध गराउने भनिए पनि व्यवहारमा १ सय रुपियाँ मात्र दिइने गरेको छ। महिला र पुरुषबीचको ज्यालामा कतिसम्म विभेद छ भने पुरुषले गर्ने काम महिलाले पनि समान समयमा गरे पनि पुरुषले १ सय ५० देखि २ सय रुपियाँसम्म पाउने तर महिलाले ५० देखि १ सय रुपियाँ मात्र पाउने गरेका छन्।

संरचना, सम्पत्ति क्षति

एकीकृत माओवादीबाट

छिटाहा गाविस-३, ४ र ५ स्थित सुरेन्द्र अग्रहरिको १ सय ४७ बिघा जग्गा एकीकृत माओवादीका कार्यकर्ताले ०६६ असार ७ गते उपभोग तथा बेचबिखन गर्न नपाउने गरी पार्टीको झन्डा र ब्यानर टाँगेर कब्जा गरेको घोषणा गरे। सोही दिन उक्त कब्जा गरेको जग्गा भूमिहीन सुकुमवासीहरूलाई बाँड्ने कोचिला राज्य समितिका सदस्य ओके दाहालले जनाए।

धरानस्थित गीता मन्दिरको गुठी अन्तर्गत रहेको इटहरी नपा-४, हलगडाको १ बिघा १८ कट्ठा जग्गा एकीकृत माओवादीनिकट अखिल नेपाल सुकुमवासी समिति र अखिल नेपाल किसान सङ्घ (क्रान्तिकारी)ले ०६६ मङ्सिर ३० गते जग्गाको चारैतर्फ पार्टी र सङ्गठनको झन्डा गाडी कब्जा गरेको घोषणा गऱ्यो। सामन्तहरूले भगवान्का नाममा जग्गा राखेर भ्रष्टाचार गरेकाले पार्टीको केन्द्रीय नीति अनुसार जग्गा कब्जा गरिएको भनी सोही दिन किसान सङ्घका अध्यक्ष छवि सुवेदीले बताए। उता कब्जा गरिएको जग्गाको सबै झन्डा उखेलिदिएको इलाका प्रहरी कार्यालय, इटहरीले जनायो।

नेकपा माओवादीबाट

पकली गाविस-१ स्थित बजार क्षेत्रमा रहेको रामजानकी मन्दिरको १७ बिघा जग्गा नेकपा माओवादीका कार्यकर्ताहरूले ०६६ पुस १५ गते पार्टीको झन्डा गाडेर कब्जा गरे। नेकपा माओवादीका सुनसरी

Final Eastren:Layout 1 2/9/2010 2:04 PM Page 156

जिल्ला सदस्य राजकुमार गुरुङले सो जग्गा चार जना सुकुमवासीहरूको मोही रहेको र मोहीहरूलाई झुक्याएर भूमाफियाले जग्गा किनबेच गर्न खोजेको सूचनाका आधारमा आफूहरूले कब्जा गरेको बताए। उनका अनुसार सो जग्गामा वर्षौंदेखि स्थानीय पूर्णिमा चौधरी, गगुनदास, गराई चौधरी र भूवन रिजालको मोही रहेको थियो।

दुहवी गाविस-४ स्थित डाँगाचोकमा थारू कल्याणकारी सभाका कार्यकर्ताहरूले धरानबाट प्रकाशित हुने *फास्ट टाइम्स* दैनिकमा समाचार नआएको भन्दै ०६५ माघ २६ गते आगजनी गरे।

सोही ठाउँमा बन्दकर्ताहरूले को.१च. ४१६ र को.१च. ३३३ नम्बरका दुईओटा मारुती भ्यान र एक एम्बुलेन्स तथा विराटनगरबाट प्रकाशित हुने *उद्घोष* दैनिकको मोटरसाइकलमा समेत तोडफोड गरे।

त्यसैगरी, इनरुवामा बन्दको अवज्ञा गरी मोटरसाइकल चलाएको भन्दै को.४प. ७२६१ नम्बरको डिस्कोभर, को.४प. २२२ स्प्लेन्डर, मे.१प. ४४८६ नम्बरको सीडी हन्ड्रेड तोडफोड गरे।

सोही क्रममा इटहरीमा पनि बन्दको अवज्ञा गरी सवारी साधन सञ्चालन गरेको भन्दै को.४प. ४९४, को.१प. ३०७, को.३प. ७६७२, को.१प. ३९०७, को.१प. १४१६ नम्बरका मारुती भ्यानसहित आधा दर्जन सवारीसाधन तोडफोड गरेको इलाका प्रहरी कार्यालय इटहरीले जनायो।

लिम्बूवान राज्यपरिषद्बाट

धरानबाट प्रकाशित हुने *औजार* दैनिकले लिम्बूवान राज्यपरिषद्का विरुद्ध समाचार छापेको भन्दै ०६५ फागुन २ गते सो समूहका कार्यकर्ताले धरान नपा-८ मा उक्त पत्रिका जलाइदिए। सोही दिन नेपाल पत्रकार महासङ्घ, सुनसरी शाखाले घटनाको विरोध गर्दै उपरान्त सञ्चार क्षेत्रमा हस्तक्षेप भए कडा आन्दोलन गर्ने चेतावनी समेत दियो।

धरान नपा-१९ स्थित भिक्टोरिया मार्गका चन्दा भनिने कविता लिम्बूले विदेश पठाइदिने भन्दै ठगी गरेको आरोपमा ०६६ मङ्सिर ६ गते सङ्घीय लिम्बूवान राज्यपरिषद्का कार्यकर्ताले एक कठ्ठाको क्षेत्रफलमा रहेको आठकोठे घर परिषद्को झन्डा गाडेर कब्जा गरे। गायिका हर्सु राईले आफूलाई हङ्कङ् पठाइदिने भनी पटकपटक गरी ८ लाख रुपियाँ ठगी गरेर बेवास्ता गरेको उजुरी दिएपछि लिम्बूको घरजग्गा कब्जा गरेको परिषद्का अध्यक्ष डम्बर खुजुमले बताए। पीडितले ०६६ मङ्सिर २२ गते ५ लाख रुपियाँ नगद दिएर कागज गरेपछि घरजग्गा फुकुवा गरेको परिषद्ले जनायो।

अज्ञात समूहबाट

भलुवा गाविस-६ स्थित गाविस भवनमा अज्ञात व्यक्तिहरूको समूहले ०६६ वैशाख १८ गते आगजनी गरी क्षति पुऱ्यायो। आगजनीबाट गाविसका फर्निचर, कार्यालयका कागजात पूर्ण रूपले नष्ट भएको सोही गाविसका सचिव तुलाराम चौधरीले जनाए। घटनामा संलग्न व्यक्तिहरूको खोजी कार्य भइरहेको इलाका प्रहरी कार्यालय, दुहवीले जनायो।

स्वास्थ्य सेवाको अवस्था

जिल्ला जनस्वास्थ्य कार्यालयका अनुसार बालमृत्यु दर प्रतिहजारमा ४.५ रहेको छ भने जिल्लामा १ जिल्ला अस्पताल रहेको छ। पाँच जना डाक्टरको दरबन्दी भए पनि हाल एक जना मात्र कार्यरत छन्। त्यसैगरी, स्टाफ नर्स पाँच जनाको दरबन्दी भए पनि तीन जना कार्यरत छन्। चार जना नर्सको दरबन्दी स्वीकृत भएकामा चारैजना कार्यरत रहेको र स्वास्थ्य सहायक एक जना रहेको देखिन्छ। प्राथमिक स्वास्थ्य केन्द्र पाँच ओटा रहेका छन् भने डाक्टर दरबन्दी पाँच जनामा हाल कोही पनि कार्यरत छैनन्। त्यसैगरी, स्टाफ नर्स पाँच जना, नर्स नौ जना, स्वास्थ्य सहायक पाँच जना, एएचडब्लू १० जना कार्यरत छन्। त्यसैगरी, स्वास्थ्य चौकी ३६ ओटा रहेका छन् भने ४० जना इन्चार्जको दरबन्दीमा ४० जना नै कार्यरत रहेका छन्।

Final Eastren:Layout 1 2/9/2010 2:05 PM Page 157

१.७ धनकुटा

जनसङ्ख्या : १,८४,४५६
साक्षरता प्रतिशत : ६४
महिला साक्षरता प्रतिशत : ४५
क्षेत्रफल (वर्ग कि. मि.) : ८९१
गाविस/नपा सङ्ख्या : ३५/१
सरकारी/निजी विद्यालय : ३१९/१२
क्याम्पस/उच्च मा.वि. : १/१८
अस्पताल/स्वास्थ्य चौकी : १/३७
मानव विकास सूचकाङ्कः ०.५०७
प्रतिपरिवार सरदर सङ्ख्याः ६

जेल र बन्दीहरू

'घ' श्रेणीको धनकुटा कारागारको बन्दी क्षमता २५ रहे पनि थुनुवा १३ र बन्दी २३ संगै जेलमा नै जन्मिएका एक आश्रित बालकसहित ३७ जना रहेका छन्। पुरानो र अत्यन्त जीर्ण अवस्थामा रहेको यस कारागारमा क्षमताभन्दा बढी बन्दीहरू छन्। १३ जना थुनुवामध्ये ११ जना पुरुष र दुई जना महिला रहेका छन्। २३ बन्दीमा २१ जना पुरुष र दुई जना महिला रहेका छन्। यस कारागारका कोठाहरू साँघुरा र ओसिला रहेका छन्। महिला बन्दीलाई छुट्टै भवन नभएकाले माथिल्लो तलाको सानो एक कोठामा चार जना महिलाहरू राख्ने गरिएको छ। उडुस र उपियाँ मार्ने विषादीहरू बन्दीहरूले नै खरिद गर्नुपर्ने बाध्यता रहेको बन्दीहरू बताउँछन्। आवश्यकता अनुसार बन्दीहरूले औषधि उपचार पाउने गरेका छन्। पढ्नलेख्न चाहनेहरूलाई पढ्ने र परीक्षा दिने प्रबन्धहरू कारागार प्रशासनले मिलाउने गरेको छ।

सुनसरी जिल्ला धरान नपा-१६, जनपथ टोल घर भई सार्वजनिक अपराधको अभियोगमा बन्दी जीवन बिताउँदै आएका क्षितिज थेवेलाई ०६६ मङ्सिर २५ गते सोही कारागारका कैदी भूपाल लिम्बूले कारागारभित्रै भान्सामा प्रयोग हुने छुरी प्रहार गरी घाइते बनाए। घाइतेको बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरानमा उपचारका क्रममा ०६६ पुस ९ गते मृत्यु भयो। ज्यानमार्ने उद्योगमा ०६५ फागुनदेखि कैद सजाय भोगिरहेका धनकुटा बुढीमोर गाविसका भूपाललाई ०६६ मङ्सिर २५ गतेदेखि जिल्ला प्रहरी कार्यालयमा थुनामा राखिएको छ।

धम्की/कुटपिट

राज्यबाट

अर्खौंलेजितुर गाविस-४ निवासी युथफोर्सका सदस्य २८ वर्षीय गुप्तराज तुम्बालाई ०६५ चैत ८ गते दिउँसो जिल्ला प्रहरी कार्यालयका डीएसपी गणेश ऐरले धनपा-७ बीचबजारको होटलमा लगी लात्ती र लाठीले कुटपिट गरे। कुटपिटबाट तुम्बाको हातमा गम्भीर चोट लागेको थियो।

वसन्तटार गाविस-४ निवासी एमाले जिल्ला कमिटी सचिव ४३ वर्षीय टीकाराम चेम्जोङ, धनकुटा नपा-७ निवासी सोही पार्टीका ४५ वर्षीय धर्मराज पौडेल, धनकुटा नपा-३, आत्मारा निवासी पूर्वसांसद ५७ वर्षीय गोपाल गुरागाईं, मारेककटहरे गाविस- ६ निवासी एमाले जिल्ला कमिटी सदस्य ३५ वर्षीय इन्द्रमणि पराजुली र राजेन्द्र राईलगायत एमालेका जिल्लास्तरीय नेताहरूलाई ०६५ चैत ८ गते जिल्ला प्रहरी कार्यालयका तत्कालीन डीएसपी गणेश ऐरले मदनचौकमा उत्रेर गालीगलौज गर्दै सबलाई थुनिदिने धम्की दिए।

धनकुटा नपा-४ निवासी *कान्तिपुर* एफएमका धनकुटा संवाददाता ३६ वर्षीय रमेशचन्द्र अधिकारीलाई एकीकृत माओवादीले आह्वान गरेको सरकारी कार्यालय बन्दको समाचार आफूलाई नसोधी *कान्तिपुर* एफएममा प्रसारण गराएको आरोपमा ०६६ असार ८ गते तत्कालीन प्रमुख जिल्ला अधिकारी ५३ वर्षीय रामुप्रसाद उपाध्यायले आफ्नाबारेमा अब आइन्दा समाचार लेखेमा राम्रो नहुने र सावधान हुन भन्दै धम्की दिए।

माओवादीको एकदिने सरकारी कार्यालय बन्दका क्रममा दिनभर कार्यकक्षमा टेलिफोनसमेत अवरोध गरी बसेका प्रमुख जिल्ला अधिकारी उपाध्यायसहित अन्य कर्मचारीहरूका बारेमा ७ गते एफएममा प्रसारित समाचार आफूलाई नसोधी पठाएका कारण यस्ता समाचार नपठाउन धम्की दिएका थिए। उपाध्यायले पत्रकार अधिकारीलाई टेलिफोन गरी

Final Eastren:Layout 1 2/9/2010 2:05 PM Page 158

एफएममा समाचार प्रसारण गराए पनि पत्रिकामा नछाप्न दबाब दिँदै छापिएमा नराम्रो हुने चेतावनी दिए। घटनाको विरोधमा ०६६ असार ९ गते विभिन्न मानवअधिकार र सञ्चार सङ्घसंस्थाहरूले छुट्टाछुट्टै विज्ञप्ति जारी गरे।

एकीकृत माओवादीबाट

तेलिया गाविस-५ का ३० वर्षीय चक्रबहादुर रायमाझीलाई ०६५ माघ १८ गते एकीकृत माओवादी तेलिया गाविस- ५ वडा कमिटी सदस्य ५४ वर्षीय रेवत पोखरेलको नेतृत्वमा सोही गाविसका ३० वर्षीय कृष्ण पोखरेल र २८ वर्षीय शङ्कर पोखरेलले कुटपिट गरी घाइते बनाए। घाइते रायमाझीको ०६५ माघ १९ गते जिल्ला अस्पतालमा उपचार भयो। कुटपिटबाट उनको दुवै आँखा, छाती र करङमा समेत गम्भीर चोट लागेको थियो। गाउँबाट घर फर्किने क्रममा बाटोमा एक्लै पारी उनीहरूले अपशब्द बोल्दै आफूलाई कुटपिट गरेको पीडितले बताए। रेवत पोखरेलले कुटपिट गरेको स्वीकार गरे। घाइतेको पीडकहरूद्वारा नै उपचार खर्च गर्ने सहमति भए अनुसार जिल्ला अस्पतालमा उपचार भयो।

सङ्खुवासभा जिल्ला खाँदवारी नपा-११ निवासी धनकुटा मालपोत कार्यालयका अधिकृत ४६ वर्षीय सुरेश थपलियालाई एकदिने बन्दको अवज्ञा गरेको आरोपमा ०६६ जेठ २७ गते दिउँसो एकीकृत माओवादीको भ्रातृसङ्गठन लिम्बूवान मुक्तिमोर्चाका कार्यकर्ताले मार्ने धम्की दिए। कार्यालय पुगेका थपलियाले कार्यालयबाट माओवादीका जिल्लास्तरका नेतालाई नागरिक सर्वोच्चताका नारा लाउने पार्टीका कार्यकर्ताहरूले यस्तो काम गर्न नहुने भनेपछि मोर्चाका कार्यकर्ता हेमचन्द्र किराँतीको नेतृत्वमा गएको एक समूहले मार्ने धम्की दिएको पीडितले बताए। उक्त धम्कीसँगै सोही दिन पीडितको मोटरसाइकलको हावा खुस्काउनुका साथै लाठी प्रहार गरी क्षति पुऱ्याएका थिए।

धनकुटा नपा-४ निवासी मालपोत कार्यालय धनकुटाका कर्मचारी तथा कर्मचारी युनियनका जिल्ला अध्यक्ष ४९ वर्षीय टङ्क दवाडीलाई सरकारी कार्यालय बन्दका क्रममा वादविवाद गरेको र माओवादी पार्टीलाई गाली गरेको आरोपमा ०६६ असार ७ गते एकीकृत माओवादीका कार्यकर्ताले मार्ने धम्की दिए। देशव्यापी सरकारी कार्यालय बन्दको आह्वान अनुसार जबरजस्ती कार्यालयहरू बन्द गराउन आएका माओवादी कार्यकर्ताहरूले दवाडीलाई कार्यालयमा गई 'तँलाई जहाँ भए पनि र जहिले भए पनि मारी दिन्छौं' भनी गएको बताए।

झापा जिल्ला चन्द्रगढी नपा-१ निवासी हाल पूर्वाञ्चल क्षेत्रीय स्वास्थ्य निर्देशनालयका शाखा अधिकृत ३७ वर्षीय राधाकृष्ण खतिवडा र धनकुटा नपा-४ सेउले घर भई सोही कार्यालयका कार्यालय सहायक ४१ वर्षीय रिद्दी पोखरेल र विराटनगर नपा निवासी कृषि विकास बैंक धनकुटाका कार्यालयप्रमुख ४७ वर्षीय शम्भुराम कार्कीलाई ०६६ असार ७ गते भिन्नाभिन्न समयमा एकीकृत माओवादीका सन्देश बिहानीको नेतृत्वमा गएका कार्यकर्ताले कार्यकक्षमा कुटपिट गरे। एकीकृत माओवादीले आह्वान गरेको सरकारी कार्यालय बन्दको अवज्ञा गरेको आरोपमा कुर्सीबाट घोक्राई कार्यालय बन्द नगर्ने भन्दै कुटपिट गरेका थिए। कुटपिटपछि पीडकहरूले पूर्वाञ्चल क्षेत्रीय कार्यालयका भौतिक संरचनामा समेत क्षति पुऱ्याए।

युथफोर्सबाट

धनकुटा नपा-७ का ३३ वर्षीय दिलीप मगर र सोही ठाउँका ३० वर्षीय धर्मेन्द्र राईलगायत चार जनालाई ०६६ असार ९ गते धनकुटा नपा-१ निवासी युथफोर्स कार्यकर्ता ३३ वर्षीय दिलीप रायमाझीको नेतृत्वमा आएको हतियारधारी समूहले धनकुटा नपा-६ स्थित दीपाचोकमा आक्रमण गरी घाइते बनाए।

जिल्लामा भएको सडक विभाग कार्यालयको टेन्डरको विषयमा युवा समूहबीच भएको आपसी विवाद बढेपछि राजनीतिक रिसइबीका कारण खुकुरीसहित आक्रमण गर्दा सख्त घाइते बनाएको पीडितले जनाए। आक्रमणबाट मगरको पाखुरा र टाउकोमा गहिरो चोट लागेको थियो भने बायाँ खुट्टा भाँचिएका कारण बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरानमा उपचार

सुरक्षाकर्मीको लाठीचार्जबाट घाइते भएका हरि भट्टराई

Final Eastren:Layout 1 2/9/2010 2:05 PM Page 159

घटनाको प्रकार	गैर राज्यबाट										राज्यबाट		
	अन्यबाट					एकीकृत माओवादीबाट							
	घटना सङ्ख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना सङ्ख्या	पुरुष	जम्मा
हत्या	४	४			४								
घाइते	१	१			१								
गिरफ्तारी/यातना											१	३	३
कुटपिट	९	१३	३		१५	४	६			६	३	३	३
धम्की	३	१	१		३	१	१			१	३	७	७
भेला/सङ्गठित हुने अधिकार						१	१			१			
जातीय विभेद	३	३	३		४								
महिलाअधिकार	८		८		८	१		१		१			
बालअधिकार	५		५	३५	३०	१			३४०	३४०			
अपहरण	१	७			७								
जम्मा	३३	३७	१९	३५	६१	८	८	१	३४०	३४९	५	१३	१३

भयो। पीडितहरूले जिल्ला प्रहरी कार्यालयमा ज्यान मार्ने उद्योग गरेको भन्दै ०६६ असार १० गते किटानी जाहेरी दिए। सो घटनाविरुद्ध जिल्ला मगर सङ्घले ०६६ असार ११ गते एक विज्ञप्तिमार्फत कारबाहीको माग गऱ्यो। घटना भएको ३५ दिन पूरा भएपछि जिल्लामा देखापरेका रायमाझीलाई जिल्ला प्रहरी कार्यालय, धनकुटाले ०६६ साउन २१ गते गिरफ्तार गरी दुवै पक्षबीच छलफल गराई २ लाख रुपियाँ दिने सर्तमा मेलमिलाप गरायो।

अर्खौलेजितपुर गाविस-७ का ७७ वर्षीय खोजबहादुर खड्कालाई माओवादीको गाविस जनसरकारप्रमुख भएको विषयमा विवाद बढेपछि ०६६ कात्तिक १३ गते युथफोर्सका गुप्तराज तुम्बाले कुटपिट गरी घाइते बनाए। माओवादीको स्थानीय निकाय कब्जा गर्ने कार्यक्रम अनुसार अर्खौलेजितपुर गाविस जनसरकार प्रमुख खड्कालाई प्रमुख भएको विषयमा तुम्बाले समूहमा बसेको अवस्थामा दुर्व्यवहार गरेको भन्दै विवाद बढेपछि दुवै पक्षबीच हात हालाहाल हुँदा तुम्बाले ढुङ्गाले हान्दा खड्काको टाउकोमा चोट लागी घाइते भए। पीडित खड्काको ०६६ कात्तिक १४ गते धनकुटा जिल्ला अस्पतालमा उपचार भयो। एकीकृत माओवादीले ०६६ कात्तिक २० गते सो घटनाको विरोधमा च्याली निकाल्यो।

मूर्तिढुङ्गा गाविस-८ निवासी परेवादिन गाविस-५ सिँधुवा बजारको सरस्वती उच्चमाविका शिक्षक शेरबहादुर बानियाँलाई युथफोर्सको सवारी साधन आगजनीमा संलग्न भएको आरोपमा ०६६ कात्तिक १७ गते युथफोर्सका कार्यकर्ताहरूले कुटपिट गरे। एकीकृत माओवादीका कार्यकर्ता बानियाँलाई सिँधुवा बजारमा युथफोर्सका कार्यकर्ताहरूले लछारपछार गरी कुटपिट गरे।

धनकुटा नपा-७ का ५७ वर्षीय रामबहादुर भुजेललाई एकीकृत माओवादी समर्थक कर्मचारी भएको आरोपमा ०६६ कात्तिक १८ गते युथफोर्स कार्यकर्ताले कुटपिट गरी घाइते बनाए। कृषि सामग्री कम्पनी लिमिटेडका कर्मचारी भुजेललाई युथफोर्सका कार्यकर्ताहरूले आफूहरूको सवारीसाधनमा माओवादीका कार्यकर्ताहरूले आगजनी गरेको र उनी पनि माओवादी भएको भन्दै कुटपिट गरेका थिए। कुटपिटबाट भुजेलको टाउकोमा चोट लागेको थियो। पीडितको सोही दिन धनकुटा जिल्ला अस्पतालमा उपचार भयो। औँठी लगाएका युथफोर्सका कार्यकर्ताहरूले कार्यालय परिसरमा आई टाउकोमा मुक्का प्रहार गर्दा आफू घाइते भएको पीडितले बताए। एकीकृत माओवादीले ०६६ कात्तिक २० गते सो घटनाको विरोधमा च्याली निकाल्यो।

Final Eastren:Layout 1 2/9/2010 2:05 PM Page 160

अभिव्यक्ति, भेला हुने र सङ्गठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

त्रिभुवन विश्वविद्यालयबाट तय गरिएको स्वयिु निर्वाचनमा मतदान गर्न गएका विद्यार्थीहरूलाई मतदान गर्नबाट रोक लगाउन ०६५ चैत ६ गते डाँडाबजार गाविस-४ का ३२ वर्षीय मणिकुमार लिम्बूको नेतृत्वमा गएको सङ्घीय लिम्बूवान विद्यार्थी मञ्चले निर्वाचनको विरोधमा धनकुटा बहुमुखी क्याम्पसमा खुकुरीसहित उपस्थित भई मतदान गरे विद्यार्थीहरूलाई कारवाही गर्ने धम्की दिए। उनीहरूको प्रदर्शनले मतदानमा आएका विद्यार्थीहरू मतदान गर्नुपूर्व नै भागेका कारण मतदाता कम भएको कारण देखाइ निर्वाचनमा सहभागी भएका अन्य सङ्गठनहरूले निर्वाचन स्थगन गर्ने प्रयास गरे। बिहान ८ बजेदेखि मतदान सुरु हुनुपर्नेमा युनियनले निर्वाचन बहिष्कार गर्ने कार्यक्रम अनुसार मतदानका लागि लाइनमा बसेमा विद्यार्थीलाई मतदान गर्न अवरोध गरे। उनीहरूले मतदान गर्नेलाई लिम्बूवानको विरोध गरेको र विरोध गर्नेहरूलाई नछोड्ने धम्की दिँदै खुकुरी देखाएका थिए। सो समूहलाई सशस्त्र प्रहरीको एक समूहले तितरबितर गराएको थियो।

धनकुटा नपा-३ आत्मारा निवासी धनकुटा जिल्ला क्षेत्र नम्बर २ का ५७ वर्षीय पूर्वसांसद गोपाल गुरागाईंलाई ०६५ चैत ८ गते स्वयिु निर्वाचनका क्रममा अनेरास्वयिु (क्रान्तिकारी)का तर्फबाट सभापति पदका उम्मेदवार हेमचन्द्र किराँतीलगायतका वाईसीएल कार्यकर्ताको एक समूहले आक्रमण गरी घाइते बनायो। निर्वाचनको विषयलाई लिएर वाईसीएल र युथफोर्सबीच उत्पन्न विवाद समाधान गर्न सर्वपक्षीय बैठकका लागि क्षेत्रीय प्रशासन कार्यालयतर्फ गइरहेका एमालेका जिल्लास्तरीय नेताहरू चढेको गाडीमाथि ढुङ्गा, बोतल, रड र दाउराले प्रहार गरेपछि गाडीको अघिल्लो भागमा बसेका गुरागाईं घाइते भएका थिए। गुरागाईंको प्राथमिक उपचार जिल्ला अस्पतालको आकस्मिक कक्षमा गरी धरानको बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान र विराटनगरको न्युरो अस्पतालमा थप उपचार भयो।

राजारानी गाविस-१ निवासी शान्ति तथा पुन:निर्माणमन्त्री ४७ वर्षीय रकम चेम्जोङसहित एमालेका नेताहरूलाई एमाले पार्टीले छिन्ताङको सहिदपार्कमा गर्ने भनिएको सहिद स्मारकस्थलको उद्घाटनका लागि छिन्ताङ जाने क्रममा ०६६ कात्तिक २९ गते एकीकृत माओवादीका कार्यकर्ताहरूले धर्मशालामा अवरोध गरे। छिन्ताङ जाने बाटोमा एकीकृत माओवादीका कार्यकर्ताहरूले बाटोमा लामालामा काँटी माटोमुनि बिच्छ्याई अवरोध गरेका थिए। उनीहरूले बाटोका विभिन्न स्थानमा रुख काटेर तेर्स्याएका थिए। अवरोधवाट आयोजक तथा कार्यकर्ताहरू कार्यक्रमस्थलमा समयमा पुग्न पाएनन्। स्थानीय प्रशासनले अवरोध पन्छाई बाटो खुला गरेपछि उनीहरू कार्यक्रमस्थलसम्म पुगेका थिए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

पुनरावेदन अदालत धनकुटामा दुनियाँवादी फौजदारी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका २२ थान मुद्दामध्ये यस वर्ष सात थान मुद्दा फर्स्यौट भई १५ थान बाँकी रहे। दुनियाँवादी फौजदारी मुद्दा पाँच थानमध्ये यस वर्ष एक फर्स्यौट भई चार थान बाँकी रहे। अघिल्लो वर्षको जिम्मेवारी सरेर आएका तथा यस वर्ष दर्ता भएका दुनियाँवादी फौजदारी मुद्दा जम्मा २७ थानमध्ये यस वर्ष आठ थान मुद्दा फर्स्यौट भई १९ थान बाँकी रहे।

सरकारवादी फौजदारी मुद्दातर्फ गतवर्षको जिम्मेवारी सरेर आएका ४३ थान मुद्दामध्ये यस वर्ष २१ थान फर्स्यौट भई २२ थान मुद्दा बाँकी रहे। यसैगरी यस वर्ष दर्ता भएका सरकारवादी फौजदारी मुद्दा ३९ थानमध्ये यस वर्ष ११ थान फर्स्यौट भई २८ थान बाँकी रहे। अघिल्लो वर्षको जिम्मेवारी सरेर आएका तथा यस वर्ष दर्ता भएका सरकारवादी फौजदारी मुद्दा जम्मा ८२ थानमध्ये यस वर्ष ३२ थान मुद्दा फर्स्यौट भई ५० थान मुद्दा बाँकी रहे।

देवानी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका ३३ थान मुद्दामध्ये यस वर्ष ११ थान फर्स्यौट भई २२ थान बाँकी रहे। देवानी मुद्दा २७ थानमध्ये यस वर्ष एक थान फर्स्यौट भई २६ थान बाँकी रहे। अघिल्लो वर्षको जिम्मेवारी सरेर आएका तथा यस वर्ष दर्ता भएका देवानी मुद्दा जम्मा ६० थानमध्ये यस वर्ष १२ थान मुद्दा फर्स्यौट भई ४८ थान बाँकी रहे। गत वर्षको जिम्मेवारी सरेका तथा यस वर्ष दर्ता भएका गरी जम्मा मुद्दा सङ्ख्या १ सय ६९ थानमध्ये यस वर्ष ५२ थान मुद्दा फर्स्यौट भई १ सय १७ थान मुद्दा बाँकी रहे। साधक जाँचका लागि आएका सरकारवादी फौजदारी मुद्दा जिम्मेवारी नसरेको र यस वर्ष दर्ता भएका मुद्दा दुई थानमध्ये एक फर्स्यौट भई एक थान बाँकी रह्यो। निषेधाज्ञातर्फ यस वर्ष दर्ता भएको मुद्दा जम्मा तीन थानमध्ये एक थान मुद्दा फर्स्यौट भई थान मुद्दा बाँकी रहे। परमादेश मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका एक थान मुद्दामध्ये यस वर्ष एक थान फर्स्यौट

Final Eastren:Layout 1 2/9/2010 2:05 PM Page 161

अनेरास्ववियु (क्रान्तिकारी)को कुटपिटबाट घाइते भएका पूर्वसांसद गोपाल गुरागाईं

भयो।

जिल्ला अदालततर्फ दुनियाँवादी फौजदारी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका ३४ थान मुद्दामध्ये यस वर्ष सात थान फर्स्यौट भई २७ थान बाँकी रहे। यस वर्ष दर्ता भएका दुनियाँवादी फौजदारी मुद्दा १८ थानमध्ये यस वर्ष दुई थान फर्स्यौट भई १६ थान बाँकी रहे। अघिल्लो वर्षको जिम्मेवारी सरेर आएका तथा यस वर्ष दर्ता भएका दुनियाँवादी फौजदारी मुद्दा जम्मा ५२ थानमध्ये यस वर्ष नौ थान मुद्दा फर्स्यौट भई ४३ थान बाँकी रहे।

सरकारवादी फौजदारी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका १९ थान मुद्दामध्ये यस वर्ष दुई थान फर्स्यौट भई १७ थान मुद्दा बाँकी रहे। यसैगरी यस वर्ष दर्ता भएका सरकारवादी फौजदारी मुद्दा १८ थानमध्ये आठ थान फर्स्यौट भई १० थान बाँकी रहे। अघिल्लो वर्षको जिम्मेवारी सरेर आएका तथा यस वर्ष दर्ता भएका सरकारवादी फौजदारी मुद्दा जम्मा ३७ थानमध्ये यस वर्ष १० थान मुद्दा फर्स्यौट भई २७ थान बाँकी रहे।

देवानी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका ५७ थान मुद्दामध्ये यस वर्ष १४ थान फर्स्यौट भई ४३ थान बाँकी रहे। यसैगरी यस वर्ष दर्ता भएका देवानी मुद्दा २० थानमध्ये एक थान फर्स्यौट भई १९ थान मुद्दा बाँकी रहे। अघिल्लो वर्षको जिम्मेवारी सरेर आएका तथा यस वर्ष दर्ता भएका देवानी मुद्दा जम्मा ७७ थानमध्ये यस वर्ष १५ थान मुद्दा फर्स्यौट भई ६२ थान मुद्दा बाँकी रहे। यस वर्षको अन्त्यसम्ममा गत वर्षको जिम्मेवारी सरेका तथा यस वर्ष दर्ता भएका गरी जम्मा मुद्दा सङ्ख्या १ सय ५४ थानमध्ये यस वर्ष ३० थान मुद्दा फर्स्यौट भई १ सय २४ थान मुद्दा बाँकी रहे।

यस अदालतमा महिला अधिकारसँग जोडिएका १० थान मुद्दा परे। जसमध्ये बहुविवाहका दुई थान र सम्बन्धविच्छेदका आठ थान दर्ता भए।

जिल्ला प्रहरी कार्यालयमा यस वर्ष कर्तव्य ज्यानसम्बन्धी पाँच, १० ओटा सडक दुर्घटना, ज्यान मार्ने उद्योग तीन, सार्वजनिक अपराधसम्बन्धी पाँच उजुरी परे।

यातना तथा अन्य क्रूर, अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

ताँखुवा गाविस-९ का ३२ वर्षीय दावालाक्पा शेर्पा, सोही गाविसका २३ वर्षीय इन्द्र राई र ३८ वर्षीय भूपाल लिम्बूलाई सिँधुवाका सुरक्षाकर्मीलाई कुटपिट गर्न निर्देशन दिएको र कुटपिटमा संलग्न भएको भन्दै ०६६ असोज ९ गते जिल्ला प्रहरी कार्यालयका डीएसपी सानुकाजी लामिछानेले हिरासतभित्र निर्मम यातना दिई घाइते बनाए। जोरपाटीमा डाइस खेलाइरहेको अवस्थामा युवाहरूलाई तितरबितर गरी डाइस कब्जामा लिने सुरक्षाकर्मीहरूलाई कुटपिट गरेको आरोपमा दावा लाक्पालाई ०६६ असोज ५ गते नियन्त्रणमा लिइएको थियो। उनलाई हिरासतमा लामिछानेले बुट र लाठीले यातना दिइएको पीडितले बताए। आफू कुटपिटमा प्रत्यक्ष संलग्न नभएको र संलग्न हुनेहरूलाई प्रहरीसमक्ष बुझाउने सर्तमा मुक्त भएपछि उनले आफूमाथि भएको यातनाको सार्वजनिक जानकारी गराएका थिए।

बालअधिकार

जिल्ला शिक्षा कार्यालयका अनुसार यस जिल्लामा विद्यालय जाने उमेरका ७०.५९ प्रतिशत बालबालिका विद्यालयमा भर्ना भएका छन्। यसरी विद्यालय भर्ना हुने बालबालिकाको सङ्ख्या ५३ हजार ४४ रहेको छ। विद्यालय भर्ना प्रतिशत प्राविमा ९७.७५ प्रतिशत, निमाविमा ३६.३९ प्रतिशत, माबि २४.४८ प्रतिशत रहेको छ। बाल विकास केन्द्र २ सय ५५ ओटा सञ्चालनमा रहेका छन्। समाहित शिक्षा स्रोत केन्द्र अन्तर्गत १० ओटा केन्द्र सञ्चालित छन्। यस केन्द्रमा सुस्त मनस्थिति, सुस्तश्रवण र दृष्टीविहीन भएका बालबालिकाहरूलाई आवासीय पठनपाठनको व्यवस्था गरिएको छ। केन्द्रका बालबालिकालाई प्रतिव्यक्ति १ हजार रुपियाँ प्रतिमहिना व्यवस्थापन खर्च उपलब्ध हुने गरेको छ। जिल्ला शिक्षा कार्यालयका अनुसार उक्त व्यवस्थापन खर्चले बालबालिकाहरूलाई खाना, स्टेसनरीलगायत पोसाकमा समेत खर्च गर्नु परेकाले पर्याप्त छैन।

धनकुटा नपा-६ स्थित बालसंसार उमाविमा एकीकृत माओवादीको भ्रातृसङ्गठन लिम्बूवान राज्य समितिले ०६५ पुस २१ गते दिउँसोदेखि तीन दिनसम्म बैठक सञ्चालन गऱ्यो। 'विद्यालय शान्ति क्षेत्र हो' भन्ने नारा लेखिएको सो विद्यालयमा बैठक सञ्चालन हुँदा होस्टेलमा बस्ने बालबालिका र सो कम्पाउन्डमा रहेको विद्यालयका शिक्षकहरू प्रभावित भए। बैठकमा लिम्बूवान राज्यमा पर्ने धनकुटा, तेह्रथुम, पाँचथर, इलाम, ताप्लेजुङ जिल्लाका ४३ सभासद् तथा सदस्यहरूको उपस्थिति थियो।

छिन्ताङ गाविस-४ का १५ वर्षीया र १३ वर्षीया बालिकाहरूलाई स्वास्थ्य परीक्षण गराउन आएको अवस्थामा कार्यालयको बैठककक्षमा लगी ०६५ फागुन १ गते सप्तरी जिल्ला घर भई साम्बुगाउँ स्वास्थ्य चौकीका अहेव २९ वर्षीय महम्मद नासिर हुसेनले बलात्कार गरेको आरोपमा स्थानीय गाउँलेहरूले आरोपितलाई समातेर प्रहरी चौकीमा बुझाए। पीडितहरूको बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा स्वास्थ्य परीक्षण भयो। बालिकाहरूका परिवारले ०६५ फागुन ५ गते दिएको उजुरीका आधारमा अहेव हुसेनलाई पुर्पक्षका लागि ०६५ फागुन २८ गतेदेखि थुनामा राखिएकामा ०६५ चैत १२ गते साधारण तारेखमा रिहा भए।

सङ्घीय लिम्बूवान राज्यपरिषद् धनकुटाले जिल्ला सदरमुकामा विरोध तथा दबाब दिन सदरमुकाममा ०६६ जेठ २४ गते दिउँसो निकालेको विरोध जुलुसमा विद्यालयमा पढाइ भइरहेको अवस्थामा गोकुण्डेश्वर उच्चमाविका कक्षा ८ र ९ का २५ जना बालबालिकाहरूलाई समावेश गरी कोणसभा गरे।

खुवाफोक गाविस-४ का १५ वर्षीया बालिकालाई विद्यालय जाँदै गरेको अवस्थामा ०६६ भदौ ८ गते बिहान सोही गाविस-८ का ३७ वर्षीय दुदी याखाले सोही गाविसको जङ्गलमा एक्लै पारी बलात्कार गरेको आरोपमा ०६६ भदौ १० गते जिल्ला प्रहरी कार्यालयमा पीडितले उजुरी दिइन्। घटनापछि फरार रहेका आरोपितको यस वर्षको अन्त्यसम्ममा खोजी भइरहेको प्रहरी कार्यालयले बतायो।

नेकपा माओवादीको आह्वानमा ०६६ मङ्सिर १ र २ गते भएको बन्दका कारण धनकुटा नपा-८ का दुईओटा विद्यालय प्रभावित भए। जिल्लामा नेकपा माओवादीका जिल्ला सेक्रेटरी सुदर्शनको नेतृत्वमा धनपा-८ मा रहेको देउराली निमावि र चुलीवन प्राविका शिक्षकहरूलाई जबरजस्ती विद्यालय बन्द गर्न लगाएका कारण करिब ५ सय बालबालिको पठनपाठन अवरुद्ध भयो।

धनकुटा नपा-१, हिलेका १४ वर्षीय दिलबहादुर घिसिङलाई ०६६ मङ्सिर १७ गते सोही ठाउँका १९ वर्षीय धनमर्धन सिँजाली मगर र २१ वर्षीय फत्तेबहादुर सिँजाली मगरले कुटपिट गरी मफलरले घाँटी बाँधी हत्या गरे। हिले उच्चमाविमा कक्षा ९ मा अध्ययनरत दिलबहादुरलाई छिमेकीको विवाहमा लेनदेनको विषयमा विवाद बढेपछि बस्तीदेखि १० मिटर टाढा जङ्गलमा लगी कुटपिट गरी मफलरले घाँटीमा बाँधेर हत्या गरेको पीडकले बताए। हत्या गरी फालेको अवस्थामा हिले प्रहरी चौकीले ०६६ मङ्सिर १८ गते लास फेला पारी जिल्ला प्रहरी कार्यालयमा बुझाएका थिए। हत्यामा संलग्न दुई जनालाई हिले प्रहरी चौकीले मङ्सिर १८ गते गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालय धनकुटामा हिरासतमा राखेको छ।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार पारिवारिक हिंसा

धनकुटा नपा-७ जिरोप्वाइन्टका २८ वर्षीया तीर्थ राईलाई ०६५ फागुन २५ गते पति ३४ वर्षीय तारा राईले खयरको तख्ताले टाउकोमा हिर्काइ गम्भीर घाइते बनाए। शरीरका अन्य भागहरूमा कुटपिट गरी खयरको तख्ताले टाउकोमा हानेपछि अचेत भएकी पत्नीलाई घरमा थुनेर पीडक फरार भएका थिए। १० वर्षीया जेठी छोरीले हारगुहार गरेपछि स्थानीय गाउँलेहरूले सोही दिन तिर्थलाई अचेत अवस्थामा जिल्ला अस्पताल लगेका थिए। पीडितको न्यूरो अस्पताल विराटनगरमा उपचार भयो। पीडकविरुद्ध माइतीपक्षले ०६५ फागुन २६ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए पनि कारवाही भएन।

घोर्लीखर्क गाविस-२ की ६९ वर्षीया सरस्वती भण्डारीलाई जग्गासम्बन्धी विवादका कारण ०६६ जेठ २ गते उनका देवर ५६ वर्षीय लोकबहादुर भण्डारीले सो गाविसको जङ्गलको चौतारीमा एक्लै पारी दाउराले कुटपिट गरे। पीडितलाई अचेत अवस्थामा बाखा गोठालोहरूले देखेर घर पुऱ्याएका थिए। लोकबहादुरले सन्तान नै निर्मूल पार्ने उद्देश्यले कुटपिट गरेको पीडित परिवारले बताए। कुटपिटबाट सरस्वतीको टाउकोमा चोट लागेको थियो। पीडितको ०६६ जेठ ३ गते धनकुटा जिल्ला अस्पतालमा उपचार

एकीकृत माओवादीबाट कुटपिट गरिएका रिद्दि पोखरेल

भएको थियो। पीडित पक्षले पाखीबास प्रहरी चौकीमा ०६६ जेठ ३ गते उजुरी दिए।

बेलहारा गाविस-६ की २७ वर्षीया रेखा विष्टलाई ०६६ असोज ४ गते राती पति ३१ वर्षीय किरण विष्टले धारिलो हतियार प्रयोग गरी घाइते बनाए। घाइतेको टाउको, ढाड र अनुहारमा चोट लागेको थियो। पीडितको ०६६ असोज ५ गते बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरानमा उपचार भयो। पीडकविरुद्ध माइती पक्षले ०६६ असोज ५ गते प्रहरी चौकी मूलघाटमा उजुरी दिए पनि पीडकलाई कुनै कारबाही भएन।

सबै प्रकारका जातीय विभेद

परेवादिन गाविस-३ का ३६ वर्षीया पार्वती भुजेललाई छिमेकीको विवाहभोजका क्रममा खाना छोएको आरोपमा ०६५ माघ ६ गते जेठाजु ४३ वर्षीय बमबहादुर लिम्बू र देवर ३७ वर्षीय डिकबहादुर लिम्बूले दाउरा र लात्तीले कुटपिट गरी घाइते बनाए। लिम्बू परिवारमा विवाह गरेकी पीडितले १२ वर्षदेखि आफूले दूर्व्यवहार भोग्दै आएको बताइन्। पीडितले ०६५ माघ १२ गते स्थानीय सिँधुवा प्रहरी चौकीमा उजुरी गरिन्। आइन्दा यस्तो व्यवहार नगर्ने र पीडितको उपचार खर्च बेहोर्ने सर्तमा दुवै पक्षबीच मेलमिलाप भयो।

मुगा गाविस-३ का २० वर्षीय गजेन्द्र राई र २० वर्षीया पवित्रा परियारलाई अन्तरजातीय विवाह गरेको आरोपमा ०६५ माघ २० गते परिवार तथा छिमेकीहरूले घरमा प्रवेश गर्न दिएनन्। माओवादीको छिन्ताङ सुखानी प्रथम डिभिजनमा कार्यरत राईले पवित्रासँग ०६४ सालमा विवाह गरी एक छोरासहित पत्नीलाई घर भित्र्याउन आउँदा घरपरिवारले समाजको डरले घर भित्रिन दिएनन्। उनीहरूले स्थानीय समाजबाट नै बहिष्कार गरेको जनाएका थिए। कथित दलितसँग विवाह गरेको छोरोलाई घरपरिवारले स्वीकार गर्दा परिवार नै गाउँबाट बहिष्कृत हुने डरले परिवारले दुवैलाई स्वीकार नगरेको जनाए।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार संरचना, सम्पत्ति क्षति, कब्जा

एकीकृत माओवादीबाट

एकीकृत माओवादीले गरेको एकदिने सरकारी कार्यालय बन्दका क्रममा ०६६ असार ७ गते एकीकृत माओवादीका सन्देश बिहानीको नेतृत्वमा गएका कार्यकर्ताहरूले पूर्वाञ्चल क्षेत्रीय स्वास्थ्य निर्देशनालय, भू तथा जलाधार कार्यालय, कृषि विकास बैंक, दूरसञ्चार संस्थानमा तोडफोड गरे। कार्यालय समयमा कार्यालयभित्र प्रवेश गरी उनीहरूले कार्यालयका कम्प्यूटर, टेबुल, कुर्सी, सोफा, झ्यालगायत टेलिफोन सेटसमेत तोडफोड गरी क्षति पुऱ्याएका थिए।

शिक्षा अधिकारी झूमप्रसाद राईलाई बन्दको समयमा कार्यालय खोलेको आरोपमा ०६६ कात्तिक १३ गते एकीकृत माओवादीका कार्यकर्ताहरूले कार्यकक्षबाट बाहिर निकाली टेबलमा भएका सम्पूर्ण महत्त्वपूर्ण कागजातहरू आगजनी गरे।

पूर्वाञ्चल क्षेत्रीय स्वास्थ्य निर्देशनालयका शाखा अधिकृत सुरेश दाहाललाई बन्दको अवज्ञा गरेको आरोपमा ०६६ कात्तिक १३ गते एकीकृत माओवादीका कार्यकर्ताले आक्रमण गरी हातपात गर्नुका साथै उनको कार्यकक्ष तोडफोड गरे। आक्रमणबाट कार्यकक्षमा रहेको कम्प्युटर, प्रिन्टर र झ्यालका सिसालगायत भौतिक समग्रीहरू क्षति भयो।

युथफोर्सका कार्यकर्ताहरूले पार्किङ् गरिराखेका सातओटा, स्थानीय बासिन्दाको एक थान मोटरसाइकल र स्थानीय बासिन्दाको एक थान भ्यानलाई ०६६ कात्तिक १६ गते एकीकृत माओवादीका ज्ञानेन्द्र कार्कीको नेतृत्वमा गएका कार्यकर्ताहरूले परेवादिन गाविस-५ स्थित सिँधुवा बजारमा आगजनी गरी क्षति पुऱ्याए। घटनापछि क्षतिपूर्तिको माग गर्दै युथफोर्सले ०६६ कात्तिक १७ गतेदेखि जिल्लामा आन्दोलन सुरु गऱ्यो। घटनाका सम्बन्धमा कात्तिक १९ गते बेलुकी क्षतिपूर्ति दिने, आइन्दा यस्ताखाले क्षति पुऱ्याउने काम नगर्ने, यदि गरेमा सम्बन्धित पार्टीले क्षति बेहोर्नुपर्नेमा सर्वपक्षीय सहमति भयो।

युथफोर्सबाट

एकीकृत माओवादीका जिल्लास्थित सम्पूर्ण सम्पर्क कार्यालयका साइनबोर्डलगायत सामग्रीहरू युथफोर्सका कार्यकर्ताहरूले ०६६ कात्तिक १७ गते

हिरासतमा राखिएको अवस्थामा यातना दिइएका दावालाक्पा शेर्पा

Final Eastren:Layout 1 2/9/2010 2:05 PM Page 164

तोडफोड गरी आगजनी गरे। युथफोर्स र वाईसीएलबीच भएको सम्पत्ति क्षतिको विषयमा धनकुटा बन्दको घोषणा गरेको युथफोर्सले धनकुटा नगरपालिकामा रहेका एकीकृत माओवादीका सम्पूर्ण कार्यालयहरूका साइनबोर्डलगायत सम्पर्क कार्यालय तोडफोड गरेको थियो।

अनेरास्ववियु (क्रान्तिकारी) बाट

धनकुटा बहुमखी क्याम्पसका क्याम्पसप्रमुख विष्णु मादेन, धनकुटा नपा-६ निवासी सहायक क्याम्पसप्रमुख निरञ्जन बस्ती, सप्तरी घर भई धनकुटा बहुमुखी क्याम्पसका प्राध्यापक रामअखिलेश्वर साह, धनुषाका राजेश यादव, विराटनगर निवासी क्याम्पसका सहायक क्याम्पसप्रमुख रामकुमार काफ्ले, प्रगतिशील प्रध्यापक सङ्घका अध्यक्ष शेषराज अधिकारी, विराटनगर निवासी सहायक प्रशासन अधिकृत ध्रुवकुमार शाक्यलाई स्वयिु निर्वाचन सम्पन्न गर्न नसकेको भन्दै ०६५ चैत ६ गते दिउँसो अनेरास्वयिु (क्रान्तिकारी)ले क्याम्पस प्रशासनको कोठामा थुने। हुसाडेक नेपालका निवर्तमान अध्यक्ष केशव पहाडीलगायत अन्य मानवअधिकारकर्मी, पत्रकार र स्थानीय प्रशासनको पहलमा सोही दिन राती ९ बजे सबै जना मुक्त भए।

स्वास्थ्य सेवाको अवस्था

जिल्ला अस्पतालमा पाँच जना डाक्टरको दरबन्दी रहे तापनि दुई जना मात्र बहाल रहेका छन्। स्टाफ नर्स छ जनाको दरबन्दी रहेकामा तीन जना मात्र बहाल छन्। प्राथमिक स्वास्थ्य केन्द्र दुईओटा रहेका छन्। सो केन्द्रमा रहेका दुई जना अहेवमध्ये एक जना जिल्ला स्वास्थ्य कार्यालयमा काजमा छन्। जिल्ला स्वास्थ्य कार्यालयले एक जना अहेवलाई बिनासूचना केन्द्रमा अनुपस्थित भएका कारण निजामती सेवामा अयोग्य भएको भन्दै अवकाशको माग गरेको छ। स्वास्थ्य चौकी ११ ओटा र ११ जना इन्चार्ज रहेका छन्। २४ ओटा उपस्वास्थ्य चौकीमा २४ जना नै इन्चार्ज रहेका छन्। जिल्लामा ३७ जना ग्रामीण स्वास्थ्य कार्यकर्ता रहेका छन्। ३५ ओटा गाविस र एक नगरपालिकामा जम्मा ३ सय २४ जना महिला स्वास्थ्य स्वयम्सेविका रहेका छन्।

१.८ तेह्रथुम

जनसङ्ख्या : १,२१,९९९
साक्षरता प्रतिशत : ६०
महिला साक्षरता प्रतिशत : ४०
क्षेत्रफल (वर्ग कि. मि.) : ६७९
गाविस/नपा सङ्ख्या : ३२/०
सरकारी/निजी विद्यालय : ३७६/८
क्याम्पस/उच्च मा.वि. : २/२२
अस्पताल/स्वास्थ्य चौकी : १/३१
मानव विकास सूचकाङ्कः ०.५२३
प्रतिपरिवार सरदर सङ्ख्याः ६

जेल र बन्दीहरू

'ग' श्रेणीको तेह्रथुम जेलको क्षमता २५ जनाको रहेको छ। हाल ३३ जना पुरुष, सात जना महिला र एक जना आश्रित बालिका गरी कुल ४१ जना बन्दीहरू छन्। जेलमा रहेकी बालिकालाई महिलाहरूसँगै राखिएको छ। यस जेलमा महिला र पुरुषका लागि एकै भवनभित्र छुट्टाछुट्टै कोठा छन्। जेलको भवन ज्यादै पुरानो भएकाले पानी चुहिन थालेको छ। बन्दी सुत्ने काठका फलेकहरू कुहिएका छन्। महिला र पुरुष बन्दीका लागि भलिबल, चेस, क्यारिमबोर्ड र लुडोजस्ता खेल सामग्री उपलब्ध छन्। पुरुष बन्दीहरूका निम्ति टेलिभिजनको व्यवस्था गरिएको छ भने महिला बन्दीहरूका लागि त्यो व्यवस्था छैन। जेलमा रहेका बन्दीहरू ढाकाका कपडा बुनेर बजारमा बिक्रीका लागि पठाउने गर्छन्। तराईका जिल्लाहरूबाट बन्दीहरूलाई जेल सरुवा गरी तेह्रथुम जेलमा राखिएको हुनाले जेलको क्षमताभन्दा बढी बन्दी रहेको तेह्रथुम जेलका कारागारप्रमुखले जानकारी गराए।

Final Eastren:Layout 1 2/9/2010 2:05 PM Page 165

धम्की/कुटपिट

वाईसीएलबाट

चुहानडाँडा गाविस-४ निवासी म्याङलुङ गाविस- १ का होटल व्यवसायी ४० वर्षीय धनपति प्रसाईंलाई ०६५ फागुन २९ गते सोही गाविस-६ का वाईसीएल कार्यकर्ता २४ वर्षीय तीर्थबहादुर रसाइली, सोही गाविस-१ का १७ वर्षीय अनमोल खापुङ र तम्फुला गाविस-७ का २७ वर्षीय भूमिराज लिम्बूले सामान्य भनाभन गरेको आरोपमा कुटपिट गरी घाइते बनाए। पीडितको जिल्ला अस्पताल तेह्रथुममा उपचार भयो। उपचारपछि पीडितले कानुनी कारवाही गरिपाऊँ भनी फागुन ३० गते जिल्ला प्रहरी कार्यालय, तेह्रथुममा उजुरी दिए। प्रहरीले पीडकहरू तीर्थबहादुर र भूमिराजलाई सार्वजनिक अपराध ऐन अन्तर्गत चैत ५ गते जेल चलान गऱ्यो भने अनमोल खापुङ चैत २ गते साधारण तारेखमा रिहा भए।

फाक्चामारा गाविस-९ निवासी वसन्तपुर गाविस-४ स्थित इलाका प्रहरी कार्यालयका सई ३८ वर्षीय ज्ञानेन्द्रबहादुर कार्कीलाई ०६६ कात्तिक २ गते बेलुकी गस्तीमा गएका बेला बसपार्कमा वाईसीएलका कार्यकर्ताको समूहले छुरा प्रहार गरी घाइते बनायो। वसन्तपुर बजारमा तिहारको अवसरमा प्रहरीले डाइस खेल्न नदिएको भन्दै भनाभन हुँदा वाईसीएल कार्यकर्ताले पेटमा छुरा प्रहार गरेका थिए। छुरा प्रहारबाट सईको आन्द्रा काटिएको थियो। पीडितको बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरानमा उपचार भइरहेको छ। छुरा प्रहार गर्ने वाईसीएल कार्यकर्ता को हो भन्ने खुल्न सकेन। प्रहरीले अनुसन्धानका लागि वाईसीएलका सात जना कार्यकर्तालाई गिरफ्तार गरी तीन दिनपछि तीन जनालाई रिहा गऱ्यो। बाँकी चार जनालाई थप अनुसन्धानका लागि कात्तिक २७ गते जेल चलान गरियो।

सङ्घीय लिम्बूवान राज्य परिषद्बाट

सप्तरी जिल्ला निवासी सिम्ले गाविस-५ औँसीबजारस्थित उपस्वास्थ्य चौकीमा कार्यरत अहेव ४० वर्षीय रामप्रकाश यादवलाई प्रसूति सेवामा बढी शुल्क लिएको आरोपमा ०६५ फागुन १३ गते बिहान सोही गाविस-५ निवासी लिम्बूवानका कार्यकर्ताहरूको समूहले उपस्वास्थ्य चौकीमा आएर कुटपिट गऱ्यो। पीडितले ०६५ फागुन १४ गते प्रहरी चौकी सिम्लेमा दिएको निवेदनका आधारमा फागुन १५ गते छलफल गरी पीडकहरूलाई आगामी दिनमा स्वास्थ्यकर्मीलाई अमानवीय व्यवहार नगर्न र गरेमा कारवाही गरिने सर्तमा दुवै पक्षबीच सहमति भयो।

झापा जिल्ला गौरादह गाविस-३ निवासी तेह्रथुम जिल्ला पञ्चकन्या माविका प्रधानाध्यापक ३९ वर्षीय डिल्लीबहादुर कार्कीलाई लिम्बूवानविरोधी गतिविधि गरेको आरोपमा ०६६ भदौ २५ गते दिउँसो सोही गाविसका मञ्चसम्बद्ध लिम्बूवान राज्यपरिषद्का कार्यकर्ताको एक समूहले विद्यालय हाताभित्र कुटपिट गरी घाइते बनायो। लिम्बूवानको भदौ २८ गते सुनसरी जिल्लाको धरानमा हुने बृहत् आमसभाका लागि त्यस विद्यालयबाट विद्यार्थी लिएर जाने तयारी गर्दा प्रधानाध्यापकले अर्धवार्षिक परीक्षा भएकाले विद्यार्थी लिएर नजान आग्रह गरेका थिए। विद्यार्थी लैजान नदिएको आरोपमा लिम्बूवानका कार्यकर्ताले प्रधानाध्यापकलाई कार्यकक्षबाट बाहिर निकालेर विद्यालयको खेल मैदानमा कुटपिट गरेका थिए। घाइते शिक्षकको भारतको सिलगुडीमा उपचार भयो। कुटपिमा संलग्न लिम्बूवानका कार्यकर्तालाई भदौ २८ गते प्रहरीले गिरफ्तार गरी असोज ५ गते सार्वजनिक अपराध ऐन अर्न्तगत थप अनुसन्धानका लागि कारागार चलान गऱ्यो। प्रहरीद्वारा आफ्ना कार्यकर्ता गिरफ्तार गराएको भनी पुन: लिम्बूवानका कार्यकर्ताले प्रधानाध्यापक कार्कीलाई पदबाट राजीनामा नदिए मार्ने धम्की दिए। लिम्बूवानको धम्कीका कारण प्रधानाध्यापकले यस वर्षको अन्त्यसम्म विद्यालयमा आएर काम गर्न सकेका छैनन्।



अन्तरजातीय विवाह गराएको आरोपमा गाउँ निकाला गरिएका टेकबहादुर लिम्बू

युथफोर्सबाट

जिरीखिम्ती गाविस-९ निवासी जिरीखिम्ती प्रहरी चौकीका प्रहरी जवान ३० वर्षीय पुरुषोत्तम चापागाईंले भनाभन गरेको आरोपमा ०६६ वैशाख १ गते म्याङलुङ गाविस-१ निवासी युथफोर्सका म्याङलुङ गाविसका स्थानीय कार्यकर्ताहरू २० वर्षीय देशकुमार लिम्बू, १९ वर्षीय टङ्क लिम्बू, १७ वर्षीय हुकुमसिंह लिम्बू, २२ वर्षीय मदन लिम्बू, २४ वर्षीय डोलेश्वर लिम्बूसहितको समूहले कुटपिट गऱ्यो। फरार भएका पीडकमध्ये तीन जनालाई वैशाख २ गते बिहान जिरीखिम्ती बजारबाट गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालयमा हिरासतमा राखिएको थियो। घाइते भएका प्रहरीको जिल्ला अस्पताल तेह्रथुममा सामान्य उपचार भयो। पीडकहरू वैशाख ३ गते बेलुकी सामान्य तारेखमा रिहा भए।

Final Eastren:Layout 1 2/9/2010 2:05 PM Page 166

घटनाको प्रकार	गैर राज्यबाट							राज्यबाट			
	अन्यबाट				एकीकृत माओवादीबाट						
	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा	घटना सङ्ख्या	पुरुष	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा
हत्या	४	३	३	४							
गिरफ्तारी/यातना								१	४		४
कुटपिट	१०	११		११				३	३		३
धम्की	१	३	३	४	१	३	३				
भेला/सङ्गठित हुने अधिकार								३	४	५	९
जातीय विभेद	१		१	१							
महिलाअधिकार	४		६	६							
बालअधिकार	३		३	३							
जम्मा	३३	१५	१३	३८	१	३	३	६	११	५	१६

अभिव्यक्ति, भेला हुने र सङ्गठित हुने अधिकार
(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

एकीकृत माओवादीनिकट लिम्बूवान मुक्तिमोर्चा जिल्ला समितिको आयोजनामा भएको जिल्ला प्रशासन कार्यालय घेराउ कार्यक्रममा ०६६ जेठ २५ गते जिल्ला प्रशासन परिसरमा प्रहरीको लाठीचार्जबाट एकीकृत माओवादीका जिल्लास्तरीय कार्यकर्ताहरू ३१ वर्षीय सुजन शर्मा, ४० वर्षीय टेकबहादुर केसी, ३५ वर्षीय दिलीप लिम्बू सामान्य घाइते भए। प्रहरीले निषेधित क्षेत्रभित्र जबरजस्ती प्रवेश गर्न खोजेको भनी लाठी प्रहार गरेर घेराउमा आएका माओवादी कार्यकर्तालाई तितरबितर पारेको थियो।

एकीकृत माओवादीनिकट अखिल नेपाल महिला सङ्घ (क्रान्तिकारी) जिल्ला समितिको आयोजनामा भएको जिल्ला प्रशासन कार्यालय घेराउ कार्यक्रममा ०६६ जेठ २७ गते जिल्ला प्रशासन परिसरमा प्रहरीको लाठीचार्जबाट माओवादीका महिला कार्यकर्ताहरू २१ वर्षीया दिलु सुब्बा, २४ वर्षीया कमला लिम्बू, २५ वर्षीया चुना खुलाल, २६ वर्षीया विमला ढकाल र ३० वर्षीया जयन्ती बुढाथोकी घाइते भए। घाइते महिला कार्यकर्ताहरूको जिल्ला अस्पताल तेह्रथुममा सोही दिन उपचार भयो।

ह्वाकु गाविस-५ निवासी एकीकृत माओवादीका जिल्ला समिति सदस्य ३५ वर्षीय सूर्य इदिङ्गो भनिने मोहन सुब्बालाई नागरिक सर्वोच्चताको माग गर्दै भएको आन्दोलनमा ०६६ जेठ २८ गते प्रहरीले जिल्ला प्रशासनको ढोकामा लाठी प्रहार गऱ्यो। जिल्ला प्रशासनको ढोकाभन्दा भित्र भएका पीडित लाठी प्रहारबाट घाइते भएका माओवादी कार्यकर्ताको जिल्ला अस्पतालमा उपचार भयो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष जिल्ला अदालतमा गत वर्षको जिम्मेवारी सरेर आएका देवानी ६९ थान र सरकारवादी फौजदारी ३५ थान गरी कुल १ सय ९ थान मुद्दा रहे। यस वर्ष दर्ता भएका देवानी ६९ थान र सरकारवादी फौजदारी ६३ गरी १ सय ३२ थान मुद्दा दर्ता भए। जम्मा जिल्ला अदालतमा कुल मुद्दा सङ्ख्या २ सय ४१ थान रह्यो। यस वर्ष देवानी ६९ थान र सरकारवादी फौजदारी ३५ थान गरी १ सय ४ थान मुद्दा फर्स्यौट भए। यस वर्ष दुई वर्षभन्दा बढी म्याद नाघेका देवानी आठ थान र सरकारवादी फौजदारी दुई थान गरी १० थान मुद्दा रहेका छन्। एक वर्षदेखि दुई वर्षसम्म म्याद नाघेका देवानी १३ थान र सरकारवादी फौजदारी १८ थान गरी ३१ मुद्दा रहेका छन्। एक वर्षभित्रका देवानी मुद्दाहरू २९ थान र सरकारवादी फौजदारी १७ गरी कुल ४६ थान मुद्दा रहेका छन्। गत वर्षभन्दा यस वर्ष मुद्दा दायरमा निकै वृद्धि भएको छ। अहिले सूचना पठाउन र म्याद तामेल गर्न निकै सजिलो भएको जिल्ला अदालतले जानकारी गरायो।

यातना तथा अन्य क्रूर, अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

वसन्तपुर गाविस-४ निवासी व्यापारी ४९ वर्षीय तिलबहादुर गुरुङले सई ज्ञानेन्द्रबहादुर कार्कीलाई छुरा प्रहार गर्ने वाईसीएलका कार्यकर्ता लुकाएर राखेको

Final Eastren:Layout 1 2/9/2010 2:05 PM Page 167

आरोपमा ०६६ कात्तिक २ गते राती वसन्तपुर इलाका प्रहरी कार्यालयका प्रहरीहरूले कुटपिट गरी घाइते बनाए। पीडितले वसन्तपुर बजारमा वाईसीएलले प्रहरी सईलाई छुरा प्रहार गरेको घटना भने आफूलाई थाहा नभएको बताए। पीडितले कात्तिक ५ गतेसम्म वसन्तपुर स्वास्थ्य चौकीमा उपचार गराए। प्रहरीले कुटपिट गरेको बारेमा पीडितले कतै उजुरी गरेनन्।

सम्दु गाविस-४ का ४८ वर्षीय मानबहादुर पुर्कुटी सार्कीलाई ०६६ कात्तिक २० गते प्रहरी चौकी सम्दुका प्रहरी हवल्दार मोहन कार्कीले लेनदेन विषयमा झगडा गरेर गाउँमा अशान्ति फैलाएको आरोपमा गिरफ्तार गरी प्रहरी चौकीको एक कोठामा थुनेर यातना दिए। पीडितको लाठी र बुटले कुटेका कारण शरीरमा घाउचोट लागेको थियो। पीडित सार्कीको कात्तिक २२ गते जिल्ला अस्पताल तेह्रथुममा उपचार भयो।

बालअधिकार

जिल्लामा अहिले पनि ग्रमाीण क्षेत्रका चार प्रतिशत अर्थात् ३ हजार बालबालिकाहरू विद्यालय उमेर पुगे पनि गरिबीका कारण विद्यालय जान सकेका छैनन्। सरकारी विद्यालयमा विद्यालय प्रशासन र शिक्षा कार्यालयको बेवास्ता हुनु, अनुगमन प्रभावकारी नहुनु र विद्यालय जान भौगोलिक कठिनाइ भएका कारण बालबालिका शिक्षाबाट वञ्चित भए। जिल्ला शिक्षा कार्यालयको तथ्याङ्क अनुसार हाल प्राबि तहमा ३९ हजार ४ सय ५०, निमाबि तहमा १२ हजार ४ सय ६३, माबि तहमा १० हजार ५ सय ८५, दृष्टिविहीन र बहिरा सुष्तश्रवण भएका एक विद्यालय रहेको र निजहरूको भरणपोषण तथा शैक्षिक सामग्रीका लागि सात जनालाई मासिक १ हजार ३ सय रुपियाँ उपलब्ध गराउने गरेको पाइयो।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार बेचबिखन तथा ओसारपसार

सम्दू गाविस-५ की नीता शिवा दमाई र म्याङलुङ गाविस- ७ की २६ वर्षीया गीतादेवी गजरतलाई ०६६ वैशाख १९ गते भारतको मुम्बईमा बेच्न लैजाने जलजले गाविस-१, हाल गछिया मोरङकी ४० वर्षीया गोमा पाँचकोटीलाई तेह्रथुम जिल्ला बसपार्कबाट पीडितका आफन्तले समातेर प्रहरीलाई बुझाए। पीडित महिलाहरूलाई पीडकले विदेश लैजाने प्रलोभनमा विराटनगरमा नागरिकता र पासपोर्ट बनाइदिने र मासिक १४ हजार रुपियाँ तलब पाउने भनी दिल्लीबाट मुम्बई हुँदै लेबनानमा जहाजद्वारा लैजाने भनी घरबाट लिएर जाँदै थिइन। पीडित महिलाले दिएको बयानका आधारमा वैशाख २० गते रिहा गरी पीडक महिलालाई महिला बेचबिखनसम्बन्धी मुद्दा अन्तर्गत कारागार चलान गरियो।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

तम्फुला गाविस-६ की २७ वर्षीया एक महिलालाई सोही ठाउँका ३५ वर्षीय शिवप्रसाद अधिकारीले ०६६ भदौ १८ गते दिउँसो आफ्नै घरमा कोही नभएको मौका पारेर बलात्कारको प्रयास गरेको भन्दै भदौ १९ गते पीडित पक्षले जिल्ला प्रशासन कार्यालयमा उजुरी दियो। यस वर्षको अन्त्यसम्म आरोपी फरार छन्।

सबै प्रकारका जातीय विभेद

जलजले गाविस-७ का ४५ वर्षीय टेकबहादुर लिम्बू, उनकी ४३ वर्षीया पत्नी माया लिम्बू र सोही गाविस-६ की ४० वर्षीया कुमारी तुम्बाहाम्फेलाई छोरीको अन्तरजातीय विवाह गराएको आरोपमा ०६६ मङ्सिर १५ गते सोही गाविस-७ निवासी पूर्वगाविस अध्यक्ष नरबहादुर लिम्बूसहितको २३ जनाको समूहले गाउँ निकाला गऱ्यो। पीडित टेकबहादुर लिम्बूले गाउँलेहरूले आफूलाई गाउँबाट निकाला गरेको पत्र दिएको हुनाले पीडकहरूलाई कानुनी कारवाही गरिपाऊँ भनी मङ्सिर १७ गते जिल्ला प्रशासन कार्यालयमा निवेदन दिएपछि प्रहरीले पीडकहरूलाई मङ्सिर १८ गते जिल्ला प्रहरी कार्यालयमा हाजिर गरायो। पीडकहरूले भूलबस गाउँ निकाला गरेको भनी माफ मागे। जिल्लाका १५ ओटा सङ्घसंस्थाले पीडित लिम्बूलाई सामाजिक परिवर्तनका लागि छोरीको अन्तरजातीय विवाह गरिदिएको भनी जिल्ला प्रहरी कार्यालय, तेह्रथुममा अभिनन्दन गरेपछि दुवै पक्षबीच मेलमिलाप भएको थियो।

Final Eastren:Layout 1 2/9/2010 2:05 PM Page 168

१.९ भोजपुर

जनसङ्ख्या : २,०६,४५६
साक्षरता प्रतिशत : ५५
महिला साक्षरता प्रतिशत : ४४
क्षेत्रफल (वर्ग कि. मि.) : १,५०७
गाविस/नपा सङ्ख्या : ६३/०
सरकारी/निजी विद्यालय : ३७१/६
क्याम्पस/उच्च मा.वि. : १/१७
अस्पताल/स्वास्थ्य चौकी : १/६३
मानव विकास सूचकाङ्कः ०.४७२
प्रतिपरिवार सरदर सङ्ख्याः ५

गोली/विस्फोटक पदार्थद्वारा घाइते

अज्ञात समूहबाट

खैराङ गाविस-१ का १६ वर्षीय रमेश तामाङ ०६५ फागुन २० गते घरनजिकैको हरेलु जङ्गलमा गोठालो गएको समयमा बेवारिसे अवस्थामा फेला परेको सकेट बम हातमा लिएर खेलाउने क्रममा विस्फोट हुँदा गम्भीर घाइते भए। सो स्थानलाई माओवादीले द्वन्द्वकालमा शाही नेपाली सेनासँग दोहोरो भिडन्तका क्रममा सेल्टरका रूपमा प्रयोग गरेको थियो। घाइते रमेशको प्राथमिक स्वास्थ्य केन्द्र, घोडेटारमा सामान्य उपचारपछि बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा थप उपचार गरियो।

जेल र बन्दीहरू

'ख' श्रेणीको जिल्ला कारागारमा कैद तोकिएका ३४ जना पुरुष र चार जना महिला रहेका छन् भने कैद नतोकिएका ११ जना पुरुष बन्दी रहेका छन्। त्यसैगरी, एक जना तीन वर्षीय नाबालक सुरेन्द्र राईले आमासँगै कैदी जीवन बिताइरहेका छन्। यसरी भोजपुर कारागारमा एक आश्रितसमेत जम्मा ५० जना बन्दीहरू रहेका छन्। भोजपुर कारागारको क्षमता २५ जनाको रहे पनि ५० जना बस्नुपर्दा बन्दीहरूलाई असुविधा भएको छ। क्षमताभन्दा बढी कैदी राखिँदा शौचालय जान एक घण्टा लाइन बस्नुपर्ने बाध्यता छ। पुरुष कैदीहरूको सङ्ख्या अत्यधिक भएकाले सुत्नका लागि भान्साकोठा र खुला ठाउँमा त्रिपाल टाँग्नुपर्ने अवस्था रहेको कैदीहरूले बताए। कारागारमा देखिएको समस्या समाधान गर्न यस वर्ष नयाँ भवन निर्माण कार्य भइरहेको जिल्ला कारागार शाखाले जनायो।

धम्की/कुटपिट

एकीकृत माओवादीबाट

कुलुङ गाविस-५ का ३५ वर्षीय शिवशङ्कर घलेलाई कुलुङ गाविसमा लाग्ने हटिया अन्यत्र सारेको आरोपमा ०६५ माघ २७ गते एकीकृत माओवादीका कार्यकर्ताहरूले चौकीडाँडा गाविसस्थित गोथे बजारमा छुरा प्रहार गरी गम्भीर घाइते बनाए। पूर्णिमा मेला भर्न आएका घलेलाई माओवादीका एक नम्बर एरिया सेक्रेटरी पुष्प चौलागाईं र वाईसीएल कार्यकर्ता धर्म राईसहितका छ जना कार्यकर्ताहरूले कुटपिट गरी छुरा प्रहार गरेका थिए।

एकीकृत माओवादीका कार्यकर्तासमेत रहेका पीडित घलेको तीघ्रा र टाउकोमा गम्भीर चोट लागेको थियो। उनको उपचार सुनसरीको धरानस्थित बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा गरियो। कुटपिटमा संलग्नहरूमाथि कारबाही माग गर्दै पीडित घलेले ०६५ माघ २९ गते प्रहरी चौकी कुलुङमा लिखित उजुरी दिए। यस वर्षको अन्त्यसम्म पीडकहरूलाई कुनै कारबाही भएन।

एकीकृत माओवादीका कार्यकर्ताहरूले भुल्के गाविस-५ का मणिकुमार राईलाई वर्कसका नाममा चन्दा आतङ्क मच्चाइ एकीकृत माओवादी कार्यकर्ता र सर्वसाधारणलाई दुःख दिएको आरोपमा ०६६ भदौ २० गते टक्सार गाविसबाट नियन्त्रणमा लिएर लाठी र मुक्काले कुटपिट गरे। कुटपिटबाट राईको अनुहार र कानमा चोट लाग्नुका साथै टाउको फुटेको थियो। एकीकृत माओवादीका कार्यकर्ताहरूले नियन्त्रणमा लिएर कुटपिट गरेपछि ०६६ भदौ २० गते राती ८ बजे जिल्ला प्रहरी कार्यालयमा बुझाए। प्रहरीले प्रमाण नपुगेको भन्दै राईलाई ०६६ भदौ २३ गते साधारण तारेखमा रिहा गऱ्यो। यसअघि उनलाई वर्कसमा लागेर गाउँमा ज्यादती गरेको आरोपमा ०६६ साउन २६ गते एकीकृत माओवादीका कार्यकर्ताहरूले कुटपिट गरेर

बेवारिसे बम खेलाउँदा विस्फोट भई घाइते भएका रमेश तामाङ

वर्कस पार्टी छाड्ने सर्तमा कागज गराई त्यसै दिन मुक्त गरेका थिए।

भोजपुर गाविस-३ निवासी भोजपुर क्याम्पसका प्रमुख पर्वतकुमार राईलाई क्याम्पसमा कर्मचारी नियुक्ति गर्दा अनियमितता गरेको आरोपमा ०६६ कात्तिक ८ गते अनेरास्ववियु (क्रान्तिकारी)का कार्यकर्ताहरूले क्याम्पस परिसरमै गई कुटपिट गरे। अनेरास्ववियु (क्रान्तिकारी)की जिल्ला अध्यक्ष सुनीता राई, उपाध्यक्ष नवीन परियार र सचिव दिनेश खनालसहितका क्रान्तिकारीका कार्यकर्ताले क्याम्पसप्रमुख राईलाई काठको मुङ्ग्रोसहित हातहतियारले कुटपिट गरेका थिए। क्रान्तिकारीका कार्यकर्ताको कुटपिटबाट क्याम्पसप्रमुख राईको टाउको र शरीरका विभिन्न भागमा गहिरो चोट लागेको थियो। राईको उपचारका क्रममा चिकित्सकले टाउकोमा २५ टाँका लगाएका थिए। भोजपुर अस्पतालमा प्राथमिक उपचारपछि राईको थप उपचार मोडेल अस्पतालमा काठमाडौँमा गरियो। सो घटनापछि अनिश्चितकालका लागि बन्द भएको भोजपुर क्याम्पस राजनीतिक दलहरूले क्याम्पसमा हस्तक्षेप नगर्ने लिखित प्रतिबद्धता जनाएपछि ०६६ मङ्सिर २४ गतेदेखि पुनःसञ्चालनमा आयो। पीडितका तर्फबाट उनकी पत्नी सत्यकला राईले ०६६ कात्तिक १० गते दोषीमाथि कारबाही माग गर्दै जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। कुटपिटमा संलग्न अनेरास्ववियु (क्रान्तिकारी) की जिल्ला अध्यक्ष सुनीता राईले ०६६ कात्तिक ९ गते जिल्ला प्रहरी कार्यालयमा गिरफ्तारी दिइन् भने घटनामा संलग्न अन्य अभियुक्तलाई यस वर्षको अन्त्यसम्म प्रहरीले गिरफ्तार गरेन।



वाईसीएलबाट कुटपिट गरिएका दादोर्चे शेर्पा

घटनामा संलग्नमध्ये सुनीतामाथि प्रहरीले जिल्ला अदालत भोजपुरमा ज्यानमार्ने उद्योगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतले सुनीतालाई ०६६ कात्तिक २५ गते १४ हजार रुपियाँ धरौटी लिएर तारेखमा रिहा गऱ्यो।

वाईसीएलबाट

साङपाङ गाविस-६ का २८ वर्षीय दादोर्ची शेर्पा र बोया गाविस-९ का ३६ वर्षीय दाजोङ्बु शेर्पालाई सडक निर्माणमा संलग्न भएको अवस्थामा आफूले भनेको क्षेत्रबाट सडकको सर्भे नगरेको आरोपमा ०६५ चैत ३१ गते वाईसीएल कार्यकर्ता किमालुङ गाविसका इन्चार्ज शेखर तामाङ र उनका भाइ सुवास तामाङले साङपाङ गाविस-७ स्थित फालिदोबाटोमा कुटपिट गरी घाइते बनाए। लात्ती, मुक्का र लाठीले कुटपिट गर्दा दादोर्चीको अनुहार र आँखामा चोट लाग्यो भने दाजोङ्बु सामान्य घाइते भए। घाइते दुवैले घरैमा उपचार गरे। कुटपिटपछि पीडितहरूले ०६६ वैशाख २ गते घाउजाँच केस फाराम गराई पीडकहरूमाथि कारबाही माग गर्दै जिल्ला प्रहरी कार्यालयमा उजुरी गरे पनि प्रहरीले दर्ता गर्न अस्वीकार गऱ्यो। मुद्दा लिएर गएका उनीहरूलाई जिल्ला प्रहरी कार्यालयका डीएसपी जनक खत्रीले 'राजनीतिक रूपमा कुरा मिलाउनु' भनेपछि निवेदन जिल्ला प्रहरी कार्यालयमा नै छाडेर पीडितहरू फर्किएका थिए। मुद्दा दर्ता नगरिएको बारेमा इन्सेक प्रतिनिधि, राजनीतिक दलका कार्यकर्ता र पीडितसहितको टोली ०६६ वैशाख ६ गते बुझ्न जाँदा इन्स्पेक्टर मोहन परियारले कार्यालयप्रमुखबाट सो निवेदनका बारेमा कारबाही अघि बढाउन आदेश नदिएकाले आफूले केही गर्न नसक्ने बताए। प्रहरीले पीडकहरूलाई झिकाएर पीडितहरूलाई मुद्दा नदिन दबाब दिई जिल्ला प्रहरी कार्यालयका डीएसपी जनक खत्रीको उपस्थितिमा ०६६ वैशाख ८ गते दुईपक्षबीच सहमति गरायो।

किराँत जनवादी वर्कस पार्टीबाट

भुल्के गाविस-८ निवासी एकीकृत माओवादीका कार्यकर्ता जगन्नाथ दाहाललाई मागेजति रकम नदिएको भन्दै ०६५ माघ ५ गते किराँत जनवादी वर्कस पार्टीका कार्यकर्ताहरूले मार्ने धम्की दिए। सो पार्टीका कार्यकर्ताहरू मणिकुमार राई र प्रेमकुमार राईले दाहालसँग जबरजस्ती रकम असुलेर मागेजति रकम नदिएको भन्दै मार्ने धम्की दिएपछि ०६५ माघ १५ गते दाहाल

Final Eastren:Layout 1 2/9/2010 2:05 PM Page 170

गाउँबाट विस्थापित भए। यस वर्षको अन्त्यसम्म उनी मोरङ जिल्लाको खोर्सानेमा विस्थापित जीवन बिताइरहेका छन्। उनका परिवार भुल्केमा रहेका छन्। पीडितले कुनै निकायमा उजुरी दिएनन्।

दलगाउँ गाविस-२ निवासी नवदुर्गा मावि, दलगाउँका शिक्षक प्रकाश पोखरेललाई चन्दा नदिएको आरोपमा ०६५ माघ २२ गते किराँत जनवादी वर्कस पार्टीका कार्यकर्ताहरू प्रेमकुमार राई र मणिकुमार राईले घरैमा आएर कुटपिट गरे। वर्कस कार्यकर्ताहरूले पोखरेललाई लात्ती, मुक्का र लाठीले कुटपिट गरेका थिए। कुटपिटबाट पोखरेलको शरीरका विभन्नि भागमा चोट लाग्यो। उनको स्थानीय स्वास्थ्य चौकीमा उपचार गरियो। कुटपिटपछि मागेजति चन्दा नदिएमा हत्यासमेत गर्ने धम्की वर्कस कार्यकर्ताले पोखरेललाई दिएका थिए। पीडितले दोषीलाई कारबाहीका लागि कुनै निकायमा निवेदन दिएनन्।

चरम्बी गाविस-३ का प्रेम राईलाई मागेजति रकम नदिएको आरोपमा ०६५ फागुन १ गते किराँत जनवादी वर्कस पार्टीका कार्यकर्ताहरूले मार्ने धम्की दिए। पार्टीले मागेको ५ लाख रुपियाँ नदिएको भन्दै वर्कसका स्थानीय कार्यकर्ता पर्वत राईको नेतृत्वका छ जना कार्यकर्ताहरूले फागुन ७ गतेसम्ममा सो रकम उपलब्ध नगराए गोली हानी हत्या गर्ने धम्की दिएको पीडितले बताए। वर्कस कार्यकर्ताहरूले ०६५ माघ २४ गते प्रेमलाई उनको घरैमा कुटपिट गरी गम्भीर घाइते बनाएका थिए। कुटपिटपछि उनलाई वर्कस कार्यकर्ताहरूले अपहरण गरी सोही गाविसस्थित जङ्गलमा आठ घण्टासम्म नियन्त्रणमा राखेर मुक्त गरेका थिए। जिल्ला प्रहरी कार्यालयले राईमाथि वर्कस कार्यकर्ताले गरेको कुटपिटको जानकारी भए पनि पीडित परिवारले लिखित उजुरी नदिएको जनायो। यस वर्षको अन्त्यसम्ममा पीडितले चन्दा दिएनन्।

एमालेबाट

भुल्के गाविस-८ निवासी वाईसीएलका जिल्ला सचिव शिशिर भनिने २६ वर्षीय गोपाल तिमल्सेनालाई एमाले कार्यकर्ताविरुद्ध आक्रमणको योजना बनाएको आरोपमा ०६६ कात्तिक ११ गते युथफोर्स र अनेरास्ववियुका कार्यकर्ताहरूले भोजपुर गाविस-३ स्थित बिसौनी होटलनजिकै नियन्त्रणमा लिएर कुटपिट गरे। युथफोर्स र अनेरास्ववियुका कार्यकर्ताको कुटपिटबाट तिमल्सेनाको टाउको र शरीरका अन्य भागमा चोट लागेको थियो। घाइते तिमल्सेनाको भोजपुर अस्पतालमा प्राथमिक उपचार भयो। उपचारका क्रममा उनको टाउकोमा पाँच र मुखमा तीन टाँका लगाउनु परेको थियो। उनको वीर अस्पताल काठमाठौंमा थप उपचार भयो। कुटपिटको घटनापछि तनावग्रस्त बनेको भोजपुर बजारको स्थितिलाई नियन्त्रणमा लिन जिल्ला प्रशासन कार्यालयले ०६६ कात्तिक ११ गते बेलुका ५ बजेदेखि अनिश्चितकालका लागि कर्फ्यू जारी गऱ्यो। भोजपुर बजार र आसपासका क्षेत्रमा लगाइएको कर्फ्यु परिस्थिति सहज बनेपछि ०६६ कात्तिक १७ गतेदेखि हटाइएको थियो।

कुटपिटमा संलग्न भएको अभियोगमा प्रहरीले युथफोर्सका जिल्ला अध्यक्ष राजन राई, अनेरास्वियुका केन्द्रीय सदस्य ध्रुवराज राई, अनेरास्वियुका जिल्ला अध्यक्ष मकरबहादुर खड्का र अनेरास्वियुका कार्यकर्ता गङ्गाराज राईलाई ०६६ कात्तिक १२ गते भोजपुर सदरमुकामबाट गिरफ्तार गऱ्यो। उनीहरूविरुद्ध प्रहरीले ज्यानमार्ने उद्योगमा जिल्ला अदालत भोजपुरमा ०६६ कात्तिक १३ गते मुद्दा दायर गऱ्यो। कुटपिटमा संलग्न चार जनामध्ये ध्रुवराज राईलाई १४ हजार, मकरबहादुर खड्का, राजन राई र गङ्गाराज राईलाई जनही ५ हजार रुपियाँ धरौटी लिएर ०६६ कात्तिक २५ गते तारेखमा रिहा गऱ्यो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

गत वर्षको जिम्मेवारी सरेर आएका दुनियाँवादी फौजदारी मुद्दा १५ थानमध्ये यस वर्ष नौ थान फर्स्यौट भई छ थान बाँकी रहे। दुनियाँवादी फौजदारी मुद्दातर्फ यस वर्ष दर्ता भएका आठ थानमध्ये कुनै पनि फर्स्यौट भएनन्। यस वर्षको अन्त्यसम्म दुनियाँवादी फौजदारी मुद्दा जम्मा १४ थान बाँकी रहे।

सरकारवादी फौजदारी मुद्दातर्फ गतवर्षको जिम्मेवारी सरेर आएका छ थानमध्ये यस वर्ष चार थान फर्स्यौट भए भने दुई थान बाँकी रहे। सरकारवादी फौजदारी मुद्दातर्फ यस वर्ष दर्ता भएका १४ थानमध्ये दुई थान फर्स्यौट भए भने १२ थान बाँकी रहे। यस वर्षको अन्त्यसम्म बाँकी रहेका सरकारवादी फौजदारी मुद्दाको सङ्ख्या १४ थान रह्यो।

दुनियाँवादी देवानी मुद्दातर्फ गतवर्षको जिम्मेवारी सरेर आएका ३० थानमध्ये यस वर्ष २१ थान फर्स्यौट भए भने नौ थान बाँकी रहे।

दुनियाँवादी देवानी मुद्दातर्फ यस वर्ष दर्ता भएका २० थानमध्ये दुई थान फर्स्यौट भए भने १८ थान बाँकी रहे। यस वर्षको अन्त्यसम्म दुनियाँवादी फौजदारी मुद्दा जम्मा २७ थान बाँकी रहे।

यस वर्षको अन्त्यसमम्म रहेका जम्मा मुद्दा ५५ थान रहे।

घटनाको प्रकार	गैर राज्यबाट								राज्यबाट		
	अन्यबाट					एकीकृत माओवादीबाट					
	घटना सङ्ख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना सङ्ख्या	पुरुष	जम्मा	घटना सङ्ख्या	पुरुष	जम्मा
हत्या	२		२		२						
घाइते	१	१			१						
गिरफ्तारी/यातना									१	१	१
कुटपिट	४	५			५	२	२	२			
धम्की	६	६		२४	३०						
जातीय विभेद	१	१	१		२						
महिलाअधिकार	७		७		७						
बालअधिकार	३		३		३						
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार	१	१			१						
अपहरण						१	१	१			
जम्मा	२५	१४	१३	२४	५१	३	३	३	१	१	१

यातना तथा अन्य क्रूर, अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

टक्सार गाविस-१ का रामकुमार तामाङलाई ०६६ मङ्सिर २० गते हिरासतमा राखिएको अवस्थामा जिल्ला प्रहरी कार्यालयका प्रहरीले ०६६ मङ्सिर २० गते दिउँसो हिरासतभित्रै शारीरिक यातना दिए। नाम र पद नखुलेका प्रहरीले गुन्डा भएको आरोप लगाउँदै तामाङका दुवै हातका हत्केलामा प्लास्टिकको पाइपले ५० पटकभन्दा बढी प्रहार गरेर शारीरिक यातना दिए। प्रहरीको यातनाबाट तामाङका दुवै हात सुन्निएका थिए। टक्सार गाविसकै शङ्कर कार्कीलाई कुटपिट गरेको अभियोगमा हिरासतमा राखिएका तामाङलाई सानो मान्छे भएर आफूभन्दा ठूला मानिसलाई कुटपिट गर्ने भन्दै यातना दिएपछि घरबाट औषधी मागेर तामाङले उपचार गरेका थिए। हिरासतमा थुनुवा कुटिएको बारेमा जिल्ला प्रहरी कार्यालयका डीएसपी गोविन्दकुमार साहले कुनै जानकारी नभएको बताए। उनले छानबिन गरेर दोषीमाथि कारबाही गर्ने बताए पनि कारबाहीको प्रकृति सार्वजनिक गरेनन्। कुटपिटको अभियोगमा गिरफ्तार गरिएका तामाङमाथि सार्वजनिक अपराध गरेको अभियोगमा प्रहरीले ०६६ मङ्सिर २५ गते जिल्ला प्रशासन कार्यालयमा मुद्दा दर्ता गऱ्यो। उनी २० हजार धरौटी बुझाएर ०६६ पुस ९ गते रिहा भए।

बालअधिकार

किमालुङ गाविस-४ की १५ वर्षीया बालिकालाई ०६६ असोज १९ गते जिल्लाकै दोभाने गाविस-४ का ३८ वर्षीय कुमार खत्रीले पीडितको घरैमा बलात्कार गरेको आरोपमा इलाका प्रहरी कार्यालय दिङ्लाको टोलीले ०६६ असोज २१ गते गिरफ्तार गऱ्यो। पीडितको प्राथमिक स्वास्थ्य केन्द्र दिङ्लामा उपचार भयो। पीडित पक्षले ०६६ असोज २५ गते जिल्ला प्रहरी कार्यालय भोजपुरमा लिखित जाहेरी दियो। प्रहरीले आरोपित खत्रीलाई जबरजस्ती करणीको महल अन्तर्गत कारबाही माग गर्दै जिल्ला अदालत भोजपुरमा उपस्थित गराएकामा अदालतले ०६६ कात्तिक १८ गते पुर्पक्षका लागि थुनामा राख्ने आदेश दिएपछि खत्रीलाई भोजपुर कारागार चलान गरियो।

भोजपुर गाविस-८, दुम्सीका निवासी विद्योदय उच्चमावि कक्षा ९ मा अध्ययनरत १६ वर्षीया टीकाकुमारी खड्कालाई उनकी आमा र केही छिमेकीले फकाएर प्याउली गाविस, विजयबासका ४२ वर्षीय ज्ञानबहादुर कार्कीसँग ०६६ मङ्सिर २८ गते बालविवाह गरिदिए। बालविवाह भएको थाहा भएपछि स्थानीय महिला समूहका सदस्यहरूले बालविवाह गराउने काममा संलग्नहरू टीकाकुमारीकी आमा

Final Eastren:Layout 1 2/9/2010 2:05 PM Page 172

सीताकुमारी, छिमेकीहरू रमेश खड्का र भगवती खड्काविरुद्ध ०६६ पुस ७ गते जिल्ला प्रहरी कार्यालय, भोजपुरमा लिखित जाहेरी दिए। बालविवाहका बारेमा उजुरी परेपछि प्रहरीले बालिकालाई फकाएर विवाह गरिदिने छिमेकी र ज्ञानबहादुर कार्कीलाई नियन्त्रणमा लिएर सोधपुछ गरेको थियो। सोधपुछपछि पीडकहरूले गल्ती स्वीकारेका थिए।

फकाएर बालविवाह गराइएकी टीकाकुमारीका परिवार, पीडित बालिका र पीडक पक्षलाई प्रहरीले ०६६ पुस १६ गते जिल्ला प्रहरी कार्यालयमा बोलाई छलफल गराएर आगामी दिनमा त्यस किसिमका घटना नगराउने सर्तमा मिलापत्र गराएर छोडिदियो। बालिकाको विवाह गैरकानुनी भएकाले प्रहरीले बालिकालाई माइतीकै पक्षमा जिम्मा लगायो। पीडकहरूउपर कानुनी कारबाही गरिएन।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

केउरेनीपानी गाविस-६ की १९ वर्षीया शर्मिलादेवी भित्रिकोटीलाई ०६५ फागुन ७ गते उनकै छिमेकी अर्जुन राईले घरनजिकैको जङ्गलमा बलात्कार गरेपछि हत्या गरे।

साँझ ७ बजे धारामा पानी लिन गएकी शर्मिला हराएपछि खोजी गर्ने क्रममा उनको लास घरबाट १ सय ५० मिटर टाढाको जङ्गलमा धारिलो हतियारले काटेर घाँटी र शरीर छुटिएको अवस्थामा ०६५ फागुन ८ गते बिहान फेला परेको थियो।

शर्मिलाको बलात्कारपछि हत्या गरिएको विवरण उनको लास सङ्खुवासभास्थित खाँदवारी अस्पतालमा पोस्टमार्टम गराएपछि खुलेको प्रहरीले जनायो। शर्मिलाको हत्यामा संलग्न भएको आरोपमा प्रहरीले अर्जुनलाई ०६५ फागुन १९ गते गिरफ्तार गऱ्यो। उनी पुर्पक्षका लागि भोजपुर कारागारमा थुनामा रहेका छन्।

पारिवारिक हिंसा

तिवारीभञ्ज्याङ गाविस-४ की तारा राईलाई नैतिकहीन भएको आरोपमा ०६५ माघ ३ गते उनकी सासू दिलमाया र ससुरा फौदबहादुरले कुटपिट गर्दै घरनिकाला गरे। ताराका पति वैदेशिक रोजगारमा खाडी मुलुकमा रहेको अवस्थामा घरनिकाला गरेपछि पीडित आम्तेक गाविसस्थित माइतीको शरणमा बसेकी छन्। पीडितले आफूलाई घरनिकाला गर्ने सासू-ससुराविरुद्ध ०६५ माघ ६ गते जिल्ला प्रहरी कार्यालयमा लिखित उजुरी दिइन्। ताराले दिएको उजुरीका आधारमा उनका सासू-ससुरलाई गिरफ्तार गरी घटना नदोहोऱ्याउने सर्तमा लिखित कागज गराई छाडिएको डीएसपी जनक खत्रीले बताए।

बोखिम गाविस-८ काफ्लेकी ३६ वर्षीया दिलमाया तामाङलाई ०६६ असार १० गते उनका पति भक्तबहादुर तामाङले घरैमा कुटपिट गरी घाइते बनाए। मादक पदार्थ सेवन गरेका तामाङले पत्नी दिलमायालाई लात्ती, मुक्का र दाउराले कुटपिट गर्दा उनको शरीरभरि चोट लागेको थियो।

पतिको कुटपिटपछि बेहोस भएकी दिलमायाको जिल्ला अस्पताल भोजपुरमा उपचार भएको थियो। पीडकलाई प्रहरीले ०६६ असार १० गते गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालयको हिरासतमा राख्यो। दिलमाया उपचारपछि ०६६ असार १३ गते घर फर्किन् भने भक्तबहादुरलाई पुनः घटना नदोहोऱ्याउने सर्तमा ०६६ असार १४ गते रिहा गरियो।

होम्ताङ गाविस-५ का तीर्थबहादुर थापाले ०६६ असार २३ गते बहुविवाह गरेको भन्दै उनकी पत्नी इन्दिरा थापाले ०६६ असार २८ गते जिल्ला प्रहरी कार्यालय भोजपुरमा निवेदन दिइन्। थापाले आफूलाई थाहै नदिई बहुविवाह गरेको जनाउँदै दोषीलाई गिरफ्तार गरी कारबाही गर्न माग गर्दै निवेदन दिएकी थिइन्। इन्दिराको उजुरीपछि इलाका प्रहरी कार्यालय रानीबास घोडेटारको प्रहरी टोलीले तीर्थलाई ०६६ असार २५ गते गिरफ्तार गरी हिरासतमा राखी दुवै पक्षबीच मिलापत्र गराई ०६६ असार २६ गते रिहा गऱ्यो।

नेपालेडाँडा गाविस-९, खेवाचाकी तुलसी सार्कीलाई एक छिमेकीसँग बोलेको आरोपमा ०६६ भदौ २२ गते राती उनका पति राजेन्द्र सार्कीले बञ्चरोले हानेर हत्या गरे। पत्नीले छिमेकीसँग बोलेर केही नबिगारेको भनी प्रतिवाद गरेपछि राजेन्द्रले रिसको झोकमा पत्नीमाथि बञ्चरो प्रहार गरेका थिए।

कथित बोक्सीको आरोपमा गाउँ निकाला गरिएकी धनमाया दर्जी

राजेन्द्रले पाँचपटकसम्म टाउको र घाँटीमा बञ्चरोले हानेर काटेपछि तुलसीको घरैमा मृत्यु भएको थियो। पीडितको लासको पोस्टमार्टम भदौ २३ गतेसङ्खुवासभास्थित जिल्ला अस्पताल, खाँदबारीमा भएको थियो। पीडकलाई ०६६ भदौ २४ गते इलाका प्रहरी कार्यालय

Final Eastren:Layout 1 2/9/2010 2:05 PM Page 173

दिङ्लाको टोलीले बोया गाविसबाट गिरफ्तार गऱ्यो। कर्तव्य ज्यानको अभियोगमा प्रहरीले ०६६ भदौ २८ गते जिल्ला अदालतमा मुद्दा दायर गऱ्यो। पीडक पुर्पक्षका लागि भोजपुर कारागारमा थुनामा छन्।

दुर्व्यवहार

चौकीडाँडा गाविस-३ की ६३ वर्षीया धनमाया दर्जीलाई सोही ठाउँका स्थानीयबासीले ०६५ वैशाख ९ गते बोक्सी भनी गाउँबाट निकालेको भन्दै धनमायाले ०६६ असार ९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन् । आफूले उपभोग गरेको जग्गामा आफ्नो हक लाग्ने कुरा गर्दा सोही गाविसका केशरबहादुर अधिकारी, कमला परियार, मुना परियार, कल्पना सुजी, मिलन सुजी, हिमला सुजी र जीतबहादुर सुजीले आफूलाई पटक पटक बोक्सी भनी दुर्व्यवहार गरेकाले उनीहरूमाथि कारबाही माग गर्दै धनमायाले प्रहरीमा उजुरी दिएकी थिइन् ।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार संरचना, सम्पति क्षति, कब्जा, विस्थापित

एकीकृत माओवादीबाट

हेलौँछा गाविस-६ निवासी सर्वोच्च अदालतका पूर्वप्रधानन्यायाधीश मीनबहादुर रायमाझीको परिवारका नाममा रहेको छओटा घर र करिब २ सय रोपनी जग्गासहितको सम्पत्ति सामन्ती भएको आरोपमा ०५९ वैशाख १ गते एकीकृत माओवादीले कब्जा गरेकामा यस वर्षको अन्त्यसम्म फिर्ता गरेको छैन। माओवादीले सम्पत्तिको हकदार व्यक्ति पार्टीको सम्पर्कमा नआएसम्म कुनै हालतमा फिर्ता नगर्ने बताउँदै आएको छ। पूर्वप्रधानन्यायाधीश रायमाझीसहित उनको परिवारका १८ जना सदस्यको सम्पत्ति माओवादी कार्यकर्ताले सामन्तीको आरोपमा ०५९ सालमा कब्जा गरेका थिए। मीनबहादुरका भतिजा उमेशजङ्ग रायमाझीले कब्जा सम्पत्ति फिर्ताका लागि आग्रह गर्दा माओवादीले सम्बन्धित व्यक्ति नल्याई केही गर्न नसकिने जवाफ दिएको बताए। रायमाझी परिवारको जग्गामा उत्पादित अन्न माओवादीले मोहीलाई एक भाग दिएर दुई भाग आफूले लिने गरेको छ। माओवादी जिल्ला सचिवालय सदस्य राजेश खतिवडाले रायमाझी परिवारका कोही पनि हकदार व्यक्ति जग्गा फिर्ताका लागि सम्पर्कमा नआएकाले फिर्ता गर्न नसकिएको बताए।

किराँत जनवादी वर्कसबाट

भुल्के गाविस-८ का रत्नबहादुर घिमिरेलाई मागेजति रकम नदिएको आरोपमा ०६५ माघ १६ गते किराँत जनवादी वर्कस पार्टीका कार्यकर्ताहरूले मार्ने धम्की दिए। धम्कीका कारण उनी ०६५ माघ १६ गते गाउँबाट विस्थापित भई मोरङ जिल्लाको विराटचौक गए। उनले वर्कसलाई रकम नदिने भनेर प्रतिकार गरेपछि वर्कसका कार्यकर्ताले घरैमा आएर पटकपटक मार्ने धम्की दिने गरेका थिए। यस वर्षको अन्त्यसम्म उनी विस्थापित रहेका छन्।

भुल्के गाविस-५ का लालु गिरी र उनका छोरा गणेश गिरीलाई मागेजति रकम नदिएको आरोपमा ०६५ माघ १९ गते किराँत जनवादी वर्कस पार्टीका कार्यकर्ताहरूले गम्भीर घाइते हुने गरी कुटपिट गरे। वर्कसका कार्यकर्ताहरूले कुटपिट गरेर गिरीबाट २० हजार रुपियाँसमेत लुटेका थिए। गिरी परिवारलाई घरभित्र थुनेर वर्कस कार्यकर्ताहरूले कुटपिट गरेपछि घरजग्गासहित सबै सम्पत्ति छाडेर सपरिवार ०६५ माघ २० गते गाउँबाट विस्थापित भए। गिरीको सात जनाको परिवार यस वर्षको अन्त्यसम्म सुनसरी जिल्लाको इटहरी नगरपालिकामा विस्थापित जीवन बिताइरहेको छ। पीडितले पीडकमाथि कारबाहीका लागि प्रहरीमा उजुरी दिएनन्।

भुल्के, दलगाउँ, ओखे, बास्तिम र धोद्लेखानी गाविसस्थित सामुदायिक विद्यालयका शिक्षकहरूबाट ०६६ वैशाख १ गते किराँत जनवादी वर्कस पार्टीका कार्यकर्ताले जबरजस्ती तीन दिनको तलब लिए। सशस्त्र हतियारसहितका आएका वर्कसका कार्यकर्ताहरूले अनिवार्य रूपमा पार्टीलाई रकम बुझाउन उर्दी गर्दै सात दिन बराबरको रकम धम्क्याएर असुलेको पीडित शिक्षकहरूले बताए। स्थानीयवासीका अनुसार वर्कसका कार्यकर्ताले शिक्षकहरूबाट मासिक रूपमा किराँत सरकारका नाममा रकम उठाउँदै आएका थिए।

भुल्के गाविस-८ का ५९ वर्षीय खगेश्वर तिमल्सेनालाई मागेजति चन्दा नदिएको आरोपमा ०६६ जेठ १० गते किराँत जनवादी वर्कस पार्टीका कार्यकर्ताहरूले मार्ने धम्की दिए। वर्कस कार्यकर्ताले तिमल्सेनासँग मागेको ३ लाख ५० हजार रुपियाँ नदिएको भन्दै मार्ने धम्की दिएपछि उनी ०६६ जेठ १७ गते गाउँबाट विस्थापित भए। वर्कसको धम्कीपछि तिमल्सेना मोरङ जिल्लाको विराटनगरमा बस्दै आएका थिए। उनीबाट वर्कस कार्यकर्ताले ०६६ जेठ ९ गते २५ हजार रुपियाँ जबरजस्ती लिएका थिए। सो रकम एकीकृत माओवादीका कार्यकर्ताहरूले ०६६ असारमा वर्कस कार्यकर्तालाई नियन्त्रणमा लिएर फिर्ता गराए। माओवादी कार्यकर्ताले वर्कस कार्यकर्तालाई कुटपिट गरी

गाउँबाट खेदेपछि पीडित तिमल्सेना ०६६ साउन ८ गते गाउँ फर्किए।

स्वास्थ्य सेवाको अवस्था

जिल्लाका सबैजसो स्वास्थ्य संस्थामा सरकारले दरबन्दीबमोजिमका स्वास्थ्यकर्मी नपठाउँदा सर्वसाधारणले आधारभूत स्वास्थ्य सेवा पनि पाउन सकेका छैनन्। भौगोलिक रूपमा दुर्गम, दरबन्दीबमोजिमका स्वास्थ्यकर्मीको अभाव, सर्वसाधारणमा शिक्षाको कमी, रुढीवादी विचार र पर्याप्त स्रोतसाधनको अभावका कारण स्वास्थ्य सेवा प्रभावकारी हुन नसकेको जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख नगेन्द्र झाले बताए।

जिल्लामा एक अस्पताल, तीनओटा प्राथमिक स्वास्थ्य केन्द्र, नौओटा स्वास्थ्य चौकी र ५१ ओटा उपस्वास्थ्य चौकी रहेका छन्। जिल्ला सदरमुकामस्थित एक मात्र अस्पतालमा तीन जना डाक्टरको दरबन्दी भए तापनि दुई जना मात्र कार्यरत छन्। त्यसैगरी प्राथमिक स्वास्थ्य केन्द्र प्याउली, दिङ्ला र घोडेटारमा एक-एक जना डाक्टरको दरबन्दी खाली छ। त्यसैगरी स्टाफ नर्सको सात जनाको दरबन्दी भए पनि चार जना कार्यरत छन् भने १७ जना अनमिको दरबन्दीमा १२ जना मात्र कार्यरत छन्।

विगतको अनुगमन

तिवारीभञ्ज्याङ गाविस-१ का राजाराम तिवारीको परिवार सशस्त्र द्वन्द्वका क्रममा ०५९ वैशाख १ गते गाउँबाट विस्थापित भएकामा माओवादीले कब्जा गरेको सम्पत्ति फिर्ता गरेपछि ०६५ माघ २ गते गाउँमा स्थापित भए।

माओवादीले घरजग्गा कब्जा गरी मार्ने धम्की दिएका कारण विस्थापित भएका तिवारी परिवारको घरजग्गा माओवादीले ०६५ कात्तिकमा फिर्ता गरेपछि राजारामसहित उनका बाबु, आमा र छोराछोरीसहितको नौ जनाको परिवार गाउँमा पुन:स्थापित भयो। विस्थापित भएर काठमाडौंको तीनकुनेमा बस्दै आएका तिवारी परिवारलाई माओवादीले गाउँ फर्किन चन्दा माग गरेका थिए।

ओखे गाविस-२ का दीपबहादुर राईको परिवार ०६६ जेठ ५ गते गाउँमा पुन:स्थापित गरेपछि पार्टीविरुद्ध कार्य गरेको आरोपमा मार्ने धम्की दिई ०५८ सालमा माओवादीले सम्पत्ति कब्जा गरी गाउँबाट स-परिवार सुनसरीको महेन्द्रनगरमा विस्थापित भएका थिए। पुन:स्थापित भएपछि उनले आफ्नो नामको माओवादीले कब्जा गरेको सम्पत्तिको क्षतिपूर्ति र राहत माग गर्दै ०६६ जेठ ९ गते जिल्ला प्रशासन कार्यालयमा निवेदन दिए।

चौकीडाँडा गाविस-३ की ६३ वर्षीया धनमाया दर्जीलाई सोही ठाउँका स्थानीयवासीले ०६५ वैशाख ७ गते बोक्सी भनी गाउँबाट निकालेको भन्दै धनमायाले ०६६ असार ९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। आफूले उपभोग गरेको जग्गामा आफ्नो हक लाग्ने कुरा गर्दा सोही गाविसका केशरबहादुर अधिकारी, कमला परियार, मुना परियार, कल्पना सुजी, मिलन सुजी, हिमला सुजी र जीतबहादुर सुजीले आफूलाई पटक-पटक बोक्सी भनी दुर्व्यवहार गरेकाले उनीहरूमाथि कारबाही माग गर्दै धनमायाले प्रहरीमा उजुरी दिएकी थिइन्।

१.१० सङ्खुवासभा

जनसङ्ख्या : १,७४,४५३
साक्षरता प्रतिशत : ६२
महिला साक्षरता प्रतिशत : ३५
क्षेत्रफल (वर्ग कि. मि.) : ३४८०
गाविस/नपा सङ्ख्या : ३३/१
सरकारी/निजी विद्यालय : ३६०/१०
क्याम्पस/उच्च मा.वि. : ३/१२
अस्पताल/स्वास्थ्य चौकी : २/२५
मानव विकास सूचकाङ्क :०.४८१
प्रतिपरिवार सरदर सङ्ख्याः ५

Final Eastren:Layout 1 2/9/2010 2:05 PM Page 175

जेल र बन्दीहरू

खाँदवारीमा रहेको 'ग' श्रेणीको यस कारागारमा जम्मा २५ जनाको क्षमता रहेको छ। कारागारमा ४० जना पुरुष र छ जना महिला गरी जम्मा ४६ जना रहेका छन्। जसमा कैद तोकिएका २१ जना बन्दी छन् भने कैद नतोकिएका २५ जना बन्दीहरू रहेका छन्। जेलभित्र टोपी, झोला र माछा मार्ने जाल बुन्ने सुविधासमेत रहेको छ। कारागारभित्र पानीको व्यवस्था भने राम्रो छैन। धारामा पानी नआउने भएको कारण बन्दीहरूले आधा घण्टा टाढा रहेको कुवाबाट पानी ल्याउनु पर्ने बाध्यता रहेको छ। पानीका कारण बेलाबेलामा बन्दीहरूबीच झगडासमेत हुने गरेको छ। क्षमताभन्दा बढी बन्दी भएका कारण सुत्न, बस्न र खाना पकाएर खानासमेत समस्या भएको छ।

बेपत्ता/अपहरण

एकीकृत माओवादीबाट

वाना गाविस-२ की २७ वर्षीया लक्ष्मी सुब्बा र सोही गाविस-७ का प्रेम तामाङलाई बरुण बहुमुखी क्याम्पसको स्ववियु निर्वाचनमा भोट हाल्न गएको आरोपमा ०६५ चैत ५ गते एकीकृत माओवादी कार्यकर्ताले अपहरण गरे। पीडितहरूलाई खाँदबारी नपा-११ को बडरेनीबाट अपहरण गरी भोट हाल्न गएमा भौतिक कारबाही गर्ने धम्कीसमेत दिएको पीडितहरूले बताए। पीडितहरूलाई ०६५ चैत ६ गते वाना पुऱ्याएर मुक्त गरे।

खाँदबारी नपा-२ निवासी बरुण बहुमुखी क्याम्पसका विद्यार्थी डोलानाथ नेपाल र सित्तलपाटी गाविस-२ का रामकुमार चार्मकारलाई सोही क्याम्पसको स्ववियु निर्वाचनमा भोट हाल्न गएको आरोपमा ०६५ चैत ६ गते चन्द्रमणि दाहाललगायतका एकीकृत माओवादी कार्यकर्ताहरूले सित्तलपाटी गाविस-३ को चेवाखोलाबाट अपहरण गरे। पीडितहरू चन्दनपुरबाट ०६५ चैत ६ गते मुक्त भए। उनीहरूलाई भोट हाल्न गएमा कारबाही गर्ने चेतावनीसमेत माओवादीले दिएको पीडितहरूले बताए। पीडितहरूको अपहरणपश्चात् आफ्ना कार्यकर्ता अपहरण भएको भन्दै एमाले समर्थक अनेरास्ववियुले स्ववियु निर्वाचन स्थगन गर्न निर्वाचन कमिटीलाई सोही दिन आग्रह गरेको थियो। स्थगित निर्वाचन यस वर्षको अन्त्यसम्म हुन सकेन।

बरुण बहुमुखी क्याम्पसको स्ववियु निर्वाचनको विषयमा विवाद बढेपछि ०६५ चैत ६ गते खाँदबारी नपा-१ मा प्रहरीले चलाएको गोली लागी सात जना अनेरास्ववियु क्रान्तिकारीका कार्यकर्ता घाइते भएको विरोधमा बन्दको घोषणा गरिएको थियो।

खाँदबारी नपा-१० निवासी मङ्गलादेवी निमाविका प्रधानाध्यापक राम आलेलाई बन्दको समयमा कक्षा ८ को परीक्षा सञ्चालन गरेको आरोपमा ०६५ चैत ९ गते माओवादी कार्यकर्ताहरूले विद्यालयबाट अपहरण गरे। पीडितलाई विद्यालयमा कक्षा ८ को वार्षिक परीक्षा लिइरहेको अवस्थामा माओवादी समर्थक शिक्षक निरकुमार ढकालको नेतृत्वमा आएका माओवादी कार्यकर्ताहरूले विद्यालयबाट अपहरण गरेका थिए। पीडितलाई ०६५ चैत ९ गते साँझ माओवादी पार्टी कार्यालयबाट मुक्त गरे।

अनेरास्ववियु (क्रान्तिकारीबाट)

खाँदबारी नपा-१० का २३ वर्षीय विद्यार्थी तारानाथ पोखरेललाई एमालेनिकट अनेरास्वविधुको बरुण बहुमुखी क्याम्पस कमिटी अध्यक्ष पदमा बसेर काम गरेको आरोपमा ०६५ चैत ६ गते राती अनेरास्वविधु (क्रान्तिकारी)का कार्यकर्ताले अपहरण गरे। पीडितलाई अपहरणपछि माओवादी कार्यालयमा पुऱ्याई अखिलको क्याम्पस कमिटीको अध्यक्ष पदबाट राजीनामा दिएको प्रेस विज्ञप्ति निकाल्न लगाई माओवादी पार्टी कार्यालयबाट सोही दिन मुक्त गरे।

धम्की/कुटपिट

राज्यबाट

बरुण बहुमुखी क्यम्पसमा अध्ययनरत अनेरास्वविधु (क्रान्तिकारी)का कार्यकर्ताहरू मादी गाविस-२ का २१ वर्षीय इन्द्रबहादुर बराल, बाह्रबीसे गविस-३ की उषा लुईंटेल, धुपू गाविस-१ का विद्यार्थी सरोज मगर, नुम गाविस-४ का कमानसिंह तामाङ, वाना गाविस-६ का सुरेन्द्र तामाङ, धुपू गाविस-४ का बाबुराम विश्वकर्मा र खोटाङ जिल्ला चित्रेका प्रेम राईले एमाले नेताहरू खड्ग राई र जीतबहादुर घिमिरेलाई कुटपिट गरेको आरोपमा ०६५ चैत ६ गते प्रहरीले गोली हानी घाइते बनायो। खाँदबारी नपा-१ मा अवस्थित कविता होटलमा खाना खाइरहेको अवस्थामा उनीहरूले एमाले नेताहरू राई र घिमिरेलाई कुटपिट गरिरहेको अवस्थामा प्रहरीले छुट्याउँदा प्रहरीमाथि नै कुटपिट गर्न थालेपछि गोली प्रहार गरेको थियो। पीडितहरूले बरुण बहुमुखी क्याम्पसको स्वविधु निर्वाचनको विवादलाई लिएर एमाले नेताहरूमाथि कुटपिट गरेका थिए। घाइतेहरू सबैलाई ०६५ चैत ७

Final Eastren:Layout 1 2/9/2010 2:05 PM Page 176

गते हेलिकप्टरबाट काठमाडौँ लगी वीर अस्पतालमा उपचार गराइएको थियो। घटनाको विरोधमा अनेरास्ववियु (क्रान्तिकारी) ले ०६५ फागुन ६ गतेदेखि जिल्ला बन्द गराएका थिए। मानवअधिकारकर्मी र पत्रकारको पहलमा ०६५ फागुन ८ गते सर्वपक्षीय बैठक गरी घटनाको विषयमा छानबिन समिति गठन गर्ने सर्तमा बन्द फिर्ता लिए। यस वर्षको अन्त्यसम्म छानबिन समिति गठन भएन।

एकीकृत माओवादीबाट

दिदिङ गाविस-८ का ४७ वर्षीया नोकबहादुर राई र सोही ठाउँका ३६ वर्षीय उमेशकुमार राईले वाईसीएल कार्यकर्ता डिल्लीराम राईलाई कुटपिट गरेको आरोपमा ०६५ फागुन २६ गते उनलाई माओवादी कार्यकर्ताले पार्टी कार्यालयमा लगी कुटपिट गरे। वाईसीएल कार्यकर्ता डिल्लीराम राईलाई ०६५ फागुन १५ गते कुटपिट गरेको आरोपमा ०६५ फागुन २४ गते प्रहरीले पीडितहरूलाई पक्राउ गरी ल्याएको थियो। माओवादीका पार्टी सचिव राजेन्द्र कार्कीसहितका माओवादी कार्यकर्ताले ०६५ फागुन २५ गते प्रहरी कार्यालयमा पुगी त्यस घटनालाई गाउँमा नै मिलाउने भन्दै प्रहरीबाट रिहा गराएका थिए। पीडितहरूलाई सो विवाद मिलाउने भन्दै माओवादीले ०६५ फागुन २६ गते पार्टी कार्यालयमा पुऱ्याई अँध्यारो कोठामा लगेर कुटपिट गरेको पीडितहरूले बताए। माओवादी कार्यालयमा लगेपछि पीडितका आफन्तहरूलाई समेत दुई घण्टासम्म भित्र पस्न नदिएपछि आफन्तले प्रहरी बोलाइ पीडितहरूलाई बाहिर निकालेका थिए। माओवादीले भने कुटपिट नगरेको बतायो।

खाँदबारी नपा-३ निवासी एमाले जिल्ला कमिटी उपसचिव जीतबहादुर घिमिरे र खाँदबारी नपा-१० का एमाले जिल्ला कमिटी सदस्य खड्ग राईलाई स्ववियु निर्वाचन स्थगन गर्न लगाएको आरोपमा ०६५ चैत ६ गते एकीकृत माओवादीका कार्यकर्ताहरूले खाँदबारी नपा-१ को कविता होटलमा कुटपिट गरे। बरुण बहुमुखी क्याम्पसको स्ववियु निर्वाचनको विवादलाई लिएर उनीहरूलाई खाँदबारी नपा-१ को कविता होटलमा खाना खाइरहेको अवस्थामा माओवादी कार्यकर्ताले राईलाई खुकुरी प्रहार गरेका थिए भने घिमिरेलाई कुटपिट गरेका थिए। बरुण बहुमुखी क्याम्पसको निर्वाचनको दिन माओवादीले एमालेनिकट अनेरास्ववियुका कार्यकर्तालाई भोट हाल्न आउँदै गर्दा खाँदबारी नपा-११ को बडरेनी र सित्तलपाटी गाविस-३ बाट अपहरण गरेपछि ०६५ चैत ६ गते चुनाव स्थगन भएको थियो। विद्यार्थी अपहरणको विरोधमा अनेरास्ववियुले विरोध जुलुस निकालेर नयाँबजार पुगेपछि अनेरास्ववियु (क्रान्तिकारी)ले पनि चुनाव स्थगित गरेको विरोधमा जुलुस लिएर जाँदा नयाँबजारमा दुवै पक्षबीच झडप भएको थियो। सोही घटनालाई लिएर अखिल (क्रान्तिकारी)ले राई र घिमिरलाई कुटपिट गरेको थियो।

खाँदबारी नपा-१० की १९ वर्षीया जानकी पोखरेललाई स्ववियु निर्वाचनमा भोट हाल्न आएका विद्यार्थीलाई अपहरण गरेको विरोधमा निकालेको जुलुमा सहभागी भएको आरोपमा ०६५ चैत ६ गते माओवादीका छितिज बरालले बोतलले प्रहार गरी घाइते बनाए। पीडितलाई माओवादीले स्ववियु निर्वाचनमा भोट हाल्न आउने विद्यार्थीलाई विभिन्न ठाउँबाट अपहरण गरी लगेपछि त्यसको विरोधमा जुलुस लिएर नयाँबजार पुगेको अवस्थामा अनेरास्ववियु (क्रान्तिकारी)ले पनि क्याम्पसको निर्वाचन रोकिएको विरोधमा जुलुस लिएर त्यहीँ पुग्दा बरालले बियरको बोतलले हानी घाइते बनाएका पोखरेलको अनुहारमा चोट लागेको थियो। पीडितले कुनै निकायमा उजुरी गरिनन्।

खाँदबारी नपा-११ का १७ वर्षीय भरत राईलाई नेविसङ्घमा लागेको आरोपमा ०६५ चैत ८ गते १०-११ जनाको सङ्ख्यामा आएका एकीकृत माओवादी कार्यकर्ताहरूले आफ्नै घरमा बसिरहेको अवस्थामा कुटपिट गरी नेविसङ्घमा संलग्न भएमा कारबाही गर्ने धम्की दिए। कारबाहीका लागि पीडितले कहीँ उजुरी दिएनन्।

खाँदबारी नपा-१ का व्यापारी सुमन तामाङलाई एकीकृत माओवादीले आयोजना गरेको बन्दको समयमा पसल खोलेको आरोपमा ०६६ जेठ २६ गते माओवादी कार्यकर्ताहरूले कुटपिट गरे। त्यस दिन एकीकृत माओवादीले राष्ट्रपति कदमको विरोधमा जिल्ला बन्दको घोषणा गरेको थियो। बन्दको दिन पीडितले आफ्नो घरभित्र पस्ने एउटा ढोका खुला गरेका थिए। माओवादी कार्यकर्ताहरूले ढोका किन खोलिस् भन्दै कुटपिट गरेका थिए। त्रासका कारण पीडितले यस वर्षको अन्त्यसम्म कहीँ उजुरी दिएनन्।

सुनसरी जिल्लाको इटहरी नगरपालिका-४ घर भई खाँदबारी नगरपालिका-१ मा पसल गर्ने ५४ वर्षीय गोकुल चौधरी र उनका छोरा १३ वर्षीय सुमित चौधरीलाई एकीकृत माओवादीले आयोजना गरेको बन्दको समयमा पसल खोलेको आरोपमा ०६६ जेठ २६ गते एकीकृत माओवादीका कार्यकर्ताले कुटपिट गरे। एकीकृत माओवादीले ०६६ जेठ २६ गते राष्ट्रपतिको

Final Eastren:Layout 1 2/9/2010 2:05 PM Page 177

घटनाको प्रकार	गैर राज्यबाट								राज्यबाट			
	अन्यबाट				एकीकृत माओवादीबाट							
	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा
हत्या	१		१	१								
घाइते	३	४		४					३	६	१	७
कुटपिट	४	३	३	४	६	९		९	१	१		१
जातीय विभेद	३	३	१	४								
महिलाअधिकार	८		१०	१०								
बालअधिकार	३		३	३								
आर्थिक/सामाजिक/ सांस्कृतिक अधिकार	१	१		१								
अपहरण	१	३		३	५	९	१	१०				
जम्मा	३३	१३	१६	३८	११	१८	१	१९	३	७	१	८

कदमको विरोध गर्दै सङ्खुवासभा जिल्ला बन्दको घोषणा गरेको थियो। पीडितले बाहिर निस्कने अर्को ढोका नभएका कारण पसलको ढोका खुला राखेका थिए। माओवादी कार्यकर्ताले बन्दको अवज्ञा गरेको भन्दै पीडितद्वयलाई कुटपिट गरेका थिए। पीडितहरूले त्रासका कारण कतै उजुरी दिएनन्।

खाँदबारी नपा–११ निवासी आदर्श माध्यमिक विद्यालयका विद्यार्थीहरू सञ्जीव दाहाल, अनिल कटुवाल र भरत भण्डारीलाई सुरक्षाको माग गर्दै प्रशासनमा निवेदन दिएको आरोपमा ०६६ मङ्सिर १ गते एकीकृत माओवादीका कार्यकर्ताले अपहरण गरे। केही दिनअगाडि विद्यालयबाट कम्प्युटर चोरी गरेको आरोप लगाउँदै प्रधानाध्यापक टेकराज कटुवालले विद्यार्थीहरूलाई अफिसमा लगेर कारबाही गर्ने धम्की दिन थालेपछि विद्यार्थीहरूले जिल्ला प्रशासनमा सुरक्षाको माग गर्दै निवेदन दिएका थिए। पीडितहरूलाई विद्यालयमा पढाइ भइरहेको अवस्थामा माओवादी कार्यकर्ताहरूले छलफल गर्नु छ भनी अपहरण गरी खाँदबारी नपा-१ मा रहेको पार्टी कार्यालयमा पुऱ्याइ प्रशासनमा दिएको निवेदन कसले लेखेको भन्दै सोधपुछ गरी ०६६ मङ्सिर १ गते राती मुक्त गरे। माओवादीले भने अनेरास्ववियु (क्रान्तिकारी)को सदस्य भएकाले छलफलका लागि बोलाएको तर अपहरण नगरिएको बतायो।

सङ्घीय लिम्बूवान राज्यपरिषद्बाट

खाँदबरी नपा-११ निवासी बरुण बहुमुखी क्याम्पस खाँदबारीमाका विद्यार्थी पवन बजगाईं र सोही क्याम्पसमा अध्ययनरत विद्यार्थी खाँदबारी नपा-१ का अनिश विष्टलाई रेडक्रसको कार्यक्रममा मादी क्याम्पस पुगेर फर्किने क्रममा ०६६ भदौ १६ गते लिम्बूवान कार्यकर्ता बताउने एक समूहले खराङ गाविसबाट अपहरण गऱ्यो। अपहरणकारीले पीडितहरूलाई खराङबाट करिव एक घण्टा टाढा लगी एउटा घरमा बास बसेको र त्यस ठाउँमा सुतिरहेको अवस्थामा अनिश भागेर ०६६ भदौ १७ गते मुक्त भई प्रहरीलाई खबर गरेका थिए। खबर पाएपछि घटनास्थलतर्फ प्रहरी परिचालित गरिएको थियो। अपहरणकारीहरूले प्रहरी देखेपछि ०६६ भदौ १७ गते पीडित बजगाईंलाई छोडेर भागे।

अज्ञात समूहबाट

खाँदबारी नपा-५ निवासी जिल्ला स्वास्थ्य कार्यालय खाँदबारीका एम्बुलेस चालक गोपीलाल गुरुङलाई एम्बुलेन्स लिएर बिरामी लिन जाँदै गरेको अवस्थामा ०६५ फागुन २२ गते अज्ञात समूहले मानेभञ्ज्याङमा कुटपिट गरी घाइते बनायो। पीडितलाई स्थानीय बासिन्दाले उपचारका लागि जिल्ला अस्पताल खाँदबारी पुऱ्याएका थिए। यस वर्षको अन्त्यसम्म दोषीहरू गिरफ्तार भएका छैनन्।

Final Eastren:Layout 1 2/9/2010 2:05 PM Page 178

सुगम र निष्पक्ष न्यायिक अधिकार

दुनियाँवादी फौजदारी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका ११ थान मुद्दामध्ये एउटै पनि फर्स्यौट भएन। यसैगरी यस वर्ष दर्ता भएका दुनियाँवादी फौजदारी मुद्दा एक थानमध्ये यस वर्ष एउटै पनि फर्स्यौट भएन। सरकारवादी फौजदारी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका २५ थान मुद्दामध्ये यस वर्ष तीन थान फर्स्यौट भई २२ थान बाँकी रहे।

यसैगरी, यस वर्ष दर्ता भएका सरकारवादी फौजदारी मुद्दा २४ थानमध्ये यस वर्ष दुई थान फर्स्यौट भई २२ थान मुद्दा बाँकी रहे। देवानी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका ६९ थान मुद्दामध्ये यस वर्ष १२ थान फर्स्यौट भई ५७ थान मुद्दा बाँकी रहे। यसैगरी यस वर्ष दर्ता भएका देवानी मुद्दा २७ थानमध्ये यस वर्ष एकै थान पनि फर्स्यौट भएन।

यसरी गत वर्ष जम्मा १ सय ५ थान जिम्मेवारी सरेर आएका मुद्दामध्ये १५ थान मात्र फर्स्यौट भई १ सय ८० थान बाँकी रहे। यसरी नै यस वर्ष जम्मा ७३ थान मुद्दा दर्ता भएकामध्ये दुई थान मात्र फर्स्यौट भई ७१ थान बाँकी रहे।

बालअधिकार

यस जिल्लामा यस वर्ष विद्यालय जाने उमेरका ५४ हजार ८ सय १ जना भर्ना भएका छन्। जिल्ला शिक्षा कार्यालयका अनुसार जिल्लामा अहिले पनि ग्रामीण क्षेत्रका आठ प्रतिशत अर्थात् २० हजार बालबालिका विद्यालय जाने उमेर पुगेका तर गरिबीका कारण विद्यालय जान नसकेका देखिन्छन्। सरकारी विद्यालयमा विद्यालय प्रशासन र शिक्षा कार्यालयको बेवास्ता हुनु, द्वन्द्वको कारण देखाउँदै अहिले पनि विद्यालयमा नियमित अनुगमनको अभाव हुनु, विद्यालय भर्ना कार्यक्रम नारा-जुलुसमा नै सीमित हुनु तथा लक्षित समुदायसम्म नपुग्नु, विद्यालयमा विद्यार्थी भर्ना दर देखाए पनि व्यावहारिक रूपमा बालबालिकाहरू विद्यालयमा नहुनु, सरकारी निति अनुसार पनि विद्यार्थीहरूको पहुँचमा विद्यालय नहुनु, प्रत्येक गाविसमा माध्यमिक विद्यालय नहुनुलगायतका समस्याका कारण बालबालिकाहरू शिक्षाबाट वञ्चित भएको देखिन्छ।

धुपु गाविस-४ की ८ वर्षीया बालिकालाई घाँस काट्न जङ्गल गएको अवस्थामा ०६६ वैशाख ४ गते सोही ठाउँका ४० वर्षीय सलबहादुर विश्वकर्माले बलात्कार गरेको भन्दै बालिकाका परिवारले ०६६ वैशाख ५ गते कारबाहीका लागि प्रहरी चौकी बाह्रबीसेमा उजुरी दिए। आरोपितलाई ०६६ वैशाख ६ गते प्रहरीले गिरफ्तार गऱ्यो। यस वर्षको अन्त्यसम्म जिल्ला अदालतमा मुद्दा विचाराधीन रहेको छ।

जलजला गाविस-१ की १६ वर्षीया बालिकालाई ०६६ फागुन २४ गते मादीराम्बेनी गाविस-४ का सुमन शेर्पाले बलात्कार गरेको भन्दै बालिकाले ०६५ फागुन २७ गते इलाका प्रहरी कार्यालय चैनपुरमा उजुरी दिइन्। आरोपित जलजलामा छिमेकीको विवाहमा जन्ती आएका थिए। प्रहरीले ०६५ फागुन २८ गते आरोपित गिरफ्तार गरी मुद्दा चलायो। यस वर्षको अन्त्यसम्म मुद्दा जिल्ला अदालतमा विचाराधीन रहेको छ।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

झापाको शरणार्थी शिविर बेलडाँगीको सेक्टर नम्बर २ बाट आई तामाफोक गाविस-९ को वसन्तपुर तुम्लिङ्टार सडक निर्माण कार्यमा संलग्न तीन जना मजदुर महिलाहरूलाई ०६६ वैशाख १५ गते स्थानीय युवाहरू कृष्णबहादुर गुरुङ, प्रेमबहादुर गुरुङ, राजीव गुरुङ, राजन गुरुङ, नवीन गुरुङ, दिलीप गुरुङ र समिर गुरुङले बलात्कार गरेको भन्दै पीडितहरूले ०६६ वैशाख १६ गते मादी प्रहरी चौकीमा उजुरी दिए। आरोपितहरूमध्ये कृष्णबहादुरलाई ०६६ वैशाख १७ गते प्रहरीले गिरफ्तार गरी कानुनी कारबाही थालिएको जनाएको छ भने अन्यको यस वर्षको अन्त्यसम्म खोजी भइरहेको बतायो।

पारिवारिक हिंसा

मादीमूलखर्क गाविस-५ की २७ वर्षीया तारादेवी गुरुङलाई काम नगरेको आरोपमा ०६५ माघ २३ गते पति शिवकुमार गुरुङले कुटपिट गरी घरनिकाला गरे। उनीहरू दुवै जनाले आठ वर्षअगाडि प्रेमविवाह गरेका थिए। पतिले दोस्रो विवाह गरेपछि आफूलाई घरबाट लखेटेको पीडितले बताइन्। पीडितले पतिका विरुद्ध कारबाहीको माग गर्दै ०६५ माघ २३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। प्रहरीले ०६५ माघ २५ गते दुवै पक्षलाई बोलाइ अंश दिने सर्तमा मिलापत्र गराए। मिलापत्रपछि दुवै जना फरकफरक ठाउँमा बस्दै आएका छन्।

मत्स्यपोखरी गाविस-१ की २३ वर्षीया रञ्जु गुरुङलाई घरमा काम नगरेको आरोपमा ०६५ माघ १० गते पति रामबहादुर गुरुङले कुटपिट गरी घरनिकाला गरे। पीडितले पतिलाई कारबाहीको माग गर्दै ०६५ माघ १३ गते जिल्ला प्रहरी कार्यालय खाँदबारीमा उजुरी दिइन्। पीडकलाई ०६५ माघ १४ गते प्रहरीले गिरफ्तार गरी ०६५ माघ १५ गते गल्ती नदोहोऱ्याउने सर्तमा मिलापत्र गरायो। मिलापत्रपछि

Final Eastren:Layout 1 2/9/2010 2:05 PM Page 179

दुवैसँगै बसेका छन्।

खाँदबारी नपा-११ की ३१ वर्षीया कविता बानियाँको ०६५ माघ २६ गते उनका पति गोविन्द बानियाँले धारिलो हतियार प्रयोग गरी हत्या गरे। पीडितलाई बिहान खाना खान लागेको अवस्थामा मुखमा समाई घाँटीमा हतियारले रेटी हत्या गरेका थिए। पत्नीको हत्यापछि आफूले पनि धारिलो हतियारले घाँटी रेटी आत्महत्या गरे।

मादीराम्बेनी गाविस-६ की ३० वर्षीय सरस्वती पोखरेललाई दाइजो नल्याएको आरोपमा ०६५ फागुन १ गते पति गोपालप्रसाद दाहाल र सासू-ससुराले कुटपिट गरी घरनिकाला गरे। पीडकले एक वर्षअगाडि दोस्रो विवाह गरेका थिए। पीडितले पतिविरुद्ध कारबाहीको माग गर्दै ०६५ फागुन ३ गते प्रहरीमा उजुरी दिइन्। प्रहरीले ०६५ फागुन ५ गते गोपाललाई गिरफ्तार गरी अंश दिलाइ मिलापत्र गराए।

नुम गाविस-६ की ५१ वर्षीया योगमाया कटुवाललाई ०६५ फागुन १७ गते पति धनबहादुर कटुवालले कुटपिट गरे। धनबहादुरले दोस्रो विवाह गरेपछि 'तँ मलाई चाहिँदैन' भन्दै कुटपिट गरेको पीडितले बताइन्। पीडितले पतिविरुद्ध कारबाही माग गर्दै ०६५ फागुन २० गते जिल्ला प्रहरी कार्यालय, खाँदबारीमा उजुरी दिइन्। प्रहरीले दुवै पक्ष बोलाइ ०६५ फागुन २३ गते अंश दिलाएर मेलमिलाप गरायो। मिलापत्रपछि दुवै जना भिन्दै बस्दै आएका छन्।

सित्तलपाटी गाविस-७ की ५६ वर्षीया दिलमाया विश्वकर्मालाई घरमा काम नगरी कराउने भन्दै ०६६ भदौ १ गते छोरा हस्तबहादुरले कुटपिट गरे। पीडितले छलफलका लागि ०६६ भदौ २ गते स्थानीय बासिन्दा भेला गरेका थिए। तर, हस्तबहादुरले स्थानीयबासीलाई 'म माओवादी हुँ, मेरो घरको झगडा मिलाउन आउने तिमीहरू को हौ ? तुरुन्त यहाँबाट जाऊ, नत्र नराम्रो हुन्छ' भन्दै धम्याएका थिए। पीडक वाईसीएल जिल्ला कमिटी सदस्यसमेत हुन्।

दिदिङ गाविस-५ की ३१ वर्षीया आङ्शु शेर्पालाई घरमा काम नगरेको भन्दै ०६६ कात्तिक १७ गते पति साङ्गे शेर्पाले मादक पदार्थ सेवन गरेर आई कुटपिट गरे। पीडितले पतिसँग सम्बन्धविच्छेद गर्न माग गर्दै ०६६ कात्तिक १८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। प्रहरीले दुवै जनालाई ०६६ कात्तिक १९ गते बोलाइ साङ्गेलाई आइन्दा गल्ती नगर्ने सर्तमा कागज गराइ मिलापत्र गराए।

धुपु गाविस-४ की २६ वर्षीया अम्बिका अधिकारीलाई विवाहमा दाइजो नल्याएको आरोपमा ०६६ मङ्सिर ७ गते पति केशव अधिकारीले कुटपिट गरे। दुवै जनाको ०६५ सालमा मागी विवाह भएको थियो। पीडितले पतिविरुद्ध कारबाहीको माग गर्दै ०६६ मङ्सिर ७ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिएकी थिइन्। प्रहरीले ०६६ मङ्सिर ८ गते अम्बिकालाई क्याम्पस पढाउने र अबदेखि दाइजोको निहुँमा कहिल्यै पनि कुटपिट नगर्ने सर्तमा मिलापत्र गराए। मिलापत्रपछि दुवै जना सँगै बस्दै आएका छन्।

सबै प्रकारका जातीय विभेद

खाँदबारी नपा-११ का ८२ वर्षीय धनबहादुर खनालले सहभोज कार्यक्रममा दलितले छोएको खाएको आरोपमा ०६५ माघ ६ गते उनलाई स्थानीयबासी रवीन्द्र खनाललगायतका व्यक्तिहरूले आफ्नी पत्नीको किरिया गर्न रोक लगाए। पीडितले ०६२ चैत २ गते जिल्ला सदरमुकाम खाँदबारीमा भएको सहभोज कार्यक्रममा खाना खाएका थिए। पीडितकी पत्नीको ०६५ माघ ६ गते मृत्यु भएको थियो र पत्नीको किरियामा पूजापाठ गर्न आउने पण्डितलाई दलितले छोएको घरमा गए अन्य ठाउँमा पूजापाठ गर्नबाट वञ्चित गरिने धम्की दिँदै पीडितको पत्नीको किरियामा पूजापाठ गर्न रोक लगाएका थिए। पीडितले पुन: अरू नै पण्डित खोजेर किरियाकर्म पूरा गरेका थिए। पीडितले ०६५ माघ १९ गते दोषीमाथि कारबाहीको माग गरी जिल्ला प्रशासनमा उजुरी दिए। उजुरीपछि प्रशासनले रवीन्द्रलाई भोलिपल्ट प्रशासनमा बोलाइ गल्ती स्वीकार्न लगाई मिलापत्र गरायो।

तामाफोक गाविस-५ का २१ वर्षीय युवराज श्रेष्ठलाई दलित केटीलाई विवाह गरेको आरोपमा ०६५ माघ २३ गते पिता इन्द्रबहादुरले कुटपिट गरी घरनिकाला गरे। पीडितले ०६५ माघ २० गते स्थानीय युवती इन्दिरा विश्वकर्मासँग प्रेम विवाह गरेका थिए। विवाह गरी घरमा लिएर आउँदा पिता इन्द्रबहादुरले दलित केटीसँग विवाह गरेको भन्दै कुटपिट गरी घरनिकाला गरेका थिए। पीडितले पिताविरुद्ध कारबाहीका लागि ०६५ माघ २४ गते प्रहरी चौकी तामाफोकमा उजुरी दिए। प्रहरीले इन्द्रबहादुरलाई ०६५ माघ २५ गते गिरफ्तार गरी युवराजलाई अंश दिलाइ मिलापत्र गरायो।

स्याबुन गाविस-९ का लोकबहादुर विश्वकर्मालाई उपल्लो जातिको घरभित्र पसेको आरोपमा ०६६ कात्तिक १५ गते स्थानीय टङ्कबहादुर श्रेष्ठले कुटपिट गरे। पीडितले श्रेष्ठको घरमा पसल रहेको र पसलमा सामान किन्न गएको अवस्थामा पसलमा मान्छे नभएपछि भित्र पसेका थिए। भित्र पस्दा श्रेष्ठ भित्रै रहेको र विश्वकर्मालाई देख्नासाथ दाउराले

Final Eastren:Layout 1 2/9/2010 2:05 PM Page 180

कुटपिट गरेका थिए। पीडितले दोषीमाथि कारबाहीको माग गर्दै ०६६ कात्तिक १६ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। प्रहरीले ०६६ कात्तिक १८ गते उपचार खर्चबापत पीडितलाई ५० हजार रुपियाँ उपलब्ध गराई मिलापत्र गरायो।

स्वास्थ्य सेवाको अवस्था

यस जिल्लामा एक जिल्ला अस्पताल रहेको छ। चार जना डाक्टरको दरबन्दी भए पनि हाल एक जना मात्र कार्यरत छन्। त्यसैगरी, स्टाफ नर्सको पाँच स्वीकृत दरबन्दी भए पनि एक जना मात्र कार्यरत रहेको र नर्सको दरबन्दी छ जनाको रहे पनि एक जना मात्र कार्यरत छन्। प्राथमिक स्वास्थ्य केन्द्र तीनओटा छन् भने डाक्टरको दरबन्दी पनि तीन जनाको नै रहेको छ। तर, हाल प्राथमिक स्वास्थ्य केन्द्रमा कुनै पनि डाक्टर छैनन्। त्यसैगरी, स्वास्थ्य चौकी ११ ओटा रहेका छन् भने इन्चार्ज नौ जना मात्र छन्। २५ वटा उपस्वास्थ्य चौकीमा २४ जना मात्र इन्चार्ज कार्यरत रहेको देखिन्छ।

१.११ सप्तरी



जनसङ्ख्या :	६,८४,०६१
साक्षरता प्रतिशत :	५०
महिला साक्षरता प्रतिशत :	२२
क्षेत्रफल (वर्ग कि. मि.) :	१,३६३
गाविस/नपा सङ्ख्या :	११४/१
सरकारी/निजी विद्यालय :	३४६/१०
क्याम्पस/उच्च मा.वि. :	२/१६
अस्पताल/स्वास्थ्य चौकी :	१/१२१
मानव विकास सूचकाङ्क :	०.४५३
प्रतिपरिवार सरदर सङ्ख्या :	६

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या

राज्यबाट

बकधुवा गाविस-४ निवासी अखिल तराई मुक्तिमोर्चा (गोइत)का क्षेत्रीय इन्चार्ज विक्रान्त भनिने ललनप्रसाद यादवको ०६५ माघ २७ गते बिहान सशस्त्र प्रहरीको गोली प्रहारबाट कमलपुर गाविस-४ मा मारिए। उनको ढाडमा दुई गोली लागेको थियो। उनको लास सगरमाथा अञ्चल अस्पताल राजविराजमा पोस्टमार्टम गरी प्रहरीले परिवारलाई बुझायो। प्रहरीले सोही ठाउँबाट कमलपुर-४ का राजकुमार यादव, कमलपुर गाविस-५ का विकास विश्वकर्मा र कञ्चनपुर गाविस-६ का मुकुन्द स्वर्णकारलाई गिरफ्तार गऱ्यो। कमलपुर गाविस-४ स्थित घरमा सुतिरहेका विक्रान्तलाई प्रहरीले घेरा हालेपछि भाग्ने क्रममा प्रहरी कारबाहीमा मोर्चाका पूर्वी सैन्य कमान्डर अजित सिंहले सञ्चारकर्मीलाई टेलिफोन गरी आफ्नो कार्यकर्तालाई प्रहरीले गिरफ्तार गरी हत्या गरेको आरोप लगाए।

इटहरी विष्णुपुर गाविस-४ का ३२ वर्षीय अखिलेन्द्र यादवको ०६६ साउन २ गते सशस्त्र प्रहरीले चलाएको गोली लागी इटहरी विष्णुपुर चौकमा मृत्यु भयो। भारतीय सीमावर्ती बजारबाट बिहान साइकलमा रासायनिक मल लिएर जाँदै गरेका उनलाई सशस्त्र प्रहरीको सीमासुरक्षा कार्यालय राजविराजबाट गएको टोलीले इटहरी विष्णुपुर चौकमा रोक्न खोजेपछि दुई पक्षबीच झडप हुँदा प्रहरीले चलाएको गोली लागी यादवको मृत्यु भएको थियो। घटनामा प्रहरीको गोली लागी इटहरी विष्णुपुर गाविस-४ का कृतानन्द साह, पूर्णानन्द यादव र बोरिया गाविस-८ का नरेन्द्रप्रसाद मेहता घाइते भएका थिए। कोखामा गोली लागेका घाइते नरेन्द्रको सगरमाथा अञ्चल अस्पताल राजविराजमा उपचार भएको थियो। घटनाको विरोधमा स्थानीय राजनीतिक दलको अगुवाइमा राजविराज बन्द गरी प्रदर्शन भएको थियो। घटनाका कारण राजविराज तनावग्रस्त भएपछि राजविराज नगरपालिका र इटहरी विष्णुपुर गाविस क्षेत्रमा स्थानीय प्रशासनले अनिश्चितकालीन कर्फ्यु आदेश जारी गरेको थियो। कृषकले धान खेतीका लागि ल्याउँदै गरेको थोरै परिणामको रासायनिक मललाई सशस्त्र प्रहरीले रोक्न खोजेपछि भएको सामान्य विवादका क्रममा प्रहरीले एक्कासि गोली प्रहार गरेको स्थानीय गाउँलेले बताए। प्रहरीले भने भन्सार छलेर अवैध रूपमा ल्याउँदै गरेको

Final Eastren:Layout 1 2/9/2010 2:05 PM Page 181

रासायनिक मल रोक्न खोज्दा भएको विवादमा प्रहरीको हतियार खोस्न खोजेपछि प्रतिरक्षाका लागि गोली चलाउँदा घटना भएको जनायो। सरकारले मृतकका परिवारलाई एक महिनाभित्रै क्षतिपूर्तिस्वरूप १० लाख रुपियाँ उपलब्ध गराएको थियो।

पोर्ताहा गाविस-७ निवासी जनतान्त्रिक मधेस मुक्ति टाइगर्स क्षेत्र नम्बर १ का इन्चार्ज ३२ वर्षीय भवानी सिंह भनिने भुवनेश्वर यादव, भारदह गाविस-९ का ३५ वर्षीय लिखो मण्डल र बैरवा गाविस-६ का २२ वर्षीय जीतेन्द्र यादवको ०६६ असोज ८ गते प्रहरीको गोली प्रहारबाट मारिए। इलाका प्रहरी कार्यालय कञ्चनपुरबाट गएको प्रहरी टोलीले बैरवा गाविस-६ स्थित जीतेन्द्र यादवको घरबाट गिरफ्तार गरी गोली प्रहार गरेको स्थानीय बासिन्दाले बताए। प्रहरीले भने गस्ती टोलीमाथि आक्रमण गरेपछि आत्मरक्षाका लागि प्रहरीले गरेको जवाफी कारबाहीमा तीन जनाको मृत्यु भएको जिल्ला प्रहरी कार्यालयमा पत्रकार सम्मेलनको अयोजना गरी जानकारी गरायो। घटनामा प्रहरीतर्फ कुनै प्रकारको क्षति भएन। विभिन्न समयमा भएको हत्या, हिंसा, अपहरण, चन्दा सङ्कलन, फिरौती असुल, हातहतियार ओसारपसार र बम विस्फोटजस्ता अपराधमा उनीहरूको संलग्नता रहेको प्रहरीले बतायो।

मधेस राष्ट्र जनतान्त्रिक पार्टी (क्रान्तिकारी)बाट

धरमपुर गाविस-१ निवासी मधेस राष्ट्र जनतान्त्रिक पार्टी (क्रान्तिकारी)का सिराहा इन्चार्ज महान सिंह भनिने मनोज यादवलाई ०६५ फागुन २५ गते पार्टीको नीतिविपरीत काम गरेको भन्दै सप्तरीको रम्पुरामल्हनिया गाविस-३ स्थित कोसी नदीको किनारमा आफ्नै पार्टीका कार्यकर्ताले हत्या गरे। यादवले पार्टी नीतिविपरीत काम गरेको आरोपमा सफाया गरेको सो पार्टीका केन्द्रीय सदस्य चन्द्रशेखरले जनाए। मृतकको लास २६ गते बिहान भारतीय सीमासँग जोडिएको रम्पुरा मल्हनिया गाविसमा पर्ने कोसी नदीछेउमा फेला परेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनायो। आफ्नै पार्टीका कार्यकर्ताहरूले यादवलाई निर्घात कुटपिटपश्चात् छातीमा एक गोली हानी हत्या गरेर फ्यालेको अवस्थामा लास भेटिएको थियो। यादवको लास सगरमाथा अञ्चल अस्पताल राजविराजमा पोस्टमार्टम गराइ प्रहरीले परिवारलाई बुझायो। पार्टीका केन्द्रीय सदस्य चन्द्रशेखरले पार्टीले पटकपटक यादवलाई पार्टी नीतिविपरीत काम नगर्न आग्रह गर्दा पनि नमानेपछि कारबाही गरेको जनाए।

गोली/विस्फोटक पदार्थद्वारा घाइते

महान् मधेस क्रान्तिकारी पार्टीबाट

राजविराज नपा-१ की १३ वर्षीया पूजाकुमारी दास ०६५ माघ १३ गते साँझ महान् मधेस क्रान्तिकारी पार्टीका कार्यकर्ताले राजविराजमा गराएको बम विस्फोटबाट घाइते भइन्। राजविराज-३ स्थित अन्सारी मिनी मार्केटअगाडि गराएको बम विस्फोटबाट दास घाइते भएकी थिइन्। उनको शरीरमा बमको छर्रा लागेको थियो। उनको उपचार सगरमाथा अञ्चल अस्पताल राजविराजमा भयो। सोही समूहले राजविराज-१ स्थित हटियामा समेत विस्फोट गराएको थियो। पार्टीका जिल्ला सेक्रेटरी परवानाले सञ्चारकर्मीलाई फोन गरी विस्फोटन आफ्नो पार्टीले गराएको जनाएका थिए।

मधेसी मुक्ति टाइगर्सबाट

राजविराज नपा-१ का १५ वर्षीय रोशन दास ०६६ वैशाख १२ गते मधेसी मुक्ति टाइगर्सले गराएको बम विस्फोटनमा परी घाइते भए। टाइगर्स कार्यकर्ताले राजविराज नपा-१ स्थित नेसनल ट्रेडिङ्को कार्यालयलाई लक्षित गरी गराएको बम विस्फोटनबाट कार्यालयको छेउमा पसल गरी बस्ने दास घाइते भएका थिए। उनको टाउकोमा बमको छर्रा लागेको थियो। उनको सगरमाथा अञ्चल अस्पतालमा उपचार भयो। टाइगर्सका जिल्ला सचिव राजले सप्तरीका सञ्चारकर्मीलाई टेलिफोन गरी विस्फोटनको जिम्मेवारी लिएका थिए।

अज्ञात समूहबाट

तिलाठी गाविस-६ का चन्द्रभूषण र उनका छोरा आनन्दी चौधरी ०६६ साउन २३ गते सप्तरीको बरही वीरपुर गाविसमा हतियारधारी अज्ञात समूहले चलाएको गोली लागेर घाइते भए। राजविराजबाट घरतर्फ फर्कंदै गर्दा हतियारधारीले अपहरण गर्न खोजेपछि प्रतिकार गर्दा हतियारधारीले चलाएको गोली लागी उनीहरू घाइते भएका थिए। घाइतेको खुट्टामा गोलीको छर्रा लागेको थियो। आठ-दस जनाको सङ्ख्यामा रहेको सो समूहले उनीहरूसँग रहेको १० हजार रुपियाँसमेत लुटेर लगेको पीडितले बताए। घाइतेको सगरमाथा अञ्चल अस्पताल राजविराजमा उपचार गरिएको थियो। उक्त समूहको पहिचान भने हुन नसकेको प्रहरीले जनायो।

छिन्नमस्ता गाविस-२ की ३५ वर्षीया मञ्जु यादवलाई ०६६ पुस ६ गते राती अज्ञात समूहले गोली प्रहार गरी घाइते बनायो। घरमा सुतिरहेकी यादवलाई हतियारधारी समूहले घरबाहिर बोलाइ गोली प्रहार

Final Eastren:Layout 1 2/9/2010 2:05 PM Page 182

घटनाको प्रकार	गैर राज्यबाट								राज्यबाट			
	अन्यबाट					एकीकृत माओवादीबाट						
	घटना सङ्ख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना सङ्ख्या	पुरुष	जम्मा	घटना सङ्ख्या	पुरुष	अन्य	जम्मा
हत्या	१३	७	९		१६				३	५		५
घाइते	८	९	३		११				४	१९		१९
गिरफ्तारी/यातना									४	९	७	१६
कुटपिट	११	१३	१		१३	३	३	३	४	१०		१०
धम्की	६	६			६				१	१		१
जातीय विभेद	६	६		३९	४५							
महिलाअधिकार	१०		११		११							
बालअधिकार	३		३		३							
आर्थिक/सामाजिक/ सांस्कृतिक अधिकार									१	१		१
अमानवीय व्यवहार	१	१			१							
अपहरण	३५	३६	१		३७							
जम्मा	९३	७७	३७	३९	१४३	३	३	३	१७	४५	७	५३

गरेको थियो। उनी सगरमाथा अञ्चल अस्पताल राजविराजमा उपचार गरी घर फर्किन्। गोली कसले किन प्रहार गरेको भने खुल्न सकेन। प्रहरीले घटनामा संलग्न भएको आरोपमा सोही ठाउँ बस्ने दीपक यादवलाई गिरफ्तार गऱ्यो। गिरफ्तार भएका यादवले भने पीडित यादवका पति सञ्जय यादव आफैंले घरायसी झगडामा पत्नीलाई गोली प्रहार गरी पुरानो रिसइवीका कारण आफूलाई फसाउन खोजेको बताए। यादव जिल्ला अदालत राजविराजको आदेशले पुस ९ गते साधारण तारेखमा रिहा भए।

बेवारिसे बम विस्फोटबाट

मानराजा गाविस-७ का नौ वर्षीय शिवचन्द्र मण्डल र नौ वर्षीय रञ्जित यादव ०६६ कात्तिक १५ गते मानराजा गाविस-७ मा बेवारिसे अवस्थामा छाडिएको बम खेलाउने क्रममा विस्फोट हुँदा घाइते भए। सार्वजनिक जग्गामा भेटिएका पाँचओटा बममध्ये एउटा विस्फोट हुँदा उनीहरू घाइते भएका थिए। बम विस्फोटनमा परी हात र खुट्टामा चोट लागेका घाइते दुवैको सगरमाथा अञ्चल अस्पताल, राजविराजमा उपचार भयो। फेला परेका चारओटा बमलाई भने राजविराजस्थित श्रीमेहर गणको नेपाली सेना डिस्पोजल टोलीले निष्क्रिय पारेको थियो।

जेल र बन्दीहरू

'ग' श्रेणीको जिल्ला कारागारको बन्दी क्षमता १ सय २५ जनाको रहेको छ। कारागारमा कुल १ सय ७० पुरुष र तीन महिला गरी १ सय ७३ जना बन्दी रहेका छन्। अनौपचारिक शिक्षा, पुस्तकालय, पत्रपत्रिका, सीपमूलक सामग्रीको बजार व्यवस्था आदि माग बन्दीहरूको रहेको छ भने कारागार भवन जीर्णोद्धार गर्नुपर्ने, आधुनिक सूचना प्रविधिहरूबाट बन्दीको अभिलेख राख्ने व्यवस्था मिलाउनुपर्ने कारागारका लेखापाल प्रकाश बस्नेतले बताए।

बेपत्ता/अपहरण

अखिल तराई मुक्ति मोर्चाबाट

दिघवा गाविस-९ निवासी सोही गाविसका पूर्वअध्यक्ष ४२ वर्षीय भूपेन्द्र यादवलाई ०६५ फागुन ९ गते अखिल तराई मुक्ति मोर्चाका कार्यकर्ताहरूले सप्तरीको हनुमाननगरबाट अपहरण गरे। आफन्तलाई भारदह पुऱ्याएर फर्कदै गर्दा साँझ यादवलाई मोर्चाका कार्यकर्ताहरूले हनुमानगरबाट अपहरण गरेका थिए। मोर्चाविरुद्ध सुराकी गरेको आरोपमा मोर्चाले अपहरण गरेको मोर्चाका पूर्वी सैन्य कमान्डर अजित सिंहले बताए। सुराकी नगर्ने सर्तमा मोर्चाका कार्यकर्ताले

Final Eastren:Layout 1 2/9/2010 2:05 PM Page 183

फागुन १९ गते भारतीय सीमावर्ती बजारबाट मुक्त गरेको पीडितले बताए।

बेल्हीचपेना गाविस-७, छातापुरका ४० वर्षीय हरिनारायण साहलाई ०६६ मङ्सिर ८ गते अखिल तराई मुक्ति मोर्चाका कार्यकर्ताले घरबाटै अपहरण गरे। अपहरणको जिम्मेवारी लिँदै मोर्चाले सार्वजनिक गरेको सङ्घर्षका कार्यक्रमको विपक्षमा रहेकाले उनलाई नियन्त्रणमा लिएको मोर्चाका केन्द्रीय सदस्य अविनाशले जनाए। साह मोर्चा कार्यकर्तालाई फिरौती बुझाइ मङ्सिर १२ गते मुक्त भए। फिरौतीबारे पीडितले थप केही बताउन चाहेनन्।

भङ्गाहा गाविस-३ निवासी एमाले कार्यकर्ता जहरु मियालाई ०६६ पुस १६ गते उनकै घरबाट अखिल तराई मुक्ति मोर्चाका कार्यकर्ताले अपहरण गरे। करिब पाँच जनाको सङ्ख्यामा आएका मोर्चाका कार्यकर्ताले बिहान घरमा सुतिरहेका मियालाई अपहरण गरेका थिए। वर्षको अन्त्यसम्ममा उनको अवस्था सार्वजनिक हुन सकेन।

अज्ञात समूहबाट

पातो गाविस-१ का २५ वर्षीय मोहमद नसिजुल खानलाई ०६५ पुस २१ गते हतियारधारी अज्ञात समूहले सप्तरीको पातोबाट अपहरण गऱ्यो। सात जनाको सङ्ख्यामा आएका हतियारधारीले घरमा सुतिरहेका खानलाई अपहरण गरेका थिए। अपहरण कसले किन गरेको खुल्न सकेन। अपहरणकारीले पुस २८ गते भारतीय सीमावर्ती गाउँबाट आफूलाई मुक्त गरेको पीडितले बताए।

प्रसवनी गाविस-७, बनौला निवासी काङ्ग्रेस कार्यकर्ता ५५ वर्षीय रामलखन साहलाई ०६५ पुस २३ गते हतियारधारी अज्ञात समूहले सप्तरीको प्रसवनीबाट अपहरण गऱ्यो। करिब १० जनाको सङ्ख्यामा राती आएका हतियारधारीले घरमा सुतिरहेका साहलाई अपहरण गरेको प्रहरीले बतायो। अपहरण कसले किन गरेको खुल्न सकेन। अपहरणको सूचना पाएलगत्तै साहको खोजीका लागि प्रहरी परिचालन गरिए पनि माघ २ गते १ लाख ५० हजार रुपियाँ फिरौती बुझाएर साह मुक्त भएका थिए।

बोदेबरसाइन गाविस-४ का कृषक ३८ वर्षीय ननू रामलाई ०६५ माघ ७ गते बिहान अज्ञात समूहले घरबाटै अपहरण गऱ्यो। करिब सात जनाको सङ्ख्यामा बिहान आएको अज्ञात समूहले घरमा सुतिरहेका रामलाई अपहरण गरेको पीडितका परिवारले बताए। अपहरण कसले किन गरेको खुल्न सकेन। रामलाई

सशस्त्र प्रहरीको कारबाहीमा मारिएका ललन यादव

अपहरणकारीले माघ १० गते घरछेउमा ल्याई मुक्त गरे।

लोहजरा गाविस-२ का २७ वर्षीय दीपनारायण यादव र २५ वर्षीय शङ्कर यादवलाई ०६५ माघ ८ गते सप्तरीको मधवापुरबाट अज्ञात समूहले अपहरण गऱ्यो। कामको सिलसिलामा भारदह जाँदै गर्दा यादवद्वयलाई बाटैबाट अपहरण गरिएको थियो। अपहरण कसले किन गरेको खुल्न सकेन। दुवैलाई अपहरणकारीले ०६५ माघ १६ गते भारतीय सीमावर्ती गाउँ कमलपुरबाट मुक्त गरेको पीडितले बताए।

रायपुर गाविस-२ का व्यापारी ५५ वर्षीय बैजनाथ साहलाई ०६५ माघ २१ गते पाँच जनाको सङ्ख्यामा आएको हतियारधारी समूहले घरमा सुतिरहेको अवस्थामा घरबाटै अपहरण गऱ्यो। अपहरणको कुनै पनि समूहले जिम्मेवारी लिएन। पीडित अपहरणकारीको आँखा छलेर ०६५ माघ २५ गते भागेर मुक्त भएको प्रहरीले जनायो।

लोहजरा गाविस-८ बुधेवाका २३ वर्षीय मोहमद आलम मियालाई ०६५ फागुन २० गते साँझ अज्ञात समूहले पूर्व-पश्चिम राजमार्गको धरमपुर-८ बाट अपहरण गऱ्यो। तीन जनाको सङ्ख्यामा रहेका अपहरणकारीले मामाघर जाँदै गरेका मियालाई अपहरण गरेका थिए। अपहरण कसले किन गरेको खुल्न सकेन। मिया अपहरणको १४ घण्टापछि मुक्त भएर परिवारको सम्पर्कमा आएको इलाका प्रहरी कार्यालय कञ्चनपुरका निरीक्षक रमेश तामाङले बताए।

सीतापुर गाविस-१ का ४५ वर्षीय रामनारायण साहलाई ०६५ फागुन २१ गते हतियारधारी अज्ञात समूहले सप्तरीको सीतापुरबाट अपहरण गऱ्यो। दुईओटा मोटरसाइकलमा आएका हतियारधारीले बिहान घरमा सुतिरहेका साहलाई घरबाटै अपहरण गरी नापीशाखामा कार्यरत भाइ अमरलाल साहलाई बुझाउने सर्तमा छ

Final Eastren:Layout 1 2/9/2010 2:05 PM Page 184

घण्टापछि मुक्त गरेको पीडितले बताए। भाइ अमरलाल साहलाई अपहरण गर्न आएका हतियारधारीले अमरलाल सम्झेर आफूलाई अपहरण गरेको र पहिचान भएपछि स्वयम्भूनाथ गाविसनजिकै ल्याएर मुक्त गरेको पीडितले बताए। अपहरणकारीको पहिचान भने हुन नसकेको उनले जनाए।

भारदह गाविस-१ निवासी ट्रक व्यवसायी २५ वर्षीय देवकुमार मण्डललाई ०६५ चैत १३ गते घरमा सुतिरहेका बेला हतियारधारी अज्ञात समूहले अपहरण गऱ्यो। अपहरण कसले र किन गरेको खुल्न सकेन। उनलाई भारतको एक ठाउँबाट अपहरणकारीले फिरौती रकम लिएर १८ गते मुक्त गरेको पीडितले बताए।

पकरी गाविस-६ निवासी सोही गाविस-७ मा पसल गरेर बस्ने व्यापारी ३५ वर्षीय जयकिशोर दासलाई ०६६ जेठ ३ गते हतियारधारी एक अज्ञात समूहले पसलबाटै अपहरण गऱ्यो। दास प्रहरीको सहयोगमा भोलिपल्ट सप्तरीको गोबरगाढाबाट मुक्त भए।

कटीरायपुर गाविस-८ का १७ वर्षीय मुकेश साहलाई ०६६ जेठ ३ गते हतियारधारी अज्ञात समूहले मधुपट्टी गाविस-८, कदमाहानजिकैबाट अपहरण गऱ्यो। मोटरसाइकल चढेर लहानतर्फ जाँदै गरेका मुकेश साह सोही दिन राती सिराहाको लहानबाट अपहरणकारीको आँखा छलेर भागेर मुक्त भएका थिए। अपहरणकारीको पहिचान भने हुन सकेन।

महेन्द्र विन्देश्वरी बहुमुखी क्याम्पस स्वयिु सदस्य अमितकुमार मण्डललाई ०६६ जेठ २५ गते क्याम्पसप्रमुखलाई कुटपिट गर्दा क्याम्पस प्रशासनको पक्षपोषण गरेको अरोपमा दुई जना हतियारधारीले क्याम्पसबाटै अपहरण गरे। अपहृत मण्डललाई भोलिपल्ट साँझ नचिनेका दुई युवकले आँखामा पट्टी बाँधेर राजविराज-९ स्थित राजदेवी मन्दिर अगाडि ल्याएर मुक्त गरेका थिए।

मधेपुरा गाविस-६ निवासी मानराजा गाविसका प्राविधिक सहायक ३२ वर्षीय धीरेन्द्र यादवलाई ०६६ जेठ २७ गते बिहान हतियारधारी अज्ञात समूहले सप्तरीको जमुनी मधेपुराबाट अपहरण गऱ्यो। यादव पाँच दिनपछि भारतीय सीमावर्ती गाउँ न्यौरबाट भागेर मुक्त भए।

बोरिया गाविस-६ निवासी ओखलढुङ्गामा कार्यरत अहेव ३८ वर्षीय रामदेव ठाकुर र उनका छोरा १८ वर्षीय बबलु ठाकुरलाई ०६६ असार ३ गते हतियारधारी अज्ञात समूहले घरबाटै अपहरण गरे। अपहृत बब्लु बिहान अपहरणकारीको आँखा छलेर भाग्न सफल भए। अहेव ठाकुर भने असार ६ गते भारतीय सीमावर्ती बजारबाट अपहरण मुक्त भए। अपहरणकारीको भने पहिचान हुन सकेन।

बथनाहा गाविस-९ का ५५ वर्षीय सुवालाल साहलाई ०६६ असार ५ गते हतियारधारी एक अज्ञात समूहले अपहरण गऱ्यो। छ जनाको सङ्ख्यामा आएका हतियारधारीले घरमा सुतिरहेका साहलाई राती घरबाटै अपहरण गरेका थिए। अपहरण कसले किन गरेको खुल्न सकेन। साह प्रहरीको सहयोगमा ०६६ असार ८ गते गोबरगाढाबाट मुक्त भए।

बदगामा गाविस-५ का ५६ वर्षीय मोहमद मजबुल शेखलाई ०६६ असार ७ गते अज्ञात समूहले अपहरण गऱ्यो। घरमा सुतिरहेका शेखलाई उक्त समूहले बिहान घरबाटै अपहरण गरेको थियो। अपहरण कसले किन गऱ्यो खुल्न सकेन। सेख ०६६ असार ९ गते कोसीटप्पु क्षेत्रबाट मुक्त भए।

भारदह गाविस-५ निवासी काङ्ग्रेससँग आबद्ध नेपाल कृषि श्रमिक सङ्घका जिल्ला सचिव ३५ वर्षीय कृष्णदेव विश्वासलाई ०६६ असार १२ गते हतियारधारी एक अज्ञात समूहले अपहरण गऱ्यो। सात जनाको सङ्ख्यामा आएका हतियारधारीले घरमा सुतिरहेका विश्वासलाई बिहान घरबाटै अपहरण गरेका थिए। अपहरण कसले किन गऱ्यो खुल्न सकेन। विश्वास अपहरण भएको खबर पाएलगत्तै उनको खोजीका लागि प्रहरी परिचालन गरिएको प्रहरी चौकी भारदहले जनायो। विश्वासको अवस्था यस वर्षको अन्त्यसम्म अज्ञात छ।

पोर्ताहा गाविस-४ का २४ वर्षीय अनिल यादवलाई ०६६ साउन १ गते हतियारधारी अज्ञात समूहले घरबाटै अपहरण गऱ्यो। मोटरसाइकल चढेर करिब छ जनाको सङ्ख्यामा आएका हतियारधारीले घरमा सुतिरहेका यादवलाई अपहरण गरेको पीडितका

मधेसराष्ट्र जनतान्त्रिक पार्टी (क्रान्तिकारी)बाट हत्या गरिएका मनोज यादव

Final Eastren:Layout 1 2/9/2010 2:05 PM Page 185

बुबा कबितलालले बताए। यादव अपहरणको छ दिनपछि गाउँलेको सहयोगमा ०६६ साउन ७ गते भारतको रानीगञ्जबाट मुक्त भए।

सकरपुरा गाविस-८ का ४२ वर्षीय शुकदेव सुतिहारलाई ०६६ भदौ १४ गते हतियारधारी अज्ञात समूहले घरबाटै अपहरण गऱ्यो। सुतिहारलाई करिब १० जनाको सङ्ख्यामा आएका हतियारधारीले घरमा सुतिरहेको अवस्थामा अपहरण गरेको थियो। अपहरण कसले किन गऱ्यो खुल्न सकेन। सुतिहारलाई उनीहरूले भोलिपल्ट बिहान रम्पुरामल्हनिया गाविसनजिकैको भारतीय सीमाबाट मुक्त गरे।

गोइठी गाविस-३ का ६० वर्षीय देवन साहलाई ०६६ असोज १६ गते हतियारधारी अज्ञात समूहले खेतमा पानी पटाउन गएको समयमा खेतबाटै अपहरण गऱ्यो। साह कात्तिक ५ गते अपहरणकारीको आँखा छलेर भारतको सीमावर्ती गाउँबाट मुक्त भए। साहलाई मुक्त गर्न अपहरणकारीले परिवारसँग ५ लाख रुपियाँ फिरौती माग गरेको पीडितले बताए।

नकटी रायपुर गाविस-८ का ५५ वर्षीय पाँचु मियालाई ०६६ असोज २० गते हतियारधारी अज्ञात समूहले रूपनी बजारबाट घरतर्फ गइरहेका बेला बाटोबाटै अपहरण गऱ्यो। मियालाई प्रहरीले रौतहट जिल्लाको पचरुखी गाविसबाट असोज २३ गते मुक्त गरायो।

मल्हनिया गाविस-३ निवासी मल्हनिया गाविसका प्राविधिक सहायक ३८ वर्षीय रमेशमरिक यादवलाई ०६६ असोज २३ गते हतियारधारी अज्ञात समूहले अपहरण गऱ्यो। लहानबाट घरतर्फ जाँदै गर्दा राती छ/सात जनाको एक हतियारधारी समूहले यादवलाई घरनजिकैबाट अपहरण गरी लगेको पीडितले बताए। यादव अपहरणकारीलाई फिरौती बुझाएर ०६६ असोज २७ गते सिराहा जिल्लाको भारतीय सीमावर्ती गाउँबाट मुक्त भए। कति फिरौती बुझाए भन्ने विषयमा पीडितले केही बताएनन्।

मलेकपुर गाविस-३ निवासी जिल्ला जनस्वास्थ्य कार्यालय अर्घाखाँचीमा कार्यरत ५० वर्षीय राजदेव मण्डललाई ०६६ कात्तिक ६ गते हतियारधारी समूहले घरबाटै अपहरण गऱ्यो। मण्डल भारतको बिहार राज्य मधुबनी जिल्ला लौकही थाना अन्तर्गत उनलाई लुकाइ राखेको ठाडी गाउँबाट भागेर कात्तिक १३ गते मुक्त भए। मण्डलले आफूलाई अपहरणकारीले छ दिनसम्म आँखामा पट्टी बाँधेर राख्नुका साथै मानसिक र शारीरिक यातनासमेत दिएको बताए।

देउरी गाविस-१ का ५० वर्षीय बेचन मण्डललाई ०६६ कात्तिक १६ गते बिहान हतियारधारी समूहले घरबाटै अपहरण गऱ्यो। अपहरणकारीको पहिचान हुन सकेन। मण्डल फिरौती बुझाएर ०६६ कात्तिक १९ गते भारतीय सीमावर्ती गाउँबाट मुक्त भए।

अर्नाहा गाविस-२ का माछा व्यापारी ४२ वर्षीय छविलाल चौधरीलाई ०६६ मङ्सिर १९ गते राती हतियारधारी अज्ञात समूहले घरबाटै अपहरण गऱ्यो। सात जनाको सङ्ख्यामा राती आएका हतियारधारीले घरमा सुतिरहेका चौधरीलाई अपहरण गरेपछि घरमा रहेको नगदसमेत लुटेर लगेका थिए। चौधरी अपहरणकारीलाई फिरौती बुझाएर मङ्सिर २४ गते भारतीय सीमावर्ती गाउँबाट मुक्त भए।

दुई नम्बर जोगनिया गाविस-९ का ३२ वर्षीय इन्द्रनारायण लौगीलाई ०६६ मङ्सिर २७ गते राती हतियारधारी एक अज्ञात समूहले घरबाटै अपहरण गऱ्यो। पाँच जनाको सङ्ख्यामा राती आएका हतियारधारीले लौगीको घरबाट २ लाख रुपियाँ बराबरको धनमालसमेत लुटेर लगेका थिए। लौगी अपहरणकारीको आँखा छलेर भारतको भीमनगरबाट भोलिपल्ट भागेर मुक्त भए।

भुतही गाविस-६ का २७ वर्षीय हबिबुल्ला मियालाई ०६६ पुस ११ गते हतियारधारी अज्ञात समूहले घरबाटै अपहरण गऱ्यो। मियालाई भारतीय प्रहरीको सहयोगमा प्रहरीले भारतको खुटौलाबाट पुस १५ गते मुक्त गरायो। अपहरणपछि मियालाई शारीरिक तथा मानसिक यातना दिएको पीडितले बताए।

धम्की/कुटपिट

राज्यबाट

राजविराज नपा-८ निवासी *नेपाल वन* टेलिभिजनका राजविराज समाचारदाता हेमशङ्कर सिंह र राजविराजबाट प्रकाशित हुने *न्युज टुडे* दैनिकका समाचारदाता जीतेन्द्र झालाई ०६५ फागुन ३० गते क्याम्पसमा प्रहरीले गरेको लाठीचार्जको फोटो खिचेको आरोपमा प्रहरीले कुटपिट गरी दुर्व्यवहार गऱ्यो। महेन्द्र विन्देश्वरी बहुमुखी क्याम्पसमा भएको निर्वाचनमा नेविसङ्घको आधिकारिकताको विवादपछि भएको तोडफोडको समाचार सङ्कलन गर्न गएका पत्रकारमाथि दुर्व्यवहार गर्दै प्रहरीले आफूसँग रहेको क्यामरा खोसेको पीडित पत्रकारले बताए। घटनाका सम्बन्धमा पत्रकार महासङ्घको टोलीले सप्तरी प्रहरी प्रमुख भूपालकुमार भण्डारीलाई भेटी विरोध जनाएपछि भण्डारीले घटनाप्रति दुःख व्यक्त गर्दै आइन्दा त्यसो नहुने जनाएका थिए।

Final Eastren:Layout 1 2/9/2010 2:05 PM Page 186

एभीन्यूज टेलिभिजनका सप्तरी समाचारदाता वैद्यनाथ यादवलाई ०६६ वैशाख २४ गते तत्कालीन शिक्षामन्त्री रेणु यादवले समाचार लेखेको विषयमा मार्ने धम्की दिएको पीडितले बताए। यादवले बारम्बार अतिरञ्जित समाचार प्रसारण गराउने गरेको र जिल्ला शिक्षा अधिकारी केदार तिवारीलाई दुर्व्यवहार गरेको विषयको समाचार लेखेको भन्दै मन्त्री यादवले फोन गरी मार्ने धम्की दिएको पत्रकार यादवले बताए।

एकीकृत माओवादीबाट

एकीकृत माओवादीनिकट क्रान्तिकारी पत्रकार सङ्घका सप्तरी अध्यक्ष गोपालप्रसाद गुप्तालाई ०६५ फागुन २० गते एकीकृत माओवादीका कार्यकर्ताले राजविराज नगरपालिका-१ स्थित पार्टी कार्यालयअगाडि कुटपिट गरे। पार्टीको आन्तरिक विवादलाई लिएर पार्टी कार्यालयमा भनाभन हुँदा गुप्तालाई एकीकृत माओवादी जिल्ला कमिटी सदस्य करमलाल यादव र कार्यकर्ता भनालाल यादवले कुटपिट गरेको पीडित गुप्ताले बताए। गुप्ताको पिठ्यूँ र अनुहारमा चोट लागेको थियो। उनको सगरमाथा अञ्चल अस्पताल, राजविराजमा उपचार भयो। प्रहरीले कुटपिटमा संलग्न यादवद्वयलाई गिरफ्तार गरी दुई दिनपछि रिहा गऱ्यो। आन्तरिक विवादका कारण कुटपिट भए पनि कुट्नेलाई कानुनबमोजिम कारबाही गरिएको प्रहरीप्रमुख एसपी भूपालकुमार भण्डारीले बताए।

जनतान्त्रिक तराई मुक्ति मोर्चा (राजन मुक्ति समूह) बाट

कान्तिपुर दैनिकका स्थानीय समाचारदाता एवम् पत्रकार महासङ्घका केन्द्रीय पार्षद् जीतेन्द्र खड्गालाई समाचार लेखेको विषयलाई लिएर ०६५ माघ १३ गते जनतान्त्रिक तराई मुक्तिमोर्चा राजन मुक्ति समूहका कार्यकर्ताले मार्ने धम्की दिए। माघ १० गते मोर्चाको बन्द आह्वानका विरुद्ध राजविराजका व्यापारीले प्रदर्शन गर्दा मोर्चाका कार्यकर्ता चढेको सवारीसाधन तोडफोड गरेको र झडप भएको समाचार प्रकाशन गरेको आरोपमा मोर्चाका तर्फबाट वार्ता कमिटी सदस्य रहेका मनोज मुक्तिले खड्गालाई मार्ने धम्की दिएको पीडितले बताए। वार्तामा आएपछि पनि मोर्चा कार्यकर्ताले चन्दा आतङ्क जारी राखेको भन्दै राजविराजमा व्यापारीले प्रदर्शन गरेका थिए। सोही प्रदर्शनका क्रममा मोर्चाका तर्फबाट सरकारसँग वार्ता गर्न बनेको कमिटीका संयोजक राजीव झा चढेको जीपलाई व्यापारीले तोडफोड गरी मोर्चाका कार्यकर्तालाई लखेटेका थिए। सोही विषयको समाचार *कान्तिपुर* दैनिकमा प्रकाशित भएको थियो। उक्त समाचार प्रकाशन गरेको भन्दै मनोज मुक्तिले टेलिफोनबाट मार्ने धम्की दिएको पीडित पत्रकार खड्गाले बताए।

थारू कल्याणकारिणी सभा, थरूहट संयुक्त सङ्घर्ष समितिबाट

संविधानसभामा सप्तरी क्षेत्र नम्बर ५ का सभासद् सदरुल हकलगायतको टोलीलाई ०६५ फागुन २५ गते बन्दको अवज्ञा गरी सुझाव सङ्कलन गर्न आएको भन्दै थरूहट संयुक्त सङ्घर्ष समितिका कार्यकर्ताले सप्तरीको भेडियामा धम्की दिँदै दुर्व्यवहार गरे। नौ जनाको सङ्ख्यामा रहेका थारू युवाहरूले सुझाव सङ्कलनका लागि गएका सभासद्हरूलाई कार्यक्रम नगर्न भन्दै कार्यक्रमस्थलबाट लखेटेका थिए। सभासद्सँग रहेका जनताले भर्ने प्रश्नावली फारमसमेत खोसेर थारू युवाहरूले कार्यक्रम तितरबितर पारेको सभासद् सदरुल हकले बताए। आफूहरूलाई मधेसीमा सूचीकृत गरिएको भन्दै थरूहट कार्यकर्ताले मधेसलाई तराई थरूहट नबनाएसम्म सुझाव सङ्कलन गर्न नदिने बताए।

अखिल तराई मुक्ति मोर्चाबाट

सप्तरी पोस्ट साप्ताहिकका प्रकाशक तथा कार्यकारी सम्पादक नवीननरसिंह नेपालीलाई ०६५ चैत २४ गते समाचार प्रकाशित नगरेको भन्दै अखिल तराई मुक्ति मोर्चाका विश्वजित सिंह बताउने व्यक्तिले भौतिक कारबाही गर्ने धम्की दिए। मोर्चाले गरेको गतिविधिको समाचार प्रकाशित नगरेको भन्दै उनलाई टेलिफोन गरी मार्ने धम्की दिएको पीडितले बताए।

राजविराज नपा-१ त्रिभुवन चौक निवासी व्यापारी ५५ वर्षीय कुवरसिंह तातेडलाई ०६६ वैशाख ९ गते अखिल तराई मुक्ति मोर्चाका कार्यकर्ताले चन्दा माग गर्दै मार्ने धम्की दिए। पूर्वी सैन्य कमान्डर अजित सिंह बताउने मोर्चाका कार्यकर्ताले टेलिफोन गरेर १ लाख रुपियाँ चन्दा नदिए मार्ने धम्की दिएको तातेडले बताए। धम्कीको घटनामा संलग्न भएको भन्दै स्थानीय व्यापारीसँग हतियार देखाएर चन्दा असुल्दै गरेको अवस्थामा प्रहरीले रम्पुरा मल्हनिया गाविस-९ का २६ वर्षीय देवनारायण साहलाई गिरफ्तार गऱ्यो। गिरफ्तार परेका साहलाई हातहतियार तथा खरखजाना अन्तर्गत पुर्पक्षका लागि थुनामा राखिएको छ।

तराई मधेस लोकतान्त्रिक पार्टीबाट

सप्तरीका जिल्ला शिक्षा अधिकारी केदार

Final Eastren:Layout 1 2/9/2010 2:05 PM Page 187

तिवारीलाई ०६६ वैशाख २३ गते कार्यालयमा हाजिर गरेर निवासमा सुतेको आरोपमा तराई मधेस लोकतान्त्रिक पार्टीनिकट तराई मधेस विद्यार्थी फ्रन्टका कार्यकर्ताले मोसो दलेर कुटपिट गरे। २०-२५ जनाको सङ्ख्यामा कार्यालय पुगेका आक्रोशित विद्यार्थीले अधिकारीलाई कार्यकक्षमा नभेटेपछि निवासबाट कार्यालयमा बोलाई मोसो दलेका थिए। मोसो दलेको आरोपमा प्रहरीले फ्रन्टका जिल्ला अध्यक्ष रामउद्गार यादवलाई गिरफ्तार गरी सार्वजनिक अपराध ऐन अन्तर्गत मुद्दा चलाएको थियो। उनी धरौटीमा रिहा भए।

अज्ञात समूहबाट

हनुमाननगर गाविस-७ का ४५ वर्षीय बुद्धिलाल महतोलाई ०६५ फागुन २२ गते हतियारधारी अज्ञात समूहले अपहरण गर्न खोज्दा अपहरणकारीको प्रतिकारमा महतो घाइते भए। करिब सात जनाको सङ्ख्यामा आएका हतियारधारी समूहले महतोलाई अपहरण गर्न खोजेपछि गाउँलेले प्रतिकार गर्न खोज्दा उनी महतो घाइते भएका थिए। अपहरणकारीको छुरा प्रहारबाट महतोको नाडी र कञ्चटमा गहिरो घाउ लागेको थियो। उनको हनुमाननगर स्वास्थ्य उपचार केन्द्रमा उपचार भएको प्रहरीले जनायो। अपहरणकारीको पहिचान हुन सकेन।

नेपाल पत्रकार महासङ्घ सप्तरीका सल्लाहकार सुरेन्द्रप्रसाद गुप्ताको राजविराज नपा-१ हटियास्थित घरमा ०६५ फागुन २८ गते अज्ञात समूहले आक्रमण गरी गुप्ताका बुबा ६५ वर्षीय हरिशङ्कर साहलाई कुटपिट गरे। घाइतेको सगरमाथा अञ्चल अस्पतालमा उपचार गरिएको थियो। घटनाको स्थानीय सञ्चारकर्मी तथा मानवअधिकारकर्मीहरूले विज्ञप्ति प्रकाशन गरी भर्त्सना गरे। घटना कसले किन गरेको खुल्न सकेन।

सप्तरीका शिक्षकहरूले ०६६ वैशाख २४ गते राजविराज नपा-६ निवासी मधेसी जनअधिकार फोरम जिल्ला सचिव एवम् प्याब्सनका केन्द्रीय सदस्य भोगेन्द्र चौधरीलाई जिल्ला शिक्षा अधिकारीलाई मोसो दलेर दुर्व्यवहार गरेको आरोपमा शिक्षक युनियन सप्तरीका अध्यक्ष भवेन्द्र यादवको नेतृत्वमा निस्केको जुलुसले दुर्व्यवहार गर्दै माउन्ट एभरेस्ट बोर्डिङ् स्कुलमा तोडफोड गऱ्यो। तोडफोडबाट स्कुलमा करिब १ लाख रुपियाँ बराबरको क्षति भएको थियो। सप्तरीका जिल्ला शिक्षा अधिकारी केदार तिवारीलाई तराई मधेस लोकतान्त्रिक पार्टीनिकट तराई मधेस विद्यार्थी फ्रन्टका विद्यार्थीहरूले २३ गते मोसो दलेको घटनामा चौधरीको समेत संलग्नता रहेको शिक्षकले आरोप लगाए। तोडफोडको विरोधमा प्याब्सन र एन प्याब्सन सप्तरीले राजविराजमा प्रदर्शन गर्दै निजी विद्यालय बन्द गराए।

ना.३ख. ९७९६ नम्बरको ट्रकका चालक कपलेश्वर ठाकुरलाई ०६६ साउन ८ गते बन्दको अवज्ञा गरी सवारीसाधन चलाएको आरोपमा युवक हत्याको विरोधमा गठित सङ्घर्ष समितिका प्रदर्शनकारीहरूले पूर्वपश्चिम राजमार्गको रूपनीमा ढुङ्गा प्रहार गरी घाइते बनाए। चालकको स्थानीय रूपनी उपस्वास्थ चौकीमा उपचार गरिएको थियो। सोही दिन प्रदर्शनकारीले बा.३च. २९२६ नम्बरको जीपलाई साँझ ७ बजे राजविराजमा सिसा तोडफोड गरी क्षति पुऱ्याए।

अन्यबाट

विद्यार्थीमाथि लगाइएको मुद्दा खारेजीको माग गर्दै सर्वपक्षीय सङ्घर्ष समितिको आह्वानमा विद्यार्थीले ०६६ असार ५ गते सप्तरीका दुई दर्जन सरकारी कार्यालय बन्द गराए। विद्यार्थीहरूले स्ववियु पदाधिकारीमाथिको मुद्दा खारेज गर्न माग गर्दै जिल्ला विकास समिति, राजविराज नगरपालिका, मालपोत, वन, कृषिलगायत कार्यालयमा तालाबन्दी गरी सरकारी कामकाज ठप्प पारेका हुन्। यता जिल्ला प्रशासन कार्यालय, सप्तरीमा तालाबन्दी गर्न गएका महेन्द्र विन्देश्वरी क्याम्पस स्ववियु सभापति रामचन्द्र यादव, सचिव जयप्रकाश यादवलगायत दुई दर्जन विद्यार्थीलाई भने प्रहरीले गिरफ्तार गरी चार घण्टापछि रिहा गऱ्यो। गत जेठ २५ गते स्ववियु पदाधिकारीको संलग्नतामा महेन्द्र विन्देश्वरी बहुमुखी क्याम्पस, राजविराजका क्याम्पसप्रमुख देवीदत्त साहलाई विद्यार्थीहरूले चार घण्टा नियन्त्रणमा लिई कार्यकक्षमै निर्घात कुटपिट गरे। घटनामा संलग्न रहेको आरोपमा प्रहरीले स्ववियु सभापति रामचन्द्र यादव, सचिव जयप्रकाश यादव र सदस्य सन्तोष यादवलाई गिरफ्तार गरी शरीर बन्धक तथा अपहरण ऐन अन्तर्गत कारबाही चलाएको थियो। स्ववियु पदाधिकारीलाई झूटा मुद्दा लगाएको भन्दै माओवादीका जिल्ला कमिटी सदस्य देवनाथ यादवको संयोजकत्वमा सर्वपक्षीय सङ्घर्ष समिति गठन गरी मुद्दाको खारेजीको माग गर्दै विद्यार्थीहरूले सरकारी कार्यालय बन्द गरी प्रदर्शन गरी जिल्ला अदालत राजविराजका न्यायाधीश रमेश पोखरेलको इजलासले गिरफ्तारीमा परेका तीनै जना स्ववियु पदाधिकारीलाई असार ३ गते साधारण तारेखमा रिहा गर्ने आदेश गरेको थियो। आतङ्ककारीहरूउपर कारबाही गर्न ल्याइएको

Final Eastren:Layout 1 2/9/2010 2:05 PM Page 188

ऐन विद्यार्थीउपर लगाइएको भन्दै बसेको सर्वपक्षीय बैठकले मुद्दा खारेज नभएसम्म अनिश्चितकालका लागि सम्पूर्ण सरकारी कार्यालय बन्द गर्ने निर्णय गरेको सङ्घर्ष समितिका संयोजक देवनाथ यादवले बताए।

अभिव्यक्ति, भेला हुने र सङ्गठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

काङ्ग्रेसको जनजागरण अभियान अन्तर्गत सप्तरीको कोचाबखारीमा भएको सभा बिथोल्ने उद्देश्यले ०६५ माघ २८ गते साँझ सशस्त्र समूहका कार्यकर्ताले सभास्थलमा बम विस्फोटन गराए। करिब १० जनाको समूहमा आएको हतियारधारी समूहले काङ्ग्रेसका सप्तरी सभापति एवम् पूर्वगृहराज्यमन्त्री रामकुमार चौधरीले सभालाई सम्बोधन गरिरहेको समयमा हवाई फायर गर्दै मञ्चको पछाडि दुईओटा सकेट बम विस्फोटन गराएका थिए। विस्फोटनबाट कुनै मानवीय क्षति नभए पनि सभाका सहभागी भागाभाग भएका थिए। विस्फोटनपछि सभा पूरै बिथोलिएको थियो। काङ्ग्रेसको जनजागरण अभियान अन्तर्गत सप्तरीको कोचाबखारीमा जागरण सभाको आयोजना गरेको थियो। घटनापछि सभापति चौधरीले स्थानीय प्रशासनको लापरवाही र कमजोरीका कारण घटना भएका भन्दै घटनाको भर्त्सना गरेका थिए।

राजविराज नपा-७ निवासी प्रेस चौतारी नेपालका उपाध्यक्ष मनोहर पोखरेल, अनेरास्वियुका केन्द्रीय सदस्य निरञ्जन झा, स्वयिु सदस्य पार्थो सरकार, कार्यकर्ताहरू कृष्णकुमार कापर, कृष्णदेव मण्डल तथा नेविसङ्घका सन्तोष देव ०६६ जेठ २६ गते जिल्ला प्रहरी कार्यालय अगाडि धर्नामा बसेका विद्यार्थीमाथि प्रहरीले लाठीचार्ज गर्दा घाइते भए। अपहरण परेका विद्यार्थी मुक्त भएको जानकारी गराउन गएका विद्यार्थीको एक समूहमाथि प्रहरीले लाठीचार्ज गरेको थियो। लाठीचार्जबाट गम्भीर घाइते सन्तोषको विराटनगरमा र अन्य सबैको सगरमाथा अञ्चल अस्पताल, राजविराजमा उपचार भएको थियो। लाठीचार्जमा प्रहरीले पत्रकार पोखरेलको क्यामरा र मोबाइल सेटसमेत फुटाइदिएका थिए। घटनाको पत्रकारसँग सम्बद्ध संस्थाले विरोध जनाएपछि प्रशासनले माफ माग्दै फुटेको क्यामरा र मोबाइल सेटको क्षतिपूर्ति उपलब्ध गराएको थियो।

प्रहरीको गोली प्रहारबाट मारिएका भुवनेश्वर यादव र लिखो मण्डल

राजविराज नपा-६ निवासी नागरिक सञ्जाल सप्तरीका अध्यक्ष सुखराम यादव, एकीकृत माओवादी कार्यकर्ता केदार देव, वाईसीएल जिल्ला सदस्य योगेन्द्र यादव र स्थानीय बासिन्दा शिवनाथ मण्डल ०६६ असार ३ गते प्रहरीको लाठीचार्जमा घाइते भए। स्वयिु पदाधिकारीलाई झूठा मुद्दा लगाएको भन्दै जिल्ला प्रशासन कार्यालय सप्तरीमा तालाबन्दी गर्न गएका सर्वपक्षीय समूहमाथि प्रहरीले लाठीचार्ज गर्दा उनीहरू घाइते भएका थिए। क्याम्पसप्रमुखलाई कुटपिट गरेको विषयलाई लिएर स्वयिु पदाधिकारीउपर झूटा मुद्दा लगाएको भन्दै राजनीतिक दलसहितको एक सर्वपक्षीय समूहले जिल्ला प्रशासन कार्यालयमा तालाबन्दी गर्न खोजेपछि प्रहरीले लाठीचार्ज गरेको थियो। जेठ २५ गते स्वयिु पदाधिकारीको संलग्नतामा महेन्द्र विन्देश्वरी बहुमुखी क्याम्पस, राजविराजका क्याम्पसप्रमुख देवीदत्त साहलाई विद्यार्थीहरूले चार घण्टा नियन्त्रणमा लिई कार्यकक्षमै निर्घात कुटपिट गरेका थिए। घटनामा संलग्न रहेको आरोपमा प्रहरीले स्वयिु सभापति रामचन्द्र यादव, सचिव जयप्रकाश यादव र सदस्य सन्तोष यादवलाई गिरफ्तार गरी शरीर बन्धक तथा अपहरण ऐन अन्तर्गत कारबाही चलाएको थियो। आतङ्ककारीहरूउपर कारबाही गर्न ल्याइएको ऐन विद्यार्थीउपर लगाइएको भन्दै सर्वपक्षीय बैठकले जिल्ला प्रशासनमा तालाबन्दी गर्ने निर्णय गरेको थियो। घाइते सबैको सगरमाथा अञ्चल अस्पतालमा उपचार गराइएको थियो। जिल्ला अदालत राजविराजका न्यायाधीश रमेश पोखरेलको एकल इजलासले गिरफ्तार तीनै जना स्वयिु पदाधिकारीलाई साधारण तारेखमा रिहा गर्ने आदेश दिएको थियो।

नेकपा एकीकृतका चितनारायण यादव, महेन्द्र विन्देश्वरी बहुमुखी क्याम्पस स्वयिु सभापति रामचन्द्र यादव, सद्भावनाका दिनेश यादव, गजेन्द्र यादव, देवनारायण यादवलगायतलाई ०६६ साउन ६ गते सडक अवरोध गरी प्रदर्शन गरेको आरोपमा प्रहरीले रूपनीबाट गिरफ्तार गऱ्यो। गिरफ्तार गरिएका सबैलाई दुई दिनसम्म जिल्ला प्रहरी कार्यालयको हिरासतमा राखी साउन ९ गते रिहा गरिएको थियो।

काङ्ग्रेसका सप्तरी जिल्ला सहसभापति दिनेश यादव, एकीकृत माओवादीका जिल्ला इन्चार्ज सूर्यनाथ

Final Eastren:Layout 1 2/9/2010 2:05 PM Page 189

यादव, मधेसी जनअधिकार फोरम नेपालका शैलेन्द्रप्रसाद साह, काङ्ग्रेसका जिल्ला सदस्य विकेश्वर यादव, देवनारायण यादव, सद्भावना पार्टीका किशोरकुमार यादव केसी, तारकेश्वर यादव, प्रभु यादव, दिनेश यादव, शिवशङ्कर यादव, शम्भु यादवलगायतलाई ०६६ साउन ७ गते सडक अवरोध गरी प्रदर्शन गरेको आरोपमा प्रहरीले गिरफ्तार गऱ्यो। सशस्त्र प्रहरीको गोली लागेर सप्तरीको इटहरी विष्णुपुर गाविस-४ मा भदौ २ गते अखिलेन्द्र यादवको मृत्यु भएको विरोधमा गठित सङ्घर्ष समितिको अह्वानमा पूर्व-पश्चिम राजमार्ग अन्तर्गत सप्तरीको रूपनीमा सडक अवरोध गरेपछि प्रहरीले हस्तक्षेप गरी उनीहरूलाई गिरफ्तार गरेको थियो। घटनापछि स्थिति तनावग्रस्त भएपछि स्थानीय प्रशासनले राजमार्ग क्षेत्रमा बेलुका ८ बजेदेखि बिहान ७ बजेसम्म कर्फ्यु आदेश जारी गरेको थियो। गिरफ्तार सबै साउन ९ गते रिहा भए।

मोहनपुर गाविस-६ निवासी पिछडा वर्ग महासङ्का उपाध्यक्ष उम्देश्वरप्रसाद साह, कार्यकर्ताहरू शिवनाथ साह र रहिम बकसलाई ०६६ साउन ९ गते कल्याणपुर प्रहरीले सप्तरीको कठौनाबाट गिरफ्तार गऱ्यो। सरकारसँग भएको पाँचबुँदे सहमति कार्यान्वयनको माग राख्दै नेपाल पिछडा वर्ग (ओबीसी) महासङ्घले आह्वान गरेको बन्द सफल पार्न सडकमा अवरोध खडा गरी प्रदर्शन गरेको आरोपमा उनीहरूलाई प्रहरीले गिरफ्तार गरेको थियो। गिरफ्तार गरिएका सबैलाई १० गते राजविराजबाट रिहा गरिएको जिल्ला प्रहरी कार्यालय, सप्तरीले जनायो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

पुनरावेदन अदालत राजविराजमा

दुनियाँवादी फौजदारी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका ९९ मुद्दामध्ये यस वर्ष ३१ थान फर्स्यौट भई ६८ थान बाँकी रहे। यस वर्ष दर्ता भएका दुनियाँवादी फौजदारी मुद्दा ५४ थानमध्ये १२ थान फर्स्यौट भई ४२ थान बाँकी रहे। गत वर्षको जिम्मेवारी सरेर आएका र यस वर्ष दर्ता भएका गरी जम्मा १ सय ५३ थानमध्ये ४३ थान फर्स्यौट भई १ सय १० थान बाँकी रहे।

सरकारवादी फौजदारी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका १ सय ३ थानमध्ये यस वर्ष ३३ थान फर्स्यौट भई ७० थान बाँकी रहे। यस वर्ष दर्ता भएका सरकारवादी फौजदारी मुद्दा १ सय १९ थानमध्ये २० थान फर्स्यौट भई ९९ थान मुद्दा बाँकी रहे। गत वर्षको जिम्मेवारी सरेर आएका तथा यस वर्ष दर्ता भएका सरकारवादी फौजदारी मुद्दा जम्मा २ सय २२ थानमध्ये ५३ मुद्दा फर्स्यौट भई १ सय ६९ थान बाँकी रहे।

देवानी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका ५ सय ६३ थान मुद्दामध्ये यस वर्ष १ सय ८६ थान फर्स्यौट भई ३ सय ७७ थान बाँकी रहे। यस वर्ष दर्ता भएका देवानी मुद्दा २ सय ६१ थानमध्ये ३९ थान फर्स्यौट भई २ सय २२ थान मुद्दा बाँकी रहे। गत वर्षको जिम्मेवारी सरेर आएका तथा यस वर्ष दर्ता भएका देवानी मुद्दा जम्मा ८ सय २४ थानमध्ये २ सय २५ थान फर्स्यौट भई ५ सय ९९ थान बाँकी रहे। यसरी यस वर्षको अन्त्यसम्ममा जम्मा १ हजार १ सय ९९ थानमध्ये ३ सय २१ थान फर्स्यौट भई ८ सय ७८ थान मुद्दा बाँकी रहे।

जिल्ला अदालत सप्तरीमा

दुनियाँवादी फौजदारी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका र यस वर्ष दर्ता भएका जम्मा ७ सय ६८ थानमध्ये यस वर्ष १ सय ३ थान मुद्दा फर्स्यौट भई ६ सय ६५ थान बाँकी रहे।

सरकारवादी फौजदारी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका र यस वर्ष दर्ता भएका जम्मा २ सय २४ थानमध्ये २३ थान फर्स्यौट भई १ सय ९१ थान बाँकी रहे।

देवानी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका र यस वर्ष दर्ता भएका जम्मा २ हजार ९ सय ३४ थान मुद्दामध्ये यस वर्ष ४ सय ५२ थान फर्स्यौट भई १ हजार ३ सय २ थान बाँकी रहे।

यसरी यस वर्षको अन्त्यसम्ममा गत वर्षको जिम्मेवारी सरेका तथा यस वर्ष दर्ता भएका गरी जम्मा ३ हजार ९ सय २६ थानमध्ये ५ सय ७ थान फर्स्यौट भई ३ हजार ३ सय ४८ थान मुद्दा बाँकी रहे।

कथित बोक्सीको आरोपमा गाउँलेबाट कुटपिट गरिएकी डोमनीदेवी चौधरी

बालअधिकार

जिल्लामा अहिले पनि ग्रामीण क्षेत्रका ११ प्रतिशत अर्थात् १५ हजार बालबालिकाहरू गरीबीको कारण विद्यालय जाँदैनन्। जसमा खुद भर्नादर भने ८९.९८ प्रतिशत रहेको छ। जिल्लामा ७५ हजार ७ सय २७ छात्रा र ९० हजार ८ सय ९३ छात्र विद्यालयमा अध्ययनरत छन्। यसको अलावा सरकारी विद्यालयमा विद्यालय प्रशासन र शिक्षा

Final Eastren:Layout 1 2/9/2010 2:05 PM Page 190

कार्यालयको बेवास्ता हुनु, द्वन्द्वको कारण देखाउँदै अहिले पनि विद्यालयमा नियमित अनुगमनको अभाव, विद्यालय भर्ना कार्यक्रम नारा-जुलुसमा नै सीमित हुने तथा लक्षित समुदायसम्म नपुग्नु, विद्यालयमा विद्यार्थी भर्ना दर देखाए पनि व्यावहारिक रूपमा बालबालिकाहरू विद्यालयमा नहुनु, सरकारी नीति अनुसार पनि विद्यार्थीहरूको पहुँचमा विद्यालय नहुनु, प्रत्येक गाविसमा माध्यमिक विद्यालय नहुनुलगायतका समस्याका कारण बालबालिकाहरू शिक्षाबाट वञ्चित भएको देखिन्छ। जिल्ला जनस्वास्थ्य कार्यालय, सप्तरीका अनुसार सप्तरीमा बाल मृत्युदर प्रतिहजार ६४ रहेको छ।

शम्भुनाथ गाविस-१ की १३ वर्षीया एक बालिकालाई ०६५ फागुन १७ गते सोही ठाउँका १७ वर्षीय दीपेन्द्र पासवानले बलात्कार गरेको आरोपमा इलाका प्रहरी कार्यालय रूपनीमा निवेदन दिन जाँदा प्रहरीले दर्ता गर्न अस्वीकार गरेको पीडितका अभिभावकले बताए। खाना खाएर गाईवस्तु चराउन आफ्नो घर शम्भुनाथ गाविसदेखि २ सय मिटर दक्षिणतर्फ गएको अवस्थामा बालिकालाई पासवानले बलात्कार गरेको पीडित परिवारले जनाए। आफूलाई लछारपछार गर्दै पासवानले बलात्कार गरेको पीडितले सञ्चारकर्मीलाई बताइन्। आरोपितलाई कारबाहीका लागि जिल्ला प्रहरी कार्यालय सप्तरीमा फागुन २१ गते निवेदन दर्ता गराएको भए पनि प्रहरीले कारबाही अघि नबढाएको पीडितले गुनासो गरे। ढिलो गरी निवेदन प्राप्त भएको र प्रमाणको अभावमा कारबाही अघि बढ्न नसकेको प्रहरीले बतायो।

फत्तेपुर गाविस-३ की आठ वर्षीया बालिकालाई ०६५ फागुन २९ गते सोही ठाउँका १७ वर्षीय प्रेम राईले बलात्कार गरेको आरोपमा राईलाई प्रहरी चौकी फत्तेपुरले फागुन ३० गते गिरफ्तार गरी जबरजस्ती करणी मुद्दामा कारबाही अघि बढायो। आरोपितलाई जिल्ला अदालतको चैत १७ गतेको आदेशले पुर्पक्षका लागि थुनामा राखिएको छ।

सिम्रहासिङ्गियोन गाविस-५ की १३ वर्षीया गीताकुमारी यादवलाई ०६६ असार ५ गते अज्ञात समूहले सप्तरीको राजविराजबाट अपहरण गऱ्यो। हजुरआमासँगै राजविराज आएकी यादवलाई अपरिचित व्यक्तिले खाजा खुवाउने बहाना गरी राजविराज नगरपालिका-१ भगवती मन्दिर अगाडिबाट अपहरण गरेका थिए। अपहरित यादव प्रहरीको सहयोगमा हनुमाननगरबाट असार ८ गते मुक्त भइन्। अपहरण कसले किन गरेको खुल्न सकेन।



कथित अछूत भएको आरोपमा गाउँमा घर बनाउन नदिइएका शुभक मरिक

राजविराज नपा-१० डुमरी शिवथानका १३ वर्षीय मजबुन मियाँलाई ०६६ असोज १६ गते फिरौती असुल्ने उद्देश्यले राजविराज नपा-५ की अजयदेवी झाले अपहरण गरिन्। मियाँलाई कुटपिट गरी घरमा बन्धक बनाएर राखेको अवस्थामा गोप्य सूचनाका आधारमा प्रहरीले राजविराज नपा-५ स्थित संयोग सिनेमा हलनजिकबाट मुक्त गरायो। बालकलाई अपहरण गरी बन्धक बनाउने झालाई प्रहरीले असोज १८ गते गिरफ्तार गरी शरीर बन्धक तथा अपहरण ऐन अन्तर्गत कारबाही चलाएको थियो। झा सप्तरी जिल्ला अदालतको आदेशले कात्तिक ९ गते साधारण तारेखमा रिहा भइन्।

नेङ्डा गाविस-६ का ७ वर्षीय अमरेन्द्र यादवलाई ०६६ मङ्सिर ९ गते अज्ञात समूहले सप्तरीको खोक्सरबाट अपहरण गऱ्यो। खोक्सर प्रवाह गाविस-६ स्थित मामाघर आएका यादव खेलिरहेको अवस्थामा मावलीबाटै अपहरित भएका थिए। बालकलाई अभिभावकले फिरौती बुझाएर ०६६ मङ्सिर १६ गते अपहरणमुक्त गराए। अपहरण कसले गरेको, फिरौती कति बुझाएको र कहाँबाट मुक्त भएको बारेमा पीडितका अभिभावकले केही बताउन चाहेनन्।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

सारस्वर गाविस-७ की दुई युवतीलाई ०६५ पुस २८ गते अज्ञात समूहले अपहरणपछि सामूहिक बलात्कार गरेको पीडितहरूले बताए। कोसी मेला भरेर घर फर्कदै गरेका उनीहरूलाई उक्त समूहले पूर्वपश्चिम राजमार्ग अन्तर्गत सप्तरीको कल्याणपुर गाविस-६ बाट अपहरण गरी नजिकैको खेतमा लगी बलात्कार गरेको पीडितहरूले बताए। अपहरणको सूचना पाएर खोजीका लागि गएको प्रहरीले घाइते अवस्थामा खेतमा फेला पारेको प्रहरीले जनायो। बलात्कारको घटनामा संलग्न भएको आरोपमा प्रहरीले कल्याणपुरका गाविस-६ का तेजनारायण चौधरीलाई पुस २९ गते गिरफ्तार गरी कारबाही अगाडि बढाएको बतायो। जिल्ला अदालत राजविराजको माघ २४ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

वैरवा गाविस-८ की ३२ वर्षीया एक महिलालाई ०६६ भदौ ८ गते राती सप्तरीको पोर्ताहा गाविस-८ स्थित महुली खोलानजिकै नचिनेका मानिसको समूहले

Final Eastren:Layout 1 2/9/2010 2:05 PM Page 191

सामूहिक बलात्कार गऱ्यो। स्थानीय भारदह बजारबाट मालसमान बेचेर पोर्ताहा गाविस-८ कै लोचन सदा र वैरवाका कैलु मन्सुरीसँगै रिक्सा चढेर घरतर्फ आउँदै गरेकी पीडितलाई पोर्ताहा गाविस-८ स्थित बाँसको झ्याङनजिकै छ जनाको सङ्ख्यामा रहेका युवाहरूले समातेर खोलानजिकै लगेर बलात्कार गरेको पीडितले बताइन्। साथमा रहेका सदा र मन्सुरीलाई समेत कुटपिट गरेको उनीहरूले बताए। घटनाका सम्बन्धमा पीडितले सोही दिन इलाका प्रहरी कार्यालय, कञ्चनपुरमा जाहेरी दिएपछि प्रहरीले घटनामा संलग्न भएको आरोपमा पोर्ताहा गाविस-८ का अशोक यादवलाई भदौ ९ गते गिरफ्तार गऱ्यो। आरोपित यादव जिल्ला अदालतको आदेशले भदौ ३१ गते साधारण तारेखमा रिहा भए।

पारिवारिक हिंसा

बसबिट्टी गाविस-६ की ३५ वर्षीया सुकुमारी महतोलाई चरित्रहीन भएको आरोपमा ०६५ माघ १७ गते सौतेनी छोरा हरेरामले कुटपिट गरी घाइते बनाए। घाइतेको सगरमाथा अञ्चल अस्पताल राजविराजमा उपचार गरिएको थियो। महतोलाई नानाथरी आरोप लगाउँदै बारम्बार कुटपिट गर्ने गरेको पीडितले बताइन्। घटनाका सम्बन्धमा पीडितले माघ १८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी गरेकी थिइन्। कुटपिटमा संलग्नको खोजी भइरहेको प्रहरीले बताए पनि कारवाही नगरेको पीडितले गुनासो गरिन्।

राजविराज नगरपालिका-८ की २४ वर्षीया कुमकुम झाको ०६५ चैत १९ गते सौता सवेश्वरी झाले घाँटी थिचेर हत्या गरिन्। पति सूर्यनाथ झा बाहिर गएको मौका छोपी सुतेकै ठाउँमा घाँटी थिचेर सौताको हत्या गरेको प्रहरीले जनायो। सौताको हत्याको आरोपमा झालाई प्रहरीले गिरफ्तार गऱ्यो। झालाई जिल्ला अदालत राजविराजको आदेशले थुनामा राखी अनुसन्धान भइरहेको प्रहरीले बतायो। चार वर्षको छोराकी आमासमेत रहेकी कुमकुम हत्यापछि घरमा झुन्डिएको अवस्थामा मृत फेला परेकी थिइन्।

बकधुवा गाविस-६ की ४० वर्षीया फूलीयादेवी दासलाई पैसा नदिएको आरोपमा ०६६ असार १४ गते पति दुःखी दासले कुटपिट गरी घाइते बनाए। घरमा खाना पकाइरहेको समयमा मागे अनुसार ५ हजार नदिएको भन्दै दासले तराजुको ढकले टाउको फुटाइदिएकामा गम्भीर घाइते भएकी उनको स्थानीय स्वास्थ्यचौकीमा उपचार हुन नसकेपछि धरानस्थित बीपी स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचार गराइएको थियो। पीडित दासले आफू २० वर्षदेखि पतिबाट हिंसाको सिकार हुँदै आएको बताइन्। घटनापछि पीडितले इलाका प्रहरी कार्यालय, कञ्चनपुर सोही दिन उजुरी गरे पनि पीडक फरार रहेकाले कारबाही गर्न नसकेको प्रहरीले बतायो।

पिप्रा पश्चिम गाविस-४ की २२ वर्षीया फूलादेवी चौधरीलाई ०६६ भदौ १६ गते पति अमरलाल चौधरीले खुकुरी प्रहार गरी हत्या गरे। पतिपत्नीबीच भएको विवादले उग्र रूप लिएपछि आवेगमा आएर चौधरीले खुकुरी प्रहार गरी पत्नी फूलादेवीको हत्या गरेको प्रत्यक्षदर्शीहरूले बताए। घटनास्थलमै फूलोदेवीको मृत्यु भएपछि मृत शरीरलाई घरपछाडि धानखेतमा फालेर अमरलाल चौधरी फरार भएको प्रहरीले जनायो। दुई सन्तानका पिता चौधरीको गाउँकै एक महिलासँग अवैध सम्बन्ध रहेको विषयमा एक साताअघिदेखि पति-पत्नीबीच झगडा हुँदै आएको गाउँलेले बताए। मृतकको लास सगरमाथा अञ्चल अस्पताल राजविराजमा पोस्टमार्टम गरी परिवारलाई बुझाइएको प्रहरीले बतायो। फरार चौधरीको खोजी भइरहेको जिल्ला प्रहरी कार्यालय, सप्तरीले जनायो।

सिम्रहा सिङ्गियौन गाविस-१ की ३५ वर्षीया सन्तोलियादेवी यादवको ०६६ कात्तिक १५ गते उनका पति बुद्धिलाल यादवले धारिलो हतियार प्रहार गरी हत्या गरे। यादवको लास पोस्टमार्टम नगरीकनै दाहसंस्कार गरी पति यादव सहयोगीसहित फरार भएका थिए। घटनाका सम्बन्धमा प्रहरीले जानकारी पाएपछि जलाएकै ठाउँबाट अवशेष ल्याई परीक्षण गराएको प्रहरीले जनायो। घटनामा संलग्न यादवलाई गिरफ्तार गरी कारबाही सुरु गरेको प्रहरीले बतायो।

दुर्व्यवहार

बेनिया गाविस-९ की ४५ वर्षीया स्वास्तीदेवी खड्गलाई सोही ठाउँका सत्यनारायण खड्गलाई बोक्सी लगाएर बिरामी बनाएको आरोपमा ०६६ वैशाख २८ गते उनलाई सत्यनारायणका बुवा रामफल खड्ग, कथित धामी विनोद यादवलगायतका गाउँलेले अभक्ष कोच्याउँदै कुटपिट गरे। पीडितले जिल्ला प्रशासन कार्यालयमा वैशाख २९ गते उजुरी गरिन्। पीडकविरुद्ध जेठ ३ गते पक्राउ म्याद जारी भएको तर उनीहरूलाई यस वर्षको अन्त्यसम्म पनि गिरफ्तार गर्न नसकेको प्रहरीले बतायो।

कोचाबखारी गाविस-१ की ३५ वर्षीया रेखादेवी कामैतलाई ०६६ वैशाख २९ गते छिमेकी महेन्द्र कामैत, शङ्कर कामैत, भरथी कमैत, अमरेन्द्र यादवलगायत

Final Eastren:Layout 1 2/9/2010 2:05 PM Page 192

गाउँलेले कथित बोक्सीको आरोपमा कुटपिट गरे। बिरामी परेका परिवारका सदस्यलाई बोक्सी लगाएको भन्दै पतिसमेत घरमा नभएको मौका छोपी घरमै आएर कुटपिट गरेको पीडितले बताइन्। कुटपिटबाट घाइते उनको सगरमाथा अञ्चल अस्पताल, राजविराजमा उपचार गरिएको थियो। पीडितका तर्फबाट इलाका प्रहरी कार्यालय, छिन्नमस्तामा उजुरी दिए पनि प्रहरीले बेवास्ता गरेको पीडितले बताइन्। यता जिल्ला प्रहरी कार्यालय, सप्तरीका निरीक्षक शिवबहादुर सिंहले भने घटनाको ढिलो गरी जानकारी भएकाले सो सम्बन्धमा अनुसन्धान भइरहेको र दोषीलाई कारबाही गरिने बताए।

शम्भुनाथ गाविस-७ की ४० वर्षीया बच्चीदेवी भगत कथित बोक्सी भएको आरोपमा ०६६ जेठ ५ गते उनलाई सोही ठाउँका रामलगन सरदार, विदेशी सरदार, बिजली सरदारलगायतका गाउँलेहरूले कुटपिट गरे। बिजली सरदारको घरमा अचानक आगलागी भएपछि बोक्सीले टुनामुना गरेर आगो लगाएको भन्दै उनीहरूले भगतलाई कुटपिट गर्दै घरमा समेत तोडफोड गरेका थिए। बोक्सीलाई गाउँमा बस्न नदिने भन्दै मानसिक यातना दिएपछि भगत गाउँ छोडेर राजविराज आएकी थिइन्। पीडितले जिल्ला प्रहरी कार्यालय सप्तरीमा घटनाका सम्बन्धमा जेठ ६ गते उजुरी गरिन्। प्रहरीले अनुसन्धान गरी पीडकलाई कारबाही गरिने जनाए पनि दुवै पक्ष गाउँमै मिलेकाले कारबाही नभएको जनायो।

अर्नाहा गाविस-४ की ४७ वर्षीया डोमनीदेवी चौधरी कथित बोक्सी भएको आरोपमा ०६६ भदौ २१ गते उनलाई सोही ठाउँका सिहेव वीरेन्द्र चौधरीलगायतका गाउँलेहरूले कुटपिट गरे। आफूलाई सोही गाउँका स्थानीय वीरेन्द्र चौधरी, प्रदीप चौधरी, रञ्जितादेवी र गीता चौधरीले बोक्सीको आरोपमा पटकपटक कुटपिट गरेको पीडितले बताइन्। यसअघि पनि बोक्सीको आरोपमा प्रताडित भएपछि गाउँलेहरूले छलफल गरी दुवैबीच मध्यस्थता गराएको तर अहिले पुनः कुटपिट गरेको भन्दै पीडित चौधरीले कानुनी कारबाहीको माग गरी भदौ २४ गते प्रहरीमा निवेदन दिएपछि प्रहरीले वीरेन्द्र चैधरी र प्रदीप चौधरीलाई सोही दिन गिरफ्तार गरी कारबाही सुरु गऱ्यो। जिल्ला अदालतको भदौ २९ गतेको आदेशमा उनीहरू जनही ५ हजार रुपियाँ धरौटीमा रिहा भए। चौधरीको गिरफ्तारीको विरुद्धमा स्वास्थ्यकर्मी युनियनले भदौ २६ गते राजविराजमा जुलुस प्रदर्शन गरेको थियो।

सबै प्रकारका जातीय विभेद

पोर्ताहा गाविस-८ का गुगली मरिक, लोचन मरिक र दशरथ मरिकलाई ०६५ फागुन २५ गते डोम जातिको दलित भएकाले छोइन्छ' भन्दै भारदह गाविस-२ का होटल मालिक अशोक साहले होटलमा बसेर चिया खान नदिएको पीडितले बताए। पैसा तिरेर चिया खान माग्दा साहले डुमलाई दिन्न भन्दै आफूहरूलाई कुटपिट गरेको गुगली मरिकले बताए। पीडितले सोही दिन प्रहरी चौकी भारदहमा लिखित जानकारी गराउँदा पनि न्याय नपाएको उनीहरूले गुनासो गरे।

कमलपुर गाविस-३ का शुभक मरिकलाई कथित अछूत भएको आरोपमा ०६५ वैशाख १४ गते छिमेकी शुभक साह, रामेश्वर साहलगायतका गाउँलेले गाउँको बीचमा बस्न नदिने भन्दै घर बनाउन दिएनन्। एक महिनाअघि गाउँमा आगलागी भएपछि गाउँको बीचमा रहेको मरिकसहित ६० परिवारको घर जलेर नष्ट भएको थियो। गाउँका अरू सबैले घर पुनःनिर्माण गरे पनि चार पुस्तादेखि गाउँको बीचमा बस्दै आएका शुभकलाई भने 'डुमले गाउँको बीचमा बस्न पाइँदैन' भनी गाउँलेले घर बनाउन दिएनन्। पीडितले प्रहरीमा वैशाख १५ गते लिखित उजुरी गरे पनि न्याय नपाएको गुनासो गरे।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार संरचना, सम्पति क्षति

फत्तेपुर गाविस-३ निवासी गोबरधन वैरागी जनता उच्चमाविका शिक्षक युवराज खनाल र सोही ठाउँका पारस दाहाललाई ०६६ वैशाख १३ गते विद्यालय व्यवस्थापन समितिका सदस्य बहादुर चौधरीको नेतृत्वको समूहले कुटपिट गऱ्यो। आठ वर्षदेखि कार्यरत उच्चमाविका शिक्षक खनाललाई व्यवस्थापन समितिले अवकाश दिने निर्णय गरेपछि सर्वपक्षीय छलफमा कुटपिट गरेको खनालले बताए। छलफलमा दुईपक्षबीच झडप भएपछि सशस्त्र प्रहरीले उच्चमाविमा हवाई फायरसमेत गरेको थियो। हवाई फायरपछि विद्यार्थीहरू आतङ्कित भएका थिए भने घटनापछि विद्यालय व्यवस्थापन समितिले शिक्षक खनाललाई दबाब दिएर राजीनामा गर्न लगायो।

अखिल तराई मुक्तिमोर्चाबाट

राजविराज नपा-८ स्थित अधिवक्ता भानु निरौला बसेको सञ्जय सिङ्घीको घरमा ०६५ माघ २८ गते साँझ अखिल तराई मुक्ति मोर्चाका कार्यकर्ताले बम विस्फोटन गराए। करिब तीन जनाको सङ्ख्यामा आएका मोर्चाका कार्यकर्ताले मुद्दामा भेदभाव गरेको

Final Eastren:Layout 1 2/9/2010 2:05 PM Page 193

आरोपमा निरौला बसेको सञ्जय सिङ्धीको घरमा सकेट बम विस्फोटन गराएका थिए। विस्फोटनबाट घरमा सामान्य क्षति पुगेको थियो। विस्फोटनको जिम्मेवारी लिँदै मोर्चाका ३ नम्बर इन्चार्ज रिझनले इन्सेक सप्तरी प्रतिनिधिलाई टेलिफोन सम्पर्क गरी मुद्दामा भेदभाव गरेकाले चेतावनीस्वरूप विस्फोट गराएको बताए।

छिन्नमस्ता गाविसस्थित उपस्वास्थ्य चौकीमा ०६५ फागुन २१ गते अखिल तराई मुक्ति मोर्चाका कार्यकर्ताले बम विस्फोटन गराए। पाँच जनाको सङ्ख्यामा आएका मोर्चा कार्यकर्ताले चौकीका कर्मचारीले मोर्चाविरुद्ध सुराकी गरेको भन्दै सकेट बम विस्फोटन गराएका थिए। विस्फोटनबाट चौकीमा सामान्य क्षति भएको थियो। विस्फोटनको जिम्मेवारी लिँदै मोर्चाका पूर्वी सैन्य कमान्डर अजीत सिंहले चौकीका कर्मचारीले मोर्चाका कार्यकर्ताविरुद्ध सुराकी गरेकाले विस्फोटन गराएको बताए।

मधेस तराई फोरमका कार्यकर्ताबाट

नेपाली भाषामा लेखिएका पत्रपत्रिका मधेसमा बिक्री-वितरण गर्न नदिने भन्दै मधेस तराई फोरमका कार्यकर्ताले ०६६ भदौ ७ गते राजविराज-४ स्थित उपयोगी पुस्तक पसलअगाडि कान्तिपुर पब्लिकेसनको गाडीमा रहेका सम्पूर्ण *कान्तिपुर* पत्रिका झिकेर जलादिए। वितरणका लागि विराटनगरबाट राजविराज आएको टाटा पिकअप भ्यानबाट फोरम कार्यकर्ताले भ्यानमा रहेको करिब ५ हजार थान *कान्तिपुर, काठमाडौँ पोस्ट* र *नेपाल* साप्ताहिक पत्रिका जलाएको पुस्तक व्यवसायी उत्तम भुजेलले बताए। मधेस तराई फोरम सप्तरीका अध्यक्ष श्यामनारायण यादवले ०६६ भदौ ५ गते स्थानीय पत्रपत्रिकाको थोक बिक्रेतालाई पत्र पठाइ नेपाली भाषामा प्रकाशित पत्रपत्रिका मधेसमा बिक्री-वितरण बन्द गर्न चेतावनी दिएका थिए। घटनाको मधेस तराई फोरमका अध्यक्ष यादवले जिम्मेवारी लिँदै केन्द्रीय आन्दोलन परिचालन समितिले १० सूत्रीय माग सार्वजनिक गरी भाषिक र सांस्कृतिक आन्दोलन घोषणा गरेकाले मधेसमा अरू भाषालाई निषेध गर्न पत्रिका जलाएको जनाए।

नेकपा माओवादीबाट

राजविराज नपा-७ स्थित मिलन डेरी उद्योगका सञ्चालक राघोप्रसाद सिंहलाई ०६६ मङ्सिर १ गते माओवादीका कार्यकर्ताले आह्वान गरेको बन्दको अवज्ञा गरेर कारखाना खुला राखेको भन्दै दुर्व्यवहार गरी कारखानामा तोडफोड गरे। तोडफोडबाट कारखानामा १ लाख रुपियाँ बराबरको क्षति भएको उद्योग सञ्चालक सिंहले बताए। बन्दको अवज्ञा गरेकाले सामान्य कारवाही गरिएको माओवादी केन्द्रीय सदस्य महेश यादवले बताए।

थारू कल्याणकारी सभा र थरूहट संयुक्त सङ्घर्ष समितिबाट

पूर्वपश्चिम राजमार्गमा पश्चिमबाट पूर्वतर्फ जाँदै गरेको ना.३ख. ५४४९ र ना.३ख. ५५६० नम्बरको यात्रुबसलाई ०६५ माघ २६ गते मधेसवादी दलको एक मधेस एक प्रदेशको मागविरुद्ध थारू कल्याणकारी सभाले आह्वान गरेको दुईदिने बन्दको अवज्ञा गरेको अरोपमा मधुपट्टी गाविस-८ स्थित पूर्वपश्चिम राजमार्ग खण्डमा गरेको आगजनीका कारण बस पूरै जलेर नष्ट भयो।

लहानबाट बिरामी पुऱ्याएर उदयपुरको गाईघाट फर्कदै गरेको स.१झ. २७८ र स.१च. ४५१ नम्बरको एम्बुलेन्सलाई बन्दको अवज्ञा गरी यात्रु ओसारेको भन्दै ०६५ माघ २८ गते साँझ थारू कल्याणकारी सभाका कार्यकर्ताले पूर्वपश्चिम राजमार्गको मधुपट्टी गाविस-८, कदमाहामा तोडफोड गरे। तोडफोडका कारण एम्बुलेन्सका सम्पूर्ण सिसा फुटेका थिए। बिरामी ओसार्ने एम्बुलेन्समा यात्रु ओसारेकाले कार्यकर्ताले एम्बुलेन्समा तोडफोड गरेको सभाका सप्तरी अध्यक्ष मुक्तिनाथ चौधरीले बताए।

इटहरीबाट काठमाडौँ जाँदै गरेको ना.२ख. ६१४३ नम्बरको बसमा ०६५ फागुन २० गते थरूहट संयुक्त सङ्घर्ष समितिले आह्वान गरेको बन्दको अवज्ञा गरेको आरोपमा बन्द आह्वानकर्ताले पूर्वपश्चिम राजमार्ग सडकखण्डको सप्तरीको महुलीमा तोडफोड गरे। तोडफोडबाट बसका सिसा फुटेका थिए। आफूहरूलाई मधेसी सूचीमा सूचीकृत गरेको भन्दै थरूहट संयुक्त सङ्घर्ष समितिले बन्द आह्वान गरेको थियो। बन्द आह्वानकर्ताहरूले सडकमा रूख तथा ढुङ्गा थुपारेर सडक जाम गरेपछि दर्जनौँ सवारी साधनका यात्रुहरू दुई दिनसम्म बाटैमा अलपत्र परेका थिए।

सप्तरीको कुशाहाबाट बरमझिया जाँदै गरेको ना.२ख. ३१४१ नम्बरको बसलाई ०६५ फागुन २१ गते राती बन्दको अवज्ञा गरेको भन्दै थरूहट कार्यकर्ताले सप्तरीको महुलीमा तोडफोड गरे। सप्तरीको कुशाहाबाट जन्ती बोकेर बरमझिया जाँदै गरेको बसलाई राती पूर्वपश्चिम राजमार्गको बकधुवा

Final Eastren:Layout 1 2/9/2010 2:05 PM Page 194

गाविस-७, महुलीमा संयुक्त थरूहट सङ्घर्ष समितिका कार्यकर्ताले ढुङ्गा प्रहार गरी तोडफोड गरेका थिए। तोडफोडबाट बस पूर्ण रूपले क्षति भएको थियो। बन्दको अवज्ञा गरी बस चलाएकाले तोडफोड गरेको थरूहट कार्यकर्ताले बताए। यसअघि २० गते सोही ठाउँमा इटहरीबाट काठमाडौँ जाँदै गरेको ना.२ख. ६१४३ नम्बरको बसमा समेत तोडफोड गरेका थिए।

थारू कल्याणकारीसभा र थरूहट संयुक्त सङ्घर्ष समितिले आह्वान गरेको बन्दको अवज्ञा गरेको भन्दै थरूहट सङ्घर्ष समितिका कार्यकर्ताहरूले ०६५ फागुन २२ गते पूर्वपश्चिम राजमार्ग अन्तर्गत सप्तरीको कुशहामा बिरामी बोकेर पश्चिमबाट पूर्वतर्फ जाँदै गरेको ज.१त. ४६४ नम्बरको एम्बुलेन्स तथा सोही दिशातर्फ जन्ती बोकेर जाँदै गरेको ना.२ख. ६३१७ नम्बरको बसमा तोडफोड गरे। बिरामी बोक्ने एम्बुलेन्सले यात्री बोकेकाले तोडफोड गरेको थरूहट कार्यकर्ताले बताए। तोडफोडका कारण एम्बुलेन्स तथा बस पूर्ण रूपले क्षतिग्रस्त भएको थियो।

रायपुर गाविस-८ निवासी ना.३ख. ८२६३ नम्बरको जय मातादी ट्राभल्स रात्रिबसका चालक दीपु चौधरी र बसमालिक राजु ठाकुरलाई ०६६ वैशाख १५ गते बन्दको अवज्ञा गरी सवारी साधन चलाएको आरोपमा संयुक्त थरूहट सङ्घर्ष समितिका कार्यकताले पूर्वपश्चिम राजमार्ग अन्तर्गत सप्तरीको बिशनपुरचौकमा पेट्रोल छर्केर आगो लगाए। चालक चौधरीले बसलाई तत्कालै ब्याक गरेर भगाएर आगो निभाएकाले उनीहरू सामान्य घाइते भए। आगजनीमा चालक चौधरी र मालिक ठाकुरको हातखुट्टाका केही भाग जलेका थिए। तराईलाई मधेस नामकरण गरेर आफूहरूलाई मधेसीमा सूचीकृत गरेको विरोधमा आह्वान गरेको बन्दको अवज्ञा गरेकाले कारवाही गरेको थरूहट कार्यकर्ताले जनाए।

अज्ञात समूहबाट

राजविराज नगरपालिका-१ स्थित राजविराज नगरपालिकाको कार्यालयमा ०६५ पुस १८ गते अज्ञात समूहले बम विस्फोटन गरायो। तीन जनाको सङ्ख्यामा आएका हतियारधारीले कार्यालयका मूलढोकाभित्र सुतली बम विस्फोटन गराएका थिए। विस्फोटनबाट कम्पाउन्डवाल चर्के पनि कुनै ठूलो क्षति भने भएन। विस्फोटन कसले किन गरेको खुल्न सकेन। विस्फोटनको कुनै पनि समूहले जिम्मेवारी लिएन।

राजविराज नपा-३ स्थित अञ्चल अस्पताल कम्पाउन्डछेउमा ०६५ पुस २१ गते अज्ञात समूहले बम विस्फोटन गरायो। दुई जनाको सङ्ख्यामा आएको उक्त समूहले सगरमाथा अञ्चल अस्पतालको दक्षिणी बाहिरी पर्खालको छेउमा सकेटबम विस्फोटन गराएको थियो। विस्फोटनबाट कुनै भौतिक क्षति भएन। विस्फोटन कसले किन गरेको खुल्न सकेन।

राजविराज नगरपालिका-८ स्थित युनिक एजुकेसनल एकेडेमीको छात्रावास परिसरमा ०६५ माघ ५ गते अज्ञात समूहले बम विस्फोटन गरायो। चार जनाको सङ्ख्यामा आएको उक्त समूहले राती छात्रावासको कम्पाउन्डमा सुतली बम विस्फोटन गराएको थियो। ठूलो आवाजमा विस्फोटन भए पनि कुनै भौतिक क्षति भएन। विस्फोटन कसले किन गरेको खुल्न सकेन।

राजविराजबाट प्रकाशित हुने *कृष्णा* दैनिकमा गलत समाचार छापेको आरोपमा ०६६ वैशाख २४ गते शिक्षक युनियन सप्तरीका अध्यक्ष भवेन्द्र यादवको नेतृत्वमा निस्केको जुलुसले पत्रिकाको कार्यालयमा आक्रमण गऱ्यो। करिब ५ सयको सङ्ख्यामा निस्केको जुलुसले राजविराज नगरको परिक्रमा गर्दै स्थानीय पत्रिका पसलबाट पत्रिका ल्याई दशनचौकमा जलाएको थियो। गलत समाचार छापेकाले पत्रिका जलाएको यादवले बताए।

पुन:बहालीको माग गर्दै आफूले आह्वान गरेको बन्दको अवज्ञा गरी सवारी साधन चलाएको आरोपमा माओवादी सशस्त्र द्वन्द्वका क्रममा सेवाबाट हटेका पूर्वसैनिक तथा प्रहरीले ०६६ साउन २ गते सप्तरीको रूपनगरमा ना.२ख. ३०७७ नम्बरको मालबाहक ट्रकमा आगजनी गर्दा चालक बारा जिल्ला निजगढ-८ का राकेश लामा जलेर घाइते भए। चप्पल तथा कस्मेटिक सामान बोकेर पूर्वबाट पश्चिमतर्फ जाँदै गरेको मालबाहक ट्रकलाई द्वन्द्वपीडित पूर्वसैनिक तथा प्रहरी सङ्घका कार्यकर्ताले पूर्वपश्चिम राजमार्गको सप्तरीको रूपनगर-६ मा पेट्रोल छर्केर आगजनी गरेका थिए। आगलागीबाट ट्रक र सामान जलेर पूर्णरूपले नष्ट भयो। आगजनीका कारण चालक लामाको शरीरका विभिन्न भाग जलेपछि उनलाई उपचारका लागि बीपी स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरानमा भर्ना गरिएको थियो।

बन्दको अवज्ञा गरी सवारी साधन चलाएको आरोपमा माओवादी सशस्त्र द्वन्द्वका क्रममा सेवाबाट हटेका पूर्वसैनिक तथा प्रहरीले ०६६ साउन ३ गते सप्तरीको पिप्रापश्चिम गाविसमा खाद्यान्न बोकेको स.१ख. २१७ नम्बरको ट्रकमा आगजनी गरे। राजविराजबाट चामल बोकेर गाईघाट जाँदै गरेको

ट्रकमा पिप्रापश्चिम गाविस-२ स्थित सडकमा आगजनी गरिँदा ट्रकमा रहेको सम्पूर्ण चामल जलेर नष्ट भयो।

काठमाडौँबाट गाईघाटतर्फ जाँदै गरेको ना.३ख. ५५५७ नम्बरको मिथिला ट्राभल्सको बसलाई बन्दको अवज्ञा गरेको आरोपमा ०६६ साउन ७ गते द्वन्द्वपीडित विस्थापित पूर्वप्रहरी तथा सेनाले कदमाहा-गाईघाट सडकखण्डस्थित सप्तरीको दौलतपुरमा आगजनी गरे। यात्रुहरूलाई बसबाट ओरालेर गरेको आगजनीबाट बस पूर्णरूपमा जलेर नष्ट भयो।

बन्दको अवज्ञा गरी कार्यालय खोलेको आरोपमा सशस्त्र प्रहरीको गोली लागेर एक युवकको मृत्यु भएको विरोधमा गठित सङ्घर्ष समितिका कार्यकर्ताले ०६६ साउन १३ गते राजविराजस्थित कृषि विकास बैंक क्षेत्रीय कार्यालयमा आगजनी गरे। करिब १५ जनाको सङ्ख्यामा बिहान साढे ११ बजे आएका समितिका कार्यकर्ताले बैंकका निर्देशकको कोठामा मट्टीतेल छर्केर आगजनी गरेका थिए। आगजनीका कारण कार्यालयका सोफालगायत फर्निचर जलेर नष्ट भएका थिए।

एकीकृत माओवादीले आह्वान गरेको आमहडतालको अवज्ञा गरी क्याम्पस खुला राखेको भन्दै अनेरास्ववियु (क्रान्तिकारी)का कार्यकर्ताले ०६६ पुस ६ गते राजविराजस्थित महेन्द्र विन्देश्वरी बहुमखी क्याम्पस राजविराजको क्याम्पसप्रमुखको कार्यकक्षमा आगजनी गरे। आगजनीका कारण क्याम्पसप्रमुखको कुर्सी पूर्णरूपले जलेको थियो भने महत्त्वपूर्ण कागजातसमेत जलेर नष्ट भएको क्याम्पस प्रशासनले जनायो।

राविराज नपा-३ का शङ्कर दासको हार्डवेयर पसलमा ०६६ पुस ८ गते राती अज्ञात समूहले आगजनी गऱ्यो। तीन जनाको सङ्ख्यामा रहेको समूहले राती दुई बजे पेट्रोल छर्केर आगजनी गरेको पीडितले बताए। आगजनीका कारण पसलका सामान जलेर नष्ट हुँदा करिब २० लाख रुपियाँ बराबरको क्षति भएको प्रहरीले जनायो। एकीकृत माओवादीले आह्वान गरेको बन्दमा पसल खोलेकाले एकीकृत माओवादीका कार्यकर्ताले पसलमा आगजनी गरेको पीडितले बताए पनि माओवादीले भने प्रेस विज्ञप्ति प्रकाशन गरी घटनामा आफ्नो संलग्नता नरहेको जनायो।

बन्द/हडताल/अनशन/विरोध प्रदर्शन

विभिन्न समूह, राजनीतिक दललगायतले गरेको बन्दले यस वर्ष सप्तरी ४२ दिन बन्द रह्यो। यसै क्रममा थारु कल्याणकारिणी सभा, थरुहट स्वायत्त परिषद्ले १७ दिन, अखिल तराई मुक्ति मोर्चाले तीन दिन, जनतान्त्रिक तराई मुक्ति मोर्चाले तीन दिन, मधेसी जनअधिकार फोरमले दुई दिन, एकीकृत माओवादीले नौ दिन, पिछडा वर्ग महासङ्घले आठ दिन गरी जम्मा ४२ दिन सप्तरी बन्द गराए।

विगतको अनुगमन

मोरङ जिल्ला टङ्कीसिनवारी गाविस-८ का मोहमद अकबर मियाको खोजीका लागि उनकी पत्नी नूरजन खातुनले ०६६ वैशाख १४ गते इलाका प्रहरी कार्यालय कञ्चनपुरमा उजुरी गरेकी छन्। मियालाई ०६४ चैत ३ गते छोरीको विवाहको निम्तो बाँड्न आएको समयमा जनतान्त्रिक तराई मुक्ति मोर्चाका कार्यकर्ताले कञ्चनपुबाट अपहरण गरेका थिए। यस वर्षको अन्त्यसम्म मियाको अवस्था अज्ञात छ।

१.१२ सिराहा

जनसङ्ख्या : ६,७९,६५१
साक्षरता प्रतिशत : ४५
महिला साक्षरता प्रतिशत : २७
क्षेत्रफल (वर्ग कि. मि.) : १,१८८
गाविस/नपा सङ्ख्या : १०६/२
सरकारी/निजी विद्यालय : ४०८/३१
क्याम्पस/उच्च मा.वि. : ३/१५
अस्पताल/स्वास्थ्य चौकी : २/११२
मानव विकास सूचकाङ्कः ०.४२७
प्रतिपरिवार सरदर सङ्ख्याः ६२५

Final Eastren:Layout 1 2/9/2010 2:05 PM Page 196

नागरिक तथा राजनीतिक अधिकार
सम्मानित रूपले बाँच्ने अधिकार
हत्या

राज्यबाट

अयोध्यानगर गाविस-१ स्थित कसहा टोल निवासी मधेस राष्ट्र जनतान्त्रिक पार्टी (क्रान्तिकारी)का केन्द्रीय संयोजक सन्देश भनिने रामनारायण महतोलाई ०६६ साउन ४ गते बिहान प्रहरीले हकपाडा गाविसस्थित बाटोमा गोली हानी हत्या गऱ्यो। जिल्ला प्रहरी कार्यालय सिराहाका एसपी रमेश खरेलले प्रहरीको गस्ती टोलीसँगको भिडन्तका क्रममा प्रहरीको कारबाहीमा परी महतोको मृत्यु भएको बताए। तर, सो सङ्गठनका केन्द्रीय सदस्य अनिल अनन्तले सन्देशलाई भारतीय प्रहरीले साउन ३ गते दिउँसो जयनगरस्थित लक्ष्मीपुर गाउँबाट गिरफ्तार गरेकामा सोही दिन साँझ नेपाल प्रहरीलाई बुझाएको र नेपाल प्रहरीले राती नै उनको हत्या गरेको दाबी गरे। अनिलले साउन ३ गते राती नै संयोजक महतोको जीवनरक्षाका लागि पहल गरिदिन इन्सेक जिल्ला प्रतिनिधि, समग्र जनउत्थान केन्द्र, जिल्लास्थित मानवअधिकार सञ्जालका सदस्यहरूलगायत मानवअधिकारवादी निकाय र सञ्चारकर्मीहरूलाई आग्रह गरेका थिए। राती नै पीडितको विषयमा सोधीखोजी गरिँदा उनी पक्राउ नै नपरेको सो प्रहरी कार्यालयका एसपी खरेलले बताएका थिए। लासको जिल्ला अस्पताल सिराहामा साउन ४ गते दिउँसो पोस्टमार्टम गरी अन्तिम संस्कारका लागि आफन्तको जिम्मामा बुझाइएको थियो।

लालपुर गाविस-६ स्थित गुरुधाम निवासी पर्शुराम यादवलाई मधेस मुक्ति टाइगर्सका सिराहा जिल्ला इन्चार्ज भएको आरोपमा ०६६ साउन ५ गते बिहान सिराहाको कमलाखोलास्थित कमलाधारमा प्रहरीले गोली हानी हत्या गऱ्यो। मृतक यादवलाई काठमाडौँबाट अड्डासार गरी सिराहा लैजाँदै गर्दा सो ठाउँमा हत्या भएको थियो। प्रहरी नियन्त्रणबाट भाग्न खोजेकाले कारबाहीमा उनको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सिराहाले जनायो। मृतक यादव सिराहास्थित कारागारबाट ०६५ साउन २९ गते सामूहिक रूपमा फरार भएका बन्दीहरूमध्येका एक भएकाले सिराहा प्रहरीको खोजीमा रहेकाले उनलाई काठमाडौँबाट सिराहा अड्डासार गरिएको सिराहाका एसपी रमेश खरेलले बताए।

अखिल तराई मुक्ति मोर्चा (प्रतीक समूह)बाट

सिलोर्वापछ्वारी गाविस-४ निवासी सो गाविसका पूर्वअध्यक्ष ४५ वर्षीय राजकुमार कामतीलाई सुराकीको आरोपमा ०६५ पुस २८ गते साँझ अखिल तराई मुक्ति मोर्चा (प्रतीक समूह)का कार्यकर्ताहरूले लक्ष्मीपुर गाविसस्थित बाटोमा गोली हानी हत्या गरे। पीडित सिराहा सदरमुकामबाट मोटरसाइकलमा घर फर्किरहेका बेला उनीमाथि गोली प्रहार भएको थियो। लासको जिल्ला अस्पताल सिराहामा पुस २९ गते पोस्टमार्टमपछि परिवारजनले अन्तिम संस्कार गरे। मोर्चाका सेक्रेटरी विकासले पीडितमाथि मोर्चाविरुद्ध सुराकी गरेको र सो गाविसमा प्रहरी चौकी स्थापनाको माग गरेको आरोपमा हत्या गरिएको टेलिफोन सम्पर्क गरी सार्वजनिक जानकारी गराएका थिए। कञ्चट, गाला र कम्मरमा गरी तीन गोली लागेका कामतीको घटनास्थलमै मृत्यु भएपछि मोटरसाइकलमा उनीसँगै रहेका सोही गाविसका रामनारायण यादवलाई मोर्चा कार्यकर्ताहरूले अपहरण गरेकामा उनी पुस २९ गते बिहान अज्ञातस्थलबाट मुक्त भएको स्थानीय बासिन्दाले बताए।

मधेस राष्ट्र जनतान्त्रिक पार्टी (क्रान्तिकारी)

फुल्काहाकट्टी गाविस-५ का विकास भनिने २५ वर्षीय रामउद्गार मोची र रमेश भनिने नाम नखुलेका एक व्यक्तिलाई सशस्त्र समूहको नामबाट हत्या र अपहरणमा संलग्न हुने गरेको आरोपमा ०६५ माघ १ गते राती मधेस राष्ट्र जनतान्त्रिक पार्टी (क्रान्तिकारी)का कार्यकर्ताहरूले सुखीपुर गाविस-५ स्थित एकान्त चौरमा गोली हानी हत्या गरे। दुवैको लास हात र आँखामा पट्टी बाँधिएको अवस्थामा पाइएकाले अपहरणपछि हत्या गरिएको हुनसक्ने स्थानीय बासिन्दाले बताए। दुवैको लास लहान अस्पतालमा माघ २ गते पोस्टमार्टम गरिएकामा रामउद्गार मोचीको मात्र आफन्तले लास बुझी अन्तिम दाहसंस्कार गरेको प्रहरीले जनायो। मधेस राष्ट्र जनतान्त्रिक पार्टी (क्रान्तिकारी)का विशालले घटनाको जिम्मेवारी लिँदै केही महिनाअघि सुखीपुर गाविस निवासी एक विद्यार्थीको हत्यामा उनीहरू संलग्न भएकाले कारबाही गरिएको बताए।

अयोध्यानगर गाविस-७ निवासी मधेस मुक्ति टाइगर्सका सिराहा जिल्ला इन्चार्ज हिटलर भनिने ४० वर्षीय छठु यादवलाई ०६५ चैत २९ गते राती मधेस राष्ट्र जनतान्त्रिक पार्टी (क्रान्तिकारी)का कार्यकर्ताहरूले महनौर गाविस-३ स्थित एकान्तचौरमा गोली हानी हत्या गरे। पीडित बलात्कार, जबरजस्ती चन्दा असुली, लुटपाटजस्ता कार्यमा संलग्न भएकाले उनीमाथि कारबाही गरिएको पीडक पक्षले टेलिफोनमार्फत

Final Eastren:Layout 1 2/9/2010 2:05 PM Page 197

जानकारी गरायो। जिल्ला प्रहरी कार्यालय सिराहाका एसपी रमेश खरेलले जिल्ला कारागार शाखाबाट फरार कैदी तथा बन्दीहरूमध्येको एक भएकाले उनी प्रहरीको समेत खोजीमा रहेको बताए। लासको लहान अस्पतालमा पोस्टमार्टम गरी अन्तिम संस्कारका लागि आफन्तको जिम्मा दिइएको प्रहरीले जनायो।

तेनुवापट्टी गाविस-९ का स्थानीय माओवादी कार्यकर्ताहरू २८ वर्षीय सुरेशसिंह दनुवार र ३० वर्षीय रामनारायणसिंह दनुवारलाई ०६६ वैशाख ३१ गते राती मोटरसाइकलबाट घरतर्फ गइरहेका बेला बाटोमा मधेस राष्ट्र जनतान्त्रिक पार्टी (क्रान्तिकारी)का कार्यकर्ताहरूले गोली प्रहार गरी घाइते बनाए। घाइते भएका पीडितहरूमध्ये सुरेशसिंह दनुवारको उपचारका लागि धरानस्थित बीपी मेमोरियल अस्पताल लैजादै गर्दा बाटोमा मृत्यु भयो भने रामनारायणसिंह सोही अस्पतालबाट उपचारपछि घर फर्किए। सिराहाका एसपी रमेश खरेलका अनुसार मोटरसाइकलबाट घर फर्किरहेका पीडितहरूमध्ये सुरेशको शरीरमा तीनवटा गोली लागेको थियो। मृतक सिंहको लहान अस्पतालमा जेठ १ गते पोस्टमार्टम गरी अन्तिम संस्कारका लागि आफन्तको जिम्मा दिइएको प्रहरीले जनायो। मधेस राष्ट्र जनतान्त्रिक पार्टी (क्रान्तिकारी)का जिल्ला संयोजक दर्शनले टेलिफोन सम्पर्क गरी आफूहरूको सङ्गठनविरुद्ध सुराकी गरेको आरोप लगाए।

मधेसी साइलेन्स किलर्सबाट

सोठियाइन गाविस-८, जगतपुर टोल निवासी जिल्ला बहिरा सङ्घ अस्पताल सिराहाका सुपरभाइजर ४५ वर्षीय गयाप्रसाद यादवलाई ०६५ चैत २६ गते दिउँसो संस्थागत कामले फिल्डतर्फ गइरहेका बेला मधेसी साइलेन्स किलर्सका कार्यकर्ताहरूले विष्णुपुर (प्र.म.) गाविसस्थित बाटोमा नियन्त्रणमा लिई उनको हत्या गरे। पीडितलाई धारिलो हतियार प्रहार गरी हत्या गरिएको जिल्ला प्रहरी कार्यालय, सिराहाले जनायो। लासको चैत २७ गते दिउँसो जिल्ला अस्पताल सिराहामा पोस्टमार्टम गरी अन्तिम संस्कारका लागि परिवारको जिम्मा लगाए। मृतकका परिवार, आफन्त र सोठियाइन गाविसका बासिन्दाले मृतकलाई सहिद घोषणा, अपराधी पत्ता लगाइ कडा कारबाही तथा पीडित परिवारलाई उचित राहतको व्यवस्था गरिनुपर्ने माग राख्दै लहान नपा-१ स्थित वडा प्रहरी कार्यालयअगाडि लास राखेर दुई घण्टासम्म नाराबाजी गरे। सो माग पूरा गराउनुपर्ने भन्दै सिराहास्थित कर्मचारी संयुक्त सङ्घर्ष समितिले ०६६ वैशाख ३ गतेदेखि वैशाख १९ गतेसम्म जिल्लाभरिका सम्पूर्ण कार्यालय र अन्तरसंस्थानहरूमा कामकाज ठप्प पारे। जिल्ला प्रशासन कार्यालयमा वैशाख १९ गते भएको सहमतिपछि कार्यालयहरू सूचारु भए। सहमति अनुसार पीडित परिवारलाई क्षतिपूर्तिका लागि सरकारमा सिफारिस गर्ने निर्णय भए पनि यस वर्षको अन्त्यसम्ममा क्षतिपूर्ति पाएनन्।

अज्ञात समूहबाट

सुखीपुर गाविस-७, दहीपौरी टोलका २१ वर्षीय अजयकुमार महतोलाई ०६५ माघ १९ गते राती अज्ञात समूहले घरैबाट अपहरण गरेकामा स्थानीय बासिन्दाले माघ २० गते पीडितलाई मृत अवस्था फेला पारे। घरबाट अपहृत महतोलाई राती नै गाउँनजिकैको एक रूखमा झुन्ड्याएर हत्या गरिएको स्थानीय गाउँलेले बताए। पीडितका हजुरआमा रामसुनैरका अनुसार मुखमा पट्टी बाँधेर आठ/दस जनाको सङ्ख्यामा आएको सो समूहले आफू र आफ्ना छोरा दिनेश महतोलाई समेत धारिलो हतियार प्रहार गरी घाइते बनायो। लासको जिल्ला अस्पताल सिराहामा माघ २० गते पोस्टमार्टम गरी अन्तिम संस्कारका लागि परिवारलाई जिम्मा लगाए।

विष्णुपुर (प्र.रा.) गाविस-८ का ४० वर्षीय देवशरण यादव र डुम्री गाविस-४ का पाँच वर्षीय विजयकुमार यादवलाई ०६६ वैशाख ८ गते राती डुम्री गाविस-७ निवासी बिहारी यादवको छोरीको विवाहमा सहभागी भएका बेला अज्ञात समूहले गोली हानी हत्या गऱ्यो। पीडित दुवै जनालाई उपचारका लागि लहान अस्पताल लैजादै गर्दा बाटोमा मृत्यु भएको इलाका प्रहरी कार्यालय मिर्चैयाले जनायो। पीडितहरूमध्ये देवशरणको शरीरमा चारवटा र नाबालक विजयको शरीरमा एक गोली लागेको थियो। लासको जिल्ला अस्पताल सिराहामा पोस्टमार्टम गरी अन्तिम संस्कारका लागि आफन्तको जिम्मा दिइयो। घटनाको अनुसन्धानका सिलसिलामा विष्णुपुर (प्र.रा.) गाविसका विष्णुदेव यादव र अक्षय यादवलाई नियन्त्रणमा लिइएकोमा हाल रिहा भइसकेका छन्।

सीतापुर गाविस घर भई लहान नपा-६ मा बस्दै आएका मेरी चिल्ड्रेन एकेडेमी स्कुलका १० कक्षामा अध्ययनरत १६ वर्षीय विद्यार्थी रामकुमार गुप्तालाई ०६६ जेठ २८ गते अपरिचित व्यक्तिहरूको समूहले पडरिया गाविस-२ स्थित पिडोरवोनी टोलनजिक धारिलो हतियार प्रहार गरी हत्या गऱ्यो। मृतक विद्यार्थीको शरीर बीभत्स ढङ्गले काटेर फालिएको अवस्थामा जेठ २९ गते साँझ सोही ठाउँमा

Final Eastren:Layout 1 2/9/2010 2:05 PM Page 198

घटनाको प्रकार	गैर राज्यबाट					राज्यबाट				
	अन्यबाट									
	घटना सङ्ख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	१८	१७	३		३०	२	२			२
घाइते	६	९			९	१	३			३
गिरफ्तारी/यातना						२	२			२
कुटपिट	७	५	५		१०	५	५			५
धम्की	४	३	१		४					
भेला/सङ्गठित हुने अधिकार	१	३	२		५	१		१	३४	३५
महिलाअधिकार	११		१२		१२					
बालअधिकार						१			३०५	३०५
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार	४	५		१	६					
अमानवीय व्यवहार	१	१			१					
अपहरण	१३	१३			१३					
जम्मा	६५	५६	३३	१	८०	१२	१२	१	३३९	३४२

उनका आफन्तले फेला पारेका थिए। पीडित परिवारका अनुसार जेठ २८ गते विद्यालयबाट घर फर्किएका पीडितलाई मोबाइलमा फोन आएपछि उनी साइकल लिएर घरबाट निस्किएकामा साँझ अबेरसम्म पनि घर नफर्किएपछि खोजी गर्दै जाँदा त्यस अवस्थामा फेला पारिए। प्रत्यक्षदर्शीका अनुसार टाउको, हात र शरीरका भागहरू काटेर छुट्याइ खाल्डो खनेर गाडिएको अवस्थामा लास भेटिएको थियो। उनले लगाएका स्कुलका कपडाहरू भने चौरमा फालिएको थियो। पीडितका पिता रामविलास गुप्ताका अनुसार मृतकको मोबाइल र साइकलसमेत फेला पर्न सकेन। मृतकको लासको पोस्टमार्टम जेठ ३० गते लहान अस्पतालमा गरी अन्तिम संस्कारका लागि आफन्तको जिम्मामा दिइएको वडा प्रहरी कार्यालय लहानका इन्स्पेक्टर श्यामल सुब्बाले बताए। हत्या कसले र किन गरेको भन्ने खुल्न सकेन।

धनुषा जिल्लाको पोर्ताहा गाविस-८, नवटोलीका ४५ वर्षीय शिवशङ्कर दासलाई वडहरामाल गाविस-६ स्थित वस्तीपुरनजिक ०६६ असार ३ गते राती अज्ञात समूहले धारिलो हतियार प्रहार गरी हत्या गऱ्यो। पीडितको लास असार ४ गते दिउँसो सोही ठाउँको राजमार्गस्थित एक कल्भर्टको मुनि फेला परेको इलाका प्रहरी कार्यालय मिर्चैयाले जनायो। लासको पोस्टमार्टम असार ४ गते जिल्ला अस्पताल सिराहामा गरी अन्तिम संस्कारका लागि पीडितको छोरालाई जिम्मा लगाइयो।

राघोपुर गाविस-६, शिशवनी टोलकी ५५ वर्षीया गङ्गोलीदेवी यादवलाई ०६६ असार ६ गते राती घरमा सुतिरहेको अवस्थामा आठ/दस जनाको सङ्ख्यामा आएको अज्ञात समूहले धारिलो हतियार प्रहार गरी हत्या गऱ्यो। सो समूहले मृतक गङ्गोलीदेवीकी २५ वर्षीया छोरी दुखनीदेवीमाथि समेत धारिलो हतियार प्रहार गरेका कारण गम्भीर रूपमा घाइते भएकीले धरानस्थित बीपी मेमोरियल अस्पतालमा उनको उपचार भयो। मृतकको लासको असार ७ गते लहान अस्पतालमा पोस्टमार्टम गरी अन्तिम संस्कारका लागि आफन्तको जिम्मामा दिइएको इलाका प्रहरी कार्यालय मिर्चैयाका इन्स्पेक्टर गोविन्द झाले बताए। उक्त घटनाको अनुसन्धानका क्रममा सोही ठाउँ निवासी नागेश्वर यादव, श्रीप्रसाद यादव, सोभित यादव, अमर यादव र अनिस यादवलाई थुनामा राखिएकोमा अदालतको आदेशबमोजिम तारेखमा रिहा भएको प्रहरी कार्यालयले जनायो।

कल्याणपुर जब्दी गाविस-९ का ३६ वर्षीय सोनेलाल पासवानलाई ०६६ साउन १४ गते दिउँसो

Final Eastren:Layout 1 2/9/2010 2:05 PM Page 199

सोही गाविसस्थित एकान्त चौरमा स्थानीय बासिन्दाले मृत अवस्थामा फेला पारे। पीडितलाई धारिलो हतियार प्रहार गरी हत्या गरिएको इलाका प्रहरी कार्यालय मिर्चैयाका इन्स्पेक्टर दीपक रेग्मीले बताए। लासको जिल्ला अस्पताल सिराहामा पोस्टमार्टम गरी अन्तिम संस्कारका लागि परिवारको जिम्मा लगाइयो। घटनाको अनुसन्धान भइरहेको तर पीडक फेला नपरेको प्रहरी कार्यालयले जनायो।

लगडीगोठ गाविस-१ निवासी संयुक्त वाममोर्चाका कार्यकर्ता ६० वर्षीय रामरतन यादवलाई ०६६ भदौ १५ गते राती आफूहरूलाई शिवसेनाका कार्यकर्ता बताउनेको एक समूहले अपहरणपछि हत्या गऱ्यो। पीडितलाई आफन्त र स्थानीय गाउँलेले रातीदेखि नै खोजी गरे पनि भदौ १६ गते बिहान सोही गाविस-७ स्थित आँपको बगैँचामा मृत अवस्थामा फेला पारेका थिए। शिवसेनाका शाका उपनामका सिराहा जिल्ला संयोजकले सञ्चारकर्मीहरूलाई टेलिफोन सम्पर्क गरी सङ्गठनविरुद्ध सुराकी गरेको आरोपमा उनको हत्या गरिएको बताए। लासको जिल्ला अस्पताल सिराहामा भदौ १६ गते पोस्टमार्टम गरी परिवारले सोही दिन अन्तिम संस्कार गरे। जिल्ला प्रहरी कार्यालय सिराहाका डीएसपी सानु थपलियाले घटनाको अनुसन्धान भइरहेको बताए।

कल्याणपुर कालाबञ्जर गाविस-१ बेताहा टोलका ५० वर्षीय विलास मुखियालाई हत्या गरी फालिएको अवस्थामा ०६६ भदौ १९ गते दिउँसो वडहरामाल गाविस-८ स्थित एकान्त चौरमा स्थानीय बासिन्दाले उनको लास फेला पारे। लासको भदौ २० गते जिल्ला अस्पताल सिराहामा पोस्टमार्टम गरी अन्तिम संस्कारका लागि परिवारलाई जिम्मा दिइएको जिल्ला प्रहरी कार्यालयले जनायो। पीडकहरू फेला नपरेको इलाका प्रहरी कार्यालय मिर्चैयाका इन्स्पेक्टर दीपक रेग्मीले बताए।

गाढा गाविस घर भई हाल लहान नपा-४ स्थित आफ्नो माइतीमा बस्दै आएकी ३६ वर्षीया सोनावती सहनीको ०६६ कात्तिक १७ गते रहस्यमय मृत्यु भएको अवस्थामा आफन्तले लास फेला पारे। मृतकको लास घरनजिकैको पोखरीमा रातो रडको कपडाले बेरिएको र पानीमा तैरिरहेको अवस्थामा भेटिएको वडा प्रहरी कार्यालय लहानले जनायो। लासको कात्तिक १८ गते लहान अस्पतालमा पोस्टमार्टम गरिएको र घटनाको अनुसन्धान भइरहेको सो प्रहरी कार्यालयका इन्स्पेक्टर विपीन रेग्मीले बताए।

पोखरभिन्डा गाविस-६ निवासी हाल पडरिया गाविस-९ स्थित भोटियाटोल बस्दै आएका ३० वर्षीय प्रमोद साहलाई ०६६ कात्तिक २४ गते राती अज्ञात समूहले सुतिरहेकै ठाउँबाट अपहरण गरी सोही ठाउँबाट केही दक्षिणतर्फ लगेर गोली हानी हत्या गऱ्यो। हत्याको कारण भने खुल्न सकेन। पीडित परिवारका अनुसार राती करिब छ्देखि आठ जनाको सङ्ख्यामा रहेका सशस्त्र व्यक्तिहरूद्वारा उनको अपहरण भएको थियो। लासको कात्तिक २५ गते लहान अस्पतालमा पोस्टमार्टम गरिएको प्रहरीले जनायो। वडा प्रहरी कार्यालय लहानका इन्स्पेक्टर विपीन रेग्मीले पीडितको शरीरमा दुईवटा गोली लागेको जनाउँदै घटनाको अनुसन्धान भइरहेको बताए।

विष्णुपुरकट्टी गाविस-३ का ५१ वर्षीय कीर्तिमान तामाङलाई ०६६ मङ्सिर १८ गते राती सोही ठाउँको बिहीबारे बजारबाट घर फर्किएका बेला बाटोमा पर्ने हल्लुडे डाँडानजिक अज्ञात व्यक्तिहरूले धारिलो हतियार प्रहार गरी हत्या गरे। पीडित राती अबेलासम्म घर नआएपछि खोजी गर्दै जाँदा मङ्सिर १९ गते बिहान बाटोमा मृत अवस्थामा भेटिएको प्रहरीले जनायो। लासको लहान अस्पतालमा १९ गते पोस्टमार्टम गरी अन्तिम संस्कारका लागि परिवारको जिम्मामा दिइयो। घटनामा संलग्न भएको आरोपमा शुक्रमान तामाङलाई पक्राउ गरी थुनामा राखिएको वडा प्रहरी कार्यालय लहानका इन्स्पेक्टर विपीन रेग्मीले बताए।

गोली/विस्फोटक पदार्थद्वारा घाइते

राज्यबाट

नरहा गाविस-७ स्थित हनुमाननगर चौकमा ०६६ वैशाख ८ गते दिउँसो प्रहरी र स्थानीय बासिन्दाबीच दोहोरो झडप भएपछि स्थितिलाई नियन्त्रण गर्न प्रहरीले चलाएको गोली लागी लक्ष्मीनिया गाविस-९ निवासी रामकुमार यादव, शत्रुधन यादव र जीतन यादव सामान्य घाइते भए। पीडितहरू जिल्ला अस्पताल सिराहाबाट उपचारपछि सोही दिन साँझ घर फर्किए। सो ठाउँमा बच्चा अपहरण गरेको आरोपमा स्थानीय गाउँलेले भारतीय मूलका एक अपरिचित व्यक्तिलाई मरणासन्न हुने गरी कुटपिट गरी जिउँदै जलाउने प्रयास गर्न खोजेको बेला प्रहरीले संरक्षण गरेपछि दुईतर्फी झडप भएको प्रत्यक्षदर्शीले बताए।

अज्ञात समूहबाट

पडरिया गाविस-९ स्थित जटियाही टोल निवासी संविधानसभाका सभासद् तथा एमाले जिल्ला कमिटी सदस्य रामरती राम र प्रायुसङ्घका सगरमाथा

Final Eastren:Layout 1 2/9/2010 2:05 PM Page 200

अञ्चल कमिटी सदस्य कमल यादवलाई ०६५ माघ २४ गते साँझ गोलबजारमा पार्टी बैठक सकेर मोटरसाइकलबाट घर फर्किरहेका बेला बेलुका साढे ७ बजेतिर वस्तीपुर गाविसको गणेशपुर चौकनजिक अज्ञात चार जना व्यक्तिहरूको समूहले गोली हानी हत्याको प्रयास गऱ्यो। मोटरसाइकल गुडिरहेको अवस्था भएकाले आफूहरूलाई नलागी मोटरसाइकलको डिकीमा लागेर क्षति भएको पीडित सभासद् रामरती रामले बताइन्। उनका अनुसार गोली चलाएपछि पीडकहरू राजमार्गबाट उत्तरी दिशातर्फ भागेका थिए।

लालपुर गाविस-८, गुरुधाम निवासी अनेरास्ववियु (क्रान्तिकारी)का केन्द्रीय सदस्य रामनारायण सिंहलाई ०६६ भदौ १० गते राती असनपुर गाविसको गोलबजारबाट घरतर्फ गइरहेका बेला बाटोमा अज्ञात व्यक्तिहरूको समूहले गोली प्रहार गरे। पीडित सिंहका अनुसार मोटरसाइकलबाट गइरहेका बेला अगाडिबाट अचानक गोली प्रहार गरिएकामा मोटरसाइकलको ऐनामा लागेकाले उनी बच्न सफल भएका थिए। पीडकहरू चारदेखि पाँच जनाको सङ्ख्यामा रहे पनि चिन्न नसकिएको र गोली चलाउनुपर्ने कारणसमेत थाहा नभएको उनले बताए।

असनपुर गाविस-१ स्थित चोहर्वाका रामचन्द्र यादव, रामभगत यादव र गोविन्द महरालाई ०६६ असोज ६ गते साँझ अज्ञात समूहले धारिलो हतियार प्रहार गरी घाइते बनायो। पीडितहरू धरानस्थित बीपी मेमोरियल स्वास्थ्य विज्ञान प्रतिष्ठानबाट उपचारपछि घर फर्किए। घटनामा संलग्न भएको आरोपमा प्रहरीले सोही राती महोत्तरी जिल्लाको बर्दिवास गाविस-७ निवासी शङ्कर लामा र असनपुर गाविस-७ निवासी नवीन राईलाई गिरफ्तार गरी आवश्यक सोधपुछ गरेको इलाका प्रहरी कार्यालय गोलबजारले जनायो।

लहान नपा-१० का २२ वर्षीय सञ्जयकुमार पासवानलाई ०६६ मङ्सिर १९ गते राती वस्तीपुर गाविस-९ स्थित खुट्टी खोलानजिक अज्ञात समूहले धारिलो हतियार प्रहार गरी घाइते बनायो। आक्रमण कसले र किन गरेको भन्ने खुल्न सकेन। पीडित लहान अस्पतालमा उपचार गरी घर फर्किए।

लहान नपा-४ निवासी सोही नपा-८ मा पसल गर्दै आएका व्यापारी ३४ वर्षीय श्यामसुन्दर राउत ०६६ पुस १३ गते राती बाटोमा अपरिचित व्यक्तिहरूले चलाएको गोली लागी गम्भीर घाइते भए। पीडित रावत राती करिब ११ बजेतिर बजारमा रहेको पसल बन्द गरी घरतर्फ गइरहेको बेला उनीमाथि गोली प्रहार भएको थियो। कञ्चटमा एक गोली लागी घाइते भएका पीडितको हाल विराटनगरस्थित विराट नर्सिङ् होममा उपचार भइरहेको वडा प्रहरी कार्यालय लहानले जनायो।

जेल र बन्दीहरू

कुल १ सय ५० जनाको बन्दी क्षमता रहेको 'घ' श्रेणीको जिल्ला कारागार शाखा सिराहामा यस वर्षको अवधिमा १ सय ६ जना पुरुष र तीन जना महिला गरी जम्मा १ सय ९ जना बन्दीहरू रहेका छन्। जसमध्ये कैद तोकिएका ३३ जना बन्दीहरूमा पुरुषहरू ३२ र महिला एक जना रहेका छन् भने कैद नतोकिएकामा ७४ पुरुष र दुई महिला गरी जम्मा ७६ जना थुनुवाहरू रहेको जिल्ला कारागार शाखा सिराहाले जनायो। हातहतियार तथा खरखजाना ऐन अन्तर्गत यस वर्षमा कैद तोकिएका एक जना र कैद नतोकिएका १८ जना गरी कुल १९ जना रहे। उक्त मुद्दामा रहेका बन्दीहरूमध्ये अधिकांश तराईका सशस्त्र समूहमा संलग्न रहेकाहरू छन्। त्यस्तै उक्त कारागारमा मङ्सिर २४ गतेदेखि तीन जनालाई निवारक नजरबन्दमा राखिएको छ। जसमा सिराहा नपा-७ का पारस मुक्ति भनिने रामसोभित यादव, सोही नपा-८ का अशोककुमार मिश्र र सप्तरी जिल्लाको देउरी गाविस-८ का इन्द्रदेव मण्डल रहेका छन्। त्यसैगरी सैनिक ऐन अन्तर्गतको मुद्दामा सैनिक जवानहरू सुर्खेत जिल्लाको पाका गाविस-८ का शेरबहादुर चलाउने, कञ्चनपुर जिल्लाको त्रिभुवन वस्ती गाविस-४ का रमेश ढकाल र सर्लाही जिल्लाको परवानीपुर गाविस-६ का धनबहादुर केसी रहेका छन्। आफूहरूलाई भगौडा भएको आरोप लगाइएको उनीहरूले बताए।

महिला थुनुवा कोठा र शौचालय एकै ठाउँमा भएको र राम्रो ढोकाको व्यवस्था हुन नसकेका कारण दुर्गन्धित र असजिलो हुने गरेको महिला बन्दीहरूले गुनासो गरे। कारागारमा रहेको ट्युवबेलमा आर्सेनिकयुक्त पानी आउने गरेको र सोही पानी पिउन बाध्य हुनुपरेका कारण बन्दीहरूले आफ्नै खर्चमा १ सय ४५ फिटमा पानी आउने गरी छुट्टै टयुवबेल गाडेको बन्दी चौकीदार जागेश्वर कामैतले बताए।

कारागारमा पुरुष बन्दीहरूका लागि एक जना शिक्षक र महिला बन्दीहरूका लागि एक जना शिक्षिकाको व्यवस्था गरिएको छ। बन्दीहरूका लागि ३ कक्षासम्म औपचारिक कक्षाकै रूपमा पठनपाठन हुने गरे पनि पाठ्यसामग्री र कापी, कलमको समेत अभाव हुने गरेको छ। एक जना स्वास्थ्यकर्मीको दरबन्दी भएको र बेलाबेलामा स्वास्थ्य जाँच भए पनि औषधीहरू आफैंले

किन्नुपर्ने हुँदा आर्थिक समस्या हुने गरेको उनीहरूले जेल अनुगमनका बेला कुराकानीमा बताए।

बेपत्ता/अपहरण

तराई जनतान्त्रिक मुक्ति मोर्चा (क्रान्तिकारी) पक्षबाट

बरियारपट्टी गाविस-९ का ४ वर्षीय नाबालक अजय रायलाई ०६६ भदौ ९ गते राती तराई जनतान्त्रिक मुक्ति मोर्चा (क्रान्तिकारी)का कार्यकर्ताहरूले घरैबाट अपहरण गरे। पीडितका पिता अजीत रायलाई खोज्दै पुगेका पीडक समूहले नभेटेपछि नाबालकलाई नै अपहरण गरेको पीडित परिवारको भनाइ थियो। पीडित भदौ १३ गते सीमावर्ती क्षेत्रबाट मुक्त भए।

नमराजपुर गाविस-२ का ४० वर्षीय भोगेन्द्र यादवलाई ०६६ भदौ २९ गते राती तराई जनतान्त्रिक मुक्ति मोर्चा (क्रान्तिकारी)का कार्यकर्ताहरूले सुराकीको आरोपमा घरैबाट अपहरण गरे। तराई जनतान्त्रिक मुक्ति मोर्चा (क्रान्तिकारी)का जिल्ला संयोजक राहुलले भदौ ३० गते अधिकारकर्मी र सञ्चारकर्मीहरूसँग टेलिफोन सम्पर्क गरी सुराकीको आरोपमा अपहरण गरिएको बताए। पीडित असोज ३० गते भारतको कोशी प्रलासबाट मुक्त भए।

कचनारी गाविस-३ निवासी सोही गाविसस्थित दलित प्राथमिक विद्यालय कचनारीका प्रधानाध्यापक ६० वर्षीय रामस्वरूप भगत यादवलाई ०६६ मङ्सिर १६ गते साँझ तुफान सिंह नेतृत्वको तराई जनतान्त्रिक मुक्ति मोर्चा (क्रान्तिकारी)का कार्यकर्ताहरूले बाटोबाट अपहरण गरे। पीडित मङ्सिर २३ गते साँझ वरियारपट्टी गाविसनजिक भारतीय सीमावर्ती ठाउँबाट मुक्त भएको जिल्ला प्रहरी कार्यालय सिराहाले जनायो।

अज्ञात समूहबाट

फूलबरिया गाविस-८ का १७ वर्षीय आयुष तिवारीलाई ०६५ पुस २५ गते साँझ अज्ञात समूहले अयोध्यानगर गाविसको कसहा चौकदेखि दक्षिण बाटोबाट अपहरण गऱ्यो। पीडितलाई २ लाख रुपियाँ फिरौती लिएर पुस २८ गते राती सोही गाविसको माटोखानी नजिकबाट मुक्त गरेको उनका आफन्तले बताए। पीडित तिवारीका अनुसार मोटरसाइकल लिएर सो ठाउँमा घुम्न गएका बेला अपरिचित व्यक्तिहरूले लडाएर आँखामा पट्टी बाँधी अपहरण गरेका थिए। त्यसबेला आफूलाई चौरको उखुघारीमा आँखामा पट्टी बाँधेरै राख्ने गरिएको र बेला-बेलामा कञ्चटमा कटुवा पेस्तोल राखेर 'चाँडै पैसा नआए मारिदिन्छौं' भन्दै मानसिक रूपमा धम्की दिएको पीडितले बताए। पीडकहरू फेला पर्न नसकेको जिल्ला प्रहरी कार्यालयले जनायो।

कचनारी गाविस-२ का ९ वर्षीय जीवछकुमार यादवलाई ०६५ फागुन ७ गते राती अज्ञात समूहले घरैबाट अहरण गऱ्यो। पीडित परिवारका अनुसार मुखमा नकाब लगाइ १०/१२ जनाको समूहमा आएका व्यक्तिहरूले घरमा सुतिरहेको ठाउँबाट नाबालकको अपहरण गरेका थिए। पीडित फागुन ११ गते अज्ञात ठाउँबाट आफन्तको जिम्मामा मुक्त भए। अपहरण कुन पक्षले किन गरेको भन्ने खुल्न सकेन।

चतरी गाविस-८ निवासी पूर्ववडाअध्यक्ष ६० वर्षीय परमेश्वर मुखियालाई ०६६ असार ५ गते राती चतरी चौकबाट घरतर्फ गइरहेका बेला अज्ञात समूहले बाटोबाट अपहरण गऱ्यो। पीडित असार १० गते सिरहाको अज्ञात स्थलबाट आफन्तको जिम्मामा मुक्त भए। मुक्त भए। अपहरण कसले र किन गरेको भन्ने खुल्न सकेन।

तेनुवापट्टी गाविस-२ निवासी लहान नपा-१ स्थित लहान विद्या मन्दिरमा ७ कक्षामा अध्ययनरत १२ वर्षीय राजेशकुमारसिंह दनुवारलाई ०६६ असार ९ गते राती अज्ञात समूहले लहान नपा-१ स्थित डेराबाटै अपहरण गऱ्यो। पीडित सिंह राती ८ बजेतिर लोडसेडिङ्का बेला घरबाट बाहिर निस्किँदा उनको अपहरण भएको थियो। उनी असार ११ गते बिहान पारिवारिक सम्पर्कमा आएको उनका पिता कृष्णदेवसिंह दनुवारले बताए। उनलाई ब्रह्मान गोर्छारी गाविसस्थित बाटोमा पर्ने एकान्त जङ्गलमा पीडक समूहले छोडेकाले रोइकराई भौतारिरहेको अवस्थामा आफन्तले फेला पारेका थिए। अपहरण कसबाट र किन भएको भन्ने खुल्न सकेन।

रामनगर मिर्चैया गाविस-८ स्थित कुथनमा टोल निवासी सोही गाविसको अरूणोदय माविमा यूकेजीमा अध्ययनरत सात वर्षीय गजेन्द्र महतोलाई ०६६ भदौ २ गते दिउँसो अपरिचित व्यक्तिहरूले विद्यालयबाटै अपहरण गरे। पीडितका पिता ओमप्रकाश महतोका अनुसार नाबालक दिउँसो विद्यालयमा पढ्न गएका समयमा अपहरणमा परेका थिए। विद्यालयका कर्मचारीका अनुसार दिउँसो करिब ११ बजेतिर विद्यालय हातामा आएका एक अरिचित व्यक्तिले 'गजेन्द्रका काका भेट्न आएकाले उनलाई बोलाइदिनूस्' भनी विद्यालयका कर्मचारीलाई आग्रह गरेका थिए। उनको आग्रह अनुसार गजेन्द्रलाई विद्यालयबाट बाहिर बोलाइदिएपछि सोही समयदेखि उनको अवस्था अज्ञात

Final Eastren:Layout 1 2/9/2010 2:05 PM Page 202

थियो। पीडित भदौ २२ गते भारतीय क्षेत्रबाट मुक्त भएको जिल्ला प्रहरी कार्यालय सिराहाले जनायो।

वस्तीपुर गाविस-८ का १९ वर्षीय मुकेश साहलाई ०६६ भदौ ३ गते साँझ असनपुर गाविसको गोलबजारबाट जम्दहतर्फ जाँदै गर्दा अज्ञात समूहले बाटोबाट अपहरण गरे। पीडित परिवारद्वारा १ लाख रुपियाँ फिरौती बुझाइएपछि पीडित भदौ १८ गते सिराहाकै एकान्तस्थलबाट अपहरणमुक्त भए। अपहरण मुक्त गर्न १० लाख रुपियाँ फिरौती रकम माग गरेका पीडक समूहले पीडित परिवारलाई मोबाइल फोन र एसएमएसमार्फत मानसिक यातनासमेत दिएका थिए।

फुल्काहाकट्टी गाविस-३ निवासी स्थानीय एक व्यापारी ३० वर्षीय रामेश्वर सिंह (महतो)लाई ०६६ असोज २१ गते साँझ सोही गाविसको कसहा चौकबाट पसल बन्द गरेर घर फर्किरहेका बेला चार जनाको समूहमा रहेका अज्ञात व्यक्तिहरूले बाटोबाटै अपहरण गरे। मोटरसाइकलमा रहेका पीडितलाई मोटरसाइकलबाट ओराली धानखेत हुँदै पश्चिमतर्फ लिएर गएका थिए। पीडित असोज २६ गते बिहान भदैया गाविसबाट अपहरणमुक्त भए। पीडित सिंहका अनुसार, सोही गाविस-८ स्थित शोभापुर टोलमा राखिएकामा त्यहाँका स्थानीय गाउँलेहरूले आफ्नाबारेमा सोधीखोजी गर्न थालेपछि पीडकहरू भागेकाले उनी मुक्त हुन सफल भए। पीडक समूहले उनलाई मुक्त गर्न १५ लाख रुपियाँ फिरौती माग गरेको थियो। तर, अपहरण कसले गरेको भन्ने खुल्न सकेन।

धम्की/कुटपिट

राज्यबाट

इटहर्वा गाविस-२ स्थित महेशबारी निवासी नेपाल मजदुर किसान पार्टीका सक्रिय कार्यकर्ता ४० वर्षीय कुशेश्वर दासलाई ०६५ पुस २८ गते राती वडा प्रहरी कार्यालय लहानको गस्ती प्रहरी टोलीले लहान नपा-१ स्थित राजमार्गमा कुटपिट गऱ्यो। पीडित दासका अनुसार राती किन हिँडेको भन्दै उनीमाथि जथाभावी गालीगलौज गर्दै प्रहरीले कुटेका थिए। घटनाको विरोध जनाउँदै सो पार्टीका जिल्ला अध्यक्ष विजय महतोले पीडकमाथि कारबाहीका लागि पुस २९ गते वडा प्रहरी कार्यालय लहानमा उजुरी गरे।

ब्रह्मानगोर्छारी गाविस-९ निवासी *नेपाल वन* टेलिभिजन र *नेपाल एफएम*मा कार्यरत नेपाल पत्रकार महासङ्घ शाखा सिराहाका सहसचिव २५ वर्षीय दिलीप सिंहलाई सुकुमवासीहरूको पक्षमा समाचार लेखेको आरोपमा ०६५ फागुन ११ गते दिउँसो जिल्ला वन कार्यालय लहानका वनरक्षक कर्मचारीहरूले कुटपिट गरे। पीडितले 'सुकुमवासीहरूलाई वन मास्न उक्साउने पत्रकारहरू नै हुन्' भन्दै नियोजित ढङ्गले आफूमाथि कुटपिट गरेको बताए। पत्रकारमाथि भएको सो घटनाको नेपाल पत्रकार महासङ्घ शाखा सिराहाले विरोध जनाउँदै दोषी कर्मचारीमाथि कारबाहीको माग गरे पनि कुनै कारबाही हुन सकेन।

लहान नपा-१ स्थित *समाद एफएम*मा कार्यरत सोही ठाउँ निवासी सञ्चारकर्मी २४ वर्षीय राधेश्याम रामलाई ०६६ मङ्सिर १८ गते राती एफएमको कार्यालयतर्फ गइरहेका बेला बाटोमा गस्तीमा रहेका वडा प्रहरी कार्यालय लहानका प्रहरीले कुटपिट र दुर्व्यवहार गरे। प्रहरीलाई आफू सञ्चारकर्मी भएको र कामविशेषले एफएमको कार्यालयतर्फ गइरहेको बताउँदा बताउँदै पनि गालीगलौज गर्दै बुटले हिर्काएको पीडितले बताए। वडा प्रहरी कार्यालय लहानका इन्स्पेक्टर विपीन रेग्मीले पीडित पक्षसँग छलफल गरी आगामी दिनमा यस्तो घटना नदोहोरिने सर्तमा समाधान गरिएको बताए।

थरुहट संयुक्त सङ्घर्ष समितिबाट

लहान नपा-१ स्थित बस्नेत होटलकी सञ्चालिका ४५ वर्षीया गोमा बस्नेतलाई बन्द अवज्ञा गरी होटल चलाएको आरोपमा ०६५ फागुन २१ गते दिउँसो थरुहट संयुक्त सङ्घर्ष समितिका कार्यकर्ताहरूले होटलभित्रै प्रवेश गरी कुटपिट गरे। कुटपिटबाट पीडितको बायाँ घुँडामा रक्ताम्मे हुने गरी चोट लागेको प्रत्यक्षदर्शीहरूले बताए। पीडित बस्नेतका अनुसार, होटल बन्द नै भएको तर भित्रबाहिर गर्न गेट खुलेको बेला कुटपिट गरिएको थियो। घटनापछि आक्रोशित स्थानीय समुदायले आन्दोलनकारीको प्रतिकारसमेत गरेका थिए।

मधेसी जनअधिकार फोरमबाट

मधेसी जनअधिकार फोरमका अध्यक्ष उपेन्द्र यादवको उपस्थितिमा ०६६ साउन १५ गते लहान नपा-७ स्थित मारवाडी सेवासदनमा आयोजित एक कार्यक्रममा अध्यक्ष यादवको विरोध गरेको आरोपमा लहान नपा-१० का विजय चौधरीलाई सो सङ्गठनका कार्यकर्ताहरूले कुटपिट गरे। अध्यक्ष यादवको उपस्थितिमा सो ठाउँमा आयोजित पत्रकार सम्मेलनका बेला विजय चौधरीलगायतका केही युवाहरूले सो सङ्गठनविरुद्ध नाराबाजी गरेपछि उनीहरूमाथि कुटपिट गरिएको थियो। घटनापछि टाउकोमा गम्भीर चोट

Final Eastren:Layout 1 2/9/2010 2:05 PM Page 203

लागेका पीडितहरू लहान अस्पतालबाट उपचारपछि घर फर्किए।

नेकपा माओवादीबाट

मालपोत कार्यालय लहानका लेखापाल गोविन्द थापालाई ०६६ कात्तिक २७ गते दिउँसो कार्यालयमै बसिरहेका बेला नेकपा माओवादी पार्टीका कार्यकर्ताहरूले कालो लेदो पदार्थ शरीरमा छ्यापेर दुर्व्यवहार गरे। नेकपा माओवादीका कार्यकर्ताहरूले आफूहरूको चरणबद्ध आन्दोलन अन्तर्गत कर्मचारीमाथि सो कारवाही गरिएको जनाए।

अज्ञात समूहबाट

ब्रह्मानगोर्छारी गाविस-४ निवासी नरहारिगोल, गाढा र सोनमतिमझौरा गाविसका सचिव चन्देश्वर ठाकुरलाई चन्दा नदिएको आरोपमा ०६५ पुस १९ गते बिहान आफूलाई जनतान्त्रिकका कार्यकर्ता बताउने अपरिचित व्यक्तिहरूले फोन गरी गोली हानी हत्या गर्ने धम्की दिए। पीडितका अनुसार, उनीसँग एक साताअघिदेखि मोबाइल फोनमार्फत २ लाख रुपियाँ चन्दा माग गरेको तर उनले सो रकम दिन नसक्ने बताएपछि हत्या गर्ने धम्की दिएका थिए। धम्कीपछि सचिव गाविसबाट विस्थापित भई लहानमा आएर बसेको तर लहानमै पनि धम्की आउन थालेपछि प्रहरीमा निवेदन दिँदासमेत सुरक्षा पाउन नसकेको पीडितले गुनासो गरे।

सिराहा नपा-२ निवासी *अन्नपूर्ण पोस्ट* राष्ट्रिय दैनिकका सिराहा संवाददाता तथा स्थानीय *दृष्टिकोण* साप्ताहिकका सम्पादक २५ वर्षीय राजेश वर्मालाई जनकपुरमा हत्या भएकी पत्रकार उमा सिंहका सम्बन्धमा अनुसन्धानमूलक समाचार लेखेका कारण ०६५ माघ १७ गते बिहान अज्ञात व्यक्तिले भारतीय नम्बरको मोबाइलबाट फोन गरी हत्या गर्ने धम्की दिए। पीडित वर्माका अनुसार 'एक हप्ताभित्रमा उमा सिंहको भन्दा बीभत्स ढङ्गले तँलाई पनि सिध्याइदिन्छौं' भनेर सो भारतीय नम्बरको मोबाइलबाट धम्की आएको थियो। धम्कीपछि सहयोगका लागि अधिकारकर्मीहरूसँग आग्रह गरेका पीडित हाल सो ठाउँबाट विस्थापित भई काठमाडौंमा बस्दै आएका छन्।

स्थानीय भाषा बोल्न र बुझ्न नसक्ने भारतीय मूलका तीन जना अपरिचित महिलाहरूलाई ०६६ वैशाख ८ गते बिहान धनगढी गाविस-७ स्थित श्यामपुर टोलमा बच्चा अपहरण गर्न आएको आरोपमा स्थानीय व्यक्तिहरूले मरणासन्न हुने गरी कुटपिट गरे। गाउँलेको कुटाइबाट अचेत भएका महिलाहरूलाई प्रहरीद्वारा उपचारार्थ लहान अस्पतालमा भर्ना गरियो। पीडितहरूलाई वैशाख ११ गते नेपाल-भारतको सीमावर्ती ठाउँमा पुऱ्याएर छोडेको र सो ठाउँबाट घर फर्किएका वडा प्रहरी कार्यालय लहानका इन्स्पेक्टर श्यामल सुब्बाले बताए।

भारतको अमरावती जिल्लास्थित मालेगाउँ निवासी दशरथ सावन्थ, सिवाजीकिसन सावन्थ, सत्य सावन्थ र नाम नखुलेका अर्का एक गरी चार जनालाई बालबालिका अपहरण गर्न आएको आरोपमा ०६६ वैशाख ९ गते बिहान लहान नपा-७ स्थित बजारमा स्थानीय व्यक्तिहरूको समूहले मरणासन्न हुने गरी कुटपिट गऱ्यो। कुटपिटबाट अचेत भएका पीडितहरूलाई स्थानीय मानवअधिकारकर्मी तथा प्रहरीहरूले सहयोग गरी उपचारका लागि लहान अस्पताल पुऱ्याए। पीडितहरूले आफूहरू अपहरणकारी नभएको र हात हेर्ने ज्योतिषी भएकाले सोही कामको सिलसिलामा नेपाल आएको बताए।

अयोध्यानगर गाविसस्थित जनता माविं कसहाकी शिक्षिका किरणदेवी सिंहलाई ०६६ असार ४ गते बिहान विद्यालयबाट घर फर्किरहेका बेला अपरिचित व्यक्तिहरूले बाटोमा कुटपिट गरे। कुटपिट गरिनुको कारण आफूलाई थाहा नभएको जनाउँदै पीडितले पीडकहरूमाथि कारवाहीको माग गर्दै स्थानीय प्रहरी कार्यालय र जिल्ला शिक्षा कार्यालयमा निवेदन दिइन्। सोही विषयलाई लिएर विद्यालयका अन्य शिक्षकहरूले समेत विद्यालयमा असार ५ देखि ११ गतेसम्म पठनपाठन ठप्प पारे। पीडकहरूको पहिचान वर्षको अन्त्यसम्ममा पनि हुन सकेन।

सिराहा नपास्थित सूर्यनारायण सत्यनारायण मोरवैता बहुमुखी क्याम्पस सिराहाका क्याम्पसप्रमुख डा. रामखेलावन यादवलाई ०६६ असार २८ गते दिउँसो सोही क्याम्पसको हाताभित्र विद्यार्थीहरूको एक समूहले कुटपिट गऱ्यो। क्याम्पसमा परीक्षा सञ्चालन भइरहेको बेला ड्युटीमा रहेका प्रहरीहरूकै अगाडि विद्यार्थीहरूको एक समूहले परीक्षाको विषयलाई लिएर उनीमाथि कुटपिट गरेको थियो।

गैरकानुनी गिरफ्तारी

तरेगाना गोविन्दपुर गाविस-५ स्थित बलौटेका सुकुमवासी ५० वर्षीय श्याम भुजेललाई ०६६ असार १८ गते दिउँसो जिल्ला वन कार्यालय लहानका वन रक्षकहरूले वन फँडानी गरेको आरोपमा बिनापुर्जी गिरफ्तार गरे। गिरफ्तारपछि नीलडाम हुने गरी

Final Eastren:Layout 1 2/9/2010 2:05 PM Page 204

बन्दुकको कुन्दा र लाठीले शरीरमा पिटेको पीडितले बताए। कुटपिटबाट छातीमा चोट लागेका पीडितलाई उपचारबाट समेत वञ्चित गराइएको उनका परिवारले बताए। पीडितलाई थुनामा राखिनुपूर्व स्वास्थ्य परीक्षण गराइएन। पीडित असार २४ गते साधारण तारेखमा रिहा भए।

सिलोर्वापछवारी गाविस-९ निवासी मधेस राष्ट्र जनतान्त्रिक पार्टी (क्रान्तिकारी)का जिल्ला सदस्य दर्शन भनिने २६ वर्षीय रोहित पासवानलाई ०६६ भदौ १३ गते दिउँसो भवानीपुर (प्र.ध.) गाविसस्थित बाटोबाट प्रहरीले गिरफ्तार गऱ्यो। पीडितका बारेमा भदौ १९ गतेसम्म कसैलाई कुनै सूचना दिइएन। पीडितलाई असोज ६ गतेदेखि जिल्ला कारागार शाखा सिराहामा हातहतियार तथा खरखजाना ऐन अन्तर्गत पुर्पक्षका लागि थुनामा राखिएको छ।

दुर्गापुर गाविस-९ का हरिदेव यादव र उनका ११ वर्षीय छोरा समतलाल यादवलाई ०६६ असोज १९ गते दिउँसो खेतमा काम गरिरहेका बेला सशस्त्र प्रहरी बल बेसक्याम्प गोलबजारको टोलीले खेतबाटै गिरफ्तार गरी निर्घात कुटपिट गरे। पीडितहरूलाई आफूहरू कुटिने कारणसमेत थाहा भएन। कुटपिटपछि दुवै जनालाई गोलबजारस्थित बेसक्याम्पमा लगेर राखिएकामा स्थानीय गाउँलेहरूले रिहाइको माग गरेपछि सोही दिन साँझ रिहा भए। सशस्त्र प्रहरी बल बेसक्याम्प गोलबजारका इन्स्पेक्टर रवीन्द्र श्रेष्ठले गाउँमा झगडा भएका कारण उनीहरूलाई सोधपुछका लागि प्रहरी कार्यालयमा ल्याइए पनि कुटपिट नभएको बताए।

प्रहरीद्वारा मारिएका मधेश मुक्ति टाइगर्सका जिल्ला इन्चार्ज पर्शुराम यादव

अभिव्यक्ति, भेला हुने र सङ्गठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

जिल्ला वन कार्यालय लहानका वन रक्षकहरूले तरेगाना गोविन्दपुर गाविसस्थित भूमिहीन सुकुमवासीहरूका घरटहरा भत्काएको विरोधमा विभिन्न ठाउँबाट जम्मा भएका भूमिहीन सुकुमवासीहरूले ०६५ फागुन ११ गते दिउँसो सो कार्यालयअगाडि धर्ना र नाराबाजी गरिरहेको बेला वन रक्षक र सुरक्षाकर्मीहरूले गरेको लाठीचार्जबाट करिब २५ जना सुकुमवासीहरू घाइते भए। घाइते हुनेहरूमा तरेगाना गोविन्दपुर गाविसका रामचन्द्र यादव, फकिर सदा, घुरन राम, श्यामबहादुर भुजेल, अरुण मण्डल, ढोढना गाविसका बेचनी सदा लगायत थिए। घाइतेहरू सबै जना लहान अस्पतालबाट उपचारपछि घर फर्किएका छन्। पीडितहरूका अनुसार सिराहा, सप्तरी र उदयपुर जिल्लास्थित वन कार्यालयका सशस्त्र वन रक्षकहरूले फागुन ६ र ७ गते साँझ तरेगाना गोविन्दपुर गाविस-५ स्थित १७ सुकुमवासी परिवारको घरटहरा बिनापूर्वसूचना भत्काएको र सोही क्रममा केही सुकुमवासीहरू घाइतेसमेत भएकाले क्षतिपूर्तिको माग राखी सो धर्ना र नाराबाजी गरेका थिए। घटनाको मानवअधिकार सञ्जाल, इन्सेक सिराहा जिल्ला प्रतिनिधि, मानवअधिकार एलाइन्स, समग्र जनउत्थान केन्द्र, दलित जनकल्याण युवा क्लबलगायतका सङ्घ-संस्थाहरूले विज्ञप्तिमार्फत विरोध जनाए।

शिसवनी गाविस निवासी लहान नपास्थित दलित जनकल्याण युवा क्लबमा कार्यरत २६ वर्षीय समतलाल सदा, वस्तीपुर गाविस-९ निवासी दलित संरक्षण अभियान मञ्चका २८ वर्षीय सूर्यनारायण राम र गोविन्दपुर गाविस-४ निवासी भूमिअधिकार मञ्चका प्रतिनिधि दीपक राउतलाई भूमिअधिकार आन्दोलनको नेतृत्व गरेको आरोपमा ०६५ फागुन १३ गते बिहान वडा प्रहरी कार्यालय लहानको टोलीले पडरिया गाविसको जटियाही टोल नजिकबाट गिरफ्तार गरी सोही दिन रिहा गऱ्यो।

संविधानसभाका सभासद्हरू राजलाल यादव, लक्ष्मण मेहता, रामप्रीत पासवान, रामरती राम, सुनिता महतोलगायतलाई आमहडतालका बेला नागरिक सुझाव सङ्कलन गर्न गएको आरोपमा ०६५ फागुन २१ गते दिउँसो थरुहट संयुक्त सङ्घर्ष समितिका कार्यकर्ताहरूले भदैया गाविसको अमही भन्ने ठाउँमा गाली बेइज्जती गर्नुका साथै काममा अवरोध पुऱ्याए। सोही क्रममा बन्दकर्ताहरूले सभासद्हरू चढेको गाडीमा ढुङ्गा प्रहार गरेपछि प्रहरीले सो ठाउँमा पाँच राउन्ड हवाई फायर

Final Eastren:Layout 1 2/9/2010 2:05 PM Page 205

गरेको वडा प्रहरी कार्यालय लहानका इन्स्पेक्टर श्यामल सुब्बाले बताए।

सिराहास्थित अनेरास्ववियु र प्रायुसङ्घका १४ जना कार्यकर्ताहरूलाई ०६६ वैशाख ३१ गते दिउँसो आफ्ना कार्यकर्ताहरूको रिहाइको माग गर्दै एक घण्टा सडक अवरुद्ध गरेको आरोपमा वडा प्रहरी कार्यालय लहानको प्रहरी टोलीले लहान नपास्थित राजमार्गको ट्राफिक चौकनजिकबाट गिरफ्तार गऱ्यो। गिरफ्तार हुनेहरूमा अनेरास्ववियुका केन्द्रीय सदस्य सचिदानन्द चौधरी, जिल्ला सदस्य सुमेशकुमार यादव, प्रायुसङ्घका सगरमाथा अञ्चल कमिटी सदस्य कमल यादव, त्यसैगरी वस्तीपुर गाविसका रामनारायण महतो, सोठियाइन गाविसका मानवीरप्रसाद यादव, रामपुकार यादव, सुभास यादव, प्रकाश यादव, लहान नपाका देवु सहनी, प्रकाश पासवान, शङ्कर मण्डल, जीतेन्द्र मण्डललगायत थिए। पीडितहरू सोही दिन साँझ रिहा गरिए।

सिराहा सदरमुकामस्थित नेपाल विद्युत् प्राधिकरणमा विश्वकर्माको मूर्ति अनावरणका लागि पुगेका पर्यटन तथा नागरिक उड्डयन राज्यमन्त्री शत्रुघनप्रसाद महतोलाई ०६६ असोज १ गते दिउँसो एकीकृत माओवादी र उपेन्द्र यादव पक्षधर मधेसी जनअधिकार फोरमका कार्यकर्ताहरूले कालो झन्डा देखाएर विरोध जनाउनुका साथै ढुङ्गामुढा प्रहार गरे। प्रदर्शनकारीहरूको ढुङ्गामुढाबाट राज्यमन्त्री महतो चढेको जिल्ला विकास समिति सिराहाको गाडीका सिसाहरू फुटेर क्षति भएको थियो। सोही क्रममा सुरक्षामा खटिएका प्रहरीले गरेको लाठीचार्जबाट एकीकृत माओवादीका जिल्ला सेक्रेटरी रामकुमार यादव, वाईसीएलका जिल्ला सदस्य सञ्जीव यादवसहित छ/सात जना प्रदर्शनकारीहरू घाइते भए। घाइते भएकाहरू सोही दिन जिल्ला अस्पताल सिराहाबाट उपचारपछि घर फर्किए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

दुनियाँवादी फौजदारी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका २ सय ३ थानमध्ये यस वर्ष ३९ थान फर्स्यौट भई १ सय ६४ थान बाँकी रहे। यस वर्ष दर्ता भएका दुनियाँवादी फौजदारी मुद्दा ८६ थानमध्ये आठ थान फर्स्यौट भई ७८ थान बाँकी रहे। गत वर्षको जिम्मेवारी सरेर आएका र यस वर्ष दर्ता भएका दुनियाँवादी फौजदारी मुद्दा जम्मा २ सय ८९ थानमध्ये यस वर्ष ४७ थान फर्स्यौट भई २ सय ४२ थान बाँकी रहे।

अज्ञात समूहबाट अपहरण गरिएका रामेश्वर सिंह महतो

सरकारवादी फौजदारी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका ७४ थानमध्ये यस वर्ष २५ थान फर्स्यौट भई ४९ थान बाँकी रहे। यस वर्ष दर्ता भएका सरकारवादी फौजदारी मुद्दा ४५ थानमध्ये सात थान फर्स्यौट भई ३८ थान बाँकी रहे। गत वर्षको जिम्मेवारी सरेर आएका र यस वर्ष दर्ता भएका सरकारवादी फौजदारी मुद्दा जम्मा १ सय १९ थानमध्ये यस वर्ष ३२ थान फर्स्यौट भई ८७ थान बाँकी रहे।

देवानी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका १ हजार १ सय ८७ थानमध्ये यस वर्ष ३ सय ४८ थान फर्स्यौट भई ८ सय ३९ थान बाँकी रहे। यस वर्ष दर्ता भएका देवानी मुद्दा ५ सय १९ थानमध्ये यस वर्ष ५३ थान फर्स्यौट भई ४ सय ६६ थान बाँकी रहे। गत वर्षको जिम्मेवारी सरेर आएका र यस वर्ष दर्ता भएका देवानी मुद्दा जम्मा १ हजार ७ सय ६ थानमध्ये यस वर्ष ४ सय १ थान फर्स्यौट भई १ हजार ३ सय ५ थान बाँकी रहे। यस वर्षको अन्त्यसम्ममा २ हजार १ सय १४ थान मुद्दामध्ये ४ सय ८० थान फर्स्यौट भई १ हजार ६ सय ३४ थान मुद्दा फर्स्यौट हुन बाँकी रहे। दुई वर्ष नाघेका मुद्दाको सङ्ख्यामध्ये दुनियाँवादी फौजदारी मुद्दा २८ थान, सरकारवादी फौजदारी मुद्दा नौ थान र देवानी मुद्दा १ सय ४७ थान गरी जम्मा १ सय ८४ थान मुद्दा बाँकी रहे। सिरहा जिल्ला अदालतमा यस वर्षमा पाँच वर्ष नाघेका मुद्दाको सङ्ख्या रहेन।

बालअधिकार

गोविन्दपुर गाविस-५ स्थित जनता प्राथमिक विद्यालयमा व्यवस्थापन समिति गठनको माग गर्दै ०६६ असार ७ गतेदेखि स्थानीय गाउँलेले विद्यालयमा गरेको तालाबन्दीका कारण विद्यालयको पठनपाठन अवरुद्ध भयो। सो विद्यालयमा व्यवस्थापन समिति गठन गरिएपछि असार १५ गतेदेखि पठनपाठन पुनः सूचारु भएको स्थानीय बासिन्दाले जनाए।

लगडिगदियानी गाविस-६ स्थित श्री प्राथमिक विद्यालयको कक्षाकोठाहरूमा सशस्त्र प्रहरी सीमा सुरक्षा पोस्ट स्थापना गरिएका कारण तीन महिनादेखि बालबालिकाहरू पढाइबाट वञ्चित भएको ०६६ असार ८ गते स्थानीय अधिकारकर्मीहरूद्वारा अनुगमनपछि सार्वजनिक भयो। विद्यालयको कक्षाकोठामै हतियार र रासन सामग्री राखिएका कारण

Final Eastren:Layout 1 2/9/2010 2:05 PM Page 206

०६६ वैशाख महिनाको पहिलो सातादेखि पठनपाठनमा बाधा उत्पन्न भएको प्रधानाध्यापक धनेश्वर यादवले बताए। सशस्त्र प्रहरी बल सीमा सुरक्षा पोस्टका इन्स्पेक्टर रवीन्द्र श्रेष्ठले गाउँको सुरक्षार्थ बस्नका लागि अन्यत्र ठाउँ नभएकाले विद्यालयको प्रयोग भएको बताए। इन्सेक जिल्ला प्रतिनिधि र रेडक्रसद्वारा विद्यालय अनुगमनका क्रममा प्रहरी पोस्ट सो ठाउँबाट अन्यत्र सारिनुपर्ने आग्रहपछि असार ११ गते सो ठाउँबाट प्रहरी पोस्ट अन्यत्र सारियो।

हनुमाननगर गाविस-६ स्थित जनता प्राथमिक विद्यालय पदमपुरमा अध्ययनरत १ सय ८१ जना बालबालिकाहरूले पाउनुपर्ने आव ०६५/६६ को छात्रवृत्ति रकम कुल ४९ हजार ७ सय ५० रुपियाँ यस वर्षको अन्त्यसम्ममा पनि पाएनन्। विद्यालयका निमित्त प्रधानाध्यापक देवेन्द्रकुमार पासवानका अनुसार १ सय ५२ जना दलित र २९ जना छात्राहरू सो छात्रवृत्ति रकम पाउनबाट वञ्चित भएका हुन्। शिक्षा कार्यालयले रकम निकासा गरिदिएको तर तत्कालीन प्रधानाध्यापक रामतपेश्वर साहले व्यक्तिगत ढङ्गले खर्च गरी अनियमितता गरेका कारण वितरण हुन नसकेको निमित्त प्रधानाध्यापकको भनाइ थियो। रकम हिनामिनाको विषयलाई लिएर विद्यालय व्यवस्थापन समितिले तत्कालीन प्रधानाध्यापक साहमाथि कारबाहीको माग गरे पनि यस वर्षको अन्त्यसम्ममा केही कारबाही हुन सकेन। प्रधानाध्यापक रामतपेश्वर साह भदौ २१ गतेदेखि विद्यालयमा पठनपाठनका लागि समेत जान छोडेको विद्यालयका अन्य शिक्षकहरूले बताए।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

गोविन्दपुर गाविस-५, मानिकदह टोलकी २२ वर्षीया एक महिलालाई ०६६ असार ७ गते बिहान करिब ६ बजेतिर मजदुरीका लागि खोलामा गिट्टी चाल्न गएको बेलामा सोही ठाउँका २५ वर्षीय शिवकुमार यादवले बलात्कारको प्रयास गरे। पीडितका अनुसार, उनी एक्लै भएका कारण पीडकले उनलाई जबरजस्ती उठाएर झाडीतर्फ लैजान लाग्दा चिच्याएका कारण गाउँलेले थाहा पाएपछि पीडक सो ठाउँबाट भागेका थिए। पीडकलाई सोही दिन दिउँसो बसेको पञ्चायतले सार्वजनिक रूपमा माफी मगाइ पुनः त्यस किसिमको घटना नदोहोऱ्याउने सर्तमा छाडियो।

वन रक्षकद्वारा कुटपिट गरिएका पत्रकार दिलीप सिंह

गोविन्दपुर गाविस-३ की २६ वर्षीया एक महिलालाई ०६६ असार १२ गते राती सोही गाविसका ४१ वर्षीय सुर्जा रामले घरमा जबरजस्ती प्रवेश गरी बलात्कार गरेको भनी घरका अन्य सदस्यहरूले पीडकलाई समाती कुटपिटपछि वडा प्रहरी कार्यालय लहानमा बुझाए। पीडितको जाहेरीका आधारमा पीडक पुर्पक्षका लागि जिल्ला कारागार शाखा सिराहामा थुनामा राखिएको वडा प्रहरी कार्यालय लहानले जनायो।

सिराहा नपा-१ स्थित महिसोथाकी ३० वर्षीया एक महिलालाई ०६६ असोज १५ गते दिउँसो सशस्त्र प्रहरी सीमा सुरक्षा बल सिराहाका प्रहरी हवल्दार कृष्ण राउत र प्रहरी जवान नवराज गिरीले क्याम्पदेखि केही पर एकान्तस्थलमा लगी बलात्कारको प्रयास गरे। पीडित महिलाका अनुसार, उनलाई जबरजस्ती गर्न खोजेपछि प्रतिकार गर्दा उनी घाइतेसमेत भइन्। पीडित महिलाको उजुरीका आधारमा घटनाको छानबिन र आवश्यक कारबाहीका लागि दुवै प्रहरीलाई सोही दिन साँझ जिल्ला प्रहरी कार्यालय सिराहामा पठाइएको सो सशस्त्र प्रहरी कार्यालयका एसपी दिलबहादुर थापाले बताए। दुवै प्रहरी र युवतीको जिल्ला अस्पताल सिराहामा सोही दिन राती स्वास्थ्य परीक्षणसमेत गरियो। आरोपित प्रहरीहरूलाई हिरासतमा लिएर घटनाको छानबिन गरिए पनि पीडितको जाहेरी नभएका कारण पीडकहरू रिहा भएको सो प्रहरी कार्यालयले जनायो।

पारिवारिक हिंसा

गाढा गाविस-८ स्थित करैया टोलका २३ वर्षीया सञ्जीलादेवी यादवलाई ०६६ वैशाख ५ गते राती उनका आफ्नै ससुरा रामकृष्ण यादवले चारित्रिक आरोप लगाएर कुटपिट गरे। गर्भवतीसमेत रहेकी पीडित महिला कुटपिटबाट अचेत भएपछि उपचारका लागि सोही दिन राती लहान अस्पतालमा भर्ना गरिएकामा वैशाख ७ गते उपचारपछि घर फर्किइन्। पीडितले पीडकमाथि कारबाहीको माग गर्दै वडा प्रहरी कार्यालय, लहानमा निवेदन दिए पनि सामाजिक रूपमा छलफल गरी मिलापत्र गरिएको सो प्रहरी कार्यालयले जनायो।

गोविन्दपुर गाविस-५ की ४० वर्षीया कुमारीदेवी यादवलाई ०६६ जेठ १४ गते बिहान घरायसी विवादका कारण उनका पति महेन्द्र यादवले तातो माड शरीरमा खन्याइ दुर्व्यवहार गरे। तातो माडका कारण घाइते भई उपचारका

लागि लहान अस्पतालमा भर्ना भएकी पीडित केही दिनपछि घर फर्किइन्। वडा प्रहरी कार्यालय लहानका सई दुखरन यादवले सो घटनाका बारेमा प्रहरीमा जाहेरी नआएको बताए।

हनुमाननगर (प्र.ध.) गाविस-५ का २० वर्षीया महिला अनिता ठाकुरलाई उनका परिवारजन र स्थानीय गाउँलेले ०६६ असार १८ गते गाउँमा पञ्चायत बसेर चारित्रिक आरोप लगाई गाउँ निकाला गर्ने निर्णय गरे। सोको विरोधमा नेपाल बार एसोसिएसन नेपाल शाखा सिराहामार्फत ०६६ असार २१ गते दिउँसो पीडकहरूमाथि पीडितले कारबाहीको माग गरिन्। पीडितका अनुसार उनको सो ठाउँका राजकुमार ठाकुरसँग करिब तीन वर्षअघि विवाह भएकामा दाइजो नल्याएकाले उनकी सासूबाट पहिलादेखि नै पटक-पटक निकालिने धम्की हुँदै आएको थियो। सोही क्रममा असार १८ गते पीडितका परिवारले गाउँलेको भेला बोलाइ स्थानीय एक युवकसँग सम्बन्ध भएको भन्ने गलत आरोप लगाएर आफूमाथि अन्याय गरिएको पीडितले बताइन्।

वस्तीपुर गाविस-२ की रामदुलारी ठाकुरले आफ्ना पति ३२ वर्षीय शत्रुघन ठाकुरले बहुविवाह गरेको आरोपमा कारबाहीको माग गर्दै ०६६ असार २५ गते वडा प्रहरी कार्यालय लहानमा निवेदन दिइन्। पीडितले आफ्ना पति शत्रुघनले आफूलाई थाहा नदिई केही महिनाअघि मोहनपुरकमलपुर गाविस-४ निवासी २० वर्षीया ललिता ठाकुरसँग बहुविवाह गरेकामा पछि आफूलाई थाहा भएको जनाउँदै कारबाहीको माग गरेकी हुन्। पीडित महिलाले दिएको निवेदनका आधारमा उनका पति र दोस्रो विवाह गरिएकी ललितालाई थुनामा राखी आवश्यक कारबाही अगाडि बढाइएको सो प्रहरी कार्यालयका इन्स्पेक्टर श्यामल सुब्बाले बताए।

दुर्व्यवहार

तरेगाना गोविन्दपुर गाविस-८, एकरतिया टोलकी ५० वर्षीया शङ्करियादेवी चौधरीलाई सोही ठाउँका सीताराम चौधरीलगायतका व्यक्तिहरूको समूहले कथित बोक्सीको आरोपमा पटक-पटक गाली बेइज्जती गरेको आरोपमा ०६६ वैशाख १४ गते वडा प्रहरी कार्यालय, लहानमा पीडकहरूमाथि कारबाहीको माग गर्दै निवेदन दिइन्। टोलमा एक नाबालक बिरामी भएपछि मन्त्रद्वारा बिरामी बनाइएको आरोप लगाउँदै आफूमाथि त्यस किसिमको अमानवीय कार्य भएको पीडितले बताइन्। पीडितको निवेदनका आधारमा दुवै पक्षलाई छलफलका लागि बोलाइएकामा कोही नआएकाले कारबाही अगाडि नबढेको सो प्रहरी कार्यालयले जनायो।

भदैया गाविस-९ स्थित बयरबोना टोलकी ४० वर्षीया लरजहन खातुनलाई ०६६ असार ६ गते बिहान सोही ठाउँका स्थानीय १८/२० जनाको समूहले कथित बोक्सीको आरोप लगाउँदै जबरजस्ती अभक्ष कोच्याए। पीडित महिलाका अनुसार सो ठाउँका मोहम्मद इस्लाम भन्ने व्यक्तिका एक जना नाबालक नाति बिरामी भएपछि उनले मन्त्रबाट बिरामी बनाइदिएको आरोप लगाउँदै मन्त्रद्वारा निको पारिदिन भनेका र उनले त्यस्तो मन्त्र केही नजानेको बताएपछि हुलमा आएका मानिसहरूले बोत्तलमा घोलेर ल्याएको अभक्ष जबरजस्ती मुखमा कोच्याएका थिए। घटनापछि पीडित पक्षले सोही दिन दिउँसो दिएको जाहेरी निवेदनका आधारमा उक्त घटनामा संलग्न भएकाहरूमध्ये तीन जनालाई पक्राउ गरी आवश्यक कारबाही गरिएको वडा प्रहरी कार्यालय लहानले जनायो। गिरफ्तार हुनेमा सोही ठाउँका अमिता खातुन, मरियम खातुन र मोहम्मद ल्याडिब सार्वजनिक अपराध अन्तर्गत मुद्दा चलाएकोमा तीनैजना एक-एक हजार रुपियाँ धरौटी राखी रिहा भए। उक्त घटनामा पीडितलाई सहयोग गरेको आरोपमा ओरेक नेपाल सिराहाकी संयोजक श्यामकुमारी साहलाई समेत पीडक पक्षले धम्की दिएका थिए।

दुर्गापुर गाविस-४ की ६० वर्षीया गङ्गीयादेवी महतो र उनकी बुहारी अमिनकुमारी महतोलाई बोक्सीको आरोपमा ०६६ असोज २४ गते राती स्थानीय रामनन्दन सिंहलगायतका व्यक्तिहरूले दुर्व्यवहार गरे। पीडक रामनन्दन सिंहकी श्रीमती केही दिनदेखि बिरामी भएकाले श्रीमतीलाई मन्त्रबाट निको बनाउन धम्की दिँदै गाली-गलौज गरी दुर्व्यवहार गरेका थिए।

मुक्सार गाविस-२ की ४५ वर्षीया रासोदेवी यादवलाई ०६६ मङ्सिर २१ गते दिउँसो खेतमा धान काटिरहेका बेला सोही ठाउँका गुलाबदेवी यादवलगायतका चार/पाँच जना व्यक्तिहरूले बोक्सीको आरोपमा कुटपिट गर्नुका साथै जबरजस्ती अभक्ष ख्वाएर दुर्व्यवहार गरे। अभक्ष जबरजस्ती कोच्याएका कारण अचेत भएकी पीडित गोलबजारस्थित स्थानीय क्लिनिकबाट उपचारपछि घर फर्किइन्। पीडक गुलाबदेवीलाई सोही दिन साँझ प्रहरीले गिरफ्तार गरी आवश्यक कारबाही अघि बढाएकोमा तारिखमा रिहा भएको इलाका प्रहरी कार्यालय मिर्चैयाले जनायो।

ढोढना गाविस-८ निवासी घरेलु महिला हिंसाविरुद्धको सञ्जाल सिराहाकी संयोजक ३० वर्षीया रामकुमारी दासलाई स्थानीय महिला डोमनीदेवी

Final Eastren:Layout 1 2/9/2010 2:05 PM Page 208

चौधरीमाथि भएको कुटपिटविरुद्ध प्रहरीमा मुद्दा दर्ता गर्न सहयोग पुऱ्याएको आरोपमा ०६६ पुस १५ गते दिउँसो सोही ठाउँका वीरेन्द्र चौधरीलगायतका व्यक्तिहरूको समूहले गाली-गलौज गर्दै जुनसुकै बेला जेसुकै गरिदिने भनी धम्की दियो। पीडित अधिकारकर्मी दासका अनुसार, सोही गाविस-२ की स्वयम्सेवी स्वास्थ्य कार्यकर्ता डोमनीदेवी चौधरीमाथि मङ्सिर २५ गते कुटपिट भएको र सोका विरुद्ध वडा प्रहरी कार्यालय लहानमा मुद्दासमेत दर्ता भएको थियो। पीडितको जाहेरीका आधारमा आरोपितमध्येका देवीलाल चौधरीलाई प्रहरीले गिरफ्तार गरेपछि उनीमाथि त्यस किसिमको धम्की आएको थियो। पीडकहरूले उनलाई गाउँका हरेक घटनामा महिलाहरूलाई उचाल्ने गरेको आरोप लगाउँदै उक्त कार्य छोड्नसमेत चेतावनी दिएको पीडितले बताइन्।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

तरेगाना गोविन्दपुर गाविस-५ स्थित सुकुमवासीहरूले आफूहरूका घरटहराहरू वन कार्यालयका कर्मचारीहरू र सुरक्षाकर्मीहरूले पटक-पटक भत्काइ दुःख दिएको र सो कार्य रोक्न माग राखी ०६६ साउन ४ गतेदेखि जिल्लाका प्रमुख राजनीतिक दलका कार्यालयहरूमा धर्ना दिए। उचित न्यायका लागि पहल गरिदिन पीडितहरूले दलहरूसमक्ष आग्रह गरे। सिराहाको सदरमुकाम सिराहास्थित एमाले, काङ्ग्रेस, एकीकृत माओवादी, मधेसी जनअधिकार फोरमलगायतका राजनीतिक पार्टीका कार्यालयहरूमा करिब २ सय जना भूमिहीन सुकुमवासीहरू अनिश्चितकालीन रूपमै धर्नामा बसेकामा पार्टी प्रतिनिधिहरूले आवश्यक सहयोगका लागि प्रतिबद्धता जनाएपछि साउन १० गते धर्ना स्थगित गरियो।

वस्तीपुर, गोविन्दपुर र पडरिया गाविसका भूमिहीन सुकुमवासीहरूले भूमिको व्यवस्था गर्न माग गर्दै ०६५ माघ १९ गतेदेखि २० गतेसम्म मालपोत कार्यालय लहानमा तालाबन्दी गरी धर्नामा बसे। पीडितहरूका अनुसार पटक-पटक आफ्ना मागहरू राखी शान्तिपूर्ण रूपमा आन्दोलन गरिँदासमेत बेवास्ता भएपछि तालाबन्दी गर्नुपरेको उनीहरूले बताए।

प्रहरीद्वारा कुटपिट गरिएका पत्रकार राधेश्याम राम

अन्य पक्षबाट

नेपाल स्वास्थ्यकर्मी युनियन सिराहा आबद्ध स्वास्थ्यकर्मीहरूले स्वास्थ्य सेवालाई मौलिक अधिकारका रूपमा व्यवस्था गरिनुपर्ने, स्वास्थ्य सेवा ऐनको पुनःलेखन, स्वास्थ्य सेवा नियमावली जारी गरिनुपर्ने, निःशुल्क स्वास्थ्य सेवाको दायरा फराकिलो पारिनुपर्ने, जनसङ्ख्याका आधारमा थप जनशक्तिको व्यवस्था गरिनुपर्ने लगायतका माग राखी ०६६ भदौ २९ गतेदेखि जिल्ला जनस्वास्थ्य कार्यालयमा धर्ना दिए। पीडितहरूले भदौ ६ गते भएको सहमतिपछि धर्ना स्थगन गरे।

जिल्ला प्रशासन कार्यालय सिराहाको मूल गेटमा जिल्लाका विभिन्न गाविसहरूबाट सयौँको सङ्ख्यामा जम्मा भएका हरूवा-चरुवाहरूले हरूवा-चरुवालाई हाल जोतिरहेको जग्गाबाट मोहियानी हक दिइनुपर्ने, प्रतिपरिवारलाई घरघडेरी र खेतीका लागि कम्तीमा १५ कट्ठा जग्गाको व्यवस्था गर्नुपर्ने, भूमिहीन सुकुमवासीहरूलाई उठीबास लगाउने कार्य तत्काल बन्द गर्नुपर्ने, उनीहरूका बालबालिकाहरूलाई उच्च शिक्षासम्म निःशुल्क शिक्षाको व्यवस्था हुनुपर्ने, हरूवा-चरुवाको ऋण मिनाह हुनुपर्ने लगायतका नौ सूत्रीय माग राखी ०६६ पुस ११ गतेदेखि अनिश्चितकालीन धर्नामा बसे। धर्नामा बस्नुअघि उनीहरूले लहान नपाबाट पुस ९ गतेदेखि 'हरूवा-चरुवा मुक्ति यात्रा' सुरु गरी ४० किलोमिटर पैदल हिँडेर सो ठाउँमा ११ गतेदेखि धर्नामा बसेका थिए। पीडितहरूले पुस १९ गते जिल्ला प्रशासन कार्यालयमा भएको सहमतिपछि धर्ना स्थगन गरे।

संरचना, सम्पति क्षति, कब्जा

राज्य पक्षबाट

तरेगाना गोविन्दपुर गाविस-५ स्थित बलौटे र सुनखानी टोलका ४० सुकुमवासी परिवारका घरटहराहरू जिल्ला वन कार्यालय, लहानका वन रक्षकहरूको टोलीले वन अतिक्रमण गरी बसेको आरोपमा ०६६ वैशाख ५ गते दिउँसो बल प्रयोग गरी भत्काए। सो ठाउँका सुकुमवासीहरू राजन विक, तुलसीराम मगर, डोरबहादुर समाल, बलराम तामाङ, वीरबहादुर तामाङ, कर्णबहादुर भट्टराई, चिनीमाया तामाङ, पदमबहादुर तामाङ, मनमाया तामाङ, सुन्दरबहादुर तामाङ, भीमबहादुर मगर, मानबहादुर तामाङ, डोलमाया तामाङ, रमेश तामाङ, सन्ते तामाङ, धनबहादुर तामाङ, राजीन्द्रबहादुर तामाङ, रीतामाया तामाङ र नरबहादुर मगर, महेन्द्र सदाय, लक्ष्मी सदाय, दुःखी सदाय (छोटा), शङ्कर सदाय, बच्चेलाल सदाय, दुःखी सदाय (वडा), मेधुवा सदाय, बटला

सदाय, मुन्द्री सदाय, बुधन सदाय, अगम सदाय, इन्दर सदाय, फकिर सदाय, सुकरतिया सदाय, सन्तवीर लामा, जीवन विकलगायतको घर भत्काइएको पीडितहरूले बताए। सोमध्ये तीन जनाका घरटहराहरू हाललाई नभत्काउनु भनी पुनरावेदन अदालत राजविराजले जारी गरेको निषेधाज्ञाको समेत वन कार्यालयले अवज्ञा गऱ्यो। उच्चस्तरीय भूमिसुधार आयोगका सदस्य वलदेव रामले आयोग र वन मन्त्रालयबीच हाललाई सो ठाउँमा कारवाही नगर्ने लिखित सहमति भएको तर सहमतिविपरीत वन कार्यालयबाट काम भएको आरोप लगाए। सुकुमवासीहरूलाई वैकल्पिक बासको व्यवस्थाबिना नै बल प्रयोग गरी घर भत्काएर बिचल्लीमा पारिएको घटनाप्रति सिराहाका मानवअधिकारकर्मीहरूले वैशाख ६ गते विज्ञप्तिमार्फत आपत्ति जनाउँदै बासको वैकल्पिक व्यवस्थाका लागि ध्यान दिन आग्रह गरे।

यस वर्षको अन्त्यसम्ममा सिराहा जिल्लामा ज्येष्ठ नागरिक, एकल महिला, अशक्त र अपाङ्गले ०६५ फागुन महिनादेखि ०६६ असार महिनासम्मको पाँच महिनाको सामाजिक सुरक्षा भत्ताबापतको रकम पाउनबाट वञ्चित भए। गाविस सचिवहरूले आव ०६५/६६ अन्तर्गत ०६५ फागुन महिनादेखि ०६६ असार मसान्तसम्मको रकम जिल्ला विकास समितिबाटै उपलब्ध नभएका कारण पीडितहरूलाई वितरण गर्न नसकिएको बताए। जिल्ला विकास समिति सिराहाले ०६६ कात्तिक १३ गते जिल्लाका सबै गाविसहरू (१ सय ६ गाविस र दुई नपा)लाई परिपत्र जारी गर्दै मन्त्रालयबाटै रकम निकासा नभएकाले सो रकम पठाउन नसकिएको उल्लेख गऱ्यो। सो कार्यालयद्वारा च.नं. ८०१ बाट जारी गरिएको परिपत्रमा जिल्लामा सामाजिक सुरक्षाबापतको कुल ५ करोड २ लाख ८७ हजार ३ सय ३६ रुपियाँ निकासा हुन नसकेका कारण गाविस र नपालाई निकासा नगरिएको उल्लेख गरिएको थियो।

वन रक्षकद्वारा गिरफ्तार गरी कुटपिट गरिएका श्याम भुजेल

अनेरास्ववियु (क्रान्तिकारी)बाट

अनेरास्ववियु (क्रान्तिकारी) जिल्ला सङ्गठन सिराहाले उच्चमावि अन्तर्गत १२ कक्षासम्म निःशुल्क शिक्षाको व्यवस्था, उच्चमाविमा निजीकरणको अन्त्य, ग्रामीण क्षेत्रका सामुदायिक विद्यालयहरूमा प्राविधिक विषयहरूमा प्राविधिक सामग्रीहरू अनुदानस्वरूप निःशुल्क रूपमा व्यवस्था गरिनुपर्ने, प्रत्येक सामुदायिक उच्चमाविहरूमा कम्तीमा पाँच जना शिक्षकको न्यूनतम दरबन्दी कायम गरिनुपर्नेजस्ता १३ सूत्रीय माग राखी ०६६ भदौ २८ गते र २९ गतेका दिन जिल्लाभरिका उच्चमाविहरूमा पठनपाठन ठप्प पारे।

अखिल तराई मुक्ति मोर्चा (प्रतीक समूह) पक्षबाट

रामनगर मिर्चैया गाविस-७ स्थित सूर्ति विकास कम्पनीको मातहतमा रहेको पाँच बिघा जग्गामा अखिल तराई मुक्ति मोर्चा (प्रतीक समूह)का कार्यकर्ताहरूले ०६६ वैशाख ७ गते राती सङ्गठनको झन्डा गाडी कब्जा गरिएको सार्वजनिक जानकारी गराए। मोर्चाका केन्द्रीय सदस्य अमिताभले टेलिफोन सम्पर्क गरी सो सङ्गठनको सहमतिबिना उक्त जग्गा किनबेच भएमा भौतिक कारबाही गरिने बताए।

मधेस राष्ट्र जनतान्त्रिक पार्टी (क्रान्तिकारी) पक्षबाट

हनुमाननगर गाविसस्थित भलुवाहीका मधु उपाध्याय, छेदु उपाध्याय र उपे उपाध्यायको करिब १० बिघा जग्गामा ०६५ माघ १२ गते राती मधेस राष्ट्र जनतान्त्रिक पार्टी (क्रान्तिकारी)का कार्यकर्ताहरूले झन्डा गाडी कब्जा गरिएको जनाए। सो सङ्गठनका आदर्शले टेलिफोन सम्पर्क गरी २० देखि २२ जना कार्यकर्ताहरूको समूहले गएर कब्जा गरिएको बताउँदै कसैद्वारा पनि किनबेच गरिएमा भौतिक कारबाही गरिने सार्वजनिक जानकारी गराए।

असनपुर गाविस-६ स्थित गोलबजारका व्यापारी ओमप्रकाश साहलाई ०६६ कात्तिक १५ गते साँझ लहानको एनआईसी बैंकबाट ६ लाख रुपियाँ लिएर मोटरसाइकलबाट घरतर्फ जाँदै गर्दा धनगढी गाविसको सोनापुरनजिक मधेस राष्ट्र जनतान्त्रिक पार्टी (क्रान्तिकारी)का तीन जना कार्यकर्ताहरूले पेस्तोल देखाइ उक्त रकम र मोटरसाइकल लुटेर लगे। सो सङ्गठनका कार्यकर्ताहरूले साहलाई मोटरसाइकलबाट नै पछ्याइ उक्त स्थानमा पुगेपछि घेरेर रकम र मोटरसाइकल खोसेको पीडितले बताए। पीडकहरूले सो ठाउँमा फायरिङ्समेत गरेको प्रत्यक्षदर्शीले बताए। सङ्गठनका पूर्वी सैन्य कमान्डर बताउने रामकुमार यादवले सञ्चारकर्मी र अधिकारकर्मीहरूलाई टेलिफोन गरी पीडितले मोर्चाविरुद्ध सुराकी गरेको आरोप लगाए। उक्त घटनालाई लिएर गोलबजारका स्थानीय व्यापारीहरूले कात्तिक १७ गते दिउँसो बजारका पसलहरू बन्द

Final Eastren:Layout 1 2/9/2010 2:05 PM Page 210

गरी विरोध जनाए। पीडितको रकम र मोटरसाइकल यस वर्षको अन्त्यसम्मा फिर्ता हुन सकेन।

अज्ञात समूहबाट

जानकीनगर गाविसस्थित गाविसको कार्यालय भवनमा ०६५ पुस २८ गते राती अज्ञात व्यक्तिहरूको समूहले विस्फोटक पदार्थ विस्फोटन गराई क्षति पुऱ्यायो। विस्फोटनबाट भवनको भौतिक संरचना क्षतिग्रस्त हुनाका साथै फर्निचर सामग्री र कागजपत्रसमेत नष्ट भएको जिल्ला प्रहरी कार्यालय सिराहाले जनायो। घटनाको कुनै पक्षले जिम्मेवारी लिएको छैन।

हनुमाननगर गाविस-३ का शिवजी कामतीको घरमा ०६६ वैशाख ५ गते राती अज्ञात व्यक्तिहरूको समूहले विस्फोटक पदार्थ विस्फोटन गराई क्षति पुऱ्यायो। उक्त विस्फोटनबाट भौतिक क्षति भए पनि मानवीय क्षति नभएको पीडितले बताए।

बल्कवा गाविसमा विवाहको जन्ती पुऱ्याएर ०६६ वैशाख १४ गते राती फर्किरहेको को.१ज. ९९९ नम्बरको माइक्रोबसलाई असनपुर गाविसको गोलबजारस्थित गागनखोलामा ८ देखि १० जना अपरिचित व्यक्तिहरूको समूहले आगजनी गरी क्षति पुऱ्यायो। आगजनी कसले किन गरेको भन्ने थाहा नभएको इलाका प्रहरी कार्यालय गोलबजारले जनायो।

सिराहाको चन्द्रलालपुर गाविसस्थित चोहर्वाका राजेन्द्र यादवको घरमा रोकेर राखिएको ना.१ज. २८८३ नम्बरको म्याजिक गाडीमा ०६६ मङ्सिर २ गते राती अज्ञात व्यक्तिहरूको समूहले आगजनी गरी क्षति पुऱ्यायो। पीडकहरूको खोजी भइरहेको इलाका प्रहरी कार्यालय गोलबजारका सई रामप्रसाद चौधरीले बताए।

भवानीपुर (प्र.ध.) गाविस-१ स्थित इसाहक मेमोरियल एकेडेमी बोर्डिङ् स्कुलमा ०६६ मङ्सिर ११ गते साँझ अपरिचित व्यक्तिहरूले आगजनी गरी क्षति पुऱ्याए। बोर्डिङ् स्कुलका सञ्चालक तथा प्रिन्सिपल मोहम्मद मुस्तफा रहमानीले पीडकमाथि छानबिन र कारबाहीको माग गर्दै वडा प्रहरी कार्यालय लहानमा निवेदन दिए पनि दर्ता नगरिएको बताए।

अन्यबाट

अयोध्यानगर गाविसस्थित राजमार्गमा पर्ने कसहा चौकमा द्वन्द्वपीडित सेना तथा प्रहरीहरूले बन्द अवज्ञाको आरोपमा ०६६ साउन १ गते राती विराटनगरबाट नारायणघाटतर्फ गइरहेको ना.२ख. ७०८२ नम्बरको एक मालबाहक ट्रकमा आगजनी गरे। विराटनगरबाट प्लास्टिकका सामानहरू लिएर गइरहेको सो ट्रक आगजनीका कारण पूर्ण रूपमा क्षतिग्रस्त भयो। माओवादीको द्वन्द्वकालमा जागिर गुमाएका सेना तथा प्रहरीहरूले आफूहरूको बहालीको माग गर्दै बन्द आह्वान गरेको बन्दकर्ताहरूले जनाए।

भूमिहीन

जिल्ला भूमिसुधार कार्यालय सिराहामा ०६२ असोज महिनासम्मको अवधिमा १३ हजार ७ सय २८ जना भूमिहीन सुकुमवासीहरूले भूमिको माग गर्दै निवेदन दर्ता गराए। तर, सिराहा जिल्लामा भूमि अधिकारका लागि कार्यरत संस्थाहरू दलित संरक्षण अभियान मञ्च र जिल्ला भूमि अधिकार मञ्चले गरेको सर्वेक्षण अनुसार २८ हजार भूमिहीन सुकुमवासीहरू छन्।

स्वास्थ्य सेवाको अवस्था

सिरहा जिल्ला अन्तर्गत लहानमा एकओटा र सिराहामा एकओटा गरी दुईओटा अस्पतालहरू रहेका छन्। जसमध्ये सिरहामा तीन र लहानमा चार गरी डाक्टर दरबन्दी सात जना रहेकामा तीन जना, स्टाफ नर्स दरबन्दी आठ जना रहेकोमा दुई जना, ग्रामीण स्वास्थ्य कार्यकर्ता दरबन्दी १ सय १२ जना रहेकामा ७९ जना र मासिका दरबन्दी ९३ जना रहेकामा ७९ जना कार्यरत रहेको स्वास्थ्य कार्यालय सिरहाले जनायो। जिल्लामा चारओटा प्राथमिक स्वास्थ्य केन्द्र, ११ ओटा स्वास्थ्य चौकी र ९३ ओटा उपस्वास्थ्य चौकी रहेका छन्। जसमा १ सय ४ जना स्वास्थ्य सहायकहरू कार्यरत छन्। महिला प्रजनन अधिकार कार्यक्रम (केड नेपाल) सिराहाले सार्वजनिक गरेको एक तथ्याङ्क अनुसार सिराहामा कूल महिलाको ३० प्रतिशत पाठेघर खस्ने रोगबाट पीडित छन्। यसका अतिरिक्त यस जिल्लामा आँखासम्बन्धी एकओटा र कानसम्बन्धी एकओटा अस्पताल रहेका छन्।

Final Eastren:Layout 1 2/9/2010 2:05 PM Page 211

१.१३ उदयपुर

जनसङ्ख्या : ३,५४,०९३
साक्षरता प्रतिशत : ५५
महिला साक्षरता प्रतिशत : ४०
क्षेत्रफल (वर्ग कि. मि.) : २,०६३
गाविस/नपा सङ्ख्या : ४४/१
सरकारी/निजी विद्यालय : ३८४/३४
क्याम्पस/उच्च मा.वि. : ३/२४
अस्पताल/स्वास्थ्य चौकी : १/४५
मानव विकास सूचकाङ्कः ०.४८८
प्रतिपरिवार सरदर सङ्ख्याः ६

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या

अन्यबाट

त्रियुगा नपा-२, चप्पनका २२ वर्षीय जीवन खड्कालाई ०६६ पुस ८ गते राती १० बजे अज्ञात समूहले त्रियुगा नगरपालिका-२, सङ्गमटोलमा कुटपिट गरी हत्या गऱ्यो। घटनापछि मृतकको लास प्रहरीले जिल्ला अस्पतालमा लगेकामा आफन्तले १० गते जिल्ला अस्पताल गाईघाटमा पोस्टमार्टम गराए। पीडित पक्षले हत्यारालाई गिरफ्तार नगरेसम्म लास नबुझ्ने अडान राख्दै आएकामा १३ गते लास बुझी संस्कार गरे। वर्षको अन्त्यसम्म हत्याराको खोजी भइरहेको प्रहरीले जनायो।

जेल र बन्दीहरू

कुल ५० जना बन्दी क्षमता भएको कारागार कार्यालय उदयपुरमा यस वर्षको अन्त्यसम्ममा कैद नतोकिएका २६ पुरुष र तीन महिला गरी २९ जना बन्दी र कैद तोकिएका ३६ पुरुष र एक महिला गरी ३७ जना गरी कुल ६३ जना कैदी बन्दी रहे। कारागारमा यस वर्ष ज्यान मारेको अभियोगमा एक बालकले कैद भुक्तान गरी रिहा भए। ५० वर्ष माथिका एक जना पुरुष बन्दी रहेका छन्। तीन दशकअघि बनेको जेलको भौतिक अवस्था जीर्ण बन्दै गएको छ। जेलभित्र र बाहिर गरी सातओटा शौचालय रहेका छन्। वर्षादको समयमा जेलको छतबाट पानी चुहिने समस्या छ भने क्षमताभन्दा बढी कैदी बन्दीलाई कोचेर राखिएका कारण उनीहरूलाई सुत्ने ठाउँको समेत अभाव छ।

महिला कक्षको अभावमा सुरुङजस्तै कोठामा चार जना महिला कैदी बन्दीलाई राखिएको छ। कैदी बन्दीले टोपी, झोला, मुडा बुन्ने तानहरू लगाएर काम गरिरहेका छन्।

टीभी, क्यारेमबोर्ड, चेस र पाँचओटा पत्रपत्रिकाहरू उपलब्ध गराइएको छ। बेलाबेलामा मानवअधिकारकर्मी र प्रमुख जिल्ला अधिकारीहरूले जेलको अनुगमन गर्ने गरेका छन्। यस वर्ष कारागार कार्यालयको छुट्टै भवन बनेपछि केही सहज भएको छ।

बेपत्ता/अपहरण

किराँत जनवादी वर्कस पार्टीबाट

रामपुर गाविस-९ का ३७ वर्षीय हेमराज रेग्मीलाई उपभोक्ता समितिमा बसेर अनियमितता गरेको आरोपमा ०६६ जेठ १८ गते राती ११ बजे किराँत जनवादी वर्कस पार्टीको सेना बताउने चौदण्डी गाविस-४ कटहरबोटका केदार रैका मगरको नेतृत्वमा आएका छ जनाले अपहरण गरी सोही गाविसको कालिखोलाको जङ्गलमा लगी चार घण्टापछि मुक्त गरे। अपहरणपछि आयोजनाको हिसाबकिताब, कागजात र पीडितको मोबाइल कब्जामा लिएर गएकामा १९ गते मोबाइल फिर्ता गरे। घटनामा संलग्न रहेको आरोपमा केदार रैका मगरलाई ०६६ असोज १८ गते गाउँलेले इलाका प्रहरी कार्यालय, बेल्टारमा बुझाएकामा पीडक असोज २२ गते साधारण तारिखमा रिहा भए।

धम्की/कुटपिट

एकीकृत माओवादीबाट

जिल्ला न्यायाधीश शेखरप्रसाद पौड्याललाई एकीकृत माओवादीले आह्वान गरेको बन्दका क्रममा इजलासमा बसेर काम गरेको भन्दै एकीकृत माओवादीले इजलासबाट बाहिर निकाली दुर्व्यवहार गऱ्यो। घटनाको विरोध गर्दै उदयपुर बार एकाइको निर्णयले बारका सचिव एमबहादुर मगरले दुर्व्यवहार गर्ने माओवादी

Final Eastren:Layout 1 2/9/2010 2:05 PM Page 212

कार्यकर्ताविरुद्ध अदालतको मानहानि गरेको भन्दै मुद्दा दर्ता गरे। यसैगरी, ०६६ पुस ५ र ६ गतेको बन्दका क्रममा न्यायाधीशको कार्यकक्षमा पुगेर जिल्ला न्यायाधीश यज्ञप्रसाद भट्टलाई गालीगलौज गर्दै कार्यालयबाट निस्कन चेतावनी दिए।

संस्कृतिमन्त्री डा. मीनेन्द्र रिजाललाई ०६६ पुस १४ गते दिउँसो त्रियुगा नपा-२, गाईघाटस्थित काङ्ग्रेस पार्टी कार्यालयबाट बाहिरिने क्रममा एकीकृत माओवादीका कार्यकर्ताले कालो झन्डा देखाउने क्रममा कुटपिट र दुर्व्यवहार गरे। काङ्ग्रेसले सोही दिन विज्ञप्ति जारी गर्दै घटनाको विरोध गऱ्यो।

वाईसीएलबाट

त्रियुगा नपा-११ जलजले निवासी काङ्ग्रेसका कार्यकर्ता अन्दाजी ५० वर्षीय धनिकलाल भगत, सोही ठाउँका हरि चौधरी, व्यापारी रामचन्द्र साह, वीरेन्द्र भगतलाई बन्दको अवज्ञा गरेको भन्दै ०६६ पुस ५ गते वाईसीएलका कार्यकर्ताले कुटपिट गरे। बन्द गराउँदै हिँड्ने क्रममा मजदुर गणेश लिम्बू बन्द अवज्ञा गर्ने समूहले प्रहार गरेको ढुङ्गाले लागेर घाइते भए। उनीहरू सबैको स्थानीय स्वास्थ्य क्लिनिकमा उपचार भयो।

संयुक्त थारू सङ्घर्ष समितिबाट

तराईलाई मधेसमा सूचीकृत गर्ने विधेयक र एक मधेस एक प्रदेशको विरोध गर्दै थरुहट संयुक्त सङ्घर्ष समिति र आदिवासीहरूले गरेको बन्दका क्रममा ०६५ माघ २६ गते दिउँसो बन्दकर्ताले हानेको ढुङ्गाले लागेर झापा जिल्ला घर भई जिल्ला प्रहरी कार्यालय उदयपुरमा कार्यरत प्रहरी जवान २५ वर्षीय भूपेन्द्र राउत घाइते भए। बन्द उल्लङ्घन गरेको भन्दै प्रदर्शनकारीले त्रियुगा नपा-२ का २२ वर्षीय व्यापारी प्रदीप साह, ४० वर्षीय कर्ण तामाङ, २२ वर्षीय रमेश श्रेष्ठलाई कुटपिट गरी घाइते बनाए। शरीरका विभिन्न भागमा चोट लागेका पीडितहरूलाई आफन्तले जिल्ला अस्पताल उदयपुरमा उपचार गराए।

तामाङको टाउकोमा ११ र श्रेष्ठको टाउकोमा छ टाँका लगाएको डाक्टर ब्रजकिशोर ठाकुरले बताए। झडपमा बन्दकर्तातर्फ इन्द्रदेव चौधरी, गणेश चौधरी घाइते भएका थिए। गम्भीर घाइते इन्द्रदेवको जिल्ला अस्पतालमा प्राथमिक उपचार गरी धरानमा थप उपचार भयो। बन्दकर्ताले सर्वसाधारणका दुईओटा मोटरसाइकल तोडफोड गरे। सरकारसँग भएको सहमति कार्यान्वयन नगरेको भन्दै संयुक्त थारु सङ्घर्ष समितिले ०६६ वैशाख १२ गते गरेको बन्दका क्रममा त्रियुगा नपा-१० कुमारीचौकमा झडप हुँदा जिल्ला प्रहरी कार्यालय उदयपुरका डीएसपी पशुपतिनाथ डोटेल, प्रहरी जवानहरू लक्ष्मी सुवेदी, देवेन्द्र राई, दलबहादुर दनुवार, राजकुमार नेपाली, रामबहादुर कार्की, मनोज शर्मा घाइते भए। बन्दकर्तातर्फ त्रियुगा नगरपालिका-१० का दीपेन्द्र चौधरी, दिलीप चौधरी र प्रेम चौधरी घाइते भएकामा उनीहरू सबैको जिल्ला अस्पतालमा उपचार भयो। सोही विषयलाई लिएर ०६६ जेठ १३ गते भएको प्रदर्शनका क्रममा सशस्त्र प्रहरीको सुरक्षा बेस क्याम्प बेल्टारमा कार्यरत ४५ वर्षीय इन्स्पेक्टर तीर्थ गौतम, जिल्ला प्रहरी कार्यालय सप्तरीमा कार्यरत प्रहरी जवान उपेन्द्र यादव घाइते भए। प्रहरीले त्रियुगा नपा-१ बोक्सेस्थित सडकमा गरेको लाठीचार्जबाट सङ्घर्ष समितितर्फ तपेश्वरी गाविस-२ घर भई उदयपुर सिमेन्ट उद्योगमा कार्यरत ५६ वर्षीय हरिनारायण चौधरी, हडियाँ गाविस-४ का ४४ वर्षीय हरिनारायण पञ्जियार, नरेश चौधरी, २४ वर्षीय जीवन चौधरी, २५ वर्षीया निर्जना चौधरी, ३५ वर्षीय राजेन्द्रप्रसाद चौधरी, ४३ वर्षीय छेदीलाल चौधरी, बलराम चौधरी, हरेराम चौधरी, मञ्जु चौधरी, जागेश्वर चौधरी र २७ वर्षीया रीता चौधरी प्रहरीले गरेको लाठीचार्जमा परी घाइते भए। उक्त घटनामा छुरी लागी घाइते भएका प्रहरी जवान उपेन्द्र यादव र सङ्घर्ष समितिका हरिनारायण चौधरीको बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा र अन्यको जिल्ला अस्पताल गाईघाटमा उपचार भयो। घटनापछि प्रशासनले त्रियुगा नपा- १, २, ३, ७, ८, १०, ११ मा साँझ ८ बजेबाट लगाएको अनिश्चितकालीन कर्फ्यु आदेश २६ घन्टापछि सर्वपक्षीय सहमति गरी हटायो। प्रदर्शनकारीलाई गिरफ्तार गर्ने क्रममा ०६६ वैशाख १३ गते प्रहरीले जिल्ला अस्पतालभित्र अश्रुग्यास हान्नुका साथै अस्पतालको आकस्मिक कक्षमा प्रवेश गरी घाइते आन्दोलनकारीमाथि कुटपिट गऱ्यो। जिल्ला अस्पतालको बाहिर थरुहट संयुक्त सङ्घर्ष समितिका प्रदर्शनकारी र प्रहरीबीच झडप हुँदा अस्पताल हुँदै भागेका आन्दोलनकारीलाई लखेट्दै गएको प्रहरीले आकस्मिक कक्षमा उपचार गराउँदै गरेका घाइतेलाई कुटपिट गरेकाले बिरामी र कुरुवाहरूले विरोध जनाए। प्रहरीले सोही दिन घटना नियतवश नभएको भन्दै माफी माग्यो।

त्रियुगा नपा-२ निवासी राससका स्थानीय समाचारदाता ३५ वर्षीय उँजुर राई र सोही नपा-१ निवासी *सगरमाथा* टेलिभिजनका स्थानीय समाचारदाता

घटनाको प्रकार	गैर राज्यबाट								राज्यबाट			
	अन्यबाट					एकीकृत माओवादीबाट						
	घटना सङ्ख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना सङ्ख्या	पुरुष	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा
हत्या	४	२	२		४							
घाइते	२	१३	१		१४				३	९	२	११
गिरफ्तारी/यातना									६	११		११
कुटपिट	२	९			९	३	३	३	२	३		३
धम्की	५	१०	१	९२	१०३				१	२		२
महिलाअधिकार	१२		१५		१५							
बालअधिकार	१४		१३	१	१४							
आर्थिक/सामाजिक/ सांस्कृतिक अधिकार	३	१		२	३	१	१	१				
अपहरण	१	१			१							
जम्मा	४३	३६	३२	९५	१६३	४	४	४	१२	३५	२	३७

२७ वर्षीय बाबुराम भण्डारीलाई गिरफ्तार गरिएका व्यक्तिको फोटो खिचेको आरोपमा ०६६ वैशाख १३ गते प्रहरीले कुटपिट गरे। घटनापछि सञ्चारसम्बद्ध संस्थाहरूले सोही दिन विज्ञप्ति निकालेर विरोध जनाएपछि प्रहरी र स्थानीय प्रशासनले घटना नियतवश नभएको भन्दै माफी माग्यो।

किराँत जनवादी वर्कसपार्टीबाट

त्रियुगा नपा-७ निवासी थारु राष्ट्रिय मुक्ति मोर्चा उदयपुरका जिल्ला सदस्य ५५ वर्षीय दानीप्रसाद चौधरीलाई भूमाफियाको आरोप लगाउँदै ०६६ वैशाख १७ गते किराँत जनवादी वर्कस पार्टीका उदयपुर इन्चार्ज ज्वाला किराँतीले पत्रमार्फत धम्की दिए। पीडितको त्रियुगा नपा-३ मा रहेको जग्गामा झन्डा गाडेर वर्कसले कब्जा गरेको पत्र पठायो। थारु राष्ट्रिय मुक्ति मोर्चाले ०६६ जेठ २५ गते विज्ञप्ति जारी गर्दै घटनाको विरोध गऱ्यो। पीडितले आफूलाई वर्कसले पटक-पटक फोन र पत्रबाट धम्क्याएको बताए। यस वर्षको अन्त्यसम्म सो जग्गा पीडितले भोग गर्दै आएका छन्।

जिल्लाका ४४ गाविसका सचिवहरूलाई ०६६ असार ११ गते किराँत जनवादी वर्कस पार्टीका उदयपुर इन्चार्ज ज्वाला किराँतीले चन्दा नदिए आ-आफ्ना "पत्नीलाई सेतो सारी किनेर" राख्न भन्दै फोनमार्फत धम्की दिए। धम्कीपछि स्थानीय विकास अधिकारी अर्जुनकुमार थापाले गाविस सचिवहरूलाई गाउँ जाने सहज वातावरण बनाइदिन राजनीतिक दल र मानवअधिकारकर्मीसँग आग्रह गरे। सचिवहरूले गाविसमा बसेर काम गर्न नसक्ने भन्दै ६६ असार २० गते प्रमुख जिल्ला अधिकारीसँग सुरक्षा र पेसागत हकको संरक्षण गरिदिन माग गरे। स्थानीय शान्ति समितिले गाविस सचिवहरूको बाँच्न पाउने अधिकारको ग्यारेन्टी गर्न ०६६ असार २१ गते विज्ञप्ति जारी गर्दै वर्कसलाई आग्रह गऱ्यो। वर्कसका जिल्ला इन्चार्ज ज्वाला किराँतीले ०६६ जेठ १७ गते विज्ञप्ति जारी गर्दै चन्दा नदिएको आरोपमा सोही प्रकारको धम्की दिएका थिए। सचिवहरूलाई १० दिनभित्र गाविसमा नफर्किए ठूलो मूल्य चुकाएर कारबाही गर्ने उल्लेख गरिएको थियो।

अभिव्यक्ति, भेला हुने र सङ्गठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

संविधानसभाका सदस्य मृगेन्द्रसिंह यादवको नेतृत्वमा नयाँ संविधान निर्माणका लागि राय-सुझाव सङ्कलन गर्ने क्रममा उदयपुर आएका विधायकहरूको छ सदस्यीय टोलीलाई ०६५ फागुन २८ गते किराँत जनवादी वर्कस पार्टीको खम्बूवान डिभिजनका संयोजक बताउने मङ्गल खम्बूले विज्ञप्ति जारी गर्दै राय-सुझाव सङ्कलनको कार्य बन्द गर्न धम्की दिए। विज्ञप्तिमा आदिवासी, दलित, मधेसी र जनजातिहरूको अधिकार

Final Eastren:Layout 1 2/9/2010 2:05 PM Page 214

कुण्ठित गर्ने गरी एकलौटी संविधान निर्माण गर्न लागेको र वर्कसलाई बेवास्ता गरेको उल्लेख थियो। धम्कीपछि सुरक्षाकर्मीको साथ लिएर सभासद्हरूले राय-सुझाव सङ्कलन गरे।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत उदयपुरमा गत वर्षबाट जिम्मेवारी सरेर आएका दुनियाँवादी फौजदारी २ सय २६, दुनियाँवादी देवानी २ सय ९७ गरी ५ सय २३ थान मुद्दा रहे।

यस वर्ष दुनियाँवादी फौजदारी २ सय २ फर्स्यौट भई २४ थान बाँकी रहे भने दुनियाँवादी देवानीतर्फ २ सय ४८ फर्स्यौट भई ४९ थान बाँकी रहे। यस वर्ष दर्ता भएका दुनियाँवादी फौजदारी १ सय ७४ थानमध्ये ४३ थान फर्स्यौट भई १ सय ३१ थान बाँकी रहे। दुनियाँवादी देवानी २ सय २९ दर्ता भएकामा ४६ थान फर्स्यौट भई १ सय ८३ थान बाँकी रहे। जिम्मेवारी सरेर आएका र यस वर्ष दर्ता भएका गरी कुल ९ सय २६ थान मुद्दा रहेकामा वर्षको अन्त्यसम्म ५ सय २९ थान फर्स्यौट भई ३ सय ७८ थान मुद्दा बाँकी रहेका छन्। जिल्ला अदालतमा पाँच वर्ष नाघेका कुनै पनि मुद्दा छैनन् भने बाल इजालस गठन भएको छ।

जिल्ला प्रशासन कार्यालय उदयपुरमा गत वर्षबाट जिम्मेवारी सरेर आएका र यस वर्ष दर्ता भएको गरी हातहतियार खरखजाना अन्तर्गत सात थान मुद्दा रहे। जसमा दुईओटा फर्स्यौट भई पाँच थान बाँकी रहे। केही सार्वजनिक अपराध अन्तर्गत २७ थान मुद्दा रहेकामा चार थान फर्स्यौट भई २३ थान बाँकी रहे। यसै गरी भ्रष्टाचारसम्बन्धी दर्ता भएका चार थान मुद्दासमेत गरी ३२ थान मुद्दा बाँकी रहेका छन्। जिल्ला प्रहरी कार्यालयमा कर्तव्य ज्यानसम्बन्धी सात र मानव बेचबिखनसम्बन्धी दुई मुद्दा रहे। जिल्ला वन कार्यालयमा केही वन पैदावार हानि-नोक्सानी पुऱ्याएको आरोपमा गत वर्षबाट जिम्मेवारी सरिआएका २४ र यस वर्ष दर्ता भएका १२ गरी ३६ थान मुद्दा रहे। जसमा १० थान फर्स्यौट भई २६ थान बाँकी रहेका छन्।

यातना तथा अन्य क्रूर, अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

बेल्टार गाविस-१ निवासी किराँत जनवादी वर्कस पार्टीका केन्द्रीय कोषाध्यक्ष २२ वर्षीय दिनेश राई (हाङ्छा), सोही ठाउँ निवासी वर्कसका केन्द्रीय सदस्य ५३ वर्षीय बलबहादुर राई (पर्वत), भोजपुर दलगाउँ-४ का २० वर्षीय राकेश राई (राजेश), इलाम दानावारी गाविस-४ का राजेन्द्र लिङ्देन (क्रान्ति)लाई सर्वसाधारणसँग चन्दा माग गरेको आरोपमा ०६५ पुस १७ गते राती बेल्टार र बसाहा गाविसको सिमानाबाट इलाका प्रहरी कार्यालय बेल्टारले बिनापुर्जी गिरफ्तार गऱ्यो। पीडितहरू बलबहादुर राई (पर्वत), राकेश राई, राजेन्द्र लिङ्देनलाई ०६५ पुस २२ गते सरकारसँगको वार्तालाई सहज बनाउन भन्दै मानवअधिकारकर्मीको रोहबरमा रिहा गऱ्यो। दिनेशलाई हातहतियार खरखजाना अन्तर्गत मुद्दा चलाएकामा ११ दिनपछि पुस २७ गते सरकार र वर्कसबीच भइरहेको वार्तालाई सहज बनाउने सहमतिपछि रिहा गऱ्यो।

मयाखु गाविस-४ निवासी यातायात मजदुर ३७ वर्षीय भक्तबहादुर पौड्याल र पञ्चावती गाविस-१ निवासी चुरेभावर राष्ट्रिय एकता पार्टीका कार्यकर्ता ३६ वर्षीय रुद्र गिरीलाई ०६५ माघ ७ गते त्रिवेणी गाविस-१ त्रिवेणी मेलाबाट गिरफ्तार गरी हिरासतमा कुटपिट गर्दै यातना दिएको पीडितले बताए। इलाका प्रहरी कार्यालय कटारीका सई ढकबहादुर बुढाथोकीले आफूहरूले यातना दिएको अस्वीकार गरे। प्रहरीले गिरीविरुद्ध चन्दा असुली गरेको आरोपमा मुद्दा चलाइ यस वर्षको अन्त्यसम्म पुर्पक्षका लागि उदयपुर कारागारमा थुनामा राखेको छ भने पौडेललाई माघ २० गते रिहा गऱ्यो।

त्रियुगा नपा-११ लालपत्ताका १८ वर्षीय विजय भट्ट र सप्तरी जिल्लाको तिलाठी गाविस-१ का ३५ वर्षीय अजय कर्णलाई ०६६ असार १९ गते जिल्ला प्रहरी कार्यालयको हिरासतमा प्रहरीले बयान गराउँदा पाइपले कुटेर यातना दिएको पीडितहरूले बताए। तर, प्रहरीले यातना नदिएको दाबी गऱ्यो। पीडितहरूले कुटपिट गर्ने प्रहरीलाई नचिनेको बताए। प्रहरीले त्रियुगा नगरपालिका-११ मा रहेको जङ्गलबाट ०६६ असार १८ गते राती अपहरण गर्ने योजना बनाउँदै गर्दा गिरफ्तार गरेको थियो। उनीहरूलाई वर्षको अन्त्यसम्म पुर्पक्षका लागि थुनामा राखिएको छ।

त्रियुगा नपा-३२ का वर्षीय कुमार गिरीलाई ०६६ साउन ३ गते जिल्ला प्रहरी कार्यालय उदयपुरको हिरासतमा बयान लिने क्रममा कुटेर यातना दिए। प्रहरीले पैतालामा लौरोले हिर्काएर यातना दिएको पीडितले बताए पनि प्रहरीले भने अस्वीकार गऱ्यो। प्रतिबन्धित फेन्सिडिल र केडेक्स नामक लागू औषधको एक-एक बोतल स.१प. ५७३९ नम्बरको मोटरसाइकलसहित गाईघाटतर्फ आउने क्रममा पीडितलाई प्रहरीले साउन २ गते गिरफ्तार गरिएको थियो।

त्रिवेणी गाविस-९ गिद्दबरका २१ वर्षीय दीपक लामिछानेको मोटरसाइकलले बालकलाई ठक्कर दिएर भागेको भन्दै ०६६ असोज ८ गते स्थानीयवासीले गरेको अबरुद्ध सडक खुलाउन प्रहरीले लाठीचार्ज गर्दा देब्रे हात भाँचियो। घटनापछि आफन्तले सोही दिन पीडितको जिल्ला अस्पताल कटारीमा प्राथमिक उपचार गराई धरनस्थित बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा थप उपचार गराए। प्रमुख जिल्ला अधिकारी मधुसूदन बुर्लाकोटीले अवरुद्ध सडक सूचारु गर्न प्रहरीले सामान्य बल प्रयोग गरेको बताए।

चितवन जिल्ला घर भई उदयपुरको कटारी गाविस-४ मा बस्दै आएका अन्दाजी ३५ वर्षीय वासु गड्तौलालाई हिलोमा फसेको प्रहरीको भ्यान निकाल्न सहयोग नगरेको भन्दै ०६६ मङ्सिर २० गते राती १० बजे इलाका प्रहरी कार्यालय कटारीका प्रहरीले डेराबाट निकाली कुटपिट गरी रातभर हिरासतमा राखे। पीडितलाई मङ्सिर २१ गते काठमाडौँस्थित नर्भिक अस्पतालमा लगी उपचार गऱ्यो। प्रहरीले डेरादेखि कुट्दै स्थानीय तावा खोलामा नाङ्गो बनाएर पानीमा चोबल्दै कुटपिट गरेर यातना दिएको प्रत्यक्षदर्शीहरूले बताए। प्रहरीसँग हात हालाहाल भएपछि घटना भएको इलाका प्रहरी कार्यालय कटारीका इन्स्पेक्टर विष्णु लामिछानेले स्वीकार गरे। वर्षको अन्त्यसम्म पनि पीडकलाई कारबाही भएन।

बालअधिकार

कटारी गाविस-१ की १० वर्षीया एक बालिकालाई ०६५ माघ १० गते साँझ सोही गाविस-३ सुकुमवासी टोलका १७ वर्षीय भीमबहादुर परियारले ललाइफकाई स्थानीय सुगाजोर खोलाको बाँसघारीमा बलात्कार गरेको भन्दै पीडित पक्षले माघ ११ गते इलाका प्रहरी कार्यालय कटारीमा जाहेरी दियो। प्रहरीले

बन्दकर्ताको ढुङ्गा प्रहारबाट घाइते भएका इन्स्पेक्टर तीर्थ गौतम

सोही दिन प्राथमिक स्वास्थ्य केन्द्र कटारीमा बालिकाको स्वास्थ्य परीक्षण गराई पीडकलाई सोही दिन गिरफ्तार गरी अनुसन्धान सकेर ०६५ फागुन १ गते सरकारी वकिलमार्फत जिल्ला अदालतमा मुद्दा पेस गऱ्यो। अदालतको ०६५ फागुन ६ गतेको आदेशले पीडक बालक भएको भन्दै प्रहरीले सोही दिन साधारण तारिखमा रिहा गऱ्यो। पीडित परिवारसँगै बस्दै आएकी छन्।

त्रियुगा नपा-९ दमौतीकी १४ वर्षीया एक बालिकालाई सोही ठाउँका ६० वर्षीय धनमान जोगीले पटक-पटक बलात्कार गरेको भन्दै पीडितले ०६५ फागुन २६ गते प्रहरीमा जाहेरी दिइन्। पीडकलाई सोही दिन प्रहरीले गिरफ्तार गरी अनुसन्धान सकेर मुलुकी ऐनको जबरजस्ती करणीको महल अनुसार सजायको माग दावी गर्दै सरकारी वकिलमार्फत अदालतमा मुद्दा बुझाएकामा अदालतको ०६५ चैत १९ गतेको आदेशले पीडकलाई पुर्पक्षका लागि कारागारमा राखिएको छ। पीडितलाई वर्षको अन्त्यसम्म ओरेकको सुरक्षा आवासमा राखिएको छ।

त्रियुगा नपा-१ की १० वर्षीया एक बालिकालाई ०६६ वैशाख १८ गते सोही ठाउँका ६८ वर्षीय सूर्य परियारले घरनजिकैको स्थानमा बलात्कार गरेको भन्दै पीडित पक्षले ०६६ वैशाख २१ गते जाहेरी दियो। प्रहरीले सोही दिन पीडितको जिल्ला अस्पतालमा स्वास्थ्य परीक्षण गराई आरोपितलाई २३ गते गिरफ्तार गऱ्यो। अनुन्धान सकेर जबरजस्ती करणीसम्बन्धी मुद्दा अदालतमा पेस गरेकामा अदालतको ०६६ चैत १३ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि कारागार कार्यालय उदयपुरमा राखिएको छ। पीडित परिवारसँगै बस्दै आएकी छन्।

त्रियुगा नपा-११ का १५ वर्षीय गोपाल कार्कीलाई नगरपालिकाले लगाएको सवारी करको रकम मागेको आरोपमा ०६६ जेठ ८ गते साँझ सिराहाको लौकीठाडीमा कार्यरत सशस्त्र प्रहरीका इन्स्पेक्टर नवराज खड्काले त्रिनपा-११ लालपत्तामा कुटपिट गरे। कुटपिटबाट घाइते बनेका बालकलाई आफन्तले ०६६ जेठ ११ गतेसम्म सिराहाको लाहानस्थित नर्सिङ् होममा उपचार गराए। घाइतेको सम्पूर्ण उपचार खर्च सशस्त्र प्रहरीले बेहोऱ्यो। घटनापछि स्थानीय बासिन्दाले ०६६ जेठ ८ गतेबाट गरेको चक्काजाम नागरिक समाज, पत्रकार, मानवअधिकारकर्मीको पहलमा घाइतेको दीर्घकालसम्म सशस्त्र प्रहरीले उपचार गर्नेलगायतका चारबुँदे सहमति गरी ०६६ जेठ ९ गते साँझबाट खुल्यो।

Final Eastren:Layout 1 2/9/2010 2:05 PM Page 216

त्रियुगा नपा-१७ रातमाटेका १५ वर्षीय सुमन मगरलाई ०६६ जेठ ७ गते साँझ सोही ठाउँका ५६ वर्षीय दिलबहादुर मगरले पीडितकै भान्साघरमा हत्या गरे। सुमनको लास जेठ ११ गते जिल्ला अस्पताल उदयपुरमा पोस्टमार्टम गरी सोही दिन प्रहरीले पीडित पक्षलाई बुझायो। घटनालाई लिएर सुमन मगर हत्याकाण्ड पीडित सङ्घर्ष समितिले ०६६ जेठ ९ गते र ११ गते उदयपुर बन्द आह्वान गऱ्यो। गाईघाटका एक दर्जन संस्थागत विद्यालयका शिक्षक र विद्यार्थीहरूले ०६६ जेठ १० गते सदरमुकाममा प्रदर्शन गरी दोषीलाई गिरफ्तार गरी कारबाही गर्न माग गरे। घटनापछि त्यहाँ पुगेको प्रहरीले अनुसन्धानका लागि पीडितकी आमा ३५ वर्षीया रनमाया मगरलाई गिरफ्तार गऱ्यो भने सोही ठाउँका ५६ वर्षीय दिलबहादुरलाई जेठ ११ गते गिरफ्तार गरेको थियो। सो घटनामा जिल्ला अदालत उदयपुरको ०६६ कात्तिक २४ गतेको फैसलाले रनमाया रिहा भइन् भने दिलबहादुरलाई सर्वस्वसहित जन्मकैदको फैसला सुनाएको थियो।

कटारी गाविस-७ की १५ वर्षीया एक बालिकालाई ०६६ असार ३ गते धनुषा जिल्ला घर भई त्रियुगा नगरपालिका-२, उदयपुरमा बसोवास गर्दै आएका राज साहले सिराहाको मिर्चैया बजारमा बलात्कार गरेको भन्दै पीडितले मानवअधिकारकर्मीको सहयोगमा जिल्ला प्रहरी कार्यालय र जिल्ला प्रशासन कार्यालय उदयपुरमा ०६६ असार ४ गते निवेदन दिए पनि अन्य जिल्लाको भएको घटना भन्दै निवेदन लिन मानेनन्। पिछडा वर्ग महासङ्घको बन्दका कारण मोटरसाइकलमा सहयोग मागेर घर आउने क्रममा पीडकले जबरजस्ती बलात्कार गरेको पीडितले बताइन्।

विरोध प्रदर्शनका क्रममा प्रहरीको लाठीचार्जबाट घाइते भएका हरिनारायण चौधरी

हडिया गाविस-२ की १५ वर्षीया एक बालिकालाई ०६६ साउन ४ गते सोही ठाउँका १९ वर्षीय सूर्यनारायण चौधरीले बलात्कार गर्न खोजेको भन्दै पीडित पक्षले साउन २० गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले सोही दिन अभियुक्तलाई गिरफ्तार गरी अनुसन्धान सकेर मुलुकी ऐनको जबरजस्ती करणीसम्बन्धी महल अनुसार ०६६ भदौ ११ गते सरकारी वकिलमार्फत जिल्ला अदालत उदयपुरमा मुद्दा पेस गरेकामा अदालतले पीडकलाई बालक ठहर गर्दै सोही दिन साधारण तारिखमा रिहा गऱ्यो। पीडित पक्षले न्याय नपाएको भन्दै गुनासो गऱ्यो।

त्रियुगा नपा-१७ की १३ वर्षीया एक बालिकालाई ०६६ साउन २१ गते सोही ठाउँका ५५ वर्षीय जगदीश साह हलुवाईले पीडितकै घरमा बलात्कार गरेको भन्दै पीडित पक्षले ०६६ साउन २५ गते प्रहरीमा जाहेरी दियो। इलाका प्रहरी कार्यालय जलजलेले साउन २५ गते आरोपितलाई गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालयमा बुझायो। प्रहरीले अनुसन्धान सकेर जिल्ला अदालतमा मुद्दा बुझाएकामा अदालतको ०६६ भदौ १७ गतेको आदेशले आरोपितलाई वर्षको अन्त्यसम्म पुर्पक्षका लागि कारागार कार्यालय उदयपुरमा राखिएको छ। पीडित हाल आफ्नै घरमा बस्दै आएकी छन्।

त्रियुगा नपा-१० की १२ वर्षीया मीनकुमारी विकलाई ०६६ भदौ ५ गते त्रियुगा नपा-३ घर भई सोही नपा-९ स्थित ससुरालीमा बस्दै आएका २८ वर्षीय जगु सदाले पीडितकै घरनजिकै बलात्कार गरेको भन्दै पीडित पक्षले भदौ १८ गते जिल्ला प्रहरी कार्यालय उदयपुरमा जाहेरी दियो। प्रहरीले सोही दिन आरोपितलाई गिरफ्तार गरी अनुसन्धान सकेर ०६६ भदौ ३१ गते सरकारी वकिलमार्फत सो मुद्दा जिल्ला अदालतमा बुझायो। अदालतको ०६६ असोज १ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि कारागार कार्यालय उदयपुरमा थुनामा राखिएको छ। पीडित आफन्तसँगै बस्दै आएकी छन्।

त्रियुगा नपा-१ की १० वर्षीया एक बालिकालाई ०६५ भदौ १० गते सोही ठाउँका १८ वर्षीय देवबहादुर खिलिङ सार्कीले बलात्कार गरेको भन्दै पीडित पक्षले जिल्ला प्रहरी कार्यालय उदयपुरमा ०६६ असोज १८ गते जाहेरी दियो। प्रहरीले पीडकलाई सोही दिन गिरफ्तार गरी अनुसन्धान सकेर मुलुकी ऐनको जबरजस्ती करणीसम्बन्धी मुद्दा ०६६ असोज १८ गते जिल्ला अदालतमा पेस गऱ्यो। अदालतको आदेशले

Final Eastren:Layout 1 2/9/2010 2:05 PM Page 217

अभियुक्तलाई यस वर्षको अन्त्यसम्म पुर्पक्षका लागि कारागार कार्यालय उदयपुरमा राखिएको छ। पीडित आफ्नै परिवारसँग बस्दै आएकी छन्।

बसाहा गाविस-२ की १७ वर्षीया रसिकला राई र बसाहा गाविस-२ की १७ वर्षीया ममता राईलाई ०६६ कात्तिक २१ गते सोही ठाउँकी ४० वर्षीया हीरामाया राई, २५ वर्षीया चन्द्रकुमार राई, २२ वर्षीया मेनुका राईले झूठो विवरण दिई नागरिकता र राहदानी बनाइदिएर वैदेशिक रोजगारको प्रलोभन देखाइ भारत लाने क्रममा सुनसरीको इटहरीबाट भागेर घर आइन्। प्रहरीले ०६६ मङ्सिर १६ गते मानव बेचबिखन तथा ओसारपसारसम्बन्धी मुद्दा दर्ता गरी पीडकहरूलाई गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालयको हिरासतमा राखी वर्षको अन्त्यसम्म अनुसन्धान जारी राखेको छ।

खोटाङ जिल्लाको देवीस्थान गाविस-८ की एक १४ वर्षीया बालिकालाई ०६६ मङ्सिर १३ गते सोही ठाउँका २२ वर्षीय धनबहादुर राईले उदयपुर जिल्लाको सिद्धिपुर गाविस-४ स्थित खोलामा कुटपिट गरेर बेहोस बनाई बलात्कार गरेको भन्दै मङ्सिर २२ गते जिल्ला प्रहरी कार्यालयमा मानवअधिकारकर्मीहरूको पहलमा जाहेरी दर्ता भयो। कुटाइबाट पीडितको निधारमा गहिरो घाउ लागेको थियो। पीडितलाई सोही दिन बेल्टारका महिला मानवअधिकारकर्मीहरूले कोसी अञ्चल अस्पतालमा लगी तीन दिनसम्म उपचार गराए। आरोपितलाई ०६६ पुस १ गते प्रहरीले गिरफ्तार गरी अनुसन्धानका लागि यस वर्षको अन्त्यसम्म हिरासतमा राखेको छ। पीडित ओरेक नेपाल उदयपुरको सुरक्षा आवासमा बस्दै आएकी छन्।

बेल्टार गाविस-६ की १४ वर्षीया एक बालिकालाई ०६६ मङ्सिर १४ गते सोही ठाउँका १३ वर्षीय जीवन मगर, २१ वर्षीय केशव खत्री, १८ वर्षीय विक्रम मगरले पीडितको घरनजिकैको बाँसघारीमा जबरजस्ती सामूहिक बलात्कार गरेको भन्दै ०६६ मङ्सिर १६ गते पीडितकी आमाले जिल्ला प्रहरी कार्यालयमा जाहेरी दिइन्। प्रहरीले आरोपित विक्रम मगर र केशव खत्रीलाई ०६६ पुस ९ गते गिरफ्तार गरी अनुसन्धान गरिरहेको छ भने जीवनको खोजी भइरहेको जनाएको छ। पीडितलाई सोही दिन जिल्ला अस्पतालमा स्वास्थ्य परीक्षण गराई आफन्तको जिम्मा लगाएको थियो। यस वर्षको अन्त्यसम्म उक्त घटनाको अनुसन्धान भइरहेको प्रहरीले जनायो।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार बेचबिखन तथा ओसारपसार

त्रियुगा नपा-१२ कौवाईकी २९ वर्षीया भावना बस्नेत, सोही ठाउँकी २१ वर्षीया तेजमाया तामाङ, २७ वर्षीया रमिला मगर, १९ वर्षीया सरिता राईलाई ०६५ फागुन १ गते सोही ठाउँकी ३६ वर्षीया लक्ष्मी कातले फकाइ भारत लान लागेको आरोपमा प्रहरीले त्रियुगा नगरपालिका-१० जलजलेबाट उद्दार गऱ्यो। वैदेशिक रोजगारको प्रलोभन देखाइ पीडितहरूलाई राहदानी प्रमाणपत्रसमेत बनाइदिएर भारत लाने क्रममा रमिलाले आफन्तलाई जानकारी गराएपछि प्रहरीले सोही दिन पीडितहरूलाई उद्दार गऱ्यो। लक्ष्मीलाई सोही दिन प्रहरीले गिरफ्तार गरी फागुन ४ गते मिलापत्र गराई रिहा गऱ्यो।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

बेल्टार गाविस-१ की व्यापारी ४० वर्षीया महिलालाई ०६५ पुस २७ गते सोही ठाउँका २६ वर्षीय मिलन राई र अर्का २६ वर्षीय डिल्ली राईले नजिकैको दुवारखोलामा बलात्कार गरेको भन्दै ०६५ माघ १ गते जिल्ला प्रहरी कार्यालय उदयपुरमा पीडितले जाहेरी दर्ता गराइन्। प्रहरीले सोही दिन जिल्ला अस्पताल उदयपुरमा पीडितको स्वास्थ्य परीक्षण गराई पीडक दुवैलाई ०६५ माघ १ गते गिरफ्तार गरी ०६५ माघ २ गते जिल्ला प्रहरी कार्यालय ल्यायो। पीडकहरू जिल्ला अदालतको ०६५ माघ १० गतेको आदेशले ५५ हजार रुपियाँ धरौटी राखी तारेखमा रिहा भए।

पारिवारिक हिंसा

त्रियुगा नपा-११ की २७ वर्षीया गीता कटुवाललाई पति अन्दाजी ३२ वर्षीय देवकुमार कटुवालले कुटपिट गरी खानलाउन नदिएको भन्दै ०६५ चैत ७ गते जिल्ला प्रहरी कार्यालयमा निवेदन दिइन्।

पतिद्वारा तेजाब खन्याएर घाइते बनाइएकी सीता वि.क.

Final Eastren:Layout 1 2/9/2010 2:05 PM Page 218

सोही विषयमा पीडितले जिल्ला अदालतमा दिएको मुद्दा वर्षको अन्त्यसम्म विचाराधीन रहेको छ। पीडित अहिले छुट्टै घरमा बस्दै आएकी छन्।

जोगीदह गाविस-६ हाटखोलीकी २६ वर्षीया सीता विकलाई ०६५ चैत २० गते पति ३० वर्षीय राजकुमार विकले तेजाब खन्याएर सख्त घाइते बनाए। पीडितको कान, घाँटी, हातका अधिकांश भाग जलेको थियो। पीडितले कुटपिटका कारण यौनाङ्गबाट समेत रक्तश्राव भएको बताइन्। घटनापछि छिमेकीहरूको सहयोगमा उनको ०६५ चैत २६ गते जिल्ला अस्पताल उदयपुर लगी पाँच दिनसम्म उपचार भयो। आरोपितले यसअघि पनि मट्टीतेल खन्याएर जलाउने प्रयास गरेपछि सुरक्षाका लागि पीडित महिला पुन:स्थापना केन्द्र ओरेकको सुरक्षा आवास राजाबासमा बस्दै आएकी थिइन्। यस वर्षको अन्त्यसम्म प्रहरीले पीडकलाई गिरफ्तार गर्न सकेको छैन।

त्रियुगा नपा-३ की २८ वर्षीया अनिता खातुनले आफूलाई पटक-पटक सासू सकिला खातुन र पति लालमोहम्मद मियाले कुटपिट गरी यातना दिई खान-लाउन नदिएको भन्दै ०६६ वैशाख २७ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। प्रहरीले पीडक र पीडित दुवै पक्षलाई झिकाइ महिला मानवअधिकारकर्मीको रोहबरमा मिलापत्र गरायो। पीडितले दाइजो र ३७ हजार रुपियाँ नगद पीडकसँग बुझी छोरीसहित सम्तरीको कञ्चलपुरस्थित दिदीको घरमा बस्दै आएकी छन्।

कटारी गाविस- ८ माइती भएकी २२ वर्षीया मनिता परियारलाई ०६६ जेठ १२ गते पति ओखलढुङ्गा रुम्जाटार गाविस-५ का ३० वर्षीय बुद्धिमान परियारले पटक-पटक कुटपिट गरी यातना दिएको र अन्य पुरुष बसेको कोठामा थुनी दिएर यौन हिंसाजन्य कार्यमा लगाएको भन्दै इलाका प्रहरी कार्यालयमा निवेदन दिइन्। प्रहरी कार्यालयमा दुवै पक्षबीच सहमति भई पीडितको माग अनुसार अदालतले मङ्सिर १० गते सम्बन्धविच्छेद गरी व्यावहारिक रूपमा पीडकसँग क्षतिपूर्तिबापत १ लाख रुपियाँ लिएर पीडित माइतीमा बस्दै आएकी छन्।

तपेश्वरी गाविस-७ की ३५ वर्षीया इन्दिरा पोखरेललाई ०६६ जेठ ३१ गते पति मेघनाथ पोखरेलले कुटपिट गरी खानलाउन नदिएको भन्दै मासवेस नामक संस्थाको सहयोगमा पीडितले सोही दिन जिल्ला प्रहरी कार्यालय उदयपुरमा निवेदन दिइन्। पीडितले सोही प्रकृतिको उजुरी जिल्ला प्रहरी कार्यालयमा दिएकामा प्रहरीले दुवैलाई झिकाइ मिलापत्र गरायो।

त्रियुगा नपा-१५ की १८ वर्षीया विमला विश्वकर्मालाई ०६६ साउन ८ गते २८ वर्षीय पति विष्णु विश्वकर्माले कुटपिट गरी यातना दिएर अभक्ष कोच्याएर सार्वजनिक अपराध गरेको भन्दै उनले ०६६ साउन ९ गते जिल्ला प्रहरी कार्यालय उदयपुरमा जाहेरी दिइन्। प्रहरीले जाहेरी दर्ता गरी आरोपितलाई सोही दिन गिरफ्तार गरी दुवै पक्षलाई छलफल गराइ आउने दिनमा यस्तो घटना नगर्ने सर्तमा साउन १० गते मिलापत्र गराइ रिहा गऱ्यो।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार संरचना, सम्पति क्षति, कब्जा

संयुक्त थारु सङ्घर्ष समितिबाट

थरुहट सङ्घर्ष समितिका कार्यकर्ताले बन्दको अवज्ञा गरेको भन्दै ०६५ माघ २६ गते दिउँसो त्रियुगा नपा-२ स्थित पर्वत पोखरेलको घर र सोही घरमा रहेका दुईओटा औषधी पसलमा ढुङ्गामुढा गरी क्षति पुऱ्याए। तोडफोडबाट पोखरेलको घरका झ्यालढोका फुटे। औषधी पसलहरूमा क्षति पुग्यो। बन्दकर्ताहरूले व्यक्तिको निजी घर र मेडिकल तोडफोड गरेकामा बन्दको अनुगमन गरिरहेका इन्सेक, हुरेन्डेक, वकालत मञ्च, पेसोक र ओरेकले सोही दिन विज्ञप्ति जारी गर्दै आन्दोलन संयमित र मर्यादित बनाउन आह्वान गरे।

नेकपा माओवादीबाट

नेकपा माओवादीले जिल्लाका ४४ गाविस र सामुदायिक वनहरूलाई ०६६ असार २२ गते अनिवार्य चन्दा नदिए कारबाही गर्ने धम्की पत्र पठायो। नेकपा माओवादीका उदयपुर इन्चार्ज अखण्ड विद्रोहीले हस्ताक्षर गरेको पत्रमा ४४ गाविसबाट १ लाख रुपियाँका दरले र २ सय ७६ ओटा सामुदायिक वनबाट २० हजार रुपियाँका दरले चन्दा माग गरिएको थियो।

त्रियुगा नपा-२ स्थित हवाई फिल्डको नाममा रहेको १४ बिघा १६ कट्ठा १६ धुर जग्गा ०६६ कात्तिक १८ गते नेकपा माओवादीले झन्डा गाडेर कब्जा गऱ्यो। उक्त जग्गा दलाल, तस्कर, टाठाबाठा व्यक्तिहरूले बिक्री-वितरण गरेको आरोप लगाउँदै पार्टीले कब्जा गरेको उदयपुर इन्चार्ज अखण्ड विद्रोहीद्वारा विज्ञप्तिमार्फत सार्वजनिक गरियो। यसै गरी माओवादीले त्रियुगा नपा- २ स्थित बसपार्क निर्माणका लागि छुट्याइएको करिब ७ बिघा जग्गा झन्डा गाडेर ०६६ कात्तिक २७ गते कब्जा गरेको दाबी गरे। कब्जापछि विज्ञप्ति जारी गर्दै सो जग्गा बिक्री वितरण

भइरहेको र उजुरी दिँदासमेत स्थानीय प्रशासन मूकदर्शक भएकाले कब्जा गर्नु परेको सार्वजनिक गऱ्यो। यस वर्षको अन्त्यसम्म सो जग्गा नेकपा माओवादीकै कब्जामा छ।

संयुक्त जातीय मुक्ति मोर्चा नेपालबाट

त्रियुगा नपा-२ निवासी ठेकेदार महेश रेग्मी बस्दै आएको वीरबहादुर राईको घरमा ०६६ पुस १५ गते राती संयुक्त जातीय मुक्ति मोर्चा नेपालले सकेट बम विस्फोट गराए। विस्फोटबाट कुनै मानवीय जनधनको क्षति भने भएन। आफूहरूलाई सहयोग नगरेकाले विस्फोट गराएको मोर्चाका खुम्बूवान डिभिजनका सह-इञ्चार्ज अग्निले सार्वजनिक गरे। यसैगरी सोही मोर्चाले ०६६ मङ्सिर १७ गते सदरमुकाम गाईघाटको मुख्य बजारमा राखेको सकेट बम प्रहरी र नन्दा बक्स गणको नेपाली सेनाले निष्क्रिय बनायो।

एकीकृत माओवादीबाट

सप्तरी जिल्ला राजविराज नपा-१ का ६० वर्षीय गजराज तातेडको नाममा दर्ता रहेको उदयपुरको जोगीदह गाविस-६ र सुन्दरपुरमा रहेको करिब ३० बिघा जग्गा ०६६ असार ३ गते एकीकृत माओवादीले विज्ञप्ति जारी गर्दै कब्जा गऱ्यो। पीडितको जोगीदह र सुन्दरपुर गाविसमा रहेको करिब ३० बिघा जग्गा ०६० सालमा कब्जा गरेर एकीकृत माओवादीले आम्दानीसमेत लिँदै आएको थियो। एकीकृत माओवादी उदयपुर ३ नम्बर इलाका सेक्रेटरी निरज पौड्यालले उक्त जग्गा पार्टीले ०६० मा कब्जा गरी सुकुमवासीलाई वितरण गरेको बताए।

एकीकृत माओवादीका कार्यकर्ताले ०६६ पुस ७ गते सरकारी कार्यालय जबरजस्ती बन्द गराउने क्रममा खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय उदयपुरमा तोडफोड गरी सरकारी को.१प. १७३ नम्बरको मोटरसाइकलमा क्षति पुऱ्याए। तोडफोडबाट कार्यालयका एक दर्जन झ्यालका सिसा फुटे। एकीकृत माओवादीले गरेको आमहडतालमा मोटरसाइकल चलाएको भन्दै ०६६ पुस ६ गते बा.३२प. ५८०८, स.१प. ८११९, बा.१५प. ७२३८, बा.१२प. १२८ नम्बरका मोटरसाइकल माओवादीका कार्यकर्ताहरूले गाईघाट र जलजले बजारमा कब्जामा लिई पुस ७ गते बेलुका सम्बन्धित व्यक्तिहरूलाई जिम्मा लगाए।

खम्बूवान डेमोक्रेटिक फ्रन्टबाट

खम्बूवान डेमोक्रेटिक फ्रन्टको केन्द्रीय समितिले ०६५ चैत २७ गतेदेखि प्रस्तावित खम्बूवान क्षेत्रभित्रबाट प्राकृतिक स्रोतसाधन निकासी-पैठारीमा प्रतिबन्ध लगाएको जनाउँदै कसैले निकासी-पैठारी गरे कारबाही गर्ने विज्ञप्तिमार्फत धम्की दियो।

आईएलओ सन्धिको १६९ प्राकृतिक स्रोतमाथि आदिवासीहरूको अग्राधिकार कायम गर्न यस्तो निर्णय लिएको जनाए पनि यस वर्षको अन्त्यसम्म प्राकृतिक स्रोतको निकासी-पैठारी भइरहेको छ।

विगतको अनुगमन

हडिया गाविस-७ कैनियाका ३५ वर्षीय नाथु चौधरी र ५० वर्षीय लगनदेव चौधरीले माओवादी कार्यकर्ताले कुटपिट गरी यातना दिएका बेला भएको उपचारखर्च माग गर्दै जिल्ला प्रशासन कार्यालयमा ०६६ भदौ २५ गते निवेदन दिए। पीडितहरूले ०५९ कात्तिक २५ गते राती आफूहरूलाई घरैबाट अपहरण गरी स्थानीय हडिया बजार घुमाएर बाँसको भाटाले कुटी यातना दिएपछि स्थानीय स्वास्थ्य चौकीमा उपचार गराएको बताए।

१.१४ खोटाङ

जनसङ्ख्या : २,४४,४७०
साक्षरता प्रतिशत : ५०
महिला साक्षरता प्रतिशत : ३९
क्षेत्रफल (वर्ग कि. मि.) : १,५९१
गाविस/नपा सङ्ख्या : ७६/०
सरकारी/निजी विद्यालय : ५७१/७
क्याम्पस/उच्च मा.वि. : १/१५
अस्पताल/स्वास्थ्य चौकी : १/७१
मानव विकास सूचकाङ्कः ०.४४२
प्रतिपरिवार सरदर सङ्ख्याः ५.५५

Final Eastren:Layout 1 2/9/2010 2:05 PM Page 220

जेल र बन्दीहरू

कुल ३० जनाको क्षमता भएको खोटाङ जिल्ला कारागार शाखा 'घ' श्रेणीको हो। हाल यस कारागार शाखामा बन्दी छैनन्। ०६२ असार ५ गते माओवादीले कारागारमा आक्रमण गरेपछि कारागार भवन ध्वस्त भएको हुँदा कारागारको पुन:निर्माण प्रक्रिया सुरु भएकाले बन्दीहरू राख्ने ठाउँको अभावमा बन्दीहरूलाई मोरङ जिल्लाको विराटनगर पठाइने गरिएको छ। बन्दीहरूले आफूहरूलाई कानुनी सल्लाहकार र परिवारसँग भेटघाट गर्न असुविधा भएको भन्दै जिल्लास्थित कारागारमा नै राख्न माग गरेका छन्।

बेपता/अपहरण

किराँत जनवादी वर्कस पार्टीबाट

मौवाबोटे गाविसका सचिव एकराज बञ्जारालेचन्दा नदिएको आरोपमा ०६६ वैशाख १४ गते गाविसमा काम गरिरहेको अवस्थामा उनलाई किराँत जनवादी वर्कस पार्टीका पाँच जना कार्यकर्ताले गाविस कार्यालयबाटै अपहरण गरे। पीडितलाई वर्कसका कार्यकर्ताहरूले गाविसबाट २ लाख रुपियाँ चन्दा माग गर्दै धम्कीसहितको पत्र ०६६ वैशाख १ गते पठाएका थिए। वर्कसको पत्रको बेवास्ता गरी निर्धारित समयमा रकम नदिएको भन्दै उनलाई वर्कस कार्यकर्ताहरूले अपहरण गरेका थिए। पीडितलाई अपहरण गरी लैजाने क्रममा सोही गाविस-९ का केदार राईको घरमा पुऱ्याएपछि सोही ठाउँका स्थानीय बासिन्दाले एक हप्ताभित्रमा सर्वदलीय बैठक बसी वर्कसलाई पैसा दिने/नदिनेबारेमा निर्यण गर्ने भनी त्यसै दिन बेलुकी पीडितलाई मुक्त गराए।

छितापोखरी गाविस-१ का २६ वर्षीय बौवा भन्ने कृष्णबहादुर खड्कालाई पत्नी हत्याको आरोपमा ०६६ साउन २ गते पाँच जनाको समूहमा आएका किराँत जनवादी वर्कस पार्टीका कार्यकर्ताहरूले 'तपाईंसँग केही बुझ्नु छ' भन्दै घरैबाट अपहरण गरे। खड्काले पत्नी मञ्जु खड्काको हत्या गरेको आरोमा बुझ्नका लागि वर्कसले अपहरण गरेको बताए। पीडितलाई वर्कस कार्यकर्ताले कुटपिट गरी घाइते बनाएका थिए। कुटपिटबाट उनको शरीरका विभिन्न भागमा नीलडाम भएको थियो। उनको जिल्ला अस्पताल खोटाङमा उपचार भयो। पीडितलाई मानवअधिकारकर्मीको पहलमा ०६६ साउन ६ गते बाप्लुखा गाविसबाट स्थानीय बासिन्दाको रोहबरमा वर्कस कार्यकर्ताले मुक्त गरे। उनकी पत्नीको ०६६ असार २९ गते झुन्डिएर मृत्यु भएपछि उनलाई प्रहरीले ०६६ असार ३१ गते गिरफ्तार गरी हिरासतमा राखेको थियो। जिल्ला अस्पताल खोटाङले सोही दिन झुन्डिएर आत्महत्या गरेको पोस्टमार्टम रिपोर्ट दिएपछि उनी रिहा भएका थिए।

दिक्तेल गाविस-९ का ६० वर्षीय दाजङ शेर्पालाई श्रमिकलाई कम ज्याला दिएको आरोपमा ०६६ साउन १० गते बेलुकी तालखर्कबाट किराँत जनवादी वर्कस पार्टीका कार्यकर्ताहरूले अपहरण गरे। उनलाई वर्कसले दिक्तेल-खार्मी-पाथेका सडक निर्माण गर्दा श्रमिकलाई कम ज्याला दिएको र डोजरलाई बढी पैसा दिई बाटो निर्माण गरेको आरोपमा अपहरण गरेका थिए। मानवअधिकारकर्मीको पहलमा पीडितलाई ०६६ साउन ११ गते बिहान वर्कस कार्यकर्ताले तालखर्कबाट मुक्त गरे।

धम्की/कुटपिट

एकीकृत माओवादीबाट

सावाकटहरे गाविस-९ का ३५ वर्षीय गणेश कोइराला र सोही ठाउँका ३८ वर्षीय शम्भु पराजुलीलाई गाउँको झैझगडा मिलाउँदा एकीकृत माओवादीलाई नसोधी निर्णय गरेको आरोपमा ०६५ माघ २८ गते एकीकृत माओवादीका जिल्ला सदस्य अनुहाङ किराँतीको नेतृत्वमा आएको सात जनाको समूहले मार्ने धम्की दियो। स्थानीय साबाकटहरे उपस्वास्थ्य चौकीका ग्रामीण स्वास्थ्य कार्यकर्ता भरत साहले सोही गाविसकी एक युवतीसँग अनैतिक सम्बन्ध राख्ने गरेको आरोपमा ०६५ माघ १० गते स्थानीय नागरिकहरूको समूहले साहलाई उक्त युवती जिम्मा लगाउने निर्णय गरेको आरोपमा मार्ने धम्की दिएको पीडितले बताए। एकीकृत माओवादीको धम्कीका कारण पीडितहरू ०६५ माघ २९ गतेदेखि विस्थापित भई एक हप्तासम्म दिक्तेलमा बसे। उनीहरूले सुरक्षाको माग गर्दै जिल्लास्थित राजनीतिक दल, स्थानीय मानवअधिकार संस्था र जिल्ला प्रहरी कार्यालय दिक्तेलमा ०६५ फागुन १ गते मौखिक जानकारी गराएका थिए। उनीहरूलाई स्थानीय प्रशासन, राजनीतिक दल र मानवअधिकारकर्मीको सहयोगमा एकीकृत माओवादीको समूह सोही गाविसमा गई समस्या समाधान गर्ने सहमतिपश्चात् ०६५ फागुन ५ गते गाउँमा पुन:स्थापित गरिएको थियो। माओवादीका जिल्ला इन्चार्ज ध्रुव बुढाथोकीले ०६६ वैशाख ८ गते घटनास्थल पुगी दुवै पक्षबीच मेलमिलाप गराए।

च्यास्मीटार गाविस-५ निवासी च्यास्मीटार माविका निमित प्रधानाध्यापक ४७ वर्षीय दानकुमार राईलाई शिक्षक छनोट गर्दा अनियमितता गरेको

Final Eastren:Layout 1 2/9/2010 2:05 PM Page 221

घटनाको प्रकार	गैर राज्यबाट							
	अन्यबाट					एकीकृत माओवादीबाट		
	घटना सङ्ख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना सङ्ख्या	पुरुष	जम्मा
हत्या	३	१	२		३			
कुटपिट	४	१०			१०			
धम्की	१६	१६			१६	२	३	३
महिलाअधिकार	२		२		२			
बालअधिकार	६		६		६			
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार	३	३		१	४			
अपहरण	३	३			३			
जम्मा	३७	३३	१०	१	४४	२	३	३

आरोपमा ०६५ फागुन १२ गते एकीकृत माओवादीका जिल्ला सदस्य जीवन राई, लक्ष्मण राई र इन्द्रबहादुर राईको समूहले मार्ने धम्की दियो। सोही विद्यालयमा आवश्यक गणित विषयको शिक्षक पदको छनोट गर्दा एकीकृत माओवादीले सिफारिस गरेको शिक्षकका उम्मेदवार टेकेन्द्र राईलाई छनोट नगरेको आरोपमा आफूलाई मार्ने धम्की दिएको पीडितले बताए। उनले सुरक्षाको माग गर्दै ०६५ फागुन १३ गते विज्ञप्ति प्रकाशन गरी जीवनरक्षाको पहल गरिदिन आग्रह गरे। पीडितले ०६५ फागुन १३ गते जिल्ला सदरमुकाम दिक्तेलमा पत्रकार सम्मेलन गरी सरकारले आफ्नो सुरक्षाको प्रत्याभूति नगरेसम्म विद्यालय नफर्कने जनाएका थिए। एकीकृत माओवादीका जिल्ला इन्चार्ज धीरेन बुढाथोकीले घटनाको छानबिन गरी कारबाही गर्ने प्रतिबद्धता जनाएपछि ०६५ फागुन २० गते पीडित विद्यालयमा हाजिर भए।

किराँत जनवादी वर्कस पार्टीबाट

मातिम गाविस-७ निवासी सुन्तले गाविसका सचिव ३८ वर्षीय ढुण्डिराज दुलाललाई चन्दा नदिएको आरोपमा ०६६ वैशाख २० गते किराँत जनवादी वर्कस पार्टीका कार्यकर्ताहरूले भौतिक कारबाही गर्ने धम्की दिए। वर्कस कार्यकर्ताले सङ्गठन विस्तारका लागि २ लाख रुपियाँ ०६६ जेठ ५ गतेसम्ममा वर्कसलाई नबुझाए सचिवको घरमै गई भौतिक कारबाही गर्ने लिखित धम्की दिएका थिए। पीडितले सुरक्षाको माग गर्दै ०६६ वैशाख २७ गते जिल्ला विकास समिति खोटाङमा मौखिक जानकारी गराएको बताए। उनले सुरक्षा नभएसम्म गाविसमा नजाने जनाए। पीडितले सुरक्षाका लागि पहल गर्न जिल्लास्थित मानवअधिकार संस्थाहरूसँग ०६६ वैशाख २७ गते मौखिक अनुरोध गरे। पीडितको ०६६ असारमा सप्तरी जिल्लामा सरुवा भयो।

मोरङ जिल्ला निवासी दिप्लुङ गाविस सचिव राम घिमिरेलाई चन्दा नदिएको आरोपमा ०६६ जेठ ७ गते किराँत जनवादी वर्कस पार्टीका कार्यकर्ताहरूले ०६६ जेठ ७ गते टेलिफोन गरी भौतिक कारबाही गर्ने धम्की दिए। वर्कस कार्यकर्ता विजयले टेलिफोन गरी 'भैंसी बेचेर भए पनि चन्दा दिनुपर्ने, नत्र घरजग्गा कब्जा गर्न पार्टी बाध्य हुने' भन्दै धम्की दिएका थिए। वर्कसले सो गाविसबाट ०६६ जेठ ६ गतेसम्ममा बिनासर्त २ लाख रुपियाँ चन्दा माग गर्दै जेठ १ गते गाविस कार्यालयमा पत्राचार गरेको थियो। पीडितले आफू असुरक्षित भएको भन्दै ०६६ जेठ ८ गते जिविस खोटाङमा मौखिक जानकारी गराए पनि जिविसले बेवास्ता गरेको जनाए। सो धम्कीपश्चात् पीडितको झापा जिल्लामा सरुवा भयो।

लिच्की राम्चे गाविस-९ निवासी सोही गाविसका सचिव नेत्रराज कार्कीलाई चन्दा नदिएको आरोपमा ०६६ जेठ ८ गते किराँत जनवादी वर्कस पार्टीका कार्यकर्ताहरूले भौतिक कारबाही गर्ने धम्की दिए। वर्कसका दक्षिणी इन्चार्ज विजयले पत्र पठाइ उक्त रकम माग गरेका थिए। उनले सो पत्रमा 'वर्कसको सङ्गठन विस्तारका लागि पैसा आवश्यक भएकाले बिनासर्त जेठ २० गते भित्रमा २ लाख रुपियाँ चन्दा नदिए सचिवको घरजग्गा कब्जा गरिने' उल्लेख गरेका थिए। पीडितले यस वर्षको अन्त्यसम्म चन्दा नदिएको बताए।

Final Eastren:Layout 1 2/9/2010 2:05 PM Page 222

मोरङ जिल्ला निवासी बोपुङ गाविस सचिव शङ्कर तिमल्सेनालाई चन्दा नदिएको आरोपमा ०६६ जेठ २९ गते किराँत जनवादी वर्कस पार्टीका कार्यकर्ताहरूले भौतिक कारबाही गर्ने धम्की दिए। वर्कसका जिल्ला इन्चार्ज विजयले पत्र पठाइ उक्त रकम माग गरेका थिए। उनले सो पत्रमा 'वर्कसको सङ्गठन विस्तारका लागि पैसा आवश्यक भएकाले विनासर्त असार ५ गतेभित्र २ लाख रुपियाँ चन्दा नदिए सचिवको घरजग्गा कब्जा गरिने' उल्लेख गरेको पीडितले बताए।

विजयखर्क गाविस-७ निवासी सो गाविसका सचिव केदारनाथ खनाललाई चन्दा नदिएको आरोपमा ०६६ असार २९ गते किराँत जनवादी वर्कस पार्टीका कार्यकर्ताले भौतिक कारबाही गर्ने धम्की दिए। वर्कसका जिल्ला कोषाध्यक्ष परिवर्तनसहितको समूहले ०६६ असार २९ गते बेलुकी ९ बजे टेलिफोन गरी धम्की दिएको थियो। पीडितलाई वर्कसले ०६६ असार २० गते गाविसको कार्यालयबाट २ लाख रुपियाँ चन्दा माग गर्दै धम्कीसहितको पत्र पठाएको थियो। गाउँपरिषद्ले नै बजेट विनियोजन गरिसकेकाले चन्दा दिन नसक्ने बताएपछि सो समूहले ०६६ असार २५ गते सचिवको घरमै गई पुन: चन्दा माग गरेको थियो। सचिवले असार २६ गते गाविसमा सर्वदलीय बैठक बोलाइ वर्कस कार्यकर्ता र अन्य राजनीतिक दलका कार्यकर्ताबीच सामूहिक छलफल गराइरहेका बेला प्रहरीको गस्ती टोली सो ठाउँमा पुगेपछि वर्कस कार्यकर्ताहरू भागेका थिए। आफूलाई गिरफ्तार गर्न प्रहरीलाई खबर गरेको आरोपमा सचिव खनाललाई वर्कस कार्यकर्ताले कारबाही गर्ने धम्की दिए। प्रहरीले पीडितलाई सुरक्षाको प्रत्याभूति गराउने प्रतिबद्धता जनाएपछि सोही दिन गाविस फर्किए।

किराँत जनवादी वर्कस पार्टीद्वारा अपहरणपछि कुटपिट गरी घाइते बनाइएका कृष्णबहादुर खड्का

खाल्ले गाविस निवासी नुनथला गाविसका सचिव २९ वर्षीय भेषराज खत्रीलाई चन्दा नदिएको आरोपमा ०६६ साउन ६ गते किराँत जनवादी वर्कस पार्टीका कार्यकर्ताले भौतिक कारबाही गर्ने धम्की दिए। वर्कसले पीडितलाई ०६६ असार २८ गते पत्र लेखी ०६६ साउन ५ गतेभित्र १ लाख रुपियाँ चन्दा बिनासर्त वर्कसलाई उपलब्ध गराउन भन्दै धम्कीसहितको पत्र पठाएका थिए। पीडितले यस वर्षको अन्त्यसम्म चन्दा नदिएको बताए।

बडका दियाले गाविस-५ निवासी इन्द्रेणी पोखरी गाविसका सचिव ३५ वर्षीय लक्ष्मी गेलाललाई चन्दा नदिएको आरोपमा ०६६ साउन ६ गते किराँत जनवादी वर्कस पार्टीका कार्यकर्ताहरूले भौतिक कारबाही गर्ने धम्की दिए। पीडितलाई वर्कस कार्यकर्ताले ०६६ असार २८ गते पत्र लेखी ०६६ साउन ५ गतेभित्र वर्कसलाई १ लाख रुपियाँ चन्दा दिनुपर्ने, सो समयमा चन्दा नदिए भौतिक कारबाही गर्ने धम्की दिएको पीडितले बताए। पीडितले चन्दा नदिएको भन्दै वर्कस कार्यकर्ताले सोही दिन गाविस कार्यालयमा आगजनीसमेत गरेका थिए।

जलेश्वरी गाविस-३ निवासी महेश्वरी गाविस-२ मा व्यापार गर्दै आएका २९ वर्षीय मानबहादुर खत्रीलाई चन्दा नदिएको आरोपमा ०६६ भदौ १२ गते बेलुकी सशस्त्र हतियारसहित पाँच जनाको सङ्ख्यामा आएका वर्कस कार्यकर्ताले कुटपिट गरे। पीडितसँग वर्कस कार्यकर्ताले ५० हजार रुपियाँ चन्दा माग गरेका थिए। सो समूहले घटना सार्वजनिक गरे भौतिक कारबाही गर्ने धम्की दिएको पीडितले जनाए। पीडितले वर्कसको त्रासका कारण यस वर्षको अन्त्यसम्म कुनै निकायमा उजुरी गरेनन्।

जलेश्वरी गाविस-३ का ३५ वर्षीय थुमबहादुर खत्रीलाई चन्दा नदिएको आरोपमा ०६६ भदौ १३ गते राती घरमा सुतिरहेको समयमा पाँच जनाको सङ्ख्यामा आएका किराँत जनवादी वर्कस पार्टीका कार्यकर्ताले कुटपिट गरी घाइते बनाए। कुटपिटबाट पीडितको शरीरमा नीलडाम र चोट लागेको थियो। पीडितको ०६६ भदौ १५ गते सोलुखुम्बु जिल्लास्थित जुबु उपस्वास्थ्य चौकीमा उपचार भयो। वर्कसका केन्द्रीय सदस्य सन्देशले वर्कसका सगरमाथा इन्चार्ज क्रान्तिलालसहितको समूहले चन्दा सङ्कलन गरिरहेको समयमा मुखमा पट्टी बाँधेर आएका थुमबहादुरसहितको समूहले आफ्ना कार्यकर्तामाथि आक्रमण गरेपछि त्यसको प्रतिकार गर्दा खत्रीलाई कुटेको बताए।

पौवासेरा गाविस-५ निवासी नेपाल तरुण दलका जिल्ला सदस्य ३५ वर्षीय बालकृष्ण राउतलाई ०६६ भदौ १३ गते किराँत जनवादी वर्कस पार्टीका कार्यकर्ताहरूले एक हप्ताभित्र १ लाख रुपियाँ चन्दा नदिए भौतिक कारबाही गर्ने लिखित धम्की दिए। आफ्ना कार्यकर्तालाई धम्की दिएको भन्दै काङ्ग्रेसले ०६६ भदौ १३ गते विज्ञप्ति प्रकाशन गरी सो घटनाको भर्त्सना गऱ्यो। पीडितको धम्कीसम्बन्धी समाचार इन्सेक अनलाइनमा प्रकाशित भएपछि वर्कस कार्यकर्ता चन्दा माग्न नआएको पीडितले बताए।

Final Eastren:Layout 1 2/9/2010 2:05 PM Page 223

मोरङ जिल्ला निवासी सिम्ले निमावि जलेश्वरीका प्रधानाध्यापक ३८ वर्षीय निरकुमार कटेललाई चन्दा नदिएको आरोपमा ०६६ भदौ २० गते किराँत जनवादी वर्कस पार्टीका कार्यकर्ताले भौतिक कारवाही गर्ने धम्की दिए। वर्कसका सगरमाथा इन्चार्ज बताउने टौलक राई क्रान्तिलालले एक महिनाको तलब ०६६ असोज २ गतेसम्म दिनुपर्ने भन्दै ०६६ भदौ २० गते विद्यालयमै भेटी मौखिक जानकारी गराएका थिए। उनले असोज २ गते टेलिफोन गरी आफ्नो टोली २ गतेदेखि बदलिन लागेको र पार्टीलाई चन्दा नदिएकाले तपाईंलाई पार्टीले कारवाही गरे पार्टीले जिम्मा नलिने भएकाले अब विद्यालयसमेत नआउनु भन्दै धम्की दिएको पीडितले बताए। धम्कीका कारण पीडित एक महिना जिल्ला सदरमुकाम बसी ०६६ कात्तिक ४ गते विद्यालय फर्के। पीडितले यस वर्षको अन्त्यसम्म चन्दा दिएनन्।

मातिम गाविस-३ का ५३ वर्षीय तुलबहादुर खड्कालाई चन्दा नदिएको आरोपमा ०६६ असोज २४ गते किराँत जनवादी वर्कस पार्टीका कार्यकर्ताले ५० हजार चन्दा माग गर्दै भौतिक कारबाही गर्ने धम्की दिए। वर्कसका कार्यकर्ता प्रशान्त नाम बताउने उनले एक हप्ताभित्र सो रकम पार्टीलाई नबुझाए भौतिक कारवाही गर्ने धम्की दिएको पीडितले बताए। पीडितसँग सोही व्यक्तिले एक महिनाअघि पनि कैलाश नाम बताउँदै चन्दा माग गरेका थिए। उनले पार्टीको नामबाट ५० हजार रुपियाँ चन्दा माग गरेको पत्रसमेत पीडितलाई बुझाएका थिए। पीडितले धम्कीका बाबजुद चन्दा दिएनन्।



अनेरास्ववियु (क्रान्तिकारी) को कुटपिटबाट घाइते भएका दीपक ठटाल

विजयखर्क गाविस-६ निवासी धितुङ गाविस सचिव ३० वर्षीय टीका कटवाललाई चन्दा नदिएको आरोपमा ०६६ पुस ५ गते किराँत जनवादी वर्कस पार्टीका कार्यकर्ताले भौतिक कारबाही गर्ने धम्की दिए। नाम नबताउने किराँत जनवादी वर्कस पार्टीका कार्यकर्ताको सो समूहले टेलिफोन गरी १ लाख रुपियाँ चन्दा वर्कसलाई गाउँपरिषद्बाट नछुट्याउने भए गाविस नआउन भन्दै धम्की दिएको पीडितले बताए। उनलाई वर्कस कार्यकर्ताले 'चन्दाबापत रकम नदिए अर्को सचिवले काम गर्छ, तपाईं नआउनू' भन्दै धम्की दिएको पीडितले बताए। स्थानीय विकास अधिकारी वसन्तकुमार भण्डारीले सो घटनाका बारेमा सुरक्षा समितिको बैठकमा छलफल गर्ने जनाए।

अनेरास्ववियु (क्रान्तिकारी)बाट

कुभिन्डे गाविस-१ निवासी दिक्तेल क्याम्पसमा अध्यनरत अनेरास्ववियुका जिल्ला कोषाध्यक्ष दीपक ठटाल, सदस्यहरू लफ्याङ गाविस निवासी २० वर्षीय शम्भु घिमिरे, अर्खौले गाविस-५ निवासी २२ वर्षीय प्रदीप श्रेष्ठ र दोर्पा-२ निवासी २१ वर्षीय डीबी राईलाई अनेरास्ववियु (क्रान्तिकारी) समर्थक विद्यार्थीको किताब चोरेको आरोपमा ०६५ माघ २७ गते दिक्तेल क्याम्पसमा अध्यन गरेर फर्कने क्रममा अनेरास्ववियु (क्रान्तिकारी)का जिल्ला अध्यक्ष लिच्कीरामचे गाविसका दीपक ढकाल, जिल्ला सदस्य चिउरीडाँडा गाविसका तेजकुमार श्रेष्ठ, डुम्रेधारापानी गाविसका गणेश घिमिरेको समूहले कुटपिट गऱ्यो। कुटपिटबाट अनेरास्ववियुका जिल्ला कोषाध्यक्ष दीपक ठटाल घाइते भए। जिल्ला अस्पताल खोटाङमा उपचार भई ०६५ माघ २९ गते उनी घर फर्के। अनेरास्ववियुले वाईसीएलका कार्यकर्ताहरू हतियारसहित क्याम्पसभित्र प्रवेश गरी बिनाकारण कुटपिट गरेको बताए पनि अनेरास्ववियु (क्रान्तिकारी)का जिल्ला अध्यक्ष ढकालले विद्यार्थीको आन्तरिक विषयमा छलफल हुँदाहुँदै झडप भएको बताए। उनले वाईसीएल कार्यकर्ताहरू हतियारसहित क्याम्पस हातामा प्रवेश नगरेको पनि बताए।

नेविसङ्घबाट

चिसापानी गाविस-८ निवासी *हलेसी एफएम*का महाप्रबन्धक ३५ वर्षीय महेन्द्रकुमार कटवाल, सोही एफएमका स्टेसन म्यानेजर चिसापानी गाविस-४ का खेमबहादुर खड्का, कार्यक्रम प्रस्तोता हलेसी महादेवस्थान गाविसका टिवन राई, डुम्रेधारापानी गाविस-८ का दीपेन्द्र अधिकारी, मातिम गाविस-५ का सन्तोष भट्टराईलाई नेविसङ्घका जिल्ला अध्यक्ष दिनेशकुमार घिमिरेको नाम एफएमले कर्मचारी छनोट गर्दा समावेश नगरेको आरोपमा ०६५ चैत २७ गते नेविसङ्घका जिल्ला उपाध्यक्ष लफ्याङ गाविसका निर्मल राई, सचिव दोर्पाचिउरीडाँडा गाविसका अशोक राईसहित करिब १२ जनाको समूहले दिक्तेलमा रहेको एफएमको कार्यालयभित्र प्रवेश गरी कुटपिट गऱ्यो। कुटपिटबाट स्टेसन म्यानेजर खड्काको टाउकोमा गम्भीर चोट लागेको थियो। उनको जिल्ला अस्पताल खोटाङमा उपचार भयो। एफएमले असुरक्षाको कारण

Final Eastren:Layout 1 2/9/2010 2:05 PM Page 224

देखाइ तीन दिनसम्म कार्यक्रम सञ्चालन बन्द गऱ्यो। पीडितहरूले सुरक्षाको माग गर्दै ०६६ वैशाख १ गते जिल्ला प्रहरी कार्यालय खोटाङमा उजुरी दर्ता गरे पनि राजनीतिक सहमतिमा आइन्दा त्यस्ता घटना नदोहोऱ्याउने सर्तमा सोही दिन मिलापत्र भयो। पीडक पक्षलाई कानुनी कारबाही भएन।

नेकपा माओवादीबाट

खार्पा गाविस-७ निवासी भाषा निमावि खार्पाका प्रधानाध्यापक ४८ वर्षीय रामप्रसाद पोखरेललाई चन्दा नदिएको आरोपमा ०६६ असार ५ गते नेकपा माओवादीका कार्यकर्ताले भौतिक कारबाही गर्ने धम्की दिए। नेकपा माओवादीका जिल्ला संयोजक जोखिमले पीडतसँग ८० हजार रुपियाँ चन्दा माग गरेका थिए। उक्त पत्रमा एकीकृत माओवादीले क्रान्तिलाई रोकेकाले क्रान्तिलाई निरन्तर अगाडि बढाउन रकमको आवश्यकता भएकाले बिनासर्त ०६६ असार २७ गतेसम्म उक्त रकम पार्टीमा उपलब्ध गराउन माग गरेका थिए। सो समूहले निर्धारित समयमा उक्त रकम नबुझाए भौतिक कारबाही गर्ने भन्दै धम्की दिएको पीडितले बताए। पीडितले ०६६ असार १४ गते जिल्ला प्रहरी, जिल्ला प्रशासन, राष्ट्रिय मानवअधिकार आयोग, इन्सेक, स्थानीय शान्ति समिति खोटाङलगायतका संस्थाहरूमा सुरक्षाको प्रत्याभूति दिलाउन माग गर्दै निवेदन दिए। जिल्ला प्रशासन कार्यालय, खोटाङले ०६६ असार १५ गते सर्वदलीय बैठक बोलाइ पीडितलाई चन्दा नदिन र नागरिकको सुरक्षाका लागि सुरक्षाकर्मी परिचालन गरिने निर्णय गऱ्यो।

खार्पा गाविस-९ का ५० वर्षीय पहलमान मगरलाई ऐलानी जग्गा कब्जा गरेको आरोपमा ०६६ असार १८ गते नेकपा माओवादीका कार्यकर्ताले एक पत्र पठाइ १ लाख रुपियाँ चन्दा नदिए भौतिक कारबाही गर्ने लिखित धम्की दिए। अपिल राई नाम बताउने कार्यकर्ताले सो रकम पार्टीलाई नबुझाए विस्थापित गर्ने धम्की दिएका थिए। पीडितबाट सो समूहले ०६६ असार २० गते १० हजार रुपियाँसमेत लगेको थियो। बाँकी रहेको ९० हजार रुपियाँ पीडितबाट किस्ताबन्दीमा लैजाने जनाएपछि पीडितले जिल्लास्थित स्थानीय प्रशासन र मानवअधिकार संस्थामा आफूलाई सहज रुपले गाउँमा बस्ने वातावरण मिलाइदिन माग गर्दै लिखित निवेदन गरेका थिए। सरकारको विशेष सुरक्षा योजना कार्यक्रम लागू भएपछि उनी यस वर्षको अन्त्यसम्म गाउँमै बसेका छन्।

च्यास्मीटार गाविसस्थित च्यास्मीटार उमाविका प्रधानाध्यापक ३५ वर्षीय धर्मेन्द्र न्यौपानेलाई ०६६ पुस २ गते पत्र पठाइ नेकपा माओवादीले चन्दा माग गऱ्यो। जिल्ला सदस्य सुदीपद्वारा हस्ताक्षरित सो पत्रमा क्रान्तिलाई निष्कर्षमा पुऱ्याउन रकमको अभाव भएकाले अनिवार्य सहयोग गर्न माग गरेको पीडितले बताए। सोही मितिमा पुन:गठित नेकपा माओवादीले जिल्लाभरिका शिक्षण संस्थामा पत्राचार गरी सबैसँग चन्दा माग गरेको जनायो। केन्द्रीय सदस्य रत्न राईले माओवादी आन्दोलनलाई निकास दिन शिक्षक र कर्मचारीसँग चन्दा मागेको बताए।

सावाकटहरे गाविस-९ का डम्बर्खु शिवालय गाविसका सचिव गोविन्द पराजुलीलाई चन्दा नदिएको आरोपमा ०६६ पुस १० गते धम्की दिए। नेकपा माओवादीका जिल्ला इन्चार्ज जोखिमले पत्र लेखी चन्दा नदिए भौतिक कारबाही गर्ने धम्की दिएको पीडितले जनाए। सो समूहले पत्रमा पार्टीलाई चन्दा नदिएमा र पार्टीले कारबाही गरे त्यसको जिम्मा आफैँ हुनुपर्ने उल्लेख गरेको पीडितले बताए। जिल्ला प्रहरी कार्यालयका डीएसपी रूपम लामाले मातृका समूहले चन्दा सङ्कलन कार्यलाई तीव्र बनाएको हल्ला भए पनि सोसम्बन्धी आधिकारिक जानकारी नआएको बताए। पीडितले धम्कीबारे कतै उजुरी गरेनन्।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष खोटाङ जिल्ला अदालतमा दुनियाँवादी फौजदारी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका २५ थान मुद्दामध्ये २५ थान नै फर्स्यौट भए भने यस वर्ष दर्ता भएका ४४ थान मुद्दामध्ये १९ थान फर्स्यौट भए। यस वर्षको अन्त्यसम्म दुनियाँवादी फौजदारी मुद्दातर्फ २५ थान फर्स्यौट हुन बाँकी रहे।

सरकारी फौजदारी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका १७ थान मुद्दामध्ये १६ थान फर्स्यौट भए भने यस वर्षको अन्त्यसम्म एक थान फर्स्यौट हुन बाँकी रह्यो। यस वर्ष दर्ता भएका १० थान मुद्दामध्ये दुई थान फर्स्यौट भए भने आठ थान बाँकी रहे।

यसैगरी, देवानीतर्फ गत वर्षको जिम्मेवारी सरेर आएका ३४ थानमध्ये ३४ थान नै फर्स्यौट भए भने यस वर्ष दर्ता भएका ३० थान मुद्दामध्ये १० थान फर्स्यौट भए। फर्स्यौट हुन बाँकी २० थान रहे। यस वर्षको अन्त्यसम्म दुनियाँवादी फौजदारी, सरकारी फौजदारी, दुनियाँवादी देवानी मुद्दासमेत गरी यस वर्षको अन्त्यसम्म जम्मा ५४ थान मुद्दा फर्स्यौट हुन बाँकी रहे।

Final Eastren:Layout 1 2/9/2010 2:05 PM Page 225

बालअधिकार

जिल्ला शिक्षा कार्यालय खोटाङका अनुसार खोटाङ जिल्लामा विद्यालय जाने उमेरका बालबालिकाको सङ्ख्या ७६ हजार ४ सय ७ जना रहेको छ। जम्मा छात्राको सङ्ख्या ३९ हजार ९ सय ८१ छ। जसमध्ये ११ हजार ६० जना दलित रहेका छन्।

लिच्की राम्चे गाविस-४ का १७ वर्षीया एक बालिकालाई सोही गाविस-९ निवासी २२ वर्षीय जुनेश बस्नेतले ०६५ चैत ४ गते बलात्कार प्रयास गरेको भन्दै ०६५ चैत ५ गते प्रहरी चौकी सिम्पानीमा पीडितले उजुरी दिइन्। आरोपितलाई यस वर्षको अन्त्यसम्म प्रहरीले गिरफ्तार गर्न सकेन।

चिउरीडाँडा गाविस-१ की १६ वर्षीया बालिकालाई जङ्गलमा गाईगोठालो गरिरहेको समयमा ०६६ वैशाख २६ गते सोही ठाउँका २० वर्षीय कर्णकल राई र १९ वर्षीय गजेन्द्र राईले बलात्कार गरेको भनी पीडितले ०६६ जेठ २ गते जिल्ला प्रहरी कार्यालय खोटाङमा उजुरी दर्ता गरिन्। आरोपितहरू फरार भएको भन्दै प्रहरीले जिल्ला अदालत खोटाङमा मुद्दा दर्ता गरे पनि यस वर्षको अन्त्यसम्म आरोपितलाई प्रहरीले गिरफ्तार गरेको छैन।

खाल्ले गाविस-१ का १२ वर्षीया बालिकालाई ०६६ वैशाख २६ गते सोही गाविस-१ निवासी १८ वर्षीय हर्क भन्ने विष्णु कटवालले बलात्कार गरेको भन्दै पीडितका परिवारले ०६६ वैशाख २७ गते जिल्ला प्रहरी कार्यालय खोटाङमा उजुरी दर्ता गरे। प्रहरीले ०६६ वैशाख २८ गते जिल्ला अदालत खोटाङमा मुद्दा दर्ता गरे पनि प्रहरीले आरोपितलाई यस वर्षको अन्त्यसम्म गिरफ्तार गरेको छैन।

दिप्सुङ गाविस-९ की १५ वर्षीया बालिकालाई सोही गाविस-८ का २० वर्षीय अर्जुन राई र सोही गाविस-३ का १९ वर्षीय दिनेश भनिने मनोज राईले ०६६ असार १३ गते सामूहिक बलात्कार गरेको भन्दै पीडितले ०६६ असार १७ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी गरिन्। आरोपितलाई ०६६ असार २२ गते प्रहरीले गिरफ्तार गरी जिल्ला अदालत खोटाङमा मुद्दा दर्ता गरेको जिल्ला प्रहरी कार्यालयका सई भोजबहादुर रखालले बताए।

बाझेच्यानडाँडा गाविस-१ निवासी राधाकृष्ण मावि बाझेच्यानडाँडाका विद्यार्थी १२ वर्षीय कविराज राई ०६६ भदौ १९ गते मृत अवस्थामा घरनजिकैको जङ्गलमा फेला परे। उनी ०६६ भदौ १७ गते विद्यालयबाट घर फर्कने क्रममा बेपत्ता भएका थिए। उनको टाउको, हात र खुट्टा काटेर फालिएको अवस्थामा लास फेला पारेको मृतकका बुबा बाबुराम राईले बताए। पीडितका बुबाले दोषी पत्ता लगाइ कारबाही गर्न माग गर्दै ०६६ भदौ २१ गते जिल्ला प्रहरी कार्यालयमा लिखित उजुरी गरे। मृतक राधाकृष्ण मावि बाझेच्यानडाँडामा कक्षा ६ मा अध्यनरत थिए। हत्या कसले र किन गरेको भन्नेबारे यस वर्षको अन्त्यसम्म खुल्न सकेको छैन।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

भूमिअधिकार मञ्च खोटाङका अनुसार खोटाङ जिल्लामा १ सय ४३ परिवारका ३ सय १९ महिला र ३ सय ६१ पुरुष गरी जम्मा ६ सय ८० जना भूमिहीन रहेका छन्। उनीहरूले जग्गा उपलब्ध गराउन माग गर्दै जिल्ला विकास समिति, जिल्ला प्रशासन कार्यालयलगायतका सरकारी निकायमा कैयौँपटक ज्ञापनपत्र बुझाए पनि आफूहरूले जग्गा नपाएको गुनासो गरे।

संरचना, सम्पत्ति क्षति

किराँत जनवादी वर्कसबाट

किराँत जनवादी वर्कस पार्टीको एक समूहले ०६६ साउन ५ गते इन्द्रेणी पोखरी गाविस कार्यालयमा आगजनी गऱ्यो। वर्कस कार्यकर्ताले कार्यालयमा अगजनी गरेपछि सो कार्यालयका झ्याल, ढोका, फर्निचर, कागजपत्र जलेर नष्ट भए। वर्कसका केन्द्रीय सदस्य बिजुली खम्बूले विज्ञप्ति प्रकाशन गरी बाहुनहरूले एकलौटी शासन सञ्चालन गरेको तथा वर्कसलाई चन्दा नदिएका कारण गाविस कार्यालयमा आगजनी गरेको जनाए।

विस्थापित

किराँत जनवादी वर्कस पार्टीबाट

जलेश्वरी गाविस-३ का २९ वर्षीय मानबहादुर खत्रीलाई चन्दा नदिएको आरोपमा ०६६ भदौ २८ गते किराँत जनवादी वर्कस पार्टीका कार्यकर्ताले भौतिक कारबाही गर्ने धम्की दिए। वर्कसको धम्कीका कारण पीडित ०६६ भदौ २८ गतेदेखि विस्थापित भए। पीडितलाई ०६६ भदौ १३ गते वर्कस कार्यकर्ताले भेटी भदौ २८ गतेसम्म पार्टीलाई १ लाख रुपियाँ चन्दा नदिए गाउँ छोडनुपर्ने, नत्र भौतिक कारबाही गर्ने धम्की दिएपछि उनी विस्थापित भएका थिए। पीडितले इलाका प्रहरी कार्यालय, ऐसेलुखर्कमा जानकारी गराउँदा प्रहरीले बेवास्ता गरेको जनाए। सो इलाकाका सई चन्द्रभूषण

Final Eastren:Layout 1 2/9/2010 2:05 PM Page 226

एकीकृत माओवादीद्वारा किराँत गणराज्य घोषणा गर्न निकालिएको जुलुसमा प्रयोग गरिएका बालबालिकाहरू

खातीले पीडितले गाउँमा शोषण-दमन गरी गाउँलेलाई दु:ख दिएका कारण वर्कसको समूहले कारवाही गर्दासमेत प्रहरीले बेवास्ता गरेको र सुरक्षा नदिएको बताए। उनले मानवअधिकारकर्मीलाई समेत आफ्नो कार्यमा सहयोग गर्न आग्रह गरे। इन्सेक प्रतिनिधिले सो घटनाका सम्बन्धमा जिल्ला प्रहरी कार्यालयका डीएसपी रूपम लामा, प्रमुख जिल्ला अधिकारी रामप्रसाद घिमिरेसँग छलफल गर्दा दोषी प्रहरीमाथि कारबाहीका लागि इन्स्पेक्टर कृष्णप्रसाद शर्माको नेतृत्वमा छानबिन टोली गठन गरिएको थियो। टोलीले सो घटनामा सई खाती संलग्न भएको प्रतिवेदन ०६६ भदौ ३१ गते जिल्ला प्रहरी कार्यालयमा बुझाएपछि सई खातीको सोही दिन सर्लाही जिल्ला अर्न्तगत इलाका प्रहरी कार्यालय गढैयामा सरुवा गरियो। इन्सेक खोटाङ प्रतिनिधिसँग ०६६ असोज १८ गते पुन: भएको छलफलमा प्रमुख जिल्ला अधिकारी केशवराज आचार्यले घटनामा संलग्न दोषीलाई कानुनी कारबाहीका लागि क्षेत्र र अञ्चलमा सिफारिस गर्ने प्रतिबद्धता जनाए पनि उनलाई कानुनी कारबाही भएन। पीडितलाई इन्सेक प्रतिनिधिको पहलमा ०६६ कात्तिक २८ गते छलफल गरी प्रशासनले पीडितलाई सुरक्षा प्रदान गर्ने प्रतिबद्धता जनाएपछि ०६६ कात्तिक १२ गते उनी पुन:स्थापित भए।

नेकपा माओवादीबाट

दुर्छिम गाविस-५ निवासी काशीराज राईको एक घर जग्गाशोषकी र सामन्तीको आरोपमा ०६६ पुस ५ गते नेकपा माओवादीका कार्यकर्ताले ताला लगाई कब्जा गरे। सो समूहले राईको सोही गाविसमा रहेको १० पाथी बीउ लाग्ने करिब सात रोपनी खेत पनि कब्जा भएको जनाए। राईले स्थानीयबासीलाई शोषण गरेको भन्दै सामन्तीको आरोप लगाई माओवादीले जग्गा र घर कब्जा गरेको जनाएको हो। आफ्ना बाबुको मृत्यु भइसक्दा समेत सामन्तीको आरोप लगाई घरजग्गा कब्जा भएको पीडितका छोरा प्रेम राईले बताए। यस वर्षको अन्त्यसम्म सो जग्गा नेकपा माओवादीको कब्जामा छ।

खार्पा गाविस-२ का ५० वर्षीय पहलमान मगरको राखा खोलामा रहेको १० पाथी बीउ लाग्ने ७ रोपनी खेत ०६६ पुस ६ गते नेकपा माओवादीका कार्यकर्ताले कब्जा गरे। पीडितले सार्वजनिक जग्गा अतिक्रमण गरी निजी बनाएको आरोपमा सो जग्गा कब्जा गरेको नेकपा माओवादीका केन्द्रीय सदस्य रत्न राईले बताए। उनले जनताको आग्रहमा जग्गा कब्जा गरेको र सो जग्गा भूमिहीनलाई वितरण गर्ने बताए। यस वर्षको अन्त्यसम्म सो जग्गा कब्जामा छ।

नेकपा माओवादीले ०६६ पुस ६ गते हलेसी महादेवस्थान धार्मिक गुठीको करिब १ सय बिघा जग्गा कब्जा गऱ्यो। नेकपा माओवादीका जिल्ला सदस्य सुदीपले पार्टीले हलेसी महादेवस्थान गुठीको नाममा रहेको दुर्छिम गाविसको लुभुखहरे, सल्ले गाविसको महादेव बेसी, राजापानी गाविसको साप्सु र लैकु खोलामा रहेको १ सय बिघा जग्गा कब्जा गरेको जनाए। हलेसी विकास समितिका अध्यक्ष फटिक श्रेष्ठले सो जग्गा कब्जा गरेको सम्बन्धमा मौखिक जानकारी भए पनि लिखित जानकारी नभएको बताए। यस वर्षको अन्त्यसम्म सो जग्गा नेकपा माओवादीको कब्जामा छ।

स्वास्थ्य सेवाको अवस्था

जिल्ला अस्पताल खोटाङका अनुसार खोटाङ जिल्ला अस्पतालमा चार जना वरिष्ठ मेडिकल अधिकृतको दरबन्दी भए पनि जिल्लामा दुई जना डाक्टर कार्यरत छन्। जिल्लामा ७९ जना अहेवको दरबन्दीमा ७४ पदपूर्ति भएको छ। १५ जना अनमिको दरबन्दीमा १४ जना कार्यरत छन् भने १ दरबन्दी खाली रहेको छ। ६५ मासिकाको दरबन्दीमध्ये ४५ पदपूर्ति भएको छ भने १५ दरबन्दी खालि रहेको छ। ७७ जना ग्रमीण स्वास्थ्य कार्यकर्ताको दरबन्दीमा ५१ पदपूर्ति भएको छ भने २५ दरबन्दी रिक्त रहेको छ। १३ स्वास्थ्य सहायकमा १२ जना पदपूर्ति भएको छ भने १ दरबन्दी खाली रहेको छ।

किराँत जनवादी वर्कस पार्टीका कार्यकर्ताद्वारा कुटपिट गरी घाइते बनाइएका थुमबहादुर खत्री

Final Eastren:Layout 1 2/9/2010 2:05 PM Page 227

१.१५ ओखलढुङ्गा

जनसङ्ख्या : १,७१,९८४
साक्षरता प्रतिशत : ५०
महिला साक्षरता प्रतिशत : २३
क्षेत्रफल (वर्ग कि. मि.) : १,०७४
गाविस/नपा सङ्ख्या : ५६/०
सरकारी/निजी विद्यालय : ३४८/५
क्याम्पस/उच्च मा.वि. : २/१३
अस्पताल/स्वास्थ्य चौकी : २/५५
मानव विकास सूचकाङ्कः ०.४८१
प्रतिपरिवार सरदर सङ्ख्याः ६

जेल र बन्दीहरू

जिल्ला कारागार ओखलढुङ्गामा यस वर्षको अन्त्यसम्म महिला तथा पुरुष गरी कुल ३९ जना कैदी तथा थुनुवा रहेका छन्। जसमा कैदीतर्फ २१ जना पुरुष र तीन जना महिला तथा बन्दीतर्फ १४ जना पुरुष तथा एक जना महिला गरी जम्मा १५ जना रहेका छन्। 'घ' श्रेणीको यस कारागारको क्षमता २५ जनाको मात्र भए पनि पुरुषतर्फ ३५ जना भएकाले खान, बस्न र पेसा सञ्चालन गर्न कठिन भएको बन्दीहरूले बताए। जेलभित्र पत्रपत्रिका पढ्ने र आफन्तजनहरू आउँदा भेटघाटको सुविधा राम्रो छ। व्यावसायिक तालिम केन्द्रले मैनबत्ती बनाउने तालिमसमेत दिएको कैदी तथा बन्दीले बताए। मैनबत्ती उत्पादन गर्ने कच्चा पदार्थको अभावका कारण असुविधा भएको कैदी र बन्दीहरूको गुनासो रहेको छ। सामान्य उपचार हुँदा जेलका कर्मचारीले औषधी किनेर ल्याइदिन्छन् भने सिकिस्त बिरामी हुँदा स्वास्थ्यकर्मी बोलाइन्छ। त्यसैगरी, महिला सेलमा टेलिभिजनको व्यवस्था छैन। महिला तथा पुरुष सेल दुवैमा खानेपानीको असुविधा छ।

धम्की/कुटपिट

एकीकृत माओवादीबाट

ठूलाछाप गाविस-३ निवासी काङ्ग्रेस गाउँ कार्यसमितिका सचिव ३७ वर्षीय कुमार कटुवालले ठूलाछाप-८ देखि ठूलाछाप-२ सम्म जाने मोटरबाटो निर्माण उपभोक्ता समिति गठन गर्दा कडेनी माबि खेलमैदानमा वादविवाद गरेको आरोपमा ०६६ वैशाख १६ गते माओवादी जिल्ला कमिटीका सदस्य विचार भनिने २९ वर्षीय बाबुराम सुवेदी र स्थानीय मओवादी कार्यकर्ता देवबहादुर कटुवालले कञ्चटमा मुडकी प्रहार गरी कुटपिट गरे। पीडकउपर ०६६ जेठ १५ गते ओखलढुङ्गा जिल्ला अदालतमा कुटपिट मुद्दा दायर भयो। पीडितको उपचार काठमाडौँस्थित वीर अस्पतालमा भएको थियो। पीडितलाई क्षतिपूर्तिस्वरूप २८ हजार रुपियाँ दिएर ०६६ मङ्सिर २८ गते दुवै पक्षबीच मिलापत्र भयो।

श्रीचौर गाविस-६ का ४४ वर्षीय गणेशबहादुर कटुवाल, सोही ठाउँका ५० वर्षीय विष्णुबहादुर बुढाथोकी र ३६ वर्षीय याक्पु शेर्पालाई विलन्दु गाविसबाट श्रीचौर हुँदै ओखलढुङ्गासम्म जाने मोटरबाटो काङ्ग्रेस पार्टीको आडमा खन्नका लागि तयार भएको आरोपमा ०६६ साउन १९ गते वाईसीएल कार्यकर्ता ३६ वर्षीय एकबहादुर थापा र ३७ वर्षीय काजी शेर्पाले कुटपिट गरे। पीडकउपर जिल्ला प्रहरी कार्यालयमा ०६६ साउन २१ गते उजुरी गरी कारबाही चलिरहेकामा ०६६ भदौ ४ गते १ हजार रुपियाँ धरौटीमा तारिखमा रिहा भए।

विगुटार गाविस-९ का २२ वर्षीय रोशन राई, सोही ठाउँका २५ वर्षीय सन्तोष राई, २० वर्षीय दीपक राई र १९ वर्षीय मनकुमार राईलाई युथफोर्स भएको आरोपमा ०६६ कात्तिक १९ गते एकीकृत माओवादीका जिल्ला सदस्य बलबहादुर कटुवाल र २१ वर्षीय युदुनाथ दाहालले सोही गाविस-४ मा कुटपिट गरी घाइते बनाए। पीडितले कतै पनि उजुरी गरेनन्। घाइतेहरूको मिसन अस्पतालमा उपचार भयो।

युथफोर्सबाट

ओखलढुङ्गा गाविस-६ मा अवस्थित वाईसीएल क्याम्पमा बस्दै आएका माओवादी कार्यकर्ता सम्झना नेपाल, हरि कार्की, रुद्र फुयाँल, रमेश श्रेष्ठलाई ०६५ माघ २ गते सुतिरहेका बेला युथफोर्सका कार्यकर्ताहरू रामबहादुर कार्की, डिकबहादुर सुनुवार, टोपबहादुर सुनुवार र छविलाल सार्कीले कार्यालयमा ढोका खोल्न लगाइ ढुङ्गा, लाठी प्रयोग गरी कुटपिट गरे।

Final Eastren:Layout 1 2/9/2010 2:05 PM Page 228

घटनाको प्रकार	गैर राज्यबाट						
	अन्यबाट				एकीकृत माओवादीबाट		
	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा	घटना सङ्ख्या	पुरुष	जम्मा
हत्या	३	३	१	३			
कुटपिट	३	५	१	६	३	८	८
महिलाअधिकार	१०		१०	१०			
बालअधिकार	१		१	१			
आर्थिक/सामाजिक/ सांस्कृतिक अधिकार	१	१		१			
अपहरण	१		१	१			
जम्मा	१९	८	१४	३३	३	८	८

पीडकहरूउपर ०६५ माघ ५ गते केही सार्वजनिक अपराध मुद्दा दर्ता गरी कारबाही चलिरहेकामा यस वर्षको अन्त्यसम्म पीडकहरू फरार छन्।

विगुटार गाविस-६ निवासी वाईसीएलका जिल्ला सदस्य २१ वर्षीय यदुनाथ दाहाललाई ०६६ कात्तिक १९ गते जिल्ला सदरमुकाम ओखलढुङ्गाबाट फर्कदै गर्दा सोही गाविस-४ को चौतारो डाँडामा युथफोर्सका कार्यकर्ता विगुटार गाविस-९ का २२ वर्षीय रोशन राई, २५ वर्षीय सन्तोष राई, २० वर्षीय दीपक राई र १९ वर्षीय मनकुमार राईले लाठी प्रहार गरी कुटपिट गरे। पीडितले ०६६ कात्तिक २२ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिँदा कुनै कारबाही नभएकाले ०६६ मङ्सिर १५ गते जिल्ला अदालतमा कुटपिट मुद्दा दायर गरे। यस वर्षको अन्त्यसम्म मुद्दा विचाराधीन छ।

अन्यबाट

सहरी विकास तथा भवन निर्माण डिभिजन कार्यालय ओखलढुङ्गाका कार्यालय प्रमुख ४२ वर्षीय कुमार घिमिरेलाई ०६५ फागुन ३० गते निर्माण व्यवसायी सङ्घ ओखलढुङ्गाका अध्यक्ष श्याम श्रेष्ठ र उपाध्यक्ष विनोद ताम्राकारले टेन्डर फर्ममा धाँधली गरेको आरोपमा कार्यालयभित्र पसेर कुटपिट गरे। पीडकउपर सार्वजनिक अपराध मुद्दा चलाउन उजुरी दर्ता भएकामा सर्वदलीय भेला गरी जिल्ला प्रशासन कार्यालय ओखलढुङ्गामा पीडकले माफी मागेपछि कुनै कारबाही भएन।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा गत वर्षबाट जिम्मेवारी सरेर आएका देवानीतर्फका ९७ थान मुद्दामध्ये २५ थान फर्स्यौट भए भने ७२ थान फर्स्यौट हुन बाँकी रहेका छन्।

यस वर्ष जिल्ला अदालतमा देवानीतर्फका २८ थान मुद्दा दर्ता भएकामा तीन थान फैसला भए। यसरी यस वर्षको अन्त्यसम्म २८ थान मुद्दा फर्स्यौट भए भने ९७ थान बाँकी रहे।

त्यस्तै, दुनियाँवादी फौजदारीतर्फ गत वर्षको जिम्मेवारी सरेर आएका ७९ थान मुद्दा दर्ता भएकामा ३८ थान फैसला भई ४१ थान बाँकी रहेका छन् भने यस वर्ष दर्ता भएका ६० थान मुद्दामा छ थान फर्स्यौट भए। यसरी यस वर्षको अन्त्यसम्म ३८ थान फर्स्यौट भई ९५ थान बाँकी रहेका छन्।

सरकारवादी फौजदारीतर्फ गत वर्षको जिम्मेवारी सरेर आएका १७ थान र यस वर्ष दर्ता भएका तीन थान गरी जम्मा २० थान मुद्दा दर्ता भएकामा कुनै पनि फर्स्यौट भएका छैनन्। यस वर्षको अन्त्यसम्ममा जम्मा २ सय १२ थान मुद्दा फर्स्यौट हुन बाँकी रहे। जसमा दुई वर्ष नाघेका तीन थान मुद्दासमेत रहेका छन्।

बालअधिकार

यस जिल्लामा यस वर्ष प्राप्त तहमा ३५ हजार ४ सय ५० जना, निमाप्त तहमा १२ हजार ४ सय ६३ जना र माप्त तहमा ६ हजार ५ सय ८५ जना बालबालिका अध्ययनरत छन्। दृष्टिविहीन र बहिरा सुस्तश्रवण भएका दुई विद्यालय रहेको र निजहरूको भरणपोषण र शैक्षिक सामग्रीका लागि प्रतिव्यक्ति मासिक १ हजार ३ सय रुपियाँ उपलब्ध हुने गरेको छ।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार पारिवारिक हिंसा

ज्यामिरे गाविस-५ की २५ वर्षीया सीता खड्काले ०६५ माघ ८ गते सोही ठाउँका अमृत खड्कासँग सम्बन्ध राखेको आरोपमा ससुरा तुलबहादुर खड्कालगायतका मानिसले पीडितको घर घेरा हालेर कुटपिट गरी घरनिकाला गरे। पीडितले जिल्ला अदालत ओखलढुङ्गामा गाली बेइज्जती मुद्दा दायर गरेकाले

Final Eastren:Layout 1 2/9/2010 2:05 PM Page 229

पीडकलाई ०६६ मङ्सिर २२ गते २ हजार रुपियाँ जरिवाना र पीडितलाई पाँच हजार रुपियाँ क्षतिपूर्ति भराइदिने गरी जिल्ला अदालतले फैसला गऱ्यो।

स्वास्थ्य सेवाको अवस्था

यस जिल्लामा नौओटा स्वास्थ्य चौकी, एउटा सरकारी अस्पताल, ४५ उपस्वास्थ्य चौकी र एक प्राथमिक स्वास्थ्यकेन्द्र छ।

चार जना डाक्टरको दरबन्दी रहेकामा तीन जना मात्र कार्यरत छन् भने स्वास्थ्यचौकीमा नौ जना अहेव वा सिहेव दरबन्दी रहेकामा आठ जना कार्यरत छन्। उपस्वास्थ्य चौकीमा ४५ जना अहेवको दरबन्दी रहेकामा ३३ जना मात्र कार्यरत छन्। ग्रामीण स्वास्थ्य कार्यकर्ता ३२ जना छन्। महिला स्वास्थ्य स्वयम्सेविका ७ सय १८ जना छन्।

१.१६ सोलुखुम्बु

जनसङ्ख्या : १,१६,७९३
साक्षरता प्रतिशत : ४६
महिला साक्षरता प्रतिशत : ३६
क्षेत्रफल (वर्ग कि. मि.) : ३,३१२
गाविस/नपा सङ्ख्या : ३४/०
सरकारी/निजी विद्यालय : २५२/१
क्याम्पस/उच्च मा.वि. : २/९
अस्पताल/स्वास्थ्य चौकी : ३/३४
मानव विकास सूचकाङ्कः ०.४७९
प्रतिपरिवार सरदर सङ्ख्याः ५

जेल र बन्दीहरू

'ङ' श्रेणीको जिल्ला कारागार सल्लेरीमा २५ जना पुरुष र १० महिला रहनसक्ने क्षमता भए तापनि क्षमताभन्दा बढी बन्दी रहेका छन्। यस वर्षको अन्त्यसम्ममा कैद तोकिएका दुई पुरुष र चार महिला बन्दीहरू रहेका छन् भने कैद नतोकिएका ४२ पुरुष र २ महिला थुनुवा गरी ५२ जना रहेका छन्। कोठाको क्षमताभन्दा बढी पुरुष बन्दीहरू रहेका कारण भान्साकोठामा समेत खचाखच गरी सुत्न बाध्य भएका छन्।

कारागारमा पानी, शौचालय र विद्युत्को सुविधा भए पनि पत्रपत्रिका पढ्न नपाइएको, भलिबल र व्याड्मिन्टनजस्ता खेल खेल्न असुविधा भएको बन्दीहरूले बताए। कारागार शाखाले बन्दीहरूलाई जिल्ला अस्पताल फाप्लुमा उपचार गर्न लाने गरेको भए तापनि सिफारिस गरिएको औषधी आफैंले किन्नु परेको गुनासो बन्दीहरूले गरे। महिला तथा पुरुष बन्दीहरू दुवैतर्फको कोठामा रङ्गीन टेलिभिजन उपलब्ध छ।

घरेलु तथा साना उद्योग विकास समिति र ग्रामीण पूर्वाधार तथा जीविकोपार्जन सुधार कार्यक्रम सल्लेरीले कारागारका ११ पुरुष र छ महिला बन्दीलाई तीनमहिने ढाका बुनाइ तालिम दिएको थियो। जिल्ला कारागार सोलुभित्रका पुरुष बन्दीहरूले भूमिगत सुरुङ खनी भाग्न खोजेको आरोपमा सम्पूर्ण बन्दीहरूलाई कारागारका सुरक्षागार्डले बन्दीगृहभित्रै ०६६ वैशाख ३ गते नीलडाम बस्ने गरी कुटपिट गरे।

यातनाका कारण घाइते भएका थुनावा पासे राई, रमेश कार्की र दीपेन्द्र नाछिरिङलाई ०६६ वैशाख ३ गते बिहान सुरक्षागार्डले उपचारका लागि जिल्ला अस्पताल फाप्लु पुऱ्याइ उपचार गराएका थिए। यातनाका कारण राईको शरीरमा नीलडाम देखिनुका साथै आँखामा गम्भीर चोट लागेको र त्यस्तै कार्कीको शरीरका विभिन्न भागलगायत दाहिने पातामा चोट लागेको थियो। नाछिरिङको बायाँ पाखुरामा चोट लागेको अस्पताल स्रोतले बतायो।

बेपत्ता/अपहरण

वाईसीएलबाट

टाप्टिङ गाविस-१ निवासी सामुायिक एफएम सोलुका पत्रकार फूला शेर्पालाई ०६५ माघ १७ गते वाईसीएल इन्चार्ज टेकबहादुर तामाङ र सहइन्चार्ज अटलले हातखुट्टा भाँच्ने धम्की दिए। पीडित ०६५ माघ २१ गतेदेखि विस्थापित भए। पीडितले दिएको उजुरीका

Final Eastren:Layout 1 2/9/2010 2:05 PM Page 230

आधारमा जिल्ला प्रशासन कार्यालयमा पीडकहरूलाई झिकाइ ०६५ माघ २५ गते वाईसीएल, नागरिक समाज, पत्रकारको रोहबरमा छलफलपश्चात् ०६५ माघ २६ गते गाउँ फर्किए। पीडितका अनुसार ०६५ माघ ३ गते विवाह भोजमा स्थानीय सानी शेर्पा र कुसाङ शेर्पाहरूबीच भएको झगडामा वाईसीएलमा उजुरी दिन गएका व्यक्तिलाई वाईसीएलले झगडा मिलाउने कानुनी हैसियत नराख्ने भएकाले प्रहरीमा उजुरी गर्नुपर्छ भनेको आरोपमा वाईसीएलका कार्यकर्ताले हातखुट्टा भाँच्ने धम्की दिएको बताए।

गोली गाविस-१ निवासी काङ्ग्रेस सदस्य २५ वर्षीय बमविक्रम बस्नेतलाई ०६६ असार २५ गते वाईसीएल कार्यकर्ता ४० वर्षीय गणेश बस्नेत, २५ वर्षीय पवनकुमार बस्नेत, २६ वर्षीय केदार बस्नेत र ३० वर्षीय कैलाश बस्नेतले कुलोको विषयमा वादविवाद हुँदा गोली-१ मा लठ्ठी र मुक्काले कुटपिट गरी घाइते बनाए। घाइते बस्नेतको ०६६ असार २६ गते काठमाडौँमा उपचार भयो। पीडितले ०६६ असार ३० गते जिल्ला प्रशासन कार्यालय, सोलुखुम्बुमा जाहेरी दिए। ज्यान मार्ने उद्योगसम्बन्धी सार्वजनिक मुद्दाका आरोपितमध्ये ०६६ मङ्सिर २४ गते गिरफ्तार भएका पवन बस्नेत र गणेश बस्नेतलाई जनही ४५ हजार रुपियाँ धरौटीमा ०६६ मङ्सिर २५ गते हिरासतमुक्त भए भने अन्य दुई जना यस वर्षको अन्त्यसम्म फरार रहेका छन्।

धम्की/कुटपिट

किराँत जनवादी वर्कस पार्टीबाट

ओखलढुङ्गा जिल्ला रगनीय गाविस-८ का रिन्जी शेर्पा, सोही जिल्लाका खिजी फलाटे गाविस-५ का फुर्वारिन्जी शेर्पा एवम् पासाङ शेर्पा, खोटाङ जिल्ला जलेश्वरी गाविस-८ का भरुणकुमार राई, मोरङ जिल्ला मधुमल्ला गाविस-५ का अरुण गुरुङलगायात २५ जनाको किराँत जनवादी वर्कस पार्टी संयुक्त जाति मुक्ति नेपालका कार्यकर्ताले स्थानीय गाविस सचिव पुण्यप्रसाद कोइरालासँग ४२ हजार रुपियाँ र अन्य सर्वसाधारणलाई ०६६ भदौ ३१ गते सल्लेरी गाविसमा हतियार देखाइ ज्यान मार्ने धम्की दिएर चन्दा लिए।

जिल्ला प्रहरी कार्यालय, सल्लेरीबाट गएको प्रहरी टोलीले ०६६ भदौ ३१ गते फुर्वारिन्जी शेर्पा, पासाङ शेपा, रिन्जी शेर्पा, भरुणकुमार राई, अरुण गुरुङलाई पार्टीको रसिद एवम् पर्चा, तीन थान चाइनिज पेस्तोल, एक थान इटालियन पेस्तोल, १० थान सुतली बम, गोली, १० हजार नगदसहित गिरफ्तार गऱ्यो। उनीहरूलाई हातहतियार खरखजानासम्बन्धी जिल्ला प्रशासन कार्यालयमा र विस्फोटक पदार्थ र जबरजस्ती चन्दा असुलेको अभियोगमा जिल्ला अदालत सोलुको आदेशमा ०६६ असोज २५ गतेदेखि पुर्पक्षका लागि जिल्ला कारागार शाखा सोलुखुम्बुमा थुनामा राखिएको छ। अन्य आरोपितहरू यस वर्षको अन्त्यसम्म फरार रहेका छन्।

अभिव्यक्ति, भेला हुने र सङ्गठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

नेविसङ्घका पूर्वजिल्ला अध्यक्ष चन्द्रप्रसाद आचार्य र हिमाल दर्शन मावि, नेचाका एकाइ सह-अध्यक्ष लावनप्रसाद आचार्यलगायतका विद्यार्थीहरूलाई ०६५ माघ १० गते वाईसीएल कार्यकर्ताको एक समूहले तिङ्ला माविमा आउने क्रममा सल्यान गाविस-८ स्थित टारी भन्ने स्थानमा अवरोध खडा गरी तिङ्ला माविमा नजान धम्की दियो। चन्द्रप्रसाद आचार्यका अनुसार, पाँच जना वाईसीएलका कार्यकर्ताले नेविसङ्घप्रति विरोध गर्दै अवरोध गरे। उक्त विषयमा वाईसीएलका जिल्ला सहसंयोजक दीपक श्रेष्ठले वाईसीएलले सो कार्य नगरेको जनाउँदै माओवादीलाई बदनाम गर्न खोजेको बताए।

एकीकृत माओवादीका मजदुर सङ्गठन, वाईसीएल कार्यकर्ता र प्रहरीबीच तेन्जिङ हिलारी विमानस्थल लुक्लामा ०६६ असोज २६ गते नाराजुलुसका क्रममा झडप हुँदा प्रहरी जवान निर्मला कार्की, वाईसीएल कार्यकर्ता रमेश राई र पेम्बा शेर्पा सामान्य घाइते भए। प्रहरीले एरिया इन्चाज दीपक श्रेष्ठ रक्की, सहसेक्रेटरी नामग्याल्जेन शेर्पा, शर्मिला राई, पेम्बा शेर्पा र डीबी तामाङलाई नियन्त्रणमा लिई बिनासर्त बेलुका छाडिदिएको थियो। ८० भन्दा बढी सङ्ख्यामा आएका वाईसीएल र मजदुर सङ्गठनका कार्यकर्ताहरूले विमानस्थलमा हवाईजहाज र यात्रुलाई अवरोध पुग्ने गरी जुलुस निकाले। हवाईजहाजमा नेपाली यात्रुको सिट सुरक्षित हुनुपर्ने, विमानस्थलमा कार्यरत मजदुरको अनिवार्य बिमा हुनुपर्ने, खुम्बु क्षेत्रमा आउने पर्यटक रोयल्टीको ६० प्रतिशत रकम स्थानीयस्तरमा खर्च गर्नुपर्नेजस्ता नारा लगाई एयरपोर्टमा ताला लगाउन खोज्दा झडप भएको डीएसपी सुदमकुमार सिजापतिले बताए। घाइतेहरूको स्थानीय स्वास्थ्य चौकीमा सोही दिन उपचार गरियो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस जिल्ला अदालत सोलुखुम्बुमा दुनियाँवादी

Final Eastren:Layout 1 2/9/2010 2:05 PM Page 231

घटनाको प्रकार	गैर राज्यबाट							राज्यबाट		
	अन्यबाट				एकीकृत माओवादीबाट					
	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा	घटना सङ्ख्या	पुरुष	जम्मा	घटना सङ्ख्या	पुरुष	जम्मा
हत्या	४	२	२	४						
घाइते								१	३	३
गिरफ्तारी/यातना								१	१	१
कुटपिट	१	१		१						
धम्की	३	४		४	१	२	२			
महिलाअधिकार	५		५	५						
बालअधिकार	४	१	३	४						
जम्मा	१६	८	१०	१८	१	२	२	२	४	४

फौजदारी मुद्दा गत वर्षको जिम्मेवारी सरेर आएका २६ थानमध्ये यस वर्ष१४ थान फर्स्यौट भई १२ थान बाँकी रहे। यस वर्ष दर्ता भएका २३ थानमध्ये कुनै पनि फर्स्यौट भएनन्। यस वर्षको अन्त्यसम्ममा दुनियाँवादी फौजदारी मुद्दा १४ थान फर्स्यौट भई ३५ थान बाँकी रहे। सरकारवादी फौजदारी मुद्दा गत वर्षका जिम्मेवारी सरेर आएका ५९ थानमध्ये यस वर्ष २६ थान फर्स्यौट भए। यस वर्ष दर्ता भएका १८ थानमध्ये कुनै पनि फर्स्यौट भएनन्। यस वर्षको अन्त्यसम्ममा फर्स्यौट भएका २६ थान र बाँकी रहेका सरकारवादी फौजदारी मुद्दा ४१ थान रहे।

देवानी मुद्दा गत वर्षका जिम्मेवारी सरेर आएका ३० थानमध्ये यस वर्ष आठ थान फर्स्यौट भई २२ थान बाँकी रहे। यस वर्ष दर्ता भएका १९ थानमध्ये कुनै पनि फर्स्यौट भएनन्। यसरी यस वर्षको अन्त्यसम्ममा ४८ थान फर्स्यौट भई ९८ थान बाँकी रहे।

यातना तथा अन्य क्रूर, अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

सल्लेरी गाविस-५ का २० वर्षीय विष्णु राईलाई ०६५ फागुन २७ गते जुनबेसी प्रहरी चौकीका हवल्दार राजु बानियाँले बिनापुर्जी गिरफ्तार गरी तीन दिनसम्म मानसिक यातना दिए। सो कारण कुसुदेवी जनशक्ति अभियान नेपालले लिएको ल्याब टेक्निसियनको परीक्षा दिन गएका राई परीक्षा दिनबाटसमेत वञ्चित भए। पीडितले यातना दिने प्रहरीलाई कारवाही गरीपाऊँ भनी ०६५ फागुन २७ गते निवेदन दिए पनि प्रहरीले निवेदन दर्ता गरेन। पीडितलाई प्रहरीले हत्कडी लगाई जिल्ला प्रहरी कार्यालय सोलुमा पुऱ्याए। १ हजार ५ सय रुपियाँ जरिवानास्वरूप असुल गरी ०६५ फागुन ३० गते प्रहरीले उनलाई रिहा गऱ्यो।

बालअधिकार

देउसा गाविस-२ की छ वर्षीया एक बालिकालाई ०६६ असार ८ गते सोही गाविसका १९ वर्षीय ओमकुमार राईले सोही गाविस-२ स्थित जङ्गलमा बलात्कार गरेको आरोपमा राईलाई प्रहरीले ०६६ असार ११ गते गिरफ्तार गऱ्यो। जिल्ला अदालत सोलुखुम्बुको आदेशमा आरोपितलाई ०६६ असार १३ गतेदेखि पुर्पक्षका लागि जिल्ला कारागार शाखामा थुनामा राखिएको छ।

पञ्चन गाविस-७ की १२ वर्षीया एक बालिकालाई ०६६ मङ्सिर २७ गते सोही गाविसका ३४ वर्षीय पारसमणि राईले मादक पदार्थ सेवन गर्न लगाइ घरैमा बलात्कार गरेको आरोपमा ०६६ मङ्सिर ३० गते प्रहरीले गिरफ्तार गऱ्यो। जिल्ला अदालतको आदेशमा आरोपितलाई ०६६ पुस १३ गतेदेखि पुर्पक्षका लागि जिल्ला कारागार शाखामा राखिएको छ।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

देउसा गाविस-३ की बोल्न नसक्ने ३२ वर्षीया एक महिलालाई ०६५ फागुन ३० गते सोही गाविस-८ का शिक्षक ४२ वर्षीय भलाकाजी श्रेष्ठले एक्लै गोठमा सुतिरहेको अवस्थामा बलात्कार गरेको भन्दै पीडितपक्षले प्रहरी चौकीमा दिएको जाहेरीका आधारमा आरोपितलाई ०६५ चैत ३ गते प्रहरीले गिरफ्तार

Final Eastren:Layout 1 2/9/2010 2:05 PM Page 232

गऱ्यो। जिल्ला अदालत सोलुखुम्बुको आदेशमा ०६५ वैशाख २ गतेदेखि भलाकाजीलाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

जुभिङ गाविस-५ की १९ वर्षीया कल्पना सापकोटा भनिने ज्ञानु विकलाई ०६५ मङ्सिर ४ गते चौरीखर्क गाविसको सुके र मुसे जङ्गलको नाम्चेतर्फ जाने बाटोमा चौरीखर्क गाविस-५ का २१ वर्षीय सुरेश बराईली र २३ वर्षीय गोपाल विकले बलात्कार गरी घाँटीमा रुमाल कोचेर हत्या गरेको आरोपमा उनीहरूलाई ०६६ जेठ १८ गते प्रहरीले गिरफ्तार गरी जिल्ला अदालतको आदेशमा ०६६ जेठ २८ गतेदेखि पुर्पक्षका लागि थुनामा राखिएको छ। मृतकको लास ०६५ मङ्सिर २२ गते सडेको अवस्थामा भेटिएको थियो।

पारिवारिक हिंसा

तिडला गाविस-७ घर भई सल्लेरी गाविस-२ फाप्लु बस्दै आएकी २६ वर्षीया दिलकुमारी भुजेललाई ०६६ भदौ १७ गते उनका पति २४ वर्षीय प्रेमबहादुर भुजेलले मादक पदार्थ सेवन गरी ढोकाको आग्लोले टाउकोमा हानी हत्या गरे। पीडकले पत्नीको हत्यापछि लासलाई ५० मिटर टाढा पुऱ्याएर खाल्टोमा गाडेका थिए।

पत्नीको हत्या गरेको आरोपमा ०६६ भदौ २१ गते प्रहरीले गिरफ्तार गरेका पीडकलाई जिल्ला अदालतको आदेशमा ०६६ असोज ७ गतेदेखि कर्तव्य ज्यानसम्बधी मुद्दामा पुर्पक्षका लागि जिल्ला कारागार शाखा सल्लेरीमा थुनामा राखिएको छ।

सल्लेरी गाविस-२ फाप्लुका होटल व्यवसायी ५० वर्षीय मिङ्मार शेर्पाले ०६६ भदौ २७ गते आफ्नी पत्नी ४९ वर्षीया फुटी शेर्पालाई बेलुका मादक पदार्थ सेवन गरी छुरा देखाई कुटपिट गरे। पीडकले पीडितलाई छुरा प्रहार गर्न खोज्दा छुट्याउन आएका ओङ्छु शेर्पा, सार्की शेर्पा र रिन्जी शोर्पा छुरा लागेर घाइते भए। पेटमा छुरा लागी आन्द्रा निस्केका ओङ्छु शेर्पा र टाउको र छातीमा चोट लागेका सार्की र शेर्पाको काठमाडौँमा उपचार भयो। पीडकलाई प्रहरीले ०६६ भदौ २८ गते बिहान गिरफ्तार गऱ्यो। जिल्ला अदालतको आदेशमा ०६६ असोज २ गतेदेखि पीडक पुर्पक्षका लागि थुनामा छन्।

मध्यमाञ्चल

२.१ धनुषा
२.२ महोत्तरी
२.३ सर्लाही
२.४ सिन्धुली
२.५ रामेछाप
२.६ दोलखा
२.७ रौतहट
२.८ बारा
२.९ पर्सा
२.१० चितवन
२.११ मकवानपुर
२.१२ ललितपुर
२.१३ काभ्रे
२.१४ भक्तपुर
२.१५ काठमाडौँ
२.१६ धादिङ
२.१७ सिन्धुपाल्चोक
२.१८ नुवाकोट
२.१९ रसुवा

Central Region:Layout 1 2/11/2010 10:26 AM Page 235

२.१ धनुषा

जनसङ्ख्या : ७,९३,४२२
साक्षरता प्रतिशत : ५०
महिला साक्षरता प्रतिशत : ३०
क्षेत्रफल (वर्ग कि. मि.) : १,१८०
गाविस/नपा सङ्ख्या : १०१/१
सरकारी/निजी विद्यालय : ४२२/९
क्याम्पस/उच्च मा.वि. : ७/२९
अस्पताल/स्वास्थ्य चौकी : ३/१०२
मानव विकास सूचकाङ्कः ०.४४९
प्रतिपरिवार सरदर सङ्ख्याः ७

नागरिक तथा राजनीतिक अधिकार
सम्मानित रूपले बाँच्ने अधिकार
हत्या
राज्यबाट

धनुषाधाम गाविस-४ का २६ वर्षीय उद्गार मण्डल र १९ वर्षीय घुरन साह हलुवाईलाई अपहरणमा संलग्न भएको आरोपमा ०६६ जेठ १० गते प्रहरीले महोत्तरी जिल्लाको महदैया गाविसबाट गिरफ्तार गरी कुर्था गाविस-२ मा पुऱ्याई गोली हानी हत्या गऱ्यो । कनकपट्टी गाविसका रामविलास साहलाई अपहरण मुक्त गराउन अपहरणकारीलाई पछ्यौंदै गएको प्रहरी टोलीलाई सो समूहले गोली प्रहार गरेपछि प्रतिकारमा गोली चलाउँदा उनीहरूको जनकपुर नपा-१३ मा मृत्यु भएको प्रहरीले जनायो। पोस्टमार्टमपछि मृतकद्वयको लास आफन्तले बुझी सद्गत गरे।

महोत्तरी जिल्ला भरतपुर गाविस-९ निवासी एकीकृत माओवादीका कार्यकर्ता ३० वर्षीय सुरेन्द्र महतोलाई ०६६ जेठ २४ गते प्रहरीले चेकिङ्का क्रममा मोटरसाइकल नरोकेको आरोपमा हरिहरपुर गाविस-९ मा नियन्त्रणमा लिई गोली हानी हत्या गऱ्यो। सालोको विवाहमा ससुराली गएका महतो साथीलाई वीरेन्द्रबजार पुऱ्याउन जाने क्रममा छड्के चेकिङ्मा रहेको प्रहरीसँग मोटरसाइकल नरोकेको विषयमा सामान्य विवाद हुँदा प्रहरी जवान रामसिंह भाटले महतोको गालामा टाँसेर गोली प्रहार गर्दा उनको घटनास्थलमै मृत्यु भएको थियो। घटनाका सम्बन्धमा जिल्ला सरकारी वकिलको अध्यक्षतामा जिल्ला प्रशासन कार्यालय र जिल्ला प्रहरी कार्यालयका अधिकृतसहित गठित तीन सदस्यीय विशेष छानबिन टोलीले ०६६ असोज २६ गते जवान भाटको ११ महिनाको तलब बराबर ८२ हजार २ सय ८० रुपियाँ जरिवाना गरी सोही मितिदेखि निलम्बन फुकुवा भएको निर्णय गऱ्यो।

हट्टीपुर हरवडा गाविस-१ का २० वर्षीय अजयकुमार मण्डलको ०६६ असार १४ गते राती प्रहरी कारवाहीमा भुतही पटेर्वा गाविस-९ मा मृत्यु भयो। गस्तीमा रहेको प्रहरी टोलीलाई लक्षित गरी सुतली बम विस्फोट गर्दागर्दै गोली प्रहार गरेपछि प्रतिकारमा प्रहरीले गोली चलाउँदा मण्डलको मृत्यु भएको जिल्ला प्रहरी कार्यालयले जनायो। मृतकको साथबाट बरामद दस्तावेजबाट उनी मधेसी साइलेन्ट किलर्सका कार्यकर्ता रहेको प्रहरीले जनायो। मृतकको लास आफन्तले बुझी सद्गत गरे।

लक्ष्मीपुर वगेवा गाविस-३ निवासी तराई राष्ट्रिय मुक्ति सेनाका पूर्वी कमान्ड इन्चार्ज २८ वर्षीय आकाश त्यागी भनिने रामकुमार यादवको ०६६ साउन ७ गते प्रहरीको कारवाहीमा जनकपुर नपा- ७ मा मृत्यु भयो। गस्तीमा रहेको प्रहरी टोलीलाई तीन-चार जनाको सशस्त्र समूहले आक्रमण गरेपछि प्रतिकारमा प्रहरीले गोली प्रहार गर्दा त्यागीको मृत्यु भएको जिल्ला प्रहरी कार्यालयले जनायो। उनको साथबाट कटुवा पेस्तोल, गोली, दस्तावेज, सकेट बम, सुतली बमलगायत अन्य दस्तावेज बरामद भएको प्रहरीले दाबी गऱ्यो। मृतकको हात, पाखुरा, छातीलगायत शरीरको विभिन्न भागमा गोली लागेको थियो। सोही दिन जनकपुर अञ्चल अस्पतालमा लासको पोस्टमार्टम गरी आफन्तलाई बुझाइयो।

खरिहानी गाविस-५ का बड्कर भनिने ३० वर्षीय रामपुकार कापरको ०६६ असोज १५ गते प्रहरी कारवाहीमा भरतपुर गाविस-७ मा मृत्यु भयो। चेकजाँचका क्रममा भरतपुर गाविसको जुडी बजारनजिक मोटरसाइकलमा रहेका तीन जना हतियारधारीको समूहले प्रहरीलाई लक्षित गरी गोली

Central Region:Layout 1 2/11/2010 10:26 AM Page 236

घटनाको प्रकार	गैर राज्यबाट				राज्यबाट			
	अन्यबाट							
	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा	घटना सङ्ख्या	पुरुष	नखुलेको	जम्मा
हत्या	३९	३४	९	३३	५	६		६
घाइते	१०	३९	३०	४९	१	१		१
गिरफ्तारी/यातना					३	३		३
कुटपिट	१	१		१	१	१		१
भेला/सङ्गठित हुने अधिकार					३	५	७	१३
महिलाअधिकार	५८		५८	५८				
बालअधिकार	४		४	४				
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार	१	७		७				
अपहरण	१८	१७	१	१८				
जम्मा	१३१	७८	९३	१७०	११	१५	७	३३

प्रहार गर्दा प्रहरीको जवाफी कारबाहीमा एक जना हतियारधारीलाई गोली लागी घाइते भई उपचारका लागि जनकपुर ल्याउँदै गर्दा बाटोमा मृत्यु भएको र अन्य दुई जना भागेको प्रहरीले बतायो। घटनास्थलबाट एक थान नलकटुवा र सिक्सर पेस्तोल, ज.१प. ८२८७ नम्बरको मोटरसाइकल बरामद भएको प्रहरीले बतायो। मृतकका आफन्तले सुनियोजित रूपमा प्रहरीले हत्या गरेको आरोप लगाए।

जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) बाट

जनकपुर नपा-२ निवासी जनकपुर चुरोट कारखानाका कर्मचारी ४८ वर्षीय नरेन्द्र खातीलाई सुराकीको आरोपमा ०६५ माघ ५ गते जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह)का कार्यकर्ताले जनकपुर नपा- २ मा गोली हानी हत्या गरे। हत्याको आरोपमा जनकपुर नपा-७ का २८ वर्षीय राकेशकुमार पाण्डेलाई प्रहरीले ०६५ माघ ६ गते गिरफ्तार गऱ्यो। उनलाई अदालतको आदेशमा ०६५ चैत ४ गते पुर्पक्षका लागि जेल चलान गरियो।

मधेसी साइलेन्ट किलर्सबाट

हरिहरपुर गाविस-७ निवासी निम्नमाध्यमिक विद्यालय हरिहरपुरका प्रधानाध्यापक ४३ वर्षीय मेघबहादुर बम्जन, सोही गाविस-८ का १५ वर्षीय सुकन महतो र सोही गाविस-८ का १७ वर्षीय सनबिहारी महतोलाई ०६५ चैत २१ गते मधेसी साइलेन्ट किलर्सका कार्यकर्ताले पुस्पलपुर गाविस-८ मा धारिलो हतियारले घाँटी रेटेर हत्या गरे। घरबाट ट्रयाक्टरमा बालुवा ल्याउन आफ्ना दुई सहयोगीसहित औरही खोला गएका बम्मजनसहित तीनै जनाको घाँटी काटी हातखुट्टा बाँधेर फालिएको अवस्थामा सोही दिन दिउँसो लास भेटिएको थियो। पीडित परिवारले जिल्ला प्रहरी कार्यालयमा चैत २४ गते जाहेरी दर्ता गराए पनि यस वर्षको अन्त्यसम्म पीडक गिरफ्तार भएनन्।

सबैला गाविस-९ निवासी मनी ट्रान्सफरका सञ्चालक ३० वर्षीय सूर्यनाथ महतोको ०६६ वैशाख ४ गते मधेसी साइलेन्ट किलर्सका कार्यकर्ताले वेङ्गाशिवपुर गाविस-६ मा गोली हानी हत्या गरे। जनकपुरस्थित एभरेस्ट बैंकबाट ८ लाख रुपियाँ झिकेर मोटरसाइकलमा घर जाँदै गरेका महतोलाई किलर्सका कार्यकर्ताले रकम लुटेर हत्या गरेका थिए। पीडितका परिवारले जिल्ला प्रहरी कार्यालयमा ०६६ वैशाख ६ गते जाहेरी दर्ता गराए। वर्षको अन्त्यसम्म पीडक गिरफ्तार भएनन्।

अज्ञात समूहबाट

खरियानी गाविस-५ का ४० वर्षीय रामसोगारथ कापरको ०६६ असार ९ गते अज्ञात

Central Region:Layout 1 2/11/2010 10:26 AM Page 237

सशस्त्र समूहले गोली हानी हत्या गऱ्यो। सोही घटनामा कापरकी पत्नी ३८ वर्षीया द्रोपदीदेवी कापर गोली लागेर घाइते भइन्। दाहिने तिघ्रामा गोली लागी घाइते भएकी उनको काठमाडौँमा उपचार भयो। पीडित पक्षले जिल्ला प्रहरी कार्यालयमा ०६६ असार ११ गते जाहेरी दर्ता गराए पनि यस वर्षको अन्त्यसम्म पीडकहरू गिरफ्तार भएनन्।

सत्तोखर गाविस-१ निवासी एकीकृत माओवादीका जिल्ला कमिटी सदस्य ३१ वर्षीय वीरेन्द्रकुमार रायको ०६६ भदौ ८ गते १०-१५ जनाको एक समूहले सोही गाविस-७ मा खुकुरी प्रहार गरी हत्या गऱ्यो। रायको सत्तोखर गाविसस्थित भट्टिहन बजारमा बसिरहेको अवस्थामा लखेटेर हातखुट्टा, पिठ्यूँ र टाउकोमा खुकुरी प्रहार गरी हत्या गरिएको थियो। पीडित पक्षले जिल्ला प्रहरी कार्यालयमा ०६६ भदौ १४ गते किटानी जाहेरी दर्ता गराए पनि वर्षको अन्त्यसम्म पीडकहरू गिरफ्तार भएनन्।

जनकपुर नपा-६ का १८ वर्षीय नवीन रायको ०६६ असोज १५ गते एक अज्ञात समूहले जनकपुर नपा-९ मा गोली प्रहार गरी हत्या गऱ्यो। ढाडमा गोली हानिएको र मुखमा कपडा कोचिएको अवस्थामा जनकपुर नपा-९ स्थित पोखरीमा रायको लास भेटिएको थियो। लासको सोही दिन जनकपुर अञ्चल अस्पतालमा पोस्टमार्टम गरी परिवारको जिम्मा लगाइयो। पीडित पक्षले जिल्ला प्रहरी कार्यालयमा ०६६ असोज १५ गते जाहेरी दर्ता गराए पनि यस वर्षको अन्त्यसम्म पीडकहरू गिरफ्तार भएनन्।

चक्कर गाविस-४ का २६ वर्षीय मोजिम मन्सुरलाई ०६६ असोज १८ गते एक अज्ञात समूहले ठेराकचुरी गाविस-३ मा गोली हानी हत्या गऱ्यो। टाउकोमा तीन र कञ्चटमा दुई गोली प्रहार गरिएका मन्सुरको लास धानखेतमा भेटिएको थियो। लासको असोज २१ गते जनकपुर अञ्चल अस्पतालमा पोस्टमार्टम गरी आफन्तको जिम्मा लगाइयो। पीडित पक्षले जिल्ला प्रहरी कार्यालयमा ०६६ असोज २३ गते जाहेरी दर्ता गराए पनि यस वर्षको अन्त्यसम्म पीडकहरू गिरफ्तार भएनन्।

सिनुरजोडा गाविस-१ का २२ वर्षीय अस्लाम नदाफको ०६६ असोज २५ गते अज्ञात समूहले सोही गाविसमा गोली प्रहार गरी हत्या गऱ्यो। निधारमा गोली लागी घाइते भएका नदाफलाई जनकपुर अञ्चल अस्पतालले मृत घोषित गरेको थियो। लासको सोही अस्पतालमा भोलिपल्ट पोस्टमार्टम गरी आफन्तको जिम्मा लगाइयो। पीडित पक्षले जिल्ला प्रहरी कार्यालयमा ०६६ कात्तिक २ गते जाहेरी दर्ता गराए पनि यस वर्षको अन्त्यसम्म पीडकहरू गिरफ्तार भएनन्।

अन्यबाट

सिराहा जिल्ला महेशपुर गाविस-४ निवासी पत्रकार २५ वर्षीया उमा सिंहको ०६५ पुस २७ गते एकीकृत माओवादी कार्यकर्ता तथा तराई एकता परिषद्का कार्यकर्ताले जनकपुर नपा-९ मा धारिलो हतियार प्रहार गरी हत्या गरे। हतियार प्रहारबाट घाइते भएकी पत्रकार सिंहको उपचारका लागि काठमाडौँ लैजाने क्रममा महोत्तरी जिल्लाको बर्दीवास गाविसमा मृत्यु भएको थियो। पीडित परिवारले जिल्ला प्रहरी कार्यालयमा माघ १० गते पीडकहरूका विरुद्ध किटानी जाहेरी दिए। जाहेरीका आधारमा हत्यामा संलग्न भएको आरोपमा प्रहरीले एकीकृत माओवादीका कार्यकर्ता सिराहा जिल्ला रामपुर विर्ता गाविस-२ का २६ वर्षीय श्रवणकुमार यादव, उमाकी भाउजु सिराहा जिल्ला महेशपुर गाविस-४ की ३५ वर्षीया ललितादेवी सिंह, तराई एकता परिषद्का कार्यकर्ता लक्कड गाविस-७ का ४२ वर्षीय नेमलाल पासवानलाई गिरफ्तार गऱ्यो। गिरफ्तार सबै जिल्ला अदालतको आदेशमा ०६५ फागुन ६ गते पुर्पक्षका लागि जेल चलान भए। मृतक सिंह जनकपुरस्थित *रेडियो टुडे*की कार्यक्रम सञ्चालक थिइन्।

गोली/विस्फोटक पदार्थद्वारा घाइते तराई राष्ट्रिय मुक्ति सेनाबाट

भारतको जयनगरबाट जनकपुर आउँदै गरेको रेलमा तराई राष्ट्रिय मुक्ति सेनाका कार्यकर्ताले राखेको सिलिन्डर बम ०६६ जेठ ३ गते देउरी परवाहा गाविसस्थित रेल्वे स्टेसननजिक विस्फोटन हुँदा ३० जना

मधेसी साइलेन्स किलर्सबाट मारिएका मेघबहादुर बम्जन

घाइते भए। सोही विहान जयनगरबाट जनकपुर प्रस्थान गरेको रेल परवाहा रेल्वे स्टेसनबाट हिँडेको केही समयमा रेलको प्रथम श्रेणीमा भएको विस्फोटनमा परी तारापटी सिर्सिया गाविसकी रेणुकुमारी यादव, इटहर्वा गाविस-६ का सञ्जीवकुमार मण्डल, सिकलीदेवी मण्डल, कुस्मादेवी ठाकुर, कामेश्वर मण्डल, अनीतादेवी, बेचु सदा, जीतेन्द्र साहनी, विनीतादेवी पासवान, ललन पण्डित, लालबाबु राय, बघचौडा गाविसकी मनुवती गिरी, प्रकोमहुवा गाविसकी ललितादेवी ठाकुर, उनकै दुई वर्षीय छोरा नितीशकुमार ठाकुर, सीतेश ठाकुर, जीवछीदेवी, विमलादेवी, देवपुरा रुपैठा गाविसकी नीलमदेवी मुखिया, धनौजी गाविसकी आशादेवी मण्डल, खजुरी गाविसकी समुद्रीदेवी, जनकपुर नपा-१६ की राजदेवी, ठाडीभिर्भा गाविसका मो.अमूल्य, माचिभिटकैया गाविसकी रामधिरादेवी, लग्मा गाविसकी चुन्नीदेवी साहनी, चितवन जिल्ला निवासी सावित्रीदेवी चौधरी, भारत जयनगरका मो. फिरोज, मो. अहमद, सुरज गैडा, सीतादेवी मण्डल, मीरादेवी र शाहिल घाइते भएका थिए। घाइतेहरू अधिकांशको खुट्टा, हात, तिघ्रा पोलिएको थियो। घाइतेहरूको जनकपुर अञ्चल अस्पताल र केयर नर्सिङ् होममा उपचार भयो। घाइतेहरूमध्ये खजुरी गाविसकी समुन्द्रीदेवीको अवस्था गम्भीर रहेकाले धरानको बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा थप उपचार भयो। तराई राष्ट्रिय मुक्ति सेनाका संयोजक पृथ्वीले घटनाको जिम्मेवारी लिए।

अज्ञात समूहबाट

जनकपुर नपा-७ का ४५ वर्षीय भोला साह र ४० वर्षीया चन्द्रमुखीदेवी साह ०६५ पुस २७ गते अज्ञात समूहले जनकपुर नपा-७ मा राखेको सुतली बम विस्फोट हुँदा घाइते भए। उनीहरूको जनकपुर अञ्चल अस्पतालमा उपचार भयो।

मधेसी साइलेन्स किलर्सबाट मारिएका सुकन महतो र सनबिहारी महतो

जनकपुर नपा-८ निवासी जिल्ला विकास समितिका सहलेखापाल तथा रामानन्द युवा क्लबका अध्यक्ष ३९ वर्षीय जीवनाथ चौधरी, महोत्तरी जिल्ला मनरा गाविसका २८ वर्षीय अजीत तिवारी र जनकपुर नपा-७ का नेपाल विद्युत् प्राधिकरण जनकपुरकी कर्मचारी ४५ वर्षीया विमला शर्मालाई ०६६ वैशाख २९ गते सशस्त्र समूहले जनकपुर नपा-४ मा गोली प्रहार गरी घाइते बनायो। कार्यालयबाट आफ्ना एक सहयोगीसँग मोटरसाइकलमा घर जाँदै गरेका चौधरी र उनका सहयोगी तिवारीलाई मोटरसाइकलमा पछ्याउँदै आएका हतियारधारीले गोली प्रहार गरेका थिए। सोही बाटो हुँदै रिक्सामा कार्यालय जाँदै गरेकी शर्मालाई पनि सो समूहले गोली प्रहार गरेको थियो। छातीमा गोली लागेर घाइते भएका चौधरी र तिवारी तथा काँधमा गोली लागेकी शर्माको काठमाडौँको शिक्षण अस्पताल, महाराजगञ्जमा उपचार भयो भने चौधरीले दिल्लीमा थप उपचार गराए। तराई राष्ट्रिय मुक्ति सेनाका पृथ्वी समूह र मधेसी साइलेन्ट किलर्स नामक समूहले घटनाको जिम्मेवारी लिए। पीडित पक्षले जिल्ला प्रहरी कार्यालयमा ०६६ जेठ १९ गते जाहेरी दर्ता गराए पनि यस वर्षको अन्त्यसम्म पीडकहरू गिरफ्तार भएनन्।

जनकपुर नपा-११ का ५५ वर्षीय शालिग्राम साहलाई ०६६ भदौ २३ गते अज्ञात समूहले घरमा गोली प्रहार गरी घाइते बनायो। मोटरसाइकलमा आएको समूहले उनलाई पछाडिबाट बायाँ काँधमा गोली प्रहार गरेको थियो। पीडितको बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरानमा उपचार भयो। पीडित पक्षले जिल्ला प्रहरी कार्यालयमा ०६६ कात्तिक २ गते जाहेरी दर्ता गराए पनि यस वर्षको अन्त्यसम्म पीडकहरू गिरफ्तार भएनन्।

बेपत्ता/अपहरण

संयुक्त जनतान्त्रिक तराई मुक्ति मोर्चाबाट

सत्तोखर गाविस-२ का ३२ वर्षीय ललित शर्मा ठाकुरले ठगी गरेको आरोपमा ०६५ माघ ७ गते उनलाई संयुक्त जनतान्त्रिक तराई मुक्ति मोर्चाका कार्यकर्ताले जनकपुर नपा-७ बाट अपहरण गरे। उनी आफन्तको रोहबरमा महोत्तरी जिल्लाबाट ०६५ माघ १३ गते मुक्त भए।

लिवरेसन अफ तराई टाइगर्स इलम

जनकपुर नपा-१० निवासी सुन व्यवसायी ३३ वर्षीय राजकुमार साहले चन्दा नदिएको आरोपमा ०६५

Central Region:Layout 1 2/11/2010 10:26 AM Page 239

पुस २४ गते उनलाई लिवरेसन अफ तराई टाइगर्स इलमका कार्यकर्ताले वेङ्गा शिवपुर गाविसबाट अपहरण गरे। उनी आफन्तको रोहबरमा ०६५ पुस २७ गते जनकपुर नगरपालिकाबाट मुक्त भए।

अखिल तराई मुक्ति मोर्चाबाट

जनकपुर नपा-९ का १४ वर्षीय अनिशकुमार यादवलाई ०६५ फागुन ६ गते अखिल तराई मुक्ति मोर्चाका कार्यकर्ताले सोही ठाउँबाट अपहरण गरे। पीडित आफन्तको रोहबरमा ०६५ फागुन १४ गते मुक्त भए। पीडित पक्षले जिल्ला प्रहरी कार्यालयमा ०६५ फागुन १५ गते जाहेरी दर्ता गरायो। घटनामा संलग्न भएको आरोपमा सखुवा महेन्द्रनगर गाविस-९ का १९ वर्षीय हरि साह, मानसिंहपट्टी गाविस-४ का ३७ वर्षीय रामदेव यादव र रघुनाथपुर गाविस-८ का रघुनाथ यादवलाई ०६५ फागुन १५ गते प्रहरीले गिरफ्तार गऱ्यो। गिरफ्तार गरिएका रघुनाथ र हरि जनही २० हजार तथा रामदेव ५ हजार रुपियाँ धरौटीमा ०६५ चैत १० गते रिहा भए।

तराई राष्ट्रिय मुक्ति सेनाबाट

विन्ही गाविस-४ निवासी संविधानसभाको उपनिर्वाचनमा धनुषा-५ बाट नेकपा मालेका उम्मेदवार ३५ वर्षीय सन्तोष साहलाई मधेस र मधेसविरोधी गतिविधि गरेको आरोपमा ०६५ चैत २७ गते तराई राष्ट्रिय मुक्ति सेनाका कार्यकर्ताले सोही गाविसबाट अपहरण गरे। पीडित ०६५ चैत २९ गते महोत्तरी जिल्लाको पिपराबाट मुक्त भए।

जनतान्त्रिक तराई मुक्ति मोर्चा (राजन)बाट

पौडेश्वर गाविस-२ निवासी जनता मावि कुम्हरौडाका प्रधानाध्यापक ५५ वर्षीय कारी यादवलाई ०६५ फागुन ११ गते जनतान्त्रिक तराई मुक्ति मोर्चाका कार्यकर्ताले अपहरण गरे। पीडित केही दिनपछि भागेर मुक्त भए।

अज्ञात समूहबाट

जनकपुर नपा-९ का १८ वर्षीय मुकेश ठाकुरलाई ०६५ चैत १६ गते अज्ञात समूहले जनकपुर नपा-७ बाट अपहरण गऱ्यो। पीडित अपहरणकारीको कब्जाबाट ०६५ चैत १८ गते भागेर मुक्त भए।

कनकपट्टी गाविस-२ निवासी गणेश ईंटा उद्योगका सञ्चालक ५५ वर्षीय रामविलास साहले चन्दा नदिएको आरोपमा ०६६ जेठ ५ गते उनलाई हतियारधारी समूहले लोहना गाविसबाट अपहरण गऱ्यो। पीडितलाई प्रहरीले ०६६ जेठ १० गते जनकपुर नपा-१३ बाट मुक्त गरायो।

कजरारमौल गाविस-१ निवासी ईंटा व्यवसायी ३० वर्षीय अरूणकुमार साहले चन्दा नदिएको आरोपमा ०६६ पुस १ गते उनलाई अज्ञात सशस्त्र समूहले भुतही पटेर्वा गाविसस्थित तारसरायबाट अपहरण गऱ्यो। साह आफन्त र प्रहरीको सहयोगमा हरिहरपुर गाविस-६ स्थित उँखुबारीबाट ०६६ पुस ३ गते मुक्त भए।

सिङ्ग्याहीमरान गाविस-८ निवासी सहकारी साना किसान विकास बैंकका प्रबन्धक २८ वर्षीय विपीन यादवलाई चन्दा नदिएको आरोपमा ०६६ पुस १ गते अज्ञात सशस्त्र समूहले घरबाट अपहरण गऱ्यो। उनी सिराहा जिल्ला जमदह गाविस-६ बाट ०६६ पुस ३ गते अपहरणकारीको कब्जाबाट भागेर मुक्त भए।

अभिव्यक्ति, भेला हुने र सङ्गठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

संविधानसभाको उपनिर्वाचनमा धनुषा जिल्लाको क्षेत्र नम्बर ५ स्थित मिथिलेश्वर मौवाही गाविसको मतदान केन्द्रमा एमालेले बुथ कब्जा गरेको भन्दै एकीकृत माओवादीका कार्यकर्ताले विरोध गर्दा वाईसीएल र युथफोर्सबीच ०६५ चैत २८ गते पटकपटक झडप हुँदा सशस्त्र प्रहरीले लाठीचार्ज गऱ्यो। लाठीचार्जमा जनकपुर नपा-१० निवासी एकीकृत माओवादीका जिल्ला इञ्चार्ज रोशन जनकपुरी, केन्द्रीय सदस्य श्रवण यादव र मिथिलेश्वर मौवाही गाविस निवासी एकीकृत माओवादीका कार्यकर्ता रामचन्द्र मण्डललगायत सात जना घाइते भए। उनीहरूको ढाड, पिठ्यूँ र हातमा चोट लागेको थियो। स्थितिलाई नियन्त्रणमा लिन प्रहरीले दुई राउन्ड अश्रुग्याससमेत प्रहार गरेको थियो।

बालाबाखर गाविस-१ निवासी एकीकृत माओवादीका कार्यकर्ता श्याम यादव र बटेश्वर गाविसका देवसागर दासलाई ०६६ भदौ ३० गते जिल्ला प्रशासन कार्यालय अगाडि हुलदङ्गा गरेको आरोपमा प्रहरीले लाठीचार्ज गरी घाइते बनायो। श्रम तथा यातायात मन्त्री मोहम्मद आफताव आलमको विरोधमा कालो झन्डा देखाई फर्किरहेका बेला सशस्त्र प्रहरीले घेरा हाली कुटपिट गरी घाइते बनाएको पीडितहरूले बताए। लाठीचार्जबाट यादवको टाउको फुटेको तथा दासको हात र पिठ्यूँमा चोट लागेको थियो। घाइते दुवैको जनकपुर अञ्चल अस्पताल उपचार भयो।

Central Region:Layout 1 2/11/2010 10:26 AM Page 240

सुगम र निष्पक्ष न्यायिक अधिकार

दुनियाँवादी फौजदारीतर्फ गत वर्षको जिम्मेवारी सरेर आएका २ सय ४० थान र यस वर्ष दर्ता भएका २ सय ३१ थान गरी जम्मा ४ सय ७१ थान रहेकामा यस वर्ष ९३ थान फर्स्यौट भई ३ सय ७८ थान मुद्दा फर्स्यौट हुन बाँकी रहे। त्यसैगरी सरकारवादी फौजदारीतर्फ गत वर्षको जिम्मेवारी सरेर आएका १ सय ४० थान मुद्दा र यस वर्ष दर्ता भएका १ सय ३० समेत जम्मा २ सय ७० थान मुद्दा रहेकामा ३९ थान मुद्दा फर्स्यौट भई २ सय ३१ थान मुद्दा फर्स्यौट हुन बाँकी रहे। जिल्ला अदालतमा दुनियाँवादी देवानीतर्फ गत वर्षको जिम्मेवारी सरेर आएका १ हजार १९ थान र यस वर्ष दर्ता भएका १ हजार ५ सय ८७ थान गरी जम्मा २ हजार ६ सय ६ रहेकामा ४ सय ७२ थान फर्स्यौट भई २ हजार १ सय ३४ थान बाँकी रहे।

त्यसैगरी दुनियाँवादी देवानीतर्फ ३ सय ६७, दुनियाँवादी फौजदारी ८५ र सरकारवादी फौजदारी गरी जम्मा ५ सय ९ थान दुई वर्ष नाघेका मुद्दा फर्स्यौट हुन बाँकी रहे।

बालअधिकार

यस जिल्लाका विद्यालय जाने उमेरका बालबालिकाको सङ्ख्या १ लाख ७ हजार ३ सय १२ रहेकामा विद्यालय भर्ना भएका बालबालिकाको सङ्ख्या ९३ हजार ३ सय ६१ रहेको जिल्ला शिक्षा कार्यालयले जनायो ।

चक्कर गाविस-६ का १७ वर्षीय अभिषेक साहलाई ०६५ पुस २० गते हतियारधारी समूहले जनकपुर नपा-१ बाट अपहरण गऱ्यो। पीडितलाई सोही राती प्रकोमहुवा गाविसबाट प्रहरीले मुक्त गरायो। साहलाई मुक्त गराउने क्रममा देउरी परवाहा गाविस-४ का १९ वर्षीय राधेश्याम यादव, मानसिंहपट्टी गाविस-२ का २८ वर्षीय हुकुमदेव साह र सोनिगामा गाविस-२ का २४ वर्षीय श्रवणकुमार महतोलाई प्रहरीले गिरफ्तार गऱ्यो। गिरफ्तार तीनै जनालाई ०६५ माघ २० गते पुर्पक्षका लागि जेल चलान गरियो।

जनकपुर नपा-८ की ११ वर्षीया एक बालिकालाई ०६५ चैत ६ गते सोही ठाउँका २२ वर्षीय निजामुद्दीन राइनले बलात्कार गरेको आरोपमा पीडित पक्षले ०६५ चैत ७ गते जिल्ला प्रहरी कार्यालयमा किटानी जाहेरी दियो। आरोपित राइन अदालतको आदेशमा २५ हजार धरौटीमा ०६५ चैत २७ गते रिहा भए।

ढल्केवर गाविस-३ की १३ वर्षीय एक बालिकालाई ०६५ चैत २४ गते सोही गाविस-५ का २० वर्षीय राकेश दास कथौलियाले चैते दसैँ मेला हेर्न गएको समयमा सोही गाविस-६ मा बलात्कार गरेको भन्दै पीडितले ०६५ चैत २४ गते जिल्ला प्रहरी कार्यालयमा किटानी जाहेरी दिइन्। प्रहरीले आरोपित दासलाई चैत २७ गते गिरफ्तार गऱ्यो। उनलाई जिल्ला अदालतको आदेशमा ०६६ वैशाख २२ गते पुर्पक्षका लागि जेल चलान गरियो।

सखुवामहेन्द्रनगर गाविस-२ का चार वर्षीय सुरजकुमार महतोलाई ०६६ असार १७ गते दिगम्बरपुर गाविस-६ का २५ वर्षीय रामचन्द्र महराले सखुवामहेन्द्रनगर गाविस-२ बाट अपहरण गरे। पीडित बालकलाई प्रहरीले सोही गाविसबाट सोही दिन मुक्त गरायो। प्रहरीले सोही दिन पीडकलाई गिरफ्तार गऱ्यो। उनी अदालतको आदेशबाट ०६६ साउन ८ गते २५ हजार रुपियाँ धरौटीमा रिहा भए।

जनकपुर नपा-८ की १६ वर्षीया एक बालिकालाई ०६६ साउन २४ गते मिथिलेश्वर मौवाही गाविस-८ का २५ वर्षीय विजय साह र उनकै पत्नी ममता साहले काम लगाइदिन्छु भन्दै भारतमा लगी बिक्री गरे। पीडित भारतबाट मङ्सिरमा भागेर धनुषा आई प्रहरीमा जाहेरी दर्ता गरेपछि प्रहरीले पीडकहरूलाई ०६६ मङ्सिर २४ गते गिरफ्तार गऱ्यो।

नक्टाझिझ गाविस-१ की १२ वर्षीया रुन्चीकुमारी महरालाई ०६६ भदौ १५ गते सोही ठाउँका १८ वर्षीय दरमेशकुमार यादव, २३ वर्षीय रमेशकुमार महतोलगायतले सोही गाविसमा सामूहिक बलात्कार गरी हत्या गरेको भनी पीडित परिवारले ०६६ भदौ १६ गते पीडकहरूविरुद्ध जिल्ला प्रहरी कार्यालयमा किटानी जाहेरी दर्ता गरायो। जाहेरीका आधारमा भदौ २६ गते गिरफ्तार गरिएका दरमेश जिल्ला अदालतको आदेशमा ०६६ असोज २२ गते पुर्पक्षका लागि जेल चलान गरिए। अरू आरोपीलाई प्रहरीले वर्षको अन्त्यसम्म गिरफ्तार गर्न सकेको छैन।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार पारिवारिक हिंसा, बहुविवाह

बघचौडा गाविस-३ की २१ वर्षीया दुलारीदेवी खातुनका पति २५ वर्षीय सकिम साफीले महोत्तरी जिल्ला परिकौली गाविस-५ की १५ वर्षीया रविला खातुनसँग ०६५ माघ ५ गते दोस्रो विवाह गरे। पीडितले जिल्ला प्रहरी कार्यालयमा ०६५ चैत ८ गते बहुविवाहको मुद्दा दर्ता गराए पनि यस वर्षको अन्त्यसम्म पीडकहरूलाई कारबाही भएन।

ठेराकचुरी गाविस-४ की ३० वर्षीया विभादेवी यादवका पति ३३ वर्षीय रामविलास यादवले बनिनिया

Central Region:Layout 1 2/11/2010 10:26 AM Page 241

गाविस-३ की २१ वर्षीया जीवछीदेवी यादवसँग ०६५ फागुन २३ गते जानकी मन्दिरमा दोस्रो विवाह गरे। पीडितले ०६६ असार ८ गते जिल्ला प्रहरी कार्यालयमा बहुविवाह मुद्दा दर्ता गराए पनि आरोपीलाई कारबाही भएन।

लग्मागाढागुढी गाविस-५ की २४ वर्षीया नुरजहाँ खातुनका पति ३५ वर्षीय मिश्रुल राइनले भारत निवासी २२ वर्षीया तहविला खातुनसँग ०६५ चैत ४ गते जनकपुर नपा- ६ स्थित मस्जिदमा दोस्रो विवाह गरे। पीडितले जिल्ला प्रहरी कार्यालयमा ०६५ चैत १९ गते बहुविवाहमा मुद्दा दर्ता गराए पनि वर्षको अन्त्यसम्म आरोपीहरूलाई कारबाही भएन।

यज्ञभूमि गाविस-१ की २८ वर्षीया शान्तिदेवी मण्डलका पति ३० वर्षीय सियाशरण यादवले यज्ञभूमि गाविस-८ की २० वर्षीया पवित्रदेवी मण्डलसँग ०६६ वैशाख १ गते दोस्रो विवाह गरे। पीडितले जिल्ला प्रहरी कार्यालयमा ०६६ असार १० गते बहुविवाहमा मुद्दा दर्ता गराए पनि आरोपीलाई कारबाही भएन।

नक्टाझिझ गाविस-९ की २५ वर्षीया विकादेवी महतोका पति ३२ वर्षीय राजाराम महतोले महोत्तरी जिल्ला रामनगर गाविस-८ की २४ वर्षीया सोनादेवी महतोसँग ०६६ वैशाख १४ गते दोस्रो विवाह गरे। पीडितले ०६६ जेठ ११ गते जिल्ला प्रहरी कार्यालयमा बहुविवाहको मुद्दा दर्ता गराए पनि यस वर्षको अन्त्यसम्म आरोपीहरूलाई कारबाही भएन।

जनकपुर नपा-११ की २४ वर्षीया मुन्नीदेवी साहका पति २५ वर्षीय दीपककुमार साहले जनकपुर नपा-५ की १८ वर्षीया राधादेवी साहसँग ०६६ वैशाख २० गते जानकी मन्दिरमा दोस्रो विवाह गरे। पीडितले ०६६ जेठ २१ गते जिल्ला प्रहरी कार्यालयमा बहुविवाहको मुद्दा दर्ता गराए पनि आरोपीहरूलाई वर्षको अन्त्यसम्म कारबाही भएन।

कजरारमौल गाविस-५ की २६ वर्षीया कल्पनादेवी मण्डलका पति २९ वर्षीय लक्ष्मण मण्डलले भुतही पटेर्वा गाविस-२ की १४ वर्षीया सञ्जिना मण्डलसँग ०६६ वैशाख २५ गते दोस्रो विवाह गरे। पीडितले ०६६ असार ८ गते जिल्ला प्रहरी कार्यालयमा बहुविवाहको मुद्दा दर्ता गराए पनि वर्षको अन्त्यसम्म आरोपीहरूलाई कारबाही भएन।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार संरचना, सम्पति क्षति

नेकपा माओवादीबाट

नेकपा माओवादीले धनुषा जिल्लामा विभिन्न व्यक्तिको करिब १ हजार ५ सय बिघा जग्गा कब्जा गरेको ०६६ असोज २६ गते पत्रकार सम्मेलन गरी सार्वजनिक गऱ्यो। मधेसको जङ्गल र ऐलानी जग्गा जमिनदारहरूले आफ्नो नाममा गराएको भन्दै त्यस्ता जमिनदारको जग्गा कब्जा गरी भूमिहीन, सुकुमवासी र विपन्न वर्गलाई तीन कट्ठाका दरले वितरण गरिएको माओवादीका धनुषा जिल्ला सेक्रेटरी दिनेश यादवले बताए। उनले ती जग्गाहरू छ महिनाको अवधिमा कब्जा गरेको जनाए। कब्जा गरिएका जग्गा उमाप्रेमपुर गाविसस्थित नौसय टोलमा रहेको देव पन्त र उनको परिवारको नाममा रहेको ९ सय बिघा, धनुषाधाम गाविसलगायतमा रहेको पूर्वमन्त्री हेमबहादुर मल्लको २ सय ५० बिघा र सुन्दरनाथ भट्टराईको ६० बिघा, बटेश्वर गाविसमा रहेको पितानाथ पोखरेलको ४० बिघा, नक्टाझिझ र बटेश्वर गाविसमा रहेको अर्जुनबहादुर सिंहको ७० बिघा, सबैला गाविसमा रहेको रुद्र श्रेष्ठको ६० बिघा, खरियानी र शान्तिपुर गाविसमा रहेको रामस्वरूप साहको ६० बिघा रहेको छ। कब्जा गरिएका जग्गामध्ये सुन्दर भट्टराई, हेमबहादुर मल्ल, रुद्र श्रेष्ठसहितका व्यक्तिहरूको जग्गा तीन कट्ठाका दरले भूमिहीन सुकुमवासी तथा गरिब किसानलाई वितरण गरिएको र अरू जग्गा पनि वितरण गरिने सेक्रेटरी यादवले बताए। कब्जा गरिएका जग्गा दसवर्षे माओवादी सशस्त्र द्वन्दको समयमा तत्कालीन माओवादीले र अखिल तराई मुक्ति मोर्चालगायतका समूहले कब्जा गरेका थिए। कब्जा गरिएका सबै जग्गा बाँझो रहेका छन्।

अज्ञात समूहद्वारा

बेङ्गाशिवपुर गाविस-६ स्थित छिन्नमस्ता डिस्टिलरीमा ०६५ फागुन २ गते राती अज्ञात सशस्त्र समूहले प्रेसर कुकर बम विस्फोटन गराई १२ लाख रुपियाँ मूल्य बराबरको सम्पत्तिमा क्षति पुऱ्यायो।

स्वास्थ्य सेवाको अवस्था

दुई सय बेडको जनकपुर अञ्चल अस्पतालमा २९ जना चिकित्सकको दरबन्दी रहेकोमा १५ स्थान रिक्त छन्। त्यसै गरी स्वास्थ्यकर्मीको ३८ ओटा दरबन्दीमा ६ स्थान रिक्त रहेको छ। त्यसैगरी विकास समितितर्फ १३ जना चिकित्सक र ५२ जना स्वास्थ्यकर्मी कार्यरत रहेको जनकपुर अञ्चल अस्पतालले जनायो।

धनुषा जिल्ला जनस्वास्थ्य कार्यालयको अभिलेख अनुसार यस जिल्लाको बाल मृत्यु दर एक महिनासम्मका बालबालिकाप्रति हजारमा ३४ जनाको छ भने एक महिनादेखि पाँच वर्षमुनिका बालबालिकाको

Central Region:Layout 1 2/11/2010 10:26 AM Page 242

मृत्यु दर प्रतिहजारमा ६४ रहेको छ।

धनुषा जिल्लामा प्राथमिक स्वास्थ्य केन्द्र पाँच, हेल्थपोस्ट नौ र सहायक हेल्थपोस्ट ८८ गरी जम्मा १ सय २ ओटा रहेका छन्। जसमा प्राथमिक स्वास्थ्य केन्द्रमा पाँचजना मेडिकल अधिकृतको दरबन्दी रहेकामा चार रिक्त रहेको र १ स्थानमा करारमा नियुक्त गरिएको छ। त्यसैगरी स्टाफनर्सतर्फ पाँच दरबन्दी रहेकामा चार रिक्त रहेको, एक बहालमा, अहेवतर्फ १० बहालमा, अनमितर्फ १५ बहालमा, ल्याब असिस्टेन्ट पाँच बहालमा, ग्रामीण स्वास्थ्य कार्यकर्ता पाँच बहालमा रहेका छन्। त्यस्तै अहेवतर्फ १८ बहालमा, अनमितर्फ नौमा एक स्थान रिक्त, खरिदार र मुखियामा नौमा दुई स्थान रिक्त, ग्रामीण स्वास्थ्य कार्यकर्ता नौ बहालमा रहेका छन्। त्यसैगरी, उपस्वास्थ्य चौकी तर्फ ८८ जना बहालमा, ग्रामीण स्वास्थ्य कार्यकर्तातर्फ ८८ मा पाँच रिक्त रहेको, मासिकामा ८८ मा पाँच स्थान रिक्त रहेको जिल्ला जनस्वास्थ्य कार्यालय धनुषाले जनायो।

२.२ महोत्तरी

जनसङ्ख्या : ६,६३,३८९
साक्षरता प्रतिशत : ३५
महिला साक्षरता प्रतिशत : २५
क्षेत्रफल (वर्ग कि. मि.) : १,००२
गाविस/नपा सङ्ख्या : ७६/१
सरकारी/निजी विद्यालय : २७२/२४
क्याम्पस/उच्च मा.वि. : २/२२
अस्पताल/स्वास्थ्य चौकी : १/८१
मानव विकास सूचकाङ्कः ०.४०७
प्रतिपरिवार सरदर सङ्ख्याः ७

नागरिक तथा राजनीतिक अधिकार
सम्मानित रूपले बाँच्ने अधिकार
अज्ञात समूहबाट

खुट्टा पिपराढी गाविस-२ का ४२ वर्षीय जयनारायण यादवलाई ०६५ माघ १७ गते अज्ञात समूहले घरैमा गोली हानी हत्या गऱ्यो। प्रहरीले मृतकको पोस्टमार्टम जलेश्वर अस्पतालमा गराई परिवारको जिम्मा लगायो।

सीतापुर भङ्गाहा गाविस-९ का ५५ वर्षीय महावीर साहलाई ०६५ फागुन १८ गते अज्ञात समूहले सिङ्ग्याही गाविस-४ स्थित बजारमा घाँटी रेटेर हत्या भोलिपल्ट जलेश्वर अस्पतालमा गराई परिवारको जिम्मा लगायो।

बर्दीवास गाविस-६ का ५९ वर्षीय गोविन्द थापाको ०६६ असार २५ गते हाथीलेट गाविसको जङ्गलमा अज्ञात समूहले धारिलो हतियार प्रहार गरी हत्या गऱ्यो। पीडितको लासको ०६६ असार २६ गते जलेश्वर अस्पतालमा पोस्टमार्टम गराई परिवारजनको जिम्मा लगाइयो।

सिङ्ग्याही गाविस-५, थारुटोलका व्यापारी ५० वर्षीय रामजनम चौधरीलाई ०६६ भदौ ३१ गते राती अज्ञात समूहले घरैनजिक गोली हानी घाइते बनाएकामा उपचारका लागि जनकपुर ल्याउँदै गर्दा सोही दिन बाटोमा उनको मृत्यु भयो। लासको सोही दिन जलेश्वर अस्पतालमा पोस्टमार्टम गराई आफन्तको जिम्मा लगाइयो।

सरपल्लो गाविस-१ की १६ वर्षीया लक्ष्मी मण्डलको ०६६ कात्तिक २२ गते सोही गाविस-२ मा अज्ञात समूहले धारिलो हतियार प्रहार गरी हत्या गऱ्यो। मृतकको लासको सोही दिन जलेश्वर अस्पतालमा पोस्टमार्टम गरी आफन्तको जिम्मा लगाइयो।

भरतपुर गाविस-३ निवासी जनतान्त्रिक तराई मुक्ति मोर्चाका जिल्ला सहइन्चार्ज ३५ वर्षीय बादल भनिने रामबहादुर सहनीलाई ०६६ मङ्सिर ९ गते अज्ञात समूहले घरैबाट अपहरण गरी भारतीय सीमावर्ती गाविस खेम्रहा खैरबन्नी-२ मा ०६६ मङ्सिर १० गते साँझ गोली हानी हत्या गऱ्यो। लासको ०६६ मङ्सिर १० गते नै प्राथमिक स्वास्थ्य केन्द्रमा पोस्टमार्टम गराई आफन्तको जिम्मा लगाइयो।

पिपरा गाविस-५ की २० वर्षीया सरस्वती कापरको ०६६ पुस ७ गते अज्ञात समूहले धारिलो हतियार प्रयोग गरी दाहिने स्तन, हात र दाहिनेतर्फको पेट काटेर हत्या गऱ्यो। पीडितको लास महोत्तरी गाविस-८ को पोखरीमा फेला परेको थियो। पीडित ०६६ मङ्सिर २४ गते घरबाट हराएकी थिइन्।

घटनाको प्रकार	गैर राज्यबाट								राज्यबाट		
	अन्यबाट					एकीकृत माओवादीबाट					
	घटना सङ्ख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना सङ्ख्या	पुरुष	जम्मा	घटना सङ्ख्या	पुरुष	जम्मा
हत्या	१५	१२	४		१६						
घाइते	४	३	१		४				१	७	७
गिरफ्तारी/यातना									२	३	३
कुटपिट	२	२			२						
भेला/सङ्गठित हुने अधिकार									३	९	९
महिलाअधिकार	१०		१०		१०						
बालअधिकार	२	२	१	११	३५						
आर्थिक/सामाजिक/ सांस्कृतिक अधिकार	४	५			५	१	३	३			
अमानवीय व्यवहार	१	१			१	१	१	१			
अपहरण	१२	१२	१		१३						
जेलमा मृत्यु									१	१	१
जम्मा	५०	३७	१७	११	७६	२	४	४	७	२०	२०

अन्यबाट

नाम, ठेगाना खुल्न नसकेको ४५ वर्षीय एक पुरुषलाई बालबालिका अपहरणको आरोपमा रतैली गाविस-९ का स्थानीय बासिन्दाले सामूहिक रूपमा ०६५ वैशाख ९ गते कुटपिट गरी हत्या गरे। मृतकको लास प्रहरीले जलेश्वर अस्पतालमा पोस्टमार्टम गरी सद्गत गऱ्यो। पीडकहरूउपर कारवाही भएन।

बम विस्फोटनबाट

धनुषा जिल्ला उमाप्रेमपुर गाविस-८ निवासी तराई राष्ट्रिय मुक्ति सेनाका कार्यकर्ता २६ वर्षीय मकेश्वर साह र धनुषा जिल्लाकै तारापट्टी गाविस-८ का सोही समूहका सदस्य २७ वर्षीय मिथुन पासवानको डाम्हीमडै गाविस-८ स्थित जलेश्वर मडै सडकमा ०६५ फागुन २४ गते आफैंले मोटरसाइकलमा लिएर जादै गरेको सिलिन्डर बम विस्फोटन हुँदा मृत्यु भयो। प्रहरीले मृतकहरूको लास सोही दिन जलेश्वर अस्पतालमा पोस्टमार्टम गराई परिवारको जिम्मा लगायो।

गोली/विस्फोटक पदार्थद्वारा घाइते

स्वतन्त्र तराई मुक्ति मोर्चाबाट

सिङ्ग्याही गाविस-८ का ३५ वर्षीय योगेन्द्र मण्डललाई ०६६ साउन १९ गते स्वतन्त्र तराई मुक्ति मोर्चाका कार्यकर्ताले उनकै घरमा गोली हानी घाइते बनाए। घाइतेको जनकपुर अञ्चल अस्पतालमा उपचार भयो।

जनतान्त्रिक मधेस मुक्ति टाइगर्स तराईबाट

फूलहट्टा परिकौली गाविस-८ का ४१ वर्षीय मुकिम अन्सारीलाई ०६६ मङ्सिर ४ गते राती ज्वाला सिंह नेतृत्वको जनतान्त्रिक मधेस मुक्ति टाइगर्स तराईका कार्यकर्ताले गोली हानी घाइते बनाए। पीडितलाई उपचारका लागि धरान लगिएकामा त्यहाँ उपचार हुन नसकेपछि भारतको सिलगुडी अस्पतालमा उपचार भयो।

अज्ञात समूहबाट

भरतपुर गाविस-२ विसहरपुरका ४० वर्षीय वीरेन्द्र सिंहलाई ०६६ असोज १५ गते गौशालानजिकको मडाहा खोलामा अज्ञात समूहले गोली हानी घाइते

Central Region:Layout 1 2/11/2010 10:26 AM Page 244

बनायो। घाइते सिंहको बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरानमा उपचार भयो।

हाथीलेट गाविस-१ की ५२ वर्षीया मङ्गलीमाया भुजेल ०६६ कात्तिक ३ गते बिहान शौच गर्न जाँदा रातुखोलाको बगरमा बालुवाले छोपेर राखेको पानपरागको डिब्बा कुल्चन पुग्दा विस्फोटनमा परी घाइते भइन्। ढाडमा छर्रा लागेर घाइते भएकी भुजेलको गाउँकै स्वास्थ्य चौकीमा उपचार भयो।

जेल र बन्दीहरू

'ख' श्रेणीको जलेश्वर कारागारमा यस वर्षको अन्त्यसम्म कैद तोकिएका ८३ जना पुरुष र ६ महिला बन्दीहरू रहेका छन् भने कैद नतोकिएका १ सय ९७ जना पुरुष र ११ जना महिला थुनुवा रहेका छन्। त्यसैगरी तीन जना बालक र दुई जना बालिका पनि कारागारमा आश्रित छन्। यसरी यस कारागारमा ३ सय २ जना बन्दी तथा थुनुवा रहेका छन्।

राणाकालीन पुरानो कारागार भएकाले वर्षायाममा पानी चुहिने, बाढीको पानी पस्ने गर्दा हरेक वर्षातमा कैदी बन्दीहरूले सास्ती खेप्दै आउनु परेको छ।

रामेछाप जिल्ला पकरवास गाविस-७ का भगौडा सैनिक मुद्दामा थुनिएका ३२ वर्षीय भक्तबहादुर कार्कीले ०६६ असोज २२ गते शौचालयको ढोका थुनेर दाह्री काट्ने ब्लेडले घाँटी रेटेर आत्महत्याको प्रयास गरे। शौचालयबाहिर रगत देखिएपछि कैदीहरूले ढोका फोडेर उनको उद्धार गरेका थिए। कार्कीको बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा उपचार भयो। कार्की ०६६ पुस ९ गते रिहा भए।

धनुषा जिल्ला औरही गाविस-८ का हाल जलेश्वर कारागारमा रहेका ५० वर्षीय कुलदीप पासवानको समयमै उपचार नहुँदा ०६५ पुस २१ गते सोही कारागारभित्रै मृत्यु भयो। प्रहरीले मृतकको लास भोलिपल्ट जलेश्वर अस्पतालमा आफन्तको जिम्मा लगायो।

बेपत्ता/अपहरण

जनतान्त्रिक तराई मुक्ति मोर्चा (राजन मुक्ति) बाट

कट्टीकटैया गाविस-१ का सोही गाविसस्थित माविका प्रधानाध्यापक ३८ वर्षीय लालबाबु झालाई ०६५ माघ २९ गते सोही माविबाट जनतान्त्रिक तराई मुक्ति मोर्चा (राजन मुक्ति)का कार्यकर्ता रामनगर गाविस-७ का १८ वर्षीय अरुण महतो, सोही गाविस-८ का १८ वर्षीय माधव शर्मा, गौशाला गाविस-४ का २१ वर्षीय रामचन्द्र महतो र धनुषा जिल्ला बटेश्वर गाविस-८ का जीतेन्द्र साहले अपहरण गरेकामा सोही दिन हाथीलेट गाविस-४ बाट सशस्त्र प्रहरीले मुक्त गराए।

जनतान्त्रिक तराई मुक्ति मोर्चाबाट

खुट्टापिपराढी गाविस-४ का २७ वर्षीय राजा भनिने दिनेश साह र सिङ्ग्याही गाविस-६ का २६ वर्षीय अजय साहलाई ०६६ मङ्सिर १० गते सोनामाई गाविस-५ बाट जनतान्त्रिक तराई मुक्ति मोर्चाका कार्यकर्ताले अपहरण गरे। पीडितलाई सुन्दरपुर गाविस-२ मगरथानाबाट ०६६ मङ्सिर ११ गते प्रहरीले उद्धार गऱ्यो।

अज्ञात समूहबाट

रघुनाथपुर गाविस-१ का २७ वर्षीय राममूर्ति यादवलाई ०६५ पुस २३ गते ट्र्याक्टर चलाएर श्रीपुर जाँदै गर्दा अज्ञात सशस्त्र समूहले सोही ठाउँबाट अपहरण गरी पुस २६ गते मुक्त गऱ्यो।

सर्लाही जिल्ला लालबन्दी गाविस-१ का पिपुल्स हेल्पफुल इन्भेस्टमेन्ट प्रालिका कार्यकारी अध्यक्ष ३५ वर्षीय ध्रुवकेशर घिमिरेलाई ०६६ वैशाख ६ गते अज्ञात समूहले जलेश्वर-बर्दिवास सडकखण्डको टिकुलिया बजारबाट अपहरण गरी वैशाख १३ गते मुक्त गऱ्यो।

सीतापुर भङ्गाहा गाविस-३ का एमाले गाउँ कमिटी सदस्य ५६ वर्षीय रामअवतार चौधरीलाई ०६६ जेठ ८ गते राती अज्ञात समूहले अपहरण गरेकामा सोही दिन प्रहरीले उद्धार गऱ्यो।

हतिसर्वा गाविस-१ का ३१ वर्षीय परमेश्वर यादवलाई ०६६ पुस १३ गते ससुराली इटहर्वाकट्टी गाविसबाट फर्कदै गर्दा सोही गाविस-५ को भोल्ही टोलबाट अज्ञात सशस्त्र समूहले अपहरण गरेकामा यस वर्षको अन्त्यसम्म पीडित अपहरण मुक्त भएका छैनन्।

धम्की/कुटपिट

एकीकृत माओवादीबाट

प्रमुख जिल्ला अधिकारी ५१ वर्षीय सागरमणि पराजुलीले भ्रष्टाचारको छानबिन नगरेको भन्दै ०६६ भदौ १६ गते एकीकृत माओवादीका जलेश्वर नगर इन्चार्ज देवेन्द्र चौधरीले पियनहरूलाई हातपात गर्दै प्रजिअको टेबुल पल्टाई दिएर अमानवीय व्यवहार गरे। सार्वजनिक अपराध मुद्दामा चौधरीलाई प्रहरीले गिरफ्तार गऱ्यो। आफू निर्दोष भएकाले रिहा गरिनुपर्ने र नपाको भ्रष्टाचार छानबिन हुनुपर्ने भन्दै चौधरी जिल्ला प्रहरी कार्यालयको हिरासतमा ०६६ भदौ १९ गतेदेखि आमरण अनशनमा बसेका थिए। उनलाई

इन्सेक प्रतिनिधिले ०६६ भदौ २१ गते जुस खुवाएर अनशन तोडाए। चौधरी ०६६ भदौ २६ गते रिहा भए।

तराई-मधेस लोकतान्त्रिक पार्टीबाट

जिल्ला विकास समिति महोत्तरीका लेखापाल ५० वर्षीय लक्ष्मण राय र सोही कार्यालयका नासु ३८ वर्षीय विनोद झालाई ०६६ असार ३० गते काममा ढिलाइ गरेको आरोपमा कार्यकक्षमै तमलोपाका जिल्ला नेताहरू जिल्ला समितिका वरिष्ठ सदस्य इन्द्रराजप्रसाद सिंह, जिल्ला सदस्यहरू सरोजकुमार सिंह, मनोज झा र राकेश शर्माले कुटपिट गरे। पीडकहरूविरुद्ध जिल्ला प्रहरी कार्यालयमा सार्वजनिक अपराध मुद्दा ०६६ साउन २ गते दर्ता गरिए पनि कारवाही भएन।

अभिव्यक्ति, भेला हुने र सङ्गठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

बथनाहा गाविस-७ निवासी तराई-मधेस विद्यार्थी फ्रन्टका केन्द्रीय सहमहासचिव २५ वर्षीय सत्येन्द्र यादव, जलेश्वर नपा-११ का ४२ वर्षीय नवोनाथ कुँवर, पर्सापतैली गाविस-५ का ५० वर्षीय रामएकवाल कापरलाई एकीकृत प्रशासनिक सेवा बर्दिवासमा स्थापना गर्ने सरकारी निर्णयको विरोध गर्दै जलेश्वरमा भएको प्रदर्शनमा ०६५ माघ १७ गते प्रहरीले हस्तक्षेप गरी लाठीचार्ज गर्दा घाइते भए। घाइतेमध्ये विद्यार्थी नेता यादवको स्थिति गम्भीर भएकाले उपचारका लागि जलेश्वर अस्पतालले काठमाडौँ रेफर गरेको थियो।

जलेश्वर नपा-५ निवासी *अन्नपूर्ण पोस्ट*का महोत्तरी संवाददाता ३८ वर्षीय ईश्वरी पौडेललाई प्रहरीले सेवा केन्द्र स्थापनाको निर्णय फिर्ता गर्नुपर्ने माग गर्दै सदरमुकाम जलेश्वरमा भएको आन्दोलनको समाचार सङ्कलन गर्ने क्रममा ०६५ माघ १९ गते कुटपिट गरी घाइते पारे।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत महोत्तरीमा दुनियाँवादी फौजदारी मुद्दा अन्तर्गत गत वर्षको जिम्मेवारी सरेर आएका २ सय २९ थान र यस वर्ष दर्ता भएका ६७ थान गरी जम्मा २ सय ९६ मध्ये यस वर्ष ६५ थान फर्स्यौट भई २ सय ३१ बाँकी रहे।

दुनियाँवादी देवानी मुद्दा गत वर्षको जिम्मेवारी सरेर आएका १ हजार १ सय १६ र यस वर्ष दर्ता भएका ५ सय ६ थान गरी जम्मा १ हजार ६ सय २२ थान रहकामा यस वर्ष ३ सय ९४ फर्स्यौट भई १ हजार २ सय २८ थान बाँकी रहे।

सरकारवादी फौजदारी मुद्दा गत वर्षको जिम्मेवारी सरेर आएको ९४ थान र यस वर्ष दर्ता भएको ३६ थान गरी जम्मा १ सय ३० थान रहेकामा यस वर्ष २४ थान फर्स्यौट भई १ सय ६ थान बाँकी रहे। यस अदालतमा सरकारवादी देवानी मुद्दा छैनन्।

बालअधिकार

जलेश्वर नपाका विभिन्न वडाका ७ देखि १२ वर्ष उमेर समूहका २२ जना बालबालिकालाई स्थानीय नगरबासीले सरकारद्वारा बर्दिवासमा प्रशासनिक सेवा केन्द्र खोल्ने निर्णयका विरुद्धमा ०६५ माघ १३ गते वडा नं. ४ मा जम्मा गरी चकलेटको लोभ देखाएर नाङ्गै पारी जलेश्वर बजार परिक्रमा गराए। सो घटनाको इन्सेक जिल्ला प्रतिनिधिले प्रेस विज्ञप्ति प्रकाशन गरी विरोध जनाएका थिए।

सोनमा गाविस-१ स्थित राष्ट्रिय प्राथमिक विद्यालयमा प्रधानाध्यापकले अनियमित ढङ्गले राहत कोटामा शिक्षक नियुक्त गरेको भन्दै ०६६ भदौ १० गते गाउँका युवाले विद्यालयमा तालाबन्दी गरेकाले सो विद्यालयमा अध्ययनरत २ सय २५ बालबालिकाहरू ०६६ भदौ २५ गतेसम्म पठनपाठनबाट वञ्चित भए।

परौल गाविस-७ का १५ वर्षीय राजेशकुमार यादवलाई जनतान्त्रिक तराई मुक्ति मोर्चाका कार्यकर्ताले ०६६ मङ्सिर २३ गते राती ८ बजे सोही गाविस-२ स्थित बजारबाट अपहरण गरेकामा प्रहरीले खुट्टापिपराढी गाविसबाट सोही दिन उद्धार गऱ्यो।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार पारिवारिक हिंसा

इटहर्वाकट्टी गाविस-२ का २६ वर्षीया सिर्जना सिंहले दाइजो कम ल्याएको आरोपमा ०६५ चैत ५ गते उनका पति ३५ वर्षीय पवित्र सिंह, जेठानी ३३ वर्षीय अमृतादेवीलगायतले उनको हत्या गरे। प्रहरीले अमृतादेवीलाई गिरफ्तार गरी साधारण तारेखमा रिहा गऱ्यो। माइती पक्षले चैत ६ गते जिल्ला प्रहरी कार्यालयमा जाहेरी दिए। लासको जिल्ला अस्पताल महोत्तरीमा पोस्टमार्टम भयो।

गोनरपुरा गाविस-१ का २६ वर्षीया सुनीता देवीको ०६६ वैशाख २८ गते उनका पति ३२ वर्षीय अजित यादव, देवर २८ वर्षीय अजय यादव, ससुरा ६० वर्षीय राजेन्द्र यादव र काकाससुरा ४५ वर्षीय वीरेन्द्र यादवले हत्या गरे। हत्याका आरोपी सबै जना फरार भएको र अनुसन्धान जारी रहेको प्रहरीले बतायो। प्रहरीले मृतकको लास पोस्टमार्टम गरी माइती पक्षलाई बुझायो।

Central Region:Layout 1 2/11/2010 10:26 AM Page 246

पर्सादेवाड गाविस-६ की ४० वर्षीया बट्टु खातुनलाई ०६६ साउन २६ गते पति ४१ वर्षीय शेष अनिशुलले निर्घात कुटपिट गरी घर निकाला गरे। पीडितले पतिविरुद्ध ०६६ साउन २९ गते सार्वजनिक अपराध मुद्दा दर्ता गराएकोमा हाल सो मुद्दा जिल्ला प्रशासन कार्यालयमा विचाराधीन रहेको छ।

दुर्व्यवहार

बसपिट्टी गाविस-८ की ४५ वर्षीया पटकरी दासलाई बोक्सीको आरोपमा ०६६ साउन ४ गते सोही ठाउँका ५२ वर्षीय जगदेव दास, ५१ वर्षीय लक्ष्मण दास, ४५ वर्षीया रामपरी दास, १७ वर्षीया बसमतिया देवी र ३२ वर्षीय देवधारी दासले कुटपिट गर्नुका साथै अभक्ष कोच्याए। पीडित पटमरी देवीले महिला हिंसासम्बन्धी मुलुकी ऐनको अदलको महलबमोजिम जिल्ला प्रहरी कार्यालयमा ०६६ साउन ६ गते उजुरी दर्ता गराइन्। पीडकहरू एकीकृत माओवादी समर्थित भएकाले प्रहरीले मुद्दा दर्ता गरे पनि गिरफ्तार नगरेको स्थानीय बासिन्दाले बताए। उक्त मुद्दा जिल्ला अदालत महोत्तरीमा विचाराधीन रहेको छ।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार संरचना, सम्पति क्षति

एकीकृत माओवादीबाट

सुगा भवानीपट्टी गाविस-६ का ५५ वर्षीय रघुवीर पाण्डे र ५३ वर्षीय रत्नेश्वर पाण्डेको नाममा दर्ता रहेको लोहारपट्टी गाविसस्थित १८ बिघा २ कट्ठा जग्गा ०६६ मङ्सिर ६ गते र इटहर्वाकट्टी गाविस-४ का रामललित सिंहको नाममा दर्ता रहेको भङ्गाहा गाविस-५ को ७५ बिघा र उनकै नाममा रहेको हरिहरपुर हरिनमरी गाविस-६ को ५० बिघा जग्गा एकीकृत माओवादीले पार्टीको झन्डा गाडेर कब्जा गरेको घोषणा गऱ्यो। सो झन्डा ०६६ मङ्सिर ७ गते प्रहरीले उखेल्यो।

अल मधेस लिवरेसन फ्रन्टबाट

अनकार गाविस-८ स्थित बखरीभाट उच्चमाध्यमिक विद्यालयमा ०६६ मङ्सिर २७ गते राती अल मधेस लिवरेसन फ्रन्ट नामको सशस्त्र समूहले आगजनी गऱ्यो। आगजनीका कारण विद्यालयका सम्पूर्ण कागजात, विज्ञान प्रयोगशालाका उपकरण, सांस्कृतिक कार्यक्रमका सामग्री, पुस्तकालयका पुस्तकहरू र झ्याल, ढोका, फर्निचरहरू जलेर नष्ट भए।

२.३ सर्लाही

जनसङ्ख्या : ७,७७,५६८
साक्षरता प्रतिशत : ४५
महिला साक्षरता प्रतिशत : ३५
क्षेत्रफल (वर्ग कि. मि.) : १,२५९
गाविस/नपा सङ्ख्या : ९९/१
सरकारी/निजी विद्यालय : ३३०/२४
क्याम्पस/उच्च मा.वि. : ३/१९
अस्पताल/स्वास्थ्य चौकी : १/१०३
मानव विकास सूचकाङ्कः ०.४०८
प्रतिपरिवार सरदर सङ्ख्याः ७

नागरिक तथा राजनीतिक अधिकार सम्मानित रूपले बाँच्ने अधिकार

हत्या

अज्ञात समूहबाट

नेत्रगञ्ज गाविस-२ का २२ वर्षीय वीरेन्द्र पासवानको ०६५ फागुन १२ गते राती अज्ञात समूहले घरनजिकै गोली हानी हत्या गऱ्यो। छाती र कोखामा दुई गोली प्रहार गरिएका पीडितको घटनास्थलमै मृत्यु भएको थियो। पीडकको यस वर्षको अन्त्यसम्म पहिचान खुल्न सकेन।

रामनगर बोहरवा गाविस-२ का ४५ वर्षीय कैलाश रायको ०६६ वैशाख १३ गते राती घरमा सुतिरहेको अवस्थामा अज्ञात समूहले कञ्चटमा गोली हानी हत्या गऱ्यो। पीडकको यस वर्षको अन्त्यसम्म पहिचान हुन सकेन।

जनतान्त्रिक तराई मुक्ति मोर्चा (पृथ्वी समूह)बाट

भारत सीतामढी जिल्ला लहुरियाका २३ वर्षीय मोहमद अनवर अन्सारीलाई ०६६ पुस १६ गते दिउँसो

धनकौल गाविस-३ स्थित दिदीको घरबाट फर्कंदै गर्दा सङ्ग्रामपुर गाविस-१ स्थित सडकमा सशस्त्र हतियारधारी समूहले गोली हानी हत्या गऱ्यो। पीडितसँगै रहेका उनका दाइ शेष अन्सारी भने भाग्न सफल भए। पीडकहरूको पहिचान यस वर्षको अन्त्यसम्म हुन सकेन।

घटनाको प्रकार	गैर राज्यबाट				राज्यबाट			
	अन्यबाट							
	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा
हत्या	१४	९	६	१५				
घाइते	१३	१६	१	१८				
गिरफ्तारी/यातना					१	१		१
कुटपिट	३	३		३	४	३	३	५
महिलाअधिकार	१		१	१				
बालअधिकार	३		३	३				
अमानवीय व्यवहार	३	१	१	३				
अपहरण	३३	३९		३९				
जम्मा	५८	५८	१३	७०	५	४	३	६

गोली/विस्फोटक पदार्थद्वारा घाइते

अज्ञात समूहबाट

नौकेल्वा गाविस-७ का ३० वर्षीय सिकेन्दर महतोलाई ०६५ माघ १४ गते राती सशस्त्र समूहले गोली हानी घाइते बनायो। मोटरसाइकलमा रहेका चार जनाको उक्त समूहले पीडितलाई अपहरण गर्ने प्रयास गर्दा असफल भएपछि दाहिने तिघ्रामा गोली प्रहार गरेको थियो। पीडितको नारायणी उपक्षेत्रीय अस्पताल वीरगञ्जमा उपचार भयो। पीडकहरूको पहिचान यस वर्षको अन्त्यसम्म हुन सकेन।

बरहथवा गाविस-४ की ३५ वर्षीया तेतरीदेवी साहलाई ०६५ फागुन ८ गते साँझ घरतर्फ जाँदै गर्दा अज्ञात समूहले गोली प्रहार गरी घाइते बनायो। पीडितको उपचार वीरगञ्जस्थित नारायणी उपक्षेत्रीय अस्पतालमा भयो।

बेवारिसे विस्फोटक पदार्थबाट

नारायणखोला गाविस-७ का २० वर्षीय कान्छा तामाङ ०६५ चैत १४ गते दिउँसो घाँस काट्न जङ्गलमा गएको अवस्थामा बेवारिसे सकेट बम विस्फोट भई सख्त घाइते भए। विस्फोटमा परी पीडितका दुवै हात क्षतविक्षत भएको र शरीरका अन्य भागमा समेत चोटपटक लागेको थियो। पीडितको वीरगञ्जस्थित नारायणी उपक्षेत्रीय अस्पतालमा उपचार भयो।

जेल र बन्दीहरू

'ग' श्रेणीको जिल्ला कारागार शाखाको क्षमता १ सय जनाको रहेको छ। हाल कैद तोकिएका ३९ पुरुष र एक महिला रहेका छन्। त्यसैगरी कैद नतोकिएका ९२ जना पुरुष र दुई जना महिला रहेका छन्। यस कारागारमा विदेशी कैदी दुई पुरुष र थुनुवा दुई जना पुरुष रहेका छन्। हाल कारागार शाखामा १ सय ३८ जना बन्दी रहेका छन्। कारागारमा बन्दीहरूलाई रेडियो, टेलिभिजन, पत्रपत्रिका, सिलाइकटाई मेसिन, टेलिफोन, पुस्तकालय आदिको व्यवस्था गरिएको जेलर अनिल आचार्यले बताए।

बेपत्ता/अपहरण

तराई कोब्राबाट

रामवन गाविस-९ का ३८ वर्षीय सुनिलकुमार रस्तोगी र सोही ठाउँका ३० वर्षीय चन्द्रकिशोर गुप्तालाई ०६६ भदौ ४ गते राती घरबाटै मधुवन गोठ गाविस-७ निवासी तराई कोब्राका कार्यकर्ता २७ वर्षीय अशोक वर्माले अपहरण गरे। गाउँको बीचमा पुगेपछि अपहरित दुवै जनाले हल्ला गरेपछि पीडित वर्मालगायत अन्य उनका सहयोगी भागेका थिए। पीडित दुवैले जिल्ला प्रहरी कार्यालयमा किटानी जाहेरी दिएपछि बेल्वाजब्दी गाविसबाट पीडक वर्मालाई प्रहरीले ०६६ भदौ ६ गते गिरफ्तार गऱ्यो। पीडकलाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

अज्ञात समूहबाट

भेल्ही गाविस-७ निवासी रौतहट जिल्ला मत्सरी गाविसका गाविस सचिव ४० वर्षीय गजेन्द्र मिश्रलाई ०६५ चैत १ गते भेल्ही गाविस-६ भीमपुलनजिकै मोटरसाइकलबाट घर जाँदै गर्दा अज्ञात समूहले

Central Region:Layout 1 2/11/2010 10:26 AM Page 248

अपहरण गऱ्यो। पीडित ७ लाख रुपियाँ फिरौती बुझाएर ०६५ चैत १० गते सङ्ग्रामपुर गाविसबाट मुक्त भए।

हरिपूर्वा गाविस-७ का १८ वर्षीय पप्पु भनिने अजय साहलाई ०६५ चैत ११ गते थ्रेसर लिएर घरतर्फ जाँदै गर्दा अज्ञात समूहले सर्लाही र महोत्तरी जिल्लाको सिमानामा पर्ने हर्दिखोलानजिकबाट अपहरण गऱ्यो। पीडित सोही दिन सशस्त्र प्रहरीको सहयोगमा हरिपूर्वा गाविसबाट मुक्त भए।

ब्रम्हपुरी गाविस-३ निवासी तराई जनतान्त्रिक मुक्ति मोर्चा राजन समूहका कार्यकर्ताहरू ३० वर्षीय मनोज साह र मलङ्गवा नपा-१० का २५ वर्षीय छोटे मिकरानीलाई ०६६ जेठ ६ गते राती मलङ्गवाबाट घरतर्फ जाँदै गर्दा अज्ञात समूहले मलङ्गवा नपा-१० झिमपुल नजिकैबाट अपहरण गऱ्यो। पीडितहरूमध्ये मिकरानीलाई सोही दिन मुक्त गरे भने साह जेठ ८ गते भारतको सोनवर्षाबाट मुक्त भए।

भक्तिपुर गाविस-८ का ६० वर्षीय माधव कोइरालालाई ०६६ साउन १३ गते राती घरमा सुतिरहेको अवस्थामा अज्ञात समूहले अपहरण गऱ्यो। पीडितलाई ०६६ साउन १७ गते मुक्त गरे। पीडकहरूको पहिचान यस वर्षको अन्त्यसम्म हुन सकेन। घटनाबारे पीडितले थप जानकारी गराउन चाहेनन्।

रामवन गाविस-३ का ३६ वर्षीय चन्द्रकिशोर महतो र उनका भतिजा २७ वर्षीय राजकिशोर महतोलाई ०६६ असोज १८ गते राती मोटरसाइकलबाट घरतर्फ जाँदै गर्दा गम्हरिया गाविसस्थित चमेलीमाई मन्दिरनजिकबाट अज्ञात समूहले अपहरण गऱ्यो। पीडितहरूमध्ये राजकिशोर भोलिपल्ट बिहान अपहरणकारीको कब्जाबाट भागे भने चन्द्रकिशोरलाई स्थानीय गाउँले र प्रहरीको संयुक्त प्रयासबाट ०६६ असोज १९ गते नारायणपुर गाविसबाट मुक्त गराइयो। पीडकहरूको पहिचान यस वर्षको अन्त्यसम्म हुन सकेन।

सुन्दरपुर चोहडवा गाविस-७ थारुटोलका १५ वर्षीय गुड्डु साहलाई ०६६ असोज २० गते साँझ पसल बन्द गरेर हिरापुर ब्यारेजबाट घर फर्कंदै गर्दा अज्ञात समूहले मोटरसाइकलमा हाली अपहरण गऱ्यो। घटनालगत्तै प्रहरीले खोजतलास अघि बढाएपछि मोटरसाइकल र पीडितलाई छाडेर उनीहरू भागे।

शङ्करपुर गाविस-३ का २८ वर्षीय सुरेश महतोलाई ०६६ कात्तिक १५ गते दिउँसो मोटरसाइकलबाट ससुराली मूर्तिया जाँदै गर्दा अज्ञात समूहले अपहरण गऱ्यो। पीडित ०६६ कात्तिक १८ गते मुक्त भए। पीडकहरूको पहिचान यस वर्षको अन्त्यसम्म हुन सकेन।

वसन्तपुर गाविस-९ का ३२ वर्षीय दिनेश पञ्जियार र मलङ्गवा नपा-४ का २८ वर्षीय मुन्ना अन्सारीलाई ०६६ मङ्सिर १३ गते अज्ञात समूहले भेली गाविस पीपलबोटबाट अपहरण गऱ्यो। पीडित दुवै ०६६ मङ्सिर १७ गते ३ लाख ५० हजार रुपियाँ फिरौती बुझाएर भारतको सोनवर्षाबाट मुक्त भए। पीडकहरूको पहिचान यस वर्षको अन्त्यसम्म हुन सकेन।

सोहडवा गाविस-५ का ३० वर्षीय मुकेश राय यादव र सोही गाविस-८ का ५५ वर्षीय शम्भु साहलाई ०६६ मङ्सिर २२ गते राती घर जाँदै गर्दा औरही गाउँनजिकै नहरबाट अज्ञात समूहले अपहरण गऱ्यो। पीडितहरूमध्ये शम्भुलाई सोही दिन कुटपिट गरी मुक्त गरे भने मुकेशलाई मङ्सिर २५ गते मुक्त गरे। पीडकहरूको पहिचान यस वर्षको अन्त्यसम्म हुन सकेन।

हरिपूर्वा गाविस-६ का २५ वर्षीय कैलाश साहलाई ०६६ मङ्सिर २५ गते साँझ अज्ञात समूहले अपहरण गऱ्यो। साहलाई अपहरण गर्न आएको समूहसँग प्रतिकार गर्दा उनका दाइ ३५ वर्षीय सुरेन्द्र साहलाई गोली हानी सख्त घाइते पारे। छातीमा गोली लागेका पीडितको जनकपुर अञ्चल अस्पतालमा उपचार भयो। पीडकहरूको पहिचान यस वर्षको अन्त्यसम्म हुन सकेन।

नौकेल्वा गाविस-१ का ४० वर्षीय रामसेवक साह तेलीलाई ०६६ पुस २ गते साँझ खेतमा काम गरिरहेको अवस्थामा अज्ञात समूहले अपहरण गऱ्यो। पीडकहरूले साहकी ३६ वर्षीया पत्नी पुरनदेवी साहलाई कुटपिट गरेका थिए। पीडित रामसेवकलाई ०६६ पुस ४ गते मुक्त गरे। पीडकहरूको पहिचान यस वर्षको अन्त्यसम्म हुन सकेन।

बबरगञ्ज गाविस-१ निवासी दुर्गा खोभारी उमावि बबरगञ्जका शिक्षक ५० वर्षीय ब्रजवंशी झालाई ०६६ पुस १० गते राती सुतिरहेको अवस्थामा अज्ञात समूहले घरबाट अपहरण गऱ्यो। पीडितलाई ०६६ पुस १६ गते मुक्त गरे भने पीडकहरूको पहिचान यस वर्षको अन्त्यसम्म हुन सकेन।

धम्की/कुटपिट

राज्यबाट

महोत्तरी जिल्ला रघुनाथपुर निवासी सर्लाही क्याम्पसमा १२ कक्षामा अध्ययनरत २२ वर्षीय

दीपेन्द्रकुमार यादवलाई ०६५ चैत १५ गते मलङ्गवा नपा-८ मा धारामा पानी लिन गएका अवस्थामा प्रहरीले बिनाकारण गिरफ्तार गरी कुटपिट गऱ्यो। पीडित ०६५ चैत १६ गते दिउँसो रिहा भए।

घुर्कौली गाविस-८ का २५ वर्षीय रमेश लामालाई हल्ला गरेको आरोपमा ०६६ कात्तिक ९ गते चार्लिक गाउँको मैदानमा फुटबल खेल भइरहेको अवस्थामा सशस्त्र प्रहरीले कुटपिट गऱ्यो। पीडितको नमुना अस्पताल हरिवनमा उपचार भयो।

मधेसी जनअधिकार फोरमबाट

जिल्ला शिक्षा कार्यालय सर्लाहीका लेखापाल ४५ वर्षीय शिवचन्द्र कुशवाहलाई जिल्ला शिक्षा कार्यालयमा अनियमितता गरेको आरोपमा ०६६ असोज १० गते राती शलेमपुर गाविस-१ निवासी मधेसी जनअधिकार फोरमका जिल्ला अध्यक्ष ४२ वर्षीय अशोककुमार यादवसहितको एक समूहले सलेमपुर चोकमा गाडी रोकी मरणासन्न हुनेगरी कुटपिट गर्दै गाडी तोडफोड गऱ्यो। पीडितले ०६६ असोज १६ गते अशोक यादवसहित सात जनाको नाममा जिल्ला प्रहरी कार्यालयमा किटानी जाहेरी दिए। घटनाको विरोधमा विभिन्न कर्मचारी सङ्घ/सङ्गठनले संयुक्त सङ्घर्ष समिति गठन गरी दोषीलाई गिरफ्तार गरी कारबाही अघि बढाउनुपर्ने माग गर्दै जिल्लाका सम्पूर्ण कार्यालयहरू चार दिनसम्म बन्द गराएका थिए। पीडकले प्रशासनको सक्रियतामा सर्वपक्षीय छलफलमा माफ मागेपछि मिलापत्र गराइयो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा यसवर्षको अन्त्यसम्म गत वर्षका जिम्मेवारी सरेर आएका र यस वर्ष दर्ता भएका समेत दुनियाँवादी देवानी मुद्दा १ हजार ४ सय ५२, दुनियाँवादी फौजदारी २ सय ९५ र सरकारवादी फौजदारी १ सय २३ समेत जम्मा १ हजार ८ सय ७० थान मुद्दा रहेकामा दुनियाँवादी देवानी ९ सय ९४ फर्स्यौट भई ४ सय ५८ थान मुद्दा बाँकी रहे। दुनियाँवादी फौजदारी १ सय ६० थान फर्स्यौट भए भने १ सय ३५ थान बाँकी रहे। सरकारवादी फौजदारी अन्तर्गत ६३ थान फर्स्यौट भई ६० थान मुद्दा फर्स्यौट हुन बाँकी रहेका छन्।

यस वर्ष जिल्ला प्रशासन कार्यालयमा केही सार्वजनिक अपराध अन्तर्गत ८१ थान, हातहतियार खरखजाना ३७, दूषित खाद्य पदार्थ बिक्री वितरण तीन र जन्मदर्ता बदर एक गरी जम्मा १ सय ७० थान मुद्दा दर्ता भएकामा ४८ थान फर्स्यौट भई १ सय २२ बाँकी रहे।

जिल्ला प्रहरी कार्यालयमा कर्तव्य ज्यानसम्बन्धी आठ, ज्यान मार्ने उद्योग चार, भवितव्य ज्यान नौ, फुटकर ज्यान सात, आत्महत्या (विष खाएर) ११, आत्महत्या (झुन्डिएर) ११, चोरी डकैती छ, जबरजस्ती करणी छ, सवारी दुर्घटना सात, हातहतियार खरखजाना छ र अपहरणका १० थान मुद्दा दर्ता भए।

बालअधिकार

विद्यालय जाने बालबालिकाको सङ्ख्या १ लाख ४१ हजार ५ सय १९ रहेकामा यस वर्ष विद्यालयमा १ लाख २० हजार १ सय ८३ जना भर्ना भएको जिल्ला शिक्षा कार्यालयले जनायो।

सुन्दरपुर चुहड्वा गाविस-९ का नौ वर्षीय रुवी साहलाई ०६५ पुस १७ गते रौतहट जिल्ला समनपुर गाविस-२ का २७ वर्षीय लालबाबु राउतले कुटपिट गर्दै घाँटी थिचेर हत्या गरे। पीडितको घरमा काम गर्ने पीडकले घरमालिकसँगको रिसइवीका कारण हत्या गरेको प्रहरीको आरोप छ। ०६५ पुस १८ गते प्रहरीले गिरफ्तार गरी अनुसन्धान अघि बढाएको छ। पीडक हाल कारागारमा रहेका छन्।

बेला गाविस-५ की सात वर्षीया एक बालिकालाई ०६५ माघ ९ गते बबरगञ्ज गाविस-८ का २० वर्षीय उपेन्द्र साहले बलात्कार गरेको आरोपमा साहलाई ०६५ माघ १० गते प्रहरीले गिरफ्तार गऱ्यो। पीडितको मलङ्गवास्थित जिल्ला अस्पतालमा उपचार गरियो। पीडक यस वर्षको अन्त्यसम्म पुर्पक्षका लागि थुनामा छन्।

बलरा गाविस-४ का नौ वर्षीय रवि भनिने वीरबहादुर चौधरी, १० वर्षीय अनुज भनिने हरजित कापर र १० वर्षीय मुनुकुमार साह ०६५ फागुन ८ गते बिहान विद्यालयतर्फ जाँदै गर्दा बम विस्फोटनमा परी घाइते भए। रामसखी मोहितसिंह जनता उमावि भवननजिकै एक विद्यार्थीले जमिनमा रहेको बम उठाएर फाल्दा सकेट बम विस्फोट भएको थियो। घाइतेमध्ये मुनुकुमारको आँखा र शरीरभरि गम्भीर चोट लागेको थियो भने अन्यलाई सामान्य चोट लागेको थियो। पीडितहरूमध्ये तीन जनाको मलङ्गवास्थित जिल्ला अस्पतालमा उपचार भयो भने मुनुकुमारको थप उपचार वीरगञ्जस्थित नारायणी उपक्षेत्रीय अस्पतालमा भयो।

भारत, सीतामढी मलाही घर भई मलङ्गवा नपास्थित मामाघर आएका १२ वर्षीय राजु चौधरी र मलङ्गवा बसपार्क क्षेत्रमा मजदुरी गर्ने बोल्न नसक्ने

Central Region:Layout 1 2/11/2010 10:26 AM Page 250

३५ वर्षीय मजदुर ०६५ चैत १० गते साँझ मलङ्गवा नपा-१० स्थित द सहारा सहकारी संस्थाको भवननजिकै बम विस्फोट हुँदा घाइते भए। बमको छर्राले हात-गोडामा सामान्य चोट लागेका दुवैको जिल्ला अस्पतालमा उपचार भयो। घटनाको जिम्मेवारी जनतान्त्रिक तराई मुक्ति मोर्चा (पृथ्वी समूह)ले लियो।

चन्द्रनगर गाविस-३ निवासी भक्तिपुर गाविसस्थित मरीचमान मावि कक्षा ८ मा अध्यनरत छात्र १६ वर्षीय सुशीलकुमार महतोलाई ०६५ चैत १८ गते साँझ पाँच/छ जनाको सशस्त्र समूहले घरबाट अपहरण गरी ०६६ वैशाख २ गते विहान चन्द्रनगर गाविस-३ स्थित नाडी वननजिकै पोखरीको डिलमा गोली हानी हत्या गऱ्यो। पीडकको पहिचान यस वर्षको अन्त्यसम्म हुन सकेन।

छटौल गाविस-३ की दुई वर्षीया प्रतिमा माझीलाई ०६६ असार २४ गते राती बाबु २७ वर्षीय उपेन्द्र माझीले सुतिरहेको अवस्थामा गोडामा समातेर भुइँमा पछारेर हत्या गरे। बाबुलाई प्रहरीले गिरफ्तार गरी जिल्ला कारागारमा यस वर्षको अन्त्यसम्म राखिएको छ। पीडितकी आमा हालसम्म फरार रहेकी छन्।

जब्दी गाविस-९ का १० वर्षीय सुदीप माझीलाई ०६६ कात्तिक ६ गते दिउँसो सोही ठाउँका २७ वर्षीय नथुनी माझीले अपहरण गरे। पीडितलाई ०६६ कात्तिक १० गते महोत्तरी जिल्लाको टुटेश्वरबाट स्थानीय गाउँले राजकुमार मैनाली, रामबहादुर माझी, प्रकाश थपलिया र केदार काफ्लेको प्रयासमा मुक्त गरे। पीडकलाई कारबाही भएन।

सासापुर गाविस-७ का १२ वर्षीय दिपेश वल र १४ वर्षीय आशीष पाखिनलाई राम्रो तलब र होटलमा काम गर्ने प्रलोभन देखाएर ०६६ कात्तिक १३ गते राती भारत सीतामडीका ४८ वर्षीय विन्देश्वर नायक र ४५ वर्षीय उपेन्द्र कापरले अपहरणको प्रयास गरे। सासापुरका रामउजन चमारको सहयोगमा पीडकले अपहरण गरेकाले प्रहरीले चमारलाई कात्तिक १४ गते र अन्यलाई कात्तिक १६ गते गिरफ्तार गऱ्यो। पीडकहरू जिल्ला अदालतको आदेशमा पुर्पक्षका लागि थुनामा रहेका छन्।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

कौडेना गाविस-१ की ३२ वर्षीया एक महिलालाई ०६६ असोज १६ गते सोही गाविस-४ का वृजकिशोर मिश्र र राजेन्द्र दासले घर पुऱ्याइदिने बहानामा ललाइफकाई मोटरसाइकलमा राखेर बीच बाटोमा पर्ने खेतमा लगी बलात्कार प्रयास गर्दैगर्दा चिच्याएपछि गाउँलेले थाहा पाई प्रहरीलाई खबर गरेपछि तत्काल प्रहरी घटनास्थल पुगेका थिए। आरोपितलाई ०६६ असोज २० गते राती स्थानीय गाउँलेको सहयोगमा प्रहरीले गिरफ्तार गऱ्यो। पीडकद्वयलाई यस वर्षको अन्त्यसम्म पुर्पक्षका लागि थुनामा राखिएको छ।

पारिवारिक हिंसा

जब्दी गाविस-४ की ३५ वर्षीया कुसनीदेवी धामीलाई ०६६ असार २३ गते राती घरमा सुतिरहेको अवस्थामा उनका पति ४० वर्षीय शेषनारायण चौधरीले गोली हानी हत्या गरे। पीडक हालसम्म फरार छन्।

जानकीनगर गाविस-३ की ३५ वर्षीया सरिता कार्कीलाई ०६५ चैत ९ गते पति ४० वर्षीय रामबहादुर र सौता ३८ वर्षीया पद्मादेवीले कुटपिट गरी घरनजिकै सोही गाविस-१ स्थित जङ्गलमा सालको रुखमा पासो लगाई झुन्ड्याएर हत्या गरे। पीडक दुवैको नाममा किटानी जाहेरी परेपछि ०६५ चैत ११ गते प्रहरीले पीडकहरूलाई गिरफ्तार गरेकामा पद्मादेवीलाई जिल्ला अदालतको आदेशले ०६६ वैशाख ७ गते रिहा गऱ्यो भने रामबहादुर यस वर्षको अन्त्यसम्म कारागारमा नै छन्।

सलेमपुर गाविस-४ की ४० वर्षीया विनादेवी महतोलाई बेपत्ता भएका पतिको काजकिरिया र श्राद्ध नगरेको आरोपमा ०६६ भदौ १६ गते साँझ बाटोमा हिँडिरहेको अवस्थामा स्थानीय युवासहितका गाउँलेले कुटपिट गर्दै जबरजस्ती तानेर कपाल काटी, चोलो च्याती दिने, पोते चुडाइदिने, चुरा फुटाउने कार्य गरे। पीडितले ०६६ भदौ २३ गते घटनाका प्रमुख दोषी तीन जनाका नाममा किटानी जाहेरी दिइन् तर पीडकहरूउपर यस वर्षको अन्त्यसम्ममा कुनै कारबाही गरिएन।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

संरचना, सम्पति क्षति, कब्जा

नेकपा माओवादीबाट

भक्तिपुर गाविस-८ की लक्ष्मी शर्माको एक बिघा, सोही ठाउँका मदन आचार्यको १ बिघा १० कट्ठा, सोही गाविस-७ का सन्तोष गुरुङको डेढ बिघा, सोही गाविस-२ का खड्गध्वज थिङ्को १६ कट्ठा, ईश्वरपुर गाविस-६ का रूपनारायण सिंहको २ बिघा ९ कट्ठा, सोही ठाउँका नन्दलाल महतोको २ बिघा २

Central Region:Layout 1 2/11/2010 10:26 AM Page 251

कट्ठा, सोही ठाउँका विल्टुनियादेवी सिंहको सात कट्ठा, सोही गाविस-२ की लक्ष्मीदेवी सिंहको १७ कट्ठा, सोही ठाउँका उर्मिला चौधरीको १० कट्ठा, सोही गाविस-३ का जगन अधिकारीको १० कट्ठा, बबरगञ्ज गाविस-१ का श्यामसुन्दर महतोको ११ कट्ठा, सोही ठाउँका रोमित महतोको १ बिघा १८ कट्ठा र सोही ठाउँका रामविलास महतोको १६ कट्ठा, सोही ठाउँका रामचन्द्र महतोको १५ कट्ठा, सोही ठाउँका सीताराम महतोको सात कट्ठा गरी १९ बिघा जग्गा र भक्तिपुर गाविस-६ शङ्करगञ्जमा रहेको चारकोठे सार्वजनिक घरसमेत नेकपा माओवादीका कार्यकर्ताले कब्जामा लिएका छन्।

स्वास्थ्य सेवाको अवस्था

जिल्ला अस्पतालमा नौ जना चिकित्सकको दरबन्दी रहेकामा आठ जना कार्यरत छन्। जिल्लामा ३ सय ५५ जना स्वास्थ्यकर्मीको दरबन्दी रहेको छ। त्यसमा हेल्थ असिस्टेन्ट १५, अहेब १ सय १७, अनमि ३५, स्टाफ नर्स पाँच, ग्रामीण स्वास्थ्य कार्यकर्ता ९९ र मासिका ८४ जना कार्यरत छन्।

२.४ सिन्धुली



जनसङ्ख्या : ३,३३,८१६
साक्षरता प्रतिशत : ५५
महिला साक्षरता प्रतिशत : ३५
क्षेत्रफल (वर्ग कि. मि.) : २,४९१
गाविस/नपा सङ्ख्या : ५३/१
सरकारी/निजी विद्यालय : ५०२/१५
क्याम्पस/उच्च मा.वि. : ३/३३
अस्पताल/स्वास्थ्य चौकी : १/५५
मानव विकास सूचकाङ्कः ०.४६९
प्रतिपरिवार सरदर सङ्ख्याः ७

जेल र बन्दीहरू

सिन्धुली कारागारमा क्षमताभन्दा झन्डै तेब्बर बन्दीहरू राखिएको छ। कुल २५ जना बन्दी क्षमता भएको यस कारागारमा अहिले ७० जना बन्दी राखिएको छ। कारागारमा कैद नतोकिएका दुई जना महिला र ३५ जना पुरुष तथा कैद तोकिएका चार जना महिला र २९ जना पुरुष रहेका छन्। यस कारागारमा १० महिनाकी एक र डेढ वर्षकी एक गरी दुई नाबालकहरू आफ्ना आमासँग आश्रित जीवन बिताइरहेका छन्।

कारागारको भवनको अवस्था जीर्ण रहेको छ। छत फुटेका कारण सबै कोठामा पानी चुहिने गर्दछ। क्षमताभन्दा बढी बन्दी राखिएका कारण बन्दीहरूलाई सुत्न समस्या हुने गरेको छ। बन्दीहरू राती १० बजेपछि प्यासेज तथा बाथरुममा भुइँमै ओछ्यान लगाएर सुत्ने गरेको कारागारका बन्दीहरूले बताए। वर्षातमा ओछ्यानमा पानी चुहिने समस्याले सबै बन्दी पानी नचुहिने कुनातिर एकै ठाउँमा सुत्नुपर्दा कठिनाइ हुने गरेको बन्दीहरूको गुनासो रहेको छ।

बेपत्ता/अपहरण

वाईसीएलबाट

शीतलपाटी गाविस-५ अमारेका ४८ वर्षीय नेत्रबहादुर थापालाई ०६५ पुस २३ गते राती आफ्नै घरमा सुतिरहेका बेला वाईसीएल कार्यकर्ता ज्ञानबहादुर विश्वकर्मालगायत छ जनाको एक समूहले अपहरण गऱ्यो। पीडितलाई इन्सेक जिल्ला प्रतिनिधिको पहलमा सोही दिन मुक्त गराइयो। सिन्धुली जिल्ला अदालतमा पुस २७ गते तारेख भएकाले उनी पुस २३ गते काठमाडौँबाट घर आएका थिए।

धम्की/कुटपिट

अनेरास्ववियु (क्रान्तिकारी)बाट

सिन्धुली बहुमुखी क्याम्पस अनेरास्ववियु प्रारम्भिक कमिटीका सचिव दीपेश बराल र सोही सङ्गठनका जिल्ला कोषाध्यक्ष चिरञ्जीवी दाहाललाई ०६६ जेठ २६ गते बिहान अनेरास्ववियु क्रान्तिकारीका विद्यार्थी प्रकाश कार्की र मनोज अधिकारीले कुटपिट गरे। ०६५ चैत ६ गते भएको स्ववियु निर्वाचनको विषयलाई लिएर अनेरास्ववियु क्रान्तिकारीका विद्यार्थीहरूले बरााललाई क्याम्पस हाताभित्र र दाहाललाई बाटोमा हिँडिरहेका बेला कुटपिट गरिएको अनेरास्ववियुका जिल्ला अध्यक्ष रमेश घिमिरेले बताए। घटनाको विषयमा अनेरास्ववियुले दुई दिन जिल्लाका

घटनाको प्रकार	गैर राज्यबाट							राज्यबाट				
	अन्यबाट				एकीकृत माओवादीबाट							
	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा	घटना सङ्ख्या	पुरुष	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	६	५	१	६								
कुटपिट	९	९	३	१३	१	१	१					
भेला/सङ्गठित हुने अधिकार								१	३	१	१९	३३
जातीय विभेद	३	५		५								
महिलाअधिकार	२४		२५	२५								
बालअधिकार	१०		१४	१४								
अपहरण	१	१		१								
जम्मा	५३	३०	४३	६३	१	१	१	१	३	१	१९	३३

शैक्षिक संस्थाहरू बन्द गराएको थियो। जेठ २८ गते मातृपार्टीहरू र विद्यार्थीहरूको संयुक्त बैठकमा पीडक पक्षले माफी मागेकाले घटनालाई सहमतिमा मिलाइएको अध्यक्ष घिमिरेले बताए।

युथफोर्सबाट

भीमज्योति क्याम्पस, खुर्कोटको स्ववियु निर्वाचनमा अनेरास्ववियु (क्रान्तिकारी)का तर्फबाट स्ववियु सभापतिका उम्मेदवार मुस्कान भनिने देवकुमार श्रेष्ठलाई ०६५ चैत ६ गते भीमेश्वर गाविस-८ निवासी युथफोर्सका कार्यकर्ता रेगन थापाको नेतृत्वमा गएको एक समूहले निर्वाचनको विषयमा कुटपिट गऱ्यो।

भीमेश्वर गाविस-५ निवासी नेपाल तरुण दलका जिल्ला समिति सदस्य २६ वर्षीय पुष्पराज कार्कीलाई ०६६ भदौ १२ गते रतनचुरा गाविस-२ निवासी युथफोर्सका इलाका अध्यक्ष २५ वर्षीय शङ्कर लुङ्गेली र उनकै ट्राक्टरका ड्राइभर रतनचुरा गाविस-९ का २२ वर्षीय जयबहादुर विश्वकर्माले अँधेरीखोलाको गिट्टी-बालुवाको कर बुझाउने विषयमा विवाद हुँदा भीमेश्वर गाविस-५ स्थित घरमै गई कुटपिट गरे। कुटपिटको भोलिपल्ट तरुण दलका कार्यकर्ताहरूले एकदिन जिल्ला सदरमुकाममा यातायात अवरुद्ध गरी ट्राक्टर ड्राइभर जयबहादुर विश्वकर्मालाई कुटपिट गरे। राजनीतिक दलहरूको पहलमा दुवै पक्षको सहमतिमा घटनाको मिलापत्र गराइयो।

अभिव्यक्ति, भेला हुने र सङ्गठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

कमलामाई नपा-९ स्थित सिन्धुली बहुमुखी क्याम्पसमा ०६५ चैत ६ गते दिउँसो अनेरास्ववियु क्रान्तिकारी र अनेरास्ववियु तथा नेविसङ्घको संयुक्त प्यानल बीच मतदानका विषयमा झडप हुँदा निर्वाचन स्थगन गरियो। उक्त घटनापछि आक्रोशित विद्यार्थीहरूले एकअर्काका पार्टी कार्यालयहरूका साथै क्रान्तिकारी पत्रकार सङ्घको कार्यालयमा समेत तोडफोड र आगजनी गरे। स्थितिलाई नियन्त्रणमा राख्न जिल्ला सदरमुकाममा कर्फ्युसमेत लगाइयो। दुवै पक्षका आ-आफ्ना अडानका बाबजुद पछि सर्वपक्षीय सहमतिमा उक्त निर्वाचन रद्द गराइयो। उक्त झडपमा समाचार सङ्कलन गर्न गएका पत्रकारद्वय शङ्कर कार्की र कृष्णहरि घिमिरे तथा विद्यार्थी गोकुल भुजेल घाइते भए। पीडितहरूको उपचार काठमाडौँमा गरियो।

पुरानो झाँगाझोली गाविस-४ निवासी माओवादी जिल्ला कमिटी सदस्य ५० वर्षीय बद्रीबहादुर दाहाल, सोही गाविस-६ की २८ वर्षीया दीपा बोहरा, महादेवस्थान गाविसका ३५ वर्षीय उद्धव पन्त, रानीवास गाविस-१ की २३ वर्षीया सरिता अधिकारी, जरायोटार गाविस-९ का ३३ वर्षीय मधु कटुवाल, मरिणका २८ वर्षीय राजन अधिकारी, सर्लाही जिल्लाका बैजु चौधरी, झाँगाझोली रातमाटा गाविस-२ की २२ वर्षीया सुन्दरी शाक्य, सोही गाविस-३ का ३३ वर्षीय युवराज खत्री, बेलघारी गाविस-९ का ३५ वर्षीय गम्भीर तामाङ, जरायोटार गाविस-७ का २६ वर्षीय रामशरण सिंजाली,

Central Region:Layout 1 2/11/2010 10:26 AM Page 253

सोही गाविस-९ का २६ वर्षीय भोला रानामगरलगायत १९ जना माओवादी कार्यकर्ता ०६५ चैत ६ गते साँझ सिन्धुलीमाढी बजारमा प्रहरीले लाठीचार्ज गर्दा घाइते भए। घाइतेहरूको जिल्ला अस्पतालमा उपचार भयो। उक्त दिन स्वयं निर्वाचनका क्रममा अनेरास्वयं क्रान्तिकारी र संयुक्त प्यानलबीच झडप भएको थियो। झडपपछि संयुक्त प्यानलले एकीकृत माओवादीको जिल्ला पार्टी कार्यालय, उसको भ्रातृसङ्गठनका कार्यालय तथा क्रान्तिकारी पत्रकार सङ्घको कार्यालयमा रहेका फर्निचर, कम्प्युटर तथा सबै कागजात आगो लगाई जलाए। आगलागीको विरोधमा माओवादीले एमाले र नेपाली काङ्ग्रेसको पार्टी कार्यालयमा तोडफोड र आगजनी गर्न लाग्दा प्रहरीले लाठीचार्ज गरेको थियो। घटनालाई नियन्त्रणमा लिन जिल्ला प्रशासन कार्यालयले दुई दिन जिल्ला सदरमुकाममा कर्फ्यु आदेश जारी गरेको थियो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा फौजदारी मुद्दा गत वर्षको जिम्मेवारी सरेर आएका ५४ थान र यस वर्ष २२ थान गरी कुल ७६ थान दर्ता भएकामा दुई थान फर्स्यौट भई ७४ थान बाँकी छन्। देवानी मुद्दा अघिल्लो वर्षबाट ५१ थान जिम्मेवारी सरेर आए भने यस वर्ष ११ थान दर्ता भए, जसमा छ थान फर्स्यौट भई ५६ बाँकी रहेका छन्। यसरी ०६६ मङ्सिर मसान्तसम्म जिल्ला अदालतमा जम्मा १ सय २१ थान मुद्दा फर्स्यौट हुन बाँकी छन्। तीमध्ये दुई वर्ष नाघेको फौजदारी मुद्दा एक थान बाँकी रहेको छ।

यसैगरी जिल्ला प्रहरी कार्यालय सिन्धुलीमा जिम्मेवारी सरेर आएका ५३ थान र यस वर्ष परेका १ सय २५ थान गरी विभिन्न १५ प्रकारका १ सय ७८ थान मुद्दा दर्ता भएकामा ४९ थान फर्स्यौट भई १ सय २९ थान बाँकी रहेका छन्।

बालअधिकार

जिल्लामा सामुदायिक विद्यालय ३ सय ६६ ओटा रहेका छन्। जिल्ला शिक्षा कार्यालयबाट अनुदान पाई सञ्चालन गरिएका प्रावि तहका विद्यालयको सङ्ख्या १ सय ४६ ओटा रहेको छ। त्यसैगरी शिक्षा कार्यालयबाट अनुमति मात्र लिएर सञ्चालन गरिएका प्रावि तहका विद्यालयको सङ्ख्या ३५ ओटा छन्। जिल्लामा प्रावि ११, निमावि दुई, मावि आठ र उच्चमावि दुईओटा गरी जम्मा २३ ओटा संस्थागत विद्यालय सञ्चालनमा छन्। जिल्लाभरिमा क्याम्पस सङ्ख्या ११ ओटा र उच्चमावि ४६ ओटा रहेको जिल्ला शिक्षा कार्यालयले जनाएको छ। यी विद्यालयहरूमध्ये प्रावि तहमा ७९ हजार ५ सय, निमावि तहमा १८ हजार ५ सय ७३ र मावि तहमा ८ हजार २ सय ६० जना विद्यार्थी अध्ययनरत छन्। जिल्ला शिक्षा कार्यालयका अनुसार प्रावि तहमा ९ सय ४८ जना, निमावि तहमा १ सय ५५ जना र मावि तहमा १ सय ४५ जना गरी कुल १ हजार २ सय ४८ जना शिक्षक सरकारबाट स्वीकृत दरबन्दीमा कार्यरत रहेका छन्। यसैगरी राहत शिक्षक दरबन्दीतर्फ प्राविमा ५ सय ७७, निमाविमा ९९ र माविमा ५९ गरी जम्मा ७ सय ३५ जना शिक्षक कार्यरत छन्।

कपिलाकोट गाविस-२ की एक नौ वर्षीया बालिकालाई ०६५ माघ २८ गते दिउँसो जङ्गलमा गोठालो गएको समयमा महेन्द्रझ्याडी गाविस-४ का मिलन तामाङले बलात्कार गरी भाग्न लाग्दा गाउँलेले तामाङलाई समातेर प्रहरीसमक्ष बुझाए। आरोपित उक्त दिन काभ्रेबाट आफ्नो घरतर्फ जाँदै गर्दा बाटोमा पीडितलाई भेटेका थिए। आरोपित ०६५ फागुन २२ गतेबाट जिल्ला अदालतको आदेशमा पुर्पक्षका लागि सिन्धुली कारागारमा थुनामा छन्।

लदाभीर गाविस-९ की ११ वर्षीया एक बालिकालाई ०६५ फागुन ६ गते बिहान विद्यालय जान भनी कपडा फेर्न लाग्दा छिमेकी २७ वर्षीय भानुभक्त दाहालले कोठाभित्र प्रवेश गरी बलात्कार गरेको आरोपमा प्रहरीले गिरफ्तार गऱ्यो। दाहाल जिल्ला अदालतको आदेशमा ०६५ चैत २ गतेदेखि पुर्पक्षका लागि सिन्धुली कारागारमा थुनामा छन्।

महादेवस्थान गाविस-५ की २४ वर्षीया पवित्रा वाइवाले नवजात शिशुलाई ०६५ फागुन १३ गते मारेर घरदेखि केही परको खोल्सामा फालिन्। नवजात बच्चाको मृत शरीर ढुङ्गाले किचेर पत्करले छोपिएको

जिल्ला कारागार शाखा सिन्धुलीमा अभिभावकसँग आश्रित बालबालिका

Central Region:Layout 1 2/11/2010 10:26 AM Page 254

अवस्थामा फेला परेको प्रहरीले जनायो। स्थानीय बासिन्दाले सालनालसहितको उक्त बच्चा मृत अवस्थामा भेटी प्रहरीलाई खबर गरेका थिए। पीडकलाई प्रहरीले अदालतमा पेस गर्दा सिन्धुली जिल्ला अदालतको आदेशले ०६५ चैत ७ गतेबाट पुर्पक्षका लागि थुनामा राखिएको छ।

कमलामाई नपा-६ पानीट्याङ्कीकी १२ वर्षीया एक बालिकालाई ०६५ चैत १४ गते दिउँसो रानीचुरी गाविस-५ जरायोटारका २० वर्षीय नवराज भनिने मेघबहादुर खड्काले बलात्कार गरेको आरोपमा खड्कालाई प्रहरीले त्यसै दिन गिरफ्तार गऱ्यो। आरोपितलाई जिल्ला अदालतको आदेशले ०६६ वैशाख ८ गतेबाट पुर्पक्षका लागि सिन्धुली कारागारमा थुनामा राखिएकामा हाल जेल सरुवा गरी केन्द्रीय कारागार काठमाडौँमा राखिएको छ।

लदाभीर गाविस-१ की १३ वर्षीया एक बालिकालाई ०६६ भदौ ३१ गते सोही ठाउँका २७ वर्षीय पूर्णबहादुर विकले राती घरमै सुतिरहेको अवस्थामा बलात्कार गरेको आरोपमा भोलिपल्ट गाउँलेहरूले विकलाई समातेर प्रहरीलाई बुझाए। आरोपितलाई ०६६ असोज २० गतेदेखि पुर्पक्षका लागि सिन्धुली कारागारमा थुनामा राखिएको छ।

भुवनेश्वरी गाविस-२ घर भई कमलामाई नपा-६ डेरा गरी बस्ने १३ वर्षीया एक बालिका र कमलामाई नपा-६ की १५ वर्षीया एकसमेत गरी दुई बालिकालाई ०६६ कात्तिक ३ गते कमलामाई नपा-३ घर भई कमलामाई नपा-९ मा डेरा गरी बस्ने ४२ वर्षीय ज्ञानबहादुर घलान र कमलामाई नपा-३ का २६ वर्षीय प्रेमबहादुर विकले फकाएर काठमाडौँ लगी बालाजुस्थित होटलमा यौनधन्दा गर्न लगाए। पीडितहरू कमलामाई नपा-९ स्थित कमला उच्च माविं ढुङ्गेवासमा ८ कक्षामा अध्ययनरत थिए। प्रहरीका अनुसार ज्ञानबहादुर घलानले सिन्धुलीबाट बसमा चढाई पठाएका थिए भने प्रेमबहादुर बालाजु बसपार्कमा लिन आएका थिए। पीडकहरूमध्ये ज्ञानबहादुर घलानलाई कात्तिक १० गते प्रहरीले गिरफ्तार गरी अदालतमा पेस गर्दा सिन्धुली जिल्ला अदालतको आदेशमा ०६६ मङ्सिर ४ गतेदेखि पुर्पक्षका लागि थुनामा राखिएको छ भने अर्का पीडक प्रेमबहादुर फरार रहेका छन्।

जलकन्या गाविस-९ स्थित रक्तमाला प्राथमिक विद्यालयमा ४ कक्षामा अध्ययनरत नौ वर्षीया बालिकालाई सर्लाही जिल्ला कर्मैया गाविस-६ पुरानो चौकी घर भई आफूलाई प्रयास नेपाल सर्लाहीको कार्यक्रम संयोजक बताउने ४२ वर्षीय जीतेन्द्र भट्टराईले ०६६ कात्तिक २७ गते दिउँसो विद्यालयभित्रै यौनदुर्व्यवहार गरेको प्रधानाध्यापक ओमबहादुर कार्कीले बताए। विद्यार्थी चिच्याएपछि जाँदा उक्त कार्य विद्यालयकै शिक्षिका रीता चौलागाईले देखेपछि घटना सार्वजनिक भएको थियो। पीडकले गाउँलेहरूकै बीचमा आफूले गल्ती गरेको स्वीकार गरेको प्रधानाध्यापक कार्कीले बताए। आरोपीलाई दिनभर स्थानीयले नियन्त्रणमा राखी राती प्रहरीलाई जिम्मा लगाए। पीडकलाई सार्वजनिक अपराध अन्तर्गतको मुद्दामा जिल्ला प्रहरी कार्यालय सिन्धुलीमा हिरासतमा राखी ०६६ मङ्सिर १० गते १२ हजार रुपियाँ धरौटीमा रिहा गरिएको प्रहरीले जनायो।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार बेचबिखन तथा ओसारपसार

कमलामाई नपा-१ कुडुलेकी २५ वर्षीया इन्द्रकुमारी बिसङ्खे र सोही नपा-२ की ३५ वर्षीया अम्बिका नेपालीलाई ०६६ असार ३१ गते सुनसरी जिल्ला पञ्चकन्या गाविस-२ की ३८ वर्षीया रीता परियार र मकवानपुर जिल्ला सरिखेत गाविस-७ का २८ वर्षीय गणेश नेपालीले विदेश पठाइदिन्छु भनी आफ्नै खर्चमा पासपोर्ट बनाई भारततर्फ लैजान लाग्दा प्रहरीले कमलामाई नपा-६ बाट गिरफ्तार गऱ्यो। पीडकहरूलाई ०६६ साउन २० गतेदेखि पुर्पक्षका लागि सिन्धुली कारागारमा थुनामा राखिएको छ।

बेलघारी गाविस-१ निवासी १७ र १८ वर्षीया दुई तथा बेलघारी गाविस-५ की १७ र १८ वर्षीया दुई गरी चार जना महिलाहरूलाई भीमस्थान गाविस-४ निवासी ३६ वर्षीया डिलकुमारी पौडेल क्षेत्रीले फकाएर नागरिकता, पासपोर्टलगायत सबै खर्च आफैंले हालिदिएर भारततर्फ लैजान लाग्दा ०६६ कात्तिक ११ गते सिन्धुलीमाढीबाट प्रहरीले गिरफ्तार गऱ्यो। पीडक डिलकुमारीलाई ०६६ मङ्सिर ५ गते २५ हजार रुपियाँ धरौटीमा तारेखमा रिहा गरियो भने पीडितहरूलाई ०६६ कात्तिक १३ गते अभिभावकको जिम्मा लगाएको प्रहरीले जनायो।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

अरुणठाकुर गाविस-८ भोर्ले कालीखोलाकी २३ वर्षीया एक महिलालाई ०६५ फागुन २० गते कटारी जान भनी टिपरमा चढ्दा टिपरका चालक कटारी गाविस-८ उदयपुरका २७ वर्षीय सुदीपकुमार दाहाल र त्रिवेणी गाविस-३ उदयपुरका टेकबहादुर विश्वकर्माले गाडीभित्रै बलात्कार गरेको आरोपमा दाहाललाई

गाउँलेले समातेर प्रहरीलाई बुझाए भने विक फरार भए। प्रहरीले पीडक सुदीप दाहाललाई अदालतमा पेस गर्दा जिल्ला अदालतको आदेशले ०६५ चैत २० गतेबाट पुर्पक्षका लागि थुनामा राखिएको छ। अर्का आरोपी टेकबहादुर विक वर्षको अन्त्यसम्म फरार छन्।

कमलामाई नपा-५ की ७० वर्षीया एक बृद्धालाई ०६६ जेठ २८ गते मकैबारीमा घाँस काट्न गएको बेला सोही नपा-४ का ३३ वर्षीय रमेश राना मगरले बलात्कार गरी फरार रहेकोमा प्रहरीले खोजी गरिरहेको जनायो।

पीपलमाढी गाविस-९ निवासी ३० वर्षीया अपाङ्ग महिलालाई ०६६ साउन २५ गते बिहान मकैबारीमा घाँस काटिरहेको अवस्थामा सोही ठाउँका ३२ वर्षीय शरण राईले बलात्कार गरेको आरोपमा राईलाई प्रहरीले ०६६ भदौ १० गते सर्लाही जिल्लाबाट गिरफ्तार गरी अदालतमा पेस गर्दा जिल्ला अदालतको आदेशले भदौ २१ गतेबाट पुर्पक्षका लागि सिन्धुली कारागारमा थुनामा राखिएको छ।

पारिवारिक हिंसा

कल्पवृक्ष गाविस-१ की ३५ वर्षीया दिलकुमारी भोलनलाई ०६६ जेठ २५ गते राती उनका पति ६१ वर्षीय मानबहादुर भोलनले छोरी मात्रै जन्माएको आरोपमा घाँटीमा डोरी कसेर हत्या गरे। पीडकले यसअघि विवाह गरेका दुईओटी पत्नीले छोरी मात्रै जन्माएको भनी अन्यत्रै विवाह भइसकेकी दिलकुमारीलाई तेस्रो पत्नीको रूपमा विवाह गरी ल्याएका थिए। यसअघि ११ ओटी छोरी रहेका र कान्छीले पनि छोरी नै जन्माएपछि रिसको आवेगमा पत्नीको हत्या गरी आफूले पनि आत्महत्या गरेको प्रहरीले जनायो।

रानीचुरी गाविस-७, बुधुनेखोलाकी २५ वर्षीया सुन्तली विकलाई उनका पति सनकबहादुर विश्वकर्माले ०६५ फागुन ८ गते र त्यसअघि पटकपटक कुटपिट, दुर्व्यबहार गर्दै घरबाट निकालिदिए। पीडितले सामुदायिक सेवा केन्द्रमा ०६५ फागुन ९ गते उजुरी गरेकामा सो केन्द्रले छलफलका लागि बोलाउँदा पीडक नआई आमालाई पठाएका कारण छलफल हुन नसकेको सामुदायिक सेवा केन्द्रले जनायो।

दुर्व्यवहार

भुवनेश्वरी गाविस-२, ग्वालटारकी ५० वर्षीया चिना कार्कीलाई बोक्सीको आरोपमा ०६५ फागुन ५ गते सोही ठाउँका २१ वर्षीय प्रताप कार्की, ३५ वर्षीय दीपक थापा, सन्तोष थापा, बुलबुल कार्कीलगायतले दुर्व्यवहार गरे। प्रतापको मामाको छोरी कल्पना थापा बिरामी भएपछि धामी राख्दा बोक्सी लागेको भनी बिरामीले बकेकी भनी सो आरोप लगाइएको पीडितले बताइन्। "तैँले सिकेका मन्त्र फिर्ता गर्ने भए गर्, नत्र मारेर सुनकोसीमा हालिदिन्छौं" भनी पटक-पटक धम्की दिएको पीडितले बताइन्। पीडितले जिल्ला प्रशासन कार्यालयमा उजुरी गरेकामा प्रशासनले प्रहरी कार्यालयमा मुद्दा पठाइदिएको थियो। विभिन्न चरणका छलफलपश्चात् ०६५ चैत २३ गते जिल्ला प्रहरी कार्यालयमा मुद्दाको मिलापत्र भएको डीएसपी मुकेशकुमार सिंहले बताए। सो दिन जिल्लामा क्रियाशील सबै राजनीतिक दलका प्रतिनिधि, महिला सञ्जालका प्रतिनिधिहरूसहितको सर्वपक्षीय छलफलबाट सामाजिक कार्यका लागि पीडकहरूलाई सामाजिक दण्डस्वरूप १० हजार रुपियाँ जरिवाना गरी माफी मगाएर छाडिएको डीएसपी सिंहले बताए।

कमलामाई नपा-३, तीनतलेकी ४४ वर्षीया चन्द्रीमाया मोक्तानलाई ०६५ चैत २९ गते सोही ठाउँका ६१ वर्षीय भस्मबहादुर स्याङ्तानले धामी बसी बोक्सीको आरोप लगाए। छुट्टै बसेकी सौतेनी बुहारी जिरीमाया लामा बिरामी भएपछि भीमबहादुर स्याङ्तान धामीझाँक्री काम गर्न जिरीमायाको घरमा गएका थिए। स्याङ्तानले धामी बसी आफूलाई बोक्सीको आरोप लगाएको र चन्द्रीमाया बोक्सी हो भनी गाउँगाउँमा भन्दै हिँडेको पीडितले बताइन्। पीडितले ०६६ वैशाख २३ गते सामुदायिक सेवा केन्द्रमा उजुरी गरेकामा सो केन्द्रले वैशाख २७ गते दुवै पक्षलाई राखी छलफल गराई मिलापत्र गराएको सो केन्द्रले जनायो।

सबै प्रकारका जातीय विभेद

सिर्थौली गाविस-१ डकाहा बजारका जागेश्वर मरिक, सोही स्थानका उद्गारी मरिक, विलास मरिक र सुकेश्रा मरिकको परिवारलाई दुई वर्षअघिदेखि सोही स्थानका गैरदलित समुदायबाट सार्वजनिक इनारको खानेपानी उपभोग गर्नबाट वञ्चित गरिएको छ। सो स्थानमा बसोबास गर्ने गैरदलित समुदायका मानिसहरूले दलितलाई इनार छोएमा गाउँनिकाला गर्ने धम्की दिएपछि आफूहरू सार्वजनिक इनारको खानेपानी उपभोग गर्नबाट वञ्चित भएको पीडित जागेश्वर मरिकले बताए। आफूहरूलाई गाउँनिकाला गर्ने डरले ती डुम समुदायका पीडितहरूले पानी छुन रोक लगाउने गैरदलित समुदायको नाम खुलाउन मानेनन्। अहिले आफूहरू स्थानीय शम्भुनाथ बुढाथोकीको निजी

Central Region:Layout 1 2/11/2010 10:26 AM Page 256

इनारमा पैसा तिरेर पानी उपभोग गर्दै आएको जागेश्वर मरिकले बताए।

बेलघारी गाविस-८ छरछरेका सोमबहादुर गोलेलाई सोही स्थानका तिलकबहादुर थिङ, योगबहादुर बजूलगायतले तल्लो जातकी केटीसँग विवाह गरेको भनी मानसिक र सामाजिक यातना दिएका कारण ०६६ जेठदेखि उनले गाउँ छाडे। पीडितले ०६५ माघमा कमलामाई नपा-७ की अञ्जु नेपालीसँग प्रेमविवाह गरेका थिए। विवाहपछि पत्नीलाई सँगै घर लैजाँदा गाउँका तिलकबहादुर थिङले 'सानो जातकी केटी विवाह गर्नेले गाउँमा बस्न पाउँदैन, हामी तँलाई गाउँमा चलाउन सक्दैनौं' भनी धम्की दिएको पीडितले बताए। उनलाई गाउँमा बस्ने भए सो केटी छाड्नुपर्ने दबाब दिएपछि गाउँ छाडेका पीडितले बताए। उनी पत्नीसहित जिल्ला सदरमुकाममा बस्दै आएका छन्।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

यस वर्ष वृद्ध, एकल महिला, अपाङ्ग, दलित र लोपोन्मुख गरी १२ हजार ९ सय ८१ जनाले सरकारले सामाजिक सुरक्षा अन्तर्गत प्रदान गरेको भत्ता प्राप्त गरे। यसरी भत्ता प्राप्त गर्नेहरूमा वृद्ध ६ हजार ९ सय ३३ जना, ज्येष्ठ दलित १ हजार ६ जना, लोपोन्मुख १ हजार २ सय ४८ जना, एकल महिला ३ हजार ७ सय २२ जना र अशक्त/अपाङ्ग ७२ जना रहेका छन्। भत्ता समयमा नै नपाएको र एक वर्षमा १० महिनाको मात्र भत्ता पाएको वृद्धहरूको गुनासो रहेको छ।

संरचना, सम्पति क्षति, आगजनी एकीकृत माओवादीबाट

एकीकृत माओवादीको आह्वानमा ०६६ पुस ५ देखि ७ गतेसम्म गरिएको आमहडतालको दोस्रो दिन बन्दको अवज्ञा गरेको भन्दै चकमकेतिरबाट आएको बा.१७प. ४९६९ नम्बरको मोटरसाइकल कमलामाई नपा-६ को माझीटार चोकमा माओवादीले आगो लगाई जलाए।

स्वास्थ्य सेवाको अवस्था

जिल्ला अस्पतालको तथ्याङ्क अनुसार एक महिनाभन्दा कम उमेरका बालबालिकाहरू प्रति १ हजारमा ३४ जनाको मृत्यु हुने गरेको छ भने पाँच वर्षमुनिका बालबालिका प्रति १ हजारमा ६१ जनाको मृत्यु हुने गरेको छ। जिल्लामा जन्मदर २.२५ प्रतिशत रहेको छ।

जिल्ला अस्पताल एक र स्वास्थ्य चौकीको सङ्ख्या ५५ रहेको छ। जिल्लामा डाक्टरको दरबन्दी छ रहेकामा एक दरबन्दी खाली रहेको छ। सिनियर अहेबको दरबन्दी १६ मा २ खाली छ भने अहेबको दरबन्दी ६० रहेकामा दुई दरबन्दी खाली रहेको जिल्ला अस्पतालले जनाएको छ। स्टाफ नर्स सातमा चार कार्यरत, मासिका ४२ मा ४२ कार्यरत, ग्रामीण स्वास्थ्य कार्यकर्ता ५५ मा १७ खाली, अनमि २१ मा दुई खाली रहेको छ। ल्याब टेक्निसियन दुई, ल्याब असिस्टेन्ट चार, मेडिकल रेकर्डर एक, परिवार नियोजन सुपरभाइजर एक, खोप सुपरभाइजर एक, कोल्ड चेन्ज असिस्टेन्ट एक, स्वास्थ्य शिक्षा टेक्निसियन एक, भेक्टर कन्टोल सहायक एक, पब्लिक हेल्थ नर्स एक, मलेरिया इन्स्पेक्टर एक कार्यरत छन्। रेडियोग्राफर सहायक र डाकरुम सहायकको एक-एकओटा दरबन्दी रहेकामा दुवै खाली छन्।

अन्य जिल्लाबाट सरुवा भई आएर कार्यक्षेत्रमा नगएका हेल्थअसिस्टेन्ट एक, अहेब चार र ल्याब असिस्टेन्ट चार रहेको जिल्ला अस्पतालले जनाएको छ।

२.५ रामेछाप

जनसङ्ख्या : २,३४,०४६
साक्षरता प्रतिशत : ५५
महिला साक्षरता प्रतिशत : ३०
क्षेत्रफल (वर्ग कि. मि.) : १,५४६
गाविस/नपा सङ्ख्या : ५५/०
सरकारी/निजी विद्यालय : ४१२/१५
क्याम्पस/उच्च मा.वि. : २/१०
अस्पताल/स्वास्थ्य चौकी : ३/५३
मानव विकास सूचकाङ्कः ०.४३४
प्रतिपरिवार सरदर सङ्ख्याः ६

Central Region:Layout 1 2/11/2010 10:26 AM Page 257

नागरिक तथा राजनीतिक अधिकार
सम्मानित रूपले बाँच्ने अधिकार
हत्या
अज्ञात समूहबाट

पकरबास गाविस-८ की ७० वर्षीया लक्ष्मीमाया तामाङ ०६६ भदौ १ गते बिहान घरभित्रै हत्या गरिएको अवस्थामा फेला परिन्। स्थानीय सुस्मिता तामाङका अनुसार, एकान्तको घरमा एक्लै बस्दै आएकी तामाङले बिहान १० बजेसम्म पनि बाख्राबस्तु बाहिर ननिकालेपछि बुझ्न गएका गाउँलेहरूले उनको लास चुलोको छेउमा हत्या गरेको अवस्थामा फेला पारेका थिए। खानका लागि भात पस्किएर ठीक पारेको अस्वस्थामा हत्या गरिएकी उनको मुखबाट रगत बगेको तथा कानमा लगाएको सुनको रिङ चुँडाएर लगेको पाइएको सुस्मिताले बताइन्। उनको साउन ३२ गते साँझ हत्या भएको हुनसक्ने गाउँलेले आशङ्का गरेका छन्। पीडक पत्ता लागेका छैनन्।

रस्नालु गाविस-१ की ७७ वर्षीया बालकुमारी सुनुवारको लास ०६६ भदौ २ गते दिउँसो घरैमा हत्या गरिएको अवस्थामा फेला पऱ्यो। मृतकका आफन्त गङ्गाबहादुर सुनुवारका अनुसार, घरमा एक्लै बस्दै आएकी बालकुमारीले दिउँसो अबेरसम्म पनि ढोका नखोलेपछि छिमेकीहरू उनको घरमा हेर्न जाँदा उनलाई मृत अवस्थामा फेला पारेका थिए। उनको लास घरको मझेरीमा अँगेनाको छेउमा लडिरहेको अवस्थामा भेटिएको थियो। गङ्गाबहादुरका अनुसार, उनको दाहिने आँखाको माथि र मुनि धारिलो हतियारले हानेको चोट थियो भने नाकमा लगाएको बुलाकी भुइँमा खसेको थियो। घाँटीमा नाइलनको डोरीले बाँधिएको थियो। प्रहरीले ०६६ भदौ ३ गते लासलाई दोलखा लगी पोस्टमार्टम गरायो। पीडक खुल्न सकेको छैन।

जेल र बन्दीहरू

रामेछाप कारागार ५० जना बन्दी क्षमताको रहेको छ । कारागारमा यस वर्षको अन्त्यमा कुल ४९ जना बन्दीहरू रहेका छन्। जसमा कैद तोकिएका पाँच जना महिला र ३४ पुरूषहरू गरी जम्मा ३९ जना र कैद नतोकिएका १० जना पुरूष रहेका छन्। कारागारको नयाँ भवनको निर्माण कार्य अन्तिम चरणमा पुगेको छ। सो भवन निर्माण भएपछि बन्दीहरूलाई थप सुविधा हुनेछ।

कारागार शाखा रामेछापका चौकीदार कृष्णबहादुर राना मगर तथा मूल नाइके गोपाल हायू र सहनाइके कृष्णबहादुर सुनुवार ०६६ जेठ ९ गते बिहान बन्दीहरूको कुटाइबाट घाइते भए। कारागारका चौकीदार र नाइकेहरूले बन्दीहरूको सामान खरिद गर्दा रकम हिनामिना गरेको आरोपमा बन्दी र चौकीदारबीच झगडा भएको थियो। सोही विषयलाई लिएर बन्दीहरूले उनीहरूलाई दाउराले हिर्काएका थिए। घाइतेहरूलाई उपचारका लागि जिल्ला अस्पताल रामेछापमा भर्ना गरिएको थियो। घटनाको भोलिपल्ट उनीहरूलाई थप उपचारका लागि काठमाडौँ लगियो।

बेपत्ता/अपहरण
एकीकृत माओवादीबाट

जिल्ला प्राविधिक कार्यालय रामेछापका ४६ वर्षीय इन्जिनियर महेशचन्द्र न्यौपाने र ३२ वर्षीय सवइन्जिनियर शिवराम देवलाई घूस लिएको आरोपमा ०६५ पुस २३ गते दिउँसो एकीकृत माओवादीका कार्यकर्ताले कार्यालयबाट नै नियन्त्रणमा लिई केही समय एकीकृत माओवादी कार्यालयमा राखी जिल्ला प्रशासन कार्यालयमा बुझाए। गेलु गाविसको सडकको बिल पास गरेबापत सो उपभोक्ता समितिसँग स्थानीय प्रल्हाद खत्रीमार्फत नगद ४० हजार रुपियाँ कार्यालयका ओभरसियर शिवराम देवले घूस लिँदालिँदै र त्यसको मतियार भएकाले न्यौपानेलाई समातिएको एकीकृत माओवादीले जनायो। जिल्ला प्रशासन कार्यालयले दुवै जनालाई अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा पठायो। घूसको रकम दिने खत्रीमाथि भने कुनै कारबाही भएन।

धम्की/कुटपिट
एकीकृत माओवादीबाट

एमाले रामेछापका सचिव ४८ वर्षीय कैलाश ढुङ्गेलले ०६५ पुस १९ गते बिहान एकीकृत माओवादीका जिल्ला इन्चार्ज ३५ वर्षीय राजन दाहाललगायत एकीकृत माओवादीका कार्यकर्ताले

प्रहरीको कुटपिटबाट घाइते गोपीलाल लामा

Central Region:Layout 1 2/11/2010 10:26 AM Page 258

घटनाको प्रकार	गैर राज्यबाट								राज्यबाट		
	अन्यबाट				एकीकृत माओवादीबाट						
	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा	घटना सङ्ख्या	पुरुष	जम्मा
हत्या	१	६	३	१							
गिरफ्तारी/यातना									३	३	३
कुटपिट	६	१९		१९	३	५		५	३	५	५
धम्की					११	१७	१	१८			
भेला/सङ्गठित हुने अधिकार	१	१		१	६	१७	३	१९	३	४	४
महिलाअधिकार	१३		१३	१३							
अमानवीय व्यवहार					१	३		३			
अपहरण					३	३		३			
जम्मा	३८	३६	१५	४१	३३	४३	३	४६	६	११	११

मन्थली बजारको सडक किनारामा लगाएको बिरुवा भाँचेको आरोप लगाउँदै सार्वजनिक रूपमा गालीगलौज गरी धम्क्याए। एमालेनिकट अनेरास्वियुको मन्थलीमा पुस १८ गते राती भएको अधिवेशनमा आएका विद्यार्थीहरूले एकीकृत माओवादीले लगाएको बिरुवा भाँचेको आरोप माओवादीले लगाए। सोही आरोपमा ढुङ्गेललाई जिविसअगाडि गेटमा घेरेर दाहाललगायतका कार्यकर्ताले गालीगलौज गरेका थिए।

जिल्ला प्रहरी कार्यालय, रामेछापका डीएसपी केदार ढकाललाई ०६५ पुस १९ गते एकीकृत माओवादी इन्चार्ज राजन दाहालले जिल्ला प्रशासन कार्यालयमा भएको सर्वदलीय छलफलमा गाउँमा रहेका सबै प्रहरी चौकी २४ घण्टाभित्र उठाइदिने धम्की दिए। उनले प्रहरीले एकीकृत माओवादीको विपक्षमा काम गरेको तथा एकीकृत माओवादीलाई तह लगाउन डीएसपी ढकाल आएको आरोप लगाउँदै सो धम्की दिएका थिए।

काङ्ग्रेसनिकट नेपाल किसान सङ्घका जिल्ला सभापति चन्द्र राउतलाई ०६५ माघ १२ गते राती एकीकृत माओवादीका कार्यकर्ता ३२ वर्षीय प्रदीप राउतलगायतले सैपु गाविस-१ स्थित एउटा घरमा प्रवेश गरी धम्क्याई आक्रमणको प्रयास गरे। चन्द्र सुतेको घरमा राती पुगेका प्रदीपको नेतृत्वको समूहले उनलाई आक्रमण गर्न खोजेपछि उनी राती नै त्यहाँबाट सुरक्षाका लागि बिजुलीकोटको धोबी प्रहरी चौकीमा पुगेका थिए। रातभर प्रहरी चौकीमा बसेका उनी भोलिपल्ट प्रहरीको सुरक्षामा घर फर्किए। सो स्थानको प्राथमिक विद्यालयको माघ १२ गते आह्वान गरिएको अभिभावक भेलामा व्यवस्थापन समितिको चयनको कार्यक्रम रहेको थियो। विद्यालय व्यवस्थापन समितिको अध्यक्ष पदमा काङ्ग्रेस समर्थकले उम्मेदवारी नदिउन् भनी धम्क्याउन एकीकृत माओवादी कार्यकर्ताले उनलाई सो व्यवहार गरेको पीडितले बताए।

दोरम्बा गाविसका एकीकृत माओवादी, काङ्ग्रेस र एमालेका कार्यकर्ता क्रमश: ३८ वर्षीय बाला लामा, ५५ वर्षीय डिकबहादुर योञ्जन र ५० वर्षीय मीनबहादुर घिसिङलाई ०६५ माघ ९ गते सो गाविसको रकम हिनामिना गरेको आरोपमा एकीकृत माओवादीका गाउँ सेक्रेटरी ३८ वर्षीय विश्व लामालगायतका मानिसहरूले धम्काउँदै कुटपिट गरे। दोरम्बा गाविसको माघ ९ गतेको गाउँ परिषद्मा एकीकृत माओवादी, काङ्ग्रेस र एमालेका स्थानीय पार्टी प्रतिनिधि भई उनीहरूले गाविसको ढुङ्गे-दोरम्बा सडक खण्डको बजेट अन्तर्गतको २ लाख रुपियाँ पुन: निर्णय गरी अन्यत्र खर्च गरेको आरोपमा तीनै जनालाई घेरेर कुटपिट गरेका थिए। पीडितहरूलाई सुरक्षा घेरामा जिल्ला सदरमुकाम ल्याई सर्वदलीय बैठकमा उनीहरूको गल्ती नभएको ठहर गरियो। पीडकहरूउपर कारवाही भएन।

नेपाली काङ्ग्रेस रामेछापका कोषाध्यक्ष कृष्णबहादुर महतलाई ०६६ वैशाख २१ गते साँझ एकीकृत माओवादीका कार्यकर्ताले मन्थलीबाट नियन्त्रणमा लिई मन्थलीस्थित एकीकृत माओवादीको

Central Region:Layout 1 2/11/2010 10:26 AM Page 259

कार्यालयमा पुऱ्याई धम्क्याए। मन्थली गाविस-४ मा आफ्नो घर बनाउन लागेको ठाउँमा बसिरहेका महतलाई आठ/दस जनाको सङ्ख्यामा गएका वाईसीएलका कार्यकर्ताहरूले माओवादीका जिल्ला सहइन्चार्ज राजन दाहालले बोलाएको भन्दै पार्टी कार्यालयमा हिँड्न भनेका थिए। महतले पार्टी कार्यालयमा नजाने बताएपछि वाईसीएल कार्यकर्ताले उनलाई कुटपिट गर्ने धम्की दिएकाले उनी कार्यालयमा गएका थिए। सोही दिन साँझ ६ बजेतिर एकीकृत माओवादी कार्यालयमा पुऱ्याइएका महतलाई माओवादी जिल्ला सहइन्चार्ज राजन दाहाललगायतका एकीकृत माओवादी कार्यकर्ताले सेना परिचालन गर्ने भनेको भन्दै हातगोडा भाँच्ने धम्की दिए। दाहालले महतलाई मन्थली नछाडे कुनै पनि बेला खुट्टा भाँच्ने धम्की दिएका थिए तर आफूले कुनै पनि अवस्थामा जिल्ला नछाड्ने अडान लिएको उनले बताए। महतलाई आधा घण्टाभन्दा बढी पार्टी कार्यालयमा थुनेर धम्क्याइएको पीडितले बताए।

नामाडी गाविस-३ का २८ वर्षीय दीपक खड्का र सोही गाविस-६ का ४२ वर्षीय पर्शुराम खड्कालाई ०६६ वैशाख २६ गते ओखलढुङ्गा घर भएका एकीकृत माओवादी कार्यकर्ता २५ वर्षीय सन्देश राई, नामाडी गाविस-८ का ग्याल्बु तामाङलगायतले माओवादीलाई जानकारी नदिई हेलिकप्टर चार्टर गरी देवाली मान्न घर आएको भनी लछारपछार गर्दै ज्यान लिने धम्की दिए। कुलपूजाका लागि हेलिकप्टर लिएर दिउँसो ३ बजेतिर देवालीथानमा ओर्लिएका पर्शुरामको कठालोमा समातेर ज्यान लिने धम्की दिएका थिए।

दुरागाउँ गाविस-७ का रमेश वाग्ले र हरिकुमार सुनुवार तथा सोही गाविस-३ का देवीबहादुर थापा र ४ का पशुपति कार्कीलाई ०६६ जेठ ४ गते एकीकृत माओवादी २ नम्बर एरिया अन्तर्गत दुरागाउँ गाविसको नामबाट सूचना जारी गरी आत्मसमर्पण गर्न वा गाउँ छाड्न धम्की दिइयो। जारी सूचनामा भनिएको थियो, 'एमालेका भरौटेहरू समयमै सुधिएर आत्मसमर्पण गर्न वा गाउँ छाड्न यो कालोसूचीसहितको सूचना जारी गरिएको छ।' सूचनाको अन्त्यमा नोटमा लेखिएको थियो- 'प्रतिक्रियावादीको कित्तामा उभिने व्यक्ति वा पार्टीका कार्यकर्ताहरूको नाम क्रमशः कालोसूचीमा राखिँदै जानेछ।' हस्तलेखन गरी ठाउँठाउँमा टाँसिएको सो सूचना जारी गर्नेको नाम र हस्ताक्षर भने थिएन। यसबारेमा एकीकृत माओवादी जिल्ला पार्टीले केही बताएन।

प्रीति गाविस-९ का ८४ वर्षीय लालबहादुर सार्कीलाई ०६६ असार १६ गते सोही स्थान घर भएका एकीकृत माओवादीका प्रीति गाउँ सेक्रेटरी ३६ वर्षीय टके सार्कीले कुटपिट गरी घाइते बनाए। पीडितकी बुहारी सुन्तली सार्कीका अनुसार, टकेका गाईवस्तुले लालबहादुरको पाखोमा घाँस खाएको विषयमा विवाद भएपछि उनलाई निपाने खोलाको जङ्गलमा कुटपिट गरी घाइते बनाएका थिए। पिटाइको कारण उनका दुईओटा दाँत भाँचिए भने शरीरभर नीलडाम बसेको थियो। घाइतेको स्थानीय स्तरमा उपचार सम्भव नभएपछि असार १७ गते जिरी अस्पतालमा पुऱ्याई थप उपचार गरियो। घटनाका बारे प्रहरी चौकीमा उजुरी गरे पनि कुनै कारबाही नभएको सुन्तलीले बताइन्। टके सुन्तलीका आफ्नै भाइ हुन्। उनले ०६६ साउन १० गते उनका विरूद्ध प्रहरीमा उजुर गर्न खोजेको भन्दै पुनः ज्यान लिने धम्की दिए।

खिम्ती गाविस-५ निवासी निर्माण व्यवसायी ४८ वर्षीय नेत्र बरूवाललाई ०६६ भदौ ३ गते एकीकृत माओवादीका कार्यकर्ता खिम्ती गाविस-४ का ४० वर्षीय शान्ति केसी, फर्पू गाविसका २७ वर्षीय भीम दोर्जे लामालगायतले मन्थलीबाट घरतर्फ जाँदै गर्दा खिम्ती बजारमा रोकी चन्दा नदिएको भन्दै हातपात गरी धम्क्याए। उनीहरूले हातपात गर्दा रोक्न खोज्ने बजारका स्थानीय बासिन्दालाई पनि पीडकले धम्क्याएको पीडित बरूवालले बताए।

रामेछापका जिल्ला शिक्षा अधिकारी लक्ष्मीप्रसाद भट्टराईलाई ०६६ मङ्सिर १ गते नेपाल रेडक्रस सोसाइटी रामेछापका सभापति एवम् एकीकृत माओवादीका जिल्ला कमिटी सदस्य रामबहादुर कार्कीले उनकै कार्यकक्षमा अभद्र व्यवहार गरे। जिल्ला शिक्षा अधिकारी भट्टराईका अनुसार कालिका माबि सुनारपानीको विद्यालय व्यवस्थापन समितिका अध्यक्षसमेत रहेका कार्कीले विद्यालयको भवन निर्माणका लागि लामो समयदेखि ४ लाख ५० हजार रुपियाँ जिशिकाबाट लगेका भए पनि भवनको निर्माण

प्रहरीको कुटपिटबाट घाइते भएका कुमार योञ्जन, दयाराम तामाङ र सुनिल नेपाली

Central Region:Layout 1 2/11/2010 10:26 AM Page 260

कार्य पूरा नभएकाले त्यसबारेमा छलफल गर्न उनलाई कार्यालयमा बोलाइएको थियो। जिशिअले भवन निर्माणको रकम फिर्ता गर्ने वा काम पूरा गर्ने विषयमा तत्काल निर्णय दिन अनुरोध गरेपछि कार्कीले जिशिअलाई अभद्र गाली गर्दै दुर्व्यवहार गरी ज्यान लिनेसम्मको धम्की दिएका थिए। कार्कीले अनियमितता गरेको तथा आफ्नो ज्यान लिने धम्की दिएको भनी जिशिअ भट्टराईले पीडकलाई कारबाही गरी जीवनरक्षा गरी पाउँ भनी प्रहरीमा उजुरी गरेका थिए। प्रहरीमा उजुरी परेपछि कार्कीलाई सोही दिन प्रहरीले गिरफ्तार गरी ४ गते विभिन्न चार बुँदामा कागज गराई एकीकृत माओवादी पार्टीको जमानीमा रिहा गऱ्यो।

वाईसीएलबाट

नेविसङ्घका जिल्ला नेता २८ वर्षीय ध्रुव चौलागाईं, महेन्द्रोदय बहुमुखी क्याम्पसका नेविसङ्घका एकाइ सभापति २५ वर्षीय रामहरि पौडेल, २२ वर्षीय राजन कार्की, ३० वर्षीय कुमार श्रेष्ठ, २५ वर्षीय राजुकुमार श्रेष्ठ, २० वर्षीय निरोज खड्का, २२ वर्षीय नवीन पौडेल, २५ वर्षीय सुशील अधिकारी, २२ वर्षीय रामबाबु भण्डारी, २८ वर्षीय रामकृष्ण खड्कालगायतका नेविसङ्घका कार्यकर्ताहरू ०६५ फागुन २० गते दिउँसो महेन्द्रोदय बहुमुखी क्याम्पसमा वाईसीएल कार्यकर्ताको कुटाइबाट घाइते भए। नेविसङ्घका कार्यकर्ताले विद्यार्थी भर्ना गर्न स्थानान्तरण प्रमाणपत्रको प्रतिलिपि बुझाउँदा क्याम्पस प्रशासनले त्यसको सक्कलै बुझाउनुपर्ने बताएपछि नेविसङ्घ र अखिल (क्रान्तिकारी)बीच भएको भनाभनमा वाईसीएल कार्यकर्ताले नेविसङ्घका विद्यार्थीलाई खोजीखोजी कुटेको पीडितले बताए। घटनामा घाइतेमध्ये पाँच जनाको मन्थलीस्थित तामाकोसी सहकारी अस्पतालमा उपचार भयो।

खिम्ती गाविस-१ निवासी खिम्ती गाविस-३ को नागथली प्राविका शिक्षक ४६ वर्षीय अरूणकुमार थापालाई ०६६ वैशाख २४ गते खिम्ती गाविस-८ निवासी वाईसीएल कार्यकर्ता ३५ वर्षीय वेदबहादुर श्रेष्ठले एकीकृत माओवादीका विरुद्ध कुरा गरेको आरोपमा विद्यालय जाँदै गर्दा खिम्ती गाविस-१ को शिवालयमा कुटपिट गरेको पीडितले बताए। पीडितका अनुसार, विद्यालय जान लागेको बेला पीडकले उनलाई लात्ताले कुटेका थिए। कुटपिटपछि एकीकृत माओवादीका बारेमा केही नभन्ने र कुटपिटका बारेमा कतै उजुरी नगर्ने कागज गराएर छाडेका थिए। घटनाका विरुद्ध पीडितले प्रहरी चौकी खिम्तीमा उजुरी गरेकामा पुन: ०६६ वैशाख २९ गते खिम्ती बजारमा ज्यान लिने धम्की दिँदै उजुरी फिर्ता लिन लगाएका थिए।



वाईसीएलद्वारा कुटपिट गरिएका नेविसङ्घका कार्यकर्ता रामहरि पौडेल

एमालेबाट

खिम्ती गाविस-८ का एकीकृत माओवादीका कार्यकर्ताहरू ३६ वर्षीय गङ्गा श्रेष्ठ र ३७ वर्षीय दुर्गा श्रेष्ठ ०६६ असोज ९ गते गाउँमा आयोजना गरिएको सांस्कृतिक कार्यक्रममा प्रमुख अतिथि कसलाई बनाउने भन्ने विषयमा भएको विवादमा एकीकृत माओवादी र एमाले कार्यकर्ताबीच भएको झडपमा परी घाइते भए। घाइतेमध्ये गङ्गा श्रेष्ठको टाउकोमा चोट लागेको थियो। उनीहरूलाई युथफोर्सका स्थानीय कार्यकर्ताहरूले आक्रमण गरी घाइते बनाएको आरोप एकीकृत माओवादीले लगायो। एकीकृत माओवादी जिल्ला सेक्रेटरी श्याम श्रेष्ठले युथफोर्सका जिल्ला सचिव उमेश श्रेष्ठको नेतृत्वमा आफ्ना कार्यकर्तामाथि आक्रमण गरिएको बताए।

अन्यबाट

विष्णुज्योति माबि, आँगेटार माकादुमका प्रधानाध्यापक ३८ वर्षीय रीपबहादुर खत्रीलाई ०६५ चैत १९ गते तार्केस्वरी प्राबि माकादुम-८ का शिक्षक ३५ वर्षीय देवेन्द्र केसी र उनका भाइ २५ वर्षीय प्रकाश केसीले विद्यालयको कामले सदरमुकाम आएका बेला साँझ होटलमा बास बसेको ठाउँबाट बाहिर निकाली कुटपिट गरे। पीडितले प्रहरीमा उजुरी गरेकामा दुवै जनालाई सोही साँझ जिल्ला प्रहरी कार्यालय रामेछापमा झिकाएको थियो। राती ९ बजेतिर जिल्ला प्रहरी कार्यालयमा पुगेका माआवादीका जिल्ला सहइन्चार्ज राजन दाहालले पीडित खत्रीलाई सुराकीको आरोप लगाउँदै कारबाहीको धम्की दिई पीडकलाई छुटाएर लगे। आफूलाई पुरानो राजनीतिक रिसइवीका कारण कुटपिट गरिएको पीडितले बताए।

अभिव्यक्ति, भेला हुने र सङ्गठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

मन्थली गाविस-२ को महेन्द्रोदय क्याम्पसको गेटनजिकै ०६५ फागुन २६ गते काङ्ग्रेसका जिल्ला

उपसभापति लवश्री न्यौपाने, किसान सङ्घका जिल्ला अध्यक्ष चन्द्र राउत, काङ्ग्रेसका कोषाध्यक्ष कृष्ण महतलगायतका नेताहरूलाई एकीकृत माओवादीका जिल्ला सहइञ्चार्ज राजन दाहालको नेतृत्वमा रहेको वाईसीएल कार्यकर्ताको टोलीले दुर्व्यवहार गऱ्यो। क्याम्पसमा स्वयिु निर्वाचनका लागि उम्मेदवारी दर्ता गराउन गएका नेविसङ्घ र अनेरास्वयिुका विद्यार्थीहरूलाई लाठी र रड बोकेर बसेका वाईसीएलका कार्यकर्ताले क्याम्पसमा जान रोक लगाएपछि त्यसबारेमा बुझ्न गएका काङ्ग्रेसका नेताहरूलाई क्याम्पसतर्फ जान लाग्दा उनीहरूले अगाडि बढ्न नदिई घचेटेर दुर्व्यवहार गरेको पीडितले बताए। वाईसीएलको दुर्व्यवहारपछि उनीहरू त्यहाँबाट फर्किएका थिए। पीडकउपर कारबाही भएन।

मन्थलीको महेन्द्रोदय बहुमुखी क्याम्पसमा नेविसङ्घका २६ वर्षीय दीपक खड्का सभापति रहेको ११ सदस्यीय प्यानल र अनेरास्वयिुका स्वयिु सभापतिका उम्मेदवार २२ वर्षीय मनोज कार्कीसहितको ११ सदस्यीय प्यानलले ०६५ फागनु २६ गते स्वयिु निर्वाचनका लागि उम्मेदवारी दर्ता गराउन जाँदा एकीकृत माओवादी पार्टीका जिल्ला सहइन्चार्ज राजन दाहालको नेतृत्वमा रहेको लाठी र रड बोकेर बसेका एकीकृत माओवादी कार्यकर्ताले क्याम्पस हातामा प्रवेश गर्न दिएनन्। कलेजमा उम्मेदवारी दर्ता गर्न नदिएपछि दुईवटै विद्यार्थी सङ्गठनले जिल्ला प्रशासन कार्यालय, रामेछापमा उम्मेदवारी दर्ता गराएका थिए। लाठी र रड बोकेर बसेका वाईसीएल कार्यकर्तालाई प्रहरीले नियन्त्रणमा लिएन। क्याम्पस प्रशासनले क्रान्तिकारीले निर्वाचन जितेको घोषणा गऱ्यो।

जिल्ला सदरमुकाम मन्थलीमा नेकपा एमाले रामेछापले युथफोर्सका कार्यकर्ता प्रचण्ड थैवको हत्याको विरोधमा ०६५ चैत १५ गते निकालेको जुलुस एकीकृत माओवादीले हस्तक्षेप गरी तितरबितर पाऱ्यो। एमाले पार्टी कार्यालयबाट देवकोटा चोकतर्फ जान लागेको एमालेको ऱ्यालीलाई एकीकृत माओवादीका सहइन्चार्ज राजन दाहालको नेतृत्वको टोलीले जिल्ला प्रशासन जाने चोकमा घेरा हालेर रोकी अगाडि बढ्न दिएन। हातमा रड लिएर आएका एकीकृत माओवादी कार्यकर्ताहरूले ऱ्यालीलाई रोकेपछि केहीबेर दुई पक्षबीच भनाभन भएको थियो। दाहालले ऱ्याली अगाडि बढे मारिदिने धम्की दिए। प्रहरीले एकीकृत माओवादी कार्यकर्ताहरूबाट रड खोसेको थियो।

कथित बोक्सीको आरोपमा आफ्नै परिवारका सदस्यबाट कुटपिट गरिएकी गोमादेवी खत्री

रामेछापका एमाले र काङ्ग्रेसमाथि ०६६ वैशाख २२ गते एक विज्ञप्ति जारी गरी एकीकृत माओवादीले जनकारबाही गर्ने घोषणा गऱ्यो। एकीकृत माओवादीका जिल्ला सहइन्चार्ज राजन दाहालले कारबाहीको घोषणा सार्वजनिक गरेका थिए। विज्ञप्तिमा रामवरण यादव र नेपाली काङ्ग्रेस भारतीय दलाल भएको र एमाले त्यसको मतियार भएकाले ती पार्टीका जिल्ला, इलाका र गाउँ तहसम्मका नेताहरूमाथि जनकारबाही गरिने चेतावनी दिइएको थियो। विज्ञप्तिमा भनिएको थियो, 'भारतीय विस्तारवादी दलाल र तिनका मतियारका जिल्ला, इलाका र गाउँका प्रमुखहरूलाई पाँच दिनभित्र आफ्नो कित्ता स्पष्ट पारी सार्वजनिक अपिलमार्फत माफी मागी सर्वसाधारण भइरहने वा जनकारबाहीको सामना गर्ने भन्ने विषयमा अन्तिम फैसला लिन अवसर दिन चाहन्छौं।' एकीकृत माओवादीले सोही अनुसारको अभियान अघि बढाउन आफ्नो पार्टी कमिटी, वाईसीएल, जनवर्गीय सङ्गठन र मोर्चाहरूलाई पनि विज्ञप्तिमार्फत आग्रह गरेको थियो। सोही प्रकृतिको विज्ञप्ति एकीकृत माओवादीका इलाकाले पनि प्रकाशन गरेका थिए।

मन्थलीस्थित एमाले पार्टी कार्यलयमा एमाले रामेछापका पार्टी उपसचिव शान्ति पौडेल, जिल्ला कमिटी सदस्य कृष्णहरि अधिकारी, प्रेम तामाङ, माया कार्की, अनेरास्वयिुका केन्द्रीय सदस्य प्रकाश कार्कीलगायतका एमाले नेता तथा कार्यकर्ताहरूलाई ०६६ वैशाख २३ गते एकीकृत माओवादीले कार्यालय नखोल्न दिएको चेतावनीलाई नटेरी पार्टी कार्यालय खोलेको आरोपमा एकीकृत माओवादीको नेतृत्वमा गएको टोलीले कार्यालयबाट बाहिर निकाली कार्यालयको सटर बन्द गरिदिए। पार्टी कार्यालयमा कार्यकर्ताहरूसहित छिरेको दाहालको टोलीले सबै नेता तथा कार्यकर्तालाई धकेलेर बाहिर निकाली कार्यालयको सटर बन्द गरिदिएको उपसचिव पौडेलले बताए। सो क्रममा एकीकृत माओवादीले फर्निचर पनि तोडफोड गरेको उनले बताए। एकीकृत माओवादीका कार्यकर्ताहरू त्यहाँबाट हिँडेपछि प्रहरीको सहयोगमा कार्यालय खोलिएको थियो। एमालेले सोही दिन साँझ एक पत्रकार सम्मेलनको आयोजना गरी एकीकृत माओवादीको सो कार्यको निन्दा गऱ्यो।

मन्थली गाविस-२

निवासी अनेरास्ववियु रामेछापका जिल्ला सहसचिव २२ वर्षीय शिवकुमार सुवेदीलाई ०६६ वैशाख २३ गते एकीकृत माओवादीले अपहरणको प्रयास गरेको आरोप एमालेले लगायो। एमाले रामेछापले एक विज्ञप्ति प्रकाशन गरी सुवेदीलाई २३ गते बिहान अपहरण गरी राजीनामा दिने विज्ञप्ति प्रकाशन गर्न दबाब दिएको जानायो। एमाले उपसचिव शान्ति पौडेलका अनुसार, २२ गते राती एकीकृत माओवादीका कार्यकर्ताहरू सुवेदीको घरमा पुगी उनलाई राजीनामा दिन दबाब दिएका थिए। राति लामो समयसम्म पनि उनीहरूले दबाब दिएपछि सुवेदीलाई भोलिपल्ट गफ गर्ने सर्तमा छाडेका थिए।

खिम्ती गाविसको ज्यामिरे पहरोमा एमाले महासचिव ईश्वर पोखरेल चढेको गाडीमा ०६६ जेठ ३ गते साँझ एकीकृत माओवादीका कार्यकर्ताहरूले ढुङ्गा हानेर आक्रमण गरे। मन्थलीमा एमालेको जिल्लास्तरीय कार्यकर्ता भेला सकेर दोलखाको सदरमुकामतर्फ फर्किएका महासचिव पोखरेल, एमाले पोलिटब्युरो सदस्य रवीन्द्र श्रेष्ठ, पशुपति चौलागाईं, वैकल्पिक केन्द्रीय सदस्य कमला सुवेदी, कमलप्रकाश सुनुवार, पूर्वसांसद देवशङ्कर पौडेल, प्रायुसङ्घका केन्द्रीय सदस्य ज्ञानकुमार श्रेष्ठलगायतका एमाले नेताहरू चढेको गाडीमा सडकको माथि भीरबाट एकीकृत माओवादीका कार्यकर्ताले ढुङ्गा लडाएका थिए। ढुङ्गाले लागेर पोलिटब्युरो सदस्य पशुपति चौलागाईं चढेको गाडीमा क्षति पुग्यो। ३०/४० जनाको सङ्ख्यामा रहेका एकीकृत माओवादीका कार्यकर्ताले ढुङ्गा हानेपछि सुरक्षार्थ खटिएको प्रहरीले हवाई फायर गरेको थियो। प्रहरीले फायर गरेपछि एकीकृत माओवादीका कार्यकर्ताहरू त्यहाँबाट भागेको सुरक्षामा खटिएका प्रहरी निरीक्षक राजन अधिकारीले बताए। सो घटनामा एकीकृत माओवादीका जिल्ला सह-इन्चार्ज राजन दाहाल दोषी भएको आरोप लगाउँदै एकीकृत माओवादीले उनलाई निलम्बन गऱ्यो। घटनाका दोषीलाई राज्यले भने कुनै कारबाही गरेन। निलम्बनमा परेका दाहाललाई पार्टीले सिन्धुली जिल्लाको सहइञ्चार्ज बनाएर पठायो।

जिल्ला प्रहरी कार्यालय, रामेछापको गेटमा एकीकृत माओवादीका रामेछाप जिल्ला सेक्रेटरी ३५ वर्षीय मैनकुमार मोक्तान, एकीकृत माओवादी कार्यकर्ता ४० वर्षीय विनोद पौडेल, तिल्पुङ गाविसका एरिया सेक्रेटरी ३५ वर्षीय ध्रुव कार्कीसहितका कार्यकर्ताहरू ०६६ जेठ ६ गते साँझ मओवादी र प्रहरीबीच भएको विवादपछि प्रहरीले गरेको लाठीचार्जमा परी घाइते भए। प्रहरीको लाठीबाट मोक्तानको देब्रे हातमा चोट लाग्यो भने अर्का कार्यकर्ता विनोद पौडेलको टाउकोमा चोट लाग्यो। एमाले महासचिव ईश्वर पोखरेललाई आक्रमण गर्ने घटनामा संलग्न भएको आरोपमा प्रहरीले फर्पू गाविसका पदमबहादुर तामाङलाई ०६६ जेठ ६ गते साँझ खिम्ती गाविसबाट गिरफ्तार गरेको थियो। सो घटना थाहा पाएपछि प्रहरी कार्यालयमा एकीकृत माओवादी कार्यकर्ता पुगेलगत्तै सो घटना भएको थियो। प्रहरीले गिरफ्तार गरेर ल्याएको एकीकृत माओवादी कार्यकर्तालाई भेट्न जाँदा गेटबाट भित्र छिर्न नदिएर लाठीचार्ज गरेको आरोप एकीकृत माओवादी सेक्रेटरी मोक्तानको रहेको छ भने कार्यालयमा ढुङ्गा हानेपछि लाठीचार्ज गरिएको डीएसपी केदार ढकाललले बताए। प्रहरीले कार्यालयमा ढुङ्गा हानेको आरोपमा एकीकृत माओवादीका कार्यकर्ता ध्रुव कार्कीलाई पनि सोही साँझ गिरफ्तार गऱ्यो। गिरफ्तारीका क्रममा उनीमाथि कुटपिटसमेत भएको थियो। जेठ ७ गते एकीकृत माओवादी र स्थानीय प्रशासनबीच सहमति भएपछि उनी रिहा भए।

सालु गाविसको सालु बजारमा नेपाल शिक्षक युनियन, रामेछापले ०६६ मङ्सिर २० गते आयोजना गरेको इलाका नम्बर ६ को क्षेत्रीय भेलामा एकीकृत माओवादीको सो गाविसका सेक्रेटरी रामकुमार श्रेष्ठको नेतृत्वको कार्यकर्ताको टोलीले अवरोध पुऱ्याई भेला गर्न दिएन। करिब १ सय शिक्षकहरूको उपस्थितिमा भएको सो भेलामा बिहान पाँच/छ जनाको सङ्ख्यामा गएका एकीकृत माओवादी कार्यकर्ताले आफ्नो एरियामा कुनै पनि कार्यक्रम गर्न नदिने पार्टीको निर्देशन भएको बताउँदै शिक्षकहरूलाई भेला नगर्न दबाब दिएका थिए। एकीकृत माओवादीका कार्यकर्ताहरूले कार्यक्रम नगर्न दबाब दिएपछि शिक्षक युनियनले सोही स्थानमा एक कोणसभाको आयोजना गरी एकीकृत माओवादीको सो कार्यको विरोध जनायो। एकीकृत माओवादीका जिल्ला सहसेक्रेटरी रामकुमार लामाले सो कार्य पार्टी नीतिविपरीत भएको र यसबारे बुझेर त्यसो भएको भए आफ्ना कार्यकर्तालाई सम्झाउने बताए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत रामेछापमा यस वर्ष जिम्मेवारी सरेर आएका सहित कुल १ सय ७८ थान मुद्दाहरू परे। जसमा अघिल्लो वर्षको जिम्मेवारी सरेर आएका ९४ थान र यस वर्ष दर्ता भएका ८४ थान मुद्दाहरू रहेका छन्। यीमध्ये ४५ थान फौजदारी र ३९ थान देवानी मुद्दाहरू छन्। यस वर्ष ३२ थान फौजदारी र २५ थान

देवानी गरी कुल ५७ थान मुद्दा फर्स्यौट भए। वर्षको अन्त्यसम्म अदालतमा १ सय २१ थान मुद्दाहरू विचाराधीन रहेका छन्। यस वर्ष जिल्ला अदालतले बहुविवाहको एक थान मुद्दा अदालतमा पेस भएकै दिन फैसला सुनाई न्यायालयले नागरिकलाई तत्काल न्याय दिनसक्छ भन्ने सकारात्मक धारणा विकास गराएको छ। अदालतले बहुविवाह गर्ने पीडक पक्षलाई अदालतमा पेस गरेकै दिन जेल सजायको फैसला सुनाएको थियो।

यातना तथा अन्य क्रूर, अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

डडुवा गाविस-६ का ४० वर्षीय पदमबहादुर तामाङले ०६५ पुस १६ र १७ गते प्रहरीले आफूलाई हिरासतमा यातना दिएको बताए। बेथान गाविसकी एक महिलाको हत्या गरेको आरोपमा उनलाई जिल्ला प्रहरी कार्यालय, रामेछापको हिरासतमा राखिएको थियो। प्रहरीसमक्ष आफूले हत्या गरेको कुरा स्वीकार्दा पनि यातना दिएको उनले बताए। प्रहरीले भने त्यस्तो व्यवहार नगरिएको बतायो।

फुलासी गाविस-६ का ४८ वर्षीय गोपीलाल लामालाई ०६५ चैत २२ गते प्रहरी चौकी फुलासीका प्रहरीहरूले जग्गा खिचोलोको विवादमा प्रहरी चौकीमा पुऱ्याई कुटपिट गरी घाइते बनाए। आफ्नो बारीमा लगाएको बार उनका दाजु ५६ वर्षीय रहरसिंह लामाले भत्काइदिएपछि उनी उजुरी गर्न फुलासीस्थित प्रहरी चौकी पुगेका थिए। ०६५ चैत २१ गते प्रहरीमा निवेदन गरेर फर्किएका तामाङलाई चैत २२ गते बिहान उनको घरमा गएको प्रहरी हवलदारको टोलीले जाँड खाएर गलत उजुरी गरेको भनी बाटोबाटै कुट्दै प्रहरी चौकी पुऱ्याएका थिए। पीडितका अनुसार, प्रहरीले उनलाई प्रहरी चौकी हिरासतमा लौरो, पाइप र बुटले पिटेको थियो। हिरासतमा कुटपिट गरी बाहिर ल्याई मिलापत्रको कागज गराउन खोज्दा स्थानीय बासिन्दाले जबरजस्ती कागज गराउन नमिल्ने भनी प्रतिवाद गरेपछि उनलाई प्रहरीले त्यत्तिकै छाडेको थियो। कुटपिटका कारण उनको पिठ्यूँ तथा कोखामा चोट लाग्यो। उनले ०६५ चैत २५ गते मन्थलीस्थित तामाकोसी सहकारी अस्पतालमा उपचार गराए। पीडितले थप यातनाको डरले कतै उजुरी गरेनन्।

बालअधिकार

सदरमुकाम मन्थलीलगायतका बजार केन्द्रका होटलहरूमा बालश्रमिकहरूले अत्यन्त न्यून पारिश्रमिकमा काम गरिरहेका छन्। गिटी कुट्ने, सडक निर्माण तथा भवन निर्माणलगायतका काममा पनि बालबालिकाको प्रयोग हुने गरेको छ। दलित र विपन्न समुदायका बाबालिकाहरूको बीचमा नै विद्यालय छाड्ने क्रम पनि रोकिएको छैन। हरेक राजनीतिक दलहरूले आयोजना गर्ने राजनीतिक कार्यक्रमहरूमा बाललिकाहरूको प्रयोग हुने गरेको छ। पटक-पटक हुने हडताल तथा शिक्षण संस्था बन्दका कारण पनि बालबालिकाहरूको पढाइ प्रभावित हुने गरेको छ।

सालु गाविस-२ का १२ वर्षीय रमेश रानामगर र सुवे बसेललाई ०६५ चैत १० गते चोरीको आरोपमा प्रहरीले यातना दिएको पीडितका बाबुले बताए। स्थानीय व्यापारी कृष्णहरिको पसलमा ०६५ फागुन २७ गते चोरी गरेको आरोपमा प्रहरीले उनीहरूलाई कुटपिट गरी यातना दिएको थियो। प्रहरीले १० गते दिउँसो हतकडी लगाएर हात टेक्न लगाई सालुबाट रामेछापस्थित प्रहरी चौकीमा पुऱ्याएको र चौकीमा प्लास्टिकको पाइपले कुटेर भोलिपल्ट मात्र छाडेको पीडितले बताए। प्रहरीले आफ्नै आँखाअगाडि छोरालाई पिटेको पीडितका बाबु चन्द्रबहादुर रानाले बताए। प्रहरीले रमेशका बाबुलाई १५ हजार रुपियाँ तिर्ने कागज गराएर छाडेको थियो। रामेछापका डीएसपी केदार ढकालले भने प्रहरीले यातना नदिएको बरू गाउँलेहरूले यातना दिँदा जोगाएको बताए।

मन्थली उच्चमावि बाल क्लबले अन्तर्राष्ट्रिय बालअधिकार दिवसको अवसर पारेर ०६६ भदौ २५ गते आयोजना गरेको विविध सांस्कृतिक कार्यक्रममा एकीकृत माओवादीनिकट अनेरास्ववियु (क्रान्तिकारी)का विद्यार्थीहरूले हस्तक्षेप गरी उनीहरूलाई कार्यक्रम गर्न दिएनन्। विद्यालयको प्राङ्गणमा विद्यार्थीहरूले मञ्च बनाई कार्यक्रम सुरु गर्नेबित्तिकै महेन्द्रोदय क्याम्पसका स्ववियु सभापति गङ्गालाल गोलेलगायतका क्रान्तिकारीका कार्यकर्ताहरू मञ्चमा प्रवेश गरी बालबालिकाहरूले तयार गरेको मञ्च तथा उनीहरूले बोलाएका अतिथिहरूलाई राखी हाजिरीजवाफ प्रतियोगिता गरेको विद्यार्थीले बताए।

गौरीशङ्कर उच्चमावि रामेछापमा कक्षा ९ मा अध्ययनरत रामेछाप गाविस-९ का १५ वर्षीय कुमार योञ्जन, कक्षा ७ का १२ वर्षीय दयाराम तामाङ र श्री मावि भँगेरीमा कक्षा ८ मा अध्ययनरत १४ वर्षीय सुनिल नेपालीलाई ०६६ पुस ८ गते प्रहरी चौकी रामेछापका प्रहरी सई जीतबहादुर केसीले मोबाइल चोरी गरेको आरोपमा प्रहरी चौकीमा पुऱ्याई टाउकाबाट पानी खन्याउने तथा सार्वजनिक चौरमा राखेर कुटपिट गरी यातना दिए। पीडित कुमार

Central Region:Layout 1 2/11/2010 10:26 AM Page 264

योञ्जनका बाबु नीरबहादुर योञ्जनका अनुसार, होटलमा चार्जमा राखेको स्थानीय मिलन कार्कीको मोबाइल चोरी गरेको आरोपमा प्रहरीले दयाराम तामाङलाई बिहान सबेरै प्रहरी चौकीमा लगेको थियो। उनलाई पक्राउ गर्न आउने प्रहरीले आफूहरूलाई खोजेको थाहा पाएपछि १० बजेतिर प्रहरी चौकीमा पुगेका कुमार योञ्जन र सुनिल नेपालीलाई पनि प्रहरीले दिनभरि चौकीमा राखी बाल्टिनबाट चिसो पानी खन्याउने र घँगारूको लौराले कुटेर यातना दिएको थियो। घटनाको भोलिपल्टै पीडित परिवारले जिल्ला प्रहरी कार्यालयमा जानकारी गराइएको योञ्जनले बताए। प्रहरी कार्यालयका डीएसपी केदार ढकालले पीडकलाई विभागीय कारवाही गर्ने आश्वासन दिएको बताए। प्रहरीले घटना मिलाइदिने भनेकाले बाहिर उजुरी नगरेको योञ्जनले बताए। घाइतेलाई जिल्ला अस्पताल रामेछापमा उपचार गरियो।

महिलाविरूद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

पारिवारिक हिंसा

रामेछाप गाविस-१ की १६ वर्षीया रीतु गिरीका पति २१ वर्षीय प्रकाश रायले ०६५ चैत १० गते ओखलढुङ्गा जिल्लाको टारकेराबारी गाविसकी १४ वर्षीया एक किशोरीसँग दोस्रो विवाह गरे। घरमा एउटी पत्नी हुँदाहुँदै दोस्रो विवाह गर्ने रायविरुद्ध प्रहरीमा उजुरी परेपछि प्रहरीले जिल्ला अदालत रामेछापमा मुद्दा दर्ता गऱ्यो। अदालतमा मुद्दा पेस भएकै दिन अदालतले बहुविवाह गर्नेलाई जेल सजाय सुनायो। पीडक रामेछाप जेलमा छन्।

कठजोर गाविस-१ की २८ वर्षीया शान्ता बसेललाई ०६५ चैत २२ गते साँझ उनका पति ३२ वर्षीय नरबहादुर बसेलले कुटपिट गरी तीनओटा दाँत झारिदिए। पीडकले यसअघि पनि रक्सी खाएर आफूलाई कुटपिट गर्ने गरेको पीडित महिलाले बताइन्। प्रहरीले पीडकलाई कागज गरी छाडिदियो।

गेलु गाविस-८ की २२ वर्षीया विमला बोहराले छोरी पाएको भन्दै ०६६ असार ९ गते उनका पति २४ वर्षीय प्रेमबहादुर बोहराले नौ दिनको सुत्केरी अवस्थामा नै कुटपिट गरी घरबाट निकालिदिए। यसअघि एउटी छोरी जन्माएकी बोहराले दोस्रोपटक पनि छोरी जन्माएपछि उनका पति प्रेमबहादुरले उनलाई घरनिकाला गरेका हुन्। पतिले घरबाट निकालेपछि पीडित महिला सोही दिन दुवै छोरी लिएर फुलासी गाविसको चिण्डेस्थित माइती घरमा गइन्। पतिले यसअघि पहिलोपटक छोरी जन्माउँदा पनि छोरी पाएको भनी पटकपटक कुटपिट गर्ने गरेको पीडित महिलाले बताइन्। उनी अहिले माइती घरमा बस्दै आएकी छन्।

दुर्व्यवहार

काभ्रे जिल्लाको मेच्छे गाविसकी २५ वर्षीया एक महिलालाई ०६६ जेठ ५ गते लुभु प्रहरी चौकी राकाथुम, रामेछापका प्रहरी जवान ३० वर्षीय श्रीप्रसाद खरेलले हातपात गरी अभद्र व्यवहार गरे। होटल सञ्चालन गरेर बसेकी ती महिलालाई प्रहरी जवान खरेलले उनकै होटलमा गई अभद्र व्यवहार गरेका थिए। सोही आरोपमा ५ गते साँझ स्थानीय गाउँलेले प्रहरी चौकी लुभुमा तोडफोड गरे। दोषी प्रहरीलाई कारवाहीको माग राख्दै चौकीमा जम्मा भएका गाउँलेले प्रहरी चौकीमा रहेका फर्निचरहरू तोडफोड गर्नुका साथै प्रहरी चौकीको बोर्डसमेत च्यातेर फालिदिएका थिए। साँझ ७ बजेदेखि ८ बजेसम्म गाउँलेले प्रहरी चौकी घेराउ गरेका थिए। पीडकलाई कारवाहीका लागि पठाउने सहमतिपछि गाउँलेहरू फर्किएका थिए। पीडकलाई कारवाही गरिएको प्रहरीले बतायो।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

राज्य र तत्कालीन माओवादी पार्टीबाट द्वन्द्वको समयमा जफत गरिएको नागरिकहरूको सम्पत्ति अहिलेसम्म पनि दुवै पक्षबाट फिर्ता गरिएको छैन। द्वन्द्वको समयमा दुवै पक्षबाट कब्जामा लिएको नागरिकहरूको नगद, जिन्सी सामान तथा बाखावस्तुसमेत फिर्ता गर्ने वा त्यसको मूल्य तिर्ने सहमति भएको भए पनि हालसम्म सो कुरा कार्यान्वयन भएको छैन।

गाविसका दलित महिला, अपाङ्गता भएका, जनजाति, बालबालिकालगायतका विशेष वर्गका लागि छुट्याउनुपर्ने आर्थिक वर्ष ०६५/६६ को बजेट रामेछापका अधिकांश गाविसले गाविस सञ्चालन निर्देशिकाबमोजिम छुट्याएनन्। उनीहरूले विशेष वर्गका लागि अनिवार्य रूपमा छुट्याउनु पर्ने बजेट पनि विकास योजनामा खर्च गरे। जसले गर्दा लक्षित वर्ग राज्यले दिएको सुविधाबाट वञ्चित भयो।

प्रीति गाविसको चण्डेश्वरी माविको ०६५ पुस १८ गते भएको विद्यालयको अभिभावक भेलामा एकीकृत माओवादीका कार्यकर्ताले हस्तक्षेप गरी एकलौटी रूपमा आफ्ना कार्यकर्ता प्रेमबहादुर खुलाललाई व्यवस्थापन समितिको अध्यक्ष भएको घोषणा गरेको काङ्ग्रेस र एमालेले आरोप लगाए। काङ्ग्रेसका गाउँ सभापति देवीबहादुर कार्कीका अनुसार, व्यवस्थापन

समितिको अध्यक्ष छान्ने सो भेलामा एकीकृत माओवादीका कार्यकर्ताहरूले आफ्ना समर्थकलाई अध्यक्ष बनाउन खोजेपछि अभिभावकहरू भेला छाडेर हिँडेका थिए। सबै अभिभाकहरू हिँडेपछि एकीकृत माओवादीले एकलौटी रूपमा आफ्ना समर्थक प्रेमबहादुर खुलाल अध्यक्ष भएको घोषणा गरेको थियो।

लखनपुर गाविस-२ को कालिका माबि रिष्ठेमा ०६५ माघ १ गते भएको गाउँ परिषद्मा सहभागी गाविस सचिव ४८ वर्षीय मदन झा, राजनीतिक दलका प्रतिनिधिहरू, स्थानीय कालिका माविका प्रधानाध्यापक ४३ वर्षीय विष्णुप्रसाद गौतमलगायतका शिक्षक, बुद्धिजीवी र सामाजिक संस्थाका प्रतिनिधिहरूलगायत परिषद् सदस्यहरूलाई सो गाविसको ७ र ९ का एकीकृत माओवादी समर्थक तामाङ समुदायका युवाहरूले कोठाभित्र ताला लगाएर थुनी आफ्नो पक्षमा निर्णय गराए। उनीहरूले गाउँ परिषद् चलिरहेका बेला परिषद् सदस्यहरूलाई दिउँसो २ बजेदेखि राती साढे ८ बजेसम्म बैठकस्थलमा बाहिरबाट ताला लगाएर थुनिदिएका थिए। उनीहरूले गाविसको सम्पूर्ण बजेट वडा नं. ६, ७ र ८ मा लगानी गर्नुपर्ने माग राखेका थिए। बेलुका साढे ८ बजेतिर उनीहरूले आफैँले निर्णय लेखी परिषद्मा सहभागी सदस्यहरूलाई हस्ताक्षर गराएर छाडिदिएको कालिका माविका प्रधानाध्यापक एवम् परिषदका सदस्य विष्णुप्रसाद गौतमले बताए। गौतमले सो काम कुनै दल विशेषले नभई अराजक जत्थाले गरेको बताए।

स्वास्थ्य सेवाको अवस्था

रामेछाप जिल्लामा एउटा सरकारी अस्पताल, एउटा सहकारी अस्पताल तथा एउटा निजी अस्पताल रहेका छन्। सरकारी अस्पताल जिल्लाको पुरानो सदरमुकाम रामेछाप बजारमा रहेको छ। यसबाहेक जिल्लामा दुईओटा सरकारी प्राथमिक स्वास्थ्य सेवा केन्द्र, ११ ओटा स्वास्थ्य चौकी र ४१ ओटा उपस्वास्थ्य चौकीहरू रहेका छन्। जिल्ला स्वास्थ्य कार्यालय रामेछापका प्रमुख डाक्टर यदुचन्द्र घिमिरेका अनुसार यस वर्षको अन्त्यसम्म जिल्लामा तीन जना डाक्टर, तीन जना स्टाफ नर्स, आठ जना अहेब, चार जना अनमि र दुई जना ल्याब टेक्निसियनको दरबन्दी रिक्त रहेको छ। स्वास्थ्यको अधिकारलाई संवैधानिक अधिकारका रूपमा व्यवस्था गरिएको भए पनि स्वास्थ्यकर्मीहरू नियमित रूपमा स्वास्थ्य संस्थामा उपलब्ध नहुनु तथा सरकारले स्वास्थ्य चौकी तथा उपस्वास्थ्य चौकीहरूमा अनिवार्य रूपमा उपलब्ध गराउनु पर्ने औषधी पनि नियमित उपलब्ध गराउन नसक्दा नागरिकहरूले ती संस्थाबाट निःशुल्क औषधीसमेत पाउन सकेनन्। स्वास्थ्य संस्थाहरूमा स्वास्थ्यकर्मीहरूको अनुपस्थिति जिल्लाको नियमित समस्या रहेको छ।

२.६ दोलखा

जनसङ्ख्या : २,३२,७९७
साक्षरता प्रतिशत : ६०
महिला साक्षरता प्रतिशत : ४०
क्षेत्रफल (वर्ग कि. मि.) : २,१९१
गाविस/नपा सङ्ख्या : ५१/१
सरकारी/निजी विद्यालय : ३९३/१२
क्याम्पस/उच्च मा.वि. : ३/२४
अस्पताल/स्वास्थ्य चौकी : १/५४
मानव विकास सूचकाङ्कः ०.४५०
प्रतिपरिवार सरदर सङ्ख्याः ६

गोली/विस्फोटक पदार्थद्वारा घाइते राज्यबाट

काब्रे गाविस-१ का ४७ वर्षीय भरत बस्नेतलाई ०६५ फागुन ९ गते इलाका प्रहरी कार्यालय मैनापोखरीबाट गस्तीमा गएको प्रहरीले गोली हानी घाइते बनायो। पीडितले अघिल्लो राती खुकुरी हातमा लिई आफ्ना घरका परिवारलाई घरबाट निकाली घरमा आगो लगाएको र भोलिपल्टसमेत खुकुरी हातमा लिई गाउँ नै आतङ्कित पार्दै हिँडेको भनी गाउँलेले प्रहरीलाई जानकारी दिएपछि गिरफ्तार गर्न गएको

घटनाको प्रकार	गैर राज्यबाट								राज्यबाट		
	अन्यबाट				एकीकृत माओवादीबाट						
	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा	घटना सङ्ख्या	पुरुष	जम्मा
हत्या	३	३	१	३							
घाइते	३	३		३					१	१	१
कुटपिट	५	९		९	३	३	१	३			
महिलाअधिकार	४		४	४							
अपहरण					१	१		१			
जम्मा	१४	१३	५	१८	३	३	१	४	१	१	१

प्रहरीको घाँटी निमोठ्न खोज्दा बाध्य भई बायाँ पिँडुलामा गोली हानेको प्रहरीले बतायो। पीडितका परिवारले गिरफ्तार गर्न सकिने अवस्था छ्दै गोली हानेको बताए। पीडितको काठमाडौँ छाउनी अस्पतालमा उपचार भयो।

जेल र बन्दीहरू

बन्दी क्षमता ३५ जनाको रहेको जिल्ला कारागारमा ३१ जना बन्दी रहेका छन्। जसमा कैद तोकिएका १५ जना पुरुष, दुई महिला र कैद नतोकिएका १३ जना पुरुष र एक जना महिला गरी जम्मा १४ जना रहेका छन्। जेलमा पानी, शौचालय, विद्युत्, स्वास्थ्य परीक्षण नियमितता, पत्रपत्रिका, रेडियो, टेलिभिजनको व्यवस्था भएको र खेलकुदका लागि क्यारेमबोर्ड, चेस, लुडोको व्यवस्था गरिएको छ।

धम्की/कुटपिट
एकीकृत माओवादीबाट

च्यामा गाविस-१ का ४३ वर्षीय कृष्णप्रसाद फुयाँल र उनकी पत्नी ३९ वर्षीय चन्द्रमाया फुयाँललाई ०६५ चैत २१ गते च्यामा गाविस-१ निवासी एकीकृत माओवादी जिल्ला सचिवालय सदस्य सन्तोष फुयाँल, २४ वर्षीय कर्णबहादुर फुयाँल, ५५ वर्षीय छत्रबहादुर फुयाँल, ४४ वर्षीय खड्गबहादुर फुयाँल, सोही गाविस-२ का सन्तोष फुयाँल, हावा गाविस-१ का २९ वर्षीय सन्तोष भनिने नेत्रबहादुर केसी, रोशन शर्मा र २२ वर्षीय राजु शर्मासहितको समूहले उनको घरमा नै गई कुटपिट गरे। पीडितलाई कुटपिट गरेको विरोधमा काङ्ग्रेस जिल्ला कार्यसमिति दोलखाले दोषीलाई कारबाहीको माग गर्दै प्रेस विज्ञप्ति प्रकाशन गऱ्यो। आफ्ना पार्टी सदस्यको कांग्रेसले बदनामी गरेको भन्दै एकीकृत माओवादीले विज्ञप्ति प्रकाशन गऱ्यो। घटनाका दोषीहरूलाई सार्वजनिक अपराधमा मुद्दा दर्ता गरिएकामा राजु शर्मा २ हजार र अन्य पीडकहरू १ हजार रुपियाँ धरौटीमा रिहा भए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा दुनियाँवादी फौजदारी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका ५९ थान मुद्दामध्ये १८ थान फर्स्यौट भए भने यस वर्ष दर्ता भएका २६ थान मुद्दामध्ये पाँच थान फर्स्यौट भए। यसैगरी, सरकारवादी फौजदारी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका २५ थान मुद्दामध्ये पाँच थान फर्स्यौट भए भने यस वर्ष दर्ता भएका १३ थान मुद्दामध्ये कुनै पनि फर्स्यौट भएनन्।

देवानी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका १ सय ११ थान मुद्दामध्ये ३५ थान मुद्दा फर्स्यौट भए भने यस वर्ष दर्ता भएका ८० थान मुद्दामध्ये नौ थान मात्र फर्स्यौट भए। यस वर्षको अन्त्यसम्म २ सय ४२ थान मुद्दा फर्स्यौट हुन बाँकी रहे। जिल्ला अदालतमा पाँच वर्ष नाघेका मुद्दाहरूको सङ्ख्या छैन।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार
बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

भीमेश्वर नपा-१३ की १८ वर्षीया बोल्न नसक्ने एक युवतीलाई ०६६ असार १८ गते राती घरमा कोही नभएको अवस्थामा सोही नपा-१० का १९ वर्षीय रामचन्द्र खाती, २७ वर्षीय विष्णु बराल, २२ वर्षीय उमेश बराल र ३२ वर्षीय देवराज बरालले उनको घरमै सामूहिक बलात्कार गरी गरगहनासमेत लुटी लगे। पीडितले ०६६ असार २१ गते किटानी जाहेरी दिएपछि आरोपितहरूलाई प्रहरीले त्यसै दिन गिरफ्तार गऱ्यो। जिल्ला अदालतको ०६६ साउन १४ गतेको आदेश अनुसार पीडकहरू साउन १५ गते

Central Region:Layout 1 2/11/2010 10:26 AM Page 267

पुर्पक्षका लागि कारागार चलान भए।

लाँकुरीडाँडा गाविस-९ की १८ वर्षीया एक युवतीलाई ०६६ कात्तिक २९ गते राती चरिकोटस्थित एक होटलमा सुतिरहेको अवस्थामा सोही ठाउँका २२ वर्षीय प्रेम तामाङले बलात्कार गरेको भनी पीडित पक्षले ०६६ मङ्सिर ५ गते जाहेरी दियो । आरोपित यस वर्षको अन्त्यसम्म फरार रहेका छन्।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा जिल्ला अस्पताल एक, प्राथमिक स्वास्थ्य केन्द्र दुई, स्वास्थ्य चौकी नौ र उप-स्वास्थ्य चौकी ४३ रहेका छन्। जिल्लामा रहेका स्वास्थ्य कार्यालयहरूमा दुई जना मेडिकल अफिसरको दरबन्दी रहेकामा एक जना कार्यरत, १३ जना हेल्थ असिस्टेन्टमा १० जना, स्टाफ नर्स दुई जनामा एक जना, अहेब ५७ जनामा ५१ जना, अनमि १४ जनामा ११ जना, ग्रामीण स्वास्थ्य कार्यकर्ता ५५ जनामा ४३ जना र मातृशिशु कार्यकर्ता ४१ जनाको दरबन्दी रहेकामा ४३ जना कार्यरत छन्।

२.७ रौतहट

जनसङ्ख्या : ६,७७,२६१
साक्षरता प्रतिशत : ४०
महिला साक्षरता प्रतिशत : २५
क्षेत्रफल (वर्ग कि. मि.) : १,१२६
गाविस/नपा सङ्ख्या : ९६/१
सरकारी/निजी विद्यालय : ३८३/२०
क्याम्पस/उच्च मा.वि. : ३/२०
अस्पताल/स्वास्थ्य चौकी : १/९७
मानव विकास सूचकाङ्कः ०.४०९
प्रतिपरिवार सरदर सङ्ख्याः ६.८९

नागरिक तथा राजनीतिक अधिकार
सम्मानित रूपले बाँच्ने अधिकार
हत्या

तराई आर्मीबाट

कर्कच कर्मैया गाविस-४ का ३० वर्षीय जयनारायण महतो कोइरी र कटहरिया गाविस-१ का ५२ वर्षीय हरिराय यादवको ०६५ माघ १२ गते साँझ कटहरिया बजारमा तराई आर्मीले टाइम बम विस्फोटन गराउँदा कोइरीको घटनास्थलमा र यादवको उपचारका क्रममा माघ १३ गते वीरगञ्जमा मृत्यु भयो। सोही घटनामा कटहरिया गाविस-३ की ३२ वर्षीया इस्लाबुल खातुन र सुकली खातुन घाइते भए। घाइतेहरूको नारायणी उप-क्षेत्रीय अस्पताल वीरगञ्जमा उपचार भयो। विस्फोटनको तराई आर्मीका सैन्यकमान्डर सहन्साहले सोही राती टेलिफोन गरी जिम्मेवारी लिए।

अज्ञात समूहबाट

रघुनाथपुर गाविस-६ का ४० वर्षीय पच्चु हजरा दूसाधको ०६५ पुस २७ गते राती आफ्नै घरको आँगनमा आगो तापिरहेको अवस्थामा चार-पाँच जनाको समूहमा आएको अज्ञात समूहले छातीमा गोली हानी हत्या गऱ्यो। मृतकको गौर अस्पतालमा पोस्टमार्टम भयो। पीडितका परिवारले हत्याको सम्बन्धमा जिल्ला प्रहरी कार्यालय रौतहटमा उजुरी दिए पनि यस वर्षको अन्त्यसम्म प्रहरीले कसैलाई गिरफ्तार गर्न सकेन।

भसेडवा गाविस-६ का ५५ वर्षीय अर्जुनप्रसाद धिमालको ०६५ चैत १९ गते बिहान अज्ञात समूहले उनकै घरमा गोली हानी हत्या गऱ्यो। सोही घटनामा ६० वर्षीय बलबहादुर धिमाल र २१ वर्षीय कृष्णप्रसाद धिमाललाई पनि सोही समूहले गोली हानी घाइते बनायो। घाइतेहरूको नारायणी उपक्षेत्रीय अस्पताल वीरगञ्जमा उपचार हुन नसकेकाले थप उपचार काठमाडौँमा भयो।

गौर नपा-१० सवगढा टोलका ६० वर्षीय रामचन्द्र साहलाई ०६६ वैशाख १० गते अज्ञात समूहले धारिलो हतियार प्रयोग गरी हत्या गरिएको अवस्थामा वैशाख ११ गते बिहान फतुहामहेशपुर गाविसस्थित लालवकैया नदीको किनारमा परिवारका सदस्यले लास फेला पारे। उनलाई कसले र किन हत्या गरेको हो भन्ने यस वर्षको अन्त्यसम्म पत्ता लाग्न सकेन।

प्रतापपुर पल्टुवा गाविस-५ की ३३ वर्षीया कुलकुमारी विश्वकर्माको ०६६ साउन ४ गते साँझ अज्ञात समूहले उनकै घरमा कुटपिट गरी हत्या गऱ्यो। मृतकका पति पल्टु चौधरी कामको सिलसिलामा जिल्लाबाहिर गएको अवस्थामा अज्ञात समूहले कुटपिट

Central Region:Layout 1 2/11/2010 10:26 AM Page 268

घटनाको प्रकार	गैर राज्यबाट							राज्यबाट			
	अन्यबाट				एकीकृत माओवादीबाट						
	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा	घटना सङ्ख्या	पुरुष	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा
हत्या	१६	१३	६	१८							
घाइते	६	१९	६	३५	१	१३	१३	१	५		५
कुटपिट	३	५		५				१	४	५	९
धम्की	३	३		३							
भेला/सङ्गठित हुने अधिकार								४	३५	३	३८
जातीय विभेद	१	१	१	३							
महिलाअधिकार	८		१०	१०							
बालअधिकार	५		५	५							
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार	१	१		१							
अपहरण	४	४		४							
जम्मा	४८	४५	३८	६३	१	१३	१३	६	३४	८	४१

गरी हत्या गरी घरमा नै लास छाडिदिएको मृतकका पति पल्टु चौधरीले बताए। हत्या कसले र किन गरेको हो भन्ने सम्बन्धमा अनुसन्धान भइरहेको प्रहरीले जनायो। पीडकहरूलाई प्रहरीले यस वर्षको अन्त्यसम्ममा गिरफ्तार गर्न सकेन।

रमौली वैरिया गाविस-६ निवासी वाईसीएलका केन्द्रीय सदस्य ४२ वर्षीय हिमाल भनिने लक्ष्मण राय यादवलाई ०६६ साउन १० गते दिउँसो रौतहटको विश्रामपुर गाविस-८ बलेरी खोरबाट आफ्नो घर रमौली वैरिया गाविसतर्फ बा.६प. ६४१६ नम्बरको मोटरसाइकलमा जाँदै गरेको अवस्थामा विश्रामपुर र रमौली वैरियाको बीचमा पर्ने चाँदी नदीको किनारामा अज्ञात समूहले गोली हानी हत्या गऱ्यो। प्रहरीले हत्यामा संलग्न भएका कसैलाई पनि यस वर्षको अन्त्यसम्म गिरफ्तार गर्न सकेन।

नरकटिया गाविस-२ निवासी पतौरा गाविस-८ मा डेरा गरी बस्ने कोअपरेटिभ बोर्डिङ् स्कुलका प्रिन्सिपल ३२ वर्षीय मनोज पटेललाई ०६६ मङ्सिर ३० गते बिहान घरबाट बाहिर बोलाई अज्ञात समूहले गोली हानी हत्या गऱ्यो। मृतकको गौर अस्पतालमा पोस्टमार्टम गरी परिवारले लास बुझी सद्गत गरे। पीडकहरूको पहिचान यस वर्षको अन्त्यसम्म हुन सकेन।

फतुहा महेशपुर गाविस-४ निवासी जिल्ला वन कार्यालय चन्द्रनिगाहपुरका वनरक्षक ४० वर्षीय रामलाल साहको ०६६ पुस ४ गते बिहान विश्रामपुर गाविस-८ स्थित बलेरी जङ्गलमा अज्ञात समूहले गोली हानी हत्या गऱ्यो। रौतहटको बलेरी रेन्जपोस्टमा कार्यरत वनरक्षक साह र सशस्त्र प्रहरी बेस क्याम्प समनपुरको प्रहरी टोलीसहित बलेरी जङ्गलमा गस्तीमा गएको अवस्थामा बिहान ४ बजेको समयमा पीडितलाई अज्ञात काठ तस्करहरूको समूहले नियन्त्रणमा लिई टाउकोपछाडि एक गोली र दायाँ कञ्चटमा एक गोली हानी हत्या गरेको जिल्ला वन कार्यालय रौतहटका निमित्त जिल्ला वन अधिकृत राकेश कर्णले बताए। मृतकको सोही दिन प्राथमिक स्वास्थ्य केन्द्र चन्द्रनिगाहपुरमा पोस्टमार्टम गरी परिवारले सद्गत गरे। पीडकहरूको पहिचान यस वर्षको अन्त्यसम्म हुन सकेन।

गोली/विस्फोटक पदार्थद्वारा घाइते तराई आर्मीबाट

हथियाही गाविस-२ का जगरनाथ यादव, गेडही गुठी गाविस-२ का दिव्यलाल साह, मलाही गाविस-२ का जितेन्द्रप्रसाद यादव, मलाही गाविस-६ का जयलाल सहनी, भलोहिया गाविस-६ का वीरेन्द्र यादव र

Central Region:Layout 1 2/11/2010 10:26 AM Page 269

गड्गापिप्रा गाविस-७ का १२ वर्षीय राजेश साह ०६५ चैत १५ गते राती गरुडा बजारस्थित रामबाबु साहको होटलमा बम विस्फोटन हुँदा घाइते भए। घाइतेहरूको गौर अस्पतालमा उपचार भयो। घटनाको तराई आर्मी र जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला समूह)ले छुट्टाछुट्टै प्रेस विज्ञप्ति प्रकाशन गरी जिम्मेवारी लिए।

अज्ञात समूहबाट

राजपुर फरहदवा गाविस-४ निवासी जिल्ला वन कार्यालयका वनरक्षक ४२ वर्षीय विजय कुमारलाल दत्तलाई ०६६ साउन ८ गते साँझ कनकपुर गाविसस्थित धनसर रेन्जपोस्ट अन्तर्गतको जङ्गलमा अज्ञात समूहले गोली हानी घाइते बनायो। पीडितको तिघ्रा र पिठ्यूँमा दुई गोलीको छर्रा लागेको थियो। पीडितको उपचार नारायणी उपक्षेत्रीय अस्पताल वीरगञ्जमा भयो।

जेल र बन्दीहरू

'ग' श्रेणीको गौर कारागारको बन्दी क्षमता ७५ जनाको रहे पनि हाल १ सय जना बन्दीहरू रहेका छन्। पुरुष र महिला बन्दीगृह अलग्गै रहेको यस कारागारमा यस वर्षको अन्त्यसम्म तीन जना महिला, ९७ जना पुरुष र दुई जना आश्रित नाबालकसमेत १ सय २ जना रहेका छन्। जसमध्ये कैद तोकिएका ३८ जना पुरुष छन् भने कैद नतोकिएका तीन जना महिला र ५९ जना पुरुष गरी जम्मा ६२ जना रहेका छन्।

बेपत्ता/अपहरण

अज्ञात समूहबाट

चन्द्रनिगाहपुर गाविस-१ का १२ वर्षीय सनी पाण्डेलाई ०६५ माघ १ गते घरबाट खेल्न बाहिर निस्किएको अवस्थामा अज्ञात समूहले अपहरण गऱ्यो। पीडकहरूले परिवारसँग ५० लाख रुपियाँ फिरौती माग गरेका थिए। पीडित अपहरणकारीले सर्लाहीको अज्ञात स्थानमा राखिएको अवस्थामा ०६५ माघ १२ गते भागेर परिवारको सम्पर्कमा आए। पीडकहरूको पहिचान यस वर्षको अन्त्यसम्म हुन सकेन।

कर्कचकर्मैया गाविस-३ निवासी पथराबुधराम माविका शिक्षक ५१ वर्षीय जोतनारायण झालाई ०६६ भदौ १५ गते राती विद्यालयबाट घरतर्फ जाँदै गरेको अवस्थामा अज्ञात समूहले अपहरण गऱ्यो। पीडित भदौ १८ गते जिल्लाको अज्ञात स्थानबाट मुक्त भए। कसले किन अपहरण गरेको र कुन सर्तमा मुक्त गरेको भन्ने सम्बन्धमा पीडितले केही बताएनन्। पीडकहरूको पहिचान यस वर्षको अन्त्यसम्म हुन सकेन।

जटहरा गाविस-७ का ४० वर्षीय रामशरण पण्डितलाई ०६६ पुस ७ गते बिहान आफ्नै घरबाट तपाईंसँग केही काम छ भनी अज्ञात समूहले अपहरण गऱ्यो। यस वर्षको अन्त्यसम्म पीडितको अवस्था अज्ञात रहेको छ।

धम्की/कुटपिट

वाईसीएलबाट

चन्द्रनिगाहपुर गाविस-६ निवासी नेकपा एमाले रौतहट जिल्ला कमिटी सदस्य ३० वर्षीय दीपक रेग्मी र सोही ठाउँका एमाले कार्यकर्ता ४२ वर्षीय भूपेन्द्र खड्कालाई ०६६ जेठ १९ गते बिहान चन्द्रनिगाहपुर गाविस-२ स्थित देउराली चोकमा वाईसीएलका कार्यकर्ताले कुटपिट गरे। पीडितहरूले इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरमा मौखिक उजुरी दिए पनि पीडकहरूउपर कुनै कारबाही भएन।

तराई आर्मीबाट

हथियाही गाविस-१ निवासी नेपाल पत्रकार महासङ्घ रौतहटका अध्यक्ष ३८ वर्षीय प्रेमचन्द्र झालाई ०६६ पुस ५ गते तराई आर्मीका केन्द्रीय सदस्य बताउने विशाल नाम गरेका व्यक्तिले मार्ने धम्की दिए। *रौतहट एफएम*मा इलाका प्रहरी कार्यालय गरुडाका प्रहरी निरीक्षक मुक्तिनारायण चौधरीले काठ तस्करहरूसँग रकम लिएर अवैध काठ छाड्ने गरेको समाचार प्रसारण भएपछि सो समाचारको खण्डन नगरे गोली हानेर मार्ने धम्की दिएको अध्यक्ष झाले बताए। मानवअधिकारकर्मी र पत्रकारहरूको टोलीले घटनाको विषयमा जिल्ला प्रहरी कार्यालयमा जानकारी गराएपछि प्रहरीले पीडकहरूउपर कारबाही गर्ने प्रतिबद्धता जनाए पनि

अज्ञात समूहद्वारा हत्या गरिएका शिक्षक मनोज पटेल

Central Region:Layout 1 2/11/2010 10:26 AM Page 270

अज्ञात समूहद्वारा हत्या गरिएका वनरक्षक रामलाल साह

यस वर्षको अन्त्यसम्म पीडकउपर कुनै कारबाही भएन।

तराई मुक्ति मोर्चाबाट

चन्द्रनिगाहपुर गाविस-२ निवासी एकीकृत नेकपा माओवादीका भोजपुरा राज्य समिति सदस्य सत्यनारायण भगतलाई ०६६ साउन १० गते तराई मुक्ति मोर्चाका अध्यक्ष देवराज क्षेत्री नाम बताउने व्यक्तिले मार्ने धम्की दिए। पीडितलाई मोबाइलमा एसएमएस गरी मार्ने धम्की दिएको विधायक भगतले बताए। कारबाहीका लागि पीडितले जिल्ला प्रहरी कार्यालयमा मौखिक उजुरी दिए पनि पीडकलाई प्रहरीले यस वर्षको अन्त्यसम्म पीडकको पहिचान गर्न सकेन।

दोहोरो झडप

एकीकृत माओवादीका कार्यकर्ता र प्रहरीबीच ०६६ कात्तिक ६ गते बिहान गौर नपा-८ स्थित बीपी चोकमा झडप हुँदा चार जना प्रहरी र एक जना एकीकृत माओवादीका कार्यकर्ता घाइते भए। झडपमा नेपाल प्रहरीका प्रहरी नायव निरीक्षक राजनारायण यादव, प्रहरी जवानहरू जेगेन्द्र साह, राजीव पाण्डे र जिलामी हुसेन र एकीकृत माओवादीका कार्यकर्ता गौर नपा-८ का चन्देश्वर राउत घाइते भए। एउटै मोटरसाइकलमा तीन जना बिनाहेलमेट चढेकाले रोकेर कागजपत्र र लाइसेन्स माग गर्दा विवाद हुँदा झडप भएको थियो। झडपपछि प्रहरीले एकीकृत माओवादीका कार्यकर्ता चन्देश्वर राउत, चोनुकुमार राउत, सन्तोषकुमार राउत, लालबाबु राउत, विक्रम राउतलाई नियन्त्रणमा लिएकामा सोही साँझ रिहा गऱ्यो।

अभिव्यक्ति, भेला हुने र सङ्गठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

चन्द्रनिगाहपुर गाविस-५ का रामविनय साह, सोही ठाउँका अनन्त चौधरी, मुकेश गुरो, ज्ञानी गुरो, बिहारी कुँवर, लक्ष्मी ठाकुर, ठगा ठाकुर, गिरिजादेवी कुँवर, देवरानी कुँवर, देवकी चौधरीलगायतका व्यक्तिहरूलाई ०६६ वैशाख १९ गते बिहान प्रहरीले लाठीचार्ज गरी घाइते बनायो। थरूहट संयुक्त सङ्घर्ष समितिले आह्वान गरेको अनिश्चितकालीन तराई बन्दका क्रममा प्रहरीले सडकमा हिँडिरहेका सर्वसाधारणमाथि एक्कासि लाठीचार्ज गरेको थियो भने आन्दोलनकारी रहेको भन्दै चन्द्रनिगाहपुर गाविस-५, रजपैंडा टोलमा गएर घरघरमा अश्रुग्यास प्रहार गरेको थियो। सो ठाउँका रामदयाल चौधरीको घरमा प्रहार गरिएको अश्रुग्यासबाट बालबालिकाहरू अञ्जली कुमारी, अञ्जु चौधरी र अनु चौधरी घाइते भए। लाठी र अश्रुग्यासले घाइते भएकाहरूको चन्द्रनिगाहपुरस्थित प्राथमिक स्वास्थ केन्द्रमा उपचार भयो। त्यसैगरी, सडकमा हिँडिरहेका सर्वसाधारणमाथि प्रहरीले लाठीचार्ज गरेको र सर्वसाधारणको घरमा अश्रुग्यास प्रहार गरेको घटनाको समाचार सङ्कलन गर्न गएका पत्रकार शिव पुरी, सञ्जय कार्की र अशोक पहाडीलाई प्रहरीले दुर्व्यवहार गर्नुका साथै लाठीचार्जको फोटो खिच्न रोक लगायो।

चन्द्रनिगाहपुर गाविस-५ की ५० वर्षीया दुरनियाँदेवी चौधरी, सोही ठाउँकी १८ वर्षीया सुनीता चौधरी, डुमरिया मटिऔन गाविस-२ का २८ वर्षीय भूमध्य चौधरी, सिमराभवानीपुर गाविसका ४८ वर्षीय धर्मनाथ चौधरी, चन्द्रनिगाहपुर गाविस-५ का ४५ वर्षीय रामपृत चौधरी, डुमरिया मटिऔन गाविस-२ का १७ वर्षीय अर्जुन चौधरी, रङ्गपुर गाविसका रामनाथ चौधरी, पौराई गाविस-९ का २९ वर्षीय राम कुस्वार, सन्तपुर गाविस-९ का २५ वर्षीय किशोर चौधरी, सोही ठाउँका २५ वर्षीय सुरेश चौधरी, कनकपुर गाविस-८ जङ्गलसहियाका मेघनाथ चौधरी, सिमराभवानीपुर गाविस-४ का अलोप चौधरी, डुमरिया गाविस-२ का ३४ वर्षीय रामपुकार चौधरी, सिमराभवानीपुर गाविसका ३९ वर्षीय जयमङ्गल पटेल, रङ्गपुर गाविसका २१ वर्षीय सीताराम चौधरी, चन्द्रनिगाहपुर गाविस-५ का अक्षयकुमार चौधरी, जुडीबेला गाविस-३ का १५ वर्षीय अर्जुन चौधरीलगायत १९ जनाभन्दा बढी प्रदर्शनकारीलाई ०६६ वैशाख १९ गते दिउँसो प्रहरीले लाठीचार्ज गरी घाइते बनायो। थरूहट संयुक्त सङ्घर्ष समितिले आह्वान गरेको शान्तिपूर्ण प्रदर्शनमा उनीहरूलाई प्रहरीले लाठीचार्ज गरेको थियो। घाइतेहरूमध्ये धर्मनाथ चौधरीको काठमाडौँमा उपचार भयो भने अन्यको स्थानीय क्लिनिकमा उपचार भयो।

Central Region:Layout 1 2/11/2010 10:26 AM Page 271

सुगम र निष्पक्ष न्यायिक अधिकार

रौतहट जिल्ला अदालतमा ०६६ पुस १५ गतेसम्मको अभिलेख अनुसार गत वर्षको जिम्मेवारी सरेर आएका देवानी मुद्दा १ हजार ९४ मध्ये ३ सय ५३ थान फर्स्यौट भई ७ सय ४१ बाँकी रहे। यस वर्ष दर्ता भएका देवानी मुद्दा ३ सय ८४ मध्ये ७९ फर्स्यौट भई ३ सय ५ बाँकी रहे। दुनियाँवादी फौजदारीतर्फ गत वर्षको जिम्मेवारी सरेर आएका २ सय ५७ मुद्दामध्ये ८४ फर्स्यौट भई १ सय ७३ बाँकी रहे भने यस वर्ष दर्ता भएका १ सय २८ मध्ये १९ फर्स्यौट भई १ सय ९ बाँकी रहे। यसैगरी सरकारवादी फौजदारीतर्फ गत वर्षको जिम्मेवारी सरेर आएका ७१ थानमध्ये २१ फर्स्यौट भई ५० बाँकी रहे। यस वर्ष दर्ता भएका ३३ मुद्दामध्ये दुई फर्स्यौट भई ३१ बाँकी रहे। जिल्ला अदालतमा २ वर्ष नाघेका मुद्दाको सङ्ख्या १३ रहेको छ।

बालअधिकार

रौतहट जिल्लामा विद्यालय जाने उमेरका बालबालिकाको सङ्ख्या १ लाख ५७ हजार ३ सय रहेको छ। यसमध्ये विद्यालयमा भर्ना भएका बालबालिकाको सङ्ख्या १ लाख ३३ हजार ३ सय ७० अर्थात् ८५ प्रतिशत रहेको जिल्ला शिक्षा कार्यालयले जनाएको छ। विद्यालयमा भर्ना भएका बालबालिकामध्ये २६.७७ प्रतिशत दलित विद्यार्थी रहेको सो कार्यालयले जनाएको छ।

सन्तपुर मटिऔन गाविस-३ की १५ वर्षीया राधा परियारलाई ०६५ माघ ८ गते सर्लाही जिल्ला जिङ्गडवा गाविस घर भई चन्द्रनिगाहपुर गाविस-१ मा डेरा गरी बस्ने ३६ वर्षीय रामभजन साहले भारतमा पुऱ्याई बिक्री गरे। पीडितलाई भारतको सोनवर्षा नजिक गाउँमा बिक्री गरेकामा उनी नौ दिनपछि भागेर सर्लाही जिल्लाको मलङ्गवामा आई प्रहरीलाई खबर गरेपछि पीडक पक्राउ परे। पीडक यस वर्षको अन्त्यसम्म पुर्पक्षका लागि थुनामा रहेका छन्।

पचरुखी गाविस-८ की १६ वर्षीया एक बालिकालाई ०६५ चैत २२ गते सोही ठाउँ निवासी २४ वर्षीय उमाशङ्कर चौधरी, गौरीशङ्कर चौधरी र विनोद दाससमेतले भारत लगी बिक्री गरेको आरोप लगाउँदै पीडितका आफन्तले मुद्दा दायर गरे। पीडित यादव आफ्नो घरबाट पूजा गर्न पूर्वपट्टि पोखरीमा गएको अवस्थामा पीडकहरूले जबरजस्ती मोटरसाइकलमा चढाई भारतमा लगेर बिक्री गरेको पीडितका बाबु दु:खहरण यादवले बताए। पीडकहरूउपर जिल्ला प्रहरी कार्यालय रौतहटमा ०६६ असार ७ गते मानव बेचबिखन मुद्दा दायर गरेकामा यस वर्षको अन्त्यसम्म प्रतिवादीहरू फरार रहेका छन्।

सखुअवा धमौरा गाविस-१ निवासी मिठुअवा गाविस-९ स्थित मामाघर बस्दै आएकी १५ वर्षीया एक बालिकालाई रामकिसुन राउतसँग विवाह गर्न नमानेको आरोपमा ०६६ कात्तिक २८ गते राती पीडितकै छिमेकी झापस राउत, रामजी राउत, रामकिसुन राउत र शिवराज राउतले सामूहिक बलात्कार गरेको भनी पीडितले ०६६ मङ्सिर १ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी गरिन्। यस वर्षको अन्त्यसम्म पीडकहरू फरार रहेका छन्।

धरमपुर गाविस-९ की १५ वर्षीया एक बालिकालाई ०६६ मङ्सिर १५ गते राती सोही ठाउँका २९ वर्षीय कृष्णनन्दन राय, ३० वर्षीय विजय राय यादव, २८ वर्षीय रामवीर राय यादव र २७ वर्षीय रामानन्द राय यादवसमेतले राती ८ बजेको समयमा घरमा कोही नभएको मौका पारी मुख थुनेर उनकै घरमा बलात्कार गरेको भनी पीडितले ०६६ मङ्सिर १६ गते इलाका प्रहरी कार्यालय, गरुडामा उजुरी गरिन्। यस वर्षको अन्त्यसम्म पीडकहरू फरार रहेका छन्।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार बेचबिखन तथा ओसारपसार

अकोलवा गाविस-३ की १९ वर्षीया एक युवतीलाई ०६६ भदौ १७ गते सोही ठाउँका हनिफ ओस्ता हजाम, रामएकवाल राउत वरै, गोनउर राउत वरैसमेतले बिहे गराइदिन्छु भन्दै भारतमा पुऱ्याई बिक्री गरे। पीडकहरूउपर जिल्ला प्रहरी कार्यालयमा ०६६ असोज २६ गते मानव बेचबिखन मुद्दा दायर गरेकामा पीडकमध्ये हनिफ ओस्तालाई प्रहरीले ०६६ मङ्सिर २९ गते गिरफ्तार गरी मुद्दा चलाएकामा उनी ०६६

अज्ञात समूहद्वारा हत्या गरिएका हिमाल भनिने वाईसीएल नेता लक्ष्मण यादव

Central Region:Layout 1 2/11/2010 10:26 AM Page 272

पुस १४ गते रौतहट जिल्ला अदालतको आदेशले पुर्पक्षका लागि थुनामा रहेका छन् भने अन्य आरोपितहरू यस वर्षको अन्त्यसम्म फरार रहेका छन्।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

वैरिया गाविस-८ की २५ वर्षीया एक महिलालाई ०६६ कात्तिक १४ गते सोही ठाउँ बस्ने ३० वर्षीय सेख बुटनले पीडितकै घरमा प्रवेश गरी हातमुख बाँधी बलात्कार गरेको आरोपमा पीडितले ०६६ कात्तिक २३ गते जिल्ला प्रहरी कार्यालयमा जबरजस्ती करणी ऐन अन्तर्गत मुद्दा दायर गरिन्। यस वर्षको अन्त्यसम्म पीडक फरार रहेका छन्।

पारिवारिक हिंसा, बहुविवाह

भसेडवा गाविस-६ की ३० वर्षीया श्रद्धा महतो कोइरीको ०६५ पुस २५ गते राती उनकै पति हरेराम महतो कोइरीले कुटपिट गरी हत्या गरे। श्रद्धाको लास पुस २८ गते प्रहरीले पीडितको घरभन्दा एक किमि पश्चिम बाँसघारीमा फेला पाऱ्यो। लासको गौर अस्पतालमा पोस्टमार्टम गरियो। हत्याको आरोपमा मृतकका पतिविरुद्ध जिल्ला प्रहरी कार्यालय, रौतहटमा ०६५ पुस २७ गते कर्तव्यज्यान मुद्दा दायर गरेकामा पीडक यस वर्षको अन्त्यसम्म फरार रहेका छन्।

समनपुर गाविसकी १८ वर्षीया अनिशा खातुन गम्हरियालाई पर्सा गाविस-६ का २५ वर्षीय शेष सलिमले प्रेमविवाह गरी गर्भवती बनाएपछि ०६५ माघ २५ गतेदेखि छाडेर बिचल्ली पारे। ०६४ सालमा प्रेमविवाह गरेपश्चात् भारतको सीतामढीमा बस्दै आएका शेष सलिमले दुई महिनाकी गर्भवती अनिशालाई घरमा गएर बस्ने भन्दै गाँउनजिकैको गरुडा बजारमा ल्याई छाडेर भागे। आफूलाई गर्भवती अवस्थामा पतिले छाडेर भागेपछि उनले घरमा बस्ने प्रयत्न गरे पनि परिवारका सासू, नन्दलगायतले कुटपिट गरेर लखेटेपछि उनी बिचल्लीमा परेकी छन्। इलाका प्रहरी कार्यालय गरुडामा ०६६ जेठ २२ गते भएको छलफलमा श्रीमान् पक्षका मानिसले गर्भपतन गराए ५० हजार रुपियाँ दिने आश्वासन दिएकामा अनिशाले अस्वीकार गरेपछि परिवारका सदस्यले उनलाई घरमा बस्न दिएनन्। खातुनले ०६६ असार १८ गते छोरा जन्माए पनि परिवारका सदस्य तथा उनका पतिले घरमा बस्न नदिएपछि महिला सुरक्षा दबाब समूहको सक्रियतामा यस वर्षको अन्त्यसम्म उनी काठमाडौंस्थित शक्ति समूहको संरक्षणमा बस्दै आएकी छन्।

प्रहरीद्वारा कुटपिट गरी घाइते बनाइएका भूमध्य चौधरी

गम्हरिया पर्सा गाविस-६ का २० वर्षीय मजहर मियाँले सोही ठाउँकी १८ वर्षीया गुल्सन खातुनसँग ०६६ वैशाख ४ गते बहुविवाह गरे। घरमा जेठी पत्नी लालमुन खातुन हुँदाहुँदै दोस्रो विवाह गरेको आरोपमा जेठी पत्नीले प्रहरीमा ०६६ वैशाख ७ गते उजुरी गरी बहुविवाह मुद्दा दायर गरेकामा रौतहट जिल्ला अदालतको ०६६ वैशाख २७ गतेको आदेशले यस वर्षको अन्त्यसम्म उनीहरू दुवै जना पुर्पक्षका लागि गौर कारागारमा रहेका छन्।

हथियाही गाविस-६ का सेख नेपालीले सोही ठाउँकी चन्दा खातुनसँग ०६६ वैशाख २३ गते बहुविवाह गरे। जेठी पत्नी समिना खातुन पीडकहरूविरुद्ध जिल्ला प्रहरी कार्यालयमा रौतहटमा ०६६ असार ११ गते बहुविवाह मुद्दा दायर गरेकामा रौतहट जिल्ला अदालतको आदेशले उनीहरू ०६६ असार २३ गते ४० हजार रुपियाँ धरौटीमा रिहा भए।

सोनरनिया गाविस-१ की १९ वर्षीया अनीताकुमारी यादवलाई उनकै ससुरा सुरज राय यादवसमेतले ०६६ कात्तिक १६ गते दाइजो नल्याएको निहुँमा कुटपिट गरी हत्या गरे। मृतकको लासलाई पीडकहरुले गाउँदेखि दक्षिणमा पर्ने आफ्नै खेतमा लगी जलाएकामा छिमेकीहरुले हल्ला गरेपछि घटना सार्वजनिक भएको थियो। घटनाका बारेमा पीडितका आफन्त बारा जिल्ला पिपराडी गाविस-९ का विजय यादवले पीडकहरूउपर कर्तव्य ज्यान मुद्दा दायर गरेकामा यस वर्षको अन्त्यसम्म उनीहरू पुर्पक्षका लागि थुनामा रहेका छन्।

दुर्व्यवहार

पिपरिया(दो.) गाविस-१ की ६५ वर्षीया राजवतीदेवी यादव, ४१ वर्षीया दीपियादेवी यादव र २५ वर्षीया मनचुनदेवी यादवलाई बोक्सीको आरोपमा ०६६ भदौ २९ गते सोही गाविस-१ का खहेरु राय यादव, २२ वर्षीय ब्रह्मनारायण राय यादव, ३० वर्षीय महेरु राय यादव, ३० वर्षीय विश्वनाथ राउत कुर्मी, हरिचन्द्र साह कानू, जयलाल राउत, खहेरु राय यादव, रामएकवाल राउत, जगन्नाथ राउत र कमल राउत

Central Region:Layout 1 2/11/2010 10:26 AM Page 273

कुर्मीसमेतका व्यक्तिहरूले कुटपिट गरी अभक्ष्यसमेत कोच्याए। पीडकहरूमध्ये विश्वनाथ राउत कुर्मी र ब्रह्मनारायण राय यादव ०६६ असोज ९ गते पक्राउ परेकामा उनीहरू रौतहट जिल्ला अदालतको आदेशले १ लाख रुपियाँ धरौटीमा रिहा भए। अन्य आरोपितहरू यस वर्षको अन्त्यसम्म पक्राउ परेका छैनन्।

वसन्तपुर गाविस-८ का ५१ वर्षीया राजकुमारीदेवी गिरीलाई बोक्सीको आरोपमा ०६६ कात्तिक ९ गते राती सोही ठाउँका गुदरदास तत्मा, शिवजी दास तत्मा, लालकिशोर दास तत्मा, सुरेश दास तत्मा, सन्तोष दास तत्मा, हरिवंश राउत कुर्मीलगायतका व्यक्तिहरूले कुटपिट गरे। पीडकहरूले पीडितको घर तोडफोड गर्नुका साथै लुटपाटसमेत गरे। सो घटना ०६६ कात्तिक १२ गते गाउँमै मिलापत्र भयो। पीडकहरूउपर कुनै कानुनी कारबाही भएन।

सबै प्रकारका जातीय विभेद

दिपही गाविस-५ का २१ वर्षीय सिकिन्दरप्रसाद साह र सोही ठाउँकी २१ वर्षीया अञ्जुकुमारी महरा (साह)लाई अन्तरजातीय विवाह गरेको आरोपमा केटा पक्षका परिवारले ०६६ असार ८ गतेदेखि घर प्रवेश गर्न रोक लगाए। आफूभन्दा कथित तल्लो जातकी केटीसँग विवाह गरेको भन्दै केटा पक्षले घर प्रवेशमा रोक लगाएपछि यस वर्षको अन्त्यसम्म दुवै जना चन्द्रनिगाहपुरमा डेरा लिएर ज्याला मजदुरी गरी जीविकोपार्जन गर्दै आइरहेका छन्।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार संरचना, सम्पत्ति क्षति

थरूहट संयुक्त सङ्घर्ष समितिबाट

थरूहट संयुक्त सङ्घर्ष समितिले आह्वान गरेको तराई बन्दका क्रममा बन्दको अवज्ञा गरेको भन्दै ०६६ वैशाख १९ गते बिहान थरूहटका कार्यकर्ताहरू चारओटा गाडीमा आगजनी गरे। आन्दोलनकारीहरूले लालबन्दीबाट काठमाडौँतर्फ गइरहेको ना.१ज. २१०५ नम्बरको टाटा सुमो जिप, पश्चिमबाट पूर्वतर्फ गइरहेको ना.२ख. ५५६७ नम्बरको मालबाहक ट्रक, नम्बर खुल्न नसकेको भारतीय जिप र पश्चिमबाट पूर्वतर्फ गइरहेको नम्बर खुल्न नसकेको एक मालबाहक ट्रकमा आगजनी गरेका थिए।

स्वास्थ्य सेवाको अवस्था

यस जिल्लामा रहेको एक मात्र अस्पताल गौरमा डाक्टरको स्वीकृत दरबन्दी सात जनाको रहे पनि हाल चार जना मात्र कार्यरत रहेका छन्। यसैगरी, स्टाफ नर्स आठ जनाको दरबन्दी रहेकामा दुई जना, अनमि २२ जनाको दरबन्दी रहेकामा २० जना कार्यरत छन्। यसरी नै अहेब १ सय ११ जनाको दरबन्दी रहेकामा १ सय ९ जना, ग्रामीण स्वास्थ्य कार्यकर्ता ९७ जनाको दरबन्दी रहेकामा ७८ जना र मासिका ८५ जनाको दरबन्दी रहेकामा ५२ जना मात्र कार्यरत रहेको अस्पतालले जनाएको छ।

२.८ बारा

जनसङ्ख्या : ७,०६,०९८
साक्षरता प्रतिशत : ५५
महिला साक्षरता प्रतिशत : ३५
क्षेत्रफल (वर्ग कि. मि.) : १,१९०
गाविस/नपा सङ्ख्या : ८९/१
सरकारी/निजी विद्यालय : ३८३/६८
क्याम्पस/उच्च मा.वि. : २/२०
अस्पताल/स्वास्थ्य चौकी : १/९८
मानव विकास सूचकाङ्कः ०.३०९
प्रतिपरिवार सरदर सङ्ख्याः ६

नागरिक तथा राजनीतिक अधिकार सम्मानित रूपले बाँच्ने अधिकार

हत्या

राज्यबाट

सिमरा गाविस-५ निवासी नेपाल बोर्ड्स लिमिटेड सिमरामा कार्यरत ४२ वर्षीय राजबहादुर लामाको ०६६ वैशाख ७ गते सोही गाविसस्थित बजनीमा प्रहरीले प्रहार गरेको गोली लागी मृत्यु भयो। पथलैया वीरगञ्ज सडकखण्डको सिमरा बजनीमा टिपरको ठक्करले एक बालकको मृत्यु भएको घटनालाई लिएर स्थानीयबासीले बाटो बन्द गर्नुका साथै

Central Region:Layout 1 2/11/2010 10:26 AM Page 274

घटनाको प्रकार	गैर राज्यबाट							राज्यबाट		
	अन्यबाट				एकीकृत माओवादीबाट					
	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा	घटना सङ्ख्या	पुरुष	जम्मा	घटना सङ्ख्या	पुरुष	जम्मा
हत्या	१४	१२	३	१५				१	१	१
घाइते	८	११	१	१२						
कुटपिट	१	१		१						
भेला/सङ्गठित हुने अधिकार								१	२	२
महिलाअधिकार	१		१	१						
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार					१	२	२			
अपहरण	५	५		५						
जम्मा	२८	२९	५	३४	१	२	२	२	३	३

टिपर र दमकलमा समेत आगजनी गरेपछि प्रहरीसँगको झडपमा प्रहरीको गोली लागी लामाको मृत्यु भएको थियो।

जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) बाट

मकवानपुर जिल्ला भीमफेदी गाविस-७ सुपी टोल निवासी वासुदेव मेटल उद्योग बञ्जरियाका गार्ड ४२ वर्षीय भवनाथ पुडासैनीको ०६५ पुस २५ गते जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वालासिंह)का कार्यकर्ताहरूले उद्योगबाट लगी दुधौरा खोलाछेउमा गोली हानी हत्या गरे। घटनामा संलग्न भएको आरोपमा प्रहरीले बन्जरिया गाविस-७ का प्रमोद कुशवाहलाई गिरफ्तार गरी जिल्ला अदालतको आदेशले पुर्पपक्षका लागि वीरगञ्ज कारागारमा राखिएको छ।



जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) द्वारा हत्या गरिएका भवनाथ पुडासैनी

जनतान्त्रिक मधेसी मुक्ति टाइर्गसबाट

कलैया नपा-१० निवासी नेरामावि फेटाका शिक्षक ४४ वर्षीय प्रदीप तिमिल्सिनालाई ०६६ वैशाख १७ गते विद्यालयबाट घर फर्कने क्रममा जनतान्त्रिक मधेसी मुक्ति टाइगर्सका कार्यकर्ताहरूले फेटा गाविसस्थित जगतपुरमा कञ्चटमा गोली हानी हत्या गरे। प्रशासन र शिक्षक युनियनको सम्झौतापछि पीडितको लास परिवारजनले सोही दिन बुझी पसाहा खोलामा सद्गत गरे।

जनतान्त्रिक तराई मुक्ति मोर्चा (पृथ्वी समूह) बाट

भलुही भरवलिया गाविस-३ निवासी नेराप्रावि त्रिवेणीकी शिक्षिका १९ वर्षीया मेनकाकुमारी साहलाई ०६६ जेठ १३ गते बिहान जनतान्त्रिक तराई मुक्ति मोर्चा (पृथ्वी समूह)का कार्यकर्ताहरूले घरबाटै अपहरण गरी इटियाही गाविसको त्रिवेणी खोलानजिक हत्या गरे। साहको लास बिहान फेला परेको थियो। पोस्टमार्टमपछि सोही दिन परिवारजनले आफ्नै गाउँमा सद्गत गरे। घटनामा संलग्न भएको आरोपमा पर्सौनी गाविस-९ निवासी पृथ्वी समूहका कार्यकर्ता रमेशप्रसाद यादव र मृतकको बुवा रामबाबु साहलाई प्रहरीले गिरफ्तार गरी अदालतको आदेशमा पुर्पक्षका लागि वीरगञ्ज कारागार पठाएको छ।

तराई मुक्ति मोर्चाबाट

सिहोर्वा गाविस-५ आसामटोलका ४३ वर्षीय रिद्धिबहादुर खड्काको ०६५ चैत ११ गते राती आफ्नै घरमा तराई मुक्ति मोर्चाका कार्यकर्ताले गोली हानी घाइते बनाए। घाइतेको नारायणी उपक्षेत्रीय अस्पताल वीरगञ्जमा उपचारका क्रममा सोही राती मृत्यु भयो।

Central Region:Layout 1 2/11/2010 10:26 AM Page 275

अज्ञात समूहबाट

भारतको मोतीहारी घर भई कलैया नपा-५ मा बस्दै आएका ३५ वर्षीय रामशरण साह कलवारको ०६५ चैत ४ गते अज्ञात हतियारधारी समूहले कलैया नपा-१ स्थित टेग्रहर खोलामा धारिलो हतियार प्रयोग गरी घाँटी काट्नुका साथै बायाँ हात भाँचेर हत्या गऱ्यो। मृतकको पोस्टमार्टमपछि परिवारले सोही दिन लास सद्गत गरे।

बम विस्फोटनबाट

फेटा गाविस-९ बेनौलियाका २२ वर्षीय कैलाश मुखिया विन र उनका भाइ १६ वर्षीय अरुण मुखिया विनको ०६६ असोज १३ गते राती एकआपसमा विवाद हुँदा आफैंले बोकेको बम विस्फोटन भई मृत्यु भयो। घटनामा परी सोही ठाउँकी ५० वर्षीया रम्भादेवी मुखिया विन, १४ वर्षीय लालबाबु मुखिया विन, शिवनाथ मुखिया विन र पर्सा जिल्ला निवासी ३५ वर्षीय छोटेलाल मुखिया विन घाइते भए। घाइते सबैको वीरगञ्जस्तिथ नारायणी उपक्षेत्रीय अस्पताल र कलैया जिल्ला अस्पतालमा उपचार भयो।

गोली/विस्फोटक पदार्थद्वारा घाइते

जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) बाट

बन्जरिया गाविस-९ सुराहीका २८ वर्षीय कयाम अन्सारीलाई आफ्नो इन्चार्ज तवरेज भाइलाई मार्न सुराकी गरेको आरोपमा ०६५ माघ १८ गते राती जनतान्त्रिक तराई मुक्ति मोर्चा ज्वाला सिंहका कार्यकर्ताहरूले बतरा गाविसमा घाँटी, टाउकोलगायत शरीरका विभिन्न भागमा प्रहार गरी घाइते बनाए। घाइतेहरूमध्ये अन्सारीको नारायणी उपक्षेत्रीय अस्पताल वीरगञ्जमा प्राथमिक उपचारपछि थप उपचार काठमाडौँमा गरियो।

दोहरी गाविस-६ वकुलहर निवासी एकीकृत माओवादी बारा जिल्ला ६ नम्बर क्षेत्रका सेक्रेटरी तथा भोजपुरा उपराज्य समितिका सदस्य ५० वर्षीय अकलु सहनीलाई ०६६ असार ८ गते राती आफ्नै घरमा जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) समूहका कार्यकर्ताहरूले गोली हानी घाइते बनाए। पीडितको उपचार नारायणी उपक्षेत्रीय अस्पताल वीरगञ्ज र थप उपचार काठमाडौँमा भयो।

जनतान्त्रिक मधेसी मुक्ति टाइगर्सद्वारा हत्या गरिएका प्रदीप तिमिल्सिना

अज्ञात समूहबाट

रौतहट जिल्ला राजपुर फरहदवा १ का २६ वर्षीय अब्दुल खेर मिस्त्रीलाई अज्ञात हतियारधारी समूहले ०६५ माघ २ गते साँझ डुमरवाना गाविस-७ पूर्वपश्चिम राजमार्गको १६ किलो भन्ने स्थानमा गोली हानी घाइते बनायो। पीडितको प्राथमिक उपचार निजगढमा र थप उपचार नारायणी उपक्षेत्रीय अस्पताल वीरगञ्जमा भयो। पीडकहरूको पहिचान यस वर्षको अन्त्यसम्म हुन सकेन।

मकवानपुर जिल्ला नेवारपानी गाविस-२ घर भई कलैया सुकदेव सेकुवा पसलमा काम गर्ने सानोकान्छा प्रजाका १४ वर्षीय छोरा शुक्रे प्रजा ०६५ चैत ३० गते राती अज्ञात समूहले कलैया नपा-६ बजार रोडमा गराएको सुतली बम विस्फोटनमा परी घाइते भए। पीडितको कलैया अस्पतालमा उपचार गरियो। पीडकहरूको पहिचान यस वर्षको अन्त्यसम्म हुन सकेन।

लिपनीमाल गाविस-४ स्थित दुर्गा क्रसर उद्योग अगाडि अज्ञात समूहले राखेको बम ०६६ वैशाख २८ गते बिहान विस्फोटन हुँदा मिलका कर्मचारी लिपनीमालका ३५ वर्षीय वीरेन्द्रप्रसाद यादव घाइते भए। पीडितको उपचार नारायणी उपक्षेत्रीय अस्पताल वीरगञ्जमा गरियो।

मनहर्वा गाविस-३ का ३५ वर्षीय हीरालाल यादव र सोही गाविस-३ का ३२ वर्षीय विष्णु मण्डलको ०६६ असोज ६ गते सिमरा गाविस-२ मा आफैंले बोकेको बम फाल्ने क्रममा विस्फोटन भई घाइते भए। पीडितहरूको सिमरास्थित सञ्जिवनी मेडिकलमा प्रहरीले उपचार गरायो।

बेपत्ता/अपहरण

जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) बाट

लिपनीमाल गाविस-९ स्थित नवीन पोलिभर उद्योगका सुरक्षागार्ड ३८ वर्षीय यमबहादुर फुयाँललाई ०६६ वैशाख १२ गते दिउँसो जनतान्त्रिक मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ताहरूले उद्योगबाट अपहरण गरे। पीडित वैशाख १३ गते उद्योगको सम्पर्कमा आए।

Central Region:Layout 1 2/11/2010 10:26 AM Page 276

अज्ञात समूहबाट

महेशपुर गाविस-७ निवासी सन्नी एकेडमी कलैयामा नर्सरी कक्षामा अध्ययनरत सात वर्षीय मुकेश चौधरीलाई ०६५ फागुन ३ गते विद्यालयबाट घर जाने क्रममा कलैयाबाट अज्ञात समूहले अपहरण गऱ्यो। पीडित फागुन १२ गते मुक्त भए। पीडकहरूको पहिचान यस वर्षको अन्त्यसम्म हुन सकेन।

गञ्जभवानीपुर गाविस-६ का ४० वर्षीय अरविन्द जैसवारलाई ०६५ फागुन ९ गते राती कलैयाबाट घर गञ्जभवानीपुर जाने क्रममा अज्ञात समूहले अपहरण गऱ्यो। पीडित फागुन १३ गते परिवारको सम्पर्कमा आए। पीडकहरूको पहिचान यस वर्षको अन्त्यसम्म हुन सकेन।

भतौडा गाविस-१ ब्रम्हपुरीका २५ वर्षीय राजेन्द्रप्रसाद साहलाई ०६५ चैत १० गते साँझ जैतापुर बजारबाट घर फर्कने क्रममा अज्ञात समूहले भोडाहानजिकको पैनीबाट अपहरण गऱ्यो। पीडित चैत २० गते घरपरिवारको सम्पर्कमा आए। पीडितले दिएको जाहेरीका आधारमा धर्मनगर गाविस शीतलपुरका सोनालाल साहलाई प्रहरीले गिरफ्तार गऱ्यो। पीडक अदालतको आदेशले तारिखमा रिहा भए।

तेलकुवा गाविस-१ का २९ वर्षीय मनोजकुमार साह ०६६ कात्तिक २५ गते राती १२ जनाको सङ्ख्यामा रहेका अज्ञात हतियारधारी समूहले घरतर्फ आउँदै गर्दा दोहरी गाविसको बकुलहर टोलमा पर्ने टेग्रहर पुलनजिकबाट अपहरण गऱ्यो। पीडित कात्तिक २६ गते बिहान अपहरणकारीको घेराबाट भागी मधुवन बजार पुगे।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा गत वर्ष जिम्मेवारी सरेर आएका र यस वर्ष दर्ता भएका दुनियाँवादी देवानी मुद्दा १ सय ५०, सङ्क्षिप्त देवानी छ, दुनियाँवादी फौजदारी १ सय ७८, सरकारवादी फौजदारी ८५ र सङ्क्षिप्त फौजदारी पाँच मुद्दा रहेका छन्।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार पारिवारिक हिंसा

बछ्रनपुर्वा गाविस-६ की ३२ वर्षीया सुनैना देवीलाई ०६६ वैशाख ७ गते आफ्नै पति ३५ वर्षीय भरत चौधरीले घरेलु कुरालाई लिएर फलामको तातो रडले निर्ममतापूर्वक कुटपिट गरे। पीडितको नारायणी उपक्षेत्रीय अस्पताल वीरगञ्जमा उपचार भयो। इलाका प्रहरी कार्यालय कोल्हभीले पीडकलाई गाउँ समाजको जमानीमा वैशाख ९ गते तारेखमा रिहा गऱ्यो।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार संरचना, सम्पति क्षति एकीकृत माओवादीबाट

गडहल गाविसका अवधेश साह, उपेन्द्र साहलगायतका साहु परिवारका सदस्यहरूका गडहल, नरही, सुखी पथरालगायतका स्थानमा रहेका जग्गाहरू हदबन्दीभन्दा माथि भएको भन्दै एकीकृत माओवादी समर्थक किसान तथा भूमिहीन सङ्घर्ष समितिले ०६६ जेठ २६ गतेदेखि कब्जा गर्दै भूमिहीनहरूलाई वितरण गऱ्यो।

विसुनपर्वा गाविस-७ मलाही टोलमा रहेको ३० बिघा सरकारी पर्ती जग्गा ०६६ मङ्सिर ३० गते एकीकृत माओवादीले कब्जा गऱ्यो। केन्द्रीय कार्यक्रम अनुसार एकीकृत माओवादी बाराका सहइन्चार्ज देवेन्द्र पराजुलीको नेतृत्वमा रहेका कार्यकर्ताले कब्जा गरिएको सो जग्गा स्थानीय १ सय जना किसानलाई वितरण गरिएको एकीकृत माओवादीले जनायो।

२.९ पर्सा

जनसङ्ख्या : ६,२४,५०१
साक्षरता प्रतिशत : ५५
महिला साक्षरता प्रतिशत : ३५
क्षेत्रफल (वर्ग कि. मि.) : १,३५३
गाविस/नपा सङ्ख्या : ८२/१
सरकारी/निजी विद्यालय : ३३१/२६
क्याम्पस/उच्च मा.वि. : ५/१६
अस्पताल/स्वास्थ्य चौकी : ३/३८
मानव विकास सूचकाङ्कः ०.४४८
प्रतिपरिवार सरदर सङ्ख्याः ७

Central Region:Layout 1 2/11/2010 10:26 AM Page 277

नागरिक तथा राजनीतिक अधिकार
सम्मानित रूपले बाँच्ने अधिकार
हत्या
राज्यबाट

भारत, रक्सौलका ३२ वर्षीय भोला श्रीवास्तव र २२ वर्षीय मोहन श्रीवास्तवको ०६५ चैत १२ गते राती वीरगञ्ज उमनपा-६ रेशमकोटीमा प्रहरीको गोली लागी मृत्यु भयो। मृतकहरूमध्ये मोहनको घटनास्थलमा र भोलाको उपचार गराउन लैजाने क्रममा चितवनको भरतपुर अस्पतालमा मृत्यु भएको थियो। उनीहरूको टाउको र छातीमा गोली लागेको थियो। वीरगञ्जका विभिन्न ठाउँमा बम विस्फोटको घटना गराउन सक्ने सूचनाका आधारमा प्रहरीले पिछा गर्दै जाँदा रेशमकोटीमा कारबाही गर्नुपरेको एसपी सुबोध घिमिरेले बताए। वीरगञ्ज उमनपा- ६ प्रवेशद्वारमा दुईओटा सुतलीबम विस्फोटन गराएलगत्तै प्रहरीले गोली हानेको प्रहरी निरीक्षक केपी शर्माले बताए। उनीहरू भारतीय अपराधी गिरोहका व्यक्ति भएको पनि निरीक्षकले जानकारी गराए। घटनाको विरोधमा रक्सौलका स्थानीय बासिन्दाले चैत १५ गते वीरगञ्ज रानीघाट चौकीको सामान किन्न गएको प्रहरीको बा. १भ. ७१४१ नम्बरको गाडी रक्सौलमा जलाई ध्वस्त पार्नुका साथै त्यसमा सवार प्रहरी नायव निरीक्षक नारायण ढुङ्गानासहित छ जना प्रहरीलाई कुटपिटसमेत गरेका थिए। चैत १६ गते मृतकका परिवारले लास बुझी रक्सौलमा सद्गत गरे।

भौराटार गाविस-७ का १४ वर्षीय रुपेश साह र सोही गाविस-२ का २५ वर्षीय सन्दीप साह कानुको ०६६ असोज १५ गते सशस्त्र प्रहरीले चलाएको गोली लागी मृत्यु भयो। भौराटार गाविसमा राती गाँजाको छापामारीमा गएका सशस्त्र प्रहरीलाई गाउँलेले एउटा घरभित्र थुनेपछि भएको विवादमा सशस्त्र प्रहरीले गोली चलाउँदा उनीहरूको मृत्यु भएको थियो। सोही घटनामा गाउँलेको कुटाइबाट सशस्त्र प्रहरीको सुराकी भनिएका हरिहरपुर बिर्ता गाविस-६ का २४ वर्षीय राजकुमार पटेलको मृत्यु भयो। घटनाको छानबिनका लागि ०६६ असोज १६ गते जिल्ला प्रशासन कार्यालय पर्साले सहायक प्रमुख जिल्ला अधिकारी बमबहादुर मल्लको संयोजकत्वमा पाँच सदस्यीय छानबिन समिति गठन गऱ्यो। सो समितिले यस वर्षको अन्त्यसम्म प्रतिवेदन बुझाएको छैन।

प्रहरीको गोली प्रहारबाट मारिएका भोला श्रीवास्तव

वीरगञ्ज उमनपा-१९ इनर्वाका ५५ वर्षीय मोजाहीर अन्सारीलाई ०६६ कात्तिक १२ गते राती सशस्त्र प्रहरीले कुटपिट गरी हत्या गऱ्यो। राती खेतमा पानी हाल्न गएका बेला गस्तीमा रहेको सशस्त्र प्रहरीको टोलीले कुटेर मारेको स्थानीय बासिन्दाले आरोप लगाए। घटनाको विरोधमा वीरगञ्ज उमनपा-१९, इनर्वाका बासिन्दाले ०६६ कात्तिक १३ गते बिहानदेखि वीरगञ्ज भन्सार क्षेत्रमा प्रदर्शन गरे। उनीहरूले मृतकका परिवारलाई क्षतिपूर्ति र दोषीलाई कारबाही गर्नुपर्ने माग गरे। प्रदर्शनपश्चात् दुवै पक्षबीच पीडितको परिवारलाई क्षतिपूर्ति दिन गृहमन्त्रालयमा सिफारिस गर्ने

घटनाको प्रकार	गैर राज्यबाट				राज्यबाट		
	अन्यबाट						
	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा	घटना सङ्ख्या	पुरुष	जम्मा
हत्या	९	७	३	१०	४	६	६
घाइते	१३	३३	१०	४३			
कुटपिट	१	७		७	१	१	१
महिलाअधिकार	१		१	१			
अमानवीय व्यवहार	१	१		१			
अपहरण	५	४	१	५			
जम्मा	३०	५१	१५	६६	५	७	७

प्रहरीको गोली प्रहारबाट मारिएका मोहन श्रीवास्तव

स्थानीयबासी र सशस्त्र प्रहरीबीच सहमति भयो। उनको लास नारायणी उपक्षेत्रीय अस्पतालमा पोस्टमार्टम गरी इनर्वामा सद्गत भयो। यस वर्षको अन्त्यसम्म पीडितको परिवारले क्षतिपूर्ति पाएका छैनन्।

जानकीटोला गाविस-३ का ३२ वर्षीय असर्फी महतो केवटको महादेवपट्टी गाविसमा ०६६ मङ्सिर १८ गते राती प्रहरी र गाँजा तस्करबीच भएको झडपमा प्रहरीले चलाएको गोली लागी मृत्यु भयो। जानकीटोल नाका हुँदै गाँजा तस्करले ठूलो परिमाणमा भारततर्फ ट्याक्टरमा गाँजा लैजाँदै गरेको सूचना पाएर खटिएको सुवर्णपुर प्रहरी चौकीको टोली र तस्करबीच महादेवपट्टी गाविसको गम्हरिया गाउँमा झडप भएको थियो। प्रहरीको गोली प्रहारबाट गम्भीर घाइते भएका केवटलाई उपचारका लागि सदरमुकाम वीरगञ्जतर्फ ल्याउने क्रममा बाटोमै मृत्यु भएको प्रहरी निरीक्षक भुवनेश्वर साहले बताए। भारततर्फ गाँजा लैजाँदै गरेको अवस्थामा ट्याक्टरसहित ट्याक्टर चालक असर्फी महतोलाई नियन्त्रणमा लिएर प्रहरीले गोली प्रहार गरेको स्थानीय बासिन्दाले बताए। प्रहरीको गस्ती टोलीले गाँजासहितको ट्याक्टर नियन्त्रणमा लिन खोज्दा तस्कर समूहले गोली चलाएपछि बाध्य भएर जवाफी फायरिङ् गर्दा तस्करमध्ये केवटको पेटमा गोली लागेको प्रहरी निरीक्षक साहले बताए। प्रहरीको टोलीले ना.२त. ९६८० नम्बरको ट्याक्टरमा लोड गरिएको ठूलो परिमाणमा गाँजासहित ट्याक्टरलाई नियन्त्रणमा लियो। प्रहरीसँगको मिलेमतोमा नियमित रूपमा तस्कर समूहले ट्याक्टरमा भारततर्फ अवैध गाँजा लोड गरेर लैजाने गरे पनि घूस रकमका विषयमा विवाद भएपछि प्रहरीले केटवलाई नियन्त्रणमा लिई हत्या गरेको स्थानीय बासिन्दाले बताए। पीडितका परिवारले यस वर्षको अन्तसम्म कुनै निकायमा उजुरी दिएका छैनन्।

अज्ञात समूहद्वारा हत्या गरिएका विनोद अग्रवाल

बेवारिसे बम विस्फोटनबाट

लिपनीबिर्ता गाविस-५ का ४० वर्षीय दसै महतो, उनकी पत्नी ३० वर्षीया दुखनी देवी, सोही वडाका ४२ वर्षीय फूलेना महतो, ४० वर्षीय रामचन्द्र महतो र ६० वर्षीया मोतवानी खातुन ०६६ कात्तिक १९ गते लिपनीबिर्ता गाविस-५ स्थित खेतमा धान काट्न गएको अवस्थामा भेटिएको बेवारिसे टिफिन बम चलाउँदा गम्भीर घाइते भए। उनीहरूको हात, खुट्टा, छाती, पेट तथा मुखमा छर्रा लागेको थियो। उनीहरूको वीरगञ्जस्थित नारायणी उपक्षेत्रीय अस्पतालमा उपचार हुन नसकेपछि त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पताल महाराजगञ्ज काठमाडौँमा उपचार भयो भने पीडित दसै महतोको उपचारका क्रममा कात्तिक २१ गते मृत्यु भयो।

अज्ञात समूहबाट

जयमङ्गलापुर गाविस-३ झलमैया टोलका ४० वर्षीय वासुदेव यादवको ०६५ चैत ३१ गते अज्ञात समूहले हत्या गऱ्यो। उनको लास जयमङ्गलापुर र बुडगाईको सीमामा गाउँलेले देखेपछि प्रहरीलाई जानकारी गराएका थिए। वैशाख १ गते उनको लास नारायणी उपक्षेत्रीय अस्पतालमा पोस्टमार्टम गरियो।

प्रहरीको गोली प्रहारबाट मारिएका रुपेश साह

वैशाख २ गते उनका परिवारले लास बुझी गाउँमै लगी दाहसंस्कार गरे। यस वर्षको अन्त्यसम्म घटनामा दोषी कसैलाई पनि प्रहरीले पक्राउ गर्न सकेको छैन।

वीरगञ्ज उमनपा-१० निवासी व्यापारी ५० वर्षीय विनोद अग्रवाललाई ०६६ असोज २५ गते अज्ञात समूहले कञ्चटमा गोली प्रहार गरी हत्या गऱ्यो। वीरगञ्ज उमनपा-१२ माइस्थान चोक र घण्टाघरको बीचमा पर्ने *नारायणी टुडे* दैनिकको कार्यालयनिर रहेको रेडिमेड कपडा पसलको बरन्डामा राती सुतिरहेका बेला गोली हानेका थिए। पीडित बिहान ६ बजे मृत अवस्थामा भेटिए। उनी हरेक दिन मेन सटर बन्द गरी बरन्डामा बेन्च हालेर सुत्ने गर्थे। यस वर्षको अन्त्यसम्म प्रहरीले घटनामा संलग्न पीडकहरूको खोजी कार्य जारी राखेको जिल्ला प्रहरी कार्यालय पर्साका प्रहरी निरीक्षक भुवनेश्वर साहले बताए।

गोली/विस्फोटक पदार्थद्वारा घाइते

जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) बाट

वीरगञ्ज उमनपा-१९ का ३३ वर्षीय चन्द्रभुसन श्रीवास्तव र उनकी पत्नी २८ वर्षीया सङ्गीता श्रीवास्तव ०६५ चैत ३१ गते सोही वडाको मिथिला नगरमा सुतली बम विस्फोटनमा परी घाइते भए। घाइतेको हात, खुट्टा तथा पेटमा छर्रा लागेको थियो। पीडितको नारायणी उपक्षेत्रीय अस्पतालमा उपचार भयो। जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह)का नगरइन्चार्ज गौरवले सोही दिन स्थानीय सञ्चारकर्मीलाई टेलिफोन गरी घटनाको जिम्मा लिए।

मधेसी मुक्ति टाइगर्सबाट

वीरगञ्ज उमनपा-१३ निवासी उद्योग सञ्चालक २८ वर्षीय विजयकुमार चौरसिया ०६५ चैत २५ गते सुतली बम विस्फोटनमा परी घाइते भए।

बेवारिसे बम विस्फोटनबाट घाइते भएका दसैँ महतो

वीरगञ्ज उमनपा-१९ नगवामा पशुपति पाइप उद्योगको प्रवेश द्वारमा सुतली बम विस्फोटन हुँदा सो उद्योगका सञ्चालक चौरसिया घाइते भएका थिए। उनको पेट र खुट्टामा छर्रा लागेको थियो। पीडितको नारायाणी उपक्षेत्रीय अस्पतालमा उपचार भयो। सरकारले वार्ताका नाममा षड्यन्त्र गरेको विरोधमा सो विस्फोटन गराएको भन्दै मधेस मुक्ति टाइगर्स पर्साका इन्चार्ज भगत सिंहले सोही दिन स्थानीय सञ्चारकर्मीलाई फोन गरी घटनाको जिम्मेवारी लिए।

अज्ञात समूहबाट

वीरगञ्ज उमनपा-१० निवासी *गढीमाई एफएम*का कार्यक्रम संयोजक तथा नेपाल पत्रकार महासङ्घ पर्साका सदस्य २६ वर्षीय ज्ञानेन्द्र मिश्रलाई ०६५ फागुन ८ गते नारायणी रङ्गशालानजिक अज्ञात समूहले गोली प्रहार गरी घाइते बनायो। पीडितको देब्रे पाखुरामा गोली लागेको थियो। पीडितको नारायणी उपक्षेत्रीय अस्पतालमा उपचार भयो।

बगवाना गाविस-५ निवासी होटल सञ्चालक ३२ वर्षीय श्याम श्रेष्ठलाई ०६५ चैत २१ गते राती अज्ञात व्यक्तिहरूले सोही ठाउँको मनवा बजारमा रहेको उनकै होटलमा गोली प्रहार गरी घाइते बनाए। पीडितले आफ्नै होटेलमा खाजा खाएको पैसा माग्ने क्रममा दुई जना अज्ञात व्यक्तिले गोली प्रहार गरेको पीडितका भाइ उमेश श्रेष्ठले बताए। पीडतको उपचार काठमाडौँमा भयो। पीडितले जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए पनि यस वर्षको अन्त्यसम्म पीडकको पहिचान हुन सकेन।

बारा जिल्ला गाविस सिमरा-४ का २१ वर्षीय कुमार मगर, सोही गाविस-९ का १९ वर्षीय दिलीप साह, वीरगञ्ज उमनपा-१९ का २५ वर्षीय भगत सिंह

बेवारिसे बम विस्फोटनबाट घाइते भएकी दुखनीदेवी महतो

सुतली बम विस्फोटनमा घाइते भएका लडु साह

र भारत मोतीहारीका २६ वर्षीय अरविन्द साह ०६५ फागुन २१ गते वीरगञ्ज उमनपा-११ माइस्थान बजारमा रहेको पराठा हाउसमा सुतली बम विस्फोटन हुँदा घाइते भए। घाइतेहरूको हातखुट्टामा चोट लागेको थियो। घाइतेहरूको नारायणी उपक्षेत्रीय अस्पतालमा उपचार भयो। अज्ञात समूहले सुतली बम फ्याँक्दा विस्फोटन भएको थियो। बम फ्याँकेर भागेको आरोपमा सर्वसाधारणले भारत मोतीहारी थाना ढाका, बीसमरा गाउँका ३० वर्षीय नेमिलाल महतोलाई नियन्त्रणमा लिई कुटपिट गर्दै सोही दिन प्रहरीलाई बुझाए। वर्षको अन्त्यसम्म घटनाका सम्बन्धमा अनुसन्धान भइरहेको प्रहरीले बतायो।

सर्लाही जिल्ला भक्तिपुर गाविस-३ का २८ वर्षीय वसन्त लामा, वीरगञ्ज उमनपा-९ का २५ वर्षीय लडु साह, बारा जिल्ला सिमरौन गढ गाविस-६ का २१ वर्षीय सुमित जैसवाल, वीरगञ्ज उमनपा-९ गहवाका ३५ वर्षीया मुनीदेवी तुरहा, वीरगञ्ज उमनपा-९ का २५ वर्षीया गीता देवी, वीरगञ्ज उमनपा-६, कुम्हाल टोलका ३२ वर्षीया सीमा द्विवेदी र भारत रक्सौलका ३५ वर्षीय धर्मेन्द्र साह ०६५ चैत ५ गते वीरगञ्ज उमनपा-११ मीना बजारमा सुतली बम विस्फोटन हुँदा घाइते भए। घाइते सबैको नारायणी उपक्षेत्रीय अस्पतालमा उपचार भयो। घटनाको जिम्मा कुनै समूहले लिएन।

वीरगञ्ज उमनपा-१३ मा अवस्थित ठाकुरराम बहुमुखी क्याम्पसको स्वयिु निर्वाचनका लागि लाइनमा बसेका मतदाताको बीचमा ०६५ चैत ६ गते बिहान सुतली बम विस्फोटन हुँदा आठ जना घाइते भए। बम विस्फोटनबाट वीरगञ्ज उमनपा-१७ का २२ वर्षीय विकास श्रेष्ठ, वीरगञ्ज उमनपा-१३ का २० वर्षीय

अज्ञात समूहको गोली प्रहारबाट घाइते भएका ज्ञानेन्द्र मिश्र

सुधीर साह, बारा जिल्लाका २१ वर्षीय वीरभूषण यादव, वीरगञ्ज उमनपा-१३ का २४ वर्षीय अनिल चौधरी, विरुवागुढी गाविस-४ का २० वर्षीय हरिकृष्ण चौधरी, वीरगञ्ज उमनपा-१२ का २१ वर्षीय अमीन्द्रप्रसाद कलवार, बारा कलैया नगरपालिका-८ का २२ वर्षीय रञ्जीतकुमार राउत र हरपतगञ्ज गाविस-३ का २२ वर्षीय उपेन्द्र यादव घाइते भए। घाइतेहरूको नारायणी उपक्षेत्रीय अस्पतालमा उपचार भयो। गम्भीर घाइते भएका विकास श्रेष्ठको चितवन मेडिकल कलेजमा उपचार गरियो। घटनाको जिम्मा कसैले लिएन। प्रहरीले अपराधीहरूको छानबिन गरिरहेको बताए पनि यस वर्षको अन्त्यसम्म कसैलाई पक्राउ गर्न सकेन।

वीरगञ्ज उमनपा-२ का २१ वर्षीय अफताव आलम, वीरगञ्ज उमनपा-४ का १६ वर्षीय राजकुमार साह, वीरगञ्ज उमनपा-७ का १८ वर्षीय तरुन शर्मा ०६५ चैत २१ गते वीरगञ्ज उमनपा-४ गणेशमान चोकमा सुतली बम विस्फोटन हुँदा घाइते भए। मोटरसाइकल चढेर आएका दुई जना अज्ञात व्यक्तिले सुतली बम फ्याँकेर फरार भएका थिए। घाइतेका खुट्टा तथा छातीमा छर्रा लागेको थियो। पीडितहरूको नारायणी उपक्षेत्रीय अस्पतालमा उपचार भयो। घटनाको जिम्मा कसैले लिएन।

महुवन गाविस-६ का २३ वर्षीय शिवशङ्कर राम, २८ वर्षीय रामनारायण पासवान, खुटवा प्रसौनी गाविस-४ का ३६ वर्षीय जोखु माझी, लखनपुर गाविस-७ का ३२ वर्षीय बुनेश्वर राम र भौराटार गाविस-५ का ३३ वर्षीय प्रभु पासवान ०६६ जेठ ५ गते विन्दवासिनी गाविस-५ स्थित विन्दवासिनी बजारमा जन्तीको ट्राक्टरमा सकेट बम प्रहार हुँदा घाइते भए।

Central Region:Layout 1 2/11/2010 10:27 AM Page 281

बेवारिसे बम विस्फोटनमा घाइते भएकी मोतवानी खातुन

जन्ती भारतको रक्सौलबाट सुपौली गाविसतर्फ गइरहेका बेला विन्दवासिनीमा रोकिएको अवस्थामा दुई जना अज्ञात व्यक्तिले सकेट बम फालेर भागेका थिए। घाइतेहरूको हात, खुट्टा र छातीमा चोट लागेको थियो। घाइतेहरूको नारायणी उपक्षेत्रीय अस्पतालमा उपचार भयो। घटनाको जिम्मेवारी कसैले पनि लिएन।

बेवारिसे बम विस्फोटनबाट

वीरगञ्ज उमनपा-८ वर्षीय सवी खातुन, २१ वर्षीय प्रज्ञा ठाकुर र ३५ वर्षीया जयमती देवी ०६५ माघ १७ गते वीरगञ्ज उमनपा-११ माइस्थान बजारमा फूल बेच्ने ठेलामा रहेको बेवारिसे बम विस्फोटन हुँदा घाइते भए। सुतली बम विस्फोटनबाट घाइते भएकाहरूको हात, खुट्टा र छातीमा छर्रा लागेको थियो। पीडितहरूको नारायणी उपक्षेत्रीय अस्पतालमा उपचार भयो। घटनाको कुनै समूहले जिम्मा लिएन।

जेल र बन्दीहरू

'क' श्रेणीमा पर्ने जिल्ला कारागारको कुल बन्दी क्षमता १ हजार ५ सय जनाको रहेको छ। यस वर्षको अन्त्यसम्म जम्मा ८ सय ५५ जना बन्दी, कैदी तथा आश्रितहरू रहेका छन्। जसमा दुई जना बालक र पाँच जना बालिका आश्रितका रूपमा रहेका छन्। यसैगरी कैद तोकिएका ४ सय ३५ जना पुरुष र २३ जना महिला गरी जम्मा ४ सय ५८ जना बन्दी रहेका छन्। कैद नतोकिएका ३ सय ६५ जना पुरुष र २५ जना महिला थुनुवा गरी जम्मा ३ सय ९० जना बन्दीहरू रहेका छन्।

बेपत्ता/अपहरण

जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) बाट

मकवानपुर जिल्ला हेटौँडा नपा-४ निवासी लिपनीमाल गाविसमा अवस्थित नवीन पोलिमर उद्योगका सुरक्षा गार्ड ४० वर्षीय यमबहादुर फुयाँललाई उद्योग सञ्चालकले चन्दा नदिएको आरोपमा ०६६ वैशाख ११ गते ड्युटीमै रहेका बेला जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह)का कार्यकर्ताहरूले अपहरण गरे। मोर्चाको कार्यकर्तासँग सो उद्योगका सञ्चालकको सहमति भएपछि पीडित वैशाख १३ गते मिर्जापुर गाविसबाट मुक्त भए। सो उद्योगका सञ्चालकले पीडकहरूसँग भएको सहमति उल्लेख गरेनन्। मोर्चाले भने आफ्नो गतिविधिका बारेमा सुराकी गरेकाले शोधपुछ गर्न अपहरण गरेको जनायो।

मकवानपुर जिल्ला हेटौँडा नपा-७ निवासी परवानीपुर गाविस-४ स्थित ज्योति फर्मका सुरक्षा गार्ड ३८ वर्षीय नवराज पुडासैनीलाई ०६६ जेठ ९ गते राती १० बजे ड्युटीमै रहेका बेला तीन जनाको सङ्ख्यामा आएका जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह)का कार्यकर्ताले अपहरण गरे। पीडित एकीकृत माओवादीनिकट अखिल नेपाल सेक्युरिटी मजुदर सङ्घ पर्सा जिल्ला कमिटी सदस्य हुन्। अपहरणकारीहरूले ज्योति फर्मका सुरक्षा गार्ड इन्चार्जलाई भाजु पटेल नामले फोन गरी १० लाख रुपियाँ तथा १० जनालाई रोजगारको माग गरेका थिए। अपहरणकारीहरूले पुडासैनीलाई जेठ १० गते राती सिर्सिया गाविसमा रहेको सुखा बन्दरगाहबाट मुक्त गरे। उनलाई के सर्तमा रिहा गरियो भन्ने खुल्न सकेन।

अज्ञात समूहबाट

सर्लाही जिल्ला सिसौटिया गाविस-२ निवासी ठाकुरराम बहुमुखी क्याम्पस स्वतन्त्र विद्यार्थी युनियनका सदस्य अमित यादवलाई ०६६ भदौ २२ गते साँझ अज्ञात समूहले वीरगञ्जको भिस्वा चोकबाट अपहरण गऱ्यो। पीडित छ दिनपछि रौतहटको गौरबाट मुक्त

सुतली बम विस्फोटनमा परी घाइते भएकी मुनीदेवी तुरहा

बेवारिसे बम विस्फोटनबाट घाइते भएका फुलेना महतो

भए। यस वर्षको अन्त्यसम्म पीडक र अपहरणको कारण खुल्न सकेन।

गम्हरिया गाविस-९ का ५६ वर्षीय दरोगा साहलाई ०६६ असार १३ गते मुखमा पट्टी बाँधेर आएका अज्ञात व्यक्तिहरूले घरबाटै अपहरण गरे। पीडितलाई असार १७ गते राती पोखरिया गाविस इलाका प्रहरी कार्यालय नजिकैबाट मुक्त गरे। अपहरणकारीले पीडितलाई गहिरो चोटपटक लाग्ने गरी कुटपिटसमेत गरेको प्रहरी निरीक्षक विदुर गौतमले बताए।

धम्की/कुटपिट दुर्व्यवहार

पर्साका प्रमुख जिल्ला अधिकारी दुर्गाप्रसाद भण्डारीलाई विमानस्थलमा आफूलाई लिनका लागि नयाँ गाडी नपठाएको आरोपमा ०६६ कात्तिक २४ गते कृषि राज्यमन्त्री करिमा बेगमले उनकै कार्यकक्षमा हातपात गरिन्। पर्सा क्षेत्र नं. १ बाट संविधानसभा निर्वाचनमा मधेसी जनअधिकार फोरमका तर्फबाट निर्वाचित कृषि राज्यमन्त्री करिमा बेगमले आफ्नो निजी सुविधाका लागि पीडितले सिमरा विमानस्थलमा थोत्रो गाडी पठाउनुका साथै आफूलाई बेवास्ता गरेको भन्दै हातपात गरेको बताइन्। पीडकले पीडितको चस्मासमेत भाँचिदिएको प्रत्यक्षदर्शीले बताए। प्रमुख जिल्ला अधिकारी भण्डारीले आफूसँग उपलब्ध भएको कृषि अनुसन्धान परिषद्को चालू अवस्थामा रहेको गाडी पठाए पनि थोत्रो गाडी पठाएको भन्दै एक्कासि राज्यमन्त्री बेगम हातपातमा उत्रिएको प्रतिक्रिया दिए। प्रमुख जिल्ला अधिकारी दुर्गाप्रसाद भण्डारीले पर्सा जिल्ला विकास समितिको पजेरो गाडी काठमाडौँमा भएको र सिँचाइ कार्यालयको गाडीसमेत उपलब्ध हुन नसकेपछि आफूले राज्यमन्त्री बेगमका लागि उक्त गाडीको व्यवस्था गर्दा समेत हातपात भएकामा गुनासो गरे। हातपातको विरोधमा जिल्ला प्रशासन कार्यालय पर्सा र बारासहितका सम्पूर्ण सरकारी कार्यालयका कर्मचारीहरूले पाँच दिनसम्म कामकाज ठप्प पारेका थिए। घटनाको भोलिपल्ट प्रजिअले मन्त्री करिमा बेगममाथि सार्वजनिक मुद्दा दर्ता गरे।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा गत वर्षको जिम्मेवारी सरेर आएका दुनियाँवादी फौजदारी मुद्दा ३ सय २५ थान र यस वर्ष दर्ता भएका १ सय ६० थानसमेत जम्मा ४ सय ८५ थानमध्ये ७० थान मुद्दा फर्स्यौट भए भने ४ सय १५ थान फर्स्यौट हुन बाँकी रहे। यसैगरी, गत वर्षको जिम्मेवारी सरेर आएका सरकारवादी फौजदारी मुद्दा १ सय ४८ थान र यस वर्ष दर्ता भएका ५५ थानसमेत २ सय ३ थानमध्ये २० थान फर्स्यौट भए भने १ सय ८३ थान फर्स्यौट हुन बाँकी रहे। गत वर्षको जिम्मेवारी सरेर आएका दुनियाँवादी देवानी मुद्दातर्फ १ हजार १ सय १५ थान र यस वर्ष दर्ता भएका ४ सय ५० थानसमेत जम्मा १ हजार ५ सय ६५ थानमध्ये यस वर्ष २ सय ७० थान फर्स्यौट भए भने १ हजार २ सय ९५ थान फर्स्यौट हुन बाँकी रहे।

बालअधिकार

वीरगञ्ज उमनपा-१६ निवासी सिद्धार्थ माबि कक्षा ८ मा अध्ययनरत १४ वर्षीया एक बालिकालाई ०६६ असार ३१ गते छिमेकी भगवती पाण्डेले औषधी सुँघाएर मूर्च्छित बनाएर भारतको रक्सौलतर्फ लैजाने क्रममा वीरगञ्जको श्रीपुर चोकमा होस खुलेपछि झडप गरेर उम्कन सफल भइन्। पीडकलाई स्थानीय बासिन्दाले सोही दिन घण्टाघरनजिकैबाट समातेर प्रहरी कार्यालयमा बुझाए। यस वर्षको अन्त्यसम्म पीडकमाथि कानुनी कारवाही जारी रहेको प्रहरीले जनायो।

बेवारिसे बम विस्फोटनबाट घाइते भएका रामचन्द्र महतो

Central Region:Layout 1 2/11/2010 10:27 AM Page 283

अज्ञात समूहद्वारा गराइएको बम विस्फोटनमा परी घाइते भएका विकास श्रेष्ठ

वीरगञ्ज उमनपा-१३ मा अवस्थित नेपाल सेवाश्रम नामक संस्थाका सञ्चालक भारतीय नागरिक शान्तिकुमार दासले त्यहाँ रहेका बच्चाहरूसँग दुर्व्यवहार गरेको भन्दै प्रहरीले ०६६ कात्तिक ९ गते पक्राउ गऱ्यो। भारतको पश्चिम बङ्गालका नागरिक दासले अनाथालयमा रहेका बालकहरूलाई कुटपिट गर्ने, ढोग्न लगाउने तथा समयमा खाना खान नदिने गरेको पाइएकाले उनलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय पर्साका प्रहरी निरीक्षक भुवनेश्वर शाहले बताए। अनाथालयमा ११ जना छात्रहरू रहेकामा सुनील थापा, सवीन थापा, निलीशकुमार, निखिलकुमार, सरोजविक्रम बल्लभ, कृष्ण विक र जलन्धरकुमार पटेललाई ०६६ कात्तिक १० गते अभिभावकको जिम्मा लगाइयो। बाँकी चार जनालाई बालअधिकार सरोकार केन्द्र, हेटौँडामा राखियो।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार पारिवारिक हिंसा

वीरगञ्ज उमनपा-१० मा डेरा गरी बस्ने २५ वर्षीया सुनीता श्रेष्ठको ०६५ चैत २२ गते राती उनकै पति दीपक श्रेष्ठले कुटपिट गरी हत्या गरे। सुनीताका पति दीपक श्रेष्ठ मदिरा सेवन गरी घर आएको र पति-पत्नीबीच झगडा भएको कुरा छिमेकीहरूले बताए। चैत २३ गते विहान उनको लास घरभित्र देखेपछि छिमेकीहरूले प्रहरीलाई खबर गरेका थिए। बुटवल घर भएका रिक्सा चालक दीपक श्रेष्ठले कुटपिट गरी हत्या गरेको प्रहरीले बतायो। उनको तीन महिनाकी एउटी छोरी छिन्। सुनीताको लास नारायणी उपक्षेत्रीय अस्पतालमा पोस्टमार्टम गरी उनका आफन्तले बुझी वीरगञ्ज रानीघाटमा सोही दिन सद्गत गरे। पीडक यस वर्षको अन्त्यसम्म फरार रहे।

तुलसीवर्वा गाविस-६ की २० वर्षीया फेरुला खातुनको लास ०६६ जेठ २२ गते गाडिएको अवस्थामा फेला पऱ्यो। चार दिन अगाडिदेखि बेपत्ता रहेकी खातुनको लास उनको घरनजिकै करेसाबारीमा उनका माइतीले खनेर निकालेका थिए। लास गाडिएको ठाउँमा नुन छरिएको प्रत्यक्षदर्शीले बताए। खातुनका माइतीले उनको हत्या पति र ससुरा मिलेर गरेको दाबी गरे। चार दिनदेखि परिवारको सम्पर्कमा नरहेको खबर पाएपछि खातुनका माइती पक्षले घरमा गएर खोजबिन गर्दा गाडिएको अवस्थामा उनको लास फेला परेको थियो। मागेजति दाइजो नपाएकै कारण हत्या गरेको खातुनका बुबा महमुद हवारीले दाबी गरे। खातुनका पतिले १ लाख रुपियाँ नगद र एउटा गाई दाइजोका रूपमा माग्दै आएका थिए। पीडितका आफन्तले ०६६ जेठ १४ गते जिल्ला प्रहरी कार्यालयमा पीडितका पति र ससुराका नाममा उजुरी दिए। यस वर्षको अन्त्यसम्म पीडितका पति मुन्ना मिया, ससुरा रमजानमिया र सासू फरार रहेका छन्।

२.१० चितवन

जनसङ्ख्या : ५,९१,५०५
साक्षरता प्रतिशत : ८०
महिला साक्षरता प्रतिशत : ६०
क्षेत्रफल (वर्ग कि. मि.) : २,२१८
गाविस/नपा सङ्ख्या : ३६/२
सरकारी/निजी विद्यालय : ४९६/११७
क्याम्पस/उच्च मा.वि. : ६/४५
अस्पताल/स्वास्थ्य चौकी : ५/४२
मानव विकास सूचकाङ्कः ०.५१८
प्रतिपरिवार सरदर सङ्ख्याः ५

Central Region:Layout 1 2/11/2010 10:27 AM Page 284

नागरिक तथा राजनीतिक अधिकार
सम्मानित रूपले बाँच्ने अधिकार
हत्या
राज्यबाट

बछौली गाविस-३ का १९ वर्षीय कमल चौधरी ०६५ फागुन २२ गते राती रत्ननगर नपा-१ सौराहा चोकमा सशस्त्र प्रहरीले प्रहार गरेको गोली पेटमा लागी गम्भीर घाइते भएकामा भरतपुर अस्पताल लैजानेबित्तिकै उनको मृत्यु भयो। थारू समुदायद्वारा आयोजित बन्द गरिएको यातायात खुलाउन गएको प्रहरीसँग झडप हुँदा सौराह चोकस्थित महेन्द्र राजमार्गको छेउमा रहेको शेषनारायाण श्रेष्ठको घरको छतमा उनलाई गोली लागेको थियो। परिवारले क्षतिपूर्तिलगायतका मागहरू पूरा नगरिएको भन्दै लास बुझ्न नमानेकाले सात दिनपछि फागुन २९ गते मात्र दाहसंस्कार भयो। सरकारले ०६६ वैशाख २८ गते पीडित परिवारलाई जिल्ला प्रशासन कार्यालयमार्फत १० लाख रुपियाँ क्षतिपूर्तिस्वरूप प्रदान गऱ्यो। सोही घटनामा शक्तिखोर गाविस-५ का १९ वर्षीय विपीन खड्का (क्षेत्री) सौराह चोकदेखि दक्षिणतर्फको एक होटेल रहेको घरको छतमा सशस्त्र प्रहरीको गोली लागी घाइते भएकामा भोलिपल्ट काठमाडौँमा उनको मृत्यु भयो । विपीनको पहिला भरतपुर अस्पताल र पछि मेडिकल कलेज शिक्षण अस्पतालमा उपचार भएको थियो। उनलाई थप उपचारका लागि फागुन २३ गते शिक्षण अस्पताल महाराजगञ्ज पुऱ्याइएकामा अस्पतालमा नै मृत्यु भएको थियो। उनको सोही दिन पशुपति आर्यघाटमा दाहसंस्कार भयो। सरकारले ०६६ वैशाख २४ गते पीडित परिवारलाई जिल्ला प्रशासन कार्यालयमार्फत १० लाख रुपियाँ क्षतिपूर्तिस्वरूप प्रदान गऱ्यो। उक्त घटनामा रत्ननगर नपा-५ का २२ वर्षीय शरद श्रेष्ठ, २० वर्षीय रवीन चौधरी, ३४ वर्षीय सन्तोषी श्रेष्ठ र बछौली गाविस-३ का २० वर्षीय रन्जीत चौधरी सौराह चोकमा सशस्त्र प्रहरीले चलाएको गोली लागी घाइते भए। रञ्जीतको दाहिने गोडा, सन्तोषीको दायाँ तिघ्रा, गोपाल चौधरीको टाउको र रवीन चौधरीको दायाँ फिलामा गोली लागेको थियो। घाइतेमध्ये शरद, रवीन र सन्तोषीको भरतपुर अस्पताल र रञ्जीत र विपीनको मेडिकल कलेज शिक्षण अस्पतालमा उपचार भयो। रञ्जीत चौधरीको ललितपुरस्थित बी एन्ड बी अस्तपाल काठमाडौँमा थप उपचार भयो।

प्रहरीको गोली प्रहारबाट मारिएका कमल चौधरी

यसैगरी, बछौली गाविस-३, मालपुरका २३ वर्षीय चन्दन चौधरी, २२ वर्षीय जीवन चौधरी र २२ वर्षीय सोम चौधरी पनि प्रहरीको गोलीको छर्रा लागी घाइते भएका थिए। उनीहरूको स्थानीय मेडिकलमा उपचार भयो।

कुमरोज गाविस-८ का २८ वर्षीय राजकुमार दराईको ०६६ मङ्सिर १२ गते चितवन राष्ट्रिय निकुञ्जभित्र सेनाले चलाएको गोली लागी घटनास्थलमै मृत्यु भयो। सोही गाविस-८ कपियास्थित अमृते पोस्टदेखि दक्षिण चार घण्टाको पैदल यात्रामा पर्ने चुरेपहाडको फेदमा रूख काट्दै गर्दा गिरफ्तार गर्न गएको सेनामाथि ढुङ्गामुढा गर्न थालेपछि आत्मरक्षाका लागि सेनाले जवाफी कारबाही गरेको गोरखबहादुर गण कसराका गणपति चन्द्रप्रकाश राजवंशीले बताए। चितवन राष्ट्रिय निकुञ्जका प्रमुख संरक्षण अधिकृत नरेन्द्रमानबाबु प्रधानले भाग्दै गर्दा गोली लागेको बताए। पीडित परिवार र स्थानीय बासिन्दाले दोषीलाई कारबाही र क्षतिपूर्ति नभएको भन्दै लास नबुझेपछि मङ्सिर १६ गते जिल्ला प्रशासन कार्यालयमा भएको वार्तापछि लास जिम्मा लिएर दाहसंस्कार गरे।

थारू संयुक्त सङ्घर्ष समितिबाट

रामेछाप जिल्ला गेलु गाविस-८ घर भई गढीमाई सशस्त्र प्रहरी बल भण्डारामा कार्यरत प्रहरी जवान २२ वर्षीय कुमार बुढाथोकीलाई ०६५ फागुन २३ गते दिउँसो रत्ननगर नपा-१ सौराह चोकस्थित राजेन्द्र सेल्स कम्पनीको कार्यालय कम्पाउन्डभित्र थारू समुदायका प्रदर्शनकारीहरूले घेराबन्दी गरी नियन्त्रणमा लिई कुटपिट गरेपछि आत्मसमर्पण गर्न नमानेको भन्दै धारिलो हतियारले टाउकोमा प्रहार गरे। गम्भीर घाइते भई ढलेका उनको मरणासन्न अवस्थामा घटनास्थलबाट नेपाल प्रहरीले उद्धार गरेपछि सशस्त्र प्रहरीले उपचारका लागि भरतपुर अस्पतालमा लग्यो। घाइते बुढाथोकीको अस्पताल पऱ्याउने बित्तिकै मृत्यु भयो। उनको फागुन २४ गते देवघाटमा दाहसंस्कार भयो।

घटनाको प्रकार	गैर राज्यबाट									राज्यबाट				
	अन्यबाट					एकीकृत माओवादीबाट								
	घटना सङ्ख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	४	३	४		६					३	३			३
घाइते	१	३			३					१	६	१		७
गिरफ्तारी/यातना										३	७			७
कुटपिट	१८	३४	७	११	४३	६	८	१	९	११	१८	५		३३
धम्की						१	१		१					
भेला/सङ्गठित हुने अधिकार	३	३			३	१	३		३	१	१		४	५
महिलाअधिकार	३८		३८		३८									
बालअधिकार	८		८		८									
आर्थिक/सामाजिक/ सांस्कृतिक अधिकार	१	१			१	५	५		५					
अपहरण	७	१५	१		१६	१	१		१					
जम्मा	६९	४७	४८	११	१०६	१४	१८	१	१९	१७	३५	६	४	४५

सरकारले प्रहरी कल्याण कोषसमेत गरी पीडित परिवारका लागि १० लाख रुपियाँ राहत दियो।

बेवारिसे विस्फोटक पदार्थबाट

भण्डारा गाविस-८ सुन्दरबस्तीका ध्वाँसे राईको घरपछाडि ०६६ पुस १३ गते अति विस्फोटक पदार्थ २१ एमएम मोर्टारको सेल विस्फोटन हुँदा उनकी पत्नी ४२ वर्षीया जानुका राई, छोरी १६ वर्षीया राममाया राई र जानुकाका भदाहा मकवानपुर जिल्ला हटिया गाविस-५ का १४ वर्षीय राजकुमार राईको घटनास्थलमै मृत्यु भयो। सोही घटनामा उनका जेठा छोरा २२ वर्षीय कुमार राई र नौ वर्षीय कान्छा छोरा अरविन राई तथा मकवानपुर जिल्ला हटिया गाविस-५ का उनका भाइ ३५ वर्षीय बालकृष्ण राई घाइते भए। स्थानीय प्रशासनको पहलमा घाइतेहरूमध्ये कुमार राईलाई पुस १४ गते हेलिकप्टरमा काठमाडौं पठाइयो। उनको हाल वीर अस्पताल काठमाडौं र अन्यको भरतपुरमै उपचार भइरहेको छ। सो विस्फोटक पदार्थ गढीमाई सशस्त्र प्रहरीले छोडेको भन्दै स्थानीय बासिन्दाले प्रहरीलाई मृतकको लास उठाउन नदिई यातायातसमेत बन्द गरेपछि प्रमुख जिल्ला अधिकारी महेश्वर न्यौपाने, सशस्त्र र नेपाल प्रहरीका एसपीहरू उत्तम थनेत र विष्णुहरि गौतमले घटनास्थलको अवलोकन गरेका थिए। मानवअधिकार सञ्जालको सहजीकरणमा गढीमाई सशस्त्र प्रहरी बलको कार्यालय भण्डारामा स्थानीय सङ्घर्ष समिति र स्थानीय प्रशासनको तीनबुँदे सहमति भएपछि प्रहरीले मृतकहरूको लास उठाए। सहायक प्रजिअ कृष्णप्रसाद लम्सालको संयोजकत्वमा जिल्ला प्रहरी र सशस्त्र प्रहरीका अधिकृत एक/एक जना, स्थानीय सङ्घर्ष समितिका संयोजक कृष्ण गुरुङ र रामेश्वर ओली रहेको छानबिन समिति गठन भई १५ दिनभित्र अनुसन्धान गरी दोषीलाई कारबाही गर्ने, पीडित परिवारलाई अधिकतम राहत तथा क्षतिपूर्ति दिने र सशस्त्र प्रहरीको चाँदमारी स्थल उपयुक्त स्थानमा सार्ने सहमति भएको थियो। राईका कान्छा छोरा अरविनले चार महिना पहिले ल्याई घरपछाडि काठको चाङमा राखेको सो विस्फोटक पदार्थ राजकुमार राईले घरको भित्तामा ठड्याइएको काठको मुडामा रगड्दा सो बम विस्फोटन भएको थियो। सशस्त्र प्रहरीको चाँदमारी क्षेत्र सुन्दरबस्ती गाउँनजिकै भए पनि सो विस्फोटक पदार्थ त्यसभन्दा पर जङ्गलबाट ल्याएर गाउँमा राखिएको र चलाउने क्रममा विस्फोट भएकाले सो

Central Region:Layout 1 2/11/2010 10:27 AM Page 286

विस्फोटक पदार्थ सशस्त्र, नेपाली सेना वा माओवादी कसले छोडेको हो भन्ने अनुसन्धानपछि मात्र थाहा हुने एसपी उत्तम थनेतले बताए। सशस्त्र प्रहरीको सूचीमा त्यस खालको पदार्थ हराएको अभिलेख नभएको र ०६४ असार २६ गते हराएको एक थान हातेग्रिनेड २९ गते पाइएपछि टीएनटी लगाएर डिस्पोज गरिएको थनेतले बताए।

जेल र बन्दीहरू

जिल्ला कारागारको बन्दी क्षमता १ सय २० जनाको रहेको भए पनि यस वर्षको अन्तसम्मा कुल बन्दी सङ्ख्या २ सय ९१ रहेको छ। जसमा कैद तोकिएका पुरुष १ सय २४ र महिला १२ गरी १ सय ३६ तथा कैद नतोकिएका पुरुष १ सय ४३ र महिला १२ गरी १ सय ५५ रहेका छन्। कारागारमा आश्रित नाबालक र नाबालिका दुई/दुई गरी चार रहेका छन्। मुद्दाको प्रकृति अनुसार चोरी सिकारीमा १ सय १२, कर्तव्य ज्यानमा ३७, डाँका २६, जबरजस्ती करणीमा २४, लागू औषधमा १४, चोरीमा १३, जीउ मास्ने बेच्नेमा १२, सार्वजनिक अपराध १०, ज्यान मार्ने उद्योगमा नौ, हातहतियार खरखजानामा आठ, बाघको छाला बिक्रीमा सात, अपहरणमा पाँच, कस्तुरी/विना बिक्री चार, काठचोरी तीन, आवश्यक वस्तु संरक्षण दुई, सवारी ज्यान र कैदबाट भागेको एक/एक जना रहेका छन्।

कारागारका बन्दीहरूले ०६६ जेठ ११ गते कारागार प्रशासनमार्फत प्रमुख जिल्ला अधिकारीसमक्ष २० सूत्रीय माग राखे। कारागारको क्षमता बढाउन थप भवनको निर्माण र हाल भएको पर्खाल सारेर कम्पाउन्डवाल बनाउनुपर्ने, सुत्ने ठाउँमा फल्याकको व्यवस्था गर्नुपर्ने, खानेपानीको समस्या समाधान गर्न बोरिङ, इनार कलको थप व्यवस्था गर्नुपर्ने, कारागारलाई लोडसेडिङ् मुक्त गराउनुपर्ने, खानाखाने ठाउँ र आधुनिक चुल्होको व्यवस्था गर्नुपर्ने मागहरू राखे। त्यसैगरी, उनीहरूका मागहरूमा हाल तीनओटा भवनमा भएको नौओटा ट्वाइलेट अपुग भएकाले थप व्यवस्था गर्नुपर्ने, सिकर्मी, इलेक्ट्रिसियन, डकर्मी, प्लम्बर, मैनबत्ती बनाउने, कपडा र पछ्यौरा बुन्नेजस्ता कामहरू सञ्चालन गर्नेलगायतका छन्। बन्दीहरू आफैंले पुस्तकालयसमेत सञ्चालन गरेका छन् र पत्रपत्रिकासमेत आफैं जुटाउँछन्। सधैंजसो कारागार क्षमताभन्दा बढी बन्दी सङ्ख्या हुनाले धेरै कठिनाइ हुने गरेको छ। सङ्ख्या बढी हुने गरेको भए पनि कारागारमा 'घ' वर्गको मात्र सुविधा प्राप्त हुने हुनाले व्यवस्थापनमा आर्थिक कठिनाइ हुने गरेको कारागारका प्रमुख टोलप्रसाद शर्माले बताए। चिसोको समयमा कारागारका महिला बन्दीहरूले एक घण्टा पनि घामको झुल्को देख्न पाउँदैनन्। गर्मीको समयमा पुरुष कक्षमा बन्दीहरू खप्टिएर सुत्नुपर्दा अति नै कठिनाइ हुने गरेको पुरुष बन्दीहरूले बताए।



प्रहरीद्वारा मारिएका विपीन खड्का क्षेत्री

बेपत्ता/अपहरण

एकीकृत माओवादीबाट

नेपाली काङ्ग्रेसका तर्फबाट बछौली गाविसस्थित मृगकुञ्ज मध्यवर्ती क्षेत्र समितिको निर्वाचनका उम्मेदवार बछौली गाविस-९ का ५५ वर्षीय मीनबहादुर मगरलाई ०६५ माघ ११ गते माओवादीका अपरिचित दुई कार्यकर्ताहरूले झारफुक गर्न जाने बहानामा बिहान ७ बजेदेखि चार घण्टा अपहरण गरी उम्मेदवारी दर्ता गर्न दिएनन्। काङ्ग्रेस जिल्ला समिति चितवनले नारायणगढस्थित कार्यालयमा आयोजित पत्रकार सम्मेलनमा पीडित तथा सो पार्टीले घटना सम्बन्धमा जानकारी गराएका थिए।

वाईसीएलबाट

मङ्गलपुर गाविस-५ ब्रह्मपुरका २८ वर्षीय ज्ञानेन्द्र चेपाङलाई ०६६ वैशाख ३० गते दिउँसो वाईसीएलका दुई कार्यकर्ताले सुकुमवासीहरूको स्वतन्त्र सङ्गठन गरेको आरोपमा घरमा बसिरहेका बेला आधा घण्टासम्म अपहरण गरी माओवादीको अनुमतिबेगर सुकुमवासीहरूलाई सङ्गठन गरेमा सो ठाउँमा बस्न नदिने धम्की दिएको पीडितले बताए। वाईसीएलका मङ्गलपुर गाविस इन्चार्ज ईश्वर रेग्मी र माओवादीका कार्यकर्ता दीक्षाले जबरजस्ती मोटरसाइकलमा राखी तीन किमि पर दक्षिणतर्फको जङ्गलमा लगेर धम्की दिएको उनले बताए।

नेविसङ्घबाट

रत्ननगर नपा-२ स्थित सहिद स्मृति बहुमुखी क्याम्पस टाँडी क्याम्पसका सह-प्राध्यापक रामबाबु घिमिरे, ईश्वर भुसाल, माधव श्रेष्ठ, कमल भट्टराई, रामेश्वर भट्टराई, शुकनाथ बाँस्तोला, सुन्दर श्रेष्ठ, कमलादेवी शर्मा, शान्तिबहादुर श्रेष्ठ, ओमकार पौडेललाई ०६५ चैत ५ गते नेविसङ्घका कार्यकर्ताहरूले स्ववियु

Central Region:Layout 1 2/11/2010 10:27 AM Page 287

नर्वाचन असफल पार्न भन्दै बिहान ६ बजे क्याम्पस आउँदै गर्दा रत्ननगरको विभिन्न स्थानबाट अपहरण गरी चार घण्टा नियन्त्रणमा राखे। अखिल (क्रान्तिकारी)ले आफ्ना कार्यकर्ता पिटेको विरोधमा सो सङ्गठनले स्वयिु निर्वाचन बहिष्कार गरेकाले निर्वाचन असफल बनाउन सो अपहरण गरिएको हो।

धम्की/कुटपिट

राज्यबाट

रत्ननगर नपा-१ सौराह चोकका २४ वर्षीय गोपाल चौधरीलाई ०६५ फागुन २१ गते राती प्रहरीले कुटपिट गर्दा घाइते भए। थारू समुदायले बन्द गरेको यातायात खुलाउने क्रममा प्रदर्शनकारी र प्रहरीबीचमा भएको झडपमा सशस्त्र प्रहरीले लाठीले कुटपिट गर्दा टाउकोमा चोट लागी उनी घाइते भएका थिए। घाइतेको काठमाडौँ बाँसबारीस्थित न्युरो अस्पतालमा उपचार भयो।

रत्ननगर नपा-१ का अर्जुन चौधरीलाई ०६५ फागुन २२ गते राती सशस्त्र र जनपद प्रहरीले कामना जनरल अस्पतालमा आन्दोलनकारी घाइतेलाई उपचार गर्न लैजाँदा लाठी र बन्दुकको कुन्दाले कुटपिट गरे। थारू समुदायको आन्दोलनका क्रममा प्रहरीको गोली लागेर घाइते भएका विपीन खड्कालाई अस्पताल पुऱ्याउनेबित्तिकै प्रहरीले आफूलाई कुटपिट गरेको पीडितले बताए। ढाड, पिठ्यूँ र फिलामा बन्दुकको कुन्दाले हिर्काएका कारण घाइते भएका चौधरी र रत्ननगर नपा-१ सौराह चोकका २१ वर्षीय बुद्धि महतोको पनि सोही अस्पतालमा उपचार भयो।

सुनसरी जिल्ला धरान नपा-८, नयाँ सिर्जना मार्ग घर भई रत्ननगर नपा-१ सौराह चोकस्थित ग्यारेजमा काम गर्ने ३० वर्षीय गोरे मगरलाई ०६५ फागुन २२ गते राती प्रहरीले कुटपिट गरी ७ हजार

राष्ट्रिय निकुञ्जको सुरक्षार्थ बसेका सैनिकको गोली प्रहारबाट मारिएका राजकुमार दराई

थारू संयुक्त सङ्घर्ष समितिका कार्यकर्ताबाट हत्या गरिएका कुमार बुढाथोकी

रुपियाँ नगदसमेत जफत गरेको पीडितले बताए। सुतिरहेका बेला डाङडुङ भएपछि प्रहरी आएर ढोका खोल भन्दै लात्ती र बन्दुकको कुन्दाले हिर्काई गीतार, चार जोर पाइन्ट, भेस्ट र सर्ट तथा ग्यारेजको सामानसमेत जफत गरेर लगेको पीडितले बताए।

रत्ननगर नपा-७, चित्रसारीकी २८ वर्षीया भूमेश्वरी महतोलाई ०६५ फागुन २३ गते दिउँसो थारू समुदायका आन्दोलनका क्रममा प्रदर्शनकारीद्वारा सशस्त्र प्रहरीको हत्या भएपछि आएका सशस्त्र र नेपाल प्रहरीहरूले घरको ढोका फुटाई भित्र पसी उनको टाउको, देब्रे गोडा र घुँडामा लाठीले हिर्काए। पीडितले स्थानीय मेडिकलमा उपचार गराइन्।

रत्ननगर नपा-४ डेबौलीका विनोद चौधरी, अर्जुन चौधरी, रमेश चौधरी, जनका चौधरी, शिवु चौधरी, बुद्धि चौधरी, गणेश चौधरी ०६५ फागुन २३ गते प्रहरीको कुटपिटबाट घाइते भए। प्रहरीले विनोद चौधरीलाई घरभित्र प्रवेश गरी कुटपिट गर्नुका साथै पसलको च्याक, सिँढी, टीभी तोडफोड गरी घडी तथा नगद लुटेको पीडितले बताए। अर्जुन चौधरीको दाहिने गोडा, ढाड र दुवै हातमा चोट लागेको, रमेश चौधरी र जानुका चौधरीको टाउकोमा चोट लागेको, शिवु चौधरीको ढाड, हात, गोडा र टाउकोमा चोटपटक लागेको, बुद्धि चौधरीको टाउको र गोडामा चोट लागेको र गणेश चौधरीको दाहिने गोडा, पूरा छातीमा चोट तथा नीलडाम परेको थियो। उनीहरू सबैको भरतपुर अस्पतालमा उपचार भयो। खेमकुमारी थापालाई धम्की दिँदै पसलमा रहेका कुर्सी र टेबलको खुट्टा, दराज र सोकेसका सिसा तोडफोड गरेको पीडितले बताइन्।

बघौडा गाविस-५, सिमराका ४१ वर्षीय सीताराम तावे, ३५ वर्षीय सरस्वती महतो, २४ वर्षीय दयाराम चौधरी, ५५ वर्षीय रामचन्द्र साह, ३४ वर्षीय

Central Region:Layout 1 2/11/2010 10:27 AM Page 288

बेवारिसे बम विस्फोटनबाट घाइते भएका अरवीन राई

प्रेमनाथ तावे र १८ वर्षीय राधा महतोलाई ०६५ फागुन २६ गते राती चितवन राष्ट्रिय निकुञ्ज सिमरा पोस्टका पोस्टपति महेश अधिकारीको नेतृत्वमा आएका आठ/नौ जना सैनिकहरूले कुटपिट गरे। कुटपिटबाट सीतारामको टाउकोमा अन्यको टाउको, छाती र हातमा चोट लागेकाले सीताराम, सरस्वती र दयारामको भरतपुर अस्पताल र अन्यको स्थानीय गङ्गा मेडिकलमा उपचार भयो। सो घटनाको विरोधमा स्थानीय बासिन्दा र राजनीतिक दलका प्रतिनिधिहरूले पाँच जवान सेनालाई स्थानीय एक घरमा नियन्त्रणमा लिई २७ गते इलाका प्रहरी कार्यालय वसन्तपुरलाई जिम्मा लगाए। घाइतेको उपचार, संरचना क्षतिको क्षतिपूर्ति र समुदायमा प्रवेश नगर्ने सर्वपक्षीय सहमति भएपछि उनीहरू मुक्त भए। सर्वदलीय महिला सञ्जालले सो घटनाको स्थलगत अध्ययन गरी महिला, बालबालिका र वृद्धवृद्धा र गर्भवती महिलासमेतलाई सेनाले दुर्व्यवहार गरेको भन्दै ०६५ चैत ७ गते प्रतिवेदन सार्वजनिक गऱ्यो।

भरतपुर नपा- १२ वसन्तचोकका ४१ वर्षीय दलबहादुर लामा र निजकी पत्नी ४१ वर्षीया विष्णु लामालाई ०६६ वैशाख २१ गते अवरूद्ध यातायात खुलाउन आएको प्रहरीले उनीहरू कार्यरत एडभेन्चर बोर्डिङ् स्कुलको परिसरमा कुटपिट गरे। सोही विद्यालयमा कक्षा २ मा अध्ययनरत आठ वर्षीया सुरक्षा रानाको घर फर्कदै गर्दा ट्रकले ठक्कर दिई मृत्यु भएको घटनापछि विभिन्न मागहरू राखी स्थानीय बासिन्दाले यातायात अवरूद्ध गरेका थिए। यातायात अवरोध गर्ने प्रदर्शनकारीलाई लखेट्दै आएका प्रहरीले घटनास्थलबाट आधा किमि पर रहेको विद्यालयको परिसरमा उनीहरूलाई कुटपिट गरेको पीडितहरूले बताए।

भरतपुर नपा-१२, पोखरेली टोलका ४६ वर्षीय सूर्यबहादुर कार्कीले ०६६ कात्तिक २२ गते जिल्ला प्रहरी कार्यालयमा कार्यरत प्रहरीविरुद्ध कुटपिटको आरोपमा मुद्दा दायर गरे। जिल्ला प्रहरीका सई ३५ वर्षीय मुनिन्द्र थापाको आदेशमा असई ३४ वर्षीय बुद्धि चौधरीसमेतका दुई जनाले ०६६ कात्तिक २१ गते बिहान २ बजे पीडितको घरमै बुट र मुक्काले हिर्काएको पीडित कार्कीले बताए। भिन्नै घटनाका आरोपी सूर्यबहादुरका छोरा १८ वर्षीय बचन कार्कीलाई गिरफ्तार गर्न आएका प्रहरी र कार्की परिवारबीचमा विवाद भएपछि आक्रोसित प्रहरीले उनलाई पक्रन खोज्दा उनीमाथि कुटपिट भएको थियो। एसपी ज्ञानविक्रम शाहको 'सम्बन्धित व्यक्तिबाहेक अन्यलाई पक्राउ नगर्नू' भन्ने आदेशपछि उनलाई तत्काल छोडिएको थियो। पीडित कार्कीको ढाड, कम्मरमा नीलडाम परेको थियो। कुटपिट गर्ने प्रहरीविरुद्ध उजुरी दर्तापछि उनको २२ गते नै भरतपुर अस्पतालमा घाउ जाँच गराइएको थियो।

एकीकृत माओवादीबाट

नेपाली काङ्ग्रेसका तर्फबाट बछौली गाविसस्थित मृगकुञ्ज मध्यवर्ती क्षेत्र समितिको निर्वाचनका उम्मेदवार बछौली गाविस-९ का ५५ वर्षीय धर्मराज खतिवडालाई ०६५ माघ ११ गते माओवादीका कार्यकर्ताहरूले उम्मेदवारी दर्ता नगर्न धम्की दिए।

जुटपानी गाविस-९ का ३१ वर्षीय सरोज गुरुङलाई ०६५ माघ १६ गते एकीकृत माओवादीका कार्यकर्ताहरूले सामुदायिक वनको निर्वाचनमा माओवादीको उम्मेदवारलाई अध्यक्षमा समर्थन गर्न र उम्मेदवारी फिर्ता लिन दबाव दिँदा वादविवाद भई गुरुङसमेत ६९ वर्षीय पृथ्वीबहादुर राई, ५५ वर्षीय नन्दलाल श्रेष्ठ, ६० वर्षीया पद्मा गुरुङलाई माओवादीका कार्यकर्ताहरूले कुटपिट गरे। माओवादीका जुटपानी इन्चार्ज पासाङको नेतृत्वमा राती बा.६च.

बेवारिसे बम विस्फोटनबाट घाइते भएका कुमार राई

Central Region:Layout 1 2/11/2010 10:27 AM Page 289

२४१४ नम्बरको गाडी र २० भन्दा बढी मोटरसाइकलमा आएका माओवादी कार्यकर्ताहरूले लाठीले कुटपिट गरेको पीडितहरूले बताए। नन्दलालको टाउकोमा सात टाँका लगाइएको, पदमकुमारीको करङमा दख्खल तथा शरीरमा नीलडाम परेको, हर्कबहादुरको देब्रे कानमा चोट लागेको थियो। घाइतेहरूलाई प्रहरीले राती नै घटनास्थलबाट उद्धार गरेपछि रत्ननगर नपा-१ टाँडीस्थित कामना अस्पतालमा र पछि भरतपुर अस्पतालमा उपचार भयो। पीडकलाई कुनै कारबाही भएन।

वाईसीएलबाट

शिवनगर गाविस-२ निवासी नेकपा एमालेका कार्यकर्ता ४५ वर्षीय ईश्वर थापा र सोही गाविस-३ गणेशगञ्जका ४० वर्षीय खेमलाल कँडेललाई ०६५ चैत ११ गते राती शिवनगर गाविस-२ जयनगरका वाईसीएलका गाविसका इन्चार्ज २५ वर्षीय प्रेमबहादुर थापाको नेतृत्वमा दुईओटा मोटरसाइकलमा आएका चार जनाको समूहले टाउकोमा खुकुरीले प्रहार गऱ्यो। माओवादीका गाविस इन्चार्ज बाबुराम दाहालको घरमा सोही पार्टीले आयोजना गरेको दुई दलका प्रतिनिधिहरूको बैठकमा प्राथमिक स्वास्थ्य केन्द्र व्यवस्थापन समिति गठनसम्बन्धी छलफलमा दुवै दलले अध्यक्ष पदको दावी नछोडेपछि बिनानिष्कर्ष सकिएको बैठकबाट घरतर्फ साइकलमा जाँदै गर्दा सोही गाविस-५ स्थित खगेरी नहर शाखा नं. ६ को बीचको नहरको डिलमा एकीकृत माओवादीसँग निहुँ खोज्ने भन्दै खुकुरीले प्रहार गरेको पीडितहरूले बताए। पहिलो मोटरसाइकलमा आएका व्यक्तिले ईश्वर थापालाई प्रहार गरेपछि प्रेम थापाले खेमलाल कँडेललाई प्रहार गरे। आक्रमणबाट खेमलालको दाहिने कानमा र ईश्वरको टाउकोको पछाडि भागमा चोट लागेको थियो। पीडितहरूको भरतपुर अस्पतालमा उपचार भयो।

माओवादीको कुटपिटबाट घाइते भएका ठाकुर विष्ट

शिवनगर गाविस-८ का ३५ वर्षीय विष्णु थापालाई नारायणी विद्या मन्दिर उच्च माध्यमिक विद्यालयको अभिभावक भेलामा विद्यालय बन्द गराउन हुँदैन भनेको आरोपमा ०६६ मङ्सिर १३ गते सोही गाविसका वाईसीएल कार्यकर्ता प्रेमबहादुर थापा मगरले कुटपिट गरे। उनलाई आफ्नो भनाइप्रति माफीसमेत मगाए।

अनेरास्ववियुबाट

भरतपुर नपा-१० स्थित वीरेन्द्र बहुमुखी क्याम्पस परिसरमा अनेरास्ववियु (क्रान्तिकारी)का जिल्ला अध्यक्ष २५ वर्षीय नारायण न्यौपानेलाई ०६५ माघ २९ गते अनेरास्ववियु समर्थक दुई विद्यार्थीलाई कान समातेर उठ्बस गराएको भन्दै अनेरास्ववियुका कार्यकर्ताले कुटपिट गरे। सो घटनामा युथफोर्सका कार्यकर्ताहरूको समेत संलग्नता रहेको अखिल क्रान्तिकारीले आरोप लगायो। पीडकलाई कुनै कारबाही भएन।

पदमपुर गाविस-१ निवासी अनेरास्ववियु (क्रान्तिकारी)का केन्द्रीय सदस्य २६ वर्षीय लालबहादुर तामाङलाई ०६५ फागुन १ गते अनेरास्ववियुका कार्यकर्ताले वीरेन्द्र बहुमुखी क्याम्पसको चौरमा उभिरहेको बेला ईंटाले टाउकोमा हिर्काए। उनको टाउकोमा चोट लागेको थियो। पीडकलाई कुनै कारबाही भएन। वीरेन्द्र र सप्तगण्डकी बहुमुखी क्याम्पसमा दुई अनेरास्ववियुका विद्यार्थीहरूको झडप नियन्त्रण गर्न गएको वडा प्रहरीको बा.१प. ७४३२ नम्बरको गाडीमा समेत उनीहरूले तोडफोड गरेको वडा प्रहरी इन्चार्ज सञ्जयसिंह थापाले बताए।

अनेरास्ववियु (क्रान्तिकारी)बाट

वीरेन्द्रनगर गाविस-२ निवासी जनआदर्श बहुमुखी क्याम्पसमा बीबीएस दोस्रो वर्षमा अध्ययनरत सोही क्याम्पसका अनेरास्ववियु प्रारम्भिक कमिटीका अध्यक्ष २१ वर्षीय कृष्ण भण्डारीलाई ०६५ माघ १३ गते सोही गाविस-४ निवासी अनेरास्ववियु (क्रान्तिकारी)का २० वर्षीय जयराम गोतामे, २० वर्षीय आनन्द पाठकसमेतको चार जनाको समूहले कक्षाकोठाभित्र अनेरास्ववियुको छलफल कार्यक्रम चलाउँदै गर्दा कुटपिट गऱ्यो।

भरतपुर नपा-२ निवासी अनेरास्ववियुका जिल्ला अध्यक्ष २५ वर्षीय अनोज जोशीलाई ०६५ माघ १५ गते अनेरास्ववियु (क्रान्तिकारी)का जिल्ला कोषाध्यक्ष खैरहनी गाविस-६ का २५ वर्षीय हरिहर

Central Region:Layout 1 2/11/2010 10:27 AM Page 290

शर्मा, वीरेन्द्रनगर गाविस-५ का २६ वर्षीय सुदीप गिरी र सोही गाविस-२ का ३० वर्षीय तारकेश्वर सिंहले कुटपिट गरे।

भरतपुर नपा-११ निवासी अनेरास्वियुका कार्यकर्ता रवीन सापकोटालाई ०६५ फागुन १ गते अनेरास्वियु (क्रान्तिकारी)का जिल्ला कोषाध्यक्ष रूद्र भट्टराईको नेतृत्वमा बालकुमारी क्याम्पसबाट परीक्षा दिएर फर्कदै गर्दा भरतपुर नपा-१०, सिनर्जी चोकमा ईंटाले हिर्काए। उनको भरतपुर अस्पतालमा उपचार भयो। पीडकलाई कुनै कारवाही भएन।

भरतपुर नपा निवासी वीरेन्द्र बहुमुखी क्याम्पसमा अध्ययनरत नेविसङ्घका कार्यकर्ता २४ वर्षीय धनबहादुर राना मगरलाई ०६५ चैत ३ गते आफ्नो सङ्गठनले आयोजना गरेको कार्यक्रम भाँड्न खोजेको आरोपमा अनेरास्वियु (क्रान्तिकारी) समर्थक विद्यार्थीहरूले सोही क्याम्पसबाट नारायणगढतर्फ जादै गर्दा कुटपिट गरे। कुटपिटबाट उनको टाउको, दाहिने पञ्जा र पिठ्यूँमा नीलडाम परेको थियो। उनको चितवन मेडिकल कलेज शिक्षण अस्पताल भरतपुरमा उपचार भयो।

भरतपुर नपा-१० स्थित मैयादेवी कन्या कलेज स्वबियुका लागि नेविसङ्घका तर्फबाट उपाध्यक्ष पदका उम्मेदवार कल्याणपुर गाविस-४ घर भई भरतपुर नपा-१० का २१ वर्षीया नर्मदा दाहाल, सोही क्याम्पसमा अध्ययनरत भरतपुर नपा-१० का नेविसङ्घका जिल्ला सदस्य एवम् सोही क्याम्पस एकाइ उपाध्यक्ष २१ वर्षीया सविना न्यौपाने, सोही क्याम्पसमा नेविसङ्घका तर्फबाट स्वबियु सचिवका उम्मेदवार १८ वर्षीया परीक्षा पौडेल, सोही क्याम्पसमा अध्ययनरत नेविसङ्घ समर्थकहरू २० वर्षीया सविना भुसाल, १८ वर्षीया शारदा संग्रौला, प्रतीक्षा सापकोटा र लक्ष्मी लामिछानेलाई ०६५ चैत ३ गते रामपुरबाट फर्कदै गर्दा कुटपिट गरे। अनेरास्वियु (क्रान्तिकारी)का कार्यकर्तालाई रामपुर क्याम्सपमा कुटपिट गरेको आरोपमा अनेरास्वियु (क्रान्तिकारी)का कार्यकर्ताहरूले कुटपिट गरे। घाइते सबैको भरतपुरस्थित चितवन मेडिकल कलेजमा उपचार भयो।

नेविसङ्घबाट

भानु गाविस-५, तनहुँ जिल्ला निवासी कृषि तथा पशु विज्ञान अध्ययन संस्थान रामपुरमा अध्ययनरत अनेरास्वियु (क्रान्तिकारी)का कार्यकर्ता १८ वर्षीय बृजेश मिश्रलाई ०६५ चैत ३ गते आफ्ना कार्यकर्तामाथि कुटपिट गरेको आरोपमा नेविसङ्घका कार्यकर्ताहरूले कुटपिट गरे। 'हामीलाई कुटपिट गर्ने यो पनि हो' भन्दै बालकुमारी क्याम्पसबाट गएको नेविसङ्घको १० जनाको समूहले कुटपिट गरेको पीडितले बताए। उनको टाउकोको पछाडिको भाग र ढाडमा चोट लागेको थियो। उनको मेडिकल कलेज शिक्षण अस्पताल भरतपुरमा उपचार भयो।

ताम्सालिङ संयुक्त सङ्घर्ष समितिबाट

नारायणगढ चोकमा ०६६ जेठ २४ गते नेपाल तामाङ संयुक्त सङ्घर्ष समितिले आयोजना गरेको बन्दको समाचार सङ्कलन गर्न गएका सञ्चारकर्मीहरूलाई बन्दकर्ताहरूले दुर्व्यवहार गरे। *सिनर्जी एफएम*मा कार्यरत सञ्चारकर्मीहरू नकुल अर्याल र प्रवेशकिरण अधिकारी चढेको ना.३प. ४०४ नम्बरको मोटरसाइकल बन्दकर्ताहरूले नारायणगढको लायन्स चोकमा नियन्त्रणमा लिएर गालीगलौज गर्दै तोडफोडसमेत गरेको पीडितहरूले बताए। नेपाल पत्रकार महासङ्घ र प्रेस युनियन चितवनले ०६६ जेठ २४ गते सञ्चारकर्मीमाथि भएको दुर्व्यवहारको भर्त्सना गर्दै दोषीमाथि कारवाही माग गर्दै प्रेस विज्ञप्ति प्रकाशन गऱ्यो।

गैरकानुनी गिरफ्तारी

कठार गाविस-७ निवासी १४ वर्षीय मिलन बर्देवा, १७ वर्षीय हेमन्त बर्देवा, १६ वर्षीय अशिम बर्देवा, १५ वर्षीय वसन्त बर्देवा र २० वर्षीय मिलन बर्देवा र हाँडीखोला गाविस मकवानपुर निवासी २२ वर्षीय दीपक सुनारलाई ०६६ असार २४ गते बाटो खोल्ने विवादमा कुटपिट गरेको आरोपमा एकीकृत माओवादी र एमालेका कार्यकर्ताहरूले नियन्त्रणमा लिएर इलाका प्रहरी कार्यालय खैरहनीमा बुझाए। उनीहरूलाई पाँच दिनसम्म सो कार्यालयको हिरासतमा बिनापुर्जी राखियो। 'सल्लाह गरेर आउँछौं, जिल्ला नपठाउनूस्' भनेर दुवै पक्षको अनुरोधमा त्यत्तिकै राखिएको तर छलफल र मेलमिलाप गर्ने भन्दै जाँदा विलम्ब भएको इलाका प्रहरी कार्यालय, खैरहनीका सई भरत दुराले बताए। पीडितहरूलाई हिरासतबाट छुटाएर लगेमा वाईसीएलका कार्यकर्ता तारकेश्वर सिंहले गाउँमै कुटपिट गर्ने धम्की दिएकाले घर लान नसकेको मिलन बर्देवाकी आमा फूलमाया बर्देवाले बताइन्। बर्देवा परिवार र अन्य गाउँलेहरूका बीचमा विवाद भएपछि सोही ठाउँ निवासी माओवादीका स्थानीय नेता कृष्ण अर्याल, सीताराम अर्याल, एमालेका स्थानीय कार्यकर्ता झम्क आचार्यसमेत युवाहरूबाट कुटिएका थिए।

अभिव्यक्ति, भेला हुने र सङ्गठित हुने अधिकार
(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

रत्ननगर नपा-४ की ३५ वर्षीया लक्ष्मी चौधरी, सोही ठाउँकी ४० वर्षीया शारदा चौधरी, सोही ठाउँका २० वर्षीया जुर्मती चौधरी, सोही नपा-१ की ३० वर्षीया सिर्जना चौधरी, बछौली गाविस-३ की २६ वर्षीया जानकी चौधरीलाई खैरहनी गाविस-४ पर्सा बजार र रत्ननगर नपा-१ टाँडीका विभिन्न स्थानबाट ०६५ फागुन २३ गते दिउँसो २ बजे र गर्दी गाविसकी १९ वर्षीया मुना चौधरी, २० वर्षीया अस्मिता चौधरी, १८ वर्षीया कविता महतो, १८ वर्षीया अमृता महतो, आशा महतो र उषा महतोलाई थारु समुदायको आन्दोलनका क्रममा भरतपुर नपा-१० जिल्ला प्रहरी कार्यालयनजिकबाट प्रहरीले गिरफ्तार गऱ्यो। उनीहरू सबै सोही राती जिल्ला प्रहरी कार्यालयको हिरासतबाट रिहा भए।

नारायणी कला मन्दिर परिसरमा नेपाली काङ्ग्रेसका वरिष्ठ नेता शेरबहादुर देउवा, सिँचाइ मन्त्री बालकृष्ण खाँण र युवा नेता गगन थापालाई ०६६ कात्तिक २० गते एकीकृत माओवादीका कार्यकर्ताले लाठी र ढुङ्गाले आक्रमण गरे। तरूण दलको ५६ औँ स्थापना दिवसमा सहभागी हुन आएका उनीहरूलाई लक्षित गरी एकीकृत माओवादीले आक्रमण गरेको नेपाली काङ्ग्रेस चितवनले बतायो। भरतपुरस्थित रोयल सेञ्चुरी होटलबाट देउवा सवार बा.६च. १०२५ गाडी कला मन्दिर प्रवेश गर्न लाग्दा विरोध प्रदर्शनमा सहभागी माओवादी कार्यकर्ताले प्रहरीको घेरा तोडी आक्रमण गरेपछि प्रहरीले बल प्रयोग गरेका थिए। त्यसपछि उनीहरूले ढुङ्गा प्रहार गर्दा गाडीका झ्याल, पछाडि र अगाडिका सिसा फुटेका थिए तर उनलाई चोटपटक भने लागेन। देउवा कार्यक्रमस्थल प्रवेश गरेपछि एकीकृत माओवादीका कार्यकर्ताले कला मन्दिरबाहिरबाट २० मिनेट जति ढुङ्गा हानेका थिए भने प्रतिकारमा काङ्ग्रेस कार्यकर्ताले समेत केहीबेर ढुङ्गा हानेका थिए। सो झडपका क्रममा तरूण दलका कार्यकर्ता काङ्ग्रेस मेघौली गाउँ समितिका कोषाध्यक्ष ४३ वर्षीय ठाकुर विष्टको अनुहारमा गम्भीर चोट लागेको थियो भने गोपाल देवकोटा, गोपी गुरुङ, विपीन राई र मञ्जित लामासमेत सामान्य घाइते भए। त्यसलगत्तै ३०/४० जनाको माओवादी कार्यकर्ताको समूहले कार्यक्रमस्थलभन्दा केही परको घरमा साथीहरूसित रहेका गगन थापालाई आक्रमणको प्रयास गर्दा घरभेटीले गेटमा ताला लगाएर उनलाई जोगाएकी थिइन्। तर, उनी बाहिर नआएको भन्दै आक्रोसित माओवादी कार्यकर्ताहरूले नेविसङ्घ जिल्ला अध्यक्ष जीतनारायण श्रेष्ठको बा.२०प. २६२९ नम्बरको मोटरसाइकलमा क्षति पुऱ्याए। थापालाई प्रहरीले उद्धार गरेको थियो। त्यस्तै नारागणगढ बजारमा रहेका माओवादी कार्यकर्ताले तरुण दलका पूर्व जिल्ला अध्यक्ष शम्भु अर्यालको ग.१च. ४५३० नम्बरको अल्टोकारमा समेत ढुङ्गा हानेर क्षति पुऱ्याए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष चितवन जिल्ला अदालतमा देवानीतर्फ ४ सय ५६ थान र फौजदारीतर्फ ४ सय ४५ थान गरी ९ सय १ थान मुद्दाहरू परेकामा देवानीतर्फ १ सय ५३ थान र फौजदारी २ सय ११ थान गरी ३ सय ६४ थान मुद्दाहरू फैसला भए भने फैसला हुन बाँकी मुद्दाहरू ६ सय ३७ थान रहेका छन्। गत वर्षदेखि बाल इजलास सुरु गरिएको भए पनि अहिलेसम्म एउटा पनि मुद्दा परेको छैन। बालमनोविज्ञ र समाजसेवीका प्रतिनिधिहरूलाई तालिम दिलाइसकिए पनि उनीहरूले बाल इजलासमा काम पाएका छैनन्।

बालअधिकार

पटीहानी गाविस-६ की ११ वर्षीया एक बालिकालाई ०६६ मङ्सिर १९ गते गीतानगर गाविस-६ स्थायी घर भई फूलबारी गाविस-६ स्थित पीडितकै घरमा डेरा गरी बस्ने ३१ वर्षीय धनबहादुर बिकले साइकल सिकाउने प्रलोभनमा पीडितकै कोठामा बलात्कार गरेको आरोपमा विकलाई मङ्सिर २१ मा पक्राउ गरिएकामा वर्षको अन्त्यसम्म प्रहरी हिरासतमा छन्।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार पारिवारिक हिंसा

यस वर्ष चितवन जिल्ला प्रहरी कार्यालयमा २८ ओटा पारिवारिक हिंसाका घटना अभिलेख गरिएका छन् । जसमध्ये एउटा हत्याको घटनासमेत रहेको छ।

भरतपुर नपा-११, गणेशस्थानकी ४२ वर्षीया विष्णुमाया परियारलाई ०६६ कात्तिक १७ गते पति ५० वर्षीय बाबुराम परियारले बञ्चरोले टाउकोमा हानेर हत्या गरे। पतिपत्नी दुवैले मदिरा सेवन गरेको बेला दाउरा चिर्दै गरेको बेला चुरोट माग्दा 'मुढो चिर्ने ढङ्ग छैन, के चुरोट माग्छेस्' भन्दै बञ्चरोले हिर्काएपछि घटनास्थलमा नै उनको मृत्यु भएको थियो। पीडकलाई सोही दिन प्रहरीले पक्राउ गरेकामा मङ्सिर ७ गतेदेखि पुर्पक्षका लागि जिल्ला कारागार भरतपुरमा राखिएको छ।

Central Region:Layout 1 2/11/2010 10:27 AM Page 292

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

पदमपुर गाविस-९ स्थित खाली जग्गा ओगटेर बस्दै आएका सुकुमवासीहरूका घरटहरा ०६५ फागुन ९ गते स्थानीय प्रशासनले भत्काएर उनीहरूलाई सो ठाउँबाट हटायो। मकवानपुर, धादिङ, गोर्खालगायतका जिल्ला तथा चितवनका विभिन्न ठाउँहरूबाट आई उनीहरू जग्गा कब्जा गरी बसेका थिए।

मङ्गलपुर गाविस-४, ५, ६ र ८ स्थित सुमित खेतानको २० बिघा जग्गामा एकीकृत माओवादीले ०५९ सालदेखि बसोबास गराएका साढे ७ सय घरपरिवारमा रहेका सुकुमवासीहरूलाई सो ठाउँबाट उठाउन ०६६ असार २१ गते जिल्ला प्रशासन कार्यालयमा भएको माओवादीसहितको सर्वदलीय बैठकको निर्णय अनुसार जिल्ला प्रशासन कार्यालयले असार २८ गते सूचना टाँस गरेपछि उनीहरूले अर्को विकल्प नभएसम्म आफूहरू सो ठाउँबाट नउठ्ने र उठाउन खोजे आन्दोलन गर्ने चेतावनी दिए।

मङ्गलपुर गाविस-५ मा जग्गा कब्जा गरी बसेका देव गुरुङ, शेरबहादुर परियार, झगराबहादुर वाग्ले, विनोद परियार, सरस्वती परियार, मानकुमारी गुरुङ, मीरा रानामगर, देवी नेपाली, रामकुमारी विक, नरमाया विक, कृष्णबहादुर परियार, दामोदर थापा, सन्तबहादुर गुरुङ, विमला श्रेष्ठ, सुमन परियार, किसन पाण्डे, झलक परियार, खोपबहादुर सुनार, सूर्यबहादुर थापा, दीपक विक, हीरालाल विक, कृष्ण विक, ठाकुर विक र प्रकाश विकलाई ०६६ कात्तिक १६ गते प्रहरीले मङ्गलपुर गाविस-४, ५, ६ र ८ स्थित सुमित खेतानको २० बिघा जग्गा कब्जा गरी बसेको आरोपमा सोही स्थानबाट पक्राउ गरे। सुकुमवासीहरूका प्रतिनिधिहरूसँग स्थानीय प्रशासनको वार्तापछि सो बस्ती खाली गर्ने सर्तमा उनीहरूलाई प्रहरीले सोही स्थानमा लगेर छोडिदियो।

संरचना, सम्पति क्षति

थारू समुदायबाट

थारू समुदायका प्रतिनिधिहरूद्वारा ०६५ फागुन २२ गते आयोजना गरिएको बन्द कार्यक्रममा १६ ओटा सवारी साधनहरू तोडफोड गरिए। जसमा १० ओटा ट्रक, चारओटा बस, एउटा ट्याक्टर र एउटा एम्बुलेन्स थिए। पदमपुरबाट भरतपुर जाने बाटोमा पाँचओटा मोटरसाइकल तोडफोड गरेको स्थानीय बासिन्दाले बताए।

ताम्सालिङ संयुक्त सङ्घर्ष समितिबाट

ताम्सालिङ संयुक्त सङ्घर्ष समितिले ०६६ साउन ७ गते आह्वान गरेको बन्दको अवज्ञा गरेको भन्दै उनीहरूले एउटा बस, तीन ट्रक र चार मोटरसाइकल गरी आठओटा सवारी साधन तोडफोड गरे।

सौराहा चोकमा तामाङ राष्ट्रिय मुक्ति मोर्चाले प्रधानसेनापति प्रकरणमा राष्ट्रपतिको कदमको विरोध तथा ताम्सालिङ स्वायत्त प्रदेशको माग गर्दै ०६६ साउन ७ गते गरेको बन्दका क्रममा भारतीय नम्बर प्लेटको भ्यान प्रदर्शनकारीले तोडफोड गरे। बन्दकर्ताले रत्ननगर नगरपालिकाको वकुल्लहर चोकमा एउटा मोटरसाइकल जलाए। पोखराबाट पर्सा जाँदै गरेको ग.३प. ६०७३ नम्बरको मोटरसाइकल बन्दको अवज्ञा गरी चलाएको भन्दै प्रदर्शनकारीले जलाएका थिए। मोटरसाइकलमा सवार दुई जनालाई प्रदर्शनकारीले कुटपिटसमेत गरेका थिए।

नेविसङ्घबाट

वीरेन्द्र बहुमुखी क्याम्पसको प्रशासकीय भवनका तीनओटा कोठामा ०६५ चैत ८ गते राती नेविसङ्घ समर्थक एक समूहले सुरक्षा गार्ड भरतपुर नपा-११ का ३६ वर्षीय गोपाल चालिसे र २६ वर्षीय बालकृष्ण चौलागाईंलाई नियन्त्रणमा लिएर पेट्रोल छर्केर आगो लगायो। स्ववियु निर्वाचनको परिणाम अस्वीकार गर्न भन्दै निर्वाचनको लगत्तै सो सङ्गठनले जिल्लाका ११ ओटा क्याम्पसहरूमा अनिश्चितकालीन बन्दको आह्वान गरेको थियो। बालकुमारी बहुमुखी क्याम्पसमा ०६५ चैत १२ गते अनेरास्वविधुको संयुक्त प्यानल समर्थक विद्यार्थीहरूले कक्षा सञ्चालन नगरिएको भन्दै भौतिक सामग्रीहरू जलाएका थिए।

वाईसीएलबाट

नारायणगढका व्यापारी सत्यनारायण श्रेष्ठको ६ सय बोरा चिनी ०६६ भदौ ८ गते वाईसीएल कार्यकर्ताले कब्जामा लिएर सर्वसाधारणलाई वितरण गऱ्यो। चिनी कब्जा गर्ने कार्यमा संलग्न भएको भन्दै सो सङ्गठनका अध्यक्ष प्रकाश खनाल, उपाध्यक्ष सशक्तशरण गोले, क्षेत्र नम्बर १ का सचिव सङ्गीता भट्टराई र वाईसीएलका कार्यकर्ता तारकेश्वर सिंहलाई सोही दिन बिहान प्रहरीले वीरेन्द्रनगर गाविस-२, खुरखुरेबाट गिरफ्तार गऱ्यो। गिरफ्तारीको विरोधमा सो सङ्गठनले नारायणगढ, टाँडी, पर्सा, भण्डारालगायतका चोकचोकमा यातायात अवरूद्ध गऱ्यो। जिल्ला प्रशासन कार्यालयमा भएको वार्तापछि सो चिनी सक्कली ठहरिए एकीकृत माओवादीले फिर्ता गर्ने सहमतिपछि उनीहरू रिहा भए।

Central Region:Layout 1 2/11/2010 10:27 AM Page 293

अखिल नेपाल किसान सङ्गठनबाट

एकीकृत माओवादीको भ्रातृसङ्गठन अखिल नेपाल किसान सङ्गठन २००७ ले ०६६ कात्तिक २३ गते 'विशेष सूचना' जारी गरी मुद्दाको कानुनी हल नहुन्जेल पशुपति फर्म प्रालि र भगवती फार्म प्रालिका नाममा रहेको १८ बिघा १५ कट्ठा जमिन किनबेच नगर्न/नगराउन सूचना जारी गऱ्यो।

एकीकृत माओवादीबाट

कुमरोज गाविस-६, जनकपुरस्थित पुमोरी एग्रो प्रालिको कार्यालय कब्जा गरी ०६६ मङ्सिर ८ गते एकीकृत माओवादीका कार्यकर्ताहरूले सो कार्यालयमा रहेको अन्नपात, कार्यालय सामग्री र फर्निचर लुटेर लगे। सो सङ्गठनले सोही कार्यालयमा एक हप्ते प्रशिक्षण सम्पन्न गरेको थियो।

एकीकृत माओवादीका कार्यकर्ताहरूले ०६६ पुस ५ गते बन्दको अवज्ञा गरेको भन्दै नारायणगढको पुल्चोकमा बा.१ख. ८२५४ ट्रकको सिसा फुटाएको प्रत्यक्षदर्शीले बताए।

जिल्ला स्वास्थ्य सेवाको अवस्था

यस जिल्लामा एक जिल्ला अस्पताल, एक क्यान्सर अस्पताल, एक आँखा अस्पताल, एक जिल्ला आयुर्वेदालय र जिल्ला जनस्वास्थ्य कार्यालयसमेत गरी पाँचओटा जिल्लास्तरका अस्पतालहरू रहेका छन् भने निजीस्तरबाट सञ्चालित मेडिकल कलेज शिक्षण अस्पताल र चितवन मेडिकल कलेजजस्ता ठूला तथा १५ ओटा निजी अस्पतालहरू रहेका छन्। जिल्ला जनस्वास्थ्य कार्यालयको यस जिल्लामा प्राथमिक स्वास्थ्य केन्द्र चार, स्वास्थ्य केन्द्र पाँच, सब हेल्थपोस्ट ३१, गाउँघर क्लिनिक १ सय ४४ र खोप क्लिनिक २ सय ३७ रहेका छन्। महिला स्वास्थ्य स्वयम्सेवीको सङ्ख्या ४ सय ५ रहेको छ। जिल्ला जनस्वास्थ्य कार्यालयमा विभिन्न पदका लागि ३७ दरबन्दी रहेकामा ३५, प्राथमिक स्वास्थ्य केन्द्रमा ४८ दरबन्दी रहेकामा ४६, स्वास्थ्य चौकीहरूमा ४१ दरबन्दी रहेकामा ३६ उपस्वास्थ्य चौकीहरूमा १ सय २४ दरबन्दी रहेकामा १ सय ११ मात्र पदपूर्ति गरिएको छ।

२.११ मकवानपुर

जनसङ्ख्या : ४,६७,९९६
साक्षरता प्रतिशत : ७५
महिला साक्षरता प्रतिशत : ६०
क्षेत्रफल (वर्ग कि. मि.) : २,४२६
गाविस/नपा सङ्ख्या : ४३/१
सरकारी/निजी विद्यालय : ५१२/४४
क्याम्पस/उच्च मा.वि. : ५/२२
अस्पताल/स्वास्थ्य चौकी : १/४४
मानव विकास सूचकाङ्कः ०.४७०
प्रतिपरिवार सरदर सङ्ख्याः ६

गोली/विस्फोटक पदार्थद्वारा घाइते राज्यबाट

रौतहट चन्द्रनिगाहपुर-१ निवासी ३६ वर्षीय कृष्ण साही र रौतहट जुडीबेला गाविस-३ का ३० वर्षीय राजु केसीलाई ०६६ जेठ ३१ गते राती चुरियामाई गाविस-२ स्थित राजमार्गको लच्कामा मोटसाइकल चोरेर भाग्दै गरेको आरोपमा मकवानपुर जिल्ला प्रहरी कार्यालयको गस्ती टोलीमा संलग्न प्रहरीले गोली प्रहार गरी घाइते बनाई गिरफ्तार गऱ्यो। घाइतेहरूको उपचार काठमाडौँमा प्रहरीले गऱ्यो।

जेल र बन्दीहरू

भीमफेदीमा रहेको जिल्ला कारागार 'घ' श्रेणीको हो। यस वर्षको अन्त्यसम्ममा यस कारागारमा कैद तोकिएका ३१ जना बन्दी र कैद नतोकिएका ३२ जना थुनुवा छन्। महिला बन्दी गृह जीर्ण भएकाले ०६५ कात्तिक महिनादेखि महिला बन्दी राख्न छाडिएको छ। यहाँका महिला बन्दीलाई वीरगञ्ज कारागारमा पठाउने गरिएको छ।

घटनाको प्रकार	गैर राज्यबाट							राज्यबाट		
	अन्यबाट				एकीकृत माओवादीबाट					
	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा	घटना सङ्ख्या	पुरुष	जम्मा	घटना सङ्ख्या	पुरुष	जम्मा
घाइते	४	३	१	४				१	३	३
कुटपिट	३	३		३	१	१	१			
धम्की	१	३		३	१	३	३			
भेला/सङ्गठित हुने अधिकार								१	५	५
महिलाअधिकार	१३		१४	१४						
बालअधिकार	१५	१	१४	१५						
अपहरण	३	३		३						
जम्मा	३६	१०	३९	३९	३	३	३	३	६	६

धम्की/कुटपिट
एकीकृत माओवादीबाट

हेटौँडा नपा-८ निवासी नेकपा (एमाले)का कार्यकर्ता ३९ वर्षीय मोतीलाल तामाङलाई ०६६ वैशख ९ गते एकीकृत माओवादीका कार्यकर्ताले माओवादीको जुलुसमा ढुङ्गा हानेको आरोपमा कुटपिट गरे। एकीकृत माओवादीले पछि गल्ती भयो भनि विज्ञप्ति प्रकाशन गरेपछि दुवै पक्षबीच सहमति भई मिलापत्र भयो।

वाईसीएलबाट

सिस्नेरी गाविस निवासी एमाले निकट भ्रातसङ्गठन पिपुल्स भोलेन्टियर्सका केन्द्रीय सदस्य ३६ वर्षीय बुद्धिराम डिमडुङलाई ०६६ पुस ७ गते दिउँसो हेटौँडा बजारमा वाईसीएल कार्यकर्ताले कुटपिट गरे। पीडितको जिल्ला अस्पतालमा उपचार भयो। पीडितको टाउकोमा १२ टाँका लगाइएको थियो। पीडितले प्रहरीमा उजुरी गरे पनि आपसी सहमतिमा विवादको समाधान भयो।

अभिव्यक्ति, भेला हुने र सङ्गठित हुने अधिकार
(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

हेटौँडा नपा-६ का ३३ वर्षीय बालकृष्ण चौलागाईं, सोही नपा-४ का ३६ वर्षीय राजकुमार कायस्थ, सोही ठाउँका रामशरण कार्की, रवीन्द्र देउला र सतार अन्सारी ०६६ कात्तिक १० गते सोही नपा-१० स्थित क्षेत्रीय प्रशासन कार्यालय घेराउ गर्ने क्रममा मूलढोकामा धर्ना बसेका बेला प्रहरीले लाठीचार्ज गरी घाइते बनायो। पीडितहरूको जिल्ला अस्पतालमा उपचार भयो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस जिल्लामा पुनरावेदन र जिल्ला गरी दुईओटा अदालत छन्। पुनरावेदन अदालतमा गत वर्षको जिम्मेवारी सरेर आएका दुनियाँवादी देवानी १ हजार ५ सय १९ थान र यस वर्ष दर्ता भएका ६ सय २४ गरी २ हजार १ सय ४३ थान रहेकामा ६ सय ७५ थान फर्स्यौट भए। १ हजार ४ सय ६८ थान फर्स्यौट हुन बाँकी रहेका छन्। फर्स्यौट हुन बाँकी रहेकामध्ये दुई थान मुद्दा दुई वर्ष नाघेका छन्। दुनियाँवादी फौजदारी मुद्दामा १ सय ८९ थान जिम्मेवारी सरेर आएको छन् भने यस वर्ष दर्ता भएका १ सय ७० थान मुद्दा गरी ३ सय ५९ थान मुद्दा छन्। जसमध्ये १ सय ७० थान फर्स्यौट भए भने १ सय ८९ थान फर्स्यौट हुन बाँकी रहेका छन्। सरकारीवादी देवानी मुद्दा गत वर्षको जिम्मेवारी सरेर आएका १० थान र यस वर्ष दर्ता भएका पाँच गरी १५ थान मुद्दामा नौ थान फर्स्यौट हुन बाँकी रहे। सरकारवादी फौजदारीमा गत वर्षको जिम्मेवारी सरेर आएका २ सय ६९ र यस वर्ष दर्ता भएका २ सय २७ गरी ४ सय ७२ मुद्दामा २ सय ३२ थान फर्स्यौट भए भने २ सय ४० थान फर्स्यौट हुन बाँकी रहे। दुई वर्ष नाघेको एक थान मुद्दा छ। बन्दी प्रत्यक्षीकरणसम्बन्धी मुद्दा दर्ता भएनन्। आ.व. ०६६/६७ को अन्त्यसम्म जिम्मेवारी सरेर आएका १ हजार ५ सय १९ र यस वर्ष दर्ता भएका ६ सय २४

Central Region:Layout 1 2/11/2010 10:27 AM Page 295

थान गरी २ हजार १ सय ४३ मध्ये ६ सय ७५ थान मुद्दाको फैसला भयो भने १ हजार ४ सय ६८ थान फर्स्यौट हुन बाँकी रहेका छन्। गत आर्थिक वर्षमा दुई वर्ष नाघेका ७८ थान मुद्दा फर्स्यौट हुन बाँकी थिए भने यस वर्ष दुई थान मात्र फर्स्यौट हुन बाँकी रहे।

यसैगरी जिल्ला अदालतमा सरकारवादी र देवानी गरी यस वर्षको अन्त्यसम्ममा ४ सय ३६ थान मुद्दा रहेका छन्। १ सय ४३ थान फर्स्यौट भइसकेका छन् भने ३ सय २३ थान फर्स्यौट हुन बाँकी छन्। दुई वर्ष नाघेका कुनै पनि मुद्दा छैनन्। गत वर्षका २ सय ५१ थान मुद्दा जिम्मेवारी सरेर आएका थिए। यस वर्ष २ सय १५ थान मुद्दा दर्ता भए। जसमध्ये सरकारवादी फौजदारी १ सय ९० रहेका छन् भने देवानी २५ ओटा छन्। कुल मुद्दा ४ सय ६६ मध्ये १ सय ४३ थान मुद्दा फर्स्यौट भइसकेका छन् भने ३ सय २३ थान बाँकी छन्। जिल्ला अदालतमा बाल इजलास पनि रहेको छ, जसमा हालसम्म दुई थान मुद्दा परेका छन्।

बालअधिकार

जिल्ला शिक्षा कार्यालयबाट यस वर्षको अन्त्यसम्ममा प्राप्त तथ्याङ्क अनुसार जिल्लामा विद्यालय जाने उमेरका १ लाख २० हजार २ सय ४७ बालबालिकाहरू रहेका छन्। तीमध्ये १ लाख ७ हजार १५ जना बालबालिका विद्यालय जान्छन् अर्थात् ८९ प्रतिशत बालबालिका पढ्न जान्छन्। ११ प्रतिशत अर्थात् १३ हजार २ सय ३२ बालबालिका विद्यालय आउँदैनन्। ९१ हजार ३ सय ८५ बालबालिका सामुदायिक र संस्थागत विद्यालयमा पढ्छन् भने १५ हजार ६ सय ३० बालबालिका ईसीडीमा पढ्छन्।

हेटौँडा नपा-८ की १३ वर्षीया एक बालिकालाई ०६५ पुस १८ गते उनकै झड्केला बाबुले घरनजिकैको जङ्गलमा लगी बलात्कार गरे। पीडक यस वर्षको अन्त्यसम्म पुर्पक्षका लागि भीमफेदी जेलमा छन्।

भैंसे गाविस-३ की १४ वर्षीया एक बालिकालाई ०६५ चैत १० गते हेटौँडा नपा-३ का १८ वर्षीय राजेन्द्र लामाले घरमै बलात्कार गरेको आरोपमा पीडित पक्षले उजुरी दिएपछि आरोपितलाई प्रहरीले गिरफ्तार गरी पुर्पक्षका लागि भीमफेदी कारागारमा राखिएको छ।

हाँडीखोला गाविस-१ की १० वर्षीया एक बालिकालाई ०६६ वैशाख ३ गते ५१ वर्षीय नवराज रसाइलीले घरमै बलात्कार गरेको भनी पीडित पक्षले उजुरी दिएपछि आरोपितलाई प्रहरीले गिरफ्तार गरी पुर्पक्षका लागि भीमफेदी कारागारमा राखेको छ।

फापरबारी गाविस-३ की आठ वर्षीया एक बालिकालाई ०६६ वैशाख २९ गते सोही ठाउँका ५५ वर्षीय जितबहादुर स्याङ्तानले घरनजिकैको जङ्गलमा बलात्कार गरेको भनी पीडित पक्षले उजुरी दिएपछि आरोपितलाई प्रहरीले गिरफ्तार गरी पुर्पक्षका लागि भीमफेदी कारागारमा राखेको छ।

पदमपोखरी गाविस-१ की सात वर्षीया एक बालिकालाई ०६६ जेठ १७ गते सोही ठाउँका ३५ वर्षीय शत्रुघन कटवालले बलात्कार गरेको भन्दै उनलाई स्थानीय बासिन्दाले समाती प्रहरीमा बुझाए। आरोपित कटवाल यस वर्षको अन्त्यसम्म पुर्पक्षका लागि भीमफेदी कारागारमा रहेका छन्।

हेटौँडा नपा-१ की १३ वर्षीया एक बालिकालाई ०६६ असार २४ गते सोही नपा-२ का ६० वर्षीय रामबहादुर गुरुङले घरमै बलात्कार गरेको भनी स्थानीय बासिन्दाले समाती प्रहरीमा बुझाएकामा गुरुङ यस वर्षको अन्त्यसम्म पुर्पक्षका लागि भीमफेदी कारागारमा रहेका छन्।

फापरवारी गाविस-६ की १३ वर्षीया एक बालिकालाई ०६६ असार ३१ गते सोही ठाउँका २८ वर्षीय पेम्बा लामा र १८ वर्षीय राजु लामाले जङ्गलमा लगी बलात्कार गरेको भनी पीडित पक्षले उजुरी दिएपछि आरोपितहरूलाई प्रहरीले गिरफ्तार गरी भीमफेदी कारागारमा राख्यो। आरोपितमध्ये राजु लामा २ हजार रुपियाँ धरौटी राखी तारेखमा रिहा भएका छन्।

हेटौँडा नपा-३ स्थित एक होटलमा काम गर्ने १५ वर्षीया एक बालिकालाई ०६६ साउन १९ गते हटिया गाविस-५ का २५ वर्षीय सुलोक लामाले होटलमै बलात्कार गरेको भन्दै पीडित पक्षले उजुरी दिएपछि



कथित बोक्सीको आरोपमा छिमेकीद्वारा दुर्व्यवहार गरिएकी फूलमाया थिङ

Central Region:Layout 1 2/11/2010 10:27 AM Page 296

आरोपितलाई प्रहरीले गिरफ्तार गरी यस वर्षको अन्त्यसम्म पुर्पक्षका लागि भीमफेदी कारागारमा राखिएको छ।

हाँडीखोला गाविस-७ की १३ वर्षीया एक बालिकालाई ०६६ असोज २२ गते सोही ठाउँका २७ वर्षीय रामबहादुर थिङले घरनजिकैको जङ्गलमा बलात्कार गरेको भनी पीडित पक्षले उजुरी दिएपछि आरोपितलाई प्रहरीले गिरफ्तार गरी यस वर्ष पुर्पक्षका लागि भीमफेदी कारागारमा राखेको छ।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार बेचबिखन तथा ओसारपसार

बसामाडी गाविस-२ की २४ वर्षीया शोभा श्रेष्ठ, २० वर्षीया ठूलीमाया लामा र १६ वर्षीया एक बालिकालाई ०६६ वैशाख ६ गते पदमपोखरी गाविस-८ का ३६ वर्षीय चेतबहादुर तामाङले भारतको वेश्यालयमा लगेर बिक्री गरे। पीडितहरूमध्ये श्रेष्ठ एक महिनापछि वेश्यालयबाट भागेर हेटौँडा आएकी थिइन्। पीडक अहिले फरार छन्।

पारिवारिक हिंसा, बहुविवाह

चुरियामाई गाविस-१ की ३२ वर्षीया रामकुमारी वाइवालाई ०६६ साउन २ गते आफ्नै पति ३४ वर्षीय आइतराम जिम्वाले शरीरमा मट्टीतेल खन्याएर हत्या गर्ने प्रयास गरे। पीडितले छिमेकीको घरमा गएर ज्यान बचाएकी थिइन्। पीडकलाई माइती नेपाल हेटौँडाको सहयोगमा प्रहरीले गिरफ्तार गरी पत्नीसँग माफी मगाएर रिहा गरेको थियो।

कालीकाटार गाविस-७ की २९ वर्षीया सुन्तली माया थिङलाई ०६६ साउन ७ गते उनका पतिले विभिन्न किसिमको आरोप लगाएर कुटपिट गरी दाहिने हात भाँचिदिए। पीडितको उपचार छिमेकीको सहयोगमा हेटौँडा अस्पतालमा भयो भने पीडकलाई प्रहरीले गिरफ्तार गरी एक हप्तासम्म थुनामा राखी पत्नीसँग माफी मगाएर रिहा गऱ्यो।

बसामाडी गाविस-७ की २४ वर्षीया सुभद्रा न्यौपानेलाई ०६६ असोज १२ गते छोरा नपाएको भन्दै उनका पति २६ वर्षीय गोविन्द न्यौपाने र सासू ४९ वर्षीय अनिता न्यौपानेले कुटपिट गरी घरबाट निकाले। पीडित तीन महिनापछि छिमेकीको सहयोगमा घरमा आएर बसेकी छन्।

यस वर्षको अन्त्यसम्म जिल्लामा ४६ वटा घरेलु हिंसाका मुद्दा जिल्ला अदालतमा दर्ता भएका छन्। गत वर्षको जिम्मेवारी सरेर आएका २४ थान र अहिले दर्ता भएका २० थान छन्। तीमध्ये २६ थान फर्स्यौट भइसकेका छन् भने २० थान बाँकी छन्। हिंसाका कारण महिला अंशसहित सम्बन्धविच्छेदका लागि महिलाले अदालतमा मुद्दा दायर गर्ने गरेका छन्। घरेलु हिंसाका कारण नै सम्बन्धविच्छेदको मुद्दा दर्ता हुने गरेको छ। जिल्ला अदालतले बसामाडी गाविस-७ की सुन्तली न्यौपानेलाई पति गणेश न्यौपानेले कुटपिट गरेपछि उनले अदालतमा अंशसहितको सम्बन्धविच्छेदका लागि ०६६ वैशाख ११ गते अदालतमा निवेदन दिएकी थिइन्। अदालतले उनको माग अनुसार अंशसहित सम्बन्धविच्छेद गर्ने आदेश दिएको छ।

यस वर्ष जिल्लामा चारओटा बहुविवाहका घटना सार्वजनिक भए।

दुर्व्यवहार

नामटार गाविस-८ की ५५ वर्षीया फूलमाया थिङ र ५८ वर्षीय मोतीलाल थिङलाई बोक्सीको आरोपमा ०६६ असार ७ गते सोही ठाउँका २८ वर्षीय नैरो तामाङ लामासहितको समूहले दुर्व्यवहार गऱ्यो। पीडक नैरो तामाङ जिल्ला अदालतबाट १० हजार रुपियाँ धरौटी बुझाई तारेखमा रिहा भए। अन्य पीडकहरू हालसम्म फरार छन्।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

दैवीप्रकोपका कारण जिल्लामा बर्सेनि ३ सय ६१ परिवार सुकुमवासी बन्ने गरेका छन्। राज्य वा अन्य बाह्य पक्षबाट यस वर्ष सुकुमवासी बनेका छैनन्। तीन वर्षअघि सरकारले गरेको एक सर्वेक्षण अनुसार जिल्लाको ९४ प्रतिशत भूभाग जोखिममा रहेकाले बर्सेनि आउने बाढीपहिरोबाट थप ३ सय ६१ परिवार विस्थापित हुने क्रममा छन्। सात वर्षअघि सुकुमवासी आयोगले २ हजार ८ सय परिवार सुकुमवासी रहेको जनायो। त्यो सङ्ख्या अहिले बढेर करिब साढे ५ हजार रहेको अनुमान गरिएको छ। ०५९ र ०६० मा आएको भीषण बाढीपहिरोले ८ सय परिवार घरबारविहीन भएका छन्। उक्त परिवारका करिब ५ हजार मानिस सुकुमवासी बनेका थिए। अहिलेसम्म पनि उनीहरूको अवस्थामा केही परिवर्तन आउन सकेको छैन। जिल्लामा परम्परागत रूपमा बस्दै आएका र बाढीपहिरोबाट घरबारविहीन सुकुमवासी सङ्ख्या करिब १३ हजारको हाराहारीमा रहेको छ। ती सुकुमवासीहरू अहिले मनहरी गाविस-३ रमनटारको जङ्गल फाँडेर बसेका छन्। त्यसअघि उनीहरू मनहरी खोलाकिनारको जमिनमा

Central Region:Layout 1 2/11/2010 10:27 AM Page 297

छाप्रो बनाएर बसेका थिए। उक्त जमिनबाट वन्यजन्तु आरक्षणले उठाएपछि उनीहरू बाध्य भएर रमनटारको जङ्गल फाँडेर छाप्रो बनाएर बसिरहेका छन्। त्यहाँबाट पनि उठ्न उनीहरूलाई वन कार्यालयले दबाब दिइरहेको छ। यसैगरी विगत आठ वर्षदेखि हेटौँडा नपा-११ स्थित राप्ती बगरमा छाप्रो हालेर करिब २ सय ७५ सुकुमवासीहरू बसिरहेका छन्।

संरचना, सम्पति क्षति

एकीकृत माओवादीबाट

हेटौँडा सिमेन्ट उद्योगका महाप्रबन्धक रमेशकुमार अर्यालसहित सात जनालाई ०६५ पुस २९ गते माओवादीनिकट मजदुरहरूले कार्यालयमै १२ घण्टा बन्धक बनाए। आफ्ना मागहरू पूरा नगरेको भन्दै उनीहरूले कार्यालयको कोठा बन्द गरेर थुनेका थिए।

मजदुरहरूकै आन्दोलन र मागका कारण बहुराष्ट्रिय कम्पनी कोल्गेट पाल्मोलिभ प्रालिको व्यवस्थापन पक्षले ०६५ पुस २० गतेदेखि उद्योग बन्द गऱ्यो। उद्योग बन्द हुँदा सहायक उद्योगसहित चारओटा उद्योगका झन्डै ५ सय मजदुर कामबाट विमुख भए।

एकीकृत माओवादीले विभिन्न माग राखी ०६६ मङ्सिर २१ गते नेपाल बन्द गरेकाले हेटौँडा औद्योगिक क्षेत्रलगायत बाहिरका पाँच दर्जनभन्दा बढी उद्योगहरू बन्द भए।

सरकारले उद्योग सञ्चालन नगर्ने निर्णय गरेको भन्दै हेटौँडा कपडा उद्योगका पुनः नियुक्त गरिएका प्राविधिक मजदुरहरूले उद्योग सञ्चालन गर्नुपर्ने माग गर्दै ०६६ पुस १ गतेदेखि उद्योगको मूलगेटमा अनिश्चितकालीन तालाबन्दी गरे। यस वर्षको अन्त्यसम्म उद्योगको ताला खुल्न सकेन।

एकीकृत माओवादीले राष्ट्रपतिको कदम सच्चिनुपर्ने माग गर्दै ०६६ पुस ५ गतेदेखि ७ गतेसम्म आमहडताल गरे। आमहडतालको अवज्ञा गरेको भन्दै हेटौँडा नपा-११ थानाभञ्ज्याङस्थित इकरात इन्जिनियरिङ् प्रालिमा ०६६ पुस ५ गते माओवादी कार्यकर्ताले दबाब दिन उद्योग बन्द गर्नुका साथै ढुङ्गा प्रहार गरी झ्यालका सिसा फुटाएका थिए। आमहडतालका कारण हेटौँडा औद्योगिक क्षेत्रलगायत बाहिरका पाँच दर्जन उद्योगहरू बन्द रहे। बन्दले हेटौँडाका सम्पूर्ण वित्तीय संस्थाहरू तीन दिन बन्द रहे।

स्वास्थ्य सेवाको अवस्था

मकवानपुरमा २५ शय्याको जिल्लास्तरीय एक अस्पताल छ। तर, अस्पतालको क्षमतालाई स्थानीयवासीले ५० शय्याको बनाएका छन्। चारओटा प्राथमिक स्वास्थ्य केन्द्र छन्। १० ओटा स्वास्थ्य चौकी र ३० ओटा उपस्वास्थ्य चौकी छन्। हेटौँडा अस्पताल र प्राथमिक स्वास्थ्य केन्द्रमा डाक्टर दरबन्दी अनुसार पूरा छ।

अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी र उपस्वास्थ्य चौकीमा गरी २ सय ६२ वटा दरबन्दी छन्। त्यसमध्ये २ सय ३५ स्वास्थ्यकर्मी छन्। जिल्लामा मासिका, ग्रास्वाका, अहेब, अनमि, स्टाफ नर्स, ल्याब टेक्निसिएनसहित २७ दरबन्दी खाली रहेका छन्। डाँडाखर्क, बेतिनी, मन्थली र इपापञ्चकञ्या गाविसस्थित स्वास्थ्य चौकीमा अहेबको दरबन्दी भए पनि त्यहाँ रिक्त रहेको छ।

हेटौँडा अस्पताल, पालुङ र छतिवन प्राथमिक स्वास्थ्य केन्द्रमा स्टाफ नर्सको दरबन्दी खाली छ। मनहरि प्राथमिक स्वास्थ्य केन्द्रमा ल्याब टेक्निसियन छैनन् भने काँकडा र कोगटे गाविसको स्वास्थ्य चौकीमा अनमिको अभाव छ। छतिवन, मनहरि, राक्सिराङ, सुकौरा, शिखरपुर, पदमपोखरी, हाँडीखोला र आग्रा गाविसका स्वास्थ्य चौकीमा मासिका र ग्रामीण स्वास्थ्य कार्यकर्ताको अभाव छ।

Central Region:Layout 1 2/11/2010 10:27 AM Page 298

२.१२ ललितपुर

जनसङ्ख्या : ४,१९,००४
साक्षरता प्रतिशत : ८०
महिला साक्षरता प्रतिशत : ६५
क्षेत्रफल (वर्ग कि. मि.) : ३८५
गाविस/नपा सङ्ख्या : ४१/१
सरकारी/निजी विद्यालय : ४७७/३१४
क्याम्पस/उच्च मा.वि. : २७/८१
अस्पताल/स्वास्थ्य चौकी : ८/४१
मानव विकास सूचकाङ्कः ०.५८८
प्रतिपरिवार सरदर सङ्ख्याः ६

नागरिक तथा राजनीतिक अधिकार
सम्मानित रूपले बाँच्ने अधिकार
हत्या
नेपाल डिफेन्स आर्मीबाट

ललितपुर उमनपा-४ धोबीघाटस्थित क्याथोलिक चर्च अफ एजम्सनमा ०६६ जेठ ९ गते बिहान नेपाल डिफेन्स आर्मीले प्रार्थना भइरहेको समयमा प्रेसर कुकर बम विस्फोट गरायो। विस्फोटनबाट भारत केरला घर भई काठमाडौँ जिल्ला कामनपा ढल्को निवासी सेन्टमेरिज स्कुल कक्षा १० मा अध्यनरत १५ वर्षीया सेलेस्टी जोसेफको घटनास्थलमै र भारत, पटनाकी ३० वर्षीया दीपा पेट्रिकको उपचारका क्रममा पाटन अस्पतालमा मृत्यु भयो। घटनामा घाइते भएकी भारत, केरला घर भई काठमाडौँ जिल्ला कामनपा ढल्को निवासी ३५ वर्षीया बुद्धलक्ष्मी जोसेफको जेठ १७ गते उपचारका क्रममा पाटन अस्पतालमा मृत्यु भयो। विस्फोटनबाट भारत घर भई कुमारीपाटी बस्दै आएका २८ वर्षीय ब्रदर राकेश, पाटनढोकाकी १३ वर्षीया एनी अमात्य, पुल्चोककी १९ वर्षीया मनीषा शाक्य, धोबीघाट निवासी ४५ वर्षीया कान्छी तामाङ, सोही स्थान निवासी ५० वर्षीया रेनुका ठकुरी, भारत पटनाकी २० वर्षीया मोना सिंह, १० वर्षीय रवि श्रेष्ठ, १६ वर्षीया स्विटी सिंह, १८ वर्षीय विनायक कुँवर, ३० वर्षीय श्यामकुमार तामाङ र काभ्रेकी १५ वर्षीया रीना तामाङ घाइते भए। घाइतेहरूको पाटन अस्पताल, अल्का अस्पताल र वीर अस्पतालमा उपचार भयो। घटनाको छानबिन गर्न गृहमन्त्रालयले ०६६ जेठ १० गते नेपाल प्रहरीका एसएसपी कुवेरसिंह राणाको संयोजकत्वमा सशस्त्र प्रहरीका एसएसपी सिंहबहादुर श्रेष्ठ र राष्ट्रिय अनुसन्धान आयोगका उप-अनुसन्धान निर्देशक अर्जुन केसी रहेको तीन सदस्यीय छानबिन समिति गठन गऱ्यो। प्रहरीले बम विस्फोट गराएको आरोपमा काठमाडौँ ज्ञानेश्वर आनन्दभैरव सत्तल घर भई बानेश्वर शान्तिनगर बस्ने २७ वर्षीया सीता थापा श्रेष्ठलाई जेठ १९ गते शान्तिनगरबाट गिरफ्तार गऱ्यो। प्रहरीले उनीविरुद्ध कर्तव्य ज्यान मुद्दा चलायो। पीडक पुर्पक्षका लागि ०६६ असार २ गते जिल्ला अदालतको आदेशमा केन्द्रीय कारागार सुन्धारा चलान भइन्।

गोली/विस्फोटक पदार्थद्वारा घाइते
राज्यबाट

ठेचो गाविस निवासी महेन्द्र महर्जन ०६५ फागुन १८ गते प्रहरीले चापागाउँ गाविस-२ मा भएको प्रदर्शनका क्रममा हानेको रबर गोली लागी घाइते भए। अपहरण गरी बेच्न लगिएकी चापागाउँ गाविस-२ की मनिता श्रेष्ठको खोजतलास नगरेको भन्दै प्रदर्शन गरिरहेका स्थानीय बासिन्दालाई नियन्त्रणमा लिने क्रममा प्रहरीले टियर ग्यास तथा रबरका गोली प्रहार गरेको थियो। रबर गोली लागी घाइते भएका महर्जनले स्थानीय स्वास्थ्य चौकीमा उपचार गराए। सोही घटनामा प्रदर्शनकारीको कुटपिटबाट महानगरीय प्रहरी वृत्त चापागाउँका डीएसपी चन्द्रकुवेर खापुङ, प्रहरी इन्स्पेक्टर भाग्यराम तामाङ घाइते भए।

ठेचो गाविस निवासी अनन ज्योति बोर्डिङ् स्कुल कक्षा ९ मा अध्ययनरत १३ वर्षीय मनीष श्रेष्ठ, सोही गाविस-८ का ४० वर्षीय योगेन्द्र महत, ठूलादुर्लुङ गाविस-७ का ३४ वर्षीय मीठाराम सुनुवार र ठेचो गाविस-४ का ३८ वर्षीय रामचन्द्र महर्जन ०६६ असार १३ गते प्रहरीले प्रहार गरेको रबर गोली लागेर घाइते भए। सोही घटनामा प्रहरीको कुटपिटबाट मकवानपुर जिल्ला मनहरि गाविसका ३४ वर्षीय जीवन लामा घाइते भए। चापागाउँमा प्रदर्शनमा उत्रेका ठेचो

Central Region:Layout 1 2/11/2010 10:27 AM Page 299

घटनाको प्रकार	गैर राज्यबाट							राज्यबाट			
	अन्यबाट				एकीकृत माओवादीबाट						
	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा	घटना सङ्ख्या	पुरुष	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा
हत्या	३	१	४	५							
घाइते	४	१४	८	२२				२	८	२	१०
गिरफ्तारी/यातना								२	२		२
कुटपिट	२	३		३	२	४	४	१	१		१
धम्की	२	२		२	१	१	१				
भेला/सङ्गठित हुने अधिकार	१	२		२				६	२४	३	२७
जातीय विभेद	१	१	१	२							
महिलाअधिकार	२		२	२							
बालअधिकार	११	२	१०	१२							
अमानवीय व्यवहार	१	९		९							
अपहरण	३	२	१	३							
जम्मा	३०	३६	२६	६२	३	५	५	११	३५	५	४०

गाविस-४ का १४ वर्षीय साजन माली, सोही स्थानका २४ वर्षीय चन्द्रबहादुर लामा र मकवानपुर जिल्ला घर भएका २४ वर्षीय सुदीप लामालाई प्रहरीले असार १२ गते गिरफ्तार गरेको भन्दै उनीहरूको रिहाइको माग राखी प्रदर्शनमा उत्रेका आन्दोलनकारीलाई नियन्त्रणमा लिन प्रहरीले चापागाउँ क्षेत्रमा २४ सेल अश्रुग्यास र २४ थान रबर गोली प्रहार गरेको थियो। मनीषलाई १० ओटा रबर गोली लागेको थियो भने अन्यलाई हात र खुट्टामा रबर गोली लागेको थियो। घाइते मनीषको त्रिविवि शिक्षण अस्पताल महाराजगञ्ज र अन्यको पाटन अस्पतालमा उपचार भयो। घटनालाई लिएर असार १३ गते जिल्लाका सभासद् र सर्वदलीय बैठक बसी घाइते मनीषको उपचारका लागि गृहमन्त्रालयलाई पत्र लेखी पठाउने, अन्य घाइतेको जिल्लाबाट उपचारको व्यवस्था मिलाउने, चापागाउँमा भएको तनाव अन्त्यका लागि सर्वदलीय संयन्त्र बनाउने, अपहरणको आरोपमा गिरफ्तार परेकालाई कानुनी कारबाही गर्ने, प्रहरीले गरेको बल प्रयोगका सम्बन्धमा महानगरीय प्रहरी परिसर जावलाखेलबाट अनुसन्धान गर्ने, सर्वदलीय संयन्त्रले बन्द, हडताल, तोडफोड, ढुङ्गामुढा नगर्न स्थानीयबासीलाई आह्वान गर्नेलगायतमा सहमति भयो।

चापागाउँस्थित महानगरीय प्रहरी वृत्त अगाडि बच्चा अपहरण गर्न आएका भनिएका धापाखेल गाविस-४ का दुर्गाबहादुर महर्जन, सोही गाविस-२ का अमृतकुमार भुसाललाई ०६६ असार १२ गते प्रहरीले कारबाही नगरी संरक्षण दिएको भन्दै छम्पी गाविसका बासिन्दाले उनीहरूलाई सार्वजनिक गरी कारबाही गर्न माग राख्दै प्रदर्शन गरे। प्रदर्शनकारीले ढुङ्गामुढा गर्न थालेपछि प्रहरीले भीडलाई नियन्त्रणमा लिन लाठीचार्ज, अश्रुग्यास र रबर गोली प्रहार गऱ्यो। प्रदर्शन नियन्त्रणभन्दा बाहिर गएको भन्दै जिल्ला सुरक्षा समितिले असार १२ गते बेलुकी साढे ६ देखि असार १३ गते बिहान साढे ४ बजेसम्म चापागाउँ पेट्रोल पम्पको ५ सय मिटरवरपर र सरस्वती माविको ५ सय मिटरवरपरको क्षेत्रमा कर्फ्यु आदेश जारी गऱ्यो। प्रदर्शनका क्रममा प्रहरीले प्रहार गरेको रबर गोली लागेर चापागाउँ गाविस-४ का ३० वर्षीय रामशरण महर्जन, लेले गाविस-४ का ३६ वर्षीय कान्छा लामा घाइते भए। त्यसैगरी प्रहरीको कुटपिटबाट चापागाउँ गाविस-९ का ३३ वर्षीय कुमार महर्जन, छम्पी गाविस-४ की ३५ वर्षीया राजमती नगरकोटी, सोही स्थानकी ३७ वर्षीया अमरी नगरकोटी घाइते भए। प्रदर्शकारीले प्रहार गरेको ढुङ्गामुढामा परी इन्स्पेक्टरद्वय शान्तिराम कोइराला र श्याम खत्री, असई सन्तोष पोखरेल, प्रहरी जवानहरू श्याम अधिकारी, बेलबहादुर बुढा, मनोज महतो धनुक, नारायण भण्डारी, डोरबहादुर रोका घाइते भए। घाइते सबैको पाटन अस्पतालमा उपचार

प्रहरीले प्रहार गरेको रबरको गोली लागी घाइते भएका मीठाराम सुनुवार, योगेन्द्र महत, रामशरण महर्जन र कान्छा लामा

भयो। त्यसैगरी प्रदर्शनका क्रममा प्रहरीले ठेचो गाविस-४ का १४ वर्षीय साजन माली, सोही स्थानका २४ वर्षीय चन्द्रबहादुर लामा र मकवानपुर जिल्ला घर भएका २४ वर्षीय सुदीप लामालाई गिरफ्तार गऱ्यो। गिरफ्तार भएका तीनै जना सभासद् राजकाजी महर्जनको जिम्मामा असार १३ गते राती रिहा भए।

अज्ञात समूहबाट

ललितपुर उमनपा कुपण्डोल निवासी ४० वर्षीया साधना बिसुराललाई ०६६ भदौ ८ गते साँझ मोटरसाइकलमा आएका अज्ञात व्यक्तिले ललितपुर उमनपा कुपण्डोलस्थित तरकारी बजारमा गोली प्रहार गरी घाइते बनाए। घाइते बिसुरालको अल्का अस्पतालमा उपचार भयो। घटनामा संलग्न भएको भन्दै प्रहरी घाइते बिसुरालका पति दिलकुमार बिसुराल र सौतेनी शान्ता बिसुराललाई ०६६ भदौ ९ गते गिरफ्तार गरी ज्यान उद्योगमा मुद्दा चलायो। दिलकुमार अदालतको आदेशमा ०६६ मङ्सिर २७ गते सामान्य तारिखमा रिहा भए। शान्तालाई अदालतले ०६६ भदौ ३१ गते सफाइ दियो।

जेल र बन्दीहरू

'ग' श्रेणीको नख्खु कारागारको कुल क्षमता १ सय ७५ रहेकामा यस वर्ष ४ सय ४२ जना कैदी तथा बन्दी रहेका छन्। जसमा कैद तोकिएका २ सय ४९ कैदी र कैद नतोकिएका १ सय ९१ बन्दी रहेका छन्। जसमा २४ जना विदेशी छन्। क्षमताभन्दा बढी कैदी तथा बन्दी रहेका कारण बस्न र सुत्नका लागि समस्या रहेको कारागारप्रमुख माधव पोखरेलले बताए। पुरानो राणाकालीन भवनलाई प्रयोग गरिएको यस कारागारामा शौचालय, खेलकुद सामग्री, विद्युत्, पत्रपत्रिका, रेडियो, टीभी, पुस्तकालयको व्यवस्था रहेको छ। पानीको समस्या रहेको यस कारागारका बन्दी तथा कैदीलाई २४ ओटा शौचालयको व्यवस्था गरिएको छ। बन्दीहरूले कारागारभित्र आयमूलक काम गर्ने गरेका छन्।

बेपत्ता/अपहरण

राज्यबाट

रोल्पा जिल्ला खुङ्री गाविस-२ निवासी माओवादीपीडित सङ्घ राष्ट्रिय सङ्घर्ष समितिका सल्लाहकार ५५ वर्षीय नन्दु गिरीलाई प्यूठानको स्याउलिबाङ प्रहरी चौकी आक्रमणमा संलग्न भएको आरोपमा ०६५ फागुन २० गते सादा पोसाकमा आएका प्रहरीले ललितपुर उमनपा ग्वार्को बीएन्डबी अस्पतालबाट गिरफ्तार गरी बेपत्ता बनाए। प्रहरीले गिरफ्तार गरी बेपत्ता बनाएको भन्दै माओवादीपीडित सङ्घ राष्ट्रिय सङ्घर्ष समितिका कल्याण बुढाथोकीले सर्वोच्च अदालतमा फागुन २२ गते रिट दायर गरे। रिटमाथि सुनुवाइ गर्दै अदालतले फागुन २५ गते बन्दीसहित तीन दिनभित्र अदालतमा लिखित जवाफसहित उपस्थित हुन गृहमन्त्रालय र प्रहरी प्रधान कार्यालयलाई आदेश दियो। गृहमन्त्रालयका सचिव गोविन्द कुसुम र प्रहरी प्रधान कार्यालयका तर्फबाट प्रहरी निरीक्षक दिनेशराज मैनालीले गिरीलाई गिरफ्तार गर्न आदेश नदिएको र गिरफ्तार नगरिएको जवाफ फागुन २८ गते अदालतमा पेस गरे। रिट सुनुवाइका क्रममा रिट निवेदक कल्याण बुढाथोकीले प्रहरी कर्मचारीको गोप्य सूचनाबाट गिरीलाई जिल्ला प्रहरी कार्यालय प्यूठान पुऱ्याइएको जानकारी पाएको भन्दै तत्काल खानतलासी गर्न इजलाससमक्ष माग गरे। सोही सूचनाका आधारमा अदालतले गिरीको खोजीका लागि सर्च वारेन्ट जारी गऱ्यो। सर्च वारेन्ट जारी गरेपछि गिरी प्यूठान जिल्ला प्रहरी कार्यालयको हिरासतमा रहेको प्रतिवदेन प्यूठान जिल्ला अदालतले सर्वोच्च अदालतलाई पठायो। सोही प्रतिवेदनका आधारमा न्यायाधीशद्वय अनुपराज शर्मा र गिरिशचन्द्र लालको संयुक्त इजलासले गिरीलाई तीन दिनभित्र अदालतमा हाजिर गराउन र झूटो सूचना दिएकामा गृहसचिव, प्रहरीप्रमुख, महानगरीय प्रहरी परिसर काठमाडौं, महानगरीय प्रहरी परिसर ललितपुर र प्रहरी प्रभाग गौशालालाई अदालतको अवहेलनाको मुद्दामा कारवाही गर्न चैत ३ गते आदेश दियो। पीडित गिरीलाई चैत ४

Central Region:Layout 1 2/11/2010 10:27 AM Page 301

गते सर्वोच्चमा हाजिर गराई चैत ५ गते सर्वोच्च अदालतका सह-रजिस्टार विनोद शर्माको रोहवरमा रिहा गरियो।

रोल्पा जिल्ला खुङ्री गाविस-५ निवासी माओवादीपीडित सङ्घ राष्ट्रिय सङ्घर्ष समिति रोल्पा जिल्लाका उपाध्यक्ष देवविक्रम शाहलाई प्यूठानको स्याउलिबाङ प्रहरी चौकी आक्रमणमा संलग्न भएको आरोपमा ०६५ फागुन २० गते सादा पोसाकमा आएका प्रहरीले ललितपुर उमनपा सानेपा हाइटबाट गिरफ्तार गरी बेपत्ता बनाए। प्रहरीले गिरफ्तार गरी बेपत्ता बनाएको भन्दै माओवादीपीडित सङ्घ राष्ट्रिय सङ्घर्ष समितिका कल्याण बुढाथोकीले सर्वोच्च अदालतमा फागुन २२ गते रिट दायर गरे। रिटमाथि सुनुवाइ गर्दै अदालतले फागुन २५ गते बन्दीसहित तीन दिनभित्र अदालतमा लिखित जवाफसहित उपस्थित हुन गृहमन्त्रालय र प्रहरी प्रधान कार्यालयलाई आदेश दियो। गृहमन्त्रालयका सचिव गोविन्द कुसुम र प्रहरी प्रधान कार्यालयका इन्स्पेक्टर दिनेशराज मैनालीले गिरीलाई गिरफ्तार गर्न आदेश नदिएको र गिरफ्तार नगरिएको जवाफ फागुन २८ गते अदालतमा पेस गरे। रिट सुनुवाइका क्रममा रिट निवेदक कल्याण बुढाथोकीले प्रहरी कर्मचारीको गोप्य सूचनाबाट जिल्ला प्रहरी कार्यालय प्यूठान पुऱ्याइएको जानकारी पाएको भन्दै तत्काल खानतलासी गर्न इजलाससमक्ष माग गरे। सोही सूचनाका आधारमा अदालतले गिरीको खोजीका लागि सर्च वारेन्ट जारी गऱ्यो। सर्च वारेन्ट जारी गरेपछि शाह प्यूठान जिल्ला प्रहरी कार्यालयको हिरासतमा रहेको प्रतिवदेन प्यूठान जिल्ला अदालतले सर्वोच्चलाई पठायो। न्यायाधीशद्वय अनुपराज शर्मा र गिरिशचन्द्र लालको संयुक्त इजलासले शाहलाई तीन दिनभित्र अदालतमा हाजिर गराउन र झूटो सूचना दिएकामा गृहसचिव, प्रहरी प्रमुख, महानगरीय प्रहरी परिसर काठमाडौँ, महानगरीय प्रहरी परिसर ललितपुर र प्रहरी प्रभाग गौशालालाई अदालतको अपहेलनाको मुद्दामा कारबाही गर्न चैत ३ गते आदेश दियो। पीडित शाहलाई चैत ४ गते सर्वोच्च अदालतमा उपस्थित गराई चैत ५ गते सर्वोच्च अदालतका सह-रजिस्टार विनोद शर्माको रोहवरमा रिहा गरियो।

धम्की/कुटपिट

एकीकृत माओवादीबाट

पाटन औद्योगिक क्षेत्रस्थित एलाइट फर्म इन्डस्ट्रिजमा कार्यरत एमाले निकट नेपाल ट्रेड युनियन महासङ्घ जिल्ला कमिटी ललितपुरका सदस्य नवराज गौतम र मजदुर सुन्दर खनाललाई ०६६ भदौ २६ गते एकीकृत माओवादीनिकट अखिल नेपाल धातु सङ्घका कार्यकर्ताहरूले उद्योग परिसरमा कुटपिट गरी घाइते बनाए। माओवादीले आयोजना गरेको जुलुसमा जान नमानेपछि उनीहरूलाई कुटपिट गरिएको थियो। घाइते दुवैको पाटन अस्पतालमा उपचार भयो।

नेपाली काङ्ग्रेसबाट

देवीचौर गाविस-४ निवासी पत्रकार तथा मानवअधिकार रक्षक २८ वर्षीय रमेशप्रसाद तिमल्सिनालाई ०६६ वैशाख १६ गते प्यूटार गाविस-७ निवासी नेपाली काङ्ग्रेस जिल्ला समिति सदस्य कवेलबहादुर तामाङले अपहरण गर्ने धम्की दिए। प्यूटार गाविसमा भएको बोक्सीसम्बन्धी घटनाको ललितपुरबाट प्रकाशित हुने *मानवआवाज साप्ताहिक*मा प्रकाशित समाचारको विषयलाई लिएर तामाङले अपहरण गर्ने धम्की दिएका थिए। धम्कीको विषयलाई लिएर तिमल्सिनाले इन्सेकमा निवेदन र सुरक्षाको प्रबन्ध गर्न महानगरीय प्रहरी वृत्त चापागाउँ र तत्कालीन प्रमुख जिल्ला अधिकारी लक्ष्मीप्रसाद ढकाललाई मौखिक जानकारी गराएका थिए।

अभिव्यक्ति, भेला हुने र सङ्गठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

बुङ्मती गाविसस्थित आप्का हाउसको सामा प्रिन्टिङ् प्रेसमा ०६६ असार ८ गते बुङ्मतीबासीले तोडफोड गरे। *अन्नपूर्ण पोस्ट* दैनिकमा अपहरित ख्याति श्रेष्ठका सम्बन्धमा प्रकाशित समाचार गलत भएको भन्दै उनीहरूले तोडफोड गरेका थिए। उक्त दैनिकमा 'बुङ्मतीस्थित एक घरबाट एक युवतीको शरीरको गिँड बरामद गरेको छ' भन्ने समाचार लेखिएकामा

नेपाल डिफेन्स आर्मीद्वारा गराइएको बम विस्फोटनमा परी घाइते भएका मोना सिंह, ब्रदर राकेश र मनीषा शाक्य

Central Region:Layout 1 2/11/2010 10:27 AM Page 302

स्थानीयबासीले 'एक घर भनेको कुन घर हो देखा भन्दै' तोडफोड गरेका थिए। उनीहरूले छापाखानाभित्र रहेको *अन्नपूर्ण पोस्ट* दैनिकका प्रतिहरू बाहिर निकाली आगजनीसमेत गरे। सोही क्रममा समाचार सङ्कलनका लागि पुगेका *एबीसी टेलिभिजन*का पत्रकार मिनाल पाण्डे सामान्य घाइते भए।

ललितपुर उमनपा पुल्चोकस्थित संयुक्त राष्ट्रसङ्घ भवनअगाडिबाट तिब्बती शरणार्थीहरू ३० वर्षीय डिमो लामा, ४० वर्षीय छिरिङ शेर्पा, २२ वर्षीया शेमा सामुङ, ढावा डेन्डुप लामा, ५५ वर्षीय जेजिङ लामा, ४९ वर्षीय तेन्जिक लामा, ३० वर्षीय रिजिङ लामा, २५ वर्षीय तेजिन्ङ लामा, २५ वर्षीया फोलामा लामा, ३६ वर्षीया लिली लामा, ३२ वर्षीय छेमेश लामा, ३३ वर्षीय छुङ्चुङ लामा, २२ वर्षीय पुस्पे लामा, ४० वर्षीया एन्जी लामा र २५ वर्षीय रामजी लामालाई ०६६ असार ३० गते प्रहरीले चीनविरोधी प्रदर्शन गरेको भन्दै गिरफ्तार गऱ्यो। गिरफ्तार सबैलाई शरणार्थी परिचयपत्र नभएको भन्दै महानगरीय प्रहरी परिसर जावलाखेलमा राखी असार ३१ गते अध्यागमन विभाग चलान गरिएकामा सोही दिन रिहा भए।

धापखेलस्थित जेम्स स्कुलअगाडिबाट एकीकृत माओवादीनिकट नेपाल संस्थागत विद्यालय शिक्षक युनियनका केन्द्रीय अध्यक्ष होमकुमार थापा, केन्द्रीय महासचिव अमल राई, जेम्स स्कुलका शिक्षकहरू सुरेश शाक्य, जयनन्द कपाली, भोजराज बराल, रूपक मेमोरिएल स्कुलका शिक्षक रवीन्द्र रिमाल र सेन्ट जेभियर्स स्कुलबाट निष्कासित शिक्षक सुधीर खनाललाई ०६६ असार ३० गते प्रहरीले गिरफ्तार गऱ्यो। सेन्ट जेभियर्स स्कुलबाट निष्कासन गरिएका शिक्षकहरूको पुन:बहालीको माग राखी उपत्यकाका पूर्व प्राथमिकदेखि उच्चमाविसम्मका सबै संस्थागत विद्यालय युनियनले बन्द गराउने घोषणा गरेको थियो। सोही कार्यक्रम अनुसार विद्यालयहरूले स्कुल सञ्चालन गर्न खोजेको भन्दै विद्यार्थी लिएर आएका सवारी साधनमा अवरोध पुऱ्याएपछि प्रहरीले उनीहरूलाई गिरफ्तार गरेको थियो। यसैगरी सोही दिन शिक्षकहरू उमानाथ निरौला, भोला चालिसे, राकेश प्रजापति, ओमबहादुर थापालाई प्रहरीले गिरफ्तार गऱ्यो। गिरफ्तार भएका सबैलाई महानगरीय प्रहरी परिसर जावलाखेलमा राखी सोही दिन साँझ रिहा गरियो।

प्रहरीको कुटपिटबाट घाइते भएका कुमार लामा

ललितपुर उमनपा कुपण्डोलमा एकीकृत माओवादीको देशव्यापी आमहडतालका क्रममा ०६६ पुस ६ गते प्रहरीले लाठीचार्ज गर्दा एकीकृत माओवादीका तीन जना कार्यकर्ता घाइते भए। मन्त्रीहरूको गाडी पास गराउने क्रममा प्रहरीले लाठीचार्ज गर्दा मिलन राई, पशुपति डोटेल, राधाकृष्ण दाहाल घाइते भएका थिए। घाइतेहरूको अल्का अस्पतालमा उपचार भयो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस जिल्लामा जिल्ला अदातल र पुनरावेदन अदालत गरी दुईओटा अदालत रहेका छन्। जिल्ला अदालतमा गत वर्षको जिम्मेवारी सरेर आएका १ हजार ५ सय ६ थान र यसवर्ष दर्ता भएका ७ सय २० थान गरी जम्मा २ हजार २ सय २६ थान मुद्दा रहे। जसमध्ये ४ सय २७ थान मुद्दा फर्स्यौट भई १ हजार ७ सय ९९ थान मुद्दा फर्स्यौट हुन बाँकी रहे। जसमा एक वर्ष नाघेका ४ सय ८ थान मुद्दा रहेका छन्।

पुनरावेदन अदालत पाटनमा गत वर्षको जिम्मेवारी सरेर आएका देवानी व्यक्तिवादी १ हजार ९ सय ८२ थान र यस वर्ष दर्ता भएका ६ सय ४ थान गरी जम्मा २ हजार ५ सय ८६ थानमा जम्मा ७ सय २६ थान फर्स्यौट भई १ हजार ८ सय ६० थान फर्स्यौट हुन बाँकी रहे।

फर्स्यौट हुन बाँकी रहेका मध्ये १ सय ६१ थान मुद्दा दुई वर्ष नाघेका छन्। देवानी व्यक्तिवादीतर्फ यस वर्ष एक थान मुद्दा दर्ता भएकामा फर्स्यौट हुन बाँकी रहेको छ।

फौजदारी व्यक्तिवादीतर्फ गत वर्ष जिम्मेवारी सरेर आएका ४ सय १६ थान र यस वर्ष दर्ता भएका १ सय ७६ थान गरी जम्मा ५ सय ९२ थान मुद्दामा १ सय ५९ थान फर्स्यौट भई ४ सय ३३ थान मुद्दा फर्स्यौट हुन बाँकी रहे। फर्स्यौट हुन बाँकी रहेका मध्ये ३१ थान मुद्दा दुई वर्ष नाघेका छन्।

फौजदारी सरकारवादीतर्फ गत वर्ष जिम्मेवारी सरेर आएका ४ सय ७० थान र यस वर्ष दर्ता भएका ३ सय ८१ थान गरी जम्मा ८ सय ५१ थान मुद्दामा ३ सय ७७ थान मुद्दा फर्स्यौट भई ४ सय ७४ थान मुद्दा फर्स्यौट हुन बाँकी रहे। फर्स्यौट हुन बाँकी रहेका मध्ये ६९ थान मुद्दा दुई वर्ष नाघेका छन्।

यातना तथा अन्य क्रूर, अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

*एभिन्युज टेलिभिजन*का क्यामेरा पर्सन चन्द्र विष्ट र रिपोर्टर निरज

खतिवडालाई ०६६ जेठ १८ गते स्वायत्त नेवा: राज्य संयुक्त सङ्घर्ष समितिका कार्यकर्ताहरूले ललितपुर उमनपा पाटन सुन्धारामा दुर्व्यवहार गरे। कार्यालयबाट घर जाने क्रममा उनीहरूलाई बन्दको समयमा मोटरसाइल चलाएको भन्दै दुर्व्यवहार गरेका थिए।

जिल्ला विकास समिति ललितपुरका स्थानीय विकास अधिकारी नारायण ज्ञवालीलाई ०६६ असार ४ गते ललितपुर क्षेत्र नं. २ का सभासद् राजकाजी महर्जनलगायतले कार्यकक्षमा पुगी दुर्व्यवहार गरे। जेठ २६ गते अर्थ मन्त्रलायलबाट लामाटार, लाकुरी भञ्ज्याङ, पनौती सडक खण्ड शीर्षकमा आएको रकम पुन: मन्त्रालयबाट असार ४ गते शीर्षक परिवर्तन गरी गोदावरी, चापाखर्क खण्डका लागि रकम विनियोजन भएको पत्र आएको थियो। सोही विषयलाई लिएर स्थानीय विकास अधिकारीको कार्यकक्षमा पुगेका सभासद् महर्जनलगायतको समूहले टेबलको सिसा फुटाई दुर्व्यवहार गरेका थिए। आफ्नो क्षेत्रमा विनियोजन भई आएको रकम अर्को क्षेत्रमा परिवर्तन गरेको आरोपमा स्थानीय विकास अधिकारलाई सभासद् महर्जनले दुर्व्यवहार गरेका थिए।

बालअधिकार

ललितपुर जिल्लामा सामुदायिक विद्यालय ४ सय १ ओटा र संस्थागत विद्यालय ५ सय ३४ ओटा रहेका छन्। जसमा सामुदायिक उच्चमावि २४ ओटा र संस्थागत उच्चमावि ५४ ओटा रहेका छन्। सामुदायिक विद्यालयमा छात्रा ३० हजार ५९ जना र छात्र २५ हजार १ सय १५ जना रहेका छन् भने संस्थागत विद्यालयमा छात्रा ४२ हजार ९ सय ५६ जना र छात्र ५१ हजार ७ सय ९९ जना रहेका छन्। सामुदायिक विद्यालयमा शिक्षक दरबन्दी १ हजार ५ सय ६६ रहेको छ।

ललितपुर उमनपा-८, बालकुमारी बस्ने १० वर्षीया एक बालिकालाई ०६५ फागुन २६ गते चापागाउँ गाविस-२ का २८ वर्षीय हरिचन्द्र देशारले घरमै बलात्कार गरेको भन्दै पीडित बालिकाका परिवारले महानगरीय प्रहरी परिसर जावलाखेलमा ०६५ फागुन २७ गते निवेदन दिए। प्रहरीले आरोपित देशारलाई फागुन २७ गते गिरफ्तार गरी जबरजस्ती करणी अन्तर्गत मुद्दा दायर गऱ्यो। जिल्ला अदालत पाटनको आदेशमा देशार पुर्पक्षका लागि थुनामा रहेका छन्।

कथित बोक्सीको आरोपमा दुर्व्यवहार गरिएकी कल्ली कुमारी विक

लुभु गाविस बोडेगाउँकी १४ वर्षीया एक बालिकालाई ०६५ चैत ५ गते सोही स्थानका २२ वर्षीय निमेश लाखेले बलात्कार प्रयास गरेको भन्दै पीडित बालिकाका परिवारले सोही दिन महानगरीय प्रहरी परिसर जावलाखेलमा उजुरी दिए। लाखेलाई प्रहरीले ०६५ चैत ५ गते गिरफ्तार गरी जबरजस्ती करणी अन्तर्गत मुद्दा चलायो।

रामेछाप जिल्ला रामेछाप गाविस-९ घर भई ललितपुर उमनपा धोबीघाट निवासी निर्मल बोर्डिङ् स्कुल झम्सिखल कक्षा १० मा अध्ययनरत १६ वर्षीय उत्तम लामालाई ०६५ चैत १६ गते बिहान साढे ५ बजे रामेछाप जिल्ला भटौली गाविस-७ कौछी घर भई काठमाडौँ जिल्ला कामनपा बानेश्वर बस्ने २३ वर्षीय रोजबहादुर गोले, सोही जिल्ला बोखिणी गाविस-३ बिसौली घर भई काठमाडौँ जिल्ला कामनपा मैतीदेवी बस्ने २१ वर्षीय रत्नबहादुर तामाङ र काभ्रे जिल्ला घर भएका २६ वर्षीय जेनी लामा (तामाङ)ले अपहरण गरे। घरबाट ट्युसन पढ्न निस्किएका बेला अपहरण गरी जोरपाटी पुऱ्याएकामा प्रहरीले सोही दिन लामालाई अपहरण मुक्त गरायो। प्रहरीले रोजबहादुर गोले र रत्नबहादुर तामाङलाई गिरफ्तार गरी मानव अपहरण तथा शरीर बन्धक ऐनमा मुद्दा दायर गऱ्यो। पीडक जेनी लामा फरार छन्।

गोरखा जिल्ला स्वाँरा गाविस-९ घर भई हाल ललितपुर उमनपा-२, झम्सिखेल बस्ने छ वर्षीया एक बालिकालाई ०६६ साउन ७ गते रामेछाप जिल्ला भिरपानी गाविस-४ घर भई हाल ललितपुर उमनपा-४ झम्सिखेलमा बस्ने बिन्दवहादुर खड्काले बलात्कार गरेको भन्दै पीडितका परिवारले महानगरीय प्रहरी परिसर जावलाखेलमा सोही दिन उजुरी दिए। प्रहरीले पीडिकविरुद्ध जबरजस्ती करणी उद्योगको मुद्दा चलायो। पीडक जिल्ला अदालत पाटनको आदेशमा पुर्पक्षका लागि थुनामा रहेका छन्।

ललितपुर उमनपा-१५ सातदोबाटो निवासी १४ वर्षीया एक बालिकालाई ०६६ भदौ १ गते पर्वत जिल्ला खानीखोला गाविस-८ घर भई हाल काठमाडौँ जिल्ला कामनपा-३५ बस्ने २४ वर्षीय शम्भु भन्ने रत्नेश्वर कुँवरले गोदावरी गाविस-५ स्थित सामुदायिक वनमा पुऱ्याई बलात्कार गरेको भन्दै पीडित बालिकाकी हजुरआमाले महानगरीय प्रहरी परिसर जावलाखेलमा भदौ २ गते उजुरी दिइन्। प्रहरीले पीडकविरुद्ध जबरजस्ती करणीमा मुद्दा

Central Region:Layout 1 2/11/2010 10:27 AM Page 304

चलायो। कुँवर अदालतको आदेशमा पुर्पक्षका लागि थुनामा रहेका छन्।

लाइबेरिया घर भई हाल सैँबु गाविस-४ बस्ने १४ वर्षीया एक बालिकालाई ०६६ भदौ ९ गते मकवानपुर जिल्ला हेनपा-१० घर भई काठमाडौँ जिल्ला कामनपा हनुमानढोका बस्ने ४१ वर्षीय लालबहादुर ठकुरीले घरमै बलात्कार गर्न खोजेको भन्दै पीडितका परिवारले महानगरीय प्रहरी परिसर जावलाखेलमा उजुरी दिए। ठकुरी पीडितको घरमा भान्से थिए। प्रहरीले पीडकविरुद्ध जबरजस्ती करणी उद्योगका मुद्दा चलायो। पीडक ठकुरी अदालतको आदेशमा पुर्पक्षका लागि थुनामा रहेका छन्।

ललितपुर उमनपा-१४ निवासी नमुना मच्छिन्द्र आवासीय माध्यमिक विद्यालय लगनखेलमा कक्षा ६ मा अध्ययनरत ११ वर्षीया आश्मा अर्याललाई ०६६ भदौ ५ गते सोही विद्यालयकी प्रधानाध्यापक राधा तिमल्सिनालगायतका शिक्षकले अन्धी भन्दै दुर्व्यवहार गरे। बालिका अर्याल विद्यालयमा भएको दुर्व्यवहारलगायतका कारण देखाउँदै भदौ २० गतेदेखि विद्यालय जान छोडिन्। घटनाको इन्सेक मध्यमाञ्चल क्षेत्रीय कार्यालय, सिविनलगायतका संस्थाले स्थलगत अध्ययन गऱ्यो। पीडित बालिका कात्तिकदेखि नमुना माध्यमिक विद्यालयमा अध्ययन गर्न थालिन्।

ललितपुर उमनपा-२ सानेपा निवासी १३ वर्षीया एक बालिकालाई ०६६ भदौ ११ गते बाबु ४० वर्षीय श्रीनन्द झाले घरमै बलात्कार गरेको भन्दै पीडित बालिकाकी आमाले महानगरीय प्रहरी परिसर जावलाखेलमा भदौ १२ गते उजुरी दिइन्। प्रहरीले पीडकविरुद्ध जबरजस्ती करणीमा मुद्दा चलायो। पीडक अदालतको आदेशमा पुर्पक्षका लागि थुनामा रहेका छन्।

इमाडोल गाविस-४ मा बस्ने सात वर्षीया एक बालिकालाई ०६६ भदौ २६ गते मकवानपुर जिल्ला सुकौरा गाविस-२ घर भई इमाडोल गाविस-४ बस्ने १८ वर्षीय मानसिं लोले पीडितकै घरमा बलात्कार गरेको भन्दै पीडितका परिवारले सोही दिन महानगरीय प्रहरी परिसर जावलाखेलमा उजुरी दिए। प्रहरीले पीडकविरुद्ध जबरजस्ती करणीको मुद्दा चलायो। अदालतको आदेशमा पीडक थुनामा रहेका छन्।

सिन्धुपाल्चोक जिल्ला गुम्बा गाविस-६ घर भई काठमाडौँ जिल्ला जोरपाटी गाविस-७ बस्ने १२ वर्षीया एक बालिकालाई ०६६ मङ्सिर २९ गते ठूलादुर्लुङ गाविस-१ घर भई काठमाडौँ जिल्ला जोरपाटी गाविस-७ अत्तरखेल बस्ने ४७ वर्षीय काइँला तामाङ चापागाउँ गाविस-५ स्थित भिनाजुको डेरामा पुऱ्याई बलात्कार गरेको भन्दै पीडितका परिवारले महानगरीय प्रहरी वृत्त बौद्धमा सोही दिन उजुरी दिए। पीडकलाई प्रहरीले सोही दिन गिरफ्तार गरी अनुसन्धान प्रक्रिया अगाडि बढायो। पीडक यस वर्षको अन्त्यसम्म अनुसन्धानका क्रममा महानगरीय प्रहरी परिसर जावलाखेलको हिरासतमा रहेका छन्।

गोरखा जिल्ला घर भई ललितपुर उमनपा-२ सानेपास्थित एक संस्थाको संरक्षणमा रहेकी १२ वर्षीया एक बालिकालाई ०६६ मङ्सिर ३० गते सोही संस्थामा कार्यरत काभ्रे जिल्ला मङ्गलटार गाविस-१ निवासी च्याङ्बा तामाङले बलात्कार गरेको भन्दै सो संस्थाकी मीना साउदले महानगरीय प्रहरी परिसर जावलाखेलमा निवेदन दिइन्। सोही निवेदनका आधारमा प्रहरीले तामाङलाई सोही दिन गिरफ्तार गऱ्यो। पीडक यस वर्षको अन्त्यसम्म अनुसन्धानका क्रममा महानगरीय प्रहरी परिसर जावलाखेलको हिरासतमा रहेका छन्।

इमाडोल गाविस-२ निवासी ११ वर्षीया सङ्गम थापा र सोही स्थान निवासी १५ वर्षीय रुपेस गुरुङलाई भारतमा बेचबिखन गर्ने उद्देश्यले ०६६ पुस १२ गते झापा जिल्ला दमक नपा-१६ घर भई इमाडोल गाविस-२ मा कवाडीको काम गर्ने ४१ वर्षीय योगेन्द्र थापाले पर्साको वीरगञ्ज पुऱ्याए। पीडितहरूलाई थापाले वीरगञ्जस्थित एक होटलमा राखेको अवस्थामा प्रहरीले पुस १४ गते उद्धार गऱ्यो। पीडकका परिवारले थापाविरुद्ध पुस १५ गते महानगरीय प्रहरी परिसर जावलाखेलमा जाहेरी दिए। प्रहरीले थापालाई पुस १५ गते ललितपुर उमनपा ग्वार्कोबाट गिरफ्तार गरी मानव बेचबिखन मुद्दा चलायो। यस वर्षको अन्त्यसम्म थापा अनुसन्धानका क्रममा महानगरीय प्रहरी परिसर जावलाखेलको हिरासतमा रहेका छन्।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार बेचबिखन तथा ओसारपसार

चापागाउँ गाविस-२ की एक महिलालाई भारतमा बेचबिखन गर्ने उद्देश्यले ०६५ फागुन ८ गते चापागाउँ गाविस-२ का २८ वर्षीय प्रकाश शाही, सोही स्थानका २६ वर्षीय दिपेन्द्र शाही, २८ वर्षीय आदित्य बाँस्कोटा र वीरगञ्ज उमनपा-१३ का २३ वर्षीय धर्मेन्द्र मिश्रले ललितपुर उमनपा-५, लगनखेलबाट अपहरण गरे। अपहरित महिलालाई पीडकहरूले पर्सा जिल्लाको वीरगञ्ज उमनपाको एक होटलमा लुकाएर राखी यौन दुर्व्यवहार गरे। पीडितका आफन्तले ०६५ फागुन १८

Central Region:Layout 1 2/11/2010 10:27 AM Page 305

गते महानगरीय प्रहरी वृत्त चापागाउँमा उनको खोजी नगरेको भन्दै प्रदर्शन तथा तोडफोड गरे। अपहरणमा संलग्न भनिएका प्रहरी वृत्तका प्रहरी रमेश परियारले पीडित वीरगञ्जमा रहेको खुलासा गरेपछि अपहरित उनलाई फागुन २० गते घर ल्याइयो। प्रहरीले ०६५ फागनु २२ गते पीडकहरूलाई गिरफ्तार गरी मानव अपहरण तथा शरीर बन्धक ऐन अन्तर्गत मुद्दा चलायो। पीडकहरू जिल्ला अदालतको आदेशमा ०६५ चैत २० गते पुर्पक्षका लागि कारागार चलान भए।

पारिवारिक हिंसा, बहुविवाह

ठूलादुर्लुङ गाविस-७ निवासी १९ वर्षीया लक्ष्मी तिमल्सिनालाई ०६६ वैशाख २२ गते पति २० वर्षीय विष्णुप्रसाद तिमल्सिनाले घाँटी थिचेर हत्या गरे। पीडक तिमल्सिनालाई ०६६ वैशाख २३ गते प्रहरीले गिरफ्तार गऱ्यो। मृतक लक्ष्मीका काका विष्णुप्रसाद जैसीले वैशाख २४ गते तिमल्सिनाविरुद्ध महानगरीय प्रहरी वृत्त चापागाउँमा किटानी जाहेरी दिए। वैशाख २४ गते लासको पोस्टमार्टम पाटन अस्पताल, लगनखेलमा भयो। प्रहरीले पीडकउपर कर्तव्य ज्यान मुद्दा चलायो। पीडकलाई जिल्ला अदालतको आदेशमा ०६६ जेठ १४ गते पुर्पक्षका लागि थुनामा राखियो।

बडिखेल गाविस-६ निवासी ३३ वर्षीया कमला पहरीले ०६६ पुस ९ गते पति ३४ वर्षीय रामकृष्ण पहरीले ललितपुर उमनपा ग्वार्को निवासी २१ वर्षीया सम्झना भन्ने करुणा भण्डारीसँग दोस्रो विवाह गरेको भन्दै महानगरीय प्रहरी परिसर जावलाखेलमा बहुविवाहको जाहेरी दिइन्। प्रहरीले जाहेरीका आधारमा रामकृष्ण र करुणालाई पुस ९ गते गिरफ्तार गऱ्यो। यस वर्षको अन्त्यसम्म दुवै जना प्रहरी हिरासतमा छन्।

दुर्व्यवहार

प्यूटार गाविस-७ निवासी कल्लीकुमारी विश्वकर्मालाई ०६५ चैत ७ गते सोही स्थान निवासी स्थानीय गडीभञ्ज्याङ प्राथमिक विद्यालयकी प्रधानाध्यापिका प्यूटार गाविस-७ की २५ वर्षीय विमला लामा, ४५ वर्षीय दिपेश लामा, ३० वर्षीय शेरमान लामा, ३१ वर्षीया कमला गोले, २२ वर्षीय कमल गोले, २१ वर्षीय श्याम लामालगायतले चैत ७ गते घरमै बोलाएर कुटपिट गरी अभक्ष कोच्याए। विमला लामालाई कल्लीकुमारीले कथित बोक्सी भई भेदेको आरोपमा उनीहरूले कुटपिट गरी अभक्ष कोच्याए थिए। कुटपिटका क्रममा बोक्सी स्वीकार्न नमान्दा विकलाई पीडकहरूले ब्लेड, खुर्पाले स्तन काट्न थालेपछि पीडित कल्लीकुमारीले ज्यान जोगाउन आफू बोक्सी भएको र विमलालाई भेदेको स्वीकार गरेकी थिइन्। कुटपिट र अमानवीय व्यवहार गरेपछि पीडित कल्लीकुमारीलाई विमलाले चैत ८ गतेसम्म आफ्नो घरमा थुनेर राखिन्। पीडकहरूले चैत ८ गते उनलाई तामातुलसी छुवाई अब नभेद्ने र कुटपिट गरिएको विषयमा कसैलाई नभन्न धम्की दिई मुक्त गरे। पीडित कल्लीकुमारीले चैत १० गते आश्राङ प्रहरी चौकीमा उजुरी दिइन्। उजुरीपछि पीडितको परिवार प्यूटार गाविसका बालकृष्ण घिमिरेको घरमा शरण लिएर बस्यो। उजुरीपछि गाउँमा प्रहरी पुगेपछि गाउँलेले घटनाका बारेमा थाहा पाएका थिए।

मानवअधिकारकर्मी, राष्ट्रिय महिला आयोग, राष्ट्रिय दलित आयोग, इन्सेक प्रतिनिधि र सञ्चारकर्मीहरू चैत १२ गते घटनास्थल पुगी पीडितको परिवारलाई काठमाडौँ ल्याएका थिए। घटनाका दोषीलाई कारबाहीको माग राखी सभासद् विनोद पहाडी, इन्सेक प्रतिनिधि, विभिन्न अधिकारकर्मीहरूले ०६५ चैत १४ गते जिल्ला प्रशासन कार्यालय, ललितपुरमा ज्ञापनपत्र बुझाए। सोही दिन पीडित कल्लीकुमारीले महानगरीय प्रहरी परिसर जावलाखेलमा पीडकहरूउपर किटानी जाहेरी दिइन्। घटनाका सम्बन्धमा राष्ट्रिय मानवअधिकार आयोगले गृहमन्त्रालयका सचिव, प्रहरी महानिरीक्षक तथा सुरक्षा निकायका पदाधिकारीहरूसँग ०६५ चैत २६ गते सोधपुछ गऱ्यो। प्रहरीले पीडकहरू श्याम लामा र कमल गोलेलाई ०६६ वैशाख ९ गते र विमला गोलेलाई जेठ २७ गते गिरफ्तार गऱ्यो। पीडित कल्लीकुमारीलाई राष्ट्रिय महिला आयोग, राष्ट्रिय मानवअधिकार आयोगको पहलमा ०६६ जेठ ४ गते पुनःस्थापित गरियो। पीडक विमला जेठ ३१ गते १ लाख रुपियाँ धरौटीमा रिहा भइन्।

सबै प्रकारका जातीय विभेद

लुभु गाविस-८ निवासी जमुना परियार र उनका पति रिसव परियारलाई धारामा तल्लो जात भएर बाटो छेकेर बसेको आरोपमा ०६५ माघ २९ गते सोही स्थानका ५८ वर्षीय प्रेम थापाले कुटपिट गरे। पीडकलाई कारबाहीको माग राखी पीडितले ०६५ फागुन ४ गते महानगरीय प्रहरी परिसर जावलाखेलमा निवदेन दिए। प्रहरीले पीडक थापालाई गिरफ्तार गऱ्यो। पीडित र पीडक पक्षबीच प्रहरीले मिलापत्र गरायो।

Central Region:Layout 1 2/11/2010 10:27 AM Page 306

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

भूमिसुधार कार्यालयले भूमिहीन तथा सुकुमवासीहरूको तथ्याङ्क राख्न सकेको छैन। यस जिल्लामा वाग्मती नदीको किनारमा भूमिहीन तथा सुकुमवासीहरू अस्थायी झुप्रा बनाई बसोबास गरेको पाइन्छ। सरकारले उपलब्ध गराउने अशक्त भत्ता त्रैमासिक रूपमा गाविसले वितरण गर्दै आएको छ।

संरचना, सम्पति क्षति

नेवा राज्य संयुक्त सङ्घर्ष समितिबाट

ललितपुर उमनपा पुल्चोकस्थित *कान्तिपुर एफएफका* कार्यक्रम सञ्चालक हेम सुवेदीको बा.२९प. ४७७१ नम्बरको मोटरसाइकल ०६६ जेठ १८ गते स्वायत्त नेवा: राज्य संयुक्त सङ्घर्ष समितिका कार्यकर्ताहरूले पाटन गाबाहालमा आगजनी गरे। आगजनीबाट मोटरसाइकल पूर्णरूपमा क्षतिग्रस्त भयो। कार्यालय जाने समयमा सञ्चारकर्मीको परिचयपत्र देखाए पनि सुवेदीलाई दुर्व्यवहार गरी बन्दकर्ताले मोटरसाइकलमा आगजनी गरेका थिए।

ललितपुर उमनपा पुल्चोकस्थित *कान्तिपुर एफएम*की पत्रकार कृष्णा पौडेलको बा.८प. ५८७२ नम्बरको स्कुटर ०६६ जेठ १८ गते स्वायत्त नेवा: राज्य संयुक्त सङ्घर्ष समितिका कार्यकर्ताहरूले ललितपुर उमनपा पुल्चोकमा तोडफोड गरी पौडेललाई दुर्व्यवहार गरे। बन्दमा मोटरसाइकल चलाएको भन्दै बन्दकर्ताले मोटरसाइकल तोडफोड गरेका थिए।

*इमेज टेलिभिजन*को बा.२च. ९४१० नम्बरको मारुती भ्यान ०६६ जेठ १८ गते स्वायत्त नेवा: राज्य संयुक्त सङ्घर्ष समितिका कार्यकर्ताहरूले ललितपुर उमनपा कुपण्डोलमा तोडफोड गरे। तोडफोडबाट भ्यानको सिसा फुट्यो।

एकीकृत माओवादीबाट

पाटन औद्योगिक क्षेत्रमा रहेका जोशी टेक्स्टाइल र केभी पेटमा उद्योग सञ्चालन गरेको भन्दै ०६६ भदौ १८ गते एकीकृत माओवादीनिकट मजदुर सङ्घका अमृत लामाको नेतृत्वमा आएका रमन राई, भोलालगायतका करिब १५-२० जनाले उद्योग बन्द गर्न भनेकामा उद्योग सञ्चालन गरेको भन्दै तोडफोड गरे। सोही क्रममा उनीहरूले उद्योगमा कार्यरत जिफन्टसँग आबद्ध मजदुर कृष्ण लामा र २० वर्षीय सूर्य लामालाई हातपात गरे।

नेपाल डिफेन्स आर्मीबाट

ललितपुर उमनपा-२, सानेपास्थित नेपाली काङ्ग्रेस केन्द्रीय कार्यालयमा ०६६ साउन २७ गते दिउँसो ३ बजे नेपाल डिफेन्स आर्मीले बम विस्फोट गरायो। विस्फोटन कार्यालयको मुख्यद्वारमुनि रहेको भ्रातृसङ्गठनको बैठक बस्ने कोठामा भएको थियो। विस्फोटनबाट कार्यालयका झ्यालका सिसा फुटे।

स्वास्थ्य सेवाको अवस्था

ललितपुर जिल्लामा जिल्ला अस्पताल छैन। यस जिल्लामा जम्मा १० ओटा अस्पताल रहेका छन्। त्यसैगरी, प्राथमिक स्वास्थ्य उपचार केन्द्र चारओटा, स्वास्थ्य चौकी नौओटा, उपस्वास्थ्य चौकी २९ ओटा, आयुर्वेद औषधालय केन्द्र तीनओटा, डट्स केन्द्र ४९ ओटा, खोप क्लिनिक १ सय १४ ओटा, पीएचसी आउट रिच क्लिनिक ७१ ओटा रहेका छन्। यस जिल्लामा जिल्ला जनस्वास्थ्य कार्यालय मातहतमा २ सय १३ जना स्वास्थ्यकर्मीको दरबन्दी रहेको छ। जसमा यस वर्ष पाँच पद रिक्त छन्।

२.१३ काभ्रे

जनसङ्ख्या : ४,४२,३९५
साक्षरता प्रतिशत : ७३
महिला साक्षरता प्रतिशत : ६०
क्षेत्रफल (वर्ग कि. मि.) : १,३९६
गाविस/नपा सङ्ख्या : ८७/३
सरकारी/निजी विद्यालय : ६५५/७१
क्याम्पस/उच्च मा.वि. : १२/५०
अस्पताल/स्वास्थ्य चौकी : ७/९४
मानव विकास सूचकाङ्कः ०.५४३
प्रतिपरिवार सरदर सङ्ख्याः ६

Central Region:Layout 1 2/11/2010 10:27 AM Page 307

नागरिक तथा राजनीतिक अधिकार
सम्मानित रूपले बाँच्ने अधिकार
हत्या
अज्ञात समूहबाट

चलाल गणेशस्थान गाविस-९ का ४० वर्षीय डवीइडुप तामाङको ०६६ कात्तिक २५ गते दिउँसो अज्ञात व्यक्तिहरूको समूहले खुकुरी प्रहार गरी हत्या गऱ्यो। पाटीखर्कस्थित चिया पसलमा जाँदै गर्दा सिक्रे जङ्गलमा उनीमाथि आक्रमण भएको थियो। प्रहरीले घटनाको अनुसन्धान गरिरहेको बतायो।

जेल र बन्दीहरू

'घ' श्रेणीको यस कारागारको बन्दी क्षमता ६१ जनाको रहे पनि क्षमताभन्दा बढी बन्दी राखिँदै आएको छ। कारागारमा कैद तोकिएका २७ जना र कैद नतोकिएका ८१ जना गरी १ सय ८ जना बन्दीहरू रहेका छन्। कर्तव्य ज्यान मुद्दामा ५३ जना, चोरीको आरोपमा छ जना, डाँकाको आरोपमा १६ जना, जबरजस्ती करणीको आरोपमा ११ जना, ज्यान मार्ने उद्योगको आरोपमा १७ जना, सैनिक ऐन मुद्दामा १ जना, लागूऔषध मुद्दामा एक जना, सवारी ज्यान मुद्दामा एक जना, विस्फोटक पदार्थ मुद्दामा एक जना र केही सार्वजनिक अपराध मुद्दामा एक जना रहेका छन्। यस कारागारमा महिला र बालबालिका राख्ने व्यवस्था छैन।

कारागारलाई तीन भागमा विभाजन गरी बीचको भागमा गम्भीर स्थितिका मानसिक रोगीहरूलाई राखिने गरिन्छ। यस कारागारमा हावापानी राम्रो भएको भनी मानसिक रोगीलाई राख्न यहाँ ल्याइन्छ। मानसिक रोगीहरू यस जिल्लाका मात्र नभएर अन्य जिल्लाका पनि छन्। यस्ता मानसिक रोगीहरू अहिले ३४ जना छन्।

कारागारमा चर्पीको मर्मत, सम्भार र भवनको जीर्णोद्धार गर्नुपर्ने आवश्यकता देखिन्छ। फोहोर चर्पीका कारण बन्दीहरूले निकै समस्या झेल्नुपरेको बताए। कारागारको क्षमता बढाउनुपर्ने आवश्यकता छ। कारागार भवनको बिजुली वाइरिङ् तथा केही भागमा प्लास्टर उक्किएको छ। कारागारको गेटमा कुराकानी गर्ने कक्ष, कारागारभित्र सरसफाइ, फोहोर व्यवस्थापन र भित्र घाम ताप्नका लागि बेन्चको अभाव छ।

विश्व मानवअधिकार दिवसका सन्दर्भमा ०६६ मङ्सिर २५ गते इन्सेकका प्रतिनिधि भोजराज तिमल्सिनाको नेतृत्वमा चार सदस्यीय टोलीले धुलिखेल कारागार निरीक्षण गरी स्थानीय प्रशासनलाई कारागार सुधारका लागि सुझाव दिएको थियो।

धम्की/कुटपिट
एकीकृत माओवादीबाट

सिसाखानी गाविस-८ का ३५ वर्षीय धनवीर लामालाई ०६५ फागुन ८ गते भकुन्डे-मेच्छे सडकसम्बन्धी टेन्डर हाल्न जाँदा माओवादी समर्थक ठेकेदारहरूको समूहले धुलिखेलस्थित जिल्ला विकास समितिको कार्यालयबाट अपहरण गरी कुटपिट गरेर बनेपामा ल्याई १० हजार रुपियाँ जरिवाना लिएर मुक्त गऱ्यो। टेन्डरका लागि ५ बजेसम्मको समय तोकिएकामा ५ बज्न तीन मिनेट बाँकी छँदा टेन्डर लिएर जिविस कार्यालय गएका लामालाई उक्त समूहले प्रहरीकै अगाडि मुक्का र लात्ती प्रहार गरी मोटरसाइकलको लाइसेन्स र साँचोसमेत खोसेको थियो। सात वर्षअघिदेखि यस पेसामा लागेका धनवीरले आफूले पनि टेन्डर राख्न पाउनुपर्ने बताएपछि धुलिखेलस्थित 'काकाको होटल'को माथिल्लो तल्लामा आधा घण्टा लुकाई त्यही समूहले गाडीमा हालेर बनेपा ल्याएको थियो। उनीहरूले बनेपाको वाईसीएल चोकमा ल्याएर आफूहरूलाई नसोधी टेन्डर राख्न खोजेको भनी १० हजार रुपियाँ लिएपछि मात्र साँचो फिर्ता गरेका थिए। घटनापछि उल्टै आफूहरूलाई कुटेको भनी उक्त समूहका व्यक्तिहरूले प्रहरीमा निवेदन दिएका थिए।

एकीकृत माओवादीले आफ्नो जिल्ला जनसम्पर्क कार्यालय तोडफोडमा संलग्न रहेको आरोपमा एमाले-काङ्ग्रेस कार्यकर्ता एवम् सर्वसाधारणहरू बनेपा नपा-४ लायकु निवासी ३० वर्षीय मङ्गलमान प्रजापति, बनेपा नपा-४ निवासी ३४ वर्षीय एमाले मजदुर नेता प्रकाश दाहाल, उग्रतारा जनागाल गाविस-४ निवासी युथफोर्सका जिल्ला अध्यक्ष ३० वर्षीय मुक्ति विष्ट, बनेपा नपा-६ तीनदोबाटोका सर्वसाधारण ३० वर्षीय गणेशकुमार श्रेष्ठ, राम प्रजापति भैल, नासिका साँगा गाविस-५ का ४३ वर्षीय रामकृष्ण मानन्धर, नासिका साँगा गाविस-४ का केशव मानन्धर,

धुलिखेल कारागारमा रहेका बन्दीहरू

Central Region:Layout 1 2/11/2010 10:27 AM Page 308

घटनाको प्रकार	गैर राज्यबाट									राज्यबाट				
	अन्यबाट					एकीकृत माओवादीबाट								
	घटना सङ्ख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना सङ्ख्या	पुरुष	नखुलेको	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	१३	८	४		१३									
घाइते	१	१	१		३									
गिरफ्तारी/यातना										१	३			३
कुटपिट	१४	१९		१७	३६	३	४	५	९	३	७	३	३	१३
धम्की						१	३	९	१३					
भेला/सङ्गठित हुने अधिकार										१	१			१
जातीय विभेद	१	१			१									
महिलाअधिकार	६		६		६									
बालअधिकार	४		५		५									
आर्थिक/सामाजिक/ सांस्कृतिक अधिकार						१	३		३					
अपहरण	३	१	१		३									
जम्मा	४०	३०	१७	१७	६४	४	९	१४	३३	५	१०	३	३	१६

नेविसङ्घका कार्यकर्ता नृपेश वादे र बनेपा नपा-१० का ३४ वर्षीय सुमन भैल (हाल मृत्यु)लगायतको नाम सार्वजनिक गरी उनीहरूलाई राज्यले कारबाही नगरे आफूहरूले नै कारबाही गर्ने धम्की दिए। माओवादीद्वारा ०६६ जेठ २४ गते जारी गरेको विज्ञप्तिमा उनीहरूलाई आपराधिक समूह भनी उल्लेख गरिएको थियो। यसबाहेक माओवादीले ०६६ जेठ २५ गते बनेपामा आयोजना गरेको सभामा नासिका साँगा गाविसका पूर्वअध्यक्ष रामहरि श्रेष्ठ, प्रकाश श्रेष्ठ र एमालेका नासिका साँगा गाउँ कमिटीका सचिव सिद्धिबहादुर जोशीसमेतको नाम थप गरी उनीहरूको हातखुट्टा मात्र नभएर ढाड भाँचिदिन वाईसीएलका नेता सागर भनिने चन्द्रबहादुर थापाले आफ्ना कार्यकर्ताहरूलाई निर्देशन दिए। सभामा उनले घोषणा नै गरे, प्रहरीले वारेन्ट काटे पनि नकाटे पनि हामीहरूले उनीहरूका नाममा वारेन्ट काटेका छौं।'

बनेपा नगरमा अशान्ति र अराजकता बढ्दै गएको भन्दै बनेपाबासीले ०६६ जेठ ३० गते बृहत् शान्ति तथा सद्भाव च्याली निकाले।

आदिवासी जनजाति जातीय क्षेत्रीय महासङ्घले ०६६ जेठ २४ गते आयोजना गरेको बन्दका क्रममा सार्वजनिक यातायातका साधन तोडफोड र मोटरसाइकल आगजनी गरेको भनी स्थानीयहरूले बनेपामा रहेको एकीकृत माओवादीको जिल्ला कार्यालयमा ढुङ्गा प्रहार गरी क्षति पुऱ्याए। एकीकृत माओवादी पार्टी कार्यालयको छतबाट माओवादी कार्यकर्ताले प्रतिकारमा उत्रिएका जनतालाई ढुङ्गा प्रहार गर्दा थुप्रै व्यक्तिहरू घाइते भए। घटनामा बनेपा नपा-५ पुलबजारका ४५ वर्षीय चन्द्रराज रञ्जितकार, नासिका साँगा गाविस निवासी १९ वर्षीय राकेश मानन्धर र बनेपाका १८ वर्षीय गणेश थापाको टाउको फुटेका कारण बनेपास्थित करुणा फर्मामा उपचार गरियो। घटनामा नासिका साँगा गाविसका केशव खड्गी, जनागाल गाविस-६ निवासी रित्तिका बानियाँ, च्याले गाविस-७ निवासी भीमप्रसाद सापकोटा र बनेपा नपा-१० निवासी प्रमोद लामा भागदौडका क्रममा घाइते भए। ढुङ्गा प्रहारका कारण सशस्त्र प्रहरी गुल्म वाग्मती अञ्चल कार्यालयमा कार्यरत सर्लाही जिल्ला घर भएका प्रहरी जवान लक्ष्मण सिंहको मुखमा चोट लाग्यो। सोही गुल्ममा कार्यरत चितवन घर भएका

प्रहरी जवान प्रकाश गुरुङको दाहिने हातको पातामा ढुङ्गा प्रहारबाट चोट लाग्यो। नवलपरासी घर भएका २९ वर्षीय प्रहरी जवान सामीनाथ यादवको खुट्टामा चोट लाग्यो। चितवन जिल्ला घर भएका प्रहरी हवल्दार कृष्णहरि गौतमलाई पनि प्रतिकारमा उत्रिएकाहरूले ढुङ्गा प्रहार गर्दा चोट लाग्यो। चारै जना घाइते प्रहरीको बनेपास्थित शिर मेमोरियल अस्पतालमा उपचार भयो। पार्टी कार्यालयभित्र बन्धक भएका एकीकृत माओवादीका नेताहरूलाई प्रहरीले उद्धार गरी सुरक्षित स्थानतर्फ पठायो।

एकीकृत माओवादीले आफ्नो पार्टी कार्यालय तोडफोडमा संलग्न भएको भन्दै ०६६ असार ५ गते देउपुर गाविस-१ निवासी नेकपा (एमाले) काभ्रे जिल्ला कमिटीका तत्कालीन सचिव ३९ वर्षीय गोकुल बाँस्कोटा, बनेपा नपा-४ लायकुका ३० वर्षीय मङ्गलमान प्रजापति, बनेपा नपा-४ निवासी एमाले मजदुर नेता ३४ वर्षीय प्रकाश दाहाल, उग्रतारा जनागाल गाविस-४ निवासी युथफोर्सका जिल्ला अध्यक्ष ३० वर्षीय मुक्ति विष्ट, एमालेका नासिका साँगा गाउँ कमिटीका सचिव सिद्धिलाल श्रेष्ठ र काङ्ग्रेसका कार्यकर्ता रामहरि श्रेष्ठका विरुद्ध उजुरी दियो।

यस घटनामा जिल्ला प्रहरीले इलाका प्रहरी कार्यालयलाई आवश्यक कारबाही गर्नका लागि पत्राचार गऱ्यो।

ताम्सालिङका कार्यकर्ताबाट

साँगा गाविस-५ का ४३ वर्षीय रामकृष्ण मानन्धरलाई ०६६ जेठ २४ गते शिखरआम्बोटे गाविस-७ निवासी ताम्सालिङका कार्यकर्ता ३२ वर्षीय माइला लामालाई समाति प्रहरीलाई बुझाएको आरोपमा बनेपास्थित चौकी अगाडि लाठी प्रहार गरी घाइते बनाए। पीडितको बनेपास्थित शिर मेमोरियल अस्पतालमा उपचार गरियो। बन्दकर्ताहरूले बनेपामा रोकिराखेका सार्वजनिक सवारीका साधनहरू तोडफोड गरेको आरोपमा स्थानीयबासिन्दाले लामालाई समाति प्रहरीमा बुझाएका थिए। उनलाई केही सार्वजनिक अपराधअन्तर्गत मुद्दा लगाएकोमा ०६६ जेठ ३१ गते साधारण तारेखमा रिहा भए।

सोही दिन ताम्सालिङ बन्दका क्रममा रोकिराखेका सार्वजनिक यातायातका साधन तोडफोड र मोटरसाइकल आगजनी गरेपछि प्रतिकारमा उत्रिएका सर्वसाधारणहरूले फुलबारी गाविस-४ का ३० वर्षीय राजु सत्याल, सोही गाविस-५ का ३० वर्षीय प्रकाश सत्याल र खनालथोक गाविस-२ का ३२ वर्षीय पुस्कर

प्रतिकारमा उत्रिएकाले कुटपिट गर्दा घाइते भएका राजु सत्याल र पुस्कर न्यौपाने

न्यापानेलाई कुटपिट गरी घाइते बनाए। घाइतेहरूको बनेपास्थित शीर मेमोरियल अस्पतालमा उपचार भयो।

युथफोर्सबाट

नयाँगाउँ गाविस-१ स्थित महाकाली उच्चमाविको कक्षा ९ मा अध्ययनरत राजगणेश वाइवालाई ०६५ पुस ३० गते साझ युथफोर्सका कार्यकर्ताले कुटपिट गरी घाइते बनाए। विद्यालय व्यवस्थापन समितिको निर्वाचनका विषयमा विवाद भएर घरमा फर्किरहेको अवस्थामा बीच बाटोमै आफूलाई कुटपिट गरेको पीडितले बताए। पीडितको स्थानीय स्वास्थ्य संस्थामा उपचार भयो।

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

एकीकृत माओवादीले नागरिक सर्वोच्चताका लागि भन्दै गरेको आन्दोलनका क्रममा ०६६ असार ७ गते धुलिखेलमा भएको झडपमा सुनसरी जिल्ला घर भई धुलिखेल नपा-२ स्थित डेरामा बस्ने ४६ वर्षीय राजकुमार राईको टाउकोमा चोट लागेकाले उनको धुलिखेल अस्पतालमा उपचार गरियो। माओवादीको भ्रातृसङ्गठन अखिल नेपाल निर्माण मजदुर सङ्घका सदस्य रहेका राई जिल्ला प्रशासन कार्यालयमा धर्नाका क्रममा घाइते भएका थिए। राष्ट्रपतिले प्रधानसेनापतिलाई पदमा नै बहाल रहन दिएको निर्देशन र मन्त्रिपरिषद्को निर्णय उल्ट्याएको भनी माओवादीले देशभरका सरकारी कार्यालय घेराउ गरेको थियो। जिल्ला प्रशासन कार्यालय घेराउ गर्न जाने क्रममा माओवादीले गेटमा अवरोध पुऱ्याएका कारण प्रहरीले हस्तक्षेप गरेको थियो।

एकीकृत माओवादीले अर्थमन्त्री सुरेन्द्र पाण्डेलाई बनेपा आगमनका क्रममा ०६६ असोज २

Central Region:Layout 1 2/11/2010 10:27 AM Page 310

ताम्सालिङ कार्यकर्ताबाट कुटपिट गरिएका रामकृष्ण मानन्धर

गते कालो झन्डा प्रदर्शन गरेपछि प्रहरीसँगको झडपमा साल्मेचाकल गाविस निवासी माओवादी कार्यकर्ता सुन्तली तामाङ र रेश्मा लामा, महादेवस्थान गाविसका राजन भट्टराई, ओखलढुङ्गा जिल्ला निवासी वाईसीएल कार्यकर्ता सन्तोष राई र माओवादी मजदुर सङ्गठनका विजय दाहाल सामान्य घाइते भए। घाइतेहरूको बनेपास्थित शिर मेमोरियल अस्पतालमा उपचार गरियो। घटनामा माओवादी विद्यार्थी सङ्गठनकी कल्पना मोक्तान र रोशन तिमल्सिनालाई प्रहरीले कुटपिट गऱ्यो। चण्डेश्वरी बचत तथा ऋण सहकारी संस्थाको वार्षिक साधारणसभाको उद्घाटनका लागि मन्त्री पाण्डे बनेपास्थित अरनिको सभाभवनमा आएका थिए। माओवादीको घोषित कार्यक्रम अनुसार कालो झन्डा प्रदर्शनपछि ढुङ्गा प्रहार गरेपछि प्रहरीले नौ सेल अश्रुग्यास र लाठी प्रहार गरेको थियो। दिउँसो १२ बजेको समयमा भएको उक्त झडपपछि ढुङ्गा प्रहारबाट बनेपास्थित इलाका प्रहरी कार्यालयको गाडीको सिसा फुट्यो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

काभ्रे जिल्ला अदालतमा ०६५ पुसदेखि ०६६ मङ्सिर मसान्तसम्म ३ सय ७३ थान देवानी मुद्दा दर्ता र गत वर्षको जिम्मेवारी सरेर आएका समेत १ सय ८३ थान फर्स्यौट भए। यस वर्ष १ सय ९६ थान फौजदारी मुद्दा दर्ता र गत वर्षको जिम्मेवारी सरेर आएका समेत १ सय २६ थान फर्स्यौट भए। यस वर्ष ६० थान सरकारवादी मुद्दा दर्ता र गत वर्षको जिम्मेवारी सरेर आएका समेत ५१ थान फर्स्यौट भए। एक वर्षभित्रका ४ सय ७५ थान, २ वर्षभित्रका २ सय १ थान र २ वर्ष नाघेका १ सय २२ थानसमेत गरी यस वर्षको अन्त्यसम्म बाँकी रहेका मुद्दा जम्मा ७ सय ९८ थान छन्। यस अदालतमा देवानी मुद्दामा बढी अंश र जग्गासम्बन्धी, फौजदारी मुद्दामा बढी जालसाजी र सरकारवादी मुद्दामा बढी ज्यानसम्बन्धी मुद्दा परेका छन्।

यस वर्ष यस अदालतमा जीउ मास्नेबेच्ने र गर्भपतनसम्बन्धी मुद्दा दर्ता भएको पाइएन भने महिला हिंसाका घटनामा बलात्कार, कुटपिट, गाली-बेइज्जती, कर्तव्य ज्यान, अंश, बहुविवाह, मानाचामल र सम्बन्धविच्छेद मुद्दा बढी देखिन्छन्। जिल्ला न्यायाधीश लेखनाथ रेग्मीको भनाइमा अदालतमा पर्याप्त कर्मचारी र बजेटको अभावमा समस्या देखिन्छ। स्वेच्छिक अवकाशका कारण केही कर्मचारीले जागिर छोडेको र नयाँ नियुक्तिका लागि केही काम नभएकाले यस्तो भएको हो। अदालतमा जाने कतिपय मुद्दाहरू अहिले स्थानीय तहमा नै मिलापत्र हुने गरेका छन्। नेपाल मेलमिलापकर्ता समाजले अदालत परिसरमै स्थापना गरेको मेलमिलाप केन्द्रमा व्यक्तिवादी फौजदारी र देवानी गरी ५२ थान मेलमिलापका मुद्दा दर्ता भएकामा १६ थान टुङ्गिएका छन्।

बालअधिकार

जिल्ला बालकल्याण समितिको सहयोगमा काभ्रे जिल्ला अदालतमा बाल इजलास गठन भई सुरुवात भएको छ। यसका लागि बाल विशेषज्ञ र समाजसेवी चार जनालाई तालिम दिएर बालमैत्री कक्षको स्थापना र इजलासमा सीसीटीभीको व्यवस्था गरिएको छ। जिल्ला प्रहरी कार्यालय महिला तथा बालबालिका सेवा केन्द्रमा पनि बालमैत्री कक्षको स्थापना गरिएको छ। बनेपा नपा र डानिडाले गरेको सर्वेक्षण अनुसार जिल्लामा ७ हजार ३ सय ९३ जना बालबालिका अपाङ्ग रहे पनि महिला विकास कार्यालयबाट ३ सय १४ जना बालबालिकाले मात्र अपाङ्गता परिचयपत्र लिएका छन्। जिल्लामा रहेका चारओटा आवासीय बालगृहमा २ सय ५८ जना बालबालिका रहे पनि सडक बालबालिकाको सङ्ख्या बढ्दो छ। निमोनियाका कारण यस वर्ष तीन जना बालबालिकाको मृत्यु भयो। यस वर्ष जिल्लाबाट २७ जना बालबालिका हराएको सार्वजनिक जानकारीमा आयो।

पाल्लेखेत गाविस-५ निवासी १४ वर्षीया एक बालिकालाई ०६५ माघ १२ गते साँझ पीडितको घरमा कोही नभएको अवस्थामा पाल्लेखेत गाविस-८ निवासी २० वर्षीय रवीन गौतमले बलात्कार गरेको भनी आरोपितलाई कारबाहीको माग गर्दै ०६५ माघ १५ गते प्रहरीमा पीडित पक्षले जाहेरी दियो। बालिकाका कपडाहरू रगतले भिजेको अवस्थामा प्रहरीले

अस्पतालमा स्वास्थ्य परीक्षण गराएको थियो। आरोपित फरार छन्।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार

श्यामपाटी गाविस-७ की १८ वर्षीया नीमा लामालाई ०६५ फागुन २० गते साँझ पर्वत जिल्ला बाच्छा गाविस-५ निवासी ४९ वर्षीय सुरेन्द्रकुमार आचार्यले काममा लगाइदिन्छु भनी बनेपा नपा-६ स्थित एक सार्वजनिक स्थानमा बोलाई अश्लील शब्द प्रयोग गरेको आरोपमा प्रहरीले गिरफ्तार गऱ्यो। राष्ट्रिय दैनिक पत्रिकाहरूमा काम गर्ने मानिसहरूको आवश्यकता भनी वर्गीकृत विज्ञापन छपाएर महिलाहरूलाई शोषण गरी सार्वजनिक अपराध गरेको भनी ०६५ फागुन २० गते आरोपितलाई प्रहरीले गिरफ्तार गरेकामा ०६५ चैत १० गते उनी १० हजार रुपियाँ धरौटी राखी रिहा भए।

पारिवारिक हिंसा, बहुविवाह

बनेपा नपा-१० निवासी ४६ वर्षीय गोपालकृष्ण श्रेष्ठले ०६६ कात्तिक २५ गते होक्से गाविस-५ निवासी कुमार केसीकी पत्नी ३५ वर्षीया अम्बिका केसीसँग दोस्रो विवाह गरे। जेठी पत्नी रम्भादेवी श्रेष्ठको जाहेरीका आधारमा दुवैलाई ०६६ पुस १ गते प्रहरीले गिरफ्तार गरी अनुसन्धान जारी राखेको छ। रम्भादेवीबाट एक छोरा र एक छोरीको जन्म भएको छ भने अम्बिका केसीका पनि एक छोरा र एक छोरी छन्।

दुर्व्यवहार

मेच्छे गाविस-७ की ५० वर्षीया लासमाया तामाङकी छोरी पासाङलाई पानी लिन पँधेरामा गएका बेला ०६६ वैशाख १८ गते 'बोक्सीको सन्तान' भन्दै सुनमायाले अपमानित गरी गाउँ निकाला गरेको भनी पीडकहरूलाई कारबाहीको माग गर्दै ०६६ वैशाख २५ गते जिल्ला प्रहरी कार्यालय काभ्रेमा लासमायाले उजुरी दिइन्। पीडकहरू ०६६ वैशाख २८ गते मङ्गलटार चौकीमा आएपछि जिल्ला प्रहरी कार्यालयमा ल्याइयो। पीडकहरूलाई अदालतमा पेस गर्दा कमानसिं लामा साधारण तारेखमा र सुनमाया तामाङलाई २ हजार १ सय रुपियाँ धरौटी राख्न लगाई तारेखमा रिहा गरियो।

कोलाती भुम्लु गाविस-८ निवासी टङ्कदेवी थपलियालाई कथित बोक्सीको आरोपमा ०६६ भदौ ९ गते कोलाती गाविस-८ निवासी ६० वर्षीय कोमलप्रसाद थपलिया, ५२ वर्षीय रामेश्वर थपलिया, ६० वर्षीय वासुदेव थपलिया, २८ वर्षीय नारायण भनिने निजानन्द थपलिया, ५० वर्षीय टङ्कप्रसाद उप्रेती र धुसेनी शिवालय निवासी दुलाल थरका धामीलगायतले लछारपछार पारी कुटपिट गरे। पीडितले इन्सेक प्रतिनिधिको सहयोगमा ०६६ असोज २१ गते प्रहरी र मानवअधिकार आयोगमा उजुरी गरिन्। छिमेकी रामेश्वर थपलियाकी पत्नी गीता बिरामी भएको भनी धुसेनी शिवालय गाविसबाट ल्याइएका धामीलगायतले घरमा एक्लै रहेकी टङ्कदेवीलाई रातको १२ बजे कथित बोक्सीको आरोपमा सुतेकै स्थानमा लछारपछार पारेका थिए। पीडित टङ्कदेवीको उजुरीका आधारमा प्रहरीले पीडकहरूलाई गिरफ्तार नै नगरी मुद्दा दर्ता गरेको भोलिपल्ट अदालतमा मुद्दा पेस गऱ्यो।

सबै प्रकारका जातीय विभेद

पनौती नपा-६ स्थित काथं गणेश मन्दिर परिसरमा रहेको टहरामा स्थानीय नेवार समुदायले नेवार समुदायभित्रकै खड्गी समुदायलाई भोजभतेर गर्नबाट वञ्चित गऱ्यो। फ्रान्स र स्पेनको ६०औँ मैत्री सम्बन्धको अवसरमा ०६५ चैत ३१ गते आयोजित सांस्कृतिक कार्यक्रमका सहभागीलाई भोजका लागि उक्त टहरा (सत्तल) उपलब्ध गराउन माग गर्दा टहरा सञ्चालक समितिले अस्वीकार गरेको थियो। उक्त घटनापछि ०६६ जेठ २ गते स्थानीय खड्गी समुदायले लाग्ने दस्तुर लिएर टहरा उपलब्ध गराउन पत्राचार गरेपछि विवाद उत्पन्न भई पनौती नपा कार्यालयले कसैलाई पनि उपलब्ध नगराउने भनी उक्त टहरामा लगाएको ताला नेवार समुदायको दबावका कारण ०६६ जेठ ४ गते बेलुकी खोलियो।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

च्यासिङखर्क गाविस-२ निवासी ५२ वर्षीय

प्रहरीले हतियारसहित गिरफ्तार गरेका शिक्षकहरू रुद्रप्रसाद गौतम र हेमप्रसाद तिमल्सिना

कर्मजित बल तामाङले ०६५ माघ १३ गते साँझ सोही ठाउँ निवासी ४० वर्षीय कान्छामान लामा र ३० वर्षीया शान्तिमाया लामालाई धर्म परिवर्तन नगरेको भनी छुरी प्रहार गरी घाइते बनाए। मादक पदार्थ सेवन गरी घरतर्फ आइरहेका कर्मजितले तिमीहरूले पनि इसाई धर्म मान्नुपर्छ भन्दा पीडितहरूले नमानेका कारण छुरा हानेका थिए। छुरा प्रहारबाट कान्छामानको पेटको बायाँ भागमा र शान्तिमायाको बायाँ कोखमुनि चोट लाग्यो। पीडितहरूको स्थानीय अस्पतालमा उपचार गरियो। पीडकलाई ज्यान मार्ने उद्योग अन्तर्गत मुद्दा लगाई हाल पुर्पक्षका लागि थुनामा राखिएको छ।

जिल्ला विकास समितिका अनुसार, यस जिल्लामा भूमिहीन ३३ परिवार रहेका छन्।

संरचना, सम्पति क्षति, सम्पति कब्जा

आदिवासी जनजाति जातीय क्षेत्रीय महासङ्घबाट

आदिवासी जनजाति जातीय क्षेत्रीय महासङ्घद्वारा ०६६ जेठ २४ गते आयोजना गरेको ताम्सालिङ क्षेत्र बन्दका क्रममा जनागाल गाविस-१ मा बा.६ प.३६२४ नम्बरको मोटरसाइकललाई आन्दोलनकारीले आगो लगाएर जलाइदिए। मोटरसाइकलमा आगो लगाएको आरोप लगाएर स्थानीयहरूले शिखरआम्बोटे गाविस-७ निवासी ३२ वर्षीय माइला लामालाई समातेर प्रहरीलाई बुझाए। माइला लामालाई केही सार्वजनिक अपराध अर्न्तगत मुद्दा लगाएकामा ०६६ जेठ ३१ गते साधारण तारेखमा रिहा भए। आफ्ना कार्यकर्तालाई समाएर प्रहरीलाई बुझाएको भनी ताम्सालिङ कार्यकर्ताले नासिका साँगा गाविस-५ का ४३ वर्षीय रामकृष्ण मानन्धरलाई बनेपास्थित चौकीअगाडि लाठी प्रहार गरी टाउको फुटाई शरीरका विभिन्न भागमा लाठी प्रहार गरे। पीडितको बनेपास्थित शिर मेमोरियल अस्पतालमा उपचार भयो। बनेपाका व्यापारी विकास मानन्धरलाई पसल बन्द नगरेको भनी बन्दकर्ताले कुटपिट गरेका थिए। बन्दकर्ताहरूले बनेपामा रोकिराखेका थुप्रै सार्वजनिक सवारीका साधनहरूमा ढुङ्गा प्रहार गरी सिसा फुटाएका थिए।

अज्ञात समूहबाट

एकीकृत माओवादीले कार्यालयका सामान अन्यत्र सार्न लगाएर ०६३ चैत २५ गतेबाट कब्जामा लिएको काभ्रे नित्यचण्डेश्वरी गाविसको भवनमा ०६५ चैत १३ गते राती अज्ञात समूहले तोडफोड गऱ्यो। गाविस कार्यालयका दुईओटा कोठाको कागजात च्यातिएको र माओवादी कार्यालयको कागजात चोरी भएको घटनास्थल पुगेर फर्किएका प्रहरीले बताए। तोडफोडमा को-को संलग्न थिए भन्ने खुल्न सकेको छैन। बनेपा-बर्दीबास सडकमा यो भवन परेकाले मुआब्जा दिएर परियोजनाले कार्यालयलाई अन्यत्र सार्न लगाएको थियो। माओवादीले यस गाविस कार्यालयको भवनमा झन्डा गाडी पार्टीको काम गर्दै आएको छ।

एकीकृत माओवादीबाट

एकीकृत माओवादीको जिल्ला पार्टी कार्यालयमा अघिल्लो दिन भएको तोडफोड एमालेको उक्साहट र निर्देशनमा भएको भन्दै जुलुससहित आएका सयौँ माओवादी कार्यकर्ताले ०६६ जेठ २५ गते दिउँसो एमालेको जिल्ला पार्टी कार्यालय तोडफोड गरे। झन्डा बोकेर माइकिङ् गर्दै आएका माओवादी कार्यकर्तालाई रोक्न लाग्दा केही घाइते भए। घाइतेहरूको बनेपास्थित शिर मेमोरियल अस्पतालमा उपचार भयो। तोडफोडलाई रोक्न लाग्दा रोल्पा जिल्ला गजुल गाविस-३ का ३८ वर्षीय प्रहरी हवल्दार सर्जबहादुर महरा गम्भीर घाइते भए। माओवादीले उनलाई समाएर देब्रे गाला, देब्रे हात र पातोमा ढुङ्गा र लौरो प्रहार गरेका थिए। घटनामा रौतहट जिल्ला इपरिया गाविस-६ का २३ वर्षीय प्रहरी जवान दीपेन्द्रकुमार यादव घाइते भए। उनको टाउकोको दाहिने भाग र देब्रे खुट्टामा ढुङ्गा प्रहारबाट चोट पुग्यो। यस्तै सर्लाही जिल्ला रामनगर गाविस-२ का २५ वर्षीय प्रहरी जवान अञ्जयकुमार सिंहलाई माओवादीले ईंटा प्रहार गर्दा देब्रे ढाडमा चोट लाग्यो। झडपका समयमा पार्टी कार्यालयमा रहेका डराउनेपोखरी गाविस-३ निवासी २८ वर्षीय चन्द्र लामा, बुढाखानी गाविस-५ का २१ वर्षीय सुजन रानामगर, बनेपा नपा-११ निवासी ४१ वर्षीय पद्म ढुङ्गाना, ज्याम्दी गाविस-७ निवासी टीकाराम लामा र सिपालीचिलाउने गाविस-९ निवासी हरिकुमार मैनालीलाई माओवादीले ढुङ्गा र लौरो प्रहार गरेका थिए। एमालेले आफ्नो जिल्ला पार्टी कार्यालयमा माओवादीका सयौँ मानिसहरूले हातमा तरबार, खुकुरी, खुँडा, लाठी, ढुङ्गा, रडलगायतका हातहतियार लिई तोडफोड गरी उक्त समयमा कार्यालयमा रहेका पाँच जना कार्यकर्तालाई घाइते बनाएको र ५ लाख ६५ हजार बराबरको क्षति पुऱ्याएको भनी दोषीहरूलाई कारबाहीको माग गर्दै ०६६ जेठ ३१ गते मुद्दा दर्ता गऱ्यो। एमालेले आफ्नो कार्यालय तोडफोडमा संलग्न भनी मेच्छे गाविस-७ निवासी ३८ वर्षीय संविधानसभाका सदस्य सूर्यमान दोङ, पाँचखाल गाविस-

Central Region:Layout 1 2/11/2010 10:27 AM Page 313

७ निवासी ४५ वर्षीय संविधानसभाका सदस्य तेजबहादुर मिजार, फलामेटार गाविस-१ निवासी एकीकृत माओवादीका तत्कालीन जिल्ला सेक्रेटरी ३५ वर्षीय इन्द्रबहादुर थिङ, मेच्छे गाविस-९ निवासी ३५ वर्षीया मीना तामाङ, सिसाखानी गाविस-८ निवासी ३१ वर्षीय मिमबहादुर तामाङ, च्यासिङखर्क गाविस-५ निवासी ३० वर्षीय वाईसीएलका जिल्ला अध्यक्ष मदन भनिने पेमा तामाङ, मथुरापाटी गाविस-३ निवासी ३३ वर्षीय भोला अर्याल, टुकुचा नाला गाविस-८ निवासी ४० वर्षीय गोपाल घिमिरे, अनैकोट गाविस-३ निवासी २८ वर्षीय हरिप्रसाद खतिवडा, पनौती नगरपालिका-११ निवासी ४५ वर्षीय राजेशकुमार कार्की, उग्रचण्डी नाला गाविस-४ निवासी ४० वर्षीय तुलसीनारायण श्रेष्ठ, मेच्छे गाविस-९ निवासी २९ वर्षीय डीएम लामा, पाँचखाल गाविस-५ निवासी ४५ वर्षीय बलराम अर्याल, धुलिखेल नपा-२ निवासी ३७ वर्षीय विजय दाहाल र टुकुचा नाला गाविस-८ निवासी २१ वर्षीय सन्तोष घिमिरेलाई आरोप लगाएको थियो।

देवभूमि बालुवा गाविस-३ र ६ मा रहेको ४ सय २ रोपनी व्यक्तिगत जग्गा एकीकृत माओवादीका नेता तथा कार्यकर्ता सम्मिलित एक जुलुसले ०६६ मङ्सिर ३० गते पुन: कब्जा गरेको घोषणा गऱ्यो। उक्त जग्गा राणा परिवारका नाममा भए पनि स्थानीय दनुवार र तामाङहरूले कमाउँदै आएका थिए। एकीकृत माओवादीनिकट अखिल नेपाल किसान सङ्घ (क्रान्तिकारी) र अखिल नेपाल सुकुमवासी सङ्घ (क्रान्तिकारी)को नेतृत्वमा जुलुससहित गएको एकीकृत माओवादीले जग्गा कब्जाको घोषणा गर्दै आफ्नो पार्टीको झन्डा गाडेको थियो। एकीकृत माओवादीका कार्यकर्ताहरूले बालुवा गाविस-६ कर्केटारमा रहेको २ सय ५८ रोपनी र बालुवा गाविस-३ मा रहेको १ सय ४४ रोपनी जग्गाको वरिपरि झन्डा गाडेका थिए।

बालुवा गाविस-६ मा रहेको साविक मोहनशमशेर राणा, हाल मणिरत्न र सानुरत्न शाक्यको कित्ता नं. ३९६ नाममा रहेको ५० रोपनी १० आना, श्रीधरशमशेरको नाममा रहेको ६७ रोपनी, लोकभक्त राणाका नाममा रहेको ६२ रोपनी, सर्वज्ञ राणाका नाममा रहेको ३९ रोपनी, मुकुन्दशमशेरका नाममा रहेको ४० रोपनी जग्गा कब्जाको घोषणा गरिएको थियो। बालुवा गाविस-३ विक्रमटारमा रहेको बबितासिंह राणाको नाममा रहेको ५८ रोपनी, पृथ्वीसिंह जबराका नाममा रहेको ४८ रोपनी तथा झरेन्द्रशमशेर जबराका नाममा रहेको ३८ रोपनी जग्गा कब्जाको घोषणा गरिएको थियो। जग्गाका मोहीमध्ये भीमबहादुर दनुवार र ज्ञानीमान लामाले ०१६ सालदेखि आफूले कमाउँदै आएको र ०२३ सालमा भूमिसुधार टोलीबाट जोताहाको अस्थायी निस्सा पाएको दाबी गरेका छन्। उनीहरूले भूमिसुधार कार्यालय काभ्रेबाट ०५७ सालमै मोहियानी हकको प्रमाणपत्र पाएका थिए। मोहियानी हक पाउने स्पष्ट भएको जग्गामा समेत माओवादीले जबरजस्ती बाली लुटेर लगेकाले हक कायम गरिपाउन दुवै जनाले ०६३ मङ्सिर २१ गते इन्सेक प्रतिनिधिको कार्यालयमा निवेदन गरेका थिए।

जग्गा कब्जाको घोषणा सभामा माओवादी जिल्ला सह-इन्चार्ज इन्द्रबहादुर थिङ र अखिल नेपाल किसान सङ्घ (क्रान्तिकारी)का जिल्ला अध्यक्ष झलक लामिछानेलगायतले जिल्लाभरिका सामन्तीका जग्गा कब्जा गरेर गरिब जनतालाई बाँड्ने बताए। माओवादीले ०६३ सालदेखि नै कब्जामा लिएर ती जग्गामा उत्पादित आँप र अन्नबाली आफूखुसी बेच्दै आएका थिए। व्यक्तिगत जग्गा कब्जाका विषयमा माओवादीका जिल्ला सचिव गङ्गाबहादुर तामाङले झन्डा गाड्दैमा आफूहरूले उक्त जग्गा नलिने बताए। दलालहरूले उक्त जग्गा बेच्न थालेकाले रोक्नका लागि सचेत मात्र गराएको उनले बताए।

ताम्सालिङ राज्य समितिबाट

कान्तिपुर पब्लिकेसनको पत्रिका बोकेर आएको बा.३च. ६८०२ नम्बरको टाटा मोबाइललाई ०६६ साउन ६ गते बिहान धुलिखेल बसपार्कमा ताम्सालिङ राज्य समितिका कार्यकर्ताहरूले तोडफोड गरी गाडीका चालक लीलाबहादुर थापालाई लछारपछार पारे। ताम्सालिङ संयुक्त सङ्घर्ष समितिले सरकारसँग ०६५ चैत २९ गते गरेको १९ बुँदे सहमति कार्यान्वयन नभएको भन्दै काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक, दोलखा, रामेछाप र सिन्धुली जिल्ला अन्तर्गतको अरनिको राजमार्ग बन्द गरेको थियो।

Central Region:Layout 1 2/11/2010 10:27 AM Page 314

२.१४ भक्तपुर



जनसङ्ख्या : २,७७,९३५
साक्षरता प्रतिशत : ८५
महिला साक्षरता प्रतिशत : ६०
क्षेत्रफल (वर्ग कि. मि.) : ११९
गाविस/नपा सङ्ख्या : १६/२
सरकारी/निजी विद्यालय : ३३७/१३३
क्याम्पस/उच्च मा.वि. : १०/३५
अस्पताल/स्वास्थ्य चौकी : ५/२६
मानव विकास सूचकाङ्कः ०.५९५
प्रतिपरिवार सरदर सङ्ख्याः ७

नागरिक तथा राजनीतिक अधिकार
सम्मानित रूपले बाँच्ने अधिकार
हत्या
अन्यबाट

नवलपरासी जिल्ला दाउन्ने गाविस-८ का कामनपा-३५ मा छाप्रोमा डेरा गरी बस्ने १८ वर्षीय जीवन गाहा मगर, चितवन जिल्ला पर्साटाँडी गाविस-८ का काठमाडौँ जिल्ला कामनपा-३५ मा छाप्रोमा डेरा गरी बस्ने १९ वर्षीय सवीन महत क्षेत्री, रामेछाप जिल्ला हिलेदेवी गाविस-२ का भक्तपुर जिल्ला मध्यपुर थिमी नपा-१४ मा डेरा गरी बस्ने १६ वर्षीय वसन्त लामालाई थिमी नपा-८ चपाचोमा अपहरणकारीको आशङ्कामा ०६६ असार २३ गते एक समूहले ईंटा र रडले कुटपिट गरी हत्या गऱ्यो। केही व्यक्तिहरूले बच्चा अपहरणको प्रयास गरेको भनी हल्ला गरेपछि मध्यपुर थिमीको चपाचोमा आइपुग्दा त्यहाँ उपस्थित केही व्यक्तिले भाग्दै आएका चार जनालाई पक्रेर कुटपिट गरेका थिए। कुटपिटका कारण घाइते भएकालाई प्रहरीले उपचारका लागि बीएन्डबी अस्पतालमा लगेकामा उपचारका क्रममा तीनै जनाको मृत्यु भयो। सो क्रममा घाइते भएका खोटाङ जिल्ला काउले गाविस-९ का भक्तपुर जिल्लाको दधिकोट गाविस-९ मा डेरा गरी बस्ने १६ वर्षीय सरोज राईको बीएन्डबी अस्पतालमा उपचार भयो। हत्यामा संलग्न भएको आरोपमा प्रहरीले भक्तपुर जिल्ला मध्यपुर थिमी नपा-५ का १८ वर्षीय सुवास अधिकारी, १८ वर्षीय प्रदीप पौडेल, १७ वर्षीय राजीन वाडे, ३४ वर्षीय आशा लामालाई असार २४ गते गिरफ्तार गऱ्यो। प्रहरीले पीडकहरूउपर जिल्ला अदालतमा ज्यान मारेको अभियोगमा मुद्दा चलायो। मुद्दा चलाएकामध्ये आशा लामा जिल्ला अदालत भक्तपुरको आदेशले ०६६ साउन २३ गते तारेखमा रिहा भए। अन्य आरोपितहरू यस वर्षको अन्त्यसम्म थुनामा रहेका छन्। घटनाका अन्य आरोपितहरूमा मध्यपुर थिमी नपा-४ का २० वर्षीय विक्रम ज्यापु, १८ वर्षीय सागर कार्की, १८ वर्षीय सञ्जु लामा र २० वर्षीय ज्वाला तामाङ यस वर्षको अन्त्यसम्म फरार रहेका छन्।

जेल र बन्दीहरू

भक्तपुर जिल्लाको मध्यपुर थिमी नपा-१७ मा एक बालसुधारगृह रहेको छ। अपराधमा मुद्दा चलाई सजाय पाएका र पुर्पक्षका लागि थुनामा रहेका देशभरिका १६ वर्षमुनिका बालबालिकालाई बाल सुधारगृहमा राखिन्छ । यस वर्षको अन्त्यसम्म यस सुधारगृहमा रहेका ७३ जना बालबालिकाहरूमध्ये सात बालिका र ६६ जना बालक छन्। बालसुधारगृहमा रहेका बालबालिकाहरूका लागि पठनपाठनको सुविधा छ।

धम्की/कुटपिट
एकीकृत माओवादीबाट

पाठ्यक्रम विकास केन्द्र भक्तपुरका प्रमुख ५५ वर्षीय हरिबोल खनाललाई एकीकृत माओवादीले आह्वान गरेको तीनदिने आमहडतालको समयमा कार्यालय खोलेको आरोपमा ०६६ पुस ६ गते उनलाई माओवादी कार्यकर्ताहरूले कुटपिट गरे। उनीहरूले कार्यालयमा रहेको गाडीसमेत तोडफोड गरेका थिए ।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष जिल्ला अदालत भक्तपुरमा दुनियाँवादी देवानी मुद्दा ७ सय १६ थानमध्ये १ सय ८४ थान फर्स्यौट भए भने सरकारवादी फौजदारी ७३ थान मुद्दामध्ये ३५ थान फर्स्यौट भए। यसैगरी दुनियाँवादी फौजदारी १ सय ५९ थान मुद्दामध्ये ३९ थान मुद्दा

घटनाको प्रकार	गैर राज्यबाट								राज्यबाट		
	अन्यबाट					एकीकृत माओवादीबाट					
	घटना सङ्ख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना सङ्ख्या	पुरुष	जम्मा	घटना सङ्ख्या	पुरुष	जम्मा
हत्या	४	५	१		६						
कुटपिट	३	३	३		५	१	१	१	१	१	१
जातीय विभेद	३	१	१	४	६						
महिलाअधिकार	६		६		६						
बालअधिकार	३		३		३						
आर्थिक/सामाजिक/ सांस्कृतिक अधिकार	१	१			१						
जम्मा	१८	१०	१३	४	२७	१	१	१	१	१	१

फर्स्यौट भए। सङ्क्षिप्त देवानी मुद्दा सात थान परेका छन्। नगरपालिकाउपर देवानी मुद्दा दुई थान परेका छन्। सङ्क्षिप्त फौजदारी ४७ थान मुद्दामध्ये ३४ थान मुद्दा फर्स्यौट भए। गाली-बेइज्जती फौजदारी दुई थान मुद्दा परेका छन्।

महानगरीय प्रहरी परिसर भक्तपुरले यस वर्ष जिल्लामा बहुविवाह पाँच, विषसेवनबाट मृत्यु २६, झुन्डिएर मृत्यु ३१, भवितव्यबाट मृत्यु ५६, सवारी दुर्घटनाबाट मृत्यु १०, कर्तव्य ज्यानबाट मृत्यु सात, चोरी १४, ठगी चार, ज्यानमार्ने उद्योग छ, केही सार्वजनिक अपराध ७४, अपहरण तथा शरीर बन्धक एक, आगो लगाएको एक, लागूऔषध दुई, बलात्कार दुई, हातहतियार खरखजाना दुई, आवश्यक वस्तु संरक्षण ऐनबारे तीन, सवारी क्षति दुई, सरकारी छाप दस्तखत कीर्ते सात, अपहरण एकलगायतका घटनाहरू दर्ता भएको बताएको छ। यस वर्ष २ सय ५४ थान मुद्दा दर्ता भई कारबाही भएको महानगर प्रहरी परिसर भक्तपुरले बतायो।

बालअधिकार

कृषि मजदुरको ज्याला दैनिक २ सय २० देखि २ सय ५० रुपियाँ रहेको छ। कतिपय स्थानमा महिला र पुरुषबीच ज्यालामा विभेद छ।

नगरकोट गाविस-१ की १६ वर्षीया एक बालिकालाई ०६६ जेठ २० गते नगरकोट गाविस-१ निवासी ३२ वर्षीय उर्गेन लामा र राजन थिकी श्रेष्ठले नगरकोट गाविस-६ को याङ्की होटलमा लगेर बलात्कार गरेको आरोपमा प्रहरीले कारबाही चलायो। पीडितले पीडकहरूउपर जेठ २१ गते प्रहरीमा उजुरी दिएकी थिइन्। ०६६ जेठ २० गते साँझ पीडकले बागेश्वरी गाविस-१ घुमाउनेमा रहेको रेस्टुरेन्टबाट नगरकोट गाविस-६ मा रहेको याङ्की होटलमा लगेर बलात्कार गरेको भनी पीडितले उजुरी गरेकी थिइन्। प्रहरीले उर्गेन लामालाई ०६६ जेठ २१ गते गिरफ्तार गऱ्यो। घटनाका अर्का आरोपित श्रेष्ठसमेत दुवैलाई जिल्ला अदालत भक्तपुरले सफाइ दियो।

मध्यपुर थिमि नपा-१२, दुईपोखरीस्थित नवरत्न सेकेन्डरी इङ्लिस स्कुलमा अध्यनरत कक्षा ६ का आठ जना विद्यार्थीलाई गृहकार्य नगरेको आरोपमा ०६६ असार १० गते विज्ञान विषयका शिक्षक रवीन्द्र मानन्धरले पोलिथिन पाइपले कुटपिट गरे। पीडितमध्ये रुवि वज्राचार्य र लक्ष्मी श्रेष्ठको दायाँ र बायाँ पाखुरामा चोट लाग्यो। उनीहरूको नेपाल कोरिया मैत्री अस्पताल मध्यपुरमा उपचार भयो। कुटिएका अन्य विद्यार्थीहरूमा कक्षा ६ कै निकीता मानन्धर, दीना मानन्धर, नीरज मानन्धर, किशोर श्रेष्ठ, विजय घटाङ र रसिक श्रेष्ठ रहेका छन्। पीडकलाई सोही दिनबाटै लागू हुने गरी विद्यालयबाट हटाइएको विद्यालयका प्रधानाध्यापक सुरेन्द्र श्रेष्ठले बताए।

बालकोट गाविस-८ निवासी आठ वर्षीया एक बालिकालाई ०६६ भदौ ९ गते दोलखा जिल्ला जिरी गाविस-३ निवासी भक्तपुर जिल्लाको मध्यपुर थिमी नपा-१४ मा बस्ने ४० वर्षीय तारा जिरेलले अपहरण गरी बिक्री गर्ने प्रयास गरेको आरोपमा मध्यपुर थिमीको प्रहरी टोलीले गिरफ्तार गऱ्यो। पीडकले ती बालिकालाई ललाइफकाई बिक्रीका लागि काठमाडौँबाट

Central Region:Layout 1 2/11/2010 10:27 AM Page 316

धादिङ जिल्लाको मलेखु पुऱ्याएर पुनः फर्काई काठमाडौँको नागढुङ्गामा ल्याएर छोडेका थिए। पीडकलाई महानगरीय प्रहरी वृत्त थिमीले गिरफ्तार गरी मुद्दा चलायो। दोषीलाई कारबाहीको माग गर्दै पीडितकी आमाले मध्यपुर थिमी प्रहरी वृत्तमा ०६६ भदौ १७ गते जाहेरी दिइन्। जिल्ला अदालत भक्तपुरको आदेशमा ०६६ भदौ ३० गते १५ हजार रुपियाँ धरौटी राखी आरोपी रिहा भए।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार पारिवारिक हिंसा, बहुविवाह

भक्तपुर नपा-११ की २६ वर्षीया रिना पोडेले पति २८ वर्षीय दिनेश पोडेले ०६५ पुस २३ गते घरमा पत्नी हुँदाहुँदै बहुविवाह गरेको भनी कारबाहीका लागि महानगरीय प्रहरी परिसर भक्तपुरमा जाहेरी दिइन्। उनले भक्तपुर नपा-११ की २८ वर्षीय माया पोडेसँग दोस्रो विवाह गरेका थिए। दिनेश पोडे र कान्छी पत्नी माया पोडेलाई प्रहरीले ०६५ पुस २३ गते गिरफ्तार गऱ्यो। उनीहरूलाई जनही २५ हजार रुपियाँ धरौटी लिएर जिल्ला अदालत भक्तपुरले ०६५ माघ १० गते रिहा गर्ने आदेश गऱ्यो।

दुबाकोट गाविस-२ की २७ वर्षीया भगवती थापाका पति नेपाल प्रहरीका असई २८ वर्षीय नवराज थापाले दुबाकोट गाविस-९ की २४ वर्षीय प्रीति दुलालसँग दोस्रो विवाह गरेको आरोपमा ०६५ फागुन ८ गते भगवतीले कारबाहीका लागि महानगरीय प्रहरी परिसर भक्तपुरमा जाहेरी दिइन्। महानगरीय प्रहरी परिसर भक्तपुरले नवराज र प्रीतिलाई सोही दिन गिरफ्तार गऱ्यो। जिल्ला अदालत भक्तपुरको आदेशमा पीडक दुवै जना जनही २५ हजार रुपियाँ धरौटीमा ०६५ फागुन २४ गते तारेखमा रिहा भए।

मोरङ जिल्लाको मधुमल्ला गाविस-२ घर भई भक्तपुर मध्यपुर थिमी नपा-१५ गठ्ठाघरमा डेरा गरी बस्ने ३० वर्षीया ध्रुवदेवी दाहालले पति ३१ वर्षीय सूर्यकुमार दाहालले बहुविवाह गरेको भनी ०६५ फागुन ९ गते मध्यपुर थिमीको प्रहरी वृत्तमा उजुरी गरिन्। सूर्यकुमारले ०६५ असार १५ गते सिन्धुपाल्चोक जिल्लाको मानेश्वरा गाविस-१ की २१ वर्षीय रेवती भण्डारीसँग दोस्रो विवाह गरेका थिए। प्रहरीले सूर्यकुमार दाहाल र उनकी कान्छी पत्नी रेवती भण्डारीलाई ०६५ फागुन ९ गते गिरफ्तार गरी मुद्दा चलायो। ०६५ फागुन २४ गते जिल्ला अदालत भक्तपुरको आदेशमा दुवै जना जनही २५ हजार रुपियाँ धरौटी राखेर तारेखमा रिहा भए। जेठी पत्नीतर्फ सूर्यकुमारका दुई छोरी छन् ।

मध्यपुर थिमी नपा-३ की २४ वर्षीया अमृता थापाले पति ३३ वर्षीय सञ्जीव थापाले दोस्रो विवाह गरेको आरोपमा ०६६ भदौ १ गते मध्यपुर थिमीको प्रहरी वृत्तमा उजुरी दिइन्। पीडकले ०६६ साउन ३१ गते काभ्रेपलाञ्चोक जिल्लाको देउपुर गाविस-४ की २२ वर्षीया अञ्जु घोरसाइनेसँग दोस्रो विवाह गरेका थिए। प्रहरीले पीडक पति र पत्नीलाई ०६६ भदौ १ गते गिरफ्तार गऱ्यो। जिल्ला अदालत भक्तपुरको आदेशमा ०६६ भदौ १६ गते जनही २५ हजार रुपियाँ धरौटी राखेर पीडकरू रिहा भए।

सबै प्रकारका जातीय विभेद

भक्तपुर जिल्ला चितपोल गाविस-९ घर्तीगाउँका २० वर्षीय सागर परियार र सोही गाविस-९ की २० वर्षीया सङ्गीता थापा ०६६ भदौ १७ गते अन्तरजातीय विवाह गरेको आरोपमा सङ्गीताका माइती पक्षले दिएको धम्कीका कारण गाउँबाट विस्थापित भए। कथित दलित पुरुषसँग विवाह गरेको भनी सागरका बाबु ४५ वर्षीय श्रीराज परियारलाई सङ्गीताका माइती पक्ष चितपोल गाविस-९ का २६ वर्षीय सुमन थापाले ०६६ पुस २ गते कुटपिटसमेत गरेका थिए। पुस ३ गते सागरले भक्तपुर जिल्लाका इन्सेक प्रतिनिधिलाई घटनाको जानकारी गराए। कुटपिटमा संलग्न व्यक्तिलाई कारबाहीका लागि पीडितले महानगरीय प्रहरी परिसर भक्तपुरमा पुस ३ गते जाहेरी दिए। पीडित दम्पती यस वर्षको अन्त्यसम्म कामनपा भोटेबहालमा डेरामा बस्दै आएका छन् भने पीडकहरूउपर कुनै कारबाही भएको छैन।

स्वास्थ्य सेवाको अवस्था

भक्तपुर जिल्लामा सरकारी अस्पताल चारओटा, निजी अस्पताल आठओटा रहेका छन्। जिल्लाभरिमा २१ वटा स्वास्थ्य केन्द्र रहेका छन्। जिल्लाभरिका स्वास्थ्य केन्द्रमा १ सय २८ जना स्वास्थ्यकर्मीहरू रहेका छन्।

Central Region:Layout 1 2/11/2010 10:27 AM Page 317

२.१५ काठमाडौँ

जनसङ्ख्या : १५,६३,४०१
साक्षरता प्रतिशत : ७८
महिला साक्षरता प्रतिशत : ६०
क्षेत्रफल (वर्ग कि. मि.) : ३९५
गाविस/नपा सङ्ख्या : ५७/२
सरकारी/निजी विद्यालय : ९४५/१,०७५
क्याम्पस/उच्च मा.वि. : १२१/२२६
अस्पताल/स्वास्थ्य चौकी : ४०/७०
मानव विकास सूचकाङ्कः ०.६०३
प्रतिपरिवार सरदर सङ्ख्याः ७

नागरिक तथा राजनीतिक अधिकार
सम्मानित रूपले बाँच्ने अधिकार
हत्या
राज्यबाट

सर्लाही जिल्ला राजघाट गाविस-५ घर भई काठमाडौँ मनपा वसुन्धारा बस्ने २५ वर्षीय रमेश साह र सुनसरी जिल्ला हासापोसा गाविस-२ घर भई काठमाडौँ मनपा गोङ्गबु बस्ने २५ वर्षीय सुजीत तामाङलाई ०६६ जेठ ९ गते प्रहरीमाथि गोली चलाएको आरोपमा प्रहरीले बालाजु टोखा रोडमा गोली हानी हत्या गऱ्यो। दुईओटा पल्सर मोटरसाइकलमा आएका चार जनामध्ये पछिल्लो मोटरसाइकलमा रहेका व्यक्तिले प्रहरीलाई गोली चलाएपछि प्रहरीले गरेको जवाफी फायरिङ्मा उनीहरूको मृत्यु भयो भने अन्य दुई जना भागेका थिए। मृतक दुवैको लास सोही दिन महाराजगञ्जस्थित शिक्षण अस्पतालमा पोस्टमार्टमपछि पीडित परिवारले बुझेर लगेको महानगरीय प्रहरी वृत्त महाराजगञ्जले जनायो। मृतक दुवै जना गोङ्गबु गाविस-३ का १५ वर्षीय डुण्डुप लामाको अपहरणमा संलग्न रहेको प्रहरीले जनायो।

गोली/विस्फोटक पदार्थद्वारा घाइते
रणवीर सेनाबाट

भारतीय नागरिक १६ वर्षीय विमलेशकुमार गुप्ता ०६५ पुस १७ गते सुन्धारास्थित काठमाडौँ मलअगाडि भएको बम विस्फोटनमा परी घाइते भए। विस्फोटनमा परी घाइते भएका गुप्ताको वीर अस्पतालमा उपचार भयो। रणवीर सेनाले बम विस्फोटनको जिम्मा सोही दिन सञ्चार माध्यमबाट लिएका थिए। सुन्धारा क्षेत्रमा गराइएको उक्त सुतलीबम रहेको प्रहरीले बतायो। घाइते गुप्ता फुटपाथका पसल व्यापारी हुन्। बम विस्फोटनबाट गुप्ताको दाहिने घुँडामा चोट लागेको थियो।

किराँत जनवादी वर्कस पार्टीबाट

काठमाडौँ मनपा-७ गौरीघाटस्थित उपराष्ट्रपति परमानन्द झाको निवासनजिक रहेको खाली जग्गामा ०६६ भदौ १२ गते साँझ गराइएको सकेट बम विस्फोटमा परी सोही ठाउँका सुमन श्रेष्ठको घरमा डेरा गरी बस्ने ३५ वर्षीया पार्वती खतिवडा घाइते भइन्। पीडितको ओम अस्पतालमा उपचार भयो। सकेट बम विस्फोटन हुँदा श्रेष्ठको घरका झ्यालका सिसा फुटेको र सोही सिसा लागेर खतिवडा घाइते भएको प्रत्यक्षदर्शीले बताए। घटनास्थलमा किराँत जनवादी वर्कस पार्टीको पर्चा भेटिएको प्रहरीले जनायो।

अनेरास्ववियुबाट

अनेरास्ववियु र नेविसङ्घ कार्यकर्ताबीच ०६६ असार २१ गते त्रि-चन्द्र कलेजको टेन्डरको विषयलाई लिएर भएको झडपमा अनेरास्ववियुका कार्यकर्ताले गोली प्रहार गर्दा काठमाडौँ मनपा-७ चाबहिल निवासी नेविसङ्घका केन्द्रीय सदस्य ३४ वर्षीय भीम गुरुङ घाइते भए। दाहिने खुट्टामा गोली लागी घाइते भएका गुरुङको महाराजगञ्जस्थित शिक्षण अस्पतालमा उपचार भयो। सोही झडपमा नेविसङ्घका अर्का कार्यकर्ता काठमाडौँ मनपा-१४ कुलेश्वर निवासी ३४ वर्षीय रवि थापा घाइते भए। घाइते थापाको मेडिकेयर अस्पतालमा उपचार भयो। उक्त घटनामा संलग्न रहेको आरोपमा बझाङ जिल्ला सुबुडा गाविस-५ घर भई काठमाडौँ मनपा नयाँबजार बस्ने अनेरास्ववियुका केन्द्रीय सदस्य २७ वर्षीय ऐनबहादुर महर र काभ्रे जिल्ला मङ्गलटार-५ घर भई काठमाडौँ कपन गाविस-१ बस्ने २४ वर्षीय समिक बडाललाई ०६६ साउन १६ गते दरबारमार्गबाट प्रहरीले गिरफ्तार गऱ्यो। गिरफ्तारीमा परेका दुवै जना काठमाडौँ जिल्ला अदालतको आदेशमा ०६६ भदौ २

Central Region:Layout 1 2/11/2010 10:27 AM Page 318

घटनाको प्रकार	गैर राज्यबाट									राज्यबाट			
	अन्यबाट					एकीकृत माओवादीबाट							
	घटना सङ्ख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा
हत्या	४		४		४					१	३		३
घाइते	११	१३	४		१७	१	३		३	४	६	४	१०
गिरफ्तारी/यातना										३	६	१	७
कुटपिट	१३	१३	३		१६	४	७	३	९	३	३	१	३
धम्की	१	३			३	३	३		३				
भेला/सङ्गठित हुने अधिकार						३	३		३	१४	१०६	३०	१३६
जातीय विभेद	३	१	१		३								
बालअधिकार	१०	१	८	३	११								
अमानवीय व्यवहार	१	३			३								
अपहरण	५	३	३		५								
जम्मा	४६	३६	३३	३	६०	९	१५	३	१७	३४	१३३	३६	१५८

गते जनही २५ हजार रुपियाँ धरौटीमा रिहा भए। झडपका क्रममा आक्रोशित विद्यार्थीहरूले स्ववियु कार्यालयमा तोडफोड गर्नुका साथै क्याम्पस प्रमुखको कार्यालयमा आगजनीसमेत गरेका थिए।

अन्यबाट

जाजरकोट जिल्ला खलङ्गा गाविस-९ घर भई काठमाडौँ मनपा-३५ कोटेश्वरमा डेरा गरी बस्ने एकीकृत माओवादी पोलिटब्युरो सदस्य तथा प्रधानमन्त्री पुष्पकमल दाहालका स्वकीय सचिव ४५ वर्षीय शक्तिबहादुर बस्नेतलाई ०६५ माघ २७ गते साँझ ७ बजे कोटेश्वरस्थित आफ्नै निवासमा अज्ञात हतियारधारी समूहले गोली प्रहार गरी घाइते बनाए। प्रधानमन्त्रीको कार्यालय बालुवाटारबाट फर्की कोटेश्वरस्थित निवासको भ्याङ चढ्ने क्रममा नकाबधारी अज्ञात व्यक्तिले उनीमाथि गोली प्रहार गरेको थियो। नकाबधारी अज्ञात व्यक्तिले पाँच-छ राउन्ड गोली प्रहार गरेको र दुई गोली उनको दायाँ घुँडामा लागेको थियो। बस्नेतको ललितपुर जिल्लाको ग्वार्कोस्थित बीएन्डबी अस्पतालमा उपचार भयो। सो घटनामा संलग्न रहेको आरोपमा सुर्खेत मैनटार गाविस-५ का रामबहादुर बीसी, सोही जिल्ला तातोपानी गाविस-४ का रामकुमार आचार्य, बाँके जिल्ला, कारकोदा गाविस-७ घर भई काठमाडौँ मनपा-७ मैजुबहाल बस्ने कालीमाता भनिने नरिन्ताकुमारी शाह र उनका पति सहदेवजङ्ग शाह र सोही जिल्ला सीतापुर गाविस-७ का कोमलराज ठकुरीलाई ०६६ वैशाख १३ प्रहरीले गिरफ्तार गऱ्यो। गिरफ्तार गरिएका सबैलाई जेठ ७ गते ज्यानमार्ने उद्योग, हातहतियार तथा खरखजाना, सरकारी छाप दस्तखत कीर्तेलगायतका मुद्दा चलाएकामा जेठ १० गतेको जिल्ला अदालतको आदेशमा रामबहादुर, कोमलराज र सहदेवलाई पुर्पक्षका लागि सुन्धारस्थित केन्द्रीय कारागार पठाइएको छ। निरन्ता र रामकुमारलाई भने साधारण तारेखमा रिहा गरियो।

जेल र बन्दीहरू

यस जिल्लामा सुन्धारामा दुइटा र डिल्लीबजारमा एक गरी जम्मा तीनओटा कारागार रहेका छन्। सुन्धारास्थित केन्द्रीय कारागार र भद्रबन्दी गृहको बन्दी क्षमता जम्मा १ हजार २ सय जनाको रहेको छ। यस वर्षको अन्त्यमा यहाँ १ हजार ६ सय २२ जना बन्दी रहेका छन्। केन्द्रीय कारागारमा ३ सय ६८ जना कैद तोकिएका तथा ५ सय ३६ जना कैद

नतोकिएका गरी कुल ९ सय ४ जना बन्दी रहेका छन्। केन्द्रीय कारागारकै महिला कारागार शाखामा ७५ जना कैद तोखिएका तथा ९४ जना कैद नतोकिएका गरी कुल १ सय ६९ जना बन्दी रहेका छन्। यसैगरी भद्र बन्दी गृहमा १ सय ८१ जना कैद तोकिएका तथा ३ सय ६८ जना कैद नतोकिएका गरी ५ सय ४९ जना बन्दी रहेका छन्।

डिल्लीबजारस्थित चारखाल जेलको क्षमता १ सय ५० जनाको रहेको छ। यहाँ यस वर्षको अन्त्यसम्ममा क्षमताभन्दा दोब्बर ३ सय ८४ जना बन्दी रहेका छन्। जस अन्तर्गत १ सय ५२ जना कैद तोकिएका र २ सय ३२ जना कैद नतोकिएका बन्दी रहेका छन्। जेलमा बत्ती, ढलको समस्या हुनुका साथै भवन जीर्ण अवस्थामा छ।

डिल्लीबजारमा रहेको चारखाल जेलको थुनामा रहेका सिराहा जिल्ला फुलकाहाकट्टी गाविस-९ निवासी पत्रकार २३ वर्षीय रामशुभक महतोलाई ०६६ असार २८ गते जेलभित्रकै बन्दी सोम लामाले कुटपिट गरी घाइते बनाए। घाइतेको वीर अस्पतालमा उपचार भयो।

बेपत्ता/अपहरण

राज्यबाट

भुटानी मानवअधिकावादी नेता रतन गजमेर र उनकी पत्नी गौरी गजमेरलाई ०६६ साउन १७ गते अस्ट्रेलियाबाट नेपाल आएका बेला भिसा नभएको भन्दै अध्यागमन विभागले नियन्त्रणमा लिएको थियो। नियन्त्रणमा लिएपछि उनीहरूलाई प्रहरीले महानगरीय प्रहरी प्रभाग गौशालामा पुऱ्याई हथकडी लगाएर कुटपिट गरेका थियो। रतन गजमेर र उनकी पत्नीलाई साउन १९ गते रिहा गरियो। भुटानी मानवअधिकारवादी संस्था आहुराका प्रमुख संयोजक गजमेरलाई सरकारले १५ दिनको भिसा दिएपछि रिहा गरिएको अध्यागमन विभागका महानिर्देशक माधवप्रसाद रेग्मीले बताए। यसअघि नेपालस्थित भुटानी शिविरमा बस्दै आएका गजमेर तेस्रो मुलुक पुन:बास अन्तर्गत छ महिनाअघि अस्ट्रेलिया गएका थिए। आफन्त भेटघाट र शिविर घुम्ने इच्छाले नेपाल आएका अधिकारकर्मी गजमेरले बताए।

एकीकृत माओवादीबाट

महाराजगञ्जस्थित इन्स्टिच्युट अफ मेडिसिन क्याम्पसका स्वयंसेवी सदस्य तथा नेविसङ्घका कार्यकर्ता ३१ वर्षीय दीपक खकुरेल र गोर्खा जिल्ला निवासी ५८ वर्षीय सोही क्याम्पसका प्राध्यापक डा. राजेन्द्र वाग्लेलाई ०६६ वैशाख २४ गते माओवादी कार्यकर्ताहरूले कुटपिट गरे। माओवादीनिकट अखिल नेपाल महिला सङ्घ (क्रान्तिकारी)ले महाराजगञ्जस्थित राष्ट्रपति भवनमा धर्ना दिने क्रममा प्रदर्शनकारीमाथि क्याम्पस हाताबाट ढुङ्गा फालेको भन्दै खकुरेल र प्राध्यापक डा.वाग्लेलाई क्याम्पसभित्र होहल्ला नगरी दिन आग्रह गर्दा गर्दै प्रदर्शनकारीले कुटपिट गरेका थिए।

काठमाडौं मनपा-६ बौद्धस्थित जेमिनी सुपरमार्केटका सञ्चालक ४७ वर्षीय विश्व मास्के, उनका भाइ ४४ वर्षीय जगदीश मास्के, पत्नी ३२ वर्षीया चिना मास्के र छोरा ८ वर्षीय ज्ञान मास्केलाई ०६६ असार २ गते माओवादीनिकट अखिल नेपाल होटल तथा रेस्टुराँ युनियनका अध्यक्ष रमेशबाबु पन्त, युनियनका उपाध्यक्ष चक्रजीत लामा र तारा क्यासिनोका बाउन्सर जनक गर्तौलाको नेतृत्वमा आएका मजदुरहरूले बौद्धस्थित सुपरमार्केटमा पसी कुटपिट गरे। कुटपिटबाट घाइते भएका सञ्चालक मास्केको ओम अस्पतालमा उपचार भयो भने अन्यको नेपाल मेडिकल कलेजमा उपचार भएको थियो। माघ महिनामा अवकाश दिइएका मजदुरहरूको पुन:बहालीको माग गर्दै उनीहरूमाथि कुटपिट गरिएको हो। पीडितले सोही दिन महानगरीय प्रहरी वृत्त बौद्धमा किटानी जाहेरी दिए। युनियनका उपाध्यक्ष चक्रजीत तामाङलाई असार ३ गते प्रहरीले गिरफ्तार गरी असार ४ गते सार्वजनिक मुद्दा चलाएकामा असार १२ गते धरौटीमा रिहा भए।

बम विस्फोटनमा घाइते भएका विमलेशकुमार गुप्ता

काठमाडौं मनपा-९ बत्तीसपुतली निवासी *इमेज च्यानल*का संवाददाता २४ वर्षीया विपना उपाध्याय र काठमाडौं मनपा-१६ बालाजु निवासी सोही च्यानलका क्यामरामयान ४० वर्षीय राजेन्द्र नापितलाई ०६६ कात्तिक २७ गते एकीकृत माओवादीका कार्यकर्ताहरूले सिंहदरबार घेराउको समाचार सङ्कलनका क्रममा कुटपिट तथा दुर्व्यवहार गरे। माओवादीले दास्रो चरणको आन्दोलन अन्तर्गत सिंहदरबार घेराउ गरेका थिए। अनामनगर-

Central Region:Layout 1 2/11/2010 10:27 AM Page 320

पुतलीसडक क्षेत्रमा सिंहदरबार घेराउ गर्न प्रयोग गरिएका स्कुले बालबालिकासँग कुरा गरिरहेका बेला माओवादी कार्यकर्ताहरूले क्यामराम्यान नापितलाई लात्तीले कुट्दै क्यामरा कब्जामा लिए।

नयाँबानेश्वरस्थित संविधानसभा भवनअगाडि एकीकृत माओवादीले आह्वान गरेको तीनदिने आमहडताको पहिलो दिन ०६६ पुस ५ गते प्रहरी र प्रदर्शनकारी बीच झडप भयो। सो झडपमा एकीकृत माओवादीका कार्यकर्ताहरूको कुटपिटबाट सुनसरी भलुवा-६ निवासी तथा महानगरीय प्रहरी वृत नयाँबानेश्वरका डीएसपी दिलीप चौधरी सख्त घाइते भए। प्रदर्शनकारीले प्रहरीलाई लखेट्दै संविधानसभा भवन अगाडि पुऱ्याएपछि डीएसपी चौधरीलाई कुटपिट गरी सख्त घाइते बनाए। उनको टाउकोमा गम्भीर चोट लागेको थियो। नेपाल प्रहरी अस्पतालमा प्राथमिक उपचार गरी महाराजगञ्जस्थित न्युरो अस्पतालमा चौधरीको थप उपचार भयो। यसैगरी नयाँबानेश्वर प्रहरी वृत्तका इन्स्पेक्टर गजुसिद्धि बज्राचार्यलगायत प्रहरीहरू सामान्य घाइते भए। त्यसैगरी प्रहरीको लाठीचार्ज र पानीफोहोराबाट एकीकृत माओवादीकी केन्द्रीय सदस्य तथा संविधानसभा सदस्य यशोदा सुवेदी, माओवादी कार्यकर्ता शशी श्रेष्ठ, सुनसरी सितपुर डुम्रे-५ सीतापुरका मधु विष्ट, काठमाडौँ मनपा-३५ कोटेश्वरका २० वर्षीय रामचन्द्र थापालगायत घाइते भए। उनीहरूको नयाँबानेश्वरस्थित माउन्ट एभरेस्ट अस्पताल र बालाजुस्थित जनमैत्री अस्पतालमा उपचार भयो।

वाईसीएलबाट

काठमाडौँ मनपा-७ चाबहिल निवासी परम्परागत धर्म संरक्षण समितिका संयोजक हंसराज कर्माचार्य, *नेपाल टेलिभिजन*का क्यामेराम्यान टेकबहादुर खड्का र केदारमान भण्डारीलाई ०६५ पुस २० गते वाईसीएल कार्यकर्ताले आक्रमण गरी कुटपिट गरे। पशुपतिनाथ मन्दिरमा नयाँ पुजारी नियुक्ति प्रक्रिया कानुनसम्मत नभएको भन्दै परम्परागत धर्म संरक्षण समितिले मन्दिरको पश्चिम ढोकामा आयोजना गरेको पत्रकार सम्मेलनमा ट्रकमा आएका वाईसीएल कार्यकर्ताले आक्रमण गरी उनीहरूलाई कुटपिट गरेका थिए। घाइते सबैको चाबहिलस्थित मेडिकेयर अस्पतालमा उपचार भयो।

गोली लागी घाइते भएका भीमसेन गुरुङ

जितपुर गाविस-२ निवासी युथफोर्स जितपुर गाविस संयोजक ३६ वर्षीय विवेक देवकोटालाई ०६५ पुस २१ गते दिउँसो जितपुर-५ स्थित जिप र मोटरसाइकलमा आएका वाईसीएल कार्यकर्ताको एक समूहले नियन्त्रणमा लिई दुइटै खुट्टामा खुकुरी प्रहार गरी घाइते बनायो। देवकोटासँगै रहेका युथफोर्स जितपुर उपसंयोजक शिव घिमिरेलाई कुटपिटपछि छाडिएको थियो। घाइते देवकोटा ओखरपौवामा करसम्बन्धी विवाद भएको खबर पाएपछि सो ठाउँमा जाने क्रममा वाईसीएलका भुवन अर्याल, उद्धव अर्याल, शेषकुमार लामालगायतको समूहले आक्रमण गरी दुइटै खुट्टामा खुकुरी प्रहार गरी मरेको भन्दै फालेर हिँडेका थिए। पीडितको महाराजगञ्जस्थित शिक्षण अस्पतालमा उपचार भयो। वाईसीएलको खुकुरी प्रहारबाट क्षतविक्षत भएको उनको देब्रे खुट्टा उपचारको क्रममा काट्नु पऱ्यो।

रामेछाप जिल्ला निवासी २९ वर्षीय कमल थापालाई ०६५ चैत ६ गते स्वयु निर्वाचनका क्रममा मीनभवनस्थित नेपाल कमर्स क्याम्पसमा मतदान भइरहेका बेला नेविसङ्घ जिन्दावाद भन्दै नारा लगाएको आरोपमा माओवादीनिकट वाईसीएल कार्यकर्ताहरूले नयाँबानेश्वरस्थित ट्रली बस सेवा कार्यालयअगाडि कुटपिट गरी घाइते बनाए। घाइते थापाको टाउकोमा चोट लागेको थियो। तीनओटा मोटरसाइकल चढेर आएका नेविसङ्घ समर्थित विद्यार्थीहरूले नेविसङ्घ जिन्दावाद भन्दै नारा लगाइरहेका बेला वाईसीएल कार्यकर्ताहरूले उनीहरूलाई लखेटेर कुटपिट गरेका थिए।

कीर्तिपुर नपा-३ ट्याङ्लाफाँट निवासी औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड बालाजुका महाप्रबन्धक ४८ वर्षीय गिरीराज भण्डारीलाई ०६६ साउन १८ गते वाईसीएलका कार्यकर्ताहरूले कुटपिट गरे। बालाजुस्थित कार्यालयमा पत्रकार सम्मेलन गरिरहेको अवस्थामा भ्रष्टाचार गरेको आरोप लगाउँदै महाप्रबन्धक भण्डारीमाथि वाईसीएल कार्यकर्ताले आक्रमण गरेका थिए। पीडितको मनमोहन मेमोरियल अस्पतालमा उपचार भयो। पीडितलाई कुटपिट तथा दुर्व्यवहार गरेको आरोपमा साउन १८ गते बेलुका वाईसीएल कार्यकर्ताहरू सोलुखुम्बुका विकास राई र बाराका खड्गबहादुर तामाङलाई प्रहरीले गिरफ्तार गऱ्यो। कुटपिट तथा दुर्व्यवहार गर्नेमध्येका दुई जनाविरुद्ध सार्वजनिक अपराध अन्तर्गत जिल्ला प्रशासन कार्यालयमा साउन १९ गते मुद्दा दर्ता गरिएको महानगरीय प्रहरी वृत्त बालाजुका

Central Region:Layout 1 2/11/2010 10:27 AM Page 321

झडपमा घाइते भएका मधु विष्ट

डीएसपी वसन्तराज कुँवरले बताए।

युथफोर्सबाट

झापा जिल्ला घर भई त्रिचन्द्र क्याम्पसमा बीएस्सी तेस्रो वर्षमा अध्ययनरत २२ वर्षीय किरण सिटौलालाई ०६५ माघ १२ गते युथफोर्सका कार्यकर्ताले क्याम्पस हाताभित्रै खुकुरी प्रहार गरी घाइते बनाए। पीडितको दाहिने हात काटिएको थियो। उनको काठमाडौं मोडेल अस्पतालमा उपचार भयो।

अनेरास्ववियुबाट

बाजुरा जिल्ला कैलाशमाडौं-६ घर भई काठमाडौं शान्तिनगर बस्ने त्रिचन्द्र क्याम्पसका नेविसङ्घ सदस्य १९ वर्षीय वीरेन्द्र गिरीलाई ०६६ साउन ५ गते राती नयाँबानेश्वरस्थित ह्वाइट हाउस कलेजअगाडि हिँडिरहेको अवस्थामा तीन-चार जनाको समूहमा आएका व्यक्तिले टाउको र हातमा खुकुरी प्रहार गरी गम्भीर घाइते बनाए। पीडितको बीएन्डबी अस्पतालमा उपचार भयो। पीडितका अनुसार दुईओटा मोटरसाइकलमा आएका चन्द्रमणि गैरेसमेत चार जनाको समूहले उनलाई खुकुरी प्रहार गरेको थियो। त्रिचन्द्र कलजेमा यसअघि नेविसङ्घ कार्यकर्ता र आफूमाथि गोली प्रहार गर्ने व्यक्तिहरू नै घटनामा संलग्न रहेको उनले दाबी गरे।

ललितपुर उमनपा-१५ निवासी त्रिचन्द्र क्याम्पसका प्रमुख ५५ वर्षीय हरिप्रसाद पराजुलीलाई ०६६ साउन १८ गते त्रिचन्द्र क्याम्पसमा टेन्डरको विषयलाई लिएर भएको झडपमा नेविसङ्घका कार्यकर्तामाथि गोली प्रहार गरेको आरोपमा आफ्ना दुई कार्यकर्तालाई प्रहरी लगाएर गिरफ्तार गराएको भन्दै त्यसको विरोधमा उत्रिएका अनेरास्ववियुका कार्यकर्ताहरूले कुटपिट गरे।

नेविसङ्घबाट

पाल्पा जिल्ला तानसेन नपा-४ घर भई त्रिचन्द्र कलेजमा अध्ययनरत अनेरास्ववियुका कार्यकर्ता २२ वर्षीय चन्द्रमणि (किरण) गौर, उमेश आचार्य, विराटराज भेटवाल, कमल राई, सरोज नेपाललाई ०६६ साउन २५ गते नेविसङ्घका कार्यकर्ताहरूको एक समूहले त्रिचन्द्र कलेज हाताभित्रै खुकुरी प्रहार गरी घाइते बनायो। घाइते सबैको मोडल अस्पतालमा उपचार भयो। त्रिचन्द्र कलेजका प्रमुखलाई ज्ञापनपत्र बुझाएर फर्कने क्रममा नेविसङ्घका कार्यकर्ता विनय राय र सञ्जय यादवको नेतृत्वको समूहले उनीहरूमाथि कलेज हाताभित्रै खुकुरी प्रहार गरेको अनेरास्ववियुका महासचिव माधव ढुङ्गेलले बताए।

तमलोपाबाट

सुनसरी जिल्ला हासफोर्सा-२ तरहरा घर भई हाल काठमाडौं मनपा-३४ डेरा गरी बस्ने *कान्तिपुर टेलिभिजन*का वरिष्ठ उपसम्पादक ३२ वर्षीय प्रकाशचन्द्र परियार, ललितपुर उमनपा चापागाउँ-७ ताहाखेल निवासी क्यामेराम्यान ३८ वर्षीय रामशरण शर्मा र पाल्पा जिल्ला फेक-७ सोमहर घर भई हाल काठमाडौं मनपा मैतीदेवी बस्ने संवाददाता ३० वर्षीय भुवन केसीलाई ०६६ साउन २७ गते तराई मधेस लोकतान्त्रिक पार्टी (तमलोपा)का कार्यकर्ताहरूले दुर्व्यवहार गरे। तमलोपाका कार्यकर्ताहरूबीच भइरहेको झडपको समाचार सङ्कलन तथा दृश्यावलोकन गर्न पुगेका *कान्तिपुर टेलिभिजन*का पत्रकारहरूलाई समाचार सङ्कलनमा अवरोध पुऱ्याउनुका साथै लछारपछार गर्दै दुर्व्यवहार गरेका थिए। बिजुलीबजारस्थित तमलोपा केन्द्रीय कार्यालयमा सोही पार्टीका असन्तुष्ट पक्षले युवा तथा खेलकुदमन्त्री गणेश शाहको राजीनामा माग गर्ने क्रममा भएको झडपको समाचार सङ्कलन गरी रहेको समयमा उनीहरूलाई आक्रमण गरिएको थियो। तमलोपाका कार्यकर्ताहरूले पत्रकारलाई लछारपछार गरी क्यामराको क्यासेट खोसेका थिए।

अज्ञात समूहबाट

रसुवा जिल्ला निवासी ३२ वर्षीय एकीकृत माओवादी संविधानसभा सदस्य प्रेमबहादुर तामाङ र नुवाकोट जिल्ला देउराली गाविस निवासी एकीकृत माओवादी कार्यकर्ता सन्तमाया तामाङलाई ०६६ साउन ५ गते बालाजुमा एक अज्ञात समूहले कुटपिट गऱ्यो। ताम्सालिङ संयुक्त सङ्घर्ष समितिले अयोजना गरेको

प्रहरीको लाठीचार्जबाट घाइते भएका सभासद् अमिक शेरचन

पासाङल्हामु मार्ग बन्द सफल पार्न बालाजु पुगेका उनीहरूलाई १० देखि १५ जनाको अज्ञात समूहले कुटपिट गरेको थियो। कुटपिटबाट गम्भीर घाइते भएका संविधानसभा सदस्य तमाङको महाराजगञ्जस्थित शिक्षण अस्पतालमा उपचार गरियो। अर्का सामान्य घाइते भएकी सन्तमायालाई प्रहरीले गिरफ्तार गरी महानगरी प्रहरी वृत्त बालाजु लगी सोही दिन रिहा गरेको प्रहरीले जनायो।

काठमाडौँ मनपा-३४ मीनभवनकी सुष्मा तिमल्सिनालाई ०६६ असोज १९ गते उनकै निवास मीनभवनमा दुई जनाको अपरिचित व्यक्तिको समूहले खुकुरी प्रहार गरी घाइते बनायो। उनको तीनकुनेस्थित कान्तिपुर अस्पतालमा उपचार भयो। घरमा कोही नभएको मौका छोपी अज्ञात समूहले खुकुरी प्रहार गरी भोगेको महानगरीय प्रहरी वृत्त नयाँबानेश्वर प्रहरीले जनायो। पीडित पूर्वराजाका निजी सचिव सागर तिमल्सिनाकी पत्नी हुन्।

नेवा: राज्य संयुक्त सङ्घर्ष समितिबाट

ललितपुर जिल्ला बुङमति-१ निवासी २६ वर्षीय नेवा: राष्ट्रिय मुक्ति मोर्चाका केन्द्रीय सदस्य सुरेन्द्र महर्जनको ०६६ जेठ १८ गते नेवा: राज्य संयुक्त सङ्घर्ष समितिले आयोजना गरेको उपत्यका बन्दका क्रममा बन्द गराउँदै हिँडेका बेला बन्दकर्ताहरूमाथि हतियारधारी अज्ञात समूहले आक्रमण गर्दा घाइते भए। घाइतेको बल्खुस्थित स्टार अस्पतालमा उपचार भयो।

अनेरास्ववियु (क्रान्तिकारी)बाट

त्रिभुवन विश्वविद्यालयका उपकुलपति ६६ वर्षीय प्रा.डा. माधवराज शर्मा र शिक्षाध्यक्ष ७२ वर्षीय सूर्यलाल अमात्यलाई ०६६ वैशाख ९ गते अनेरास्ववियु (क्रान्तिकारी)का विद्यार्थीहरूले मोसो दलेर दुर्व्यवहार गरे। त्रिभुवन विश्वविद्यालयले विद्यार्थी भर्ना शुल्क वृद्धि गरेको विरोधमा अनेरास्ववियु (क्रान्तिकारी)का विद्यार्थीहरूले उनीहरूलाई मोसो दलेर दुर्व्यवहार गरेका थिए। उपकुलपतिलाई दुर्व्यवहार गरेको आरोपमा अनेरास्ववियु (क्रान्तिकारी)का राजु कार्की र रञ्जित तामाङलगायत २२ जना कार्यकर्तालाई सोही दिन प्रहरीले गिरफ्तार गरी महानगरीय प्रहरी वृत्त कालीमाटीमा सार्वजनिक अपराध तथा सजाय ऐन अन्तर्गत मुद्दा दर्ता गऱ्यो। गिरफ्तार गरिएका राजु र रञ्जित जनही ५ हजार धरौटी र बाँकी अन्य २ सय रुपियाँ धरौटीमा वैशाख २२ गते जिल्ला प्रशासन कार्यालयको आदेशमा रिहा भए।

अन्यबाट

रौतहट जिल्ला गौर नपा-१ घर भई ललितपुर उमनपा-२, सानेपा बस्ने नेपाली जनता दलका संविधानसभा सदस्य ६५ वर्षीय विश्वनाथप्रसाद अग्रवाललाई ०६६ वैशाख ८ गते आफ्नै पार्टीका अध्यक्ष हरिचरण साहलगायतले सिंहदरबारस्थित संसद् सचिवालय भवनअगाडि कुटपिट गरे। संविधानसभा सदस्य अग्रवाललाई कुटपिट गरेको भन्दै नेपाल जनता दलका अध्यक्ष साहलाई प्रहरीले गिरफ्तर गरी सोही दिन रिहा गऱ्यो।

बाग्लुङ घर भई काठमाडौँ मनपा बसुन्धरा बस्ने २२ वर्षीया सीता नामले चिनिने स्पता खरेललाई वैशाख १६ गते डिल्लीबजारस्थित बाटुलेघरको गल्लीनजिकबाट पति चितवन गुञ्जनगर गाविस-५ घर भई त्रिभुवन विश्वविद्यालय कीर्तिपुरमा अध्ययनरत खेमनारायण ढकाल र सोही ठाउँका राजेन्द्र ढकालले अपहरण गरे। पीडितलाई नाकमा विषालु पदार्थ सुँघाएर टोखाको जङ्गलमा बेहोस बनाई राखिएकामा होसमा आएपछि कोही नभएको मौका छोपी अपहरण भएको चार दिनपछि ०६६ वैशाख १९ गते भागेर परिवारको सम्पर्कमा आइन्। पीडितले महानगरीय प्रहरी परिसर हनुमानढोकामा वैशाख २२ गते किटानी जाहेरी दिइन्। प्रहरीले आरोपी दुवैलाई जेठ ३ गते बसपार्कबाट गिरफ्तार गऱ्यो। पीडित स्पताको खेमनारायणसँग ०६५ फागुन

झडपमा घाइते रामचन्द्र थापा

६ गते मागी विवाह भएको थियो। विवाह गरेको दिनदेखि नै परिवारबाट स्पतालाई दाइजो कम ल्याएको, अनपढ भएको मानसिक सन्तुलन बिग्रिएको भन्दै मानसिक तनाव दिइँदै आएको थियो। मानसिक तनावका कारण माइतीमा नै बसी आफ्नो अध्ययनलाई निरन्तरता दिएकी थिइन्। पीडित खरेल डिल्लीबजार कन्या बहुमुखी क्याम्पसमा बीए दोस्रो वर्षमा अध्ययनरत छिन्।

गैरकानूनी गिरफ्तारी

सिराहा जिल्ला फुलकाहकट्टी गाविस-९ निवासी २३ वर्षीय रामशुभक महतो, सुनसरी जिल्ला मध्यहर्षाही गाविस-७ निवासी २४ वर्षीय वीरेन्द्रकुमार महतोलाई ०६५ माघ २० गते र धादिङ जिल्ला ज्यामरुङ गाविस-९ निवासी रिपोर्टस क्लबका अध्यक्ष ३२ वर्षीय ऋषि धमलालाई माघ २१ गते प्रहरीले आतङ्ककारी गतिविधिमा संलग्न भएको आरोपमा काठमाडौँबाट गिरफ्तार गऱ्यो। उनीहरूमाथि प्रहरीले रणवीर सेना नामक समूहको कार्यकर्ता तथा सहयोगी भएको भन्दै हातहतियार तथा खरखजाना ऐनको मुद्दामा जेल चलान गरेकामा मन्त्रिपरिषद्को ०६६ असोज ४ गते बसेको बैठकले तीन जना पत्रकारको मुद्दा फिर्ता लिएको थियो। सरकारले मुद्दा फिर्ता लिएपछि पत्रकार रामशुभक र वीरेन्द्रलाई ०६६ पुस १३ गते रिहा गऱ्यो। यसअघि पुनरावेदन अदालत पाटनले हातहतियार तथा खरखजाना ऐन अन्तर्गतको मुद्दामा थुनामा रहेका पत्रकार धमलालाई साधारण तारेखमा रिहा गर्न ०६५ चैत २८ गते आदेश दिएको थिए। सोही घटनामा संलग्न रहेको आरोपमा सिराहा जिल्ला गोविन्दपुर गाविस-९ निवासी रणवीर सेनाकै सैनिक प्रमुख विनायक भनिने ३२ वर्षीय मनोज महतो भने सो मुद्दामा चारखाल जेलमै रहेका छन्।

अभिव्यक्ति, भेला हुने र सङ्गठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

भद्रकालीमा भेला भई सिंहदरबार जाने क्रममा ०६६ वैशाख ७ गते सङ्घीयताको विरोध गर्दै आन्दोलनमा उत्रिएका राष्ट्रिय जनमोर्चाका ३८ जना कार्यकर्ताहरू प्रहरीको लाठीचार्जबाट घाइते भए। प्रहरीको लाठीचार्जबाट जनमोर्चाका कार्यकर्ता राम पहाडी, लक्ष्मण केसी, कमल खनाल गम्भीर घाइते भएका थिए। पहाडीको खुट्टा भाँचिएको, केसीको टाउकोमा चोट लागेको र खनालको हात भाँचिएको थियो। अन्य घाइतेहरूमा गणेश गौतम, गङ्गा खड्का, लेखनाथ पुन, अरुण शङ्कर, तुल्सा पाण्डे, मीना खनाल, सरिता खनाल, जङ्गबहादुर थापा, पवित्रा जीसी, तीलक श्रीशा, इन्द्रमणि भुसाल, अर्जुन थापा, छायादत्त शर्मा, ध्रुव खनाल, राजाराम चौधरी, मोहन बुढा, यमकुमारी पटाई, कर्णबहादुर रायमाझी, राजेश पौडेल, भीमा मुन, मेघनाथ विष्ट, यदु अचार्य, नवराज भट्ट, लक्ष्मी जीसी, लेखनाथ शर्मा, हिमा पुन, जीवन शाही, दुर्गा भुसाल, कृष्ण क्षेत्री, धनबहादुर केसी, नन्दराम भण्डारी, लालमणि खनाल, महेश अधिकारी, लालबहादुर केसी, आरसी भट्ट, विनोद सिंह सामान्य घाइते भए। घाइते सबैको वीर अस्पतालमा उपचार भयो।

दरबारमार्गमा ०६६ वैशाख २३ गते राष्ट्रपतिको कदमको विरोधमा निकालेको ज्यालीमा प्रहरीले चलाएको रबरको गोलीले लागेर वाईसीएल कार्यकर्ता पेशल श्रेष्ठ र अनेरास्वियु (क्रान्तिकारी)का ईश्वर ढकाल घाइते भए। घाइते दुवै जनाको वीर अस्पतालमा उपचार भयो। राष्ट्रपतिले असंवैधानिक कदम चालेको भन्दै दरबारमार्गस्थित निषेधित क्षेत्रमा माओवादी कार्यकर्ताले विरोध प्रदर्शन गर्नुका साथै पूर्वराजा महेन्द्रको सालिकमा तोडफोड गर्ने प्रयास गरेपछि प्रहरीले रोक्न खोज्दा झडप भएको थियो।

पुतलीसडकस्थित पद्मोदयमा निषेधित क्षेत्र तोडी विरोध ज्याली तथा प्रदर्शन गर्ने क्रममा एकीकृत माओवादीका केन्द्रीय उपाध्यक्ष तथा संविधानसभा सदस्य ५४ वर्षीय बाबुराम भट्टराई ०६६ जेठ २२ गते प्रहरीले हस्तक्षेप गर्दा खुट्टामा सामान्य चोट लागी घाइते भए। दाङ जिल्लाको कोइलाबास सीमावर्ती क्षेत्रमा भारतीय सरकारबाट भएको सीमा अतिक्रमण तथा ज्यादतीको विरोध गर्दै माओवादी सभासद्हरूले रत्नपार्कबाट निकालेको विरोध ज्याली पद्मोदय मोड हुँदै निषेधित क्षेत्र आइपुगेपछि प्रहरीले रोक्ने प्रयास गर्दा भट्टराई

एकीकृत माओवादीद्वारा आक्रमण गरी घाइते बनाइएका डीएसपी दिलीप चौधरी

Central Region:Layout 1 2/11/2010 10:27 AM Page 324

सामान्य घाइते भएका थिए।

महाराजगञ्जस्थित राष्ट्रपति कार्यालय शीतल निवासमा धर्ना दिन पुगेका नागरिक समाजका अगुवाहरूलाई ०६६ वैशाख २२ गते प्रहरीले गिरफ्तार गऱ्यो। गिरफ्तारीमा पर्नेहरूमा नागरिक समाजका कृष्ण पहाडी, देवेन्द्रराज पाण्डे, श्याम श्रेष्ठ, खगेन्द्र सङ्ग्रौला, रेणु राजभण्डारी, मल्ल के सुन्दर, हेमबहादुर विष्टलगायत रहेका थिए। उनीहरूलाई महाराजगञ्जस्थित दुई नम्बर गणमा राखी सोही दिन रिहा गरियो। राष्ट्रपति डा. रामवरण यादवले संविधानको दायरा नाघेर कदम चालेको भन्दै नागरिक समाजका अगुवाहरूले त्यसको विरोधमा राष्ट्रपति भवनअगाडि धर्ना दिएका थिए।

बबरमहलस्थित जिल्ला अदालतअगाडि ०६६ कात्तिक २६ गते एकीकृत माओवादीले नागरिक सर्वोच्चतको माग गर्दै आयोजना गरेको दोस्रो चरणको विरोध कार्यक्रम अनुसार सिंहदरबार घेराउका क्रममा प्रहरीसँगको झडपमा एकीकृत माओवादी नेता तथा संविधानसभा सदस्य चितवन जिल्ला दिव्यनगर गाविस-७ घर भई हाल ललितपुर उमनपा-३ सानेपा बस्ने एकीकृत माओवादीका नेता तथा संविधानसभा सदस्य ६७ वर्षीय अमिक शेरचन, बारा जिल्ला सोहर्वा गाविस-६ निवासी एकीकृत माओवादी संविधानसभा सदस्य २७ वर्षीया ज्वाला साह, कैलाली जिल्ला निवासी एकीकृत माओवादी संविधानसभा सदस्य २९ वर्षीया सुकदैया चौधरी, एकीकृत माओवादीका नेता हरिस ठकुला, कृष्ण सापकोटा, माओवादी कार्यकर्ता यसु चौलागाईं, राजन खत्री, धीरज खड्का, प्रेमसुभास राई सुजन लामा, जोगलाल महर्जन, बीना महर्जन, लक्ष्मी सिंह, सरस्वती, भरतकुमार राई, शिव धिमाल, आशा चौलागाईं, प्रेमबहादुर श्रेष्ठ, शुभनारायण यादव, शिव महर्जन, प्रेक्ष्या तामाङ, पङ्कजविक्रम शाह, प्रेम लामा, धीरज ढकाल, सुभास राई, राजन खत्री, लीला भट्टराई, भगत बडुवाल, राजन श्रेष्ठ, श्याम खत्री, सञ्जय तामाङ, बलित्रा लुईटेल घाइते भए। घाइतेहरूको नयाँबानेश्वरस्थित एभरेस्ट अस्पताल र बालाजुस्थित जनमैत्री अस्पतालमा उपचार भयो। गम्भीर घाइते भएका माओवादी नेता शेरचनको बालाजुस्थित जनमैत्री अस्पतालमा उपचार भयो। शेरचनका कुम र दुईओटा करङ भाँचिएको उपचारमा संलग्न चिकित्सकले बताए। यसैगरी सोही झडपमा परी महाराजगञ्जस्थित २ नम्बर गणका प्रहरी जवान शुक्रराज दराई र मुरारी आचार्यसमेत घाइते भए। उनीहरूको वीरेन्द्र अस्पतालमा उपचार भएको प्रहरीले जनायो। माओवादी कार्यकर्ताहरूले निषेधित क्षेत्रमा प्रवेश गर्न खोज्दा झडप भएको थियो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष काठमाडौँ जिल्ला अदालतमा देवानीतर्फ जिम्मेवारी सरेर आएका ३ हजार २ सय ९४ थान मुद्दामध्ये ८ सय ७५ थान मुद्दा फर्स्यौट भई २ हजार ४ सय १९ थान बाँकी रहे। देवानीतर्फ यस वर्ष दर्ता भएका ९६ थान मुद्दामध्ये २३ मुद्दा फर्स्यौट भई ७३ थान मुद्दा बाँकी रहे। यसैगरी, फौजदारीतर्फ गत वर्षका सरेर आएका २ हजार ५ सय ५५ थान र यस वर्षका १ हजार ४ सय ७ थान गरी कुल ३ हजार ९ सय ६२ थान मुद्दामध्ये १ हजार १ सय थान मुद्दा फर्स्यौट भई २ हजार ८ सय ४७ थान बाँकी रहे।

यातना तथा अन्य क्रूर, अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

काठमाडौँ मनपा-३५ पेप्सीकोला निवासी बिकी एजुकेसनल एन्ड डेभलपमेन्ट फाउन्डेसन अफ नेपाल (भेड्फन, नेपाल) की अध्यक्ष ३७ वर्षीया विमला पौडेल र भेड्फन नेपाल खोल्न प्रेरणा दिने तथा दातृ संस्था स्पेन घर भई सातदोबाटोमा बस्दै आएकी ४९ वर्षीया विकी सुबी राणालाई ०६६ भदौ ३० गते प्रहरीले गिरफ्तार गरी महानगरीय प्रहरी प्रभाग सिंहदरबारमा १० जनाको सङ्ख्यामा रहेको प्रहरीले बुट र लाठीले कुटपिट गरेको उनले बताइन्। घाइते दुवै जनाको सुन्धारास्थित लाइफ केयर अस्पतालमा उपचार भयो। भेडफन नेपालका पूर्वसंस्थापक अध्यक्ष सीताराम प्रसाईं, सोही संस्थाका वर्तमान अध्यक्ष विमला र दातृ संस्थाकी स्पेनिस महिला सुबी राणाबीच उत्पन्न विवादका कारण रकम रोकिएपछि नयाँ सदस्यहरू र विद्यालयका शिक्षकहरू, विद्यार्थीहरू रोकिएको खाता खुलाउन माग गर्दै जिल्ला प्रशासन कार्यालय काठमाडौँमा धर्ना दिन गएका बेला प्रहरीले गिरफ्तार गरेको थियो। जिल्ला प्रशासन कार्यालयले उक्त संस्थाको विवाद मिलाउन दुवैथरीलाई सोही दिन झिकाएको तर समस्याको समाधान गर्नुपर्नेमा उल्टै प्रमुख जिल्ला अधिकारी कार्यालय नआएको भन्दै प्रहरी लगाएर कुटपिट गरी दुर्व्यवहार गरेको फाउन्डेसन नेपालकी अध्यक्ष पौडेलले बताइन्।

बालअधिकार

काठमाडौँ मनपा-८ जयवागेश्वरीका १५ वर्षीय प्रवीण नेपाललाई ०६५ पुस १४ गते जोरपाटी नारायणटारस्थित राई स्कुलका संयोजक कृतिप्रसाद

Central Region:Layout 1 2/11/2010 10:27 AM Page 325

पाण्डेले स्कुलको कार्यालयमा बोलाई बाँसको भाटाले कुटपिट गरे। स्कुलका संयोजक पाण्डेले बालकलाई स्कुलमा पुस १३ गते अनुपस्थित भई ढिलो आएको भन्दै बाँसको भाटाले कुटेका थिए। बालकलाई कसैसँग पनि भेट्न नदिई स्कुलकै होस्टेलमा चार दिनसम्म थुनेर राखिएको जानकारी पीडितको परिवारले इन्सेकमा गराएपछि बालकलाई महानगरीय प्रहरी वृत्त बौद्धको सहयोगमा ०६५ पुस १७ गते उद्धार गरियो। पीडित राई स्कुलमा कक्षा ९ मा अध्ययनरत छन्। बालकलाई उद्धार गरिएपछि पीडित पक्षले कुटपिट गरी थुनेर राखेका ती स्कुलका संयोजक पाण्डेलाई कारबाहीको माग गर्दै पुस १७ गते बौद्ध प्रहरीमा किटानी जाहेरी दिए पनि पीडकलाई प्रहरीले यस वर्षको अन्त्यसम्म गिरफ्तार गर्न सकेको छैन।

काठमाडौँ मनपा-३२ घट्टेकुलोकी सात वर्षीया सोनालीकुमारी सिंहलाई ०६५ चैत ३ गते काठमाडौँ मनपा घट्टेकुलोबाट अज्ञात समूहले अपहरण गरी हत्या गऱ्यो। मृतकको लास भारतको रक्सौलनजिक खेतमा फालेको अवस्थामा चैत ६ गते भेटिएको थियो।

मोरङ जिल्ला विराटनगर उमनपा-२१ घर भई काठमाडौँ मनपा बत्तिसपुतली बस्ने सात वर्षीय प्रशान्त साहलाई ०६५ चैत १० गते आफ्नै काकी झापा दमक-१३ की रेखा साहको योजना अनुसार स्कुलबाट घर फर्किने क्रममा बत्तिसपुतलीबाट झापा दमक-१३ निवासी नसिस सेख भनिने महोमद निसम र सोही ठाउँका भरत साहले अपहरण गरे। बालक साहलाई विराटनगरस्थित बाजे होटलमा राखी धनुषाबाट फिरौती रकम लिई फर्कने क्रममा पीडक दुवै जनालाई सप्तरीको कञ्चनपुर प्रहरीको सहयोगमा भारदहबाट गिरफ्तार गरेलगत्तै प्रहरीले अपहरणकारीसँग बालक राखेको स्थानको बारेमा सोधपुछ गरी बालकलाई चैत २६ गते साँझ ७ बजे सकुशल मुक्त गऱ्यो। पीडित बत्तिसपुतलीस्थित स्थानीय देशतिलक स्कुलको कक्षा १ मा अध्ययनरत छन्।

काठमाडौँ मनपा-१४, कुलेश्वरमा डेरा गरी बस्ने १५ वर्षीया एक बालिकालाई ०६६ वैशाख २९ गते सिराहा जिल्ला करजन्हा गाविस घर भई भाटभटेनी बस्ने ७० वर्षीय वृद्ध रामआशिष महतोले बलात्कार गरी फरार भए। पीडितले महिला सेल कालीमाटी प्रहरी कार्यालयमा आई आफूलाई बलात्कार गर्ने पीडक महतोलाई कानुनबमोजिम कारबाही गर्न माग गर्दै वैशाख ३० गते किटानी जाहेरी दिइन्। पूजा भनिने लक्ष्मी लामा र सङ्गीता थापाले आफूलाई महतो निवास पुऱ्याएको भनी बालिकाले दिएको उजुरीका आधारमा लामा र थापालाई प्रहरीले जेठ १ गते गिरफ्तार गऱ्यो भने पीडक फरार रहेको प्रहरीले जनायो।

नुवाकोट जिल्ला बेलकोट गाविस-५ तीगाउँकी बालश्रमिक १६ वर्षीया माया तामाङलाई ०६६ जेठ १७ गते इन्सेक र सिविनका अधिकारकर्मीको एक टोलीले महानगरीय प्रहरी प्रभाग लैनचौर प्रहरीको सहयोगमा उद्धार गऱ्यो। काठमाडौँ मनपा-१६ म्हेपीमा डेरा गरी बस्ने सन्ध्या साहले ती बालिकालाई दिनहुँ कुटपिट गर्ने गरेको खबर आएपछि सिविन र इन्सेक प्रतिनिधिले प्रहरीको सहयोगमा उद्धार गरी सोह्रखुट्टे प्रहरी प्रभागमा ल्याएका थिए। सन्ध्याले प्रतिमहिना ५ सय रुपियाँ पीडितका अभिभावकलाई दिने गरी ती बालिकालाई बालश्रमिकका रूपमा घरमा राखेकी थिइन्। प्रहरी प्रशासन र पीडक पक्षबीच भएको छलफलमा पीडित बालिकाले सन्ध्याकै घरमा बस्ने बताएपछि पीडित तामाङलाई यातना नदिने सर्तमा उनकै घरमा पठाइयो।

काठमाडौँ मनपा-४ धुम्बाराही निवासी काठमाडौँ जिल्ला कपन गाविस-१ फैकास्थित श्रीप्रशान्ति शिक्षा सदन माविका प्रधानाध्यापक कृष्ण तिमल्सिनाले ०६६ असार ९ गते सोही विद्यालयको १० कक्षामा अध्ययनरत छात्रा १५ वर्षीया रोजिना लामिछानेलाई स्कुलको नियम तोडेर क्यान्टिनमा खाजा खाएको भन्दै बाँसको भाटाले नीलडाम हुने गरी कुटपिट गरे। कुटपिटबाट दायाँ पातामा नीलडाम भएकी लामिछाने असार १० गते बेहोस भएपछि पीडित परिवारले सोही दिन चाबहिलस्थित ओम अस्पतालमा उपचार गराए। पीडित र सोही स्कुलका छात्र-छात्राले घटनाको विरोध गरेपछि प्रिन्सिपल तिमल्सिनाले घटनाको भोलिपल्ट पदबाट राजीनामा दिए।

स्याङ्जा जिल्ला दामाचौर गाविस-८ घर भई काठमाडौँ मनपा-१४ कलङ्कीस्थित रुद्र विशाल बजारमा रहेको चिया पसलकी बालश्रमिक १३ वर्षीया सङ्गीता कुमालको जीउमा ०६६ असार १५ गते तनहुँ जिल्ला गरकोट गाविस-७ घर भई सोही चिया पसलका साहू २७ वर्षीय तीर्थराज खनालले तातो चिया खन्याए। भुईंमा लडेको आफ्नो छोराको स्याहार नगरेको भन्दै खनालले पीडितको जीउमा तातो चिया खन्याइदिएका थिए। इन्सेक प्रतिनिधिले प्रहरी र सिविन बाल हेल्पलाइनमा खबर गरी पीडित र पीडकलाई सोही दिन महानगरीय प्रहरी बिट कलङ्की खसीबजार लगिएको थियो। इन्सेक, सिविनका प्रतिनिधिहरू, पीडक पक्ष र प्रहरीबीच छलफल भई बालिकाका परिवारलाई १५ दिनभित्र काठमाडौँ बोलाई जिम्मा लगाउने र त्यस अवधिसम्म बालिकालाई सिविनको बालगृहमा राख्ने

सहमति भएको थियो। इन्सेक, सिविन, पीडित र पीडक पक्षबीच खसीबजारमा असार १८ गते भएको र अर्को सम्झौता अनुसार सात महिनाको ५ सयका दरले ३ हजार ५ सय रुपियाँ तलब तत्काल पीडितलाई दिलाइयो भने पीडक खनाललाई अब आइन्दा बालश्रमिक नराख्ने प्रतिबद्धतासहित सहमति भयो।

काठमाडौँ मनपा डल्लुकी १३ वर्षीया एक बालिकालाई बलात्कार गरी हत्या गरेको अरोपमा महानगरीय प्रहरी परिसर हनुमानढोकाले गोरखा लाकुरी घर भई डल्लुमा डेरा गरी बस्ने १६ वर्षीय अर्जुन गुरुङ भनिने अर्जुन लामा र डल्लुका २२ वर्षीय राजेश महर्जनलाई गिरफ्तार गरी पत्रकार सम्मेलनमार्फत ०६६ असोज ५ गते सार्वजनिक गऱ्यो। उनीहरूले ती बालिकालाई भदौ ३० गते अपहरण गरी सामूहिक बलात्कारपछि हत्या गरेको प्रहरी बयानमा उल्लेख थियो। पीडितको नाक, मुख थुनेर उनीहरूले मारेको पत्रकार सम्मेलनमा प्रहरीले जनायो। पीडितको लास असोज ३ गते डल्लुस्थित आवास क्षेत्रमा झाडीभित्र सडेको अवस्थामा फेला परेको थियो। घटनाका आरोपी उनीहरूलाई कर्तव्य ज्यानसम्बन्धी मुद्दा चलाइएको प्रहरीले जनायो।

कैलाली जिल्ला धनगढी चिसापानीकी १४ वर्षीया सपना भुजेललाई काठमाडौँ बाँसबारी निवासी रीना श्रेष्ठले आफ्नो घरमा बालश्रमिकका रूपमा राखी बारम्बार यातना दिने गरेको खबर सार्वजनिक भयो। बालिकाका बारेमा स्थानीयवासीले ०६६ पुस १२ गते सिविनलाई जानकारी गराएपछि सोही दिन महानगरीय प्रहरी वृत्त महाराजगञ्ज प्रहरीको सहयोगमा मानवअधिकारवादी संस्थाका प्रतिनिधिहरू सम्मिलित टोलीले बालिकालाई उद्दार गऱ्यो। महाराजगञ्जस्थित प्रहरी कार्यालयमा सरोकारवालाका बीच भएको छलफलले पीडकलाई ३३ हजार रुपियाँ क्षतिपूर्ति तिराउने सहमति भयो।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार

पारिवारिक हिंसा

काभ्रे पाँचखाल घर भई काठमाडौँको ओमबहालमा डेरा गरी बस्ने ३४ वर्षीया लक्ष्मी दनुवारलाई ०६५ चैत २४ गते आफ्नै पति गणेश दनुवारले धारिलो हतियार प्रहार गरी हत्या गरे। घरायसी कुरामा विवाद भएपछि गणेशले आफ्नै पत्नी लक्ष्मीलाई धारिलो हतियार प्रहार गरी हत्या गरेको विशालबजारस्थित जनसेवा प्रहरीले जनायो। धारिलो हतियारबाट उनकी नौ वर्षीया छोरी अञ्जली दनुवार र दुई वर्षीय अन्सी दनुवार घाइते भएका थिए। घाइते दुवै जनाको वीर अस्पतालमा उपचार भयो। पीडकलाई प्रहरीले चैत २५ गते गिरफ्तार गऱ्यो। पीडकका विरुद्ध ०६६ वैशाख १४ गते काठमाडौँ जिल्ला अदालतमा मुद्दा दर्ता गरेकामा २१ गतेको अदालतको आदेशमा पुर्पक्षका लागि थुनाबाट केन्द्रीय कारागार पठाइएको छ।

सबै प्रकारका जातीय विभेद

सिन्धुपाल्चोक कोट गाविस-६ घर भई कपन गाविस-१ मा डेरा गरी बस्ने २७ वर्षीया कमला सुनारलाई ०६५ चैत २३ गते कपनस्थित धारामा पानी भर्ने क्रममा धारा छोएको भन्दै सोही ठाउँका गोविन्द धितालले गालीगलौज गर्नुका साथै पाइपले कुटपिट गरे। पानी लिन नजिकैको धारामा पुगेकी पीडितलाई गोविन्दकी पत्नीले 'कामी भएर धारा छोएको' भन्दै गालीगलौज गरिरहेका बेला गोविन्दले पाइपले कुटपिट गरेका थिए। पीडितले चैत २५ गते महानगरीय प्रहरी वृत्त बौद्धमा किटानी जाहेरी दिइन्। प्रहरीले गोविन्दलाई सोही दिन गिरफ्तार गरी मुद्दा चलाएको बतायो।

काठमाडौँ मनपा-५ हाँडीगाउँका ३६ वर्षीय सुरेन्द्र रसाइलीलाई ०६६ असार २ गते सोही ठाउँस्थित गोरखनाथ मन्दिरमा पूजा गर्न जाँदा प्रहरी कर्मचारी रहेका मन्दिरका पुजारी वेदप्रसाद आचार्यले दलित भन्दै अपशब्द प्रयोग गर्दै दुर्व्यवहार गरे। विभिन्न दलित सङ्घसंस्थाको सहयोगमा पीडितले असार ५ गते महानगरीय प्रहरी परिसर हनुमानढोकामा पुजारी आचार्यलाई कानुनबमोजिम कारवाहीको माग गर्दै किटानी जाहेरी दिए पनि प्रहरीले दर्ता गर्न मानेन।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

संरचना, सम्पति क्षति

रिभोल्युसनरी लेफ्ट विङ्

रिभोल्युसनरी लेफ्ट विङ्का कार्यकर्ताहरूले ०६६ जेठ ७ गते बिहान राजधानीको मुख्य नाका कलङ्कीनजिकै ढुङ्गे अड्डामा केरा बोकेर आएको एक भारतीय ट्रकमा आगजनी गरे। उपत्यकामा भारतीय नम्बर प्लेटका गाडी चल्न नदिने योजना अनुरूप विङ्का कार्यकर्ताहरूले बीईए ५९९१ नम्बरको भारतीय ट्रकमा आगजनी गरेका थिए। लेफ्ट विङ्का संयोजक कृष्ण अधिकारीले सञ्चारमाध्यममार्फत घोषित आन्दोलन अन्तर्गतको कार्यक्रम अनुसार ती भारतीय नम्बर प्लेटका गाडीमा आगजनी गरेको स्वीकार गरेका थिए। भारतबाट केरा लिएर जेठ ७ गते बिहान साढे

४ बजे आएको सो ट्रकमा अज्ञात समूहले आगजनी गरेको महानगरीय प्रहरी वृत्त कालीमाटीले जनायो।

एकीकृत माओवादीबाट

एकीकृत माओवादीका कार्यकर्ता राजेन्द्र फुयाँलको हत्याको विरोधमा वाईसीएलले आह्वान गरेको उपत्यका बन्दका क्रममा बन्द गराउँदै हिँडेका माओवादी कार्यकर्ताहरूले ०६६ जेठ २७ गते *एभिन्युज* टेलिभिजनका पत्रकार कृष्ण न्यौपानेको बा.१९प. ३११५ नम्बरको मोटरसाइकल सीतापाइला चोकमा तोडफोड गरे। यसैगरी, बन्दकर्ताले सहिद गङ्गालाल अस्पतालका डाक्टर रोशन राउत चढेको बा.२२प. ८१०९ नम्बरको मोटरसाइकल चावहिलमा जलाइदिए।

एकीकृत माओवादीद्वारा ०६६ मङ्सिर २१ गते भएको नेपाल बन्दका क्रममा समाचार सङ्कलन गर्ने क्रममा माओवादी कार्यकर्ताहरूले *इमेज च्यानल*को बा.४च. ९०७ नम्बरको गाडीमाथि लैनचौरमा प्रदर्शनकारीहरूले ढुङ्गामुढा गरी गाडीको सिसा फुटाइदिए। बन्दकर्ताहरूले *राजधानी* दैनिकमा कार्यरत पत्रकार रामहरि पाण्डेलाई अभद्र व्यवहार गर्दै पाण्डेको बा.२प. ४८९९ नम्बरको मोटरसाइकल रोकेर हावा फुस्काउनुका साथै तोडफोड गरे। प्रदर्शनकारीहरूले सोह्रखुट्टेस्थित शक्ति होटलमा तोडफोड गरे। साथै, होटलमा पार्किङ् गरेर राखिएको बा.३प. ४३९९ नम्बरको मोटरसाइकलमाथि पनि तोडफोड गरे। प्रदर्शनकारीहरूले काठमाडौँ मनपा-७ चुच्चेपाटीमा बा.१ज. ७१४४ नम्बरको ट्याक्सीमा ढुङ्गामुढा गरी तोडफोड गरे। प्रदर्शनकारीहरूले कोटेश्वरमा बा.१३प. ९५६३ र बा.१७प. ६५१७ नम्बरको मोटरसाइकलमा आगजनी गरे। प्रदर्शनकारीहरूले स्वयम्भूमा बा.१०प. ९८५६ नम्बरको मोटरसाइकलमा आगजनी गरे। प्रदर्शनकारीहरूले ठमेलस्थित अमृत साइन्स क्याम्पसअगाडि बा.२च. १९४८ नम्बरको निजी कार, बा.१अ. २६२० नम्बरको मिनीटाटा र बा.१७प. ६५१७ नम्बरको मोटरसाइकल तोडफोड गरे। प्रदर्शनकारीहरूले बिहान सवा ६ बजे काठमाडौँ बिजुलीबजारमा बा.१ज. ८४२२ नम्बरको माइक्रोबसमा ढुङ्गामुढा गरी तोडफोड गरे। बन्दकर्ताहरूले बिहान साढे ५ बजे काठमाडौँ मनपा-२९ अस्कल क्याम्पअगाडि सीटीईभीटी परीक्षा नियन्त्रण कार्यालय ठिमीको बा.२च. १०४८ नम्बरको गाडीमाथि ढुङ्गामुढा गरी सिसा तोडफोड गरे। काठमाडौँ वनस्थलीमा बन्दकर्ताहरूले बा.१९प. ६३८७ नम्बरको मोटरसाइकल तोडफोड गरे। प्रदर्शनकारीहरूले बिहान साढे १० बजे सीतापाइला चोकमा बा.२प. २७८४ र बा.१८प. २७३५ नम्बरको मोटरसाइकल तोडफोड गरे। बन्दकर्ताहरूले सोह्रखुट्टे चोकस्थित डाक्टर साथी क्लिनिकको सिसा बिहान ९ बजे तोडफोड गरे।

यसैगरी, एकीकृत माओवादीले ०६६ पुस ५ गते नेपाल बन्दको पहिलो दिन प्रहरीको बा.१ग. २०८९ नम्बरको गाडी तोडफोड गरे भने *सगरमाथा* टेलिभिजनको एक मोटरसाइकलमा समेत क्षति पुऱ्याए।

नेपाल बन्दको समाचार सङ्कलन गर्ने क्रममा एकीकृत माओवादी कार्यकर्ताहरूले *इमेज च्यानल*को गाडीमा ढुङ्ग मुढा गरे।

स्वास्थ्य सेवाको अवस्था

काठमाडौँ जिल्ला अन्तर्गत स्वास्थ्य चौकी, उपस्वास्थ्य चौकी र प्राथमिक स्वास्थ्य केन्द्र गरी जम्मा ३ सय ७१ जनाको दरबन्दी रहेको जिल्ला जनस्वास्थ्य कार्यालयले जनाएको छ। जस अन्तर्गत स्वास्थ्य चौकीमा २५, उपस्वास्थ्य चौकीमा १ सय ५९ र प्राथमिक स्वास्थ्य केन्द्रमा ९६ दरबन्दी रहेको छ। जसमध्ये प्राथमिक स्वास्थ्य केन्द्र टोखा चन्डेश्वरी र प्राथमिक स्वास्थ्य केन्द्र गोकर्णमा एक-एक दरबन्दी खाली रहेको छ।

यसैगरी, संस्थागत परियोजना अन्तर्गत परिवार नियोजन क्लिनिक तीनओटा, थापाथली प्रसूति गृह, क्षेत्रपाटी अस्पताल र वीर अस्पताल पनि जिल्ला जनस्वास्थ्य कार्यालय अन्तर्गत रहेको छ ।

Central Region:Layout 1 2/11/2010 4:26 PM Page 328

२.१६ धादिङ

जनसङ्ख्या : ३,९५,८५९
साक्षरता प्रतिशत : ५१
महिला साक्षरता प्रतिशत : ३५
क्षेत्रफल (वर्ग कि. मि.) : १,९२६
गाविस/नपा सङ्ख्या : ५०/०
सरकारी/निजी विद्यालय : ५९३/२०
क्याम्पस/उच्च मा.वि. : ४/३०
अस्पताल/स्वास्थ्य चौकी : १/५१
मानव विकास सूचकाङ्कः ०.४१०
प्रतिपरिवार सरदर सङ्ख्याः ६

गोली/विस्फोटक पदार्थद्वारा घाइते
एकीकृत माओवादीबाट

दार्खा गाविस-८ निवासी वाईसीएल कार्यकर्ता २४ वर्षीय सन्तबहादुर तामाङ ०६६ पुस १४ गते बेलुका वाईसीएल कार्यकर्ता तनहुँस्थित गणतान्त्रिक खेलकुद सङ्घका सदस्य विक्रम भन्ने बलबहादुर तामाङले गोली प्रहार गर्दा गम्भीर घाइते भए। पीडितको काठमाडौँस्थित शिक्षण अस्पतालमा उपचार भयो। सन्तबहादुरको देब्रे आँखामुनि गोली लागेको थियो। धादिङबेँसीबाट दार्खातर्फ गएको गाडीलाई दार्खाफेदीबाट केही माथिसम्म लान पीडक पक्षले दबाब दिएको र बाटो अप्ठ्यारो भएकाले लान नसकिने सन्तबहादुरले बताएपछि भएको विवादका क्रममा बलबहादुरले गोली प्रहार गरेका थिए। पीडकविरुद्ध ज्यानमार्ने उद्योग अन्तर्गत ०६६ पुस १६ गते प्रहरीले मुद्दा दर्ता गरेको भए पनि पीडक वर्षको अन्त्यसम्म फरार छन्।

जेल र बन्दीहरू

०३२ सालमा निर्मित धादिङ जिल्ला कारागार 'ग' श्रेणीको कारागार हो। महिला पाँच जना र पुरुष २५ जनाको बन्दी क्षमता भएको यस कारागारमा वर्षको अन्त्यमा कैद तोकिएका सात महिलासहित ४० र कैद नतोकिएका १ महिलासहित ३५ जना बन्दी कारागारमा रहेको जिल्ला कारागार कार्यालय धादिङका जेलर मदन श्रेष्ठले बताए।

क्षमताभन्दा बढी बन्दी भएको अवस्थामा आपसी विवादका कारण कारागारका बन्दीहरूबीच ०६५ चैत १३ गते दिउँसो झडप हुँदा मनोज परियार, पूर्ण चौधरी र सुन्दर तामाङ घाइते भए। घाइतेहरूको जिल्ला अस्पताल धादिङमा उपचार भयो। पुरानो रिसइवी र धेरै बन्दी एकै स्थानमा बस्ने भएकाले झगडा भएको कारागार प्रमुखले बताए। कारागारमा भिडन्त भएपछि सुरक्षाकर्मीले छुट्याएका थिए। यहाँ बन्दीहरूबीच पटकपटक झगडा हुने गरेको थियो।

बेपत्ता/अपहरण
एकीकृत माओवादीबाट

त्रिपुरेश्वर गाविस-३ खहरेनिवासी काङ्ग्रेस कार्यकर्ता ३० वर्षीय फलप्रसाद इटनीलाई एकीकृत माओवादीविरुद्ध लागेको आरोपमा ०६६ असोज १६ गते एकीकृत माओवादीका कार्यकर्ताले सल्यानकोट गाविसबाट अपहरण गरे। पीडित प्रहरी र स्थानीयबासीको पहलमा त्यसै दिन मुक्त भए।

नीलकण्ठ गाविस-६ साँखुका ४८ वर्षीय डोलबहादुर थापामगरलाई ०६६ असोज १६ गते एकीकृत माओवादीका कार्यकर्ताले अपहरण गरे। व्यक्तिगत घटनालाई लिएर भएको झगडामा एकीकृत माओवादीले धम्की दिँदै सदरमुकामबाट घर जान लागेका बेला अपहरण गरेपछि प्रहरीले सोही दिन मुक्त गराएको थियो। थापामगरलाई एकीकृत माओवादी कार्यकर्ताले पटकपटक कारबाही गर्ने धम्की दिँदै आएको थियो। मुक्त गराएपछि प्रहरीले थापामगरलाई रातभर हिरासतमा राखेकामा असोज १७ गते नेपाली काङ्ग्रेसले आपत्ति जनाउँदै प्रेस विज्ञप्ति प्रकाशन गरेपछि त्यसै दिन दिउँसो थापामगर रिहा भए।

धम्की/कुटपिट
एकीकृत माओवादीबाट

केलपुर गाविस-१ निवासी एमाले केवलपुर गाउँ कमिटी सचिव ४२ वर्षीय रामकुमार आचार्यलाई गाउँपरिषद्मा आए सहिद र बेपत्ता परिवारहरूले

घटनाको प्रकार	गैर राज्यबाट									राज्यबाट		
	अन्यबाट					एकीकृत माओवादीबाट						
	घटना सङ्ख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना सङ्ख्या	पुरुष	नखुलेको	जम्मा	घटना सङ्ख्या	पुरुष	जम्मा
हत्या	९	३	६		९							
घाइते	४	६			६	१	१		१	१	३	३
कुटपिट	११	१९	४	७	३०	३	७		७			
धम्की	१		१		१	४	३	१	४			
जातीय विभेद	४	१	४	१५	३०							
महिलाअधिकार	१९		३०		३०							
बालअधिकार	४		५		५	१		३००	३००			
अपहरण						१	३		३			
जम्मा	५३	३९	४०	३३	९१	१०	१३	३०१	३१४	१	३	३

कारबाही गरे सुरक्षा दिन नसक्ने भन्दै ०६५ पुस ३० गते एकीकृत माओवादीका कार्यकर्ताहरूले मार्ने धम्की दिए। द्वन्द्वको समयमा माओवादी कार्यकर्तालाई मार्न र बेपत्ता पार्न सघाएको आरोप लगाउँदै उनीहरूले लगातार धम्की दिइरहेको पीडितले माघ ५ गते जानकारी दिए। माओवादीले गाउँस्तरीय योजना तर्जुमा सर्वदलीय भेला बोलाएको र एमालेले आचार्यलाई आधिकारिक प्रतिनिधिका रूपमा चयन गरेको थियो। माओवादीले उनीबाहेकलाई पठाउन दबाब दिएको पनि उनले जानकारी दिए। यसअघि आचार्यलाई माओवादीले पटकपटक धम्की दिएका कारण आफू विस्थापित जीवन बिताउन बाध्य भएको उनले बताए।

केवलपुर गाविस-८ आचार्यपोखरी निवासी स्वाँरा गैरीगाउँ सडक निर्माण उपभोक्ता समितिका अध्यक्ष ३४ वर्षीय सोमहरि आचार्य ०६६ वैशाख १३ गते बेलुका एकीकृत माओवादीका जिल्ला सदस्य रामकृष्ण आचार्यले ज्यान मार्ने धम्की दिएका कारण विस्थापित भए। उपभोक्ता समितिका अध्यक्ष सोमहरिलाई गाउँले उचालेर आफूविरुद्ध लगाएको आरोपमा रामकृष्णले गालीगलौज गरी चार दिनभित्र मार्ने धम्की दिएको पीडितले वैशाख १४ गते प्रेस वक्तव्य प्रकाशन गरी जानकारी गराए। केही दिनअघि रामकृष्णले सामुदायिक बन फाँडेकाले त्यसको क्षतिपूर्ति दिनुपर्ने निर्णय गाउँलेले गरेपछि रामकृष्णले गाउँलेलाई नै सिध्याइदिने धम्की दिएको र सोमहरिलाई चार दिनभित्रमा मारिदिने धम्की दिएपछि नागरिक समाज, सञ्चारमाध्यम, मानवअधिकारकर्मीसमक्ष आफ्नो जीवनरक्षाको पहल गरिदिन सोमहरिले प्रेस वक्तव्यमार्फत आग्रह गरेका थिए। पीडित १२ दिनसम्म विस्थापित भए।

बेनीघाट गाविस-८ विशालटारका पेट्रोलपम्प सञ्चालक ४० वर्षीय कल्याण नहर्कीलाई चन्दा नदिएको आरोपमा ०६६ जेठ १९ गते एकीकृत माओवादीका कार्यकर्ताले कुटपिट गरे। पेट्रोलपम्पमा बसिरहेका बेला चन्दा दिन अस्वीकार गरेपछि उनीहरूले कुटपिट गरेका थिए। तामाङ राष्ट्रिय मुक्ति मोर्चाको सम्मेलनका लागि चन्दा उठाउन भनेर आएका माओवादी कार्यकर्ताले आफूलाई कुटपिट गरेको पीडितले जनाए। घटनाको विरोधमा र कुटपिट गर्नेमाथि कारबाहीको माग गर्दै स्थानीयबासीले बेलुका साढे ७ बजेदेखि राती साढे ९ बजेसम्म यातायात बन्द गराए।

त्रिपुरेश्वर गाविस-५ निवासी अचने उच्चमाविका शिक्षक २४ वर्षीय बासु सेढाईं, एमाले कार्यकर्ता सोही गाविस-५ का ५१ वर्षीय गोपी पाण्डे, सल्यानटार गाविस-१ का ४५ वर्षीय हरि पन्त, काङ्ग्रेस कार्यकर्ता सल्यानकोट गाविस-९ का ४५ वर्षीय मछिन्द्र सिंखडालाई एकीकृत माओवादीले भने अनुसारको जलविद्युत्को काम गर्न नमानेको आरोपमा ०६६ भदौ २३ गते एकीकृत माओवादीका कार्यकर्ताले कुटपिट गरे। आँखुखोला जलविद्युत् योजनाको विषयमा छलफल गर्न बोलाएर एकीकृत माओवादीका कार्यकर्ता

एकीकृत माओवादीद्वारा गोली प्रहार गरी घाइते बनाइएका सन्तबहादुर तामाङ

एवम् शिक्षक सङ्गठनका उपाध्यक्ष अर्जुन नगरकोटी, बुद्धिजीवी सङ्गठनका अध्यक्ष केशरीप्रसाद पन्तको नेतृत्वमा रहेको समूहले आक्रमण गरी घाइते पारेको थियो। घटनामा सेढाईं गम्भीर घाइते भएका थिए। उनको आँखामा र टाउकोमा चोट लागेको थियो। सेढाईंको जिल्ला अस्पताल, काठमाडौंस्थित त्रिपुरेश्वर आँखा अस्पताल र मनमोहन मेमोरियल अस्पतालमा उपचार भयो। यसैगरी नगरकोटीको नेतृत्वमा आएको एक समूहले ०६६ मङ्सिर १३ गते त्रिपुरेश्वर गाविस-३ स्थित अचने उच्चमाविमा आएर एकीकृत माओवादीविरुद्ध नलाग्न धम्की दिँदै सेढाईंलाई माफ माग्न बाध्य पारेको थियो।

स्थानीय विकास अधिकारी रमेशकुमार अधिकारीलाई ०६६ कात्तिक १८ गते एकीकृत माओवादीले जिल्ला नआउन धम्की दिए। एकीकृत माओवादीद्वारा जिल्ला प्रशासन कार्यालय घेराउ कार्यक्रम गरेकै अवस्थामा आफ्ना कार्यकर्ताले सुन्ने गरी एकीकृत माओवादी जिल्ला इन्चार्ज एवम् सभासद् पुष्पविक्रम मल्लले आफूहरूलाई नसोधी दरखास्त लिएकाले आइन्दा जिल्लामा नआउन र आएमा जे पनि हुनसक्ने भन्दै फोन गरेर धम्की दिएको अधिकारीले जानकारी दिए। राष्ट्रिय योजना आयोगले जिविस अन्तर्गत रहने गरी स्वयम्सेवकका लागि दरखास्त आह्वान गरेकामा एकीकृत माओवादीसँग स्वीकृति नलिई दरखास्त आह्वान गरेको भन्दै धम्की दिएको अधिकारीले बताए। एकीकृत माओवादीले भने 'धम्की नदिएको तर जिविसमा हुने काम एकीकृत माओवादीलाई सोधेर मात्र गर्नुपर्ने' बताएको उल्लेख गऱ्यो। यस वर्षको अन्त्यसम्म पनि स्थानीय विकास अधिकारी जिल्ला फर्केका छैनन्।

लापा गाविस-६ निवासी राप्रपाका कार्यकर्ता ४० वर्षीय राना तामाङलाई वाईसीएलको स्वीकृतिबेगर गोठ बनाउने घोचा जङ्गलबाट काटेको आरोपमा ०६६ मङ्सिर ५ गते वाईसीएलका कार्यकर्ता कर्मा लामाले धम्की दिँदै जरिवाना भनी पीडितबाट १८ हजार रुपियाँ लिए। पीडक लामालाई कारबाही गर्न र जरिवाना भनी लिएको रकम फिर्ता गर्न माग गर्दै राप्रपा केन्द्रीय कार्यालयले प्रेस वक्तव्यमार्फत मङ्सिर ६ गते सरकारसमक्ष माग गरेको थियो।

सल्यानकोट गाविस-४ निवासी नेपाली काङ्ग्रेस महासमिति सदस्य र जिल्ला कार्यसमिति सदस्य ४७ वर्षीय हरिबहादुर बस्नेतलाई काङ्ग्रेसको सक्रिय राजनीति गरेको आरोपमा ०६६ मङ्सिर १० गते स्थानीय वाईसीएल कार्यकर्ताले आक्रमण गरे। घाइते बस्नेतलाई स्थानीय बासिन्दाले उद्धार गरी जिल्ला अस्पतालमा उपचार गराए। घटनापछि पीडित सदरमुकाममा बस्दै आएका छन्। घटनामा एकीकृत माओवादीले आफ्नो संलग्नता नरहेको बतायो। बस्नेतले भने पीडकको कपडासमेत प्रहरीमा बुझाएका थिए। पीडितले पीडकविरुद्ध ज्यान मार्ने उद्योग अन्तर्गत मङ्सिर १२ गते जिल्ला प्रहरी कार्यालयमा जाहेरी दर्ता गराए। पीडकहरू फरार छन्।

नौविसे गाविस-७ निवासी बा.२ख. २८९६ नम्बर महिन्द्रा गाडीका चालक अरूण मानन्धरले चन्दा नदिएको आरोपमा ०६६ मङ्सिर ३० गते बिहान उनलाई नौविसे गाविस-७ खानीखोलामा एकीकृत माओवादी कार्यकर्ताले कुटपिट गरे। एकीकृत माओवादी समर्थित अखिल नेपाल यातायात मजदुर सङ्घका कर्मचारीले खानीखोलामा कुटपिट गरेपछि पृथ्वी राजमार्ग नौविसे गाविस-१ धार्केमा यातायात मजदुरले सोही दिन राजमार्गमा यातायात अवरुद्ध गरेका थिए। राजमार्गमा मजदुरका नामबाट एकीकृत माओवादी मजदुर सङ्गठनले रकम असुल्दै आएको र त्यसको प्रतिकार गर्दा कुटिएकाले प्रशासनले उनीहरूमाथि

एकीकृत माओवादीद्वारा आक्रमण गरी घाइते बनाइएका रामबहादुर आले

कारबाही गर्नुपर्ने माग पीडितले गरे। तर, पीडकहरूलाई कारबाही भएन।

गजुरी गाविस-२ मलेखु बजारकी ८० वर्षीया माइली तामाङलाई बन्दका बेला पसल खोलेको आरोपमा ०६६ पुस ६ गते दिउँसो वाईसीएल कार्यकर्ताले कुटपिट गरे। बाँसको भाटाले आक्रमण गरेपछि तामाङको दाहिने हातको कान्छी औंला भाँचियो भने ढाडसमेत खुस्केको थियो। पीडितको गजुरी प्राथमिक स्वास्थ्य केन्द्रमा एकीकृत माओवादीले प्राथमिक उपचार गराए पनि थप उपचार गराउन नसकेको पीडितले बताइन्। स्थानीय महिलाले घटनाको प्रतिकार गरी स्थानीय प्रकाश उप्रेतीलाई खुकुरीसहित पक्रेर सोही दिन प्रहरीसमक्ष बुझाए। पीडकलाई प्रहरीले ०६६ पुस ८ गते रिहा गऱ्यो।

एकीकृत माओवादीद्वारा आक्रमण गरी घाइते बनाइएका नवराज आले

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत धादिङमा यस वर्षको अन्त्यसम्ममा २ सय ७६ थान मुद्दा फर्स्यौट हुन बाँकी रहे। अघिल्लो वर्षबाट यस वर्ष देवानी १ सय ८ थान र फौजदारी १ सय ३१ थान गरी २ सय ३९ थान मुद्दा जिम्मेवारी सरेर आए। जिल्ला अदालतमा यस वर्ष देवानीका ३० थान र फौजदारीका ५२ थान गरी ८२ थान मुद्दा दर्ता भए। यस वर्ष देवानीका १५ थान र फौजदारीका ३० थान मात्र मुद्दा फर्स्यौट भएको जिल्ला अदालतको तथ्याङ्कमा देखिन्छ। दुई वर्ष पुराना मुद्दा फैसला गरी किनारा लगाउने नीति लिएको भए पनि जिल्ला अदालत धादिङमा दुई वर्ष नाघेका ४१ थान र फौजदारी २८ थान गरी ६९ थान मुद्दा फर्स्यौट हुन बाँकी रहेका छन्। एक वर्षभित्रका देवानी ६२ र फौजदारी १ सय ७ गरी १ सय ६९ थान र दुई वर्षभित्रका देवानी २० थान र फौजदारी १८ थान गरी ३८ थान मुद्दा फैसला हुन बाँकी रहेका छन्।

गत वर्ष जिल्ला अदालत धादिङमा महिला हिंसासम्बन्धी १७ थान मुद्दाहरू परे । यसमध्ये जबरजस्ती करणीका ११, जीउ मास्नेबेच्ने एक, बहुविवाहका तीन र अन्य दुई मुद्दा रहेका छन्।

बालअधिकार

धादिङ जिल्लामा बाल मृत्युदर प्रति १ हजारमा एक वर्षदेखि पाँच वर्षमुनिका ४८ जना र एक वर्षमुनिका ६२ जनाका दरले रहेको जिल्ला स्वास्थ्य कार्यालयले जनायो।

विद्यालय जाने उमेरका बालबालिकाको सङ्ख्या ५६ हजार ९ सय ६ रहेको छ। यसमध्ये १९ दशमलव ५ प्रतिशत बालबालिका विद्यालयको पहुँचभन्दा बाहिर छन् भने ८० दशमलव ५ प्रतिशत बालबालिका विद्यालय गएको जिल्ला शिक्षा कार्यालयले जनायो ।

भूमेस्थान गाविस-७ घलेगाउँस्थित लीलाकाली निमाविमा कक्षा ६ का १२ वर्षीय निर्मल तामाङ र कक्षा ७ का १३ वर्षीय रवीन्द्र रिजाललाई शिक्षक नारायण रेग्मीले ०६५ फागुन २१ गते कुटपिट गरेका कारण घाइते भए। कुनै गल्ती भएको थाहा नभएको र शिक्षकले एक्कासि कुटपिट गरेलगत्तै उनीहरू बेहोस भएका थिए। बेहोस भएका विद्यार्थीहरूलाई स्थानीय मेडिकलमा उपचार गर्न लाँदा धेरैले जानकारी पाउने डरले विद्यालयमै राखेर तीन घण्टासम्म प्राथमिक उपचार गरिएको थियो। उनीहरू फागुन २२ गते विद्यालय आएनन्।

मैदी गाविस-८ सेखमकी १३ वर्षीया दलित बालिका ०६५ चैत २६ गते सोही गाविस जोगीटारका ६० वर्षीय दलबहादुर श्रेष्ठले बलात्कार गरेको भन्दै जिल्ला प्रहरी कार्यालयमा ०६६ असार २२ गते जाहेरी दिइन्। पीडितलाई श्रेष्ठले चामल लिन बोलाई जङ्गलमा लगेर बलात्कार गरेका थिए। बलात्कारपछि बालिकालाई घटना सार्वजनिक गरे मारिदिने धम्की दिएकाले उनले गाउँ नै छाडेकी थिइन्। पीडितका पिता र गाउँबासीको सहयोगमा सामाजिक न्याय दिलाउन पहल गरेपछि महिलाअधिकार रक्षक जिल्ला सञ्जालको सक्रियतामा पीडितलाई सहयोग उपलब्ध गराउन पहल गरिएको थियो। पीडित पक्षले जाहेरी गर्न ढिला गरेकाले कानुनी न्याय दिलाउन नसके पनि अधिकारकर्मीहरूको पहलमा बालिकालाई पीडकबाट ६० हजार रुपियाँ

एकीकृत माओवादीद्वारा आक्रमण गरी घाइते बनाइएका दीपबहादुर राना

तिराएर छाडिएको थियो।

जिल्लाका विभिन्न विद्यालयबाट २ सय ५० जनाको सङ्ख्यामा एकीकृत माओवादीको भ्रातृसङ्गठन एकीकृत तामाङ राष्ट्रिय मुक्तिमोर्चाको चौथो जिल्ला सम्मेलनको अवसरमा ०६६ जेठ २२ गते धादिङबेसीमा आयोजित सभामा बालबालिकाहरूलाई अत्यधिक रूपमा सहभागी गराए। जिल्लाका विभिन्न विद्यालयबाट सहभागी गराइएका बालबालिकाहरूलाई बिहानदेखि कार्यक्रममा सहभागी गराएपछि खाजासमेत खान नदिई बेलुका मात्र घर पठाइएको थियो। पाँचवटा गाडीमा रिजर्भ गरेर ल्याइएका बालबालिकाहरूलाई सदरमुकाममा पुछ्रारबजारबाट च्यालीमा सहभागी गराई बीचबजारमा पुऱ्याएर सभामा घाम लागेको स्थानमा सहभागी गराइएको थियो।

चैनपुर गाविस-९ साँधभज्याङकी १७ वर्षीया एक हातगोडा नचल्ने, बोल्न नसक्ने, शारीरिकरूपमा अशक्त बालिकालाई ०६६ साउन ६ गते बेलुका सोही गाविस-९ का ३८ वर्षीय होमप्रसाद खनालले घरका सबै परिवार काममा गएको बेलामा घरमा नै बलात्कार गरेको आरोपमा उनलाई गाउँले र प्रहरीको सहयोगमा सोही दिन राती गिरफ्तार गरी प्रहरीले ०६६ साउन ७ गते जिल्ला प्रहरी कार्यालय ल्यायो। पीडितको जिल्ला अस्पतालमा उपचार गरियो। पीडितकी आमा डोमाया शाक्यले ०६६ साउन ७ गते प्रहरीमा किटानी जाहेरी दिइन्। पीडकले बलात्कार गरेको स्वीकार गरेकाले थुनामा राखिएको छ।

बैरेनी गाविस-७ की १७ वर्षीया महिलालाई सोही गाविस-७ का २८ वर्षीया रामबहादुर तामाङले ०६६ कात्तिक ४ गते साँझ ५ बजे बलात्कार गरेको आरोपमा इलाका प्रहरी कार्यालय गजुरीले कात्तिक १७ गते बेलुका गिरफ्तार गरेको। पीडितका पति विदेश गएकाले माइतीमा बसेका बेला घरमा कोही नभएको मौका छोपी पीडितलाई बलात्कार गरेका थिए। पीडितको गजुरी प्राथमिक स्वास्थ्य केन्द्रमा उपचार भयो। आरोपितले अपराध स्वीकार गरेपछि थुनामा राखिएको छ।

प्रहरीले गरेको हस्तक्षेपमा परी घाइते भएका दीपक वि.क.

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार बेचबिखन तथा ओसारपसार

रसुवा जिल्ला गत्लाङ गाविस-९ की २१ वर्षीया डोल्मा तामाङ र सोही गाविस-९ की पेम्पा तामाङलाई इलाका प्रहरी कार्यालय गजुरीले बिक्रीका लागि भारततर्फ लैजाँदै गरेको अवस्थामा ०६६ वैशाख १४ गते बेलुका उद्धार गऱ्यो। उनीहरूलाई एक जना महिलाले निरमाया र साइलीका नामबाट झुक्याएर राहदानी बनाउन लगाई बिक्रीका लागि भारतको नयाँदिल्लीतर्फ लैजान लागेको सुराकीका आधारमा प्रहरीले उद्धार गरेको थियो। उनीहरूलाई माइती नेपालको सहयोगमा पुन:स्थापना गरिएको छ।

ज्यामरुङ गाविस-६ कुमाई ज्यामरुङकी एक महिलालाई ०६६ जेठ २२ गते उनकै सासू र ज्यामरुङ गाविस-७ की सीता पाठकले बिक्री गरेपछि स्थानीयले उद्धार गरी पीडकलाई कारवाही गर्न प्रहरीमा जाहेरी दिए। पीडित महिलालाई धादिङबेसी जाऊँ भनी बेहोस बनाएर अन्दाजी ६० वर्षीय एक जना मानिसलाई पठाएको र सोही विक्षिप्त अवस्थामा उद्धार गरिएको थियो। पीडितलाई सीता पाठकले 'आफ्नो नाता पर्ने एक जना छ, सुख पाउँछेस्, विवाह गर्' भनेर फकाएको र सो दिन आफ्नो पनि धादिङबेसी आउने काम भएकाले सँगै आउँदै गर्दा सीताले निगाले भन्ने स्थानमा आएपछि केरा खुवाएर बेहोस पारी एउटा नचिनेको मानिसको साथ लगाएर बिक्री गरी पठाएको पीडितले जानकारी दिइन्। नारायणगढ पुगेपछि आफूलाई होस् आएकाले नातेदारलाई फोन गर्न लाग्दासमेत सो मानिसले फोन गर्नसमेत नदिई जबरजस्ती बस चढाएर लगेको पीडितले बताइन्। जेठ २२ गते राती ९ बजे सिमरा पुऱ्याएर दुई घण्टा हिँडाएर एउटा घरमा लगेर कोठामा थुनी सोही रात बलात्कारसमेत गरेको पीडितले प्रहरीमा जानकारी दिइन्। घरबाट छोरी हराएको थाहा पाएर पीडितकी आमा, काका र छिमेकी आएर पीडितको खोजी गर्दा अर्कैसँग दोस्रो विवाह गरी गएको भन्दै आलटाल गरी सीता पाठकले जवाफ दिएकी थिइन्। पीडितका सात वर्ष र तीन वर्षका दुई छोरा छन्। तीन वर्षअगाडि पतिले दोस्रो विवाह गरी पोखरातिरै बस्ने गरेका छन्।

Central Region:Layout 1 2/11/2010 4:26 PM Page 333

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

जोगीमारा गाविस-९ खटौटी स्थित रोयल विचक्याम्पमा आफ्नो प्रेमीसँग बसेको बेला ३० वर्षीया अस्ट्रेलियन महिलालाई ०६६ वैशाख १ गते बलात्कार गरेको आरोपमा गिरफ्तार भएका काठमाडौँ मनपा-९ बस्ने २१ वर्षीय सम्राट गौचनलाई प्रहरीले ०६६ वैशाख ३० गते जिम्मा जमानीमा रिहा गऱ्यो। सरकारी वकिल कार्यालयले जेठ ४ गते जिल्ला अदालतमा बलात्कार गरेको मुद्दा दायर गरेपछि जिल्ला अदालतले सातदिने वारेन्ट पुर्जी र ७० दिने म्यादी पुर्जी जारी गरेको छ। अदालतले वारेन्ट पुर्जी जारी गरेलगत्तै प्रहरीले गौचनलाई तत्काल उपस्थित गराउन नसकेको भन्दै फेला नपरेको जनायो। गौचनलाई वैशाख ४ गते पक्राउ गरिएको थियो। अनुसन्धानका सिलसिलामा २५ दिन मात्र हिरासतमा राख्न पाइने कानुनी व्यवस्था भएकाले छाडिएको र अहिले तत्कालै फेला नपरेको प्रहरीले जनायो।

बैरेनी गाविस-७ मा मजदुरी गरेर बस्ने १ सय २ वर्षीया एक वृद्धामाथि ०६६ वैशाख २४ गते बेलुका राती १२ बजेतिर बैरेनी गाविस-७ निवासी ५० वर्षीय कुम्भबहादुर सुनार र रामबहादुर दमाईले बलात्कार गरे। पीडकलाई ०६६ वैशाख २७ गते प्रहरीले पक्राउ गऱ्यो। पीडितको शरीरभरि नीलडाम र घाउ लागेको थियो। पीडकहरूलाई जिल्ला अदालतको आदेशमा हिरासतमा राखिएको छ।

पारिवारिक हिंसा

जीवनपुर गाविस-५ चिउरीबोटकी २२ वर्षीया रविना रेग्मी (भण्डारी)लाई ०६५ पुस १७ गते उनका पति २५ वर्षीय ओम भण्डारीले छोरी पाएको आरोपमा कुटपिट गरी हत्या गरे। घरमा रोटी पकाइरहेका बेला बिहान लट्ठीले हानेर बेहोस भएपछि उपचार गराउन लाँदा उनको मृत्यु भयो। घटनाका बारेमा सात वर्षीया छोरीले प्रहरीलाई जानकारी दिएपछि हत्या गरेको पीडकले स्वीकार गरे। पीडक थुनामा छन्। बालिका मामा घरमा आश्रित छन्।

मुरलीभञ्ज्याङ गाविस-६ पाल्पाभञ्ज्याङकी २६ वर्षीया हेमकुमारी लम्साललाई आफ्नै सासू र परिवारका सदस्यले ०६५ फागुन ११ गते कुटपिट गरे। गाउँलेले हेमकुमारीले अवैध सम्बन्धबाट बच्चा जन्माएको आरोप लगाउँदै उनका पति र परिवारलाई भातपानी बाहेक गर्ने भनेर हल्ला चलाएपछि हेमकुमारीलाई पटक-पटक कुटपिट गरिएको थियो। बच्चाको न्वारन समेत नभएको र तीन दिनदेखि बिरामी

वाईसीएलद्वारा आक्रमण गरी घाइते बनाइएका हरि बस्नेत

भएकी सुत्केरीलाई फागुन १३ गते महिला सुरक्षा दबाब समूह, इन्सेक र सहारा महिला बचत तथा ऋण सहकारी संस्थाले प्रहरीको सहयोगमा उद्धार गरी जिल्ला अस्पतालमा उपचार गराए। टङ्ककुमारले आफूमाथि कुटपिट नगरेको, सासू भोजकुमारी र केही गाउँलेको मिलेमतोमा आफूबाट छोरा जन्मिएकाले अंश सम्पत्ति खानका लागि यो घटना हेमकुमारीले गराएको पीडितले बताइन्। उनी हालसम्म पनि मजदुरी गरेर बसेकी छन्।

नौविसे गाविस-७ की ३८ वर्षीया रेणुका पाठकलाई छिमेकीहरू ३२ वर्षीया नारायणी भट्ट र यादव भट्टले कथित बोक्सीको आरोपमा ०६५ फागुन ११ गते बारीमा पानी लगाउन लागेको बेला कुटपिट गरे। पाठक कुटपिटमा परेर बेहोस भएपछि स्थानीयबासी र उनका पति कृष्णप्रसाद पाठकले उद्धार गरी अस्पतालमा उपचार गराए। पीडितको दाहिने खुट्टा भाँचियो भने शरीरभरि चोट लाग्यो। उनलाई कुटो र ढुङ्गाले हानेर कुटपिट गरिएकाले सख्त घाइते भएकी थिइन्। पीडकहरूलाई प्रहरीले पक्राउ गरी ६० हजार रुपियाँ जरिवाना तिराएर छाड्यो।

केवलपुर गाविस ४ की ३५ वर्षीया पम्फा मिजारलाई उनका पति ४० वर्षीय कृष्णबहादुर मिजारले अरू नै मानिससँग लागेको आरोपमा ०६५ चैत १३ कुटपिट गरी घाइते पारे। पटक-पटक कुटपिट गरिएपछि बिरामी पर्दै आएकी पम्फाको पछिल्लोपटकको कुटपिटबाट कर भाँचिएको, एकापट्टीको पातो नै नचल्ने भएको थियो। पीडितले पीडकविरुद्ध अंश दिलाइदिन माग गरी प्रहरी कार्यालयमा जाहेरी दिइन्। पीडितलाई महिला मानवअधिकार रक्षकको सहयोगमा अंश बराबरको जग्गा उपलब्ध गराइयो। पीडकले दोस्रो विवाह गरेपछि पहिलो पत्नीलाई कुटपिट गर्दै बच्चाहरू समेत अफ्नो नभएको बताउँदै आएका थिए।

काठमाडौँ जिल्ला महाराजगञ्जकी ४२ वर्षीया निर्मला थापाको ०६६ वैशाख ७ गते उनका पति ५० वर्षीय ऋषि पण्डित र उनकै जेठीपट्टिका कान्छा छोरा २० वर्षीय उमेश पण्डितले घरायसी हिंसाका कारण अपहरणपछि हत्या गरे। घरायसी हिंसाका कारण हत्या गरिएकी निर्मला थापालाई हत्या गर्ने पति ऋषि पण्डित र सौतातर्फका छोरा उमेश पण्डितलाई जिल्ला अदालतले ०६६ वैशाख ८ गते थुनामा राखेर अनुसन्धान गर्न आदेश दिएको छ। मृतकका भाइ विष्णु थापाको उजुरीका आधारमा उनीहरूलाई धादिङ प्रहरीले पक्राउ गरी अनुसन्धान सुरु गरेको हो।

ऋषिले चौथो पत्नीका रूपमा सम्झना लामिछानेलाई वैशाख २ गते विवाह गरेपछि निर्मलामाथि पटक-पटक कुटपिट गर्ने गरेको र वैशाख ६ गते कुटपिट गरेका कारण ओठमा घाउ लागेकाले टिचिङ अस्पतालमा उपचार गराएको मृतकका छोराले जानकारी दिए। काठमाडौँ महाराजगञ्ज निवासी निर्मला थापा घरमा कुनै सल्लाह नै नगरी वैशाख ७ गते बा.२७प. २१५८ नम्बरको मोटरसाइकल लिएर निस्केको र घर नफर्केको भए पनि पति ऋषिले खोजी कार्य नगरेकाले हत्या गरेको आरोप माइती पक्षले लगाएको छ। निर्मलाले प्रयोग गर्ने मोटरसाइकल बा.२७ प.२१५८ बैरेनी गाविस-९ महेशदोभाननजिकै सडक छेउमा वैशाख ७ गते भेटिएको र उनको लास सो स्थानबाट ३० किलोमिटर तल बेनीघाट गाविसस्थित त्रिशूली नदीमा वैशाख १० गते फेला परेको थियो। नदीमा हाम फालेको भनिएको स्थानमा चस्मा, सल, हेलमेट, सेतो जुत्ता फेला परेको थियो। निर्मलाको लास बेनीघाट गाविसको मालिङ्गामा शरीरमा कुनै पनि कपडा नभएको, हिलो लतपतिएको अवस्थामा फेला परेको थियो।

मार्पाक गाविस-७ चापटारकी २० वर्षीया शान्ति थापा मगरलाई सासू चन्द्रकुमारी थापा मगर, अमाजू शोभा थापामगरले ०६६ मङ्सिर २४ गते घरमा लट्ठीले प्रहार गरी हत्या गरे। हत्या गरेपछि नजिकै जङ्गलमा झुन्ड्याएर राखेको अवस्थामा सोही दिन शान्तिको लास फेला पऱ्यो। माइतीबाट घर गएको तीन दिनकै दिन कुटपिट गरी नजिकैको जङ्गलमा रुखबाट खुट्टा भुइँमा छुने गरी झुन्ड्याएकाले अपराध गर्नेमाथि कडा कारबाही गर्न मृतकको आमा भगवती थापामगरले ०६६ मङ्सिर २८ गते प्रहरीमा जाहेरी दिइन्। ०६५ असारमा अमृत थापा मगरसँग पीडितको विवाह भएको थियो। पति-पत्नी मिलेर बसे पनि दाइजो नल्याएको निहुँमा विवाहको केही समयदेखि नै अमाजू र सासूले पटक-पटक कुटपिट गर्दै धम्की दिने गरेको तथा कहिलेकाहीं शान्ति बहुलाएको खबर माइतीमा पठाएर बेइज्जत गर्ने गरेको मृतकको आमा भगवतीले प्रहरी कार्यालयमा बताउँदै न्याय गर्न आग्रह गरिन्। पाँच महिनाको छोरा रहेको शान्ति १५ दिनअगाडि माइतीमा आएर घर फर्केको तीन दिनमै हत्या भएको थियो। मृतकका दाजु कुमारका अनुसार शान्तिको शरीरभरि नीलडाम देखिएको, नाक काटिएको अवस्थामा लास भेटिएको थियो। चन्द्रकुमारीलाई ०६६ मङ्सिर २७ गते प्रहरीले गिरफ्तार गऱ्यो भने शोभा थापामगरलाई प्रहरीले गिरफ्तार गरेन। चन्द्रकुमारीलाई प्रहरीले अनुसन्धानका लागि थुनामा राखेको छ।

नलाङ गाविस-८, पीपलनलाङकी २५ वर्षीया सरिता परियारलाई उनकै पति ३५ वर्षीय सुवास परियारले अर्कै व्यक्तिसँग सम्बन्ध राखेको आरोपमा ०६६ साउन ८ गते कुटपिट गरी दुई छोरीहरूसहित घर निकाला गरे। पीडकले केही महिनाअघि दोस्रो विवाह गरेपछि उनलाई कुटपिट गर्न थालेका थिए। पीडक सुवास परियारले पत्नी र दुई छोरीहरूलाई घरभित्र थुनेर कुटपिट गर्दा उनीहरू सख्त घाइते भएका थिए। घाइतेहरूको स्थानीय स्वास्थ्य केन्द्रमा उपचार भयो। घर निकालापछि छिमेकीको घरमा बस्दै आएका पीडितहरूले जिल्ला प्रहरी कार्यालयमा ०६६ साउन १० गते जाहेरी दर्ता गराई पीडकमाथि कारबाही र आफूहरूलाई अंश तथा न्याय दिलाउन माग गरेको भए पनि उनीहरूमाथि वर्षको अन्त्यसम्ममा पनि कारबाही भएन।

दुर्व्यवहार

नीलकण्ठ गाविस-३ की ३० वर्षीया विभा विश्वकर्मालाई कथित बोक्सीको आरोपमा ०६६ साउन ८ गते स्थानीय बासिन्दाले कुटपिट गरे। पटक-पटक घरमा आएर छिमेकी सीताराम सुनारले बोक्सीको आरोप लगाउने गरेको र साउन ८ गते कुटपिट गरेपछि विश्वकर्मा घाइते भएकी थिइन्। कुम, पाता, गर्धन, आँखामा नीलडाम तथा घाउ हुनेगरी कुटपिट गरिएको थियो। पीडकलाई कारबाहीको माग गर्दै विश्वकर्माले ०६६ साउन ९ गते जिल्ला प्रहरी कार्यालय धादिङमा जाहेरी दर्ता गराए पनि पीडकलाई कारबाही भएन।

कुम्पुर गाविस-३ हटियाकी ७६ वर्षीया सन्तलक्ष्मी श्रेष्ठलाई बोक्सीको आरोपमा ०६६ असोज २८ गते छिमेकीहरू सीता श्रेष्ठ र मैयाँ श्रेष्ठले कुटपिट गरी दुर्व्यवहार गरे। आफूहरूलाई भक्तपुरकी माताले

सन्तलक्ष्मी श्रेष्ठ बोक्सी भएको बताएकाले बोक्सीलाई मार्नुपर्छ, जे गरे पनि हुन्छ भन्दै, पटक-पटक कुटपिट र दुर्व्यवहार गर्ने गरेको पीडितले बताइन्। उजुरी गर्न गए पीडकहरूले मार्ने धम्की दिएकाले उजुरी गर्नसमेत नसकेकाले सहयोग गर्नका लागि महिला मानवअधिकारकर्मीहरूलाई असोज २९ गते अनुरोध गरेकी थिइन्। वृद्ध र गरिब भएकाले आफूलाई यस्तो आरोप लगाएको पीडितको गुनासो छ। प्रहरीमा अधिकारकर्मीको सहयोगमा जाहेरी दिएको भए पनि पीडकहरूमाथि कारबाही भएन।

सबै प्रकारका जातीय विभेद

फूलखर्क गाविस-२ का २० वर्षीय अर्जुन विश्वकर्माले सोही गाविस-३ की १९ वर्षीया रीता भट्टराईसँग अन्तरजातीय विवाह गरेको आरोपमा ०६५ माघ १८ गते रीताका आफन्तले गाउँनिकाला गरे। सुरक्षाको माग गर्दै प्रहरीमा निवेदन दिइए पनि उनीहरूलाई गाउँ नआउन धम्की दिएका कारण सदरमुकाम धादिङबेँसीमा मजदुरी गरेर बस्दै आएका छन्।

महादेवस्थान गाविस-५ घिर्लिङकी १९ वर्षीया शान्ति विक र मकवानपुर जिल्ला कालीटार गाविस-१ का २२ वर्षीय कान्छा तामाङले ०६५ माघ २० गते अन्तरजातीय विवाह गरेदेखि गाउँबाट विस्थापित भए। माघ २३ गते प्रमुख जिल्ला अधिकारीलाई न्याय दिलाइदिन माग गर्दै निवेदन दिए पनि उनीहरू गाउँ फर्किन सकेनन्।

साङ्कोष गाविस-३ स्थित पशुपति मन्दिरमा ०६५ फागुन १७ गतेदेखि सुरु भएको श्रीमद्भागवत् महापुराण तथा धान्याचल महायज्ञमा कथित दलितहरूलाई प्रसाद वितरण र टीका लगाउन बन्देज गरिएपछि उनीहरूले फागुन २३ गते प्रेस वक्तव्य निकालेर आपत्ति जनाए। मुरलीभञ्ज्याङ गाविस-३ की शर्मिला विकले दिएको जानकारी अनुसार, सबै जनाले लगाएको टीका आफूले पनि लगाउन सबै जसरी लाइनमा गएका बेला स्थानीय ब्राह्मणले 'टीका र प्रसाद दलितलाई दिन नहुने' भन्दै आफूसहित १५ जना दलितहरूलाई त्यसै फर्काएको बताएका थिए।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

कृषि मजदुरको न्यूनतम ज्याला सरकारी तवरबाट जिल्लामा निर्धारण भएको पाइएन। कृषि मजदुरले काम गरेबापत पाउने ज्याला पुस, माघ र फागुनताका पुरुषको एक दिनको १ सय र महिलाको ५० रुपियाँ रहने गरेको पाइएको छ भने काम गर्ने सिजन मङ्सिर, वैशाख, असारमा पुरुषको १ सय ५० रुपियाँ र महिलाको १ सय रुपियाँ हुने गरेको पाइएको छ।

समुदायको जिम्मामा रहेको बैरेनी गाविस-८ मा रहेको बालकुमारी सामुदायिक वन नेपाली सेनाले प्रयोग गरेर नछाडेपछि स्थानीय उपभोक्ताहरूले वन क्षेत्र खाली गराइदिन सेनासँग ०६५ माघ २ गते पटकपटक माग गरे। बैरेनी गाविस-८ मा रहेको २७ दशमलव ७५ हेक्टर क्षेत्रफलमा फैलिएको बालकुमारी सामुदायिक वन ०५५ सालदेखि अधिग्रहण गरी सैनिक तालिम इलाकाका रूपमा श्रीनम्बर ६ बाहिनी अड्डा बैरेनीले उपभोग गरिरहेको वन उपभोक्ता समूहले जनाएको छ। स्थानीय १ सय ७५ घरधुरीका उपभोक्ताले सदियौँदेखि संरक्षण गरी भोगचलन गर्दै आएको सामुदायिक वन ०६३ सालमा जिल्ला वन कार्यालय धादिङले समुदायलाई हस्तान्तरण गरी जिम्मा लगाएको समूहका अध्यक्ष चन्द्रप्रसाद खतिवडाले बताए। तर, ०५५ कात्तिकमा राजपत्रमा सूचना प्रकाशन गरी सरकारले वन अधिग्रहणको अधिकार आफूहरूलाई दिएको श्री नम्बर ६ बाहिनी अड्डा बैरेनीले दाबी गरेको छ। समुदायलाई हस्तान्तरण गर्नुभन्दा पहिले नै वन अधिग्रहण गरी सैनिक तालिम इलाका सञ्चालनको अनुमति सरकारले सेनालाई दिएको भन्दै बाहिनी अड्डाले वन छाड्न इन्कार गरेपछि स्थानीयबासीहरूले वन छाडिदिन अनुरोध गर्दै आएका छन्। सेनाले सामुदायिक वनमा चलन भोग गर्न नदिएको भन्दै उपभोक्ता समूहले जिल्लामा क्रियाशील राजनीतक दल, जिल्ला प्रशासन कार्यालय, जिल्ला वन कार्यालय, सामुदायिक वन उपभोक्ता महासङ्घलगायतका निकायलाई लिखित पत्र पठाई वन क्षेत्र उपभोग अधिकार दिलाइदिन सामूहिक आग्रह गरेका छन्। यस सम्बन्धमा धादिङका प्रमुख जिल्ला अधिकारी उद्धवबहादुर थापाले उपभोक्ता समूहको पत्र प्राप्त भएकाले त्यसबारेमा सम्बन्धित पक्षसँग परामर्श गरी समस्या समाधानका लागि पहल गरिने बताए। स्थानीयबासीको घाँस-दाउरा र अन्य कामका लागि प्रयोग हुने गरेको सामुदायिक वनमा सेनाले तालिम केन्द्र सञ्चालन गरेपछि स्थानीयबासी वन क्षेत्रमा प्रवेश गर्न मात्रै होइन, गाउँ जाने सडक खन्नबाट समेत वञ्चित भएकाले वन क्षेत्र खाली गराउन उपभोक्ताले सङ्घर्षमा जाने चेतावनी दिएका छन्। उपभेक्ताले वन क्षेत्र फिर्ता पाउन सकेका छैनन्।

Central Region:Layout 1 2/11/2010 4:26 PM Page 336

संरचना, सम्पति क्षति
एकीकृत माओवादीबाट

एकीकृत माओवादीले नौबिसे-१ स्थित धार्केमा स्थानीयबासीको १६ रोपनी जग्गा ०६६ पुस ४ गते कब्जा गऱ्यो। एकीकृत माओवादीद्वारा कब्जा गरिएको सो स्थानमा सार्वजनिक भवन बनाउने भन्दै उनीहरूले टहरा बनाए। खनजोत नगरी बाँझो राखिएको सो जमिन नेकपा एमाले नौबिसे गाउँ कमिटीका उपाध्यक्ष विष्णुप्रसाद आचार्यलगायत सात जना दाजुभाइ बद्रीप्रसाद, दयानिधि, हेमप्रसाद, हरिप्रसाद, ध्रुवप्रसाद र रोमकुमारी आचार्यको संयुक्त नाममा छ। यसअघि पनि स्थानीयले सो जग्गा सार्वजनिक हो भन्दै मुद्दा दायर गरेका थिए। स्थानीय र जग्गाधनीहरूको बीचमा विवाद एवम् मुद्दा चलेपछि ०४५ सालमा सर्वोच्च अदालतबाट आफूहरूले मुद्दा जितेको बताउँदै जग्गाधनी विष्णुप्रसाद आचार्यले ०४९ सालमा बाबु भवनाथ आचार्यको नाममा रहेको सो जग्गा ०५३ सालतिर सात जनाको नाममा संयुक्त लालपुर्जा लिएका थिए। एकीकृत माओवादी नौबिसे गाउँ कमिटी सचिव रमेशप्रसाद आचार्यले सार्वजनिक जमिन दर्ता गरेर बिक्री गर्न लागिएकाले कब्जा गरिएको बताए। आचार्यले जमिन कब्जा माओवादीले नभई स्थानीयले गरेको बताउँदै सो स्थानमा सार्वजनिक भवन बनाइने बताए। एकीकृत माओवादीको गाउँ कमिटी सचिवको उपस्थितिमा जग्गा कब्जा गरिएकाले स्थानीयले नभई एकीकृत माओवादीले नै जग्गा कब्जा गरेको जग्गाधनीहरूले आरोप लगाए। स्थानीय माओवादी कार्यकर्ताको संलग्नतामा जग्गा कब्जा गरिएपछि बिक्री वितरणमा रोक लगाइएको थियो।

स्वास्थ्य सेवाको अवस्था

धादिङ जिल्लामा एउटा सरकारी र चारओटा निजी अस्पताल रहेका छन्। जिल्ला अस्पतालमा पाँच जना चिकित्सकको दरबन्दी भए पनि एक जना मात्र कार्यरत छन्। जिल्लाका ५१ वटा स्वास्थ्य केन्द्रहरूमा जम्मा १ सय ९१ जना स्वास्थ्यकर्मीको दरबन्दी रहेकामा १ सय ४६ जना मात्र कार्यरत छन्। चार जना चिकित्सक र ४५ जना स्वाथ्यकर्मीको दरबन्दी खाली रहेको छ ।

२.१७ सिन्धुपाल्चोक

जनसङ्ख्या : ३,४६,९९७
साक्षरता प्रतिशत : ४६
महिला साक्षरता प्रतिशत : ३२
क्षेत्रफल (वर्ग कि. मि.) : २,५४२
गाविस/नपा सङ्ख्या : ७९/०
सरकारी/निजी विद्यालय : ५०७/२४
क्याम्पस/उच्च मा.वि. : ६/३४
अस्पताल/स्वास्थ्य चौकी : १/७८
मानव विकास सूचकाङ्कः ०.४१४
प्रतिपरिवार सरदर सङ्ख्याः ६

जेल र बन्दीहरू

'घ' श्रेणीको यस जिल्ला कारागारमा वर्षको अन्त्यसम्ममा कैद तोकिएका एक महिला र २४ जना पुरुष गरी जम्मा २५ जना बन्दीहरू रहेका छन्। यसैगरी, कैद नतोकिएका दुई जना महिला र ६० जना पुरुष गरी ६२ जना थुनुवा रहेका छन्। यसरी चौतारा कारागारमा जम्मा २५ जना कैद तोकेका र ६२ जना कैद नतोकिएका गरी जम्मा ८७ जना बन्दीहरू रहेका छन्। कारागारको क्षमता ३८ जना रहे पनि ८७ जना बस्नुपर्दा बन्दीहरूलाई पानी, शौचालय आदिको असुविधा छ। हाल बन्दीहरू बस्ने ठाउँ नहुँदा जेलभित्र रहेको पुस्तकालय कोठालाई सुत्ने कोठामा प्रयोग गरिँदै आएको छ। यस कारागारमा नियमित स्वास्थ्य परीक्षण हुने गरेको छ।

बेपत्ता/अपहरण
एकीकृत माओवादीबाट

सानोसिरुवारी गाविस-६ निवासी चौतारा बहुमुखी क्याम्पसबाट स्वयिु निर्वाचनमा नेविसङ्घका तर्फबाट सचिव पदका उम्मेदवार २० वर्षीय महेश्वर

घटनाको प्रकार	गैर राज्यबाट								राज्यबाट			
	अन्यबाट					एकीकृत माओवादीबाट						
	घटना सङ्ख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना सङ्ख्या	पुरुष	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा
हत्या	१४	१३	१		१५							
घाइते	४	१	४		५							
गिरफ्तारी/यातना									४	४		४
कुटपिट	८	१३	३		१६				३	६	१	९
धम्की	४	३	१		५							
जातीय विभेद	१	१	१		१							
महिलाअधिकार	१८		१८		१८							
बालअधिकार	४		५		५							
आर्थिक/सामाजिक/ सांस्कृतिक अधिकार	१		१	५०	५१							
अपहरण						१	१	१				
जम्मा	५६	३१	३६	५०	११६	१	१	१	६	११	१	१३

दङ्गाललाई ०६५ चैत १ गते बिहान माओवादी कार्यकर्ताहरूले अपहरण गरी भोलिपल्ट उम्मेदवारी फिर्ता गर्ने सर्तमा जिल्ला प्रहरी कार्यालयका डीएसपी प्रमोद खरेलको जिम्मामा मुक्त गरे।

धम्की/कुटपिट

राज्यबाट

माङ्खा गाविस अँधेरीस्थित छोटी भन्सारको सुरक्षार्थ बसेका सशस्त्र प्रहरीका डीएसपी प्रदीप खड्काको नेतृत्वमा गएको प्रहरी टोलीले ०६६ जेठ १७ गते बिहान फुल्पिङडाँडा गाविस-७ स्थित कोठेको बस्तीमा आक्रमण गर्दा १५ जना स्थानीय बासिन्दा घाइते भए। घटनामा फुल्पिङडाँडा गाविस-७ की तीन वर्षीया सोफिया श्रेष्ठ, सोही ठाउँका छ वर्षीय रूपेश तिमल्सिना, नौ वर्षीय रूपक तिमल्सिना, चार वर्षीय पवन नेपाल, १५ वर्षीया दुर्गामाया श्रेष्ठ, १७ वर्षीय सुरेश श्रेष्ठ र १९ वर्षीय सुरज श्रेष्ठ गम्भीर घाइते भए। घाइतेहरूको बाह्रबीसे अस्पतालमा उपचार भयो।

पाल्चोक गाविस-२ का ३० वर्षीय रेशम गिरीलाई ०६६ भदौ ८ गते इलाका प्रहरी कार्यालय मेलम्चीका प्रहरीले ज्यान मारेको आशङ्कामा बिनापुर्जी गिरफ्तार गरी दाहिने अङ्ग नचल्ने गरी यातना दिए। मान्छे मार्ने कार्यमा रेशम गिरीको संलग्नता नभएको भन्दै स्थानीय बासिन्दाले प्रहरी कार्यालय घेराउ गरेपछि पीडित भदौ १३ गते रिहा भए।

साँगाचोक गाविस घर भई जिल्ला प्रहरी कार्यालय, सिन्धुपाल्चोकमा कार्यरत प्रहरी जवान वीरेन्द्र खत्रीलाई ०६६ भदौ २३ गते बिहान जिल्ला प्रहरी कार्यालयका डीएसपी प्रमोद खरेल र इन्स्पेक्टर चिरञ्जीवी दाहालले मुखमुखै लागेको आरोपमा कुटपिट गरी यातना दिए। पीडितले चौतारा अस्पतालमा भर्ना भई उपचार गराए।

एकीकृत माओवादीबाट

फुल्पिङकोट गाविस-६ निवासी एमाले कार्यकर्ताहरू ४७ वर्षीय लालजित तामाङ, सोही ठाउँका ३९ वर्षीय सिरूपाते तामाङ र १७ वर्षीया सुन्तली तामाङलाई ०६६ भदौ ९ गते दिउँसो एकीकृत माओवादी कार्यकर्ताहरूको एक समूहले सोही गाविस-७ स्थित भीमसेन निमाविको व्यवस्थापन समितिको बैठकमा जान लाग्दा विद्यालयको प्राङ्गणमा कुटपिट गरी घाइते बनायो। पीडितहरू जलवीरे स्वास्थ्य केन्द्रमा सामान्य उपचार गरी थप उपचारका लागि चौतारा अस्पताल गए।

Central Region:Layout 1 2/11/2010 4:26 PM Page 338

वाईसीएलबाट

फुल्पिडकोट गाविस-६ का ४० वर्षीय सिरूपाते तामाङलाई ०६६ वैशाख १९ गते बिहान हतियारसहित आएका वाईसीएल कार्यकर्ताले सोही ठाउँस्थित च्यानडाँडा प्राविमा विद्यालयको निर्माणसम्बन्धी काम गरिरहेका बेला कुटपिट गरी घाइते बनाए। पीडितको काठमाडौँस्थित शिक्षण अस्पतालमा उपचार भयो। पीडकहरूलाई कानुनी कारबाही भएन।

मार्मिङ गाविस-४ का ३० वर्षीय काजी शेर्पा र उनकी पत्नी २८ वर्षीया राधामाया शेर्पालाई ०६६ जेठ २७ गते बिहान वाईसीएल कार्यकर्ताहरूले बाह्रबीसेबाट काठमाडौँ जान लाग्दा अरनिको राजमार्गमा पर्ने कदमबास गाविसस्थित भैँसेमा बसबाट ओराली कुटपिट गरी घाइते बनाए। गाउँमा भएको खानेपानीको विवादमा माओवादीको भनाइ नमानेको आरोपमा कुटपिट गरिएको पीडितले बताए। पीडितको बाह्रबीसे अस्पतालमा उपचार भयो। पीडकहरूलाई कारबाही भएन।

साँगाचोक गाविस-५ निवासी ३८ वर्षीय सुदनराज गिरीलाई एकीकृत माओवादीविरुद्ध बोलेको आरोपमा ०६६ कात्तिक ९ गते वाईसीएलका कार्यकर्ताले ज्यान मार्ने धम्की दिए। वाईसीएलले साँगाचोक गाविसको भञ्ज्याङमा कोणसभा गरी सात दिनभित्र आत्मसमर्पण गरी वाईसीएलको कार्यालयमा हाजिर नभए भौतिक कारबाही गर्ने घोषणा गरेका थिए।

एमालेबाट

फुल्पिडकोट गाविस-१ निवासी एकीकृत माओवादीका कार्यकर्ताहरू ३५ वर्षीय घम्बरबहादुर श्रेष्ठ, चित्रबहादुर श्रेष्ठ, भीमबहादुर श्रेष्ठ र तोकबहादुर थापालाई ०६५ चैत २२ गते दिउँसो एमाले कार्यकर्ताहरूले गाविसको बैठकमा विवाद भएपछि आक्रमण गरी कुटपिट गरे। पीडितहरू स्थानीय स्वास्थ्य चौकीमा उपचार गरी घर फर्किए।

एकीकृत माओवादीद्वारा अपहरण गरी प्रहरीमा बुझाइएका महेश्वर दङ्गाल

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा जम्मा २ सय ६७ थान मुद्दा विचाराधीन छन्। जसमध्ये दुनियाँवादी फौजदारी ८० थान, सरकारवादी फौजदारी ५७ थान, दुनियाँवादी देवानी १ सय ३० थान छन्। यस वर्ष दुनियाँवादी फौजदारी ६७ थान, सरकारवादी फौजदारी ३९ थान र दुनियाँवादी देवानी ३० थान गरी १ सय ३६ थान मुद्दा दर्ता भए भने गत वर्षको जिम्मेवारी सरेर आएका दुनियाँवादी फौजदारी ६८ थान, सरकारवादी फौजदारी ५१ थान र दुनियाँवादी देवानी १ सय ४३ थान गरी २ सय ६२ थानमा नयाँ र पुराना गरी ८१ थान मुद्दा यस वर्ष फर्स्यौट भए। दुई वर्ष पुराना पाँच थान मुद्दा विचाराधीन रहेका छन्।

त्यसैगरी जिल्ला प्रशासन कार्यालयमा यस वर्ष १६ ओटा सार्वजनिक अपराधसम्बन्धी मुद्दा दर्ता भए। नयाँ र पुराना गरी १२ थान मुद्दा यस वर्ष फर्स्यौट भए भने ३२ थान मुद्दा विचाराधीन छन्। जिल्ला प्रहरी कार्यालयमा चोरी एक, डकैती तीन, ज्यान मार्ने उद्योग सात, सडक दुर्घटना छ, फुटकर ज्यान पाँच, नागरिकता कीर्ते एक, लागूऔषध एक, ज्यानसम्बन्धी १८, हातहतियार खरखजाना एक, भवितव्य ज्यान १९ गरी ६२ थान मुद्दा दर्ता भए।

यातना तथा अन्य क्रूर, अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

सानोसिरुवारी गाविस-१ का २५ वर्षीय होलबहादुर भनिने आशीष श्रेष्ठलाई ०६५ फागुन ४ गते बिहान जिल्ला प्रहरी कार्यालयको हिरासतमा प्रहरीले कुटपिट गरी यातना दिए। लगातार दुई घण्टासम्म शारीरिक यातना दिएका कारण पीडित बिरामीसमेत भएका थिए।

ठूलोसिरुवारी गाविस-७ स्थित डडुवाका ४० वर्षीय सोमबहादुर तामाङलाई ०६५ चैत ८ गते दिउँसो जिल्ला प्रहरी कार्यालय मुद्दा शाखाका प्रहरी हवल्दार राजेन्द्र तामाङले प्रहरी कार्यालयभित्रै कुटपिट गरे। तामाङ गाउँमा भएको कुटपिटको घटनामा प्रहरी कार्यालयमा शान्ति सुरक्षाको माग गर्दै निवेदन दर्ता गर्न गएका थिए। पीडितको निवेदन प्रहरी कार्यालयमा दर्ता भएन।

Central Region:Layout 1 2/11/2010 4:26 PM Page 339

बालअधिकार

विद्यालय जाने उमेरका बालबालिकाको सङ्ख्या १ लाख ४४ हजार ४ सय ५८ रहेकामा विद्यालय भर्ना भएका बालबालिकाको सङ्ख्या ७ हजार ७ सय ३२ जना मात्र रहेको जिल्ला शिक्षा कार्यालयले जनायो । विद्यालय सङ्ख्या निजीतर्फ २७ र सरकारीतर्फ ७ सय ८० रहेको छ । हिमाली तथा पहाडी भूभागले भरिएकाले सिन्धुपाल्चोक जिल्लाका नागरिकहरूलाई सरदर छ महिना मात्र आफ्नो कृषि उत्पादनले खान पुग्छ। गरिबीका कारण यहाँका अधिकांश बालबालिकाहरू ढुङ्गा खानी, होटल, रेस्टुराँ, भरिया, गिट्टी कुट्ने, नदी किनारामा माछा मार्नेजस्ता काम गर्न बाध्य छन्।

फुल्पिङकोट गाविस-६ निवासी एकीकृत माओवादीका कार्यकर्ता नीरबहादुर तामाङको घरमा ०६६ जेठ १५ गते राती बम विस्फोटन हुँदा ११ वर्षीया पुतली तामाङ घाइते भइन्। घाइतेलाई उपचारका लागि सोही दिन वीर अस्पताल लगियो। विस्फोटनको कारण हालसम्म खुल्न सकेन।

दुवाचौर गाविस-७ की १६ वर्षीया एक बालिकालाई ०६६ साउन २१ गते पाल्चोक गाविसका मङ्गले तामाङ, नुवाकोट जिल्ला गाउँखर्क गाविस-६ घर भई भारतको आग्रमुनमा वेश्यालय सञ्चालन गर्दै आएकी तारा तामाङले फकाएर भारतको आग्रामुनको डिस्को बिल्डिङ् लाइन एरियामा बिक्री गरेको भन्दै पीडितहरूले ०६६ साउन २७ गते जिल्ला प्रहरी कार्यालयमा किटानी उजुरी दिए। पीडित भारतीय प्रहरीको सहयोगमा नेपाल फर्केकी थिइन्। पीडकहरू हालसम्म फरार छन्।

पिस्कर गाविस-४ घर भई सोही ठाउँस्थित मङ्गलामाई मावि कक्षा ४ मा अध्ययनरत १४ वर्षीय सुरेन्द्र थामीलाई ०६६ भदौ ७ गते राती पिस्कर प्रहरी चौकीका प्रहरीहरूले सञ्चार सेट चोरेको आरोपमा घरमा बसिरहेका बेला चौकीमा पुऱ्याई यातना दिए। पीडितलाई प्रहरीले हातखुट्टा बाँधी, सिस्नुपानी लगाई बुट र लाठीले प्रहार गरी रातभर यातना दिएका थिए। पीडित निर्दोष भएको ठहर गर्दै भोलिपल्ट बिहान रिहा गरे। पीडितले स्थानीय स्वास्थ्य केन्द्रमा उपचार गरे।

प्रहरी हिरासतमा यातना दिइएका नोर्बु तामाङ

सानुसिरुवारी गाविस-२ की १६ वर्षीया बालिकालाई ०६६ असोज १७ गते दिउँसो सोही ठाउँका २० वर्षीय सानु घले, सोही गाविस-४ का २२ वर्षीय तिलक घले र २१ वर्षीय रामबहादुर भारतीले ठूलोचौरी पाखामा घाँस काट्न गएका बेला सामूहिक बलात्कार गरे। पीडितको चौतारा अस्पतालमा उपचार गरी पीडितलाई पुनःस्थापना केन्द्रमा राखियो भने पीडकहरूमध्ये सानु घले र तिलक घले जिल्ला अदालतको आदेशले पुर्पक्षका लागि थुनामा छन्। अर्का पीडक हालसम्म फरार छन्।

भोटेनाम्लाङ गाविस-९ की १६ वर्षीया बालिका र बाँसखर्क गाविस-९ की १५ वर्षीया बालिकालाई बाँसखर्क गाविसका सुकमान दोङ र शिखरपुर गाविस घर भई हाल भारतमा बस्दै आएका दीपक भन्ने बजिरसिं तामाङले फकाएर भारतमा पुऱ्याई बिक्री गरे। पीडकहरूविरुद्ध ०६६ असोज २७ गते जिल्ला प्रहरी कार्यालयमा पीडितका आमाहरूले उजुरी दिए पनि पीडकहरू फरार छन्।

बाडेगाउँ गाविस-६ का नमोबुद्ध प्रावि कक्षा ४ मा अध्ययनरत ११ वर्षीय सीता तामाङलाई ०६६ कात्तिक २४ गते राती आफ्नै बाबु बहादुर तामाङले घरमा सुतिरहेको बेला खुकुरी हानी घाइते बनाए। पीडितको धुलिखेल अस्पतालमा उपचार गरियो भने पीडकलाई प्रहरीले गिरफ्तार गरी कारबाही अगाडि बढायो।

माहाँकाल गाविस-७ घर भई सोही ठाउँस्थित गोल्फुभञ्ज्याङ उमावि कक्षा ४ मा अध्ययनरत १२ वर्षीय नोर्बु तामाङलाई ०६६ पुस ३ गतेदेखि १३ गतेसम्म इलाका प्रहरी कार्यालयका प्रहरीहरूले हिरासतमा राखी कुटपिट गरी यातना दिए। ज्यानमार्ने कार्यमा संलग्न भएको आशङ्कामा प्रहरीले पीडितलाई गिरफ्तार गरेको थियो। यातनाबाट पीडितको शरीरका विभिन्न ठाउँमा चोट लागेको छ।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार बेचबिखन तथा ओसारपसार

महाँकाल गाविस-४ की २१ वर्षीया एक महिलालाई ०६५ फागुन १८ गते सोही ठाउँका ४० वर्षीय आइते तामाङ, काठमाडौँ जोरपाटी-६ का मानु तामाङ, सोही ठाउँ घर भई भारतमा वेश्यालय सञ्चालन गर्दै आएकी जयामाया तामाङले जागिर लगाइदिने भनी फकाएर भारतमा बिक्री गरे। भारतको न्यु लाइफ नामक एक संस्थाको सहयोगमा पीडित नेपाल फर्कन सफल भइन्। पीडितले ०६६ असोज २८ गते जिल्ला प्रहरी कार्यालयमा किटानी उजुरी दिइन्। पीडकहरूमध्ये आइते तामाङ जिल्ला अदालतको आदेशमा पुर्पक्षका लागि थुनामा छन् भने अन्य फरार छन्।

तालामाराङ गाविस-४ की २६ वर्षीया आइती तामाङलाई ०६६ वैशाख १७ गते मेलम्ची गाविस-७ की ३६ वर्षीया पिङ्की तामाङले बिक्री गर्ने उद्देश्यले फकाएर राहदानी बनाउन सदरमुकाम ल्याएको भन्दै पीडितले जिल्ला प्रहरी कार्यालयमा उजुरी गरिन्। पीडक ०६६ जेठ ७ गते जिल्ला अदालतको आदेशले २५ हजार रुपियाँ धरौटीमा रिहा भए।

वाईसीएलबाट कुटपिट गरिएका काजी शेर्पा

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

हेलम्बु गाविस-६ की ३० वर्षीया एक महिलालाई ०६५ पुस १७ गते सोही ठाउँका कामी शेर्पाले बलात्कार गरेको आरोपमा प्रहरीले पक्राउ गरी अदालत बुझाएकामा पीडक अदालतको आदेशमा ०६५ माघ २३ गते सामान्य तारेखमा रिहा भए।

पीपलडाँडा गाविस-८ की एक महिलालाई ०६६ जेठ १३ गते बिहान मलङ्गवा नपा-७, सर्लाही जिल्ला घर भई बिग्रिएका स्टोभ तथा प्रेसर कुकर बनाउँदै हिँड्ने २७ वर्षीय मोहन महतोले घरनजिकै जङ्गलमा पुऱ्याई बलात्कार गरेको आरोपमा आरोपित महतोलाई प्रहरीले गिरफ्तार गऱ्यो । पीडितको सोही दिन चौतारा अस्पतालमा स्वास्थ्य परीक्षण गरियो भने पीडक पुर्पक्षका लागि थुनामा छन्।

पारिवारिक हिंसा

चौतारा गाविस-७ की ३५ वर्षीया लालमाई तामाङलाई ०६५ फागुन ३ गते दिउँसो आफ्नै ससुरा ६५ वर्षीय जयबहादुर तामाङले घरमा कोही नभएको बेला खुकुरी हानी घाइते बनाए। पीडित उपचारपछि घर फर्किइन्। पीडकलाई प्रहरीले पक्राउ गरी दुई दिनपछि रिहा गऱ्यो।

भोटसिपा गाविस-१ का ३० वर्षीय खिलबहादुर कुँवरले घरमा एक छोरा, एक छोरीसहित पत्नी हुँदाहुँदै ०६६ जेठ १४ गते सोही ठाउँकी २४ वर्षीया सीता कुँवरसँग दोस्रो विवाह गरे। पीडितले बहुविवाहविरुद्ध ०६६ असार ७ गते प्रहरी चौकी भीमटारमा उजुरी गरिन्। असार १२ गते जिल्ला प्रहरी कार्यालयले मिलापत्र गरी पठायो।

ज्यामिरे गाविस-३ की ४० वर्षीया विष्णुकुमारी खड्कालाई ०६६ जेठ १४ गते आफ्नै पति नगेन्द्र खड्काले कुटपिट गरी घरनिकाला गरे। पीडितले जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। पीडितलाई नगेन्द्र खड्काले ०६४ कात्तिकमा दोस्रो विवाह गरी घर भित्र्याएका थिए।

दुर्व्यवहार

ठूलोसिरुवारी गाविस-५ की ६० वर्षीया खड्गकुमारी तामाङलाई कथित बोक्सीको आरोपमा ०६६ जेठ ५ गते बेलुका सोही ठाउँका राजेश तामाङ, सुनबहादुर तामाङ, धनमाया तामाङ, आइते तामाङलगायत १० जना स्थानीय गाउँलेले कुटपिट गरी अमानवीय व्यवहार गरे। पीडितले ०६६ जेठ १२ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। प्रहरीले दुवै पक्षबीच छलफल गराई सोही दिन मिलापत्र गरायो।

भोटसिपा गाविस-८ की ५० वर्षीया डोलमाया भट्टराईलाई कथित बोक्सीको आरोपमा ०६६ असार १८ गते दिउँसो सोही ठाउँका ५५ वर्षीय ओमबहादुर भट्टराईले कुटपिट गरी यातना दिए। पीडितले सोही दिन भीमटार प्रहरी चौकीमा उजुरी गरिन्। प्रहरीले दुवै पक्षबीच मिलापत्र गरायो।

पीपलडाँडा गाविस-९ भालुवनकी ५० वर्षीया चिनीमाया बुढाथोकीलाई कथित बोक्सीको आरोपमा ०६६ साउन २३ गते बेलुका सोही ठाउँका २१ वर्षीया सीता तामाङलगायतको एक समूहले कुटपिट गऱ्यो। पीडितले ०६६ साउन २५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी गरिन्। प्रहरीले दुवै पक्षबीच मिलापत्र गरायो।

सबै प्रकारका जातीय विभेद

हेलम्बु गाविस-८ का रमेश सुनारलाई ०६५ फागुन ११ गते दिउँसो सोही ठाउँका स्थानीय दोर्जे झाँक्रीलगायतका व्यक्तिहरूले दलित भएकै कारण गुम्बाको धार्मिक प्रवचन कार्यक्रममा प्रवेश गर्न दिएनन्।

बाह्रबीसे गाविस-५ की ४८ वर्षीया बालकुमारी राउतलाई ०६५ फागुन १३ गते बेलुका सोही ठाउँका ४७ वर्षीय कमल राउतले दलित केटीसँग विवाह गर्ने छोरालाई घर भित्र्याएको आरोपमा खुकुरी प्रहार गरी घाइते बनाए। पीडितलाई उपचारका लागि काठमाडौँ लगियो भने पीडक फरार छन्।

स्वास्थ्य सेवाको अवस्था

एउटा जिल्ला अस्पताललगायत यस जिल्लामा अस्पताल तथा स्वास्थ्य संस्थाको सङ्ख्या ८९ रहेको छ। जसमा छ जना चिकित्सक र अहेव तथा अनमि, ग्रामीण स्वास्थ्य कार्यकर्तालगायत २ सय ८० जना स्वास्थ्यकर्मीको दरबन्दी रहेकामा यहाँ सबै दरबन्दीमा स्वास्थ्यकर्मी कार्यरत छन् ।

Central Region:Layout 1 2/11/2010 4:26 PM Page 341

२.१८ नुवाकोट

जनसङ्ख्या : ३,२८,०५५
साक्षरता प्रतिशत : ५५
महिला साक्षरता प्रतिशत : ४३
क्षेत्रफल (वर्ग कि. मि.) : १,१२१
गाविस/नपा सङ्ख्या : ६१/१
सरकारी/निजी विद्यालय : ५०१/५३
क्याम्पस/उच्च मा.वि. : ४/२४
अस्पताल/स्वास्थ्य चौकी : १/६६
मानव विकास सूचकाङ्कः ०.४६३
प्रतिपरिवार सरदर सङ्ख्याः ६

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या

अन्यबाट

थप्रेक गाविस-८ निवासी नेपाली काङ्ग्रेस गाउँ एकाइ सदस्य ४५ वर्षीय प्रेमबहादुर कँडेललाई ०६५ चैत २५ गते राती करिब १५ जनाको कम्ब्याक्ट पोसाकमा आएको अज्ञात समूहले खरानीटार प्रहरी चौकीमा 'तपाईंलाई बोलाएको छ' भनी घरबाट बोलाई खुला ठाउँमा लगी खुकुरी प्रहार गरी उनको हत्या गऱ्यो। पीडित पक्षको किटानी जाहेरीका आधारमा थप्रेक गाविस-९ का गणेश अधिकारी, सोही ठाउँका ४१ वर्षीय हरिकृष्ण अधिकारी र सोही गाविसका ३९ वर्षीय सहदेव अधिकारीलाई ०६६ असार २२ गते प्रहरीले अनुसन्धानका लागि गिरफ्तार गऱ्यो।

जेल र बन्दीहरू

'घ' श्रेणीको ५० जना बन्दी क्षमता रहेको जिल्ला कारागार शाखा नुवाकोटमा विभिन्न अभियोगमा कैद तोकिएका पाँच जना महिला र ३९ जना पुरुष गरी जम्मा ४४ जना र कैद नतोकिएका तीन जना महिला र ३२ जना पुरुष गरी ३५ गरी जम्मा ७९ जना बन्दी रहेका छन्। कारागारमा आमासँगै आश्रितका रूपमा एक जना छ वर्षीय बालक रहेका छन्। बन्दीहरूलाई दैनिक ७ सय ग्राम खाद्यान्न र ४५ रुपियाँ नगद दिइन्छ। कारागारमा रहेका बन्दीहरूलाई पत्रपत्रिका, रेडियो, टेलिभिजन, सीडीएमए टेलिफोनको समेत सुविधा दिइएको छ। यस वर्ष कारागार शाखाभित्र घरेलु तथा साना उद्योग विकास समितिको आयोजनामा सबै पुरुष बन्दीहरूलाई बाँसको मुढा बुन्ने तीनमहिने तालिम दिइएको छ।

धम्की/कुटपिट

एकीकृत माओवादीबाट

लिखु गाविस-५ हिले निवासी एमाले गाउँ कमिटी सचिव नरबहादुर तामाङलाई ०६६ जेठ १९ गते राती एकीकृत माओवादीका कार्यकर्ता शिव खातीको नेतृत्वमा आएको एक समूहले ज्यानमार्ने धम्की दियो। धम्कीपछि पीडित राती नै घर छाडेर विस्थापित भए। घटनाबारेमा एकीकृत माओवादीका जिल्ला कमिटी सेक्रेटरी पुष्प लामिछानेले आफ्ना कार्यकर्ता मङ्गली तामाङ र कर्मा तामाङलाई केही दिनअगाडि नरबहादुरले कुटपिट गरेको घटनाबारेमा छलफल गर्न गएका बेला भागेको बताए। पीडित यस वर्षको अन्त्यसम्म विस्थापित नै रहेका छन्।

लच्याङ गाविस-७ निवासी नेपाली काङ्ग्रेस गाउँ एकाइ सचिव तथा निर्कुभूमि प्राविका शिक्षक ४३ वर्षीय कृष्णबहादुर सत्याललाई ०६६ भदौ १४ गते बेलुका विद्यालयबाट घर फर्कंदा एकीकृत माओवादीका कार्यकर्ता एवम् ताम्सालिङ राज्य समितिका सदस्य लच्याङ गाविसका इमानसिंह भनिने विशाल तामाङको एक समूहले कुटपिट गरी मार्ने धम्की दियो।

वाईसीएलबाट

जिलिङ गाविस-५ का २३ वर्षीय अर्जुन खतिवडा र ३३ वर्षीय कृष्ण पुडासैनीलाई ०६५ पुस १७ गते कल्याणी माविको विद्यालय व्यवस्थापन समिति गठनको विषयलाई लिएर सोही ठाउँका २८ वर्षीय दीपक ढुङ्गानाको नेतृत्वमा रहेको वाईसीएल कार्यकर्ताले कुटपिट गरी घाइते बनाए। पीडित अर्जुन खतिवडाको टाउकोमा र कृष्ण पुडासैनीको छातीमा चोट लागेकामा स्थानीय औषधी पसलमा उपचार गरियो। पीडितले कतै उजुरी गरेनन्।

थानसिं गाविस-४ निवासी नेपाली काङ्ग्रेस जिल्ला कार्यसमिति सदस्य ३८ वर्षीय विनोद पाठकलाई

घटनाको प्रकार	गैर राज्यबाट						
	अन्यबाट				एकीकृत माओवादीबाट		
	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा	घटना सङ्ख्या	पुरुष	जम्मा
हत्या	५	३	३	५			
घाइते	३	३		३			
कुटपिट	५	१०	३	१३	१	१	१
धम्की					१	१	१
महिलाअधिकार	६		१३	१३			
बालअधिकार	४		६	६			
जम्मा	३३	१५	३३	३८	३	३	३

०६५ फागुन २७ गते बिहान वाईसीएल कार्यकर्ता २५ वर्षीय फत्तेबहादुर तामाङसहितको एक समूहले आक्रमण गरी घाइते बनायो। पीडितको त्रिशूली अस्पतालमा उपचार भयो। पीडित पक्षले जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए पनि यस वर्षको अन्त्यसम्म कुनै कारवाही भएन।

विदुर नपा-४ निवासी एमाले नगर कमिटी सचिव ३६ वर्षीय नरेन्द्र प्रधान, युथफोर्स नगरइन्चार्ज ३३ वर्षीय कविन्द्र प्रधान, अनेरास्ववीयु क्याम्पस एकाइ सदस्य तथा युथफोर्स नगर सदस्य सुरेश श्रेष्ठ तथा अनेरास्ववियु क्याम्पस एकाइ सदस्य तथा युथफोर्स नगर सदस्य अशोक अधिकारीलाई ०६५ चैत ५ गते नुवाकोट आदर्श बहुमुखी क्याम्पसमा स्ववियु निर्वाचनका क्रममा वाईसीएलले आक्रमण गर्दा घाइते भए। पीडितहरूको स्थानीय पञ्चकन्या अस्पतालमा उपचार भयो। पीडितहरूले कुनै पनि निकायमा उजुरी गरेनन्।

युथफोर्सबाट

थप्रेक गाविस-७ निवासी नुवाकोट आदर्श बहुमुखी क्याम्पसमा अध्ययनरत २५ वर्षीय रूपेश तामाङ, दुईपीपल गाविस-२ निवासी अनेरास्ववियु (क्रान्तिकारी)का जिल्ला अध्यक्ष नारायण नेपाल, सुन्दरादेवी गाविसका अस्मिन पाण्डेलाई ०६५ चैत ५ गते युथफोर्सका कार्यकर्ताले नुवाकोट आदर्श बहुमुखी क्याम्पसको स्ववियु निर्वाचनको विषयलाई लिएर आक्रमण गर्दा घाइते भए। आक्रमणबाट घाइते भएका रूपेशको उपचार काठमाडौँस्थित शिक्षण अस्पताल महाराजगञ्जमा र नारायण तथा अस्मिनको काठमाडौँस्थित जनमैत्री अस्पताल बालाजुमा भयो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

गत वर्षबाट जिम्मेवारी सरेर आएका देवानी १ सय १ थान र फौजदारी ७३ थान गरी १ सय ७४ थान मुद्दा रहेका छन्। जिल्ला अदालतमा यस वर्ष देवानीका ४९ थान र फौजदारीका ३३ थान गरी ८२ थान मुद्दा दर्ता भए। यस वर्ष देवानीका ११ थान र फौजदारीका ४७ थान गरी जम्मा ५८ थान मुद्दा मात्र फर्स्यौट भए। जिल्ला अदालतमा यस वर्षको अन्त्यसम्म १ सय ९८ थान मुद्दा फर्स्यौट हुन बाँकी रहेका छन्।

बालअधिकार

यस जिल्लामा विद्यालय जाने उमेरका बालबालिकाको सङ्ख्या १९ हजार ५ सय ६१ रहेकामा ८८ प्रतिशत बालबालिका मात्र विद्यालय भर्ना भएका छन् भने १२ प्रतिशत बालबालिका विद्यालय भर्नाको पहुँचभन्दा बाहिर नै छन्। बाल मृत्युदर भने एक वर्षभन्दा मुनिमा प्रतिहजार ६२ रहेको छ भने एक वर्षदेखि पाँच वर्षमुनिमा प्रतिहजार ४८ रहेको छ।

विदुर नपा-६ इनारपाटीकी १० वर्षीया एक बालिकालाई ०६५ फागुन ३० गते दिउँसो सोही ठाउँका ६३ वर्षीय कर्णबहादुर सडौलाले आफ्नो घरमै बोलाई बलात्कार गरेको भनी उजुरी दिएपछि आरोपितलाई ०६५ चैत १५ गते जिल्ला अदालत नुवाकोटको आदेशमा पुर्पक्षका लागि जिल्ला कारागार पठाएको छ। बालिकालाई पैसा, खानेकुरा दिएर पीडकले पटक-पटक बलात्कार गर्ने गरेको पीडितका आफन्तले बताए। पीडकले सोही ठाउँकी अर्की एक बालिकालाई पनि बलात्कार गर्ने प्रयास गरेको घटना सार्वजनिक भएपछि उक्त घटना सार्वजनिक भएको पीडितका आफन्तले बताए। पीडितका आफन्तले जिल्ला प्रहरी कार्यालयमा दिएको जाहेरीका आधारमा पीडकलाई ०६५ चैत १ गते प्रहरीले गिरफ्तार गरेकामा पीडकलाई हाल जिल्ला अदालतको आदेशमा जेल चलान गरेको छ।

रालुकादेवी गाविस-८ की १७ वर्षीया एक बालिकालाई ०६६ वैशाख ७ गते राती सोही ठाउँका ३४ वर्षीय सुमन भनिने प्रेमबहादुर थापाले घरमै बसिरहेको अवस्थामा बलात्कारको प्रयास गरे। थापालाई ०६६ वैशाख १२ गते इलाका प्रहरी कार्यालय खरानीटारले गिरफ्तार गऱ्यो। आरोपित जिल्ला अदालतको आदेशमा यस वर्षको अन्त्यसम्म पुर्पक्षका लागि थुनामा छन्।

Central Region:Layout 1 2/11/2010 4:26 PM Page 343

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार बेचबिखन तथा ओसारपसार

घ्याङ्गफेदी गाविस-८ की २० वर्षीया कान्छीमाया तामाङ र २४ वर्षीया सुनी तामाङलाई ०६५ पुस २८ गते घ्याङफेदी गाविस-५ का राजेश भन्ने दीपक लामा र कुमार भन्ने मीनबहादुर तामाङले बेचबिखनका लागि लगिरहेको अवस्थामा जिल्ला प्रहरी कार्यालयबाट खटिएको गस्ती टोलीले विदुर नपा-५ गँगटेबाट गिरफ्तार गऱ्यो। पीडकहरू ०६५ माघ २८ गतेको जिल्ला अदालतको आदेश अनुसार पुर्पक्षका लागि यस वर्षको अन्त्यसम्म थुनामा रहेका छन्।

उर्लेनी गाविस-२ की २१ वर्षीया मङ्गली तामाङ र २० वर्षीया साहिली भनिने मना तामाङलाई बेचबिखन गर्न लगेको आरोपमा ०६५ माघ २ गते उर्लेनी गाविस-२ की ४० वर्षीया कान्छीमाया तामाङलाई खानीगाउँ गाविस-४ ढिकुरेबजारबाट पुलिसले गिरफ्तार गऱ्यो। पीडकलाई ०६५ फागुन ९ गतेको जिल्ला अदालतको आदेश अनुसार पुर्पक्षका लागि जिल्ला कारागार पठाइयो। घटनाका प्रमुख आरोपी रालुका गाविस-२ का सिङ्गे भनिने कान्छामान तामाङ फरार रहेकामा ०६५ चैत २३ गते विदुर नपा-५ गङ्गटे बजारबाट गस्तीमा गएको प्रहरी टोलीले गिरफ्तार गरी सोही दिन जिल्ला कारागार चलान गरेको जिल्ला प्रहरी कार्यालय नुवाकोटले जनायो। पीडकहरू यस वर्षको अन्त्यसम्म थुनामै रहेका छन्।

घ्याङफेदी गाविस-५ की १८ वर्षीया खिर्चुङ भनिने फुर्तिकी शेर्पालाई ०६५ माघ ११ गते घ्याङफेदी गाविस-५ का रिसाङ तामाङले बेचबिखन गर्न लगिरहेको अवस्थामा समुन्द्रटार गाविस-२ स्थित समुन्द्रटार बजारबाट प्रहरीले गिरफ्तार गऱ्यो। पीडकलाई जिल्ला अदालतको ०६५ फागुन १५ गतेको आदेश अनुसार पुर्पक्षका लागि जिल्ला कारागार पठाइयो। पीडक यस वर्षको अन्त्यसम्म पुर्पक्षका लागि थुनामै रहेका छन्।

रालुका गाविस-६ छापथोककी १२ र १३ वर्षीया दुई बालिकालाई ०६५ फागुन २ गते रालुका गाविस-६ का बुधे भन्ने बुद्धिबहादुर तामाङ र वीरे भनिने याङ्चा तामाङले बेचबिखन गर्न लगेको आरोपमा गणेशस्थान गाविस-४ बाट प्रहरीले उनीहरूलाई गिरफ्तार गऱ्यो। पीडकलाई जिल्ला अदालतको ०६५ फागुन २५ गतेको आदेश अनुसार तारिखमा रिहा भए। पीडकहरूमध्ये वीरे हालसम्म फरार रहेको जिल्ला प्रहरी कार्यालय नुवाकोटका डीएसपी राजकुमार लम्सालले बताए।



कथित बोक्सीको आरोपमा कुटपिट गरिएकी ईश्वरी थापा

सामरी गाविस-५ की सिरमाया तामाङ, २६ वर्षीया मगली भनिने फूलमाया तामाङ, १८ वर्षीय प्लेक्टा तामाङ, ३५ वर्षीय पूर्णमाया तामाङ र ३२ वर्षीय वीरमाया तामाङलाई ०६६ भदौ १९ गते गोर्स्याङ गाविस-२ की ४३ वर्षीय जैसिङ तामाङ र सुनसरी जिल्ला धरान नपा-१३, जिरो किमि बस्ने जमुनी तामाङ र सामरी गाविस-५ की फैलामा तामाङले ललाइफकाई भारततर्फ लैजान खोजेको अवस्थामा सामरी गाविस-१ डाँडाखर्कमा स्थानीय व्यक्तिहरू र प्रहरीको सक्रियतामा गिरफ्तार गरियो। पीडकहरूमध्ये फैलामालाई जिल्ला अदालतको ०६६ असोज ९ गतेको निर्णयले पुर्पक्षका लागि थुनामा राखेको छ भने अन्य फरार रहेका छन्।

पारिवारिक हिंसा

सूर्यमती गाविस-६ मालाकोटकी २२ वर्षीया विन्दु राईको ०६५ फागुन ७ गते पति २४ वर्षीय रामकुमार राईले हत्या गरे। पीडितका बाबु मदानपुर गाविस-४ का रामबाबु राईले लिखित रूपमा जिल्ला प्रहरी कार्यालयमा दिएको उजुरीका आधारमा ०६५ फागुन १० गते प्रहरीले पीडकलाई घरबाट गिरफ्तार गरी ०६५ चैत ४ गते जिल्ला अदालतको आदेशमा पुर्पक्षका लागि जिल्ला कारागार पठायो। पीडितका पति नेपाली सेनामा कार्यरत रहेको र घर आएका बेला कुटपिट गर्ने गरेको पीडितका बाबुले बताए। आत्महत्या पुष्टि गर्न मृतकलाई झुन्ड्याइएको आरोप पीडितका बाबुले लगाए।

दुर्व्यवहार

सुन्दरादेवी गाविस-२ सातवीसेकी ४५ वर्षीया ईश्वरी थापालाई कथित बोक्सीको आरोपमा ०६६ साउन २६ गते बिहान सोही गाविसका २५ वर्षीय गणेश कार्कीले कुटपिट गरे। पीडितको ढाडमा चोट लागेको थियो। पीडितको उपचार काठमाडौँस्थित विनायक अस्पतालमा भयो। ०६६ भदौ १० गते अन्धविश्वासले गर्दा मैले कुटपिट गरे भनी गाउँसमाजका अगाडि पीडकले पीडितसँग माफी मागे। इलाका प्रहरी कार्यालय खरानीटार र इन्सेक जिल्ला प्रतिनिधिको पहलमा मानवअधिकारकर्मी, पत्रकार, स्थानीय शिक्षक र गाउँलेहरूको भेलाले

Central Region:Layout 1 2/11/2010 4:26 PM Page 344

अन्धविश्वासका रूपमा रहेको कथित बोक्सीको आरोपमा यातना दिइएकी महिलालाई गाउँमा स्थापित गरायो।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा तीनओटा अस्पताल र ६० ओटा स्वास्थ्य चौकी रहेका छन्। जसमा चिकित्सकको दरबन्दी छ जनाको भए पनि दुई जना कार्यरत छन् भने चारओटा दरबन्दी खाली छ। यसैगरी अहेवको दरबन्दी ७३ जनाको रहेकामा ५७ जना कार्यरत छन् भने १६ दरबन्दी खाली रहेको छ। हेल्थ असिस्टेन्टका १३ ओटा दरबन्दी रहेकामा नौ जना कार्यरत छन् भने चार दरबन्दी खाली छ। अनमिका १८ ओटा दरबन्दीमा १२ जना कार्यरत छन् भने ग्रामीण स्वास्थ्य कार्यकर्ताको ३३ दरबन्दीमा १५ जना कार्यरत रहेका छन्। मासिकाका ५३ दरबन्दीमा सबै कार्यरत छन्।

२.१९ रसुवा

जनसङ्ख्या : ५२,२८६
साक्षरता प्रतिशत : ४७
महिला साक्षरता प्रतिशत : ३५
क्षेत्रफल (वर्ग कि. मि.) : १,५४४
गाविस/नपा सङ्ख्या : १८/०
सरकारी/निजी विद्यालय : १०८/३
क्याम्पस/उच्च मा.वि. : १/३
अस्पताल/स्वास्थ्य चौकी : १/१८
मानव विकास सूचकाङ्कः ०.३९४
प्रतिपरिवार सरदर सङ्ख्याः ६

जेल र बन्दीहरू

'ङ' श्रेणीको २५ जना बन्दी क्षमता रहेको जिल्ला कारागार शाखा रसुवाको भवन जीर्ण रहेको छ। यस कारागारमा विभिन्न अभियोग लागेका १२ जना बन्दी छन्। जसमध्ये ११ जना कैद तोकिएका र एक जना कैद नतोकिएका छन्। कारागारमा महिला बन्दी रहेका छैनन्। यहाँका बन्दीहरूलाई दैनिक ७ सय ग्राम खाद्यान्न र ४५ रुपियाँ नगद दिइन्छ। जिल्ला सदरमुकाममा रहेको यस कारागारमा रहेका बन्दीहरूले पत्रपत्रिका पढ्न नपाएको तर रेडियो सुन्न र टीभी हेर्न भने पाएको बताएका छन्। कारागारमा बन्दीहरूलाई सीपमूलक तालिम प्रदान गरिए पनि तयार गरिएका सामग्री तथा उत्पादित सामानको बजार अभाव रहेको छ। बन्दीले पढ्न नपाएको तथा शौचालयको उचित व्यवस्था नभएको बताए।

रसुवा कारागार शाखा धुन्चेका तीन जना बन्दी ०६६ जेठ २६ गते राती जेल तोडेर भाग्ने क्रममा नुवाकोट जिल्ला, देउराली गाविस-६ का २४ वर्षीय गणेश तामाङको घटनास्थलमै मृत्यु भयो भने नौबीसे गाविस-७ का सुवास तामाङको उपचारका क्रममा काठमाडौँमा मृत्यु भयो। कारागारको झ्यालको रड फुस्काएर भाग्ने क्रममा जिल्ला अस्पतालको परिसरमा प्रहरीले गोली प्रहार गर्दा सुवास तामाङ घाइते भएका थिए। उनलाई जिल्ला अस्पताल रसुवामा उपचारपछि थप उपचारका लागि राजधानीको वीर अस्पताल लगिएकामा जेठ २८ गते मृत्यु भएको थियो। घटनामा फरार अर्का बन्दी कास्की जिल्ला लेखनाथ नपा-१ का अमर गुरुङलाई खोजी गर्ने क्रममा प्रहरीले २८ गते राती राम्चे गाविस-४ को ग्राङगाउँ नजिकैबाट गिरफ्तार गऱ्यो। चोरी डकैतीको आरोपमा उनीहरू यस वर्षको अन्त्यसम्म जेलमा छन्।

धम्की/कुटपिट

वाईसीएलबाट

धैबुङ् गाविस-७ का १९ वर्षीय कुमार नगरकोटी, सरमथली गाविस-७ का २२ वर्षीय विजय बोगटी, धैबुङ् गाविस-३ का बाबुराम तामाङ र कञ्चन लामालगायतका छ जना खेलाडीलाई ०६६ असोज ३० गते धैबुङ् गाविस-८ जिबजिबेमा वाईसीएल कार्यकर्ताले कुटपिट गरे। तेक्वान्दो प्रशिक्षण सकेर भोर्ले गाविसबाट फर्कने क्रममा बाटोमा कुरिरहेका वाईसीएल कार्यकर्ताले आक्रमण गरेको उनीहरूले बताए। घटनाको खबर आएपछि घटनास्थलतर्फ जान लाग्दा धोबीखोला नजिकै धैबुङ् गाविस-५ निवासी खेलप्रशिक्षक माइला श्रेष्ठलाई

घटनाको प्रकार	गैर राज्यबाट			राज्यबाट		
	अन्यबाट					
	घटना सङ्ख्या	पुरुष	जम्मा	घटना सङ्ख्या	पुरुष	जम्मा
हत्या				१	३	३
घाइते	१	१	१			
कुटपिट	३	६	६	१	११	११
धम्की	१	१	१			
जम्मा	४	८	८	३	१३	१३

पनि उनीहरूले ढुङ्गामुढा प्रहार गर्नुका साथै कुटपिट गरेका थिए। युथफोर्सको उक्साहटमा खेलाडीका नाममा उनीहरूले पहिले आफ्ना कार्यकर्तामाथि खुकुरी देखाएर आक्रमणको प्रयास गरेपछि झडप भएको वाईसीइएलका जिल्ला अध्यक्ष प्रभाकरले बताए।

सरमथली गाविस-६ निवासी गौतम बुद्ध मावि फाम्चेतमा कक्षा ९ मा अध्ययनरत विद्यार्थी १८ वर्षीय दिलबहादुर ग्यावालाई ०६६ मङ्सिर २३ गते सोही ठाउँका जीतबहादुर तामाङ, साजन तामाङलगायत पाँच जनाको सङ्ख्यामा रहेका वाईसीएल कार्यकर्ताले कुटपिट गरी घाइते बनाए। टाउको र अनुहारमा चोट लागेको पीडितको उपचार राजधानीस्थित मनमोहन मेमोरियल अस्पतालमा भयो। विद्यालयबाट फर्कदै गर्दा सरमथली गाविस-७ को पुँखोलामा एक्कासि कुटपिट गरेका थिए। पीडकलाई कुनै कारवाही नभएको पीडितले बताए।

काभ्रे जिल्ला टुकुचा गाविस-९ निवासी जिल्लास्तरीय शान्ति समितिका संयोजकसमेत रहेका ३५ वर्षीय विकास गिरीलाई वाईसीएल कार्यकर्ताले ०६६ पुस १३ गते मार्ने धम्की दिए। वाईसीएलका जिल्ला अध्यक्ष मेघनाथ घिमिरे 'प्रभाकर'ले तत्काल जिल्ला नछाडे आफ्नो सङ्गठनले जतिबेला पनि मार्न सक्ने भन्दै पटकपटक टेलिफोन गरी तथा भेटेरसमेत धम्की दिने गरेको पीडतले बताए।

गैरकानुनी गिरफ्तारी

धुन्चे गाविस-५ का सुन्दर श्रेष्ठ, रवीन्द्र उप्रेती, कैसाङढिन्डुप तामाङ र रमेश बस्नेत तथा सोही गाविस-८ का तेम्पा तितुङ, लछिन तितुङ, महेन्द्र खड्का, सुन्दरलाल श्रेष्ठ र मिङमरछोवाङ तामाङलाई ०६५ चैत ३१ गते वनभोजको ठाउँ छनोटका लागि गएर फर्कदै गर्दा धुन्चेबजारनजिकै प्रहरीले अपशब्द प्रयोग गर्दै कुटपिट गरी गिरफ्तार गऱ्यो। उनीहरूलाई प्रहरीले भोलिपल्ट रिहा गरेको थियो। बिनाबर्दीका प्रहरी जवान श्रीकृष्ण भुजेलको नेतृत्वमा रहेको प्रहरी टोलीले उनीहरूलाई बिनाकारण गिरफ्तार गरी यातना दिएको थियो। पीडितहरूलाई प्रहरीले बिनाकारण कुटपिट गरी गिरफ्तार गरेको भन्दै स्थानीय बासिन्दाले भोलिपल्ट जिल्ला बन्द गरे। शान्तिपूर्ण रूपमा निकालिएको विरोध जुलुस तितरबितर गर्ने क्रममा प्रहरीले हवाइफायर गऱ्यो। बिनाकारण गिरफ्तार भएका स्थानीय बासिन्दालाई छुटाउन जाँदा डीएसपी नरेन्द्र उप्रेतीले नेतृत्व गरेको प्रहरी टोलीले दमन गरेकामा धुन्चेबासीले आपत्ति जनाए। घटनामा संलग्न दोषीलाई कारबाही गरी पीडितहरूलाई क्षतिपूर्ति उपलब्ध गराइनुपर्ने, नागरिकलाई राज्यले सुरक्षा दिनुपर्ने, डीएसपी नरेन्द्र उप्रेतीको तत्काल सरुवा गर्नुपर्ने, प्रहरी जवान श्रीकृष्ण भुजेललाई निलम्बन गर्नुपर्नेजस्ता विभिन्न माग पूरा नभएसम्म ०६६ वैशाख २ गतेदेखि अनिश्चितकालीन रसुवा बन्दको आह्वान गरे। जिल्ला प्रशासन कार्यालयमा प्रमुख जिल्ला अधिकारी र डीएसपीसमेतसँग भएको सर्वपक्षीय सहमतिपछि वैशाख ३ गतेबाट बन्द फिर्ता भयो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत रसुवामा गत वर्षको जिम्मेवारी सरेर आएका फौजदारी मुद्दा पाँच थान र देवानी एक थान गरी जम्मा छ थान मुद्दा रहेकामा यस वर्ष एउटा पनि मुद्दा फर्स्यौट भएन। त्यस्तै यस वर्ष दर्ता भएका देवानी एक थान र फौजदारी छ थानमध्ये फौजदारी अन्तर्गत चार थान मुद्दा फर्स्यौट भए भने देवानी एक थान र फौजदारी दुई थान मुद्दा फर्स्यौट हुन बाँकी रहे। त्यस्तै यस वर्ष जिल्ला प्रहरी कार्यालयमा कीर्ते नागरिकता एक, भवितव्य ज्यान दुई, आत्महत्या दुई, हातहतियार तथा खरखजाना एक, ज्यान मार्ने उद्योग दुई, डाँका एक गरी १२ ओटा उजुरी परेका छन्।

बालअधिकार

यस जिल्लामा ११ हजार ३ सय ६३ जना विद्यालय जाने उमेरका बालबालिका रहेकामा जम्मा ९ हजार ६ सय ३२ जना बाबालिका विद्यालय भर्ना भएको जिल्ल शिक्षा कार्यालयले जनायो । बालमृत्युदर पाँच वर्षमुनिका प्रति हजारमा २३ जना रहेको छ।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

यस जिल्लाको उत्तरी हाकु गाविसका ४ सय ८६ घरपरिवार गुठीको समस्यामा परेका छन्।

Central Region:Layout 1 2/11/2010 4:26 PM Page 346

उनीहरूको पूरै जमिन काठमाडौँको स्वयम्भूनाथ गुठीमा दर्ता भएकाले उनीहरूले जग्गाधनी प्रमाण पुर्जा पाएका छैनन्। धुन्चे, धैबुङ, डाँडागाउँ, ठूलोगाउँलगायतका गाविसमा ५ सय २५ परिवार सुकुमवासीका समस्यामा परेको राष्ट्रिय भूमिअधिकार मञ्च रसुवाले जनायो। लहरेपौवा, धैबुङ, भोर्ले गाविसका करिब १ हजार ४४ परिवारले पुस्तौँदेखि विर्ताको समस्या भोगिरहेका छन्। जिल्लाको धैबुङ, भोर्ले, ठूलोगाउँ राम्चेलगायतका गाविसमा करिब ४ सय घरपरिवार बाढीपहिरोका कारण भूमिहीन भएका छन्। भूमिअधिकारबाट वञ्चित पीडितहरूले राष्ट्रिय भूमिअधिकार मञ्चमार्फत सङ्गठित भएर आफ्नो भू-स्वामित्व माग गर्दै धर्ना, विरोध जुलुस, ज्ञापन-पत्र बुझाउने कार्य गरेका छन्।

गाविसका कार्यालय सहायकहरूको गाविस कर्मचारी हकहित संरक्षण समितिले ०६६ भदौ ३ गतेदेखि गरेको विरोधका कारण जिविस र गाविसको काम ठप्प भयो। दैनिक रूपमा दुई घण्टा हडताल गर्दै हातमा कालोपट्टी बाँधेर काम गर्दै आएका उनीहरूले भदौ ७ गतेदेखि सात दिनसम्म जिल्लाको जिविस र गाविसको कामकाज ठप्प पारे। समितिले गाविस सचिवहरू गाउँमा नगएको र पदपूर्ति नभएको खाली ठाउँमा जिविसले आफूहरूलाई काम गर्ने अधिकार प्रत्यायोजन गर्न माग गर्दै विरोधको कार्यक्रम आयोजना गरेका थिए।

कृषि मजदुरको ज्याला दैनिक १ सयदेखि १ सय ५० रुपियाँ रहेको छ। कतिपय स्थानमा महिला र पुरुषबीच ज्यालामा विभेद छ। लहरेपौवा, धैबुङ, भोर्ले गाविसका केही वडाहरूमा कृषि मजदुरको दैनिक ज्याला पुरुषलाई १ सयदेखि १ सय ५० रुपियाँ र महिलालाई ५० देखि ७० रुपियाँसम्म मात्र दिने प्रचलन छ।

प्रहरीको गोली प्रहारबाट घाइते भएका सुवास तामाङ

स्वास्थ्य सेवाको अवस्था

जिल्ला अस्पतालमा तीन जना चिकित्सकको दरबन्दी रहेकामा दुई जना मात्र कार्यरत छन्। जिल्लामा अहेव, अनमि, ग्रामीण स्वास्थ्य कार्यकर्तालगायतका १ सय १४ जना स्वास्थ्यकर्मीको दरबन्दी रहे पनि २३ दरबन्दी रिक्त छ। दरबन्दी अनुरूप जनशक्ति नभएकाले ग्रामीण तहमा स्वास्थ्य सेवा प्रभावकारी हुन नसकेको स्थानीयबासीले गुनासो गरे।

विगतको अनुगमन

तत्कालीन माओवादी कार्यकर्ताले रसुवाका विभिन्न गाविसमा गरेको घरजग्गा कब्जा अझै फिर्ता भएको छैन। गोल्जुङ गाविस-६ निवासी राप्रपाका तत्कालीन जिल्ला अध्यक्ष मिलन तामाङको घर तथा जग्गा ०६४ असार ९ गते वाईसीएलका कार्यकर्ताले कब्जा गरेका थिए।

काभ्रे जिल्ला निवासी पीपलबहादुर क्षेत्रीको सरमथली गाविस-८ मा रहेको घर, गल्लाङ गाविस-५ मा रहेको पूर्वसेनापति सचित्शमशेर राणाको पार्वतीकुण्डनजिकै रहेको रिसोर्ट, स्याउबारी, गल्लाङ गाविस-५ मा रहेको राजदरबारका पूर्वसचिव ऋषिकुमार पाण्डेको सयौँ रोपनी जग्गा, लहरेपौवा गाविस-२ सिम्ले निवासी पूर्वकृषिमन्त्री रामकृष्ण आचार्यको ७२ रोपनी जग्गा, घर, बगैँचा र वन क्षेत्रसमेत एकीकृत माओवादीले गत वर्ष कब्जा गरेकामा हालसम्म उनीहरूको कब्जामै रहेको छ।

पश्चिमाञ्चल

३.१ तनहुँ
३.२ गोरखा
३.३ लमजुङ
३.४ स्याङ्जा
३.५ कास्की
३.६ मनाङ
३.७ नवलपरासी
३.८ रुपन्देही
३.९ पाल्पा
३.१० कपिलवस्तु
३.११ अर्घाखाँची
३.१२ गुल्मी
३.१३ वाग्लुङ
३.१४ पर्वत
३.१५ म्याग्दी
३.१६ मुस्ताङ

Westren:Layout 1 2/14/2010 9:06 AM Page 349

३.१ तनहुँ



जनसङ्ख्या : ३,५८,४८५
साक्षरता प्रतिशत : ७२
महिला साक्षरता प्रतिशत : ६३
क्षेत्रफल (वर्ग कि. मि.) : १,५४६
गाविस/नपा सङ्ख्या : ४६/१
सरकारी/निजी विद्यालय : ६००/८४
क्याम्पस/उच्च मा.वि. : ७/३७
अस्पताल/स्वास्थ्य चौकी : २/४६
मानव विकास सूचकाङ्कः ०.५२४
प्रतिपरिवार सरदर सङ्ख्याः ५.५

जेल र बन्दीहरू

'ग' श्रेणीको जिल्ला कारागारको २५ जना बन्दी क्षमता रहेको छ। यस वर्षको अन्त्यसम्म कैद नतोकिएका ४० जना र कैद तोकिएका ४२ जना गरी ८२ जना बन्दीहरू रहेका छन्। कारागारमा क्षमताभन्दा तेब्बर बन्दीहरू राखिएकाले बन्दीहरू कोचिएर बस्न बाध्य छन्। कारागारमा पानीको अभाव छ। मादी नदीबाट जेनेरेटरको सहायताले पानी तानेर दैनिक गुजारा गर्नुपर्ने बाध्यता छ।

बन्दीहरूमा कर्तव्यज्यान मुद्दामा कैद नतोकिएका २१ जना र कैद तोकिएका आठ जना गरी २९ जना, लागूऔषध मुद्दामा कैद तोकिएका एक जना, डाँका चोरी मुद्दामा कैद नतोकिएका तीन जना र कैद तोकिएका १६ जना गरी १९ जना, जबरजस्ती करणी मुद्दामा कैद नतोकिएका पाँच जना र कैद तोकिएका सात जना गरी १२ जना, चोरी मुद्दामा कैद तोकिएका एक जना, नकबजनी चोरी मुद्दामा कैद तोकिएका पाँच जना, सवारीज्यान मुद्दामा कैद नतोकिएका एक जना र कैद तोकिएका एक जना गरी दुई जना, मानव बेचबिखन मुद्दामा कैद नतोकिएका एक जना, सार्वजनिक अपराधको मुद्दामा कैद नतोकिएका एक जना, कीर्ते मुद्दामा कैद तोकिएका एक जना, ज्यानमार्ने उद्योग मुद्दामा कैद नतोकिएका पाँच जना, बहुविवाह मुद्दामा कैद नतोकिएका एक जना, ठगी मुद्दामा कैद तोकिएका दुई जना, जबरजस्ती चोरी मुद्दामा कैद नतोकिएका दुई जना गरी ८२ जना रहेका छन्।

बेपत्ता/अपहरण

वाईसीएलबाट

दुलेगौँडा गाविस-८ बेलचौतारका कुशल गुरुङ, व्यास नपा-२ दमौलीकी जमुना थापा, खैरेनीटार गाविस-८ का खेम गुरुङ, पदम आले र व्यास नपा-१० दमौलीका प्रीतम श्रेष्ठले लागूपदार्थको ओसारपसार तथा प्रयोग गरेको आरोपमा ०६५ पुस १६ गते उनीहरूलाई वाईसीएल कार्यकर्ताले दमौली बजारबाट अपहरण गरी त्यसै दिन जिल्ला प्रहरी कार्यालय तनहुँमा बुझाएकामा प्रहरीले उनीहरू सबैलाई रिहा गऱ्यो।

घाँसीकुवा गाविस-५ का २५ वर्षीय दीपक केसी एमालेमा प्रवेश गरी माओवादीविरुद्ध गतिविधि गरेको आरोपमा ०६५ माघ २९ गते उनलाई वाईसीएल कार्यकर्ताले व्यास नपा-२ दमौलीबाट अपरहण गरे। अपहरणपश्चात् पीडितलाई व्यास नपा-५ सेवरस्थित वाईसीएल क्याम्पमा लगेर कुटपिट गरी यातना दिएका थिए। पीडित माओवादी लडाकूका पूर्वसदस्य हुन्। केसीलाई ०६५ फागुन १ गते पत्रकार सम्मेलन गरी वाईसीएल कार्यकर्ताले प्रहरीलाई बुझाएलगत्तै युथफोर्स कार्यकर्ताले प्रहरी कार्यालयबाट रिहा गराए।

धम्की/कुटपिट

राज्यबाट

खैरेनीटार गाविस-८ निवासी एमाले क्षेत्र नम्बर ३ का अध्यक्ष रामचन्द्र उपाध्याय, सोही ठाउँ निवासी एमाले जिल्ला सदस्य मुक्ति तिम्सिना र सोही ठाउँका अमृत घिमिरे, जीवन गुरुङ र विक्रम गुरुङलाई ०६६ असोज १७ गते राती प्रहरीले खैरेनीटारमा कुटपिट गऱ्यो। स्थानीय बासिन्दाले अवरुद्ध गरेको पृथ्वीराजमार्ग खुलाउने क्रममा छलफल भइरहेको अवस्थामा आफूहरूलाई प्रहरीले कुटपिट गरेको उपाध्यायले बताए। प्रहरीले भने अवरुद्ध गराएको राजमार्ग खुलाउने क्रममा सामान्य झडप भएको बतायो। राजमार्ग खुलाउन प्रहरीले अश्रुग्यास, हवाईफायर र लाठीचार्जसमेत गरेको थियो। घाइतेहरूको सेतीगङ्गा सामुदायिक अस्पतालमा उपचार भयो।

Westren:Layout 1 2/14/2010 9:06 AM Page 350

घटनाको प्रकार	गैर राज्यबाट							राज्यबाट		
	अन्यबाट				एकीकृत माओवादीबाट					
	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा	घटना सङ्ख्या	पुरुष	जम्मा	घटना सङ्ख्या	पुरुष	जम्मा
हत्या	५	१	४	५						
घाइते	१		१	१						
गिरफ्तारी/यातना								३	३	३
कुटपिट	१३	३१	४	३५	१	१	१	३	१०	१०
धम्की					३	३	३			
जातीय विभेद	१		१	१						
महिलाअधिकार	३		३	३						
बालअधिकार	३		३	३						
आर्थिक/सामाजिक/ सांस्कृतिक अधिकार								१	६	६
अपहरण	१	४	१	५	१	१	१			
जम्मा	३५	३६	१६	४३	४	४	४	५	१९	१९

एकीकृत माओवादीबाट

स्याङ्जा जिल्ला बाहाकोट गाविस-३ का ५५ वर्षीय ग्रीमबहादुर मल्ललाई माओवादीका इलाका नं. ११ का सदस्य यामबहादुर खाँणविरुद्ध जिल्ला प्रहरी कार्यालयमा दिएको उजुरी फिर्ता लिन दबाब दिँदै ०६५ पुस २९ गते नाम नखुलेका एकीकृत माओवादी कार्यकर्ताले तनहुँको दुलेगौडा गाविस-७ बाट टेलिफोन गरी मार्ने धम्की दिए। सोही ठाउँका ५० वर्षीय भक्तबहादुर मल्ललाई सोही ज्यान मुद्दाको विषयलाई लिएर माओवादी कार्यकर्ताले ०६५ माघ १९ गते तनहुँको दुलेगौडा गाविस-७ बाट टेलिफोन गरी भौतिक कारबाही गर्ने धम्की दिएका थिए। पीडितहरूले सो मुद्दा यस वर्षको अन्त्यसम्म फिर्ता लिएका छैनन्।

ढोरफिर्दी गाविस-५ निवासी एमाले गाउँ कमिटी सचिव ६० वर्षीय प्रेमबहादुर महतलाई ०६५ चैत ७ गते भानुभक्त क्याम्पसमा सम्पन्न स्ववियु निर्वाचनको विजय उत्सव मनाउँदै गएका वाईसीएल कार्यकर्ताले घरमै कुटपिट गरे। पीडितको पश्चिमाञ्चल क्षेत्रीय अस्पताल पोखरामा उपचार भयो। पीडितले कुनै निकायमा उजुरी गरेनन्।

वाईसीएलका कार्यकर्ताद्वारा अपहरण गरी यातना दिइएका दीपक केसी

छाङ्ग गाविस-४ निवासी काङ्ग्रेस कार्यकर्ता ४० वर्षीय बोधराज वाग्लेलाई ०६६ जेठ ३ गते माओवादी जिल्ला सदस्य दिलीप श्रेष्ठले सामान्य विवादका क्रममा उनकै घरमा गएर कुटपिट गरे। पीडितको स्थानीय औषधी पसलमा उपचार भयो।

अनेरास्ववियु (क्रान्तिकारी)बाट

व्यास नपा-११ निवासी आदिकवि भानुभक्त बहुमुखी क्याम्पसका प्रमुख बैकुण्ठ न्यौपाने, प्राध्यापक रामनाथ भट्टराई, स्ववियु सभापति राजेन्द्र कुमाल, नेविसङ्घ कार्यकर्ता सुमन बस्नेत र क्याम्पसका सुरक्षागार्ड अमृत दरैलाई स्ववियु निर्वाचनमा धाँधली गरेको आरोपमा ०६५ चैत ९ गते वाईसीएल र अनेरास्ववियु (क्रान्तिकारी)का कार्यकर्ताले क्याम्पस परिसरमा कुटपिट गरे। कुटपिटबाट घाइते भएकामध्ये कुमालको मणिपाल शिक्षण अस्पताल पोखरामा उपचार भयो भने बस्नेत र दरैको दमौली अस्पतालमा उपचार भयो।

Westren:Layout 1 2/14/2010 9:06 AM Page 351

एकीकृत माओवादीद्वारा ढुङ्गा प्रहार गरी घाइते बनाइएका प्रहरी हवल्दार पदमबहादुर गुरुङ

वाईसीएलबाट

अर्घाखाँची जिल्ला निवासी जिल्ला प्रहरी कार्यालयका प्रहरी जवान २५ वर्षीय हरि नेपालीले ड्युटीमा खटिएको अवस्थामा आन्दोलनविरुद्ध अभिव्यक्ति दिएको आरोपमा ०६६ असार ६ गते उनलाई वाईसीएल कार्यकर्ताले दमौली बजारमा कुटपिट गरे। पीडितको पश्चिमाञ्चल क्षेत्रीय अस्पताल पोखरामा उपचार भयो। प्रहरीले घटनामा संलग्न कसैलाई पनि यस वर्षको अन्त्यसम्म गिरफ्तार गरेन।

भीमाद गाविस-१ निवासी एमाले जिल्ला सल्लाहकार सदस्य कृष्णकुमार श्रेष्ठ, सोही ठाउँ निवासी युथफोर्सका क्षेत्रीय संयोजक प्रेमकुमार श्रेष्ठ, कोषाध्यक्ष राजेन्द्र सुवेदी, सदस्यहरू नेप पुन, इमानसिंह थापा, उज्ज्वल खनाल र विनोद थापालाई ०६६ असार १६ गते राती वाईसीएल कार्यकर्ताले भीमाद बजारमा कुटपिट गरे। घिरिङ सुन्धारा गाविस-७ बाट युथफोर्स कार्यकर्ता लालवीर थापालाई वाईसीएलका कार्यकर्ताले अपहरण गरी खैरेनीटारतर्फ लगिरहेको अवस्थामा भीमाद बजारमा एमाले कार्यकर्ताले मुक्त गराउन खोजेपछि झडप भएको थियो। घाइते कृष्णकुमार, प्रेमकुमार, इमानसिंह र पुनको पश्चिमाञ्चल क्षेत्रीय अस्पताल पोखरामा उपचार भयो भने अन्यको प्राथमिक स्वास्थ्य केन्द्र भीमादमा उपचार भएको थियो। उक्त घटनामा वाईसीएलका कान्छा कुमाल र लालु पनि घाइते भएका थिए।

युथफोर्सबाट

घिरिङ्ग सुन्धारा गाविस-७ निवासी एकीकृत माओवादीका कार्यकर्ता ४० वर्षीय वीरबहादुर रानालाई सामान्य विवादका क्रममा ०६६ जेठ २१ गते युथफोर्सका कार्यकर्ताहरूले घिरिङ्ग बजारमा कुटपिट गरे। पीडितको पश्चिमाञ्चल क्षेत्रीय अस्पताल पोखरामा उपचार भयो।

अज्ञात समूहको आक्रमणबाट घाइते भएका बैकुण्ठ न्यौपाने

अज्ञात समूहबाट

व्यास नपा-११ निवासी नेपाल पब्लिक क्याम्पस सङ्घका केन्द्रीय अध्यक्ष एवम् दमौलीस्थित आदिकवि भानुभक्त बहुमुखी क्याम्पसका प्रमुख तथा नेपाल मानवअधिकार सङ्गठनका केन्द्रीय सदस्य ५० वर्षीय वैकुण्ठ न्यौपानेलाई ०६६ वैशाख २२ गते अज्ञात व्यक्तिले व्यास नपा-२ अमरापुरीमा कुटपिट गरे। घरबाट क्याम्पस जाँदै गरेका न्यौपानेलाई बाटो कुरेर बसेका मुकुण्डोधारी व्यक्तिले चिरपट प्रहार गरेका थिए। कुटपिटबाट दायाँ हात भाँचिएका पीडितको फिस्टेल अस्पताल पोखरामा उपचार भयो। यसअघि न्यौपानेलाई चैत ९ गते वाईसीएल कार्यकर्ताले पनि कुटपिट गरेका थिए।

अभिव्यक्ति, भेला हुने र सङ्गठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

व्यास नपा-१० सफासडकस्थित जनमोर्चा नेपालको जिल्ला कार्यालयमा ०६५ माघ ५ गते एकीकृत माओवादीका पोलिटब्युरो सदस्य तथा संविधानसभाका सभासद् भीमप्रसाद गौतमले तालाबन्दी गरी कार्यालयको झन्डा र बोर्ड फालिदिए। माओवादीसँग पार्टी एकता गर्नका लागि विघटन गरिएको जनमोर्चा नेपाललाई पुनः सक्रिय बनाउने सम्बन्धमा छलफल गर्न आयोजित बैठकमा प्रवेश गरी गौतमले आक्रमण गरेका थिए।

बन्दीपुर गाविस-१ डुम्रेमा रहेको जनमोर्चा नेपालको क्षेत्रीय कार्यालयमा ०६५ माघ २६ गते माओवादीका जिल्ला सहसेक्रेटरी गुणनिधि शर्माको नेतृत्वमा रहेको टोलीले आक्रमण गऱ्यो। माओवादीसँग पार्टी एकीकरणपछि सो पार्टीमा प्रवेश गरेका कार्यकर्ताहरूले उक्त कार्यालयमा आक्रमण गरी सबै सामान लुटेर लगेका थिए। उक्त कार्यालय हाल बन्द रहेको छ।

दुलेगौंडा गाविस-८ स्थित भानुभक्त बहुमुखी क्याम्पस बेलचौतारामा अध्ययनरत अनेरास्ववियु कार्यकर्ता सलना थापा, अमृत खनाल र युथफोर्सका क्षेत्रीय संयोजक प्रेमकुमार श्रेष्ठलाई ०६५ चैत ५ गते

Westren:Layout 1 2/14/2010 9:06 AM Page 352

स्वयु निर्वाचनमा प्रचारप्रसारका लागि भीमाद बजार गएर फर्किंदै गर्दा वाईसीएलका कार्यकर्ताले खैरेनीटार गाविस-८ को स्याउलीबजारमा कुटपिट गरे। पीडितहरूको सेतीगङ्गा सामुदायिक अस्पतालमा उपचार भयो। वाईसीएल कार्यकर्ताले उक्त घटनापछि त्यसै दिन नेविसङ्घका कार्यकर्ता नवीन खनाललाई समेत सोही ठाउँमा कुटपिट गरेका थिए। पीडितको मणिपाल शिक्षण अस्पताल पोखरामा उपचार भएको थियो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

दुनियाँवादी फौजदारी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका ६६ थान र यस वर्ष दर्ता भएका ३९ थान गरी जम्मा १ सय ५ थान मुद्दामध्ये १० थान फर्स्यौट भई ९५ थान मुद्दा बाँकी रहे।

सरकारवादी फौजदारी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका ४२ थान र यस वर्ष दर्ता भएका १६ थान गरी जम्मा ५८ थान मुद्दामध्ये चार थान फर्स्यौट भई ५४ थान मुद्दा बाँकी रहे।

देवानी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका १ सय १९ थान र यस वर्ष दर्ता भएका ५१ थान गरी जम्मा १ सय ७० थानमध्ये १४ थान फर्स्यौट भई १ सय ५६ थान मुद्दा बाँकी रहे। यसरी यस वर्षको अन्त्यसम्ममा जम्मा ३ सय ५ थान मुद्दा फर्स्यौट हुन बाँकी रहे।

बालअधिकार

यस जिल्लामा विद्यालय जाने उमेरका बालबालिकामध्ये ९४ प्रतिशत मात्र विद्यालय जाने गरेका छन् भने छ प्रतिशत बालबालिका विद्यालय जानबाट वञ्चित रहेको जिल्ला शिक्षा कार्यालयले जनायो।

यस जिल्लामा २ सय ८१ ओटा प्रारम्भिक बालविकास केन्द्र रहेका छन्। सामुदायिक विद्यालयतर्फ प्राथमिक ५ सय ४० ओटा, निमावि १ सय ५२ ओटा, मावि ९० ओटा र उच्चमावि ३२ ओटा रहेका छन्। त्यसैगरी, संस्थागत विद्यालयतर्फ प्राथमिक ७७ ओटा, निमावि छओटा, मावि ३४ ओटा र उच्चमावि पाँचओटा रहेका छन्। प्रारम्भिक बालविकास केन्द्रबाहेक यस जिल्लामा जम्मा ८ सय १४ ओटा विद्यालयहरू रहेका छन्। ती विद्यालयहरूमा १ लाख १७ हजार ३ सय २९ जना बालबालिकाहरू अध्ययनरत छन्। जसमा ५९ हजार १ सय २७ जना बालिका र ५८ हजार २ सय २ जना बालक रहेका छन्। तीमध्ये २२ हजार ४ सय ११ जना दलित बालबालिका अध्ययनरत रहेको जिल्ला शिक्षा कार्यालयले जनाएको छ। जसमा ११ हजार ३६ जना बालक तथा ११ हजार ३ सय ७५ बालिका रहेका छन्। जिल्लाको महिला साक्षरता प्रतिशत ६२.८ र पुरुष साक्षरता प्रतिशत ८०.९ रहेको छ भने जम्मा साक्षरता प्रतिशत ७१.२७ रहेको जिल्ला शिक्षा कार्यालयले जनाएको छ।

पूर्व महिला बालबालिका तथा समाज कल्याण मन्त्री दुर्गा श्रेष्ठद्वारा यातना दिइएकी बालिका सन्ध्या श्रेष्ठ

जामुने गाविस-७ पसलेकी आठ वर्षीया बालिकालाई सोही ठाउँका ६० वर्षीय रिखबहादुर विकले मिठाई किनिदिने प्रलोभनमा पारी ०६६ जेठ १४ गते घरनजिकै खोल्सामा बलात्कार गरेको आरोप लगाउँदै पीडित परिवारले ०६६ असार २ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। बालिकाको दमौली अस्पतालमा स्वास्थ्य परीक्षण भयो। उनको अवस्था हाल सामान्य छ। आरोपित विक यस वर्षको अन्त्यसम्ममा गिरफ्तार भएका छैनन्।

बरभञ्ज्याङ्ग गाविस-२ की १३ वर्षीया बालिकालाई ०६६ असार १० गते बलात्कार गरेको आरोपमा ०६६ असार १३ गते सोही ठाउँका २४ वर्षीय प्रीतम विष्टलाई प्रहरीले गिरफ्तार गऱ्यो। पीडित परिवारले ०६६ असार ११ गते आरोपितविरुद्ध जिल्ला प्रहरी कार्यालयमा किटानी जाहेरी दिएका थिए। पीडितको दमौली अस्पतालमा स्वास्थ्य परीक्षण भयो। यस वर्षको अन्त्यसम्म मुद्दाको किनारा लागेको छैन र आरोपित जिल्ला कारागारमा थुनामा रहेका छन्।

दुलेगौँडा गाविस-७, दुलेगौँडाका १३ वर्षीय सन्तोष परियार र ११ वर्षीय विकास श्रेष्ठले चोरी गरेको आरोपमा ०६६ साउन २२ गते उनीहरूलाई प्रहरीले दुलेगौँडा बजारबाट गिरफ्तार गऱ्यो। गिरफ्तारपछि उनीहरूलाई तीन दिनसम्म प्रहरीले गैरकानुनी तवरले थुनामा राखेको थियो। ती बालकहरूले सडक किनारामा रोकिराखेको ग.१क. २०८ नम्बरको मिनिट्रक र ध.१च. १६ नम्बरको जिपबाट साउन २२ गते कपडा, बिस्कुट र मदिरालगायतका सामान चोरी गरेको प्रहरीले आरोप लगाए पनि उनीहरू निर्दोष रहेको भन्दै साउन २५ गते रिहा गऱ्यो।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार
पारिवारिक हिंसा

भानु गाविस-६ रिङ्टाबोटेकी ६४ वर्षीया विसरा सार्कीलाई ०६५ फागुन २७ गते पति कविराम सार्कीले घरमै शरीरमा आगो लगाई हत्या गरे। मादक पदार्थ सेवन गरेका सार्कीले पत्नीसँग सामान्य विवादका क्रममा पत्नीको शरीरमा मट्टीतेल छर्केर आगो लगाई हत्या गरेका थिए। सार्कीलाई प्रहरीले त्यसै दिन नियन्त्रणमा लिएर जिल्ला कारागारमा थुनामा राखेको छ। यस वर्षको अन्त्यसम्म उक्त मुद्दा अदालतमा विचाराधीन रहेको छ।

कोटदरबार गाविस-१ लैरेकी ७४ वर्षीया खगीमाया आलेको ०६६ असार ६ गते छोरा नरबहादुर आलेले घरमा दाउराको चिरपटले प्रहार गरी हत्या गरे। नरबहादुरलाई ०६६ असार ७ गते इलाका प्रहरी कार्यालय बेलचौतारालेे गिरफ्तार गऱ्यो। पीडक हाल जिल्ला कारागारमा थुनामा छन्। यस वर्षको अन्त्यसम्म उक्त मुद्दा अदालतमा विचाराधीन रहेको छ।

अरुणोदय गाविस-१ की ३० वर्षीया सोममाया थापालाई ०६६ भदौ २९ गते पति ओमबहादुर थापाले घरनजिकै रहेको खेतमा खुर्पाले आक्रमण गरी घाइते बनाए। पत्नीसँगै खेत गोड्न गएका थापाले पत्नीसँग विवाद भएपछि खुर्पा प्रहार गरेको प्रहरीले बतायो। खुर्पाको चोटबाट गम्भीर घाइते भएकी सोममायाको पश्चिमाञ्चल क्षेत्रीय अस्पताल पोखरामा उपचार भयो। पीडक थापालाई त्यसै दिन किहुँ प्रहरी चौकीले गिरफ्तार गरी असोज ४ गते रिहा गऱ्यो।

व्यास नपा-५ कुमालटारीकी ३२ वर्षीया रिणीमाया बोटेको ०६६ असोज २८ गते साँझ पति रामबहादुर बोटेले डोरीले घाँटी कसी हत्या गरे। घरमा पत्नीसँगै रहेका बोटेले पत्नीको घाँटीमा डोरी कसी हत्या गरी लासलाई नजिकैको रूखमा झुन्ड्याादिएको

अनेरास्ववियु (क्रान्तिकारी) बाट आक्रमण गरी घाइते बनाइएका स्ववियु सभापति राजेन्द्र कुमाल

प्रहरीले बतायो। घटनालगत्तै स्थानीय बासिन्दाले प्रहरीलाई खबर गरेपछि प्रहरीले बोटेलाई सोही दिन गिरफ्तार गरेको थियो। पीडितको लासको दमौली अस्पतालमा पोस्टमार्टम भयो। पीडक यस वर्षको अन्त्यसम्म तनहुँ कारागारमा थुनामा रहेका छन्।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार
संरचना, सम्पत्ति क्षति
जनमुक्ति पार्टीबाट

जातीय राज्य घोषणाको माग गर्दै राष्ट्रिय जनमुक्ति पार्टीले आह्वान गरेको नेपाल बन्दको उल्लङ्घन गरेको आरोपमा ०६६ भदौ १८ गते पोखराबाट काठमाडौँ जाँदै गरेका काहुँ गाविस-२ कास्कीका विमल बस्नेतको ग.४प. २२७४ नम्बरको मोटरसाइकल सो पार्टीका कार्यकर्ताहरूले दमौलीमा पेट्रोल छर्केर आगजनी गरे। आगजनीका कारण मोटरसाइकल पूर्णरूपमा ध्वस्त भयो। मोटरसाइकलमा आगो लगाएको आरोपमा प्रहरीले त्यसै दिन व्यास नपा-२ निवासी जनमुक्ति पार्टीका केन्द्रीय सदस्य शिवलाल थापा, सोही ठाउँका पार्टी कार्यकर्ताहरू हेमन्त वंशी, बहादुरसिंह थापा र लिलबहादुर थापालाई गिरफ्तार गऱ्यो। गिरफ्तार गरेका सबैलाई सार्वजनिक अपराध अन्तर्गत कारबाही सुरु गरिएको प्रहरीले जनायो। उनीहरूलाई भदौ २२ गते रिहा गरियो।

एकीकृत माओवादीबाट

खैरेनीटार गाविस-९ को स्याउलीबजारमा सोही ठाउँका जुल्फा ज्वारचनको ग.३प. ७६८ नम्बरको मोटरसाइकलमा ०६६ पुस ७ गते बिहान एकीकृत माओवादीका कार्यकर्ताले आगजनी गरे। नागरिक सर्वोच्चता बहालीको माग गर्दै एकीकृत माओवादीले आह्वान गरेको तीनदिने आमहडताल उल्लङ्घन गरेको आरोपमा गरिएको आगजनीबाट मोटरसाइकलको केही भागमा क्षति पुग्यो। घटनालगत्तै घटनास्थल पुगेको प्रहरीले आगो निभाएको थियो। प्रहरीले आगजनीमा संलग्न हुने कसैलाई पनि गिरफ्तार गरेन।

एकीकृत माओवादीनिकट अखिल नेपाल सुकुमवासी सङ्घका कार्यकर्ताहरूले ०६६ मङ्सिर ३० गते तनहुँको ढोरफिर्दी गाविस-७ घारी तालबँसीमा ३ हजार ५ सय ४२ रोपनी सार्वजनिक जग्गा कब्जा गरे। सयौँको सङ्ख्यामा आएका माओवादी कार्यकर्ताले सो जग्गामा सुकमवासी सङ्घको झन्डा गाडेर कब्जा गरेको घोषणा गरेका थिए। माओवादी कार्यकर्ताहरूले सो स्थानको मरतरास्थित १ हजार ४ सय ४२ रोपनी,

Westren:Layout 1 2/14/2010 9:06 AM Page 354

मालेबगरस्थित ६ सय रोपनी, पाडखोलास्थित ७ सय रोपनी, सुन्दरेस्थित ६ सय रोपनी र फुर्सेवाधस्थित २ सय रोपनी जग्गा कब्जा गरेका थिए। जिल्ला प्रशासन कार्यलयले पुस १ गते सूचना जारी गरी सार्वजनिक जग्गा कब्जा नगर्न अनुरोध गऱ्यो। प्रहरीले पुस १ गते माओवादी कार्यकर्ताले गाडेको झन्डा हटायो।

राष्ट्रिय जनमोर्चाबाट

सङ्घीयताको विरोधमा राष्ट्रिय जनमोर्चा, नेपालले आह्वान गरेको गण्डकी-धौलागिरि बन्दको अवज्ञा गरेको आरोपमा सो पार्टीका कार्यकर्ताहरूले ०६६ पुस १२ गते व्यास नपा-११ बुल्दीखोलाको पुलनजिक कास्कीको पोखराका नन्दलाल गुरुङको ग.२प. ४४६२ नम्बरको र व्यास नपा-१ तालघरेका ईश्वर पौडेलेको अनटेस्ट लेखिएको मोटरसाइकल तोडफोड गरे। भरतपुर अस्पतालमा बिरामी भेटेर फर्कदै गरेका गुरुङ र घरबाट दमौली बजारतर्फ जाँदै गरेका पौडेलको मोटरसाइकल रोकेर बन्दकर्ताले तोडफोड गरेका थिए। तोडफोडबाट मोटरसाइकलको सिसा र अघिल्लो भागमा क्षति पुगेको थियो। तोडफोडलगत्तै घटनास्थल पुगेको प्रहरीले मोटरसाइकललाई थप क्षति हुनबाट जोगाएको थियो। प्रहरीले तोडफोडमा संलग्न कसैलाई पनि गिरफ्तार गरेन।

स्वास्थ्य सेवाको अवस्था

जिल्ला अस्पतालमा यस वर्षको अन्त्यसम्ममा डाक्टर दरबन्दी पाँच जना रहेकामा दुई जना, स्टाफ नर्स दरबन्दी चार जना रहेकामा चार जना, सीएमए दरबन्दी ५१ जना रहेकामा ४८ जना, ग्रामीण स्वास्थ्य कार्यकर्ता दरबन्दी ३२ जना रहेकामा २१ जना, अनमि दरबन्दी २० जना रहेकामा २० जना र मासिका दरबन्दी ३१ जना रहेकामा ३१ जना कार्यरत रहेका थिए। जिल्ला जनस्वास्थ्य कार्यालयका अनुसार जिल्लामा दुईओटा अस्पताल, एउटा प्राथमिक स्वास्थ्य केन्द्र, ३१ ओटा उपस्वास्थ्य चौकी र १२ ओटा स्वास्थ्य चौकी, १ सय ८१ ओटा गाउँघर स्वास्थ्य क्लिनिक र ११ ओटा आयुर्वेद स्वास्थ्य केन्द्र गरी जम्मा २ सय ४५ स्वास्थ्यसँग सम्बन्धित कार्यालयहरू रहेका छन्।

३.२ गोरखा

जनसङ्ख्या : ३,२०,००४
साक्षरता प्रतिशत : ५०
महिला साक्षरता प्रतिशत : ४१
क्षेत्रफल (वर्ग कि. मि.) : ३,६१०
गाविस/नपा सङ्ख्या : ६६/१
सरकारी/निजी विद्यालय : ४९६/२४
क्याम्पस/उच्च मा.वि. : २/३६
अस्पताल/स्वास्थ्य चौकी : २/७४
मानव विकास सूचकाङ्कः ०.४५४
प्रतिपरिवार सरदर सङ्ख्याः ५

जेल र बन्दीहरू

कुल ५५ बन्दी क्षमताको 'ङ' श्रेणीको गोरखा कारागारमा यस वर्षको अन्त्यसम्म ५० जना पुरुष र पाँच जना महिला गरी ५५ जना बन्दी रहेका छन्। जसमध्ये कैद तोकिएका ३५ जना पुरुष र पाँच जना महिला छन् भने कैद नतोकिएका १५ जना पुरुष थुनुवा रहेका छन्। कारागारमा एक जना आश्रित बालक पनि रहेका छन्। कारागारमा पुरुष र महिला बन्दी दुवै कक्षमा एक-एकओटा रङ्गीन टीभी, खेलकुद सामग्री, पत्रपत्रिका र पुरुष बन्दी कक्षमा एउटा पुस्तकालय उपलब्ध छ। बन्दीहरूका लागि आवश्यकता अनुसार स्वास्थ्य जाँच हुने गरेको छ। कहिलेकाहीं कारागारमा क्षमताभन्दा बढी बन्दी भएकाले सुत्न-बस्न कठिन हुने गरेको बन्दीहरूले बताए।

धम्की/कुटपिट

एकीकृत माओवादीबाट

केराबारी गाविस-२ का ३७ वर्षीय विराज गुरुङलाई ०६५ माघ १ गते एकीकृत माओवादीका

Westren:Layout 1 2/14/2010 9:06 AM Page 355

घटनाको प्रकार	गैर राज्यबाट						
	अन्यबाट				एकीकृत माओवादीबाट		
	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा	घटना सङ्ख्या	पुरुष	जम्मा
घाइते	१	६		६			
कुटपिट	३	१०	१	११	४	६	६
भेला/सङ्गठित हुने अधिकार					३	३०	३०
बालअधिकार	५		५	५			
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार					१	१	१
अमानवीय व्यवहार					१	३	३
जम्मा	८	१६	६	३३	८	३९	३९

कार्यकर्ताले कुटपिट गरी घाइते बनाए। सोही गाविसका पूर्वअध्यक्ष एवम् एमाले कार्यकर्ता गुरुङलाई स्थानीय चिसापानीमा एकीकृत माओवादी कार्यकर्ताहरूले मरणासन्न हुने गरी कुटपिट गरेका थिए। जिल्ला अस्पतालमा सामान्य उपचार गरेपछि ०६५ माघ २ गते पीडितलाई थप उपचारका लागि काठमाडौँस्थित न्युरो अस्पतालमा भर्ना गरेकामा ०६५ माघ १० गते उपचारपछि घर फर्किए।

गोरखा नपा-९ छेवेटारस्थित तारा माध्यमिक विद्यालयका स्थानीय शिक्षक ४४ वर्षीय विष्णु पाठकले विद्यालयमा राजनीति गरेको आरोपमा ०६६ जेठ २६ गते उनलाई एकीकृत माओवादीका कार्यकर्ताले विद्यालयबाट घर फर्कदै गर्दा सोही स्थानमा कुटपिट गरे। १०/१२ जनाको सङ्ख्यामा रहेका माओवादी कार्यकर्ताले उनीमाथि ढुङ्गा र लाठी प्रहार गरेका थिए। पीडितको जिल्ला अस्पतालमा उपचार भयो। पीडितले कुनै निकायमा उजुरी गरेनन्।

थुमी गाविस-२ निवासी थुमी गाविस-३ स्थित गणेश माध्यमिक विद्यालयका प्रधानाध्यापक ४५ वर्षीय भीम धमलालाई ०६६ साउन १४ गते एकीकृत माओवादीका स्थानीय कार्यकर्ताले कुटपिट गरे। नेपाल राष्ट्रिय शिक्षक सङ्गठनका सदस्यसमेत रहेका धमलालाई विद्यालयतर्फ जाँदै गर्दा स्थानीय माओवादी कार्यकर्ताको नेतृत्वमा आएका पाँच/छ जनाको समूहले आफूलाई कुटपिट गरेको पीडितले बताए। कुटाइबाट दाहिने आँखामा गम्भीर चोट लागेको धमलाको आरुचनौटे गाविस-१ स्थित आरुचनौटे प्राथमिक स्वास्थ्य केन्द्रमा उपचार भयो।

खरीबोट गाविस-८ निवासी स्थानीय स्यार्तन निमाविका शिक्षक ३२ वर्षीय कृष्णप्रसाद धितललाई विद्यालयमा राजनीति गर्न आएको आरोपमा ०६६ भदौ १० गते विद्यालयकै हाताभित्र एकीकृत माओवादीका कार्यकर्ताहरूले कुटपिट गरे। विद्यालयमा पढाइरहेका बेलामा आएका माओवादी कार्यकर्ताहरूले बाहिर बोलाएर कुटपिट गरेका थिए। सोही विषयको विवाद मिलाउने भनी विद्यालयनजिकै बोलाएर ०६६ भदौ १० गते साँझ स्यार्तन निम्नमाध्यमिक विद्यालयका प्रधानाध्यापक रामचन्द्र धिताल र विद्यालय व्यवस्थापन समितिका अध्यक्ष टेकनिधि पोखरेललाई पनि माओवादीका कार्यकर्ताहरूले कुटपिट गरेका थिए। एकीकृत माओवादीले भने सो घटना राजनीतिक नभई सामाजिक अन्तरविरोधसँग सम्बन्धित भएकाले आफ्नो दलको संलग्नता नरहेको दाबी गऱ्यो।

अनेरास्ववियु (क्रान्तिकारी)बाट

गोरखा नपाका पूर्वप्रमुख विशेश्वर कट्टेल, एमाले जिल्ला उपसचिव विकलकुमार श्रेष्ठ, सदस्य यादव बस्नेत, सम्झना देवकोटा, देवराज श्रेष्ठ, अनेरास्ववियुका कार्यकर्ता द्रोणाचार्य तिमल्सिना, प्रायुसङ्घका जिल्ला अध्यक्ष कृष्ण काप्री, कार्यकर्ता किसान श्रेष्ठ र अञ्जन भट्टलाई ०६५ माघ ९ गते अनेरास्ववियु (क्रान्तिकारी)का कार्यकर्ताले गोरखा नपा-३ मा कुटपिट गरे। अनेरास्ववियुले पृथ्वीनारायण

वाईसीएलद्वारा कुटपिट गरी घाइते बनाइएका भोला श्रेष्ठ

Westren:Layout 1 2/14/2010 9:06 AM Page 356

क्याम्पस पोखरामा आफ्ना नेता-कार्यकर्तामाथि कुटपिट भएको घटनाको विरोधमा आह्वान गरेको चक्काजाम अनेरास्ववियु (क्रान्तिकारी)ले जबरजस्ती खुलाउने प्रयास गर्दा भएको झडपमा उनीहरूलाई कुटपिट गरिएको थियो।

गोरखा नपा-२ निवासी नेविसङ्घ गोरखाका सचिव रूपबहादुर गुरुङ र बुङ्कोट गाविस-४ निवासी नेविसङ्घका जिल्ला सदस्य शरण श्रेष्ठ गोरखा नपा-८ लक्ष्मीबजारस्थित द्रव्य शाह बहुमुखी क्याम्पसको हाताभित्र नेविसङ्घका कार्यकर्ताले अनेरास्ववियु (क्रान्तिकारी)का कार्यकर्तालाई ०६६ साउन १८ गते हात हालेको आरोपमा ०६६ साउन १९ गते अनेरास्ववियु (क्रान्तिकारी)का कार्यकर्ताहरूले कुटपिट गरे। कुटपिटबाट नेविसङ्घ गोरखाका सचिव रूपबहादुर गुरुङको खुट्टामा र शरण श्रेष्ठको टाउकोमा गम्भीर चोट लागेको थियो। सोही घटनामा अनेरास्ववियु (क्रान्तिकारी)का राजन थापा मगर, अमृत वाग्ले, इमानजङ बानियाँ र राजु श्रेष्ठ सामान्य घाइते भएका थिए।

वाईसीएलबाट

गोरखा नपा-११ निवासी नेपाल तरुण दल गोरखाका सचिव ३६ वर्षीय ध्रुव पन्त र गोरखा नपा-९ निवासी एमाले गोरखाका जिल्ला कमिटी सदस्य ४० वर्षीय भोला श्रेष्ठलाई बन्दको अवज्ञा गरेको आरोपमा ०६६ पुस ६ गते वाईसीएल कार्यकर्ताहरूले कुटपिट गरे। गोरखा बजारबाट माइक्रोबस चढेर गएका वाईसीएल कार्यकर्ताको एक समूहले तरुण दलका सचिव पन्तलाई छिमेकीको घरमा बसिरहेको अवस्थामा र एमालेका श्रेष्ठलाई उनकै बन्द रहेको पसलभित्र सामान मिलाइरहेको बेला पुगेका वाईसीएल कार्यकर्ताहरूले लाठीले र लात्तीले हिर्काएका थिए। घाइतेमध्ये श्रेष्ठको

वाईसीएलद्वारा कुटपिट गरी घाइते बनाइएका ध्रुव पन्त

गोरखा जिल्ला अस्पतालमा र टाउकोमा चोट लागेका पन्तको काठमाडौँमा उपचार भएको थियो। एकीकृत माओवादीले आह्वान गरेको तीनदिने आमहडतालको दुवै जनाले अवज्ञा गरेकाले त्यस्तो कदम चाल्नु परेको एकीकृत माओवादी गोरखाले जनायो।

अभिव्यक्ति, भेला हुने र सङ्गठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

गोरखा नपा-१ निवासी राप्रपा नेपाल गोरखाका जिल्ला उपाध्यक्ष ५३ वर्षीय रामकुमार श्रेष्ठ र गोरखा नपा-८ निवासी सोही दलका सचिव ५५ वर्षीय अम्मरबहादुर कुँवरलाई जनआन्दोलन, जनयुद्ध र संविधानको मर्मविपरीत कार्यक्रम गरेको आरोपमा ०६६ भदौ २ गते एकीकृत माओवादीका कार्यकर्ताहरूले दुर्व्यवहार गरे। गोरखाको बसपार्कमा राजतन्त्रको फैसला जनमतसङ्ग्रहले गर्नुपर्ने, नेपाल हिन्दु राष्ट्र हुनुपर्नेलगायतका मागहरू लेखिएको ब्यानर लिएर राप्रपा नेपालले हस्ताक्षर सङ्कलन गरिरहेका बेला श्रेष्ठ र कुँवरलाई माओवादीका कार्यकर्ताहरूले दुर्व्यवहार गरेका थिए।

गाँखु गाविस-५ नयाँसाँघुस्थित गोरखा निर्वाचन क्षेत्र नं. २ को एमाले क्षेत्रीय कार्यालयको साइनबोर्ड र झन्डा छोप्राक गाविस-९ चोरकाटेमा आयोजित एकीकृत माओवादीको क्षेत्रीय भेलामा सहभागी भएर ०६६ भदौ १३ गते फर्कंदै गरेका माओवादीका कार्यकर्ताहरूले झिकेर लगे।

तरुण दलका केन्द्रीय महासचिव पुष्प पराजुली, केन्द्रीय सदस्य कृष्ण बस्यालसहित काङ्ग्रेस कार्यकर्ताहरू रामकृष्ण लामिछाने, विद्युत् लामिछाने, दीपेन्द्र गुरुङ, गकुल लामिछाने, आइते गुरुङ, प्रशान्त देवकोटा, चित्रप्रसाद भट्ट, युवराज न्यौपाने, उमेश खनाल, रमेश वस्ताकोटी, किरण अङ्गाई, दीपक अङ्गाई, विकास भट्टराई, अजीत ढकाल, ठाकुर भट्ट र प्रकाश पनेरु चढेर काठमाडौँबाट गोरखा आउँदै गरेको बा.१.ज ७८५५ नम्बरको माइक्रोबस ०६६ पुस ८ गते राती १२ बजे गोरखा नपा-३ स्थित लोकतान्त्रिक चोकमा एकीकृत माओवादी कार्यकर्ताहरूले तोडफोड गरे। तीनदिने आमहडतालका क्रममा वाईसीएलका कार्यकर्ताले तरुण दल गोरखाका सचिव ध्रुव पन्तलाई कुटेको विरोधमा कार्यक्रम गर्न आउँदै गर्दा गोरखाबजार आइपुग्नासाथै २५/३० जनाको सङ्ख्यामा लाठीसहित आएका माओवादी कार्यकर्ताहरूले माइक्रोबस रोकेर बसबाट कसैलाई पनि ओर्लन नदिई सबै सिसाहरू फुटाइदिएको र बसभित्र रहेका आफूहरूलाई लाठीले हान्ने र घोच्ने काम गरेको तरुण दलका महासचिव

Westren:Layout 1 2/14/2010 9:06 AM Page 357

पुष्प पराजुलीले बताए। तोडफोडपश्चात् बसमा एउटा खुकुरीसमेत भेटिएकाले उनीहरू आक्रमण गर्ने योजनासाथ आएको दाबी गर्दै एकीकृत माओवादीले बससहित काङ्ग्रेस कार्यकर्ताहरूलाई जिल्ला प्रहरी कार्यालय गोरखामा बुझायो। प्रहरीले उनीहरूलाई त्यसै दिन तरुण दलका महासचिव पराजुलीको रोहबरमा रिहा गऱ्यो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

दुनियाँवादी फौजदारी मुद्दातर्फ गत वर्ष जिम्मेवारी सरेर आएका २७ थान र यस वर्ष नयाँ दर्ता भएका १४ थान गरी जम्मा ४१ थान मुद्दामध्ये १४ थान फर्स्यौट भई २७ थान मुद्दा बाँकी रहे।

सरकारवादी फौजदारी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका ३८ थान र यस वर्ष दर्ता भएका आठ थान गरी जम्मा ४६ थानमध्ये २० थान फर्स्यौट भई २६ थान मुद्दा बाँकी रहे।

देवानी मुद्दातर्फ गतवर्ष जिम्मेवारी सरेर आएका ५८ थान र यस वर्ष दर्ता भएका २२ थान गरी जम्मा ८० थानमध्ये ११ थान फर्स्यौट भई ६९ थान मुद्दा बाँकी रहे। यसरी यस वर्षको अन्त्यसम्ममा जिल्ला अदालतमा १ सय २२ थान मुद्दा फर्स्यौट हुन बाँकी रहे।

बालअधिकार

यस जिल्लामा विद्यालय जाने उमेर समूहको कुल सङ्ख्या ५५ हजार १ सय ६२ बालबालिकामध्ये ९८.८ प्रतिशत मात्र विद्यालय जाने गरेका छन्। तीमध्ये १.२ प्रतिशत बालबालिकाहरू विद्यालय जानबाट वञ्चित रहेको जिल्ला शिक्षा कार्यालयले जनायो।

यस जिल्लामा प्रारम्भिक बालविकास केन्द्र ३ सय २५ रहेका छन्। सामुदायिक विद्यालयतर्फ प्राथमिक ३ सय ६४ ओटा, निमावि ५५ ओटा, मावि ३८ ओटा र उच्चमावि ३५ ओटा रहेका छन्। त्यसैगरी, संस्थागत विद्यालयतर्फ प्राथमिक १९ ओटा, निमावि छओटा, मावि एउटा र उच्चमावि एउटा रहेका छन्। प्रारम्भिक बालविकास केन्द्रबाहेक यस जिल्लामा जम्मा ५ सय २१ ओटा विद्यालयहरू रहेका छन्। ती विद्यालयहरूमा अध्ययनरत बालबालिका ८७ हजार ४ सय ६४ जना रहेका छन्। जसमा ४४ हजार ७ सय ७८ जना बालिका र ४२ हजार ६ सय ८६ जना बालक रहेका छन्। जिल्ला शिक्षा कार्यालयका अनुसार यस जिल्लामा रहेका विद्यालयहरूमा १६ हजार २ सय ३५ जना दलित बालबालिका अध्ययनरत छन्। तीमध्ये ७ हजार ९ सय ९७ जना बालक र ८ हजार २ सय ३९ जना बालिका रहेका छन्। जिल्लाको महिला साक्षरता प्रतिशत ४०.७ र पुरुष साक्षरता प्रतिशत ५९.६ रहेको छ भने जम्मा साक्षरता प्रतिशत ४९.४० रहेको जिल्ला शिक्षा कार्यालयले जनाएको छ।

एकीकृत माओवादीद्वारा कुटपिट गरी घाइते बनाइएका कृष्णप्रसाद धिताल

गाँखु गाविस-५ की १२ वर्षीया बालिकालाई सोही ठाउँका ६२ वर्षीय होमप्रसाद श्रेष्ठले ०६५ माघ १७ गते बलात्कार गरेको आरोपमा ०६५ माघ २० गते उनलाई प्रहरीले घरबाटै गिरफ्तार गऱ्यो। बालिकालाई नारेश्वर गाविस-६ स्थित जङ्गलमा बोलाएर ४५ रुपियाँ दिई फकाएर बलात्कार गरेको भनी पीडित परिवारले ०६५ माघ १८ गते प्रहरीमा उजुरी दिएपछि प्रहरीले उनलाई गिरफ्तार गरेको थियो। आरोपित श्रेष्ठलाई जिल्ला अदालतको आदेशमा ०६५ फागुन १६ गतेदेखि पुर्पक्षका लागि थुनामा राखिएको छ।

ताप्ले गाविस-८ की १० वर्षीया एक बालिकालाई सोही ठाउँका ६७ वर्षीय मुसे नेपालीले ०६५ फागुन १५ गते बलात्कार गरेको आरोपमा ०६५ फागुन १७ गते उनलाई प्रहरीले घरबाट गिरफ्तार गऱ्यो। बालिकालाई आफ्नो घरमा बोलाएर बलात्कार गरेको भन्दै पीडित पक्षले ०६५ फागुन १६ गते प्रहरीमा उजुरी दिएपछि आरोपितलाई प्रहरीले गिरफ्तार गरेको थियो। आरोपित श्रेष्ठलाई जिल्ला अदालतको आदेशमा ०६५ चैत महिनादेखि पुर्पक्षका लागि थुनामा राखिएको छ।

छोप्राक गाविस-५ की आठ वर्षीया एक बालिकालाई ०६६ कात्तिक २८ गते बलात्कार गरेको आरोपमा सोही ठाउँका ५८ वर्षीय गोठे नेपालीलाई ०६६ मङ्सिर २ गते प्रहरीले गिरफ्तार गऱ्यो। भात खान बोलाई आफ्नै घरमा बलात्कार गरेको पीडित बालिकाले बताइन्। आरोपित ०६६ मङ्सिर २५ गतेदेखि पुर्पक्षका लागि थुनामा रहेका छन्।

मान्वु गाविस-६ स्याम्चेतकी १२ वर्षीया एक बालिकालाई सोही ठाउँका ४९ वर्षीय सिंहबहादुर लामाले ०६६ मङ्सिर २९ गते राती घरनजिकैको गोठमा बलात्कार गरेको भन्दै बालिकाका बाबुले ०६६ पुस ५ गते जिल्ला प्रहरी

Westren:Layout 1 2/14/2010 9:06 AM Page 358

कार्यालय गोरखामा उजुरी दिएको भए तापनि आरोपित यस वर्षको अन्त्यसम्म फरार छन्।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

विगतका वर्षहरूमा जस्तै यस वर्ष पनि उत्तरी गोरखाका दुर्गम सातओटा गाविसहरू छेकम्पार, ल्हो, प्रोक, बिही, चुम्चेत, सिर्दीबास र सामागाउँमा नेपाल खाद्य संस्थानले समयमा सहुलियत दरको चामल ढुवानी नगर्दा सो क्षेत्रका बासिन्दाले खाद्य सङ्कट बेहोर्नुपऱ्यो। सिर्दीबास डिपोका लागि यस वर्ष स्वीकृत २ हजार २ सय ६० क्विन्टल चामल पनि दसैँअघिसम्म पनि ढुवानी हुन सकेन। खाद्यान्नको चरम सङ्कट हुने अवस्था देखिएपछि प्रतिकिलो २ सय रुपियाँ ढुवानी खर्च बेहोरेर दसैँको अष्टमीका दिन मात्र सो क्षेत्रमा संस्थानले हेलिकप्टरबाट चामल ढुवानी गरेको थियो।

संरचना, सम्पति क्षति

अखिल नेपाल किसान सङ्घ, २००७ बाट

श्रीनाथकोट गाविस-२ सिरानचोकस्थित भरत गुरुङको करिब ६ सय ५० रोपनी जग्गा ०६६ भदौ १५ गते एकीकृत माओवादीनिकट अखिल नेपाल किसान सङ्घ, २००७ गोरखाले कब्जा गऱ्यो। पूर्वराजपरिवार सदस्य धीरेन्द्र शाहका अङ्गरक्षक भरत गुरुङको जग्गामा अखिल नेपाल किसान सङ्घ, २००७ का कार्यकर्ताहरूले झन्डा गाडेर कब्जामा लिएको घोषणा गरेका थिए। यस वर्षको अन्त्यसम्म सो जग्गा सङ्घको कब्जामा छ।

स्वास्थ्य सेवाको अवस्था

जिल्ला अस्पतालमा यस वर्षको अन्त्यसम्ममा डाक्टर दरबन्दी तीन जना रहेकामा एक जना, स्टाफ नर्स चार जनाको दरबन्दी रहेकामा तीन जना, सीअहेव/एचए दरबन्दी १६ जना रहेकामा १६ जना, अहेव दरबन्दी ७४ जना रहेकामा ६५ जना, ग्रामीण स्वास्थ्य कार्यकर्ता दरबन्दी ५३ जना रहेकामा ४२ जना, अनमि दरबन्दी २४ जना रहेकामा १९ जना र मासिका दरबन्दी ५५ जना रहेकामा ५४ जना कार्यरत रहेका थिए। जिल्ला जनस्वास्थ्य कार्यालयका अनुसार जिल्लामा तीनओटा प्राथमिक स्वास्थ्य केन्द्र, ५५ ओटा उपस्वास्थ्य चौकी र १० ओटा स्वास्थ्य चौकी, एउटा जिल्ला अस्पताल र दुईओटा प्राइभेट अस्पतालसमेत गरी जम्मा ७१ ओटा स्वास्थ्यसँग सम्बन्धित कार्यालयहरू रहेका छन्।

३.३ लमजुङ

जनसङ्ख्या : १,९८,३०२
साक्षरता प्रतिशत : ६५
महिला साक्षरता प्रतिशत : ५४
क्षेत्रफल (वर्ग कि. मि.) : १,६९२
गाविस/नपा सङ्ख्या : ६१/०
सरकारी/निजी विद्यालय : ५३०/२२
क्याम्पस/उच्च मा.वि. : ६/२३
अस्पताल/स्वास्थ्य चौकी : १/६१
मानव विकास सूचकाङ्कः ०.४९२
प्रतिपरिवार सरदर सङ्ख्याः ५

जेल र बन्दीहरू

कुल २५ जनाको क्षमता भएको 'घ' श्रेणीको जिल्ला कारागारमा यस वर्षको अन्त्यसम्म दुई जना महिला र २३ जना पुरुष गरी जम्मा २५ जना रहेका छन्। जसमा कर्तव्य ज्यानमा कैद तोकिएका पुरुष नौ र महिला दुई जना र कैद नतोकिएका पुरुष दुई जना छन्। डाँका चोरीमा कैद तोकिएका पुरुष छ जना, जबरजस्ती करणीमा कैद तोकिएका पुरुष चार जना र कीर्ते नागरिकतामा थुनुवा पुरुष दुई जना छन्।

धम्की/कुटपिट

वाईसीएलबाट

बेसीसहर गाविस-१ निवासी काङ्ग्रेसका जिल्ला उपसभापति जीवनकुमार श्रेष्ठ र सुन्दरबजार गाविस निवासी सोही गाविसका एमाले गाउँ कमिटी सचिव ३५ वर्षीय रघुजी मिश्रले लमजुङ कृषि क्याम्पसमा राजनीति गर्न खोजेको आरोपमा ०६५ फागुन २६ गते उनीरूलाई वाईसीएल कार्यकर्ताले क्याम्पस परिसरमा कुटपिट गरे।

बेसीसहर गाविस-२ निवासी एमालेनिकट

Westren:Layout 1 2/14/2010 9:06 AM Page 359

घटनाको प्रकार	गैर राज्यबाट						
	अन्यबाट				एकीकृत माओवादीबाट		
	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा	घटना सङ्ख्या	पुरुष	जम्मा
घाइते	१	१		१			
कुटपिट	१४	६३	८	७१	१	१	१
धम्की	१	१६		१६			
महिलाअधिकार	३		३	३			
जम्मा	१९	८०	११	९१	१	१	१

युथफोर्सका जिल्ला सहसंयोजक गोविन्द बस्नेत र सदस्य बासु बराललाई ०६५ फागुन २७ गते फागुपूर्णिमा मनाउन भोटेओडार गएको बेला वाईसीएल कार्यकर्ताले भोटेओडार गाविसको सिउँडीबारमा रड र खुकुरी प्रहार गरी घाइते बनाए। पीडितद्वयको स्थानीय औषधी पसलमा उपचार भयो भने घटनामा संलग्न वाईसीएल कार्यकर्ता डिलबहादुर नेपाली र नवीन लामिछाने फरार भए। उनीहरूविरुद्ध एमाले जिल्ला कमिटीले ज्यानमार्ने उद्योग ऐन अर्न्तगत ०६५ फागुन २८ गते प्रहरीमा मुद्दा दायर गऱ्यो। आरोपितहरूविरुद्ध वर्षको अन्त्यसम्म पनि कुनै कारवाही भएन।

गोर्खा जिल्ला निवासी लमजुङ कृषि क्याम्पसका कर्मचारी ३२ वर्षीय सन्तोष आर्चायले क्याम्पसमा राजनीति गरेको आरोपमा ०६५ फागुन २८ गते उनलाई वाईसीएल कार्यकर्ताले क्याम्पस परिसरमा कुटपिट गरे। पीडितले कुनै निकायमा उजुर गरेनन्।

बेसीसहर गाविस-२ निवासी युथफोर्स कार्यकर्ता २८ वर्षीय ऋषि बस्नेतले मध्यमर्स्याङ्दी विद्युत् परियोजनाबाट कबाडी सामान उठाएर बेच्न लागेको आरोपमा ०६६ वैशाख २ गते उनलाई वाईसीएलका कार्यकर्ताले उदीपुर गाविसस्थित आकाशे भीरमा खुकुरी प्रहार गरी भीरबाट फालिदिए। पीडितको काठमाडौँमा उपचार भयो। एमाले जिल्ला कमिटीले घटनामा संलग्न वाईसीएल कार्यकर्ताहरू डिलबहादुर नेपाली, रवीन्द्र अधिकारी र माओवादी कार्यकर्ता प्रभु घिमिरेविरुद्ध ०६६ वैशाख ३ गते ज्यानमार्ने उद्योग अन्तर्गत प्रहरीमा मुद्दा दायर गऱ्यो। उनीहरूलाई यस वर्षको अन्त्यसम्म कुनै कारवाही भएन।

दुराडाँडा गाविस निवासी इन्सेक जिल्ला प्रतिनिधि ३१ वर्षीय कृष्णप्रसाद अधिकारी, गाउँसहर गाविस निवासी *एभिन्युज टेलिभिजन*का संवाददाता ३२ वर्षीय मिलन शर्मा दनाई, भुजुङ गाविस निवासी *रेडियो नेपाल*का संवाददाता २५ वर्षीय आश गुरुङ र भोटेओडार गाविस निवासी *लमजुङ मिरर*का सम्पादक २८ वर्षीय अञ्जानकुमार हिमालीले माओवादीनिकट तमु राष्ट्रिय मुक्ति मोर्चाले आह्वान गरेको जिल्ला बन्दको समाचार एकपक्षीय रूपमा सम्प्रेषण गरेको आरोपमा ०६६ जेठ २५ गते उनीहरूलाई वाईसीएल कार्यकर्ताले काट्ने धम्की दिए।

बाग्लुङपानी गाविस-३ निवासी एमाले जिल्ला कमिटी सदस्य ४६ वर्षीय केशरबहादुर खत्रीलाई शिक्षक राख्ने विषयमा सामान्य विवाद भएका कारण ०६६ कात्तिक २६ गते साँझ माओवादी कार्यकर्ता रवि अधिकारीले कुटपिट गरे। पीडितले ०६६ कात्तिक २७ गते जिप्रकामा उजुरी गरे पनि यस वर्षको अन्त्यसम्म कुनै पनि कारवाही भएन।

अर्चलबोट गाविस-७ निवासी एमाले क्षेत्र नं. १ का क्षेत्रीय सदस्य ४५ वर्षीय लालबहादुर गुरुङलाई बाटोमा सामान्य विवाद भएका कारण ०६६ पुस १० गते बिहान वाईसीएल कार्यकर्ताले कुटपिट गरे। पीडितको बेसीसहर सामुदायिक अस्पतालमा उपचार भयो। पीडकलाई यस वर्षको अन्त्यसम्म कुनै कारवाही भएन।

युथफोर्सबाट

गाउँसहर गाविस-२ निवासी अखिल नेपाल शिक्षक सङ्गठनका जिल्ला उपाध्यक्ष हरि दनाई, अखिल नेपाल ट्रेड युनियन महासङ्घका जिल्ला अध्यक्ष शम्भु श्रेष्ठ, व्यापारी बासु पन्त, नेपाल पत्रकार महासङ्घ जिल्ला शाखाका सहसचिव नवीनराज कुईंकेल र

वाईसीएलद्वारा आक्रमण गरी घाइते बनाइएका लालबहादुर गुरुङ

Westren:Layout 1 2/14/2010 9:06 AM Page 360

युथफोर्सद्वारा आक्रमण गरी घाइते बनाइएका हरि दनाइ

क्रान्तिकारी पत्रकार सङ्घका जिल्ला अध्यक्ष वासु थापालाई ०६५ फागुन २७ गते बेसीसहर गाविसस्थित बजारमा युथफोर्सका कार्यकर्ताले कुटपिट गरे। सोही दिन भोटेओडार गाविसमा वाईसीएलका कार्यकर्ताले युथफोर्सका कार्यकर्तालाई कुटपिट गरेको भन्दै युथफोर्सका कार्यकर्ताले उनीहरूमाथि कुटपिट गरेका थिए। घटनामा घाइते भएकामध्ये दनाई र श्रेष्ठको काठमाडौँमा उपचार भयो। घटनामा संलग्न भएको आरोपमा युथफोर्सका जिल्ला सहसंयोजक गोविन्द बस्नेत र सदस्य वासु बरालविरुद्ध ०६५ फागुन २८ गते माओवादी जिल्ला समितिले ज्यान मार्ने उद्योग अन्तर्गत मुद्दा दायर गऱ्यो। पीडकहरूलाई यस वर्षको अन्त्यसम्म कुनै कारबाही भएन।

नेपाली काङ्ग्रेसबाट

चिती गाविस-६ निवासी जनकल्याण उच्चमाविका प्रधानाध्यापक ३७ वर्षीय मीनबहादुर जोशीलाई चिती गाविस-६ स्थित मोटरबाटो निर्माण समितिमा विवाद गरेको आरोपमा ०६६ वैशाख १७ गते नेपाली काङ्ग्रेसका कार्यकर्ताले चिती गाविस-६ कार्कीडाँडामा कुटपिट गरे। पीडितले यस वर्षको अन्त्यसम्म कुनै निकायमा उजुरी गरेनन्।

नेटा गाविस-९ निवासी माओवादी कार्यकर्ता ३८ वर्षीय प्रेमबहादुर कुँवरलाई राजनीति गरेको आरोपमा ०६६ भदौ १० गते नेपाली काङ्ग्रेसका कार्यकर्ता शङ्कर बस्नेतको नेतृत्वमा रहेको टोलीले सोही गाविसको थानसिङमा कुटपिट गऱ्यो। पीडितले यस वर्षको अन्त्यसम्म कुनै निकायमा उजुरी गरेनन्।

तरुण दलबाट

बाँग्रे गाविस-२ निवासी एमाले कार्यकर्ता ४६ वर्षीय डम्बरबहादुर रानाभाटलाई विद्यालय व्यवस्थापन समितिमा अध्यक्ष कसलाई बनाउने भन्ने विषयमा विवाद गरेका कारण ०६६ मङ्सिर १० गते तरुण दलका जिल्ला अध्यक्ष रमेश पाण्डेले कुटपिट गरे। यस वर्षको अन्त्यसम्म पीडितले कुनै निकायमा उजुरी गरेनन्।

अनेरास्ववियु (क्रान्तिकारी)बाट

लमजुङ कृषि क्याम्पस नेविसङ्घ एकाइ सभापति देवेन्द्र भण्डारी, उपसभापति राधिका गर्तौला, सदस्य विष्णु धिताल र विवेक श्रेष्ठलाई ०६५ फागुन ३० गते अनेरास्ववियु (क्रान्तिकारी)का विद्यार्थीहरूले स्ववियु निर्वाचनको विषयलाई लिएर क्याम्पस परिसरमा कुटपिट गरे। घटनामा घाइते भएका विष्णु धितालको काठमाडौँमा उपचार भयो भने अन्यको भोटेओडारस्थित पोलिक्लिनिकमा उपचार भयो। उक्त घटनामा अनेरास्ववियु क्रान्तिकारीका सदस्य प्रशान्त सापकोटा पनि घाइते भएका थिए।

पाचोक गाविस निवासी वाईसीएल कार्यकर्ता २५ वर्षीय जीवन गुरुङलाई बजार बन्द गर्दै हिँडेको आरोपमा ०६६ जेठ २५ गते बेसीसहर गाविसका स्थानीय युवाहरूले बेसीसहरममा खुकुरी प्रहारबाट घाइते बनाए। उनको स्थानीय कालिका पोलिक्लिकमा उपचार भयो। यस वर्षको अन्त्यसम्म पीडितले कुनै निकायमा उजुरी गरेनन्।

अभिव्यक्ति, भेला हुने र सङ्गठित हुने अधिकार
(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

लमजुङ क्षेत्र नं. २ बाट संविधानसभा सदस्य पृथ्वी सुब्बा गुरुङ संविधानसभा सुझाव सङ्कलन गर्न जिल्ला गएको समयमा ०६५ फागुन २८ गते वाईसीएल कार्यकर्ताले बेसीसहर गाविस-१ स्थित जिल्ला प्रहरी कार्यालय अघिल्तिर ढुङ्गा प्रहार गरे। गुरुङलाई ०६५ फागुन २७ गते युथफोर्सका कार्यकर्ताले माओवादी कार्यकर्तालाई बेसीसहर गाविसमा कुटपिट गरेको घटनामा संरक्षण दिएको भन्दै वाईसीएलका कार्यकर्ताले आक्रमण गरेका थिए। पीडकलाई यस वर्षको अन्त्यसम्म कुनै कारबाही भएन।

अनेरास्ववियु(क्रान्तिकारी)द्वारा आक्रमण गरी घाइते बनाइएकी राधिका गौतम

Westren:Layout 1 2/14/2010 9:06 AM Page 361

सुगम र निष्पक्ष न्यायिक अधिकार जिल्ला अदालतमा

दुनियाँवादी फौजदारी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका १६ थानमध्ये यस वर्ष ११ थान फर्स्यौट भई पाँच थान बाँकी रहे। यस वर्ष दर्ता भएका दुनियाँवादी फौजदारी मुद्दा २४ थानमध्ये १३ फर्स्यौट भई ११ थान मुद्दा बाँकी रहे। यस वर्षको अन्त्यसम्म १६ थान दुनियाँवादी फौजदारी मुद्दा बाँकी रहे।

सरकारवादी फौजदारी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका नौ थानमध्ये तीन थान फर्स्यौट भई छ थान बाँकी रहे। यस वर्ष दर्ता भएका सरकारवादी फौजदारी मुद्दा आठ थानमध्ये पाँच थान फर्स्यौट भई तीन थान बाँकी रहे। यस वर्षको अन्त्यसम्म नौ थान सरकारवादी फौजदारी मुद्दा बाँकी रहे।

देवानी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका ४९ थानमध्ये ३२ फर्स्यौट भई १७ थान बाँकी रहे। यस वर्ष दर्ता भएका देवानी मुद्दा २० थानमध्ये दुई थान फर्स्यौट भई १८ थान बाँकी रहे। यस वर्षको अन्त्यसम्म ३५ थान देवानी मुद्दा बाँकी रहे। यसरी यस वर्षको अन्त्यसम्ममा जम्मा ६० थान मुद्दा फर्स्यौट हुन बाँकी रहे। पाँच वर्ष नाघेको कुनै पनि मुद्दा नभएको र जिल्ला बाल अदालत पनि गठन नभएको जिल्ला अदालतले जनायो।

बालअधिकार

यस जिल्लामा विद्यालय जाने उमेरका १९ हजार ६ सय १० जना बालबालिकामध्ये ९४.५ प्रतिशत मात्र विद्यालय जाने गरेका छन्। तीमध्ये ४.५ प्रतिशत बालबालिकाहरू विद्यालय जानबाट वञ्चित भएको जिल्ला शिक्षा कार्यालयले जनाएको छ।

यस जिल्लामा प्रारम्भिक बालविकास केन्द्र २ सय ४९ ओटा रहेका छन्। सामुदायिक विद्यालयतर्फ प्राथमिक २ सय ८७ ओटा, निमावि ३४ ओटा, मावि ४३ ओटा र उच्च मावि १९ ओटा रहेका छन्। त्यसैगरी, संस्थागत विद्यालयतर्फ प्राथमिक नौओटा, निमावि तीनओटा, मावि नौओटा र उच्चमावि चारओटा रहेका छन्। प्रारम्भिक बालविकास केन्द्रबाहेक यस जिल्लामा जम्मा ४ सय ६ ओटा विद्यालयहरू रहेका छन्। ती विद्यालयहरूमा अध्ययनरत बालबालिका ६० हजार १ सय १२ जनामध्ये ३० हजार ४ सय १५ जना बालिका र २९ हजार ६ सय ९७ जना बालक रहेका छन्। जिल्ला शिक्षा कार्यालयका अनुसार यस जिल्लामा रहेका विद्यालयहरूमा १२ हजार १४ जना दलित बालबालिका अध्ययनरत छन्। जसमा ६ हजार १ सय १५ जना बालक र ५ हजार ८ सय ९९ जना बालिका रहेका छन्। जिल्लाको महिला साक्षरता प्रतिशत ५४.०४ र पुरुष साक्षरता प्रतिशत ७६.७ छ भने जम्मा साक्षरता प्रतिशत ६४.७९ रहेको जिल्ला शिक्षा कार्यालयले जनाएको छ।

युथफोर्सद्वारा आक्रमण गरी घाइते बनाइएका शम्भु श्रेष्ठ

वाईसीएलद्वारा आक्रमण गरी घाइते बनाइएका ऋषिराम बस्नेत

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

सिम्पानी गाविस-९ की ३३ वर्षीया एक महिलालाई ०६६ असार १६ गते राती सोही ठाँउका नारायणदत्त कुईकेलले पीडितकै घरमा बलात्कार गरेपछि पीडितले असार २२ गते विष खाइन्। उपचारार्थ काठमाडौँ लैजाँदै गर्दा तनहुँको बाइसजाँगर भन्ने ठाउँमा पीडितको मृत्यु भयो। पीडितका परिवारले जिल्ला प्रहरी कार्यालयमा ०६६ असार १९ गते उजुरी दिए। आरोपित कुईकेल हालसम्म फरार रहेका छन्।

पारिवारिक हिंसा

बाँझाखेत गाविस-३ की १७ वर्षीया रितु तामाङलाई ०६६ पुस १ गते बेलुका पति पूर्णबहादुर लिम्बूले बेसीसहर-२ त्रिवेणी टोलमा रहेको आफ्नै कोठामा सामान्य विवाद भएका कारण मट्टीतेल खन्याएर आगो लगाइदिए। पीडकलाई प्रहरीले ०६६ पुस २ गते हिरासतमा लियो।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

एकीकृत माओवादीनिकट तमु राष्ट्रिय मुक्ति मोर्चाद्वारा ०६६ जेठ २५ गते

Westren:Layout 1 2/14/2010 9:06 AM Page 362

आह्वान गरेको जिल्ला बन्दका क्रममा बेसीसहर गाविस-१ का तुला अधिकारीको पार्किङ् गरी राखिएको बा.३प. ८६८३ नम्बरको मोटरसाइकल र मध्यमर्स्याङ्दी जलविद्युत् परियोजनाको बा.४च. १९२० नम्बरको गाडी वाईसीएल कार्यकर्ताले तोडफोड गरे।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा अस्पतालमा यस वर्षको अन्त्यसम्ममा डाक्टर दरबन्दी तीन जना रहेकामा एक जना, स्टाफ नर्स दरबन्दी तीन जनाको रहेकामा एक जना, सीअहेव दरबन्दी १२ जना रहेकामा ११ जना, अहेव दरबन्दी ६२ जना रहेकामा ५४ जना, ग्रामीण स्वास्थ्य कार्यकर्ता दरबन्दी ५० जना रहेकामा ३५ जना, अनमि दरबन्दी १४ जना रहेकामा ११ जना र मासिका दरबन्दी ५० जना रहेकामा ४७ जना कार्यरत रहेका थिए। जिल्ला जनस्वास्थ्य कार्यालयका अनुसार जिल्लामा दुईओटा प्राथमिक स्वास्थ्य चौकी, आठओटा स्वास्थ्य चौकी, ५० ओटा उपस्वास्थ्य चौकी गरी जम्मा ६० ओटा स्वास्थ्यसँग सम्बन्धित कार्यालयहरू रहेका छन्।

३.४ स्याङ्जा



जनसङ्ख्या : ३,३७,६७०
साक्षरता प्रतिशत : ६८
महिला साक्षरता प्रतिशत : ५८
क्षेत्रफल (वर्ग कि. मि.) : १,१६४
गाविस/नपा सङ्ख्या : ६०/२
सरकारी/निजी विद्यालय : ६९१/६४
क्याम्पस/उच्च मा.वि. : ७/६१
अस्पताल/स्वास्थ्य चौकी : १६०
मानव विकास सूचकाङ्कः ०.५३५
प्रतिपरिवार सरदर सङ्ख्याः ५

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या

अज्ञात समूहबाट

विचारीचौतारा गाविस-७ निवासी तरुण दलका जिल्ला उपाध्यक्ष ३० वर्षीय बाबुराम पौडेलको ०६५ चैत ४ गते उनकै घरनजिकै अज्ञात व्यक्तिहरूले हत्या गरे। मृतकका परिवारले ०६५ चैत ६ गते सेती दोभानस्थित प्रहरी चौकीमा उजुरी दिए। प्रहरीले सोही गाविस-९ की गोमा केसी, कृष्ण परियार, कमल केसीलगायतका व्यक्तिहरूलाई ०६५ चैत ७ गते नियन्त्रणमा लिई अनुसन्धानपश्चात् ०६६ वैशाख २ गते रिहा गऱ्यो। यस वर्षको अन्त्यसम्ममा हत्यामा संलग्न व्यक्तिको खोजी कार्य जारी राखेको प्रहरीले जनायो।

जेल र बन्दीहरू

'ङ' श्रेणीको जिल्ला कारागार शाखाको बन्दी क्षमता ३५ जनाको रहेको छ। कारागारमा ०६६ पुस १६ गतेसम्म सात जना महिला र ३५ जना पुरुष गरी जम्मा ४२ जना बन्दी तथा कैदी रहेका छन्। जसमध्ये चोरीडाँका, कर्तव्य ज्यान, ज्यानमार्ने उद्योग, जबरजस्ती करणी, मानव बेचविखन, बहुविवाह, केही सार्वजनिक अपराध र लागू औषध गरी १० थान मुद्दामा पाँच जना महिलासहित २१ जना कैद तोकिएका र दुई जना महिलासहित २१ जना बन्दी रहेका छन्। कारागारमा पानी, शौचालय, विद्युत् तथा पत्रपत्रिका, रेडियो र टीभीको व्यवस्था छ । खेलकुदका सामग्री र विद्यालय सामग्रीको अभाव छ। स्वास्थ्य परीक्षण नियमित रूपमा हुँदैन। ३५ जना बन्दी क्षमता भएको कारागारमा ४२ जना बन्दी रहेको हुँदा खानेबस्ने ठाउँको समस्या भएको कारागार प्रशासनले जनायो। पुरुष बन्दीहरूले बाँसका सामग्री निर्माण गरेर आयआर्जन गर्ने गरेका छन्। महिला बन्दीहरूले सीपमूलक तालिमको अभावमा समय बिताउन गाह्रो भएको गुनासो गरे।

धम्की/कुटपिट

नेपाली काङ्ग्रेसबाट

पिडीखोला गाविस-२ तल्लो कुभिन्डे निवासी नेकपा एमाले गाउँ कमिटी सचिव ५० वर्षीय चेतकान्त नेपालीले एमालेको राजनीति गरेको आरोपमा ०६५ चैत ३ गते उनलाई घुरुडखा माविका करिब ९० जना विद्यार्थीहरूको समूहले कुटपिट गरी दाहिने हात भाँचिदिनुका साथै घरका सबै सामान तोडफोड गऱ्यो।

घटनाको प्रकार	गैर राज्यबाट							
	अन्यबाट				एकीकृत माओवादीबाट			
	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा
हत्या	४	२	२	४				
घाइते	४	३	१	४				
कुटपिट	६	५	३	८	१	२	३	५
महिलाअधिकार	१८		३०	३०				
बालअधिकार	१		१	१				
अपहरण	२		२	२				
जम्मा	३६	१०	३९	३९	१	२	३	५

घटनामा संलग्न विद्यार्थीहरूलाई एकीकृत माओवादीको शिक्षक सङ्गठनमा आबद्ध शिक्षकहरूले उक्साएका कारण उक्त घटना भएको पीडितले आरोप लगाए। घटनाको अनुसन्धानका लागि पीडितले प्रहरी चौकी पिडीखोलामा उजुरी दिएपछि घुरुडखा माविका शिक्षक पर्वत जिल्ला टक्लाक गाविस निवासी हरिप्रसाद बस्याल र सर्लाही जिल्ला घर भएका रामबाबु यादवलाई ०६५ चैत १३ गते जिल्ला प्रहरी कार्यालयले नियन्त्रणमा लिई सोधपुछ गरी त्यसै दिन रिहा गऱ्यो।

वालिङ नपा-८ रामवाच्छा निवासी एकीकृत माओवादीका क्षेत्र नं. २ का क्षेत्रीय इन्चार्ज ३६ वर्षीय टीकाराम रेग्मीलाई ०६६ जेठ १८ गते नेपाली काङ्ग्रेसका कार्यकर्ताहरू मल्याङकोट गाविस-५ का १९ वर्षीय सन्दीप खाँण, १७ वर्षीय प्रदीप खाँण र वडा नं. ६ का राजन सेनले सोही गाविस-७ मा कुटपिट गरी घाइते बनाए। पीडितले जिल्ला प्रहरी कार्यालय स्याङ्जामा ०६६ जेठ १९ गते उजुरी दिए। घटनामा संलग्न भएको आरोपमा पीडकहरूलाई ०६६ जेठ २० गते प्रहरीले गिरफ्तार गऱ्यो। अनुसन्धानपछि उनीहरू असार ५ गते ३ हजार रुपियाँ धरौटी राखेर रिहा भए। पीडितको पोखरा सामुदायिक अस्पतालमा उपचार भयो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

दुनियाँवादी फौजदारी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका ४१ थानमध्ये यस वर्ष नौ थान फर्स्यौट भई ३२ थान मुद्दा बाँकी रहे। यस वर्ष दर्ता भएका दुनियाँवादी फौजदारी मुद्दा ३२ थानमध्ये १६ थान फर्स्यौट भई १६ थान मुद्दा बाँकी रहे। यस वर्षको अन्त्यसम्ममा जम्मा ४८ थान मुद्दा फर्स्यौट हुन बाँकी रहे।

सरकारवादी फौजदारी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका ३३ थानमध्ये १० थान फर्स्यौट भई २३ थान मुद्दा बाँकी रहे। यस वर्ष दर्ता भएका सरकारवादी फौजदारी मुद्दा १७ थानमध्ये दुई थान फर्स्यौट भई १५ थान मुद्दा बाँकी रहे। यस वर्षको अन्त्यसम्ममा जम्मा ३८ थान मुद्दा फर्स्यौट हुन बाँकी रहे।

देवानी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका ९६ थानमध्ये यस वर्ष ३३ थान फर्स्यौट भई ६३ थान बाँकी रहे। यस वर्ष दर्ता भएका देवानी मुद्दा ३० थानमध्ये सात थान फर्स्यौट भई २३ थान बाँकी रहे। यस वर्षको अन्त्यसम्ममा जम्मा ८६ थान मुद्दा फर्स्यौट हुन बाँकी रहे। यसरी यस वर्षको अन्त्यसम्ममा जम्मा १ सय ७२ थान मुद्दा फर्स्यौट हुन बाँकी रहे।

बालअधिकार

यस जिल्लामा विद्यालय जाने उमेरका बालबालिकाको कुल सङ्ख्या १ लाख १० हजार ३ सय ९९ जनामध्ये ९८ प्रतिशत मात्र विद्यालय जाने गरेका छन्। तीमध्ये दुई प्रतिशत बालबालिकाहरू विद्यालय जानबाट वञ्चित रहेको जिल्ला शिक्षा कार्यालयले जनायो।

यस जिल्लामा प्रारम्भिक बालविकास केन्द्र ५ सय ३१ ओटा रहेका छन्। सामुदायिक विद्यालयतर्फ प्राथमिक ४ सय ५२ ओटा, निमावि ५१ ओटा, माबि ६३ ओटा, उच्चमाबि ५१ ओटा रहेका छन्। त्यसैगरी, संस्थागत विद्यालयतर्फ प्राथमिक ४१ ओटा, निमावि

नेपाली काङ्ग्रेसका कार्यकर्ताद्वारा कुटपिट गरी घाइते बनाइएकी विष्णु पुरी

Westren:Layout 1 2/14/2010 9:06 AM Page 364

आठओटा, मावि २० ओटा र उच्च मावि १० ओटा रहेका छन्। प्रारम्भिक बालविकास केन्द्रबाहेक यस जिल्लामा जम्मा १ सय ८२ विद्यालयहरू रहेका छन्। ती विद्यालयहरूमा अध्ययनरत बालबालिकाको प्रतिशत ८६.८३ रहेको छ। जसमा ४ हजार ३ सय ८९ जना बालिका र ४ हजार २ सय ९४ जना बालक रहेका छन्। जिल्ला शिक्षा कार्यालयका अनुसार यस जिल्लामा रहेका विद्यालयहरूमा २ हजार १६ जना दलित बालबालिका अध्ययनरत छन्। तीमध्ये १ हजार ८ जना बालक, १ हजार ८ जना बालिका रहेका छन्। जिल्लाको महिला साक्षरता प्रतिशत ५७.७, पुरुष साक्षरता प्रतिशत ७७.९ गरी जम्मा साक्षरता प्रतिशत ६६.७ रहेको जिल्ला शिक्षा कार्यालयले जनायो।

पुतलीबजार नपा-१ प्रगतिनगरकी छ वर्षीया एक बालिकालाई ०६५ फागुन १० गते तनहुँ थर्पू घर भएका १८ वर्षीय दीपक कुँवरले बालिकाकै घरमा बलात्कार गरेको भनी पीडितका परिवारले त्यसै दिन जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। आरोपित कुँवर यस वर्षको अन्त्यसम्म जिल्ला कारागार शाखा स्याङ्जामा पुर्पक्षका लागि थुनामा रहेका छन्। उनीउपर लागेको मुद्दा जिल्ला अदालत स्याङ्जामा विचाराधीन रहेको छ।

रन्नपुर गाविस-८ की तीन वर्षीया एक बालिकालाई ०६५ चैत १५ गते उदयपुर जिल्ला बेलटार गाविस-९ का २४ वर्षीय विनोद राईले बालिकाको घरैबाट अपहरण गरे। बालिकाका आफन्तले खोजी गर्दा उनीहरू दुवै घरभन्दा केही पर जङ्गलमा भेटिएका थिए। बालिकाका आफन्तले चैत १५ गते प्रहरीमा उजुरी दिएपछि प्रहरीले विनोदलाई १७ गते गिरफ्तार गऱ्यो। यस वर्षको अन्त्यसम्म उनलाई अनुसन्धानका लागि जिल्ला कारागार शाखा स्याङ्जामा थुनामा राखिएको छ।

पकवादी गाविस-८ की द एक्सिलेन्ट अङ्ग्रेजी बोर्डिङ् स्कुलमा कक्षा ४ मा अध्ययनरत १३ वर्षीया कविता भण्डारीलाई गृहकार्य नगरेको आरोपमा ०६६ भदौ २६ गते शिक्षिका २४ वर्षीया प्रतिमा पाठकले कुटपिट गर्दा दाहिने हात भाँचियो। कविताको उपचार विद्यालयले वालिङ र पोखरा मणिपाल अस्पतालमा गरायो। कविताका आफन्तले जिल्ला प्रशासन कार्यालयमा उजुरी दिए। शिक्षिका प्रतिमा पाठकलाई जिल्ला प्रशासन कार्यालयले तारेखमा राखेको छ।

शिक्षिकाद्वारा कुटपिट गरी घाइते भएकी कविता भण्डारी

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार बेचबिखन तथा ओसारपसार

मनकामना गाविस-४ की २३ वर्षीया टीकामाया गुरुङलाई ०६६ जेठ ६ गते सोही ठाउँका ३२ वर्षीया टुकामाया गुरुङले बेचविखन गर्ने उद्देश्यले लगेको अवस्थामा प्रहरीले भारतको सुनौलीबाट जेठ ३१ गते नियन्त्रणमा लियो। पीडितलाई प्रहरीले माइतीको जिम्मामा लगायो। प्रहरीले घटनाको अनुसन्धानका लागि सुनवल आदर्श गाविस-२ की ३२ वर्षीया तारा सुनार र ३२ वर्षीया टुका मायालाई मानव बेचविखन तथा ओसारपसारको मुद्दामा कारागार शाखा स्याङ्जामा थुनामा राखेको छ। उनीहरूविरुद्धको मुद्दा जिल्ला अदालत स्याङ्जामा विचाराधीन अवस्थामा रहेको छ।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

माझकोट गाविस-७ की २७ वर्षीया एक गर्भवती महिलालाई ०६६ कात्तिक २९ गते सोही गाविस-४ का ४२ वर्षीय वालसिङ गुरुङले मनकामना गाविस-१ माइतीबाट घर फर्कने क्रममा माझकोट गाविस-६ चिहानडाँडामा बलात्कार गर्ने प्रयास गरेको भन्दै पीडितले मङ्सिर ७ गते वडा प्रहरी कार्यालयमा उजुरी दिइन्। प्रहरीले आरोपितको खोजी कार्य जारी भएको बताएको छ। प्रहरीले यस वर्षको अन्त्यसम्म आरोपित फरार रहेको जनायो।

पारिवारिक हिंसा

वालिङ नपा-१ की १८ वर्षीया विन्दु आचार्यले कम दाइजो ल्याएको आरोपमा ०६५ फागुन ८ गते उनलाई पति ३८ वर्षीय अमृत आचार्य र उनका परिवारले कुटपिट गरी घरनिकाला गरे। विन्दुका आफन्तले कुटपिट तथा यातनाका कारण पीडितले मानसिक सन्तुलन गुमाएको आरोप लगाए। पीडितको माइतीको सहयोगमा बीएन्डबी अस्पताल काठमाडौँमा उपचार भयो। घटनाको अनुसन्धानका लागि विन्दुका माइतीले ०६५ फागुन १६ गते वडा प्रहरी कार्यालय वालिङमा उजुरी दिए। प्रहरीले पीडितका पति, सासू ६५ वर्षीया रुक्मिणी र जेठानी ३६ वर्षीया मनोप्रभा आचार्यलाई गिरफ्तार गरी उनीहरूविरुद्ध ज्यानमार्ने उद्योगमा जिल्ला अदालत स्याङ्जामा मुद्दा दर्ता गऱ्यो। अनुसन्धानपछि आरोपितहरू ०६५ चैत ७ गते तारेखमा रिहा भए। पीडित यस वर्षको अन्त्यसम्म काठमाडौँस्थित माइतीमा बसेकी छन्।

Westren:Layout 1 2/14/2010 9:06 AM Page 365

जगतभञ्ज्याङ गाविस-१ पित्लेककी २२ वर्षीया कला लामिछानेले कम दाइजो ल्याएको आरोपमा ०६६ कात्तिक ९ गते राती उनलाई पति २६ वर्षीय ढाकाराम लामिछानेले सुत्ने कोठामा झुन्ड्याएर हत्या गरे। अनुसन्धानका लागि ढाकारामलाई प्रहरीले नियन्त्रणमा लिएकामा मङसिर १ गते तारेखमा रिहा गऱ्यो।

स्वास्थ्य सेवाको अवस्था

जिल्ला अस्पतालमा यस वर्षको अन्त्यसम्ममा डाक्टर दरबन्दी तीन जना रहेकामा तीन जना, स्टाफ नर्स दरबन्दी तीन जना रहेकामा दुई जना, सीअहेव दरबन्दी एक जना रहेकामा एक जना, अहेव दरबन्दी दुई जना रहेकामा चार जना, ग्रामीण स्वास्थ्य कार्यकर्ता दरबन्दी एक जना रहेकामा एक जना, अनमि दरबन्दी चार जना रहेकामा एक जना र मासिका दरबन्दी एक जना रहेकामा एक जना कार्यरत छन्। जिल्ला जनस्वास्थ्य कार्यालयका अनुसार जिल्लामा तीनओटा प्राथमिक स्वास्थ्य चौकी, १० ओटा उपस्वास्थ्य चौकी, ५४ ओटा स्वास्थ्य चौकी गरी जम्मा ६७ स्वास्थ्यसँग सम्बन्धित कार्यालयहरू रहेका छन्।

३.५ कास्की



जनसङ्ख्या : ४,६७,९९५
साक्षरता प्रतिशत : ७२
महिला साक्षरता प्रतिशत : ६१
क्षेत्रफल (वर्ग कि. मि.) : २,०१७
गाविस/नपा सङ्ख्या : ४३/२
सरकारी/निजी विद्यालय : ६०९/१९६
क्याम्पस/उच्च मा.वि. : १६/६२
अस्पताल/स्वास्थ्य चौकी : ७/४८
मानव विकास सूचकाङ्कः ०.५५०
प्रतिपरिवार सरदर सङ्ख्याः ५

जेल र बन्दीहरू

'घ' श्रेणीको कास्की जिल्ला कारागारमा यस वर्षको अन्त्यसम्ममा कैद तोकिएका ९२ जना पुरुष र १९ जना महिला बन्दीहरू रहेका छन् भने कैद नतोकिएका ९४ जना पुरुष र ११ जना महिला रहेका छन्। त्यसैगरी दुई जना बालक र एक जना बालिका आश्रितका रूपमा कारागारमा रहेका छन्। यसरी कास्की जिल्ला कारागारमा जम्मा २ सय १६ जना थुनुवा तथा बन्दीहरू रहेका छन्। जसमा दुई जना विदेशी पुरुष रहेका छन्। कारागारको क्षमता ६० जना रहे पनि २ सय १६ जना थुनुवा तथा बन्दीहरू बस्नुपर्दा असुविधा भएको छ। कारागारमा बन्दीहरूलाई स्वच्छ खानेपानी, शौचालय, स्वास्थ्य, पत्रपत्रिका, रेडियो, टीभी, खेलकुदका सामग्री, टेलिफोन सुविधा रहेको छ। कारागारका पुरुष थुनुवा तथा कैदीहरूले फर्निचरका सामग्री, मुडा र महिला थुनुवा तथा बन्दीहरूले मैनबत्ती, च्याउ उत्पादन गरी आयआर्जनसमेत गरेका छन्।

बेपत्ता/अपहरण

अज्ञात समूहबाट

म्याग्दी जिल्ला ज्याङरूडकोट गाविस घर भई पोखरा उमनपा-१२ स्थित भद्रकाली टेक्निकल इन्स्टिच्युटमा अध्ययनरत २२ वर्षीय दीपक घिमिरेलाई ०६६ फागुन १ गते साँझ सामान किनमेल गर्न निस्केका बेला अज्ञात समूहले अपहरण गऱ्यो। आफू अपहरणमा परेको कुरा साथीलाई मोबाइलमा एसएमएस गरेर पठाएपछि क्याम्पस प्रमुख रवीन्द्रप्रसाद श्रेष्ठले जिल्ला प्रहरी कार्यालयमा खोजी गरी जीवन रक्षाका लागि अपिल गरे। पीडित ०६५ फागुन ३ गते अपहरणकारीको कब्जाबाट भागेर जिल्ला प्रहरी कार्यालय भैरहवामा पुगेकामा ०६५ फागुन ४ गते जिल्ला प्रहरी कार्यालय कास्कीमा ल्याई इन्सेकको रोहबरमा उनको बाबुको जिम्मा दिइएको थियो। विद्यार्थी कल्याणकारी समितिका सचिवसमेत रहेका घिमिरेको अपहरणबारे स्पष्ट खुल्न सकेको छैन।

धम्की/कुटपिट

राज्यबाट

पोखरा उमनपामा कार्यरत कर्मचारीहरू इञ्जिनियर २९ वर्षीय सुशील पौडेल, कार्यालय सहायक ३५ वर्षीय अमर कार्की, कर्मचारी ३२ वर्षीय यमबहादुर क्षेत्री, कर्मचारी ३५ वर्षीय मुक्ति रानामगरलाई ०६५ चैत १० गते जिल्ला प्रहरी कार्यालयबाट खटिएका प्रहरीहरूले कार्यालयमा प्रवेश गरी कुटपिट गरे।

Westren:Layout 1 2/14/2010 9:06 AM Page 366

घटनाको प्रकार	गैर राज्यबाट							राज्यबाट			
	अन्यबाट				एकीकृत माओवादीबाट						
	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा	घटना सङ्ख्या	पुरुष	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा
हत्या	४	४	१	६							
घाइते	६	४८	१	५०				१	४		४
कुटपिट	१२	१४	३	१७	१	१	१	३	९		९
धम्की	१	३		३							
भेला/सङ्गठित हुने अधिकार								१	४	७	११
महिलाअधिकार	१		१	१							
बालअधिकार	१		१	१							
अमानवीय व्यवहार	३	४	१	६							
अपहरण	१	१		१							
जम्मा	३०	८४	१२	९६	१	१	१	५	१७	७	१४

कुटपिटबाट घाइते भएका इन्जिनियर पौडेलको पद्मा नर्सिङ् होममा र अन्यको पश्चिमाञ्चल क्षेत्रीय अस्पताल पोखरामा उपचार भयो। नगरपालिकाका कर्मचारीहरू ३४ वर्षीय महेश्वर पहारी र २८ वर्षीय कृष्ण गुरुङ चढेको मोटरसाइकललाई ग.१ख. २२४६ नम्बरको माइक्रोबसले ठक्कर दिएपछि दोषीलाई कारबाहीको माग गर्दै प्रदर्शन गरिरहेका कर्मचारीहरूलाई प्रहरीले कुटपिट गरेको थियो।

भूपी शेरचन राजमार्ग अन्तर्गत हेम्जा-६ मिलनचोकस्थित सडकमा शान्तिपूर्ण विरोध ञ्यालीमा ०६६ असार १४ गते प्रहरीले लाठीचार्ज गर्दा ११ जना घाइते भए। प्रहरीको लाठीचार्जबाट हेम्जा गाविस-४ का २९ वर्षीय चङ्खमान श्रेष्ठ, सोही ठाउँका ३७ वर्षीय बुद्ध श्रेष्ठ, सोही ठाउँका ३४ वर्षीया रीता कुँवर, हेम्जा गाविस-५ का २६ वर्षीय सम्राट पौडेल, सोही ठाउँका ३२ वर्षीया सङ्गीता सापकोटा, २९ वर्षीया रोजिना सापकोटा, ३७ वर्षीया यशोदा सापकोटा, ३६ वर्षीया धना सापकोटा, २८ वर्षीया मैया सापकोटा, ३५ वर्षीया लक्ष्मी सापकोटा, २७ वर्षीय नवीन सापकोटा सामान्य घाइते भए। उनीहरूको स्थानीय औषधी पसलमा उपचार भयो। ०६६ असार ११ गते ना.३ख. ५९९६ नम्बरको यात्रुवाहक बसको ठक्करबाट ग.४प. १४० नम्बरको मोटरसाइकलमा सवार सागर सापकोटा र विष्णु तिमिल्सिनाको मृत्यु भएपछि स्थानीय बासिन्दाले दोषीलाई कारबाही र मृतकको परिवारलाई उचित क्षतिपूर्तिको माग गर्दै यातायात अवरुद्ध गरेका थिए।

एकीकृत माओवादीले आह्वान गरेको आमहडतालका क्रममा ०६६ पुस ६ गते मालपोत कार्यालय बन्द गराउन गएका एकीकृत माओवादीका जिल्ला सहसचिव ३४ वर्षीय गङ्गा पोखरेललाई वडाप्रहरी कार्यालयबाट खटिएको प्रहरी टोलीले कुटपिट गऱ्यो।

एकीकृत माओवादीबाट

पोखरा उपनपा औद्योगिक क्षेत्रस्थित पोखरा नुडल्समा कार्यरत ३३ वर्षीय सुपरभाइजर बृहस्पति पराजुली र अपरेटर २६ वर्षीय निरू श्रेष्ठलाई ०६६ वैशाख २३ गते एकीकृत माओवादीनिकट मजदुर सङ्गठनका अध्यक्ष रामकृष्ण तिवारीलगायतका २० जनाको समूहले कुटपिट गऱ्यो। पीडितद्वयको पश्चिमाञ्चल क्षेत्रीय अस्पताल पोखरामा उपचार भयो। व्यवस्थापन पक्षसँग बैठक सकेर बाहिर निस्कने क्रममा बिनाकारण आफूहरूलाई कुटपिट गरेको पीडितहरूले बताए।

पोखरा उमनपा-९ शिवालय टोलका २० वर्षीय धर्म गुरुङले मोबाइल लुकाएको आरोपमा ०६६ वैशाख २९ गते उनलाई वाईसीएल कार्यकर्ताहरूले पोखरा-९ बसपार्कस्थित वाईसीएल क्याम्पमा लगेर कुटपिट गरे। ग.१ज. १७३७ नम्बरका ट्याक्सीचालक गुरुङलाई

Westren:Layout 1 2/14/2010 9:06 AM Page 367

पृथ्वीचोकदेखि लेकसाइड जाने क्रममा वाईसीएल कार्यकर्ताको मोबाइल लुकाएको आरोपमा साँझ वाईसीएल क्याम्पमा लगेर चार/पाँच जनाको समूहले लाठीले कुटपिट गर्दै मानसिक र शारीरिक यातना दिएको पीडितले बताए।

पोखरा उमनपा-९ नयाँबजारका ४६ वर्षीय कालीदास बरालले एकीकृत माओवादीले आह्वान गरेको तीनदिने आमहडतालको अवज्ञा गरेको आरोपमा ०६६ पुस ६ गते एकीकृत माओवादीका कार्यकर्ताले कुटपिट गरे। बिरामीका लागि अक्सिजन ग्यास दिन सटर खोलेर बन्द गर्ने क्रममा उनलाई १०/१२ जनाको समूहले कुटपिट गरेको पीडतले बताए।

वाईसीएलबाट

एमालेनिकट मजदुर र माओवादीनिकट मजदुरबीच ०६६ वैशाख २८ गते पोखरा उमनपा-९ स्थित बसपार्कमा विवाद भएका बेला वाईसीएल कार्यकर्ताहरूले आक्रमण गरी चार जना एमालेनिकट मजदुरलाई कुटपिट गरे। कुटपिटबाट ३२ वर्षीय सोम लामा, २७ वर्षीय निरु श्रेष्ठ, २६ वर्षीय धर्म कार्की, २८ वर्षीय तिलक विक र २४ वर्षीय विनोद न्यौपाने घाइते भए। घाइतेमध्ये तिलक विक र निरू श्रेष्ठको पश्चिमाञ्चल क्षेत्रीय अस्पतालमा र अन्यको चरक अस्पताल पोखरामा उपचार भयो। बसचालक सोम लामाले माओवादी मजदुरलाई दुर्व्यवहार गरेको आरोपमा उनलाई बसपार्कस्थित वाईसीएल क्याम्पमा लगेर कुटपिट गरेपछि त्यसको विरोधमा सडकमा गाडी तेर्स्याई प्रदर्शन गरिरहेका अन्य मजदुरहरूमाथि वाईसीएलका कार्यकर्ताले लाठी र ढुङ्गाले आक्रमण गरेका थिए।

अनेरास्ववियु (क्रान्तिकारी)बाट

बाजुरा जिल्ला घर भई पृथ्वीनारायण क्याम्पस अनेरास्ववियु प्रारम्भिक कमिटीका उपाध्यक्ष २४ वर्षीय नरेश रोकाय, स्याङ्जा जिल्ला घर भई अनेरास्ववियु सदस्य २३ वर्षीय मनीष हमाल र २४ वर्षीय चन्द्रबहादुर बुढालाई ०६६ पुस ४ गते राती सोही क्याम्पसको होस्टेलमा बसेको अवस्थामा अनेरास्ववियु (क्रान्तिकारी)का पृथ्वीनारायण क्याम्पस एकाइ अध्यक्ष गोविन्द केसीलगायतको समूहले कुटपिट गऱ्यो। कुटपिटबाट गम्भीर घाइते भएका रोकाय र हमालको यस वर्षको अन्त्यसम्म काठमाडौंस्थित शिक्षण अस्पतालमा उपचार भइरहेको छ। यसैबीच, पृथ्वीनारायण क्याम्पस अनेरास्ववियु प्रारम्भिक

अनेरास्ववियु (क्रान्तिकारी) र अनेरास्ववियुबीच झडप हुँदा घाइते भएका दीपकराज दाहाल

कमिटीले अनेरास्ववियु (क्रान्तिकारी)का पृथ्वीनारायण क्याम्पस एकाइ अध्यक्ष गोविन्द केसी, सचिव दिनेश पौडेल, सदस्य नेत्र पौडेल, विनोद लामिछाने, नारायण गिरीविरुद्ध ०६६ पुस ६ गते किटानी जाहेरी दियो। प्रहरीले घटनामा संलग्न भएका आरोपितलाई गिरफ्तार गरेन।

एमालेबाट

सिल्दजुरे गाविस-५ का ५६ वर्षीय दण्डीराज बरालले पानीट्याङ्की बन्द गरेको आरोपमा ०६६ असार २ गते एमालेका स्थानीय कार्यकर्ता रविप्रसाद पौडेललगायतको समूहले कुटपिट गऱ्यो। कुटपिटबाट घाइते भएका बरालको स्थानीय स्वास्थ्य चौकीमा उपचार भयो।

अभिव्यक्ति, भेला हुने र सङ्गठित हुने अधिकार
(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

पोखरा उमनपा-१ बगरस्थित पृथ्वीनारायण क्याम्पसमा ०६५ माघ ८ गते दिउँसो अनेरास्ववियु (क्रान्तिकारी)ले स्ववियुले क्याम्पसमा आर्थिक हिनामिना गरेको आरोप लगाउँदै छानबिनको माग गरेपछि अनेरास्ववियु (क्रान्तिकारी) र अनेरास्ववियुबीच झडप हुँदा दुवैतर्फका विद्यार्थी र प्रहरी गरी २८ जना घाइते भए। घटनामा भरतपोखरी-९ निवासी अनेरास्ववियुका केन्द्रीय सदस्य २८ वर्षीय रश्मि आचार्य, स्याङ्जा निवासी २९ वर्षीय अर्जुन सुनाम र पोखरा उमनपा-९ निवासी केन्द्रीय सचिवालय सदस्य २९ वर्षीय शिवजी गुरुङ तथा विद्यार्थी कार्यकर्ताहरू २३ वर्षीय जीवन आचार्य, २४ वर्षीय नरेश रोकाय, २५ वर्षीय राज सुवेदी, २१ वर्षीय मनोज जमरकट्टेल, २६ वर्षीय टेकप्रसाद अधिकारी र २५ वर्षीय सीता नेपाली घाइते

Westren:Layout 1 2/14/2010 9:06 AM Page 368

अनेरास्ववियु (क्रान्तिकारी) र अनेरास्ववियु बीच झडप हुँदा घाइते भएका अर्जुन सुनाम

भए। यसैगरी तनहुँ घर भई अनेरास्ववियुका केन्द्रीय सदस्य २७ वर्षीय मदन आले, जिल्ला सचिव २५ वर्षीय अमरदीप पराजुली, २४ वर्षीय सहसचिव दीपकराज दाहाल तथा कार्यकर्ताहरू २४ वर्षीय जीवन पौडेल, २३ वर्षीय राजु कँडेल, २६ वर्षीय विजय आचार्य, २१ वर्षीय शङ्कर गिरी, २२ वर्षीय वसन्त शर्मा, २४ वर्षीय सन्तोष सुनाम, २५ वर्षीय दिनेश पौडेल, २३ वर्षीय झलमराम अधिकारी र २५ वर्षीय विपीन आचार्य घाइते भए। साथै, प्रहरी हवल्दार जीवन पाण्डे र बलबहादुर रानाभाट, प्रहरी जवान अशोक सापकोटा, भीमबहादुर वादी, यमबहादुर थापा, नारायण सापकोटा र रुपमान तामाङ घाइते भए। घाइतेमध्ये अर्जुन सुनामको काठमाडौँमा र अन्यको फिस्टेल र चरक अस्पताल पोखरामा उपचार भयो। क्याम्पसमा स्ववियुले आर्थिक हिनामिना गरेको विषयलाई अखिल (क्रान्तिकारी)ले छानबिन गर्न माग गरेपछि दुवै पक्षबीच झडप भएको थियो। झडपका क्रममा पार्किङ् गरी राखिएका १२ ओटा मोटरसाइकल र दुईओटा साइकल तथा स्ववियु कार्यालयमा आगजनी गरिएको थियो।

हंसपुर गाविस-४ हंसपुरका ६४ वर्षीय कृष्णमणि सुवेदीलाई ०६५ चैत २७ गते एकीकृत माओवादीका कार्यकर्ताहरूले हातपात गरी परिवारलाई मार्ने धम्की दिए। ०६५ चैत २३ गते सुवेदीको घरमा गाडेको झन्डा फालेको आरोपमा स्थानीय कार्यकर्ता निर्मला सुवेदी, सत्यराज सुवेदी, बीरबहादुर कामीलगायतका ३० जनाको एक समूहले हातपात गर्नुका साथै उनका छोरा मिलन सुवेदीलाई गाउँमा आएमा ज्यान मार्ने धम्की दिएको थियो।

सङ्घीयता, राजतन्त्रलगायतका विषयमा जनमतसङ्ग्रहबाट निर्णय गर्नुपर्ने माग गर्दै राप्रपा नेपालले ०६६ साउन १५ गते पोखराको चिप्लेढुङ्गामा आयोजना गरेको हस्ताक्षर सङ्कलन कार्यक्रममा वाईसीएल जिल्ला अध्यक्ष सुमन देवकोटाको नेतृत्वमा रहेको समूहले आक्रमण गऱ्यो। आक्रमणबाट राप्रपा जिल्ला अध्यक्ष ४२ वर्षीय देवीजङ्ग गुरुङ, सदस्यहरू ४० वर्षीय लालबहादुर मल्ल, ३७ वर्षीय रामबहादुर तामाङ, ३९ वर्षीय अमिर मिया, ४३ वर्षीय दण्डीराज आचार्य घाइते भए। उनीहरूको न्युरोडस्थित मोडेल अस्पतालमा उपचार भयो।

यसैबीच प्रहरीले गरेको लाठीचार्जबाट वाईसीएल जिल्ला अध्यक्ष ३४ वर्षीय सुमन देवकोटा, कार्यकर्ताहरू ३६ वर्षीय सनम बानियाँ, २९ वर्षीय लोकेन्द्र विष्ट र २६ वर्षीय भोजराज आचार्य घाइते भएका थिए। उनीहरूको लखनचोक बसपार्कस्थित अभियान सामुदायिक अस्पतालमा उपचार भयो।

भलाम गाविस घर भई पृथ्वीनारायण क्याम्पसमा कार्यरत कर्मचारी २७ वर्षीय केशव पौडेललाई स्ववियु निर्वाचनको मतगणनाका क्रममा अनेरास्ववियु (क्रान्तिकारी)को प्राप्त मत कम गरी अनेरास्ववियुको बढाएर धाँधली गरेको आरोपमा ०६५ चैत ८ गते अनेरास्ववियु (क्रान्तिकारी)का दिनेश पौडेललगायतको एक समूहले टेलिफोन गरी कारावाही गर्ने धम्की दियो।

संविधानसभा सदस्य उपनिर्वाचनको प्रचारप्रसारका क्रममा काङ्ग्रेसका कार्यकर्तामाथि ०६५ चैत २४ गते साँझ थुम्की गाविस-३ पुल्चोकमा वाईसीएल कार्यकर्ताको आक्रमणमा परी पाँच जना कार्यकर्ता घाइते भए। चुनावी प्रचारप्रसार सम्पन्न गरी घर फर्किरहेका काङ्ग्रेस कार्यकर्तामाथि वाईसीएल कार्यकर्ताले बाटो अवरोध गरी आक्रमण गरेका थिए। आक्रमणबाट थुम्की गाविस-१ का २३ वर्षीय पदमबहादुर गुरुङ, वडा-२ का १८ वर्षीय घनश्याम थापा, वडा-३ का २५ वर्षीय भक्तबहादुर विक, वडा-५ का २३ वर्षीय कृष्णबहादुर गुरुङ र ३८ वर्षीय चित्रबहादुर गुरुङ घाइते भए। घाइतेहरूको पश्चिमाञ्चल क्षेत्रीय अस्पताल पोखरामा उपचार भयो।

मिजुरेडाँडा गाविस-१ रबैडाँडा निवासी एमालेका स्थानीय कार्यकर्ता २७ वर्षीय छविलाल पुञ्जालीलाई ०६५ चैत २६ गते राती वाईसीएल कार्यकर्ताले कुटपिट गरे। वाईसीएल कार्यकर्ताले माओवादीमा प्रवेश गर्न आह्वान गरेको र पुञ्जालीले उनीहरूलाई एमालेमा प्रवेश गर्न आह्वान गर्दा दुवै पक्षबीच भनाभन भएपछि वाईसीएल कार्यकर्ताले नियन्त्रणमा लिई घरनजिकैको पातीखोलामा पुऱ्याएर कुटपिट गरेका थिए। कुटपिटबाट दायाँ खुट्टामा चोट लागेका पुञ्जालीको स्थानीय स्वास्थ्य चौकीमा प्राथमिक

Westren:Layout 1 2/14/2010 9:06 AM Page 369

उपचारपश्चात् पश्चिमाञ्चल क्षेत्रीय अस्पतालमा थप उपचार भयो।

तमु राष्ट्रिय मुक्तिमोर्चाले तमुवान स्वायत्त प्रदेश घोषणाको माग गर्दै ०६६ जेठ २५ गते आह्वान गरेको गण्डक क्षेत्र बन्दका क्रममा पोखराको भीमसेन टोल र बागलु बसपार्कमा स्थानीयबासी र बन्द आह्वानकर्ताबीच झडप हुँदा नौ जना घाइते भए। झडपमा अनेरास्ववियु क्रान्तिकारीका नवराज चिन्तन, विनोद लामिछाने, अमरदीप पराजुली, उमेश भण्डारी, एकीकृत माओवादी क्षेत्र नं. ४ का इन्चार्ज टीकाराम पौडेल 'विश्वास', लालबहादुर गुरुङ, नवराज रेग्मी घाइते भए। यसैगरी, स्थानीयबासी सुरेश बजिमय र निरञ्जन बजिमय घाइते भएका थिए। घाइतेहरूमध्ये बढी चोट लागेका नवराज चिन्तन र विनोद लामिछानेको पश्चिमाञ्चल क्षेत्रीय अस्पतालमा र टीकाराम पौडेल र सुरेश बजिमयको फिस्टेल अस्पताल पोखरामा उपचार भएको थियो। बन्द गरिएको सटर र झ्यालमा बन्द आह्वानकर्ताहरूले ढुङ्गा र लाठीले हान्न थालेपछि स्थानीयबासीले प्रतिकार गर्दा दोहोरो झडप भएको थियो।

समाचार सङ्कलनका क्रममा खानेपानी संस्थान पोखरा वितरण केन्द्र पुगेका *एबीसी* टेलिभिजनका संवाददाता मनोज घर्तीमगर र *रेडियो सराङकोट* समाचार प्रमुख अनिल शाहीलाई सो वितरण केन्द्र प्रमुख रामप्रसाद खवासले ०६६ कात्तिक २६ गते दुर्व्यवहार गरे। खवासले पत्रकारद्वयलाई कसको अनुमतिले आएको भन्दै गालीगलौज गरी क्यामरा खोसेर फुटाउन खोजेको पीडितले बताए। पीडितहरूले पोखरा उपनपा-७ माछापुच्छ्रे टोलमा खानेपानीको अभाव भएपछि स्थानीयबासीहरू खानेपानीको समस्यालाई लिएर संस्थानमा डेलिगेसन गएका समाचार सङ्कलन गरेका थिए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

पुनरावेदन अदालत

दुनियाँवादी फौजदारी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका ३२ थान र यस वर्ष दर्ता भएका २२ थान गरी जम्मा ५४ थान मुद्दामध्ये यस वर्ष ३० थान फर्स्यौट भई २४ थान मुद्दा बाँकी रहे।

सरकारवादी फौजदारी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका ६७ थान र यस वर्ष दर्ता भएका १ सय ५७ थान गरी जम्मा २ सय २४ थान मुद्दामध्ये यस वर्ष १ सय १ थान फर्स्यौट भई १ सय २३ थान मुद्दा बाँकी रहे।

देवानी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका १ सय ३६ थान र यस वर्ष दर्ता भएका १ सय ४३ थान गरी जम्मा २ सय ७९ मुद्दामध्ये यस वर्ष १ सय ७५ थान फर्स्यौट भई १ सय ४ थान बाँकी रहे। यसरी यस वर्षको अन्त्यसम्ममा जम्मा २ सय ५१ थान मुद्दा फर्स्यौट हुन बाँकी रहे।

जिल्ला अदालत

दुनियाँवादी फौजदारी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका १ सय ३५ थान र यस वर्ष दर्ता भएका १ सय ७१ थान गरी जम्मा ३ सय ६ थान मुद्दामध्ये यस वर्ष १ सय ७९ थान फर्स्यौट भई १ सय २७ थान बाँकी रहे।

सरकारवादी फौजदारी मुद्दातर्फ गत वर्ष जिम्मेवारी सरेर आएका १ सय ६१ थान र यस वर्ष दर्ता भएका ८९ थान गरी जम्मा २ सय ५० थान मुद्दामध्ये यस वर्ष ९३ थान फर्स्यौट भई १ सय ५७ थान मुद्दा बाँकी रहे।

देवानी मुद्दातर्फ गत वर्षका जिम्मेवारी सरेर आएका ३ सय २ थान र यस वर्ष दर्ता भएका २ सय ४ थान गरी जम्मा ५ सय ६ थान मुद्दामध्ये १ सय ४२ थान फर्स्यौट भई ३ सय ६४ थान मुद्दा बाँकी रहे। यसरी यस वर्षको अन्त्यसम्ममा जम्मा ६ सय ४८ थान मुद्दा फर्स्यौट हुन बाँकी रहे।

बालअधिकार

यस जिल्लामा विद्यालय जाने उमेरका बालबालिकामध्ये ९८.४ प्रतिशत मात्र विद्यालय जाने गरेका छन् भने १.६ प्रतिशत बालबालिका विद्यालय जानबाट वञ्चित भएको जिल्ला शिक्षा कार्यालयले जनाएको छ।

यस जिल्लामा प्रारम्भिक बालविकास केन्द्र ५ सय ३ ओटा रहेका छन्। सामुदायिक विद्यालयतर्फ

वाईसीएलद्वारा कुटपिट गरी घाइते बनाइएका भक्तबहादुर वि.क.

Westren:Layout 1 2/14/2010 9:06 AM Page 370

प्राथमिक २ सय ९१ ओटा, निमावि ४९ ओटा, मावि ६५ ओटा, उच्चमावि २६ ओटा रहेका छन्। त्यसैगरी, संस्थागत विद्यालयतर्फ प्राथमिक ३३ ओटा, निमावि २७ ओटा, मावि १ सय १२ ओटा र उच्च मावि २३ ओटा रहेका छन्। प्रारम्भिक बालविकास केन्द्रबाहेक यस जिल्लामा जम्मा ६ सय २६ ओटा विद्यालयहरू रहेका छन्। ती विद्यालयहमा अध्ययनरत बालबालिका १ लाख ४९ हजार ६ सय ५७ जना रहेका छन्। जसमा ७३ हजार ४ सय ३२ जना बालिका र ७६ हजार २ सय २५ जना बालक रहेका छन्। जिल्ला शिक्षा कार्यालयका अनुसार यस जिल्लामा रहेका विद्यालयहरूमा ३० हजार ७ सय ५४ जना दलित बालबालिका अध्ययनरत छन्। जसमा १५ हजार १ सय ८९ जना बालक र १५ हजार ५ सय ६५ जना बालिका रहेका छन्। जिल्लाको महिला साक्षरता प्रतिशत ६१ प्रतिशत र पुरुष साक्षरता प्रतिशत ८३.२ गरी जम्मा साक्षरता प्रतिशत ७२.१ रहेको जिल्ला शिक्षा कार्यालयले जनाएको छ।

लेखनाथ नपा-११ बेगनासतालस्थित न्यु डायमन्ड मोडेल बोर्डिङ स्कुलले एचआईभी सङ्क्रमित भएको आरोपमा लेखनाथ नपा-९ बस्ने चार वर्षीया एलिसा नेपाली, छ वर्षीया मनीषा विक र आठ वर्षीय घनश्याम भुसाललाई ०६६ वैशाख २९ गते निष्कासन गऱ्यो। विद्यालयबाट निष्कासित भएपछि बालबालिका शिक्षा पाउने अधिकारबाट वञ्चित भए। लेखनाथ नपा-९ सालडाँडास्थित एचआईभी सङ्क्रमितहरूको संस्था आँकुरा भिलेजमा बस्दै आएका ती बालबालिका ०६६ वैशाख २३ गते नर्सरी कक्षामा भर्ना भएका थिए। विद्यालयमा एचआईभी सङ्क्रमित विद्यार्थी भर्ना गरेको थाहा पाएपछि अन्य विद्यार्थीका अभिभावकहरूले उनीहरूलाई निकाल्न दबाब दिएकाले निष्कासन गरिएको विद्यालयका प्रिन्सिपल सोमलाल तिवारीले बताए। निष्कासित ती बालबालिकालाई उनीहरूका

अनेरास्ववियु (क्रान्तिकारी) द्वारा कुटपिट गरी घाइते बनाइएका नरेश रोकाय

अभिभावक तथा विभिन्न सङ्घसंस्थाहरूले सोही विद्यालयमा पढ्न पाउनुपर्ने माग राखी पटकपटक गरेको प्रयास स्थानीय अभिभावकले असहमति जनाएपछि असफल भयो। यसै क्रममा उनीहरू राष्ट्रिय एचआईभी एड्स महासङ्घको पहलमा काठमाडौँको स्वयम्भूस्थित सङ्क्रमितहरूको स्कुल नवकिरणमा पढिरहेका छन्।

देउराली गाविस-१, डोटेलकुनाकी सात वर्षीया एक बालिकालाई सोही ठाउँका ५२ वर्षीय काशीनाथ पौडेलले ०६६ असार २३ गते घाँस काट्न गएको बेला पैसा दिने प्रलोभन देखाएर घरमा लगी बलात्कार गरेको आरोपमा पौडेललाई ०६६ असार २५ गते डाँडाको नाँक प्रहरीचौकीले पक्राउ गऱ्यो। जिल्ला अदालत कास्कीको ०६६ साउन १६ गतेको आदेशमा पीडकलाई जिल्ला कारागार कास्कीमा राखिएको छ।

लमजुङ जिल्ला हिलेटक्सार गाविस-३ पुख्यौंली घर भई पोखरा उपनपा-११ बस्ने नौ वर्षीया बालिका एलिजा गुरुङलाई लमजुङ जिल्ला हिलेटक्सार गाविस-७ घर भई पोखरा उपनपा-१२ पीपलडाली बस्ने १९ वर्षीया सञ्चिता गुरुङ र सोही ठाउँका बस्ने १८ वर्षीय सागर गुरुङले ०६६ मङ्सिर ७ गतेदेखि १० गतेसम्म आफ्नो डेरामा राखी तान्त्रिक शक्ति प्राप्त गर्ने भनी कुटपिट र यातना दिई गम्भीर घाइते बनाए। पीडित गुरुङको पश्चिमाञ्चल क्षेत्रीय अस्पताल पोखरामा उपचार भयो भने पीडकद्वयलाई प्रहरीले ०६६ मङ्सिर १५ गते ज्यानमार्ने उद्योग अन्तर्गत मुद्दा दायर गरी जिल्ला अदालतको आदेशमा पुर्पक्षका लागि थुनामा राखेको छ।

पोखरा उमनपा-१७ स्थित न्यु मिलिनियम एकेडेमीका निमावि तहका गणित शिक्षक श्रीधर गिरीले कक्षा ८ मा अध्ययनरत छात्राहरूलाई यौन दुर्व्यवहार गर्ने गरेको भनी ०६६ असार १० गते छात्राहरूले विद्यालय प्रशासनलाई निवेदन दिए। सो घटनाका बारे विद्यालय प्रशासनले अनुसन्धान गरी गिरीलाई दोषी ठहर गरी ०६६ असार १३ गते सेवाबाट बरखास्त गऱ्यो। पीडक गिरीको सहयोग गरी विद्यालयको मर्यादा विपरीत काम गरेको भन्दै विद्यालय प्रशासनले शिक्षक राजु शर्मालाई पनि ०६६ असार १५ गते बर्खास्त गऱ्यो। यसैबीच, शैक्षिक गणतान्त्रिक मञ्चले शिक्षक गिरी र शर्मालाई विद्यालयले निष्कासन गरेको घटनाप्रति विरोध र पुन:बहालीको माग गर्दै ०६६ साउन १७ गते विद्यालय बन्द गऱ्यो। मञ्च र विद्यालयबीच पटक-पटक भएको वार्तामा निष्कासित शिक्षकलाई छ महिनाको तलबभत्ता उपलब्ध गराउने सहमति भएपछि विद्यालय सुचारु भयो।

Westren:Layout 1 2/14/2010 9:06 AM Page 371

सबै प्रकारका जातीय विभेद

घाचोक गाविस-४ का २६ वर्षीय बुद्धिबहादुर मिजार, ३५ वर्षीय उदवीर नेपाली, २८ वर्षीय मनबहादुर नेपाली, ३४ वर्षीय झलकबहादुर नेपाली र ३२ वर्षीय धनबहादुर नेपालीलाई दलितले अधिकार खोजेको भन्दै स्थानीय गैरदलितको समूहले कुटपिट गऱ्यो। दलित समुदायका र स्थानीय सरोकारवालाबीच वार्ता चलिरहेको समयमा उनीहरूमाथि आक्रमण भएको पीडितले बताए। उनीहरूको स्थानीय स्वास्थ्य चौकीमा उपचार भयो। जल, जमिन र शिक्षामा दलित समुदायको समान पहुँच नभएको भन्दै स्थानीय दलितहरूले विभिन्न सङ्घर्षका कार्यक्रम गरेका थिए।

पोखरा उमनपा-१६ लामाचौर निवासी २८ वर्षीय भीमबहादुर विकलाई ०६६ जेठ १२ गते दलित भएको भन्दै पोखरा उमनपा-८ जाल्पारोडकी घरधनी शकुन्तला गिरीले घरनिकाला गरिन्।

पीडित विकले तीन दिनअघि १५ दिने सुत्केरी पत्नी जगमाया सुनारका साथ मासिक १ हजार ५ सय भाडा र १ सय पानीको पैसा दिने सर्तमा उक्त घरमा कोठा भाडामा लिएका थिए। आफू धार्मिक व्यक्ति भएकाले दलितलाई घरमा राखे पितृ रिसाउने भन्दै घरधनीले कोठा छोड्न दबाब दिएको पीडितले बताए। पीडित विकले जिल्ला प्रहरी कार्यालयमा ०६६ जेठ १२ गते उजुरी दिएपछि घरधनीलाई आइन्दा यस्तो अमानवीय व्यवहार नगर्ने सर्तमा कागज गर्न लगाई छाडियो।

पोखरा उमनपा-३ नदीपुरमा डेरा गरी बस्ने २० वर्षीय गङ्गा विकलाई सामान्य घरायसी विवादका क्रममा पति २१ वर्षीय बुद्धि गुरुङले ०६६ माघ १५ गते शरीरमा मट्टीतेल खन्याई आगो लगाइदिए। आगलागीबाट छाती र पेटका केही भाग जली घाइते भएकी विकको छिमेकी र माइतीको सहयोगमा पश्चिमाञ्चल क्षेत्रीय अस्पताल पोखरामा उपचार भयो। अन्तरजातीय विवाहका कारण परिवारको अपहेलना सहँदै आएकी विकलाई पतिले पटक-पटक कुटपिट गर्ने गरेको पीडितले बताइन्। छ महिनाकी छोरीसमेत रहेकी विक हाल पतिका साथ बसेकी छन्।

स्वास्थ्य सेवाको अवस्था

पश्चिमाञ्चल क्षेत्रीय अस्पताल पोखरामा यस वर्षको अन्त्यसम्ममा डाक्टर दरबन्दी ९५ जना रहेकामा ७६ जना, स्टाफ नर्स दरबन्दी १ सय ५२ जना रहेकामा १ सय ३५ जना, अहेव दरबन्दी २० जना रहेकामा १४ जना, अनमि दरबन्दी १८ जना रहेकामा ११ जना मात्र कार्यरत रहेका थिए।

जिल्ला जनस्वास्थ्य कार्यालयमा यस वर्षको अन्त्यसम्ममा एक जना जनस्वास्थ्य प्रशासक, एक जना मेडिकल अफिसर कार्यरत रहेका थिए। स्टाफ नर्स दरबन्दी चार जना रहेकामा चार जना, सीअहेव दरबन्दी १६ जना रहेकामा १६ जना, अहेव दरबन्दी ५२ जना रहेकामा ४९ जना कार्यरत रहेका छन्। ग्रामीण स्वास्थ्य कार्यकर्ता दरबन्दी ४४ जना रहेकामा ३५ जना, अनमि दरबन्दी २० जना रहेकामा १९ जना, मासिका दरबन्दी ३१ जना रहेकामा ३१ जना, ल्याब एसिस्टेन्ट छ जना कार्यरत रहेका थिए। जिल्ला जनस्वास्थ्य कार्यालयका अनुसार जिल्लामा तीनओटा प्राथमिक स्वास्थ्य चौकी, ३४ ओटा उपस्वास्थ्य चौकी र १० ओटा स्वास्थ्य चौकी गरी जम्मा ४७ ओटा स्वास्थ्यसँग सम्बन्धित कार्यालयहरू रहेका छन्।

३.६ मनाङ



जनसङ्ख्या : १५,०६२
साक्षरता प्रतिशत : ५०
महिला साक्षरता प्रतिशत : ३५
क्षेत्रफल (वर्ग कि. मि.) : २,२४६
गाविस/नपा सङ्ख्या : १३/०
सरकारी/निजी विद्यालय : ३१/१
क्याम्पस/उच्च मा.वि. : ०/२
अस्पताल/स्वास्थ्य चौकी : १/१३
मानव विकास सूचकाङ्कः ०.५०२
प्रतिपरिवार सरदर सङ्ख्याः ६

Westren:Layout 1 2/14/2010 9:06 AM Page 372

नागरिक तथा राजनीतिक अधिकार
सम्मानित रूपले बाँच्ने अधिकार
हत्या
अन्यबाट

गोरखा जिल्ला केरौजा गाविस-१ का १५ वर्षीय वीरे गुरुङ, १४ वर्षीय कामी गुरुङ, २२ वर्षीय सोबार गुरुङ, २३ वर्षीय आइतराम गुरुङ, १७ वर्षीय धुवे गुरुङ, ३५ वर्षीय ज्ञानबहादुर गुरुङ र गाविस-२ का २९ वर्षीय कान्छा गुरुङले गाउँलेको अनुमतिबिना यार्सागुम्बा सङ्कलन गर्न गएको आरोपमा नार गाविसका बासिन्दाले छुरी र लाठी प्रहार गरी हत्या गरे।

नार घटनामा संलग्न रहेको आरोपमा प्रहरीले ५९ जनालाई ०६६ असार महिनाका विभिन्न मितिमा गिरफ्तार गऱ्यो। गिरफ्तारमध्ये प्रहरीले ४० जनालाई जिल्ला अदालतमा पेस गऱ्यो। अदालतको आदेश अनुसार ०६६ साउन २२ गते चार जना तारेखमा रिहा भए। यसैगरी, पुनरावेदन अदालत पोखराको आदेश अनुसार ०६६ कात्तिक १५ गते १७ जना तारेखमा रिहा भए। उक्त घटनामा पक्राउ परेकामध्ये बाँकी रहेका १९ जनालाई यो वर्षको अन्त्यसम्म कारागारमा राखेर अनुसन्धान भइरहेको छ। उक्त घटना गोर्खा जिल्लाबाट ०६६ जेठ २५ गते यार्सागुम्बु खोज्न नारको लेकतर्फ गएका थिए। १५ दिनसम्म पनि यार्सागुम्बु खोज्न गएकाबारे कुनै खबर प्राप्त नभएपछि आफन्तहरूले ०६६ असार ४ गते जिल्ला प्रहरी कार्यालयमा खोजी गरिदिन भनी निवेदन दिएपछि प्रहरीले खोजी कार्य सुरु गरेको थियो। प्रहरीले ०६६ असार १५ गते काँक्रेलेकमा दुई जनाको लास फेला पाऱ्यो। बाँकी पाँच जनाको लास खाल्टोमा गाडेर पुनः निकालेर टुक्राटुक्रा पारेर खोलामा फालेको अवस्थामा फेला पाऱ्यो। अनुसन्धान क्रममा ०६६ असार २१ गते लाक्पाछिपे लामा, फुढिडेल लामा, धावाफुर्पा लामा, सुरेश रानासमेत केही गाउँलेलाई प्रहरीले नियन्त्रणमा लिई सोधपुछ गरेर रिहा गरेको थियो।

घटनाको प्रकार	गैर राज्यबाट		
	अन्यबाट		
	घटना सङ्ख्या	पुरुष	जम्मा
हत्या	३	८	८
घाइते	१	१	१
कुटपिट	१	१	१
जम्मा	४	१०	१०

जेल र बन्दीहरू

जिल्ला कारागारमा यस वर्षको अन्त्यसम्म ३२ जना पुरुष थुनुवा रहेका छन्। जसमध्ये कर्तव्य ज्यान मुद्दाका २० थुनुवा छन्। चोरी डकैतीमा ११ र ज्यानमार्ने उद्योगमा एक जना जेल परेका हुन्। यसअघिसम्म जेलको आवश्यकता महसुस नगरिएकामा यस वर्ष नार घटनालगायत चोरी-डकैतीका घटना बढेपछि थुनुवा राख्न शिक्षा कार्यालय रहेको भवनमा कारागार स्थापना गरिएको छ। यसै वर्षको भदौ महिनमा निर्मित यस कारागारको श्रेणी र क्षमता खुलेको छैन।

सुगम र निष्पक्ष न्यायिक अधिकार

गत वर्षको जिम्मेवारीबाट आएको नकबजनी चोरी एक, यस वर्ष कर्तव्य ज्यानका दुई, डाँका चोरी एक, ज्यान मार्ने उद्योग एक गरी जम्मा पाँच थान मुद्दा दर्ता भएकामा हाल कुनै मुद्दा फर्स्यौट नभएको श्रेस्तेदार शम्भुप्रसाद बरालले जनाए।

बालअधिकार

यस जिल्लामा प्रारम्भिक बालविकास केन्द्र १९ ओटा रहेका छन्। सामुदायिक विद्यालयतर्फ प्राथमिक १५ ओटा, निमावि आठओटा, मावि दुईओटा र उच्चमावि दुईओटा रहेका छन्। त्यसैगरी, संस्थागत विद्यालयतर्फ निमावि एउटा मात्र रहेको छ। प्रारम्भिक बालविकास केन्द्रबाहेक यस जिल्लामा जम्मा २८ विद्यालयहरू रहेका छन्। जिल्ला शिक्षा कार्यालयका अनुसार यस जिल्लामा रहेका विद्यालयहरूमा ७१ जना दलित बालबालिका अध्ययनरत छन्। जिल्लाको साक्षरता प्रतिशत ५९ रहेको जिल्ला शिक्षा कार्यालयले जनाएको छ।

स्वास्थ्य सेवाको अवस्था

जिल्ला अस्पतालमा यस वर्षको अन्त्यसम्ममा डाक्टर दरबन्दी दुई जनाको रहेकामा एक जना, स्टाफ नर्स दरबन्दी एक जना रहेकामा एक जना, सीअहेव दरबन्दी एक जना रहेकामा एक जना, अहेव दरबन्दी दुई जना रहेकामा एक जना र अनमि दरबन्दी दुई जना रहेकामा एक जना कार्यरत रहे।

Westren:Layout 1 2/14/2010 9:06 AM Page 373

३.७ नवलपरासी

जनसङ्ख्या : ६,८८,४८३
साक्षरता प्रतिशत : ६३
महिला साक्षरता प्रतिशत : ३०
क्षेत्रफल (वर्ग कि. मि.) : २,१६२
गाविस/नपा सङ्ख्या : ७३/१
सरकारी/निजी विद्यालय : ५४६/९३
क्याम्पस/उच्च मा.वि. : ७/५५
अस्पताल/स्वास्थ्य चौकी : ३/८२
मानव विकास सूचकाङ्कः ०.४८२
प्रतिपरिवार सरदर सङ्ख्याः ६

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या

अज्ञात समूहबाट

रूपन्देही जिल्ला शिवपुर गाविस-३ निवासी हकुई गाविस-३ स्थित तुरिया खोलाको पुल निर्माण कार्यमा संलग्न मजदुर ४२ वर्षीय राजेन्द्र पौडेलको ०६६ असार ४ गते अज्ञात समूहले पुल निर्माणस्थलमा गोली हानी हत्या गऱ्यो। लासको ०६६ असार ५ गते जिल्ला अस्पतालमा पोस्टमार्टम गरेपछि परिवारले दाहसंस्कार गरे।

रौतहट जिल्ला हर्दिया बल्टुवा गाविस-७ निवासी अखिल तराई मुक्ति मोर्चाका केन्द्रीय सैन्य कमान्डर ३५ वर्षीय अर्जुनराय यादवलाई छाती र कञ्चटमा गोली हानी हत्या गरिएको अवस्थामा ०६६ मङ्सिर ८ गते नवलपरासी जिल्लाको हकई गाविस-७ स्थित खेतमा उनको लास फेला पऱ्यो। स्थानीय बासिन्दाले प्रहरीमा खबर गरेपछि जिल्ला प्रहरीको टोलीले घटनाको मुचुल्का गरी त्यसै दिन जिल्ला अस्पतालमा पोस्टमार्टम गरायो। मृतकको सनाखत हुन नसकेकाले रामग्राम नपाले तीन दिनपछि दाहसंस्कार गराएको थियो। यस वर्षको अन्त्यसम्म पीडकको पहिचान खुलेको छैन।

जेल र बन्दीहरू

'घ' श्रेणीको जिल्ला कारागार जीर्ण छ। यस कारागारको बन्दी क्षमता ३५ जनाको रहे पनि हाल नौ जना महिलासहित ९२ जना बन्दी रहेका छन्। तीमध्ये दुई महिलासहित २१ जना कैद तोकिएका र सात महिलासहित ७१ जना कैद नतोकिएका बन्दी रहेका छन्। क्षमताभन्दा झन्डै दुई गुना बढी बन्दी रहेकाले बन्दीहरूलाई उठबस गर्नसमेत अप्ठ्यारो छ। कारागारमा महिलाका लागि एक र पुरुषका लागि तीन कोठा छुट्याइएको छ। बन्दीहरूले मुडा बनाउने, माछा मार्ने जाल बनाउनेलगायतका कामहरू गर्दै आएका छन्। आफूहरूले तयार पारेका सामग्रीहरू बजारमा बिक्री भइरहेको उनीहरूले जनाए।

बेपत्ता/अपहरण

एकीकृत माओवादीबाट

कञ्चनपुर जिल्ला भीमदत्त नपा-८ निवासी नवलपरासीस्थित एकीकृत माओवादी जनमुक्ति सेनाको चौथो डिभिजन अन्तर्गत हात्तीखोर सहायक शिविरका कम्पनी कमान्डर २३ वर्षीय गोपाल महराले क्याम्प छाडेर मातृका यादव अध्यक्ष रहेको नेकपा माओवादीमा प्रवेश गरेको आरोपमा ०६६ साउन ११ गते उनलाई एकीकृत माओवादीका युगान्त मैनालीको नेतृत्वमा रहेको टोलीले शिवमन्दिर गाविस नयाँ गाउँबाट अपहरण गऱ्यो। अपहरणपछि क्याम्पमा राखिएका महरालाई इन्सेक जिल्ला प्रतिनिधिसहितका अधिकारकर्मीको पहलमा ०६६ साउन १६ गते एकीकृत माओवादी जनमुक्ति सेनाको चौथो डिभिजनको सहायक शिविर हात्तीखोरबाट मुक्त गराई पत्नी कोपिला महराको जिम्मा लगाइयो।

मधेस मुक्ति टाइगर्सबाट

काठमाडौँ मनपा-२९ घर भई रूपन्देही जिल्ला बुटवल नपा बस्ने ५५ वर्षीय भरत रायमाझीलाई ०६५ पुस ९ गते मधेसी मुक्ति टाइगर्सका कार्यकर्ताले रामग्राम नपा-५ स्थित महेशपुर चोकबाट अपहरण गरे। उनीहरूले अपहरणपछि पीडितसँग ५ लाख रुपियाँ लिएर सोही दिन साँझ महेशपुरचोकबाट मुक्त गरे। टाइगर्सका पोलिटब्युरो सदस्य शहामुद्दीन अन्सारीका

Westren:Layout 1 2/14/2010 9:06 AM Page 374

घटनाको प्रकार	गैर राज्यबाट								राज्यबाट			
	अन्यबाट				एकीकृत माओवादीबाट							
	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा
हत्या	५	३	२	५								
घाइते	४	६		६								
गिरफ्तारी/यातना									६	१९		१९
कुटपिट	५	५		५	२	२		२	३	१३	२	१५
धम्की	३	३		३	१	२		२				
भेला/सङ्गठित हुने अधिकार									१	२	३	५
जातीय विभेद	१	१		१								
महिलाअधिकार	१८		३५	३५								
बालअधिकार	१०		१०	१०								
आर्थिक/सामाजिक/ सांस्कृतिक अधिकार	२	३		३	६	८	१	९				
अमानवीय व्यवहार	३	३		३								
अपहरण	३	३	१	४	१	१		१				
जम्मा	५४	३८	३८	६६	१०	१३	१	१४	१०	३४	५	३९

डरले पीडितले घटना सार्वजनिक नगरेकामा ०६५ फागुन १७ गते अन्सारीलाई प्रहरीले गिरफ्तार गरेपछि उनले घटना सार्वजनिक गरेका थिए। अन्सारी हाल पुर्पक्षका लागि थुनामा छन्।

अज्ञात समूहबाट

रामग्राम नपा-११ निवासी सोही ठाउँस्थित न्यु हरि ईंटा उद्योगका व्यवस्थापक ४८ वर्षीय कोदई यादवलाई ०६५ माघ ९ गते छ जनाको सङ्ख्यामा रहेको अज्ञात समूहले उद्योग परिसरबाटै अपहरण गऱ्यो। पीडितलाई अपहरणपछि हात र आँखामा पट्टी बाँधेर अज्ञात स्थानको एक घरको दोस्रो तलामा थुनेर राखी ०६५ माघ १२ गते देवगाउँ गाविस-१ बाट मुक्त गरे। अपहरण गर्ने समूह र कारण खुल्न सकेन।

सिन्धुपाल्चोक जिल्ला तातोपानी गाविस-५ घर भई काठमाडौँ जिल्ला बस्ने २५ वर्षीया सुन्तली श्रेष्ठ र उनका पति ३० वर्षीय पद्मनारायण श्रेष्ठलाई रामग्राम नपा-३ स्थित मौसम गेस्टहाउसबाट ०६६ वैशाख २७ गते अज्ञात समूहले अपहरण गऱ्यो। पीडितहरूलाई २५ घण्टा अज्ञातस्थलमा राखी मानसिक यातना दिँदै भारतमा बिक्री गर्ने धम्कीसमेत दिएर ०६६ वैशाख २८ गते रामग्राम नपा-५ स्थित बुद्धचोकबाट मुक्त गरिएको थियो। अपहरणको कारण खुल्न सकेन।

धम्की/कुटपिट

राज्यबाट

तिलकपुर गाविस-७ का ३७ वर्षीय प्रद्युम्न चौधरी, उनकी पत्नी ३५ वर्षीया मोहिता चौधरी, सोही ठाउँकी ४५ वर्षीया चमेली थारू, सोही गाविस-१ की ४५ वर्षीया फिरिया चौधरी र सत्यनारायण चौधरीलाई संयुक्त थरूहट सङ्घर्ष समितिले आह्वान गरेको अनिश्चितकालीन तराई बन्दका क्रममा गाडी तोडफोड र आगजनी गरेको आरोपमा ०६६ वैशाख १६ गते प्रहरीले तिलकपुर गाविस-१ स्थित तुलसीनगरमा कुटपिट गऱ्यो। घटनामा गम्भीर घाइते भएका प्रद्युम्न चौधरीको रूपन्देहीस्थित लुम्बिनी अञ्चल अस्पतालमा उपचार भयो।

गैँडाकोट गाविस-८ निवासी एकीकृत

Westren:Layout 1 2/14/2010 9:06 AM Page 375

माओवादीका कार्यकर्ता ३६ वर्षीया तारा कुमाल, अग्यौली गाविस-९ डन्डाका ४२ वर्षीय रामराज पण्डित र इलाका इन्चार्ज आजाद भनिने भविश्वर तिवारीलाई ०६६ पुस १ गते गैँडाकोट गाविस-५ कुसुमघाटमा प्रहरीले कुटपिट गऱ्यो। सोही ठाउँस्थित ७२ रोपनी जग्गा ०६६ मङ्सिर ३० गते एकीकृत माओवादी निकट सुकुमवासी सङ्घले कब्जा गरी टहरा बनाई बसेकामा प्रहरीको टोलीले बल प्रयोग गरी हटाउने क्रममा उक्त घटना भएको थियो। घाइतेहरूको स्थानीय मेडिकलमा उपचार भयो।

एकीकृत माओवादीबाट

राँकाचुली गाविस-४ निवासी निवर्तमान अध्यक्ष ५५ वर्षीय हेमबहादुर मगरले महिलामाथि अमानवीय व्यवहार गरेको आरोपमा ०६५ चैत १० गते माओवादी चौथो डिभिजनमा कार्यरत जनसेना मुक्तिको नेतृत्वमा रहेको टोलीले घरबाट अपहरण गरी क्याम्पभित्र पुऱ्याई कुटपिट गरेर सोही दिन साँझ मुक्त गऱ्यो।

रामपुर खडौना गाविस-५ निवासी निवर्तमान गाविस अध्यक्ष एवम् तराई मधेस लोकतान्त्रिक पार्टीका केन्द्रीय सदस्य ४५ वर्षीय शुभानअली अन्सारीले महिला र स्थानीय जनतालाई दुःख दिएको आरोपमा ०६६ असोज ६ गते उनीहरूलाई एकीकृत माओवादीका कार्यकर्ताले रामग्राम नपा-५ स्थित महेशपुर चोकमा कुटपिट गरे।

सुनवल गाविस-५ निवासी युथफोर्स कार्यकर्ता ३२ वर्षीय दिलीप पुनलाई वाईसीएल परित्याग गरी युथफोर्समा संलग्न भएको आरोपमा ०६६ पुस २ गते सोही ठाउँका वाईसीएल कार्यकर्ता रामप्रसाद कुँवर, पञ्चराम कुँवर र शिवराम नेपालीलगायतले घरमै कुटपिट गरी घाइते बनाए। पीडितको टाउको र छातीमा चोट लागेकामा उनको जिल्ला अस्पताल, परासीमा उपचार भयो। विगतमा एकीकृत माओवादीमा आबद्ध पुनलाई पार्टी छाडेको आरोपमा कुटपिट गरिएको थियो। यसअघि ०६६ मङ्सिर ८ गते आफ्नो दुई कट्ठा खेतमा लगाएको धानसमेत माओवादीले लुटेर लगेको पीडितले बताए। एकीकृत माओवादीले ०६६ पुस ३ गते विज्ञप्ति जारी गरी घटना व्यक्तिगत भएको तर राजनीतिसँग जोडेको भन्दै विरोध जनाए भने एमालेले घटना राजनीतिक उद्देश्यले गराइएको दाबी गऱ्यो।

प्रहरीद्वारा कुटपिट गरी घाइते बनाइएका प्रद्युम्न चौधरी

नेपाली काङ्ग्रेसबाट

रामनगर गाविस-१ भूमही निवासी वाईसीएल कार्यकर्ता २८ वर्षीय शङ्कर भण्डारीलाई राष्ट्रपतिको कदमविरुद्ध मसाल जुलुस प्रदर्शनका क्रममा ०६६ असार ५ गते सोही ठाउँका काङ्ग्रेस कार्यकर्ता २९ वर्षीय भोजराज न्यौपानेले भूमही बजारमा खुडा प्रहारी गरी घाइते बनाए। घाइतेको लुम्बिनी अञ्चल अस्पताल बुटवलमा उपचार भयो। घटनामा संलग्न भएको आरोपमा गिरफ्तार भएका न्यौपाने ०६६ असार ७ गतेदेखि अनुसन्धानका लागि थुनामा छन्।

थारू सङ्घर्ष समितिबाट

रुचाङ्ग गाविस-५ निवासी *रेडियो नेपाल*का जिल्ला संवाददाता २९ वर्षीय केवि रानालाई बन्द अवज्ञा गरेको आरोपमा ०६५ फागुन २७ गते थारू सङ्घर्ष समितिका कार्यकर्ताले सुनवल गाविस-१ सुनवलमा कुटपिट गर्नुका साथै उनले प्रयोग गरेको मोटरसाइकल तोडफोड गरे।

मधेसी मुक्ति टाइगर्सबाट

गुठीप्रसौनी गाविस-८ का २७ वर्षीय ध्रुवप्रसाद यादवलाई चन्दा नदिएको आरोपमा ०६६ मङ्सिर २० गते जमुनिया गाविस-४ का मधेसी मुक्ति टाइगर्सका कार्यकर्ता शिवपूजन राजभर (पूजारी), उनकी पत्नी सञ्जीदेवी राजभरले मोबाइलबाट फोन गरी छोराछोरीलाई अपहरण गरी हत्या गर्ने धम्की दिए। उनीहरूले पाँच लाख रुपियाँ चन्दा मागेकामा नदिएको भन्दै ०६६ मङ्सिर २७ गते पनि धम्की दिएको पीडितले बताए। उनले ०६६ पुस ६ गते जिल्ला प्रहरी कार्यलयमा उजुरी दर्ता गराए। उजुरीपछि सोही दिन प्रहरीले सञ्जीदेवीलाई घटनामा संलग्न रहेको आरोपमा गिरफ्तार गरी अनुसन्धानका लागि हिरासतमा राखेको छ। शिवपूजन फरार रहेको र घटनाको अनुसन्धान भइरहेको प्रहरीले जनायो।

Westren:Layout 1 2/14/2010 9:06 AM Page 376

मधेसी जनअधिकार फोरमबाट

हकुई गाविस-४ निवासी एकीकृत माओवादीका कार्यकर्ता ५५ वर्षीय हरिहर हरिजन, रामग्राम नपा-६ का ३५ वर्षीय बुधन अली र सोही ठाउँका ३२ वर्षीय सचिन पाठकले मन्त्रीलाई कालो झन्डा देखाएको आरोपमा ०६६ असोज ६ गते उनीहरूलाई तराई मधेस लोकतान्त्रिक पार्टीका कार्यकर्ताहरूले कुटपिट गरे। महिला बालबालिका तथा समाज कल्याण राज्यमन्त्री रामवचन यादवले दसैँ-तिहारको उपलक्ष्यमा आयोजित शुभकामना आदान-प्रदान कार्यक्रममा सहभागी हुन सदरमुकाम जाँदै गर्दा रामग्राम नपा-१ स्थित नीलो गेटमा एकीकृत माओवादीले विरोध प्रदर्शन गर्ने क्रममा उक्त घटना भएको थियो। पीडितहरूको जिल्ला अस्पताल परासीमा उपचार भयो।

अभिव्यक्ति, भेला हुने र सङ्गठित हुने अधिकार
(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

माकर गाविस-४ का रमेश श्रेष्ठ, स्वाठी गाविस-६ का २१ वर्षीय अजमेर खाँ, रामग्राम नपाकी २८ वर्षीया फूलवा बासफोर, पञ्चनगर गाविस-९ का ३६ वर्षीय सत्यनारायण चौधरी, माकर गाविस-८ लघुनाहाँकी ४२ वर्षीया दमयन्ती मिश्र, वञ्जरिया गाविस डाइनवाका ४० वर्षीय पदमनारायण चौधरी, रामग्राम नपा-११ का ४३ वर्षीय नारायण कुर्मीलगायतका १० जनालाई ०६५ माघ २६ गते सिविआर नेटवर्क जिल्ला समन्वय समितिको आयोजनामा भएको अपाङ्गहरूको आन्दोलनका क्रममा प्रहरीले लाठीचार्ज गरी कुटपिट गर्दा घाइते भए। अपाङ्गहरूले विभिन्न मागसहित जिल्ला प्रशासन कार्यालय घेराउ र तालाबन्दी गर्ने क्रममा प्रहरीले हस्तक्षेप गरेको थियो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

दुनियाँवादी फौजदारीतर्फ यस वर्षको अन्त्यसम्ममा जम्मा ५ सय ६ थान मुद्दामध्ये ३ सय ३६ थान फर्स्यौट भई १ सय ७० थान बाँकी रहे।

दुनियाँवादी देवानीतर्फ यस वर्षको अन्त्यसम्ममा ९ सय ६० मुद्दामध्ये ५ सय २० थान मुद्दा फर्स्यौट भई ४ सय ४० थान मुद्दा बाँकी रहे। जसमध्ये एक वर्ष नाघेका १ सय १७ थान र दुई वर्ष नाघेका २० थान मुद्दा रहे। जसमा देवानी १४ र फौजदारी ६ रहेका छन्। यस वर्षको अन्त्यसम्ममा १ हजार ४ सय ६६ थान मुद्दामध्ये ८ सय ५६ थान फर्स्यौट भई ६ सय १० थान मुद्दा बाँकी रहे।

आफ्नै पतिद्वारा कुटपिट गरिएकी रिजवान खातुन

बालअधिकार

यस जिल्लामा विद्यालय जाने उमेर पाँचदेखि नौ वर्ष उमेर समूहको कुल सङ्ख्या ९९ हजार २ सय ६३ मध्ये ९२.१५ प्रतिशत मात्र विद्यालय जाने गरेका छन्। तीमध्ये ७.८५ प्रतिशत बालबालिका विद्यालय जानबाट वञ्चित भएको जिल्ला शिक्षा कार्यालयले जनायो ।

यस जिल्लामा प्रारम्भिक बालविकास केन्द्र ५ सय ९ ओटा रहेका छन्। सामुदायिक विद्यालयतर्फ प्राथमिक ४ सय ७२ ओटा, निमावि १ सय ८४ ओटा, मावि १ सय ओटा र उच्चमावि ३६ ओटा रहेका छन्। त्यसैगरी, संस्थागत विद्यालयतर्फ प्राथमिक १ सय ४५ ओटा, निमावि ८२ ओटा, मावि ५५ ओटा र उच्चमावि १८ ओटा रहेका छन्। प्रारम्भिक बालविकास केन्द्रबाहेक यस जिल्लामा जम्मा ६ सय ७५ ओटा विद्यालयहरू रहेका छन्। ती विद्यालयहरूमा अध्ययनरत् बालबालिकाहरू १ लाख ८९ हजार ९ सय ४५ जना रहेका छन्। जसमा ९४ हजार ६ सय ५३ जना बालिका र ९५ हजार २ सय ९२ जना बालक रहेका छन्। जिल्ला शिक्षा कार्यालयका अनुसार यस जिल्लामा रहेका विद्यालयहरूमा २ हजार ८ सय ६२ जना दलित बालबालिका अध्ययनरत छन्। जसमा १ हजार ३ सय ७७ जना बालक र १ हजार ४ सय ४१ जना बालिका रहेका छन्।

तिलकपुर गाविस-४ की छ वर्षीया एक बालिकालाई ०६५ माघ २२ गते सोही ठाउँका २१ वर्षीय पञ्चराम थारूले दिउँसो आफ्नै घरमा लगी बलात्कार गरेको भनी बालिकाका आफन्तले ०६५ माघ २३ गते प्रहरीमा उजुरी दिए। आरोपितलाई प्रहरीले त्यसै दिन गिरफ्तार गऱ्यो। आरोपित ०६५ फागुन १९ गते जिल्ला अदालतको आदेशमा तारेखमा रिहा भए।

माकर गाविस-४ दिव्यनगरकी ११ वर्षीया एक बालिकालाई ०६५ फागुन १८ गते सोही ठाउँका २६ वर्षीय सञ्जु पौडेलले मार्ने धम्की दिई घरनजिकको जङ्गलमा लगी बलात्कार गरेको भनी बालिकाका आफन्तले ०६५ फागुन २२ गते प्रहरीमा उजुरी दिए। उजुरीपछि आरोपितलाई ०६५ फागुन २३ गते प्रहरीले गिरफ्तार गऱ्यो। पौडेललाई जिल्ला अदालतको आदेशमा पुर्पक्षका लागि थुनामा राखिएको छ।

रामनगर गाविस-१ की १६

Westren:Layout 1 2/14/2010 9:06 AM Page 377

वर्षीया बालिकालाई ०६५ चैत ११ गते सोही ठाउँका २३ वर्षीय पुरुषोत्तम पौडेलले सोही ठाउँस्थित बाँसघारीमा बलात्कार गर्ने प्रयास गरेको भनी बालिकाका आफन्तले ०६५ चैत १२ गते प्रहरीमा उजुरी दिए। आरोपित पौडेललाई त्यसै दिन प्रहरीले गिरफ्तार गरेकामा ०६५ चैत २६ गते उनी जिल्ला प्रहरी कार्यालयबाट तारेखमा रिहा भए।

दाउन्नेदेवी गाविस-५ गड्गाबस्तीकी छ वर्षीया एक बालिकालाई ०६६ जेठ ३० गते सोही ठाउँका ५५ वर्षीय परशुराम चौधरीले घरनजिकै बलात्कार प्रयास गरेको भनी बालिकाका आफन्तले ०६५ जेठ ३१ गते प्रहरीमा उजुरी दिए। उजुरीपछि प्रहरीले आरोपित चौधरीलाई त्यसै दिन गिरफ्तार गऱ्यो। ०६५ असार १५ गतेको जिल्ला अदालतको आदेश अनुसार आरोपित चौधरीलाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

ग्रेमी गाविस-५ हर्दीकी १६ वर्षीया एक बालिकालाई वैदेशिक रोजगारमा पठाउने बहानामा बिक्रीका लागि भारततर्फ लैजाने क्रममा ०६६ असार १ गते भारतीय नागरिक मस्तानाम मुसलमान, श्रद्धान मुसलमान र संसुद्दीन मुसलमानलाई भारतको निचरौलबाट भारतीय प्रहरीले गिरफ्तार गरी थुनामा राखी अनुसन्धान गरेको बताइएको छ। पीडित घर फर्किसकेकी छन्। ०६६ असार ४ गते उजुरी दिए पनि घटनामा संलग्न रहेकी सोही ठाउँकी सरस्वती चौधरी फरार रहेकाले कारबाही अगाडि बढेको छैन।

त्रिवेणी सुस्ता गाविस-७ की १३ वर्षीया एक बालिकालाई ०६६ असार ७ गते सोही ठाउँका धर्मराज पौडेलले बालिकाकै घरमा बलात्कार गरेको भनी बालिकाका आफन्तले ०६५ असार ८ गते प्रहरीमा उजुरी दिए। आरोपित ०६६ असार ३१ गतेदेखि जिल्ला अदालतको आदेशमा पुर्पक्षका लागि थुनामा छन्।

रामनगर गाविस-५ की ११ वर्षीया एक बालिकालाई ०६६ साउन ६ गते सोही ठाउँका १८ वर्षीय राजेश कुँवरले घरनजिकैको जङ्गलमा भैंसी चराउन गएको बेला बलात्कार गरेको भनी बालिकाका आफन्तले ०६६ कात्तिक ७ गते जिल्ला प्रहरी कार्यालयमा किटानी जाहेरी दिए। आरोपित कुँवर फरार रहेका कारण कानुनी कारबाही अगाडि बढेको छैन। चिकित्सकको प्रतिवेदनमा बालिकाको बलात्कार भएको पुष्टि गरिएको छ।

पक्लिहवा गाविस-१ बनकट्टीकी १५ वर्षीया एक बालिकालाई ०६६ साउन २२ गते सोही ठाउँका ३५ वर्षीय भुवाल यादवले बालिकाको घरमा बलात्कार गरेको भनी बालिकाका आफन्तले ०६६ साउन २५ गते जिल्ला प्रहरी कार्यालयमा किटानी जाहेरी दिएपछि प्रहरीले सोही दिन यादवलाई गिरफ्तार गरी अनुसन्धान सुरु गऱ्यो। आरोपित यादव जिल्ला अदालतको ०६६ भदौ १७ गतेको आदेश अनुसार पुर्पक्षका लागि थुनामा छन्।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार बेचबिखन तथा ओसारपसार

तमसरिया गाविस-६ रानीटारकी ४५ वर्षीया उषा परियार (पुष्पा) र नारायणी गाविस-९ बाघखोरकी शान्ति परियारलाई वैदेशिक रोजगारको बहानामा बम्बई पुऱ्याई बिक्री गर्ने प्रयास गरेको आरोपमा ०६६ जेठ ७ गते तमसरिया गाविस-५ की ३० वर्षीया शोभा चौधरी र २२ वर्षीया कल्पना परियारलाई प्रहरीले नेपाली श्रमिक युनियन भारतको सहयोगमा गिरफ्तार गऱ्यो। पीडकहरू जिल्ला कारागारमा थुनामा रहेका छन्। घटनामा संलग्न नयाँ बेलाहानी गाविस-८ का दीपेन्द्र श्रेष्ठ हालसम्म फरार छन्। पीडित महिलाहरूले ०६६ असार ३ गते घर फर्केर असार ७ गते जिल्ला प्रहरी कार्यालयमा मुद्दा दर्ता गराएका थिए। यस वर्षको अन्त्यसम्म मुद्दा विचाराधीन अवस्थामा रहेको थियो।

पारिवारिक हिंसा

तिलकपुर गाविस-१ की १५ वर्षीया पवित्रा राउत मगरलाई दाइजो नल्याएको आरोपमा ०६६ वैशाख १० गते उनका पति २० वर्षीय सन्तोष भरले घरनिकाला गरे। उनीहरूबीच ०६५ माघ १५ गते प्रेमविवाह भएको थियो। पीडितले ०६६ वैशाख १३ गते प्रहरीमा उजुरी दिइन् तर कुनै कारबाही नभएपछि हाल माइतीमा बस्दै आएकी छन्।

माकर गाविस-२ चिसापानीकी १८ वर्षीया रमा कुमालले दाइजो नल्याएको र बच्चा नजन्माएको आरोपमा ०६६ वैशाख १७ गते उनलाई सासू ४५ वर्षीया बेलमाया कुमालले तातो चिया मुखमा खन्याएर यातना दिइन्। पीडकविरुद्ध ०६६ वैशाख १८ गते जिल्ला प्रहरी कार्यालयबाट मानाचामलको दाबीसहित मुद्दा चलाइएको छ।

देवगाउँ गाविस-५ निवासी २९ वर्षीया सरोजादेवी जैसवाललाई सामाजिक सङ्घसंस्था र शिक्षण पेसामा लागेको आरोपमा ०६६ वैशाख २३ गते पति ३० वर्षीय सुरेश जैसवालले घरबाट निकाले। पीडितले ०६६ वैशाख ३१ गते जिल्ला प्रहरी कार्यालयमा.किटानी जाहेरी दिइन्। प्रहरीले दुवै पक्षबीच छलफल गराउँदा घरमा राख्ने प्रतिबद्धता जनाए तापनि

Westren:Layout 1 2/14/2010 9:06 AM Page 378

कार्यान्वयन गरेनन्। पीडित सेलर्ड अन्तर्गतको मध्यस्थकर्ता पनि हुन्। पीडितलाई ०६६ कात्तिक २० गते नाबालक छोरालाई कुटपिट गर्दा त्यसो नगर्न अनुरोध गरेको समयमा बाँसको लाठीले सरोजादेवीलाई कुटपिट गरे। घटनामा घाइतेको स्थानीयबासीको सहयोगमा जिल्ला अस्पतालमा उपचार भयो। पीडितले जाहेरी दिएकामा दुवै पक्षलाई झिकाई छलफल गराएपश्चात् प्रहरीले सुरेशलाई कार्यालयमा बोलाएर आमा र छोरालाई आवश्यक खर्च उपलब्ध गराउने र गल्ती नदोहोऱ्याउने सर्तमा ०६६ कात्तिक २१ गते सहमति भयो। सहमति अनुसार काम नभएको पीडितले बताइन्।

कुस्मा गाविस-७ की २६ वर्षीया रिजवाना खातुनले विवाह दर्ता र नागरिकताको प्रमाणपत्र बनाउन अनुरोध गरेको आरोपमा ०६६ जेठ ९ गते उनलाई पति ३० वर्षीय समसुद्दीन अन्सारीले सोही गाविस-९ स्थित झराई खोला किनारमा पुऱ्याई हत्या गर्ने प्रयास गरेको भनी जिल्ला प्रहरी कार्यालयमा ०६६ जेठ १० गते उजुरी दिएपछि आरोपित जिल्ला अदालतको आदेशमा ०६६ असार १ गतेदेखि पुपर्क्षका लागि थुनामा छन्।

हरपुर गाविस-८ की ३५ वर्षीया मन्सादेवी केवटले छोरी मात्र जन्माएको आरोपमा ०६५ असोज २१ गते उनलाई उनका पति ३८ वर्षीय विश्वनाथ केवटले घरको कोठामा थुनेर करेन्ट लगाई यातना दिए। पीडितले कतै उजुरी गरिनन्।

अम्रौट गाविस-७ की २० वर्षीया मञ्जु यादवको शुक्रौली गाविस-३ स्थित घिनाहाघाट खोलामा हत्या गरी छाडेको अवस्थामा ०६६ असोज २३ गते फेला पऱ्यो। सोही दिन स्थानीय गाउँलेहरूले लास देखेपछि जिल्ला प्रहरी कार्यालयमा खबर गरेर जिल्ला अस्पतालमा लासको पोस्टमार्टमपछि मृतकका आफन्तले अन्तिम संस्कार गरे। मृतकका माइती पक्षले मञ्जुका पति राजकुमार यादवले सुनियोजित तरिकाले हत्या गरेको भन्दै ०६६ कात्तिक ४ गते जिल्ला प्रहरी कार्यालयमा किटानी जाहेरी दिए। प्रहरीले राजकुमारलाई सोही दिन गिरफ्तार गरी अनुसन्धानपछि अदालतको आदेशमा ०६६ कात्तिक २७ गते पुर्पक्षका लागि थुनामा पठायो। हाल उनी थुनामा रहेका छन्। माइती पक्षले मञ्जुको मानसिक अवस्था ठीक नभएकाले उपचार नगराएर हत्या गरेको आरोप लगाएका छन्।

बाग्लुङ जिल्ला मल्म गाविस-६ घर भई एकीकृत माओवादी जनमुक्ति सेनाको चौथो डिभिजन अन्तर्गत रामनगर गाविस-५ स्थित सहायक शिविरमा कार्यरत २३ वर्षीया तिलकुमारी बुढा मगरलाई ०६५ कात्तिक ३ गते सोही शिविरका कम्पनी कमान्डरमा कार्यरत उनका पति २८ वर्षीय छमबहादुर भित्रिकोटीले सोही शिविरको कोठामा घाँटी थिचेर हत्या गरे। घटना आन्तरिक अनुसन्धानपछि ०६५ पुस २२ गते सार्वजनिक गरी जनमुक्ति सेनाले जिल्ला प्रहरी कार्यालयमा मुद्दा दायर गऱ्यो। पीडकलाई ०६५ माघ २० गते जिल्ला अदालतको आदेशमा पुर्पक्षका लागि थुनामा पठाइएको छ।

दुर्व्यवहार

भुजहवा गाविस-५ भटौलियाका ४५ वर्षीया लौंगी हरिजनलाई बोक्सीको आरोपमा ०६६ साउन ११ गते संशोधन मियाँले हातखुट्टा भाँच्ने र मार्ने धम्की दिए। धम्कीपछि पीडित ०६६ साउन १२ गतेदेखि भारतको बिहारमा विस्थापित भएकामा ०६६ भदौ १७ गते पुन:स्थापित भइन्। बोक्सीको आरोप लगाउँदै आफूलाई बोक्सी बकाउने नाममा शारीरिक र मानसिक यातना दिएको पीडितले बताइन्। उनले भुजहवा प्रहरी चौकीमा ०६६ साउन १२ गते उजुरी दिए पनि पीडकउपर कुनै कारबाही भएन।

रामग्राम नपा-५ इमिलीटोलका ४५ वर्षीया दुर्गावती यादव, सोही ठाउँकी ४० वर्षीया तेतारी यादव, ३५ वर्षीया कलावती भर र ४२ वर्षीया रमजान मुसलमानलाई ०६६ असारदेखि साउनसम्म झन्डै दुई महिनासम्म मुस्लिम मचरबाबाकोमा पुऱ्याई बोक्सी बकाउने नाममा सोही ठाउँका लेखापढी व्यवसाय सङ्घका अध्यक्ष ५५ वर्षीय रामवृक्ष यादव र उनका छोरा २८ वर्षीय सुरेन्द्र यादवले कुटपिट गरी शारीरिक र मानसिक यातना दिए। घटनामा संलग्न दुवै जनालाई ०६६ असोज १ गते प्रहरीले गिरफ्तार गरी अनुसन्धानपछि ०६६ असोज १८ गते जिल्ला अदालतको आदेशमा रिहा गऱ्यो।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

संरचना, सम्पति क्षति, कब्जा

थारू सङ्घर्ष समिति

कुडिया गाविस-३ सख्खुवानाका श्यामसुन्दर हरिजनले बन्दको अवज्ञा गरी पसल खोलेको आरोपमा ०६५ चैत १ गते दिउँसो १२ बजे थारू सङ्घर्ष समितिका कार्यकर्ताले उनको पसलमा आगो लगाई क्षति पुऱ्याए। उक्त घटनामा पसल जलेर नष्ट भयो। उक्त समूहले सोही ठाउँका तराई मधेस लोकतान्त्रिक पार्टीका कार्यकर्ता लोरिक यादवको लु.४प. १६१७ नम्बरको मोटरसाइकलमा पनि आगजनी गरेका थिए।

Westren:Layout 1 2/14/2010 9:06 AM Page 379

एकीकृत माओवादीबाट

रामनगर गाविस-८ मा रहेको पूर्वमन्त्री स्व.रवीन्द्रनाथ शर्माका नाममा रहेको घर र २४ बिघा जग्गा एकीकृत माओवादीनिकट अखिल नेपाल किसान सङ्घ क्रान्तिकारीका जिल्ला अध्यक्ष झिल्लुराम भुसालको नेतृत्मा रहेको समूहले ०६६ जेठ १५ गते पार्टीको झन्डा गाडेर कब्जा गरेको घोषणा गऱ्यो।

बन्जरिया गाविस-४ का नितेश पन्तका नाममा रहेको सोही ठाउँस्थित २८ बिघा जग्गा एकीकृत माओवादीनिकट क्रान्तिकारी राष्ट्रिय मधेसी मुक्ति मोर्चाका कार्यकर्ताले ०६६ जेठ २५ गते पार्टीको झन्डा गाडेर पुन: कब्जामा लिएको घोषणा गरे। यसअघि ०६१ सालदेखि ०६५ पुससम्म एकीकृत माओवादीले उक्त जग्गा कब्जामा लिएर ०६५ माघमा फिर्ता गरेको थियो।

माकर गाविस-६ स्थित लक्ष्मी पहारीको नाममा रहेको २ बिघा १७ कट्ठा जग्गा एकीकृत माओवादीको भ्रातृसङ्गठन अखिल नेपाल किसान सङ्घ (क्रान्तिकारी)का अध्यक्ष झिल्लुराम भुसाल र केन्द्रीय सदस्य रामधनी केवटको नेतृत्वमा रहेको १ सय ५० जनाको समूहले ०६६ असार १३ गते पार्टीको झन्डा गाडी कब्जा गरेको घोषणा गऱ्यो।

कावासोती गाविस-९ निवासी सुनील कर्माचार्य र लव कर्माचार्यका नाममा रहेको ६५ बिघा जग्गामा लगाइएको धान ०६६ मङ्सिर १९ गते एकीकृत माओवादीनिकट किसान सङ्घका कार्यकर्ताले लुटेर लगे। उक्त जग्गा ०६२ सालदेखि नै पार्टीको कब्जामा रहेकाले उक्त धान नियन्त्रणमा लिएको बताए। पीडितले कतै उजुरी गरेनन्।

गैँडाकोट गाविस-५ निवासी स्व. सूर्यभक्त अधिकारीका नाममा रहेको ७२ रोपनी जग्गा एकीकृत माओवादीनिकट किसान सङ्घ र अखिल नेपाल सुकुमवासी सङ्घका कार्यकर्ताले ०६६ मङ्सिर ३० गते झन्डा गाडेर कब्जामा लिएको घोषणा गरे। सो जग्गामा सुकुमवासीका २ सयभन्दा बढी टहरा बनाइएका थिए। प्रशासनको सक्रियतामा ०६६ पुस १ गते प्रहरीले टहराहरू हटायो।

तमसरिया गाविस-२ भडरा निवासी मनमोहनध्वज जोशी, सुमनध्वज जोशी, नारायणकाजी जोशीको ४० बिघा जमिनमा लगाएको धान 'भूमाफिया र सामन्तहरूको जग्गाको धान सुकुमवासीलाई बाँड्ने भन्दै' ०६६ मङ्सिर २५ गते एकीकृत माओवादीनिकट किसान सङ्घ २००७ का कार्यकर्ताले कब्जामा लिए। पीडितले धान लुटेको विषयमा कहीँकतै उजुरी गरेनन्।

गैँडाकोट गाविस-५ स्थित सनसाइन आवासीय माविमा बन्द अवज्ञा गरेको भन्दै ०६६ पुस ६ गते एकीकृत माओवादीले आह्वान गरेको आमहडतालको दोस्रो दिन एकीकृत माओवादीका १२/१३ जनाको एक समूहले कम्पाउन्डभित्र प्रवेश गरी विद्यालय तोडफोड गरी क्षति पुऱ्यायो। घटनाका कारण होस्टेलमा बस्ने ३५ जना छात्रछात्रा र बालबालिकाका अभिभावक आतङ्कित भए। प्रिन्सिपल लक्ष्मी दवाडीले विद्यालय सञ्चालन गरेको नभई होस्टेलका विद्यार्थीहरू खेलिरहेको अवस्थामा तोडफोड गरिएको बताए।

स्वास्थ्य सेवाको अवस्था

जिल्ला अस्पतालमा यस वर्षको अन्त्यसम्ममा डाक्टर दरबन्दी ११ जना रहेकामा चार जना, स्टाफ नर्स दरबन्दी १० जना रहेकामा पाँच जना, सीअहेव दरबन्दी १६ जना रहेकामा १६ जना, अहेव दरबन्दी ९२ जना रहेकामा १० जना कार्यरत रहेका छन्। ग्रामीण स्वास्थ्य कार्यकर्ता दरबन्दी ७३ जना रहेकामा ५८ जना, अनमि दरबन्दी २८ जना रहेकामा २८ जना र मासिका दरबन्दी ६० जना रहेकामा ५९ जना कार्यरत रहेका थिए। जिल्ला जनस्वास्थ्य कार्यालयका अनुसार जिल्लामा पाँचओटा प्राथमिक स्वास्थ्य चौकी र ६३ ओटा उपस्वास्थ्य चौकी गरी जम्मा ६८ ओटा स्वास्थ्यसँग सम्बन्धित कार्यालयहरू रहेका छन्।

Westren:Layout 1 2/14/2010 9:06 AM Page 380

३.८ रुपन्देही

जनसङ्ख्या : ९,००,८९५
साक्षरता प्रतिशत : ६६
महिला साक्षरता प्रतिशत : ५५
क्षेत्रफल (वर्ग कि. मि.) : १४०१
गाविस/नपा सङ्ख्या : ६९/२
सरकारी/निजी विद्यालय : ४९८/६२
क्याम्पस/उच्च मा.वि. : १६/६८
अस्पताल/स्वास्थ्य चौकी : ६/६९
मानव विकास सूचकाङ्कः ०.५००
प्रतिपरिवार सरदर सङ्ख्याः ६

नागरिक तथा राजनीतिक अधिकार
सम्मानित रूपले बाँच्ने अधिकार
हत्या

राज्यबाट

सिद्धार्थनगर नपा-३ खजनाका ४० वर्षीय साहाबुद्दीन अली र हाटिवनगाई गाविस-१, वनगाईका ३५ वर्षीय ध्रुवराज मिश्रलाई ०६५ माघ २८ गते राती धकधई गाविस-६ को धकधईमा प्रहरीले गोली हानी हत्या गऱ्यो। गाउँमा डकैती गरेको आरोपमा जिल्ला प्रहरी कार्यालय रूपन्देहीबाट गस्तीमा गएको प्रहरी टोलीले उनीहरूलाई गोली प्रहार गरेको थियो। आफूहरूमाथि गोली प्रहार गरेकाले प्रतिकारमा उनीहरू मारिएको प्रहरीले बतायो।

कम्हरिया गाविस-४ का ३० वर्षीय रामवली चौहानको प्रहरीले चलाएको गोली लागेर ०६५ फागुन १५ गते दिउँसो मृत्यु भयो। धकधई गाविसको रोहिणी पुलतिर गस्तीमा गएको जिल्ला प्रहरी कार्यालयको प्रहरी टोलीले नियन्त्रणमा लिएर गोली प्रहार गरेको स्थानीय प्रत्यक्षदर्शीले बताए। चौहान सशस्त्र समूहका कार्यकर्ता रहेको प्रहरीले बतायो।

बेतकुइँया गाविस-७ का ३२ वर्षीय अब्दुल मोजिव देवानको ०६६ कात्तिक ९ गते घरनजिकैको बोगडी गाविस-८ परसहवाको बगैँचामा हत्या भएको अवस्थामा लास फेला पऱ्यो। मृतकका बाबु ६२ वर्षीय अब्दुलले बेथरी प्रहरी चौकीका सई शम्भु उपाध्यायले गोली प्रहार गरी देवानको हत्या गरेको दाबी गर्दै प्रहरीमा जाहेरी दिँदा प्रहरीले जाहेरी लिन मानेन। उनले ०६६ मङ्सिर ३ गते पुनरावेदन अदालत बुटवलमा जिल्ला प्रशासन र प्रहरीविरुद्ध रिट दर्ता गराए। अदालतले ०६६ मङ्सिर ४ गते नै कारण देखाऊ आदेश जारी गरे पनि वर्षको अन्त्यसम्म रिट अनुरूप कुनै कारबाही भएन। मानवअधिकार आयोग, एड्भोकेसी फोरम, इन्सेक, फोसाड, पत्रकार महासङ्घ लगायतका संस्थाले गरेको स्थलगत अध्ययनले घटनामा प्रहरीको संलग्नता भएको प्रतिवेदन सार्वजनिक गरेको थियो।

वाईसीएलबाट

युथफोर्सका जिल्ला सदस्य बुटवल नपा-९ का ३५ वर्षीय प्रचण्डमान थैवको ०६५ चैत १३ गते राती वाईसीएल कार्यकर्ता सुजीत विकको नेतृत्वमा रहेको समूहले बुटवल-९ पुष्पनगरमा गोली प्रहार गरी हत्या गऱ्यो। मोटरसाइकलमा अस्पताललाइनबाट घरतिर गइरहेका थैवलाई अर्को मोटरसाइकलमा पिछा गर्दै आएको उक्त समूहले गोली प्रहार गरेको थियो। घाइते थैवको छाती र पाखुरामा गरी तीन गोली लागेको थियो। उनको उपचारका क्रममा त्यसै दिन राती लुम्बिनी अञ्चल अस्पतालमा मृत्यु भयो। घटनापछि उत्पन्न तनावले ०६५ चैत २० गतेसम्म जिल्ला बन्द रह्यो। युथफोर्सका कार्यकर्ताले बुटवल नपा-६ स्थित माओवादीका विभिन्न जनवर्गीय सङ्गठनका कार्यालयहरूमा तोडफोड र आगजनी गरी क्षति पुऱ्याए। केन्द्रमा माओवादी र एमालेबीच दोषीलाई कारबाही गर्ने सहमति भएपछि प्रदर्शन रोकिएको थियो। थैवलाई ०६६ वैशाख १० गते नेपाल सरकारले सहिद घोषणा गरी उनका परिवारलाई क्षतिपूर्तिस्वरूप १० लाख रुपियाँ प्रदान गरेको थियो। आरोपित सुजीत विक यस वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्।

अज्ञात समूहबाट

कम्हरिया गाविस-५ निवासी मधेसी टाइगर्सका कार्यकर्ता ३० वर्षीय रामवली चौहानको ०६५ फागुन १५ गते धकधई गाविसस्थित रोहिणी पुलमा प्रहरीले चलाएको गोली लागेर मृत्यु भयो। चौहानको नेतृत्वमा

Westren:Layout 1 2/14/2010 9:06 AM Page 381

घटनाको प्रकार	गैर राज्यबाट								राज्यबाट		
	अन्यबाट				एकीकृत माओवादीबाट						
	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा	घटना सङ्ख्या	पुरुष	जम्मा
हत्या	५	३	३	५					३	४	४
घाइते	६	६	३	८							
गिरफ्तारी/यातना									३	५	५
कुटपिट	५	९	१	१०	३		८	८	३	१६	१६
धम्की	४	५		५	३	३	३	५			
भेला/सङ्गठित हुने अधिकार									१	४	४
महिलाअधिकार	१		१	१							
बालअधिकार	३		३	३							
आर्थिक/सामाजिक/ सांस्कृतिक अधिकार					३	१९		१९			
अपहरण	१	१		१							
जम्मा	३५	३४	९	३३	६	३३	१०	३३	८	३९	३९

रहेको समूहले प्रहरी टोलीमाथि आक्रमण गरेपछि गोली प्रहार गरेको प्रहरीले जनायो।

बोगडी गाविस-४, खाल्डिया निवासी ३५ वर्षीय वेकारू हरिजनको ०६६ असोज १८ गते अज्ञात समूहले गोली हानी हत्या गऱ्यो। घरमै सुतिरहेका बेला हरिजनलाई अज्ञात समूहले छातीमा दुई गोली प्रहार गरेको थियो। लासको भीम अस्पताल भैरहवामा त्यसै दिन पोस्टमार्टम भयो। वर्षको अन्त्यसम्म हत्याको जिम्मा कसैले लिएन।

गोली/विस्फोटक पदार्थद्वारा घाइते

अज्ञात समूहबाट

बोदवार गाविस-३ निवासी एकीकृत माओवादीका तर्फबाट पूर्वविधायक ६० वर्षीय विनोद उपाध्यायलाई ०६५ पुस १७ गते अज्ञात समूहले भैरहवा-लुम्बिनी सडकखण्डमा गोली प्रहार गऱ्यो। मोटरसाइकलमा आएको उक्त समूह उनलाई गोली प्रहार गरी फरार भएको थियो। पीडितको युनिभर्सल मेडिकल कलेज भैरहवामा उपचार भयो।

बुटवल नपा-४ मैनावगरका २८ वर्षीय बुन्नु चौधरीलाई ०६५ माघ २५ गते अज्ञात समूहले घरनजिकै खुकुरी प्रहार गरी घाइते बनायो। घाइते चौधरीको प्रहरीको सहयोगमा भैरहवास्थित युनिभर्सल मेडिकल कलेज उपचार भयो।

हाटिवनगाई गाविस-८ गरगहीका २९ वर्षीय विक्रम जयसवाल, उनकी पत्नी २६ वर्षीय सुनीता जयसवाल र कामदार १६ वर्षीय कृष्ण जयसवाललाई ०६५ चैत ८ गते अज्ञात समूहले घरनजिकै गोली प्रहार गऱ्यो। गोली लागेर घाइते भएकाहरूको भारतको गोरखपुरमा उपचार भयो। यस वर्षको अन्त्यसम्म घटनाको जिम्मा कसैले लिएन।

रोहनीहवा गाविस-६ रोहनीहवा निवासी २१ वर्षीया रेखा यादवलाई ०६६ कात्तिक २९ गते साँझ सोही ठाउँमा अज्ञात समूहले गोली प्रहार गऱ्यो। पिठ्यूँमा दुई गोली लागी गम्भीर घाइते भएकी यादवको युनिभर्सल मेडिकल कलेज भैरहवामा उपचार भयो। प्रहरीले तराईका सशस्त्र समूहबाट आक्रमण भएको आशङ्का गरे पनि घटनाको कसैले जिम्मेवारी लिएन।

जेल र बन्दीहरू

'ग' श्रेणीको ६० जना बन्दी क्षमता रहेको जिल्ला कारागारमा यस वर्षको अन्त्यसम्ममा जम्मा २

Westren:Layout 1 2/14/2010 9:06 AM Page 382

सय २९ जना बन्दीहरू रहेका छन्। जसमा कैद तोकिएका ९१ जना पुरुष बन्दीहरू छन् भने कैद नतोकिएका १ सय ३७ पुरुष र एक महिला छन्। क्षमताभन्दा तीन गुणा बढी बन्दीहरू राखिएका कारण बन्दीहरूलाई बस्न समस्या परेको छ। कारागार प्रमुख बोमलाल भण्डारीले कारागार सुधारका लागि माथिल्लो निकायमा पत्राचार गरी सहयोग मागिएको बताए।

बन्दीहरूमा कर्तव्य ज्यान मुद्दामा कैद तोकिएका २१ जना र कैद नतोकिएका विदेशी नागरिकसहित २१ जना गरी ४२ जना, लागूऔषध मुद्दामा कैद तोकिएका एक जना विदेशीसहित १० जना र कैद नतोकिएका चार जना विदेशीसहित १४ जना गरी २४ जना, जबरजस्ती करणी मुद्दामा कैद तोकिएका तीन विदेशीसहित १८ जना र कैद नतोकिएका तीन विदेशीसहित १२ जना गरी ३० जना, जीउ मास्नेबेच्ने मुद्दामा कैद तोकिएका चार जना र कैद नतोकिएका नौ जना गरी १३ जना, केही सार्वजनिक अपराधको मुद्दामा कैद तोकिएका एक जना र कैद नतोकिएका १३ जना गरी १४ जना, ज्यान मार्ने उद्योग मुद्दामा कैद नतोकिएका आठ जना, हातहतियार खरखजाना मुद्दामा कैद तोकिएका चार जना र कैद नतोकिएका एक जना विदेशीसहित चार जना गरी आठ जना, अपहरण तथा शरीर बन्धक मुद्दामा कैद तोकिएका तीन जना र कैद नतोकिएका तीन जना गरी छ जना, भन्सार चोरी मुद्दामा कैद नतोकिएका एक जना, कीर्ते जालसाजी मुद्दामा कैद तोकिएका एक जना, सवारी ज्यान मुद्दामा कैद तोकिएका एक जना र कैद नतोकिएका दुई जना विदेशीसहित चार जना गरी पाँच जना, टेलिफोन तार चोरी मुद्दामा कैद तोकिएका चार जना, चोरी मुद्दामा कैद तोकिएका एक जना विदेशीसहित पाँच जना र कैद नतोकिएका १४ जना, खुन डाँका मुद्दामा कैद तोकिएका तीन जना र कैद नतोकिएका छ जना गरी नौ जना, गैँडा खाग चोरी मुद्दामा कैद तोकिएका एक जना, ठगी मुद्दामा कैद तोकिएका दुई जना रहेका छन्।

जिल्ला कारागार भैरहवामा थुनामा रहेका मिलन थापा, सुशील चापागाई, दङ्गोरिया चौधरी, अलि अख्तर खान, रेम पुन, मेसबहादुर यादव, बाबु पौडेल, सुशील भुजेल, भोला गलामी, विश्वास गुरुङ, त्रिवेणी चौधरी, राजेश गुप्ता, लेखनाथ यादव, रामपद यादव, रफिक खानलाई जेलभित्र प्रदर्शन गरेको आरोपमा ०६५ पुस २३ गते ड्युटीमा रहेका प्रहरीले कारागारभित्र कुटपिट गरे। घाइतेहरूको युनिभर्सल मेडिकल कलेज भैरहवामा उपचार भयो। घटनापछि आक्रोशित बन्दीहरूको कुटाइबाट जिल्ला कारागारका नाइके विष्णु खत्री, विमल आले, मङ्गल चौहार, कमल परियार र मेनु गुरुङ घाइते भएका थिए। उनीहरूको भैरहवास्थित मेडिकल कलेजमा उपचार भयो। बन्दीहरूले कारागारभित्रै प्रदर्शन, तोडफोड र नाराजुलुस गरेका थिए।

वाईसीएलद्वारा हत्या गरिएका प्रचण्डमान थैव

बेपत्ता/अपहरण

अज्ञात समूहबाट

गोनाहा गाविस-२ मकरीका विद्यार्थी २५ वर्षीय नगेन्द्र केवटलाई रूपन्देही क्याम्पसबाट घरतर्फ फर्किँदै गर्दा ०६५ माघ १३ गते अज्ञात समूहले घर नजिकैबाट अपहरण गऱ्यो। पीडित ०६६ जेठ १० गते कपिलवस्तु जिल्लाको तौलिहवाबाट परिवारको सम्पर्कमा आए पनि घटनाबारे केही बताएनन्।

धम्की/कुटपिट

एकीकृत माओवादीबाट

बुटवल नपा-६ लक्ष्मीनगरस्थित महिलाहरूद्वारा सञ्चालित *मुक्ति रेडियो*मा ०६५ चैत ७ गते राती समाचारको विषयलाई लिएर माओवादीका कार्यकर्ताले आक्रमण गरे। मोटरसाइकलमा आएका माओवादी कार्यकर्ताले अनेरास्ववियु (क्रान्तिकारी)को पक्षमा समाचार सम्प्रेषण नगरेको भन्दै रेडियोको प्रसारण कक्षमा ढुङ्गामुढा गरी कर्मचारीलाई धम्की दिएको रेडियोकी अध्यक्ष कविता शर्माले बताइन्।

पत्रकारहरू कुलमणि ज्ञवाली, हरिश ढकाल, मीना भट्टराई र तेजेन्द्र केसीले बन्दको अवज्ञा गरेको आरोपमा ०६६ जेठ २८ गते उनीहरूलाई माओवादी कार्यकर्ताले कारवाही गर्ने धम्की दिए। राष्ट्रपतिको कदमको विरोधमा माओवादीद्वारा घोषित अवधराज्य बन्द आह्वानका क्रममा समाचार सङ्कलन गर्न गएको समयमा अमानवीय व्यवहार गर्दै धम्की दिएका थिए।

देवदह गाविस-५ चरङ्गे निवासी ५० वर्षीय गङ्गा कोइराला, उनकी छोरी १७ वर्षीया सङ्गीता कोइराला, ३० वर्षीया सीता थापा र उनकी दिदी ३५ वर्षीया कुमारी थापालाई ०६६ कात्तिक २१ गते सोही ठाउँका एकीकृत माओवादी जिल्ला

Westren:Layout 1 2/14/2010 9:06 AM Page 383

सदस्य एवं वाईसीएल क्षेत्रीय इन्चार्ज ३५ वर्षीय उदय पुनले कुटपिट र दुर्व्यवहार गरे। पुनले उनीहरूलाई ज्यान मार्ने धम्कीसमेत दिएका थिए। सोही घटनाको विरोधमा महिलाहरूले कात्तिक २२ गते इलाका प्रहरी कार्यालय, बुटवलमा विरोध प्रदर्शन गरे। प्रहरीले पुनलाई कात्तिक २३ गते गिरफ्तार गरी थप अनुसन्धानका लागि जिल्ला प्रहरी कार्यालयमा पठायो। जिल्ला प्रशासन कार्यालयले पुनलाई मङ्सिर २ गते सामान्य तारेखमा रिहा गऱ्यो।

वाईसीएलबाट

मधवलिया गाविस-५ कोटिहवाका ३२ वर्षीय अर्जुन बस्याल र सोही ठाउँका ३५ वर्षीय ईश्वरी बुढाथोकीले वाईसीएलको विरोध गरेको आरोपमा ०६६ जेठ १७ गते उनीहरूलाई घरमै गएर वाईसीएलका स्थानीय कार्यकर्ता उदय पुन र दुर्लभले मार्ने धम्की दिए।

देवदह गाविस-९ चरङ्गेका १९ वर्षीय देवराज थापालाई युथफोर्सको भेलामा सहभागी भएको आरोपमा ०६६ जेठ २० गते वाईसीएल कार्यकर्ताहरू मनोज सिँजाली, धुने शिव थापा, कृष्ण पटल, अर्जुन विक र मानेले घरमै खुकुरी प्रहार गरी घाइते बनाए। पीडितहरू ०६६ जेठ १९ गते युथफोर्सद्वारा देवदह गाविसमा आयोजित भेलामा सहभागी भएका थिए। पीडितको लुम्बिनी अञ्चल अस्पतालमा उपचार भयो।

देवदह गाविस-९ चरङ्गेस्थित सीता माविका विद्यार्थीहरू १९ वर्षीय धनबहादुर थापा र १८ वर्षीय खेमबहादुर तरामीलाई ०६६ जेठ १९ गते युथफोर्सद्वारा देवदह गाविसमा आयोजित भेलामा सहभागी भएको आरोपमा ०६६ जेठ २० गते वाईसीएल कार्यकर्ताले मार्ने धम्की दिँदै कुटपिट गरे। वाईसीएल गाउँ इन्चार्ज उदय पुनको नेतृत्वमा रहेको टोलीले विद्यालय परिसरमा गई कुटपिट गरेको थियो। पीडितहरूको लुम्बिनी अञ्चल अस्पतालमा उपचार भयो।

गुल्मी जिल्ला थानापति गाविस निवासी हाल बुटवल नपा-५ गोलपार्कमा डेरा गरी बस्ने अनेरास्ववियु रूपन्देहीका अध्यक्ष २८ वर्षीय किसान ज्ञवाली, सोही ठाउँका सोही सङ्गठनका कोषाध्यक्ष वसन्त ढकाल र सदस्य सरोज पोखरेललाई आफ्नो आधार इलाकामा आएको आरोपमा ०६६ साउन २ गते अनेरास्ववियु (क्रान्तिकारी)का कार्यकर्ताले केरावानी गाविसस्थित केरावानी उच्चमाविमा कुटपिट गरे। अनेरास्ववियुले गर्न लागेको वक्तृत्वकला प्रतियोगिताबारे जानकारी गराउन आएका बेला अनेरास्ववियु (क्रान्तिकारी)का कार्यकर्ता विकास गहतराजको नेतृत्वको समूहले कुटपिट गरेको थियो। कुटपिटबाट ज्ञवाली, ढकाल र पोखरेल सामान्य घाइते भएका थिए। दुवै पार्टीका नेताहरूबीच साउन ९ गते सहमति भएपछि घटना साम्य भएको थियो।



प्रहरीद्वारा गोली प्रहार गरी हत्या गरिएका अब्दुल मोजिब देवान

आनन्दवन गाविस-९ निवासी एमाले कार्यकर्ता २७ वर्षीय ईश्वरीप्रसाद मरासिनीलाई ०६६ भदौ २४ गते साँझ वाईसीएल कार्यकर्ता आनन्दवन गाविस-२ निवासी राकेश भुसालको नेतृत्वमा रहेको १०-१२ जनाको समूहले कुटपिट गऱ्यो। मणिग्रामस्थित विशाल मिष्ठान्न भण्डारमा चिया खाइरहेका मरासिनीलाई वाईसीएल कार्यकर्ताले बिनाकारण कुटपिट गरेका थिए। टाउको, ढाड र छातीमा चोट लागेका पीडितको स्थानीय खरेल मेडिकलमा उपचार भयो। पीडितले कुनै पनि निकायमा उजुरी गरेनन्। दुवै पक्षबीच भदौ २६ गते छलफल हुँदा पीडकले माफी माग्ने र उपचार खर्च केहोर्ने सर्तमा मिलापत्र भयो।

नेकपा (माओवादी)बाट

बुटवल नपा-६ ट्राफिकचोकस्थित होटल सम्राटका सञ्चालक खेमनारायण श्रेष्ठले विभिन्न व्यक्तिहरूको घरजग्गा हडपेको आरोपमा ०६६ कात्तिक २८ गते उनलाई मातृका यादव अध्यक्ष रहेको नेकपा माओवादीका लुम्बिनी अञ्चल सेक्रेटरी प्रभातले सफाया गर्ने धम्की दिए। बुटवलको ट्राफिकचोकमा सो पार्टीले गरेको एक सभामा प्रभातले श्रेष्ठलाई सफाया गर्ने धम्की दिएका थिए।

अज्ञात समूहबाट

सिद्धार्थनगर नपा-७ भैरहवाका ४५ वर्षीय माधवप्रसाद अधिकारीलाई ०६६ वैशाख ३० गते अज्ञात समूहले टेलिफोन गरी मार्ने धम्की दियो। आफूलाई मधेसी टाइगर्सको कार्यकर्ता बताउने अपरिचित व्यक्तिले पटक-पटक टेलिफोन गरी ज्यानमार्ने धम्की दिएको पीडितले बताए। पीडितले ०६६ जेठ १ गते प्रहरीमा उजुरी गरेपछि धम्की आउन छाडेको पीडितले बताए।

गैरकानुनी गिरफ्तारी

लुम्बिनी आदर्श गाविस-८ अमारीका ३० वर्षीय मोहम्मद वकिल मुसलमान र सोही गाविस-३ का २४ वर्षीय अनिल अहमदलाई जनतान्त्रिक तराई मुक्ति मोर्चाका कार्यकर्ता भएको आशङ्कामा ०६५ पुस २५ गते प्रहरीले गिरफ्तार

Westren:Layout 1 2/14/2010 9:06 AM Page 384

गऱ्यो। उनीहरू सो समूहमा संलग्नता नरहेको पुष्टि भएपछि ०६५ पुस २७ गते रिहा भए।

अभिव्यक्ति, भेला हुने र सङ्गठित हुने अधिकार
(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

सिँचाइ मन्त्री बालकृष्ण खाँडलाई कालो झन्डा देखाई विरोध प्रदर्शन र सडक अवरुद्ध गर्ने क्रममा प्रहरी र एकीकृत माओवादीका कार्यकर्ताबीच ०६६ असोज २६ गते बुटवलमा भएको झडपमा प्रहरीले लाठीचार्ज गर्दा सो पार्टीका केन्द्रीय सदस्य भक्तिराम पाण्डे, जिल्ला अध्यक्ष हफिउल्लाह खान, कार्यकर्ताहरू योगेन्द्र, यज्ञ पोखरेलसहित छ जना सामान्य घाइते भए। उनीहरूको लुम्बिनी अञ्चल अस्पताल बुटवलमा उपचार भयो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

पुनरावेदन अदालतमा दुनियाँवादी फौजदारी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका ६४ थान र यस वर्ष दर्ता भएका ९३ थान गरी जम्मा १ सय ५७ थानमध्ये यस वर्ष ४० थान फर्स्यौट भई १ सय १७ थान मुद्दा बाँकी रहे।

सरकारवादी फौजदारी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका ६० थान र यस वर्ष दर्ता भएका १ सय २ थान गरी जम्मा १ सय ६२ थानमध्ये यस वर्ष ६६ थान फर्स्यौट भई ९६ थान मुद्दा बाँकी रहे।

देवानी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका २ सय २१ थान र यस वर्ष दर्ता भएका २ सय ९३ थान गरी जम्मा ५ सय १४ थानमध्ये यस वर्ष १ सय ७५ थान फर्स्यौट भई ३ सय ३९ थान मुद्दा बाँकी रहे। यसरी यस वर्षको अन्त्यसम्ममा ५ सय ५२ थान मुद्दा फर्स्यौट हुन बाँकी रहे।

वाईसीएलद्वारा खुकुरी प्रहार गरी घाइते बनाइएका सुजन पुन

जिल्ला अदालत

दुनियाँवादी फौजदारी मुद्दातर्फ गत वर्ष जिम्मेवारी सरेर आएका १ सय ८५ र यस वर्ष दर्ता भएका १ सय ५४ थान गरी जम्मा ३ सय ३९ थानमध्ये यस वर्ष ६५ थान फर्स्यौट भई २ सय ७४ थान मुद्दा बाँकी रहे।

सरकारवादी फौजदारी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका १ सय १५ थान र यस वर्ष दर्ता भएका ७९ थान गरी जम्मा १ सय ९४ थानमध्ये यस वर्ष ४९ थान फर्स्यौट भई १ सय ४५ थान मुद्दा बाँकी रहे।

देवानी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका ६ सय २१ थान र यस वर्ष दर्ता भएका ३ सय १५ थान गरी जम्मा ९ सय ३६ थानमध्ये यस वर्ष १ सय ६२ थान मुद्दा फर्स्यौट भई ७ सय ७४ थान मुद्दा बाँकी रहे। यस वर्षको अन्त्यसम्ममा १ हजार १ सय ९३ थान मुद्दा फर्स्यौट हुन बाँकी रहे। जसमध्ये दुई वर्ष नाघेका मुद्दा १ सय ९१ थान छन्।

बालअधिकार

यस जिल्लामा विद्यालय जाने उमेरका कुल सङ्ख्या २ लाख ३६ हजार २ सय ८४ जना बालबालिकामध्ये ८३ प्रतिशत मात्र विद्यालय जाने गरेका छन्। तीमध्ये २९ हजार २ सय २४ जना अर्थात् १७ प्रतिशत बालबालिका विद्यालय जानबाट वञ्चित रहेको जिल्ला शिक्षा कार्यालयले जनायो।

यस जिल्लामा प्रारम्भिक बालविकास केन्द्र ५ सय ८६ ओटा रहेका छन्। सामुदायिक विद्यालयतर्फ प्राथमिक १ सय ७५ ओटा, निमावि ७६ ओटा, मावि ६३ ओटा र उच्च मावि ३५ ओटा रहेका छन्। त्यसैगरी, संस्थागत विद्यालयतर्फ प्राथमिक ७१ ओटा, निमावि ३० ओटा, मावि ८० ओटा र उच्च मावि ३३ ओटा रहेका छन्। प्रारम्भिक बालविकास केन्द्रबाहेक यस जिल्लामा जम्मा ५ सय ६१ विद्यालयहरू र १ सय १ ओटा मदरसा रहेका छन्। ती विद्यालयहरूमा अध्ययनरत बालबालिकामा २ लाख ३ हजार ४ सय ८३ जना रहेका छन्। जसमा ९८ हजार ६ हजार ८७ जना बालिका र १ लाख ४ हजार ७ सय ९६ जना बालक रहेका छन्। जिल्ला शिक्षा कार्यालयका अनुसार यस जिल्लामा रहेका विद्यालयहरूमा ३३ हजार ६ सय ६७ जना दलित बालबालिका अध्ययनरत छन्। तीमध्ये १७ हजार ३ सय ५९ जना बालक रहेका छन्। जिल्लाको महिला साक्षरता प्रतिशत ५५.०७ र पुरुष साक्षरता प्रतिशत ७५.०८ गरी जम्मा साक्षरता प्रतिशत ६६ रहेको जिल्ला शिक्षा कार्यालयले जनाएको छ।

पश्चिम अमुवा गाविस-९ की एक बालिकालाई ०६६ भदौ १३ गते बलात्कार गरेको आरोपमा प्रहरीले सोही ठाउँका १८ वर्षीय सुरेश मल्लाहलाई भदौ १४ गते गिरफ्तार गऱ्यो। बालिकालाई बेहोस अवस्थामा परिवारका सदस्यले भेट्टाएपछि सुरेशले बलात्कार गरेको भन्दै प्रहरीमा भदौ १४ गते किटानी जाहेरी दिएका थिए। बालिका लुम्बिनी अञ्चल अस्पताल बुटवलमा उपचार गरेपछि भदौ १८ गते घर फर्किइन्। जिल्ला अदालतको आदेशमा आरोपित भदौ २४ गतेदेखि पुर्पक्षका लागि थुनामा छन्।

करहिया गाविस-१ करहियाकी तीन वर्षीया एक बालिकालाई ०६६ साउन ६ गते सोही ठाउँका १८ वर्षीय गोपाल विकले बलात्कार गरेको भन्दै बालिकाका आफन्तले साउन ७ गते प्रहरीमा उजुरी दिए। आरोपित विकलाई सोही दिन इलाका प्रहरी कार्यालय बुटवलले गिरफ्तार गऱ्यो। आरोपित हाल रूपन्देही जिल्ला अदालतको आदेशानुसार पुर्पक्षका लागि थुनामा रहेका छन्।

देवदह गाविस-८ की नौ वर्षीया एक बालिकालाई ०६६ भदौ ११ गते सोही ठाउँका ५० वर्षीय कृष्ण थापाले बलात्कार गरेको भन्दै भदौ १४ गते बालिकाको परिवारले इलाका प्रहरी कार्यालय बुटवलमा उजुरी गरेपछि प्रहरीले थापालाई भदौ १६ गते गिरफ्तार गऱ्यो। आरोपित ०६६ असोज २ गतेदेखि पुर्पक्षका लागि थुनामा छन्।

मर्यादापुर गाविस-३ की आठ वर्षीया मनीषा हरिजनको ०६६ मङ्सिर १९ गते राती सोही स्थानको ईंटाभट्टानजिकै हत्या भएको अवस्थामा लास फेला पऱ्यो। उनलाई त्यसै दिन साँझ घरनजिकैबाट सोही ठाउँका ईंटाभट्टाका मालिक ३५ वर्षीय वीरेन्द्र कलवार (जयसवाल) र ईंटाभट्टाका मजदुर मर्यादपुर गाविस-३ का २९ वर्षीय नेवास पालले अपहरण गरेको उनका हजुरबुबा ६५ वर्षीय कन्यैहा हरिजनले बताएपछि खोजी गर्दा बालिका मृत फेला परेकी थिइन्। बालिकालाई घरनजिकै बन्दै गरेको जयसवालको ईंटाभट्टामा बलि दिएको भन्दै बालिकाका बाबु ४० वर्षीय राजु हरिजनले मङ्सिर २० गते जिल्ला प्रहरी कार्यालयमा जाहेरी दिँदा सुरुमा प्रहरीले जाहेरी नबुझेको र गाउँलेहरूले दबाब दिएपछि मङ्सिर २७ गते मात्र जाहेरी दर्ता गऱ्यो। गाउँलेले मङ्सिर २७ गते प्रहरीमा किटानी जाहेरी दिएपछि वीरेन्द्र र नेवासलाई मङ्सिर २८ गते प्रहरीले गिरफ्तार गऱ्यो। प्रहरीको अनुसन्धान टोलीले पनि बालिकालाई बलि नै दिएको पुष्टि भएको भन्दै पुस ४ गते प्रतिवेदन सार्वजनिक गरेको थियो। आरोपित दुवै जनालाई जिल्ला अदालतमा पेस गरी हाल थुनामा राखिएको छ।

प्रहरीसँगको झडपमा घाइते भएका भक्तिराम पाण्डे

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार पारिवारिक हिंसा

दूधराक्ष गाविस-६ का ३६ वर्षीया अनारकली थारूलाई ०६६ साउन ३१ गते उनका पति ४२ वर्षीय भिख्खु थारूले धारिलो खुर्पा प्रहार गरी हत्या गरे। खेतमा काम गर्दै गर्दा सामान्य विवाद भएपछि भिख्खुले हातमा रहेको खुर्पा प्रहार गरी हत्या गरेको भन्दै छोरा पल्टु थारूले इलाका पहरी कार्यालय बुटवलमा त्यसै दिन उजुरी दिएपछि पीडकलाई प्रहरीले गिरफ्तार गऱ्यो। लासको लुम्बिनी अञ्चल अस्पतालमा पोस्टमार्टम गरी दाहसंस्कार भयो। पीडक रूपन्देही जिल्ला कारागारमा थुनामा रहेका छन्।

प्यूठान जिल्ला घर भएकी ३० वर्षीया महिलालाई बुटवल नपा-८, ट्राफिक चोकस्थित जयभुँडी होटलमा बास बसेको अवस्थामा ०६६ असोज ९ गते बुटवल नपा-१२ बेसक्याम्पका २१ वर्षीय विशाल गुरुङ, २२ वर्षीय नवीन गुरुङ, कालीकानगरका २२ वर्षीय दिनेश कुँवर र आनन्दवन गाविस-५ मणिग्रामका २१ वर्षीय कपिल खरेलले सामूहिक बलात्कार गरेको आरोपमा प्रहरीले असोज १० गते उनीहरूलाई गिरफ्तार गऱ्यो। पीडितले प्रहरीसमक्ष उजुरी दिएपछि प्रहरीले ती युवाहरूलाई गिरफ्तार गरेको थियो। उनीहरूलाई पुर्पक्षका लागि जिल्ला कारागारमा थुनामा राखिएको छ। पीडितको लुम्बिनी अञ्चल अस्पतालमा उपचार भयो। उपचारपछि उनी असोज ११ गते घर फर्किइन्।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार संरचना, सम्पति क्षति, कब्जा

अनेरास्ववियु (क्रान्तिकारी)बाट

खानेपानी संस्थान र राष्ट्रिय अनुसन्धान विभागको क्रमश: बा.१त्र. ३५० नम्बर र बा.१झ. ७९३२ नम्बरको जिप ०६६ साउन २८ गते अनेरास्ववियु क्रान्तिकारीका कार्यकर्ताहरूले आगजनी गरे। खानेपानी संस्थानको जिपलाई अस्पताल लाइनमा र राष्ट्रिय अनुसन्धान विभागको जिपलाई

Westren:Layout 1 2/14/2010 9:06 AM Page 386

नेपालगञ्ज रोडमा गुडिरहेको अवस्थामा एक्कासि रोकेर आगजनी गरेका थिए। आगजनीबाट जिपहरू पूर्ण ध्वस्त भए। सरकारी गाडीलाई भेट्नासाथ तोडफोड र आगजनी गर्न कार्यकर्तालाई निर्देशन दिएको अनेरास्ववियु (क्रान्तिकारी)का नेता केशरबहादुर थापाले बताए।

एकीकृत माओवादीबाट

मैनहिया गाविस-१ मैनहियाका गङ्गाराम मल्लाह, आवधाराम मल्लाह, लक्ष्मण मल्लाह, बाबुलाल मल्लाह, तुल्सी मल्लाह, दारुख मल्लाह र राजाराम मल्लाहलगायतको छ बिघा जग्गा ०६६ असार ४ गते एकीकृत माओवादीका कार्यकर्ताहरूले पार्टीको झन्डा गाडेर कब्जा गरेको घोषणा गरे।

हाटिवनगाई गाविस-६ महुवारीका गोविन्द केवटसहित १२ जना किसानको १० बिघा जग्गा ०६६ असार ४ गते एकीकृत माओवादीका कार्यकर्ताहरूले पार्टीको झन्डा गाडेर कब्जा गरेको घोषणा गरे। माओवादीका पूर्वविधायक विनोद उपाध्यायले पञ्चहरूको जग्गा किसानहरूले कब्जा गरेको बताए। सो जग्गा यस वर्षको अन्त्यसम्म माओवादी कार्यकर्ताको कब्जामै रहेको छ।

स्वास्थ्य सेवाको अवस्था

जिल्ला अस्पतालमा यस वर्षको अन्त्यसम्ममा डाक्टर दरबन्दी छ जना रहेकामा एक जना, स्टाफ नर्स दरबन्दी १० जना रहेकामा छ जना, सीअहेव दरबन्दी एक जना रहेकामा एक जना, अहेव दरबन्दी पाँच जना रहेकामा पाँच जना, ग्रामीण स्वास्थ्य कार्यकर्ता दरबन्दी ६९ जना रहेकामा ६४ जना, अनमि दरबन्दी २० जना रहेकामा २० जना र मासिका दरबन्दी ५८ जना रहेकामा ५८ जना कार्यरत थिए। जिल्ला जनस्वास्थ्य कार्यालयका अनुसार जिल्लामा पाँचओटा प्राथमिक स्वास्थ्य चौकी, ५८ ओटा उपस्वास्थ्य चौकी र छओटा स्वास्थ्य चौकी गरी जम्मा ६९ ओटा स्वास्थ्यसँग सम्बन्धित कार्यालयहरू रहेका छन्। जिल्लाका मक्रहर, पअमुवा, बोदवार, मैनहिया र एकला गाविसमा ग्रामीण स्वास्थ्य कार्यकर्ता छैनन्।

जिल्लामा अहेव ८० जना कार्यरत छन्। जिल्ला जनस्वास्थ्य कार्यालय मातहत रहने गरी पाँच जना स्टाफ नर्स रहेकामा दुई जना मात्र कार्यरत छन्। वसन्तपुर, धकधई, रायपुर प्राथमिक स्वास्थ्य केन्द्रमा हाल स्टाफ नर्स छैनन्।

३.९ पाल्पा



जनसङ्ख्या : २,९७,३२२
साक्षरता प्रतिशत : ७०
महिला साक्षरता प्रतिशत : ५५
क्षेत्रफल (वर्ग कि. मि.) : १,३७३
गाविस/नपा सङ्ख्या : ६२/१
सरकारी/निजी विद्यालय : ४/२५
क्याम्पस/उच्च मा.वि. : ५/४१
अस्पताल/स्वास्थ्य चौकी : २/६५
मानव विकास सूचकाङ्कः ०.४८६
प्रतिपरिवार सरदर सङ्ख्याः ५

जेल र बन्दीहरू

'घ' श्रेणीको पाल्पा जिल्ला कारागारमा १ सय ७५ बन्दी क्षमता रहेकामा यस वर्षको अन्त्यसम्ममा कैद तोकिएका महिला १३ र पुरुष १ सय ५० जना र कैद नतोकिएका १७ महिला र २५ पुरुष बन्दी रहेका छन्। यसरी पाल्पा जिल्ला कारागारमा जम्मा २ सय ५ जना बन्दी र थुनुवा रहेका छन्। कारागारको क्षमता १ सय ७५ रहेको र हाल बन्दी सङ्ख्या २ सय ५ जना रहेकाले क्षमताभन्दा बढी बन्दी रहेका कारण जेलमा आफूहरूले खानेपानी पनि ट्याङ्करबाट ल्याएर खानुपर्ने अवस्था रहेको बन्दीहरूले बताए। पानी नभएका कारण नुहाउन, धुन र सरसफाइ गर्न अप्ठ्यारो परेको देखिन्छ। अर्कोतर्फ बिरामी बन्दीहरूको उपचारका लागि सीमित बजेटका कारण उपचारमा समेत कठिनाइ रहेको जेलका कर्मचारीले बताए। बन्दीहरूले पत्रपत्रिका, पढ्ने सुविधा तथा मुडा बुन्ने, होजियारी तालिमसमेत लिएको बताए।

Westren:Layout 1 2/14/2010 9:06 AM Page 387

घटनाको प्रकार	गैर राज्यबाट								राज्यबाट		
	अन्यबाट				एकीकृत माओवादीबाट						
	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा	घटना सङ्ख्या	पुरुष	जम्मा
कुटपिट	१		१	१	१	१	१	३	१	१	१
जातीय विभेद	१		१	१							
महिलाअधिकार	५		५	५							
बालअधिकार	६		७	७							
अमानवीय व्यवहार	१	१		१							
जम्मा	१४	१	१४	१५	१	१	१	३	१	१	१

धम्की/कुटपिट

एकीकृत माओवादीबाट

बाँकामलाङ गाविस-८ का ४१ वर्षीय चेमनप्रकाश पोखरेल र उनकी पत्नी ३७ वर्षीया लक्ष्मी पोखरेलले मगरात राज्य समितिले गरेको बन्दको अवज्ञा गरेको आरोपमा ०६६ जेठ २९ गते उनीहरूलाई मोटरसाइकलमा उपस्वास्थ्य चौकीतर्फ जाँदै गर्दा बाँकामलाङ गाविस-७ का एकीकृत माओवादी इलाका सचिव ४२ वर्षीय रामप्रसाद खत्रीले बाँकामलाङ गाविस-८ मा कुटपिट गरे। पीडित दुवै जनाको स्थानीय औषधी पसलमा उपचार भयो। पीडितहरूले जिल्ला प्रहरी कार्यालय र इन्सेक कार्यालय पाल्पामा ०६६ असार १ गते निवेदन दिए। जिल्ला प्रहरी कार्यालय पाल्पामा असार २ गते दुवै पक्षबीच भएको छलफलमा पीडकले गल्ती नदोहोऱ्याउने सर्तमा मेलमिलाप भयो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

दुनियाँवादी फौजदारी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका १३ थान र यस वर्ष दर्ता भएका ३० थान गरी जम्मा ४३ थान मुद्दामध्ये यस वर्ष ३० थान फर्स्यौट भई १३ थान बाँकी रहे।

सरकारवादी फौजदारी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका २२ थान र यस वर्ष दर्ता भएका ४२ थान गरी जम्मा ६४ थानमध्ये यस वर्ष ४३ थान फर्स्यौट भई २१ थान बाँकी रहे।

दुनियाँवादी देवानी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका ४५ थान र यस वर्ष दर्ता भएका ५७ थान गरी जम्मा १ सय २ थान मुद्दामध्ये यस वर्ष ५४ थान फर्स्यौट भई ४८ थान फर्स्यौट हुन बाँकी रहे। यसरी यस वर्षको अन्त्यसम्ममा जम्मा ८२ थान मुद्दा फर्स्यौट हुन बाँकी रहे।

यस वर्ष पाल्पा जिल्ला अदालतमा बाल इजलासको गठन भएको छ भने बाल इजालस अन्तर्गत चार थान मुद्दा दर्ता भएका छन्। तीमध्ये हालसम्म कुनै पनि मुद्दाको फैसला भएको छैन।

बालअधिकार

यस जिल्लामा प्रारम्भिक बालविकास केन्द्र ३ सय ४० रहेका छन्। सामुदायिक विद्यालयतर्फ प्राथमिक २ सय ८४ ओटा, निमावि ६९ ओटा, मावि ९२ ओटा र उच्चमावि ३७ ओटा रहेका छन्। त्यसैगरी, संस्थागत विद्यालयतर्फ प्राथमिक २७ ओटा, निमावि छओटा, मावि ११ ओटा र उच्चमावि चारओटा रहेका छन्। प्रारम्भिक बालविकास केन्द्रबाहेक यस जिल्लामा जम्मा ४ सय ९३ ओटा विद्यालयहरू रहेका छन्। ती विद्यालयहरूमा अध्ययनरत बालबालिका ९२ हजार ९ सय ४६ जना रहेका छन्। जसमा ४६ हजार ६ सय १० जना बालिका र ४६ हजार ३ सय ३६ जना बालक रहेका छन्। जिल्ला शिक्षा कार्यालयका अनुसार यस जिल्लामा रहेका विद्यालयहरूमा १२ हजार ६ सय ८४ जना दलित बालबालिका अध्ययनरत छन्। तीमध्ये ६ हजार ७१ जना बालक र ६ हजार ६ सय १३ जना बालिका रहेका छन्। जिल्लाको महिला साक्षरता प्रतिशत ५५ र पुरुष साक्षरता प्रतिशत ७७ छ भने जम्मा साक्षरता प्रतिशत ६६ रहेको जिल्ला शिक्षा कार्यालयले जनाएको छ।

ख्याहा गाविस-१ का १५ र १६ वर्षीया दुई बालिकालाई जागिर लगाइदिने प्रलोभन देखाई भारततिर लैजाँदै गर्दा ०६५ पुस २१ गते ख्याहा गाविस-४ की ५३ वर्षीया मनकला सुनार, दूधराक्ष-५ रूपन्देहीकी ३५ वर्षीया सुनिता विक, रूद्रपुर-४ रूपन्देहीकी ४० वर्षीया मनु कामी र गजेडी-१ रुपन्देहीका ४० वर्षीय

Westren:Layout 1 2/14/2010 9:06 AM Page 388

भरतबहादुर थापालाई पाल्पाको तानसेनबाट गिरफ्तार गऱ्यो। पीडितहरू सबैको जिल्ला प्रहरी कार्यालय पाल्पा, पत्रकार, मानवअधिकारकर्मीहरूको सहयोगमा उद्धार गरी घरमा पुऱ्याइएको थियो। घटनाका आरोपितहरू थुनामा रहेका छन्।

कचल गाविस-६ की १० वर्षीया एक बालिकालाई ०६५ चैत २९ गते सोही ठाउँका ५३ वर्षीय टोपबहादुर बगालेले ललाइफकाई आफ्नै घरमा बलात्कार गरेको भनी आरोपितलाई ०६६ वैशाख ४ गते प्रहरीले घरबाट गिरफ्तार गरी हिरासतमा राखेकामा हाल पुर्पक्षका लागि थुनामा रहेका छन्। पीडित बालिकाको अवस्था सामान्य छ।

खालिवन गाविस-५ की तीन वर्षीया एक बालिकालाई ०६६ वैशाख ७ गते सोही ठाउँका १५ वर्षीय एक बालकले पीडितको घरनजिकै ललाइफकाई बलात्कार गरेको भनी पीडितका आफन्तले ०६६ वैशाख ८ गते जिल्ला प्रहरी कार्यालयमा निवेदन दिए। घटनामा संलग्न बालकलाई ०६६ वैशाख ९ गते तानसेन नपा-६ बाट प्रहरीले गिरफ्तार गरी अनुसन्धानपछि ०६६ वैशाख २४ गते भक्तपुर जिल्लास्थित बाल सुधारगृहमा पठायो। पीडितको जिल्ला अस्पतालमा स्वास्थ्य परीक्षण भएको थियो। मुद्दा पाल्पा जिल्लास्थित बाल इजलासमा चलिरहेकामा यस वर्षको अन्त्यसम्म फैसला भएको छैन।

गेभ्रा गाविस-९ की सात वर्षीया एक बालिकालाई ०६६ जेठ ५ गते सोही ठाउँका १४ वर्षीय एक बालकले सोही गाविस-९ स्थित जनप्रिय प्राविनजिक जङ्गलमा बलात्कार गरेको भनी पीडितका आफन्तले ०६६ जेठ ६ गते जिल्ला प्रहरी कार्यालयमा निवेदन दिए। घटनामा संलग्न बालकलाई ०६६ जेठ ७ गते प्रहरीले गेभ्रा गाविस-७ स्थित घरबाट गिरफ्तार गरी राखेकामा ०६६ जेठ १२ गते भक्तपुर जिल्लास्थित बाल सुधारगृहमा पठायो। मुद्दा पाल्पा जिल्लास्थित बाल इजलासमा चलिरहेकामा यस वर्षको अन्त्यसम्म फैसला भएको छैन। पीडितको अवस्था सामान्य छ।

तानसेन नपा-११ की १२ वर्षीया एक बालिकालाई ०६६ भदौ ५ गते सोही ठाउँका २२ वर्षीय शिवबहादुर घर्तीले आफ्नै घरमा आएको समयमा यौन दुर्व्यवहार गरेको आरोपमा आरोपितलाई ०६६ भदौ २४ गते प्रहरीले गिरफ्तार गऱ्यो। आरोपित यस वर्षको अन्त्यसम्म पुर्पक्षका लागि थुनामा रहेका छन्। पीडितको अवस्था हाल सामान्य छ।

पोखराथोक गाविस-४ की १५ वर्षीया एक बालिकालाई ०६६ मङ्सिर २४ गते सोही ठाउँकै ३१ वर्षीय टुन्डबहादुर कुमालले तानसेनबाट काम गरेर घर फर्किने क्रममा घरनजिकै बारीमा यौन दुर्व्यवहार गरेको आरोपमा आरोपितलाई मङ्सिर २६ गते गिरफ्तार गरी पुर्पक्षका लागि थुनामा राखिएको छ। यस वर्षको अन्त्यसम्म मुद्दा पाल्पा जिल्ला अदालतमा विचाराधीन रहेको छ।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

सुस्त मनस्थिति भएकी तानसेन नपा-११ लामडाँडाकी २२ वर्षीया एक महिलालाई ०६५ माघ २ गते सोही ठाउँकै ३६ वर्षीय लालबहादुर बोगटीले फकाएर पीडितको घरमा बलात्कार गरे। आरोपित बोगटीलाई ०६६ माघ ६ गते आफ्नै घरबाट प्रहरीले गिरफ्तार गरी पुर्पक्षका लागि थुनामा राखेको छ। यस वर्षको अन्त्यसम्म मुद्दा पाल्पा जिल्ला अदालतमा विचाराधीन रहेको छ। पीडितको अवस्था सामान्य रहेको छ।

पारिवारिक हिंसा

सोमादी गाविस-७ की ३६ वर्षीया विष्णु पोखरेलेलाई नागरिकता बनाइदिन अनुरोध गरेको आरोपमा पति ३८ वर्षीय नारायण पोखरेलले ०६५ फागुन १२ गते सोमादीस्थित आफ्नै घरमा कुटपिट गरे। कुटाइका कारण दाहिने हात र कोखा दुख्ने गरेको पीडितले बताइन्। पीडितका पतिले तीन वर्षपहिले दोस्रो विवाह गरेर भारततिर गएपछि बिरामी परेका कारण माइतीमा बस्दै आएकी थिइन्। पीडितले ०६५ फागुन २५ गते जिल्ला प्रहरी कार्यालय पाल्पामा उजुरी दिएकी थिइन्। जिल्ला प्रहरी कार्यालयमा दुवै पक्षबीच भएको छलफलमा पीडितको उपचार गराउने र नागरिकता बनाइदिने सर्तमा फागुनको अन्त्यतिर सहमति भयो।

कसेनी गाविस-३ निवासी ३३ वर्षीया खुमिसरा सारूलाई ०६६ जेठ ९ गते देवर २४ वर्षीय कनकबहादुर सारूले सामान्य घरायसी विवादका क्रममा गोठमा काम गरिरहेका बेला दाउरा प्रहार गरी कुटपिट गरे। कुटपिटबाट घाइते भएकी खुमिसराको युनाइटेड मिसन अस्पताल तानसेनमा उपचार भयो। उनको अवस्थामा हाल सामान्य छ। घटनामा संलग्न कनकबहादुरलाई ०६६ जेठ ११ गते प्रहरीले घरबाटै गिरफ्तार गरी ०६६ जेठ १३ गते आइन्दा गल्ती नगर्ने सर्तमा आपसमा मेलमिलाप भएपछि रिहा गऱ्यो।

तानसेन नपा-१४ की ३० वर्षीया शान्ति पौडेललाई ०६६ असोज २७ गते सासू ५० वर्षीया प्रभा पौडेल र ससुरा ६० वर्षीय किशोरकुमार पौडेलले

Westren:Layout 1 2/14/2010 9:07 AM Page 389

घरायसी झगडालाई छिमेकीमा पुऱ्याएको आरोपमा कुटपिट गरी घाइते बनाए। कुटपिटका कारण शान्तिको टाउकोमा गहिरो चोट लाग्नुका साथै शरीरमा नीलडाम थिए। विवाह भएको चार वर्ष बितिसक्दा पनि सासू-ससुराले घरमा नराम्रो व्यवहार गरी कुटपिटसमेत गरेका कारण पीडितले जिल्ला प्रहरी कार्यालयमा ०६६ असोज २८ गते उजुरी दिएकी थिइन्। यस वर्षको अन्त्यसम्म पीडकहरूलाई कुनै कारबाही भएको छैन। घटनापश्चात् पीडित माइतीमा बस्दै आएकी छन्।

सबै प्रकारका जातीय विभेद

ताहुँ गाविस-९ घर भई हाल तानसेन नपा-३ भीमसेन टोल बस्दै आएकी १८ वर्षीया मनीषा सुनार अन्तरजातीय विवाह गरेको भन्दै पतिका परिवारले स्वीकार नगर्दा अलपत्र परेकी छन्। पीडितका अनुसार उनको तानसेन नपा-३ बसपार्कका १९ वर्षीय प्रवेश लिगलसँग ०६६ असार १८ गते तानसेन नारायणस्थान मन्दिरमा प्रेमविवाह भएको थियो। विवाहपछि ०६६ कात्तिक १० गतेसम्म बुटवलमा सँगै बस्दै आएकामा परिवारको दबाबमा प्रवेशले छाडेर हिँडेपछि उनी तानसेन भीमसेन टोलस्थित माइतीमा बस्दै आएकी छन्। प्रवेश कात्तिक १० गते बिहान बजार जाने निहुँमा आफूलाई छाडेर हिँडेको पीडितले बताइन्। पीडित परिवारले कात्तिक १३ गते पश्चिम क्षेत्रीय प्रहरी कार्यालय बुटवलमा पतिलाई खोजीदिन निवेदन दिए पनि हालसम्म सम्पर्कमा रहेका छैनन्।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार संरचना, सम्पति क्षति एकीकृत माओवादीबाट

तानसेन नपा-१४ बाघखोरस्थित अमरनारायणको गुठीको स्वामित्वमा रहेको करिब ६५ रोपनी जग्गा र तानसेन नपा-११ प्रभासमा रहेको करिब ४५ रोपनी सार्वजनिक जग्गा एकीकृत माओवादीको भ्रातृसङ्गठन अखिल नेपाल सुकुमवासी सङ्गठन र अखिल नेपाल किसान सङ्घले ०६६ मङ्सिर २९ गते कब्जा गरे। एकीकृत माओवादीका पोलिटब्युरो सदस्य हेमन्तप्रकाश वलीको नेतृत्वमा आएको करिब २ सय जना कार्यकर्ताहरूले सो जग्गामा सुकुमवासी सङ्घको झन्डा गाडी कब्जाको घोषणा गरे। यस वर्षको अन्त्यसम्म सो जग्गा एकीकृत माओवादीको कब्जामा रहेको छ।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा यस वर्षको अन्त्यसम्ममा डाक्टर दरबन्दी छ जना रहेकामा छ जना, स्टाफ नर्स दरबन्दी सात जना रहेकामा छ जना, सीअहेव दरबन्दी १५ जना रहेकामा १५ जना, अहेव दरबन्दी ७० जना रहेकामा ६७ जना, ग्रामीण स्वास्थ्य कार्यकर्ता दरबन्दी ६५ जना रहेकामा ४८ जना र अनमि दरबन्दी २४ जना रहेकामा २४ जना कार्यरत रहे। मासिका दरबन्दी ५३ जना रहेकामा ४५ जना मात्र कार्यरत छन्। जिल्ला जनस्वास्थ्य कार्यालयका अनुसार जिल्लामा तीनओटा प्राथमिक स्वास्थ्य चौकी, ५३ ओटा उपस्वास्थ्य चौकी र नौओटा स्वास्थ्य चौकी गरी जम्मा ६५ ओटा स्वास्थ्यसँग सम्बन्धित कार्यालयहरू रहेका छन्। यसका अतिरिक्त पाल्पा जिल्लामा पाल्पा जिल्ला अस्पताल, युनाइटेड मिसन अस्पताल र लुम्बिनी मेडिकल कलेज गरी तीनओटा अस्पतालहरू पनि रहेका छन्।

३.१० कपिलवस्तु

जनसङ्ख्या : ५,९१,८४०
साक्षरता प्रतिशत : ४५
महिला साक्षरता प्रतिशत : ३०
क्षेत्रफल (वर्ग कि. मि.) : १,७३८
गाविस/नपा सङ्ख्या : ७७/१
सरकारी/निजी विद्यालय : ३५५/३१
क्याम्पस/उच्च मा.वि. : २/३१
अस्पताल/स्वास्थ्य चौकी : ३/७८
मानव विकास सूचकाङ्कः ०.४३७
प्रतिपरिवार सरदर सङ्ख्याः ८

Westren:Layout 1 2/14/2010 9:07 AM Page 390

नागरिक तथा राजनीतिक अधिकार
सम्मानित रूपले बाँच्ने अधिकार
हत्या

अज्ञात समूहबाट

रूपन्देही जिल्ला गजेडी गाविस-७ का ५३ वर्षीय ओमबहादुर पोखरेलको बाणगङ्गा गाविस-१, कोठी महिला सामुदायिक वनमा हत्या गरी फालिएको अवस्थामा ०६६ जेठ २ गते लास फेला पऱ्यो। पीडितलाई ०६६ वैशाख २८ गते अज्ञात समूहले घरबाट अपहरण गरी बेपत्ता पारेको थियो। हत्या कसले किन गऱ्यो भन्नबारे खुल्न सकेको छैन। लासको पोस्टमार्टम ०६६ जेठ २ गते जिल्ला अस्पताल तौलिहवामा भयो। मृतकका परिवारले धार्मिक संस्कृति अनुसार दाहसंस्कार गरे।

नवलपरासी जिल्लाका ३५ वर्षीय नाजील मुसलमानलाई ०६६ जेठ २३ गते अज्ञात समूहले मानपुर गाविस-८ स्थित मानपुर वनमा गोली प्रहार गरी हत्या गऱ्यो। मुसलमानको घटनास्थलमै मृत्यु भएको थियो। उक्त घटनामा गोली प्रहारबाट घाइते भएका भारत, गोरखपुरका ३३ वर्षीय वृजेश पटेलको लुम्बिनी अञ्चल अस्पतालमा उपचार भयो। घटनाको जिम्मेवारी कसैले लिएन।

राजपुर गाविस-३ मुकुरघाटकी ६० वर्षीया जमुना भुसालको ०६६ असार २६ गते राती करिब पाँच जनाको सङ्ख्यामा आएको हतियारधारी समूहले धारिलो हतियार प्रयोग गरी हत्या गऱ्यो। सोही समूहको आक्रमणबाट उनका १७ वर्षीय छोरा नारायण भुसाल गम्भीर घाइते भएका थिए। उनको शरीरका विभिन्न भागमा चोट लागेको थियो। घाइतेको लुम्बिनी अञ्चल अस्पताल बुटवलमा उपचार भयो। हत्याको आरोपमा बुहारी कमला भुसाललाई प्रहरीले ६६ असार २७ गते गिरफ्तार गरी पुर्पक्षका लागि थुनामा राखेको छ।

गोली/विस्फोटक पदार्थद्वारा घाइते
जनतान्त्रिक तराई मुक्ति मोर्चाबाट

कृष्णनगर गाविस-४ का ७२ वर्षीय नेत्रप्रसाद बेलवासे, ४० वर्षीय ओमप्रकाश पाण्डे र ५६ वर्षीय केशव खनाल ०६६ जेठ २ गते साँझ अज्ञात समूहले बम विस्फोटन गराउँदा घाइते भए। बेलवासेको शरीरका विभिन्न भागमा गरी १२ ओटा, पाण्डेलाई चारओटा र खनाललाई दुईओटा छर्रा लागेको थियो। बेलवासे काठमाडौँको नर्भीक अस्पतालमा उपचार गरी ०६६ असार २ गते घर फर्किए भने अन्य दुई जनाको मेडिकल कलेज भैरहवामा उपचार भएको थियो। जनतान्त्रिक तराई मुक्ति मोर्चाले सञ्चारकर्मीलाई टेलिफोन गरी विस्फोटनको जिम्मा लियो।

तराई कोब्राबाट

जिल्ला शिक्षा कार्यालय कपिलवस्तुका प्रमुख राकेश श्रीवास्तवले कार्यालयमा अनियमितता गरेको आरोपमा ०६६ भदौ १८ गते दिउँसो उनलाई लक्षित गरी कार्यालयमै तराई कोब्राले टाइम बम विस्फोटन गरायो। विस्फोटनबाट कार्यालयमा सामान्य क्षति भयो। उक्त घटनाको तराई कोब्राका जिल्ला इन्चार्ज नागार्जुनले त्यसै दिन सञ्चारकर्मीलाई टेलिफोन गरी जिम्मा लिए। विस्फोटन गराएको आरोपमा दोहनी गाविस-२ का ३५ वर्षीय देवेन्द्र पाण्डेलाई ०६६ भदौ २४ गते प्रहरीले गिरफ्तार गरी हातहतियार खरखजानाको मुद्दा चलाई पुर्पक्षका लागि थुनामा राखेको छ। घटनापछि जिल्ला शिक्षा अधिकारी कार्यालयमा हाजिर नभई अन्य जिल्लामा सरुवा भए।

बेवारिसे बम विस्फोटनबाट

अर्घाखाँची जिल्ला सिमलपानी गाविस-५ की ४३ वर्षीया लाली कसौदी ०६६ पुस ७ गते बेवारिसे बम विस्फोटन हुँदा घाइते भइन्। कपिलवस्तु जिल्लाको मोतीपुर गाविस-७ मधुवन जङ्गलमा बाख्रा चराउन गएका बेला रुखमा झुन्ड्याइएको अवस्थामा फेला पारेको वस्तुलाई हँसियाले झारेर खेलाउँदा बम विस्फोटन भएको थियो। उक्त बम सुतलीबम भएको प्रहरीले जनायो। पीडितको गजेहडा गाविस-७ चार नम्बरस्थित युनाइटेड हेल्थकेयर सेन्टरमा सामान्य उपचारपछि बुटवल अञ्चल अस्पतालमा थप उपचार भयो। उनको दाहिने हात र खुट्टामा छर्रा लागेको थियो।

अज्ञात समूहबाट

बहादुरगञ्ज गाविस-१ घर भई सोही स्थानमा सञ्चालित कृष्ण प्लाइउड उद्योगमा कार्यरत ५० वर्षीय कृष्ण गुप्ता ०६६ वैशाख ४ गते अज्ञात समूहले उद्योगमा बम विस्फोटन गराउँदा घाइते भए। विस्फोटनबाट गुप्ताका दुवै हातमा बमका छर्रा लागेको थियो। पीडित ०६६ वैशाख ५ गते भैरहवा मेडिकल कलेजमा उपचारपछि घर फर्किए। घटनाको जिम्मा कुनै समूहले लिएन।

निग्लीहवा गाविस-२ का हर्कबहादुर पौडेल ०६६ वैशाख ५ गते उनको घरनजिकै अज्ञात समूहले गराएको बम विस्फोटनबाट घाइते भए। विस्फोटनबाट पीडितको गोठको छानो भत्किनुका साथै एक चौपायाको

Westren:Layout 1 2/14/2010 9:07 AM Page 391

घटनाको प्रकार	गैर राज्यबाट									राज्यबाट		
	अन्यबाट				एकीकृत माओवादीबाट							
	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना सङ्ख्या	पुरुष	जम्मा
हत्या	७	५	२	७								
घाइते	८	१५	१	१६								
गिरफ्तारी/यातना										४	३१	३१
कुटपिट	४	५	३	८								
धम्की	१	२		२						१	१	१
भेला/सङ्गठित हुने अधिकार										२	४	४
महिलाअधिकार	४		९	९								
बालअधिकार	३	१	२	३								
आर्थिक/सामाजिक/ सांस्कृतिक अधिकार	३	३		३	३	१२	१	१	१४	१	१	१
अमानवीय व्यवहार	१	१		१								
अपहरण	२	२		२								
जम्मा	३३	३४	१७	५१	३	१२	१	१	१४	८	३७	३७

मृत्यु भयो। विस्फोटन कुन समूहले गराएको भन्नेबारे पुष्टि हुन सकेन।

जेल र बन्दीहरू

१ सय जनाको बन्दी क्षमता भएको 'ङ' श्रेणीको कपिलवस्तु कारागारमा यस वर्षको अन्त्यसम्ममा १ सय ३६ जना थुनुवा/बन्दी रहेका छन्। तीमध्ये ६३ जना कैद तोकिएका र ७३ जना कैद नतोकिएका पुरुष बन्दी मात्र रहेका छन्। जेलमा रहेका बन्दीहरूमध्ये धेरैजसो हत्या, लागूऔषध, चोरीडकैती, बलात्कार, चेलीबेटी बेचबिखन मुद्दामा बन्दी बनाइएका छन्। गत वर्ष ३ करोड रुपियाँको लागतमा राजनीतिक र महिला बन्दीका लागि भवन निर्माण भइसकेको भए पनि प्रयोगमा आएको छैन। जेलमा खानेपानी, शौचालय, टेलिभिजन, भान्साकोठा, पुस्तकालय, खेलकुदका केही सामग्रीको सुविधा रहेका छन्। तर, बन्दीहरूले प्राथमिक विद्यालय आवश्यक रहेको र सीपमूलक तालिमको व्यवस्था मिलाइदिन आग्रह गरेका छन्।

बेपत्ता/अपहरण

अज्ञात समूहबाट

फुलिका गाविस-१ का १६ वर्षीय विनय मल्ललाई ०६५ माघ ११ गते राती अज्ञात समूहले अपहरण गऱ्यो। कम्ब्याट ड्रेसमा आएका दुई जना अपरिचित व्यक्तिले घरबाटै अपहरण गरेको पीडितकी दिदी एलिना मल्लले बताइन्। अपहरित मल्ललाई ०६५ माघ १६ गते गाउँनजिकैबाट प्रहरीले मुक्त गरेको जिल्ला प्रहरी कार्यालयका प्रमुख एसपी विक्रमसिंह थापाले बताए। अपहरणको जिम्मा कुनै समूहले लिएन र यस वर्षको अन्त्यसम्म पीडकको पहिचान हुन सकेको छैन।

धम्की/कुटपिट

राज्यबाट

पिपरा गाविस-१ निवासी जवाफदेही निगरानी समितिका कार्यक्रम सह-संयोजक प्रेम जायसवाललाई ०६६ मङ्सिर ४ गते रङ्गपुर चौकीका प्रहरीले हातखुट्टा भाँचिदिने धम्की दिए। मङ्सिर ४ गते बिहान रङ्गपुर प्रहरी चौकी अघिल्तिरबाट १० देखि १५ ओटा

Westren:Layout 1 2/14/2010 9:07 AM Page 392

साइकलमा तीन/चार बोराका दरमा भारतबाट अवैध रूपमा चामल ल्याउने र प्रहरी चौकी कटाएपछि डिसियम गाडीमा लोड गर्ने गरेको र सोबापत प्रहरी चौकीका प्रहरीलाई रकम बुझाउने क्रममा पीडितले फोटो खिचेका थिए। उनलाई प्रहरीबाट धम्की आएपछि जवाफदेही निगरानी समिति सदस्य तथा इन्सेक प्रतिनिधि नन्दराम पौडेल र माउरीहोमका रवि ठाकुरले प्रमुख जिल्ला अधिकारी शम्भु घिमिरेको ध्यानाकर्षण गराए। प्रमुख जिल्ला अधिकारी घिमिरेले तत्काल छानबिन गरी कारबाही गर्न डीएसपीलाई निर्देशन दिए। पीडकलाई यस वर्षको अन्त्यसम्म कारबाही भएन।

थरूहट संयुक्त सघर्ष समितिबाट

जयनगर गाविस-९ बडराका विष्णु पौडेलको मिलबाट ०६५ फागुन १९ गते राती थरूहट संयुक्त सङ्घर्ष समितिका कार्यकर्ताले धान लुटपाट गनुका साथै घर तोडफोड गर्ने र कारबाही गर्ने धम्की दिए। थरूहट संयुक्त सङ्घर्ष समितिलगायत आदिवासी जनजाति सङ्घसंस्थाले आह्वान गरेको तीनदिने तराई बन्दका क्रममा राती बाटोमा ढुङ्गा थुपारी पौडेलको घरबाट पराल ल्याई आगो बालेकाले त्यसो नगर्न आग्रह गर्दा आन्दोलनलाई असहयोग गरेको भन्दै १ सय बोरा धान लुटनुका साथै कारबाही गर्ने धम्की दिएको पीडितले बताए।

अभिव्यक्ति, भेला हुने र सङ्गठित हुने अधिकार
(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

जयनगर गाविस-७ गोरुसिङ्गे निवासी थरूहट संयुक्त सङ्घर्ष समिति कपिलवस्तु जयनगरका संयोजक ५० वर्षीय बलिराम थारू, ३५ वर्षीय अजय थारू, ३७ वर्षीय डल्लु थारू, ३५ वर्षीय मन्नु थारू, ४० वर्षीय लालमन थारू, ३८ वर्षीय भानु थारू, ३५ वर्षीय मङ्गल थारू र ४२ वर्षीय शेरबहादुर थारूलगायतलाई थरूहट सङ्घर्ष समितिको अनिश्चितकालीन तराई बन्दका क्रममा प्रहरीसँग ठाउँठाउँमा भएको झडपका क्रममा ०६६ वैशाख १५ गते प्रहरीले गिरफ्तार गऱ्यो। बन्दका क्रममा सवारी साधनको स्कर्टिङ् गरी फर्किदै गरेको अवस्थामा प्रहरी र प्रदर्शनकारीबीच जयनगर गाविस-९ वडहरामा झडपसमेत भएको थियो। झडपका क्रममा इलाका प्रहरी कार्यालय गोरुसिङ्गेका प्रहरी इन्स्पेक्टर चूडाबहादुर कार्कीसहित तीन जना प्रहरी सामान्य घाइते भए। प्रहरीले सामान्य घाइते भन्दै अन्य घाइतेहरूको नाम उल्लेख गरेन। आन्दोलनकारीले बन्दलाई हिंसात्मक बनाउन थालेपछि प्रहरी र आन्दोलनकारीबीच ठाउँठाउँमा झडप भएका थिए।



बम विस्फोटनबाट घाइते भएका केशव खनाल

कपिलवस्तु नपा-५ मा रहेको सुनौलो नेपाल अन्तर्गतको मेरी स्टोप्समा कार्यरत ४१ वर्षीय मणिराम पाण्डेलगायत २५ जना कर्मचारीहरूले हकहित र अधिकारका लागि ०६६ असोज १६ गते युनियन दर्ता गर्न खोज्दा व्यवस्थापन पक्षले रोक लगायो। श्रम ऐन अनुसार कुल कर्मचारीको २५ प्रतिशत कर्मचारीको सहमति जुटाए युनियन दर्ता गर्न पाउने प्रावधान भए पनि आफूहरूलाई व्यवस्थापन पक्षले युनियन दर्ता गर्नबाट रोक लगाएको मेरी स्टोप्स तौलिहवाका कर्मचारी मणिराम पाण्डेले बताए। व्यवस्थापन पक्षको अवरोधका कारण यस वर्षको अन्त्यसम्म युनियन दर्ता भएन।

कपिलवस्तु नपा-२ का मातृका यादव अध्यक्ष रहेको नेकपा (माओवादी)का जिल्ला संयोजक ३६ वर्षीय दीपक पाण्डे, सोही नपा-२ का जिल्ला सदस्य ४२ वर्षीय मिलन उपाध्याय र इलाका इन्चार्ज ४५ वर्षीय होमनाथ यादवलाई सडक अवरुद्ध पारेको आरोपमा ०६६ मङ्सिर १ गते जिल्ला प्रहरी कार्यालयले गिरफ्तार गरी हिरासतमा लियो। अनिश्चितकालीन मधेस बन्दका क्रममा भेला भएका बेला माओवादीका कार्यकर्तालाई प्रहरीको टोलीले कपिलवस्तु नपा-२ भिच्छुचोकबाट गिरफ्तार गरेको थियो। पीडितहरूलाई सार्वजनिक अपराधको मुद्दा लगाई तीन दिन हिरासतमा राखी ०६६ मङ्सिर ३ गते जिल्ला प्रशासन कार्यालयले बिनासर्त अधिकारकर्मीको रोहबरमा रिहा गऱ्यो। आफ्ना कार्यकर्तालाई राजनीतिक अस्थाका आधारमा बन्दी बनाइएको विरुद्धमा माओवादीले ०६६ मङ्सिर १ गतेदेखि अनिश्चितकालीन तराई बन्दको आह्वान गरेको थियो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

दुनियाँवादी फौजदारी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका १ सय ९ थानमध्ये यस वर्ष ९० थान फर्स्यौट भई १९ थान मुद्दा बाँकी रहे। यस वर्ष दर्ता भएका दुनियाँवादी फौजदारी मुद्दा १ सय २३ थानमध्ये ४८ थान फर्स्यौट भई ७५ थान बाँकी रहे। यस वर्षको अन्त्यसम्ममा दुनियाँवादी फौजदारी मुद्दा जम्मा ९४ थान

Westren:Layout 1 2/14/2010 9:07 AM Page 393

मुद्दा फर्स्यौट हुन बाँकी रहे।

सरकारवादी फौजदारी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका ८७ थान मुद्दामध्ये यस वर्ष ७२ थान फर्स्यौट भई १५ थान बाँकी रहे। यस वर्ष दर्ता भएका सरकारवादी फौजदारी मुद्दा २ सय ३० थानमध्ये १ सय ४० थान फर्स्यौट भई ९० थान बाँकी रहे। यस वर्षको अन्त्यसम्ममा सरकारवादी फौजदारी मुद्दा जम्मा १ सय ५ थान फर्स्यौट हुन बाँकी रहे।

देवानी मुद्दातर्फ यस वर्ष दर्ता भएका ९ सय ६६ थानमध्ये ६ सय ७३ थान फर्स्यौट भई २ सय ९३ थान मुद्दा बाँकी रहे। यसरी यस वर्षको अन्त्यसम्ममा जम्मा ४ सय ९२ थान मुद्दा फर्स्यौट हुन बाँकी रहे।

अर्धन्यायिक निकाय जिल्ला वन कार्यालयमा ०६६ असारसम्म ५७ मुद्दा रहेकामा ०६६ साउनपछि पुस १६ सम्म ११ ओटा मुद्दा दर्ता भएका छन्। जसमध्ये छओटा मुद्दा यस वर्ष फैसला भएका छन्। जिल्ला वन कार्यालयमा १६ वर्ष पुराना मुद्दा अझै फैसला हुन सकेका छैनन्। ०४८ सालमा दर्ता भएको वीरपुर गाविस-६ का अताउ रहमानको वन मुद्दा अझै फैसला भएको छैन भने ०५० सालको माधव गौतमको पनि फैसला भएको छैन। ०४८ देखि ५५ सम्मका १२ ओटा मुद्दा फैसला हुन बाँकी छन्। त्यसैगरी, ०५५ देखि ०५९ सम्मका २६ ओटा र ०५९ देखि ०६६ असार मसान्तसम्मका ३१ ओटा गरी ५७ ओटा मुद्दा बाँकी रहेकामा यस वर्षको पुस पुस १६ सम्म ११ ओटा मुद्दा थप भएका छन्। जसमध्ये छओटा मुद्दा यस वर्ष फैसला भएको कार्यालयले जानकारी दिएको छ। न्याय ढिलो दिनु भनेको न्याय नदिनुसरह हो भन्ने सो तथ्याङ्कले पुष्टि गरेको छ। यसैगरी, अर्धन्यायिक निकाय जिल्ला प्रशासन कार्यालय कपिलवस्तुले ०६५ पुस १५ देखि ०६६ पुस १६ सम्म ४७ ओटा मुद्दा दर्ता गरेकामा ४२ ओटा फर्स्यौट गरेको छ। अल्या ४७ ओटामा २७ ओटा मुद्दा फर्स्यौट गरेको छ।

बालअधिकार

यस जिल्लामा विद्यालय जाने उमेर समूहका जम्मा १ लाख ३३ हजार ४ सय १२ जना बालबालिकामध्ये ८२.५ प्रतिशत मात्र विद्यालय जाने गरेका छन्। तीमध्ये ८ हजार २ सय ५० जना अर्थात् १७.५ प्रतिशत बालबालिका विद्यालय जानबाट वञ्चित भएको जिल्ला शिक्षा कार्यालयले जनाएको छ।

एकीकृत माओवादी पार्टी कार्यालयमा आगजनी गरेको आरोपमा विस्थापित गराइएका कानुन व्यवसायी मेहदी हसन

यस जिल्लामा प्रारम्भिक बालविकास केन्द्र ४ सय ५० ओटा रहेका छन्। सामुदायिक विद्यालयतर्फ प्राथमिक ३ सय ३३ ओटा, निमावि ८६ ओटा, मावि ५३ ओटा र उच्चमावि २६ ओटा रहेका छन्। त्यसैगरी, संस्थागत विद्यालयतर्फ प्राथमिक ५० ओटा, निमावि २५ ओटा, मावि २० ओटा र उच्च मावि पाँचओटा रहेका छन्। प्रारम्भिक बालविकास केन्द्रबाहेक यस जिल्लामा जम्मा ५ सय ९८ विद्यालय रहेका छन्। ती विद्यालयहरूमा अध्ययनरत बालबालिका १ लाख ३३ हजार ४ सय १२ जना रहेका छन्। जसमा ६१ हजार ५ सय १७ जना बालिका र ७१ हजार ८ सय ९५ जना बालक रहेका छन्। जिल्ला शिक्षा कार्यालयका अनुसार यस जिल्लामा रहेका विद्यालयहरूमा २१ हजार ५ सय ६५ जना दलित बालबालिका अध्ययनरत छन्। जसमा ९ हजार ७ सय ४८ जना बालक ११ हजार ८ सय १७ जना बालिका रहेका छन्। जिल्लाको महिला साक्षरता प्रतिशत २९.३ र पुरुष साक्षरता प्रतिशत ५२ छ भने जम्मा साक्षरता प्रतिशत ४१.५ रहेको जिल्ला शिक्षा कार्यालयले जनाएको छ।

कपिलवस्तु जिल्लाका पाँच गाविसमा पोषण प्रबन्धन केन्द्रले गरेको रिसर्चका आधारमा ७५ प्रतिशत बालबालिका कुपोषित रहेको पाइएको बताएको छ। जसमा ४५ प्रतिशत प्रोटिनको कमी, ७८ प्रतिशत रक्तअल्पता, ७२ प्रतिशत भिटामिनको कमी, ३५ प्रतिशत आयोडिनको कमी रहेको देखाएको छ।

कपिलवस्तु जिल्लामा ३ सय ३३ सामुदायिक, ५० संस्थागत, मदरसा १ सय ८७ र ४ सय ५० बालविकास केन्द्र रहेका छन्। जिल्लाको कुल साक्षरता प्रतिशत ४१. ५ रहेकामा महिला साक्षरता २९.३ प्रतिशत रहेको छ। विद्यालय जाने उमेरका बालबालिकामध्ये १७.५ प्रतिशत बालबालिका विद्यालयको पहुँचभन्दा बाहिर छन्। प्राथमिक विद्यालयमा कुल भर्नादर ८२.५ प्रतिशत मात्र छ। कक्षा १ मा कक्षा दोहोऱ्याउनेको दर २०.५ प्रतिशत छ भने कक्षा छाड्ने १८.१ प्रतिशत छन्। प्राथमिक तहमा कुल १ लाख १ हजार ७ सय ८८ जना विद्यालय भर्ना भएका छन् भने निमाविमा १९ हजार ४ सय ६४ र माविमा ८ हजार ९ सय २३ भर्ना भएका छन्।

यस जिल्लाको मुख्य समस्या भनेको जिल्लाको दक्षिणी भेगमा विद्यालय कम सङ्ख्यामा भएको र टाढासम्म जानुपर्ने र

Westren:Layout 1 2/14/2010 9:07 AM Page 394

वर्षायाममा बाटोघाटोको समस्याले सानो उमेरका बालबालिका विद्यालय नजाने र बीचैमा छाड्ने गरेका छन्। त्यस्तै परिवारको आर्थिक अवस्था कमजोर रहेकाले मजदुरी गर्नुपर्ने तथा घरमा काम लगाउने परिपाटीले पनि विद्यालय जाँदैनन्। अर्को बालबालिकाको मुख्य समस्याका रूपमा बालश्रमिक राख्ने प्रचलन छ। होटल, ईंटाभट्टा, यातायात र घरेलु कामदारका रूपमा प्रयोग गरिने प्रचलन व्यापक छ तर त्यसको यकिन तथ्याङ्क भने छैन। जिल्लाको बालमृत्युदर केन्द्रीय तथ्याङ्कको आधार मानिएको छ।

विसनपुर गाविस-३ देवीपुरको दुर्गा प्राथमिक विद्यालयमा ०६५ फागुन महिनादेखि ०६६ साउन ३० गतेसम्म शिक्षकको अभावले विद्यालयको पठनपाठन हुन नसक्दा बालबालिका शिक्षाबाट वञ्चित भए। उक्त विद्यालयमा पढाउने एक मात्र शिक्षक तमेश्वर गुप्ता दुवै मिर्गौला खराब भएपछि उपचारका लागि ०६५ फागुनमा काठमाडौं गएकामा ०६६ साउनमा उनको मृत्यु भएकाले विद्यालयको पढाइ बन्द भएको हो। उक्त विद्यालयमा शिशु, एक र दुई कक्षामा गरी १ सय ६ जना बालबालिकाले पढ्दै आएका थिए। विद्यालयमा शिक्षक दरबन्दी पनि नभएको र कुनै राहत कोटा पनि नभएको व्यवस्थापन समितिकी अध्यक्ष रोजन निशाले बताइन्।

थारू आन्दोलनका कारण ०६५ फागुन ३० गतेदेखि हुने भनिएको जिल्लास्तरीय कक्षा ८ को परीक्षा तथा वार्षिक परीक्षा स्थगित भएकामा करिब ९ हजार बालबालिका प्रभावित भए। इन्सेकलगायतका मानवअधिकार संस्थाको पहलमा चैत १ गतेदेखि सञ्चालन भयो। इन्सेक प्रतिनिधि, एड्भोकेसी फोरम र आन्दोलनकारीबीच ०६५ फागुन ३० गते परीक्षा सञ्चालन गर्न कुनै पनि रोकावट नगर्ने सहमति भएको थियो।

सिंहखोर गाविस-२ सिंहखोरकी आठ वर्षीया बालिका तञ्जु मुसलमानलाई पुस्तकको विषयलाई लिएर जामियाह मदरसाका शिक्षक मोहमद अदिलले ०६६ जेठ २१ गते कुटपिट गरे। कुटपिटपछि बालिका विद्यालय जान छाडिन्। छोरीलाई कुटपिट गरेको आरोपमा मुनेजर मुसलमानका परिवारले सोही दिन शिक्षकलाई दुर्व्यवहार गरे। सोही विषयमा अभिभावक र शिक्षकबीच झडप भएको थियो। झडपमा मुनेजर मुसलमान र मोहमद अदिल सामान्य घाइते भए। स्थानीयबासी र प्रहरीले सो झगडामा मुनेजर मुसलमानलाई ०६६ जेठ २४ गते १ हजार रुपियाँ जरिवाना गरी मिलापत्र गरे। जेठ २४ गते गाउँलेले पुनः मुनेजरको परिवारलाई सामाजिक बहिष्कारको घोषणा गरी उनका परिवारले छोएको नखाने र बोलचालसमेत बन्द गरे। हाल मुसलमान सामान्य अवस्थामा सोही स्थानमा रहेका छन्।

पतेरिया गाविस-३ की चार वर्षीया बालिकालाई फकाएर यौन दुर्व्यवहार गरेको जनाउँदै सोही गाविस-३ का १९ वर्षीय मनोजकुमार कोहारलाई ०६६ साउन १८ गते प्रहरीले गिरफ्तार गऱ्यो। बालिकाको ०६६ साउन १९ गते जिल्ला अस्पताल तौलिहवामा स्वास्थ्य परीक्षण भएको थियो। पीडितका आफन्तले आरोपित कोहारका विरुद्ध साउन १९ गते किटानी जाहेरी दिएपछि प्रहरीले जबरजस्ती करणी अन्तर्गत मुद्दा दायर गऱ्यो। कहारलाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार बेचबिखन तथा ओसारपसार

अर्घाखाँची जिल्लाको चुत्रावेसी गाविस-४ की २८ वर्षीया भमकला परियार, २५ वर्षीया वसन्ता सावत, १७ वर्षीया कमला परियार र २१ वर्षीया पवित्रा विकलाई अर्घाखाँची घर भई हाल कपिलवस्तु नपा-२ मा बस्दै आएकी २९ वर्षीया कमला कार्की र सोही ठाउँकी ३२ वर्षीया रेवती चौधरीले विभिन्न प्रलोभन देखाई फकाइफुलाई भारततर्फ बेच्न लैजाँदै गर्दा कपिलवस्तुको मर्जादपुर नाकाबाट ०६६ असार ६ गते प्रहरीले उद्धार गऱ्यो। प्रहरीले दुई महिलालाई मानव बेचबिखनको आरोपमा ०६६ असार ७ गते मुद्दा दायर गऱ्यो। कपिलवस्तुमा महिला बन्दीगृह नभएकाले पीडकहरूलाई ०६६ साउन २ गते पाल्पा कारागार पठाइएको छ।

गुल्मी जिल्ला लिम्घा गाविस-३ की २१ वर्षीया मनरूपा विक, सोही ठाउँकी १८ वर्षीया माया विक र १७ वर्षीया कुमारी विकलाई गुल्मी जिल्लाको लिम्घा गाविस-३ की २५ वर्षीया सुनीता विकले कुवेत लैजाने प्रलोभनमा पारी भारततर्फ लैजाँदै गर्दा कपिलवस्तुको मोतीपुर गाविस-७ मधुवनको एक घरबाट ०६६ असार १२ गते साथी संस्थाको सहयोगमा प्रहरीले छापा मारेर गिरफ्तार गऱ्यो। सुनीता विकले आफ्ना पति थम्मनबहादुर कामीले आफूलाई प्रतिमहिला १० हजार रुपियाँ बाटोखर्च दिएर भारत पुऱ्याउन भनेकाले आफूले ल्याएको बताइन्। आरोपित सुनीता विकलाई मानव बेचबिखन तथा ओसारपसार मुद्दा चलाई पुर्पक्षका लागि ०६६ साउन ६ गतेदेखि पाल्पा कारागारमा थुनामा राखिएको छ।

Westren:Layout 1 2/14/2010 9:07 AM Page 395

पारिवारिक हिंसा

वीरपुर गाविस-९ की २५ वर्षीया आविदा खातुनले अंश मागेको आरोपमा ०६५ माघ १२ गते उनलाई ससुरा ५० वर्षीय हकिकुल्ला मुसलमान, देवर २५ वर्षीय अब्दुल सलाम, २० वर्षीय अब्दुल जलाम र सासूलगायत परिवारका १० जना मिलेर घरभित्रै थुनेर कुटपिट गरे। कुटपिटबाट पीडित गम्भीर घाइते भइन्। अंशसम्बन्धी मुद्दामा अदालतबाट उनको पक्षमा फैसला भएको र सोअनुसार अंश माग्दा ससुरा, सासू र देवरहरू मिलेर कुटपिट गरेका थिए। कुटपिट गर्दागर्दै बेहोस भएकी खातुनलाई छिमेकीको सहयोगमा अस्पताल लगिएको थियो। उनको शरीरमा नीलडाम र घाउहरू रहेका थिए। सो घटनाविरुद्ध पीडितले ०६५ माघ १३ गते जिल्ला प्रशासन कार्यालयमा उजुरी गरिन्। प्रशासनले आरोपितलाई ०६५ माघ १४ गते घरबाट गिरफ्तार गरी हिरासतमा ल्याएकामा माघ १६ गते अंश दिने र उपचार गर्ने सहमतिमा रिहा गरे।

सौरहा गाविस-२ पिपरहवाकी २३ वर्षीया रफीकुल निशाले दाइजो कम ल्याएको आरोपमा ०६६ असार ८ गते उनका पति सहिद धुनिया र उनका परिवारजनले घर निकाला गरे। पाँच वर्षपहिले विवाह भएकी पीडितलाई उनका पति र सासू-ससुराले समेत माग गरे अनुसार १ लाख २७ हजार रुपियाँ नल्याएको भन्दै पटकपटक कुटपिट गर्दै आएकामा असार ८ गते घरबाटै निकाला गरे। आफूलाई जबरजस्ती घरबाट निकालेपछि पीडितले ०६६ असार ९ गते जिल्ला प्रशासन कार्यालयमा उजुरी दिइन्। जिल्ला प्रशासनले पति सहिद धुनियालाई आवश्यक अनुसन्धानका लागि ०६६ असार १० गते घरबाट गिरफ्तार गऱ्यो। प्रहरीले ०६६ असार १५ गते दुवै पक्षबीच छलफल गराई आइन्दा केही नगर्ने कागज गराएपछि पीडित घर फर्किन्।

सबै प्रकारका जातीय विभेद

धनकौली गाविस-२ का ४५ वर्षीय गयाराम कोरी र उनकी पत्नी ३५ वर्षीया श्रीमती कोरीले गाउँ परिषद्मा समावेशीका आधारमा बजेट माग गरेको आरोपमा ०६५ चैत १४ गते उनीहरूलाई सोही गाविस-२ का ४० वर्षीय झिनकन कोरी, ३८ वर्षीय अनिश मुसलमान, ३६ वर्षीय बलिराम कुर्मी, ३३ वर्षीय सुकदेव कुर्मीलगायतका छ जनाले कुटपिट गरी घाइते बनाए।

गाउँ परिषद्बाट दलितहरूले समावेशीका आधारमा बजेट छुट्याउनु पर्ने माग गर्दा उनीहरूमाथि हातपात गरिएको पीडितले बताए। आफूलाई अधिकार माग गर्दा जमिनदारहरूले कुटपिट गरेकाले ०६५ चैत १५ गते न्यायका लागि अधिकारकर्मीलाई आग्रह गरेका थिए। इन्सेक प्रतिनिधिसहित अधिकारकर्मीले जिल्ला प्रहरी कार्यालयलाई सो घटनाका पीडितलाई न्याय र दोषीलाई कारवाही गर्न दबाब दिएपछि प्रहरीले दुवै पक्षबीच ०६५ चैत १५ गते मेलमिलाप गराए।

गजेहडा गाविस-४ चड्कीपुरकी ३० वर्षीया सीता नेपालीले दलित भएर अपमान गरेको आरोपमा ०६६ कात्तिक १५ गते राती उनलाई सोही गाविस-४ का ५५ वर्षीय लोकबहादुर थापा, उनकी पत्नी ४२ वर्षीया वसन्ती थापा र ४० वर्षीय हुमबहादुर थापाले कुटपिट गरे। कुटपिट गर्ने क्रममा स्थानीयवासीले थाहा पाएपछि प्रहरीलाई खबर गरेका थिए। सामूहिक रूपमा नेपालीको घरमा गई खुकुरी र फलामका रडले कुटपिट गरेको इलाका प्रहरी कार्यालय गोरुसिङ्गेले जनायो। घाइते भएकी सीता नेपालीको गजेहडा गाविस-७ चार नम्बर जितपुरस्थित युनाइटेट नेपाल हेल्थकेयर एन्ड रिसर्च सेन्टरमा उपचार भयो। कुटपिटमा संलग्न भएको आरोपमा प्रहरी चौकी पिपराले लोकबहादुर थापालाई गिरफ्तार गऱ्यो।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

सुकुमवासी

जिल्लामा भूमिहीन सुकुमवासीको यकिन तथ्याङ्क नभए पनि करिब १० हजारको हाराहारीमा रहेका छन्। जिल्लाका खुरुहुरिया, पथ्थरदेहिया, बरकलपुर, शिवपुर, शिवगढी, मोतीपुर कोपवा, पटना, पतेरिया, निग्लिहवा, तिलौराकोट, जयनगर, धनकौलीलगायतका गाविसमा भूमिहीन सुकुमवासी सरकारी तथा ऐलानी जग्गामा बस्दै आएका छन्।

कपिलवस्तु जिल्ला विकास समितिले कृषि मजदुरको ज्याला दैनिक आठ घण्टाको १ सय ३० रुपियाँ तोकिदिएको छ। तर, जिल्लाको उत्तरी भेगका गाविसमा दैनिक १ सय ५० भन्दा बढी पाउने गरेका छन् भने दक्षिणी गाविसमा ८० देखि १ सय रुपियाँसम्म पाउने गरेका छन्। दक्षिण गाविसमा महिला र पुरुषको ज्यालादरमा भेदभाव रहेको छ।

राज्यबाट

तिलौराकोट गाविस-२ सेमरीका पीडित किसानहरूले वर्षौं दिन बितिसक्दा समेत गाउँब्लक जग्गा नापी नभएको भन्दै ०६६ असोज १० गते मानवअधिकारकर्मीसँग उजुरी गरे। उनीहरूले राज्यले आफूहरूको आर्थिक अधिकार हनन गरेको बताए।

कपिलवस्तुको बागेश्वरी सामुदायिक वन क्षेत्रमा

Westren:Layout 1 2/14/2010 9:07 AM Page 396

बसेका करिब २ सय सुकुमवासीलाई ०६६ मङ्सिर २८ गते झुप्रामा आगजनी गरी प्रहरीले जबरजस्ती हटायो। सो स्थानमा विगतदेखि बस्दै आएकामा प्रहरीले जबरजस्ती हटाएको सुकुमवासीहरूले बताए। सरकारले अन्तरिम संविधान, २०६३ मा गाँस, बास, कपास, शिक्षा, स्वास्थ्य, रोजगारलाई नागरिकको मौलिक हकका रूपमा उल्लेख गरेकामा आफूहरूलाई वैकल्पिक व्यवस्था नगरी हटाएर अधिकार हनन गरेको उनीहरूले बताए। पीडित किसानहरूले देशमा ठूलठूला परिवर्तन हुँदासमेत आफूहरूका समस्या जस्ताको तस्तै भएको दुखेसो पोखे। गाविसस्तरीय मिनाडी नापी समितिका अध्यक्ष अमिरअञ्जा खानले आफूहरू बसेको दसौं वर्ष भइसके पनि जग्गा नापी नभएकाले समस्या परेको बताए। जिल्लामा ४ हजारभन्दा बढी घरपरिवार भूमि अधिकार पीडित रहेका छन्।

मोतीपुर गाविसका ज्येष्ठ नागरिकहरूले सामाजिक सुरक्षाको रकम नपाएको भन्दै ०६६ साउन १९ गतेदेखि गाविसको कार्यालयमा तालाबन्दी गरे। गाविसले रकम उपलब्ध गराउने प्रतिबद्धता जाहेर गरेपछि सहमतिमा साउन २२ गते ताला खुलाए। ०६५ चैत महिनादेखि आफूहरूले पाउनुपर्ने वृद्धभत्ताबापतको रकम नपाएका कारण तालाबन्दी गरेको स्थानीय झगेश्वर अर्यालले बताए।

सरकारले ७० वर्षमाथिका ज्येष्ठ नागरिक र ६० वर्षमाथिका विधवा र अपाङ्गलाई मासिक भत्ता दिइन्छ। कपिलवस्तुको महुवा गाविसलगायत १८ ओटा गाविसका ज्येष्ठ नागरिकले पाएनन्। सरकारले बजेट नपठाएको भन्दै महुवा गाविसका करिब २ सय ज्येष्ठ नागरिकले ०६५ माघदेखि ०६६ असारसम्मको भत्ता नपाएको बताए। गाविस सचिव मोतीबुल्ला मुसलमानले सरकारले रकम नपठाएकाले महुवालगायत १८ ओटा गाविसका ज्येष्ठ नागरिक, विधवा र अपाङ्गले भत्ता नपाएको बताए।

संरचना, सम्पति क्षति

एकीकृत माओवादीबाट

एकीकृत माओवादीको भ्रातृसङ्गठन अखिल नेपाल किसान सङ्घले जिल्लाका विभिन्न गाविसमा गरी २ सय ६ बिघा जमिन कब्जा गरेको घोषणा गरे। उनीहरूले अभिराव गाविसका-५ का अबदुल सलाम मुसलमान, रहमान मुसलमान र थितिज रहमानले उपभोग गर्दै आएको १ सय बिघा जग्गा, मानपुर गाविस-१ का प्रभातराज पाण्डे, प्रतापराज पाण्डे र प्रदीपराज पाण्डेका नाममा रहेको ८० बिघा जग्गा, त्यसैगरी नन्दनगर गाविस-७ का जब्बाहर मुसलमानको २० बिघा र जहदी गाविसका-७ का धनेन्द्र कार्कीको छ बिघा जग्गा अखिल नेपाल किसान सङ्घ (क्रान्तिकारी)ले ०६६ कात्तिक २८ गते कब्जा गरेको घोषणा गऱ्यो। जग्गाधनीले जग्गा बिक्रीका लागि किसानसँग पैसा लिएको र पास गर्न आनाकानी गरेकाले जग्गा कब्जा गरेको उनीहरूले बताएका थिए।

त्यसैगरी हथिहवा गाविस-९ दोहनीस्थित सिवलवामा एकीकृत माओवादीको भ्रातृसङ्गठन अखिल नेपाल सुकुमवासी सङ्घले ०६६ मङ्सिर ३० गते ४५ बिघा सरकारी जग्गा कब्जा गरेको घोषणा गऱ्यो। यस वर्षको अन्त्यसम्म सो जग्गा एकीकृत माओवादीका कार्यकर्ताको कब्जामा रहेको छ।

मातृका यादव अध्यक्ष रहेको नेकपा माओवादीले बरकलपुर गाविस-२ को सामुदायिक वनलाई कब्जा गरी यस वर्षको अन्त्यसम्म सुकुमवासीलाई बसोबास गराएको छ।

तमोलोपाबाट

सरकारले तौलिहवा मर्जादपुर सडकको बजेट नछुट्याएको विरोधमा तमलोपाले आह्वान गरेको तौलिहवा बन्दका क्रममा ०६६ साउन १० गते सो पार्टीका कार्यकर्ताहरूले सदरमुकामस्थित बद्री कसोधनको मिठाई पसल र अन्य दुई पान पसलमा तोडफोड गरे। तोडफोडमा संलग्न भएको आरोपमा तमलोपाका जिल्ला सदस्य धर्मबहादुर लाल श्रीवास्तवसहित २१ जनालाई प्रहरीले गिरफ्तार गऱ्यो। उनीहरू सबै त्यसै दिन सञ्चारकर्मीहरूको रोहबरमा रिहा भए।

स्वास्थ्य सेवाको अवस्था

कपिलवस्तु जिल्लामा ७७ गाविस र एक कपिलवस्तु नपा गरी जिल्ला अस्पताल दुईओटा, आयुर्वेद अस्पताल दुईओटा, प्राथमिक स्वास्थ्य केन्द्र तीनओटा, हेल्थपोस्ट सातओटा, उपस्वास्थ्य चौकी ६६ ओटा रहेका छन्। जिल्लामा डाक्टरको दरबन्दी आठ जना रहेकामा चार जना, हेल्थ असिस्टेन्टको दरबन्दी १३ जनाको रहेकामा १३ जना, स्टाफ नर्सको दरबन्दी आठ जनाको रहेकामा चार जना, अहेवको दरबन्दी ८८ जनाको रहेकामा ८० जना, अनमिको दरबन्दी १९ जनाको रहेकामा १९ जना, मासिकाको दरबन्दी ६६ जनाको रहेकामा ६२ जना र ग्रामीण स्वास्थ्य कार्यकर्ताको दरबन्दी ७७ जनाको रहेकामा ७७ जना नै कार्यरत रहे भने महिला स्वयम्सेविका १ हजार १ सय ७ कार्यरत छन्।

Westren:Layout 1 2/14/2010 9:07 AM Page 397

३.११ अर्घाखाँची



जनसङ्ख्या : २,३३,२७५
साक्षरता प्रतिशत : ६४
महिला साक्षरता प्रतिशत : ५४
क्षेत्रफल (वर्ग कि. मि.) : १,१९३
गाविस/नपा सङ्ख्या : ४२/०
सरकारी/निजी विद्यालय : ४८४/१५
क्याम्पस/उच्च मा.वि. : २/२४
अस्पताल/स्वास्थ्य चौकी : १/४१
मानव विकास सूचकाङ्कः ०.४७१
प्रतिपरिवार सरदर सङ्ख्याः ५

नागरिक तथा राजनीतिक अधिकार
सम्मानित रूपमा बाँच्न पाउने अधिकार
गोली/विस्फोटक पदार्थद्वारा घाइते
बेवारिसे बम विस्फोटबाट

जुकेना गाविस-९, मडेलचौरका १० वर्षीय बाबुराम आचार्य र ६ वर्षीया अमृता आचार्य ०६६ वैशाख १० गते घरनजिकै बारीको कान्लामा बेवारिसे अवस्थामा रहेको बम विस्फोटन हुँदा घाइते भए। घुँडामुनि तथा अनुहारमा बमको छर्राले चोट लागेकामा दुवै पीडितको लुम्बिनी अञ्चल अस्पताल बुटवलमा उपचार भयो।

धम्की/कुटपिट
एकीकृत माओवादीबाट

कान्तिपुर दैनिकका अर्घाखाँची संवाददाता २५ वर्षीय वीरेन्द्र केसीलाई ०६६ वैशाख २९ गते पत्रिकामा प्रकाशित समाचार झूटो भएको आरोपमा ०६६ जेठ ७ गते एकीकृत माओवादी जिल्ला कमिटी सचिवालय सदस्य बाबुराम विकले ज्यान मार्ने धम्की दिए। पत्रिकामा 'काङ्ग्रेस, एमाले कार्यकर्तालाई गाउँबाट लखेट्न माओवादी नेता टोपबहादुर रायमाझीले निर्देशन दिएको' भन्ने बेहोराको समाचार प्रकाशित भएको थियो। इन्सेक जिल्ला प्रतिनिधि र पत्रकार महासङ्घको रोहबरमा पीडित केसी र एकीकृत माओवादी सेक्रेटरीसमेतको टोलीसँग ०६६ जेठ ९ गते छलफल भएपछि विवादको अन्त्य भएको थियो।

सीतापुर गाविस-३ का ५५ वर्षीय ऋषिराम घिमिरेले शिक्षक नियुक्ति गर्ने विषयमा असहमति जनाएको आरोपमा ०६६ जेठ ३१ गते उनलाई माओवादी जिल्ला कमिटी सदस्य भोजबहादुर रायमाझीले कुटपिट गरी ज्यान मार्ने धम्की दिए। पीडितको लुम्बिनी अञ्चल अस्पताल बुटवलमा उपचार भयो।

गोखुङ गाविस-७ पस्लेङका ६६ वर्षीय ठाकुरप्रसाद पौड्याल एकीकृत माओवादीविरुद्ध लागेको आरोपमा ०६६ भदौ ९ गते उनलाई एकीकृत माओवादीका धनबहादुर थापाको नेतृत्वमा गएको पाँच/छ जनाको टोलीले घरनजिकै कुटपिट गऱ्यो। पीडितको जिल्ला अस्पताल सन्धिखर्कमा उपचार भयो। पीडितले जिल्ला प्रशासन कार्यालयमा ०६६ भदौ ११ गते उजुरी दर्ता गरे पनि कुनै कारबाही भएन।

सिद्धारा गाविस-४ हर्रे निवासी एमाले गाउँ कमिटी अध्यक्ष ४६ वर्षीय धनप्रसाद पोखरेल एमाले कार्यकर्ता भएको आरोपमा ०६६ कात्तिक १८ गते उनलाई माओवादी कार्यकर्ता भोजराज बेल्वासेको नेतृत्वमा आएको पाँच/छ जनाको टोलीले कुटपिट गरी ज्यानमार्ने धम्की दियो।

बेपत्ता/अपहरण
नेपाली काङ्ग्रेसबाट

वाङ्ला गाविस-५ जरेखोला निवासी सरस्वती निमावि व्यवस्थापन समितिका अध्यक्ष ५१ वर्षीय सुन्दर भट्टराईलाई ०६६ मङ्सिर २२ गते राती नेपाली काङ्ग्रेस जिल्ला सभापति पीताम्बर शर्माको नेतृत्वमा गएको टोलीले विद्यालयमा शिक्षक नियुक्तिको विषयलाई लिएर घरबाटै अपहरण गऱ्यो। उनलाई काङ्ग्रेस जिल्ला पार्टी कार्यालयबाट शिक्षक नियुक्ति प्रक्रिया स्थगित गरेको सूचना जबरजस्ती लेख्न लगाई ०६६ मङ्सिर २३ गते मुक्त गरे। उनले ०६६ मङ्सिर २५ गते पत्रकार सम्मेलन गरी आफूलाई काङ्ग्रेसले अपहरण गरेको सार्वजनिक गरेका थिए। काङ्ग्रेसले भने उनलाई अपहरण नगरी सरसल्लाहका लागि बोलाएको बतायो।

Westren:Layout 1 2/14/2010 9:07 AM Page 398

घटनाको प्रकार	गैर राज्यबाट						
	अन्यबाट				एकीकृत माओवादीबाट		
	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा	घटना सङ्ख्या	पुरुष	जम्मा
घाइते	१	१	१	२			
कुटपिट	३	३	१	३	३	३	३
धम्की	१		१	१	१	१	१
जातीय विभेद	२		२	२			
महिलाअधिकार	३		३	३			
अपहरण	२	२		२			
जम्मा	१०	५	८	१३	४	४	४

अन्यबाट

डिभर्ना गाविस-३ भैसथलाका ४६ वर्षीय खगीश्वर केसीलाई ०६६ साउन २ गते पाँच जनाको अज्ञात समूहले घरनजिकैको बाटोबाट अपहरण गऱ्यो। उनी ०६६ साउन ३ गते खाँचीकोट गाविस-५ फुदवाङबाट मुक्त भए। उनलाई अपहरण कसले र किन गऱ्यो भन्ने खुल्न सकेन।

सुगम र निष्पक्ष न्यायिक अधिकार

फौजदारी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका २२ थानमध्ये यस वर्ष १० थान फर्स्यौट भई १२ थान मुद्दा बाँकी रहे। यस वर्ष दर्ता भएका फौजदारी मुद्दातर्फ २४ थानमध्ये सात थान फर्स्यौट भई १७ थान मुद्दा बाँकी रहे।

देवानी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका ६५ थानमध्ये यस वर्ष ३८ थान फर्स्यौट भई २७ थान मुद्दा बाँकी रहे। यस वर्ष दर्ता भएका देवानी मुद्दातर्फ ३६ थानमध्ये आठ थान फर्स्यौट भई २८ थान मुद्दा बाँकी रहे। यस वर्षको अन्त्यसम्ममा गत वर्षको जिम्मेवारी सरेका तथा यस वर्ष दर्ता भएका गरी जम्मा मुद्दा सङ्ख्या १ सय ४७ थानमध्ये ६३ थान फर्स्यौट भई ८४ थान मुद्दा बाँकी रहे।

बालअधिकार

यस जिल्लामा प्रारम्भिक बालविकास केन्द्र २ सय ३२ रहेका छन्। सामुदायिक विद्यालयतर्फ प्राथमिक २ सय ८४ ओटा, निमावि ५४ ओटा, मावि ५९ ओटा र उच्चमावि २३ ओटा रहेका छन्। त्यसैगरी, संस्थागत विद्यालयतर्फ प्राथमिक ३३ ओटा, निमावि तीनओटा, मावि पाँचओटा र उच्चमावि एउटा रहेका छन्। प्रारम्भिक बालविकास केन्द्रबाहेक यस जिल्लामा जम्मा ४ सय २२ विद्यालयहरू रहेका छन्। जिल्लाको महिला साक्षरता प्रतिशत ५४ र पुरुष साक्षरता प्रतिशत ७३ रहेको छ भने जम्मा साक्षरता प्रतिशत ८४ रहेको जिल्ला शिक्षा कार्यालयले जनाएको छ।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

दुर्व्यवहार

अर्घा गाविस-१ की ३० वर्षीया गङ्गा गन्धर्वलाई सोही ठाउँका २५ वर्षीया माया गन्धर्व, ३२ वर्षीया सावित्रा गन्धर्व र ३४ वर्षीय टानबहादुर गन्धर्वले कथित बोक्सीको आरोपमा ०६६ वैशाख ६ गते घरमै कुटपिट गरे। गङ्गाले सावित्राकी छोरीलाई बोक्सी मन्त्र लगाएको आरोप लगाइएको थियो। पीडितले जिल्ला प्रहरी कार्यालयमा ०६६ वैशाख ८ गते उजुरी दर्ता गरे पनि कुनै कारबाही भएन।

सबै प्रकारका जातीय विभेद

धन्चौर गाविस-१ पुतकेकी २० वर्षीया मनीषा विकलाई ०६६ जेठ ९ गते सोही ठाउँकी २२ वर्षीया कमला भुसालले कथित तल्लो जातको भनी गाली-बेइज्जत गरी कुटपिट गरिन्। पीडितले जिल्ला प्रहरी कार्यालयमा ०६६ जेठ ११ गते उजुरी गरिन्। तर, पीडकलाई कुनै कारबाही भएन।

पाली गाविस-९ बलेवाङकी ३२ वर्षीया पुतली

बेवारिसे बम विस्फोटनमा परी घाइते भएका बाबुराम आचार्य

Westren:Layout 1 2/14/2010 9:07 AM Page 399

बेवारिसे बम विस्फोटनमा परी घाइते भएकी अमृता आचार्य

कुमाललाई ०६५ चैत २४ गते सोही ठाउँका ३८ वर्षीय विष्णु अधिकारी र ४५ वर्षीय केशे कुमालले सार्वजनिक धारामा पानी भर्ने क्रममा पानी छोएको भन्दै कुटपिट गरे। पीडितले जिल्ला प्रहरी कार्यालयमा ०६५ चैत २५ गते उजुरी दिइन्। पीडकले सार्वजनिक रूपमा पीडितसँग माफी मागेपछि ०६५ चैत २७ गते जिल्ला प्रहरी कार्यालयमा मिलापत्र भयो।

स्वास्थ सेवाको अवस्था

अर्घाखाँची जिल्ला अस्पतालमा यस वर्षको अन्त्यसम्ममा डाक्टर दरबन्दी पाँच जनाको रहेकामा तीन जना, स्टाफ नर्स दरबन्दी छ जनाको रहेकामा चार जना, सीअहेव दरबन्दी १२ जनाको रहेकामा १४ जना, अहेव दरबन्दी ४३ जनाको रहेकामा ४३ जना, अनमि दरबन्दी १६ जना रहेकामा १६ जना, ग्रामीण स्वास्थ्य कार्यकर्ता दरबन्दी ४२ जनाको रहेकामा ३४ जना, मासिका दरबन्दी ३१ जनाको रहेकामा २९ जना कार्यरत छन्। जिल्ला जनस्वास्थ्य कार्यालयका अनुसार, जिल्लामा दुईओटा प्राथमिक स्वास्थ्य चौकी, ३१ ओटा उपस्वास्थ्य चौकी र आठओटा स्वास्थ्य चौकी गरी जम्मा ४१ ओटा स्वास्थ्यसँग सम्बन्धित कार्यालयहरू रहेका छन्।

३.१२ गुल्मी



जनसङ्ख्या : ३,२३,२७५
साक्षरता प्रतिशत : ६६
महिला साक्षरता प्रतिशत : ५३
क्षेत्रफल (वर्ग कि. मि.) : १,१४९
गाविस/नपा सङ्ख्या : ७९/०
सरकारी/निजी विद्यालय : ५४५/२२
क्याम्पस/उच्च मा.वि. : २/३३
अस्पताल/स्वास्थ्य चौकी : १/७०
मानव विकास सूचकाङ्कः ०.४६७
प्रतिपरिवार सरदर सङ्ख्याः ५

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या

बेवारिसे बम विस्फोटनबाट

दर्लिङ गाविस-७ निवासी दर्लिङ मावि का छात्र नौ वर्षीय बोमलाल विक र ११ वर्षीय विक्रम विकको ०६६ वैशाख ५ गते बेवारिसे विस्फोटक पदार्थ खेलाउँदा विस्फोटन भई मृत्यु भयो। सोही ठाउँको तल्लो दहको चिनाराको पहिरो भन्ने जङ्गलमा बाखा चराउन गएका उनीहरूले फेला पारेपछि रेडियो भनी आपसमा तानातान गर्दा विस्फोट भएको प्रत्यक्षदर्शीहरूले बताए। विस्फोटनबाट दुवै मृतकको कम्मरदेखि माथिको भाग क्षतविक्षत भएको थियो। लासको सदरमुकाम तम्घासमा ०६६ वैशाख ७ गते पोस्टमार्टम भयो। प्रहरीले विस्फोटक पदार्थ ३६ हेन्डग्रिनेट बम भएको पुष्टि गऱ्यो। तर, सो बम कसले राखेको हो भन्ने पत्ता लाग्न सकेन। द्वन्द्वकालमा दुवै पक्षका लडाकूहरू ओहोर-दोहोर तथा गस्ती गर्ने बाटो पर्ने भएकाले त्यतिबेला नै बम छाडिएको हुनसक्ने स्थानीयवासीको अनुमान छ।

Westren:Layout 1 2/14/2010 9:07 AM Page 400

घटनाको प्रकार	गैर राज्यबाट						
	अन्यबाट				एकीकृत माओवादीबाट		
	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा	घटना सङ्ख्या	पुरुष	जम्मा
हत्या	१	३		३			
कुटपिट	४	३	३	५	३	६	६
जातीय विभेद	१		१	१			
महिलाअधिकार	८		८	८			
बालअधिकार	३		३	३			
जम्मा	१६	५	१३	१८	३	६	६

जेल र बन्दीहरू

'घ' श्रेणीको गुल्मी कारागारको बन्दी क्षमता २५ जनाको रहेको छ। यस वर्षको अन्त्यसम्म कैद तोकिएका २७ जना पुरुष र तीन जना महिला गरी जम्मा ३० जना र कैद नतोकिएका सात जना पुरुष गरी जम्मा ३७ जना बन्दीहरू रहेका छन्। कारागारमा बन्दीहरूलाई सञ्चार, खानेपानी, शौचालय तथा स्वास्थ्यसेवाको राम्रो व्यवस्था छ। हाल कारागारमा क्षमताभन्दा बढी बन्दीहरू रहेका छन्। कारागारको भवन जीर्ण हुँदै गएको र कोठाहरू साँघुरो भएकाले आफूहरूलाई बस्न अप्ठ्यारो भएको बन्दीहरूको गुनासो छ।

बेवारिसे बम विस्फोटनमा परी मारिएका विक्रम वि.क.

धम्की/कुटपिट
एकीकृत माओवादीबाट

खड्गकोट गाविस-१ निवासी एमाले कार्यकर्ता ४५ वर्षीय कृष्ण ज्ञवाली, सोही ठाउँका २६ वर्षीय नन्दकिशोर ढकाल, २२ वर्षीय कृष्ण सुवेदी, अनेरास्वियुका कार्यकर्ता १७ वर्षीय बाबुराम ढकाल र १८ वर्षीय काशीराम परियारलाई स्थानीय गुठीको जग्गाको विषयलाई लिएर ०६५ पुस १९ गते राती सोही ठाउँका एकीकृत माओवादीका जिल्ला सदस्य शरद क्षेत्री, दुर्गा ढकाल, दयाराम पौडेलसहितको समूहले अपहरण गरी पूर्तिघाट बजारमा पुऱ्याएर कुटपिट गऱ्यो। उक्त गुठीको जग्गा माओवादी कार्यकर्ता स्थानीय अर्जुन ढकालले उपभोग गर्दै आएका थिए। स्थानीयवासीसँग एमाले कार्यकर्ता कृष्ण ज्ञवालीसहितको समूहले ०६५ पुस १९ गते जग्गा फिर्ताका लागि अर्जुनको घरमा गएर आग्रह गर्दा सोही विषयमा आफूहरूलाई कुटपिट गरेको पीडितहरूले बताए। कुटपिटबाट गम्भीर घाइते भएका काशीराम परियार र बाबुराम ढकालको पाल्पास्थित मिसन अस्पताल र अन्यको उपचार जिल्ला अस्पताल तम्घासमा भएको थियो। एकीकृत माओवादीले घाइतेको उपचार खर्चको व्यवस्था गरेपछि आपसी विवाद साम्य भएको थियो।

बेवारिसे बम विस्फोटनमा परी मारिएका बोमबहादुर वि.क.

हस्तिचौर गाविस-४ निवासी हिमालय मावि हस्तिचौरका शिक्षक ४४ वर्षीय जगतबहादुर खत्रीलाई ०६६ साउन ३२ गते सोही ठाउँ निवासी एकीकृत माओवादी जिल्ला सदस्य श्याम विक भनिने चामकुमार सुनारले कुटपिट गरे। खत्रीलाई विद्यालय जाँदै गरेको अवस्थामा सोही गाविस-४ स्थित साउनेपानी गैरा भन्ने ठाउँमा स्थानीय सडक निर्माणको विषयलाई लिएर कुटपिट गरे। कुटपिटबाट उनको अनुहार र टाउकोमा गम्भीर चोट लागेको थियो। घाइते खत्रीको भदौ २ गते स्थानीय बासिन्दाको सहयोगमा जिल्ला अस्पताल तम्घासमा उपचार भयो। पीडितले जिल्ला प्रहरी कार्यालयमा भदौ २ गते सार्वजनिक अपराधको मुद्दा दायर गरे। यस वर्षको अन्त्यसम्म मुद्दाको किनारा लागेको छैन।

नयाँगाउँ गाविस-७ निवासी एमाले कार्यकर्ता ५१ वर्षीय स्वागत श्रेष्ठलाई ०६६ असार २८ गते सोही ठाउँ निवासी एकीकृत माओवादीका जिल्ला सदस्य सरोज भनिने चन्द्रबहादुर विकसहित १० जनाको समूहले राजनीतिक प्रतिशोधका कारण पीडितको घरबाट अपहरण गरी सोही ठाउँको देउराली डाँडाको जङ्गलमा लगी लट्ठीले कुटपिट गरी घाइते बनायो। कुटपिटबाट उनको दायाँ हात भाँचिनुका साथै दायाँ करङ र खुट्टामा गम्भीर चोट लागेको थियो। कुटपिटपछि उक्त समूहले पीडितको परिवारलाई नियन्त्रणमा लिई घाइतेको उपचार गर्न रोक लगाउनुका साथै घटनाबारे सञ्चारमाध्यममा खबर नगर्न धम्की दिएको थियो। घाइतेलाई जिल्लास्थित मानवअधिकारकर्मी र प्रहरीको एक समूहले

Westren:Layout 1 2/14/2010 9:07 AM Page 401

असार ३० गते उपचारका लागि सदरमुकाम ल्यायो। कुटपिटमा संलग्न एकीकृत माओवादीका जिल्ला सदस्य चन्द्रबहादुर विकसहितलाई पीडितले असार ३१ गते जिल्ला प्रहरी कार्यालयमा सार्वजनिक अपराधको मुद्दा दायर गरे। ०६६ भदौ १० गते नयाँगाउँमा आयोजना गरिएको एक सार्वजनिक कार्यक्रममार्फत पीडक पक्षले पीडितको उपचार खर्चको व्यवस्था गरेपछि र दुवै पक्षले गल्ती नदोहोऱ्याउने सहमति जनाएपछि आपसी विवाद मिलेको थियो।

अनेरास्ववियु (क्रान्तिकारी)बाट

धुर्कोट रजस्थल गाविस-२ स्थायी घर भई हाल सदरमुकाम तम्घास निवासी नेपाल पत्रकार महासङ्घ गुल्मीका सहसचिव २३ वर्षीय भरत पाण्डेलाई ०६६ असोज १ गते अनेरास्ववियु (क्रान्तिकारी) गुल्मीका कार्यवाहक अध्यक्ष सन्तोष भनिने यदु ज्ञवालीले समाचारको विरोधमा हातपात र कुटपिट गरे। उच्चमाध्यमिक शिक्षा परिषद् अन्तर्गत कक्षा १२ को पूरक परीक्षामा चिट चोरेका कारण निष्कासित भएको समाचारमा आफ्नो नाम *रेडियो रेसुङ्गा*बाट प्रसारण गरेको भन्दै ज्ञवालीले पत्रकार पाण्डेलाई तम्घासको लाकुरीमञ्च हुँदै *रेडियो रेसुङ्गा*तिर जाँदै गरेको समयमा कुटपिट गरेका थिए। गल्ती नदोहोऱ्याउने सहमति जनाएपछि प्रहरीले दुवै पक्षबीच असोज ३ गते मेलमिलाप गरायो।

नेविसङ्घबाट

धुर्कोटवस्तु गाविस रेसुङ्गा स्थायी घर भई हाल तम्घास निवासी अनेरास्ववियु (क्रान्तिकारी)का जिल्ला सदस्य २० वर्षीय जनक भण्डारीलाई ०६५ चैत ७ गते तम्घास गाविस-५ निवासी नेविसङ्घका कार्यकर्ता विक्रम थापाले स्ववियु चुनावको विषयलाई लिएर रेसुङ्गा बहुमुखी क्याम्पसको ढोकैमा कुटपिट गरे। निर्वाचनको विषयमा सामान्य भनाभन हुँदाहुँदै थापाले उनलाई हातपात तथा कुटपिट गरेका थिए। कुटपिटबाट सामान्य घाइते भएका भण्डारीसहित विद्यार्थीहरूको समूहलाई प्रहरीले तत्कालै नियन्त्रणमा लिएको थियो। एकीकृत माओवादीका कार्यकर्ताले नेविसङ्घका विद्यार्थीहरूमाथि चैत ७ गते प्रहरी कार्यालयभित्रै हातपात गरेको भन्दै नेविसङ्घका कार्यकर्ताले माओवादीको एउटा मोटरसाइकल तोडफोड गरी जलाए। प्रहरीले स्थितिलाई नियन्त्रणमा लिन तीन सेल अश्रुग्यास प्रहार गरेको थियो। प्रहरी नियन्त्रणमा रहेका विद्यार्थीहरू राजनीतिक दलको आपसी सहमति तथा जिल्लास्थित मानवअधिकारकर्मीको पहलमा त्यसै दिन साँझ रिहा भए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

दनियाँवादी फौजदारी मुद्दातर्फ गत वर्ष जिम्मेवारी सरेर आएका २१ थान र यस वर्ष दर्ता भएका ४१ थान गरी जम्मा ६२ थानमध्ये ३० थान फर्स्यौट भई ३२ थान बाँकी रहे।

सरकारवादी फौजदारी मुद्दातर्फ गत वर्ष जिम्मेवारी सरेर आएका आठ थान र यस वर्ष दर्ता भएका ३२ थान गरी जम्मा ४० थान मुद्दामध्ये २१ थान फर्स्यौट भई १९ थान बाँकी रहे।

दुनियाँवादी देवानी मुद्दातर्फ गत वर्ष जिम्मेवारी सरेर आएका ३६ थान र यस वर्ष दर्ता भएका ९७ थान मुद्दा गरी जम्मा १ सय ३३ थान मुद्दामध्ये ६० थान फर्स्यौट भई ७३ थान बाँकी रहे। यसरी यस वर्षको अन्त्यसम्ममा जम्मा २ सय ३५ मुद्दामध्ये १ सय ११ थान फर्स्यौट भई १ सय २४ थान फर्स्यौट हुन बाँकी रहे। एक वर्ष पुराना मुद्दा आठ थान रहेका छन् भने त्यसभन्दा पुराना कुनै मुद्दा बाँकी छैनन्।

बालअधिकार

जिल्लामा १२ प्रतिशत बालबालिकाहरू विद्यालय जानबाट वञ्चित भएको जिल्ला शिक्षा कार्यालयले जनायो।

यस जिल्लामा प्रारम्भिक बालविकास केन्द्र ४ सय १७ ओटा रहेका छन्। सामुदायिक विद्यालयतर्फ प्राथमिक ३ सय ९५ ओटा, निमावि ६१ ओटा, मावि ९८ ओटा र उच्चमावि ३३ ओटा रहेका छन्। त्यसैगरी, संस्थागत विद्यालयतर्फ प्राथमिक ३७ ओटा, निमावि पाँचओटा, मावि १२ ओटा र उच्चमावि छैनन्। प्रारम्भिक बालविकास केन्द्रबाहेक यस जिल्लामा जम्मा ६ सय ४१ ओटा विद्यालयहरू रहेका छन्। ती विद्यालयहरूमा १ लाख ७ हजार ९ सय ४० बालबालिका अध्ययनरत छन्। जसमा ५५ हजार ५ सय ८९ जना बालिका र ५२ हजार ३ सय ५१ जना बालक रहेका छन्। जिल्ला शिक्षा कार्यालयका अनुसार यस जिल्लामा रहेका विद्यालयहरूमा २५ हजार ३ सय २ जना दलित बालबालिका अध्ययनरत छन्। जसमा १२ हजार २ सय ३२ जना बालक र १३ हजार ७० जना बालिका रहेका छन्। जिल्लाको महिला साक्षरता प्रतिशत ५३ र पुरुष साक्षरता प्रतिशत ७८ छ भने जम्मा साक्षरता प्रतिशत ६५.५ रहेको जिल्ला शिक्षा कार्यालयले जनाएको छ।

Westren:Layout 1 2/14/2010 9:07 AM Page 402

सिमीचौर गाविस-८ की २६ वर्षीया एक महिला र सोही गाविस-५ की १२ वर्षीया एक बालिकालाई ०६५ चैत २० गते सिमीचौर गाविस-१ का खेमराज कुँवर र रमेश कुँवरले सोही गाविसको जङ्गलमा बलात्कारको प्रयास गरेको भनी पीडित दुवैले जिल्ला प्रहरी कार्यालयमा चैत २१ गते उजुरी गरे। प्रहरीले दुवै आरोपितलाई चैत २१ गते उनीहरूकै घरबाट गिरफ्तार गऱ्यो। पीडितहरू अर्खले गाविसमा रहेको माइतीर जाने क्रममा उक्त घटना भएको थियो। पीडितहरूको जिल्ला अस्पताल तम्घासमा उपचार भयो। जिल्ला अदालतको आदेशमा ०६५ वैशाख १७ गते रमेश कुँवर १२ हजार रुपियाँ धरौटी राखी रिहा भए भने खेमराज कुँवरलाई पुर्पक्षका लागि कारागार चलान गरियो। यस वर्षको अन्त्यसम्म मुद्दा विचाराधीन रहेको छ।

अर्घाखाँची जिल्ला भगवती गाविस-९ की १५ वर्षीया एक बालिकालाई ०६६ असोज ९ गते तानसेन नपा-१३ घर भई हाल गुल्मी सदरमुकाम तम्घास बस्ने ३२ वर्षीय अमिर मियाँले बलात्कारको प्रयास गरेको आरोपमा उनलाई प्रहरीले गिरफ्तार गरी कानुनी कारबाही आरम्भ गऱ्यो।

स्थानीय व्यापारी मियाँले ती बालिकालाई ललाइफकाई आफ्नो मोटरसाइकलमा चढाई दिदीको घरमा पुऱ्याइदिने निहुँमा दुबिचौर गाविस-९ खरबारीमा लगी बलात्कार गर्ने प्रयास गरेका थिए। मोटरसाइकल बाटोमा रोकी बालिकालाई खरबारीमा पुऱ्याएको समयमा स्थानीय यात्रीले उनलाई देखेपछि बालिका चिच्याएकी थिइन्। स्थानीयबासीको पहलमा प्रहरीद्वारा आरोपितलाई सोही दिन जिल्ला प्रहरी कार्यालयमा

एकीकृत माओवादीद्वारा अपहरण गरी घाइते बनाइएका स्वागत श्रेष्ठ

माओवादीद्वारा अपहरणपछि कुटपिट गरी घाइते बनाइएका बाबुराम ढकाल

ल्याइएको थियो भने बालिकाको उद्धार गरियो। जिल्ला अदालत गुल्मीले अमिर मियाँलाई ३० हजार रुपियाँ धरौटी राख्न लगाई तारेखमा रिहा गऱ्यो।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार पारिवारिक हिंसा

अश्लेवा गाविस-२ की २९ वर्षीया पार्वती पाण्डेका पति ३७ वर्षीय कुलानन्द पाण्डेले २३ वर्षीया कमला पाण्डेसँग दोस्रो विवाह गरे। पीडित पार्वती रोजगारका लागि इजरायल गएको समयमा कुलानन्दले आफ्नी दुई छोरीलाई गालीगलौज गरी घरनिकाला गरेर दोस्रो विवाह गरेका थिए। पार्वतीका बुबा पोष्टराज भण्डारीले पीडितका पति र सौताविरुद्ध जिल्ला प्रहरी कार्यालयमा ०६५ पुस २० गते बहुविवाह गरेको भनी उजुरी दिए। कुलानन्द र कमलालाई जिल्ला प्रहरी कार्यालयले बहुविवाहमा मुद्दा चलायो। जिल्ला अदालत गुल्मीको आदेशानुसार हाल दुवै जना धरौटीमा रिहा भएका छन्।

हस्तिचौर गाविस-१ की ३१ वर्षीया तिला महतलाई ०६५ माघ ६ गते उनका पति तिलबहादुर महतले चिर्पट दाउराले हानी घाइते बनाए। कुटपिटबाट तिलाको दायाँ खुट्टा भाँचिनुका साथै हात र टाउकोमा समेत गम्भीर चोट लागेको थियो। घाइतेको महिलाअधिकारकर्मीको पहलमा उपचार खर्च जुटाई लुम्बिनी अञ्चल अस्पतालमा उपचार भयो। पीडकलाई प्रहरीले माघ ९ गते उनकै घरबाट गिरफ्तार गऱ्यो। प्रहरी हिरासतमा रहेका तिलबहादुर बिरामी परेपछि मानवअधिकारकर्मीको रोहबरमा उपचारका लागि माघ २० गते हिरासतबाट रिहा गरियो।

रूपन्देही जिल्ला अमुवा गाविस-४ घर भई गुल्मी अर्जै गाविस-८ मा डेरा गरी बस्ने १९ वर्षीया सरस्वती भुसालका २३ वर्षीय पति किशोर भुसालले मीना भुसालसँग दोस्रो विवाह गरे। पीडितले पति र सौताविरुद्ध जिल्ला प्रहरी कार्यालयमा ०६५ फागुन २९ गते बहुविवाह गरेको भनी उजुरी गरिन्। हाल अदालतले किशोर र मीना भुसाललाई बहुविवाहमा मुद्दा चलाएको छ।

छापहिले गाविस-६ घर भई वडागाउँ गाविस-५ स्थित माइतीघर बस्ने ३२ वर्षीया आशा जीसीले सम्बन्धविच्छेद गर्न मुद्दा दिएको आरोपमा ०६६ वैशाख २६ गते पति बोमबहादुर कार्कीले माइतीमै आगजनी

Westren:Layout 1 2/14/2010 9:07 AM Page 403

गरी ज्यानमार्ने प्रयास गरे। आगजनी गरी फरार भएका बोमबहादुरलाई प्रहरीले वैशाख २९ गते गिरफ्तार गऱ्यो। आगजनीबाट पीडितका सम्पूर्ण लत्ताकपडा, खाद्यान्न र घरसमेत जलेर नष्ट भएको थियो। छिमेकीको घरमा आश्रय लिएर बसेकी पीडितलाई बोमबहादुरले पुनः ज्यानमार्ने धम्की दिएपछि हाल उनी सदरमुकाम तम्घासमा बस्दै आएकी छन्। जिल्ला अदालत गुल्मीको आदेशमा असार १० गते बोमबहादुर ७५ हजार रुपियाँ धरौटी राखी रिहा भए।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

अज्ञात समूहबाट

शृङ्गा गाविस-२ मा रहेको रुरु एफएमको कार्यालयमाथि ०६५ पुस ९ गते राती एक नकाबधारी समूहले ढुङ्गा हानी तोडफोड गऱ्यो। आक्रमणकारीलाई स्थानीयवासी मिलेर नियन्त्रणमा लिने प्रयास गर्दा उनीहरू फरार भएका थिए।

अर्खले गाविसस्थित सेउघा निमाविको कार्यालय भवनमा ०६५ माघ ८ गते राती अज्ञात व्यक्तिहरूले आगजनी गरे। आगजनीबाट कार्यालयका सम्पूर्ण कागजात जलेर नष्ट भए। विद्यालयमा आगो लगाएको आरोपमा व्यवस्थापन समितिले सोही गाविस-५ निवासी प्रधानाध्यापक मुक्तिनाथ पन्थी र सहायक प्रधानाध्यापक सोमप्रसाद पन्थीविरुद्ध माघ २२ गते प्रहरीमा उजुरी दिएको थियो। उजुरीपछि प्रहरीले दुवैलाई अनुसन्धानका लागि हिरासतमा राख्यो। जिल्ला अदालतले घटनामा संलग्न भएको भन्ने सम्बन्धमा आवश्यक प्रमाण नभेटिएको भनी फागुन ४ गते आरोपित दुवैलाई रिहा गऱ्यो।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा यस वर्षको अन्त्यसम्ममा डाक्टर दरबन्दी सात जना रहेकामा सात जना, स्टाफ नर्स दरबन्दी आठ जना रहेकामा तीन जना, सीअहेव/हेअ दरबन्दी १९ जना रहेकामा १९ जना, अहेव दरबन्दी ८६ जना रहेकामा ८२ जना, ग्रामीण स्वास्थ्य कार्यकर्ता दरबन्दी ८० जना रहेकामा ६२ जना, अनमि दरबन्दी २६ जना रहेकामा २४ जना र मासिका दरबन्दी ६४ जना रहेकामा ५९ जना कार्यरत छन्। जिल्ला जनस्वास्थ्य कार्यालयका अनुसार, जिल्लामा चारओटा प्राथमिक स्वास्थ्य केन्द्र, ६४ ओटा उपस्वास्थ्य चौकी र १२ ओटा स्वास्थ्य चौकी गरी जम्मा ८१ ओटा स्वास्थ्यसँग सम्बन्धित कार्यालयहरू रहेका छन्।

३.१३ बाग्लुङ



जनसङ्ख्या : ३,०२,०००
साक्षरता प्रतिशत : ६०
महिला साक्षरता प्रतिशत : ५०
क्षेत्रफल (वर्ग कि. मि.) : १,७८४
गाविस/नपा सङ्ख्या : ५९/१
सरकारी/निजी विद्यालय : ५१४/११
क्याम्पस/उच्च मा.वि. : ४/३२
अस्पताल/स्वास्थ्य चौकी : १/५९
मानव विकास सूचकाङ्कः ०.४९२
प्रतिपरिवार सरदर सङ्ख्याः ६

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या

अज्ञात समूहबाट

चीनको तिब्बत घर भई अधिकारीचौर गाविस-९ स्थित एकखुट्टे गुम्बाका लामा ३६ वर्षीय सेराव कुन्सेनलाई ०६६ असोज २९ गते राती अज्ञात समूहले गोली प्रहार गरी हत्या गऱ्यो। गुम्बामा बसिरहेका कुन्सेनलाई गोली हान्ने समूहको यस वर्षको अन्त्यसम्म पत्ता लागेन।

जेल र बन्दीहरू

'ङ' श्रेणीको ७ महिला र १८ पुरुष गरी २५ जनाको क्षमता रहेको जिल्ला कारागारमा यस वर्षको अन्त्यसम्ममा कैद तोकिएका २५ र कैद नतोकिएका नौ जना गरी ३४ जना पुरुष तथा कैद तोकिएका तीन महिला र कैद नतोकिएका चार गरी सात महिला रहेका छन्। एक जना आश्रित बालक कारागारमा रहेका छन्। यसरी जिल्ला कारागारमा जम्मा ४१ जना बन्दी रहेका

Westren:Layout 1 2/14/2010 9:07 AM Page 404

घटनाको प्रकार	गैर राज्यबाट							राज्यबाट			
	अन्यबाट				एकीकृत माओवादीबाट						
	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा	घटना सङ्ख्या	महिला	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा
हत्या	४	४		४							
घाइते								१	१	१	२
गिरफ्तारी/यातना								३	६		६
कुटपिट	१७	३०	३	३३	१	१	१	४	९	१	१०
धम्की	२	३		३							
भेला/सङ्गठित हुने अधिकार								१	१		१
महिलाअधिकार	३		३	३							
बालअधिकार	१		१	१							
अमानवीय व्यवहार	१	१	१	२							
जम्मा	२८	३८	८	४६	१	१	१	९	१७	२	१९

छन्। जम्मा २५ जनाको क्षमता रहेको कारागारमा महिलाको सङ्ख्या क्षमता अनुसार नै रहे पनि पुरुषको सङ्ख्या बढी हुनाले बस्न असुविधा छ।

इन्सेक जिल्ला प्रतिनिधिको संयोजनमा ०६६ मङ्सिर २१ गते कारागार अनुगमन गरिएको थियो। बन्दीहरूले लामो समयदेखि पानी नआउँदा समस्या भएको र पानीका लागि पहल गरिदिन इन्सेक प्रतिनिधि एवम् पत्रकारहरूलाई आग्रह गरेका थिए। बन्दीहरूको मागसहितको समाचार इन्सेक अनलाइन तथा अन्य सञ्चारमाध्यममा समेत प्रकाशन/प्रसारण भएपछि बाग्लुङ नगर खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाले तत्काल पानीको व्यवस्था गरेको थियो।

अनुगमनका क्रममा बन्दीहरूले आफूहरूको सिदा वृद्धि गर्नुपर्ने, खेलकुद सामग्री, सीपमूलक तालिम उपलब्ध गराउनुपर्ने एवम् भौतिक सुधार गर्नुपर्ने बताए। कारागार परिसरनजिकै रहेको बङ्गुरपालन गर्ने ठाउँ परिवर्तन गर्न अनुरोध गर्दा पनि कतैबाट पहल नभएको गुनासो बन्दीहरूको थियो। महिलालाई सिलाइकटाइका लागि मेसिनको व्यवस्था भए पनि सीप सिकाउने दक्ष व्यक्ति नभएकाले मेसिन त्यसै थन्किएको छ।

युथफोर्स र वाईसीएलबीच झडप हुँदा घाइते भएका चन्द्रबहादुर ओखेली

धम्की/कुटपिट

राज्यबाट

पैँयुपाटा गाविस-४ निवासी बाग्लुङ नपा-१ स्थित न्यु एभरेस्ट एकेडेमीका लेखापाल ३८ वर्षीय काशीराम रेग्मीले प्रहरीलाई कुटपिट गर्नेहरूलाई संरक्षण दिएको आरोपमा ०६६ असार ८ गते उनलाई प्रहरीले विद्यालय परिसरमा पसेर कुटपिट गऱ्यो। उत्पीडित दलित समुदायको सञ्जाल बाग्लुङले ०६६ असार ८ गते आह्वान गरेको बन्दका क्रममा प्रहरीलाई कुटपिट गरेर भागेकाहरूलाई संरक्षण दिएको भन्दै हतियारसहितका प्रहरीले विद्यालय हाताभित्र प्रवेश गरी रेग्मीलाई कुटपिट गरेका थिए।

पर्वत जिल्ला खुर्कोट गाविस-२ निवासी दलित अधिकारकर्मी ३४ वर्षीय गोविन्द नेपाली, अमलाचौर गाविस-३ उत्पीडित दलित समुदायको सञ्जाल बाग्लुङका अध्यक्ष ३६ वर्षीय धनबहादुर परियार, बाग्लुङ नपा-१ निवासी सञ्जालका सदस्य ३६ वर्षीय परशुनारायण बोहरा र बाग्लुङ नपा-१ का २१ वर्षीय राहुल किसानलाई ०६६ असार ७ गते जिल्ला प्रहरी कार्यालयमा छलफल भइरहेको अवस्थामा प्रहरीले कुटपिट गर्दा घाइते भए। अन्तरजातीय विवाहको विषयमा डीएसपी प्रदीपकुमार श्रेष्ठले

Westren:Layout 1 2/14/2010 9:07 AM Page 405

आफूलाई अपशब्द प्रयोग गरेको भन्दै निर्देशन दिएपछि प्रहरीले उनीहरूलाई कुटपिट गरेका थिए। पीडितहरूको बाग्लुङ अस्पतालमा उपचार भयो। बाग्लुङ नपा-१ रामरेखाका २१ वर्षीय राहुल किसान र दमेक गाविसकी १९ वर्षीया नीता थापामगरबीच अन्तरजातीय विवाह भइसकेको विषयमा छलफल भइरहेका बेला पीडित पक्ष र प्रहरीका बीचमा विवाद भएको थियो।

सिगाना गाविस-३ का २८ वर्षीय हेमन्त खड्का, ३८ वर्षीय रूद्रबहादुर जीसी र ४२ वर्षीय रत्नबहादुर खड्काले प्रहरीमाथि हातपात गरेको आरोपमा ०६६ कात्तिक २६ गते उनीहरूलाई प्रहरीले बाग्लुङ नपा-३ भोलाटोलबाट गिरफ्तार गरी कुटपिट गऱ्यो। कुटपिटबाट घाइते भएका पीडितहरूलाई बाग्लुङ अस्पताल लगिएकामा उपचार नगरी प्रहरीले सोधपुछ गर्न थालेपछि सो कार्यको विरोध गरेको आरोपमा *सयपत्री एफएम*का सम्पादक प्रकटकुमार शिशिरलाई पनि प्रहरीले गिरफ्तार गऱ्यो। प्रहरीले तयार पारेको कागजात शिशिरले च्यातेकाले उनलाई गिरफ्तार गरेको प्रहरीले बतायो। शिशिरलाई कात्तिक २७ गते बिनासर्त रिहा गऱ्यो भने अन्य तीन जनालाई २९ गते धरौटीमा रिहा गऱ्यो। पीडितहरूले प्रहरीले सडकमा हिँडिरहेको समयमा आफूहरूलाई एक्कासि कुटपिट गरेको बताए।

एकीकृत माओवादीबाट

नापी कार्यालयका निमित्त प्रमुख २९ वर्षीय मकुन्द कुईकेलले बन्दको अवज्ञा गरेको आरोपमा ०६६ पुस ५ गते उनलाई एकीकृत माओवादीका कार्यकर्ताले कुटपिट गरे। सोही समूहले जिल्ला कृषि विकास कार्यालयमा तोडफोड गरेको थियो। सोही दिन बन्द सफल पार्न हिँडेका माओवादी जिल्ला सचिवालय सदस्य ३८ वर्षीय बाबुलाल शाक्य, जिल्ला सदस्य २९ वर्षीय निर्मल जीसी, वाईसीएल जिल्ला सदस्य ३५ वर्षीय नरबहादुर क्षत्री तथा वाईसीएल कार्यकर्ताहरू २४ वर्षीय सुशील बोसेल र २६ वर्षीय राज विकलाई प्रहरीले गिरफ्तार गरी चार घण्टापछि बिनासर्त रिहा गऱ्यो।

वाईसीएलबाट

अमलाचौर गाविस-४ निवासी युथफोर्स गाउँ कमिटीका कोषाध्यक्ष १७ वर्षीय प्रकाश परियार र सोही ठाउँका युथफोर्स गाउँ कमिटी सदस्य १८ वर्षीय सन्तोष पाठकलाई भैलोको विषयलाई लिएर उन्पन्न विवादका कारण ०६६ कात्तिक ६ गते वाईसीएल कार्यकर्ताहरूले कुटपिट गरे। पीडितद्वयको बाग्लुङ अस्पतालमा उपचार भयो। वाईसीएलले प्रकाश परियार र सन्तोष पाठकले भैलोमा संलग्न युवतीहरूलाई अपशब्द बोलेकाले विवाद मात्र भएको जनायो। पीडितहरूले जिल्ला प्रहरी कार्यालयमा कात्तिक ७ गते उजुरी गरेका थिए। दुवै पक्षबीच कात्तिक ११ गते सहमति भएपछि मुद्दा फिर्ता लिइएको थियो।

अमलाचौर गाविस-५ निवासी युथफोर्स कार्यकर्ता २२ वर्षीय चन्द्रबहादुर अखेली ०६६ कात्तिक ८ गते वाईसीएल कार्यकर्ताको आक्रमणबाट गम्भीर घाइते भए। देउसी-भैलोको विषयमा उत्पन्न विवाद बढ्दै गएपछि ०६६ कात्तिक ८ गते साँझ पृथ्वी उच्चमाविनजिकै जम्मा भएका वाईसीएल कार्यकर्ताले आक्रमण गर्दा अखेलीको टाउको र कानमा गम्भीर चोट लागेको थियो। उनको देब्रे कान बीचबाट चिरिएको थियो भने टाउकोमा २५ ओटा टाँका लगाइएको थियो। सोही दिन उनको बाग्लुङ र पोखरामा उपचार भयो। अखेलीलाई कुटपिट गर्नुअघि सोही स्थानमा वाईसीएल र युथफोर्स कार्यकर्ताबीच झडप भएको थियो। वाईसीएलले एमालेले अमलाचौर भन्दा बाहिरबाट युथफोर्सका कार्यकर्ता ल्याएर वाईसीएलमाथि आक्रमण गराएकाले झडप भएको जनायो। प्रहरी कार्यालयमा दुवै पक्षबीच कात्तिक ११ गते भएको छलफलपछि माओवादीले घाइतेको उपचार गर्ने सहमति भएको थियो। सहमति अनुसार यस वर्षको अन्त्यसम्म उपचार खर्च नदिएको पीडितहरूले बताए।

काङ्ग्रेसबाट

पैयुथन्थाप गाविस-८ मानधाराका १५ वर्षीय कुमार सप्लाङ्गीलाई राजनीतिक आस्थाका आधारमा ०६५ पुस २२ गते दिउँसो नेपाली काङ्ग्रेस समर्थक

झडपमा घाइते भएका प्रहरी जवान रामशरण काहर

Westren:Layout 1 2/14/2010 9:07 AM Page 406

भुवन केसीलगायतको समूहले विद्यालयबाट फर्कदै गर्दा कुटपिट गऱ्यो। कुटपिटबाट घाइते सप्लाङ्गीको पैयुथन्थाप उपस्वास्थ्य चौकीमा उपचार भएको थियो। पुस २७ गते भएको सर्वपक्षीय बैठकले आइन्दा त्यस्ता कार्य नगर्ने सर्तमा दुवै पक्षबीच सहमति गरायो।

लेखानी गाविस-१ निवासी गाउँपरिषद्मा नेकपा एमालेका प्रतिनिधि ३४ वर्षीय सुवास कँडेलले लेखानी गाविस परिषद् सञ्चालनका विषयमा विवाद गरेको आरोपमा ०६५ माघ १७ गते उनलाई काङ्ग्रेसका कार्यकर्ताहरूले कुटपिट गरे। कुटपिटबाट घाइते भएका कँडेलको बाग्लुङ अस्पतालमा उपचार भयो। गाउँपरिषद् बैठकमा काङ्ग्रेसले एकलौटी बजेट विनियोजन गरेको भन्दै एमालेले विरोध गरेपछि विवाद सुरु भएको थियो। सर्वदलीय बैठक बसेर आइन्दा त्यस्तो विवाद नगर्ने सर्तमा माघ २८ गते सहमति भयो।

एमालेबाट

धम्जा गाविस परिषद्को विषयमा दलहरूबीच विवाद हुँदा ०६५ चैत ६ गते एमालेका कार्यकर्ताहरूले एकीकृत माओवादी, काङ्ग्रेस, राष्ट्रिय जनमोर्चाका ११ जना कार्यकर्तालाई कुटपिट गरे। एमाले कार्यकर्ताहरूले राष्ट्रिय जनमोर्चाका जिल्ला सदस्य धम्जा गाविस-७ का अर्जुन केसी, जनवादी युवा सङ्घका एरिया सदस्य रीमबहादुर थापा, राजमो समर्थक कृष्ण केसी, हरि विक, डिलमाया केसी, कल्पना किसान, गुमा किसान तथा काङ्ग्रेस समर्थक नन्दलाल थापा, एकीकृत माओवादीका जिल्ला सदस्य पूर्णबहादुर विक, काङ्ग्रेसनिकट नेपाल भूतपूर्व सैनिक सङ्घका जिल्ला सभापति हरिबहादुर भण्डारी, काङ्ग्रेस समर्थक नन्दलाल थापालाई आक्रमण गरेका थिए। घटनाको विषयलाई लिएर एकीकृत माओवादी, काङ्ग्रेस र राजमोले जिल्ला सदरमुकाममा विरोध सभा गरे भने एमालेले पनि सोही दिन छुट्टै कोणसभा गरेर तीन दलले एमाले कार्यकर्तालाई फसाउन कुटपिटको आरोप लगाएको बतायो। एमाले जिल्ला उपसचिव हीरा केसीले सामान्य विवाद भएको विषयलाई कुटपिट भएको भनी हल्ला फैलाएर एमाले कार्यकर्तालाई बदनाम गरेको बताएका थिए।

नेविसङ्घबाट

महेन्द्र बहुमुखी क्याम्पसका प्रमुख रामप्रसाद उपाध्याय र त्रिभुवन विश्वविद्यालय प्राध्यापक सङ्घ महेन्द्र बहुमुखी क्याम्पस एकाइ समितिका सचिव प्रदीप सापकोटालाई अनेरास्ववियु र नेविसङ्घबीच क्याम्पसमा भएको विवादमा संलग्न भएको आरोपमा ०६६ वैशाख १४ गते नेविसङ्घका विद्यार्थीहरूले कुटपिट गरे। नेविसङ्घ समर्थित स्ववियुका पूर्वसभापति कमलबहादुर अधिकारीले पीडितहरूलाई हातपात गरेपछि स्ववियु सहसचिव सुरेन्द्र बोसेल, सदस्य प्रेम सुवेदी र सुमन खड्का तथा नन्दु विष्टलगायतले कुटपिट गरेका थिए। सोही दिन नेविसङ्घ समर्थक विद्यार्थीहरूले अनेरास्ववियु (क्रान्तिकारी)का जिल्ला सदस्य सुमन शर्मालाई पनि कुटपिट गरेका थिए। पीडितको बाग्लुङ अस्पतालमा उपचार भयो। कुटपिट गर्नेमध्येका सुरेन्द्र बोसेललाई प्रहरीले ०६६ वैशाख १५ गते गिरफ्तार गरी वैशाख २० गते छ राजनीतिक दलको सहमतिपछि रिहा गऱ्यो।

अनेरास्ववियुबाट

मल्मम गाविस निवासी महेन्द्र बहुमखी क्याम्पसका स्ववियु उपसभापति १९ वर्षीय हिमाल केसीले अनेरास्ववियु समर्थित पाँच विद्यार्थी सङ्गठनले आह्वान गरेको विरोध कार्यक्रममा अवरोध पुऱ्याएको आरोपमा ०६६ वैशाख १४ गते उनलाई अनेरास्ववियुका विद्यार्थीहरूले क्याम्पस परिसरमा लखेट्दै कुटपिट गरे। पीडकहरू विरुद्धको मुद्दा ०६६ वैशाख २० गते सर्वदलीय सहमतिपछि फिर्ता लिइएको थियो।

राष्ट्रिय जनमोर्चाबाट

बोहरागाउँ गाविस-७ निवासी *बुर्तिबाङ* साप्ताहिकका प्रधानसम्पदक २७ वर्षीय लोकबहादुर सुनार 'निराशी' र दर्लिङ गाविस-३ निवासी पत्रिकाका व्यवस्थापक २७ वर्षीय रामनारायण सुवेदीलाई बुर्तिबाङ गाविस-१ बुर्तिबाङ बजारबाट प्रकाशित हुने *बुर्तिबाङ* साप्ताहिक पत्रिकाको विमोचन कार्यक्रम आफ्नो पार्टीले

अज्ञात समूहद्वारा अपहरण गरी घाइते बनाइएका ऋद्धिराज शर्मा

Westren:Layout 1 2/14/2010 9:07 AM Page 407

आह्वान गरेको बन्दको समयमा गर्न लागेको आरोपमा ०६६ पुस १२ गते राष्ट्रिय जनमोर्चाका कार्यकर्ताहरूले बन्दको अवज्ञा गरेर विमोचन गरेमा 'जे पनि हुन सक्ने' भन्दै धम्की दिए। राजमो कार्यकर्ताका धम्कीका कारण पत्रिकाको विमोचन कार्यक्रम सडकमा सम्पन्न भएको थियो। राजमो जिल्ला अध्यक्ष अमर थापाले आफूहरूले धम्क्याएको नभई बन्दको दिनमा विमोचन नगर्न आग्रह मात्र गरेको बताए।

अज्ञात समूहबाट

पैयूथन्थाप गाविस-४ लम्सू सिरनघरका ६५ वर्षीय बलवीर परियारलाई घरमै सुतिरहेको समयमा ०६५ फागुन ४ गते राती अज्ञात समूहले कुटपिट गऱ्यो। परियारको अनुहारमा गम्भीर चोट लागेको थियो। एक्कासि आएर परिवारका अन्य सदस्यलाई धम्क्याउँदै बाबुलाई कुटपिट गरेको पीडितका छोरा मनबहादुर परियारले बताए।

नारायणस्थान गाविस-९ कैया निवासी अमलाचौर उपस्वास्थ्य चौकीका ग्रामीण स्वास्थ्य कार्यकर्ता ४४ वर्षीय ऋद्धिराज शर्मालाई ०६६ साउन ३० गते राती अज्ञात समूहले खुकुरी देखाई घरबाट अपहरण गरी दुई सय मिटर पर पुऱ्याएर कुटपिट गऱ्यो। पीडितको बाग्लुङ अस्पतालमा उपचार भयो। पीडितको टाउको र खुट्टामा गरी १० ओटा टाँका लगाइएको थियो। यस वर्षको अन्त्यसम्म पीडक पक्षको पत्ता नलागेको प्रहरीले जनायो।

अभिव्यक्ति, भेला हुने र सङ्गठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

ऊर्जामन्त्री डा. प्रकाशरण महतलाई एकीकृत माओवादीका कार्यकर्ताले कालो झन्डा देखाउने क्रममा ०६६ पुस ३ गते भएको झडपमा एकीकृत माओवादीका कार्यकर्ताले प्रहार गरेको ढुङ्गा लागेर बाग्लुङ नपा-३ निवासी नेपाल महिला सङ्घकी जिल्ला सचिव ३८ वर्षीया शकुन्तला शर्मा घाइते भइन्। घाइते शर्माको बाग्लुङ अस्पताल, पोखरा र काठमाडौँमा उपचार भयो। उनको टाउकामा पाँचओटा टाँका लगाइएको थियो। एकीकृत माओवादीले ऊर्जामन्त्री महतको बा.१झ. १०२६ नम्बरको गाडी र प्रहरीको बा.१ज. ७३९३ नम्बरको जिप तोडफोड गर्नुका साथै काङ्ग्रेसको झन्डा जलाएका थिए। काङ्ग्रेसले झन्डा जलाउने कार्यमा सहभागी भएको भन्दै वाईसीएल कार्यकर्ताहरू राजु विक, पदम किसान, शिव शाक्य र सुशील किसानविरुद्ध पुस ९ गते किटानी जाहेरी दियो। घटनाबारे अनुसन्धान भइरहेको जिल्ला प्रशासन कार्यालयले जनायो। सोही विरोध प्रदर्शनका क्रममा प्रहरी र एकीकृत माओवादीका कार्यकर्ताबीच भएको झडपमा एकीकृत माओवादीनिकट कालीगण्डकी सांस्कृतिक परिवार बाग्लुङका अध्यक्ष निर्मल जीसी, अनेरास्ववियु (क्रान्तिकारी)का केन्द्रीय सदस्य राजीव घिमिरे, जिल्ला कोषाध्यक्ष तथा महेन्द्र बहुमुखी क्याम्पसका एकाइ अध्यक्ष होमनाथ चालिसे, कालीगण्डकी सांस्कृतिक परिवारका प्रशंसा केसी, मीना परियार, प्रस्तुति परियार र पदम कुँवर पनि घाइते भए। घटनामा काङ्ग्रेस कार्यकर्ताहरूले पहिला ढुङ्गा प्रहार गरेको दाबी एकीकृत माओवादीले गऱ्यो। एकीकृत माओवादीले घटनाको विरोधमा अनिश्चितकालीन बाग्लुङ बन्द आह्वान गरेकामा दुई घण्टापछि पत्रकार सम्मेलन गरी घाइतेको उपचार गराउन माग गर्दै बन्द फिर्ता लियो।

झडपमा घाइते भएका निर्मल जीसी

रेश गाविस-९ निवासी इन्सेक जिल्ला प्रतिनिधि ३८ वर्षीय रामबहादुर जीसी, कपिलवस्तु जिल्ला शिवपुरी गाविस-९ घर भई एड्भोकेसी फोरम बाग्लुङमा कार्यरत ३९ वर्षीय बाबुराम अधिकारी र बाग्लुङ नपा-२ निवासी एड्भोकेसी फोरमका २७ वर्षीय निकेश शर्मालाई सर्वसाधारणलाई कुटपिट गरेको घटना अनुगमन गरेको आरोपमा ०६६ असार ८ गते बाग्लुङ नपा-१ रामरेखा घुम्तीबाट प्रहरीले गिरफ्तार गऱ्यो। उत्पीडित दलित समुदायको सञ्जाल बाग्लुङले ०६६ असार ८ गते आह्वान गरेको बाग्लुङ बन्दका क्रममा भएको झडपको अनुगमन गरिरहेका अधिकारकर्मीहरूलाई दुर्व्यहार गर्दै प्रहरीले गिरफ्तार गरेको थियो। डीएसपी प्रदीपकुमार श्रेष्ठले दुर्व्यवहार गर्ने प्रहरीलाई कारबाही गर्ने प्रतिबद्धता जनाउँदै दुई घण्टापछि गिरफ्तार तीनै जनालाई रिहा गरेका थिए। सोही घटनामा प्रहरीलाई कुटपिट गरेको भन्दै प्रहरीले बाग्लुङ नपा-१ का सर्वसाधारणहरू खीमबहादुर रोका, डिलबहादुर बोहरा, प्रेम बोहरा, रामजाने सार्की, अर्जुन कार्की, राजित खाती र माया सार्कीलाई गिरफ्तार गऱ्यो। सर्वदलीय र सर्वपक्षीय सहमति भएपछि गिरफ्तार सबैलाई प्रहरीले तीन घण्टापछि रिहा गरेको थियो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

पुनरावेदन अदालत

पुनरावेदन अदालतमा दुनियाँवादी फौजदारी मुद्दातर्फ गत वर्षको जिम्मेवारी

Westren:Layout 1 2/14/2010 9:07 AM Page 408

सरेर आएका १० थान र यस वर्ष दर्ता भएका १२ थान गरी जम्मा २२ मुद्दामध्ये ११ थान फर्स्यौट भई ११ थान बाँकी रहे।

दुनियाँवादी देवानीतर्फ गत वर्षको जिम्मेवारी सरेर आएका ३२ थान र यस वर्ष दर्ता भएका ३१ थान गरी ६३ थान मुद्दामध्ये ३८ थान फर्स्यौट भई २५ थान मुद्दा बाँकी रहे।

सरकारवादी फौजदारीतर्फ गत वर्ष जिम्मेवारी सरेर आएका २३ थान र यस वर्ष दर्ता भएका ५३ थान गरी जम्मा ७६ थानमध्ये २३ थान फर्स्यौट भई ५३ थान बाँकी रहे। यसरी यस वर्षको अन्त्यसम्ममा जम्मा ८९ थान मुद्दा फर्स्यौट हुन बाँकी रहे।

यस्तै निषेधाज्ञातर्फ जिम्मेवारी सरेर आएका पाँच थान र यस वर्ष दर्ता भएका सात थान गरी १२ थान मुद्दामध्ये चार थान फर्स्यौट भई आठ थान बाँकी रहे। परमादेशतर्फ गत वर्षको जिम्मेवारी सरेर आएका छ थान र यस वर्ष दर्ता भएका १७ थान गरी जम्मा २३ थानमध्ये ४ थान फर्स्यौट भई १९ थान बाँकी रहे। यसरी पुनरावेदन अदालतमा यस वर्षको अन्त्यसम्म १ सय १७ थान मुद्दा फर्स्यौट हुन बाँकी रहे।

जिल्ला अदालत

सरकारवादी फौजदारीतर्फ गत वर्षको जिम्मेवारी सरेर आएका २३ थान र यस वर्ष दर्ता भएका १ सय ५९ थान गरी जम्मा १ सय ८२ थानमध्ये यस वर्ष १ सय ६ थान फर्स्यौट भई ७६ थान फर्स्यौट हुन बाँकी रहे।

यसैगरी, दुनियाँवादी देवानीतर्फ जिम्मेवारी सरेर आएका १ सय ६२ थान र यस वर्ष दर्ता भएका १ सय १५ थान गरी जम्मा २ सय ७७ थानमध्ये १ सय ४० थान फर्स्यौट भई १ सय ३७ थान फर्स्यौट हुन बाँकी रहे। यसरी यस वर्षको अन्त्यसम्ममा जम्मा ४ सय ५९ थानमध्ये २ सय ४६ थान फर्स्यौट भई २ सय १३ थान मुद्दा फर्स्यौट हुन बाँकी रहे।

बालअधिकार

यस जिल्लामा विद्यालय जाने उमेरका १ लाख ५ हजार ६ सय ३७ जना बालबालिकामध्ये ९६.८८ प्रतिशत मात्र विद्यालय जाने गरेका छन्। तीमध्ये ३ हजार २ सय ८९ जना बालबालिका अर्थात् ३.१२ प्रतिशत बालबालिकाहरू विद्यालय जानबाट वञ्चित रहेको जिल्ला शिक्षा कार्यालयले जनायो।

यस जिल्लामा प्रारम्भिक बालविकास केन्द्र २ सय ७२ रहेका छन्। सामुदायिक विद्यालयतर्फ प्राथमिक ३ सय ६९ ओटा, निमावि ५७ ओटा, मावि ६३ ओटा र उच्चमावि २९ ओटा रहेका छन्। त्यसैगरी, संस्थागत विद्यालयतर्फ प्राथमिक ४४ ओटा, निमावि २८ ओटा, मावि १३ ओटा र उच्चमावि तीनओटा रहेका छन्। प्रारम्भिक बालविकास केन्द्रबाहेक यस जिल्लामा जम्मा ५ सय ७८ ओटा विद्यालयहरू रहेका छन्। ती विद्यालयहरूमा अध्ययनरत बालबालिका १ लाख २ हजार ३ सय ४८ जना रहेका छन्। जसमा ५२ हजार ६ सय ६८ जना बालिका र ४९ हजार ९ सय ३० जना बालक रहेका छन्। जिल्ला शिक्षा कार्यालयका अनुसार यस जिल्लामा रहेका विद्यालयहरूमा २९ हजार ५ सय ५ जना दलित बालबालिका अध्ययनरत छन्। जसमा १४ हजार ६ सय २४ जना बालक र १४ हजार ६ सय २४ जना बालिका रहेका छन्। जिल्लाको महिला साक्षरता प्रतिशत ४८.३६ र पुरुष साक्षरता प्रतिशत ७१.२८ छ भने जम्मा साक्षरता प्रतिशत ५९.८२ रहेको जिल्ला शिक्षा कार्यालयले जनायो।

बाग्लुङ नपा-४ शिवधाराचोककी १४ वर्षीया बालिकालाई बलात्कार गरेको आरोपमा ०६६ असार १२ गते प्रहरीले नवलपरासी जिल्लाको नारायणी गाविस-८ घर भई बाग्लुङ बस्दै आएका २५ वर्षीय किसान गुरौ चौधरीलाई गिरफ्तार गऱ्यो। शिवधाराचोकस्थित एक घरमा बसेकी बालिकालाई चौधरीले बलात्कार गरेको आरोपमा प्रहरीले गिरफ्तार गरेको थियो। हाल आरोपित कारागारमा छन्।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

संरचना, सम्पत्ति क्षति, तालाबन्दी

एमालेले विद्युत् उपभोक्ता समिति एकपक्षीय बनाएको भन्दै ०६५ माघ ५ गते एकीकृत माओवादी, काङ्ग्रेस र राजमोका कार्यकर्ताले रेश गाविस कार्यालयमा तालाबन्दी गरे। तालाबन्दीका कारण १ सय ६ जना ज्येष्ठ तथा एकल महिला सामाजिक सुरक्षा भत्ता लिनबाट वञ्चित भएका थिए। चित्रबहादुर कार्की अध्यक्ष रहेको समितिले आर्थिक अनियमितता गरेको भन्दै उपभोक्ता भेलाद्वारा गठित छानबिन समितिले कार्कीले अनियमितता गरेको प्रतिवेदन बुझाएपछि ०६५ पुस १९ गते प्रेम लामिछानेको अध्यक्षतामा नयाँ उपभोक्ता समिति बनेको थियो। अनियमितता भए/नभएको बारे पुनः छानबिन गर्नका लागि सर्वदलीय समिति गठन गर्ने तथा नयाँ समिति गठन गर्ने सहमति भएपछि ०६५ फागुन २६ गते ताला खोलिएको थियो।

Westren:Layout 1 2/14/2010 9:07 AM Page 409

स्वास्थ्य सेवाको अवस्था

धौलागिरि अञ्चल अस्पतालमा यस वर्षको अन्त्यसम्ममा डाक्टर दरबन्दी छ जना रहेकामा तीन जना, स्टाफ नर्स दरबन्दी नौ जना रहेकामा छ जना, सीअहेव दरबन्दी एक जना रहेकामा एक जना, अहेव दरबन्दी चार जना रहेकामा चार जना, ग्रामीण स्वास्थ्य कार्यकर्ता दरबन्दी ५९ जना रहेकामा ४२ जना, अनमि दरबन्दी तीन जना रहेकामा एक जना र मासिका दरबन्दी ४७ जना रहेकामा ४३ जना कार्यरत थिए।

जिल्ला जनस्वास्थ्य कार्यालयका अनुसार जिल्लामा तीनओटा प्राथमिक स्वास्थ्य चौकी, ५९ ओटा स्वास्थ्य चौकी र उपस्वास्थ्य चौकी गरी जम्मा ६२ ओटा स्वास्थ्यसँग सम्बन्धित कार्यालयहरू रहेका छन्।

विगतको अनुगमन

तत्कालीन शाही नेपाली सेनाको गोली लागेर घाइते भएका ग्वालीचौर गाविस-७ खारा बजारका ६५ वर्षीय खीमबहादुर जीसीको ०६६ कात्तिक १ गते निधन भयो। दाइँ हाल्न लगेको गोरुले अरुको बाली खान थालेपछि फर्काउन गएका जीसीलाई सेनाको गोली लागेको थियो। ०५९ कात्तिक २५ गते ग्वालीचौर गाविस-७ खारा बजारमा एकीकृत माओवादीका कार्यकर्ताले एम्बुसमा पारेर दुई जना सैनिकलाई घाइते बनाएपछि सेनाले प्रहार गरेको गोली लागेर जीसी घाइते भएका थिए। उनको ढाडमा गोली लागेकाले मेरुदण्डले काम नगर्दा सात वर्षसम्म ओछ्यानमा उपचार गराउँदै आएका थिए। एकीकृत माओवादी मगरात राज्य समितिले ०६५ सालमा प्रकाशन गरेको *सहिद परिचय* विशेषाङ्कमा खीमबहादुर जीसीलाई सहिद भनेर उल्लेख गरिएको छ। सूचनाको स्रोत प्रभावकारी नभएकाले जिउँदै रहेका जीसी सहिदको सूचीमा परेको एकीकृत माओवादीले जनायो।

३.१४ पर्वत



जनसङ्ख्या : १,७०,२२७
साक्षरता प्रतिशत : ६३
महिला साक्षरता प्रतिशत : ५७
क्षेत्रफल (वर्ग कि. मि.) : ४९४
गाविस/नपा सङ्ख्या : ५०/०
सरकारी/निजी विद्यालय : ३२७/१३
क्याम्पस/उच्च मा.वि. : ४/२४
अस्पताल/स्वास्थ्य चौकी : २/५३
मानव विकास सूचकाङ्कः ०.५०४
प्रतिपरिवार सरदर सङ्ख्याः ५

जेल र बन्दीहरू

यस वर्षको अन्त्यसम्म १० महिला र १५ पुरुष गरी २५ जना बन्दी क्षमता राख्ने 'घ' श्रेणीको कारागार कार्यालयमा चार महिलासमेत २६ जना बन्दी छन्। बन्दीमध्ये कैद तोकिएका १९ जना र थुनुवा ११ जना रहेका छन्। जेलभित्र खानेपानी, खेलकुदका सामग्री, टेलिभिजन उपलब्ध छन्। बन्दीले मुडा बुन्ने समेतका सीपमूलक काम गर्दै आएका छन्। क्षमताभन्दा बढी बन्दी भएका कारण बस्न असुविधा भएको गुनासो बन्दीहरूले गरेका छन्। अध्ययनका लागि पर्याप्त पुस्तक उपलब्ध रहे पनि पुस्तकालय व्यवस्थित छैन।

धम्की/कुटपिट

एकीकृत माओवादीबाट

खानीगाउँ गाविस-२ निवासी नेकपा एमाले जिल्ला कमिटी सचिव विकास लम्साल, स्ववियु सदस्य पदका उम्मेदवार खानीगाउँ गाविस-३ का विक्रम थापा, प्रायुसङ्घका जिल्ला अध्यक्ष पकवा गाविस-८ का

Westren:Layout 1 2/14/2010 9:07 AM Page 410

घटनाको प्रकार	गैर राज्यबाट							राज्यबाट		
	अन्यबाट			एकीकृत माओवादीबाट						
	घटना सङ्ख्या	महिला	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा	घटना सङ्ख्या	पुरुष	जम्मा
कुटपिट	१	१	१	४	३१		३१			
धम्की				१		१	१			
भेला/सङ्गठित हुने अधिकार								१	३	३
महिलाअधिकार	१	१	१							
बालअधिकार	३	३	३							
अमानवीय व्यवहार	१	१	१							
जम्मा	५	५	५	५	३१	१	३३	१	३	३

शिव पौडेल र बाँसखर्क गाविस-६ का बुद्धि पुर्जा मगर, युथफोर्सका जिल्ला अध्यक्ष उपेन्द्र थापालाई स्वयु निर्वाचनको विषयलाई लिएर ०६५ चैत ६ गते एकीकृत माओवादी कार्यकर्ताको एक समूहले कुटपिट गऱ्यो। एकीकृत माओवादीका जिल्ला सह-इन्चाज सन्तबहादुर गुरुङ, सचिवालय सदस्य महेन्द्रजङ्ग लामिछाने, वाईसीएल कार्यकर्ताहरू रूपक भट्ट, तोयनाथ पौडेल, राजबहादुर सुनार, कृष्ण आर्चाय, चूडामणि पौडेल, बैकुण्ठ गिरीसमेत संलग्न रहेको समूहले कुटपिट गरेको थियो। उनीहरूले बुद्धि पुर्जाको ग.३प. ४०४ नम्बरको मोटरसाइकल पनि जलाएका थिए। विकास लम्साल र विक्रम थापाको काठमाडौँको न्युरो हस्पिटलमा र अन्यको स्थानीय क्लिनिकमा उपचार भयो। पीडितहरूले चैत ७ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए पनि प्रहरीले रूपक भट्टलाई मात्रै गिरफ्तार गऱ्यो। अन्य पीडकहरू अदालतको आदेशमा धरौटीमा रिहा भए। जिल्ला अदालततमा मुद्दा विचाराधीन रहेको छ।

नारायण उच्चमाविका शिक्षक गोविन्दप्रसाद पोखरेललाई ०६६ पुस ५ गते विहान विद्यालयमा पढाइरहेको अवस्थामा एकीकृत माओवादीले आह्वान गरेको आमहडतालको अवज्ञा गरेको र मानवअधिकारको कुरा गरेको आरोपमा एकीकृत माओवादीका कार्यकर्ताले विद्यालय परिसरमा नै कुटपिट गरी लछारपछार गरे। सोही विद्यालयका प्राचार्य वसन्तबहादुर सीकेलाई बन्दको अवज्ञा गरेको विषयमा छलफल गरी झन्डा लिन र नारा लगाउन एकीकृत माओवादीले दबाब दिइरहेको अवस्थामा शिक्षक पोखरेलले व्यक्तिगत र मानवअधिकारको विषय उठाउँदा 'मानवअधिकारका कुरा गर्छस्' भनी कुटपिट गरेका थिए। पीडितले कुनै निकायमा उजुरी गरेनन्।

एकीकृत माओवादीद्वारा कुटपिट गरिएका मिठुलाल सिके नेपाली

शिवालय गाविस-१ निवासी मालपोत कार्यालय पर्वतका कर्मचारीहरू लेखापाल ४५ वर्षीय कृष्णप्रसाद शर्मा, खरिदार बाझुड गाविस-८ निवासी ४५ वर्षीय धर्मदत्त शर्मा, खरिदार आर्थर डाँडाखर्क गाविस-१ का ३८ वर्षीय मातृकाप्रसाद रिमाल, कम्प्युटर अपरेटर कुर्घा गाविस-१ का २१ वर्षीय राजीव शर्मा र कार्यालय सहायक शिवालय गाविस-३ का कृष्णप्रसाद गौतमलाई एकीकृत माओवादीले आह्वान गरेको तीनदिने आमहडतालको अवज्ञा गरेको आरोपमा ०६६ पुस ६ गते सो पार्टीका कार्यकर्ताले कार्यालयमा प्रवेश गरी कुटपिट गरे। सो घटनाको विरोध गर्दै नेपाल निजामती कर्मचारी सङ्गठन र नेपाल कर्मचारी युनियनका कर्मचारीहरूले पुस ६ गतेदेखि १२ गतेसम्म कलम बन्द गरे। दुवै पक्षबीच पुस १२ गते आगामी दिनमा यस्ता घटना पुन: नदोहोऱ्याउने सहमति भएपछि मात्र कर्मचारीले काम सुचारु गरेका थिए।

अभिव्यक्ति भेला हुने र सङ्गठित हुने अधिकार

गाउँपरिषद् संयन्त्रका सदस्य तथा एमाले कार्यकर्ता तिलाहार गाविस-८ का ३२ वर्षीय मिठुलाल सीके (नेपाली)ले आव

Westren:Layout 1 2/14/2010 9:07 AM Page 411

०६४/६५ को रकमबाट एम्बुलेन्स खरिद गर्न भनी एकीकृत माओवादीका कार्यकर्ता महेन्द्रजङ्ग लामिछानेले पेस्की लिएको विषय गाविसको संयन्त्रमा उठाएको आरोपमा ०६५ फागुन ३ गते उनलाई माओवादीका कार्यकर्ता लामिछानेले कुटपिट गरे। गाउँपरिषद्को बैठक चलिरहेको अवस्थामा २ लाख रुपियाँ पेस्की लिएको विषय उठाएपछि पीडितलाई कुटपिट गरिएको थियो। पीडितले ०६५ फागुन ३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दर्ता गरे पनि घटनाको कुनै सुनुवाइ भएन।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत पर्वतमा दुनियाँवादी फौजदारी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका १२ थान र यस वर्ष दर्ता भएका ११ थान गरी जम्मा २३ थान मुद्दामध्ये १० थान मुद्दा फर्स्यौट भई १३ थान मुद्दा बाँकी रहे।

सरकारवादी फौजदारी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका १४ थान र यस वर्ष दर्ता भएका नौ थान गरी जम्मा २३ थान मुद्दामध्ये सात थान मुद्दा फर्स्यौट भई १६ थान मुद्दा बाँकी रहे।

देवानी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका ४७ थान र यस वर्ष दर्ता भएका २७ थान गरी जम्मा ७४ थान मुद्दामध्ये २२ थान फर्स्यौट भई ५२ थान मुद्दा फर्स्यौट हुन बाँकी रहे। यसरी यस वर्षको अन्त्यसम्ममा जम्मा ८१ थान मुद्दा फर्स्यौट हुन बाँकी रहे।

बालअधिकार

यस जिल्लामा विद्यालय जाने उमेर समूहको कुल सङ्ख्या ७६ हजार ७ सय ३८ जना बालबालिकामध्ये ९५ प्रतिशत विद्यालय जाने गरेका छन्। तीमध्ये पाँच प्रतिशत बालबालिकाहरू विद्यालय जानबाट वञ्चित भएको जिल्ला शिक्षा कार्यालयले जनायो।

यस जिल्लामा प्रारम्भिक बालविकास केन्द्र २ सय ५५ ओटा रहेका छन्। सामुदायिक विद्यालयतर्फ प्राथमिक २ सय ३६ ओटा, निमावि २७ ओटा, मावि ४४ ओटा र उच्च मावि २९ ओटा रहेका छन्। त्यसैगरी, संस्थागत विद्यालयतर्फ प्राथमिक २४ ओटा, निमावि तीन ओटा र मावि सातओटा रहेका छन्। प्रारम्भिक बालविकास केन्द्रबाहेक यस जिल्लामा जम्मा ३ सय ७० ओटा विद्यालयहरू रहेका छन्। ती विद्यालयहरूमा अध्ययनरत बालबालिका ५८ हजार २ सय जना रहेका छन्। जसमा २९ हजार ६ सय ३९ जना बालिका र २८ हजार ५ सय ६१ जना बालक रहेका छन्। जिल्ला शिक्षा कार्यालयका अनुसार जिल्लाको महिला साक्षरता प्रतिशत ५७ र पुरुष साक्षरता प्रतिशत ६८ छ भने जम्मा साक्षरता प्रतिशत ६३ रहेको जिल्ला शिक्षा कार्यालयले जनाएको छ।

धाइरिङ्ग गाविस-१ की १२ वर्षीया बोल्न नसक्ने बालिकालाई ०६६ साउन १३ गते सोही ठाउँका रुद्रप्रसाद पौडेलले बलात्कार गर्ने प्रयास गरेको आरोपमा उनलाई जिल्ला अदालतको आदेशमा थुनामा राखिएको छ। साँझको समयमा मिठाई खान दिएर फकाई कोठामा लगी बलात्कार प्रयास गर्दा पीडित चिच्याएपछि गाउँलेहरूले आरोपितलाई समातेर त्यसै दिन प्रहरीमा बुझाएका थिए।

तिलाहार गाविस-६ की १५ वर्षीया एक बालिकालाई ०६६ भदौ २४ गते बर्राचौर गाविस-३ का शिव पुरीले विवाह गर्ने प्रलोभन देखाई बलात्कार गरेको आरोपमा ०६६ भदौ २८ गते उनलाई प्रहरीले गिरफ्तार गरी कारबाही आरम्भ गऱ्यो। आरोपित पुरी पर्वत जिल्ला अदालतको आदेशमा थुनामा रहेका छन्।

महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव दुर्व्यवहार

ठूलीपोखरी गाविस-३ स्थित पुष्पमदन प्राविकी प्रधानाध्यापिका लालकुमारी सुवेदीलाई ०६५ माघ १० गते एकीकृत माओवादीका कार्यकर्ताले धम्की दिँदै विद्यालयबाट निष्कासन गरे। पीडितले जिल्ला शिक्षा कार्यालयमा माघ ११ गते उजुरी गरेपछि कार्यालयले दुवै पक्षबीच छलफल गराई फागुन १५ गते पुन:बहाली गऱ्यो। पीडित हालसम्म विद्यालयमा अध्यापनरत छिन्। सशस्त्र द्वन्द्वका क्रममा सो विद्यालयका प्रधानाध्यापक रामप्रसाद लामिछाने विद्यालय छाडी एकीकृत माओवादी गतिविधिमा संलग्नकामा हाल आफू सो पदमा

एकीकृत माओवादीद्वारा कुटपिट गरी घाइते बनाइएका एमाले जिल्ला सचिव विकास लम्साल

Westren:Layout 1 2/14/2010 9:07 AM Page 412

पुन:बहाल हुन पाउनुपर्ने दाबी गर्दै प्रधानाध्यापिकालाई दुर्व्यवहार गरेका थिए।

स्वास्थ्य सेवाको अवस्था

जिल्ला अस्पतालमा यस वर्षको अन्त्यसम्ममा डाक्टर दरबन्दी पाँच जना रहेकामा तीन जना, स्टाफ नर्स दरबन्दी पाँच जना रहेकामा तीन जना, सिअहेव दरबन्दी १५ जना रहेकामा १४ जना, अहेव दरबन्दी ५४ जना रहेकामा ४८ जना, ग्रामीण स्वास्थ्य कार्यकर्ता दरबन्दी ४२ जना रहेकामा ४२ जना, अनमि दरबन्दी १८ जना रहेकामा १४ जना र मासिका दरबन्दी ४२ जना रहेकामा ४२ जना कार्यरत थिए। जिल्ला जनस्वास्थ्य कार्यालयका अनुसार जिल्लामा दुईओटा प्राथमिक स्वास्थ्य चौकी, १० ओटा स्वास्थ्य चौकी, ४२ ओटा उपस्वास्थ्य चौकी, चारओटा आयुर्वेदिक अस्पताल गरी जम्मा ५८ ओटा स्वास्थ्यसँग सम्बन्धित कार्यालयहरू रहेका छन्।

३.१५ म्यागदी



जनसङ्ख्या	१,२६,८०५
साक्षरता प्रतिशत	७२
महिला साक्षरता प्रतिशत	६२
क्षेत्रफल (वर्ग कि. मि.)	२,२९७
गाविस/नपा सङ्ख्या	४०/०
सरकारी/निजी विद्यालय	२३०/१०
क्याम्पस/उच्च मा.वि.	१/१६
अस्पताल/स्वास्थ्य चौकी	१/४२
मानव विकास सूचकाङ्कः	०.४९८
प्रतिपरिवार सरदर सङ्ख्याः	५

जेल र बन्दीहरू

'घ' श्रेणीको जिल्ला कारागार सात महिला र १८ पुरुष गरी जम्मा २५ जना बन्दी क्षमताको रहेको छ। कारागारमा वर्षको अन्त्यसम्म तीन महिला र ४० पुरुष गरी ४३ जना बन्दी छन्। बन्दीमध्ये कैद तोकिएका ३४ जना र थुनुवा नौ जना रहेका छन्। कर्तव्य ज्यान मुद्दामा २४ कैदी र तीन थुनुवा छन्। लागूऔषधमा एक, जबरजस्ती करणीमा दुई, डकैतीमा चार, सार्वजनिक अपराधमा एक, ज्यानमार्ने उद्योगमा दुई, ठगीमा एक, बहुविवाहमा तीन र दुई जना चोरीको मुद्दामा जेल परेका हुन्। जेलभित्र खानेपानी, खेलकुदका सामग्री, टेलिभिजन उपलब्ध छन्। बन्दीले मुडा बुन्ने, तानधागोबाट कपडा बुन्नेसमेतका सीपमूलक काम गर्दै आएका छन्।

अभिव्यक्ति, भेला हुने र सङ्गठित हुने अधिकार
(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

घतान गाविस-८ का सम्मरबहादुर थापालाई ०६५ फागुन ३० गते एकीकृत माओवादी जिल्ला समितिले स्थानीय रामबहादुर चोखालसँगको जिल्ला अदालतमा विचाराधीन जग्गासम्बन्धी मुद्दाको विषयमा पत्र पठाई धम्की दियो। पीडितले एकीकृत माओवादीले पत्र र फोनबाट भौतिक कारबाहीको धम्की दिएको बताए। पीडितले कुनै निकायमा उजुरी दिएनन्। एकीकृत माओवादीले पीडितलाई ०६५ फागुन २८ गते लेखेको पत्रमा 'रामबहादुर चोखाल र तपाईंबीच भएको लेनदेन विवाद विषयमा मेलमिलापको कागजसहित अन्तिम टुङ्गो लगाउनुपर्ने भएकाले पार्टी कार्यालयमा अनिवार्य आउनू' भनिएको थियो। एकीकृत माओवादीका जिल्ला इन्चार्ज बिहानी भनिने मित्रशरण शर्माले जनअदालत खडा गरेको नभई न्यायालयलाई सहयोग पुऱ्याउन खोजिएको बताए।

जिल्ला परिषद् ०६५/६६ को योजना तर्जुमा गर्न ०६५ चैत ९ गते बसेको बैठकमा नेकपा एमालेका जिल्ला सदस्य हरिकृष्ण श्रेष्ठले बोल्ने क्रममा विवाद गर्दै एकीकृत माओवादीका कार्यकर्ताले मञ्चमै आक्रमण गरे। श्रेष्ठलाई चोटपटक भने लागेन। घटनाको विरोधमा बजार बन्द गराउन हिँडेको एमालेको जुलुससँग वीरेन्द्रचोकमा एकीकृत माओवादी कार्यकर्तासँग झडप भएको थियो। झडपमा एमाले बजार पार्टी सक्रिय दलका सचिव प्रमोद श्रेष्ठ र युथफोर्सका अध्यक्ष हिक्मत श्रेष्ठ घाइते भए। हिक्मतको टाउकोमा सातओटा टाँका लगाउनु परेको थियो। त्यसैगरी वाईसीएलका टेकबहादुर विक, शान्ति केसी,

Westren:Layout 1 2/14/2010 9:07 AM Page 413

पदम पुन, रेशम जुरजाली पनि घाइते भएका थिए। भिडन्तमा प्रहरी नरबहादुर लामिछानेको टाउकोमा पनि चोट लागेको थियो।

त्यसैगरी झडपको समाचार सङ्कलन गर्न घटनास्थल गएका नेपाल पत्रकार महासङ्घका जिल्ला सचिव तथा स्थानीय रूप्से साप्ताहिकका प्रधानसम्पादक तारानाथ शर्मा र *उज्यालो एफएम*का संवाददाता अमृत बास्कुनेलाई एकीकृत माओवादीका कार्यकर्ताले कुटपिट गरे। बास्कुनेको टाउकोमा छओटा टाँका लगाउनु परेको थियो भने शर्माको दाहिने कानको जाली फुटेको थियो। एकीकृत माओवादीका जिल्ला इन्चार्ज मित्रशरण शर्मा (बिहानी)ले पत्रकारहरूलाई नियतवश आक्रमण नगरिएको र हुलमुलमा घटना भएको बताए। पीडित पत्रकारहरूले जिम्मेवार नेताको अगुवाइमा हिँडेका माओवादी कार्यकर्ताहरूले एमालेसँग झडप भएको स्थानदेखि ३ सय मिटर पर हिँडिरहेको अवस्थामा पूर्वाग्रहवश आफूहरूलाई कुटपिट गरिएको बताए।

घटनाको प्रकार	गैर राज्यबाट						
	अन्यबाट				एकीकृत माओवादीबाट		
	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा	घटना सङ्ख्या	पुरुष	जम्मा
हत्या	३	१	५	६			
कुटपिट					३	१३	१३
धम्की					१	१	१
जातीय विभेद	१	३	३	४			
अमानवीय व्यवहार	१	१६		१६			
जम्मा	५	१९	८	३६	३	१४	१४

सुगम र निष्पक्ष न्यायिक अधिकार

दुनियाँवादी फौजदारी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका ५६ थान र यस वर्ष दर्ता भएका १५ थान गरी जम्मा ७१ थानमध्ये ६२ थान फर्स्यौट भई नौ थान बाँकी रहे।

सरकारवादी फौजदारी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका १७ थान र यस वर्ष दर्ता भएका सात थान गरी जम्मा २४ थानमध्ये १६ थान फर्स्यौट भई आठ थान बाँकी रहे।

देवानी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका ७६ थान र यस वर्ष दर्ता भएका २१ थान गरी जम्मा ९७ थानमध्ये ६६ थान फर्स्यौट भई ३१ थान बाँकी रहे। यसरी यस वर्षको अन्त्यसम्ममा जम्मा १ सय ९२ थानमध्ये १ सय ४४ थान फर्स्यौट भई ४८ थान मुद्दा फर्स्यौट हुन बाँकी रहे।

बालअधिकार

यस जिल्लामा प्राथमिक विद्यालय जाने उमेर समूहको कुल सङ्ख्या १४ हजार ४ सय ६८ जना बालबालिकामध्ये ९३ प्रतिशत मात्र विद्यालय जाने गरेका छन्। तीमध्ये १ हजार २० जना अर्थात् सात प्रतिशत बालबालिका विद्यालय जानबाट वञ्चित रहेको जिल्ला शिक्षा कार्यालयले जनायो।

यस जिल्लामा प्रारम्भिक बालविकास केन्द्र १ सय ७४ ओटा रहेका छन्। सामुदायिक विद्यालयतर्फ प्राथमिक १ सय ५६ ओटा, निमावि ३४ ओटा, मावि ३० ओटा र उच्चमावि १४ ओटा रहेका छन्। साथै एउटा वेदविद्याश्रमसमेत रहेको छ। त्यसैगरी, संस्थागत विद्यालयतर्फ प्राथमिक १४ ओटा, निमावि दुईओटा, मावि तीनओटा र उच्चमावि दुईओटा रहेका छन्। प्रारम्भिक बालविकास केन्द्रबाहेक यस जिल्लामा जम्मा सामुदायिक २ सय ३४ ओटा र संस्थागत २१ ओटा विद्यालयहरू रहेका छन्। ती विद्यालयहरूमा १८ हजार ३ सय ४५ जना बालिका र १७ हजार ३ सय ४१ जना बालक रहेका छन्। जिल्ला शिक्षा कार्यालयका अनुसार यस जिल्लामा रहेका विद्यालयहरूमा १० हजार ७२ जना दलित बालबालिका अध्ययनरत छन्। जसमा ५ हजार ५४ जना बालक र ५ हजार १८ जना बालिका रहेका छन्। जिल्लाको १५-६० वर्ष उमेर समूहको महिला साक्षरता प्रतिशत ६२ र पुरुष साक्षरता प्रतिशत ८१ छ भने जम्मा साक्षरता प्रतिशत ७२ रहेको

झडपमा घाइते भएका पत्रकार अमृत बास्कुने, तारानाथ शर्मा र प्रहरी नरबहादुर लामिछाने

Westren:Layout 1 2/14/2010 9:07 AM Page 414

जिल्ला शिक्षा कार्यालयले जनाएको छ।

जिल्लाभरि रहेका बालश्रमिकको तथ्याङ्क कुनै पनि निकायमा अभिलेख छैन। ग्रामीण वातावरण तथा सशक्तीकरण केन्द्र (रिक) को एक तथ्याङ्क अनुसार सदरमुकाम बेनीबजारमा ३७ जना बालिका र ३३ बालक गरी ७० जना बालश्रमिक रहेका छन्।

रत्नेचौर गाविस-९ अर्जमका ११ वर्षीया सपना दर्जी र नौ वर्षीया गङ्गा नेपालीको ०६६ जेठ २८ गते लास फेला पऱ्यो। उनीहरू जेठ २१ गतेदेखि हराएका थिए। प्रहरीले उनीहरूको बलात्कारपछि हत्या भएको हुनसक्ने बतायो। यस वर्षको अन्त्यसम्म पीडकको पहिचान भने भएको छैन।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार

पारिवारिक हिंसा

बेगखोला गाविस-५ की किरण तिलिजाले विदेश जानका लागि माइतीबाट पैसा मागेर नल्याएको आरोपमा ०६६ असार १ गते राती उनको पति ३५ वर्षीय लालप्रसाद तिलिजा र ७३ वर्षीया सासू नरमती तिलिजाले लाठी र कोदालोको पासोले हिर्काई हत्या गरे। पीडकहरू दुवैलाई प्रहरीले नियन्त्रणमा लिई कर्तव्य ज्यानसम्बन्धी मुद्दा दर्ता गरेको छ।

सबै प्रकारका जातीय विभेद

घतान गाविस–८ का बाबुराम दर्जी, लीलाराम दर्जी, बलबहादुर दर्जी र कृष्ण दर्जीले गाउँमा गोरु काटेको आरोपमा ०६६ असार २ गते बिहान घटान गाविसका २२ वर्षीय चन्द्रबहादुर कार्की, रामबहादुर थापा, नारायण चोखाल, १९ वर्षीय कृष्ण चोखाल र सोही गाविस-७ का ४५ वर्षीय क्षेत्रबहादुर चोखालले स्थानीय कथित उपल्ला जातिका केही व्यक्तिले गोरु बन्न लगाई बारीमा जोत्न लगाए।

जिल्ला प्रहरी कार्यालयमा ०६६ असार ८ गते एकीकृत माओवादी, नेपाली काङ्ग्रेस, नेकपा एमालेसमेतका दल आबद्ध दलित सङ्घ/सङ्गठनका प्रतिनिधि, राजनीतिक दलका प्रतिनिधिको रोहबरमा र पीडित तथा पीडक पक्षबीच उप्रान्त त्यस्ता अमानवीय घटना नदोहोऱ्याउने सहमति भयो।

देवीस्थान गाविस-३ का २१ वर्षीय लकबहादुर विकले सोही ठाउँकी कथित उपल्लो जातकी २० वर्षीय अमकुमारी पुन मगरसँग प्रेमविवाह गरेको आरोपमा ०६६ असार २८ गते उनलाई कथित उपल्लो जातिले विकलाई कुटपिटको धम्की दिएपछि गाउँबाट विस्थापित भए। विस्थापित जोडीले ०६६ कात्तिक ७ गते जातीय समता समाजको अगुवाइमा जिल्ला सदरमुकाम बेनीमा पत्रकार सम्मेलन गरी पुन:स्थापनाका लागि सहगोग गर्न अनुरोध गरे। पीडितहरू यस वर्षको अन्त्यसम्म गाउँ फर्कन सकेका छैनन्।

रूम गाविस-२ खवाङका २७ वर्षीय मवहादुर विकलाई स्थानीय कथित उपल्लो जातका १२ वर्षीय छोरा डल्ले पुनलाई अपशब्द प्रयोग गरेको आरोपमा ०६६ कात्तिक ४ गते सोही गाविस-३ का २२ वर्षीय महेन्द्र पुनले लौरो प्रहार गरी हत्या गरे। प्रहरीले कर्तव्य ज्यानसम्बन्धी मुद्दा दर्ता गरे पनि यस वर्षको अन्त्यसम्म पीडक फरार छन्।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

जिल्ला विकास समितिको प्रतिवेदन अनुसार यस जिल्लामा आफ्नै उत्पादनले वर्षभरि खान नपुग्ने परिवार ७० प्रतिशत छ। तीन महिनासम्म पनि खान नपुग्ने परिवार २० प्रतिशत र तीनदेखि ६ महिनासम्म खान पुग्नेको सङ्ख्या २० प्रतिशत छ। सबैभन्दा बढी ६ देखि ९ महिनासम्म आफ्नै उत्पादनले खान पुग्ने परिवार ३० प्रतिशत रहेको छ। भू-स्वामित्वको हिसाबले हेर्दा यहाँ १० प्रतिशत परिवार भूमिहीन अर्थात् सुकुमवासी छन्। ३५.५ प्रतिशत परिवारसँग आधा हेक्टरभन्दा कम कृषियोग्य भूमि रहेको छ।

स्वास्थ्य सेवाको अवस्था

म्याग्दी जिल्ला अस्पतालसमेत जिल्लाभरिका स्वास्थ्य केन्द्रहरूमा यस वर्षको अन्त्यसम्ममा डाक्टर दरबन्दी तीन जना रहेकामा एक जना, स्टाफ नर्स दरबन्दी चार जना रहेकामा एक जना, सिअहेव दरबन्दी १२ जना रहेकामा आठ जना, अहेव दरबन्दी ४३ जना रहेकामा ३८ जना, ग्रामीण स्वास्थ्य कार्यकर्ता दरबन्दी ३१ जना रहेकामा ११ जना, अनमि दरबन्दी १२ जना रहेकामा १० जना, मासिका दरबन्दी १२ जना रहेकामा नौ जना कार्यरत रहे। जिल्ला जनस्वास्थ्य कार्यालयका अनुसार जिल्लामा एउटा जिल्ला अस्पताल, एउटा प्राथमिक स्वास्थ्य चौकी, ३१ ओटा उपस्वास्थ्य चौकी, आठओटा स्वास्थ्य चौकी र एउटा निजी स्तरको अस्पताल गरी जम्मा ४२ ओटा स्वास्थ्यसँग सम्बन्धित कार्यालयहरू रहेका छन्।

Westren:Layout 1 2/14/2010 9:07 AM Page 415

३.१६ मुस्ताङ



जनसङ्ख्या : १५,४८१
साक्षरता प्रतिशत : ५३
महिला साक्षरता प्रतिशत : ४०
क्षेत्रफल (वर्ग कि. मि.) : ३,५७३
गाविस/नपा सङ्ख्या : १६/०
सरकारी/निजी विद्यालय : ६५/५
क्याम्पस/उच्च मा.वि. : ०/२
अस्पताल/स्वास्थ्य चौकी : २/१८
मानव विकास सूचकाङ्कः ०.४८२
प्रतिपरिवार सरदर सङ्ख्याः ५

जेल र बन्दीहरू

'ङ' श्रेणीको जिल्ला कारागार शाखा मुस्ताङमा १० जना बन्दी राख्ने क्षमता रहेको छ। यस कारागारमा कैद नतोकिएका तीन जना मात्र बन्दी रहेका छन्। कारागारमा बाहिरी पर्खाल नभएका कारणले बन्दीहरूका लागि खुला चौरमा खेल्ने, घाम ताप्ने र हिँडडुल गर्ने व्यवस्था छैन। बन्दीहरूका लागि नेपाल सरकारले व्यवस्था गरेको खाद्यान्न तथा लत्ता सुविधामा थप व्यवस्था गर्न बन्दीहरूले आग्रह गरे।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस जिल्ला अदालतमा गत वर्षको जिम्मेवारी सरेर आएको कर्तव्य ज्यान मुद्दा एक थान र यस वर्ष दर्ता भएको कर्तव्य ज्यान मुद्दा एक थान गरी जम्मा दुई थान मुद्दामा कुनै पनि फर्स्यौट भएन। विगतदेखि यस जिल्लामा मुखिया प्रथा यथावत् रहेकाले गाउँगाउँमा मुखियाले नै मुद्दा फैसला गर्ने गर्छन्। त्यसकारण गाउँघरमा हुने झैझगडा र अन्य मुद्दाहरू जिल्ला अदालतसम्म नगण्य रूपमा दर्ता हुने गरेको छ।

बालअधिकार

यस जिल्लामा प्रारम्भिक बालविकास केन्द्र १४ ओटा रहेका छन्। सामुदायिक विद्यालयतर्फ प्राथमिक ४६ ओटा, निमावि नौओटा, मावि पाँचओटा र उच्चमावि दुईओटा रहेका छन्। त्यसैगरी, संस्थागत विद्यालयतर्फ प्राथमिक चारओटा, निमावि एउटा, मावि एउटा रहेका छन्। प्रारम्भिक बालविकास केन्द्रबाहेक यस जिल्लामा जम्मा ६८ ओटा विद्यालयहरू रहेका छन्। ती विद्यालयहरूमा बालबालिका २ हजार ६ सय ८२ जना अध्ययनरत छन्। तीमध्ये १ हजार ३ सय ५८ जना बालिका र १ हजार ३ सय २४ जना बालक रहेका छन्। जिल्ला शिक्षा कार्यालयका अनुसार यस जिल्लामा रहेका विद्यालयहरूमा ५ सय ४७ जना दलित बालबालिका अध्ययनरत छन्। तीमध्ये २ सय ८४ जना बालक र २ सय ६३ जना बालिका रहेका छन्।

यस जिल्लाको संस्कृति र परम्परागत चलनको प्रभाव सोझै बालबालिकाहरूमाथि परेको देखिन्छ। बहुपति प्रथालाई समाजले सहजरूपमा लिने गरेको कारणले त्यस घरमा जन्मेका बच्चाहरूका बाबुको नाम फरक-फरक हुन जाने भएकाले नागरिकता प्रमाणपत्र लिन र अन्य कानुनी काम-कारबाहीमा समस्या पर्ने गरेको छ। त्यस्तै कुमारी आमा बन्ने वा ड्यलु (नाजायज सन्तान जन्माउने) प्रथाले उक्त आमाबाट जन्मेका सन्तानले जीवनभरि विभिन्न समस्याहरू भोग्नु पर्छ। नागरिकता प्रमाणपत्र सजिलैसँग प्राप्त गर्न नसकिने, पैत्रिक सम्पत्तिबाट वञ्चित हुनुपर्ने, शिक्षा, स्वास्थ्य, ममता र सुरक्षाबाट बालबालिका वञ्चित हुनु परेको देखिन्छ।

नागरिक सर्वोच्चता कायम नरहेको भन्दै ०६६ वैशाख १६ गते आयोजना गरेको विरोध प्रदर्शनमा एकीकृत माओवादीले छ जना बालबालिकाहरू प्रयोग गऱ्यो। विद्यार्थीहरूलाई विद्यालय समयपछि ऱ्यालीमा प्रयोग गरिएको थियो।

एकीकृत माओवादीले ०६६ जेठ ५ गते जोमसोममा आयोजना गरेको बन्द कार्यक्रममा जनहित उच्चमाविका विद्यार्थीहरूलाई विद्यालय पोसाकसहित प्रयोग गऱ्यो। माओवादीले बालबालिकालाई बन्दमा प्रयोग गर्दा सो विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको पठनपाठन अवरुद्ध भयो। सो कार्यको विरोध गर्दै तरुण दल र युथफोर्सका कार्यकर्ताहरूले सोही मितिमा कुनै पनि राजनीतिक कार्यक्रममा कक्षा १० सम्मका विद्यार्थी प्रयोग गर्न नपाइने कुरा व्यक्त गरे। विद्यालय व्यवस्थापन समितिको ०६६ जेठ १० गते बसेको बैठकले पनि विद्यालय समयमा राजनीतिक दलले

Westren:Layout 1 2/14/2010 9:07 AM Page 416

विद्यार्थी प्रयोग गर्न नपाउने र छात्रावासमा बस्ने विद्यार्थीको हकमा विद्यालय समयपछि पनि अभिभावकको अनुमतिबिना विद्यार्थी प्रयोग गर्न नपाइने निर्णय गऱ्यो।

जनआन्दोलन संयोजन समिति मुस्ताङद्वारा ०६६ भदौ १० र ११ गते स्थानीय शिक्षकलाई पनि अन्य शिक्षकसरह भत्ता उपलब्ध गराउनु पर्ने माग राख्दै जिल्लाका सम्पूर्ण विद्यालयहरू दुई दिनसम्म बन्द गराइयो। सो कार्यक्रमले जिल्लाका ३ हजार २ सय १५ जना विद्यार्थीहरूको पठनपाठन अवरुद्ध भयो।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

झुमा प्रथा

परम्परागत रूपमा रहिआएको झुमा प्रथामा माहिली छोरी झुमा बस्नुपर्ने बाध्यता थियो। हाल आएर कुनै बाध्यता नभई स्वेच्छाले झुमा बस्ने प्रचलन पनि छ। झुमा भएपछि विवाह गर्न कुनै रोकावट छैन तैपनि यदि झुमाले विवाह गरेमा माइतीका रूपमा महिलाका आमाबाबुको सट्टा सम्बन्धित गुम्बाका प्रमुख लामा वा गुरुसँग चलन अनुसार माफ माग्नु पर्ने चलन छ। झुमा भएर बसेपछि अन्य लामा वा ढावासरह गुम्बामा बसेर पढ्ने, पूजाआजामा समान सहभागिता हुने, कसैको घरमा पूजाआजामा जाँदा पुरुषसरह वा आफ्नो दक्षता अनुसारको ज्याला वा दक्षिणा प्रदान गर्छन्।

मुखिया प्रथा

परम्परागतदेखि यस जिल्लामा मुखिया प्रथाको प्रचलन यथावत् छ। केही गाउँहरूमा मुखियाहरूले प्रचलित नियम-कानुनविपरीत निर्णय गर्ने गरेको पनि पाइन्छ। यस्तो भए तापनि यस जिल्लाका अधिकांश स्थानीय बासिन्दाहरू मुखिया प्रथाबाट सन्तुष्ट रहेको बताउँछन्। मुखियाबाट हुने काम-कारबाही छिटो, छरितो, पारदर्शी र कम झन्झटिलो भएको, काम गर्ने तौरतरिकामा क्रमशः सुधार हुँदै गएको र मुखिया छनोट प्रक्रिया सबैको सहमतिमा हुने गरेको त्यहाँका नागरिक समाजका चन्दबहादुर थकाली र स्थानीय रत्ने विकले बताए।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा यस वर्षको अन्त्यसम्ममा डाक्टर दरबन्दी चार जनाको रहेकामा तीन जना, स्टाफ नर्स दरबन्दी तीन जनाको रहेकामा एक जना, सीअहेव/हेअ दरबन्दी १० जनाको रहेकामा आठ जना, अहेव दरबन्दी २० जनाको रहेकामा १५ जना, ग्रामीण स्वास्थ्य कार्यकर्ता दरबन्दी १५ जनाको रहेकामा छ जना, अनमि दरबन्दी १३ जना रहेकामा चार जना, मासिका दरबन्दी सात जना रहेकामा छ जना कार्यरत रहे। जिल्ला जनस्वास्थ्य कार्यालयका अनुसार जिल्लामा एउटा प्राथमिक स्वास्थ्य केन्द्र, आठओटा स्वास्थ्य चौकी, सातओटा उपस्वास्थ्य चौकी गरी जम्मा १६ ओटा स्वास्थ्यसँग सम्बन्धित कार्यालयहरू रहेका छन्।

मध्यपश्चिमाञ्चल

४.१ दाङ

४.२ प्यूठान

४.३ रोल्पा

४.४ सल्यान

४.५ रूकुम

४.६ बाँके

४.७ बर्दिया

४.८ सुर्खेत

४.९ जाजरकोट

४.१० दैलेख

४.११ डोल्पा

४.१२ जुम्ला

४.१३ कालीकोट

४.१४ मुगु

४.१५ हुम्ला

Mid-westren:Layout 1 2/14/2010 12:31 PM Page 419

४.१ दाङ

जनसङ्ख्या : ५,७०,४३९
साक्षरता प्रतिशत : ६९
महिला साक्षरता प्रतिशत : ४७
क्षेत्रफल (वर्ग कि. मि.) : २,९५५
गाविस/नपा सङ्ख्या : ३९/२
सरकारी/निजी विद्यालय : ४६१/८४
क्याम्पस/उच्च मा.वि. : ५/३१
अस्पताल/स्वास्थ्य चौकी : ५/४०
मानव विकास सूचकाङ्कः ०.४०९
प्रतिपरिवार सरदर सङ्ख्याः ५

नागरिक तथा राजनीतिक अधिकार
सम्मानित रूपले बाँच्ने अधिकार
हत्या
राज्यबाट

सिसहनियाँ गाविस-७ लठवामा ०६५ फागुन ३० गते राती कफ्र्युको उल्लङ्घन गर्दै थरूहट संयुक्त सङ्घर्ष समितिका कार्यकर्ताले यातायातका साधनहरूलाई तोडफोड गरिरहेको अवस्थामा प्रहरीले प्रहार गरेको गोली लागी दुई जनाको मृत्यु भयो भने तीन जना घाइते भए। मृत्यु हुनेहरूमा सिसहनियाँ गाविस-७ लठहवाका ३८ वर्षीय प्रकाश चौधरी र ३१ वर्षीय रामप्रसाद चौधरी रहेका थिए भने सोही ठाउँका ३१ वर्षीय जञ्जिरु चौधरी, १४ वर्षीय प्रवीण चौधरी र १५ वर्षीय प्रदीप चौधरी घाइते भए। घाइतेहरूलाई सोही दिन राती उपचारका लागि नेपालगञ्ज मेडिकल कलेज कोहलपुरमा लगियो। उनीहरू उपचारपछि घर फर्किए। नेपाल सरकार र थरूहट संयुक्त सङ्घर्ष समितिबीच सम्झौता भएपछि मृतकका परिवारलाई क्षतिपूर्तिस्वरूप प्रतिव्यक्ति १० लाख रुपियाँ ०६६ वैशाख १५ गते प्रदान गरिएको थियो। नेपाल सरकारले घाइतेहरूलाई उपचारबापत खर्च उपलब्ध गराएको जिल्ला प्रशासन कार्यालय दाङले जनायो।

अज्ञात समूहबाट

टरीगाँउ गाविस-५ गौरीगाँउका ३३ वर्षीय जागेश्वर डाँगीलाई ०६६ असार २३ गते साँझ करिब पाँच-छ जनाको सङ्ख्यामा आएको अज्ञात समूहले गोली हानी हत्या गऱ्यो। पीडितको छाती र टाउकोमा गोली लागेको थियो भने सोही गाविस-७ राईखल्यानमा घर आउँदै गर्दा गोली हानेको प्रहरीले बतायो। भिक्टोरिया मेनपावर कन्सलटेन्सी प्रालि तुल्सीपुरमार्फत विगत दुई वर्षदेखि विदेश पठाउने काम गरिरहेका थिए।

विस्फोटक पदार्थबाट

बर्दिया जिल्ला सौरहवा गाविस-३ खैरेनीका १६ वर्षीय गोपाल विक ०६६ असार १ गते बिहान चैलाही गाविस-३ लमहीमा रहेको श्रीनाथ गण ख गुल्मको निषेधित क्षेत्रभित्र विस्फोटक पदार्थ विस्फोटनमा परी मृत्यु भयो। दोलखाको उपल्लो तामाकोसीबाट काम गरेर आफ्नो गृहजिल्ला बर्दिया फर्कने क्रममा अर्जुन खोलानजिकै रहेको सेनाको ब्यारेक क्षेत्रभित्र बस रोकिएपछि पिसाब फेर्न गएका बेला भएको विस्फोटनबाट उनी घाइते भएका थिए। प्रहरीले तत्काल उनको उद्धार गरी राप्ती उपक्षेत्रीय अस्पताल घोराहीमा उपचारार्थ ल्याउँदै गर्दा पीडितको बाटामा नै मृत्यु भएको थियो।

जेल र बन्दीहरू
घोराही कारागार

'ख' श्रेणीको जिल्ला कारागार घोराहीमा यस वर्षको अन्त्यसम्ममा कैद तोकिएका ५७ जना पुरुष छन् भने महिला बन्दीहरू छैनन्। कैद नतोकिएका ३८ पुरुष रहेका छन्। यसरी घोराही कारागारमा जम्मा ९५ जना बन्दी रहेका छन्। कारागारको क्षमता ५० जनाको रहे पनि ९५ जना बस्नुपर्दा बन्दीहरूलाई असुविधा भएको छ। जेलमा खानेपानीको समस्या रहेको छ।

तुलसीपुर कारागार

'ख' श्रेणीको १ सय जना बन्दी क्षमता रहेको तुलसीपुर कारागारमा यस वर्षको अन्त्यसम्ममा कैद तोकिएका ६८ जना पुरुष छन् भने महिला सात जना रहेका छन्। कैदीहरूसँग आश्रित तीन बालबालिका पनि कारागारमा रहेका छन्। कैद नतोकिएका २२ पुरुष

Mid-westren:Layout 1 2/14/2010 12:31 PM Page 420

घटनाको प्रकार	गैर राज्यबाट								राज्यबाट		
	अन्यबाट					एकीकृत माओवादीबाट					
	घटना सङ्ख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना सङ्ख्या	पुरुष	जम्मा	घटना सङ्ख्या	पुरुष	जम्मा
हत्या	३	३			३				३	३	३
गिरफ्तारी/यातना									१	३	३
कुटपिट	१३	१४	१		१५	१	१	१	१	१	१
धम्की	३	३	१		३	१	३	३			
महिलाअधिकार	११		११		११						
बालअधिकार	७	१	६	३	९						
अमानवीय व्यवहार	४	३	४		७						
अपहरण						१	४	४			
जम्मा	४०	३३	३३	३	४८	३	८	८	४	७	७

रहेका छन्। यसरी तुलसीपुर कारागारमा जम्मा ९७ जना बन्दी रहेका छन्।

बेपत्ता/अपहरण

एकीकृत माओवादीबाट

काभ्रे गाविस-९ निवासी एकीकृत माओवादीका कार्यकर्ताहरू अर्जुन भनिने ३४ वर्षीय गुरूप्रसाद लम्साल, सोही गाविस-६ का ३५ वर्षीय रेशम भनिने भग्गुप्रसाद पन्त, काभ्रे गाविस-९ का ४० वर्षीय अरुण भनिने रिमबहादुर नेपाली र स्यूजा गाविस-५ मरपेसका ४६ वर्षीय शङ्कर घर्तीलाई लुटपाटमा संलग्न रहेको आरोपमा ०६५ माघ १० गते एकीकृत माओवादीले नियन्त्रणमा लिएर माघ १७ गते प्रहरीमा बुझायो। पीडितहरूले प्यूठानको मान्द्रेमा ०६५ पुस २६ गते रोल्पा र प्यूठानका प्रमुख जिल्ला अधिकारी दाङबाट फर्किरहेका बेला गोली प्रहार गरी लुटपाट गर्न खोजेको आरोपमा माओवादीले नियन्त्रणमा लिएर प्रहरीलाई बुझाएको थियो। प्रहरीले घटनामा संलग्न रहेको आशङ्कामा उनीहरूलाई ०६५ माघ १७ गते जिल्ला प्रहरी कार्यालय प्यूठानमा बुझाएकामा हाल पुर्पक्षका लागि प्यूठान कारागारमा राखिएको छ।

प्रहरीद्वारा गोली प्रहार गरी मारिएका प्रकाश चौधरी

धम्की/कुटपिट

राज्यबाट

उरहरी गाविस-२ कचीलाका २४ वर्षीय हीरामणि चौधरीले प्रहरीलाई कुटपिट गरेको आरोपमा ०६६ जेठ २२ गते उनलाई इलाका प्रहरी कार्यालय तुलसीपुरबाट गएको प्रहरी टोलीले सोही गाउँमै मरणासन्न हुने गरी कुटपिट गऱ्यो। प्रहरीको कुटपिटबाट घाइते भएका चौधरीको प्रहरीले तुलसीपुरको पोली क्लिनिकमा उपचार गरायो।

एकीकृत माओवादीबाट

फूलबारी गाविस-७ गिधनिया निवासी २५ वर्षीय केशव चौधरीलाई ०६६ असार २० गते एकीकृत माओवादीका स्थानीय कार्यकर्ताले जग्गाको विवादमा कुटपिट गरे। पीडितको मेडिकल कलेज नेपालगञ्जमा उपचार भयो। प्रहरीले घटनामा संलग्न फूलबारी गाविस-२ की ३५ वर्षीया रमिता चौधरी, सोही ठाउँका २३ वर्षीय ध्रुवराज चौधरीलाई ०६६ असार २० गते र उरहरी गाविस-१ की २२ वर्षीया सुन्तली चौधरीलाई

०६६ असार २१ गते गिरफ्तार गरी प्रहरी चौकी फूलबारीमा राखेकामा तीनै जनालाई मिलापत्र गराई असार २२ गते रिहा गऱ्यो। माओवादीले गठन गरेको जनअदालतको फैसलाविरुद्ध चित्त नबुझी आफ्नो जग्गा भोग गर्दा आफूलाई कुटपिट गरिएको पीडितले बताए।

ढीकपुर गाविस-७ मकुण्डाँडाका एकीकृत माओवादीका कार्यकर्ता ३९ वर्षीय प्रकाश अलिलाई ०६६ असार २५ गते दिउँसो थरूहटका कार्यकर्ताहरूले जग्गा विवादमा कुटपिट गरे। कुटपिटबाट उनको हातमा चोटपटक लाग्यो भने कुटपिटमा संलग्न रहेको आरोपमा प्रहरीले असार २५ गते सोही ठाउँका कालुराम चौधरी, आशाराम चौधरी, कालीराम चौधरी, लीलबहादुर चौधरीलाई गिरफ्तार गरी सबैलाई सोही दिन साँझ थरूहटका केन्द्रीय विदेश विभाग प्रमुख लीला गम्भीर थारू र केन्द्रीय सदस्य शरण थारूको रोहवरमा रिहा गरेको थियो। अलिलाई अपहरण गरेर लग्ने क्रममा सोही गाविसको अस्परीबाट मुक्त गराएको प्रहरीले बतायो।

वाईसीएलबाट

ढीकपुर गाविस-४ पोखरा निवासी ४९ वर्षीय मुक्तबहादुर डाँगी र सोही ठाउँका ४५ वर्षीय विनोद केसीलाई ०६५ माघ १३ गते राती वाईसीएलका कार्यकर्ताहरूले ज्यानमार्ने धम्की दिए। मुखमा कालो पट्टी बाँधेका १५/२० जनाको सङ्ख्यामा रहेको उक्त समूहले विवाहको विषयमा विनोद केसीका ७३ वर्षीय बाबु हर्कबहादुर केसीलाई समेत ज्यानमार्ने धम्की दिएको थियो। पीडितहरूले कतै उजुरी दिएनन् भने वाईसीएल कार्यकर्ताहरूको नाम खुल्न सकेन।

श्रीगाउँ गाविस-५ सिम्ठानाका २१ वर्षीय प्रकाश चौधरीलाई ०६६ जेठ ८ गते सोही गाविस बुद्धिपुर निवासी वाईसीएलका कार्यकर्ता कविले कुटपिट गरी दुईओटा दाँत झारिदिए। थरूहटको राजनीति गरेको आरोपमा आफूलाई कुटपिट गरेको पीडितले बताए। पीडितले कतै उजुरी गरेनन्।

गोल्टाकुरी गाविस-६ का २० वर्षीय विष्णु चौधरीलाई ०६६ जेठ १६ गते थरूहटको राजनीति गरेको आरोपमा स्थानीय वाईसीएलका कार्यकर्ता २५ वर्षीय थमेन शाहले कुटपिट गरी दुवै हात भाँचिदिए। पीडितको नेपालगञ्जमा उपचार भयो।

नेविसङ्घबाट

सल्यान जिल्ला कोटवाडा गाविस-५ घर भई हाल महेन्द्र बहुमुखी क्याम्पस दाडका स्ववियु कोषाध्यक्ष २० वर्षीय भूपेन्द्रप्रकाश वलीलाई ०६६ असार २५ गते दिउँसो नेविसङ्घका एकाइ अध्यक्ष राजकुमार डाँगीले हातपात गरे। परीक्षा फारम भर्ने बेला विवाद भई आफूमाथि कुटपिट भएको वलीले जनाए। कुटपिटबाट पीडितलाई चोटपटक लागेको थियो।

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार
(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

नयाँ संविधानमा समेट्नुपर्ने विषयबारे सुझाव सङ्कलन गर्न दाङ आएको टोली तुल्सीपुरबाट पञ्चकुले गाविसतर्फ जाँदै गर्दा ०६५ फागुन २० गते तुल्सीपुर नपा-३ दोघरेमा सभासद् चढेको गाडीमाथि थरूहटका कार्यकर्ताले आगो लगाउने प्रयास गर्नुका साथै तोडफोड गरे। तोडफोडबाट तुल्सीपुर नपाको बा१झ. ६७१८ नम्बरको गाडीको सिसा फुटेको थियो। सभासद् सुष्मा शर्मा घिमिरे, नीलाम्बर आचार्य र शिवराज गौतम सो गाडीमा थिए। घटनामा संलग्न भएको आरोपमा प्रहरीले उरहरी गाविस-८ बेलगनारका ४५ वर्षीय जनक चौधरी र घनौरी गाविस-१ घनौरीका र २४ वर्षीय कल्पना चौधरीलाई गिरफ्तार गरी ०६५ फागुन २१ गते रिहा गऱ्यो।

सुगम र निष्पक्ष न्यायिक अधिकार
जिल्ला अदालत

दाङ जिल्लामा गत वर्ष जिम्मेवारी सरेर आएका १ सय ७ थान र यस वर्ष दर्ता भएका १ सय १५ थान गरी जम्मा २ सय २२ थान दुनियाँवादी फौजदारी मुद्दा रहेकामा १ सय ४ थान फर्स्यौट भई यस वर्षको अन्त्यसम्ममा १ सय १८ थान फर्स्यौट हुन बाँकी रहे।

सरकारवादी फौजदारी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेका ३९ थान र यस वर्ष दर्ता भएका ७१ थान गरी कुल १ सय १० थानमध्ये ६० थान यस वर्ष

प्रहरीको गोली प्रहारबाट मारिएका रामप्रसाद चौधरी

Mid-westren:Layout 1 2/14/2010 12:31 PM Page 422

फर्स्यौट भई ५० थान मुद्दा फर्स्यौट हुन बाँकी रहे।

देवानी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेका २ सय ४७ र यस वर्ष दर्ता भएका १ सय ५८ गरी कुल ४ सय ५ मध्ये १ सय ६६ थान फर्स्यौट भई २ सय ३९ थान फर्स्यौट हुन बाँकी रहे। यसरी यस वर्षको अन्त्यसम्ममा फर्स्यौट हुन बाँकी रहेका दुनियाँवादी फौजदारी १ सय १८, सरकारवादी फौजदारी ५० थान र देवानी २ सय ३९ थान गरी कुल ४ सय ७ मुद्दा फर्स्यौट हुन बाँकी रहे।

पुनरावेदन अदालत तुलसीपुर

दुनियाँवादी फौजदारी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका ३६ थान र यस वर्ष दर्ता भएका २३ थान गरी कुल ५९ थानमध्ये ३० थान फर्स्यौट भई यस वर्षको अन्त्यसम्म २९ थान बाँकी रहे।

सरकारवादी फौजदारी मुद्दातर्फ गत वर्षका बाँकी १ सय २९ थान र यस वर्ष दर्ता भएका ६४ थान गरी कुल १ सय ९३ थानमध्ये फर्स्यौट भएका ६० र यस वर्षको अन्त्यसम्ममा १ सय ३३ थान फर्स्यौट हुन बाँकी रहे।

देवानी मुद्दातर्फ गत वर्षका बाँकी ९२ थान र यस वर्ष दर्ता भएका ४५ थान गरी कुल १ सय ३७ थानमध्ये ४६ थान फर्स्यौट भए र ९१ थान फर्स्यौट हुन बाँकी रहे।

बालअधिकार

यस जिल्लामा प्रारम्भिक बालविकास केन्द्र ५ सय ७ रहेका छन्। सामुदायिक विद्यालयतर्फ प्राथमिक २ सय २९, निमावि ४३, मावि ५३ रहेका छन्। त्यसैगरी संस्थागत विद्यालयतर्फ प्राथमिक ७९, निमावि ४८, मावि ३६ र उच्चमावि निजी र सामुदायिक गरी ३१ रहेका छन्। प्रारम्भिक बालविकास केन्द्रबाहेक दाङ जिल्लामा जम्मा ४ सय ६१ विद्यालयहरू रहेका छन्। ती विद्यालयहरूमा अध्ययनरत बालबालिकाहरूमा १ लाख ७१ हजार ३ सय ७ रहेका छन्। जसमा ८२ हजार ७ सय ४९ बालिका र ८८ हजार ५ सय ४९ बालक रहेका छन्।

गड्गापरस्पुर गाविस-१ सालझुन्डीका बिक्रम चौधरीले आफ्ना पाँच वर्षीय छोरा विशाल चौधरीलाई ०६६ जेठ २० गते बिहान घरायसी झगडामा बञ्चरोले प्रहार गरी हत्या गरे भने पत्नी देउकुमारी र आठ वर्षीया छोरी सुशीलालाई घाइते बनाए। घाइतहरूको मेडिकल कलेज कोहलपुरमा उपचार भई हाल घर फर्किए। प्रहरीले पीडकलाई गिरफ्तार गरी जेल चलान गऱ्यो।

घोराही नपा-३ की नौ वर्षीया बालिकालाई सोही ठाउँका ७३ वर्षीय नारायणप्रसाद योगीले ०६६ भदौ ७ गते घरमै बलात्कार गरेको आरोपमा योगीलाई प्रहरीले भदौ १५ गते गिरफ्तार गरी घोराही कारागार चलान गऱ्यो। पीडितको घोराहीको राप्ती उपक्षेत्रीय अस्पतालमा उपचार भयो।

तल्सीपुर नपा-१ रानागाउँकी ७ वर्षीय बालिकालाई ०६६ मङ्सिर १० गते सोही ठाउँका २४ वर्षीय खेमराना मगरले बलात्कार गरेको आरोपमा उनलाई प्रहरीले मङ्सिर १२ गते गिरफ्तार गरी पुर्पक्षका लागि तुलसीपुर कारागार चलान गऱ्यो।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

गढवा गाविस-१ गढवाकी २४ वर्षीया कल्पना खनाल ०६५ चैत १५ गते बिजौरी गाविस-५ बिजौरीमा सामूहिक बलात्कारमा परेकामा ०६६ जेठ ३० गते राती उपचारका क्रममा राप्ती उपक्षेत्रीय अस्पताल घोराहीमा उनको मृत्यु भयो। यसअघि प्रहरीले बलात्कार गरेको आरोपमा बिजौरी गाविस-६ का १८ वर्षीय वसन्त खड्का, सोही ठाउँका २१ वर्षीय यमराज खड्का, २० वर्षीय विष्णु डाँगी, प्यूठान दाङबाङका २० वर्षीय मणिराम पोखरेल, गुल्मी नयाँगाउँका ३३ वर्षीय काशीराम मरासिनी, बिजौरी गाविस-८ का युवराज पन्थी, बिजौरी गाविस-५ बिजौरीका विष्णु चौधरी र २१ वर्षीय मोहन पुनलाई गिरफ्तार गरेको थियो। दाङ जिल्ला अदालतले ०६६ वैशाख १५ गते छ जनालाई पुर्पक्षका लागि थुनामा राख्ने आदेश दिएको र सोही दिन विष्णु चौधरी र मोहन पुन साधारण तारेखमा रिहा भएका थिए। ०६६ जेठ ३० गते राती कल्पनाको मृत्यु भएपछि साधारण तारेखमा रिहा भएका चौधरी र पुन यस वर्षको अन्त्यसम्म पनि फरार रहेको प्रहरीले बतायो।

बिजौरी गाविस-८ बासगढीकी २२ वर्षीया एक युवतीलाई ०६६ भदौ ९ गते सोही ठाउँका २४ वर्षीय रामबहादुर रावत र २१ वर्षीय हुमबहादुर नेपालीले गाउँमै बलात्कार गरेको आरोपमा दुवै जनालाई प्रहरीले भदौ १० गते गिरफ्तार गरी घोराही कारागार चलान गऱ्यो। पीडितको घोराही राप्ती उपक्षेत्रीय अस्पतालमा उपचार भएको थियो।

पवननगर गाविस-२ की १८ वर्षीया एक युवतीलाई ०६६ मङ्सिर ८ गते सोही ठाउँका १८ वर्षीय दीपककुमार बुढामगर, २० वर्षीय सन्तोष केसी, २२ वर्षीय राजन श्रेष्ठ र २६ वर्षीय अजय वलीले बलात्कार गरेको आरोपमा उनीहरूलाई प्रहरीले मङ्सिर

Mid-westren:Layout 1 2/14/2010 12:31 PM Page 423

१० गते गिरफ्तार गरी अनुसन्धान सुरु गऱ्यो। पीडितको तुल्सीपुरमा उपचार भयो।

पारिवारिक हिंसा, बहुविवाह

बेला गाविस-४ का २७ वर्षीय लीलाबहादुर यादवले २० वर्षीया कविता यादवसँग दोस्रो विवाह गरेको आरोपमा ०६५ माघ ५ गते प्रहरीले दुवैलाई गिरफ्तार गऱ्यो। जेठी पत्नी २५ वर्षीया माया यादवले प्रहरी चौकी बेलामा उजुरी दर्ता गरेकी थिइन्। लीलाबहादुर यादव पुर्पक्षका लागि ०६५ माघ १० गते घोराही कारागार चलान भए भने दोस्रो पत्नीलाई रिहा गऱ्यो।

बिजौरी गाविस-४ हेमन्तपुर निवासी २२ वर्षीय खेमबहादुर विकले बहुविवाह गरेको आरोपमा ०६५ माघ ५ गते १९ वर्षीया अमृता विकले जिल्ला प्रहरी कार्यालय दाङमा उजुरी दिइन्। उनका पतिले ०६५ माघ १ गते भारतमा दोस्रो विवाह गरेका थिए। एक छोरासमेत भइसकेका अमृताले उजुरी दिएपछि पति फरार भए भने उनले हालसम्म पनि न्याय पाउन सकिनन्।

बाँके जिल्ला पुरैना गाविस-७ की घोराही नपा-११ मा बस्दै आएकी ३४ वर्षीया गौरी वेदनाको गाडिएको लास ०६५ माघ १० गते प्रहरीले घोराही नपा-११ को कटुवा खोलाबाट उत्खनन गऱ्यो। पीडितलाई उनका पति ३७ वर्षीय मोटे बेहनाले कुटपिट गरी ०६५ माघ ९ गते हत्या गरेको आरोप लगाउँदै प्रहरीले गिरफ्तार गऱ्यो। महिला मानवअधिकार रक्षक सञ्जाल दाङले ०६५ माघ ९ गते जिल्ला प्रहरी कार्यालय दाङमा उजुरी दिएपछि प्रहरीले बेहनाको खोजी गरेको थियो। प्रहरीले बेहनालाई सोही दिन हिरासतमा राखी थप अनुसन्धान गरिरहेको बतायो।

दुर्व्यवहार

रामपुर गाविस-५ की २६ वर्षीया एक महिलालाई ०६५ माघ २२ गते राती गलत नियत राखी अभद्र व्यवहार गरेको आरोपमा घोराही नपा-६ फुस्रेखालीका ३६ वर्षीय मानबहादुर विकलाई गाउँलेले डोरीले बाँधेर कमिरेचौर प्रहरी चौकीमा बुझाए। पीडितले ०६५ माघ २३ गते जिल्ला प्रहरी कार्यालय दाङमा जाहेरी निवेदन दिए पनि प्रहरीले दुवै पक्षलाई बोलाई ०६५ माघ २४ गते मिलापत्र गरायो

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

यस जिल्लामा ७५ हजारभन्दा बढी भूमिहीनहरू रहेका छन्। भूमि अधिकार मञ्चले पटकपटक जिल्ला प्रशासन कार्यालय दाङमा ज्ञापनपत्र बुझाएपछि जिल्ला प्रशासन कार्यालयले आवश्यक कारवाहीका लागि गृह तथा प्रधानमन्त्रीको कार्यालयमा जानकारी गराएको मञ्चले जनायो।

संरचना, सम्पति क्षति, सम्पति कब्जा थारूवान संयुक्त सङ्घर्ष समितिबाट

चौलाही गाविस-२ लमहीका २२ वर्षीय दशरथ घिमिरे र २४ वर्षीय दिवाकर पोखरेललाई बन्दको अवज्ञा गरेको आरोपमा ०६५ फागुन २३ गते थरूहटका कार्यकर्ताले उनीहरूले प्रयोग गरेको मोटरसाइकल तोडफोड गरे। समाचार सङ्कलन गर्न गएका दुवैले पत्रकारको परिचयपत्र देखाउँदा देखाउँदै पीडितहरू चढेको लु.२प. १६९६ नम्बरको मोटरसाइकल थरूहटका कार्यकर्ताहरूले तोडफोड गरेका थिए।

थरूहट संयुक्त सङ्घर्ष समितिका कार्यकर्ताहरूले ०६५ फागुन २९ गते गङ्गापरस्पुर, बेला, राजपुर, सिसहनिया, लालमटिया, गोबरडिहा, चैलाही, सौडियार, ढिकपुर, टरीगाउँ गाविस भवनहरूमा आगजनी गरे। आगजनीका कारण कार्यालयका महत्त्वपूर्ण कागजपत्र जलेर नष्ट भए।

स्वास्थ्य सेवाको अवस्था

दाङ जिल्लामा एक क्षेत्रीय अस्पताल रहेको छ। जसमा २० जना डाक्टरको दरबन्दी भए पनि ११ जना मात्र कार्यरत छन्। जसमा १८ जना स्टाफ नर्स भएकामा १६ जना मात्र कार्यरत छन्। त्यसैगरी, एक अञ्चल अस्पताल रहेको छ, जसमा १८ जना डाक्टरको दरबन्दी रहको भए पनि तीन जना मात्र डाक्टर कार्यरत छन्। त्यसैगरी १८ जना स्टाफ नर्स भएकामा एक जना कार्यरत छन्। त्यसैगरी, ग्रामीण क्षेत्रमा तीनओटा इलाका स्वास्थ्य केन्द्र रहेका छन्। अन्य जनशक्ति उपलब्ध भए पनि दुईओटा केन्द्रमा डाक्टर उपलब्ध छैनन्। जिल्लामा १० ओटा स्वास्थ्य चौकी छन्, जसमा एक-एक जना हेल्थ असिस्टेन्ट, दुई-दुई जना अहेव, एक-एक जना अनमि, एक-एक जना ग्रास्वाका र दुई-दुई जना कार्यालय सहायकको दरबन्दी रहेको छ। उपस्वास्थ्य चौकी २६ वटा रहेका छन्। जसमा एक-एक जना अहेपो, एक-एक जना ग्रास्वाका, एक-एक जना मासिका र एक-एक जना कार्यालय सहायकको दरबन्दी रहेको छ।

Mid-westren:Layout 1 2/14/2010 12:31 PM Page 424

४.२ प्यूठान



जनसङ्ख्या : २,४२,५७४
साक्षरता प्रतिशत : ५३
महिला साक्षरता प्रतिशत : ४०
क्षेत्रफल (वर्ग कि. मि.) : १,३०९
गाविस/नपा सङ्ख्या : ४९/०
सरकारी/निजी विद्यालय : ३३३/१३
क्याम्पस/उच्च मा.वि. : १/५
अस्पताल/स्वास्थ्य चौकी : १/११
मानव विकास सूचकाङ्कः ०.४१६
प्रतिपरिवार सरदर सङ्ख्याः ५

नागरिक तथा राजनीतिक अधिकार सम्मानित रूपले बाँच्ने अधिकार

हत्या

अज्ञात समूहबाट

प्यूठान जिल्लाको स्याउलिबाडस्थित प्रहरी चौकीमाथि ०६५ माघ २४ गते राती करिब ११ बजे ७०/८० जनाको अज्ञात हतियारधारी समूहले आक्रमण गर्दा भएको भिडन्तमा प्रहरी जवान तोरबाङ-७ निवासी सुमन जीसीको मृत्यु भयो। जीसीको लास प्यूठान अस्पताल विजुवारमा ल्याई पोस्टमार्टम गरियो। भिडन्तमा उक्त चौकीका इन्चार्ज असई देवबहादुर खड्का सामान्य घाइते भए। खड्काको पनि प्यूठान अस्पतालमा नै उपचार गरियो। आक्रमणपश्चात् असईको नेतृत्वमा जम्मा १० जना प्रहरीहरू रहेको उक्त चौकीबाट आक्रमणकारीहरूले एक थान सञ्चार सेट, एक थान पेस्तोल, पाँच थान थ्रीनटथ्री राइफलसमेत लुटेर लगे। प्रहरीले सो समूहको पहिचान गर्न सकेन।

विस्फोटक पदार्थबाट

भिङ्गृ-८ वर्तनखोलाका ४८ वर्षीय यमबहादुर रोकाले खेतमा काम गर्दा फेला पारेको सकेट बम ०६६ वैशाख ३० गते घरभित्र अगेनाको छेउमा हसियाँले हानेर फुटाल्न खोज्दा विस्फोटन भई उनको घटनास्थलमै मृत्यु भयो। पीडितका छोरा १७ वर्षीय प्रकाश रोका घाइते भए। मृतक रोकाको पोस्टमार्टम नै नगरी दाहसंस्कार गरियो भने सो घटनामा घाइते प्रकाशको उपचार बुटवल अञ्चल अस्पतालमा आफ्नै खर्चमा भयो।

जेल र बन्दीहरू

'घ' श्रेणीको जिल्ला कारागार प्यूठानमा यस वर्षको अन्त्यसम्ममा कैद तोकिएका ३२ जना पुरुष र दुई जना महिला बन्दीहरू रहेका छन् भने कैद नतोकिएका १४ पुरुष र एक जना महिला थुनुवा रहेका छन्। यसरी बाँके कारागारमा जम्मा ४९ जना बन्दी तथा थुनुवा रहेका छन्। कारागारको क्षमता २५ जना

अज्ञात समूहद्वारा आक्रमण गरी हत्या गरिएका प्रहरी जवान सुमन जीसी

अज्ञात समूहद्वारा आक्रमण गरी घाइते बनाइएका प्रहरी असई देवबहादुर खड्का

Mid-westren:Layout 1 2/14/2010 12:31 PM Page 425

घटनाको प्रकार	गैर राज्यबाट				राज्यबाट			
	अन्यबाट							
	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा
हत्या	३	३		३				
घाइते	१	१		१				
गिरफ्तारी/यातना					३	६	१	८
महिलाअधिकार	१		१	१				
अमानवीय व्यवहार	१	१		१				
जम्मा	५	४	१	५	३	६	१	८

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार

पारिवारिक हिंसा

माझकोट-८

काफलबुटाका ३२ वर्षीय छवे बैजालीले आफ्नै भाउजू ४० वर्षीया देवा बैजालीलाई ०६५ फागुन १ गते आफ्नै घरमा खुर्पाले हानी घाइते बनाए। पीडितको प्यूठान अस्पतालमा उपचार भयो।

रहे पनि ४९ जना बस्नुपर्दा बन्दी तथा थुनुवाहरूलाई असुविधा भएको छ।

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

चुँजाको चुँजा ठाँटीमा संविधानसभा जनमत सङ्कलन समितिका तर्फबाट टोली नम्बर २ मा शोभाकर पराजुलीको नेतृत्वमा गएको टोलीमाथि ०६५ फागुन १९ गते राष्ट्रिय जनमोर्चानिकट कार्यकर्ता तथा विद्यार्थीहरूले 'सङ्घीयता चाहिँदैन, देश टुक्याउन पाइँदैन' भन्दै नारा लगाउँदै सुझाव सङ्कलन प्रस्ताव पत्र च्यातिदिए। राष्ट्रिय जनमोर्चाका कार्यकर्ताहरूले विरोध गरे तापनि अन्य राजनीतिक दल तथा स्थानीय जनताको उपस्थितिमा सुझाव सङ्कलन कार्य सम्पन्न भयो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा सरकारवादी मुद्दातर्फ गत वर्षको बाँकी रहेका ३५ थानमध्ये २४ थान फर्स्यौट भई ११ थान बाँकी रहे। यस वर्ष दर्ता भएका ३६ थानमध्ये पाँच थान फर्स्यौट भई ३१ थान बाँकी रहे। यसरी यस वर्ष ४२ थान सरकारवादी मुद्दा बाँकी रहे।

गत वर्षको जिम्मेवारी सरेर आएका देवानीतर्फका २७ थान मुद्दामध्ये १३ थान फैसला भई १४ थान बाँकी रहे। यस वर्ष दर्ता भएका १९ थान देवानी मुद्दामध्ये दुई थान फर्स्यौट भई १७ थान बाँकी रहे। यसरी देवानीतर्फ ३१ थान र फौजदारीतर्फ ४२ थान गरी जम्मा ७३ थान मुद्दा बाँकी रहे।

४.३ रोल्पा



जनसङ्ख्या : २,३४,०३८
साक्षरता प्रतिशत : ४२
महिला साक्षरता प्रतिशत : ३०
क्षेत्रफल (वर्ग कि. मि.) : १,८७९
गाविस/नपा सङ्ख्या : ५१/०
सरकारी/निजी विद्यालय : २९७/८
क्याम्पस/उच्च मा.वि. : १/२
अस्पताल/स्वास्थ्य चौकी : १/५१
मानव विकास सूचकाङ्कः ०.३८७
प्रतिपरिवार सरदर सङ्ख्याः ५

नागरिक तथा राजनीतिक अधिकार सम्मानित रूपले बाँच्ने अधिकार

हत्या

राज्यबाट

खुमेल गाविस-५ चोरपानीकी २६ वर्षीया कुमारी राना खुमेल गाविस-५ सातदोबाटोस्थित नयाँ गोरख गण गुल्मको वरिपरि घाँस काटिरहेको अवस्थामा

Mid-westren:Layout 1 2/14/2010 12:31 PM Page 426

०६५ माघ २१ गते दिउँसो माइन विस्फोटन हुँदा उनको घटनास्थलमै मृत्यु भयो। सोही घटनामा २७ वर्षीया चमेली रोका सामान्य घाइते भइन्। घटनास्थलमा अन्य विस्फोटक पदार्थ पनि विस्फोटन हुनसक्ने खतरा भएकाले भोलिपल्ट माघ २२ गते काठमाडौँबाट सेनाको माइन डिस्पोजल टोली आई सो क्षेत्रवरपरको माइन नष्ट गरेर मात्र लास निकालियो। लासको जिल्ला अस्पताल रेउघामा पोस्टमार्टम गरी आफन्तहरूलाई बुझाएपछि दाहसंस्कार गरियो। घटनामा घाइते भएकी रोकालाई नेपाली सेनाले सामान्य उपचार गरेपछि घर फर्काएको थियो। हाल उनको अवस्था सामान्य छ। यस वर्षको अन्त्यसम्म पीडितले कुनै क्षतिपूर्ति पाएका छैनन्।

अज्ञात समूहबाट

गाम गाविस-६ कालेङ्का २७ वर्षीय टेकवीर बुढामगरलाई ०६६ वैशाख २२ गते बिहान सोही गाविसको हार्जानजिक छ जनाको सङ्ख्यामा रहेको अज्ञात समूहले स्वचालित हतियार प्रयोग गरी हत्या गऱ्यो। हत्याको खबर प्राप्त भएपछि सोही दिन दिउँसो ५ बजे प्रहरी नायक उपरीक्षक दीपेश लोहनीको नेतृत्वमा रहेको प्रहरी टोली हेलिकप्टरबाट घटनास्थलमा पुगेको थियो। घटनास्थलबाट प्यूठान जिल्लाको स्याउलीबाङ प्रहरी चौकी आक्रमणमा प्रहरीबाट कब्जा गरेको थ्रीनट थ्री हतियार तीन थान र एम-६० हतियार एक थान गरी जम्मा चार थान हतियार फेला परेको थियो। हत्या कसले गरेको हो भन्ने हालसम्म पुष्टि हुन भने सकेको छैन। ०६४ चैत ५ गते माओवादीका दुई जना जिल्ला सदस्यको हत्या गर्ने र प्यूठानको स्याउलीबाङ आक्रमण गर्ने समूह पनि सोही भएको हतियार फेला परेपछि प्रमाणित भएको प्रहरीले जनायो।

गोली/विस्फोटक पदार्थद्वारा घाइते

राज्यबाट

इरिबाङ गाविस-९ की २२ वर्षीया प्रेमकुमारी केसी इरिबाङ गाविसस्थित बागमाराको आफ्नो पसलमा बसेको समयमा इलाका प्रहरी कार्यालय इरिबाङमा कार्यरत प्रहरी जवान अर्जुनजङ्ग शाहको साथमा रहेको थ्रीनट थ्री राइफल ०६६ असार २९ गते बेलुका पङ्किँदा बायाँ हातको कुहिनाको जोर्नीनेर गोली लागेर घाइते भइन्। घाइते केसीलाई बागमारामा प्राथमिक उपचार गरी थप उपचारका लागि नेपालगञ्ज अस्पतालमा लगिएकामा त्यहाँ पनि उपचार सम्भव नभएपछि बी एन्ड बी अस्पताल ललितपुरमा उपचार भइरहेको छ। घटनाको समयमा प्रेमकुमारी केसी र अर्जुनजङ्ग शाह मात्र भएकाले घटना कसरी भएको हो, हालसम्म थाहा हुन सकेको छैन।

जेल र बन्दीहरू

'घ' श्रेणीको ५० जना बन्दी क्षमता रहेको यस कारागारमा कूल ६७ जना बन्दी रहेका छन्। जस्मा कैद तोकिएका पुरूष २४ जना र महिला ३ जम्मा गरी जम्मा २७ जना रहेका छन् । यसैगरी कैद नतोकिएका पुरुष ३८ जना र महिला २ जना गरी ४० जना रहेका छन्।

०४२ सालमा निर्माण भएको यो कारागार जीर्ण अवस्थामा रहेको छ। कोठाहरू ज्यादै साँघुरा छन्। पुरुष र महिला बस्ने कोठाहरूमा अग्लो पर्खाल भएका कारण पर्खालले घाम छेक्ने हुँदा जाडो महिनामा घाम ताप्न नपाउने समस्या भएको बन्दीहरूको गुनासो छ। पुरुषतर्फ रहेका छ कोठामा ३५ बन्दी बस्न सक्ने क्षमता भए पनि हाल यस जेलमा ६२ जना पुरूष बन्दीहरू कोचिएर बस्नु पर्ने समस्या रहेको छ। पुरूष र

घटनाको प्रकार	गैर राज्यबाट									राज्यबाट		
	अन्यबाट					एकीकृत माओवादीबाट						
	घटना सङ्ख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा	घटना सङ्ख्या	महिला	जम्मा
हत्या	१	१			१					१	१	१
घाइते	१	१			१					३	३	३
कुटपिट	३	१३	४		१६	१	१	१	३			
बालअधिकार	३	१		३	३							
अपहरण						१	१		१			
जम्मा	७	१५	४	३	३१	३	३	१	३	३	३	३

महिलातर्फ एक-एक धारा र शौचालय भएको यस जेलमा शौचालय र धारामा जाँदा धेरै समय पर्खनुपर्ने समस्या रहेको बन्दीहरूको भनाइ छ। ०६६ असार २९ गतेको तालाबन्दीको घटनापछि जेलमा रहेका बन्दीहरूलाई राती कोठाबाट बाहिर निस्कन नदिँदा दिसा-पिसाब गर्न समस्या भएको बन्दीहरूको गुनासो छ। जेलमा पत्रपत्रिका पर्याप्त मात्रामा छैनन्।

रोल्पा कारागारमा रहेका बन्दीहरूले ०६६ असार २९ गते बेलुकी तालाबन्दी गरे। बन्दीहरूले तालाबन्दीलाई निरन्तरता दिएपछि ०६६ साउन २ गते बिहान प्रहरी प्रशासनले ताला खोल्न लाग्दा बन्दी र प्रहरीबीच झडप हुँदा बन्दी उवा गाविस-६ का सेतबहादुर पुन, लिबाङ गाविस-६ का विष्णु सुनार, तालाबाङ गाविस-९ का देवचन दमाई, थवाङ गाविस-२ का महेश बुढा, पाङ गाविस-१ का जानसिंह जीसी, सोही गाउँका पूर्णबहादुर विक, जेलवाङ गाविस-७ का सञ्जय घर्ती र कारागिठी गाविस-८ सल्यानका गोर्वधन विक घाइते भए। प्रहरीतर्फ गोकर्ण शाही, चक्रबहादुर नेपाली, सिंहबहादुर रावत र होमबहादुर गुरुङ घाइते भएका थिए।

धम्की/कुटपिट

एकीकृत माओवादीबाट

जुगार गाविस-३ निवासी नेकपा (एमाले) जिल्ला सचिव ४० वर्षीय शान्तकुमार वली र दाङ जिल्ला निवासी संविधानसभा सदस्य शान्ता चौधरीलाई ०६५ चैत २८ गते बिहान संविधानसभा उप-निर्वाचनमा थबाङ मतदान केन्द्रमा एजेन्ट बसेको समयमा नागरिकताबिना मतदान गर्न नदिएको आरोपमा एकीकृत माओवादीका कार्यकर्ताहरूले गालीगलौज र कुटपिटसमेत गरे। घटनामा आफू भागेर थप भौतिक आक्रमणबाट जोगिएको पीडितहरूले बताए।

राष्ट्रपति डा. रामवरण यादवले चालेको कदमको समर्थन र प्रधानमन्त्री पुष्पकमल दाहालले चालेको कदमको विरोधमा ०६६ वैशाख २१ गते दिउँसो नेपाली काङ्ग्रेस रोल्पाले आयोजना गरेको सभामा एकीकृत माओवादीका कार्यकर्ताहरूद्वारा आक्रमण भएपछि दुवै पक्षबीच झडप भयो। झडपमा दुवै पक्षका कार्यकर्ताहरू सामान्य घाइते भए। नागरिक सर्वोच्चताका विरूद्ध नेपाली काङ्ग्रेस र नेकपा (एमाले) लागेको आरोपमा ०६६ वैशाख २६ गते बेलुका जुगार गाविसमा रहेको नेपाली काङ्ग्रेस र नेकपा (एमाले)को सम्पर्क कार्यालयको झन्डा र साइनबोर्डसमेत एकीकृत माओवादीका कार्यकर्ताहरूले निकालेर फालिदिए।

मिझिङ गाविस-३ निवासी राष्ट्रिय जनमोर्चा नेपालका जिल्ला सचिव ३६ वर्षीय मेघनाथ विष्ट रोल्पा जिल्ला क्षेत्र नम्बर २ उप-निर्वाचनमा थवाङ गएको समयमा 'मिलेर बसेको थवाङीलाई फुटाउन आएको' र सङ्घीयताविरोधी भएको आरोपमा ०६५ चैत २८ गते निर्वाचनको दिन बिहान ७ बजेदेखि दिउँसो ३ बजेसम्म थवाङ गाविसको कोइजा खोलामा माओवादी कार्यकर्ताले कब्जामा लिएर मतदान केन्द्रमा जान दिएनन्।

अनेरास्ववियु (क्रान्तिकारीबाट)

धवाङ गाविस-१, धवाङ निवासी नेपाल विद्यार्थी सङ्घ रोल्पाका सभापति २४ वर्षीय शेरबहादुर थापा, गुम्चाल गाविस-२ उपल्लो गुम्चाल निवासी पाल्पा बहुमुखी क्याम्पस नेविसङ्घ एकाइ सदस्य २३ वर्षीय चोमबहादुर बुढाथोकी, जेल्वाङ गाविस-४ ठूलोगाउँ निवासी नेविसङ्घ जिल्ला कार्यसमितिका सदस्य २० वर्षीय दिलकुमारी बुढा, मसिना गाविस-५ लिघा निवासी नेविसङ्घ जिल्ला कार्यसमिति सदस्य रवीन्द्र पुन, सिर्प गाविस-२, सिर्प निवासी नेविसङ्घ जिल्ला कार्यसमिति सदस्य सागर पुनलगायतका व्यक्तिहरू रोल्पाको गजुल गाविसमा रहेको जनज्योति उमाविमा एकाइ समिति गठन गर्न गएको समयमा अखिल क्रान्तिकारीका विद्यार्थीहरूले ०६६ मङ्सिर ९ गते विवाद गरी कुटपिट गरे। कुटपिट गरेपछि नेविसङ्घका कार्यकर्ताहरू सङ्गठनको काम नगरी फर्किए।

धवाङ गाविस-१ धवाङ निवासी नेविसङ्घ रोल्पाका सभापति २४ वर्षीय शेरबहादुर थापा, गुम्चाल गाविस-२ उपल्लो गुम्चाल निवासी पाल्पा बहुमुखी क्याम्पस नेविसङ्घ एकाइ सदस्य २३ वर्षीय चोमबहादुर बुढाथोकी, जेल्वाङ गाविस-४, ठूलोगाउँ निवासी नेविसङ्घ जिल्ला कार्यसमितिका सदस्य २० वर्षीय दिलकुमारी बुढा, मसिना गाविस-५, लिघा निवासी नेविसङ्घ जिल्ला कार्यसमिति सदस्य रवीन्द्र पुन, सिर्प गाविस-२, सिर्प निवासी नेविसङ्घ जिल्ला कार्यसमिति सदस्य सागर पुन, खुङ्ग्री गाविस-१, हिले निवासी नेविसङ्घ जिल्ला सदस्य २२ वर्षीय शशीधर गिरी, कुरेली गाविस-६ लिक्याङ निवासी नेविसङ्घ जिल्ला सदस्य १७ वर्षीय योगेन्द्र रोका, मिझिङ-३, मिझिङ निवासी नेविसङ्घ जिल्ला सदस्य माणिक विष्ट, ह्वामा गाविस-१ कुवापातल निवासी नेविसङ्घ जिल्ला सदस्य १८ वर्षीया भवानी राना, जङ्कोट गाविस-७, दमाखुर निवासी १८ वर्षीया धनमाया डाँगी नेविसङ्घको सङ्गठन निर्माण गर्न खुङ्ग्री गएको समयमा खुङ्ग्री

Mid-westren:Layout 1 2/14/2010 12:31 PM Page 428

गाविस-२, खुङ्ग्रीका इमानसिंह गिरीको घरमा बसेको समयमा देवीमन्दिरनजिक शेरबहादुर थापालाई अनेरास्ववियु (क्रान्तिकारी) र वाईसीएल कार्यकर्ताहरूले कुटपिट गर्न खोजेपछि भाग्दै आफ्ना साथीहरू बसेको इमानसिंह भारतीको घरभित्र पसेपछि ०६६ मङ्सिर १४ गते घरभित्र रहेको झोलासमेत लगेका थिए। भोलिपल्ट इलाका प्रहरी कार्यालय खुङ्ग्रीको रोहवरमा क्रान्तिकारी र वाईसीएलका कार्यकर्ताले चारओटा झोला नेविसङ्घलाई बुझाएका थिए। नेविसङ्घ जिल्ला सभापति शेरबहादुर थापाले सातओटा झोला लगेको तर चारओटा मात्र बुझाएको, अरू सामान फिर्ता गर्न बाँकी रहेको बताए भने अखिल क्रान्तिकारीका केन्द्रीय सदस्य रत्न महराले सबै सामान सो समयमा बुझाएको नाइन स्टिक, साइकलको चेन, छुरा जिल्ला प्रहरी कार्यालय रोल्पामा बुझाएको बताए।

नेविसंङ्घबाट

गुम्चाल गाविस-३ निवासी पाल्पा बहुमुखी क्याम्पस नेविसङ्घ एकाइ समिति सदस्य २३ वर्षीय सोमबहादुर बुढाथोकीले गुम्चाल माविका अनेरास्ववियु (क्रान्तिकारी)का विद्यार्थीहरूलाई ०६६ मङ्सिर १२ गते कुटपिट गर्ने धम्की दिएको र दादागिरी गरेको आरोपमा ०६६ मङ्सिर १६ गते बेलुका लिवाङ गाविस-६ स्थित मनकामना होटलको ५ नम्बर कोठामा साथीहरूसँग बसेको समयमा तातोपानी र शरीरमा फ्याँकेर आक्रमण गरे। आक्रमण घटनाको नेविसङ्घ रोल्पाले विज्ञप्ति प्रकाशित गरी विरोध जनायो। घटनामा आफ्नो सङ्गठनको संलग्नता नरहेको अनेरास्ववियु (क्रान्तिकारी)का केन्द्रीय सदस्य रत्न महराले बताए।

अज्ञात समूहबाट

जुगार गाविस-२ निवासी सृष्टि औषधी पसलका सञ्चालक २८ वर्षीय गौरीकिरण डाँगीलाई आफ्नै औषधी पसलमा उपचार गर्ने बहानामा आएका अज्ञात व्यक्तिहरूले ०६६ मङ्सिर १० गते राती पसल खोल्न लगाई छुरा प्रहार गरे। पीडितको उपचार बुटवलमा भयो। पीडितले उजुरी दिए पनि यस वर्षको अन्त्यसम्म घटनाको अनुसन्धान भइरहेको प्रहरीले बतायो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस रोल्पा जिल्ला अदालतमा गत वर्षको जिम्मेवारी सरेर आएका दुनियाँवादी फौजदारी मुद्दा ४९ थान र यस वर्ष दायर भएका ३३ थान गरी जम्मा ८२ थानमध्ये १८ थान फर्स्यौट भई ६४ थान बाँकी रहे। गत वर्ष जिम्मेवारी सरेर आएका देवानी मुद्दा ३७ थान र यस वर्ष दायर भएका १७ थान गरी रहेका ५४ थानमध्ये १२ थान फर्स्यौट हुन बाँकी छन्। दुई वर्ष नाघेका मुद्दा यस वर्ष छैनन्। माओवादी जनयुद्धको समयमा माओवादी नेता तथा कार्यकर्ताका विरुद्ध दायर गरिएका ४४ थान मुद्दा सरकारले फिर्ता लिएको थियो।

अतिरिक्त जानकारीका घटनासम्बन्धी जिल्ला प्रहरी कार्यालय रोल्पामा दर्ता भएका घटनामा झुन्डिएर आत्महत्याका २१, विषसेवन गरी आत्महत्याका छ, भवितव्य ज्यानसम्बन्धी १९, फुटकर ज्यानसम्बन्धी तीन, डाँका चोरी पाँच, साधारण चोरी एक, सवारी ज्यानसम्बन्धी पाँच, कर्तव्यज्यान आठ, अवैध गर्भपतन एक, गर्भपतन एक, हातहतियार खरखजानासम्बन्धी चार, केही सार्वजनिक अपराधसम्बन्धी सात, जबरजस्ती चोरी एक, ज्यान मार्ने उद्योग दुई, अङ्गभङ्ग कुटपिट एक, घरमा आगो लगाई दुई, लागूऔषध चरेससम्बन्धी दुई, नकबजनी चोरी एक थान गरी जम्मा ९० थान घटना दर्ता भए।

बालअधिकार

यस जिल्लामा माबि ३६, निमाबि ६५, प्राबि २ सय ८२ मा अध्ययन गर्ने ७५ हजार ८ सय ३६ जना विद्यार्थीहरूले समयमा पाठ्यपुस्तक पाएनन्। विद्यालय जाने उमेरका आठ प्रतिशत बालबालिकाहरू विद्यालय जानबाट वञ्चित भएको जिल्ला शिक्षा कार्यालय रोल्पाले जनाएको छ। यस जिल्लामा यो वर्ष उमाविमर्फ ७ सया ६८, माविमर्फ ४ हजार ७६, निमाविमा १२ हजार ८ सय ८३ र प्राबि तहमा ५८ हजार ८ सय ८३ जना बालबालिका अध्ययनरत् रहेका छन् ।

लिवाङ गाविस-४ रेउघाकी २९ वर्षीया रिषा परियारले परपुरुषसँग यौन सम्पर्क गरी बच्चा जन्माएर ०६५ माघ १ गते हत्या गरेको आरोपमा माघ २ गते प्रहरीले गिरफ्तार गरेर कर्तव्य ज्यान मुद्दा चलायो। सो मुद्दामा ०६५ माघ २० गते जिल्ला अदालत रोल्पाले पुर्पक्षका लागि अभियुक्तलाई कारागार चलान गऱ्यो।

पाछावाङ गाविस-१ मुढावाङकी २५ वर्षीया मनकुमारी बुढामगर आफ्नो पति घरमा नभएको समयमा परपुरुषसँगको यौनसम्पर्कबाट गर्भ रहेको दुईओटा बच्चा जन्माएर गाडेको अवस्थामा ०६५ माघ २२ गते फेला परेपछि माघ २२ गते नै प्रहरीले गिरफ्तार गरी प्रहरी चौकी इरिवाङमा ल्यायो। निजलाई जिल्ला प्रहरी कार्यालयले कर्तव्य ज्यान मुद्दा दर्ता

गरायो। ०६५ फागुन १८ गते जिल्ला अदालत रोल्पाले पुर्पक्षका अभियुक्तलाई कारागार चलान गऱ्यो।

स्वास्थ्य सेवाको अवस्था

रोल्पा जिल्लामा यस वर्षको अन्त्यमा डाक्टर दरबन्दी चार जना रहेकामा तीन जना मात्र जिल्लामा कार्यरत रहेका छन्। स्टाफ नर्स चार जनाको दरबन्दी रहेकामा एक जना पनि कार्यरत छैनन्। सिहेव नौ जनाको दरबन्दी रहेकामा सबै कार्यरत छन्। अहेव ५३ जनामा सबै कार्यरत रहेका छन्। ग्रामीण स्वास्थ्य कार्यकर्ता ५१ जनाको दरबन्दी रहेकामा ३३ जना कार्यरत छन्। अनमि १४ जनाको दरबन्दीमा १३ जना कार्यरत रहेका छन्। मासिका ४० जनाको दरबन्दी रहेकामा ३४ जना कार्यरत रहेका छन्।

दरबन्दी अनुसार स्वास्थ्यकर्मीहरू नहुँदा बिरामीहरूले पर्याप्त सेवा पाउन सकेका छैनन्। यसरी सरकारबाट घोषणा गरिएको निःशुल्क स्वास्थ्य अधिकारबाट जनता वञ्चित भएका छन्। प्रसूति सेवाको अभावमा सुत्केरी हुन नसकेर महिलाहरू मरिरहेका छन् भने बालबालिकाहरूले नियमित खोप पाउन सकेका छैनन्। स्वास्थ्य निकायहरूमा पर्याप्त स्रोतसाधन तथा उपकरणहरूको कमीका कारण तथा अदक्ष प्राविधिकहरूले स्वास्थ्य ऐनविपरीत निजी स्तरमा खोलेका औषधी पसलहरूमा उपचार गर्नुपर्ने बाध्यता रहेको छ। यसरी जनताको स्वास्थ्यमा खेलबाड गरिँदा पनि स्थानीय प्रशासन मौन बसेको छ। सामान्य उपचारबाहेकका बिरामीहरू नेपालगञ्ज, दाङ, बुटवल, काठमाडौँलगायतका अन्य जिल्लामा जानुपर्ने समस्या यस जिल्लामा रहेको छ।

अशिक्षा, अन्धविश्वास, गरिबी, सरसफाइको कमी, कुपोषण, असुरक्षित रूपमा सुत्केरी बनाउने, स्वास्थ्य सेवाको पहुँचमा कमी आदि कारणले यस जिल्लामा बाल मृत्युदर ३१ प्रतिशत रहेको जिल्ला जनस्वास्थय कार्यालयले जनायो ।

४.४ सल्यान



जनसङ्ख्या : २,४२,५९९
साक्षरता प्रतिशत : ५४
महिला साक्षरता प्रतिशत : ४२
क्षेत्रफल (वर्ग कि. मि.) : १,४६२
गाविस/नपा सङ्ख्या : ४७/०
सरकारी/निजी विद्यालय : ३८१/५
क्याम्पस/उच्च मा.वि. : ४/१५
अस्पताल/स्वास्थ्य चौकी : १/४७
मानव विकास सूचकाङ्कः ०.३९९
प्रतिपरिवार सरदर सङ्ख्याः ६

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या

अज्ञात समूहबाट

सुर्खेत जिल्ला मालारानी गाविस-८ भालुओढार घर भई काल्चे गाविस-७, पुरुवाखेत ससुराली गाउँ मेला हेर्न आएका दशरथपुर सुर्खेतमा कार्यरत जनमुक्ति सेना सदस्य २२ वर्षीय अम्बरबहादुर ओलीले मदिरा सेवन गरी जथाभावी रूपमा गालीगलौज गर्दै सोही ठाउँका स्थानीयबासीलाई कुटपिट गरेको आरोपमा ०६६ मङ्सिर १९ गते राती काल्चे गाविस-७ का २० वर्षीय धनबहादुर बुढाले खुकुरी प्रहार गरी हत्या गरे। सोही हत्यामा सघाएको आरोपमा काल्चे गाविस-६ का २६ वर्षीय विष्णु थापा, ४४ वर्षीय वेलबहादुर राना, २२ वर्षीय प्रेमबहादुर खड्का र काल्चे गाविस-७ का ४८ वर्षीय बाबुराम बुढालाई मङ्सिर २० गते इलाका प्रहरी कार्यालय कालीमाटी रामपुरले गिरफ्तार गरी २२ गते जिल्ला प्रहरी कार्यालय सल्यानमा चलान गऱ्यो। फरार रहेका धनबहादुर बुढा भने सोही दिन जिल्ला प्रहरी कार्यालयमा आई गिरफ्तारी दिए।

Mid-westren:Layout 1 2/14/2010 12:31 PM Page 430

घटनाको प्रकार	गैर राज्यबाट							राज्यबाट		
	अन्यबाट				एकीकृत माओवादीबाट					
	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा	घटना सङ्ख्या	पुरुष	जम्मा	घटना सङ्ख्या	पुरुष	जम्मा
हत्या	७	६	१	७						
घाइते	१	७		७				१	१३	१३
गिरफ्तारी/यातना								३	५	५
कुटपिट	३	१४	३	१६	५	१३	१३			
धम्की	१	१		१						
महिलाअधिकार	११		११	११						
बालअधिकार	४	३	३	६						
अपहरण					३	७	७			
जम्मा	३७	३१	१७	४८	७	१९	१९	३	१७	१७

जेल र बन्दीहरू

यस जिल्लामा 'घ' श्रेणीको जेल छ। उक्त जेलको बन्दी क्षमता २० जना रहे पनि हाल ३२ जना बन्दीहरू रहेका छन्। जसमध्ये कर्तव्य ज्यानका २० जना रहेका छन्। उनीहरूमध्ये कैद तोकिएका ११ जना पुरुष र तीन जना महिला छन्। कैद नतोकिएका छ जना पुरुष रहेका छन्। जबरजस्ती करणीका छ जना बन्दीहरू रहेका छन्, जसमध्ये कैद तोकिएका दुई जना र नतोकिएका चार जना छन्। आगलागीका एक जना कैद नतोकिएका, चोरीका एक जना कैद नतोकिएका, जाली नोटका चार जना कैद नतोकिएका रहेका छन्। जेलभित्र बन्दीहरूलाई खान, बस्न तथा सुत्नको समस्या देखिएको छ।

बेपत्ता/अपहरण

एकीकृत माओवादीबाट

सप्तरी जिल्ला महुवा गाविस-८, दुधैना घर भई निगालचुला गाविस-६, दुमखोलास्थित गोब्राही प्राविका शिक्षक ५० वर्षीय भोला यादव र स्थानीय शिक्षक १८ वर्षीय रमेश वलीले मिलेमतो गरी विद्यालयको खाताबाट चेकमा कीर्ते सही गरी १ लाख २२ हजार रुपियाँ निकासा गरी हिनामिना गरेको आरोपमा ०६६ जेठ २२ गते एकीकृत (माओवादी)का जिल्ला कमिटी सदस्य पुष्पण भनिने शेरबहादुर विक र एरिया कमिटी सदस्य मनपति विकको नेतृत्वमा आएको स्थानीय बासिन्दाको एक समूहले विद्यालयबाटै दुवै जनालाई अपहरण गऱ्यो। अपहरणपछि पीडितहरूलाई सोही गाविस-५ का मोतीलाल वलीको घरमा पुऱ्याइयो। त्यहीं नै उक्त आरोप साबित गर्नका लागि सोही ठाउँका गङ्गाराम खत्री र केवशराज खत्रीले शेरबहादुर र मनपतिको निर्देशनमा भोला यादवलाई लाठी, हात र मुक्काले कुटपिट गरे। पीडितहरूमध्ये भोलालाई सिस्नोले पोलेर अभियोग नस्वीकारे मारेर फालिदिने धम्की दिए भने रमेश वलीलाई धक्याउने, मुन्ट्याउने तथा हँसियाले काट्ने धम्की दिए। पीडितहरूलाई चार दिनसम्म आफ्नो नियन्त्रणमा राखी ०६६ जेठ २६ गते सदरमुकामतर्फ ल्याउँदा दुवै जनाका हात बाँधिएको थियो । पीडितहरूलाई जेठ २७ गते मुक्त गरे। माओवादीको धम्कीका कारण आफूउपर लगाएको अभियोग स्वीकार गरी रुपियाँसमेत तिरेको पीडित भोला यादवले बताए। तर, रुपियाँ भने माओवादीसँगको मिलेमतोमा प्रअ क्षत्रनारायण यादवले हिनामिना गरेको उनले दावी गरे।

धम्की/कुटपिट

एकीकृत माओवादीबाट

सेजवालटाकुरा गाविस-९ निवासी इन्सेक जिल्ला प्रतिनिधि ४० वर्षीय रोमप्रकाश थापाले 'आफ्नो वडा तथा जिल्लाभरिको विकास निर्माण गर्नका लागि गठन गरिने उपभोक्ता समितिहरू निर्माण गर्दा सर्वदलीय, सर्वपक्षीय र साझा सहमतिका आधारमा गरिनुपर्छ' भन्ने आवाज उठाएको आरोपमा ०६५ माघ

२८ गते सोही ठाउँ निवासी एकीकृत माओवादीका तर्फबाट गाउँपरिषद् प्रतिनिधि ६० वर्षीय पारसमणि थापा र उनकै छोरा वाईसीएल गाउँ कमिटी इन्चार्ज २८ वर्षीय कमल थापाले सार्वजनिक स्थलमा नै साङ्घातिक आक्रमण गर्ने प्रयास गर्नुका साथै कुनै पनि समयमा मार्ने धम्की दिए।

खलङ्गा गाविस-५ लुहापिङ सल्यान बहुमुखी क्याम्पस सल्यानमा ०६५ चैत ६ गते राती स्ववियु निर्वाचनको मतगणना भइरहेको अवस्थामा अनेरास्ववियु (क्रान्तिकारी)का तर्फबाट सभापतिका उम्मेदवार दुर्गाबहादुर बुढाथोकी र सचिवका उम्मेदवार रिमबहादुर विष्टले गणना भइरहेका मतपत्र च्यातेर भाग्न थालेपछि वाईसीएलले अनेरास्ववियु एवम् नेविसङ्घ संयुक्त प्यानलका विद्यार्थी तथा शुभचिन्तकहरूमाथि लाठीले आक्रमण गरे। उक्त आक्रमणमा वाईसीएलको लाठी प्रहारबाट खलङ्गा-५ का अनिल हमालको टाउकोमा गहिरो चोट लाग्न पुग्यो भने भागदौडका क्रममा लडेर सोही गाविस-६ का आजाद प्रधानको खुट्टा भाँचियो। त्यसैगरी वाईसीएलको कुटपिटबाट कारागिठी गाविस-३ निवासी नेकपा (एमाले) जिल्ला कमिटी सदस्य भीउसेन नेपाली, थारमारे गाविस-४ का ज्ञानेश्वर केसी, कार्यकर्ता कोटवारा गाविस-६ का नरेन्द्र वली, अनेरास्ववियुका विद्यार्थीहरू मनहरि बुढाथोकी, शङ्कर थापा, कमला आचार्य, पत्रकारहरू *रेडियो राप्ती एफएम*का स्टेसन म्यानेजर रमेशकुमार गौतम, *उज्यालो ९० नेटवर्क*का समाचारदाता पत्रकार पुरुषोत्तम गिरी सामान्य घाइते भए। उक्त स्थितिलाई नियन्त्रण गर्नका लागि सुरक्षामा खटिएका प्रहरीले लाठीचार्ज गर्दा बडागाउँ गाविस-५ निवासी एकीकृत नेकपा (माओवादी) जिल्ला कमिटी सदस्य डिल्लीराज शर्मा, लक्ष्मीपुर गाविस- १ का डम्बर भण्डारी, रिम गाविस-१ का शिक्षक झक्कु बुढा, कजेरी गाविस-७ का वलिराम सुनार, अनेरास्ववियु (क्रान्तिकारी)का दुर्गाबहादुर बुढाथोकी, राजेन्द्र थापा, वीरबहादुर बुढाथोकी, वाईसीएलका कार्यकर्ताहरू कृष्ण केसी, जितबहादुर वली, डम्बर कुँवर, सर्जन प्रधानलगायत घाइते भए। घाइतेहरूमध्ये आजाद प्रधानको भारतको लखनउमा उपचार भयो भने अन्यको जिल्ला अस्पताल सल्यानमा उपचार गरियो।



झडपमा घाइते भएका टोपबहादुर चन्द

देवस्थल गाविस-५ बागचौरका ५५ वर्षीय बुद्धिसिंह विष्ट र उनका भाइ ५२ वर्षीय बेलधर विष्टलाई तत्कालीन नेकपा (माओवादी) द्वारा कब्जा गरिएको खेत जोतेको आरोपमा ०६६ असार १८ गते सोही ठाउँ निवासी एकीकृत माओवादीका गाविस इन्चार्ज प्रज्ज्वल भनिने देवबहादुर कामीको नेतृत्वमा आएका एकीकृत माओवादीका कार्यकर्ताहरू खिउरो कामी, शालिकराम कामीसहितका १०-१२ जनाको समूहले कुटपिट गरी घाइते बनायो। पीडितको प्रतिकारमा देवबहादुर कामी पनि सख्त घाइते भए। घाइतेको उपचार नेपालगञ्जमा भयो। पीडित विष्टको उजुरीका आधारमा इलाका प्रहरी कार्यालय सल्लीबजारले पीडकहरूमध्येका प्रज्ज्वल भनिने देवबहादुर कामी, खिउरो कामी र शालिकराम कामीलाई गिरफ्तार गरी केही सार्वजनिक अपराध अन्तर्गत ०६६ साउन ५ गते जिल्ला प्रशासन कार्यालयमा मुद्दा दर्ता गरायो। पक्राउ परेकाहरू धरौटी राखी तारिखमा रिहा भए।

दार्माकोट गाविस-५ पाथीखोला निवासी जनज्योति उच्च मावि फारुलाका अङ्ग्रेजी शिक्षक तथा अखिल नेपाल राष्ट्रिय शिक्षक सङ्गठन (क्रान्तिकारी)का सदस्य ३६ वर्षीय नरेश चन्दलाई नेपाल बन्दको समयमा विद्यार्थीहरूलाई ट्युसन पढाएको आरोपमा ०६६ मङ्सिर २१ गते बिहान भल्चौर गाविस-१, फारोला निवासी एकीकृत नेकपा (माओवादी)का एरिया कमिटी सदस्य ५० वर्षीय शेरबहादुर चन्द र उनका छोरा १९ वर्षीय कुशल चन्द, १५ वर्षीय प्रदीप चन्दले २५ जना विद्यार्थीसहित कोठामा थुने। थुनिएको आधा घण्टापछि अन्य विद्यार्थीहरूले ढोका खोलिदिएपछि बाहिर निस्किएका शिक्षक चन्दलाई पीडकहरूले मुक्का र लाठीले कुटपिटसमेत गरे। कुटपिट गरिरहेकै अवस्थामा इलाका प्रहरी कार्यालयका फारालोका प्रहरी सहायक निरीक्षक पूर्णबहादुर बस्नेतको नेतृत्वमा गएको प्रहरी टोलीले पीडितको उद्धार गरे। घटनामा दुवैपक्षको गल्ती भएको भन्दै मिलापत्र गराइयो।

कोटवारा गाविस-६ कोदालचौर निवासी नेकपा (एमाले)निकट जनसांस्कृतिक मञ्च महासङ्घ सल्यानका अध्यक्ष ३२ वर्षीय नरेन्द्रकुमार वलीले एमालेको इलाका भेलामा माओवादी क्रियाकलापको भण्डाफोर गरेको आरोपमा ०६६ साउन २२ गते दिउँसो कोटबारा गाविस-८, टाट्के बजारमा उनलाई माओवादी कार्यकर्ताहरूले घेरेर वादविवाद गरिरहेको अवस्थामा फिल्डको काम सकेर फर्कदै गरेका थारमारे गाविस-५ जिउँला निवासी आरआरएन सल्यानका प्राविधिक लोकेन्द्रबहादुर डीसीले के विवाद रहेछ भनी

Mid-westren:Layout 1 2/14/2010 12:31 PM Page 432

बुझ्न गएको समयमा सोही गाविस-३, वातिरे निवासी एकीकृत माओवादीका कार्यकर्ता तिलक वलीले अचानक निधारमा चिरपटले प्रहार गरी घाइते बनाए। घाइते अवस्थामा घर फर्कदै गरेका डीसीलाई थारमारे गाविस-८, चिलढाले पुगेपछि सोही दिन साँझ एकीकृत माओवादी जिल्ला कमिटी सदस्य हरिबहादुर डाँगीको नेतृत्वमा आएको समूहका जनकल्याण उच्च मावि थारमारेका खेलकुद शिक्षक माओवादी कार्यकर्ता सोही गाविस-४ निवासी यामबहादुर बुढाले हात र लात्तिले पुन. कुटपिट गरे। सोही समूहले केही समयपछि सोही ठाउँमा एमालेको ११ नम्बर इलाका भेला सकी घरतर्फ फर्कदै गरेका कजेरी गाविस-१ निवासी एमाले जिल्ला कमिटीका उपसचिव ५५ वर्षीय दामोदर शर्मा, पीपलनेटा-६ निवासी इलाका नम्बर ११ का इन्चार्ज ४२ वर्षीय भोला केसी, थारमारे गाविस-४ निवासी जिल्ला कमिटी सदस्य ज्ञानेश्वर केसी र कोटमौला गाविस- ७ निवासी गाउँ कमिटी सचिव हेमराज शर्मालाई चारैतिरबाट घेरा हालेर अपहरण गरी दुर्व्यवहार गरिरहेकै अवस्थामा इलाका प्रहरी कार्यालय थारमारेबाट गएको टोलीले चार घण्टापछि मुक्त गराई थारमारे ल्यायो।

वाईसीएलबाट

हिवल्चा गाविस-६ मधाना निवासी एमाले हिवल्चा गाउँ कमिटीका अध्यक्ष ४६ वर्षीय यमलाल कुँवरलाई लुहापिडमा एमाले र वाईसीएल कार्यकर्ताबीच भएको घटनामा ढुङ्गा हानेको आरोपमा ०६६ पुस ८ गते दिउँसो वाईसीएलका कार्यकर्ता खलङ्गा गाविस-५ निवासी केशव लामिछाने र सोही गाविस-६ निवासी सुधीर थापाले महेन्द्ररत्न मावि हिवल्चाको कोठाबाट बोलाई मैदानमा हात र लात्तीले कुटपिट गरे। हिवल्चा गाविस-५ निवासी माओवादी कार्यकर्ता सीताराम महरको निर्देशनमा आफूलाई उनीहरूले कुटपिट गरेको कुरा पीडितले बताए। कुटपिटपछि घाइते भएका कुँवर घटनास्थलबाट भागेर आफन्तको घरमा पुगेर ज्यान बचाए।

गैरकानुनी गिरफ्तारी

दमाचौर गाविस-१, पलाटेका ४४ वर्षीय वीरबहादुर चन्द, ४० वर्षीय यमु चन्द र ३८ वर्षीय कृष्ण चन्दलाई सोही ठाउँका ५८ वर्षीय दानबहादुर योगीको हत्या गरेको आरोपमा ०६५ फागुन १३ गते इलाका प्रहरी कार्यालय दमाचौरले बिनापुर्जी गिरफ्तार गरी चार दिनसम्म हिरासतमा राखेर फागुन १७ गते इलाका प्रहरी कार्यालय थारमारेमा बुझायो। पीडितहरूलाई दुई दिनपछि मात्र गिरफ्तार पुर्जी दिएर २० गते जिल्ला अदालतबाट म्याद थप गरी जिल्ला प्रहरी कार्यालय सल्यानलाई बुझायो। पीडितहरूलाई हाल पुर्पक्षका लागि ०६५ चैत १२ गते जिल्ला कारागारमा पठाइयो।

झडपमा घाइते भएका उत्तम घर्ती

अभिव्यक्ति, भेला हुने र सङ्गठित हुने अधिकार
(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

खलङ्गा गाविस-५ लुहापिडस्थित सल्यान बहुमुखी क्याम्पस सल्यानमा ०६६ मङ्सिर २३ गते आयोजित एमाले छैटौँ जिल्ला अधिवेशनमा सहभागीहरू र कोलेनिका घेराउ गर्दै फर्किरहेका वाईसीएलका कार्यकर्ताबीच युथफोर्सका कार्यकर्ताले वाईसीएल कार्यकर्ताहरू चढेको गाडीमा ढुङ्गा हानेको आरोपमा विवाद भएको र सोही विवादको विषयलाई लिएर वाईसीएल जिल्ला इन्चार्ज असल भनिने चन्द्रबहादुर खड्काको नेतृत्वमा आएको एक समूहले एमाले कार्यकर्तामाथि आक्रमण गरेपछि भएको झडपमा एमाले पक्षका ४१ जना र एकीकृत नेकपा (माओवादी) पक्षका २० जना घाइते भए। घाइतेमध्ये एमालेतर्फ त्रिवेणी गाविस-७, लुहाम निवासी एमाले छैटौँ जिल्ला अधिवेशनको बन्दसत्रका अध्यक्षमण्डलका अध्यक्ष उदयबहादुर बोहरा, कोटमौला गाविस-७ निवासी अधिवेशनको बेला विघटित जिल्ला कमिटी सचिव लोकबहादुर डाँगी, दमाचौर गाविस-३ निवासी जिल्ला कमिटी सदस्य टोपबहादुर चन्द, वामे गाविस-८ निवासी क्षेत्रीय कमिटी सदस्य जितबहादुर पुन, वामे गाविस-८ निवासी प्रायुसङ्घका केन्द्रीय सदस्य गोविन्द पुन र सिद्देश्वरी-९ निवासी युथफोर्स जिल्ला संयोजक उत्तम घर्ती गम्भीर घाइते भए। सोही क्रममा नेकपा (एमाले) जिल्ला कमिटी सदस्य जितबहादुर चलाउने, हरिलाल केसी, ईश्वरी बुढाथोकी, शान्ता हमाल, प्रेमा अधिकारी, धना बुढाथोकीलगायत ३६ जना सामान्य घाइते भए। एकीकृत माओवादीतर्फ लक्ष्मीपुर गाविस-३ निवासी जीवन भनिने खुमबहादुर मगर एमाले कार्यकर्ताको ढुङ्गा प्रहारबाट गम्भीर घाइते भए। ढुङ्गा प्रहारबाट एकीकृत माओवादीका कार्यकर्ताहरू शोभाजङ्ग केसी, तिलक विक, प्रेम रावत, लीलादेवी कुँवर, रूपलाल राना, सुकलाल खड्कालगायत १९ जना सामान्य घाइते भए। गम्भीर घाइतेहरूमध्ये

एमालेतर्फका घाइतेहरूलाई जिल्ला अस्पतालमा प्राथमिक उपचारपछि थप उपचारका लागि काठमाडौँस्थित मनमोहन मेमोरियल अस्पतालमा लगियो भने माओवादी र अन्य सामान्यतर्फका घाइतेहरूको उपचार जिल्ला अस्पतालमा भयो। घटनाको विषयलाई लिएर मङ्सिर २९ गते एमालेले जिल्ला प्रहरी कार्यालयमा १९ जना एकीकृत माओवादी कार्यकर्ताविरुद्ध उजुरी दिएकामा प्रहरीले मङ्सिर ३० गते धनवाङ गाविस-१ कपुरकोटबाट वाईसीएल जिल्ला इन्चार्ज असल भनिने चन्द्रबहादुर खड्का र खलङ्गा गाविस-५ निवासी भीम हमाललाई गिरफ्तार गरी ज्यान मार्ने उद्योग अन्तर्गत मुद्दा दायर गऱ्यो। चन्द्रबहादुर र भीम हमाललाई जिल्ला अदालतले पुस १२ गते ५०-५० हजार रुपियाँ धरौटी राखी तारिखमा रिहा गऱ्यो। सोही घटनामा एकीकृत माओवादीद्वारा १२ जना एमाले कार्यकर्ताविरुद्ध उजुरी दिएकामा जिल्ला प्रहरी कार्यालयले पुस १ गते बिहान खलङ्गा गाविस-५ निवासी प्रायुसङ्घ जिल्ला अध्यक्ष ३३ वर्षीय जयराम सिंह र पपलनेटा गाविस-८ निवासी अनेरास्ववियु जिल्ला कमिटी सचिव २३ वर्षीय जनक विकलाई गिरफ्तार गरी केही सार्वजनिक अपराध ऐन अन्तर्गत ०६६ पुस ५ गते जिल्ला प्रशासन कार्यालयमा मुद्दा दर्ता गऱ्यो। उनीहरूलाई जिल्ला प्रशासन कार्यालयले ५-५ हजार रुपियाँ धरौटी राखी ०६६ पुस ६ गते तारिखमा रिहा गऱ्यो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत सल्यानमा दुनियाँवादी फौजदारी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका २४ थानमध्ये यसवर्ष सात फर्स्यौट भए भने १७ थान बाँकी रहे।

दुनियाँवादी फौजदारी मुद्दातर्फ यस वर्ष दर्ता भएका २४ थानमध्ये पाँच थान फर्स्यौट भए भने १९ थान बाँकी रहे। यसरी यस वर्षको अन्त्यसम्म बाँकी रहेका दुनियाँवादी फौजदारी मुद्दा जम्मा ३६ थान रहे।

सरकारवादी फौजदारी मुद्दातर्फ गत वर्षको बाँकी १४ मध्ये चार थान फर्स्यौट भए भने १० थान बाँकी रहे। यो वर्ष दर्ता भएका १० मध्ये एक थान फर्स्यौट भई ९ थान बाँकी रहे। यसरी यो वर्षको अन्त्यसम्म सरकारवादी मुद्दा १९ थान बाँकी रहे। देवानी मुद्दातर्फ गत वर्षको बाँकी ४३ र यो वर्ष दर्ता भएका २० मध्ये १८ थान मात्र फर्स्यौट भई ४५ थान बाँकी रहे। यसरी जिल्ला अदालत सल्यानमा यस वर्ष जम्मा १ सय ५ थान मुद्दा बाँकी रहे।

जिल्ला प्रशासन कार्यालयमा जम्मा पाँच थान मुद्दा यस वर्ष दर्ता भएका छन्। जसमध्ये अवैध हातहतियारसम्बन्धी एक थान, केही सार्वजनिक अपराधसम्बन्धी तीन थान र भ्रष्टाचारसम्बन्धी एक थान रहेका छन्।

जिल्ला प्रहरी कार्यालय सल्यानमा यस वर्ष दर्ता भएका अतिरिक्त जानकारीका घटनाहरूमा झुन्डिएर आत्महत्याका छ, विषसेवन गरी आत्महत्या दुई, पानीमा डुबेर मृत्यु तीन, खोलामा बगेर मृत्यु तीन, लडेर मृत्यु दुई, मदिरा सेवनबाट मृत्यु एक, सवारी दुर्घटनसम्बन्धी छ, फुटकर ज्यानसम्बन्धी छ घटना दर्ता भएका छन्। यसै गरी यस वर्ष झाडापखालाबाट आठ जनाको मृत्यु भएको छ। जसमा तीन जना महिला पाँच जना पुरुष रहेका छन्। अविरल बाढीका कारण यस वर्ष २ सय २ घर भत्किएर क्षतिग्रस्त भएका छन्। यस्तै १९ घर आगलागीबाट जलेर नष्ट भए।

यातना तथा अन्य क्रूर, अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

दामाचौर गाविस-१ पलाटेका ४४ वर्षीय वीरबहादुर चन्द र ४० वर्षीय यमु चन्दलाई इलाका प्रहरी कार्यालय दामाचौरको हिरासतमा राखेको अवस्थामा ०६५ फागुन १६ गते राती र १७ गते दिउँसो उक्त कार्यालयमा कार्यरत सई मुकेश कुँवर र असई लक्ष्मीप्रसाद आचार्यले बयान गराउँदा काँधका जोर्नीहरूमा लाठीले घोच्ने, खुट्टाका पैतला माथितिर फर्काएर लाठीले कुट्ने, आधा घाँटी पुग्ने गरी मुखमा लाठीले घोचेर यातना दिए। यातनाका कारण पीडितहरूले १५ दिनसम्म हातखुट्टा दुखेको बताए। त्यसपछि आफूलाई प्यारालाइसिसको लक्षण देखिएको हुँदा जिल्ला कारागारभित्रै औषधी उपचार गरेकाले हाल ठीक हुँदै गएको कुरा वीरबहादुर चन्दले बताए।

झडपमा घाइते भएका उदयबहादुर चन्द

Mid-westren:Layout 1 2/14/2010 12:31 PM Page 434

बालअधिकार

यस जिल्लामा यस वर्ष प्राथमिक विद्यालयमा भर्ना भएका छात्र २८ हजार २ सय ४७, छात्रा ३१ हजार १ सय ६५ रहेका छन्। त्यसैगरी, निमाविमा भर्ना भएका छात्र ८ हजार ९ सय ५५ र छात्रा ८ हजार ८ सय ९० रहेका छन्। माविमा छात्र ४ हजार २ सय १४ र छात्रा ३ हजार ९ सय ४ रहेका छन् भने उमाविमा १ हजार ६४ छात्र र ९ सय ६ छात्रा रहेका छन्। जिल्लामा १० प्रतिशत बालबालिका अझै भर्ना प्रक्रियामा नआएको जिल्ला शिक्षा कार्यालय सल्यानले जनाएको छ।

यस वर्ष जिल्लामा रहेका केही विद्यालयका बालबालिकाहरूले शैक्षिक वर्षको सुरुदेखि पाठ्यपुस्तक पढ्नबाट वञ्चित रहे। जिल्लास्थित सिद्धेश्वरी मावि निगालचुलामा कक्षा ६ मा अध्ययनरत ७० जना विद्यार्थीले मङ्सिर १३ गतेसम्ममा विज्ञान र गणित विषयका पाठ्यपुस्तक पाएनन् भने कक्षा ७ मा अध्यनरत ६० जना विद्यार्थी मङ्सिर १३ गतेसम्म गणित, वातावरण, शारीरिक र पूर्वव्यावसायिक शिक्षा विषयका पाठ्यपुस्तक पाउन सकेनन्। विद्यालय खुल्ने समय १० देखि ४ बजे भए तापनि जिल्लाका अधिकांश विद्यालयहरू उक्त समयसम्म सञ्चालनमा नरहेको पाइएको छ। तोकिएको समयमा विद्यालयहरू सञ्चालन नहुँदा र सम्बन्धित निकायले यसको अनुगमन नगर्दा विद्यार्थीहरूको पठनपाठनमा बाधा पुगेको पाइएको छ।

फलावा गाविस-८ बुकीचौरकी १४ वर्षीया एक बालिकालाई ०६६ जेठ १५ गते दिउँसो सोही ठाउँका ६० वर्षीय ज्ञानबहादुर घर्तीले आफ्नो बारीमा मल बोक्न बोलाएको र दिउँसो कोठामा गहुँ केलाउँदै गरेको अवस्थामा जबरजस्ती समातेर बलात्कार गरेको कुरा आमालाई भनेपछि सोही दिन इलाका प्रहरी कार्यालय लुहाममा उजुरी दिइन्। घटनापछि फरार रहेका पीडकलाई साउन ५ गते इलाका प्रहरी कार्यालय लुहामले गिरफ्तार गरी पुर्पक्षका लागि कारागार चलान गऱ्यो। यस वर्षको अन्त्यसम्म जिल्ला अदालत सल्यानमा मुद्दा चलिरहेको छ।

बामे गाविस- ४ निवासी मुक्ति मावि हिलेपोखरीका शिक्षक २३ वर्षीय भोलाप्रसाद शर्मा, सोही विद्यालयमा कक्षा १० मा अध्ययनरत वामे गाविस- ४ का १७ वर्षीय यदुप्रसाद शर्मा, कक्षा ९ मा अध्ययनरत सोही गाविस-३ का १५ वर्षीय सुरेन्द्र शर्मा र कक्षा १० मा अध्ययनरत सोही ठाउँका १७ वर्षीय रोमप्रसाद शर्मालाई विभिन्न समयमा गाउँघरमा भएका चोरीको आरोप लगाई ०६६ मङ्सिर १५ गते सोही गाविस-९ निवासी विद्यालय व्यवस्थापन समितिका अध्यक्ष तुलसीराम बुढाथोकीको अध्यक्षतामा बसेको बैठकले उनीहरूलाई विद्यालय आउनमा रोक लगाउनुका साथै विद्यालयमा आएमा जुत्ताको माला र मोसो दली गाउँ घुमाउने निर्णय गरेका कारण हालसम्म उनीहरू विद्यालय जान सकेका छैनन्। आफूहरू एमाले समर्थक भएको र व्यवस्थापन समितिका अध्यक्ष लगायत बहुमत सदस्यहरू एकीकृत माओवादी समर्थक भएकाले राजनीतिक पूर्वाग्रका कारण यस्तो निर्णय गरेको कुरा पीडितहरूले बताए। पीडितहरूमध्ये भोला शर्मा विस्थापित भई सदरमुकाम बसे भने अन्य फर्के।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

सेजवालटाकुरा गाविस-९, सुनटाकुराकी २७ वर्षीया गीता बस्नेतलाई परपुरुषसँग यौन सम्बन्ध राखेको आशङ्कामा ०६६ वैशाख ३१ गते उनका पति ३३ वर्षीय कलासे बस्नेतले डोरीले हात पछाडी बाँधी लाठीले कुटपिट गर्नुका साथै ओठ, गाला, गुप्ताङ्ग, तिघ्रा, जाँघलगायत शरीरका विभिन्न भागहरूमा ब्लेडले चिरेर नुनचुक र खुर्सानी दले। पीडितले जेठ २ गते जिल्ला प्रहरी कार्यालय सल्यानमा न्यायका लागि उजुरी दिइन् र सोही दिन उनले जिल्ला अस्पताल सल्यानमा घाउजाँच गराइन्। उनको उजुरीका आधारमा जेठ ३ गते प्रहरीले पीडित र पीडक दुवैलाई जिप्रकामा बोलाई आइन्दा यसो गरेमा कडा कारवाही गर्ने सर्तमा सामान्य तारेखमा रिहा गऱ्यो। पीडितको आग्रहमा पीडकलाई कारबाही नगरेको जिल्ला प्रहरी कार्यालय सल्यानका प्रहरी नायब उपरीक्षक राजु मानन्धरले बताए। त्यसको चार/पाँच दिनपछि जिल्ला प्रहरी कार्यालयमा उजुरी दिएको आरोपमा पुनः कुटपिट गरे तर त्यसपछि उनले कहीं उजुरी गरिनन्।

पारिवारिक हिंसा

स्यानीखाल गाविस-२, चलाउने टोलकी २१ वर्षीया भूमा चलाउनेका पति २२ वर्षीय सुरेश चलाउनेले ०६४ सालमा सरिता योगीसँग बहुविवाह गरेदेखि पति सुरेश चलाउने र ससुरा रुद्रबहादुर चलाउनले गालीगलौज गर्ने, कुटपिट गर्ने, बिरामी भएमा औषधी उपचार नगर्ने र पटकपटक घरबाट निक्लन दबाब दिने गरेका कारण ०६५ फागुन ७ गते घर छोडी डेढ वर्षकी छोरी साथमा लिएर लेखपोखरा गाविस-३ स्थित माइतीघरमा बसेकी छन्। पीडितले अंशबण्डासहित छुटपत्र गरिपाऊँ भनी ०६५ फागुन २८ गते जिल्ला अदालत सल्यानमा मुद्दा दायर गरेकी छन्।

Mid-westren:Layout 1 2/14/2010 12:31 PM Page 435

दुर्व्यवहार

कजेरी गाविस-६, हलचौरकी ७० वर्षीया विष्णी बुढाथोकीलाई आफूलाई बोक्सी भनेको आरोपमा ०६६ कात्तिक १६ गते सोही ठाउँकी २८ वर्षीया कमला योगी (गोसाईं)ले घाँटी थिचेर हत्या गरिन्। उनले हत्या गरेको कुरा तत्काल खुल्न नसके तापनि ०६६ मङ्सिर ३० गते जिल्ला प्रहरी कार्यालय सल्यानमा आफैँ आई गिरफ्तारी दिइन्। हाल उनी ज्यान मुद्दाको अभियोगमा हिरासतमा छन्।

स्यानीखाल गाविस-५, सल्यानचौर निवासी ४७ वर्षीय बासमती बुढालाई बोक्सीको आरोपमा ०६६ कात्तिक २८ गते बिहान उनकै जेठानी नाता पर्ने निमी बुढाको अगुवाइमा सोही ठाउँकी चित्रा बस्नेत, कमला बस्नेत, सर्केनी बुढासहित चार जनाले छिमेकी गणेश बस्नेतको घरनजिकै समाती नाङ्गो पारेर शरीरभरि नीलडाम हुनेगरी कुटपिट गरे। पीडितले सोही दिन इलाका प्रहरी कार्यालय श्रीनगरमा उजुरी दर्ता गरिन्। इलाका प्रहरी कार्यालयले भने ०६६ मङ्सिर १ गते मात्र पिडकलाई गिरफ्तार गरेर २ गते दुवै पक्षलाई बोलाएर छलफल गराई आइन्दा यस्तो दुर्व्यवहार नगर्ने र औषधीखर्चमा लागेको पैसा बेहोर्ने सर्तमा मिलापत्र गरायो। पीडितको औषधी उपचार कान्तिपुर पोली क्लिनिक, श्रीनगरमा गरियो।

डाडाँगाउँ गाविस-७, ठाराढुङ्गाकी बेलमती विकलाई ०६६ वैशाख २७ गते सोही ठाउँका उमलाल खत्री, शेरबहादुर भण्डारी र दुर्गा भण्डारीले बोक्सीको आरोपमा गाली-बेइज्जती गर्नुका साथै घरमै गएर उनी र उनका पति टीकाराम विकसमेतलाई दुर्व्यवहार गरे। पीडितहरूले घटनाका सम्बन्धमा गाउँलेलाई जानकारी गराए पनि कुनै सुनुवाइ नभएपछि दलित विकास समाज नामक गैरसरकारी संस्थामा उजुरी गरेपछि ०६६ वैशाख ३० गते सो संस्थाले दुवै पक्षलाई हरप्लेस कार्यालयमा बोलाई आगामी दिनमा कुनै किसिमको दुर्व्यवहार नगर्ने सर्तमा पीडित र पीडकलाई मिलापत्र गराइयो।

स्वास्थ्य सेवाको अवस्था

यस वर्ष जिल्ला अस्पतालमा दरबन्दी तीन जनाको रहे पनि एक दरबन्दी रिक्त रहेको छ। अस्पतालमा ल्याब असिस्टेन एक जना, मेडिकल अधिकृत एक जना, रेडियोग्राफर एक जना, मेडिकल रेकर्डर एक जना, डार्करुम सहायक एक जना, अनमि एक जना गरी सात जनाको दरबन्दी रिक्त रहेको छ। प्राथमिक स्वास्थ्य केन्द्रमा मेडिकल अधिकृत दुई जना, स्टाफ नर्स एक जना, ल्याब असिस्टेन्ट एक जना, अहेब एक जना, अनमि एक जना गरी छ जनाको दरबन्दी रिक्त रहेको छ। स्वास्थ्यचौकीमा अहेब चार जना, अनमि तीन जनाको दरबन्दी रिक्त रहेको छ। जिल्लाका ३६ वटा उपस्वास्थ्यचौकीमा अहेब १० जना, मासिका तीन जना, ग्रामीण स्वास्थ्य कार्यकर्ता पाँच जनाको दरबन्दी रिक्त रहेको छ।

४.५ रूकुम



जनसङ्ख्या : २,१५,२७०
साक्षरता प्रतिशत : ४५
महिला साक्षरता प्रतिशत : ३५
क्षेत्रफल (वर्ग कि. मि.) : २,८७७
गाविस/नपा सङ्ख्या : ४३/०
सरकारी/निजी विद्यालय : ३७४/५
क्याम्पस/उच्च मा.वि. : १/५
अस्पताल/स्वास्थ्य चौकी : १/४४
मानव विकास सूचकाङ्कः ०.३८६
प्रतिपरिवार सरदर सङ्ख्याः ६

जेल र बन्दीहरू

'घ' श्रेणीको रुकुम जिल्ला कारागारको बन्दी क्षमता ३० जनाको रहेकामा यस वर्षको अन्त्यसम्ममा कैद तोकिएका चार जना पुरुष बन्दीहरू रहेका छन् भने कैद नतोकिएका २५ जना पुरुष र सात महिला गरी ३६ जना थुनुवाहरू रहेका छन्। यस कारागारमा आश्रितको रूपमा एक जना चार वर्षीया बालिका रहेकी छन्।

०६६ पुस १३ गते कारागारको अनुगमनका क्रममा कारागार भवन जीर्ण हुनु, बन्दीहरू सुत्ने

Mid-westren:Layout 1 2/14/2010 12:31 PM Page 436

घटनाको प्रकार	गैर राज्यबाट				
	अन्यबाट				
	घटना सङ्ख्या	पुरुष	महिला	नखुलेको	जम्मा
घाइते	१	११	१	१०	३३
कुटपिट	५	५	१		६
भेला/संगठित हुने अधिकार	१	५	३		८
जातीय विभेद	३	११			११
बालअधिकार	३		३		३
जम्मा	१३	३३	८	१०	४९

कोठाहरू साँघुरा, शौचालय नहुनु, खेलकुदका सामग्रीहरू पर्याप्त नहुनु, महिला कारागारको पर्खाल साँघुरो हुनुजस्ता समस्याहरू विद्यमान रहेको बन्दीहरूले गुनासो गरे। घरेलु तथा साना उद्योग समितिले पाँचओटा कपडा बुन्ने तानहरू दिएको भए पनि त्यहाँ उत्पादित सामानहरूले बजार नपाएको बन्दीहरूको भनाइ छ।

कारागारको भौतिक सुधार, कैद मिनाहालगायतका २२ सूत्रीय मागहरू राखेर कारागारका कैदी तथा थुनुवाहरूले ०६६ कात्तिक १४ गते जेलभित्रै प्रदर्शन गर्नुका साथै तोडफोडसमेत गरे। विरोधपश्चात् सामान्य रूपमा भौतिक सुधार र केही खेलकुद सामग्रीहरू आपूर्तिलगायतका मागहरू पूरा भएको उनीहरूको भनाइ छ।

धम्की/कुटपिट

वाईसीएलबाट

नुवाकोट गाविस-५ का ३५ वर्षीय रामबहादुर विकलाई छिमेकीसँगको जग्गासम्बन्धी विवाद गरेको आरोपमा ०६६ असार २० गते माओवादी तथा वाईसीएलका स्थानीय कार्यकर्ताहरूले पीडितकै घरमा आएर कुटपिट गरे। पीडितको उपचार रुकुम जिल्ला अस्पतालमा गरियो। पीडितले घटना दोहोरिने डरले प्रहरीमा उजुरी दिएनन्।

अज्ञात समूहबाट

गरायला गाविस-८ का २५ वर्षीया टीका विष्टलाई *सिस्ने एफएम*को कार्यालयबाट रुकुम जिल्ला अस्पतालमा जाँदै गर्दा ०६६ मङ्सिर २३ गते दिउँसो खलङ्गा गाविस-१, घीउखोलानजिकैको जङ्गलमा अज्ञात समूहले आक्रमण गऱ्यो। उक्त समूहले पीडितका दायाँ हातका चारओटा औंला ब्लेडले चिरिदिनुका साथै उनीसँग रहेको दुई थान मोबाइल फोन र ल्यापटप कम्प्युटरसमेत फोडिदियो। हाल पीडित उपचारपछि डाक्टरको निगरानीमा काठमाडौंमा रहेकी छन्। पीडितले विगतमा आफूले लेखेका लेखहरूका बारेमा धम्की आएको र आक्रमण गर्दा यो लेख किन लेखिस् भनेर आक्रमण गरिएको आधारमा पीडकहरू नकाबधारी भएका कारण पीडितले नचिने पनि घटना एकीकृत माओवादीबाटै भएको हुनसक्ने नेपाल पत्रकार महासङ्घको अनुगमन टोलीलाई बताएकी छन्। घटनाबारे छानबिन गर्न रुकुम पुगेको नेपाल पत्रकार महासङ्घ काठमाडौंको मिसन टोलीले घटना एकीकृत माओवादीबाट भएको ठहर गरेको छ। एकीकृत माओवादीले गठन गरेको आन्तरिक छानबिन समितिले घटनामा आफ्नो पार्टीको संलग्नता नभएको रुकुममा पत्रकार सम्मेलन गरेर जानकारी दियो। एकीकृत माओवादीबाट गठन गरिएको छानबिन समितिले घटनाको विषयमा आफूहरूसँग लिएको बयान बङ्ग्याएर सार्वजनिक गरेको भन्दै घटनाका प्रत्यक्षदर्शीहरूले पुस १३ गते प्रेस विज्ञप्ति प्रकाशित गरे। अनौपचारिक क्षेत्र सेवा केन्द्र इन्सेक क्षेत्रीय कार्यालय नेपालगञ्जको टोलीले पुस १ गतेदेखि ४ गतेसम्म घटनाको स्थलगत अनुगमन गऱ्यो। यस वर्षको अन्त्यसम्म इन्सेकले अनुगमन प्रतिवेदन सार्वजनिक गरेको छैन। पीडितकी आमाले जिल्ला प्रहरी कार्यालय रुकुममा मङ्सिर २९ गते जाहेरी दिए पनि यस वर्षको अन्त्यसम्म प्रहरीले अनुसन्धान प्रक्रिया जारी रहेको बताएको छ। प्रहरीले अनुसन्धानका लागि १५ जना एकीकृत माओवादीका कार्यकर्तालाई गिरफ्तार गरेकामा अनुसन्धानपछि रिहा गऱ्यो। प्रहरी निरीक्षक दिवाकर घिमिरेको नेतृत्वमा जिल्ला प्रहरी कार्यालय रुकुमले एउटा अनुसन्धान टोली गठन गरेको जनाएको छ।

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

नेपाली काङ्ग्रेस, नेकपा (एमाले)लगायतका पाँच दलद्वारा रुकुम सदरमुकाममा आयोजित कोणसभामा ०६५ फागुन १८ गते वाईसीएलले आक्रमण गर्दा राष्ट्रिय जनमोर्चा रुकुमका अध्यक्ष रामप्रकाश पुरी, राप्रपा रुकुमका अध्यक्ष मुकुन्द शाह,

नेपाली काङ्ग्रेसका सीता ओली, थलबहादुर खड्का, नन्द विष्ट, टोपबहादुर खड्का, केशर ओलीलगायत १२ जना घाइते भए। घटनामा प्रहरीतर्फ १० जना सामान्य घाइते भए भने १२ जना वाईसीएल कार्यकर्ताहरू घाइते भए। घाइतेहरूमध्ये रामप्रकाश पुरीको उपचार काठमाडौँमा गरियो भने अरूको जिल्लामै उपचार भयो। आक्रमण गरेको आरोपमा ०६५ फागुन २० गते प्रहरीले अनेरास्ववियु (क्रान्तिकारी)का कार्यकर्ताहरू दिनेश गुरुङ, सुरेश केसी, अर्जुन बटाला र विक्रम शाहीलाई खलङ्गा गाविस-३ बाट गिरफ्तार गरी सार्वजनिक अपराध अन्तर्गत मुद्दा चलायो।

मुरु गाविस-४ का २० वर्षीय नेविसङ्घ रुकुमका अध्यक्ष ताराप्रसाद ओलीलाई खलङ्गा बजारबाट आफ्नो कोठातिर जाँदै गर्दा ०६५ फागुन १९ गते साँझ अनेरास्ववियु (क्रान्तिकारी)का विद्यार्थीहरूले आफ्नो कोठानजिकै कुटपिट गरे। फागुन १८ गतेको कोणसभामा सक्रियता देखाएको आरोपमा उनलाई कुटपिट गरिएको पीडितले बताए। सुरक्षा निकायले पीडकहरूलाई कारबाही गर्ने विश्वास नभएर पीडितले प्रहरीमा उजुरी दिएनन्।

नेपाल शिक्षक युनियन रुकुमका सल्लाहकार तथा यमुना नन्द नमुना मावि सेरीगाउँका शिक्षक हरिबहादुर शाह कोठामा बसिरहेको अवस्थामा ०६५ फागुन १९ गते साँझ अनेरास्ववियु (क्रान्तिकारी)का विद्यार्थीहरूले ढुङ्गामुढा गरे। पीडितले टर्च लाइट बालेर हल्ला गरेपछि पीडकहरू त्यहाँबाट भागेका थिए। सुरक्षा निकायले पीडकहरूलाई कारबाही गर्ने विश्वास नभएर पीडितले प्रहरीमा उजुरी दिएनन्।

सुगम र निष्पक्ष न्यायिक अधिकार

रुकुम जिल्ला अदालतमा गत वर्षको जिम्मेवारी सरेर आएका देवानी ६० थानमध्ये दुई थान मुद्दा फर्स्यौट भए।

यस वर्ष दर्ता भएका देवानी ३७ मुद्दामा कुनै पनि फर्स्यौट भएनन्। हाल यस जिल्लामा ९५ थान देवानी मुद्दा फर्स्यौट हुन बाँकी रहेका छन्।

गत वर्षको जिम्मेवारी सरेर आएका दुनियाँवादी फौजदारी मुद्दा ६० थानमध्ये कुनै पनि फर्स्यौट भएनन्।

यस वर्ष परेका ४८ थान फौजदारी मुद्दामा सात थान फर्स्यौट भए भने ४१ थान फर्स्यौट हुन बाँकी रहे। हाल यस जिल्ला अदालतमा १ सय १ थान मुद्दाहरू फर्स्यौट हुन बाँकी रहेका छन्।

यसरी यस वर्षको अन्त्यसम्म फर्स्यौट हुन बाँकी रहेका मुद्दाको सङ्ख्या १ सय ९६ रहेको छ। पाँच वर्ष नाघेका मुद्दा छैनन्।

अज्ञात समूहको आक्रमणबाट घाइते भएकी पत्रकार टीका बिष्ट

बालअधिकार

यस जिल्लामा अध्ययनरत १ हजारजना विद्यार्थीले पाठ्यपुस्तक पाएनन्। जिल्लामा विद्यालय जाने उमेरका आठ प्रतिशत बालबालिकाहरू विद्यालय जानबाट वञ्चित रहेका छन्। जिल्लामा ३ सय ७४ ओटा सरकारी विद्यालय र निजी क्षेत्रका पाँचओटा विद्यालय छन्।

पीपल गाविस-७ की १६ वर्षीया एक बालिकालाई ०६६ जेठ २५ गते सोही ठाउँका ३२ वर्षीय रुद्रबहादुर खत्रीले स्थानीय मानिसको रित्तो घरमा लगेर बलात्कार गरको भनी उजुरी दिएपछि प्रहरीले आरोपितलाई गिरफ्तार गरी अदालतको आदेशमा जेल चलान गरेको छ।

मुरु गाविस-५ की १७ वर्षीया एक बालिकालाई ०६६ भदौ ९ गते सोही ठाउँका २९ वर्षीय गोकर्ण रेउलेले गाउँमै मेला हेर्न गएको अवस्थामा बलात्कार गरेको भनी पीडितको उजुरीका आधारमा प्रहरीले आरोपितलाई गिरफ्तार गरी अदालतको आदेशमा जेल चलान गरेको छ।

सबै प्रकारका जातीय विभेद

साँख गाविस-१ का २१ वर्षीय दिनेश परियारलाई उपल्लो जातकी महिलासँग विवाह गरेको आरोपमा ०६६ कात्तिक ७ गते सोही गाविस-३ का डम्बरबहादुर पाण्डे र क्षेत्रबहादुर ओलीलगायतका व्यक्तिहरूले पीडितकै घरमा आएर कुटपिट गर्नुका साथै नगद ५० हजार रुपियाँ र पत्नी हीरा पाण्डेसमेतलाई जबरजस्ती लगे। हाल उनीहरू पति र पत्नीको रूपमा सँगै बसिरहेका छन्। पीडकलाई कारबाही गर्न जिल्लामा गठित दलित जनअधिकार फोरमले विज्ञप्तिमार्फत प्रहरीलाई जानकारी दिए पनि यस वर्षको अन्त्यसम्म कसैलाई कारबाही भएको छैन।

स्यालाखदी गाविस-३ का ३२ वर्षीय हर्कवीर विक, शेरबहादुर विक, धनिराम परियार, जयबहादुर विक, अमृत विक र कलिभान विकलाई ०६६ कात्तिक ४ गते सोही ठाउँका उपल्लो जातका अमृत बोहराको नेतृत्वमा आएको समूहले आक्रमण

Mid-westren:Layout 1 2/14/2010 12:31 PM Page 438

गरी घाइते बनायो। पीडितहरूको उपचार स्थानीय स्वास्थ्य चौकीमा गरियो। पीडकलाई कारबाही गर्न जिल्लामा गठित दलित जनअधिकार फोरम रुकुमले विज्ञप्तिमार्फत प्रहरीलाई जानकारी दिए पनि यस वर्षको अन्त्यसम्म कसैलाई कारबाही भएको छैन।

नुवाकोट गाविस-२ का ३२ वर्षीय धनसिंह परियार, ३७ वर्षीय मानबहादुर परियार र २८ वर्षीय लालबहादुर परियारलाई घरायसी छलफलका क्रममा सोही ठाउँका वीरबहादुर ओलीको नेतृत्वमा आएको समूहले कुटपिट गऱ्यो। फेरि कुटपिट हुने डरले पीडितहरूले प्रहरीसमक्ष उजुरी दिएनन्।

स्वास्थ्य सेवाको अवस्था

रुकुम जिल्लामा यस वर्षको अन्त्यमा डाक्टर दरबन्दी चार जना रहेकामा तीन जना मात्र जिल्लामा कार्यरत रहेका छन्। स्टाफ नर्स दुई जनाको दरबन्दी रहेकामा दुवै जना कार्यरत छैनन्। सिअहेव नौ जनाको दरबन्दी रहेकामा सबै कार्यरत छन्। अहेव ४३ जनामा सबै कार्यरत छन्। ग्रामीण स्वास्थ्य कार्यकर्ताको ४३ जनाको दरबन्दी रहेकामा ३२ जना कार्यरत छन्। अनमि ११ जनाको दरबन्दीमा ११ जनै कार्यरत छन्। मासिका ३४जनाको दरबन्दी रहेकामा ३२ जना कार्यरत छन्।

दरबन्दी अनुसार स्वास्थ्य कर्मचारीहरू नहुँदा बिरामीहरूले पर्याप्त सेवा पाउन सकेका छैनन्। यसरी सरकारबाट घोषणा गरिएको नि:शुल्क स्वास्थ्य अधिकारबाट जनता वञ्चित भएका छन्। प्रसूति सेवाको अभावमा सुत्केरी हुन नसकेर महिलाहरू मृत्युको मुखमा पुगिरहेका छन् भने बालबालिकाहरूले नियमित खोप पाउन सकेका छैनन्। स्वास्थ्य निकायहरूमा पर्याप्त स्रोतसाधन तथा उपकरणहरूको कमी रहेको छ ।

यस वर्ष रुकुममा झाडापखालाबाट ५६ जना व्यक्तिहरूको मृत्यु भएकामा १० जना बालक र ११ जना बालिका गरी जम्मा २१ जना बालबालिका रहेका थिए।

४.६ बाँके



जनसङ्ख्या : ४,८९,१५०
साक्षरता प्रतिशत : ५३
महिला साक्षरता प्रतिशत : ५०
क्षेत्रफल (वर्ग कि. मि.) : २,३३७
गाविस/नपा सङ्ख्या : ४६/१
सरकारी/निजी विद्यालय : ४५२/६५
क्याम्पस/उच्च मा.वि. : ६/३२
अस्पताल/स्वास्थ्य चौकी : १६
मानव विकास सूचकाङ्कः ०.४७९
प्रतिपरिवार सरदर सङ्ख्याः ७

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या

राज्यबाट

बनकट्टी गाविस-५ का १८ वर्षीय परशुराम कोरी जनतान्त्रिक तराई मुक्ति मोर्चाका कार्यकर्ता भएको आरोपमा ०६५ चैत २७ गते राती बेतहनी प्रहरी चौकी र जिल्ला प्रहरी कार्यालयबाट गएको संयुक्त प्रहरी टोलीले उनलाई बेतहनी गाविस-४ बाबागाउँबाट गिरफ्तार गरी करिब २ सय मिटर टाढा रहेको शिवपुरी प्राथमिक विद्यालयनजिकै खेतमा पुऱ्याई सोही दिन गोली हानी हत्या गऱ्यो। प्रहरी र ज्वाला सिंह समूहका कार्यकर्ताबीच भएको दोहोरो भिडन्तमा कोरीको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय बाँकेले ०६५ चैत २८ गते पत्रकार सम्मेलनमा जनायो। इन्सेक, एड्भोकेसी फोरम र नेपाल बार मानवअधिकार परियोजनाको संयुक्त स्थलगत अनुगमन प्रतिवेदनमा पीडितलाई गिरफ्तार गरी हत्या गरेको उल्लेख छ।

Mid-westren:Layout 1 2/14/2010 12:31 PM Page 439

घटनाको प्रकार	गैर राज्यबाट									राज्यबाट				
	अन्यबाट					एकीकृत माओवादीबाट								
	घटना सङ्ख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	१३	११	२		१३					२	२			२
घाइते	६	७	३		१०									
गिरफ्तारी/यातना										७	१९			१९
कुटपिट	७	१८	४		२२					१	१			१
धम्की	६	४	४		८	१	४	१	५	१		१		१
भेला/सङ्गठित हुने अधिकार										५	१७	२	२०	३९
महिलाअधिकार	५		५		५									
बालअधिकार	७	१	५	१	७									
आर्थिक/सामाजिक/ सांस्कृतिक अधिकार	३	२		१	३	३	२	१	३					
अपहरण	८	८	१		९									
जम्मा	५४	५१	२४	२	७७	४	६	२	८	१६	३९	३	२०	६२

दोहोरो भिडन्त

फत्तेपुर गाविस-३ निवासी जनतान्त्रिक मधेस मुक्ति टाइगर्स तराईका एरिया कमान्डर २६ वर्षीय ओमकार श्याम भारती गोसाईंको ०६६ पुस १२ गते बिहान ८ बजे मटेहिया र नरैनापुर गाविसको बीच सिमानामा पर्ने केरोनियास्थित जङ्गलमा सशस्त्र प्रहरी क्याम्प गङ्गापुरका प्रहरी र जनतान्त्रिक मधेस मुक्ति टाइगर्स तराईका कार्यकर्तासँगको दोहोरो भिडन्तका क्रममा प्रहरीको गोली लागी मृत्यु भयो। प्रहरीको गोलीबाट दायाँ खुट्टा र छातीमा गोली लागेका गोसाईंको सोही दिन भेरी अञ्चल अस्पताल नेपालगञ्जमा पोस्टमार्टम भयो।

जनतान्त्रिक मधेस मुक्ति टाइगर्स (तराई समूह) बाट

राधापुर गाविस-४ निवासी नेपालगञ्ज नपा-१६ मा दूधको व्यवसाय गर्ने ३६ वर्षीय प्रकाश शाहीको ०६५ माघ ११ गते साँझ घरबाट नेपालगञ्ज जाँदै गरेको अवस्थामा तत्कालीन जनतान्त्रिक मधेस मुक्ति टाइगर्स तराई (ज्वाला सिंह) समूहका कार्यकर्ताले धारिलो हतियार प्रहार गरी हत्या गरे। इन्द्रपुर गाविसस्थित कर्मोली गाउँनजिक रहेको नहरछेउमा शाहीको लास प्रहरीले ०६५ माघ १२ गते फेला पारेको थियो। असुरक्षाका कारण यस वर्षको अन्त्यसम्म प्रहरीमा उजुरी नदिएको मृतकका आफन्तले बताए।

वनकट्टी गाविस-१ का २८ वर्षीय सैजात खाँले चन्दा नदिएको आरोपमा ०६५ फागुन १४ गते उनलाई जनतान्त्रिक मधेस मुक्ति टाइगर्सका कार्यकर्ताले घाँटी रेटेर हत्या गरी बेतहनी गाविस-७ दासपुरुवास्थित चौरमा फालेको अवस्थामा ०६५ फागुन १५ गते प्रहरीले लास भेटेको थियो। असुरक्षाका कारण मृतकका आफन्तले यस वर्षको अन्त्यसम्म प्रहरीमा जाहेरी नदिएको बताए।

बम विस्फोटनबाट

रनियापुर गाविस-९ निवासी जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) समूहका कार्यकर्ता २४ वर्षीय तैयास महम्मद खाँले ०६५ चैत १० गते दिउँसो नेपालगञ्ज नपा सुर्खेत रोडस्थित भेरी अञ्चल यातायात व्यवस्था कार्यालयमा प्रेसर कुकर बम विस्फोट गराउँदा आफ्नै बममा परी मृत्यु भयो। बम विस्फोटनबाट कार्यालयको पर्खाल भत्केको थियो।

Mid-westren:Layout 1 2/14/2010 12:31 PM Page 440

अज्ञात समूहबाट

कोहलपुर गाविस-२ रामनगर निवासी तरुण दलका जिल्ला सदस्य सुभाष बर्नवाललाई मोटरसाइकलमा घर जाँदै गरेको अवस्थामा ०६६ साउन ७ गते राती घरनजिकैको सडकमा अज्ञात समूहले धारिलो हतियार प्रहार गरी हत्या गऱ्यो। मृतकको घाँटीमा धारिलो हतियारले रेटेको, हातखुट्टा र शरीरको अन्य भागसमेत क्षतविक्षत बनाई काटिएको थियो। यस वर्षको अन्त्यसम्म पीडकको पहिचान खुल्न सकेन। मृतकका परिवारले ०६६ साउन १५ गते जिल्ला प्रहरी कार्यालय बाँकेमा जाहेरी दिए पनि यस वर्षको अन्त्यसम्म प्रहरीले दोषीलाई गिरफ्तार गर्न सकेको छैन।

सोलुखुम्बु जिल्ला सल्लेरी गाविस-१ घर भई मनिकापुर गाविस-८ मा होटल व्यवसाय गर्ने ३५ वर्षीय निमा शेर्पाको ०६६ भदौ १५ गते राती अज्ञात समूहले धारिलो हतियार प्रहार गरी हत्या गऱ्यो। शरीरमा गहिरो घाउ र चोटपटक लागेका शेर्पाको लास सोही वडास्थित राँझा विमानस्थलनजिक ०६६ भदौ १६ गते बिहान भेटिएको थियो। यस वर्षको अन्त्यसम्म पीडक खुल्न सकेन। मृतकका आफन्तले ०६६ भदौ १९ गते जिल्ला प्रहरी कार्यालय बाँकेमा जाहेरी दिए पनि यस वर्षको अन्त्यसम्म प्रहरीले पीडकलाई गिरफ्तार गर्न सकेको छैन।

खजुराखुर्द गाविस-१ का २० वर्षीय मुन्ना यादव र २० वर्षीय गङ्गाराम पासीलाई ०६६ कात्तिक २६ गते राती अज्ञात समूहले धारिलो हतियार प्रहार गरी हत्या गऱ्यो। ०६६ कात्तिक २६ गते राती १० बजे घरबाट निस्किएका पासी र यादव ०६६ कात्तिक २७ गते इन्द्रपुर गाविस-७ मोतीपुर गाउँनजिक खेतमा दुवै हात बाँधेर मुखमा कपडा कोचेर फालेको अवस्थामा फेला परेका थिए। मृतकमध्ये पासीको टाउको, घाँटी, दुवै हातखुट्टामा धारिलो हतियारले काटेको गहिरो चोट र घाँटीमा डोरीले बाँधेको डाम थियो। यादवको ढाडमा सुइरोले रोपेको, घाँटी र दुवै हातखुट्टामा काटेको र घाँटीमा डोरीले बाँधेको डाम थियो। मृतकमध्ये यादव जनतान्त्रिक मधेस मुक्ति टाइगर्स तराईका इलाका सदस्य र पासी सामान्य कार्यकर्ता रहेको सो पार्टीका बाँके-बर्दिया इन्चार्ज भगतसिंहले बताए। यस वर्षको अन्त्यसम्म पीडक खुल्न सकेन। मृतकका आफन्तले ०६६ कात्तिक २९ गते जिल्ला प्रहरी कार्यालयमा जाहेरी दिए पनि यस वर्षको अन्त्यसम्म प्रहरीले घटनाका दोषी गिरफ्तार गर्न सकेन।

प्रहरीको गोली प्रहारबाट मारिएका परशुराम कोरी

गोली/विस्फोटक पदार्थद्वारा घाइते

जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) बाट

बनकट्टी गाविस-६ का २२ वर्षीय हिदायत खाँलाई सुराकी गरेको आरोपमा सोही गाउँस्थित पसलबाट चामल लिई घर फर्कदै गरेको अवस्थामा ०६५ माघ ९ गते जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) समूहका कार्यकर्ताले गोली हानी घाइते बनाए। देब्रे हातको पाखुरामा गोली लागी घाइते भएका खाँको उपचार स्थानीय स्वास्थ्य चौकीमा भयो।

बेवारिसे विस्फोटक पदार्थबाट

नेपालगञ्ज नपा-५ का १० वर्षीय चट्याङ विक ०६५ माघ ५ गते घरनजिक अज्ञात समूहले बाटोमा बेवारिसे अवस्थामा राखेको सुतली बमलाई ढुङ्गाले हिर्काउँदा विस्फोटन भई घाइते भए। विस्फोटनबाट मुखमा चोट लागेका विकको आफ्नै खर्चमा भेरी अञ्चल अस्पताल नेपालगञ्जमा उपचार भयो।

अज्ञात समूहबाट

कारकाँदो गाविस-१ निवासी विद्युत् प्राधिकरण कार्यालय कोहलपुरमा कार्यरत ३६ वर्षीय कृष्णहरि शर्मा ०६५ माघ १० गते राती मोटरसाइकलमा कोहलपुरदेखि घर जाँदै गर्दा मनिकापुर गाविस-५ मा अज्ञात समूहले प्रहार गरेको गोली लागी घाइते भए। दाहिने हातको कुममा गोली लागेका शर्माको भेरी अञ्चल अस्पताल नेपालगञ्जमा उपचार भयो।

शमशेरगञ्ज गाविस-७ निवासी नेपालगञ्ज नपा-१ मा किराना पसल गर्न आएकी २६ वर्षीया जया केसी, उनकी ५६ वर्षीया आमा बुद्धि केसी र ४ वर्षीय छोरा सुदीप केसी ०६६ साउन ३ गते नेपालगञ्ज नपा-१ मा रहेको किरण साहुको घरको एक कोठामा सुतली

Mid-westren:Layout 1 2/14/2010 12:31 PM Page 441

बम विस्फोटन हुँदा घाइते भए। भाडामा लिएको कोठा सफा गर्ने क्रममा कोठामा भेटिएको सुतली बमलाई सुदीपले बेञ्चमा हिर्काउँदा विस्फोटन भएपछि तीनै जना र घरमालिक ३० वर्षीया किरण साहु पनि घाइते भइन्। विस्फोटनबाट सुदीपको दाहिने हातका सबै औँला गुमेका थिए भने देब्रे हातको नाडी र पेटमा चोट लागेको थियो। त्यसैगरी बुद्धि केसीको टाउकोमा चोट लागेको थियो। जयाको पेटमा र किरणको देब्रे हात र खुट्टामा चोट लागेको थियो। घाइते सबैको भेरी अञ्चल अस्पताल नेपालगञ्जमा उपचार भयो।

जेल र बन्दीहरू

'ग' श्रेणीको जिल्ला कारागार बाँकेमा यस वर्षको अन्त्यसम्ममा कैद तोकिएका ७९ जना पुरुष र १६ जना महिला बन्दीहरू रहेका छन् भने कैद नतोकिएका १ सय १२ पुरुष र २ जना महिला थुनुवा रहेका छन्। यसरी बाँके कारागारमा जम्मा २ सय ९ जना बन्दी तथा थुनुवा रहेका छन्। कारागारको क्षमता १ सय ५० जनाको रहे पनि २ सय ९ जना बस्नुपर्दा बन्दी तथा थुनुवाहरूलाई असुविधा भएको छ। जीर्ण अवस्थामा रहेको यो जेल पुन:निर्माण गर्ने अवस्थामा छ। जीर्ण भएका कारण पानी चुहिने समस्या भएको बन्दीहरूको गुनासो रहेको छ।

बडादसैँ ०६६ सालको उपलक्ष्यमा मन्त्रिपरिषद्ले बन्दी रिहा गर्न गरेको निर्णय अविलम्ब कार्यान्वयन गरियोस् भन्दै जेल सङ्घर्ष समिति बाँकेले ०६६ असोज २८ गते कारागार कार्यालय शाखा नेपालगञ्जमार्फत प्रधानमन्त्रीलाई ज्ञापनपत्र बुझाएको थियो। ०६६ असोज २१ गतेको मन्त्रिपरिषद्को बैठकबाट नेपालभरिका विभिन्न कारागारबाट २ सय ४ जना बन्दी रिहा गर्ने निर्णय भएको थियो। जेलभित्र दु:ख दिने र सताउने गरेको आरोपमा कैदीहरूको आन्तरिक प्रशासनका सल्लाहकार बब्बुसिंह पठान ठाकुरलाई ०६६ वैशाख २३ गते बेलुका सोही जेलका कैदीहरू सुशील क्षेत्री, मेघराज थापा, तर्कबहादुर गिरी र भीम रोकाले दाउराले घाइते हुने गरी कुटपिट गरे। टाउको, खुट्टा र दायाँ हातमा चोट लागेका पठानको टाउकामा भेरी अञ्चल अस्पताल नेपालगञ्जमा आठवटा टाँका लगाइएको थियो। सो दिन जेलमा भएको झडपमा चौकीदार डम्मर शाही, नाइके मोहम्मद सलिम खाँ, बन्दीहरू रामकुमार गुप्ता, राजु श्रीवास्तव, कुलप्रसाद योगी घाइते भएका थिए। घाइते सबैको भेरी अञ्चल अस्पताल नेपालगञ्जमा उपचार भयो।

बेपत्ता/अपहरण

वाईसीएलबाट

कम्दी गाविस-४ निवासी एमालेका कार्यकर्ता अब्दुल लजिजलाई ०६६ मङ्सिर १ गते साँझ सोही गाविसको मिलन चोकबाट वाईसीएल कार्यकर्ताले अपहरण गरे। अपहरित लजिजलाई सोही दिन राती सोही गाविस-३ लालपुरुवास्थित खेतबाट सञ्चारकर्मी राकेश मिश्र र सूर्यलाल यादवको रोहबरमा वाईसीएल कार्यकर्ताले मुक्त गरे। विभिन्न अपराधमा संलग्न लजिजलाई प्रहरीले गिरफ्तार गर्न नसकेपछि प्रहरीमा बुझाउन वाईसीएलले नियन्त्रणमा लिएको वाईसीएलका थारूवान राज्य समितिका उपसंयोजक रवीन्द्रले बताए। अपहरित र अपहरण कार्यमा संलग्न दुवै व्यक्तिका नाममा कर्तव्य ज्यानसम्बन्धी किटानी जाहेरी परेको जिल्ला प्रहरी कार्यालय बाँकेका डीएसपी राजबहादुर बैदवारले जनाए।

जनतान्त्रिक मधेस मुक्ति टाइगर्स तराईबाट

फत्तेपुर गाविस-३ का ३५ वर्षीय कमल मुकेरी र सोही गाविस-७ का ३७ वर्षीय डिढाप्रसाद मौर्यलाई ०६६ पुस ६ गते राती आ-आफ्नो घरमा सुतेको अवस्थामा जनतान्त्रिक मधेस मुक्ति टाइगर्स तराईका कार्यकर्ताले अपहरण गरे। चार दिनभित्र १ लाख रुपियाँ बुझाउने सर्तमा मुकेरी ०६६ पुस ७ गते राती सोही गाविस-७ सइयापुर नजिकबाट मुक्त भए भने मौर्यका परिवारले ८० हजार रुपियाँ तराईका कार्यकर्तालाई बुझाएपछि ०६६ पुस ६ गते साँझ सोही गाविस-७ सइयापुरदेखि उत्तरतर्फ रहेको जङ्गलबाट मौर्य मुक्त भएका थिए।

फत्तेपुर गाविस-८ निवासी तरुण दलका गाउँ कमिटी अध्यक्ष ३० वर्षीय लवराज खरेललाई ०६६ पुस ७ गते राती घरबाट जनतान्त्रिक मधेस मुक्ति टाइगर्सका कार्यकर्ताले अपहरण गरे। खरेलका

अज्ञात समूहद्वारा हत्या गरिएका गङ्गाराम पासी

Mid-westren:Layout 1 2/14/2010 12:31 PM Page 442

परिवारले टाइगर्सका कार्यकर्तालाई ५० हजार रुपियाँ बुझाएपछि खरेल पुस ८ गते राती सोही गाविस-७ सइयापुरस्थित मन्दिरनजिकबाट मुक्त भए।

अज्ञात समूहबाट

प्यूठान निवासी हाल कोहलपुर बागेश्वरी बहुमुखी क्याम्पसमा बीएड तेस्रो वर्षमा अध्ययनरत अनेरास्ववियु छैटौँका केन्द्रीय पार्षद् २६ वर्षीय वरुणध्वज मल्ललाई ०६६ जेठ १२ गते बिहान नेपालगञ्ज नपा-५ सेतु विक चोकबाट अज्ञात समूहले अपहरण गऱ्यो। अपहरित मल्ललाई सोही दिन राती फुल्टेक्राबाट राझा जोड्ने सडकमा पर्ने आँपको रूखमा कम्मर र हात बाँधेर छोडेका थिए। 'सङ्घीयताको विरोध गर्नेको यही हालत हुन्छ' भनी लेखिएको कागज सो समूहले मल्लको पाइन्टको खल्तीमा राखिदिएको थियो। यस वर्षको अन्त्यसम्म पीडकको पहिचान खुल्न सकेन। पीडितले यस वर्षको अन्त्यसम्म प्रहरीमा उजुरी दिएका छैनन्।

नेपालगञ्ज नपा-११ का व्यापारी २२ वर्षीय गौरव कृष्ण रस्तोगीलाई ०६६ असार ७ गते राती भारतको रूपैहिडियाबाट मोटरसाइकलमा नेपालगञ्ज आउँदै गरेको अवस्थामा नेपालगञ्ज नपा-१३ बाट अज्ञात समूहले अपहरण गऱ्यो। यस वर्षको अन्त्यसम्म अपहरितको अवस्था अज्ञात रहेको छ भने पीडक पनि खुल्न सकेन। अपहरण कार्यमा संलग्न समूहले ०६६ असार ८ गते रस्तोगीको घरमा फोन गरी रकम माग गरेपछि कृष्णका बुबाले ०६६ असार १३ गते हेटौँडा गई अपहरणकारीलाई ७ लाख रुपियाँ बुझाएका थिए। प्रहरीले यस घटनामा संलग्न भएको आरोपमा भोजपुर र मोरङबाट दुई जनालाई ०६६ असार २१ गते गिरफ्तार गरेको थियो। गिरफ्तार दुवै जना ०६६ साउन १३ गते साधारण तारेखमा जिल्ला प्रहरी कार्यालय बाँकेबाट रिहा भए।

खजुराखुर्द गाविस-३ निवासी काङ्ग्रेस जिल्ला सदस्य एवम् पूर्वगाविस अध्यक्ष ६२ वर्षीय जगदम्बाप्रसाद पाठकलाई ०६६ पुस ४ गते राती घरनजिक बाटोबाट अज्ञात समूहले अपहरण गऱ्यो। दुई जनाको सङ्ख्यामा हतियारसहित आएको समूहले रोक भनी आखाँमा पट्टी बाँधेर अपहरण गरेको थियो। पाठकलाई ०६६ पुस ५ गते राती सोही गाविस-७ खजुरा र सहादतपुरको बीच बाटोबाट सो समूहले मुक्त गऱ्यो। पाठकलाई कसले किन अपहरण गरेको भन्नेबारेमा यस वर्षको अन्त्यसम्म खुल्न सकेको छैन।

अज्ञात समूहद्वारा हत्या गरिएका मुन्ना यादव

बर्दिया मोतीपुर गाविस-८ निवासी नेपालगञ्ज नपा-१६ मा डेरा गरी बस्ने २४ वर्षीया ललिता उपाध्यायलाई ०६६ पुस ९ गते साँझ नेपालगञ्ज नपा-१६ कोरियनपुरबाट अज्ञात समूहले अपहरण गऱ्यो। किताब किनेर डेरामा जाँदै गरेकी उपाध्यायलाई दुई जनाको सङ्ख्यामा मोटरसाइकलमा आएको अज्ञात समूहले अपहरण गरेको थियो। अपहरित उपाध्याय ०६६ पुस १६ गते बर्दिया र बाँकेको सिमानामा पर्ने पूर्वपश्चिम राजमार्गस्थित मानखोलानजिक जङ्गलबाट मुक्त भइन्। अपहरित अवस्थामा सो समूहले 'तेरो पति कहाँ छन्, सम्पर्क नम्बर ले' भनी मागेको र अपहरित अवस्थामा आँखामा पट्टी बाँधेर राखेको पीडितले बताइन्। ललिताकी बहिनी कमला उपाध्यायले ०६६ पुस ११ गते जिल्ला प्रहरी कार्यालय बाँकेमा उजुरी दिए पनि यस वर्षको अन्त्यसम्म प्रहरीले पीडक पहिचान गर्न सकेको छैन।

धम्की/कुटपिट

राज्यबाट

राष्ट्रिय मानवअधिकार आयोग क्षेत्रीय कार्यालय नेपालगञ्जमा कार्यरत संरक्षण अधिकृत सरिता ज्ञवालीलाई ०६६ वैशाख २४ गते दिउँसो कोहलपुर गाविस-३ घर भई नेपाल प्रहरीमा कार्यरत सुगन्ध श्रेष्ठले आयोग कार्यालयमा गएर धम्की दिए। ०६५ चैत १९ गते राष्ट्रिय मानवअधिकार आयोगमा परेको बलात्कारसम्बन्धी एक उजुरीका विषयमा सुगन्धले आयोग कर्मचारी ज्ञवालीलाई धम्क्याएका थिए। यस वर्षको अन्त्यसम्म धम्की दिने प्रहरी श्रेष्ठलाई कुनै कारबाही भएन।

जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) बाट

उदयपुर गाविसका सचिव ४९ वर्षीय उत्तम सिंह सोडीलाई ०६५ चैत ३० गते जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) समूहका कार्यकर्ताले ५० हजार रुपियाँ चन्दा नदिए भौतिक कारबाही गरिने भन्दै

Mid-westren:Layout 1 2/14/2010 12:31 PM Page 443

फोन गरी धम्की दिए। यसअघि उनलाई सोही समूहका बाँके-बर्दिया इन्चार्ज भगतसिंहको हस्ताक्षर रहेको पत्रमार्फत ०६५ चैत १५ गतेभित्र ५० हजार रुपियाँ उपलब्ध गराउनु पर्ने धम्की दिइएको थियो।

कम्दी गाविस-९ का १९ वर्षीय यमबहादुर चलाउनेले चन्दा नदिएको आरोपमा ०६६ असार १४ गते दिउँसो जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) समूहका कार्यकर्ता कम्दी गाविस-४ का तिरत धोवीको अगुवाइमा आएको समूहले घरनजिक रहेको जङ्लमा लगेर रूखमा बाँधेर लाठीले कुटपिट गऱ्यो। टाउको, मुख, कान र आँखामा चोट लागेका चलाउनेको मेडिकल कलेज नेपालगञ्ज र भारतको लखनउमा उपचार भयो। इलाका प्रहरी कार्यालय कम्दीमा पीडित पक्षले ०६६ असार १५ गते मौखिक जानकारी गराए पनि प्रहरीले यस वर्षको अन्त्यसम्म दोषीलाई कारबाही गर्न सकेको छैन।

तरूण दलबाट

खासकुश्मा गाविस-९ घर भई नेपालगञ्ज नपा-७ मा डेरा गरी बस्ने अनेरास्वबियुका जिल्ला संयोजक २३ वर्षीय भरत बुढा क्षेत्रीलाई ०६५ चैत १९ गते राती भेरी प्राविधिक शिक्षालयअगाडि अज्ञात समूहले धारिलो हतियार प्रहार गरी घाइते बनायो। टाउको, देब्रे हातको हत्केला, ढाड र खुट्टामा चोट लागेका क्षेत्रीको भेरी अञ्चल अस्पताल नेपालगञ्जमा उपचार भयो।

कोहलपुर गाविस-२ निवासी युथफोर्स जिल्ला कमिटी सदस्य २७ वर्षीय सन्तोष बुढाथोकीलाई ०६६ भदौ २५ गते साँझ नेपालगञ्ज नपा-१३ स्थित औद्योगिक क्षेत्रनजिक तरुण दलका कार्यकर्ताहरू नेपालगञ्ज नपा-५ निवासी रिगल ढकाल र कोहलपुर गाविस-१ निवासी नीराजन राणाले खुडा र तरवारले हिर्काइ घाइते बनाए। टाउको, हात र देब्रे खुट्टामा चोट लागेका बुढाथोकीको उपचार वेस्टर्न अस्पताल नेपालगञ्ज र काठमाडौंस्थित त्रिभुवन शिक्षण अस्पताल महाराजगञ्जमा भयो। पीडितले ज्यानमार्ने उद्योग सम्बन्धमा ०६६ भदौ ३० गते जिल्ला प्रहरी कार्यालयमा रिगल र नीराजनविरुद्ध किटानी जाहेरी दिएका थिए। घटनापछि दुवै जना फरार भएका कारण प्रहरीले यस वर्षको अन्त्यसम्म गिरफ्तार गर्न नसकेको जनायो।

नेपालगञ्ज नपा-७ का ६० वर्षीय व्यापारी दिनदयाल सोनी र उनका २२ वर्षीय छोरा पिन्टु सोनीलाई ०६६ कात्तिक १५ गते साँझ पसलबाट घर जाँदै गरेको अवस्थामा नेपालगञ्ज नपा-७ फुल्टेक्रामा अज्ञात समूहले धारिलो हतियार प्रहार गरी घाइते बनायो। दिनदयालका दुवै हातका नाडीमा र पिन्टुको आँखीभौंनजिक चोट लागेको थियो। घाइतेमध्ये दिनदयालको भारतको लखनउस्थित साहारा अस्पताल र पिन्टुको भेरी अञ्चल अस्पताल नेपालगञ्जमा उपचार भयो। पीडित पक्षले ०६६ कात्तिक १६ गते दोषी पत्ता लगाई कारबाही गरिपाऊँ भनी जिल्ला प्रहरी कार्यालय बाँकेमा उजुरी दिए पनि यस वर्षको अन्त्यसम्म पीडकको पहिचान हुन सकेको छैन।

गैरकानुनी गिरफ्तारी

कारकादो गाविस-१ घर भई ड्रिमल्यान्ड मावि राफामा कक्षा ९ मा अध्ययनरत १५ वर्षीय बालक विष्णु तारुमले कुटपिट गरेको आरोपमा ०६५ माघ ७ गते बिहान घरमा सुतेको अवस्थामा प्रहरीले बिनापुर्जी गिरफ्तार गऱ्यो। बालकको तत्काल रिहाइको माग गर्दै पीडित परिवारले ०६५ माघ १० गते नेपालगञ्ज-सुर्खेत सडक खण्डमा पर्ने भुजइ गाउँमा सडक जाम गरेपछि बालक माघ १० गते जिल्ला प्रहरी कार्यालय बाँकेबाट रिहा भए। गिरफ्तार बालकलाई घरपरिवारसँग भेटघाट गर्न नदिएको परिवारजनको आरोप रहेको थियो।

कालीकोट जिल्ला निवासी एकीकृत माओवादीको पाँचौं मङ्गलसेन डिभिजनका ब्रिगेड कमान्डर २८ वर्षीय दीपेन्द्र शाहलाई शान्ति सुरक्षामा खलल पुऱ्याएको आरोपमा ०६६ मङ्सिर १३ गते इलाका प्रहरी कार्यालय कोहलपुरले कोहलपुर गाविसबाट बिनापुर्जी गिरफ्तार गऱ्यो। पुनरावेदन अदालत नेपालगञ्जमा ०६६ मङ्सिर १६ गते बन्दी प्रत्यक्षीकरणको निवेदन दिएपछि ०६६ मङ्सिर १९ गते पुनरावेदन अदालत नेपालगञ्जका मुख्य न्यायाधीश हरिराम कोइराला र न्यायाधीश टङ्क मोक्तानको संयुक्त इजलासले बन्दी प्रत्यक्षीकरणको ठहर गरेपछि शाह ०६६ मङ्सिर १९ गते बाँके कारागार

बम विस्फोटनमा परी मारिएका तैयास मोहम्मद खाँ

Mid-westren:Layout 1 2/14/2010 12:31 PM Page 444

नेपालगञ्जबाट रिहा भए। शाहलाई जिल्ला प्रशासन कार्यालय बाँकेले तीन महिनाका लागि नजरबन्दमा राख्ने आदेश दिएको थियो। अनमिनले प्रमाणित गरेको चाइनिज पेस्तोल बोकेर कोहलपुरस्थित एक स्थानीयवासीसँग विवाद गरेपछि उनलाई गिरफ्तार गरेको प्रहरीले जनाएको थियो।

अभिव्यक्ति, भेला हुने र सङ्गठित हुने अधिकार
(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

बर्दिया नयाँगाउँ गाविस-६ निवासी हाल महेन्द्र बहुमुखी क्याम्पस नेपालगञ्जमा अध्ययनरत २५ वर्षीय अनन्त चौधरीलाई थरुहट संयुक्त सङ्घर्ष समितिको आह्वानमा गरिएको अनिश्चितकालीन तराई बन्दका क्रममा यातायातका साधन रोकी बाटो अवरोध गरेको आरोपमा ०६५ फागुन २४ गते बिहान नौवस्ता गाविस-७ सुतैयामा प्रहरीले लाठी र बन्दुकको कुन्दाले हिर्काए। प्रहरीको कुटपिटबाट दाहिने खुट्टा भाँचिएका अनन्तको वेस्टन अस्पताल नेपालगञ्जमा उपचार भयो।

नेपालगञ्ज नपा-१६ स्थित प्लान नेपालले कर्मचारी नियुक्ति गर्दा समावेशी प्रक्रिया नअपनाएको आरोपमा ०६६ असार ८ गते दिउँसो थरूहट स्वायत्त राज्य परिषद्का केन्द्रीय सदस्य अविनाश चौधरीको नेतृत्वमा गएका व्यक्तिले प्लान नेपाल रहेको घरको मूल ढोकामा ताला लगाए। नेपालगञ्जमा कार्यक्षेत्र रहने गरी प्लानले छनोट गरेको विकास संयोजक पदमा समावेशी नभएको परिषद्को आरोप रहेको थियो। ०६६ साउन ५ गतेसम्म दुवै पक्ष वार्तामा बसी समस्याको समाधान गर्ने सहमति भएपछि ०६६ असार १० गते कार्यालयको ताला खोलिएको थियो।

बम विस्फोटनमा परी घाइते भएका सुदीप के.सी.

नेपालगञ्जमा विश्वविद्यालय स्थापनाका लागि गठित तयारी तथा सङ्घर्ष समितिको आह्वानमा ०६६ साउन १२ गते नेपालगञ्जमा विश्वविद्यालयको माग गर्दै भेरी अञ्चल यातायात व्यवस्था कार्यालय नेपालगञ्जमा ताला लगाई धर्नामा बसेका आन्दोलनकारीमाथि प्रहरीले लाठीचार्ज गर्दा ४५ वर्षीय साविर अली, ५० वर्षीय निरक गुरुलगायत छ जना घाइते भए। अलीको बायाँ हात र गुरुको दायाँ खुट्टामा चोट लागेको थियो। घाइते दुवैको भेरी अञ्चल अस्पताल नेपालगञ्जमा उपचार भयो।

रुकेना गाविस-३ का ऋषिराज सापकोटा, परशुराम सापकोटा, गुलाम हुसेन, लालसिंह थापा, लालबहादुर मल्ल, राधिका ढकाल, लक्ष्मी त्रिपाठी, रामनारायण थारू, गुणनिधि आचार्य, विशाखर जोशी, आत्माराम अधिकारी, खडानन्द पौडेल, कमल आचार्य, डोबनाथ अधिकारी, सन्तबहादुर वीसी, बजारी थारू, तिलकबहादुर थापा, चूडामणि पौडेललगायत ३० जना महेन्द्र राजमार्गमा अवरोध गरेको आरोपमा ०६६ साउन १४ गते साँझ ६ बजे कोहलपुर गाविस-३ मा प्रहरीले गरेको लाठीचार्जबाट घाइते भए। घाइतेमध्ये लालसिंह थापाको टाउकोमा नौओटा टाँका लगाइएको थियो। घाइतेहरूको नेपालगञ्ज मेडिकल कलेज कोहलपुरमा उपचार भयो। सो दिन कर्फ्यु उल्लङ्घन गरेको आरोपमा प्रहरीले कोहलपुर बजारबाट २५ आन्दोलनकारीलाई गिरफ्तार गरेको थियो। गिरफ्तार सबै सोही साँझ जिल्ला प्रहरी कार्यालय कोहलपुरबाट रिहा भए। ०६६ साउन १० गते कोहलपुरमा मोटरसाइकल दुर्घटनामा परी मृत्यु भएका रुकेना गाविस-३ का चेतनारायण पौडेलका परिवारले पीडकलाई कारबाहीको माग गर्दै महेन्द्र राजमार्ग बन्द गराएका थिए। यसैबीच, इन्सेक मध्यपश्चिमाञ्चल र सुदूरपश्चिमाञ्चल क्षेत्रीय कार्यालयका दुई जिपहरू नेपालगञ्ज जाँदै गर्दा ०६६ साउन १४ गते दिउँसो कोहलपुर बजारमा आन्दोलनकारीले प्रहार गरेको ढुङ्गा लागी इन्सेक क्षेत्रीय कार्यालय धनगढीले प्रयोग गरेको ७७७ नम्बरको जिपका सिसाहरू फुटेका थिए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत बाँकेमा गत वर्षको जिम्मेवारी सरेर आएका ३ सय ९४ थानमध्ये यस वर्ष ७६ थान

Mid-westren:Layout 1 2/14/2010 12:31 PM Page 445

फर्स्यौट भई ३ सय १८ थान बाँकी रहे। यस वर्ष दर्ता भएका १ सय ६२ थानमध्ये १० थान फर्स्यौट भई १५२ थान बाँकी रहे। यसरी यस वर्षको अन्त्यसम्म ४ सय ७० थान दुनियाँवादी फौजदारी बाँकी रहे।

सरकारवादी मुद्दा गत वर्षको बाँकी रहेका १ सय ४० थानमध्ये ४५ थान फर्स्यौट भई ९५ थान बाँकी रहे। यस वर्ष दर्ता भएका ६७ थानमध्ये ६ थान फर्स्यौट भई ६१ थान बाँकी रहे। यसरी यस अदालतमा यस वर्ष सरकारवादी फौजदारी मुद्दा ५१ थान फर्स्यौट भई १ सय ५६ थान बाँकी रहे।

गत वर्षबाट जिम्मेवारी सरेर आएका ८ सय ८५ थानमध्ये यस वर्ष १ सय ५७ फर्स्यौट भई ७ सय २८ थान बाँकी रहे। यस वर्ष दर्ता भएका ३ सय ४६ थानमध्ये २१ थान फर्स्यौट भई ३ सय २५ थान बाँकी रहे। यसरी यस वर्ष देवानी मुद्दातर्फ १ हजार ५३ थान मुद्दा बाँकी रहे। यस वर्षको अन्त्यसम्म जम्मा १ हजार ६ सय ७९ थान मुद्दा जिल्ला अदालत बाँकेमा बाँकी रहे।

पुनरावेदन अदालत बाँकेमा दुनियाँवादी फौजदारी गत वर्षको जिम्मेवारी सरेर आएका ६४ थानमध्ये यस वर्ष २० थान फर्स्यौट भई ४४ थान बाँकी रहे। यस वर्ष दर्ता भएका दुनियाँवादी फौजदारी मुद्दा २९ थानमध्ये दुई थान फर्स्यौट भई २७ थान बाँकी रहे। यसरी यस वर्षको अन्त्यसम्म ७१ थान दुनियाँवादी फौजदारी मुद्दा बाँकी रहे।

सरकारवादी फौजदारी मुद्दातर्फ गत वर्षको बाँकी रहेका ६२ थानमध्ये ३० थान फर्स्यौट भई ३२ थान बाँकी रहे। सरकारवादी मुद्दातर्फ यस वर्ष दर्ता भएका ६१ थानमध्ये ३ थान फर्स्यौट भई ५८ थान बाँकी रहे। यसरी सरकारवादी फौजदारी मुद्दा १ सय २३ मध्ये ३३ थान फर्स्यौट भई ९० थान बाँकी रहे। देवानीतर्फ गत वर्षको बाँकी २ सय ३० थानमध्ये १ सय ६ थान फर्स्यौट भई १ सय २४ थान बाँकी रहे। यसैगरी यस वर्ष दर्ता भएका देवानी मुद्दा १ सय ३२ थानमध्ये १२ थान फर्स्यौट भई १ सय २० थान बाँकी रहे। यसरी यस वर्ष २ सय ४४ थान देवानी मुद्दा बाँकी रहे।

यातना तथा अन्य क्रूर, अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

बागेश्वरी गाविस-२ का २८ वर्षीय पीताम्बर लामिछानेलाई पत्नीसँग झगडा गरेको आरोपमा ०६५ चैत २० गते साँझ इलाका प्रहरी कार्यालय धनौलीले गिरफ्तार गरेपश्चात् हिरासतमा लाठी र मुक्काले कुटपिट गऱ्यो। प्रहरीको कुटपिटबाट लामिछानेको दायाँ हातका औंलाहरू सुन्निएको र बायाँ खुट्टामा रगत जमेर कालो डाम बसेको थियो। पीडितले न्यायका लागि पहल गरिदिन इन्सेक र राष्ट्रिय मानवअधिकार आयोग नेपालगञ्जमा ०६५ चैत २३ गते लिखित निवेदन दिएका थिए।

नेपालगञ्ज नपा-२ घरबारी टोल निवासी २७ वर्षीय रितेशजङ्ग थारूलाई चोरीको आरोपमा ०६६ मङ्सिर ७ गते प्रहरीले नेपालगञ्ज नपाबाट गिरफ्तार गरी यातना दियो । प्रहरीको हिरासत कक्षमा यातना दिएको भन्दै रितेशकी आमा मञ्जुले ०६६ पुस १३ गते जिल्ला अदालत बाँकेमा यातना क्षतिपूर्तिसम्बन्धी मुद्दा दायर गरेकी छन्।

जिल्ला अदालतको आदेश अवज्ञा गरेको भन्दै बाँके जिल्ला अदालतले जिल्ला प्रहरी कार्यालय बाँकेका एसपी र अनुसन्धान अधिकृतमाथि ०६६ मङ्सिर १८ गते कैफियत प्रतिवेदन मागको आदेश गरेको थियो। जिल्ला न्यायाधीश माननीय रामेश्वरनाथ अमात्यको एकल इजलासले सो आदेश गरेको थियो। दुई पटकसम्म अदालतले गरेको आदेश प्रहरीले अवज्ञा गरेपछि अदालतले ०६६ मङ्सिर १८ गते थुनुवाको घाउचाँज र मानसिक परीक्षण गर्न फैसला गरेको थियो। अदालतले अवज्ञाको कारबाही अगाडि बढाएपछि चोरीको आरोपमा गिरफ्तार भएका थुनुवा रितेशजङ्ग थारूलाई भेरी अञ्चल अस्पताल नेपालगञ्जमा ०६६ मङ्सिर १८ गते घाउचाँज र मानसिक परीक्षण गरी अदालतको समय सकिएको दुई घण्टापछि प्रहरीले अदालतका कर्मचारीले घरबाट अदालतमा ल्याई ०६६ मङ्सिर १८ गते साँझ ६ बजे थुनुवा रितेशलाई म्याद थपका लागि हाजिर गराएका थिए। अदालतले रितेशलाई ०६६ मङ्सिर १९ गते अदालतमा पेस गर्ने गरी म्याद थप गरेका थिए। अदालतको आदेश अवज्ञा गरेपछि रितेशकी आमा मञ्जुसिंह थारूले ०६६ मङ्सिर १६ गते जिल्ला प्रहरी कार्यालय बाँकेका एसपी र

बम विस्फोटनमा परी घाइते भएकी बुद्धि के.सी.

Mid-westren:Layout 1 2/14/2010 12:31 PM Page 446

अनुसन्धान अधिकृतमाथि अवज्ञाको कारबाही गरिपाऊँ भनी जिल्ला अदालतमा उजुरी दिएकी थिइन्। घाउचाँज केसफारम र मानसिक चाँज गराई ल्याउन बाँके जिल्ला अदालतले यसअघि ०६६ मङ्सिर ८ गते र ०६६ मङ्सिर ११ गते आदेश गरेको थियो।

बालअधिकार

यस जिल्लामा प्रारम्भिक बालविकास केन्द्र ४ सय ४५ रहेका छन्। सामुदायिक विद्यालयतर्फ प्राथमिक २ सय ३५, निमावि ५५, मावि ५६, उच्चमावि १९ रहेका छन्। त्यसैगरी संस्थागत विद्यालयतर्फ प्राथमिक ४३, निमावि २०, मावि ४३ र उच्चमावि १३ रहेका छन्। प्रारम्भिक बालविकास केन्द्रबाहेक बाँके जिल्लामा जम्मा ४ सय ५२ विद्यालयहरू रहेका छन्। ती विद्यालयहरूमा अध्ययनरत बालबालिकाहरू १ लाख २८ हजार २ सय ५२ रहेका छन्। जसमा ६२ हजार ५ सय १८ बालिका र ६५ हजार ७ सय ४४ बालक रहेका छन्। जिल्ला शिक्षा कार्यालय बाँकेका अनुसार यस जिल्लामा रहेका विद्यालयहरूमा ३७ हजार ६ सय ६४ दलित बालबालिका अध्ययनरत छन्। तीमध्ये पुरुष १८ हजार ५ सय ४१ बालिका र १९ हजार १ सय २३ बालक रहेका छन्। जिल्लाको साक्षरता प्रतिशत महिलातर्फ ५० र पुरुषतर्फ ५७ छ भने जम्मा ५३ प्रतिशत रहेको जिल्ला शिक्षा कार्यालय बाँकेले जनाएको छ।

थरुहट संयुक्त सङ्घर्ष समितिले स्वपहिचानको अधिकारका लागि गरेको आन्दोलनका कारण ०६५ फागुन १९ गतेदेखि ०६६ फागुन २९ गतेसम्म बाँके जिल्लामा रहेका करिब ४ सय ५२ निजी तथा सरकारी विद्यालयमा पठनपाठन भएन। बन्दकर्ताले अनिश्चितकालीन आमहडताल गरेका कारण ती विद्यालयहरूमा अध्ययनरत करिब १ लाख २८ हजार २ सय ५२ बालबालिकाले ११ दिनसम्म विद्यालयमा पढ्न पाएनन्। बन्दका कारण कक्षा ८ को जिल्लास्तरीय परीक्षा पनि तोकिएको समयमा सञ्चालन भएन। बन्दका कारण नेपालगञ्ज नर्सिङ् क्याम्पसमा अध्ययनरत ३५ विद्यार्थी ०६५ चैत १ गतेको परीक्षामा सहभागी हुन पाएनन्। ती विद्यार्थीहरू पोखराबाट ना.३ख. २१६९ नम्बरको बसमा आउँदै गर्दा दाङको लमहीमा थरुहटका कार्यकर्ताले रोकेका थिए।

उदयपुर गाविस-५ तेलीयनपुरस्थित नेपाल राष्ट्रिय प्राथमिक विद्यालयको कक्षाकोठामा अस्थायी प्रहरी चौकी स्थापना भएपछि सो विद्यालयमा अध्ययनरत बालबालिकाहरू भुइँमा कोचिएर बस्न बाध्य भएका छन्। विद्यालयको कक्षा कोठामा प्रहरी चौकी बसेपछि कक्षा कोठाको अभावमा बालबालिकाहरू भुइँमा कोचिएर बस्न बाध्य भएका हुन्। गाउँमा आपराधिक घटना बढ्न थालेपछि असुरक्षा भएको भन्दै प्रहरी चौकी स्थापनाका लागि स्थानीयबासीले सामूहिक रूपमा जिल्ला प्रशासन कार्यालय बाँकेमा निवेदन दिएपछि ०६४ सालमा विद्यालयमा अस्थायी प्रहरी चौकी स्थापना भएको थियो। १ सय ८० बालबालिका अध्ययनरत सो विद्यालयका शिशु र कक्षा १ मा अध्ययनरत बालबालिकाहरू एउटै कोठामा अध्ययन गरेका छन्। त्यसैगरी कक्षा कोठाका अभावमा कक्षा २ र कक्षा ३ का बालबालिकाहरू पनि एउटै कोठामा पढ्न बाध्य भएका छन्।

मनिकापुर गाविस-१ घर भई ड्रिमल्यान्ड इङ्लिस मिडियम हाई स्कुलमा कक्षा १ मा अध्ययनरत ६ वर्षीय बालक आशीष भण्डारीलाई ०६५ फागुन १ गते गृहकार्य नगरेको आरोपमा सोही विद्यालयका विज्ञान विषयका शिक्षिका ज्योति वैश्यले लट्ठीले ढाडमा तथा फिलामा नीलडाम हुने गरी कुटपिट गरिन्। घटनाबारे ०६५ फागुन २ गते पीडितका बाबुले जिल्ला बाल कल्याण समितिमा जानकारी गराएका थिए। कुटपिट गरेको आरोपमा शिक्षिकालाई विद्यालयले निष्कासन गऱ्यो।

बनकट्टी गाविस-४ की १३ वर्षीया एक बालिकालाई ०६६ जेठ ३० गते बिहान करिब घरनजिकैको बगैंचामा पिसाब फेर्न गएको अवस्थामा सोही गाविस-२ हलवल टोलका २४ वर्षीय बासर खाँले बलात्कार गरेको आरोपमा बालिकाका परिवारले ०६६ जेठ ३१ गते जिल्ला प्रहरी कार्यालय बाँकेमा किटानी जाहेरी दिएपछि खाँलाई सोही दिन प्रहरीले गिरफ्तार गऱ्यो। ०६६ असार १८ गते खाँलाई पुर्पक्षका लागि जिल्ला प्रहरी कार्यालय बाँकेले कारागार चलान गऱ्यो।

जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ताद्वारा कुटपिट गरी घाइते बनाइएका यमबहादुर चलाउने

Mid-westren:Layout 1 2/14/2010 12:31 PM Page 447

पीडित बालिकाको जेठ ३१ गते भेरी अञ्चल अस्पताल नेपालगञ्जमा स्वास्थ्य परीक्षण गरिएको थियो।

कचनापुर गाविस-२ घर भई नेपालगञ्ज नपा-१२ की घरेलु कामदार १० वर्षीया एक बालिकालाई ०६६ साउन १९ गते बिहान कोठामा सुतिरहेको अवस्थामा घरमालिकको छोराको साथी नेपालगञ्ज नपा-१२ घर भई भारतीय सेनामा कार्यरत २५ वर्षीय नवीन लामाले बलात्कार गरेको भनी बालिकाका आफन्तले ०६६ साउन २० गते जिल्ला प्रहरी कार्यालयमा जाहेरी दिए । बालिकालाई लामाले सोही दिन राती उपचारका लागि मेडिकल कलेज नपालगञ्ज लगेका थिए। बलात्कार भएको भनी अस्पतालमा कार्यरत स्वास्थ्यकर्मीले प्रहरीलाई फोन गर्न थालेपछि लामा अस्पतालबाट फरार भएका थिए। आरोपित लामा फरार भएकाले यस वर्षको अन्त्यसम्म गिरफ्तार गर्न नसकिएको प्रहरीले जनायो।

भवानीयापुर गाविस-३ स्थित श्री मावि महेन्द्रनगरमा अस्थायी शिक्षक नियुक्तिमा निष्पक्ष नभएको विरोध गर्दै स्थानीयवासीले ०६६ भदौ ८ गते विद्यालयमा ताला लगाएपछि सो विद्यालयमा अध्ययनरत करिब ६ सय विद्यार्थीहरूले ०६६ असोज १ गतेसम्म विद्यालयमा पढ्न पाएनन्। अस्थायी शिक्षकका उम्मेदवार रिहाना अन्सारीले जिल्ला शिक्षा कार्यालय बाँकेमा अस्थायी शिक्षक परीक्षाको उत्तर पुस्तिका पुन: परीक्षणका लागि ०६६ भदौ ८ गते निवेदन दिएकी थिइन्। शिक्षा कार्यालयले उत्तरपुस्तिका परीक्षण निष्पक्ष भएको जनाएको थियो। विद्यालयमा लगाइएको ताला सम्बन्धमा ०६६ असोज १ गते प्रहरी, अभिभावक, शिक्षक र विद्यालय व्यवस्थापन समितिका प्रतिनिधिहरूको उपस्थितिमा प्रहरीले ताला खोलेको थियो।

बागेश्वरी गाविस-६ का ११ वर्षीय एक बालकलाई ०६६ मङ्सिर ४ गते राती आफ्नै घरमा आएका पाहुना सुर्खेत वीरेन्द्रनगर नपा-८ का २८ वर्षीय रमेशप्रसाद दाहालले अप्राकृतिक मैथुन गरे। पीडित पक्षले ०६६ मङ्सिर ५ गते इलाका प्रहरी कार्यालय खजुरामा उजुरी दिएपछि आरोपित दाहाललाई प्रहरीले मङ्सिर ५ गते गिरफ्तार गऱ्यो। दाहाललाई पुर्पक्षका लागि जिल्ला प्रहरी कार्यालय बाँकेले ०६६ मङ्सिर २४ गते नेपालगञ्ज कारागार चलान गऱ्यो ।

सीतापुर गाविस-६ की नौ वर्षीया एक बालिकालाई ०६६ मङ्सिर १० गते राती सोही ठाउँका ३५ वर्षीय बालाराम शर्माले बलात्कार गरेको आरोपमा पीडित पक्षले शर्माका विरुद्ध ०६६ मङ्सिर ११ गते

प्रहरीद्वारा कुटपिट गरी घाइते बनाइएका अनन्त चौधरी

जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। पिकनिक खाएर गाउँ फर्केका बालबालिकाहरू एक स्थानीयवासीका घरमा राती अबेलासम्म नाचगान गरेर बसेका बेला बालिकालाई घरमा पुऱ्याइदिन्छु भनी लगेका शर्माले खेतमा लगी बलात्कार गरेको उजुरीमा उल्लेख छ। घटनापश्चात् आरोपित फरार भएका थिए। बालिकाको ०६६ मङ्सिर ११ गते भेरी अञ्चल अस्पताल नेपालगञ्जमा स्वास्थ्य परीक्षण भयो।

लक्ष्मणपुर गाविस-९ की सात वर्षीया एक बालिकालाई ०६६ कात्तिक २८ गते सोही ठाउँका २६ वर्षीय हेमन्तकुमार मिश्राले ललाइफकाई बलात्कार गरेको भनी पीडित पक्षले ०६६ कात्तिक २९ गते इलाका प्रहरी कार्यालय भोजभगवानपुरमा उजुरी गरे । आरोपित हेमन्तलाई ०६६ कात्तिक २९ गते प्रहरीले गिरफ्तार गऱ्यो । उनलाई जिल्ला प्रहरी कार्यालय बाँकेले पुर्पक्षका लागि कारागार कार्यालय नेपालगञ्ज चलान गऱ्यो ।

नेपाल शैक्षिक गणतान्त्रिक मञ्च बाँकेले विभिन्न माग राख्दै ०६६ मङ्सिर ११ गतेदेखि १२ गतेसम्म जिल्ला शिक्षा कार्यालय बाँकेमा धर्ना दिएका कारण बाँके जिल्लास्थित ४ सय ५२ सरकारी एवम् निजी विद्यालयहरूमा अध्ययनरत करिब १ लाख २८ हजार २ सय ५२ बालबालिकाहरूले विद्यालयमा पढ्न पाएनन्। मञ्चले राहत शिक्षकहरूलाई दरबन्दीमा मिलान गर्नुपर्ने, ०६६ कात्तिक ११ गते अन्य शिक्षक र सरकारबीच भएको सहमति खारेज गर्नुपर्नेलगायतका माग राखी जिल्ला शिक्षा कार्यालयमा धर्ना दिएको थियो। आन्दोलनरत शिक्षक र शिक्षा कार्यालयबीच ०६६ मङ्सिर १२ गते आन्दोलनरत शिक्षकहरूले राखेका मागका बारेमा मन्त्रालयमा पत्राचार गर्नेलगायतका १० बुँदे सहमति भएपछि विद्यालयहरू ०६६ मङ्सिर १३ गतेदेखि पुन: सञ्चालन भएका थिए।

Mid-westren:Layout 1 2/14/2010 12:31 PM Page 448

अखिल नेपाल शिक्षक सङ्गठनले विभिन्न माग राखी विद्यालय बन्द गरेका कारण ०६६ मङ्सिर २२ गते बाँके जिल्लामा रहेका ४ सय ५२ सरकारी तथा निजी विद्यालयमा अध्ययनरत करिब १ लाख २८ हजार २ सय ५२ बालबालिकाले विद्यालयमा पढ्न पाएनन्। आन्दोलनरत शिक्षकहरूले ०६६ कात्तिक ११ गते अन्य शिक्षक सङ्गठन र सरकारबीच भएका सहमति धोका हो भन्दै सहमति खारेजीलगायतका माग गरेका थिए।

नागरिक सर्वोच्चताको माग गर्दै एकीकृत माओवादीले ०६६ पुस ५ गतेदेखि पुस ७ गतेसम्म आह्वान गरेको देशव्यापी आमहडतालका क्रममा बाँके जिल्लास्थित ४ सय ५२ विद्यालयमा अध्ययनरत १ लाख २८ हजार २ सय ५२ बालबालिकाले दुई दिनसम्म विद्यालयमा पढ्न पाएनन्।

सङ्घीयताको विरोध गर्दै विकेन्द्रित स्थानीय स्वशासनमा आधारित एकात्मक राज्यको माग गर्दै राष्ट्रिय जनमोर्चा नेपालले आह्वान गरेको भेरी-कर्णाली बन्दका कारण ०६६ पुस १४ गते बाँके जिल्लास्थित ४ सय ५२ विद्यालयमा अध्ययनरत करिब १ लाख २८ हजार २ सय ५२ बालबालिकाले विद्यालयमा पढ्न पाएनन्।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

राधापुर गाविस-२ की २१ वर्षीया एक महिलालाई ०६५ माघ १० गते राती घरनजिक खेतमा दिसा गर्न गएको अवस्थामा सीतापुर गाविस-२ का बालकृष्ण सुनार र मोहन सुनारले सामूहिक बलात्कार गरेको भनी पीडितले इलाका प्रहरी कार्यालय खजुरामा जाहेरी दिएपछि ०६५ माघ ११ गते प्रहरीले दुवै आरोपितलाई गिरफ्तार गरेको थियो। आरोपित दुवै



अज्ञात समूहको गोली प्रहारबाट घाइते भएका कृष्णहरि शर्मा

०६५ फागुन ५ गते साधारण तारेखमा जिल्ला प्रहरी कार्यालय बाँकेबाट रिहा भए। पीडित महिलाको ०६५ माघ ११ गते भेरी अञ्चल अस्पताल नेपालगञ्जमा स्वास्थ्य परीक्षण भएको थियो।

पारिवारिक हिंसा

नेपालगञ्ज नपा-८ मा डेरा गरी बस्ने २४ वर्षीया हास्नुन इद्रिसीले मुद्दा जितेपछि ०६५ माघ ६ गते उनका देवरद्वय अहमद इद्रिसी र रिजवान इद्रिसीले जिल्ला अदालत बाँकेको कम्पाउन्डभित्र मार्ने धम्की दिए। हास्नुनलाई दाइजो नल्याएको आरोपमा उनका पति उसीम इद्रिसी, सासू रुकसना इद्रिसी र घरका अन्य परिवार मिलेर ०६४ कात्तिक २२ गते जिउँदै जलाएका थिए। यस घटनाका बारेमा ०६५ माघ ६ गते जिल्ला अदालत बाँकेले उनका पति र सासूलाई पाँच वर्ष जेल चलान गर्ने गरी मुद्दा फैसला गरेको थियो। हास्नुनले ०६४ मङ्सिर १२ गते ज्यान मार्ने उद्योगसम्बन्धी मुद्दा दर्ता गराएकी थिइन्।

शमशेरगञ्ज गाविस-२ की २५ वर्षीया रेखा तमोलीलाई २८ वर्षीय पति जागेश्वर तमोलीसहित सासू माधुरी तमोली, नन्द शर्मा तमोलीको संलग्नतामा ०६६ जेठ २६ गते राती कुटपिट गरी जबरजस्ती विष खुवाई हत्या गरेको किटानी जाहेरी इलाका प्रहरी कार्यालय कोहलपुरमा मृतकका बाबु इन्द्रपुर गाविस-६ का सन्तोषीलाल तमोलीले ०६६ असार ४ गते दिए। मृतकका बाबुका अनुसार ज्वाइँले छोरीलाई विष खुवाई घरदेखि दुई किलोमिटर पश्चिममा पर्ने कोहलपुर गाविस-९ पिपरी गाउँको बाटोको छेउमा फालेको अवस्थामा शमशेरगञ्ज गाविस भवानीपुरका नाम थाहा नभएका दुई महिलाले देखेका थिए। ती महिलाले रेखालाई के भयो भनी सोध्दा पतिले विष खुवाई यहाँ ल्याई फालेको बताएको मृतकका बाबुको भनाइ छ। इलाका प्रहरी कार्यालय कोहलपुरले आफैँ विष सेवन गरी मृत्यु भएको जनाएको थियो। मृतकका बाबुको निवेदनका आधारमा ०६६ असार २३ गते इन्सेक नेपालगञ्जले राष्ट्रिय मानवअधिकार आयोग नेपालगञ्ज र राष्ट्रिय महिला आयोग काठमाडौँलाई घटनाको सत्यतथ्य पत्ता लगाई दोषीउपर कारबाहीका लागि आवश्यक पहल गरिदिन अनुरोध गरेको थियो। यस घटनाका दोषीलाई कारबाहीको माग गर्दै पीडित परिवार र महिला अधिकारकर्मीहरूले ०६६ भदौ १ गतेदेखि ०६६ भदौ १९ गतेसम्म जिल्ला प्रशासन कार्यालय बाँकेअगाडि रिले अनशन गरेका थिए। आरोपित जागेश्वरलाई ०६६ भदौ १२ गते प्रहरीले

Mid-westren:Layout 1 2/14/2010 12:31 PM Page 449

गिरफ्तार गरे पनि ०६६ भदौ २५ गते साधारण तारेखमा रिहा गरेको थियो।

नेपालगञ्ज नपा-१६ घर भई कोहलपुर गाविस-३ मा शृङ्गार सामग्रीको पसल गर्ने २३ वर्षीया कविता अधिकारीका पति ३० वर्षीय प्रकाश भन्ने पवनसुन्दर अधिकारीले ०६६ असोज १२ गते दिउँसो करिब १२ बजे कोहलपुर गाविस-३ स्थित भाडामा बसेको कोठामा घाँटी थिचेर हत्या गरेको भनी मृतकका बाबु नेपालगञ्ज नपा-१६ का कृष्णप्रसाद पोखरेलले ०६६ असोज १४ गते जिल्ला प्रहरी कार्यालय बाँकेमा कर्तव्य ज्यानसम्बन्धी जाहेरी दरखास्त दिए। मृतकका बाबुले किटानी जाहेरी दिएपछि ०६६ असोज १४ गते आरोपित पवनलाई प्रहरीले गिरफ्तार गऱ्यो। जिल्ला अदालत बाँकेको ०६६ कात्तिक ८ गतेको आदेशले आरोपित पवन सोही दिन कारागार शाखा नेपालगञ्ज चलान भए।

नेपालगञ्ज नपा-१ की ४२ वर्षीया शोभादेवी कुँवरलाई घरायसी विषयमा विवाद हुँदा ०६६ मङ्सिर १४ गते राती पति ४५ वर्षीय ईश्वरीबहादुर भण्डारीले चक्कुले हिर्काइ घाइते बनाए। मादक पदार्थ सेवन गरी आएका ईश्वरीले प्रहार गरेको चक्कुले शोभाको देब्रे हातको पाखुरा छेडिएको थियो। घाइते महिलाको भेरी अञ्चल अस्पताल नेपालगञ्जमा उपचार भयो। घटनापछि ईश्वरीबहादुर फरार छन्।

बहुविवाह

कोहलपुर गाविस-४ की १८ वर्षीया निर्मा गिरीका पति २५ वर्षीय जयबहादुर गिरीले ०६६ मङ्सिर १० गते रुकुमकी छायाँ गिरीसँग दोस्रो विवाह गरे। बहुविवाह गरेपछि ०६६ मङ्सिर १२ गते पति र सौताले निर्मालाई कुटपिट गरेपछि ०६६ मङ्सिर १६ गतेदेखि उनी वनकटुवा गाविस ५ स्थित माइतीमा बसेकी छन्। निर्माले ०६६ मङ्सिर १३ गते जिल्ला प्रहरी कार्यालय बाँकेमा बहुविवाहसम्बन्धी जाहेरी दिएपछि सोही दिन गिरफ्तार भएका जयबहादुर बाँके जिल्ला अदालतको आदेशमा ०६६ पुस ६ गते १५ हजार रुपियाँ धरौटीमा रिहा भए।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार संरचना, सम्पति क्षति

थरुहट संयुक्त सङ्घर्ष समिति

अध्यादेश खारेजीको माग गर्दै थरुहट क्षेत्र बन्दको आह्वान गरेका थरुहट संयुक्त सङ्घर्ष समितिका कार्यकर्ताहरूले वनकट्टी र कचनापुर गाविसको कार्यालय ०६५ फागुन २८ गते राती आगजनी तथा तोडफोड गरे। तोडफोड तथा आगजनीबाट ती कार्यालयका कागजात र फर्निचर जलेका थिए।

एकीकृत माओवादीबाट

सशस्त्र द्वन्द्वको समय ०५८ सालमा एकीकृत माओवादीका कार्यकर्ताले कब्जा गरेको उढरापुर गाविस-२ का ५० वर्षीय वद्रीप्रसाद गुप्ताको घरपरिवारका नाममा रहेको १ सय ४१ बिघा जमिन र अन्य सम्पत्ति यस वर्षको अन्त्यसम्म फिर्ता भएको छैन। एकीकृत माओवादीले कब्जा गरेको उक्त जग्गा वद्रीप्रसादका नाममा ११, उनका बुबा स्व. मङ्गलप्रसादका नाममा २६, बाजे स्व. सूर्यलालका नाममा २६, बजै गुलाबको अपुताली खाने धर्मपुत्र मनोजकुमार वैश्यका नाममा २६, मामा कृष्णगोपाल वैश्य र गोविन्द वैश्यका नाममा २६/२६ बिघा रहेको थियो। एकीकृत माओवादीका कार्यकर्ताले ०५८ सालमा कब्जा गरेको गुप्ताका १० जोडी गोरु, टेक्टरका समानहरू आदि पनि यस वर्षको अन्त्यसम्म फिर्ता नगरेको पीडितले बताए।

अखिल नेपाल सुकुमवासी सङ्घबाट

उढरापुर गाविस-२ की स्व. मुन्नादेवी बनियाँका नाममा रहेको १६ बिघा जमिन उनको मृत्युपछि हकवाला कोही नभएको भन्दै ०६६ असार १७ गते एकीकृत माओवादीनिकट अखिल नेपाल सुकुमवासी सङ्घ बाँकेले कब्जा गऱ्यो। सङ्घका जिल्ला अध्यक्ष अमर परियारको अगुवाईमा गएका सङ्घका कार्यकर्ताले बनियाँको जमिनमा सङ्घको झन्डा गाडेर कब्जा गरेको घोषणा गरेका थिए। उक्त जमिन ०५९ सालमा माओवादीले कब्जा गरी सोही वर्षदेखि भूमिहीन सुकुमवासीलाई वितरण गरेको थियो। यस वर्ष स्थानीय जमिनदारहरूले उपभोग गर्न खोजेपछि पुनः कब्जा गरिएको एकीकृत माओवादी क्षेत्र नं. ४ का इन्चार्ज तीर्थ ज्ञवालीले बताए।

रुपैना गाविस-२ का स्व. महेन्द्र गोल्छाका नाममा रहेको १५ बिघा र सोही ठाउँको छ बिघा ऐलानी जमिन बाँझो रहेको भन्दै ०६६ मङ्सिर १० गते अखिल नेपाल सुकुमवासी सङ्घ बाँकेले कब्जा गऱ्यो। सुकुमवासी सङ्घ बाँकेका अध्यक्ष प्रेम शाहको नेतृत्वमा गएको समूहले सो जग्गामा झन्डा गाडेर जमिन कब्जा गरिएको घोषणा गरेको थियो। कब्जा गरिएको जमिन भूमिहीन सुकुमवासीहरूलाई वितरण

Mid-westren:Layout 1 2/14/2010 12:31 PM Page 450

गरिएको सङ्घले जनायो।

रनियापुर गाविस-४ जोरिया रिहारमा रहेको करिब ९ सय बिघा जमिन एकीकृत माओवादीनिकट अखिल नेपाल सुकुमवासी सङ्घका कार्यकर्ताले ०६६ मङ्सिर ३० गते कब्जा गरे। अखिल नेपाल सुकुमवासी सङ्घ थारूवान राज्य समितिका संयोजक अमर परियारको अगुवाइमा गएका सङ्घका कार्यकर्ताले सङ्घको झन्डा गाडेर उक्त जमिन कब्जा गरेको घोषणा गरेका थिए। कब्जा गरिएको सो जमिनमा जमिन नहुने स्थानीयवासी र अन्य गाविसका करिब १ हजार सुकुमवासीलाई वितरण गरिएको सङ्घले जनाएको छ। सङ्घले सुकुमवासीलाई गाँस, बास र कपासको तत्काल व्यवस्था मिलाउन आवश्यक पहल गरिदिन ०६६ पुस ३ गते जिल्ला प्रशासन कार्यालय बाँकेमा ज्ञापनपत्र बुझाएको थियो। यस वर्षको अन्त्यसम्म सो जमिनमा सङ्घका कार्यकर्ताले टहरा बनाएका छैनन्।

जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह)बाट

नेपालगञ्ज नपा-१३ स्थित नेपाली काङ्ग्रेस जिल्ला कार्य समितिको पार्टी कार्यालय रहेको चार कोठाको एकतले पक्की भवनमा ०६५ चैत १ गते बिहान जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) समूहका कार्यकर्ताले प्रेसर कुकर बम विस्फोटन गराए। सो बम विस्फोटबाट भवनको ढोका, झ्याल र फर्निचरहरू क्षति भए। घटनास्थलनजिक जनतान्त्रिक तराई तुफान समूहको पर्चा भेटिए पनि सो घटनाको जिम्मा नेपालगञ्जस्थित सञ्चारकर्मीसँग फोनमार्फत जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) समूहका बाँके-बर्दिया इन्चार्ज भगत सिंहले लिएका थिए।

थरूहट संयुक्त सङ्घर्ष समितिबाट

थरुहट संयुक्त सङ्घर्ष समितिको आह्वानमा सञ्चालन गरिएको अनिश्चितकालीन तराई बन्दका क्रममा ०६५ फागुन २० गते दिउँसो नेपालगञ्ज नपा-१३ गणेशमान चोकमा बन्दको अवज्ञा गरेको आरोपमा भे.१प. ५२१२ नम्बरको मोटरसाइकल थरुहटका कार्यकर्ताले तोडफोड गरे। तोडफोडका कारण मोटरसाइकलको हेडलाइट र अन्य सामानहरू क्षतिग्रस्त भए। बन्दको अवज्ञा गरेको भन्दै सो दिन थरुहटका कार्यकर्ताले ट्राफिक चोकमा चार, पुष्पलाल चोकमा चार र बीपी चोकमा एउटा मोटरसाइकल तोडफोड गरे।

थरुहट संयुक्त सङ्घर्ष समितिको आह्वानमा गरिएको अनिश्चितकालीन तराई बन्दका क्रममा बन्दको अवज्ञा गरी सवारी साधन चलाएको आरोपमा ०६५ फागुन २१ गते राती साढे १२ बजे थरुहट संयुक्त सङ्घर्ष समितिका कार्यकर्ताले सुर्खेतबाट नेपालगञ्जतर्फ आइरहेको ना.१च. ११० नम्बरको मारुती भ्यानलाई चिसापानी गाविस-१ स्थित बबई नदीनजिक रोकेर आगो लगाए। आगलागीबाट जिप जलेर पूर्ण रूपमा क्षति भएको थियो।

थरुहट संयुक्त सङ्घर्ष समितिको अनिश्चितकालीन तराई बन्दका क्रममा बन्दको अवज्ञा गरी सवारी साधन चलाएको आरोपमा ०६५ फागुन २३ गते थरुहटका कार्यकर्ताले नेपालगञ्ज नपा बजार क्षेत्रमा भे.१प. ५०७९, भे.१प. ९५९०, लु.१च. २७७०, भे.२प. २१३, भे.१ब. ३२७६ नम्बरका मोटरसाइकलसहित १० मोटरसाइकल तोडफोड गरे। सो दिन बन्दको अवज्ञा गरेको भन्दै थरुहटका कार्यकर्ताले कोहलपुर गाविसमा चारओटा मोटरसाइकल, एउटा टेक्टर र एउटा हाइससमेत तोडफोड गरेका थिए।

राधाकृष्ण थारू जनसेवा केन्द्र बर्दियाका नाममा रही हाल रोयल पोली क्लिनिक नेपालगञ्जद्वारा सञ्चालित बा.१च. ७७९ नम्बरको एम्बुलेन्स ०६५ फागुन २४ गते राती बिरामी छोडी दाङ लमहीबाट नेपालगञ्ज आइरहेको अवस्थामा थरुहट संयुक्त सङ्घर्ष समितिका कार्यकर्ताले बिरामीबाहेक अन्य व्यक्ति बोकेको आरोपमा कोहलपुर गाविस-३ मा रोकेर तोडफोड गरे। तोडफोडबाट करिब ४ लाख रुपियाँ बराबरको क्षति भएको थियो। आन्दोलनकारीले चालक बर्दिया जमुनी गाविस-३ का २४ वर्षीय प्रेम अधिकारी र सहयोगी अमित गुरुङलाई पनि कुटपिट गरेका थिए। घाइते दुवैको नेपालगञ्ज मेडिकल कलेज कोहलपुरमा उपचार भयो।

नेपाल पत्रकार महासङ्घका केन्द्रीय सदस्य प्रेम केसीले प्रयोग गरेको भे.१प. ५७६५ नम्बरको मोटरसाइकल बन्द अवज्ञा गरी चलाएको आरोपमा ०६५ फागुन २४ गते थरुहट संयुक्त सङ्घर्ष समितिका कार्यकर्ताले कोहलपुर गाविस-३ मा तोडफोड गरे। तोडफोडबाट मोटरसाइकलको व्याकलाइट, अगाडिको सिसा, साइडलाइट फुटेको थियो। तोडफोडबाट करिब ४ हजार बराबरको क्षति भयो।

नेपालगञ्ज नपा-१३ का भे.१ज. २६२ नम्बरका बस मालिक बुद्धि श्रेष्ठसँग ०६६ जेठ २५ गते कोहलपुर गाविस-४ घर भई थरुहट संयुक्त सङ्घर्ष

Mid-westren:Layout 1 2/14/2010 12:31 PM Page 451

समितिका कार्यकर्ता नवीन चौधरीसहित अन्य कार्यकर्ताले बसलाई सुरक्षा दिइराखेको भन्दै ३ लाख रुपियाँ माग गरे। रुपियाँ माग गर्ने कोहलपुर गाविस-४ का नवीन चौधरीसहित सो कार्यमा संलग्न भएको आशङ्कामा थरुहटका २५ कार्यकर्तालाई इलाका प्रहरी कार्यालय कोहलपुरले ०६६ जेठ २५ गते गिरफ्तार गरेको थियो। रकम दिन नपर्ने सर्तमा बस मालिक र थरुहटका कार्यकर्ताबीच इलाका प्रहरी कार्यालय कोहलपुरमा सहमति भएपछि गिरफ्तारीमा परेका २५ जना थरुहटका कार्यकर्ता ०६६ जेठ २७ गते इलाका प्रहरी कार्यालय कोहलपुरबाट रिहा भए।

नौवस्ता गाविस-८ का गौरीकान्त धितालको भे.१च. १२९७ नम्बरको ट्राक्टर कुखुराको मल लिएर कोहलपुरबाट नौवस्ता गइरहेको अवस्थामा ०६६ असार ३१ गते बिहान ११ बजे नौवस्ता गाविस-७ निवासी थरुहट स्वायत्त राज्य परिषद्का सक्रिय कार्यकर्ता परशुराम चौधरीको अगुवाइमा आएका २०/२५ जनाको एक समूहले सोही गाविस-७ सुतैयाको जङ्गलमा आगो लगायो। थरुहटका कार्यकर्ताले वन पैदावर निकासीमा निषेध गरिरहेको अवस्थामा सो ट्राक्टरमा वन पैदावर ल्याएको आशङ्कामा आगो लगाइएको इलाका प्रहरी कार्यालय कोहलपुरले जनायो।

विगतका दिनमा नेपाल सरकारसँग भएका सहमतिहरूको कार्यान्वयनको माग गर्दै थरुहट सङ्घर्ष समितिले आह्वान गरेको थरुहट क्षेत्र बन्दका क्रममा बन्दको अवज्ञा गरेको आरोपमा थरुहटका कार्यकर्ताले नेपालगञ्ज-कोहलपुर सडक खण्डमा पर्ने पिपरी चोकमा बा.१झ. १५३९ नम्बरको मारुती जिप र कोहलपुर-सुर्खेत सडकस्थित नौवस्ता गाविस-८ मा भे.२प. २०६५ नम्बरको मोटरसाइकलमा ०६६ भदौ १८ गते आगजनी गरे। मारुती जिप बर्दियाको भुरीगाउँबाट थरुहटका कार्यकर्ताको पास लिई बिरामीको उपचार गर्न नेपालगञ्ज आएको र उपचार गरी फर्कने क्रममा कोहलपुर गाविसको पिपरी चोकमा तोडफोड तथा आगजनी भएको थियो।

कैलाली जिल्लाको बलियामा सुरक्षाकर्मीद्वारा सुकुमवासीहरूमाथि गरिएको दमनका विरुद्धमा एकीकृत माओवादीनिकट संयुक्त राष्ट्रिय जनआन्दोलन नेपालको थारूवान राज्य समितिले घोषणा गरेको थारूवान राज्य समिति बन्दको उल्लङ्घन गरेको आरोपमा एकीकृत माओवादीका कार्यकर्ताले सिक्टा परियोजना नेपालगञ्जको बा.१ब. ६००३ र जिल्ला विकास समिति बाँकेको नाममा रहेको बा.१ब. ७३५६ नम्बरको मोटरसाइकल ०६६ मङ्सिर २० गते नेपालगञ्ज नपा-१ धम्बोझी चोक र कारकादो चोकमा आगजनी गरे। आगजनीबाट मोटरसाइकल पूर्णरूपमा क्षति भए। त्यसैगरी पूर्वपश्चिम राजमार्गमा पर्ने बनकटुवा गाविसको जीगाउँमा पनि एकीकृत माओवादीका कार्यकर्ताले अन टेस्ट एक मोटरसाइलकमा आगजनी गरेका थिए।

द्वन्द्वपीडित सेना/प्रहरी राष्ट्रिय सङ्घर्ष समितिबाट

द्वन्द्वपीडित सेना/प्रहरी राष्ट्रिय सङ्घर्ष समितिले बिनासर्त पुन:बहालीको माग गर्दै बन्दको आह्वान गरिएको दिन बन्द अवज्ञा गरेको भन्दै समितिका कार्यकर्ताले ०६५ चैत १५ गते राती पूर्वपश्चिम राजमार्गस्थित कोहलपुर गाविसमा पर्ने रोहणी खोलानजिक जङ्गलमा ना.२ख. ३५३ नम्बरको ट्रक र अर्को एक नम्बर थाहा हुन नसकेको हाइसमा आगो लगाए। आगलागीबाट ट्रक र हाइस जलेर पूर्णरूपमा नष्ट भए। प्रदर्शनकारीले आगो लगाएका ट्रक र हाइस कोहलपुरबाट पूर्वतर्फ जाँदै थिए। सोही दिन साँझ कोहलपुर गाविस-३ मा प्रदर्शनकारी र यात्रुबीच झडप भएको थियो। झडपमा प्रदर्शनकारीतर्फ विष्णु वली घाइते भए। समितिले ०६५ चैत १५ गतेदेखि १७ गतेसम्म बन्दको आह्वान गरेको थियो।

अनेरास्ववियुबाट

स्ववियु निर्वाचनको मतगणना पुन: नगरिएको भन्दै अनेरास्ववियुका विद्यार्थीहरूले नेपालगञ्जस्थित महेन्द्र बहुमुखी क्याम्पस ०६५ चैत १० गते दिउँसो तोडफोड तथा आगजनी गरे। आगजनी तथा तोडफोडबाट क्याम्पसका कुर्सी, टेबल, डेक्स क्षति भए। आगजनीबाट कार्यालयका कागजातसमेत जलेर नष्ट भए।

अनेरास्ववियु (क्रान्तिकारी) र नेविसङ्घबाट

नेपाल पत्रकार महासङ्घका सचिव रामजी दाहाल, *हिमाल खबर पत्रिका*का सम्पादक किरण नेपाल, सोही पत्रिकामा कार्यरत इन्द्र श्रेष्ठ, रामेश्वर बोहरा र रिमा श्रेष्ठले बन्दको अवज्ञा गरेको भन्दै उनीहरूले प्रयोग गरेको भे.१च. ८०१ नम्बरको टाटा सुमो जिप ०६६ असार २ गते नेपालगञ्ज नपा-१ धम्बोझी चोकमा अनेरास्ववियु (क्रान्तिकारी) र नेविसङ्घका विद्यार्थीले तोडफोड गरे। महेन्द्र बहुमुखी क्याम्पस नेपालगञ्जमा अनेरास्ववियु (क्रान्तिकारी)बाट स्ववियु सदस्य रहेका गणेशबहादुर भण्डारीलाई ०६६ असार १ गते माइको बसका कर्मचारीले कुटपिट गरेको

Mid-westren:Layout 1 2/14/2010 12:31 PM Page 452

विरोधमा ०६६ असार २ गते स्वतन्त्र विद्यार्थी युनियन महेन्द्र बहुमुखी क्याम्पसले बाँके बन्दको आह्वान गरेको थियो।

अनेरास्ववियु (क्रान्तिकारी) बाट

ना.ख. ४९१८ नम्बरको माइक्रो बस कोहलपुरदेखि भन्सार जाने क्रममा भाडा तिर्ने विषयमा बस कर्मचारी र सो बसमा यात्रा गर्ने अनेरास्ववियु (क्रान्तिकारी)का कार्यकर्ता गणेशबहादुर भण्डारीबीच विवाद भएपछि ०६६ असार १ गते नेपालगञ्ज नपा सुर्खेत रोडस्थित ट्राफिक कार्यालयअगाडि सो बसलाई अनेरास्ववियु (क्रान्तिकारी)का विद्यार्थीले तोडफोड गरे। तोडफोडबाट बसका सिसाहरू पूर्ण रूपमा फुटेका थिए।

एकीकृत माओवादीबाट

नेपालगञ्ज नपा-१ धम्बोझी चोकमा रहेको नेपाल इन्भेस्टमेन्ट बैंक लिमिटेड कार्यालय ०६६ पुस ७ गते बिहान बन्द अवज्ञा गरेको आरोपमा एकीकृत माओवादीका कार्यकर्ताले तोडफोड गरे। तोडफोडबाट बैंकको मूल ढोकाको सिसा फुटेको थियो। नागरिक सर्वोच्चताको माग गर्दै एकीकृत माओवादीले ०६६ पुस ५ देखि ७ गतेसम्म आमहडतालको घोषणा गरेका थिए।

अज्ञात समूहबाट

नेपालगञ्ज नपा-१६ मुक्तिपुरस्थित संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको क्षेत्रीय कार्यालयको मूल ढोकानजिक ०६५ फागुन २ गते साँझ ८ बजे अज्ञात समूहले सकेट बम विस्फोटन गरायो। बम विस्फोटनबाट कार्यालयको पर्खाल चर्किएको थियो। घटनास्थलनजिक भीषण हिमाली बाघ नामक समूहको अपिल भेटिएको थियो। इन्सेक, राष्ट्रिय मानवअधिकार आयोग, पुनरावेदन अदालत बार, एड्भोकेसी फोरमलगायतका संस्थाले ०६५ फागुन ३ गते विज्ञप्ति प्रकाशन गरी सो घटनाको विरोध गरेका थिए। ओएचसीएचआरको कार्यालयलाई निसाना बनाई उक्त बम विस्फोटन नभएको ०६६ फागुन ३ गते काठमाडौंस्थित सो कार्यालयले विज्ञप्ति सार्वजनिक गरेको थियो।

नेपालगञ्ज नपा-१६ स्थित एकीकृत माओवादी जिल्ला सम्पर्क कार्यालय भाडामा रहेको दुई तले पक्की भवनमा ०६५ चैत १ गते राती साढे ८ बजे अज्ञात समूहले सकेट बम विस्फोटन गरायो। विस्फोटनबाट घरको तल्लो तलामा पसल गर्ने व्यापारी ३५ वर्षीय विजया सिंहको सुमित्रा किराना पसलको सटरमा प्वाल परेको र पसलका सामानमा पनि क्षति भएको थियो। विस्फोटनबाट एकीकृत माओवादी कार्यालय रहेको माथिल्लो तलामा सामान्य क्षति भयो।

भूमिहीनको अवस्था

राष्ट्रिय भूमि अधिकार मञ्च जिल्ला शाखा बाँकेका अनुसार यस जिल्लामा भूमि अधिकारबाट वञ्चित ३२ हजार घरधुरी रहेका छन्। त्यसमध्ये घरबास मात्र भएका करिब ७ हजार भूमिहीन सुकुमवासी यस जिल्लामा रहेको मञ्चले जनाएको छ। भूमि अधिकारका लागि मञ्चले राष्ट्रिय र जिल्लास्तरमा बेलाबेलामा आन्दोलन गर्दै आएको छ। मञ्चले गरेको आन्दोलनपश्चात् राष्ट्रियस्तरमा ०६३ असोज १ गते भूमिसुधार मन्त्री प्रभुनारायण चौधरीको पालामा र ०६५ मङ्सिर १४ गते माओवादी सरकारको समयमा चार/चार बुँदे सहमति भएको थियो। त्यसैगरी, बाँके जिल्लामा पनि ०६४ असार ३ गते चारबुँदे सहमति भएको थियो। सुकुमवासीलाई विकल्पविना बसेको स्थानबाट नउठाउने र आगो लगाउन नहुने बुँदाबाहेक अन्य बुँदा कार्यान्वयनमा आएका छैनन्। अन्य बुँदाहरूमा गाविसको सिफारिसमा बेदर्तावाल मोहीको तथ्याङ्क लिने र लगत दर्ता गर्ने, पैसा लिएको तर जग्गा पास नभएका सुकुमवासीको जग्गा पास गर्ने, मोही बाँडफाँटको दर्ता निवेदनको म्याद थप्ने र जोताहाको पक्षमा सरल तरिकाले मुद्दा फैसला गर्ने निर्णय भएको थियो। मञ्चको तथ्याङ्क अनुसार, बाँके जिल्लामा मुक्त कमैयाको सङ्ख्या ३ हजार १ सय ७६ र दर्ता मोहीको सङ्ख्या ५ हजार ८ सय ९९ रहेको छ।

पुनः विस्थापित

बैजापुर गाविस-३ का ३५ वर्षीय मोतीलाल चौधरी, सोही घरका ३२ वर्षीय बजारु चौधरी, १७ वर्षीय होमराज चौधरी, १४ वर्षीय पीताम्बर चौधरी र २९ वर्षीया लक्ष्मी चौधरी एकीकृत माओवादी कार्यकर्ताको धम्कीका कारण ०६५ माघ १८ गते नेपालगञ्जमा पुनः विस्थापित भएका छन्। पुनः विस्थापित भएको सो परिवार नेपालगञ्ज नपा-७ मा डेरा गरी बसेको थियो। एकीकृत माओवादीका स्थानीय कार्यकर्ता जीतबहादुर चौधरीले घरमा आई सपरिवार मार्ने धम्की दिएपछि आफूहरू गाउँ छोडी पुनः विस्थापित भएको पीडित परिवारले जनाएको थियो। गाउँमा बाटोको विषयमा विवाद हुँदा ०६५ माघ १६ गते स्थानीयवासीले जीतबहादुरलाई पिटेको विषयमा मोतीलालका घरपरिवारले उचालेर पिट्न लगाएको आरोपमा एकीकृत माओवादीका कार्यकर्ताले धम्की दिएका थिए। एकीकृत माओवादी कार्यकर्ताले सो घरका

Mid-westren:Layout 1 2/14/2010 12:31 PM Page 453

३६ वर्षीय रामरतन चौधरीलाई ०५७ फागुन ३ गते अपहरण गरी घुँडादेखि माथि काठमा राखी काठले थिचेर यातना दिएपछि उनको परिवार ०५७ फागुन ४ गतेदेखि विस्थापित भएको थियो। विस्तृत शान्ति सम्झौतापश्चात् रामरतनको परिवारका केही सदस्य घर फर्किए पनि रामरतन यस वर्षको अन्त्यसम्म पनि गाउँ फर्केका छैनन्। पुनः विस्थापित भएको सो परिवार हाल नेपालगञ्ज नपा-७ मा बस्दै आएको छ।

स्वास्थ्य सेवाको अवस्था

नेपालगञ्जस्थित भेरी अञ्चल अस्पतालमा डाक्टर ३०, स्टाफ नर्स २५, हेल्थ असिस्टेन्ट एक, अहेव पाँच, अनमि पाँच, ल्याब सात, अस्पताल नर्सिङ प्रशासक एक, मेडिकल रेकर्डर एक, फर्मासिस एक, रेडियो ग्राफर दुई र फिजियोथेरापीमा एक गरी जम्मा ७१ जनाको दरबन्दी सङ्ख्या रहेको छ। जसमा १८ जना डाक्टर बहाल रहेका छन् भने अन्य पदमा दरबन्दी अनुसारका स्वास्थ्यकर्मी बहाल रहेको भेरी अञ्चल अस्पतालले जनाएको छ। जिल्ला जनस्वास्थ्य कार्यालय बाँकेका अनुसार जिल्लामा तीन प्राथमिक स्वास्थ्य चौकी, ३५ उपस्वास्थ्य चौकी र नौ स्वास्थ्य चौकी गरी जम्मा ४७ स्वास्थ्यसँग सम्बन्धित कार्यालयहरू रहेका छन्। ती कार्यालयहरूमा प्राविधिकतर्फ २ सय २० र प्रशासनिकतर्फ आठ जनाको दरबन्दी रहेको जनस्वास्थ्य कार्यालयले जनाएको छ। सो कार्यालयका अनुसार बहाल रहेका स्वास्थ्यकर्मीहरूमा प्राविधिकतर्फ २ सय ९ र प्रशासनिकतर्फ आठ जना रहेका छन्। जिल्लामा रहेका तीन प्राथमिक स्वास्थ्य चौकीमा एक/एक जना डाक्टरको दरबन्दी रहे पनि दुई प्राथमिक स्वास्थ्य केन्द्रमा दरबन्दी अनुसारका डाक्टर छैनन्। जिल्लामा दरबन्दी अनुसार स्वास्थ्यकर्मी नभएका कार्यालयहरूमा वनकटुवा प्राथमिक स्वास्थ्य केन्द्रमा एक जना मेडिकल अधिकृत, लक्ष्मणपुर प्राथमिक स्वास्थ्य केन्द्रमा एक जना मेडिकल अधिकृत, जिल्ला जनस्वास्थ्य कार्यालयमा सिनियर पब्लिक हेल्थ नर्स, सोही कार्यालयमा ल्याब टेक्निसियन एक जना, लक्ष्मणपुर प्राथमिक स्वास्थ्य केन्द्रमा एक जना स्टाफ नर्स, सोही कार्यालयमा एक जना अहेव, खजुरा प्राथमिक स्वास्थ्य केन्द्र, गङ्गापुर स्वास्थ्य चौकी र कचनापुर स्वास्थ्य चौकीमा एक/एक जना अहेव बहाल छैनन्। बाँके जिल्लामा बालमृत्यु दर प्रतिहजारमा ६१ रहेको छ।

४.७ बर्दिया



जनसङ्ख्या : ४,७५,७६६
साक्षरता प्रतिशत : ५६
महिला साक्षरता प्रतिशत : ४२
क्षेत्रफल (वर्ग कि. मि.) : २,०२५
गाविस/नपा सङ्ख्या : ३१/१
सरकारी/निजी विद्यालय : ४००/६५
क्याम्पस/उच्च मा.वि. : १/१९
अस्पताल/स्वास्थ्य चौकी : १/३३
मानव विकास सूचकाङ्कः ०.४२९
प्रतिपरिवार सरदर सङ्ख्याः ६

जेल र बन्दीहरू

'घ' श्रेणीको जिल्ला कारागारमा बन्दी क्षमता १ सय १० जनाको रहेको छ। यस वर्षको अन्त्यसम्ममा कैद तोकिएका ५३ जना पुरुष र ६ जना महिला कैदी रहेका छन् भने कैद नतोकिएका ३५ पुरुष र २ महिला थुनुवा रहेका छन्। यसरी बर्दिया कारागारमा जम्मा ९६ जना बन्दी रहेका छन्। यस कारागारमा १५ वर्षीय बालक आकाश विकलाई बलात्कारको आरोपमा अन्य बन्दीहरूसँगै राखिएको छ। कारागारमा पानीको व्यवस्थाका लागि तीनओटा धारा र आर्सेनिकरहित पिउने पानीका लागि दुईओटा ट्याङ्की रहेका छन्। पत्रपत्रिका, रेडियो, टीभी, खेलकुद सामग्री रहेका छन् तर महिला कैदी र थुनुवाहरूले टीभी हर्ने व्यवस्था नरहेको बताए। साथै उनीहरूले कोठामा भान्साको धूवाँका कारण स्वास्थ्य समस्या भोग्नु परेको बताए। कारागारमा कार्यरत स्वास्थ्यकर्मीले अवकाश पाए पनि स्वास्थ्य उपचारका लागि अर्को व्यवस्था गरिएको छैन। स्वास्थ्यकर्मी नहुँदा साधारण बिरामीलाई पनि जाँच गराउन जिल्ला अस्पतालसम्म लैजानु पर्ने बाध्यताले

Mid-westren:Layout 1 2/14/2010 12:31 PM Page 454

घटनाको प्रकार	गैर राज्यबाट								राज्यबाट			
	अन्यबाट				एकीकृत माओवादीबाट							
	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा
हत्या	३	३	१	३								
घाइते	४	३	१	४					१	८	१	९
गिरफ्तारी/यातना									१	१		१
कुटपिट	९	१४	६	३०	१	३		३	१	३		३
धम्की	५	७	१	८	४	४		४				
महिलाअधिकार	३१		३३	३३								
बालअधिकार	१३		१३	१३								
आर्थिक/सामाजिक/ सांस्कृतिक अधिकार	३	६	१	७	३	३	१	३				
अमानवीय व्यवहार	३		३	३								
अपहरण	४	३	१	४								
जम्मा	६४	३५	४९	८४	७	८	१	९	३	११	१	१३

असुरक्षा र कैदी भाग्ने सम्भावना रहेको साथै आपतकालीन अवस्थामा कैदीहरूलाई उपचार आवश्यक पर्दा समस्या पर्ने जेलर रोहित श्रेष्ठले बताए।

गोली/विस्फोटक पदार्थद्वारा घाइते

आफैले बोकेको बमबाट

गुलरिया नपा-६ को राधाकृष्ण चोकमा ०६६ असार २ गते बिहान आफैंले बोकेको बम विस्फोटन हुँदा भारत गाजियाबादका २३ वर्षीय नरेन्द्रकुमार घाइते भए। उनको देब्रे कम्मर, ढाड र देब्रे हातमा चोट लागेकामा जिल्ला अस्पताल बर्दियामा उपचार हुन नसकी थप उपचारका लागि नेपालगञ्ज भेरी अस्पतालमा लगियो। स्थानीयवासीहरूका अनुसार, उनीसँगै हिँडेका नाम खुल्न नसकेका अर्का व्यक्ति भागेका थिए। उनीहरूले कुन उद्देश्यले बम बोकेर हिँडेका थिए भन्नेबारेमा हालसम्म खुल्न नसकेको जिल्ला प्रहरी कार्यालय बर्दियाका इन्स्पेक्टर प्रकाश सापकोटाले बताए। घाइते नरेन्द्रकुमारलाई थप उपचार गराउन भारतमा रहेका उनका आफन्तले जिम्मा लिएर घर लगेको जिल्ला प्रहरी कार्यालय बर्दियाका डीएसपी श्याम ज्ञवालीले बताए।

बेपत्ता/अपहरण

अज्ञात समूहबाट

मोतीपुर गाविस-२ बठुवातालका ३५ वर्षीय हरिबहादुर खड्कालाई ०६६ वैशाख २२ गते पाँच जनाको अज्ञात समूहले राती घरबाट अपहरण गऱ्यो। ०६६ वैशाख २४ गते अपहरित खड्काकी पत्नी कमला खड्काले पतिको खोजी गरिदिन इलाका प्रहरी कार्यालय बाँसगढीमा निवेदन दिइन्। प्रहरीले उनको खोजी भइरहेको बताए पनि वर्षको अन्त्यसम्म खड्काको अवस्था र अपहरणको कारणबारे थाहा हुन नसकेको कमलाले बताइन्।

गुलरिया नपा-२ खैरापुरका गोपाल तेलीलाई ०६६ असार ११ गते बिहान वाईसीएलका कार्यकर्ताले ०६६ असार ९ गते राती सोही स्थानका घरमा चोरी गरेको आरोपमा नियन्त्रणमा लिएर प्रहरीलाई बुझाए। सो घटनाका बारेमा विवाद बढेपछि स्थानीयवासी र वाईसीएल कार्यकर्ताबीच झडप हुँदा वाइसीएल कार्यकर्ता विशाल पौडेल र सुरेश शाही घाइते भए। उनीहरूको उपचार जिल्ला अस्पताल गुलरियामा भयो। सोही दिन दुई पक्षबीच भएको वार्तापछि पीडित प्रहरी कार्यलयबाट रिहा भए।

Mid-westren:Layout 1 2/14/2010 12:31 PM Page 455

धम्की/कुटपिट

एकीकृत माओवादीबाट

बगनाहा गाविस-७ निवासी थारू आदिवासी आन्दोलन संयोजन समितिका संयोजक एवम् अधिवक्ता सन्तराम धरकटुवालाई ०६५ फागुन २५ गते अनेरास्वियु (क्रान्तिकारी) जिल्ला अध्यक्ष कलावती थारूको नेतृत्वमा आएको २५ जनाको समूहले घरमै आई धम्की दियो। थारू आदिवासी आन्दोलन संयोजन समितिका कार्यकर्ताले ०६५ फागुन २४ गते मोटरसाइकल जलाउनुका साथै १ लाख ५० हजार रुपियाँ लुटेको आरोपमा धम्की दिएका थिए। एकीकृत माओवादीका जिल्ला कमिटी सदस्य उद्धवले फोनमार्फत मोटरसाइकल मर्मत र लुटिएको पैसा तुरून्त फिर्ता गर्नुपर्ने भनी गुलरिया नपा-६ स्थित उनको डेराकोठामा आई धम्की दिएका थिए। दुवै पक्षबीच ०६५ फागुन २६ गते छलफल गरी घटनाका दोषी पत्ता लगाई कानुनी कारबाही अगाडि बढाउने सहमति भयो।

मोतीपुर गाविस-२ बठुवातालका वीरबहादुर रानालाई ०६६ जेठ २२ गते राती सोही ठाउँ निवासी एकीकृत माओवादीका जिल्ला सदस्य रजमान थारूको नेतृत्वमा आएको समूहले माओवादी बने मात्र गाउँमा बस्न दिने भनी चार दिनभित्र घर छाड्न धम्की दियो। सो समूहले उनले सञ्चालन गर्दै आएको सेलर मिलमा जोडिएको बिजुलीको तार पनि काटिदिएको थियो। रानाले ०६६ जेठ २४ गते जिल्ला प्रहरी कार्यालयमा पीडकविरुद्ध निवेदन दिए पनि यस वर्षको अन्त्यसम्म कारबाही भएन। एकीकृत माओवादीका जिल्ला सदस्य रजमान थारूले घटनामा आफ्नो संलग्नता नभएको र उनीदेखि असन्तुष्ट पक्षले घटना गराएको बताए।

मोतीपुर गाविस-७ दमौलीका एमाले समर्थक जग्गु थारूलाई ०६६ जेठ २३ गते राती सोही ठाउँका माओवादी कार्यकर्ता जीतबहादुर लामा र कलिराम थारूको नेतृत्वमा आएको करिब १ सय जनाको माओवादी कार्यकर्ताको समूहले एमालेको समर्थनमा नबोल्न धम्की दियो। जग्गु थारूले सोही दिन दिउँसो गाउँकै चोकमा एमालेको समर्थनमा कुरा गरेपछि विवाद भएको थियो। सोही राती माओवादीको समूहले उनलाई धम्की दिएको हो। पीडितले कतै उजुरी गरेनन्।

बेलवा गाविस-७ चेपाडका १८ वर्षीय शारीरिक अशक्तता भएका छविलाल बीसीलाई सोही ठाउँ बस्ने एकीकृत माओवादीका इन्चार्ज गोविन्दप्रसाद देवकोटाले ०६६ कात्तिक ७ गते विद्यालयको कार्यालय कोठामा थुनेर राखे। छविलाल लक्ष्मी मावि चेपाडमा स्वयम्सेवकका रूपमा पढाउन गएका थिए। एकीकृत माओवादीका इन्चार्ज देवकोटाले शिक्षक हुँदाहुँदै पढाउन आउने भनेर विद्यालयको कार्यालय कोठामा एक घण्टा थुनेर अबदेखि पढाउन नआउन धम्की दिँदै छोडे। पीडितले कतै उजुरी दिएनन्।

वाईसीएलबाट

गोला-५ घर भई बबई बहुमुखी क्याम्पसमा अध्ययनरत अनेरास्वियु जिल्ला कमिटीका सहसचिव गणेश बीसीलाई मार्ने र गुलरिया नपा-२ निवासी तथा अनेरास्वियु जिल्ला कमिटी सचिव हरिप्रसाद भट्टराई र गुलरिया नपा-७ निवासी एवम् बबई बहुमुखी क्याम्पस प्रारम्भिक कमिटीका सदस्य भूपेन्द्र पौडेललाई ०६५ चैत ७ गते अनेरास्वियु (क्रान्तिकारी)का सदस्य तथा वाईसीएलका विष्णु थापाले कुटपिट तथा अपहरण गर्ने धम्की दिए। स्वयिु निर्वाचनका क्रममा र भइसकेपछि पनि 'सङ्गठनका नाममा सहिद हुन जान्नु पर्छ, सहिद हुन मन छ ? सहिद हुन तयार रहनू' भन्दै धम्की दिएको पीडितहरूले बताए। राजनीतिक विवाद भन्दै पीडितहरूले कतै निवेदन दिएनन्।

राजापुर गाविस-४ राजापुर निवासी तथा बबई बहुमुखी क्याम्पस गुलरियाका स्वयिु सदस्य दिलीपकुमार चौधरीलाई ०६५ चैत ९ गते वाईसीएल कार्यकर्ताले टाउकोमा पछाडिबाट फलामको रडले हानी घाइते बनाए। घटनामा अनेरास्वियुका गणेश बीसी सामान्य घाइते भए। टाउकोमा गहिरो चोट लागेका चौधरीको जिल्ला अस्पतालमा उपचार भयो। घटनापछि प्रहरीले अनेरास्वियु (क्रान्तिकारी)का जिल्ला उपाध्यक्ष छविलाल सिंह र सदस्य कृपा चौधरीलाई गिरफ्तार गऱ्यो। तनावलाई साम्य पार्न प्रहरीले बल प्रयोग गर्दा *राससका* प्रतिनिधि तथा क्रान्तिकारी पत्रकार सङ्घका सदस्य डबल महतरामाथि प्रहरीद्वारा लाठीचार्ज भयो। गिरफ्तार भएका अनेरास्वियु (क्रान्तिकारी)का जिल्ला

आफैँले बोकेको बम विस्फोटनमा घाइते भएका भारतीय नागरिक नरेन्द्रकुमार

Mid-westren:Layout 1 2/14/2010 12:31 PM Page 456

उपाध्यक्ष सिंह र सदस्य चौधरीलाई प्रहरीले सोही दिन साँझ रिहा गऱ्यो।

धधवार गाविस-६ खैरेनीको जङ्गलमा बसेका सुकुमवासी ३० वर्षीय केशव परियार र उनकी पत्नी २७ वर्षीया पुष्पा परियारलाई जग्गा कमाएबापत पैसा नदिएको आरोपमा ०६६ जेठ २७ गते खैरेनी गाउँ कमिटीका अध्यक्ष उज्ज्वल भनिने बनुवा थारूको नेतृत्वमा आएको वाईसीएल कार्यकर्ताको एक समूहले घर घेरा हाली कुटपिट गऱ्यो। वाईसीएलको समूहले रकम असुल्न भनी केशवले घरमा पालेको बाखा पनि लगेकामा सोही दिन गाउँमा अन्य व्यक्तिहरूसँग १ हजार रुपियाँ ऋण मागी रकम तिरेपछि बाखा फिर्ता पाएको पीडितले बताए। खैरेनी वाईसीएल गाउँ कमिटीले खैरेनी गाउँ तथा वाईसीएलको ०६४ वैशाख २४ गते भेला गराएर गाउँ वरिपरि रहेको जङ्गलको पर्ती जग्गा गरिब तथा भूमिहीन सुकुमवासीहरूका नाममा करिब ७४ घरपरिवारलाई प्रति परिवार पाँच कट्ठाका दरले वार्षिक १ हजार रुपियाँ वाईसीएललाई बुझाउनु पर्ने सर्तमा वाईसीएल गाउँ कमिटीका तत्कालीन अध्यक्ष चन्कु थारूको नेतृत्वमा वितरण गऱ्यो। जग्गा वितरण कार्य सतखलुवा मध्यवर्ती सामुदायिक वन उपभोक्ता समितिलाई आफ्नो नियन्त्रणमा लिएर गरिएको थियो। पीडितले ०६६ जेठ २८ गते पीडकविरुद्ध जिल्ला प्रशासन कार्यालय बर्दियामा निवेदन दिए। पीडकलाई यस वर्षको अन्त्यसम्म कारबाही भएन।

धधवार गाविस-६ खैरेनीमा वाईसीएल कार्यकर्ताले सुकुमवासीलाई कुटपिट तथा धम्की दिएको घटनाका बारेमा यथार्थ बुझ्न घटनास्थल पुगेका मगरागाडी गाविस-४ मनिकापुर निवासी तथा कृषि मजदुर सङ्घ बर्दियाका अध्यक्ष जलवीर थारू, धधवार गाविस-८ लम्कीफाँटा निवासी तथा दलित हकहित संरक्षण समितिका अध्यक्ष कमल विक र विपतपुर सुकुमवासी फाँटाका अध्यक्ष केशव परियारलाई ०६६ जेठ २९ गते वाईसीएल खैरेनी गाउँ कमिटीका अध्यक्ष उज्ज्वल भनिने बनुवा थारूको नेतृत्वमा आएको समूहले कुटपिट गऱ्यो। पीडितहरूले कतै उजुरी गरेनन्।

अनेरास्ववियुबाट

आफूहरूलाई कुटपिट गर्न वाईसीएल र अनेरास्ववियु (क्रान्तिकारी)लाई सघाएको आरोपमा पत्रकार तथा क्रान्तिकारी पत्रकार सङ्घका जिल्ला सदस्य जीवन तिमिल्सिनालाई अनेरास्ववियु र नेविसङ्घका विद्यार्थीहरूले जिल्ला विकास समितिको हाताभित्र ०६५ चैत ९ गते कुटपिट गरे। उनीहरूले *रासस*का पत्रकार डबल महतरा र *जनदिशा*की पत्रकार मेनका थारूलाई हातपातको प्रयास गरे। पत्रकार तिमिल्सिनालाई बचाउन खोज्दा पत्रकार महासङ्घका सहसचिवलाई पनि कुटपिट प्रयास भयो। पीडितले कतै उजुरी दिएनन्।

अज्ञात समूहबाट

मनाउ गाविस-५ ओर्डनी निवासी नेपाली काङ्ग्रेसका मनाउ गाविस उपसभापति ४५ वर्षीय वसन्त भट्ट, सोही गाविस-७ निवासी काङ्ग्रेस जिल्ला कमिटीका सदस्य कृष्णबहादुर पौडेल, शिक्षक वासुदेव पौडेल, यसैगरी सोही गाविस-५ प्रसेनी निवासी एमाले कार्यकर्ता ५० वर्षीय गोपाल सिलवाललाई ०६६ वैशाख २४ गते राती १६ जनाको अज्ञात समूहले घरमै सुतिरहेको बेला उठाएर कुटपिट गऱ्यो। कुटपिटबाट घाइते भएका भट्टको नेपालगञ्जमा उपचार भयो। खुकुरी, भाला र लाठीसहित आएको उक्त समूहले चारै जनालाई गाउँमा आएर राजनीति गर्ने भन्दै तत्काल घर छोडेर जानुपर्ने धम्की दिएको थियो। पीडकका विरुद्ध जिल्ला प्रहरी कार्यालयमा पीडितले निवेदन दिएको भए पनि कुनै कारबाही भएन। कुटपिट र धम्कीपछि गुलरिया विस्थापित भएका चारै जनामध्ये गोपाल सिलवाल हाल घर फर्केका छन्।

नवलपरासी जिल्ला निवासी जिल्ला स्वास्थ्य कार्यालय बर्दियाका स्वास्थ्य अधिकृत सुनील पाण्डेलाई ०६६ मङ्सिर १४ र १५ गते राती अज्ञात समूहले फोन गरी २ लाख रुपियाँ चन्दा दिनुपर्ने र नदिए तत्काल जिल्ला छोड्न धम्की दियो। धम्कीका कारण स्वास्थ्य अधिकृत पाण्डे ०६६ मङ्सिर १६ गते आफ्नै घर नवलपरासी विस्थापित भए। उनले धम्कीको विषयमा कतै निवेदन दिएनन्। ०६६ मङ्सिर २२ गते पाण्डेलाई धम्की दिने समूह वा व्यक्ति जो भए पनि पहिचान गरी कानुनी कारबाही गर्न दबाब दिनका लागि प्रगतिशील स्वास्थ्य व्यवसाय सङ्घको नेतृत्वमा जिल्ला स्वास्थ्य कार्यालयमा तालाबन्दी भयो। पीडित ०६६ पुस ४ गते गुलरिया फर्किए। ०६६ पुस ३ गते गुलरिया फर्कने क्रममा पुनः फोनमार्फत धम्की आएको स्वास्थ्य अधिकृतले पाण्डेले बताए।

वाईसीएलद्वारा आक्रमण गरी घाइते बनाइएका दिलीपकुमार चौधरी

Mid-westren:Layout 1 2/14/2010 12:31 PM Page 457

दौलतपुर गाविस-३ नड्गापुर निवासी तथा सरस्वती प्राविका प्रधानाध्यापक ३४ वर्षीय पल्टु थारूलाई ०६६ मङ्सिर २२ गते अज्ञात समूहले सोही ठाउँका विश्राम थारूको घरमा चिट्ठी टाँसेर मार्ने धम्की दियो। धम्की पत्रमा तत्काल विद्यालयको प्रधानाध्यापक पद छोडी अन्य विद्यालयमा सरूवा मिलाई जानुपर्ने, नगए उनकी छोरी तथा उनलाई भौतिक कारवाही गर्ने उल्लेख गरिएको थियो। ०६६ मङ्सिर १८ गते सोही विद्यालयमा निजी स्रोतकी शिक्षिका रामकुमारी थारूले विद्यालयको छाप लागेको खाली लेटर प्याड माग्दा प्रधानाध्यापक पल्टु थारूले लेटर प्याड दिन मानेका थिएनन्। अखिल नेपाल एकीकृत निजी शिक्षक जयमसी सङ्गठनका नाममा 'निजी स्रोतमा क्रान्तिकारी विचारधारा भएका महिला मित्रहरूलाई तलब बढाउनमा सहयोग पुऱ्याउँछौं' लेखिएको फारम हेरिसकेपछि थारुले लेटर प्याड दिन नमिल्ने बताएका थिए। पीडित पल्टु थारूले लेटर प्याड माग्ने शिक्षिका रामकुमारी थारूका विरुद्ध ०६६ मङ्सिर २४ गते इलाका प्रहरी कार्यालय राजापुरमा निवेदन दिएकामा ०६६ मङ्सिर २८ गते प्रहरीले पक्राउ गरी अनुसन्धानका लागि जिल्ला प्रहरी कार्यालयमा राखेको छ। यस वर्षको अन्त्यसम्म अभियुक्त हिरासतमा नै छन्।

झडपमा घाइते भएका लक्ष्मीप्रसाद शर्मा

गुलरिया नपा-३ खेरापुरका होमबहादुर अधिकारीलाई ०६६ मङ्सिर २५ गते बर्दिया ब्ल्याक कोब्रा संयुक्त मोर्चा नामक भूमिगत समूहले पत्रमार्फत ५ लाख रुपियाँ चन्दा दिन र अन्य व्यक्तिहरूसँग सङ्कलन गर्न धम्की दियो। डर-त्रासका कारण पीडितले घटनाका विषयमा कतै उजुरी गरेनन्। गुलरिया नपा क्षेत्रमा २४/२५ जनाजति व्यक्तिलाई पत्र आए पनि डर-त्रासका कारण पीडितहरूले घटनाका विषयमा केही बोल्न चाहेनन्। यस अनुरोधलाई अस्वीकार गरी प्रहरी र अन्य सङ्घसंस्थामा जानकारी गराए आर्थिक तथा भौत्तिक क्षति बेहोर्नुपर्ने धम्की पनि दिए। पीडितसँग चन्दा तोकिएको बताउँदै रकम लिने ठाउँ फोनमार्फत तय गरिने पत्रमा लेखिएको छ।

अभिव्यक्ति, भेला हुने र सङ्गठित हुने अधिकार
(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

सरकारद्वारा बर्खास्त गरिएका प्रधानसेनापति रुक्माङ्गद कटवाललाई राष्ट्रपतिले बहाल गराएको भन्दै एकीकृत माओवादीले ०६६ असार ७ गते जिल्ला प्रशासन कार्यालय बर्दियामा तालाबन्दी गर्न खोज्दा प्रहरीसँग भएको झडपमा एकीकृत माओवादीका जिल्ला सह-इन्चार्ज केशव शर्मासहित १३ जना घाइते भए। झडपमा प्रहरीको लाठी प्रहारबाट थारूवान राज्य समितिका सदस्य लक्ष्मीप्रसाद शर्मा, गुलरिया नपाका इन्चार्ज द्रव्य शाह, माओवादी कार्यकर्ताहरू नवीन राना, टीकाराम थारू, सम्झना चौधरी, ओमप्रकाश घिमिरे, तिल्कु थारू, नरेश मल्ल घाइते भएको माओवादीले बतायो। घाइतेमध्ये नवीन रानाको नेपालगञ्जमा र अन्यको जिल्ला अस्पताल गुलरियामा उपचार भयो। सो घटनामा प्रहरी जवान शङ्कर गिरी, सुरेन्द्र हमाल, दिलबहादुर रावल माओवादीले प्रहार गरेको ढुङ्गाले लाग्दा घाइते भए। प्रहरी जवान गिरीको दाँहिने हातको औंला भाँचिएकाले नेपालगञ्ज र अन्य प्रहरीको जिल्ला अस्पताल गुलरियामा उपचार भयो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा दुनियाँवादी फौजदारीतर्फ गत वर्षको जिम्मेवारी सरेर आएका ८६ थान मुद्दामध्ये ६४ थान फर्स्यौट भई २२ थान बाँकी रहे। यस वर्ष दर्ता भएका १ सय १२ थान मुद्दामा ३३ थान फर्स्यौट भई ७९ थान बाँकी रहे। यसरी यस वर्षको अन्त्यसम्म दुनियाँवादी फौजदारी मुद्दा १ सय १ थान बाँकी रहे। सरकारवादी फौजदारी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका ६३ थान मुद्दामा ४७ थान मुद्दा फर्स्यौट भई १६ थान बाँकी रहे। यस वर्ष दर्ता भएका ५७ थान मुद्दामा १७ थान मुद्दा फर्स्यौट भई ४० थान फर्स्यौट हुन बाँकी रहे। यसरी यस वर्षको अन्त्यसम्म सरकारवादी फौजदारी मुद्दा ५६ थान बाँकी रहे।

यसैगरी देवानी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका २ सय ६६ थान मुद्दामा १ सय ७६ थान मुद्दा फर्स्यौट भई ९० थान बाँकी रहे। यस वर्ष दर्ता भएका ४ सय १ थानमा ९४ थान मुद्दा फर्स्यौट भई ३ सय ७ थान बाँकी रहे। यसरी यस वर्षको अन्त्यसम्म देवानी मुद्दा ३ सय ९७ थान बाँकी रहे।

बर्दिया जिल्लामा अतिरिक्त घटना आत्महत्या ७१, कर्तव्य ज्यान १०, सार्वजनिक मुद्दा १५, कुटपिट दुई, डाँका दुई, नक्कली नोट दुई, मानव बेचविखन एक, अवैध हातहतियार दुई, भवितव्य १३, बम विस्फोटन सात, चोरी तीन, अपहरण एक, सवारी

Mid-westren:Layout 1 2/14/2010 12:31 PM Page 458

दुर्घटना नौ, आगो लगाएको दुई गरी १ सय ३८ घटनाका मुद्दा जिल्ला प्रहरी कार्यालयमा दर्ता भए।

यातना तथा अन्य क्रूर, अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

महम्मदपुर गाविस-१ गणेशपुरका २८ वर्षीय नारायण कुर्मी र कालिका गाविस-१ बकोतियाका १२ वर्षीय अमरेश यादवलाई ०६६ जेठ १२ गते प्रहरी चौकी गणेशपुरका असई सन्तोष खनालले साइकल चोरी गरेको स्वीकार गर्न लगाउन हिरासतमा कटबाँसको लट्ठीले कुटपिट गरी यातना दिए। कुटपिटका कारण कुर्मीको दाहिने हातको नाडीमाथि र देब्रे खुट्टाको साँप्रामा नीलडाम पऱ्यो। उनको जिल्ला अस्पताल गुलरियामा उपचार भयो। असई सन्तोष खनालले आफूलाई साइकल चोरेको हुँ भनेर स्वीकार गर्न लगाउँदै यातना दिएको कुर्मीले बताए। यातना दिएको घटना सार्वजनिक भएपछि ०६६ जेठ १३ गते नारायण कुर्मी बोलाएको समयमा आउने गरी रिहा भए। प्रहरीले बालक अमरेश यादवलाई ०६६ जेठ १४ गते उनकै बाबुको जिम्मा लगायो। पीडितले कतै उजुरी दिएनन्।

डेउढकला गाविस-९ का २० वर्षीय चिन्कु थारूलाई मोतीपुर गाविस बाँसगढीमा रहेको इलाका प्रहरी कार्यालय मोतीपुरका सई शान्तिराम सापकोटाले ताउलो चोरी गरेको आरोपमा ०६६ जेठ २४ गते गिरफ्तार गरी हिरासतमा यातना दिए। उनको स्थानीय औषधी पसलमा प्राथमिक उपचार गरी थप उपचार कोहलपुर कलेज बाँकेमा भयो। उनी अहिले पनि दुवै खुट्टा टेकेर हिँड्न सक्ने अवस्थामा छैनन्। पीडतले वकालत मञ्च बर्दियाको सहयोगमा यातनाविरुद्ध ०६६ असार ८ गते जिल्ला अदालतमा मुद्दा दर्ता गराए। प्रहरीले गिरफ्तार गर्ने कानुनी व्यवस्था नभएकाले कुनै कारबाही हुन सकेन। यस वर्षको अन्त्यसम्म पीडक प्रहरीले अदालतसमक्ष प्रतिउत्तर लगाएनन्।

बालअधिकार

थारू आदिवासी आन्दोलन संयोजन समिति बर्दियाले अध्यादेशमार्फत थारू समुदायलाई मधेसीको समूहमा सूचीकृत गरेको विरोधमा गरेको बन्दका कारण ०६५ फागुन १९ देखि २१ गतेसम्म करिब १ सय ५० विद्यालयका ५० हजार विद्यार्थीहरू पठनपाठनबाट वञ्चित भए। बन्दका कारण गुलरिया नपा, महम्मदपुर, कालिका, मैनापोखर, सोरहवा, बेलवा, मोतीपुर, डेउढकला, मगरागाडी, धधवार, पदनाहा, नेउलापुर, बग्नाहा, सानोश्री गाविसका विद्यालय पूर्णरूपमा प्रभावित भए।

डेउढकला गाविस-९ की दुई वर्षीया बालिकालाई आफन्तकहाँ विवाह खान गएका जमुनी गाविस-३ का ३५ वर्षीय उमेश चौधरीले ०६५ फागुन १९ गते सुताउन लैजान्छु भन्दै राती बलात्कार गर्ने प्रयास गरेको भनेर स्थानीयबासीले प्रहरीलाई खबर गरे। इलाका प्रहरी कार्यालय मोतीपुरले आरोपित चौधरीलाई हिरासतमा लियो। पीडित पक्षले जिल्ला प्रहरी कार्यालयमा ०६६ फागुन २० गते दिएको उजुरीका आधारमा पीडकलाई ०६५ चैत ९ गते मुद्दा जिल्ला अदालतमा दर्ता गऱ्यो। अदालतले ०६५ चैत ९ गते पुर्पक्षका लागि आरोपितलाई थुनामा राख्न आदेश दियो।

नेउलापुर गाविस-५ की तीन वर्षीया बालिकालाई सोही ठाउँका ७३ वर्षीया खदानन्द लम्सालले ०६५ माघ १३ गते दिउँसो घरमा कोही नभएको समयमा मिठाई दिई फकाएर बलात्कार गरेको भन्दै स्थानीय व्यक्तिहरूले पीडकलाई नियन्त्रणमा लिएर इलाका प्रहरी कार्यालय भुरीगाउँमा बुझाए। आरोपित लम्साललाई जिल्ला प्रहरी कार्यालयले बालिकालाई जबरजस्ती करणी गरेको आरोपमा जिल्ला अदालतमा मुद्दा चलायो। जिल्ला अदालतले ०६५ फागुन ८ गते लम्साललाई जिल्ला कारागारमा पुर्पक्षका लागि थुनामा राख्न आदेश दियो। ०६६ भदौ ३२ गते जिल्ला अदालतले पीडकलाई पाँच वर्षको जेल सजाय फैसला गऱ्यो।

बनियाभार गाविस-५ की १६ वर्षीया बालिकालाई ०६५ माघ १४ गते दिउँसो ढोढरी गाविस-२ बाँदरभरियाका ४३ वर्षीय फूलराम चौधरीले सानोश्री गाविसमा रहेको कुसुम्बा बजारबाट दाउरा बेचेर फर्किदै गर्दा सामुदायिक वनमा बलात्कार गरेको आरोपमा सोही दिन पीडितले जिल्ला प्रहरी कार्यालय बर्दियामा निवेदन दिइन्। प्रहरीले आरोपी फूलरामलाई गिरफ्तार गरी जिल्ला अदालतमा मुद्दा चलायो। जिल्ला अदालतले ०६५ फागुन ४ गते पुर्पक्षका लागि जिल्ला कारागारमा थुनामा राख्न आदेश दियो।

कालिका गाविस-१ बकोटियाका २५ वर्षीया लक्ष्मी थारूले ०६६ कात्तिक १ गते छ वर्षीय बालक ज्वाला थारूको हत्या गरेकामा बालकको कङ्काल ०६६ कात्तिक १४ गते साँझ सोही गाविसमा रहेको शिवशक्ति सामुदायिक वनमा भेटियो। बालक ०६६ कात्तिक १ गते साँझ आफ्नै घरबाट हराएका थिए। तत्काल घर परिवार, समाज तथा प्रहरीले उनको खोजी गरे पनि कतै पनि भेटिएका थिएनन्। शिवशक्ति

Mid-westren:Layout 1 2/14/2010 12:31 PM Page 459

सामुदायिक वनका उपभोक्ताले दाउरा खोज्न जाँदा बालक ज्वालाको कङ्काल उनैले लगाएको कपडामा बेरिएको अवस्थामा भेट्टाए। प्रहरीले कालिका गाविस-१ मरघटियाकी लक्ष्मी थारूलाई हत्याको आरोपमा पक्राउ गरी ०६६ कात्तिक १५ गते मुद्दा चलायो। बालककी आमा र पीडकका पतिबीच लामो समयदेखि कायम रहेको अवैध सम्बन्धको रिस फेर्न घटना गराएको पीडकले बताएको एसपी गणेश केसीले जनाए। अदालतले अभियुक्त लक्ष्मीलाई ०६६ मङ्सिर ९ गते पुर्पक्षका लागि जिल्ला कारागारमा थुनामा राख्न आदेश दियो।

सोरहवा गाविस-३ की १५ वर्षीया एक बालिकालाई सोही ठाउँका ३० वर्षीय भूपेन्द्र विकले ०६६ जेठ १० गते बलात्कार गरेको भन्दै पीडितले ०६६ जेठ ११ गते इलाका प्रहरी कार्यालय मैनापोखरमा उजुरी दिइन्। घटनापछि फरार भएका भूपेन्द्रलाई यस वर्षको अन्त्यसम्म प्रहरीले पक्राउ गर्न सकेको छैन।

सानोश्री गाविस-१ की २३ वर्षीया एक महिलालाई तारातल गाविस-३ का ३३ वर्षीय देवबहादुर सुनारले ०६६ असार ७ गते बलात्कार गरेको भन्दै पीडितले पीडकविरुद्ध जिल्ला प्रहरी कार्यालय बर्दियामा ०६६ असार ८ गते निवेदन दर्ता गराइन्। प्रहरीले आरोपितलाई गिरफ्तार गरी मुद्दा चलायो। जिल्ला अदालतले ०६६ असार २८ गते पीडक सुनारलाई पुर्पक्षका लागि जिल्ला कारागारमा थुनामा राख्न आदेश दियो।

महम्मदपुर गाविस-७ जोशीपुरकी १४ वर्षीया बालिकालाई सोही ठाउँका ३५ वर्षीय हसिम शेषले ०६६ साउन ८ गते बेलुका दिसा गर्न अँध्यारोमा खेततिर गएका बेला बलात्कार गरेको आरोपमा प्रहरी चौकी महम्मदपुरमा पीडितले ०६६ साउन ९ गते निवेदन दिइन्। बालिका दिसा बस्न गएको धेरै समय बितेपछि खोजी गर्दा उनी नजिकैको विद्यालयको चर्पीभित्र थुनिएको अवस्थामा भेटिएकी थिइन्। पीडकविरुद्ध पीडक फरार भएका कारण प्रहरीले हालसम्म गिरफ्तार गर्न सकेको छैन।

धधवार गाविस-८ विजयनगर मुक्त कमैया बस्तीकी १२ वर्षीया बालिकालाई सोही ठाउँका ३५ वर्षीय जगदिन थारूले घरमा कोही नभएको मौका पारी बलात्कार गरेको भनेर पीडितले ०६६ साउन १२ गते जिल्ला प्रहरी कार्यालय गुलरियामा पीडकविरुद्ध निवेदन दर्ता गराइन्। प्रहरीले जगदिन थारूलाई गिरफ्तार गरी मुद्दा चलायो। पीडक ०६६ भदौ २ गतेदेखि जिल्ला अदालतको ओदशमा पुर्पक्षका लागि कारागारमा थुनामा छन्।

एकीकृत माओवादी तथा पिछडा वर्ग महासङ्घले गरेको नेपाल बन्दका कारण ०६६ मङ्सिर २१ गते बर्दिया जिल्लाका करिब ५० निजी तथा २ सय सामुदायिक विद्यालयहरू बन्द हुँदा २ लाख विद्यार्थीहरू पढ्नबाट वञ्चित भए। ग्रामीण क्षेत्रमा विद्यालयहरू बिहान खुलेको भए पनि एकीकृत माओवादीका कार्यकर्ताले फोनमार्फत बन्द गर्न दबाब दिएका थिए।

एकीकृत माओवादी समर्थित अखिल नेपाल शिक्षक सङ्गठन (क्रान्तिकारी)द्वारा ०६६ मङ्सिर २२ गते राष्ट्रपतिको कदम सच्याएर नागरिक सर्वोच्चता कायम गर्न भनी ५० निजी र २ सय सामुदायिक विद्यालय बन्द गराउँदा २ लाख विद्यार्थीहरू पठनपाठनबाट वञ्चित भए।

राष्ट्रिय जनमोर्चा पार्टीले सङ्घीयताको विरोधमा ०६६ पुस १४ गते नेपाल बन्दको घोषणा गर्दा जिल्लाभरिका विद्यालयहरू बन्द भए। जसबाट ४ सय ३ विद्यालयका १ लाख ६१ हजार अध्ययनरत विद्यार्थी पढाइबाट वञ्चित हुनु पऱ्यो। ०६६ पुस १५ गतेबाट सबै विद्यालयमा पढाइ सुचारु भयो।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

गोला गाविस-५ की १८ वर्षीया एक युवतीलाई पाताभार गाविस बस्ने २४ वर्षीय पल्टु रोकायले ०६५ फागुन १० गते बलात्कार गर्ने प्रयास गरेको आरोपमा पीडितले दिएको निवेदनका आधारमा प्रहरीले रोकायलाई हिरासतमा लिई ०६५ चैत २३ गते जिल्ला अदालतमा मुद्दा चलायो। अदालतले रावतलाई ०६६ मङ्सिर २३ गते साधारण तारेखमा रिहा गऱ्यो।

भिम्मापुर गाविस-१ की मानसिक सन्तुलन गुमाएकी ३० वर्षीया एक महिलालाई सोही ठाउँका २० वर्षीय सिङ्गल थारू र १५ वर्षीय आकाश विकले ०६५ फागुन २७ गते रातको समयमा गाउँमै बलात्कार गरेको भनी पीडित महिलाका आफन्त जङ्गलु चौधरीले आरोपितहरूविरुद्ध ०६५ फागुन २८ गते इलाका प्रहरी कार्यालय राजापुरमा किटानी जाहेरी दिए। प्रहरीले सिङ्गल र विशाललाई सोही दिन गिरफ्तार गरी मुद्दा चलायो। अदालतको आदेशमा पीडकहरू पुर्पक्षका लागि जिल्ला कारागारमा थुनामा छन्। यस वर्षको अन्यसम्म मुद्दाको फैसला भएको छैन।

ढोढरी गाविस-७ बेलवाकी एक महिलालाई सोही गाविसमा रहेका इलाका प्रहरी कार्यालय ढोढरीका इन्स्पेक्टर भीमलाल भट्टराईले ०६५ फागुन २९ गते

Mid-westren:Layout 1 2/14/2010 12:31 PM Page 460

होली खेल्ने निहुँमा दुर्व्यवहार गरे। घटनाको विरोध गर्दै गाउँलेहरूले इलाका प्रहरी कार्यालय ढोढरी घेरेर इन्स्पेक्टर भट्टराईलाई नियन्त्रणमा लिई कुटपिट गर्न खोजे। जिल्ला प्रहरी कार्यालयबाट थप प्रहरी पठाइ स्थितिलाई नियन्त्रणमा लिइयो। असहज स्थितिलाई साम्य पार्न ०६५ फागुन ३० गते जिल्ला प्रहरी प्रमुख एसपी आई पीडित पक्षसँग कुरा गर्ने बताएपछि गाउँलेहरू प्रहरी कार्यालयबाट फर्के। सहमति अनुसार घटनास्थल पुगेका एसपी गणेश केसीले पीडक इन्स्पेक्टर भट्टराईलाई १५ दिनभित्र झिकाई पीडित महिलासँग माफी मगाउने सहमति गरे पनि यस वर्षको अन्त्यसम्म पनि इन्स्पेक्टर भट्टराईलाई पीडितसमक्ष ल्याई माफी मगाइएको छैन। पीडक इन्स्पेक्टर भट्टराईको बढुवामा रोक हुने गरी विभागीय कारबाही गरिएको जिल्ला प्रहरी कार्यालय बर्दियाका डीएसपी श्याम ज्ञवालीले बताए।

महमदपुर गाविस-८ भैसाहीका २३ वर्षीया दुई युवतीलाई सोही गाविस-६ उच्चालालपुरका भुरौ खाँ र नन्का सेखले ०६६ असार १५ गते राती नेपालगञ्जबाट आउँदै गर्दा महम्मदपुर गाविसकै लालपुरमा दुर्व्यवहार गरे।

आफूमाथि दुर्व्यवहार भएपछि फोन गर्दा आफ्नो गाउँले तथा प्रहरीलाई पीडित महिलाहरूलाई जानकारी दिए। पीडित महिलाहरूले पीडकविरुद्ध प्रहरी चौकी महमम्दपुरमा ०६६ असार १६ गते निवेदन दर्ता गराए। पीडक खाँ र शेषलाई प्रहरी चौकी महम्मदपुरले गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालय बर्दियामा पठाएको असई उत्तम विष्टले बताए। दुवै जनालाई जिल्ला प्रहरी कार्यालयमा हिरासतमा राखी पीडितको उजुरीका आधारमा मुद्दा अगाडि बढाएको प्रहरीले बतायो।

गुलरिया नपा-६ सन्तोषी टोलकी २६ वर्षीया महिलालाई ०६६ साउन २९ गते सोही ठाउँका २१ वर्षीय मङ्गल थारूले बलात्कार गरे। पीडितले ०६६ साउन ३० गते जिल्ला प्रहरी कार्यालय बर्दियामा निवेदन दर्ता गराइन्। जिल्ला अदालतले ०६६ मङ्सिर २३ गते पीडकलाई साधारण तारेखमा छोड्न आदेश दियो।

महम्मदपुर गाविस-५ लालपुरकी एक महिलालाई सोही ठाउँका ४५ वर्षीय नन्द लोहार र रामचन्द्र यादवले ०६६ भदौ १८ गते राती बलात्कार गरेको आरोपमा उनीहरू विरुद्ध पीडितले ०६६ असोज २० गते जिल्ला प्रहरी कार्यालयमा निवेदन दिइन्। पीडकहरू घटना भएपछि फरार भएका कारण प्रहरीले उनीहरूलाई पक्राउ गरी कानुनी कारबाही गर्न सकेको छैन।

पारिवारिक हिंसा, बहुविवाह

ठाकुरद्वारा गाविस-४ सुतैयाकी ३१ वर्षीय राधिका केसीलाई आफ्नै लोग्ने ३२ वर्षीय पूर्णबहादुर केसीले शारीरिक सम्बन्ध राख्न नमानेको आरोपमा ०६५ माघ ८ गते कुटपिट गरी बेहोस बनाए। पीडित राधिकाको ठाकुरद्वारा बजारको पसलमा उपचार भयो। घटना भएकै दिन समाजमा छलफल गर्न लाग्दा पीडक पूर्णबहादुर केसी धारिलो हतियारसहित आएपछि ०६५ माघ ८ गते प्रहरी चौकी ठाकुरद्वारामा निवेदन दिइन्। रोजगारका लागि भारत जाने-आउने गरेका पूर्णबहादुर एचआईभी सङ्क्रमित भएको र सँगै बस्न चाहे पनि लोग्नेले शारीरिक सम्बन्ध राख्न दबाब र धम्की दिने गरेकाले कुटपिट गरेदेखि माइतीमा बस्दै आएको पीडित राधिकाले बताइन्। पूर्णबहादुरले आफू एचआईभी सङ्क्रमित भएपछि पत्नीलाई पनि सरे केही फरक नपर्ने भन्दै दबाब दिँदै आएको पनि पीडित राधिकाले बताइन्।

महम्मदपुर गाविस-९ का ३७ वर्षीय दिलबहादुर विकले सोही ठाउँकी २० वर्षीया कमला विकसँग ०६५ फागुन २३ गते दोस्रो विवाह गरे। आफूमाथि सौता हाल्ने लोग्ने र सौता कमलाविरुद्ध ०६५ चैत ३० गते पीडित सरू विकले जिल्ला प्रहरी कार्यालय बर्दियामा बहुविवाहको मुद्दा हालिन्। जिल्ला अदालतको आदेशमा ३५ हजार धरौटी राखी ०६५ चैत ३० गते पीडक दुवै रिहा भए।

मगरागाडी गाविस-८ का २५ वर्षीय दिलबहादुर बुढाले सोही ठाउँकी २१ वर्षीया सरला भण्डारीसँग ०६५ चैत २१ गते दोस्रो विवाह गरे। आफूमाथि सौता हाल्ने पति र सौता सरलाविरुद्ध ०६६ असार ३ गते पीडित पुष्पा बुढाले जिल्ला प्रहरी कार्यालय बर्दियामा बहुविवाहको मुद्दा हालिन्। जिल्ला अदालतको आदेशमा १५ हजार धरौटी राखी ०६६ असार १८ गते सरला भण्डारी रिहा भइन्। दिलबहादुर बुढा आफैं अदालतमा उपस्थित भएपछि अदालतले १६ हजार धरौटीमा साधारण तारेखमा छोड्यो।

ढोढरी गाविस-९ भग्रैयाकी ३३ वर्षीया बेलमती पुलामीलाई आफ्नै पति ३७ वर्षीय रामबहादुर पुलामीले आफैंले काठको काम गर्ने बसुलाले टाउकोमा प्रहार गरी हत्या गरे। प्रहरीले ०६६ साउन १८ गते जिल्ला अदालतमा कर्तव्य ज्यानको मुद्दा दर्ता गरायो। अदालतले पीडक रामबहादुरलाई ०६६ भदौ २ गते पुर्पक्षका लागि

Mid-westren:Layout 1 2/14/2010 12:31 PM Page 461

कारागारमा राख्न आदेश दियो।

धधवार गाविस-८ बेलभारकी २६ वर्षीया सुकमणि थारूलाई पति २२ वर्षीय धनीराम थारूले सरकारले दिएको द्वन्द्वपीडित राहतको विषयमा विवाद भएपछि ०६६ साउन २० गते खेतमा काम गरिरहेको बेला लट्ठीले पेट र ढाडमा प्रहार गरी कुटपिट गरे। ३४ हप्ताकी गर्भवती पीडितको नेपालगञ्जस्थित नेपालगञ्ज मेडिकल कलेजमा उपचार भयो। सोही दिन स्थानीय गाउँलेहरूले मगरागाडी गाविसमा रहेको प्रहरी चौकी जयनगरमा घटनाका बारेमा जानकारी गराएपछि प्रहरीले पीडकलाई गिरफ्तार गऱ्यो। माओवादी द्वन्द्वका बेला पीडितका पति सुरेशको तत्कालीन शाही नेपाली सेनाले हत्या गरेपछि एकल भएकी सुकमणिले परिवारको अनुरोधमा देवर धनीराम थारूसँग ०६६ कात्तिकमा दोस्रो विवाह गरेकी थिइन्। पीडितको पहिलो पतिबाट जन्मिएकी १० वर्षीया छोरी पनि छन्।

गुलरिया नपा-१ का ३० वर्षीय बुद्धिमान श्रेष्ठले गुलरिया नपा-३ की २९ वर्षीया जुना न्यौपानेसँग ०६६ भदौ ५ गते दोस्रो विवाह गरे। बहुविवाह गरेको आरोपमा जुनाका आफन्त ३९ वर्षीय हुमनारायण न्यौपानेले ०६६ असोज १८ गते जिल्ला प्रहरी कार्यालयमा मुद्दा दर्ता गराए। प्रहरीले बुद्धिमान र जुनालाई पक्राउ गरी बहुविवाहको मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतले ०६६ पुस २ गते १५/१५ हजार रुपियाँ धरौटी मागेकामा तिर्न नसक्दा पीडकहरू पुर्पक्षका लागि जिल्ला कारागारमा थुनामा छन्।

आफू शारीरिक रूपमा अशक्त भएको र लोग्नेले अर्को विवाह गरी आफूलाई बेवास्ता गरेकाले पीडित मीनाले ०६६ असोज १ गते सम्बन्धविच्छेद गरी पाउन जिल्ला अदालतमा मुद्दा दिएकी छन्। मीना थारूका नाममा १ बिघा १७ कट्ठा जग्गा भएको र उनले सम्बन्धविच्छेद गर्न निवेदन दिएपछि अपहरणको घटना भएको थियो। ०६६ कात्तिक १३ गते पुन: बेफुलाल थारूले आफ्ना पक्षका गाउँलेलाई जम्मा गरी पीडित मीनाका नाममा रहेको १ बिघा १७ कट्ठा जग्गामध्ये आधा आफ्नो नाममा गराउनुपर्ने कागज दबाबमा बनाएको पीडित पक्षले बतायो।

बेलवा गाविस-९ का ३८ वर्षीय बेफुलाल थारूले आफ्नै पत्नी मीना थारूलाई सोही ठाउँ बस्ने ४२ वर्षीय खडकबहादुर वली, ४४ वर्षीय लालबहादुर थारू र ३२ वर्षीय केवला थारूसहित करिब २० जनाको सहयोगमा ०६६ कात्तिक ८ गते दिउँसो घरबाटै अपहरण गरे। दुवै खुट्टामा जन्मजात समस्या भएकी मीनासँग बेफुलालले ०५३ सालमा सामाजिक परम्परा अनुसार विवाह गरेका थिए। उनीबाट हालसम्म कुनै सन्तान नजन्मिएकाले बेफुलालले दोस्रो विवाह गरेर अलग्गै बस्दै आएका थिए।

बगनाहा गाविस-८ की २२ वर्षीया विना भण्डारी र उनका छोरालाई ०६६ मङ्सिर २० गते आफ्नै लोग्ने हिमबहादुर भण्डारीले राती घरमा सुतिरहेको अवस्थामा बाहिरबाट चुकुल लगाई आगो लगाई मार्ने प्रयास गरे। लोग्नेले राती रक्सी खाएर मातेको अवस्थामा ढोका खोल्न भनेको र आफूले नखोलेपछि बाहिरबाट चुकुल लगाई आगो लगाएको पीडित विना भण्डारीले बताइन्। पिसाब फेर्न उठ्दा आगो बल्दै गरेको देखेपछि कोठाको माटोको देवाल भत्काएर बाहिर निस्की होहल्ला गर्दा अन्य मानिसहरूले आएर आगो निभाएको उनले बताइन्। लक्ष्मी भण्डारीसँग दोस्रो विवाह गरी हिमबहादुर अलग्गै बस्दै आएका छन्। विना भण्डारी पनि लोग्नेबाट पाँच कट्ठा जग्गा लिएर छोराका साथमा छुट्टै बस्दै आएकी छन्। पीडक लोग्नेविरुद्ध ०६६ मङ्सिर २१ गते अस्थायी प्रहरी चौकी बगनाहामा र जिल्ला प्रहरी कार्यालय बर्दियामा ०६६ मङ्सिर २५ गते पीडित विनाले निवेदन दिइन्। पीडक फरार भएकाले पक्राउ गरी कानुनी कारबाही गर्न नसकिएको अस्थायी प्रहरी चौकी बगनाहाका हवल्दार मोतीराम चौधरीले बताए।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार एकीकृत माओवादीबाट

सशस्त्र द्वन्द्वको समयमा माओवादीले घरजग्गा कब्जा गरेपछि विस्थापित भएका मनाउ गाविस-८ का त्रिलोकमान श्रेष्ठले ०६५ माघ २७ गते आफ्नै जग्गा जोत्न लाग्दा सोही गाविस-७ गौचरका चिरञ्जीवी थारूलगायत सात जना किसानहरूले बाली आफूहरूले लगाउन पाउनु पर्ने जिकिर गर्दै अवरोध गरे। घटनाबारेमा जिल्ला प्रशासन कार्यालयमा ०६५ माघ २७ गते त्रिलोकमानका छोरा दीपनारायण श्रेष्ठ र छोरी गङ्गा श्रेष्ठले उजुरी दिएपछि प्रमुख जिल्ला अधिकारी वेदबहादुर कार्कीले घटनास्थल पुगी सहमति अनुसार मिलेर जान आग्रह गरेको बताए। १९ बिघा जग्गा माओवादीले ०६१ सालमा कब्जा गरी स्थानीय सुकुमवासी, मुक्तकमैया किसानहरूलाई वितरण गरेको थियो। आफूखुसी जग्गा खनजोत गर्न हालसम्म नपाएको श्रेष्ठले बताए।

गुलरिया नगरपालिकाको गुलरिया बजारमा एकीकृत माओवादीको संयुक्त राष्ट्रिय जनआन्दोलन समितिले आह्वान गरेको आमहडतालको समयमा ०६६

Mid-westren:Layout 1 2/14/2010 12:31 PM Page 462

पुस ६ गते एकीकृत माओवादी संयुक्त राष्ट्रिय जनआन्दोलन समितिका कार्यकर्ताले कानुन व्यवसायीहरूको कार्यालय जबरजस्ती बन्द गराउँदै खोलेमा कुनै पनि घटना हुनसक्ने धम्की दिए। धम्की दिएलगत्तै कानुन व्यवसायीहरूको सङ्गठन बार एसोसिएसन बर्दियाको बैठक बसी घटनाको भर्त्सना गऱ्यो। सदैव मानवअधिकारको रक्षकका रूपमा आवाज उठाउँदै आएको र विगतमा हरेक आन्दोलनमा कहिल्यै आफ्ना कार्यालय बन्द गर्न नपरेको तर एकीकृत माओवादीका कार्यकर्ताले कानुन व्यवसायीहरूमाथि गरेको व्यवहारको विरोध गर्दै आगामी दिनमा यस्तो हस्तक्षेप कसैले पनि नगर्न सबै पक्षलाई विज्ञप्तिमार्फत अपिल गरिएको थियो।

संरचना, सम्पति क्षति

राज्यबाट

ढोढरी गाविसमा रहेको किसान सामुदायिक वन उपभोक्ता समूहमा ७८ र बगनाहा गाविसको झरसलवा सावमा ६७ घरटहरा बनाई बसेका मुक्त कमैया तथा सुकुमवासीहरूका घरटहरा जिल्ला वन कार्यालय बर्दियाका प्रमुख राजबहादुर रावतको नेतृत्वमा आएको समूहले ०६५ चैत २८ गते भत्काउनुका साथै आगो लगायो। सरकारले कमैया मुक्तिको घोषणा गरे पनि अहिलेसम्म कतै पुन:स्थापना नगरेकाले वन क्षेत्रमा घरटहरा बनाएर बस्न बाध्य भएको मुक्त कमैयाहरूले बताए।

जनतान्त्रिक तराई मधेस मुक्ति टाइगर्सबाट

गुलरिया नपा-३ खैरापुरमा ०६६ भदौ १५ गते जनतान्त्रिक तराई मधेस मुक्ति टाइगरले बम विस्फोटन गराउँदा चोकमा रहेको विश्वास मेडिकलको काउन्टरको सिसामा क्षति भयो। विस्फोटनबाट १० हजारको क्षति भएको विश्वास मेडिकलका सञ्चालक विश्वनाथ रेग्मीले बताए। राती १ बजे घटना भएकाले अन्य मानवीय क्षति भएन। जनतान्त्रिक तराई मधेस मुक्ति टाइगर बर्दियाले विशेष गरी पहाडी मूलका व्यापारीहरूसँग चन्दा उठाउँदै आएको र चन्दा उठ्न कमी भएपछि बम विस्फोटन गराएको थाहा हुन आएको छ। सो घटना भएलगत्तै सो ठाउँमा व्यापार व्यवसाय गरिरहेका पहाडी मूलका व्यक्तिहरू १ लाख रुपियाँसम्म भारतको बहराज जिल्लाको बलैगाउँमा आफैं गएर चन्दा दिन बाध्य भएका थिए।

थारू आदिवासी आन्दोलन संयोजन समितिबाट

थारू आदिवासी आन्दोलन संयोजन समितिका कार्यकर्ताले ०६५ फागुन २२ गते आमहडतालको अवज्ञा गरेको भनी सदरमुकाम गुलरियामा साँझको समयमा भे.१प. ७२१२ नम्बरको मोटरसाइकल तोडफोड गरे। मोटरसाइकल तोडफोड गरेको आरोपमा प्रहरीले डेउढकला गाविस-८ का रमेश थारू र गुलरिया नपा-६ का सुहेलवाका भगवती थारू, रामधन थारू, रामबहादुर थारूलाई गिरफ्तार गरेकामा सोही दिन थारू आदिवासी आन्दोलन संयोजन समितिको दबाबमा बोलाएको समयमा आउने सर्तमा सोही दिन सबै जना रिहा भए।

झडप

बेलवा गाविस-९ बरमुडाका विनय राणा र विजय राणाको जग्गामा कसले बाली लगाउने भन्ने विषयमा ०६६ साउन ५ गते विवाद भई झडप हुँदा सोही ठाउँका अखिल नेपाल किसान सङ्घ जिल्ला समिति सदस्य फूलाराम थारू, रतन थारू, क्षेत्रीय सदस्य पवन विक, शिवप्रसाद थारू भीमबहादुर खड्का घाइते भए। उनीहरूको कोहलपुर मेडिकल कलेजमा उपचार भयो। कुटपिट गर्नेमा राणाद्वय र राणाले खटाएका सोही ठाउँका मोहनलाल थारूको नेतृत्वमा रहेका स्थानीय व्यक्तिहरू संलग्न थिए। राणाहरूको जग्गा माओवादीले लगाउन दिएदेखि खेती गर्दै आएको र धानवाली लगाउने समयमा धानको बीउ राखिसकेको अवस्थामा जमिनदारले आफूले अरूलाई लगाउन नदिने बताएपछि विवाद भएको थियो।

धधवार गाविस-६ मा पर्ने बर्दिया राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्र अन्तर्गतको कलवारी फाँटामा भूमिहीनहरूका नाममा वन क्षेत्र अतिक्रमण गर्ने मानिसहरूको समूह र स्थानीय वन उपभोक्ताहरूबीच ०६६ मङ्सिर ३० गते झडप हुँदा स्थानीय २५ वर्षीया पूर्णकुमारी खड्का घाइते भइन्। खड्का कलवारी फाँटामा बाख्रा चराइरहेको अवस्थामा एक्कासि वन अतिक्रमणकारी र वन उपभोक्ताबीच झडप हुँदा बीचमा परी घाइते भएको इलाका प्रहरी कार्यालय मोतीपुरका इन्चार्ज सई माधव रिजालले बताए। खड्काको कोहलपुर मेडिकल कलेजमा उपचार भयो।

अज्ञात समूहबाट

गोला र पशुपतिनगर गाविस कार्यालयमा ०६५ फागुन ५ गते राती दुईओटा मोटरसाइकलमा आएका चार जनाको अपरिचित व्यक्तिहरूको एक समूहले गाविस कार्यालयमा आगजनी गऱ्यो। आगजनीबाट

Mid-westren:Layout 1 2/14/2010 12:31 PM Page 463

कार्यालयमा रहेको दराजका सम्पूर्ण कागजात र प्लास्टिकका कुर्सी जलेर नष्ट भए। आगो कसले किन लगाएको हो, थाहा हुन सकेन। थरूहट स्वायत्त राज्य परिषद् बर्दियाका जिल्ला अध्यक्ष कन्हैयालाल थारूका नाममा मुद्दा दर्ता गरी घटनाको अनुसन्धान अगाडि बढाएको जिल्ला प्रहरी कार्यालय बर्दियाले बतायो। थरूहट स्वायत्त राज्य परिषद् बर्दियाका जिल्ला अध्यक्ष कन्हैयाललालाई सो मुद्दाको आरोपमा यस वर्षको अन्त्यसम्म गिरफ्तार गरेको छैन। राजनीतिक कारणले गिरफ्तार गरी कानुनी कारबाही गर्न नसकिएको जिल्ला प्रहरी कार्यालय बर्दियाका डीएसपी श्याम ज्ञवालीले बताए।

सोरहवा गाविसको भोलागौडीनजिक जङ्गलमा ०६५ फागुन २५ गते आफूहरूलाई थरूहटका कार्यकर्ता बताउने नकाबधारी समूहले बन्द अवज्ञा गरेको भनी अनेरास्ववियु (क्रान्तिकारी)का जिल्ला उपाध्यक्ष छविलाल सिंहको ना.७प. २१२५ नम्बरको मोटरसाइकल आगजनी गरी साथमा रहेको १ लाख ५० हजार रुपियाँ नगद लुटेर लग्यो। मोटरसाइकलमा आगजनी गर्ने र रकम लुट्ने आफ्ना कार्यकर्ता नभएको थारू आदिवासी आन्दोलन संयोजन समितिका संयोजक सन्तराम धरकटुवाले दावी गरे।

सूर्यपटुवा गाविस-२ कुशुम्वाका ५९ वर्षीय तोयानाथ सिग्देललाई ०६६ कात्तिक २० गते राती सात जनाको अज्ञात समूहले घरमै बसिरहेको अवस्थामा कब्जामा लिई टाउकोमा तीन ठाउँमा प्रहार गरी गम्भीर घाइते बनायो। साथै धानका गल्ला खरिद गर्न घरमा राखेको १० लाख रुपियाँ पनि लुटेर लग्यो। आक्रमणपछि बेहोस भएका सिग्देलको काठमाडौँको शिक्षण अस्पतालमा उपचार भयो। घटना भएलगत्तै इलाका प्रहरी कार्यालय ढोढरीमा उजुरी दिए पनि हालसम्म घटनामा संलग्न व्यक्ति वा समूहको पहिचान हुन नसकेको प्रहरीले जनायो।

राजापुर गाविस-५ का कन्हैया थारूको घरमा ०६६ मङ्सिर ९ गते राती अज्ञात समूहले गरेको आगजनीबाट घरभित्र रहेका लत्ताकपडा, चामल, फर्निचर, लुगा गरी करिब ३ लाख रुपियाँजतिको क्षति भयो। घटना हुनु केही दिनअगाडि कागजमा धम्कीपूर्ण भाषामा चिट्ठी लेखी गाउँमा टाँस्ने गरिएको र लगत्तै घटना भएको पीडित कन्हैया थारूले बताए। आगो लगाउने व्यक्ति वा समूहको पहिचान गरी कानुनी कारबाही गर्नका लागि पीडितले ०६६ मङ्सिर २४ गते इलाका प्रहरी कार्यालय राजापुरमा निवेदन दिए। प्रहरीले घटनाको अनुसन्धान भइरहेको बतायो।

कालिका गाविस-९ पहाडीपुरका ३८ वर्षीय बालाराम पौडेललाई ०६६ मङ्सिर १२ गते साँझ महम्मदपुर गाविस-८ सुर्जी गौरीमा अज्ञात समूहले बाटोमा डोरी तानेर अवरोध गरी छुरा प्रहार गरी घाइते बनायो। उनीसँगै रहेको ५० हजार रुपियाँ लुटेर लुटेरा फरार भए। पौडेलको नेपालगञ्जमा उपचार भयो।

राजापुर गाविस-२ धोविनपुरमा रहेको न्यु लाइट बोर्डिङ् स्कुलमा ०६६ मङ्सिर २१ गते बिहान अज्ञात समूहले आगजनी गर्दा चारओटा कोठामा क्षति भयो। आगालागीका कारण १ लाख ५० हजार बराबरको क्षति भयो। विद्यालयमा आगजनी हुँदा ०६६ मङ्सिर २४ गतेसम्म पढाइ हुन नसक्दा ३ सय ५० विद्यार्थी पठनपाठनबाट वञ्चित भए। आगो कसले किन लगायो भन्नेबारे केही थाहा नभएको र घटनाको अनुसन्धान भइरहेको पनि प्रहरीले बतायो।

राजापुर गाविसमा रहेको नवप्रतिभा प्राइमरी बोर्डिङ् स्कुलको भवनमा ०६६ असार २७ गते राती अज्ञात समूहले आगजनी गर्दा विद्यालयको खरले छाएको छओटा कोठा जलेर पूरै नष्ट हुँदा ४ लाख बराबरको क्षति भयो।

विद्यालयमा आगजनी भएपछि सो विद्यालयमा अध्ययनरत ४ सय विद्यार्थीहरू पठनपाठनबाट वञ्चित भए। प्रत्यक्षदर्शीका अनुसार विद्यालय परिसरभित्र करिब चार/पाँच जनाको एक समूहले आगो लगाएको थियो। स्कुलका प्रिन्सिपल तेजबहादुर थारू र सहायक प्रिन्सिपलले ०६६ मङ्सिर २४ गते घटनामा संलग्न व्यक्ति वा समूहको पहिचान गरी कानुनी कारबाहीको माग गरी इलाका प्रहरी कार्यालय राजापुरमा निवेदन दिए। घटनाको अनुसन्धान भइरहेको इलाका प्रहरी कार्यालय राजापुरका इन्स्पेक्टर सिद्धराज न्यौपानेले बताए।

थारू आदिवासी गैसस महासङ्घ कार्यकर्ताबाट

थारू आदिवासी गैसस महासङ्घका कार्यकर्ताले बन्दको अवज्ञा गरेको आरोपमा नेपाल सद्भावना पार्टी (महतो) बर्दियाका उपाध्यक्ष कुलानन्द कर्णको भे.१प. ७७६४ नम्बरको मोटरसाइकल ०६५ फागुन १९ गते गुलरिया नपा-६ मा तोडफोड गरे।

गुलरिया नपाको गुलरिया बजारमा कोष लेखा नियन्त्रक कार्यालय (कोलेनिका) रहेको अधिवक्ता नरेन्द्रकुमार शर्माको घरमा ०६६ जेठ १३ गते साँझ अज्ञात समूहले सकेट बम विस्फोटन गरायो। विस्फोटनबाट आफ्नो ल फर्म सञ्चालन गर्ने कोठाको दिवाल चर्किएको, ढोका, टेबल, कुर्सी, दराज र पङ्खा

Mid-westren:Layout 1 2/14/2010 12:31 PM Page 464

पूर्णरूपमा क्षति भएको अधिवक्ता शर्माले बताए। घटनास्थलमा भीषण हिमाली बाघको नाममा दुईओटा पर्चा भेटिएको इन्स्पेक्टर प्रकाश सापकोटाले बताए।

धधवार गाविस-६ को बर्दिया राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्र अन्तर्गतको कलवारी फाँटामा अखिल नेपाल सुकुमवासी सङ्घको नेतृत्वमा वन क्षेत्र अतिक्रमण गर्ने समूह र स्थानीय वन उपभोक्ताबीच ०६६ पुस १ गते डेउढकला गाविस-३ माछागढमा झडप हुँदा पाँच जना घाइते भए। सो क्रममा घाइते हुनेमा एकीकृत माओवादीका कार्यकर्ता डेउढकला गाविस-६ का आनन्द ढुङ्गाना, सोरहवा गाविसका हीरा विक र खड्कबहादुर कामी, बेलवा गाविसका रहिस पठान र मैनापोखर गाविस-३ का भोलाप्रसाद थारू रहेका छन्। घाइतेहरूको कोहलपुर मेडिकल कलेजमा उपचार भयो।

एकीकृत माओवादीबाट

बेलवा गविस-३ बेलवामा रहेको नेपाली काङ्ग्रेस गाउँ एकाइ कमिटीको कार्यालय रहेको अन्तराम थारूको घर ०६६ वैशाख २४ गते राती सोही गाविसका एकीकृत माओवादीका कार्यकर्ता दत्त थारूको नेतृत्वमा आएको आक्रोशित समूहले तोडफोड गऱ्यो। तोडफोडबाट अन्तरामको घरमा सामान्य क्षति भयो। इलाका प्रहरी कार्यालय मोतीपुरले दुवै पक्षलाई बोलाई छलफल गराई अबका दिनमा कुनै पनि राजनीतिक पार्टीले कार्यक्रम गर्दा सजगता अपनाउने सहमति भयो।

सशस्त्र द्वन्द्वका क्रममा माओवादीद्वारा जग्गा कब्जा भएका मैनापोखर गाविस-८ की सङ्गीता राणाले आफ्नो जग्गा आफैँ खनजोत गर्न लाग्दा उनी र मजदुरहरू जगदीश थारू, रामगोपाल थारू, गोपाल कादु र रामहरफ थारूलाई एकीकृत माओवादीले जग्गा लगाउन दिएदेखि जोतभोग गर्दै आएका रामकुमार थारू, सलिम, रमेश मिश्रालगायत आठ जनाको समूहमा आएको टोलीले जग्गा आफूले लगाउन पाउनु पर्ने भन्दै ०६६ असार १६ गते कुटपिट गर्नुका साथै धम्की दियो। व्यक्तिगत सम्पत्ति उपभोग गर्न पाउने आफ्नो अधिकार भएकाले विगत लामो समयदेखि एकीकृत माओवादीको कब्जामा रहेको जग्गा स्वतन्त्रपूर्वक आफ्नो तरिकाले खनजोत गरी उपभोग गर्न नपाएको राणाले बताइन्। इन्स्पेक्टर चक्र बास्तोलाले घटनाबारे थाहा पाएको भए पनि पीडितले निवेदन नदिएका कारण कारबाही अगाडि बढाउन नसकिएको बताए।

पाताभार गाविस-७ का गीता राणा र लेखविक्रम राणाको धान ०६६ मङ्सिर १३ गते माओवादी कार्यकर्ताले लुटेर लगे। धान लुटेको आरोपमा सोही गाविस-३ का वाईसीएल इन्चार्ज कमल रावत, एकीकृत माओवादीका कार्यकर्ता मङ्गरु थारू साथै सहयोग गर्ने जगतराम थारू, रामबहादुर थारू र अयोध्या थारूलाई इलाका प्रहरी कार्यालयले ०६६ मङ्सिर १७ गते पक्राउ गऱ्यो।

दीपा राणा र लेखविक्रम राणाले ०६६ मङ्सिर १८ गते आफ्नो ६० क्विन्टल धान लुटेको किटानी जाहेरी दिए। प्रहरीले अनुसन्धानका क्रममा जगतराम थारू, रामबहादुर थारू र अयोध्या थारूलाई निर्दोष भन्दै रिहा गऱ्यो र पाताभार गाविस-७ का भागीराम थारुलाई गिरफ्तार गऱ्यो। जिल्ला अदालतले ०६६ पुस ९ गते कमल रावत, माओवादी कार्यकर्ता मङ्गरु थारू र भागीराम थारुलाई १५-१५ हजार रुपियाँ जरिवाना तोक्यो। सोही दिन जरिवाना तिरी तीनै जना रिहा भए।

अखिल नेपाल प्रगतिशील स्वास्थ्यकर्मी सङ्घबाट

अखिल नेपाल प्रगतिशील स्वास्थ्यकर्मी सङ्घको नेतृत्वमा आएको एक समूहले ०६६ मङ्सिर २२ गते अस्पताल परिसरभित्र रहेको अमर खड्काको औषधी पसलमा तोडफोड गऱ्यो। जनस्वास्थ्य कार्यालयका अधिकृत सुनील पाण्डेलाई फोनमार्फत चन्दा दिन धम्की दिने अज्ञात व्यक्तिको पहिचान गरी कानुनी कारबाही गर्न माग गर्दै जिल्ला जनस्वास्थ्य कार्यालय बर्दियामा तालाबन्दी गर्न आएका आन्दोलनकर्मीहरूले सो औषधी पसलमा तोडफोड गरेका थिए। जनस्वास्थ्य कार्यालयका अधिकृत सुनील पाण्डेलाई फोनमार्फत चन्दा माग गर्ने समूहमा असर खड्का पनि रहेको आशङ्कामा आन्दोलनकारीले उनको औषधी पसलमा तोडफोड गरेका हुन्। सोही क्रममा आन्दोलनकारीले जिल्ला प्रशासन कार्यालय अगाडि कोणसभा गर्दै गर्दा प्रहरीले गुलरिया नपा-६ की सावित्रा गौतम र ठेगाना नखुलेखी जीतकुमारी योगीलाई हिरासतमा लिई सोही दिन साँझ रिहा गऱ्यो।

अखिल नेपाल सुकुमवासी सङ्घबाट

ढोढरी गाविस-७ मा रागमसिंह शमशेर राणाको जग्गा ०६६ मङ्सिर १० गते बिहान अखिल नेपाल सुकुमवासी सङ्घका छल्लुराम चौधरीको नेतृत्वमा रहेको एक समूहले झन्डा गाडेर जग्गा कब्जा गरेको घोषणा गऱ्यो। ढोढरी गाविसमा रागम सिंहको १२ बिगाहा जग्गा रहेको छ। जग्गा कब्जा गर्न एकीकृत माओवादी समर्थित अखिल नेपाल सुकुमवासी सङ्घको नेतृत्वमा सानोश्री, ढोढरी, बग्नाहा गाविसका सुकुम्वासी

Mid-westren:Layout 1 2/14/2010 12:31 PM Page 465

तथा मुक्त कमैयाहरू गएका थिए।

स्वास्थ्य सेवाको अवस्था

बर्दिया जिल्लामा नेपाल सरकारका ३४ स्वास्थ्य निकायमा छ डाक्टर, ११ हेअ, ४९ अहेपो, छ स्टाफ नर्स, २० अनमि, १३ ग्रास्वाका, २२ मासिका, २४ सहायक, एक नासु, एक खरदार, एक ड्रमक रुम असिस्टेन्स, एक चौकीदार, एक पाले, दुई कार्यालय सहयोगी र एक एम्बुलेन्सका लागि एक ड्राइभर गरी १ सय ५९ दरबन्दी रहेको छ।

जिल्लामा एक अस्पताल रहेको छ। अस्पतालमा तीन जना डाक्टरको दरबन्दी रहेको भए पनि एक जना मात्र डाक्टर रहेका छन्। यसैगरी नर्सिङ् निरीक्षक, तीन स्टाफ नर्स, एक सिअईब, दुई अहेब, एक ल्याब टेक्निसियन, एक ल्याब असिस्टेन्स, पाँच सहयोगी, एक नासु, एक खरदार, रहेका छन्। यसैगरी अस्पताल विकास समितिले एक ड्रमक रुम असिस्टेन, तीन अहेब, तीन अनमि, एक चौकीदार, एक पाले, दुई कार्यालय सहयोगी र एक एम्बुलेन्सका लागि एक ड्राइभर जनशक्ति रहेको छ।

ग्रामीण क्षेत्रमा तीनओटा प्राथमिक स्वास्थ्य केन्द्र रहेका छन्। तीनओटै केन्द्रमा एक-एक गरी तीन डाक्टर, एक-एक गरी तीन हेअ, दुई-दुई गरी छ अहेपो, एक-एक गरी तीन स्टाफ नर्स, तीन-तीन गरी नौ अनमि, एक-एक गरी तीन ग्रास्वाका गरी जम्मा २७ जना कार्यरत छन्।

आठओटा स्वास्थ्य चौकी रहेका छन्। जसमा एक-एक गरी आठ स्वास्थ्य सहायक, दुई-दुई गरी १६ जना अहेपो, एक-एक गरी आठ अनमि, एक-एक गरी आठ ग्रास्वाका र दुई-दुई गरी १६ कार्यालय सहायक गरी ५६ जनाको दरबन्दी रहेको छ।

उपस्वास्थ्य चौकी २२ ओटा रहेका छन्। जसमा एक-एक गरी २२ अहेपो, एक-एक गरी २२ ग्रास्वाका, एक-एक गरी २२ मासिका र एक-एक गरी २२ कार्यालय सहायक गरी ८८ जनाको दरबन्दी रहेको छ।

जिल्लामा दरबन्दी अनुसारका डाक्टरको जनशक्ति उपलब्ध हुन नसक्दा अस्पताल तथा प्राथमिक स्वास्थ्य केन्द्रहरूको भौतिक पूर्वाधार र आवश्यक उपचार यन्त्रहरू उपयोगमा आउन सकेका छैनन्। बिरामीहरू सुविधायुक्त ठाउँमा महँगो खर्चमा उपचार गर्न बाध्य छन्। कोही उपचारको अभावमा मर्नुपर्ने अवस्थामा पुगेका छन्।

४.८ सुर्खेत



जनसङ्ख्या : ३,५०,१७३
साक्षरता प्रतिशत : ६८
महिला साक्षरता प्रतिशत : ५२
क्षेत्रफल (वर्ग कि. मि.) : २,४५१
गाविस/नपा सङ्ख्या : ५०/१
सरकारी/निजी विद्यालय : ५३२/३१
क्याम्पस/उच्च मा.वि. : ३/२१
अस्पताल/स्वास्थ्य चौकी : १/५१
मानव विकास सूचकाङ्कः ०.४८६
प्रतिपरिवार सरदर सङ्ख्याः ६

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या

वाईसीएलबाट

कालीकोट जिल्ला पाँखा गाविस-४ निवासी अनेरास्वियुका कार्यकर्ता १९ वर्षीय रजबहादुर मल्लले फरक मत राखेको आरोपमा ०६५ फागुन २५ गते वाईसीएलका कार्यकर्ता टाइगर भनिने पदमबहादुर रावतसहितको समूहले वीरेन्द्रनगर नपा-६ बसपार्कमा छुरा प्रहार गरी हत्या गऱ्यो। पीडकले मल्लको दाहिने कोखामा छुरा प्रहार गरेको लगत्तै वीरेन्द्रनगरस्थित देउती नर्सिङ् होममा उपचार गर्दा गर्दै सोही दिन उनको मृत्यु भएको थियो। मृतकको लास सुर्खेत अस्पतालमा पोस्टमार्टमपछि उनका आफन्तहरूले कालीकोट पुऱ्याई दाहसंस्कार गरे। मृतकका काका नवराज मल्लले जिल्ला प्रहरी कार्यालय सुर्खेतमा पीडक रावतका नाममा किटानी जाहेरी दिए पनि प्रहरीले यस वर्षको अन्त्यसम्ममा पीडकलाई गिरफ्तार गर्न सकेको छैन। यस घटनाका बारेमा मृतकको हत्यामा संलग्न भनिएका

Mid-westren:Layout 1 2/14/2010 12:31 PM Page 466

घटनाको प्रकार	गैर राज्यबाट								राज्यबाट			
	अन्यबाट				एकीकृत माओवादीबाट							
	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा
हत्या	३	३		३								
गिरफ्तारी/यातना									५	१३	१	१३
कुटपिट	१३	१५	३	१८	१०	३३	३	३६	४	५		५
धम्की	३	१	७	८	१०	१५		१५	१	१		१
भेला/सङ्गठित हुने अधिकार									१	८	३	१०
जातीय विभेद	१		१	१								
महिलाअधिकार	१०८		११०	११०								
बालअधिकार	७	१	७	८								
आर्थिक/सामाजिक/ सांस्कृतिक अधिकार	१		१	१								
अपहरण	१	१		१								
जम्मा	१३५	७०	१३९	१४९	७०	३८	३	४१	११	३६	३	३९

रावतको आफ्नो पार्टीसँग कुनै संलग्नता नरहेको एकीकृत माओवादीका भेरी-कर्णाली राज्य समितिका सदस्य ऋषि गौतमले बताए।

जेल र बन्दीहरू

'ङ' श्रेणीको यस जेलको क्षमता २५ रहेको छ भने कैद तोकिएका पुरुष २८ र महिला एक तथा कैद नतोकिएका पुरुष ३३ गरी जम्मा बन्दीको सङ्ख्या ६२ रहेको छ।

कारागारमा पानी, शौचालय, विद्युत्, स्वास्थ्य तथा पत्रपत्रिका, रेडियो टीभी, खेलकुदका सामग्री तथा विद्यालय सामग्री उपलब्ध छन्। तर, क्षमताभन्दा झन्डै तेब्बर कैदी तथा थुनुवाहरूलाई एकै स्थानमा कोचिएर राख्नुपर्दा बन्दीहरू चिसो भुइँमा सुत्न बाध्य छन्। साथै, जेलको सुधारका लागि पटकपटक माथिल्लो निकायमा पहल गर्दा समेत यस वर्षको अन्त्यसम्ममा कुनै सुनुवाइ नभएको जेलर ओम चपाईंको भनाइ छ।

बेपत्ता/अपहरण

एकीकृत माओवादीबाट

धारापानी गाविस-४ निवासी एमाले कार्यकर्ता ४२ वर्षीय गङ्गाबहादुर वलीले फरक मत राखेको आरोपमा ०६६ वैशाख २९ गते राती एकीकृत माओवादीका कार्यकर्ताहरू नरबहादुर डाँगी, कृष्णबहादुर डाँगी, केशरबहादुर खत्री र तेजबहादुर खत्रीसहित १२ जनाको एक समूहले घरबाटै अपहरण गरी घरदेखि उत्तरपूर्वमा रहेको सुर्खेत र सल्यान जिल्लाको सिमानामा लगी उनलाई मरणासन्न हुने गरी कुटपिट गरे। एकीकृत माओवादीको कुटपिटबाट दाहिने खुट्टाको घुँडादेखि मुनिको भाग तीन ठाउँमा भाँचिनुका साथै देब्रे खुट्टा, टाउको र देब्रे हातको बुढीऔंलामा गहिरो चोट लागेका पीडितको सुर्खेत अस्पतालमा उपचार भयो। पीडितले जिल्ला प्रहरी कार्यालय सुर्खेतमा किटानी जाहेरी दिए पनि यस वर्षको अन्त्यसम्ममा सुनुवाइ नभएको बताए। इलाका प्रहरी कार्यालय छिन्चुका इन्स्पेक्टर रामप्रसाद घर्तीको कमान्डमा गएको प्रहरी र स्थानीयबासीको सहयोगमा पीडितलाई ०६६ वैशाख ३० गते वीरेन्द्रनगर ल्याइएको थियो। यता एकीकृत माओवादीका जिल्ला इन्चार्ज कृष्ण धमलाले भने सो घटनामा आफ्नो पार्टीको कुनै संलग्नता नरहेको बताए।

अज्ञात समूहबाट

लाटीकोइली गाविस-८ निवासी नेपाल बैंक

Mid-westren:Layout 1 2/14/2010 12:31 PM Page 467

लिमिटेड सुर्खेत शाखाका खरिदार ४२ वर्षीय मोहन गाहाले कान्छी पत्नीलाई हेरचाह नगरेको आरोपमा ०६६ वैशाख २ गते तीन जनाको सङ्ख्यामा आएको अज्ञात समूहले घरबाटै उनलाई अपहरण गऱ्यो। कान्छी पत्नी कुश्मा गाहाको निर्देशनमा अपहरणपछि वीरेन्द्रनगरको एक होटलमा लगी सो समूहले आफूलाई मार्ने धम्की दिएको पीडितले बताए। पीडित सोही दिन वीरेन्द्रनगरबाटै मुक्त भए। सो घटनापछि पनि मोबाइल फोनबाट पटक-पटक पीडकहरूले नै मार्ने धम्की दिएको र यसबारेमा जिल्ला प्रहरी कार्यालय सुर्खेतमा उजुरी दिए। यस वर्षको अन्त्यसम्ममा सुनुवाइ नभएको पीडितले बताए।

वाईसीएलद्वारा छुरा प्रहार गरी हत्या गरिएका रजबहादुर मल्ल

धम्की/कुटपिट

राज्यबाट

वीरेन्द्रनगर नपा-६ का मजदुर ३९ वर्षीय रघुनाथ शाह र १९ वर्षीय रोशन शाहले आदेश पालना नगरेको आरोपमा ०६५ माघ २ गते गस्तीमा खटिएका प्रहरीले वीरेन्द्रनगर बसपार्कमा लात्ती, मुक्का र लाठी प्रहार गरी उनीहरूलाई कुटपिट गरे। पीडितहरूको सुर्खेत अस्पतालमा उपचार भयो। प्रहरीले कुटपिट गरेको घटनाको सुनुवाइ नहुने भनी कहीं उजुरी नगरेको पीडितले बताए।

वीरेन्द्रनगर नपा-६ का २९ वर्षीय तेजप्रकाश जीसीले कम्प्युटरको काम गर्न आलटाल गरेको आरोपमा ०६५ माघ २१ गते नेपाली सेना मध्यपश्चिम पृतना हेडक्वार्टर आर्तिलरी गण मङ्गलगढी सुर्खेतका मेजर किसनसिंह भण्डारीले वीरेन्द्रनगर नपा-६ बुद्धपथमा उनलाई मार्ने धम्की दिए। सेनाका विरुद्ध प्रहरीले सुनुवाइ नगर्ने भनी कहीं उजुरी नगरेको पीडितले बताए।

कल्याण गाविस-३ का ३९ वर्षीय कुलबहादुर सारुले एकीकृत माओवादी सेनाको विरोध गरेको आरोपमा ०६५ चैत ६ गते एकीकृत माओवादी सेनाले घरमै उनलाई मार्ने धम्की दिए। स्थानीयवासी र कल्याण गाविसस्थित जीत स्मृति ब्रिगेडका माओवादी सेनाबीच ०६५ फागुन ३० गते भएको दोहोरो झडपको घटनाको सुर्खेतमा पत्रकार सम्मेलन गरी विरोध गरेको भनी आफूलाई यस्तो धम्की दिएको पीडितले बताए। माओवादी सेनाका विरुद्ध प्रहरीले कारबाही गर्न नसक्ने भनी कहीं उजुरी नगरेको पीडितले बताए।

सुर्खेत क्याम्पस शिक्षामा अध्ययनरत अनेरास्ववियु (क्रान्तिकारी)का २२ वर्षीय दीपक शाहीले स्ववियु निर्वाचनको मतगणना भइरहेको समयमा क्याम्पसको ढोका तोडफोड गरेको आरोपमा ०६५ चैत ७ गते प्रहरीले नियन्त्रणमा लिई उनलाई कुटपिट गरे। पीडितको सुर्खेत अस्पतालमा उपचार भयो। प्रहरीले कुटपिट गरेको घटनाको सुनुवाइ नहुने भनी कहीं उजुरी नगरेको पीडितले बताए।

विद्यापुर गाविस-४ का २९ वर्षीय सर्वानन्द सापकोटाले मासिक २ सय रुपियाँका दरले अपाङ्ग भत्ता लिन नमानेको आरोपमा ०६५ चैत २० गते सोही गाविसका प्राविधिक नमराज भण्डारीले गाविस कार्यालयमा उनलाई मार्ने धम्की दिए। आर्थिक वर्ष ०६५/६६ देखि सरकारले मासिक ५ सय रुपियाँका दरले अपाङ्ग भत्ता दिने घोषणा गरेकाले सोही अनुरूप मात्र भत्ता बुझ्ने अडान लिए। पीडकले मार्ने धम्की दिए पनि आफूजस्ता गरिब तथा शारीरिक रूपमा अशक्तको सुनुवाइ नहुने भनी कहीं उजुरी नगरेको पीडितले बताए।

उत्तरगङ्गा गाविस-९ का २३ वर्षीय दिनेश गौतमले चर्को शब्द बोलेको आरोपमा ०६६ जेठ २३ गते जिल्ला प्रहरी कार्यालय सुर्खेतका एसपी छविलाल जोशीले जिप्रकामै उनलाई कुटपिट गरे। जिप्रका सुर्खेतमा इन्टरनेट जडान गर्नका लागि बोलाई सामान्य कुराकानीका क्रममा एसपी जोशीले आफूलाई कुटपिट गरेको पीडितले बताए। एसपी जोशीले भने गौतमलाई कुटपिट नगरेको जिकिर गरे।

लाटीकोइली गाविस-७ का २६ वर्षीय जगत चौधरीलाई ०६६ भदौ ८ गते वीरेन्द्रनगर नपा-६ सडकमा हिँड्दै गर्दा जिल्ला प्रहरी कार्यालयका प्रहरीले लात्तीमुक्काले कुटपिट गरे। पीडितले सोही दिन जिल्ला प्रहरी कार्यालय सुर्खेतमा उजुरी गरे पनि यस वर्षको अन्त्यसम्ममा सुनुवाइ भएन।

Mid-westren:Layout 1 2/14/2010 12:31 PM Page 468

एकीकृत माओवादीबाट

कल्याण गाविस-३ निवासी नेपाली सेनाका जवान २५ वर्षीय दीपक राना, भारतीय सेना २८ वर्षीय भीमबहादुर नेपाली र भारतीय सेना २७ वर्षीय हर्कबहादुर रानाले जीत स्मृति ब्रिगेड कल्याणमा कार्यरत उपेन्द्र भनिने माओवादी सेनालाई कुटपिट गरेको आरोपमा ०६५ फागुन २८ गते माओवादी सेनाको समूहले घरमै आई लात्ती मुक्का र दाउराले उनीहरूलाई कुटपिट गरे। पीडितहरूको कोहलपुरस्थित शिक्षण अस्पतालमा उपचार भयो। माओवादी सेनाका विरुद्ध प्रहरीले कारबाही गर्न नसक्ने भनी उजुरी नगरेको पीडितहरूले बताए।

कल्याण गाविस-४ का ३८ वर्षीय उदय विक, ३२ वर्षीय चन्द्रबहादुर सलामी र २५ वर्षीय पूर्णबहादुर रास्कोटीले माओवादी सेनाको विरोध गरेको आरोपमा ०६५ फागुन २९ गते माओवादी सेनाले कल्याण गाविस-४ बाघखोरमा लात्ती, मुक्काले उनीहरूलाई कुटपिट गरे। पीडितहरूको सुर्खेत अस्पतालमा उपचार भयो। माओवादी सेनाका विरुद्ध प्रहरीले कुनै कारबाही गर्न नसक्ने भनी उजुरी नगरेको पीडितहरूले बताए।

वीरेन्द्रनगर नपा-६ निवासी ४० वर्षीय कानुन व्यवसायी नन्द भण्डारीले कर्तव्य ज्यान मुद्दाको अभियोगीका पक्षबाट वकालत गरेको आरोपमा ०६६ चैत २५ गते एकीकृत माओवादीका महिला कार्यकर्ताहरूले जिल्ला अदालत परिसरमा हातपात गर्नुका साथै उनलाई अपमानजनक व्यवहार गरे। कानुन व्यवसायी भण्डारीलाई अदालतमा छिर्न नदिई एकीकृत माओवादीका महिला कार्यकर्ताहरूले दुई दिनसम्म दुई घण्टा जिल्ला अदालत मुल गेटमा धर्ना दिई तालाबन्दी गरिदिएका थिए। पीडितले कहीं उजुरी गरेनन्।

रतु गाविस-३ की ४० वर्षीया कुशा बुढाले छिमेकीसँगको विवादमा सहयोग गरेको आरोपमा ०६६ चैत ३० गते एकीकृत माओवादीका कार्यकर्ता हर्कबहादुर वलीले घरमै लात्ती, मुक्का र दाउराले उनलाई कुटपिट गरे। एकीकृत माओवादीको कुटपिटबाट पाठेघर खसेकी पीडितको सुर्खेत अस्पतालमा उपचार भयो। माओवादी त्रासका कारण कहीं उजुरी नगरेको पीडितले बताइन्।

कल्याण गाविस-४ का २९ वर्षीय नरबहादुर ताउले, ४४ वर्षीय चन्द्रबहादुर कार्की, ४५ वर्षीया गौमती राना, ४५ वर्षीय गङ्गाराम दमाई, ३० वर्षीय धनबहादुर घर्ती, कल्याण-३ का ३२ वर्षीय चन्द्रबहादुर कामी, ५९ वर्षीय दण्डपाणि आचार्य, ३९ वर्षीया टेकबहादुर गुरुङ र कल्याण गाविस-५ का ४२ वर्षीय कुलबहादुर सारुले एकीकृत माओवादी सेनाका विरुद्ध नाराजुलुस गरेको आरोपमा ०६५ चैत ३० गते कल्याण गाविस-३ स्थित जीत स्मृति ब्रिगेडका एकीकृत माओवादी सेनाले कल्याण गाविस-३ मा लात्ती, मुक्का, लाठी र ढुङ्गा प्रहार गरी उनीहरूलाई कुटपिट गरे। पीडितहरू सबै जनाको सुर्खेत अस्पतालमा उपचार भयो। उपचारपछि पनि माओवादी सेनाको त्रासका कारण वीरेन्द्रनगरमा बस्दै आएका पीडितहरू सबै जना इन्सेक, राजनीतिक दल र जिल्ला प्रशासनको पहलमा १० दिनपछि पुन:स्थापना गरिए।

वीरेन्द्रनगर नपा-६ का ५८ वर्षीय दलबहादुर शाहीले विवादित जग्गामा बनाएको घरटहरामा ४० वर्षीय माधव थापा र ४५ वर्षीय जहरसिंह बजगैयाले भाडामा पसल गरेको आरोपमा ०६६ वैशाख ४ गते एकीकृत माओवादीका कार्यकर्ताहरूले तत्काल घरपसल खाली गर्नुपर्ने भनी धम्की दिनुका साथै उनीहरूको घरपसल तोडफोड गरे। पीडितहरूले जिल्ला प्रहरी कार्यालय सुर्खेतमा उजुरी दिए पनि यस वर्षको अन्त्यसम्ममा सुनुवाइ भएको छैन। सर्वोच्च अदालतको आदेशानुसार सुर्खेत उपत्यका नगर विकास समितिसँग विवादित जग्गा आफ्नो नाममा रहेको र २४ वर्षयतादेखि नै आफूले भोगचलन गर्दै आएको पीडितले बताए। यता सो विवादित जग्गा आफूहरूका नाममा रजिस्ट्रेसन भइसकेको एकीकृत माओवादीका कार्यकर्ता पूर्णप्रसाद पौडेलले बताए।

दशरथपुर गाविस-५ निवासी नेपाली काङ्ग्रेसका कार्यकर्ता ४२ वर्षीय कर्णबहादुर वलीले फरक मत राखेको आरोपमा ०६६ वैशाख २२ गते माओवादीका कार्यकर्ताहरूले पाँच दिनभित्र २५ हजार रुपियाँ चन्दा दिनुपर्ने भनी उनलाई धम्की दिए। माओवादीले यस्तो धम्की दिए पनि पीडितले चन्दा भने दिएनन्। माओवादी विरुद्ध प्रहरीले कुनै कारबाही गर्न नसक्ने भनी उजुरी नगरेको पीडितले बताए। यता एकीकृत माओवादीका जिल्ला इन्चार्ज कृष्ण धमलाले भने सो घटनामा आफ्नो पार्टीको कुनै संलग्नता नरहेको जिकिर गरे।

उत्तरगङ्गा गाविस-१ कोलडाँडाका नेपाली काङ्ग्रेसका कार्यकर्ता ४७ वर्षीय बमबहादुर शाहीले प्रधानसेनापति प्रकरणमा राष्ट्रपतिले चालेको कदमको समर्थन गरेको आरोपमा ०६६ जेठ ३ गते माओवादीका कार्यकर्ताहरूले घरमै उनलाई गाउँ छोड्नुपर्ने धम्की दिए। यस्तो धम्कीपछि पनि शाहीले गाउँ भने छोडेनन्। एकीकृत माओवादीका विरुद्ध प्रहरीले कुनै कारबाही गर्न

Mid-westren:Layout 1 2/14/2010 12:31 PM Page 469

नसक्ने भनी उजुरी नगरेको पीडितले बताए। यता एकीकृत माओवादीका जिल्ला इन्चार्ज कृष्ण धमलाले भने सो घटनामा माओवादीको कुनै संलग्नता नरहेको जिकिर गरे।

वीरेन्द्रनगर नपा-६ निवासी *राजधानी* दैनिक सुर्खेतका संवाददाता २५ वर्षीय रमेश शाहीले विवादित जग्गाको एकतर्फी रूपमा समाचार सम्प्रेषण गरेको आरोपमा ०६६ जेठ २० गते एकीकृत माओवादीका कार्यकर्ताहरूले एक अपिल जारी गरी आगामी दिनमा यस्ता समाचार सम्प्रेषण नगर्न चेतावनी दिए। पीडितले एकीकृत माओवादीका विरुद्ध प्रहरीले कारबाही गर्न नसक्ने भनी कहीँ उजुरी नगरेको बताए।

लाटीकोइली गाविस-८ निवासी एमाले जिल्ला कमिटी सुर्खेतका सदस्य ५५ वर्षीय भूषण मानन्धर, वीरेन्द्रनगर नपा-४ का एमाले कार्यकर्ता गणेशमान खनाल र वीरेन्द्रनगर नपा-९ निवासी तरुण दल सुर्खेतका अध्यक्ष वेदु गिरीले एकीकृत माओवादीद्वारा आह्वान गरिएको सुर्खेत बन्दको अवज्ञा गरेको आरोपमा ०६६ जेठ २६ गते एकीकृत माओवादीका कार्यकर्ताहरूले बुद्धपथमा मानन्धरलाई अपमानजनक व्यवहार तथा खनाल र गिरीलाई कुटपिट गरे। एकीकृत माओवादीका विरुद्ध प्रहरीले कारबाही गर्न नसक्ने भनी उजुरी नगरेको पीडितहरूले बताए।

कुनाथरी गाविस-१ चेपाडस्थित सरस्वती माविका शिक्षक अम्मरबहादुर महतरा र धरमबहादुर महतराले विद्यार्थीहरूलाई कुटपिट गरेको आरोपमा ०६६ असार ४ गते एकीकृत माओवादी सेना यामबहादुर पुलामीसहित चेपाडका १२ जना युवाहरूको समूहले विद्यालय परिसरमै दुवै जनालाई कुटपिट गरे। पीडितद्वयले ०६६ असार ६ गते जिल्ला प्रहरी कार्यालय सुर्खेतमा उजुरी दिएपछि कुटपिटमा संलग्न मानबहादुर पुलामी, उदय पुलामी, चन्द्रबहादुर पुलामी, लक्ष्मण पुलामी, झकबहादुर पुलामी, ललित पुलामी, टेकबहादुर पुलामी, होमबहादुर पुलामी, लीलबहादुर सारु, बुद्धिराम सलामी र सुनिल रानालाई ०६६ असार ७ गते प्रहरीले गिरफ्तार गरी सार्वजनिक अपराधमा मुद्दा चलाएकामा जिल्ला प्रशासन कार्यालय सुर्खेतको आदेशमा सबै जना ०६६ असार १२ गते रिहा भए। एकीकृत माओवादीका सेना यामबहादुर पुलामीलाई प्रहरीले यस वर्षको अन्त्यसम्ममा गिरफ्तार गरेको छैन। कुटपिटको विरोधमा शिक्षकहरूले तीन दिनसम्म विद्यालय बन्द गरेका थिए। पीडितहरूको सुर्खेत अस्पतालमा उपचार भयो।

नेटा गाविस-३ का ४० वर्षीय भीमबहादुर बरालले एमालेको राजनीति गरेको आरोपमा ०६६ असार ३१ गते एकीकृत माओवादीका कार्यकर्ताहरूले घर घेरा हालेर नाइनस्टिक, दाउरा र ढुङ्गाले उनलाई कुटपिट गरे। कुटपिटबाट देब्रे कुमको जोर्नीमा चोट लागेका पीडितको सुर्खेत अस्पतालमा उपचार भयो। २४ जनाको सङ्ख्यामा आएका एकीकृत माओवादीका कार्यकर्ताहरूले बरालकी पत्नी ३८ वर्षीया टीका बराल, छोरी १८ वर्षीया सनिला बराल, छोराहरू १६ वर्षीय धनीराम बराल र १४ वर्षीय दीपक बरालललाई समेत कुटपिट गरेको पीडितले बताए। सो घटनापछि एकीकृत माओवादीको त्रासका कारण वीरेन्द्रनगर बस्दै आएका पीडित ०६६ भदौ १० गते घर फर्किए। पीडितले एकीकृत माओवादीका कार्यकर्ताहरू नेटा गाविस-१ का हिमबहादुर शाही, खड्कबहादुर राना, टेकबहादुर बुढा, मोहन नेपाली, पूर्णबहादुर आले, प्रेम आचार्य, भूपेन्द्र लम्साल, मानबहादुर रास्कोटी, भूपेन्द्र खत्री, लक्ष्मण नेपाली, भूपाल बौडेलका नाममा ०६६ साउन २ गते जिल्ला प्रहरी कार्यालय सुर्खेतमा किटानी जाहेरी दिए पनि यस वर्षको अन्त्यसम्ममा सुनुवाइ भएको छैन।

गुटु गाविस-६ निवासी गुटु गाविसका पूर्वगाविस अध्यक्ष ४५ वर्षीय काँशीराम देवकोटाले एमालेको राजनीति गरेको आरोपमा ०६६ मङ्सिर १५ गते एकीकृत माओवादी सुर्खेत जिल्ला कमिटीका सदस्य नवीन बमको नेतृत्वमा हातहतियारसहित आएको समूहले घरमै उनलाई मार्ने धम्की दियो। सो समूहले पीडित देवकोटालाई साङ्घातिक आक्रमण गर्न खोजेलगत्तै गाउँलेहरू जम्मा भएको थाहा पाएपछि उनीहरू भागेको पीडितका भाइ ताराप्रसाद देवकोटाले बताए। उनीहरूले 'तिमी एमालेहरूलाई जानेका छौँ' भन्दै भागेका थिए। सो घटना भएको लगत्तै पीडितले

एकीकृत माओवादीद्वारा अपहरण गरी कुटपिट गरिएका गङ्गाबहादुर वली

Mid-westren:Layout 1 2/14/2010 12:31 PM Page 470

इलाका प्रहरी कार्यालय बाबियाचौरमा ०६६ मङ्सिर १६ गते उजुरी दिए पनि यस वर्षको अन्त्यसम्ममा सुनुवाइ भएको छैन। जिल्ला सहइन्चार्ज कृष्ण जीसीले सो घटनामा नवीन बमको कुनै संलग्नता नरहेको दाबी गरे।

घाटगाउँ गाविस-६ का २७ वर्षीय पदमबहादुर शाहीले एमालेको राजनीति गरेको आरोपमा ०६६ मङ्सिर २५ गते एकीकृत माओवादीका कार्यकर्ताहरूले घरमै लात्तीमुक्का र लाठीले कुटपिट गरे। कुटपिटबाट घाइते भएका शाहीको स्थानीय स्वास्थ्य केन्द्रमा उपचार भयो। सो समूहले सोही दिन पीडितका दाजु कमल शाहीको घरमा तोडफोडसमेत गरिदिए। एकीकृत माओवादीविरुद्ध प्रहरीले कारबाही गर्न नसक्ने भनी उजुरी नगरेको पीडितहरूले बताए। यता एकीकृत माओवादीका जिल्ला सह-इन्चार्ज कृष्ण जीसीले सो घटनामा एकीकृत माओवादीको कुनै संलग्नता नरहेको दाबी गरे।

घाटगाउँ गाविस-६ निवासी एमालेका कार्यकर्ता ३२ वर्षीय दीपक विक र ३५ वर्षीय सगुने धोलीले एमालेको राजनीति गरेको आरोपमा ०६६ मङ्सिर २६ गते एकीकृत माओवादीका कार्यकर्ताहरूले घरमै उनीहरूलाई गाउँ नछोड्न धम्की दिए। एमाले जिल्ला कमिटी सुर्खेतका सदस्य घनश्याम पाण्डेका अनुसार एमाले जिल्ला कमिटी सुर्खेतको ०६६ मङ्सिर २७ र २८ गते हुने छैटौँ अधिवेशनमा पार्षद छानिएका विक र धोलीलाई अधिवेशनमा भाग लिन सदरमुकाम गएमा जे पनि गर्न सकिने भनी धम्की दिइएको थियो। धम्कीका कारण दुवै जना अधिवेशनमा आउन सकेनन्। एकीकृत माओवादीविरुद्ध प्रहरीले कारबाही गर्न नसक्ने भनी उजुरी नगरेको पीडितले बताए। एकीकृत माओवादीका जिल्ला सह-इन्चार्ज कृष्ण जीसीले सो घटनामा आफ्नो पार्टीको कुनै संलग्नता नरहेको दाबी गरे।

वाईसीएलबाट

कालीकोट जिल्ला ओदानकू गाविस-५ निवासी अनेरास्ववियुका कार्यकर्ता २२ वर्षीय दानबहादुर मल्लले फरक मत राखेको आरोपमा ०६५ पुस २४ गते वाईसीएलका कार्यकर्ताहरूले सुर्खेतको उत्तरगङ्गा गाविस-८ तातापानीस्थित कोठामा आई उनलाई मार्ने धम्की दिए। एकीकृत माओवादीका विरुद्ध प्रहरीले कुनै कारबाही गर्न नसक्ने भनी उजुरी नगरेको पीडितले बताए। सुर्खेत क्याम्पस शिक्षामा अध्ययनरत पीडित सो धम्कीपछि ०६५ माघ २ गते पढाइ छोडेर घरमा फर्कन बाध्य भएका छन्।

एकीकृत माओवादीद्वारा कुटपिट गरी घाइते बनाइएका भीमबहादुर बराल

जर्बुटा गाविस-१ का ४५ वर्षीय रणबहादुर खड्का, ३७ वर्षीय टीकालाल कँडेल, २५ वर्षीय उत्तम आचार्य र २७ वर्षीय हरि अधिकारीले एकीकृत माओवादीद्वारा आह्वान गरिएको सुर्खेत बन्दको अवज्ञा गरेको आरोपमा ०६६ जेठ ३१ गते वाईसीएलका कार्यकर्ताहरूले पीपिराचोकमा उनीहरूलाई कुटपिट गरे। सबैजनाको स्थानीय स्वास्थ्य केन्द्रमा उपचार भयो। पीडितहरूले यस्ता घटनाको सुनुवाइ नहुने भनी कहीं उजुरी नगरेको बताए।

एमालेबाट

घोरेटा गाविस-३ का ५१ वर्षीय वीरबहादुर बुढाले एकीकृत माओवादीको राजनीति गरेको आरोपमा ०६६ साउन २४ गते एमालेका कार्यकर्ताहरूले लात्ती, मुक्का र ढुङ्गा प्रहार गरी गाउँमै उनलाई कुटपिट गरे। पीडितको स्थानीय स्वास्थ्य केन्द्रमा उपचार भयो। सुनुवाइ नहुने भनी कहीं उजुरी नगरेको पीडितले बताए।

बजेडीचौर गाविस-९ का ४३ वर्षीय दीर्घ पोखरेलले माओवादीको राजनीति गरेको आरोपमा ०६६ असोज १५ गते एमालेका कार्यकर्ताहरूले लाठी, ढुङ्गा र दाउरा प्रहार गरी घरमै उनलाई कुटपिट गरे। पीडितको भारतको लखनउमा उपचार भयो। पीडितले एमालेका कार्यकर्ताहरू बजेडीचौर गाविस- ९ का धनबहादुर महतरा, इन्द्र केसी र रेशम महतराका नाममा ०६६ असोज २२ गते इलाका प्रहरी कार्यालय बादेपीपलमा किटानी जाहेरी दिए पनि यस वर्षको अन्त्यसम्ममा सुनुवाइ भएको छैन।

युथफोर्सबाट

वीरेन्द्र बहुमुखी क्याम्पस सुर्खेतमा अध्ययनरत अनेरास्ववियु (क्रान्तिकारी)का २२ वर्षीय इराजन शाहीले फरकमत राखेको आरोपमा ०६५ माघ ६ गते अनेरास्ववियुका कार्यकर्ताहरूले क्याम्पस परिसरमै उनलाई कुटपिट गरे। पीडितको सुर्खेतमै उपचार भयो। पीडितले कहीं उजुरी नगरेको बताए।

नेटा गाविस-४ का २५ वर्षीय भूपेन्द्र खत्री र १९ वर्षीय भूपाल बौडेलले माओवादीको राजनीति गरेको आरोपमा ०६६ साउन २५ गते युथफोर्सका कार्यकर्ताहरूले लाठी-ढुङ्गाले नेटा गाविस-

४ मा उनीहरूलाई कुटपिट गरे। पीडितहरूको स्थानीय स्वास्थ्यकेन्द्रमा उपचार भयो। वाईसीएलका कार्यकर्ताहरूद्वारा सोही दिन कब्जामा परेका कुटपिटमा संलग्न युथफोर्सका कार्यकर्ताहरू नेटा गाविस-४ का १८ वर्षीय शमशेर शाही, २१ वर्षीय दुर्गाबहादुर घर्ती, २० वर्षीय यज्ञ खत्री र २२ वर्षीय श्यामबहादुर खत्रीलाई वाईसीएलका कार्यकर्ताहरूले ०६६ साउन २७ गते प्रहरीसमक्ष बुझाए। आगामी दिनमा यस्ता घटना नदोहोऱ्याउने सर्तमा दुवै पक्षबीच मिलापत्र गरी सबै जना ०६६ साउन ३० गते जिल्ला प्रहरी कार्यालय सुर्खेतबाट रिहा भए। वाईसीएलको कब्जामा आफूहरूलाई वाईसीएलका कार्यकर्ताहरूले यातना दिएको युथफोर्सका कार्यकर्ताहरूले बताए।

थरुहट कार्यकर्ताबाट

वीरेन्द्रनगर नपा-४ की २७ वर्षीया रिमा नेपालीले थरुहटको सुर्खेत बन्दका क्रममा थरुहटका कार्यकर्ताहरूद्वारा आगजनी गरिएको मोटरसाइकलको आगो निभाएको आरोपमा ०६५ फागुन २४ गते थरुहटका कार्यकर्ताहरूले घरमै उनलाई कुटपिट गरे। पीडितले यस्ता घटनाको सुनुवाइ नहुने भनी कहीँ उजुरी नगरेको बताइन्।

अन्यबाट

कल्याण गाविस-३ स्थित माओवादी सेनाको जीत स्मृति ब्रिगेडका २२ वर्षीय उपेन्द्र भनिने एकीकृत माओवादीका सेनाले गाउँकी युवतीलाई जिस्काएको आरोपमा ०६५ फागुन २७ गते कल्याण गाविस-३ निवासी नेपाली सेना जवान दीपक राना, सोही स्थानका भारतीय सेनाद्वय भीमबहादुर नेपाली र हर्कबहादुर रानाले कल्याण गाविस-३ मा उनलाई कुटपिट गरे। पीडितको माओवादी सेनाको दशरथपुरस्थित छैटौँ डिभिजनमा उपचार भयो। पीडितले यस्ता घटनाको सुनुवाइ नहुने भनी कहीँ उजुरी नगरेको बताए।

अभिव्यक्ति, भेला हुने र सङ्गठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

रामघाट गाविस-४ का ३० वर्षीय जङ्गवीर धौलाकोटी, ४५ वर्षीय जयबहादुर धौलाकोटी, लेखफर्सा गाविस-६ का ४५ वर्षीय यामबहादुर टमटा, ५८ वर्षीय पदमबहादुर टमटा, ५६ वर्षीय मानबहादुर लापने, ६२ वर्षीया जशकला खत्री, ६५ वर्षीया तुलसी नेपाली, ६८ वर्षीय कृष्णबहादुर तिवारी ४८ वर्षीय हस्तबहादुर न्याउले र लेखफर्सा गाविस-७ का ६२ वर्षीय भक्तबहादुर रजालीले ०३६ जेठ १५ गते दशरथपुरमा पञ्चायती शासनको विरुद्ध भएको आन्दोलनमा प्रहरीको गोलीबाट मृत्यु भएकाहरूलाई सहिद घोषणा र घाइतेहरूलाई उपचारको व्यवस्था गर्नुपर्ने भनी आन्दोलनमा उत्रेको आरोपमा ०६६ वैशाख ६ गते प्रहरीले उनीहरूलाई आन्दोलन गर्न रोक लगाए। शान्तिपूर्ण रूपमा आन्दोलनमा उत्रेका बेला प्रहरीले आफूहरूलाई वार्ता गर्न भनी बोलाई जिल्ला प्रहरी कार्यालय सुर्खेतमा राखेको पीडितहरूले बताए। पीडितहरूले कहीँ उजुरी नगरेको बताए। पीडितहरू सबै जना इन्सेकको रोहवरमा सोही दिन जिल्ला प्रहरी कार्यालय सुर्खेतबाट रिहा भए। ०३६ सालको सो घटनामा मारिएका खानीखोला गाविस-२ का इन्द्र बीसीलाई बाहेक अन्य छ जनालाई सरकारले यस वर्षको अन्त्यसम्ममा सहिद घोषणा गरेको छैन। सो घटनामा ३६ जनाभन्दा बढी मानिस प्रहरीले चलाएको गोलीको छर्रा लागि घाइते भएका थिए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

पुनरावेदन अदालत

दुनियाँवादी फौजदारी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका १२ थान र यस वर्ष परेका तीन थान गरी जम्मा १५ थानमध्ये कुनै पनि फर्स्यौट भएनन्, १५ थान नै बाँकी रहे।

सरकारवादी फौजदारी मुद्दातर्फ गतवर्षको जिम्मेवारी सरेर आएका १७ थान र यस वर्ष परेका ४१ गरी जम्मा ५८ थानमध्ये १८ थान फर्स्यौट भई ४० थान बाँकी रहे।

देवानी दुनियाँवादीतर्फ गत वर्षको जिम्मेवारी सरेर आएका एक थान र यस वर्ष परेका २५ थान गरी जम्मा २६ थानमध्ये सात थान फर्स्यौट भएै १९ थान बाँकी रहे। यस वर्ष देवानी सरकारवादी मुद्दा परेनन्।

बन्दी प्रत्यक्षीकरणतर्फ यस वर्ष दर्ता भएको एक थान मुद्दा फर्स्यौट भयो।

परमादेशतर्फ यस वर्ष दर्ता भएका दुई थानमध्ये दुई थान नै बाँकी रहे।

निषेधाज्ञातर्फ गत वर्ष जिम्मेवारी सरेर आएका दुई थान र यस वर्ष परेका तीन थान गरी जम्मा पाँच थानमध्ये एक थान फर्स्यौट भई चार थान बाँकी रहे।

जिल्ला अदालत

देवानी दुनियाँवादीतर्फ गत वर्षको जिम्मेवारी सरेर आएका ८१ थानमध्ये ३० थान फर्स्यौट भई ५१ थान बाँकी रहे। यस वर्ष दर्ता हुन आएका ३४ थानमध्ये एक थान मात्र फर्स्यौट भई ३३ थान बाँकी रहे। गतवर्षको जिम्मेवारी सरेर आएका समेत गरी ८४ थान

Mid-westren:Layout 1 2/14/2010 12:31 PM Page 472

फर्स्यौट हुन बाँकी रहे।

फौजदारी सरकारवादीतर्फ गतवर्षको जिम्मेवारी सरेर आएका ७७ थानमध्ये २६ थान फर्स्यौट भई ५१ थान बाँकी रहे। यस वर्ष दर्ता हुन आएका चार थानमध्ये कुनै पनि फर्स्यौट भएनन्।

फौजदारी दुनियाँवादीतर्फ गतवर्षको जिम्मेवारी सरेर आएका ४२ थानमध्ये २२ थान फर्स्यौट भए भने २० थान बाँकी रहे। यस वर्ष दर्ता हुन आएका नौ थानमध्ये कुनै पनि फर्स्यौट भएनन्।

देवानी सङ्क्षिप्ततर्फ गत वर्षको जिम्मेवारी सरेर आएको एक थान र यस वर्ष दर्ता भएका दुई थान गरी जम्मा तीन थानमध्ये कुनै पनि फर्स्यौट भएनन्। यस वर्ष देवानी सरकारवादी मुद्दा परेनन्।

फौजदारी सङ्क्षिप्ततर्फ गतवर्षको जिम्मेवारी सरेर आएका दुई थानमध्ये दुई थान नै फर्स्यौट भए।

फौजदारी विशेषतर्फ गतवर्षको जिम्मेवारी सरेर आएका चार थानमध्ये चार थान नै फर्स्यौट भए। यस वर्ष दर्ता भएको एक थान मुद्दा फर्स्यौट हुन सकेन। यस वर्षको अन्त्यसम्ममा दुई वर्ष नाघेका मुद्दा सङ्ख्या तीन थान रहे।

आतङ्ककारी तथा विध्वंसात्मक ऐन अन्तर्गत यस वर्ष मुद्दा परेन। जिल्ला प्रहरी कार्यालय सुर्खेतको रेकर्ड अनुसार यस वर्ष चोरी छ, ज्यानमार्ने उद्योग पाँच, सडक दुर्घटना आठ, आगलागी एक र ज्यानसम्बन्धी १०, लागूऔषध एक, जबरजस्ती करणी १३ र केही सार्वजनिक अपराधका १७ ओटा मुद्दा दर्ता भएका छन्।

यस वर्ष जिल्लामा झुन्डिएर आठ, विष खाएर नौ र नदीमा डुबेर एक जनाको मृत्यु भयो भने व्यक्तिगत छओटा हत्याका घटना भए।

यातना तथा अन्य क्रूर, अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

सल्यान जिल्ला काप्रीचौर गाविस-७ निवासी ३५ वर्षीया सीता रोकाय र काप्रीचौर गाविस-८ का २९ वर्षीय जङ्गबहादुर बुढाले चरेस बेचबिखन गरेको अपराध अस्वीकार गरेको आरोपमा ०६५ चैत १० गते प्रहरीले जिल्ला प्रहरी कार्यालय सुर्खेतको हिरासतमा दुवैलाई यातना दिए। प्रहरीले लात्ती, मुक्का र पाइपले प्रहार गर्नुका साथै फलामको डण्डीले पेलेर यातना दिएको पीडितहरूले बताए। पीडितहरूको सुर्खेतस्थित नर्सिङ् होममा उपचार भयो। प्रहरीले यातना दिएका बारेमा कसैले कारबाही नगर्ने भनी कहीं उजुरी नगरेको पीडितहरूले बताए। यता जिल्ला प्रहरी कार्यालय सुर्खेतका एसपी छविलाल जोशीले भने पीडितहरूलाई कुनै यातना नदिइएको जिकिर गरे।

बालअधिकार

साहारे गाविस-५ की १४ वर्षीया एक बालिका र १५ वर्षीया एक बालिकालाई सोही स्थानका मैयाँ वादी र गोपी वादीले ०६५ फागुन १४ गते भारतमा लगी काममा लगाइदिने बहानामा उनलाई बेचबिखन गर्ने उद्योग गरे। पीडक दुवै जना जिल्ला अदालत सुर्खेतको आदेशमा हाल पुर्पक्षका लागि थुनामा रहेका छन्। यता पीडकहरूले भने आफूहरूलाई अनावश्यक झूट्टा मुद्दामा फसाएको बताए।

वीरेन्द्रनगर नपा-४ का १३ वर्षीय श्याम नेपाली र ११ वर्षीय सुरेन्द्र बस्यालले चोरी गरेको आरोपमा ०६६ जेठ २७ गते प्रहरीले पक्राउ गरी जिल्ला प्रहरी कार्यालय सुर्खेतको हिरासतमा उनीहरूलाई यातना दिए। हिरासतमा चोरी गरेको अभियोग स्वीकार्न प्रहरीले लात्ती, मुक्का र पाइपले तिघ्रा, छाती र पिठ्यूँमा प्रहार गरी यातना दिएको पीडितहरूले बताए। जिल्ला बाल कल्याण समितिकी संरक्षण अधिकृत रमा भण्डारीको रोहवरमा ०६६ जेठ २९ गते रिहा गरिएका पीडितहरूले कहीं उजुरी गरेनन्। दुवै जनाको सुर्खेत अस्पतालमा उपचार भयो। यता जिल्ला प्रहरी कार्यालय सुर्खेतका एसपी छविलाल जोशीले भने पीडितहरूलाई कुनै यातना नदिइएको जिकिर गरे।

उत्तरगङ्गा गाविस-८ का १६ वर्षीय अर्जुन थापा, १६ वर्षीय आकाश शाह र वीरेन्द्रनगर नपा-४ का १६ वर्षीय प्रकाश कोइरालाले क्षेत्रीय प्रहरी कार्यालय सुर्खेतमा कार्यरत प्रहरी जवान गगन नेपालीलाई कुटपिट गरेको आरोपमा ०६६ असार ७ गते प्रहरीले पक्राउ गरी जिल्ला प्रहरी कार्यालय सुर्खेतमा उनीहरूलाई यातना दिए। प्रहरीले लात्ती, मुक्का र पाइपले प्रहार गर्नुका साथै दिसासमेत सोर्न लगाई यातना दिएको पीडितहरूले बताए। नौ दिनपछि रिहा गरिएका पीडितहरूले प्रहरीले यातना दिएको बारेमा सुनुवाइ नहुने भनी कहीं उजुरी नगरेको बताए। उनीहरूको सुर्खेत अस्पतालमा उपचार भयो। यता जिल्ला प्रहरी कार्यालय सुर्खेतका एसपी छविलाल जोशीले भने पीडितहरूलाई कुनै यातना नदिएको जिकिर गरे।

वीरेन्द्रनगर नपा-७ की १३ वर्षीया एक बालिकालाई जिल्ला प्रहरी कार्यालय सुर्खेतमा कार्यरत २५ वर्षीय प्रहरी जवान शिव नेपालीले ०६६ असार १५ गते वीरेन्द्रनगर नपा-६ बसपार्कमा बलात्कार गर्ने प्रयास गर्न खोजेको भनी स्थानीयवासीले समातेर प्रहरीमा बुझाए। आरोपितलाई बर्खास्त गर्नका लागि सिफारिस गरिएको जिप्रका सुर्खेतका एसपी छविलाल जोशीले बताए।

Mid-westren:Layout 1 2/14/2010 12:31 PM Page 473

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

पारिवारिक हिंसा

छिञ्चु गाविस-८ की २० वर्षीया इन्द्राकुमारी शर्मा (रास्कोटी)ले आदेश पालना नगरेको आरोपमा ०६५ चैत ९ गते पति बलबहादुर रास्कोटीले घरमै लात्ती र मुक्काले उनलाई कुटपिट गरे। पीडितको छिञ्चुमै उपचार भयो। इलाका प्रहरी कार्यालय छिञ्चुमा ०६५ चैत १० गते उजुरी दिए पनि यस वर्षको अन्त्यसम्ममा सुनुवाइ नभएको पीडितले बताइन्।

वीरेन्द्रनगर नपा-८ की ६३ वर्षीया खगिसरा खरेलले आदेश पालना नगरेको आरोपमा ०६६ वैशाख ८ गते पति बालकृष्ण खरेलले लात्ती र मुक्का प्रहार गरी उनलाई घरमै कुटपिट गरे। पीडितको वीरेन्द्रनगरस्थित नर्सिङ् होममा उपचार भयो। जिल्ला प्रहरी कार्यालय सुर्खेतमा ०६६ वैशाख १३ गते उजुरी दिए पनि यस वर्षको अन्त्यसम्ममा सुनुवाइ नभएको पीडितले बताइन्।

वीरेन्द्रनगर नपा-६ की गीता नेपालीले आदेश पालना नगरेको आरोपमा ०६६ वैशाख २० गते पति अमृत नेपालीले घरमै लात्ती, मुक्का र लट्ठीले उनलाई कुटपिट गरे। पीडितको सुर्खेत अस्पतालमा उपचार भयो। इन्सेक र कानुनी सहायता केन्द्र (ल्याक) सुर्खेतको सहयोगमा जिल्ला प्रहरी कार्यालय सुर्खेतमा ०६६ वैशाख २२ गते उजुरी दिए पनि यस वर्षको अन्त्यसम्ममा सुनुवाइ नभएको पीडितले बताइन्।

नेटा गाविस-४ की १९ वर्षीया टीकाकुमारी चन्दलाई पति ढालबहादुर चन्दले पत्नी अस्वीकार गरी ०६६ वैशाख २७ गते घरबाट उनलाई निकाला गरे। कानुनी सहायता केन्द्र (ल्याक) सुर्खेतको कानुनी सहयोगमा पीडितले ०६६ वैशाख ३० गते जिल्ला अदालत सुर्खेतमा सम्बन्धविच्छेद र अंश मुद्दा दिएकामा यस वर्षको अन्त्यसम्ममा फैसला भएको छैन।

उत्तरगङ्गा गाविस-८ की २६ वर्षीया उमाकुमारी चौधरीले छोरा नजन्माएको आरोपमा ०६६ भदौ १८ गते पति बुद्धिराम चौधरीले लात्ती, मुक्काले घरमै उनलाई कुटपिट गरे। पीडितको सुर्खेत अस्पतालमा उपचार भयो। कानुनी सहायता केन्द्र सुर्खेतको सहयोगमा पीडितले ०६६ भदौ २० गते जिल्ला अदालत सुर्खेतमा सम्बन्धविच्छेदको मुद्दा दायर गरे पनि यस वर्षको अन्त्यसम्ममा फैसला भएको छैन।

वीरेन्द्रनगर नपा-११ की २० वर्षीया धनसरी बुढाकी पति लोकेन्द्र बुढाले ०६६ पुस ४ गते बहुविवाह गरे। पीडितले जिल्ला अदालत सुर्खेतमा ०६६ पुस ५ गते अंश मुद्दा दायर गरेकामा यस वर्षको अन्त्यसम्ममा फैसला भएको छैन।

दुर्व्यवहार

उत्तरगङ्गा गाविस-८ की ३१ वर्षीया रामकुमारी शर्मालाई कथित बोक्सीको आरोपमा ०६६ वैशाख १५ गते छिमेकी सुतो बुढाले घरमै आई बोक्सेनी भनी उनको गाली-बेइज्जती गरे। जिल्ला प्रहरी कार्यालय सुर्खेतमा ०६६ वैशाख १६ गते उजुरी दिए पनि यस वर्षको अन्त्यसम्ममा सुनुवाइ नभएको पीडितले बताइन्।

उत्तरगङ्गा गाविस-८ की २९ वर्षीया ओमकुमारी शर्मालाई कथित बोक्सीको आरोपमा ०६६ वैशाख २३ गते छिमेकी रत्ना जैसीले पीडितकै घरमा कुटपिट गर्नुका साथै उनलाई गाली-बेइज्जती गरे। इन्सेक र कानुनी सहायता केन्द्र (ल्याक) सुर्खेतको सहयोगमा पीडितले ०६६ वैशाख २४ गते जिल्ला प्रहरी कार्यालय सुर्खेतमा उजुरी दिए पनि यस वर्षको अन्त्यसम्ममा सुनुवाइ नभएको पीडितले बताइन्।

सबै प्रकारका जातीय विभेद

वीरेन्द्रनगर नपा-७ की २० वर्षीया टीका विकलाई पानी छोएको आरोपमा ०६५ पागुन ३० गते छिमेकी रमेश श्रेष्ठले कथित तल्लो जातिको भनी गाली-बेइज्जती गरे। आफूजस्ता दलित जातिको सुनुवाइ नहुने भनी पीडितले कहीं उजुरी नगरेको बताइन्।

मालारानी गाविस-९ की २५ वर्षीया कौशिला थापा (नेपाली)लाई पति तेजबहादुर थापाले ०६५ चैत २३ गते कथित तल्लो जातिको भनी कुटपिट गरी घरबाट निकाला गरे। छ महिनाको छोरासहित घर निकाला गरिएकी पीडितले इन्सेक र कानुनी सहायता केन्द्र (ल्याक) सुर्खेतको सहयोगमा अंश र नाता कायमका लागि मुद्दा दिएकामा यस वर्षको अन्त्यसम्ममा फैसला भएको छैन। पीडित माइतीको संरक्षणमा बस्दै आएकी छन।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

वीरेन्द्रनगर नपा-२ की डिलसरा विकलाई सोही स्थानका तिलक विकले ०६५ चैत २३ गते आफ्नो घरको ट्वाइलेट निर्माणका लागि ढुङ्गा बोकेको पाँच दिनको ज्याला नदिनुका साथै उनलाई बलात्कार गर्ने प्रयास गरे। आफूजस्ता गरिब तथा दलित जातिको सुनुवाइ नहुने भनी कहीं उजुरी नगरेको पीडितले बताइन्।

यस जिल्लामा ६१ हजारभन्दा बढी भूमिहीनहरू

Mid-westren:Layout 1 2/14/2010 12:31 PM Page 474

रहेका छन्। भूमिहीनहरूको क्षेत्रमा आवाज उठाउँदै आएको सुकुमवासी समस्या समाधान सङ्घर्ष समिति सुर्खेत र माओवादीनिकट अखिल नेपाल सुकुमवासी सङ्घर्ष समितिले पटकपटक जिल्ला प्रशासन कार्यालय सुर्खेतमा ज्ञापनपत्र बुझाएपछि जिल्ला प्रशासनले आवश्यक कारवाहीका लागि गृह तथा प्रधानमन्त्रीको कार्यालयमा जानकारी गराए पनि यस वर्षको अन्त्यसम्ममा उनीहरूको समस्या समाधान भएको छैन।

संरचना, सम्पति क्षति
एकीकृत माओवादीबाट

वीरेन्द्रनगर नपा-६ स्थित हटियाचोकमा विवादित जग्गामा बनेको घरमा पसल गरेको आरोपमा ०६६ वैशाख १७ गते माओवादी र वाईसीएलका कार्यकर्ताहरूले व्यापारीहरू विवेक वली, दुर्गाबहादुर आरसी, नन्दराम गौतम, खड्कबहादुर शाही, डम्बर खत्री, पुरन गैरेल, दलबहादुर खत्री र मानकुमारी खत्रीको पसल तोडफोड गरी ६ लाख रुपियाँभन्दा बढीको क्षति पुऱ्याए। पीडितहरूले जिल्ला प्रहरी कार्यालय सुर्खेतमा उजुरी दिए पनि यस वर्षको अन्त्यसम्म पनि सुनुवाइ भएन। यसबारेमा एकीकृत माओवादी जिल्ला कमिटी सुर्खेतका इन्चार्ज कृष्ण धमलाले सो घटनामा माओवादीका कार्यकर्ता र वाईसीएलको कुनै संलग्नता नरहेको दाबी गरे।

स्वास्थ्य सेवाको अवस्था

मध्यपश्चिमाञ्चलको क्षेत्रीय सदरमुकामका रूपमा रहेको क्षेत्रीय अस्पतालमा २४ जना डाक्टरहरूको दरबन्दी रहे पनि हाल पाँच जनाले मात्र काम चलाइरहेका छन्। ०६३ सालमा सुर्खेत जिल्ला अस्पताललाई अपग्रेड गरी क्षेत्रीय अस्पतालमा परिणत गरेदेखि नै सो अस्पतालमा दरबन्दी अनुसारका डाक्टर हालसम्म नआएको अस्पतालका प्रमुख हरि सापकोटाको भनाइ छ। यस्तै जिल्लाको छओटा प्राथमिक उपचार केन्द्रहरूमध्ये मेहेलकुना प्राथमिक केन्द्रमा बाहेक अन्य केन्द्रहरूमा हालसम्म डाक्टर गएका छैनन्। स्वास्थ्यकर्मी र औषधीको अभावमा यस वर्ष वर्षातको समयमा फैलिएको झाडापखालाका कारण यस जिल्लाका १३ जनाले ज्यान गुमाए।

४.९ जाजरकोट



जनसङ्ख्या : १,५४,०९७
साक्षरता प्रतिशत : ४४
महिला साक्षरता प्रतिशत : ३०
क्षेत्रफल (वर्ग कि. मि.) : २,२३०
गाविस/नपा सङ्ख्या : ३०/०
सरकारी/निजी विद्यालय : ३४७/७
क्याम्पस/उच्च मा.वि. : १/७
अस्पताल/स्वास्थ्य चौकी : २/३३
मानव विकास सूचकाङ्कः ०.३४३
प्रतिपरिवार सरदर सङ्ख्याः ६

जेल र बन्दीहरू

'घ' श्रेणीको यस जिल्ला कारागारको बन्दी क्षमता २५ जना रहेको छ। यस वर्षको अन्त्यसम्ममा कैद तोकिएका पाच पुरुष र दुई महिला गरी जम्मा सात जना कैदी र १३ जना पुरुष थुनुवासमेत गरी जम्मा २० जना बन्दी रहेका छन्। कारागारमा दुई जना बालिका आश्रितका रुपमा रहँदै आएका छन्। कारागारमा पत्रपत्रिका, टीभी र पुस्तकालयको व्यवस्था छैन।

धम्की/कुटपिट
राज्यबाट

खलङ्गा गाविस-१ का ३५ वर्षीय कृष्णविक्रम शाहलाई ०६५ माघ २ गते दिउँसो जिल्ला प्रहरी कार्यालय जाजरकोटका नायव उपरीक्षक बिर्खबहादुर रावलले कुटपिट गर्ने र गैरकानुनी रूपमा थुनामा राख्ने धम्की दिए। पीडित शाहले आफ्नो घरको आँगनबाट सार्वजनिक बाटो नदिएका कारण उनलाई जिल्ला प्रहरी कार्यालय परिसरभित्र ल्याई धम्की दिएका थिए।

Mid-westren:Layout 1 2/14/2010 12:31 PM Page 475

पीडितले कुनै निकायमा उजुरी दिएनन्।

खलङ्गा गाविस-२ तल्लो थाप्लेस्थित भेरी ज्ञानोदय क्याम्पस स्वबियुको निर्वाचनमा मतगणना बिथोलेको आरोप लगाउँदै ०६५ चैत ६ गते राती प्रहरीले लाठीचार्ज गर्दा अनेरास्वबियुका सुनिल देवकोटा, खलङ्गा गाविस-३ का ओम केसी, कार्कीगाउँ गाविस-६ का धर्मबहादुर ओली, *जनादेश* साप्ताहिक जिल्ला संवाददाता दीपेन्द्र शर्मा, वाईसीएल कार्यकर्ता कवीन्द्र जैसी, पत्रकार हेमन्त केसी, सक्ला गाविस-४ का महेन्द्र सिंह, सोही गाविस-२ का योगेन्द्रराज सिंह घाइते भए। घाइतेहरूको उपचार जिल्ला अस्पतालमा भयो।

एकीकृत माओवादीबाट

खलङ्गा गाविस-७ डिङ्गा निवासी माओवादी कार्यकर्ता ३३ वर्षीय दलबहादुर पुनले मदिरा सेवन गरी पार्टीविरुद्ध जथाभावी बोलेको आरोपमा ०६५ फागुन ३० गते दिउँसो उनलाई सोही गाविस-२ थाप्लेमा माओवादी कार्यकर्ताको एक समूहले कुटपिट गऱ्यो।

अज्ञात समूहद्वारा

लहँ गाविस-४ निवासी सदरमुकाम खलङ्गा गाविस-२ मा बस्दै आएका *सल्यान एफएम*का जिल्ला संवाददाता बद्री पन्तले आफूविरुद्ध समाचार सम्प्रेषण गरेको भन्दै ०६५ माघ २३ गते राती उनलाई अज्ञात समूहले टेलिफोन गरी ज्यान मार्ने धम्की दियो।

खलङ्गा गाविस-१ निवासी वाईसीएल नगर इन्चार्ज दिनेश सिंहले गाउँलेलाई धम्काएको आरोपमा ०६६ असार २६ गते उनलाई पाँच/छ जनाको सङ्ख्यामा आएको अज्ञात व्यक्तिहरूको समूहले सोही गाविस- २ तल्लो थाप्लेमा कुटपिट गरी घाइते बनायो। घाइतेको जिल्ला अस्पताल जाजरकोटमा उपचार भयो। पीडितले जिल्ला प्रहरी कार्यालय जाजरकोटमा ०६६ असार २८ गते दोषी पत्ता लगाई कारवाही गरिपाउँ भनी जाहेरी दिए। जाहेरीका आधारमा घटनामा संलग्न भएको आरोपमा प्रहरीले पुन्मा गाविस-३ निवासी जिल्ला विकास समिति जाजरकोटमा कार्यरत नायव सुब्बा दलबहादुर घर्तीलाई ०६६ असार २८ गते गिरफ्तार गऱ्यो। उनलाई प्रहरीले ०६६ साउन २ गते एकीकृत माओवादीको कार्यालयमा लगी ५० हजार रुपियाँ उपचार खर्चबापत पीडितलाई दिन लगाई रिहा गऱ्यो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जाजरकोट जिल्ला अदालतमा गत वर्षको जिम्मेवारी सरेर आएका १८ थान सरकारवादी फौजदारी मुद्दामध्ये छ थान फर्स्यौट भई १२ थान मुद्दा बाँकी रहे। यस वर्ष दर्ता भएका १९ थान सरकारवादी मुद्दामध्ये कुनै पनि फर्स्यौट भएनन्। यसरी यस वर्षको अन्त्यसम्म सरकारवादी फौजदारी मुद्दा ३१ थान फर्स्यौट हुन बाँकी रहे।

देवानीतर्फ गतवर्षको जिम्मेवारी सरेर आएका १७ थान मुद्दामध्ये चार थान मुद्दा फर्स्यौट भए। यसवर्ष दर्ता भएका १२ थान देवानी मुद्दामध्ये कुनै पनि फर्स्यौट भएनन्। यसरी यस वर्षको अन्त्यसम्ममा जाजरकोट जिल्ला अदालतमा ५६ थान मुद्दा फर्स्यौट हुन बाँकी रहे। जाजरकोट जिल्ला अदालतमा पाँच वर्षभन्दा पुराना मुद्दा छैनन्।

यातना तथा अन्य क्रूर, अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

जगतीपुर गाविस-८ का २८ वर्षीय मोती गिरीले प्रहरीलाई कुटपिट गरेको आरोपमा ०६६ असोज २६ गते राती उनलाई जिल्ला प्रहरी कार्यालय जाजरकोटबाट गस्तीमा गएको प्रहरीले खलङ्गा गाविस-१, गैरीखालीबाट बिनापुर्जी गिरफ्तार गरी बाटो र हिरासतमा निर्मम यातना दिए। पीडितलाई आइन्दा कसैसँग विवाद नगर्ने सर्तमा ०६६ असोज २८ गते जिल्ला प्रहरी कार्यालय जाजरकोटबाट रिहा गरियो।

बालअधिकार

सल्यान जिल्ला कालागाउँ गाविस-२ का १४ वर्षीय हेमन्त केसीलाई ठेकेदार ओमभक्त कार्कीले ०६६ वैशाख १९ देखि २६ गतेसम्म जीवन निर्वाहका निम्ति आर्थिक अभावका कारण जिल्ला हुलाक कार्यालय भवन निर्माण गर्ने कार्यमा संलग्न गराए।

पुन्मा गाविस-६ बस्ने १५ वर्षीय विजय विकलाई भेरी प्राथमिक विद्यालय भवन निर्माण समितिले ०६६ असार २ देखि १० गतेसम्म जीवन निर्वाहका निम्ति आर्थिक अभावका कारण ढुङ्गा बोक्ने कार्यमा संलग्न गराए।

पुन्मा गाविस-६ का १३ वर्षीय कालीबहादुर विक, सोही ठाउँका १५ वर्षीय किर्तीबहादुर विक र १३ वर्षीय हरिबहादुर विकलाई खलङ्गा गाविस-३ स्थित जाजरकोट-डोल्पा मोटरबाटो निर्माण गर्ने जिम्मा लिएको डीएलपी अन्तर्गतको बिजी गुप्रले ०६६ असार ५ देखि १२ गतेसम्म बाटो निर्माण कार्यमा संलग्न गरायो।

खलङ्गा गाविस-१ स्थित माछापुच्छ्रे होटलमा

Mid-westren:Layout 1 2/14/2010 12:31 PM Page 476

घटनाको प्रकार	गैर राज्यबाट							राज्यबाट		
	अन्यबाट				एकीकृत माओवादीबाट					
	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा	घटना सङ्ख्या	पुरुष	जम्मा	घटना सङ्ख्या	पुरुष	जम्मा
हत्या	१	१		१						
गिरफ्तारी/यातना								१	१	१
कुटपिट	३	३	१	३	१	१	१			
धम्की	१	१		१				१	१	१
भेला/सङ्गठित हुने अधिकार								१	८	८
जातीय विभेद	१		१	१						
महिलाअधिकार	३		३	३						
बालअधिकार	९	१३	३	१४						
अपहरण	१		१	१						
जम्मा	१८	१६	६	३३	१	१	१	३	१०	१०

मजदुरी गर्दै आएकी १४ वर्षीया एक बालिकालाई ०६६ जेठ ३१ गते राती जुङ्गा थापाचौर गाविस-९, नारा बस्ने २७ वर्षीय महेन्द्रसिंह ठकुरीले बलात्कार गरको आरोपमा । पीडित पक्षले ०६६ असार १ गते जिल्ला प्रहरी कार्यालय जाजरकोटमा जबरजस्ती करणीको जाहेरी दिएपछि आरोपित सिंहलाई प्रहरीले सोही दिन गिरफ्तार गऱ्यो। अदालतको ०६६ असार १४ गतेको आदेशले पीडकलाई पुर्पक्षका लागि कारागार चलान गऱ्यो।

त्रिभुवन उच्च माविमा कक्षा ६ देखि १० सम्म अध्ययनरत विद्यार्थीबाट विद्यालय प्रशासनले वार्षिक परीक्षा शुल्कबापत ६५ रुपियाँ लिने गरेको छ। सरकारले माविस्तरको शिक्षा नि:शुल्क भने पनि सदरमुकामभित्रकै उक्त विद्यालयमा बर्सेनि परीक्षा शुल्क लिने गरिएको छ। जिल्लामा १९ मावि रहेका छन्, जसमध्ये सदरमुकाममा दुई छन्।

खलङ्गा गाविस-२, थाप्लेमा रहेको त्रिभुवन उच्च मावि कक्षा ११ को परीक्षण विधि अन्तर्गतको प्रयोगात्मक परीक्षामा उच्च शिक्षा परिषद्ले तोकेको शुल्क २५ रुपियाँ लिनुपर्नेमा उक्त विद्यालय व्यवस्थापन समितिले १ सय रुपियाँ शुल्क लिने निर्णय गरेपछि परीक्षार्थीद्वारा ०६६ वैशाख ३ गतेदेखि विद्यालयमा अनिश्चितकालीन तालाबन्दी गरे। विद्यार्थी, शिक्षक र व्यवस्थापन समितिका पदाधिकारीहरूबीचको छलफलपछि उच्च शिक्षा परिषद्ले तोकेको शुल्क लिने सहमति भएपछि विद्यालयको ताला ०६६ वैशाख ५ गते खुलेको थियो।

जिल्लाका विभिन्न गाविसमा रहेका १९ माविमा विद्यालय भर्ना गर्ने नाममा विद्यार्थीहरूबाट भर्ना शुल्कबापत १ सयदेखि २ सय रुपियाँसम्म भर्ना शुल्क लिने गरिएको छ। यसरी विद्यार्थीहरूबाट भर्ना शुल्क लिइँदासमेत ती विद्यालयहरूलाई जिल्ला शिक्षा कार्यालयले कुनै कारबाही गरेको छैन। जिल्ला शिक्षा कार्यालयमा यस विषयमा उजुरी नआएका कारण कुनै कारबाही गर्न नसकिएको सम्बन्धित कार्यालयका कर्मचारीले बताए।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार

पारिवारिक हिंसा

दशेरा गाविस-८, बडावनका २९ वर्षीय सुशीलविक्रम शाहले आफ्नै पत्नी सीता शाहलाई परपुरुषसँग यौनसम्बन्ध राखेको आरोपमा ०६५ फागुन १४ गते राती खलङ्गा गाविस-२ डेरामा कुटपिट गरी घाइते बनाए। पीडितले आफ्नो पतिलाई कारबाहीको माग गर्दै जिल्ला प्रहरी कार्यालयमा ०६५ फागुन १६ गते उजुरी दिए पनि कुनै कारबाही भएन।

दुर्व्यवहार

खलङ्गा गाविस-६, दार्नेटाका २६ वर्षीया सरिता सिहंलाई इच्छाविपरीत ०६५ माघ २६ गते

Mid-westren:Layout 1 2/14/2010 12:31 PM Page 477

दिउँसो खलङ्गा गाविस-८ पीपे बस्ने जीवन रानाले विवाह गर्छु भनी आफ्नो घर लगे। पीडितले विवाह गर्न अस्वीकार गरी आफूलाई जबरजस्ती विवाह गर्न खोज्ने जीवन रानासहित छ जनाका नाममा जिल्ला प्रहरी कार्यालयमा ०६५ माघ २८ गते जाहेरी दिएपछि प्रहरीले माघ २९ गते पीडकहरूलाई गिरफ्तार गरी सार्वजनिक मुद्दा अन्तर्गत पुर्पक्षका लागि थुनामा राखेको छ। यस वर्षको अन्त्यसम्ममा मुद्दाको किनारा लागेको छैन।

सबै प्रकारका जातीय विभेद

खलङ्गा गाविस-९, रावतगाउँकी ५५ वर्षीया जमुना नेपालीलाई खलङ्गा गाविस-९, कालेगाउँस्थित शिवालय मन्दिर व्यवस्थापन समितिका पदाधिकारीहरूले दलित भन्दै ०६६ वैशाख ८ गतेदेखि मन्दिर प्रवेश र पूजापाठमा प्रतिबन्ध लगाए। पीडितलाई उक्त मन्दिरभित्र बस्दै आएको आश्रमस्थलबाट समेत निकाला गरे। पीडितले आफूलाई अपमानित गरेको भन्दै ०६६ वैशाख १२ गते जिल्ला प्रहरी कार्यालयमा कारबाहीका लागि उजुरी दिएपछि उक्त मन्दिर व्यवस्थापन समितिका पदाधिकारीहरूले उपरान्त यस्ता अमानवीय व्यवहार नगर्ने कागज गरेपछि पीडित हाल उक्त मन्दिरमा बस्दै आएकी छन्।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

मध्यपश्चिमको विकट पहाडी जिल्ला जाजरकोटमा ०६५ चैत १७ गतेदेखि जिल्लाका ३० वटै गाविसहरूमा महामारीका रूपमा फैलिएको झाडापखालाबाट स्वास्थ्य उपचार सेवा नपाई २ सय ४० जना भन्दा बढी सर्वसाधारणको मृत्यु भयो।

लामो समयदेखि खडेरीका कारण गहुँबाली उत्पादन नहुँदा जिल्लाका डाँडागाउँ, लहँ, खगेनकोट, रग्दा, भगवती, सक्ला, रोकायागाउँ, नायकबाडा, रामीडाँडा, पैंक, ढिमे, पुन्मा, भूर, कार्कीगाउँ, छाप्रा, अर्छानी, टालेगाउँ, पजारो, गर्खाको, कोर्ताड, मझकोट, दह, सुवानावली, दसेरा, साल्मा, जुँगाथापाचौर, सीमा, थालारैकर गाविसमा खाद्यान्न समस्या उत्पन्न भयो। भोकमरीका कारण २२ हजारभन्दा बढी सर्वसाधारण प्रभावित भए।

४.१० दैलेख



जनसङ्ख्या : २,६०,५६६
साक्षरता प्रतिशत : ५५
महिला साक्षरता प्रतिशत : ३५
क्षेत्रफल (वर्ग कि. मि.) : १,५०२
गाविस/नपा सङ्ख्या : ५५/१
सरकारी/निजी विद्यालय : ३९५/१३
क्याम्पस/उच्च मा.वि. : २/१७
अस्पताल/स्वास्थ्य चौकी : १/६२
मानव विकास सूचकाङ्कः ०.३८१
प्रतिपरिवार सरदर सङ्ख्याः ६

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या

अज्ञात समूहबाट

गमौडी गाविस-८ की २८ वर्षीया टीकाकुमारी योगीलाई ०६५ माघ ३ गते दिउँसो सोही गाविसको राजकाँध भन्ने स्थानमा कालो कोट र सेतो झोला बोकेको अपरिचित व्यक्तिले एक्कासि घाँटीमा खुकुरी प्रहार गरी हत्या गऱ्यो। खुकुरी प्रहार गरिएको १५ मिनेटपछि पीडितको मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका प्रमुख प्रहरी नायब उपरीक्षक कुवेर कडायतले बताए। पीडित त्रिभुवन नमुना उच्च माबि दैलेखमा कक्षा १२ मा अध्ययन गर्दै गरेकी र शिक्षण अभ्यासका क्रममा गमौडी विद्यालयबाट फर्कंदै थिइन्। यस वर्षको अन्त्यसम्म हत्यामा संलग्नको पहिचान हुन सकेन।

नाराणय नगरपालिका-२ का सर्वेश्रवरी गण डोटीमा कार्यरत जवान २२ वर्षीय डेकेन्द्रकुमार थापालाई ०६५ फागुन १२ गते राती अज्ञात समूहले रावतकोट गाविस-९ स्थित श्रीस्थान मन्दिरमा लागेको

Mid-westren:Layout 1 2/14/2010 12:31 PM Page 478

घटनाको प्रकार	गैर राज्यबाट			
	अन्यबाट			
	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा
हत्या	३	३	३	४
कुटपिट	३	४		४
धम्की	१	५		५
जातीय विभेद	३	६	१	८
महिलाअधिकार	३		३	३
बालअधिकार	१		१	१
अपहरण	१	१		१
जम्मा	१५	१९	६	२६

रात्रिमेलामा हत्या गऱ्यो। थापा श्रीस्थान मन्दिरमा लाग्ने शिवरात्रि मेला हेर्न गएका बेला अज्ञात समूहले उनलाई घारिलो हतियार प्रयोग गरी हत्या गरेको थियो। यस वर्षको अन्त्यसम्म हत्यामा संलग्नको पहिचान हुन सकेको छैन।

नारायण नगरपालिका-१, कुइकानाका ७५ वर्षीय भोजबहादुर सारू र उनकी पत्नी ६५ वर्षीय तुलसी सारूको ०६६ कात्तिक ८ गते राती अज्ञात समूहले हत्या गऱ्यो। पीडितहरू आफ्नै घरमा खाना खाँदै गरेको अवस्थामा धारिलो हतियार र ढुङ्गाले हानी हत्या गरेको जिल्ला प्रहरी कार्यालयले जनायो। यस वर्षको अन्त्यसम्म हत्यामा संलग्नको पहिचान हुन सकेको छैन।

जेल र बन्दीहरू

'घ' श्रेणीको १९ जना बन्दी क्षमता रहेको यस जिल्ला कारागारमा यस वर्षको अन्त्यसम्म १० पुरुष र तीन महिला गरी १३ जना कैदी र नौ जना पुरुष र एक जना महिला थुनुवा गरी जम्मा २३ जना बन्दी रहेका छन्। बन्दीसँगै एक बालक र एक बालिका आश्रित रहेका छन्। कारागार दैलेखमा पानी, शौचालय, विद्युत्को समस्या रहेको छ। खेलकुद सामग्रीमा क्यारमबोर्डबाहेक अन्य सुविधा छैन। साथै, कारागारमा कुनै पत्रपत्रिका उपलब्ध छैनन्।

अज्ञात समूहद्वारा हत्या गरिएका डेकेन्द्रकुमार थापा

धम्की/कुटपिट

नेपाली काङ्ग्रेस र एमालेबाट

बडलम्जी गाविस-२ निवासी वाईसीएलका जिल्ला सदस्य मन्नाराम खत्रीलाई ०६६ असोज ११ गते एमाले र नेपाली काङ्ग्रेसका कार्यकर्ताहरूले सोही गाविसको चकत्रा बजारमा कुटपिट गरे। कुटपिटबाट पीडितको टाउको र ढाडमा चोट लागेको थियो। घटनापछि पीडित करिब डेढ महिना बेपत्ता भएका थिए। हाल पीडितको अवस्था सामान्य छ। पीडकहरूलाई यस वर्षको अन्त्यसम्म कुनै कारबाही भएन।

अज्ञात समूहबाट

वीरेन्द्र नगरपालिका-१, सुर्खेतका भीमबहादुर विकलाई ०६५ फागुन १२ गते रावटकोट गाविस-९ श्रीस्थान मन्दिर मेलामा अज्ञात समूहले कुटपिट गऱ्यो। पीडितको टाउको, घाँटी र पेटमा चोट लागेको थियो। अज्ञात समूहले अफूलाई एक्कासि टाउकोमा हतियार प्रयोग गरी कुटपिट गरेको पीडितले बताए। पीडितको टाउकोमा ३० टाँका लागेको थियो। पीडित विक दैलेख सदरमुकाममा फर्निचर उद्योग सञ्चालन गर्दै आएका छन्। यस वर्षको अन्त्यसम्म कुटपिटमा संलग्नको पहिचान हुन सकेको छैन।

जगनाथ गाविस-६ का तरूण दल गाउँ कमिटी सचिव ३० वर्षीय महारूप शाहीलाई चैत २७ गते अज्ञात समूहले बेपत्ता पाऱ्यो। ०६५ चैत २६ गते सुर्खेतदेखि जाजरकोट जिल्लाको कोप्चीमा बास बसेको र २७ गते घर आउँदै गर्दा जाजरकोट र दैलेखको सिमानामा पर्ने कचालीको जङ्गलबाट उनी बेपत्ता भएको नेपाली काङ्ग्रेस जिल्ला सचिव भेषबहादुर थापाले जानकारी दिए। खोजतलासका क्रममा प्रहरीले सो जङ्गलमा पीडितको मोबाइल सेट, मोबाइलको चार्जर, करिब दुई केजी चना र ज्याकेट फेला पारेको जिल्ला प्रहरी कार्यालयले जानकारी दियो। यस वर्षको अन्त्यसम्म पीडितको अवस्था अज्ञात छ।

Mid-westren:Layout 1 2/14/2010 12:31 PM Page 479

सुगम र निष्पक्ष न्यायिक अधिकार

दैलेख जिल्ला अदालतमा गतवर्षको जिम्मेवारी सरेर आएका ३१ र यसवर्ष दर्ता भएका ४१ गरी जम्मा ७२ थान फौजदारी मुद्दा रहेकामा यसवर्ष ३७ थान फर्स्यौट भई ३५ थान बाँकी रहेका छन्।

देवानी मुद्दातर्फ गतवर्षको जिम्मेवारी सरेर आएका १६ थान र यसवर्ष दर्ता भएका १६ थान गरी ३२ थान मुद्दा रहेकामा १२ थान फर्स्यौट भई २० थान बाँकी रहेका छन्। यसरी यसवर्षको अन्त्यसम्ममा दैलेखमा ३५ थान फौजदारी र २० थान देवानी गरी कुल ५५ थान मुद्दा फर्स्यौट हुन बाँकी रहेका छन्।

बालअधिकार

तोली गाविस-५ स्थित भैरव उच्च माध्यमिक विद्यालयामा ०६६ भदौ १९ गते एमाले जिल्ला कमिटीको आयोजनामा सञ्चालन भएको एकदिने अगुवा कार्यकर्ता भेलाका कारण विद्यालयको पठनपाठन पूर्णरूपमा बन्द भयो। विद्यालयमा अध्ययनरत करिब ५ सय विद्यार्थीहरू आफ्नो शैक्षिक अधिकारबाट वञ्चित भए।

चौराठा गाविस-४ स्थित नेपाल राष्ट्रिय प्राथमिक विद्यालयमा ०६६ असोज २८ गते एमाले गाउँ कमिटी चौराठाले गरेको एकदिने गाउँ अधिवेशनका कारण विद्यालयको पठनपाठन पूर्ण रूपमा बन्द भयो। विद्यालयमा अध्ययनरत करिब ३ सय विद्यार्थीहरू आफ्नो शैक्षिक अधिकारबाट वञ्चित भए।

तोली गाविस-५ स्थित भैरव उच्च माध्यमिक विद्यालयमा एकीकृत नेकपा (माओवादी) जिल्ला कमिटीले गरेको एकदिने प्रशिक्षण कार्यक्रमका कारण विद्यालयको पठनपाठन बन्द भयो। कार्यक्रमका कारण विद्यालयमा अध्ययनरत करिब ६ सय विद्यार्थी शैक्षिक अधिकारबाट वञ्चित भए।

कैलाली जिल्लाको डुडेझारीमा भएको घटनाको विरोधमा एकीकृत नेकपा (माओवादी)ले गरेको नेपाल बन्दका कारण जिल्लाभरिका करिब ५ सय विद्यालयहरू पूर्णरूपमा बन्द भए। जिल्लाभरिका विद्यालयका करिब ५० हजारभन्दा बढी विद्यार्थी शैक्षिक अधिकारबाट वञ्चित भए।

नागरिक सर्वोच्चताको माग राख्दै एकीकृत माओवादीले ०६६ पुस ५ गतेदेखि गरेको तीनदिने आमहडतालका कारण जिल्लाका सम्पूर्ण शैक्षिक संस्थाहरू बन्द भए। विद्यालय बन्दका कारण जिल्लाभरिका करिब ५० हजार विद्यार्थी शैक्षिक अधिकारबाट वञ्चित भए।

सङ्घीयताको विरोध गर्दै राष्ट्रिय जनमोर्चाले ०६६ पुस १४ गते गरेको नेपाल बन्दका कारण जिल्लाका सम्पूर्ण विद्यालयहरू बन्द भए। विद्यालयमा पठनपाठन सुचारू नभएपछि अध्ययनरत करिब ५० हजार विद्यार्थी शैक्षिक अधिकारबाट वञ्चित भए।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार पारिवारिक हिंसा

बासी गाविस-७ का २३ वर्षीया सुमित्रा गुरुङलाई ०६५ माघ २८ गते उनका पति २८ वर्षीय अशोक गुरुङले आफ्नै घरमा अपशब्द प्रयोग गरी घर छाड्न धम्की दिए। पीडितले ०६५ माघ ३० गते न्यायको पहलका लागि स्थानीय आवाज संस्थामा उजुरी दिएपछि दुवै पक्षको छलफलपछि आगामी दिनमा यस्ता गल्ती नदोहोऱ्याउने सर्तमा मिलापत्र भयो।

नारायण नगरपालिका-२, जाजरकोटका १९ वर्षीय चन्द्राकुमारी थापालाई ०६५ फागुन १३ गते पति रमेश थापाले अपशब्द प्रयोग गरी घर छाड्न धम्की दिए। पीडित थापाले आफूलाई अन्याय गरेको भन्दै ०६५ फागुन १४ गते स्थानीय आवाज संस्थामा पहलका लागि अनुरोध गरेपछि संस्थाको पहलमा ०६५ फागुन १५ गते पीडकले आगामी दिनमा धम्की नदिने भन्दै पीडितसमक्ष माफी मागे।

नारायण नगरपालिका-२, कुइकानाकी २२ वर्षीया दुर्गा केसीलाई ०६६ वैशाख १६ गते उनका पति नेपाली सेनाको डोटीमा कार्यरत बिसोर केसीले घरमा नबस्न भन्दै घर निकाला गरे। पीडितले आफ्नो न्याएका लागि ०६६ वैशाख १८ गते स्थानीय आवज संस्थामा निवेदन दिइन्। संस्थाको पहलमा ०६६ वैशाख १९ गते पीडकले पीडितसमक्ष आगामी दिनमा यस्ता गल्ती नगर्ने भन्दै माफी मागेपछि उनले कुनै निकायमा उजुरी दिइनन्।

सबै प्रकारका जातीय विभेद

मेहेलतोली गाविस-९ का ७२ वर्षीय तुलाराम जैशी र उनका छोरा ३५ वर्षीय टीकाराम रेग्मीलाई ०६५ माघ २८ गते सोही ठाउँका तुलाराम हमालको नेतृत्वमा आएको समूहले दलितको विषयमा बोलेको आरोपमा कुटपिट गऱ्यो। गाविसमा सञ्चालन भएको खानेपानी दलित समुदायलाई दिने/नदिने विषयमा भएको छलफलमा दलित समुदायलाई पानी दिनुपर्छ भनेको र उनीहरूको समर्थन गरेको आरोपमा उनीहरूलाई कुटपिट गरेका हुन्। कुटपिटबाट पीडित टीकाराम रेग्मीको देब्रे हात भाँचिएको थियो भने उनका

Mid-westren:Layout 1 2/14/2010 12:31 PM Page 480

बाबुको बायाँ हत्केलामा गहिरो घाउ लागेको थियो। दुवै पक्षबीच ०६५ फागुन ५ गते प्रहरी चौकी बेस्तडामा भएको छलफलपछि पीडितको औषधी उपचार गर्ने र पीडितसँग माफ मागेपछि पीडितहरू घर फर्किएका थिए।

जगनाथ गाविस-३ का २१ वर्षीय अमृत विकलाई ०६६ भदौ २९ गते कथित माथिल्लो जातसँग विवाह गरेको आरोपमा दुलही सविता शाहीका बुबा पदमबहादुर शाही, आफन्त चक्रबहादुर शाही, रामबहादुर शाही, ओमजङ्ग शाही, कुवेरजङ्ग शाहीलगायतका घरपरिवारले कुटपिट गरे। पीडित विक र शाही ०६६ भदौ ९ गते प्रेमविवाह गरी सुरक्षाका लागि जिल्ला सदरमुकाम आएका थिए। दुलहीका आफन्तले परम्परा अनुसार घरमा लगी विवाह गरिदिने भन्दै घरमा लगी विकलाई कुटपिट गर्नुका साथै माथिल्लो जातसँग विवाह गरेको भन्दै ६० हजार जरिवाना र तल्लो जातले माथिल्लो जातसँग विवाह गरे चिसो पस्ने भन्दै चिसो फाल्न १५ हजार गरी ७५ हजार रुपियाँ जरिवाना गराए। पीडित विकले ०६६ कात्तिक २४ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिएका थिए भने हाल सो मुद्दा जिल्ला अदालतमा चलिरहेको छ।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

लामो समयसम्म परेको खडेरीका कारण हिउँदे बाली उत्पादनमा कमी हुँदा जिल्लाभरि खाद्यान्न समस्या भयो। यस जिल्लाका ५५ गाविस र एक नगरपालिकामा यस वर्ष १७ हजार मेट्रिक टन खाद्यान्न अभाव भएको जिल्ला कृषि विकास कार्यालयले जानकारी दियो। खाद्यान्न अभावबाट यस जिल्लाका करिब १ लाख सर्वसाधारण प्रत्यक्ष प्रभावित भए। जिल्लामा खाद्यान्न अभाव भएका कारण सर्वसाधारण रोजगारका लागि भारत पलायन हुन बाध्य भए।

४.११ डोल्पा



जनसङ्ख्या : ३३,७३१
साक्षरता प्रतिशत : ४०
महिला साक्षरता प्रतिशत : २५
क्षेत्रफल (वर्ग कि. मि.) : ७,८८९
गाविस/नपा सङ्ख्या : ३३/०
सरकारी/निजी विद्यालय : १३७/२
क्याम्पस/उच्च मा.वि. : १/२
अस्पताल/स्वास्थ्य चौकी : १/२३
मानव विकास सूचकाङ्कः ०.३७९
प्रतिपरिवार सरदर सङ्ख्याः ६

जेल र बन्दीहरू

'ङ' श्रेणीको जिल्ला कारागार शाखाको बन्दी क्षमता २५ जनाको रहेको छ। वर्षको अन्त्यसम्म यस कारागारमा कैदी तीन जना पुरूष र थुनुवा तीन जना पुरुष गरी जम्मा छ जना बन्दी रहेका छन्।

कारागारमा पत्रपत्रिका, टेलिभिजन, रेडियोको सुविधा छैन। कारागार जीर्ण भएकाले कैदी तथा थुनुवाहरू बस्ने कोठाहरूमा पानी चुहिने गर्छ भने कारागारमा नियमित खानेपानीको अभाव छ।

यस वर्ष कारागारभित्र एक जना पुरुषले आत्महत्या गरे।

सर्मी गाविस-३ निवासी चोरी सिकारी अभियोगमा सात वर्ष कैद तोकिएका ३५ वर्षीय सार्की बुढाले ०६६ जेठ १२ गते कारागारभित्रै डोरीमा पासो लगाएर आत्महत्या गरेका थिए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

गत वर्षको जिम्मेवारी सरेर आएका दुनियाँवादी फौजदारीतर्फ दुई थानमध्ये कुनै फर्स्यौट भएनन् भने यस वर्ष एउटै मुद्दा दर्ता भएन। यसरी यस

Mid-westren:Layout 1 2/14/2010 12:31 PM Page 481

वर्षको अन्त्यसम्ममा दुई थान दुनियाँवादी फौजदारी मुद्दा बाँकी रहे। गत वर्षका बाँकी रहेका पाँच थान सरकारवादी फौजदारी मुद्दामध्ये यस वर्ष एउटै फर्स्यौट भएन भने यस वर्ष एक थान पनि मुद्दा दर्ता भएन। यसरी यस वर्षको अन्त्यसम्म सात थान मुद्दा बाँकी रहे।

घटनाको प्रकार	गैर राज्यबाट				राज्यबाट		
	अन्यबाट						
	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा	घटना सङ्ख्या	पुरुष	जम्मा
हत्या	३	३		३			
कुटपिट					१	३	३
जातीय विभेद	३	४	३	६			
बालअधिकार	१	१	३	३			
जम्मा	५	८	४	११	१	३	३

बालअधिकार

जुफाल गाविस-१ की नौ वर्षीया पुतली विक, सोही ठाउँकी आठ वर्षीया हीरा विक र सात वर्षीया सानुमाया विकलाई ०६६ कात्तिक ७ गतेदेखि वर्षको अन्त्यसम्म खाद्य संस्थानका खरिदार गोविन्द पौडेलले एक बोराबापत १० रुपियाँ ज्याला दिने सर्तमा ५० केजी चामलको बोरा बोकाई बालश्रम गराए। सोही चामलको बोरा बयस्कले बोके प्रतिबोरा २० रुपियाँका दरले ज्याला पाउँने गर्छन्।

कैलाली जिल्लाको डुडेझारी घटनाको विरोधमा ०६६ मङ्सिर २१ गते एकीकृत माओवादीले गरेको जिल्ला बन्दका कारण जिल्लाका सम्पूर्ण विद्यालयको पठनपाठन बन्द भयो। बन्दका कारण जिल्लाका १ सय २८ विद्यालयका १० हजार विद्यार्थीको पठनपाठन अवरुद्ध भयो।

नागरिक सर्वोच्चताको माग राख्दै एकीकृत माओवादीले ०६६ पुस ५ गते गरेको तीनदिने आमहडतालका कारण जिल्लाका सम्पूर्ण शैक्षिक संस्थाहरू बन्द भए। बन्दका कारण जिल्लाका १ सय २८ विद्यालयका १० हजार विद्यार्थीको पठनपाठन अवरुद्ध भयो।

सबै प्रकारका जातीय विभेद

त्रिपुराकोट गाविस-३ रल्लीका १९ वर्षीय हरिबहादुर कुलाल र सोही ठाउँकी १८ वर्षीया लीला थापालाई घरपरिवारले ०६५ फागुन ३० गतेदेखि अन्तरजातीय विवाह गरेको आरोपमा गाउँमा बस्न दिएनन्। पीडितहरूले ०६५ फागुन २७ गते अन्तरजातीय विवाह गरेका थिए। लीलाका पिता देवसिंह थापालगायत घरपरिवारले कथित पानी नचल्ने जातसँग विवाह गरेको भन्दै पीडितहरूलाई घरमा बस्न नदिएपछि उनीहरू सदरमुकाममा विस्थापित भए।

त्रिपुरा गाविस-१ निवासी मनबहादुर सार्कीको नेतृत्वको दलित समुदायले ०६६ असोज १२ गते सोही गाविसको टाँकेडाँडामा रहेको श्रीवाला त्रिपुरा सुन्दरी भगवती मन्दिरमा प्रवेश गर्न खोज्दा सोही गाविसका कथित माथिल्लो जातका मानिसले मन्दिर प्रवेश गर्न दिएनन्। मन्दिर प्रवेश गर्न नदिएको भन्दै पीडितहरूले ०६६ असोज १३ गते त्रिपुराकोट प्रहरी चौकीमा उजुरी दिए। उजुरीपछि भएको छलफलमा माथिल्लो समुदायले सामाजिक सहिष्णुता र परम्परागत धार्मिक सहिष्णुतामाथि कसैले खलल पुऱ्याउन नहुने दबाब दिएपछि दलित समुदायले मन्दिर प्रवेश गर्न नपाउने तर मन्दिरको मूल ढोकाबाट जल, प्रसाद र टीका लगाउन पाउने निर्णय भयो।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

विगतका वर्षमा झैं यस वर्ष पनि डोल्पाको सदरमुकाम दुनैदेखि पश्चिममा रहेका विभिन्न गाविसहरूमा खाद्यान्न सङ्कट भयो। पश्चिमी भेगमा पर्ने सर्मी, नर्कु, रिमी, काइगाउँ, कालिका ल्हाँ, लिकु र पहाडा गाविसमा ०६६ वैशाखदेखि ०६६ कात्तिकसम्म खाद्यन्न आपूर्ति भएन। गत वर्ष १७ हजार ५ सय क्विन्टल खाद्यान्न विनियोजन गरेको सरकारले यस वर्ष ०६६/६७ का लागि १० हजार क्विन्टल चामल विनियोजन गरेको छ। नेपाल खाद्य संस्थानले समयमै खाद्यान्न ढुवानी नगरेपछि खाद्यान्न सङ्कट परेको थियो।

स्वास्थ्य सेवाको अवस्था

डोल्पा अस्पतालमा मेडिकल सुपरिटेन्डेन्ट एक जना, मेडिकल अधिकृत एक, स्टाफ नर्स दुई, अहेव तीन, अनमि दुई, ल्याब टेक्निसियन एक, नायबसुब्बा एक, डार्क असिस्टेन्ट एक र पियन छ गरी १८ जनाको दरबन्दी रहेको छ। हाल मेडिकल अधिकृत एक, स्टाफ नर्स एक, अहेब तीन, अनमि दुई, ल्याब टेक्निसियन एक र पियन छजना मात्र रहेकाले अस्पताल सञ्चालन प्रभावकारी हुन सकेको छैन।

Mid-westren:Layout 1 2/14/2010 12:31 PM Page 482

४.१२ जुम्ला



जनसङ्ख्या : १,०२,०९१
साक्षरता प्रतिशत : ३७
महिला साक्षरता प्रतिशत : २३
क्षेत्रफल (वर्ग कि. मि.) : २,५३१
गाविस/नपा सङ्ख्या : ३०/०
सरकारी/निजी विद्यालय : १३७/४
क्याम्पस/उच्च मा.वि. : १/४
अस्पताल/स्वास्थ्य चौकी : १/२९
मानव विकास सूचकाङ्कः ०.३४८
प्रतिपरिवार सरदर सङ्ख्याः ६

नागरिक तथा राजनीतिक अधिकार
सम्मानित रूपले बाँच्ने अधिकार
हत्या
अज्ञात समूहबाट

धापा गाविस-९ चुलेलगाउँ निवासी नेपाली काङ्ग्रेस महासमिति सदस्य ६० वर्षीय उमाकान्त हमालको ०६६ जेठ ८ गते राती अज्ञात समूहले घरबाट अपहरण गरी हत्या गऱ्यो। घटनाका सम्बन्धमा मृतककी पत्नी ५९ वर्षीया अमृता हमालले स्थानीय १६ जना र १० जना एकीकृत माओवादीका कार्यकर्ताहरूका

अज्ञात समूहद्वारा हत्या गरिएका उमाकान्त हमाल

नाममा प्रहरी चौकी नराकोटमा ०६६ जेठ ९ गते किटानी जाहेरी दिइन्। उजुरीका आधारमा प्रहरीले धापा गाविस-९ का धनरूप वड, सोही ठाउँका लोकचन्द सुनार, भानुभक्त खत्री, मोहनलाल चौलागाईं, दली भेरिकार, सोही गाविसका पूर्णचन्द्र आचार्य, जनक भेरिकार, अशोक वड, रामभक्त आचार्य, सर्पराग आचार्य, रामप्रसाद आचार्य, अधिराज आचार्य, दत्त तिरुवा, गोपाल आचार्य र वैशागे सार्कीलाई प्रहरीले गिरफ्तार गरेको थियो। गिरफ्तार गरिएकामध्ये धनरूप वड, सोही ठाउँका लोकचन्द सुनार, भानुभक्त खत्री, मोहनलाल चौलागाईं, दली भेरिकारलाई पुर्पक्षका लागि कारागार जुम्ला चलान गरेको थियो भने अन्य १० जना ०६६ असार १० गते जिल्ला प्रहरी कार्यालय जुम्लाबाट साधारण तारेखमा रिहा भए। सो घटनामा संलग्न भएको आरोपमा मृतकका आफन्तले दिएको किटानी जाहेरीका आधारमा अदालतले वारेन्ट जारी गरेका धापा गाविसका राम शर्मा, जरिलाल शाही, सार्की रोकाय, रवि किरण भन्ने चन्द्रवीर तिरुवा, कृष्णभक्त आचार्य, तीर्थ वड, हरि वड, थीरबहादुर वड, नरबहादुर रोकाय, शिला रोकाया र जनकबहादुर शाही अदालतमा उपस्थित नभई यस वर्षको अन्त्यसम्म फरार रहेका छन्। आरोपितहरूका सम्बन्धमा यस वर्षको अन्त्यसम्म अदालतले मुद्दा फैसला गरेको छैन।

जेल र बन्दीहरू

'ङ' श्रेणीको जिल्ला कारागार जुम्लामा यस वर्षको अन्त्यसम्ममा कैद तोकिएका छ जना पुरुष र चार जना महिला बन्दीहरू रहेका छन् भने कैद नतोकिएका ११ पुरुष रहेका छन्। यसरी जुम्ला कारागारमा जम्मा २१ जना बन्दी तथा थुनुवा रहेका छन्। कारागारको क्षमता २० जनाको रहेको छ। खानेपानी, खाद्यान्नको समस्या यस जेलमा रहेको छ। जेलमा सीपमूलक तालिमको व्यवस्था हुनुपर्ने बन्दीहरूको माग रहेको छ।

जिल्ला कारागार जुम्लामा रहेका कैदी तथा थुनुवाहरूले आफूहरूलाई अपहेलना गरी उपचारलगायतका सेवाबाट वञ्चित गराएको र आमासँग आश्रित तीन वर्षीया बालिका अस्मिता पण्डित बिरामी भएको एक महिना बितिसक्दा समेत कारागारले उपचार नगराएको विरोधमा ०६६ जेठ ३ गते कारागारमा थुनुवा राख्ने कोठाको भित्रपट्टि ताला लगाई हडताल गरे। हडताल गरेका कैदी तथा थुनुवाहरूले आफ्ना मागहरू सम्बोधन नगरिए तोडफोड गर्ने चेतावनी दिएपछि प्रमुख जिल्ला अधिकारी जनकराज

Mid-westren:Layout 1 2/14/2010 12:31 PM Page 483

रेग्मीसँग वार्ता गरी हडताल रोकेका थिए। उक्त वार्तामा तत्काल अस्मिता पण्डितको उपचार गर्नुपर्ने, वर्षमा दुईपटक कपडा पाउनु पर्ने, पानी, आधुनिक चुलो उपलब्ध हुनुपर्नेलगायतका ११ बुँदे माग बन्दीहरूले राखेका थिए। ती माग पूरा गर्ने प्रमुख जिल्ला अधिकारी रेग्मीले प्रतिबद्धता जनाएपछि ०६६ जेठ ४ गते बन्दीहरूले हडताल फिर्ता लिएका थिए।

घटनाको प्रकार	गैर राज्यबाट			राज्यबाट			
	अन्यबाट						
	घटना सङ्ख्या	पुरुष	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा
हत्या	१	१	१				
घाइते	१	१	१				
कुटपिट	३	८	८	३	५	३	७
भेला/सङ्गठित हुने अधिकार				१	५	१	६
बालअधिकार	१	४	४				
जम्मा	६	१४	१४	३	१०	३	१३

धम्की/कुटपिट

राज्यबाट

चन्दननाथ गाविस-३ का क्रमश: २६ वर्षीय गोर्खबहादुर भण्डारी, सोही गाविसकै २८ वर्षीय बलबहादुर भण्डारी र १८ वर्षीय तिलक भण्डारीलाई सादा पोसाकका सञ्चार सेट हातमा लिएका २४ नं. बाहिनी अड्डाका नेपाली सेनाले ०६६ वैशाख १ गते चन्दननाथ गाविस ३ को लयपानी भन्ने ठाउँमा कुटपिट गरे। पीडित तीनै जनालाई सदरमुकामदेखि घर फर्किंदा बीच बाटोमा नेपाली सेनाले आफ्नी बहिनीलाई अश्लील शब्द प्रयोग गरी गाली गरेको सुनेर सोधपुछका लागि त्यहाँ पुग्दा एक्कासि कुटपिट गरी भागे। पीडित तीनै जनाको उपचार जिल्लास्थित अस्पतालमा भयो। भर्ना भएको पर्सिपल्ट थप उपचारका लागि तीनै जनालाई नेपालगञ्ज रिफर गरियो। घटनाका दोषीलाई स्थानीय गाउँलेले कारबाहीको माग गरे। दोषीलाई सैनिक ऐन अनुसार कारबाही गर्ने सेनाले जानकारी दिएको छ।

अनेरास्ववियु (क्रान्तिकारी)बाट

कार्तिकस्वामी गाविस-२ निवासी अनेरास्ववियुका जिल्ला संयोजक २८ वर्षीय कविन्द्र न्यौपाने, महत गाविस-३ का ३० वर्षीय भीम थापा, सोही गाविस-८ का २३ वर्षीय विजयकुमार कुँवर, सोही गाविसका १९ वर्षीय श्रीबहादुर भण्डारी र चन्दनाथ गाविस-२ का २० वर्षीय ठाकुरसिंह खत्रीलाई ०६५ चैत ६ गते जुम्ला बहुमुखी क्याम्पसमा सम्पन्न स्वतन्त्र विद्यार्थी युनियनको निर्वाचनको मतगणना भइरहेको अवस्थामा अनेरास्ववियु (क्रान्तिकारी)का कार्यकर्ताले कुटपिट गरे। सो दिन अनेरास्ववियु (क्रान्तिकारी)का कार्यकर्ता कृष्ण खत्रीले प्रहार गरेको छुराबाट घाइते भएका कविन्द्र न्यौपानेको पिठ्यूँमा चोट लागेको थियो। न्यौपानेको उपचार नेपालगञ्जमा भयो। यस घटनाका बारेमा दोषीलाई कारबाहीको माग गर्दै पीडित पक्षले जिल्ला प्रहरी कार्यालय जुम्लामा किटानी जाहेरी दिएको थियो।

अज्ञात समूहबाट

गर्ज्याङकोट गाविस-२ निवासी ४८ वर्षीय गोपाल रावल र सोही ठाउँ निवासी ५८ वर्षीय टुसी कठायतलाई ०६६ वैशाख १० गते राती जिल्ला सदरमुकामदेखि घर फर्केको अवस्थामा देपालगाउँ गाविस-५ को ठाडाकुला भन्ने ठाउँमा मुखमा पट्टी बाँधेका छ/सात जना व्यक्तिहरूको एक समूहले एक्कासि कुटपिट गऱ्यो। कुटपिटबाट गोपाल रावल घाइते भए भने टुसी कठायत भागेर घर पुग्न सफल भए। रावलको जिल्ला अस्पतालमा उपचार भयो।

अभिव्यक्ति, भेला हुने र सङ्गठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

०६५ चैत ६ गते सम्पन्न स्वतन्त्र विद्यार्थी युनियनको मतगणना भइरहेको समयमा अनेरास्ववियु र अनेरास्ववियु (क्रान्तिकारी) बीच झडप हुँदा गज्याइकोट गाविस-७ का २३ वर्षीय तुलराज न्यौपानेको टाउकोमा चोट लागी घाइते भए। टाउकोमा चोट लागेका न्यौपानेको जिल्ला अस्पताल जुम्लामा उपचार भयो। उपचारका क्रममा घाइतेको टाउकोमा चार टाँका लगाइएको थियो।

Mid-westren:Layout 1 2/14/2010 12:31 PM Page 484

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

यस वर्ष दर्ता भएका दुनियाँवादी फौजदारी मुद्दा ४७ थानमध्ये ३० थान फर्स्यौट भई १७ थान बाँकी रहे। सरकारवादी फौजदारी मुद्दातर्फ यस वर्ष दर्ता भएका ४१ थानमध्ये १७ थान फर्स्यौट भई २४ थान बाँकी रहे। देवानीतर्फ यस वर्ष दर्ता भएका ६४ थानमध्ये २२ थान फर्स्यौट भई ४२ थान बाँकी रहे। यसरी यस जिल्ला अदालतमा यस वर्षको अन्त्यसम्म जम्मा ८३ थान मुद्दा बाँकी रहे।

पुनरावेदन अदालत

पुनरावेदन अदालतमा यस वर्ष निषेधाज्ञासम्बन्धी एक थान मुद्दा मात्र दर्ता भयो।

बालअधिकार

तातोपानी गाविस-६ स्थित हिमशिखर उच्चमाविका प्रधानाध्यापक र अन्य शिक्षकहरूको लापरबाहीका कारण एसएलसी परीक्षा दिनबाट वञ्चित भएको भन्दै ०६५ चैत १६ गते उक्त विद्यालयबाट एसएलसी दिने विद्यार्थीहरू १७ वर्षीय कमल रावल, १९ वर्षीय छविलाल कार्की, १९ वर्षीय दुर्ग कठायत र १८ वर्षीय क्षेत्रबहादुर कठायतले विद्यालयको कार्यालयमा तालाबन्दी गरे। एक हप्तासम्म विद्यालय बन्द भई पठनपाठनमा बाधा पुगेपछि शिक्षक, विद्यार्थी, अभिभावक र व्यवस्थापन समितिबीच छलफल भई पीडित विद्यार्थीहरूलाई क्षतिपूर्तिस्वरूप ५ हजार रुपियाँ उपलब्ध गराउने सर्तमा ०६५ चैत २६ गतेदेखि पढाइ सुचारु भयो।

त्रिभुवन मावि झारज्वालामा अध्ययनरत विद्यार्थीहरूले माध्यमिक तहका लागि विषयगत शिक्षक नभएको, शिक्षक दरबन्दी कम भएकाले पढाइमा बाधा भएको भन्दै ०६६ जेठ २८ गते विद्यालयमा तालाबन्दी गरे। शिक्षक, विद्यार्थी, व्यवस्थापन समिति र अभिभावकहरूले उत्पन्न समस्याको समाधानका लागि छलफल गरी शिक्षकका सम्बन्धमा जिल्ला शिक्षा कार्यालयमा पहल गर्ने, व्यवस्थापन समितिले विद्यालयको नियमित अनुगमन गर्ने, विद्यालयभित्रका अन्य समस्या समाधान गर्न शिक्षक घनश्याम भट्टलाई प्रधानाध्यापक बनाउने सहमति भएपछि ०६६ जेठ २९ गते विद्यालय खुलेको थियो।

प्रधानसेनापति प्रकरणमा ०६६ जेठ ३१ गते एकीकृत माओवादीले भेरी-कर्णाली बन्दको आह्वान गर्दा जिल्लाका १ सय ६३ विद्यालयका ३३ हजार ३ सय ६४ बालबालिकाले विद्यालयमा पढ्न पाएनन्।

हिमशिखर उच्चमाविमा कक्षा १० मा अध्ययनरत १७ वर्षीय कृष्ण कठायत, सोही विद्यालयको ९ कक्षामा अध्ययनरत १६ वर्षीय लालु कुँवर, कक्षा ४ मा अध्ययनरत १३ वर्षीया मुगा परियार, कक्षा १० मा अध्ययनरत १८ वर्षीय दुर्गबहादुर कठायत, १७ वर्षीय धर्मराज मल्ल, कक्षा ५ मा अध्ययनरत १२ वर्षीया गौरी विष्टलगायत १२ जना विद्यार्थी ०६६ वैशाख २९ गते प्रहरीको लाठीचार्जबाट घाइते भए । शिक्षक सरुवा भएपछि 'शिक्षक दरबन्दी पूर्ति गर' भन्दै नारा लगाउँदै जिल्ला शिक्षा कार्यालयमा प्रवेश गर्न खोजेको आरोपमा प्रहरीले जिल्ला शिक्षा कार्यालयअगाडि लाठीचार्ज गर्दा उनीहरु घाइते भए। घाइते सबैको उपचार जिल्ला अस्पताल जुम्लामा भयो। सरुवा भएका शिक्षकको सरुवा फिर्ता भयो।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

खाद्यान्न सङ्कट

जुम्ला जिल्लामा ०६६ असार/साउनमा परेको अविरल वर्ष र असिनाका कारण यस जिल्लाका ३० गाविसका करिब १ लाख मानिसहरू खाद्यान्न सङ्कटको समस्या भोग्न बाध्य भए। अविरल वर्षा र बाढीपहिरोका कारण कर्णाली राजमार्ग अवरुद्ध भएपछि हवाईजहाजमार्फत खाद्यान्न ओसार्दा खाद्य सङ्कटको सामना गरिरहेका जुम्लावासीहरू चर्को मूल्यवृद्धिको पनि सामना गर्न पुगे। खाद्य संस्थानमा आएको खाद्यान्न कर्मचारीलाई समेत नपुग्ने समस्या जिल्लामा रहेको छ। सर्वसाधारण जनता खाद्य संकटमा परेपछि कामका लागि छिमेकी मुलुक भारत जाने गरेका छन्।

स्वास्थ्य सेवाको अवस्था

मालिकाठाँटा गाविसमा रहेको इलाका स्वास्थ्य चौकी ०६५ पुस १४ गतेदेखि ०६५ माघ ७ गतेसम्म बन्द रह्यो। सो चौकीमा कार्यरत कर्मचारीहरूले लापरबाही गरी कुनै जानकारी नै नगराई स्वास्थ्य चौकी बन्द गराएपछि स्थानीय गाउँलेहरूले विरोध गरेपछि ०६५ माघ ८ गते स्वास्थ्य चौकी खुलेको थियो। स्वास्थ्य चौकी बन्द हुँदा गाउँले बिरामीहरू उपचार पाउनबाट वञ्चित रहे।

लाम्रा गाविस-८ सार्कीबाडा निवासी २१ वर्षीया बासमती नेपालीको सुत्केरी हुने समयमा स्वास्थ्य उपचार नपाउँदा ०६५ माघ २१ गते राती मृत्यु भयो।

Mid-westren:Layout 1 2/14/2010 12:31 PM Page 485

४.१३ कालीकोट



जनसङ्ख्या : १,२१,१०८
साक्षरता प्रतिशत : ४३
महिला साक्षरता प्रतिशत : २५
क्षेत्रफल (वर्ग कि. मि.) : १,७४१
गाविस/नपा सङ्ख्या : २९/०
सरकारी/निजी विद्यालय : २११/७
क्याम्पस/उच्च मा.वि. : १/५
अस्पताल/स्वास्थ्य चौकी : १/३०
मानव विकास सूचकाङ्कः ०.३२२
प्रतिपरिवार सरदर सङ्ख्याः ६

नागरिक तथा राजनीतिक अधिकार
सम्मानित रूपले बाँच्ने अधिकार
हत्या
अज्ञात समूहबाट

मेहलमुडी गाविस-३ निवासी एमालेका पूर्व जिल्ला सदस्य ५५ वर्षीय भरत शाहीलाई ०६५ फागुन ९ गते अज्ञात समूहले गाउँमा गहुँ खरिद गर्न गएको अवस्थामा रकु गाविसबाट अपहरण गरी सोही राती रकु गाविसकै नैनाको जङ्गलमा पुऱ्याई खुकुरी प्रहार गरी हत्या गऱ्यो। पीडित पक्षले ०६५ फागुन १५ गते रकु गाविस-८ का बिस्न देवकोटा, गोहोडी देवकोटा, धर्म देवकोटाका नाममा जिल्ला प्रहरी कार्यालय कालीकोटमा उजुरी दिए पनि यस वर्षको अन्त्यसम्ममा प्रहरीले दोषी पहिचान गर्न सकेको छैन। जिल्ला प्रहरी कार्यालयका निमित्त डीएसपी मीनबहादुर घलेका अनुसार आरोपित व्यक्तिहरू निर्दोष पाइएकाले ०६५ फागुन ११ गते रिहा भए।

गोली/विस्फोटक पदार्थद्वारा घाइते
बेवारिसे बम विस्फोटबाट

बदालकोट गाविस-१ का १२ वर्षीय देवेन्द्र भारती, सोही ठाउँका ११ वर्षीय कमल भारती, नौ वर्षीय भुवन भारती र ११ वर्षीया सुलोचना भारती ०६५ फागुन २५ गते घरबाट सदरमुकाम आउने क्रममा मान्म गाविसको काउले खोलामा फालिएको बेवारिसे बम चलाउँदा बम विस्फोटन भई घाइते भए। घाइतेहरूमध्ये देवेन्द्रको काठमाडौँमा र अन्य सबै जनाको जिल्ला अस्पतालमा उपचार भयो। घाइते देवेन्द्रको उपचारका लागि सीमारहित चिकित्सक नामक संस्था र इन्सेकले सहयोग गरेका थिए। पीडितहरूको अवस्था हाल सामान्य छ।

जेल र बन्दीहरू

'घ' श्रेणीको कारागारमा यस वर्षको अन्त्यसम्ममा कैद तोकिएका पुरुष छ जना र महिला एक जना गरी जम्मा सात जना कैदीहरू रहेका छन् भने कैद नतोकिएका सात जना पुरुष थुनुवा मात्र रहेका छन्। यसरी कालीकोट कारागारमा जम्मा १४ जना बन्दी रहेका छन्। कारागारको क्षमता २५ जनाको रहे पनि भवन बन्दै गरेको हुनाले बन्दी तथा थुनुवाहरूलाई असुविधा भएको छ। कालीकोट कारागारमा टेलिभिजन, मादल र क्यारिमबोड भए पनि पत्रपत्रिका पढ्न नपाइने बन्दीहरूको गुनासो रहेको छ।

बेपत्ता/अपहरण
वाईसीएलबाट

नानीकोट गाविस-६ निवासी सोही ठाउँका एमाले गाउँ कमिटी सदस्यहरू १९ वर्षीय खगेन्द्र शाही, १८ वर्षीय कुशल शाही, विद्यार्थीहरू १८ वर्षीय रन बम, १६ वर्षीय चतुरे दर्जी, १५ वर्षीय मनबहादुर शाही, १६ वर्षीय कटक शाही, १७ वर्षीय महेश शाही, १६ वर्षीय भूपेन्द्र शाही र सरस्वती माबि नानीकोटका शिक्षकहरू २८ वर्षीय वसन्त शाहीले गाविस-६ स्थित सरस्वती माबि भिटा स्कुललाई सोही गाविस-४ मय भन्ने ठाउँमा सार्न नदिएको आरोपमा ०६६ जेठ ४ गते वाईसीएल जिल्ला कमिटी सदस्य ऐनबहादुर शाहीको नेतृत्वमा आएको ५० जनाको समूहले स्कुलबाट उनीहरूलाई अपहरण गऱ्यो। अपहरण गरिएका पीडितहरू सुरक्षाकर्मीको पहलमा ०६६ जेठ ६ गते राती सोही गाविसबाट मुक्त भए।

गेला गाविस-९ का ३५ वर्षीय रङ्ग रोकायाले फरक मत राखेको आरोपमा ०६६ असोज १२ गते घरबाट वाईसीएल कार्यकर्ता सिंह शाही र विष्णु शाहीसहितको समूहले अपहरण गऱ्यो। पीडित माओवादीको विरोध नगर्ने सर्तमा असोज १४ गते ओदानकु गाविसको पादमघाटबाट मुक्त भए। पीडितका

Mid-westren:Layout 1 2/14/2010 12:31 PM Page 486

घटनाको प्रकार	गैर राज्यबाट								राज्यबाट			
	अन्यबाट				एकीकृत माओवादीबाट							
	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा
हत्या	१	१		१								
घाइते	४	९	१	१०								
गिरफ्तारी/यातना									१	१		१
कुटपिट	१४	२६	३	२९	३	४	३	७	२	३	२	५
धम्की	५	६		६								
महिलाअधिकार	३		३	३								
अपहरण	२	६		६								
जम्मा	२९	४८	७	५५	३	४	३	७	३	४	२	६

दाजु धनबहादुर रोकायले ०६६ असोज १३ गते जिल्ला प्रहरी कार्यालय कालीकोटमा उजुरी दिए पनि यस वर्षको अन्त्यसम्ममा सुनुवाइ भएन।

धम्की/कुटपिट

राज्यबाट

राम्नाकोट गाविस-३ का २३ वर्षीय ऐनबहादुर शाहीले गाउँमा काङ्ग्रेस कार्यकर्तालाई गाली-बेइज्जति गरेको आरोपमा प्रहरीले ०६६ भदौ १५ गते विनापुर्जी गिरफ्तार गरी भदौ २८ गतेसम्म हिरासतमा राखे। सुनुवाइ नहुने भनी उजुरी नगरेको पीडितले बताए।

वाईसीएलबाट

नानीकोट गाविस-६ निवासी सोही गाविसका गाविस सचिव ४५ वर्षीय छक्कबहादुर शाहीले सोही गाविस-४ स्थित मयकोट सरस्वती माविको भवन भिटामा निर्माण गर्ने निर्णय गाउँलेलाई गर्न लगाएको भन्दै ०६६ जेठ ६ गते उनलाई वाईसीएलका ऐनबहादुर शाहीसहित सात जनाको समूहले राती उनको घरमा आई मार्ने धम्की दियो। धम्कीले पीडित सोही दिन राती जङ्गलको बाटो हुँदै सदरमुकाम आए। त्रासका कारण पीडित यस वर्षको मध्यसम्म घर फर्किएका छैनन्।



युथफोर्सद्वारा कुटपिट गरिएका विष्णुबहादुर शाही

स्यूना गाविस-५ निवासी एमाले स्यूना गाउँ कमिटी उपसचिव ३० वर्षीय भीमबहादुर शाहीले माओवादी पार्टीविरुद्ध गतिविधि सञ्चालन गरेको आरोपमा ०६६ जेठ ७ गते वाईसीएल जिल्ला सदस्य ऐनबहादुर शाहीसहित ४५ जनाको समूहले ढुङ्गा प्रहार गरी घाइते बनायो। घाइतेको उपचार स्थानीय मेडिकलमा भयो।

स्यूना गाविस-७ का ३० वर्षीय सिंहवीर दर्जीले माओवादी पार्टी परित्याग गरी एमालेमा प्रवेश गरेको आरोपमा ०६६ जेठ ७ गते वाईसीएल जिल्ला सदस्य ऐनबहादुर शाही (अखिल)को नेतृत्वमा आएको सात जनाको समूहले सोही गाविस-४ बिजैपुर गाउँमा कुटपिट गऱ्यो। कुटपिटबाट पीडितको दाहिने गालामा चोट लाग्यो। घाइतेको स्थानीय आरसीपी बजारको मेडिकलमा उपचार भयो। पीडितको हालको अवस्था सामान्य छ।

स्यूना गाविस-४ निवासी युथफोर्स जिल्ला सदस्य २८ वर्षीय दलबहादुर शाहीले माओवादीको वडास्तरीय सङ्गठन विघटन गराई आफ्नो सङ्गठनमा संलग्न गराएको आरोपमा ०६६ जेठ ९ गते वाईसीएल कार्यकर्ताहरूले पीडितको घरमा आई सात दिनभित्र गाउँ नछोडे मार्ने धम्की दिए। धम्कीपछि पीडित सदरमुकाम मान्मामा विस्थापित भए। इन्सेकको पहलमा ०६६ जेठ १८ गते उनी घर फर्के।

बादालकोट गाविस-४ निवासी काङ्ग्रेस कालीकोटका सभापति ४५ वर्षीय मुक्तिप्रसाद न्यौपानेले गाउँमा माओवादी कार्यकर्ता कुट्ने योजना बनाएको आरोपमा ०६६ जेठ १७ गते बिहान वाईसीएल बदालकोटका इन्चार्ज ब्रिटिस भनिने बर्म

Mid-westren:Layout 1 2/14/2010 12:31 PM Page 487

ऐडी र जिल्ला सदस्य पदम ऐडीको नेतृत्वमा आएको २५ जनाको समूहले घरबाट सदरमुकाम जाने क्रममा सोही गाविस-४ को खनाया ढुस्कामा धारिलो हतियार प्रयोग गरी घाइते बनाए। घाइते न्यौपानेको टाउका, दायाँ हात र बायाँ खुट्टामा गम्भीर चोट लागेको थियो। घाइतेको जिल्ला अस्पतालमा उपचार भयो। पीडित न्यौपानेले पीडकहरूविरुद्ध जिल्ला प्रहरी कार्यालय कालीकोटमा ०६६ जेठ १९ गते ज्यानमार्ने उद्योगसम्बन्धी मुद्दा दर्ता गरे पनि यस वर्षको मध्यसम्ममा कुनै कारवाही भएन।

सुकाटिया गाविस-१ निवासी एमाले जिल्ला कमिटी सचिव ३८ वर्षीय कुर्मराज शाही, ४२ वर्षीय तिलबहादुर शाही, नानीकोट गाविस-६ का ५० वर्षीय चन्द्रबहादुर शाही, भर्ता गाविसका ४५ वर्षीय भरतराज धिताल, दाँहा गाविस-३ का युथफोर्स जिल्ला संयोजक ४१ वर्षीय दुर्गबहादुर शाही, शिक्षक ३२ वर्षीय तुलाराज मल्ल, पाँखा गाविस-४ का युथफोर्स सदस्य २८ वर्षीय हंसबहादुर मल्ल, सोही ठाउँका एमाले जिल्ला सदस्य ४८ वर्षीय मानबहादुर मल्ललगायत १५ जना एमाले नेता/कार्यकर्ताले माओवादीद्वारा आह्वान गरिएको भेरी-कर्णाली बन्दको अवज्ञा गरेको आरोपमा ०६६ जेठ ३१ गते उनीहरूलाई वाईसीएल जिल्ला अध्यक्ष रणवीर भनिने मनिलाल एडी, सदस्य अखिल भनिने ऐनबहादुर शाही, आकाश भनिने गणेश शाही र पूर्ण सिंहलगायत २ सय ५० जनाको समूहले एमाले पार्टी कार्यालयमा आई धारिलो हतियार र फलामको रडले प्रहार गरी घाइते बनायो। घाइतेहरू कुर्मराज शाही, दुर्गाबहादुर शाही, मानबहादुर मल्ल, तुलाराज मल्ल, हंसबहादुर मल्ललाई सोही दिन उपचारका लागि हेलिकप्टरमा कोहलपुर मेडिकल कलेजमा लगियो। त्यहाँ पनि उपचार हुन नसक्दा काठमाडौँ लगिएको थियो। पीडितहरू काठमाडौँ शिक्षण अस्पतालमा उपचारपश्चात् असार २ गते जिल्ला फर्किए। कुटपिटपश्चात् सोही समूहले एमाले जिल्ला पार्टी कार्यालयमा गएर तोडफोड गर्नुका साथै कागजातहरू, झन्डा, व्यानरलगायत सम्पूर्ण दस्तावेजहरू जलायो। सो समूहले बजारमा एमालेनिकट जिल्ला जनसांस्कृतिक मञ्चका सचिव विष्णुबहादुर मल्लको घरसमेत तोडफोड गऱ्यो। सो दिन बजारमा भेटिएका एमाले समर्थक नेता-कार्यकर्ताका आफन्तलाई समेत समूहले कुटपिट गऱ्यो। स्थितिलाई नियन्त्रणमा लिन प्रहरीले चार राउन्ड हवाई फायरसमेत गर्नु पऱ्यो। घटनापछि सदरमुकामको वातावरण तनावग्रस्त भएलगत्तै जेठ ३१ गते बेलुकादेखि ०६६ असार १ गते बिहानसम्मको लागि सदरमुकाममा जिल्ला प्रशासन कार्यालयले कर्फ्यु आदेश जारी गऱ्यो। पीडितहरूले क्षतिपूर्ति र कारवाहीको माग राख्दै ०६६ असार ३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए पनि यस वर्षको अन्त्यसम्म कुनै कारवाही भएको छैन।

तरुण दलद्वारा कुटपिट गरिएका अलिबहादुर शाही र हंसबहादुर शाही

फुकोट गाविस-८ निवासी हिमनदी प्राबि फुकोटका शिक्षक ३५ वर्षीय लक्ष्मी बरालले गाउँमा माओवोदीविरुद्ध फरक मत राखेको आरोपमा ०६६ असोज १६ गते माओवादी दलित मुक्ति मोर्चाका केन्दीय सदस्य सिंहराज दर्जीसहित सात जनाको समूहले घरनजिकै उनलाई कुटपिट गरे। पीडितको जिल्ला अस्पतालमा उपचार हुन नसकेपछि थप उपचार नेपालगञ्जस्थित भेरी अञ्चल अस्पतालमा गरियो। पीडितले कहीँ उजुरी गरेनन्।

युथफोर्सबाट

गेला गाविस-२ निवासी माओवादी सेनाको सातौँ डिभिजन कार्यालय कैलालीका सचिव ३२ वर्षीय समरजङ्ग कठायतले द्वन्द्वकालमा जग्गा कब्जा गरेको तथा दु:ख दिएको आरोपमा ०६५ माघ १० गते युथफोर्स कार्यकर्ताहरू कमल शाही, लङ्क शाहीसहित नौ जनाको समूहले पीडित घरबिदामा आएका बेला कुटपिट गर्नुका साथै उनलाई मार्ने धम्की दियो। पीडितले माघ १३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए पनि यस वर्षको अन्त्यसम्ममा कुनै सुनुवाइ भएन।

पाँखा गाविस-४ निवासी एकीकृत माओवादी जिल्ला कमिटी सदस्य ४१ वर्षीय अडिग भनिने समन्ते परियार र गाउँ कमिटी सदस्य ३४ वर्षीय धन परियारले गाउँमा एमालेको विरोध गरेको आरोपमा ०६६ जेठ १ गते सोही गाविसका युथफोर्सका १५ जना कार्यकर्ताहरूको समूहले पाँखा गाविस-४ छायाँ गाउँमा कुटपिट गरी घाइते बनायो। घाइतेहरूको जिल्ला अस्पतालमा उपचार भयो। पीडितहरूमध्ये अडिगको दाहिने गालामा गम्भीर चोट लागेको थियो।

Mid-westren:Layout 1 2/14/2010 12:31 PM Page 488

पीडितहरूले भोलिपल्ट जिल्ला प्रहरी कार्यालयमा उजुरी दिएपछि दुवै पक्षबीच जेठ ३ गते मिलापत्र भयो।

नानीकोट गाविस-४ का २५ वर्षीया गौरा टमटा, सोही ठाउँका २९ वर्षीय नन्दे टमटा, १३ वर्षीय विद्यार्थी हरिन्द टमटा र कल्से टमटालाई ०६६ साउन २६ गते बेलुका अनेरास्ववियु जिल्ला कमिटी सदस्य कुशल शाही, युथफोर्सका भूपेन्द्र शाही, गगन शाही, मान शाहीलगायतको समूहले सरस्वती मावि राजदेव भिटा विद्यालयलाई मयकोटबाट पुरानै स्थानमा सार्ने क्रममा प्रतिकार गरेको आरोपमा विद्यादेवी मावि मयकोटमा कुटपिट गऱ्यो। घाइतेको स्थानीय मेडिकलमा उपचार भयो।

दाहा गाविस-३ निवासी काङ्ग्रेस कार्यकर्ता ५५ वर्षीय विष्णुबहादुर शाहीले फरकमत राखेको आरोपमा ०६६ असोज १४ गते युथफोर्सका कार्यकर्ताहरूले सोही गाविसको मोल्फा बजारमा कुटपिट गरे। पीडितको शिक्षण अस्पताल महाराजगञ्ज काठमाडौँमा उपचार भयो। पीडितकी छोरी गोरी शाहीले ०६६ असोज १६ गते जिल्ला प्रहरी कार्यालय कालीकोटमा उजुरी दिए पनि प्रहरीले दर्ता गरेन।

सुकाटिया गाविस निवासी अखिल नेपाल शिक्षक सङ्गठनका जिल्ला सचिव ३३ वर्षीय प्रेम हमालले विगत द्वन्द्वकालमा माओवादी भई दु:ख दिएको आरोपमा ०६६ मङ्सिर २९ गते एमालेका स्थानीय कार्यकर्ता गगन शाहीसहित पाँच जनाको समूहले मुग्राहा गाविसमा उनलाई कुटपिट गऱ्यो। पीडितको स्थानीय मेडिकलमा उपचार भयो। घटनाको अखिल नेपाल शिक्षक सङ्गठनले विज्ञप्तिमार्फत विरोध जनायो।

अनेरास्ववियुबाट

बाजुरा जिल्ला जुकोट गाविस निवासी जिल्ला प्रहरी कार्यालय कालीकोटमा कार्यरत प्रहरी हवल्दार ३४ वर्षीय हरि जैसी, दैलेख जिल्ला लाकुरी गाविस निवासी ३६ वर्षीय असई ललित थापाले तिला-कर्णाली बहुमुखी क्याम्पसको स्ववियु निर्वाचनमा मतपेटिका च्यात्न नदिएको आरोपमा ०६५ चैत ६ गते नेविसङ्घ र अनेरास्ववियुका कार्यकर्ताले लाठी र ढुङ्गा प्रहार गरी घाइते बनाए। घाइतेहरूको जिल्ला अस्पताल कालीकोटमा उपचार भयो। सोही दिनको चुनावमा वाईसीएल कार्यकर्ताले फर्जी मत हालेको आरोपमा अनेरास्ववियु र नेविसङ्घ आबद्ध विद्यार्थीले मतपेटिका जलाए। साथै, अखिल (क्रान्तिकारी)को कार्यालयमा आई झन्डा समेत जलाए। सोही घटनापछि स्थगित भएको चुनाव यस वर्षको अन्त्यसम्ममा हुन सकेको छैन।

वाईसीएलद्वारा कुटपिट गरिएका दुर्गाबहादुर शाही

तरूण दलबाट

ओदानकू गाविस-१ निवासी *भेरी-कर्णाली एफएम*मा कार्यरत २९ वर्षीय दुर्गाप्रसाद काफ्ले र सुकाटिया गाविस-४ निवासी माओवादी जिल्ला सदस्य ३१ वर्षीय प्रेम हमालले द्वन्द्वकालमा माओवादी भई दु:ख दिएको आरोपमा ०६५ माघ २२ गते तरुण दलका जिल्ला सदस्य नैनबहादुर शाहीको समूहले सदरमुकाम मान्ममा धारिलो हतियार प्रहार गरी घाइते बनायो। घाइतेहरूमध्ये काफ्लेको दायाँ पाखुरामा र हमालको बायाँ हातमा चोट लागेको थियो। पीडितहरूको जिल्ला अस्पतालमा उपचार भयो। पीडितहरूले जिल्ला प्रहरी कार्यालयमा ०६५ माघ २३ गते उजुरी दिएपछि पीडक शाहीलाई प्रहरीले गिरफ्तार गऱ्यो। तर, पीडकले जिल्ला प्रहरी कार्यालयमा पीडितसमक्ष माफी मागेपछि सोही दिन मिलापत्र भयो।

दाँहा गाविस-५ निवासी कालीकोट उद्योग वाणिज्य सङ्घका उपाध्यक्ष ३५ वर्षीय रतनबहादुर शाही र सोही ठाउँका जिविस लेखापाल २६ वर्षीय राजेन्द्र शाहीले काङ्ग्रेस महासमिति सदस्य दुर्गबहादुर शाहीमाथि आक्रमण गरेको आरोपमा ०६५ माघ २९ गते तरुण दल र नेविसङ्घका १५ जनाको समूहले सोही गाविसस्थित हुपिडाँडा स्कुलमा धारिलो हतियार प्रहार गरी सख्त घाइते बनायो। टाउकोमा गम्भीर चोट लागेका पीडितहरूको जिल्ला अस्पतालमा उपचार भयो। पीडितहरूले ०६५ माघ ३० गते जिल्ला प्रहरी कार्यालय कालीकोटमा उजुरी दिए। पीडकहरूलाई प्रहरीले उजुरी दिएको साँझ गिरफ्तार गऱ्यो। ०६५ फागुन २ गते पीडितसमक्ष पीडकहरूले माफी मागेपछि मिलापत्र भयो।

बदालकोट गाविस-५ निवासी क्रान्तिकारी पत्रकार सङ्घका जिल्ला अध्यक्ष २८ वर्षीय रूपेन्द्र ऐडीले पत्रकारका नाममा काङ्ग्रेस विरुद्ध षड्यन्त्र गरेको आरोपमा ०६६ जेठ १५ गते उनलाई तरुण दलका लोकेन्द्र कठायत, इन्द्र कठायतसहित आठ जनाको समूहले घाँटी समात्दै मार्ने धम्की दियो। धम्कीका कारण पीडित जेठ १६ गते सदरमुकाममा विस्थापित भए। पीडित

Mid-westren:Layout 1 2/14/2010 12:31 PM Page 489

पत्रकार यस वर्षको अन्त्यसम्म सदरमुकाममा विस्थापित अवस्थामा छन्। विस्थापित भएकै दिन क्रान्तिकारी पत्रकार सङ्घले विज्ञप्ति प्रकाशित गरी विरोध जनायो। ऐडी कालीकोट जिल्लाका रासस प्रतिनिधि पनि हुन्।

ओदानकु गाविस-१ निवासी एकीकृत माओवादीका कार्यकर्ता ४५ वर्षीय कुलानन्द काफ्ले, उनका भाइ ३२ वर्षीय दुर्गाप्रसाद काफ्ले, पिता ६८ वर्षीय महानन्द काफ्लेले द्वन्द्वकालमा दु:ख दिएको भन्दै ०६६ साउन २१ गते तरुण दलका स्थानीय कार्यकर्ता मातृका सिंह, वीरेन्द्र सिंहलगायतको समूहले उनीहरूको घरमा आई कुटपिट गऱ्यो। कुटपिटपछि दुर्गाप्रसाद र उनका दाजु भागेर सदरमुकाम पुगे भने महानन्द सोही दिनबाट बेपत्ता भए। बेपत्ता काफ्लेका आफन्त र प्रहरीको व्यापक खोजीपछि सोही गाविसको जिल्ली खोलामा ०६६ भदौ ४ गते लास भेटियो। महानन्द काफ्ले बेपत्ता भएको अवस्थामा पीडित पक्षले मातृका सिंह, वीरेन्द्र सिंह, हिक्मत सिंह, नेत्र सिंह, कमल सिह, तुलबहादुर सिंहका नाममा ज्यान बेपत्तासम्बन्धी उजुरी दिएका थिए। एमाले जिल्ला सचिव कुर्मराज शाही तथा तरुण दल जिल्ला अध्यक्ष प्रेमबहादुर शाहीको रोहबरमा तारेखमा रिहा भएका थिए। किटानीमा परी रिहा भएकाहरूमध्ये वीरेन्द्र, हिक्मत, नेत्र र कमल फरार थिए। ०६६ भदौ ४ गते महानन्दको लास भेटिएपछि सोही दिन मातृकालाई प्रहरीले पुन: गिरफ्तार गरी पुर्पक्षका लागि थुनामा राखेको छ। पप सिंहलाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

दाहा गाविस-२ का ३१ वर्षीय भीमबहादुर शाही, सोही ठाउँका ३५ वर्षीय अलिबहादुर शाहीले काङ्ग्रेस कार्यकर्ता विष्णुबहादुर शाहीलाई कुटपिट गरेको आरोपमा ०६६ असोज १५ गते दाहा गाविसस्थित तरुण दलका कार्यकर्ता धीरेन्द्र शाहीसहित २५ जनाको समूहले दाहा गाविसमा कुटपिट गऱ्यो। घाइतेहरूको नेपालगञ्ज भेरी अस्पतालमा उपचार भयो। पीडितका आफन्तहरूले ०६६ असोज १७ गते जिल्ला प्रहरी कार्यालय कालीकोटमा उजुरी दिए पनि उजुरी दर्ता गरेन।

दाहा गाविस-२ निवासी नेपाल शिक्षक युनियनका जिल्ला अध्यक्ष ४२ वर्षीय हंसबहादुर शाहीले काङ्ग्रेस महासमिति सदस्य विष्णुबहादुर शाहीलाई कुटपिट गर्ने योजना बनाएको आरोपमा ०६६ असोज १६ गते तरुण दल जिल्ला सदस्य धीरेन्द्र शाहीसहितको समूहले जिल्ला सदरमुकामस्थित प्रतिमा चोकनजिकै टाउकोमा ढुङ्गा प्रहार गरी सख्त घाइते बनाए। ढुङ्गा प्रहारबाट घाइते शाहीको उपचार जिल्लामा हुन नसकेपछि नेपालगञ्ज मेडिकल कलेजमा गरियो।

अन्यबाट

मालकोट गाविस-५ निवासी इमेज च्यानल कालीकोटका संवाददाता ३१ वर्षीय ध्रुवविक्रम शाहीले मदिरा सेवन गरी गाली-बेइज्जति गरेको आरोपमा ०६५ पुस २५ गते जिविसका लेखापाल अमृतसहित आठ जनाको समूहले कुटपिट गरी सख्त घाइते बनायो। पीडितको दायाँ हात भाँच्चिएकामा कालीकोटमा उपचार हुन नसकी नेपालगञ्जमा उपचार भयो। पीडित शाहीले जिल्ला प्रहरी कार्यालय कालीकोटमा ०६५ पुस २६ गते उजुरी दिएपछि पीडकहरूले जिप्रकाको रोहबरमा उपचारस्वरूप ५० हजार नगद र पीडितसमक्ष माफी मागेका थिए। पीडकलाई कारबाही नभएको भन्दै पीडित शाहीले ०६५ माघ ३ गते राष्ट्रिय मानवअधिकार आयोग क्षेत्रीय कार्यालय नेपालगन्जमा उजुरी दिए पनि यस वर्षको अन्त्यसम्म कुनै सुनुवाइ भएन।

पाँखा गाविस-४ निवासी माओवादी भेरी-कर्णाली राज्य समिति सदस्य ३२ वर्षीय गङ्गाप्रसाद चौलागाईं, ओदानकु गाविस-३ निवासी वाईसीएलका जिल्ला सदस्य मीनबहादुर सिंहले आफूहरूलाई बाटो छेकेर धम्काएको आरोपमा ०६६ जेठ २४ गते साँझ अनेरास्ववियुका जिल्ला सदस्य दानबहादुर मल्ल, कमल शाही, नेविसङ्घका पूर्व जिल्ला अध्यक्ष सुमन शाहीसहित सात जनाको समूहले जिल्ला सदरमुकाम मान्म बजारमा कुटपिट गरी सख्त घाइते बनायो। घाइतेहरूको सुर्खेत अस्पतालमा उपचार भयो। पीडितहरू उपचारपछि असार ५ गते घर फर्किए। पीडितहरूले जेठ २५ गते जिल्ला प्रहरी कार्यालय कालीकोटमा उजुरी दिए। पनि यस वर्षको अन्त्यसम्ममा कुनै सुनुवाइ भएन।

स्थानीय विकास अधिकारी एकनारायण शर्मा र जिविस योजनाप्रमुख हरिलाल पुरीले जिविसको कर्मचारी छनोटमा पक्षपात गरेको आरोपमा ०६६ असार ९ गते बदालकोट गाविस-८ का वीरेन्द्र शाही र सुवर्ण शाहीको समूहले स्थानीय विकास अधिकारीको कार्यकक्षमा आई उनीहरूलाई मार्ने धम्की दियो। धम्कीपछि पीडकलाई कारबाही र कर्मचारीको सुरक्षाको माग राख्दै स्थानीय निकाय तथा गाविस हकहित संरक्षण समितिले १० गतेदेखि १२ गतेसम्म जिविस र गाविसको कामकाज ठप्प पारे। प्रमुख जिल्ला अधिकारीले पीडकलाई कारबाही गर्ने प्रतिबद्धता जनाएपछि कार्यालय खुलेका थिए। पीडकलाई यस वर्षको अन्त्यसम्म कुनै कारबाही भएन।

Mid-westren:Layout 1 2/14/2010 12:31 PM Page 490

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा गत वर्षको जिम्मेवारी सरेर आएका ३४ थान मुद्दामध्ये यस वर्ष १९ थान फर्स्यौट भई १५ थान बाँकी रहे। यस वर्ष दर्ता भएका ३० थानमध्ये कुनै फर्स्यौट भएनन्। यसरी यस वर्षको अन्त्यसम्ममा दुनियाँवादी फौजदारी ४५ थान बाँकी रहे।

गत वर्षको बाँकी रहेका सरकारवादी फौजदारी सात थानमध्ये एक थान फर्स्यौट भई छ थान बाँकी रहे। यस वर्ष दर्ता भएका १३ थानमध्ये कुनै फर्स्यौट भएनन्। गत वर्षको बाँकी रहेका ४९ थान देवानी मुद्दामध्ये २९ थान फर्स्यौट भई २० थान बाँकी रहे। यस वर्ष दर्ता भएका ६६ थानमध्ये २९ थान फर्स्यौट भई ३७ थान बाँकी रहे।

बालअधिकार

नानीकोट गाविस-६ स्थित सरस्वती माविं राजदेव भिटा सशस्त्र द्वन्द्वका क्रममा ०५६ माघमा सोही गाविस-४ मयकोटमा सारी सञ्चालन रहेकामा ०६६ साउन २६ गते सोही गाविस-६ का जनताले राजदेव भिटामा नै पुन:स्थापना गर्ने विवाद भइरहेको समयमा एकीकृत माओवादीका केन्द्रीय सदस्य भरत बमको नेतृत्वमा आएको समूहले ०६६ कात्तिक ५ गते विद्यालयमा तालाबन्दी गरेपछि सो माविमा अध्यनरत ३ सय ५० विद्यार्थी ०६६ कात्तिक ५ गतेदेखि ०६६ पुस ११ गतेसम्म पठनपाठनबाट वञ्चित भए। स्थानीय राजनीतिक दल, इन्सेक, काहुरास्ट, स्थानीय प्रशासन र जिल्ला शिक्षा कार्यालयको पहलमा ०६६ पुस १२ गतेदेखि दुवै स्थानमा माविं सञ्चालनमा आएको छ।

धौलागोह गाविस निवासी सरस्वती माविं राडुनेटामा अध्ययनरत १२ वर्षीय सीता न्यौपानेले विद्यालयका शिक्षकलाई नटेरेको भन्दै सोही विद्यालयका शिक्षक सुरबहादुर बमले ०६६ मङ्सिर २६ गते कुटपिट गरी घाइते बनाए। घाइतेको उपचार स्थानीय मेडिकलमा गरियो। कुटपिटको विरोधमा अनेरास्ववियु (क्रान्तिकारी) र सोही विद्यालयका विद्यार्थीले तीन दिनसम्म तालाबन्दी गरे। स्थानीय अभिभावकको समन्वयमा शिक्षक बमले पीडितसमक्ष माफी मागेपछि मङ्सिर ३० गते ताला खुल्यो। विद्यालयमा ताला लागेपछि सोही विद्यालयमा अध्यनरत २ सय ३० बालबालिकाहरूको पठन-पाठनमा बाधा पुग्यो।

नानीकोट गाविस-६ निवासी सरस्वती माविं राजदेवमा कक्षा १० मा अध्यनरत १८ वर्षीय भूपेन्द्र शाही, कक्षा ७ मा अध्यनरत १४ वर्षीय पद्मराज शाही, कक्षा ८ मा अध्यनरत १५ वर्षीया उपरशना ऐडी, गोमा शाही, समिता शाही र शर्मिला शाहीलाई माओवादी जिल्ला सदस्य कर्ण भण्डारी, वाईसीएल जिल्ला सदस्य ऐनबहादुर शाहीसहित २१ जनाको समूहले सोही स्थानबाट विद्यालय मयकोटमा सार्ने क्रममा प्रतिकार गरेको आरोपमा ०६६ मङ्सिर ८ गते कुटपिट गऱ्यो। घाइतेहरूमध्ये भूपेन्द्र पद्मराज र उपरशनाको भेरी अञ्चल अस्पताल नेपालगञ्जमा र अन्यको स्थानीय मेडिकलमा उपचार भयो।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

पाँखा गाविस-४ की ३० वर्षीया एक महिलाले परपुरुषसँग अवैध यौन सम्पर्क राखेको आरोपमा ०६५ माघ २७ गते उनका देवर धन दमाई र जेठाजु समन्ते दमाईले कुटपिट गरी घरबाट निकाला गरे। पीडित सदरमुकाम मान्ममा विस्थापित भएकामा मानवअधिकारकर्मीको पहलपछि ०६५ फागुन ६ गते पुन:स्थापित भइन्। पीडितका पति लालु दमाई सशस्त्र द्वन्द्वका क्रममा ०५८ सालमा राज्यबाट मारिएका थिए।

बदालकोट गाविस-१ की ६५ वर्षीया एक महिलालाई ०६५ फागुन ९ गते सोही गाविसका ३५ वर्षीय वीरेन्द्र दमाईले सोही गाविसको रेङ्गील पुलबाट घर फर्कने क्रममा बरातु जङ्गलमा बलात्कारको प्रयास गरे। सोही आरोपमा पीडितले पीडकविरुद्ध ०६५ फागुन ११ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए पनि यस वर्षको अन्त्यसम्म कुनै कारवाही भएन।

पारिवारिक हिंसा

मान्म गाविस-५ की ३५ वर्षीया सपुरा विकलाई उनका पति कर्णवीरे विकले विभिन्न संस्थाको समूहमा बस्ने र घरमा पानीको धारा नल्याउने भन्दै ०६५ चैत ७ गते घरभित्र हँसिया प्रहार गरी घाइते बनाए। हँसिया प्रहारबाट दायाँ हात काटिएकी पीडितको जिल्ला अस्पतालमा उपचार भयो। जिल्ला प्रहरी कार्यालय कालीकोटमा ०६५ चैत ७ गते उजुरी दिए पनि यस वर्षको अन्त्यसम्म कुनै सुनुवाइ नभएको पीडितले बताइन्।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

जिल्ला सदरमुकाम मान्मबाट २५ किलोमिटर दक्षिणमा पर्ने विकट खिन र धौलोगोहलगायतका गाविसहरूमा ०६६ असार ९ गतेदेखि पुन: खाद्यन्न

Mid-westren:Layout 1 2/14/2010 12:32 PM Page 491

सङ्कट उत्पन्न भयो। कालीकोट जिल्ला परिषद्ले ०५८ सालमा सुक्खा खडेरी क्षेत्र घोषणा गरिएका ती गाविसहरू यस वर्षको हिउँदमा पनि खडेरी परेपछि भोकमरीको चपेटामा परेको पीडितहरूले बताए। धौलागोह र खिन गाविसबाट ज्ञापन-पत्र ल्याई ३ सयको सङ्ख्यामा सर्वसाधारण नागरिकहरूले ०६६ असार ९ देखि १२ गतेसम्म जिल्ला प्रशासन कार्यालय घेराउ गरे। झन्डै १५ हजार सङ्ख्या भएको त्यस क्षेत्रका बासिन्दाले भोकै मर्ने अवस्था आएको भन्दै राज्यले भोकमरीबाट बचाउने उपाय नगरेसम्म बालबच्चासहित सबै जना जिल्ला प्रशासनमा बस्ने चेतावनी दिए। अस्थायी समस्या समाधान गर्न जिविसको सहयोगमा ०६६ असार १५ र १६ गते प्रत्येक घरधुरीलाई ५० केजी चामल दिइएको थियो।

४.१४ मुगु



जनसङ्ख्या : ५१,०३०
साक्षरता प्रतिशत : ३२
महिला साक्षरता प्रतिशत : १७
क्षेत्रफल (वर्ग कि. मि.) : ३,५३५
गाविस/नपा सङ्ख्या : २४/०
सरकारी/निजी विद्यालय : १२८/३
क्याम्पस/उच्च मा.वि. : ०/३
अस्पताल/स्वास्थ्य चौकी : १/२५
मानव विकास सूचकाङ्कः ०.३०४
प्रतिपरिवार सरदर सङ्ख्याः ६

नागरिक तथा राजनीतिक अधिकार
सम्मानित रूपले बाँच्ने अधिकार
हत्या
अज्ञात समूहबाट

जीमा गाविस-६ निवासी नेकपा माले मुगुका जिल्ला कमिटी सचिव ४८ वर्षीय धर्मबहादुर शाहीलाई ०६६ असार ३० गते आफ्नो घरबाट कामका लागि हुम्ला जिल्ला जाने क्रममा ०६६ असार ३१ गते राती भिई गाविस-७ अडिना भन्ने स्थानमा अज्ञात समूहले बन्चरो प्रहार गरी हत्या गऱ्यो। उनको हत्या कसले किन गऱ्यो भन्ने यस वर्षको अन्त्यसम्म खुल्न सकेको छैन। मृतकका आफन्तले साउन ३ गते जिल्ला प्रहरी कार्यालयमा कर्तव्य ज्यानसम्बन्धी जाहेरी दिए पनि यस वर्षको अन्त्यसम्म प्रहरीले दोषी पत्ता लगाउन सकेन।

जेल र बन्दीहरू

'घ' श्रेणीको जिल्ला कारागार मुगुको बन्दी क्षमता १५ जनाको रहेको छ। कारागार भवन आफ्नो नहुँदा कैद नतोकिएका पाँच जना पुरुष थुनुवाहरूलाई जुम्ला जिल्ला कारागारमा पठाइएको छ।

धम्की/कुटपिट
एकीकृत माओवादीबाट

नेपाली काङ्ग्रेसका कार्यकर्ता देवीलाल मल्ल, लालप्रसाद चौलागाईं, कमला शाही, दत्ते कार्की, कृष्णबहादुर शाही, टोपबहादुर बुढालाई माओवादी पार्टीको विरोध गरेको आरोपमा ०६६ असोज २३ गते जिमा गाविस–९ सोरुकोटमा नेपाली काङ्ग्रेसको प्रशिक्षण कार्यकर्ता भेलामा सहभागी भएको अवस्थामा दिउँसो एकीकृत माओवादीका कार्यकर्ताले दाउरा र लाठीले कुटपिट गरे। कुटपिटबाट काङ्ग्रेस कार्यकर्ता झुपा शाही, धनबहादुर मल्ल र जगतबहादुर मल्ल पनि घाइते भए। घाइतेहरूको उपचार भेरी अञ्चल अस्पतालमा भयो।

सुकाढिक गाविस–१ घर भई फोटो पत्रकार तथा नेपाल पत्रकार महासङ्घ मुगु कार्यसमिति सदस्य ५२ वर्षीय कविराज कार्कीले फोटो खिचेको आरोपमा ०६६ पुस ६ गते दिउँसो राष्ट्रिय वाणिज्य बैंक शाखा कार्यालय गमगढीअगाडि एकीकृत माओवादीका कार्यकर्ताले लाठी र ढुङ्गाले कुटपिट गरे। सोही गाविस–३ का ३० वर्षीय शङ्कर कार्कीले एकीकृत माओवादीका कार्यकर्ताको आमहडताल बिथोल्न खोजेको भन्दै कार्कीलाई समात्न जाँदै गर्दा सञ्चारकर्मी कविराजले फोटो खिच्न खोजेपछि एकीकृत माओवादीका कार्यकर्ताले कुटपिट गरेका थिए। सो दिन एकीकृत

Mid-westren:Layout 1 2/14/2010 12:32 PM Page 492

घटनाको प्रकार	गैर राज्यबाट							
	अन्यबाट				एकीकृत माओवादीबाट			
	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा
हत्या	१	१		१				
कुटपिट	३	११		११	३	९	३	११
महिलाअधिकार	३		३	३				
जम्मा	६	१३	३	१४	३	९	३	११

माओवादीका कार्यकर्ताले शङ्करलाई पनि कुटपिट गरे। जिल्ला अस्पताल मुगुमा प्राथमिक उपचारपश्चात् दुवै जनाको थप उपचार भेरी अञ्चल अस्पतालमा भयो। निज पीडित व्यक्तिहरूले पुस ७ गते जिल्ला प्रशासन कार्यालयमा उजुरी दिए पनि यस वर्षको अन्त्यसम्म केही कारबाही हुन सकेन।

वाईसीएलबाट

जिल्ला प्रहरी कार्यालय मुगुमा कार्यरत असई ३५ वर्षीय लुमासिंह डाँगी, असई २३ वर्षीय राजु पुरी, प्रहरी हवल्दार ३७ वर्षीय लोकबहादुर चन्द, प्रहरी जवान धीरेन्द्र बुढा, प्रहरी जवान २६ वर्षीय मुकेश यादव, प्रहरी जवान २४ वर्षीय सुरेश बुढा र प्रहरी जवान २२ वर्षीय जनक विकलाई माओवादीको विरोध गरेको आरोपमा ०६६ वैशाख ११ गते ४० जनाको सङ्ख्यामा आएका वाईसीएलका कार्यकर्ताहरूले राती जिल्ला विकास समितिको कार्यालयअगाडि एक्कासि आक्रमण गरे। मुगु जिल्ला सदरमुकाम गमगढी बजारमा गस्तीमा खटिएका प्रहरीलाई वाईसीएलका कार्यकर्ताहरूले लाठी, दाउराले आक्रमण गरेपछि प्रहरीहरू घाइते भए। पीडितहरूको जिल्ला अस्पताल मुगुमा उपचार भयो। पीडितहरूले आफूहरूलाई वाईसीएल कार्यकर्ताहरूले आक्रमण गर्नुको कारण हालसम्म थाहा नभएको बताए।

एमालेबाट

नेपालगञ्ज नपा-६ घर भई श्रीनगर गाविस गमगढी बजारमा व्यापार गर्ने २० वर्षीय बब्लु अन्सारीलाई अनेरास्ववियु (क्रान्तिकारी) स्ववियु निर्वाचनमा विजयी भएपछि गमगढी बजारमा निकालेको विजय जुलुसमा सहभागी भएको आरोपमा ०६६ वैशाख १५ गते एमालेका कार्यकर्ताहरूले खाद्य संस्थान मुगुको कार्यालयअगाडि लाठी र मुक्काले कुटपिट गरे। कुटपिटबाट पीडितको आँखा र टाउकोमा चोट लागेको थियो। पीडितको मुगु जिल्ला अस्पतालमा उपचार भयो। असुरक्षाका कारण कतै उजुरी नगरेका पीडित सो घटनापश्चात् नेपालगञ्ज फर्केका थिए।

अनेरास्ववियु (क्रान्तिकारी)बाट

श्रीनगर गाविस–५ घर भई श्री महाकाली उच्चमाविमा कक्षा १२ मा अध्ययनरत २० वर्षीय नन्दराम खड्का, सोही गाविस–३ घर भई सोही उच्चमाविको १२ कक्षामा अध्ययनरत १९ वर्षीय उपेन्द्र मल्ल, सोही ठाउँ घर भई सोही उच्चमावि कक्षा १२ मा अध्ययनरत १९ वर्षीय समराज मल्ल ०६६ पुस ८ गते बिहान कार्यक्रम बिथोलेको आरोपमा अनेरास्ववियु (क्रान्तिकारी)का विद्यार्थीहरूले हात र खुट्टाले कुटपिट गरे। यस घटनाका बारेमा विद्यालयले जिल्ला प्रशासन कार्यालय मुगुमा ०६६ मङ्सिर ९ गते जाहेरी दिए पनि प्रशासनबाट यस घटनाका बारेमा कारबाही अगाडि बढाएको छैन।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत मुगुमा गत वर्षको जिम्मेवारी सरेर आएका दुनियाँवादी फौजदारी मुद्दा १३ थानमध्ये पाँच थान फर्स्यौट भई आठ थान बाँकी रहे। यस वर्ष दर्ता भएका दुई थानमध्ये कुनै फर्स्यौट भएनन्। यस वर्षको अन्त्यसम्म बाँकी रहेका दुनियाँवादी फौजदारी मुद्दा १० थान रहे। सरकारवादी फौजदारी मुद्दा तीन थानमध्ये कुनै फर्स्यौट भएनन्। यस वर्ष दर्ता भएको एक थान पनि यस वर्ष फर्स्यौट भएन। यसरी यस वर्षको अन्त्यसम्म सरकारवादी फौजदारी मुद्दा चार थान बाँकी रहे। देवानी मुद्दा गत वर्षका बाँकी ११ थानमध्ये दुई थान फर्स्यौट भई नौ थान बाँकी रहे। यस वर्ष दर्ता भएका दुई थानमध्ये कुनै फर्स्यौट भएनन। यसरी देवानी मुद्दा यस वर्ष ११ थान बाँकी रहे।

बालअधिकार

एकीकृत माओवादीले आह्वान गरेको देशव्यापी आमहडतालका क्रममा मुगु जिल्लास्थित १ सय २८ विद्यालयमा ०६६ पुस ५ देखि ७ गतेसम्म पठनपाठन अवरुद्ध भयो। विद्यालयमा पठनपाठन नहुँदा करिब ४ हजार ५ सय बालबालिकाले विद्यालयमा पढ्न पाएनन्।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

यस वर्ष लामो समयसम्म खडेरीका कारण

Mid-westren:Layout 1 2/14/2010 12:32 PM Page 493

खाद्यान्न उत्पादन नहुँदा जिल्लाका धेरैजसो गाविसहरू प्रभावित भए। विशेषगरी करान भेगका डोल्फू, माग्री, मुगु सोरु भेगका भिई धैनकोट, सोरुकोट, गम भेगका श्रीनगर कार्कीवाडा, रुगा, पिना, रोबा गाविसहरूमा खाद्यन्न सङ्कट आयो। भोकमरीका कारण ६ हजार भन्दा बढी सर्वसाधारण प्रभावित भए। यस वर्ष ८ हजार क्विन्टल चामल आपूर्ति हुनुपर्नेमा ५ हजार ५ सय क्विन्टल मात्र आपूर्ति भयो । यसको मुख्य कारण हवाई समस्या देखियो।

स्वास्थ्य सेवाको अवस्था

यस जिल्लामा एक जिल्ला अस्पताल, इलाका स्वास्थ्य कार्यालय नौ र उपस्वास्थ्य चौकी १६ ओटा रहेका छन्। दुई जना चिकित्सकको दरबन्दी भए पनि एक जना मात्र कार्यरत रहेका छन्।

४.१५ हुम्ला



जनसङ्ख्या : ४७,२२९
साक्षरता प्रतिशत : ३१
महिला साक्षरता प्रतिशत : १५
क्षेत्रफल (वर्ग कि. मि.) : ५,६५५
गाविस/नपा सङ्ख्या : २७/०
सरकारी/निजी विद्यालय : ११२/६
क्याम्पस/उच्च मा.वि. : ०/३
अस्पताल/स्वास्थ्य चौकी : १/२६
मानव विकास सूचकाङ्कः ०.३६७
प्रतिपरिवार सरदर सङ्ख्याः ६

जेल र बन्दीहरू

जेल जीर्ण अवस्थामा भएका कारण बन्दीहरूलाई आवश्यक सामग्री उपलब्ध हुन नसक्दा वर्षको मध्यतिर एक-एक जना बन्दीलाई सुर्खेत जेल सरुवा गर्नुपरेको कारागार प्रमुख नैनसिंह कार्कीले बताए। कारागारमा खानेपानी र शौचालयको व्यवस्था छैन। इन्सेक जिल्ला प्रतिनिधिले ०६६ पुस ७ गते कारागारको अनुगमन गरेका थिए।

धम्की/कुटपिट

राज्यबाट

बरगाउँ गाविस-९ का २५ वर्षीय श्यामजोर लामा युवा तथा साना रोजगार कार्यक्रमका लागि उद्योग वाणिज्य सङ्घमा फारम भर्दै गर्दा ०६५ चैत १७ गते दिउँसो युवा र प्रहरीबीच झडप हुँदा प्रहरीको लाठीबाट घाइते भए। बेरोजगार युवाहरूले सङ्घको कार्यालयमा तोडफोड गरी कागजात जलाएपछि दोहोरो झगडा भएको थियो। पीडितको उपचार जिल्ला अस्पताल हुम्लामा भयो। झडपमा ५ जना प्रहरी सामान्य घाइते भएका थिए। घाइते भएका दुवै पक्षलाई जिल्ला विकास समिति हुम्लाले प्रतिव्यक्ति ५ हजार रुपियाँका दरले उपचार खर्च उपलब्ध गरायो।

बरगाउँ गाविस-६ का ४६ वर्षीय छिरीङसोनाम लामाले तिब्बतको ताक्लाकोट बजारबाट घरायसी सामग्री ल्याउँदै गर्दा ०६६ असार ६ गते राती उनलाई मुचु चेकपोस्टमा कार्यरत प्रहरी हवल्दार झङ्कर गुरुङले ढुङ्गाले हिर्काई घाइते बनाए। सामग्री ल्याएबापत कर माग्दा नदिएको आरोपमा हवल्दारले ढुङ्गा प्रहार गरेको पीडितले बताए। निधारमा चोट लागेका पीडितको त्यसै दिन साँझ उपचार गराई ५ सय रुपियाँ दिएर चौकीका असईको रोहबरमा मिलापत्र भयो।

ठेहे गाविस-९ की २९ वर्षीया गीता लामा, सोही गाउँका ३० वर्षीय अंजुक लामा, सोही गाविस-६ का २१ वर्षीय अशोक बोहरा, सीमकोट गाविस-८ का २८ वर्षीय कुलबहादुर लामा, श्रीमष्ठा गाविस-४ का सुरेन्द्र शाही, सोही गाविस-२ का गोर्ख रावल र रोडीकोट गाविस-८ का गणेश छत्याललाई ०६६ पुस ७ गते राती ठेहे गाविस-८ र ९ का स्थानीयवासीको झगडामा प्रहरीले छुटाउँदा प्रहरीमाथि ढुङ्गा हानेको आरोपमा सदरमुकाम सीमकोटको एकताचोकमा प्रहरीले लाठीले हिर्काउँदा घाइते भए। घाइतेको उपचार सोही राती जिल्ला अस्पताल हुम्लामा भयो। पीडितले ०६६ पुस ८ गते जिल्ला प्रहरी कार्यालय घेराउ गरेपछि

Mid-westren:Layout 1 2/14/2010 12:32 PM Page 494

घटनाको प्रकार	गैर राज्यबाट							राज्यबाट			
	अन्यबाट				एकीकृत माओवादीबाट						
	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा	घटना सङ्ख्या	पुरुष	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा
कुटपिट	४	९		९	५	६	६	३	८	१	९
जातीय विभेद	१		१	१							
महिलाअधिकार	४		४	४							
बालअधिकार	१		१	१							
जम्मा	१०	९	६	१५	५	६	६	३	८	१	९

डीएसपी बहादुरजङ्ग मल्लले माफी मागे। घाइतेहरूको उपचार खर्च सरकारसँग माग गर्ने गरी जिल्लाका राजनीतिक दलका प्रतिनिधिहरूको रोहबरमा मिलापत्र भयो।

एकीकृत माओवादीबाट

डाँडाफया गाविस-८ निवासी नेपाली काङ्ग्रेस कार्यकर्ता २९ वर्षीय कृष्णबहादुर शाही ०६६ वैशाख १६ गते कर्णाली मावि चौगानफया विद्यालयको व्यवस्थापन समिति गठन गर्ने क्रममा एकीकृत माओवादी र काङ्ग्रेसबीच विवाद हुँदा एकीकृत माओवादीबाट भएको ढुङ्गा प्रहारबाट निधारमा चोट लागी घाइते भए। पीडितको उपचार नेपालगञ्जमा भयो। दुवै पक्षबीच ०६६ वैशाख २० गते जिल्लास्तरमा मिलापत्र भयो।

श्रीनगर गाविस-४ का एमाले समर्थक २४ वर्षीय डिल्ली फडेरा र सोही गाउँका २५ वर्षीय भक्त थापाले एकीकृत माओवादी विरुद्ध राजनीतिक गतिविधि गरेको आरोपमा ०६६ वैशाख २१ गते राती उनीहरूलाई सोही गाउँका माओवादी जनमुक्ति सेनामा कार्यरत डील फडेरा र देउले दमाईले कुटपिट गरे।

श्रीनगर गाविस-५ निवासी एमाले जिल्ला कमिटी सदस्य ३५ वर्षीय वर्ष रोकायले गाउँमा एकीकृत माओवादीविरुद्ध राजनीति गरी जनतालाई भड्काएको आरोपमा ०६६ साउन ४ गते बिहान उनलाई एकीकृत माओवादीका सोही क्षेत्रका इन्चार्ज सुधार भनिने कर्ण रोकायको निर्देशनमा ११ जनाको टोलीले आफ्नै पसलमा कुटपिट गऱ्यो। पीडितको भोलिपल्ट हेलिकप्टरमार्फत सुर्खेत हुँदै काठमाडौँमा पुऱ्याई उपचार भयो। सोही दिन प्रहरी चौकी श्रीनगरमा उजुरी दिए पनि यस वर्षको अन्त्यसम्ममा पीडकहरूलाई कुनै कारबाही भएन।

ठेहे गाविस-४ निवासी सामुदायिक रेडियो *कैलाश एफएम*का समाचारवाचक २६ वर्षीय बर्ख बोहराले ०६६ असोज ७ गते साँझ पौने ७ बजेको हुम्ला खोजखबर समाचारमा सभासद्द्वारा कार्यकर्तालाई चामलको चिट वितरण गरेको भनी समाचार प्रसारण गरेको आरोपमा ०६६ असोज ८ गते बिहान उनलाई एकीकृत माओवादी हुम्लाका सेक्रेटरी प्रतिरोधसहित १० जनाको टोलीले कार्यालय घेरा हाली कुटपिट गऱ्यो। उक्त टोलीले एफएमको कार्यालयमा तालाबन्दी गरी रेडियोको कार्यक्रममा समेत अवरोध पुऱ्यायो। र, खाद्य संस्थानको कार्यालयमा पनि तालाबन्दी गरे। घटनाबारे जिल्ला प्रहरी कार्यालय हुम्लामा सर्वपक्षीय छलफल भई पीडकले सञ्चारगृह र सञ्चारकर्मीमाथि भएको हमलाप्रति आत्मालोचना गरेपछि दुवै पक्षबीच आगामी दिनमा सुधार गरी जाने भन्दै चार बुँदे सहमतिसहित मिलापत्र भयो।

राया गाविस-२ निवासी एमाले जिल्ला कमिटी सदस्य ४८ वर्षीय कर्ण बुढाले दसवर्षे सशस्त्र द्वन्द्वकालमा कब्जा गरिएका सम्पत्ति फिर्ता मागेको आरोपमा ०६६ असोज १४ गते उनलाई सोही गाउँका एकीकृत माओवादी जनमुक्ति सेनामा कार्यरत २७ वर्षीय वीरेन्द्र बोहरासहित ११ जनाको टोलीले बाँसलोटे भन्ने ठाउँमा लाठीले कुटपिट गऱ्यो। पीडितले प्रहरी चौकी खार्पुमा उजुरी दिएपछि ०६६ असोज १६ गते चौकीमा पीडकले उपचार खर्चबापत १३ हजार रुपियाँ दिएर मिलापत्र गरे।

मैला गाविस-४ निवासी एमाले जिल्ला कमिटी सदस्य ४० वर्षीय नरदीप थापालाई गाउँमा राजनीति गरेको आरोपमा ०६६ कात्तिक १५ गते राती एकीकृत माओवादीका कार्यकर्ता हरिदत्त जैसीको नेतृत्वमा आएको टोलीले उनको घर घेरा हाली ढुङ्गा प्रहार गरी झ्याल तोडफोड गऱ्यो। पीडितले प्रहरी चौकी

Mid-westren:Layout 1 2/14/2010 12:32 PM Page 495

कवाडीमा उजुरी दिएपछि ०६६ कात्तिक १६ गते गाउँमै प्रहरीको रोहबरमा दुवै पक्षबीच मिलापत्र भयो।

एमालेबाट

राया गाविस-२ का ३४ वर्षीय पुन्न बोहरा, ४० वर्षीय च्यागा बोहरा, ३८ वर्षीय धन बोहरा, ३० वर्षीय हीरा बोहरासहित सात घरका ३७ जनालाई गाईगोठमा ०६६ असोज १४ गते कर्ण बुढालाई पिटेको आरोपमा सोही गाविस-२ का हाँस बुढा, सुशील बुढा, तारा बुढालगायतको करिब ४० जना एमाले समर्थकहरूको समूहले ०६६ असोज १८ गते दिउँसो घरमै गएर कुटपिट गरी घरहरूसमेत तोडफोड गऱ्यो। घटनापछि पीडितहरू सुरक्षाका कारण घर छोडी सदरमुकाममा विस्थापित भए। विस्थापित परिवारलाई विभिन्न सङ्घ-संस्थाले आपतकालीन राहत उपलब्ध गराए। पत्रकार महासङ्घ हुम्ला र इन्सेकले घटनाका सम्बन्धमा स्थलगत अध्ययन गरी सदरमुकाममा ०६६ असोज २५ गते सर्वपक्षीय छलफल चलाई पीडक र पीडितबीच समझदारी कायम गराई पुन:स्थापित गराए।

युथफोर्सबाट

कालीका गाविस-४ का एकीकृत माओवादीका डीसीएम ३८ वर्षीय मक्कवीर छत्याल, सोही गाविसका एकीकृत माओवादीका कार्यकर्ता ३० वर्षीय विर्ख बुढा र २८ वर्षीय धर्मराज शाहीले कब्जा भएको सम्पत्ति फिर्ता गर्न नसकिने भनी प्रेस विज्ञप्ति प्रकाशन गरेको आरोपमा ०६५ चैत २६ गते दिउँसो उनीहरूलाई श्रीनगर गाविस-४ सूर्योदय माविमा सोही गाविसका युथफोर्स संयोजक प्रमोद बोगटीसहितको टोलीले कुटपिट गऱ्यो। विज्ञप्ति किन प्रकाशन गरेको भन्दै सोही दिन साँझ माफी पनि मागन लगाए। सो गाविसका विस्थापितहरूले सम्पत्ति फिर्ताका लागि एकीकृत माओवादीलाई आग्रह गरेका थिए। पीडितहरूले घटनाका सम्बन्धमा कहीं पनि उजुरी गरेनन्।

अभिव्यक्ति, भेला हुने र सङ्गठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

एकीकृत माओवादीद्वारा देशव्यापी रूपमा आह्वान गरेको सरकारी कार्यालय बन्दका क्रममा ०६६ असार २० गते हुम्लाका सम्पूर्ण कार्यालय बन्द गरे। एकीकृत माओवादी सरकारको समयमा राष्ट्रपतिले तत्कालीन प्रधानसेनापति रुक्माङ्गद कटवालको विषयमा गरेको निर्णयविरुद्ध ०६६ असार २९ गते पुन: सरकारी कार्यालय बन्द गर्नुका साथै जिविस हुम्लाको साइनबोर्ड झिकेर हिमाली भोटे लामा मुक्ति मोर्चाको व्यानर टाँसेर जिल्ला जनसरकारको घोषणा गरे।

सामान्य प्रशासन राज्यमन्त्री जितु गौतम पार्टी कामले हुम्ला आएका बेला ०६६ कात्तिक २३ गते एकीकृत माओवादीका कार्यकर्ताले विमानस्थलमा कालो झन्डा देखाएको आरोपमा सोही दिन राती एमालेनिकट युथफोर्सका कार्यकर्ताले एकीकृत माओवादी हुम्ला जिल्ला पार्टी कार्यालयको साइनबोर्ड फ्याँकिदिए। घटनाबारे जिल्ला प्रहरी कार्यालयमा एकीकृत माओवादीले उजुरी दिएपछि दुवै पक्षको जिल्लास्तरीय नेतृत्वबीच छलफल भयो। नयाँ साइनबोर्ड बनाइदिने सहमति गरी कात्तिक २५ गते दुवै पक्षबीच मिलापत्र भयो।

उद्योग तथा निर्माण व्यवसायी सङ्घबाट

निर्माण व्यवसायी सङ्घ र हुम्ला उद्योग वाणिज्य सङ्घले निजी तथा सरकारी हवाई सेवाहरूले सामग्री ढुवानीमा महँगो भाडा लिएको र समयमै सामान जिल्लामा नपुऱ्याएको आरोपमा ०६६ जेठ २० गतेदेखि विमानस्थल बन्द गरे। बन्दको उल्लङ्घन गरी हुम्लामा विश्व खाद्य कार्यक्रमको चामल लिएर गएको श्रीएयरको हेलिकप्टरलाई ०६६ जेठ २५ गते दिउँसो व्यापारी र ठेकेदारहरूले विमानस्थलमा डोरीले बाँधेर राखे। हवाई सेवा सञ्चालक र आन्दोलनकारीबीच ०६६ असार २६ गते वार्ता भएपछि डोरी खोलिदिए। घटनापछि सरकारी मूल्यमा नै सामान ढुवानी गर्ने सहमति भयो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा यस वर्ष सरकारवादी फौजदारी मुद्दा एक थान दायर भएकामा त्यो पनि फर्स्यौट भएन। दुनियाँवादी फौजदारीतर्फ गत वर्षको जिम्मेवारी सरेर आएका तीनमध्ये एक फर्स्यौट भई दुई बाँकी रहे । यस वर्ष दर्ता भएका आठ थानमध्ये चार फर्स्यौट भई चार बाँकी रहे ।

बालअधिकार

जिल्ला शिक्षा कार्यालयले जनाए अनुसार विद्यालयमा ४ हजार ५ सय बालबालिका अध्ययनरत छन् । जसमध्ये २० प्रतिशत छात्रा र ८० प्रतिशत छात्र रहेका छन्। विद्यालय भर्नापछि छोड्नेको सङ्ख्या ९ प्रतिशत रहेको छ।

डाँडाँफया गाविस-३ की १० वर्षीया एक बालिकालाई ०६५ पुस २० गते दिउँसो कोही पनि

Mid-westren:Layout 1 2/14/2010 12:32 PM Page 496

नभएको मौका छोपी सोही गाउँका २४ वर्षीय पुन्न शाहीले लराको जीउला भन्ने ठाउँमा बलात्कार गरेको आरोपमा पीडितका बाबुले घटनाबारे धारापोरी प्रहरी चौकीमा सोही दिन उजुरी दिए। ०६५ पुस २१ गते प्रहरीले आरोपितलाई गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालय हुम्लामा पुऱ्यायो। बालिकाको स्वास्थ्य परीक्षण जिल्ला अस्पताल हुम्लामा भयो। ०६५ माघ १० गते हुम्ला जिल्ला अदालतमा मुद्दा दर्ता भई ०६६ असार १४ गते अदालतको आदेशमा जबरजस्ती करणी ऐन अन्तर्गत आठ वर्ष जेल सजायसहित ३ हजार रुपियाँ जरिवाना तिर्नुपर्ने फैसला गरी कारागार चलान गऱ्यो। आरोपित हाल सजाय भोग्दै छन्।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

सिमकोट गाविस-४ माथिल्लो बजारकी २० वर्षीया एक युवतीलाई सर्किदेउ गाविस-६ का एकीकृत माओवादी कार्यकर्ता गम्भीर भनिने बिसे नेपालीले ०६६ भदौ १५ गते राती सीमकोट रेञ्जपोस्ट भवनको पछाडि बलात्कार गर्ने प्रयास गरेको आरोपमा पीडितका आफन्तले ०६६ भदौ १६ गते जिल्ला प्रहरी कार्यालय हुम्लामा उजुरी दिएपछि आरोपितलाई प्रहरीले ०६६ भदौ १७ गते गिरफ्तार गऱ्यो। आरोपित हाल पनि पुर्पक्षका लागि थुनामा छन्। यस वर्षको अन्त्यसम्म मुद्दा अदालतमा विचाराधीन रहेको छ।

पारिवारिक हिंसा

सिमकोट गाविस-५ की २८ वर्षीया किमकला रावतलाई अशिक्षित पत्नी भन्दै ०६६ असार १७ गते उनकै पतिले जग्गा र सम्पत्ति दिन्छु भनी झुक्काएर हुम्ला जिल्ला अदालतमा सम्बन्धविच्छेद गरी आफू रोजगारका लागि मलेसिया भागे। पीडितले ०६६ असार १९ गते नाता कायम गरीपाउँ भनी मुद्दा दर्ता गरिन्। पीडक जिल्लामा नभएकाले हालसम्म मुद्दाको विषयमा सुनुवाइ हुन नसकी तामेलीमा रहेको छ।

सबै प्रकारका जातीय विभेद

डाँडाँफया गाविस-१ की १३ वर्षीया जुनकला दमाईले धाराबाट ल्याएको पानीको गाग्री छोएको आरोपमा सोही गाविस-२ की ६० वर्षीया हरिकला विकले ०६६ जेठ २० गते साँझ घरनजिकै बाटोमा कथित तल्लो जातिले पानी छोइदिएको भन्दै गाली गर्दै पानी पोखिदिइन्। पीडितले घटनाका सम्बन्धमा कुनै निकायमा उजुरी दिइनन्।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

संरचना, सम्पति क्षति

युथफोर्सबाट

एकीकृत माओवादीद्वारा ०५७ सालमा निर्माण गरिएको श्रीनगर गाविस-४ सूर्योदय माविको चौरमा रहेको सहिद गेट ०६५ फागुन ३ गते राती एमालेनिकट युथफोर्सले भत्काए। विद्यालयभित्र सहिद गेट राख्न नहुने भन्दै गेट भत्काएको दाबी युथफोर्सले गऱ्यो। एकीकृत माओवादीले घटनाका बारेमा युथफोर्सका कार्यकर्ता प्रमोद बोगटी, बर्ख रोकाय र मोहन फडेराविरुद्ध ०६५ फागुन ५ गते जिल्ला प्रशासन कार्यालय हुम्लामा उजुरी दिए पनि सुनुवाइ भएन।

स्वास्थ्य सेवाको अवस्था

जिल्ला अस्पतालमा दुई जना डाक्टरको दरबन्दी रहेकामा एक जना मात्र कार्यरत छन्। जिल्लामा तीनओटा इलाका स्वास्थ्य कार्यालय र २६ ओटा उपस्वास्थ्य चौकी छन्। स्वास्थ्य सहायकको दरबन्दी पाँच जनाको रहेकामा तीन जना र नर्स तीन जनाको दरबन्दीमा दुई जना कार्यरत छन्। यस वर्ष झाडापखालाको प्रकोप यस जिल्लामा पनि फैलिएको थियो। झाडापखालाको प्रकोपबाट पाँच जना बालबालिकासहित १४ जनाको मृत्यु भयो।

सुदूरपश्चिमाञ्चल

५.१ कैलाली

५.२ अछाम

५.३ डोटी

५.४ बाजुरा

५.५ बझाङ

५.६ कञ्चनपुर

५.७ डडेल्धुरा

५.८ बैतडी

५.९ दार्चुला

Far westren:Layout 1 2/14/2010 12:33 PM Page 499

५.१ कैलाली

जनसङ्ख्या : ८,३६,८७७
साक्षरता प्रतिशत : ७१
महिला साक्षरता प्रतिशत : ३५
क्षेत्रफल (वर्ग कि. मि.) : ३,२३५
गाविस/नपा सङ्ख्या : ४२/२
सरकारी/निजी विद्यालय : ५६६/९९
क्याम्पस/उच्च मा.वि. : ४/४६
अस्पताल/स्वास्थ्य चौकी : २/४९
मोटर सडक (कि. मि.) : ४५०
प्रहरी कार्यालय सङ्ख्या : २३
मानव विकास सूचकाङ्कः ०.४१३
प्रतिपरिवार सरदर सङ्ख्याः ९

नागरिक तथा राजनीतिक अधिकार
सम्मानित रूपले बाँच्ने अधिकार
हत्या

राज्यबाट

बलिया गाविस-८ का ३२ वर्षीय सञ्जय ढकाल, खैलाड गाविस-९ पचमुरीका ७० वर्षीय रुपलाल डगौरा र सुर्खेत जिल्ला तातोपानी गाविस-५ निवासी कालिका उच्च मावि लम्कीमा कक्षा ११ मा अध्ययनरत २० वर्षीय नरेन्द्र विश्वकर्माको ०६६ मङ्सिर १९ गते बलिया गाविस-८ स्थित डुडेझारी वनमा प्रहरी र सुकुमवासीको नाममा वन कब्जा गरी बसेका व्यक्तिहरूबीच भएको दोहोरो झडपमा प्रहरीले चलाएको गोली लागेर घटनास्थलमा मृत्यु भयो । सोही घटनामा दार्चुला जिल्ला अजुमेरु गाविस-१ निवासी अञ्चल प्रहरी कार्यालय धनगढीमा कार्यरत प्रहरी जवान २७ वर्षीय पदमसिंह ऐरलाई प्रहरीको प्रतिकार गर्ने क्रममा वन कब्जा गरी बसेका व्यक्तिहरूले बञ्चरो प्रहार गरी हत्या गरे । यसैगरी, सहजपुर गाविस-१ का ४१ वर्षीय टेकबहादुर भाट, बलिया गाविस-८ का २७ वर्षीय नेत्र विष्ट, दोदोधारा गाविस-७ का २८ वर्षीय कालीप्रसाद सन्ज्याल, सुर्खेत जिल्ला घाँटगाउँ गाविस-३ का ४० वर्षीय कर्णसिंह मलाती, बर्दिया जिल्ला कालीका गाविस-९ का ४५ वर्षीया लक्ष्मी रानाभाट, सहजपुर गाविस-३ का ४० वर्षीय खड्गबहादुर महरा, बाजुरा जिल्ला सापटा गाविस-८ का ३० वर्षीय अशोक भण्डारी, सहजपुर गाविस-९ का गोपाल साउद, मसुरीया गाविस-२ का २७ वर्षीय अमर बम, बलिया गाविस-८ का भीमबहादुर थारु, साडेपानी गाविस-५ की २१ वर्षीया निशा भण्डारी, मसुरीया गाविस-२ का २४ वर्षीय रुपेश नेपाली, सुगरखाल गाविसका २३ वर्षीय निर्मल धमला, बलिया गाविस-६ का २० वर्षीय गोपाल विक, कैलाली घर भएका तिलक भण्डारी, सङ्गम मल्ल, २२ वर्षीय बलबहादुर विक, झपट विक, २१ वर्षीय गङ्गाराम परियार, ३१ वर्षीय अमर अधिकारी प्रहरीले चलाएको गोली लागी घाइते भए भने कृष्णबहादुर थापा, सन्त खत्री, मीना विक, भरत विक, तपेन्द्र गहतराज, उत्तम मल्ल, लल्ते विक, भरत जोशी, हिमाल देउवा, हस्तबहादुर विक, मणिकिसान न्यौपाने, अशोक नेपाली, जग्गु विक, शारदा नेपाली, कमल नेपाली, दिलबहादुर बुढामगर, प्रशान्त टमटा, ललित सुनार, सानिया सन्ज्याल, सम्पत्ति रिमाल, टेकबहादुर भण्डारी, सरुने टमटा, हिक्मत विक, वीरबहादुर विक, मानबहादुर विक, भरता सिंह, सन्तोष साउद, देउकला विक, प्रभुलाल बराल र ध्वजबहादुर विक प्रहरीको लाठीचार्जबाट घाइते भए । प्रहरीतर्फ सशस्त्र प्रहरी गुल्म, धनगढीमा कार्यरत डिएसपी टेकबहादुर गरुङ, सई जगदीश कुँवर, असई कल्याणसिंह महरा, प्रहरी जवान सुइते खड्का, देवसिंह विष्ट, कृष्ण रोकाया, राजेन्द्रसिंह धामी, रामबहादुर धामी, खेमराज जोशी, हर्क पाल, मनोरत जोशी, गोरबहादुर महता, भीमबहादुर पाल, मोहनसिंह कार्की, मदनराज ओझा, जीपसिंह महरा, तीर्थबहादुर मल्ल, वीरबहादुर विष्ट, विष्णु धामी, पृथ्वी बोहरा, शेरसिंह धामी, दली दमाई, धनसिंह साउद, प्रकाश भट्ट, भीमबहादुर खाती, सञ्जीव गुप्ता, अम्बादत्त जोशी, लक्ष्मण नाथ, जनक विष्ट, रमेश विष्ट, रकम डावल, नन्दन बोहरा घाइते भए । घाइतेहरूको नेपालगञ्ज मेडिकल कलेज कोहलपुर, लालरत्न अस्पताल, लम्की र सेती अञ्चल अस्पताल, धनगढीमा उपचार भयो भने गम्भीर घाइतेहरूको काठमाडौं र भारतको लखनऊमा

Far westren:Layout 1 2/14/2010 12:33 PM Page 500

घटनाको प्रकार	गैर राज्यबाट								राज्यबाट			
	अन्यबाट					एकीकृत माओवादीबाट						
	घटना सङ्ख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना सङ्ख्या	पुरुष	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा
हत्या	३	५	१		६				१	३		३
घाइते	६	४४	६		५०				१	४९	८	५६
गिरफ्तारी/यातना									३	३		३
कुटपिट	४	४			४	५	१०	१०	३	३		३
भेला/सङ्गठित हुने अधिकार									३	११	८	१९
जातीय विभेद	१	१			१							
महिलाअधिकार	८		९		९							
बालअधिकार	८		६	१	८							
आर्थिक/सामाजिक/ सांस्कृतिक अधिकार	१	१		१	१	१	३	३				
अपहरण	४	६			६	१	१	१				
जम्मा	३६	६१	१४	१	८८	८	१५	१५	१३	६९	१६	८५

उपचार भयो । इन्सेक, आरआरएन र इन्हुरेड इन्टरनेशनलले ०६६ मङ्सिर २६ गतेदेखि मङ्सिर २९ गतेसम्म गरेको स्थलगत अध्ययनले एकीकृत माओवादी भातृ सङ्गठन अखिल नेपाल सुकुम्बासी सङ्घको आह्वानमा वन कब्जा गरी बसेका व्यक्तिहरूलाई सो क्षेत्रबाट हटाउनको निम्ति जिल्ला वन कार्यालय र स्थानीय प्रशासनले पर्याप्त प्रयास नगरी बल प्रयोग गर्दा सो झडप भएको निष्कर्ष निकाल्यो ।

बेवारिसे विस्फोटक पदार्थबाट

मालाखेती गाविस-८ स्थित तेघरी गाउँका २८ वर्षीय चक्रबहादुर विक, १४ वर्षीया कविता बोहराको ०६६ भदौ २१ गते बेलुकी सोही ठाउँको हर्कबहादुर महतराको घरअगाडि बेवारिसे अवस्थामा राखिएको प्लास्टिक ह्यान्डग्रिनेड विस्फोट हुँदा घटनास्थलमा नै मृत्यु भयो भने सात वर्षीया मनीषा ओलीको पद्मा अस्पतालमा उपचारका क्रममा मृत्यु भएको थियो। विस्फोटनमा परी सोही ठाउँका ३३ वर्षीय लालबहादुर बोहरा, २८ वर्षीय टेकबहादुर साउद, २८ वर्षीया लक्ष्मी देउवा, चार वर्षीय सुदीप देउवा, नौ वर्षीय समीर देउवा, २७ वर्षीया विमलादेवी ओली, १४ वर्षीया सीता महतरा र दुई वर्षीया सृष्टि देउवा घाइते भएका थिए। विमला र सीताको उपचार पद्मा अस्पतालमा भयो भने अन्य घाइतेको उपचार नेपालगञ्ज मेडिकल कलेज, कोहलपुरमा भएको थियो। गम्भीर घाइते टेकबहादुर साउदलाई भारतको लखनउमा उपचार गरियो भने सुदीप देउवालाई कान्ति बाल अस्पताल, काठमाडौँ लगियो। घाइतेहरूको उपचारमा इन्सेकले सहयोग गऱ्यो। मनीषासँग रहेको सो बम चक्रबहादुरले चलाउँदा विस्फोट भएको लालबहादुरले बताए।

गोली/विस्फोटक पदार्थद्वारा घाइते

बेवारिसे विस्फोटक पदार्थबाट

साडेपानी गाविस-६ वसन्तकुमाल टोलका ३५ वर्षीय खुशीराम कुमाल, उनकी पत्नी ३० वर्षीया सरस्वती कुमाल र ९ वर्षीय छोरा प्रवीण कुमाल ०६५ चैत ९ गते घरनजिकैको अम्खोइया जङ्गलमा फेला पारेर ल्याएको बेवारिसे बम विस्फोटन हुँदा घाइते भए। उक्त बम प्रवीणले खेलौना सम्झी घरमा ल्याएका थिए। घटनामा खुसीरामको हात, खुट्टा र पत्नीको साप्रामा गम्भीर चोट लाग्यो। घाइतेहरूको भेरी अस्पताल नेपालगञ्जमा उपचार भयो। उपचारमा आईसीआरसी र इन्सेकले आर्थिक सहयोग गरे।

धनगढी नपा-८ का ९ वर्षीय हरिप्रसाद राना ०६६ जेठ १० गते डेटोनेटर नामक विस्फोटक वस्तु

भेटी घरभित्र लगी कोठामा खेलिरहेको अवस्थामा एक्कासि विस्फोटन हुँदा दायाँ र बायाँ हातको औंलामा चोटपटक लागी घाइते भए। रानाको सेती अञ्चल अस्पतालमा उपचार भयो। विस्फोटनबाट अन्य कुनै खाले मानवीय तथा भौतिक क्षति भएन।

भजनी गाविस-३ का २७ वर्षीय लालबहादुर विक र उनको साला नाता पर्ने १४ वर्षीय खेम विकले ०६६ असार १५ गते घरबाट अलि टाढा रहेको गिदानी खोलाको छेउबाट भेट्टाएर घर ल्याएको बेवारिसे बमको बिर्को खोल्दा बमबाट छर्रा निक्ली उनको पेटमा सामान्य चोट लाग्यो। उनको सोही दिन स्थानीय भजनी स्वास्थ्य चौकीमा उपचार भयो। इलाका प्रहरी भजनीले सो सकेटबम भएको बतायो।

जेल र बन्दीहरू

'ग' श्रेणीको जिल्ला कारागारको बन्दी क्षमता १ सय रहेको छ। जिल्ला कारागारमा हाल १ सय ७४ जना कैदी तथा बन्दीहरू रहेका छन्। क्षमताभन्दा बढी बन्दीहरू बसाउनु पर्ने बाध्यता भएकाले कारागारमा खानेपानी, शौचालय, खेलकुद सामग्री र पत्रपत्रिकालगायतका सामग्रीहरूको अभाव छ। १ सय क्षमता भएको कारागारमा हाल ७४ जना पुरुष कैद तोकिएका, ८९ जना पुरुष बन्दी, कैद तोकिएका महिला छ जना, पाँच जना थुनामा रहेका महिलाहरू र अभिभावकसँगै कारागारमा रहेका नाबालक तीन जना गरी हाल जिल्ला कारागारमा १ सय ६३ जना पुरुष र ११ जना महिला रहेका छन्।

दङ्गा नियन्त्रण गण, नेपालगञ्जमा ०६५ असार २८ गते भएको प्रहरी विद्रोहमा संलग्न भएको भनी निलम्बनपश्चात् कैलाली जिल्ला कारागारमा राखिएका १८ जना प्रहरीमध्ये प्रहरी जवानहरू पूर्ण मिलासी र नरजङ्ग शाहीले आफूहरूलाई १९ महिनादेखि अवैध हिरासतमा राखिएको भन्दै ०६६ पुस ३ गते हातको नाडीमा पन्यूले छेडेर भोकहडताल गरे। मङ्सिर १७ गतेदेखि विभिन्न खालको आन्दोलन गर्दै आएका बन्दी प्रहरीहरूले मङ्सिर ३० गतेदेखि ०६६ पुस ४ गतेसम्म भोकहडताल गरे। बन्दी प्रहरीहरूको मुद्दा यथाशीघ्र अघि बढाइ न्यायिक छानबिन गर्न सरकारलाई पहल गर्ने निर्णय गरेपछि मानवअधिकारकर्मी, नागरिक समाजका प्रतिनिधिलगायतको उपस्थितिमा बन्दी प्रहरीहरूले पुस ४ गते अनशन तोडे। पन्यूले हात छेडेर घाइते दुवै जनाको ०६६ पुस ३ गते सेती अञ्चल अस्पतालमा उपचार भयो।

बेपत्ता/अपहरण

एकीकृत माओवादीबाट

उग्रतारा गण टीकापुरका सई दीपेन्द्र पाण्डे र इलाका प्रहरी कार्यालय लम्कीका हवल्दार रामबहादुर रोकायलाई एकीकृत माओवादीका कार्यकर्ताले डुडेझारी काण्डको विरोध प्रदर्शन गर्ने क्रममा ०६६ मङ्सिर २० गते लम्की बजारबाट नियन्त्रणमा लिए। पीडितहरूलाई इन्सेक, मानवअधिकार आयोग, मानवअधिकार उच्चायुक्तको कार्यालय, काहुराष्टका प्रतिनिधिको रोहबरमा सोही दिन साँझ मुक्त गरियो। मानवअधिकारकर्मीहरूले दुवै जनालाई इलाका प्रहरी कार्यालय लम्कीमा बुझाएका थिए।

थरुहट स्वायत्त राज्य परिषद्बाट

पहलमानपुर गाविस-७ निवासी माओवादी जिल्ला समिति सदस्य ४२ वर्षीय खुसीराम चौधरीले थारु आन्दोलनको अवज्ञा र वाईसीएलसँग मिलेर पहलमानपुरस्थित थरुहट स्वायत्त राज्य परिषद्को कार्यालयमा छड्के जाँच गरेको आरोपमा ०६६ वैशाख १७ गते थरूहटका नेता पहलमानपुर गाविस-५ का बिहारीलाल चौधरी, सोही गाविस-८ का प्रदेशी चौधरी र मसुरिया गाविस-१ का बलराम चौधरीको एक समूहले सोही गाविस-२ का टीकाराम चौधरीको घरबाट अपहरण गऱ्यो। अपहरणमा संग्लन रहेकालाई वाईसीएल कार्यकर्ताले कब्जामा लिई ०६६ वैशाख १८ गते पहलमानपुर प्रहरी चौकीमा बुझाए। पीडितले ०६६ वैशाख २२ गते चौमला गाविस-४ का सुनील चौधरी, सोही ठाउँ निवासी कालीराम चौधरी, चक्रबहादुर चौधरी जङ्गबहादुर चौधरी, पहलमानपुर गाविस-५ का बिहारीलाल चौधरी, मसुरिया गाविस-१ का बलराम चौधरी र सोही गाविस-८ का प्रदेशी चौधरीको नाममा जिल्ला प्रहरी कार्यालयमा किटानी जाहेरी दिएपछि जिल्ला अदालतको आदेशमा ०६६ जेठ ११ गते उनीहरूलाई ५ हजार धरौटीमा रिहा गरियो।

अनेरास्ववियुबाट

बौनिया गाविस-६ स्थित रघुनाथ बहुमुखी क्याम्पस प्रमुख दीर्घराज भट्ट, प्राध्यापक रामनाथ चौधरी, डिल्लीराज ओझा र नृप कुँवरलाई ०६५ चैत ९ गते बिहान मोटरसाइकलमा आएका १७-१८ जना अनेरास्ववियुका विद्यार्थीले क्याम्पसको आवासगृहबाट अपहरण गरे। प्रहरीले पीडितहरूको खोजी कार्यलाई तीव्र बनाएको थाहा पाएपछि अपहरणकारीले सोही दिन साँझ पीडितहरूलाई चिसापानीको सङ्गम होटलबाट

Far westren:Layout 1 2/14/2010 12:33 PM Page 502

मुक्त गरे। अपहरणको जिम्मा कसैले लिएन। अनेरास्ववियुले आफ्ना विद्यार्थी सो घटनामा संलग्न नभएको बतायो।

अज्ञात समूहबाट

उर्मा गाविस-२ का २५ वर्षीय सागलाल चौधरीलाई १२-१५ जनाको सङ्ख्यामा भरुवा बन्दुक, हातमा खुकुरीसहित आएका नकावधारी एक समूहले मार्ने धम्की दिँदै ०६६ असार ९ गते घरमा सुतिरहेको अवस्थामा अपहरण गऱ्यो। सोही दिन अपहरणकारीलाई छलेर उनी भाग्न सफल भएका थिए। पीडितका दाजुले भाइको जीवनरक्षाको माग गर्दै राष्ट्रिय मानवअधिकार आयोग, इन्सेक र संयुक्त राष्ट्रसङ्घीय मानवअधिकारको उच्चायुक्तको कार्यालयमा ०६६ असार १० गते आग्रह गरे।

धम्की/कुटपिट

राज्यबाट

उर्मा गाविस-७ सरौटा निवासी बाढीपीडित ४० वर्षीय भानुराम रानालाई वन अतिक्रमण गरेको आरोपमा ०६५ फागुन ५ गते इलाका वन कार्यालय पहलमानपुरबाट गएका वनरक्षकहरूको गस्ती टोलीले कुटपिट गर्नुका साथै २५ ओटा घरका छानामा क्षति पुऱ्यायो। पीडितहरूले इन्सेक र राष्ट्रिय मानवअधिकार आयोगसमक्ष ०६५ फागुन ६ गते निवेदन दिएपछि इन्सेक र राष्ट्रिय मानवअधिकार आयोगका प्रतिनिधिहरूले घटनाको स्थलगत अनुगमन गरी पीडकलाई कारबाही हुनुपर्ने माग गरे। पीडकहरूलाई कारबाही भएन।

चौमाला गाविस-७ राजीपुरका २९ वर्षीय धनबहादुर बोहरालाई चोरीमा संलग्न भएको आरोपमा ०६६ जेठ ३० गते इलाका प्रहरी कार्यालय मालाखेतीमा

प्रहरीको गोलीबाट मारिएका रूपलाल डगौरा

कार्यरत सादा पोसाकमा आएका प्रहरीहरूले अत्तरियास्थित पद्मा अस्पतालअगाडि कुटपिट गरे। पीडितहरूलाई गिरफ्तार गरी प्रहरी कार्यालयमा लगेपछि प्रहरी निरीक्षक र असईलगायत सबै जना मदिरा खाएकाले बिनासोधपुछ चोर भन्दै बुटले पेटमा र छातीमा कुटपिट गरेको पीडितले बताए। सोही दिन २ बजेतिर चोर नभएको भन्दै अस्पतालमा बिरामीको कुरुवा बसेका ससुराको रोहवरमा उनलाई छोडिएको थियो। पीडित बोहराले ०६६ असार १ गते राष्ट्रिय मानवअधिकार आयोग र इन्सेक क्षेत्रीय कार्यालय, धनगढीमा आवश्यक पहल गरिदिन भनी निवेदनसमेत दिए। इन्सेकले सो घटनाका बारेमा इलाका प्रहरी कार्यालय मालाखेतीमा बुझ्दा सामान्य सोधपुछ गरी छोडेको र पीडितलाई कुटपिट नगरेको बताइयो।

पथरैया गाविस-८ का दीर्घबहादुर थापालाई इलाका प्रहरी कार्यालय टीकापुरबाट सादा पोसाकमा आएका दुई जना प्रहरी जवान र उद्योगपति तेजप्रताप राणाका तीन जना कामदारहरूले फसेको गाडा निकाल्न सहयोग गर्नु पऱ्यो भन्दै ०६६ असार १७ गते बिहान घरबाट केही टाढा लगी हात बाँधेर राणाको काठ मिलमा निर्घात कुटपिट गरे। सोही दिन घाइते थापाको लालरत्न अस्पतालमा उपचार भयो। अस्पतालका अनुसार, बायाँ हातको जोर्नी फुत्किनुका साथै दायाँ हातको तलको हड्डी भाँचिएको मेडिकल रिपोर्टले देखाएको पीडितले बताए। टीकापुर नपा-९ का तेजप्रतापका छोरा ७ वर्षीय शुभप्रताप राणाको ०६६ असार ९ गते अपहरणमा सोही नपा-९ का २६ वर्षीय कोपिल विष्टलाई सघाएको आरोपमा ०६६ असार १४ गते पीडित थापालाई टीकापुर इलाका प्रहरी कार्यालयले सोधपुछ गरेको थियो। सोधपुछपछि निर्दोष भनेर प्रहरीले थापालाई रिहा गरेको थियो। बिनापुर्जी प्रक्राउ गरी प्रहरी निरीक्षक सुदाम रावलले हिरासतमा निर्घात कुटपिट गरेको थापाले बताए। उपचार खर्च, क्षतिपूर्ति र पीडकलाई कारबाहीका लागि पहल गरिदिन इन्सेक क्षेत्रीय कार्यालयमा ०६६ साउन २१ गते निवेदन दिए पनि पीडितले हालसम्म कुनै पनि क्षतिपूर्ति तथा पीडकलाई हालसम्म कुनै पनि कारबाही भएको छैन।

एकीकृत माओवादीबाट

निगाली गाविस-१ वीरबहादुर साउद, देवराज भट्ट, चन्द्रबहादुर साउद, उत्तम छेडाल, लिलु साउद, अमर साउद, दलबहादुर भुल, भीम साउद, मङ्गल छेडाल, डिल्ली साउद, चन्द्र थापा, भक्त थापा र प्रेम साउदलाई आफ्नो साथीलाई गाउँलेहरू मिलेर अनावश्यक कुटपिट गरेको आरोपमा ०६६ साउन २९

Far westren:Layout 1 2/14/2010 12:33 PM Page 503

गते सहजपुर गाविस-९ स्थित बहुवीर योद्धा ब्रिगेडमा रहेका जनमुक्ति सेनाका लडाकूहरूले कुटपिट गरे। ब्रिगेडका एक जना लडाकूले मादक पदार्थ खाएर गाउँमा जथाभावी गालीगलोज गरेपछि गाउँलेले उनलाई नियन्त्रणमा लिएका थिए। गाउँलेले माओवादी सेनालाई चलाएको भन्दै ब्रिगेडबाट आएका ५०/६० जना लडाकूहरूले जथाभावी कुटपिट गरेको भन्दै एमाले, काङ्ग्रेस, सद्भावना, मधेसी जनधिकार फोरम, जनमोर्चालगायतका पार्टीहरूले घटनाको भर्त्सना गर्दै लडाकूहरूले विस्तृत शान्ति सम्झौताबमोजिम गतिविधि गर्न र गाउँलेलाई गरेको अमानवीय व्यवहारमा संग्लन लडाकूहरूलाई कारबाहीको माग राखी ०६६ साउन ३१ गते प्रेस विज्ञप्ति निकालेका थिए।

टीकापुरस्थित रानी जमरा सिँचाइ आयोजना उद्घाटनका लागि आएका सिँचाइमन्त्री बालकृष्ण खाँडलाई अवरोध सिर्जना गर्ने क्रममा ०६६ असोज ५ गते एकीकृत माओवादी कार्यकर्ताले बलिया गाविस-८ स्थित लम्की बजारमा हिँडिरहेका चुहा गाविस-४ का नेपाल विद्यार्थी सङ्घका लम्की बहुमुखी क्याम्पसका एकाइ कमिटी सचिव २३ वर्षीय इन्द्र कुँवर र सुइगरखाल गाविस-५ का भैरव माध्यमिक विद्यालयका शिक्षक ३३ वर्षीय सुरेन्द्र जैशीलाई नेपाली काङ्ग्रेस समर्थक भन्दै नियन्त्रणमा लिई कुटपिट गरे। घाइते दुवै जनाको सेती अञ्चल अस्पतालमा उपचार गरियो। सयौँको सङ्ख्यामा रहेका एकीकृत माओवादीका कार्यकर्ताले प्रहार गरेको ढुङ्गामुढाबाट इलाका प्रहरी कार्यालयका प्रहरी जवान वीरेन्द्र खड्का र राजेन्द्र भट्ट सामान्य घाइते भएको इलाका प्रहरी कार्यालय बलियाका असई चक्रबहादुर ठगुन्नाले बताए।

रतनपुर गाविस-६ का ४५ वर्षीय विनोद चौधरी, ६० वर्षीय लेखराम चौधरी र हसुलिया गाविसका राजेश चौधरीलाई ०६६ कात्तिक १ गते एकीकृत माओवादीका कार्यकर्ताले पबेरा गाविस-५ मा

बेवारिसे बम विस्फोटनबाट घाइते भएका हरिप्रसाद राना

ऊर्जा राज्यमन्त्री चन्द्रसिंह भट्टराई चढेको गाडीबाट नियन्त्रण लिई लाठी, हात र खुट्टाले कुटपिट गरे। घाइते विनोदको पलियामा उपचार भएको थियो भने लेखराम चौधरीको सेती अञ्चल अस्पतालमा उपचार भएको थियो। ऊर्जा राज्यमन्त्री असोज २० र २१ गतेको अविरल वर्षाका कारणले पुऱ्याएको क्षतिका बारेमा स्थलगत भम्रणमा आएको समयमा माओवादी कार्यकर्ताले राज्यमन्त्रीलाई कालो झन्डा देखाइ भम्रणलाई समेत अवरोध गरे।

पबेरा गाविस-९ गोब्रेलाका २६ वर्षीय सन्तराम चौधरी र २५ वर्षीय कङ्गु चौधरीलाई ०६६ मङ्सिर १० गते एकीकृत माओवादी कार्यकर्ताहरूले सोही ठाउँमा रहेको खेत जोतेर खाना खान घर फर्कने क्रममा मरणासन्न हुने गरी कुटपिट गरे। पीडकहरूले पछाडिबाट एक्कासि चिरेको काठले हिर्काएर बेहोस बनाएपछि मरेको भन्दै उनीहरूलाई फालेका थिए। पीडित दुवै जनाको खुट्टा भाँच्चिएको थियो भने टाउको, छातीमा प्रहार गरेका थिए। स्थानीय बासिन्दाले बिहान दुवै जनालाई खेतमा भेट्टाएपछि सेती अञ्चल अस्पतालमा उपचारका लागि ल्याएकामा सामान्य उपचारपछि थप उपचारका लागि काठमाडौँमा लगिएको थियो। माओवादीले आफ्ना कार्यकर्तामाथि आक्रमण गरेको भन्दै नेपाली काङ्ग्रेसले घटनामा संग्लन दोषीलाई कारबाहीको माग गर्दै प्रेस विज्ञप्ति निकालेको थियो। घटनामा संलग्न दोषीलाई हालसम्म कुनै पनि कारबाही भएन। एकीकृत माओवादीले आफ्ना कार्यकर्ता घटनामा संलग्न नभएको बतायो।

वाईसीएलबाट

दोदोधारा गाविस-४ का ३८ वर्षीय नरबहादुर कार्कीलाई युथफोर्सका कार्यकर्ता भएको आरोपमा ०६६ भदौ १८ गते सोही गाविस-५ का वाईसीएलका कार्यकर्ताहरू इन्द्रबहादुर विक, हर्क कठायत, पञ्चबहादुर महतरा, प्रेमबहादुर कार्की, राजबहादुर शाहीले घर फर्किरहेको अवस्थामा नियन्त्रणमा लिई कुटपिट गरे। कुटपिटबाट उनको छाती र टाउकोमा चोटपटक लागेको थियो। पीडितको कोहलपुर मेडिकल कलेजमा ०६६ भदौ १९ गते उपचार भयो। पीडितका आफन्तले कुटपिटमा संग्लन भएका वाईसीएल कार्यकर्ताहरूको नाममा ०६६ भदौ १८ गते कारबाहीको माग गर्दै इलाका प्रहरी कार्यालय बौनियामा किटानी जाहेरी दिए। वाईसीएल कार्यकर्तालाई गिरफ्तार गर्न नसकेको भन्दै वाईसीएल कार्यकर्ताहरूको नाममा हुलियासहित वारेन्ट जारी गरिएको इलाका प्रहरी

Far westren:Layout 1 2/14/2010 12:33 PM Page 504

बेवारिसे बम विस्फोटनमा परी घाइते भएकी विमला ओली

कार्यालय बौनियाले बतायो।

थरुहट स्वायत्त राज्यपरिषद्बाट

धनगढी नपा-१३ का ५५ वर्षीय राजबहादुर सिंहले पथरिया गाविस-१ नौलपुरका १८ वर्षीय जानकी चौधरीलाई बेच्न लैजाने योजना बनाएको आरोपमा ०६६ वैशाख ६ गते थरुहट स्वायत्त राज्यपरिषद् कार्यकर्ताले बलिया गाविस-८ स्थित लक्ष्मी होटलबाट नियन्त्रणमा लिई कुटपिट गरे। पीडितलाई कानुनी कारबाहीका लागि भनेर थरुहट कार्यकर्ताले ०६६ वैशाख ७ गते बलिया इलाका प्रहरी कार्यालयमा बुझाए। बलिया इलाका प्रहरी कार्यालयमा अनुसन्धानका लागि जिल्ला प्रहरी कार्यालयमा पठाएकामा हाल उनलाई जिल्ला कारागार कैलालीमा दुई वर्षका लागि थुनामा राखिएको छ।

पहलमानपुर गाविस-७ कोटाका २५ वर्षीय विजय परियार र उनका ३० वर्षीय दाजु रनी परियारलाई एकीकृत माओवादीले गरेको विरोध कार्यक्रममा संलग्न भएको आरोपमा ०६६ वैशाख १८ गते साँझ मोटरसाइकलमा आएका चार-पाँच जना थरुहट स्वायत्त राज्यपरिषद् कार्यकर्ताले कुटपिट गरी घाइते बनाए। आफ्नो कार्यकर्ता खुसीराम चौधरीलाई अपहरण गरेको विरोधमा एकीकृत माओवादीले ०६६ वैशाख १७ गते गरेको विरोध कार्यक्रमबाट घर फर्किरहेका बेला उनलाई कुटपिट गरेको थियो। घाइतेको सुखडस्थित सीएस मेडिकलमा उपचार भयो।

बेवारिसे बम विस्फोटनबाट घाइते भएका टेकबहादुर साउद

अन्यबाट

मसुरिया गाविस-७ निवासी *सुदूरसन्देश* दैनिकका रिपोर्टर घनश्याम पौड्याललाई स्थानीय पञ्चकोटी सामुदायिक वनबाट करिब ३ सय सालको काँचा रुख काटेर उपभोक्ता समितिका पदाधिकारीको मिलेमितोमा बेचियो भन्ने समाचार *सुदूरसन्देश* दैनिकमा ०६६ जेठ ६ गते प्रकाशन गरेको आरोपमा ०६६ जेठ ९ गते दिउँसो समितिका पदाधिकारीहरूले मसुरिया बजारबाट नियन्त्रणमा लिए। नियन्त्रणमा लिएका पत्रकार पौड्याललाई कुटपिट गर्दै पहलमानपुर इलाका वन कार्यालयमा थुनेर राखेपछि सोही दिन साँझ पत्रकार महासङ्घ कैलालीका अध्यक्ष दीर्घ उपाध्याय, *बीबीसी* नेपाली सेवाका संवाददाता उमिद बागचन्दको नेतृत्वमा गएको एक टोलीले पौड्याललाई पहलमानपुर वन कार्यालयबाट मुक्त गर्न सफल भएको थियो। सोही समाचारका कारण सामुदायिक वनका अध्यक्ष डम्बर बोगटीलाई जिल्ला वन कार्यालय कैलालीले जेठ ८ गते पक्राउ गऱ्यो। अध्यक्ष थापालाई जिल्ला वन कार्यालयले जेठ ९ गते सामान्य तारिखमा रिहा गऱ्यो।

अभिव्यक्ति, भेला हुने र सङ्गठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

साडेपानी गाविस-७ जडैगाउँको सुकुम्बासी टोलका २९ वर्षीय कुमार सुनार, २७ वर्षीया गोमादेवी भुसाल, २५ वर्षीय अनिल तिरुवा, ४२ वर्षीय वीरबहादुर विक, २९ वर्षीय रामकुमार सुनार, ३३ वर्षीय सुन्तली सार्की, ४३ वर्षीय हरिप्रसाद चौधरी, ४६ वर्षीय सन्तोष विक, २८ वर्षीय सीता थापामगर, २८ वर्षीया खगीसरा सुनार, ३० वर्षीया सुनिता चौधरी, २६ वर्षीया लक्ष्मी विक, ३२ वर्षीया सञ्जिता सुनार, ३४ वर्षीया गङ्गादेवी खत्री, २६ वर्षीया चन्द्रकला लामा र २७ वर्षीया विमला श्रेष्ठ ०६५ फागुन २९ गते जिल्ला प्रशासन कार्यालयको मूल गेटमा धर्नामा बसिरहेको अवस्थामा प्रहरीले हटाउन खोज्दा झडप भई घाइते भए। पीडित सुकुम्बासीहरूले पुन:स्थापनाको माग गर्दै ०६५ फागुन ८ गतेदेखि जिल्ला प्रशासन कार्यालयको मूल ढोकामा धर्ना दिइरहेका थिए।

गेटा गाविस-२ की मुक्त कमैया महिला जागरण नेपालकी केन्द्रीय सदस्य फूलकुमारी चौधरी, धनगढी नपा-५ मुक्त कमैया शिविरकी कलावती चौधरी र मुक्त कमैया जागरण नेपालकी जिल्ला अध्यक्ष वसन्ती चौधरीलाई शान्तिपूर्ण विरोध कार्यक्रम गरिरहेको बेला ०६६ असोज ६ गते जिल्ला प्रहरी कार्यालयको प्रहरी

Far westren:Layout 1 2/14/2010 12:33 PM Page 505

जिल्ला कारागारमा राखिएका बन्दी प्रहरीहरू नाडी छेडेर आन्दोलन गर्दै

टोलीले हस्तक्षेप गरी लाठीचार्ज गर्दा कलावती र वसन्तीको हातमा चोट लाग्यो भने फूलकुमारीको खुट्टाको साप्रामा चोट लाग्यो। मुक्त कमैया महिला जागरण नेपालको आयोजनमा सर्वोच्च अदालतले ०६६ भदौ १० गते वन क्षेत्रमा बस्न निषेध गरेको अन्तरिम आदेशको विरोधमा जिल्ला वन कार्यालयमा नाराबाजी गरी धर्ना दिइरहेको अवस्थामा प्रहरीले लाठीचार्ज गरेको थियो। मन्त्रिपरिषद्ले कमैया पुन:बासका लागि गरेको निर्णय कार्यान्वयनको माग र सर्वोच्च अदालतले कमैयाहरूलाई वन क्षेत्रमा बस्न नदिने अन्तरिम आदेश फिर्ता हुनुपर्ने माग राखी जिल्ला वन कार्यालय धर्ना दिएका थिए।

निर्माण व्यवसायी सङ्घको राष्ट्रिय भेला तथा साधारणसभाको उद्घाटनमा सहभागी हुन आएका प्रधानमन्त्री माधव नेपाललगायतका मन्त्रीलाई ०६६ मङ्सिर १२ गते कालो झन्डा देखाउने क्रममा एकीकृत माओवादीका कार्यकर्ता र प्रहरीबीच दोहोरो झडप हुँदा माओवादीका जिल्ला इन्चार्ज हरि ज्ञवाली 'अखण्ड', धनगढी नपाका १८ नम्बर इन्चार्ज रमेश धामी, माओवादी जिल्ला सदस्य डिल्ली खड्का, नगरपालिका वाईसीएल इन्चार्ज राजकिरण चौधरी, माओवादी कार्यकर्ता निर्मल शाह र विशाल भनिने विमल धामी सामान्य घाइते भए। प्रहरीले भीड नियन्त्रणमा लिन एक सेल अश्रुग्याससमेत प्रहार गरेको थियो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

दुनियाँवादी फौजदारी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका ६१ थान मुद्दामध्ये यस वर्ष ११ थान फर्स्यौट भई ५० थान बाँकी रहे । यस वर्ष दर्ता भएका २४ थान दुनियाँवादी फौजदारी मुद्दामध्ये कुनै पनि फर्स्यौट भएन । गत वर्षको जिम्मेवारी सरेर आएका तथा यस वर्ष दर्ता भएका दुनियाँवादी फौजदारी मुद्दा जम्मा ८५ थानमध्ये यस वर्ष ११ थान फर्स्यौट भई ७४ थान बाँकी रहे ।

सरकारवादी फौजदारी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका ४५ थानमध्ये यस वर्ष आठ थान फर्स्यौट भई ३७ थान बाँकी रहे । यस वर्ष दर्ता भएका सरकारवादी फौजदारी मुद्दा ५९ थानमध्ये चार थान फर्स्यौट भई ५५ थान बाँकी रहे । गत वर्षको जिम्मेवारी सरेर आएका तथा यस वर्ष दर्ता भएका सरकारवादी फौजदारी मुद्दा जम्मा १ सय ४ थानमध्ये यस वर्ष १२ थान फर्स्यौट भई ९२ थान बाँकी रहे ।

देवानी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका १ सय ९ थानमध्ये यस वर्ष २३ थान फर्स्यौट भई ८६ थान बाँकी रहे । यस वर्ष दर्ता भएका देवानी मुद्दा ६८ थानमध्ये दुई थान फर्स्यौट भई ६६ थान बाँकी रहे । गत वर्षको जिम्मेवारी सरेर आएका तथा यस वर्ष दर्ता भएका देवानी मुद्दा जम्मा १ सय ७७ थानमध्ये २५ थान फर्स्यौट भई १ सय ५२ थान बाँकी रहे । यसरी यस वर्षको अन्त्यसम्ममा जम्मा ३ सय १८ मुद्दा फर्स्यौट हुन बाँकी रहे ।

यातना तथा अन्य क्रूर, अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

जिल्ला कारागार कैलालीमा कर्तव्य ज्यानको आरोपमा थुनामा राखिएका सहजपुर गाविस-९ का २१ वर्षीय डम्बर साउदलाई ०६६ असोज १० गते प्रहरी चौकीबाट मालाखेती इलाका प्रहरी कार्यालयमा ल्याउने क्रममा प्रहरी निरीक्षक गणेश बमको नेतृत्वमा गएको टोलीले फल्टुडी बाटोमा निर्घात कुटपिट गरी दुवै खुट्टा र एक हातसमेत भाँचिदियो। सहजपुर गाविस-८ का एकबहादुर शाहलाई ०६६ असोज ९ गते हत्या गरी सहजपुर नजिकको भीरबाट फालेको आरोपमा पक्राउ परेका साउदको प्रहरी कुटाइबाट दुवै खुट्टा र एक हात भाँचिएपछि कोहलपुर मेडिकल कलेजमा उपचार भइरहेको थियो। घरको आर्थिक स्थिति कमजोर रहेकाले सेती अञ्चल अस्पतालमा उपचार भइरहेको अवस्थामा डिस्चार्ज नै नगरी जिल्ला अदालत कैलालीको थुना आदेश अनुसार डम्बर ०६६ मङ्सिर २५ गतेदेखि यो वर्षको अन्त्यसम्म जिल्ला कारागारमा पुर्पक्षका लागि थुनामा रहेका छन्।

बालअधिकार

गेटा गाविस-५ की १० वर्षीया बालिकालाई आफ्ना दुई जना सौतेनी आमा गङ्गादेवी नेपाली र देवी

Far westren:Layout 1 2/14/2010 12:33 PM Page 506

नेपालीले भारतको पटियाला सहरमा बस्दै आएकी मोतीकला नेपालीसँग ०६५ चैत १६ गते पठाएकामा मोतीकलाले सुनीतालाई सोही ठाउँका भारतीय नागरिकलाई भारतीय रुपियाँ १० हजारमा बेचिन्। पीडितका दाइ नाता पर्ने भरत नेपालीले भारतमा बेचिएको बहिनीको उद्धारका लागि पहल गर्न ०६६ वैशाख ३ गते मानवअधिकार आयोग, जिल्ला प्रहरी कार्यालय, इन्सेक, माइती नेपाललगायत सङ्घसंस्थामा निवेदन दिए। जिल्ला प्रहरी कार्यालय प्रहरी नायव निरीक्षक चेतराज पनेरु, पत्रकार महासङ्घ कैलालीका अध्यक्ष दीर्घराज उपाध्याय, दलित अधिकारकर्मी भरत नेपाली, वर्ल्ड भिजनका रमेश भण्डारीको टोलीले भारतमा बेचिएकी बालिकालाई ०६६ जेठ १५ गते उद्धार गरी नेपाल फर्कायो।

चौमला गाविस-४ निवासी मालिका उच्च माध्यमिक विद्यालय चौमलामा कक्षा ७ मा अध्ययनरत १३ वर्षीय चक्रबहादुर चौधरीलाई पहलमानपुर गाविस-७ का ४२ वर्षीय खुसीराम चौधरीको अपहरणमा संलग्न रहेको आरोपमा ०६६ वैशाख १८ गते पहलमानपुर प्रहरी चौकीका प्रहरीले एकीकृत माओवादी कार्यकर्ताको सहयोगमा बजारबाट गिरफ्तार गरे। बालक चौधरीलाई ०६६ जेठ १० गतेसम्म थुनामा राखियो। जिल्ला अदालत कैलालीले पीडितलाई नाबालिग ठहर गर्दै ०६६ जेठ ११ गते साधारण तारेखमा रिहा गऱ्यो। सो मुद्दा विचाराधीन अवस्थामा छ।

गेटा गाविस-२ गेटीको कमैया शिविरकी एक १३ वर्षीया बालिकालाई मोबाइल दिने प्रलोभनमा ०६६ वैशाख २६ गते सोही ठाउँ निवासी ट्याङ्कर चालक ३२ वर्षीय आशिष गुरुङले बलात्कारको प्रयास गरेको आरोपमा पीडितका अभिभावकले घटनास्थलनजिकै रहेको प्रहरी चौकीमा मौखिक उजुरी दिए। दोस्रो दिन प्रहरीले दुवै पक्षलाई बोलाइ सहमति गर्न दबाब दिएको भन्दै ०६६ जेठ ९ गते पीडितका बुबाले इन्सेक क्षेत्रीय कार्यालयमा कारबाहीको पहलका लागि निवेदन दिए। आरोपितलाई कारबाहीका लागि राष्ट्रिय मानवअधिकार आयोग क्षेत्रीय कार्यालयलाई आग्रह गरिएकामा यो वर्षको अन्त्यसम्म कुनै कारबाही भएको छैन।

धनगढी नपा-२ की एक ९ वर्षीया बालिकालाई ०६६ जेठ १७ गते धनगढी नपा-१ काटनका २८ वर्षीय समेश केसीले फकाएर आफ्नै घरमा बलात्कार गरेको आरोपमा पीडितकी काकीले ०६६ जेठ १९ गते जिल्ला प्रहरी कार्यालयमा किटानी जाहेरी गरेपछि ०६६ जेठ २० गते आरोपितलाई प्रहरीले गिरफ्तार गऱ्यो। पीडित बालिकाको स्वास्थ्य परीक्षण ०६६ जेठ १९ गते अञ्चल अस्पताल धनगढीमा भयो। जिल्ला अदालत कैलालीद्वारा पुर्पक्षका लागि थुनामा रहेका आरोपित ०६६ असार १५ गते १५ हजार रुपियाँ धरौटीमा रिहा भए।

टीकापुर नपा-९ का ६ वर्षीय बालक सुभप्रताप राणालाई ०६६ असार ११ गते बिहान सोही नपा-३ का ३० वर्षीय गगन धामी, सोही नपा-१ का २३ वर्षीय शमशेर शाह, सोही नपा-८ का २९ वर्षीय ज्ञानु सिंह, सोही नपा-९ का २६ वर्षीय कोपिल विष्ट, २६ वर्षीय जवारीलाल तिवारी, भजनी गाविस- ७ का २२ वर्षीय सागर लामा, बौनिया गाविस-६ का राजु क्षेत्री भनिने १६ वर्षीय गणेश कोलीले श्रीगणेश बाबा बोर्डिङ् स्कुलबाट नास्ता खाइरहेको अवस्थामा अपहरण गरे। अपहृत बालकका अभिभावकले सोही दिन इलाका प्रहरी कार्यालयमा खोजतलासका लागि अनुरोध गरेपछि प्रहरीले भारतको खिरी जिल्ला निघासन गाउँका बासिन्दा राम विलासको जिम्मामा लगाइएको अवस्थामा बालकलाई ०६६ असार १३ गते मुक्त गराएर ०६६ असार १४ गते अभिभावकको जिम्मा लगाए। अपहरण कार्यमा संलग्न रहेको आशङ्कामा प्रहरीले पक्राउ गरेका आरोपितलाई जिल्ला अदालत कैलालीले ०६६ साउन १३ गतेदेखि पुर्पक्षका लागि थुनामा राखेको छ।

चौमला गाविस-७ लगडीकी १४ वर्षीया प्रमिला चौधरीलाई काठमाडौं, गोङ्गबुका नारायणकृष्ण मानन्धरले ०६० सालदेखि बालश्रमिकका रूपमा काम गराउन काठमाडौं लगी छ वर्षसम्म उनका अभिभावकलाई भेट्न नदिई उनको अवस्था अज्ञात पारे। बालिकाका बुबा वीरबहादुर चौधरी ०६६ साउन ४ गते काठमाडौंमा गएर छोरीलाई भेट्न खोज्दा मानन्धरले भेट्न नदिएर विभिन्न कागजातमा सहीछाप गराई १ लाख ५० हजार रुपियाँ दिएर घर फर्काए। छोरीलाई सम्पर्कविहीन बनाएको भन्दै पीडित परिवारले उनको खोजीका लागि पहल गर्न राष्ट्रिय मानवअधिकार आयोग, इन्सेक, महिला विकास कार्यालय र पत्रकार महासङ्घलगायतका सङ्घसंस्थामा ०६६ कात्तिक २५ गते निवेदन दिए। पीडित बालिकाको स्थिति यो वर्षको अन्त्यसम्म पनि सार्वजनिक हुनसकेको छैन।

थरुहट स्वायत्त राज्य परिषद्का कार्यकर्ताबाट अपहरण गरिएका खुशीराम चौधरी

सुगरखाल गाविस-७ की एक ५

Far westren:Layout 1 2/14/2010 12:33 PM Page 507

वर्षीया बालिकालाई ०६६ भदौ २ गते सोही ठाउँका १६ वर्षीय एक बालकले घरमा कोही नभएको बेला बलात्कार गरेको आरोपमा पीडित पक्षले आरोपितका नाममा ०६६ भदौ ८ गते किटानी जाहेरी दियो। आरोपितका नाममा ०६६ भदौ ३१ गते जिल्ला अदालत कैलालीमा जबरजस्ती करणीको मुद्दा दर्ता भयो। आरोपितलाई प्रहरीले पक्राउ गर्न नसकेपछि जिल्ला अदालत कैलालीले उनको नाममा ०६६ असोज १८ गते वारेन्ट जारी गऱ्यो। आरोपित फरार रहेको जिल्ला अदालत कैलालीले पुस ६ गते बतायो।

फूलबारी गाविस-५ नुकुलीपुरमास्थित भुपू सैनिक प्राथमिक विद्यालयमा प्राप्त शिक्षिका नियुक्ति प्रक्रियामा जनजाति उम्मेदवार छनोट नभएको भन्दै ०६६ भदौ २६ गतेबाट कात्तिक ५ गतेसम्म स्थानीय थरुहट स्वायत्त राज्यपरिषद्का कार्यकर्ताले विद्यालय बन्द गरे। भदौ १२ गते राहत कोटा शिक्षिका खुला प्रतिस्पर्धाबाट नियुक्ति गर्ने भनेर विद्यालय व्यवस्थापन समितिले विज्ञापन प्रकाशित गरी एक जना गैरथारु शिक्षिका नियुक्त गरेपछि थरुहट कार्यकर्ताले जनजातिको शिक्षिका नियुक्त नभएको भन्दै विद्यालयमा तालाबन्दी गरे। विद्यालय व्यवस्थापन समिति र थरुहटका क्षेत्रीय नेता महेन्द्र चौधरीलगायत थरुहटका कार्यकर्ताबीच ०६६ कात्तिक ५ गते विद्यालय खोल्ने सहमति भएपछि विद्यालय सुचारु भयो।

धनगढी नपा-१ स्थित जिल्ला प्रहरी कार्यालयनजिकै रहेको खोलामा एक नवजात शिशुको लास प्लास्टिकमा पोको पारिएको अवस्थामा ०६६ असोज २५ गते फेला पऱ्यो। नवजात शिशु कसले फालेको हो भन्नेबारेमा खुल्न नसकेको जिल्ला प्रहरी कार्यालयमा कार्यरत प्रहरी निरीक्षक प्रेम खड्काले बताए।

बलिया गाविस-५ की एक १५ वर्षीया

एकीकृत माओवादीको कुटपिटबाट घाइते भएका कङ्गु चौधरी

बालिकालाई ०६६ कात्तिक ११ गते सोही गाविस-८ का प्रकाश रावत र प्रकाश रावतले सामूहिक बलात्कार गरेको भनी पीडित पक्षले इलाका प्रहरी कार्यालयमा सोही दिन किटानी जाहेरी दियो। जिल्ला अदालत कैलालीले ०६६ मङ्सिर २१ गते दुवै जनालाई पुर्पक्षका लागि थुनामा राख्ने आदेश दियो। आरोपितहरू यो वर्षको अन्त्यसम्म जिल्ला कारागार कैलालीमा थुनामा रहेका छन्।

नारायणपुर गाविस-९ की एक १५ वर्षीया बालिकालाई ०६६ कात्तिक १७ गते धनसिंहपुर गाविस-८ का २५ वर्षीय प्रेमसिंह भण्डारीले बलात्कार गरेको भनी आरोपित भण्डारीका नाममा पीडित पक्षले ०६६ कात्तिक १८ गते उजुरी दर्ता गऱ्यो। आरोपित भण्डारीलाई ०६६ कात्तिक २० गते इलाका प्रहरी टीकापुरले गिरफ्तार गऱ्यो। सोही दिन आरोपित भण्डारीको मुद्दा दर्ता भयो। जिल्ला अदालत कैलालीले आरोपितलाई ०६६ मङ्सिर ८ गते पुर्पक्षका लागि थुनामा राख्ने आदेश दियो। आरोपित यो वर्षको अन्त्यसम्म जिल्ला कारागार कैलालीमा थुनामा रहेका छन्।

गेटा गाविसका स्रोतस्तरीय विद्यालयहरू एकीकृत माओवादीले आह्वान गरेको बन्दमा पनि सञ्चालन गरेको भन्दै माओवादी कार्यकर्ताले बन्दको अवज्ञा गर्ने शिक्षक तथा विद्यार्थीलाई कारवाही हुने भनी फोन गरेपछि ०६६ मङ्सिर २२ गते नौओटा सरकारी विद्यालय बन्द भए। माओवादी बन्दको अवज्ञा गरेको आरोपमा विद्यालय सञ्चालन गरे भौतिक तथा मानवीय कारवाही हुने धम्की आएको भन्दै ०६६ मङ्सिर २२ गते स्रोतस्तरीय विद्यालयमा पठनपाठन बन्द भएको थियो। उक्त बन्दले गर्दा २ हजार विद्यार्थी पठनपाठनबाट वञ्चित भए। अधिकारकर्मीको पहलमा मङ्सिर २९ गते बसेको सर्वदलीय बैठकले ०६६ मङ्सिर ३० गते बन्द विद्यालय खोल्ने सहमति गरेको थियो। मङ्सिर २१ गते माओवादीले बन्द गरेको नेपाल बन्दको अवस्थामा विद्यालय सञ्चालन गरे कारवाही गर्ने फोनमार्फत एकीकृत माओवादी पार्टीका कुनै पनि कार्यकर्ताले धम्की नदिएको माओवादी पार्टीले दावी गऱ्यो।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार बेचबिखन तथा ओसारपसार

पथरिया गाविस-१ नौलपुरकी १८ वर्षीया एक युवतीलाई बेच्न लैजाने योजना बनाएको अरोपमा ०६६ वैशाख ६ गते धनगढी नपा-१३ का ५५ वर्षीय

Far westren:Layout 1 2/14/2010 12:33 PM Page 508

राजबहादुर सिंहलाई थरुहट स्वायत्त राज्यपरिषद्का कार्यकर्ताले नियन्त्रणमा लिई माइती नेपालको सहयोगमा कानुनी कारबाहीका लागि ०६६ वैशाख ७ गते बलिया इलाका प्रहरी कार्यालयमा बुझाए। प्रहरीले पीडकमाथि मद्दा चलाएपछि जिल्ला अदालतले ०६६ असार ११ गते पीडकलाई दुई वर्ष कारावासको फैसला गऱ्यो।

एकीकृत माओवादीको कुटपिटबाट घाइते भएका सन्तराम चौधरी

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

टीकापुर नपा-९ को ब्लक नं. ६ की एक २२ वर्षीया महिलालाई ०६५ माघ २० गते सोही ठाउँका ३५ वर्षीय रति काफ्लेले घरमा सुतिरहेको अवस्थामा बलात्कार गरेको भनी पीडित पक्षले इलाका प्रहरी कार्यालय टीकापुरमा ०६५ माघ २५ गते किटानी जाहेरी गरेको थियो। आरोपित यो वर्षको अन्त्यसम्म फरार छन्।

गदरिया गाविस-१ खरुखेरीकी एक २२ वर्षीया महिलालाई ०६६ वैशाख २९ गते फूलबारी गाविस-४ स्थित पच्चीसघरस्थित एक मेडिकलमा गएका बेला गदरिया गाविस-१ निवासी मेडिकल सञ्चालक अहेब ३२ वर्षीय अर्जुन चौधरीले उपचार गर्ने बहानामा उपचारकक्षभित्र बलात्कार गरेको भनी पीडितले महिला अधिकारकर्मीको सहयोगमा ०६६ जेठ ६ गते जिल्ला प्रहरी कार्यालयमा किटानी जाहेरी गरे पनि प्रहरीले पीडकलाई पक्राउ गरेन। आरोपितलाई पक्राउ नगरिएको भन्दै अधिकारकर्मीसहित स्थानीय बासिन्दाले ०६५ असार ५ गते धनगढीमा विरोध प्रदर्शन गरे। जिल्ला अदालतले ०६६ असार ३ गते आरोपितका नाममा वारेन्ट जारी गरेपछि अदालतमा उपस्थित भएका आरोपित ०६६ असार १८ गते ५० हजार रुपियाँ धरौटीमा रिहा भए।

दोदोधोरा गाविस-७ की एक २८ वर्षीया महिलालाई घरमा एक्लै सुतिरहेको अवस्थामा ०६६ वैशाख ३१ गते बलिया गाविस-८ स्थित थकाली टोलका ३२ वर्षीय हर्ष हमालले बलात्कार गरेको भनी पीडितले ०६६ जेठ ५ गते जिल्ला प्रहरी कार्यालयमा किटानी जाहेरी दिइन्। आरोपितलाई प्रहरी कार्यालयले पक्राउ गर्न नसकेपछि पीडितले जिल्ला अदालत कैलालीमा ०६६ असार ३ गते मुद्दा दर्ता गरिन्। जिल्ला अदालत कैलालीले ०६६ असार ११ गते हमालका नाममा तामिल टाँस गरे पनि आरोपित यो वर्षको अन्त्यसम्म फरार छन्।

चौमला गाविस-२ की एक २० वर्षीया युवतीलाई ०६६ असार ३ गते सोही ठाउँका ३२ वर्षीय कर्णबहादुर साउदले घरमा सुतिरहेको अवस्थामा घरभित्र पसेर जबरजस्ती बलात्कार गरेको आरोपमा पीडित पक्षले आरोपित साउदका नाममा ०६६ असार ०४ गते जिल्ला प्रहरी कार्यालयमा किटानी जाहेरी गरेको थियो। किटानी जाहेरीपछि आरोपित साउदलाई ०६६ असार ७ गते प्रहरी चौकी चौमलाले पक्राउ गरेको थियो। पक्राउ परेका आरोपित साउदका नाममा ०६६ असार २४ गते जिल्ला अदालत कैलालीमा मुद्दा दर्ता भएको थियो। जिल्ला अदालत कैलालीले आरोपितलाई पुर्पक्षका लागि थुनामा राख्न ०६६ असार २४ गते नै आदेश दिएको थियो। आरोपित यो वर्षको अन्त्यसम्म जिल्ला कारागारमा थुनामा रहेका छन्।

थापापुर गाविस-९ खकरौला गाउँकी एक १८ वर्षीया युवतीलाई ०६६ साउन २९ गते सुनफाटाका २५ वर्षीय निखिल चौधरीले जबरजस्ती बलात्कार गरेको भनी आरोपित निखिल चौधरी र सो कार्यमा सहयोग गर्ने सोही गाविस-६ मा बस्ने अनिता चौधरीका नाममा ०६६ भदौ २ गते इलाका प्रहरी कार्यालय टीकापुरमा जबरजस्ती करणी तथा बेचबिखनका नाममा पीडित पक्षले किटानी जाहेरी गऱ्यो। आरोपित निखिल र अनितालाई इलाका प्रहरी कार्यालय टीकापुरले ०६६ भदौ २२ गते पक्राउ गऱ्यो। आरोपित दुवै जनालाई जिल्ला अदालत कैलालीले ०६६ कात्तिक २४ गते पुर्पक्षका लागि थुनामा राख्ने आदेश दियो। दुवै जना आरोपित यो वर्षको अन्त्यसम्म जिल्ला कारागारमा थुनामा रहेका छन्।

फूलबारी गाविस-२ की एक २० वर्षीया महिलालाई ०६६ कात्तिक २१ गते सोही ठाउँका पदमबहादुर थापाले बलात्कार गरेको भनी पीडित परिवारले आरोपितलाई कारबाही माग गर्दै ०६६ कात्तिक २३ गते जिल्ला प्रहरी कार्यालयमा निवेदन दिएपछि आरोपितलाई प्रहरीले सोही दिन पक्राउ गऱ्यो। जिल्ला अदालत कैलालीले ०६६ मङ्सिर २१ गते आरोपितलाई पुर्पक्षका लागि थुनामा राख्ने आदेश दिएपछि आरोपित यो वर्षको अन्त्यसम्म जिल्ला कारागार कैलालीमा थुनामा छन्।

साडेपानी गाविस-४ चित्तलपुरकी एक १८ वर्षीया युवतीलाई ०६६ मङ्सिर ७ गते घरमा सुतिरहेको अवस्थामा सोही ठाउँका १९ वर्षीय तपेन्द्र विष्टले एक्कासि घरभित्र पसेर जबरजस्ती बलात्कार गर्ने प्रयास गरेको भनी पीडित चिच्याएपछि तपेन्द्रले उनको पेटमा चक्कु प्रहार गरे भने पीडितका भाइलाई पनि पेट, कोखा र पाखुरामा चक्कु प्रहार गरी घाइते बनाए। छिमेकीले हल्ला सुनेपछि पीडितको घर जाने क्रममा तपेन्द्रले २४ वर्षीय गणेश विष्टलाई पनि चक्कु प्रहार गरी गम्भीर घाइते बनाएपछि उपचारका लागि अस्पताल लाने क्रममा बाटोमा नै उनको मृत्यु भयो। आरोपित तपेन्द्रलाई इलाका प्रहरी कार्यालय सुख्खडले गिरफ्तार गरी मङ्सिर ९ गते जिल्ला प्रहरी कार्यालयमा बुझायो। आरोपित यो वर्षको अन्त्यसम्म कर्तव्य ज्यानसम्बन्धी सजाय अभियोगमा धनगढी कारागारमा पुर्पक्षका लागि थुनामा रहेका छन्।

पारिवारिक हिंसा

जानकीनगर गाविस-८ की ४० वर्षीया शुभागिया चौधरीलाई ०६६ भदौ ३ गते बिहान पति जोखन चौधरीले आफ्नै खेतमा गोडमेल गरिरहेको अवस्थामा सामान्य विवाद हुँदा फरुवा प्रहार गरेर हत्या गरे। पराहीपुरमा खेतमा सँगै धानखेत गोडमेलमा गएका बेला चौधरीले आफ्नै पत्नीको हत्या गरेर फरार भएका थिए। साँझसम्म पनि घरमा उनीहरू नफर्केपछि आफन्तले खोजी गर्दा शुभागियालाई धारिलो फरुवाले टाउकोमा हानेर मृत्यु भएको अवस्थामा फेला परेका थिए। इलाका अस्पताल टीकापुरमा ०६६ भदौ ५ गते पोस्टमार्टम गरिएको उक्त लासलाई सोही दिन आफन्तले बुझी दाहसंस्कार गरेका थिए। जोखन चौधरीलाई इलाका प्रहरी कार्यालय टीकापुरले ०६६ भदौ ५ गते नै स्थानीय छिमेकीको घरमा लुकेर बसेको अवस्थामा गिरफ्तार गऱ्यो। थप अनुसन्धानका लागि जिल्ला प्रहरी कार्यालयमा हिरासतमा राखिएका पीडक

अज्ञात समूहद्वारा आगजनी गरिएको कोटातुल्सीपुर गाविस भवन

जोखन चौधरीले पत्नीले सामान्य विवादमा आफूलाई हँसिया प्रहार गरेपछि रिसको झोँकमा टाउकोमा फरुवा प्रहार गरेको बताए। पीडक जोखन चौधरी जिल्ला अदालतको आदेशमा ०६६ भदौ २५ गतेदेखि कारागार कैलालीमा छन्।

सबै प्रकारका जातीय विभेद

गेटा गाविस-३ का ५ वर्षीय जीवन सुनारलाई घरभित्र गएर पानी छोएको आरोपमा ०६६ वैशाख २७ गते सोही ठाउँकी निर्मला धानुकले 'डुम' भन्दै दुर्व्यवहार गरी टाउकोमा लाठीले हिर्काएर घाइते बनाइन्। पीडितका अभिभावकले ०६६ वैशाख २८ गते जिल्ला प्रहरी कार्यालय कैलालीमा उजुरी गरेपछि प्रहरीले पीडकलाई सोही दिन पक्राउ गरी दुवै पक्षलाई कार्यालयमा बोलाइ दलित अधिकारकर्मीको रोहवरमा पीडकले गल्ती स्वीकारेपछि मिलापत्र भयो।

धनगढी नपा-१ स्थित श्री सरस्वती निम्न माध्यमिक विद्यालयका शिक्षक तथा शिक्षिकाहरूले शैक्षिक सत्र ०६५/६६ लागि लिएको पेपर नजाँची पास गरेको भन्दै जिल्ला प्रशासन कार्यालयमा ०६६ जेठ १० गते कारबाहीका लागि विद्यार्थीहरूले निवेदन दिएका थिए। अधिकांश दलित विद्यार्थी अध्ययनरत सो विद्यालयका प्रअले जातीय छुवाछूत विभेद नभएको तर परीक्षा नतिजाका बारेमा थाहा नभएको भन्दै घटनालाई ढाकछोप गरेको विद्यार्थीहरूले बताए।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार संरचना, सम्पति क्षति

थारू कल्याणकारिणी सभाबाट

धनगढी नपा-१३ का ओमप्रकाश अग्रवालको से१प ३११५ र मालाखेती गाविसका दिलबहादुर विष्टको से१प ३७७६ नम्बरको मोटरसाइकल ०६५ माघ २५ गते थारू कल्याणकारिणी सभाका कार्यकर्ताले अन्तरिम संविधानमा रहेको 'एक मधेस एक प्रदेश' भन्ने वाक्यांश हटाउनु पर्ने माग राखी आह्वान गरेको बन्दको अवज्ञा गरेको आरोपमा बोराडाँडी ब्यारेकअगाडि आगजनी गरे। थारू कल्याणकारिणी सभाका कार्यकर्ताले सोही दिन से१प ५०८ नम्बरको ट्राली, ना२ख ८८४२ नम्बरको ट्रकलाई धनगढी क्याम्पस रोडमा र से१प ५५६८ नम्बरको मोटरसाइकल धनगढी नपा, चटकपुरमा तोडफोड गरे।

मालाखेती गाविस-२ का कालीराम चौधरीको से१प १५०१ नम्बरको मोटरसाइकल र कृष्णपुर गाविस-२ गुलरियाका बलराम पन्तको म१प ६०४

Far westren:Layout 1 2/14/2010 12:33 PM Page 510

एकीकृत माओवादीद्वारा आगजनी गरिएको एम्बुलेन्स

नम्बरको मोटरसाइकल ०६५ फागुन १९ गते बन्दको अवज्ञा गरेको आरोपमा थारू कल्याणकारिणी सभाका कार्यकर्ताहरूले गेटा गाविसस्थित आँखा अस्पतालनजिकै आगजनी गरे। थारु कल्याणकारिणी सभाले अन्तरिम संविधानबाट 'एक मधेस एक प्रदेश' हटाउनु पर्ने माग गर्दै फागुन १९ देखि २१ गतेसम्म तराई बन्द गरे।

थरुहट संयुक्त सङ्घर्ष समितिबाट

टीकापुर नपा-९ का ३० वर्षीय डम्बर थापाको भे२प २०५८ नम्बरको मोटरसाइकल ०६५ फागुन २८ गते थरुहट संयुक्त सङ्घर्ष समितिका कार्यकर्ताहरूले ०६५ फागुन १९ गतेदेखि आह्वान गरेको अनिश्चितकालीन बन्दको अवज्ञा गरेको आरोपमा पथरिया गाविस-१ चौराहामा तोडफोड गरे।

प्रतापपुर गाविस-१ का स्थायी निवासी तथा धनगढी चौराहमा जुस व्यवसाय गर्दै आएका ४८ वर्षीय पदम देउवा, धनगढी नपा-४ विशालनगरका २७ वर्षीय राजेश शाहको जुस बनाउने मेसिन, धनगढी नपा-२ कृष्ण टोलका ३८ वर्षीय जनार्दन शर्मा, ४२ वर्षीय शुभद शर्मा, ३७ वर्षीय नरेश शर्मा, ३४ वर्षीय मनोज शर्मा, ३५ वर्षीय शदान्द शर्मा, ४० वर्षीय वचालाल शर्मा, ३१ वर्षीय सुशीला शर्मा र ३८ वर्षीय ओमप्रकाश शर्माको ठेला ०६५ चैत १ गते थरुहट संयुक्त सङ्घर्ष समितिका कार्यकर्ताहरूले बन्दको अवज्ञा गरेको आरोपमा तोडफोड गरे।

एकीकृत माओवादी थरुवान राज्य समिति सदस्य तथा जिल्ला कमिटी कैलालीका सदस्य राजेश चौधरीको से१प ७१९६ नम्बरको मोटरसाइकल ०६६ वैशाख ९ गते थरुहट संयुक्त सङ्घर्ष समितिका कार्यकर्ताहरूले आफूले आह्वान गरेको अनिश्चितकालीन धनगढी बन्दको अवज्ञा गरेको आरोपमा तोडफोड गरे।

पश्चिमबाट पूर्वतर्फ गइरहेको भे१ख १०१० नम्बरको बस ०६६ वैशाख ९ गते थरुहट संयुक्त सङ्घर्ष समितिका कार्यकर्ताले ०६६ वैशाख ७ गतेदेखि आह्वान गरेको अनिश्चितकालीन बन्दको अवज्ञा गरेको आरोपमा कोटातुल्सीपुर गाविस-२ स्थित पूर्वपश्चिम लोकमार्गमा तोडफोड गरे।

टीकापुर नपा-१३ का सुरेन्द्र ताम्राकारको से१प १९१६ नम्बरको मोटरसाइकल ०६६ वैशाख १० गते थरुहट संयुक्त सङ्घर्ष समितिका कार्यकर्ताहरूले ०६६ वैशाख ७ गतेदेखि आह्वान गरेको अनिश्चितकालीन बन्दको अवज्ञा गरेको आरोपमा बलिया गाविस-५ स्थित पूर्वपश्चिम लोकमार्गमा आगजनी गरे।

रामशिखरझाला, दोदोधरा, साडेपानी, बलिया, भजनी, थापापुर र जोशीपुर गाविसका कार्यालयमा ०६६ वैशाख १२ गते थरुहट संयुक्त सङ्घर्ष समितिका कार्यकर्ताहरूले आफूले घोषणा गरेको स्थानीय सत्ता बहिष्कार गरेको भन्दै आगजनी गर्दा कार्यालयमा रहेका कागजात तथा भौतिक सामग्री जलेर नष्ट भयो।

कञ्चनपुर जिल्ला, भीमदत्त नपा-४ का दुर्गा भण्डारीको म१प ३९८ र कञ्चनपुर जिल्ला, श्रीपुर गाविस-४ बेलौरीका टेकबहादुर शाहीको से१प ५२१८ नम्बरको मोटरसाइकल ०६५ वैशाख १३ गते थरुहट संयुक्त सङ्घर्ष समितिका कार्यकर्ताले ०६६ वैशाख ७ गतेदेखि आह्वान गरेको अनिश्चितकालीन बन्दको अवज्ञा गरेको आरोपमा चौमलास्थित कुचनीको जङ्गलबाट नियन्त्रणमा लिई चौमला बजारमा आगजनी गरे।

कञ्चनपुर जिल्लाको भीमदत्त नपा कटानमा बस्ने पदम अवस्थीको ना३ख ६३५६ नम्बरको बस ०६६ वैशाख १४ गते थरुहट संयुक्त सङ्घर्ष समितिका कार्यकर्ताले अनिश्चितकालीन आमहडतालको अवज्ञा गरेको आरोपमा पहलमानपुर बजारमा आगजनी गरे।

एकीकृत माओवादीद्वारा आगजनी गरिएको जिल्ला खानेपानी कार्यालय भीमदत्त नपाको जीप

Far westren:Layout 1 2/14/2010 12:33 PM Page 511

नारायणपुर बजारका मुकेश रावलको से१प ९६० र सुरेन्द्र कडायतले चढेको भारतीय नम्बर प्लेटको मोटरसाइकल ०६६ वैशाख १४ गते थरुहट संयुक्त सङ्घर्ष समितिका कार्यकर्ताले ०६६ वैशाख ७ गतेदेखि आह्वान गरेको अनिश्चितकालीन बन्दको अवज्ञा गरेको आरोपमा नारायणपुर गाविसमा आगजनी गरे।

कञ्चनपुर जिल्लाको सुडा गाविस-२ का कृष्णराज पाण्डेको से१प ६०८५ को मोटरसाइकल ०६६ वैशाख १७ गते थरुहट संयुक्त सङ्घर्ष समिति कार्यकर्ताले ०६६ वैशाख ७ गतेदेखि आह्वान गरेको अनिश्चितकालीन बन्दको अवज्ञा गरेको आरोपमा धनगढी नपास्थित ट्राफिक प्रहरी चोकनजिक तोडफोड गरे।

थरुहट स्वायत्त राज्यपरिषद्बाट

मसुरिया, दुर्गौली, बौनिया र बसौटी गाविसका कार्यालय भवनमा ०६६ वैशाख १५ गते थरुहट स्वायत्त राज्यपरिषद् कार्यकर्ताले आफ्ना केन्द्रीय नेता लक्ष्मण चौधरीलाई सरकारले काठमाडौँमा पक्राउ गरेको विरोधमा आगजनी गर्दा कार्यालयमा रहेका कागजात तथा भौतिक सामग्री जलेर नष्ट भयो।

बलिया गाविस-५ का महादेव बझगाईको लु१त २११ नम्बरको मालवाहक ट्राक्टरलाई थरुहट स्वायत्त राज्यपरिषद्का कार्यकर्ताहरूले थरुहटलाई कर दिन नमानेको आरोपमा ०६६ भदौ ४ गते साँझ आगजनी गरे। थरुहटको नीतिविपरीत कर छली कसैले पनि ढुङ्गा, बालुवा ओसारपसार गर्न नपाइने भन्दै १२ जना थरुहट कार्यकर्ताहरूले गोरेङ्गे खोलाबाट गिटी ओसार्दै गरिरहेको अवस्थामा उक्त ट्राक्टरमा आगजनी गरेका थिए। ट्राक्टर व्यवसायीहरूले आगजनीको विरोध गरेपछि रात्रिकालीन सेवाका सवारीसाधनमा चार घन्टा अवरोध गरेका थिए। जिल्ला प्रशासन कार्यालय र ठूला राजनीतिक दलले पीडित पक्षलाई क्षतिपूर्तिको व्यवस्था गर्ने मौखिक सहमति जनाएपछि सवारी साधन चलेका थिए।

एकीकृत माओवादीबाट

डुडेझारीमा सुकुम्बासीमाथि प्रहरीले दमन गरेको भन्दै ०६६ मङ्सिर १९ गते साँझ एकीकृत माओवादी कार्यकर्ताले कैलालीका विभिन्न ठाउँमा सुदूरपश्चिम क्षेत्रीय मेडिकल स्टोरको नाममा रहेको बा१ब ८६९३ नम्बरको मोटरसाइकल, जिल्ला विकास समितिको कार्यालयको से१ब १०१ मोटरसाइकल, सडक डिभिजन कार्यालय धनगढीको बा१झ ३७७ नम्बरको टोयाटो जिप, जिल्ला प्रशासन कार्यालय अछामको बा१झ ७६६३ बोलेरो जिप, जिल्ला खानेपानी कार्यालय भीमदत्त नगरपालिकाको बा१ब ३७९८ बजाज मोटरसाइकलमा आगजनी गरे। जिल्ला प्रहरी कार्यालय कैलालीको बा१ब ४४५६ नम्बरको प्रहरी गाडीमा समेत माओवादी कार्यकर्ताले तोडफोड गरे।

बलिया गाविसस्थित चिसापानी बजारमा आफूले आह्वान गरेको नेपाल बन्दको अवज्ञा गरेको आरोपमा ०६६ मङ्सिर २१ गते साँझ एकीकृत माओवादीका कार्यकर्ताले सामुदायिक प्रहरी कार्यालय बर्दियाको भे१च ६८६ नम्बरको एम्बुलेन्समा आगजनी गरे। बर्दियाबाट कैलालीतर्फ बिरामी ल्याएर आइरहेको उक्त एम्बुलेन्स सरकारी प्लेटको गाडी भएको भन्दै माओवादी कार्यकर्ताले चिसापानी बजारमा नियन्त्रणमा लिएर आगजनी गरेका थिए।

सहजपुर गाविसस्थित खानडाँडामा भीमदत्त मार्गमा एकीकृत माओवादी कार्यकर्ताले पहाडबाट भीमदत्त नगरपालिकातर्फ आइरहेका म१प २९४, से१ज २०१, ना२ख ८०६८, ना३ख ५६४२, ना३ख ५३५६, म१ख ३०२, बा१च ३२०६ र ना२ख ८९६९ नम्बरका सवारी साधन ०६६ मङ्सिर २२ गते बन्दको अवज्ञा गरेको आरोपमा तोडफोड गरे। उक्त तोडफोडमा सहजपुर सातौँ डिभिजनका माओवादी लडाकूहरू संलग्न भएको बसका यात्रुहरूले क्षतिको विवरण लिन गएका मालाखेती प्रहरीलाई बताए।

नेकपा (एमाले)को छैटौँ जिल्ला सम्मेलन धनगढीबाट सकेर फर्कदै गरेको टीकापुर नपा-९ का जगत बोहराको से१प ४६६२ नम्बरको मोटरसाइलमा ०६६ पुस ५ गते साँझ छ बजे एकीकृत माओवादी कार्यकर्ताले बन्दको अवज्ञा गरेको आरोपमा पूर्वपश्चिम लोकमार्गको मसुरिया खण्डमा आगजनी गरे। साथै, सोही ठाउँमा ना३ख २६६२, ना३ख २६१२ र खैलाड गाविस-६ का चक्रबहादुर सार्कीको से१ज १८५९ नम्बरको मोटरसाइकल माओवादी कार्यकर्ताले तोडफोड गरे। माओवादीले दिएको पास लिएर गाडी चलाउँदा पनि माओवादी कार्यकर्ताले बस तथा मोटरसाइकल तोडफोड र आगजनी गरेको एमाले पार्टी कार्यालयले जनायो।

अन्यबाट

द्वन्द्वपीडित सेना-प्रहरी राष्ट्रिय सङ्घर्ष समितिका कार्यकर्ताहरूले पुन:बहालीको माग राख्दै आह्वान गरेको बन्दको अवज्ञा गरेको आरोपमा ०६५

Far westren:Layout 1 2/14/2010 12:33 PM Page 512

चैत १५ गते पूर्वबाट धनगढीतर्फ आइरहेको भे१भ ३५५ नम्बरको माइक्रो बस, ना२ख ६९१५ र ग१भ ३३४५ नम्बरको मिनी बसलाई श्रीपुर गाविस-६ मा आगजनी गरे।

द्वन्द्वपीडित सेना-प्रहरी सङ्घर्ष समितिमा आवद्ध व्यक्तिहरूले पहलमानपुर गाविस-१ स्थित अमखैयाको जङ्गलनजिक रहेको लोकमार्गमा ०६६ साउन १ गते दिउँसो चक्काजामको अवज्ञा गरेको आरोपमा पूर्वबाट पश्चिमतर्फ आइरहेको डम्बर बडुवालको बा१च ७२६ नम्बरको जिपलाई नियन्त्रणमा लिएर आगजनी गरे। आगजनीपश्चात् जिप पूर्ण रूपमा नष्ट भएपछि चौमलाबाट स्कर्टिङ्मा गएको प्रहरी घटनास्थलमा पुगेको थियो। आगजनी गरी भागिरहेका आन्दोलनकारीमध्ये पहलमानपुर गाविसका दानबहादुर रावल, टङ्क विक र महेश चौधरीलाई प्रहरीले गिरफ्तार गरेको थियो।

अज्ञात समूहबाट

धनगढी नपा-१ मा रहेको नेपाली काङ्ग्रेसको पार्टी कार्यालयमा ०६५ फागुन २ गते अज्ञात समूहले प्रेसरकुकर बम विस्फोट गराउँदा कार्यालय भवनमा सामान्य क्षति भयो। विस्फोटनबाट सो पार्टी कार्यालयनजिकै रहेको नेपाल राष्ट्रिय दलित नेटवर्कको कार्यालयका सिसाहरूमा समेत क्षति भयो। नेपाली काङ्ग्रेस, एमालेलगायतका राजनीतिक दलहरूले ०६५ फागुन ३ गते छुट्टाछुट्टै प्रेस विज्ञप्ति जारी गर्दै विस्फोटनको विरोध गरे।

खैलाड गाविस, कोटातुल्सीपुर गाविस, मर्नारा गाविस, उदासीपुर गाविस र श्रीपुर गाविसको कार्यालयमा मुखमा कालोपट्टी बाँधेको अज्ञात समूहले ०६५ फागुन १७, माघ २७, फागुन २३ र माघ १० गते आगजनी गऱ्यो।

साडेपानी गाविस-७ को जडैगाउँमा स्थित सामुदायिक वनको कुमार सुनार, गोमादेवी भुसाल, अनिल विक, वीरबहादुर विक, रामकुमार सुनार, सुन्तली सार्की, हरिप्रसाद चौधरी, सीता थापामगर, खगिसरा सुनार, सुनीता चौधरी, रति विक र गोरख नेपालीलगायतका १७ टहरामा ०६५ फागुन २५ गते अज्ञात समूहले आगजनी गर्दा टहराभित्र रहेको खाद्यान्न तथा लत्ताकपडा सबै जलेर नष्ट भयो।

चुहा गाविस-९ बाहुनपुर निवासी एकीकृत माओवादीको थारु राज्यसमिति सचिवालय सदस्य ४० वर्षीय तिलक विष्टको घरनजिक रहेको गोठमा ०६५ चैत २२ गते बम विस्फोटन हुँदा गोठमा रहेका छओटा खसीबाख्रा जलेर मर्नुका साथै खाद्यान्नसमेत नष्ट भयो। विष्टले सशस्त्र द्वन्द्वको समयमा लुकाएर राखेको विस्फोटक पदार्थ विस्फोटन भएको हुनसक्ने प्रहरीले बतायो।

श्रीपुर गाविस-३ स्थित लालपुरमा रहेको श्री चण्डेश्वरी निम्नमाध्यमिक विद्यालय प्रशासन कक्षमा ०६६ पुस ४ गते मध्यरातमा अज्ञात समूहले आगजनी गऱ्यो। उक्त आगजनीमा विद्यालयमा रहेका शैक्षिक सामग्री, शैक्षिक अभिलेख, अर्धवार्षिक परीक्षाका सम्पूर्ण पेपरहरू, काठका दराज, टेबुल, कुर्सी, बाकसलगायतका भौतिक सामग्री जलेर नष्ट भए।

अन्यबाट

सुदूरपश्चिमाञ्चल विश्वविद्यालय धनगढीमा हुनुपर्ने माग गर्दै आन्दोलन गरेका विद्यार्थीहरूले ०६५ फागुन २५ गते धनगढीस्थित सडक डिभिजन कार्यालय, नगरपालिकाको कार्यालय, जिल्ला शिक्षा कार्यालय, उच्च शिक्षा परिषद्को कार्यालय, सहरी विकास आयोजनाको कार्यालय, जिल्ला कृषि विकास कार्यालय, जिल्ला पशु सेवा कार्यालय र जिल्ला बीउबिजन कार्यालयमा ढुङ्गामुढा प्रहार गरी भवनका सिसाहरू तोडफोड गरे।

बलिया गाविस-८ स्थित लम्की बजारमा थरुहट संयुक्त सङ्घर्ष समितिका कार्यकर्ताले ०६६ वैशाख ९ गते आह्वान गरेको अश्चितकालीन आमहडतालविरुद्ध सोही दिन स्थानीय व्यापारीहरूले विरोध प्रदर्शन गरी थरुहट कार्यकर्ताका २५ ओटा साइकल जलाएर नष्ट गरे। थरुहट संयुक्त सङ्घर्ष समितिले ०६६ वैशाख १० गते प्रेस विज्ञप्ति प्रकाशित गरी घटनाको विरोध गरे।

थरुहट संयुक्त सङ्घर्ष समितिद्वारा आगजनी गरिएको बस

Far westren:Layout 1 2/14/2010 12:33 PM Page 513

थरुहट संयुक्त सङ्घर्ष समितिद्वारा आगजनी गरिएको साडेपानी गाविस भवन

डुडेझारी घटनामा प्रहरीले सुकुम्बासीमाथि दमन गरेको भन्दै वन कब्जा गरी बसेका व्यक्तिहरूले बलिया गाविस-८ डुडेझारीस्थित पूर्वपश्चिम लोकमार्गमा ०६६ मङ्सिर २० गते बिहान सातओटा सार्वजनिक यातायातका साधनमा आगजनी गरे। प्रहरीले आफ्नो सवारी साधनको कुनै सुरक्षा नदिएको गाडी चालकहरूले बताए।

सम्पति कब्जा

एकीकृत माओवादीबाट

चुहा गाविस-६ बाघमराका शङ्करमान बोहराको २ बिघा १० कट्टा जग्गाको धानबाली तथा सोही ठाउँका खेमराज पाण्डेको १० कट्टाको धानबाली ०६६ कात्तिक ४ गते एकीकृत माओवादीको भ्रातृसङ्गठन अखिल नेपाल किसान सङ्घ (२००७) का कार्यकर्ताले लुटे। अखिल नेपाल किसान सङ्घ जिल्ला अध्यक्ष प्रेम बीसीले उक्त धानबाली शङ्करमान बोहरा र खेमराज पाण्डेको नभएर जमिनदार विश्वनाथ उप्रेतीको जग्गा भएको र विगतदेखि माओवादीको कब्जामा भएको धानबाली अखिल नेपाल सुकुम्बासी सङ्घले ०५७ सालदेखि नियमित लिइरहेको बताए। कब्जा लिएको धानबाली भूमिहीन, सुकुम्बासी, मुक्त कमैयालगायतका व्यक्तिहरूलाई वितरण गरिएको उनले बताए। सोही घटनामा संलग्न भएको आरोपमा इलाका प्रहरी कार्यालय टीकापुरले दोदोधारा गाविस-८ का रामबहादुर विक, आशाराम चौधरीलाई ०६६ कात्तिक ८ गते गिरफ्तार गऱ्यो। गिरफ्तार परेका दुवै जनालाई जिल्ला अदालतले ०६६ कात्तिक २८ गते २५ हजार रुपियाँ धरौटीमा छाड्ने आदेश दियो।

पबेरा गाविस-९ गोवरैलाका ७४ वर्षीय खड्गवीर चौधरीको आठ बिघा जग्गामा लगाएको धानबाली ०६६ कात्तिक ५ गते दिउँसो ४ बजे अखिल नेपाल किसान सङ्घका कार्यकर्ता दशिराम चौधरीको नेतृत्वमा आएको ४ सय जनाको समूहले काटेर लग्यो। पीडित चौधरीको पबेरा गाविस र हसुलिया गाविसमा रहेको चार/चार बिघामा लगाएको धानबाली माओवादीले कब्जा गरी लगेको भन्दै हसुलिया गाविस-६ का सुरेन्द्र चौधरी, पबेरा गाविस-६ का दशिराम चौधरी, ललितप्रसाद चौधरी, पर्शुराम चौधरी, रामबहादुर कठरिया, बनाउ चौधरी, कङ्गल चौधरी, जगदीश चौधरी, हसुलिया गाविसका कैलाश चौधरी, सुदर्शन ठाकुर, रतनपुर गाविसका कमल चौधरीलगायतका नाममा ०६६ कात्तिक ७ गते इलाका प्रहरी कार्यालय हसुलियामा किटानी जाहेरी दिए। लुटपाटमा संलग्न कसैलाई कारबाही भएको छैन।

स्वास्थ्य सेवाको अवस्था

जिल्ला अस्पतालमा यस वर्षको अन्त्यसम्ममा डाक्टर दरबन्दी २४ जना रहेकामा कार्यरत १४ जना रहेका छन् । जिल्लामा स्वास्थ्यकर्मीको दरबन्दी २ सय २० जना रहेकोमा कार्यरत २ सय १ जना रहेका छन्।

विगतको अनुगमन

माओवादीबाट

रामशिखरझाला गाविस-७ का सिम्थरीका २२ वर्षीय तेजराज बिनाडीलाई माओवादी कार्यकर्ताहरूले 'एकछिन तपाईंसँग काम छ, अहिले नै घर फर्किनु हुन्छ' भन्दै ०५९ मङ्सिर २४ गते घरबाट अपहरण गरी बेपत्ता पारेको सात वर्ष बित्दा पनि उनको अवस्था अज्ञात छ। अपहरण गरी लगेको सात वर्ष बित्दासमेत कसैले पनि बेपत्ता तेजराजको अवस्था सार्वजनिक गरेका छैनन्। द्वन्द्वका समयमा माओवादीको डरले कहींकतै उजुरी नदिएपछि उनलाई बेपत्ताको सूचीमा राख्न नसकेको पीडित परिवारले बताए। स्थानीय रामशिखरझाला गाविसको कार्यालयमा स्थिति सार्वजनिकका लागि ०६६ भदौ ४ गते पीडित परिवारले लिखित अनुरोध गरेका छन्।

Far westren:Layout 1 2/14/2010 12:33 PM Page 514

५.२ अछाम

जनसङ्ख्या : २,६१,३६३
साक्षरता प्रतिशत : ४५
महिला साक्षरता प्रतिशत : २५
क्षेत्रफल (वर्ग कि. मि.) : १,६८०
गाविस/नपा सङ्ख्या : ७५/०
सरकारी/निजी विद्यालय : ४००/८
क्याम्पस/उच्च मा.वि. : २/१८
अस्पताल/स्वास्थ्य चौकी : २/७६
मानव विकास सूचकाङ्कः ०.३५०
प्रतिपरिवार सरदर सङ्ख्याः ६

जेल र बन्दीहरू

'घ' श्रेणीको जिल्ला कारागारको बन्दी क्षमता १५ जनाको रहेको छ। यस वर्षको अन्त्यसम्म कैद तोकिएका १५ जना पुरुष र दुई जना महिला कैदी रहेका छन् भने कैद नतोकिएको ११ जना पुरुष र चार जना महिला थुनुवा रहेका छन्। आश्रित एक बालकसहित अछाम कारागारमा जम्मा ३३ जना बन्दीहरू रहेका छन्। बन्दीहरूलाई मनोरञ्जनका लागि टीभी मात्र उपलब्ध छ। जेलको भौतिक अवस्था कमजोर छ। बन्दीहरूका लागि कुनै आयमूलक तालिमको व्यवस्था छैन।

धम्की/कुटपिट

राज्यबाट

मङ्गलसेन गाविस-५ का २७ वर्षीय टेकेन्द्र शाहलाई जिल्ला प्रहरी कार्यालयभित्र बलात्कार भएकी भनिएकी महिला प्रहरीसँग राती बङ्करमा बसेको आरोपमा ०६६ असोज ११ गते जिल्ला प्रहरी कार्यालयका प्रहरीले कुटपिट गरे। पीडितलाई प्रहरीले छानबिन गरी ०६६ असोज १२ गते बिहान काका सुनीलविक्रम शाहको जिम्मामा रिहा गऱ्यो।

एकीकृत माओवादीबाट

बाटुलासैन गाविस-२ का ३५ वर्षीय भवानीप्रसाद न्यौपाने, २३ वर्षीय गजेन्द्रबहादुर खत्री, २२ वर्षीय जनकबहादुर विष्ट, सोही गाविस-८ का वीरबहादुर विष्ट, मानबहादुर विष्ट, नरबहादुर विष्ट, हीरा विष्ट, रेवन्ती विष्ट र रामारोशन गाविस-२ का ४० वर्षीय दयाराम साउदलाई भलिबल खेल्दा माओवादी सेनालाई हुटिङ् गरेको आरोपमा ०६५ चैत २६ गते रामारोशन गाविस-९ स्थित महोत्सव स्थलमा सोही गाविस-८ निवासी जनमुक्ति सेना नवलपरासी चौथो डिभिजनका सह-कमान्डर शक्ति भनिने २८ वर्षीय मानबहादुर रोकाया, सोही गाविस-९ निवासी तालबन्द सातौँ डिभिजनमा कार्यरत २५ वर्षीय चम्फा भनिने हिक्मत रोकाया, २६ वर्षीय बिजुली भनिने नवलसिंह रोकायाले कुटपिट गरे। पीडितहरूको उपचार मङ्गलसेनस्थित जिल्ला अस्पतालमा भयो। पीडकमध्ये शक्ति भनिने मानबहादुर रोकायाको नाममा ०६५ चैत २९ गते जिल्ला प्रहरी कार्यालयमा मुद्दा दायर गरियो। पीडक फरार भएकाले कुनै कारबाही भएको छैन। पीडक चढेर आएको ०००१ नम्बरको जिप जिल्ला प्रहरी कार्यालयको नियन्त्रणमा लिएकामा पछि माओवादीले फिर्ता लिएको छ। हालसम्म पीडितले राहत पाएका छैनन्।

वाईसीएलबाट

तोली गाविस-५ का २१ वर्षीय छत्रबहादुर रावललाई एमालेसम्बद्ध अनेरास्वविमा लागेको आरोपमा ०६६ साउन २४ गते तोली गाविस-५ स्थित गैरीगाउँमा वाईसीएल सदस्य कटक धामी, बमबहादुर धामी, अनेरास्वविमु (क्रान्तिकारी) अध्यक्ष केशव न्यौपाने र नेपाली काङ्ग्रेसका मक्र शाहीले कुटपिट गरे। घटनामा सख्त घाइते भएका रावल हालसम्म पनि दायाँ खुट्टा चलाउन सकिरहेका छैनन्। उनको उपचार काठमाडौँमा भयो। पीडितले घटना सम्बन्धमा कतै उजुरी दिएनन्।

अन्यबाट

जनालीवडाली गाविस-२ तेसिगे निवासी *रेडियो रामारोशन* एफएमका रिपोर्टर २२ वर्षीय टेकराज भण्डारीलाई बिना कारण ०६६ असोज ३० गते सोही गाविस-४ का २६ वर्षीय राम भण्डारी, २४ वर्षीय पुरन भण्डारी र २७ वर्षीय भरत भण्डारीले सोही गाविस-१ स्थित ठूलासैन बजारमा सख्त घाइते हुने गरी कुटपिट

Far westren:Layout 1 2/14/2010 12:33 PM Page 515

गरे। कुटपिटपछि पीडितले ०६६ कात्तिक १ गते जिल्ला प्रहरी कार्यालयमा कारबाहीका लागि निवेदन दिए। प्रहरीले पीडित र पीडक दुवै पक्षबीचमा छलफल गराई आइन्दा घटना नदोहोऱ्याउने, औषधी उपचारको खर्च पीडकले बेहोर्ने सर्तमा ०६६ कात्तिक ४ गते मिलापत्र भए पनि पीडकले औषधी उपचार गर्दा लागेको खर्च उपलब्ध गराएनन्।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस अदालतमा दुनियाँवादी फौजदारी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका चार थान र यस वर्ष दर्ता भएका ११ थान गरी जम्मा १५ थानमध्ये यस वर्ष छ थान फर्स्यौट भई नौ थान बाँकी रहे।

सरकारवादी फौजदारी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका चार थान र यस वर्ष दर्ता भएका १३ गरी जम्मा १७ थानमध्ये यस वर्ष छ थान फर्स्यौट भई ११ थान बाँकी रहे।

यसैगरी, देवानी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएको एक थान र यस वर्ष दर्ता भएका एक थान गरी जम्मा दुई थान नै फर्स्यौट भए। यसरी यस वर्षको अन्त्यसम्ममा जम्मा २० थान मुद्दा फर्स्यौट हुन बाँकी रहे।

यातना तथा अन्य क्रूर, अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

जिल्ला प्रहरी कार्यालय अछाममा कार्यरत डडेल्धुरा जिल्ला भागेश्वर गाविस-९ निवासी असई दानसिंह भण्डारी, बैतडी जिल्ला देहीमाडौं गाविस-९ निवासी प्रहरी हवल्दार करवीर थलारा, कञ्चनपुर जिल्ला दैजी गाविस निवासी हवल्दार विरादत्त बडु, दार्चुला जिल्ला वर्मदेव गाविस-९ निवासी हवल्दार वीरेन्द्र बम, बाजुरा वाई गाविस निवासी प्रहरी जवान नरिभान महतरा, बैतडी जिल्ला सिलिङ गाविस-७ निवासी जगदीश पाण्डेलाई ०६६ असोज २० र २१ गते दार्चुला जिल्ला धुलीगडा गाविस-१ घर भई जिल्ला प्रहरी कार्यालयमा कार्यरत महिला प्रहरी सुन्तली धामीलाई ०६६ असोज ११ गते राती सामूहिक बलात्कार गरेको आरोपमा महिला प्रहरीले चरम यातना दिए। हत्कडी लगाएका पीडितहरूको शरीरको सम्पूर्ण लुगा च्याती कुटपिट गर्नुका साथै संवेदनशील अङ्ग सुनिने गरी महिला प्रहरीहरूले यातना दिए। घटनाबारे जिल्लास्थित मानवअधिकारकर्मी, महिलाअधिकारकर्मी, नागरिक समाज र पत्रकारसहितको टोलीले जानकारी लिई आइन्दा यातना नदिनका लागि प्रहरी प्रशासनसँग अनुरोध गरेको थियो।

जिल्ला प्रहरी कार्यालयमा यातना दिइएका असई दानसिंह भण्डारी

बालअधिकार

जिल्ला शिक्षा कार्यालयका अनुसार विद्यालय जाने बालबालिकाहरूको कूल सङ्ख्या १ लाख ५ हजार १३ जना रहेकोमा ४ वर्ष भन्दा मुनिका बालबालिहरू ७ हजार ४ सय ३७ जना रहेका छन्।

ढुङ्गाचाल्ना गाविस-४ निवासी हाल माइतीघर भैरवस्थान गाविस-७ बस्दै आएकी ३० वर्षीया मागली नेपालीले ०६५ माघ २१ गते आफैँबाट जन्मेको बच्चाको दुई टुक्रा पारी हत्या गरिन्। लामो समयदेखि पतिसँग अलग बस्दै आएकी मागली नेपालीले अवैध गर्भधारण गरी पूरै मासमा बच्चा जन्माएकी थिइन्। पीडकले बच्चाको दुई टुक्रा पारी सोही गाविस-७ का ५४ वर्षीय आशाराम बुढाले आफ्नो बारीमा फालेको फेला परेपछि ०६५ फागुन २१ प्रहरी चौकी तुर्माखादमा जाहेरी दिए। घटनाको छानबिनपछि मागली नेपाली प्रहरीको थुनामा छिन्।

बारला गाविस-८ स्थित मालिका माविमा राहत शिक्षक कोटाको विषयलाई लिएर विवाद भएपछि ०६५ माघ २९ गतेदेखि ५ सय जना विद्यार्थीहरूले पढ्न पाएनन्। राहत शिक्षकमा नेपाली काङ्ग्रेस, माओवादी र एमालेले आफ्ना कार्यकर्तालाई समर्थन नगरेको भन्दै विद्यार्थी सङ्गठनलाई उठाई विद्यालयमा २७ दिनसम्म ताला लगाए। विद्यालयमा ०६५ मङ्सिर ६ गतेबाट नै विवाद सिर्जना भई अनेरास्ववियुले तालाबन्दी गऱ्यो। कक्षा १० को टेस्ट परीक्षाका लागि १५ दिन विद्यालय सञ्चालनमा आए पनि पुन: माघ २९ गतेबाट अनिश्चिकालीन तालाबन्दी भयो। राजनीतिक पार्टीबाट प्रत्यक्ष रूपमा विद्यालयमाथि भएको राजनीतिक गतिविधिका कारण विद्यार्थीहरू पढ्नबाट

Far westren:Layout 1 2/14/2010 12:33 PM Page 516

घटनाको प्रकार	गैर राज्यबाट								राज्यबाट		
	अन्यबाट					एकीकृत माओवादीबाट					
	घटना सङ्ख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना सङ्ख्या	पुरुष	जम्मा	घटना सङ्ख्या	पुरुष	जम्मा
गिरफ्तारी/यातना									१	६	६
कुटपिट	५	४	१		५	१	९	९	३	३	३
महिलाअधिकार	३		३		३						
बालअधिकार	१			१	१						
जम्मा	९	४	४	१	९	१	९	९	३	८	८

वञ्चित भए। शिक्षक पदपूर्ति गर्ने विषयमा ०६५ फागुन २५ गते सहमति भएपछि मात्र विद्यालय सञ्चालनमा आयो।

जिल्लाको सदरमुकाम मङ्गलसैनमा होटलमा काम गर्ने श्रमिक बालबालिकाको सङ्ख्या ३१ जना रहेको छ। जसमा २८ बालक र तीन बालिका छन्। श्रमिक बालबालिकालाई पुनर्स्थापना गरी जिल्लाको सदरमुकाम बालश्रमिक मुक्त घोषणा भएको छ। ०६५/०६६ को जिल्ला परिषद्बाट सो निर्णय भई ०६६ असार मसान्तसम्म पूरा गरी सक्ने भनिए तापनि हालसम्म एक जनालाई मात्र पुनर्स्थापना गरिएको छ भने बाँकी होटलमा काम गरिरहेका छन्।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

दार्चुला जिल्ला धुलीगडा गाविस-१ घर भई जिल्ला प्रहरी कार्यालय अछाममा कार्यरत महिला प्रहरी २२ वर्षीय सुन्तली धामीलाई ०६६ असोज ११ गते राती सोही कार्यालयमा कार्यरत डडेल्धुरा जिल्ला भागेश्वर गाविस-९ घर भई सोही कार्यालयमा कार्यरत सई दानसिंह भण्डारी, प्रहरी हवल्दारहरू बैतडी जिल्ला दहीमाडौँ गाविस-९ का करवीर थलारा, कञ्चनपुर जिल्ला दैजी गाविस-४ का विरादत्त बडु, दार्चुला जिल्ला वर्मदेव गाविस-९ का वीरेन्द्र बम, प्रहरी जवानहरू बाजुरा जिल्ला वाई गाविस-७ का नरिभान महतरा, बैतडी जिल्ला सिलिङ गाविस-७ का जगदीश पाण्डेले मासुमा भाँगो मिसाई ख्वाएर बेहोस पारी सामूहिक बलात्कार गरेको आरोपमा पीडितले ०६६ असोज १४ गते क्षेत्रीय प्रहरी कार्यालय दिपायलमा जानकारी गराई मेडिकल चेकजाँचका लागि निवेदन दिएकामा सोही दिन अञ्चल अस्पताल धनगढीमा स्वास्थ्य परीक्षण भएको थियो। पीडितले क्षेत्रीय प्रहरी कार्यालय र जिल्ला प्रहरी कार्यालय डोटीमा स्वास्थ्य चेकजाँचका लागि असोज १४ गते निवेदन दिएकी थिइन्। पीडितले पीडक भनिएका छ जनाको नाममा असोज २१ गते मुद्दा दायर गरेकी छन्। पीडितले आफू बलात्कार भएको जानकारी गराउँदा जिल्ला प्रहरी कार्यालय अछामले बेवास्ता गरेको आरोपमा क्षेत्रीय प्रहरी कार्यालयमा मुद्दा दायर गरेपछि प्रहरीको छानबिन समितिले पीडक भनिएका छ जनालाई ०६६ असोज १९ गतेदेखि निलम्बन गरेको थियो। घटनाको छानबिनका लागि पीडक र पीडित सबैको डीएनए परीक्षणका लागि असोज २८ गते नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान (नास्ट) पठाइयो। हाल निलम्बन गरिएका पीडकहरूमध्येबाट असई दानसिंह भण्डारी, हवल्दार बिरादत्त बडु, नरिभान महतरालाई प्रमाण नभेटिएको भन्दै जिल्ला प्रहरी कार्यालयले ०६६ कात्तिक १३ गते हाजिरी जरिवानामा रिहा गरेको छ। घटनाका दोषीको आरोपमा अदालतमा मुद्दा चलाइएका बैतडी जिल्ला दहीमाडौँ गाविस-९ का प्रहरी हवल्दार करवीर थलारा, दार्चुला जिल्ला वर्मदेव गाविस-९ का प्रहरी हवल्दार वीरेन्द्र बम र बैतडी जिल्ला सिलिङ गाविस-७ का जगदीश पाण्डेलाई ०६६ कात्तिक १४ गते जिल्ला अदालतको आदेश अनुसार पुर्पक्षका लागि थुनामा राखेको छ। ०६६ पुस २ गते पीडित र पीडक दुवै पक्षका बकपत्र तयार पारिएको छ। मुद्दा अदालती प्रक्रिया अनुसार बढिरहेको छ। सोही घटनाको राष्ट्रिय मानवअधिकार आयोग क्षेत्रीय कार्यालय धनगढीले असोज २५ देखि ३० गतेसम्म स्थलगत अध्ययन गरेको थियो। अध्ययनको प्रतिवेदनमा घटनाको निष्पक्ष अनुसन्धान

वाईसीएलबाट कुटपिट गरिएका छत्रबहादुर रावल

Far westren:Layout 1 2/14/2010 12:33 PM Page 517

गरिनुपर्ने, पीडकहरू निर्दोष हुन् भन्ने पर्याप्त प्रमाण नभएको हुँदा प्रमाणको आधारमा कारबाही अगाडि बढाइनुपर्ने उल्लेख गरिएको छ।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

दर्ना गाविसको आव ०६६/६७ को गाविस परिषद्मा रकम विनियोजनका विषयमा गाविसका वडा नं. १, ७, ६, ८ र २, ३, ४, ५, ९ का जनताबीच ०६५ फागुन ४ गते सदरमुकाम मङ्गलसेनमा आपसमा कुटपिट भयो। परिषद्मा आवश्यकताका आधारमा रकम विनियोजन नभएको भन्दै विवाद चर्किएको थियो। रकम विनियोजनका बारेमा ०६५ माघ २४ गते परिषद् स्थगित भएपछि समाधानका लागि जिल्ला विकास समितिको कार्यालयबाट पहल भयो। रकम विनियोजनमा दुईओटा माध्यमिक विद्यालय भएको गाविसमा विन्ध्यवासिनी माविलाई १ लाख, ऐश्वर्य माविलाई २ लाख र विद्युत्का लागि १७ लाख रुपियाँ विनियोजित गर्दा कुटपिट भयो। जिल्ला विकास समितिका स्थानीय विकास अधिकारी विश्वप्रकाश सुवेदीले दुवै पक्षका बीचमा छलफल गराउँदा पनि सहमति भएन। छलफलमा विद्युत्का लागि आर्थिक वर्ष ०६५/६६ मा विनियोजित गरेको ५ लाख रुपियाँको हिसाबकिताब हुनुपर्ने, सबैलाई समान हुने गरी आवश्यकताका आधारमा योजना तर्जुमा गरिनु पर्ने प्रस्ताव राख्दा वडा नम्बर २, ३, ४, ५ र ९ का जनताले नमानेपछि छलफल बिनानिष्कर्ष टुङ्गिएको थियो।

कार्यालय घेराउ/तालाबन्दी

जिल्ला शिक्षा कार्यालयमा ०६५ फागुन १५ गते विभिन्न विद्यालयमा कार्यरत राहत शिक्षकले अनिश्चितकालीन तालाबन्दी गरे। अन्य शिक्षकसरह सुविधा पाउनुपर्ने, राहत कोटाको खारेजी गरी दरबन्दी कायम गरिनुपर्ने, राहत शब्दको खारेजी गरिनुपर्ने, जिल्ला शिक्षा कार्यालयले नियुक्ति दिनुपर्नेजस्ता मागप्रति सम्बन्धित निकायले सुनुवाइ नगरेको भन्दै तालाबन्दी गरे। तालाबन्दीपछि जिल्ला शिक्षा कार्यालय र शिक्षक सङ्घर्ष समितिबीच छलफल भएपछि सोही दिन ताला खुलाइयो।

स्वास्थ्य सेवाको अवस्था

जिल्ला अस्पतालमा यस वर्षको अन्त्यसम्ममा डाक्टर दरबन्दी सङ्ख्या ४ जना रहेकामा कार्यरत २ जना रहेका छन् । जिल्लामा स्वास्थ्यकर्मीको दरबन्दी २ सय ४० जना रहेको छ।

५.३ डोटी

जनसङ्ख्या : २,४५,२८८
साक्षरता प्रतिशत : ५०
महिला साक्षरता प्रतिशत : २४
क्षेत्रफल (वर्ग कि. मि.) : २,०२५
गाविस/नपा सङ्ख्या : ५०/१
सरकारी/निजी विद्यालय : ३४४/१७
क्याम्पस/उच्च मा.वि. : १/१६
अस्पताल/स्वास्थ्य चौकी : ४/५१
मानव विकास सूचकाङ्कः ०.४२०
प्रतिपरिवार सरदर सङ्ख्याः ७

जेल र बन्दीहरू

'घ' श्रेणीको जिल्ला कारागारको बन्दी क्षमता ४५ जना रहको छ। यस वर्षको अन्त्यसम्ममा कैद तोकिएका १० जना पुरुष र कैद नतोकिएका १३ जना पुरुष गरी जम्मा २३ जना बन्दी रहेका छन्। कारागारभित्र आईसीआरसीले खानेपानीको ट्याङ्की निर्माण गरिदिनुका साथै शौचालयको पनि व्यवस्था गरिदिएको छ। इन्सेकलगायत आईसीआरसीले पनि आफ्ना मासिक, पाक्षिक तथा वार्षिक प्रकाशनहरू उपलब्ध गराउँदै आएका छन्। यसैगरी, कारागारभित्र जिल्ला विकास समितिले पुस्तकालयको व्यवस्था गरी विभिन्न प्रकारका पाठ्यसामग्री एवम् खेलकुदका सामग्रीहरू पनि उपलब्ध गराएको छ। कारागारमा सञ्चारमाध्यम रेडियो, टीभी, पत्रपत्रिका पनि उपलब्ध गराउने व्यवस्था गरेको छ।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

यस अदालतमा दुनियाँवादी फौजदारी मुद्दातर्फ

Far westren:Layout 1 2/14/2010 12:33 PM Page 518

घटनाको प्रकार	गैर राज्यबाट				राज्यबाट		
	अन्यबाट						
	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा	घटना सङ्ख्या	पुरुष	जम्मा
हत्या	१		१	१			
गिरफ्तारी/यातना					१	५	५
कुटपिट	३	३	१	३			
जातीय विभेद	५	१४	३	१७			
महिलाअधिकार	८		८	८			
बालअधिकार	१		१	१			
अमानवीय व्यवहार	१	१		१			
जम्मा	१८	१७	१४	३१	१	५	५

गत वर्षको जिम्मेवारी सरेर आएका २० थानमध्ये यस वर्ष ८ थान फर्स्यौट भई १२ थान बाँकी रहे। यस वर्ष दर्ता भएका १५ थानमध्ये एक थान फर्स्यौट भई १४ थान बाँकी रहे। यस वर्षको अन्त्यसम्ममा जम्मा २६ थान दुनियाँवादी फौजदारी मुद्दा फर्स्यौट हुन बाँकी रहे।

सरकारवादी फौजदारी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका आठ थान मुद्दामध्ये यस वर्ष दुई थान फर्स्यौट भई छ थान बाँकी रहे। यस वर्ष दर्ता भएका सात थान सरकारवादी फौजदारीमध्ये कुनै पनि फर्स्यौट भएन। यस वर्षको अन्त्यसम्ममा जम्मा १३ थान सरकारवादी फौजदारी मुद्दा फर्स्यौट हुन बाँकी रहे।

देवानी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका छ थान मुद्दामध्ये यस वर्ष दुई थान फर्स्यौट भई चार थान बाँकी रहे। यस वर्ष दर्ता भएको दुई थान मुद्दामध्ये कुनै पनि फर्स्यौट भएन। यस वर्ष जम्मा छ थान देवानी मुद्दा फर्स्यौट हुन बाँकी रहे। यसरी यस वर्षको अन्त्यसम्ममा जम्मा ४५ थान मुद्दा फर्स्यौट हुन बाँकी रहे।

पुनरावेदन अदालत

यस अदालतमा दुनियाँवादी फौजदारी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका पाँच थान मुद्दामध्ये यस वर्ष चार थान फर्स्यौट भई एक थान बाँकी रहे। यस वर्ष दर्ता भएका छ थान मुद्दामध्ये एक थान फर्स्यौट भई पाँच थान बाँकी रहे। यस वर्षको अन्त्यसम्म जम्मा छ थान दुनियाँवादी फौजदारी मुद्दा फर्स्यौट हुन बाँकी रहे।

सरकारवादी फौजदारी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका ३९ थानमध्ये यस वर्ष ३० थान फर्स्यौट भई नौ थान बाँकी रहे। यस वर्ष दर्ता भएका ५० थानमध्ये १६ थान फर्स्यौट भई ३४ थान बाँकी रहे। यस वर्षको अन्त्यसम्ममा जम्मा ४३ थान सरकारवादी फौजदारी मुद्दा फर्स्यौट हुन बाँकी रहे।

देवानी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका आठ थान मुद्दामध्ये चार थान फर्स्यौट भई चार थान बाँकी रहे। यस वर्ष दर्ता भएका ३१ थानमध्ये आठ थान फर्स्यौट भई २३ थान बाँकी रहे। यस वर्षको अन्त्यसम्ममा जम्मा २७ थान देवानी मुद्दा फर्स्यौट हुन बाँकी रहे। यसरी यस वर्षको अन्त्यसम्ममा जम्मा ७६ थान मुद्दा फर्स्यौट हुन बाँकी रहे।

यातना तथा अन्य क्रूर, अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गगुडा गाविस-८ का २४ वर्षीय कर्णबहादुर विक, ३४ वर्षीय हीरा विक, ३२ वर्षीय कालो भुल, २६ वर्षीय अर्जुन विक र ४५ वर्षीय भीमबहादुर विकलाई 'तिमीहरू बढी जान्ने भएका छौ' भन्दै प्रहरी चौकीका असई महेश कुँवरको आदेशमा हिरासतमा राखी कुटपिट गरे। सिमचौर गाविस-२ बाट ०६६ वैशाख १४ गते आएका जन्ती आफ्नो गाउँको मुखियाको घरआँगनमा नलगी सोझै विवाह-घरमा लगेको आरोपमा गरिएको कुटपिटको घटनाको विषयमा छानबिन गर्नका लागि ०६६ वैशाख १८ गते चवराचौतारा प्रहरी चौकीमा ल्याइएका गगुडा गाविस-८ का पीडितमध्ये भीमबहादुर विकको पछाडिको ढाडमा चोट लागेकाले स्थानीय मेडिकलमा आफ्नै खर्चमा उपचार गराए। अर्का पीडित कर्णबहादुर विकको पछाडिको ढाँडमा गम्भीर चोट लागी जिल्ला स्वास्थ्य कार्यालय डोटीमा उपचार सम्भव नभएपछि भारततिर गए। कर्णबहादुरका बुबाले आफ्नो छोरालाई कुटपिट गर्ने गैरदलितमाथि कारबाहीका लागि चवराचौतारा प्रहरी चौकीमा निवेदन दिँदा उल्टै यातना दिएकाले असई महेश कुँवरका नाममा ०६६ जेठ २१ गते जिल्ला अदालत डोटीमा कुटपिटको मुद्दा दायर गरे। सो मुद्दाको हालसम्म फैसला भएको छैन। पीडितले जिल्ला प्रहरी कार्यालयमा निवेदन दिँदादिँदै बेवास्ता गरेको र प्रहरी प्रशासनले नागरिक सुरक्षाको प्रत्याभूति गराउनुको सट्टा उल्टै नियन्त्रणमा लिई यातना दिने प्रहरीलाई कारबाहीका लागि प्रक्रिया अगाडि नबढाएको असार २२ देखि २४ गतेसम्म गरिएको इन्सेकको स्थलगत अध्ययनले निष्कर्ष दियो।

Far westren:Layout 1 2/14/2010 12:33 PM Page 519

बालअधिकार

वछैंन गाविस-४ की ११ वर्षीया बालिकालाई ०६५ पुस २१ गते दिउँसो २ बजे सोही गाउँका २० वर्षीय रमेश भनिने वीरबहादुर सार्कीले जङ्गलमा गाईगोरु चराइरहेका बेला जबरजस्ती बलात्कार गरेको भनी आरोपितका नाममा महिला विकास कार्यालय डोटीका तर्फबाट ०६५ पुस २८ गते मुद्दा दायर गऱ्यो। पीडितको जिल्ला स्वास्थ्य कार्यालय डोटीमा स्वास्थ्य परीक्षण भई जिल्ला अस्पतालमा उपचार भयो। घटना भएको गाविसमा महिला विकास कार्यालय डोटीले तालिम सञ्चालन गरिरहेकाले पीडितलाई महिला विकास कार्यालयका प्रतिनिधिहरूले नै जिल्लामा ल्याए भने आरोपितलाई सोही दिन बीपीनगर प्रहरी चौकीले गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालय डोटीमा पठायो। आरोपितलाई ०६५ माघ २३ गते जिल्ला अदालतले पुर्पक्षका लागि कारागार शाखा डोटीमा पठायो। पीडित हाल आफ्नै घरमा गई अध्ययन गर्दैछिन्।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

मुङ्भरा गाविस-४ की एक ३५ वर्षीया महिलालाई ०६६ साउन १३ गते सोही गाउँका ३५ वर्षीय महेन्द्र महराले खेतमा गइरहेको अवस्थामा हातपात गरी बलात्कारको प्रयास गरेको भनी पीडित महिलाले ०६६ साउन १९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। जिल्ला प्रशासन कार्यालय डोटीले आरोपित महेन्द्रविरुद्ध केही सार्वजनिक अपराध मुद्दा दर्ता गरेपछि प्रहरीले आरोपितलाई साउन २० गते गिरफ्तार गरेकामा २८ हजार रुपियाँ धरौटी बुझाएर साउन २६ गते रिहा भए।

पारिवारिक हिंसा

गाँजरी गाविस-२ की महामती कुँवरलाई पति लालबहादुर कुँवरले ०६५ पुस १२ गतेदेखि कुटपिट गर्दै आएको भनी ०६६ मङ्सिर १३ गते महिला विकास कार्यालय डोटीमा निवेदन दिइन्। बहुविवाह गरेका लालबहादुरले जेठी पत्नी महामतीलाई लगातार कुटपिट गरी दुःख दिइराखेकाले महिला विकास कार्यालय डोटीले कारबाहीका लागि जिल्ला प्रहरी कार्यालय डोटीलाई पत्राचार गऱ्यो। पीडकलाई हालसम्म कुनै कारबाही गरिएको छैन।

दिपायल सिलगढी नपा-३ की राजकुमारी टेलरलाई पति उमेश टेलरले ०६६ भदौ ५ गते कुटपिट गरी घरनिकाला गरे। आफूमाथि सौता ल्याई घरनिकाला गरी दुःख दिएकाले पीडकलाई कारबाही र आफूलाई न्याय दिलाइदिन महिला विकास कार्यालय र जिल्ला प्रहरी कार्यालय डोटीमा पीडितले सोही दिन निवेदन दिइन्। पीडकलाई हालसम्म कारबाही भएको छैन।

सबै प्रकारका जातीय विभेद

कालिकास्थान गाविस-६ का ३८ वर्षीया जनादेवी दमाई र ४५ वर्षीय झुस्से दमाईलाई घरभित्र पसी 'तिमीहरू गाउँमा बढी फुर्ति लगाउने' भन्दै ०६५ पुस २८ गते २४ वर्षीय धरि विश्वकर्मा, २८ वर्षीय देवी पार्की, १८ वर्षीय विसी लुहारले मरणासन्न हुने गरी कुटपिट गर्नुका साथै तिमीहरू 'यो गाउँबाट नै भागीजाउ' भन्दै धम्कीसमेत दिए। पीडित डरले रातभर छिमेकीको घरमा गई बसेको र भोलिपल्ट निवेदन दिन जिल्ला प्रहरी कार्यालय डोटीमा आएपछि छानबिन गर्न र वास्तविकता पत्ता लगाई दोषीलाई गिरफ्तार गरी ल्याउन इलाका प्रहरी कार्यालयलाई आदेश गऱ्यो। ती व्यक्तिहरूलाई इलाका प्रहरी कार्यालयका प्रहरीको टोलीले गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालयमा बुझाइ सोधपुछ गर्दा पुरानो रीसइबीका कारण त्यस्तो गरेको भन्दै गल्ती स्वीकार गरी अबदेखि त्यस्तो गरेमा कानुनी कारबाही भोग्ने सर्तको लिखित कागज गरी ०६५ माघ ३ गते मानवअधिकारकर्मीको रोहबरमा मुक्त भए।

गगुडा गाविस-८ का ४५ वर्षीय हर्कबहादुर विक, ४० वर्षीया पीउलीदेवी विक, २१ वर्षीय खड्कबहादुर विक, ३५ वर्षीय इन्द्र विक, ३२ वर्षीया शान्ति विक र ३६ वर्षीय अर्जुन विकलाई सिमचौर गाविस-२ बाट आएको दलितको जन्ती आफ्नो गाउँको मुखियाको घरआँगनमा नल्याएको आरोपमा ०६६ वैशाख १४ गते सोही गाउँका २४ वर्षीय वीरमल बम, २६ वर्षीय योगेन्द्र बम, २२ वर्षीय शेरबहादुर बम, २० वर्षीय जितेन्द्र बम र २४ वर्षीय भीमबहादुर बमले विवाहमण्डपमै गई कुटपिट गरी घाइते बनाए। पीडकहरूले विवाहको निम्तोमा गएको बहाना गरी विवाहको भोजमा पकाएको खानाको भाँडासमेत तुरुन्त खन्याउन लगाएको र हातपात गरी ढुङ्गामुढा प्रहार गरे। घाइतेहरूको उपचार गाउँको स्थानीय स्वास्थ्य चौकीमा भयो। घाइतेको प्रहरीले घाउजाँच गराएन। राती असुरक्षाका कारण भन्दै विवाह दोस्रो दिन बिहान सम्पन्न भयो। पीडितहरूले मोतीसिंह बम, जगतसिंह बम, वीरमल बम, पदम बम, भीमबहादुर बम, शेरबहादुर बम, योगेन्द्र बम, धर्म बमलगायत आठ जना गैरदलितका नाममा जिल्ला अदालत डोटीमा ०६६

Far westren:Layout 1 2/14/2010 12:33 PM Page 520

जेठ २१ मुद्दा दायर गरेकामा हालसम्म फैसला भएको छैन।

लामीखाल गाविस-७ का ३६ वर्षीय श्याम ओडलाई भारतबाट फर्किएर भेटघाट र जधौ नगरेको आरोपमा ०६६ असार २४ गते सोही गाउँका करि ओडको खेतमा रोपाइँ गरिरहेको समयमा ४० वर्षीय डम्बरबहादुर सिंहले फरुवाले कुटपिट गरे। छुट्याउन गएकी पीडितकी पत्नी सुन्तली ओडमाथि पीडकका भतिजा राजेन्द्र सिंहले हातपात गरी दुर्व्यवहार गरेलगत्तै रोपाइँ गर्न छोडेर रगताम्ये अवस्थामा प्रहरी चौकी बानेडुङ्ग्रीसैनमा गई पीडितले निवेदन दिए। पीडकलाई जिल्ला प्रहरी कार्यालयले ०६६ असार २५ गते सरकारी वकिलको कार्यालयमा पेस गऱ्यो। सरकारी वकिलमार्फत जिल्ला अदालतमा असार २६ गते पेस गर्दा सोही दिन पीडकलाई जातीय छुवाछूतको मुद्दामा निमित्त जिल्ला न्यायाधीश मनमोहन श्रेष्ठले २७ हजार रुपियाँ धरौटी लिई तारेखमा रिहा गरे। अर्का पीडक राजेन्द्र जिल्लामै भए पनि प्रहरीले फरार रहेको बतायो।

वाजककानी गाविस-३ का ३३ वर्षीय रूपसे पार्कीलाई 'त तल्लो जाति बढी भएको छस्' भन्दै ०६६ साउन ५ गते सोही गाउँका ३६ वर्षीय गोविन्दबहादुर खड्काले खेतबाट काम गरी फर्किदै गर्दा साइकलको चेनले कुटपिट गरे। पीडितले घटना भएको दोस्रो दिन बिहानै इलाका प्रहरी कार्यालय दिपायलमा आई निवेदन दिँदा खोजतलासका लागि गएको चार सदस्यीय प्रहरी टोलीले कुटपिट गर्ने व्यक्ति फरार भएको भन्दै उनको नाममा वारेन्ट जारी गऱ्यो। प्रहरीले उनको नाममा सार्वजनिक अपराधमा मुद्दा दर्ता गऱ्यो। पीडितको जिल्ला अस्पताल डोटीमा उपचार भयो। यसअघि पनि पीडकका नाममा बलात्कार र कुटपिटको मुद्दा जिल्ला अदालतमा चलिरहेको छ। गत वर्ष पनि पीडकले गाउँकी महिलामाथि हातपात गरी बलात्कार गर्न खोजेकाले गाउँलेहरू मिली इलाका प्रहरी कार्यालयमा बुझाएपछि जिल्ला अदालतमा पेस गर्दा तत्कालीन जिल्ला न्यायाधीश किरणकुमार पोखेलको एकल इजलासले जेल चलान गरी नौ महिनापछि रिहा गरेको थियो।

लामीखाल गाविस-७ का ३८ वर्षीय पुष्कर सिंहले सोही गाउँका ४० वर्षीय श्याम ओडलाई ०६६ साउन १२ गते जधौ नभनेको आरोपमा कुटपिट गरे। पीडितले ०६६ साउन १३ गते जिल्ला प्रहरी कार्यालय डोटीमा निवेदन दिए। त्यसपछि उप्रान्त यसरी विभेद नगर्ने भन्दै ०६६ साउन २४ गते जिल्ला प्रहरी कार्यालयमा दुवै पक्षबीच मिलापत्र भयो।

मुडेगाउँ गाविस-३ का ६० वर्षीय नरभान दमाई, ५८ वर्षीय जितबहादुर दमाई, ३० वर्षीय लालबहादुर दमाई, २४ वर्षीय बाजी दमाई, २३ वर्षीय तेज दमाई, ३० वर्षीय बाजी दमाई र २८ वर्षीय गणेश दमाई मुडेगाउँ गाविस-६ बाट ०६६ मङ्सिर २४ गते विवाहको जन्ती लिएर जाने क्रममा खातिवडा गाविस-६ मा सोही गाविसका लक्षी बोगटी, कैलाश बोगटी र कर्ण बोगटीले डुमहरू भनी ढुङ्गा प्रहार गरी घाइते बनाए। घटनामा नरभानको दायाँ हात भाँचियो भने जितबहादुरको दायाँ आँखामाथि गम्भीर चोट लाग्यो र लालबहादुरको हात र टाउकोमा चोट लाग्यो। गणेशको टाउकोमा गम्भीर चोट लाग्यो भने अन्य सामान्य घाइते भए। घाइतेमध्ये चार जनाको जिल्ला अस्पताल डोटीमा उपचार भयो भने अन्यको सुजङ्ग अस्पताल दिपायलमा उपचार भयो। असुरक्षा महसुस गरी पीडितहरू सोही दिन साँझ नै सुरक्षाका लागि इलाका प्रहरी कार्यालय दिपायलमा आए। घटनाको दोस्रो दिन प्रहरीले पीडकहरूलाई गिरफ्तार गऱ्यो। पीडितहरूलाई एकमुष्ट ४० हजार क्षतिपूर्ति दिने र कब्जामा लिएका बाजागाजा पीडितकै गाउँमा पुऱ्याउने भनी मङ्सिर २७ गते सहमति भएपछि सोही दिन पीडकहरू रिहा भए।

स्वास्थ्य सेवाको अवस्था

जिल्ला अस्पतालमा यस वर्षको अन्त्यसम्ममा डाक्टर दरबन्दी पाच जना रहेकामा कार्यरत एक जना, ४ जना रिक्त, स्टाफ नर्स छ जनाको दरबन्दी रहेकामा कार्यरत दुई जना, चारजना रिक्त, ल्याव टेक्निसियन दरबन्दी एक मा रिक्त एक, ल्याब असिस्टेन्ट दरबन्दी पाँच जना रहेकोमा कार्यरत चारजना, रिक्त एक ग्रामीण स्वास्थ्य कार्यकर्ता ५१ जना दरबन्दी रहेकोमा ४३ जना कार्यरत र रिक्त एक, अनमी १९ जना दरबन्दीमा १९ जना कार्यरत, अहेब दरबन्दी ५६ जनामा ५६ जना कार्यरत, हेल्थ असिस्टेन्ट दरबन्दी १५ मा कार्यरत १३ र दुई रिक्त, मातृशिशु कार्यकर्ता दरबन्दी ३९ जनामा ३९ जना कार्यरत रहेका छन्।

Far westren:Layout 1 2/14/2010 12:33 PM Page 521

५.४ बाजुरा

जनसङ्ख्या : १,२४,१९३
साक्षरता प्रतिशत : ३७
महिला साक्षरता प्रतिशत : २५
क्षेत्रफल (वर्ग कि. मि.) : २,१८८
गाविस/नपा सङ्ख्या : २७/०
सरकारी/निजी विद्यालय : २०९/३
क्याम्पस/उच्च मा.वि. : १/३
अस्पताल/स्वास्थ्य चौकी : १/२७
मानव विकास सूचकाङ्कः ०.३१०
प्रतिपरिवार सरदर सङ्ख्याः ६

जेल र बन्दीहरू

'घ' श्रेणीको यस जिल्ला कारागारको क्षमता २५ जनाको रहेको छ। हाल यस कारागारमा कैद तोकिएका १९ जना पुरुष रहेका छन् भने तीन जना थुनुवासमेत गरी जम्मा २२ जना रहेका छन्। कारागार भवन जीर्ण छ। खानेपानीको सुविधा भए पनि व्यवस्थित छैन। कैदीका लागि एउटा क्यारेमबोर्ड र टीभी उपलब्ध गराइएको छ। कैदीहरूले नियमानुसार पाउने सरकारी सुविधा निरन्तर पाइरहेका छन्।

धम्की/कुटपिट

राज्यबाट

कुल्देवमाडौं गाविस-६ झालीका २५ वर्षीय शक्ति शाह र उनका घरपरिवारका महिलाहरूलाई ०६५ माघ ६, ७ र ८ गते हनुमानध्वज गुल्ममा कार्यरत डबल भट्टलगायत तीन जना सैनिक जवानले टेलिफोनमा गालीगलौज र दुर्व्यवहार गरे। पीडितहरूले हनुमानध्वज गुल्मका प्रमुख भोला थापालाई ०६५ माघ ८ गते मौखिक उजुरी दिएपछि थापाले घटनाबारे छानबिन गरी आफूले पीडकहरूलाई कडा कारबाही गरेको र आगामी दिनमा यस्तो घटना नदोहोरिने प्रतिबद्धता व्यक्त गरे। थापाले कारबाहीको प्रकृतिका बारेमा भने बताएनन्।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत बाजुरामा दुनियाँवादी फौजदारी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका दुई थान मुद्दामध्ये यस वर्ष एक थान फर्स्यौट भई एक थान बाँकी रहे। यस वर्ष दर्ता भएका तीन थानमध्ये एक थान फर्स्यौट भई दुई थान बाँकी रहे। यस वर्षको अन्त्यसम्ममा दुनियाँवादी फौजदारी मुद्दा तीन थान फर्स्यौट हुन बाँकी रहे।

सरकारवादी फौजदारी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका दुई थानमध्ये यस वर्ष दुवै थान फर्स्यौट भए। यस वर्ष दर्ता भएका चार थानमध्य सबै थान फर्स्यौट हुन बाँकी रहे। यस वर्षको अन्त्यसम्ममा सरकारवादी फौजदारी मुद्दा चार थान फर्स्यौट हुन बाँकी रहे।

देवानी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका दुई थान मुद्दा यस वर्ष फर्स्यौट भए। यस वर्ष दर्ता भएका चार थानमध्ये एक थान फर्स्यौट भई तीन थान बाँकी रहे। यस वर्षको अन्त्यसम्ममा देवानी मुद्दा तीन थान फर्स्यौट हुन बाँकी रहे। यसरी यस वर्षको अन्त्यसम्ममा जम्मा १७ थान मुद्दाहरूमध्ये सात फर्स्यौट भई १० थान बाँकी रहे।

बालअधिकार

यस शैक्षिक सत्रमा निमावि तहसम्म अध्ययनरत दलित, छात्रा तथा गरिब विद्यार्थीले सरकारले उपलब्ध गराउँदै आएको छात्रवृत्तिको पूरा रकम पाएनन्। छात्रवृत्तिका हकदार विद्यार्थीहरूले पाउनुपर्ने रकम अधिकतम ५ सय २५ देखि न्यूनतम १ सय ७५ रुपियाँ हो। अति गरिब दलित विद्यार्थीलाई तोकिएको अधिकतम र सामान्यलाई न्यूनतम मापदण्डको रकम उपलब्ध गराउनु पर्ने हुन्छ। तर, जिल्लामा रहेका २ सय २ विद्यालयमा अध्यनरत छात्रवृत्ति पाउनुपर्ने विद्यार्थीहरूले अधिकतम १ सय ५० रुपियाँका दरले दामासाहीले छात्रवृत्ति रकम प्राप्त गरे। रकम उपलब्ध गराउने जिल्ला शिक्षा कार्यालयले भने उपल्लो निकायबाटै अपुग रकम निकासा आएकाले यो समस्या आएको बतायो।

जगन्नाथ गाविस-७ डिमरगाउँकी एक १२ वर्षीया बालिकालाई ०६५ फागुन १ गते राती

Far westren:Layout 1 2/14/2010 12:33 PM Page 522

घटनाको प्रकार	गैर राज्यबाट				राज्यबाट			
	अन्यबाट							
	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा
कुटपिट	१	१		१	१	१		१
धम्की					१	१	१	२
जातीय विभेद	३	६		६				
महिलाअधिकार	१६		१६	१६				
बालअधिकार	५		५	५				
जम्मा	३५	७	३१	३८	२	२	१	३

गाउँनजिकैको पानी घट्टमा गहुँ पिस्न गएको बेला स्थानीय बलबहादुर विष्ट, छप्पीलाल रोकाया, बल खत्री, गोरे विष्ट र चन्द्रवीर विष्टले घट्टभित्र थुनेर सामूहिक बलात्कार गरेको भनी पीडितको जिल्ला अस्पतालमा उपचार भयो। पीडितका अभिभावकले अधिकारकर्मीको पहलमा ०६५ फागुन ५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिएपछि प्रहरीले आरोपितहरूमध्ये बल खत्री र गोरे विष्टलाई ०६५ फागुन ७ गते र अन्य तीन जनालाई ०६६ जेठ १५ मा वारेन्ट पुर्जी जारी गरेपछि आफैँ अदालतमा उपस्थित भए। सो मुद्दाको ०६६ कात्तिक १९ गते फैसला भई हाल आरोपितहरू जिल्ला कारागारमा कैदी जीवन बिताइरहेका छन्।

प्रधानसेनापति प्रकरणमा राष्ट्रपति डा. रामवरण यादवको निर्णय असंवैधानिक भएको भन्दै शेरबहादुर सार्कीको नेतृत्वमा रहेको एकीकृत माओवादीका कार्यकर्ताको समूहले ०६६ असार १ गते सदरमुकाम मार्तडीमा रहेका मालिका उच्च माध्यमिक विद्यालय, बालमन्दिर प्रावि, बडीमालिका बोर्डिङ् स्कुल र कन्वर्स एकेडेमीको विद्यालय हातामै प्रवेश गरी जबरजस्ती विद्यालय बन्द गराएपछि यी विद्यालयमा अध्ययनरत १ हजार ५ सय विद्यार्थीको पठनपाठन त्यस दिन अवरुद्ध भयो।

साप्पाटा गाविस-९ की १४ वर्षीया बालिकालाई ०६६ साउन १८ गते राती बुबाथाडी लेकको जङ्गलमा रहेको आफ्नै गोठमा बास बसेका बेला सोही गाउँका २१ वर्षीय वीरेन्द्र भियाल, १६ वर्षीय जङ्ग विक र २२ वर्षीय मनोज विकले सामूहिक बलात्कार गरेको भनी बालिकाका काकाले ०६६ साउन २९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। पीडितको उपचार अभिभावकले गाउँमै गरे। प्रहरीले ०६६ साउन ३२ गते आरोपितहरूमध्ये जङ्ग विकलाई पक्राउ गरी जबरजस्ती करणी अन्तर्गत मुद्दा चलाई वीरेन्द्र भियाल र मनोज विकलाई पुर्पक्षका लागि जिल्ला कारागारमा पठायो भने जङ्ग विकलाई तारेखमा राख्यो।

ब्रह्मतोला गाविस-१ की १६ वर्षीया बालिकालाई ०६६ असोज १७ गते बुढीगङ्गा-३ बाउकुडो गाउँका हंश साउदले आफ्ना साथीहरूको सहयोगमा बिहे गर्ने भन्दै बुढीगङ्गा गाविस-१ मनागाउँबाट अपहरण शैलीमा जबरजस्ती गरी लगे। काल्चे साउद, मनी साउद, गणेश साउद, चक्र साउद, निर्ग साउद, शेरबहादुर साउद, गोरे साउदसहित हंशले मावली घरमा दसैँको मेला हेर्न गएका बेला राती लछारपछार गरी बेहोस अवस्थामा पारसालाई लिएर गए। घटनाको भोलिपल्ट आमा गेडीदेवीले केटा पक्षको घरमा गई छोरीको अवस्थाबारे जानकारी माग्न खोज्दा उल्टै गेडीसहित खम्म थापा, बहादुर थापालाई कुटपिट गरी घाइते बनाए। गेडीको स्थानीय मेडिकलमा उपचार गरिएको थियो। पीडकहरूले पारसालाई कोठामा बन्द राखी कुटपिट गरेर घटनाको सातौँ दिनसम्म माइती पक्षलाई पारसाको अवस्थाबारे कुनै जानकारी गराएनन्। गेडीदेवीले ०६६ असोज २४ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी गरिन्। प्रहरीले हंशलाई पक्राउ गरी सार्वजनिक मुद्दा चलायो। २८ हजार २ सय ५० रुपियाँ धरौटी राखेर हाल उनी तारेखमा रिहा भए।

नेपाली काङ्ग्रेस पार्टीले ०६६ मङ्सिर १२ गते कोल्टीस्थित जनप्रकाश उच्च माध्यमिक विद्यालयमा आफ्नो पार्टीको कार्यक्रम सञ्चालन गर्दा विद्यालय बन्द भई त्यहाँ अध्ययनरत ५ सय विद्यार्थीहरूको पठनपाठन अवरुद्ध भयो।

एकीकृत माओवादीले गरेको आमहडतालका कारण ०६६ पुस ५ गतेदेखि ७ गतेसम्म तीन दिन लगातार जिल्लाभरिका २ सय विद्यालय बन्द भए। बन्दका कारण यी विद्यालयमा अध्ययनरत ३० हजार विद्यार्थीको पठनपाठन अवरुद्ध भयो।

कैलालीको डुडेझारी घटनाको विरोधस्वरूप एमाओवादीले बन्द आयोजना गरेको जनाउँदै ०६६ मङ्सिर २१ गते स्थानीय माओवादी कार्यकर्ताले कैलाशमाडौँ गाविसको पार्वती प्रस्तावित माध्यमिक विद्यालयको पठनपाठन बन्द गराउँदा विद्यालयमा अध्ययनरत ४ सय विद्यार्थीको पढाइ अवरुद्ध भयो।

Far westren:Layout 1 2/14/2010 12:33 PM Page 523

जिल्लाका सामुदायिक तथा सरकारी विद्यालयमा अध्ययनरत निमावि तहसम्मका अधिकांश विद्यार्थीहरूले शैक्षिक-सत्र सुरु भएपछि ०६६ वैशाख महिनादेखि साउन महिनासम्म जिल्लाका ३८ हजार ७ सय ४९ मध्ये १५ हजार विद्यार्थीले नि:शुल्क पाठ्यपुस्तक नपाउँदा उनीहरूको पठनपाठनमा अवरोध भयो।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार पारिवारिक हिंसा

मार्तडी गाविस-८ की २९ वर्षीया कल्धरी विकलाई ०६५ माघ १९ गतेदेखि विभिन्न मितिमा १९ पटकसम्म पति गोरे विकले अन्य पुरुषसँग लागेको आरोप लगाउँदै मदिरा सेवन गरी घरमै कुटपिट गर्ने गरेकामा ०६६ मङ्सिर ३० गते निधारमा गहिरो चोट हुने गरी कुटपिट गरी घाइते बनाए। पीडितको जिल्ला अस्पतालमा उपचार गराइयो। सामुदायिक प्रहरी सेवा केन्द्रमा पटकपटक उजुरी दिँदा केन्द्रका पदाधिकारीसमक्ष आफूले घटना नदोहोऱ्याउने लिखित कागज गरी मिलापत्र गरे पनि पीडकले घटना दोहोऱ्याउँदै आएपछि उनीविरुद्ध अधिकारकर्मीको सहयोगमा ०६६ पुस १ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दर्ता गरेपश्चात् प्रहरीले पक्राउ गरी थुनामा राख्यो।

मार्तडी गाविस-८ की ३४ वर्षीया लक्षुदेवी चँदारालाई ०६५ माघ २० गते पति जया चँदाराले मदिरा सेवन गरी आफ्नै घरमा कुटपिट गरे। पीडितले माघ २१ गते मार्तडीस्थित सामुदायिक प्रहरी सेवा केन्द्रमा उजुरी दिएपछि केन्द्रका पदाधिकारीको रोहवरमा दुवै पक्षबीच सोही दिन मिलापत्र भयो।

पाण्डुसेन गाविस-८ पिरेकोटकी २१ वर्षीया विनीता शाहीलाई ०६६ साउन १० गते सासू चञ्चला र ससुरा बलबहादुर शाहीले दुर्व्यवहार गर्दै घरबाट निकाला गरे। पीडितले साउन १२ गते सदरमुकाम मार्तडीस्थित सामुदायिक प्रहरी सेवा केन्द्रमा उजुरी दिएपछि सासूससुरा भारततर्फ भागेको केन्द्रका प्रहरीले बताए। त्यसै दिन महिला अधिकार मञ्चका अध्यक्ष रुक्मिणी शाहको जिम्मा लगाई पीडितलाई घर फर्काइएको थियो।

बुढीगङ्गा गाविस-९ की २२ वर्षीया पारुदेवी बढुवाललाई ०६६ भदौ १ गते पति कृष्ण बढुवालले मदिरा सेवन गरी कुटपिट गरे। पीडितले ०६६ भदौ १ गते सामुदायिक प्रहरी सेवा केन्द्रमा उजुरी गरे पनि केन्द्रका प्रहरीले दुवै पक्षलाई झिकाउँदा पीडितले कारबाहीको माग गर्दै अडान गरेकाले उनीहरूबीच मिलापत्र हुनसकेन। जिल्ला प्रहरी कार्यालयका प्रहरी ०६६ भदौ ५ गते गाउँमै गएपछि घटना नदोहोऱ्याउने सर्तमा उनीहरूबीच मिलापत्र भयो।

बुढीगङ्गा गाविस-७ की २२ वर्षीया धौलीदेवी बढुवाललाई ०६६ कात्तिक २९ गते पति धनबहादुर बढुवालले बच्चा जन्माउने क्षमता नभएको आरोपमा घरबाट निकाला गरे। पीडितले ०६६ मङ्सिर १ गते मार्तडीस्थित सामुदायिक प्रहरी सेवा केन्द्रमा उजुरी दिएपछि केन्द्रका प्रहरीले दुवै पक्षबीच सोही दिन मिलापत्र गरायो।

सबै प्रकारका जातीय विभेद

मार्तडी गाविस-८ का ४५ वर्षीय हर्क विकलाई अछूत भएको आरोपमा ०६५ माघ १८ गते सोही गाविस-५ मा व्यवसाय गरी बस्दै आएका ४६ वर्षीय पुजारी धर्मदेव उपाध्यायले मार्तडीस्थित बडीमालिका इङ्गलिस बोर्डिङ् स्कुलले आयोजना गरेको सरस्वती पूजामा जान रोके। विद्यालय व्यवस्थापन समितिले सरस्वती पूजाको अघिल्लो दिन विद्यालयमा अध्ययनरत विद्यार्थीका सबै अभिभावकलाई पूजाका लागि लिखित निमन्त्रणा पठाए अनुसार पूजाका लागि गए पनि बहिष्कृत भएपछि पीडितले इन्सेकलगायत दलित सामाजिक कार्यकर्ताको सहयोगमा ०६५ माघ १९ गते प्रमुख जिल्ला अधिकारीसमक्ष मौखिक उजुरी गरे। उजुरीपछि पीडक र विद्यालयका प्रधानाध्यापक विनोद मिश्रले सोही दिन पीडितसमक्ष माफी मागे। पीडकलाई कानुनी कारबाही भएन।

जुगाडा गाविस-६ सटेडाका २६ वर्षीय डबल चँदारालाई ०६५ माघ २३ गते दलित भएर स्थानीय घटाला प्राविको व्यवस्थापन समितिको अध्यक्ष पद दावी गरेको आरोपमा सोही गाउँका धनबहादुर रोकायाले गाउँमै कुटपिट गरे। पीडितले घटनाको दोस्रो दिन जिल्ला प्रशासन र जिल्ला प्रहरी कार्यालयमा उजुरी दिएपछि प्रहरीले पीडकलाई कार्यालयमा झिकाइ भएको छलफलमा पीडकले गल्ती स्वीकार गरी आगामी दिनमा त्यस्तो व्यवहार नगर्ने भन्दै पीडितसमक्ष माफी मागेपछि दुवै पक्षबीच मिलापत्र भयो।

रुगीन गाविस-३ फैतीका नन्दवीर सार्की, जयलाल विक, धनवीर सुनार, नानाभाउ सार्की र जङ्ग विकका परिवारले आफूहरू हलिया भएको भन्दै हलियाको सूचीमा नाम लेखाएको आरोपमा ०६६ असार २० गते स्थानीय शङ्कर पाण्डेको नेतृत्वमा रहेको समूहले कुटपिटको प्रयास गरेपछि उनीहरू घरछोडी

Far westren:Layout 1 2/14/2010 12:33 PM Page 524

सुरक्षाका लागि सदरमुकाम मार्तडी गए। पीडितहरूले असार २१ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी गरेपछि प्रहरीले २३ गते पाण्डे पक्षधरलाई कार्यालयमा बोलाई दुवै पक्षबीच मिलापत्र गरायो। जिल्ला हलिया मुक्ति समाज नामक गैरसरकारी संस्थाले जिल्लामा भएका हलियाहरूको तथ्याङ्क सङ्कलन गर्ने क्रममा पीडितहरूले आफूहरू पाण्डे पक्षधरको हलिया रहेको भनी सूची भरेका थिए। पीडकहरूले आफूहरूको हलिया नरहेको र उनीहरूले नाम दर्ता गर्दा गलत सूचना दिई आफूहरूको बेइज्जती गरेको बताए।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

खाद्यान्न सङ्कट

लामो अवधिको खडेरी र नेपाल खाद्य संस्थानको कोल्टी डिपोले चामल आपूर्ति नगरेकाले ०६५ माघ र ०६६ आसार महिनाभरि जिल्लाको पूर्वोत्तर क्षेत्रका रुगीन, बाँधु, कोल्टी, जगन्नाथ, पाण्डुसेन, साप्पाटा, जुकोट, गोत्री, कोटिला र बिच्छ्या गरी ११ गाविसका घरमा न्यून खाद्य व्यवस्था हुने ५ सयभन्दा बढी परिवार खाद्यान्न सङ्कटको चपेटामा परे। जिल्लास्थित अधिकारकर्मी र नागरिक समाजको दबाबपछि संस्थानले साउन २ गतेदेखि कोल्टी क्षेत्रमा चामलको आपूर्ति गरेपछि खाद्यान्न समस्या तत्कालका लागि टरेको थियो।

स्वास्थ्य सेवाको अवस्था

जिल्ला अस्पतालमा चिकित्सक दरबन्दी ३ ओटा रहेको भएपनि तीनओटै रिक्त, स्वास्थ्यकर्मी ६२ जना रहेका छन् ।

५.५ बझाङ

जनसङ्ख्या : १,९३,१०३
साक्षरता प्रतिशत : ४१
महिला साक्षरता प्रतिशत : २२
क्षेत्रफल (वर्ग कि. मि.) : ३४२२
गाविस/नपा सङ्ख्या : ४७/०
सरकारी/निजी विद्यालय : ३७२/९
क्याम्पस/उच्च मा.वि. : १/२४
अस्पताल/स्वास्थ्य चौकी : १/४६
मानव विकास सूचकाङ्कः ०.३४३
प्रतिपरिवार सरदर सङ्ख्याः ७

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या

बेवारिसे विस्फोटक पदार्थबाट

कफलसेरी गाविस-२ निवासी महादेव मावि अठ्पालीका कक्षा २ मा अध्ययनरत आठ वर्षीया राजन बोहराको विद्यालयबाट घर फर्कने क्रममा विद्यालयको पुरानो भवन हातामा रहेको प्लास्टिकको थैलीभित्र राखिएको बेवारिसे सकेटबम चलाउँदा विस्फोट भई ०६६ जेठ १९ गते मृत्यु भयो। विस्फोटनमा परी सोही गाविस-४ का १० वर्षीय मोहन बोहरा र आठ वर्षीया राधा बोहरा गम्भीर घाइते भए। उक्त बेवारिसे बम सशस्त्र द्वन्द्वका क्रममा माओवादीले विद्यालय भवनभित्र लुकाइ राखेको हुनसक्ने अनुसन्धानमा गएका बुगल प्रहरी चौकीका हवल्दार बलबहादुर रानाले बताए। घाइतेहरूको बिजगडा स्वास्थ्य चौकीमा प्राथमिक उपचारपछि थप उपचार डडेल्धुराको टिम अस्पतालमा गरियो।

Far westren:Layout 1 2/14/2010 12:33 PM Page 525

अज्ञात समूहबाट

रिठाँपाटा गाविस-८ देवलका २८ वर्षीय दीपक धामीलाई ०६६ असोज ६ गते राती अज्ञात समूहले चैनपुर गाविस-१ स्थित बाहुली खोलाको झोलुङ्गे पुलमा हत्या गरी लास खोलामा फाल्यो। पीडितका बाबु मनगिरी धामीले जिल्ला प्रहरी कार्यालयमा पीडकलाई कारबाही गर्न असोज ७ गते जाहेरी दिए। पीडितको लासको पोस्टमार्टम ०६६ असोज ८ गते जिल्ला अस्पताल सिमखेतमा भयो। हाल हत्या गर्ने समूहको खोजी कार्य भइरहेको जिल्ला प्रहरी कार्यालयले बतायो।

घटनाको प्रकार	गैर राज्यबाट							
	अन्यबाट					एकीकृत माओवादीबाट		
	घटना सङ्ख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना सङ्ख्या	पुरुष	जम्मा
हत्या	३	३			३			
घाइते	१	१	१		२			
कुटपिट						१	१	१
धम्की	२	१		१३५	१३६			
जातीय विभेद	६	५	१	३५	४१			
महिलाअधिकार	१		१		१			
बालअधिकार	१		१		१			
जम्मा	१५	१०	४	१६०	१७४	१	१	१

जेल र बन्दीहरू

'ङ' श्रेणीको जिल्ला कारागारको बन्दी क्षमता २५ जनाको रहेको छ। यस वर्षको अन्त्यसम्ममा कैद तोकिएका नौ पुरुष र तीन महिला रहेका छन् भने कैद नतोकिएका आठ पुरुष रहेका छन्। यसरी जिल्ला कारागारमा जम्मा २० जना बन्दी रहेका छन्। कारागारभित्र खानेपानीका आपूर्ति सहज हुनाको साथै शौचालयको पनि व्यवस्था रहेको छ। सञ्चारका साधन, पत्रपत्रिका र अन्य प्रकाशनहरू उपलब्ध छ। तर कारागारको भवन भने पुरानो रहेको र त्यसलाई मर्मतसम्भार नहुँदा जीर्ण बन्दै गएको छ।

धम्की/कुटपिट

एकीकृत माओवादीबाट

चैनपुर गाविस-१ जयपृथ्वी क्याम्पसमा स्वयिु निर्वाचनमा मतदान गर्नका लागि अनेरास्वयिुले ५० जना विद्यार्थी भर्ना गरेको आरोपमा ०६५ चैत ४ गते अनेरास्वयिु (क्रान्तिकारी)का विद्यार्थीहरूले ती विद्यार्थीहरूको भर्ना फिर्ता नलिए कम्तीमा पाँच जनाको हत्या गर्ने धम्की दिए। धम्कीपछि अनेरास्वयिुका विद्यार्थीहरूले आफूहरू असुरक्षित भएको भन्दै ०६५ चैत ४ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। पीडित विद्यार्थीहरू सो दिन सुरक्षा निगरानीमा बसे। दोस्रो दिन जिल्ला प्रशासन कार्यालयमा दुवै पक्षका ५० जना विद्यार्थीमध्ये १४ जना भर्ना हुने समय सकिएपछि भर्ना भएकाले १४ जना निकाल्ने सहमति भयो। सहमतिपश्चात् चैत ६ गते हुने भनिएको स्वयिु निर्वाचन चैत ९ गते सम्पन्न भयो।

पाटादेवल गाविस-५ छान्ना निवासी एमाले कार्यकर्ता २६ वर्षीय त्रिभुवन खड्कालाई एमाले पार्टीमा आस्था राखेको ०६६ मङ्सिर २० गते एकीकृत माओवादीका कार्यकर्ता २८ वर्षीय दीपक रोकायालगायत १५-२० जनाको समूहले जिल्ला सदरमुकाम चैनपुरमा कुटपिट गऱ्यो। पीडित पक्षले सोही दिन जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए पनि हालसम्म कुनै पीडकहरूलाई कारबाही भएको छैन।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा दुनियाँवादी फौजदारी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका २३ थान मुद्दामध्ये यस वर्ष १२ थान फर्स्यौट भई ११ थान बाँकी रहे। यस वर्ष दर्ता भएका १८ थानमध्ये १ थान फर्स्यौट भई १७ थान बाँकी रहे। यस वर्षको अन्त्यसम्ममा २८ थान दुनियाँवादी फौजदारी मुद्दा फर्स्यौट हुन बाँकी रहे।

सरकारवादी फौजदारी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका ९ थान मुद्दा र यस वर्ष दर्ता भएका ४ थान मुद्दामध्ये कुनै पनि फर्स्यौट भएन। यस वर्षको अन्त्यसम्ममा जम्मा १३ थान सरकारवादी फौजदारी मुद्दा फर्स्यौट हुन बाँकी रहे।

देवानी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका ४७ थानमध्ये यस वर्ष १४ थान फर्स्यौट भई ३३ थान बाँकी रहे। यस वर्ष दर्ता भएका १७ थानमध्ये कुनै पनि फर्स्यौट भएन। यस वर्षको अन्त्यसम्ममा ५० थान देवानी मुद्दा फर्स्यौट हुन बाँकी रहे। यसरी यस वर्षको अन्त्यसम्ममा जम्मा ९१ थान मुद्दा फर्स्यौट हुन बाँकी रहे।

Far westren:Layout 1 2/14/2010 12:33 PM Page 526

बालअधिकार

जिल्ला शिक्षा कार्यालयका अनुसार विद्यालय जाने बालबालिकाहरुको कूल सङ्ख्या ७१ हजार २ सय २४ रहेकोमा चार वर्षभन्दा मुनिका बालबालिकाको सङ्ख्या १२ हजार ८ सय ४४ रहेको छ । यो वर्ष विद्यालय भर्ना भएका बालबालिकाको सङ्ख्या ५ हजार ४ सय २९ रहेको छ ।

प्रधानसेनापति रुक्माङ्गत कटवाल कारबाही प्रकरणमा राष्ट्रपति डा. रामवरण यादवले गरेको निर्णय असंवैधानिक भएको भन्दै जिल्ला इन्चार्ज जनक बुढाको नेतृत्वमा रहेको एकीकृत माओवादी कार्यकर्ताको एक समूहले ०६६ असार १ गते सदरमुकाम चैनपुर आसपासका १० ओटा विद्यालय बन्द गर्दा ३ हजार ५ सय बालबालिकाहरू पठनपाठनबाट वञ्चित भए।

स्याडी गाविस-८ भाराभीडकी एक १४ वर्षीया बालिकालाई ०६६ कात्तिक १६ गते बिहान ४२ वर्षीय वीरजित बोहरा, ४० वर्षीय नरबहादुर बोहराले राती आफ्नै घरमा सुतिरहेको बेला बलात्कार गरेको भनी पीडितका परिवारले आरोपितलाई नियन्त्रणमा लिई ०६६ कात्तिक १६ गते जिल्ला प्रहरी कार्यालय बझाङलाई बुझाए। आरोपितलाई बलात्कारको मुद्दामा पुर्पक्षका लागि जिल्ला कारागार चलान गरियो। बालिकाको उपचार जिल्ला अस्पताल सिमखेतमा भयो।

एकीकृत माओवादीले ०६६ पुस ५ देखि ७ गतेसम्म गरेको देशव्यापी आमहडतालका कारण जिल्लाका ४ सय २५ सरकारी तथा निजी विद्यालयका ५० हजार बालबालिकाहरू पठनपाठनबाट वञ्चित भए।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार पारिवारिक हिंसा

चैनपुर गाविस-८ भोपुरकी २६ वर्षीया विमला हमाललाई ०६५ माघ २५ गते पति ३० वर्षीय नारायण हमाल, उनका ससुरा ४५ वर्षीय कृष्ण हमाल र उनकी सासूले परपुरुषसँग अनैतिक सम्बन्ध राखेको आरोपमा कुटपिट गरी घरनिकाला गरे। पीडितले ०६५ माघ २६ गते जिल्ला प्रशासन कार्यालयमा लिखित उजुरी दिए पनि पीडकहरूलाई कारबाही भएन। हाल पीडित पतिकै घरको गोठमा बसेकी छन्।

सबै प्रकारका जातीय विभेद

दौलीचौर गाविस-६ का ३५ वर्षीय राजु विकलाई ०६५ माघ ११ गते होटलमा चिया पिएर गिलास नधोएको आरोपमा सोही गाविस-३ का ३९ वर्षीय लालबहादुर बोहराले गाली गर्दै कुटपिट गरे। पीडितले डरत्रासका कारण कतै उजुरी दिएनन्।

मटेला गाविस-२ मटेलाका ३५ वर्षीय जयभान विकलाई ०६५ फागुन ४ गते सोही गाविस-३ का ३० वर्षीय रमेश भण्डारीले मालुमेला स्वास्थ्य चौकी हातामा डुम भनी गाली गर्नुका साथै कुटपिट गरे। पीडितले ०६५ फागुन ५ गते प्रहरी चौकी मालुमेलामा उजुरी दिएपछि दुवै पक्षबीच छलफल भई सहमति भयो।

सुवेडा गाविस-६ नौराका ३१ वर्षीय हरि आग्रीलाई ०६५ फागुन १३ गते धारामा पानी भर्न राखिएको गाग्री छोएको आरोपमा सोही गाविस-४ का ३७ वर्षीय रामबहादुर सिंहले कुटपिट गरे। पीडितले डरत्रासका कारण कतै उजुरी गरेनन्।

चैनपुर गाविस-१ का २८ वर्षीय बालकृष्ण नेपालीलाई ०६५ चैत ५ गते दिउँसो १ बजे कालीपछाइ होटलमा खाना खाइरहेको अवस्थामा आफ्नो खाना छोएको आरोपमा पौवागढी गाविस-८ का ३२ वर्षीय सुरेशबहादुर खातीले डुम भन्दै गाली बेइज्जती गर्नुका साथै कुटपिट गरे। पीडितले जिल्ला प्रहरी कार्यालयमा मौखिक जानकारी गराए पनि पीडकमाथि कारबाही भएन।

रिठापाटा गाविस-८ देवलका ३४ वर्षीय साधु नेपालीलाई ०६६ असार ३ गते आफ्नो खेतमा रोपाइ गर्न समयमा नआएको आरोपमा सोही गाविसका ३० वर्षीय रमेश धामीले 'तँ डुम कामको समयमा पनि नआउने' भन्दै गाली-गलौज गरे। पीडितले ०६६ असार ३ गते जिल्ला प्रशासन कार्यालयमा उजुरी गरेपछि प्रजिअ राजेश पौडेलले ०६६ असार ४ गते दुवै पक्षलाई बोलाइ मिलापत्र भयो।

पौवागढी गाविस-९ कडेलागाउँका २४ वर्षीय प्रदेशी विकलाई पसलमा चिया पिउँदा गिलास नधोएको भन्दै ०६६ मङ्सिर २३ गते सोही गाविस-९ खैराडाका प्रेमबहादुर ऐर, मीनबहादुर ऐर, वर्क ऐर र वनबहादुर ऐरलगायतले मरणासन्न हुने गरी कुटपिट गर्दा पीडित दुई दिनपछि होसमा आए। पीडितका परिवारले ०६६ मङ्सिर २९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिँदा पीडितलाई लाग्ने औषधी उपचार बेहोर्ने गरी दुवै पक्षबीच मिलापत्र भयो। हाल पीडितको भारत, लखनउको सिमरा अस्पतालमा उपचार भइरहेको छ।

स्वास्थ्य सेवाको अवस्था

जिल्ला अस्पतालमा यस वर्षको अन्त्यसम्ममा डाक्टर दरबन्दी सङ्ख्या ४ जना रहेकामा कार्यरत ४ जना रहेका छन् । जिल्लामा स्वास्थ्यकर्मीको दरबन्दी १ सय ९० जना रहेकोमा १ सय ७८ जना कार्यरत रहेका छन्। जिल्लामा स्वास्थ्य चौकी १० र उपस्वास्थ्य चौकी ३५ रहेको छ ।

Far westren:Layout 1 2/14/2010 12:33 PM Page 527

५.६ कञ्चनपुर

जनसङ्ख्या : ५,१०,०६३
साक्षरता प्रतिशत : ८१
महिला साक्षरता प्रतिशत : ५०
क्षेत्रफल (वर्ग कि. मि.) : १६१०
गाविस/नपा सङ्ख्या : १९/१
सरकारी/निजी विद्यालय : ३२७/५१
क्याम्पस/उच्च मा.वि. : ८/३९
अस्पताल/स्वास्थ्य चौकी : ३/२१
मानव विकास सूचकाङ्कः ०.४६३
प्रतिपरिवार सरदर सङ्ख्याः ८

नागरिक तथा राजनीतिक अधिकार
सम्मानित रूपले बाँच्ने अधिकार
हत्या
एकीकृत माओवादीबाट

भारतको आगरा घर भई सुडा गाविस-५ लालपुरमा रहेको प्रशंसा कत्था उद्योगका प्रबन्धक ३२ वर्षीय विशाल जैनलाई ०६६ जेठ २ गते माओवादी कार्यकर्ताहरूले सुडा गाविस-५ लालपुर नजिकबाट अपहरण गरी कञ्चनपुर डडेल्धुराको सीमा पुरनपानीमा गोली हानी हत्या गरे। मृतकको लास ०६६ जेठ ६ गते फेला पऱ्यो। अपहरण र हत्यामा संलग्न रहेको आरोपमा एकीकृत माओवादीका जिल्ला सदस्य दैजी गाविस-१ का ३४ वर्षीय टेकराज जोशी, माओवादी कार्यकर्ता लक्ष्मीपुर गाविस-९ का २७ वर्षीय धनबहादुर राना र पूर्वमाओवादी कार्यकर्ता २४ वर्षीय गणेश धामीलाई प्रहरीले गिरफ्तार गरी कर्तव्य ज्यान अन्तर्गत मुद्दा चलाएकामा जिल्ला अदालतले ०६६ असार २३ गते पुर्पक्षका लागि जिल्ला कारागारमा थुनामा राख्न आदेश दियो। प्रहरीले पक्राउ गरेका दुवै कार्यकर्तालाई एकीकृत माओवादीले विज्ञप्ति निकालेर पार्टीबाट निष्कासन गरेको घोषणा गऱ्यो। आरोपितमध्ये गणेश धामीले फिरौतीका लागि जैनको अपहरण गरे पनि आफूहरू प्रहरीको घेरामा परेको आशङ्कामा हत्या गरिएको प्रेस सम्मेलन गरी जेठ ३१ गते बताए।

अज्ञात समूहबाट

भीमदत्त नपा-८ तिलाचौर निवासी नेपाली काङ्ग्रेसका क्षेत्रीय उपसभापति ४२ वर्षीय विष्णुप्रसाद मिश्रालाई ०६६ कात्तिक २ गते साँझ अज्ञात समूहले कुटपिट गरी घर नजिकै हत्या गऱ्यो। हत्याको आरोपमा भीमदत्त नपा-८ तिलाचौरका रामबहादुर सिंह र हर्कबहादुर सिंहलाई ०६६ कात्तिक ३ गते जिल्ला प्रहरी कार्यालयले पक्राउ गरी कारबाही चलाएकामा जिल्ला अदालतले ०६६ कात्तिक २९ गते पुर्पक्षका लागि थुनामा राख्ने आदेश दियो। मृतकको कानको पछाडिको भाग च्यातिएको, टाउकोमा चोटपटक लागेको र शरीरमा नीलडाम रहेका कारण हत्याको शङ्का गरिएको प्रहरीले जनायो। हत्याको विरोधमा नेपाली काङग्रेसले कात्तिक ३ गते विज्ञप्ति जारी गरी छानबिनको माग गऱ्यो। अभियुक्त रामबहादुर सिंह १ लाख रुपियाँ धरौटी राखी जिल्ला अदालतको आदेशमा मङ्सिर २ गते कारागारबाट छुटे।

देखतभूली गाविस-२ डाँडाजाइ निवासी एकीकृत माओवादी जिल्ला सदस्य ३० वर्षीय रामस्वरूप रानालाई ०६६ मङ्सिर ७ गते घरबाट बेलौरीतर्फ जाँदा अज्ञात व्यक्तिहरूले अपहरण गरी बेपत्ता पारेकामा मङ्सिर २१ गते शङ्करपुर गाविसको नन्दगाउँ र पसियाको बीचमा पर्ने दौदा नदी छेउमा उनको लास भेटियो। टाउकामा धारिलो हतियार प्रयोग गरिएको, घाँटी रेटिएको र पिठ्युमा चक्कु प्रहार गरिएको अवस्थामा लास प्राप्त भएको प्रहरीले जनायो।

गोली/विस्फोटक पदार्थद्वारा घाइते
राज्यबाट

झलारी गाविस-२ का १७ वर्षीय गोपालदत्त जोशी, २० वर्षीय हरिप्रसाद जोशी, १६ वर्षीय भानदेव भट्ट र १७ वर्षीय कृष्ण महरालाई गस्तीमा गएका प्रहरीले डाँका भएको आशङ्कामा ०६६ असोज २ गते राती गोली चलाउँदा घाइते भए। घाइतेहरूलाई महाकाली अञ्चल अस्पतालले थप उपचारका लागि मेडिकल कलेज कोहलपुर पठाएकामा उनीहरू उपचारपछि घर फर्किए। राती १० बजे पटाका पट्काउँदै गस्ती गरिरहेका बेला प्रहरीले आफूमाथि

Far westren:Layout 1 2/14/2010 12:33 PM Page 528

घटनाको प्रकार	गैर राज्यबाट							राज्यबाट		
	अन्यबाट				एकीकृत माओवादीबाट					
	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा	घटना सङ्ख्या	पुरुष	जम्मा	घटना सङ्ख्या	पुरुष	जम्मा
हत्या	७	४	३	७	१	१	१			
घाइते								१	४	४
कुटपिट	५	११		११	४	६	६	७	८	८
धम्की					१	१	१			
महिलाअधिकार	५		५	५						
बालअधिकार	३		३	३						
अपहरण	१	१		१						
जम्मा	३०	१६	१०	३६	६	८	८	८	१३	१३

गोली चलाएको उनीहरूले आरोप लगाए भने सो समूहले हवाई फायर गरेपछि प्रतिकारमा हवाई फायर गरेको जिल्ला प्रहरी कार्यालयले जनायो।

जेल र बन्दीहरू

'ग' श्रेणीको जिल्ला कारागारको बन्दी क्षमता ७५ जनाको रहेको छ। यस वर्षको अन्त्य सम्ममा कैद तोकिएका ६५ जना पुरुष र नौ जना महिला रहेका छन् भने कैद नतोकिएका ५२ पुरुष र एक महिला थुनुवा रहेका छन्। जिल्ला कारागारमा जम्मा १ सय २७ जना बन्दी रहेका छन्। कारागारमा पानी, शौचालय, विद्युत, स्वास्थ्य तथा पत्रपत्रिका, रेडियो, टिभी, खेलकूद सामग्रीको सुविधा उपलब्ध छ।

कञ्चनपुर जिल्ला कारागारमा ०६६ असोज १२ गते साँझ ६.३० मा कैदी गन्ती गर्दा डिउटीमा रहेका प्रहरीको हातबाट एक थान राइफल कब्जा गरी गणेश महता, रघुवीर चन्द, खेम बुढा, छत्र राना, उत्तम राना, दीपेन्द्र भण्डारी, अविरल राना, प्रकाश चन्द, उग्रसेन राना, गणेश चन्द, राम चन्द, करन नाथ र कमल चौधरी फरार भए। प्रहरीले सोही दिन राती कमल चौधरीलाई भीमदत्त नपा-३ भासीबाट राम चन्द, करन नाथ र प्रकाश चन्दलाई भीमदत्त नपा-१० मटैनाबाट पक्राउ गऱ्यो। जेलर धनबहादुर चन्दसहित सुरक्षाकर्मीहरू सई भीमबहादुर बम, खगेन्द्र कार्की, प्रतापसिंह धामी, सौनु विक, सुरेश धामी, कृष्ण महता, रवीन्द्र शाही र वकिलसिंह बोहरा ०६६ असोज १३ गते निलम्बनमा परे। कारागार कार्यालयको जाहेरी पत्रलाई थुनुवा लगाउने सम्बन्धमा मुद्दा लागेका सुरक्षाकर्मीहरूलाई जिल्ला प्रहरी विशेष अदालतले कृष्ण महतालाई एक वर्ष जेल र ४४ हजार रुपियाँ जरिवाना, प्रतापसिंह धामीलाई चार महिनाबराबरको तलब जरिवाना, रवीन्द्र शाही र वकिलसिंह बोहरालाई छ महिना जरिवाना, भीमबहादुर बमलाई चार महिनाको तलब जरिवाना गरी निलम्बन फुकुवा गरियो। जेलर धनबहादुरलाई कारागार ऐन अन्तर्गत कारबाही अगाडि बढाइयो। बाँकी निलम्बनमा परेका सुरक्षाकर्मीहरूलाई जरिवानाबिनै रिहा गरियो।

प्रहरीद्वारा कुटपिट गरिएका दीपक बम

धम्की/कुटपिट

राज्यबाट

भीमदत्त नपा-४ का होटल व्यवसायी ३६ वर्षीय हेमराज पनेरुलाई प्रहरी कम्पाउन्डमा जोडिएको रूखको हाँगा काटेको आरोपमा ०६६ जेठ २५ गते अञ्चल ट्राफिक प्रहरी कार्यालय, महेन्द्रनगरका इन्स्पेक्टर नैनसिंह कार्कीले प्रहरी कार्यालयमा पुऱ्याई कुटपिट गरे। पीडक कार्कीले घटनाको भोलिपल्ट जिल्ला प्रहरी कार्यालयमा आई व्यापारीहरूसामु माफी मागे पनि पीडितले ०६६ असार २१ गते जिल्ला अदालतमा यातनाविरुद्ध मुद्दा दायर गरे। दुवै पक्षबीच साउन २३ गते मिलापत्र भयो।

भीमदत्त नपा-१० जीमुवाका ३४ वर्षीय जगदीश विष्टलाई प्रहरीसँग विवाद गरेको आरोपमा ०६६ असार ३ गते जीमुवा प्रहरी चौकीका असई लोकबहादुर बोहरासमेतका प्रहरीले कुटपिट गरी घाइते

Far westren:Layout 1 2/14/2010 12:33 PM Page 529

बनाए। कुटपिटबाट घाइते भएका विष्ट महेन्द्रनगरको नागार्जुन अस्पतालमा उपचार गराई घर फर्किए। पीडित विष्टको उपचार खर्च बेहोरिएको र सई बोहरालाई विभागीय कारबाही गरिएको जिल्ला प्रहरी कार्यालयले जनायो। गाउँमा बिजुलीको तार विस्तार गर्ने क्रममा बाँसको हाँगा काट्ने विषयमा विवाद भएको पीडितले बताए।

दोधारा गाविस-६ हुर्दैयाका ३० वर्षीय दीपक बमलाई हेलमेट नलगाएको भन्दै ०६६ असोज ३ गते दोधारा प्रहरी चौकीका इन्चार्ज असई मदनराज उपाध्याय र जवान सुरेन्द्र ओखेडाले निर्घात कुटपिट गरे। प्रहरीको कुटाइबाट उनको हात, कुहिना र हिपमा गम्भीर चोट लागेको थियो भने उनको बायाँ कुममा टोकेर मासु निकालेको खत रहेको थियो। राती ८ बजे आफ्ना साथीहरूसँग दोधारा गाविस-७ मा किरिया बसेका शिवप्रसाद लामिछानेको घरमा कुरुवा बस्न जाने क्रममा बमलाई कुटपिट गरिएको थियो। घटनापछि स्थानीयबासीले असई मदनराज उपाध्यायलाई त्यहाँबाट तत्काल हटाउन चेतावनी दिए। इलाका प्रहरी कार्यालय दोधारा-चाँदनीका इन्चार्ज इन्स्पेक्टर महेन्द्र कलौनीले असई मदनराज उपाध्याय र जवान सुरेन्द्र ओखेडालाई विभागीय कारबाहीका लागि सिफारिस गरेको बताए पनि उनीहरूलाई कारबाही भएको जानकारी आएन। घटनाको विरोधमा स्थानीयबासीले असोज ४ गते बिहान चार घन्टा सो प्रहरी चौकी घेराउ गरेका थिए।

एकीकृत माओवादीबाट

कालिका गाविस-५ निवासी जिल्ला विकास समिति कञ्चनपुरका लेखा अधिकृत धनलाल सार्कीले उपभोक्ता समितिले दिएको बिल भर्पाइ फरफारक गर्न नमानेको आरोपमा ०६५ पुस १९ गते भीमदत्त नपा-१६ घर भएका माओवादीका जिल्ला सदस्य देवबहादुर नेगीले कार्यालयमै हातपात गरे। झोलुङ्गे पुल सडक बोर्ड उपभोक्ता समितिका अध्यक्षसमेत रहेका नेगीले आफूले लगेको बिल भर्पाइको फाइल च्यातेर आगो लगाई सार्कीमाथि फ्याँकेका थिए। आगोले सार्कीको हात सामान्य रूपमा पोलियो। जिविसका कर्मचारी सङ्घ/सङ्गठनहरूले घटनाको विरोध गर्दै विज्ञप्ति निकाले। पीडक नेगीले घटनाको भोलिपल्ट जिल्ला प्रहरी कार्यालयमा उपस्थित भई माफी मागेपछि दुई पक्षबीच सहमति भयो।

भीमदत्त नपा-३ निवासी थारु नागरिक समाजका सदस्य २३ वर्षीय उदयराज चौधरीलाई कञ्चनपुर-३ का सभासद् टिकेन्द्र भट्टलाई हातपात गरेको आरोपमा माओवादी कार्यकर्ताहरूले ०६५ फागुन २० गते महेन्द्रनगर बजारमा कुटपिट गरे। नागरिक समाजले कञ्चनपुरमा विश्वविद्यालयको मागसहित आयोजना गरेको प्रदर्शनमा भट्टसँग ठोक्किएपछि माओवादी कार्यकर्ताहरूले कुटपिट गरेका थिए। कुटपिटबाट टाउको र अनुहारमा गम्भीर चोट लागेका चौधरी भारतको पिलिभितमा उपचार गराई घर फर्किए। थारु नागरिक समाजलगायतका सङ्घसंस्थाले विज्ञप्ति निकालेर दोषीमाथि कारबाहीको माग गरे पनि पीडकलाई कारबाही भएन।

भीमदत्त नपा-६ निवासी अनेरास्वियुका केन्द्रीय सदस्य ३० वर्षीय सन्तोष नेपाली, जिल्ला अध्यक्ष २४ वर्षीय माधव पन्त, नेविसङ्घका जिल्ला सहसचिव २४ वर्षीय प्रकाश चन्द र विद्यार्थी राजेन्द्र कलौनीले महेन्द्रनगर बजारमा सरकारविरोधी नारा लगाएको आरोपमा ०६५ फागुन २४ गते अनेरास्वियु (क्रान्तिकारी)का विद्यार्थीहरूले कुटपिट गरे। विश्वविद्यालयको माग गर्दै विद्यार्थी सङ्गठनहरूले आयोजना गरेको प्रदर्शनमा सरकारविरोधी नारा लागेपछि आक्रमण भएको थियो। कुटपिटबाट दायाँ हात भाँच्चिएका सन्तोष नेपालीको भारतको पिलिभित र अन्यको महाकाली अञ्चल अस्पतालमा उपचार गरियो। अनेरास्वियु (क्रान्तिकारी)ले भने घटनामा आफ्नो सङ्गठनको संलग्नता नरहेको जनायो।

महेन्द्रनगरको रेडियन्ट उच्चमाविमा कक्षा १२ मा अध्ययनरत विद्यार्थी १८ वर्षीय दुर्गासिंह धामीलाई स्वयिु निर्वाचनमा नेविसङ्घको प्रचार गरेको आरोपमा ०६५ चैत ९ गते अनेरास्वियु (क्रान्तिकारी)का विद्यार्थीहरूले क्याम्पसबाट बाहिर बोलाई कुटपिट गरे। कुटपिटबाट घाइते भएका धामीको महाकाली अञ्चल अस्पतालमा उपचार भयो।

दोधारा गाविस-८ का २९ वर्षीय राजु गिरी र उनकी पत्नी २५ वर्षीया सम्झना गिरीलाई संविधानसभा निर्वाचनमा नेपाली काङ्ग्रेसलाई सहयोग गरेको आरोपमा ०६५ चैत २९ गते सोही ठाउँका माओवादी कार्यकर्ता टोपबहादुर बस्नेत, डम्बर शाही र रणबहादुर शाहीले कुटपिट गरी घाइते बनाए। कुटपिटबाट घाइते राजु उपचारका लागि भारतको बरेली लगिएकामा ०६६ वैशाख ८ गते घर फर्किए।

दोधारा गाविस-८ का २५ वर्षीय ललित सिंह, २७ वर्षीय तारा बुढा र २८ वर्षीय दीपक बुढालाई आफूहरूसँग विवाद गरेको आरोपमा ०६५ चैत ३१ गते सोही ठाउँका माओवादी कार्यकर्ता डम्बर शाही, टोपबहादुर बस्नेत, रणबहादुर शाही, लक्ष्मण रावत,

Far westren:Layout 1 2/14/2010 12:33 PM Page 530

पतिद्वारा आगो लगाइएकी भागीरथी सुनार

रिंकु सुनार, पिन्टु सुनार र जीतु खत्रीले कुटपिट गरी घाइते बनाए। पीडितहरूले स्थानीय स्वास्थ्य चौकीमा उपचार गराए। कुटपिटको विरोधमा स्थानीय वासिन्दाले बाबाथान बजार बन्द गराउनुका साथै प्रहरी चौकी घेरा हालेपछि प्रहरीले पीडकहरूलाई गिरफ्तार गरेकामा घटनाको भोलिपल्ट इलाका प्रहरी कार्यालय दोधारामा दुवै पक्षबीच सहमति भयो।

बाजुराको कुल्देवमाडौं गाविस-९ घर भई महेन्द्रनगरको शारदा विद्यापीठका स्ववियु सभापति २० वर्षीय वसन्त जोशीलाई क्याम्पसमा प्राध्यापक नियुक्तिको विषयलाई लिएर भएको विवादमा ०६६ वैशाख ८ गते अनेरास्ववियु (क्रान्तिकारी)का राजेन्द्र अवस्थीलगायतका पाँच जनाले क्याम्पस हातामै कुटपिट गरी घाइते बनाए। टाउको र शरीरमा चोट लागेका जोशी महाकाली अञ्चल अस्पतालमा उपचार गराएर घर फर्किए। अनेरास्ववियु (क्रान्तिकारी)ले भने सोही दिन विज्ञप्ति निकालेर जोशीले आफ्ना कार्यकर्तालाई कुटपिट गरेको जनायो। घटनाका दोषीलाई कारबाहीको माग गर्दै नेविसङ्घले दुई दिन क्याम्पस बन्द गरे पनि दोषीलाई कारबाही भएन।

भीमदत्त नपा-४ निवासी एमएनआर साइबरका सञ्चालक गणेश भट्ट र शङ्कर धामीलाई ०६६ पुस ५ गते राती सामान्य विवादपछि अनेरास्ववियु (क्रान्तिकारी)का विद्यार्थीहरूले बजारको फ्रि-लाइनमा फलामको रडले निर्घात कुटपिट गरी घाइते बनाए। अनेरास्ववियु (क्रान्तिकारी)का विद्यार्थीहरूले बजारबाट कुटपिट गरी दुवै जनालाई कटानस्थित एकीकृत माओवादी पार्टी कार्यालयमा लगेकामा सोही दिन प्रहरीले दुवैको उद्धार गऱ्यो। घटनापछि सिद्धनाथ बहुमुखी क्याम्पसका स्ववियु सभापति अकिलबहादुर सिंह, अनेरास्ववियु (क्रान्तिकारी)का जिल्ला अध्यक्ष राधाकृष्ण जोशी 'ज्वाला', पदमराज जोशी, हरि सुवेदीलाई अनुसन्धानका लागि प्रहरीले नियन्त्रणमा लिएकामा भोलिपल्ट दुवै पक्षबीच घाइतेको उपचार गराउने सहमति भएपछि उनीहरू रिहा भए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

दुनियाँवादी फौजदारीतर्फ गत वर्षको जिम्मेवारी सरेर आएका १ सय ६८ थान मुद्दामध्ये यस वर्ष २० थान फर्स्यौट भई १ सय ४८ थान बाँकी रहे। यस वर्ष दर्ता भएका १ सय ५१ थानमध्ये ३० थान फर्स्यौट भई १ सय २१ थान बाँकी रहे। यस वर्षको अन्त्यसम्ममा जम्मा २ सय ६९ थान दुनियाँवादी फौजदारी मुद्दा फर्स्यौट हुन बाँकी रहे।

सरकारवादी फौजदारीतर्फ गत वर्षको जिम्मेवारी सरेर आएका २० थान मुद्दामध्ये १० थान फर्स्यौट भई १० थान बाँकी रहे। यस वर्ष दर्ता भएका ७५ थान सरकारवादी फौजदारी मुद्दामध्ये २० थान फर्स्यौट भई ५५ थान बाँकी रहे। यस वर्षको अन्त्यसम्ममा जम्मा ६५ थान सरकारवादी फौजदारी मुद्दा फर्स्यौट हुन बाँकी रहे।

देवानीतर्फ गत वर्षको जिम्मेवारी सरेर आएका २३ थान मुद्दामध्ये यस वर्ष १० थान फर्स्यौट भई १३ थान बाँकी रहे। यस वर्ष दर्ता भएका ४१ देवानी मुद्दामध्ये २१ थान फर्स्यौट भई २० थान बाँकी रहे। यस वर्षको अन्त्यसम्ममा जम्मा ३३ थान देवानी मुद्दा फर्स्यौट हुन बाँकी रहे। यसरी यस वर्षको अन्त्यसम्ममा जम्मा ३ सय ६७ मुद्दा फर्स्यौट हुन बाँकी रहे।

पुनरावेदन अदालत

दुनियाँवादी फौजदारीतर्फ गत वर्षको जिम्मेवारी सरेर आएका १० थान मुद्दामध्ये यस वर्ष पाँच थान फर्स्यौट भई पाँच थान बाँकी रहे। यस वर्ष दर्ता भएका १० थानमध्ये एक थान फर्स्यौट भई नौ थान बाँकी रहे। यस वर्षको अन्त्यसम्ममा जम्मा १४ थान दुनियाँवादी फौजदारी मुद्दा फर्स्यौट हुन बाँकी रहे।

सरकारवादी फौजदारीतर्फ गत वर्षको जिम्मेवारी सरेर आएका २६ थान मुद्दामध्ये १५ थान फर्स्यौट भई ११ थान बाँकी रहे। यस वर्ष दर्ता भएका ४७ थानमध्ये पाँच थान फर्स्यौट भई ४२ थान बाँकी रहे। यस वर्षको अन्त्यसम्ममा जम्मा ५३ थान सरकारवादी फौजदारी मुद्दा फर्स्यौट हुन बाँकी रहे।

देवानीतर्फ गत वर्षको जिम्मेवारी सरेर आएका १४ थान मुद्दामध्ये यस वर्ष सात थान फर्स्यौट भई सात थान बाँकी रहे। यस वर्ष दर्ता भएका ४१ देवानी

मुद्दामध्ये चार थान फर्स्यौट भई ३७ थान बाँकी रहे। यस वर्षको अन्त्यसम्ममा जम्मा ४४ थान देवानी मुद्दा फर्स्यौट हुन बाँकी रहे। यसरी यस वर्षको अन्त्यसम्ममा जम्मा १ सय ११ मुद्दा फर्स्यौट हुन बाँकी रहे।

चाँदनी गाविस-८ लठ्ठाघाटकी ६२ वर्षीय ईश्वरी सुनार, उनकी छोरीहरू २२ वर्षीय रामशीला सुनार, २१ वर्षीया नीला सुनार, १६ वर्षीया कला सुनारमाथि कुटपिट भएको घटनाको उजुरी दिन ०६६ असोज ३ गते जिल्ला प्रहरी कार्यालय जाँदा प्रहरीले मुद्दा दर्ता गर्न मानेन। पीडित पक्षले ०६६ असोज १७ गते दिएको जानकारी अनुसार गएको भदौ ३० गते चाँदनी गाविस-८ कै ध्रुव सुनारलगायत सात जनाको समूहले आफ्नो बारीमा घाँस काटिरहेका बेला आई मरणासन्न हुने गरी कुटपिट गरेको थियो। वडा प्रहरी कार्यालय भीमनगरले महाकाली अञ्चल अस्पतालमा पीडितको घाउजाँच गरे पनि घटना भएको २० दिन हुँदासम्म प्रहरीले पीडित पक्षको उजुरी लिएन। पीडित पक्षले जिल्ला प्रशासन कार्यालय गएर उजुरी लिइदिन माग गरेको भए पनि जिल्ला प्रशासन कार्यालयले उजुरी नलिएको पीडित पक्षले बतायो। पीडित पक्षले न्यायका लागि पहल गरिदिन मानवअधिकारकर्मी र स्थानीय सङ्घसंस्थालाई आग्रह गऱ्यो। इलाका प्रहरी कार्यालय चाँदनीका इन्स्पेक्टर महेन्द्र कलौनेले जग्गा विवाद भएको र समय-समयमा यस्तो विवाद गरिरहने हुँदा अदालत जान भनेर पठाइदिएको पीडितहरूले बताए।

दैजी गाविस-८ चम्फापुरकी ३५ वर्षीया हीरा भण्डारीले द्वन्द्वकालमा सेनाद्वारा हत्या गरिएका आफ्ना पतिलगायत पाँच जनाको न्यायका सम्बन्धमा ०६६ मङ्सिर २५ गते मुद्दा दर्ता गराउन जाँदा जिल्ला प्रहरी कार्यालयले जाहेरी दर्ता गर्न अस्वीकार गऱ्यो। दैजी गाविस-८ चम्फापुरका ३५ वर्षीय रङ्गनाथ भण्डारी, १७ वर्षीय दीर्घराज भण्डारी, ४० वर्षीय टेकबहादुर रावल, २७ वर्षीय सिद्धराज पाण्डेय र १८ वर्षीय हर्के सार्कीलाई ०५८ पुस १७ गते दैजी-८ चम्फापुरमा सेनाले गोली हानी हत्या गरेको थियो। घटनाका दोषीलाई कारबाही गरी पाउँ भनी जाहेरी दर्ता गर्न जाँदा प्रहरीले जाहेरी दर्ता गर्न अस्वीकार गरेको हो। हीरा भण्डारी मृतक रङ्गनाथ भण्डारीकी पत्नी हुन्। जाहेरी दर्ताका समयमा इन्सेक र एड्भोकेसी फोरमका प्रतिनिधि अनुगमनका लागि प्रहरी कार्यालय पुगेका थिए।

बालअधिकार

भारतको पञ्जाब घर भई परासन गाविस-९ मामाघरमा बस्दै आएकी एक १३ वर्षीया बालिकालाई सोही गाविस-९ का २१ वर्षीय टीकाराम सुनारले ०६६ असार १० गते राती बालिकाको मामाघरनजिकैको बारीमा पुऱ्याई बलात्कार गरेको भनी पीडित पक्षको उजुरीका आधारमा ०६६ असार १४ गते इलाका प्रहरी कार्यालय त्रिभुवन बस्तीले पक्राउ गरेका आरोपितलाई अनुसन्धानका लागि हिरासतमा राख्यो। जिल्ला अदालतले ०६६ असार २६ गते पुर्पक्षका लागि थुन्ने आदेश दिएकामा सो मुद्दा हाल विचाराधीन छ।

त्रिभुवन बस्ती गाविस-६ की एक १४ वर्षीया बालिकालाई ०६६ मङ्सिर ३ गते सोही गाविस-६ का २५ वर्षीय बहादुर सायरले उनको घरबाट अपहरण गरी सोही गाविस-५ कोटीहोम भन्ने ठाउँमा पुऱ्याई बलात्कार गरे। पीडक फरार रहेको इलाका प्रहरी कार्यालय त्रिभुवन बस्तीले जनायो। पीडक अफगानिस्तान जाने तयारीमा दिल्लीमा बसेकाले गिरफ्तार गर्न नसकिएको प्रहरीले जनायो।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

कृष्णपुर गाविस-१ की एक २८ वर्षीया महिलालाई श्रीपुर गाविसको बेलौरी बजारमा रहेको बेलकम होटलमा ०६५ माघ ७ गते कृष्णपुर गाविस-२ का २१ वर्षीय गणेश महता, २२ वर्षीय अमर देउवा, २१ वर्षीय प्रेम पन्त, सोही गाविस-१ का २० वर्षीय खेमबहादुर बुढा, श्रीपुर गाविस-८ का रघुवीर चन्द र भीमदत्त नपा-१६ का २८ वर्षीय गणेशबहादुर विष्टले सामूहिक बलात्कार गरेको आरोपमा आरोपितहरूलाई जिल्ला अदालतको ०६५ माघ २६ गतेको आदेशमा पुर्पक्षका लागि थुनामा राखियो। काम विशेषले बेलौरी गएका बेला पतिलाई अर्को कोठामा थुनी बलात्कार गरेको पीडितले प्रहरीमा दिएको जाहेरीमा उल्लेख छ।

भीमदत्त नपा-७ की एक १९ वर्षीया महिलालाई ०६५ चैत १६ गते सोही नपा-६ का २५ वर्षीय मोहनसिंह धामी, सोही ठाउँका १९ वर्षीय लोकबहादुर शाही, २० वर्षीय दिलीप दमाई, २१ वर्षीय मनोज चन्द, २१ वर्षीय करन चन्द र दार्चुलाको मार्मा गाविस घर भई भीमदत्त नपा-७ ससुराली बस्दै आएका प्रकाश ठगुन्नाले घरनजिकैको खोल्सामा पुऱ्याई सामूहिक बलात्कार गरेको आरोपमा पीडित पक्षले दिएको उजुरीको आधारमा ०६६ वैशाख १० गते आरोपितमध्ये पाँच जनालाई गिरफ्तार गरी जबरजस्ती करणीविरुद्ध जिल्ला अदालतमा मुद्दा दायर गऱ्यो। पीडितले

Far westren:Layout 1 2/14/2010 12:33 PM Page 532

भोलिपल्ट घरमै झुन्डिएर आत्महत्या गरिन्। जिल्ला अदालतले ०६६ वैशाख २२ गते मोहनसिंह धामी, लोकबहादुर शाही र दिलीप दमाईलाई पुर्पक्षका लागि जिल्ला कारागारमा थुनामा राख्न आदेश दियो। मदन चन्द र करन चन्दलाई १/१ लाख रुपियाँ धरौटीमा तारेखमा राख्न आदेश दियो। अदालतले फरार रहेका प्रकाश ठगुन्नालाई पक्राउ पुर्जी जारी गऱ्यो।

पारिवारिक हिंसा

बेल्डाँडी गाविस-९ घर भई श्रीपुर गाविस-४ मा होटल गरी बस्ने २५ वर्षीया मीना महरलाई ०६६ वैशाख १९ गते पति २८ वर्षीय करन महरले चक्कु प्रहार गरी हत्या गरे। होटलमै चक्कु प्रहारबाट घाइते भएकी मीनाको सेती अञ्चल अस्पतालमा उपचारका क्रममा मृत्यु भयो। पीडक करनलाई इलाका प्रहरी कार्यालय बेलौरीले ०६६ वैशाख २१ गते गिरफ्तार गरी कर्तव्य ज्यान अन्तर्गत मुद्दा दर्ता गरेकामा अदालतले पुर्पक्षका लागि थुनामा राख्न आदेश दियो।

लक्ष्मीपुर गाविस-९ की ५५ वर्षीया राईमती बोहरालाई ०६६ भदौ २५ गते छोरा ३४ वर्षीय यनबहादुर बोहराले घरायसी विवादमा लठ्ठी प्रहार गरी हत्या गरे। राईमतीलाई कुटपिट गर्दा बचाउन खोज्ने पत्नी २९ वर्षीया धाना बोहरा र बहिनी १५ वर्षीया निर्मला बोहरालाई समेत उनले कुटपिट गरी घाइते बनाए। घाइतेहरूको प्राथमिक स्वास्थ्य केन्द्र बैलौरीमा उपचार गरियो। पीडकलाई प्रहरीले सोही दिन गिरफ्तार गरी मुद्दा चलाएकामा जिल्ला अदालत कञ्चनपुरले पुर्पक्षका लागि ०६६ असोज ९ गते थुनामा राख्न आदेश दियो।

भीमदत्त नपा-१८ गोबरैयाकी १८ वर्षीया भागीरथी सुनारलाई ०६६ मङ्सिर २८ गते राती पति २२ वर्षीय करन सुनारले मादक पदार्थ सेवन गरी घरभित्रै डिजेल छर्केर आगो लगाए। गम्भीर घाइते भागीरथीको महाकाली अञ्चल अस्पतालमा उपचार भइरहेकोमा ०६६ पुस १५ गतेदेखि कोहलपुरस्थित नेपालगञ्ज मेडिकल कलेजमा उपचार भइरहेको छ। घरमा चिच्याहट र आगोको मुस्लो देखेपछि आएका छिमेकीले उनलाई तत्काल अस्पताल पुऱ्याएका थिए। माइती पक्षको उजुरीका आधारमा उनका पति करन सुनारलाई पक्राउ गरी जिल्ला प्रहरी कार्यालयमा राखियो। अस्पताल भर्ना गरेपछि पतिले ललाइफकाई आफूलाई घटना बाहिर ल्याउन नदिएकाले घटना ढिला बाहिर ल्याएको भागीरथीले बताइन्। उनले घटना हुनु १५ दिनअघि मात्र छोरीलाई जन्म दिएकी थिइन्।

स्वास्थ्य सेवाको अवस्था

जिल्ला अस्पतालमा यस वर्षको अन्त्यसम्ममा डाक्टर दरबन्दी २१ जना रहेकामा दुई जना, कार्यक्रम ३ जना, रिक्त १८ ओटा रहेको छ भने स्टाफ नर्स ३० जनाको दरबन्दी रहेकामा २३ जना कार्यरत, ७ रिक्त, ल्याब टेक्निसिएन दरबन्दी तीन जना रहेकोमा तीनै रिक्त, ल्याब असिस्टेन्ट दरबन्दी पाँच जनामा चार जना कार्यक्रम र रिक्त एक, ग्रामीण स्वास्थ्य कार्यकर्ता दरबन्दी २३ जनामा २० जना कार्यरत र तीन जना रिक्त, अनमी २१ जनामा २१ जनानै कार्यरत, अहेब ३१ जनामा ३१ जना नै कार्यरत, हेल्थ असिस्टेन्ट ११ जनामा ९ जना कार्यरत, दुईजना रिक्त, मातृशिशु कार्यकर्ता ११ जनामा ९ जना कार्यरत, दुईजना रिक्त रहेका छन् ।

५.७ डडेल्धुरा

जनसङ्ख्या : १,४६,३१८
साक्षरता प्रतिशत : ६०
महिला साक्षरता प्रतिशत : ३५
क्षेत्रफल (वर्ग कि. मि.) : १,५३८
गाविस/नपा सङ्ख्या : २०/१
सरकारी/निजी विद्यालय : २३२/११
क्याम्पस/उच्च मा.वि. : १/१७
अस्पताल/स्वास्थ्य चौकी : २/२५
मानव विकास सूचकाङ्कः ०.४३४
प्रतिपरिवार सरदर सङ्ख्याः ७

Far westren:Layout 1 2/14/2010 12:33 PM Page 533

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या

विस्फोटक पदार्थबाट

जोगबुडा गाविस-४ लामीगडाका ५४ वर्षीय मोहनसिंह बोहराको उनकै घरमा राखिएको विस्फोटक पदार्थ ०६६ साउन २७ गते राती पड्किँदा घटनास्थलमै मृत्यु भयो। युद्धकालीन अवस्थामा माओवादीले घरमा प्लास्टिकको जर्किनमा राखेको जिलेटिन र बारुद पड्किँदा बोहराकी पत्नी ४५ वर्षीया शर्मादेवी बोहरा, छोराहरू १६ वर्षीय गोविन्द बोहरा, १३ वर्षीय माधव बोहरा, ११ वर्षीय सुरेश बोहरा घाइते भए। विस्फोटनबाट मृतकको कच्ची घरसमेत ध्वस्त भयो। घटनास्थलमा ०६६ साउन २८ गते पुगेका इलाका प्रहरी कार्यालय जोगबुडाको टोलीले निष्क्रिय सकेटबम र केही बारुद फेला पाऱ्यो। प्रहरीले घटनाको जाँचबुझ गरी सोही दिन मृतकको दाहसंस्कार गराए। घाइते चारै जनाको उपस्वास्थ्य चौकी सादनीमा उपचार भयो। मृतका छोरा, छोरी र बुहारी तीनै जनाले माओवादी कार्यकर्ता भई सशस्त्र द्वन्द्वका क्रममा ज्यान गुमाएका थिए।

जेल र बन्दीहरू

'घ' श्रेणीको जिल्ला कारागारको बन्दी क्षमता २५ जनाको छ। यस वर्षको अन्त्यसम्म कैद तोकिएका २३ पुरुष र चार महिला कैदी रहेका छन् भने कैद नतोकिएका चार जना पुरुष थुनुवा रहेका छन्। यसरी डडेल्धुरा कारागारमा जम्मा ३१ जना बन्दी रहेका छन्। एक जना आश्रित नाबालक पनि रहेका छन्। यस कारागारमा तीनओटा कोठा र एउटा भान्साघर रहेको छ। बन्दीहरूलाई एउटा कलर टीभी, क्यारेमबोर्ड, रेडियो, राष्ट्रिय पत्रिका *कान्तिपुर* र स्थानीय चारओटा दैनिक पत्रिकाहरूको व्यवस्था गरिएको छ। कारागारमा बस्ने कोठा साँघुरो भएकाले एउटै कोठामा १०-१२ जनासम्म पनि बस्दै आएका छन्। बन्दी महिला र पुरुषका लागि दुईओटा छुट्टाछुट्टै शौचालय छन्। तर, पुरुष कैदी र थुनुवाको सङ्ख्या बढी भएकाले बिहानै लाइन लाग्नु पर्ने बाध्यता रहेको उनीहरूको गुनासो छ। यसबाहेक बन्दीहरूले जेलमा सीपमूलक तालिम दिनु पर्ने मागसमेत गरेका छन्। अहिलेसम्म कुनै पनि खालको आत्मनिर्भरमुखी तालिम नदिइएको उनीहरूको गुनासो छ।

धम्की/कुटपिट

राज्यबाट

मणिलेक गाविस-९ बगालसैनका ३३ वर्षीय नैनसिंह विष्टलाई ०६६ असार २५ गते गाडी साइड लगाउने विषयमा प्रहरीसँग विवाद गरेको भन्दै अमरगढी नपा-७ स्थित पोखरा प्रहरी चौकीका असई पदम रानाको नेतृत्वमा रहेको ५-६ जना प्रहरीको टोलीले पोखरा बजारबाट गिरफ्तार गरी चौकीमा पुऱ्याई कुटपिट गऱ्यो। कुटपिटपश्चात् उनलाई ०६६ असार २६ गते रिहा गरियो। मुखमा चोट लागेका पीडितको उपचार जिल्ला अस्पताल डडेल्धुरामा भयो। विष्टले ०६६ असार २६ गते जिल्ला प्रहरी कार्यालय डडेल्धुरामा उजुरी दिए। उजुरीका आधारमा प्रहरी कार्यालयले दुवै पक्षलाई बोलाई छलफल गर्दा असई रानाले पीडितसमक्ष माफी मागी ५ हजार रुपियाँ उपचार खर्च तिरेपछि मिलापत्र भयो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस अदालतमा दुनियाँवादी फौजदारी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका नौ थान मुद्दा यस वर्ष फर्स्यौट भए। यस वर्ष दर्ता भएका १४ थान मुद्दामध्ये छ थान फर्स्यौट भई आठ थान बाँकी रहे। यस वर्षको अन्त्यसम्ममा जम्मा आठ थान दुनियाँवादी फौजदारी मुद्दा फर्स्यौट हुन बाँकी रहे।

सरकारवादी फौजदारी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका आठ थान मुद्दामध्ये सात थान फर्स्यौट भइ एक थान बाँकी रहे। यस वर्ष दर्ता भएका २० थानमध्ये १२ थान फर्स्यौट भई आठ थान बाँकी रहे। यस वर्ष अन्त्यसम्ममा जम्मा नौ थान सरकारवादी फौजदारी मुद्दा फर्स्यौट हुन बाँकी रहे।

देवानीतर्फ गत वर्षको जिम्मेवारी सरेर आएका तीन थान मुद्दामध्ये दुई थान फर्स्यौट भई एक थान बाँकी रहे। यस वर्ष दर्ता भएका नौ थान मुद्दामध्ये तीन थान फर्स्यौट भई छ थान बाँकी रहे। यस वर्ष अन्त्यसम्मा जम्मा सात थान देवानी मुद्दा फर्स्यौट हुन बाँकी रहे। यसरी यस वर्षको अन्त्यसम्ममा जम्मा २४ थान मुद्दा फर्स्यौट हुन बाँकी रहे।

बालअधिकार

जिल्ला शिक्षा कार्यालयका अनुसार विद्यालय जाने उमेरका बालबालिकाको कूल सङ्ख्या ३० हजार ६ सय ८ मा विद्यालय भर्ना भएका बालकालिका ३० हजार ५ सय ६१ जना रहेका छन्।

प्रधानसेनापति प्रकरणमा राष्ट्रपति डा.

Far westren:Layout 1 2/14/2010 12:33 PM Page 534

घटनाको प्रकार	गैर राज्यबाट							राज्यबाट		
	अन्यबाट				एकीकृत माओवादीबाट					
	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा	घटना सङ्ख्या	पुरुष	जम्मा	घटना सङ्ख्या	पुरुष	जम्मा
हत्या	३	३	१	४						
घाइते	३	४	१	५						
गिरफ्तारी/यातना								१	१	१
कुटपिट	३	४		४				१	१	१
जातीय विभेद	१	१		१						
महिलाअधिकार	६		६	६						
बालअधिकार	१		१	१	१	१०	१०			
जम्मा	१५	१३	९	३१	१	१०	१०	३	३	३

रामवरण यादवले गरेको निर्णयलाई असंवैधानिक भएको भन्दै सेती-महाकाली राज्य समितिको आयोजनामा एकीकृत माओवादी कार्यकर्ताको एक समूहले ०६६ असार १ गते र असार ७ गते सदरमुकाम बागबजार आसपासका महेन्द्र नमुना उच्चमावि खलङ्गा, माउन्टेन उच्चमावि, ज्ञानोदय विद्या निकेतनलगायतका ३५ ओटा विद्यालयहरू बन्द गराएपछि यी विद्यालयमा अध्ययनरत ६ हजार १ सय ५० विद्यार्थीको पठनपाठन अवरुद्ध भयो।

अमरगढी नपा-६ भालमारेकी एक १२ वर्षीया बालिकालाई ०६६ असोज ११ गते बैतडी जिल्ला सिद्धेश्वर गाविस-८ बिप्फेकटालका ४० वर्षीय हीरा महराले घरनजिकैको जङ्गलमा दाउरा काटिरहेका बेला बलात्कारको प्रयास गरेको भनी बालिकाले होहल्ला गरेपछि आरोपित महराले बालिकालाई चक्कु प्रहार गरी भागे। पीडितका आफन्तले ०६६ असोज १२ गते जिल्ला प्रहरी कार्यालय डडेल्धुरामा बलात्कारको प्रयास गरेको आरोपमा मुद्दा दर्ता गरे। जिल्ला प्रहरी कार्यालय डडेल्धुराले ०६६ असोज १३ गते करणी गर्ने प्रयास गरेको अभियोगमा आरोपित महराको नाममा जिल्ला अदालत डडेल्धुरामा मुद्दा दर्ता गऱ्यो। आरोपितलाई प्रहरीले यो वर्षको अन्त्यसम्म गिरफ्तार गर्न सकेको छैन।

अमरगढी नपा-७ पोखरा तिलाडीका १३ वर्षीय बालक तेज कैनीलाई ०६६ असोज २० गते स्थानीय एक पसलबाट चाउचाउ चोरेको आरोपमा प्रहरीले गिरफ्तार गरी हिरासतमा राखी असोज ३० गते सार्वजनिक अपराध अन्तर्गत मुद्दा चलायो। उनीसँग १० हजार रुपियाँ धरौटी माग गरिएपछि तिर्न नसक्दा उनलाई कारागार चलान गरियो। एक महिना कारागारमा राखेकामा विभिन्न सञ्चारमाध्यमहरूमा बालअधिकार महासन्धि १९८९, अन्तरिम संविधान ०६३, बालबालिका ऐन ०४८ विपरीत नाबालकलाई जेल सजाय तोकेको भन्दै टिप्पणीहरू प्रकाशित भएपछि ०६६ मङ्सिर १ गते प्रमुख जिल्ला अधिकारी राजेन्द्रप्रसाद घिमिरेको आदेशमा उनलाई रिहा गरियो।

एकीकृत माओवादीले ०६६ कात्तिक २२ गते जिल्ला सदरमुकाम डडेल्धुरामा आयोजना गरेको आमसभामा १८ वर्षमुनिका १० जनाभन्दा बढी बालबालिकाको प्रयोग गरे। आमसभा सुरु हुनुभन्दा अगाडि जिल्लाका विभिन्न गाविसबाट आएका छुट्टाछुट्टै जुलुसमा टाउकोमा हँसिया-हथौडाअङ्कित झन्डाको फेटा बाँधेर अग्रपङ्क्तिमा १० जना बालबालिकाहरू रहेकामा कार्यक्रमस्थलमा पनि लामो समयसम्म उनीहरूलाई राखियो। उक्त कार्यक्रमलाई माओवादीका सचिवालय सदस्य लीलामणि पोखरेल, नेत्रविक्रम चन्द, पोलिटब्युरो सदस्य धर्मेन्द्र बास्तोलालगायतले सम्बोधन गरे।

प्रधानसेनापति रुक्माङ्गत कटवाल प्रकरणमा राष्ट्रपति डा. रामवरण यादवले गरेको निर्णयलाई असंवैधानिक भएको भन्दै एकीकृत माओवादीले ०६६ पुस ५ देखि ७ गतेसम्म गरेको बन्दका क्रममा डडेल्धुरा जिल्लाको सदरमुकामस्थित ज्ञानोदय विद्या निकेतन तुफानडाँडा, माउन्टेन उच्चमावि‌को मावि तहसम्मको अर्धवार्षिक परीक्षा स्थगित भयो। डडेल्धुरा जिल्लाका १ सय ४३ प्रावि, ६० निमावि, ३४ मावि, १२ उच्चमावि र चार क्याम्पसहरू बन्द हुँदा ५० हजार विद्यार्थीहरू नियमित पढाइबाट वञ्चित भए।

Far westren:Layout 1 2/14/2010 12:33 PM Page 535

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

बेलापुर गाविस-६ की एक ३५ वर्षीया महिलालाई ०६५ माघ २२ गते सोही ठाउँका ५० वर्षीय भगीसिंह कार्कीले घरनजिकै बाटोमा बलात्कारको प्रयास गरेको आरोपमा पीडितले आरोपितमाथि कारबाहीको माग गर्दै ०६५ माघ २६ गते जिल्ला प्रहरी कार्यालय डडेल्धुरामा निवेदन दिइन्। प्रहरीले ०६५ माघ २८ गते आरोपित कार्कीलाई हिरासतमा लिई सार्वजनिक अपराध अन्तर्गत मुद्दा दर्ता गऱ्यो। जिल्ला प्रशासन कार्यालय डडेल्धुराका प्रमुख जिल्ला अधिकारी पर्शुराम अर्यालको आदेशमा ०६५ फागुन १५ गते कार्की १० हजार रुपियाँ धरौटीमा रिहा भए।

पारिवारिक हिंसा

अमरगढी नपा-९ की ३२ वर्षीया कालीदेवी निदाललाई ०६६ जेठ ६ गते पति ३८ वर्षीय सन्तबहादुर निदालले मदिरा सेवन गरी कुटपिट गरे। यसअघि पनि पटकपटक मदिरा सेवन गरी सन्तबहादुरले कुटपिट गर्ने तथा मानसिक यातना दिँदै आएको भन्दै पीडितले ०६६ जेठ ७ गते जिल्ला प्रहरी कार्यालय डडेल्धुरामा कारवाहीका लागि निवेदन दिइन्। प्रहरीले दुवै पक्षलाई ०६६ जेठ ९ गते बोलाई छलफल गर्दा सन्तबहादुरले आइन्दा कुटपिट नगर्ने भनी माफी मागेपछि दुवै पक्षबीच सहमति भयो।

अमरगढी नपा-७ पोखराकी २४ वर्षीया भागरतीदेवी भण्डारी ऐरीले पति ४२ वर्षीय दिलबहादुर ऐरीले पटकपटक खानलाउन नदिई कुटपिट गरेको भन्दै ०६६ भदौ २८ गते जिल्ला प्रहरी कार्यालय डडेल्धुरामा निवेदन दिइन्। पीडितको निवेदनपश्चात् प्रहरीले दुवै पक्ष, महिला अधिकारवादी सङ्घसंस्थाहरूका प्रतिनिधि राखेर छलफल गरे। छलफलपश्चात् पीडकले भागरतीलाई पालनपोषणका लागि १ लाख रुपियाँ क्षतिपूर्ति दिने लिखित सहमति गरियो। भागरतीले पति दिलबहादुर ऐरीबाट अलग बस्न चाहेकाले पीडितले सम्बन्धविच्छेदका लागि अदालतमा निवेदन दिने सहमति भयो।

असिग्राम गाविस-४ भेउलानाकी ३४ वर्षीया कान्तीदेवी भण्डारीलाई पति ३७ वर्षीय कोषराज भण्डारीले ०६६ असोज २१ गते घरायसी झगडामा कुटपिट गरेपछि बेपत्ता भएकामा कात्तिक १० गते घरभन्दा करिब दुई किमि टाढा मसानघाटनजिक उनको लास फेला पऱ्यो। जिल्ला प्रहरी कार्यालय डडेल्धुराबाट गएको प्रहरी टोलीले लास सडेकाले पोस्टमार्टम गराउन आवश्यक नभएको भन्दै सार्वजनिक मुचुल्का बनाई सोही दिन जलाउन लगायो। मृतकका भाइ भुवनप्रसाद पनेरुले कान्तीदेवीका पति कोषराज भण्डारी, सोही ठाउँका २८ वर्षीय टेकराज भण्डारी र ३२ वर्षीय हेमराज भण्डारीले यातना दिई हत्या गरेको भन्दै जिल्ला प्रहरी कार्यालय डडेल्धुरामा ०६६ कात्तिक ११ गते किटानी जाहेरी दिए। जाहेरीका आधारमा प्रहरीले तीनै जनालाई सोही दिन गिरफ्तार गरी कात्तिक २० गते जिल्ला अदालत डडेल्धुरामा पेस गऱ्यो। तीनै जनालाई कात्तिक २४ गते जिल्ला अदालत डडेल्धुराले साधारण तारेखमा रिहा गऱ्यो।

बहुविवाह

रूपाल गाविस-९ बगुण्णाकी ३० वर्षीया तुलसीदेवी भट्टका पति ३२ वर्षीय भानदेव भट्टले ०६६ भदौ ७ गते सोही ठाउँकी २५ वर्षीया माया भट्टसँग दोस्रो विवाह गरे। दोस्रो विवाहपछि जेठी पत्नी तुलसीदेवीले खानलाउनको ग्यारेन्टी गराई पाउँ भन्दै ०६६ असोज २८ गते जिल्ला प्रहरी कार्यालय डडेल्धुरामा निवेदन दिइन्। असोज ३० गते दुवै पक्षलाई बोलाई जिल्ला प्रहरी कार्यालयले छलफल गऱ्यो। भट्टले जेठी पत्नी तुलसीलाई अंश दिन नमानेपछि पीडितले प्रहरीको सहयोगमा ०६६ कात्तिक १४ गते जिल्ला अदालत डडेल्धुरामा मुद्दा दर्ता गरिन्। अदालतको आदेशमा पति भट्ट र कान्छी पत्नी मायालाई प्रहरीले ०६६ कात्तिक १५ गते गिरफ्तार गरी कात्तिक २० गते दुवै जना जनही २०-२० हजार रुपियाँ धरौटीमा रिहा भए।

सबै प्रकारका जातीय विभेद

अमरगढी नपा-५ सुङ्रखाली निवासी महेन्द्र उच्चमावि डडेल्धुराका पियन ५५ वर्षीय महावीर सार्कीलाई ०६५ चैत २० गते अमरगढी नपा-५ निवासी होटल व्यवसायी ५० वर्षीय दिगम्बर मिश्राले जबरजस्ती चियाको गिलास धुन लगाए। अपमानजनक व्यवहार गरेको भन्दै पीडितले ०६५ चैत २१ गते जिल्ला प्रशासन कार्यालय डडेल्धुरामा जातीय छुवाछूतको मुद्दा दर्ता गरे। सोही दिन मिश्रालाई प्रहरीले गिरफ्तार गऱ्यो। जिल्ला अदालतका न्यायाधीश रामकृष्ण भट्टको एकल इजलासले ०६५ चैत २४ गते मिश्रालाई नगद १२ हजार रुपियाँ धरौटी लिई तारेखमा रिहा गरेकामा ०६६ कात्तिक २९ गते न्यायाधीश भट्टकै इजलासले छुवाछूत नभएको ठहर गऱ्यो।

भुमेश्वर गाविस-८ का २२ वर्षीय पदम विष्टले

Far westren:Layout 1 2/14/2010 12:33 PM Page 536

पाटन गाविस-३ का १८ वर्षीया माया विकसित प्रेम विवाह गर्दा केटापक्षले तल्लो जातकी केटीसित विवाह गरेको भन्दै आफ्नो घरमा बस्न नपाइने भनी ०६६ जेठ २८ गते नवविवाहित जोडीलाई गाउँ निकाला गरे। हाल दुवैजना पीडित महिलाको माइती घरमा शरण लिई बसिरहेका छन्। उक्त घटनाप्रति कुनै निकायले चासो नराखी सहयोग नगरेको गुनासो पीडितले गरे।

स्वास्थ्य सेवाको अवस्था

जिल्ला अस्पतालमा यस वर्षको अन्त्यसम्ममा स्वास्थ्यकर्मीको दरबन्दी १ सय ८ जना रहेकामा ९८ जना, चिकित्सक ३ जना रहेकोमा २ कार्यरत रहेका छन्। स्टाफ नर्स चार जनाको दरबन्दी रहेकामा चार जना रिक्त, ल्याबअसिस्टेन्ट चार जनामा चार जना कार्यरत, ल्याब टेक्निसिएन १ जनामा एक जना कार्यरत, ग्रामीण स्वास्थय कार्यकर्ता २५ जनामा २२ जना, अनमी १६ जनामा १६ जना कार्यरत रहेका छन्।

५.८ बैतडी

जनसङ्ख्या : २,६५,११३
साक्षरता प्रतिशत : ५८
महिला साक्षरता प्रतिशत : ३७
क्षेत्रफल (वर्ग कि. मि.) : १,५१९
गाविस/नपा सङ्ख्या : ६२/१
सरकारी/निजी विद्यालय : ४३४/११
क्याम्पस/उच्च मा.वि. : २/२७
अस्पताल/स्वास्थ्य चौकी : १/७०
मानव विकास सूचकाङ्कः ०.३९१
प्रतिपरिवार सरदर सङ्ख्याः ७

नागरिक तथा राजनीतिक अधिकार
सम्मानित रूपले बाँच्ने अधिकार
हत्या

बेवारिसे विस्फोटक पदार्थबाट

बासुलिङ् गाविस-५ चिल्लेपानीका चार वर्षीय भीमलाल पाण्डेय र सोही ठाउँका पाँच वर्षीय हेमराज पाण्डेयले बेवारिसे अवस्थामा फेला परेको विष्फोटक पदार्थलाई ०६६ वैशाख २५ गते बेलुकी घरआँगनमा खेलाउँदा विस्फोट भयो। विस्फोटबाट भीमलालको घटनास्थलमै मृत्यु भयो भने हेमराज र ६१ वर्षीया कलसा पाण्डेय घाइते भए। घाइतेको सोही दिन जिल्ला अस्पताल बैतडीमा प्राथमिक उपचारपछि इन्सेकको सहयोगमा नेपालगञ्ज मेडिकल कलेज, कोहलपुरमा उपचारपछि दुवै जना घर फर्के।

अज्ञात समूहबाट

दशरथचन्द नपा-६ बरछनाकी ४० वर्षीया पशुपति पेला र उनकी भतिजी १४ वर्षीया शान्तिकुमारी पेलालाई ०६५ पुस १९ गते सोही नपा-११ स्थित माइतबाट घर फर्किरहेको अवस्थामा अज्ञात व्यक्तिले कुटपिट गरी सोही नपा-१२ स्थित कालाशाली मन्दिरनजिकको खोलामा हत्या गरे। बेवारिसे अवस्थामा फालिएको दुवै जनाको लास उनका आफन्तहरूले सोही दिन फेला पारी ०६५ पुस २० गते जिल्ला अस्पताल बैतडीमा पोस्टमार्टमपश्चात् दाहसंस्कार गरे। हत्यामा संलग्न व्यक्तिको हालसम्म पत्ता नलागेको र खोजी कार्य जारी रहेको जिल्ला प्रहरी कार्यालयले जनायो।

जेल र बन्दीहरू

'घ' श्रेणीको जिल्ला कारागारको कुल क्षमता २५ जनाको भए पनि यस वर्षको अन्त्यसम्ममा दुई जना महिला, ४७ जना पुरुष र एक नाबालिका गरी ५० जना बन्दीहरू रहेका छन्। कैद तोकिएका २५ जना पुरुष र एक जना महिला गरी जम्मा २६ जना रहेका छन् भने बाँकी २२ जना पुरुषहरू, एक जना महिला गरी जम्मा २३ जना थुनुवाहरू रहेका छन्। क्षमताभन्दा दोब्बर कैदीहरू भएकाले बस्न, खानेपानी र शौचालयका लागि थुनुवाहरूलाई समस्या भएको कारागारका कर्मचारीहरूले बताए। जेलभित्र यस वर्षको अन्त्यसम्ममा कैदीबाट कुनै प्रकारको विरोधको कार्यक्रम नभएको, समय-समयमा बन्दी र थुनुवाहरूको स्वास्थ्य परीक्षण हुने गरेको समेत उनीहरूले बताए।

Far westren:Layout 1 2/14/2010 12:33 PM Page 537

घटनाको प्रकार	गैर राज्यबाट								राज्यबाट			
	अन्यबाट				एकीकृत माओवादीबाट							
	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा	घटना सङ्ख्या	पुरुष	नखुलेको	जम्मा
हत्या	५	४	२	६								
घाइते	१	१	१	२					१	१	६	८
गिरफ्तारी/यातना									४	६		६
कुटपिट	२	१	१	२	९	११	२	१३	२	२		२
धम्की	२	२		२	२	२		२				
जातीय विभेद	५	६	१	८								
महिलाअधिकार	१		१	१								
बालअधिकार	१		१	१								
आर्थिक/सामाजिक/ सांस्कृतिक अधिकार	१	१		१	१	१		१				
अमानवीय व्यवहार					१	१		१				
अपहरण	१	१		१								
जम्मा	१९	१६	६	३४	१३	१५	२	१६	६	१०	६	१६

धम्की/कुटपिट

एकीकृत माओवादीबाट

सलेना गाविस-९ बागगोठ लेकका १८ वर्षीय दीपकबहादुर चन्द र सोही ठाउँका १६ वर्षीय वसन्त चन्दले मादक पदार्थ सेवन गरी गाली बेइज्जत गरेको आरोपमा ०६५ पुस २२ गते दुर्गास्थान गाविस-१ निवासी माओवादी कार्यकर्ता राजीव भनिने २५ वर्षीय ईश्वरी भट्ट र सोही गाविस-७ का ३१ वर्षीय मदन बडुले सोही गाविस-९ सिलाखोला नजिकमा कुटपिट गरे। कुटपिटबाट घाइतेको पुस २३ गते जिल्ला अस्पतालमा उपचार भयो। पीडितहरूले जिल्ला प्रहरी कार्यालयमा पुस २५ गते उजुरी गरेपछि प्रहरीले पीडकहरूलाई पुस २७ गते गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालयमा थुनामा राख्यो। दुवै पक्षको सहमतिमा पीडकले औषधी उपचार खर्च बेहोरी अब उपरान्त यस्तो घटना नदोहोऱ्याउने कागज गरेपछि माघ २ गते रिहा भए।

भटना गाविस-१ चक्की बगडका ३२ वर्षीय तारा बोहरालाई आफ्नो पार्टीको सदस्यता नलिएको र भनेजति चन्दा नदिएको आरोपमा ०६५ चैत २२ गते सोही ठाउँका माओवादी कार्यकर्ता भानबहादुर धानुक, प्रेम धानुकलगायतका अन्य चार जनाले मार्ने धम्की दिए। घटनापछि पीडित केही दिन विस्थापित भई जिल्ला सदरमुकाममा आई बसेको र ०६६ वैशाख १६ गते उनी पुन:स्थापित भए। माओवादी कार्यकर्ताले ०६६ वैशाख २२ गते पुन: उनको मालसामान ढुवानी गर्ने पाँचओटा खच्चर र ८ हजार ४ सय रुपियाँ नगद रकमसमेत लुटेर लगेको र घटनाका विषयमा प्रशासनमा उजुरी गर्दा सुनुवाइ नभएको पीडितले बताए।

कुवाकोट गाविस-८ ढुङ्गका ४० वर्षीय लक्ष्मण कुँवर, पत्नी ३७ वर्षीया कमला कुँवर, भाइबुहारी ३१ वर्षीया देवकी कुँवरलाई आफ्नो पार्टीमा आस्था नराखेको आरोपमा ०६६ जेठ ७ गते सोही ठाउँका माओवादीका स्थानीय कार्यकर्ता अक्कल कुँवरको नेतृत्वमा आएका आठ जना कार्यकर्ताहरूले कुटपिट गरी खेतमा छरेको धानको बेर्नासमेत नष्ट गरे। घटनापछि दोषीहरूमाथि कारबाहीको माग गर्दै ०६६ जेठ ८ गते जिल्ला प्रशासनमा उजुरी गर्दा पछि प्रशासनको मध्यस्ततामा ०६६ जेठ २५ गते दुवै पक्षको सहमतिमा घटनाको विवाद मिलाएको पीडित लक्ष्मण कुँवरले बताए।

खोचल्लेक प्रहरी चौकीमा कार्यरत प्रहरी जवान इन्द्रदेव भट्ट र शेरसिंह कार्कीलाई ०६६ असोज १६ गते श्रीकोट गाविस-४ का २२ वर्षीय गणेशकुमार ओड र स्थानीय २३ वर्षीय हरिराम ओडले प्रहरी चौकीभित्रै

Far westren:Layout 1 2/14/2010 12:33 PM Page 538

आक्रमण गरी कुटपिट गरे। गणेशकुमार ओड कैलालीको तालवनस्थित माओवादी लडाकू शिविरमा रहेको र दसैँ विदामा घर गएको अवस्थामा उक्त घटनामा संलग्न रहेको प्रहरीले बताए। प्रहरी चौकीमा आक्रमण गरी जवानमाथि हातपात गरेको आरोपमा सोही दिन प्रहरीले पीडकलाई पक्राउ गरी असोज २० गते रिहा गऱ्यो।

दशरथचन्द नपा-३ जिउताली निवासी कृषि विकास बैंक शाखा कार्यालय बैतडीका प्रबन्धक ५५ वर्षीय कृष्णबहादुर चन्दलाई आमहडतालको दिन कार्यालय खुला गरेको आरोपमा ०६६ पुस ५ गते एकीकृत माओवादी कार्यकर्ताले दशरथचन्द नपा-१ शाही लेकमा कार्यालय परिसरमा नै कुटपिट गरे।

श्रीकेदार गाविस-३ निवासी एमाले जिल्ला कमिटी सदस्य ३५ वर्षीय लीलाधर भट्टलाई आमहडतालमा कार्यालय खुलाएको भनी ०६६ पुस ६ गते दशरथचन्द नपा-१ गढीस्थित डिभिजन खानेपानी कार्यालय परिसरमा एकीकृत माओवादीका कार्यकर्ताले कुटपिट गरे। कुटपिटबाट उनको दायाँ खुट्टामा चोट लाग्यो। पीडितले घटनामा संलग्न एकीकृत माओवादीका कार्यकर्ता अर्जुन रानालगायतलाई कानुनबमोजिम कारबाही गरिदिन सोही दिन जिल्ला प्रशासन कार्यालय बैतडीमा उजुरी दिए। पीडक घटना भएको दोस्रो दिनदेखि नै फरार छन्।

गुरुखोला गाविस-२ निवासी एमाले बैतडीका जिल्ला कमिटी सचिवालय सदस्य ४५ वर्षीय महादेव भट्टलाई आफ्नो पार्टी विरोधी गतिविधिमा संलग्न रहेको आरोपमा ०६६ पुस ८ गते बेलुकी देहीमाडौँ गाविस-७ स्थित देहीमाडौँ बजारमा एकीकृत माओवादी कार्यकर्ताको १५-२० जनाको समूहले कुटपिट गरी घाइते बनायो। पीडितको जिल्ला अस्पताल बैतडीमा उपचार भयो। पीडित पक्षले पुस ९ गते घटनामा संलग्न दोषीलाई कारबाही गर्न जिल्ला प्रहरी कार्यालय बैतडीमा ज्यान मार्ने उद्योग अन्तर्गत माओवादी कार्यकर्ता ईश्वरी भट्टलगायत अन्य घटनामा संलग्न पक्षको नाममा मुद्दा दर्ता गऱ्यो। घटनामा संलग्न रहेको आरोपमा देहीमाडौँ गाविस-४ देहीमाडौँका उद्धव बोहरालाई ०६६ पुस १० गते देहीमाडौँबाट गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालयमा थुनामा राखेको जिल्ला प्रहरी कार्यालय बैतडीले जनायो भने पीडक ईश्वरी भट्टलगायत अन्य घटनापछि फरार छन्।

बेवारिसे बम विस्फोटनमा परी घाइते भएकी कलसा पाण्डे

वाईसीएलबाट

रूद्रेश्वर गाविस-२ सिमार निवासी दुर्गा उमाविका विद्यालय व्यवस्थापन समिति अध्यक्ष ईश्वर बोहरालाई शिक्षक भर्ना गर्ने विषयमा विवाद हुँदा ०६६ साउन ५ गते सोही ठाउँका एकीकृत माओवादी कार्यकर्ता उपेन्द्र बोहरालगायत २५ जना वाईसीएल कार्यकर्ताले कुटपिट गऱ्यो। कुटपिटमा परी अन्य नाम नखुलेका चार जना सर्वसाधारणहरूसमेत घाइते भए। उनीहरूको उपचार स्थानीय बलाच उपस्वास्थ्य चौकीमा गरियो।

कोटिला गाविस-१ की १६ वर्षीया महामती विकलाई भटना गाविस-३ का सुन्दरबहादुर धानुकसँग अवैध यौन सम्पर्क राखेको आरोपमा ०६६ मङ्सिर ८ गते वाईसीएल कार्यकर्ताले कुटपिट गरी ०६६ मङ्सिर ९ गते पुरघाट प्रहरी चौकीमा बुझाए। पछि प्रहरीले उनलाई परिवारको जिम्मा लगायो। महामतीको ०६६ मङ्सिर ३० गते मृत्यु भयो। आफन्तले लासको पोस्टमार्टम नगराई दाहसंस्कार गरेको तर कतै उजुरी नगरेको जिल्ला प्रहरी कार्यालयले जनायो।

गैरकानुनी गिरफ्तारी

देउलेख गाविस-५ का २८ वर्षीय मोहनसिंह कार्की र सोही ठाउँका २४ वर्षीय करनसिंह कार्कीलाई एकीकृत माओवादीको इलाका नं. १० को खोचल्लेकमा रहेको इलाका पार्टी कार्यालयको झन्डा जलाएको भन्ने आरोपमा ०६६ असोज १५ गते प्रहरीले बिनापुर्जी गिरफ्तार गऱ्यो। घटनाको अनुसन्धानपछि ०६६ असोज १८ गते दुवैलाई जिल्ला प्रहरी कार्यालयबाट रिहा गरियो।

Far westren:Layout 1 2/14/2010 12:33 PM Page 539

बेवारिसे बम विस्फोटनमा परी घाइते भएका हेमराज पाण्डे

अभिव्यक्ति, भेला हुने र सङ्गठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

एकीकृत माओवादीले राष्ट्रपतिले चालेको कदमका विरुद्ध र नागरिक सर्वोच्चताका लागि भनी ०६६ असार ७ गते जिल्ला प्रशासन कार्यालयअगाडि धर्ना र जुलुस प्रदर्शन गर्दा सो पार्टीका जिल्ला कमिटी सदस्य ३० वर्षीय अमर धामी र अर्जुन रानालगायत आठ जना माओवादी कार्यकर्तालाई प्रहरीले लाठी प्रहार गरी कुटपिट गरे। प्रदर्शनकारीमाथि प्रहरीले ४ राउन्ड आश्रुग्याससमेत प्रहार गरे। घटनाको निन्दा गर्दै एकीकृत माओवादी बैतडीका जिल्ला सचिव प्रेमप्रकाश भट्टले सोही दिन प्रेस विज्ञप्ति प्रकाशित गरे।

यातना तथा अन्य क्रूर, अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

दुर्गास्थान गाविस-१ निवासी माओवादी कार्यकर्ता २५ वर्षीय राजीव भनिने ईश्वरी भट्टलाई ०६५ पुस २८ गते जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक रामदत्त जोशीको निर्देशनमा प्रहरीहरूले हिरासतमा यातना दिएको पीडितले बताए। घटनाका विषयमा अनुगमन गर्न इन्सेक जिल्ला प्रतिनिधि शेरबहादुर चन्दको नेतृत्वमा ०६५ माघ २८ गते जिल्ला प्रहरी कार्यालयमा गएको पत्रकार र मानवअधिकारकर्मीको टोलीले पीडितलाई भेट्दा सोधपुछका क्रममा प्रहरीले एक-दुईचोटि लात्ता र मुक्काले हिर्काएको र आधा घन्टासम्म बिम पेलाएको उनले बताए।

वाईसीएलद्वारा कुटपिट गरिएकी महामती विक

सुगम र निष्पक्ष न्यायिक अधिकार

दुनियाँवादी फौजदारी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका २१ थान र यस वर्ष दर्ता भएका १३ थान गरी जम्मा ३४ थानमध्ये यस वर्ष पाँच थान फर्स्यौट भई २९ थान बाँकी रहे।

सरकारवादी फौजदारीतर्फ गत वर्ष जिम्मेवारी सरेर आएका जम्मा पाँच थान र यस वर्ष दर्ता भएका नौ थान गरी जम्मा १४ थानमध्ये यस वर्ष दुई थान फर्स्यौट भई १२ थान बाँकी रहे ।

देवानी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका १३ थान र यस वर्ष दर्ता भएका छ थान गरी जम्मा १९ थानमध्ये एक थान फर्स्यौट भई १८ थान बाँकी रहे। यसरी यस वर्षको अन्त्यसम्ममा जम्मा ५३ थान मुद्दामध्ये ६ थान फर्स्यौट भई ४७ थान बाँकी रहे।

यस अवधिमा जिल्लामा व्यक्तिगत कुटपिटबाट विभिन्न स्थानमा भएका घटनाहरूमा तीन जनाको मृत्यु भयो। यो एक वर्षको अवधिमा जिल्लाभरिमा जम्मा आठ जनाले झुन्डिएर आत्महत्या गरे। यस वर्ष दैवीप्रकोप, बाढीपहिरोका कारण छ जनाको मृत्यु हुनुका साथै एक जना बेपत्ता भए। यस वर्षको अन्त्यसम्म जिल्लामा भएका पाँचओटा सवारी दुर्घटनाका घटनामा १५ जनाको मृत्यु भयो भने ११ जनाको झाडापखालाको कारणले मृत्यु भएको छ। सरकारले हलिया मुक्तिको घोषणा गरको परिप्रेक्ष्यमा उनीहरूको पुनःबास र उचित क्षतिपूर्तिको माग गर्दै जिल्लास्थित विभिन्न दलित अधिकारकर्मी सङ्घ-संस्थाहरूले सदरमुकाममा पटक-पटक च्याली प्रदर्शन गरी जिल्ला प्रशासन कार्यालयअगाडि धर्ना दिएका थिए।

बालअधिकार

जिल्ला शिक्षा कार्यालयका अनुसार यस वर्ष विद्यालय जाने बालबालिकाको कुल सङ्ख्या ९२ हजार ४ सय ८२ जना रहेकामा चार वर्षभन्दा मुनिका बालबालिकाको सङ्ख्या ४१ हजार ८ सय १६ रहेको छ । विद्यालय भर्ना भएका बालबालिका ९१ हजार २ सय ३ जना रहेका छन् ।

जिल्ला जनस्वास्थ्य कार्यालयको तथ्याङ्क अनुसार प्रतिवर्ष १० हजार बालबालिकामा १ सय १८ जनाको मृत्यु हुने गरेको जनाएको छ।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार

पारिवारिक हिंसा

दशरथचन्द नपा-४ औलाका २४ वर्षीय तर्कराज भट्टले घरमा जेठी पत्नी

Far westren:Layout 1 2/14/2010 12:33 PM Page 540

यशोदा भट्ट हुँदाहुँदै महादेवस्थान गाविस-४ की १९ वर्षीया जानकी भट्टसँग ०६६ वैशाख ११ गते दोस्रो विवाह गरे। हाल दुवै जना घरबाट फरार छन्। उनकी जेठी पत्नी र उनकी चार वर्षीया छोरी मनीषा हाल पाटन गाविस-६ स्थित आफ्नो माईतीघरमा बसिरहेको जिल्ला प्रहरी कार्यालय बैतडीले जनायो।

यस वर्षको अन्त्यसम्ममा घरेलु हिंसाका जम्मा १६ ओटा घटना जिल्ला प्रहरी कार्यालयमा दर्ता भए, जसमध्ये १५ ओटा मुद्दा मिलापत्र गरिए भने एउटा मुद्दा जिल्ला अदालत बैतडीमा दर्ता गरिएको छ।

सबै प्रकारका जातीय विभेद

दशरथचन्द नपा-७ सुकुट्टीका ३४ वर्षीय हरिश लुहारलाई ०६५ पुस २४ गते सोही नपा-४ का ३१ वर्षीय वीरेन्द्र चन्दले सोही नपा-९ ढुङ्गरामा रहेको आफ्नो चियापसलमा चाउचाउ खाएको प्लेट सफा गर्न लगाउँदा विवाद उत्पन्न भई डुम भनी गाली बेइज्जती गरे। घटनाका सम्बन्धमा पीडितले ०६५ पुस २५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिएपछि जिल्लास्थित अधिकारकर्मी सङ्घसंस्थाहरूको पहलमा अब उपरान्त यस्तो व्यवहार नगर्ने भनी वीरेन्द्रले कागज गरी दुवै पक्षबीच सहमति भयो।

शिखरपुर गाविस-८ बचकोटका ३२ वर्षीय गोपालराम लुहार, २५ वर्षीय महावीर विक र २४ वर्षीय नवीन लुहारलाई ०६६ वैशाख २१ गते सडकमा मजदुरी काम गर्दा राम्रो काम गर्न नसकेका डुमहरू भन्दै सोही ठाउँका ३५ वर्षीय जोगसिंह बोहरा र उनका भाइ दानसिंह बोहराले कुटपिट गरे। मादक पदार्थ सेवन गरेका बोहरा दाजुभाइले कुटपिट गर्ने क्रममा महावीर विक घाइते भए। उनको प्राथमिक उपचार घरमै भयो।

चौखाम गविस-३ का २५ वर्षीय टेक विश्वकर्मालाई दलित भनी ०६६ साउन २७ गते दशरथचन्द नपा-१ गोठलापानी निवासी जिविस बैतडीका प्राविधिक सहायक ३२ वर्षीय लक्ष्मणदत्त भट्टले घरबाट निकाले। पीडितले जिल्ला प्रहरी कार्यालयमा उजुरी गरेपछि भट्टले अब उपरान्त जातपातका आधारमा दलितमाथि त्यस्तो व्यवहार नगर्ने भनी कागज गरे।

गोकुलेश्वर गाविस-२ बागगोठका २४ वर्षीय रविराम ओडलाई सोही ठाउँका दानसिंह कडायतले पसलमा चिया खाएको गिलास सफा नगरेको आरोपमा ०६६ मङ्सिर १८ गते कुटपिट गरे। गैरदलितको चिया पसलमा दलितले चिया खाएपछि खानेले नै गिलास सफा गरी होटलबाहिर उल्टो पारी राख्ने चलन रहेको र रविरामले सो कुरा नमान्दा कडायतले कुटपिट गरेको प्रत्यक्षदर्शीले बताए। घटनापछि पीडित पक्षले जिल्ला प्रहरी कार्यालयमा ०६६ मङ्सिर २१ गते उजुरी गर्दा दुवै पक्षलाई जिल्ला प्रहरी कार्यालयले मङ्सिर २४ गते बोलाई सहमतिमा उक्त मुद्दा मिलाइयो।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

बैतडी जिल्लाका विभिन्न शक्तिपीठ मन्दिरहरूमा करिब २५ जना देउकीहरू छन्। उनीहरूमध्ये धेरैजसो चाडपर्वहरूमा मन्दिरमा गई मन्दिरको सरसफाइ गर्ने कार्यमा संलग्न रहेका छन्, जसमध्ये अधिकांशको उमेर ४५ वर्षभन्दा माथि रहेको छ। यसरी देवी-देउताको मन्दिरमा सेवा गर्न चढाइएका देवीहरूबाट जन्मेका छोराछोरीको शिक्षा र स्वास्थ्यको अवस्था नाजुक रहेको पीडितहरूले बताए।

सम्पत्ति कब्जा

एकीकृत माओवादीबाट

वासुलिङ् गाविस-७ कुर्कुट्या निवासी पूर्वप्रधानमन्त्री लोकेन्द्रबहादुर चन्दको गोकुलेश्वर गाविस-३ मा रहेको १० रोपनी जग्गा ०६६ पुस ७ गते एकीकृत माओवादीसम्बद्ध अखिल नेपाल किसान सङ्घ (क्रान्तिकारी)का कार्यकर्ताले कब्जा गरी कृषि तथा विज्ञान शिक्षालय सेठीलाई हस्तान्तरण गरे।

स्वास्थ्य सेवाको अवस्था

जिल्ला अस्पतालमा चिकित्सक दरबन्दी तीन जनाको रहेकामा दुई जना र स्वास्थ्यकर्मीहरूको दरबन्दी ६७ रहेकामा ६१ जना कार्यरत छन् ।

Far westren:Layout 1 2/14/2010 12:33 PM Page 541

५.९ दार्चुला

जनसङ्ख्या : १,४०,९३२
साक्षरता प्रतिशत : ५७
महिला साक्षरता प्रतिशत : ३८
क्षेत्रफल (वर्ग कि. मि.) : २,३२२
गाविस/नपा सङ्ख्या : ४१/०
सरकारी/निजी विद्यालय : ३०४/४
क्याम्पस/उच्च मा.वि. : १/१७
अस्पताल/स्वास्थ्य चौकी : १/४१
मानव विकास सूचकाङ्कः ०.४११
प्रतिपरिवार सरदर सङ्ख्याः ७

जेल र बन्दीहरू

'घ' श्रेणीको जिल्ला कारागारमा बन्दी क्षमता ४० रहेको छ। यस वर्षको अन्त्यसम्म कैद तोकिएका तीन महिला र ११ पुरुष गरी जम्मा १४ जना बन्दी रहेका छन् भने कैद नतोकिएका नौ जना पुरुष थुनुवा रहेका छन्। यसरी दार्चुला कारागारमा २३ जना बन्दी तथा थुनुवा रहेका छन्। कारागारमा पानी, शौचालय, विद्युत, पत्रपत्रिका र खेलकुदका सामग्रीहरूको सुविधा रहेको छ।

ब्रह्मदेव गाविस-७ नागका २४ वर्षीय महेश बमले मदिरा सेवन गरी होहल्ला गरेको भन्दै आफन्तद्वारा ०६५ माघ १६ गते बेलुकी प्रहरी चौकी ब्रह्मदेवलाई बुझाएकामा भोलिपल्ट उनी थुनुवा कोठामै मृत अवस्थामा भेटिए। मृतकलाई प्रहरीले यातना दिएर हत्या गरेको परिवार तथा स्थानीयबासीले आरोप लगाई दुई दिनसम्म चौकीबाट लास उठाउन दिएनन्। मृतक बम राती बन्दी कोठाबाट भाग्दा लडेर चोट लागेको तथा अत्यधिक मदिरा सेवनका कारण मृत्यु भएको चौकी इन्चार्ज प्रहरी हवल्दार मीनबहादुर बमले बताए। सोही विवादका कारणले मृतकको ०६५ माघ १९ गते मात्र जिल्ला अस्पताल खलङ्गामा पोस्टमार्टम गरी सोही दिन दाहसंस्कार गरियो। डीएसपी दिल्लीराज विष्टलगायतसँग राहत उपलब्ध गराउने सहमति भएपश्चात् मुद्दा दर्ता नगरेको पीडितका बुबा रणबहादुरले बताए।

बेपत्ता/अपहरण

एकीकृत माओवादीबाट

लटिनाथ गाविस-२ मजेराका ३४ वर्षीय रवीन भनिने अमरसिंह महरलाई दुई जना माओवादी लडाकूको ०६५ जेठ ३० गते राती छापरी गाविस-८ कलोनमा हत्या गरेको आरोपमा ०६६ असोज ८ गते लटिनाथ गाविस-२ सिमारका पावेल भनिने गणेश खत्रीलगायतको माओवादीको एक समूहले लटिनाथ बजारबाट अपहरण गरी उनलाई असोज १० देखि २० गतेसम्म माओवादी लडाकू शिविर कैलालीको तालबनमा राखी असोज २१ गते दुई जनाको हत्या गरेको निवेदनसहित जिल्ला प्रहरी कार्यालय कैलालीमा बुझायो। महरलाई राम्नाकोट गाविस-५ कालीकोट निवासी जनमुक्ति सेनाका बटालियन कमान्डर सङ्घर्ष भनिने मुनिलाल सेजुवाल र जगन्ना गाविस-८ बाजुरा निवासी सेक्सन कमान्डर पर्वत भनिने वीरेन्द्र रोकायाको हत्या गरेको माओवादीले आरोप लगाएकामा आफू घटनामा संलग्न भएको महरले स्वीकार गरे। जिल्ला प्रहरी कार्यालय कैलालीले थप अनुसन्धानका लागि महरलाई असोज २८ गते जिल्ला प्रहरी कार्यालय दार्चुलामा पठायो। यस वर्षको अन्त्यसम्म महरलाई लागि जिल्ला कारागार दार्चुलामा राखिएको प्रहरी निरीक्षक हेमराज भट्टले बताए।

वाईसीएलबाट

तपोवन गाविस-५ निवासी माओवादीबाट असन्तुष्ट भई गठन भएको जनसंरक्षण पार्टी दार्चुला जिल्ला इन्चार्ज ३२ वर्षीय प्रहार भनिने उमेश खत्री र सोही गाविस-२ निवासी जिल्ला सचिव ३६ वर्षीय विस्फोट भनिने बहादुरसिंह ठगुन्नाले गाउँमा माओवादीविरुद्ध भ्रम फैलाएको आरोपमा ०६५ माघ २९ गते उनीहरूलाई माओवादी जिल्ला सङ्गठन समितिका सदस्य अनुजा भनिने कमला पन्तको नेतृत्वमा रहेको २५ जना वाईसीएल कार्यकर्ताको एक समूहले बैतडी जिल्ला कोटपेटरा गाविसको गन्ना भन्ने ठाउँमा कुटपिट गरी अपहरण गऱ्यो। वाईसीएलको कुटाइबाट खत्रीको टाउकामा छ टाँका लगाउनु पऱ्यो भने ठगुन्नाको अनुहार तथा निधारमा चोट लागेको थियो।

Far westren:Layout 1 2/14/2010 12:33 PM Page 542

घटनाको प्रकार	गैर राज्यबाट							राज्यबाट		
	अन्यबाट				एकीकृत माओवादीबाट					
	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा	घटना सङ्ख्या	पुरुष	जम्मा	घटना सङ्ख्या	पुरुष	जम्मा
हिरासत वा थुनामा मृत्यु								१	१	१
कुटपिट	४	३	१	४	१	१	१			
धम्की					१	१	१			
जातीय विभेद	३	३		३						
अपहरण	१	३		३	१	१	१			
जम्मा	७	७	१	८	३	३	३	१	१	१

पीडितहरूलाई ०६५ फागुन ३ गते सदरमुकाम ल्याई सञ्चारकर्मीहरूलाई समेत भेट्न नदिई अज्ञातस्थलमा माओवादीहरूले उनीहरूको उपचार गरे। "हामीहरूबीचमा विगतका केही असमझदारी छन्, अब हामी बसेर सहमति गर्छौं," पीडितहरूले बताए। उनीहरूलाई ०६५ फागुन ७ गते सदरमुकामस्थित माओवादी पार्टी कार्यालयमा माओवादीले पत्रकार सम्मेलनको आयोजना गरी सार्वजनिक गरे।

धम्की/कुटपिट

एकीकृत माओवादीबाट

धुलिगडा गाविस-९ निवासी पूर्वगाविस उपाध्यक्ष तथा एमालेका इलाका सचिव प्रेमसिंह धामीलाई दार्चुलाको खार गाविसमा एमालेको इलाका भेलामा सहभागी भएको आरोपमा ०६६ मङ्सिर १२ गते सोही ठाउँका कृष्णसिंह ठगुन्नाको नेतृत्वमा रहेको एकीकृत माओवादी कार्यकर्ताको एक समूहले धुलिगडा गाविस-९ गोगुने भन्ने ठाउँमा कुटपिट गऱ्यो। पीडितले कुटपिटबारे जिल्ला प्रहरी कार्यालयमा ०६६ मङ्सिर १३ गते उजुरी दिए। प्रहरीले दुवै पक्षलाई जिल्ला प्रहरी कार्यालयमा बोलाई छलफल गरी ०६६ मङ्सिर १६ गते मिलापत्र भएको प्रहरी निरीक्षक हेमराज भट्टले बताए। माओवादी जिल्ला सचिव जमनसिंह धामीले यसबारे जानकारी नभएको बताए।

वाईसीएलबाट

सुन्सेरा गाविस-५ निवासी एमाले कार्यकर्ता २२ वर्षीय सुवेन्द्रसिंह कुँवरले युथफोर्सलाई सहयोग गरेको आरोपमा ०६५ फागुन २९ गते खलङ्गा गाविस-४ निवासी वाईसीएल कार्यकर्ता ३६ वर्षीय जीवन भट्टको नेतृत्वमा रहेको तीन-चार जनाको एक समूहले खलङ्गास्थित एक पसलमा बसिरहेको अवस्थामा कुटपिट गरी घाइते बनायो। उनको उपचार जिल्ला अस्पताल खलङ्गामा भयो। एमालेले वाईसीएलका धनसिंह खाती र देवसिंह बडालका नाममा ०६५ चैत २ गते जिल्ला प्रहरी कार्यालयमा सार्वजनिक मुद्दा दर्ता गरायो। एमाले र माओवादीले जिल्ला प्रशासन कार्यालयमा ०६५ चैत २० गते राजनीतिक सहमति कायम गर्दै आ-आफूले दर्ता गराएका सार्वजनिक मुद्दाहरूलाई फिर्ता लिए।

पिलचौरी गाविस-३ विणका २८ वर्षीया राधा भट्टलाई आफूलाई गाली गरेको आरोपमा ०६६ असार ७ गते सोही ठाउँ निवासी वाईसीएल कार्यकर्ता २४ वर्षीय दीपकराज जोशीले विद्यालयबाट घर फर्किरहेको अवस्थामा सोही गाविसको कोइराल खोला भन्ने ठाउँमा कुटपिट गरी खोलामा फाली घाइते बनाए। घाइतेको टाउकामा गम्भीर चोट लाग्नुका साथै दायाँ खुट्टासमेत भाँचियो। भवानी प्राथमिक विद्यालय भगनाडीकी शिक्षिका भट्टको जिल्ला अस्पताल दार्चुलामा उपचार हुन नसकेपछि ०६६ असार ७ गते भारतको हल्दवानीमा उपचार भई पछि काठमाडौँमा थप उपचारका लागि लगियो। माओवादी जनमुक्ति सेनाका पूर्वछापामार रहेका वाईसीएल कार्यकर्ता जोशीले व्यक्तिगत रिसइबीका कारण शिक्षिका भट्टलाई कुटपिट गरी मार्ने प्रयास गरेको पीडितका पति हरिदत्त भट्टले बताए। पीडित पक्षको जाहेरीपश्चात् पीडक दीपकराज जोशीलाई सुन्सेरा गाविसबाट ०६६ असार ९ गते प्रहरीले गिरफ्तार गरी अनुसन्धानका लागि थुनामा राखिएको इन्स्पेक्टर अमरबहादुर बमले बताए। ज्यान मार्ने उद्योग अन्तर्गत ०६६ साउन ४ गतेदेखि पुर्पक्षका लागि उनलाई जिल्ला कारागारमा राखिएको छ।

Far westren:Layout 1 2/14/2010 12:33 PM Page 543

युथफोर्सबाट

बोहरीगाउँ गाविस-५ निवासी माओवादी कार्यकर्ता २० वर्षीय 'माइकल' भनिने धर्मानन्द जोशीलाई सुराकी गरेको आरोपमा ०६५ फागुन २७ गते खलङ्गा गाविस-४ निवासी युथफोर्स जिल्ला अध्यक्ष ३६ वर्षीय भगतसिंह ऐतवालको नेतृत्वमा आएको १०-१२ जनाको समूहले खलङ्गामा कुटपिट गरी घाइते बनायो। पीडितको उपचार जिल्ला अस्पताल खलङ्गामा भयो। माओवादीले युथफोर्सका जिल्ला अध्यक्ष भगतसिंह ऐतवाल, चरणसिंह बुढाथोकी, सहदेव बोहरा, धनबहादुर कुँवर र गणेशदत्त जोशीको नाममा ०६५ चैत २ गते जिल्ला प्रहरी कार्यालयमा सार्वजनिक मुद्दा दर्ता गऱ्यो। एमाले र माओवादीले जिल्ला प्रशासन कार्यालयमा ०६५ चैत २० गते राजनीतिक सहमति कायम गर्दै आ-आफूले दर्ता गराएका मुद्दाहरू फिर्ता लिए।

जनसंरक्षण पार्टीबाट

धुलिगडा गाविस-७ निवासी युथफोर्सका जिल्ला सदस्य २२ वर्षीय मदनसिंह धामीलाई आफूहरूको काममा बाधा पुऱ्याएको आरोपमा ०६५ पुस १९ गते जनसंरक्षण पार्टीका रविन भनिने अमरसिंह महरको नेतृत्वमा आएको छ-सात जनाको समूहले धुलिगडा गाविसको खेडा भन्ने ठाउँमा कुटपिट गरी घाइते बनायो। पीडितको उपचार प्राथमिक स्वास्थ्य केन्द्र गोकुलेश्वरमा भयो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

दुनियाँवादी फौजदारी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका १२ थानमध्ये सबै फस्यौंट भए। यस वर्ष दर्ता भएका दुनियाँवादी फौजदारी मुद्दा २९ थानमध्ये १६ थान फस्यौट भई १३ थान बाँकी रहे। दुनियाँवादी फौजदारीतर्फ गत वर्षको जिम्मेवारी सरेर आएका र यस वर्ष दर्ता भएका गरी जम्मा ४१ थान मुद्दामध्ये २८ थान फस्यौट भई १३ थान बाँकी रहे।

सरकारवादी फौजदारी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका आठ थानमध्ये सबै मुद्दा फस्यौंट भए। यस वर्ष दर्ता भएका सरकारवादी फौजदारी मुद्दा १० थानमध्ये छ थान फस्यौंट भई ४ थान मुद्दा बाँकी रहे। सरकारवादी फौजदारी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका र यस वर्ष दर्ता भएका गरी जम्मा १८ थानमध्ये १४ थान फस्यौंट भई चार थान बाँकी रहे।

देवानी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका ११ थानमध्ये सबै फस्यौंट भए। यस वर्ष दर्ता भएका १३ थानमध्ये नौ थान फस्यौंट भई चार थान बाँकी रहे। देवानी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका तथा यस वर्ष दर्ता भएका गरी जम्मा २४ थानमध्ये २० थान फस्यौंट भई चार थान बाँकी रहे। यसरी यस यस वर्षको अन्त्यसम्ममा २१ थान मुद्दा फस्यौंट हुन बाँकी रहे। सबै मुद्दाहरू एक वर्ष भित्रका रहेका छन्।

बालअधिकार

जिल्ला शिक्षा कार्यालयका अनुसार यस वर्ष विद्यालय जाने बालबालिकाको कूल सङ्ख्या ३९ हजार ९ सय ३३ जना रहेकोमा चार वर्ष भन्दा मुनिका बालबालिकाको सङ्ख्या १९ हजार ८ सय १० जना रहेको छ।

युथफोर्सद्वारा कुटपिट गरी घाइते बनाइएका धर्मानन्द जोशी

प्रधानसेनापति रुक्माङ्गद कटवाललाई सरकारले गरेको कारबाही प्रकरणमा राष्ट्रपति डा. रामवरण यादवले गरेको निर्णय असंवैधानिक भएको भन्दै जिल्ला इन्चार्ज ललितसिंह ठगुन्नाको नेतृत्वमा रहेको एकीकृत माओवादीका कार्यकर्ताको एक समूहले ०६६ असार १ गते सदरमुकाम खलङ्गा आसपासका महेन्द्र उच्च माध्यमिक विद्यालय, खलङ्गा प्रावि, दार्चुला पब्लिक बोर्डिङ् स्कुल, माउन्ट अपी बोर्डिङ् स्कुल, ग्रीन भ्याल्ली बोर्डिङ् स्कुल, दशरथनगर प्रावि, कैलाशपति निमावि, गल्फै प्रावि, पशुपति शिक्षा मन्दिर र छान्ना तिङ्करी कन्या माध्यमिक विद्यालयमा प्रवेश गरी विद्यालय बन्द गराएपछि यी विद्यालयमा अध्ययनरत १ हजार ८ सय विद्यार्थी पठनपाठनबाट वञ्चित भए।

एकीकृत माओवादीले नागरिक सर्वोच्चताको माग गर्दै ०६६ पुस ५ देखि पुस ७ गतेसम्म गरेको देशव्यापी आमहडतालका क्रममा जिल्लाका ३ सय

Far westren:Layout 1 2/14/2010 12:33 PM Page 544

२३ सरकारी तथा निजी विद्यालयहरूमा अध्ययनरत ४८ हजार ३ सय ८९ विद्यार्थी पठनपाठनबाट वञ्चित भए।

सबै प्रकारका जातीय विभेद

तपोवन गाविस-९ बज्कोटका २२ वर्षीय पुरन टमटाले ०६६ भदौ २९ गते सोही गाविस-३ बस्ने १९ वर्षीया राधिका सिंहसँग प्रेम विवाह गरेकाले केटीका आफन्त लालबहादुर सिंह र खडकबहादुर सिंहलगायतको समूहले पुरनका बुवा ५५ वर्षीय नरसिंह टमटाको घरमा ०६६ असोज ३ गते आई लुटपाट गर्नुका साथै घरबाट विस्थापित गरायो। नरसिंहलगायत परिवारका सदस्य सितोला गाविस-१ बसरमा आफन्तको घरमा रहेका छन्। पुरन र राधिका सदमुकाम खलङ्गामा बस्दै आएका छन्। छोराको विवाहपश्चात् केटी पक्षले पुरनले राधिकालाई छोड्नु पर्ने, नभए परिवारको बिचल्ली पार्ने र टमटाको परिवारको कुनै पनि सदस्य हात परे मार्ने धम्की दिएको पुरनका बुवा नरसिंह टमटाले बताए। नरसिंहको उक्त घरमा सोही ठाउँ बस्ने ३० वर्षीय प्रेमबहादुर सिंह र ३१ वर्षीय गजेन्द्रबहादुर सिंहलगायतको समूहले आफ्नो परिवारको केटी विवाह गरेको आरोपमा ०६६ मङ्सिर १ गते राती आगो लगायो। साथै सँगै जोडिएको सोही ठाउँका ६० वर्षीय करे टमटाको घरमा आगो लाग्दा करेको तीन तले घर, खाद्य तथा अन्य सम्पत्ति जलेर नष्ट भयो। आगलागीबाट २० लाख ३३ हजार रुपियाँबराबरको क्षति भएको भन्दै पीडितले क्षतिपूर्तिको माग गर्दै ०६६ पुस ८ गते जिल्ला प्रहरी कार्यालयमा निवेदन दिए।

स्वास्थ्य सेवाको अवस्था

जिल्ला अस्पतालमा चिकित्सक दरबन्दी तीन जनाको रहेकोमा एक जना र स्वास्थ्यकर्मीहरूको दरबन्दी १ सय ७० रहेकोमा १ सय ६२ जना कार्यरत रहेका छन् ।

Annex-02:Layout 1 2/15/2010 2:43 PM Page 545

मानवअधिकार उल्लङ्घन तथ्याङ्क २००९

अनुसूची

२

Annex-02:Layout 1 2/15/2010 2:43 PM Page 546

Annex-02:Layout 1 2/15/2010 2:43 PM Page 547

परिशिष्ट १.१

नेपाल- घटनाको प्रकारअनुसार घटना सङ्ख्या र पीडित सङ्ख्या

घटनाको प्रकार	गैर राज्यपक्षबाट										राज्य पक्षबाट				
	अन्य					एकीकृत माओवादीबाट									
	घटना सङ्ख्या	पुरुष	महिला	अन्य	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	अन्य	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	अन्य	जम्मा
हत्या															
घाँटी रेटेर	११	११	२		१३										
घाँटी थिचेर	१२	३	९		१२										
घाँटी काटेर	५	१	४		५										
ढुङ्गाले किचेर	४	४			४										
टाउको छिनाएर	३	३			३										
बम विस्फोटनबाट	६	१६	६		२२						२	१	१		२
बलात्कारपछि	६		१०		१०										
दोहोरो भिडन्तमा	२	१	२		३						४	४			४
दोहोरो झडपमा मृत्यु	१	१			१										
आफ्नै बम विस्फोटनबाट मृत्यु	३	५			५										
आगो लगाएर	४	२	३		५										
भीर वा डाँडाबाट खसालिएको	२	२			२										
झुन्ड्याएर	२	१	१		२										
विष खुवाएर	९	४	६		१०										
लठ्ठी प्रहारबाट	१६	१२	५		१६										
कुटपिट गरेर	६३	४५	३०		६५						१	१			१
गोली हानी	६९	६६	९		६६	१	१			१	३०	३४			३४
खुकुरी प्रहारबाट	२१	१६	५		२२										
धारिलो हतियार प्रहार गरेर	८८	६५	२९		१०४										
घन प्रहारबाट	३	२	१		३										
हत्याको प्रकृति नखुलेको	३६	२२	१५		३६										
जम्मा	३८०	२९४	१३६		४३१	१	१			१	३६	४०	१		४१

Annex-02:Layout 1 2/15/2010 2:43 PM Page 548

घटनाको प्रकार	गैर राज्यपक्षबाट										राज्य पक्षबाट				
	अन्य					एकीकृत माओवादीबाट									
	घटना सङ्ख्या	पुरुष	महिला	अन्य	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	अन्य	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	अन्य	जम्मा
घाइते															
बम विस्फोटनबाट	५०	११४	५६		१६१						१		१		१
दोहोरो झडपबाट	२३	१६२	८	१०	१८०	३	१६			१६	२२	१११	१६	६	१३४
आगो लगाएर	१	२			२										
आफ्नै बम विस्फोटनबाट	४	६			६										
भिडन्तमा	१	१			१										
गोलीबाट	४२	४६	६		५२						१३	५४	५		५९
धारिलो हतियार प्रहारबाट	५०	५६	११		६६						१	१			१
हवाई फायरका क्रममा गोलीद्वारा	६	८	२		१०						१		१		१
जम्मा	१६८	३९५	८४	१०	४८९	३	१६			१६	३८	१६६	२३	६	१९६
हिरासत वा थुनामा मृत्यु															
हिरासत/थुनामा मृत्यु											१	१			१
गिरफ्तारी/यातना															
गिरफ्तारी/यातना											८९	३०४	४	६	३१५
कुटपिट															
कुटपिट	३८४	६३८	१०८	४४	६९०	१३४	३५८	३९	५	३९३	१०५	३१४	३६	३	३४३
हात भाँचिएको	२	२			२										
जम्मा	३८६	६४०	१०८	४४	६९२	१३४	३५८	३९	५	३९३	१०५	३१४	३६	३	३४३
धम्की															
ज्यान मार्ने धम्की	४२	६३	१४	२३	१००	१४	३१	१		२३	२	२			२
चन्दाका लागि धम्की	३१	३१	१	४४	६६	२	३			३					
धम्की	६२	८१	१२	३५५	३४८	४५	६४	५	१०	६९	१०	१४	२		१६
जम्मा	१३५	१६५	३६	३२३	५१४	६१	८८	६	१०	१०४	१२	१६	२		१८
भेला/सङ्गठित हुने अधिकार															
भेला/सङ्गठित हुने अधिकार	६	१३	४		१६	१२	४४	२		४६	३६	१३३	३३	३४	१८०
लाठी चार्ज											३९	१६६	६६	६८	३१०
जम्मा	६	१३	४		१६	१२	४४	२		४६	६५	३०९	८९	९२	४९०
जातीय विभेद															
अन्तरजातीय विवाह	१८	१८	१३		३१										
जातीय छुवाछूत	४३	५५	३०	९३	१६८										
विभिन्न अवसरबाट वञ्चित	१३	१५	३		१८										
जम्मा	६४	८८	३६	९३	३१६										

Annex-02:Layout 1 2/15/2010 2:43 PM Page 549

घटनाको प्रकार	गैर राज्यपक्षबाट										राज्य पक्षबाट				
	अन्य					एकीकृत माओवादीबाट									
	घटना सङ्ख्या	पुरुष	महिला	अन्य	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	अन्य	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	अन्य	जम्मा
महिलाअधिकार															
बेचबिखनको प्रयास	९		३०		३०										
बोक्सीको आरोपमा	५०		५९		५९										
बलात्कार	५९		६३		६३										
बलात्कारको प्रयास	१८		१९		१९										
बहुविवाह	७८		७९		७९										
महिला बेचबिखन	३०		३७		३७										
महिला भएकै कारण यातना	६		६		६										
पारिवारिक हिंसा	३४४		३४९		३४९										
यौन दुर्व्यवहार	३५		३८		३८	१		१		१					
गर्भपतन	४		४		४										
जम्मा	६१३		६६३		६६३	१		१		१					
बालअधिकार															
राजनीतिक कार्यक्रममा बालबालिकाको प्रयोग	४	१		१४६	१४७	३	१०		३००	३१०					
बालबालिका बेचबिखन	३५	७	३५		४३										
बालविवाह	९		९		९										
बलात्कार	१६३		१६७		१६७										
नवजात शिशुको हत्या	१७	३	६	१०	१९										
शिक्षाबाट वञ्चित	३३	३५	१०	१	३६	१			३४०	३४०	१			३०५	३०५
यौन दुर्व्यवहार	४३	३	४१		४४										
जम्मा	३८३	३९	३६८	१५७	४६४	३	१०		५४०	५५०	१			३०५	३०५
आर्थिक/सामाजिक/ सांस्कृतिक अधिकार															
ज्यालाबाट वञ्चित	३		३	५०	५३						१	१			१
ट्रेडयुनियन अधिकार	३	३			३										
अन्य	३	३			३	१	१			१	१	१			१
आफ्नो सम्पत्तिको अधिकार	४३	४३	३	११	५७	३६	६६	४	४	७४	३	६	१		७
जागिरबाट निष्कासन	३	३			३										
धार्मिक स्वतन्त्रता	१	१			१										
जम्मा	५३	५०	५	६१	११६	३७	६७	४	४	७५	५	८	१		९

Annex-02:Layout 1 2/15/2010 2:43 PM Page 550

घटनाको प्रकार	गैर राज्यपक्षबाट										राज्य पक्षबाट				
	अन्य					एकीकृत माओवादीबाट									
	घटना सङ्ख्या	पुरुष	महिला	अन्य	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	अन्य	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	अन्य	जम्मा
अमानवीय व्यवहार															
बोक्सिको आरोपमा	२	२			२										
अन्य	१३	३४	५		३९	२	३			३					
अनुहारमा मोसो लगाएको	११	११	६		१७	१	२			२					
उपलब्ध नभएको	१	१			१	१	१			१					
कपाल खौरिएको	३	२	१		३										
जम्मा	२९	५०	१३		६३	४	६			६					
अपहरण															
अपहरण	२००	२२८	१८		२४६	२०	३४	१		३५					
जेलमा मृत्यु															
जेलमा मृत्यु											२	२			२
कुल जम्मा	२३३५	१९६२	१३६२	६८७	४०११	२६६	५२४	४३	५५९	११२६	३४५	९६०	१४६	३१४	१४२०
भौतिक संरचनामा क्षति															
राजनीतिक पार्टी कार्यालय	७				७	६				७					
स्वास्थ्य केन्द्र	१				१										
सरकारी सवारी साधानहरू	२				४										
सरकारी कार्यालयहरू	२				२	२				२					
सञ्चार क्षेत्र						१				१					
एम्बुलेन्स	२				३	१				१					
बैंक	१				१	१				१					
निजी घर	११				११	३				३					
निजी सवारीसाधन	६४				१११	१३				५०					
निजी कार्यालयहरू	१				१										
निजी सम्पती	८				३७	२				३					
जिल्ला शिक्षा कार्यालय						१				१					
विद्यालय	९				९	२				२					
विश्वविद्यालय	१				१	१				१					
गाविस भवन	५				३४										
हुलाक कार्यालय						१				१					
जम्मा	११४				२१२	३३				७३					

Annex-02:Layout 1 2/15/2010 2:43 PM Page 551

परिशिष्ट १.२ नेपाल- हत्याको सङ्ख्या पेसाका आधारमा

घटनाको प्रकार	गैर राज्यबाट							राज्यबाट			
	अन्यबाट				एकीकृत माओवादीबाट						
	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा	घटना सङ्ख्या	पुरुष	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा
कृषक	१८०	१३३	७२	२०५				८	११	१	१२
सशस्त्र प्रहरी	१	१		१							
व्यापारी	२३	२३	१	२४				२	२		२
सरकारी तथा नीजी कर्मचारी	१४	१२	३	१५	१	१	१	१	१		१
गृहिणी	१०		१०	१०							
मानवअधिकारकर्मी	१		१	१							
भारतीय	३	२	२	४							
पत्रकार	१		१	१							
मजदुर	२७	२६	२	२८				५	६		६
सेना	२	२		२							
प्रहरी	३	३		३							
राजनीतिक कार्यकर्ता	१६	१६	२	१८				६	७		७
पण्डित	१	२		२							
बन्दी	१	१		१							
शणार्थी	२	२		२							
विद्यार्थी	२५	२६	११	३७				२	५		५
शिक्षक	४	४	१	५							
खुल्न नसकेको	६७	४१	३१	७२				५	८		८
जम्मा	३८१	२९४	१३७	४३१	१	१	१	२९	४०	१	४१

परिशिष्ट १.३ पीडित बालबालिकाको सङ्ख्या

घटनाको प्रकार	घटना सङ्ख्या	बालक	बालिका	जम्मा
अपहरण	४८	४६	८	५४
गिरफ्तारी/यातना	१५	२४		२४
कुटपिट	५४	६५	३९	१०४
घाइते	२६	४७	१६	६३
हत्या	४४	३८	२३	६१
धम्की	६	४	५	९
जम्मा	**१९३**	**२२४**	**९१**	**३१५**

Annex-02:Layout 1 2/15/2010 2:43 PM Page 552

परिशिष्ट १.४ नेपाल- पीडित हुनेहरूको सङ्ख्या : घटनाको प्रकार र महिना

घटनाको प्रकार	Jan	Feb	Mar	Apr	May	Jun	Jul	Aug	Sep	Oct	Nov	Dec	जम्मा
हत्या	३०	२८	३८	६३	४८	५०	३४	३७	४७	३३	३१	४४	४७३
घाइते	६३	३०	१२१	५२	६९	९६	२६	३१	३६	८	२५	१५४	७०१
हिरासत वा थुनामा मृत्यु	१												१
गिरफ्तारी/यातना	३१	८	१६	४३	६	१५	३०	३४	७	३०	२	३	२१५
कुटपिट	८९	१०३	२७७	१२३	११५	१७६	६२	५९	६०	८४	७२	१०७	१३२७
धम्की	७३	४७	३००	१७	७६	९१	६२	१५	१७	६	१६	१६	६३६
भेला/सङ्गठित हुने अधिकार	५	३७	८३	९६	४९	३३	९३	१३	१६	१२	७४	४३	५५३
जातीय विभेद	८	२८	९०	१८	११	१२	९	२	७	१३	८	११	२१७
महिलाअधिकार	५१	५४	६१	८८	७२	६४	४८	६२	४५	४३	५४	३२	६६४
बालअधिकार	३९०	३९	४३	१७	५३	४५४	३४	१०६	१२	३६	२८	१७	१२१९
आर्थिक/सामाजिक/ सांस्कृतिक अधिकार	९	५३	६	८	१०	३५	७	४	१	१३	२७	२७	२००
अमानवीय व्यवहार	६	४	१३	४	८	१९	१	४	३		५	१	६८
अपहरण	३६	३५	५२	१८	२१	२८	१०	३०	९	३०	३०	३२	२८१
जेलमा मृत्यु	१	१											२
जम्मा	७९३	४४७	९९९	५४७	५३८	१०७३	४०६	३७७	३६०	२८८	३६३	४६७	६५५७

परिशिष्ट १.५ पूर्वाञ्चल : घटनाको प्रकारअनुसार घटना र पीडित सङ्ख्या

घटनाको प्रकार	गैर राज्यबाट										राज्यबाट				
	अन्यबाट					एकीकृत माओवादीबाट									
	घटना सङ्ख्या	पुरुष	महिला	अन्य	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	अन्य	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	अन्य	जम्मा
हत्या	११४	८४	३९		१२३						६	८			८
घाइते	३५	५९	४		६३						१५	४९	४		५३
गिरफ्तारी/यातना											३३	४०	१	७	४८
कुटपिट	९३	११३	३४	९	१४६	३५	४०	१		४१	३९	५१			५१
धम्की	८१	८९	१०	१८७	३८६	११	१८	१		१९	७	१३			१३
भेला/सङ्गठित हुने अधिकार	१	३	२		५	१	१			१	१४	५८	३०	४३	१३०
जातीय विभेद	१७	१५	९	३९	६३										
महिलाअधिकार	११४		१३०		१३०	१		१		१					
बालअधिकार	८३	१०	७७	१३६	३१३	१			३४०	३४०	१			३०५	३०५
आर्थिक/सामाजिक/ सांस्कृतिक अधिकार	३७	१९	२	९	३०	९	७		३	१०	२	१	१		२
अमानवीय व्यवहार	४	५			५										
अपहरण	७७	९०	३		९३	६	१०	१		११					
जेलमा मृत्यु											१	१			१
जम्मा	६४६	४८७	३००	३७०	११५७	५४	७६	४	३४३	४२३	९८	३२०	३६	३५४	५१०

Annex-02:Layout 1 2/15/2010 2:43 PM Page 553

परिशिष्ट १.६ मध्यमाञ्चल : घटनाको प्रकारअनुसार घटना र पीडित सङ्ख्या

घटनाको प्रकार	गैर राज्यबाट										राज्यबाट				
	अन्यबाट					एकीकृत माओवादीबाट									
	घटना सङ्ख्या	पुरुष	महिला	अन्य	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	अन्य	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	अन्य	जम्मा
हत्या	१६६	१३३	६४		१८७						१३	३०			३०
घाइते	८३	१५८	५७		३१५	३	१६			१६	१३	३८	७		४५
गिरफ्तारी/यातना											१९	३९	१		३०
कुटपिट	१०४	१६७	३४	३५	३३६	३५	४१	४	५	५०	३१	६१	१८	३	८३
धम्की	१३	१४	३		१७	३३	३१	१	१०	४३					
भेला/सङ्गठित हुने अधिकार	४	५			५	९	३३	३	०	३५	३५	१८४	३६	३०	३५०
जातीय विभेद	१५	१३	९	१९	४०										
महिलाअधिकार	३१४		३३८		३३८										
बालअधिकार	८६	६	९१	३४	१३१	१	०		३००	३००					
आर्थिक/सामाजिक/ सांस्कृतिक अधिकार	१०	१५	१	५०	६६	८	१३			१३					
अमानवीय व्यवहार	६	१४	१		१५	३	३			३					
अपहरण	८७	९५	८		१०३	६	७			७					
जेलमा मृत्यु											१	१			१
जम्मा	७८८	६०९	४८६	१३८	१३३३	७६	१३३	७	३१५	३५५	१११	३३३	६३	३३	४३८

परिशिष्ट १.७ पश्चिमाञ्चल : घटनाको प्रकारअनुसार घटना र पीडित सङ्ख्या

घटनाको प्रकार	गैर राज्यबाट									राज्यबाट			
	अन्यबाट				एकीकृत माओवादीबाट								
	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	अन्य	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा
हत्या	४०	३३	१९	५३						३	४		४
घाइते	३३	८८	८	९६						३	५	१	६
गिरफ्तारी/यातना										१७	६४	०	६४
कुटपिट	८५	१७८	३१	३०९	३७	७०	१३		८३	१५	५८	३	६१
धम्की	१३	३३	१	३३	८	९	३		१३	१	१		१
भेला/सङ्गठित हुने अधिकार					३	३०			३०	७	१८	१०	३८
जातीय विभेद	७	३	७	१०									
महिलाअधिकार	६५		८३	८३									
बालअधिकार	३७	१	३७	३८									
आर्थिक/सामाजिक/ सांस्कृतिक अधिकार	५	६		६	१३	४०	३	१	४३	३	७		७
अमानवीय व्यवहार	११	३६	४	३०	१	३			३				
अपहरण	१३	१३	४	१७	३	३			३				
जम्मा	३०७	३८०	१९३	५७३	५३	१४३	१८	१	१६३	४७	१५७	१४	१७१

Annex-02:Layout 1 2/15/2010 2:43 PM Page 554

परिशिष्ट १.८ मध्यपश्चिमाञ्चल : घटनाको प्रकारअनुसार घटना र पीडित सङ्ख्या

घटनाको प्रकार	गैर राज्यबाट									राज्यबाट				
	अन्यबाट					एकीकृत माओवादीबाट								
	घटना सङ्ख्या	पुरुष	महिला	अन्य	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	अन्य	जम्मा
हत्या	३८	३५	६		४१					५	५	१		६
घाइते	१९	४०	६	१०	५६					४	२०	३		२३
गिरफ्तारी/यातना										२०	४९	२		५१
कुटपिट	८०	१५२	२५		१८८	३८	५९	९	६८	१५	२८	५		३२
धम्की	३३	२८	१३		४०	१६	३६	१	२८	३	२	१		३
भेला/सङ्गठित हुने अधिकार	१	५	२		८					८	३८	५	२०	६३
जातीय विभेद	११	२२	६		२८									
महिलाअधिकार	१८१		१८४		१८४									
बालअधिकार	५६	२४	४३	५	८२									
आर्थिक/सामाजिक/ सांस्कृतिक अधिकार	८	८	२	१	११	५	४	२	६					
अमानवीय व्यवहार	८	४	८		११									
अपहरण	१८	१९	३		२२	४	१२		१२					
जम्मा	४३०	३३६	२८८	१६	६३९	५३	१०१	१२	११३	५५	१४१	१८	२०	१८८

परिशिष्ट १.९ सुदूरपश्चिमाञ्चल : घटनाको प्रकारअनुसार घटना र पीडित सङ्ख्या

घटनाको प्रकार	गैर राज्यबाट									राज्यबाट				
	अन्यबाट					एकीकृत माओवादीबाट								
	घटना सङ्ख्या	पुरुष	महिला	अन्य	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	अन्य	जम्मा
हत्या	२०	१९	९		२८	१	१		१	१	३			३
घाइते	९	५०	९		५९					४	५४	८	८	६९
हिरासत वा थुनामा मृत्यु										१	१			१
गिरफ्तारी/यातना										१०	२२			२२
कुटपिट	२५	३०	४		३४	२०	४८	२	५०	१६	१८			१८
धम्की	४	३		१३५	१३८	४	४		४	१	१	१		२
भेला/सङ्गठित हुने अधिकार										३	११	८		१९
जातीय विभेद	२४	३६	५	३५	८६									
महिलाअधिकार	४८		४९		४९									
बालअधिकार	२०		१८	२	२०	१	१०		१०					
आर्थिक/सामाजिक/ सांस्कृतिक अधिकार	३	२		१	३	३	४		४					
अमानवीय व्यवहार	१	१			१	१	१		१					
अपहरण	८	११			११	२	३		३					
जम्मा	१६१	१५२	९४	१८३	४१९	३२	८१	२	८३	३६	१०९	१८	८	१३३

Annex-02:Layout 1 2/15/2010 2:43 PM Page 555

परिशिष्ट १.१० सुदूरपश्चिमाञ्चल : घटनाको प्रकारअनुसार घटना र पीडित सङ्ख्या

क्र. सं	जिल्ला	थुनुवा	बन्दी	पुरुष	महिला	बालक	बालिका	जम्मा
१.१	झापा	२२३	१७९	३८०	२२	२		४०४
१.२	इलाम	बन्दी छैन						
१.३	पाँचथर	१७	५३	६२	८		२	७२
१.४	ताप्लेजुङ	२२	२२	४४				४४
१.५	मोरङ	२४७	२२८	४३७	३८	२	३	४८०
१.६	सुनसरी	१५०	१०६	२५६				२५६
१.७	धनकुटा	१३	२३	३२	४	१		३७
१.८	तेह्रथुम		४०	३३	७		१	४१
१.९	भोजपुर	११	३८	४५	४	१		५०
१.१०	संखुवासभा	२५	२१	४०	६			४६
१.११	सप्तरी	१२४	४९	१७०	३			१७३
१.१२	सिराहा	७६	३३	१०६	३			१०९
१.१३	उदयपुर	२९	३७	६२	४			६६
१.१४	खोटाङ	बन्दी छैन						
१.१५	ओखलढुङगा	१५	२४	३५	४			३९
१.१६	सोलुखुम्बु	४४	६	४४	६			५०
२.१	धनुषा	जेल छैन						
२.२	महोत्तरी	२०८	८९	२८०	१७	३	२	३०२
२.३	सर्लाही	९४	४०	१३१	३			१३४
२.४	सिन्धुली	३७	३३	६४	६		२	७२
२.५	रामेछाप	१०	३९	४४	५			४९
२.६	दोलखा	१४	१७	२८	३			३१
२.७	रौतहट	६२	३८	९७	३	२		१०२
२.८	बारा	जेल छैन						
२.९	पर्सा	३९०	४५८	८००	४८	२	५	८५५
२.१०	चितवन	१५५	१३६	२६७	२४	२	२	२९५
२.११	मकवानपुर	३२	३१	६३				६३
२.१२	ललितपुर	१९१	२४९	४४०				४४०
२.१३	काभ्रे	८१	२७	१०८				१०८
२.१४	भक्तपुर	बालसुधार गृह				६६	७	७३
२.१५	काठमाडौं	१२२०	७७६	१८२७	१६९			१९९६
२.१६	धादिङ	३५	४०	६७	८			७५
२.१७	सिन्धुपाल्चोक	६२	२५	८४	३			८७
२.१८	नुवाकोट	३५	४४	७१	८	१		८०
२.१९	रसुवा	१	११	१२				१३

Annex-02:Layout 1 2/15/2010 2:43 PM Page 556

क्र. सं	जिल्ला	थुनुवा	बन्दी	पुरुष	महिला	बालक	बालिका	जम्मा
३.१	तनहुँ	४०	४३	८३				८३
३.२	गोरखा	१५	४०	५०	५	१		५६
३.३	लमजुङ	४	३१	३३	३			३५
३.४	स्याङजा	३१	३१	३५	६			४३
३.५	कास्की	१०५	१११	१८६	३०	३	१	३१९
३.६	मनाङ	३३		३३				३३
३.७	नवलपरासी	७१	३१	९३				९३
३.८	रुपन्देही	१३८	९१	३३८	१			३३९
३.९	पाल्पा	४३	१६३	१७५	३०			३०५
३.१०	कपिलवस्तु	७३	६३	१३६				१३६
३.११	अर्घाखाँची	जेल छैन						
३.१२	गुल्मी	६	३०	३४	३			३६
३.१३	बाग्लुङ	१३	३८	३४	६			४१
३.१४	पर्वत	११	१९	३६	४			३०
३.१५	म्याग्दी	९	३४	४०	३			४३
३.१६	मुस्ताङ		३	३				३
४.१	दाङ	६०	१३३	१८५	६	३		१९५
४.२	प्युठान	१५	३४	४६	३			४९
४.३	रोल्पा	४०	३६	६३	५			६६
४.४	सल्यान	१८	१४	३९	३			३३
४.५	रुकुम	३६	४	३३	६		१	४१
४.६	बाँके	११४	९५	१९१	१८			३०९
४.७	बर्दिया	३६	५९	८८	८			९६
४.८	सुर्खेत	३३	३९	६१	१			६३
४.९	जाजरकोट	१३	६	१८	३		३	३३
४.१०	दैलेख	१०	१३	१९	४	१	१	३५
४.११	डोल्पा	३	३	६				६
४.१२	जुम्ला	११	१०	१६	४		१	३३
४.१३	कालिकोट	६	६	१३	१			१४
४.१४	मुगु	बन्दी छैन						
४.१५	हुम्ला	बन्दी छैन						
५.१	कैलाली	९४	८०	१६३	११	३		१६६
५.२	अछाम	१५	१६	३६	६		१	३३
५.३	डोटी	१३	१०	३३				३३
५.४	बाजुरा	३	१९	३३				३३
५.५	बझाङ	८	१३	१६	३			३०
५.६	कन्चनपुर	५३	६४	११६	१०			१३६
५.७	डडेल्धुरा	४	३६	३६	४			३१
५.८	बैतडी	३३	३६	४६	३		१	५०
५.९	दार्चुला	९	१४	३०	३			३३
	जम्मा	४८३३	४३१३	८५३५	६००	९३	३३	९३५९

Annex-03:Layout 1 2/15/2010 2:33 PM Page 557

सन् २००९ को मानवअधिकार स्थितिबारे राजनीतिक दलका धारणा

एकीकृत नेकपा (माओवादी)
नेपाली काङ्ग्रेस
नेपाल कम्युनिस्ट पार्टी (एमाले)
राष्ट्रिय जनमोर्चा
राप्रपा
नेकपा (माओवादी)

अनुसूची

३

Annex-03:Layout 1 2/15/2010 2:33 PM Page 559

एकीकृत माओवादी

सन् २००९ नेपालको इतिहासमा राजनीतिक परिवर्तन तथा समाज रूपान्तरणका हिसाबले उल्लेखनीय वर्षका रूपमा रह्यो। जनताको मतका आधारमा नयाँ संविधानको अवधारणा तयार गर्ने हेतुले जनताको मत सङ्कलन गर्न सभासद्हरू अभियानकै रूपमा गाउँबस्तीमा पुगे। आफ्ना अधिकारलाई सुरक्षित र संरक्षित गर्न जनस्तरबाट देखाइएको उत्साह उल्लेख्य रह्यो। पहिलो गणतान्त्रिक सरकारद्वारा जारी बजेट र सोको कार्यान्वयनको चरणमा देखिएको उत्साह एवम् जनताका आर्थिक, सामाजिक, सांस्कृतिक अधिकारहरूको यथोचित रक्षा गर्ने सवालमा ऐतिहासिक कदम चालिएको अवस्था थियो। समग्रमा मानवअधिकार भनेको राजनीतिक तथा नागरिक अधिकार मात्रै हो भनेर बुझिँदै र बुझाउँदै आएको सन्दर्भ र राज्यकै तर्फबाट पहिलोपटक आर्थिक, सामाजिक, सांस्कृतिक अधिकारको प्रत्याभूति गर्ने योजनाले मानवअधिकारको सही दिशा कोर्नमा पनि यसै अवधिमा कार्य प्रारम्भ भएको तथ्य बिर्सन मिल्दैन। तर, आर्थिक, सामाजिक, सांस्कृतिक अधिकारलाई मानवअधिकार नसम्झने अर्थात् आर्थिक, सामाजिक, सांस्कृतिक अधिकार आधारभूत जनताको अधिकारमा पर्ने तर सुकिलाहरूको प्राथमिकतामा नपर्ने अर्थात् आर्थिक, सामाजिक, सांस्कृतिक अधिकारलाई कम्युनिस्टहरूको मात्रै मानवअधिकार सम्झनेहरूलाई यस अवधिले राम्रो शिक्षा पनि दिन सफल भयो। तर, यो तथ्य गैरकम्युनिस्टहरूलाई नपच्नु स्वाभाविक थियो। परिणामस्वरूप यथास्थितिवादी गठबन्धन र वैदेशिक शक्ति केन्द्रको नाङ्गो हस्तक्षेपका कारण जनपक्षीय सरकार ढाल्ने र कठपुतली सरकार बनाउने कामसँगै आर्थिक-सामाजिक अधिकारसहितका जनताका मानवअधिकार र जनअधिकारका विषयहरू ओझेलमा पर्ने कुराको फेरि पुनरावृत्ति भयो। परिवर्तनको आकाङ्क्षालाई अवरूद्ध पार्ने नियतले नै बनेको सरकारको छायाँमा जनताका जनअधिकारहरू सुरक्षित हुने आशा गर्न सकिने कुरा थिएन र भएन पनि। आर्थिक, सामाजिक, सांस्कृतिक अधिकारको रक्षा नहुने अवस्थामा नागरिक तथा राजनीतिक अधिकार रक्षा हुन सक्दैन। नेपाली समाजको रूपान्तरण गर्ने कुरा नेपाली जनताको जीवनस्तर उठाउने कुरा र जनअधिकार सुरक्षित गर्ने कुरा मुख्य रूपमा राज्यको दायित्व हो र यसतर्फ जनमुखी राज्य व्यवस्थाको परिकल्पनाविना आधारभूत मानवअधिकारको रक्षा हुन सक्दैन। तसर्थ, जनउत्तरदायी सरकार र जनमुखी राज्य व्यवस्थाको स्थापनाका लागि जनसमुदायले खेलेको भूमिका समेतका आधारमा मानवअधिकारको रक्षाको स्तर नाप्न सकिन्छ।

आर्थिक, सामाजिक, सांस्कृतिक अधिकारबाहेक नागरिक तथा राजनीतिक अधिकारका सन्दर्भमा जनताका अधिकारप्रति जिम्मेवार नभएका र जनअनुमोदन प्राप्त नगरेका मानिसहरूको झुन्ड र बाह्य शक्तिकेन्द्रको कठपुतली सरकारको हातमा राज्य सञ्चालनको जिम्मा परेको अवस्थामा सो सरकार सञ्चालनको आधार गुण्डागर्दी मात्रै हुन्छ भन्ने कुरा यसपछिको सरकारका क्रियाकलापले स्पष्ट गरेको छ। यसै अवधिमा युथफोर्स नामक जत्थाको स्थापना र सञ्चालन मानवअधिकार हननमा मुख्य जिम्मेवार रहेको छ। राजतन्त्रविरूद्ध गणतन्त्रप्राप्तिको आन्दोलनका बखत बेखबर रहेकाहरूको झुण्डलाई जम्मा पारेर तयार गरिएको जत्थाले सञ्चालन गरेका आपराधिक क्रियाकलापहरू शृङ्खलाबद्ध रहेका छन्। सरकारले ती आपराधिक घटना रोक्नुको सट्टा तिनको संरक्षण गर्ने कार्यले देशव्यापी हत्याका शृङ्खलाहरू देखा परे। तिनमा पनि राजनीतिकप्रेरित हत्या खासगरी विपक्षी दलका नेता-कार्यकर्ताहरूको हत्या गर्नु उसको कार्यसूची नै रहेको तथ्य घटनाक्रमले पुष्टि गऱ्यो। जसमा बारा, पर्सा, ताप्लेजुङ, धादिङ, सल्यान, कालीकोट, कैलाली, कञ्चनपुरलगायतका जिल्लामा भएका हत्याकाण्डलाई उदाहरण लिन सकिन्छ। सामान्य घरायसी झगडामा युथफोर्सको संलग्नता, हतियारको प्रयोग, टेन्डर मामलामा युथफोर्सको आशक्ति, आफ्ना मान्छेलाई टेन्डर पार्न हतियारको प्रयोग एवम् हत्यासम्म उत्रने क्रियाकलाप र गृह प्रशासन उसको रक्षामा तल्लिन हुने अवस्था यस अवधिका घटनाक्रमहरू रहे। राज्यका तर्फबाट कैलालीको डुडेझारीमा सुकुमवासीमाथि गरिएको निर्मम दमन र हत्या, सिंहदरबार घेराउ र तीनदिने अनिश्चितकालीन आमहडतालका क्रममा माओवादी नेता, सभासद्, कार्यकर्ता र आन्दोलनकारीमाथिको दमन एवम् ज्यादती गम्भीर मानवअधिकार उल्लङ्घनका केही उदाहरणहरू मात्र हुन्। जनयुद्ध, जनआन्दोलन र मधेस आन्दोलनका दोषीहरूलाई कारबाही गर्ने, मानवअधिकार उल्लङ्घनकारीहरूलाई दण्डित गर्ने राज्यको दायित्व थियो। तर, सारा दुनियाँको दबाबका बाबजुद पनि तिनै मानवअधिकार उल्लङ्घनकारी भनेर पुष्टि भएका सेना र पुलिसका अफिसरहरूको बढुवा, तिनको म्याद

Annex-03:Layout 1 2/15/2010 2:33 PM Page 560

थपजस्ता घटना एवम् संयुक्त राष्ट्रसङ्घले मानवअधिकार उल्लङ्घनका आरोपी भनी दोषी करार गरेर यूएन मिसनबाट फिर्ता गरेका व्यक्तिलाई नियमित अदालतमा सुम्पन अनिच्छुक हुने कुराले सरकार मानअवधिकार रक्षाका लागि बिलकुल इच्छुक छैन भन्ने कुरा प्रस्ट पार्दछ।

शान्ति र संविधान यतिबेलाको मुख्य कार्यभार हो। शान्तिका लागि प्रतिबद्ध भएर मात्रै मानवअधिकारको रक्षा गर्न सकिन्छ। तर, वर्तमान सरकार शान्ति भत्काउन मात्रै अहोरात्र लागिपरेको तथ्य सरकारका वरिष्ठ मन्त्रीहरू र गठबन्धनका नेताहरूको शान्ति सम्झौता र संविधानविरोधी अभिव्यक्तिबाटै प्रस्ट हुन्छ। सरकार त्यसको प्रतिरक्षा गरेर नै बसेको छ। सरकार शान्तिविरोधी तप्कालाई बढावा दिँदै युद्ध भड्काउन चाहन्छ, जो मानवअधिकारका दृष्टिले ठूलो अपराधको कोटीमा पर्नु पर्दछ।

यसैगरी संविधान निर्माण यतिबेलाको अर्को मुख्य कार्यभार हो। संविधान जनताका अधिकारको रक्षा गर्न सक्ने खालको हुन जरूरी छ। तर, संविधान निर्माणका क्रममा देखिएको जनअधिकारप्रतिको उदासीनता मानवअधिकारप्रतिको उदासीनता नै हो। जनताको अधिकारका लागि लाग्नुपर्नेमा जनताको शक्ति सुदृढ गर्ने प्रावधान राख्नसम्म पनि तर्सिने अवस्थाले मानवअधिकारप्रतिको प्रतिबद्धता मापन गर्न सकिन्छ।

समग्रमा आर्थिक, सामाजिक, सांस्कृतिक अधिकारको रक्षाका लागि लागिपरेर मात्रै नागरिक तथा राजनीतिक अधिकारको रक्षा गर्न सकिन्छ। यो निष्कर्षका आधारमा यस अवधिमा सरकार परिवर्तनसँगै राजनीतिक- नागरिक अधिकारलाई मात्रै मानवअधिकार सम्झने, आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारलाई प्राथमिकतामा नराख्ने र अन्ततः जनताका मानवअधिकारको रक्षाप्रति उदासीन देखिने प्रवृत्ति बोकेको हुनुका नाताले आधारभूत मानवअधिकार सुरक्षित हुन सकेनन्। सरकारको टिक्ने आधार जनादेश होइन, गुण्डागर्दी भएका कारण नागरिक तथा राजनीतिक अधिकार पनि सुरक्षित हुन सकेनन्। यसबाट पाठ सिकेर मात्रै मानवअधिकारको क्षेत्रमा सुधार गर्न सकिन्छ, अन्यथा मानवअधिकारप्रतिको ओठेभक्ति सिवाय अरू केही हुने छैन।

एकीकृत नेकपा (माओवादी)
केन्द्रीय कार्यालय
पेरिसडाँडा, काठमाडौँ, नेपाल

नेपाली काङ्ग्रेस

सन् २००९ मा पनि अघिल्ला वर्षहरूमा जस्तै हत्या, हिंसा, जबरजस्ती चन्दा आतङ्क, अपहरण, आक्रमणजस्ता गतिविधिहरू जारी रहे। विशेषगरी नेपाली काङ्ग्रेसका नेता एवम् कार्यकर्ताहरूप्रति लक्षित गरी आक्रमणका घटना भइरहे। सञ्चार जगत्माथिको हमला र पत्रकारहरूको हत्यासमेत भयो। नेपाली काङ्ग्रेसका सभापति गिरिजाप्रसाद कोइरालाको प्रमुख आतिथ्यमा झापामा भएको कार्यक्रम बिथोल्ने कुचेष्टा गरियो। एकीकृत माओवादीबाट विगतमा भएका उक्त गतिविधिहरूले नेपालमा मानवअधिकारको स्थितिलाई अझ नाजुक बनाएको छ। माओवादी नेता पुष्पकमल दाहाल 'प्रचण्ड'ले संविधानसभामा यस्तो क्रियाकलाप नदोहोरिने प्रतिबद्धता व्यक्त गरे पनि त्यो पालना भएन। तराई-मधेसको स्थिति पनि यस्तै नाजुक रहयो। केही पहाडी जिल्लामा समेत जातीयताका नाममा नेपाली काङ्ग्रेसका कार्यकर्तामाथिको आक्रमणका घटना भइरहे।

नेपाली काङ्ग्रेस जुम्ला जिल्ला महासमिति सदस्य उमाकान्त हमालको अपहरण गरी हत्या गरियो। दैलेखमा नेपाली काङ्ग्रेस गाउँ एकाइका सचिवको आँखा निकाली घाँटी थिची हत्या गरियो। ताप्लेजुङ जिल्ला नेपाल तरूण दलका सदस्य रमा हाङ्ग्रामलाई इलामको माइपोखरीबाट अपहरण गरी हत्या गरेको घटना हाम्राअगाडि छ। शान्ति सम्झौताविपरीत नेपाली काङ्ग्रेसका महामन्त्री केबी गुरुङ, केन्द्रीय कार्यसमिति सदस्यहरू खुमबहादुर खड्का, विनयध्वज चन्दलगायत नेपाली काङ्ग्रेसका नेता-कार्यकर्ताहरूको घर-जग्गा सम्पत्ति माओवादीहरूले कब्जा गरेको आजसम्म फिर्ता गरिएको छैन। यसरी ठूलो सङ्ख्यामा सम्पत्ति कब्जा जारी छ। क्यान्टोनमेन्टका लडाकूहरू क्याम्पबाहिर ल्याई आतङ्ककारी गतिविधिमा प्रयोग गर्ने क्रम रोकिएको छैन, जसमा शक्तिखोर क्यान्टोनमेन्टका लडाकू धेरै प्रयोग भएको कुरा सार्वजनिक भइसकेको छ। यसैगरी मन्त्रीहरूको भ्रमणमा अवरोध पुऱ्याउने, आक्रमण गर्ने, पशुपति क्षेत्रलगायत धार्मिक संस्थाहरूमा हस्तक्षेप गर्ने, माओवादी नेतृत्वको सरकारका पालामा सेनापतिलाई हटाउने र नेपाली सेनालाई विवादमा तान्नेलगायतका शान्ति सम्झौताविपरीतका कार्यहरू भए। विद्यालयमा पढ्ने अबोध बालबालिकामाथिको आक्रमण र हत्या, मन्त्रीद्वारा प्रमुख जिल्ला अधिकारीमाथि हातपातजस्ता घटनाले पनि सन् २००९ चर्चित रहयो। नेपाली काङ्ग्रेसले सन् २००८ को वर्षमा

Annex-03:Layout 1 2/15/2010 2:33 PM Page 561

द्वन्द्वका बेला विस्थापितहरू निर्वाध घर फर्कन पाउनु पर्छ भनी जोडदार आवाज उठाएको थियो। छिटफुट घर फर्केका पनि सुरक्षित आश्रय नभएर पुन: विस्थापित हुन पुगे। हाम्रो पार्टीले सङ्कलन गरेको तथ्याङ्क अनुसार पनि ४० हजार परिवार विस्थापित बनेका छन्, उनीहरूबारे कुनै ठोस पहल हुन सकेन। उनीहरूको घर फर्कने क्रम मात्र रोकिएन, उनीहरूमध्येको केही सङ्ख्याले प्राप्त गरिरहेको सीमित राहत सुविधासम्म रोकियो।

सन् २००९ को सन्दर्भमा (जनवरी १ देखि डिसेम्बर ३१ अर्थात् ०६५ पुस १७ देखि ०६६ पुस १६ गतेसम्म) मानवअधिकारको समग्र स्थिति बिग्रेको र मुलुकमा विधिको शासन कायम हुन सकेन।

संविधानसभाको निर्वाचनपछि सरकारको नेतृत्व गर्ने माओवादी पार्टीले राज्य र शान्ति प्रक्रियालाई पूर्णता दिने र सङ्घीय लोकतान्त्रिक संविधान निर्माण गर्नेजस्ता महत्त्वपूर्ण एजेन्डाहरूलाई कुनै ध्यान दिएको देखिएन। ठीकविपरीत निजामती प्रशासन, उद्योगधन्दा, सञ्चार, शिक्षा, खेलकुद न्यायालय, सुरक्षा निकाय तथा धार्मिक क्षेत्रलगायत समाजका प्राय: सबै क्षेत्रमाथि सत्ता र सरकारको दुरूपयोग गर्दै कानुनको खिल्ली उडाएको देखिएको थियो। माओवादीले नेतृत्व गरेको सरकारका अन्य सहयोगी दलहरूसँग सहकार्य-एकता गर्नुको सट्टा एकलौटी र एकदलीय अधिनायकवादी शैली स्थापित गर्नमा नै केन्द्रित रह्यो। मुलुकमा अपहरण, हत्या, आतङ्क, चन्दा, लुटपाट, घरजग्गा तथा अन्नबाली कब्जा गर्ने कार्यमा माओवादीको संरक्षण रह्यो।

शान्ति प्रक्रिया र संविधानसभालाई सैन्य शक्ति निर्माणका लागि रणनीतिक उपयोग गर्दै विद्रोह गरी राज्य सत्ता कब्जा गर्ने माओवादीको उद्देश्य रहेको कुरा तत्कालीन प्रधानसेनापतिलाई असंवैधानिक तरिकाले अवकाश दिने प्रकरण र पछि चितवनको शक्तिखोरमा कार्यकर्ता प्रशिक्षणसम्बन्धी भिडियो टेपको पर्दाफासबाट माओवादीहरू विधिको शासनप्रति विश्वास गर्दैनन् भन्ने स्पष्ट हुन्छ। अर्थात्, नागरिक सर्वोच्चताका नाममा तत्कालीन माओवादीको नेतृत्वको सरकारद्वारा न्यायपालिका, नेपाली सेनामाथि हस्तक्षेप, पशुपतिनाथको मन्दिरमा गरिएका पुजारी भर्ना प्रकरणद्वारा धार्मिक सहिष्णुता खलबल्याउने दुष्प्रयास आदि कार्य लोकतान्त्रिक मूल्य, मान्यता र संस्कृति एवम् धर्म निरपेक्षताको विपरीत हो। देशमा दण्डहीनताको पराकाष्ठा छ। अन्तरिम संविधान, विस्तृत शान्ति सम्झौता, वर्तमान संविधानसभाको क्षेत्राधिकार र भएका सहमतिको ठाडो उल्लङ्घन गर्ने दण्डहीनतालाई प्रोत्साहन गर्दै विधिको शासनलाई कमजोर पार्ने, संसदीय प्रक्रियालाई छल्ने आदि कार्यहरू एकीकृत माओवादी, आपराधिक समूहलगायत अन्य तत्त्व र समूहद्वारा बारम्बार भइरहेको हुँदा सन् २००९ को मानवअधिकार स्थिति कमजोर साबित हुन्छ । मान्छे जन्मेपछि बाँच्न पाउनु पर्दछ। बाँच्न पाउने अधिकारलाई कसैले रोक्न मिल्दैन। तर, कुन बेला कहाँको कोद्वारा हत्या, अपहरण र फिरौतीको माग हुन्छ, थाहा नै हुँदैन। यस्ता घटना दिनानुदिन बढ्दै गएका छन्। हामी यही सन्त्रासमा बाँच्न बाध्य छौं। सबैका लागि यो चिन्ताको विषय बन्नु पर्दछ। यो घटनाबाट नेपालको मानवअधिकारको स्थितिलाई हेर्दा अत्यन्त पीडादायी रह्यो। यस्ता घटनाहरूबाट लोकतान्त्रिक मूल्य, मान्यता र मानवअधिकारमाथि प्रहार भएको छ।

अधिकांश मानवअधिकार उल्लङ्घनका घटना माओवादी, यसको भ्रातृसङ्गठन वाईसीएल र अखिल (क्रान्तिकारी)द्वारा घटाइएका छन्। त्यसैगरी नेकपा (एमाले)को भ्रातृसङ्गठन युथफोर्स पनि मानवअधिकारको उल्लङ्घनमा संलग्न छ।

शान्ति सम्झौताविपरीत भइरहेका माओवादी गतिविधिका विरूद्ध नेपाली काङ्ग्रेसले पार्टी तहबाट संविधानसभाभित्र र मानवअधिकार आयोग, UNMIN लगायत सम्बन्धित निकायहरूमा बराबर आफ्ना धारणा र दृष्किोण राख्दै आएको छ। शान्ति सम्झौताको ठाडो उल्लङ्घनका घटनाहरू तत्काल रोकिनुपर्छ। शान्ति प्रक्रिया टुङ्गोमा पुऱ्याउनु, संविधान निर्माण एवम् राज्यको पुन:संरचनालाई उच्च प्राथमिकता दिनुपर्छ, यी सबै कुरा पूरा गर्न मानवअधिकारको हनन, उल्लङ्घनका घटना रोकी स्थितिमा सुधार ल्याउनुपर्छ। सरकारले उच्च प्राथमिकतामा यिनै विषयलाई राख्नुपर्छ।

रामचन्द्र पोखरेल
मुख्य सचिव, केन्द्रीय कार्यालय

नेकपा (एमाले)

मानवअधिकारका दृष्टिकोणले विगत केही वर्षभन्दा २००९ लाई स्थितिको सुधारोन्मुख वर्षका रूपमा चित्रण गर्न सकिन्छ। संविधानसभाको गठन भइसकेपछि संविधान निर्माणका प्रक्रियाहरू अगाडि बढाउने क्रममा पटक-पटक देखापरेका राजनीतिक गतिरोधहरूले समयमा संविधान नबन्ने हो कि भन्ने

Annex-03:Layout 1 2/15/2010 2:33 PM Page 562

आशङ्का जनतामा व्याप्त रहिरह्यो। सरकार निर्माणका क्रममा नेकपा (एमाले)ले राष्ट्रिय सहमतिलाई केन्द्रविन्दुमा राखेर अगाडि बढ्नुपर्छ भन्ने आफ्नो प्रस्ट मान्यतालाई विभिन्न राजनीतिक शक्तिहरूको बीचमा जोडदार रूपमा राखे पनि तदनुरूपको सरकार बन्न सकेन। जसले गर्दा अग्रगामी रूपान्तरण र संविधान निर्माण प्रक्रियामा नकारात्मक असर पर्ने स्थिति उत्पन्न भयो।

यस वर्ष पनि तराईका विभिन्न भागमा विभिन्न समूहद्वारा निर्दोष जनता सरकारी कर्मचारी र राजनीतिक कार्यकर्ताहरूमाथि हत्या, अपहरण र गुण्डागर्दी जारी रह्यो। माओवादी कार्यकर्ता र वाईसीएलको आक्रमणबाट देशका विभिन्न भागमा नेकपा (एमाले)का कार्यकर्ताहरूले पीडित बन्नुपर्ने स्थिति कायमै रह्यो। बुटवलमा एमालेका युवा कार्यकर्ता प्रचण्डमान थैवको हत्या, कार्यक्रमबाट फर्कंदै गर्दा एमाले महासचिव ईश्वर पोखरेललगायत नेताहरूलाई अनकन्टार भीरमा मार्ने नियतले गरिएको आक्रमण, एमाले कार्यकर्ता विवेक देवकोटाको खुट्टा काटिएको घटना, पत्रकार टीका विष्टलाई समाचार लेखेका कारण मार्ने योजना अन्तर्गत भीरबाट खसाइएको घटना, ताप्लेजुङ र धनकुटामा एमाले कार्यकर्तामाथि गरिएको पटक-पटकको आक्रमण, सल्यानको जिल्ला अधिवेशनमा आक्रमण गरी पार्टी सचिव लोकबहादुर डाँगीसहित अन्य नेता कार्यकर्तामाथि गम्भीर घाइते बनाएको घटना, दाङको तुल्सीपुरमा युथफोर्सका कार्यकर्ता बुद्ध केसीको हत्या, सङ्खुवासभामा पार्टी नेता-कार्यकर्तामाथि गरिएको आक्रमण तथा अन्य विभिन्न राजनीतिक पार्टीका कार्यकर्ताहरूको हत्या, अपहरणजस्ता यस वर्षका गम्भीर मानवअधिकार उल्लङ्घनसम्बन्धी घटनाहरू हुन्।

माओवादीको दसवर्षे युद्धका क्रममा विस्थापित भएकाहरू अझै पुनःस्थापना भएका छैनन्। आफ्नो गाउँमा फर्केर शान्तिपूर्वक जीवनयापन गर्ने वातावरण अझै कायम हुन सकेको छैन। बृहत् शान्ति सम्झौता तथा नेपालको अन्तरिम संविधानबमोजिम विगतको सशस्त्र द्वन्द्वमा भएका गम्भीर मानवअधिकार उल्लङ्घन तथा मानवताविरूद्धको अपराधको छानबिन गर्न सत्य निरूपण तथा मेलमिलाप आयोगको गठन हालसम्म हुनसकेको छैन। बेपत्तासम्बन्धी उच्चस्तरीय छानबिन आयोग पनि छलफलका क्रममा मात्र रहेको छ। यी आयोगहरू अविलम्ब गठन गर्ने तथा दोषीलाई कारबाही गर्ने सम्बन्धमा सरकारले अविलम्ब पहलकदमी गर्नुपर्दछ भन्ने हाम्रो पार्टीको दृढ मान्यता रहिआएको छ।

यतिबेला नेपाली लोकतान्त्रिक क्रान्तिको प्रक्रियालाई अगाडि बढाउने सिलसिलामा र विशेष गरेर वर्तमान ऐतिहासिक सङ्क्रमणकाललाई सफलतापूर्वक पार गर्दै अगाडि बढ्ने क्रममा नेकपा (एमाले)ले लोकतान्त्रिक संविधान निर्माण गर्ने कामलाई सबैभन्दा महत्त्वपूर्ण कामको रूपमा लिएको छ। संविधान निर्माणका लागि तोकिएको समय-सीमा साँघुरिँदै जाँदा संविधान निर्माण गर्ने र त्यसमार्फत सामन्तवादका सबै रूपहरूलाई समाप्त पार्ने कामलाई अर्जुनदृष्टि लगाएर अघि बढ्न सक्नुपर्दछ।

शान्तिपूर्ण रूपमा वार्ताका माध्यमद्वारा तराईमा क्रियाशील राजनीतिक शक्तिहरूलाई राजनीतिको मूल प्रवाहमा समाहित गर्ने र विभिन्न आपराधिक समूहहरूलाई कडाभन्दा कडा कानुनी कारबाही गर्दै स्थितिलाई सामान्यीकृत गर्दै अगाडि बढ्नु आजको आवश्यकता हो। माओवादीनिकट वाईसीएलले राष्ट्रव्यापी रूपमा मच्चाएको हिंसा र आतङ्कले शान्ति सुरक्षाको स्थितिलाई गम्भीर असर गरेको छ। मानिसहरूको खुट्टा काट्ने, अपहरण गर्ने, क्यान्टोनमेन्टमा लगेर यातना दिनेजस्ता घटनालाई निरूत्साहित मात्र होइन, निर्मूल गर्ने दिशातर्फ राज्यले आफूलाई तयार पार्नुपर्ने स्थिति पैदा भएको छ। जनताको बाँच्न पाउने अधिकार खतरामा रहिरहेको यस परिस्थितिमा राष्ट्रिय मानवअधिकार आयोग, विभिन्न मानवअधिकारवादी सङ्घसंस्था र नागरिक समाजले अझ बढी चासो र सक्रियता देखाउनुपर्ने आवश्यकता सर्वत्र महसुस गरिएको छ।

हाम्रो पार्टी देशमा मानवअधिकार पूर्णरूपले स्थापित भएको हेर्न चाहन्छ। मानवअधिकारको मामिलामा सम्बद्ध सबै पक्षसँग हाम्रो पार्टी सहकार्य गरेर अगाडि बढ्न तयार छ। यसका साथसाथै नयाँ संविधान निर्माणको सँघारमा रहेको यस बखतमा संविधान निर्माणका प्रमुख आधारहरूमा मानवअधिकारका आधारभूत कुराहरूलाई समावेश गर्न पार्टी प्रयत्नशील रहनेछ।

झलनाथ खनाल
अध्यक्ष

राष्ट्रिय जनमोर्चा

सशस्त्र द्वन्द्वको समाप्तिपछि देशमा शान्ति प्रक्रियाको थालनी भयो। माओवादी र सात दलबीच सम्पन्न बाह्रबुँदे सहमति भएपछि नेपाली जनताले देशमा अब हत्या, हिंसा, अराजकता र दण्डहीनताको

Annex-03:Layout 1 2/15/2010 2:33 PM Page 563

अन्त्य हुनेछ भनेर ठूलो अपेक्षा राखेका थिए। १२ बुँदे सहमतिलगायतका विस्तृत शान्ति सम्झौताहरूले गर्दा द्वन्द्वकालमा भन्दा निकै कम मात्रामा हत्याका घटनाहरू भए पनि हत्या, हिंसा, अपहरण, कुटपिट, लुटपिट, धम्कीका घटनाहरूको सिलसिला भने रोकिएन। विगतका वर्षहरू जसरी मानव अधिकार उल्लङ्घनका घटनाहरूबाट अछूतो रहन सकेन, त्यस्तै प्रकारले यस वर्ष पनि त्यस प्रकारका ज्यादती, हत्या, धम्की, अपहरण, कुटपिट, लुटपिट, हुलहुज्जतजस्ता मानवअधिकारविरोधी घटनाहरू प्रशस्त सार्वजनिक भए।

शान्ति सम्झौतापछि देशमा अन्य सशस्त्र समूहहरूको गठन भएको छ। ती समूहहरू (मधेसी सशस्त्र समूहहरू)लाई शान्ति प्रक्रियामा ल्याउन सरकारले गरेका पहलहरू निष्प्रभावी बनेका कारणले मधेसमा सशस्त्र गतिविधि सञ्चालन गरिरहेका सशस्त्र गुटहरू अहिले पनि सक्रिय रहेका छन्। कतिपय खासै कुनै राजनीतिक मिसन नभएका आपराधिक प्रकारका सशस्त्र समूहहरू पनि सक्रिय रहेका छन्। यस प्रकारका समूहहरूको चन्दा आतङ्क, धम्की, अपहरण, हत्या, कुटपिटका घटनाहरू बारम्बार छापामा आइरहेको सन्दर्भमा अहिले पनि के भन्न सकिन्छ भने त्यो क्षेत्रमा जनता चैनसँग सुत्न सकिरहेका छैनन्। उद्योगी, व्यापारी, पत्रकार, कर्मचारी, राजनीतिक कार्यकर्ता, समाजसेवीहरूको हत्या भइरहेको छ। तर, हत्याराहरू कमै मात्रामा फेला पर्ने र सजाय पाउने गरेका छन्।

माओवादीले जातीय आधारमा सङ्घीय संरचनाको अवधारणा ल्याएपछि माओवादीनजिकका जातीय सङ्गठन तथा अन्य कतिपय जातीय सङ्गठनहरूले सङ्घीयताको विरोध गर्दै आएको राष्ट्रिय जनमोर्चाका कार्यकर्ताहरूमाथि धम्की दिने कार्य गरे।

अर्घाखाँची फलाम खिल्जीमा नेकपा (मसाल) तथा राष्ट्रिय जनमोर्चानिकट युवा सङ्घका सदस्य तथा रक्तिम परिवारका कलाकार रेशम आलेलाई गाउँमै ०६६ असोज २५ गते साँझपख स्थानीय काङ्ग्रेस कार्यकर्ता बताउने दामोदर आलेसहितका छ जनाले घेरा हालेर बाँसको लट्ठीले कुटीकुटी हत्या गरे। माओवादीहरू शान्ति प्रक्रियामा आए पनि युद्धको धडधडी अहिले पनि कायम रहेको छ। कोटेश्वरका रामहरि श्रेष्ठको हत्यापछि बुटवलमा ०६५ चैतमा एमाले कार्यकर्ता प्रचण्डमान थैवको हत्याले उनीहरूमा रहेको हत्याप्रतिको दृष्टिकोणमा परिवर्तन नआएको पुष्टि हुन्छ। राष्ट्रिय जनमोर्चा रूकुमका जिल्ला अध्यक्ष रामप्रकाश पुरीलाई ०६५ फागुन १८ गते संविधान सुझाव सङ्कलन गर्न गएको सभासद्को टोलीले आयोजना गरेको सदरमुकामको कार्यक्रममा बोल्ने क्रममा माओवादी कार्यकर्ताले साङ्घातिक आक्रमण गरे।

माओवादीले हाम्रो पार्टी मात्र होइन, साधारण जनतामाथि पनि विभिन्न कारण देखाएर आक्रमण गर्ने गरेको छ। उसका कार्यकर्ताहरूले आफ्नो विरोधमा लेख्ने सञ्चारकर्मीमाथि पनि साङ्घातिक आक्रमण गरेका घटनाले यस वर्ष निकै चर्चा पायो। खास गरेर महिला पत्रकार उमा सिंहमाथिको आक्रमणमा माओवादीको संलग्नताको चर्चा र रूकुमकी महिला पत्रकार टीका विष्टमाथिको आक्रमणमा माओवादीको हात रहेको उनैको दाबीबाट प्रस्ट भएको छ।

वर्तमान राज्य पनि मानवअधिकार उल्लङ्घनका घटनाहरूमा मुख्यरूपले जिम्मेवार देखिएको छ। अछाममा महिला प्रहरी सुन्तली धामीमाथि आफ्नै प्रहरी सहकर्मीबाट सामूहिक बलात्कार, ०६६ साउनमा सुनसरीको चतरामा मलामीहरूमाथि प्रहरीद्वारा निर्लज्ज तरिकाले गरेको कुटपिट, कैलाली डुडेझारी जङ्गलमा बसोवास गर्न खोजेको कारणले सुकुमवासीमाथि गोली प्रहार गरी प्रहरीद्वारा तीन जना व्यक्तिको हत्याजस्ता घटनाले राज्यसत्ताले सामान्य नागरिकको मानव अधिकारको रक्षा गर्नुको साटो उल्टो जनतामाथि नै उत्पीडन गरेको स्पष्ट देखिएको छ।

देशमा यस प्रकारका हत्या, कुटपिट, धम्की, त्रास, अपहरणका सयौँ घटनाहरू देशव्यापी रूपमा देखिए। जसलाई यहाँ उल्लेख गरेर साध्य नै छैन। मूलरूपमा भन्नुपर्दा अहिले जनताको जीउज्यानको कुनै सुरक्षा छैन। कुन बेला कहाँ कसको हत्या हुन्छ भन्ने कुराले जनतालाई त्रस्त बनाइराखेको हुन्छ।

मानवअधिकारको क्षेत्रमा सबभन्दा संवेदनशील प्रश्न दलितहरूमाथिको उत्पीडनलाई लिन सकिन्छ। देश छुवाछूतमुक्त राष्ट्र घोषणा भएपछि पनि दलितहरूमाथि जातीयताका आधारमा छुवाछूत र भेदभाव गर्ने, यातना दिने कामहरू भएका छन्।

मानवअधिकार निरपेक्ष हुन सक्दैन। वर्गीय समाजमा मानवअधिकार पनि वर्गीय हुन्छ। उत्पीडक वर्गले आफ्नो वर्गीय सुरक्षाका लागि मानवअधिकारको कुरा गर्दछ भने उत्पीडित वर्गले उत्पीडक वर्गबाट आफू सुरक्षित हुनका लागि मानव अधिकारको माग गर्दछ। हाम्रो देशमा पनि विगत वर्षहरूमा राज्य पक्षबाट नै सबैभन्दा बढी मानव अधिकारको उल्लङ्घन हुने गर्दथ्यो। मैना सुनवार हत्याकाण्ड, रामेछापको दोरम्बा काण्डलगायत अनेकौँ घटनाहरू राज्य

Annex-03:Layout 1 2/15/2010 2:33 PM Page 564

पक्षहरूबाट नभएका होइनन्। आज देशमा गणतन्त्रको स्थापना भएको छ। यो अवस्थामा हामीले शोषित पीडित जनतामाथि राज्य पक्ष वा अन्य कुनै पनि शक्तिद्वारा हुने उत्पीडनलाई रोक्न सक्यौं भने मात्र मानवअधिकारको रक्षा हुन सक्नेछ। त्यो दिशामा सबै मानवअधिकार कर्मीहरूको ध्यान जानु आवश्यक छ।

अन्त्यमा, देशमा जुन प्रकारको अराजकता, दण्डहीनता, आतङ्कले जनतालाई मर्माहत बनाएको छ, त्यो रूपमा राज्यले शान्ति सुरक्षाको व्यवस्था मिलाउन नसकेको जगजाहेर छ र यहाँसम्म कि राज्यले कतिपय बेला अपराधी तत्त्वलाई राजनीतिक संरक्षण दिने वा जेलमा सजाय भोगेकाहरूलाई पनि सजाय मिनाह गरी सजाय मुक्त गरिएका घटनाले अहिलेको मानवअधिकारको स्थिति झन् गम्भीर बन्दै गएको छ। देशमा जनतामाथि भएको हत्या, हिंसा, दमन, उत्पीडनको अन्त्य गर्न सकेनौं, मानवअधिकारको रक्षा गर्न सकेनौं र रमिते भयौं भने निश्चित रूपमा हिंसाले प्रतिहिंसा जन्माउनेछ र त्यसले झन् ठूलो अराजकता ल्याउनेछ। जसलाई नियन्त्रण गर्न निकै कठिन हुनेछ।

सन्तबहादुर नेपाली,
केन्द्रीय उपाध्यक्ष, राष्ट्रिय जनमोर्चा

राप्रपा

मानवअधिकारको दृष्टिकोणबाट सन् २००९ खासै सन्तोषजनक रहेन। बृहत् शान्ति सम्झौतामा उल्लेखित प्रतिबद्धताहरू कार्यान्वयन भएका छैनन्। कब्जा गरिएका व्यक्तिका सम्पत्ति फिर्ता हुनुको सट्टा, थप कब्जा गर्ने सिलसिला बढेको छ। अन्नबाली लुटिनु, अपहरण, हत्या र साङ्घातिक आक्रमणका शृङ्खला बढिरहेका छन्। सरकारी नियन्त्रणमा रहेका सार्वजनिक सम्पत्ति कब्जा गर्ने प्रक्रिया बढिरहेका छन्। आस्थाका कारणबाट झैं-झगडा हुने मात्र नभई, व्यक्तिको ज्यानै जाने घटना भइरहेका छन्। विचारको स्वतन्त्रतामाथि नियन्त्रण गर्न धाकधम्कीका समाचार आइरहेका छन्। दण्डहीनताको अन्त्य हुनुको सट्टा अपराधीहरूले उन्मुक्ति पाइरहेको अवस्था छ। राष्ट्रसेवक कर्मचारीहरू अपमानित हुनु मात्र होइन, जनप्रतिनिधिबाटै कुटिनु परेको छ। स्थानीयस्तरमा प्रत्यक्ष जनताको सेवामा रहेका गाविस सचिवहरूको हत्याका शृङ्खला बढेका छन्। अन्य राष्ट्रसेवकको पनि ज्यानको सुरक्षा भएको छैन।

लोकतन्त्रको मूलमन्त्र नै विधिको शासन हो तर हालका वर्षहरूमा स्वतन्त्र न्यायपालिकाको भूमिकामै हस्तक्षेप बढ्दै गएको छ। विभिन्न पार्टी वा पार्टीसँग आवद्ध भ्रातृसङ्गठनहरूबाट गरिने आमहड्तालबाट सर्वसाधारणले ठूलो सास्ती खेप्नु परेको छ। यस्ता आमहडतालबाट औद्योगिक क्षेत्रमा बढी प्रभाव पर्ने र दैनिक काम गरी जीवनयापन गर्नुपर्ने वर्ग बढी मर्कामा परेको छ। शैक्षिक क्षेत्र अस्तव्यस्त हुनुका साथै स्कुलले नाबालक विद्यार्थीहरूलाई पार्टीको झन्डा बोकाएर पार्टी विशेषको माग पूर्ति गराउन प्रयोग गरिएका छन्। त्यसैले समष्टिगत रूपमा यो वर्ष मानवअधिकारको पक्षमा सकारात्मक हुन सकेन।

मानवअधिकारको व्याख्या गर्दा एक वर्षको मात्र मूल्याङ्कन गरेर अवश्य पुग्दैन। त्यसैले हाम्रो पार्टीले नेपालको मानवअधिकारको बहाली गर्न पूर्वसम्झौता अनुसार सत्य निरूपण तथा मेलमिलाप आयोग, शान्ति तथा पुनःस्थापना आयोग, बेपत्ता नागरिकहरूको अनुसन्धान गर्ने आयोग, राज्य पुनःसंरचना आयोग अविलम्ब गठन गर्नु पर्दछ भनी आवाज उठाउँदै आएको छ। यस्ता आयोगहरू राजनीतिक दलका प्रतिनिधिहरू र सम्बन्धित क्षेत्रका विज्ञ तथा विशेषज्ञहरू समावेश गरेर गठन गरिनु पर्दछ भन्ने हाम्रो मान्यता रहेको छ।

मानवअधिकारका हरेक क्षेत्रमा आफ्नो क्षमताले भ्याएसम्म सामाजिक न्यायका निम्ति अनवरत रूपमा क्रियाशील अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) धन्यवादको पात्र छ। साथै, यसले दर्शाएको पहलकदमी पनि प्रशंसनीय छ। तथापि, यति मात्र अवश्य पर्याप्त हुन सक्दैन।

परशुराम खापुङ
महामन्त्री, राप्रपा

नेकपा (माओवादी)

सर्वप्रथम यस संस्थाद्वारा 'नेपाल मानवअधिकार वर्षपुस्तक २०१०' प्रकाशन हुन लागेको अवसरमा नेपालको मानवअधिकारको स्थिति सम्बन्धमा हाम्रो पार्टीको दृष्टिकोण माग्नु भएकामा धन्यवाद दिन चाहन्छु। दसवर्षे जनयुद्ध र संयुक्त आन्दोलनपछि पनि जनताले अपेक्षा गरे अनुसार मानवअधिकारको क्षेत्रमा सुधार आएको छैन। जनताको जीवन दिनानुदिन कष्टकर भइरहेको जगजाहेर नै छ। हाम्रो बुझाइमा जहाँ जनताको जीवन पूर्ण खुसहाल छ अर्थात् जहाँ कुनै प्रकारको शोषण, दमन र उत्पीडन छैन, त्यहाँ मात्र मानवअधिकारको स्थिति राम्रो भन्न सकिन्छ। जहाँ शोषण, दमन र उत्पीडन कायम छ, त्यहाँ मानवअधिकारको उल्लङ्घन भएको मानिन्छ। नेपालमा

Annex-03:Layout 1 2/15/2010 2:33 PM Page 565

राज्यद्वारा र अपराधी समूहहरूबाट व्याप्त आतङ्क र दण्डहीनता, अकासिँदो भ्रष्टाचार, कालोबजारी, तस्करी, कृत्रिम महँगी, कमिसनखोरी र विदेशी प्रतिक्रियावादी शासकहरूको नाङ्गो दलालीले गर्दा मानवअधिकारको अवस्था जर्जर रहेको हाम्रो पार्टीको स्पष्ट दृष्टिकोण छ, यथार्थ पनि यही नै हो।

पञ्चायती शासनकालमा होस् अथवा बहुदलकालमा राज्यले मलाई पटक-पटक अपहरण गरी यातनापूर्ण हिरासत र जेलमा राखेको अवस्थामा अन्य मानवअधिकारवादी सङ्घसंस्थाका साथै इन्सेकले मानवअधिकार उल्लङ्घनको कुरा सशक्त रूपमा उठाएको कुरा म स्वयम् भुक्तभोगी भएकाले ती सबै सङ्घसंस्था तथा आदरणीय महानुभावहरूप्रति यस अवसरमा हार्दिक कृतज्ञता व्यक्त गर्न चाहन्छु। कतिपय अवस्थामा कतिपय सङ्गठन तथा व्यक्तिहरूप्रति जनताले आलोचना मात्रै होइन, आक्रोश एवम् घृणाको प्रदर्शन नगरेका पनि होइनन्। त्यसैले सत्य र तथ्यलाई मात्र आधार बनाएर इन्सेकले आफ्नो पुस्तक प्रकाशित गरोस्। हाम्रो शुभकामना छ। धन्यवाद।

मातृकाप्रसाद यादव
संयोजक, नेकपा (माओवादी)

Annex-04:Layout 1 2/15/2010 2:36 PM Page 567

सन् २००९ को मानवअधिकार स्थितिबारे विभिन्न क्षेत्रका धारणा

नेपाल सरकार तथा प्रधानमन्त्रीको कार्यालय

परराष्ट्र मन्त्रालय

गृह मन्त्रालय

नेपाली सेना

सशस्त्र प्रहरी बल

नेपाल प्रहरी

राष्ट्रिय मानवअधिकार आयोग

राष्ट्रिय दलित आयोग

राष्ट्रिय महिला आयोग

नेपाल बार एसोसिएसन

अनुसूची

४

Annex-04:Layout 1 2/15/2010 2:36 PM Page 569

नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कानुन तथा मानवअधिकार महाशाखाले मानवअधिकारको संरक्षण र सम्वर्द्धन गर्ने मुलुकको दायित्व अनुरूप मानवअधिकारसम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सङ्घसंस्थाहरू र सरकारका विभिन्न निकायहरूबीच समन्वय गरी आफ्नो कार्य गर्दै आएको छ। विभिन्न २१ वटा महासन्धिहरूलाई नेपालले अनुमोदन गरेबमोजिम आफ्नो अन्तर्राष्ट्रिय दायित्वलाई वहन गर्न र मुलुकमा मानवअधिकार संस्कृतिको विकास गर्न हरसम्भव प्रयासरत छ।

सन् १९९३ मा अस्ट्रियाको भियनामा सम्पन्न मानवअधिकारसम्बन्धी विश्वव्यापी सम्मेलनले मानवअधिकारको संरक्षण र सम्वर्द्धन एवम् मानवअधिकार संस्कृतिको विकास गर्न सबै पक्षराष्ट्रहरूलाई कार्ययोजना नै बनाई कार्यान्वयन गर्न आह्वान गरे अनुरूप नेपालले ०६१/६२ सालमा पहिलो त्रिवर्षीय मानवअधिकार राष्ट्रिय कार्ययोजना तर्जुमा गरी लागू गरेको र हाल सो कार्ययोजनामा आवश्यक परिमार्जन गरी आव ०६४/६५ देखि दोस्रो त्रिवर्षीय मानवअधिकार राष्ट्रिय कार्ययोजना कार्यान्वयनमा ल्याएको छ। यसका अतिरिक्त सन् २०१० लाई लैङ्गिक हिंसाविरूद्ध वर्षको रूपमा मनाउने गरी नेपाल सरकारबाट भएको निर्णय अनुरूप यस कार्यालयले सम्बद्ध सरोकारवाला निकायहरू समेतको परामर्शमा लैङ्गिक हिंसाविरूद्ध एक राष्ट्रिय कार्ययोजना बनाई कार्यान्वयन प्रारम्भ गरेको छ। यो कार्ययोजना अनुरूप अन्य निकायले उजुरी लिन नमानेमा वा यथोचित न्याय नदिएको अवस्थामा पीडित पक्षबाट उजुरी ग्रहण गरी त्यस्ता उजुरीहरूको व्यवस्थापन एवम् अनुगमन समेत गर्न यस कार्यालयमा लैङ्गिक हिंसाविरूद्धको उजुरी व्यवस्थापन तथा अनुगमन एकाइ हालसालै स्थापना गरिएको छ।

विगतमा झैं यस कार्यालयले मानवअधिकारको उल्लङ्घनका घटनामा राष्ट्रिय मानवअधिकार आयोगबाट भएको सिफारिसलाई कार्यान्वयन गर्न सम्बन्धित निकायमा लेखी पठाउने गरेको छ। ०५८ सालदेखि ०६६ साउन २० गतेसम्ममा आयोगबाट विभिन्न व्यक्तिहरूको मानवअधिकार उल्लङ्घन भएबापत पीडित पक्षहरूलाई ६ करोड ५४ लाख २४ हजार ६ सय ८९ रुपियाँ क्षतिपूर्ति उपलब्ध गराउन सिफारिस भई आएकामा करिब १ करोड ९९ लाख ४५ हजार विभिन्न व्यक्तिहरूलाई क्षतिपूर्ति उपलब्ध गराई सकिएको छ। यसैगरी, क्षतिपूर्ति दिन बाँकी रहेको करिब ४ करोड ५५ लाख रुपियाँ पनि शान्ति तथा पुनःनिर्माण मन्त्रालय र गृहमन्त्रालयले आवश्यक छानबिन र निर्णय गरी पीडित व्यक्तिहरूलाई उपलब्ध गराउन आवश्यक पर्ने रकम अर्थ मन्त्रालयले निकासा दिने भनी ०६६ मङ्सिर १६ मा नेपाल सरकार (मन्त्रिपरिषद्)बाट निर्णय समेत भइसकेको छ। यसका साथै शान्ति तथा पुनःनिर्माण मन्त्रालयबाट त्यसरी सिफारिस गरिएका व्यक्तिहरूमध्ये १ सय ७१ जनालाई जनही १ लाख रुपियाँका दरले १ करोड ७१ लाख रुपियाँ क्षतिपूर्ति र १ अर्ब ४३ करोड रुपियाँभन्दा बढी रकम राहतस्वरूप वितरण भएको छ।

मानवअधिकार उल्लङ्घनका घटनामा अन्तर्राष्ट्रिय मानवअधिकारसम्बन्धी सङ्घसंस्थाबाट माग भएका जवाफ तथा जानकारी समयमै उपलब्ध गराउने र नेपाल सरकारका तर्फबाट पेस गर्नुपर्ने प्रतिवेदन/प्रतिक्रियासमेत सम्बन्धित निकायहरूको संलग्नतामा तयार गरी पठाउने गरिएको छ। यस कार्यालयले संयुक्त राष्ट्रसङ्घसमक्ष आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी प्रतिज्ञापत्र १९६६ अन्तर्गत बुझाउनुपर्ने तेस्रो प्रतिवेदन तथा आगामी सन् २०११ को फेब्रुअरी महिनाभित्र बुझाउनुपर्ने Universal Periodic Review (UPR)को प्रतिवेदन समयमै बुझाउनका लागि प्रतिवेदन तयारी समिति गठन गरेको र यसले प्रतिवेदन लेखन कार्य तदारूकताका साथ गरिरहेको छ।

०६३ मङ्सिर ५ गते बृहत् शान्ति सम्झौता सम्पन्न भएपछि देशमा शान्ति-सुरक्षा सुदृढ हुँदै गएको र सोही अनुरूप मानवअधिकारको स्थिति पनि सुधारोन्मुख भएको छ।

अन्त्यमा, इन्सेकले प्रकाशन गर्न लागेको प्रस्तुत वर्षपुस्तक मानवअधिकारको संरक्षण र सम्वर्द्धन गर्ने प्रयोजनका लागि निकै उपयोगी हुने क्रामा यो महाशाखा विश्वस्त छ र इन्सेक आफ्नो लक्ष्यमा निरन्तर अघि बढिरहन सकोस् भनी शुभकामना पनि व्यक्त गर्न चाहन्छु।

डा. त्रिलोचन उप्रेती
सचिव

परराष्ट्र मन्त्रालय

देशको प्रचलित नियम-कानुन तथा अन्तर्राष्ट्रिय प्रतिबद्धता एवम् दायित्वहरूबमोजिम मानवअधिकार

Annex-04:Layout 1 2/15/2010 2:36 PM Page 570

संरक्षण तथा प्रवर्द्धनका क्षेत्रमा नेपाल सरकार पूर्ण प्रतिबद्ध रहेको छ। नेपाली जनताको मानवअधिकारको संरक्षण एवम् सम्बर्द्धन तथा वैयक्तिक स्वतन्त्रतालाई नेपालको अन्तरिम संविधान, २०६३ ले सर्वोपरी महत्त्व दिएको छ।

वर्तमान विश्व परिवेशमा मानवअधिकारको संरक्षण तथा प्रवर्द्धनले परराष्ट्र सम्बन्धका क्षेत्रमा पनि महत्त्वपूर्ण स्थान ओगट्दै आएको छ। मानवअधिकारसम्बन्धी प्रमुख अन्तर्राष्ट्रिय सन्धि र अभिसन्धिहरूको नेपाल पक्षराष्ट्र भई अन्तर्राष्ट्रियस्तरमा मानवअधिकारप्रति नेपाल प्रतिबद्ध रहेको तथ्य स्थापित गरिसकेको छ। यसै क्रममा Convention on the Rights of Persons with Disabilities 2006 र यससम्बन्धी Optional Protocol 2006 समेत व्यवस्थापिका संसद्बाट अनुमोदन भइसकेको छ।

नेपाल पक्ष भएका विभिन्न अन्तर्राष्ट्रिय सन्धि र अभिसन्धिहरूबाट सिर्जित दायित्वहरू तथा नेपालको अन्तरिम संविधानमा व्यवस्था गरिएका प्रतिबद्धताहरू पूरा गर्न दोस्रो तीनवर्षे राष्ट्रिय मानवअधिकार कार्ययोजना कार्यान्वयनमा रहेको छ। प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, मानवअधिकार प्रवर्द्धन शाखा मानवअधिकारको क्षेत्रमा राष्ट्रिय सम्पर्क विन्दुका रूपमा कार्यरत छ। मानवअधिकारको संरक्षण तथा प्रवर्द्धन कार्यलाई प्रभावकारी बनाउन यस शाखाले सरकारी निकायहरूबीच समन्वय, सहयोग र सहकार्य गर्न विशेष ध्यान दिएको छ।

संयुक्त राष्ट्रसङ्घ मानवअधिकार परिषद्का Special Rapporteur द्वारा वैयक्तिक उजुरी प्रक्रियामार्फत उठाइएका जिज्ञासाहरूलाई नेपाल सरकारले यथोचित महत्त्वका साथ आफ्नो धारणा स्पष्ट गर्दै आएको छ। संयुक्त रष्ट्रसङ्घीय मानवअधिकार परिषद्को गत वर्षको अधिवेशनमा भएको उच्चतहको बैठकमा नेपालका तर्फबाट परराष्ट्र मन्त्रीको नेतृत्वमा सहभागिता रहनुका साथै नेपालको मानवअधिकारप्रतिको राष्ट्रिय प्रतिबद्धता, धारणा तथा संरक्षण एवम् प्रवर्द्धनका क्षेत्रमा भएका प्रयासहरूका बारेमा अद्यावधिक स्थितिबारे विश्व समुदायसमक्ष प्रस्तुत गरिएको थियो। मानवअधिकारको अवस्थाबारे स्थलगत वस्तुस्थिति अध्ययन गर्न १८ देखि २२ मार्च २००९ सम्म संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्त नवनाथन पिल्लेद्वारा नेपालको भ्रमण गरिएको थियो। नेपालमा कार्यरत संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको कार्यालयले नेपालको मानवअधिकार अनुगमन, संरक्षण एवम् प्रवर्द्धनका क्षेत्र अन्तर्गत राष्ट्रिय क्षमता अभिवृद्धिलगायतका कार्यहरूमा आवश्यक योगदान दिँदै आएको छ। राष्ट्रिय मानवअधिकार आयोगलाई सुदृढ र क्षमतायुक्त बनाई मानवअधिकारको संरक्षण र सम्वर्द्धन गर्ने अग्रणी एकाइका रूपमा विकास गर्ने कार्यमा सरकार प्रतिबद्ध छ।

विभिन्न अन्तर्राष्ट्रिय सन्धि र अभिसन्धिहरूको पक्षराष्ट्रको हैसियतले नेपालले संयुक्त राष्ट्रसङ्घका सम्बन्धित निकायसमक्ष आवधिक रूपमा पेस गर्नुपर्ने प्रतिवेदनहरूमध्ये महिलाविरूद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलनसम्बन्धी महासन्धिसम्बन्धी चौथो तथा पाँचौं संयुक्त आवधिक प्रतिवेदन र Optional Protocol to the Convention on the Rights of Child on the Sale of Children, Child Prostitution and Child Pornography सम्बन्धी प्रारम्भिक प्रतिवेदन प्रस्तुत भइसकेका छन्। मानवअधिकार परिषद्ले व्यवस्था गरेको Universal Periodic Review अन्तर्गत सन् २०११ मा नेपालको समग्र मानवअधिकारको आवधिक समीक्षा हुने भएकाले यसका लागि नेपालको राष्ट्रिय प्रतिवेदन तयार गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयका सचिवको संयोजकत्वमा गठित कार्यदलले आफ्नो कार्य प्रारम्भ गरिसकेको छ।

राष्ट्रिय मानवअधिकार आयोगका अतिरिक्त मानवअधिकारका क्षेत्रमा कार्यरत सक्रिय एवम् जागरूक नागरिक समाजको सकारात्मक प्रयासहरूले पनि नेपाल सरकारलाई नेपालमा मानवअधिकारको क्षेत्रमा सचेत एवम् संवेदनशील रहन अभिप्रेरित गरेको छ। यसप्रकार सन् २००९ मा मानवअधिकार संरक्षण, सम्बर्द्धन र प्रवर्द्धनका क्षेत्रमा नेपाल सरकार पूर्णत: प्रतिबद्ध रही जिम्मेवारीपूर्वक कार्यरत रहेको बेहोरा स्पष्ट छ। साथै, नेपालको मानवअधिकारको समग्र स्थिति क्रमिकरूपले सुधारोन्मुख हुँदै गइरहेको महसुस गरिएको छ।

गृह मन्त्रालय

उपलब्ध भौतिक एवम् स्रोतसाधनको अधिकतम सदुपयोग गर्दै नागरिकको जीउधनको सुरक्षा गर्न गृह मन्त्रालय एवम् अन्तर्गतका सुरक्षा निकायहरू सदैव क्रियाशील छन्। मानवअधिकारको क्षेत्रमा नेपालले जनाएका विभिन्न अन्तर्राष्ट्रिय प्रतिबद्धता अनुरूप आवश्यकता अनुसार ऐन नियमहरूको तर्जुमा एवम् परिमार्जन गरी कार्यान्वयनमा ल्याइएको छ। नेपालले

Annex-04:Layout 1 2/15/2010 2:36 PM Page 571

संयुक्त राष्ट्रसङ्घमा पेस गर्नुपर्ने यातनाविरूद्धको महासन्धि एवम् नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी प्रतिज्ञापत्रका आवधिक प्रतिवेदनहरू तयार गर्ने कार्यहरू भइरहेका छन्।

शान्ति सुरक्षाको प्रभावकारिता दण्डहीनताको अन्त्य तथा मानवअधिकारको रक्षाका लागि विशेष कार्यक्रम ०६६ र सुरक्षाकर्मी र कर्मचारीहरूले पालना गर्नुपर्ने आचारसंहिता तयार गरी कार्यान्वयनमा ल्याइसकिएको छ। गृह मन्त्रालय र अन्तर्गतका निकायमा मानवअधिकार एकाइहरू स्थापना गरी मानवअधिकार उल्लङ्घनका घटनाहरूको छानबिन, अनुगमन एवम् मानवअधिकारको प्रवर्द्धन गर्ने दिशामा क्रियाशीलता बढाइएको छ। मानवअधिकारसम्बन्धी विभिन्न तालिम, गोष्ठी आयोजना गरी सुरक्षाकर्मीलाई प्रशिक्षित गर्ने एवम् सजग राख्ने प्रयासहरू पनि भइरहेका छन्।

मानवअधिकारकर्मी एवम् विभिन्न राष्ट्रिय/अन्तर्राष्ट्रिय मानवअधिकार सङ्घ-संस्थाहरूबाट औंल्याइएका मानवअधिकार उल्लङ्घनका घटनाहरूका सम्बन्धमा गर्नुपर्ने आवश्यक काम-कारबाहीहरू प्राथमिकतासाथ भइरहेका छन्। विगतको द्वन्द्वका पीडित एवम् निजका परिवारहरूलाई मानवअधिकार आयोगको सिफारिसबमोजिम क्षतिपूर्ति उपलब्ध गराउने र दोषीलाई कारबाही गर्न सम्बन्धित निकायमा लेखी पठाउने काम निरन्तर रूपमा गृह मन्त्रालयबाट भइरहेको छ।

कारागारहरूको सुधारका लागि विभिन्न प्रयासहरू अगाडि बढाउँदै कैदी बन्दीहरूको मानवअधिकार संरक्षण गर्न प्रतिबद्ध रहेको छ। यसै सिलसिलामा कैदीहरूको हकहित संरक्षणका लागि कारागार सुधार सुझाव आयोगको प्रतिवेदन कार्यान्वयन गर्दै जाने काम सुरु भएको छ।

तराई क्षेत्रमा भइरहेका हिंसात्मक गतिविधिहरूबाट मानवअधिकार हनन हुन नदिन प्रहरी सक्रियता र सुरक्षा गतिविधिमा तदारूकता अपनाउनुका साथै त्यस्ता समूहसँग वार्ता गरी समस्या समाधानका लागि पहल भइरहेका छन्। मुलुकको शान्ति सुव्यवस्थामा सुधार हुँदै आएको भए पनि विभिन्न खाले समूहहरूबाट मानवअधिकारको उल्लङ्घन गर्ने कार्य जारी नै रहेको वर्तमान अवस्थामा लोकतान्त्रिक प्रणालीमा आफ्नो अधिकार प्रयोग गर्दै अरूको अधिकार हनन गर्नु हुँदैन भन्ने मान्यतालाई आमनेपालीले आत्मसात् गर्नुपर्ने टड्कारो आवश्यकता छ।

अन्त्यमा सन् २००९ मा नेपालको मानवअधिकारको स्थिति सकारात्मक सुधार भएको तथ्यप्रति विश्वस्त हुँदै मानवअधिकारको संरक्षणमा नेपाल सरकार गृह मन्त्रालय सम्पूर्ण मानवअधिकारवादीहरू एवम् राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थासँग सहकार्य गर्दै आगाडि बढ्न सदैव प्रतिबद्ध छ।

जयमुकुन्द खनाल
सह-सचिव

नेपाली सेना

नेपालको अन्तरिम संविधान २०६३ र सैनिक ऐन २०६३ को दफा ३० (१) मा सैनिकहरूलाई मानवअधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानुनसम्बन्धी तालिम तथा शिक्षा दिने प्रावधान रहेको छ। सोही अनुरूप नेपाली सेनामा IHL Integration Order लागू गरिएपछि आफ्ना मातहतका फौजहरूलाई मानवअधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानुनको संरक्षण र सम्वर्द्धन गर्ने कार्यमा तत्काल सैद्धान्तिक र व्यावहारिक ज्ञान दिन थालिएको छ। क्रमिक रूपमा सकल दर्जालाई IHL/IHRL तालिम गराउँदै भविष्यमा नेपाली सेनालाई मानवअधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानुन हनन मुक्त संस्थाका रूपमा स्थापित गर्ने लक्ष्य लिइएको छ।

नेपाली सेनाले कमान्ड जिम्मेवारीमा नियुक्त भएका अधिकृतहरूलाई आफू र आफ्नो मातहतका फौजलाई सदैव सचेत गराई शून्य सहनशीलताको नीति (Zero Tolerance Policy) पालना गराउन ज्यादै सहयोगी भूमिका खेलेको छ। नेपाली सेनाले विद्यालय र बालबालिकालाई शान्ति क्षेत्रका रूपमा मान्यता दिई सैनिक प्रयोजनका लागि कहिल्यै पनि विद्यालयको प्रयोग नगर्ने प्रतिबद्धतालाई निरन्तरता दिँदै आएको छ। विद्यमान परिस्थितिमा मानवअधिकारलाई सूक्ष्म ढङ्गबाट विश्लेषण र जनताको मौलिक हक एवम् नैसर्गिक अधिकारको पक्षमा दाँजिन थालिएको छ। सन् २००९ मा मानवअधिकारको सम्बन्धमा सुरक्षा अङ्गमा मात्र यसको टीकाटिप्पणी नभई राज्यका विभिन्न निकायहरूमा समेत यसको पालनाका सम्बन्धमा सकारात्मक दृष्टिकोण बृद्धि भएको महसुस गरिएको छ।

नेपाल संयुक्त राष्ट्रसङ्घप्रति प्रतिबद्ध रही विभिन्न सन्धि-सम्झौता एवम् अभिसन्धिलाई हस्ताक्षर, अनुमोदन गरी सोको पक्षराष्ट्र रहेकाले मानवअधिकार

Annex-04:Layout 1 2/15/2010 2:36 PM Page 572

एवम् मानवीय कानुनप्रति उत्तरदायी र प्रतिबद्ध रहेको छ। राष्ट्रका अन्य जिम्मेवार व्यक्ति, राजनीतिक पार्टी तथा सङ्घसंस्थाहरूले समेत समय-समयमा व्यक्त गरेका अभिव्यक्ति, धारणा तथा प्रतिबद्धतामा नेपाली जनता, मानवअधिकारको संरक्षण र सम्वर्द्धन गर्ने/गराउने भन्ने उल्लेख भइरहेको अवस्थामा सबैबाट यसको मर्म अनुसार व्यवहारमा पालना हुँदै गए अन्तर्राष्ट्रिय जगत्मा नेपालको शान्तिप्रिय छवि उजागर हुने सम्भावना बढ्ने देखिन्छ। अन्त्यमा त्यस संस्थाबाट प्रकाशित हुन लागेको 'मानवअधिकार वर्षपुस्तक २०१०' का लागि नेपाली सेना शुभकामना व्यक्त गर्दछ।

मानवअधिकार निर्देशनालय

सशस्त्र प्रहरी बल

मानवअधिकार तथा सामाजिक न्यायका लागि सदैव कार्यरत इन्सेकले सत्यको अभिलेख र प्रचारद्वारा न्याय र सह-अस्तित्वको वातावरण निर्माण गर्ने कार्यलाई निरन्तरता दिँदै प्रकाशन गर्न लागेको 'मानवअधिकार वर्षपुस्तक २०१०'का लागि शुभ-कामनाका साथ सफलताको कामना गर्दछौं।

आन्तरिक सुरक्षा संयन्त्र सुदृढ भएमा मात्र मानव स्वतन्त्रता तथा मानवीय मूल्य एवम् मान्यता सुरक्षित अनि सुनिश्चित रहन्छ। मानव स्वतन्त्रता अन्ततः मानवीय प्रतिष्ठा तथा नैसर्गिक अधिकारहरूमा समाहित हुन्छ र यी सबैको संरक्षण र रक्षा गर्ने पहिलो दायित्व निःसन्देह सुरक्षा निकायमा कार्यरत कर्मचारीहरूको हुने भएकाले उल्लिखित मूल दायित्वलाई आत्मसात् गर्दै राज्यद्वारा सुम्पिएका जिम्मेवारीहरू सम्पादन गर्ने क्रममा सशस्त्र प्रहरी बलमा कार्यरत सकल दर्जाका सशस्त्र प्रहरी कर्मचारीहरूबाट मानवअधिकार र अन्तर्राष्ट्रिय मानवीय कानुन कुण्ठित हुने अवस्था सिर्जना हुन नदिनेतर्फ सङ्गठन सदा प्रतिबद्ध रहेको छ। साथै मानवअधिकारको संरक्षण र सम्वर्द्धनलाई सैद्धान्तिक रूपमा मात्र सीमित नगरी व्यावहारिक रूपमै संस्थागत गर्ने उद्देश्य सशस्त्र प्रहरी बलले लिएको छ।

परिवर्तित सन्दर्भमा मानवअधिकार संरक्षण एवम् सम्वर्द्धन अत्यन्तै संवेदनशील विषय बनेको छ। विषयको गाम्भीर्य एवम् संवेदनशीलता अनुसार निरन्तर प्रयत्नशील रहने प्रतिबद्धतास्वरूप सङ्गठनद्वारा क्षेत्रगत मानवअधिकार गतिविधि तथा उल्लङ्घनसम्बन्धी घटनाहरूको अनुगमन गर्ने उद्देश्यका साथ पाँचै विकास क्षेत्रमा क्षेत्रीय मानवअधिकार सेल गठन गरिएको छ। सम्पूर्ण सकल दर्जाका सशस्त्र प्रहरी कर्मचारीहरूलाई मानवअधिकारको संरक्षण एवम् सम्मानतर्फ सदैव सचेत गराई जानकारी प्रदान गर्न सशस्त्र प्रहरी बलमा सञ्चालन हुने सबै तहका आधारभूत तथा उन्नत तालिमहरूमा समेत मानवअधिकारसम्बन्धी विषयवस्तुहरूलाई अनिवार्य रूपमा आव ०६२/६३ देखि लागू गरिएको छ। साथै, पाठ्यक्रम समयानुकूल परिवर्तन गर्दै लैजाने उद्देश्यले आव ०६४/६५ मा तालिम/सम्मेलनमार्फत परिमार्जितसमेत गरिएको छ। आगामी दिनहरूमा सञ्चालन हुने तालिमहरूमा पनि मानवअधिकारलाई अझ बढी महत्त्वका साथ समावेश गरिँदै जाने लक्ष्य सशस्त्र प्रहरी बलले लिएको छ।

सशस्त्र प्रहरी बलले आफ्नो सम्पूर्ण जिम्मेवारी कानुनी दायराभित्र रही सम्पादन गर्ने क्रममा मानवीय त्रुटिका कारणले छिटपुट रूपमा सामान्य प्रकृतिका मानवअधिकार उल्लङ्घनसम्बन्धी घटना नभएका होइनन्। यस्तै, मानवीय कमी-कमजोरीहरूलाई सच्याउँदै आगामी दिनहरूमा सङ्गठनमा कार्यरत हरेक तहका कर्मचारीहरूको पेसागत ज्ञान, क्षमता अभिवृद्धि गरी सशस्त्र प्रहरी कर्मचारीहरूबाट सम्पादन गरिने संस्थागत एवम् व्यक्तिगत कार्यहरूबाट मानवअधिकार उल्लङ्घन हुन नदिने लक्ष्य लिएको छ। विभिन्न मानवअधिकार सङ्घसंस्थाहरूसँग समन्वय गरी राष्ट्रिय तथा अर्न्राष्ट्रिय स्तरमा सञ्चालन हुने तालिमहरूमा सशस्त्र प्रहरी बलका कर्मचारीहरूलाई समावेश गराउने व्यवस्था मिलाइएको छ। त्यस्ता विभिन्न विषयका विज्ञ व्यक्तित्वहरूलाई समेत आमन्त्रण गरी मानवअधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानुनसम्बन्धी ज्ञान दिलाउन केन्द्रीय स्तरदेखि क्षेत्रीय स्तरसम्म अनुशिक्षण कक्षाहरू चरणबद्ध रूपमा सञ्चालन हुँदै आएका छन्।

सशस्त्र प्रहरी बलको प्रत्येक सदस्यले मानवीय मर्यादाको सम्मान र संरक्षण गर्न तथा सबै व्यक्तिहरूको मानवअधिकारको रक्षा र संरक्षण गर्न प्रतिबद्ध तुल्याउनु तथा मूल्य, मान्यता र सिद्धान्तहरू अवलम्वन गर्न विभिन्न समयमा मानवअधिकारसम्बन्धी प्रकाशनहरू तयार गरी वितरण गर्ने व्यवस्था गरिएको छ। यसै क्रममा मानवअधिकारका मूल्य, मान्यता र सिद्धान्तहरूलाई सङ्कलन गरी सशस्त्र प्रहरी बलका सकल दर्जालाई त्यसबारे जानकारी प्रवाह गरी उनीहरूलाई आफ्नो कर्तव्य र दायित्वबारे स्मरण गराउन सशस्त्र प्रहरी बल र संयुक्त राष्ट्रसङ्घ मानवअधिकार उच्चायुक्तको कार्यालय नेपालको संयुक्त प्रयासमा 'सशस्त्र प्रहरी बल मानवअधिकार निर्देशिका-

Annex-04:Layout 1 2/15/2010 2:36 PM Page 573

२००६' प्रकाशन गरी वितरण गरिएको छ। सशस्त्र प्रहरी कर्मचारीहरूबाट कार्य सम्पादनका क्रममा भएका मानवअधिकारको उल्लङ्घनका घटनाहरूमा सशस्त्र प्रहरी बलले सङ्गठनको चेन अफ कमान्डका तल्लो तहका सशस्त्र प्रहरी कर्मचारीहरूलाई समेत पारदर्शिता, जनउत्तरदायी, जवाफदेहिताको महत्त्वलाई राम्रोसँग बुझाई सो मान्यतालाई आत्मसात् गरी स्वतन्त्र र विस्तृत रूपमा अनुसन्धान गर्ने गरेको छ। सशस्त्र प्रहरी बलका कुनै पनि कर्मचारीविरूद्ध जनसमुदायबाट आउने उजुरीहरू दर्ता र छानबिन गर्ने प्रावधानहरूको व्यवस्था गरी ती प्रावधानहरूलाई सम्बोधन तथा सार्वजनिक गरिने स्वच्छ नीति सशस्त्र प्रहरी बलले लिएको छ। मानवअधिकार उल्लङ्घनका घटनाहरूको अनुसन्धान प्रक्रियामा सहयोग पुऱ्याउन प्रमाण र साक्षीहरूलाई संरक्षण प्रदान गर्ने र गोपनीयताको सुनिश्चितता गर्ने गरिएको छ। साथै, मानवअधिकारसम्बन्धी विषयहरूमा सशस्त्र प्रहरी बलमा सरकारी निकाय, मानवअधिकार सङ्घसंस्थालगायत अन्य सरोकारवालाहरूले जानकारी माग गरेमा सत्यतथ्यसहितको जानकारी सम्बन्धित निकायलाई गराउन सशस्त्र प्रहरी बल सदैव क्रियाशील र प्रतिबद्ध रहेको छ।

सशस्त्र प्रहरी बल परिचालनसम्बन्धी आदेश, निर्देशन तथा तालिमसम्बन्धी सैद्धान्तिक, व्यावहारिक सिकाइलगायत औपचारिक तथा अनौपचारिक ब्रिफिङ्गहरूमा समेत सङ्गठनका अन्य कमान्डरलगायत स्वयम् सङ्गठन प्रमुख सशस्त्र प्रहरी महानिरीक्षकज्यूबाट समेत बेलाबखत हुने विशेष निर्देशनले सम्पूर्ण सशस्त्र प्रहरी कर्मचारीहरूलाई न्यूनतम बल प्रयोगको सिद्धान्त अवलम्वन गरी मानवअधिकारको सम्मान, संरक्षण र प्रवर्द्धन गर्न मद्धत पुगेको छ।

अन्त्यमा, सम्पूर्ण सशस्त्र प्रहरी कर्मचारीहरू मानवअधिकारको सम्मान र प्रवर्द्धन गर्ने वातावरणको सिर्जना गरी निरन्तर पहल र प्रयासमा रही मानवअधिकार हननरहित सङ्गठन बनाउन सशस्त्र प्रहरी बलले गरेको प्रयास र प्रतिबद्धताहरूमा इन्सेकले पुऱ्याएको सहयोग र सद्भावप्रति हार्दिक आभार तथा कृतज्ञता व्यक्त गर्दछ।

सुरजकुमार श्रेष्ठ
सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षक

नेपाल प्रहरी

लोकतान्त्रिक मूल्य, मान्यता तथा कानुनी राज्यको मूल अवधारणाबाट निर्देशित भई सम्पूर्ण नागरिकहरूको हकहित तथा अधिकारको संरक्षण कार्यलाई मूल दायित्वका रूपमा अङ्गीकार गर्दै सार्वजनिक शान्ति सुरक्षाप्रति सदैव सचेत, सजग रही मुलुकभर जनचाहना अनुरूपको गुणस्तरीय प्रहरी सेवा जनस्तरमा पुऱ्याउन नेपाल प्रहरी सदा कटिबद्ध रहेको छ। नेपाल प्रहरी मानवअधिकार एकाइले मानवअधिकारको अनुगमन, अनुसन्धान तथा संरक्षण गर्नेजस्ता कार्यलाई केन्द्रीय, क्षेत्रीय, अञ्चल एवम् जिल्लास्तरसम्म विस्तार गर्नुका साथै कार्यप्रणालीलाई संरक्षण, समन्वय तथा सम्वर्द्धनका रूपमा अवलम्बन गरेको छ।

मानवअधिकारको संरक्षण एवम् सम्वर्द्धनका लागि नेपाल प्रहरीले मानवअधिकारको क्षेत्रमा कार्यरत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मानवअधिकार सङ्घ-संस्थाहरूसँग समन्वय गरी क्रियाकलापहरू गरिरहेको छ। नेपाल प्रहरीले विभिन्न समयमा राष्ट्रिय मानवअधिकार आयोगसँग निरन्तर रूपमा छलफल तथा सकारात्मक अन्तरक्रियासमेत गर्दै आएको छ। जसको फलस्वरूप आपसी समन्वय अभिवृद्धि भई ठोस निर्णयहरू गर्ने कार्यसमेत प्रभावकारी भएका छन्। यस्ता सङ्घसंस्थाहरूमार्फत प्राप्त हुने मानवअधिकारसँग सम्बन्धित जुनसुकै प्रकारका उजुरीहरू नेपाल प्रहरी मानवअधिकार एकाइले दर्ता गरी अनुसन्धानपश्चात् प्राप्त तथ्यहरू सम्बन्धित सङ्घसंस्थाहरूमा पठाउने गरेको छ।

नेपाल प्रहरीले मानवअधिकारको समग्र मूल्य र भावनालाई अङ्गीकार गर्दै सोही अनुरूपको कार्यदिशा निर्दिष्ट गरेको छ। आफ्नो देशमा कार्यरत रहँदा बाहेक पनि संयुक्त राष्ट्रसङ्घका विभिन्न मिसनहरूमा नेपाल प्रहरीको प्रतिनिधित्व गर्ने सेवाहरूमा समेत मानवअधिकारका मूलभूत मान्यताहरूलाई आत्मसात् गर्दै कार्य सम्पादन गरी अग्रणी भूमिका निर्वाह गर्दै आएको छ।

मानवअधिकारको सम्मान, संरक्षण र सम्वर्द्धनमा नेपाल प्रहरी गम्भीर रहेको छ। सङ्गठनले मानवअधिकार उल्लङ्घन गर्ने प्रहरी कर्मचारीप्रति शून्य सहनशीलताको नीति अवलम्बन गरेको छ। नेपाल प्रहरीको कुनै पनि सदस्यबाट मानवअधिकार उल्लङ्घन भएको भनी जुनसुकै माध्यमबाट प्राप्त उजुरी वा घटनाहरूको विस्तृत अध्ययन गरी दोषी ठहरिने प्रहरी कर्मचारीहरूलाई कारबाही गरिँदै आएको छ। यसका अतिरिक्त आवश्यक आन्तरिक संयन्त्रको व्यवस्था गरी कारबाहीमा पर्ने प्रहरी कर्मचारीहरूलाई राष्ट्रसङ्घीय विभिन्न मिसनहरूमा हुने सहभागिताबाट समेत वञ्चित

Annex-04:Layout 1 2/15/2010 2:36 PM Page 574

गर्दै आएको छ। नेपाल प्रहरीसँग सम्बन्धित मानवअधिकार उल्लङ्घनका घटनाका उजुरीहरूको प्रभावकारी अनुसन्धान तथा शीघ्र कारबाहीका लागि यहाँहरूसँग प्राप्त विश्वासिला र भरपर्दो सूचनाहरू नेपाल प्रहरी मानवअधिकार एकाइमा जानकारी गराइदिनु हुन सम्पूर्ण सङ्घसंस्था तथा जनसमुदायमा हार्दिक अनुरोध गर्दछ।

अन्त्यमा, नेपालको अन्तरिम संविधान एवम् कानुन कार्यान्वयन गर्ने सन्दर्भमा सदैव आफ्नो कार्यशैलीलाई गुणस्तरीय सेवा तथा सम्मानित र सु-संस्कृत बनाउनेतर्फ नेपाल प्रहरी सजग छ। कानुन कार्यान्वयन गर्ने क्रममा विभिन्न स्रोतमा सीमितता विद्यमान छ तथापि उपलब्धताको अनुपातमा सेवा तथा क्रियाशीलता अग्रस्थानमा छ। मानवअधिकारसँग सम्बन्धित सम्पूर्ण सङ्घ-संस्था एवम् राज्यका सम्पूर्ण निकायलाई अझ बढी सजग, सतर्क तथा उत्तरदायी बनाउँदै नागरिकका मानवअधिकारको संरक्षण तथा सम्वर्द्धन, लोकतान्त्रिक मूल्य र मान्यताको अवलम्बन, कानुनी राज्यको स्थापनाका लागि थप योगदान गर्न मानवअधिकार तथा सामाजिक न्यायका निम्ति कार्यरत अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)लाई सफलता मिलोस् भन्ने शुभकामनाका साथ 'मानवअधिकार वर्षपुस्तक २०१०'को प्रकाशनको सफलताको कामना गर्दछौं।

मानवअधिकार एकाइ
प्रहरी प्रधान कार्यालय, नक्साल

राष्ट्रिय मानवअधिकार आयोग

वर्तमान अवस्थामा विश्वका लागि नै मानवअधिकार जल्दोबल्दो मुद्दा बन्न पुगेको छ। मानवअधिकारको संरक्षण, सम्बर्द्धन एवम् संस्कृति विकासका लागि गैरसरकारी संस्थाहरूले पनि सराहनीय भूमिका निर्वाह गर्दै आएका छन्। यसरी भूमिका बहन गर्नेहरूमध्ये अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) पनि एक हो, जसले मानवअधिकारका मूल्य र मान्यताहरूलाई व्यवहारमा उतार्न सरकारसँग साझेदारी एवम् खबरदारी गर्दै आएको छ।

मानवअधिकारको सम्मान, संरक्षण, सम्वर्द्धन तथा प्रभावकारी कार्यान्वयनलाई सुनिश्चित गर्ने कर्तव्य बोकेको राष्ट्रिय मानवअधिकार आयोगसँग पनि इन्सेकले आवश्यकता, विषयवस्तुको गाम्भीर्य वा महत्त्वका आधारमा भरपर्दो सहयोगीको भूमिका बहन गर्दै आएको छ। आयोगको केन्द्रीय वा क्षेत्रीय कार्यालय होस् अथवा उपक्षेत्रीय कार्यालयमा होस्, इन्सेक प्रतिनिधिहरूमार्फत मानवअधिकार उल्लङ्घन एवम् ज्यादतीसम्बन्धी उजुरीहरू प्राप्त हुनु, पीडित वा पीडितका आफन्तजनहरूलाई आयोगमै पठाउनु, पठाइएका उजुरीउपर चासो व्यक्त गरिनु, आयोगको कार्यालय नभएका क्षेत्रहरूमा पनि केन्द्रीय एवम् नजिकका कार्यालयहरूमा उजुरी पठाइनुजस्ता कार्यलाई सकारात्मक रूपमा लिन सकिन्छ। त्यसै गरी विभिन्न मुद्दाहरूमा आयोगसँगको सहअनुगमनले निरन्तरता पाउनु अनुकरणीय पक्ष हो।

आयोगकै सन्दर्भमा उल्लेख गर्नुपर्दा नेपालको अन्तरिम संविधान, २०६३ र मानवअधिकार आयोग ऐन २०५३ ले तोकेका कार्यबाहेक विस्तृत शान्तिसम्झौता, २०६३ ले आयोगलाई मानवअधिकारको अनुगमन गर्ने जिम्मेवारी प्रदान गरेको छ। जसभित्र राजनीतिक, आर्थिक, सामाजिक रूपान्तरण र द्वन्द्व व्यवस्थापन, सेना र हतियार व्यवस्थापन, स्थिति सामान्यीकरणका उपायहरू, युद्ध समाप्तिलाई समेटिएको छ। त्यसै गरी मानवअधिकार, मौलिक अधिकार र मानवीय कानुनको परिपालना, मतभेद निरूपण तथा कार्यान्वयन संयन्त्र, कार्यान्वयन तथा अनुगमनलगायतका विषय छन्। यसमा पनि आयोगले नियमित रूपमा अनुगमन गर्दै आइरहेको छ।

यस वर्ष आयोगबाट जम्मा १ सय ८४ पटक अनुगमन गरिएकोमा १ सय ८२ पटक एकल र दुईपटक संयुक्त अनुगमन भएका छन्, जसमा ३४ पटक समग्र मानवअधिकार अवस्था र १ सय ५० पटक विषयगत मुद्दा रहेका छन्। आयोगले यस वर्ष जम्मा २ सय ५५ उजुरीहरूमाथि अनुसन्धान गर्नुका साथै ५ हजार ६ सय २३ व्यक्तिको सम्बन्धमा परेका नयाँ पुराना गरी ६ सय २८ उजुरीहरूका बारेमा निर्णय गरेको छ। जसमा ५ सय ४६ लाई तामेली/खारेजी/टुङ्गयाइएको छ। त्यसै गरी ८२ उजुरीका सम्बन्धमा निर्णय गरी ४१ जना दोषीलाई कारबाही गर्न, ६३ जनाको हकमा क्षतिपूर्ति दिन र २१ जनाको हकमा राहत दिनका लागि नेपाल सरकारलाई सिफारिस गरेको छ। आयोगले सरकारका नाममा पाँच नीतिगत सिफारिसहरू पनि गरेको छ। जसमा रोम विधान अनुमोदन गर्न, मध्य र सुदूरपश्चिमाञ्चलमा विद्यमान हलिया प्रथा उन्मूलन गर्न, भूमिसम्बन्धी आयोग गठन गरी भूमि अधिकारलाई सुनिश्चित गर्न, मध्य र सुदूरपश्चिमाञ्चलमा रहेको कमलरी प्रथा उन्मूलन गर्न, कुनै एक धर्मको संरक्षण वा प्रवर्द्धन गर्दा कुनै अर्को धर्म वा धर्मावलम्बीहरूका हक-अधिकारलाई

Annex-04:Layout 1 2/15/2010 2:36 PM Page 575

खलल नपुग्ने गरी धार्मिक सहिष्णुता र सद्भाव कायम गरी मानवअधिकारको संरक्षण गर्न/गराउन भन्ने रहेका छन्।

मानवअधिकारको संरक्षणको पाटोमा पनि आयोग निरन्तर रूपमा लागिपरेको छ। यस वर्ष आयोगबाट जम्मा १ सय २६ ओटा बैठक, छलफल तथा अन्तरक्रियाहरू र ५७ पटक तालिम/गोष्ठीहरू सम्पन्न भए, जसमा खाद्यान्न सङ्कट, छलफल, शान्ति सुरक्षा, बालअधिकार, विस्थापितहरूको अधिकार, कोसी समस्याबाट उत्पन्न प्राकृतिक प्रकोप आदि विषयहरू समावेश थिए। खाद्यान्न सङ्कट, आयोगका सिफारिस कार्यान्वयन, बालअधिकार, घरेलु हिंसा, बोक्सी प्रकरण, कमलरी मुक्ति, कोसी बाढीपीडित, शिवपुरी घटना आदि विषयहरूलाई प्राथमिकताका साथ समावेश गरी यस वर्ष जम्मा ८१ प्रेस-विज्ञप्तिहरू जारी गरिएको थियो।

आयोगले विधि परामर्श सेवासम्बन्धी विभिन्न कार्यहरू पनि गर्दै आएको छ। मानवअधिकार आयोग ऐन, व्यक्ति बेपत्ता पार्ने (कसुर र सजाय) ऐन, २०६५ को मस्यौदाउपर छलफल चलाई त्यसभित्र रहेका कमी-कमजोरी सच्याई कानुनी रूप दिन र रोमविधान अनुमोदनका लागि सरकारसमक्ष सिफारिस गरेको थियो। रोमविधानलाई पारित गर्न सरकारका तर्फबाट प्रस्तुत गर्नुपर्ने आवधिक प्रतिवेदनहरू सबै किसिमका जातीय भेदभाव उन्मूलन गर्नेसम्बन्धी महासन्धि १७औँ र १८ औँ, महिलाविरूद्ध हुने सबै किसिमका भेदभाव उन्मूलनसम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धि चौथो र पाँचौंमा सरकारसमक्ष आयोगले आफ्नो राय पेस गरेको थियो। आयोगले विषयगत, समग्र मानवअधिकार अवस्था, आयोगका कामकारबाही आदि पक्षहरूलाई समेटी विभिन्न प्रतिवेदनहरू प्रकाशन गर्दै आएको छ। यस वर्ष १० विषयगत (प्रतिवेदन/प्रश्नोत्तरमाला) र अन्य छ गरी १७ सामग्रीहरू प्रकाशन गरेको छ। यसअलावा *मानवअधिकार पत्र* मासिक रूपमा प्रकाशित भइरहेको छ।

अनुकूल वा प्रतिकूल दुवै परिस्थितिमा मानवअधिकार उल्लङ्घन एवम् ज्यादतीका घट्नाहरूको दस्तावेजीकरण कार्य निकै नै कठिन छ। हाम्रोजस्तो द्वन्द्वको चपेटाबाट गुज्रिएको मुलुकका लागि यो कार्य महत्त्वपूर्ण मात्र होइन, अत्यावश्यक पनि हो, जसलाई उल्लेखनीय रूपमा इन्सेकले पूरा गरेको अवस्था छ। राज्यका निकायहरूबाट मानवअधिकारको पक्ष विपक्षमा भएगरेका कार्यहरूको चिरफार गरिनु, यथासम्भव वार्षिक घटनाहरूलाई विभिन्न कोणबाट समावेश गरिनु आदिलाई सराहनीय कार्य मान्न सकिन्छ। अन्त्यमा, प्रत्येक वर्ष प्रकाशित हुने मानवअधिकार वर्ष पुस्तकको निरन्तरताको कामना गर्दछु।

गौरी प्रधान
सदस्य, राष्ट्रिय मानवअधिकार आयोग

राष्ट्रिय दलित आयोग

मानवअधिकार उल्लङ्घनका घटनाहरूलाई सङ्कलन गरी 'नेपाल मानवअधिकार वर्षपुस्तक २०१०' प्रकाशन गर्न लागेकामा अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)लाई धन्यवाद दिन चाहन्छौं।

सामाजिक, आर्थिक, राजनीतिक, शैक्षिक एवम् सांस्कृतिक क्षेत्रमा पछाडि पारिनुका साथै छुवाछूतजस्ता अमानवीय व्यवहारको सिकार भई बाँच्न बाध्य दलित समुदायको मानवअधिकारको अवस्थामा अपेक्षाकृत सुधार नभएको कुरा सन् २००८ मा भएका घटनाहरूले स्मरण गराउँछ। सन् २००९ मा पनि नेपाली समाजमा विभिन्न स्वरूपमा दलित र गैरदलितबीचमा छुवाछूत, जातीय विभेद, असमानता, लैङ्गिक असमानताहरू प्रमुख समस्याका रूपमा देखा परे।

जातकै आधारमा सार्वजनिक सेवा सुविधाबाट वञ्चित गरिनु, स्वास्थ्य, शिक्षा नपाउनु, सुमधुर सामाजिक सम्बन्धको पाटोका रूपमा रहेको अन्तरजातीय विवाह र गैरदलितबीचको सम्बन्ध स्वीकार नगर्नु, सहभागी हुन नदिनु, परम्परागत सीपलाई मान्यता नदिनु, ज्यालाविना र न्यून ज्यालामा काम लगाउनु, जबरजस्ती सिनो खाने र फाल्नेजस्ता अमानवीय काममा लगाउनु, अभद्र, अशिष्ट भाषा बोलेर आत्मसम्मानमा ठेस पुऱ्याई प्रभुत्व जमाउन खोज्नु, दलितलाई अशुभ ठान्नु र छोइछिटो गर्नु, विवाहित जोडीलाई गाउँ निकाला गर्नु, क्षतिपूर्ति भनी जरिवाना गराउनु, बलात्कार, यौनजन्य हिंसा, झूटा आरोप, कथित बोक्सीको आरोपमा मलमूत्र खुवाउने र उच्च राजनीतिक पदमा उम्मेदवार हुन नदिनु र नपाउनुजस्ता अमानवीय व्यवहारका सिकार भई बाँच्न बाध्य दलित समुदायको मानवअधिकारको अवस्था अपेक्षाकृत सुधार नभएको कुरा सन् २००९ मा घटेका घटनाले स्मरण गराउँछ।

दलित मानवअधिकारको क्षेत्रमा उल्लिखित केही सुधार भएता पनि आयोगमा पर्न आएका उजुरी र आयोगले समय-समयमा गरेको अनुगमन, अनुसन्धानका आधारमा सन् २००९ पनि दलितहरूका लागि

Annex-04:Layout 1 2/15/2010 2:36 PM Page 576

चुनौतीपूर्ण रह्यो। ०६५ पुस १७ गतेदेखि ०६६ पुस १६ गतेसम्म दलित भएकै कारण भएका मानवअधिकार हननका जम्मा ५७ ओटा उजुरी र घटनाहरू यस आयोगमा परे। यसको न्यूनीकरणका लागि राष्ट्रिय दलित आयोगले मस्यौदा गरेको जातीय विभेद तथा छुवाछूत अपराध उल्मूलन गर्न बनेको ऐन र राष्ट्रिय दलित अधिकार आयोग स्थापना गर्न बनेको विधेयकहरू यथाशीघ्र पारित गर्नुपर्ने आयोगको धारणा रहेको छ।

दलित अधिकार संरक्षण र सम्वर्द्धन गर्नका लागि र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा छुवाछूतजस्तो जघन्य अपराध न्यूनीकरण गर्न यस पुस्तकले दबाब सिर्जना गर्न सकोस्।

जीवन परियार
सदस्य-सचिव, राष्ट्रिय दलित आयोग

राष्ट्रिय महिला आयोग

महिलाको हकहितको संरक्षण र सम्बर्द्धन गरी विकासको मूल प्रवाहमा महिलालाई प्रभावकारी रूपमा समाहित गर्न र महिलाको समग्र विकास गरी लैङ्गिक न्याय कायम गर्ने उद्देश्य अनुरूप राष्ट्रिय महिला आयोग स्थापना भएको छ। यस उद्देश्य अनुरूप राष्ट्रिय महिला आयोगले महिला हकहितसँग सरोकार राख्ने राष्ट्रिय नीति तथा कार्यक्रमको तर्जुमा गरी कार्यान्वयनमा ल्याउन, प्रचलित कानुनमा सुधार गरी लैङ्गिक न्याय कायम गर्न, नेपाल पक्ष बनेका अन्तर्राष्ट्रिय सन्धि-सम्झौताहरूको कार्यान्वयनसमेतको विषयमा अनुगमन गरी सरकारलाई सिफारिस गर्ने, महिला अधिकार उल्लङ्घन वा महिला हिंसाका उजुरीहरूको सुनुवाइ गर्नेसमेतका कार्यहरू सम्पादन गर्दै आएको छ।

आयोगमा परेका उजुरीहरू, आयोगबाट गरिएको अनुगमनसमेतबाट विगतका वर्षहरूको तुलनामा समग्र मानवअधिकारको स्थितिमा केही सुधार भएको देखिए तापनि आशातीत सफलता हात परेको छैन। महिलामाथि हुने हिंसाजस्तै दाइजो, घरेलु हिंसा, कथित बोक्सीको आरोपमा यातना तथा अमानवीय व्यवहार गर्ने, हत्या गर्ने, कार्यस्थलमा महिलामाथि बलात्कार गर्ने, मानव बेचबिखनलगायतका घटनाहरूमा कमी आएको देखिँदैन। महिला मानवअधिकार उल्लङ्घनका कतिपय घटनामा राज्यले प्रभावकारी अनुसन्धान र कारबाही नगर्दा घटनाको अनुसन्धान र कारबाहीमा प्रहरी सङ्गठनभित्र कार्यरत प्रहरीबाट आफ्नै सहकर्मीमाथि सामूहिक बलात्कार गरिएको छ। उक्त घटनाका सबै आरोपित पक्षलाई कानुनी दायरामा ल्याउने सम्बन्धमा सरकारका उच्चपदस्थ व्यक्तिहरूबाट पटक-पटक प्रतिबद्धता जाहेर गरे तापनि बलात्कारमा संलग्न सबै व्यक्तिलाई कानुनी दायरामा नल्याइँदा प्रहरी सङ्गठनप्रति आमजनताको नकारात्मक धारणा विकास हुनसक्ने सम्भावना देखिएको छ। साथै, यस्ता घटनाको अनुसन्धानमा समेत प्रश्नचिन्ह खडा भएको छ। जबरजस्ती करणी, व्यक्तिहत्याजस्ता महिलामाथि हुने जघन्य अपराधका घटनामा संलग्न व्यक्तिहरूलाई कतिपय राजनीतिक दल वा अन्य समूहको दबाबको कारणले राज्यले अपराधीलाई कारबाही गर्ने सम्बन्धमा प्रभावकारी भूमिका निर्वाह गर्न सकेको देखिएन।

यस वर्ष देशको राजधानीभित्र नै तथाकथित बोक्सीको आरोप लगाई महिललाई यातना दिने, अमानवीय व्यवहार गरी गाउँ निकाला गर्नेजस्ता गम्भीर प्रकृतिका हिंसाका घटनासमेत भएका छन्। त्यसैगरी, १ सय २ वर्षीया वृद्धा महिलालाई समेत बलात्कार गरेको पाइयो। तर पनि प्रभावकारी कानुनको अभाव, सामाजिक संरचना तथा मूल्य र मान्यता आदिका कारण पीडित महिलालाई उचित न्याय प्रदान गर्न सकेको देखिँदैन। जसका कारण अन्य व्यक्तिहरूमा समेत आपराधिक मानसिकतामा वृद्धि हुन सक्ने सम्भावना देखिएको छ।

नेपाल मानवअधिकारसम्बन्धी विभिन्न अन्तर्राष्ट्रिय सन्धि-महासन्धिहरूको पक्षराष्ट्र बनिसकेको छ। नेपाल पक्ष भएका मानवअधिकारसम्बन्धी ती अन्तर्राष्ट्रिय सन्धि-सम्झौतालाई व्यवहारमा रूपान्तरण गर्न कतिपय कानुन तर्जुमा गर्न बाँकी नै रहेको र सम्बन्धित निकायमा समयमा प्रतिवेदन नपठाएको पाइएको छ। अन्तर्राष्ट्रिय सन्धिको पक्ष बन्ने तर त्यसको कार्यान्वयन पक्ष भने फितलो भएको पाइन्छ। नयाँ कानुन बनाउन सरकारलाई विभिन्न समयमा सुझाव दिइएको भए तापनि त्यसको कार्यान्वयन पक्ष कमजोर रहेको छ। समग्रमा विगतको तुलनामा मानवअधिकारको स्थितिमा सुधार भएको भए तापनि मानवअधिकारको संरक्षणमा महिला र पुरुषबीच विभेदको अवस्था अझै पनि कायम रहेको देखिन्छ।

सन् २००९ को अवधिभर राष्ट्रिय महिला आयोगमा महिलामाथि हुने हिंसाका १ सय ३७ निवेदन दर्ता भएका छन्। जसअन्तर्गत सबैभन्दा बढी घरेलु हिंसाका घटना रहेका छन् भने कथित बोक्सीको आरोपमा महिलालाई यातना दिने तथा अमानवीय

Annex-04:Layout 1 2/15/2010 2:36 PM Page 577

व्यवहार गर्ने, बालविवाह, कार्यस्थलमा यातना, हत्यालगायत महिला हिंसाका घटनाको निवदेन आयोगसमक्ष परेका छन्। प्राप्त निवेदनहरूमा आयोगका तर्फबाट पक्षहरूको सहमतिमा मिलापत्र, सम्बन्धित निकायमा सिफारिस, कानुनी सहायता तथा मनोसामाजिक परामर्श सेवा उपलब्ध गराइएको छ।

प्रकाशचन्द्र अधिकारी
उपसचिव, (कानुन), राष्ट्रिय महिला आयोग

नेपाल बार एसोसिएसन

नेपाल बार एसोसिएसन आफ्नो स्थापनाकालदेखि नै मानवअधिकार, स्वतन्त्र न्यायपालिका र कानुनी शासनप्रति प्रतिबद्ध रहँदै आएको छ। देशमा विद्यमान मानवअधिकार उल्लङ्घन तथा दुरूपयोगका घटनाहरूलाई नेपाल बार एसोसिएसनले हरसम्भव प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा विरोध गरेको छ। देश शान्ति प्रक्रियामा अगाडि बढिरहेको र संविधान लेखनजस्तो ऐतिहासिक तथा गरिमामय क्षणमा रहेको हुनाले तुलनात्मक रूपमा मानवअधिकार स्थितिमा सुधारका लक्षणहरू देखिएता पनि सन्तोषजनक भने रहन सकेन।

मुलुक अहिले सङ्क्रमणकालीन परिस्थितिबाट गुज्रिरहेको छ। सङ्क्रमणकालमा असहज परिस्थिति हुने स्वीकार गर्दा गर्दै पनि हाल भइरहेका मानवअधिकार उल्लङ्घनका जघन्य घटनाहरू र विद्यमान दण्डहीनताको स्थितिलाई भने नेपाल बार एसोसिएसनले मानवअधिकारको गम्भीर उल्लङ्घनको अवस्थाका रूपमा लिएको छ।

देशमा शान्ति सुरक्षाको अवस्था अत्यन्त कमजोर रहेको छ। सर्वसाधारणले सुरक्षाको अनुभूति गर्न पाएका छैनन्। सरकारले मानवअधिकारप्रति पूर्ण प्रतिबद्ध रहेको कुरा अभिव्यक्त गरेता पनि व्यवहारमा स्पष्ट रूपमा देखिन सकेको छैन। द्वन्द्वकालमा राज्यपक्ष तथा गैरराज्यपक्षबाट बेपत्ता बनाइएका थुप्रै नेपाली नागरिकहरूको स्थिति अझैसम्म सार्वजनिक हुन सकेको छैन। विभिन्न मानवअधिकारसम्बन्धी सरकारी तथा गैरसरकारी, राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय संस्थाहरू, राष्ट्रिय मानवअधिकार आयोग, नागरिक समाज, नेपाल बार एसोसिएसनलगायत थुप्रै नागरिक समाजको अगुवाहरूको जोडदार आवाजका बाबजुद हालसम्म सरकारले बेपत्ता आयोग गठन गर्न सकेको छैन। जसले गर्दा एकातिर बेपत्ता भएका व्यक्तिहरूको स्थिति अज्ञात रहन गएको छ भने अर्कोतर्फ बेपत्ता भएका व्यक्तिका परिवारहरूले न्यायको अनुभूति गर्न सकिरहेका छैनन्। त्यसैगरी, सत्य निरूपण तथा मेलमिलाप आयोग पनि नेपाल सरकारले हालसम्म गठन गर्न सकेको छैन। अन्तरिम संविधानले बेपत्तासम्बन्धी आयोग, सत्य निरूपण तथा मेलमिलाप आयोग अविलम्ब बनाउने लक्ष्य राखेकामा अहिलेसम्म बन्न नसक्नु दुःखको कुरा हो। नेपाल बार एसोसिएसनले ऐनको मस्यौदा बनाउनमा सहयोग गरी संसद्मा विचाराधीन अवस्थामा रहेको हुँदा अविलम्ब ऐनहरू बनाउन माग गर्दछ।

हत्या, अपहरण, बलात्कार, जबरजस्ती घरजग्गा कब्जा, यातना, मानवअधिकारकर्मीप्रति दुर्व्यवहारजस्ता घटनाहरू अपेक्षित रूपमा नियन्त्रित हुन सकेनन् भने मानवअधिकार उल्लङ्घनकर्ताहरूलाई कानुनी दायरामा ल्याउन राज्य असफल भएको छ। यसले देशमा कतै दण्डहीनताको संस्कार बस्न लागेको त होइन भन्ने डर जनमानसमा पैदा हुन लागेको देखिन्छ। दिनानुदिन राज्य र यसका संयन्त्रहरू कमजोर तथा गैरराज्य पक्षको हावी भइरहेको अनुभूति हुन थालेको छ।

आमजनताको आस्था र विश्वासको केन्द्रका रूपमा हुनुपर्ने न्यायपालिका पनि जनताको अपेक्षा अनुरूप आस्थाको केन्द्र बन्न सकेको छैन। सरकार उदासीन र कमजोर भएकाले न्यायपालिकाका निर्णय, आदेश तथा फैसलाहरू कार्यान्वयन हुन सकेका छैनन्। नेपाल अपराधीहरूका लागि स्वर्गजस्तो (Criminal Paradise) हुन पुगेको छ। केही समयदेखि न्यायपालिकामा प्राविधिक तथा न्याय पक्षमा धेरै सुधार भएको सकारात्मक पक्षको प्रशंसा गर्नु पर्दछ तर समग्ररूपमा हेर्दा आशा र भरोसा गर्न सक्ने अवस्था आइसकेको छैन।

मानवअधिकारको उल्लङ्घन गर्ने सरकारी पक्ष र गैरसरकारी पक्षका विरूद्धमा संयुक्त रूपमा आवाज उठाउँदै आगामी दिनमा नेपाल बार एसोसिएसन नेपाल तमाम नागरिक समाज, असल राजनीतिक कार्यकर्ता र सरकार, प्रशासनमा बसेका नेता-कार्यकर्ताहरूलाई ऐक्यबद्धता कायम गरी नयाँ संविधान समयतालिकाभित्र बनाई मुलुकका समस्याहरूलाई निकास दिन मानवअधिकार र कानुनी राज्यको बहाल गरौँ भनी हार्दिक अपिल गर्दछ।

विश्वकान्त मैनाली
वरिष्ठ अधिवक्ता तथा अध्यक्ष
नेपाल बार एसोसिएसन

Annex-05:Layout 1 2/15/2010 4:52 PM Page 579

अनुसूची

५

युद्धका विस्फोटक अवशेषः भय र चुनौती

Annex-05:Layout 1 2/15/2010 4:52 PM Page 581

नेपाल सरकार र तत्कालीन नेकपा (माओवादी) बीच ०६३ मङ्सिर ५ गते सम्पन्न विस्तृत शान्ति सम्झौता अनुरूप 'सशस्त्र जनयुद्ध' विधिवत समाप्त भएको तीन वर्ष पूरा भइसकेको छ। त्यसपछि अन्जानमा सक्रिय बनाइएका विस्फोटक पदार्थ विस्फोटन हुँदा २ सय ५२ जना नेपालीहरू हताहत भए भने ३३ जनाले अनाहकमा जीवन गुमाए। हताहतीको कुल सङ्ख्यामध्ये १ सय ३५ जना बालबालिकाहरू थिए, जसमध्ये १९ जनाले जीवन गुमाउनु पऱ्यो भने १ सय १६ जना घाइते भए।[1] विगत तीन वर्ष (२००६-२००९) मा 'अन्जानवश सक्रिय हुन गई भएको विस्फोटन'को सङ्ख्या क्रमिक रूपमा घटेको त देखिन्छ तर विशेषगरी तराई-मधेसका सशस्त्र समूहको बढ्दो क्रियाकलापसँगै विभिन्न आपराधिक घटनामा समेत भइरहेको विस्फोटक पदार्थको प्रयोग बढ्दो समस्याका रूपमा देखा परेको छ।

विस्तृत शान्ति सम्झौताको बुँदा ५.१.४ मा 'दुवै पक्षहरू सशस्त्र द्वन्द्वका समयमा प्रयोग गरिएका धराप तथा बारुदी सुरुङहरूको रेखाङ्कन गर्न ३० दिनभित्र आवश्यक जानकारी उपलब्ध गराई र त्यस्ता धराप र सुरुङहरू ६० दिनभित्र निष्क्रिय पार्न, हटाउन एवम् निर्मूल गर्न एकअर्कालाई सहयोग गर्नेछन्' भनी उल्लेख छ। अन्जानमा हुने विस्फोटनका समस्यालाई न्यूनीकरण गर्दै युद्ध अवशेषको भयलाई निर्मूल पार्नका लागि यस्तो सहमति भएको थियो। तर, कार्यान्वयनको पक्ष भने फितलो रहेको पाइयो।

विस्फोटक पदार्थसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि *(परम्परागत हतियारसम्बन्धी महासन्धि र ओटवा सन्धि)* अनुमोदन गर्ने सम्बन्धमा सरकार उदासीन रहँदै आएको छ। तीन वर्षको अवधिमा ५३ स्थानमा बिच्छ्याइएका माइनमध्ये हालसम्म केवल १५ स्थानमा रहेका माइन नष्ट गरिनाले सरकारको उदासीनता देखियो। युद्धको अवशेषका रूपमा रहेका बेवारिसे र नपड्किएका विस्फोटक पदार्थबाट अन्जानमा हुनसक्ने विस्फोटन आज पनि ज्वलन्त समस्याका रूपमा रहेको छ। तर, यो समस्या समाधान गर्न सरकार जति संवेदनशील हुनुपर्ने थियो, त्यो गम्भीरता सरकारले आफ्ना कार्यबाट प्रमाणित गर्न सकेन।

१. दुर्घटना र हताहत

विगत चार वर्षमा अन्जानमा भएका विस्फोटनका सङ्ख्या तथा घाइतेको सङ्ख्यामा क्रमशः कमी आएको देखिए पनि यसका कारण भएको असरलाई भने नजरअन्दाज गर्न सकिँदैन। अन्जानमा हुने विस्फोटनका सङ्ख्या तथा घाइतेको विवरण तल चित्रमा प्रस्तुत गरिएको छ।

सन् २००६ मा जम्मा ९८ ओटा विस्फोटनका घटनामा १ सय ६९ जना हताहत भएका थिए भने यो सङ्ख्या सन् २००७ मा घटेर क्रमशः ४२ र १ सय ४ मा झरेको थियो। सन् २००८ मा यो सङ्ख्या क्रमशः ३८ र ७३ थियो भने सन् २००९ मा २४ ओटा घटनामा ७० जना घाइते भएका थिए

1 INSEC Active Surveillance System, 2009

तालिका १

दुर्घटना, घाइते तथा मृत्यु (२००६ देखि २००९)



Annex-05:Layout 1 2/15/2010 4:52 PM Page 582

तालिका १ **सन् २००९ मा दुर्घटना, घाइते तथा मृत्युको अवस्था**



(विस्तृत जानकारीका लागि तालिका १ हेर्नूस्)। अन्जानमा भएको विस्फोटनमा मृत्यु हुनेहरूको सङ्ख्यामा क्रमशः २००६ देखि २००८ सम्ममा कमी आएका भए तापनि सन् २००९ मा यो सङ्ख्या वृद्धि भयो। सन् २००६ मा विस्फोटक पदार्थ पड्किएर मर्नेहरूको सङ्ख्या ३९ थियो भने २००७ मा यो सङ्ख्या घटेर १३ मा झरेको थियो। त्यस्तै सन् २००८ मा केवल चार जनाको मृत्यु भएको थियो भने सन् २००९ मा विस्फोटनबाट १६ जनाको मृत्यु भयो।

सन् २००९ मा अन्जानमा भएका विस्फोटनका २४ ओटा घटना सार्वजनिक भए। प्रतिमहिना औसत दुईओटा दुर्घटनामा औसतमा ५.८३ जना व्यक्तिहरू हताहत भए। सन् २००९ को मार्च र मे महिनामा सबैभन्दा बढी चार-चारओटा दुर्घटना र नोभेम्बर महिनामा तीनओटा दुर्घटना भएका थिए। यसैगरी सेप्टेम्बर महिनामा ११ र नोभेम्बर महिनामा १० जना हताहत भए। यसैगरी, सेप्टेम्बर र डिसेम्बर महिनामा सबैभन्दा बढी तीन/तीन जनाले ज्यान गुमाए। स्मरणीय के छ भने यस वर्षका सबै महिनामा कुनै न कुनै रूपमा अन्जानमा हुने विस्फोटक पदार्थ पड्किएर दुर्घटना भए। *(विस्तृत जानकारीका लागि तालिका २ हेर्नूस्।)*

२. तराई-मधेस बढी प्रभावित

अन्जानमा सक्रिय भई हुने विस्फोटन तथा साना हतियार सम्बन्धमा इन्सेकले गरेको सूचना सङ्कलन अनुसार सन् २००९ मा १८ जिल्लामा २४ ओटा विस्फोटनका घटना सार्वजनिक भए। त्यसमध्ये १४ ओटा घटनाहरू तराईका आठ जिल्ला (कैलाली, सर्लाही, बाँके, दाङ, सप्तरी, पर्सा, महोत्तरी र चितवन)मा भएका थिए। बाँकी १० घटनाहरू १० पहाडी जिल्लामा भए। सबैभन्दा बढी विस्फोटनका चारओटा घटना कैलाली जिल्लामा मात्र भएका थिए। ती घटनाहरूमा १६ जना हताहत भएका थिए। दुर्घटनाको हिसाबले दोस्रो र तेस्रोमा पर्ने जिल्लाहरूमा क्रमशः सर्लाही *(तीन दुर्घटना र सात हताहत)* र बाँके *(दुई दुर्घटना र पाँच हताहत)* छन्।

यस वर्ष जम्मा २४ ओटा दुर्घटनामध्ये १४ ओटा दुर्घटना घरेलु पदार्थको विस्फोटनका कारण भए। जम्मा ७० मध्ये ३७ जना (करिब ५३ प्रतिशत) घरेलु विस्फोटक पदार्थ अन्जानमा विस्फोटन भएका कारण हताहत भए।

अन्जानमा सक्रिय बनाइएको विस्फोटनका कारण जम्मा १६ जनामध्ये नौ जना तराईका पाँच जिल्ला *(कैलाली, चितवन, दाङ, सर्लाही र पर्सा)* मा मारिएका थिए भने बाँकी सात जना पहाडका छ जिल्ला *(गुल्मी, बैतडी, बझाङ, डडेलधुरा, गुल्मी, प्यूठान र रोल्पा)*मा मारिएका थिए। सबैभन्दा बढी तीन-तीन जना कैलाली र चितवन जिल्लामा मारिएका थिए भने दुई जना गुल्मी जिल्लामा मारिएका थिए।

३. बालबालिका बढी प्रभावित

सन् २००९ मा विस्फोटनका २४ ओटा दुर्घटनामा ७० जना हताहत भएका थिए। जसमध्ये १६ जना मारिए भने ५४ जना घाइते भए। जम्मा हताहती ७० मध्ये ३९ (५४ प्रतिशत) जना बालबालिका थिए भने ३१ अन्य। सन् २००८ मा विस्फोटनका घटनाबाट प्रभावित हुने ७२ जनामध्ये ४६ जना *(६४ प्रतिशत)* बालबालिका रहेका थिए। यो सङ्ख्या सन् २००७ मा केवल ४७ प्रतिशत मात्र थियो। जम्मा मर्ने १६

Annex-05:Layout 1 2/15/2010 4:52 PM Page 583

जनामध्ये नौ जना बालबालिका (बालक छ र बालिका तीन) र सात वयस्क (पुरूष पाँच, महिला दुई) मृत्युको सिकार भएका थिए। यसरी बालबालिकाको मृत्युको सङ्ख्या बढ्नुमा घरेलु विस्फोटक पदार्थ भन्दा बेवारिसे र नपड्किएका विस्फोटक पदार्थ बालबालिकाले बेवारिसे अवस्थामा फेला पारी अन्जानमा सक्रिय गराएका कारण भएको पाइन्छ।

हताहत भएका बालबालिकामध्ये पाँचदेखि नौ वर्ष उमेर समूहका बालबालिका पर्दछन् भने दोस्रो हताहत हुने समूहमा १० देखि १४ वर्षका बालबालिकाहरू पर्छन्। यी दुवै समूहका हताहती हुने जम्मा बालबालिकाको ७७ प्रतिशत रहेको छ।

०६६ भदौ २१ गते कैलालीमा र पुस १३ गते चितवनमा तीन-तीन जनाको ज्यान गएको विस्फोटनमा बेवारिसे अवस्थामा फालिएको विस्फोटक पदार्थ बालबालिकाले भेटी खेलौना सम्झी घर ल्याएका थिए।

तालिका ३

जिल्लामा भएको दुर्घटना, घाइते तथा मृत्यु (२००९)

तराई	दुर्घटना	घाइने	मृत्यु
कैलाली	४	१६	३
सर्लाही	३	८	१
बाँके	२	५	०
दाङ	१	१	१
सप्तरी	१	२	०
महोत्तरी	१	१	०
पर्सा	१	५	१
चितवन	१	६	३
जम्मा	१४	४३	९
पहाड			
डडेलधुरा	१	५	१
कालीकोट	१	४	०
बझाङ	१	३	१
बैतडी	१	३	१
अर्घाखाँची	१	२	०
रोल्पा	१	२	१
प्यूठान	१	२	१
गुल्मी	१	२	२
भोजपुर	१	१	०
लमजुङ	१	३	०
जम्मा	१०	२८	८

४. धेरैजसो घटना घरमा

अन्जानमा सक्रिय भई हुने विस्फोटनका घटनाहरू धेरैजसो घरमा भएका छन्। सन् २००९ मा भएको हताहती सङ्ख्यामध्ये ४१ प्रतिशत दुर्घटना घर-आँगनमा भएका छन् भने १० प्रतिशत दुर्घटना खेतमा भएको पाइएको छ।

अलपत्र अवस्थामा भेटिएका विस्फोटक पदार्थलाई विशेष गरी केटाकेटीले घरमा ल्याउने र खेलाउने गर्नाले यस्ता दुर्घटना हुने गरेका छन्।

५. खतरा अझै छ

नेपाल सरकार र संयुक्त राष्ट्रसङ्घीय मिसन (अनमिन)को सहयोगमा नेपाली सेना सशस्त्र प्रहरीको सक्रियतामा विभिन्न स्थानमा रहेका घरेलु विस्फोटक पदार्थ तथा माइन नष्ट गर्ने कार्यमा क्रियाशील रहे तापनि लक्ष्यअनुसार प्रगति हासिल गर्न सकेको छैन। जम्मा ५३ स्थानमा बिच्छ्याइएका माइनमध्ये सन् २००८ मा केवल पाँच स्थानबाट मात्र हटाइएको थियो। सन् २००९ मा नेपाली सेनाले बाँकी रहेका ४८ माइन फिल्डमध्ये १० स्थानमा हटाउन सफल भएको छ। शान्ति सम्झौता भएको तीन वर्षको अन्तरालमा जम्मा १५ ओटा माइन फिल्ड हटाइयो भने ३३ ओटा स्थान अझै असुरक्षित अवस्थामा रहेका छन्। त्यस्तै नेपाली सेनाले घरेलु विस्फोटक राखेको जम्मा २ सय ७५ स्थानमध्ये सन् २००९ को अन्त्यसम्ममा १ सय ५ स्थानबाट मात्र हटायो।[२]

६. विद्रोही पक्षको लापरबाही

द्वन्द्वका क्रममा भण्डारण गरिएका विस्फोटक पदार्थको स्थानका बारेमा एकीकृत माओवादीले अझै जानकारी दिएको छैन। डडेल्धुरा जोगबुढा गाविस-४ निवासी मोहनसिंह बोहराको घरमा ०६६ साउन २७ गते भण्डारण गरिएको विस्फोटक पदार्थ राती सुतेको अवस्थामा विस्फोटन हुँदा उनको मृत्यु भएको थियो भने अन्य चार जना गम्भीर घाइते भएका थिए। यस्ता घटनाले विगत युद्धका क्रममा प्रयोगमा ल्याइएका विस्फोटक पदार्थहरू सम्बन्धित पक्षलाई जानकारी

2 http://www.unmin.org.np/downloads/pressreleases/Press.Release.Final%20Demolition%20of%20Explosives%20at%20MCS.24.12.09.NEP.pdf

Annex-05:Layout 1 2/15/2010 4:52 PM Page 584

तालिका ४

उमेर- लिङ्ग र हताहत (२००९)



गराउनु पर्ने र नष्ट गर्न सहयोग गर्नुपर्ने जस्ता बुँदाहरूहरूको कार्यान्वयन नभएकाले यस्तो भएको प्रस्टिन्छ।

७.निष्कर्ष

युद्धमा छाडिएका, नपड्किएका र बेवारिसे छाडिएका विस्फोटक पदार्थको प्रभाव अझै पनि समस्याका रूपमा रहेको सन् २००९ मा भएका घटनाले प्रमाणित गरेको छ। विशेष गरी बालबालिकाले बेवारिसे अवस्थामा भेटिएका पदार्थहरू उत्सुकताका साथ खेलौना सम्झी घरमा ल्याउने र खेलाउनाका कारण यस्ता घटनाहरू हुने गरेका छन्।

यसका अतिरिक्त माइन जोखिमसम्बन्धी शिक्षालाई व्यापक रूपमा प्रचारप्रसार गर्न टड्कारो आवश्यकता देखा परेको छ। सन् २००९ मा हताहत भएका ७० जनामध्ये ६२ जनाले माइन शिक्षाका बारेमा जानकारी नभएको बताएका थिए। यस्तो समस्यालाई न्यूनीकरण गर्न राष्ट्रिय स्तरमा नै माइन जोखिमसम्बन्धी शिक्षालाई व्यापक रूपमा सञ्चालन गरिनु पर्दछ।

८. सुझाव

विस्फोटनबाट पीडित हुनेको सङ्ख्यामा कमी ल्याउन र पीडितहरूको पुन:स्थापनाका निम्ति यस्ता कदमहरू चाल्नुपर्ने देखिन्छ :

- विस्फोटक पदार्थसम्बन्धी महासन्धिहरू (परम्परागत हतियारसम्बन्धी महासन्धि र ओटावा सन्धि) अनुमोदन गर्ने।
- माइन नष्ट गर्ने प्रक्रियालाई तीव्रता दिने।
- तत्कालीन माओवादीद्वारा युद्धकालमा कब्जामा लिइएका घर तथा स्थानहरू पत्ता लगाई त्यहाँ छाडिएका हुनसक्ने विस्फोटक पदार्थलाई नष्ट गर्ने।
- तराईका जिल्लाहरूको सुरक्षामा विशेष ध्यान दिने।
- तराईका जिल्लाहरूमा क्रियाशील सशस्त्र समूहरूलाई घरेलु विस्फोटक पदार्थ प्रयोग गर्न निरूत्साहित गर्ने।
- माइन जोखिम न्यूनीकरण शिक्षालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने।
- विस्फोटनमा परी हताहत भएकाहरूलाई सहायता प्रदान गर्ने।

तालिका ५

स्थान र दुर्घटना (२००९) प्रतिशतमा



Annex-06:Layout 1 2/15/2010 2:50 PM Page 585

अनुसूची ६

क्रिया/प्रतिक्रिया

Annex-06:Layout 1 2/15/2010 2:50 PM Page 587

दण्डहीनताका कारण समाज अराजकतातर्फ बढिरहेको छ। मुलुकमा जसको लाठी उसैको भैंसी, मत्स्य न्यायको राजनीति हावी भइरहेको अवस्थामा यति कुरा आउनु राम्रो हो। वर्तमान राज्य सत्तामा र समाजमा हैसियतका कुरा गर्नेहरूले समाजलाई नेतृत्व गर्न नसकेर हैसियत गुमाइरहेका छन् भन्ने सर्वविदितै छ। ०६२/६३ सालको संयुक्त आन्दोलन सफल र शान्ति सम्झौतापछि केही स्थिति सहज बन्न सकेको भए पनि पछिल्ला दिनहरूमा तराई-पहाडमा समस्याहरू खडा छन्। एकवर्षे प्रतिवेदनले मानवअधिकारको रक्षा र विकास गर्न उच्च चेतना, सहमति र समझदारीको आवश्यकता छ।

भूमि ढुङ्गाना
नेकपा संयुक्त मार्क्सवादी, जिल्ला कमिटी, इलाम

मानवअधिकार वर्ष पुस्तकले मानवअधिकार हनन् तथा उल्लङ्घनका अनगिन्ती घटनाहरूलाई छर्लङ्ग सार्वजनिक गर्ने गरेको छ। यस पुस्तकले सम्पूर्ण नागरिकलाई मानवअधिकारप्रति सचेत र जागरूक गराउँदै आ-आफ्ना तर्फबाट मानवअधिकार हनन नगर्न वा नदोहोऱ्याउन पनि सचेत गराएको छ। इन्सेकले गरेको यो साहस, आँट र लगनलाई उच्च सराहना गर्दै आगामी अङ्कहरूमा यथार्थ घटनाहरू ल्याउन सफलता मिलोस्। हार्दिक शुभकामना।

गणेश काम्वाङ्ग
सचिव, एमाले जिल्ला कमिटी, पाँचथर

'मानवअधिकार वर्षपुस्तक २०१०' प्रकाशित हुन लागेको जानकारी पाउँदा नेपाली काङ्ग्रेस जिल्ला कार्यसमिति पाँचथर खुसी व्यक्त गर्न चाहन्छ। द्वन्द्वको अवस्थामा इन्सेकले निर्वाह गरेको भूमिका उल्लेखनीय छ। तत्कालीन अवस्थामा आस्थाका आधारमा राज्य र र माओवादी पक्षले गरेका ज्यादतीलाई मानवअधिकार वर्ष पुस्तकमार्फत इन्सेकले जस्ताको त्यस्तै प्रस्तुत गरेको थियो। न्यायको क्षेत्रमा पछि परेका नागरिकहरूको मानवअधिकारको संरक्षणमा इन्सेकले वकालत गरिरहनेछ भन्ने कुरामा नेपाली काङ्ग्रेस जिल्ला कार्यसमिति आशा एवम् विश्वास गर्दछ।

जयप्रसाद रिजाल
उपसभापति, जिल्ला अदालत, पाँचथर

'मानवअधिकार वर्षपुस्तक २००९' हात पऱ्यो, इन्सेकको यो प्रयत्न निरन्तर अनि अथक् छ। समयको अन्तरालमा वर्ष पुस्तकले आफ्ना मौलिक विशेषताहरूलाई अक्षुण्ण राख्दै परिमार्जनको सङ्केत



पनि दिएको छ। यसका लागि प्रकाशक र सम्पादकहरूलाई धन्यवाद दिनुपर्छ। तर, यति हुँदा हुँदै पनि पहिलेजस्तै केही कुरा छुटेका छन्। सुगम र निष्पक्ष न्यायिक अधिकारमा केवल जिल्ला अदालतमा मुद्दाको जिम्मेवारी साल भएको लगत, फर्स्यौट र बाँकी रहेका मुद्दाको आँकडा मात्र देखाइएको छ, जुन पर्याप्त छैन। राज्यद्वारा वेतन उपलब्ध गराएर हरेक जिल्लामा राखिएका वैतनिक वकिलबाट कति मुद्दामा असमर्थ पक्षहरूलाई कानुनी सेवा प्रदान गरियो ? वैतनिक वकिलको सेवा प्रभावकारी छ, छैन ? जस्ता कुराहरूलाई वर्षपुस्तकले नसमेटेको देखिँदा त्यतातर्फ भविष्यमा ध्यान जाला भन्ने अपेक्षा लिएको छु। अन्त्यमा हिंसा र अशान्तिबाट देशले त्राण पाउँदै गरेको बखत मानवअधिकार र विधिको शासनको शुद्धीकरणतर्फ वर्षपुस्तक अझ खरो रूपमा उत्रिने छ भन्ने विश्वास लिएको छु।

महेन्द्रराज गौतम
जिल्ला न्यायाधीश, पाँचथर

इन्सेकले यस वर्ष पनि विगतका वर्षहरूमा जस्तै 'मानवअधिकार वर्षपुस्तक २००९' प्रकाशित गरेकामा अत्यन्त खुसी लागेको छ। कुनै पनि क्षेत्रबाट भएका मानवअधिकार उल्लङ्घनका घटनालाई जनसमक्ष पुऱ्याएर आमनागरिकलाई मानवअधिकारप्रति सजग र सचेत गराउन इन्सेकको महत्त्वपूर्ण योगदान रहँदै आएको छ।

Annex-06:Layout 1 2/15/2010 2:50 PM Page 588

मानवअधिकारको विश्वव्यापी अवधारणालाई आत्मसात् गर्दै मानव अधिकारको संरक्षण र प्रवर्धन गर्ने कार्यमा इन्सेक सदा सजग रहेको छ। प्रस्तुत पुस्तकमा पनि यो जिल्लालगायत मुलुकभर सन् २००९ को अवधिमा मानवअधिकार हनन भएका घटनाहरू उल्लेख गरिएको हुँदा यसबारे चासो राख्ने सबैका लागि यो अति उपयोगी र महत्त्वपूर्ण दस्तावेज हुनसक्ने विश्वास लिएको छु। आगामी दिनहरूमा पनि अझै तटस्थ, निष्पक्ष र इमानदारीका साथ मानवअधिकार उल्लङ्घनका घटनालाई जनसमक्ष ल्याउनका लागि इन्सेकलाई सफलता मिलोस् भनी शुभकामना व्यक्त गर्दछु।

शत्रुघनप्रसाद पुडासैनी
प्रमुख जिल्ला अधिकारी, सुनसरी

मानवअधिकार वर्षपुस्तकले मानवअधिकारका सवालहरूमा आमनागरिक समाजलाई सचेत बनाएको महसुस गरेको छु। यसले मानवअधिकार र यस सम्बन्धित विषयवस्तुहरूका साथै वातावरणीय न्यायका बारेमा पनि अनुसन्धानात्मक कार्य गरोस् भन्ने हाम्रो चाहना रहेको छ।

पुष्प भट्टराई
अध्यक्ष, गैरसरकारी संस्था समन्वय समिति सुनसरी

मानवअधिकारको हनन र उल्लङ्घन गर्नेहरूलाई सचेत गराउन मानवअधिकार वर्षपुस्तक प्रकाशन गर्दै आएकामा इन्सेकलाई धन्यवाद दिन चाहन्छौं। वर्षपुस्तकले राज्य र गैरराज्यलाई सचेत गराउँदै अन्यायमा परेकालाई न्यायसम्मको पहुँच पुऱ्याउन भूमिका खेलेको छ।

प्रेम पोखरेल
सचिव, बार एसोसिएसन, सुनसरी

मानवअधिकार उल्लङ्घन र ज्यादतीका घटनाहरू समेटेर मानवअधिकार वर्षपुस्तक प्रकाशित हुँदै आएको सर्वविदितै छ। मधेसी जनअधिकार फोरम नेपालको नेतृत्वमा भएको मधेस आन्दोलनका क्रममा इन्सेकले निर्वाह गरेको भूमिका प्रशंसनीय एवम् उल्लेखनीय छ। अधिकारबाट वञ्चित भएका पीडित उपेक्षित मधेसी जनताको हकअधिकारप्रति सदैव इन्सकेको सहयोगको अपेक्षा गर्दछौं।

एसएन मेहता
अध्यक्ष, मधेसी जनअधिकार फोरम नेपाल, सुनसरी

इन्सेक नेपालले हरेक वर्ष प्रकाशन गर्ने मानवअधिकार वर्षपुस्तकमा मुलुकमा भएका मानवअधिकार उल्लङ्घनका घटनाहरू प्रकाशन गर्दै आएको छ। मानवअधिकार वर्षपुस्तकको प्रकाशनले मानवअधिकारको संरक्षण तथा सम्वर्द्धनमा धेरै महत्त्वपूर्ण योगदान पुऱ्याएको छ। यो पुस्तक सूचनाको स्रोत भएकाले मैले पहिलेदेखि यसलाई अध्ययन गर्दै आएको छु। हामीले आवश्यक तथ्याङ्क र सन्दर्भ सामग्रीका लागि यस पुस्तकको प्रयोग गर्दै आएका छौं। यस पुस्तकबाट नेपालका सबै जिल्लाहरूमा भएका मानवअधिकार उल्लङ्घनका घटनाहरू जनसमक्ष उजागर भई उल्लङ्घनकर्तालाई आगामी दिनमा यस्ता कार्यहरू दोहोऱ्याउन निरूत्साहित गरेको छ। इन्सेकको यस कार्यले निरन्तरता पाओस् भन्ने शुभेच्छा व्यक्त गर्दछु।

अरूणकुमार मेहता
सूचना अधिकृत, जिल्ला विकास समितिको कार्यालय, सुनसरी

देशभित्र भएका सम्पूर्ण मानवअधिकारसम्बन्धी घटनाक्रमलाई क्रमबद्ध र व्यवस्थित तवरले सङ्ग्रहित गरी आमनेपाली जनतालाई नेपाल मानवअधिकार वर्ष पुस्तकमार्फत सुसूचित गर्ने कार्य ज्यादै नै सराहनीय छ। वर्षपुस्तक सर्वसाधारण जनताको पँहुचमा समेत हुनुपर्छ।

रामप्रसाद ढुङ्गाना
सहायक प्रमुख जिल्ला अधिकारी, तेह्रथुम

नेपाल मानवअधिकार वर्षपुस्तक २००९ मलाई जानकारीमूलक लाग्यो। यसमा प्रकाशित भएका समाचारमूलक सामग्रीहरूबाट विभिन्न ठाउँमा भएका महत्त्वपूर्ण मानवअधिकारका घटनाहरूबाट केही जानकारी र ज्ञानसमेत प्राप्त भएको छ। जिल्ला अदालत तेह्रथुमबाट सम्पादित कामको विवरण सर्वसाधारणको जानकारीका लागि पुस्तकमा सधैँको वर्षजस्तै यस वर्ष पनि प्रकाशित गरेर सहयोग पुऱ्याउन सकेकामा धन्यवाद दिन चाहन्छु।

नवराज दुलाल
श्रेस्तेदार, जिल्ला अदालत, तेह्रथुम

नेपाल मानवअधिकार वर्षपुस्तकले मानवअधिकार उल्लङ्घनका घटनालाई निरूसाहित गर्न पथ प्रदर्शकको भूमिका खेल्ने हाम्रो अपेक्षा रहेको छ। जनताले बोल्ने, लेख्ने र सभा सम्मेलन गर्न पाउने अधिकारका साथै जनताका नागरिक तथा राजनीतिक अधिकार, सामाजिक, आर्थिक, सांस्कृतिक अधिकार र समावेशीकरणका मुद्दालाई समेत अध्ययन गरी

Annex-06:Layout 1 2/15/2010 2:50 PM Page 589

सार्वजनिक गर्नसके पुस्तकको थप औचित्य हुनेछ भन्ने मलाई लागेको छ।

रघु गौतम
सचिवालय सदस्य, एकीकृत माओवादी तेह्रथुम

नेपाल मानवअधिकार वर्षपुस्तकको नियमित प्रकाशनले मानवअधिकारका क्षेत्रमा भएका महत्त्वपूर्ण घटनाहरूलाई चित्रित गरी सरोकारवाला एवम् सम्बद्ध पक्षको ध्यानाकर्षण गरेको छ। वर्षपुस्तक २०१० पछि पनि परिष्कृत ढङ्गले प्रकाशन होस् भनी कामना गर्दछु।

विष्णुविक्रम सुब्बा
सचिव, एमाले, तेह्रथुम

नेपाल मानवअधिकार वर्षपुस्तक निष्पक्ष, तथ्यपरक र सकेसम्म बढी सूचनासहित प्रकाशन हुनेछ भन्ने मैले विश्वास गरेको छु। वर्षपुस्तकको पहुँच आमजनताको हातसम्म पुग्ने गरी वितरण गर्न सके राम्रो हुने थियो। मानवअधिकार वर्षपुस्तकले घटनाका पीडक र पीडितको पहिचान गर्ने गरेको छ। आगामी दिनमा पनि यसको निरन्तरताका लागि हार्दिक शुभकामना व्यक्त गर्दछु।

रामनारायण ढुङ्गाना
सभापति, नेपाली काङ्ग्रेस, तेह्रथुम

जिल्लामा भएका मानवअधिकार उल्लङ्घनका घटनाको सङ्ग्रह इन्सेकले हरेक वर्ष प्रकाशन गर्छ। नयाँ संविधानमा कस्ता विषय राखिनु उपयुक्त हुन्छ भन्ने सुझाव पनि राख्नु सान्दर्भिक हुने मैले ठानेको छु। पुस्तक यसवर्ष झन् बढी तथ्यपरक हुनेछ भन्ने मलाई लागेको छ।

अनुभति बम नेपाली
अध्यक्ष, गैरसरकारी संस्था महासङ्घ, तेह्रथुम

नेपाल मानवअधिकार वर्षपुस्तक नेपालमा मानवअधिकार उल्लङ्घनका घटनाहरूको एक मात्र लिखित दस्तावेजका रूपमा रहेको छ। यो पुस्तकको प्रकाशनले मानवअधिकार उल्लङ्घनका घटनामा पीडितको सङ्ख्या यकिन गर्न, पीडितलाई न्याय दिलाउन र मानवअधिकार उल्लङ्घनका घटना न्यूनीकरण गर्न मद्दत मिलेको छ। यसले राज्यलाई समेत मानवअधिकार उल्लङ्घन हुन नदिन सजग गराउन र राज्यका सम्पूर्ण निकायलाई जिम्मेवार बनाउन खबदारी गर्ने गरेको छ। राष्ट्रियरूपले मात्र होइन, अन्तर्राष्ट्रिय सरोकारवालाका लागि यो पुस्तक सन्दर्भ सामग्री बनेको छ। तर, सर्वसुलभ हुन नसक्दा भने यो पुस्तकसम्म सर्वसाधारणको पहुँच हुन सकेको छैन।

मनोहर पोखरेल
उपाध्यक्ष, प्रेस चौतारी नेपाल, सप्तरी

नेपाल मानवअधिकार वर्षपुस्तक मानवअधिकार आन्दोलनका लागि उपयोगी पुस्तकका रूपमा रहेको महसुस गरेको छु। पुस्तकमा प्रकाशित तथ्याङ्क र सूचनाले मुलुककै मानवअधिकारको अवस्थाको आकलन गर्न सजिलो भएको छ। यसले मानवअधिकारको बहालीका लागि अधिकारकर्मीलाई प्रेरित गर्ने ठानेको छु। यो पुस्तक मानवअधिकार आन्दोलनको अभिन्न अङ्ग बन्न सफल भएको छ।

शम्भुनन्दन चौधरी
अध्यक्ष, मानवअधिकार सञ्जाल, सप्तरी

नेपाल मानवअधिकार वर्षपुस्तकले राजनीतिक पूर्वाग्रह राख्नु हुँदैन। जनयुद्धकालका ऐतिहासिक तथ्यलाई समेत यसले समेट्ने प्रयास गरेको महसुस गरेको छु। सुरूसुरूमा यो पुस्तक एउटा राजनीतिक सिद्धान्तद्वारा निर्देशितजस्तो देखिए पनि विगत केही वर्षयता भने इन्सेकले यसलाई राजनीतिक आग्रह-पूर्वाग्रहबाट मुक्त गर्ने प्रयास गरेको छ।

असर्फी सदा
सेक्रेटरी, एकीकृत नेकपा माओवादी,
सप्तरी

मानवअधिकार वर्षपुस्तकले मुलुकको मानवअधिकारका बारेमा जानकारी दिएको छ। मानवअधिकारको दस्तावेजका रूपमा रहेको पुस्तकले इन्सेकको प्रतिबद्धता पूरा गरेको छ। मानवअधिकार उल्लङ्घनका घटना सार्वजनिक गर्न यो पुस्तक सफल भएको छ। मानवअधिकारजस्तो गहन र संवेदनशील क्षेत्रमा इन्सेकले प्रस्तुत गरेको पुस्तकले सबैलाई सचेत, संवेदनशील र जिम्मेवार बन्न भावबोध गराउन सकेकामा धन्यवाद।

मुरारी कार्की, संयोजक
नेकपा (एमाले), सप्तरी

पुस्तकले मानवअधिकार संरक्षणका लागि आवाज उठाएको छ। कारागारभित्रको अवस्थाका बारेमा समेत पुस्तकमा उल्लेख भएबाट कैदी बन्दीको

Annex-06:Layout 1 2/15/2010 2:50 PM Page 590

मानवअधिकार संरक्षण गर्न दबाब सिर्जना भएको छ। यसले कारागारभित्र सुधार गर्न सम्बन्धित पक्षलाई सचेत गर्ने गरेको छ।

प्रकाश बस्नेत
सह-लेखापाल कारागार शाखा राजविराज, सप्तरी

मानवअधिकार उल्लङ्घन हुने मुख्य ठाउँ भनेको कारागार हो। देशमा भएका कुनै पनि परिवर्तनले कारागारलाई छुन सकेको छैन। देशमा गणतन्त्र आए पनि कैदी बन्दीले भने त्यसको अनुभूति गर्न सकेका छैनन्। जेल अहिले पनि राणाकालीन अवस्थामा चलिरहेको छ। मानवअधिकार पनि कमाइ खाने भाँडोजस्तै भएको छ। त्यसैले मानवअधिकारवादीले पनि जेलभित्रको पीडालाई बुझ्न सकेका छैनन्। मानअधिकारलाई कमाइ खाने भाँडो बनाउनु हुँदैन। जेलभित्रका पीडादायी आवाजलाई पनि पुस्तकले समेट्नु पर्छ।

कमल खतिवडा
बन्दी, राजविराज कारागार, सप्तरी

सदियौँदेखि मधेस राज्यको विभेदको सिकार बन्दै आएको छ। मधेसीहरू मानवअधिकारबाट वञ्चित हुँदै आएका छन्। मधेसीहरूको पहिचानसहितको सहभागिताको सुनिश्चितता गरिनुपर्छ। अनि मात्र मधेसीले मानवअधिकारको अनुभूति गर्ने स्थिति बन्नसक्छ। मधेसमा जारी सशस्त्र द्वन्द्वलाई वार्ता प्रक्रियाद्वारा टुङ्गो लगाउनुपर्छ। यसका लागि इन्सेकजस्तो मानवअधिकारको क्षेत्रमा काम गरिरहेको संस्थाको महत्त्वपूर्ण भूमिका हुनुपर्छ

शैलेन्द्र साह
कार्यवाहक अध्यक्ष, मधेसी जनअधिकार फोरम, सप्तरी

इन्सेकले मानवअधिकार वर्षपुस्तक प्रकाशन गरेर देशमा मानवअधिकार अवस्थाका बारेमा जानकारी गराउने गरेको छ। राज्यका लागि पनि यो सन्दर्भसामग्री बनेको छ। सूचना प्रवाह गर्दा यसको शुद्धता नाप्ने प्रयत्न गर्नुपर्छ। राज्यसँग सम्बन्धित सूचना प्रकाशन गर्नुपूर्व राज्यका विभिन्न निकायसँग समन्वय गरेर यसको शुद्धताको जाँच गर्न सके मात्र सूचना तथ्यपूर्ण हुनसक्छ। पुस्तक प्रकाशन गर्दा इन्सेकले यस कुरालाई ध्यान दिनु जरूरी छ।

होमबहादुर खड्का
सहायक प्रमुख जिल्ला अधिकारी, सप्तरी

इन्सेकद्वारा नियमित प्रकाशन भइरहेको 'मानवअधिकार वर्षपुस्तक २००९' अध्ययन गर्ने अवसर प्राप्त भयो। यो एक वर्षमा अन्य वर्षको तुलनामा सन्तोषजनक हुनुपर्ने थियो तर त्यो हुन सकेन। देशमा संविधानसभाको निर्वाचन सम्पन्न भइसकेपछि पनि मानवअधिकारको अवस्थामा खासै सुधार हुन सकेन। सङ्क्रमणकालका नाममा कानुनी शासनको कार्यान्वयन हुन सकेन। इन्सेकले वर्षपुस्तकमार्फत प्रत्येक वर्ष राज्य तथा विभिन्न समूहका नामबाट हुने घटनाहरूले मानवअधिकार उल्लङ्घनको तस्बिर उजगार गरेको छ। अहिले पनि विभिन्न नाम, समूहका नाममा हत्या, अपहरण, चन्दा सङ्कलन, जग्गा कब्जालगायतका घटनाहरू भइरहेका छन्। दण्डहीनता अन्त्यका लागि यो पुस्तक ऐतिहासिक दस्तावेज हुनेछ। यो पुस्तक प्रकाशनको निरन्तरताको कामना, पुस्तक प्रकाशनमा दैनिक योगदान गर्ने मानवअधिकारकर्मीप्रति शुभकामना दिन चाहन्छु।

कृष्णबहादुर कटवाल
का.मु. प्रमुख जिल्ला अधिकारी, खोटाङ

मानवअधिकार वर्षपुस्तकले राज्य र गैरराज्य पक्षबाट भएका मानवअधिकार उल्लङ्घनका घटनाहरूलाई प्रस्ट ढङ्गले प्रस्तुत गरेको छ। आगामी दिनमा इन्सेकले मानवअधिकार उल्लङ्घनका घटनालाई सशक्त रूपमा जनतासामु ल्याउन र पीडितलाई न्याय दिलाउन क्रियाशील हुनेछ।

डोरनाथ श्रेष्ठ
निमित्त श्रेस्तेदार, जिल्ला अदालत, खोटाङ

इन्सेकद्वारा प्रकाशित नेपाल मानवअधिकार वर्षपुस्तकले समाजमा भइरहेका मानवअधिकार उल्लङ्घनका गम्भीर घटनाहरूलाई सार्वजनिक गरी मानवअधिकार उल्लङ्घनकर्तालाई हतोत्साहित गर्न र मानवअधिकारको रक्षाका लागि सदैव नेतृत्वदायी भूमिका निर्वाह गरेको छ। नेपालको राजनीतिक परिवर्तनमा वर्षपुस्तकको महत्त्वपूर्ण भूमिका रहेको सन्दर्भमा यस अङ्कमा नयाँ संविधान निर्माण गर्न र राज्यको पुनःसंरचना गर्नुपर्ने जनआन्दोलनको मार्ग निर्देशनविपरीत गइरहेका मुलुकका राजनीतिक दलहरूलाई सचेत गराउँदै तोकिएको समयमा संविधान निर्माण गर्न महत्त्वपूर्ण भूमिका निर्वाह गरोस् भन्ने शुभकामना दिन चाहन्छु।

रामप्रसाद दङ्गाल
प्रमुख, सङ्गठन विभाग, एमाले जिल्ला कमिटी, खोटाङ

Annex-06:Layout 1 2/15/2010 2:50 PM Page 591

नेपाल मानवअधिकार वर्षपुस्तक मानवअधिकार उल्लङ्घनको दस्तावेज मात्र होइन, पीडितलाई न्याय दिलाउने एउटा महत्त्वपूर्ण राष्ट्रिय दस्तावेज र अभिलेख पनि हो। सशस्त्र द्वन्द्वको समयमा पनि विभिन्न समस्याका बावजुद अत्यन्त मिहिनेतका साथ स्वतन्त्र, निष्पक्ष, निर्भीक ढङ्गले तयार हुने गरेको यो दस्तावेज सरकारले कानुनी शासन स्थापना गर्न सकेमा मानवअधिकार उल्लङ्घनकर्ताका लागि फलामे चिउरा साबित हुनेछ। राजनीतिक उतारचढावका कारण सरकारमा प्रतिनिधित्व गर्ने दलका कार्यकर्ताले कानुन हातमा लिने कामहरू भए। सरकारमा सहभागी हुँदा जस्तासुकै आपराधिक घटनामा संलग्न कार्यकर्तालाई राजनीतिक आडमा प्रोत्साहित गरियो। परिणामस्वरूप दण्डहीनता मौलाउने मात्र होइन, संस्कारका रूपमा विकास भयो। वर्षपुस्तकहरूमा आर्थिक, सामाजिक, सांस्कृतिकलगायतका अन्य अधिकारहरू पनि उपभोगका लागि नागरिक जनचेतना अभियान आवश्यक छ। बन्द, हडताल, स्वास्थ्य, शिक्षा क्षेत्रका घटनालाई वस्तुपरक रूपले अभिलेख गर्नसके प्रभावकारी हुनेछ।

महेन्द्रकुमार कटवाल
सचिव, नेपाली काङ्ग्रेस जिल्ला कार्यसमिति, खोटाङ

इन्सेकले मानवअधिकारको संरक्षण र सम्वर्द्धनमा उल्लेखनीय कार्य गरेको छ। पीडितलाई न्यायमा जोड, दण्डहीनतालाई निरूत्साहित गर्न देशका ७५ जिल्लामा प्रतिनिधि राखी जनताको मानवअधिकार संरक्षणमा इन्सेकले जोड दिएको छ। आगामी वर्षपुस्तकमा कुनै पनि विषयवस्तुको सतही विश्लेषण मात्र नभई गहन विश्लेषणमा केन्द्रित भएर अगाडि बढोस्।

गोपालचन्द्र राई
अखिल क्रान्तिकारी पत्रकार सङ्घ, उपाध्यक्ष, खोटाङ

'मानवअधिकार वर्षपुस्तक २००९' सरसर्ती हेर्ने मौका पाएँ। मानवअधिकारसँग सम्बन्धित घटनाहरूको सङ्कलन र प्रस्तुतिको कष्टसाध्य र जटिल कार्यमा संलग्न इन्सेक र यसका देशभरिका प्रतिनिधिहरूको मिहिनेत प्रशंसनीय छ। विशेषत: धनुषामा इन्सेक प्रतिनिधि मित्र रोशन ढकालसँग मानवअधिकारको विषयमा हाम्रो बहस र छलफल पटक-पटक भई नै रहन्छ। आफ्नो सक्रियता र समर्पणका कारण यस जिल्लामा मानवअधिकार कार्यकर्ताका रूपमा परिचित र लोकप्रिय मित्र रोशन ढकाल धनुषा जिल्लाको मानवअधिकारसँग सम्बन्धित घटनाहरूको प्रतिनिधिमूलक प्रस्तुतिमा सफल हुनुभएको छ। समग्रमा वर्षपुस्तक २००९ विगतका वर्षहरू भन्दै सफल रहे पनि यसले आफूलाई निरपेक्ष तथ्य सङ्कलकको भूमिकाबाट अझै माथि उठेर प्रवृत्तिमूलक र जनपक्षीय गणतन्त्रको सुदृढीकरण र संस्थागत गर्न सहयोगीको भूमिकासम्म उठाउन आवश्यक देखिन्छ। सङ्क्रमणको अन्योलमा हाम्रो नयाँ नेपाल र सङ्घीय गणतन्त्र फसेको छ। यसको फाइदा उठाउँदै आन्तरिक र बाह्य विजातीय तत्त्वहरू पनि सक्रिय छन्। यस्तो अवस्थामा चौतर्फी सचेतनाको आवश्यकता छ। इन्सेकको मानवअधिकारसँग सम्बन्धित क्षेत्रमा गरिने कार्यहरूले यसतर्फ पनि ध्यान दिनेछ भन्ने अपेक्षा हामीले राखेका छौं। तपाईंहरूको सफलताको शुभकामना र वर्षपुस्तक प्रकाशनले निरन्तरता पाइरहोस्।

रोशन जनकपुरी
इन्चार्ज, एकीकृत माओवादी, धनुषा

मानवअधिकारको रक्षाका लागि सुदृढ लोकतन्त्रको स्थापना हुनु जरूरी छ। सशस्त्र द्वन्द्वका बेला माओवादी पक्ष र सरकारपक्षबाट मानवअधिकारको घोर उल्लङ्घन भएको र विस्तृत शान्ति सम्झौतापछि मानवअधिकारको रक्षा हुने आशा पलाए पनि साकार हुन सकिरहेको छैन। अझै पनि विभिन्न पक्षबाट मानवअधिकारको उल्लङ्घनका घटनाहरू भइरहेकै छन्। खासगरी तराई मधेसमा भूमिगत सशस्त्र समूह र सरकार पक्षबाट मानवअधिकारको उल्लङ्घन हुने क्रम जारी नै छ। इन्सेकबाट प्रकाशित मानवअधिकार वर्षपुस्तकले मानवअधिकार उल्लङ्घनसम्बन्धी यथेष्ट वस्तुपरक जानकारी दिनुका साथै मानवअधिकार सुनिश्चितताका लागि सरोकारवालालाई पनि घचघच्याएको छ।

रामसरोज यादव
सभापति, नेपाली काङ्ग्रेस, धनुषा

मुलुक नयाँ संविधान निर्माणको चरणमा छ। आमनेपाली जनता भयरहित स्वतन्त्रपूर्वक जीवन बिताउन पाउने अधिकारबाट वञ्चित छन्। मानवअधिकारको प्रत्यक्ष प्रत्याभूति दिलाउने पहिलो अभिभारा राज्यको हो। तर, विभिन्न मानवअधिकारको उल्लङ्घनका घटनाक्रम हेर्दा राज्यपक्ष नै दोषी देखिएको छ। प्रत्यक्ष प्रमाणका रूपमा इन्सेकद्वारा प्रकाशित मानवअधिकार वर्षपुस्तकको प्रत्येक संस्करणमा हेर्न सकिन्छ। इन्सेकद्वारा प्रकाशित वर्षपुस्तकहरूमा मानवअधिकार उल्लङ्घन भएको घटनाक्रम उल्लेख

Annex-06:Layout 1 2/15/2010 2:50 PM Page 592

हुनु पनि आफैंमा सराहनीय काम हो। मधेसमा मानवअधिकारको स्थिति हेर्दा अति नै कमजोर रहेको छ। हत्या, हिंसा, अपहरण, चोरी, डकैती, बलात्कार, चन्दा र धम्कीजस्ता घटनाहरू दिनहुँ भइरहेका छन्। सरकार र सशस्त्र समूहबीच भएका वार्ताप्रति सरकार इमानदार नदेखिएका कारण मधेसमा हत्या र हिंसा व्यापकरूपमा देखिएको छ। जबसम्म सरकार पक्ष, मानवअधिकारवादी सङ्घसंस्था, राजनीतिक दल र नागरिक समाजबीच समन्वय हुँदैन, तबसम्म मानवअधिकार बहाल हुनसक्दैन भन्ने सद्भावना पार्टी र मेरो व्यक्तिगत धारणा रहेको छ।

सञ्जयकुमार सिंह
कार्यवाहक अध्यक्ष, सद्भावना पार्टी, धनुषा

देशमा कानुन व्यवस्था कमजोर भई दण्डहीनताको संस्कृतिले आमनागरिकलाई आक्रान्त बनाइरहेको वर्तमान परिवेशमा वर्षभरि भएका मानवअधिकारको उल्लङ्घनका घटनाहरूलाई सङ्ग्रह गरी प्रकाशन हुने मानवअधिकार वर्षपुस्तक मानवअधिकारको संरक्षण र सम्वर्द्धनप्रति प्रतिबद्ध रहन खबरदारी गरेको छ। प्रस्तुत पुस्तक मानवअधिकारको क्षेत्रमा उत्कृष्ट खोजमूलक सङ्ग्रह साबित भएको तथ्यमा कुनै सन्देह छैन। जुन वर्षका घटनाहरू सङ्कलन गरिएका छन्, सोही वर्षको शीर्ष नाम राखेर नेपाली क्यालेन्डर अनुसार पुस्तक प्रकाशन गर्नसके अझ बढी सार्थक हुने थियो भन्ने लागेको छ।

हरिश्चन्द्र ढुङ्गाना
जिल्ला न्यायाधीश, जिल्ला अदालत, सिन्धुली

'मानवअधिकार वर्षपुस्तक २००९' मा विगतमा भएका मानवअधिकार उल्लङ्घनका घटना तथ्यपरक ढङ्गले विश्लेषण गरेको पाइयो। वर्षपुस्तकका कारण जो जसबाट मानवअधिकार उल्लङ्घन भएको होस्, उसलाई नैतिक दबाब परेको हामीले महसुस गरेका छौं। हरेक जिल्लामा आफ्ना प्रतिनिधिमार्फत निर्भीक, निष्पक्ष र कुशलतापूर्वक मानवअधिकारको सम्वर्द्धनका लागि कटिबद्ध भएकामा इन्सेकलाई धन्यवाद दिन चाहन्छु।

भोजराज ढुङ्गेल
कार्यालय सचिव, एमाले, सिन्धुली

'मानवअधिकार वर्षपुस्तक २००९' समयमै प्राप्त भयो। देशको मानवअधिकारको स्थितिलाई वस्तुपरक ढङ्गबाट छर्लङ्ग हुनेगरी वर्षपुस्तकमा उजागर गर्नुका साथै मानवअधिकार हननसम्बन्धी घटनाहरूको शृङ्खलाहरूलाई महत्त्व दिएको पाएँ। लोकतन्त्रलाई दिगो बनाउन आमनागरिकले स्वतन्त्रपूर्वक बाँच्न र हिँडडुलका साथै विचार अभिव्यक्त गर्न पाउने नागरिकको नैसर्गिक अधिकारको रक्षार्थ इन्सेकबाट भएका पहलहरू अत्यन्त प्रसंशनीय छन्। आगामी दिनहरूमा पनि मानवअधिकारको ग्यारेन्टीका लागि सम्बन्धित पक्षहरूलाई सजग बनाउन इन्सेक निरन्तर क्रियाशील हुनेछ भन्ने विश्वास गर्दछु।

कृष्णप्रसाद दाहाल
कार्यालय सचिव, नेपाली काङ्ग्रेस जिल्ला कार्यसमिति सिन्धुली

मानवअधिकारको क्षेत्रमा क्रियाशील रहेको संस्था इन्सेकले राज्य र अन्य विभिन्न पक्षबाट भएका मानवअधिकार उल्लङ्घन, ज्यादतीका आपराधिक क्रियाकलापका घटनाहरूलाई जस्ताको तस्तै वार्षिक रूपमा प्रकाशन गरी जनताको सुसूचित हुन पाउने अधिकारलाई संरक्षण गरेको छ। लोकतन्त्र, मानवअधिकार, शान्ति स्थापना, नयाँ संविधान निर्माणको पक्षमा सधैंभरि यस संस्थाले सबै जिल्ला तह र तप्काका जनताको पक्षमा वकालत गरिरहेको छ। मानवअधिकारको पक्षमा लाग्न सम्पूर्ण जनसमुदायलाई अपिल गर्दै आगामी अङ्कमा नयाँ संविधान र देशले ठूलो आँधीबेहरी र सूचना र हकअधिकारबाट अहिलेसम्म वञ्चित रहेका जनतालाई जागरूक बनाउन सकोस् भन्ने कामना गर्दछु।

रूद्रबहादुर खड्का
अध्यक्ष, रिलेक नेपाल, सिन्धुली

वर्षपुस्तक प्रकाशित गरेर इन्सेकले सराहनीय काम गरेको छ। मानवअधिकार वर्षपुस्तक प्रकाशन नभएको भए मानवअधिकार उल्लङ्घन र ज्यादतीका घटनाहरूको रेकर्ड नै हुने थिएन। वर्षपुस्तकले जिम्मेवार अधिकारीलाई सुमार्गमा लाग्नका निम्ति नियमित घचघच्याई रहेको छ। वर्षपुस्तकले नागरिक तथा राजनीतिक अधिकारका कुराहरूलाई व्यापक रूपमा उठाएको छ। यसका साथै ओझेलमा परेका आर्थिक, सामाजिक, सांस्कृतिक तथा माहिला र बालबालिकाका सवाललाई पनि सशक्त रूपमा उठाउनु जरूरी छ। दण्डहीनताका कारण अहिले पनि समाजमा धेरै घटनाहरू बढ्दै गएका छन्। कतिपय घटनाहरू सार्वजनिक नै नभएको स्थिति छ। यो काम इन्सेकका एक जना जिल्ला प्रतिनिधिबाट मात्र सम्भव छैन। यसका लागि इन्सेकलाई हरेक सचेत नागरिकले

Annex-06:Layout 1 2/15/2010 2:50 PM Page 593

सघाउनु आवश्यक छ। अदालतमा आएका मुद्दाहरूको अवस्था र त्यसको फैसलापछिको कार्यान्वयनको अवस्थाका बारेमा जानकारी गराउनका लागि इन्सेकले अदालतसँग समन्वय गर्न सक्छ। यसले घटनालाई थप परिष्कृत बनाउँछ।

कैलाश केसी
जिल्ला न्यायाधीश, रामेछाप

मानवअधिकार वर्षपुस्तक पीडितहरूलाई न्याय दिने दरिलो दस्तावेजका रूपमा विकास भएको छ। द्वन्द्वको समयमा वर्षपुस्तकमा नाम छापिएका आधारमा अहिले पीडितलाई राज्यले सहयोग गरेकाले वर्षपुस्तक राज्यले पनि स्वीकारेको दस्तावेज बनेको छ। अहिले वर्षपुस्तकमा छापिएको आफ्नो नामलाई पीडितले प्रमाणका रूपमा पेस गरेर राहत पाएको अवस्था छ। पुस्तकले पीडितको नाम छापेका कारण अहिले पीडितले न्याय पाउने अवस्था आएझैँ कुन प्रशासकको पालामा दण्डहीनताको अवस्था कस्तो रहयो भनेर छुट्टै अभिलेख प्रकाशित गरे, त्यसले पनि उनीहरूलाई सचेत बनाई कामको मूल्याङ्कन गरी पुरस्कृत र दण्डित गराउन सघाउनेछ। यसको साथै, जिल्लाको समग्र मानवअधिकारको अवस्था पनि जिल्लागत विवरणमा राख्न सके अझ राम्रो हुन्छ।

पाण्डव प्रसाई
कानुन अधिकृत, एड्भोकेसी फोरम, रामेछाप

आगामी वर्षदेखि वर्षपुस्तकमा घरेलु हिंसा, एक राजनीतिक दलका कार्यकर्ताबाट अर्को दलका कार्यकर्तामाथि भएको मानवअधिकार ज्यादतीका घटनालाई छुट्टै परिच्छेदमा राख्दा अझ राम्रो हुन्छ। महिलाका कुरा उठाउँदा त्यो सार्वजनिक भएपछि उसमा पर्ने पारिवारिक र सामाजिक असरका बारेमा गम्भीर हुनुपर्छ। यसका साथै अब इन्सेक आर्थिक, सामाजिक अधिकारका घटनामा केन्द्रित हुनुपर्छ। वर्षपुस्तकले नागरिक र राजनीतिक अधिकारका कुरा धेरै उठाएको छ। यस वर्ष पनि त्यसमा निरन्तर छ।

रामचन्द्र वियोगी
संयोजक, नागरिक सञ्जाल, रामेछाप

वर्षपुस्तकले नियमित उठाउने विषयसँगै हरेक वर्ष जिल्लाको पनि कुनै एउटा क्षेत्र छनोट गरी त्यसलाई प्रमुख केन्द्र बनाएर उजागर गर्नु आवश्यक छ। यसो गरियो भने राज्यलाई यसले दबाब दिने काम हुन्छ। वर्षपुस्तकले असमान ज्याला, सडकमा काम गर्ने मजदुरको अवस्था, बालबालिकाको श्रमको विषयलाई केन्द्रबिन्दु बनाएर आवाज उठाउनु आवश्यक छ।

झम्क कँडेल
अधिवक्ता, रामेछाप

विगतमा द्वन्द्वको समयमा कतिपय पीडितहरूले डरले गर्दा आफ्नो नाम सार्वजनिक गर्न सकेका थिएनन्। त्यही नाम सार्वजनिक नभएका कारण कतिपयले राज्यले दिने सेवा र सुविधा पाउन सकेका छैनन्। अहिले उनीहरू आफ्ना कुराहरू राख्न चाहन्छन् तर वर्षपुस्तकले अघिल्लो वर्ष भएका घटनाहरू समेट्न सक्दैन। यसले गर्दा उनीहरूले पाउने सेवा मात्र होइन, इतिहास नै मरेको छ। त्यसैले इन्सेकले उनीहरूका बारे अध्ययन गरी यथार्थलाई फलोअप घटनाका रूपमा आगामी वर्षपुस्तकमा समेट्नु जरूरी छ।

दीपशिखा दाहाल
एमाले जिल्ला कमिटी सदस्य, रामेछाप

वर्षपुस्तकको मस्यौदा प्रतिवेदनमाथि मात्र होइन, वर्षपुस्तक सार्वजनिक भएपछि त्यसमा कस्ता घटना आए भनी धेरै मानिसहरूको जमघट गरी सार्वजनिक गर्दा गल्ती गर्नेलाई थप दबाब हुन्छ। त्यसतर्फ ध्यान जाओस्।

दिलबहादुर बस्नेत
सीडीएस, रामेछाप

मानवअधिकार वर्षपुस्तक २००९ पढ्ने अवसर प्राप्त भयो। यसमा यस वर्षको ज्वलन्त विषय संविधान निर्माणका प्रक्रिया र चुनौतीबारे गहन चर्चा गरिएको छ। साथै, देशभर भएका मानवअधिकार उल्लङ्घनका घटनाहरूलाई सङ्कलन गरी फोटाहरूसहित सूचना सम्प्रेषण गरिएको छ। शोधविधि अनुसार केही चुस्त बनाउने हो भने यो अरू गहन, प्रामाणिक र विश्वसनीय बन्ने देखिन्छ।

डी.आर. पोखरेल
लेखक तथा समीक्षक, भरतपुर, चितवन

मानवअधिकार वर्षपुस्तक इन्सेकको ऐना हो। इन्सेकका इमानदार प्रतिनिधिको प्रयासले यो सम्भव भएको स्पष्ट छ। यस्तो ऐना बराबर हेरेर पनि विवेकको द्वार खोलिन्न भने मानवतामै ग्रहण लागेछ भनी सम्झनु पर्छ।

कपिल अज्ञात
सह-प्राध्यापक, वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर

Annex-06:Layout 1 2/15/2010 2:50 PM Page 594

मानवको स्वतन्त्रतापूर्वक बाँच्ने र व्यवसाय गर्न पाउने प्राकृतिक एवम् नैसर्गिक अधिकारउपर भएका अतिक्रमणलाई न्यूनीकरण गर्ने कार्यमा यस पुस्तकको योगदान रहँदै आएको छ। यस कार्यमा अझै सफलता मिल्दै जाओस्।

रूद्रप्रसाद पौडेल
प्रमुख जिल्ला अधिकारी
मकवानपुर

मानवअधिकार वर्षपुस्तक मानवअधिकारका उल्लङ्घनका घटना सम्बन्धमा चासो र अनुसन्धान गर्ने व्यक्ति र समुदायलाई महत्त्वपूर्ण दस्तावेज साबित भएको छ।

सुरेशविकम शाह
प्रहरी उपरीक्षक, जिप्रका मकवानपुर

मानवअधिकार वर्षपुस्तक सबै विषयलाई समेटेर सन्तुलित ढङ्गले प्रकाशित हुनुपर्छ। पुस्तक आग्रह र पूर्वाग्रहबाट मुक्त हुनुपर्छ। यो पुस्तक पढ्दा मुलुकको मानवअधिकारको अवस्था छर्लङ्ग हुन्छ। यो कार्यले निरन्तरता पाइरहोस्।

विजय (सोनाम सिं)
इन्चार्ज, एकीकृत माओवादी
मकवानपुर

पुस्तकले राज्य र गैरराज्य दुवै पक्षबाट भएका मानवअधिकार उल्लङ्घनका घटनाहरू सार्वजनिक गरेकाले पीडकहरू निरूत्साहित हुन जाने र पीडितहरूले राहत महसुस गर्नेछन्। पुस्तक प्रकाशनको कार्यले निरन्तरता पाइरहोस्।

'माइकल' रामचन्द्र अर्याल
सभापति, नेपाली काङ्ग्रेस
मकवानपुर

यो पुस्तक मुख्यगरी राज्य र विद्रोही पक्षबाट मानवअधिकार हन् भएका घटनाको सँगालो हो। यो पुस्तकले मुलुक कुन दिशातिर लम्किरहेको छ भन्ने कुरा बताउँछ। आगामी दिनमा अझै परिस्कृत हुँदै अगाडि बढोस् भनी शुभकामना व्यक्त गर्दछु।

रामेश्वर राना
अध्यक्ष, एमाले, मकवानपुर

मानवअधिकार वर्षपुस्तकले मुलुकको मानवअधिकारको समग्र चित्रण गर्न सफल भएको छ। यसले मुलुकमा कुन पक्षबाट मानवअधिकारको उल्लङ्घन हुँदै आएको छ भन्ने कुराको जानकारी दिने कार्यमा योगदान पुऱ्याएको छ। यो कार्यले निरन्तरता पाइरहोस्।

बुद्धशरण लामा
अध्यक्ष, गैसस महासङ्घ, मकवानपुर

मानवअधिकार वर्षपुस्तकले समेटेका मानवअधिकारसम्बन्धी सबै विषयवस्तुहरू सराहनीय छन्। मानवअधिकार वर्षपुस्तकले मानवअधिकार उल्लङ्घनका घटनालाई न्यूनीकरण गर्न, पीडकहरूलाई सार्वजनिक गर्न र कारबाही गर्न गराउन दबाब दिने कार्य गरेको छ। यस्तो कार्यले निरन्तरता पाइरहोस्।

मुकुन्द अधिकारी
अध्यक्ष, पुनरावेदन बार एसोसिएसन
हेटौँडा

इन्सेकले प्रकाशन गरेको 'मानवअधिकार वर्षपुस्तक २००९' अध्ययन गर्ने मौका पाएँ। पुस्तक अध्ययनबाट वर्षभरि राज्य तथा गैरराज्यपक्षबाट भएका मानवअधिकार उल्लङ्घन तथा ज्यादतीसम्बन्धी घटनाहरूका बारेमा थुप्रै जानकारी मिल्यो। विभिन्न तथ्यहरूको विश्लेषण, राजनीतिक पार्टीहरूको मानवअधिकारको स्थितिबारेको धारणा, विभिन्न क्षेत्रहरूको धारणा, दस्तावेज, तथ्याङ्कसमेत समावेश गरिनाले पुस्तक उत्कृष्ट भएको छ। आगामी दिनमा पुस्तकमा विश्लेषण, खोज, टिप्पणीहरूलाई अझ परिपक्व, समृद्ध तथा निष्पक्षताका साथ मानवअधिकार उल्लङ्घनसँग सम्बन्धित विभिन्न पक्षहरूलाई सचेत तुल्याउन सकिनेछ। नेपालमा दिगो शान्ति, संविधान निर्माणको कार्यमा प्रस्तुत पुस्तक कोसेढुङ्गा हुनेछ भन्ने आशा एवम् अपेक्षा लिएको छु।

राधेश्याम महर्जन
कार्यालय सचिव, स्थानीय शान्ति समितिको कार्यालय
ललितपुर

इन्सेकले नेपाली समाजमा हुने गरेका आधारभूत मानवअधिकारविरोधी घटना र मानवअधिकार उल्लङ्घनका घटनामा संलग्न हुने सङ्घसंस्था र व्यक्तिहरूका बारेमा समग्र समाजलाई सुसूचित गराएर मानवअधिकार संरक्षणको क्षेत्रमा सराहनीय काम गर्दै आएको छ। आउँदा दिनमा मानवअधिकार संरक्षणको क्षेत्रमा अझ सशक्त ढङ्गले आफ्ना गतिविधि केन्द्रित गर्दै कानुनी राज्य स्थापनामा उल्लेखनीय कार्य गरी देशको शिर उच्च बनाउन सकोस्। सफलताको शुभकामना।

रत्नराज पाण्डेय
प्रमुख जिल्ला अधिकारी, ललितपुर

Annex-06:Layout 1 2/15/2010 2:50 PM Page 595

मानवअधिकार वर्षपुस्तकले सामाजिक न्याय र मानवअधिकार तथा विधिको शासन स्थापनाका लागि धेरै सहयोग पुऱ्याएको छ। पीडकहरूको विषयमा जानकारी गराउन र पीडितहरूलाई न्याय दिलाउन समेत वर्षपुस्तत प्रलेखीकरणले महत्त्वपूर्ण योगदान पुऱ्याएको हुनाले वर्षपुस्तक प्रकाशन अभियानले निरन्तरता पाओस् भन्ने कामना गर्दछु।

अमृतनाथ तिमल्सिना
अध्यक्ष, प्रेस चौतारी, ललितपुर

'मानवअधिकार वर्षपुस्तक २००९' मा ललितपुर जिल्लाको मानवअधिकार संरक्षण र सम्बर्द्धनका लागि इन्सेकले खेलेको भूमिका अत्यन्तै सराहनीय छ। तथापि, केही कमी-कमजोरी नभएको भने होइन। यहाँका केही घटनाहरू वस्तुनिष्ठ र सत्यतथ्यमा आधारित देखिँदैनन्। घटनाहरू सम्प्रेषण र प्रकाशन गर्दा एकपक्षीय र पूर्वाग्रही रूपमा आउनु भएन।

जस्तै, ०६५ भदौ २५ गते राती नेविसङ्घका सदस्य प्रदीप खड्काको चेकजाँचको स्थानमा मोटरसाइकल नरोकेको आरोपमा बालकुमारीमा प्रहरीले कुटपिट गरी घाइते बनाई उपचारका क्रममा पाटन अस्पतालमा मृत्यु भएको भन्ने घटना प्रकाशित भएको रहेछ । सो सम्बन्धमा निज प्रदीप खड्काको प्रहरीले कुटपिट गरी मृत्यु नभई रातीको समयमा अत्यधिक मात्रामा मादक पदार्थ सेवन गरी मोटरसाइकल चलाई आएको र चेकिङ्मा राखिएको व्यारिएरमा ठोक्किएर घाइते भएका बेला प्रहरीले तत्काल उद्दार गरी पाटन अस्पतालमा उपचार गराउँदा गराउँदै मृत्यु भएको हो। सो सम्बन्धमा पाटन अस्पतालको मेडिकल रिपोर्टमा निजलाई कुटपिट गरिएको केही नदेखिएको भनी प्रमाणित गरी सकिएकाले सो विषयमा एकपक्षीय रूपमा घटना सम्प्रेषण भएको देखिन्छ। अत: यस्ता प्रकारका मानवअधिकार हननका घटना सम्प्रेषण तथा प्रकाशन गर्दा निष्पक्ष, सत्यतथ्य र वस्तुनिष्ठ भएर प्रकाशित गर्दा इन्सेकको गौरवमय इतिहासमा सुनमा सुगन्धको काम गर्ने थियो कि ? मानवअधिकारबारे जनचेतना जगाउनु, मानवअधिकार उल्लङ्घनका घटनाहरूलाई निर्भीकताका साथ जस्ताको त्यस्तै दस्तावेजका रूपमा प्रस्तुत गर्नु, कानुनी राज्य र विधिको शासन सञ्चालनका लागि मार्गदर्शक बन्नु पर्दछ। वर्षपुस्तकमा प्रकाशित भएका घटनाहरू प्रहरीको १० नम्बर डायरी, सरकारी वकिल र अदालतका फाइलका घटनामा आधारित भएको भेटिन्छ। घटनाका सूचनाको स्रोत ती निकाय भए पनि अन्य स्रोत खोजी घटनास्थलमै पुगी सत्यतथ्य घटना सङ्कलन गर्दा बढी प्रभावकारी हुन्छ। साथै, वास्तविक पीडक र पीडित को हो भन्ने सूचना बाहिर आउँछ। मानवअधिकारको संरक्षण एवम् प्रवर्द्धनका लागि प्रहरीले निर्वाह गर्नुपर्ने भूमिकाप्रति सदैव संवेदनशील रही अपराध रोकथाम तथा नियन्त्रण र नागरिक सेवामा कटिबद्ध हुने जानकारी गराउन चाहन्छु।

विक्रमसिंह थापा
प्रमुख, महानगरीय प्रहरी परिसर
ललितपुर

'मानवअधिकार वर्षपुस्तक २००९' अध्ययन गरेँ। वर्षपुस्तकमा सन् २००८ मा भएका मानवअधिकार उल्लङ्घन/ज्यादतीका घटनाहरूलाई सूचीकृत गरिएको पाइयो। नेपालमा विशेष गरी सशस्त्र द्वन्द्वका समयमा भएका घटनालाई यस पुस्तकले समेटेको हुँदा पुस्तक ऐतिहासिक दस्तावेज भएको छ। वर्तमान सङ्क्रमणकालीन र शान्ति प्रक्रियामा यस पुस्तकमा समेटिएका घटनाले पीडितहरूलाई क्षतिपूर्ति उपलब्ध गराउन महत्त्वपूर्ण सन्दर्भ सामग्री हुन्छ भन्ने मलाई विश्वास छ। यस्ता वर्षपुस्तकहरू जिल्ला तहमा पनि प्रकाशन गर्न सकेमा अझै राम्रो हुने देखिन्छ।

सन्दीप भण्डारी
प्रहरी नायव उपरीक्षक, जिल्ला प्रहरी कार्यालय,
काभ्रेपलाञ्चोक

जिल्ला बालकल्याण समितिलाई उपलब्ध नगराइए पनि 'मानवअधिकार वर्षपुस्तक २००९' खोजेर अध्ययन गरेँ। अध्ययनका क्रममा कुनै एक जिल्लाको मात्र नभई मुलुकभरको मानवअधिकारको अवस्था सहज ढङ्गले अध्ययन गर्ने अवसर मिलेको महसुस भयो। बालअधिकार शीर्षकमा हरेक जिल्लाबाट घटनाहरू समावेश गरिए पनि विश्लेषणात्मक सामग्री अझै आउन सकेको छैन। मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रियस्तमा प्रतिबद्धता जनाइएका महासन्धि थपिँदैछन्। आगामी वर्षहरूमा ती सबै महासन्धिहरूको अनुगमनका लागि शीर्षक थप्दा उपयुक्त हुन्छ। मानवअधिकार आन्दोलनका लागि यो महत्त्वपूर्ण दस्तावेज भएकाले विगतमा जति राम्रो काम भयो, त्यसका लागि धन्यवाद दिँदै आगामी दिनमा अझै तथ्यमा आधारित बनेर सामग्रीहरू प्रकाशन गर्न सुझाव दिन चाहन्छु।

जयराम कर्माचार्य
बालअधिकार अधिकृत, जिल्ला बालकल्याण समिति
काभ्रेपलाञ्चोक

Annex-06:Layout 1 2/15/2010 2:50 PM Page 596

'मानवअधिकार वर्षपुस्तक २०१०' मा भक्तपुर जिल्लामा मानवअधिकार उल्लङ्घनका प्रवृत्ति र घटनाको प्रकाशन गर्ने कार्यमा सक्रियता र तदारूकताका साथ सदाझैं पाठकसामु आउन सकोस् र मानवअधिकार उल्लङ्घनका घटनालाई उजागर गरी त्यस्ता घटनामा कमी ल्याउन सकोस् भन्ने हार्दिक शुभेच्छा व्यक्त गर्दछु।

दीपकराज नेपाल
प्रमुख जिल्ला अधिकारी, भक्तपुर

मानवअधिकार उल्लङ्घनका घटनाहरूलाई समेटेर प्रत्येक वर्ष इन्सेकले प्रकाशन गर्दै आइरहेको मानवअधिकार वर्षपुस्तक २००९ हेर्ने मौका मिल्यो। गाउँ र टोलमा भएका अनगिन्ती घटनालाई पुस्तकले समेटेको नपाइएकाले त्यसतर्फ आगामी दिनमा ध्यान जान आवश्यक छ। आगामी अङ्क परिष्कृत आओस् भन्ने शुभकामना व्यक्त गर्दछु।

किरण न्यौपाने
सचिव, नेपाली काङ्ग्रेस
१ नम्बर क्षेत्रीय कार्यसमिति, भक्तपुर

इन्सेकले मानवअधिकार वर्षपुस्तकमार्फत देशमा मानवअधिकार हननका घटनाहरू सार्वजनिक गरी मानवअधिकारबारे चेतना फैलाउने र सरकारलाई मानवअधिकारको पालना गराउन खबरदारी गर्ने कार्य गरिरहेको छ। ०६६ वैशाख २१ गते सुडाल र असार २३ गते थिमीको चपाचोमा भएको घटनामा प्रहरी प्रशासनको ढिलासुस्तीले गर्दा ठूलो भौतिक तथा मानवीय क्षति भयो। ठूला राजनीतिक दलहरूले अपराधीलाई संरक्षण दिने र आफ्ना युवा सङ्गठनहरूलाई जनता र देशको सेवामा भन्दा गुण्डागर्दीमा प्रोत्साहित गरेको कारण देश चरम दण्डहीनताको स्थितिमा पुगेको छ। मानवअधिकारको पक्षमा र दण्डहीनताको विरोधमा मानवअधिकार वर्षपुस्तकमा अझ निष्पक्ष ढङ्गमा घटनाहरू समेट्ने आशाका साथ मानवअधिकार वर्षपुस्तकको निरन्तर प्रकाशनको शुभकामना व्यक्त गर्दछु।

रमेश थापा श्रेष्ठ
अध्यक्ष, नेपाल मजदुर किसान पार्टी
भक्तपुर

मानवअधिकार वर्षपुस्तक प्रकाशन गरेर नेपालको मानवअधिकारको क्षेत्रमा गरेको योगदानको आमनेपाली जनता राजनीतिक दल र मानवअधिकारकर्मीले प्रशंसा गरेका छन्। सदाझैं यस वर्ष पनि 'मानवअधिकार वर्षपुस्तक' प्रकाशन गर्ने जानकारी पाउँदा हामी ज्यादै खुसी छौं। आगामी दिनमा पनि मानवअधिकारका साथै द्वन्द्व व्यवस्थापन गर्दै आर्थिक-सामाजिक रूपान्तरणमा अझ बढी योगदान गर्दै जान सकोस्।

श्री सोमप्रसाद मिश्र
संयोजक, एकीकृत माओवादी,
जिल्ला कमिटी, भक्तपुर

इन्सेकले यस वर्ष पनि मानवअधिकार वर्ष पुस्तक प्रकाशन गर्ने जानकारी पाउँदा हामीलाई खुसी लागेको छ। मानवअधिकार, कानुनी राज्यका साथै द्वन्द्व व्यवस्थापन गर्दै आर्थिक-सामाजिक रूपान्तरणमा त्यस संस्थाले योगदान गर्दै जान सकोस्। जिल्लास्तरमा भए गरेका घटनाहरूका सम्बन्धमा जिल्लास्तरमै पनि यस्ता पुस्तक प्रकाशन हुनसके मानवअधिकारको क्षेत्रमा संस्थाको क्रियाशीलता प्रभावकारी तथा उपयोगी हुने अपेक्षा गर्दै वर्षपुस्तक र इन्सेकको पूर्ण सफलताका लागि हार्दिक शुभकामना व्यक्त गर्दछौं।

गजेन्द्रशङ्कर तिमिला
अध्यक्ष, नेपाल बार एसोसिएसन, जिल्ला अदालत बार एसोसिएसन, भक्तपुर

इन्सेकले विगत लामो समयदेखि मानवअधिकार अवस्थाको विश्लेषण तथा देशका ७५ ओटै जिल्लामा भएका मानवअधिकार उल्लङ्घनका घटनाहरूको तथ्याङ्क सङ्कलन गरी नेपाल मानवअधिकार वर्षपुस्तक प्रकाशन गर्दै आएको विषयप्रति म परिचित छु। यस वर्ष पनि यसको निरन्तरता देख्दा खुशी लागेको छ। सङ्क्रमणकालीन अवस्थामा मानवअधिकार उल्लङ्घनका घटनाहरूमा वृद्धि हुनु अस्वाभाविक नभए पनि स्थानीय प्रशासन यसलाई यथाशक्य न्यून गर्दै जनताको जीउ ज्यानको सुरक्षालगायत मानवअधिकारका सबै पक्षको संरक्षणका लागि अहोरात्र प्रयत्नरत छ। मानवअधिकार सबैको सरोकारको विषय भएकाले यस क्षेत्रमा कार्यरत सङ्घसंस्था, नागरिक समाज, राजनीतिक दलसमेतको उत्तिकै सहयोग जरूरी छ। सबैको साझा प्रयासबाट अवश्य पनि मानवअधिकार हननका घटनालाई कम गर्न सकिने मैले विश्वास लिएको छु।

काठमाडौं जिल्लाभित्र विगत एक वर्षभित्र घटेका घटनाहरूको प्रकाशोन्मुख विवरण सरसर्ती हेर्ने अवसर पाएँ। इन्सेकले विस्तृत रूपमा साना-ठूला सबै घटनालाई समावेश गरेको विषय प्रशंसनीय छ।

Annex-06:Layout 1 2/15/2010 2:50 PM Page 597

अन्तमा, वर्षपुस्तक प्रकाशन गर्ने इन्सेकको प्रयत्न प्रशंसनीय छ। यसले मानवअधिकार हननका सबै पक्षलाई सजग, सतर्क गराउँदै प्रकारान्तरले मानवअधिकर रक्षाका क्षेत्रमा विशेष योगदान पुऱ्याएको अनुभव गरेको छु। इन्सेकको यस प्रयासले निरन्तरता पाओस्। हार्दिक शुभकामना।

लक्ष्मीप्रसाद ढकाल
प्रमुख जिल्ला अधिकारी
काठमाडौँ

मानवअधिकार रक्षाका निम्ति क्रियाशील इन्सेकले समग्र देशको मानवअधिकारको अवस्था चित्रण गरेको नेपाल मानवअधिकार वर्षपुस्तक सन् २००९ हेर्ने अवसर मिल्यो। यसको अध्ययनपछि मुलुकको मानवअधिकारको अवस्था छर्लङ्ग हुन्छ। यस्ता प्रकाशनले मानवअधिकार उल्लङ्घनका घटनाहरू कम गर्न दबाब सिर्जना गर्छ।

विश्वास नेपाली
सदस्य, प्रेस चौतारी नेपाल
रसुवा

इन्सेकले तथ्यमा आधारित मानवअधिकार हनन तथा उल्लङ्घनका घटनाहरू सार्वजनिक गरी मानवअधिकार रक्षाका लागि पहरेदारी गरेको छ। वर्षपुस्तकमार्फत देशभरिको मानवअधिकारको अवस्थालाई चित्रण गरेर देशलाई एउटा सम्पत्ति प्रदान गरेको छ। यसले दण्डहीनता रोक्न राज्य तथा सम्बन्धित निकायलाई घच्घच्याई रहनेछ।

विष्णुप्रसाद देवकोटा
सचिवालय, सदस्य नेकपा एमाले जिल्ला कमिटी,
रसुवा

इन्सेकले हरेक वर्ष प्रकाशित गर्ने नेपाल मानवअधिकार वर्षपुस्तकमा देशभरका मानवअधिकार उल्लङ्घन तथा ज्यादतीका सबैखाले घटनाहरूलाई स्थान दिनसके अझै राम्रो हुने थियो।

नवराज न्यौपाने
अध्यक्ष, मानवअधिकार तथा सामुदायिक विकास स्रोत
केन्द्र, रसुवा

इन्सेकले मुलुकभित्र भएका चर्चित घटनाहरूको विषयवस्तुको उजागर गरी मानवअधिकारको पक्षमा अहम् भूमिका खेलेको कुरामा दुईमत छैन। सुरूदेखि वर्तमानसम्म वर्षपुस्तक अध्ययन गर्दा पुस्तकले समेटेका विषयवस्तु र घटनाहरूको मूल्याङ्कन गर्ने परिपाटीमा आमूल परिवर्तनका साथै निष्पक्षताको कसी लगाएको देखिन्छ। मुलुकमा देखिएको दण्डहीनताको अवस्थालाई अझ छर्लङ्ग पारी त्यसको सुधारमा आगामी दिनका प्रकाशनले विशेष भूमिका खेल्ने अपेक्षा र शुभकामना व्यक्त गर्दछु।

भरतमणि खनाल
जिल्ला न्यायाधिवक्ता, जिल्ला सरकारी वकिल
कार्यालय, कास्की

इन्सेकले सन् २००९ मा भएका मानवअधिकार हननसँग सम्बन्धित घटनाहरूलाई प्रकाशित गर्ने हेतुले 'मानवअधिकार वर्षपुस्तक २०१०' प्रकाशित गर्न लागेको सुन्दा हर्ष लागेको छ। मानवअधिकार हननका घटनाहरूलाई जनसमक्ष ल्याउने उद्देश्यले सन् १९९२ देखि यस संस्थाद्वारा प्रकाशन हुँदै आएको यस पुस्तकले मानवअधिकारसम्बन्धी घटनाहरूको प्रकाशन गरी मानवअधिकार संरक्षण गर्ने कार्यमा सरकारलाई सहयोग पुऱ्याएको ठानेको छु।

नन्दीकेशर त्रिपाठी
प्रमुख जिल्ला अधिकारी
स्याङ्जा

इन्सेकले गत वर्षहरूमा झैं यस वर्ष पनि 'मानवअधिकार वर्षपुस्तक २०१०' प्रकाशित गर्न लागेको जानकारी प्राप्त भएकाले उक्त पुस्तक प्रकाशनका लागि शुभकामना व्यक्त गर्न चाहन्छु। इन्सेकले मानवअधिकारको क्षेत्रमा पुऱ्याएको अति विशिष्ट योगदानको मुक्तकण्ठले प्रशंसासमेत गर्न चाहन्छु।

उत्तमराज सुवेदी
प्रहरी नायव उपरीक्षक
स्याङ्जा

मानवअधिकारको क्षेत्रमा काम गरिरहेको इन्सेकले मानवअधिकार र 'मानवअधिकार वर्षपुस्तक २०१०' प्रकाशन गर्न लागेकामा खुसी लागेको छ। यस्ता घटनाहरू यथार्थ सत्य, तथ्यपरक हुनेछन् भन्ने विश्वास लिँदै यथार्थ, सत्य, तथ्य घटनाहरू सम्प्रेषण गर्ने यस केन्द्रको उद्देश्यमा सफलता मिलोस् भन्दै आगामी वर्षहरूमा पनि यसले निरन्तरता पाओस् भन्ने शुभकामना व्यक्त गर्दछु।

माधवेन्द्रराज रेग्मी
जिल्ला न्यायाधीश
स्याङ्जा

Annex-06:Layout 1 2/15/2010 2:50 PM Page 598

नेपालमा मानवअधिकारको संरक्षण तथा सम्वर्द्धन गर्न सधैँ सक्रिय रहेको संस्था इन्सेकले सन् २००९ मा घटेका मानवअधिकार हनन तथा दण्डहीनता र हिंसाजन्य घटनाहरू समावेश गरी वर्षपुस्तक प्रकाशन गर्न लागेकामा मानवअधिकार तथा शान्ति समाज स्याङ्जा शाखा हार्दिक शुभकामना व्यक्त गर्दछु। यो प्रकाशन आगामी दिनहरूमा मानवअधिकार संरक्षणको क्षेत्रमा कोसेढुङ्गा सावित हुने अपेक्षा गर्दछु।

चन्द्रबहादुर केसी
सभापति, मानवअधिकार तथा शान्ति समाज
स्याङ्जा

इन्सेकले मानवअधिकाको क्षेत्रमा लामो समयदेखि कार्यरत रही उल्लेखनीय कार्य गर्दै आएको र आगामी दिनहरूमा यस्तै अझै राम्रो कार्य गर्न सफलता मिलोस् भन्ने हार्दिक शुभकामना व्यक्त गर्न चाहन्छु।

गोविन्दप्रसाद बराल
जिल्ला न्यायाधिवक्ता, स्याङ्जा

मानवअधिकार वर्षपुस्तक मानवअधिकार संरक्षण र सम्वर्द्धनमा दत्तचित्त रहने प्रवुद्ध वर्गका लागि आँखीझ्यालका रूपमा रहन सक्ने ऐतिहासिक सङ्ग्रह हो। वर्षपुस्तकमा सांस्कृतिक, आर्थिक र सामाजिक अधिकारहरूका सम्बन्धमा पनि अनुसन्धानमूलक सामग्री प्रकाशन गर्न सक्षम हुन सकोस्। प्रकाशित घटना एवम् सूचनाहरूको निष्पक्षता एवम् विश्वसनीयतासमेत प्राप्त गर्न सफल रहोस् भन्ने शुभकामना व्यक्त गर्दछु।

हेमराज पन्त
जिल्ला न्यायाधीश, जिल्ला अदालत, नवलपरासी

गतवर्षझैँ यस वर्षको 'मानवअधिकार वर्षपुस्तक २००९' समयमा नै पढ्ने अवसर प्राप्त भयो। यसले जिल्लामा मानवअधिकार हनन भएका घटनाहरूको चित्रण गर्ने प्रयास गरेको छ। सन् १९९२ देखि वार्षिक रूपमा प्रकाशित हुँदै आएको, यसले पीडकलाई कारबाहीको दायरामा ल्याउन र पीडितलाई राहतको व्यवस्था हुनु पर्ने कुरामा जोड दिँदै आएकामा आगामी दिनहरूमा पनि निरन्तरता पाइरहोस् र राजनीतिक आग्रह तथा पूर्वाग्रह नराखी सत्य-तथ्य कुरालाई यथार्थ रूपमा प्रकाशनमा ल्याउने काममा अझ बढी सफलता मिलोस्।

शाखा अधिकृत (जेलर)
जिल्ला कारागार कार्यालय, नवलपरासी

सदाका वर्षझैँ 'मानवअधिकार वर्षपुस्तक २००९' समयमा नै हात लाग्यो। यस पुस्तकले विगतका वर्षहरूमा जस्तै मानवअधिकार उल्लङ्घनका घटनाहरूलाई वस्तुपरक ढङ्गले उठाउन सफल भएको छ। यसले मानवअधिकार उल्लङ्घनकर्तालाई खबरदारी मात्र होइन, मानवअधिकार आन्दोलनलाई समेत अगाडि ल्याएको छ। आगामी दिनमा यस पुस्तकले यसरी नै मानवअधिकारको पक्षमा आफ्ना पाइला फैलाउँदै जाओस् भन्दै वर्षपुस्तक निरन्तर प्रकाशनका लागि शुभकामना व्यक्त गर्दछु।

विष्णु लामिछाने
कार्यालय सचिव, नेपाली काङ्ग्रेस
नवलपरासी

इन्सेकद्वारा प्रकाशित नेपाल मानवअधिकार वर्षपुस्तक विगत वर्षमा झैँ २००९ पनि पढ्ने अवसर प्राप्त भयो। घटना सबैतिरबाट समावेश गरेको पाइयो। दुर्गम तथा सुगमका घटनाहरू समेट्ने प्रयास सराहनीय रहेको छ। यसलाई अझै परिष्कृत गर्दै लैजान क्रियाशीलतासाथ लाग्न पर्ने आवश्यकता महसुस गरेको छु। आगामी दिनहरूमा पनि पुस्तक अध्ययन गर्ने अवसर प्रदान गर्नुहुन अनुरोध गर्दछु।

तुलसी पासी
उपसचिव तथा कार्यालय सचिव, नेकपा एमाले
नवलपरासी

विगत वर्षहरूमा जस्तै यस वर्ष पनि इन्सेकले प्रकाशन गरेको 'मानवअधिकार वर्षपुस्तक २००९' अध्ययन गर्ने अवसर प्राप्त भयो। यस पुस्तकले जिल्लामा भएका मानवअधिकार उल्लङ्घनका घटनाहरूलाई सूक्ष्म रूपले खोजी गरी सबै घटनाहरूलाई समेटेको छ। साथै यस पुस्तकका कारण मानवअधिकार उल्लङ्घनकर्तालाई एकपटक सोच्ने स्थितिमा पुऱ्याएको छ भने पीडितले न्याय (राहत)को अनुभूति गर्ने स्थिति देखिन्छ। भविष्यका लागि पनि दस्तावेजका रूपमा रहने यस पुस्तकमा सत्य, तथ्य र यथार्थपरक घटना समावेश भएको पाइएको छ। यसमाथि कसैले पनि प्रश्न उठाउने स्थिति नरहने गरी सत्य, तथ्य र निष्पक्ष रूपमा घटनालाई समावेश गरी पीडितलाई न्याय र पीडकलाई दण्ड दिन यो पुस्तक सफल रहोस् भन्दै आगामी २०१० मा प्रकाशन हुने वर्षपुस्तकलाई शुभकामना दिन चाहन्छु।

प्रमुख जिल्ला अधिकारी
नवलपरासी

Annex-06:Layout 1 2/15/2010 2:50 PM Page 599

मानवअधिकार संरक्षण र सम्वर्द्धनमा दत्तचित्त रहने हरेक प्रबुद्ध वर्गका लागि आँखीझ्यालका रूपमा रहनसक्ने ऐतिहासिक सङ्ग्रह हो। यस पुस्तकले समाजमा घटेका विविध घटनाहरू उजागर गरेजस्तै आगामी वर्षपुस्तकमा मानवका सांस्कृतिक, आर्थिक र सामाजिक अधिकारहरूका सम्बन्धमा पनि अनुसन्धानमूलक खबरसमेत प्रकाशन गर्न सक्षम हुन सकोस् र प्रकाशित घटना एवम् सूचनाहरूको निष्पक्षता र विश्वसनीयतासमेत प्राप्त गर्न सफल रहोस् भन्ने शुभकामना व्यक्त गर्दछु।

हेमन्त पन्त
जिल्ला न्यायाधीश, जिल्ला अदालत
नवलपरासी

इन्सेकको अभियान सराहनीय छ। पुस्तक हरेक वर्ष नियमित आइरहेको छ। इन्सेकले मानवअधिकारको क्षेत्रमा उदाहरणीय काम गरेको छ । मानवअधिकार उल्लङ्घन गर्ने, ज्यादती गर्ने जुनसुकै समूहलाई पनि इन्सेकले किटानी गरेरै सचेत बनाउँदै आएको छ। देशभर भएका मानवअधिकार उल्लङ्घनसम्बन्धी सबैखाले घटनाहरूलाई न्यायोचित र निरपेक्ष तरिकाले औंल्याएको हाम्रो ठहर छ। हामीले पनि इन्सेकको अभियानबाट आफूलाई सजग, सचेत र संयमित राख्ने अवसर पाएका छौं।

खेलराज पाण्डे
नेपाली काङ्ग्रेस, रूपन्देही

इन्सेक मुलुकको मानवअधिकार क्षेत्रको अग्रणी संस्था हो। इन्सेक अभियानले दल, नागरिक र राज्यलाई पनि सुसूचित बनाएको छ। खासगरी संविधानसभा निर्वाचनमा इन्सेकले गरेको अभियान सराहनीय रह्यो। इन्सेकले केन्द्र, क्षेत्र र जिल्ला प्रतिनिधिहरूमार्फत चुनावमा गरेको निष्पक्ष अनुगमन, पर्यवेक्षणले पनि संविधानसभा चुनाव सफल हुन गएको हाम्रो ठहर छ। देशभरि भएका मानवअधिकार उल्लङ्घनका घटनाहरूलाई समेटेर हरेक वर्ष पुस्तक प्रकाशन गर्नु आफैंमा महत्त्वपूर्ण काम हो। यो मानवअधिकार क्षेत्रका लागि एक मात्र दस्तावेजका रूपमा मैले लिएको छु। पुस्तक नियमित आएको छ। यसमा महिला हिंसाका घटनाहरू सबै समावेश हुन नसकेको मेरो धरणा हो। त्यसो त समाजमा महिलाविरूद्ध हुने सबै हिंसाका घटनाहरू बाहिर आउँदैनन पनि। मानवअधिकारबारे जनचेतना जगाउनुका साथै देशमा भएका मानवअधिकार उल्लङ्घनका घटनाहरूलाई अझ निर्भीकताका साथ ल्याउनेतर्फ इन्सेकको अभियान सशक्त बनोस् भन्ने शुभकामना।

शिव सुवेदी
सचिव, नेकपा (एमाले), रूपन्देही

मानवअधिकारको क्षेत्रमा काम गर्नु आफैंमा जटिल कुरा हो। कानुनी राज्य, विधिको शासन र प्रजातान्त्रिक पद्धतिका लागि लड्नु जटिल र अति नै महत्त्वपूर्ण तथा जोखिम कदम हो। संवेदनशील पक्ष पनि मान्छु म। इन्सेकले जस्तोसुकै अवस्था र चुनौतीहरूमा पनि आफ्नो अभियानलाई निर्भीकताका साथ निरन्तरता दिएको छ। यो सराहनीय काम हो। मानवअधिकारको क्षेत्र ठूलो, फराकिलो र विस्तारित भएको छ। यी सबैखाले क्षेत्रमा इन्सेकले अझ सशक्त अभियान चलाउनेछ भन्ने विश्वास लिएको छु। हाम्रो इन्सेकसँग सहकार्य पनि हुँदै आएको छ। यसका जुन देशभर नेटवर्क छन्, तिनलाई अझ क्रियाशील, सशक्त बनाउन इन्सेकले आफ्नो दायित्व पूरा गरोस्। इन्सेक अभियानलाई धेरै धेरै शुभकामना।

महेन्द्र पाण्डे
अध्यक्ष, नेपाल बार एसोसिएसन
पुनरावेदन अदालत, बुटवल

देशव्यापी सञ्जाल भएको इन्सेकको अभियान एकदम सराहनीय र उदाहरणीय छ। यसले सबै सरोकारवालालाई सजग र सचेत बनाउने काम गर्दै आएको छ। पछिल्लो अङ्कबाहेक अरू सबै अङ्कहरू नियमित हेर्ने गरेको छु। देशभर भएका मानवअधिकार उल्लङ्घनका घटनालाई जस्ताको तस्तै र निर्भीक भएर इन्सेकले वर्षपुस्तकमार्फत प्रकाशन गर्दै आएको छ। यो अति महत्त्वपूर्ण कदम हो। कतिपय मानवअधिकार उल्लङ्घनका घटनाहरू वर्षपुस्तकमा समावेश हुन सकेका छैनन्। राज्यलाई आफ्नो दायित्वतर्फ जागरूक र अभिमुख गराउन इन्सेकजस्ता गैरसरकारी क्षेत्रबाट खेलिने यसखालको निरन्तरको भूमिकालाई मैले उदाहरणीय रूपमा लिएको छु। अन्तर्राष्ट्रिय मानवीय कानुनहरूको परिपालनामा राज्यले जुन उदासीनता देखाउँदै आएको छ, त्यसतर्फ इन्सेकले गरेको खबरदारीको काम सराहनीय छ।

खड्कबहादुर केसी
जिल्ला न्यायाधिवक्ता
रूपन्देही

Annex-06:Layout 1 2/15/2010 2:50 PM Page 600

मुलुकमा मानवअधिकारको अवस्था सन्तोषजनक छैन। दण्डहीनता कायमै रहेकाले बढेको अपराध संस्कृतिले मानवअधिकारको ठाडो उल्लङ्घन भएको छ। मान्छेका जीवनलीला नै समाप्त पार्ने अपराधीले राजनीतिक संरक्षण पाइरहेका छन्। अहिलेको यो परिस्थितिले विगतको युद्धकालीन अवस्थाको झल्को दिएको मैले ठानेको छु। खासगरी तराई क्षेत्रमा उत्पन्न भएका विभिन्न खालका सशस्त्र समूहहरूका कारण रूपन्देहीको जनजीवन पनि त्रस्त नै रहेको छ। रूपन्देहीका सीमावर्ती क्षेत्रहरू, दक्षिणी भेगमा यसको ज्वलन्त उदाहरण भेट्न सकिन्छ। चन्दा आतङ्क बढेको छ। विभिन्न समूहको इन्चार्ज वा नेताका नाममा फरक फरक फोन नम्बरहरूबाट चन्दा नदिए ज्यान मार्ने धम्की आउने गरेका छन्। इन्सेकको मानवअधिकार र सामाजिक न्यायको यस अभियानलाई शुभकामना।

मुक्तिराम पोखरेल
सचिव, गैसस महासङ्घ, रूपन्देही

मानवअधिकारको क्षेत्रमा इन्सेकले गर्दै आएको देशव्यापी अभियान सराहनीय छ। मानवअधिकारबारे जनचेतना जगाउनुका साथै देशभर भएका मानवअधिकार उल्लङ्घनका घटनाहरूलाई निर्भीकताका साथ जस्ताको तस्तै दस्तावेजका रूपमा प्रस्तुत गर्ने इन्सेकको यस वर्षपुस्तक कानुनी राज्य र विधिको शासन सञ्चालनका लागि मार्गदर्शन बनेको मैले महसुस गरेको छु। इन्सेकको वर्षपुस्तकले मानवअधिकार उल्लङ्घन गर्नेलाई निरूत्साहित गर्न र मानवअधिकारलाई प्रवर्द्धन गर्न उल्लेखनीय भूमिका खेल्दै आएको छ। इन्सेकलाई शुभकामना।

नागेन्द्र झा
प्रमुख जिल्ला अधिकारी, रूपन्देही

मानवअधिकार वर्षपुस्तक कानुनी राज्य तथा विधिको शासनमा विश्वास गर्छौं र चलाएका छौं भन्नेहरूका लागि सचित्र दस्तावेज भएको मैले लिएकी छु। दण्डहीनता व्याप्त रहेको यस परिस्थितिमा मानवअधिकारको अवस्था दयनीय छ। हरेक क्षेत्र, भाषा, लिङ्ग र समुदाय अधिकारको सुनिश्चितताका लागि आन्दोलनरत छन्। यो आन्दोलनमा इन्सेकले पुऱ्याएको सहयोगका लागि इन्सेकलाई धन्यवाद। वर्षपुस्तकमा घरेलु हिंसाका सबै घटना समेटिएका हुँदैनन्, यसतर्फ सम्बन्धित पक्षको ध्यान जाओस्।

जानकी न्यौपाने
पूर्वअध्यक्ष, अनेमसङ्घ, रूपन्देही

मानवअधिकार वर्षपुस्तकको प्रकाशनले मानवअधिकारप्रति सचेत र जिज्ञासु नागरिक समाजलाई सहयोग नै पुऱ्याउने काम गरेको छ। इन्सेकको अभियानले राज्य र राज्य सञ्चालक तहका दताहरूलाई आफ्नो दायित्वतर्फ सदैव खबरदारी गर्दै आएको मैले ठानेकी छु। इन्सेकले विगतदेखि नै जस्तोसुकै जटील र कठिन अवस्थामा पनि आफ्नो अभियानलाई निरन्तरता दिँदै आएको छ।

इन्दिरा अर्याल
महिला सञ्चार मञ्च, रूपन्देही

इन्सेकद्वारा प्रकाशित नेपाल मानवअधिकार वर्षपुस्तक मानवअधिकार क्षेत्रमा अति नै प्रभावकारी र महत्त्वपूर्ण पुस्तक हो। यद्यपि, जातीयता र छुवाछूतका आधारमा हुने भेदभाव र अमानवीय क्रियाकलापहरू सबै समेट्न सकिएको भए अझ राम्रो हुने थियो। ग्रामीणस्तरमा जातीय छुवाछूतको अवस्था कायमै छ। यससम्बन्धी घटनाहरूलाई सकभर नछुटाई प्रकाशन गरियोस्। समुदायलाई सचेत र सजग बनाउन इन्सेकले खेलेको भूमिका सराहनीय छ।

मनु खड्का (विश्वकर्मा)
सचिव, दलित महिला सङ्घ, रूपन्देही

मानवअधिकारको क्षेत्रमा अग्रणी संस्था इन्सेकको अभियान सराहनीय छ। देशभर भएका उल्लङ्घनका घटनाहरूलाई जस्ताको तस्तै र निर्भीकताका साथ दस्तावेजका रूपमा प्रकाशन गरिँदै आएको वर्षपुस्तक राज्यका लागि मार्गदर्शक बनेको मैले ठानेको छु।

विन्दु चौहान
मधेसी पत्रकार मञ्च, रूपन्देही

इन्सेकद्वारा प्रकाशित 'मानवअधिकार वर्षपुस्तक २००९' हेर्ने मौका पाएँ। उक्त पुस्तकले मुलुकभर भएका मानवअधिकारको दयनीय अवस्थालाई स्पष्ट चित्रण गर्न खोजेको छ। आगामी दिनमा यस पुस्तकले हरेक तह र तप्काका नागरिकलाई मानवअधिकारप्रतिको सचेतना प्रदान गर्ने र शान्ति स्थापनामा महत्त्वपूर्ण भूमिका राख्नेछ भन्ने विश्वास रहेको छ।

यमुना मरासिनी
शान्ति समिति, कार्यालय, कपिलवस्तु

सन् २००९ मा भएका मानवअधिकार उल्लङ्घनका घटनालाई सङ्कलन गरी तयार पारिएको

Annex-06:Layout 1 2/15/2010 2:50 PM Page 601

मानवअधिकार वर्षपुस्तकले मानवअधिकारका विविध पक्षलाई उजागर गर्ने प्रयास गरेको छ। साथै, यस प्रकाशनले मानवअधिकारको सम्मान गर्दै मानवीय मूल्य र मान्यतालाई उचो पार्न केही हदसम्म सहयोग गर्ने तथा मानवअधिकारको रक्षा गराउन सरोकारवालाहरूलाई अझ बढी मार्गदर्शन प्रदान गर्ने विश्वास गर्दछु। अन्त्यमा, पुस्तक प्रकाशनार्थ क्रियाशील इन्सेक परिवारलाई हार्दिक बधाई एवम् शुभकामना दिँदै आउँदा वर्षहरूमा अझ बढी विश्लेषणात्मक एवम् तथ्यपरक प्रकाशनको कामना गर्दछु।

शम्भुप्रसाद घिमिरे
प्रमुख जिल्ला अधिकारी
कपिलवस्तु

मानवअधिकार वर्षपुस्तकले विगतका वर्षमा सम्पूर्ण पक्षबाट भएका घटना, परिघटनालाई समाजको अगाडि प्रतिविम्बित गरेको छ। यो मानवअधिकार संरक्षणको क्षेत्रमा काम गर्नेहरूका लागि ऐतिहासिक दस्तावेज हो। यद्यपि, केही घटनाहरू राजनीतिक पूर्वाग्रहका आधारमा, कसैले दिएको सूचनाका आधारमा प्रकाशित भएको देखिन्छ। आउँदा दिनमा सरोकारवाला निकायसँग खोज, अनुसन्धान र स्थलगत अध्ययनका आधारमा टिप्पणी उल्लेख गर्नु उपयुक्त देखिन्छ।

अनुप बराल
सचिव, एकीकृत माओवादी जिल्ला कमिटी
कपिलवस्तु

इन्सेकद्वारा मिहिनेतपूर्वक तयार पारिएको 'मानवअधिकार वर्षपुस्तक २००९' अध्ययन गर्न पाउँदा समग्र मानवअधिकार स्थितिको यथार्थता थाहा पाउन सकियो। दूरदराजमा भएका मानवअधिकार हननका घटना र पीडितहरूका पीडालाई सत्यतथ्य र निष्ठापूर्वक सङ्कलन र अभिलेखित गरेको अध्ययनबाट देखियो। खास गरी महिला हिंसा, बालविवाह, दाइजो प्रथाले ग्रस्त कपिलवस्तुमा तत्विषयका घटनाहरूको अनुसन्धानमा आगामी दिनमा अझ लागिपर्नु आवश्यक रहेको विषयमा ध्यानाकृष्ट गराउँछौं।

डम्मरकुमार शर्मा
उपाध्यक्ष, नेकपा (एमाले) जिल्ला कमिटी
कपिलवस्तु

इन्सेकद्वारा प्रकाशित मानवअधिकार वर्षपुस्तकले मानवअधिकार रक्षाको क्षेत्रमा मात्र होइन, मुलुकमा लोकतान्त्रिक गणतन्त्रको स्थापना र शान्ति प्रक्रियालाई सार्थक निष्कर्षमा पुऱ्याउने कार्यको क्षेत्रमा समेत अत्यन्त महत्त्वपूर्ण योगदान पुऱ्याएको छ। वर्षभरमा भएका मानवअधिकार उल्लङ्घन तथा ज्यादतीका घटना विवरणहरू र प्रत्येक वर्ष समेटिएका अति महत्त्वपूर्ण दस्तावेजहरूले यसको महत्त्वलाई झनै बढाएको छ। यो पुस्तक सबै राजनीतिक दल र सरोकारवाला सबैका लागि पठनीय सामग्री मात्र होइन, सङ्ग्रहणीय दस्तावेज बनेको छ। मानवअधिकार उल्लङ्घनकर्ताहरूले पुस्तकको अध्ययनबाट आफूलाई सच्याउन सकून्। पुस्तकमा मानवअधिकार उल्लङ्घन तथा ज्यादतीका सबै घटना अझै समेट्ने प्रयत्न रहोस्।

बोमबहादुर खड्का
अध्यक्ष, एमाले
गुल्मी

इन्सेकले प्रकाशन गर्ने मानवअधिकार वर्षपुस्तकमा कुनै आग्रह-पूर्वाग्रहबिना मानवअधिकार उल्लङ्घनका घटनाहरू प्रकाशनमा ल्याउन आवश्यक छ। घटनाहरूको सूक्ष्म तरिकाले खोजी गरी सत्यतथ्य जे हो, त्यही नै उद्घाटित गर्न र नागरिकलाई मानवअधिकारको विषयमा सुसूचित पार्नमा सहयोग पुऱ्याउनमा प्रकाशनले महत्त्वपूर्ण भूमिका खेल्नेछ भन्ने अपेक्षा छ। शान्ति प्रक्रिया सङ्कटमा पर्न थालेको वर्तमान समयमा नागरिकको पूर्ण अधिकारसहितको स्थायी शान्ति स्थापनाका लागि प्रत्येक नागरिकलाई जागृत गर्न सकोस् भन्ने मेरो हार्दिक शुभकामना।

अटल
इन्चार्ज, एकीकृत माओवादी
गुल्मी

इन्सेकले मानवअधिकार वर्षपुस्तक प्रकाशन गरेर प्रशंसनीय काम गरेको छ। सत्यतथ्य घटनालाई उद्घाटित गर्दै मानवअधिकारको संरक्षण र दण्डहीनताको अन्त्यका लागि निकै लामो समयदेखि यसले उद्घोष गरेको हामीले पाएका छौं। तर पनि कतिपय अवस्थामा इन्सेकलाई लाग्ने राजनीतिक आरोप-प्रत्यारोपबाट मुक्त हुनु यस संस्थाको चुनौती हो। नागरिक अधिकार सुनिश्चित गर्दै कानुनको पालना गर्न/गराउनमा प्रकाशनले सहयोग गरोस्, हार्दिक शुभकामना।

सुरेशचन्द्र भुसाल
सभापति, नेपाली काङ्ग्रेस, गुल्मी

'मानवअधिकार वर्षपुस्तक २००९' को अध्ययन गर्दा गुल्मी जिल्लाका घटनाहरू सत्यतथ्यमा आधारित

Annex-06:Layout 1 2/15/2010 2:50 PM Page 602

भई प्रकाशन गरेको पाइयो। नागरिक अधिकार, महिलाअधिकार, बालअधिकार, जातीय भेदभावलगायतका मानवअधिकारसम्बन्धी विषयहरू प्रकाशनमा उल्लेख्य मात्रामा समेटिएको छ। विभिन्न कारणले स्थानीयस्तरमा रहेका घटनाहरूलाई पनि इन्सेकले आफ्नो पहुँचमा वृद्धि गरी खोजी गर्नु जरूरी छ। पीडितलाई न्याय र दोषीलाई कानुनी कारबाहीका लागि मानवअधिकार वर्षपुस्तकले टेवा पुऱ्याओस्।

सीता भुसाल
अध्यक्ष, महिला मानवअधिकार रक्षक सञ्जाल
गुल्मी

इन्सेकद्वारा प्रकाशित नेपाल मानवअधिकार वर्षपुस्तकलाई सरसर्ती अध्ययन गर्दा जिल्लाभित्र भएका र घटेका घटनालाई कुनै आग्रह-पूर्वाग्रहबिना नै यस पुस्तकमा समेटेको पाइयो। 'मानवअधिकार वर्षपुस्तक २०१०' मा पनि सम्पूर्ण घटनाहरू उल्लेख हुने अपेक्षा पनि गर्दछु। समाजसेवी, नागरिक समाज, बुद्धिजीवी, राजनीतिककर्मीहरूद्वारा आएका सुझावहरूलाई समेटेर प्रकाशन गर्नु हुन साथै इन्सेकले निभाएको भूमिकाको स्वागत र सफलताको शुभकामना व्यक्त गर्न चाहन्छु।

धीरेन्द्र विक
सचिवालय सदस्य, एकीकृत माओवादी, जिल्ला
सङ्गठन समिति, मुस्ताङ

इन्सेकले प्रत्येक वर्ष प्रकाशन गर्दै आएको मानवअधिकार वर्षपुस्तकमा मानवअधिकारको अवस्था, हत्या, हिंसा, बालअधिकार, महिला अधिकारसम्बन्धी घटनाहरू र जिल्लाको सङ्क्षिप्त विवरणसहित सत्यतथ्यमा आधारित रही समेटेको पाइयो। यसरी समाजमा ऐनाका रूपमा काम गर्दै आएकामा इन्सेकप्रति आभार व्यक्त गर्न चाहन्छु। यसैगरी, जिल्लामा भए गरेका सत्यतथ्य घटना जनसमक्ष ल्याई उजागर गर्ने कार्यमा लागि पर्ने विश्वास पनि लिएको छु।

खगेन्द्र तुलाचन
सभापति, नेपाली काङ्ग्रेस, जिल्ला कार्यसमिति
मुस्ताङ

इन्सेकद्वारा जिल्लाको सामान्य परिचयसहित मानवअधिकारको अवस्था तथा मानवअधिकार उल्लङ्घनसम्बन्धी घटनाहरू सत्यतथ्यमा आधारित भएर प्रत्येक वर्ष प्रकाशन गर्दै आएको मानवअधिकार वर्षपुस्तक अत्यन्त सङ्ग्रहणीय छ। मानवअधिकार वर्षपुस्तक सूचनामूलक भएकाले सम्पूर्ण नेपालीहरूलाई मानवअधिकारप्रति थप सजक, सतर्क र सचेत रहन सहयोग पुग्नेछ भन्ने मेरो विश्वास छ।

चन्द्रमोहन गौचन
सचिव, एमाले, जिल्ला कमिटी
मुस्ताङ

इन्सेकले प्रत्येक वर्ष मानवअधिकार वर्षपुस्तक प्रकाशित गर्दै आइरहेको कुरा हामी सबैलाई विदितै छ। मानवसँग नङ र मासुको जस्तो अभिन्न सम्बन्ध रहेको मानवअधिकारका क्षेत्रमा देशभर भएका मानवअधिकार उल्लङ्घनका घटना सङ्कलन गरी प्रकाशन गर्दा यो समाजको ऐना भएको मैले महसुस गरेको छु। आमसमुदायलाई आफ्नो अधिकार र कर्तव्यप्रति सजग र सतर्क रहन सहयोग पुग्नुका साथै राज्य तथा गैरराज्य पक्षलाई समेत खबरदारी गर्नेछ।

भोलाबहादुर रावल
प्रहरी नायब उपरीक्षक, मुस्ताङ

'मानवअधिकार वर्षपुस्तक २००९' मा समावेश गरिएका जिल्लाका सङ्क्षिप्त चिनारी र जिल्लामा घटेका आपराधिक घटनाहरूको विश्लेषणसहितको तथ्याङ्क विवरणहरू जिल्लाको मानवअधिकार अवस्थाबारे प्रस्ट चित्रण भएको छ।

यस किसिमका तथ्याङ्कले मानवअधिकार संरक्षणका लागि काम गर्ने सरकारी निकाय तथा सङ्घसंस्थाहरूलाई मानवअधिकार संरक्षणसम्बन्धी योजना बनाउन उपयोगी हुनेछ। मानवअधिकार वर्षपुस्तकमा समावेश गरिएका तथ्याङ्क र घटनाका बारेमा बृहत् भेला गरी सार्वजनिक गर्न सके यसले समाजमा हुने आपराधिक घटनाहरूलाई बाहिर ल्याउन भूमिका हुनसक्ने आशा लिएका छौं।

ओमबहादुर केसी
निमित्त स्थानीय विकास अधिकारी, मुस्ताङ

मानवअधिकार वर्षपुस्तकले नागरिकहरूको सुसूचित हुने अधिकारलाई स्थापित गरेको छ। तर, कहिलेकाँही नागरिकहरूको सबैखाले अधिकारलाई बिर्सेर राजनीतिक अधिकारलाई मात्र उठाएको देख्दा यसले पूर्णता पाउन नसकेको हो कि भन्ने लाग्छ। यसर्थ, मानवका सबैखाले अधिकारको रक्षा गर्न इन्सेकले आगामी दिनमा सक्रिय भूमिका निभाउनेछ भन्ने आशा गर्दछु।

नवराज रावत,
अध्यक्ष, एमाले जिल्ला कमिटी
सुर्खेत

Annex-06:Layout 1 2/15/2010 2:50 PM Page 603

राजनीतिक आग्रह र पूर्वाग्रहबिना कुनै पनि अधिकारवादी संस्थाले समग्र मानवअधिकारको आवाज उठाए मात्र साँच्चिकै पीडितहरूले राहत पाउनेछन्। इन्सेकले पनि विगतका दिनमा जस्तोसुकै भूमिका निर्वाह गरेको भए पनि आगामी दिनमा निष्पक्ष भई मानवअधिकार उल्लङ्घनका घटनाहरूलाई उजागर गर्ने प्रयास गर्नेछ भन्ने आशा राखेको छु।

श्रीधर पौडल
अध्यक्ष, नेपाल पत्रकार महासङ्घ
सुर्खेत

मुलुक अहिले यथास्थितिवादी र अग्रगामी परिवर्तन चाहनेहरूका बीचको लडाइँमा होमिएको छ। र, यतिबेला कतिपय मानवअधिकार उल्लङ्घनका घटनाहरू ओझेलमा पनि परेका छन्। सर्वहारा नेपाली जनताका साँच्चिकै अधिकारका बारेमा खासै कहींकतैबाट स्पष्ट ढङ्गले आवाज उठेको छैन। मानवअधिकारको क्षेत्रमा सरकारी तथा गैरसरकारी अधिकारवादी संस्थाहरूले खेलेको भूमिका ठीकै रहे पनि समग्र मानवअधिकारका बारेमा आवाज उठाउन नसक्नुले दण्डहीनताले प्रश्रय पाइरहेको छ। यसर्थ, इन्सेकले आगामी दिनमा अग्रगमन, नयाँ संविधान, स्थायी शान्ति र नागरिक सर्वोच्चताका कुराहरूलाई ध्यानमा राखी अगाडि बढोस् भन्ने कामना व्यक्त गर्दछु।

कृष्ण धमला
इन्चार्ज, एकीकृत माओवादी
सुर्खेत

अहिलेको सङ्क्रमणकालीन अवस्थामा मानवअधिकारको रक्षार्थ इन्सेकद्वारा प्रकाशन गरिँदै आएको मानवअधिकार वर्षपुस्तकले खेलेको भूमिकालाई नजरअन्दाज गर्न सकिँदैन। तर, समग्र अधिकारको कुरालाई यसले समेट्न नसकेको हो कि भन्ने लागेको छ।

गोविन्द सुवेदी
अध्यक्ष, मानवअधिकार सङ्गठन
सुर्खेत

मानवअधिकारको क्षेत्रमा अग्रणी भूमिका निर्वाह गरेको इन्सेकद्वारा प्रकाशित वर्षपुस्तकले विगतका वर्षहरूमा छुटेका घटनाहरूलाई अझै पनि तथ्यगत रूपमा समेट्न प्रयास गरेमा द्वन्द्वपीडितहरूलाई राहत प्रदान गर्न थप सहयोग पुग्ने थियो। यसर्थ, आगामी दिनमा बितेका वर्षहरूमा भएका सबैखाले अधिकार उल्लङ्घनका घटनाहरूको स्थलगत रूपमा अनुगमन गरेर सबै सरोकारवालालाई ध्यानाकर्षण गराओस्।

मोहन थापा
संयोजक, स्थानीय शान्ति समिति
सुर्खेत

समग्र मानवअधिकारका बारेमा कसैले आवाज उठाउन नसकिरहेको अवस्थामा इन्सेकले द्वन्द्वका क्रममा समेत जनताका अधिकारका बारेमा आवाज उठाएर जनताको अधिकार रक्षार्थ खेलेको भूमिका स्वागतयोग्य छ। तर पनि कहिलेकाहीं बाटो बिराएको हो कि झैं लाग्ने गरी आवाज उठाएको महसुस भएको हुँदा यसतर्फ ध्यान दिन आग्रह गर्दछु।

डम्बर जिसी
सहसभापति, नेपाली काङ्ग्रेस
सुर्खेत

इन्सेकले प्रत्येक वर्ष प्रकाशन गर्ने वर्षपुस्तक मानवअधिकार उल्लङ्घनका घटनाहरूको अभिलेखीकरण हुने प्रमुख दस्तावेजको रूपमा मैले लिएको छु । पुस्तकले राज्यलाई मानवअधिकारको संरक्षण, सम्वर्द्धन गर्नमा घच्घचाइरहेको छ भने आमनागरिकलाई आधारभूत अधिकार प्राप्ति गर्नका लागि सहयोग पुऱ्याइरहेको छ । मानवअधिकार वर्षपुस्तकमा प्रकाशित घटना-प्रतिवेदनहरूले सरकारी तथा गैरसरकारी दुवै क्षेत्रलाई राज्य पक्षबाट सञ्चालन हुने हरेक सेवा-सुविधालाई पारदर्शी, जवाफदेही हुनमा सहयोग पुऱ्याउनका साथै अधिकारमुखी अवधारणाको प्रवर्द्धनमा भूमिका निर्वाह गर्नेछन् भन्नेमा म विश्वस्त छु ।

चेतराज पाध्याय
सदस्य, मानवअधिकार एलायन्स
अछाम

'मानवअधिकार वर्षपुस्तक २००९' को अध्ययनपछि यो पुस्तकले तथ्याङ्कमा आधारित भएर काम गर्ने पत्रकार साथीहरूलाई सघाउ पुऱ्याउनेछ भन्ने मलाई लाग्यो। तराईमा भएको सशस्त्र गतिविधि र देशका विभिन्न भागमा भइरहेका हिंसात्मक घटनाका कारण नेपालको मानवअधिकारको अवस्थामा खासै सुधार आउन सकेको छैन। वर्षपुस्तकको मोटाइ जति घट्दै जान्छ, मानवअधिकारको बहाली उति दरिलो बन्दै जान्छ। तुलनात्मक रूपमा हेर्ने हो भने 'मानवअधिकार वर्षपुस्तक २००८' को पृष्ठसङ्ख्या ६ सय ८ थियो भने २००९ को पृष्ठ सङ्ख्या ६ सय ८८ रहेको छ। यसबाट

सन् २००७ मा भन्दा २००८ मा घटनाहरू बढी छन् भन्ने सहजै अनुमान गर्न सकिन्छ। आगामी दिनमा मानवअधिकारका घटना न्यून गर्न मानवअधिकार वर्षपुस्तकलगायत इन्सेक अभियानले सहयोग पुऱ्याउनेछ भन्ने विश्वास लिएको छु।

रामहरि ओझा
सचिव, नेपाल पत्रकार महासङ्घ
डोटी

प्रजातन्त्र प्राप्तिपछिका हरेक वर्ष विभिन्न परिस्थितिका बावजुद इन्सेकले मानवअधिकार वर्ष पुस्तक प्रकाशन गर्दै आएको छ। 'मानवअधिकार वर्षपुस्तक २००९' प्रकाशन गरी मानवअधिकारको संरक्षण, त्यसको अनुगमन र अभिलेखीकरण गर्न निर्वाह गरेको भूमिकाका लागि हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु। वर्षपुस्तकको अध्ययनपछि सन् २००९ को मानवअधिकारको स्थिति, शान्ति प्रक्रियाका उतारचढाव र मानवअधिकार उल्लङ्घनका घटनाहरूलाई निष्पक्ष र तथ्यपरक ढङ्गले प्रकाशन गरेको आभास भयो। पुस्तकभित्रका घटना, सम्बन्धित तस्विरहरू र तथ्याङ्कहरूले यस पुस्तकको महत्त्व र प्रभावकारितालाई प्रस्ट रूपमा दर्शाएको छ।

नारद मलासी
अध्यक्ष, एमाले
डोटी

Annex-07:Layout 1 2/15/2010 2:53 PM Page 605

अनुसूची

७

वर्षपुस्तक २०१० तयारीका क्रममा संलग्न व्यक्तिहरू

Annex-07:Layout 1 2/15/2010 2:53 PM Page 607

परिच्छेद लेखनमा संलग्न व्यक्तिहरु

परिच्छेद २ : शान्ति प्रक्रियाका अवरोध

लेखक: प्रेक्षा ओझा

समीक्षक: योगीश खरेल

परिच्छेद ३

३.१ न्यायपालिका

लेखक: विद्या चापागाईं

समीक्षक: टीकाराम भट्टराई

३.२ कार्यपालिका

लेखक: जीवन्त वाग्ले

समीक्षक: प्रेक्षा ओझा

३.३ व्यवस्थापिका

लेखक: मदन पौडेल

समीक्षक: विजयराज गौतम

अनुसूची ५ : युद्धका विस्फोटक अवशेष : भय र चुनौती

लेखक: कृष्णप्रसाद सुवेदी

समीक्षक: नीर लामा

घटनाक्रम सङ्कलन

१. राजु पासवान २. गोपीकृष्ण भट्टराई

जिल्ला प्रतिनिधिहरू

१. पूर्वाञ्चल

१.१	झापा	- अर्जुनकुमार बस्नेत
१.२	इलाम	- अशोककुमार राई
१.३	पाँचथर	- कृष्ण ओझा
१.४	ताप्लेजुङ	- चन्द्रप्रकाश भट्टराई
१.५	मोरङ	- दीपेन नेउपाने
१.६	सुनसरी	- शुकदेव चौधरी
१.७	धनकुटा	- गीता अधिकारी
१.८	तेह्रथुम	- छत्र रिमाल
१.९	भोजपुर	- ज्ञानेन्द्र खड्का
१.१०	संखुवासभा	- लीलाप्रसाद श्रेष्ठ
१.११	सप्तरी	- प्रकाश खतिवडा
१.१२	सिरहा	- देवराज पोखेल
१.१३	उदयपुर	- कुशलबाबु बस्नेत
१.१४	खोटाङ	- लोकनाथ घिमिरे
१.१५	ओखलढुंगा	- गुरूबहादुर बस्नेत
१.१६	सोलुखुम्बु	- वेदप्रसाद राई

२. मध्यमाञ्चल

२.१	धनुषा	- रोशनदीप ढकाल
२.२	महोत्तरी	- ईश्वरी काफ्ले
२.३	सर्लाही	- विदुर प्याकुरेल
२.४	सिन्धुली	- आनन्दप्रसाद दाहाल
२.५	रामेछाप	- नवराज पथिक
२.६	दोलखा	- उद्धव पोखरेल
२.७	रौतहट	- विपीन गौतम
२.८	बारा	- रोशनराज अर्याल
२.९	पर्सा	- निरज साह
२.१०	चितवन	- मुकुन्द दहाल
२.११	मकवानपुर	- प्रताप विष्ट
२.१२	ललितपुर	- गोपीकृष्ण भट्टराई
२.१३	काभ्रेपलान्चोक	- भोजराज तिमल्सिना
२.१४	भक्तपुर	- अकुर न्यौपाने
२.१५	काठमाडौं	- राजु पासवान
२.१६	धादिङ	- सीताराम अधिकारी
२.१७	सिन्धुपाल्चोक	- नातिबाबु धिताल
२.१८	नुवाकोट	- केशव मिश्र
२.१९	रसुवा	- हेमनाथ खतिवडा

३. पश्चिमाञ्चल

३.१	तनहुँ	- प्रकाशचन्द्र भट्टराई
३.२	गोरखा	- भीमलाल श्रेष्ठ
३.३	लमजुङ	- कृष्ण अधिकारी
३.४	स्याङ्जा	- निर्मला तिवारी
३.५	कास्की	- सनबहादुर थापा
३.६	मनाङ	- कमानबहादुर गुरुङ
३.७	नवलपरासी	- नारायण पराजुली
३.८	रुपन्देही	- अमृत गिरी
३.९	पाल्पा	- दुर्गा न्यौपाने
३.१०	कपिलवस्तु	- नन्दराम पौडेल
३.११	अर्घाखाँची	- खिमप्रसाद मरासिनी
३.१२	गुल्मी	- हीरा कुँवर
३.१३	वाग्लुङ	- रामबहादुर जिसी
३.१४	पर्वत	- माधवराज पाण्डेय
३.१५	म्याग्दी	- घनश्याम खड्का
३.१६	मुस्ताङ	- शर्मिला गुरुङ

४. मध्यपश्चिमाञ्चल

४.१	दाङ	- विमलकुमार अधिकारी
४.२	प्यूठान	- महेन्द्रप्रसाद श्रेष्ठ

Annex-07:Layout 1 2/15/2010 2:53 PM Page 608

४.३ रोल्पा - घनश्याम आचार्य
४.४ सल्यान - रोमप्रकाश थापा
४.५ रुकुम - जीवन खड्का
४.६ बाँके - नारायण सुवेदी
४.७ बर्दिया - मानबहादुर चौधरी
४.८ सुर्खेत - दुर्गा थापा
४.९ जाजरकोट - राजुकुमार शाक्य
४.१० दैलेख - नमनकुमार शाही
४.११ डोल्पा - विष्णुलाल बुढा/विष्णुदत्त देवकोटा
४.१२ जुम्ला - राजेन्द्र न्यौपाने/मानदत्त बुढा
४.१३ कालीकोट - कालीबहादुर मल्ल
४.१४ मुगु - कालीबहादुर नेपाली
४.१५ हुम्ला - रमेश ऐडी

५. सुदूर पश्चिमाञ्चल

५.१ कैलाली - सुरबहादुर परियार
५.२ अछाम - रतनबहादुर रावल
५.३ डोटी - लवदेव भट्ट
५.४ बाजुरा - अर्जुन शाह
५.५ बझाङ - प्रकाश विक
५.६ कञ्चनपुर - युवराज घिमिरे/कोमलनिरञ्जन भाट
५.७ डडेलधुरा - केशव बोहरा
५.८ बैतडी - शेरबहादुर चन्द
५.९ दार्चुला - मदनसिंह धामी

क्षेत्रीय कार्यालयमा संलग्न

पूर्वाञ्चल
१. सोमराज थापा २. भुवन अधिकारी

मध्यमाञ्चल
१. कृष्ण गौतम २. गणेश भण्डारी

पश्चिमाञ्चल
१. मदन पौडेल/विदुर बास्तोला/शिव खकुरेल
२. टङ्क खनाल

मध्य पश्चिमाञ्चल
१. भोला महत २. बालकृष्ण बस्नेत

सुदूर पश्चिमाञ्चल
१. खड्कराज जोशी २. नीर लामा

सन्दर्भ सामग्री स्रोत
१. इन्सेक पुस्तकालय

फोटो स्रोत
१. विमलचन्द्र शर्मा, इन्सेक
२. इन्सेक जिल्ला प्रतिनिधिहरू
३. माधवनेपाल डट कम

उत्कृष्ट जिल्ला प्रतिनिधिहरू

गत वर्षझैं यस वर्ष पनि सम्पूर्ण प्रतिनिधिमध्येबाट एक जनालाई राष्ट्रियस्तरको 'सर्वोत्कृष्ट जिल्ला प्रतिनिधि' पुरस्कारले, अन्य पाँच जनालाई 'उत्कृष्ट जिल्ला प्रतिनिधि' पुरस्कारले पुरस्कृत गर्ने निर्णय भएअनुरूप निम्नानुसारका जिल्ला प्रतिनिधि छानिनुभएको छ। यसरी छानिँदा सकभर सबै विकास क्षेत्र समेट्ने प्रयास गरिएको छ। 'सर्वोत्कृष्ट जिल्ला प्रतिनिधि' लाई प्रशंसापत्र र रु.१०,०००।- तथा 'उत्कृष्ट जिल्ला प्रतिनिधि' लाई प्रशंसापत्र र रु. ७,०००।- प्रदान गरिएको छ।

सर्वोत्कृष्ट

दुर्गा थापा, सुर्खेत

उत्कृष्ट

प्रकाश खतिवडा, सप्तरी, पूर्वाञ्चल
नवराज पथिक, रामेछाप, मध्यमाञ्चल
भीमलाल श्रेष्ठ, गोरखा, पश्चिमाञ्चल
कालीबहादुर मल्ल, कालीकोट, मध्यपश्चिमाञ्चल
मदनसिंह धामी, दार्चुला, सुदूरपश्चिमाञ्चल

शान्ति प्रक्रियालाई टुङ्गोमा पुऱ्याउनु नै संविधानसभा निर्वाचनपछि देशको प्रमुख कार्यसूची हो भनिँदै आएको भए पनि सन् २००८ को अन्त्यसम्मै राजनीतिक गतिरोधको अन्त्य भएन । शान्ति प्रक्रियालाई टुङ्गोमा पुऱ्याउन सम्पन्न गरिनुपर्ने तीनओटा प्रमुख कार्यभारः (क) संविधान निर्माण, (ख) माओवादी लडाकूको पुनःस्थापना तथा समायोजन र (ग) सङ्क्रमणकालीन न्यायको व्यवस्था गर्न दलहरु सफल भएनन् । प्रमुख कार्य नयाँ संविधान निर्माण भए पनि राजनीतिक दलहरुबीचको गहिरो अन्तरविरोधले देशको सम्पूर्ण क्रियाकलापमा असर पाऱ्यो । वर्षको अन्त्यसम्मै कायम राजनीतिक खिचातानीले शान्ति प्रक्रियालाई सार्थक निष्कर्षमा पुऱ्याउने सन्दर्भमा अवरोध सिर्जना गर्नुका साथै समयमै संविधान बन्ने सवालमा आशङ्का उत्पन्न गरायो । त्यही कारण पीडितलाई न्याय प्रदान गर्ने सवाल पनि ओझेलमा पर्न गएको देखियो । राजनीतिक अस्थिरता, अराजकता, अपराध, अपराधीहरुलाई राजनीतिक संरक्षण, दण्डहीनता, कानुनी शासनको अभाव तथा असुरक्षाका बीचमा नै यो वर्ष घुमिरहयो । दलहरुबीच अकासिएको असमझदारीले राजनीतिक अस्थिरता अत्यधिक बढायो । चुलीमा पुगेको राजनीतिक अस्थिरताले संविधान निर्माण प्रक्रियामा व्यवधान त भयो नै, समयमै संविधान बन्ने कुरामा पनि अनिश्चितता देखियो ।

मानवअधिकार र सामाजिक न्यायका निम्ति

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

कलङ्की, स्युचाटार

पत्र मञ्जुषा : २७२६, काठमाडौँ

फोन : ४२७८७७०

फ्याक्स : ४२७०५५१

इमेल : insec@insec.org.np

वेब साइट : www.insec.org.np

ISBN 9937-8002-9-7